लेखापरीक्षण प्रतिवेदन
काठमाडौं
२०७२।७३

भाग १

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पु¥याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पु¥याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पु¥याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

विषय सूची
भाग १

सि.नं.	विषय	पृष्ठ
१	लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति	१
२	लेखापरीक्षण र बेरुजूको स्थिति	२
३	कार्यालयगत लेखापरीक्षण व्यहोरा(क)	३
३.१.	राष्ट्रपतिको कार्यालय	३
३.२.	उपराष्ट्रपतिको कार्यालय	३
३.३.	व्यवस्थापिका संसद सचिवालय	४
३.४.	सर्वोच्च अदालत	६
३.५.	काठमाण्डौ जिल्ला अदालत	६
३.६.	फैसला कार्यान्वयन निर्देशनालय	७
३.७.	राष्ट्रिय न्यायिक प्रतिष्ठान	७
३.८.	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	७
३.९.	महालेखापरीक्षकको कार्यालय	७
३.१०.	लोकसेवा आयोग, अनामनगर	८
३.११.	लोकसेवा आयोग, म.क्षे.नि.,बानेश्वर	९
३.१२.	लोकसेवा आयोग, दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर	९
३.१३.	निर्वाचन आयोग, बहादुरभवन	९
३.१४.	महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ	११
३.१५.	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१२
३.१६.	गरिवी निवारण कोष, तहाचल	१३
३.१७.	नेपाल ट्रष्टको कार्यालय, दरवारमार्ग	१७
३.१८.	राष्ट्रिय पुननिर्माण प्राधिकरण, सिहदरबार	१९
३.१९.	राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरवार	२१
३.२०.	लगानी बोर्डको कार्यालय, बानेश्वर	२२
३.२१.	सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल	२४
३.२२.	कानून न्याय तथा संसदीय मामिला मन्त्रालय	२५
३.२३.	नेपाल कानून आयोग	२५
३.२४.	सामान्य प्रशासन मन्त्रालय	२५
३.२५.	निजामती कर्मचारी अस्पताल विकास समिति	२६
३.२६.	राष्ट्रिय योजना आयोगको सचिवालय	२९
३.२७.	केन्द्रिय तथ्यांक विभाग	३३
३.२८.	ऋण असुली पूनरावेदन न्यायधिकरण	३५
३.२९.	ऋण असुली न्यायाधिकरण, कमलपोखरी,काठमाडौ	३६
३.३०.	अर्थ मन्त्रालय सिंहदरवार	३६
३.३१.	महालेखा नियन्त्रक कार्यालय	४७
३.३२.	आन्तरिक राजस्व विभाग	५३
३.३३.	भन्सार बिभाग त्रिपुरेश्वर	५७
३.३४.	युवा तथा साना व्यवसायी स्वरोगार कोष स्चिवालय , अनामनगर	६२
३.३५.	आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं १	६३
३.३६.	आन्तरिक राजस्व कार्यालय, क्षेत्र न. २	७३
३.३७.	आन्तरिक राजस्व कार्यालय, क्षेत्र न. ३	८४
३.३८.	करदाता सेवा कार्यालय , नयाँसडक	१००
३.३९.	करदाता सेवा कार्यालय, कोटेश्वर	१०४

३.४०.	करदाता सेवा कार्यालय, टंगाल	१०८
३.४१.	करदाता सेवा कार्यालय, बानेश्वर	११३
३.४२.	करदाता सेवा कार्यालय, कलंकी	११७
३.४३.	करदाता सेवा कार्यालय, कालिमाटी	१२३
३.४४.	करदाता सेवा कार्यालय, त्रिपुरेश्वर	१२६
३.४५.	करदाता सेवा कार्यालय पुतलीसडक	१२७
३.४६.	करदाता सेवा कार्यालय ,चावहिल	१३५
३.४७.	करदाता सेवा कार्यालय ,वालाजु	१३९
३.४८.	कोष तथा लेखा नियन्त्रक समन्वय कार्यालय थापाथली	१४२
३.४९.	भन्सार जांचपास परीक्षण कार्यालय कोटेश्वर	१४३
३.५०.	निबृत्तिभरण व्यवस्थापन कार्यालय, त्रिपुरेश्वर	१४६
३.५१.	त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर	१४७
३.५२.	आपूर्ति मन्त्रालय	१५०
३.५३.	आपुर्ति व्यवस्थापन बिभाग	१५३
३.५४.	उद्योग मन्त्रालय	१५४
३.५५.	उद्योग विभाग	१५५
३.५६.	खानी तथा भुगर्भ विभाग	१५६
३.५७.	गुणस्तर तथा नाप तौल बिभाग,बालाजु	१५८
३.५८.	घरेलु तथा साना उद्योग विभाग	१५९
३.५९.	औद्योगिक उर्जा व्यवस्थापन	१६१
३.६०.	कम्पनी रजिष्ट्रारको कार्यालय	१६१
३.६१.	केन्द्रीय कारागार कारखाना	१६३
३.६२.	घरेलु तथा साना उद्योग कार्यालय काठमाण्डौ	१६५
३.६३.	घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र	१६६
३.६४.	घरेलु तथा साना उद्योग विकास समिति प्रधान	१६८
३.६५.	ट्याक्सी ट्याम्पो इकाई	१७०
३.६६.	नेपाल गुणस्तर तथा नापतौल क्षेत्र कार्यालय काठमाण्डौ	१७१
३.६७.	पेट्रोलीयम अन्वेषण परियोजना	१७२
३.६८.	विषेश आर्थिक क्षेत्र विकास समिति	१७२
३.६९.	ऊर्जा मन्त्रालय	१७५
३.७०.	जल तथा ऊर्जा आयोगको सचिवालय	१७५
३.७१.	विद्युत विकास विभाग	१७६
३.७२.	नलसिंह गाड जलविद्युत आयोजना, विकास समिति	१७८
३.७३.	पन्चेश्वर वहुउद्धेश्यीय आयोजना	१८१
३.७४.	वुढीगंगा जलविद्युत आयोजना	१८१
३.७५.	वुढीगण्डकी जलविद्युत आयोजना विकास समिति	१८३
३.७६.	कृषि विकास मन्त्रालय	१८५
३.७७.	खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग	१८८
३.७८.	फलफुल बिकास निर्देशनालय	१८९
३.७९.	मत्स्य विकास निर्देशनालय	१९०
३.८०.	कृषि तथा खाद्य सुरक्षा आयोजना	१९२
३.८१.	जलवायु प्रकोप समुत्थान निर्माण आयोजना	१९५
३.८२.	व्यवसायिक कृषि तथा व्यापार आयोजना	१९६
३.८३.	केन्द्रिय बागबानी केन्द्र	१९८
३.८४.	जिल्ला कृषि बिकास कार्यालय	१९९

३.८५.	नेपाल कृषि अनुसन्धान परिषद	२००
३.८६.	राष्ट्रिय कृषि अनुसन्धान विकास कोष	२०२
३.८७.	कालीमाटी फलफूल तथा तरकारी वजार विकास समिति	२०३
३.८८.	खानेपानी तथा सरसफाई मन्त्रालय	२०४
३.८९.	खानेपानी तथा ढल निकास बिभाग	२०४
३.९०.	आयोजना कार्यान्वयन निर्देशनालय (का.उ.खा.पा.लि.)	२१०
३.९१.	तेश्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना	२१८
३.९२.	दोश्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना	२२२
३.९३.	क्षेत्रीय अनुगमन तथा सुपरिबेक्षण कार्यालय	२२६
३.९४.	खानेपानी तथा ढल निकास बिभाग यूनिसेफ तर्फ)	२२९
३.९५.	राष्ट्रिय खानेपानी तथा सरसफाई प्रशिक्षण केन्द्र	२२९
३.९६.	राष्ट्रिय खानेपानी तथा सरसफाई प्रशिक्षण केन्द्र (यूनिसेफ तर्फ)	२३०
३.९७.	ग्रामीण खानेपानी तथा सरसफाई कोष बिकास समिति	२३०
३.९८.	मेलम्ची खानेपानी विकास समिति	२३५
३.९९.	गृह मन्त्रालय, सिंहदरवार	२४२
३.१००.	अध्यागमन विभाग	२४४
३.१०१.	कारागार व्यवस्थापन विभाग	२४७
३.१०२.	प्रहरी प्रधान कार्यालय	२४९
३.१०३.	सशस्त्त प्रहरी बल, प्रधान कार्यालय	२५५
३.१०४.	राष्ट्रिय परिचय पत्र व्यवस्थापन केन्द्र, सिंहदरबार	२६१
३.१०५.	महानगरीय प्रहरी कार्यालय,रानीपोखरी	२६३
३.१०६.	महानगरीय ट्राफिक प्रहरी महाशाखा,रामशाहपथ	२६५
३.१०७.	नेपाल प्रहरी अस्पताल, महाराजगंज	२७०
३.१०८.	अपराध अनुसन्धान विभाग	२७३
३.१०९.	प्रहरी प्रधान कार्यालय कार्यविभाग	२७३
३.११०.	प्रहरी प्रधान कार्यालय पुन निमांण इकाइ	२७४
३.१११.	सप्रवल मद्धति सेवा निर्देशनालय, हल्चोक	२७५
३.११२.	राष्ट्रिय अनुसन्धान विभाग,सिंहदरवार	२७६
३.११३.	प्रहरी किताबखाना	२७६
३.११४.	अध्यागमन कार्यालय त्रि अ वि	२७६
३.११५.	नेपालप्रहरी संगीत विद्यालय	२७७
३.११६.	कारगार कार्यालय जगन्नाथदेवल	२७७
३.११७.	कारागार कार्यालय, डिल्लीबजार	२७९
३.११८.	कारागार अस्पताल जगन्नाथदेवल	२७९
३.११९.	महानगरीय प्रहरी वृत, स्वयम्भु	२८०
३.१२०.	महानगरीय प्रहरी वृत, नयाँ वानेश्वर	२८१
३.१२१.	महानगरीय प्रहरी वृत, महाराजगंज	२८१
३.१२२.	अपराध अनुसन्धान विद्यालय, महाराजगंज	२८२
३.१२३.	महानगरीय प्रहरी वृत, कमलपोखरी	२८३
३.१२४.	महानगरीय प्रहरी वृत, सिंहदरबार	२८३
३.१२५.	मानव स्रोत विकास विभाग, नक्साल	२८४
३.१२६.	महानगरीय प्रहरी पहरा गण, सामाखुंशी	२८५
३.१२७.	महानगरीय सशस्त्र प्रहरी गण, महाराजगंज	२८६
३.१२८.	महानगरीय सुरक्षा प्रहरी गण, सिंहदरवार	२८७
३.१२९.	महानगरीय प्रहरी वृत, जनसेवा	२८७

३.१३०.	महानगरीय प्रहरी वृत्त बौद्ध	२८८
३.१३१.	स.प्र.बल म.न. सशस्त्र प्रहरी कार्यालय	२८८
३.१३२.	रा.स.प्र.बल प्रहरी प्रशिक्षण प्रतिष्ठान	२८८
३.१३३.	स.प्र.बल वाघ भैरव गुल्म	२८९
३.१३४.	रा.प्र.प्र.प्रतिष्ठान महाराजगंज	२८९
३.१३५.	केन्द्रिय प्रहरी विधिविज्ञान प्रयोगशाला सामाखुशी	२९१
३.१३६.	महानगरीय दंगा नियन्त्रण प्रहरी गण त्रिपुरेश्वर	२९१
३.१३७.	नेपाल ए.पी.एफ.अस्पताल वलम्वु	२९१
३.१३८.	स.प्र.वल रा. तथा औद्योगिक सुरक्षा गण, हल्चोक	२९५
३.१३९.	स.प्र.वल निलवाराही गण वलम्वु	२९५
३.१४०.	स.प्र.वल कालिन्चोक भगवती गण किर्तिपुर	२९६
३.१४१.	प्र.प्र.का. सवारी महाशाखा नक्साल	२९६
३.१४२.	महानगरीय प्रहरी परिसर, काठमाडौं	२९७
३.१४३.	महानगरीय प्रहरी नारायणहिटी सुरक्षा गारद गुल्म	२९८
३.१४४.	लागु औषध नियन्त्रण कार्यक्रम, सिंहदरवार	२९९
३.१४५.	सशस्त्र प्रहरी गण नं.१ नक्साल	२९९
३.१४६.	केन्द्रीय दैबी प्रकोप उद्धार समिति	३००
३.१४७.	नेपाल हज समितिको सचिवालय,सिंहदरवार	३०१
३.१४८.	प्र.प्र.का. कल्याण कोष नक्साल	३०१
३.१४९.	स.प्र.बल कल्याणकारी सेवा केन्द्र	३०५
३.१५०.	लागू औषध कानून कार्यान्यवन इकाई	३०७
३.१५१.	पर्यटन विभाग	३१०
३.१५२.	पुरातत्व विभाग	३१२
३.१५३.	दक्षिण एसिया पर्यटन पुर्वाधार विकास आयोजना	३१५
३.१५४.	नरायणहिटी दरवार संग्रहालय(२०७१।०७२	३१५
३.१५५.	नरायणहिटी दरवार संग्रहालय २०७२।०७३	३१५
३.१५६.	नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान	३१६
३.१५७.	नेपाल प्रज्ञा प्रतिष्ठान	३१८
३.१५८.	नेपाल प्रतिलिपी अधिकार रजिष्टारको कार्यालय	३२०
३.१५९.	नेपाल संगित तथा नाट्य प्रज्ञा प्रतिष्ठान आ.व.२०७१।७२	३२१
३.१६०.	नेपाल संगित तथा नाट्य प्रज्ञा प्रतिष्ठान आ.व.२०७२।७३	३२२
३.१६१.	बुढानिलकण्ठ क्षेत्र विकास समिती २०७१।०७२	३२३
३.१६२.	बुढानिलकण्ठ क्षेत्र विकास समिती २०७२।०७३	३२३
३.१६३.	बौद्धनाथ क्षेत्र विकास समिती	३२४
३.१६४.	राष्ट्रिय अभिलेखालय	३२६
३.१६५.	राष्ट्रिय ताल संरक्षण विकास समिती	३२७
३.१६६.	राष्ट्रिय मुद्रा संग्रहालय	३२८
३.१६७.	राष्ट्रिय संग्रहालय	३२८
३.१६८.	हनुमान ढोका क्षेत्र विकास समिती	३२९
३.१६९.	परराष्ट्र मन्त्रालय	३३१
३.१७०.	राहदानी विभाग	३३६
३.१७१.	कन्सुलर सेवा विभाग	३३९
३.१७२.	सीमा नापी टोली	३४०
३.१७३.	परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान	३४१
३.१७४.	नेपाली राजदूतावास,स्थायी नियोग तथा महाबाणिज्य राजदुतावासहरु	३४२

३.१७५.	पशुपन्छी मन्त्रालय	३५४
३.१७६.	पशु स्वाथ्य सेवा निर्देशनालय	३५६
३.१७७.	बर्डफ्लु नियन्त्रण आयोजना	३५६
३.१७८.	केन्द्रीय जैविकी उत्पादन प्रयोगशाला, त्रिपुरेश्वर	३५७
३.१७९.	केन्द्रीय पशु चिकित्सालय	३५८
३.१८०.	केन्दिय पशु रोग अन्वेषण प्रयोगशाला	३५८
३.१८१.	रेविज भ्याक्सिन उत्पादन प्रयोगशाला	३५८
३.१८२.	जिल्ला पशु सेवा कार्यालय	३५९
३.१८३.	वन तथा भू संरक्षण मन्त्रालय	३६१
३.१८४.	वन विभाग	३६२
३.१८५.	वनस्पति विभाग	३६८
३.१८६.	वन अनुसन्धान तथा सर्भेक्षण विभाग	३६९
३.१८७.	भू तथा जलाार संरक्षण विभाग	३७०
३.१८८.	राष्ट्रिय निकुन्ज तथा वन्य जन्तु संरक्षण विभाग	३७१
३.१८९.	पहाडी साना किसानका अनुकूलन आयोजना	३७२
३.१९०.	रेड कार्यान्वयन केन्द्र	३७३
३.१९१.	केन्द्रीय वन तालीम प्रसार केन्द्र	३७४
३.१९२.	प्राकृतिकसम्पदा अनुसन्धानशाला	३७४
३.१९३.	जिल्ला वन कार्यालय, काठमाडौं	३७४
३.१९४.	वाणिज्य मन्त्रालय सिंहदरबार	३७८
३.१९५.	वाणिज्य बिभाग	३७९
३.१९६.	नेपाल इनह्यान्स क्यापासिटिज फर ट्रेड एण्ड डे. प्रो.	३८१
३.१९७.	नेपाल ईन्टरमोडल यातायात बिकास समिति,ज्ञानेश्वर	३८१
३.१९८.	नेपाल भारत क्षेत्रिय ब्यापार पारबाहन आयोजना	३८७
३.१९९.	जनसंख्या तथा वातावरण मन्त्रालय	३८८
३.२००.	जल तथा मौसम विज्ञान विभाग	३९४
३.२०१.	विज्ञान तथा प्रविधि मन्त्रालय	३९९
३.२०२.	सुचना प्रविधि विभाग	४०२
३.२०३.	वी.पी. कोईराला मेमोरियल प्लानेटोरियम तथा अव्जरभेटरी र विज्ञान संग्रहालय विकास समिति	४०३
३.२०४.	भूमिसुधार तथा ब्यवस्था मन्त्रालय,सिंहदबार	४०७
३.२०५.	नापी बिभाग, मिनभवन	४०८
३.२०६.	भूमिसुधार तथा ब्यवस्थापन विभाग, बबरमहल	४१०
३.२०७.	कित्ता नापी माहाशाखा,मिनभवन	४१२
३.२०८.	समाज कल्याण परीषद ,राष्ट्रिय अपाङ्ग कोष (वक्यौता)	४१३
३.२०९.	खगोल तथा भू मापन महाशाखा	४१५
३.२१०.	नापी कार्यालय कलंकी	४१६
३.२११.	नापी कार्यालय चावहिल	४१७
३.२१२.	नापी कार्यालय डिल्लीबजार	४१७
३.२१३.	नापी कार्यालय मनमैजू	४१८
३.२१४.	भू सुचना तथा अभिलेख विभाग	४१८
३.२१५.	मालपोत कार्यालय कलंकी	४१९
३.२१६.	मालपोत कार्यालय चावहिल	४२४
३.२१७.	मालपोत कार्यालय, डिल्लीबजाार	४२७
३.२१८.	मालपोत कार्यालय मनमैजू	४३५
३.२१९.	मालपोत कार्यालय सांखु	४३७

३.२२०.	राष्ट्रिय भू उपयोग आयोजना,मध्यबानेश्वर	४३८
३.२२१.	राष्टिय भौगोलीक सुचना पूर्वाधार आयोजना	४४१
३.२२२.	स्थलरुप महाशाखा,मिनभवन	४४२
३.२२३.	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	४४३
३.२२४.	यातायात व्यवस्था विभाग	४४५
३.२२५.	रेल विभाग	४४८
३.२२६.	मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालय	४५३
३.२२७.	आयोजना निर्देशनालय (ए.डि.बी.)	४५३
३.२२८.	काठमाडौ उपत्यका सडक विस्तार आयोजना	४५८
३.२२९.	काठमाडौं तराई फास्ट ट्र्याक सडक आयोजना	४६३
३.२३०.	काठमाडौं दीगोशहरी यातायात आयोजना, आयोजना व्यवस्थापन तथा समन्वय कार्यालय	४६४
३.२३१.	काठमाडौं दीगोशहरी यातायात आयोजना, आयोजना कार्यान्वयन इकाई	४६५
३.२३२.	काठमाण्डौं भक्तपुर सडक विस्तार आयोजना	४६६
३.२३३.	डिभिजन सडक कार्यालय काठमाडौ नं. १	४६६
३.२३४.	डिभिजन सडक कार्यालय काठमाडौ नं. २	४७२
३.२३५.	थानकोट–चित्लाङ्ग सडक योजना	४७५
३.२३६.	धरान चतारा गाइघाट कटारी सिन्धुली हेटौडा सडक योजना (पि.सि.यु.)	४७७
३.२३७.	बनेपा– सिन्धुली–बर्दिवास सडक योजना	४७७
३.२३८.	बालाजु – त्रिशुली, छहरे–विदुर सडक योजना	४७९
३.२३९.	भक्तपुर नगरकोट, बल्खु दक्षिणकाली सडक योजना	४८१
३.२४०.	मध्य पहाडी लोकमार्ग पूर्वी खण्ड	४८१
३.२४१.	सडक सुधार आयोजना	४८६
३.२४२.	सडक क्षेत्र विकास आयोजना	४८७
३.२४३.	हुलाकी राजमार्ग आयोजना	४९०

कार्यालयगत
लेखापरीक्षण व्यहोरा
(क)
भाग १

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ । लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ । संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबार र बक्यौतासमेतको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **पद्धति :** संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ।

• सरकारी लेखापरीक्षण नीति मानदण्ड, • वित्तीय लेखापरीक्षण मार्गदर्शन, • महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र, • संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन, • गुणस्तर आश्वस्तता निर्देशिका, • आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन, • राजस्व लेखापरीक्षण मार्गदर्शन,	• सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन, • प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन, • जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका, • जोखिममा आधारित लेखापरीक्षण निर्देशिका, • लेखापरीक्षकको आचारसंहिता, • सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन,

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम ५०२ कार्यालयको विस्तृत, ९५ कार्यालयको संक्षिप्त र ३३ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ ।

लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण :** यस जिल्ला स्थित ६३० सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.५ खर्व ९९ अर्ब ३५ करोड १२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजू :** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष ५१६ कार्यालयको प्रारम्भिक प्रतिवेदनबाट कूल दफा १०६२७ र रु.३३ अर्ब ८ करोड ३० लाख ८७ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो। प्रतिवेदन अवधिसम्म ४४७ कार्यालयको प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन भएका ४१९० दफा रु.९ अर्ब ५ करोड ३३ लाख ६४ हजार मिलान गरी ५०९ कार्यालयको दफा ६४३७ र रु.२४ अर्ब २ करोड ९४ लाख २४ हजार बेरुजू बाँकी रहेको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी बाँकी दफा संख्या कायम गरिएको छ। लेखापरीक्षणको क्रममा रु.२ करोड ५३ लाख ४८ हजार र प्रतिक्रियाबाट रु.१२ करोड ६९ लाख १७ हजार समेत रु.१४ करोड ८६ लाख ८३ हजार असुल भएको छ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु.५ अर्ब २७ करोड १ लाख ५० हजार, अनियमित रु.८ अर्ब ७८ करोड ३८ लाख ५ हजार र पेश्की रु.९ अर्व ९७ करोड ४२ लाख २१ हजार रहेको छ। यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझावः** तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १००(३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

कार्यालयगत लेखापरीक्षण व्यहोरा

राष्ट्रपतिको कार्यालय

१. **पारिश्रमिक तथा सुविधा :** नेपालको संविधानको धारा ७२ मा राष्ट्रपतिको पारिश्रमिक तथा सुविधा संघीय ऐन बमोजिम हुने र त्यस्तो ऐन नबनेसम्म नेपाल सरकारले तोके बमोजिम हुने उल्लेख छ । यो वर्ष मन्त्रिपरिषद्को निर्णयको आधारमा सम्माननीय राष्ट्रपतिज्यूको पारिश्रमिक लगायत सुविधामा रु.५३ लाख ९४ हजार र स्वकीय सचिवालय अन्तर्गतका ३१ पदाधिकारी तथा कर्मचारीलाई तलब भत्तामा रु.७३ लाख ९७ हजार समेत पारिश्रमिक तथा सुविधामा कुल रु.१ करोड २८ लाख खर्च भएको छ ।

पूर्व-राष्ट्रपतिज्यूको निवासको घर भाडा, विद्युत तथा खानेपानी महसुल भुक्तानीको व्यवस्था मिलाउन अर्को व्यवस्था नभएसम्मको लागि राष्ट्रपतिको कार्यालयले सोको लागि आवश्यक रकम उपलब्ध गराउने मन्त्रिपरिषद्को २०७२।१२।२६ को निर्णय अनुसार २०७२।७।१२ देखि २०७३ आषाढसम्म रु.१२ लाख ५२ हजार खर्च लेखेको पाईयो । यस किसिमको सुविधा कानुन बनाई व्यवस्थित गर्नुपर्ने देखिएको छ ।

२. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ मा आन्तरीक नियन्त्रण प्रणाली तयार गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम खरिदको गुरु योजना तयार गर्नुपर्ने, खरिद एकाई गठन गर्नुपर्ने, आर्थिक कर्यविधि नियमावली, २०६४ बमोजिम घर जग्गाको लगत राख्नु पर्ने, जिन्सी निरीक्षण गर्नु पर्ने, जिन्सी मालसामानको वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था भएकोमा सो व्यवस्थाहरुको पूर्ण रुपमा परिपालना भएको छैन ।

३. **भत्ता भुक्तानी :** निजामति कर्मचारी ट्रेड युनियनको निर्वाचनको लागि खटिएका ६ जना कर्मचारीहरुले ५० प्रतिशतका दरले प्रोत्साहन भत्ता लिएकोमा निर्वाचनमा खटिएको अवस्थामा समेत ५० प्रतिशतका दरले रु.१ लाख ७८ हजार निर्वाचन भत्ता भुक्तानी भएकोमा दुई किसिमको भत्ता लिन पाउने आधार देखिदैन ।

४. **सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले रु.६७ लाख ४१ हजार को टुक्रा टुक्रा खरिद कार्य गरेको र मर्मत कार्य गर्दा लागत अनुमान तयार नगरेकोले नियमावलीको प्रक्रिया पुरा गरी खरिद कार्य गर्नुपर्दछ ।

५. **भवन निर्माण :** राष्ट्रपति आवास गृहको पहिलो प्याकेजको काम रु.३१ करोड ९१ लाख २५ हजार को लागतमा २०७२ आषाढ १० सम्ममा निर्माण सम्पन्न गर्ने गरी २०६९।३।१ मा ठेक्का संझौता भएकोमा निम्नानुसार भएको देखिन्छ :

५.१ २०७२।९।९ सम्म म्याद थप भएकोमा लेखापरीक्षण अवधी २०७३।८।१५ सम्म रु.३४ करोड ४८ लाख ४० हजार भुक्तानी भएकोमा काम सम्पन्न भएको छैन ।

५.२. पहिलो प्याकेजमा सम्पन्न भएको रु.१ करोड ४४ लाख १५ हजारको कार्य भएकोमा सम्पूर्ण सिष्टम चेक गर्ने चिल्लर निर्माण कार्य दोश्रो प्याकेजमा मात्र निर्माण गरिने गरी ठेक्का प्याकेजिङ गरेकोले परीक्षण हुन सकेको छैन ।

६. **सुधार कार्य :** पहिलो प्याकेजको स्ट्रक्चर वर्कको काम भए पछि भवनमा इलेभेटर निर्माण गर्ने, फर्निचर तथा फर्निसिङ कार्य गर्ने,बाउण्ड्री वाल लगाउने लगायतका कामहरुको लागि रु.३३ करोड ७५ लाख १२ हजार को लागतमा २०७३ कार्तिक २४ सम्ममा सम्पन्न गर्ने गरी २०७१।७।२५मा संझौता भएकोमा हालसम्म रु.१४ करोड ९६ लाख ३० हजार खर्च भएकोमा लेखापरीक्षण अवधी २०७३।८।१५ सम्म निर्माण कार्य सम्पन्न नभै ४४.३३ प्रतिशत मात्र काम सम्पन्न भएको छ ।

७. **सम्पत्ती व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० (१) मा ३ महिना भित्र जिन्सी निरीक्षण गरी सक्नुपर्ने व्यवस्था व्यवस्था भएकोमा कार्यालयले यो वर्ष जिन्सी निरीक्षण गरेको छैन ।

उपराष्ट्रपतिको कार्यालय

१. **करार कर्मचारी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ मा एकलाख रुपैयाँ भन्दाबढी सेवा शुल्क लाग्ने सेवा सार्वजनिक निकायले प्रश्ताव माग गर्नुपर्ने उल्लेख छ । कार्यालयले दरवन्दी भित्रको १३ र दरवन्दीमा नभएका ५ पदहरुमा व्यक्तिहरुसंग सोझै करारगरी रु.२७,७८,६४०।– बजेट खर्च लेखेको पाइयो । नियमावलीको प्रक्रिया पुरा गरी सेवा करार लिनुपर्दछ ।

२. **पारीश्रमिक र अन्य सुविधा :** नेपालको संविधानको भाग ६ मा उपराष्ट्रपतिको पारिश्रमिक तथा अन्य सुविधा ऐनद्वारा निर्धारण भए बमोजिम हुने र त्यस्तो ऐन नबनेसम्म नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने उल्लेख छ । उपराष्ट्रपतिले पाउने सुविधा सम्वन्धमा हालसम्म ऐन नवनेकोले कारण मन्त्रिपरिषदको निर्णयबमोजिम उपलब्ध गराउने गरेको छ ।

३. **सल्लाहकारको पारिश्रमिक :** मन्त्रिपरीषदले २०७२।१०।१३ मा गरेको परिमार्जीत दरबन्दीमा समाबेश नभएको सल्लाहकार पद यथावत राखी पारिश्रमिक रु २५८८३२।– भुक्तानी भएकोले स्वीकृत दरवन्दी वेगर भुक्तानी गरेको पारिश्रमिक नियम सम्मत देखिएन ।

४. **बिशेष भत्ता :** भत्ता दिनेको आधिकारीक निर्णय बेगर कार्यालयले स्वकीय सचिबालयमा कार्यरत ६ कर्मचारीहरुलाई २०७२ श्रावण देखि फागुन महिना सम्म रु ७५६५८।– बिशेष भत्ता उपलब्ध गराएकोमा भत्ता पाउने आधार देखिएन ।

५. **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११ मा सार्वजनिक निकायले सामान खरिद गर्नुपर्दा रीतपूर्वकको लागत अनुमान तयार गरी स्वीकृति गराउनु पर्दछ । कार्यालयले लागत अनुमान तयार नगरी ३ थान जीप र १ थान कार खरिद गरि रु.२,६९,४५,०००।– खर्च लेखेकोले कानुनको परीपालना हुनुपर्दछ ।

६. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ९५ अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी नियमावली प्रारम्भ भएको १ वर्ष भित्र लागू गरिसक्नु पर्ने व्यवस्था छ । आन्तरिक नियन्त्रणप्रणाली तयार गरेको देखिएन ।

व्यवस्थापिका संसद सचिवालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ बमोजिम सम्पादन गरिने कार्यहरु मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा सचिवालयले आन्तरिक नियन्त्रण प्रणाली हाल सम्म तयार गरेको छैन । सोको अभावमा एकै व्यक्ति खरिद तथा निर्माण कार्यका विभिन्न प्रक्रियामा संलग्न भएको देखिन्छ । खरिद तथा निर्माण कार्यहरु लगायत सचिवालयका अन्य कार्यहरुमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

२. **जिन्सी व्यवस्थापन :** कार्यालयको जिन्सी निरीक्षण प्रतिवेदनमा २७ वटा सवारी साधनहरु लिलामी गर्नुपर्ने देखिन्छ । प्रतिवेदनमा उल्लेख भएका अन्य जिन्सी सामानहरु समेतलाई तोकिए बमोजिम मर्मत तथा लिलामीको कारबाही गरी जिन्सी व्यवस्थापनलाई दुरुस्त बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

३. अतिथि सत्कार : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१(१) संग सम्वन्धित अनुसूची-३ मा खरिद सम्झौतामा उल्लिखित मालसामान वा अन्य सेवा माग गरेको समयमा आपूर्तिकर्ताबाट प्राप्त गर्ने व्यवस्था गर्न संरचनात्मक वा एकाईगत दर सम्झौता गर्न सकिने उल्लेख छ । सचिवालयले यो वर्ष सभामुख र उप-सभामुखको सचिवालय, संसदीय समिति तथा संसदीय दलको कार्यालयहरुमा गरी जम्मा रु.४ करोड ३६ लाख ७४ हजार अतिथि सत्कारमा खर्च गरेकोमा उपर्युक्त व्यवस्थाबमोजिम गरेको देखिएन । नियमको व्यवस्थाबमोजिम मितव्ययी एवं पारदर्शी बनाई खर्च गर्नुपर्दछ ।

४. **टुक्रा पारी खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुनेमा सचिवालयले रु.५६ लाख १५ हजारको कार्यालय सामान, रु.१५ लाख ५५ हजारको फर्निचर, रु.१७ लाख ९ हजारको औषधि, रु.१७ लाख ७९ हजारको मेसिनरी औजार र रु.१ करोड १५ लाख ३९ हजारको सार्वजनिक निर्माण समेत रु.२ करोड २१ लाख ९७ हजारको कार्य टुक्रा टुक्रा पारी सोझै खरिद गरेको छ । ऐनको व्यवस्थाबमोजिम प्रतिस्पर्धा गराई खरिद गर्नुपर्दछ ।

५. **न्यून प्रतिस्पर्धा :** सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद कारबाही प्रतिस्पर्धी हुनुपर्दछ । कार्यालयबाट यो वर्ष रु.२२०४७९३।८७ लागत अनुमान भएको विभिन्न ५ निर्माण कार्य रु.२२,०२,३१६।२७ मा सिधै प्रकृया बाट गराएकोले लागत अनुमान, सम्झौता रकम र कार्य सम्पन्न भए पश्चात्को भुक्तानी रकम विच तुलना तथा विश्लेषण गर्दा उल्लेखनिय अन्तर देखिएन । खरीद कारबाही मितव्ययी नहुने तथा सोझै खरिदमा मिलेमतोको अवस्था समेत हुन सक्ने हुँदा नियन्त्रणात्मक कदमहरु चाल्नु पर्ने देखिन्छ ।

६. **मूल्य अभिवृद्धि कर** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ती गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई तोके बमोजिमको ढाँचामा कर बिजक दिनुपर्ने व्यवस्था छ । सचिवालयले अतिथि सत्कारका लागि एक व्याङ्केटलाई रु.१,१२,९८२।४८ भुक्तानी गरेकोमा सो बापतको विलमा हस्त लिखित बिल नंम्बर भएकाले उक्त बिलबाट भुक्तानी भएको रु.१७,४१५।१९ मूल्य अभिवृद्धी कर रकम दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

७. **बैठक भत्ता :** संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०५२ मा पदाधिकारी र सदस्यलाई संसदको बैठकमा भाग लिएको प्रत्येक दिनको बैठक भत्ता दुई सय रुपैंया दिने व्यवस्था छ । यस्तो भत्ता सदनको अधिवेशन तथा समितिको बैठक स्थगित गरिएको अवधि र स्वीकृत विदाको अवधिमा पनि दिने व्यवस्था छ । २०७२।७३ मा संसद पदाधिकारी तथा सदस्यहरुलाई सदन स्थगित भएको, विदामा बसेको तथा बैठकमा उपस्थित नभएको १३६ दिनको रु.१ करोड २५ लाख बैठक भत्ता भुक्तानी भएको पाइयो । यसरी बैठक सञ्चालन नभएको, विदामा बसेको र उपस्थित नभएको अवस्थामा समेत बैठक भत्ता भुक्तानी गर्नु उचित देखिँदैन ।

८. **बढी भुक्तानी :** संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०५२ को दफा ३ अनुसार पदाधिकारी तथा सदस्यले तोकिए बमोजिम पारिश्रमिक पाउने व्यवस्था छ। सचिवालयले संसद सदस्यहरुलाई हरेक महिनाको सुविधा अग्रीम रुपमा उपलब्ध गराउने गरेको छ । अग्रीम रकम उपलब्ध गराएको अवस्थामा विभिन्न १३ संसद सदस्यहरु मन्त्रीपरिद्को सदस्य भई प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट सो वापतको सेवा सुविधा प्राप्त गरेकोले संसद सचिवालयबाट अग्रीम रुपमा भुक्तानी भएको रु.३६६,४५९।०० सम्बन्धित सदस्यहरुबाट असुल हुनुपर्दछ ।

९. **हाजिरी व्यवस्थापन :** सचिवालयमा कार्यरत कर्मचारीहरुको हाजिरी व्यवस्थापन दुरुस्त हुनुपर्दछ । सचिवालयमा कर्मचारी हाजिरीका लागि विद्युतिय प्रणाली रहेकोमा प्रयोग भएको देखिएन। विद्युतिय प्रणालीको प्रयोग नगरी हाजिरी अभिलेख राखी अतिरिक्त समय काम वापत रु.५,२८,२४,६००.०० रकम भुक्तानी गरेको रकमको विश्वसनीय हुने आधार देखिएन । विद्युतिय हाजिरी व्यवस्थापन गरी यसका आधारमा मात्र अतिरिक्त समय कार्य गरे/नगरेको प्रमाणित अभिलेख राख्ने व्यवस्था गर्नुपर्दछ ।

१०. **अतिरिक्त समयको खर्च :** अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका- २०७०, को परिच्छेद ७ मा नियमित काम वाहेक विशेष कामको लागि दैनिक दुई घण्टा भन्दा बढि अतिरिक्त समय काम गर्ने कर्मचारीलाई खाजा/खाना खर्च बापत रु.२५०।-, सार्वजनिक विदाको दिन काम गरे बापत रु.५००।- उपलब्ध गराउने र प्रोत्साहन भत्ता प्रणाली लागु भएकोमा उपलब्ध नगराउने व्यवस्था छ। सचिवालयमा प्रोत्साहन भत्ता लागु भएकोमा सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको २०७२।०६।०६ को बैठकबाट सचिवालयमा कार्यरत स्थायी तथा करार कर्मचारीहरुलाई अतिरिक्त समय र सार्वजनिक विदाको दिन काम लगाए बापत भुक्तानी दिने निर्णय अनुसार विभिन्न कर्मचारीहरु लाई खाजा/खाना खर्च बापत रु.५,२८,२४,६००।०० भुक्तानी गरेकोले दिन मिल्ने देखिदैन ।

११. **बढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्चको बिल भर्पाइ सहित लेखा राख्नु पर्ने व्यवस्था छ । सचिवालयबाट विज्ञापन वापत एक विज्ञापन एजेन्सीलाई भुक्तानी गर्दा रु.२३,७७२।३७ बढी रकम भुक्तानी भएको देखिएकाले उक्त रकम असुल हुनुपर्दछ ।

१२. **पेश्की कारोबार :** सचिवालयबाट भएका पेश्की कारोबार सम्बन्धी केही कागजातहरु परीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

१२.१. आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४ (१) मा समयमा पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कर्मचारीहरुले तोकिएको समय भित्र पेश्की फछ्र्यौट गर्ने गरेको देखिएन। कर्मचारीहरुलाई आवश्यकता भन्दा बढी पेश्की रकम दिने गरेकोले केही रकम नगदै दाखिला गर्ने गरेको समेत देखिन्छ। नियमानुसार तोकिएकै अवधि भित्र पेश्की फछ्र्यौट गर्ने र फछ्र्यौट नगर्ने कर्मचारीलाई नियमानुसार हर्जना असूल गर्नुपर्दछ।

१२.२. एक शाखा अधिकृतले कार्यक्रम खर्च वापत लिएको पेश्की फछ्र्यौट गर्दा निज २०७२।५।१९ गते बिहान ९.२५ बजे काठमाडौंका लागि हवाइजहाज मार्फत् आएको देखिन्छ । तर निजले उक्त दिन कार्यालय प्रयोजनका लागि २ वटा गाडी रिर्जभ गरी कर बाहेक रु.१८,०००।०० भुक्तानी गरेको खर्च लेखिएकोले सो रकम असूल हुनुपर्दछ ।

१२.३. एक नायव सुब्बाले कार्यक्रम खर्च वापत लिएको पेश्की फछ्र्यौट गर्दा व्यवस्थापिका संसद सचिवालयको आन्तरिक भ्रमण कार्यविधि, २०६७ ले तोके भन्दा बढी गाडी रिर्जभ गरेको भनी भुक्तानी लिएको रु.२७,०००।०० रकम असुल गर्नुपर्दछ ।

१२.४. एक कानुन अधिकृतलाई कार्यक्रम संचालनका लागि पेश्की दिएकोमा निज विराटनगरबाट काठमाडौं २०७३।१।२० गते बिहान ८:२० बजे फर्किसकेको देखिन्छ । तर पेश्की फछ्र्यौट गर्दा निजले उक्त दिन कार्यालय प्रयोजनार्थ ३ वटा गाडी रिर्जभ गरेबापत भुक्तानी लिएको रु.२७,०००।०० असुल हुनुपर्दछ ।

१२.५. एक उपसचिवले राष्ट्रिपति तथा उप-राष्ट्रिपति निर्वाचनका लागि लिएको रु.३१,०९,७५०।०० पेश्की फछ्र्यौट गर्दा उक्त निर्वाचनमा संलग्न कर्मचारीहरुलाई रु.११,९०,९३५।०० निर्वाचन भत्ता वापत भुक्तानी दिएको छ। निर्वाचन भत्ता वापत विभिन्न कर्मचारीहरुलाई दिएको भत्ता रकम प्रतिदिन रु.१,३००।०० देखि रु.३,७००।०० सम्म रहेको छ । सचिवालयमा कार्यरत कर्मचारीहरुले प्रोत्साहन भत्ता तथा खाजा/खाना भत्ता दिइरहेको अवस्थामा निर्वाचनका लागि थप भत्ता दिने आधार, निर्वाचनमा खटाइएका कर्मचारीहरु तथा दिन लगायत सोसँग सम्बन्धित पुष्टि हुने प्रमाण कागजात बेगर रु.११,९०,९३५.०० खर्च लेखेको छ ।

१३. **प्रोत्साहन भत्ता :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १२३ मा थप सुविधा वृद्धि गरी आर्थिक दायित्व पर्ने निर्णय गर्दा अर्थ मन्त्रालयको पूर्वसहमति लिनुपर्ने उल्लेख छ। व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६५ मा रहेको कार्य सम्पादनमा आधारित प्रोत्साहन रकम उपलब्ध गराउन सक्ने व्यवस्थाको आधारमा सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको २०७२।६।६ को निर्णयबमोजिम शुरु तलबस्केलको ८० प्रतिशतले हुने प्रोत्साहन भत्ता रु.६ करोड ६४ लाख र सार्वजनिक बिदाको दिनको रु.७५०।- र अन्य

दिनको रु.६००।- का दरले अतिरिक्त समय काम गरेको दिनको खाना/खाजा खर्च रु.५ करोड २८ लाख २५ हजार समेत कर्मचारीहरुलाई कार्य सम्पादन सूचक बेगर रु.११ करोड ९२ लाख २५ हजार विविध खर्च शीर्षकबाट भुक्तानी दिएकोमा अर्थ मन्त्रालयको पूर्वसहमति लिएको देखिएन । मन्त्रिपरिषद्बाट कार्य सम्पादन सूचक स्वीकृत गराएरमात्र यस किसिमको भत्ता खर्च गर्नुपर्दछ ।

१४. **बैठक भत्ता :** अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका- २०७०, को परिच्छेद ७ मा एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने उल्लेख छ। साथै उक्त निर्देशिकामा बैठक कार्यालय समय बाहिर हुनुपर्ने समेत उल्लेख छ । सचिवालयका कर्मचारी मात्र बैठक बसी विभिन्न १० बैठकको भत्ता भुक्तानी लिएको तथा कार्यालय समय भित्र बैठक बसेको अवस्थामा समेत भुक्तानी लिएको रु.३,३९,१५०।०० (कर बाहेकको) रकम सम्बन्धित कर्मचारीहरुबाट असूल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१५. **मिन्हा :** सचिवालयका कर्मचारीहरुलाई २०७०।७१ मा तलब तथा सुविधा भुक्तानी गर्दा रु.३९ लाख ८३ हजार घटी कर कट्टी गरेकोले असुल हुनु पर्ने व्यहोरा यस कार्यालयको ५२ औं प्रतिवेदनमा समावेश भएकोमा २०७२।७३ बाट पूरै कट्टी गर्न थालेको जनाई सार्वजनिक लेखा समितिअन्तर्गत उपसमितिले २०७२।९।२१ को निर्णयले मिन्हा गरेको छ । आयकर ऐन,२०५८ को व्यवस्था भन्दा फरक किसिमले निर्णय गरी वासिन्दा प्राकृतिक व्यक्तिको कर मिन्हा गरी कर दायित्वबाट उन्मुक्ति दिन मिल्दैन । अतः उक्त कर सोही ऐनको दफा ८ बमोजिम असुल हुनु पर्दछ ।

सर्वोच्च अदालत

१. **सोझै खरीद :** सार्बजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने व्यवस्था छ । एकै प्रकृतिका खरिद तथा निर्माण कार्य गर्दा तोकिएको सिमा भन्दा बढी रकमको एउटै फर्म वा कम्पनीबाट पटक पटक रु.१ करोड ५५ लाख ९३ हजारको खरीद गरेकोले खरीद कार्य मितव्ययी तथा प्रतिस्पर्धी छ भन्न सक्ने आधार देखिएन ।

२. **ऐन नियमको परिपालना :** आर्थिक कार्यविधि नियामवली वमोजिम जिन्सी निरीक्षण गर्नुपर्नेमा नगरेको, केन्द्रीय निकायले आर्थिक वर्ष शुरु भएको १५ दिन भित्र सम्वन्धित कार्यालयलाई अख्तियारी पठाउनु पर्नेमा रु.८ करोड ५२ लाख ९४ हजारको अख्तियारी प्रदान नगरी जगेडा राखेको, तलववाट रु.६४ लाख ९७ हजार विदेश भ्रमणको लागि दैनिक भ्रमण भत्ता पेश्की दिएको, ७६ जना पदाधिकारी तथा कर्मचारीको नाममा विदेश भ्रमण जांदा लिएको पेश्की फछ्र्यौट भएको देखिएन ।

३. **कर विजक :** मूल्य अभिवृद्धी कर नियमावली, २०५३ को नियम १७ अनुसार वस्तु वा सेवा आपूर्ती गर्दा प्रापकलाई कर विजक पेश गर्नुपर्ने व्यवस्था छ । सर्वोच्च अदालतले २ वटा फर्मवाट कर विजक जारी भएको मा पहिलो प्रिन्ट कालो मसिले केरमेट गरी नयां स्ट्याम्प नं. राखी मुल्य अभिवृद्धी कर रु.१ लाख ८ हजार भुक्तानी दिएकोले मुल्य अभिवृद्धी कर समायोजन विवरण पेश हुनुपर्दछ ।

४. **पेश्की :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ७४ (३) मा पेश्की फछ्र्यौट गर्नु गराउनु पेश्की लिनेदिने दुबै थरीको कर्तव्य हुने उल्लेख छ । कार्यालय सम्बन्धी खर्च तथा विदेश भ्रमण कार्यको लागि दिइएको पेश्की रु.२ करोड ७६ लाख १२ हजार आर्थिक बर्षको अन्त्य सम्म फछ्र्यौट भएको देखिएन ।

५. **प्राविधिक सहायता :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय व्ययको महालेखापरीक्षकबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । प्राविधिक सहायता सम्बन्धी विवरणमा कानुनी शासनको विकास तथा मानव अधिकार संरक्षण कार्यक्रमको लागि राष्ट्रसंघीय जनसंख्या कोष र राष्ट्रसंघीय विकास कार्यक्रमबाट रु.६७ करोड९९ लाख ५४ हजार प्राप्त हुने उल्लेख भएकोमा लेखापरीक्षणको लागि पेश गरेको छैन। उक्त रकममध्ये राष्ट्रसंघीय विकास कार्यक्रम अन्तर्गतको २०७२।९।१५ सम्मको सहायता रु.२५ करोड ३७ लाख ८ हजारको दर्तावाल लेखापरीक्षकबाट लेखापरीक्षण सम्पन्न भएको प्रतिवेदन पेश हुन आएको छ ।

काठमाण्डौं जिल्ला अदालत

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित कानुनको पालना गर्नु पर्दछ । तलबी प्रतिवेदन पास नगराई तलब शिर्षकमा रु.८५ करोड ८५ लाख ६३ हजार खर्च लेखेको र रू.१ करोड २९ लाख ४७ हजार को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी सामानहरुको मुल्य नखुलाएको र सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं.२ राख्नु पर्नेमा राखेको नदेखिएकोले नियमावलीमा भएको व्यवस्था कार्यान्वय हुनुपर्दछ ।

२. **संचित कोष दाखिला :** नेपालको संविधान, को धारा ११६ वमोजिम नेपाल सरकारलाई प्राप्त हुने जुनसुकै रकम संघीय ऐनद्वारा अर्को कुनै व्यवस्था नगरिएमा एक सरकारी कोषमा आम्दानी बाँधिने व्यवस्था रहेको छ। अदालतले असुल गरेको रकम रु.२ करोड २ लाख ४७ हजार एकमुष्ट संचित कोष दाखिला नगरी ७० प्रतिशतले हुने रु.१ करोड ४१ लाख ७३ हजार मात्र संचित कोष दाखिला गरी वांकी ३० प्रतिशतले हुने रु.६० लाख ७४ हजार रकम मध्ये २५ प्रतिशतले हुने रु.५० लाख ६२ हजार डोर असुली गर्ने

पदाधिकारीहरुलाई र ५ प्रतिशतले हुने रु.१० लाख १२ हजार तहसिलदारलाई प्रोत्साहन वापत पुरुस्कार प्रदान गर्ने गरेको देखिएकोले डोर असुलीको सम्पूर्ण रकम संचित कोष दाखिला गरी अर्थ मन्त्रालयवाट निकासा लिएर मात्र खर्च गर्नु पर्नेमा सो अनुरुप भएको देखिएन ।

३. **लगती राजस्व :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० वमोजिम लगती तथा हसवली राजस्वको लेखा रहे नरहेको यकिन गर्नुपर्ने उल्लेख छ । आर्थिक विवरण अनुसार आर्थिक वर्षको अन्तमा रु.६ अरब ६६ करोड १८ लाख ४७ हजार लगत वांकी देखाएको छ । अदालतले लगत वांकीको अभिलेख राखेको भएतापनि लगत तथा फछ्र्यौटको अभिलेख पेश नआएकोले लगती राजस्व अभिलेख भिडान गर्न सकिएन ।

फैसला कार्यान्वयन निर्देशनालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी वनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मुल्यङ्कन गर्दा भ्रमण अभिलेख नराखेको, वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार नगरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित व्यहोराको कारवाही नगरेको र खरिद योजना नवनाएको जस्ता कमि कमजोरी देखिएका छन । प्रचलित ऐन नियमको पालना गर्ने गरी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्दछ ।

२. **पेस्की** : आर्थिक वर्षको अन्तसम्ममा एक संस्थाको नाममा फछ्र्यौट हुन बाँकी पेश्की रु.३ लाख ५० हजार सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार असुल फछ्र्यौट हुनु पर्ने देखिन्छ ।

राष्ट्रिय न्यायिक प्रतिष्ठान

१. **लेखा :** राष्ट्रिय न्यायिक प्रतिष्ठान (आर्थिक प्रशासन) नियमावली, २०६९ को नियम ७ मा प्रतिष्ठानको वजेटको ढाँचा र वजेट सम्वन्धी अन्य व्यवस्था समितिवाट, स्वीकृत भएको दिग्दर्शन वमोजिम हुने उल्लेख छ । समितिले हाल सम्म वजेट ढाँचा र वजेट सम्वन्धि दिग्दर्शन नतोकेकोले हाल प्रयोगमा रहेको लेखाबाट प्रतिष्ठानको पूँजी तथा दायित्व र सम्पत्तीको अध्यावधिक स्थिती सहितका व्यहोरा नदेखिने हुँदा प्रतिष्ठानको आय व्ययको यथार्थ स्थिति देखिने गरी समितिले लेखाको ढाँचा तथा वजेट सम्वन्धि दिग्दर्शन तोकि लागु गर्नुपर्दछ ।

२. **कोष संञ्चालन कार्यविधि :** प्रतिष्ठान नियमावली, २०६९ को नियम ५० अनुसार प्रतिष्ठानमा प्राप्त हुने रकमको कम्तीमा १० प्रतिशत रकम संस्थागत शुल्क वापत प्रतिष्ठानको कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । यो वर्ष सम्म रु.१८ लाख ३७ हजार प्राप्त भएकोमा मुद्दती खाता खोली जम्मा गरेकोले नियममा व्यवस्था भए वमोजिम कर्मचारी कल्याणकोषमा जम्मा गरेको छैन ।

३. **टुक्रा पारी खरीद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ अनुसार रु.१० लाख भन्दा बढीको निर्माण कार्य गर्दा प्रतिस्पर्धाबाट गराउनु पर्नेमा कार्यालयले लागत अनुमान रु.२२ लाख १६ हजार भएको निर्माण कार्य ५ टुक्रामा विभाजन गरी रु.१९ लाख २ हजार भुक्तानी गरेकोले नियम संगत भएको देखिएन ।

४. **पेश्की :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम एक निर्माण व्यवसायीलाई रु.७४ लाख ११ हजार र नेपाल विधुत प्राधिकारणलाई रु.७० लाख ९४ हजार रकम पेश्की उपलब्ध गराएकोमा नियमावली बमोजिम फर्छ्यौट गर्नु पर्दछ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग केन्द्रिय कार्यालय

१. **पार्किङको लागि सेड निर्माण :** आयोगको पार्किङ सेड निर्माणको लागि नेपाल वाल संगठनको स्वमित्वमा रहेको जमिन २०७१।१०।१५ देखि वढीमा २ वर्षका लागि नेपाल वाल संगठनले उपलव्ध गराएको र समयावधि समाप्त भए पश्चात निर्माण गरेको भौतिक पूर्वाधारहरु संगठनलाईनै यथास्थितिमा छाडनु पर्ने गरी नेपाल वाल संगठनले २०७१।१०।१३ मा अनुमति दिए पश्चात रु.२० लाख २५ हजारको लागतमा निर्माण सम्पन्न भएको छ ।

पूर्वाधारहरु गैर सरकारी संस्थामा निर्माण गरी अल्पकाल (२०७२।४।२३ देखि २०७३।१२।१२) को प्रयोग पछि सोही संस्थालाई यथा स्थितिमा छाडन पाउने कनूनी आधार देखिदैन ।

२. **ठेक्का व्यवस्थापन** : आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार ठेक्कापट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा सम्पन्न गरी सक्नु पर्ने व्यवस्था छ । आयोगको प्रहरी महाशाखा तथा निर्माण कार्य, सि.आइ.ए.ए.प्रयोग शालामा सामानहरु आपूर्ति, ५१४ डव्लु.पि.ग्रिप सोलार सिस्टमको डिजाइन, आपूर्ति, जडान तथा परीक्षण कार्य जस्ता कार्यहरुको ठेक्का व्यवस्थापन कार्य नियममा उल्लेखित भएको अवधीमा हुन सकेको देखिएन ।

महालेखापरीक्षकको कार्यालय

१. **लेखापरीक्षण शुल्क असूली :** महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण गरेका सार्वजनिक संस्थानहरुवाट प्राप्त हुनुपर्ने, प्राप्त भएको र प्राप्त हुन वांकी लेखापरीक्षण शुल्कको अभिलेख लगती राजस्वको ढांचामा अद्यावधिक रुपमा राखी असुल गर्नु पर्दछ । कार्यालयले तत्सम्वन्धि विवरण स्पष्ट खुलाई अभिलेख राखेको देखिएन । यस वर्षसम्म लेखापरीक्षण गरिएका सार्वजनिक संस्थानहरुमध्येवाट असुल गर्नुपर्ने असूल भएको

र असूल गर्न वांकी लेखापरीक्षण शुल्क यकिन गर्न सकिने अवस्था देखिएन । यस सम्वन्धमा गत वर्षको लेखापरीक्षण प्रतिवेदनले समेत औल्याएकोमा यस वर्ष पनि सुधार नभै स्थिति यथावत देखियो । लेखापरीक्षणको क्रममा बिवरण विश्लेषण गर्दा लेखापरीक्षण भइसकेका २ सस्थानहरुवाट ६ आर्थिक वर्षको लेखापरीक्षण शुल्क रु.१२,२०,०००।- असूली गर्न वाँकी देखिएकोले आवश्यक कारवाही साथ असूल गरी संचित कोष दाखिला हुनुपर्दछ ।

२. **वार्षिक वजेट र खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार कार्यालयले विनियोजित वार्षिक वजेटको सिमा भित्र रही खर्च गर्नुपर्नेमा एक वजेट उपशीर्षकमा ३ खर्च रकम नम्वरहरुमा रु.१४,५४,१६४।- विनियोजित वजेट भन्दा वढी खर्च गरेको देखिंदा नियमसम्मत नदेखिएकोले नियमित गराउनुपर्दछ ।

लोकसेवा आयोग, केन्द्रिय कार्यालय

१. **आन्तरिक नियन्त्रण :** ऐन नियमहरुमा कार्यालयल तथा पदाधिकारी/कर्मचारीहरुले गर्नु पर्ने विभिन्न कार्यहरु तोकिएको छ । शाखा अधिकृत-३ लाई निजामती सेवा ऐन, २०४९को दफा ७ख(२) अनुसार तलबी प्रतिवेदन पास नगराई रु.९,७६,५६०।-तलब भत्ता खर्च लेखेको, आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार जिन्सी निरीक्षण प्रतिवेदन बमोजिमा जिन्सी मालसामनको मिन्हा, लिलाम तथा मर्मत सम्वन्धि कारवाही नगरेको, आफु र मातहतका निकायको लागि आन्तरिक नियन्त्रण कार्यविधि तयार गरी लागु नगरेको र आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको अवस्था देखिन आयो । यसमा सुधार हुनु पर्दछ । आयोगले आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी बनाइएको जवाफ दिएको छ ।

२. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ र अनुसूची- १ मा पारिश्रमिक आयमा २५ प्रतिशतसम्म कर लाग्ने व्यवस्था रहेको छ । आयोगले यो वर्ष कार्य सम्पादनको आधारमा विभिन्न पदाधिकारी/कर्मचारीहरुलाई पारिश्रमिक, भत्ता, यातायात खर्च, खाना/खाजा आदिमा रु ६,०८,६५,४३३।- खर्च लेखेकोमा भुक्तानीको समयमा १५ प्रतिशतमात्र कर कट्टी गरेको छ । पदाधिकारी/कर्मचारीहरुको तलव तथा भत्तालाई ऐन बमोजिम गणना गरी कर कट्टी गरे तापनि कार्य सम्पादनको आधारमा भएको भुक्तानीलाई वार्षिक आयमा समावेश नगरी न्यूनतम दरमा कट्टी गर्दा कर छुट्न सक्ने अवस्था रहेको सबै भुक्तानीलाई आयमा समावेश गरी कर कट्टी गर्नु पर्दछ । कार्यालयले सुझाव बमोजिम मातहत कार्यालय समेतमा आगामी वर्ष देखी आयमा समावेश गर्न प्रकृया शुरु गरिएको जवाफ दिएको छ ।

३. **खाना खाजा खर्च :** लोकसेवा आयोग ऐन, २०६६ को दफा २१ मा आयोगका सदस्य तथा कर्मचारीहरुलाई कार्यालय समय भन्दा बढी समय आयोगमा काम लगाउनु परेमा वा कुनै बिशेष काममा लगाउनु परेमा थप सुविधाको रुपमा आयोगले निर्धारण गरे बमोजिमको रकम तथा खाना खाजा खर्च समेत दिन सकिने उल्लेख छ । आयोगवाट सम्पादन हुने अधिकांश कार्यहरु कार्यालय समयभन्दा अगाडी तथा पछाडीको समयमा गराई पदाधिकारी तथा कर्मचारीलाई खाजा खानाको लागि बजेट खर्च लेखेकोमा एउटै पदाधिकारी/कर्मचारीलाई विभिन्न कार्यमा संलग्न भएको आधारमा एकै समयमा एकपटकभन्दा बढी खाना खाजा खर्च भुक्तानी हुनसक्ने स्थिति देखियो । पदाधिकारी तथा कर्मचारीहरुलाई दिइने खाना खाजा लगायतका आर्थिक सुविधालाई बढी व्यवहारिक र मितव्ययी बनाउन आयोगको प्रचलित नर्मसमा सुधार हुन पर्ने देखिन्छ ।

४. **विविधबाट खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ४०(५)को प्रतिवन्धात्मक वाक्यांशमा बजेटमा परेको रकममा विविध रकमबाट खर्च गर्न नपाइने उल्लेख छ । आयोगले यो वर्ष विविध शीर्षकमा विनियोजित बजेटबाट मालसामान तथा सेवा आपूर्तिमा रु.५६,८६,१७६।-, छपाइमा रु.५६,९३,९९९।- र सञ्चार माध्यमलाई भुक्तानीमा रु२,७७,२५,०७४।- समेत रु.३,९१,०५,२४९।- खर्च गरेको देखियो । खर्च शीर्षकहरुको बर्गिकरण र व्याख्या बमोजिम सम्वन्धित शीर्षकमा बजेट व्यवस्था गरी खर्चको लेखा तथा आर्थिक विवरण तयार गर्न आयोगले ध्यान दिनु पर्दछ । कार्यालयले तत्काल गर्नुपर्ने खरिद मात्र सोझै खरिद गरिएको जवाफ दिएको छ ।

५. **परामर्श कर :** आयकर ऐन, २०५८ को दफा ८९(३) मा बासिन्दा व्यक्ति गैह्र बासिन्दा व्यक्तिलाई ठेक्का वा करारको रकम भुक्तानी गर्दा ५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने उल्लेख छ । आयोगले पब्लिक सर्भिस म्यानेजमेण्ट सिष्टमको डिजाईन, विकास, परीक्षण, जडान तथा संचालन १५ महिनाभित्र सम्पन्न गर्ने गरी एक परामर्शदातासँग फेब्रुअरी १२, २०१३ मा अमेरिकी डलर ९,९०,००० को सम्झौता गरेकोमा यो वर्ष अन्तिम विलको रु.५,७३,४४,८६८।- समेत हालसम्म रु.१०,०८,९३,९७५।- भुक्तानी गरेको देखिन्छ । आयोगले प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय मार्फत एसियाली विकास बैङ्कलाई भुक्तानीको लागि शिफारिस गरेकोमा ५ प्रतिशत कर रु.२८,६७,२४३।- छुट हुन गएको देखियो । कानून अनुसार कर असुल गर्नु पर्दछ । कार्यालयले सम्झौता गर्दा नै उक्त व्यहोरा छुट्न गएको र एसियाली विकास बैङ्कले सोझै भुक्तानी गर्ने भएकोले असुल गर्न नसकिने जवाफ दिएको छ ।

परामर्शदाताले जडान गरेको सफ्टवेयरको एक वर्ष वारेन्टी अवधि रहेकोमा सो अवधि पश्चात उक्त सफ्टवेयर, नेटवर्किङ्ग र ज्ञानको दीगो सञ्चालन र विकासको लागि दक्ष जनशक्ति तयार गरेको पाइएन । वारेण्टी अवधि पश्चात फछ्यौट आईपर्ने समस्या समाधानको लागि आवश्यक जनशक्ति तयार गर्नुपर्दछ ।

लोकसेवा आयोग, मध्यमान्चल क्षेत्रीय निर्देशनालय

१. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ र अनुसूची १ मा पारिश्रमिक आयमा २५ प्रतिशतसम्म कर लाग्ने व्यवस्था रहेको छ । आयोगले यो वर्ष कार्य सम्पादनको आधारमा विभिन्न कर्मचारीहरुलाई पारिश्रमिक, भत्ता, यातायात खर्च, खाना/खाजा आदिमा रु २,६५,९०,९४७७३ खर्च लेखेकोमा भुक्तानीको समयमा १५ प्रतिशतमात्र कर कट्टी गरेको छ । कार्य सम्पादनको आधारमा भएको भुक्तानीलाई वार्षिक आयमा समावेश नगरेकोले सबै भुक्तानीलाई आयमा समावेश गरी कर कट्टी गर्नु पर्दछ ।

२. **खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) अनुसार प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले यो वर्ष कार्यालय सञ्चालनबाट रु.१,६८,४७४।- र विविधबाट रु.२५,७०,५४५।- समेत रु.२७,३९,०१९।- को छपाइ तथा कार्यालय सामान खरिद गरेकोमा प्रतिस्पर्धा गराएको पाइएन । खरिद कार्यलाई प्रतिस्पर्धी र पारदर्शी बनाउन पर्ने देखिन्छ । कार्यालयले आगामी वर्ष देखी सुधार गर्न प्रकृया शुरु गरिएको जवाफ दिएको छ ।

३. **जिन्सी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०मा एक वर्षमा कम्तीमा एक पटक जिन्सी निरीक्षण गराई प्रतिवेदनको आधारमा लिलाम विक्री एवं मर्मत सम्भार गर्नुपर्ने र मूल्य नखुलेको भए खुलाउनु पर्नेमा सो कार्य हुन सकेको देखिएन । प्रतिवेदनमा उल्लेखित व्यहोरालाई कार्यान्वयनमा ल्याउनु पर्ने देखियो । कार्यालयले सुझाव बमोजिम आगामी वर्ष देखी सुधार गर्न प्रकृया शुरु गरेको जवाफ दिएको छ ।

लोकसेवा आयोग, दरखास्त व्यवस्थापन केन्द्र

१. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ र अनुसूची १ मा पारिश्रमिक आयमा २५ प्रतिशतसम्म कर लाग्ने व्यवस्था रहेको छ । आयोगले यो वर्ष कार्य सम्पादनको आधारमा विभिन्न कर्मचारीहरुलाई पारिश्रमिक, भत्ता, यातायात खर्च, खाना/खाजा आदिमा रु.५५,९९,२८५।-खर्च लेखेकोमा भुक्तानीको समयमा १५ प्रतिशतमात्र कर कट्टी गरेको छ । कार्य सम्पादनको आधारमा भएको भुक्तानीलाई वार्षिक आयमा समावेश नगरेकोले सबै भुक्तानीलाई आयमा समावेश गरी कर कट्टी गर्नु पर्दछ ।

निर्वाचन आयोग

१. **खर्च शीर्षक :** अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७० को दफा ३.३.२. मा रहेको खर्च शीर्षकको वर्गिकरण र व्याख्यामा विद्युत महशुल, सवारी साधन मर्मत, प्रोत्साहन भत्ताको लागि भिन्नाभिन्नै खर्च शीर्षक तोकेको छ । आयोगले विद्युत महशुल, सवारी साधन मर्मत र पदाधिकारी तथा कर्मचारीहरुलाई अतिरिक्त समय काममा लगाई उपलब्ध गराएको खाना तथा खाजा खर्च समेत रु.१,०८,४१,८०९।- कार्यक्रम खर्चमा समावेश गरेको छ । उक्त कारण वित्तीय विवरणमा प्रस्तुत भएको आँकडाले खर्च शीर्षक वर्गिकरण र व्याख्या बमोजिम चित्रण नगर्ने भएकोले आर्थिक विवरणमा सुधार गरी नियमित गर्नु पर्दछ । आयोगले सम्बन्धित खर्च शीर्षकमा बजेट न्यून भएकोले कार्यक्रम खर्चसंग आवद्ध गरी खर्च गरिएको र हाल सुधार गर्ने प्रयास गरिएको जवाफ दिएको छ ।

२. **आन्तरिक नियन्त्रण :** सार्वजनिक खरिद नियमाली, २०६४ को नियम ८(५) बमोजिम स्वीकृत बजेट तथा कार्यक्रम प्राप्त भएपछि वार्षिक खरिद योजना परिमार्जन नगरेको, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) बमोजिम खर्च भएको सबै रसीद बिल भरपाईमा भुक्तानी भएको छाप नलगाएको,नियम ५० बमोजिम जिन्सी निरीक्षण प्रतिवेदनको आधारमा मर्मत सम्बन्धी कारवाही नगरेको र मूल्य नखुलेका जिन्सी मालसामानहरुको नियमानुसार मूल्य कायम गरी राखेको पाइएन । नियमको पालना हुनु पर्दछ । आयोगले आगामी दिनमा सुधार गरिने जवाफ दिएको छ ।

३. **चौमासिक खर्च :** आयोगको केन्द्रीय कार्यालयको लागि यो वर्ष मतदाता नामावली अद्यावधिक संकलन र संस्थागत सुदृढीकरण कार्यको लागि चालुतर्फ रु.६,९०,२६,३०६।- र पूँजीगततर्फ रु.३,३४,७६,१९२।- बजेट विनियोजन भएकोमा क्रमशः रु.२,९८,८२,६७३।- र रु.१९,९१,५०२।- खर्च भएको छ । कार्यक्रम अनुसार अघिल्ला चौमासिक अवधिमा संचालन गर्ने कार्यहरु समेत तेस्रो चौमासिक र आषाढ महिनामा संचालन गरेको देखियो । वर्षको अन्त्यमा धेरै कार्यक्रम संचालन गर्दा एकै समयमा कार्यबोझ बृद्धि हुने र अनुगमन सुपरिबेक्षण प्रभावकारी नहुने भएकोले यसमा सुधार हुनु पर्दछ । आयोगले आगामी कार्यक्रममा सुधार गरिने जवाफ दिएको छ ।

४. **रणनैतिक योजनाको कार्यान्वयन :** आयोगले आयोग र मातहतका निकाय तथा निर्वाचन सम्बन्धी गर्नु पर्ने सुधारको कार्यान्वयन सम्बन्धमा २०७१।७२ देखि २०७५।७६ सम्मकोलागि दोस्रो पञ्चवर्षीय रणनैतिक योजना कार्यान्वयनमा ल्याएको छ । उक्त रणनैतिक योजनाका कार्यहरुमध्ये पहिलो २ वर्षको कुल ९१ लक्ष्यमध्ये

१४मा पूर्ण र ४४मा आँशिक प्रगति भएको पाइयो । रणननितिक योजनामा उल्लिखित समयतालिका अनुसारको लक्ष्य पुरा गर्न थप प्रयास हुनु पर्ने देखियो । आयोगले संक्रमणकालिन अवस्थामा तयार गरिएको र नयाँ संविधान तथा बाह्य कारणबाट कतिपय कार्य हुन नसकेकोले हाल पुनरावलोकन भैरहेको जवाफ दिएको छ ।

५. **वैदेशिक सहायता :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय व्ययको महालेखापरीक्षकबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । आयोग र राष्ट्रसंघीय विकास कार्यक्रम र इन्टरनेशनल फाउण्डेशन फर इलेक्ट्रोरल सिष्टमबीच भएको सम्झौता अन्तर्गत यो वर्ष रु.४२ करोड ६८ लाख ५० हजार प्राप्त भएको विवरण पेश भएको छ। द्विपक्षीय तथा बहुपक्षीय स्रोतबाट २०७२।७३ मा प्राप्त हुने प्राविधिक सहायताको विवरणमा समावेश नभएको उक्त सहायताको आर्थिक विवरण पेश गरी लेखापरीक्षण गराएको छैन ।

उक्त सहायता अन्तर्गत रु.१७ करोड ६३ लाख ५३ हजारको ल्यापटप तथा सूचना प्रविधिसम्बन्धी सामानहरु प्राप्त भएकोमा वार्षिक केन्द्रीय आर्थिक विवरणमा समावेश गरेको छैन । वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणालीमा समावेश गरी लेखापरीक्षण गराउनुपर्दछ ।

६. **तालिम गोष्ठी तथा कार्यशाला :** आयोगले यो वर्ष तालिम, गोष्ठी तथा कार्यशाला वापत मतदाता नामावली अद्यावधिक कार्यक्रमबाट रु.४३,६१,६१०। र संस्थागत सुदृढीकरण कार्यक्रमबाट रु.३९,९९,०७९। समेत जम्मा रु.८३,६०,६८९। खर्च लेखेकोमा देखिएका व्यहोरा निम्नानुसार छन्:

६.१ आर्थिक कार्यविधि नियमावली, २०६४को नियम३६(५)मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्नु पर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने उल्लेख छ । दश तालिम तथा गोष्ठीमा विभिन्न दातृसंस्थासंग लागत साझेदारी गरेको व्यहोरा कार्यक्रम स्वीकृति सम्वन्धी टिप्पणी आदेशमा उल्लेख भएको देखिन्छ। सम्पूर्ण खर्च समावेश भएको लागत अनुमान तयार नगरी कार्यालयले व्यहोरेको अंशकोमात्र लागत अनुमान तयार गरेको र दाताले व्यहोरेको यथार्थ खर्चको विवरण सहितको प्रतिवेदन तयार नगरेकोले खर्चमा दोहोरोपन भए नभएको यकिन गर्न सकिएन । लागत अनुमानमा दाताको लागत सहभागिता अंशसमेत खुलाई खर्च पारदर्शी गर्नु पर्दछ । आयोगले अव उप्रान्त सुधार गरिने जवाफ दिएको छ ।

६.२ अर्थ मन्त्रालयको आर्थिक कार्यविधि निर्देशिका २०७० को दफा ७.१.१५ मा सवै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला संचालन सम्बन्धी खर्चको मापदण्ड निर्धारण गरिएको छ । आयोगले संचालन गरेको तालिम, गोष्ठी तथा कार्यशालाहरुमा कुनैमा अर्थ मन्त्रालयको निर्देशिका बमोजिम र कुनैमा आयोगले छुट्टै दर तोकी खर्च लेखेको देखियो । आयोगले दर तोक्दा पनि समान प्रकृतिको कार्यक्रमको लागि समान दर कायम भएको देखिएन । निश्चित मापदण्डको आधारमा कार्यक्रम खर्च हुने व्यवस्था गरिनु पर्दछ ।

७. **मालसामान खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) अनुसार प्रतिस्पर्धा सीमित हुने गरी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले यो वर्ष कार्यालय संचालनबाट कुल रु.८८,५८,४८९।-को खरिद गरेकोमा रु.१६,८८,८७५।- को मालसामानमात्र शिलबन्दी दरभाउ पत्रको माध्यम गरी बाँकी सोझै खरिद गरेकोछ । शिलवन्दी दरभाउपत्र माग गरिएका ९३ आइटममा समावेश भएका मालसामान समेत सम्झौतामा उल्लेखित परिमाण भन्दा बढी परिमाणमा खरिद गरेको देखियो । नियमावलीको व्यवस्था बमोजिम खरिद कार्य प्रतिस्पर्धी र पारदर्शी हुनु पर्दछ । आयोगले शुरु बजेट न्यून भएको र आवश्यक मालसामानको पूर्वानुमान गर्न नसकिएकोले पटक पटक खरिद गर्न परेको जवाफ दिएको छ ।

८. **बैठक भत्ता :** अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७० को दफा ७.१.१ मा बैठक भत्ता सम्वन्धमा एउटै निकाय र अन्तरगतका पदाधिकारी र कर्मचारीमात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने, कानून अनुसार गठन भएका समितिको बैठकमा मात्र भत्ता प्रदान गर्ने, विशेषज्ञ सेवा आवश्यक परेमा आमन्त्रित सदस्यको रुपमा बढीमा ३ जना सम्मलाई भत्ता प्रदान गर्ने लगायतको मापदण्ड तोकेको छ । आयोगले वार्षिक कार्यक्रममा समावेश भएका तथा थप कार्यहरु सम्पादन गर्ने सिलसिलमा आन्तरिक रुपमा गठन गरेको समति/उप-समितिका संयोजक तथा सदस्य र आमन्त्रितहरुलाई बैठक भत्ता रु.१८,८३,०००।- भुक्तानी गरेकोमा निर्देशिकामा तोकिएको मापदण्ड पुरा भएको पाइएन । गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत औल्याइएकोमा आयोगले आगामी दिनमा सुधार गर्ने प्रतिवद्धता जनाएको भए तापनि सो स्थितिमा सुधार भएको पाइएन । आयोगले निर्वाचन आयोग ऐनमा रहेको अवशिष्ट अधिकार, आयोगको प्रकृति,उद्देश्य अनुसार बैठकको संख्या समेत पहिले नै सुनिश्चित गरी आयोगबाट निर्णय भए बमोजिम बैठक बसी भत्ता भुक्तानी गरिएको जवाफ दिएको छ ।

९. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको कार्यविधी अपनाई पेश्की फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । आर्थिक बर्षको अन्यमा रु.९८,०१५।-फछ्र्यौट हुन बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनु पर्दछ ।

१०. **हस्तान्तरण :** आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ५७(४) जिन्सी मालसामान हस्तान्तरण गर्दा हस्तान्तरण फाराम भरी हस्तान्तरण गर्नु पर्ने र आम्दानी बाँधेको जानकारी प्राप्त भएपछि मालसामानको लगत कट्टा गर्नु पर्ने उल्लेख छ। आयोगले रु.२,४०,६८०।- को मालसामान मातहतका निकायमा हस्तान्तरण गरी पठाएकोमा आम्दानी बाँधेको प्रमाण प्राप्त नगरी लगत कट्टा गरेकोले दाखिला गरेको प्रमाण पेश हुनु पर्दछ।

११. **जिन्सी :** आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ५१.मा सरकारी जिन्सी मालसामानको संरक्षण र संभार गरी राख्नु पर्ने उल्लेख छ । यो वर्ष लिलाम बिक्री गरेको मध्ये २०७०।२।२० मा खरिद भएको रु.२४,९७३।- को एक र २०७०।३।२१ मा खरिद भएको रु.१,३२,२१०।- मूल्यको एक समेत रु.१,५७,१८३।- परल मूल्यको २ थान मोवाइल सेट समेत समावेश भएको छ। यसै वर्ष कार्यालयले रु.२४७४७।-, रु.१९,७७५।- र रु.९०,४००।- समेत रु.१,३४,९२२।- मूल्यका ३ थान नयाँ मोवाइल खरिद गरेकोले छोटो अवधिमै विग्रिदा सरकारी सम्पत्तिको संरक्षण र सदुपयोगमा आयोगले ध्यान नदिएको र व्यक्तिगत प्रगोगमा आउने सामान खरिद गर्न मिल्ने आधार देखिदैन।

१२. **खर्च व्यवस्थापन :** स्थानीय तहको २०७४।१।३१मा हुने निर्वाचनको लागि आयोगलाई रु.१० अर्ब ३० करोड निकासा भएको छ। निर्वाचनको सिलसिलामा आयोगको अतिरिक्त सुरक्षालगायत अन्य सरकारी निकायहरुबाट समेत खर्च हुने सन्दर्भमा खर्चमा मितव्ययिता कायम गर्न मापदण्ड तथा नर्म्स्को पालना गरी गराई खर्च व्यवस्थापन गर्नु पर्ने देखिन्छ।

महान्यायाधिवक्ताको कार्यालय

१. **वैदेशिक सहायता :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६(२) मा सवै प्रकारका आय-व्ययको तोकिए बमोजिमको लेखा र आर्थिक विवरण पेश गरी अन्तिम लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ। कार्यालयले पेश गरेको विवरण अनुसार संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम अन्तर्गतको कानूनी शासन तथा मानवअधिकार संरक्षण प्रणाली सवलीकरण कार्यक्रमबाट रु.७०,८१,७२०।- र संयुक्त राष्ट्रसंघीय वालकोषबाट रु.१२,१८,८२७।- सहयोग प्राप्त गरेको खर्चको लेखा र आर्थिक विवरण लेखापरीक्षणको लागि पेश हुन आएन। उक्त खर्चको लेखा र आर्थिक विवरण लेखापरीक्षणको लागि पेश हुनुपर्दछ। कार्यालयले आगामी दिनमा विधिसम्मत बजेटमा समावेश गरी खर्च गर्न प्रयत्न गरिने जवाफ दिएको छ।

२. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० बमोजिम जिन्सी निरीक्षण गर्नु पर्ने उल्लेख छ। कार्यालयले जिन्सी निरीक्षण नगरेको र खर्च भएर नजाने जिन्सी खाता (म.ले.प.फा.नं. ४७) पुरानो भै च्यातिएर अभिलेख लोप हुने अवस्था रहे तापनि नयाँ खाता खडा गरी अद्यावधिक गरेको पाइएन। नियमानुसार जिन्सी निरीक्षण गरी जिन्सी अभिलेख अद्यावधिक गर्नु पर्दछ। कार्यालयले आगामी दिनमा व्यवस्थित गर्दै लगिने जवाफ दिएको छ।

३. **प्रोत्साहन भत्ता :** महान्यायाधिवक्ताको कार्यालयको लागि नेपाल सरकारले स्वीकृत गरेको कायं सम्पादनमा आधारित प्रोत्साहन भत्ता निर्देशिका २०७२ को मापदण्ड ६ अनुसार प्रत्येक महिना २५ घण्टा अतिरिक्त समय काम गर्नुपर्ने र सो भन्दा कम भएमा न्यूनतम ५ घण्टासम्म अतिरिक्त समयको ५० अङ्कभारलाई औषतमा गणना गरी शुरु तलव स्केलको २५ प्रतिशतसम्म दिनसक्ने प्रावधान छ। अदालतमा बहस गर्ने २४ उप-सचिव र सो भन्दा माथिका २४ सरकारी वकिलहरुको कार्यालय समय बाहेकको समयमा हाजिर गरेको प्रमाण नभए तापनि नियमित कार्यालय समयमा हाजिरी भएको दिनमा उपस्थित भएमा स्वतः अतिरिक्त समय काम गरेको मानी प्रोत्साहन भत्ता गणना गर्ने २०७३।३।२२ मा निर्णय गरी रु.१०,९९,८७५।- कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता भुक्तानी गरेको पाइयो। निर्देशिकामा उल्लेखित मापदण्डको आधारमा भत्ता भुक्तानी गर्नु पर्दछ। कार्यालयले विहान-वेलुका फाइल तथा मिशिल अध्ययन नगरी अदालतमा बहस गर्न नसकिने र आगामी दिनमा हाजिरी लगायत अन्य पक्षलाईअझ बढी कार्यान्वयनमा लगिने जवाफ दिएको छ।

४. **बैठक भत्ता :** अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७० को दफा ७.१.१(बैठक भत्ताको मापदण्ड)मा कानूनअनुसार गठन भएका समितिहरुको बैठकमा मात्र भत्ता प्रदान गर्ने कानूनी व्यवस्था बेगर गठन गरिएको समितिका पदाधिकारीलाई निर्देशिकाको मापदण्ड पुरा नगरी रु.१,६१,०००।- बैठक भत्ता भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल हुनु पर्दछ।

५. **करारका कर्मचारी :** कार्यालयले लेखापाल १, सहायक कम्प्युटर अपरेटर ३, हलुका सवारी चालक १३, कार्यालय सहयोगी ११ समेत गरी २८ जनालाइं मासिक रु.१८,८००।-, रु.१७,७३०।-, रु.१४,६७०।-, रु.१२,९८०।- दरले जम्मा चाडपर्व खर्च रु.३,९२,०३०।- लेखेकोमा सम्झौता पत्रमा चाडपर्व खर्च पाउने उल्लेख भएको नदेखिएकोले भुक्तानी नियम सम्मत देखिएन। कार्यालयले नियमानुसार सम्झौता गरेर चाडपर्व खर्चलाई नियन्त्रण गरिने जवाफ दिएको छ।

६. **भत्ता :** एक कम्प्यूटर अपरेटरलाई निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनको निर्वाचनमा खटिएवापत २०७२ चैत्र देखि २०७३ जेष्ठसम्म मासिक तलवको ५० प्रतिशतले हुने निर्वाचन भत्ता भुक्तानी दिएको अवधिमा मासिक रु.९,४००।- दरले ३ महिनामा रु.२८,२००।- कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता भुक्तानी भएको देखिएकोले दोहोरो दिन मिल्ने आधार पेश हुनु पर्दछ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

१. **वित्तीय प्रगती :** सूचना प्रविधि आयोजनाको पूँजीगत अनुसन्धान तथा परामर्शमा नेपाल सरकारको रु.७० लाख र एसियाली विकास बैङ्कको सोझै भुक्तानी रु.३ करोडसमेत रु.३ करोड ७० लाख बजेट व्यवस्था भएकोमा नेपाल सरकार स्रोततर्फको मात्र रु.१४,४८,३१७।-(२०.६९ प्रतिशत) खर्च भएको छ । बजेट खर्च नगरेका कारणबाट तोकिएको अवधिमा आयोजना सम्पन्न हुने देखिदैन ।

२. **थप बजेट :** आयोजना अन्तर्गत मेशिनरी औजार शीर्षकमा रु.३० लाखको बजेट खर्च गर्ने शुरु अख्तियारी प्राप्त भएकोमा २०७३।२।२ मा रु.१ करोड ६५ लाख ९५ हजार थप भई जम्मा रु.१ करोड ९५ लाख ९५ हजार बजेट कायम भएको पाइयो । थप अख्तियारीबाट कायम बजेट आर्थिक विवरणमा समेत छुट भएको छ । थप अख्तियारी रकम समावेश नगरेकोले आर्थिक विवरणले यथार्थ चित्रण गरेको पाइएन ।

३. **प्रगति :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम २६ मा तालुक कार्यालयले मातहत कार्यालयबाट प्राप्त प्रगति प्रतिवेदनको भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने व्यवस्था छ । सूचना प्रविधि विकास आयोजनाको सन २०१६ जनवरी १ देखि जून ३० सम्मको ३/३ महिनाको प्रगति प्रतिवेदन पेस गरे बापत रु.५,९९,९९८।- भुक्तानी भएको छ । यो वर्ष पूरै अवधि समेटिएको प्रगति प्रतिवेदन तयार नगरेकोले मध्यावधिक प्रगति मूल्याङ्कन गर्न सकिएन । आर्थिक तथा पूर्वाधार महाशाखा, आयोजना समन्वयकर्ता कार्यालयले विभिन्न कार्यक्रमको लागि आयोजना अन्तर्गत ७ निकायको कुल रु.७७ करोड ८३ लाख ९५ हजार विनियोजन भएकोमा रु.२१ करोड ५१ लाख ९८ हजार(२७.६५ प्रतिशत) खर्च गरेता पनि नियममा व्यवस्था भए अनुसार केन्द्रीयस्तरको वार्षिक प्रगति प्रतिवेदन तयार गरेको पाइएन । राष्ट्रिय परिचय पत्र व्यवस्थापनको ठेक्कापट्टा सम्बन्धि कार्य रोकिएको कारण वित्तीय प्रगती कम देखिएको कार्यालयले भनाइ छ । समयमै बिनियोजित बजेट उपयोग गरी लक्षित प्रगती हाँसिल गर्नु पर्दछ ।

४. **अबण्डा :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ६(२) मा अर्थ मन्त्रालयबाट कार्यालयगत बजेट विवरण र खर्च गर्ने अख्तियारी प्राप्त हुनासाथ सम्बन्धित मन्त्रालयले विभागीय प्रमुखलाई र विभागीय प्रमुखले मातहत कार्यालय प्रमुखलाई अख्तियारी दिनुपर्ने व्यवस्था छ। आर्थिक तथा पूर्वाधार महाशाखाले सूचना प्रविधि विकास आयोजना अन्तर्गत मेशिनरी औजार शीर्षकमा विनियोजित रु.५३ करोड २५ लाख ९५ हजारमध्ये रु.१ करोड ६५ लाख ९५ हजार अबण्डा राखी २०७३।२।२मा आयोजना समन्वयकर्ता आर्थिक पूर्वाधार विकास महाशाखालाई थप अख्तियारी दिएकोमा खर्च हुन नसकी फ्रिज भएको छ । बजेट तर्जुमा गर्दा प्रस्ताव गरे बमोजिम बाँडफाँड गरी समयमै अख्तियारी दिनु पर्दछ ।

५. **बिल भरपाइ :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्चको विल भरपाई सहितको लेखा प्रमाणित गराई राख्नु पर्ने व्यवस्था छ । कार्यालयले एक कन्सल्टेन्सीलाई तालिम शुल्क रु.१६,९५०।- को बिल भरपाई बेगर खर्च लेखेकोले विल भरपाई पेश हुनु पर्दछ ।

६. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (ख) २ बमोजिम प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्न नहुने उल्लेख छ । खरिद व्यवस्थापनसम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्

६.१ कार्यालयले रु.६४,८४,८७८।- को कार्यालय सामान खरिद गर्न रु.३ लाखमा नबढाई एउटै फर्मसंग पटक पटक खुल्ला दरभाउपत्र माग गरी सोझै खरिद गरेको छ । सामानको स्पेशिफिकेशन समेत तयार नगरी सोझै खरिद गरेको नियमसम्मत देखिदैन । नियमको व्यवस्था अनुरुप प्रतिस्पर्धा गराई खरिद गर्नु पर्दछ ।

६.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१(१) संग सम्वन्धित अनुसूची-३ मा खरिद सम्झौतामा उल्लिखित मालसामान वा अन्य सेवा माग गरेको समयमा आपूर्तिकर्ताबाट प्राप्त गर्ने व्यवस्था गर्न संरचनात्मक वा एकाईगत दर सम्झौता गर्न सकिने उल्लेख छ । कार्यालयले पटक पटक खाद्यान्न एवं खाजा/खानाबापत ४ आपूर्तकलाई रु.२ करोड ३० लाख भुक्तानी गरेकोमा उपर्युक्त व्यवस्थाबमोजिम गरेको देखिएन । नियमको व्यवस्थाबमोजिम मितव्ययी एवं पारदर्शी बनाई खर्च गर्नुपर्दछ ।

६.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा स्पेशिफिकेशनको अधिनमा रही चालु वा अघिल्लो वर्षमा सोही प्रकृतिको सामान खरिद गर्दाको वास्तविक लागत, प्रचलित दरभाउ, उद्योग वाणिज्यसंघले जारी गरेको दररेटको आधारमा तयार गर्नु पर्ने उल्लेख छ । कार्यालयले २४०० देखि ३००० सि.सी.क्षमताको एक जीप खरिद गर्न रु.९९ लाख लागत अनुमान गरेकोमा दररेटको आधार खुलाइएको पाइएन । उक्त खरिदको लागि पर्न अएको एकमात्र बोलपत्रको कवुल अङ्क रु.९९ लाख मा संझौता गरी खरिद गरेको पाइयो । पर्याप्त प्रतिष्पर्धा हुने गरी स्पेशीफिकेशन तयार गरी नियमानुसार खरिद प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

७. **भ्रमण अभिलेख तथा अनुगमन प्रतिवेदन :** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले अनुसूची ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था छ । मन्त्रिपरिषद्का सदस्यले पालना गर्नुपर्ने आचारसंहिता, २०६८ मा आफ्नो मन्त्रालयको कामको सिलसिलामा बाहेक अन्य कार्यमा सरकारी खर्चबाट स्वदेशमा समेत भ्रमण नगर्ने र मन्त्री बाहेक भ्रमण टोलीमा बढीमा ३ जना(सवारी चालक जानेमा सो बाहेक)मात्र समावेश गर्ने उल्लेख छ । यो बर्ष भ्रमण खर्च लेखिएको रु.३०,२०,४११।- परीक्षण गर्दा भ्रमणको अभिलेख नराखेको, भ्रमण प्रतिवेदन नदिएको, भ्रमण गर्नुको औचित्य र उद्देश्य किटान नभएको, भ्रमण दलमा तोकिएको सीमा भन्दा बढी संख्यामा कर्मचारी तथा सुरक्षाकर्मी सहभागी गराएको देखियो । नियमावलीको व्यवस्था अनुरुप भ्रमण खर्चको अद्यावधिक अभिलेख राख्ने र आचारसंहिताको पालना गरी खर्चमा मितव्ययीता अपनाउनुपर्ने देखिन्छ ।

८. **घटी कर :** आयकर ऐन, २०५८ को दफा ८८(१) मा सेवा शुल्कको भुक्तानी गर्दा कुल भुक्तानी रकमको १.५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बिभिन्न सेवा शुल्कको भुक्तानी गर्दा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्नेमा १.५ प्रतिशतमात्र कर कट्टी गरेको र मूल्य अभिबृद्धि कर समावेश भएको भुक्तानीमा १.५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा कर कट्टा नगरेकोले रु.६,४,६७।- असुल हुनुपर्दछ ।

९. **कर वीजकको ढाँचा :** मूल्य अभिवृद्धिकर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । कार्यालयले बिभिन्न ८ फर्मको भुक्तानीमा पेश भएका कर विजक नं. हातले लेखेको र केरमेट गरेको बीलबाट भुक्तानी गरेको पाइयो । रितपूर्वकको वीजक प्राप्त नगरी भुक्तानी भएको मुल्य अभिवृद्धी कर रु.४२,२११।४५ को कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

१०. **आषाढ महिनाको खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा कार्यालयले आफ्नो वार्षिक वजेट तथा कार्यक्रम अनुसार चौमासिक लक्ष्य निर्धारण गरी कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको बिबरण अनुसार विभिन्न पूँजीगत तथा कार्यक्रमगत वजेट शीर्षक तर्फको वार्षिक खर्च रु.४,१०,४५,०००।- मध्ये तेस्रो चौमासिकमा रु.३,५८,८९,०००।- (८७.४४ प्रतिशत) र आषाढ महिनामामात्र रु.३,४५,६३,०००।- (८४.२१ प्रतिशत) खर्च भएकोले समयमै कार्यक्रम सञ्चालन र खर्च गर्न ध्यान दिनुपर्ने देखिन्छ ।

गरिवी निवारण कोष

१. **लेखा व्यवस्था** : गरिबी निवारण कोष नियमावली, २०६४ को नियम ३५ मा कोषको लेखा राख्ने सम्बन्धमा व्यवस्था छ । कोषको सवै आर्थिक तथा जिन्सी कारोवारहरु सफ्टवेयर निर्माण गरी लेखाङ्कन गर्ने गरेकमा प्रयोगमा ल्याइएका सफ्टवेयरहरु परीक्षण गराई सुरक्षित, भरपर्दो र पर्याप्त रहेको सुनिश्चित गरी आधिकारिक निकायबाट स्वीकृत नगराएको र मूल तथा सहायक खाताहरु प्रिण्ट गरी प्रमाणित गराई नराखेकोले सवै मूल तथा सहायक खाताहरु प्रिण्ट गरेर प्रमाणित गरी राख्ने व्यवस्था हुनु पर्दछ ।

२. **मौज्दात जिम्मेवारी :** गत वर्षको वित्तीय विवरणमा रहेको मौज्दातसंग चालूवर्ष जिम्मेवारी समान हुनु पर्दछ । चालू वर्षको वासलातमा गतवर्षको शिर्षकको बैङ्क तथा पेश्की मौज्दात यो वर्ष रु.११७८८३२४।- फरक पारी जिम्मेवारी सारेको छ । फरक परेको पुष्ट्याँइ तथा प्रमाण पेश हुनु पर्दछ ।

३. **वासलात :** गरिबी निवारण कोष नियमावली, २०६४ को नियम ३५ मा कोषको लेखा नगदमा आधारित दोहोरो स्रेस्ता प्रणाली एवं नेपाल लेखामान स्तरअनुरुप राख्नुपर्ने र वार्षिक कारोबारको आय-व्यय विवरण र वासलात तयार गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ । कोषले यो वर्ष पनि घुम्ती कोषमा मौज्दात रहेको रकम र जिन्सी सामानको मौज्दातसमेतको सम्पत्तिको लेखाङ्कन गरेको पाइएन । वासलातमा उक्त कारोवार समेत समावेश हुनु पर्दछ ।

४. **खर्चको स्थिति** : कोषको कार्यक्रम शुरु भएदेखि हालसम्मको स्वीकृत बजेट र यथार्थ खर्चको तुलनात्मक विवरण निम्नानुसार छः

४.१. यो वर्ष बजेटको तुलनामा ६५.१० प्रतिशतमात्र खर्च भएको छ र विगत वर्षदेखि नै बजेट-खर्च अनुपात न्यून देखिन्छ । यसले गर्दा कोषले तोकिएको अवधिमा गरिवीलाई घटाउने लक्ष्य पुरा हुन सक्ने देखिंदैन ।

४.२. गरिबी निवारण कोष ऐन, २०६३ को दफा २२(३) मा आयोजना तथा कार्यक्रमको लागि छुट्याएको रकम रु.१ अर्बभन्दा माथि जतिसुकै भएपनि पाँच करोड वा चार प्रतिशतले जुन बढी हुन आउँछ सो रकमभन्दा बढी हुने गरी सञ्चालन खर्च गर्न नमिल्ने व्यवस्था गरेको छ । कोषले तोकिएकै सीमाभित्र रही प्रसाशनिक खर्च गरे तापनि कम्पूटर लगायतका उपकरणको वार्षिक मर्मत संभार खर्च र बेरुजू फछ्र्यौटको लागि करारमा काम गर्ने कर्मचारीको पारिश्रमिक रु.१३,८३,०८९।- प्रशासनिक प्रकृतिको भए तापनि कार्यक्रम खर्चमा समावेश गरिएकोले सो खर्च नियम सम्मत देखिदैन । दाता निकायसंगको संझौतानुसार सञ्चालन खर्चको २० प्रतिशत नेपाल सरकार स्रोतबाट व्यहोर्नु पर्नेमा पुरै वैदेशिक सहायताबाट खर्च लेखेकोले उक्त रकम नेपाल सरकार स्रोतमा सारी हिसाव मिलान गर्नु पर्दछ ।

४.३. विभिन्न सफ्टवेयर निर्माणको लागि २०,८५,४००।- खर्च लेखेकोले सो बाट पूँजी निर्माण भएको कारण पूँजीगत खर्चमा समावेश गरी सम्पत्तिको अभिलेख राख्नु पर्नेमा कार्यक्रम खर्चमा समावेश गरी सम्पत्तिको अभिलेखमा राखेको देखिएन। सम्पत्तिको लेखाङ्कन हुनु पर्दछ।

४.४. सःशर्त अनुदान स्वरुप निकासा प्राप्त गरेको बजेट खर्च नभई बाँकी रहेमा वर्षान्तमा सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाउनु पर्दछ। कोषवाट प्राप्त यस आर्थिक वर्षको अषाढ मसान्तको वैक हिसाव विवरणमा देखिएको भुक्तानी हुन बाँकी चेक, स्रोत नखुलेको बैंक दाखिला तथा बैंकले आम्दानी देखाउन छुटाएको रकम रु.२७,२९,८३२।४० हालसम्म पनि हिसाव मिलान गरेको पाइएन। उल्लिखित रकम हिसाव मिलान गरी राजस्वमा दाखिला गरेको प्रमाण पेश हुनु पर्दछ।

४.५. गरिबी निवारण कोष ऐन २०६३ को दफा ८ (२) मा नेपाल सरकारवाट प्राप्त हुने अनुदान रकम तथा विदेशी सरकार वा संस्था अन्तराष्ट्रिय संस्था वा निकाय विदेशि व्यक्तिवाट प्राप्त हुने सहयोग वा अनुदानको रकम नेपाल सरकारको वजेटमा समावेस गरी कोषलाई अनुदानको रुपमा उपलब्ध गराउने व्यवस्था छ। यसै अनुसार नेपाल सरकारवाट कोषलाई प्राप्त अनुदान रकमवाट विभिन्न सामुदायिक संस्थालाई आय आर्जन तथा पूर्वाधार विकास कार्यको लागि गैर संचालन खाता खोली निकाशा दिएको रकम सोही खातामा नै रही सञ्चालन खातामा ट्रान्सफर नभएको रु.४३५९१२१।४२ र रु.२,५०,३१,११०।०८ समेत रु.२,९३,९०,२३१।५० संचित कोषमा दाखिला गर्नुपर्ने व्यहोरा गत-विगतवर्षको लेखापरीक्षण प्रतिवेदनवाट औंल्याइएकोमा हालसम्म पनि सो कार्य भएको देखिएन।

५. **घुम्ती कोष :** कार्यक्रम सञ्चालन निर्देशिका, २०६७ को दफा नं. ५.२.७.२ मा कोषबाट आय आर्जन क्रियाकलापको लागि सहयोग गरिएको रकम घुम्ती कोषको रुपमा परिचालन गर्नु पर्ने, कोष सदाको लागि सामुदायिक संस्थाको हुने र कार्य योजना अनुरुप सञ्चालन गर्ने जिम्मेवारी पनि संस्था कै हुने उल्लेख छ। कोषको प्रतिवेदन अनुसार हालसम्म ३१ हजार ४१७ सामुदायिक संस्थाबाट प्रस्तावित आय आर्जन परियोजनामा रु १२ अर्व ४७ करोड ७१ लाख ४१ हजार घुम्ती कोष स्वरुप लगानी गरेको छ। कोषले विगत वर्षदेखि लगानी गर्दै आएको घुम्तीकोषको अवस्था सम्वन्धमा आवधिक प्रतिवेदनहरु सम्वन्धित साझेदार संस्थाबाट लिने व्यवस्था भए तापनि ती प्रतिवेदन समयमा प्राप्त हुने नगरेको र केही प्रतिवेदनहरु अधुरो रहेको देखिन्छ। उदाहरणको लागि कोषको वेबसाइटमा रहेका डोल्पा, मुगु, गुल्मी, बझाङ्ग, अर्घाखाँची, तेह्रथुम, सिन्धुपाल्चोक, सर्लाही, रुकुम, रौतहट, ओखलढुङ्गा, म्याग्दी, मोरङ्ग, महोत्तरी, खोटाङ्ग र जुम्ला जिल्लाका सामुदयिक संस्थाले प्राप्त गरेको घुम्तीकोषको विवरण अनुसूचीमा तोकिए बमोजिम पूर्ण रुपमा प्रतिवेदन गरेको देखिदैन। बझाङ्ग र सर्लाही जिल्लाको घुम्ती कोषबाट लगानीमा रहेकोमध्ये २९ प्रतिशत रकम भाका नाघेको उल्लेख छ। पूर्ण विवरणको अभावमा यस सम्वन्धी विश्लेषण गर्न सकिने अवस्था देखिदैन। कोषले घुम्ती कोषमा गरेको लगानी उद्देश्य अनुसार परिचालन भए नभएको सुनिश्चित गर्नु पर्दछ।

६. **आन्तरिक लेखापरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ९६(३)मा आन्तरिक लेखापरीक्षणबाट निस्केका वेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेश गरी वा असूल उपर गर्नु पर्नेमा असूल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने उल्लेख छ। यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

६.१. यो वर्षको वित्तीय कारोवारको आन्तरिक लेखापरीक्षण गर्न र ९० वटा साझेदार संस्थाहरु तथा १८० वटा सामूदायिक संस्थाहरुको वित्तीय मूल्याङ्कन गर्न एक रजिष्टर कम्पनीसँग रु.२९,९४,५००।-को सम्झौता गरेकोमा प्रथम चौमासिक प्रतिवेदन २०१६ जुलाईसम्ममा पेश गरी सक्नु पर्ने उल्लेख रहे तापनि प्रथम र दोस्रो चौमासिक प्रतिवेदन २९ अगष्ट, २०१६ मा मात्र पेश भएको छ। सम्झौतामा उल्लिखित अवधिमा कार्य सम्पन्न भएको देखिएन।

६.२. आन्तरिक लेखापरीक्षणबाट वित्तीय नीति नवनाएको, साझेदार तथा सामुदायिक संस्थाहरुलाई निकासा पठाउँदा ढिलाइ गरेको, सम्पत्तिको भौतिक परीक्षण नगरेको लगायत विषयमा औंल्याइएका व्यहोराको सम्वन्धमा व्यवस्थापनले विभिन्न प्रतिवद्धताहरु जनाएको भए तापनि प्रतिवद्धता अनुसार सुधार भएको पाइएन। प्रतिवद्धता जनाएका विषयहरु परिपालना हुनु पर्दछ।

६.३. गत वर्षको मौज्दात र यो वर्षको जिम्मेवारीमा फरक परेको रकम हिसाव मिलान गरेको देखिएन। सफ्टवेयरमा स्वचालित रुपमा आएका कतिपय शीर्षकहरुमा देखाइएका अंकको स्रोत समेत स्पष्ट नदेखिएकोले वित्तीय विवरणको रकम यथार्थ रहे नरहेको यकिन गर्ने अवस्था छैन। कोषले छानविन गरी हिसाव मिलान गर्नु पर्दछ ।

६.४. आन्तरिक लेखापरीक्षण प्रतिवेदनसाथ बाँके, कालिकोट, सुर्खेत, सिन्धुपाल्चोक, गुल्मी, गोरखा, सप्तरी, सिरहा र रोल्पाका ५८ साझेदरा संस्था र २०१ सामुदयिक संस्थाको वित्तीय पुनरावलोकन प्रतिवेदन गरी तयार भएको प्रतिवेदन समेत समावेश भएको देखिन्छ। प्रतिवेदनमा पुनरावलोकन गरेका अधिकांश संस्थाले खर्चको विल भर्पाइहरु नराखेको, लेखा हिसाव नराखेको, आय-व्यय विवरण र वासलात नबनाएको, कोषसंग भएको

संभ्रौता उपलब्ध नगराएको, सामुदायिक परिचालक नियुक्तीको प्रक्रिया अवलम्वन नगरेको, हाजिरी नराखेको, संस्था सञ्चालनमा नरहेको जस्ता समस्याहरु उल्लेख गरेको छ । तर कोषले ती समस्या समाधान गर्न कार्ययोजना तयार गरेको देखिएन । प्रतिवेदनमा उल्लिखित व्यहोराहरु यथाशिघ्र समाधान गर्न पर्ने देखिन्छ ।

७. **सामुदायिक संस्थाको लेखापरीक्षण** : सामुदायिक संस्थाहरुको लेखापरीक्षण सम्वन्धमा गरिबी निवारण कोष आर्थिक व्यवस्थापन लेखा निर्देशिका, २०६६ को उपखण्ड ६(१७) मा गरिबी निवारण कोष अन्तर्गत समुदायवाट संचालित कार्यक्रमको हिसाव कितावको हरेक वर्ष अन्तिम लेखापरीक्षण गराई कोषमा प्रतिवेदन बुझाउनु पर्ने व्यवस्था छ । कोषको वार्षिक प्रतिवेदन अनुसार नियमित कार्यक्रम अन्तर्गत आय आर्जन तर्फका ३३९१ सामुदायिक संस्थामा यो वर्ष लगानी भएको रु १ अर्व २८ करोड २८ लाख १० हजार, भौतिक पूर्णधार निर्माण तर्फ ३३० को रु.४४ करोड ९९ लाख ५० हजार र नविनसोच तर्फ १२ मा रु.९० लाख ३० हजार लगानी भएको छ । विगत वर्ष जस्तै यो वर्ष पनि ती संस्थाहरुको लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी लेखाजोखा गरेको नदेखिएकोले कोषले गरेको लगानीको अवस्थामा यकिन गर्न सकिने स्थिति देखिएन । कार्यालयले २०७१।७२ सम्मको लेखापरीक्षण प्रतिवेदन संकलन गर्ने कार्य भैरहेको जवाफ दिएको छ ।

८. **सञ्चालक समितिको बैठक** : गरिबी निवारण कोष ऐन, २०६३ को दफा १३ मा समितिको बैठक एक वर्षमा ६ पटक ननाघ्ने गरी बस्ने र दुईवटा बैठकबीचको अवधि २ महिनाभन्दा बढी नहुने व्यवस्था गरेको छ । यो वर्ष कोष सञ्चालक समितिको बैठक ५ पटकमात्र वसेकोमा कुनै वैठक एकै महिनामा दुइ पटक र कुनै वैठक २ महिना भन्दा वढि अवधिमा वस्ने गरेको देखियो । संचालक समितिको बैठक नियमित बस्नु पर्दछ ।

९. **कार्यक्रम तथा प्रगति** : गरिबी निवारण कोष नियमावली, २०६४ को नियम ३८ मा कार्यकारी निर्देशकले कोषको वित्तीय विवरण र वार्षिक कार्यक्रमको प्रगति विवरण र वार्षिक काम कारवाहीको प्रतिवेदन समिति समक्ष पेश गर्नुपर्ने उल्लेख छ । कोषले तयार गरेको प्रगति विवरण अनुसार दुई कार्यक्रममा शतप्रतिशत र एकमा ७८.३८ प्रतिशत प्रगति हाँसिल गरे तापनि समग्रमा प्रगति न्यून देखियो । आयमूलक कार्यक्रम र समुदायिक पूर्वाधार कार्यक्रममा क्रमश: ६६.०३ र ३६.२३ प्रतिशतमात्र प्रगति हाँसिल भएकोमा पनि समाजिक परिचालन अन्तर्गत गैरसरकारी संस्था(साझेदार संस्था)हरुलाई दिइने सेवा शुल्कमा ७८.३८ प्रतिशत प्रगति भएबाट दुई कार्यक्रमहरु वीच सन्तुलन हुन सकेको पाइएन ।

१०. **सहयोगी संस्था** : गरिबी निवारण कोष नियमावली, २०६४ को नियम १३ मा सेवामूलक निकायको सेवा लिन सकिने व्यवस्था छ । सोही नियमावलीको नियम १३(३) मा सेवामूलक निकायको छनौट नियुक्ती तथा ठेक्का पट्टा गर्न सार्वजनिक सूचनाद्धारा निकायको विवरण माग गरी मूल्याङ्कन प्रक्रियाबाट छोटो सूची तयार गर्ने र छोटो सूचीमा परेका निकायहरुसंग प्राविधिक प्रस्ताव माग गरी निर्धारित मूल्याङ्कन प्रक्रियाबाट सबैभन्दा उपयुक्त प्रस्ताव छनौट गर्ने व्यवस्था छ । सहयोगी संस्था परिचालन सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१०.१ कोषले विगत वर्ष छनौट भएका ५८ जिल्लाका ३९७ सहयोगी संस्थासंगको संभ्रौता नविकरण गरी रु.५८,५३,७८,९६१।- सेवाशुल्क निकाशा दिएको छ । संभ्रौतामा कार्य सम्पादन मूल्यांकनमा सफल भएका संस्थाको सहमतिमा सम्झौता नविकरण गर्न सक्ने सर्त रहेकोमा यो वर्ष कार्य सम्पादन मुल्यांकन वेगर नै पुन: संभ्रौता गरेको पाइयो । नियमावलीमा भएका प्रक्रिया अवलम्वन गरी प्रतिस्पर्धात्मक आधारमा छनौट हुनुपर्ने देखिन्छ ।

१०.२ यो वर्ष ३८३ सहयोगी संस्थासंग २०७२ श्रावण देखि एक वर्षको लागि रु.५९,४४,१४,०३२।- को संभ्रौता नविकरण गरेकोमा संभ्रौता मितिभन्दा संभ्रौता लागू हुने मिति ६१ दिन देखि २३० दिनसंग अघी रहेको र सो अवधिको अनुपातिक दायित्व रु.१५,१५,३८५०५।- रहेको पाइयो । द्विपक्षीय संभ्रौताबाट काम कर्तव्य र अधिकार सुनिश्चित भएपछिमात्र सामुदायिक संस्थाहरु विधिवत परिचालित हुने भएकोले कोषले गर्ने भुक्तानी पनि बाँकी अवधिको लागिमात्र हुनु पर्नेमा शुरु देखिकै कर्मचारी खर्च, प्रशासनीक खर्च, अनुगमान खर्च र शिरोभार रकम भुक्तानी पाउने गरी संभ्रौता गरेको पाइयो । संभ्रौता हुनु अगावै सहयोगी संस्थाहरु परिचालित भै संभ्रौतामा उल्लेख भएको सवै काम सम्पन्न गरेको प्रमाण पेश हुनु पर्दछ ।

१०.३ गरिबी निवारण कोष कार्य संचालन निर्देशिकामा सहयोगी संस्थावाट संचालित कार्यक्रम तथा अनुदान सहयोगको हिसाव कितावको हरेक वर्ष लेखापरीक्षण गराई कोषमा प्रतिवेदन पठाउनु पर्ने व्यवस्था छ । कोषवाट प्राप्त लेखापरीक्षण सम्वन्धी विवरणमा कार्यक्रम संचालन भएका ५५ जिल्ला र नविन सोचमा आधारित ३ जिल्लामा कार्यरत ३९७ सहयोगी संस्थाको लेखापरीक्षण प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन । सहयोगी संस्थाहरुले लेखापरीक्षण निर्देशिकामा भएको व्यवस्थालाई पूर्ण रुपले पालना गरी लेखापरीक्षण नभएका सहयोगी संस्थाको लेखापरीक्षण गर्ने गराउने तर्फ कोषको ध्यान जानु व्यहोरा प्रत्येक वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएकोमा सुधार भएको पाइएन ।

११. **परियोजना सम्पन्न** : कार्यक्रम सञ्चालन निर्देशिका, २०६७ को दफा ५.५.२मा पहिलो किस्ता रकम निकासा पछि सामुदायिक संस्थाले परियोजना कार्यान्वयन गरी, आर्थिक तथा भौतिक प्रगति प्रतिवेदन, समुदायको

योगदान विवरण, सार्वजनिक लेखा परीक्षणको प्रतिवेदन, समुदायको निर्णय, सहयोगी संस्थाको सिफारिस समेत पेश गरी दोश्रो तथा तेश्रो किस्ता माग गर्नु पर्ने उल्लेख छ । कोषको सूचना प्रणाली शाखाले उपलब्ध गराएको विवरण अनुसार गत विगत वर्ष संझौता गरेका १८८ सामुदायिक संस्थाहरुसंग रु.१७,७९,६७,१००।- को परियोजना संझौता भएकोमा प्रथम(केहीमा दोश्रोसमेत) किस्ता रु.१३,४०,३९,०७०।-मात्र निकासा लिएको तर बाँकी किस्ता निकासा नलिएको अवस्था देखिन आयो । यसरी सामुदायिक संस्थाले आवश्यक कागजात पेश गरी थप निकासा माग गर्न नआएबाट पहिले उपलब्ध गराइएको रकम तोकिएको कार्यमा भएको छ भन्न सकिने आधार नभएकोले संझौता बमोजिम परियोजना सम्पन्न तथा परिचालन भएको प्रमाण पेश हुनु पर्दछ ।

१२. **स्थानिय निकायसँग समन्वय :** गरिबी निवारण कोष ऐन, २०६३ को दफा २९ मा गरिबी निवारण कार्यक्रम संचालन गर्दा गराउदा स्थानिय स्वायत्व शासन ऐन २०५५ वमोजिम गठन भएका स्थानिय निकायहरुसंग समन्वय गरी संचालन गर्नुपर्ने व्यवस्था छ । दफा २९ (२) मा गरिबी निवारण कार्यक्रमको अनुगमन कोष आफैले र स्थानिय निकायले गर्ने गराउने सक्ने व्यवस्था छ । वार्षिक प्रतिवेदन अनुसार यो वर्ष कोषले सामुदायिक पूर्वाधारतर्फ ३५२ परियोजनामा रु.४६ करोड ६० लाख ४० हजार लगानी गरेको छ । कार्यक्रम सञ्चालन गर्दा जिल्ला स्थित सरकारी निकाय, स्थानीय निकाय तथा गैर-सरकारी निकायसंग समन्वय गरेको देखिँदैन । समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालन नहुँदा साधन-स्रोतको दोहोरो प्रयोग हुने तथा अनुगमन तथा सुपरिवेक्षण प्रभावकारी नहुने भएकोले ऐनको प्रावधान वमोजिम समन्वय हुनु पर्दछ । कोषले जिल्ला समन्वय समितिमार्फत अनुगमन हुने गरेको जवाफ दिए तापनि अनुगमन प्रतिवेदन प्राप्त गरेको देखिंदैन ।

उप-परियोजना माग गर्दा सकेसम्म गाउँ विकास समिति, जिल्ला विकासको योजनासँग मेल खाने हुनुपर्ने र परियोजना प्रस्ताव, गाउँ विकास योजना/जिल्ला विकास योजनामा समावेश भईसकेको वा आगामी परिषद्मा अनुमोदन गर्न सकिने किसिमको हुनुपर्ने उल्लेख छ । परियोजना प्रस्ताव स्वीकृतिको सिलसिलामा सम्वन्धित स्थानीय निकायबाट सिफारिशसम्म प्राप्त गर्ने गरे तापनि स्थानीय निकायको वार्षिक योजनामा पूर्णरुपमा समावेश भएको प्रमाण लिने गरेको पाइएन । यसले गर्दा कोषबाट सञ्चालित परियोजनाको भौतिक तथा वित्तीय प्रगतिको स्थानीय निकायमा समिक्षा हुन नसक्ने र सरोकारवालाहरुको जानकारीभन्दा बाहिर रहने अवस्था देखिन्छ । निर्देशिका बमोजिम कोषको क्रियाकलापहरुलाई पारदर्शी बनाउन थप प्रयास हुनु पर्दछ ।

१३. **कर्मचारी छनौट :** नेपालको संविधानको धारा २४३(२)मा निजामती सेवाको पदवाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, अन्य संघीय सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिको लागि लिइने लिखित परीक्षा लोकसेवा आयोगले सञ्चालन गर्ने उल्लेख छ । गरिवी निवारण कोष नियमावली, २०६४को नियम १६ र १७ मा अधिकृत स्तरका कर्मचारी छनौट र नियुक्ती प्रक्रियाको लागि उपाध्यक्षको अध्यक्षयतामा र सहायकस्तरका कर्मचारीको छनौट र नियुक्ती प्रक्रियाका लागि कार्यकारी निर्देशकको अध्यक्षतामा छनौट समिति रहने व्यवस्था छ । कोषको लागि जनशक्ति छनौट सम्वन्धी सेवा लिए वापत एक सेवा प्रदायक संस्थालाई रु.१७,८४,५९६।- भुक्तानी गरेको छ । कोषले विभिन्न पदका कर्मचारी छनौट गरी सिफारिश गर्न निजी सेवा प्रदायकलाई जिम्मा दिने कार्य कानूनसम्मत देखिएन । यसमा सुधार हुनु पर्दछ ।

१४. **परामर्शदाता छनौट :** द्वन्द प्रभावित १८ जिल्लामा स्थानीय सीपमा आधारित तालिम प्रदान गर्न एक भारतिय परामर्शदाता संस्थासँग १५ जुलाई, २०१५ सम्ममा पहिलो चरणको र तत्पश्चातको ४ चौमासिकमा दोस्रो चरणको काम सम्पन्न गर्ने गरी १३ अगष्ट, २०१४ मा रु.३,८१,६०,०९१।- को खरिद संझौता भएकोमा यो वर्ष पहिलो चरणको ३० प्रतिशतले हुने रु.६४,२६,७१४।- भुक्तानी भएको छ। उक्त संझौता प्रक्रिया सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१४.१. विश्व बैङ्कको परामर्शदाता छनौट सम्वन्धी मार्गदर्शनको दफा ३.८ र ३.९ मा विगतको कार्यलाई निरन्तरता दिन अपरिहार्य भएमा, दैविप्रकोप वा आकस्मिक कार्यमा, साना तिना कार्यमा र अन्य योग्य परामर्शदाता नभएको अवस्थामामात्र अपवादको रुपमा एकल स्रोत छनौट विधि अपनाउन सकिने उल्लेख छ । कोषले स्वीकृत लागत अनुमान रु.३,७८,७०,७९४।- रहेकोमा उक्त कार्यको लागि उल्लिखित अवस्था भएको पुष्टी नगरी एकल स्रोत छनौट विधिबाट रु.३,८१,६०,०९१।- को सम्झौता गरेको छ । प्रतिस्पर्धा सीमित हुने गरी गरेको संझौता नियमसम्मत देखिदैन ।

१४.२. संझौताअनुसार प्रथम चरणको कार्य १५ जुलाई, २०१५ र दोस्रो चरणको कार्य १५ जुलाई, २०१६ सम्म सकी सक्नु पर्नेमा प्रथम चरणको कार्य फेब्रुअरी १७, २०१६ मा पूरा गर्ने गरी अवधि थप गरेको देखियो । दुवै चरणको कार्य सम्पन्न गर्ने अवधि २०१६ जुलाई १५सम्म पनि उक्त परामर्शदाताले उक्त ३ जिल्लाको स्कोपिङ्ग अन्य कार्य गरेको देखिन आएन । समयमा काम नगर्ने परामर्शदातालाई संझौता सर्त अनुसार कारवाही गर्नु पर्दछ ।

१५. **विज्ञ सेवा :** विश्व बैङ्कको परामर्शदाता छनौट सम्वन्धी मार्गदर्शनमा साना र ६ महिनाभन्दा कम अवधीको

परामर्श सेवामात्र व्यक्तिगत परामर्शदाताबाट खरिद गर्न सकिने उल्लेख छ। घुम्ती कोष व्यवस्थापन निर्देशिका, २०६६ लाई संशोधन गर्ने, तालिम म्यानुवल बनाउने र कार्य सम्पादन सूचक फ्रेमवर्क बनाउने कार्यकोलागि व्यक्तिगत विज्ञको सेवा लिने प्रयोजनकोलागि प्राविधिक प्रस्ताव माग गरी एक परामर्शदातासंग मे २७, २०१५मा भएको संझौता बमोजिम रु.८,९४,९६०।- भुक्तानी भएकोमा उक्त तालिम म्यानुवल र कार्य सम्पादन सूचक फ्रेमवर्कलाई अन्तिम रुप दिन र प्रशिक्षक प्रशिक्षणमा समन्वयकारी भूमिका निर्वाह गर्न सोही परामर्शदातसंग सोझै प्रस्ताव माग गरी संझौता रकम रु.८,९४,९६०।- मध्ये यो वर्ष प्रथम किस्ताको रु.२,२३,७४०।- भुक्तानी भएको छ। शुरुमै एकमुष्ठ लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्न सकिने सेवालाई खण्डिकरण गरी सानो र छोटो अवधिको रुपमा व्यक्तिगत परामर्शदाताको सेवा खरिद गर्ने र एकल स्रोत विधि अपनाई सोही परामर्शदातालाई निरन्तर काम थप गर्ने कार्य नियमसम्मत देखिएन। मार्गदर्शनको पालना हुनु पर्दछ।

१६. **भवन निर्माण :** कार्यालय परिसरमा एक अस्थाई भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७१।९।१५सम्ममा काम सक्ने गरी २०७१।३।२५मा रु.९८,१४,५९७।- को सम्झौता गरेकोमा हालसम्म रु.९४,०२,०७५।- भुक्तानी भएको छ। व्यवसायीलाई यो वर्ष रु.५८,०७,२५२।- भुक्तानी गरेकोमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१६.१. निर्माण व्यावसायीले २०७२।८।९ मा रु.३९,५०,७०१।- को रनिङ्ग विल पेश गरेकोमा रु.४३,६८,३१५।- भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.४,१७,६१३।- आगामी भुक्तानीमा समायोजन गर्नु पर्दछ।

१६.२ निर्माण व्यावसायीले पेश गरेको विजक मुल्य अभिबृद्धि कर नियमावली, २०५३मा तोकिएको ढाँचा बमोजिमको नदेखिएकोले भुक्तानीमा समावेश भएको मूल्य अभिबृद्धि कर रु.१०,८२,०४१।३७ आन्तरिक राजस्व कार्यालयमा बुझाएको वा मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनु पर्दछ।

१६.३. व्यवसायीले बन्द, हड्ताल, बर्षा र चाड पर्वको कारण उल्लेख गरी म्याद थप माग गरेकोमा २०७२।१।९ सम्मको लागि २०७१।११।१मा थप आर्थिक दायित्व नपर्ने गरी प्रथम तथा अन्तिम पटकको लागि भनी म्याद थप गरेमा पुनः भूकम्पको कारण उल्लेख गरी पटक पटक २०७३ आषाढ मसान्तसम्म म्याद थप गरेको देखियो। व्यवसायीले लेखापरीक्षण अवधि २०७३।९।१३ गतेसम्म पनि उक्त निर्माण कार्य सम्पन्न गरेको देखिएन। निर्माण व्यवसायीबाट सम्झौता सर्तअनुसार हुने पूर्व निर्धारित क्षतिपूर्ति असुल हुनु पर्दछ।

१६.४ शुरु सम्झौता अवधि २०१४ जुलाई ९ देखि डिसेम्बर ३० सम्म र दायित्व बहन गर्ने अवधि १ वर्ष रहेकोमा कार्य सम्पादन जमानतको म्याद २०१५ जुलाई ७ सम्ममात्र रहेको अवस्थामा सम्झौता गरेको देखिन्छ। संझौता अवधि जुलाई ४ सम्म २०१६ थप गरेकोमा कार्य सम्पादन जमानतको मान्य अवधि थप गरेको देखिएन।

१७. **करारका कार्यप्रवन्धक :** गरिवी निवारण कार्यक्रम ९ बाट ५५ जिल्लामा विस्तार भइ सकेकोमा कार्य प्रवन्धकहरुको दरवन्दी ३३ मात्र स्वीकृत भै २२ जिल्लाकोलागि अपुग देखिन्छ। कार्यक्रम सुचारु रुपले सञ्चालन गर्न २२ कार्य प्रवन्धकहरु व्यक्तिगत परामर्शदाताको रुपमा नियुक्त गर्न प्रक्रिया चलिरहेकै समयमा थप १५ पद रिक्त भएकोले २०७२ माघदेखि २०७३ बैशाखसम्ममा ३१ जनालाई १२ महिनाको र ६ जनालाई ६ महिनाको करार अवधि कायम गरी ३७ जनालाई नियुक्त गरिएको र सोमध्येका ६ जनाको थप ३ महिनाको अवधि थप गरेको देखियो। जिल्लामा रही महत्वपूर्ण भूमिका निर्वाह गर्ने कर्मचारीलाई अल्पकालिन रुपमा नियुक्ती गर्दा संस्थागत स्मृति तथा जवाफदेहिताले निरन्तरता नपाउने भएकोले कोषले ध्यान दिनुपर्ने देखिन्छ।

१८. **मूल्य अभिबृद्धि कर :** मिथिला हस्तकला र सिक्की हस्तकलाको तालीममा हल भाडा, विहानको नास्ता, खाना र चिया आदि वापत एक होटललाई मूल्यअभिबृद्धि कर रु.३८,०२८।- सहित रु.३,३०,५५६।- भुक्तानी दिएकोमा उक्त होटल मूल्यअभिबृद्धि कर दर्ता नभए तापनि कर विजक उल्लेख गरी बिल जारी गरेको देखियो। मूल्य अभिबृद्धि करमा दर्ता नभएको विक्रेतालाई मुल्यअभिवृद्धि कर भुक्तानी गर्न नमिल्ने भएकोले उक्त रकम असुल गर्नु पर्दछ।

१९. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ७६मा पेश्की रकम यस नियमावलीमा तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु पर्ने उल्लेख छ। कोषका २३ कर्मचारीको नाममा यो वर्षको पेश्की रु.१७,६०,७२५।- फछ्र्यौट हुन बाँकी देखिन्छ। उक्त पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

नेपाल ट्रष्टको कार्यालय

१. **संचालक समिति :** नेपाल ट्रष्ट ऐन २०६४ को दफा ७ अनुसार ट्रष्टको सम्पती व्यवस्थापन र संरक्षण गरी ट्रष्ट संचालन गर्न गृहमन्त्री अध्यक्ष, मूख्य सचिव उपाध्यक्ष, गृह मन्त्रालयको सचिव, कानून न्याय तथा समाज कल्याण मन्त्रालयको सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सचिव र नेपाल सरकारले तोकेको दुईजना महिला सहित अन्य ४ जना र कार्यकारी सचिव १ समेत १३ संदस्यिय ट्रष्ट संचालक समितिको

व्यवस्था गरेको छ । दुईजना महिला सहित ४ जना सदस्य हालसम्म पनि नियुक्ति भएको देखिएन । सञ्चालनक समितिलाई पूर्णता दिनु पर्दछ ।

२. **लेखाप्रणाली :** ऐनको दफा ३(२) मा ट्रष्ट एक अविछिन्न उत्तराधिकार वाला स्वशासित र संगठित संस्था हुने उल्लेख छ । कार्यालयको लेखाप्रणाली सम्वन्धमा ऐनको दफा १९(१) मा नेपाल सरकारले अपनाएको ढाँचामा लेखा राख्ने उल्लेख भएको छ । ट्रष्टमा भएको सम्पुर्ण सम्पत्ती र दायित्वको मूल्यांकन गरी वासलात तयार गर्न प्रोदभावी लेखाप्रणालीको बढी प्रभावकारी हुने भएकोले कानूनमा पुनरावलोकन गरी वित्तिय विवरणलाई थप व्यवस्थित गर्ने गराउनेतर्फ कार्यालयको ध्यान जानु जरुरी देखियो । यस सम्बन्धमा विगतका प्रतिवेदनमा औंल्याई सकिएकोमा स्थिति यथावत रहेको छ ।

३. **सम्पत्तिको उपयोग :** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ५ मा ट्रष्टको सम्पत्ति व्यापक र सर्वोतम सार्वजनिक लाभ हुने शैक्षिक, प्राज्ञिक र स्वास्थ्यसम्बन्धी कार्यमा प्रयोग गर्नुपर्ने व्यवस्था छ । ट्रष्टको नाममा मुद्दती खातामा रु.३७ करोड ८० लाख, चल्ती तथा बचत खातामा रु.१ करोड ७३ लाख, पाउण्ड ४८ हजार, अमेरिकी डलर १ लाख ३७ हजार, ३ संस्थाको बैङ्क शेयर २ लाख ३० हजार १०२ कित्ता र १२ जिल्लामा २१ हजार ५६२ रोपनी जग्गा रहेकोमा काठमाडौंका ३ र मकवानपुरको १ स्थानका जग्गा लिजमा दिने प्रक्रिया अघी बढाएको भए तापनि अन्य जग्गा तथा सम्पत्तिको उपयोग सम्वन्धमा प्रक्रिया अघि बढाएको छैन । उद्देश्यानुसार सम्पत्तिको उपयोग गर्नुपर्दछ ।

ट्रष्टले आफ्नो नामका दक्षिणकाली नगरपालिका, फर्पिङ्गमा रहेको ६८ रोपनी १२ आना जग्गा र सोमा निर्मित भवन विगत वर्षदेखि नै एक निजी आवासीय विद्यालयले प्रयोग गर्दै आएकोमा ट्रष्टसंग सम्झौता गरेको छैन । सम्झौता गरेरमात्र जग्गा तथा भवन प्रयोग गर्न अनुमति दिनुपर्दछ ।

दक्षिणकाली नगरपालिका, फर्पिङ्ग स्थित ६८ रोपनी १२ आना जग्गा र सोमा निर्मित भवन विगत वर्षदेखि नै एक निजी आवाशीय विद्यालयले प्रयोग गर्दै आएकोमा ट्रष्टसंग संझौता गरेको र सो वापत कुनै आम्दानी प्राप्त भएको छैन । संझौता बेगर सम्पत्ति प्रयोग गर्न दिन मिल्ने देखिदैन ।

४. **विनियम :** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा २५(१) मा ऐनको उद्देश्य पुरा गर्न संचालक समितिले आन्तरिक कार्य संचालन, अचल सम्पति सम्भार एवं संरक्षण तथा आर्थिक प्रशासनका सम्वन्धमा आवश्यक विनियमहरु वनाउन सक्ने उल्लेख गरेको छ । ट्रष्टले हालसम्म विनियम तयार गरेको नदेखिएकोले आवश्यक विनियम तयार गरी कार्यक्रम संचालन गर्ने तर्फ समितिको ध्यान जानुपर्ने देखिन्छ ।

५. **आय-व्यय विवरण :** ट्रष्टले तयार गरेको आय व्यय विवरण यथार्थ र शुद्ध रहेको सुनिश्चित गर्न आन्तरिक लेखापरीक्षण समेत गराई प्रमाणित गराउनु पर्दछ । आन्तरिक लेखापरीक्षकले आयव्यय विवरण प्रमाणित गरेका र सो सम्वन्धमा प्रतिवेदन गरेको देखिएन । लेखाको मान्य सिद्वान्त वमोजिम आयव्यय विवरण तयार गरी प्रमाणित गर्नु गराउनु पर्दछ ।

६. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत गराई कारोवारहरुलाई नियमित, पारदर्शी र मितव्ययी बनाउन आर्थिक कार्यविधि ऐन, २०५५, सार्वजनिक खरिद ऐन, २०६३, निजामती सेवा ऐन, २०४९ लगायतका ऐन तथा सोसँग सम्बन्धित नियमावलीमा उल्लेख भएका मालसामान खरिद, मर्मत र लागत अनुमान तयार गर्दा तथा प्रतिस्थापन गर्दा प्राविधिकबाट प्रमाणित गराउने, मर्मतको क्रममा फेरिएका सामान जिन्सी दाखिला गर्ने, मर्मत अभिलेख खाता राख्ने, जिन्सी मालसामानहरुको मर्मत तथा लिलाम गर्ने, रसीद नियन्त्रण खातामा आन्तरिक आम्दानी र सरकारी राजस्वको जारी भएको रसीद खुल्ने गरी अभिलेख राख्ने, इन्धन प्रयोगको लगबुक प्रमाणित गरी राख्ने, रु.५ हजार भन्दा माथिको खरिद गर्दा मूल्य अभिबृद्धि कर दर्ता भएकासँग गर्नुपर्ने, प्रत्येक महिना बैंक हिसाव मिलान विवरण तयार गर्ने, समयमै आन्तरिक लेखापरीक्षण गराई प्राप्त प्रतिवेदन उपर कार्यान्वयन गर्ने,सम्भावित जोखिमको पहिचान गर्ने, बेरुजुको लगत राख्ने लगायतका व्यहोराको आंशिक पालना भएको पाइयो । आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

७. **भाडा आम्दानी :** कोषले गरेको संझौताको अभिलेख राख्नु पर्दछ । आय-व्यय विवरण अनुसार योवर्ष भाडा वापत रु ४,३७,२०,१९६। आम्दानी भएको छ । भाडा तथा लिजमा दिएको सम्पत्तिको प्रयोगकर्ता, भाडा/लिज रकम, दाखिला गर्नु पर्ने मिति, संझौता अवधि लगायतका विवरण देखिने गरी एकिकृत अभिलेख राखेको पाइएन । सो अभिलेखको आधारमा ट्रष्टलाई प्राप्त हुनुपर्ने रकम समयमै प्राप्त भए नभएको, संझौताको अवधि बाँकी रहे नरहेको अनुगमन गर्न सहज हुने भएकोले तत्सम्वन्धी अभिलेख राख्नु पर्ने देखिन्छ ।

८. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ र ९२ बमोजिम भाडा रकममा १० प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने उल्लेख छ । ट्रष्टले १२ संस्थाबाट प्राप्त गरेको भाडा रु.१३,२१,१४०।-मध्येबाट कर दाखिला नगरी आम्दानी बाँधेको देखिएकोले सो रकमबाट रु.१,३२,११४।- राजस्व खातामा दाखिला हुनु पर्ने देखिन्छ ।

९. **कर कट्टी :** दुई संस्थाबाट ट्रष्टलाई भाडा रकम भुक्तानी गर्दा भाडा कर वापत लाग्ने १० प्रतिशत रु.२४,६२,३२०।- रकम सम्बन्धित संस्थाले भुक्तानीमा अग्रिम कर कट्टी गरी ट्रष्टलाई बाँकी रकम भुक्तानी गरेको भनिएकोमा उक्त रकम राजस्व खातामा दाखिला गरेको प्रमाण पेश हुनु पर्दछ ।

१०. **मूल्य अभिबृद्धि कार :** ट्रष्टले काठ लिलाम बिक्रीमा मूल्य अभिबृद्धि कर रु.९,५६,९४१।- थप गरी असूल गरेकोमा राजस्वको सम्बन्धित शीर्षकमा दाखिला गर्न बाँकी देखिएकोले उक्त रकम दाखिला गरेको प्रमाण पेश हुनु पर्दछ ।

११. **मुद्दतिको व्याज :** एक बाणिज्य बैङ्कको २०७२।७१ को पत्रनुसार मुद्दती खातामा रहेको रु.२ करोड ५० लाखको २०७२।४।१ देखि २०७२।६।३० सम्मको व्याज रु.४,०६,०७९।०० प्रदान गरेको उल्लेख छ । उक्त रकम बैंक खाता र श्रेस्ता दुवैमा आम्दानी भएको नदेखिएकोले यकिन गरी आम्दानी बाध्नु पर्ने देखिन्छ ।

१२. **कण्टिन्जेन्सी :** सार्वजनिक खरिद नियमवली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमानमा वर्क चार्ट स्टाफ खर्चको लागि २.५ प्रतिशत अन्य सानातिना खर्चको लागि २.५ प्रतिशत समेत ५ प्रतिशत कण्टिन्जेन्सी रकम राख्न सकिने व्यवस्था छ । कार्यालयले काठमाडौं, पोखरा र चितवनका जग्गा तथा सम्पत्तिहरुको वित्तीय मूल्याकन वापत तिन चार्टर्ड एकाउण्टेन्सी फर्मलाई रु.२९,९८,०३१।- भुक्तानी गरेकोमा कन्टिन्जेन्सी वापतको रु.२,०३,१२३।-समेत समावेश गरी भुक्तानी गरेको पाइयो । नियमको व्यवस्था वेगर भएको भुक्तानी असुल हुनु पर्दछ ।

१३. **खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी खरिदलाई टुक्रा टुक्रा गर्न नहुने उल्लेख छ । कार्यालयले रु.२७,९४,९०८।-को परामर्श सेवालाई ५ टुक्रा र रु.३७,५५,८८२।-को निर्माण कार्यलाई ८ टुक्रा पारी सोझै कार्य गराई क्रमशः रु.२७,९४,९०८।- र रु.३६,७१,८६५।- भुक्तानी गरेको छ। नियमावलीको व्यवस्था बमोजिम खरिद प्रक्रियालाई प्रतिस्पर्धी र पारदर्शी बनाई वित्तीय अनुशासन कायम गर्नु पर्दछ ।

१४. **ड्रइङ्ग डिजाइन :** सार्वजनिक खरिद ऐन, २०६४को दफा २९मा सम्वन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ । कमलादीमा रहेको जग्गामा कार्यालय भवन निर्माणको लागि ड्रइङ्ग, डिजाइन र, लागत अनुमान तयारी कार्य एक डिजाइनरबाट गराई रु.५,५९,३५०।- भुक्तानी गरेको छ । ट्रष्टमा करार सेवामा उप-सचिवस्तरको १ र अधिकृतस्तर १ समेत २ इन्जिनियर कार्यरत रहेकोमा उक्त कार्य ती कर्मचारीबाट हुन सक्ने नसक्ने स्पष्ट नगरी बाह्य परामर्शदाताको सेवा खरिद गर्दा ट्रष्टलाई थप व्ययभार पर्न गएको देखिन्छ । मौजुदा जनशक्तिबाट हुन नसक्ने कार्यमात्र वाह्य परामर्शदाताबाट गराउनु पर्दछ ।

१५. **कार्य सम्पादन जमानत :** सार्वजनिक खरिद नियमावली, २०६४ नियम ११०मा कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित निर्माण कार्यको त्रुटि सच्चाउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी हुनु पर्ने उल्लेख छ । कार्यालय भवन निर्माण कार्यकोलागि एक निर्माण व्यावसायीसंग २०७३।३।२८ मा भएको रु.३,३८,५४,७४४।- को खरिद सम्झौतामा कार्य सम्पन्न गर्नुपर्ने अवधि २०७४।९।२९ सम्म र संभार दायित्व अवधि १ वर्ष तोकिएकोले मान्य अवधि २०७५।१०।२९सम्म हुनुपर्नेमा व्यवसायीले पेश गरेको रु.४९,७३,५००।- को जमानतको मान्य अवधि २०७३।३।२७ सम्ममात्र रहेको पाइयो । उक्त कार्य सम्पादन जमानतको मान्य अवधि थप गर्नुपर्ने देखिन्छ । कार्यालयले रु.१९,३०,०००।- को मान्य अवधि २०७५।१०।२८ सम्म थप गराएको जवाफ दिएको छ ।

१६. **आन्तरिक लेखापरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ९६मा कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजू अन्तिम लेखापरीक्षण हुन अगावै कट्टा गर्नु पर्ने उल्लेख छ। यो वर्ष सम्पत्तिको मूल्याङ्कन, आन्तरिक लेखापरीक्षण, संगठन संरचना, अभिलेख व्यवस्था, कारोवारको नियमितता लगायतका विषयमा औल्याएका व्यहोराहरु फछ्र्यौट गरी लगत कट्टा गरेको देखिएन । नियमावली बमोजिम आन्तरिक लेखापरीक्षण बेरुजू फछ्र्यौट गर्नु पर्दछ ।

१७. **दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ४७मा कार्यालयले खरिद गरेको सामान सात दिन भित्र जिन्सी खातामा आम्दानी गर्नु पर्ने व्यवस्था छ । ट्रष्टले खरिद गरेको रु.१,५४,६४०।-को खर्च भएर नजाने प्रकृतिका जिन्सी सामानहरु जिन्सी खातामा आम्दानी नगरेकोले आम्दानी बाँधी अभिलेख दुरुस्त राख्नु पर्दछ ।

राष्ट्रिय पुनः निर्माण प्राधिकरण

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा वार्षिक खरिद योजना अनुरुप खरिद कार्य नगरेको, भ्रमण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्थाको पूर्ण रुपमा पालना नगरेको, जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, केही जिन्सी सामानहरुको मूल्य खुलाई आम्दानी नबाँधेको, कार्यालयले उद्देश्य प्राप्तिमा

आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको तथा प्रगति विवरण नवनाएको जस्ता कमीकमजोरी देखियो। उपरोक्त व्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनुपर्दछ।

२. **खर्च स्थिति** : कुल पूँजीगत खर्च रु.८ करोड ८ लाख ६० हजार खर्च गरेकोमा दोस्रो चौमासिकमा ५.३२% र तेश्रो चौमासिकमा ९४.६८% खर्च गरेको छ भने आषाढ महिनामा मात्र ९१% खर्च गरेको छ। तोकिए बमोजिम समयमै कार्य सम्पन्न गर्नुपर्दछ।

३. **खरिद प्रतिष्पर्धा :** सार्वजनिक खरिद ऐन, २०६४ को दफा २६(६) वमोजिम आपसमा मिलेमतो गरी दाखिला भएको बोलपत्र उपर कारबाही नहुने व्यवस्था छ। लेखापरीक्षणमा प्रस्तुत बोलपत्र बिवरण अनुसार आ.व. ०७२/७३ मा विभिन्न कार्यका ७ प्रकारका वोलपत्र मध्ये स्टेशनरी सामान आपूर्ति गर्नुपर्ने वोलपत्रमा विकी संख्या २१, दाखिला १२ र फिर्ता ७ रहेको छ। यसरी विकीको तुलनामा ५७.१४ प्रतिशत मात्र दाखिला हुनु र वोलपत्रको लागत अनुमान र स्वीकृत रकमको अंकवीच तुलना गर्दा १.४९ प्रतिशतमात्र घटी रहेको देखिन्छ। यसबाट खरिद कार्यमा वित्तीय प्रस्तावबीच पर्याप्त प्रतिष्पर्धा भएको आश्वस्त हुन नसकिने हुँदा प्रतिष्पर्धा हुन नसक्नुको कारण विश्लेषण गरी सुधार गर्नुपर्छ।

४. **पुनर्निर्माण कोष** : भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्वन्धी ऐन, २०७२ को दफा १५(६) मा पुनर्निर्माण सम्वन्धी कामका लागि पुनर्निर्माण कोषबाट रकम खर्च गरिने उल्लेख छ। कार्यालयले आ.व. ०७२/७३ मा पुनर्निर्माण कोषमा रु.१८ अर्व २६ करोड जम्मा गरेको देखाएको छ भने पुनर्निर्माण तर्फ पुनर्निर्माणका लागि जिम्मेवार कार्यान्वयन निकायहरुलाई चालू र पूँजीगत शीर्षकमा रु.२२ अर्व ४७ करोड निकासा तथा खर्च उल्लेख गरेको छ। यसरी पुनर्निर्माण सम्वन्धी स्वीकृत कार्यक्रममाका लागि आवश्यक रकम पुनर्निर्माण कोषबाट विनियोजन तथा निकासा हुनुपर्नेमा कोष सञ्चालनमा आएको छैन।

५. **हिसाव मिलान :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७ (१ख) मा आयोजना वा कार्यालयले शोधभर्ना हुनेगरी सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्राप्त गरेको रकम प्रचलित कानून तथा सम्झौतामा भएको व्यवस्था अनुसार खर्च गरी लेखा राख्नु पर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष नेपाल सरकारको स्रोतबाट खर्च गर्नुपर्नेमा आ.इ.डिए. स्रोतबाट रु.१०,९७,३७०।०० खर्च लेखेको छ। दातृ संस्था वा निकाय सँग भएको सम्झौता विपरित खर्च गर्ने कार्य नियमसम्मत नभएकोले स्रोतान्तर गरी हिसाव मिलान गर्नुपर्दछ।

६. **तलवी प्रतिवेदन :** निजामति सेवा ऐन, २०४९ को दफा ७ (ख)(२) मा मन्त्रालय, सचिवालय, आयोग र विभाग तथा उपत्यकाभित्र रहेका कार्यालयमा कार्यरत निजामती कर्मचारीले निजामती किताबखानाबाट तलबी प्रतिवेदनपास नगराई तलब खुवाउन नहुने व्यवस्था रहेकोमा कार्यालयले आ.व. ०७२/७३ मा तलवी प्रतिवेदन पारित नगरी रु.७८,९९,२६८। खर्च लेखेको छ। कर्मचारीको नियमानुसार तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेख्दा कर्मचारीको तलब एवं ग्रेड रकम सही र यथार्थ नहुने सक्ने हुँदा नियमानुसार तलवी प्रतिवेदन पारित गरी तलव खर्च लेख्ने व्यवस्था गर्नुपर्दछ।

७. **दिवाभोज कार्यक्रमको खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले २०७२ फाल्गुन २६ र २८ गते प्रधानमन्त्रीको निजी सचिवालयमा राष्ट्रिय पुनःनिर्माण सम्वन्धमा दातृराष्ट्र र सरोकारवालाको छलफल पछि आयोजना गरिएको दिवा भोजको खर्च लागि रु.७,००,४९६।०० भुक्तानी गरेको छ। कार्यालयले छलफल कार्यक्रममा त्यसरी गरिएको खर्चलाई पुष्टि गर्न आवश्यक पर्ने कार्यक्रमको निर्माण सोको अनुमानित लागत र स्वीकृति तथा उपस्थितिको विवरण संलग्न गरेको छैन। कार्यालयले औपचारिक कार्यक्रम आयोजना गरेको भए सो सम्वन्धी खर्च पुष्ट्याईका विवरणहरु संलग्न हुनुपर्ने तथा प्रधानमन्त्रीको निजी सचिवालयमा आयोजना गरिएको अनौपचारिक कार्यक्रमको लागि भए प्रधानमन्त्रीको निजी सचिवालय स्वयंले तोकिएको आधार, मापदण्ड र तरिका बमोजिम खर्च गर्न सक्ने व्यवस्था रहेको हुन्छ। खर्चको पुष्ट्याई वेगर गरेको खर्च गरेको अनियमित देखिएको छ।

८. **कार्यक्रम वेगरको खर्च :** प्राधिकरणले गर्ने खर्चहरु स्वीकृत वार्षिक कार्यक्रम र सम्वन्धित खर्च शीर्षकमा समावेश भएको हुनुपर्छ। कार्यालयले आ.व. ०७२/७३ मा स्वीकृत वार्षिक कार्यक्रम र खर्च शीर्षकमा समावेश नभएको वार्षिक गतिविधि प्रकाशन गरेको भनी केही राष्ट्रिय दैनिकलाई कुल जम्मा रु.१३,८३,२५१।०० वितरण गरेको देखिन्छ भने त्यसको वितरणको आधार पनि स्पष्ट रहेको छैन। स्वीकृत वार्षिक कार्यक्रममा नपरेको क्रियाकलापमा खर्च गरेकाले अनियमित देखिएको छ।

९. **टुका पारी खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा (८) २ मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धालाई सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियम ८५ (१) (ख) मा एक आर्थिक वर्षमा एकैपटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म वा कम्पनी वा संस्थावाट एकपटक भन्दा बढी सोझै खरिद गर्न नमिल्ने व्यवस्था छ। कार्यालयले आ.व. ०७२/७३ मा मेशिनरी सामान आपूर्ति र फर्निचर खरिद सम्वन्धी

कार्य कमशः ९ र १५ पटकमा रु.७८,७१,०४९।०० को खरिद गरेको छ । यसरी पटकपटक खरिद गरेको सम्वन्धमा प्राधिकरण निर्देशक समितिको निर्णयानुसार विशेष परिस्थितिको प्रावधान प्रयोग गरी खरिद गरेको कार्यालयको भनाइ रहेको छ । यसरी पटक पटक खरिद गर्दा प्रतिष्पर्धा सीमित हुने खरिद लागत वढी हुने र गुणस्तरीय सामान प्राप्त नहुने हुँदा नियमको पालना गरी खरिद गर्न कार्यालयले ध्यान दिनुपर्दछ ।

१०. **ल्यापटप कम्प्युटरको स्पेसिफिकेसन :** सार्वजनिक खरिद नियमावली, २०६४ कोल नियम ११५ (१) मा सार्वजनिक निकायले आपूर्ति गरिएको मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिम भए नभएको परीक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आ.व. ०७२/७३ मा म्याक्स इन्टरनेस्नल पुतलीसडकबाट ३५ थान डेस्कटप कम्प्युटर र २२ थान ल्याप्टप आपूर्ति गर्न रु.३७,०२,०७७।७५ को सम्झौता गरी ती मालसामान प्राप्त गरेकोमा प्राविधिक जाँचपास प्रतिवेदनमा डेस्क्टप कम्प्युटर वोलपत्र कागजातको प्राविधिक स्पेसिफिकेसन बमोजिम भएको तथा ल्यापटपको हकमा अपरेटिङ्ग सिस्टम, मेमरी, इन्पुट डिभाईस, किबोर्ड प्राविधिक स्पेसिफिकेसन वमोजिम नभएको भनी पहिलो प्राविधिक प्रतिवेदनमा उल्लेख गरिएको छ । पुन आपूर्तिकर्तालाई सो सम्वन्धमा स्पष्ट पार्न पत्राचार गरेपछि पनि अपरेटिङ्ग सिस्टम, मेमरी, इन्पुट डिभाईस, किबोर्ड प्राविधिक स्पेसिफिकेसन बमोजिम नभएकोले केही कमजोरी वाबजुद सन्तोषप्रद भन्ने प्रतिवेदन आएको छ र कार्यालयले त्यसलाई स्वीकार गरेको छ । ल्यापटप कम्प्युटर प्राविधिक स्पिेसिफिकेसन बमोजिम नभएको स्थितिमा पनि स्वीकार गरेको अनियमित देखिएको छ ।

राष्ट्रिय सतर्कता केन्द्र

१. **उजुरी दर्ता र फछ्र्यौट** : राष्ट्रिय सतर्कता केन्द्र कार्य संचालन नियमावली, २०६५ को नियम ४ मा कसैले कुनै सरकारी कार्यालय वा सार्वजनिक संस्थानबाट सम्पादन हुने काममा अनियमितता भएको वा हुन लागेको थाहा पाएमा केन्द्र समक्ष उजुरी दिन सक्ने र त्यस्ता उजुरीमा केन्द्रले छानविन गरी भए गरेको कारवाहीको जानकारी दिनु पर्ने व्यवस्था छ । केन्द्रवाट प्राप्त विवरण अनुसार गतवर्षसम्मको जिम्मेवारी ५३६ र यो वर्षको थप ७७२ समेत १३०८ उजुरीमध्ये ६८६ (५२.४५ प्रतिशत) छानविनबाट किनारा लगाई ६२२ (४७.५५ प्रतिशत) बाँकी रहेको पाईयो । छिटो छरितो रूपमा उजुरी छानविन गरी किनारा लगाउने तर्फ केन्द्रको थप प्रयास हुनु पर्ने देखिन्छ ।

२. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ९५ ले सबै सरकारी निकायबाट सम्पादन गरिने कार्यहरु मितब्ययी, दक्ष र प्रभाबकारी ढंगबाट सम्पादन गर्न, बित्तिय प्रतिबेदन प्रणालीलाई बिश्वसनिय बनाउन र प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा कार्यालयले आफ्नो आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको पाईएन । कार्यालयले थप प्रभावकारी बनाइने जवाफ दिएको छ ।

३. **लक्ष्य र प्रगती** : कार्यालयले सामुदायिक सिंचाइ कार्यक्रम, राष्ट्रिय ग्रामीण यातायात सुदृढिकरण कार्यक्रम र रणनैतिक पुल तथा सडक सञ्जाल कार्यक्रमको प्रगति विवरण तयार गरेको छैन । केन्द्रले यो वर्ष २०७२।०७३ मा ८९ वटा आयोजना र निकायको प्राविधिक परीक्षण गर्ने गरी वार्षिक कार्यक्रम, वजेट र अख्तियारी स्वीकृत भएकोमा ३७ वटा यो वर्षको र ७ वटा विगत वर्षको वाँकी समेत जम्मा ४४ वटा प्राविधिक परीक्षण सम्पन्न गरी लक्ष्यको ४१.५ प्रतिशत प्रगती भएको छ । लक्ष्यको शत प्रतिशत प्रगति हाँसिल गर्न केन्द्रले थप पहल गर्नु पर्दछ ।

४. **सफ्टवेयरको उपयोग :** कार्यालयले जडान, तालिम र सन्चालन गर्ने सर्त सहित सरकारी लेखा प्रणाली, गुनासो व्यवस्थापन र स्टोर म्यानेजमेण्टसमेत तिन सफ्टवेयर खरिद गरी रु.५,९५,५४०।०० भुक्तानी गरेकोमा लेखापरीक्षण अवधिसम्म उपयोगमा ल्याएको पाइएन । सफ्टवेयरको उद्देश्यानुसार उपयोग गर्नु पर्दछ ।

५. **प्राविधिक परीक्षण :** राष्ट्रिय सतर्कता केन्द्र (कार्य संचालन) नियमावली, २०६५ नियम २१ मा प्राविधिक परीक्षण प्रतिवेदनमा औल्याइएको त्रुटी सच्याउन लेखी पठाउने र त्यस्तो त्रुटी सच्याउन र भविश्यमा दोहोरिन नदिन अवलम्वन गरिने उपायको कार्ययोजना सम्वन्धित केन्द्रिय निकायले यस केन्द्रलाइ जानकारी गराउनु पर्ने व्यवस्था रहेको छ । आ.व.२०६१।०६२ देखि हालसम्म ५१३ वटा आयोजना तथा निकायको प्राविधिक परीक्षण सम्पन्न गरेको छ । केन्द्रले प्रत्येक वर्ष प्राविधिक परीक्षण प्रतिवेदनहरुवाट औल्याइएका अपरिपालना सम्वन्धी व्यहोराहरु कार्यशाला गोष्ठी मार्फत प्रस्तुतिकरण गर्ने र सम्वन्धित केन्द्रिय निकायलाई जानकारी गराउने गरेको पाइयो । तर सम्वन्धित निकायहरुमा त्रुटी सच्चाउन गरेको पहल तथा कार्यहरुको सम्वन्धमा अनुगमन गर्ने गरेको साथै सम्वन्धित निकायले त्रुटी सच्चाउन गरेको प्रयास र कार्ययोजनाको सम्वन्धमा यस केन्द्रलाई जानकारी गराउने गरेको पाइएन । पहिचान गरिएका अपरिपालनाहरुको अनिवार्य रुपमा सुधार गर्नुपर्ने देखिन्छ ।

६. **बढी भुक्तानी :** मेलम्ची खानेपानी आयोजना-२ को प्राविधिक परीक्षण गर्न एक परामर्शदातासंग रु.२,६५,५५२।- को सम्झौता भई रु.२,४९,७४९।- को ठेक्का विल तथा कार्य सम्पन्न प्रतिवेदन स्वीकृत भएकोमा रु २,६५,५५२।- पुरै भुक्तानी दिएको देखिएकोले वढी भुक्तानी भएको रु.१५,८०३।- असुल हुनु पर्दछ ।

७. **उपकरण :** इन्जिनियरिङ प्रयोगशाला निर्माण गर्न प्रयोगशालाको लागी चाहिने इक्विपमेन्टहरु खरिद, ढुवानी र जडान गर्न एक आपूर्तिकर्तासंग रु.१,६२,४२,३८०।- को संझौता गरी २०७१।७२ मा रु.१,३९,६९,३८०।- प्रतितपत्र पेश्की उपलब्ध गराइएकोमा यो वर्ष उक्त सामानको भन्सार तथा शुल्क रु.२२,०९,४०५।- खर्च लेखेको छ । तर उक्त सामान लेखापरीक्षण अवधि(२०७३।१०।१०)सम्म पनि स्पेसिफिकेशन तथा गुणस्तर परीक्षण गराई जिन्सी खातामा आम्दानी बांधेको र जडान भएको देखिएन । संझौतानुसार सामान दाखिला गरी उपयोग गर्नु पर्दछ ।

८. **निरीक्षण :** सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने उल्लेख छ। कार्यालयले २०७१।७२ मा खरिद संझौता गरी मगाइएका प्रयोगशालाका सामाग्रीहरुको प्रिशिपमेण्ट निरीक्षण गर्न ५ कर्मचारीलाई भारत पठाई रु.७,७३,५३५।- दैनिक भ्रमण भत्ता भुक्तानी गरेको छ। बार्षिक कार्यक्रममा उक्त भ्रमण समावेश रहेको देखिएन। सामग्रीहरु आपूर्ति भएपछि स्वीकृत स्पेशिफिकेशन बमोजिम भए नभएको निरीक्षण/परीक्षण गर्नुपर्ने नियमावलीको व्यवस्था रहदा रहदै पनि विदेश भ्रमणमा पठाई निरीक्षण गराउँदा थप व्ययभार पर्न गएको पाइयो । कार्यालयले बीड डकुमेण्टमा उल्लेख भए अनुसार इक्युपमेण्ट निरीक्षण गर्न निर्णयानुसार विदेश गएको जवाफ दिएको छ ।

९. **कर :** आयकर ऐन, २०५८ बमोजिम आकस्मिक लाभकरमा लाग्ने २५ प्रतिशत कट्टी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले वेरुजू फछ्र्यौट वापत चार कर्मचारीलाई प्रोत्साहन पुरस्कार रु.३६,०००।- वितरण गर्दा अग्रिम कर रु.९,०००।- कट्टी गरेको नदेखिएकोले असुल गरी राजस्व दाखिला गर्नु पर्दछ ।

एक सव-इन्जिनियरलाई गोष्ठी संचालन गर्न दिएको पेश्की रु.४०,०००। फछ्र्यौटको फाँटवारी अनुसार निजले भुक्तानीमा कट्टी गरेको अग्रिम कर रु.२,५६५।- राजस्व दाखिला गरेको नदेखिएकोले राजस्व दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

१०. **सेवा शुल्क :** कार्यालयका कम्प्युटर, प्रिन्टर, फोटोकपी, एसी लगायत उपकरणको मर्मत गर्न मासिक रु.१०५६५।- दरले भुक्तानी गर्ने गरी २०७२।११।४ मा एक सेवा प्रदायकसंग संझौता संझौता भएकोमा २०७२ श्रावणदेखि कै सेवाशुल्क भुक्तानी भएको देखियो । अनुवन्धित हुनु अघीको भुक्तानी रु.७३,९५८।५० असुल गर्नुपर्दछ ।

११. **वैठक भत्ता :** अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७० को दफा ७.१.१ मा बैठक भत्ता सम्वन्धमा एउटै निकाय र अन्तरगतका पदाधिकारी र कर्मचारीमात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने, कानून अनुसार गठन भएका समितिको बैठकमा मात्र भत्ता प्रदान गर्ने, विशेषज्ञ सेवा आवश्यक परेमा आमन्त्रित सदस्यको रुपमा बढीमा ३ जना सम्मलाई भत्ता प्रदान गर्ने लगायतको मापदण्ड तोकेको छ । कार्यालयका सवै कर्मचारीका लागि कार्यालय समय भित्रको कार्यवोझ र थप कामको सूचकको आधारमा तलव स्केलको ५० प्रतिशतसम्म वर्षभरीकै प्रोत्साहन भत्ता समेत उपलव्ध गराएकै अवस्थामा वार्षिक कार्यक्रममा समावेश भएका तथा थप कार्यहरु सम्पादन गर्ने सिलसिलामा कार्यालय तथा तालुक निकायका कर्मचारीमात्र उपस्थित रहेको र आन्तरिक रुपमा गठन गरेको समिति तथा उपसमितिका संयोजक र सदस्यहरु तथा ३ जना भन्दा बढी आमन्त्रितहरुलाई समेत रु.१४,४१,५००।- वैठक भत्ता प्रदान गरेको पाइयो । निर्देशिकाको मापदण्डहरु पुरा नगरी वैठक भत्ता भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल हुनु पर्दछ ।

१२. **धरौटी :** आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ७१मा धरौटी स्रेस्तामा आम्दानी नजनिएको तर बैङ्क खातामा जम्मा भएको रकमको नब्बे दिन भित्र दाखिला प्रमाण पेश हुन नआएमा सदरस्याहा गरी राजस्व खातामा दाखिला गर्नु पर्ने उल्लेख छ । श्रेस्ता अनुसार आर्थिक वर्षको अन्त्यमा धरौटी बाकी रु.६,१९,६७५। रहेकोमा बैंकमा रु.६,२९,६७५। रहेको देखिएकोले बढी देखिएको धरौटी रु.१०,०००। नियमानुसार सदर स्याहा गर्नु पर्दछ ।

लगानी वोर्डको कार्यालय

१. **वैदेशिक सहायता :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६(२) मा प्रत्येक कार्यालयले सवै प्रकारका आय व्ययको तोकिए वमोजिमको लेखा र आर्थिक विवरण पेश गरी महालेखा परीक्षकको कार्यालयवाट अन्तिम लेखापरीक्षण गराउनु पर्ने उल्लेख रहेकोछ। बैदेशिक सहायता सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्

१.१ नेपाल सरकार र डीएफआईडीबीच २०७२।१।३ मा भएको सम्झौतामा दातृ निकायबाट २०७६।१२।१८ सम्मको अवधिमा ३ लाख ५० हजार पाउण्ड बराबरको प्राविधिक सहयोग प्राप्त हुने उल्लेख छ । कार्यालयले सो सहयोग अन्तर्गतको लेखा तथा आर्थिक विवरण लेखापरीक्षणको लागि पेश गरेको छैन । कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष रु.१ करोड ४२ हजारको विभिन्न सामानहरु प्राप्त गरेकोमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४८ बमोजिम वार्षिक केन्द्रीय आर्थिक विवरणमा समावेश गरेको देखिएन । नियमावलीको व्यवस्था पालना हुनुपर्दछ ।

१.२ लेखापरीक्षणको सिलसिलामा प्रस्तुत भएका विभिन्न पत्राचार तथा निर्णयमा जाइका तथा यु.एस.ए.आई.डि.को सहयोगमा विभिन्न विज्ञ तथा कर्मचारीहरु बोर्डमा कार्यरत रहेको र प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, अर्थ मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय तथा बोर्डका कर्मचारीहरुलाई विभिन्न मुलुकको अध्ययन भ्रमण गराएको व्यहोरा उल्लेख छ। तर उक्त सहायता सम्वन्धी संझौता तथा प्राप्त सहयोगको विवरण पेश हुन आएन।

१.३ कार्यालयले दिएको विवरण अनुसार डि.एफ.आई.डि.को तर्फवाट ३५ विज्ञ तथा कर्मचारीहरु कार्यरत रहेको उल्लेख छ। जाइका तथा यु.एस.ए..आई.डि.को सहयोगमा कार्यरत कर्मचारीको विवरण प्रस्तुत नभएता पनि ती दाताको सहयोगमा पनि विज्ञ तथा कर्मचारीहरु कार्यरत रहेको विभिन्न पत्राचार तथा निर्णयबाट देखिन्छ। यस किसिमका विज्ञ तथा कर्मचारीहरुबाट सम्पादित कामको जवाफदेहिता तथा संस्थागत स्मृति सम्वन्धमा स्पष्ट व्यवस्था गरेको देखिएन। कार्यालयले उक्त व्यहोरा व्यवस्थापन गर्नेतर्फ पहल कदमी भइरहेको जवाफ दिएको छ।

२. **आयोजना कार्यान्वयन :** लगानी बोर्डलाई लगानीसम्बन्धी नीति तर्जुमा, लगानी प्रतिस्पर्धात्मक/प्राथमिकाताका क्षेत्र छनौट, प्रस्ताव आह्वान, परियोजना सम्झौता, कार्यान्वयनको अनुगमन, आर्थिक तथा गैरआर्थिक सुविधा निर्धारण, सरकारी जग्गा उपलब्ध गराउने, सरकारी निकाय तथा स्थानीय निकायबीच समन्वय, लगानी प्रवर्द्धनलगायतको काम कर्तव्य र अधिकार तोकिएको छ।

बोर्डले नौ सय मेगावाट क्षमताका माथिल्लो कर्णाली र अरुण तेस्रो दुई जलविद्युत आयोजना निर्माणको लागि दुई विदेशी कम्पनीसँग क्रमशः २०७१।६।३ र २०७१।८।९ मा परियोजना विकास सम्झौता गरेको छ। सम्झौतामा प्रवर्द्धक कम्पनीले आयोजनालाई आवश्यक जग्गा प्राप्ति, स्थानीयस्तरमा प्रभावित परिवारलाई पुनर्स्थापना, शिक्षा, स्वास्थ्य, नेपाली जनशक्ति र स्रोतको उपयोग सम्बन्धी विकास एवं तालिम, पूर्वाधार निर्माण लगायतका कार्य गर्नुपर्ने व्यवस्था छ। कार्यतालिकामा एक्काइस महिनाभित्र जग्गा प्राप्ति कार्य सम्पन्न गरिसक्नुपर्नेमा अरुण तेस्रो परियोजनाले निजी जग्गाको मुआब्जा वितरण कार्य सम्पन्न गरे तापनि सरकारी निकायहरुबीच समन्वय र सहजीकरण हुन नसकेको कारण सरकारी तथा वनक्षेत्रको जग्गा सम्वन्धी कार्य बाँकी रहेको पाइयो। माथिल्लो कर्णाली परियोजनाको लागि जग्गा प्राप्तिसम्बन्धी काम भएको पाइएन। दुबै परियोजनाबाट २०७८।९।१६ भित्र व्यावसायिक उत्पादन गर्ने लक्ष्य रहेकोमा जग्गा प्राप्तिसम्बन्धी प्रारम्भिक कार्यमा नै ढिलाइ हुँदा निर्माण कार्यमा समेत प्रभाव पर्ने हुनाले बोर्डले आवश्यक समन्वय र सहजिकरण गरी कार्यतालिका बमोजिम आयोजना कार्यान्वयन प्रक्रिया अघि बढाउनुपर्ने देखिन्छ।

३. **परियोजना सूची :** लगानी बोर्ड नियमावली, २०६९को नियम ८ मा कार्यालयले लगानीयोग्य परियोजनाको सूची तयार गरी स्वीकृतिका लागि बोर्ड समक्ष सिफारिस पेश गर्ने, सिफारिस भएको सूची मध्येबाट बोर्डले प्रतिस्पर्धात्मक वा प्राथमिकताको क्षेत्र छनौट गरी त्यस्ता परियोजना स्वीकृत गर्ने र प्रतिस्पर्धात्मक क्षेत्र छनौट गरिएको परियोजनालाई प्रतिस्पर्धा गराई लगानी अनुमति दिने उल्लेख छ। बोर्डले हालसम्म १२२ वटा परियोजना प्राथमिकता सूचीमा राखी ८ वटा वेवसाइटमा राखेको छ। अधिकतम परियोजनाको सूची तयार गर्न बोर्डले थप प्रयास गर्नु पर्ने देखियो। कार्यालयले १२२ वटा परियोजनाको सुचि तयार गरेको र मुख्य परियोजनाको बिस्तृत अध्ययन गराउन कार्यक्रम प्रस्ताव गरिएको जवाफ दिएको छ।

४. **घर भाडा :** कार्यालयले यो वर्ष घरभाडा वापत रु.६९,८०,४१८।- र विद्युत तथा पानी वापत रु ११,४८,९४८।- समेत जम्मा रु.८१,२९,३६७- अन्तराष्ट्रिय सम्मेलन केन्द्र विकास समितिलाई बुझाएको छ। स्थायीतर्फ कार्यकारी निर्देशक (१, अन्य स्थायी कर्मचारी (७ समेत ८ जना र करार तर्फ श्रेणी विहीन ७ समेत जम्मा १५ जना कर्मचारी रहेको कार्यालयमा यो वर्षको तलव भत्ता समेतको कुल उपयोग खर्च रु.१,५३,९२,८८३।- मध्ये घरभाडा र विद्युत, पानी शुल्क वापतको अंक करिव ५३ प्रतिशत रहेवाट घर भाडामा लिदा मितव्ययितालाई ध्यान दिएको पाइएन। कार्यालयले आगामी दिनमा मितव्ययिता कायम गर्न सचेत रहने जवाफ दिएको छ।

५. **थप सुविधा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४२ मा नेपाल सरकारको आर्थिक दायित्व वृद्धि हुने कुरामा अर्थ मन्त्रालयको पूर्व सहमती लिनु पर्ने उल्लेख रहेको छ। वोर्डमा कार्यरत निजामती सेवाका स्थायी कर्मचारीहरुलाई वोर्डको निर्णयानुसार तलवको ५० प्रतिशतले हुने थप भत्ता र प्रत्येक महिना रु ४,०००।- का दरले अन्य भत्ता समेत मासिक रुपमा भुक्तानी दिंदै आएको छ। थप सुविधा उपलब्ध गराउदा कार्यसम्पादन सुचक बनाई अर्थ मन्त्रालयको पूर्व सहमती लिनु पर्नेमा सो वेगर भुक्तानी गरेको रु.१७,३२,६४९।- नियम सम्मत देखिदैन। कार्यालयले सूचक तयार गर्ने र अर्थ मन्त्रालयको सहमति लिने तर्फ पहल गरिने जवाफ दिएको छ।

६. **सेवा करार :** सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९५मा एक लाख रुपैंयाभन्दा बढीको सेवा शुल्क लाग्ने सेवा सूचना प्रकाशन गरी घटी प्रस्तावकसँग सेवा करार सम्झौता गर्नु पर्ने उल्लेख छ। कार्यालयले यो वर्ष सेवा करारका कर्मचारीलाई रु.१६,३१,६०१।- खर्च लेखेकोमा २ जनाको लागि मासिक रु.२८,२९४।-

दरमा एक सेवा प्रदायक संस्थासंग संझौता गरेको र बाँकी ९ जना व्यक्तिगत करारवाट गराएको देखिएकोले नियमावलीको पालना भएको पाइएन । कार्यालयले नियमावली वमोजिम प्रतिस्पर्धा गराई सेवा करारमा कर्मचारी लिनु पर्दछ । कार्यालयले आगामी दिनमा एकरुपता कायम गरिने जवाफ दिएको छ ।

७. **भ्रमण :** कार्यालयले कर्मचारीहरुलाई काजमा खटाउदा कामको स्पष्ट उद्देश्य र कार्यको किटानी गरी काजमा खटाउनुको सट्टा भ्रमण आदेशमा अफिसियल काम तथा सरकारी काम आदि उल्लेख गरी काजमा खटाइ दैनिक भत्ता तथा भ्रमण खर्च भुक्तानी दिने गरेको देखियो । सवारी साधन बेगर सवारी चालकहरु र अन्य निकायका कर्मचारीहरु समेतलाई काजमा खटाई दैनिक भत्ता तथा भ्रमण खर्च भुक्तानी गरेको समेत देखियो । यस किसिमको खर्चमा नियन्त्रण हुनु पर्दछ । कार्यालयले कार्यालयको कामको शिलशिलामा मात्र काजमा खटाइएको र आगामी दिनमा थप स्पष्ट र मितव्ययिता कायम गरिने जवाफ दिएको छ ।

सार्वजनिक खरिद अनुगमन कार्यालय

१. **आन्तरिक नियन्त्रण :** सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४, आर्थिक कार्यविधि ऐन, २०५५ तथा नियमावली, २०६४ लगायतका ऐन नियमहरुमा कार्यालयल तथा पदाधिकारी/कर्मचारीहरुले गर्नु पर्ने विभिन्न कार्यहरुमध्ये तालुक कार्यालयले निरीक्षण गर्दा दिएको निर्देशन निरीक्षण पुस्तिका जनाउने नगरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा चालु हालतमा नरहेका सवारी साधन लगायतका विभिन्न सामाग्रीहरु मर्मत सम्भार तथा लिलाम सम्बन्धी कारवाही अगाडि नबढाएको, खर्च नहुने सामानको सूची र अभीलेख अद्यावधिक गरी टाँस नगरेको देखिन आयो । कार्यालयले निरीक्षण पुस्तिका आगामी दिनबाट राखिने र जिन्सी सामन मर्मत तथा लिलामको लागि प्राविधिकमार्फत परीक्षण गराउने कार्य भइरहेको जवाफ दिएको छ ।

२. **कानूनको पालना :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ र नियमावली, २०६४ नियम १४४ मा सार्वजनिक खरिद अनुगमन कार्यालयको काम, कर्तव्य अधिकार सम्बन्धमा व्यवस्था गरेको छ । सो वाहेक ऐनमा उल्लेख भएका खरिद इकाईका सदस्यहरुको लागि योग्यता तोक्ने, ठूला र जटिल कार्य निर्धारण गर्ने, कालो सूचीबाट फुकुवा सम्वन्धी मापदण्ड तयार गर्ने, खरिद नीति तयार गर्ने, सार्वजनिक निकायबाट हुने सवै खरिद कारवाहीको तथ्याङ्क अध्यावधिक गर्ने, अनुगमन र प्राविधिक परीक्षण सम्वन्धी मार्गदर्शन तयार गर्ने, आदि कार्य गरेको छैन । त्यस्तै नियमावलीमा रहेको भाडा तथा सेवा करार सम्वन्धी लागत अनुमान सम्वन्धी नर्मस् जारी गर्ने, उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउँदा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधि तर्जुमा गर्ने लगायतका कार्य गरेको छैन । कार्यालयले कानूनले तोकेको बाँकी कार्यहरु पुरा गर्न अगाडी बढिने जवाफ दिएको छ ।

३. **प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ३६(६)मा समयमै निर्धारित कार्यक्रम अनुसार मालसामानको उपलब्धि तथा प्राविधिक एवं प्रशासकीय व्यवस्था मिलाई कार्य सम्पादन गर्नु पर्ने उल्लेख छ । कार्यालयले यो वर्ष स्वीकृत कार्यक्रममध्ये चालु कार्यक्रमतर्फ रु.८९,३६,६०१। र पूँजीगत कार्यक्रम तर्फ रु.१,४१,३१,८०१। गरी जम्मा कार्यक्रम खर्च रु.२,३०,६८,४०२। खर्च गरेकोमा अन्तिम चौमासिकमा ८९ प्रतिशत र आषाढमा ७६ प्रतिशत खर्च गरेको छ । कार्यतालिका बमोजिम कार्यक्रम सम्पन्न गरिनु पर्दछ । चालू आर्थिक वर्षदेखि चौमासिक लक्ष्य अनुसार प्रगति पुऱ्याउन कदम चालिने जवाफ दिएको छ ।

४. **कर वीजक :** मूल्य अभिबृद्धि ऐन, २०५२को दफा १४ मा दर्ता भएको व्यक्तिले तोकिए बमोजिमको अवस्थामा बाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई वीजक दिनु पर्ने उल्लेख छ कार्यालयले कर बीजक प्राप्त नगरी रु.८१,०९७- भुक्तानी गरेको छ ।

५. **बैठक भत्ता :** अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७० को बैठक भत्ताको मापदण्ड पुरा नगरेको र तलवस्केलको ५० प्रतिशतसम्म कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराएको अवस्थामा वार्षिक कार्यक्रममा समावेश भएका तथा थप कार्यहरु सम्पादन गर्ने सिलसिलमा आन्तरिक रुपमा गठन गरेको समति/उप-समितिका संयोजक तथा सदस्य र आमन्त्रितहरुलाई रु.३,४३,०००।- बैठक भत्ता भुक्तानी गरेको पाइयो । कानूनी व्यवस्था बेगर गठन गरेको समितिका पदाधिकारीलाई निर्देशिकाको मापदण्ड पुरा नगरी बैठक भत्ता भुक्तानी गर्न मिल्ने नदेखिएकोले उक्त बैठक भत्ता असुल हुनु पर्दछ ।

६. **धरौटी :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० र नियमावली, २०६४ को नियम १०४ अनुसार खरिद कार्य उपर चित्त नबुझ्ने प्रस्तावकर्ताले खरिद पुनरावलोकन समिति समक्ष पुनरावलोकनकोलागि निवेदन दिंदा आफुले कवोल गरेको रकमको ०.५ प्रतिशतले हुने रकम जमानत पेश गर्नुपर्ने र पुनरावलोकन समितिबाट निवेदन खारेज भएमा त्यस्तो जनमानतको रकम जफत हुने व्यवस्था छ । सार्वजनिक खरिद पुनरावलोकन समिति समक्ष खरिद पुनरावलोकनको लागि दिएका निवेदनहरु मध्ये चार निवेदकको विपक्षमा निर्णय भएकोले सो वापत राखिएको जमानतको रु.४२,९४,४९८।८३ जफत गरी राजस्वमा दाखिला गरेको देखिएन । नियमानुसार राजस्व दाखिला हुनु पर्दछ । कार्यालयले प्रक्रिया पुऱ्याई राजश्वमा दाखिला गरिने जवाफ दिएको छ ।

कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय

१. **मन्त्रालयको कार्य सम्पादन :** नेपाल सरकारको कार्य विभाजन नियमावली, २०७२ अनुसार राज्य संचालनको लागि आवश्यक पर्ने विभिन्न नयाँ ऐन, अध्यादेश, विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने, भैरहेको ऐनमा संशोधनको सहमती दिने, राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन लगायतका काम यस मन्त्रालयको कार्य क्षेत्र भित्र पर्दछन । यस वर्षको कार्य सम्पादन सम्वन्धी लेखापरीक्षणमा प्राप्त प्रगति विवरण परीक्षणको क्रममा नमूना छनौट गरी ४ फाइलहरुको परीक्षण गर्दा २ फाइलमा उल्लेखित कार्य सम्पादन तोकिएको सूचक अनुसारको अवधि भित्र हुन सकेको देखिएन । तोकिएको अवधि भित्र कार्य सम्पादन हुन नसक्दा ऐन नियम निर्माणको अन्तिम स्वीकृतिमा ढिलाई हुन जाने हुँदा तोकिएको सूचक अनुसारको अवधि भित्र कार्य सम्पादन गर्न मन्त्रालयले ध्यान पु:याउनु आवश्यक देखिन्छ । यस सम्वन्धमा छलफल गर्दा आगामी दिनमा सुधार गर्ने मन्त्रालयले जनाएको छ ।

२. **मानव अधिकार पुरस्कार कोष :** नेपाल सरकारले जुन उद्देश्यले कोष खडा गरेको छ सो अनुसार कोषलाई परीचालन गरी कोष सक्रिय वनाउनु पर्दछ । मानव अधिकारको क्षेत्रमा उत्कृष्ट काम गर्ने व्यक्तिहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले नेपाल सरकारको निर्णय अनुसार यस मन्त्रालय अन्तर्गत रु १८ लाखको अक्षय कोष खडा गरेको थियो । उक्त कोषमा यो वर्षको अन्त्यसम्म व्याज समेत रु २७,५१,५५९।– मौज्दात देखिन्छ । कोष खडा भएदेखि हालसम्म सो पुरस्कार प्रदान गरेको देखिदैन । यस सम्वन्धमा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत औंल्याएकोमा कुनै सुधार नगरी यो वर्ष पनि स्थिति यथावत देखियो ।

३. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी नियमावली तयार भएको १ वर्ष भित्र लागू गरिसक्नु पर्ने व्यवस्था छ । मन्त्रालयले सो अनुसार आन्तरिक नियन्त्रण कार्यबिधि तयार नगरेकोले तयार गर्नुपर्दछ ।

४. **करार कर्मचारी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ को प्रतिकुल हुने गरि मन्त्रालयले, बिगतमा कार्यरत बा अनुभबी २५ कर्मचारीसंग सोझै करार गरी रु.३४,८०,८९१।– बजेट खर्च लेखेको पाइयो । व्यक्तिहरुसंग सोझै कारार गर्दा सेवा खरिद कार्य प्रतिस्पर्धी नहुने र सेवाको सुनिश्चितता समेत नहुने भएकोले नियमावलीको व्यवस्था बमोजिम प्रक्रिया पुरा गरी सेवा करारमा लिने संझौता गरिनु पर्दछ । यस सम्वन्धमा आगामी दिनमा सुधार गर्ने मन्त्रालयले जनाएको छ ।

नेपाल कानून आयोग

१. **करार कर्मचारी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ को प्रतिकुल हुने गरि कार्यालयले यो वर्ष आवश्यकता अनुसार सोझै बिगतमा कार्यरत बा अनुभबी भएको जनाई कर्मचारीसँग सोझै करार गरी रु ६,११,०८६।– बजेट खर्च लेखेको पाइयो । व्यक्तिहरुसँग सोझै करार गर्दा सेवा खरिद कार्य प्रतिस्पर्धी नहुने र सेवाको सुनिश्चितता समेत नहुने भएकोले नियमावलीको व्यवस्था बमोजिम प्रक्रिया पुरा गरी सेवा करार संझौता गरिनु पर्दछ ।

सामान्य प्रशासन मन्त्रालय

१. **व्यवस्थापन परीक्षण अनुगमन :** निजामती सेवा ऐन, २०४९ को दफा ७२(क) मा सामान्य प्रशासन मन्त्रालयले नेपाल सरकारका विभिन्न निकायहरुमा कार्यरत निजामती कर्मचारीहरुले प्रचलित कानुन तथा अन्य प्रशासकिय नियम र कार्यविधिहरु पालना गरे नगरेको सम्वन्धमा सुपरीवेक्षण, अनुगमन र मुल्याङ्कन गरी निर्देशन दिन र त्यसरी सुपरीवेक्षण गर्दा कुनै निजामती कर्मचारी उपर विभागिय कारवाही गर्नुपर्ने देखिएमा सो समेत सिफारीस गर्न सक्ने व्यवस्था छ । सोको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्न सक्ने व्यवस्था छ । मन्त्रालयले २०७१।७२ मा व्यवस्थापन परीक्षण गरेका मध्ये २ कार्यालयको यो वर्ष अनुगमन परीक्षण गर्दा गत वर्षकै व्यहोरा पुनरावृत्ति भएको उल्लेख छ ।

विभिन्न निकायको व्यवस्थापन परीक्षण गरी नीतिगत, व्यवस्थापकिय र प्रक्रियागत सुधारका लागि दिएका सुझावहरु मन्त्रालय आफैले अनुगमन नगरी सम्वन्धित केन्द्रीय निकायहरुलाई प्रतिवेदनमा औंल्याएका विषय वस्तुहरुको कार्यान्वयन गरी जानकारी गराउन लेखी पठाएको देखिन्छ । मन्त्रालयमा सोको प्रगती वारेमा जानकारी आएको पाईएन । व्यवस्थापन परीक्षणलाई प्रभावकारी वनाउन मन्त्रालय आफैले अनुगमन गर्ने तर्फ ध्यान जानु पर्ने देखिन्छ ।

२. **निजामती सन्तती छात्रवृत्ति :** निजामती कर्मचारीका सन्ततीलाई छात्रवृत्ति उपलब्ध गराउने निर्देशिका, २०७१ को दफा ३(३) मा स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीहरुलाई लागतको आधारमा निर्देशिका बमोजिम छनौटमा परेका विद्यार्थीहरुलाई रु.१ लाख ५० हजारदेखि रु.५ लाखसम्म छात्रवृत्ति प्रदान गरिने व्यवस्था छ । निर्देशिकाको दफा २६(१) मा छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने विद्यार्थीहरुलाई अध्ययन सकेपछि नेपाल सरकारको कुनै संस्था वा निकायको काममा खटाउन सक्ने व्यवस्था बमोजिम विद्यार्थीलाई अध्ययन पूरा गरेपछि नेपाल सरकारले खटाएको काममा संलग्न हुन कबुलियतनामा गराएको पाइयो । मान्त्रालयले २०६६।६७ देखि २०७२।७३ सम्म २ हजार ४२९ जनालाई रु.४३ करोड ८८ लाख ३० हजार छात्रवृत्ति वितरण गरेकोमा

हालसम्म विद्यार्थीलाई सो बमोजिम खटाएको देखिन आएन । कबुलियतनामा बमोजिम सेवामा आवश्यकतानुसार उपयोग गर्नुपर्दछ ।

३. **अध्ययन, तालिम तथा अध्ययन भ्रमण** : निजामती सेवा ऐन, २०४९ को दफा ४० ख(३) मा नेपाल सरकारको नाममा प्राप्त भएका अध्ययन, तालिम वा अध्ययन भ्रमणसम्बन्धी अवसर सबै सरकारी सेवाका कर्मचारीलाई न्यायिक तवरले बाँडफाँड गर्न मुख्य सचिव अध्यक्ष रहेको ५ सदस्यीय समिति रहने व्यवस्था छ । समितिले २०७२।७३ मा प्राप्त बैदेशिक तालिम ७०६, वैदेशिक अध्ययन १११ र स्वदेशमा अध्ययन १२ समेत जम्मा ८२९ छात्रवृत्ति बाँडफाँड गरेको पाइयो ।

कर्मचारीलाई अध्ययन, तालिम वा अध्ययन भ्रमणमा पठाउनको लागि प्रत्येक वर्ष सो सम्बन्धी विवरण तयार गरी पठाउन मन्त्रालयले २०७३।९।११ मा सबै निकायलाई परिपत्र गरेको छ । समितिले बाँडफाँट गरेको छात्रवृत्तिमध्ये सम्वन्धित मुलुकबाट कन्फर्मेसन प्राप्त भए नभएको र उपयोग गरे नगरेको अनुगमन गरी वैदेशिक सहायता स्वरुप प्राप्त छात्रवृत्तिको पूर्ण उपयोग गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

४. **पेश्की बाँकी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७७ बमोजिम आर्थिक बर्षको अन्त्यसम्म फछर्यौट हुनबाँकी रहेको पेश्की रकम रु.४ लाख ६ हजार फछर्यौट हुनु पर्ने देखिन्छ ।

निजामती कर्मचारी अस्पताल

१. **बार्षिक वजेट तथा कार्यक्रम** : निजामती कर्मचारी अस्पताल आर्थिक प्रशासन सम्वन्धित विनियमावली, २०६८ अनुसार अस्पतालको संचालक समितिले २०७२।७३ को वार्षिक वजेट तथा कार्यक्रम आर्थिक वर्ष प्रारम्भ भएको ८ महिना वितेपछि २०७२।१२।०४ मा मात्र स्वीकृत गरेको देखियो । तसर्थ विनियमको व्यवस्था अनुसार यथासमयमै वजेट तथा कार्यक्रम तयार गर्न समितिले ध्यान पुर्‍याउनु जरुरी छ ।

२. **समितिको वैठक** : निजामती कर्मचारी अस्पताल विकास समिति (गठन) आदेश, २०६४ को दफा ३ अनुसार समितिको वैठक वर्षमा कम्तिमा ६ पटक वस्ने र दुइ वैठकको वीचको अवधि २ महिना भन्दा वढी हुनु नहुनेमा यो वर्ष समितिको वैठक २०७२।०८।१६ र २०७३।०२।०३ मा गरी जम्मा दुई पटक मात्र वसेको देखियो ।

३. **सेवा विस्तार** : निजामती कर्मचारी अस्पताल गठन आदेश, २०६४ को दफा ४ (२) अनुसार समितिले क्षेत्रीय, अंचल तथा जिल्लास्तरमा अस्पतालहरु विस्तार गरी स्वास्थय सेवा उपलव्ध गराउनेछ भनी उल्लेख भए तापनि हालसम्म समितिले क्षेत्रीय, अंचल तथा जिल्ला अस्पतालहरु विस्तार गर्न नसकेको स्थिति छ ।

४. **वार्षिक प्रतिवेदन** : समितिले आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र हरेक वर्ष आफुले सम्पन्न गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी नेपाल सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था गठन आदेशको दफा ११ ले गरेको भए तापनि समितिले २०७२।७३ को वार्षिक प्रतिवेदन तयार गरी पेश गरेको देखिएन ।

५. **कर्मचारी कल्याण कोष खाता** : निजामती कर्मचारी अस्पताल आर्थिक प्रशासन सम्वन्धित विनियमावली, २०६८ को दफा ५ मा कर्मचारी सेवा शर्त र सुविधा सम्वन्धि नियमावली वमोजिम कर्मचारी कल्याण कोष खाता खोल्न पर्नेमा कर्मचारी कल्याण कोष सम्वन्धि विनियम नवनाएकोले कर्मचारी कल्याण कोष सम्वन्धि खाता पनि खोलेको पाइएन ।

६. **खरिद योजना** : अस्पतालको आर्थिक प्रशासन सम्वन्धि विनियमावली, २०६८ को दफा २० र २१ वमोजिम समितिले खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको देखिएन ।

७. **सेवा शुल्कको पुनरावलोकन** : अस्पतालको आर्थिक प्रशासन सम्वन्धि विनियमावली, २०६८ को दफा १९४ अनुसार समितिले सेवा शुल्कको पुनरावलोकन गर्नु पर्नेमा २०६७।०९।२० मा तोकेको सेवा शुल्क दरमा समसामयिक पुनरावलोकन भए गरेको देखिएन ।

८. **आन्तरिक नियन्त्रण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नु पर्नेमा अस्पतालले आफ्नो आन्तरीक नियन्त्रण प्रणाली तयार गरेको पाईएन । कार्यालयको आन्तरीक नियन्त्रण प्रणालीको मुल्याङ्कन गर्दा रु.५ हजार भन्दा माथिको कारोवार चेक मार्फत गर्नु पर्नेमा नगदमा गरेको, अस्पतालको फोहोर व्यवस्थापनको अभिलेख स्पष्ट रुपमा नराखेको, पुस्तकहरु इस्यू गर्दा सफ्टवेयर मार्फत नगरेको, निर्माण व्यवसायीले निर्माण सम्वन्धी कार्य गर्दा कामदार/मेशिन उपकरण आदीको विमा गर्ने नगरेको, खरीद आदेश सँलग्न नभएको, खरिद आदेशमा भएको परिमाण भन्दा वढी खरिद गरेको, तालिम तथा सेमिनारको लागि कर्मचारी खटाउँदा कार्यालय प्रमुखको स्वीकृत नभएको, औषधि उपकरण एवं अन्य कार्यालय सामानको आम्दानी खर्च र वांकी देखिने गरी जिन्सी खातामा अभिलेख नराखेको, अधिकार र कर्तव्य सहितको कार्य विवरण तयार गरी कर्मचारीहरुलाई नदिएको, आर्थिक कारोवारको संक्षिप्त वार्षिक प्रतिवेदन तयार नगरेको, दरवन्दी अनुसार पदपूर्ति नभएको जस्ता व्यहोरा देखिएकोले यसमा सुधार गर्नुपर्दछ ।

९. **आपूर्ति** : निजामती कर्मचारी अस्पताल आर्थिक प्रशासन सम्वन्धी विनियमावली, २०६८ मा व्यवस्था भए अनुसार अस्पतालले विभिन्न आपूर्तक मार्फत औषधि एवं उत्पादन सामाग्री आपूर्ति गर्दा संझौता अनुसार सामान आपूर्तिको लागि सूचना मार्फत माग गरेको छ घण्टाभित्र आपूर्तकले सामान आपूर्ति गरी सक्नुपर्नेमा नगरी घटिमा १ दिन देखि वढीमा २४५ दिन सम्म ढिलाई गरी आपूर्ति गरेको देखियो ।

१०. **वोलपत्रमा संशोधन :** निजामती कर्मचारी अस्पताल आर्थिक प्रशासन सम्वन्धि विनियमावली, २०६८ को दफा ७१ अनुसार वोलपत्रदाताले आफूले पेश गरेको वोलपत्रमा संशोधन गर्न चाहेमा सो सम्वन्धि निवेदन खाममा सिलवन्दी गरी म्याद भित्रै पेश गर्नु पर्ने र कार्यालयले मिति र समय समेत स्पष्ट खुलाइ दर्ता गर्नु पर्नेमा अस्पतालको ल्याव रिएजेन्ट एण्ड सप्लाइज फर स्टिम सेल लेवरोटरी (उत्पादन सामाग्री) आपूर्ति गर्न रु.४८,७४,५६७।- को लागत अनुमान तयार गरी भएको वोलपत्रमा एक आपूर्तकले पेश गरेको शुरुको रु.२५,६५,३०२।- भन्दा रु.५,२४,६९८।- ले वढी हुने गरी पेश गरेको शंसोधित वोलपत्र मिति जनाई रीत पूर्वक दर्ता गराएको देखिएन ।

११. **क्यान्टिन आय :** निजामती कर्मचारी अस्पताल आर्थिक प्रशासन सम्वन्धि विनियमावली, २०६८ अनुसार अस्पतालले आय ठेक्काको लागत अनुमान तयार गर्दा गत वर्षको स्वीकृत दरमा १० प्रतिशतले हुने रकम थप गरी तयार गर्नु पर्नेमा क्यान्टिन संचालन आय ठेक्कामो लागत अनुमान तयार गर्दा गत वर्षको स्वीकृत भाडा दर मासिक रु.२५,०००।- मा १० प्रतिशत थप गरी कम्तिमा रु.२७,५००।- मा नघट्ने गरी लागत अनुमान वनाउनु पर्नेमा गत वर्षकै स्वीकृत अंक रु.२५,०००।- लाई नै न्यूनतम भाडा दर कायम गरी लागत अनुमान वनाएको देखियो । क्यान्टिन संचालन आय ठेक्कामा पर्न आएका दर भाउ पत्र मध्ये सारभूतरुपमा असर पार्न सक्ने मनासिव कारण वेगर वढी अंकको दरभाउपत्र स्वीकृत नगरी सवैभन्दा घटी अंकको दरभाउपत्र स्वीकृत गर्दा अस्पतालको आयमा वार्षिक रु ५,०४,०००।- घटी हुन गएको देखिएको छ ।

१२. **मेशिन संचालन :** अस्पतालको रेडियोलोजी विभागमा रहेको व्राइट स्पिड १६ स्लाइस सि.टि.स्क्यान मेशिन सञ्चालन सम्वन्धमा एक आपूर्तकसंग वार्षिक रु.१२,४५,०००।- (मु.अ.कर वाहेक) मा गरेको सम्झौता अनुसार सेवा प्रदायकले जुनसुकै समयमा मेशिनमा खरावी आई जानकारी पाएको २ घण्टा भित्र उपस्थित हुनुपर्ने, कुनै पार्टपुर्जा फेर्नु नपर्ने अवस्थामा २४ घण्टाभित्र मेशिन सुचारु हुनुपर्ने अन्यथा दोश्रो पक्षवाट सि.टि.स्क्यान मेशिनवाट हुने दैनिक आय वरावरको हर्जाना समेत तिर्नुपर्ने जस्ता विषयहरु उल्लेख गरेको छ । तर असोजमा २ दिन, कार्तिक पुरै ३० दिन, मंसिर ७ दिन, फाल्गुण २० दिन,चैत्र २२ दिन र जेष्ठमा ६ दिनसम्म उक्त मेशिनमा समस्या आई सेवा अवरुद्ध भएको पाइयो । यस्तै चिन सरकारवाट अनुदान स्वरुप प्राप्त भएको एम.आर.आई. स्क्यान मेशिन मा २०७२।४।१ देखी २०७२।५।४ सम्म समस्या आई सञ्चालन नभएकोमा पनि सोको समयमै मर्मत गरी यथाशिघ्र संचालन गर्न समेत अस्पतालसंग कुनै कार्ययोजना तथा मापदण्ड रहेको पाइएन । यसरी अस्पतालले प्रदान गर्ने महत्वपूर्ण र संवेदनशिल मानिएका विशिष्ट प्रकृतिका सेवाहरुमा देखिने अवरोधले अस्पतालप्रति आम सर्वसाधारणको विश्वनियतामा कमी हुने र अस्पतालको दैनिक आम्दानी समेत प्रभावित हुने गरेको देखिन्छ । यस सम्वन्धमा अस्पतालले स्पष्ट कार्य योजना वनाइ मर्मत संभार गर्ने सेवा प्रदायक पक्षलाइ कडाइ गरी सम्झौता अनुसार सि.टि स्क्यान मेशिनको सेवा अवरुद्ध नहुने गरी सेवा सञ्चालन गर्नु पर्दछ ।

१३. **वैठक भत्ता :** अर्थ मन्त्रालय कार्य सँचालन निर्देशिका, २०७० को दफा ७.१.१ मा स्पष्ट विषयबस्तु र कार्ययोजना वेगर वैठक बस्न नपाईने, वैठक कार्यालय समय वाहिर बस्नुपर्ने , एउटै निकायका पदाधिकारी तथा कर्मचारी मात्र बस्ने वैठकमा भत्ता प्रदान नगर्ने, कुनै आयोजना बिशेषमा मन्त्रालय सचिब र बिभागीय प्रमुखको अध्यक्षतामा गठन हुने निर्देशन समितिको वैठकमा समेत वैठक भत्ता दिन नमिल्ने, वैठकमा आमन्त्रीत सदस्यको रुपमा राख्न नपाईने तर बिशेषज्ञ सेवा आबश्यक परेमा बढिमा ३ जना सम्मलाई मात्र भत्ता प्रदान गर्ने व्यबस्था रहको छ। निजामती कर्मचारी अस्पतालअन्तर्गत बिभिन्न मितिमा कार्यालयका पदाधिकारी तथा कर्मचारी मात्रको उपस्थीतिमा वैठक सञ्चालन भएकोमा भत्ता रु.५,१८,२४५।- भुक्तानी गरकोले निर्देशिका अनुसार दिन मिल्ने नदेखिएको उक्त भत्ता रकम असुल उपर गर्नुपर्दछ ।

१४. **कर बिजक :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१)मा बिक्रेताले अनुसूचीमा तोकिएको ढाँचामा कर विजक जारी गर्नु पर्ने व्यवस्था रहेको छ । विभिन्न ४ आपूर्तिकर्ता/व्यवसायीले भुक्तानी माग गर्दाको बखत पेश गरेको कर विजकमा विजक नम्वर अस्पष्ट र केरमेट भई नबुझिएको साथै रितपुर्वकको नपाइएकोले सो बिजकको भुक्तानी विक्रेताको विक्री खातामा उल्लेख गर्न छुट भई मूल्य अभिवृद्धि कर समायोजन समेत छुट्न सक्ने सम्भावना देखिएकोले रु.१,३४,१४८।- मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश हुनुपर्दछ ।

१५. **ठेक्का नबिकरण :** निजामति कर्मचारी अस्पताल आर्थिक प्रशासन सम्बन्धी विनियमाबली, २०६८ को दफा २८ बमोजिम प्रत्येक आर्थिक बर्षमा यस नियमाबलीको प्रकृया अपनाई स्वीकृत लागत अनुमान अध्याबधिक गर्नुपर्ने, विगत वर्षको संझौता नविकरण गर्दा हाल उक्त सामानको वजार मूल्य घटी भए, नभएको, बैंक जमानत अवधि विस्तार भए, नभएको आयकर तथा मू.अ.कर समायोजन भए, नभएको र निज सप्लायर्सले नियमित आयकर वुझाई कर चुक्ता प्रमाण लिए, नलिएको सम्वन्धमा प्रमाण लिएको नपाइएको, लागत अनुमान अद्यावधिक नगरि सिलबन्दी दरभाउपत्र र बोलपत्र आब्हान गर्न वा परामर्श सेवाको प्रस्ताब माग गर्न नपाउने व्यबस्था रहेको छ । कार्यालयले यो बर्ष लागत अनुमान अध्यावधिक नगरी गत बिगतका औषधि तथा सर्जिकल सामान आपूर्ति सम्वन्धी ४ ठेक्का नबिकरण गरेको देखियो ।

१६. **म्याद समाप्त भएको औषधि :** औषधिको ठेक्का सम्झौता अनुसार अस्पतालले औषधि खरिद गर्दा औषधि आपूर्तिकर्ताले औषधि आपूर्ति गरेको दिनले कम्तिमा १ वर्ष म्याद भएको औषधि मात्र खरिद गर्नुपर्ने र म्याद सकिएको औषधि फिर्ता गर्नुपर्ने व्यवस्था छ । अस्पतालको फार्मेसीबाट प्राप्त विवरण अनुसार वर्षको अन्त्यसम्ममा रु.२०,४५९।- रकमको औषधिको म्याद समाप्त भएकोले ती औषधिहरु फिर्ता गरी उक्त रकम समितिको खातामा आम्दानी बाध्नुपर्दछ ।

१७. **पेश्की :** आर्थिक कार्यबिधि नियमावली, २०६४को नियम ७४ अनुसार एक कम्पनीलाई दिएको मोविलाइजेशन पेश्की रु.३,१०,०००।- आर्थिक बर्षको अन्त्य सम्म पनि फछ्र्यौट भएको देखिएन ।

१८. **पारिश्रमिक कर :** आएकर ऐन, २०५८ को दफा ८७ अनुसार पारिश्रमिक कर कट्टा गर्नु पर्ने एक चिकित्सकको कम पारिश्रमिक कर कट्टी गरेको पाइएकोले नपुग रु.२,७१७- असुल गर्नु पर्दछ ।

१९. **आय–व्यय विवरण :** अस्पतालले आफ्नै औषधि बिक्री फारमेसी सञ्चालन गरेकोमा फारमेसी सञ्चालनवाट अस्पताललाई नाफा वा नोक्सान के भएको छ भनि स्पष्ट देखिने गरी आय व्यय विवरण तयार गरेको छैन ।

२०. **हिसाव मिलान :** अस्पतालको वार्षिक आर्थिक विवरण अनुसार यो वर्ष रु.६,५९,३९,८३१।- को औषधि खरिद गरेको देखिएकोमा भण्डार शाखाले उपलब्ध गराएको विवरण अनुसार रु.६,४७,०६,७०९।- खरिद भएको पाइएकोले रु.१२,३३,१२२।- फरक परेको सम्वन्धमा यकिन गरी प्रमाण पेश हुन पर्दछ ।

२१. **कोटेशन :** सार्बजनिक खरीद नियमाबली, २०६३ अनुसार रु.२५,०००।- भन्दा माथिको खरीदमा आपूर्तिकर्ताबाट काटेशन लिई खरिद गर्नुपर्नेमा कोटेशन बेगर विभिन्न ४ आपूर्तिकर्तावाट सिधै रु.२,११,९३८।- को सामान खरिद गरेको नियमसम्मत देखिएन ।

२२. **अतिरिक्त समय काम :** श्रम ऐन, २०४८ को दफा १९ (२) अनुसार एक महिनामा ८८ देखि ९६ घण्टा सम्म अतिरीक्त समय काम लगाउन सकिने सिमा तोकिएकोमा अस्पतालले विभिन्न २३ कर्मचारीहरुलाई घटीमा १४६ घण्टा देखि वढिमा ४४८ घण्टा सम्म अतिरिक्त समय काम लगाई भत्तामा रु.६,८२,८२६।- खर्च लेखेकोमा श्रम ऐनको व्यवस्था बिपरीत खर्च लेखेको पाईयो ।

२३. **जिन्सी निरिक्षण :** जिन्सी प्रतिवेदनको अनुसूचि ३ अनुसार लेखा तथा फार्मेसी डिपार्टमेन्ट विच औषधि खरीद, दाखिला तथा रेकर्ड सम्वन्धी तथ्यांक फरक परेकोले फरक देखिएको रु.४,३०,६६८।- को सम्वन्धमा अभिलेख भिडान गरी यकिन हुनुपर्दछ ।

२४. **वारेन्टी पिरियड :** अस्पतालले औजार उपकरण खरिद गर्दा अस्पतालको आर्थिक प्रशासन सम्वन्धि विनियमावली, २०६८ अनुसार अस्पताल र आपूर्ति कर्ता वीच भएको सँझौता वमोजिम वारेन्टी पिरीयडभित्र उपकरण विग्रिएमा वा पार्ट पूर्जा फेर्नु पर्ने भएमा आपूर्तिकर्ताले निः शुल्क फेरि दिनु पर्दछ । अस्पतालले २०६९ वैशाखमा एक आपूर्तकसँग खरिद गरेको एच.डि. ३ चिप क्यामेरा ल्याप्रोस्कोपी सिस्टमको मेशिन खरिद सम्वन्धि २०६८।१२।१७ मा भएको संझौताको दफा ६ मा उक्त मेशिनको वारेन्टी पिरियड ५ वर्षको हुने उल्लेख छ । त्यस्तै दफा ७ अनुसार आपूर्ति गरेको मेशिन वारेन्टी पिरियडभित्र विग्रिइ अवरोध आएमा आपूर्तकले अविलम्व अर्को मेशिन उपलव्ध गराउनु पर्ने उल्लेख छ । उक्त मेशिनको वारेन्टि पिरियड समाप्त नहुदै क्यामेरा कुवुल विग्रिएको भनी उक्त आपूर्तकसँग पुःन खरिद गरी रु.१,५४,८१०।- खर्च लेखेको देखियो । यसरी संझौता अनुसार वारेन्टी पिरियड वाँकी हुँदै मेशिनको पार्ट खरिद खर्च व्यहोर्ने नमिल्ने हुँदा उक्त खर्च रकम असुल गर्नुपर्दछ ।

२५. **सुपरभिजन खर्च :** निजामती कर्मचारी अस्पताल आर्थिक प्रशासन सम्वन्धि विनियमावली, २०६८ अनुसार निर्माण कार्यको सुपरभिजन गर्न प्राविधिक खटाउंदा मितव्ययीताको सिद्धान्तलाई समेत मध्यनजर गरी उचित र आवश्यक संख्यामा मात्र खटाउनु पर्दछ । अस्पतालको रेडियो थेरापी भवन निर्माण कार्यको सुपरभिजन गर्न एक इन्जिनियर खटिनु भएकोमा अर्को एक सुपरभाइजर समेत राखेको देखिदा थप प्राविधिक राख्नु पर्ने पुष्ट्याई नभएकोले निजको पारीश्रमिक रु.६९,९६०।- नियम सम्मत देखिएन ।

२६. **कार्य सम्पन्न प्रतिवेदन :** निजामती कर्मचारी अस्पताल आर्थिक प्रशासन सम्वन्धि विनियमवली, २०६८ अनुसार निर्माण कार्य समाप्त भइ अन्तिम विल भुक्तानी गर्दा सो निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन समेत तयार गर्नु पर्दछ । निर्माण कार्यकोम्याद समाप्त भई अन्तिम भुक्तानी हुँदा समेत लण्ड्रि मेशिनको वेस तथा टायल छाप्ने कार्य र ल्याव सेट अफ कन्स्ट्रक्सन वर्कको कार्य सम्पन्न प्रतिवेदन तयार गरेको नदेखिंदा क्रमसः रु.२,४९,६५३।- र ३२,०६,०९०।- को कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

२७. **हर्जाना :** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ वमोजिम अस्पतालकोलागि आवश्यक मेशिनरी औजार एवं उपकरण खरिद गर्दा अस्पताल प्रशासन र आपूर्तक वीच भएको संझौतामा तोकिएको अवधि भित्र सामान आपूर्ति नभै ढिला भएमा ढिला अवधिको संझौता अंकमा दैनिक ०.०५ प्रतिशतले हर्जाना असुल गर्नु पर्दछ । विभिन्न ३ आपूर्तकले संझौतामा तोकिएको अवधि भित्र सामान आपूर्ति नगरी ढिला आपूर्ति गरेको साथै वारेन्टी पिरियड भित्र मेशिन विग्रिइ अर्को मेशिन उपलव्ध नगराएको र विग्रेको मेशिन मर्मत गरी चालु हालतमा पनि नराखेकोले काममा अवरोध आएको देखिदा सम्झौता वमोजिम लाग्ने हर्जाना रु.४,५७,९४२।- सम्वन्धितवाट असुल गर्नुपर्दछ ।

२८. **नगद आम्दानी र दाखिला :** निजामती कर्मचारी अस्पताल विकास समिति आर्थिक प्रशासन सम्वन्धि विनियमावली, २०६८ को नियम ३ मा उल्लेख भए अनुसार समितिको नाममा प्राप्त हुन आएको नगद प्राप्त भएकै दिनमा वा सोको भोलिपल्ट तथा सो अनुरुप दाखिला गर्न नसकिने भएमा कार्यकारी निर्देशकको आदेशले ७ दिन भित्र वैक दाखिला गर्नुपर्ने व्यवस्था छ । समितिमा प्राप्त हुन आएको नगद रकम तोकिएको समयमा बैंक दखिला नभै ढिला दाखिला हुने गरेको अवस्था देखिदा यसमा कडाई गरी सुधार गर्नु पर्दछ ।

राष्ट्रिय योजना आयोगको सचिवालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको मूल्याङ्कन गर्दा निम्नानुसारको व्यहोरा देखिएकोले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्दछः

- खरिद कार्यको आवश्यकता विश्लेषण गर्ने र खरिदको प्याकेज वनाउने र सो आधारमा खरिद विधी छनौट गरी स्वच्छ र पूर्ण प्रतिस्पर्धाको माध्यमवाट समयमा खरिद कार्य गरेको देखिदैन,
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिमका व्यहोरा कार्यान्वयन भएको छैन,
- जिन्सी खाता अद्यावधिक, मुल्य नखुलेको पुराना सामानको मुल्य कायम र प्रमाणित गरी राखेको छैन,
- आर्थिक कार्यविधि नियमावली, २०६४ को ५०(३) अनुसार प्रक्रिया पुरा नगरी नेपाली सेना, महान्यायधिवक्ता कार्यालय र राष्ट्रिय पुनःनिर्माण प्राधिकरणलाई विभिन्न जिन्सी सामानहरु हस्तान्तरण गरेको,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको छैन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (२) बमोजिम बोलपत्र फाइल कागजात पञ्जिका सहित सिलसिलेवार रुपमा राखेको पाइएन,
- सवारी मर्मत अभिलेख व्यवस्थित गरेको छैन,
- आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ९५ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन ।

२. **विनियमावली :** राष्ट्रिय योजना आयोगको सचिवालय गठन आदेश, २०६७ को दफा २७ अनुसारका अधिकार प्रयोग गर्न ऐन, नियम, कार्यविधि लगायत अन्य आवश्यक कानूनहरु तयार गरेको छैन । कार्य क्षेत्राधिकार, आर्थिक स्वतन्त्रता, वजेट सिमा कार्यान्वयन, योजनाहरुको कार्यान्वयन संयन्त्र निर्माण, सदस्यहरुको सहायक नियुक्ति, परमर्शदाता नियुक्ति, आयोगको निर्देशनको पालना लगायत कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक ऐन नियमहरु स्वीकृत गराई कार्यान्वयनमा ल्याउनु पर्दछ ।

३. **वजेट खर्च र कार्यक्रम :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार प्रगति समिक्षा गर्नुपर्ने व्यवस्था छ । सचिवालयले यस वर्ष स्वीकृत कार्यक्रम अनुसार प्राप्त वजेटबाट चालु खर्चतर्फ ४६.६ प्रतिशत खर्चमा ५७.६४ प्रतिशत भौतिक प्रगति र पुँजीगत खर्च तर्फ वित्तिय प्रगति ७०.६१ तथा ७२.५९ भौतिक प्रगति गरेको प्राप्त प्रतिवेदनबाट देखिएको छ । भवन निर्माणका लागि प्राप्त रु.२५ लाख मुद्रण विभागको कम्पाउण्डवाल गर्न सिंहदरवार पुननिर्माण समितिलाई अख्तियारी दिएकोमा रकमान्तरबाट थप रु.३ लाख ८३ हजार मध्ये सवारी साधनमा भएको रु.२८,९२३/- घटाई कुल रु.२८,५४,०७७/- भुक्तानी जनाएकोमा सो को लेखापरीक्षण समितिबाट हुने सचिवालयले जनाएको छ ।

सफ्टवेयर निर्माण, फर्निचर, फिक्चर्स जस्ता खरिद प्रकृतिका खर्चतर्फ ७५ प्रतिशत भन्दा बढी तथा सीप विकास, जनचेतना, कर्मचारी तालिम, विविध कार्यक्रम, पूँजीगत सुधारमा न्यून खर्च गरेको देखिंदा दिर्घकालीन लाभ हुने प्रकृतिका खर्चमा सचिवालयको न्यून ध्यान गएको देखिएकोले सुधार हुनुपर्दछ ।

४. **रकमान्तर तथा कार्यक्रम संसोधन :** अर्थ मन्त्रालय, कार्य सञ्चालन निर्देशिका(पाँचौ संशोधन), २०७० को परिच्छेद ५ मा सामान्यतया जेष्ठ महिना पछि रकमान्तर तथा संशोधन कार्य गर्न नहुने उल्लेख छ । सचिवालयले स्वीकृत वजेट तथा कार्यक्रम अन्तिम चौमासिकको अन्त्यमा रु.२३ लाख ८३ हजार विभिन्न ३ शिर्षकको रकमान्तर गरी खर्च गरेको छ । सचिवालय गठन आदेश, २०६७ को दफा ५ मा उल्लेखित काम कर्तव्य र अधिकारमा आयोजनाको कार्यान्वयन र प्रतिफलको समिक्षा गर्ने, कार्यक्रमलाई कार्यान्वयन गर्न अन्य निकायलाई निर्देशन दिने अधिकार तोकीएको छ । केन्द्रीय अनुगमन गर्ने नियन्त्राणात्मक निकायको रुपमा स्थापीत सचिवालयको वजेट तथा कार्यक्रम कार्यान्वयन स्थिति सन्तोषजनक नदेखिंदाले समग्रमा राष्ट्रिय कार्यक्रमको प्रगतिमा आयोगको भूमिका कमजोर देखिएकोले निर्धारित कार्यक्रमको समय, गुणस्तर र लागत प्रतिफल देखिने गरी वजेट तथा कार्यक्रम कार्यान्वयन गर्नेतर्फ सुधार हुनुपर्दछ ।

५. **ठेक्का व्यवस्था :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा लागत अनुमान तथा ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिकमा सम्पन्न गर्नपर्नेमा स्टेशनरी खरिद र कम्प्युटर/ल्यापटप खरिद कार्यको बोलपत्र दोस्रो चौमासिकमा र कम्प्युटर/ल्यापटपको अन्तिम चौमासिकमा सम्पन्न गरेको देखिएकोल खरिद कार्य प्रभावकारी नदेखिएकोले सुधार हुनुपर्दछ ।

६. **टुक्रा बनाई खरिद :** सार्वजनिक खरिद ऐन,२०६३ दफा ८(२) मा प्रतिपर्धा सिमित हुनेगरी खरिद कार्य गर्न नहुने व्यवस्था रहेकोमा सचिवालयले कुल रु.२० लाख ९२ हजारको फर्निचर विभिन्न पटक गरी खरिद गरेको छ भने मेशिनरी औजारमा रु.७६ लाख ५ हजार खर्च गरेकोमा बोलपत्र बाहेक रु.११ लाख २५ हजार र पुँजीगत सुधारतर्फको रु.३४ लाख ७८ हजार विभिन्न प्याकेजहरुमा टुक्र्याई सिधै खरिद गरेको पाइयो । फर्निचर खरिद सम्बन्धि कार्य एक प्याकेज, पार्केटीङ्ग, इलेक्ट्रीफिकेशन, रङ्गरोगन लगायतका मर्मत सुधारका कार्य एक प्याकेजमा सम्पन्न गर्न सकिने अवस्थामा ऐनको उक्त व्यवस्थाको प्रतिकुल हुनेगरी विभिन्न व्यक्ति तथा फर्म मार्फत खरिद कार्य गर्दा खरिद कार्य मितव्ययी नहुने अवस्था देखिएकोले सुधार हुनुपर्दछ ।

७. **पेश्की व्यवस्थापन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७४ मा पेश्की लिनका लागि सम्बन्धित कामको विवरण पेश गर्नुपर्ने र सोही नियमावलीको नियम ७५ मा कार्य सम्पन्न भएको ३५ दिनभित्र पेश्की फछ्यौट गर्नपर्ने व्यवस्था छ । भ्रमण पेश्की बाहेक अन्य कार्यक्रम पेश्की माग गर्दा नियमानुसार कुन कार्यको लागि कति रकम लाग्ने हो विवरण पेश गर्ने गरेको छैन ।

८. **खर्च सन्तुलन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) अनुसार तालुक निकायले समयमा अख्तियारी दिनु पर्ने र कार्यालयले निर्धारित समयमा स्वीकृत कार्यक्रममा खर्च गर्नुपर्ने व्यवस्था छ। कार्यालयले तेस्रो चौमासिकमा मात्र पुँजीगत कुल १ करोड ४० लाख ७९ हजार कुल बजेटको ९९.७९ प्रतिशत र चालु खर्च रु.१२ करोड १२ लाख ९५ हजारमा आषाढ महिनामा मात्र रु.३ करोड ४ लाख ६० हजार खर्च गरेको छ । सन्तुलन हुने गरी निकासा खर्च व्यवस्थित हुनुपर्दछ ।

९. **पदाधिकारी सुविधा थप :** राष्ट्रिय योजना आयोगको सचिवालय गठन आदेश, २०६७ को दफा १९ अनुसार सचिवालयको उपाध्यक्ष लगायत पदाधिकारीहरुको पारिश्रमिक र सुबिधा राज्य मन्त्री र सहायक मन्त्री सरह हुने सो वाहेकका अन्य सुविधाहरु नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने उल्लेख छ । सचिवालयले उपत्यकामा निवास रहेका सदस्यहरुलाई मर्मत संभार खर्च प्रति सदस्य मासिक रु.१,५००/- र उपत्यका निवास नरहेका सदस्यहरुलाई घरभाडा खर्च बापत प्रति सदस्य रु.१२,०००/- का दरले यस वर्ष कुल रु.३,०९,२००/-रकम नियमले तोकिए भन्दा बढी खर्च लेखेकोमा गठन आदेशको व्यवस्था बमोजिम नेपाल सरकारबाट स्वीकृत भएको देखिएन । थप सुविधा नेपाल सरकारबाट स्वीकृत गरेर खर्च लेख्नुपर्दछ ।

१०. **खाजा खर्च :** अर्थ मन्त्रालय, कार्य सञ्चालन निर्देशिका(पाँचौ संशोधन), २०७० को परिच्छेद ७ को बुदा ७.१.४ मा अतिरिक्त समयमा गरिने काम र सोबाट प्राप्त हुने नतिजा लेखाउत्तरदायी अधिकृतबाट प्रमाणित भएको हुनुपर्ने, नियमित काम बाहेक बिषेश कामका लागि दुई घण्टाभन्दा बढी अतिरिक्त समय काम गरेको हुनुपर्ने व्यवस्था रहेको छ । सचिवालयले कर्मचारी उपस्थिति रहेका दिनलाई आधारमानी सबै कर्मचारीलाई कार्तिक महिना बाहेक सबै उपस्थिती दिनको रु.२५०/- का दरले कुल रु.९०,२७,१५०/- भुक्तानी गरेको छ । १४औं योजनाको तयारीका लागि अतिरित्त कार्य गर्न खाजा खर्च दिने निर्णय गरेको देखिएता पनि निर्देशिका अनुसार अतिरिक्त समय काम गरेको अभिलेख समेत नरहेबाट उक्त खर्च नियम सम्मत देखिएन ।

११. **अनुसन्धान सहायक खर्च :** करार ऐन, २०५६ को दफा ७९उपदफा १(ग) मा जुन कार्यको लागि करार गरिएको हो सो अस्तित्वमा नरहेमा करार परिपालना गर्नु नपर्ने व्यवस्था छ भने सोही दफाको उपदफा ४(ख) मा परिवर्तित परिस्थिति अनुसार करार परिवर्तन भएपछि सो करारका लागि बाँकी रकम भुक्तानी योग्य नहुने व्यवस्था छ । आयोगका एक सदस्यको अनुसन्धान सहायक भई कार्य गर्न मासिक रु.३० हजारका दरले पारिश्रमिक दिनेगरी एक व्यक्तिसँग सेवा करार गरेकोमा सदस्यले २०७२/०७/०८ मा राजिनामा दिएता पनि पौष महिना सम्मको रु.९० हजार भुक्तानी गरेको छ । करार ऐन बमोजिम करार स्वत समाप्त भई २०७२/०७/०७ सम्मको पारिश्रमिकमा कर कट्टागरी रु.१८,७००/- भुक्तानी दिनुपर्नेमा रु.९० हजारमा १५ प्रतिशत कर कट्टागरी रु.७६,५००/- भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु.५७,८००/- असुल हुनपर्दछ ।

१२. **अन्य सेवा खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५(ग) मा सूचना प्रकाशन गरी प्रतिष्पर्धाबाट करार संझौता मार्फत कार्य गराउनु पर्ने व्यवस्था भएकोमा सो व्यवस्था प्रतिकुल कम्प्युटर अपरेटर ४, सवारी चालक १८ र कार्यालय सहयोगी १८ जना गरी कुल ४० जना कर्मचारीका लागि रु.७२,४७,३९५/५२ खर्च लेखेको छ । नियमानुसार प्रतिष्पर्धाबाट सेवा करार गर्नुपर्दछ ।

१३. **दर बिश्लेषण :** निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार तोकिएको नर्म्स अनुसार जिल्ला दररेटलाई आधार मानि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सचिवायले पार्टेसन, रङ्गरोगन लगायतका कार्यहरु एक कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टरबाट भएको लागत दरमा खरिद कार्य सम्पन्न गर्ने गरेकोमा लागत अनुमान तयार गर्दा दर बिश्लेषण संलग्न नगरेको कारण लागत अनुमानमा उल्लेख गरिएका दरहरुको आधार स्पष्ट भएन । यथार्थ दर बिश्लेषणका आधारमा खर्च गर्नेतर्फ सुधार हुनपर्दछ ।

१४. **लागत अनुमान :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा २६(६) मा कुनै बोलपत्र दाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो बोलपत्रहरु रद्ध गर्नुपर्ने व्यवस्था छ । सचिवालयले पार्केटीङ्ग, इलेक्ट्रीफिकेशन, रङ्गरोगन कार्यहरु गर्दा लागत अनुमानमा भएको दर अनुसारको बिल रकम

भुक्तानी गरेको छ । फल्स सिलिङ्गको काम बाहेक अन्य कामको कार्य सम्पन्न प्रतिवेदन समेत तोकिएको ढाँचामा तयार नगरेको अवस्था छ । प्रतिष्पर्धा हुनेगरी खरिद कार्य गर्नेतर्फ सुधार हुनुपर्दछ ।

१५. **कार्यक्रम र खर्च सन्तुलन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम नियम २५ मा कार्यालयले स्वीकृत कार्यक्रम अनुसार निकासा लिएर कार्यक्रम सम्पन्न गरी प्रगति प्रतिवेदन तयार गरी समिक्षा गर्नुपर्ने व्यवस्था छ । बैठक संचालन, जनचेतना सामाग्री प्रकाशन तथा माननीय, पत्रकार तथा कर्मचारीका लागि अन्तक्रिया गर्नका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट २०७२/८/१४ मा अख्तियारी प्राप्त भएकोमा निम्नअनुसार खर्च गरेको देखियो । तर दोस्रो चौमासिकमा रु.३ लाख ४० हजार र तेस्रो चौमासिकमा रु.२१ लाख ६० हजार खर्च गर्नेगरी सचिवालयबाट २०७३/२/११ मा मात्र कार्यक्रम स्वीकृत भएको पाइयो ।

स्वीकृत कार्यक्रम	स्वीकृत वजेट	खर्च मिति	कार्यक्रम खर्च	स्वीकृत भन्दा घटी (बढी)
प्रकाशन, मुद्रण, बितरण	४,००,०००/-	२०७३/०२/६,०३/१३	२,५६,३५६/-	१,४३,६४४/-
केन्द्रीयस्तर अनुगमन मूल्याङ्कन तालिम	७,५०,०००/-	२०७३/०३/१३-१५	७,९१,२९३/-	(४१,२९३/-)
बिधायीकासंगको अर्न्तक्रिया/कार्यशाला	५,००,०००/-	२०७३/०३/२-३	६,४७,७९९/-	(१,४७,७९९/-)
संचारमाध्यमका प्रतिनिधीसंगको पैरवी	३,६०,०००/-	२०७३/०२/३०	२,४६,२००/-	१,१३,८००/-
बैठक संचालन	१,४०,०००/-	विभिन्न	२२,८३०/-	१,१७,१७०/-

अनुगमन भ्रमण तथा अन्तर्क्रिया बाहेक सम्पूर्ण कार्यक्रमहरु सचिवालयबाटै स्वीकृत परिमाण अनुसारका कार्यहरु स्वीकृत वजेट अनुसार खर्च गरेको देखिएन । तोकिएको लक्ष्य अनुसार कार्य सम्पन्न गरी समीक्षा नगर्नुका साथै स्वीकृत वजेट भन्दा बढी खर्च गरेको नियमित नदेखिँदा बढी खर्च गर्नुको पुष्ट्याई हुनुपर्ने देखियो ।

१६. **नर्म्स तथा खर्च :** अर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३६(५) को व्यवस्था अनुसार स्वास्थ्य मन्त्रालयले विभिन्न कार्यक्रम संचालन गर्न बेग्ला बेग्लै निर्देशिका बनाई लागु गर्नका साथै अर्थ मन्त्रालयको कार्यक्रम निर्देशिका समेत कार्यान्वयन रहेको अवस्थामा सचिवालयले बहुपक्षिय पोषण कार्यक्रमका लागि थप नर्म्स बनाई कार्यक्रम संचालन गरेको छ । तोकीएको नर्म्स अनुसार कार्यक्रम गर्नेतर्फ सुधार हुनुपर्दछ ।

१७. **कार्यक्रम सहभागिता :** बहुपक्षिय पोषण कार्यक्रम संचालनका लागि योजनामा समावेश गर्नूपर्ने महत्वपूर्ण सुझाउका लागि योजना लागु भएका १६ जिल्लाबाट प्रतिनिधित्व गर्ने १३५ सभासदलाई यातायात खर्च रु.२ हजार समेत उपलब्ध गराउने गरी धुलिखेल रिसोर्टमा अर्न्तक्रिया कार्यक्रम गर्न पत्राचार गरेकोमा ४२ जना अर्थात ३१ प्रतिशत माननीयमात्रको उपस्थिति रहको देखियो । व्यवस्थापिका संसदको संचालन समय, सूचनाको यथेष्टता, कार्यक्रमको मोडालिटी, कार्य स्थल छनौट, कार्यक्रमको प्राथकिता लगायत विभिन्न कारणले न्यून उपस्थिति रहदा कार्यक्रमको औचित्य र कार्यक्रम संचालनबाट प्राप्त प्रतिफल र सोबाट लिइने निष्कर्श एवं आयोगले योजनामा समावेश गर्ने रणनीति समेतमा प्रत्यक्ष असर पर्नगई दिर्घकालीन लक्ष्यमा समेत असर देखिएकोले यस्ता कमजोरीमा सुधार हुनुपर्दछ ।

१८. **बढी भुक्तानी :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ९२(१) अनुसार लेखासंग भिड्ने प्रमाण कागजात संलग्न गरेर लेखा राख्नुपर्ने व्यवस्था छ । धुलिखेल रिसोर्टमा भएको अर्न्तक्रियामा होटलको आवास सहितको ७० जना सहभागीको रु.४८२७/०३ का दरले रु.३,३७,८९२/१० र ३० जना सहभागिको आवास बाहेकको रु.२,७३५/३१ का दरले रु.८२,०५९/३० को विजक संलग्न गरी कुल रु.५,२१,१९९/५९ भुक्तानी गरेको छ । होटलबाट संलग्न विवरण र सचिवालयको हाजिरी विवरण अनुसार ७० सहभागीको खर्च रकम भुक्तानी हुनुपर्नेमा आवास सुबिधा बाहेक सहभागी थप ३० जनाको भुक्तानी हुनुपर्ने प्रमाण संलग्न नदेखिएकोले रु.८२,०५९/३० मा सेवा शुल्क र मूल्य अभिबृद्धि कर थप समेतको रु.१,०१,१००/- असुल हनपर्दछ ।

१९. **लेखापरीक्षण :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को परिच्छेद ११ मा भएको लेखा र लेखापरीक्षण व्यवस्था अनुसार विनियोजन, राजस्व, धरौटी लगायत बैदेशिक सहायता समेतको लेखा राख्ने र आन्तरिक एवं अन्तिम लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । सचिवालयमा बैदेशिक सहायतामा सञ्चालित कार्यक्रममा रु.८० करोड १ लाख खर्च गरेको देखिएता पनि लेखापरीक्षणका लागि अनुरोध गरेको छैन ।

२०. **कोष मौज्दात** : नयाँ नेपाल निर्माण कोष(सञ्चालन) नियमावली, २०६८ को नियम ५ मा कोषको रकम जनपरिचालनका आधारमा पूर्वाधार निर्माणका लागि प्रयोग गरिने व्यवस्था छ । कोषमा २०७०/७१ मा रु.३ करोड ४८ लाख ९१ हजार जम्मा भएकोमा कोषको संचालक समितिको २०७१/१२/०४ को निर्णयानुसार तत्कालीन समयमा घोषणा भएका नयाँ ८ नगरपालिकाहरुलाई रु.३० लाखका दरले र चुरेक्षेत्रका आसपासका ३६ जिल्लाहरुमा पुनःभरण पोखरी निर्माणका लागि बढीमा २ लाखका दरले वितरण गर्ने निर्णयानुसार २०७१/७२ मा रु.२ करोड ४० लाख र २०७२/७३ मा ३ स्थानमा पोखरी निर्माणका लागि प्रति पोखरी २ लाखका दरले रु.६ लाख खर्च भई रु.१ करोड १८ लाख ४७ हजार मौज्दात रहेको देखियो । लक्षित उद्धेश्य

प्राप्तिका लागि थप सक्रियता नभएकोले कोषको उपयोग भएको देखिएन । कोषको रकम सदुपयोग गर्नेतर्फ आवश्यक पहल हुनपर्दछ ।

२१. **पेश्की :** पोखरी निर्माणका लागि लागत बमोजिम रु.२ लाखको दरले ३ जिल्ला विकास समितिलाई रु.६ लाख पेश्की दिएकोमा जिल्ला विकास समितिहरुबाट पेश्की फछ्र्यौट भएको नदेखिएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

२२. **आवधिक योजना तर्जुमा प्रकृया र अनुगमन :** राष्ट्रिय योजना आयोगको गठन तथा कार्यसञ्चालन आदेश, २०६७ को दफा ५ ले आयोगलाई योजना तर्जुमा मूल्याङ्कन सम्बन्धि काम, कर्तव्य र अधिकार दिएको छ । आयोगको आवधिक योजना तयारी प्रक्रिया र मूल्याङ्कन पक्षको अध्ययन गर्दा देखिएका व्यहोरा देहाय बमोजिम छन्:

२२.१. **दीर्घकालीन सोचको निर्धारण:** बिगत र १४ औ आवधिक योजनाहरुमा देहाय बमोजिम दीर्घकालीन सोचहरु रहेका छन :

आवधिक योजना	दीर्घकालीन सोच
११ औ योजना	आर्थिक र सामाजिक विकासको रुपान्तरणको आधार तयार गरी समृद्ध र आधुनिक नेपाल निर्माण गर्ने,
१२ औ योजना	आगामी दुई दशकभित्र नेपाललाई विकासशील राष्ट्रमा रुपान्तरण गरीसम्बृद्ध, शान्त न्यायपूर्ण नेपाल बनाउने,
१३ औ योजना	वि.स.२०७९ भित्र नेपाललाई विकासशील राष्ट्रमा स्तरोन्ननि गर्ने ।
१४ औ योजना	स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र एवं समृद्ध नेपाल

२२.२. बिगतमा निर्धारण गरेको दिर्घकालीन सोचको मूल्याङ्कन तथा बिश्लेषण नगरी प्रत्येक योजनामा दीर्घकालीन सोच परिवर्तन गर्ने र माइन्यूटमा सोच निर्धारणको आधार नखुलाएको पाइयो ।

२२.३. विकासशील मुलुकमा स्तरोन्नतिका लागि संयुक्त राष्ट्रसंघले प्रति व्यक्ति औसत कुल राष्ट्रिय आय, मानव सम्पत्ति सूचक र आर्थिक जोखिम सूचक गरी ३ मापदण्ड र तिनको सीमा निर्धारण गरेको छ । विकासशील राष्ट्रमा स्तरोन्नती हुनका लागि ३ मध्ये न्यूनतम २ मापदण्डको निर्धारित सीमा पारगर्नु आवश्यक छ । यी ३ मापदण्डको अवस्था देहाय बमोजिम देखिन्छ:

विवरण	२०७०।७१ को अवस्था	१३ औ. योजनाको अनुमान	संयुक्त राष्ट्रसंघको विकास समितिको(सन् २०१५) मूल्याङ्कन
कुल राष्ट्रिय आय	अमेरिकी डलर ७२१	अमेरिकी डलर ९०२	अमेरिकी डलर ६५९.५०
मानव सम्पत्ति सूचक	६२.२०	६६	६८.७
आर्थिक जोखिम सूचक	२७.८	२६.९५	२६.८

२२.४. नेपालले दुई मापदण्ड सन २०१५ मा नै पुरा गरे तापनि स्तरोन्नति भएको र हुन सक्ने अवस्था देखिदैन । दीर्घकालीन सोच परिमाणात्मक सूचकलाई आधार लिई निर्धारण नगर्नु, मापदण्ड पुरा भएतापनि स्तरोन्नति हुन नसक्नु र सूचनाको विश्लेषण वेगर दीर्घकालीन परिमाणात्मक सोच निर्धारण गर्नु र आवधिक योजना अनुसार सोच परिवर्तन गर्ने प्रकृयामा सुधार हुनुपर्दछ ।

२२.५. आयोगको सञ्चालन आदेश बमोजिम प्रधानमन्त्रीको अध्यक्षतामा रहने आयोगमा उपाध्यक्ष, ८ जना सदस्य र सदस्य सचिव रहने व्यवस्था छ । आयोगको योजना तर्जुमा गर्दा अधिकतम रुपमा तथ्याङ्क विभाग र अर्थ मन्त्रालयबाट प्राप्त सूचनालाई आधार लिने गरेकोमा, आवधिक योजनागत लक्ष्य, उद्देश्य, सुचक लगायत क्षेत्रगत लक्ष्य उद्देश्य सूचकहरुको विश्लेषण गर्नका लागि जिम्मेवार पद सृजना नभएको, निजामती सेवा ऐनमा आर्थिक समूहको व्यवस्था भएपनि कर्मचारीको दरवन्दी सृजना नभएको र सदस्यहरुको कार्य विभाजन अनुरुप विकासको क्षेत्रगत सूचकहरुको विश्लेषण हुने गरेको पाइएन ।

२२.६. सूचनाहरुको अभिलेख, लेखाकन र विश्लेषण प्रणालीको व्यवस्था, संस्थागत संरचनामा आवधिक योजना अनुरुप कार्य गर्न सदस्यहरुलाई जिम्मेवार बनाई योजनाको तयारी गर्ने प्रक्रियाको आधारहरु तय गर्नुपर्ने देखिन्छ ।

२२.७. आयोगबाट प्रकाशित आवधिक योजना बमोजिम आयोगले आधार वर्ष लिई मुख्य लक्ष्य र सूचकहरु निर्धारण गर्ने, आर्थिक वृद्धिदर निर्धारण गर्ने, सो आर्थिक वृद्धिदर हासिल गर्न आवश्यक लगानीको रकम निर्धारण गर्ने गरेको छ । आवधिक योजनाहरुको विश्लेषण र छलफल गर्दा १३ औं योजनामा निर्धारित आर्थिक वृद्धि हासिल गर्न सार्वजनिक र निजी क्षेत्रबाट गरिने लगानीको अनुमान निर्धारण गरिएकोमा १४ औं योजनामा सहकारी क्षेत्रबाट गरिने लगानी थप गरिएको छ। गैर सरकारी क्षेत्रबाट हुने लगानीको अनुमान, राजस्व नीति अन्तर्गत साल वसाली रुपमा परिवर्तन हुने नीतिहरुको आर्थिक वृद्धि, लगानीमा हुने प्रभाव जस्ता विषयहरुको विश्लेषण बेगर आवधिक योजनाहरु तयार गर्ने गरिएको छ ।

२२.८. आवधिक योजनाहरुले क्षेत्रगत रुपमा गरिने लगानीको अनुमान गरे तापनि आवधिक योजनामा अनुमानित खर्च रकम क्षेत्रगत रुपमा प्रस्तुत गर्ने नगरेबाट क्षेत्रगत अनुमानित सूचक तथा उपलव्धीको अनुमानित खर्चसंग अन्तरसम्बन्ध रहेको देखिदैन । क्षेत्रगत सूचकको उपलव्धिको लागि अनुमानित लगानीबाट हुने

उपलव्धी र सरकारी खर्चबाट प्राप्त हुने उपलब्धीको अन्तर सम्बन्ध नभएबाट आवधिक योजनाहरुले लक्ष्य अनुरुप प्रगति हासिल गर्न नसकेको देखिन्छ । क्षेत्रगत उपलब्धीको लागि क्षेत्रगत खर्च र सोबाट हुन जाने लगानीको पूर्वानुमान गरी योजना तर्जुमा गर्ने व्यवस्था गर्नुपर्दछ ।

२२.९. आयोगले १३ औं योजनाको समीक्षामा २०६९।७० को स्थिर मूल्यमा ३ वर्षको कुल खर्च रु.१६ खर्ब १६ अर्ब ७५ करोड अनुमानमा रु.१३ खर्ब ५८ अर्ब ६३ करोड (८४ प्रतिशत) खर्च प्रस्तुत गरेको छ । अर्थ मन्त्रालयबाट प्राप्त विवरण बमोजिमको ३ वर्षको बजेट रकमलाई २०६९।७० को स्थिर मूल्यमा गणना गर्दा बजेट सिमा रु.१५ खर्ब ९४ अर्ब ४१ करोड निर्धारण गरी कुल बजेट रु.१६ खर्ब ९३ अर्ब ४१ करोड व्यवस्था गरेको पाइयो । बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायहरुले बजेट सीमाभित्र रहेर मन्त्रालयगत बजेट सूचना प्रणालीबाट रकम माग गर्ने व्यवस्था भएकोमा आयोग एवं अर्थ मन्त्रालयले नै कार्यक्रम तथा माग बेगर पनि बजेट व्यवस्था गर्ने गरेको छ । आवधिक योजनामा क्षेत्रगत लक्ष्यको लागि बजेट खर्चको अनुमान गर्ने गरेको देखिदैन । बजेट तथा कार्यक्रम कार्यान्वयन निकाय र मन्त्रालयहरुले बजेटको सिमाभित्र रहेर वार्षिक कार्यक्रम बनाउने अवस्था भएबाट आवधिक योजनाको लक्ष्य तथा कार्यक्रमको विश्लेषण बेगर वार्षिक कार्यक्रम र बजेट माग गर्ने गरिएको छ ।

२२.१०. आर्थिक वर्ष २०७२।७३ मा पहिलो, दोस्रो र तेस्रो प्राथमिकता प्राप्त योजनाहरु क्रमशः ३२६, १२० र २२ समेत जम्मा ४६८ र २१ वटा राष्ट्रिय गौरबका आयोजनाको तथ्याङ्क आयोगमा भए तापनि कुल आयोजनाको संख्याको विवरण माग गरिएकोमा अभिलेख रहेको पाइएन । प्राथमिकता प्राप्त योजनाका आधारहरु तोकिए तापनि राष्ट्रिय गौरबका आयोजना निर्धारणका आधारहरु रहेको देखिएन । सर्भे तथा संभाव्यता अध्ययन बेगर स्वीकृत भएका योजनाहरुको विवरण माग गरिएकोमा राष्ट्रिय प्राथमिकता प्राप्त समेत ६ हजारभन्दा बढी योजना तथा कार्यक्रमहरु सर्भे तथा संभाव्यता अध्ययन बेगर बजेट व्यवस्था हुने गरेको छलफलमा जानकारी प्राप्त भयो ।

२२.११. आवधिक योजनाका लक्ष्य क्षेत्रगत विश्लेषण गर्दा १३ औं आवधिक योजनामा कुल बजेटको ८४ प्रतिशत खर्च भएको र सिंचाइ क्षेत्रमा अर्थ मन्त्रालयबाट प्राप्त विवरण अनुसार ३ वर्षमा रु.४८ अर्ब ९७ करोड ६ लाख बजेट व्यवस्था भई रु.४६ अर्ब २२ करोड ६७ लाख (९४.३९ प्रतिशत) खर्च भए तापनि आवधिक योजनामा सिंचित क्षेत्र १,७६,२७५ हेक्टर थप गर्ने लक्ष्यमा ८१,००० हेक्टर (४५.९४ प्रतिशत) प्रगति भएको देखिएबाट खर्च अनुसार लक्षित प्रगति भएको नदेखिएकोले सुधार हुनुपर्ने देखियो ।

२२.१२. आयोगले राष्ट्रिय गौरबका आयोजनाहरुको अनुगमन आयोगबाट र अन्य विकास योजना परियोजनाहरुको तेस्रो पक्षबाट मूल्याकन गर्ने गरेको महाशाखाबाट प्राप्त अनुगमन योजनाबाट देखिन्छ । आयोगबाट मन्त्रालयहरुका विकाससँग सम्बन्धित समस्या र प्रगतिको विवरण तयार गरी राष्ट्रिय विकास समस्या समाधान समितिमा पेस गर्ने गरिएको पाइयो । समितिको ३६, ३७ र ३८ औं बैठकका निर्णयहरु अध्ययन गर्दा समस्याका विषयहरु दोहोरिएका र न्यून कार्यसम्पादन भएका आयोजनाहरुको हकमा जिम्मेवारिता, जवाफदेहिताका विषयमा कुनै निर्णय भएको छैन । समितिको बैठकमा पनि आवधिक योजनाको अवस्था, लक्ष्य र प्रगति मात्र छलफल गरिएको, लक्ष्य अनुरुप प्रगति नहुनुका कारणहरुको मूल्याङ्कन गर्ने गरिएको छैन । अनुगमन प्रतिवेदन तथा फिल्ड नोटहरु अध्ययन गर्दा योजना र कार्यक्रमको अनुगमन गरिएको, तर आवधिक योजनाका सूचकसंग उपलव्धीको अनुगमन गरिएको देखिएन । तसर्थ आयोगले आवधिक योजनाका लिइएका क्षेत्रगत नीतिहरु तथा सूचकहरुको प्राप्ति सम्बन्धमा अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था गर्नुपर्दछ ।

आवधिक योजना तयारीको लागि जिम्मेवारीता, जवाफदेहिता, उत्तरदायित्वको कार्यविधि नभएको, योजना तयारीको लागि आवश्यक सूचना तथा जानकारीको संस्थागत अभिलेख राखी विश्लेषण गर्ने व्यवस्था नभएकोले सो बमोजिम योजनाका सूचक, सूचकलाई प्राप्त गर्न आवश्यक स्रोत साधनको क्षमता, विश्लेषण सहितको आंकलन, क्षेत्रगत सूचक वा परिमाणात्मक लक्ष्यलाई उपलब्धीमूलक बनाउन क्षेत्रगत विश्लेषण गरी आवश्यक स्रोतको अनुमान र व्यवस्था गर्नुपर्दछ । आर्थिक वृद्धि दरको प्रक्षेपणको आधारमा लगानीको आवश्यकता मात्र निर्धारण गरेता पनि आवधिक योजनामा उल्लेखित क्षेत्रगत सूचक र परिमाणको लागि अनुमानित खर्च र स्रोतको आंकलन गर्ने, अद्यावधिक योजनाहरुको अनगमन तथा मूल्याकनबाट देखिएको समस्या समाधान गरी आवधिक योजनाको लक्ष्य हासिल गर्नुपर्दछ ।

केन्द्रीय तथ्याङ्क विभाग

१. **ठेक्का व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० वमोजिम ठेक्कापट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा सम्पन्न गरिसक्नु पर्ने व्यवस्था छ । विभागले ३ ठेक्का दोश्रो चौमासीकमा र ५ ठेक्का तेश्रो चौमासिकमा लगाएको देखियो । नियमावलीले निर्देश गरे अनुसार गर्नुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यबिधि नियमाबली, २०६४ अनुसार कार्यालयले आफ्नो कार्यालयको कामलाई चुस्त दुरुस्त एबं पारदर्शी राख्न आन्तरिक नियन्त्रण कार्यविधि तयार गरी आन्तरिक नियन्त्रण पद्दति मजबुत बनाउनु पर्दछ । विभागले मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेको, तोकिएको वार्षिक लक्ष्य अनुसार प्रगति नभएको, तोकिएको ढांचामा कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार

र जिम्मेवारी नदिएको तथा आर्थिक कारोवारको संक्षिप्त वार्षिक प्रतिवेदन तयार गरी तालुक निकायमा नपठाएकोले यसमा सुधार गर्नुपर्दछ ।

३. **पेश्की वाँकी :** आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ७५ मा पेश्की रकम फछ्र्यौट गर्नु पर्ने व्यबस्था छ । कर्मचारी २२२ र व्यवसायिक संस्था २ को नामको पेश्की रु.१७,३७,६४३।- आर्थिक वर्षको अन्तसम्म पनि फछ्र्यौट नगरी वांकी नै राखेकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

४. **स्वीकृत कार्यक्रम र खर्च** : विभागले तालुक निकायबाट स्वीकृत कार्यक्रमहरुमा मात्र बिनियोजित बजेट खर्च गर्नुपर्दछ । दुई बजेट उप–शीर्षकहरुमा स्वीकृत कार्यक्रममा उल्लेख भए भन्दा फरक प्रकृतिका सामान खरिद गरी बजेट खर्च लेखेको देखियो । यसरी स्वीकृत कार्यक्रमहरुमा उल्लेख नभएका सामानहरु खरिद गरी गरेको खर्च रु.६,१६,८८०।- नियम सम्मत देखिन आएन ।

५. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम पारिश्रमिक कर कट्टा गर्नु पर्ने ब्यबस्था छ । यस बिभागले यो बर्ष ४ कर्मचारीलाई भुक्तानी गरेको पारिश्रमिकमा रु.१२,८८१।- घटी कर कट्टा गरेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

६. **बढी ग्रेड :** निजामति सेवा ऐन, २०४९ को ७ (ख) अनुसार तलबी प्रतिबेदन पास नगराई तलब खर्च लेख्न नहुने व्यवस्था रहेको छ। विभागले २ कर्मचारीलाई पारीत तलबी प्रतिबेदनमा उल्लेख भए भन्दा रु.९,९४०।- बढि ग्रेड भुक्तानी गरेकोले उक्तरकम सञ्चित कोषमा दाखीला गनुपर्दछ ।

७. **बोर्डिङ पास :** भ्रमण खर्च नियमाबली, २०६४ का १८(२) अनुसार हवाई यातायातको सुबिधा लिँदा बोर्डिङ पास सहितको हवाई टिकट पेश गरेपछि भुक्तानी दिने व्यवस्था छ । कार्यालयको एक अधिकृतलाई प्लेन टिकट खर्च बापत रु.६,२९०।- भुक्तानी गर्दा बोर्डिङ पास सँलग्न नभएकोले संलग्न गर्नुपर्दछ ।

८. **कार्य सम्पन्न प्रतिवेदन** : सार्बजनिक खरीद नियमाबली, २०६४, को नियम १२५ (१) मा निर्माण कार्यको कार्यसम्पन्न प्रतिबेदन पेश गर्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयले फर्निचर, फल्स सिलिङ ,नेट फिक्सीङ बर्कको लागी रु.८०,४३९।- को लागत अनुमान तयार गरी रु.६७,७९६।–को कार्य गरेकोमा कार्यसम्पन्न प्रतिबेदन पेश नभएकोले नियमानुसार कार्यसम्पन्न प्रतिबेदन पेश गर्नुपर्दछ ।

९. **पूँजीगत सामान खरिद :** स्वीकृत कार्यक्रम अनुसार फोटोकपि मेसिन १, स्क्यानर मेशिन १, प्रोजेक्टर २, स्क्रीन २, म्याग्नेटिक वोर्ड २, फि्लप चार्ट २, ह्याण्ड माइक्रोफोन २ गरिद गर्नु पर्नेमा कार्यक्रम संशोधन वेगर माल्टीमेडिया प्रोजेक्टर, ल्यापटप र प्रिन्टर खरिदमा रु.३,२५,०००।- खर्च लेखेको छ । अर्को आपूर्तकवाट अफिस रिभल्विङ कुर्सी १ थान, अफिसर टेवुल १ थानको रु.३७,८५५।- र अर्को एक आपूर्तकवाट प्लाई, फोरमाईका, लिष्टी, फेविकोल आदि रु.२४,०५५।- को खरिद गरी रु.६१,९१०।- पूँजीगत सुधार शीर्षकवाट खर्च लेखेको छ । स्वीकृत कार्यक्रम भित्र नपरेको एवं कार्यक्रम संशोधन वेगर गरेको उक्त खर्च रु.३,८६,९०९।- अनियम छ ।

९.१. डिप वोरिङ गरेको निर्माण व्यावसायीलाई प्रथम रनिङ विलको मुल्य अभिवृद्धि कर समेत रु.१४,८२,५६०।- भुक्तानी गर्दा कर विजक वेगर मुल्य अभिवृद्धि कर रु.१,७०,५६०।- समेत भुक्तानी गरेको असुल गर्नुपर्ने र वोरिङ्ग निर्माण कार्यको परामर्शदातालाई कर विजक वेगर रु.७४,२५०।- भुक्तानी दिएकोले मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पेश नभएको एवं कर विजक पेश नभएकोले भुक्तानी दिएको मुल्य अभिवृद्धि कर रु.८,५४२।- असुल गर्नुपर्दछ ।

१०. **विल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार स्वीकृत वजेट खर्च गर्दा विल भरपाई सहितको श्रेस्ता राख्नु पर्दछ । विभिन्न ३ कर्मचारीले रकम वुझेको भरपाई वेगर रु.४,३९०।- खर्च लेखेकोले वुझेको भरपाई पेश गर्नुपर्दछ ।

११. **कर विजक :** मुल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली, २०५३ अनुसार दर्ता भएको व्यक्ति वा संस्थाले कारोवार गर्दा रितपूर्वकको कर विजक जारी गर्नु पर्दछ । एक आपूर्तकले विभिन्न फारामहरु छपाई गरेको २०७३।३।१२ को विजक नं.२०६४ को एक आपूर्तकको केरमेट गरी सच्याएको कर विजकको मुल्य अभिवृद्धि कर रु.२४,२७१।- भुक्तानी गरेकोले आन्तरिक राजस्व कार्यालयमा दाखिला वा समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

१२. **जिन्सी मालसामानको मूल्य र स्पेशिफिकेशन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा आम्दानी बाँधी स्रेस्ता खडा गरी राख्नु पर्ने व्यवस्था छ । विभागले पुरानो जिन्सी किताववाट नयां जिन्सी कितावमा फोटो कपी मेशिन र प्रिन्टरको जिम्मेवारी सार्दा इकाईगत खरिद मूल्य, खरिद मिति र स्पेशिफिकेशन खुलाएको छैन । मूल्य र स्पेशिफिकेशन नखुलाउदा लिलाम गर्नु पर्दा परिमाण, मिति, मूल्य र ब्राण्ड यकिन गर्न नसकिने भई यथार्थ मूल्यांकन गर्न कठिनाई पर्ने देखिन्छ ।

१३. **बिल भरपाई :** आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ३६ (३) बमोजिम यस नियमावली बमोजिम खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नु पर्नेछ । कार्यालय सामानको स्वीकृत एकको विजक नं.२५५ देखि २७३ सम्म २०७३।१।२६ को मूल्य अभिवृद्धि कर समेत रु.१३,४२,१०९।- को फोटो कपी विजक संलग्न

गरी रु.३,०८,३३३।- खर्च लेखेको पाइयो । उक्त मालसामानको लागत अनुमान रु.६,६७,४२०।- (कर वाहेक) भएकोमा निजले रु.१५,६७८।- मा आपूर्ति गर्न संझौता गरेकोमा रु.६,५१,७४२।- (कर वाहेक) को सामान आपूर्ति भएको छैन । कार्यालयलाई आपूर्ति नगरेको रु.१७,७१६। सामानको भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

१४. **तालिम खर्च :** कार्यालयले स्वीकृत कार्यक्रम अनुसार तालीम सँचालन गरी खर्च गर्दा तालिममा सहभागीहरुको उपस्थीको आधारमा मात्र खर्च गर्नुपर्दछ । विभिन्न तालिमको लागि तालिममा सहभागी हुने संख्या यकीन गरी लागत अनुमान प्रस्ताव गरी खर्च गरेकोमा लागत अनुमानमा उल्लेखित संख्या भन्दा कम सहभागि उपस्थित भएकोमा लागत अनुमान अनुसार चिया, खाजा र मसलन्दमा पुरै खर्च लेखेको छ । तालिममा उपस्थित भए भन्दा वढी संख्या खर्च लेखेको चिया र नास्ता खर्च रु.१४,८८६।- असुल गर्नुपर्दछ ।

१५. **अध्ययन प्रतिबेदन :** सम्झौता बमोजिम परामर्शदाताले पेश गरेको प्रतिवेदन जिन्सी दाखिला भई सकेपछि मात्र सो बापतको रकम खर्च लेख्नु पर्दछ । आई.टि. पूर्वाधारको विकासको लागि अध्ययन कार्य गरेको एक परमार्शदाताको विजक नं.२४२ मिति ६ जुलाई २०१६ को विजक अनुसार कर समेत रु.२,७७,९८०।- खर्च लेखेकोमा प्रतिवेदन जिन्सी दाखिला प्रमाण पेश नभएकोले पेश गर्नुपर्दछ ।

ऋण असुली पूनरावेदन न्यायाधिकरण, अनामनगर

१. **प्रगति र चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची–२ बमोजिमको ढांचामा चौमासिक प्रगती विवरण तयार गरि तालुक कार्यालयमा, कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । यस शिर्षकमा रु.१,५०,०००।– विनियोजन भई रु.१,४८,६३७।– खर्च भएको, अन्तिम चौमासिकमा र असारमा खर्च रु.४०,३४१।– अर्थात् २७.१४ प्रतिशत खर्च भएको देखिएको छ । चौमासिक लक्ष्य बमोजिम खर्च गर्नुपर्दछ ।

२. **तलवी प्रतिवेदन :** निजामती सेवा ऐन २०६९ को दफा ७ ख(२) अनुसार उपत्यका भित्र रहेका कार्यालयमा कार्यरत निजामती कर्मचारीको तलव खर्च लेख्दा निजामती किताबखानाबाट तलवी प्रतिवेदन पारीत गराई तलवी खर्च लेख्नुपर्ने व्यवस्था रहेकोमा तलवी प्रतिवेदन पास नगराई तलव शिर्षकमा रु २११४४२०।- खर्च लेखेको छ ।

३. **जनशक्ति व्यवस्थापन :** निजामती सेवा ऐन २०४९ को दफा १८ क (१)मा निजामति कर्मचारीलाई निज कार्यरत रहेको मन्त्रालय, सचिबालय,आयोग, बिभाग,वा कार्यालयबाट सोहि निकायको काममा मात्र अन्य स्थानमा काज खटाउन सकिने र यसरी काज खटाउदा तालिम गोष्ठी आदिमा बाहेक एक बर्षमा तिन महिना भन्दा बढी अबधिको लागि काज खटाउन नपाइने व्यवस्था छ । यस पूनरावेदन न्यायाधिकरणमा लेखापाल १, एक नायव सुव्वा १ र डिट्टा १ काजमा रहेको देखिएको छ । साथै, दरवन्दी विवरण अनुसार कार्यालयमा १३ दरवन्दी स्वीकृत भएकोमा २ जना काजमा रहेको, २ जनाको पद रिक्त रहेकोले दरवन्दीमा अनुसार पदपूर्ति गर्नुपर्दछ ।

४. **राजस्व आम्दानी :** यस बर्ष राजस्व व्यवस्थापन सुचना प्रणालीले देखाएको राजस्व आम्दानी रु.५,२७,१५७।– र लेखापरीक्षणबाट देखिएको राजस्व आम्दानी रु.३,८३,४८२।– भई फरक परेको रु.१,४३,६७५।- को हिसाब मिलान विवरण पेश भएको छैन ।

५. **आन्तरिक नियन्त्रण व्यवस्था :** आर्थिक कार्यविधी नियमावली, २०६४ मा आन्तरिक नियन्त्रण सम्बन्धमा विविध व्यवस्था रहेका छन् । कार्यालयले नियम ५० (३) अनुसार जिन्सी निरीक्षण गरी २०७३।४।२ मा पेश गरेको प्रतिबेदन बेगरको जिन्सी निरीक्षण फाराममा उल्लेख भएका सामानहरु लेखापरीक्षण अवधिसम्म लिलाम बिक्री तथा मर्मत सम्भार नगरेको, नियम ९१ बमोजिम वार्षिक कार्यसम्पादन प्रतिवेदन तयार नगरेको तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७(३) अनुसार कार्यालयले खरिद योजना तयार गर्ने समेत कार्यको लागि एक खरिद ईकाई स्थापना गर्नुपर्नेमा खरिद ईकाइको स्थापना गरेको छैन । आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ गर्नुपर्दछ ।

६. **मुद्दा फर्छ्यौट स्थिति :** यसवर्ष नयां मुद्दा दर्ता ८, गत आर्थिक वर्षको जिम्मेवारी सरेर आएको १० मुद्दा समेत १८ मुद्दामध्ये ६ फैसला भई १२ मुद्दा आगामी वर्षलाई जिम्मेवारी सरेको प्रस्तुत विवरणबाट देखिएको छ । विगत बर्षभन्दा यसवर्ष मुद्दा फछ्र्योट संख्या घटेको एवं जम्मा मुद्दाको तुलनामा ५० प्रतिशत भन्दा कम मुद्दा फछ्र्योट भएकाले थप मुद्दा फछ्र्यौटतर्फ ध्यान दिनुपर्ने देखिएको छ ।

७. **विवरण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९३ मा महालेखा परीक्षकको कार्यालयले माग गरेको विवरण उपलब्ध गराउनु पर्ने व्यवस्था छ । टोलीले २०७३।८।२६ को पत्रबाट माग गरेका बिभिन्न नमूना फाराम बमोजिमका विवरण आदि लेखापरीक्षणमा प्रस्तुत नभएकोले विश्लेषण गर्ने आधार रहेको छैन ।

८. **धरौटी कच्चाबारी :** आर्थिक कार्याविधि नियमावली,२०६४ को नियम ६८(१) अनुसार अनुसूची–११ बमोजिमको ढांचामा व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नुपर्नेमा धरौटी बांकी रु.६३,०५,४२४।- को व्यक्तिगत धरौटी खाता अद्यावधिक गरेको छैन ।

९. **प्रोत्साहन भत्ता :** कार्यसम्पादन सूचकको आधारमा गणना गरेर प्रोत्साहन भत्ता खर्च लेख्नुपर्नेमा प्रोत्साहन प्रतिशत ४९.२५ ले हुन आउने रकम काजमा आएको (साविक) कार्यालयबाट प्रोत्साहन भत्ता नलिएको प्रमाण बेगर यस पूनरावेदन न्यायाधिकरणबाट एक लेखापाल, एक नायव सुव्वा र एक डिट्टाको गरी रु. २,६४,८२२।– प्रोत्साहन भत्ता खर्च लेखेको छ । भत्ता दोहोरो नपरेको प्रमाण पेश गर्नुपर्दछ ।

ऋण असुली न्यायाधिकरण, कमलपोखरी

१. **मुद्दाको स्थिती :** फैसला कार्यावन्यन भई असुलीको लागि गत विगतबाट जिम्मेवारी सरेका ३१२ र यस वर्षका ५२ गरी जम्मा ३६४ मुद्दा रहेकोमा १०७ मुद्दाको असुली कारवाही भएकोमा २५७ बांकी देखिएको छ । कारवाही गर्न वांकी रहेका मुद्दा यथाशिघ्र टुङ्गो लगाउनु पर्दछ ।

२. **लक्ष्य प्रगति :** आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २५ अनुसार कार्यालयले अनुसुची २ को ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको छैन ।

३. **भ्रमण अभिलेख खाता :** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ अनुसार भ्रमण खटिने पदाधिकारी व कर्मचारीलको अनुसुची ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्नेमा सो बमोजिम अभिलेख नराखि अनुगमन मूल्यांकनमा रु २३०००००।– खर्च गरेको छ । नियमको पालनामा कार्यालयले ध्यान दिनुपर्दछ ।

४. **धरौटी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८ (१) मा धरौटी कारोवारको लेखा अनुसुची ११ बमोजिमको ढांचामा व्यक्तिगत धरौटी खाता अध्यावधिक गरी राख्नुपर्नेमा व्यक्तिगत धरौटी खाता अद्यावधिक नगरेको साथै धरौटी बांकीको विवरण समेत तयार गरेको छैन । कार्यालयले धरौटी हिसाब अद्यावधिक गर्नुपर्दछ ।

५. **राजस्व शिर्षक :** नेपाल सरकार आर्थिक संकेत तथा वर्गिकरण, तेश्रो संस्करण २०७१ अनुसार जुन शिर्षक संग सम्वन्धित राजस्व हो सोही शिर्षकमा दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले धरौटी जफत वापतको रु २८१३०००/-, बेरुजु वापतको रु. १५५००/-लिलाम विक्रि बाट प्राप्त रु २०२१३०/-लाई तोकिएको शिर्षकमा नदेखाई सम्पूर्ण राजस्व रकमलाई एउटै ऋण असुली शुल्क उल्लेख गरी आर्थिक विवरणमा प्रस्तुत गरेको छ । कार्यालयले तोकिएको शिर्षकमा राजस्व दाखिला गरी सोही अनुरुप आर्थिक विवरणमा प्रस्तुत गर्नुपर्दछ ।

अर्थ मन्त्रालय

१. **लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले अनुसूची २ बमोजिमको ढांचामा चौमासिक प्रगति विवरण तयार गरी पेश गर्नुपर्ने र नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन प्रगति समिक्षा गर्नुपर्ने व्यवस्था छ । अर्थ मन्त्रालय अन्तर्गत कुल ६५ कार्यक्रममध्ये २६ कार्यक्रममा शुन्य प्रगती र १६ कार्यक्रममा ५० प्रतिशतसम्म मात्र प्रगती भएको छ । शुन्य प्रगति देखिएका कार्यक्रममा चालू तथा पूंजिगत खर्चतर्फका १२ कार्यक्रम, शितघर निर्माण व्याज अनुदानका १ कार्यक्रम, बजेट तथा निवृत्तिभरण सुधार आयोजनाका १ कार्यक्रम, पूंजी बजार तथा पूर्वाधार क्षमता सहयोग आयोजनाका ५ कार्यक्रम र वित्तीय पहुंच अभिवृद्धिका ७ कार्यक्रम रहेका छन् । समग्रमा स्वीकृत कार्यक्रम कार्यान्वयनमा प्रभाबकारीता नदेखिएको सम्बन्धमा मन्त्रालयले आगामी अवधिमा स्वीकृत बार्षिक कार्यक्रमको लक्ष्य अनुसार प्रगति हासिल हुने गरि प्रभावकारी रुपमा कार्यक्रम संचालन गरिने प्रतिवद्दता जनाएको छ ।

२. **अनुदानको कार्यान्वयन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ र २६ अनुसार कार्यालयको उद्देश्य, नीतिगत लक्ष्य र स्वीकृत बजेट अन्तर्गत आफ्नो मन्त्रालय र अन्तर्गत संचालन हुने कार्यक्रम मन्त्रालयले स्विकृत गर्नुपर्ने व्यवस्था र स्विकृत भएपछि त्यसको कार्यान्वयन तथा प्रगति समिक्षा गर्नुपर्ने दायित्व समेत तोकेको छ । मन्त्रालयले चालू आर्थिक वर्षमा कृषी तथा पशुपालन व्याज अनुदान वापत विनियोजन भएको रु १ अर्ब २० करोड को सदुपयोग हुन नसक्दा लाभग्राही सो सुविधाबाट बन्चित भएको देखिएको छ । साथै, गत वर्ष कृषि तथा पशुपालन व्याज अनुदानवापत रु ५० करोड खर्च भएकोमा सोको अनुगमन भएको छैन । स्वीकृत कार्यक्रम कार्यान्वयन सम्वन्धमा समिक्षा गरी जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाउनुपर्ने सम्बन्धमा गत वर्ष निकासा भएको अनुदान रु ५० करोड खर्च हुन नसकि नेपाल राष्ट्रिय बैङ्कबाट थप रकम माग नभएको कारण यस वर्ष विनियोजित रकम खर्च हुन नसकेको एवं विनियोजित

रकमको सदुपयोग र लाभग्राही पक्षलाई प्रभावकारी रुपमा सुविधा प्रदान गर्नका लागि कार्यविधि संशोधन प्रक्रियामा रहेको जानकारी प्राप्त भएको छ ।

३. **अनुगमन मूल्यांकन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) साल बसाली प्रकृतिका वाहेक विशेष प्रकारका पटके कार्यक्रम आयोजना सञ्चालनार्थ अर्थ मन्त्रालयले निकासा दिदा निकासा दिएको रकमबाट भएको प्रगति विवरण लिई खर्च गरे नगरेको, लक्ष्य अनुसार प्रगति गरे नगरेको, प्रचलित कानून बमोजिम लेखापरीक्षण गराए, नगराएको सम्बन्धमा अनुगमन मूल्यांकन गर्नुपर्ने व्यवस्था छ । यस वर्ष कृषि विकास वैंकलाई सामाजिक तथा सामुदायीक विकास कार्यक्रमको लागि रु १,५८,१२,०००।–, साना किसान वैंकलाई साना किसान सहकारी अनुसरण तथा संस्था विस्तारका लागि रु ७ करोड निक्षेप तथा कर्जा सुरक्षण निगमलाई लघु विमा सहयोग कार्यक्रमका लागि रु १५,२४,३०,०००।– र कृषी विकास बैंकलाई शितघर निर्माणका लागि रु ५०,००,०००/-अनुदान सहयोग वापत निकासा उपलव्ध गराएकोमा सम्वन्धित संस्थाले बार्षिक प्रगति विवरण पेश गरेको भएतापनि लेखापरीक्षण प्रतिवेदन पेश गरेको छैन । मन्त्रालयले खर्चको अनुगमन एवं मूल्याकन गरी विवरण तयार नगरेकोले सो कार्यक्रमबाट गरेको खर्च एवं अनुदानको उपयोग सुनिश्चित गर्न सकिएन । तसर्थ प्रचलित कानून बमोजिम लेखापरीक्षण गराई मन्त्रालयले समेत खर्चको अनुगमन एवं मूल्याकन गरी कार्यक्रमबाट गरेको अनुदान उपयोग एवं खर्चको सम्वन्धमा सुनिश्चित गर्नुपर्दछ । अर्थ मन्त्रालय र अन्तर्गतका आयोजना, कार्यक्रमहरुको लक्ष्य बमोजिमका भौतिक एवं वित्तीय प्रगति प्रतिवेदनउपर माननीय मन्त्रीज्युको अध्यक्षतामा चौमासिकरुपमा MDAC बैठक बसी गहन छलफल एवं समिक्षा हुने गरेको र सुझाव अनुरुप अनुदान रकमको सदुपयोग र खर्चको सुनिश्चितताका लागि थप अनुगमनको व्यवस्था गरिने जनाएको छ ।

४. **आर्थिक पुनरुद्दार कोष :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) मा साल वसाली प्रकृतिका वाहेक विशेष प्रकारका पटके कार्यक्रम आयोजना सञ्चालनार्थ अर्थ मन्त्रालयले निकासा दिदा निकासा दिएको रकमबाट भएको प्रगति विवरण लिई खर्च गरे नगरेको, लक्ष्य अनुसार प्रगति गरे नगरेको, प्रचलित कानून बमोजिम लेखापरीक्षण गराए, नगराएको अनुगमन एवं मूल्यांकन गर्नुपर्ने व्यवस्था छ । यो वर्ष नेपाल सरकार मन्त्री परिषदको २०७२।९।२१ को निर्णयबाट आर्थिक पुनरुद्धार कोष (स्थापना र संचालन) कार्यविधि, २०७२ स्विकृत भई सोहि कार्यविधिको आधारमा नेपाल राष्ट्र बैंक मार्फत संचालन हुने गरी आर्थिक पुनरुद्धार कोष व्याजअनुदान र आर्थिक पुनरुद्धार कोष पुन कर्जाको लागि छुट्टा छुट्टै खाता खोली रु ५ अर्ब सो कोषमा रकम जम्मा गर्ने प्रयोजनको लागि बजेट विनियोजन नभएको हुंदा अर्थ मन्त्रालयको २०७३।३।७ को माननिय मन्त्रीस्तरिय निणयबाट ब.उ.शि.नं ६०२०२३३ को खर्च शिर्षक नं २२९११ (भैपरी आउने) बाट खर्च शिर्षक नं २२७११ (विविध खर्च) मा रकमान्तर गरी अर्थ मन्त्रालयको नाममा निकाशा भई उक्त कोषमा २०७३।३।२ मा रकम जम्मा गरेको छ । कोष संचालन गर्ने नेपाल राष्ट्र बैंकबाट कामको प्रगती विवरण प्राप्त हुन नसकेको तथा मन्त्रालयबाट समेत कोषमा जम्मा भएको रकमबाट भए गरेका कामहरुको अनुगमन मूल्याङ्कन गरी विवरण तयार नगरेकोले अनुदानको उपयोग अवस्था यकिन हुन सकेको छैन । वर्षान्तमा वजेटको आकार बृध्दि गर्ने मनसायले बजेट विनियोजन नभए पनि रकमान्तर गरी कोषमा रकम हस्तान्तरण गर्नु विनियोजित सिद्धान्त विपरीत छ । छलफलको क्रममा भुकम्प पछिको प्रभाववाट उत्थान गर्न र आपूर्ती सिमितताका कारणबाट परेको असर न्यूनीकरणका लागि कोष खडा गरेको र सो कोषमा केन्द्रिय भैपरिमा विनियोजित रकमबाट विविधमा रकमान्तर गरि नेपाल सरकारको तर्फ बाट जम्मा गरिनुपर्ने रु.५ अरव जम्मा गरिएको र कोषको रकम दुरुपयोग हुन नदिनका लागि कार्य विधिद्वारा नियन्त्रणात्मक विधि अवलम्वन गरिएको जानकारी प्राप्त भएको छ ।

५. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद नियमावली, २०६४ नियम ८ मा सार्वजनिक निकायले वार्षिक रु १० लाख भन्दा वढीको खरिद कार्यको लागि खरिद योजना तयार गरेको भएतापनि नियम ३१ (१) बमोजिम बोलपत्रको माध्यमवाट गराउनु पर्नेमा आवधिक छपाई, अन्य छपाई, धारा तथा विजुली मर्मत, फर्निचर तथा फिक्स्चर्स, मेशीनरी औजार, सफ्टवेयर निर्माण र अन्य पूजिगत सुधार कार्यको लागि योजनामा सोझै खरिद गर्ने विधी तय गरी यस वर्ष मन्त्रालयले विभिन्न आपुर्तिकतासंग एक पटकमा रु. ३ लाखमा नबढाई रु. ५४४०४८४।– को फर्निचर र रु ११३१३८५५।– को कम्प्युटर लगायत जिन्सी मालसामान नियममा व्यवस्था भए अनुसार पुर्ण प्रतिस्पर्धा गराई खरिद गर्नुपर्नेमा आवश्यकता अनुसार खरिद गर्ने गरी खरिद योजना स्वीकृत गरी सुचिकृत फर्मवाट खरिद गरेको छ । साथै, सवारी साधन मर्मत सम्वन्धी ९८ आइटम मोटर पार्टस् खरिद गर्न बोलपत्र आव्हान गरी बोलपत्रको माध्यमबाट छनौट भएको एक जे.भी संग मिति २०७२।१०।११ मा खरिद संझौता गरी मोटर पार्टस खरिद गरेको भएतापनि अधिकांश महंगा मोटर पार्टस टेण्डर आइटममा

समावेश भएको छैन । मन्त्रालयवाट खरिद गर्नुपर्ने सवै किसिमका मोटस पार्टस टेण्डर आइटममा समावेस गरी पूर्ण प्रतिस्पर्धात्मक रुपमा खरिद प्रक्रिया अगाडी वढाउने तर्फ मन्त्रालयवाट ध्यान दिनुपर्दछ ।

६. **जिन्सी व्यवस्थापन :** मन्त्रालयले आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ५३ बमोजिम जिन्सी मौज्दातको वार्षिक विवरण तयार गरेको भएता पनि सोही नियम ५० बमोजिम जिन्सी निरीक्षण गरी/गराई जिन्सी निरीक्षण प्रतिवेदन पेस भएको छैन । यसवाट जिन्सी आम्दानी गर्न छुट भएको सामानको स्थिति स्पष्ट नभएको, गत वर्ष उपयोग भएको परिमाण र चालू वर्ष खरिद गरेको परिमाणको तुलनात्मक विश्लेषण नभएकोले जिन्सी निरीक्षण कार्य प्रभावकारी नदेखिएको, आम्दानी बाँध्दा जिन्सी किताबको ढांचा अनुसार मालसामानको स्पेसीफिकेसन र उत्पादक देशको नाम आदी विवरण नखुलाएको, जिन्सी खाता जिम्मेवार अधिकारीवाट प्रमाणित नभएको, जिन्सी मौज्दातको वार्षिक विवरणमा र जिन्सी खातामा ल्यापटप २ थान घटी र मोटरसाइकल/स्कुटर ५ थान वढी देखिएको सम्वन्धमा नियम ५० बमोजिम आवश्यक छानवीन गर्नुपर्दछ । साथै, नियम ५५ बमोजिम बरबुझारथको व्यवस्था रहेकोमा कर्मचारी/पदाधिकारी मन्त्रालयवाट सरुवा, वढुवा भई जादा केही सामान फिर्ता नभएको भनि गत प्रतिवेदनमा औल्याएको भएता पनि स्थिति यथावत रहेको, कतिपय सवारी साधन मन्त्रालयमा रहेपनि अन्यत्र प्रयोगमा गएका तर सवारी साधन अपुग भएको भनि आन्तरीक राजस्व विभाग मार्फत १० सवारी साधन खरिद गरेकोमा उपयोग अवस्था खुलेको छैन । सवारी साधन प्रयोग गर्ने पदाधिकारीसमेत मध्ये नजर राख्दै आवश्यकता निर्धारण गरी नेपाल सरकारले तोकेको नर्म्सको आधारमा आवश्यक सवारी साधनको संख्या निर्धारण गरी खरिद/उपयोग गर्ने व्यवस्था गर्नुपर्दछ । यस सम्वन्धमा मन्त्रालयबाट अन्यत्र सरुवा भैगएका पदाधिकारी जिम्मा रहेका बाँकी सरकारी सम्पत्ति फिर्ता लिने र निज कार्यरत निकायलाई हस्तान्तरण गरी लगत अध्यावधिक गरिने जानकारी प्राप्त भएको छ ।

७. **पेश्की बांकी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की दिने तथा फछ्र्यौट गर्ने सम्वन्धी व्यवस्था रहेको छ । मन्त्रालयले विभिन्न प्रयोजनका लागि एक संस्थालाइ दिएको पेश्की रु १३००२५।- बाँकी रहेकोले समयमै फर्छ्यौटको व्यवस्था गर्नुपर्दछ ।

८. **पूँजी वजार पूर्वाधार क्षमता विकास आयोजना :** नेपाल सरकार अर्थ मन्त्रालय अन्तर्गत पूँजी वजारको विकासमा निजी क्षेत्रलाई वढी सहभागी गराई सार्वजनिक नीजि साझेदारीको नीति अनुरुप पुँजी वजारको पूर्वाधार क्षमता विकासमा टेवा पुर्‍याउने उद्देश्यले अर्थ मन्त्रालय र एशियाली विकास वैक बीच २७ जुन २०११ मा अनुदान सहायता सम्झौता सम्पन्न भई यस पूँजी वजार पूर्वाधार क्षमता विकास आयोजना कार्यान्वयनमा रहेको छ । सम्झौता अनुसार आयोजना ३१ मे २०१४ मा सम्पन्न हुनुपर्नेमा पटक पटक गरी ३१ जुलाई २०१७ सम्ममा सम्पन्न गर्ने गरी म्याद थप गरेको छ । यस कार्यक्रम अर्न्तगत एशियाली विकास बैकले कन्सल्टीङ्ग, ईक्वीपमेन्ट खरिद, तालिम संचालन, योजनाको प्रशासनिक खर्च, र अवण्डा कोषका लागि ५० लाख अमेरिकी डलर अनुदान सहयोग उपलब्ध गराउने सम्झौतामा उल्लेख भएको छ । योजना कायान्वयनको लागि वैकं वाट MOU मा गरेको स्वीकृत अनुदान सहायता रकम भन्दा वढी रकम दातृसंस्था वाट थप नहुने र योजनाको समयावधी वढाउदै लैजादाँ समय सापेक्ष रुपले वजार मूल्य समेत बढन जान्छ । यसबाट नेपाल सरकारलाई थप व्ययभार हुन नदिने तर्फ ध्यान दिदै समयमै योजना सम्पन्न गर्न मन्त्रालयले ध्यान दिनुपर्दछ ।

८.१. **लक्ष्य तथा प्रगति :** आयोजना सम्झौतामा तोकिएको अवधी भित्र आयोजनाको वित्तीय एवं भौतिक प्रगति भई आयोजना सम्पन्न हुनुपर्नेमा यस वर्ष पनि भौतिक प्रगति स्पष्ट देखिने गरी प्रगति विवरण तयार भएको छैन । नेपाल सरकारको श्रोततर्फ योजना संचालनको लागि रु ४ करोड ६० लाख वजेट विनियोजन भएकोमा रु २६ लाख ८५ हजार खर्च भएको, आयोजना (ए.डि.वि.) तर्फ रु १८ करोड ३० लाख वजेट विनियोजन भएकोमा रु १ करोड ५२ लाख खर्च भई वजेटको तुलनामा नेपाल सरकारतर्फ ५.८२ प्रतिशत मात्र प्रगति भएको र ए.डि.वि. तर्फ ८.३० प्रतिशतमात्र प्रगति भएवाट विनियोजन वजेट एवं कार्यक्रम अनुसार खर्च हुन सकेको छैन । थप समय भित्र आयोजना सम्पन्न गर्न मन्त्रालय क्रियाशिल बन्नुपर्ने सम्बन्धमा आयोजनाको एउटा मुख्य कार्य डेब्ट मेनेजमेण्ट अपरेशन सफ्टवेयर खरिदका लागि वित्तीय प्रस्ताव खोल्ने कार्य सम्पन्न भै सहमतिका लागि एशियाली विकास बैङ्कमा प्रेषित गरीएको र सफ्टवेयर खरिदको कार्य प्रारम्भ भएपछि आयोजनाको वित्तिय प्रगति उल्लेख्य हुने जानकारी प्राप्त भएको छ ।

८.२. **अनुदान उपयोग स्थिति :** आयोजना सम्झौता एवं वार्षिक वजेट तथा खर्च गर्ने अख्तियारी बमोजिम आयोजना कार्यान्वयन तथा सम्पन्न गर्न श्रोतको उच्चतम सदुपयोग गर्नुपर्नेमा सो बमोजिम भएको छैन । आयोजना कार्यान्वयनका लागि न्यून रुपमा श्रोतको उपयोग भएको देखिएकोले थप समयमा समेत योजना सम्पन्न हुन सक्ने अवस्था रहेको छैन । आयोजनाको अनुदानको नेपाल सरकारतर्फ रु ४,६०,७०,०००।- बजेट भएकोमा रु २६,८५,१८५।- (५.८२ प्रतिशत) खर्च र एशियाली विकास बैंकतर्फ रु १,८३,००,८०००।- बजेट भएकोमा

रु १,५२,०७४,१९।- (८.३० प्रतिशत) खर्च तथा उपयोग भएको छ । शीर्षकगत उपयोगतर्फ ८ शिर्षकमा यो वर्ष रु १७८९२६०४। र हालसम्म रु ११३,४३९८५४।- खर्च भएको छ ।

- आयोजना सम्झौतानुसार योजना सम्पन्न हुने समयसम्म पनि योजना संचालनको लागि इक्वीयमेण्ट खरिद गरेको छैन । जसको लागि अमेरिकी डलर २१००००० छुट्याएको छ । उक्त शीर्षकमा समावेश भएका सफ्टवेयर तथा हार्डवेयर खरिद नहुंदा आयोजनाका जनशक्तिको क्षमता अभिवृद्धि गर्ने कार्य र आयोजना समाप्ती पश्चात् सार्वजनिक ऋण व्यवस्थापन कार्यालयवाट हुने सार्वजनिक साझेदारी सम्वन्धी स्वीकृत कार्यक्रम अनुसारको कार्य पूर्णरुपमा प्रभावित हुने देखिएको छ । आयोजनाको लक्ष्य प्राप्तीका लागि तोकिएको उपकरण खरिद गरी सदुपयोग गर्नुपर्दछ ।
- एशियाली विकास बैकको निर्देशिका बमोजिम अवण्डा वापतको अमेरिकी डलर ६४०००० कुन कुन शीर्षकमा खर्च गर्ने हो वाडफाँड गरी खर्च गर्नुपर्नेमा यस वर्षपनि खर्च नगरेको तथा बैक, सेमिनार, तालिम र गोष्ठि आदि जस्ता कार्यक्रम संचालन गर्दा लाग्ने खर्चको अनुमानित लागत अनुमान वनाई सो को परिधि भित्र रही कार्यक्रम संचालन गर्नुपर्नेमा लागत अनुमानको आर्थिक प्रस्ताव विना खर्च गर्ने गरेको छ । यसवाट कार्यक्रम खर्चमा आन्तरिक नियन्त्रण प्रभावकारी देखिएको छैन ।
- अर्थ मन्त्रालय र एक परामर्शदाता विच पूँजीवजार तथा पूर्वाधार क्षमता सहयोग आयोजना अन्तर्गत परामर्श सेवा, बोण्ड मार्केट विकास, सार्वजनिक नीजि साझेदारी फ्रेमवर्क र यसको प्रदर्शन आयोजनाको विकास सम्वन्धि कार्यका लागि परामर्श सम्झौता भएको छ । उक्त परामर्शदातासंग अमेरीकी डलर १९,६०,०००।- (रु १७०८१४०००।) भुक्तानी गर्ने गरी सम्झौता भएकोमा यस वर्ष रु १,१७,२१,८१४।- सहित हालसम्म रु १०,२१,३१,३३५।- (५९.७९%) भूक्तानी भै सकेको छ । उक्त कार्यको हालसम्मको वोण्ड मार्केट विकास, निजी सार्वजनिक साझेदारी फ्रेम वर्क विकास, र प्रर्दशनीको कार्य प्रगति संम्झौताअनुसार नदेखिएकोले सम्झौता अनुरुप ३१ जुलाई २०१७ भित्र कार्य सम्पन्न हुने स्थिति रहेको छैन । तोकिएको थप म्यादभित्र कार्य सम्पन्न गराउने तर्फ मन्त्रालयको ध्यान जानुपर्दछ ।

९. **अद्यावधिक अभिलेख :** निजीकरण समितिले हालसम्म निजीकरण भैसकेका ३० संस्थाको छुटाछुट्टै अभिलेख लगत खडागरी प्राप्त गर्न वाकी किस्ता व्याज तथा हर्जाना आर्थिक विवरणमा समावेश गर्नुपर्नेमा यस वर्ष पनि सो नगरेवाट असुल गर्न बाकी बक्यौता यकिन हुन सक्ने अवस्था रहेको छैन । मन्त्रालयले संस्थानहरुको छुट्टाछुट्टै अभिलेख खडागरी लगत अद्यावधिक गर्नुपर्दछ ।

१०. **चिया विकास निगम :** नेपाल सरकार तथा एक व्यक्ति विच २०५७।३।१४ मा सम्पन्न यस निगमको ६५ प्रतिशत शेयर खरिद बिक्री र ५० वर्षको चिया वगान भाडा सम्बन्धी शुरु सम्झौता र २०६४।११।२२ मा पूरक सम्झौता भएको छ । निगमले सम्झौता आरम्भ भएको २०५७।७।४ देखि २०६२।७।३ सम्मको ५ वर्षको भाडा रु १० करोड ७३ लाख ४२ हजार यस वर्ष पनि दाखिला नगरेको तथा तोकिए बमोजिम १५१९६.३४ एकड चिया वगान क्षेत्र उपलब्ध नगराएको कारण भाडा भुक्तानी नगर्ने जनाएको सम्बन्धमा वार्ता गरी उक्त भाडा रकम असुल गर्नुपर्दछ ।

१०.१. निगमसंग २०६४।११।२२ मा भएको पुरक लिज सम्झौताको बुदा नं. ३ मा २०६२।०७।०४ देखि प्रति वर्ष संशोधित वार्षिक भाडा रु ४००,००,००।- कायम गरी चियाको अन्तराष्ट्रिय बजार मूल्य (सन् २००७ को औसत वजार मूल्यको आधारमा) थपघट भएको प्रतिशतको अनुपातमा न्यूनतम रु ४० लाखमा थप गरी ५ वर्षका लागि भाडा तय गर्ने र यस प्रयोजनका लागि अन्तराष्ट्रिय चिया समितिको आधिकारीक मूल्यलाई आधार लिने व्यवस्था भएकोमा निगमले २०६७।७।४ देखि २०७३।१।३ सम्म १० वर्ष ६ महिनाको लिज भाडा हाल सम्म प्रतिवर्ष ४० लाखले रु ४,२०,००,०००।- बुझाएको फाइल अभिलेखवाट देखिएको छ । निगमले भाडा भुक्तानी गरेता पनि पुरक सम्झौताको अवधि थप नगरेको र भाडा मूल्यमा समयानुकुल संशोधन नगरेका कारण निगमबाट प्राप्त हुन सक्ने थप भाडा गुमेको अवस्था सम्बन्धमा निगमसंग भाडा रकम असुल गर्ने तर्फ कारवाही गरिने र वगान क्षेत्र सम्बन्धी विवादका सम्बन्धमा जग्गा पुरा पाए नपाएको यकिन गरि भाडा मिलान गर्ने वा असुल गर्ने तर्फ कारवाही गरिने जानकारी प्राप्त भएको छ ।

१०.२. पूरक सम्झौतामा सरकारको स्वामित्व रहेको ३५ प्रतिशत शेयर प्रचलित कानूनको प्रक्रिया पुऱ्याई सर्वसाधारण लाई शेयर विक्री गर्ने उल्लेख भएकोमा सो सम्वन्धी कारवाही यस वर्ष पनि गरेको छैन । यस वर्ष निगमवाट शेयर लगानी वापत कुनै प्रतिफल प्राप्त नगरेको र निगमको शेयर खरिद कर्ताले पेस गरेको व्यवसायिक योजनाको अनुसूची १ मा ५ वर्षमा रु ३८ करोड २५ लाख लगानी गर्ने उल्लेख भएकोमा सो लगानी गरेको छैन । सम्झौता अनुसार कार्य नगर्ने खरिद कर्तालाई कारवाही गर्नुपर्दछ ।

११. **नेपाल रोजिन एण्ड टर्पेन्टाइन कम्पनी :** एक उद्योग तथा नेपाल सरकार वीच मिति २०६३।१।२९ मा भएको १० वर्षे जग्गा भाडा सम्झौता भएको छ । सम्झौताको दफा १४.१ अनुसार प्रतिवर्ष रु ३०,१२०००।- अग्रीम रुपमा बुझाउने संम्झौता भएकोमा २०६३।१।६ मा पहिलो किस्ता रु ३०,१२०००।- बुझाए पछि गत वर्ष (२०७१/७२) सम्मको ९ औ किस्ता २७१०८०००।- र सोमा प्राप्त हुनुपर्ने व्याज रु १,३५,५४,०००।- र हर्जाना

२,०३,३१,०००।- समेत रु ६,०९,९३,०००।- हाल सम्म दाखिला गरेको छैन । यस सम्वन्धमा गत प्रतिवेदनमा औल्याईएकोमा अवस्था यथावत रहेकोले राजस्व दाखिला गराउने तर्फ पहल गर्नुपर्दछ । यस सम्वन्धमा वन मन्त्रालयसंग पत्राचार गरि साँवा व्याज असुल गर्न कारवाही गरिने जानकारी प्राप्त भएको छ ।

११.१. उक्त जग्गा यस वर्ष समेत कम्पनीको प्रयोगमा रहेको र जग्गा फिर्ता लिएको प्रमाण फाइलमा संलग्न नभएको, यस वर्ष पनि कम्पनीले प्रयोग गरेको जग्गाको भाडा रु ३०,१२०००।- मा १० प्रतिशत व्याज रु ३०१२००।- र जरीवाना १५ प्रतिशतले रु ४५१८००।- जरीवाना समेत रु३७६५०००।– असुल गर्नुपर्दछ ।

११.२. खरिद कर्तालाई १० वर्षसम्म ५२०८ मेटन खोटो संकलन गर्न वन क्षेत्र उपलब्ध गराउने गरी बन विभाग र रोजिन एण्ड टर्पेन्टाइन कम्पनी विच २०६३।११।१४ मा भएको संम्झौता अनुसार तोकिएको परिमाणमा वन क्षेत्र उपलब्ध गराउन नसकेको कारण देखाई जग्गा भाडा दाखिला गरेको छैन ।

११.३. सम्झौतसाथ संलग्न कम्पनीको कार्य योजना अनुसार १० वर्षमा उत्पादन क्षमता उपयोग ५० प्रतिशतबाट १०० प्रतिशत मा पुऱ्याउने, रोजिन उत्पादन १४४० मे.टन वाट ५७६० मे.टन पुऱ्याउने, टर्पेन्टाइन ३६० किलो लिटर वाट १६०० किलो लिटर पुऱ्याउने उल्लेख भएता पनि सो शर्तको पालना गरेको छैन । संम्झौता बमोजिमको शर्त पालना गराउन कारवाही गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१२. **करघुपति जुट मिल्स :** मिल्सको ६५ प्रतिशत शेयर (७३३९६७ कित्ता) शेयर बिक्री गर्ने सम्वन्धमा २०५३।४।२० मा रु ८ करोड २२ लाख मूल्य ५ किस्तामा भूक्तानी गर्ने गरी नेपाल सरकार र एक निजी संस्था विच सम्झौता भएकोमा सो अनुसार डेटर्सको रु १ करोड ७४ लाख र स्टकको कमी रु १० लाख कटाई २४ औ महिनामा रु १ करोड ८५ लाख दाखिला गर्नुपर्नेमा रु ६२ हजार मात्र दाखिला गरेकोले घटी दाखिला गरेको रु १ करोड ८४ लाखमा सम्झौता अनुसार १० प्रतिशत व्याज र १५ प्रतिशत हर्जाना समेत असुल गर्नुपर्दछ । सार्वजनिक लेखा समितिले मिति २०७३।३।३१ मा असुल उपर गर्न निर्देशन दिएकोमा असुल नभएको अवस्थामा अर्थ मन्त्रालयवाट छानवीनको लागि कार्यदल गठनगरी असुल उपर गरीने जानकारी प्राप्त भएको छ । साथै, मिल्सको ६५ प्रतिशत कम्पनीलाई विक्री गरे पश्चात नेपाल सरकारको स्वामित्वमा बाकी रहेको ६०७४६५ कित्ता मध्ये ६२२४ कित्ता कामदार कर्मचारी र सर्वसाधारणलाई विक्रीका लागि आवेदन परेकोले वाकी ६०२४१ कित्ता प्रति शेयर ७०।- ले हुने रु ४२०८६८७०।- लाई ५ वर्षभित्र भुक्तानी गर्ने गरी २०५३।४।३० मा सम्झौता भएकोमा २०५९।१०।२१ मा सो को सट्टा ७ वर्ष भित्र भूक्तानी गर्ने गरी संशोधन भएको छ । लेखापरीक्षणका लागी प्रस्तुत उक्त कागजातमा प्रमाणिकरण नभएकोले सो सम्वन्धमा आश्वस्त हुन नसकिएको तथा मिल्सवाट सो रकम हालसम्म पनि दाखिला नभएको सम्बन्धमा मन्त्रालयले छानविनको लागि कार्यदल गठन गरि रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने जानकारी प्राप्त भएको छ ।

१३. **हरिसिद्धिइटा टायल कारखाना :** कारखानाको सम्पत्ति तथा व्यवसाय विक्रीको लागि २०४९।७।१४ (३० अक्टोवर १९९२) मा एक पार्टीसंग भएको संम्झौताको दफा ३ बमोजिम व्यवसाय विक्रीको लागि रु २१ करोड ५ लाख २४ हजार स्थिर सम्पत्ति र रु १ करोड ६४ लाख ५० हजार ख्यातीबापत रु २२ करोड ६९ लाख ७४ हजार खरिद/विक्री मूल्य तोकिएको छ । सम्झौताको दफा ४.१ (डि) मा सम्झौता सम्पन्न भएको १८ महिना भित्र रु ९ करोड ५३ लाख २९ हजार र खुद चालू सम्पत्तिको सहमति अनुसारको हुने मूल्य सहित हुने रकममा १० प्रतिशत वार्षिक व्याज र दफा ४.४ अनुसार सोमा ४ प्रतिशत जरीवाना समेत असुल गर्नुपर्ने उल्लेख भएकोमा चालू सम्पत्ति र चालू दायित्व यकिन गरी खुद चालू सम्पत्तिको सहमति मूल्य नखुलेकोले सो वापतको असुल गर्नुपर्ने मूल्य सुनिश्चित नगरेको, संम्झौताको दफा ६.२ (इ) (४) अनुसार उक्त सयुक्त मूल्यको लागि खरिद कर्ताले नेपाल सरकारलाई १७ प्रतिशत वार्षिक व्याज दरको परिवर्तनशील ऋण पत्र जारी गर्नुपर्ने उल्लेख भएकोमा सो समेत जारी नभएको, नीजिकरण भएका संस्थावाट लिनुपर्ने, प्राप्त भएको र बाकी रकम स्पष्ट देखिने गरी अभिलेख अद्यावधिक राखि अनुगमन गर्नुपर्नेमा सो नगरेको, लिनु दिनु पर्ने हिसाव सम्वन्धित संस्थाले दावी गरी पत्र पठाएअनुसार स्वीकार गर्ने गरेवाट लिनुदिनु पर्ने अभिलेख व्यवस्थित नगरेको तथा अनुगमनसमेत प्रभावकारी नभएकोले यसमा सुधार गर्नुपर्दछ । यस सम्वन्धमा अभिलेख व्यवस्थित गर्ने तर्फ प्रयास गरिने जानकारी प्राप्त भएको छ ।

१४. **विराटनगर जुट मिल्स :** विराटनगर जुट मिल्स लाई सन २००२ देखि व्यवस्थापन करारमा संचालन गर्ने संम्झौता गरेकोमा परीक्षण लागि प्राप्त पछिल्लो वित्तीय विवरण (२०६८ आषाढ मसान्त) अनुसार रु २० करोड ९१ लाख नोक्सानमा देखिएको र तत्पश्चातको वित्तीय विवरण प्राप्त नभएको तथा निजीकरणको उद्देश्य पुरा नभएकोले करार बमोजिम व्यवस्थापन गर्न नसक्ने पदाधिकारीलाई कारवाही गर्ने सयन्त्रको निर्माण गर्नुपर्दछ ।

१५. **भृकृटी कागज कारखाना** : कारखानाको विक्री सम्वन्धमा एक निजी कम्पनी संग २ अक्टोवर १९९२ मा भएको संम्झौता अनुसार सम्पत्ति तथा व्यवसाय बिक्री वापत रु १७ करोड ४ लाख ३४ हजार भूक्तानी प्राप्त गर्ने गरी संम्झौता भएको छ । संम्झौता हुनुभन्दा अघि १९९२ अप्रिलमा कारखानामा आगलागी भएको र उक्त आगलागीका कारणले सम्पत्तिहरुमा नोक्सानी भएको भनि खरिदकर्ताले रु १ करोड १० लाख ६० हजार

क्षतिपूर्ति वापत माग गरी सो रकम भूक्तानी गर्नुपर्ने रकम मध्येवाट भूक्तानी गर्न बांकी राखेको सम्वन्धमा सर्वोच्च अदालत वाट २०६४ सालमा सरकारको पक्षमा फैसला भएकोमा अर्थ मन्त्रालयले २०७०।१२।५ मा सो रकम असुलीको लागि ताकेता गरेता पनि हाल सम्म असुल भएको छैन । सम्झौता बमोजिम सम्पत्ति तथा व्यवसाय विक्रीवाट प्राप्त हुनुपर्ने उक्त रु १७ करोड ४ लाख ३४ हजारमा १७ प्रतिशतले हुने व्याज र ४ प्रतिशतले हुने हर्जाना समेत असुल गर्नुपर्दछ । साथै, कतिपय निजीकृत संस्थाहरु निजीकरण गर्दाको वखत गरेको संम्झौतामा संस्थाहरु संचालननै गर्नुपर्ने शर्तहरु राखिएको देखिएतापनि संचालनमा नरहेको, बन्द भएको सार्वजनिक संस्थाको आर्थिक एवं सामाजिक क्षेत्रमा परेको प्रभावको यस वर्ष पनि अनुगमन मूल्यांकन गरेको छैन । यस्ता संस्थामा भृकुटी कागज कारखाना, हरिसिद्धि इटा टायल कारखाना, वालाजु टेक्सटाइल इन्डस्ट्रीज, र नेपाल चलचित्र विकास कम्पनी उललेखनीय रहेको छ । आर्थिक पक्षको अतिरिक्त निजीकरण पश्चात व्यवसायीले उद्योग संचालन गर्न सक्ने नसक्ने योग्यताको उचित मूल्यांकन गर्ने गरी निजीकरण प्रक्रियामा सुधार गर्नुपर्ने भनि विगत देखि सुझाव दिंदै आएकोमा यस वर्ष पनि स्थिति यथावत रहेको छ ।

१६. **सम्पत्ति व्यवस्थापन :** एक विघटित तथा ११ खारेजी गरिएका सार्वजनिक संस्थानको जग्गा एव सम्पत्ति वेच विखन एवं उपयोग गर्न नसकीएको अवस्था छ । खारेजी गरिएका नेपाल ड्रिलिङ्ग कम्पनी, विरगजं चिनीकारखाना, कृषि औजार कारखाना कर हिमाल सिमेन्ट कम्पनी लगायतमा यस्तो अवस्था देखिएको छ । उदाहरणका लागि हिमाल सिमेण्ट कम्पनीको चोभारमा रहेको ८१६ रोपनी जग्गामा ड्राइपोर्ट बनाउने निर्णय भएकोमा सोको कार्यान्वयन भएको छैन । यस्तै सोही कम्पनीको पाचखाल काभ्रेमा रहेको ५० रोपनी सोखेल काठमाण्डौमा रहेको १२८ रोपनी जग्गा र मेशीनरी तथा अन्य सम्पत्तिहरु यस वर्ष पनि उपयोग विहिनरुपमा रहेको छ । यस्ता सार्वजनिक संस्थानको सम्पत्ति व्यवस्थापन गर्न प्रत्येक वर्ष औल्याइएकोमा स्थिति यथावत रहेकोले सुधारका लागि आवश्यक पहल गर्नुपर्दछ ।

१७. **दायित्व भुक्तानी** : सामान्यतया सार्वजनिक संस्थानको दायित्व त्यही संस्थाको सम्पत्तिबाट व्यहोर्नु पर्ने र लिमिटेड कम्पनीको रुपमा स्थापित संस्थाको दायित्व लगानी गरेको शेयरमा सीमित हुनुपर्ने भएता पनि विगतमा विनिवेश, विघटन र खारेजी गरेका सार्वजनिक संस्थानमा समेत सरकारले निरन्तर ठुलो लगानी गरिरहेको छ । हेटौडा कपडा उद्योग लिक्विडेशनमा लैजाने निर्णय भई लिक्विडेटर नियुक्त भएको १२ वर्ष पछि पनि अझै कार्य सम्पन्न हुन वांकी देखिएको छ । २०६९।७० सम्म यस्ता १५ संस्थाको २०७२ आषाढ मसान्तसम्म रु.५ अर्व ४६ करोड ८१ लाख ८८ हजार दायित्व भुक्तानी भएको विवरण प्राप्त भएको छ । यसवर्ष दायित्व भूक्तानी सम्वन्धमा निजीकरण महाशाखावाट कुनै पनि सुचना प्राप्त नभएकोले सोही रकम यथावत रहेको, विनिवेश, विघटन र खारेजी गरेका सार्वजनिक संस्थानको दायित्व फरफारक गर्ने काम टुगो लाग्न नसकेकोले राज्य कोषमा थप व्यय भार पर्दै जाने स्थिति छ । यस्तो परिपाटीलाई रोकी दायित्व फरफारक गर्ने कार्य टुंगो लगाउनु पर्दछ ।

१८. **जमानतमा ऋण :** २०६०।६१ सम्म २५ संस्थाको नेपाल सरकारको जमानतमा उपलव्ध गराएको ऋणको साँवा रु.४७ करोड ३ लाख १ हजार र व्याज रु.१ अरब ५८ करोड ४० लाख ६३ हजार बाँकी रहेको व्यहोरा गतविगत वर्षको प्रतिवदेनमा औल्याइएकोमा स्थिति यथावत रहेको छ । यसवर्ष नेपाल सरकारको जमानतमा ऋण उपलव्ध गराए नगराएको सम्वन्धमा कुनै जानकारी प्राप्त हुन नआएकोले विगतको सावा व्याज रकम असुल गर्नेतर्फ ठोस निर्णय गरी प्रभावकारी कदम चाल्नुपर्दछ ।

१९. **वैदेशिक सहायता सम्झौता :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ५ उपदफा ५ (३) मा सरकारलाई वाहय संस्थाबाट जुनसुकै ऋण तथा अनुदान प्राप्त गर्दा सम्झौता गर्नुपर्ने व्यवस्था छ । त्यस्तो सम्झौता गर्नु अगावै लेखापरीक्षण सम्वन्धमा महालेखापरीक्षकको कार्यालयको राय लिनुपर्ने व्यवस्था आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २९ मा उल्लेख छ । यस वर्ष मन्त्रालयबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७२।७३ मा रु ७९ अर्व २० करोड ३७ लाखको अनुदान सम्झौता र रु १ खर्व १६ अर्व ३९ करोड ५० लाखको ऋण सम्झौता गरी कुल रु.१ खर्व ९५ अर्व ५९ करोड ८७ लाख बराबरको २७ वटा ऋण तथा अनुदान सम्झौता भएको छ । वैदेशिक सहायता सम्झौतामा महालेखापरीक्षकको कार्यालयको राय माग्ने गरिएको भनिएता पनि कतिपय सम्झौतामा राय माग्न छुट समेत भएको देखिएको हुंदा आगामी आर्थिक वर्षमा सम्झौता गर्नु पुर्व नै राय लिने व्यवस्थालाई प्रभावकारी रुपमा परिपालना गरिने उल्लेख भएता पनि स्थिति यथावत छ । मन्त्रालयवाट सम्झौता गर्नु अगावै लेखा परिक्षणका सम्वन्धमा महालेखापरीक्षकको राय लिने कार्य प्रभावकारी रुपमा पालना गरिने प्रतिवध्दता व्यक्त भएको छ ।

२०. **प्राविधिक अन्य सहायता :** आर्थिक कार्यविधी ऐन, २०५५ का दफा १६ (२) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय व्ययको तोकिए बमोजिमको लेखा र आर्थिक विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । अर्थ मन्त्रालयबाट प्रकाशित आर्थिक वर्ष ०७२।७३ को प्राविधिक तथा अन्य सहायता सम्वन्धी पुस्तिकामा उल्लेख भए बमोजिम यस मन्त्रालय अन्तर्गत कुल

अमेरिकी डलर २८ लाख ३४ हजार ९८३ र पाउण्ड स्टर्लिङ, २ करोड १५ लाख सहायता प्राप्त हुने उल्लेख भएकोमा सो को खर्चको विवरण, आर्थिक विवरण, तथा लेखा पेश हुन नआएकोले लेखापरीक्षण भएको छैन । अर्थ मन्त्रालय सहित १३३ आयोजनाका लागि २० मन्त्रालय तथा निकायलाई कुल रु.९० अर्व ७६ करोड ८९ लाख ४८ हजार प्राविधिक सहायता सम्झौता भएकोमा प्रति वर्ष औसत रु.२५ अर्व ८२ करोड, १२ लाख ३१ हजार प्राप्त हुने देखिएको छ । यस्तो सबै प्राविधिक सहयाताको लेखापरीक्षण गराई सार्वजनिक जवाफदेहिता र पारदर्शिता कायम गर्नुपर्दछ । सम्झौतामा भएको व्यवस्थाबमोजिम प्राविधिक सहायकता वापतको रकम दातृ संस्था आफैले खर्च गर्ने रकमको श्रेस्ता समेत दातृ संस्था संगै रहने र सो रकमको लेखापरीक्षण समेत दातृ संस्थाले नै गराउने हुँदा खर्चको विवरण सम्म माँग गरि पारदर्शिता कायम गर्ने प्रयास भएको जानकारी प्राप्त भएको छ ।

२१. **अर्थ विविधबाट खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ (२) बमोजिम खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेट भित्र र सम्वन्धित खर्च शिर्षकमा पर्छ र खर्च गर्न बांकी छ भन्ने सम्वन्धमा विचार गर्नुपर्ने उल्लेख छ । विनियोजन ऐनले छुटयाएको रकम सोही प्रायोजनमा खर्च गर्नुपर्नेमा अर्थ विविध शिर्षकमा रकम विनियोजन गरी र अर्थ मन्त्रालयबाट पटके निर्णयका आधारमा विभिन्न निकायको माग अनुसार कार्यक्रम तथा थप कार्यक्रमको लागि निकासा दिएको र यस्तो निकासा आ.व. २०७०।७१ मा १०अर्व १७ करोड ७५ लाख भएकोमा २०७१।७२ मा रु १३ अर्व ४६ करोड ४ लाख ४६ हजार र आ.व.२०७२।७३ मा ८१ अर्व ४१ करोड ७८ लाख ६९ हजार भएको छ । उक्त रकम यस वर्षको कुल विनियोजित वजेटको ११.०८ प्रतिशत रहेको छ। उक्त विविधवाट भएको निकासामध्ये भैपरी आउने साधारण प्रशासनमा रु ५ अर्व ९३ करोड ३६ लाख २६ हजार निकासा भएको छ । सम्वन्धित मन्त्रालयको सम्वन्धित उपशीर्षकमा विनियोजन गरी खर्च गर्नुपर्नेमा अर्थ विविधमा वजेट विनियोजन गरी विभिन्न प्रयोगमा निकासा दिने व्यवस्था बजेट सिध्दान्त प्रतिकुल रहेको छ ।

२२. **ऋण लगानी :** सरकारी खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका २०६८ मा वार्षिक बजेटमा व्यवस्था भए देखि वाहेक सार्वजनिक संस्थानमा शेयर तथा ऋण लगानी नगर्ने उल्लेख छ । बजेट तर्जुमा गर्दाका वखत कुन सस्थामा कति ऋण तथा शेयर लगानी गर्ने हो सो को पुस्टयाई सहित बजेट व्यवस्था गरी तोकिएको सस्थामा मात्र लगानी गर्नुपर्नेमा सो को लागि नेपाल सरकारले लगानी सम्वन्धी नीति बनाएको छैन । यसरी नेपाल सरकारले लगानी नीति तथा आधार स्पष्ट नगरी यो वर्ष १४ संस्थामा यसवर्ष रु २० अर्व ५१ करोड ७५ लाख ८५ हजार ऋण लगानी गरेको छ ।

२२.१. मन्त्रालयले ऋण लगानी गर्नका लागि सम्वन्धित संस्थाको वित्तीय विवरण संकलन एवं बिभिन्न वित्तिय सूचकको विश्लेषण, लगानी गर्नुपर्ने आधार, लगानी प्रतिफलको अवस्था, व्याज दर, ऋण अवधी भुक्तानी तरीका आदि स्पष्ट गर्नुपर्नेमा नगरेको, सरकारले लगानी गर्ने संस्थाको नेटवर्थ विश्लेषण नगरेको, सम्वन्धित संस्थावाट व्यावसायिक योजना लिई विश्लेषण र अनुगमन नगरेको, ऋण लगानी गर्दा संस्थाको व्यावसायिक योजना अनुसार प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी गर्नुपर्नेमा तलव भत्ता वितरण गर्ने, दायित्व भूक्तानी गर्ने, पुरानो ऋण चुक्ता गर्ने आदी कार्यका लागि ऋण लगानी गरेको देखिएकोले ऋण लगानी गरेको रकम असुल हुने संभावना न्यून रहेको देखिएको छ ।

२२.२. चालू हालतमा नरहेका ६ संस्थामा गत वर्ष रु ७२ करोड १४ लाख १८ हजार ऋण लगानी गरेकोमा यस वर्ष यस्ता चालू हालतमा नरहेका जनकपूर चुरोट कारखानामा रु ३८ करोड ३५ लाख २९ हजार, नेपाल औषधी लिमिटेडमा रु १ करोड७९ लाख ३६ हजार, नेपाल मेटल कम्पनीमा रु ६० लाख, नेपाल ओरियन्ट म्याग्नासाइट कम्पनी मा रु ६८ लाख र नेपाल रेल्वे कम्पनीमा रु २ करोड ४ लाख ८ हजार समेत रु ४३ करोड ४६ लाख ७३ हजार थप लगानी गरेको छ । चालू हालतमा नरहेका संस्थामा लगानी गर्नु मनासिव नहुने भएता पनि प्रत्येक वर्ष यस्ता संस्थामा लगानी गर्ने प्रवृत्ति यथावत नै रहेको छ ।

२२.३. मन्त्रालयले आ.व २०६९।७० मा नेपाल विधूत प्राधिकरण को २०६८ आषाढ सम्मको कुल नोक्सान रु २७ अर्व १८ करोड ८१ लाख ९१ हजार अपलेखन गर्न स्वीकृती दिएको स्थितिमा सोही संस्थालाई गत वर्ष रु ९ अर्व ५४ करोड ३० लाख ऋण लगानी गरेकोमा यस वर्ष रु ८ अर्व २३ करोड ऋण लगानी गरी हाल सम्म जम्मा रु १ खर्व ६ अर्व ३८ करोड ६४ लाख ९४ हजार ऋण लगानी गरेकोमा वित्तीय लगानी गर्नुपर्ने आधार, व्याजदर, ऋण अवधी र भूक्तानी तरीका आदी ऋणका शर्त स्पष्ट गरेको छैन । सरकारको ऋण लगानी नीति नरहको अवस्थामा ऋण रकम असुलीको लागि आश्वस्त हुने आधार नभएकोले संस्थामा गरिने ऋण लगानी तथा प्रतिफल सुरक्षित बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

२३. **ऋण व्यवस्थापन मूल्यांकन** : नेपाल सरकार अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयबाट सम्पादित ऋण व्यवस्थापन सम्वन्धी कार्यको विश्व वैंकबाट दोस्रो पटक कार्य सम्पादन मूल्यांकन भई अक्टोवर १५ २०१४ मा प्रतिवेदन प्रस्तुत भएको छ । बैंकबाट डेम्पा मूल्यांकनका लागि १४ कार्य सम्पादन सूचक र सो सूचक अर्न्तगत ३५ वटा सहायक सूचक तय गरिएको र सो अनुसार मूल्यांकन भई प्रतिवेदन प्रस्तुत भएको

छ । वैंकबाट कर्जा व्यवस्थापन मूल्यांकन गर्न तय गरिएको प्रत्येक सहायक सुचक)मा न्यूनतम अवस्था विद्यमान भए 'C' नभए D र सूचना उपलव्ध हुन नसक्ने अवस्था भए N/R आवश्यक सम्पूर्ण व्यवस्था पुरा भए A र सम्पूर्ण व्यवस्था भन्दा घटी र न्यूनतम व्यवस्था भन्दा बढी व्यवस्था पुरा भएको अवस्थामा Bमा वर्गीकरण गरी मूल्यांकन गर्ने आधार निर्धारण गरेको छ । उक्त आधारमा वैंकले मूल्यांकन गर्दा समग्र ऋण व्यवस्थापन सम्वन्धमा २ वटा सहायक सूचकमा अति उत्तम (A), एउटा सहायक सूचकमा उत्तम (B), ४ वटा सहायक सूचकमा न्यूनतम मापदण्ड पुगेको (C) र २४ सहायक सूचकमा न्यूनतम मापदण्ड नै नपुगेको, ४ वटा सहायक सूचकमा मूल्यांकन गर्न आवश्यक पर्ने सूचना, अभिलेख नै नरहेको अवस्था (N/R) विद्यमान छ । ऋण व्यवस्थापनको समष्टीगत मूल्यांकनमा अधिकांस सूचकमा न्यूनतम मापदण्डनै नरहेको अवस्थाले सार्वजनिक ऋण व्यवस्थापन कार्य प्रभावकारी नदेखिएको व्यहोरा प्रतिवेदनमा औल्याइएकोमा यसवर्ष भएको सुधारको वारेमा ऋण शाखावाट कुनै जानकारी प्राप्त भएको छैन ।

२४. **बजेट र रकमान्तर :** आर्थिक कार्यविधी ऐन, २०५५ को परिच्छेद ३ दफा ८ मा विनियोजन ऐनमा तोकिएको कुनै शीर्षकमा रकम नपुग भएमा सो नपुग भएको रकम सोही ऐनमा तोकिएको कुनै एक वा एक भन्दा वढी शीर्षकमा बचत हुने भएमा विनियोजन ऐनमा तोकिएको सीमा भित्र रही एक शीर्षकवाट अर्को शीर्षकमा अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने उल्लेख छ । विनियोजन ऐनले विनियोजन नै नगरेको शीर्षकमा रकमान्तर गरी रकम व्यवस्था गर्न सक्ने प्रावधान नरहेकोमा यो वर्ष १० उपशिर्षकमा ऐनले रकम विनियोजन नगरेको भएपनि रु ६ अर्व २० करोड ६६ लाख ७ हजार रकमान्तरद्वारा थप गरि खर्च गरेको छ । ऐनले अख्तियार नदिएको विषयमा रकमान्तर गरि खर्च गर्दा आर्थिक अनुशासन कायम हुने नदेखिएकोले यस्ता कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२५. **बजेट पुरै रकमान्तर :** आर्थिक कार्यविधी ऐन ,२०५५ को दफा ८ मा विनियोजन ऐनमा तोकिएको कुनै एक वा एक भन्दा वढी शीर्षकमा विनियोजित बजेट बचत हुने भएमा तोकिएको सीमा भित्र रहि कुनै एक शीर्षकवाट अर्को शिर्षकमा अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ । अर्थ मन्त्रालयले रकमान्तर गर्नू अगावै रकमान्तर हुने शिर्षकमा के कति रकम खर्च भै बचत वांकी छ मूल्यांकन गरेर मात्र रकमान्तर गर्नुपर्नेमा खर्चको मूल्यांकन नै नगरी ३७ बजेट उपशीर्षकमा शुरु बजेट विनियोजन भएको पुरै रकम रु ६ अर्व ५ करोड २६ लाख ४६ हजार रकमान्तर गरी घटाएको देखिएको छ ।

२६. **ऋणात्मक बजेट रकमान्तर :** आर्थिक कार्यविधी ऐन, २०५५ को दफा ८ मा विनियोजन ऐनमा तोकिएको कुनै एक वा एक भन्दा वढी शीर्षकमा विनियोजित बजेट बचत हुने भएमा तोकिएको सीमा भित्र रहि कुनै एक शीर्षकवाट अर्को शिर्षकमा अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने भएतापनि बचत नभएको शीर्षकवाट रकमान्तर गर्न मिल्ने व्यवस्था रहेको छैन । अर्थ मन्त्रालयले यो वर्ष बजेट उपशिर्षक नं ६०२१०६४ भैपरी आउने विकास कार्यक्रममा शुरु बजेट रु ५ अर्व रहेकोमा रु ४ अर्व २५ करोड ३३ लाख थप र रु ९ अर्व ५३ करोड १८ लाख ८४ हजार घटी रकमान्तर पश्चात उक्त शिर्षकमा खुद बजेट रु २७ करोड ८५ लाख ८४ हजार ऋणात्मक देखिएको छ । बजेट उपशिर्षकमा भएको खर्च तथा बचतको मूल्यांकन नै नगरी रकमान्तर गर्ने परिपाटीले आर्थिक अनुशासन कमजोर हुने सम्बन्धमा अव उप्रान्त यस्तो गल्ती नदोहरिन नियन्त्रणात्मक उपाय अवलम्वन गरिने मन्त्रालयले जनाएको छ ।

२७. **वढी खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५.२ मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले रकम स्विकृत बजेट भित्र र सम्वन्धित खर्च शिर्षकमा पर्छ र खर्च गर्न वांकी छ भने मात्रखर्च गर्न र खर्च गर्न निकासा दिनुपर्ने उल्लेख छ । नियमको व्यवस्था विपरित ७ उपशिर्षकमा रु ७५ करोड ८८ लाख ८८ हजार स्विकृत बजेट भन्दा वढी खर्च हुने गरी निकासा तथा खर्च लेखेको छ । साथै, एकल कोष प्रणाली लागु भएको अवस्थामा स्विकृत बजेट भन्दा वढी निकासा दिन नमिल्नेमा के कुन आधारमा बजेट भन्दा वढी निकासा हुन गएको हो स्पष्ट हुन सकेको छैन । यसवाट एकलकोष प्रणालीको प्रभावकारीतामा नै प्रभाव पर्ने हुंदा बजेट भन्दा वढी हुने गरि निकासा दिनु र खर्च लेख्नु विनियोजन ऐन विपरित देखिएको छ । यस्ता कार्यवाट आर्थिक अनुशासन नहुने हुदा नियन्त्रण गर्नुपर्दछ ।

२८. **राजस्व छुट** : आर्थिक ऐन, २०७२ को दफा १८ मा प्रचालित कानूनमा जुनसुकै कुरा लेखिए तापनि नेपाल सरकारले आवश्यकता अनुसार यस ऐन र प्रचलित कानून बमोजिम लगाइएका दस्तुर, शुल्क, महसुल र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर शुल्क, महसुल र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्ने र यसरी करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर शुल्क महसुल र कर आंशिक वा पूर्ण रुपमा छुट दिएको विवरण प्रत्येक वर्ष अर्थ मन्त्रालयले व्यवस्थापिका संसदमा पेश गर्नुपर्ने व्यवस्था छ । आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी विद्यमान राजस्व छुट सम्बन्धी नीतिको आधारमा मन्त्रीस्तरीय निर्णयबाट नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विभिन्न संघ संस्थालाई उल्लेखित विजक

रकममा भन्सार महसुल, अन्तशुल्क, मूल्य अभिवृद्धि कर तथा अन्य शुल्क गरी यो वर्ष स्वास्थय सामाग्री र उपकरण, सवारी साधन, विद्युतीय तथा उर्जा जस्ता सामाग्री आयात गर्दा जम्मा १६९ वटा छुट दिएको विवरण प्राप्त भएकोमा उल्लेखित विजक, रकममा राजस्व छुट भएको रकम यकिन गरेको छैन । राजस्व छुटको निर्णय गर्दा राजस्वमा परेको असरको आंकलन नगरेको कारण राजस्व छुट सम्वन्धी नीति निर्माण तथा कार्यान्वयन प्रभावकारी हुन नसकेकोले राजस्व छुटको निर्णयका साथ साथै यसबाट राजस्वमा पर्ने प्रभाव समेत मूल्यांकन गर्नुपर्दछ । राजस्व छुट सम्वन्धी अन्य व्यहोरा निम्न छन् ।

२८.१. सरकारले प्रत्येक वर्ष आय व्यय विवरण (वजेट) को अभिन्न अंगको रुपमा कर प्रणाली अर्न्तगतको राजस्व छुटको विवरण पेश गर्नुपर्ने अन्तर्राष्ट्रिय अभ्यास रहेको छ । यस्तो विवरणमा संस्थागत र व्यक्तिगत करदातालाई आयकरमा दिएको छुट, भन्सार, मूल्य अभिवृद्धि कर र अन्तशुल्क वापत दिइएको छुटको कारण राजस्वमा हुन गएको कमिको रकमगत विवरण समावेश हुनुपर्ने देखिएको छ । यस प्रकारको विवरण तयार गरी पेश गर्ने व्यवस्थाले राजस्व छुटको प्रभाव सम्वन्धमा व्यवस्थापिकालाई सुसुचित हुने तथा छुटको कारण समग्र अर्थतन्त्रमा पर्ने प्रभावको आवधिक समिक्षा गर्न र अत्यधिक छुट एंव प्रोत्साहनलाई हटाई राजस्व हानी हुनबाट रोक्ने प्रणालीको विकास गर्न समेत सहज हुन्छ । मन्त्रालयले यसप्रकार राजस्व छुटको कारण कमि हुन गएको राजस्वको रकमगत विवरण प्रस्तुत गरेको छैन । लेखापरीक्षणको समयमा आसिकुडाको तथयाक एवं राजस्व संकलन गर्ने कार्यालयहरुबाट उपलव्ध भएसम्मसंकलित सुचनाको आधारमा यसवर्ष ४१ शीर्षकमा आर्थिक ऐन २०७२ मा उल्लेख भए बमोजिम रु.५१ अर्ब ३० करोड ८० लाख भन्सार महसुल, अन्तशुल्क छुट एवं मूल्य अभिवृद्धि कर फिर्ता दिएको छ । उक्त रकममा आयकरमा दिइएको छुटका कारण भएको राजस्वमा भएको कमिलाई समावेश गरिएको छैन् । छलफलको क्रममा राजस्व छुट एवं सहमति लाई व्यवस्थित बनाउन राजस्व छुट सम्बन्धि छुट्टै कार्यविधि तयार गरि सो अनुरुप कार्य सम्पादन हुदै आएको, राजस्व छुट सम्बन्धि छुट्टै सफ्टवेयर तयार भै लागू भएको हुँदा राजस्व छुटको विस्तृत विवरण प्राप्त हुने र राजस्व छुटको प्रभाव सम्बन्धमा थप अध्ययन गर्न सकिने जानकारी प्राप्त भएता पनि सो सफ्टवेयर २०७३ श्रावण देखिमात्र लागु भएको स्थित छ ।

२८.२. १७ शिर्षकमा गत वर्ष रु २३ अर्व ९२ करोड १६ लाख ९३ हजार राजस्व छुट दिएकोमा यसवर्ष रु ८ अर्व ६५ करोड १८ लाख ६५ हजार (३६.१७%) वृद्धी गरी रु ३२ अर्व ५७ करोड ३५ लाख ५८ हजार राजस्व छुट दिएको छ । यसरी राजस्व छुटमा वृद्धि भएता पनि छुटका शर्त परिपालना भए नभएको, लक्षित वर्गले सुविधा प्राप्त गरे नगरेको, छुटको दुरुपयोगको स्थिति रहे नरहेको सम्वन्धमा अनुगमन गरी राजस्व नीति परिमार्जन गर्न आधार तयार गर्नुपर्नेमा सो नगरेकोले यसमा सुधार गर्नुपर्दछ ।

२८.३. आर्थिक ऐन, २०७२ बमोजिम विद्युत विकास विभाग वा बैकल्पिक उर्जा प्रवर्धन केन्द्रको सिफारिसमा जल विद्युत उत्पादन, प्रसारण, वितरण, सञ्चालन वा संभारको लागि आवश्यक पर्ने निर्माण उपकरणहरु, मेशिनरी औजार स्टील, सीट र सो निर्माण गर्ने कच्चा पदार्थमा भन्सार महसुल र मूल्य अभिवृद्धि कर छुट हुने व्यवस्था छ । सोही बमोजिम गत वर्ष रु.२ अर्व १२ करोड ६९ लाख ३२ हजार राजस्व छुट भएकोमा यस वर्ष रु २६ करोड ११ लाख ३८ हजार(१२.२८ प्रतिशत) बृध्दि भई रु २ अर्व ३८ करोड ८० लाख ७० हजार राजस्व छुट भएको छ । आर्थिक ऐन २०७२ को प्रयोग गरी जल विद्युत उत्पादन प्रसारण वितरण गर्ने आयोजनाले विद्युत उत्पादन र प्रसारण, वितरण, सञ्चालन वा सम्भारको लागि आवश्यक पर्ने उपकरण मेशिनरी औजार, स्टील सिटमा छुट दिने व्यवस्था रहेपनि कन्डक्टर तारहरु पैठारी गर्दा समेत छुट दिएको छ ।

२८.४. आर्थिक ऐन, २०७२, मूल्य अभिवृद्धि कर समूह ११ को दफा १० तथा सोही ऐनको भन्सार महसुल सम्बन्धी दफा १५ को उपदफा २(५) (आ) मा सौर्य शक्तिबाट विद्युत उत्पादन गर्ने उपकरण, तिनका पार्टपुर्जा, सोलार फोटोभोल्टिक ट्युवलर व्याट्री लगायतका सामानमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सिफारीसमा १ प्रतिशत भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पुरै छुट दिने व्यवस्था रहेको छ । विभिन्न भन्सार कार्यालयहरुबाट सोलार फोटोभोल्टिक ट्युवलर व्याट्री लगायतका सामानहरु पैठारी भएकोमा आर्थिक ऐनको प्रावधान बमोजिम गतवर्ष रु. ५५ करोड १३ लाख राजस्व छुट भएकोमा यस वर्ष रु २४ करोड ४७ लाख ८७ हजार (४४. ४० प्रतिशत) बृध्दि भइ रु ७९करोड ६१लाख १७हजार राजस्व छुट भएको छ । एउटै पैठारीकर्ताले भन्सार महसुल र मूल्य अभिवृद्धि कर तिरेर वा नतिरिकन छुटमा टयुवलर व्याट्री आयात गर्ने गरेको र टयुवलर व्याट्रीहरु सोलारमा मात्र नभई इन्भर्टरमा समेत प्रयोग भईरहेको अवस्था छ । जसले गर्दा सौर्य उर्जालाई प्रोत्साहन गर्न दिएको छुटको सदुपयोग सम्बन्धमा यकिन हुन सकेन । भन्सार तथा मूल्य अभिवृद्धि कर छुटमा पैठारी भएका ती व्याट्रीहरु कुन प्रयोजनमा प्रयोग भएको छ भन्ने सम्बन्धमा सम्बन्धित निकायबाट अनुगमन समेत भएको छैन ।

२८.५. आर्थिक ऐन, २०७२ को व्यवस्था अनुरुप स्वीकृति प्राप्त निजी वा सामुदायिक अस्पताल र संस्थाहरुले पैठारी गर्ने एम्बुलेन्स र शव वाहनमा भन्सार छुट दिने व्यवस्था छ । उक्त व्यवस्था अनुरुप सवारी साधन पैठारी गरी गत वर्ष रु.२५ करोड ४८ लाख २३ हजार राजस्व छुट भएकोमा यस वर्ष रु ४ करोड२३ लाख ५९ हजार (१६.६२ प्रतिशत) बृध्दि भइ रु २९करोड ७१लाख८२ हजार राजस्व छुट भएको छ । यस्तो छुट सुविधामा पैठारी भएका सवारी साधनमा औजार फिट गरिएको हुनुपर्ने, चालकको पछाडी पट्टी कुनै पनि सीट राख्न नपाउने, अन्य प्रयोजनमा प्रयोग गर्न नपाइने लगायत एम्बुलेन्समा टाढैबाट देखिने गरी ठुला ठुला अक्षरमा "नेपाल सरकारबाट राजस्व छुट सुविधा प्राप्त" भन्ने पनि लेखिएको हुनुपर्ने व्यवस्था छ । यसै गरी विरामी ओसार पसार लगायतमा सेवा प्रदान गरे वापत लिने भाडा दर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोके बमोजिम हुने व्यवस्था छ । तर यथार्थमा यस्ता सवारी साधनमा नेपाल सरकारबाट राजस्व छुट सुविधा प्राप्त भन्ने पनि नलेखिएको रे सेवा शुल्क मन्त्रालयले तोके बमोजिम असुल गर्ने गरेको छैन । कतिपय यस्ता सवारी साधनमा सीट समेत राखेको अवस्था छ । छुट सुविधामा पैठारी गरिएका एम्बुलेन्स तथा शववाहन सम्वन्धमा उपर्युक्त व्यवस्था परिपालनाको अनुगमन गरिएको छैन ।

२८.६. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को अनुसूची १ अन्तर्गत समूह ११ मा अप्रभावित वा अर्ध निर्मितरुपका वा धुलो रुपका सून र सूनका गरगहनामा मूल्य अभिबृध्दि कर छुट हुने व्यवस्था छ । यस सुविधा अन्तर्गत गतवर्ष रु.१ अर्ब ९४ करोड ८० लाख ७९ हजार राजस्व छुट भएकोमा यस वर्ष रु ५७ करोड ४९ लाख ३ हजार (२९.५१ प्रतिशत) बृध्दि भई रु २ अर्ब ५२ करोड २९ लाख ८२ हजार राजस्व छुट भएको छ । यस्ता विलाशिताका समानमा समेत राजस्व छुट दिनु उपयुक्त देखिएको छैन ।

२८.७. यसवर्ष २५ शिर्षकमा गत वर्ष रु २५ अर्ब २४ करोड ६६ लाख ३५ हजार राजस्व छुट भएकोमा यस वर्ष रु ८ अर्ब ६५ करोड ९ लाख ९३ हजार (३४.२७%) कमी भई रु १६ अर्ब ५९ करोड ५६ लाख ४२ हजार राजस्व छुट भएको छ । यसरी राजस्व छुटमा कमी भएको मध्ये अत्यावश्यक तथा उद्योग तथा सुरक्षा निकाय संग सम्वन्धित छुटमा वाहेक अन्य छुट तर्फ नीतिगत पुनरावलोकन गर्नुपर्दछ ।

२८.८. आर्थिक ऐन, २०७२ मा दाना उद्योगले पैठारी गर्ने मकै, भटमासको पिना लगायतका मालवस्तुमा भन्सार तथा मूल्य अभिवृद्धि कर छुट दिने व्यवस्था रहेको छ । जसअनुसार गत वर्ष रु.४ अर्ब ६५ करोड ०८ लाख ०२ हजार राजस्व छुट भएकोमा यस वर्ष रु ५० करोड २१ लाख ०७ हजार (१०.८० प्रतिशत) कमी भई रु रु.४ अर्ब १४ करोड ८६ लाख ९५ हजार राजस्व छुट भएको छ । यसरी राजस्व छुटमा कमी भएता पनि आयात भएका ती मालवस्तुहरु पशुपंक्षीको दाना वनाउने प्रयोजनमा नै उपयोग भएको आश्वस्त हुने अवस्था छैन ।

२८.९. वैदेशिक सहायतामा सञ्चालन हुने आयोजनामा निर्माण कार्य प्रयोजनका लागि सम्झौतामा व्यवस्था भए बमोजिम आयात गर्ने निर्माण सामग्रीमा नेपाल सरकारको निर्णयबाट भन्सार महसुल, कर, शुल्क छुट दिने व्यवस्था छ । आयोजनाको माष्टर लिष्ट स्वीकृत हुने र माष्टर लिष्टमा समावेश भएका सामग्री कतिपय आयोजनामा पटके रुपमा र कतिपयमा एकमुष्ठ स्वीकृति लिएर विभिन्न भन्सार नाकाबाट आयात गर्ने गरेको छ । यस व्यवस्था अनुरुप छुट दिएको कारण राजस्वमा गतवर्ष रु.१ अर्व १६ करोड ५ लाख १ हजार छुट भएकोमा यस वर्ष रु ५९ करोड ४४ लाख २७ हजार (५१.२२ प्रतिशत) कमी भई रु रु.५६ करोड ६० लाख ७४ हजार राजस्व छुट भएको छ । यस्ता सुविधामा आयात हुने सामग्रीमा लाग्ने राजस्व छुट रकमको अभिलेख राख्ने, राजस्व छुट दिएको रकम आयोजनाको लगानीमा समावेश गर्ने गरेको छैन । छुटमा आयातित सामान सम्वन्धित आयोजनामा नै उपयोग भएको सुनिश्चतता गर्ने प्रणाली नहुंदा सदुपयोगको अवस्था यकिन हुन सकेन । बैदेशिक आयोजनामा छुट दिने सम्वन्धमा पनि कुनै आयोजनामा माष्टर लिष्टमा राखेर सबै मालवस्तुमा भन्सार, अन्तशुल्क मूल्य अभिवृद्धि कर छुट दिएको, कुनैमा भन्सार महसुल मात्र छुट दिने, कुनैमा प्रयोग हुने मालवस्तु मध्ये आंशिक परिमाणमा मात्र छुट दिने गरेकोले वैदेशिक आयोजनामा माष्टर लिष्ट तय गर्ने र राजस्व छुट दिने सम्वन्धमा स्पष्ट नीति निर्धारण गर्नुपर्दछ ।

२८.१०. आर्थिक ऐन २०७२ मा व्यवस्था भए बमोजिम एल.पि.जी. ग्यांसमा गतवर्ष रु. २ अर्व ४८ करोड २५ लाख १३ हजार राजस्व छुट भएकोमा यस वर्ष रु १ अर्व ७ करोड६६ लाख ४७ हजार (४३.३७ प्रतिशत) कमी भई रु. १ अर्व४० करोड ५८ लाख ६६ हजार राजस्व छुट भएको छ । एल.पी.जी ग्यासको उपयोग शहरी क्षेत्रमा कोठा तातो वनाउन, पानी तताउन, खाना तयार गर्ने आदि प्रयोजनका लागि होटल लगायतका औद्योगिक एवं व्यापारिक प्रतिष्ठानले खपत गरि रहेको अवस्था छ । जस्ले छुटको सकारात्मक प्रभाव परेको स्थिति सुनिश्चित छैन ।

२८.११. नेपाल सरकारसंग भएको सम्झौता वा नेपाल सरकारको निर्णयको अधिनमा रही आयोजनामा सम्वन्धित निर्माण व्यवसायीको नाममा पैठारी भएको सवारी र ढुवानी साधन, निर्माण उपकरण र यन्त्रहरु लगायतका

मालवस्तु समेत आंशिक भन्सार महसुल लिई वा महसुल वापतको वैंक ग्यारेण्टी लिई अस्थायी पैठारी गर्न दिने व्यवस्था आर्थिक ऐन, २०७२ मा उल्लेख भएको छ । बिभिन्न आयोजना सञ्चालन गर्न विभिन्न भन्सारबाट भन्सार महसुल, अन्तशुल्क र मूल्य अभिवृद्धि कर छुटमा सिमेण्ट र क्लिकंर आयात गर्दा गतवर्ष रु.३२ करोड १३ लाख ६२ हजार राजस्व छुट भएकोमा यस वर्ष रु २४ करोड ४४ लाख २ हजार (७६.०५ प्रतिशत) कमी भई ७ करोड ६९ लाख ६० हजार राजस्व छुट भएकोले छुटमा पैठारी भएका समानको सोही आयोजना प्रयोजनमा उपयोग भएको सुनिश्चित गर्ने आधार रहेको छैन ।

२८.१२. आर्थिक ऐन, २०७२ बमोजिम साफ्टा छुट हुने मालवस्तुहरु सार्क मुलुकमा उत्पादन भई सोही मुलुक वाटै उत्पत्तिको प्रमाणपत्र सहित पैठारी भएमा आंशीक महशुल छुट हुने व्यवस्था छ। सो व्यवस्था बमोजिम विभिन्न भन्सार कार्यालयवाट यो वर्ष रु १ अर्व ६१ करोड ६४ लाख राजस्व छुट भएको छ । सार्क क्षेत्रका मुलुकबिच भएको साफ्टा सम्झौताको प्रावधानवाट मुलुकले लाभलिन व्यापार प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । सरकारले यस प्रकारको छुटको कारण स्वदेशी उद्योगमा पर्ने प्रभावको मूल्याकन हालसम्म नगरेकोले साफ्टा छुटका सामान आयात निर्यात सम्वन्धमा विस्तृत अध्ययन गरी मुलुकको हित संरक्षण गर्न साफ्टा सम्वन्धी बैठकमा पहल गर्नुपर्दछ ।

२९. **विशेष राजस्व छुट :** विशेष ऐन, नियम वा सुचित आदेशमा राजस्व छुट दिने सम्वन्धमा भएको व्यवस्थाको अधीनमा रही त्यस्तो छुट सुविधा प्राप्त गर्ने निकायले आफ्नो स्थापना उद्देश्य अनुरुप निर्धारण गरेको वार्षिक लक्ष्य नयाँ कार्यक्रम कार्यन्वयन गर्न आवश्यक परिमाण र मूल्य सम्मका लागि छुट सुविधा माग गरेमा सम्वन्धित विभागवाट छुट सुविधा उपलब्ध गराउने र नयाँ बन्ने ऐन नियममा राजस्व छुट सुविधा दिने प्रावधान राख्नु पूर्व सम्वन्धित निकायले अर्थ मन्त्रालयको सहमति लिन अनिवार्य व्यवस्था गरेको छ । लेखापरिक्षण अवधिमा यस व्यवस्था अन्तर्गत विभाग/मन्त्रालयवाट प्रदान भएको राजस्व छुट सुविधाको विवरण तथा अभिलेख यस मन्त्रालयमा नहुनाका साथै सो सम्वन्धमा अनुगमन समेत भएको छैन । प्रत्यायोजित अधिकार अन्तर्गत राजस्व छुट सम्वन्धमा प्रभावकारी अनुगमन र अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

३०. **द्विपक्षिय वा वहुपक्षिय राजस्व छुट :** अर्थ मन्त्रालय वा अर्थ मन्त्रालयको सहमतिमा अन्य निकायले, मित्रराष्ट्र वा दातृसंस्था वा अंन्तराष्ट्रिय गैर सरकारी संस्था संग गरेको द्विपक्षिय वा वहुपक्षिय ऋण/अनुदान सहायता सम्झौता अनुसार संचालन हुने आयोजनाका लागि परिमाणात्मक विवरण (BOQ)/मास्टर लिस्ट, खरिद आयात सुची (Procurement /Import Plan) अनुसारको निर्माण सामाग्री, मेशीनरी औजार, पाटपुर्जा आदी पैठारी भएको अवस्थामा संम्झौताको प्रावधान बमोजिम छुट सुविधा उपलब्ध गराउने व्यवस्था रहेको छ । यसरी सम्झौताको मास्टर लिस्टमा भएका सामाग्री आयातमा राजस्व छुट दिएको रकमको अभिलेख नरहनाको साथै मास्टर लिस्ट बमोजिम सामान पैठारी भए नभएको पैठारी भएको सामान सम्वन्धित कार्यमा प्रयोग भए नभएको सम्वन्धमा अनुगमन गर्ने प्रभावकारी संयन्त्र नरहेबाट तोकिएको छुट सुविधा तोकिएको शर्त अनुसार सदुपयोग भएको सुनिश्चित हुने आधार नरहेकोले यस क्षेत्रमा प्रभावकारी अनुगमन गर्न संयन्त्रको व्यवस्था गर्नुपर्दछ ।

३१. **सामाजिक सेवा छुट :** सामाजिक सेवा क्षेत्र तर्फ (शिक्षा, स्वास्थ्य, खानेपानी, अन्धा, अपाङ्ग, असहाय बालवालिका, धार्मिक, सांस्कृतिक, दैवी प्रकोप, तथा अन्य असहाय समूदायको हित) का लागि कुनै दातृ संस्था वा मित्र राष्ट्र वा व्यक्ति वाट प्राप्त हुने अनुदान सामाग्रीमा तोकिएको छुट सुविधा उपलब्ध गराउने कार्यविधी पुरा भएको अवस्थामा र त्यस्ता सामाग्री सम्वन्धित निकायको उद्देश्य संग सम्वन्धित भएमा अर्थ मन्त्रालयले आर्थिक ऐनको दफा १८ बमोजिम भन्सार महसुल तथा अन्य कर दस्तुर शुल्क आदि पुर्ण वा आशीक रुपमा छुट दिन सक्ने व्यवस्था छ । लेखापरीक्षणका लागि उपलब्ध भएको विवरणमा यसवर्ष १६९ संघ संस्थालाई पैठारी गर्ने सामाग्रीमा राजस्व छुट दिएकोमा वास्तविक पैठारी र राजस्व छुट रकमको अनुगमन गरी अभिलेख राखेको छैन । सामाजिक संस्थाले राजस्व छुटमा सामान पैठारी गर्दा तोकिएको कार्यविधि पुरा भएको उद्देश्य अनुरुपको सामान तोकिएको परिमाणमा पैठारी भै लक्षित कार्यमा प्रयोग भएको सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ ।

३२. **ऐनबमोजिम छुट :** आर्थिक ऐन, २०७२ को अनुसुची १ को दफा १४(१) मा भन्सार महसुल पूर्ण छुट हुने, दफा १४(२) मा भन्सार महसुल १ प्रतिशत लाग्ने र दफा १४(३) मा भन्सार महसुल आंशीक छुट हुने व्यवस्था छ भने सोही ऐनको दफा १५ मा नेपाल सरकारको सम्वन्धित निकायको सिफारिसमा (१) भन्सार महसुल पूर्ण छुट हुने (२) भन्सार महसुल १ प्रतिशत लाग्ने (३) भन्सार महसुल आंशिक छुट हुने वस्तुको व्यवस्था गरिएको छ । यसरी सम्वन्धित निकायको शिफारिशमा भन्सार कार्यालयवाट उपरोक्तानुसार भन्सार छुट दिने व्यवस्था अन्तर्गत सम्वन्धित निकायमा र सम्वन्धित भन्सार कार्यालयमा सो को अभिलेख अद्यावधिक हुनुपर्नेमा सो गरेको छैन । हाल प्रचलनमा रहेको भन्सार विभागको आशिकुडा प्रणालीमा लाग्नु पर्ने कर को दर र लगाएको करको दर (छुट अनुसार) स्पष्ट हुने र सो अनुसार असुल गरेको राजस्व मात्र सो प्रणालीले देखाउने भएतापनि सिधै राजस्व छुट रकम गणना गरी वर्ष भरीमा कुन शीर्षकमा के कति राजस्व छुट भयो

सो को प्रतिवेदन गरेको छैन । आशिकुडा प्रणालीमा छुटमा पैठारी गर्ने पैठारी कर्ता, सामानको विवरण, परिमाण कारोवार मूल्य, राजस्व छुट रकम स्पष्ट खुल्ने गरी सुधार गर्नुपर्ने र हाल सो आशिकुडा प्रणाली भन्सार विभागको प्रत्यक्ष निगरानीमा रहेता पनि सो को अनुगमन र केन्द्रीय अभिलेखका लागि अर्थ मन्त्रालयमा समेत लिंकको व्यवस्था गर्नुपर्दछ । यस सम्वन्धमा राजस्व छुट सम्बन्धी कार्य विधिको पालना, सफ्टवेयरको संचालन एवं अभिलेखाङ्कन जस्ता व्यवस्थाको प्रयोगका साथै आगामी दिनमा थप नीतिगत स्पष्टता कायम गर्दै व्यवस्थित गरिने जानकारी प्राप्त भएको छ ।

३३. **राजस्व छुटको पारदर्शिता :** आर्थिक ऐन, २०७२ को दफा १८ (१) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकारले आवश्यकतानुसार यो ऐन र अन्य कानून बमोजिम लगाइएका दस्तुर, शुल्क महसुल र करको दर घटाउन, वढाउन वा त्यस्तो दस्तुर शुल्क महशुल र कर आंशीक र पूर्ण रुपमा छुट दिन सक्ने व्यवस्था रहेको र त्यस्तो दर घटाइएको बढाइएको वा छुट दिइएको सुचना नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण लागि नमूना छनौट गरी परीक्षण गरिएका राजस्व छुट सम्वन्धी विभिन्न फाइलमा राजस्व छुट दिएको सार्वजनिक सुचना निर्णय भएको मितिले उचित समयमा राजपत्रमा प्रकाशन गर्नुपर्नेमा प्रकाशनका लागि ६ पैठारीको विलम्व गरी मुद्रण विभागलाई राजपत्रमा प्रकाशनका लागि पत्राचार गरेको र २ पैठारीको राजपत्रमा सूचना प्रकाशन नै नगरेको तथा मुद्रण विभागवाट सो सूचना राजपत्रमा प्रकाशन भएको राजपत्र फाइलमा समावेस नभएवाट राजस्व छुटमा पारदर्शिता र जवाफदेहिता कायम भएको सुनिश्चित हुने आधार देखिएको छैन । राजस्व छुटको निर्णय यथाशिघ्र समयमा राजपत्रमा प्रकाशन गरी सो को अभिलेख सम्वन्धित फाइलमा रहने व्यवस्था गर्नुपर्ने सम्वन्धमा राजस्व छुटको सुचना राजपत्रमा प्रकासन गरि पारदर्शिता र जवाफ देहिता कायम गर्ने कार्य प्रभावकारी बनाईन प्रति क्रिया प्राप्त भएको छ ।

३४. **सार्वजनिक संस्थान निर्देशन बोर्ड :** सार्वजनिक सस्थान निर्देशन वोर्ड (गठन तथा कार्य सञ्चालन) आदेश, २०६८ मा निजीकरण भैसकेका संस्थानहरुको निजीकरण पश्चातको प्रभाव मूल्यांकन लगायतका विविध व्यवस्था रहेका छन् । गठन आदेश बमोजिम निजीकरण भैसकेका संस्थानको प्रभाव मूल्यांकन लगायत निजीकरणका शर्तको पालना, रकम असुली र व्यक्ति तथा संस्थालाई कारवाही सम्वन्धि कार्य सम्पादन गरेको छैन । बोर्डको गठन आदेशद्वारा तोकिएको कार्य सम्पादन नहुंदा निजीकरण पश्चातको सरकारी वांकी वक्यौता असुल नहुने र यस वर्ष खर्च भएको रु.१,०४,५४,५२९।– समेत हालसम्मको खर्चको उपादेयता नहुने स्थिति देखिएकोले बोर्डबाट गठन आदेश बमोजिम तोकिएको कार्य सम्पादन गर्नुपर्ने व्यहोरा औल्याएकोमा स्थिति यथावत रहेको छ । साथै, सार्वजनिक संस्थान निर्देशन बोर्ड (गठन तथा कार्य संचालन) आदेश, २०६८ को दफा ८ बमोजिम अध्यक्ष लगायत सदस्यहरु बोर्डको पूर्णकालिन पदाधिकारी हुने, अध्यक्ष तथा सदस्यहरुको पारिश्रमिक सुविधा तथा अन्य व्यवस्था नेपाल सरकारले समय समयमा तोके बमोजिम हुने उल्लेख भएकोमा नेपाल सरकार मन्त्रीपरिषदले २०६८।११।२९ मा तोके अनुसार अध्यक्ष र ४ सदस्यहरुको पारिश्रमिक र रु.२७,४५,६००।– र बोर्डका अध्यक्षलाइ चाडबाड खर्चवापत गोश्वरा भौचर नं ६ मिति २०७२।५।१ मा आर्थिक बर्ष ०६८।६९ देखि २०७१।०७२ सम्मको प्रति बर्ष एक महिनाको तलव बराबर हुने रु ३२००००/- र आर्थिक वर्ष २०७२।०७३ को रु ८००००/-समेत जम्मा रु ४०००००/- भुक्तानी खर्च लेखेको छ । उपरोक्त अनुसारको पारिश्रमिक तथा सुविधा सम्वन्धी ऐनमा समावेश गरेरमात्र खर्च लेख्ने तर्फ सम्वन्धित तालुक निकायको ध्यान जानुपर्दछ ।

महालेखा नियन्त्रक कार्यालय

१. **पूंजिगत खर्चको स्थिति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २०(३) अनुसार वार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाई सोहि अनुरुप तोकिएको समयमा कार्यक्रम संचालन गर्नुपर्नेमा कार्यालयले पुजिगत खर्च तेश्रो चौमासिकमा ७६.८ प्रतिशत र आषाढ महिनामा ३९ प्रतिशत खर्च गरेको छ । कार्यालयले नियमानुसार तोकिएको समयमै कार्यसम्पन्न गरी बर्षान्तमा हुने खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।

२. **जिन्सी व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली २०६४ को ५०(३) बमोजिम जिन्सी निरीक्षण प्रतिवेदनको कार्यान्वयन गर्नुपर्नेमा सो अवस्था नरहेकोले कार्यान्वयन गर्नुपर्दछ ।

३. **कर विजक :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) अनुसार सिलसिलेवार नम्बर सहितको कर जारी गर्नुपर्ने उल्लेख भएकोमा कार्यालयले दुई आपूर्तिकर्ताले सिलसिलेवार नम्बर र मिति उल्लेख नभएको कर विजकलाई भुक्तानी खर्च लेखेकोले उक्त कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा रु. ८७६८५।– असुल गर्नुपर्दछ ।

४. **सदस्यता शुल्क:** कार्यालयले अन्तर्राष्ट्रिय संघ संस्थालाई प्रत्येक वर्ष भुक्तानी गर्नुपर्ने रकम यकिन गरी कार्यक्रम स्विकृत गराउनुपर्ने र सोहि अनुरुप खर्च लेख्नुपर्नेमा विभिन्न अन्तर्राष्ट्रिय संघ सस्थाको सदस्यता शुल्क भुक्तानीको लागि रु १ अर्ब ४१ करोड बजेट विनियोजन भएकोमा रु १८ करोड ३८ लाख ३३ हजार

(१३.०४ प्रतिशत) मात्र खर्च भएकोले अनिवार्य नविकरण गराउनु पर्ने अन्तराष्ट्रिय संस्थाहरुको समेत नविकरण भएको सुनिश्चित हुने आधार नरहेको एवं अन्तर्राष्ट्रिय संघ संस्थालाई बुझाउनुपर्ने र बुझाएको सदस्यता शुल्कको अभिलेख तयार समेत गरेको छैन । कार्यालयले कार्यक्रम स्विकृत गरेर खर्च लेख्ने व्यवस्था गर्नुपर्दछ ।

५. **पेश्की बांकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८० बमोजिम कार्यालयले १२ कर्मचारीलाई कार्यक्रम संचालन गर्न पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभएकाले फछ्र्यौट गर्नुपर्ने रु ३,६९,८१५/- सिघ्र फछ्यौट हुनुपर्दछ ।

६. **राजस्व :** महालेखा नियन्त्रक कार्यालयले पेश गरेको केन्द्रीय हिसावमा श्रेस्ता अनुसार रु.४ खर्व ८५ अर्व १५ करोड ५९ लाख राजस्व दाखिला देखिन्छ भने वैंक अनुसार रु.४ खर्व ८५ अर्व २३ करोड ८९ लाख दाखिला देखिन्छ । यसरी वैंक दाखिला बढि देखिएको रु.८ करोड ३० लाख मास्केवारीमा समावेश हुन बांकी देखाएकोमा आ.व.२०७१।७२ को राजस्वको केन्द्रिय आर्थिक विवरण मा नगद मौज्दात बांकी रु.६५ करोड ७९ लाख ९ हजार देखाएकोमा यस वर्ष रु.६६ करोड ०८ लाख २० हजार दाखिला देखाई बढि रु.२९ लाख ११ हजार दाखिला देखिएकोले केन्द्रिय आर्थिक विवरणमा देखाएको हिसाव यर्थाथपरक देखिएको छैन । साथै, राजस्वको वैंक मौज्दात विश्लेषण गर्दा केहीमा शिर्षकगत वढी दाखिला र केहीमा घटी दाखिला देखिएकोले कार्यालयले देखाएको शिर्षकगत राजस्व आम्दानीको यर्थाथ अवस्था दर्शाउदैन । राजस्व रकम सम्वन्धित शिर्षकमा दाखिला गरि सो बमोजिम आर्थिक विवरण तयार गर्नुपर्दछ ।

७. **सञ्चित कोष हिसाब :** कार्यालयबाट प्रस्तुत २०७२।७३ को संचितकोषको हिसाबमा आन्तरिक ऋण गत वर्ष रु.४२ अर्ब ३६ करोड ७६ लाख लिएकोमा यो वर्ष १०६ प्रतिशतले वृद्धि भई रु.८७ अर्ब ५८ करोड ८१ लाख रहेको छ । वैदेशिक ऋण र अनुदान गत वर्षभन्दा क्रमश: ३४.२३ र १५.१५ प्रतिशतले बढेको छ । ऋण लगानी फिर्ता गत बर्षको तुलनामा ५५७ प्रतिशतले बढेको छ । यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन् :

७.१. प्रचलित ऐन कानुनको व्यवस्था अनुरुप सरकारी लेखा नगद आधारमा लेखाङ्कन गरिने व्यवस्था छ । गत वर्षसम्म सरकारको मौज्दात रु.७८ अर्ब ६९ करोड ४४ लाख ऋणात्मक भएकोमा यो वर्ष रु.५६ अर्ब ४ करोड २७ लाख बचत हुन गई रु.२२ अर्ब ६५ करोड १७ लाख ऋणात्मक मौज्दात रहेको छ । नगदमा आधारित प्रणाली अवलम्बन गरी तयार गरेको वित्तीय विवरणमा ऋणात्मक मौज्दात देखिँदा वित्तीय विवरणले यथार्थता चित्रण नगरेकोले हिसाब मिलान गर्नुपर्दछ ।

७.२. राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई विनियोजित गरीएको बजेट मध्ये खर्च हुन नसकेको रकम रु १८ अर्ब २६ करोड बजेट उपशिर्षक नं. ६०२८०१३/४ बाट महालेखा नियन्त्रक कार्यालय अन्तर्गत खोलिएको ख १२ समुहको पुननिर्माण कोष खातामा वर्षको अन्त्यमा रकम सारेको र आर्थिक पुनरुद्धार कोषमा रु ५ अर्ब ट्रान्सफर गरेको छ । उक्त रकम यथार्थ खर्च नभई खाता ट्रान्सफरमात्र भएकाले कोषको खर्च अभिवृद्धि भएको छ ।

७.३. सञ्चित कोषको आर्थिक विवरणमा बाह्य ऋणअन्र्तगत नगद प्राप्त रु. ४ अर्ब १९ करोड ६६ लाख, शोधभर्ना प्राप्त रु.१४ अर्ब ५५ करोड ८ लाख र सोझै भुक्तानी (प्रत्यक्ष ऋण) रु.८ अर्ब ६७ करोड ९२ लाखसमेत रु.२७ अर्ब ४२ करोड ६७ लाख आम्दानी देखाएको छ । नेपाल राष्ट्र बैङ्कले प्रस्तुत गरेको केन्द्रीय ट्रेजरी हिसाबमा वैदेशिक ऋण प्राप्ती रु.२९ अर्ब ७७ करोड ३५ लाख देखाएकोले कार्यालयले प्रस्तुत गरेको सञ्चित कोषको आर्थिक विवरण र नेपाल राष्ट्र बैङ्कले प्रस्तुत गरेको केन्द्रीय ट्रेजरी हिसाबमा वैदेशिक ऋण प्राप्ति रु. २ अर्ब ३४ करोड ६९ लाख फरक पर्नाको कारण यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

७.४. सञ्चित कोषको आर्थिक विवरणमा वैदेशिक अनुदानअन्तर्गत नगद प्राप्त रु.३ अर्ब ९१ करोड ४२ लाख, शोधभर्ना प्राप्त रु.२८ अर्ब ५६ करोड २८ लाख, सोझै भुक्तानी (प्रत्यक्ष अनुदान) रु.७ अर्ब ५२ करोड ७० लाख र वस्तुगत सहायता रु.३ अर्ब ४ करोड ४८ लाखसमेत रु.४३ अर्ब ४ करोड ८८ लाख आम्दानी देखाएको छ । यस्तै नेपाल राष्ट्र बैङ्कले यो वर्ष रु.३९ अर्ब ७८ करोड ३२ लाख अनुदान प्राप्त भएको देखाएको छ । यसरी सञ्चित कोषले देखाएको (प्रत्यक्ष अनुदान र वस्तुगत सहायता बाहेक) र नेपाल राष्ट्र बैङ्कको अनुदान प्राप्ति हिसाबको रु.७ अर्ब ३० करोड ६२ लाख फरक देखिएकोले हिसाब मिलान गर्नुपर्दछ ।

७.५. महालेखा नियन्त्रक कार्यालयले सञ्चित कोषको हिसाबको ढाँचा तयार गरी महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत गराएको छैन । साथै उक्त हिसाबमा उल्लिखित रकम कलमहरु प्रमाणित गर्ने अनुसूची र सोबमोजिमका सहायक खाताहरुसमेत अद्यावधिक रहेको छैन । कार्यालयले प्रचलित ऐन, नियम एवं असल

अभ्यासलाई आधार लिई सञ्चित कोषको ढाँचा तयार गरी महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत गराउनुपर्दछ ।

७.६. संचित कोषको आर्थिक विवरणमा वैदेशिक ऋण प्राप्ती रु.२७ अर्ब ४२ करोड ६७ लाख देखाएकोमा ऋण शाखाले तयार पारेको नेपाल सरकारको ऋण दायित्वको वार्षिक विवरण २०७२/७३ अनुसार बैदेशिक ऋण प्राप्ती रु.४३ अर्ब ७७ करोड ४० लाख ऋण लेखांकन गरेकोले दुई विवरण वीच रु. १६ अर्ब ३४ करोड ७३ लाख फरक परेको छ ।

७.७. संचित कोषको आर्थिक विवरणमा नेपाल सरकारले रु. ८७ अर्ब ५८ करोड ८१ लाख आन्तरिक ऋण देखाएकोमा ऋण शाखाले तयार पारेको नेपाल सरकारको ऋण दायित्वको वार्षिक विवरण २०७२/७३ अनुसार रु.८७ अर्ब ७७ करोड ४५ लाख ऋण लेखांकन गरेकोले दुई विवरण वीच रु. १८ करोड ६४ लाख फरक परेको छ ।

७.८. अनुदान सोधभर्नातर्फ सोधभर्ना शाखाले आ.व. ७२।७३ मा जम्मा शोधभर्ना प्राप्त रु. २३ अर्ब ७१ करोड ५३ लाख देखाएकोमा संचितकोष हिसावमा रु.२८ अर्ब ५६ करोड २८ लाख आम्दानी देखाएकोले दुई विवरण वीच रु.४ अर्ब ८४ करोड ७५ लाख फरक परेको छ । ऋण सोधभर्ना तर्फ सोधभर्ना शाखाले रु.१४ अर्ब ६५ करोड ३४ लाख आम्दानी देखाएकोमा संचितकोष हिसावमा रु.१४ अर्ब ५५ करोड ८ लाख आम्दानी देखाएकोले दुई विवरण वीच रु.१० करोड २६ लाख फरक परेको छ ।

८. **शोधभर्ना खर्च** : यस वर्षको खर्च व्यहोर्ने श्रोतमध्ये वैदेशिक अनुदान शोधभर्नाबाट रु. ३७ अर्ब ५१ करोड ८ लाख र वैदेशिक ऋण शोधभर्नाबाट रु.३० अर्ब ५५ करोड ३८ लाख खर्च व्यहोरिने उल्लेख भएकोमा वैदेशिक अनुदान शोधभर्नातर्फ रु.२५ अर्ब १२ करोड ८ लाख र वैदेशिक ऋण शोधभर्नातर्फ रु.२० अर्ब २७ करोड ९० लाख खर्च भएको छ । बजेट बक्तव्यमा अनुमान गरिएको रकमको तुलनामा यस वर्षको खर्च वैदेशिक अनुदानतर्फ ६६.९६ प्रतिशत र वैदेशिक ऋणतर्फ ६६.३७ प्रतिशत रही समग्रमा ६६.७० प्रतिशत मात्र उपयोग भएको छ ।

९. **शोधभर्ना हुन बांकी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७ को उप नियम ४ महालेखा नियन्त्रक कार्यालयले शोधभर्ना हुने गरी भएको निकासा खर्च सम्बन्धित कार्यालय आयोजनाबाट शोधभर्ना माग भएको दातृपक्षबाट शोधभर्ना प्राप्त भएको र शोधभर्ना प्राप्त हुन बाँकीको अभिलेख राखी अनुगमन गरी चाँडो शोधभर्ना गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७२/७३ को अन्तसम्ममा रु. १४ अर्व ३३ करोड ७१ लाख ८८ हजार ऋण र अनुदान रु २२ अर्ब ५१ करोड ७६ लाख ६६ हजार गरी रु रु.३६ अर्ब ८५ करोड ४८ लाख ५४ हजार शोधभर्ना लिन बाँकी छ । सोधभर्ना लिन वांकी रकम गत वर्ष रु.२९ अर्ब ९२ करोड ९८ लाख १७ हजार रहेकोमा यस वर्ष गतवर्षको तुलनामा २३.१४ प्रतिशतले बढी देखिएको छ ।

१०. **अनुदान शोधभर्ना** :गत वर्षसम्म अनुदानतर्फ शोधभर्ना लिन रु. २१ अर्ब २५ करोड ३ लाख बाँकी रहेकोमा यस वर्ष शोधभर्ना प्राप्त गर्ने गरी खर्च भएको रु.२५ अर्ब १२ करोड ८ लाखसमेत जम्मा शोधभर्ना हुनुपर्ने रु. ४६ अर्ब ३७ करोड ११ लाखमध्ये यो वर्ष रु. २३ अर्ब ७१ करोड ५३ लाख प्राप्त भई वर्षान्तमा रु.२२ अर्ब ६५ करोड ५८ लाख बाँकी रहेको छ । गत वर्षको तुलनामा शोधभर्ना हुन बांकी अनुदान ६.६१ प्रतिशतले बढेको छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार छन्

१०.१. अनुदानतर्फ सोधभर्ना हुन बाँकी रकम बढी रहेका ५ मन्त्रालय/कार्यालय (शिक्षा, संघीय मामिला तथा स्थानिय बिकास, कषि बिकास मन्त्रालय, स्वास्थ्य तथा जनसंख्वा र प्रधानमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय,) को रु १९ करोड २५ लाख १५ हजार देखिएबाट शोधभर्ना लिन बांकी अनुदान रकमको ८४.९७ प्रतिशत रहेको छ । समयमा शोधभर्ना लिन लिन नसक्दा नेपाल सरकारको श्रोतमा व्ययभार बढने हुंदा समयमै शोधभर्ना प्राप्त गर्नुपर्दछ ।

१०.२. कुल शोधभर्ना हुन बांकी रकम मध्ये नाम नखुलेको आयोजनाको रु.४ करोड ५० लाख १९ हजार ऋणात्मक रहेको छ । गत आ.व.मा नाम नखुलेको आयोजनाको शोधभर्ना हुन बांकी रु ४ करोड २३ लाख ६६ हजार ऋणात्मक रहेकोमा यस वर्ष २६ लाख ५३ हजार शोधभर्ना प्राप्त भएको छ । यसरी नाम नखुलेको आयोजनाको नाममा समेत शोधभर्ना प्राप्त भएको देखिएकाले सो सम्बन्धमा छानविन गरी हिसाब यकिन गर्नुपर्दछ ।

१०.३. कार्यालयबाट पेस भएको विवरणमा विभिन्न २२ योजनाहरुमा शोधभर्ना हुन बाकी रु.१२ अर्ब ६५ करोड १८ लाख ऋणात्मक देखिएकोमा कारण खुलाएको छैन । बन्द भइसकेका आयोजनाको समेत ऋणात्मक हिसाब हुंदा कुल शोधभर्ना हुन बांकी रकम घटन गई बांकी रकमको यथार्थ हिसाब प्रस्तुत हुन सक्दैन ।

११. **ऋण शोधभर्ना :** गत विगत वर्ष वैदेशिक ऋण शोधभर्ना हुने गरी खर्च भएको रु.८ अर्ब ६७ करोड ९५ लाख शोधभर्ना लिनबाँकी रहेकोमा यो वर्षको खर्च रु.२० अर्ब २७ करोड ९० लाख समेत शोधभर्ना हुनुपर्ने रु. २८

अर्ब ९५ करोड ८५ लाख भएकोमा रु.१४ अर्ब ६५ करोड ३४ लाख प्राप्त भएको तथा रु ३ करोड २१ लाख हिसाब मिलान गरी वर्षान्तमा रु.१४ अर्ब ३३ करोड ७२ लाख बाँकी देखिएको छ। ऋण शोधभर्ना बाँकी रकम गत वर्षभन्दा ६५.१८ प्रतिशतले बढेको छ। ऋण शोधभर्ना बढी बाँकी रहेका मन्त्रालयहरुमा अर्थ मन्त्रालयको रु.१३ अर्ब ८७ करोड ८७ लाख, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको रु.१ अर्ब ६७ करोड २१ लाख र सिंचाई मन्त्रालयको रु १ अर्ब २२ करोड ६६ लाख रहेको छ। शिक्षा मन्त्रालयको गत आ.व.मा सोधभर्ना हुन बांकी रकम रु. २ अर्ब १० करोड ४४ लाख ऋणात्मक भएकोमा यस वर्ष पनि रु.१ अर्ब ९५ करोड ७४ लाख ऋणात्मक शोधभर्ना बाँकी देखिएको छ। शोधभर्ना बाँकी रकम समयमा नै फिर्ता लिने व्यवस्था मिलाउनुपर्दछ।

१२. **बन्द आयोजनाको सोधभर्ना :** विभिन्न १५ मन्त्रालय र राष्ट्रिय योजना आयोग अन्तगर्त संचालन भएका ऋणतर्फ ३६ र अनुदानतर्फ २४ आयोजना तथा कार्यक्रममा २०७२।७३ सम्म रु ५१ करोड ६८ लाख ७५ हजार सोधभर्ना लिन बांकी भएकोमा ती आयोजना बन्द भइसकेकोले सोधभर्ना प्राप्त गर्ने तर्फ सम्वन्धित पक्षको ध्यान जानुपर्दछ।

१३. **शेयर तथा ऋण लगानी :** २०७२/०७३ सम्ममा नेपाल सरकारले विभिन्न १३९ संस्थाहरुमा शेयर तथा ऋण गरी ३ खर्ब ६० अर्ब ३३ करोड १७ लाख ७८ हजार लगानी भएको छ। जसमध्ये ऋण तर्फ २ खर्ब १ अर्ब ५५ करोड ७५ लाख ८५ हजार र शेयर तर्फ १ खर्ब ५८ अर्ब ७७ करोड ४१ लाख ९२ हजार लगानी भएको छ। शेयर तथा ऋण लगानीका वार्षिक प्रतिवेदन २०७२ अनुसार ऋण लगानीको अन्तिम मौज्दात रु १ खर्ब ६१ अर्ब ३४ करोड २६ लाख १३ हजार देखाएकोमा कार्यालयबाट पेश गरेको शेयर तथा ऋण लगानीका वार्षिक प्रतिवेदन २०७३ मा ऋण लगानी रु १ खर्ब ९० अर्ब ४३ करोड ३२ लाख २९ हजार जिम्मेवारी सारेकोले बढि जिम्मेवारी सारेको रकम रु.२९ अर्ब ०९ करोड ०६ लाख १५ हजार एवं शेयर लगानीको अन्तिम मौज्दात रु १ खर्ब ४२ अर्ब ९० करोड ७२ लाख ५९ हजार देखाएकोमा यस वर्ष रु १ खर्ब ४२ अर्ब ८२ करोड ४९ लाख ३५ हजार मौज्दात देखाएकोमा फरक रकम रु.८ करोड २३ लाख २३ हजार सम्बन्धमा हिसाब यकिन गर्नुपर्दछ।

१४. **केन्द्रिय धरौटी :** गत वर्षको जिम्मेवारी रु.१५ अर्ब १२ करोड ३१ लाखमा यो वर्ष रु.११ अर्ब २५ करोड ४६ लाख थप भई जम्मा रु.२६ अर्ब ३७ करोड ७७ लाखमा रु.२ अर्ब २७ करोड ३० लाख सदरस्याहा र रु.५ अर्ब ४८ करोड ६१ लाख फिर्ता भई वर्षान्तमा रु.१८ अर्ब ६१ करोड ८६ लाख धरौटी बाँकी रहेको छ। यस सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार छन्:

१४.१. गत वर्षको मौज्दात रु.१५ अर्ब ३२ करोड ७७ लाख रहेकोमा यस वर्ष रु.१५ अर्ब १२ करोड ३१ लाख मात्र जिम्मेवारी सारेकोले घटी मौज्दात सारेको रु २० करोड ४६ लाख छानविन गरी हिसाव यकिन गर्नुपर्दछ।

१४.२. अन्तिम मौज्दात कोष तथा लेखा नियन्त्रक कार्यालयको आधारमा श्रेस्ताअनुसार रु. १८ अर्ब ६१ करोड ८६ लाख रहेकोमा बैङ्क स्टेटमेन्ट अनुसार रु.१७ अर्ब ९० करोड ४० लाख भई रु. ७१ करोड ४६ लाख मौज्दात बैङ्कमा कम देखिएको छ। बैङ्कमा मौज्दात घटी सम्बन्धमा छानबिन गरी दाखिला गर्नुपर्दछ।

१४.३. कार्यालयबाट प्राप्त जिल्लागत धरौटीको वार्षिक विवरण अनुसार वैंक वाकी रु.१७ अर्ब ९० करोड ४० लाख १ हजार देखाएकोमा नेपाल राष्ट्र बैंकको स्टेटमेण्ट अनुसार बैंक बांकी रु.१८ अर्ब १८ करोड २२ लाख ९८ हजार भई आर्थिक विवरणले वैंक अनुसार बाकी देखाएको धरौटी रकम भन्दा नेपाल राष्ट्र बैंकले रु.२७ करोड ८२ लाख ९७ हजार बढि तथा कार्यालयले घटी मौज्दात देखाएको सम्बन्धमा छानविन गरी हिसाब मिलान गर्नुपर्दछ।

१५. **कार्य सञ्चालन कोष :** महालेखा नियन्त्रक कार्यालयले पेस गरेको २०७२।७३ को कार्यसञ्चालन कोषको केन्द्रीय आर्थिक विवरण अनुसार गत वर्षको जिम्मेवारी रु. १२ अर्ब २ करोड ४३ लाख र यो वर्षको आय रु. ४५ अर्ब ८२ करोड ८९ लाखसमेत जम्मा आय रु.५७ अर्ब ८५ करोड ३२ लाखमा रु.४५ अर्ब ५२ करोड ६० लाख खर्च भई बाँकी मौज्दात रु.१२ अर्ब ३२ करोड ७२ रहेके छ। कार्य सञ्चालन कोष सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१५.१. गत वर्षको बाँकी मौज्दात रु.१३ अर्ब ८२ करोड ४ लाख देखाएकोमा यो वर्ष रु.१२ अर्ब २ करोड ४३ लाख जिम्मेवारी सारी रु. करोड १ अर्ब ७९ करोड ६१ लाख घटी जिम्मेवारी सारेको सम्बन्धमा छानबिन गर्नुपर्दछ ।

१५.२. काठमाडौ जिल्लाको गत वर्षको मौज्दात बाँकी रु.९ अर्ब २२ करोड २४ लाख रहेकोमा यो वर्ष रु.७ अर्ब ११ करोड २६ लाख जिम्मेवारी सारेकोले रु.२ अर्ब ११ करोड ८ लाख घटी जिम्मेवारी सारेको सम्बन्धमा छानबिन गरी यथार्थता यकिन गर्नुपर्दछ।

१५.३. कार्यसञ्चालन कोष अन्तर्गत यस वर्ष ख–६ खाताको विवरणमा अछाम र काठमाडौंका ३ खातामा रु.२६ करोड ५५ लाख नाम नामेशी नखुलेको रकम छानबिन गरी सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

१५.४. कार्यसञ्चालन कोषको जिल्लागत आय–व्यय विवरणमा कोषको श्रेस्ताअनुसार बाँकी मौज्दात रु.१२ अर्ब ३२ करोड ३० लाख देखिएकोमा बैङ्क मौज्दात रु.१३ अर्ब ७९ करोड लाख उल्लेख गरेकोले रु. १ अर्ब ४७ करोड ३७ लाख बढी बैङ्क मौज्दात श्रेस्तामा आम्दानी जनाई हिसाब मिलान गर्नुपर्दछ ।

१५.५. कार्यसञ्चालन कोषको जिल्लागत आय–व्यय विवरणमा काठमाडौ जिल्ला अन्तर्गत कार्यालय नखुलाई चेक साट्न बांकी उल्लेख गरी रु १० करोड ४० लाख बैंक मौज्दात देखाएकोमा कुन कार्यालयको, के प्रयोजन नखुलेकोले उक्त रकम सम्बन्धमा छानविन गरी हिसाब यकिन गर्नुपर्दछ ।

१५.६. कार्यालयबाट प्राप्त कार्यसञ्चालन कोषको जिल्लागत आय व्यय विवरण विवरण अनुसार वैंक वाकी रु.१३ अर्ब ७९ करोड ६१ लाख ६६ हजार देखाएकोमा नेपाल राष्ट्र बैंकको स्टेटमेण्ट अनुसार बांकी रु.१३ अर्व ५७ करोड ९७ लाख ८६ हजार भई नेपाल राष्ट्र बैंकले देखाएको भन्दा आर्थिक विवरण अनुसार वैंक बांकी रु.२१ करोड ६३ लाख ८० हजार बढि देखाएको सम्बन्धमा हिसाब मिलान गर्नुपर्दछ ।

१५.७. यस वर्ष कार्यसञ्चालन कोषको जिल्लागत आय–व्यय विवरणअनुसार कास्की जिल्लामा कोषको बाँकी मौज्दात रु.२२ करोड ६१ लाख देखिएकोमा बैङ्क मौज्दात रु.१७ करोड ८९ लाख उल्लेख गरेकोले घटी बैङ्क मौज्दात रु.४ करोड ७२ लाख सम्बन्धमा छानविन गरी हिसाब यकिन गर्नुपर्दछ ।

१६. **घटी मौज्दात :** वैदेशिक अनुदान ख ५ खाताको जिल्लागत आय–व्ययको विवरण बमोजिम श्रेस्ताअनुसार रु. २ अर्ब ३ करोड ६ लाख बांकी भएकोमा बैक मौज्दात रु.१ अर्ब ८२ करोड ७१ लाख उल्लेख गरेकोले घटी देखाएका बैक मौज्दात रु.२० करोड ५५ सम्बन्धमा छानविन गरी मिलान गर्नुपर्दछ ।

१७. **खर्च व्यवस्थापन :** वार्षिक स्वीकृत कार्यक्रम बमोजिम चौमासिकमा तोकिएका कार्यक्रमहरु संचालन गर्न वजेट ब्यवस्था भए मुताविक सोही चौमासिकमा कार्यक्रम संचालन गरी खर्च गर्नुपर्ने ब्यवस्था छ । विगत ३ वर्षको कुल खर्चको अवस्था हेर्दा आषाढ महिनामा २२ देखि २५ प्रतिशत सम्म बजेट खर्च हुने र आर्थिक वर्ष समाप्त हुन बांकी ७ दिनको मात्र खर्च ७ देखि १३ प्रतिशत सम्म भएको छ । विगत ३ वर्षको पूंजिगत खर्चको अवस्था हेर्दा आषाढ महिनामा ३१ देखि ३५ प्रतिशत सम्म बजेट खर्च हुने र आर्थिक वर्ष समाप्त हुन बांकी ७ दिनको मात्र खर्च १६ देखि २३ प्रतिशत सम्म भएको छ । साथै, सार्वजनिक खर्च व्यवस्थापनमा कुशलता अभिवृद्धि गरी आर्थिक अनुशासन कायम गर्ने, चालू खर्चमा नियन्त्रण र पुँजीगत खर्चमा वृद्धि गर्ने नीति सरकारले लिएकोमा ३ वर्षको पुजिंगत खर्चको अवस्था हेर्दा २०७०।७१, २०७१।७२ र २०७२।७३ मा क्रमश १५.३३, १६.७१ र २०.५१ प्रतिशत मात्र खर्च भएको छ । कुल खर्चमा चालू खर्चको अंश औसत ६५.१३ प्रतिशत र पुँजीगत खर्चको अंश १७.५१ प्रतिशतमात्र रहेकोले पूर्वाधार एवं विकास निर्माणमा अपेक्षित प्रगति गर्न नसकेको स्थिति छ ।

१८. **भाखा नाघेको सांवा व्याज** : नेपाल सरकारको लगानीबाट प्राप्त हुनु पर्ने भाखा नाघेको सांवा व्याज (बक्यौता) गत वर्ष रु. ७० अर्ब ५८ करोड ४१ लाख रहेकोमा यस वर्ष ५३.९६ प्रतिशत वृद्धि भई रु.१ खर्ब ८ अर्ब ६७ करोड ८१ लाख पुगेको छ । भाखा नाघेको साँवा, ब्याज बाँकी राख्नेमा खारेज भएका, बिक्री तथा भाडामा गएका, अस्तित्व समाप्त भएका र निष्क्रिय संस्थासमेत रहेका छन् । भाखा नाघेको साँवा फिर्ता तथा व्याज असुल गर्ने कार्य हुनुपर्दछ ।

१९. **कार्यक्रम बजेट वेगर खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा खर्च स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्छ भने मात्र निकासा खर्च गर्नुपर्ने उल्लेख छ । अर्थ मन्त्रालयको २०७३।३।७ को निर्णयको आधारमा भैपरी आउने साधारण प्रशासन शिर्षकबाट नेपाल राष्ट्र बैंक मार्फत आर्थिक पुनरुद्धार कोष संचालन गर्न व्याज अनुदान र पुनकर्जाका लागि दुई खातामा रकम जम्मा गर्ने उद्देश्यले रु.५ अर्व निकासा दिएको छ। कार्यक्रम स्वीकृत नभएको तथा बजेट पनि स्वीकृत नभएको अवस्थामा भैपरी शिर्षकबाट रु.५ अर्व खर्च लेखि कोष खडा गर्नु औचित्यपूर्ण नरहेको तथा उक्त रकम हाल सम्म पनि उपयोग नभएको स्थितिमा सुधार गर्नुपर्दछ ।

२०. **बजेटभन्दा बढी खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बांकी छ भने मात्र खर्च गर्न र निकासा दिनुपर्ने उल्लेख छ । विभिन्न ७ उपशिर्षकबाट खुद वजेट भन्दा बढि रु ७५ करोड ८८ लाख ८८ हजार खर्च भएको छ । यसरी खुद बजेट भन्दा बढि खर्च देखिनुले एकल कोष खाता प्रणालीले समेत नियन्त्रण गर्न सकेको छैन ।

२१. **खर्चको आकार बृद्धि :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा वर्षान्तमा खर्च नभई वाकी रहेको रकम फ्रिज गर्नुपर्ने व्यवस्था छ । अर्थ मन्त्रालयले यो वर्ष बजेट फ्रिज हुन नदिने उद्देश्यले ३७ अर्ब २८ करोड २१ लाख बर्षको अन्तिम दिनमा वोर्ड, कोष, प्राधिकरणमा ट्रान्सफर गरी जम्मा गरेको तर उपयोग

नभएवाट यथार्थमा खर्च मान्न सकिने अवस्था छैन । यस प्रकारको खर्चबाट बजेट खर्चको आकार ६.२० प्रतिशतले बृद्धि भएको छ । ऐन तथा नियमावलीमा भएको व्यवस्था पुर्णपालना हुने गरी निकासा तथा खर्च लेख्नुपर्दछ ।

२२. **विनीयोजनबाट राजस्व आम्दानी :** विभिन्न संस्थालाई गरेको ऋण लगानीबाट प्राप्त हुने व्याज सोही संस्थाको आन्तरिक आयबाट तिर्नुपर्दछ । यो वर्ष नेपाल सरकारलाई नेपाल विद्युत प्राधिकरणले बुझाउनु पर्ने व्याज रु.२० अर्ब ४० करोड मध्ये नेपाल सरकारले मिति २०७३।३।२९ मा दिएको ऋण लगानी निकासाबाट रु.४ अर्ब ८७ करोड ९६ लाख बुझाएकोले यस कारोवारवाट नेपाल सरकारको खर्च तथा राजस्वको आकार बढेको छ ।

२३. **श्रोतान्तर** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० (क) मा स्विकृत बजेटको रकम एक बजेट उपशिर्षक, श्रोत तथा खर्च शिर्षकबाट अर्को खर्च शिर्षक, श्रोत वा खर्च शिर्षकमा रकमान्तर गर्ने अधिकार अर्थ मन्त्रालयको हुने व्यवस्था छ । यो वर्ष मन्त्रालयले एक श्रोतको रकम अर्को श्रोतमा परिवर्तन गर्दा वैदेशिक अनुदानलाई नेपाल सरकारको नगदमा श्रोत परिवर्तन गरेको कारण नेपाल सरकारलाई प्राप्त हुनुपर्ने रु. ५ करोड ७५ लाख ५ हजार अनुदान प्राप्त नभई थप व्ययभार परेको छ ।

२४. **लगानी र फरक शिर्षक :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ को उप नियम २ मा रकम स्वीकृत बजेट भित्र र सम्वन्धित खर्च शिर्षकमा पर्छ भने खर्चं गर्न सकिने व्यवस्था छ । कार्यालयले १३२ के.भी. प्रशारण तथा अन्य प्रशारण लाइन विस्तार शिर्षकबाट एक रबर उद्योगलाई रु.४ करोड १५ लाख, एक केन्द्रलाई रु.६० लाख र एक औषधी लिमिटेडलाई रु.८० लाख ऋण लगानी गर्न अर्थ मन्त्रालयको निर्णय अनुसार निकासा दिएको छ । विद्युत विकास र विस्तारको लागि व्यवस्था भएको शिर्षकबाट अन्य प्रयोजनमा खर्च गरी संस्थानमा ऋण लगानी गर्न मिल्ने नदेखिएकोले वजेट अनुशासन कायम नहुने स्थिति रहेको छ ।

२५. **समष्टिगत ऋण** : नेपाल सरकारको २०७२।७३ सम्म कुल ऋण दायित्व रु.६ खर्व २७ अर्ब ७८ करोड ९२ लाख रहेको छ । जसमध्ये आन्तरिक ऋण रु.२ खर्ब ३९ अर्ब २ करोड ८९ लाख र वैदेशिक ऋण रु.३ खर्ब ८८ अर्ब ७६ करोड ३ लाख रहेको देखिन्छ । त्यसैगरी २०७२।७३ को कुल गार्हस्थ उत्पादनको २७.९२ प्रतिशत कुल ऋण दायित्व रहेको छ । जसमा आन्तरिक ऋण १०.६३ प्रतिशत र वैदेशिक ऋण १७.२९ प्रतिशत रहेको छ । कुल जनसंख्या २ करोड ८३ लाख ६९ हजारलाई आधार मान्दा यो वर्षसम्ममा प्रतिव्यक्ति कुल ऋण दायित्व रु.२२ हजार १२९।– रहेको छ । प्रतिव्यक्ति ऋण दायित्व गत वर्षभन्दा रु.२८९५।–ले बढ्न गएको छ ।

२६. **ऋण प्राप्ती :** आर्थिक वर्ष २०७२।७३ मा नेपाल सरकारले रु ५८ अर्ब ६१ करोड १४ लाख ६९ हजार वैदेशिक ऋण प्राप्त गर्ने लक्ष्य राखेकोमा रु ४३ अर्ब ७७ लाख ३९ करोड ६८ हजार अर्थात लक्ष्यको तुलनामा ७४.६८ प्रतिशत मात्र प्राप्त भएको छ । यसरी बैदेशिक ऋण कम उपयोग हुनुमा लक्ष्य निर्धारण वस्तुनिष्ठ नहुनु, शोधभर्ना प्रणालीमा हुने ढिलासुस्ती एवं कमजोर ऋण उपयोग क्षमता रहेका छन् । ऋण प्राप्ति र उपयोगको क्षमता विकास गर्नुपर्दछ ।

२७. **ऋण लगानी** : यो वर्ष १४ संस्थानमा आन्तरिक रु १,९१,४७,९५०/- र ३ संस्थानमा वैदेशिक श्रोतबाट रु ५६,४१,६५१/- ऋण लगानी भएको छ । उपर्युक्त लगानी मध्ये ८ संस्थानमा प्रशासनिक खर्च, कर्मचारीको तलव भत्ता, दायित्व भुक्तानी, पुरानो कर्जा राफसाफ , कर्मचारीको लागि उपदान लगायतका कार्यमा रु ५६ करोड ४७ लाख ९६ हजार ऋण लगानी गरेको छ । यस्ता किसिमका लगानी निर्णयलाई निरुत्साहित गर्न अर्थ मन्त्रालयले समेत पहल गर्नुपर्दछ ।

२८. **ऋण लगानीमा फरक :** अर्थ मन्त्रालयको २०७१।७२ को सार्वजानिक संस्थानहरुको वार्षिक स्थिति समिक्षा २०७३ अनुसार संस्थाहरुले र कार्यालयले देखाएको लगानी रकम भिडान भएको छैन । ४ संस्थाहरुमा शेयर तथा ऋण लगानीको आर्थिक विवरणमा उल्लेख भन्दा रु.५ अर्ब ७४ करोड ६६ लाख ३ हजार बढी र १० संस्थाले रु.४ अर्ब ४० लाख २१ हजार घटी ऋण लगानी देखाएको सम्बन्धमा छानविन गरी हिसाव यकिन गर्नुपर्दछ ।

२८.१. नेपाल खाद्य संस्थानलाई विशेष ऋणपत्र २०४८ घ मा लगानी गर्न मिति २०४९।३।३१ मा म.ले नि का बाट लगानी भएको देखिएको तर संस्थाले नदेखाएकोले हिसाब राख्न लगाई साबा व्याज असुल गर्नुपर्दछ ।

२८.२. नेपाल टेलिकमलाई मिति २०५८।८।२६ मा भएको सम्झौता अनुसार १४४४६४०९७.६४ यूरो ऋण लगानी भएकोमा ११५७४६४।५९ यूरो फिर्ता हुन बांकी महालेखा नियन्त्रकको हिसाबमा देखिएकाले सम्झौताको शर्त बमोजिमको रकम असुल गर्नुपर्दछ ।

२८.३. कार्यालयको विवरण अनुसार नेपाल औद्योगिक विकास निगमले नेपाल सरकारबाट २०५२ मा रु ६५२५०००।– ऋण देखाएकोमा संस्थाले उक्त रकम हिसाबमा नदेखाएको हुंदा हिसाब अद्यावधिक गर्न लगाई सांवा व्याज असुल गर्नुपर्दछ ।

२९. **शेयर लगानीमो फरक** : अर्थ मन्त्रालयको २०७१।७२ को सार्वजनिक संस्थानहरुको वार्षिक स्थिति समिक्षा २०७३ अनुसार संस्थाहरुले देखाएका लगानी रकम भिडान हुनुपर्नेमा १७ संस्थामा शेयर लगानीको आर्थिक विवरणमा उल्लेख भन्दा ५ संस्थाले रु.१ अर्ब २६ करोड ८८ लाख ५५ हजार बढी र १२ संस्थाले रु.१७ अर्ब ८४ करोड ८२ लाख ७५ हजार घटी शेयर लगानी देखाएको छ । यस सम्बन्धमा छानविन गरी हिसाव यकिन गर्नुपर्दछ ।

३०. **शेयर लगानीमा प्रतिफल :** विवरण अनुसार नेपाल सरकारले हालसम्म १०७ संस्थामा कुल रु १ खर्व ५८ अर्ब ७७ करोड ४२ लाख शेयर लगानी भएकोमा यो वर्ष ९ संस्थाबाट रु १४ अर्ब ९८ करोड २९ लाख लाभांश लगानीको ९.४३ प्रतिशत प्राप्त भएको छ । सो प्रतिफलमध्ये नेपाल राष्ट्र बैंकको (४६.७२ प्रतिशत) र नेपाल टेलिकमको (४५.८० प्रतिशत) अशं देखिएको छ । उक्त संस्थामा नेपाल सरकारको आंशिक, अधिकांश र पूर्णस्वामित्व भएको संस्थाको छुट्टाछुट्टै अभिलेख राखी सोबमोजिम लगानी र प्रतिफलको विश्लेषण गरेको छैन । लगानी प्रतिफल न्यून रहेको परिप्रेक्ष्यमा सरकारी संस्थानको दक्षता अभिवृद्धि गर्नुपर्दछ ।

३१. **लाभांश :** नेपाल सरकारको रु.२६ अर्ब ६७ करोड शेयर लगानी भएका नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल वायु सेवा निगम, जलविद्युत लगानी तथा विकास कम्पनी, नेपाल पारबहन तथा गोदाम व्यवस्था कम्पनी, नागरिक लगानी कोष, नेपाल औधोगिक विकास निगम संस्थानले आर्थिक वर्ष २०७१।७२ मा रु.२ अर्ब ३२ करोड ६९ लाख नाफा प्राप्त गरेता पनि नेपाल सरकारलाई लाभाशं बुझाएको छैन । सम्बन्धित संस्थाबाट लगानीको प्रतिफल समयमा प्राप्त गर्नुपर्दछ ।

३२. **वेरुजु फछ्र्यौट र सम्परीक्षण :** आर्थिक कार्याविधि ऐन, २०५५ को दफा १८ बमोजिम कार्यालयले बेरुजू फछ्र्यौट गरि दफा १९ बमोजिम सम्परीक्षणको लागी अनुरोध गर्नुपर्ने व्यवस्था छ । वार्षिक प्रतिवेदन, २०७१ र २०७२ मा समावेश भएका कुल वेरुजुमध्ये ६३ दफा सैद्धान्तिक र ३५ दफा लगती वेरुजु कार्यावन्यन गर्न बांकी देखिएकोले आर्थिक कार्याविधि ऐन, २०५५ को दफा १८ बमोजिम कार्यालयले बेरुजू फछ्र्यौट गर्नुपर्दछ ।

आन्तरिक राजस्व विभाग

१ **रणनीतिक योजना कार्यान्वयन :** विभागको पञ्चवर्षिय रणनीतिक तय गरेको राजस्व सम्बन्धी सुचक अन्तर्गत कर परीक्षण तर्फ प्राप्त उपलव्धी आधार वर्ष २०६७/६८ मा १.३ प्रतिशत रहेकोमा यो वर्ष १.२० प्रतिशत रहेको छ । उपलव्धीको समिक्षा गरी न्यून र नकारात्मक प्रगती देखिएका सुचकमा लक्षित प्रगती प्राप्तीका लागि आवश्यक पहल गर्नुपर्दछ ।

२ **करको दायरा :** करको दायरा विस्तारको लागि करको दायरामा नआएका, आयकर मूल्य अभिवृद्धि कर विवरण पेश नगरेका करदातालाई विभिन्न छुट तथा सुविधा दिई करको दायरा बढाउने नीति लिएको छ । विभागको कुल करदातामध्ये ६०३५८१ अर्थात ३६.०४ प्रतिशतको व्यक्तिगत स्थायी लेखा नम्बर जारी गरेकामा यस्ता करदाताले आय विवरण पेश गर्नुपर्ने विषयमा कानूनी व्यवस्था रहेको छैन ।

३ **लक्ष्य प्रगति :** प्रत्येक कार्यालयले तालुक कार्यालय र आफ्नो उद्देश्य अनुरुपको कार्य सम्पादन गर्न लक्ष्य निर्धारण र सो अनुरुप कार्यसम्पादन र प्राप्त उपलव्धी समेतको प्रतिवेदन तयार गर्नुपर्दछ । मूल्य अभिवृद्धि कर असुली लक्ष्य रु १ खर्व ४० अरब ८९ करोड रहेकोमा रु १ खर्व २७ अरब ७५ करोड असुली गरेको छ । जुन गत वर्षको असुली भन्दा ८ प्रतिशत घटी र यस वर्षको मूल्य अभिवृद्धि कर असुली लक्ष्यको तुलनामा ९ प्रतिशत कम रहेको छ । विभागले विनियोजन तर्फको वार्षिक प्रगति विवरण तयार गर्दा सम्पन्न गर्नुपर्ने लक्ष्यको परिमाण र रकम तथा सम्पन्न परिमाण र रकम उल्लेख नगरी बजेट खर्चको आधारमा मात्र प्रगती देखाएको छ । कार्यसम्पादन र प्राप्त उपलव्धी समेतको प्रतिवेदन तयार गर्नुपर्दछ ।

४ **मूल्य अभिवृद्धि कर विवरण :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिन भित्र कर विवरण बुझाउनु पर्ने व्यवस्था छ । विभागको वार्षिक प्रतिवेदन अनुसार २०७३ असार मसान्त सम्म क्रेडिट विवरण पेश गर्ने ५१.११ प्रतिशत शून्य विवरण पेश गर्ने ३५.५८ प्रतिशत डेबीट विवरण पेश गर्ने १३.३० प्रतिशत रहेको, मूल्य अभिवृद्धि कर विवरण नवुझाउने करदाता ३० प्रतिशत, डेबिट विवरण बुझाउने करदाता १३.३० प्रतिशत, क्रेडिट विवरण बुझाउने करदाता ५१.११ प्रतिशत र शुन्य विवरण बुझाउने करदाता ३५.५८ प्रतिशत रहेको छ । डेबिट क्रेडिट अनुपात १ : ४.९८ रहेको छ । मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने

करदाताको संख्या निरन्तर वृद्धि भएको छ। विवरण पेश नगर्ने करदाता बढदै गएको, डेबिट विवरण बुझाउने संख्या घट्दै गएको क्रेडिट विवरण र शुन्य विवरण बुझाउने करदाता बढी देखिएकोले अनुगमन गरी कर परिपालनाको अवस्थामा सुधार ल्याउने प्रयास गर्नुपर्दछ।

५ **मूल्य अभिवृद्धिकर कोष :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २४ अनुसार भन्सार विन्दुमा संकलित सम्पूर्ण कर रकम मूल्य अभिवृद्धि कोष खातामा दैनिक रुपमा जम्मा गर्नुपर्ने र सो को विवरण भन्सार कार्यालयले सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा पठाई जम्मा हुन आएको रकमबाट विभागले आदेश दिएको रकम फिर्ता दिई वांकी रहेको रकम दैनिक रुपमा तोकिएको राजस्व खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ। यो वर्ष मूल्य अभिवृद्धि कर कोषमा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल, वीरगंज भन्सार कार्यालय लगायतले पैठारीमा संकलन गरेको मूल्य अभिवृद्धि कर रु.२७,९४,४६,६९,२३४/- लाई वैंक विवरणको आधारमा मात्र आम्दानी देखाएको छ। भन्सार कार्यालयबाट प्राप्त भएको रु.२७,९४,४६,६९,२३४ मध्ये रु.५,४४,९२,७३,९९४। फिर्ता गरी वाँकी संचितकोष दाखिला गरेको छ। राजस्वको रुपमा भन्सार विन्दुमा संकलित मूल्य अभिवृद्धि कर रकम कोषमा जम्मा गर्ने चेक मार्फत फिर्ता गर्ने गरेको छ। विभागले वैक नगदी किताव राखेतापनि उक्त खातामा दाखिला गरेको विवरण भन्सार कार्यालयबाट लिई वैकसंग हिसाव भिडान गर्नुपर्नेमा गरेको छैन।

६ **मूल्य अभिवृद्धि कर दाखिला :** नेपालको संविधानको व्यवस्था अनुसार नेपाल सरकारलाई प्राप्त हुने सवै प्रकारको राजस्व संचित कोषमा दाखिला गर्नु पर्ने र विनियोजन ऐनवाट स्वीकृत भए वमोजिम खर्च गर्नु पर्ने व्यवस्था छ। मूल्य अभिवृद्धि कर वापत संकलन गरेको सम्पुर्ण रकम संचितकोषमा दाखिला हुनुपर्ने र कसैलाई फिर्ता दिनुपरेमा विनियोजन ऐनबाट वजेट व्यवस्था गरी प्रचलित कानूनको अधिनमा खर्च लेख्नु पर्नेमा असूल भएको राजस्वको अंश खातामा दाखिलानै नभई खर्च लेखेको छ। वजेटमा समावेश नगरी सिधै खर्च गर्दा सरकारी आय व्ययमा समेत नदेखिने भई संसदमा छलफल नहुने र सरकारको केन्द्रीय आर्थिक विवरणमा समावेश नहुने अवस्था रहेकोले विनियोजन ऐनवाट प्रचलित कानूनको आधारमा फिर्ता दिने व्यवस्था गर्नुपर्दछ।

७ **राजस्व बक्यौता :** गतवर्ष केन्द्रीय आर्थिक विवरण र विभिन्न आन्तरिक राजस्व कार्यालय एवं कर दाता सेवा कार्यालयको बक्यौता राजस्व रकम विभागले जिम्मेवारी सारेको बक्यौता राजस्वको लगत भिंडान नभएको रु १ अरव ८७ करोड ५ लाख २७ हजार वढी जिम्मेवारी सारेको व्यहोरा गत वर्ष उल्लेख गरीएकोमा यो वर्ष ठूला करदाता कार्यालय, विभिन्न आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयसमेत जम्मा ४६ कार्यालयको १५ अर्व ९ करोड ७० लाख ५२ हजार ४९० राजस्व वक्यौता रहेको विवरण प्राप्त भएको छ। वक्यौता असुली सम्बन्धमा विभागवाट पहल गर्नुपर्दछ।

८ **आन्तरिक नियन्त्रण व्यवस्था :** विभागले प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नुपर्दछ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ अनुसार वार्षिक १० करोड भन्दा वढी को खरिद गर्दा खरिदको गुरु योजना तयार गरी खरिद गर्नु पर्नेमा विभागले सो तयार नगरेको, ऐनको दफा ८ अनुसार विभागले बार्षिक खरिद तथा आपूर्ति सम्बन्धी योजना तर्जुमा गरी स्वीकृत नगराएको, विभिन्न २९ सवारी साधन र २४ मोटरसाईकलको मूल्य खुलाई आम्दानी नवाधेको, विभागले मातहत कार्यालयलाई दिएको २९ सवारी साधनमध्ये वा १ भ ५८८६ पिकअप लहानमा जलाईएको भनी कैफियतमा उल्लेख भएको सवारी साधन सम्बन्धमा नियमानुसार कारवाहि नगरेको, जिन्सी निरीक्षण प्रतिवेदन अनुसार काम नलाग्ने सामानहरु लिलाम विक्रिका लागि कारवाहि अगाडि नबढाएको, खरिद भएका अन्तःशुल्क स्टिकर विभागले विभिन्न आन्तरिक राजस्व कार्यालयमा पठाएकोमा ती कार्यालयले कुन कुन करदातालाई कति परिमाण उपलव्ध गराएको र खपत सम्बन्धि विवरण संकलन गरी अनुमानित योजना बनाउने नगरेको, अन्तःशुल्क स्टिकरको जिन्सी निरीक्षण सम्बन्धि प्रतिवेदन तयार नगरेको, अन्तशुल्क खपत सम्बन्धि विवरण आन्तरिक राजस्व कार्यालयबाट लिई अनुगमन गर्नुपर्ने व्यहोरा गत विगतको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएतापनि स्थिति यथावत रहेको जस्ता व्यहोरा देखिएका छन। कानूनको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी बनाउनु पर्दछ।

९ **सवारी साधन खरिद :** यो वर्ष विभागको लागि सवारी साधन तर्फ रु.१,०५,००,०००।- शुरु विनियोजन भएकोमा चालू शिर्षकमा विनियोजित वजेटवाट स्टीकर खरिद गर्ने कार्य समयमा सम्पन्न हुन नसकी वचत रकम वर्षान्त अर्थात मिति २०७३।३।२२ मा रु.१९,०४,७०,०००।- चालू शिर्षकबाट पूजिंगत शिर्षकमा रकमान्तर गरेको समेत रु.२०,०९,६७,३८१।-को सवारी साधन खरिद गरेको छ। सो सम्वन्धमा देखिएका अन्य व्यहोरा निम्न छन :

९.१. प्याकेज तीन–एन.सि.वि.१०-२०७२।०७३ डवल क्याव पिकअप खरिद को लागि मूल्य अभिवृद्धि कर समेत रु.७८,००,०००।०० लागत अनुमान स्वीकृत गरी वोलपत्र आवहान गरेकोमा वोलपत्र दर्ता को अन्तिम मिति सम्म एक मात्र आपूर्तिकर्ताले एक सवारी साधनको लागि लागत अनुमान भन्दा

रु.५०,०००।– वढी अर्थात रु.७८,५०,०००।- मूल्य कायम गरी बोलपत्र पेश गरेको अवस्थामा निज आपूर्तकले पेश गरेको दररेटमा कुनै छुटदिन सकिने वा नसकिने भनी सोधनी सहितको पत्र पठाएकोमा उक्त आपूर्तकले पहिले कवोल गरेको रकममा रु.६०,०००। छुट गरेको जानकारी दिएको आधारमा लागत अनुमान भन्दा रु.१०,०००। मात्र घटी रकमको ठेक्का स्वीकृत गरेको र अन्य ३ (तीन) वटा प्याकेजमा समेत मात्र १।१ आपूर्तीकर्ताले वोलपत्र दर्ता गराएको र प्राय सवै प्याकेजको कवोल अंक लागत अनुमान भन्दा कम गरी १।१ थान मात्र वोलपत्र खरिद एवं दर्ता गराएको देखिंदा सार्वजनिक खरिद ऐन २०६३ वमोजिम प्रर्याप्त प्रतिस्पर्धा गराई खरिद भएको सम्वन्धमा विश्वस्त हुने अवस्था देखिएको छैन ।

९.२. कार्यालयगत सवारी साधन खरिदको आवश्यकता निर्धारण गर्दा कर कार्यालय तथा करदाता सेवा कार्यालयको स्थलगत भ्रमण प्रयोजन उल्लेख गरिएको छ। अर्थ मन्त्रालयले बजेट खर्च गर्ने अख्तियारी साथ दिने निर्देशनमा अत्यावश्यक अवस्थामा बाहेक सवारी साधन खरिद नगर्ने उल्लेख गरेको छ। उपत्यका स्थित सवै करदाता सेवा कार्यालयमा कम्तीमा १ थान सवारी साधन रहेको र सवै आन्तरिक राजस्व कार्यालयमा समेत एक भन्दा बढी सवारी साधन भएको अवस्था छ । अर्थ मन्त्रालयको च.नं.२२६४ मिति २०७३।०१।२९ को पत्र अनुरुप विभागको लागि फोर व्हील ड्राईभ १ र पिकअप १ समेत २, आन्तरिक राजस्व कार्यालयको लागि ६, करदाता सेवा कार्यालयको लागि १५ समेत २३ र मन्त्रालयको लागि ९ गरी जम्मा ३२ वटा सवारी साधन खरिद गर्न स्विकृति दिने मिति २०७३।१।२९ मन्त्रीस्तरीय निर्णय भएको देखिंदा यस विभाग एवं मातहत कार्यालयको आवश्यकता भन्दा आफ्नो आवश्यकतालाई प्राथमिकता दिई सवारी साधन खरिद गरेकोले अर्थ मन्त्रालयको नीतिगत व्यवस्थाको स्वयम उल्लंघनको अवस्था देखिएको छ ।

९.३. यो वर्ष खरिद भएका ३८ सवारी साधनमध्ये विभागबाट मन्त्रालयमा पठाएका न्यू टक्सन जी.एल.एस.डि.एस.एल.एटि.लो.रिम प्रति सवारी रु.८८,००,०००।- ले ९ थानको ७ करोड ९२ लाख मूल्यको सवारी साधन अर्थ मन्त्रालयले बुझेको प्रमाण स्वरुप हस्तान्तरण फाराम मात्र प्राप्त भएको, अन्य १६ थान सवारी साधन विभिन्न कार्यालयलाई हस्तान्तरण भएकोमा हस्तान्तरण फारम प्रमाणित भै नआएको, हस्तान्तरण भएका सवारी साधनको स्पेशिफिकेशन र सो वमोजिमको परल मूल्य खुलाई जिन्सी खातामा आम्दानी जनाएको प्रमाण प्राप्त नभएकोले सम्बन्धित कार्यालयले आम्दानी बांधे नबांधेको स्पष्ट हुन सकेको छैन ।

९.४. यस विभाग र कार्यालयअर्न्तगत राजपत्रांकित प्रथम तह विशेषज्ञसमेत ८ जना, राजपत्रांकित द्धितिय ८१ राजपत्रांकित तृतिय ४६३ (प्राविधिक समेत) दरवन्दि रहेका छन्। जस मध्ये राजपत्रांकित तृतिय श्रेणी कार्यालय प्रमुख रहेका अवस्थामा वाहेक अन्य तृतीय तहको कर्मचारीको लागि सवारी साधनको नीतिगत व्यवस्था छैन। यस विभाग र अर्न्तगत कार्यालयमा गत वर्ष सम्मको चारपाग्रे हलुका सवारी साधनको मौज्दात विवरण अनुसार विभागमा २८ थान, विभाग मातहतका सवै आन्तरिक कार्यालयमा २ देखि ३ र उपत्यका स्थित करदाता सेवा कार्यालयमा १।१ थान हलुका सवारी साधन चालू हालतमा मौजुदा रहेको समेत जम्मा ९७ थान सवारी साधन मौज्दात रहेको छ। जसवाट विभाग र मातहत कार्यालयमा नेपाल सरकारको हालको नीतिगत व्यवस्था अनुसार कर्मचारीको श्रेणीगत एवं कार्यालयगत आधारमा आवश्यक पर्ने सवारी साधन मौजुदा रहेकोमा तत्काल अभाव भई वर्षान्तमा रकमान्तर समेतवाट यति ठूलो परिमाणमा सवारी साधन खरिद गर्नुपर्ने अवस्था सिर्जना भएको छैन । देशको वर्तमान आर्थिक स्थितिलाई समेत मध्यनजर गरी आवश्यकताको प्राथमिकिकरण गर्न सम्वन्धित निकायको ध्यान जानुपर्दछ ।

१० **अन्तःशुल्क स्टिकर :** अन्तशुल्क स्टिकरको खपत मासिक औसत ४ करोड ९२ लाख ९३ हजार रहेको छ। तर हाल कार्यान्वयनमा रहेको ठेक्काको म्याद पटक-पटक थप्नु परेको र समयमा आपूर्ति नभएको अवस्थाले सम्झौता अवधि समाप्त भईसकेको र विभाग बाट स्टिकरको आपुर्तीको लागि नयाँ ठेक्का बन्दोवस्त हुन ढिला भएकोले अन्तशुल्क स्टिकर न्युनत्तम मौज्दात तह कायम गर्न कठीनाई हुनुका साथै स्टिकरको अभावमा राजस्व चुहावटको समेत सम्भावना रहेकोले सुधार गर्नुपर्दछ ।

११ **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ को उपदफा ३ अनुसार कुनै गैह्र वासिन्दा व्यक्तिलाई दिने ठेक्का वा करार भुक्तानीमा ५ प्रतिशतको दरले कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ। विभाग र एक पेपर प्रा.लि. बीच भएको सम्झौताको सर्त १५.१ अनुसार भूक्तानि गर्दा श्रोतमा नै ५ प्रतिशतले अग्रीम कर कट्टी गर्नुपर्नेमा नगरेकोले लेखापरीक्षणवाट औंल्याईएपछि पटक पटक गरी २०७३।७८ सम्म कट्टी तथा दाखिला गरेको छ। भुक्तानीको समयमा नियमानुसार अग्रिम कर कट्टा गरी राजस्व दाखिला गर्नुपर्दछ।

१२ **अन्तःशुल्क स्टिकर नियन्त्रण :** आन्तरीक राजस्व विभागले अन्तःशुल्क स्टिकर छपाई एवं आपुर्तीको व्यवस्था मिलाई मातहतका कार्यालयलाई उपलव्ध गराउने गरेको छ। अन्तःशुल्क स्टिकरको साईज, परिमाण, एकाईगत मूल्य,खपत र वांकी मौज्दात परिमाण यकिन हुने सुचना सहितको मासिक एवं वार्षिक प्रतिवेदन तयार गरी विभाग वा कार्यालय प्रमुखबाट प्रमाणित गराई लेखापरीक्षणको लागि पेश गर्नुपर्नेमा सो नगरी मासिक खर्चको फांटवारी मात्र पेश गरेकोले जिम्मेवार पदाधिकारीबाट नियमित अनुगमन गरी अन्तःशुल्क स्टिकर सम्वन्धममा उपरोक्त वमोजिमको विवरण सहितको मासिक एवं वार्षिक प्रतिवेदन तयार गर्ने व्यवस्था गर्नुपर्दछ ।

१३ **बिज्ञापन सेवा खरीद :** यो वर्ष विभागले बिज्ञापन सेवा प्राप्त गर्न ३ प्याकेजमा रु ५ करोड ७० लाख ११ हजारको लागत अनुमान तयार गरी छुट प्रतिशतको आधारमा सम्झौता गरी सेवा प्राप्त गरे वमोजिम रु ५ करोड १० लाख ९० हजार भुक्तानी गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची ३ (ख) अनुसार सार्वजनिक निकायले मालसामान वा अन्य सेवाको न्युनतम र अधिकतम परिमाण खुलाई सम्झौता गर्नुपर्नेमा पत्रपत्रिका, टेलिभिजन, एफएमसंग न्युनतम र अधिकतम खरिद परिमाण तथा रकम नखुलाई इकाई दर मात्र खुलाई खरिद सम्झौता गरेको छ। वार्षिक खरिद योजना अनुसार कार्यतालिका वनाई विज्ञापन गर्नु गराउनु पर्नेमा कार्यक्रम एवं वजेटलाई मात्र आधार मानी यस्ता कार्यमा खर्च लेखेकोले यसबाट बजेट नियन्त्रण पक्ष कमजोर हुनजान्छ । नियमावलीको व्यवस्था बमोजिम वार्षिक कार्यक्रम अनुसार मात्र यस्तो खर्च गर्नु गराउनु पर्दछ । यो वर्ष रिद्दी सिद्दी मिडिया प्रा.लि. मार्फत विज्ञापन दिंदा सोझै प्रतिस्पर्धा एवं कुनैछुट वेगर २६ लाख ९७ हजार ४०७ भुक्तानी दिएको अनियमित देखिएको छ ।

१४ **चलचित्र विकाश शुल्क :** देश भरिका चलचित्र घरमा विदेशी चलचित्र देखाएवापत प्राप्त हुने शुल्कको निश्चित प्रतिशत रकम चलचित्र विकाश शुल्क वापत प्राप्त हुन्छ । सो रकममध्ये १० प्रतिशत आन्तरिक राजस्व कार्यालयले कट्टा गरी बांकी रकम चलचित्र विकास वोर्डमा महिना भुक्तान भएको १० दिन भित्र पठाउने व्यवस्था छ। चलचित्र विकास शुल्क कोष परिचालन तथा नियन्त्रण सम्वन्धी कार्यविधि, २०७२ जस अनुसार विगत वर्षको ८० प्रतिशत रकम पूंजिगत कृयाकलापमा खर्चगर्न पाउने उल्लेख छ । आन्तरिक राजस्व कार्यालय विराटनगरले २०७०।७१ र ०७१।७२ को त्यस्तो शुल्क रु.१,७१,४६८।- आन्तरिक राजस्व कार्यालय भद्रपुरबाट २०७१।७२ मा प्राप्त शुल्क रु.३५,७०७।- यो आ.व. मा प्राप्त भएको देखिएकोले समयमा रकम प्राप्त नभएको अवस्थामा सुधार गर्नुपर्दछ। उक्त कार्यविधि अनुसार यो वर्ष एन.सि.वि. नम्वर ६ र ७ मार्फत १ थान स्कोरपियो जीप मूल्य अभिवृद्धि कर समेत रु.५६,५०,०००।- र एक थान पिकअप रु.३२,४५,०००।- मा खरिद गर्दा वोलपत्र फाराम विक्री दर्ता गर्ने एक मात्र आपूर्तिकर्ता मार्फत खरिद गरेकोले पर्याप्त प्रतिस्पर्धा नभएको र एक जीप खरिदको आवश्यकता नखुलाई खरिद गरेको उपयुक्त देखिएको छैन ।

१५ **प्रशासकिय पुनरावलोकन :** आयकर ऐन, २०५८ को दफा (८) बमोजिम प्रशासकिय पुनरावलोकन गर्न सकिने निर्णय उपर चित्त नवुझ्ने व्यक्तिले सो निर्णयको सूचना पाएको मितिले ३० दिन भित्र उक्त निर्णय विरुद्ध विभाग समक्ष निवेदन दिन सक्ने र त्यस्तो निवेदन उपर विभागले ६० दिन भित्र निवेदन उपरको निर्णयको सूचना विभागलाई नदिएमा निवेदकले सो को जानकारी विभागमा दर्ता गराई विभागले निवेदन अस्विकार गरेको मान्न सक्ने व्यवस्था छ। विभागले प्रशासकिय पुनरावलोकनतर्फ गत वर्षको ६१८ समेत जम्मा १०९७ मा योवर्ष ३४२ फछ्यौट भई ७५५ निवेदन वांकी रहेको विवरण पेश गरेको छ। कुन मितिमा दर्ता भएको निवेदन सम्वन्धमा कति समयमा प्रशासकिय पुनरावलोकन सम्पन्न भयो भनि निवेदन स्विकार वा अस्विकार सम्वन्धी निर्णय तथा विवरण विभागले नराखेकोले विवरण अद्यावधिक गर्नुपर्दछ।

१६ **विविध खर्च :** विभागको लागि खर्च शिर्षक नं. २२७११ तर्फ शुरु बजेट रु.४९ लाख ८० हजार विनियोजन भएकोमा कर फिर्ताको लागि रु ५ करोड ९५ लाख ६१ हजार ०९४ थप गरी जम्मा रु ६ करोड ४५ लाख ४१ हजार ०९४ विनियोजन भएको छ। यो वर्ष विभिन्न ८ फर्महरुको लागि रु ५ करोड ९२ लाख ३६ हजार ०९४ कर फछ्र्यौट आयोगको २०७१ को निर्णय कार्यान्वयन गर्न कर फिर्ता गरेको समेत शत प्रतिशत रकम खर्च गरेको छ। कर फिर्ता वाहेकको रु ५३ लाख ५ हजार प्राय खाजा खर्चको होटल विल, रिसोटको खर्च लगायतमा खर्च लेखेको छ। यस शिर्षकमा कर फिर्ता को लागि थप रकम मध्ये वचत रु ३ लाख २५ हजार समेत सोही प्रकृतिको कार्यमा खर्च लेखेको छ। विभागका कर्मचारीको नियमित खाजा व्यवस्था गर्ने एक चिया पसलको केही विल परीक्षण गरीएकोमा ११ महिनाको १३ वटा विलवाट रु.१९ लाख ९४ हजार ८४० भुक्तानी गरेको छ । यसरी स्पष्ट किटानी कार्यक्रम वेगर गरीने यस्तो खर्च नियन्त्रण गर्ने र सम्बन्धीत शिर्षकमा वजेट व्यवस्था गर्ने सम्वन्धमा तालुक निकायसमेतले ध्यान दिनुपर्दछ।

१७ **अतिरिक्त समयको भुक्तानी :** विभागमा अतिरक्ति समय विहान वेलुका काम गरेको भनी यो वर्ष पुरै अवधि ३१ देखि ५८ कर्मचारीलाई कार्यालयमा हाजिरी भएको आधारमा खाजा भत्ता रु.२९ लाख ४२ हजार वितरण गरेको छ। मन्त्रालयवाट स्विकृती लिई खर्च गरेको भएपनि विभागमा पुरै वर्ष अतिरिक्त समय काम लगाउन पर्ने स्पष्ट आधार वेगरको खर्च अनियमित देखिएको छ। यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

१८ **फुटकर विज्ञापन खर्च :** विभागवाट विभिन्न मिडिया, पत्रपत्रिका एवं संस्थालाई शुभकामना एवं अन्य स– साना प्रकाशनमार्फत सूचना एवं विज्ञापन गराए वापतको भुक्तानी गर्दा मितव्ययीतता र आवश्यकताको

समेत विचार गरी खर्च लेख्नुपर्नेमा नमुना छनोटबाट केहि पत्रपत्रिकालाई फुटकर विज्ञापन वापत भूक्तानी गरेकोले यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

१९ **पटक पटक खरिद :** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(१) ले प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ वमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी तोकीएको सीमा अर्थात रु ३ लाख भन्दा वढीको माल सामान एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थावाट खरिद गर्न नसकिने व्यवस्था गरेको छ । नमुना छनोट गरी पूंजिगत शिर्षकको १३ र चालू शिर्षक तर्फ २७ समेत ४० भौचर वाट खरिद कार्यको भुक्तानी र खरिद विधिको परीक्षण हुंदा विभिन्न आपूर्तकवाट सोझै खरिद कार्य गराई रु ९१ लाख ०७ हजार २०४ भुक्तानी दिएको छ । उक्त खरिद मध्ये कार्यालय सामान, फर्निचर, मेशिनरी औजार लगायतका विभिन्न सामान खरिद तथा मर्मत जस्ता एकै प्रकृतिको मालसामानहरु एउटै आपूर्ति कर्तावाट पटक पटक गरी तोकिएको सीमा भन्दा वढी ५६ लाख ५७ हजार ५२४ सोझै खरिद गरेको अनियमित देखिएको छ ।

२० **पेश्की बाँकी :** आर्थिक बर्षको अन्त सम्ममा विभिन्न ६ कर्मचारीको नाममा रहेको रु २ लाख ४० हजार ८५० पेश्की फर्छ्यौट नभई बाँकी देखिएकोले आर्थिक कार्यविधि नियमाली, २०६४ का नियम ७९ बमोजिम फर्छयौट गर्नुपर्दछ ।

२१ **कर कट्टी :** कर फछ्र्यौट आयोगमा खटिएका विभिन्न १८ कर्मचारीलाई २०७२ श्रावणमा रु २ लाख १२ हजार ४८० र भाद्रमा २७ जनालाई रु ३ लाख १८ हजार ४०७ समेत जम्मा रु ५लाख ३० हजार ८८७ शुरु तलवको ५० प्रतिशत भत्ता भुक्तानी गर्दा सामाजिक सुरक्षा वापतको १ प्रतिशत कर कट्टी गरी भुक्तानी दिएको छ । आयकर ऐन, २०५८ को दफा ८ अनुसार पारिश्रमिक कर गणना गर्ने प्रयोजनार्थ वार्षिक आयमा समावेश गरी कर गणना नगरेकोले गणना गरी कर दाखिला गरेको प्रमाण पेश हुनु पर्ने अन्यथा कुल भुक्तानीको १४ प्रतिशतले हुने रु.७४ हजार ३२४ असुल गर्नुपर्दछ ।

२२ **मूल्य अभिवृद्दि कर फिर्ता :** कुटनितिक नियोग, कुटनितिज्ञ र नेपाल सरकारसंग कर नलाग्ने सम्झौता भएका आयोजनाले खरिद गरेको सामान वा सेवामा तिरेको मूल्य अभिवृद्धि कर फिर्ताको सन्दर्भमा आन्तरिक राजस्व विभागवाट कर विजक जाँचवुझ गर्दा करदाताले विजक मिति सच्चाएको, मूल्य अभिवृद्धि कर विवरण नवुझाएको, शुन्य विवरण वुझाएको, कर विजक नै जारी नगरेको, एउटै नम्वरको फरक फरक विजक जारी गरेको जस्ता व्यहोरा देखिएकोमा त्यस्ता विवरणमध्ये नमुना छनौट गरी परीक्षण गर्दा सम्बन्धित करदाताको क्षेत्र रहेको आन्तरिक राजस्व कार्यालयलाई ऐन नियम वमोजिम आवश्यक कारवाही गर्न पत्राचार र छानबिन गरी आवश्यक कारवाही एवं अभिलेखीकरण गर्नुपर्दछ ।

भन्सार विभाग, त्रिपुरेश्वर

१. **वार्षिक लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढांचामा चौमासिक प्रगति विवरण तयार गरी पेश गर्नुपर्ने र नियम २६ मा उक्त बजेट तथा कार्यक्रम कार्यान्वयन प्रगति समिक्षा गर्नुपर्ने व्यवस्था छ । भन्सार विभाग अन्तर्गत कुल १२ मध्ये २ कार्यक्रममा शुन्य प्रगती र ५ कार्यक्रममा ५० प्रतिशत सम्म मात्र प्रगती भएको विवरण पेश भएकोमा न्यून प्रगति भएको कारण तथा पुष्ट्याई उल्लेख नभएकोले समग्रमा स्वीकृत कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता देखिएको छैन । स्वीकृत कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२. **चौमासिक खर्च :** स्वीकृत कार्यक्रम अनुसार चौमासिकरुपमा कार्य सम्पादन गरी तोकिएको बजेट खर्च गर्नुपर्दछ । कार्यालयमा कार्यक्रम/पूँजिगततर्फ ३ बजेट उप-शीर्षकमा भएको कुल खर्च रु.१६,४३,८६,४३१।- खर्च भएकोमध्ये रु १३२४५३९०५/- (८०.५७ प्रतिशत) तेश्रो चौमासिक भार कुल खर्चको आधा भन्दा बढी रु ११०५५१२४०/- अर्थात् ६७.२५ प्रतिशत रकम असार महिनामा खर्च भएको छ । कार्यालयले खरिद योजना अनुसार कार्य गर्न नसकेको कारण बर्षको अन्तमा अत्यधिक खर्च भएबाट सम्पन्न कार्यको रेखदेख, मूल्यांकन लगायतमा चाप पर्न गई कामको गुणस्तरमा समेत असर पर्नसक्ने अवस्था रहेकोले स्वीकृत कार्यक्रम बमोजिम चौमासिक रुपमै कार्य सम्पन्न गर्नुपर्दछ ।

३. **थप अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२(२) मा बजेट विवरण र खर्च गर्ने अख्तियारी प्राप्त भएको पन्ध्र दिन भित्र सम्बन्धित सचिवले विभागीय प्रमुखलाई र विभागिय प्रमुखले मातहत कार्यालय प्रमुखलाई पठाउनु पर्ने व्यवस्था छ । अख्तियारी तथा निकासा विवरणमा असार महिनामा रु.१,४९,५२,१०४।– मूल्य अभिवृद्धि कर भूक्तानी प्रयोजनका लागि रकमान्तर गरी थप अख्तियारी प्रदान गरेको छ। नियमावली बमोजिम एकै पटक अख्तियारी दिनुपर्नेमा पटक-पटक थप अख्तियारी दिने परिपाटीको अन्त्य गर्नुपर्दछ ।

४. **खरिद योजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा सार्वजनिक निकायले वार्षिक रु १० लाख रुपैया भन्दा बढी रकम खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । खरिद योजनामा १३ खरिद कार्य वोलपत्र मार्फत गरिने उल्लेख भएकोमा वोलपत्र विक्री कितावमा खरिद कार्यको वोलपत्र विक्री अभिलेख अनुसार खरिद योजनामा रु २,१६,२५,०००/- का सर्भर खरिद, रु १,७०,५६,५००/- का कम्प्यूटर खरिद, रु १,९३,२६,५००/- कानेट वर्किङ्ग कार्य, रु ९६,६०,०००/- का RDBMS सफ्टवेयर खरिद र रु २,४९,४६,४१८/- का मोडुलर डाटा सेन्टर खरिद कार्य समावेस भएको छैन । उक्त स्वीकृत खरिद योजनाले विभागको २०७२।७३ को सम्पूर्ण खरिद कार्य नसमेटीएको हुंदा सो खरिद योजना अपुर्ण रहेको छ । अत खरिद कार्य प्रभावकारी बनाउन सम्पूर्ण खरिद कार्य खरिद योजनामा समावेश गरी उल्लेखित समयावधीमा प्रतिस्पर्धात्मक तवरले गुणस्तरीय वस्तु तथा सेवा खरिद गर्नुपर्दछ ।

५. **सम्पत्तिको अभिलेख :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(१) मा कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा १ पटक आफैले वा अन्य कर्मचारी द्वारा निरीक्षण गर्न लगाउने र नियम ५०(३) निरिक्षण गरी प्राप्त प्रतिवेदन उपर कारवाही गर्नुपर्ने व्यवस्था छ । जिन्सी निरीक्षण फारम अभिलेखको रुपमा प्रयोगमा ल्याएता पनि सो फारममा उल्लेख गर्नुपर्ने पूर्ण सूचना उल्लेख गरेको छैन । जिन्सी निरिक्षण टोलीले जिन्सी खाता बमोजिमको मौज्दात उल्लेख गरेतापनि भौतिक परीक्षण गर्दाको परिमाण र जिन्सी खाता बमोजिमको परिमाणमा भएको घटवढ र चालू हालतमा रहेको नरहेको उल्लेख नगरेकोले जिन्सी सामानको परिमाण र अवस्था स्पष्ट नदेखिएको, विभागको २०७२।४।१७ को निर्णय बमोजिम गठित जिन्सी निरिक्षण टोलीले जिन्सी निरिक्षण गरि २०७२।५।१९ मा प्रतिवेदन दिएको छ । सो जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम गर्नुपर्ने भनि ठहऱ्याएका चालू हालतमा नरहेका विभिन्न सामान आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५८ बमोजिम लिलाम विक्री नगरेको, नियम ४७ मा बरबुझारथको व्यवस्था बमोजिम विभागका एक सह-सचिवले वुझेको एप्पल ल्यापटप आइ ५ एक थान फिर्ता दाखिला गरेको नदेखिएकोले सामान फिर्ता दाखिला गराई जिन्सीखाता अद्यावधिक गर्नुपर्दछ ।

६. **भारतीय अन्तशुल्क फिर्ता :** भारतीय अन्तशुल्क फिर्ता प्रक्रिया इस्वी सन् २०१२ मार्च १ मा खारेज भए पश्चात २०७०।७१ सम्मको भारतीय अन्तशुल्क फिर्ता लिन बाँकी रु २,४१,०८,०४,९७४।८० यस वर्ष पनि सप्रमाण दावी गरी फिर्ता लिएको छैन । साथै गत वर्ष सो फिर्ता लिन वाँकीको पुष्ट्याई वेगर रु १३,६८,२४,१५२।८० घटाई रु २,२७,३९,८०,८२२।- कायम गरेकोमा यस वर्षको लेखापरीक्षणमा पनि सोको आधीकारीक प्रमाण पेश नभएकोले वाकी रकम फिर्ता लिन प्रभावकारी पहल गर्नुपर्दछ ।

७. **वान अनुगमन प्रणाली :** भन्सार शाखावाट जाँचपास गरेको आशिकुडा इण्ट्री गरेको प्रज्ञापन-पत्रको विभागस्थित इन्टेलिजेन्स शाखावाट आशीकुडाको विश्लेषण गरी छुट राजस्व सम्वन्धित भन्सार कार्यालयमार्फत असुल गर्नुपर्ने व्यवस्था रहेको छ । गत वर्षको तुलनामा २३९ थान (३७.८१ प्रतिशत) प्रज्ञापन-पत्र कम छनौट हुँदा पनि छुट राजस्व रु १,३०,२३,०१६।- (४९.३१ प्रतिशत) वढी असुल भएको छ । यसवाट राजस्व जोखिमको स्थिति वृद्धि भएको अवस्थामा प्रज्ञापन-पत्र एंव क्षेत्र वढाई वान अनुगमन थप प्रभावकारी बनाउनु पर्नेमा छनौट प्रज्ञापन संख्या तथा क्षेत्र घटाउनु उपयुक्त देखिएको छैन । प्राप्त विवरण अनुसार ८ वटा भन्सार कार्यालयको प्रज्ञापन-पत्र छनौट गर्दा सुख्खा वन्दर गाह भन्सार कार्यालयको कुनै पनि प्रज्ञापन-पत्र छनौट नभएबाट अनुगमनका लागी छनौट गरिने भन्सार कार्यालय र प्रज्ञापन पत्र संख्याको आधार समेत स्पष्ट भएको छैन । साथै, ८ भन्सार कार्यालयको ३९३ थान प्रज्ञापन पत्र छनौट भएकोमा ८० थान प्रज्ञापन पत्र दरवन्दी फरक सम्वन्धी परीक्षणका लागि र ३१२ थान प्रज्ञापन पत्र मूल्याकन स्पष्ट गर्न छनौट गरी वान अनुगमन भएकोमा कुन कुन प्रज्ञापन पत्र एंव माल वस्तुमा कुन दरवन्दी फरक परेको र मूल्याकनमा फरक परेको खुल्ने विवरण लेखापरिक्षण लागि उपलब्ध हुनसकेन। अत: यसवाट वान अनुगमन वाट असुली रु ३,९४,३४,७२६।- सुनिश्चित हुने आधार नरहेकोले लेखापरिक्षणका लागि माग गरिएका प्रमाण कागजात आर्थिक कार्यविधि नियमावली २०६४ को नियम १३(घ) ले तोकेको समयमा प्रस्तुत गर्नुपर्दछ ।

८. **इजाजत नवीकरण :** भन्सार ऐन, २०६४ को दफा ५१ भन्सार नियमावली, २०६४ को नियम ३७ मा भन्सार एजेण्टको नियुक्ती र नविकरण गर्नुपर्ने व्यवस्था रहेको छ । विभागबाट प्रत्येक आर्थिक वर्षमा नवीकरण गरी अद्यावधिक भएका एजेण्टको विवरण मात्र परिक्षणको लागि उपलब्ध हुने गरेको भएता पनि सो वर्ष नविकरण गर्नुपर्ने एजेण्ट संख्या नवीकरण गरेको एजेण्ट संख्या र सो वाट असुली राजस्व थप इजाजत जारी गरेको एजेण्ट संख्या नवीकरण नगराई रद्द भएका एजेण्ट संख्या आदी स्पष्ट खुल्ने विवरण पेश नभएको, इजाजत दिदा वा नविकरण गराउदा बैक जमानत को म्याद पर्याप्त भए नभएको नियन्त्रण गर्न अभिलेख नराखेको, लेखापरीक्षणका लागि प्रथम पटक प्राप्त विवरण अनुसार क्रियाशील रहेको भन्सार एजेण्टको सख्या १८९ मा ३ वर्षका लागि नविकरण गर्ने ४१ र २ वर्षको लागि नविकरण गर्ने १४ र १ वर्षका लीग नविकरण गर्ने ४९ समेत कुल १०४ एजेण्टले नविकरण गरेको र ८५ एजेण्टले नविकरण नगराएकोमा तिनीको इजाजत पत्र रद्द गरेको देखिएन । तर प्राप्त थप विवरणमा ३८ ले आ.व. २०७५।७६ सम्म, ५४ ले २०७४।७५ सम्म र ९७ ले

२०७३।७४ सम्म नविकरण गराई कुल १८९ भन्सार एजेण्ट क्रियाशील रहेको फरक-फरक विवरण प्राप्त हुनआएको छ । भन्सार एजेण्टको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

९. **वण्डेड वेयर हाउस :** भन्सार नियमावली, २०६४ को नियम ९(१) मा वण्डेड वेयर हाउसको इजाजत लिन निवेदन दिनुपर्ने र नियम ९(४) मा इजाजत पत्रको अवधि एक आर्थिक वर्षसम्म कायम रहने र प्रत्येक आर्थिक वर्षका लागि सो आर्थिक वर्ष शुरु हुनु अगावै इजाजत पत्र नविकरण गराउनुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण अनुसार क्रियाशिल रहेको वण्डेड वेयर हाउस १०२ मध्ये नंया इजाजत दिइएका ७, आ.व. २०७२।७३ का लागि नविकरण भएका २० र २०७३।७४ का लागि नविकरण भएका संख्या ७६ वटा रहेको उल्लेख छ । वण्डेड दर्ता किताव अनुसार २०७२।३।३२ सम्म १२५० वटाको दर्ता मध्ये यस वर्षान्तमा १०२ मात्र क्रियाशिल देखिएकोले वाकी ११४८ को वहाली वा खारेजीको अवस्था सम्वन्धमा विभागको अभिलेख अद्यावधिक देखिएको छैन ।

१०. **छुटमा पैठारी अभिलेख :** राजस्व छुटमा पैठारी गर्न दिएको आयोजनागत शिफारिश र सोको मास्टर लिस्ट अभिलेख सम्वन्धित भन्सार कार्यालय र भन्सार विभागमा अद्यावधिक राखि सोको प्रभावकारी अनुगमन हुनुपर्ने व्यवस्था छ । आयोजना प्रयोजनका लागि गत वर्ष १,१६,०५,०१,२८०।- राजस्व छुट दिई पैठारी गर्न सिफारिस दिएकोमा यसवर्ष रु ५६,६०,७४,०००।- राजस्व छुट दिई पैठारी गर्न सिफारिस दिएको छ । सो को मास्टर लिस्टको अभिलेख पैठारी गरेको अभिलेख सम्वन्धित भन्सार कार्यालय लगायत भन्सार विभागमा समेत अद्यावधिक नरहेका कारण मास्टर लिस्टमा उल्लेखित मालवस्तु सोही परिमाणमा पैठारी भएको र पैठारी भएका मालवस्तु आयोजना प्रयोजनमा नै उपयोग भएको आश्वस्त हुने अवस्था छैन । विभागको मास्टरलिस्ट भएको कम्प्यूटरमा सुरक्षा प्रणाली भरपर्दो नरहेको कारणले यस क्षेत्रको अभिलेख तथा अनुगमन व्यवस्था प्रभावकारी देखिएको छैन । यस सम्वन्धमा राजस्व छुटको सफ्टवेयर २०७३।४।१ देखि कार्यान्वयनमा आएकोले यस्तो समस्या समाधान हुने कार्यालयले जनाएको छ ।

११. **अग्रीम कर :** आयकर ऐन, २०५८ को दफा ८९ अनुसार ठेक्का वा करारको रकम भुक्तानी गर्दा भुक्तानी रकममा १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने उल्लेख छ । मेशिनरी औजार खरिद तथा रंगरोगन कार्यको विल भुक्तानीमा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टा गरी भुक्तानी गर्नुपर्नेमा कम कर कट्टा गरेको रु ३०१८९८।– असुल गर्नुपर्दछ ।

१२. **भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने उल्लेख छ । विभिन्न मितिमा खरिद मूल्यांकन समिति, खरिद इकाई लगायत बिभिन्न समितिको बैठक बसेको भनि बैठक भत्ता भुक्तानी खर्च लेखेकोमा एक व्यक्तिले रु २९७५०।– रकम बुझेको नदेखिएको हुंदा सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

१३. **सोझै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्नुपर्ने भएमा खरिद योजना तयार गरी खरिद कार्यको प्रकृति अनुसार खरिद कारवाहीको समय तालिका तयार गरी सो बमोजिम एकै पटक बोलपत्र वा सिलबन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । विभागले उपरोक्त सीमा भन्दा बढीको सामान खरिद गर्न खरिद ईकाई स्थापना गरी खरिद योजना तयार गरेको भएतापनि रु २९,९९,०९०/- को कम्प्युटर, ल्यापटप प्रिन्टर लगायत जिन्सी मालसामानहरु नियममा व्यवस्था भए अनुसार पुर्ण प्रतिस्पर्धा गराई खरिद योजना बमोजिम वर्षभरीको लागि एकै पटक खरिद गर्नुपर्नेमा पटक पटक गरी सोझै खरिद गरेको छ । नियमको पालना गर्नुपर्दछ ।

१४. **नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना :** एक द्वार प्रणाली विकास गर्ने कार्यका लागि नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना अन्तर्गत यस वर्ष कुल वजेट रु ३६२००००००।- मध्ये रु १,६९,५३,९७४।- (४.६८ प्रतिशत) खर्च भएको छ। परामर्शदाता नियुक्ती प्रयोजनका लागि पुजीगत अनुसन्धान तथा परामर्श रु ८,००,००,०००।- वजेट स्वीकृत भई रु १,६९,५३,९७४।- (२१.२५ प्रतिशत) खर्च भएको छ भने भौतिक प्रगती ४० प्रतिशत रहेको छ। आयोजना अन्तर्गत मिति २०१५ जुनमा भएको सम्झौता अनुसार परामर्शदातालाई परामर्श सेवा वापत मूल्य अभिवृद्धि कर रु १९,५०,४५७।- समेत रु १,६९,५३९४७।- भुक्तानी गरेको छ । सम्झौता मितिले ३६ महिनामा सक्नुपर्ने यस क्वालीटी एडभाइजरी कार्यका लागि नियुक्त उक्त परामर्शदाताले कार्यविवरण अनुसार काम गर्न नसक्दा एक द्वार प्रणाली विकास गर्ने कार्यमा ढिलाई हुन गएको छ। साथै, सिङ्गल विण्डो र ट्रेड पोर्टल विकासका लागि कार्य गर्न सफ्टवेयर निर्माण तथा विकासका लागि यस वर्ष रु २८ करोड बजेट विनियोजन भएकोमा वित्तिय र भौतिक प्रगति दुवै शुन्य रहेको छ । सिङ्गल विण्डो र ट्रेड पोर्टललाई स्वचालित गर्ने र भन्सार प्रक्रियालाई सरल बनाउने उद्देश्य रहेको यस कार्य बाणिज्य तथा आपुर्ति मन्त्रालयले समन्वय गर्नुपर्ने र अन्तराष्ट्रिय क्षेत्रीय व्यापार प्रवर्धन गर्नका लागि स्थापित कार्यालयले ट्रेड पोर्टलको कार्य जारी राखेकोले सिंगल विण्डो अटोमेशन कार्यमा ढिलाई भएको

विभागले जनाएको छ । यसकार्यको लागि सम्वन्धित मन्त्रालय र उक्त कार्यालयसगं समन्वय गरी सिङ्गल विण्डो र ट्रेड पोर्टललाई स्वचालित वनाउने कार्यमा विभागको प्रभावकारी भूमिका रहनुपर्दछ ।

१५. **उप-क्षेत्रिय यातायात अभिवृद्धि आयोजना :** राष्ट्रिय र उपक्षेत्रिय बजारसंग दुर्गम क्षेत्रको पहुचमा सुधार गर्न र भन्सार प्रणाली सुधार गरी मुख्य अन्तर्राष्ट्रिय व्यापार क्षेत्रको क्षमता अभिवृद्धि गर्नकालागि नेपालवाट भारत र भारत हुदै वंगलादेश र भुटानसंग दक्ष र सुरक्षित यातायातको सुविधा प्रदान गर्ने उद्देश्यले अर्थ मन्त्रालय र एशियाली विकास बैक विच ४ मार्च २०११ मा अनुदान सहायता सम्झौता भई उप क्षेत्रिय यातायात अभिवृद्धि आयोजना कार्यान्वयनमा रहेको छ । सम्झौताअनुसार यो आयोजना ३० जुन २०१५ मा सम्पन्न हुनुपर्नेमा पटक पटक गरी ३० जुन २०१७ सम्म सम्पन्न गर्ने गरी म्याद थप गरेको छ । यस कार्यक्रम अन्तर्गत एशियाली विकास वैकले कार्य, उपकरण, परामर्श सेवा, र कार्य लगायत अवण्डाको लागि २४.५ मिलियन अमेरिकी डलर अनुदान सहयोग उपलब्ध गराउने गरी सम्झौता भएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छ ।

१५.१. आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम २८(१), ३७(५) मा वैदेशिक सहायता सम्वन्धि अभिलेख राख्नु पर्ने व्यवस्था गरेको छ। भन्सार विभागले परियोजना हिसाव सम्वन्धि आवस्यक हुने अभिलेख रजिष्टरहरु राखि परियोजना हिसावतयार गरि लेखापरीक्षणको कममा पेश गरेको छैन । यसवाट आ.व. २०७२।०७३ सम्मको अनुदान र खर्च भिडान गर्न सकिएन। दातृसस्थालाई समयमा नै आयोजना हिसाव प्रमाणिकरण गरी पेश गर्न परीक्षणका लागि अप्रमाणित आयोजना हिसाव समयमा पेश गर्नुपर्दछ ।

१५.२. आयोजना अन्तर्गत आशिकुडा वर्ल्ड कार्यान्वयन गर्न भवन सम्वन्धी अनुसन्धान तथा परामर्शदाता अंकटाड संग ३० डिसेम्वर २०१४ मा २०१६ जुन १५ भित्र सम्पन्न गर्ने गरी सम्झौता भएको छ। सम्झौता अनुसार २०७१।७२ मा पहिलो किस्ता वापत अमेरिकी डलर ११५३५०० (रु ११४३२३३८५।-) मा भुक्तानी भएको छ। सम्झौताको भुक्तानी तालिका अनुसार आयोजना सुरु भएको ८ महिना पछि दोश्रो किस्ता भुक्तानी हुने उल्लेख छ । परामर्शदाता अंकटाडवाट परामर्श सेवा सम्वन्धी कार्यका लागि यस वर्ष रु ७ करोड ९० लाख वजेट विनियोजन भएकोमा भौतिक लक्ष्यको ८० प्रतिशत काम पुरा भएको तर कार्यतालिका अनुसार काम पुरा नभएकोले कुनै पनि रकम खर्च भएको छैन । २०७३।७४ को प्रथम चौमासिकमा रकम भूक्तानी भएको विभागले जनाएको छ । परामर्शदाता अंकटाडको दातृसंस्थाको सहमतिमा ३० जुन २०१७ सम्म म्याद थप भएको छ। थप अवधिभित्र कार्यतालिका अनुसार बाकी रहेको कार्य सम्पन्न गर्नुपर्दछ।

१५.३. सफ्टवेयर निर्माण तथा परामर्शकार्य अन्तगर्त ओराकल लाइसेन्स खरिद गर्न रु १० करोड ४० लाख ७४ हजार वजेट विनियोजन भएकोमा स्पेशीफिकेसन बमोजिम लागत अनुमान तयार गरी विडिङ डकुमेण्ट तयार गर्ने सम्म भौतिक कार्य २० प्रतिशत सम्पन्न भएको भएता पनि बोलपत्र आव्हान गर्ने कार्य हुन नसकेकोले वित्तिय प्रगती शुन्य रहेको स्थिति छ। यसले गर्दा आशिकुडा वर्ल्ड कार्यान्वयन गर्ने कार्य ढिला हुनगएको छ।

१५.४. नगद अनुदानतर्फ भन्सार विभाग र रसूवा भन्सार कार्यालयको भवन निर्माणका लागि क्रमश रु ३ करोड र ४ करोड वजेट विनियोजन भएकोमा भन्सार विभागको भवनको ड्रइङ डिजाइन , स्टिमेट र वोलपत्र सम्वन्धि काम भएको तर मोविलाइजेशन पेश्की खर्च नभएको कारण भौतिक प्रगति २० प्रतिशत रहेता पनि वित्तिय प्रगति शुन्य रहेको र आगामी २०७३।७४ देखि भवन निर्माण कार्य शुरु हुने अवस्था रहेको छ भने रसूवा भन्सार कार्यालयको ड्रइङ डिजाइन , स्टिमेट र वोलपत्र सम्वन्धि काम भएकोले भौतिक प्रगति २० प्रतिशत र वित्तिय प्रगति शुन्य रहेको छ ।

१५.५. आई.ई.कोड प्रणालीका लागि कार्यालय संचालनसंग सम्वन्धित उपकरण खरीद गर्न रु ३ करोड वजेट विनियोजन भएकोमा सोको भौतिक र वित्तिय दुवै प्रगती शुन्य रहेको छ। यसवाट उक्त प्रणाली संचालन प्रभावित हुन गएको छ। यस सम्वन्धमा निकासी पैठारी संकेत नम्वर लगाउने कार्यमा ढिलाइ हुन गएकोले समयमा वोलपत्र प्रक्रिया शुरु हुन नसकेको विभागले जनाएको छ।

१६. **सोझै भुक्तानी :** यस वर्ष क्षेत्रीय यातायात अभिवृद्धि आयोजना अन्तर्गत आशीकुडा वर्ल्ड संचालन गर्नका लागि बिभिन्न ६ आपूर्तकसंग मोडुलर डाटा सेन्टर, नेटवर्किंग उपकरण, सोक्लास सफ्टवेयर, कम्प्यूटर र सोको सामान, सर्भर र स्टोरेज डिभाइस, आर डि वि एम एस सफ्टवेयर खरिद गर्न रु १५,०१,८६,८१८/- लागत अनुमान (मूल्य अभिवृद्धि कर वाहेक) स्वीकृत गरी बोलपत्र माध्यमवाट रु ११,५०,१६,१८७/-मा संम्झौता (मूल्य अभिवृद्धि कर वाहेक) भएकोमा रु १०,७४,७२,११५/-(मूल्य अभिवृद्धि कर सहित) भुक्तानी भएको छ। उक्त खरिद प्रक्रियाको फाइल परीक्षण गर्दा देखिएको व्यहोरा निम्नानुसार छन् :

१६.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामान खरिद गर्नु पूर्व सम्वन्धित मालसामानको स्पेशिफिकेसनको अधीनमा रही सार्वजनिक निकायले खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । विभागले उक्त खरिद कार्य राष्ट्रियस्तरको प्रतिस्पर्धात्मक वोलपत्रको माध्यमवाट र एशियाली विकास वैकको सहमति लिई गरेको भएता पनि खरिद गर्नुपर्ने सामानको स्पेशीफिकेसन तयार नगरेको, लागत अनुमान तयार गर्दा दर रेट लिएको सुनिश्चित गर्ने आधार रहेको छैन । साथै ठेक्काहरु लागत अनुमानको

तुलनामा ७.३९ प्रतिशत देखि ४८.७० प्रतिशत घटी कवोल अँक पेश भई स्वीकृत भएको देखिएकोले खरिद कार्यको लागत अनुमान तयार गर्दा लिएको आधार स्पेशीफिकेसन र दररेट स्पष्ट गर्नुपर्दछ ।

१६.२. **ठे.नं.** STEP/NCB/DOC01 अन्तर्गत आशीकुडा वर्ल्डका लागि मोडुलर डाटा सेन्टरखरिद गर्न एक आपुर्तकसंग कवोल अंक रु २४९४६४१८।- (मूल्य अभिवृद्धि कर बाहेक) मा सम्झौता भएकोमा उक्त खरिद कार्यको सम्झौता अनुसार सम्पूर्ण कार्यसम्पन्न भएको प्राविधिक पुष्टी हुनु पर्दछ ।उक्त खरिद कार्यको मिति २०७३।३।२७ को प्राविधिक समितिको प्राविधिक प्रतिवेदनको आधारमा संम्झौता बमोजिम ९० प्रतिशत ले हुने (मूल्य अभिवृद्धि कर सहित) रु २६९९२०२३/- भुक्तानी समेत भएकोमा प्राविधीक प्रतिवेदनमा केही साना उपकरण मात्र जडान गर्न वाकी रहेता पनि डाटा सेन्टर सारभुत रुपमा संचालन योग्य र प्रभावग्राही देखीएको भनिएता पनि सो प्रतिवेदन साथ संलग्न भेरीफिकेशन चेक लिष्टपरीक्षण गर्दा अनुगमन सुविधा नरहेको, एक्जस्ट फ्यान सेटअप नभएको, विद्युतीय कार्यको प्राविधीकवाट भेरीफिकेशन गर्न वाकी रहेको, केभिएम सहितको एलसिडि मोनिटर आपूर्ति हुन वाकी रहेको, सिभिलकार्यको सिभिल प्राविधीकवाट भेरीफिकेशन हुन वाकी रहेकोले कार्यको पुर्णता वेगर प्राविधिक रुपमा कार्य सम्पन्न प्रतिवेदन दिएको देखिएकोले वाकी कार्य समेत सम्पन्न भएपछि मात्र वाकी रकम भुक्तानी गर्नुपर्दछ ।

१६.३. **ठे.नं**. STEP/NCB/DOC02 अन्तर्गत मिडिलवेयर सोक्लास वा सो सरहको सफ्टवेयर हार्डवेयर आपुर्ति तथा जडान कार्यका लागि एक आपूतर्कसंग कवोल अंक रु २२४०१७७०।- (मुअ.कर वाहेक) सम्झौता भई रु २२२७३८२२। मूल्य अभिवृद्धि कर सहित भुक्तानी भएको छ । सम्झौताको बुदा २८.३ मा सफ्वयेर स्वीकार गरेको ३६५ दिन संम्मको वारेण्टी रहनुपर्ने व्यवस्था रहेको छ । सफ्टवेयर खरिदका लागि प्राविधिक समितिवाट स्वीकार गरेको मिति २०७३।३।१५ ले ३६५ दिन अर्थात २०७४।३।१४ सम्मको वारेण्टी अवधि समेटीने गरी सम्झौताको बुदा १८.४ अनुसार ५ प्रतिशत कार्यसम्पादन जमानत रु १२५७००।- राख्नु पर्नेमा मिति २०७३।१२।७ सम्म मात्र रहने गरी नेपाल मर्चेण्ट वैकको NMB/PBG/160478को १० प्रतिशत जमानत रु २५३१४००।- राखेको देखिन्छ । अतः एशियाली विकास वैकवाट स्वीकृत सम्झौताको शर्तको पालना हुनेगरी जमानत रकम र अवधी कायम गर्ने गरी जमानत लिनुपर्दछ । साथै, उक्त सफ्टवेयर संचालन गर्न सम्झौता अनुसारको १० प्राविधिकलाई ३ दिने तालिम दिने कार्य र ३६ महिनाको लागि उत्पादकको आधिकारीक जनशक्तिवाट सपोर्ट र जडान प्रतिस्थापन आदी रु १३३०००।- (मु अ.कर समेत) का कार्य बाकी रहेकोले सम्झौता अवधि भित्र सो कार्य सम्पन्न गर्नुपर्दछ ।

१६.४. **ठे.नं.STEP/NCB** /DOC-03Acतर्गत आशीकुडा वर्ल्डका लागि सर्भर र स्टोरेज डिभाइसखरिद गर्न एक आपुर्तकसंग कवोल अंक रु २,१६,२५,०००।– (मु.अ.कर वाहेक) मा मिति १२ जुन २०१६ मा संभौता भई रु २२२७३७५०/- भूक्तानी भएको छ । उक्त सामान खरिद गर्न निम्नानुसार स्पेशीफिकेसन तथा लागत अनुमान रु २,९८,०६,५७५।- (मूल्य अभिवृद्धि कर सहित) स्वीकृत भएको छ । तर लागत अनुमानमा सामानको दर रेट लिएको आधार स्पस्ट गरीएको छैन । यस वाट वोलपत्रमा प्रतिस्पर्धाका लागि लिएको लागत अनुमान प्रभावकारी देखिएको छैन । उक्त वोलपत्रदातावाट ती सामान मिति २०७३।३।३१ मा विभागमा दाखिला भई प्राविधिक समितिवाट परीक्षण हुदाँ ती सामान प्राप्त भएकोमा भन्सार विभाग र जि.आई.डि. सि मा जडान गर्ने कार्य सम्पन्न भई नसकेको र विभागका १० जना आई.टी.प्राविधीकहरुलाई सात दिने तालिम समेत दिन वाँकी रहेको जनाएको छ। प्राविधिक समितिवाट सामान परिक्षण नगरेको जनाएकोमा सोको कारण खुलाएको छैन । यसवाट ती सामानको गुणस्तर सुनिश्चित हुने आधार रहेको छैन । वारेण्टी समय सीमाभिभत्र प्राप्त सामानको प्राविधिक परीक्षण गरिनुपर्दछ ।

१६.५. **ठे.नं.**STEP /NCB/DOC3Cअन्तर्गत नेटवर्किङ्ग उपकरण आपूर्ति तथा जडानका लागि एक आपुर्तकसंग कवोल अंक १९३२६५००।- (मूल्य अभिवृद्धि कर वाहेक) मा २०७२।११।३० मा सम्झौता भई ९० प्रतिशत ले हुने मूल्य अभिवृद्धि कर सहित रु १९९०६२९५/- भुक्तानी भएको छ। प्राविधिक समितिको २०७३।३।३० को प्रतिवेदन अनुसार उक्त सामान प्राप्त भएता पनि विभाग र अन्तर्गत कार्यालयहरुमा जडान गर्नुपर्नेमा सो नभएकोले प्राविधीक परीक्षण हुन वाकी रहेको जनाएको छ। सम्झौता अनुसार ती सामान २०७२।१२।२१ भित्र प्राप्त भएता पनि प्राविधीक परीक्षण नभएको कारण प्राविधिक रुपमा उपयुक्त र गुणस्तरीय भएको सुनिश्चित हुने आधार रहेको छैन । यस्तै भन्सार विभागको १० जना सुचना प्रविधी प्राविधीकहरुलाई ७ दिने तालिम समेत दिने वाँकी रहेको छ उक्त सम्पूर्ण कार्य सम्झौता अनुसार २०७३।१२।१८ सम्ममा सम्पन्न गर्नुपर्दछ ।

१७. **राजस्व तर्फ :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम १३ मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको ३५ दिन भित्र लगती राजस्वको रकम र असुल गर्न वाँकी रकम तथा हसवली राजस्व रकम समेतको कच्चावारी समेत भिडाइ राजस्वको वार्षिक आर्थिक विवरण तयार गरि पेश गर्नुपर्ने व्यवस्था छ । भन्सार सम्वन्धि आम्दानीमा रु ६१,०००/-, अन्य प्रशासनिक सेवा शुल्कमा रु १,०९,०००/-, सरकारी सम्पत्ती लिलाममा रु ८,८,२००/-, प्रशासनिक दण्ड जरिवानामा रु १०,०००/- गरी कुल रु २६८२००/- आर्थिक विवरण र

आवर्जे विच राजस्व आम्दानीमा फरक देखिएको सम्वन्धमा हिसाव मिलान गरि राजस्व लेखा अद्यावधिक गर्नुपर्दछ ।

१८. **बैंक हिसाब मिलान :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ११ मा राजस्व आम्दानी गर्ने प्रत्येक कार्यालयले सम्वन्धित बैकमा जम्मा भएको राजस्वको बैक हिसाव मिलान गरि भुक्तानी भएको ७ दिन भित्र मासिक विवरण तयार गरि तोकिएको कार्यलयमा पेश गर्नुपर्ने व्यवस्था छ । यस वर्ष प्राप्त राजस्वको आर्थिक विवरणमा उक्त अनुसार हिसाव मिलान गर्दा वैक भौचर भएको तर वैकले कार्यालयको खातामा आम्दानी नदेखाएको भौ.नं. ७७७२१ को रु ३०,०००।- र भौ नं. ३५३२३३ को रु २०७०००।- समेत रु २३७,०००।- कार्यालय कोड नम्वर २७३०५०१ मा जम्मा हुनुपर्नेमा २७३०५४२ मा राजस्व दाखिला भएको छ । विभागले राजस्वदाखिला गर्दा सम्वन्धित कार्यालय कोडमा राजस्व दाखिला गर्नुपर्दछ ।

यूवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय

१. **लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा चौमासिक प्रगाति विवरण तयार गरी तालुक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । कोषको प्रगति विवरण अनुसार २३.२५ प्रतिशत मात्र प्रगति हुनाको कारण स्पष्ट गरेको छैन । लक्ष्यबमोजिम प्रगति हासिल गर्न कार्यालयले ध्यान दिनुपर्दछ ।

२. **कारोबारको लेखा** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १० बमोजिम कारोबारको लेखा नेपाल सरकारले तोकिए बमोजिम हुने र त्यसरी नतोकिएसम्म हाल प्रचलित लेखा प्रणाली अनुसार कारोबारको लेखा राख्नुपर्ने व्यवस्था छ । कोषले नगदमा आधारित लेखा प्रणाली अपनाएर वासलात एवं आय व्यय विवरण तयार गरेको छ । कोषले तयार गरेको वासलात एवं आय व्यय विवरणमा उल्लेखित रकम कलमका सम्बन्धमा भिडान हुनुपर्ने बही खाता एवं सहायक बहिखाता अद्यावधिक गरी कार्यालय प्रमुखबाट प्रमाणित नगरेको र वासलातको सम्पत्ति महलमा स्थिर सम्पत्तिको विवरण समावेश नगरेको कारण वासलातले कारोवारको यथार्थ चित्रणगर्ने अवस्था रहेको छैन । कारोवारको अभिलेख व्यवस्थित गर्नेतर्फ कोषले ध्यान दिनुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण व्यवस्था :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । कोषले नियमावलीमा तोके बमोजिम नियन्त्रणको वातावरण, जोखिम क्षेत्रको पहिचान, सूचनाको आदान प्रदान, अनुगमन मूल्याङ्कन जस्ता विषयलाई समेटी कोषको कामको प्रकृति अनुरुप आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था नगरेको, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६(१) ले तोकेको व्यवस्था अनुरुप यस आर्थिक वर्षको आन्तरिक लेखापरीक्षण गराएको छैन । नियमावलीमा उल्लेख भएबमोजिमको आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गरी कोषले लगानी तथा खर्च व्यवस्थापन गर्नुपर्दछ ।

४. **पेश्की रकम** : आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट नभई बांकी रहेको व्यक्ति तथा संस्था ७५ को पेस्की रु. १०८३२९८५।– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ बमोजिम फछ्र्यौट गर्नुपर्दछ।

५. **व्याज खर्च** : विपन्न वर्ग कर्जा अन्तर्गत कोषलाई विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त कर्जामा ५ प्रतिशतका दरले व्याज भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कोषले यस वर्ष २ फाइनान्सबाट लिएको कर्जाको सम्झौता भन्दा बढी व्याज खर्च लेखेको रु. २७,६९७।– सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट असुल गर्नुपर्दछ ।

६. **घटी व्याज :** यूवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०६५ को नियम १२ मा कोष र बैंक, वित्तीय संस्था एवं सहकारी संस्था बीचको सम्झौतानुसार सांवा र व्याज नियमित रुपमा बुझाउनुपर्ने साथै तोकिएको समयमा व्याज नबुझाएमा नियम १३ को प्रक्रिया अवलम्बन गरी असुल गर्नुपर्ने व्यवस्था छ । कोषले १४ बैंक तथा वित्तीय संस्थालाई रु. १५ करोड २० लाख ६६ हजार कर्जा लगानी गरेकोमा प्राप्त हुन बांकी व्याज रु.५५ लाख १३ हजार सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुबाट असुल गर्नुपर्दछ ।

७. **कर्जा सापटी र ऋण :** विपन्न वर्ग कर्जा अन्तर्गत विभिन्न बैंक तथा वित्तीय संस्थाबाट प्राप्त सापटी कर्जामा कोषले वार्षिक ५ प्रतिशतमा नवढ्ने गरी व्याज भुक्तानी दिने व्यवस्था छ । कोषले हालसम्म २८ वाणिज्य बैंक, ३८ विकास बैंक र २४ वित्त कम्पनी गरी जम्मा ९० बैंक तथा वित्तीय संस्थाबाट २०७३ आषाढ मसान्तसम्म रु.३,८५,५४,६३,३३८।– कर्जा सापटी प्राप्त गरी रु.१२,५८,३८,६८१।– व्याज भुक्तानी गरेको छ । उक्त सापटी कर्जामध्ये लगानी हुन नसकेको रु.२,३६,२८,३१,७९०।– विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा चालू तथा बचत खातामा राखेकाले उद्देश्य अनुसार लक्षित वर्गले लाभ प्राप्त गर्न सकेको छैन । कर्जा सापटी र ऋण प्रवाह विश्लेषण गरी निष्क्रिय रुपमा बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दातलाई लगानी नीति अनुरुप प्रतिफल आर्जन हुनेगरी लगानी गर्नुपर्दछ ।

८. **लगानी जोखिम** : नेपाल राष्ट्र बैंकले समस्याग्रस्त घोषणा गरेको एक फाइनान्समा रहेको कर्जा रु.१ करोड ५० लाख जोखिममा रहेको छ । उक्त संस्थाबाट लक्षितवर्गमा गरेको कर्जा प्रवाह तथा फिर्ता स्थितिको प्रभावकारी अनुगमन गरी सांवा र व्याज असुल गर्नुपर्दछ । साथै, कोषले जोखिम मूल्याङ्कन गरी समस्याग्रस्त नरहेका वित्तीय संस्थासंग मात्र आर्थिक कारोबार गर्नुपर्दछ ।

९. **उठ्न नसकेको ऋण** : कोष र सहकारी संस्था विच भएको ऋण भुक्तानी तालिका अनुसार कोषको ऋण प्रवाहमध्ये भुक्तानी अवधि समाप्त भइसकेका सहकारी लगायत ५ सहकारी संस्थामा गरेको लगानी रु.११,२५,६०,५०२/- असुली गर्न विशेष ध्यान दिनुपर्दछ ।

१०. **फिर्ता तथा व्याज** : युवा तथा साना स्वरोजगार कोष सचिवालय, लगानी निर्देशिका, २०६९ को दफा १२ मा कोष र बैंक वित्तीय संस्था एवं सहकारी संस्थाबीच सम्झौता भए अनुसारको भुक्तानी तालिका अनुसार सांवा र व्याज नियमित रुपमा कोषमा बुझाउनुपर्ने र सो अनुसार नबुझाएमा कोषले सोही निर्देशिकाको दफा १३ को प्रक्रिया अवलम्बन गरी कोषले सांवा तथा व्याज असुल गर्नुपर्ने उल्लेख छ । स्वरोजगार कार्यक्रम अन्तर्गत कोषले २०७३ आषाढ मसान्तसम्म १० वाणिज्य तथा विकास बैंक, १ फाइनान्स कम्पनी, ३ घ वर्गका वित्तीय संस्था, केन्द्रिय सहकारी संस्था र ६२२ सहकारी संस्था समेतलाई रु.१४९२६३१५४८।– कर्जा उपलब्ध गराएको छ । कार्यालयले पेसगरेको वित्तीय विवरण अनुसार २०७३ आषाढ मसान्तसम्म ६२२ सहकारी संस्थाबाट रु.७४५८४१२८३/- र २० बैंक तथा वित्तीयसंस्थाबाट रु.७४६७९०२६५/-समेत जम्मा रु. १४९२६३१५४८।– असुल गर्न बांकी रकम निर्देशिकाले तोकेको प्रक्रिया अनुसार असुल गर्नुपर्दछ ।

११. **किस्ता असुल** : कोषले वैंकहरुसंग गरेको लगानी सम्झौतामा असुली मिति उल्लेख नगरेको तर वित्त शाखाले प्रमाणित गरे अनुसार सांवा र किस्ता दुई वैंकसंग क्रमश: रु.३० करोड र रु.७ करोड ५० लाख एवं रु.३० करोड र रु ७ करोड ४० लाख असुल गर्नुपर्दछ ।

आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. १ बबरमहल

१. **मूल्य अभिबृद्धि कर विवरण** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिनाको महिना समाप्त भएको २५ दिन भित्र कर विवरण बुझाउनु पर्ने व्यवस्था छ । मूल्य अभिबृद्धि करमा दर्ता भएका ९९२ करदातामध्ये ५६ ले बन्द गरेको बांकी ९३६ ले मूल्य अभिवृद्धि कर विवरण बुझाउनु पर्नेमा ३१३ ले डेबिट विवरण, ३८९ ले क्रेडिट विवरण, ७७ ले शुन्य विवरण पेश गरेको र ८४ ले विवरण पेश नगरेको एवंम ७३ को विवरण नखुलेको देखिएको छ । कार्यालयमा दर्ता रहेका करदाताहरुले २०७१।४।१ देखि २०७२।३।३१ सम्म ३८९ वटा क्रेडिट कर विवरण पेश गरेकोमा ती करदातालाई रु.१ अर्व २८ करोड ८३ लाख ३२ हजार नेपाल सरकारले मूल्य अभिबृद्धि कर फिर्ता दिनु पर्ने संभावित दायित्व देखिएकोमा सो रकमलाई आर्थिक विवरणमा दायित्वमा देखाएको छैन । क्रेडिट कर विवरण पेश गरेका करदातामध्ये १८ महिनाभन्दा बढि अवधि देखि निरन्तर क्रेडिट हुने करदाता छनौट गर्दा १३३ रहेका छन । मूल्य अभिवृद्धि कर क्रेडिट देखाई विवरण पेश गर्ने यस्ता करदाताको कारोवारको अवस्था यकिन गरी मूल्य अभिवृद्धि कर डेबिटमा ल्याउन प्रभावकारी पहल गर्नुपर्दछ ।

२. **मूल्य अभिबृद्धि कर बक्यौता** : मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १९ मा करदाताले प्रत्येक अवधिको कर सो अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र बुझाउनु पर्ने र नबुझाएमा बांकी रहेको कर रकममा वार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्ने व्यवस्था रहेको छ । कार्यालयमा दर्ता रहेका करदाताहरुमध्ये २०७३ आषाढ मसान्त सम्म ३०० करदाताको रु.३९ करोड ९८ लाख ५३ हजार दाखिला गर्न बाँकी रहेकोले नियमानुसार असुल गर्नुपर्दछ ।

३. **आयकर बक्यौता** : कार्यालय अन्तरगत रहेका करदातामध्ये विभिन्न करदातासंग २०७३ आषाढ मसान्तसम्म आयकर, अन्त:शुल्क, अग्रिम कर, बिक्रिकर र ठेक्का कर गरी रु.७४ करोड ७६ लाख ३१ हजार असुल गर्न बांकी रहेको छ । पूनरावेदनमा गएका बाहेकका करदाताको बक्यौता रकम कारवाही गरी टुङ्गो लगाएको छैन ।

४. **मूल्य अभिवृद्धि कर कोष** : मूल्य अभिबृद्धि कर फिर्ता गर्नको लागि यस वर्ष करदाताबाट रु. ३२ करोड १३ लाख ८३ हजार माग भई आएकोमा रु.२४ करोड १ लाख ५० हजार फिर्ता भएको छ । वजेटमा आधारित रही निकाशा खर्चको प्रक्रिया अवलम्बन गरेको छैन ।

५. **कर परीक्षण:** आयकर ऐन, २०५८ अनुरुप पेश भएका आय विवरणमध्ये पूर्ण कर परीक्षणका लागि छनौट भएका ६८५ करदाताको यो वर्ष पूर्ण करपरीक्षण गर्नुपर्नेमा ३५६ मात्र करदाताको कर परीक्षण हुन सकेको देखियो । आय विवरण पेश गरेका सबै करदाताहरुको चार वर्षभित्र कर परीक्षण गर्ने नीति अवलम्बन गर्न आवश्यक सुधार गर्नुपर्दछ ।

६. **ऋण पूंजीको अनुपात :** करदाताको वासलातमा रहने ऋण र शेयर पूंजीको अनुपात परीक्षण गर्दा अधिकृत पूंजीको तुलनामा न्यून मात्रामा चुक्ता पुँजी जुटाउने र व्यवसायमा श्रोतको अभाव देखाई बैंकवाट ऋण लिएर व्याज खर्च कट्टी गर्ने गरेको छ । कर दायित्वमा प्रत्यक्ष असर गर्ने ऋण पूंजी र शेयर पूंजीको अनुपात अन्र्तराष्ट्रिय अभ्यास हेर्दा ३:१ सम्म रहेको देखिए तापनि कार्यालयका क्षेत्राधिकारका करदाताको अवस्था १४३:१ सम्म देखिएकोले पूंजी न्यून संकलन गरेर ऋण लिई व्याज खर्च लेख्दा राजस्वमा प्रभाव परेको छ । अन्र्तराष्ट्रिय मान्यताअनुरुप ऋण पूंजी अनुपात सम्वन्धमा कानूनी व्यवस्था गर्नुपर्दछ ।

७. **हवाईसेवा सञ्चालनमा कर :** नेपाल वाहिर प्रभावकारी व्यवस्थापन रहेको गैर वासिन्दा व्यक्तिले हवाई सेवा संचालन गर्दा आयकर ऐनको दफा ७० (१) बमोजिम नेपालवाट प्रस्थान हुने यात्रुको ओसार पसार र नेपालबाट चलान गरिएको डाँक वा मालसामानको ओसारपसार लाई आयमा समावेश गरी कर भुक्तान गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी ऐनकै दफा ६७ को उपदफा ६(छ) मा नेपालबाट प्रस्थान गर्ने यात्रु र नेपालबाट चलान गरिएको डाँक वा मालसामानको ओसार पसारको आम्दानी नेपालको स्रोत हुने उल्लेख गरेको छ । दोहोरो करमुक्ति सम्झौताको क्षेत्राधिकार भित्र नपर्ने र काठमाण्डौवाट अन्तराष्ट्रिय उडान भर्ने वायुसेवालाई उपरोक्त बमोजिमको आम्दानीमा खर्च कट्टा नगरी अनुसुचीमा उल्लेखित दरमा कर लाग्ने व्यवस्था रहेको छ । यस कार्यालय अन्तर्गतका ३ करदाताले आय बर्ष ०७१।०७२ मा पेश गरेको विवरण अनुसार नागरिक उड्डयन प्राधिकरणले सार्वजनिक गरेको मासिक यात्रु प्रस्थान विवरण अनुसार नेपालबाट प्रस्थान गरेका यात्रु र करदाताले कर प्रयोजनका लागि देखाएको यात्रु संख्यामा परेको छ । यथार्थरुपमा प्रस्थान यात्रुको र करदाताले देखाएको यात्रु बीचको फरक सख्यालाई करदाताले उपलब्ध गराएको औसत मासिक टिकट दरलाई आधार मानेर गणना गर्दा नपुग कर रु.१८ करोड ३५ लाख ६८ हजार र सोको शुल्क तथा ब्याज समेत गणना गरी असुल गर्नुपर्दछ ।

८. **खर्च कट्टी :** आयकर ऐन, २०५८ को दफा १३ बमोजिम ब्यवसायसँग सम्बन्धित खर्च मात्र कट्टी गर्न पाउने व्यवस्था छ । पावर डेभलप्मेन्टसँग सम्बन्धित एक करदाताले आर्थिक बर्ष ०७१।०७२ मा ५५ हजार इक्विटि शेयरको प्रति शेयर रु.१०० ले हुने प्रति गा.वि.स रु.५५ लाखले हुने रु.१ करोड १० लाख दोलखा जिल्लाको गौरीशंकर र खहरे गाउ विकास समितिको लागि एलोटमेन्ट भएकोमा सो रकम प्राप्त हुन नसकी २९ आषाढ २०७२ को बोर्डको निर्णयबाट उक्त रकम र सो बाहेक गत विगत बर्षको प्राप्त हुन बाँकी रु.२२ लाख ९८ हजार समेत कुल रु.१ करोड ३२ लाख ९९ हजार सोझै नाफा नोक्सान हिसाबमा खर्च लेखी पेश गरेको र आय विवरणमा समेत दावी गरेको छ ।आयकर प्रयोजनार्थ शेयर बापत प्राप्त हुने रकम शेयर पूँजीसँगै सम्बन्धित हुने र सम्बन्धित शेयर पूँजीमा नै मिलान गर्नुपर्नेमा खर्च दावी गर्न मिल्ने नदेखिएकोले आयकर ऐन, २०५८ बमोजिम उक्त रकम खर्च कट्टी गर्न मिल्ने नदेखिँदा सो रकम बराबर करदाताको नोक्सानी घटाउनु पर्दछ ।

९. **समानुपातिक कर कट्टी :** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १७ मा दर्ता भएको व्यक्तिले आफनो कर लाग्ने कारोबारसँग सम्बन्धित वस्तु वा सेवा आयात वा प्राप्त गर्दा तिरेको वा तिर्नुपर्ने करको रकम आफूले उठाएको करको रकमबाट कट्टी गर्न सक्ने व्यवस्था छ । एक पब्लिकेशनको आय बर्ष ०७१।०७२ को मूल्य अभिवृद्धि कर विवरण अनुसार कुल बिक्रिमा करयोग्य बिक्रि ९.९७ प्रतिशत र कर छुटको बिक्रि ९०.०३ प्रतिशत देखिन्छ । करदाताले सबै करयोग्य खरिदको मूल्य अभिबृद्धि कर रु ३८४६९३०। दावी गरेको हुँदा यो आय बर्षको समानूपातिकले रु ३४६३३९१। दावी गर्न मिल्ने नदेखिएकोले उक्त क्रेडिट अमान्य गर्नुपर्दछ ।

१०. **विज्ञापन तथा प्रर्बद्धन खर्च :** संस्थागत विद्यालय मापदण्ड तथा संचालन निर्देशिका, २०६९ को शैक्षिक व्यवस्था सम्बन्धि कम्पोनेन्ट नं ४.२.३ अनुरुप निजी क्षेत्रबाट संचालित शैक्षिक संस्थाले विद्यार्थी भर्नाको लागि विज्ञापनको विषयवस्तु र त्यसमा हुने खर्चको जिल्ला शिक्षा कार्यालयबाट पूर्व स्वीकृति लिई आधारभूत तहका विद्यालयहरुले रु ३ लाखसम्म र माध्यामिक तहसम्मका विद्यालयलहरुले बढिमा रु.५ लाखसम्म खर्च गर्न पाउने व्यवस्था छ । ९ शैक्षिक संस्थाले विज्ञापन तथा प्रर्वद्धन खर्च दावी गर्दा खर्चको सम्बन्धित निकायबाट स्वीकृति समेत नलिएको र निर्देशिका बमोजिमको बढि खर्च दावी भएको रु.३० लाख ५६ हजार अमान्य गरी सोमा लाग्ने आयकर, शुल्क तथा व्याज समेत छानवीन गरी असूल गर्नुपर्दछ ।

११. **संरचना निर्माणको मूल्य अभिबृद्धि कर :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) मा व्यवसायिक प्रयोजनको लागि निर्माण गरिने रु ५० लाख भन्दा बढिको भवन, अर्पाटमेन्ट वा सपिङ कम्प्लेक्स र विभागले तोकेको यस्तै प्रकारका अन्य संरचना दर्ता नभएको व्यक्तिबाट गराएको छ भने पनि दर्ता भएको व्यक्तिबाट गरे सरह मानी त्यस्तो संरचनाको स्वामित्व रहेको व्यक्तिबाट कर निर्धारण गरी असूली गरिने कानूनी व्यवस्था छ । कार्यालयका ५ करदाताले रु.३७ करोड २४ लाखको संरचना निमार्ण गरेकोमा दर्ता नभएको व्यक्तिबाट गराएकोले यसबाट मूल्य अभिबृद्धि कर रु.४ करोड ८४ लाख संकलन हुन नसकेको अवस्था छ । तसर्थ छानवीन गरी संकलन नभएको मूल्य अभिबृद्धि कर, थप दस्तुर, ब्याज र जरिवाना समेत असुल गर्नुपर्दछ ।

१२. **मर्चेन्ट वैंक :** अन्तराष्ट्रिय रुपमा वित्तीय कारोबारभित्र एक स्थानबाट अर्को स्थानमा रकमको स्थानान्तरण तथा लगानी सम्बन्धी कारोबारलाई समेटेबाट मर्चेन्ट वैक वित्तीय सेवासंग सम्बन्धित देखिन्छ। यस कार्यालय अन्तरर्गतका ३ मर्चेन्ट वैंकले आय विवरण पेस गर्दा साधारण व्यावसायको रुपमा २५ प्रतिशतका दरले कर गणना गरेको छ। वित्तिय सेवा मानेर मूल्य अभिवृद्धि करमा दर्ता नहुने तर वित्तिय कारोवार गर्ने संस्थाले आयकर ऐन २०५८, को अनुसूची १ वमोजिम वित्तिय संस्थालाई लाग्ने ३० प्रतिशत कर समेत तिरेको छैन । करदाताले मर्चेन्ट, म्यूच्यल फण्ड, शेयर लगायत कारोबारको मध्यस्थकर्ताको भूमिका निर्वाह गरेको हुदाँ आयकर ऐन, २०५८ बमोजिम बैक तथा वित्तीय संस्थालाई लाग्ने कर असुल नगरेकोले करदाताको आय वर्ष २०६९।७० देखि २०७१।७२ सम्मको करयोग्य आय रु.२६,३८,५२,९००। मा नपुग ५ प्रतिशतले हुने आयकर रु.१,३१,९२,६४५। असुल गर्नुपर्दछ।

१३. **एक सोलुसन प्रा.लि. (आर्थिक बर्ष २०७१।०७२)**

१३.१ **बिक्रि फरक :** करदाताको मूल्य अभिबृद्धि कर विवरणमा रु.२६,७७,६०१।०० मूल्य अभिबृद्धि कर क्रेडिट देखिन्छ। करदाताले पेश गरेको वित्तिय विवरणको अनुसूची ५ मा मूल्य अभिबृद्धि कर रिसिभेबल बापत रु.२७,१६,७७१।०० देखाएकोले मूल्यअभिबृद्धि कर विवरण भन्दा वित्तिय विवरणमा रु.३९,१७०।०० बढि देखाएको आधारमा हुने बिक्रि रु ३,०१,३०८।०० घटी देखाएकोले बिक्रि कम देखाएको रकम आयकर ऐन, २०५८ बमोजिम आयमा समावेश गर्दा लाग्ने कर रु.७५३२७।०० सोको शुल्क तथा व्याज समेत छानबीन गरी असूल गर्नुपर्दछ। करदाताले घटी बिक्रि देखाएको रु.३०१३०८। मा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम १३ प्रतिशतका दरले हुने मूल्य अभिबृद्धि कर रु.३९१७०। तथा ब्याज र जरिवाना समेत छानवीन गरी असूल गर्नुपर्दछ।

१३.२ **खरिद फरक :** करदाताको वित्तिय विवरणको खरिद र मूल्य अभिबृद्धि कर विवरणको खरिद भिडान हुनुपर्ने व्यवस्था छ। करदाताले वित्तिय विवरणको अनुसूची ११ मा रु.६ करोड ९१ लाख ३४ हजार को वस्तु खरिद र स्थिर सम्पत्ति खरिद रु.४ करोड २८ लाख ६६ हजार समेत जम्मा खरिद रु.११ करोड २० लाख १ हजार उल्लेख गरेको छ। सो बाहेक करदाताको अन्य खरिद मूल्य अभिबृद्धि कर लाग्ने समेत देखिदैन। करदाताको मूल्य अभिबृद्धि कर विवरण रिर्टन डिटेल्समा रु ११ करोड ८७ लाख ७ हजार देखिँदा रु.६७ लाख ६ हजार खरिद फरक परेको छ। उक्त खरिदको रिकन्सीलेसन विवरण समेत तयार गरेको पाइएन। करदाताको उक्त खरिदमा करदाताले देखाएको कुल नाफा अनुपातमा उक्त खरिदको हुने बिक्रि रु.७४ लाख ४९ हजारमा खरिद लागत घटाउँदा रु ७ लाख ४३ हजार को आयकर ऐन २०५८ वमोजिम हुन आउने कर रु.१ लाख ८६ हजार एवं सोही ऐनको दफा १२० अनुसार शुल्क तथा ब्याज समेत गणना गरी असुल गर्नुपर्दछ। साथै, करदाताले घटी बिक्रि देखाएको रु.७४ लाख ४९ हजारमा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम १३ प्रतिशतका दरले हुने मूल्य अभिबृद्धि कर रु.९६८४०४। र सोमा लाग्ने ब्याज र जरिवाना समेत असूल गर्नुपर्दछ।

१३.३ **घटी मौज्दात :** करदाताले पेश गरेको वित्तिय विवरणको अनुसूची २ मा अन्तिम मौज्दात रु.१ करोड १९ लाख २९ हजार देखाएको छ। करदाताले सोही वित्तिय विवरणको अनुसूची ११ मा यो बर्षको खरिद रु.६ करोड ९१ लाख ३४ हजारमा अन्य उत्पादन खर्च रु.५५ लाख १६ हजारमा अन्तिम मौज्दात रु.१७ लाख ७१ हजार घटाई रु.७ करोड २८ लाख ७९ हजार बिक्रिको लागत प्रस्तुत गरेको छ। बिक्रिको लागतमा देखाएको अन्तिम मौज्दात र वित्तिय विवरणको अनुसुची २ मा देखाएको मौज्दात बीच रु.१ करोड १ लाख ५८ हजार फरक परेको छ। करदाताले लागत खर्चमा कम मौज्दात समावेश गरी आयकर ऐन २०५८ को दफा १५ वमोजिमको लागत खर्च वढाएको देखिएकोले उक्त रु.१ करोड १ लाख ५८ हजार वढी दावी लागत खर्च अमान्य गरी आयमा समावेश गर्दा आयकर ऐन आयकर ऐन २०५८ वमोजिमको कर रु.२५ लाख ३९ हजार सोमा लाग्ने शुल्क ब्याज र जरिवाना समेत गणना गरी असुल गर्नुपर्दछ।

१४. **कर दायित्व :** आयकर ऐन, २०५८ को दफा १५ बमोजिम मौज्दात मूल्यांकन गर्नुपर्ने व्यवस्था छ। एक मुभिजले ब्ल्याकं रिल रु १,८८,९३,२३४। र प्रिन्ट रिल रु.४,४६,०३२। समेत जम्मा रु.१,९३,३९,२६६। रिलको मौज्दात विगत बर्षदेखि देखाउँदै आएको छ। सामान खरिद गरी स्टकमा देखाउँदै जाने र सोको उपयोगबाट बिक्रि आय प्राप्त नहुने अवस्थामा सो समान स्टकमा देखाई भ्याट क्रेडिट लिएको छ । ट्रेडिङको रुपमा प्रयोगमा आउने मौज्दात विगत बर्ष देखि जिम्मेवारी सार्दै आउनु र सोको मूल्य अभिबृद्धि कर क्रेडिट लिने स्थिति उपयुक्त नदेखिएकोले मौज्दातमा देखाएको रिलको १३ प्रतिशतले हुने मूल्य अभिबृद्धि कर रु.२५,१४,१०४। क्रेडिट लिएको सम्बन्धमा आवश्यक छानवीन गरी मौज्दातको मूल्य अभिबृद्धि कर यकिन गरी कर दायित्व निर्धारण गर्नुपर्दछ। साथै, करदाताको २०७०।०७१ मा कुल नाफा ३५.३६ प्रतिशत रहेको छ भने २०७१।०७२ मा कुल नाफा अनुपात ७ प्रतिशत ऋणात्मक रही नोक्सानी खुलासा गरेको छ। करदाताको प्रशासनिक खर्च समेत लागतमा अत्यधिक बृद्धि भई देखाएको कारण नोक्सानी रु.३ करोड ६५

लाख ६६ हजार र गत आय बर्षबाट सारेको नोक्सानी रु.१ करोड ३६ लाख २८ हजार समेत कुल नोक्सानी रु.५ करोड १ लाख ९४ हजार उपर थप छानवीन गरी कर दायित्वमा पर्ने असर यकिन गर्नुपर्दछ ।

१५. **मूल्य अभिबृद्धि कर फिर्ता :** आयकर ऐन, २०५८ को दफा २ मा रोयल्टीलाई अर्मूतः प्रक्रियाको योजना प्रयोग गर्ने, प्रविधिको ज्ञान प्रदान गर्ने वा बैज्ञानिक अनुभव प्रदान गरी प्राप्त हुने आयको रुपमा परिभाषित गरेको छ । सोही ऐनको दफा ११ मा कुनै व्यक्तिले बौद्धिक सम्पत्ति निर्यात बापत प्राप्त रोयल्टी आयमा लाग्ने आयकरमा छुट हुने समेत व्यवस्था छ । एक मिडियाले आय बर्ष २०७१।०७२ मा अनलाइन बिक्रि एवं अन्य प्रविधिगत ज्ञान बापत रु.३ करोड ६ लाख ४१ हजार निर्यात बिक्रि बापत रोयल्टी आय देखाई कर गणना विवरण पेश गरेको छ । करदाताको मूल्य अभिबृद्धि कर विवरणमा कर योग्य खरिद रु.२५ लाख १० हजार को मूल्य अभिबृद्धि कर रु.३ लाख २६ हजार कुल निर्यात बिक्रिको कारण उक्त सबै रकम भ्याट क्रेडिटमा दावी गरेको देखिएको छ । करदाताले देखाएको आयको बैंकगत प्रमाण, सम्झौता अनुरुप प्राप्त आयको पुष्टिकरण प्रमाण वेगर करदाताले देखाएको मूल्य अभिबृद्धि कर रु.३ लाख २६ हजार निर्यातको कारण फिर्ताको लागि दावी गर्न मिल्ने देखिएको छैन ।

१६. **सूर्ती मदिराको कारोबार** : आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम कुनै आय बर्षमा चुरोट, बिडि, सिंगार, खानेसूर्ती, खैनी मदिरा, वियर गुट्खा, पानमसलाको कारोबार गर्ने निकायको करयोग्य आयमा ३० प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ । यस कार्यालय अन्तर्गतका १६ करदाताहरुले करयोग्य आयमा ३० प्रतिशतले कर निर्धारण गर्नुपर्नेमा २५ प्रतिशत मात्र कर निर्धारण गरेको देखिँदा नपुग ५ प्रतिशतले हुने कर रु.८ लाख ३७ हजार र सोको शुल्क, तथा व्याज गणना गरी असुल गर्नुपर्दछ ।

१७. **नन फाइलर :** एक इन्जिनियरिङ करदाताको ०७१।०७२ को मूल्य अभिबृद्धि कर विवरण अनुसार कुल बिक्रि रु.२२ करोड १६ लाख ४१ हजार र कुल खरिद रु.२२ करोड १६ लाख ५६ हजार देखिन्छ । करदाता शुरुदेखि नै क्रेडिटमा रहँदै आएको र बर्षान्तमा रु.४२ लाख ३ हजार मूल्य अभिबृद्धि कर क्रेडिटमा रहेको छ । करदाताले आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम नियमित रुपमा आय विवरण पेश गर्नुपर्नेमा नन्फाइलरको अवस्थामा रहेको छ । खरिद तथा बिक्रिको कारोबार गर्दै जाने र ऐनले तोकेको समयावधि भित्र आय विवरण पेश नगर्ने तथा कारोबारबाट लगातार भ्याट क्रेडिट देखाउँदै जाने स्थिति उपयुक्त देखिएको छैन । कारोबारबाट देखिएको मूल्य अभिबृद्धि कर क्रेडिटमा रहेको रकम खरिद बिक्रिको अनुपातमा दावी रकम छानवीन गर्नुपर्दछ ।

१८. **नपुग कर रकम :** आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम कुनै आय बर्षमा चुरोट, बिडि, सिंगार, खानेसूर्ती, खैनी मदिरा, वियर गुट्खा, पानमसलाको कारोबार गर्ने निकायको करयोग्य आयमा ३० प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ । एक ट्रेडिङले आय बर्ष २०७०।०७१ को वित्तिय विवरण अनुसार मदिरा तथा वियरसँग सम्बन्धित कारोबार गरेको देखिँदा आयकर निर्धारण हुँदा करयोग्य आयको २५ प्रतिशतले हुने रु.३,१७,८४९।- मात्र कर दायित्व निर्धारण भएको देखिदा कारोबार अनुसार छुट हुन गएको ५ प्रतिशतले हुने कर दायित्व रु ६३,५७०। सोमा लाग्ने शुल्क रु.३१७८५। तथा जरिवाना समेत हिसाव गरी करदाताबाट असुल गर्नुपर्दछ ।

१९. **असम्बन्धित खर्च :** आयकर ऐन २०५८ को दफा १३ बमोजिम व्यवसायसँग सम्बन्धित खर्च मात्र कट्टी गर्न पाउने व्यवस्था छ । उन खरिद गरी कार्पेट उत्पादन गरी बिक्रि तथा निर्यात गर्ने करदाताले २०७०।०७१ मा पेश गरेको वित्तिय विवरणमा कुल खरिद रु ६ करोड ७३ लाख ७७ हजार देखाएको मध्ये कर योग्य खरिद रु.२ करोड १० लाख ६९ हजार र कर छुटको खरिद रु ४ करोड ६३ लाख ९ हजार देखाएको छ । कर छुटको खरिदमध्ये रु.२७ लाख ३६ हजार बराबरको कच्चा पर्दाथ उन र र्यान कारखानामा कार्यरत १६ कर्मचारीमध्ये ७ कर्मचारीबाट खरिद गरेको छ । त्यस्तै सोही ७ कर्मचारीलाई बार्षिक रु.८ लाख ४१ हजार तलब खर्च लेखेको छ । कर्मचारीलाई तलब खर्च लेख्ने र सोही कर्मचारीबाट उन तथा यार्न खरिद गर्नुले उक्त कारोबार विश्वसनीय देखिएन भने अर्को तर्फ कर्मचारीको तलबमा उसले बिक्रि गरी प्राप्त गरेको कुल आयमा पारिश्रमीक कर अवलम्बन गरेको समेत नदेखिँदा उक्त खरिद रकमलाई अमान्य गरी सोमा लाग्ने कर रु.५ लाख ७५ हजार र सोमा लाग्ने ब्याज, शुल्क र जरिवाना समेत गणना गरी असुल गर्नुपर्दछ ।

२०. **डिजेल खपत :** आयकर ऐन, २०५८ को दफा १३ बमोजिम आय वर्षमा व्यवसायबाट आय आर्जन हुने कार्यमा भएका खर्चहरु कट्टी गर्न पाउने व्यवस्था रहेको छ ।टेक्सटाइल सम्बन्धी कारोबार गर्ने एक करदाताको आय बर्ष ०७०।०७१ मा कुल नाफा अनुपात ७.१ प्रतिशत मात्र देखिन्छ । करदाताले देखाएको बिक्रिको लागतमा इन्धन खपत डिजेल रु.२ करोड ३५ लाख ३३ हजार र विद्युत महसुल रु.१ करोड ५० लाख ३० हजार समेत रु.३ करोड ८५ लाख ६३ हजार देखाएको छ । नेपाल आयल निगमले उपलब्ध गराएको २०७०।०७१ को औसत डिजेल प्रति लिटर रु.९०।१७ पर्न आउँछ । सो अनुरुप खर्च भएको डिजेल २६०९७८ लिटर भएको छ ।कारखाना ३६५ दिन नै चलेको हिसाबमा डिजेल खपतलाई गणना गर्दा १ दिनमा ७१५ लिटर डिजेल खपत देखिन्छ । मेशिनहरु स्थिर सम्पत्तिमा नदेखिनु, डिजेल खपत लगबुक, समय, मेशिन प्रमाणित विवरण फाइल साथ संलग्न नरहेको हुँदा डिजेल खर्च लाई प्रमाणित गर्ने आधार नदेखिदा शनिबार

५२ दिन उद्योग नचल्ने आधार लिँदा पनि ३७।८० लिटर प्रति लिटर ९०।१७२५ ले रु.३३५२६१४। खर्च दावी गर्ने आधार नरहेको हुँदा खर्च अमान्य गरी सोमा लाग्ने कर रु.६७०५२२। सोको शुल्क तथा ब्याज गणना तथा छानवीन गरी असुल गर्नुपर्दछ ।

२१. **नपाउने खर्च दावी** : आयकर ऐन, २०५८ को दफा १४ बमोजिम व्यवसायसँग सम्बन्धित ऋणको मात्र ब्याज खर्च कट्टी गर्न पाउने व्यवस्था छ । एक इन्टरनेशनलले आय बर्ष ०६९।०७० को ब्याज खर्च बापत रु.१२,०५,१३६। दावी गरेकोमा रु.१,८४,१०९। स्थानीय ब्याज भनी दावी गरेको छ । स्थानीय ऋण लिई व्यक्तिलाई ब्याज भुक्तान गरेको रकमको दावी प्रमाण पुग्ने नदेखिएकोले लाग्ने कर रु.५५,२३२। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ । करदाताले नबिल बैंक मार्फत व्यवसायिक कारोबार गर्दा बैंक स्टेटमेन्टमा रु.८२७५२९। सर्टफल रिकभरी बापत खर्च चार्ज गरी घटाएको छ । बैंकको नियम वा निर्देशन बमोजिम बुझाइएको उक्त खर्चलाई कट्टी दिन मिल्ने नदेखिएकोले आयकर ऐन, २०५८ बमोजिम लाग्ने कर रु.२,४८,२६०। सोको शुल्क तथा ब्याज असुल गर्नुपर्दछ ।

२२. **खर्च अमान्य** : आयकर ऐन, २०५८ को दफा १३ बमोजिम व्यवसाय वा लगानीबाट आर्जन हुने कार्यमा भएका खर्चमात्र कट्टी गर्न पाउने व्यवस्था छ । एक लजिष्टिकले आयबर्ष २०७१।०७२ मा रु.१,८९,८४,०९७ कर योग्य आय देखाएकोमा कार्यालयले कर निर्धारण गर्दा रु.२,०१,१५,५७९। संशोधित कर योग्य आय निर्धारण भएको छ । वित्तिय विवरण अनुसार करदाताले अन्य खर्च कट्टीमा देखाएको रु.३,३४,१०,२४९। मा रु.३,१७,८९,५२५। मात्र दावी देखिँदा रु.१६,२०,७२४। करदाताले खर्च दावी गरेको छैन । ब्याड डेब्ट खर्च रु.२२,४३,७०६। कर छुट प्राप्त संस्थालाई दिएको चन्दा रु.१,७७,३००।, कर खर्च रु.४,०९,८९७ मर्मत सुधारमा छुट्टै दावी खर्च लिएपछि अमान्य हुने खर्च रु.४,६६,८५१। ह्रास खर्चमा बढि दावी गरेको रु.६९,७५७ र खर्चको लागि व्यवस्था रु.३,१०,९३५।- समेत रु.३६,७८,४४६। र सो बाहेक अन्य शिर्षकमा कर परीक्षणबाट अमान्य गरेको रु.११३१४८२। समेत रु.४८,०९,९२८। अमान्य गर्नुपर्नेमा रु.२७,५२,२०६। मात्र गरेकोले रु.२०,५७,७२२। करदाताको आयमा समावेश गरी लाग्ने कर रु.५,१४,४३०। सोको शुल्क तथा ब्याज समेत गणना गरी असुल गर्नुपर्दछ ।

२३. **न्यून मौज्दात मूल्यांकन** : आयकर ऐन, २०५८ को दफा १५ बमोजिम व्यापार मौज्दातको लागत गणना बजार मूल्य वा लागत मूल्य जुन घटी हुन्छ सो बमोजिम गर्नुपर्ने व्यवस्था छ । कार्पेट उत्पादन गर्ने एक करदाताको करदाताको एकाउण्टीङ नोट्समा समेत कच्चापदार्थ लागतको आधारमा र उत्पादित वस्तु लागत वा बजार मूल्यमा जुन घटी हुन्छ सो अनुरुप गर्ने उल्लेख छ । करदाताले पेश गरेको २०७१।०७२ को प्रोडक्सन चार्ट मा सिल्क यार्न कच्चापदार्थ १२५ के.जी. को रु.३,५०,६६०। शुरु मौज्दातमा यो बर्ष २५०८० के.जी. प्रति के.जी. रु.२७८९.७३ ले रु.६,९९,६६,४८५। को खरिदमा २३४३१ खपत देखाई १७७४ केजी यार्न अन्तिम मौज्दातामा खुलासा गरेको छ ।अन्तिम मौज्दात १७७४ केजीको रु.५०३९५०। मूल्य देखाएकोमा प्रति केजी यार्नको रकम रु.२८४।०७ पर्न आउँछ । सो बाहेक करदाताले क्यारिज इनवार्ड रु.५२०४८०। खर्च दावी गरेकोमा सो लाई समावेश नगर्दा समेत औषत भारीत लागत(जुन लागत भन्दा कम हुन्छ) रु.२७८९.८० हुने र अन्तिम मौज्दातमा बाँकी देखाएको परिमाण १७७४ केजीको रु.४९,४९,१०५। न्यूनतम मूल्यांकन गर्नुपर्नेमा रु.५०३९५०। मूल्यांकन गरेबाट रु.४४४५१५५। घटी मूल्यांकन भएको रकम बराबर नाफामा घटी भएकोले उक्त रकम आयमा समावेश गरी लाग्ने कर रु.६,६६,७७३। सोको शुल्क तथा ब्याज समेत गणना गरी असुल गर्नुपर्दछ ।

२४. **एक मनि ट्रान्सफर प्रा.लि.** : मूल्य अभिबृद्धि कर ऐन,२०५२ को अनुसूची १ को समूह ११ को “आ” मा वित्तीय सेवालाई कर छुट हुने सेवामा राखेको देखिन्छ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ ले वित्तीय सेवाको परिभाषा नगरी वित्तीय कारोवार सम्बन्धी व्यवस्था गरेको छ । वित्तिय सेवा भनी मूल्य अभिवृद्धि करमा दर्ता नहुने तर वित्तिय कारोवार गर्ने संस्थाको लागि आयकर ऐन २०५८ को अनुसूची १ ले तोकेको वित्तिय सेवाको लाग्ने ३० प्रतिशत कर असूल नहुने स्थिति कानून सम्मत देखिएको छैन । करदाताले पेस गरेको आय वर्ष २०६९।७० देखि २०७१।७२ सम्मको करयोग्य आय रु.१०,५३,५८,६१४। वित्तीय सेवासँग सम्बन्धित भएकोले ३० प्रतिशत कर निर्धारण गर्नुपर्नेमा २५ प्रतिशत मात्र निर्धारण गरेकोले नपुग कर र सोमा लाग्ने शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

२५. **बढि ह्रास खर्च दावी** : आयकर ऐन, २०५८ को दफा १६ बमोजिम ह्रास योग्य सम्पत्तिको मर्मत सुधार गर्दा भएको सबै खर्चहरु कट्टी गर्न पाउने र खर्च कट्टी गर्दा सो आय बर्षको अन्त्यमा रहेको सम्पत्तिको समूहको ह्रास आधार रकमको ७ प्रतिशत भन्दा बढि नहुने उल्लेख छ । एक हस्पिटलले यो बर्ष मर्मत सुधार बापत रु.२७,०५,२२४। खर्च दावी गरेकोमा कर लेखापरीक्षणले पनि सोही रकम बराबर खर्च कट्टीमा मान्यता दिएको छ । करदाताको स्थिर सम्पत्तिको ह्रास आधार कुल रु.३,६१,९१,३९३। को ७ प्रतिशतले हुने रु.२५,३३,३९८। कट्टी गरी बढि खर्च रकम सम्बन्धित समूह शिर्षकमा पूँजीकरण गर्नुपर्नेमा सो प्रक्रिया नअपनाएको देखिँदा सोही ऐन बमोजिम बढी दावी गरेको खर्च रु.१,७१,८२६। अमान्य गरी सोमा लाग्ने कर रु.४२,९५६। र सोको शुल्क तथा ब्याज समेत असुल गर्नुपर्दछ । साथै, करदाताले ह्रास खर्च रु.७८,३९,६४८। दावी गरेको मध्ये

रु.४९,९४,४२८। बराबरको सम्पत्तिको ह्रास दर फरक पारी बढि खर्च दावी गरेको छ। आयकर ऐन, २०५८ को अनुसूची २ बमोजिम कार्यालय सम्बन्धि रेफ्रिजिरेटर, प्यासेन्ट बेड, सोलार इक्वइपमेन्ट, ट्रान्सफरमर आदि सामानको समूह वर्ग घ मा खुलासा गरी सो अनुरुप १५ प्रतिशतका दरले ह्रास अवलम्बन गर्नुपर्नेमा उल्लेखित सम्पत्तिलाई वर्ग ख मा खुलासा गरी २५ प्रतिशतले ह्रास खर्च दावी गरेको हुँदा रु.१२४८६०६। बढि खर्च दावी गरेको रकम अमान्य गरी लाग्ने कर रु.१,२४,८६०। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ।

२६. **बढि खर्च दावी :** आयकर ऐन, २०५८ को दफा १३ मा कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो आय वर्षमा भएका, सो व्यक्तिबाट भएका र व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा भएका खर्चहरु कट्टी गर्न पाउने व्यवस्था छ। एक इण्डष्ट्रिजले आय बर्ष ०७०।०७१ मा पेश गरेको कारखाना प्रशासनिक खर्च विवरणमा मर्मत संभार खर्च बापत रु.८,५८,९२५। खर्च दावी गरेको छ। सोही विवरण अर्न्तगत सवारी साधन मर्मत तथा सुधार भनी रु.२,८८,८९३। खर्च उल्लेख गरेको छ। करदाताको लेजरमा विक्रि वितरण लागतमा प्लान्ट एण्ड मेशीन मर्मत भनी रु.१,३८,०१३। जोडी खर्च उल्लेख गरी एकै प्रकृतिको खर्च दोहोरो दावी गरेको अवस्था छ। दोहोरो खर्च रु.४,२६,९०६। अमान्य गरी लाग्ने कर रु.१,०६,७२६। सोमा लाग्ने शुल्क, ब्याज गणना गरी असुल गर्नुपर्दछ। करदाताले गत बर्ष ७३,७९२। टिना खोटो संकलन गर्दा संकलन ज्याला रु.२,९८,६६,९०७।५० रहेकोमा यो बर्ष ७४,४२२। टिना खोटो संकलन ०.८५ प्रतिशत बृद्धि हुँदा संकलन ज्याला ४,८६,९५,२४४।७० अर्थात ६३ प्रतिशतले संकलन ज्याला बढेको छ। एकै बर्षमा अस्वभाविक रुपले ज्याला बृद्धि हुनुको स्पष्ट कारण नदेखिएकोले बढि ज्याला खर्च रु.१,८८,२८,३७७।२० वास्तविक रहे नरहेको सम्बन्धमा छानवीन गरी कर दायित्व यकिन गर्नुपर्दछ।

२७. **पूर्व स्वीकृति :** आयकर ऐन, २०५८ को दफा २० बमोजिम कुनै आय बर्षमा व्यवसायबाट भएको आय गणना गर्दा सो व्यक्तिले व्यवसायबाट व्यहोर्नुपरेको सो बर्षको कट्टी हुन नपाएको नोक्सानी विभागको स्वीकृति लिएर मात्र कट्टी गर्न पाउने व्यवस्था छ। एक डिष्ट्रिब्युटर्सले कस्मेटिक व्यापार स्किम, एनिमेसन, पूर्णवितरण, विमा, फरक दरको रकमले हुने लोरियल र क्याभिन केयर क्लेभ बापत रु ८०,९६,४६३। आयमा समावेश गर्नुपर्नेमा पूर्व स्वीकृति बेगर उक्त आयमा रु.११,१६,४४३। लोरियल ड्यामेज, सेटलमेन्ट घटाई नाफा नोक्सान हिसाबमा आय कायम गरेको देखिँदा उक्त रकम सोही ऐनको दफा बमोजिम खर्च कट्टी गर्न मिल्ने नदेखिँदा उक्त रकम करदाताको आयमा समावेश गरी लाग्ने कर रु.२,७९,११०। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ। साथै, आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम डिलरलाई लोरियल इन्सेटिभ बापत रु.५,७५,०१३। भुक्तानी भएको खर्च देखाएकोले उक्त रकमको १५ प्रतिशतले हुने रु.८६,२५२। अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्दछ।

२८. **मूल्य अभिबृद्धि कर समायोजन :** एक रिसोर्ट्स प्रा.लि.को. ०७०।०७१ को वित्तिय विवरण अनुसार प्रत्यक्ष खर्च तर्फ कर्मचारी खाना बापत रु.११,५९,५३०। र अप्रत्यक्ष खर्च तर्फ रु.५,४०,३५०। गरी जम्मा रु.१६,९९,८८०। को कर्मचारी खाना खर्च दावी गरेकोमा उक्त खानालाई आन्तरिक उपाभोग मानी सोमा लाग्ने मूल्य अभिवृद्धि कर डेबिट एडजस्टमेन्ट गर्नुपर्नेमा सो नगरेकोले उक्त रकममा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम १३ प्रतिशत लाग्ने मूल्य अभिवृद्धि कर रु २,२०,९८४। असुल गनुपर्दछ।

२८.१ **प्रमाण पेश गर्नुपर्ने :** करदाताले पूँजीमा भएको बृद्धिको श्रोत आयकर ऐन, २०५८ बमोजिम खुलाई कम्पनी रजिष्ट्रार कार्यालयबाट समेत स्वीकृत लिनुपर्ने व्यवस्था छ। करदाताको गत बर्ष शेयर पूँजी रु ४ करोड १० लाख रहेकोमा यो बर्ष रु ७६ लाख थप गरेकोमा पूँजी प्राप्तिको श्रोत फाइल साथ संलग्न छैन। पूँजी थपको श्रोत खुलेको र कम्पनी रजिष्ट्रार कार्यालयबाट स्वीकृत तथा पूँजी थपको स्वीकृतिको प्रमाण प्राप्त गर्नुपर्ने अन्यथा श्रोत नखुलेको रकम करदाताको आयमा समावेश गरी कर निर्धारण गर्नुपर्दछ।

२९. **नमिल्ने खर्च दावी :** आयकर ऐन, २०५८ को दफा १३ बमोजिम व्यवसायसँग सम्बन्धित खर्च मात्र कट्टी गर्न पाउने व्यवस्था छ। मोबाइल सम्बन्धी कारोबार गर्ने एक करदाताले आय बर्ष २०७०।०७१ मोबाइल तथा सोसँग सम्बन्धित सामानको आयात गरी बिक्रि गर्दा सो अवधिमा करदाताले सेमिनार खर्च बापत रु.१५,३३,३९५। खर्च दावी गरेको छ। संशोधित कर निर्धारण हुँदा सो खर्चलाई कर लेखापरीक्षणले समेत यस सम्बन्धमा कुनै व्यहोरा नर्दशाई खर्च दावी मान्य गरेको छ। यस्तो खर्च आयकर ऐन, २०५८ को दफा २१ अनुसार पनि दावी गर्न मिल्ने देखिएको छैन। उल्लेखित खर्च करदाताको आयमा समावेश गरी आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम लाग्ने कर रु ३,८३,३४८। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ।

२९.१ आयकर ऐन, २०५८ को दफा १३ बमोजिम व्यवसायसंग सम्बन्धित खर्चमात्र कट्टी गर्न पाउने व्यवस्था छ । मोबाइल तथा सो सँग सम्बन्धित आयात तथा विक्री वितरण गर्ने यस करदाताले विज्ञापन वापत रु. २८,९८,०७७– र व्यवसाय प्रवर्द्धन खर्च वापत रु.५६,४३,५५।– समेत रु.३४,६२,४३२।– खर्च दावी गरेको

छ । लेखापरीक्षणबाट आयातित यस्ता सामानको व्यवसाय प्रवर्द्धन एवं सोको विज्ञापन खर्च निर्माता वा उत्पादक कम्पनीले गर्ने र सो वापत लागेको खर्च वितरकले सोधभर्ना माग गरी आय तथा खर्चमा लेखाकन गर्नुपर्नेमा नगरी प्रशासनिक खर्चमा रकम दावी गरेको छ । उक्त रकम आयमा समावेश गरी हुने कर रु. ८,६५,६०८।– र सोको शुल्क तथा व्याज गणना गरी असुल गर्नुपर्दछ ।

२९.२ आयकर ऐन, २०५८ को दफा १३ बमोजिम व्यवसायसंग सम्बन्धित खर्चमात्र दावी गर्न पाउने व्यवस्था छ । करदाताले विदेशबाट आयात गरी आपूर्ति गरेका मोबाइलको वारेन्टी समयावधि भित्र भएको मर्मत तथा संभार खर्च वापत रु.१९,२०,०००।– प्रशासनिक खर्च अन्तर्गत दावी गरेको छ । यस्तो खर्च सामान्य बजारीकरण र उत्पादनको सिद्धान्त बमोजिम निर्माता वा उत्पादक कम्पनीले गर्नुपर्ने हुन्छ । वारेन्टी खर्चको सोधभर्ना प्राप्त गरी आयमा लेखाकन समेत नगरेको अवस्था र दावी गर्ने प्रमाण समेत फाइलमा नहुंदा खर्च गर्न पाउने प्रयाप्त आधार देखिएको छैन । उक्त रकम करदाताको आयमा समावेश गरी आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम लाग्ने कर रु.४,८०,०००।– र सोको शुल्क तथा व्याज गणना गरी कर दायित्व असुल गर्नुपर्दछ ।

२९.३ नेपाल लेखामान ३ बमोजिम नगद प्रवाह विवरणमा ऋण र पूँजीको घटीबढि खुलासा गर्नुपर्ने व्यवस्था छ । करदाताको वासलातमा आय बर्ष २०७०।०७१ मा रु.६,५९,१४,७९२। कर्जा बाँकी रहेकोमा २०६९।०७० को अन्तिम कर्जा दायित्व रु.४,९८,११,३२९। रहेको थियो फलस्वरुप रु.१,६१,०३,४६३। नगद प्रवाह भएकोमा करदाताको नगद प्रवाह विवरणले नगद प्रप्तिको खुलासा नगरेको स्थिति छ । लेखापरीक्षकले लेखानीति तथा नेपाल लेखामान बमोजिम वित्तिय विवरण तयार गरेको खुलस्त गरेको छ । कर्जाबाट प्राप्त रकम नगद प्रवाह विवरणमा प्रस्तुतीकरण नहुँदा उक्त रकम अन्यत्र डाइर्भट गरेको हुन सक्ने भएकोले सो रकम करदाताको निर्सग आय मानी कर निर्धारण गर्नुपर्दछ ।

२९.४ उत्पादक र वितरक थोक बिक्रेता बीचको सम्झौतामा हुने खर्चको कसले कसरी व्यहोर्ने हो स्पष्ट खुलेको हुनुपर्छ । करदाताले पेश गरेको बिक्रिको लागत गणनामा खरिदमा मोबाइल मर्मत तथा सर्भिस खर्च बापत रु ६६,२५,४४९। जोडी खर्च दावी गरेको छ । वारेन्टी पिरियडमा लाग्ने मर्मत खर्च दावी गर्न मिल्ने देखिएको छैन । मर्मत सम्भार वापत्त आय प्राप्त गरेको समेत देखिदैन । यस्तो खर्च उत्पादकबाट सोधभर्ना हुनुपर्दछ । उत्पादक र करदाता बीचको सम्झौता पेश गर्न लगाई यस्तो खर्च उत्पादक कम्पनीले सोधभर्ना नदिएको एवं उत्पादनको सिद्धान्त बमोजिम उत्पादकले व्यहोर्न नपर्ने सम्बन्धमा थप छानवीन गरी सोको कर दायित्व यकिन गर्नुपर्दछ ।

३०. **पूँजीको श्रोत :** करदाताले पूँजीमा भएको बृद्धिको श्रोत आयकर ऐन, २०५८ बमोजिम खुलाई कम्पनी रजिष्ट्रार कार्यालयबाट समेत स्वीकृत लिनुपर्ने व्यवस्था छ । एक सिमेन्ट प्रा.लि.को गत बर्ष शेयर पूँजी रु ११ करोड रहेकोमा यो बर्ष रु ८ करोड थप गरेकोमा पूँजी प्राप्तिको श्रोत फाइल साथ संलग्न देखिएको छैन । पूँजी थपको श्रोत खुलेको र कम्पनी रजिष्ट्रार कार्यालयबाट स्वीकृत तथा पूँजी थपको स्वीकृतिको प्रमाण प्राप्त गर्नुपर्ने अन्यथा श्रोत नखुलेको रकम करदाताको आयमा समावेश गरी लाग्ने कर निर्धारण गर्नुपर्दछ ।

३०.१ आयकर ऐन, २०५८ को दफा १४ अनुसार कुनै व्यक्तिले कुनै आय बर्षमा व्यवसाय वा लगानीबाट भएको आयको गणना गर्ने प्रयोजनको लागि सिर्जना भएको ऋण दायित्व अर्न्तगतको ब्याज कट्टी गर्न पाउने व्यवस्था छ । करदाताले पेश गरेको वित्तिय विवरणको अनुसूची ८ मा विभिन्न पार्टी तथा डाइरेक्टरलाई रु ७,८५,२२,०५९। सापटी तथा पेश्की उपलब्ध गराएको छ । साथै करदाताले व्यवसाय संचालनमा चालू पूँजीको लागि विभिन्न बैंकबाट कर्जा लिएकोमा बर्षान्तमा रु २४,७५,९७,६६०। ऋण दायित्व बाँकी छ । ऋण दायित्व अन्तर्गतको ब्याज बापत रु.२,९३,७१,५९७। खर्च दावी गरेको तर सापटी तथा पेश्की रकममा ब्याज आय देखाएको छैन । तसर्थ करदाताको गत बर्ष र यस बर्षको औषत कर्जा रु २२,०९,३८,३३३। को औषत ब्याज खर्च रु.१,९०,८१,८३२। अनुसार ब्याजदर ८.६४ प्रतिशत देखिन आउँछ । करदाताले उपलब्ध गराएको औषत पेश्की तथा सापटी रु ५,४८,९९,५०४। को उल्लेखित ब्याजदरले हुने रु.४७,४३,३१७। ब्याज खर्च दावी गर्न मिल्ने देखिएको छैन । उक्त रकमले करदाताको नोक्सानी छानवीन गरी घटाउनुपर्दछ ।

३०.२ उद्योग तर्फ मेटेरियल कन्जुम्सन नर्म्स बमोजिम २,४४,११,००० के.जी. कच्चा पदार्थबाट २,३६,९८,५५० केजी सिमेन्ट उत्पादन गर्दा ९७.०८२ प्रति केजी उत्पादन गरेको छ । करदाताले उत्पादनमुलक उद्योगको रुपमा सुविधा लिएकोमा कच्चा पदार्थ बिक्रिलाई व्यापारिक आयमा समावेश नगरी उद्योगको आयमा समावेश गरेको देखिन्छ । उल्लेखित बिक्रि परिमाणको करदाताले पेश गरेको अन्तिम मौज्दात मूल्यांकन दर क्लिडकर तर्फ रु ८४००। फ्लाई आस तर्फरु ३५३०। र जिप्सम तर्फ रु ६१५०। ले हुने रु.९४,१७,१६०। को विभागको परिपत्रअनुसार खरिदको लागत दिंदा करदाताले देखाएको कुल नाफा अनुपात १४.२६ प्रतिशतले हुने रु.१३,४२,८८७। को २५ प्रतिशतले हुने कर रु.३,३५,७७२। र सोको शुल्क तथा ब्याज हिसाब छानवीन तथा गणना गरी असुल गर्नुपर्दछ ।

३०.३ औद्योगिक खपत र उत्पादन नर्म्स बमोजिम नोक्सानी बाहेक प्याकिङ मेटेरियल्सको खपत संख्या र उत्पादित परीमाण संख्या एक आपसमा भिडान हुनुपर्छ । करदाताले पेश गरेको मौज्दात विवरणमा ओपीसी ब्याग १७०३१ पिस र पिपीसी ब्याग ४६८९२५ पिस खपत भएको खुलासा गरेको छ । पिस नोक्सानीको व्यहोरा करदाताले उल्लेख गरेको छैन । करदाताले देखाएको तयारी वस्तुको उत्पादनमा ओपीसी ब्याग १६६१० र पिपीसी ब्याग ४५७३६१ पिस देखाएकोले खपत भन्दा ओपीसी तर्फ ४२१ र पिपिसी तर्फ ११५६४ पिस मिसिङ सम्बन्धमा कुनै व्यहोरा उल्लेख छैन । यस सम्बन्धमा संशोधित कर लेखापरीक्षण हुँदा समेत थप व्यहोरा पुष्ट्याई भएको छैन । अतः उक्त मिसिङ बाट बिक्रि लुकेको देखिन आएकोले क्रमशः रु.६००। र रु ५००। ले हुन आउने रु.६०,३४,६००। लाई बिक्रि कायम गरी उक्त रकम बराबर कर योग्य नोक्सानी घटाउनुपर्दछ ।

३०.४ साथै उक्त बिक्रि रु.६०३४६००। मा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम बिक्रिमा लाग्ने १३ प्रतिशतले हुने कर रु ७,८४,४९८। र सोको जरिवाना तथा थप दस्तुर समेत असुल गर्नुपर्दछ ।

३०.५ साथै कुल बिक्रि बोरा ११९८५ को प्रति बोरा रु.९। ले अन्तशुल्क ऐन, २०५८ बमोजिम लाग्ने अन्तशुल्क रु १,०७,८६५। असुल गर्नुपर्दछ ।

३०.६ आयकर ऐन, २०५८ को दफा १३ बमोजिम व्यवसायसँग सम्बन्धित खर्च मात्र कट्टी गर्न पाउने व्यवस्था छ । करदाताले पेश गरेको प्रशासकीय खर्चको विवरणमा सोसियल रिस्पोन्सीबिलिटी खर्च बापत रु.१५,३२,४५२।दावी गरेको छ ।सो खर्चको पुष्टाई गर्ने प्रमाण फाइल साथ संलग्न नभएको अनुसन्धान तथा विकास खर्चमा दावी नगरेको उक्त खर्च व्यवसायसँग सम्बन्धित समेत नरहेकोले खर्च अमान्य गरी करदाताले देखाएको नोक्सानीमा समायोजन गरी घटाउनु पर्दछ ।

३१. **नपाउने बढि खर्च दावी :** आयकर ऐन, २०५८ को दफा १९ बमोजिम करदाताले गत बर्ष वासलातमा देखाएको खुद सम्पत्तिमा यो बर्ष थपघट भएको सम्पत्ति समायोजन पश्चात् ह्रास आधार रकममा तोकिएको समूह अनुसार निर्धारित दरमा ह्रास खर्च दावी गर्न पाउने व्यवस्था छ । एक एक्सप्रेस प्रा.लि.को आय बर्ष ०७०।०७१ को वासलातमा यो बर्ष जिम्मेवारी सारेको रु.३,१३,६१,६८२।६५ कुल सम्पत्तिमा यो बर्ष थप रु.८६५६६७२।०० र डिस्पोजल गरेको रु.६६,३७,१६। मा थप मध्ये खर्च कट्टी पाउने रु.५७,१३,४०३।०० समेत समग्रमा ह्रास आधार रु ३,६४,११,३६९। कायम गरेको विवरणमा खुलासा गरी समूह बमोजिम ह्रासको दर अनुसार रु.२१,६२,४२४।०० ह्रास खर्च दावी गर्नुपर्नेमा सम्पत्तिमा गत बर्षको सार्नुपर्ने जिम्मेवारी भन्दा रु ५७,१९,८६५।०० बढाई सो समेतको ह्रास रु.३०,४२,१५०।०० खर्च दावी लिएकोले लिनुपर्ने भन्दा बढि दावी गरेको रु.८,७९,७२६।०० कर प्रयोजनार्थ दावी गर्न मिल्ने देखिएको छैन । सम्पत्तिमा भएको बृद्धिलाई वासलातमा नदर्शाउने, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरणमा सम्पत्तिको ह्रास रु.२१,६२,४२४।०० मात्र लेखांकन गर्ने तर अनावश्यक रुपमा वित्तिय विवरणसँग मेल नखाने गरी थप ह्रास खर्च दावी गर्नु उचित हुदैन । करदाता उत्पादनमुलक उद्योग समेत नरहेको अवस्थामा थप ह्रास खर्च पाउने अवस्था समेत देखिदैन । यदि बढि ह्रास खर्च दावी गर्ने हो भने सम्पत्तिमा भएको बृद्धि रु.५७,१९,८६५।०० ऐनको दफा ४० बमोजिम निसर्ग आय गणना गर्नुपर्दछ । तसर्थ नपाउने बढि दावी खर्च करदाताको आयमा समावेश गरी ऐनको अनुसूची १ बमोजिम लाग्ने कर रु २,१९,९३१।०० र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

३१.१ बोनस ऐन, २०३० को दफा ७ बमोजिम मासिक रु ५ हजार तलब वा ज्याला पाउने कर्मचारीले ६ महिनाको, मासिक ५ हजार देखि रु १५,०००। सम्म तलब वा ज्याला पाउने कर्मचारीले बढिमा ४ महिनाको र मासिक रु.१५,०००। भन्दा बढि तलब वा ज्याला पाउने कर्मचारीले बढिमा ३ महिनाको तलब वा ज्याला बराबरको रकम बोनस पाउने व्यवस्था छ । करदाताले यस बर्ष रु.२०,४४,५७६। बोनस खर्च बापत दावी गरी कट्टी हुने अन्य खर्चमा समावेश गरेको र खर्च लेखिसकेको अवस्था छ । करदाताले देखाएको कर्मचारी तथा पारिश्रमिक विवरण अनुसार रु.१२,५८,०००। मात्र बोनस बापत खर्च लेख्न सकिनेमा ऐनको व्यवस्थाको अनुकुल नहुने गरी रु.२०,४४,५७६। खर्च दावी गरेबाट रु.७,८६,५७६। बढि दावी गरेको रकम करदाताको आयमा समावेश गरी आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम लाग्ने कर रु.१,९६,६४४। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

३१.२ आयकर ऐन, २०५८ को दफा १६ बमोजिम सम्पत्तिको ह्रास आधारको ७ प्रतिशतले हुने रकम मर्मत संभार खर्च दावी गर्न पाउने व्यवस्था छ । करदाताको आय बर्ष २०७०।०७१ को सम्पत्तिको समूहको ह्रास आधार अनुसार समूह क मा रु १,७८,७३०। समूह ख मा रु.३८,७९४। समूह ग मा रु ११,४६६। र समूह घ मा रु ३,३८,५८६। समेत रु.५,६७,५८३। मात्र मर्मत खर्च दावी गर्नुपर्नेमा वारेन्टी पिरियडमा २०७० चैत्रमा थप गरेको रु.५७,१३,४०३। जिपको मर्मत समेत दावी गरी गरेको देखिँदा संशोधित कर निर्धारणमा रु.९,५४,२७३। दावी गरी बढि दावी रु.३,८६,६९०। करदाताको आयमा समावेश गरी लाग्ने कर रु.९६,६७२। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

३२. **मूल्यांकन फरक :** आयकर ऐन, २०५८ को दफा १५ बमोजिम मौज्दातको मूल्यांकन लागत मूल्य वा बजार मूल्य जुन घटी हुन्छ सोको आधारमा गर्नुपर्ने व्यवस्था छ । कार्पेट उत्पादन गर्ने एक रग हाउसले कार्पेट उत्पादनमा खुद उत्पादन ३६५०.६३० स्कावयर मिटरको रु.४,६५,४२,१९४।४५ खर्च उल्लेख गरी प्रति

स्कावयर मिटरको रु.१२७४९.०० लागत परेको खुलासा गरेको उत्पादन विवरण प्रमाणित गरी पेश समेत गरेको छ । उत्पादन भएको मध्ये बिक्री गरी बाँकी रहेको अन्तिम मौज्दात २०८.९२ स्क्वायर मिटरको रु.२९,२८,८०७।५४ मूल्यांकन गरेबाट प्रति स्क्वायर मिटर रु.१४०१८.७९ परेबाट फरक परेको रु.१२६९.७९ को २०८.९२ स्क्वायर मिटरको रु.२,६५,२८६। को आयकर ऐन, २०५८ को अनुसूची २ बमोजिम लाग्ने १५ प्रतिशतले हुने कर रु.३९,७९२। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

३३. **रिभर्स मूल्य अभिबृद्धि कर :** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ८(२) बमोजिम विदेशीलाई सेवा भुक्तानी गर्दा रिभर्सको रुपमा मूल्य अभिबृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ । हेलीकोप्टर सेवा सम्बन्धी कारोबार गर्ने एक करदाताले टर्बोमेका एशिया प्यासिफिकलाई रु.८,५७,७८१। जिपपेसन जिएमाविएच, लाई रु.२,०७,९३७। आयटालाई रु ८,९१०। र हेली लिनक्स हेलिकोप्टर सर्भिस क्यानडालाई रु.१९,४२,५६०। समेत रु.३०,१७,२७८। भुक्तानी गरेको अग्रिम कर कट्टीको विवरण देखिएको र ऐन बमोजिम उक्त रकमको १३ प्रतिशतले हुने रु.३,९२,२४६। मा संशोधित कर निर्धारण हुँदा घटी कट्टी गरेको रु.४७,५७६। समायोजन पश्चात् रु.३,४४,६७०। असुल गरी दाखिला गर्नुपर्दछ ।

३३.१ आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम ठेक्का वा करार बापत रु ५० हजार रुपैया भन्दा बढिको रकम भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५ प्रतिशतले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । करदाताले ल्याण्डिङ एण्ड पार्किङ खर्च भनी रु ३६,६३,७९७। खर्च दावी गरेकोमा सो रकमको १.५ प्रतिशतले हुने कर रु ५४,५९७। र सोको लाग्ने ब्याज समेत असुल गरी दाखिला गर्नुपर्दछ ।

३३.२ खरिद रकम आपूर्तिकर्ताको बिक्रिसँग भिडान गरी खर्च लेख्नुपर्दछ । करदाताले फ्युल इन्धन बापत रु.५,०८,५२,८२५। खर्च लेखेकोमा नेपाल आयल निगम हवाई इन्धन बिक्रि डिपोको बिक्रि लेजर प्रमाण पेश नहुँदा फ्युल खर्चको दावीलाई यकिन गर्न सकिएको छैन । उक्त खर्चको विवरणलाई दावी रकम मान्य गर्नुपर्ने अन्यथा कर दायित्वमा पर्ने असर उपर यकिन गर्नुपर्दछ ।

३४. **ह्रास आधार फरक परेको :** आयकर ऐन, २०५८ को दफा १९ तथा अनुसूची २ बमोजिम निमार्णसँग सम्बन्धित मेशिनरी औजार, अस्फाल्ट मेशिन, वाटर पम्प तथा मिक्स्चर मेशिनको १५ प्रतिशतका दरले ह्रास खर्च दावी गर्नुपर्नेमा २५ प्रतिशतले हुने ह्रास खर्च दावी गरेको छ । एक ज्वाइन्ट भेन्चरले आय बर्ष ०७०।०७१ मा मेशीनरी प्लान्टको ह्रास आधार रु ४०,६३,८४९। र सवारी साधनको ह्रास आधार रु.१७,०३,५३५। रहेकोमा ऐनले तोकेको दर भन्दा देहाय बमोजिम बढि दरको खर्च दावी रु ४,९१,२१३। करदाताको आयमा समावेश गर्दा आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम २५ प्रतिशतले लाग्ने कर रु.१,२२,८०३। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

३४.१ आयकर ऐन, २०५८ को दफा १३ बमोजिम व्यवसायसँग सम्बन्धित खर्च मात्र दावी गर्न पाउने व्यवस्था छ । करदाताले प्रशासनिक खर्च अर्न्तगत बैक चार्ज तथा कमिशन बापत रु.१६,२१,१६८। खर्च दावी गरेको छ । करदाताको कर्जा तथा बैंकसँग भएको कारोबार लेखामा नदेखिएको र बैक चार्ज तथा कमिशन भुक्तानी गर्नुपर्ने कारण तथा सोको प्रमाण समेत नदेखिँदा उक्त खर्च दावी लिन मिल्ने देखिँदैन । र दावी खर्च व्यवसायसँग सम्बन्धित समेत नरहने हुँदा उक्त रकम करदाताको आयमा समावेश गर्दा लाग्ने कर रु.४,०५,२९२। र सोको शुल्क तथा ब्याज समेत गणना गरी असुल गर्नुपर्दछ ।

३५. **लागत :** करदाताले खरिद गरेको विवरण अनुसार १३ नम्बर अनुसूचीमा देखाएको खरिद र खरिदको रिकन्सीलेसन देखाएको खरिद हिसाब बराबर हुनुपर्दछ । एक प्रा.लि.को. आय बर्ष ०७१।०७२ मा खरिदको रिकन्सीलेसन विवरणमा कुल खरिद रु २४,९६,१३,४८५। मा लोकल नन भ्याट खरिद रु ९२,२६,४६२। उल्लेख गरेकोमा उक्त खरिदमा दुई आपूर्तक करदाताले १३ नम्बर अनुसूचीमा देखाएको खरिद भन्दा कर छुटको खरिद विवरणमा देखाएको खरिद बढि देखाएकोले बढि खरिद दावी गरी लागत बढाएको छ । खरिद बढि दखाई लागतमा गरेको बृद्धि करदाताको आयमा समावेश गर्दा लाग्ने कर रु.१,०९,७१८। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

३५.१ आयकर ऐन, २०५८ को दफा २१ मा पूँजीगत प्रकृतिको सम्पत्तिमा लागेको खर्च पूँजीकरण गर्नुपर्ने व्यवस्था छ । करदाताले जग्गा खरिद गरी सो जग्गामा आवास निमार्ण गरी बिक्रि गर्ने प्रबन्ध अनुरुप उक्त संरचना बनावटमा लागेका खर्च पूँजीकरण गरी बिक्रि कायम गर्नुपर्नेमा करदाताले उक्त संरचना निमार्णमा प्राप्त भएको सापटी तथा बैंक कर्जाको ब्याज समेत पूँजीकरण नगरी सोझै खर्च दावी गरेको स्थिति नेपाल लेखामान अनुकूल देखिएन । करदाताको यो बर्षको बिक्रि रु १८,५७,३८,५६३। देखाएको सापटी तथा बैंक ब्याज खर्च रु.२,९७,८९,१७६। दावी गरेको अन्तिम मौज्दात अन्तर्गत वर्क इन प्रोगेसमा रु १७,०४,५९,३३१। उल्लेख गरेको जग्गा खरिद गर्न विभिन्न प्रोजेक्ट र व्यक्तिलाई रु २८,६४,४३,९३९। पेश्की दिएको एवं सिष्टर युनिटबाट रु.१७,९८,२५,२०१। सापटी प्राप्त गरेको र ग्राहकबाट एकमुष्ट रु १७,१९,०१,६२३। अग्रिम आवास किस्ता प्राप्त गरेको देखिन्छ । ग्राहकबाट लिएको रकमको आवासको अवस्था पूर्ण नभई सामान्यतः कार्य प्रगतिमा रहेको अवस्था छ । कार्य प्रगतिको आधारमा ब्याज खर्च दावी गर्नुपर्नेमा सबै ब्याज खर्च दावी गर्न मिल्दैन । बाल्कोट अन्तर्गत १९ ब्लकको रु.७,९९,७५,५९९। कार्य प्रगतिको औषत ५६.७३ प्रतिशत र मुलपानी अन्तर्गत

३७ ब्लकको रु.९,०४,८३,७३२। कार्य प्रगतिको औषत ३९.०८ प्रतिशत रहेको छ । सो अनुरुप दुवै समूहको औषत कार्य सम्पन्न प्रतिशत ४८ प्रतिशत रही ५२ प्रतिशतले ब्याज खर्च दावी गरेको रु.२,९७,८९,१७६। को हुन आउने रु.१,५४,९०,०००। पूँजीकरण गर्नुपर्नेमा नगरी सोझै दावी गरेको छ । उक्त रकम करदाताको आयमा समावेश गर्दा २५ प्रतिशतले लाग्ने कर रु.३८,७२,५००। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

३६. **सोधभर्ना :** आयकर ऐन, २०५८ को दफा १३ अनुसार आय आर्जनसंग सम्बन्धित खर्च मात्र कट्टी गर्न पाउने व्यवस्था छ । एक ट्रेडिङले आय बर्ष ०७०।०७१ मा क्याष्ट्रोल लुव्रिकेन्ट आयल मात्र आयात गरी विक्री गर्ने गरेकोमा यस वर्ष लागि विज्ञापन खर्च रु.५४,१९,१०८ व्यवसाय प्रवर्द्धन खर्च रु.२७,७९,२७८ र मार्केट सर्भे खर्च रु.७,९९,२१० गरी जम्मा रु.८९,९७,५९६ विज्ञापन तथा प्रर्वद्धन खर्च दावी गरेको छ । उक्त खर्चलाई कर लेखापरीक्षणले पनि मान्यता दिएको छ । करदाताले क्याष्ट्रोल व्राण्डको तेल वेच्ने आधिकारिक विक्रेता रहेकोले समान्यतया यस्तो खर्च उत्पादक कम्पनीले व्यहोर्ने प्रचलन रहेको हुन्छ । यदि वितरकले व्यहोर्ने हो भने सो को शोधभर्ना प्राप्त भएको हुनुपर्दछ । करदाताले सम्बन्धित कम्पनी सँग भएको सम्झौता पेश गरेको छैन । सम्बन्धित पार्टीसंग सम्झौता पेश गर्नलगाई करदायित्वमा परेको असर मूल्यांकन गर्नु पर्ने अन्यथा उक्त रकमलाई खुद आय कायम गरी आयकर ऐन, २०५८ को अनुसूची १ वमोजिम लाग्ने कर रु.२२४९३९९ तथा दफा १२०(क) अनुसारको शुल्क एवं दफा ११८ र ११९ अनुसारको ब्याज तथा जरिवाना समेत छानवीन गर्नुपर्दछ ।

३७. **नपाउने छुट :** आयकर ऐन, २०५८ को दफा ७ बमोजिम व्यवसायको मुनाफा र लाभको गणना गर्दा वा व्यापारिक मौज्दातको निसर्गबाट प्राप्त रकम र उद्योग बाट प्राप्त आयको गणना गर्दा छुट्टा छुट्टै आय विवरण पेश गरी अनुसूची १ बमोजिमको निर्धारण गरेको करको दरमा कर निर्धारण र असुल गर्नुपर्ने व्यवस्था छ । एक इण्डष्ट्रिजको आय बर्ष ०७०।०७१ को उद्योग तर्फ उत्पादनमूलक उद्योगको रुपमा २० प्रतिशतले करको दर निर्धारण हुने र उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थ तयारी वस्तु उत्पादनमा प्रयोग नगरी तेश्रो पक्षलाई बिक्रि गर्ने कार्य व्यापारिक मौज्दातको निसर्गबाट हुने आय भएकोले छुट्टा छुट्टै आय विवरण पेश गरी २५ प्रतिशतका दरले कर निर्धारण गर्नुपर्ने हुन्छ । करदाताले उत्पादनमूलक उद्योगको रुपमा सुविधा लिएकोमा कच्चा पदार्थ बिक्रिलाई व्यापारिक आयमा समावेश नगरी उद्योगको आयमा समावेश गरेको छ । उल्लेखित बिक्रि परिमाणको करदाताले पेश गरेको अन्तिम मौज्दात मूल्यांकन दरमा रु.२,६८,४५,९०६। व्यापारिक आय कायम हुने हुँदा विभागको परिपत्रअनुसार उक्त विक्रि आयमा खरिदको लागत दिँदा करदाताले देखाएको कुल नाफा अनुपात १५.९७ ले हुने रु.४२,८७,२९२। को २५ प्रतिशतले हुने कर रु.१०,७१,८२३। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

३७.१ आयकर ऐन, २०५८ को दफा १५ बमोजिम व्यापार मौज्दातको मूल्यांकन लागत वा बजारमूल्य जुन घटी हुन्छ सोको आधारमा गर्नुपर्ने व्यवस्था छ । कच्चा पदार्थको मौज्दात मूल्यांकन लागत मूल्यको आधारमा मूल्यांकन गर्ने करदाताको लेखानीतिमा उल्लेख छ । उल्लेखित २ कच्चा पदार्थको प्रति के.जी. घटी मौज्दात मूल्यांकनबाट रु.१२,०३,७११। बढि बिक्रिको लागत दावी गरी नाफा घटाएकोले सो रकम करदाताको करयोग्य नोक्सानीमा समायोजन गरी नोक्सानी घटाउनुपर्दछ ।

३८. **मूल्य अभिव(द्धि कर फिर्ता :** यो बर्ष एक प्रा.लि. लाई मोबाइल फोनमा तिरेको मूल्य अभिबृद्धि कर रु.१,८५,००,२३५। फिर्ता गरेको छ । उक्त फिर्ता २०७१ फाल्गुन १ देखि २०७२ आषाढ ३१ सम्मको बिक्रिको आधारमा फिर्ता गरेकोमा उल्लेखित ऐनको अनुसूची बमोजिम सेलुलर मोबाइल फोन सेटमा यो सुविधा लिनुपर्नेमा करदाताले हुवेई ब्रान्डका ट्याब्लेटमा रु.८,६१,५२७। मूल्य अभिबृद्धि कर फिर्ता लिएको देखिँदा सो बमोजिम फिर्ता गरेको रकम असुल गर्नुपर्दछ ।

३८.१ त्यस्तै अर्को प्रा.लि.ले आय बर्ष २०७०।०७१ र ०७१।०७२ को कुल रु.५०,७३,६४७। फिर्ता माग गरेकोमा नन फाईलर घटाई रु ३४,६६,९२२। फिर्ता गरेकोमा ट्याब्लेट बिक्रिको फिर्ता रु.७७,४०७। असुल गर्नुपर्दछ ।

३९. **कर फिर्ता :** एक करदाताले मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २४(३) को अधिनमा रही लगातार ६ महिनासम्म क्रेडिट मिलान गरेर बाँकी रहेको क्रेडिट रकम रु.१५,१०,००,०००। फिर्ता माग दावी गरी मिति २०७२।१२।०४ मा निवेदन पेश गरेकोमा करदाताले माग गरेको रकम मध्ये कर परीक्षण सम्पन्न भएको अवधि आ.व. २०७०।०७१ तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २४ क बमोजिम ३ बर्ष भित्र २०६९ चैत्र देखि कर परीक्षण सम्पन्न अवधि २०७१ असार सम्मको खरिदमा तिरेको मूल्य अभिवृद्धि कर रु.५१,८०,१९०। र तिन बर्ष भन्दा पुरानो खरीद भै कर फिर्ता नपाउने रकम रु.८,५२,८२५। घटाउँदा कायम हुने रकम रु.८,५७,८२,१३१। मूल्य अभिवृद्धि कर फिर्ता स्वीकृत गरि सो फिर्ता स्वीकृत रकमबाट यस कार्यालयबाट आ.ब. २०६८।६९,२०६९।७०,२०७०।७१ को पूर्ण कर परीक्षणबाट माग भएको रु.२,७४,०८,७५४ घटाई बाँकी रकम रु ५,८३,७३,३७७ करदातालाई मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २४ बमोजिम

फिर्ता दिएको छ । समान्यतया संचालनमा रहेका करदाताको मूल्य अभिवृद्धि कर डेविट क्रेडिट भईरहने, बिक्री बढदै गएपछि पुँजीगत खर्चको क्रेडिट समायोजन हुने अवस्थामा पटक पटक कार्यालयबाट फिर्ता गरेको भएपनि वषान्तमा फिर्ता दिएको मनासिब भएन । यस प्रकार क्रेडिट रहने करदाता धेरै हुने भएकोले यस सम्बन्धि उपयुक्त नीति तय गर्नुपर्दछ। अन्यथा मूल्य अभिवृद्धि कर फिर्ता अत्याधिक बढ्ने भई राजस्वमा नकारात्मक असर पर्ने स्थिति आउँछ ।

४०. **कर मुक्तिको योजना :** आयकर ऐन, २०५८ को दफा ३५ अनुसार विभागले कर दायित्वको यकिन गर्न कर मुक्ति योजनाको कुनै प्रबन्ध वा प्रबन्धको भागलाई पुनः चारित्रिकरण, वा व्यवस्था गर्न सक्ने प्रावधान छ। एक टेलिकम लिमिटेडको शेयर संरचनाको ५० प्रतिशत (५० हजार कित्ता) शेयर २०६५।०६।१९ मा एक साइप्रसको सर्भिसेज लिमिटेडले बेलायतको एक ईन्टरनेशनल लि. बाट रु .५ करोडमा खरिद गर्न नेपाल सरकार उद्योग विभागले स्वीकृति दिएको छ। त्यसपश्चात् सो टेलिकम लिमिटेडमा उक्त साइप्रसको सर्भिसेज लिमिटेडको ५० प्रतिशत, एक टेलिकम प्रा. लि. को ४० प्रतिशत, एक प्राकृतिक व्यक्तिको ५ प्रतिशत, पाकिस्तानका एक टेलिकम्युनिकेशन लिमिटेडको ३ प्रतिशत र बंगलादेशको एक टेलिकमको २ प्रतिशत स्वामित्व रहेको छ ।

स्वीडेन स्थित विदेशी कम्पनीको वार्षिक प्रतिवेदन २०११ को पेज ५४ र ८५ अनुसार उल्लेखित साइप्रसको सर्भिसेज लिमिटेडको ५१ प्रतिशत शेयर १९१ मिलियन स्विडिस क्रोनर (रु २ अर्ब ३ करोड) मा खरिद गरी नेपालको एक टेलिकम लिमिटेडको २५ प्रतिशत हित प्राप्त गरेको सार्वजनिक गरेको छ। त्यसै गरी सोही विदेशी कम्पनीको वार्षिक प्रतिवेदन २०१२ को पेज २७ र १०२ मा उक्त साइप्रसको सर्भिसेज लिमिटेड मार्फत उक्त टेलिकम लिमिटेडको २५ हजार कित्ता शेयर उल्लेखित टेलिकम प्रा. लि वाट खरिद गरको उल्लेख गरेको छ। तत्पश्चात् सो विदेशी कम्पनीले २६ अप्रिल २०१२ मा उक्त टेलिकम लिमिटेडमा शेयर स्वामित्व ५० प्रतिशतबाट ७५ प्रतिशत पुर्याउन साइप्रसको एक सर्भिसेज लिमिटेडको ४९ प्रतिशत शेयर खरिद गर्दा २९५ मिलियन स्विडिस क्रोनर (रु.३ अर्ब ६८ करोड) तिरेको विवरण सार्वजनिक गरेको छ। फलस्वरुप उक्त विदेशी कम्पनीको साइप्रस स्थित सर्भिसेज लिमिटेडमा शतप्रतिशत स्वामित्व भएको छ।

करदाताले नेपालमा संचालित क्रियाकलापबाट भएको पुँजीगत लाभमा तिर्नुपर्ने कर नतिर्ने उद्देश्यले न्युन लगानीमा साईप्रसमा कम्पनी स्थापना गरी सोहीमार्फत अप्रत्यक्ष रुपमा उक्त विदेशी कम्पनीलाई शेयर बिक्री गरी लाभ आर्जन गर्ने तर कर नतिर्ने प्रबन्ध गरिएको देखिन्छ । सन् २०११ देखि सन् २०१२ को अवधिमा उक्त टेलिकम लिमिटेडको ७५ प्रतिशत शेयर प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले समानुपातिक हिसाबमा उक्त विदेशी कम्पनीले रु.३ अर्ब ८७ करोडमा खरिद गरेको (रु २.०३ अर्ब र ३.६८ अर्बको आधा) रहेको छ । वासलातमा उल्लिखित ७५ प्रतिशत शेयरको मूल्य रु.५ करोड (५०,००० कित्ता शेयरको रु १,००० ले हुने) लागत बापत रु.३ अर्ब ८७ करोडबाट कट्टी गर्दा रु.३ अर्ब ८२ करोड लाभ हुनेमा आयकर ऐन, २०५८ को दफा ३५ बमोजिम कर छल्ने प्रबन्ध गरेको र दफा ६७(छ)(ठ)२ बमोजिम नेपालमा संचालित क्रियाकलापसँग सम्बन्धित कारोबार भएकोले चारित्रिकरण गरी सो ऐनको अनुसूची १ अनुसार लाग्ने २५ प्रतिशत कर रु ९५ करोड ५० लाखमा ब्याज तथा शुल्क समेत लाभ प्राप्त गर्नेबाट छानवीन गरी कर निर्धारण एवं असुल गर्नुपर्दछ।

४१. **लेखा समितिका निर्णय कार्यान्वयन एवं वेरुजू फछ्यौट :** आर्थिक कार्यविधि ऐन,२०५५ को दफा २१(३) मा महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजुहरुको सम्बन्धमा व्यवस्थापिका-संसदको सार्वजनिक लेखा समितिमा लिखित जवाफ दिने, समितिको बैठकमा उपस्थित भई छलफलमा भाग लिई सो सम्बन्धमा आफ्नो प्रतिकृया व्यक्त गर्ने र बेरुजु फछ्र्यौट सम्बन्धी काम कारवाही गर्ने गराउने उत्तरदायित्व तोकिएको छ । यस कार्यालयको लेखापरीक्षण गरी महालेखा परीक्षकले वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजुको अभिलेख राखी सो को कार्यान्वयन अवस्थाको अनुगमन गनुपद)छ । कार्यालयको अभिलेख अनुसार रु१६,६५,५१,६०१। बेरुजु फछ्र्यौट हुन बाँकी रहेको देखिन्छ । सोको अविलम्ब फछ्र्यौट गर्नुपर्दछ ।

आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. २, बबरमहल

१. **आय विवरण :** आयकर ऐन, २०५८ को दफा ९६ मा आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ । आय विवरण दाखिला गर्नुपर्ने ७१७ करदातामध्ये ६५४ करदाताले मात्र आय विवरण दाखिला गरेकोमा आय विवरण दाखिला नगर्ने ६३ करदाताको विवरण दाखिला गर्न लगाउने कार्य नभएको, मूल्य अभिबृद्धि करमा दर्ता भएका ५२३ करदातामध्ये १५६ डेबिट विवरण, ३०४ क्रेडिट विवरण, ३९ शुन्य विवरण पेश गरेको र १४ विवरण पेश नगरेको र १० करदाताको विवरण खुलेको छैन । मूल्य अभिबृद्धि कर तर्फ १५६ करदाताले डेविट कर विवरण पेश गरी रु. १०,५१,८९,४२८।– डेविट रकम देखाएकोमा सबै डेविट रकम दाखिला गरे नगरेको नियमित अनुगमन भएको छैन ।

२. **क्रेडिट कर :** कार्यालयमा दर्ता रहेका ३०४ करदाताले क्रेडिट कर विवरण पेश गरेकोमा रु. ४९,४०,६२,६५७।– नेपाल सरकारले मूल्य अभिबृद्धि कर फिर्ता दिनुपर्ने संभावित दायित्व देखिएकोमा आर्थिक विवरणको दायित्वमा देखाइएको छैन । २० महिनाभन्दा क्रेडिट हुने करदाता छनौट गर्दा ८१ रहेकामा क्रेडिट देखाई विवरण पेश गर्ने करदाताहरुको वास्तविक क्रेडिटको अवस्था यकिन गरी मूल्य अभिवृद्धि कर डेविटमा ल्याउन प्रभावकारी पहल गर्नुपर्दछ ।

३. **मू.अ.कर बक्यौता :** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १९ मा समयमा मूअक कर नबुझाएमा वार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्ने व्यवस्था छ । दर्ता रहेका करदातामध्ये २०७३ आषाढ मसान्त सम्म ११८ करदाताको कर वापत रु. ७,५९,९४,३११।– दाखिला गर्न बांकी रहेको छ ।

४. **आयकर बक्यौता :** कार्यालय अन्तर्गतका करदातासंग मिति २०७३ आषाढ मसान्तसम्म आयकर, परिश्रमिक कर, बहाल कर, बिक्रीकर र ठेक्का कर समेत रु. १,५६,०८,३७,२२२।– कर असुल गर्न बांकी रहेको छ ।

५. **पुनरावलोकन :** आर्थिक वर्षको अन्तमा असुल गर्न बांकी आयकर तथा अन्त:शुल्क वक्यौता राजस्व रु. १,५६,०८,३७,२२२।– मध्ये १३ करदाताहरुको रु. ३२,३१,४५,३१७।– प्रशासकीय पुनरावलोकनका लागि र १५ करदाताहरुको रु. २२०,८५७,०९७/- कर निर्धारणका सम्वन्धमा राजस्व न्यायाधिकरणमा पूनरावेदन परेको कारणबाट कर रकम विवादित रहेको छ । पूनरावेदनमा गएका बाहेक अन्य करदाताको कारोवार एवं चल अचल सम्पत्ति रोक्का गरेर वक्यौता असुल गर्न सकिने कानूनी व्यवस्था रहेतापनि वक्यौता असुली कार्य प्रभावकारी हुन सकेको छैन ।

६. **मूल्य अभिवृद्धि कर कोष :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५१ अनुसार भंसार विन्दुमा संकलित सम्पूर्ण कर रकम मूल्य अभिवृद्धि कोष खातामा दैनिक रुपमा जम्मा गर्नुपर्ने र यसरी कोषमा जम्मा हुन आएको रकमबाट विभागले आदेश दिएको रकम फिर्ता दिई वांकी रहने रकम दैनिक रुपमा तोकिएको राजस्व खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । मूल्य अभिबृद्धि कर फिर्ता गर्नको लागि यस वर्ष १५ करदाताबाट रु. ११,०५,७८,८८९/- माग भई आएकोमा यस वर्ष रु. १०,७६,२६,८०६/– फिर्ता भएको छ । यसरी फिर्ता गर्नुपर्ने रकम बजेटमा व्यवस्था गरेर मात्र फिर्ता गर्नुपर्दछ ।

७. **प्रतिवेदन :** सहकारी संघसंस्था दर्ता, संचालन, लेखापरीक्षण, अनुगमन तथा नियमन सम्बन्धि मापदण्ड, २०६८ बमोजिम रु. एक करोडभन्दा बढि बचत परिचालन गर्ने संस्था वा संघ वा बैंकको लेखापरीक्षण गर्दा अनिवार्य रुपमा मापदण्डमा तोकिएको ढांचामा लङफर्म लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भएकोमा सहकारी संस्थाको प्रतिवेदन साथ उक्त प्रतिवेदन समावेश गरेको छैन ।

८. **करपरीक्षण :** आयकर ऐन, २०५८ को दफा ९५(७), ९६(५), १००(२), १०१ एवं मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २३ तथा अन्त:शुल्क ऐन, २०५८ को दफा १०घ आन्तरिक विभागले संशोधित कर निर्धारण गर्न सक्ने व्यवस्था छ । यो वर्ष ६१७ करदाताको पूर्ण करपरीक्षण गर्नुपर्नेमा ३६० करदाताको मात्र कर परीक्षण गरी बांकी २५७ करदाता आगामी बर्षका लागी जिम्मेवारी सारेको छ । आय विवरण पेश गरेका सबै करदाताहरुको चार वर्षभित्र कर परीक्षण गर्ने नीति अवलम्बन गर्न आवश्यक सुधार गर्नुपर्दछ ।

९. **सञ्चालकबाट लिएको ऋण वा सापटी** : आयकर ऐन, २०५८ को दफा ११(ख) मा राष्ट्रिय महत्वमा आयोजना, लगायत ३०० भन्दा वढी स्वदेशी कामदारलाई रोजगारी दिने, ५० प्रतिशत भन्दा वढी स्वदेशी कच्चा पदार्थ प्रयोग गर्ने उद्योग वाहेक अन्यत्र लगानी गरेकोमा लगानीको स्रोत खोजिने व्यहोरा उल्लेख छ । आन्तरिक राजस्व विभागको मिति २०६९।०९।२९ को परिपत्रबाट समेत सञ्चालकवाट प्राप्त सापटीको रकम बैंक मार्फत प्राप्त हुनु पर्ने, सापटीको स्रोत एकीन गरी सापटी लगानीको रकममा कानुन अनुसार कर दाखिला भए नभएको विश्लेषण गर्नुपर्ने उल्लेख गरेको छ । यो वर्ष ४ सञ्चालकबाट लिएको सापटी रु. ५,१०,९४,१९४।– र ३ सञ्चालकलाई दिएको सापटी रु. १,७२,८०,४५८ को सम्बन्धमा कार्यालयले छानवीन गरेको छैन । उक्त सापटी रकमको लेनदेन बैंक मार्फत भएको देखिएन । यसबाट कर दायित्वमा असर पर्ने अवस्था देखिएकोले छानविन गर्नुपर्दछ ।

१०. **ऋण पूंजीको अनुपात :** करदाताको वासलातमा रहने पूंजीको स्रोत मध्ये शेयर, ऋण मुख्य रहेका हुन्छन् ऋण र शेयर पूंजीको अनुपात परीक्षण गर्दा अधिकृत पूंजीको तुलनामा न्यून मात्रामा चुक्ता पुंजी जुटाई व्यवसायमा स्रोतको अभाव देखाई वैंकवाट ऋण लिएर व्याज खर्च कट्टी गर्ने गरेको छ । कर दायित्वमा प्रत्यक्ष असर गर्ने ऋण पूंजी र शेयर पूंजीको अनुपात अर्न्तराष्ट्रिय अभ्यास हेर्दा ३:१ सम्म रहेको देखिए तापनि यस कार्यालयका क्षेत्राधिकारका करदाताको अवस्था निम्नानुसार १२४:१ सम्म देखिएकोले पूंजी न्यून संकलन गरेर ऋण लिई व्याज खर्च लेख्दा आयकर राजस्वमा परेको प्रभाव, यस सम्वन्धमा कानुनी व्यवस्था नभएकोले ऋण र पूंजीको अनुपात निर्धारण गर्न कठिनाई परेको अवस्थालाई दृष्टिगत गदै अर्न्तराष्ट्रिय मान्यता अनुरुप ऋण पूंजी अनुपात सम्वन्धमा कानूनी व्यवस्था गर्नुपर्दछ ।

११. **ब्याज कट्टी :** बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा ८ मा कसैले पनि बैंक वा वित्तीय संस्थाबाट जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी वा गराई कर्जाको दुरुपयोग गर्नु वा गराउनु नहुने व्यवस्था छ र यस्तो कसुर गरेमा एक करोडभन्दा बढि बिगो भएको अवस्थामा तीन वर्षदेखि पाँच वर्षसम्म कैद हुन सक्ने प्रावधान रहेको छ । ५ करदाताले रु.४७,९३,६०,७१७/- बैंकबाट ऋण लिएकोमा रु.३०,३७,०९,५७३/- व्यक्तिगत प्रयोजनमा प्रयोग गर्ने वा सम्बद्ध पक्षलाई प्रयोग गर्न दिने गरेकोले छानविन गर्नुपर्दछ ।

१२. **पूंजी लगानी** : करदाताले आफ्नो व्यवसाय शुरु गर्दा कानून अनुसार पूंजी लगानी गरेको हुन्छ । यसरी लगानी गरिने पूंजीको स्रोत खुलाएको र कानून अनुसार बुझाउनु पर्ने कर बुझाएको हुनुपर्दछ । करदाताको व्यवसायमा भएको विस्तार अनुसार पूंजीमा थप गर्दा कानून अनुसार पूंजी थप भएको व्यहोरा सम्बन्धित निकायबाट प्रमाणित गर्नुपर्दछ । ५ व्यवसायीहरुको गतवर्ष रु.१५,८४,९८,४०३।– पूंजी रहेकोमा यस वर्ष रु. २१,६४,५६,४०३/- भई रु. ६,४९,५८,०००/- पूंजी थप घट गर्दा सम्बन्धित निकायवाट प्रमाणित नगरेको तथा स्रोत खुलेको प्रमाण समेत लेखापरीक्षणमा पेश भएको छैन ।

१३. **शिक्षा सेवा शुल्क :** आर्थिक ऐन, २०७१ को दफा ८ मा निजी क्षेत्रबाट सञ्चालित देशभरिका उच्च माध्यामिक शिक्षाभन्दा माथिको शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरुले १ प्रतिशतका दरले शिक्षा सेवा शुल्क असूल गर्ने व्यवस्था छ । यस वर्ष शिक्षा सेवा शुल्क वापत रु.७८५ हजार असुल गर्ने लक्ष्य भएकोमा रु. १७५३ हजार अर्थात लक्ष्यको तुलनामा २२३.३१ प्रतिशत असुली भएको देखाएको छ । कार्यालयले कार्यक्षेत्र अन्तर्गतका शिक्षण संस्थाले शिक्षण सेवा शुल्क नवुझाएको वा कम वुझाएको सम्बन्धमा कार्यालयवाट विद्युतीय माध्यममा अभिलेख राखी नियमित रुपमा प्रभावकरी अनुगमन भएको छैन ।

१४. **सामाजिक सुरक्षा कर :** आर्थिक ऐन, २०७२ को दफा २८ मा आयकर ऐन, २०५८ को अनुसूची-१ अनुसार रकम भुक्तानीका बखत स्रोतमा कट्टी गरी असूल गरिने र असूल गरिएको रकम छुट्टै राजस्व खातामा जम्मा गरिने व्यवस्था रहेको छ । यस वर्ष सामाजिक सुरक्षा कर वापत रु.३,३७,१७,८४५।– असुल भएको छ । सामाजिक सुरक्षा कोष नियमावली, २०६७ अनुसार सामाजिक सुरक्षा कोषले योगदानकर्ताहरुलाई परिचयपत्र जारी गर्ने व्यवस्था समेत रहेको छ । आय विवरण पेश गर्दा धेरै कर्मचारी वा कामदार देखाई कर लाग्ने रकमको सीमासम्म तलब भुक्तानी भएको देखाउने गरेको पाइयो । कर दाखिला गर्दा कोषबाट जारी भएको परिचयपत्र नम्बर अनिवार्य रुपमा उल्लेख गर्न लगाउने वा कामदार तथा कर्मचारीलाई विभागले व्यक्तिगत स्थायी लेखा नम्बर लिन अनिवार्य गर्नुपर्दछ ।

१५. **वित्तिय कारोवार :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ को समूह ११ को (आ) मा वित्तीय सेवालाई कर छुट हुने सेवामा राखेको देखिन्छ । मू.अ.करले यस सम्बन्धमा थप परिभाषित गरेको छैन । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ ले वित्तीय सेवाको परिभाषा नगरी वित्तीय कारोवार सम्बन्धी व्यवस्था गरेको छ । अन्तराष्ट्रिय रुपमा वित्तिय संस्थाको परिभाषले वित्तीय कारोबारभित्र एक स्थानबाट अर्को स्थानमा रकमको स्थानान्तरण तथा लगानी सम्बन्धी कारोबारलाई समेटेबाट करदाताको कारोवार वित्तीय सेवासंग सम्बन्धित रहेको छ । करदाताले आय विवरण पेस गर्दा २५ प्रतिशतका दरले कर गणना गरेबाट संस्थालाई वित्तीय कारोवार गर्ने संस्थामा गणना गरेको देखिदैन । आयकर ऐन २०५८ को अनुसूची १ वमोजिम ३० प्रतिशतका दरले कर लगाउनु पर्नेमा २५ प्रतिशत मात्र गणना गरेकोले वित्तिय कारोवार गर्ने ५ करदाताको आयमा छुट हुन गएको ५ प्रतिशतले हुने कर रु.७८,३७,६४९/- र सोमा लाग्ने शुल्क तथा व्याजको छानवीन तथा गणना गरी नपुग कर दायित्व असुल गर्नुपर्दछ ।

१६. **विवरण :** आयकर ऐन, २०५८ को दफा ९६ मा प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिना भित्र सो वर्षको आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ । एक करदाताले मू.अ.कर तर्फ बिबरण पेश गरेतापनि आयकर तर्फ लेखापरीक्षण अवधिसम्म पनि विवरण पेश गरेको छैन । करदाताको मूल्य अभिवृद्धि कर विवरणमा देखिएको बिक्रि रु.१३,३५,१९,८५६।– बाट यस वर्षको खरिद रु. ५,०६,२८,३१५।– घटाउंदा हुने रु. ८,२८,९१,५४१।– लाई आय मानी आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम २५ प्रतिशतले हुने कर रु. २,०७,२२,८८५।– र सोमा लाग्ने शुल्क, व्याज र जरिवाना समेतका सम्बन्धमा थप छानविन गरी कर निर्धारण गर्नुपर्दछ ।

१७. **विदेशी स्थायी संस्थापन :** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ८(२) बमोजिम विदेशीलाई सेवा भुक्तानी गर्दा रिभर्स मूल्य अभिबृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ । एक करदाताले विदेशी संयुक्त उपक्रमलाई २०७१।७२ मा रु.१,४१,७५,९०२।– भुक्तानी गरेको वित्तिय विवरण तथा अनुसुची १३ बाट देखिएको छ । सो करदाताले मु.अ.कर ऐन, २०५२ बमोजिम १३ प्रतिशतले हुने कर रु.१८,४२,८६७।– बुझाएको नदेखिएकोले उक्त कर रकम व्याज र जरिवाना समेत असूल गर्नुपर्दछ । साथै, आयकर ऐन, २०५८ को अनुसूची १ को

२ (६) मा कुनै आय वर्षमा कुनै गैर बासिन्दा व्यक्तिको नेपाल स्थित विदेशी स्थायी संस्थापनले विदेश पठाएको आयमा ५ प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ । यस वर्ष उक्त संयुक्त उपक्रमको विदेशीलाई पठाएको रकमको ५ प्रतिशतले हुने रु. ७,०८,७९५।– कर कट्टी गरेको नदेखिएकोले उक्त कर रकम शुल्क, व्याज र जरिवाना समेत असूल गर्नुपर्दछ ।

१८. **संरचना निर्माणमा मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) मा व्यवसायिक प्रयोजनको लागि निर्माण गरिने रु. ५० लाख भन्दा वढीको संरचना दर्ता नभएको व्यक्तिवाट गराएको छ भने पनि दर्ता भएको व्यक्तिवाट गरे सरह मानी यस्तो संरचनाको स्वामित्व रहेको व्यक्तिवाट कर निर्धारण गरी असुल गरिने व्यवस्था छ । कार्यालयको १ करदाताको २०७०।७१ र २०७१।७२ को वित्तिय विवरणमा रु. ३२,७४,८४,८५२/- को संरचना निर्माणाधिन रहेको देखिएको र निजले मू.अ.करमा दर्ता भएको निर्माण व्यवसायी, सप्लायर्ससंग खरिद गरेको नदेखिएकोले तथा अर्का करदाताको २०७१।७२ को वित्तिय विवरण अनुसार यस वर्षको रु.२२,२९,७१,८८३।– को निर्माणाधिन संरचना थप गरेकोमा अनुसूची १३ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएका निर्माण व्यवसायी र सप्लायर्ससंग रु. १२,२४,९३,०५०।– को मात्र खरिद गरेको देखिएकोले बांकी रु. १०,०४,७८,८३३।– समेत २ करदाताको रु. ४२,७९,६३,६८५।– सम्पत्तिको मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम १३ प्रतिशतले हुने कर रु.५,५६,३५,२७९।– छानविन गरी सोको व्याज, जरिवाना समेत असूल गर्नुपर्दछ ।

१९. **व्याज पूंजीकृत** : एक करदाताले पेश गरेको २०७१।७२ को आय विवरणमा रु. ५०,११,२७४।– व्याज खर्च दावी गरेको छ । निर्माणाधिन संरचना निर्माणको लागि लिएको ऋणको व्याज खर्च पूंजीकृत गर्नुपर्नेमा नगरी सिधै आय विवरणमा खर्च दावी गरेकोले उक्त व्याज रकमलाई अमान्य गरी आयकर ऐन, २०५८ बमोजिम लाग्ने कर रु. १२,५२,८१८।– र सोको व्याज, शुल्क र जरिवाना समेत छानविन गरी असुल गर्नुपर्दछ ।

२०. **मू.अ.कर फिर्ता :** आयकर ऐन, २०५८ को दफा ९६ मा प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिना भित्र आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आन्तरीक राजस्व बिभागको मिति २०५६।१२।३ को परिपत्र अनुसार मू.अ.कर फिर्ता गरिएका करदाताहरुको मू.अ.कर फिर्ता पछि कर परीक्षणको लागि प्राथमिकता दिई छनौट गर्नुपर्ने व्यवस्था छ । एक करदाताले आयवर्ष २०७१।७२ को आय विवरणमा मूल्य अभिवृद्धि कर तर्फको बिबरण पेश गरी २०७२।६।७ मा रु. ४१,४९,०९०।– मूल्य अभिवृद्धि कर फिर्ता लिएको देखिएतापनि आयकर तर्फ लेखापरीक्षण अवधिसम्म विवरण पेश गरेको नदेखिएकोले करदाताको पूर्ण कर परीक्षण गरी मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२१. **आय विवरण पेश नगरेको :** आयकर ऐन, २०५८ को दफा ९६ मा प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिना भित्रसो वर्षको आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ । यस कार्यालय अन्तर्गतका ३ करदाताले लेखापरीक्षणको समय सम्म आय बर्ष २०७१।७२ को आय विवरण पेश नगरी मूल्य अभिवृद्धि कर विवरण मात्र पेश गरेका छन् । ऐन बमोजिम म्याद भित्र आय विवरण पेश नगरेकोले मूल्य अभिवृद्धि कर विवरण अनुसार खरिद र बिक्रिको फरक रकम रु. २,४१,१४,१७३।– मा आयकर ऐन, २०५८ बमोजिम लाग्ने कर रु. ६०,२८,५४४/- र सोको व्याज, शुल्क र जरिवाना असुल गर्नुपर्दछ ।

२२. **व्याज कट्टी र सापटी :** आयकर ऐन, २०५८ को दफा १४ मा व्याज कट्टी सम्बन्धी व्यवस्था छ । एक निर्माण सम्बन्धी काम गर्ने करदाताले आय वर्ष २०७१।७२ को आय व्यय विवरण अनुसार रु.१,२८,८०,३४६।- ऋण लिई रु.७७,४२,०३६।- व्याज खर्च दावि गरेको र रु.१९,५७,१८,०००।- गत विगतको सापटी दिएको सापटी समेत यथावत रहेको देखिएकोले उक्त व्याज खर्च रकमलाई अमान्य गरी आयकर ऐन, २०५८ को अनुसुची १ बमोजिम करदाताको नोक्सानी समायोजन गर्नुपर्दछ ।

२३. **नोक्सानी समायोजन** : आयकर ऐन, २०५८ को दफा २०(१) मा नोक्सानी कट्टी गर्न पाउने व्यवस्था छ । करदाताले पेश गरेको आय विवरणको अनुसूची ५ मा यस आ.व.को अन्य व्यवसायको नोक्सानी भनी रु.७७,४२,०३६।१९ कट्टी गरेको र करदाताले यस सम्वन्धमा अन्य कुनैपनि विवरण पेश गरेको छैन । करदाताले पेश गरेको आय विवरण अनुसार सोही रकम बराबर रु.७७,४२,०३६।१९ व्याजखर्च कट्टी लिएको छ । करदाताले प्रमाण वेगर नोक्सानी दाबी गरेको देखिएकोले अमान्य गरी आयकर ऐन, २०५८ को अनुसुची १ बमोजिम करदाताको नोक्सानी समायोजन गर्नुपर्दछ ।

२४. **कमोडिटी मार्केट :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५(१)क मा नेपाल राज्यभित्र आपूर्ति भएका वस्तु वा सेवामा मूल्य अभिवृद्धि कर लाग्ने र सोही ऐनको अनसूची १ मा उल्लिखित वस्तु तथा सेवाहरुको कारोबारमा कर नलाग्ने व्यवस्था छ । त्यस्तै ऐनको दफा १७ उपदफा (३) मा कुनै महिनामा कारोबार भएको वस्तु वा सेवाको पूर्ण अंश कर लाग्ने कारोबारमा प्रयोग नभएमा उक्त वस्तु वा सेवामा तिरेको कर कट्टी वस्तु वा सेवाको कर लाग्ने कारोबारमा प्रयोग भएको अंशमा मात्र गरिने उल्लेख छ ।

कमोडिटी मार्केट तथा पयुचर कन्ट्राक्टको कारोबार गने) एक करदाताले पयुचर कन्ट्राक्टको आयमा मूल्य अभिवृद्धि कर असुल नगरी सो कारोबारसंग सम्बन्धित खरिदमा तिरेको कर कट्टी विगत वर्षदेखि दाबी गर्दै) आएको छ । सो करदाताले आय वर्ष २०७१।७२ को आषाढसम्म मूल्य अभिवृद्धि कर रु. १करोड २८ लाख क्रेडिट दाबी गरेकोमा कानुनअनुसार क्रेडिट पाउने देखिएको छैन । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ मा कमोडिटी मार्केटको कारोबार गर्ने करदाताले प्राप्त गर्ने सेवा शुल्क वा नाफालाई कर छुट नदिएकोले सोको सेवा शुल्कमा करदाताले मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ । मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने उक्त करदाताको आय वर्ष २०७१।०७२ को कारोबार रु.७ करोड २१ लाखमा लाग्ने मूल्य अभिवृद्धि कर रु. ९४ लाख र थप दस्तुर समेत निर्धारण गरी असुल गर्नुपर्दछ ।

२५. **क्रेडिट अमान्य :** मूल्य अभिबृद्धि कर नियमावली २०५३ को नियम ४०(३) मा मूल्य अभिवृद्धि कर क्रेडिट सम्बन्धी व्यवस्था छ। एक सामाजिक संस्था सम्बन्धी करदाताको मूल्य अभिबृद्धि कर विवरण अनुसार आर्थिक वर्ष २०७१।७२ मा करयोग्य खरिद रु.४१,३४,६०३।- देखाई रु.५,३७,५००।- मूल्य अभिवृद्धि कर क्रेडिट दावि गरेको र करयोग्य विक्री शुन्य देखाएको छ। त्यस्तै आय वर्ष २०७२।७३ मा करयोग्य खरिद र बिक्रि शुन्य देखाएको तर दोस्रो अवधिमा रु.१,३८,८०,८८१।- क्रेडिट एडजस्टेड गरी बर्षको अन्त्यमा मूल्य अभिवृद्धि कर रु.१,२७,४१,८८७।- क्रेडिट देखाएको छ । नाफा आर्जन नगर्ने सामाजिक संस्थाको रुपमा दर्ता भएको यस संस्थाले बिक्रिमा मूल्य अभिवृद्धि कर संकलन नगर्ने भएकोले खरिदमा तिरेको कर क्रेडिट लिन नमिल्नेमा खरिदवाट क्रेडिट एडजस्ट गरी क्रेडीट दावी गरेको नपाउने हुंदा सो मूल्य अभिवृद्धि कर रकमलाई थप छानविन गरी अमान्य गर्न कर निर्धारण गर्नुपर्दछ ।

२६. **मिसम्याच :** कार्यालय अन्तरगतका करदाताले अन्य कार्यालय अन्तरगतका करदाताको तथा अन्य कार्यालय अन्तरगतका करदाताले यस कार्यालय अन्तर्गतका करदाताले देखाएको बिक्री, खरिद, आसामी तथा साहु नदेखाएको सम्बन्धमा छानवीन गर्न अन्य कार्यालयहरुलाई जानकारी दिएको तथा अन्यले यस कार्यालयमा पठाएको पत्र उपर भएको कारवाहीको अभिलेख अद्यावधिक गरी राखेको छैन । कार्यालयले ३ करदाताको आय वर्ष २०७०।७१ र २०७१।७२ मा रु.१५,२१,७०,८२४/-समेत अन्य करदाताको मिसम्याच भएकोमा अन्य कार्यालयलाई जानकारी दिएपनि सो पत्रको कार्यान्वयन भएको छैन ।

२७. **नपुग कर :** विविध वस्तुको आयात निर्यात एक करदाताको आयवर्ष २०७१।७२ को संशोधित कर योग्य आय बमोजिम जम्मा रु. ६,६१,२१८।– कर रकम निर्धारण भएकोमा करदाताले रु. ५,९६,१७२।– अग्रिम दाखिला गरेको देखिएकोमा नपुग कर रु. ६५,०४५।– दाखिला गर्नुपर्ने देखिन्छ । तर कर परीक्षणबाट नपुग भएको कर रकमलाई बढी दाखिला भएको भनी बढी दाखिला रकम आगामी बर्षमा मिलान गर्नुहुन भनी पत्राचार गरेकोले नपुग कर रकम व्याज समेत गणना गरी राजस्व दाखिला गर्नुपर्दछ ।

२८. **क्यापिटल ड्रइङ :** विविध वस्तुको आयात निर्यात एक करदाताले पेश गरको आय विवरणमा आ.ब. २०७१।७२ को शेयर पूंजीमा रु. १,०४,५६,४०३।– रहेकोमा २०७१।७२ मा रु. ६९,५६,४०३।– देखाएको छ । यस सम्बन्धमा करदाताले पेश गरेको स्टेटमेण्ट अफ चेन्ज इन इक्वीटीमा रु. ३५,००,०००।– क्यापिटल ड्रइङ गरेको देखाएको छ । क्यापीटल ड्रइङ गर्न सम्बन्धित निकायवाट स्वीकृत लिएको नदेखिएकोले उक्त रकमका सम्बन्धमा थप छानविन गरी कर दायित्वमा पर्ने असर यकिन गर्नुपर्दछ । करदाताले पेश गरको आय विवरणमा यस वर्षको खरिद रु. ३०,००,३७,२३०।– देखिएकोमा मूल्य अभिवृद्धि कर विवरण अनुसार रु. ३०,२३,९२,५६९।– को खरिद गरेकोले आय विवरण भन्दा मू.अ.कर विवरणमा र.२३,५५,३०९।– बढी खरिद देखिएको छ। बढी खरिदका सम्बन्धमा कर परीक्षण प्रतिवेदनमा रु. २९,४२,४७७।– को स्थिर सम्पत्ति (गाडी) खरिद गरेको व्यहोरा उल्लेख छ। जस अनुसार रु. ५,८७,१६८।– को खरिद लागत आय विवरणमा बढी दावी गरेकोले आयकर ऐन, २०५८ को दफा १५ बमोजिम व्यापार मौज्दातको लागत खर्च कट्टी दिन मिल्ने नदेखिएकोले उक्त रकम अमान्य गरी आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम २५ प्रतिशत कर रु. १,४६,७९२।– र सोमा लाग्ने शुल्क एवं व्याज र जरीवाना असुल गर्नुपर्दछ ।

२९. **बढी खर्च दावी :** औषधीको कारोवार गर्ने एक करदाताले पेश गरेको २०७०।७१ आय विवरणमा गत वर्ष विक्रि रु. १४,१९,८८,२९०।– भएकोमा यसवर्ष बिक्रि रु. १९,८५,९८,१६४।– भएको छ। तर कार्यालय खर्च अन्तर्गत गत वर्ष रु. १,३६,३१,५३२।– भएकोमा यस वर्ष रु. ३,२८,४१,५३८।– खर्च कट्टी लिएको छ। यसरी गत वर्षको बिक्रि भन्दा यस वर्षको बिक्रि ३९.८७ प्रतिशतले मात्र बृद्धि हुंदा कार्यालय खर्च भने १४०.९२ प्रतिशतले बृद्धि भएको छ। बिक्रिको अनुपात भन्दा बृद्धि भएको प्रशासनिक खर्च रु. १,९२,१०,००५।– का सम्बन्धमा कर परीक्षणवाट रु. १,४५,४८०।– मात्र अमान्य गरी बांकी रकमका सम्बन्धमा कुनै व्यहोरा उल्लेख गरेको छैन । कर परीक्षणवाट घटाएको खर्च कट्टी गरी बांकी रु. १,९०,६४,५२५।– लाई आयकर ऐन, २०५८ को दफा २१ बमोजिम खर्च अमान्य गरी आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम २५

प्रतिशत कर रु.४७,६६,१३१।–र सोको शुल्क एवं व्याज तथा जरीवाना समेत असुल गर्नुपर्दछ । करदाताले पेश गरको आय विवरण अनुसार खुद नाफा रु. ३१,६७,७२७– बाट रिटेन अर्निङ रु. ९६,७२३।–मात्र देखाएकोले प्रोभिजन नै नगरी रु. २७,००,०००।– डिबिडेन्ट बितरण गरेको देखाई वासलातमा गतवर्षको रु. २७,९६,७२३।– समेत जम्मा ३२,६४,४५४।– जिम्मेवारी सारेको देखाएको छ । यसरी प्रोभिजन नै नगरी बितरण गरेको लाभांशका सम्बन्धमा थप छानविन गरी कर दायित्वमा पर्ने असर यकिन गर्नुपर्दछ ।

३०. **न्यून मौज्दात मूल्यांकन** : नेपाल सुन चांदी व्यवसायी संघले सावंजनिक गरेको २०७१ आषाढ मसान्तमा सुनको मूल्य प्रति ग्राम रु.४५४०।- र चांदीको मूल्य रु.७०।६९ रहेको छ। साथै निर्मित सुन चांदीको गहनामा वजारको असल अभ्यास अनुसार ज्याला र जर्ती समेत १५ देखि १६ प्रतिशत लिने प्रचलन देखिएको छ । यसै कार्यालयको कार्यक्षेत्र अन्तर्गत रहेका अन्य करदाताले समेत सोही प्रतिशतमा ज्याला तथा जर्ती आम्दानी देखाउने गरेको देखिन्छ । सुनचांदी र गरहनाको कारोवार गर्ने एक करदाताले आयवर्ष २०७०।७१ अन्तिम मौज्दात मूल्याकन गर्दा जर्ति र ज्याला समेत जोडी मूल्यांकन गनुपर्नेमा अन्तिम मौज्दातको मूल्यांकनमा रु. १,३५,१८,९२०/- न्यून मौज्दात मूल्यांकन गर्दा लागत खर्च बढेकोले उक्त रकमलाई अमान्य गरी आयकर ऐन, २०५८ बमोजिमको कर रु.४७,३१,६२२।- र सोमा लाग्ने शुल्क, व्याज, जरीवाना समेत असुल गर्नुपर्दछ ।

३१. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको व्याज, प्राकृतिक श्रोत भाडा, सेवा शुल्क, कमिशन, बोनस रकम भुक्तानी गर्दा कूल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । माथी उल्लेखित सुनचांदीको कारोवार गर्ने करदाताले पेश गरेको आय विवरणमा यसवर्ष विक्रि प्रवर्धन खर्च वापत रु. ४,१२,६८५।– कट्टी लिएकोमा ऐन अनुसारको १५ प्रतिशतका दरले कर रु. ६१,९०२।– कट्टी नगरेकोले उक्त कर रकम असुल गर्नुपर्दछ ।

३२. **खरीद बिक्रि परीमाण :** उल्लेखित करदाताले आ.व.को सुरु मौज्दात सुन रु. ८,३०,७६,५३०।– र चांदी रु. ७,९८,५४०।– रहेको र यस वर्ष सुन रु. २४,५७,२४,६८२।– र चांदी रु. ३५,७६,२४५।– खरिद गरेको देखाएको छ भने बिक्रि तर्फ सून चांदीको एकमुष्ट रु. २३,६८,१२,७५५।– देखाएको र मौज्दात तर्फ सुन रु. १०,४८,७६,२४०।– र चांदी ६,७४,६४५।– देखाएकोमा खरिद बिक्रि र मौज्दातको परीमाण खुल्ने प्रमाण पेश नभएकोले कारोवार यकिन गर्न सकिएको छैन ।

३३. **प्रशासनिक खर्च :** विविध कपडाको पैठारी र विक्रि गर्ने एक करदाताले आय वर्ष २०७०।७१ मा पेश गरेको आय विवरण अनुसार यसवर्ष रु. १५,५८,००,७५३।– खरिद देखिन्छ । प्रशासनिक खर्च अन्तर्गत लोडिङ एण्ड अनलोडिङ वापत रु. २७,५३,१४६।– खर्च कट्टी गरेको देखिन्छ । करदाताले सामान आयात गर्दा भाडा, भरौट, बिमा, भन्सार शुल्क आदि खरिद लागत अन्तर्गत समावेश हुने हुंदा प्रशासनिक खर्च तर्फ दावी गरेको उक्त खर्चलाई आयकर ऐन, २०५८ को दफा २१ बमोजिम खर्च अमान्य गरी आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम ३५ प्रतिशत कर रु.९,६३,६०१।–र सोको शुल्क, व्याज एवं जरीवाना समेत असुल गर्नुपर्दछ ।

३४. **घटी खरिद** : उल्लेखित करदाताको मू.अ.कर विवरण अनुसार मू.अ.कर क्रेडिट रु. ११,८६,३११।– भएकोमा वासलातमा भने रु. १,०४,४८,३७२।– मू.अ.कर लिनुपर्ने देखाएको छ । आयातमा रु. २,१८,२२,०८१।– र स्थानीय खरिदमा रु. ५,४०,३०३।– तिरेको मू.अ.कर बमोजिम यस करदाताको जम्मा खरिद १७,२०,१८,३३८।– हुनुपर्नेमा आय विवरणमा केवल रु. १५,५८,००,७५३।– मात्र खरिद देखाएकोले आय विवरणमा रु. १,६२,१७,५८५।– खरिद घटी देखाएकोले उक्त खरिद रकमको यस वर्षको कूल नाफा १०.८६ प्रतिशतले हुने रु. १७,६१,२२९।– लाई थप आय मानी आयकर ऐन, २०५८ को अनुसूची १ को १ (घ) बमोजिम ३५ प्रतिशत कर र सोको शुल्क एवं व्याज, जरीवाना समेत असूल गर्नुपर्दछ । साथै घटी खरिद देखाएको रु. १,७९,७८,८१४।– लाई बिक्रि मानी उक्त बिक्रिमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम १३ प्रतिशत कर रु. २३,३७,७४५/- र दफा २९ बमोजिमको जरिवाना समेत असुल गर्नुपर्दछ ।

३५. **घटी खरिद :** विविध वस्तुको आयात गर्ने एक करदाताको २०७१।७२ को आसिकुडा विवरण अनुसार भन्सार महसूल समेत खरिद रु. ५,९९,२९,३६५।– देखिएकोमा आय विवरण तथा मू.अ.कर बिबरणमा केवल रु. ५,५३,३६,३९८।– खरिद देखिएकोले आय विवरणमा रु.४५,९२,९६७।– घटी खरिद देखिन्छ । यस सम्बन्धमा खरिद हिसाव मिलान विवरण समेत पेश नगरेकोले आय विवरणमा घटी देखाएको खरिद रु. ४५,९२,९६७।– लाई कूल नाफा प्रतिशत ६.२६ प्रतिशतले हुने रु. २,८७,५१९।– लाई थप आयमानी आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम २५ प्रतिशत कर रु.७१,८८०।– मा शुल्क एवं व्याज र जरीवाना समेत छानविन गरी असुल गर्नुपर्दछ । साथै घटी खरिद देखाएको रु. ४५,९२,९६७।–को यस वर्षको कूल नाफा ६.२६ प्रतिशत बमोजिम हुने रु. २,८७,५१९।– समेत जम्मा रु. ४८,८०,४८६।– लाई बिक्रि मानी उक्त बिक्रिमा मूअ.कर ऐन, २०५२ को दफा ७ बमोजिम १३ प्रतिशत कर रु. ६,३४,४६३/- र दफा २९ बमोजिमको जरिवाना समेत असुल गर्नुपर्दछ ।

३६. **ऋण :** आयकर ऐन, २०५८ को दफा ४० मा कुनै व्यक्तिको सम्पत्तिवाट स्वामित्व हटेमा निजले सो सम्पत्ति निसर्ग गरेको मानिने र कुनै व्यक्ति कुनै दायित्वको भारवाट हटेमा निजले सो दायित्व निसर्ग गरेको मानिने उल्लेख छ । औषधिको थोक कारोवार गर्ने एक करदाताले आयवर्ष २०७०।७१ मा पेश गरेको एक वैंकको जुलाई १६, २०१४ को स्टेटमेन्टमा मौज्दात रकम रु.७४,३४,३८१।– देखिन्छ । तर करदाताले वासलातमा भने केवल रु. ५,७५४।– मात्र बैंक मौज्दात देखाएको छ । करदाताले पेश गरेको विवरणको अध्ययन गर्दा उक्त मौज्दात रकम रु. ७४,३४,३८१/- लाई सुरक्षित ऋण भनि देखाएको पाईयो । ऋण सम्बन्धमा थप छानविन गरी करदायित्वमा पर्ने असर यकिन गर्नुपर्दछ । वासलातको साहुमा रु.१,०५,०४,५६५।– देखाएकोमा साहुको विस्तृत विवरणमा रु. ९६,१४,२३०।– मात्र देखाएकोले वित्तिय विवरणमा वास्तविक आसामी भन्दा रु. ८,९०,३३४।– बढी देखाएकोले उक्त रकलाई आयकर ऐन, २०५८ को दफा ४० (१) बमोजिम सम्पत्ति निसर्ग भएको मानी आयकर ऐन, २०५८ बमोजिमको कर रु. २,२२,५८३/- मा शुल्क एवं व्याज, र जरीवाना समेत छानविन गरी असुल गर्नुपर्दछ ।

३७. **नोक्सानी :** विविध वस्तुको आयात गरी बिक्रि गर्ने एक करदाताले आयवर्ष २०७१।७२ को वित्तिय विवरण अनुसार रु. ७,०५,३९,६३३।– बिक्रि गरेकोमा लागत खर्च रु. ७,१९,०२,४५७।– देखाई रु. १३,६२,९१३।– नोक्सानी देखाएको छ । सामान्यता व्यवसायीले बढी लागतमा सामान खरीद गरी कम लागतमा बिक्रि नगर्ने हुंदा यसवर्ष व्यापार मौज्दात निर्सग गरेको लागत भन्दा घटी रकम बिक्रि देखाएकोले करदाताको गत वर्षको कूल नाफा ६.८८ प्रतिशतलाई आधार मानी यस वर्षको लागत खर्च रु. ७,१९,०२,४५७।– को ६.८८ प्रतिशतले हुने रु. ४९,४६,८८९।– लाई थप आय मानी आयकर ऐन, २०५८ अनुसार करदाताको नोक्सानी समायोजन गर्नुपर्दछ ।

३८. **खरिद लागत** : विविध बिद्युतिय वस्तुको कारोवार गर्ने एक करदाताले आयवर्ष २०७०।७१ मा मू.अ.कर विवरणमा खरिद रु. १९,५७,४१,९३०।– देखिएकोमा आय विवरणमा भने प्रत्यक्ष खर्च समेत जम्मा खरिद रु. २२,११,७६,९९९।– देखाएकोले फरक खरिद सम्बन्धमा पेश गरेको हिसाव मिलान विवरणमा स्थानीय र आयात खरिद रु. २६,१७,२६८।– अन्य समायोजन भनी लागत दावी गरेको छ । मूल्य अभिवृद्धि कर विवरणमा भने सो रकमको मूल्य अभिबृद्धि कर रकम क्रेडिट समायोजन गरेको नदेखिएकोले उक्त खरिद बास्तविक हो भनी यकिन गर्न सकिएको छैन । उक्त खरिद लागतलाई आयकर ऐन, २०५८ को दफा १५ बमोजिम लागत खर्च कट्टी गर्न मिल्ने नदेखिएकोले खर्च अमान्य गरी सोमा आयकर ऐन २०५८ को अनुसूची १को १(घ) बमोजिम कर रु. ९,१६,०४३/- र सोमा लाग्ने शुल्क,व्याज एंव जरीवाना समेत असुल गर्नुपर्दछ ।

३९. **ह्रास खर्च** : विविध वस्तु (रेडिमेट कपडा) को आयात गरी बिक्रि गर्ने एक करदाताले आयवर्ष २०७१।७२ को वित्तिय विवरण अनुसार यसवर्षको अन्तमा रु. ३,२७,०७,०१२।– ऋण बांकी देखाई यसवर्ष रु. २०,४१,८१७।– व्याज खर्च कट्टी लिएको र मालपोत कार्यालयको जग्गाधनी पूर्जा अनुसार एक ट्रेड सेन्टर प्रा.लि.को ६ पसल खरिद गरेको छ । उक्त पसलहरुको भाडा रकम आम्दानी नदेखाएको र निजले व्यवसाय संचालन गर्दा खिचापोखरी स्थित सटर भाडामा लिई १२ कोठाको ३ घरधनीलाई रु. १३,०६,८००।– भाडा भुक्तानी गरी खर्च कट्टी लिएको छ । आय विवरणमा बैंकबाट ऋण लिई पसल कवल खरिद गरेकोमा व्याज कट्टी दावी गरेको र पसलको ऱ्हास कट्टी रु. १६,९२,१०८।– समेत दावी गरेको अवस्था छ । पसलकवलको भाडा रकम आम्दानी नदेखाएकोले ऋणमा तिरेको व्याज रु. २०,४१,८१७।– एवं खरिद भएको सम्पत्ति व्यवसायीक प्रयोजनामा प्रयोग नभएकोले ऱ्हासखर्च रु.१६,९२,१०८।– समेत रु.३७,३३,९२५।– लाई अमान्य गरी सो रकममा आयकर ऐन, २०५८ बमोजिमको कर रु. १३,०६,८७३/- र सोमा लाग्ने शुल्क एवं व्याज, र जरीवाना समेत असुल गर्नुपर्दछ ।

४०. **घटी बिक्रि :** आयकर ऐन, २०५८ को दफा ७ मा व्यवसाय वा लगानीवाट भएको आयको गणना गर्दा सम्पूर्ण आय समावेश गर्नुपर्ने व्यवस्था छ । मुद्रण सम्बन्धी विविध कारोवार गर्ने एक करदाताले आयवर्ष २०७०।७१ को करदाताको स्रोतमा करकट्टी फाराम अनुसार ५ करदातासंग भएको बिक्रि भन्दा अनुसूची १३ मा देखाएको बिक्रि घटी देखिएको छ । जसवाट करदाताले बास्तविक बिक्रिभन्दा आय बिबरणमा रु. २९,१७,६६८।– घटी बिक्रि देखाएको छ । करदाताले घटी बिक्रि देखाएको रकमलाई थप आय मानी आयकर ऐन, २०५८ बमोजिमको कर रु.१०,२१,१८३।– र सोमा लाग्ने शुल्क एवं व्याज, र जरीवाना समेत असुल गर्नुपर्दछ ।

४१. **जोखिम कोष** : आयकर ऐन, २०५८ को दफा ५९ (१) क मा जोखिम व्यहोर्ने कोषमा राखेको असूल हुन बांकी ऋण रकमको ५ प्रतिशत सम्म रकमलाई खर्चको रुपमा कट्टी लिन पाउने व्यवस्था छ । करदाताले आयबर्ष २०७०।७१ मा रु. १८,५९,०७८।– खर्चं कट्टी लिएको छ । सहकारीमा दर्ता हुने करदाताले त्यस्तो

सुविधा नपाउने हुंदा उक्त खर्चलाई अमान्य गरी सोमा आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिमको २० प्रतिशत कर रु. ३,७१,८१५।– र सोमा लाग्ने शुल्क, व्याज र जरिवाना समेत असुल गर्नुपर्दछ । साथै, कर्मचारी भत्ता रु.२३,३९,१५७– खर्च लेखेकोमा १ प्रतिशतले हुने अग्रिम कर रु. २३,३९१।– कट्टा गरी राजस्व दाखिला गरेको नदेखिएकोले राजस्व दाखिला गर्नुपर्दछ ।

४२. **घटी तथा दोहोरो खर्च :** दुध र दुधजन्य पदार्थ उत्पादन र बिक्रि गर्ने एक करदाताले आयवर्ष २०७०।७१ को आय विवरणमा लेखापरीक्षण शुल्क, आइएसओ लेखापरीक्षण शुल्क र कन्सल्टेन्सी शुल्क खर्च लेखिसकेको अवस्थामा लेखापरीक्षण खर्च, रु. ७४,३७६।–, आइएसओ लेखापरीक्षण खर्च रु. १,१९,८५२।– र कन्सल्टेन्सी खर्च रु. ८८,५८७–समेत रु. २,८२,८१५।– खर्च लेखेकोले आयकर ऐन, २०५८ को दफा १३ अनुसार उक्त खर्च अमान्य गरी अनुसूची १ बमोजिम २५ प्रतिशतले हुने कर रु. ७०,७०४।– तथा सोमा लाग्ने शुल्क, व्याज र जरिवाना समेत असूल गर्नुपर्दछ । करदाताले हिसाव मिलान विवरण अनुसार कूल सामग्री खरिद रु. २३,३६,०६,६८२।– देखाएकोमा आय विवरणमा कच्चा पदार्थ र अन्य उपभोग्य खर्च रु.२१,८६,०५,०१६।– देखाएकोले घटी खरिद देखाएको रु. १,६०,०१,६६६।– लाई यसवर्षको कूल नाफा १४.१६ प्रतिशतले हुने रु. २२,६५,८३५।– लाई थप आय मानी सोमा आयकर ऐन, २०५८ बमोजिमको कर रु.५,६६,४५८।– तथा सोमा लाग्ने शुल्क, व्याज र जरिवाना समेत असूल गर्नुपर्दछ ।

४३. **संचालक सापटी :** आयकर ऐन, २०५८ को दफा १४ मा व्याज कट्टी सम्बन्धी व्यवस्था छ । घर तथा अपार्टमेन्ट निर्माण गरी बिक्रि गर्ने एक करदाताले आयवर्ष २०६८।६९ मा व्याज आम्दानी वापत रु.१,८०,४९,२०९।– आम्दानी देखाएकोमा कार्यालयको कर परीक्षण प्रतिवेदनमा संचालक सापटी तथा अग्रीम भुक्तानी वापत ४ पार्टिलाई दिएको रु.११,१९,८६,६१५।– को १५.३२ प्रतिशतले हुने व्याज रु. १,८३,६६,६२९।– भनी फरक परेको रु. ३,१७,४२०।– लाई आयमा समावेश गरेको देखिएतापनि अर्को ४ संचालक पार्टीलाई दिएको सापटी रु. ४,३३,१५,७५७– को १५.३२ प्रतिशतले हुने व्याज रु. ६६,३५,९७३।– लाई थप आय मानी आयकर ऐन, २०५८ बमोजिमको कर रु. १६,५८,९९३।– तथा सोमा लाग्ने शुल्क, व्याज र जरिवाना समेत असुल गर्नुपर्दछ ।

४४. **अवकास कोष :** आयकर ऐन, २०५८ को दफा ६३ मा अवकास कोष संचालन सम्बन्धी व्यवस्था छ । २ करदाताले आयवर्ष २०६८।६९ र २०७०।७१ मा रु. ५८८५०७– खर्च कट्टी लिएकोमा नागरीक लगानी कोष र कर्मचारी संचय कोषमा नपठाएको र कोष संचालनको लागि स्वीकृती समेत लिएको प्रमाण पेश नभएकोले आयकर ऐन, २०५८ को दफा २१ बमोजिम उक्त खर्च अमान्य गरी सोमा लाग्ने कर रु. १,४७,१२६।–र सोको शुल्क एंव व्याज र जरीवाना समेत असुल गर्नुपर्दछ ।

४५. **दायित्व :** मोटर पार्टसको कारोवार गर्ने एक करदाताले आय वर्ष २०७०।७१ को मूल्य अभिवृद्धी कर विवरणमा रु.११,४२,६९६।- मूल्य अभिवृद्धि कर तिर्नुपर्ने देखिएकोमा बासलातमा भने रु.१२,८८,८७८।- मूल्य अभिवृद्धि कर तिर्नुपर्ने देखिन्छ । जस अनुसार रु.१,४६,१८२।- तिर्नुपर्ने दायित्व बढाएको छ । दायित्व वढ्दा सोको समान असर सम्पत्तीमा समेत पर्ने हुँदा उक्त बढी देखिएको दायित्व रु.१,४६,१८२।- लाई आयकर ऐन २०५८ को दफा ४०(२) बमोजिम दायित्व निसर्ग गरेको मानी आयकर ऐन, २०५८ बमोजिमको कर रु.३६५४५।५० र सोको शुल्क एंव व्याज, जरीवाना समेत गणना गरी असुल गर्नुपर्दछ ।

४६. **निर्यात रकम :** उल्लेखित करदाताको आय विवरणमा कुल विक्री रु.९,९७,०६,४४६।- देखिएकोमा मूल्य अभिवृद्धी कर विवरणमा रु.१०,६४,०५,९०५।- देखिन्छ । कर परिक्षण प्रतिवेदनमा समेत निकासी रु.६६,९९,४५९।- उल्लेख गरिएकोले आयविवरणमा निर्यात रु.६६,९९,४५९।- नदेखाएकोले उक्त निर्यात रकमलाई थप आय मानी आयकर ऐन, २०५८ बमोजिमको कर रु.१६७४८६४ /- र साको शुल्क, व्याज एंव जरिवाना समेत छानविन गरी असुल गर्नुपर्दछ ।

४७. **साहु :** करदाताले बासलातको साहुको विवरणमा एक प्रा.लि.लाई रु.८,२१,४३१।- तिर्नुपर्ने देखाएको छ । करदाताको लेजर र कन्फरमेसन पत्र अनुसार रु.१०,९०,५८६।- तिर्नुपर्ने देखिंदा रु.२,६९,१५५।- दायित्व कम देखाएको छ । करदाताले दायित्व घटी देखाउदा सोको समान असर सम्पतीमा समेत पर्ने हुँदा घटी देखाएको दायित्व रु.२,६९,१५५।- लाई आयकर ऐन, २०५८ को दफा ४० (२) बमोजिम दायित्व निसर्ग भएको मानी आयकर ऐन, २०५८ बमोजिमको कर रु.६७२८९ र सोमा लाग्ने शुल्क, व्याज एंव जरिवाना समेत असुल गर्नुपर्दछ ।

४८. **कमीशन आय :** आयकर ऐन, २०५८ को दफा ७ मा कुनै व्यक्तिको कुनै आय वर्षमा व्यवसाय संचालनबाट भएको मुनाफा र लाभको गणना गर्दा सो व्यक्तिले सो वर्ष भित्र प्राप्त गरेको सम्पुर्ण आयहरु समावेश गर्नुपर्ने व्यवस्था छ । रिचार्जकार्ड सम्वन्धी कारोवार गर्ने एक करदाताले पेश गरेको आयवर्ष २०७०।७१ को विवरण अनुसार २ पार्टीबाट प्राप्त कमिसन रकम रु.१,४७,४५,९६६।- लाई समेत बिक्रि देखाएको छ । कमिसन वापत प्राप्त गरेको रकम लाई समेत बिक्रि देखाउदा रिचार्जकार्डको खरिद लागत रु.३९,२७,६७,६९८।- र कमिसन

रकम रु.१,४७,४५,९६६।- समेत जम्मा रु.४०,७५,१३,६६४।- कुल बिक्रि हुनु पर्नेमा करदाताले रु.३९,५४,८८,०६४।- बिक्रि देखाएकोले घटी बिक्रि देखाएको रु.१,२०,२५,६००।- लाई थप आय मानी आयकर ऐन, २०५८ बमोजिमको कर रु.३०,०६,४००/- र सोमा लाग्ने शुल्क, ब्याज एव जरिवाना समेत छानविन गरी त असुल गर्नुपर्दछ । घटी बिक्रि देखाएको रु.१,२०,२५,६००।- को मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम १३ प्रतिशतले हुने कर रु. १५,६३,३२८।- र दफा २९ बमोजिमको जरिवाना समेत छानविन गरी असुल गर्नुपर्दछ ।

४९. **मौज्दात :** करदाताले पेश गरेको वित्तिय विवरणको वासलातमा देखाएको वैंक मौज्दात र बैंक विवरण अनुसारको रकम बरावर हुनुपर्दछ । उक्त रिचार्ज सम्बन्धी कारोवार गर्ने करदाताले पेश गरेको वित्तिय विवरणको बासलातमा अन्तिम बैंक मौज्दात रु.२३,५७,९५५।- देखिन्छ भने एक बैंकको जुलाई १६, २०१४ को स्टेटमेन्टमा रु.५०,०००।- मात्र मौज्दात छ । बैंक स्टेटमेन्टको मौज्दात भन्दा रु.२३,०७,९५५।- बैंक मौज्दात रकम वित्तीय विवरणमा वढी देखाएको छ । वासलातमा सम्पत्ती बढी देखाउंदा सोको समान असर दायित्वमा समेत पर्ने हुँदा उक्त रकम रु.२३,०७,९५५।- लाई आयकर ऐन, २०५८ को दफा ४०(१) बमोजिम सम्पत्ती निसर्ग गरेको मानी आयकर ऐन, २०५८ बमोजिमको कर रु.५,७६,९८८/- र सोमा लाग्ने शुल्क, व्याज एंव जरिवाना समेत असुल गर्नुपर्दछ ।

५०. **प्रशासनिक खर्च :** इलेक्ट्रोनिक्स सामानको कारोवार गर्ने एक करदाताले आयवर्ष २०७०।७१ मा पेश गरेको आय विवरण अनुसार गतवर्षको कुल विक्री रु.२६,५१,६६,०७०।- भएको र यस वर्षको विक्री रु.१७,५५,०६,६७७।- देखिन्छ । जस अनुसार गत वर्षको भन्दा यस वर्षको विक्री अर्थात कारोवार घटेको छ । तर करदाताले पेश गरेको आयविवरणमा प्रशासनीक खर्च रु.२३०९७४०।-वढाएको देखिन्छ । विक्री घटेको अवस्थामा खर्च वढेको देखिएकोले खर्च वृद्धि पुष्ट्याई सहित आयकर ऐन, २०५८ को दफा २१ वमोजिम छानविन गरी कर दायित्वमा पर्ने असर यकिन गर्नुपर्दछ । साथै वासलातको चालू सम्पत्तीमा अन्य सम्पत्ती शिर्षकमा गतवर्ष रु.२,५२,०६,८४९।- भएकोमा यसवर्ष वृद्धि भई रु.६,७७,३८,७५१।- पुगेकोमा विस्तृत विवरण पेश भएको छैन । वासलातको चालू सम्पत्ती अन्तर्गत हुने सामग्र, साहु, आसामी, डिपोजिट, नगद र बैंक मौज्दात समेत देखाइसकेको अवस्थामा अन्य सम्पत्ती देखाएको रु.६,७७,३८,७५१।- संचालक सापटी हुन सक्ने हुँदा यस सम्वन्धमा थप छानविन गरी कर दायित्वमा पर्ने असर यकिन गर्नुपर्दछ ।

५१. **घटी आयात :** विविध वस्तुको कारोवार गर्ने एक करदाताले पेश गरेको आयवर्ष २०७०।७१ को विवरणमा आशिकुडा तथ्याङ्क अनुसार आयात रु.७,१४,६१,७२६।- देखिएकोमा आय विवरणमा रु.६,३८,२९,६५८।- देखिन्छ । आशिकुडा आयात भन्दा आय विवरणमा रु.७६,३२,०३८।- घटी आयात देखिएकोले घटी आयात देखाएको रु.७६,३२,०३८।- मा कुल नाफा ५.४९ प्रतिशतले हुने रु.४,१९,०००।- लाई थप आय मानी आयकर ऐन, २०५८ बमोजिमको कर रु.१,०४,७५० ।- र सोको शुल्क, व्याज एंव जरिवाना समेत गणना गरी असूल हुनुपर्दछ । घटी आयात देखाएको रु.७६,३२,०३८।- को नाफा ५.४९ प्रतिशत बमोजिम हुने जम्मा रु.८०,५१,०६८।- लाई विक्री मानी उक्त विक्री रकमको मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ वमोजिमको १३ प्रतिशत कर रु.१०,४६,६३८।- र दफा २९ बमोजिमको जरीवाना समेत असूल हुनुपर्दछ ।

५२. **क्रेडिट :** उक्त करदाताले आय विवरणमा देखाएको खरिद भन्दा मूल्य अभिबृद्धि कर विवरणमा रु.८,३१,२९२।- बढी देखिएको सम्वन्धमा करदाताले पेश गरेको खरिदको हिसाव मिलान विवरणमा वास्तविक खरिद भन्दा रिर्टन डिटेलमा मा वढी खरिद दावि गरेको व्यहोरा उल्लेख भएकोले उक्त खरिद रकम रु.८,३१,२९२।- को मूल्य अभिवृद्धि कर रु.१,०८,०६७।- मूल्य अभिवृद्धि कर ऐन, २०५२ वमोजिम क्रेडिट नपाउने हुँदा उक्त क्रेडिट रकम अमान्य गर्नुपर्दछ ।

५३. **लिनुपर्ने रकम :** आयकर ऐन, २०५८ को दफा १४ मा व्याज कट्टी सम्बन्धी व्यवस्था छ त्यस्तै नेपाल लेखामान १६ मा कारोवार गरेको पार्टि मध्ये रिलेटेड पार्टी विच भएको कारोवारलाई आर्म्सलेन्थको आधारमा खुलासा समेत गर्नुपर्ने व्यवस्था छ । कम्प्यूटर तथा लेखा सम्वन्धी मेसीनको कारोवार गर्ने एक करदाताले पेश गरेको आयवर्ष २०७१।७२ को वित्तीय विवरणमा गत बर्षको अन्तमा अल्पकालिन तथा दिर्घकालिन ऋण रु.६,३३,८५,३८१।- भएकोमा यस वर्ष रु.१२,१७,४८,७५४।- पुगेको र व्याज खर्च रु.१,०१,११,०१८।- दाबी गरेको देखिन्छ । जस अनुसार औषत व्याजदर १०.९२ प्रतिशत हुन आउछ । त्यस्तै अग्रिम भुक्तानी र प्राप्त गर्नुपर्नेमा ४ करदाता सँग रु.३,०६,५७,४२३।- लिनुपर्ने देखिन्छ । जुन रकम करदाताको एडभान्स एण्ड रिसीवेबलको ४२ प्रतिशत हुन आउछ । उक्त करदाता सँग विक्री देखाएको रकम लिनुपर्ने देखाएको र उक्त पार्टी मध्ये कुनै पार्टीसँग यस वर्ष कारोवार समेत भएको देखिदैन । यसरी एकातर्फ ऋण लिई व्याज खर्च कट्टी लिने तर अर्कोतिर रिलेटेड पार्टीसँग कारोवार गरी ठूलो रकम लिनुपर्ने देखाउनु ऐनको दफा वमोजिम अनुकुल हुदैन । तसर्थ करदाताको यस वर्षको औषत व्याजदर १०.९२ प्रतिशतले उल्लेखित रकम रु.३,०६,५७,४२३।- को व्याज खर्च रु.३३,४७,७९०।- अमान्य गरी आयकर ऐन, २०५८ बमोजिमको कर रु.८,३६,९४७।- र सोको शुल्क तथा व्याज समेत थप छानवीन गरी असूल हुनुपर्दछ ।

५४. **अग्रिम कर :** उल्लेखित करदाताको कर परिक्षण प्रतिवेदन र कर दाखिलाको विवरण अनुसार यस वर्ष करदाताले अग्रिम कर र अग्रिम कट्टी समेत गरी जम्मा रु.७,२४,३५१।- अग्रिम दाखिला गरेको छ । अग्रिम दाखिला गरेको कर र अग्रिम कट्टी क्रेडीट दावि गरेको रकम वासलातको एडभान्समा नदेखाएकोले आयकर ऐन, २०५८ को दफा ४० वमोजिम सम्पत्ती निर्सग आय मानी आयकर ऐन, २०५८ बमोजिमको कर रु.१,८१,०८७/- तथा व्याज र शुल्क समेत गणना गरी असूल गर्नुपर्दछ । त्यस्तै अग्रिम कर कट्टीको विवरण अनुसार यसवर्ष एक पार्टिलाई रु.१७,५९,५६६।- को विक्री गरेको देखिएकोमा उक्त विक्री रकम अनुसूची १३ मा प्रविष्टी गरेको नदेखिएको र विक्रीलाई प्रमाणीत गर्ने लेजर खाता समेत पेश नभएकोले त्यस सम्वन्धमा थप छानवीन गरी आयकर ऐन, २०५८ को अनुसूची १ वमोजिम २५ प्रतिशत कर रु.४,३९,८९१/ र सोको व्याज, शुल्क समेत छानविन गरी असूल हुनुपर्दछ ।

५५. **मौज्दात निसर्ग :** आयकर ऐन, २०५८ को दफा ७(२) बमोजिम व्यापारीक मौज्दातको निसर्गबाट प्राप्त रकम व्यवसायको मुनाफा र लाभको गणना गर्दा समावेश गर्नुपर्ने व्यवस्था छ । रियल स्टेट सम्वन्धी कारोवार गर्ने एक करदाताले पेश गरेको २०७०।७१ को विवरण अनुसार मालपोत कार्यालयको राजिनामा पत्र अनुसार एक महिलालाई रु.५५ लाखको जग्गा विक्री गरेकोमा अनुसूची १३ मा रु.२७,५०,०००।- को मात्र जग्गा विक्री देखाई सोही रकम मात्र आयमा समावेश गरेको देखिएकोले घटी विक्री देखाएको रु.२७,५०,०००।- लाई थप आय कायम गरी आयकर ऐन, २०५८ वमोजिम करदाताको नोक्सानी समायोजन गर्नुपर्ने देखिन्छ ।

५६. **बिक्रि दावी :** उल्लेखित करदाताको आयविवरण अनुसार महाराजगञ्जको जग्गाको सूरुको मौज्दात रु.१९,४०,७०,३८४।- र यसवर्ष रु.७२,८०,६६३।- ल्याण्ड डेभलपमेन्ट एण्ड अदर एक्सपेन्सेस जोडी रु.१७,६७,४२,७२७।- जग्गाको अन्तिम मौज्दात देखाई रु.२,४६,०८,३१९।- विक्रि मूल्य दावि गरी रु.१,८४,६३,६००।- विक्री देखाएको छ । जग्गाको डेभलपमेन्ट खर्च अन्तिम मौज्दातमा समावेश नगरी सबै खर्च विक्री भएको जग्गाको लागतमा समावेश गरेको कारण लागत भन्दा विक्री रु.६१,४४,७१९।- ले घटी भई नोक्सानी देखिएकोले यस सम्वन्धमा थप छानवीन गरी कर दायित्वमा पर्ने असर यकिन गर्नुपर्दछ ।

५७. **समायोजन :** आयकर ऐन, २०५८ को दफा ७ मा व्यवसाय संचालनबाट भएको मुनाफा र लाभको गणना गर्दा सो वर्ष भित्र प्राप्त गरेको सम्पुर्ण रकम समावेश गर्नुपर्ने व्यवस्था छ । मोवाइल तथा विद्युतिय सामानको कारोवार गर्ने एक करदाताको आयवर्ष २०७१।७२ को कर परीक्षण प्रतिवेदनमा मूल्य अभिवृद्धि कर विवरणमा डेबिट समायोजन गरेको रकम मध्ये रु.२,०७,१०३।- एक कम्पनीबाट प्राप्त हुने कमिसन वापत जारी गरिएको विजकको कर रकम उल्ल्लेख छ । डेविट समायोजन गरेको कर रु.२,०७,१०३।- बमोजिम करदाताले रु.१५,९३,१००।- कमिसन प्राप्त गरेको देखिन्छ तर करदाताले आय विवरणमा भने कमिसन भनी रु.५,१२,३००।- मात्र देखाएकोले रु.१०,८०,८००।- कमिसन घटी देखाएको छ । उक्त घटी कमिसन देखाएको रकमलाई थप आय मानी आयकर ऐन, २०५८ बमोजिमको कर रु.२,७०,२००/- र सोमा लाग्ने शुल्क, व्याज समेत छानविन गरी असुल गर्नुपर्दछ ।

५८. **विज्ञापन :** आयकर ऐन, २०५८ को दफा १३ बमोजिम व्यवसाय संग सम्बन्धित खर्च मात्र कट्टी गर्न पाउने व्यवस्था छ । मोबाइल आयात तथा विक्री वितरण गर्ने करदाताले विज्ञापन वापत रु. ६१,००,७९५।– र व्यवसाय प्रवर्द्धन खर्च रु.१८,०८,५८२।– समेत रु.७९,०९,३७७।– खर्च दावी गरेकोमा लेखापरीक्षणबाट आयातित सामानको प्रवर्द्धन एवं विज्ञापन खर्च निर्माता वा उत्पादक कम्पनीले गर्ने र सो खर्च वितरकले सोधभर्ना माग गरी आयात खर्चमा लेखांकन गर्नु पर्नेमा नगरी बिक्री बितरण खर्चमा दावी गरेको छ । व्यवसायिक एवं उत्पादनको सिद्धान्त बमोजिम यस्तो खर्च उत्पादकले बहन गर्नुपर्नेमा नगरेबाट खर्च दावी गर्न मिल्ने देखिएन । तसर्थ उक्त रकम आयमा समावेश गरीआयकर ऐन, २०५८ बमोजिमको कर रु. १९,७७,३४४।– र सोको शुल्क तथा व्याज गणना गरी असुल गर्नुपर्दछ ।

५९. **मर्मत खर्च :** आयकर ऐन, २०५८ को दफा १३ बमोजिम व्यवसायसंग सम्बन्धित खर्चमात्र दावी गर्न पाउने व्यवस्था छ । उल्लेखित करदाताले आयात गरी आपूर्ति गरेका मोबाइलको वारेन्टी समयावधि भित्रको मर्मत तथा संभार खर्च रु.१७,१४,०१८।– दावी गरेको छ । यस्तो खर्च सामान्य बजारीकरण र उत्पादनको सिद्धान्त बमोजिम निर्माता वा उत्पादक कम्पनीले गर्नुपर्दछ । यस्तो खर्च निर्मातासंग सोधभर्ना लिई अन्य आयमा लेखांकन गरी खर्च गर्न सकिनेमा सो गरेको नदेखिंदा करदाताले बहन गरेको खर्चको दावी रकम व्यवसायसंग प्रत्यक्ष रुपमा सम्बन्धित पनि हुंदैन र वितरकले यस्तो खर्च दावी गर्न मिल्ने नदेखिंदा उक्त रकम आयमा समावेश गरी आयकर ऐन, २०५८ बमोजिमको कर रु.४,२८,५०४।– र सोको शुल्क तथा व्याज समेत छानविन गरी असुल गर्नुपर्दछ ।

६०. **लागत अमान्य :** विविध वस्तुको कारोबार गर्ने एक करदाताले आय वर्ष २०७१।७२ मा खरिद लागत अन्तर्गत अतिरिक्त भन्सार महशुल खर्च रु.९,३१,०९९।- कर परीक्षणका क्रममा लागत खर्च अमान्य गरेको र दण्ड, जरिवाना रु.१,११,६६८।- करदाता स्वयंले खर्च घटाएको समेत जम्मा रु.१०,४२,७६७।- लागत अमान्य भएको छ । आयकर ऐन, २०५८ को दफा १५ बमोजिम अमान्य गरेको लागत खर्चको मूल्य अभिवृद्धि कर रकम

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ बमोजिम कट्टीगर्न नपाउनेमा कर परीक्षणबाट केवल रु.३,१६,७९५।- को मूल्य अभिवृद्धि कर निर्धारण भएकोले बाँकी रकम रु.७,२५,९७२।- को १३ प्रतिशतले हुने कर रु.९४,३७६।- र सोमा लाग्ने जरिवाना र ब्याज समेत असुल गर्नुपर्दछ ।

६१. **पूंजीको श्रोत :** विविध वस्तुको कारोबार गर्ने उल्लेखित करदाताले ब्यवसाय सुरु गर्दा कानुन अनुसार पुँजी र सोको श्रोत खुलाई कानून अनुसार कर तिरेको हुनुपर्ने र ब्यावसायको विस्तार गर्दा थप पुँजिको श्रोत र पूंजी थप भएको ब्यहोरा सम्वन्धित निकायबाट प्रमाणित हुनुपर्दछ । करदाताले पेश गरेको वित्तिय विवरण अनुसार गत वर्ष रु.३,००,०००।- मात्र पुँजि भएकोमा यस वर्ष रु.९७,००,०००।- थप भई रु.१,००,००,०००।- पुगेको छ । व्यवसायमा थप भएको पुँजिको श्रोत नखुलाएको र सम्वन्धित निकायबाट प्रमाणित नगरेकोले थप छानविन गरी कर दायित्वमा पर्ने असर यकिन गर्नुपर्दछ ।

६२. **व्याज** : आयकर ऐन, २०५८ को दफा १४ मा ब्याज कट्टी सम्बन्धी व्यवस्था छ । सिसा तथा सिसाजन्य वस्तुको कारोवार गर्ने एक करदाताले पेश गरेको आय वर्ष २०७१।७२ को वित्तिय विवरणमा अनुसार गत बर्षको अन्तमा रु.४,०१,४०,५५०।- ऋण रहेकोमा यस बर्षको अन्तमा रु.४,९४,१९,७८३।- पुगेको र रु.३५,२८,४१५।- ब्याज खर्च कट्टी लिएको छ । जस अनुसार औषत ब्याजदर ७.८८ प्रतिशत हुन्छ । विवरण अनुसार बिभिन्न पार्टीलाई अग्रिम भुक्तानी दिएको मध्ये एक पार्टीसंग रु.७,२०,०००।- ब्याज आम्दानी देखाएको र अन्य ४ पार्टीलाई दिएका अग्रिम भुक्तानी रु.१,०५,८०,७०४।-को ब्याज आम्दानी देखाएको छैन । व्यवसायमा रकम अभाव देखाई ऋण लिई ब्याज खर्च कट्टी लिने तर अन्य पार्टीलाई दिएको सापटी रकमको ब्याज आम्दानी नदेखाएकोले अग्रिम भुक्तानी दिएको रकम रु.१,०५,८०,७०४।- को औषत ब्याजदर ७.८८ प्रतिशतले हुने रु.८,२३,१७८।- ब्याज खर्चलाई अमान्य गरी आयकर ऐन, २०५८ बमोजिमको कर रु.२,०५,७९५।- र सोको शुल्क, ब्याज एवं जरिवाना समेत गणना गरी असुल गर्नुपर्दछ ।

६३. **करको दर :** आयकर ऐन, २०५८ को अनुसूची-१ को २(२) मा कुनै आय वर्षको मदिरा र वियरको व्यवसाय गर्ने निकायको करयोग्य आयमा ३० प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ । मदिरा आयात गरी विक्री कारोवार गर्ने एक करदाताको आय वर्ष २०७१।७२ को संशोधित करयोग्य आय रु.६२,६५,४०७।- को ३० प्रतिशतका दरले रु.१८,७९,६२२।- कर निर्धारण गर्नुपर्नेमा २५ प्रतिशतका दरले रु.१५,६६,३५१।- मात्र निर्धारण गरेकोले घटी निर्धारण भएको कर रु.३,१३,२७१।- र सोमा लाग्ने शुल्क, ब्याज र जरिवाना समेत असूल गर्नुपर्दछ ।

६४. **ऋण :** आयकर ऐन, २०५८ को दफा १४ मा ब्याज खर्च कट्टी सम्बन्धी व्यवस्था छ । मदिराको व्यवसाय गर्ने उल्लेखित करदाताले पेश गरेको विवरण अनुसार गतबर्ष दिर्घकालिन ऋण रु.९१,७४,२६०।- भएकोमा यस वर्षको अन्तमा रु.२,७९,१०,६१९।- ऋण बाँकी देखाई रु.८,९६,६८७।- ब्याज खर्च दावि गरेको छ । करदाताले पेश गरेको एक बैंकको पत्रमा रु.१,४१,१५,८८२।- ऋण बाँकी रहेको र ब्याज रु.८,९६,६८७।- तिरेको व्यहोरा उल्लेख छ। करदाताले प्रमाण पेश नगरेको र ब्याज तिरेको नदेखिएको ऋण रु.१,३७,९४,७३७।- देखिन्छ। करदाताले लिएको सवै ऋण ब्यवसायमा नै प्रयोग गरेको यकिन गर्न सक्ने अवस्था समेत नरहेकोले यस सम्वन्धमा थप छानविन गरी कर दायित्वमा पर्ने असर यकिन गर्नुपर्दछ ।

६५. **बैक चार्ज :** आयकर ऐन, २०५८ को दफा १३ बमोजिम व्यवसाय सँग सम्बन्धित खर्च मात्र दावी गर्न पाउने व्यवस्था छ । विविध प्रकारका ठेक्का पट्टाको कारोवार गर्ने एक करदाताले आय वर्ष २०७१।७२ को आय विवरणमा बैक चार्ज तथा कमिशन बापत रु.८२,७९,३९४।- खर्च दावी गरेको छ । करदाताको कर्जा तथा बैंकसँग भएको कारोबार लेखामा नदेखिएको र बैक चार्ज तथा कमिशन भुक्तानी गर्नुपर्ने कारण तथा सोको प्रमाण समेत नदेखिंदा उक्त खर्च दावी गर्न मिल्ने देखिँदैन । करदाताको संशोधित नोक्सानी रु.७४,३९,४०२।- घटाई बांकी रु.८,३९,९९२।– लाई थप आय मानी आयकर ऐन, २०५८ बमोजिमको कर रु. २,०९,९९८।– र सोको व्याज, शुल्क एंव जरीवाना समेत छानविन गरी असुल गर्नुपर्दछ ।

६६. **संचालक सापटी :** आयकर ऐन, २०५८ को दफा २७(१) मा कुनै एक व्यक्तिले अर्को व्यक्तिलाई हस्तान्तरित सम्पत्तिको बजार मूल्य बरावरको रकम प्रमाणीकरण गर्नुपर्ने व्यवास्था छ । विविध प्रकारका ठेक्का पट्टाको कारोवार गर्ने उल्लेखित करदाताले यसवर्ष ६ व्यक्ति तथा पार्टिहरुलाई रु. २७,१२,८४,७७८।– पेश्की रकम भुक्तानी गरेकोमा पेश्की रकमको आय प्राप्त गरेको नदेखिएकोले उक्त रकमको आयकर ऐन, २०५८ बमोजिम सामान्य व्याजदर १५ प्रतिशतले हुने रु. ४,०६,९२,७१६।– लाई आयमा प्रमाणीकरण गरी आयकर ऐन बमोजिमको कर रु. १,०१,७३,१७९।–र सोको व्याज, शुल्क एंव जरीवाना समेत छानविन गरी असुल गर्नुपर्दछ ।

६७. **मौज्दातको न्युन मूल्यांकन :** आयकर ऐन, २०५८ को दफा १५(४) मा व्यापार मौज्दातको लागत गणना गर्नुपर्ने व्यवस्था छ । सुनका गहनाको कारोवार गर्ने एक करदाताले आय वर्ष २०७०।७१ को अन्त्यमा सुनका गहनाको मौज्दात मूल्य बजार मूल्यमा ज्याला खर्च जोडी राखेको खुलासा गरेको छ । निर्मित सुनका गहनामा बजारको असल अभ्यास अनुसार ५ देखि ८ प्रतिशत जर्ति लिने प्रचलन रहेको छ । करदाताले गहनाको

अन्तिम मौज्दात मूल्याङ्कन गर्दा जर्ति समेत जोडी मूल्याङ्कन गर्नुपर्नेमा सो नगरेकोले रु. ५३,६९,३३१।– न्यून मूल्याङ्कन गरी लागत खर्च बढन गएको छ । उक्त रकमलाई करयोग्य आयमा समावेश गरी आयकर ऐन, २०५८ बमोजिमको कर रु. १३,४२,३३३।– र सोमा लाग्ने शुल्क, व्याज तथा जरिवाना समेत छानविन गरी असुल गर्नुपर्दछ ।

६८. **निर्णय कार्यान्वयन एवं वेरुजू फछ्र्यौट :** आर्थिक कार्यविधि ऐन,२०५५ को दफा २१(३) मा महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजुहरुको सम्बन्धमा व्यवस्थापिका-संसदको सार्वजनिक लेखा समितिमा लिखित जवाफ दिने, समितिको बैठकमा उपस्थित भई छलफलमा भाग लिई सो सम्बन्धमा आफ्नो प्रतिकृया व्यक्त गर्ने र बेरुजु फछ्र्यौट सम्बन्धी काम कारवाही गर्ने गराउने उत्तरदायित्व तोकिएको छ । यस कार्यालयको लेखापरीक्षण गरी महालेखा परीक्षकले वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजुको अभिलेख राखी सो को कार्यान्वयन अवस्थाको अनुगमन गनुपद)छ । कार्यालयबाट प्राप्त अभिलेख अनुसार आर्थिक वर्ष २०७१।७२ सम्म रु. २५,३७,४१, ३८७।– बेरुजु कायम रहेकोमा रु. ६,१४,९६,११०।– अर्थात (२४.४२ प्रतिशत) फछ्र्यौट भई रु. ११९,२२,४५,२७७।– वेरुजू फछ्र्यौट हुन बांकी रहेको छ ।

आन्तरिक राजस्व कार्यालय काठमाडौ क्षेत्र नं ३

१ **आय विवरण :** आयकर ऐन, २०५८ को दफा ९६ मा प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिना भित्र सो वर्षको आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष आय विवरण दाखिला गर्नुपर्ने १९०९ करदातामध्ये १२४४ करदाता ले मात्र आय विवरण दाखिला गरेको अभिलेखबाट देखिएको छ । जसमध्ये डे १ विवरण ७ डे ३ १२३७ विवरण रहेका छन । कानुनमा तोकिएको समयमा आय विवरण दाखिला नगर्ने ६६५ करदाता को खोजि गरी आय विवरण दाखिला गर्नुपर्दछ ।

२ **मूल्य अभिबृद्धि कर विवरण :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी महिना समाप्त भएको २५ दिन भित्र कर विवरण बुझाउनु पर्ने व्यवस्था छ । मूल्य अभिबृद्धि कर दर्ता भएका करदाताहरुमध्ये १०६ ले बन्द गरेकोले बांकी १०१९ ले मूल्य अभिबृद्धि कर विवरण बुझाउनु पर्नेमा २९६ ले डेबिट विवरण, ५५७ ले क्रेडिट विवरण, ८३ ले शुन्य विवरण पेश गरेको र ५१ ले विवरण पेश गरेको छैनन् । यसरी डेविट विवरण बुझाउने करदाताको संख्या न्युन देखिएकाले बजार अनुगमन गरी वास्तविता यकिन गर्नुपर्दछ ।

३ **कर फछ्र्यौट :** कर फछ्र्यौट आयोग, २०७१ संग भएको सम्झौतो र निर्णयानुसार विगत देखि २०७३ आषाढसम्मको आयकर तथा मूल्य अभिबृद्धि कर बक्यौता रहेका करदाताको निर्धारण भएको आयकर तथा मूल्य अभिबृद्धि करको तिर्नुपर्ने बक्यौता रकममा देहायमा उल्लेख भए अनुसार कर बक्यौता रकम दाखिला गर्ने र बांकी न्यून रकम मात्र राजस्व दाखिला गर्ने सहमति भएको छ।

३.१ एक विजनेश को कुल वक्यौता रकम रु ५२ करोड ९९ लाख मध्ये रु ४ करोड ३० लाख लिने गरी सम्झौता भई उक्त रकम २०७१।७२ मा नै लगत कट्टा गरेको छ । यसरी मिन्हा एंव लगत कट्टा भएपनि उक्त करदाताले हाल सम्म सम्झौता वमोजिमको रकम वुझाएको देखिएन । सम्झौता वमोजिम २०७३।६।२७ भित्र बुझाउनुपर्ने रकम नवुझाउने करदाताको लगत कट्टा भएको उक्त रकमको लगत कायम गर्नुपर्ने देखिएको छ ।

३.२ एक ट्राभल नेपाल प्रा.ली.को २०६७।०६८ सम्मको मूल्य अभिवृद्धि कर बांकी रु.१६६२९२६६।- मध्ये आयोगबाट रु ४७५०००।- मा सम्झौता गरी रु १६१५४२६६।- मिन्हा दिएको छ । उपरोक्त बक्यौता रकम मध्ये सावा रु ६०९०२९५।- देखिएकोमा रु ५६१५२९५।- मिन्हा दिई रु ४७५०००।- मा मात्र लिने गरी सम्झौता गरेकोले सांवा पनि छुट दिईएको रकम असुल गर्नुपर्दछ ।

४ **निरन्तर क्रेडिट :** मिति २०७२।४।१ देखि २०७३।३।३१ सम्म ६१५ वटा क्रेडिट कर विवरण पेश गरेकोमा ती करदातालाई रु. ९६,३६,१०,१८५।– सरकारले मूल्य अभिबृद्धि कर फिर्ता दिनु पर्ने संभावित दायित्व रहेको छ । क्रेडिट कर विवरण पेश गर्ने करदाताहरु मध्ये १२ महिनाभन्दा बढि अवधि देखि निरन्तर क्रेडिट हुने करदाता २०१ रहेका छन । मूल्य अभिबृद्धि करमा निरन्तर क्रेडिट देखाई विवरण पेश गर्ने यस्ता करदाताहरुको कारोवारका सम्बन्धमा बिशेष निगरानी राखी वास्तविक क्रेडिटको अवस्था यकिन गनुपर्दछ ।

५ **मूल्य अभिबृद्धि कर वक्यौता** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९ मा करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र बुझाउनु पर्ने र नबुझाएमा बांकी रहेको कर रकममा वार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्ने व्यवस्था रहेको छ । २०७३ आषाढ मसान्त सम्म २४७ करदाताको रु. २९,२२,५८,६१८।- दाखिला गर्न बांकी छ । जसमध्ये रु. १ लाखभन्दा बढि

बांकी राख्ने ७० करदातासंग मात्र रु. २८,९०,९५,८९८।- बांकी रहेकोले थप दस्तुर जरिवाना समेत असुल गर्नुपर्दछ ।

६ **आयकर वक्यौता :** विभिन्न करदातासंग २०७२ आषाढ मसान्तसम्म आयकर रु. ५७,११,७७,२९६।–, अन्त:शुल्क रु. ३४,५८,०१४।–, पारिश्रमिक कर रु. १५,०९,१०,१२५।–, बिक्रीकर रु. १,५६,६६,३२५।–र अन्य कर रु. १५,८६,९३६।– गरी रु. ७४,२७,९८,६९८।– कर रकम असुल गर्न बांकी रहेको छ । रकम बक्यौता राख्ने करदाताहरुमध्ये एक पावल कम्पनी लिमिटेडको आयकर वक्यौता रु ४०२३६६४४ को सम्वन्धमा करदाताले २०६६।६७ देखि विवरण नबुझाएको र एक चुरोट कधारखाना लिमिटेडको आयकर वक्यौता रु १३९९४६६२ को सम्वन्धमा करदाताले २०६८।६९ देखि विवरण नबुझाएकोले असुली हुने सम्भावना कम छ । एक करदाता एक ट्राभल्स एण्ड टूर्स प्रा.ली.ले नियमित विवरण बुझाएको तर बक्यौता आयकर बुझाएको छैन । बक्यौता रकम असुलीको लागि प्रभावकारी कदम चाल्नु पर्दछ ।

७ **विवादित रकम** : आर्थिक वर्षको अन्तमा असुल गर्न बांकी आयकर तथा अन्त:शुल्क (मूल्य अभिबृद्धि कर बाहेक) वक्यौता राजस्व रु. ७४,२७,९८,६९८।– मध्ये ७ करदाताहरुको रु. ५,१८,५३,४९५।– का सम्बन्धमा आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन परेको कारणबाट कर रकम विवादित रहेको छ । आयकर ऐन, २०५८ को दफा ११५(८) मा निवेदन परेको साठी दिनभित्र विभागले निर्णय दिई सक्नु पर्ने व्यवस्था रहेकोमा २०६२।०६३ देखिको रकम बक्यौता रहेको छ । धेरै वर्ष पुरानो कर विवादको समेत पुनरावलोकन तथा पुनरावेदन नटुंगिदा ठुलो रकम राजस्व वक्यौता रहेको छ ।

करदाताको कारोवार एवं चल अचल सम्पत्ति रोक्का गरेर वक्यौता असुल गर्न सकिने कानूनी व्यवस्था रहेतापनि वक्यौता असुली कार्य प्रभावकारी हुन सकेको छैन । आयकर ऐन, तथा मूल्य अभिवृद्धि कर कानूनको व्यवस्था अनुसार करदाताले दाखिला गर्नुपर्ने कर तोकिएको अवधिभित्र दाखिला नगरेमा बक्यौता असुल गर्न करदाताहरुको खोजतलास गरी टुगो लगाउने, सम्पत्ति तथा कारोबार रोक्का गर्ने जस्ता कारबाही प्रभावकारी वनाउनुपर्दछ ।

८ **मूल्य अभिवृद्धि कर कोष :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५१ अनुसार भंसार विन्दुमा संकलित सम्पूर्ण कर रकम मूल्य अभिबृद्धि कोष खातामा दैनिक रुपमा जम्मा गर्नुपर्ने र सो को विवरण भंसार कार्यालयले तीन दिन भित्र नजिकको आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्ने, यसरी कोषमा जम्मा हुन आएको रकमबाट विभागले आदेश दिएको रकम फिर्ता दिई वांकी रहने रकम दैनिक रुपमा तोकिएको राजस्व खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । मूल्य अभिबृद्धि कर फिर्ता गर्नको लागि यो वर्षरु. ३२३१५९९७५।- माग भई आएकोमा रु. १५८०३२२७९।- फिर्ता भएको छ । मूल्य अभिबृद्धि कर फिर्ता दिनको लागि संविधान, बमोजिम बजेटको व्यवस्था गरी सोही खर्च शीर्षकबाट निकाशा र खर्च गर्नु पर्नेमा बजेटमा समावेश नगरी यस्तो खर्च गरेको छ । करदाताको निरन्तर क्रेडिट सम्बन्धमा व्यवसाय सुरु भई क्रेडिट समायोजन हुने क्रम सुरु भएकोमा विगत वर्ष पटक पटक माग भई फिर्ता नदिने निर्णय भएकोमा यस वर्ष फिर्ता दिएको र फिर्ता पस्चात हरेक महिना डेविट भईरहेको अवस्थाले निरन्तर क्रेडिट भई फिर्ता दिनुपर्ने अवस्था देखिदैन ।

९ **करपरीक्षण** : आयकर ऐन, २०५८ को दफा ९५(७), ९६(५), १००(२), १०१ एवं मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २३ तथा अन्त:शुल्क ऐन, २०५८ को दफा १०घ मा आन्तरिक राजस्व विभागले उपयुक्त ठानेमा जतिपटक पनि ४ वर्ष भित्र संशोधित कर निर्धारण गर्न सक्ने व्यवस्था छ । यस सम्वन्धमा पूर्ण कर परीक्षणका लागि गत वर्षहरुमा छनौट भएकामध्ये परीक्षण हुन बांकी रहि जिम्मेवारी सरेका २३० र यो वर्ष आय विवरण पेश गरेका १२४४ करदाताहरुमध्ये ४३० (आय विवरण पेश गर्ने करदाताको ३४.५७ प्रतिशत) करदाताको यो वर्ष पूर्ण करपरीक्षण गर्नुपर्नेमा ४४९ (आय विवरण पेश गर्ने करदाताको ३६.०९ प्रतिशत) मात्र भएको छ । यसबाट ज्यादै कम करदाताका फाइल कर परीक्षण गर्न छनौट गर्ने र छनौट भएका मध्ये पनि कम करदाताको मात्र कर परीक्षण हुने गरेकोले सबै करदाताहरुको आय विवरण पेश गरेको चार वर्षभित्र कर परीक्षण गर्ने नीति अवलम्बन गर्नुपर्दछ । कर परीक्षणबाट कर रु.४३,०८,७७,६३५।– (आयकर रु. २९,४४,९९,५१५।–, मूल्य अभिवृद्धि कर रु.१३,३६,५३,२१५।- र अन्त:शुल्क रु.२७,२४,९०५।– निर्धारण भएको र रु.४५९३३८०००/- सञ्चित नोक्सानी घटाइएको देखिएको छ । जोखिमका क्षेत्र पत्ता लगाई करपरीक्षणको दायरा बढाउन सकेमा राजस्वमा थप योगदान पुग्ने देखिएको छ ।

१० **सञ्चालक ऋण वा सापटी** : आयकर ऐन, २०५८ को दफा ११(ख) मा राष्टिय महत्वमा आयोजना, लगायत ३०० भन्दा वढी स्वदेशी कामदारलाई रोजगारी दिने, ५० प्रतिशत भन्दा वढी स्वदेशी कच्चा पदार्थ प्रयोग गर्ने उद्योग वाहेक अन्यत्र लगानी गरेकोमा लगानीको स्रोत खोजिने व्यहोरा उल्लेख छ । आन्तरिक राजस्व

विभागको मिति २०६९।०९।२९ को परिपत्रबाट समेत सञ्चालकवाट प्राप्त सापटीको रकम बैंक मार्फत प्राप्त हुनु पर्ने, सापटीको स्रोत एकीन गरी सापटी लगानीको रकममा कानुन अनुसार कर दाखिला भए नभएको विश्लेषण गर्नु पर्ने उल्लेख गरेको छ । करदाताले यो वर्ष ९ सञ्चालकबाट लिएको सापटीको सम्बन्धमा कार्यालयले छानवीन गरेको छैन ।

११ **ऋण पूंजीको अनुपात र आर्थिक कारोवार** : करदाताले अधिकृत पूंजीको तुलनामा न्यून मात्रामा चुक्ता पुंजी जुटाई व्यवसायमा स्रोतको अभाव देखाई वैंकवाट ऋण लिएर व्याज खर्च कट्टी गर्ने गरेको देखियो । कर दायित्वमा प्रत्यक्ष असर गर्ने ऋण र शेयर पूंजीको अनुपात अर्न्तराष्ट्रिय अभ्यास हेर्दा ३:१ सम्म रहेको देखिए तापनि यस कार्यालयका क्षेत्राधिकारका करदाताको अवस्था ८७.१३:१ सम्म देखिएकोले पूंजी न्यून संकलन गरेर ऋण लिई व्याज खर्च लेख्दा आयकर राजस्वमा परेको प्रभाव र यस सम्वन्धमा कानुनी व्यवस्था नभएकोले ऋण पूंजीको अनुपात निर्धारण गर्न कठिनाई परेको अवस्थालाई दृष्टिगत गर्दै अर्न्तराष्ट्रिय मान्यता अनुरुप ऋण पूंजी अनुपात सम्वन्धमा कानूनी व्यवस्था गर्नुपर्दछ ।

१२ **संचालक सापटी** : बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा ८ मा कसैले पनि बैंक वा वित्तीय संस्थाबाट जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी वा गराई कर्जाको दुरुपयोग गर्नु वा गराउनु नहुने र यस्तो कसुर गरेमा एक करोडभन्दा बढि विगो भएको अवस्थामा तीन वर्षदेखि पाँच वर्षसम्म कैद हुन सक्ने प्रावधान रहेको छ । एक करदाता ले आय वर्ष २०७१।०७२मा रु ७२२३४०८३ ऋण लिएको मध्ये रु ५,१८,३८,८८२।- संचालक समेतलाई दिएको छ । उक्त ऋण को व्याज कर प्रयोजनमा दावि नगरेको भएपनि व्यवसाय प्रयोजनका लागि बैंकबाट ऋण लिई व्यक्तिगत प्रयोजनमा प्रयोग गर्ने वा सम्बद्ध पक्षलाई प्रयोग गर्न दिने गरेकोले यसबाट एउटा प्रयोजनका लागि ऋण लिने तर उपयोग अन्य प्रयोजनमा प्रयोग गर्ने गरेको सम्बन्धमा ऐन बमोजिम कारवाही गरेको देखिएन ।

१३ **सामाजिक सुरक्षा कर :** आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा १ बमोजिम सामाजिक सुरक्षा कर वापत रु.७,७३,९७,९६८।५० असुल भई राजस्व दाखिला भएको छ । सामाजिक सुरक्षा कोष (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६७ अनुसार सामाजिक सुरक्षा कोषले योगदानकर्ताहरुलाई परिचयपत्र जारी गर्ने व्यवस्था समेत रहेको छ । करदाताहरुले आय विवरण पेश गर्दा करदाताले धेरै जना कर्मचारी वा कामदार देखाई उनीहरुलाई यस्तो कर लाग्ने रकमको सीमासम्म तलब भुक्तानी भएको देखाउने गरेकाले यस्तो करलाई व्यवस्थित गर्न कर दाखिला गर्दा कोषबाट जारी भएको परिचयपत्र नम्बर अनिवार्य रुपमा उल्लेख गर्न लगाउने वा कामदार तथा कर्मचारीलाई विभागले व्यक्तिगत स्थायी लेखा नम्बर लिन अनिवार्य गर्नुपर्दछ ।

१४ **बढी खर्च :** आयकर ऐन, २०५८ को दफा १३ मा कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि सो आय वर्षमा सो व्यक्तिबाट आय आर्जन हुने काममा भएका खर्चहरु कट्टी गर्न पाउने व्यवस्था छ । एक जे भीले आय बर्ष २०७१।७२ मा खरिद रु.८४,७६०।- मात्र देखाएकोमा एक कन्स्ट्रक्सनलाइ खरिद बापत रु.९,०६,०००।-खर्च लेखेकोले सो खर्च अमान्य गरी सो मा लाग्ने कर रु.२,२६,५००।- शुल्क तथा ब्याज समेत छानबिन गरी असुल गर्नुपर्दछ ।

१५ **अग्रीम कर** : आयकर ऐन, २०५८ को दफा ८७(१) मा प्रत्येक रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिएको नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसूची १ बमोजिमको दरले हुने रकम कट्टी गर्नुपर्ने व्यवस्था छ । एक मार्केटिङ्ग प्रा.लि.ले आय वर्ष २०७१।७२ मा स्टाफ बोनसबापत रु.२,२५,२४०।- खर्च कट्टी दाबी लिएकोमा सो बोनसबापतको भुक्तानीअग्रिम कर कट्टी नगरेकोले १५ प्रतिशतका दरले हुने कर रकम रु.३३,७८६।-मा ब्याज समेत गणना गरी असुल गर्नुपर्दछ । करदाताको वित्तीय विवरणमा कुल भुक्तानी दिनुपर्ने रकम रु.१,२१,३२,१३१।- मध्ये अन्य भुक्तानी दिनुपर्ने रकम रु.६९,७०,०११।- छ । सम्बन्धित शीर्षकमा सबै भुक्तानी दिनुपर्ने रकम देखाइसकेपछि पुनः अन्य भुक्तानी दिनुपर्ने भनी देखाएको रकमको विस्तृत विवरण संलग्न छैन । अन्य भुक्तानी दिनुपर्ने भनी देखाएको पुष्ट्याई संलग्न नभएको रकम रु.६९,७०,०११।- को आयकर ऐन २०५८ को दफा ४० बमोजिम दायित्वको निसर्ग गरि २५ प्रतिसतका दरले लाग्ने कर रु १७,४२,५०२ मा शुल्क तथा ब्याज समेत गणना गरी असुल गर्नुपर्दछ ।

१६ **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८८(१) मा वासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको सेवा शुल्क भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । करदाताले एक अटो प्रा.ली ले आ.व. २०७०।७१ मा ब्यापार प्रबर्धन बापत रु.१,४४,५५०।- र बैठक भत्ता बापत रु.२९,४१२।- गरी जम्मा रु.१,७३,९६२।- खर्च कट्टी गरेकोमा अग्रिम कर कट्टी नगरेको रु.२६,०९४।- ब्याज समेत हिसाब गरी असुल हुनुपर्दछ । करदाताले देखाएको वित्तीय विवरणमा कुल दिनुपर्ने रकम रु.३०,७१,७४३।७२ देखिन्छ ।

सोमध्ये एक लिमिटेडलाई दिनुपर्ने रु.३०,४१,७४३।७२, करदातासँग सम्बन्धित कारोबारको दायित्व नदेखिएकोले आय कर ऐन २०५८ को दफा ४० बमोजिम निशर्ग गरी लाग्ने कर रु.७,७७,९३५।७५।- र व्याज तथा जरीवाना समेत असुल गर्नुपर्दछ ।

१७ **रिकन्डिसन गाडी :** एक अटोल्याण्ड प्रा.लि को आय वर्ष २०७०।७१ को मूल्य अभिवृद्धि कर विवरण अनुसार कर छुट बिक्री रु.२६,६४,५००।- र मूल्य अभिवृद्धि कर विवरणमा उल्लेख नभएको कर छुट बिक्री रु.६५,७०,५२०।- गरी जम्मा रु.९२,३५,०००।- छ । कर परीक्षणबाट विभिन्न व्यक्तिबाट रिकन्डिसन गाडी खरिद गरेको रु.९०,२८,५२०।- देखाएको छ । करदाताको कर छुट बिक्रीको विस्तृत विवरण पेश गरेको छैन । खरिदमा मूल्य अभिवृद्धि कर नतिरेको र कर छुट बिक्री गरेको भनी रु.९२,३५,०००।- मा मूल्य अभिवृद्धि कर नउठाएको तर गाडी मू.अ.कर लाग्ने मालबस्तु भएकाले कर संकलन नगरेकाले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९(२) अनुसार १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु.१२,००,५५०।- र थप दस्तुर तथा जरिबाना समेत असुल गर्ने कर निर्धारण गर्नुपर्दछ । करदाताको वित्तीय विवरणमा बैंक अफ काठमाडौंको रु.१,६६,५७,६४६।२१ र सानिमा बैंकको रु.३,३०,५६,६७०।८९ गरी जम्मा रु.४,९७,१४,३१७।१० ऋण रहेको देखिन्छ । करदाताले सो ऋण रकमको रु.२१,२२,२७६।८७ (९ प्रतिशत) ब्याज खर्चकट्टी दाबी लिएकोमा पुष्ट्याईं बेगरको खर्च अमान्य गर्नुपर्दछ ।

१८ **दोहोरो खर्च** : आयकर ऐन, २०५८ को दफा १३ मा आय आर्जन हुने कार्यमा भएका खर्चहरु कट्टी गर्न पाउने व्यवस्था छ । एक सामुदायिक स्वास्थ्य सहकारी संस्था लि ले पेश गरेको आ.व. २०७१।७२ को वित्तीय विवरणमा स्वास्थ्य उपकरण बापत रु २५९०१०० खर्च कट्टी दावि गरिसकेपछी पुन: व्यवसायीक खर्च अन्तर्गत स्वास्थय उपकरण भनी रु.१२,४९,३५१।२७ दोहोरो खर्च दाबी गरेको छ । दोहोरो खर्च दाबी गरेको रकमको २० प्रतिशतले हुने कर रु.२,४९,८७०।- र दफा १२० बमोजिम शुल्क तथा दफा ११९ र शुल्क र व्याज समेत असुल गर्नुपर्दछ ।

आयकर ऐन, २०५८ को अनुसूची २ को (२), (३) (ग) मा कुनै आय वर्षको आयमा वर्ष 'क', 'ख', 'ग' वा 'घ' मा रहेका ह्रास योग्य सम्पत्तिको ह्रास आधार रकम सो समूको कुनै सम्पत्तिको सो वर्षमा भएको निसर्गबाट प्राप्त रकम घटाई कायम गर्नुपर्ने व्यवस्था छ । करदाताले 'घ' समूहको सम्पत्ति (प्लान्ट पी.ओ.एस इक्यूपमेन्ट) विक्री गरेको रु.१२,३२,६९९।- मा ह्रास आधार रकम समायोजन गर्नुपर्नेमा रु.९,५७,०२९।- मात्र समायोजन गरेको छ । फरक रकम रु.२,७५,६७०।- स्थिर सम्पत्ति बिक्रीबाट भएको मुनाफा भनी वित्तीय विवरणमा अन्य आम्दानीमा देखाएकोमा कर योग्य आयमा समावेश नगरेकोले आयमा समावेश गर्दा लाग्ने कर रु.५५,१३४।- र व्याज र शुल्क समेत असुल गर्नुपर्दछ ।

१९ **कर फिर्ता** : कपडाको कारोवार गर्ने एक करदाताले २०७१।७२ मा रु.९,२२,८३,९०३।- को सामान विदेश निर्यात गरेको विवरण पेश गरेको छ । आंशिकुडा तथ्याङ्कमा रु.५,७१,६८,४३०।- को मात्र निर्यात देखिन्छ । विदेश निर्यात पार्टीको नाम खुलाएको छैन भने कर लेखापरीक्षणमा पनि सो कारोबारको रिकन्साइल गरेको छैन । उपर्युक्त निर्यातमा फरक परेको रु ३५११५,४७३।- पुष्ट्याई बेगर मूल्य अभिवृद्धि कर फिर्ता गरेकोमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९ बमोजिम १३ प्रतिशतले हुने रु. ४५,६५,०१२।- असुल गर्नेकर निर्धारण गर्नुपर्दछ । करदाताको रु.९,२२,८३,६४३।- को निर्यात गरी रु.१,००,८३,०२३।- मूल्य अभिवृद्धि कर फिर्ता गर्दा ५ पार्टीसँग देखिएको मिसम्याच सेटल नहुँदै फिर्ता दिएको छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३ अनुसार कर फिर्ता दिन दुवै कारोबार यकिन भएको नदेखिँदा थप छानबिन गर्नुपर्दछ ।

२० **भुक्तानीमा कर :** आयकर ऐन, २०५८ को दफा ८८(४) मा वासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको सेवाशुल्क भुक्तानी दिँदा भक्तानीको कुल रकममा १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । एक माउन्टेन गाइड्स करदाताको २०७०।७१ मा लज, क्याम्प र किचन खर्चबापतको सेवा शुल्क एकमुष्ट खर्च लेखेको रु.१,८८,१८,४६७।- कर कट्टी बेगर भुक्तानी खर्च कट्टी गरेको छ । यसमा लाग्ने कर रु.२,८२,२७७।- मा व्याज समेत गणना गरी असुल गर्नुपर्दछ ।

करदाताले कर छुट र करयोग्य दुवै प्रकारको मिश्रित कारोबार गर्ने गरेको र जम्मा बिक्री रु.१०,६२,१२,७५७।- मध्ये कर छुट बिक्री रु.४,५३,६९,२३८।- वा ४२.७१ प्रतिशत रहेको देखिन्छ । करदाताको मूल्य अभिवृद्धि कर तर्फ खरिद जम्मा रु.२,५५,२४,३१६।- रहेकोमा कर छुट बिक्रीको अनुपात ४२.७१ प्रतिशतले हुने खरीद रु.१,०९,०१,४३५।-को पूरै मूल्य अभिवृद्धि कर दाबी गरेकोले सो मध्ये कर छुटको कारोबारको प्रयोगमा १३ प्रतिशतले हुने रु.१४,१७,१८६।- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४० बमोजिम समानुपातिक कर कट्टी नभएकोले जरिबाना तथा थप दस्तुर समेत कर निर्धारण गर्नुपर्दछ ।

२१ **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(१) मा वासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको सेवा शुल्क रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कन्सल्टेन्सी

खर्च रकम रु.१,४३,९४८।- भुक्तानीमा कर कट्टी नगरेको रु.२१,५९२।- शुल्क तथा ब्याज समेत असुल गर्नुपर्दछ ।

२२ **छात्रवृत्ति खर्च :** आयकर ऐन, २०५८ को दफा १३ मा कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि सो आय वर्षमा भएका खर्चहरु कट्टी गर्न पाउने व्यवस्था छ । करदाताले विद्यार्थीहरुको छात्रवृत्ति खर्च रु.१,८८,९९,६९९।५० कट्टी गरे कोमा सो वापत आय देखाएको छैन । उक्त खर्च अमान्य गरी हुने आयमा लाग्ने कर रु.४७,२४,९२५।- र शुल्क तथा ब्याज समेत असुल गर्नुपर्दछ ।

आयकर ऐन, २०५८ को दफा १३ मा कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि सो आय वर्षमा भएका खर्चहरु कट्टी गर्न पाउने व्यवस्था छ । करदाताले यस वर्ष रु.३८१२१३७५। ऋण लिई ब्याज खर्च रु.४०२६७२९। कट्टी गरेको छ । करदाताले व्यापारी प्राप्त रु.१,३५,५७,३३३।५४ देखाएको मध्ये ताहाचलको एक स्कुलबाट रु.१,१०,४५,५३९।५० लिनुपर्ने देखाएको छ । करदाताको सो स्कूल सँग कुनै कारोबार गरेको नदेखिएकोले औसत ब्याजदर १०.५६ प्रतिशतले हुने रु.११,६६,७३१।-, अमान्य गरी हुने आयमा लाग्ने कर रु.२९१६०२।- ब्याज र शुल्क समेत असुल गर्नुपर्दछ ।

२३ एक इन्टरप्राइजेज (२०७१।०७२) ले पेश गरेको नगद प्रवाह विवरणमा नगद तथा बैंक मौज्दात रु.६९,९६,०२९।- छ भने वित्तीय विवरणमा नगद तथा बैंक मौज्दात रु.७१,९६,०२९।- छ । नगद प्रवाह विवरणको मौज्दात रु.२,००,०००।- ले फरक देखाएकोले आयमा समावेश गरी ३५ प्रतिशतका दरले हुने कर रकम रु.७०,०००।- मा शुल्क र ब्याज समेत असुल गर्नुपर्दछ ।

२४ **पेट्रलियममा कमी तथा क्षति** : पेट्रोलियम पदाथृको खरिद तथा बिक्रीमा तोकिए बमोजिमको संकेत तथा कार्यसंचालन क्षति एवं कमी बापत निश्चित प्रतिशत परिणाम खर्च कट्टी लिन पाउने व्यवस्था रहेको छ । नेपाल आयल निगम लिमिटेड प.सं. २०६९।७० च.नं. १२७८ मिति २०६९।५।१५ को पत्रअनुसार डिजेल र मट्टीतेलको खरिदमा ०.३ प्रतिशत र पेट्रोलमा ०.५० प्रतिशत रहेको उल्लेख छ । एक आयल स्टोर्सले २०७०।७१ मा डिजल र पेट्रोलमा ०.५४ र ०.७३ का दरले २०७१।७२ मा लिएकोले फरक परेको परिणामलाई तत्कालीन बजार मूल्यको आधारमा बिक्री कायम गरी उक्त बिक्री रकम क्रमस रु.५,६३,३५६।९, रु ४२२४८१।- र रु ७४४३९०।- गरी जम्मा रु १७३०२३८।- लाई आयकर ऐन, २०५८ को दफा ७ बमोजिम आयमा समावेश गरी उक्त ऐनको अनुसूची १ बमोजिम लाग्ने कर रु.४८८८३२।- तथा शुल्क र ब्याज समेत असुल गर्नुपर्दछ ।

२५ **व्यवसायको खर्च** : आयकर ऐन, २०५८ मा कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसायबाट भएको आय गणना गर्ने प्रयोजनका लागि सो वर्षमा सो व्यक्तिले व्यवसाय सम्वन्धिखर्च कट्टी गर्न पाउने व्यवस्था छ । एक हस्पिटल प्रा.ली.ले सरकारी कर तथा शुल्क बापत रु.१,४८,४६६।- र ह्रास खर्च बढी दाबी रु.२१,५७८।- समेत जम्मा रु.१७००४४।- नपाउने खर्च कट्टी दाबी गरेकोले खर्च अमान्य गर्दा हुने आयमा लाग्ने कर रु.४२५११।- र शुल्क तथा ब्याज समेत असुल गर्नुपर्दछ ।

२६ **खुलासा नगरेको** :- एक जे.भी. को आय वर्ष २०७१।७२ मा वित्तीय विवरणको अनुसूची १ मा व्यवसायीक तथा अन्य प्राप्य अन्तर्गत कुल आसामी रु.९,१२,७२,६५।- देखाएको मध्ये रु.५,५४,९२,२३७- Unbilled Debtors & others देखाएको छ । यस्तो खुलासा नगरी एकमुस्ट राखेको रकमलाई बास्तविक मान्न सकिएको छैन ।

२७ **सम्पत्ति घटी :** एक ट्रेडर्सले २०७०।७१ मा पेश गरेको मूल्य अभिवृद्धि कर विवरण अनुसार लिनुपर्ने कर रकम रु.५२,४१४।- रहेकोमा वित्तीय विवरणमा तिर्नुपर्ने मूल्य अभिवृद्धि कर रकम रु.१,३७,७८९।- देखाइएकोले वित्तीय विवरणमा कुल सम्पत्ति रु.१,९०,२०३।- ले घटी देखाएको पाइयो । संशोधित कर निर्धारण गर्दा रु.५२,४१४।- मात्र सम्पत्तिको निसर्ग मानी आयमा समावेश गरिएकोले थप रकम आयमा समावेश गर्नुपर्ने रु.१,३७,७८९।- को लाग्ने कर रु.३४,४४७।- र शुल्क तथा ब्याज असुल गर्नुपर्दछ ।

२८ **भाडा :** आयकर ऐन, २०५८ को दफा ८८(१)(५) मा वासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भक्तानी गरेकोमा १० प्रतिशतका दरले भक्तानीमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । एक प्रा.ली. ले Charter cost बापत गरेको रु.२०,५३,५९।- खर्च भक्तानीमा कर कट्टी नगरेको १० प्रतिशतका दरले हुने रु.२,०५,३५९।- करमो ब्याज समेत असुल हुनुपर्दछ ।

आयकर ऐन, २०५८ को दफा ८९(१) मा वासिन्दा व्यक्तिले ठेक्का वा करार बापत पचार हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिँदा भुक्तानीको कुल रकममा एक दशमलव पाँच प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । सोही करदाताले होटल बुकिङ्ग खर्च रु.१,४४,८२,९५१।- भुक्तानी गरेकोमा अग्रिम कर कट्टी नगरेकोले १.५ प्रतिशतका दरले हुने रु.२,१७,२४४।- मा ब्याज समेत गणना गरी असुल गर्नुपर्दछ ।

२९ **आसामीमा ब्याज** : एक संयुक्त उपक्रमले पेश गरेको २०७०।७१ को वित्तीय विवरणमा एक निर्माण व्यवसायबाट लिनुपर्ने देखाएको रकम रु.१,६८,७८,४४९।- देखिन्छ । करदाताले यस वर्ष रु.४३५६७८११। ऋण रकम छ । करदाताको उक्त निर्माण व्यवसायीसँग कुनै पनि कारोबार भएका नदेखिएकोले आयकर ऐन,

२०५८ बमोजिम ब्याज दर १५ प्रतिशतका दरले हुने रकम रु.२५,३१,७३७- आयमा समावेश गरी कर निर्धारण गर्नुपर्दछ । नेपाल लेखामान १ बमोजिम तुलनात्मक वित्तीय विवरण तयार गर्नुपर्नेमा करदाताले सो बमोजिम नगरेकोले अघिल्लो वर्षको कारोबार तुलना गर्न सकिएको छैन ।

३० **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८८(१) मा वासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको सेवा शुल्क भुक्तानी गर्दा कर कट्टी गर्नुपर्नेमा एक एक्सपिडिसनप्रा.ली.ले आय वर्ष २०७१।७२ मा व्यवसाय प्रवर्द्धन बापत रु.२,१६,४४९।- भुक्तानीमा १५ प्रतिशतका दरले लाग्ने कर रु.३२,४६७- कट्टि गरेको छैन । होटल बुकिङ्ग खर्च बापत रु.६८,०१,९४२।- भुक्तानीमा १.५ प्रतिशतका दरले लाग्ने कर रु.१,०२,०२९।- कर कट्टि गरेको छैन उक्त रकममा ब्याज समेत गणना गरी असुल गर्नुपर्दछ । करदाताको वित्तीय विवरणमा विविध पक्षबाट लिनुपर्ने देखाएको यस वर्षको रकम रु.८,८५,०८८।- छ भने गत वर्षमा यो रकम शून्य देखाएको छ । यी पक्षले करदातासँग कारोबार भएको पुष्टि आधार प्रमाण पेश गरेको देखिएको छैन ।

३१. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८८(५) मा वासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा १० प्रतिशतका दरले र शेवा शुल्क भुक्तानी गर्दा १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । एक इन्टरनेशनल प्रा.लि. ले २०७१।७२ मा सवारीसाधन भाडामा लिएबापत रु.४,२०,०२०।- भुक्तानी भएकोमा १० प्रतिशतका दरले लाग्ने कर रु.४२,०२०।- र व्यापार प्रवर्धन खर्च रु ५६१२६२।- भुक्तानी गरेकोमा १५ प्रतिशतका दरले रु ८४१८९।- कर कट्टि गरेको देखिएन उक्त रकममा ब्याज समेत गणना गरी असुल हुनुपर्दछ । करदाताले पेश गरेको वित्तीय विवरण अनुसार गत आ.व.मा चुक्ता पुंजी रु.५५ लाख रहेकोमा यस वर्ष रु.४५ लाखले वृद्धि गरी रु.१ करोड पुऱ्याएकोमा श्रोत खुलाएको छैन ।

आयकर ऐन, २०५८ को दफा १४(१) मा कुनै व्यक्तिले कुनै आय वर्षमा सो वर्षमा प्रयोग भएको सम्पत्ति खरिद गर्नमा लिएको ऋणको ब्याज खर्च कट्टी गर्न पाउने व्यवस्था छ । सोही करदाताले उक्त नियम विपरित रु.८०,३०,१६३।- को भवन निर्माणकोसंग सम्वन्धित औसत ब्याज रु.३,५९,२६१।- लाई पुँजीकरण नगरी खर्च कट्टि लिएकोले ब्याज खर्च अमान्य गरी २५ प्रतिशतका दरले लाग्ने कर रु.८९,८१५।- र सोमा लाग्ने शुल्क, ब्याज तथा जरिबाना समेत छानबिन गरी असुल गर्नुपर्दछ ।

३२. **डाइरेक्टरलाई ऋण** : एक कन्स्ट्रक्सन कम्पनी प्रा.लि. ले आ.व २०७०।०७१ को वित्तीय विवरणमा गत वर्षको ऋण रकम रु.१०,०१,३४,९३५।- देखाएकोमा यस वर्ष रु.१०,१८,५१,०२२।- देखिन्छ । एकातर्फ यसवर्ष रु.१०,१८,५१,०२१।- ऋण लिई रु.३५,४९,७३०।- ब्याज खर्च तिरेको देखियो भने अर्कोतर्फ लिनुपर्ने रकममा ब्याज नलिएको देखाएको छ । डाइरेक्टरसँग लिनुपर्ने औसत रु.३,८८,८१,३०५।- को ४ प्रतिशतले हुने रु.१५५५२५२।- ब्याज आयमा समावेश गरी हुने करु रु.३८८८१४।- र सोमा लाग्ने शुल्क र जरिवाना असुल गर्नुपर्दछ ।

३३. **घटी विक्री** : आयकर ऐन, २०५८ को दफा ७ बमोजिम व्यापारिक मौज्दातको निसर्गबाट प्राप्त रकमलाई आयमा समावेश गर्नुपर्दछ । एक उद्योगको २०७१।७२ को मूल्य अभिवृद्धि कर विवरण अनुसार कर लाग्ने बिक्री रु.१३,३१,१९,६२८।- रहेकोमा आय विवरणमा रु.१२,६७,८०,६१९।३८ मात्रै समावेश गरी रु.६३,३९,००९।- घटी बिक्री देखाएको छ । सो सम्बन्धमा संशोधित कर कर निर्धारण हुदाँ कारबाही गरेकोले घटी बिक्रीलाई आयमा समावेश गरी हुने कर रु.१२,६७,८०२।- र सोमा लाग्ने ब्याज तथा शुल्क समेत गणना गरी असुल गर्नुपर्दछ ।

वोनस ऐन, २०३० अनुसार कर्मचारीलाई बाँडेर बाँकी रहेको वोनस रकमलाई ३० प्रतिशत राष्ट्रिय र ७० प्रतिशत प्रतिष्ठान स्तरको कल्याणकारी कोषमा पठाउनुपर्ने व्यवस्था छ । अघिल्लो वर्षको वोनस व्यवस्था रु.१०,५५,३५८।- बमोजिम यस वर्ष बाँडफाँड भएकोमा बाँकी रहेको रकम रु.३,४३,४२९।- लाई उक्त कोषहरुमा नपठाएको हुँदा आयकर ऐन, २०५८ बमोजिम खर्च कट्टी गर्न नमिल्ने रु.३,४३,४२९।- मा सोमा लाग्ने कर ब्याज तथा शुल्क समेत गणना गरी असुल गर्नुपर्दछ ।

आयकर ऐन, २०५८ को दफा ४० बमोजिम कुनै व्यक्तिको कुनै दायित्वबाट भार हटेमा सो दायित्वको निसर्ग भएको मानिन्छ । वित्तीय विवरण अनुसार एम.रा.वदनीलाई विगत वर्षदेखि तिर्नुपर्ने रु.४,९१,३६१।०१ देखिँदै आएकोमा कारोबार नदेखिएको तथा लामो समयदेखि दायित्व देखिएकाले सो रकमको वास्तविता यकिन नभएबाट दायित्वको निसर्ग मानी आयमा समावेश गरी कर रु.९८,२७२।२० र सोमा लाग्ने ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ ।

३४. **सेवा शुल्क** : आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम सेवा शुल्क रकम भुक्तानी गर्दा सेवा प्रदायक मूल्य अभिवृद्धि करमा दर्ता भएको अवस्थामा १.५ प्रतिशत अन्यथा १५ प्रतिशतले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । एक ओरियन्टल क्राफ्टले प्रत्यक्ष खर्चतर्फ विभिन्न शुल्क भुक्तानी गरेकोमा कर कट्टी गरेको रु.११,३५,०८९।२४ मो ब्याज र शुल्क समेत असुल गर्नुपर्दछ ।

आयकर ऐन, २०५८ को दफा १३ बमोजिम आय आर्जन हुने कार्य भएका खर्च कट्टी गर्न पाउने व्यवस्था छ । गत वर्षको तुलनामा यस वर्ष बिक्री ६१.२७ प्रतिशतले बढेकोमा बिक्रीसँग प्रत्यक्ष सम्बन्ध रहने विक्री वितरण खर्च र फटबारींड चार्ज गत वर्ष रु.२,०८,७४४।७९ भएकोमा यस वर्ष अस्वाभाविक रुपमा ४१७.८०

प्रतिशतले वृद्धि गरी रु.१०,८०,८७५।- खर्च लेखेको छ । यस वर्ष स्वाभाविक बढी दाबी भएको रु.७,४४,२३२।-को छानबिन गरी खर्च अमान्य गर्दा हुने आएमा लाग्ने कर रु.१,५६,२८९।- र शुल्क तथा ब्याज समेत असुल गर्नुपर्दछ ।

३५ **किस्ता आयकर :** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम सेवा शुल्क भुक्तानी गर्दा सेवा प्रदायक मूल्य अभिवृद्धि करमा दर्ता भएको अवस्थामा १.५ प्रतिशत अन्यथा १५ प्रतिशतले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । एक कार्पेट उद्योग ले प्रत्यक्ष खर्चतर्फको रु.६३,९६,८१६।८२ शुल्क भुक्तानी गरेकोमा कर कट्टी नगरेको रु.९,५९,५२२।५२ र सोमा लाग्ने ब्याज र शुल्क समेत असुल गर्नुपर्दछ ।

आयकर ऐन, २०५८ को दफा ४० बमोजिम सम्पत्तिको स्वामित्व हटेमा तथा दायित्वको भार हटेमा सो सम्पत्ति वा दायित्वको निसर्ग गरेको मानिन्छ । करदाताले २०७१।७२ मा किस्ता बापत पुस, चैत्र र असार महिनामा क्रमशः रु.१,५०,०००।-, रु.२,००,०००।- र रु.१,००,०००।- गरी जम्मा रु.४,५०,०००।- आयकर बुझाई आय विवरणको अनुसूची १० मा सोही बमोजिम दाबी गरेको छ । वित्तीय विवरणको वासलाततर्फ अग्रिम आयकर डिपोजिट रु.२,००,०००।- मात्र सम्पत्ति देखाई दायित्वतर्फ समेत सोही अनुसार रु.२,५०,०००।- घटाएकोले दायित्वको निसर्ग मानी कर रु.५२,५००।- र सोमा लाग्ने ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ ।

३६ **मूल्य अभिवृद्धि कर :** आयकर एने, २०५८ को दफा ४० बमोजिम सम्पत्तिको स्वामित्व हटेमा तथा दायित्वको भार हटेमा सो सम्पत्ति वा दायित्वको निसर्ग गरेको मानिन्छ । एक इनटरनेशल प्रा.लि को मूल्य अभिवृद्धि कर विवरण अनुसार रु.१९,०६,०५६।- क्रेडिट देखिएकोमा सोही अनुरुपको दायित्व वित्तीय विवरणमा समावेश गरिएको छ । यसका अलावा सोही वित्तीय विवरणको अनुसूची ४ एड्भान्स एण्ड डिपोजिट शीर्षकमा मूल्य अभिवृद्धि कर लिनुपर्ने रु.१७,१२,२१४।- समावेश गरिएको छ । सो रकम विगत वर्षदेखि नै लिन बाँकी हिसाबमा राखिँदै आएको देखिन्छ । यसको छानवीन गरी करमा परेको असर एकीन गरी असुल गर्नुपर्दछ ।

आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम सेवा शुल्कबापतको रकम भुक्तानी गर्दा १५ प्रतिशत रकम कर कट्टी गर्नुपर्दछ। विज्ञापन खर्च रु.२,५६,३७८।७८ तथा बिक्री कमिसन खर्च रु.८२,५८९।- गरी रु.३,३८,९६७।७८ भुक्तानीमा कर कट्टी नभएको १५ प्रतिशतले हुने रकम रु.५०,८४५।- ब्याज, शुल्क समेत असुल गर्नुपर्दछ ।

३७ **नेपाल लेखामान :** नेपाल लेखामान १५ बमोजिम सम्बद्ध व्यक्तिबीचको कारोबारलाई वित्तीय विवरणमा खुलासा गर्नुपर्नेमा एक अटो वर्क्स प्रा.लि. ले यस्तो कारोबारको विषयमा खुलासा गरिएको छैन । यस्ता सम्वद्ध पक्ष एक प्रा.लि.लाई रु.१,३३,१३,७५३।- को बिक्री रु.२०,९६,६४१।- को खरिद तथा रु.३७,४०,२६६।- को साहु देखाएको छ । करदाताले पुँजी जारी गरी प्राप्त गरेको रु.१५,१५,५०,०००।- मध्ये सोही पार्टीलाई अघिल्लो वर्षको तिर्न बाँकी हिसाब रु.१५,०६,७८,७६२।- भुक्तानी गरेको छ । यस कारोबारको सम्बन्धमा बजार मूल्यमा कारोबार भए नभएको यकिन गर्नुपर्दछ ।

३८ **ब्याज पूँजीकरण :** १४ वोरोइङग कस्ट अनुसार ऋण तथा सापटीमा भएको खर्च, सम्पत्ति खरिद तथा निर्माण गरी पुँजीकृत गरेको रकमसँग प्रत्यक्ष सम्बन्ध स्थापित भएको अवस्थामा सो खर्चलाई समेत पुँजीकृत गर्नुपर्दछ । करदाताको यस वर्ष रु.१,९३,८२,०००।- ऋण दायित्व वृद्धि भएको तथा रु.७७,१९,४८१।३० ब्याज खर्च गरेको छ । यस वर्ष भवन निर्माणतर्फ रु.१९,९६,३६९।८६ खर्च भएको देखिएको हुँदा सो रकमको औसत १२.२८ प्रतिशतको दरले गणना गर्दा ब्याज खर्च रु.२,४५,१५४।- अमान्य गरी हुने आयमा कर रु.६१,२८८।- र ब्याज तथा शुल्क असुल गर्नुपर्दछ ।

३९ **ह्रास कट्टी :** कम्पनी ऐन, २०६३ को दफा १०८(२) अनुसार कम्पनीको लेखा राख्दा कारोबारको यथार्थ स्थिति स्पष्ट रुपमा प्रतिविम्बित हुने गरी अधिकारप्राप्त निकायले लागू गरेको लेखामान र सो ऐनबमोजिमको अन्य शर्त तथा व्यवस्था अनुरुप राख्नुपर्दछ । त्यस्तै गरी आयकर ऐन, २०५८ को दफा ९६ अनुसार प्रत्येक व्यक्तिले सोही ऐनको अधीनामा रही तोकिएको कुरा खुलाई आय विवरण पेश गर्नुपर्दछ । प्रचलित लेखामान र आयकर ऐन बाझिएको अवस्थामा आयकर ऐनबमोजिम थप वा घटी गर्नुपर्ने आय तथा खर्चहरुको समायोजन गरी आय विवरण पेश गर्ने अन्तर्राष्ट्रिय अभ्यास रहेको छ । एक प्लाष्टिक इण्डष्ट्रिज प्रा.लि को आ.व.२०७१।०७२ मा नाफा रु.३५,६९,३८४।- समेत जम्मा सञ्चित नाफा रु.१,०८,६६,५९८।- रहेकोमा आय विवरणअनुसार अस्वभाविक रुपमा यस वर्षको नोक्सान रु.४९,२९,९८४।- समेत संचित नोक्सान रु.१,७१,२४,८६०।- पुगेको छ । यस सम्बन्धमा थप परीक्षण गर्दा आयकर ऐन, २०५८ कमोजिम स्थिर सम्पत्तिको ह्रास कट्टी रु.१,४१,५८६८०।- दाबी गरिएकोमा वित्तीय विवरणमा ह्रास कट्टी दर अत्यन्त न्यून गरी एक चौथाई रु.३४,६९,४१४।- मात्र खर्च लेखिएको छ । नेपाल लेखामान १६ मा भएको व्यवस्थाअनुसार निकायले प्रयोग गर्ने ह्रास कट्टीको तरिकाले उक्त सम्पत्तिको प्रयोगबाट भविष्यमा हुने आर्थिक लाभलाई समेटन सक्नुपर्छ । ह्रास कट्टीको तरिका सोही प्रकृतिका अन्य निकायका सोही प्रकृतिका सम्पत्तिसँग तुलनायोग्य गर्नुपर्दछ । यस सम्बन्धमा लेखा नीति तथा टिप्पणीमा कुनै खुलासा गरेको छैन । यसरी लेखाको प्रस्तुतिकरण लेखामान अनुकुल नभएको कम्पनी ऐन तथा लेखामानको व्यवस्था पालना सम्बन्धित नियामक निकायमा लेखी पठाउनुपर्दछ ।

४०.१ करदाताको आसिकुडा अनुसार कुल आयात रु.१०,००,२४,०५८।- मध्ये कच्चा पदार्थ रु.५,८९,६९,३२१।- देखिन्छ । मूल्य अभिवृद्धि कर विवरण अनुसार स्थिर सम्पत्ति समेत गरी कुल आयात रु५,७२,९३,८५५।- रहेकोमा हिसाब मिलान विवरण अनुसार स्थिर सम्पत्तिको खरिद रु.६५,३७,६२।- घटाउँदा कच्चा पदार्थ आयात रु.५,०७,५६,५९३।- दाबी भएको छ । यसर्थ आसिकुडा भन्दा मूल्य अभिवृद्धि कर विवरणमा घटी देखिएको कच्चा पदार्थ रु.८२,१२,७२८।- लाई कुल नाफा १९.१३ प्रतिशतले हुने बिक्री रु.१,०१,५५,४६९।- मा मूल्य अभिबृद्दि कर ऐन , २०५२ को दफा २० अनुसार १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु.१३,२०,२११।- र थप दस्तुर तथा जरिवाना असुल गर्नुपर्दछ । कुल नाफा अनुपात १९.१३ प्रतिशतले हुने रु.१९,४२,७४१।- लाई आयमा समावेश गरी नोक्सानी घटाउनुपर्दछ ।

४०.२ कर प्रयोजको लागि करदाताले तयार गरेको सम्पत्ति तथा ह्रास कट्टी तालिका अनुसार थप सम्पत्ति रु.५,०८,५७,१९१।- पुँजीकरण गरेको भए तापनि नगद प्रवाह विवरण तथा वित्तीय विवरणको सम्पत्ति खरिद सम्बन्धी विवरणमा रु.५,०७,९५,८१६।- को सम्पत्ति थप भएको देखिएकोले फरक भएको रकम रु.६१,३७५।- लाई अमान्य गर्नुपर्दछ । व्यवसाय निरन्तर घटामा गएको अवस्थामा सञ्चालकबाट यस वर्ष थप रु.१,४६,३७,९०२।- ऋण सम्बन्धी स्रोतको छानबीन भएको छैन ।

४१ **नगद भुक्तानी** : आयकर ऐन, २०५८ को दफा २१(२) मा कुनै आय वर्षमा बीस लाख रुपैयाँभन्दा बढीको वार्षिक कारोबार गर्ने व्यक्तिले तोकिएको अवस्थामा बाहेक सो आय वर्षमा एक पटकमा पचास हजार रुपैयाँभन्दा बढीको नगद भुक्तानी गरेमा सो खर्च कट्टी गर्न नपाउने व्यवस्था छ । करदाताले एउटै पार्टीलाई एकै दिनमा भएको रु.५०,०००।- भन्दा बढी नगद भुक्तानीलाई दुई तथा सोभन्दा बढी टुक्रा पारी लेखाङ्कन गरेको छ । एउटै व्यक्तिलाई एक दिनमा भएको नगद भुक्तानीलाई एक पटकको भुक्तानी मान्दा रु.३,९०,१५१।७५ खर्च अमान्य गरी नोक्सानी घटाउनुपर्दछ ।

४२. **मौज्दातको लागत** : आयकर ऐन, २०५८ को दफा १५ बमोजिम व्यापार मौज्दातको लागत गणना गर्दा शुरु मौज्दात मूल्यमा सो वर्ष प्राप्त गरिएको मूल्य जोडी हुने रकमबाट अन्तिम मौज्दात घटाई गणना गर्नुपर्ने व्यवस्था छ । एक मोल्डिङ्ग इण्डष्ट्रिज प्रा.लि ले आ.व.२०७१।७२ मा वित्तीय विवरणको चालू सम्पत्तिमा कच्चा पदार्थको अन्तिम मौज्दात रकम रु.४६,०९,७५३।४० देखिए तापनि व्यापार मौज्दातको लागत गणना गर्दा मौज्दात रु.३३,२५,१०८।३२ मात्र समावेश भएकोले रु.१२,८४,६४५।- बढी खर्च दाबी भएको छ । सो खर्च अमान्य गरी हुने आयमा रु.२,५६,९२९।- र सोको ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४१ अनुसार अटोमोबाइल्समा खरिद मूल्यको ४० प्रतिशतको अनुपातमा मूल्य अभिवृद्धि कर कट्टी गर्न पाइने व्यवस्था छ । करदाताले २०७१ वैशाखमा एक प्रा.लि.बाट बा ११ च २१५९ नम्बरको गाडी रु.१४,८३,१८६।- मा खरिद गरी रु.१,९२,८१४।- मूल्य अभिवृद्धि कर तिरेकोमा पूरै कर रकम गरेको हुँदा कर कट्टी दाबी गर्न नपाउने रु.१,१५,६८९।- मा थप दस्तुर तथा जरिवाना असुल गर्नुपर्दछ ।

आयकर ऐन, २०५८ को दफा १६ (१) मा कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीको आय गणना गर्दा सो वर्षमा स्वामित्व भएको र प्रयोग गरीएको ह्रासयोग्य सम्पत्तिको मर्मत वा सुधार खर्चहरु कट्टी गर्न पाउने व्यवस्था छ । भवन समूहको मर्मत सुधार खर्च नभएको अवस्थामा रु.२,३६,४५८।८४ खर्च कट्टि गरेकोले अमान्य गरी हुने आयमा २५ प्रतिशत कर रु.४७,२९२।- र शुल्क तथा ब्याज समेत असुल गर्नुपर्दछ ।

आयकर ऐन, २०५८ को दफा ८८ अनुसार सेवा शुल्कको भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्दछ । विज्ञापन खर्च बापत रु.५,१०,०००।- भुक्तानी गरेकोमा कर कट्टी गरेको देखिँदैन । अतः कर रु.७६,५००।- मा ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ ।

४३ **व्यापार मौज्दात** : आयकर ऐन, २०५८ को दफा १५ मा व्यापार मौज्दातको लागतको खर्च कट्टी गणना गर्दा कुनै आय वर्षमा कुनै व्यवसायको व्यापार मौज्दातको शुरु मूल्यमा सो वर्षमा प्राप्त व्यापार मौज्दातको लागत जोडी अन्तिम मूल्यको रकम घटाई गर्नुपर्ने व्यवस्था छ । एक इण्डष्ट्रिज प्रा.लि. ले आर्थिक वर्ष २०७१।७२ मा सो अनुसार नगरी व्यापार मौज्दातको लागतमा बढी दाबी गरिएको रु.१,१८,१२,४२९।- लाई खर्च अमान्य गरी हुने आयमा आयकर ऐन, २०५८ को अनुसूची १(२) अनुसार कर रु.२३,६२,४८६।- मा ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ ।

आयकर ऐन, २०५८ को दफा १३ मा व्यवसायबाट आय आर्जन हुने काममा भएका खर्चहरु कट्टी गर्न पाउने व्यवस्था छ । करदाताले तलब तथा ज्यालामा बढी खर्च कट्टि गरेको रु.२०,०९,८५१।- लाई अमान्य गरी हुने आयमा कर रु.४,०१,९७०।- र ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ ।

आयकर ऐन, २०५८ को दफा ४० बमोजिम कुनै व्यक्ति दायित्वको भारबाट हटेमा निजले सो दायित्व निसर्ग गरेको मानिने उल्लेख छ । करदाताको मल्य अभिवृद्धि कर विवरण अनुसार रु.२५,६१,२०१।- मूल्य अभिवृद्धि कर तिर्न बाँकी भएकोमा वित्तीय विवरणमा सो दायित्वलाई नदेखाइएकोले सो रकम तिरेको यकिन गर्नुपर्दछ ।

४४. **नगद भुक्तानी** : आयकर ऐन, २०५८ को दफा २१(२) मा कुनै आय वर्षमा बीस लाख रुपैयाँभन्दा बढीको वार्षिक कारोबार गर्ने व्यक्तिले एक पटकमा पचास हजार रुपैयाँभन्दा बढीको नगद भुक्तानी गरेको खर्च कट्टी गर्न नपाउने व्यवस्था छ। आ.व. २०७१।७२ मा एक प्लाष्टिक सप्लायर्स ले एक ट्रेडर्स, वीरगन्जसँग विभिन्न समयमा मालसामान खरिद गरी २६ डिसेम्बर २०१४ मा रु.५,००,०००।-, २५ नोभेम्बर २०१४ मा रु.२,००,०००।- तथा ११ मे २०१५ मा रु.१०,९१,०३७।- गरी जम्मा रु.१७,९१,०३७।- नगद भुक्तानी गरेको हुँदा सो खर्च अमान्य गरी हुने आयमा आयकर ऐन, २०५८ को अनुसूची १ अनुसार कर रु.६,२६,८६३।- मा ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ।

आयकर ऐन, २०५८ को दफा ८८(१)(५) अनुसार वासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा दश प्रतिशतका दरले कर कट्टी गर्नुपर्दछ। करदाताले गरेको सो भुक्तानी रु.७,५५,५४६।- मा कर कट्टी नगरेकाले कर रु.७५,५५५।- मा ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ।

४५ **बिक्री :** आयकर ऐन, २०५८ को दफा ७ अनुसार कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै व्यवसायको व्यापारिक मौज्दातको निसर्गबाट प्राप्त रकमलाई आयमा समावेश गर्नुपर्दछ। एक फुड ले आ.व. २०७१।७२ मा पेश १९ ठूला पार्टीसँग गरेको बिक्री कुल रु.१०,८६,५७,३९५।५६ समेत जम्मा बिक्री रु.११,५६,३१,४२४।६५ रहेको छ। बिक्रीको सूचीमा नदेखाएको एक क्यासिनोबाट रु.१०,४५,९२४।- आसामी रहेको छ। सो रकमलाई बिक्री आयमा समावेश गरी कर तथा शुल्क ब्याज समेत असुल गर्नुपर्दछ।

४६. **मूल्य अभिवृद्धि कर** : आयकर ऐन, २०५८ को दफा ४० बमोजिम सम्पत्ति तथा दायित्व सम्पत्ति निसर्ग सम्वन्धी व्यवस्था छ। एक सिल्क एण्ड पश्मिना प्रा.लि. ले आ.व. २०७१।७२ मा मूल्य अभिवृद्धि कर विवरण अनुसार लिन बाँकी कर रु.३०,८५,९३९।- वित्तीय विवरणको डिपोजिट अन्तर्गत मूल्य अभिवृद्धि कर रु.४५,६९,५४०।२९ रहेको छ। यसरी वासलातमा बढी अंक रु.१४,८३,६०१।२९ को प्रभाव यकिन गर्नुपर्दछ। आयकर ऐन, २०५८ को दफा ८७ तथा ८८ मा क्रमशः रोजगारीबाट र सेवा शुल्कको भुक्तानीमा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। करदाताले भुक्तानीमा कर कट्टी गरेको रु.१५,७२,७७३।- ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ।

आयकर ऐन, २०५८ को अनुसूची १ को दफा २(३क) अनुसार निकासीबाट भएको करयोग्य आयमा बीस प्रतिशतका दरले कर लाग्नेमा स्थानीय बिक्री रु.८,५८,९००।- मध्ये निर्यात वाहेकको आयमा नपुग ५ प्रतिशतले हुने रु ४२९४५।- र शुल्क तथा ब्याज असुल गर्नुपर्दछ।

४७. **मूल्य अभिवृद्धि कर दावी :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९(२) अनुसार मूल्य अभिवृद्धि कर कट्टी गर्दा दाबी गरिएको भन्दा एक वर्ष अगाडिसम्मको बीजक वा आयातसँग सम्बन्धित कागजात हुनुपर्दछ। एक ट्रेड लिङ्कले एक वर्षभन्दा बढी समयको कट्टी दाबी नगरेको रकम रु.१,६९,९३४।- र थप दस्तुर तथा जरिवाना समेत असुल गर्नुपर्दछ।

नेपाल लेखामान १ अनुसार वासलातमा देखिएका सारभूत शीर्षकको रकमको थप विवरण खुलासा गर्नुपर्दछ। आयकर ऐन, २०५८ को दफा १४ बमोजिम व्यावसायिक प्रयोजनमा प्रयोग भएको ऋणको ब्याज खर्च कट्टी गर्न पाउने व्यवस्था छ। कारोबार घटेको अवस्थामा गत वर्षभन्दा बढी देखिएको उक्त लिनुपर्ने रकम व्यावसायिक प्रयोजनमा भएको नदेखिएको हुँदा ब्याज खर्चको आधारमा औसत ब्याजदर ६.७ प्रतिशतले गणना गर्दा हुने ब्याज खर्च रु.३६,२७,४५५।- अमान्य गरी हुने आयमा कर रु.१२,६९,६०९।- र ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ।

आयकर ऐन,२०५८ को दफा ७ अनुसार व्यापारिक मौज्दातको निसर्गबाट प्राप्त रकमलाई व्यवसायबाट भएको आयको गणना गर्दा समावेश गर्नुपर्दछ। एक रेष्टुरेन्टले यस करदातासँग रु.३,८९,०३७।६४ को खरिद देखाएकोमा करदाताले सो रकमलाई बिक्रीमा समावेश नगरेकोले सो बिक्री रकमलाई आयमा समावेश गरी आयकर रु.१,३६,१६३।- तथा मूल्य अभिवृद्धि कर रु.५०,५७५।- समेत रु.१,८६,७३८।- र सो सम्बन्धी शुल्क, थपदस्तुर, जरिवाना तथा ब्याज समेत असुल गर्नुपर्दछ।

४८. **घटीकर :** आयकर ऐन, २०५८ को दफा ११ बमोजिम उत्पादन र रोजगारीको आधारमा विशेष उद्योगको रुपमा मान्यता पाएकोमा सो बमोजिम १८ प्रतिशत आयकर बुझाएको छ। तर उक्त कच्चा पदार्थ बिक्रीबाट रु.२,७०,३६३।- नाफा प्राप्त गरेकोले सो आयमा २५ प्रतिशत कर रु.६८,५९०।५० असुल गर्नुपर्नेमा १८ प्रतिशत कर रु.४९,३८५।३४ मात्र असुल गरेको देखिँदा नपुग कर रु.१९,२०४।५२ मा शुल्क, ब्याज असुल गर्नुपर्दछ।

करदाताले यस ऋणबापत ब्याज खर्च दाबी गरेकोमा रु.८८,९६,३३४।- औसत ब्याजदर १०.२४ हुन आउँछ। ऋणको प्रमाण संलग्न नराखी ब्याज खर्च दाबी लिएको देखिँदा आयकर ऐन, २०५८ बमोजिम जम्मा रु.८,७८,९९,९३५।- को सम्बन्धमा ब्याज खर्च रु.८८,९६,३३४।- अमान्य गरी हुने आयमा कर रु.१६,२०,१७१।६० र शुल्क तथा ब्याज समेत असुल गर्नुपर्दछ। करदाताले खरिद गरेको कच्चा पदार्थ कच्चा पर्दाथ को मौज्दात मूल्याकनमा व्यवस्था आय कर ऐन २०५८ को दफा १५(४) मा उल्लेख छ। करदाताले

रु ४९६०१३।- बढी मूल्याङकन गरेको लागत खर्च अमान्य गरी हुने आयमा कर रु ८९२८२।- र शुल्क, व्याज समेत असुल गर्नुपर्दछ ।

४९ **व्याज खर्च** : एक इण्डष्ट्रिज प्रा.लि.ले गत वर्षदेखि जस्ताको तस्तै उठ्न बाँकी ऋण रु.७२,६३,९७२।- देखिएकोले आयकर ऐन, २०५८ को दफा १४ बमोजिम औसत तिरेको ब्याज दर ९.५८ प्रतिशतले रु.२३,२२,०२७।३८ लाई खर्च कट्टी नदिई आयकर ऐन, २०५८ को अनुसूची १क बमोजिम २५ प्रतिशतका दरले हुने रु.५,८०,५०६।८४ ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ । करदाताले यस वर्ष ट्राभलिङ्ग तथा टुर खर्च भनी रु.४१,३७,०००।- खर्च लेखेकोमा र गत वर्ष रु.१४,२८,६७०।- मात्र खर्च गरेको देखिएकोले यस सम्बन्धमा छानबिन यकिन गरी खर्च कट्टी बढी भएकोमा अमान्य गरी हुने आयमा शुल्क व्याज समेत कर असुल गर्नुपर्दछ ।

करदाताले यस वर्ष उत्पादनमा १३,००,७२१.६१ के.जी. कच्चा पदार्थ प्रयोग गरेको छ । उपर्युक्त कच्चा पदार्थ खपतबाट उद्योग विभागबाट स्वीकृत नर्म्सअनुसार १०२ के.जी. कच्चा पदार्थबाट १०० के.जी. सामान उत्पादन हुनुपर्ने देखिन्छ । करदाताले १२,७५,२१७.२६ के.जी. तयारी वस्तु उत्पादन गर्नुपर्नेमा जम्मा १२,७०,०२४ के.जी. उत्पादन गरी ५,१९३ के.जी. कम सामान उत्पादन गरेको छ । अत: कम उत्पादन दखोएको ५,१९३ के.जी.लाई बिक्री कायम गर्दा प्रति के.जी. औसत बिक्री मूल्य रु.१९०।- ले हुने रु.९,८६,६७०।- लाई आयमा समावेश गरी आयकर ऐन, २०५८ को अनुसूची १(क) बमोजिम कर रु.२,४६,६६७।५० तथा शुल्क, ब्याज समेत असुल गर्नुपर्दछ ।

५० **व्याज खर्च** : एक कार्गोले यस वर्ष रु.७,२२,१८,७६२।- ऋण लिई रु.६५,४०,७५०।- ब्याज भुक्तानी गरेको देखियो । व्यावसायिक प्रयोजनमा प्रयोग नगरी लगानीमा प्रयोग गरेको ऋण बापतको ब्याज रु.२७९९५०।- निव्याजी सापटीमा हुने व्याज रु ४७०५४३६।- र भगिनी संस्थाबाट लिनुपर्ने व्याज रु ३०७१७८६।९५ मा आयकर ऐन,२०५८ को अनुसूची १(क) बमोजिम कर रु.२६८६१९३।- तथा शुल्क ब्याज समेत असुल गर्नुपर्दछ । करदाताको प्रशासनिक खर्च बढी कट्टी रकम रु.५,०१,६५६।- लाई अमान्य गर्दा हुने आयमा कर रु.१,२५,४१४।- तथा शुल्क, ब्याज समेत असुल गर्नुपर्दछ ।

५१ **नगद प्रवाह :** एक सिमेन्ट प्रा.लि.ले आय वर्ष २०७१।७२ मा रु.३,९२,७६८।६२ सम्पत्ति घट्दा नगदको बाह्य प्रवाह देखाएकोले वास्तविक नगद मौज्दात रु.७८,५५,३७२।- घटी देखाएकोमा करमा पर्ने प्रभाव यकिन गर्नुपर्दछ ।

५२ **होटल खर्च** : आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम हुने भुक्तानीमा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। एक एडभेन्चर प्रा.लि.ले २०७१।०७२ मा रु.४,८०,६७,१७२।- को होटल एकोमोडेसन खर्च गर्दा रु.७,२१,००७।५८ भुक्तानीमा कर कट्टा गर्नुपर्नेमा कट्टा गरेको नदेखिँदा शुल्क, व्याज समेत असुल गर्नुपर्दछ ।

५३ **वारेन्टी खर्च** : एक प्रा.लि. ले २०७१।०७२ मा बिक्रीको अनुपातमा बढी वारेन्टी खर्च कट्टी गरेको रु.१,४७,२८,६०३।- मा आयकर ऐन, २०५८ को दफा ७ बमोजिम आयमा समावेश गरी लाग्ने कर रु.३८,८२,१५०।- मा शुल्क, ब्याज समेत असुल गर्नुपर्दछ ।

५४. **कर छुट** : एक टेक्नोलजी प्रा.लि.ले २०७१।०७२ मा गरेको कुल कारोबार रकम रु.११,४९,१६,५८३।- मध्ये रु.२,०५,४४,७७२।- कर छुट खरिद देखाएको छ । उपर्युक्त रकम के कुन कार्यबाट प्राप्त भएको खुल्दैन। निजको कारोबार प्रकृतिका आधारमा बैंकबाट प्राप्त कमिशन फिमा मूल्य अभिवृद्धि कर नलिएको छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ मा कमिशन फिलाई कर छुटको व्यवस्था गरेको छैन । यस्तो फि रु.२,०५,४४,७७२।- मा लाग्ने १३ प्रतिशत कर रु.२६,७०,८२०।- थप दस्तुर र जरिबाना सहित असुल गर्नुपर्दछ ।

करदाताले यस वर्ष रु.१०,३५,९५,८३०।- ऋण लिई रु.८९,८५,९३२।- ब्याज भुक्तानी गरेको देखिएको व्यवसायसँग सम्बन्धित नदेखिएको लगानीमा गरिएको रकमको औसत ब्याजदर ८.६७ प्रतिशतले हुने रु.२०,११,८८६।२७ लाई अमान्य गर्दा हुने आयमा २५ प्रतिशतले हुने कर रु.६,०२,९७१।३१ शुल्क, ब्याज सहित असुल गर्नुपर्दछ । करदाताले वित्तिय विवरणमा एडभान्स ट्याक्स रु.५०,४५,६५८।- रहेकोमा आय विवरणसाथ पेश गरेको अनुसूची १० मा रु.५८,२२,२३१।१५ दाबी गरेको छ । यसरी वढी दावी गरेको रु.७,७६,५७३।- ब्याज र जरिबाना सहित असुल गर्नुपर्दछ ।

५५ **टिकट विक्री** : एक ट्राभल्स एण्ड टुर्स प्रा.लि. ले २०७१।०७२ मा रु.५,८३,७८,३४३।- कर छुट बिक्री देखाउँदा रु.९,७२,१३६।- हवाई टिकट बिक्री कमिशन उल्लेख गरेको छ । टिकट बिक्रीबाट रु.५,५६,१४१।- थप आय कायम गर्नुपर्ने र सोमा आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम कर रु.१,३९,०३५।- शुल्क, ब्याज सहित असुल गर्नुपर्दछ ।

होटल एकोमोडेसन बापत रु.९,३५,७६,२२६।६४ खर्च कट्टी गरेकोमा सो रकममा आयकर ऐन २०५८ को दफा ८८ बमोजिम सेवा शुल्क भुक्तानी १.५ प्रतिशतले हुने अग्रिम कर कट्टा नगरेको रु.१४,०३,६४३।- शुल्क, व्याज सहित असुल गरी गर्नुपर्दछ । गाडी खरिदमा प्रयोग भएको मूल्य अभिवृद्धि कर ४० प्रतिशत

कट्टी रु.२,७२,८३०।- देखिदा सो को १०० प्रतिशत रु.६,८२,०७५।- हुनजाने र यो आधारमा गाडीको मूल्य रु.५२,४६,७३०।- हुन जान्छ । वित्तिय विवरणमा गाडी खरिद नदेखिएको अवस्थामा गाडी खरिदको मूल्य अभिवृद्धि कर खर्च दाबी दिएकोले उक्त रकम जरिवाना सहित असुल गर्नुपर्दछ ।

५६ **घटी कारोबार** : एक गेष्ट हाउसलाई २०७१।०७२ मा ४ करदाताले विभिन्न खरिद बिक्री देखाएकोमा गेष्ट हाउसले घटी खरिद/बिक्री देखाएकोमा रु.८३,७६,२९८।- सम्बन्धमा कर परीक्षणको क्रममा केही उल्लेख गरेको छैन । उक्त फरक रकम सम्बन्धमा थप छानबिन गरी आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम कर दायित्व यकिन गर्नुपर्दछ ।

५७. **व्याज खर्च :** एक टेडिङ्ग ले २०७०।०७१ मा रु.१,१५,९९,८५१।- ब्याज खर्च दाबी गरेकोमा आय आर्जनसँग असम्बन्धित एपार्टमेन्ट खरिदमा ऋण लगानी गरेको देखीदा औषत ब्याजदर १२.८७ प्रतिशतले हुने रु.२३१५०३०।- व्याज खर्च कट्टि लाई अमान्य गर्दा आयकर ऐन, २०५८ को अनुसूची १(क) बमोजिम कर रु.५७८७५७।- तथा शुल्क, ब्याजसहित असुल गर्नुपर्दछ ।

करदाताले यस वर्ष रु.१,३८,७२,१००।- को जग्गा खरिद गरेकोमा सो जग्गा व्यवसायमा प्रयोग भएको नदेखिएकोले प्रचलित ब्याजदर १५ प्रतिशतले हुने रु.२०,८०,८१५।- ब्याज अमान्य गरी हुने आयमा कर रु.५,२०,२०३।- शुल्क, ब्याज सहित असुल गर्नुपर्दछ । करदाताले व्यक्तिगत प्रयोगमा आउने रु.१,८०,१५,८०४।- को एपाटमेन्टमा ह्रास खर्च रु.९,४८,२००।- कट्टि गरेको देखियो । व्यक्तिगत प्रयोगमा आउने उपर्युक्त खरिदको ह्रास कट्टा गर्न मिल्ने नदेखिँदा खर्च अमान्य गरी हुने आयमा आयकर ऐन, २०५८ को अनुसूची १(क) बमोजिम कर रु.२,३७,०५०।- र शुल्क, ब्याज सहित असुल गर्नुपर्दछ ।

५८. **जर्ति :** करदाताले यस वर्ष ८०,१३,४३४ के.जी. कच्चा पदार्थ प्रयोग बाट ७८,५६,३०७.८४ के.जी.उत्पादन हुनुपर्नेमा जम्मा ७२,१२,०९०.६० के.जी. निर्मित वस्तु उत्पादन गरेकोले १० प्रतिशत जर्ति ८,०१,३४३ के.जी. दाबी गरेको देखियो । उद्योग विभागको मेटेरियल कन्जन्सन नर्म्स अनुसार १०२ के.जी. कच्चापदार्थबाट १०० के.जी. उत्पादन हुनुपर्दछ । बढी जर्ति ६,४४२.१७ क्विन्टललाई औसत बिक्री मूल्य रु.२,६८०।- का दरले हुने रु.१,७२,६५,०१५।- लाई बिक्री कायम गरी आयकर ऐन, २०५८ को अनुसूची १(क) बमोजिम कर रु.३४,५३,००३।- तथा शुल्क, ब्याज समेत असुल गर्नुपर्दछ । न्यूनतम प्रति क्विन्टल दरको हिसाबले २६,४५८ क्विन्टलको रु.९७२८१०३९।- मौज्दात मूल्याङ्कन हुनुपर्नेमा रु.२२,२८,५३६।- कम मूल्याङ्कन भएकोले कम मूल्याङ्कन को कारण छुट हुने आयमा आयकर ऐन, २०५८ को अनुसूची १(क) बमोजिम कर रु.४,४५,७०७।- र शुल्क, ब्याज सहित असुल गर्नुपर्दछ ।

५९. **खर्च कट्टी :** एक टेडिङ्गले २०७०।०७१ मा खरिद लागत रु.१६५१७७५२।- बढी खर्च कट्टि गरेकोले सो लागतलाई अमान्य गर्दा हुने आयमा आयकर ऐन, २०५८ को अनुसूची १(क) बमोजिम कर रु.५९,५५,२७१।- र शुल्क, ब्याज सहित असुल गर्नुपर्दछ । साथै रु.१,६५,१७,५७५।- को खरिद लागत बढी देखाई रु.२१,४७,२८४।- मल्य अभिवृद्धि कर फिर्ता लिएकोले उक्त रकम, ब्याज र जरिबाना सहित असुल गर्नुपर्दछ ।

६०. **तलब खर्च** : आयकर ऐन, २०५८ को दफा १३ मा व्यवसायसँग सम्बन्धित खर्च कट्टी गर्न पाउने व्यवस्था छ । तुलनात्मक वित्तिय विवरण प्रस्तुत नगरिएको र प्रशासनिक खर्च अन्तर्गत तलब भत्ता उपशीर्षकमा गत वर्षभन्दा ४ प्रतिशतले वृद्धि भई रु.३७,३२,७५०।- खर्च दाबी भएको छ । सामाजिक सुरक्षा कर तथा पारिश्रमिक कर गणना प्रशासनिक खर्च अन्तर्गतको तलब भत्ताको मात्रै गरी बिक्री वितरण लागत अन्तर्गतको तलबको नगरिए उक्त खर्च रु.१८,००,०००।- अमान्य गरी हुने आयमा कर रु.५,४०,०००।- र लाग्ने ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ । प्रशासनिक खर्च अन्तर्गत कर तथा शुल्क खर्च बापत रु.२,०५,६८०।- खर्च दाबी गरिएको हुँदा उक्त खर्च अमान्य गरी हुने आयमा कर रु.६१,७०४।- र सोमा लाग्ने ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ ।

६१ **व्याज खर्च :** आयकर ऐन, २०५८ को दफा १४ बमोजिम व्यवसायमा प्रयोग भएको कर्जाको ब्याज खर्च कट्टी गर्न पाइन्छ । एक ट्रेड इन्टरनेशनलले २०७१।०७२ मा पेश गरेको वित्तीय विवरणअनुसार एकातर्फ अधिविकर्ष ऋण लिई ब्याज खर्च दाबी गरेको देखिन्छ भने अर्कोतर्फ व्यवसायको रकम प्रोप्राइटरले व्यक्तिगत प्रयोजनमा प्रयोग गरेको देखिन्छ । यस वर्षको शुरुमा प्रोप्राइटरले रु.१८,००,०००।- प्रयोग गरेको देखिएको हुँदा औसत व्यक्तिगत उपभोग रु.९,००,०००।- मानी सो रकमको सामान्य ब्याज दर १५ प्रतिशतले हुने रु.१,३५,०००।- ब्याज खर्च अमान्य गरी कर रु.३३,७५०।- र सोमा लाग्ने ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ ।

६२. **कर खर्च** : आयकर ऐन, २०५८ को दफा २१ मा सोही ऐनबमोजिम तिरेको तर रकमलाई खर्च कट्टी गर्न नपाइने व्यवस्था छ । एक इन्जिनियरिङ्ग कलेजले पेश गरेको वित्तीय विवरणको अनुसूची रहेको प्रशासनिक खर्चतर्फ कर वापतको रु.४६,९६,३७१।- खर्च दाबी गरिएकोले सो खर्च अमान्य गरी कर रु.११,७४,०९२।- र सोमा लाग्ने ब्याज तथा शुल्क समेत गणना गरी असुल गर्नुपर्दछ ।

आयकर ऐन, २०५८ को दफा २१ बमोजिम तोकिएको अवस्थामा बाहेक एकपटकमा रु.५०,०००।- भन्दा बढी रकम नगद भुक्तानी गरेमा सो खर्च कट्टी गर्न पाइँदैन । २०७१।८।६ मा अनुसन्धान (Research)

तथा अन्य खर्च बापत रु.२,५२,०००।-नगद भुक्तानी गरेको देखिएको हुँदा सो खर्च अमान्य गरी आयकर ऐन, २०५८ बमोजिम कर रु.६३,०००।- र सोमा लाग्ने ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ ।

आयकर ऐन, २०५८ को दफा ७ बमोजिम सेवा शुल्क बापत प्राप्त रकम आयमा समावेश गर्नुपर्दछ र दफा १३ बमोजिम व्यवसायबाट आय आर्जन हुने कार्यमा भएका खर्चहरु कट्टी गर्न पाइने व्यवस्था छ । छात्रावास बापत गत वर्ष रु.२३,६४,६००।- आय भएकोमा यस वर्ष आय देखाएको छैन । छात्रावासतर्फको खर्चतर्फ गत वर्ष रु.१०,५८,२८१।- भएकोमा यस वर्ष रु.१२,७३,६५६।- दाबी गरेको देखिन्छ । आयतर्फ समावेश नगरी खर्च मात्र दाबी गरिएको रु.१२,७३,६५६।- अमान्य गर्दा हुने आयमा कर रु.३,१८,४१४।- र सोमा लाग्ने ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ ।

आयकर ऐन, २०५८ को दफा १४ बमोजिम कुनै व्याक्तीले व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यका लागि सिर्जना भएको दायित्वको ब्याज खर्च कट्टी गर्न पाउँदछ । करदाताले जग्गामा लगानी रु.३२,६४,०४,५००।- भएकोमा सो जग्गा व्यवसायमा प्रयोग भएको देखिँदैन । साथै जग्गाको आय देखिँदैन बैंकबाट ऋण यस वर्षको शुरुवातमा रु.२६,९५,६६,४०१।- रहेकोमा वर्षान्तमा रु.१०,४३,५५,९०८।- रहेको र सो बापतको ब्याज खर्च रु.२८७०४०३८।- देखिन्छ । जग्गामा लगानी गर्ने उद्देश्य नरहेको करदाताले उक्त लगानीको कारण ऋण लिनुपर्ने अवस्था सिर्जना भएको हुँदा उक्त ब्याज खर्च दाबी गर्न मिल्ने देखिँदैन । अतः कर परिक्षणबाट अमान्य गरिएको रु ४८४८९८१।- घटाई बाकि रु २३८५५०५६।- अमान्य गरी सोमा आयकर ऐन, २०५८ को अनुसूची १(२) बमोजिम लाग्ने कर रु.५९,६३,७६४।- र ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ । आयकर ऐन, २०५८ को दफा ८७ र ८८ मा विभिन्न भुक्तानी गर्दा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । भुक्तानीमा कर कट्टी नगरेको रु.३२१५५८।०० ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ ।

६३. **बढी दावी** : मूल्य अभिवृद्धि क्रेडिट रु.३६,७५,४७०।- रहेकोमा हिसाब मिलान विवरण अनुसारको दोहोरो दाबी तथा खरिद फिर्ताको मूल्य अभिवृद्धि कर समायोजन गर्न बाँकी रहेको जम्मा रु.१३,०१,०८७४८ समायोजन पछि मूल्य अभिवृद्धि कर क्रेडिट रु.२३,७४,३८२।-हुनुपर्ने देखिन्छ । करदाताले पेश गरेको वित्तीय विवरण लिन बाँकी मूल्य अभिवृद्धि कर रु.१,७०,३३,८१५।- देखिएकोले रु.१,४६,५९,४३३।- बढी दाबी गरेको देखिन्छ । आय विवरणको अनुसूची १० मा कर मिलान दाबी रु.२३,७५,३४२।- गरेकोमा वित्तीय विवरणको खुलासा अनुसार सो रकम रु.१,६३,६१,०४१।- भएकोले रु.१,३९,८५,६९९।- बढी दाबी भएको रकम ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ ।

करदाताले डिवेन्चर तथा सरकारी ऋणपत्रमा रु.१०,६७,५३४।- लगानी गरेको र वि.सं. २०६५ मा सो ऋणको साँवा भुक्तानी दिइने उल्लेख छ । यसबाट ऋण परिपक्व भई साँवा भुक्तानी भइसकेपछि पनि करदाताले सो रकमलाई सम्पत्तिको रुपमा उल्लेख गर्दै आइरहेकोले दफा ४० बमोजिम उक्त मूल्यको सम्पत्तिको निसर्ग गरी लाग्ने कर,ब्याज तथा शुल्क समेत यकिन गर्नुपर्दछ ।

आयकर ऐन, २०५८ को दफा ८८ मा मूल्य अभिवृद्धि करमा दर्ता रहेको सेवा प्रदायकलाई सेवा शुल्क भुक्तानी गर्दा १.५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ । आय विवरणको अनुसूची १० मा एक एसोसियनले भुक्तानीमा कर कट्टी रु.२१,०२०।- मा १.५ प्रतिशत गरेअनुसार खरिदकर्तालाई रु.१४,०१,३३७।- बिक्री गरेको हुनुपर्नेमा बिक्री रु.११,१७,१७९।- मात्र बिक्री देखाई घटी बिक्री दखोएको रु.२,७४,१५८।- लाई आयमा समावेश गरी कर रु.७१,०३९।- र सोमा लाग्ने ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ ।

आयकर ऐन, २०५८ को दफा १४ मा व्यवसाय वा लगानीको आय आर्जन गर्ने कार्यमा प्रयोग भएको दायित्वको ब्याज खर्च कट्टी गनृ पाउने व्यवस्था छ । करदाताले यस वर्ष रु.३,७७,६८,३६४।- बैंक ऋण रहेकोमा रु.५४,७३,३७४।- रिलेटिभ डाइरेक्टरलाई पेश्की दिएकोले सो ऋण व्यवसायिक प्रयोजन भएको देखिएन । यसमा औषत ब्याज १४.४९ प्रतिशत ब्याज खर्च रु.१,९७,२९७।- अमान्य गरी हुने कर रु.४९,३२४।- र सोमा लाग्ने ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ ।

आयकर ऐन, २०५८ को दफा २८(२) मा कुनै व्यक्तिको कुनै आय बर्षमा आय गणना गर्दा समावेश गरिने वा कट्टी गरिने रकम नेपाली रुपैया बाहेक अन्य मुद्रामा अंकित गरिएकोमा सो रकम प्राप्त गरिएको, खर्च गरिएको, दिएको, बुझाएको वा कर प्रयोजनको लागि अन्य कुनै किसिमले हिसाब गर्दाका बखत प्रचलित विनिमय दर अनुसार सो मुद्रालाई नेपाली रुपैयामा परिवर्तन गर्नु पर्नेछ । तर करदाताले यस वर्षको वित्तीय विवरणमा गत वर्षको नेपाली रुपैयाँ रकम नै डलर खाताको बैंक मौज्दात रकमको रुपमा देखाएको हुँदा सो कारण फरक पर्न आएको रु.१०,२६,४५८।- लाई आयमा समावेश गरी कर रु.२,५६,६१४।- र सोमा लाग्ने ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ ।

आयकर ऐन, २०५८ को दफा ६३ मा अवकाश कोषको स्वीकृति लिनुपर्ने व्यवस्था छ । त्यस्तै आयकर नियमावली, २०५९ को नियम २०(ग) मा अवकाश योगदान रकम आषाढ महिनाको हकमा एक महिनाभित्र र अन्य महिनाको हकमा खर्च लेखेको १५ दिनभित्र कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । उपदान व्यवस्था बापत यस वर्ष रु.१५,४५,४०८।- खर्च कट्टि गरेकोमा सो रकम स्वीकृत अवकाश कोषमा पठाएको

नदेखिदा खर्च अमान्य गरी हुने आयमा कर रु.३,८६,३५२।- र सोमा लाग्ने ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ ।

६४ **दीर्घकालीन करार** : आयकर ऐन, २०५८ को दफा २६ मा दीर्घकालीन करारको सम्पन्न प्रतिशत बमोजिम क्रमबद्ध वृद्धिको योग अनुसार समावेश हुने रकम प्राप्त गरिएको तथा सोही अनुसार कट्टी गरिने अनुमानित रकम खर्च भएको मानिने व्यवस्था छ । त्यस्तै सोही ऐनको दफा १५ अनुसार व्यापार मौज्दातको लागत गणना गर्दा शुरु मौज्दातमा सो वर्षको थप लागत खर्च जोडी अन्तिम मौज्दात घटाईगणना गर्नुपर्दछ । एक जे.भी. ले २०७१।०७२ मा क्रमबद्ध वृद्धिको योगअनसार खर्च दाबी गर्दा गत वर्ष अन्तिम मौज्दात रु.१,८१,५७,७८०।- लागतबाट नघटाई आय विवरणमा दाबी गरिसकेले कर प्रयोजनको लागि गत वर्षको अन्तिम मौज्दात रहेको छैन । तर उक्त रकमलाई यस वर्षको शुरु मौज्दात मानी व्यापार मौज्दातको लागतमा समावेश भएकाले एउटै खर्च दुई पटक दाबी भएको पाइयो । लेखाको सर्वमान्य सिद्धान्त अनुरुप उक्त खर्चलाई यस वर्ष खर्च कट्टि गर्नुपर्ने भए तापनि गत वर्षको आय विवरणमा नै दाबी भई कर दायित्व घटी सकेको हुँदा यस वर्ष दाबी गर्न नमिल्ने रु.१,८१,५७,७८०।- लाई अमान्य गरी कर रु.४५,३९,४४५।- र सोमा लाग्ने ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ ।

आयकर ऐन, २०५८ को दफा १३ मा व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा भएको खर्च कट्टी गर्न पाउने व्यवस्था छ । मूल्य अभिवृद्धि कर विवरणअनुसार कर क्रेडिट रु.५,८६,८३७।- रहेकोमा वित्तीय विवरण अनुसार रु.८,००,२८४।- देखाई बढी दाबी गरिएको रु.२,१३,४४७।- को दायित्वको निसर्ग गरी रु.५३,३६१।- र सोमा लाग्ने ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ । एम्बुलेन्स खरिद रु.८,७५,०७२।- लाई निर्माण सामग्री खरिद अन्तर्गत व्यापार मौज्दात लागतमा दाबी गरेको उक्त खर्च अमान्य गरी हुने आयमा कर रु.२,१८,७६८।- र ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ ।

नेपाल लेखामान बमोजिम सम्बद्ध पार्टीहरुबीचको कारोबारलाई वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ । सम्बद्ध पार्टी एक इन्फ्रास्ट्रक्चर लिमिटेडसँग रु.५,११,८७,७१८।- तथा एक कन्स्ट्रक्सन प्रा.लि.सँग रु.६,१३,९६,०८९।- को गरी जम्मा रु.११,२५,८३,८०७।- को खरिद गरिएको विषयमा खुलासा गरेको छैन । त्यस्तै गरी सम्बद्ध पार्टीहरु लेखापरीक्षक एकलाई रु.४,३८,५५५।-, एक कन्स्ट्रक्सन प्रा.लि. एक इन्फ्रास्ट्रक्चर जम्मा रु.६,८८,२३,२७१।- तिर्नुपर्ने दायित्व भएकोमा यस सम्बन्धमा खुलासा भएको छैन । थप कर असुल हुनुपर्दछ ।

६५. **दोहोरो खर्च** : आयकर ऐन, २०५८ को दफा १३ बमोजिम व्यवसायको आय आर्जन भएका खर्चहरु कट्टी गर्न पाउने व्यवस्था छ । त्यस्तै गरी सामान्य अवस्थामा खरिद मूल्यभन्दा बिक्री मूल्य बढी हुने गर्दछ । एक इन्टरनेशनल ले आ.व. २०७१।०७२ मा व्यापार मौज्दात लागत गणना गर्दा फ्रेट चार्ज रु.१०,१२,६८९।- लाई खरिद लागतमा समावेश गरिसकेपछि पनि ढुवानी बापत रु.३३,६०,४८७।- खर्चदाबी गरिएको देखियो । अतः उक्त खर्च दोहोरो परेको देखिएको हुँदा अमान्य गरी हुने आयमा कर रु.८,४०,१२१।- र ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ ।

आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम कमिसन भुक्तानीमा १५ प्रतिशतले भुक्तानीमा कर कट्टी गर्नुपर्दछ । करदाताले पेश गरेको खाताबाट कमिसन कर जम्मा रु.६,६३,३००।- देखिन्छ । उक्त रकम १५ प्रतिशत ले हुने रु.४४,२२,०००।- हुनुपर्दछ । आय विवरणमा कमिसन आय रु.११,४५,८५६।- मात्र समावेश गरेकोले घटी आय देखाएको रु.३२,७६,१४३।- मा कर रु.८,१९,०३५।- र ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ ।

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४१ बमोजिम अटोमोबाइल्स खरिदको ४० प्रतिशत कट्टी गर्न पाइन्छ । २०७१।१०।१५ मा रु.१५,९२,९२०।- मा अटोमोबाइल्स खरिद गरी रु.२,०७,०७९।- मूल्य अभिवृद्धि कर तिरेको देखिन्छ । उक्त मूल्य अभिवृद्धि कर रकमलाई वित्तीय विवरणमा सम्पत्तितर्फ देखाई पूरै रकममा समायोजन गरिएकोले छानबिन गरी दाबी गर्न नमिल्ने मूल्य अभिवृद्धि कर रु.१,२४,२४७।- र जरिवाना, ब्याज तथा थप दस्तुर समेत असुल गर्नुपर्दछ ।

आसिकुडा अनुसार आयात खर्च रु.५९,९६,८२५।- रहेकोमा वित्तीय विवरण अनुसार रु.७४,४६,२३४।- आयात खर्च दाबी गरेकोले रु.१४,४९,४०९।- बढी खर्च वित्तीय विवरणमा समावेश गरी खर्च दाबी गरिएको देखिन्छ । हिसाब मिलान विवरणअनुसार फरक रकममध्ये रु.१०,१२,६८९।- ढुवानी दाबी गरेकोमा बाँकी रु.४,३६,७१९।- खर्च पुष्टि नभएकाले उक्त बढी खर्च रकम अमान्य गरी कर रु.१,०९,१७९।- बढी दाबी गरिएको आयाततर्फको मूल्य अभिवृद्धि कर रु.१,८७,९०४।- समेत गरी कुल रु.२,९७,०८३।- र सोमा लाग्ने ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ ।

६६ **हायर पर्चेज** : नेपाल लेखामान १५ सम्वद्व पार्टी खुलासा वमोजिम सम्वद्व व्यक्तिहरु वीचको कारोवारलाई उल्लेख गरिनुपर्छ । तर सो अनुसार खुलाशा गरेको छैन । एक होल्डिङ प्रा.ली. ले २०७१।७२ मा सञ्चालक हायर पर्चेज कर्जा व्यवस्था अन्तर्गत २ सवारी साधन खरिद गरी करदाताले २०७१ साउन १६ वाट प्रतिवर्ष १० प्रतिशत मूल्य वृद्दि हुने गरी मासिक रु १००,०००।- प्रति सवारी साधन भाडा तिर्ने गरी सवारीसाधन

लिने सम्झौता भएको छ । प्रचलित लेखामान वमोजिम खुलाशा नगरेको सवारी साधन करदाताले आफ्नै नाममा हायर पर्चेज खरिद नगरी सञ्चालकको नाममा खरिद गरेर भाडा सम्झौता गरेको हुदाँ कर मुक्ति सम्वन्धमा छानविन गरी गर दायित्व यकिन हुनुपर्दछ ।

आयकर ऐन २०५८ को दफा १३ वमोजिम व्यवसायसंग सम्वन्धितका खर्च कट्टि गर्न पाउने व्यवस्था छ । करदाताले मासिक रु १ लाख भाडा तिर्ने गरी साउन १६ वाट लागु हुने गरी सवारीसाधन सम्झौता भएकोमा यस वर्षको भाडा रु २३००,०००।- हुने देखिन्छ । तर सवारीसाधन भाडा वापत रु ३५००,०००।- खर्च कट्टी गरेको हुदाँ वढी खर्च रु १२००,०००।- अमान्य गरी हुने आयमा कर रु ३००,०००।- र सोमा लाग्ने व्याज र शुल्क समेत असुल गर्नुपर्दछ ।

आयकर ऐन २०५८ को दफा १३ वमोजिम व्यवसायको आय गणना गर्ने प्रयोजनका लागि खर्च कट्टी गर्न पाउने व्यवस्था छ । आय विवरण अनुसार गत वर्षको नोक्सान रु २,२८,१५,४३९।- दावी गरी सञ्चालकको व्यक्तीगत नाममा ऋण देखाई व्याज खर्च दावी गरी नोक्सान वढाएका देखिन्छ । प्राकृतिक व्यक्तिले गरेको खर्च दावी गर्न नमिल्ने हुदा सो खर्च रु १६९९३८६।४३ अमान्य गरी कर रु ४२४८४६।६१ र व्याज, शुल्क समेत असुल गर्नुपर्दछ ।

आयकर ऐन २०५८ को दफा १४ वमोजिम व्यवसायबाट आय आर्जन हुने कार्यमा प्रयोग भएको दायित्वको व्याज खर्च कट्टी भएको छ। करदाताको ऋण रकम रु ३२१९३२१७ ब्याज खर्च कसट्ट रु.४५४११४८। देखिन्छ । वर्षको अन्त्यमा नगद मौज्दात रु ३,२१,०८,१३५।- रहेको देखिन्छ । व्याज तिर्ने गरी लिएको ऋण रकम कै हाराहारीमा वैक तथा नगद मौज्दात रहेको देखिएकोले व्यवसायको आयआर्जनका ऋण प्रयोग भएको मान्न सकिएन । औषत व्याज दर ११.८६ ले हुने रकम रु २२,२५,६५,६।- लाई खर्च आमान्य गरी कर रु ५५६,४१४।- र व्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ ।

मूल्य अभिबृद्धि कर प्रयोजनको स्वः आपूर्तिमा समेत मूल्य अभिबृद्धि कर बिजक जारी गरी मूल्य अभिबृद्धि कर असुल गर्नुपर्दछ । वित्तिय विवरण अनुसार स्टाफ खाना खर्च रु २७६२१२१।९० देखिन्छ । उक्त वस्तु खरिदमा तिरेको मूल्य अभिवृद्धि कर दावी गर्न नमिल्नेमा मूल्य अभिवृद्धि कर डेविट समायोजन गरेको पाइएन । मूल्य अभिवृद्धि कर रु ३५९०७५।- र व्याज र शुल्क समेत असुल गर्नुपर्दछ ।

आयकर ऐन २०५८ को दफा ८८ तथा ८९ मा विभिन्न खर्चहरुको भुक्तानमा तोकिएको दरमा अग्रिम करकट्टी गर्नुपर्ने व्यवस्था छ । सो अनुसारभुक्तानीमा कर कट्टि नगरेको रु १६४२९९७३ र सो मा लाग्ने व्याज र शुल्क समेत असुल गर्नुपर्दछ ।

६७. **विज्ञापन खर्च :** संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०६९ को शैक्षिक व्यवस्था सम्बन्धी कम्पोनेन्ट नं.४.२.३ अनुरुप आधारभूत तहका विद्यालयहरुले रु.३ लाखसम्म र माध्यमिक तहसम्मका विद्यालयहरुले बढीमा रु.५ लाखसम्म विज्ञापनमा खर्च गर्न पाउने व्यवस्था छ । एक स्कुल प्रा.ली ले २०७१।७२ मा विज्ञापन खर्च वापत यस वर्ष रु २१,१०,४३५।- र गत वर्ष रु १२,३६२४०।- खर्च कट्टी गरेको छ । हदभन्दा वढी गरेको यस वर्षको रु १६१०४३५।- र गत वर्षको रु ७६३२४०।- गरी कुल रु २३७३६७५।- नोक्सानी वढाएको हुदा उक्त खर्च अमान्य गरी नोक्सानी घटाउनुपर्दछ । .आयकर ऐन २०५८ को दफा १९ तथा अनुसुची २ वमोजिम जग्गाको ह्रास कट्टी खर्च दावी गर्न पाइदैन । खेलमैदानको यस्तो रकम रु ७७८०६।- कट्टि गरेकोले सो खर्च अमान्य गरी नोक्सानी घटाउनुपर्दछ ।

आयकर ऐन २०५८ को दफा १३ वमोजिम आय आर्जन हुने कार्यमा प्रयोग भएका खर्च मात्र कट्टी गर्न पाउने व्यवस्था छ । करदाताले रु २७५२००४।- घरभाडा दावी गरेकोमा मासिक रु १९०,०००।- भाडा हुने गरी सम्झौता भएकोले उक्त रकमका आधारमा वार्षिक रु २२८०,०००।- घरभाडा हुनुपर्नेमा रु ४७२००४।- वढी खर्च अमान्य गरी नोक्सानी घटाउनुपर्दछ ।

आयकर ऐन २०५८ को दफा १४ वमोजिम आय आर्जन हुने कार्यमा प्रयोग भएको दायित्वको व्याजखर्च दावी गर्न पाइने व्यवस्था छ । करदाताले वैकवाट ऋण लिई व्याज खर्च दावी गरेको छ । विभिन्न वित्तीय संस्थामा मुद्वति खातामा रकम राखी आय आर्जन हुने कार्यमा उपयोग नगरेको देखिन्छ । व्याज आयलाई आम्दानीमा समावेश नगरेको हुदा मुद्वति खातामा रहेको रकम रु १२,६०,०००।- को औसत व्याजदर १२.७५ प्रतिशत को दरले हुने व्याज रु १६०६५०।- अमान्य गरी नोक्सानी समायोजन घटाउनुपर्दछ ।

६८. **इलेक्ट्रोनिक इन्डष्ट्रिज :** एक इलेक्ट्रोनिक इन्डष्ट्रिज प्रा.लि. ले २०७१।७२ मा खर्च कट्टी दावी गर्न नपाइने रकम शुल्क तथा जरिबाना रु.१६,७२६।-, मूल्य अभिवृद्धि कर खर्च रु.११,९१९।-, मूल्य अभिवृद्धि कर रीभर्स बावत रु.२,३०,८१२।- र गरी जम्मा रु.२५९४७५।- कट्टी लिएको देखिन्छ । उक्त खर्च कट्टी अमान्य गर्दा हुने आयमा कर रु.६४८६८।- र शुल्क ब्याज समेत असुल गर्नुपर्दछ ।

आयकर ऐन, २०५८ को दफा १४ मा व्यवसाय प्रयोजनमा भएको ऋणको ब्याज खर्च कट्टी गर्न पाउने व्यवस्था छ । करदाताले आसामी मा रु.४,३६,५०,६९१।१४ र संञ्चालक तथा अन्य सम्बन्धित पक्षबाट रु.४,८५,५१,०२०।- ऋण लिई ब्याज खर्च रु.१९,४२,७९८।१७ कट्टी लिएको अमान्य गर्दा हुने आयमा लाग्ने कर रु.४,८५,७२०।- र शुल्क, ब्याज समेत असुल गर्नुपर्दछ ।

एक इण्डष्ट्रिज प्रा.लि.ले यस करदातासँग रु.२१,५४,९९५।- खरिद गरेको देखाएकोमा करदाताले रु.६,३६,९४३।- मात्र बिक्री देखाएकोले घटी बिक्री देखाएको रु.१५,१८,०२२।- को मूल्य अभिवृद्धि कर रु.१,९७,३४३।- र आय कर रु.३,७९,५०६।- मा शुल्क, ब्याज दप दस्तुर र जरिवाना समेत असुल गर्नुपर्दछ ।

६९. **स्टीकर :** कार्यालयको सूचना प्रणाली अनुसार एक डिष्ट्रिलरी इन्डष्ट्रिज प्रा.लि. को बक्यौता रकम रु.१,१६,८३,३७२।- देखिन्छ । करदाताले २०७३ वैशाखदेखि भ्याट विवरण बुझाएको पाइएन । कर बक्यौता रहँदा रहँदै अन्तःशुल्क स्टीकर रोक्नुपर्नेमा स्टीकर दिइरहेको छ । यस सम्बन्धमा छानबिन गर्नुपर्दछ ।

आयकर ऐन, २०५८ को दफा ११(ख) बमोजिम पूँजीमा बृद्धिको श्रोत खोजीन सक्ने व्यवस्था छ । वित्तीय विवरण अनुसार गत वर्ष चुक्ता पुँजी रु.१ करोड ७५ लाख रहेकोमा यस वर्ष रु.३ करोड २५ लाखले वृद्धि गरी रु.५ करोड पुऱ्याएकोमा उक्त रकमको श्रोत खुलेको देखिएन । श्रोत कर तिरेपछिको हो होइन यकिन गर्नुपर्दछ ।

आयकर ऐन ०५८ को दफा १५ वमोजिम प्रत्यक्षलागत खर्च गणना गर्नुपर्ने व्यवस्था रहेको छ । करदाताले सो वमोजिम गणना गर्दा रु ४५०९७४६०।- मा प्रत्यक्ष लागत जोडिसकेपछि पुनः रु ८२२४१४१।- थप खर्च दावि गरेको देखिदा सो खर्चलाई अमान्य गर्दा हुने आयमा कर रु २४६७२४२।- व्याज तथा शुल्क सहित असुल गर्नुपर्दछ ।

७० **फरक दर :** विभिन्न ४ करदाताले ४आथिंक वषंहरुमा २० प्रतिशतका दरले आयकर भुक्तानी गरेको देखियो तर आयकर ऐन ०५८ को अनुसुची १ वमोजिम चुरोट, मदिरा जन्य उद्योगले ३० प्रतिशत कर तिर्नुपर्ने र निर्यात को २५ प्रतिशत छुट कर छुट कटाउंदा २२.५ प्रतिशतका दरले कर भुक्तानी गर्नुपर्नेमा २० प्रतिशत मात्र तिरेकोले नपुग २.५ प्रतिशत कर रु.१०८५३०३।- शुल्क, व्याज समेत असुल गर्नुपर्दछ ।

७१ **बढी कर दावी :** एक इन्भेष्टमेन्ट प्रा.लि ले २०७०।७१ देखि २०७२।७३ सम्म ३ वर्षदेखि आय विवरण पेश गरेको देखिएन । निजको मूल्य अभिवृद्धि कर विवरणअनुसार ३ वर्षको खरिद बिक्री कारोबारको आधारमा करयोग्य खरिद ७९.६८ प्रतिशत र करयोग्य बिक्री १८.७८ प्रतिशत देखिन्छ । मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४० अनुसार निजले समानुपातिक रुपमा मूल्य अभिवृद्धि कर रु.२६,३५,२२२।- मात्र क्रेडिट दाबी गर्न मिल्नेमा रु.१,११,८१,५७९।- दाबी गरेकोले बढी क्रेडिट दाबी गरेको रकम अमान्य गर्नुपर्दछ ।

७२ **वढी समायोजन** : एक इन्टरनेशन ट्राभल्स एण्ड टुर्स ले **आ.व.** २०६९।७० र २०७०।७१ मा वित्तीय विवरण तथा आय विवरणको कुल आयमा समावेश गर्नुपर्ने रकम, ब्याज तथा ह्रास कट्टी खर्च समान दाबी गरेको तर अन्य खर्च विवरणमा वित्तीय विवरणको भन्दा आय विवरणमा बढी उल्लेख गरी नोक्सानी बढाउँदै आएको छ । वित्तीय विवरणअनुसार सञ्चित नोक्सानी रु.५०,८४,९८५।- मा कर रु.४७,२७७।- समायोजन गर्दा रु.५०,३७,७०८।- देखिनुपर्नेमा आय विवरणको अनुसूची ५ मा रु.१,२५,७०,१०८।- देखिएकोले बढी दाबी नोक्सानी रु.७५,३२,४००।- को सम्बन्धमा छानबिन गरी यकिन गर्नुपर्दछ ।

करदाताले एक इनटरनेशनल ट्राभल्स एण्ड टुर्ससँग खरिद रु.३३,८१,७५५।- देखाएकोमा बिक्रेताले रु.१०,७५,७८३।- देखाएको मिसम्याच विवरणबाट देखियो । वास्तविक खरिदभन्दा बढी खरिद देखाई फरक रु.२३,०५,९७२।- सम्बन्धमा कारोबार यकिन गरी खर्च अमान्य गर्दा हुने आयमा कर रु.५,७६,४९३।- शुल्क, ब्याज समेत असुल गर्नुपर्दछ ।

७३ **एक रिसोर्ट प्रा.लि :** २०७१।७२ को मूल्य अभिवृद्धि कर विवरणअनुसार कर लाग्ने बिक्री रु.५,७४,७०,०५६।- रहेकोमा वित्तीय विवरणमा कर लाग्ने बिक्री रु.५,१९,५८,०४१।- मात्र समावेश गरी सोहीअनुसार आय विवरण पेश भएकोले आय विवरणमा घटी भएको र.५५,१२,०१४।- लाई आयमा समावेश गरी करयोग्य नोक्सानी घटाउनु पर्दछ ।

नेपाल लेखामान २३ मा कुनै सम्पत्ति खरिद तथा निर्माणको लागि ऋण तथा सापटी लिएकोमा सम्पत्तिको पुँजीकृत गर्दा सो सम्पत्तिसँग प्रत्यक्ष सम्बन्ध स्थापित हुन सक्ने ऋण रकमको ब्याज खर्चलाई पुँजीकृत गर्ने व्यवस्था छ । करदाताले यस वर्ष रु.५,५२,२३,९२६।- बिक्री देखाई गत वर्षवाट जिम्मेवारी सरेको नोक्सानी रु.३,९७,३९,७१८।- समेत कुल नोक्सान रु.६,३३,८२,०८७।- देखाई आय विवरण पेश गरेको छ । ठूलो परिमाणमा नोक्सान देखिनुको मुख्य कारण ह्रास कट्टी तथा ब्याज खर्च देखिएको छ । विगत वर्षहरुदेखि नै ऋण रकम सम्पत्तितर्फ प्रयोग भएकोमा ब्याज खर्च कट्टी गर्दै आएको रकमलाई छानबिन गरी पुँजीकृत गराई रु.३,२४,६८,७७८।-नोक्सानी घटाउनु पर्दछ ।

७४. **ब्याज खर्च** : एक एण्डभेन्चर गियर प्रा.लि.ले २०७१।७२ मा एक गियरसँग रु.३,७०,२७,८१५।- र एक ब्रेड एण्ड ब्रेकफास्टसँग रु.२२,४९,००३।- लिनुपर्ने देखिन्छ । आयकर ऐन, २०५८ को दफा ४५ अनुसार सम्बद्ध निकायसँग भएको कारोबारको खुलासा गरेको छैन । यस वर्ष करदाताले रु.१६,११,३८,०००।- ऋण बापत रु.१,३६,३४,९९५४।- ब्याज खर्च दाबी गरेको छ । सम्बद्ध पार्टी खुलासा पनि नगरिएको र ऋण नलिएको र निःशुल्क सम्बद्ध पार्टीसँग लिनुपर्ने देखिएकोले सो रकमलाई गरी औसत ब्याज दर ८.४६ प्रतिशतले जम्मा रु.३,९२,७६,८१७।- को ब्याज रु ३३,६२,०९५।- अमान्य गरी हुने आयमा आयकर ऐन, २०५८ को अनुसुची

१ बमोजिम कर रु.८,४०,५२३।- शुल्क ब्याज समेत असुल गर्नुपर्दछ। करदाताले कर खर्च भनी रु.५,४३,३५२।- दाबी गरेकोमा खर्च अमान्य गरी हुने आयमा कर रु.१,३५,८३८।- मा शुल्क, ब्याज सहित असुल गर्नुपर्दछ ।

७५ **आय विवरण :** विभिन्न ४ करदाताले मूल्य अभिवृद्धि कर विवरण पेश गरेको देखियो । तर आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम आय विवरण पेश गरेको छैन । खरीद भन्दा बिक्री बढी रहेको रकम रु १५२४४३२८८। मा हुने कर रु ३८११०८२२।- तथा शुल्क, ब्याज र जरिबाना सहित असुल गर्नुपर्दछ ।

७६ **मिसम्याच :** विभिन्न ८ करदाताको कारोबार रकममा मिसम्याच देखिएको भनी अन्य कर कार्यालयबाट यस कार्यालयमा छानबिन गर्न पत्राचार गरेको देखिएको छ। उपर्युक्तानुसार परक देखिएको रकम रु.८२९९७६०८।- सम्बन्धमा छानबिन गरी करदाताको कर दायित्व यकीन गर्नुपर्दछ ।

७७ **मनी एक्सचेन्ज :** मूल्य अभिबृद्धि कर ऐन,२०५२ को अनुसूची १ को समूह ११ को "आ" मा वित्तीय सेवालाई कर छुट हुने सेवामा राखेको देखिन्छ । करदाताले आय विवरण पेस गर्दा २५ प्रतिशतले कर गणना गरेबाट संस्थालाई वित्तीय कारोवार गर्ने संस्थामा गणना गरेको देखिदैन । वित्तीय सेवा गणना नगरेको अवस्थामा २५ प्रतिशत कर गणना हुँदा करदाता कर छुटको कारोबार अर्न्तगत नपर्ने हुँदा मूल्य अभिवृद्धि करमा दर्ता भई १३ प्रतिशतका दरले मूल्य अभिवृद्धि कर असूल गर्नुपर्दछ। वित्तिय सेवा भनी मूल्य अभिवृद्धि करमा दर्ता नहुने तर वित्तिय कारोवार गर्ने संस्थाको लागि आयकर ऐन २०५८ को अनुसूची १ ले तोकेको वित्तिय सेवामा लाग्ने ३० प्रतिशत कर असूल नहुने स्थिति कानून सम्मत देखिदैन तसर्थ ५करदाताले पेस गरेको देहाय वमोजिम आय वर्ष २०७१।७२ को करयोग्य आय रु.५८४१९।- लाई वित्तीय सेवासँग सम्बन्धित भएकोले ३० प्रतिशत कर निर्धारण गर्नुपर्नेमा नपुग ५ प्रतिशत करमा आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिमको शुल्क तथा व्याज गणना गरी असुल गर्नुपर्दछ ।

७८ **विद्यालय क्षेत्र सुधार आयोजना :** संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०६९ को शैक्षिक व्यवस्था सम्बन्धी कम्पोनेन्ट नं.४.२.३ अनुरुप आधारभूत तहका विद्यालयहरुले रु.३ लाखसम्म र माध्यमिक तहसम्मका विद्यालयहरुले बढीमा रु.५ लाखसम्म विज्ञापन खर्च गर्न पाउने व्यवस्था छ। विभिन्न ४ शैक्षिक संस्थाले विज्ञापन तथा प्रवर्द्धन खर्च दाबी गर्दा खर्चको सम्बन्धित निकायबाट स्वकिृति नलिएको र निर्देशिका बमोजिम भन्दा बढी खर्च दाबी गरेको रकममा लाग्ने आयकरका साथै आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम कर शुल्क र जरिबाना समेत छानबिन गरी रु.१५,७१,४५१।-असुल गर्नुपर्दछ ।

७९ **करको दर फरक :** आयकर ऐन, २०५८ को अनुसूची १.२(२) अनुसार कुनै आय वर्षमा चुरोट, बिडी, सिगार, खानेसुर्ती, खैनी, मदिरा र वियर व्यवसाय गर्ने निकायको करयोग्य आयमा तीस प्रतिशतका दरले कर लाग्ने व्यवस्था उल्लेख छ । विभिन्न मदिरा तथा चुरोट उत्पादक सँगबाट २०६९।७० मा मदिरा एवं चुरोट खरिद गरेकोमा ति करदाताको करयोग्य आयमा सो अनुसार आयकर निर्धारण गरी असुली नगरेकोले उक्त नपुग आयकर रु.१,१२,४३१।- शुल्क तथा व्याज समेत असुल गर्नुपर्दछ ।

८० **समानुपातिक कर** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ र नियमावली, २०५३ को नियम ४०(३) बमोजिम समानुपातिक कर कट्टी गर्नुपर्ने व्यवस्था छ। एक केयर प्रा.ली. ले ०७१।७२ समेत विगत ३ वर्षमा रु ६२,७८,६०,२९४।- कर योग्य तथा ५७९०३७९।- कर छुटको विक्री गरेको र कुल खरिदमा कर छुटको योगदान ०.९२४० प्रतिशत रहेको देखिन्छ । निजले विगत ३ वर्षमा कुनै पनि कर छुटको खरिद नगरेको रिटन डिटेलवाट देखिन्छ। खरिदमा मूल्य अभिवृद्धि कर तिरी विक्रीमा मूल्य अभिवृद्धि कर नउठाएकोले मु अ.कर रु ७६८१६११०।- को ०.९२४० प्रतिशतले हुने रु ७,०९,७८०।- नपाउने देखीएकोले अमान्य गरी कर निर्धारण गर्नुपर्दछ ।

८१ **समानुपातिक कट्टी :** एक ट्रेडिङ्ग प्रा.ली का आ.व. ०६५।०६६ देखि कुल विक्री रु १४,७०,७२,६७०।- मध्ये रु.५३,९३,५०२।- मूल्य अभिवृद्धि कर नलाग्ने बिक्री गरेको निजको रिटर्न डिटेलबाट देखिन्छ। निजले खरिद गरेको सत प्रतिशत मूल्य अभिवृद्धि कर खरिद देखिएकोमा विक्रीवाट उठाएको मूल्य अभिवृद्धि करमा खरिदमा तिरेको कर समानुपातिक रुपमा कटाई मूल्य अभिवृद्धि कर दाबी गर्नुपर्नेमा निजले सत् प्रतिशत रु २,२७,६५,०००।- मु.अ.कर क्रेडिट दावी गरेकोले मूल्य अभिवृद्धि कर विक्री को प्रतिशत ३.६७ ले हुने रु ८,३५,४७५।- मात्र क्रेडिट पाउने देखिएकोले वाकी रु २,१९,२९,५३०।- असुल गर्नुपर्दछ ।

८२ **लन्च सप्लाई** : एक स्कूल प्रा.ली.ले विद्यार्थीलाई लन्च सप्लाई गर्नको लागि आय वर्ष २०७१।०७२ मा रु ३,२८,३७,९१० लन्च फि असुल गरेको छ । मूल्य अभिवृद्धि कर ऐन ०५८ को अनुसूचि १ मा विद्यालय र विश्वविद्यालयले प्रदान गर्ने शिक्षण सेवालाई मात्र मूल्य अभिवृद्धि कर छुट दिएको देखिन्छ। लन्च सेवा शिक्षण सेवा भित्र नपर्ने भएकोले उक्त फिमा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा करदाता मूल्य अभिवृद्धि कर दर्ता नभएको र मूल्य अभिवृद्धि कर योग्य करोवार गरेको छ । रु ८३५१८८२।- मूल्य अभिवृद्धि कर निर्धारण गर्नुपर्दछ ।

८३ एक कम्यूनिकेशन प्रा.ली : आ.व. २०६९।७० मा स्वामित्व परिवर्तन गर्नुपुर्व को वित्तिय विवरण अनुसार कार्यालयले महालेखा परिक्षकको बार्षिक प्रतिवेदन २०७२ मा उल्लेखित वेरुजु सम्वन्धमा सम्परिक्षण गर्दा आयकर ऐन, २०५८ को दफा ५७(३) बमोजिम कर परीक्षण गरेको नदेखिएको, पूँजिगत लाभकर थप नगरेको,

सम्पत्ती तथा दायित्व निर्सग हुँदा लाभ देखाएको रु १,३१,८२,७६१।- छानविन गरी लाइसेन्स, स्थायी सम्पत्ती ख्याती सम्पत्तीको मूल्याङन गरेको प्रतिवेदन पेश गरेको समेत नदेखिएकोले उपरोक्त लाभ रु.१,३१,८२,७६१।- यकिन गर्नुपर्ने देखिएको छ ।

करदाता सेवा कार्यालय, नयाँसडक

१. **आय विवरण :** आयकर ऐन, २०५८ को दफा ९६ मा प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिना भित्र सो वर्षको आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष आय विवरण दाखिला गर्नुपर्ने १३७४६ करदातामध्ये करदाता ६५३८(४८ प्रतिशत) ले मात्र आय विवरण दाखिला गरेको अभिलेखबाट देखिएको छ । जसमध्ये डे१ विवरण ३१८४(४९ प्रतिशत) र डे३ ३३५४ विवरण (५१ प्रतिशत) रहेका छन । कानुनमा तोकिएको समयमा आय विवरण दाखिला नगर्ने करदाता ७२०८ (५२ प्रतिशत) को खोजि गरी आय विवरण दाखिला गर्न लगाउने कार्य भएको छैन ।

२. **मूल्य अभिबृद्धि कर विवरण :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिन भित्र कर विवरण बुझाउनु पर्ने व्यवस्था छ । कार्यालयमा मूल्य अभिबृद्धि करमा दर्ता भएका ६८२९ करदातामध्ये हाल सम्म स्थगन तथा दर्ता खारेजी गरेका ७०६ करदाता वाहेक विवरण वुझाउनु पर्ने ६१२३ सक्रिय करदाताले मूल्य अभिबृद्धि कर विवरण बुझाउनु पर्नेमा ६१०(१० प्रतिशत) ले डेबिट विवरण, ३००६(४९ प्रतिशत) ले क्रेडिट विवरण,७२९ (१२ प्रतिशत) ले शुन्य विवरण पेश गरेको र १३६६(२२ प्रतिशत) ले विवरण पेश नगरेको र ४१२ (प्रतिशत) खुलेको छैन ।

कार्यालयमा दर्ता रहेका करदाताहरुले २०७२।४।१ देखि २०७३।३।३१ सम्म २९९७ वटा क्रेडिट कर विवरण पेश गरेकोमा ती करदातालाई रु.८१६६१९९५३। नेपाल सरकारले मूल्य अभिबृद्धि कर फिर्ता दिनु पर्ने संभावित दायित्व देखिएकोमा सो रकमलाई आर्थिक विवरणमा दायित्वमा देखाएको छैन । क्रेडिट कर विवरण पेश करदाताहरु मध्ये १२ महिनाभन्दा बढि अवधि देखि निरन्तर क्रेडिट हुने करदाता छनौट गर्दा १६९५ रहेका छन । मूल्य अभिबृद्धि करमा रकम क्रेडिट देखाई विवरण पेश गर्ने यस्ता करदाताहरुको कारोवारका सम्बन्धमा कार्यालयबाट बिषेश निगरानी राखी वास्तविक क्रेडिटको अवस्था यकिन गरी मु. अ. कर डेबिटमा ल्याउन प्रभावकारी पहल गनुपर्दछ ।

३. **मूल्य अभिबृद्धि कर बक्यौता :** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १९ मा करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र बुझाउनु पर्ने र नबुझाएमा बांकी रहेको कर रकममा वार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्ने व्यवस्था रहेको छ । कार्यालयमा दर्ता रहेका करदाताहरुमध्ये २०७२ आषाढ मसान्त सम्म १६०२ करदाता कर वापत रु.१४८१५८७७२। दाखिला गर्न बांकी रहेको छ । उक्त बक्यौता असुल गरी दाखिला गर्नुपर्दछ ।

४. **आयकर बक्यौता :** कार्यालय अन्तरगत रहेका करदाताहरुमध्ये विभिन्न करदाताहरुसंग मिति २०७२ आषाढ मसान्तसम्म रु.७८४१६०८३।५३ कर रकम विभिन्न आर्थिक वर्षको असुल गर्न बांकी रहेको छ । असूली प्रयासमा प्रभावकारीता ल्याउन आवश्यक छ ।

५. **विवादीत कर रकम :** आर्थिक वर्षको अन्तमा असुल गर्न बांकी आयकर तथा अन्त:शुल्क (मूल्य अभिबृद्धि कर बाहेक) वक्यौता राजस्व रु. २२,६५,७८,८५५।५३ मध्ये विभिन्न करदाताहरुको रु. ४५,६१,६७७।०० का सम्बन्धमा पुनरावलोकनका लागी राजस्व न्यायाधिकरण तथा सर्वोच्च अदालतमा पूनरावेदन परेको कारणबाट कर रकम विवादित रहेको कार्यालयको अभिलेखबाट देखिएको छ । विवादित रकम सम्बन्धमा टुङ्गो लगाउने प्रयास गर्नुपर्दछ ।

६. **कर परीक्षण :** आयकर ऐन, २०५८ अनुरुप पेश भएका आय विवरणमध्ये पूर्ण कर परीक्षणका लागि २३९ करदाताको यो वर्ष पूर्ण करपरीक्षण गर्नुपर्नेमा १२२ मात्र करदाताको मात्र कर परीक्षण हुन सकेको देखियो । यसबाट ज्यादै कम करदाताका फाइल कर परीक्षण गर्न छनौट गर्ने र छनौट भएका मध्ये पनि कम करदाताको मात्र कर परीक्षण हुने गरेको पाइयो । अत: आय विवरण पेश गरेका करदाताहरुको जोखिमका आधारमा कर परीक्षण गर्ने नीति अवलम्बन गर्न आवश्यक सुधार गर्दै लानु पर्ने देखिन्छ ।

७. **ऋण पूंजीको अनुपात** : करदाताको वासलातमा रहने ऋण र शेयर पूंजीको अनुपात परीक्षण गर्दा अधिकृत पूंजीको तुलनामा न्यून मात्रामा चुक्ता पुँजी जुटाउने र व्यवसायमा स्रोतको अभाव देखाई वैंकवाट ऋण लिएर व्याज खर्च कट्टी गर्ने गरेको देखिन्छ । कर दायित्वमा प्रत्यक्ष असर गर्ने ऋण पूंजी र शेयर पूंजीको अनुपात अर्न्तराष्ट्रिय अभ्यास हेर्दा ३:१ सम्म रहेको देखिए तापनि यस कार्यालयका क्षेत्राधिकारका करदाताको अवस्था ४६:१ सम्म देखिएकोले पूंजी न्यून संकलन गरेर ऋण लिई व्याज खर्च लेख्दा कर राजस्वमा प्रभाव परेको छ । अर्न्तराष्ट्रिय मान्यता अनुरुप ऋण पूंजी अनुपात सम्वन्धमा कानूनी व्यवस्था गर्नुपर्दछ ।

८. **ऋणको अन्यत्र प्रयोग :** बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा ८ मा कसैले पनि बैंक, वा वित्तिय संस्थाबाट जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी वा गराई कर्जाको दुरुपयोग गर्नु वा गराउन नहुने यस्तो कसुर गरेमा रु.१ करोड भन्दा बढि बिगो भएको अवस्थामा ३ बर्ष देखि ५ बर्षसम्म कैद हुन सक्ने व्यवस्था छ। एक ओभरसिज प्रा.लि.को आय बर्ष २०६९।०७० मा पेश गरेको वित्तिय विवरणमा रु.११,९७,२२,००५। विभिन्न बैंकबाट कर्जा प्राप्त गरेकोमा उक्त कर्जा मध्ये करदाताको २०७१।६।५ को बिशेष साधारण सभाको निर्णय बमोजिम एक बैकबाट स्वीकृत भएको ओभरड्राफ्ट कर्जा रु.१० करोड ४० लाख ४० हजार कम्पनीका अध्यक्ष आफैले उपभोग भएको हुनाले सो रकमसँग सम्बन्धित ब्याज तथा अन्य खर्च कम्पनीले आफ्नो प्रयोजनका लागि कर्जा उपभोग नगर्दा सम्म अध्यक्षबाट नै ब्यहोर्ने निर्णय गरी उक्त रकम कर्जा तथा सापटीमा खुलासा गरी कर्जाको डाइभर्ट गरेको देखिन्छ । कम्पनीको नामबाट कर्जा लिने तर कर्जा अन्यत्र प्रयोग गर्ने कार्य उल्लेखित कानून सम्मत रहदैन । करदाताले बाँकी कर्जाको रु.११,१९,१३४। ब्याज खर्च मात्र दावी गरेको छ । कम्पनी निकायसँग सम्बन्धित कर्जा सोको ब्याज, आय तथा व्ययलाई वित्तिय विवरणमा पूर्णरुपमा खुलाउनुपर्नेमा सापटीको ब्याज आय तथा खर्च नलेख्नु र कानून विपरीत पेश्की/सापटी प्रदान गर्नु बैंकिग कसुर गरेको मानिने हुँदा यस्तो प्रक्रिया नियन्त्रण हुनुपर्ने र कारवाही समेत गर्नुपर्दछ ।

९. **मौज्दात फरक :** आयकर ऐन, २०५८ को दफा १५ बमोजिम मौज्दात गणना गर्नुपर्ने व्यवस्था छ । एक इम्पेक्सको आय बर्ष ०७०।०७१ को मूल्य अभिबृद्धि कर विवरण रिटर्न डिटेल्समा मूल्य अभिबृद्धि रु.६,८०,३२४। क्रेडिटमा रहेको छ । करदाताले पेश गरेको वित्तिय विवरणमा अन्तिम मौज्दात बापत रु.५०२०१५४। खुलासा गरेको छ । करदाताले दावी गरेको मूल्य अभिबृद्धि कर क्रेडिट रकम अनुसार न्यूनतम पनि भ्यालु एडिसन बाहेक रु.५२,३३,२६२। हुन आउँछ । भ्यालु एडिसन बाहेक वित्तिय विवरण र रिटर्न डिटेल्समा रु.२,१३,१०८। फरक परेको देखिन्छ । करदाताको मौज्दात उपर थप छानवीन अपनाई सोबाट कर दायित्वमा परेको असर समेत यकिन गर्नुपर्दछ ।

१०. **खरिद फरक :** एक ट्रेडिङको आय बर्ष ०७०।०७१ मा पेश गरेको रिटर्न डिटेल अनुसारको (३,३४,६५,६८८ र कर छुट ५०,२०,५७८) जम्मा आयात रु.३,८४,८६,२६६। रहेको छ भने करदाताले आय विवरणमा लागत खर्च दावी गरे अनुसार जम्मा आयात रु.४,६३,८६,४८६। रहेको छ । आयात विवरणमा इर्म्पोट एज पर भ्याट एकाउन्ट भनी रु ४,३६,३६,३०६। लाई आधार लिएर रिकन्सिललेशन गरेको विवरण पेश गरेको छ । यसरी सबै खरिद मूल्य अभिवृद्धि कर विवरणमा नदेखाई रिकन्साइल विवरणमा देखाई रिकन्साइल विवरण मात्र भिडान गरेको देखिएकोले आयात रिकन्साइल वास्तविक मान्न सकिएन तसर्थ उक्त फरक खरिद रु.५१,५०,०३३। को सम्बन्धमा रिकन्साइल हुनुपर्ने अन्यथा आयकर ऐन २०५८ को दफा १५ वमोजिम वढी दावी लागत रु.५१,५०,०३३।०० अमान्य गरी सोही ऐनको अनुसूची १ बमोजिम लाग्ने कर रु.१२८७५०८। तथा शूल्क ब्याज समेत गणना गरी असुल गर्नुपर्दछ ।

करदाताले मूल्य अभिवृद्धि कर विवरण तर्फ स्थानीय खरिद भनी रु.८२,५५,१३६। देखाएको छ । तर लागत विवरणमा स्थानीय खरिद रु.२५९२०० मात्र देखाएको छ । त्यस्तै करदाताले पेश गरेको मासिक स्थानिय खरिद रु.४,५८,९७९। देखाएको छ । यसरी करदाताले मु.अ. कर तर्फ ८२,५५,१३६। को खरिद देखाई रु.१०,७३,१६५। मूल्य अभिवृद्धि कर दावी गरेको तर करदाताको स्थानीय खरिद जम्मा रु.४,५८,९७९। मात्र देखाएकोले करदाताले मूल्य अभिवृद्धि कर तर्फ रु.७७,९६,१५७।०० वढी खरिद देखाई १०,१३,५००। वढी क्रेडिट दावी गरेको देखिन्छ । तसर्थ उक्त वढी दावी क्रेडिट मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा २० वमोजिम कर निर्धारण गरी सोही ऐनको दफा २९ वमोजिम जरिवाना समेत असुल गर्नुपर्दछ ।

११. **अवास्तविक दायित्व :** आयकर ऐन, २०५८ को दफा ४० बमोजिम कुनै व्यक्तिको कुनै दायित्वबाट स्वामित्व हटेमा वा दायित्वको भारबाट हटेमा वा मुक्त भएमा वा समापन भएमा निजले सो दायित्वको निसर्ग गरेको मानिने व्यस्था छ । पाटपूर्जाको व्यापार गर्ने एक करदाताको आय बर्ष ०७१।०७२ मा ब्यवसायमा चालू पूँजीको अभाव दर्शाई प्रोपाइटर जावेद अंसारीले आय बर्ष २०६९।७० देखि २०७१ श्रावण सम्म ३ व्यक्तिबाट रु.८५ लाख प्रति बर्ष १० प्रतिशतका दरले ब्याज खर्च तिर्ने गरी सापटी लिई उक्त रकम व्यवसायमा प्रयोग गरेको देखाई तिर्नुपर्ने हिसाबमा देखाएको छ । यस्तो सापटी गत बर्ष रु.९६,९१,९८६। रहेकोमा यो बर्ष रु.८३,४४,७१२। रहेको छ । करदाताले बैंकबाट लिएको कर्जा रु.७१,३९,३७८। को ब्याज खर्च रु.५,१९,६०२। दावी गरेको छ। व्यक्तिगत रुपमा सापटी लिएको रकममा ब्याज तिर्ने सम्झौता भए पनि व्याज खर्च नलेखेको, ऋणको आदन प्रदान बैंकिङ प्रणाली बाट नभएकोको र चालू सम्पत्ति धनात्मक रहेको अवस्थामा संचालन ऋण लिनुपर्ने वाध्यता नरहेकोले उक्त कर्जा दायित्व वास्तविक हो होइन यकिन गर्नुपर्दछ ।

१२. **न्यून मौज्दात मूल्यांकन :** आयकर ऐन, २०५८ को दफा १५ बमोजिम व्यवसायको व्यापार मौज्दातको अन्तिमम मूल्य व्यापार मौज्दातको लागत मूल्य वा बजार मूल्यमा जुन घटी हुन्छ सोको आधारमा गर्नुपर्ने व्यवस्था छ। आयात निर्यात सम्बन्धी कारोबार गर्ने एक करदाताको आय बर्ष ०७१।०७२ को इम्पोर्ट डिटेल्सल अनुसार वस्तुको भ्यालु र भन्सार महशुल गरी कुल आयात खर्च रु.२,८६,६८,३०९। देखिन्छ । सोही अनुरुप

करदाताको अन्तिम मौज्दात रु.२,८३,१४,७५८। मा खरिद आयात रु.२,८४,३६,९८९। मा अन्तिम मौज्दात रु.२,७७,५९,८२२। समायोजन गर्दा रु.२,८९,९१,९२६। बिक्रिको लागतमा खर्च दावी गरेको छ । पोलिष्टर निटेड फेब्रिक र पोलिष्टर स्यापल फाइबरको इम्पोर्ट डिटेल देखिएको लागत र करदाताले अन्तिम मौज्दात विवरणमा पेश गरेको लागत घटी देखाई स्टकको गरी बिक्रिको लागतमा बृद्धि गरेको देखिन्छ । उल्लेखित परिमाण तथा दरको आधारमा वास्तविक लागत दर भन्दा घटीमा मौज्दात मूल्यांकन गरी न्यून मूल्यांकन गरेको रु.१०,२१,६५०। लाई करदाताको आयमा समावेश गरी आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम लाग्ने कर रु.२,५५,४१३। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

१३. **ब्याज आम्दानी :** एक मार्केटिङ सलुसन्सको आय बर्ष ०७१।०७२ मा ऋण रु.१,५२,९०,१९१।४० रहेकोमा उक्त ऋणमा जम्मा रु.१३,८६,९१६। ब्याज भुक्तानी गर्दा दफा १४ मा खर्च दावी गरेको छ । अर्को तर्फ करदाताले चालू सम्पत्ति तर्फ अनुसुची ४ मा लोन टु अर्दस भनी ४२,९५,०००। देखाएको छ । गत बर्ष १५,००,०००। रहेकोमा यस बर्ष यसरी एकातर्फ ऋण लिई अर्को तर्फ ऋण दिने तर ब्याज भनी रु.१४७,७८२। मात्र आम्दानी देखाएको छ । करदाताले कम्तीमा दिएको ऋणको ९ प्रतिशतको दर रु.३,८६,५५०। ब्याज आम्दानी देखाउनुपर्नेमा रु.१,४७,७८२। मात्र ब्याज आम्दानी देखाएकोले उक्त घटी ब्याज आय रु.२,३८,७६८। लाई थप आय कायम गरी आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम लाग्ने कर रु.५९,६९२। र शुल्क ब्याज समेत असुल हुनुपर्दछ ।

१४. **जरिवाना :** एक इन्टरनेशनलको आय बर्ष ०७०।०७१ मा आयकर भन्दा मूल्य अभिवृद्धि करमा बढि रु.२७,७६,५७७। खरिद देखिएको सम्बन्धमा २०७० माघको खरिद फागुनमा समेत दोहोरो प्रविष्टि भएको भनी उल्लेख गरेको तर करदाताले उक्त दोहोरो दावीको डेबिट एडजस्मेन्ट भनी २०७२ जेठको विवरणमा २०७३।०३।२५ गते रु.३,७१,८७५। समायोजन गरेको छ । यसरी करदाताले १५ महिना पछाडि आयकर ऐन, २०५८ को दफा ८३ बमोजिमको सूचना दिएपछि समायोजन गरेको र सोलाई करपरीक्षणमा स्वीकार गरिएको छ । करदाताले १ बर्षभित्र समायोजन गर्नुपर्नेमा सो नगरी ढिलो समायोजन गरेको देखिएकोले उक्त क्रेडिट दावी रु.३,७१,८७५। लाई अमान्य गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९ बमोजिम जरिवाना निर्धारण गर्नुपर्दछ ।

१४.१ करदाताले चालू दायित्व तर्फ व्यापारिक तथा अन्य कर्जा भनी रु.७६,६९,२७०। चालू दायित्व देखाएकोमा विभिन्न ५ जना व्यक्तिबाट रु.७६,६८,४१८। ऋण लिएको भनी देखाएको छ । व्यक्तिगत सापटीको श्रोत र ब्याज दायित्व लाग्ने नलाग्ने सम्बन्धी ऋण सम्झौताको कागजात संलग्न गरिएको छैन । यसरी प्रयाप्त कागजात वीना दावी गरेको उक्त दायित्व वास्तविक देखिएको छैन । तसर्थ उक्त ऋण वास्तविक हो होइन छानविन गरी कर दायित्वमा परेको असर यकिन गर्नुपर्दछ ।

१५. **थप दावी :** एक इम्पेक्सको आय बर्ष ०७१।०७२ को मूल्य अभिबृद्धि कर विवरण अनुसार लिनुपर्ने भ्याट रु.४,२६,४२४। रहेको र आय विवरणमा लिनुपर्ने भ्याट रु.५,११,५९८। देखाएको छ । यसरी फरक परेकोमा समायोजन गर्दा सम्पत्तिको खरिदको मूल्य अभिवृद्धि कर रु.२,३५,३५८। र थप मूल्य अभिवृद्धि कर दावी २०७२ असोजको विवरणमा भनी रु.६१,६८६। देखाएको छ । यसरी करदाताले पछिल्लो बर्षमा प्रविष्टि गरेको क्रेडिटलाई वित्तिय विवरणमा अगाडिको खर्च देखाउँदा उक्त क्रेडिट दावी दुवै बर्षमा हुन जाने पनि देखिन्छ । तसर्थ उक्त आय विवरण तर्फको थप दावी मूल्य अभिवृद्धि कर रु.८५,१७४। को पुष्टि गर्ने कागजात पेश हुनुपर्ने अन्यथा अवास्तविक दायित्वलाई आयकर ऐन, २०५८ को दफा ४० बमोजिम मानी सोही ऐनको अनुसूची १ बमोजिम लाग्ने कर रु.२१,२९३।५० र शुल्क ब्याज समेत असुल गर्नुपर्दछ ।

करदाताले यस बर्ष २०७१।०७२ मा आयात बापत रु.२,४७,१७,४८०। खरिद गरेको देखिन्छ भने स्थानिय खरिद रहेको छैन । त्यस्तै करदाताले आ.व. २०६९।७० मा ११,०८,८३७। र आ.व.०७०।०७१ मा रु.३६,१७,१९२। मात्र स्थानीय खरिद गरेको छ । विगत २ बर्षको तथ्यांक हेर्दा जम्मा ४७,२६,०५९। मात्र स्थानीय खरिद देखिएको तर करदाताले आ.व. ०७१।०७२ मा १,४४,०१,९८१। विवधि साहु भनी देखाएको छ । करदाताको वित्तिय विवरण अध्ययन गर्दा उक्त क्रेडिट एक कम्पनी बापत रु.७६,६४,३९४। र अर्को इन्टरप्राइजेज बापत रु.६७,३७,५८७। उल्लेख गरेको उक्त करदाताको लेजर, स्वदेशी करदाता भए स्थायी लेखा नम्बर संलग्न नगरिएकोले कहिलेको खरिद बापतको दायित्व श्रृजना भएको पुष्टि हुन सकेन । आय विवरणको अनुसूची १३ मा उक्त क्रेडिट प्रविष्टि गरेको छैन । करदाताले अवास्तविक दायित्वलाई जिम्मेवारी सारेको देखिएकोले उक्त अवास्तविक दायित्व रु.१,४४,०१,९८१। लाई आयकर ऐन, २०५८ को दफा ४० बमोजिम निसर्ग गरी आयमा समावेश गर्ने र सोही ऐनको अनुसूची १ बमोजिम लाग्ने कर रु.३६,००,४९५। र शुल्क ब्याज समेत असुल गर्नुपर्दछ ।

१६. **सम्पत्ति घटी :** एक सोलुसन प्रा.लि. को आय बर्ष ०७१।०७२ को रिर्पोटेड मिसम्याच अनुसार एक होटेल.लि.ले तिर्नुपर्ने साहू भनी रु.३१४०९५।६९ उल्लेख गरेको तर करदाताले अनुसूची १३ मा प्रविष्टि नगरेको कारण कर परिक्षणको क्रममा केही गर्नुनपर्ने उल्लेख भएको छ । उक्त करदातालाई संलग्न नगरी कुल आसामी ९,०९,४८३।१९ देखाइएको छ। यसबाट उक्त रकम वित्तिय विवरणमा संलग्न नभएको छ। तसर्थ बासलातबाट

रु.३,१४,०९५।६९ बराबरको चालू सम्पत्ति घटेकोले आयकर ऐन, २०५८ को दफा ४० बमोजिम स्वतः निसर्ग गरी सोही ऐनको अनुसूची १ बमोजिम २५ प्रतिशतले लाग्ने कर रु.७८,५२४। र सोमा शुल्क ब्याज समेत गणना गरी असुल गर्नुपर्दछ ।

१७. **मूल्य अभिवृद्धि कर असुल नभएको :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ बमोजिम ऐनको अनुसूची १ मा उल्लिखित कर छुट हुने वस्तु तथा सेवाबाहेकका नेपालभित्र आपूर्ति भएका वस्तु वा सेवामा मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था छ । मूल्य अभिव.द्धिकर दर्ता हुनुपर्ने दायित्व भएका व्यक्तिले दर्ता नभै कारोवार गरेमा कर अधिकृतले दफा २० बमोजिम कर निर्धारण गर्न सक्ने व्यवस्था र दफा २९ मा जरिवाना समेत गर्ने प्रावधान ऐनमा उल्लेख छ । धितोपत्रको ब्रोकर सेवा प्रदान गर्ने करदाताले प्राप्त गर्ने ब्रोकर कमिशनमा मूल्य अभिवृद्धि कर छुट नदिएकोमा ती व्यवसायीहरु मूल्य अभिवृद्धि करमा दर्ता भएका छैनन् । यस्तो कारोबारमा मूल्य अभिवृद्धि कर लगाउने गरेको पनि देखिदैन । यसर्थ आय वर्ष २०७२।७३ मा गरेको यस्तो सेवाको आपूर्तिमा एक करदाताहरुवाट मूल्य अभिवृद्धि कर रु.४४,२७,५९८। असुल नगरेकोले असुल गर्नुपर्दछ ।

१८. **पूँजीगत लाभकर :** आयकर ऐन, २०५८ को दफा २(द)४ मा प्राकृतिक व्यक्तिले रु.३० लाख वा सोभन्दा बढी मूल्यको घर जग्गाको कारोबार गर्दा व्यवसायिक सम्पत्ति भएको अवस्थामा व्यवसायको आयको आयकर ऐन, २०५८ को दफा ७ बमोजिम आय विवरण व्यवसाय सञ्चालनबाट भएको मुनाफा गणना गरी सोही ऐनको अनुसूची १ बमोजिम २५ प्रतिशत आयकर लाग्ने समेत व्यवस्था छ ।
एक ट्रेडर्स आयकरमा दर्ता भई घरजग्गासम्बन्धी व्यवसाय गरेको देखिन्छ । नीज ट्रेडर्सले २०७०।७१ र २०७१।७२ मा जम्मा रु.८५ करोड ६५ लाखको जग्गा बिक्री गरेको मालपोत कार्यालयको अभिलेखमा देखिएको छ । सो बिक्री रकम व्यवसायिक सम्पत्तिको निसर्ग गर्दा प्राप्त भएको बिक्री वा निसर्ग रकम हुनाले ऐनको दफा ९६ बमोजिम आय विवरण पेश गर्नुपर्नेमा नन्फाइलर रहेको छ । करदातासँग मालपोत कार्यालयले अग्रिम कर समेत असुल नगरेको र निजले आय विवरण समेत पेश नगरी कर छल्ने प्रबन्ध गरेको देखिँदा दफा ९६ बमोजिम आय विवरण दाखिल गर्न लगाई कर निर्धारण गर्नुपर्ने अन्यथा प्राकृतिक व्यक्तिको गैर व्यवसायिक करयोग्य सम्पत्तिको निसर्गमा हुने लाभ सरह ५ प्रतिशतले लाग्ने कर रु.४ करोड २८ लाखमा शुल्क तथा ब्याज समेत असुल गर्नुपर्दछ ।

१९. **खर्च अमान्य :** नेपाल लेखामान १६ बमोजिम सम्बद्ध पक्ष बिचको कारोबार एक आपसको आधारमा गर्नुपर्ने व्यवस्था छ । व्यवसायसँग सम्बन्धित पार्टीको लिनु दिनुपर्ने हिसाब कारोबारको आधारमा समेत खुलाउनुपर्दछ । एक विजनेस कम्प्लेक्सको आय बर्ष ०७१।०७२ मा असुरक्षित कर्जा अन्तगर्त व्यवसायसँग सम्बन्धित व्यक्तिसँग रु.१ करोड ३७ लाख कर्जा लिई आय बर्ष भित्र नै कर्जा भुक्तानी गरेकोमा रु.२,३१,३७०। ब्याज खर्च भुक्तानी गरेको छ । त्यस्तै करदाताले पेश गरेको वित्तिय विवरणको अनुसूची १४ को ब्याज खर्च विवरणमा एक बैंकको कर्जामा व्याज रु.१,६५,८६९। व्यवस्था खर्च जनाएको छ । ब्याज खर्च वास्तविक भुक्तानीको आधारमा जनाउनुपर्नेमा प्रोभिजन खर्च देखाउनु लेखामान अनुकूल रहेको छैन । रिलेटेड पार्टीलाई तिरेको व्याज र प्रोभिजन बापत लेखेको ब्याज खर्च रु.३,९७,२३९। मान्य गर्न नमिल्ने हुँदा उक्त रकम आयमा समावेश गर्दा लाग्ने कर रु.९९,३०९। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

२०. **घटी भाडा आय :** करदाताको प्राप्त हुने रेन्ट आयको रकम करदाताले क्रेडिट दावी गर्ने अनुसूची १० को कर मिलान दावी गणना बमोजिमले हुने रकम कुल आयमा समावेश गर्नुपर्ने व्यवस्था छ । साथै अग्रिम कट्टी भएको रेन्टको श्रोतको कर कट्टीको गणना अनुसार कुल आय भिडान समेत हुनुपर्दछ । एक आर्केड प्रा.लि.को आय बर्ष ०७१।०७२ मा पेश गरेको वित्तिय विवरण नाफा नोक्सान हिसाबमा भाडा आय रु.४३,६४,४००। खुलासा गरेको छ । करदाताको राजस्व शिर्षक ११९३१ को कट्टी हिसाबमा देखिएको रु.५६७७८३। को १० प्रतिशत कर दाखिलाको गणनाको आधारमा रु.५६,७७,८३०। भाडा आय देखिनुपर्नेमा रु.४३,६४,४००। देखिई अनुसूची १० को विवरण अनुसार रु.१३,१३,४३०। घटी आय देखिएको छ । अतः घटी आय देखाएको रकम करदाताको आयमा समावेश गर्दा आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम लाग्ने कर रु.३,२८,३५७। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

२१. **नोक्सानी समायोजन :** आयकर ऐन, २०५८ को दफा १५ बमोजिम व्यवसायको व्यापार मौज्दातको अन्तिम मूल्य व्यापार मौज्दातको लागत मूल्य वा बजार मूल्यमा जुन घटी हुन्छ सोको आधारमा गर्नुपर्ने व्यवस्था छ । जग्गा किनवेचको कारोवार गर्ने एक करदाताले आय वर्ष २०७१।७२ मा ठैचोमा तीन किसिम जग्गा खरिद गरेकोमा पहिलो किसिमको जग्गा प्रति एकाई रु.१५००१३।०० मा शुरु मौज्दात मूल्याँकन गरेको छ भने प्रति एकाई रु.१५८५३७।०० खरिद गरेको छ तर करदाताले प्रति एकाई रु.११२९००।७२ मा विक्री गरेको छ । यसरी लागत मूल्य भन्दा प्रति एकाई रु.३७,११३।०० न्युन मूल्याँकन गरी विक्री गरेको देखिएकोले उक्त विक्री परिमाण ५०८ एकाईको आधारमा हुन आउने रु.१,८८,५३,४०४।०० थप विक्री कायम गरी आयकर ऐन २०५८ को दफा ७ वमोजिम करयोग्य आयमा समावेश गर्नुपर्दछ । उक्त थप आयलाई उक्त आ.व.को

नोक्सानी रु.२,६०,६६,५८५।३४ मा समायोज गरी बाँकी रु.७२,१३,१८१।३४ नोक्सानी कायम देखिएकोले छानविन गरी थप आय कायम गर्नुपर्दछ ।

२२. **निर्णय कार्यान्वयन एवं वेरुजू फछ्यौट :** आर्थिक कार्यविधि ऐन,२०५५ को दफा २१(३) मा महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजुहरुको सम्बन्धमा व्यवस्थापिका-संसदको सार्वजनिक लेखा समितिमा लिखित जवाफ दिने, समितिको बैठकमा उपस्थित भई छलफलमा भाग लिई सो सम्बन्धमा आफ्नो प्रतिक्रिया व्यक्त गर्ने र बेरुजु फछ्र्यौट सम्बन्धी काम कारवाही गर्ने गराउने उत्तरदायित्व तोकिएको छ । यस कार्यालयको लेखापरीक्षण गरी महालेखा परीक्षकले वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजुको अभिलेख राखी सो को कार्यान्वयन अवस्थाको अनुगमन गनुपर्दछ । कार्यालयको अभिलेख अनुसार फछ्र्यौट हुन बांकी बेरुजू रु २८,२९,७६८,८६७७१ रहेको छ । बाँकी बेरुजु फछर्यौट हुनुपर्दछ ।

करदाता सेवा कार्यालय, कोटेश्वर

१. **आय विवरण :** आयकर ऐन, २०५८ को दफा ९६ मा प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिना भित्र सो वर्षको आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ । आयकर तर्फ दर्ता भएका ११८८३ करदाताहरुमध्ये २३७० करदाता ले मात्र आय विवरण दाखिला गरेको अभिलेखबाट देखिएको छ । कानुनमा तोकिएको समयमा आय विवरण दाखिला नगर्ने करदाताहरुको खोजि गरी आय विवरण दाखिला गर्न लगाउनु पर्दछ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिन भित्र कर विवरण बुझाउनु पर्ने व्यवस्था छ । यस कार्यालयमा मूल्य अभिबृद्धि करमा दर्ता भएका करदातामध्ये १३४८ डेबिट विवरण, १०६० क्रेडिट विवरण, ११३४ शुन्य विवरण पेश गरेको छ । क्रेडिट विवरण बुझाउने र कर विवरण नबुझाउने करदाता सम्बन्धमा बजार अनुगमन गरि यकिन गनुपर्दछ ।

२. **मू अ कर बक्यौता** : मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १९ मा करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र बुझाउनु पर्ने र नबुझाएमा बांकी रहेको कर रकममा वार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्ने व्यवस्था रहेको छ । कार्यालयमा दर्ता रहेका करदाताहरुमध्ये २०७२ आषाढ मसान्त सम्म १३३१ करदाताहरुको मूल्य अभिवृद्धि कर वापत रु. ५,८६,९७,१२७ दाखिला गर्न बांकी रहेकोले बक्यौता रकम दाखिला गर्नुपर्दछ ।

३. **शिक्षा सेवा शुल्क :** आर्थिक ऐन, २०७१ को दफा ८ मा निजी क्षेत्रबाट सञ्चालित देशभरिका उच्च माध्यामिक शिक्षाभन्दा माथिको शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरु, काठमाण्डौ उपत्यकाभित्र तथा उप-महानगरपालिका, नगरपालिका र जिल्ला सदरमुकाम तथा आन्तरिक राजस्व विभागले तोकेको स्थानमा संचालित शिक्षण संस्थाहरुले असूल गर्ने भर्ना शुल्क र मासिक शिक्षण शुल्कमा १ प्रतिशतका दरले शिक्षा सेवा शुल्क असूल गर्ने व्यवस्था छ । स्थायी लेखा नम्बर लिएका शिक्षण संस्थाहरुले शिक्षण सेवा शुल्क नवुझाएको वा कम वुझाएको सम्बन्धमा कार्यालयवाट विद्युतीय माध्यममा अभिलेख राखी नियमित रुपमा अनुगमन भएको छैन ।

४. **प्याकिङ मेटेरियल :** अन्त:शुल्क नियमावली, २०५९ ले हल्का पेय पदार्थको जर्ति सम्बन्धमा व्यवस्था गरेको छैन । अन्त:शुल्क ऐन बमोजिम करदाताले जर्ति (लि) ९४६९५.३० मा रु ७ का दरले हुने रकम रु ११,४३,१९२.०० र सो मा लाग्ने व्याज र जरिवाना समेत असुल गर्नुपर्दछ ।

५. **ऋण दायित्व :** आयकर ऐन, २०५८ को दफा १४ बमोजिम व्यवसायबाट भएको आय गणना गर्ने प्रयोजनका लागि व्यवसायबाट आयआर्जन हुने कार्यका लागि सृजना भएको ऋण दायित्वको खर्च कट्टी लिन पाउने व्यवस्था छ । विविध वस्तुको आयात निर्यात र थोक व्यापार गर्ने एक करदाताले आय वर्ष २०६९।७० मा रु ८६८०१०। करयोग्य आय देखाई पेश गरेको आय विवरण अनुसार यो वर्ष रु ११८९२६८३। ऋण रहेकोमा व्याज खर्च रु २०४०१२२। दावी गरेको छ । उक्त खर्चको प्रमाण जांच गर्दा रु १७८१९३६। को मात्र प्रमाण फाईलमा संलग्न छ । विना प्रमाण बढि दावी गरेको रु २५८१८६। लाई अमान्य गरि सो मा आयकर ऐन, २०५८ को अनुसुची १ बमोमिज २५ प्रतिशत कर रु ६४५४६। र सोमा लाग्ने शुल्क र व्याज समेत असुल गर्नुपर्दछ ।

६. **मौज्दातको लागत गणना :** आयकर ऐन, २०५८ को दफा १५ मा व्यापार मौज्दातको लागत गणना गर्दा प्रत्यक्ष सामाग्री लागत, प्रत्यक्ष श्रम लागत र कारोबारको शिरोभार लागतको योग वराबर हुने गरि लागत गणना गर्नुपर्ने व्यवस्था छ । एक करदाताले यो वर्ष रु १४८०११२५। खरिद गरेकोमा अन्तिम मौज्दात रु १२९२७७१७ रहेको विवरण पेश गरेकोमा प्रत्यक्ष खर्च रु ३३९५६१३। खर्च कट्टी लिएको छ । अन्तिम मौज्दात मूल्यांकन गर्दा खरिदको अनुपातमा प्रत्यक्ष लागत खर्च समावेश नगरिदा मौज्दात मूल्यांकन घट्न गएको छ । करदाताले पेश गरेको विवरण अनुसार अन्तिम मौज्दातमा खरिदको अनुपात ०.८७३ ले प्रत्यक्ष खर्च

रु २९६४३७०। अन्तिम मौज्दातको लागतमा समावेश गरि सो मा आयकर ऐन बमोजिम लाग्ने कर रु ७४१०९२।, शुल्क, व्याज र जरिवाना समेत गणना गरि असुल गर्नुपर्दछ ।

७. **सापटी :** आयकर ऐन, २०५८ को दफा १४ बमोजिम व्यवसायबाट भएको आय गणना गर्ने प्रयोजनका लागि व्यवसायबाट आयआर्जन हुने कार्यका लागि सृजना भएको ऋण दायित्वको खर्च कट्टी लिन पाउने व्यवस्था छ । करदाताको आय विवरण अनुसार गत वर्ष रु १३८५४५३८। ऋण रहेकोमा यो वर्ष ११८९२६८३। रहेको छ भने व्याज खर्च रु २०४०१२२। दावी गरेको छ । आय विवरण अनुसार यो वर्ष सापटी दिएको रु १६७४५९१। देखिएको छ । एकातिर व्यवसायमा रकमको अभाव देखाई ऋण लिई व्याज खर्च कट्टी लिने र व्यवसायको रकम व्यवसायसंग संम्बन्धित नभएकोलाई सापटी दिएको देखिएकोले उक्त सापटी रकममा औषत व्याज दर ७.९२ ले हुन आउने रु १३२६२७। आयमा समावेश गरि सो मा आयकर ऐन २०५८ बमोजिमको कर रु ३३१५६।, र सोमा लाग्ने व्याज, शुल्क र जरिवाना समेत असुल गर्नुपर्दछ ।

८. **लागत खर्च :** विभिन्न प्रकारको ठेक्का पट्टा र मसलन्द सप्लाई गर्ने एक करदाताले आय बर्ष २०७०।७१ मा रु २२४५९३। करयोग्य आय देखाई पेश गरेको आय विवरण उपर कार्यालयले मिति २०७२।४।२९ मा करपरीक्षण गरि रु १२०५९३५। करयोग्य आयनिर्धारण गरेकोमा करदाताको आयविवरणमा अनुसार लागत खर्च रु २२५९६५८०। दावी गरेको मूल्य अभिवृद्धि कर विवरणमा रु २१४४३८४५। दावी गरेको र फरक परेको रु ११५२७४३। समायोजन गरेको छैन । लागत खर्च बढि दावी गरेको रु ११५२७४३। लाई अमान्य गरि सो मा आयकर ऐन, २०५८ बमोजिमको कर रु २८८१८५। र सोमा लाग्ने शुल्क, व्याज समेत गणना गरि असुल गर्नुपर्दछ ।

९. **सापटी :** विबिध निर्माण सामाग्रीको कारोबार गर्ने यस करदाताले आय वर्ष २०७०।७१ को मा आयविवरणमा अल्पकालीन ऋण रु ७९०६४३१। छ । यो वर्ष करदाताले व्याज खर्च रु २९२५२९। कट्टी लिएको छ । उक्त ऋणमध्ये रु ५५०००००। विभिन्न ४ व्यक्तिसंग सापटी लिएको र नगद प्रवाह विवरणमा रु ७९०६४३। नगद प्रवाह भएको छैन । एकैचोटी वासलातमा देखाएको उक्त ऋण व्यवसायमा नै प्रयोग भएको भन्ने आधार रहेको छैन । बैंकमार्फत कारोबार भएको नदेखिएको उक्त ऋणको व्याज खर्च अमान्य गरि सो मा आयकर ऐन, २०५८ बमोजिम लाग्ने कर रु ७३१३२।, सोमा लाग्ने शुल्क, व्याज समेत गणना गरि असुल गर्नुपर्ने देखिएको छ ।

१०. **पुंजी बृद्धि :** एक करदाताले पेश गरेको आय विवरण अनुसार यो वर्ष शेयर पेश्की भनी रु २५०००००। व्यवसायमा प्रयोग भएको छ । पुंजी बृद्धि गर्न सापटी लिएको रकम सम्बन्धित निकायबाट पुंजि बृद्धि भएको प्रमाण संलग्न छैन । उक्त कारोबार बैंक मार्फत भएको समेत नदेखिएकोले उक्त लगानीको श्रोत सम्बन्धमा थप छानविन गरि करदायित्व यकिन गर्नुपर्दछ ।

११. **मौज्दातको लागत गणना :** आयकर ऐन, २०५८ को दफा १५ मा व्यापार मौज्दातको लागत गणना गर्दा प्रत्यक्ष सामाग्री लागत, प्रत्यक्ष श्रम लागत र कारोबारको शिरोभार लागतको योग वराबर हुने गरि लागत गणना गर्नुपर्ने व्यवस्था छ । एक करदाताले यो वर्ष रु २६३०३५५८। खरिद गरेकोमा अन्तिम मौज्दात रु १७८२०८३४। रहेको विवरण पेश गरेकोमा प्रत्यक्ष खर्च रु ६८१७५०। खर्च कट्टी लिएको छ । साथै मौज्दात परिचालन अनुपात विश्लेषण गर्दा बिक्रीको तुलनामा ६९.५७ प्रतिशत मौज्दात रहेको छ । करदाताले अन्तिम मौज्दात मूल्यांकन विवरण पेश नगरेकोले खरिदको अनुपातमा प्रत्यक्ष लागत खर्च समावेश भए नभएको यकिन हुन सकेन । करदाताले पेश गरेको विवरण अनुसार अन्तिम मौज्दातमा खरिदको अनुपात ०.६७७ ले प्रत्यक्ष खर्च रु ४६१५४४। अन्तिम मौज्दातको लागतमा समावेश गरि सो मा आयकर ऐन, २०५८ बमोजिम लाग्ने कर रु ११५३८६।, सोमा लाग्ने शुल्क र व्याज समेत गणना गरि असुल गर्नुपर्दछ ।

१२. **लागत गणना :** आयकर ऐन, २०५८ को दफा १५ मा व्यापार मौज्दातको लागत गणना गर्दा प्रत्यक्ष सामाग्री लागत, प्रत्यक्ष श्रम लागत र कारोबारको शिरोभार लागतको योग वराबर हुने गरि लागत गणना गर्नुपर्ने व्यवस्था छ । विविध निर्माण सामाग्रीको कारोबार गर्ने एक करदाताले आय वर्ष २०७०।७१ मा रु २,४५,७४,२२७। खरिद गरेकोमा अन्तिम मौज्दात रु ४०३१४१३। रहेको विवरण पेश गरेकोमा प्रत्यक्ष खर्च रु १,६०९,७३३। खर्च कट्टी लिएको छ । करदाताले अन्तिम मौज्दात मूल्यांकन विवरण पेश नगरेकोले खरिदको अनुपातमा प्रत्यक्ष लागत खर्च समावेश भए नभएको यकिन हुन सकेको छैन । करदाताले पेश गरेको विवरण अनुसार अन्तिम मौज्दातमा खरिदको अनुपात ०.१६४ ले प्रत्यक्ष खर्च रु २,६३,९९६। अन्तिम मौज्दातको लागतमा समावेश गरि सो मा आयकर ऐन, २०५८ बमोजिमको कर रु ६५,९९९।, सोमा लाग्ने शुल्क र व्याज समेत गणना गरि असुल गर्नुपर्ने देखिएको छ ।

१३. **जोखिम व्यहोर्ने कोष :** आयकर ऐन, २०५८ को दफा ५९(१) ख मा सहकारी संस्थाले जोखीम व्यहोर्ने कोषमा राखेको असुल हुन बांकी ऋण रकमको ५ प्रतिशत सम्मको रकमलाई खर्चको रुपमा कट्टी गर्न पाउने

व्यवस्था छ । वित्तिय सेवाहरु प्रदान गर्ने एक सहकारी संस्थाले यो वर्ष रु १०९९०९४। जोखीम व्यहोर्ने कोषको व्यवस्थाको लागि खर्च लेखेको र खर्च कट्टी दावी गरेको छ । असुल हुन बांकी खराब ऋणको विवरण पेश गरेको छैन । कोषमा राखेको बांकी ऋण रकम को विवरण संलग्न प्रमाण पेश गर्नुपर्दछ ।

१४. **पुंजी बृद्धि :** करदाताको वासलात अनुसार गत वर्ष रु २८३०८६००। पुंजी रहेकोमा यो वर्ष पुंजी थप गरि रु ३१२३३८००। पुर्‍याएको छ । थप भएको पुंजी रु २९२५२००। सम्बन्धमा सम्बन्धित निकायबाट शेयर संरचना परिवर्तन साथै उक्त रकमको बैंङ्किङ कारोबार तथा उक्त रकम कर चुक्ता भएको श्रोतबाट प्राप्त भएको प्रमाण सम्बन्धमा थप छानविन गरि कर दायित्व यकिन गर्नुपर्दछ ।

१५. **वढी दायित्व :** आयकर ऐन,२०५८ को दफा ४० मा कुनै व्यक्तिको कुनै सम्पतीबाट स्वामित्व हटेमा निजले सो सम्पतीको निसर्ग गरेको मानिने व्यवस्था छ । निर्माण सामाग्रीको कारोबार गर्ने करदाताले पेश आय वर्ष २०७०।७१ मा पेश गरेको मूल्य अभिवृद्धि कर विवरणमा रु १८४८७४। डेबिट रहेकोमा करदाताको आय विवरणमा मूल्य अभिवृद्धि कर पाउनुपर्ने भनी रु ४४२८५२। देखाएको छ । यसरी तिर्नुपर्ने रकम दायित्व वढाएको र आयविवरणमा पाउनुपर्ने दावी गरेको जम्मा रु ६२७७२६। लाई निसर्ग भएको मानी सो मा आयकर ऐन, २०५८ बमोजिमको कर रु.१५६९३१।, सोमा लाग्ने शुल्क, व्याज समेत गणना गरि असुल गर्नुपर्दछ ।

१६. **सापटि :** आयकर ऐन, २०५८ को दफा २७ अनुसार भुक्तानी गरिएका रकमको प्रमाणिकरण गरि आयमा समावेश गर्नुपर्ने व्यवस्था छ । एक करदाताले पेश गरेको आय विवरण अनुसार यो वर्ष एक व्यक्तिलाई रु ३२९८७२७। सापटी दिएको छ । यसरी सापटी दिएको रकममा १५ प्रतिशतले हुने व्याज रु४९४८०९। लाई आयमा समावेश गरि सो मा आयकर ऐन,२०५८ बमोजिम लाग्ने कर रु.१२३७०२। र सोमा लाग्ने शुल्क तथा व्याज समेत गणना गरि असुल गर्नुपर्दछ ।

१७. **बढी दायित्व** : सहकारीको कारोबार गर्ने एक करदाताले आय वर्ष २०७१।७२ अपरिपक्व तिर्न बांकी व्याज भनी रु ३७३४५०६। दायित्व मा देखाएको छ । उक्त व्याज कस्तो प्रकृतिको हो र कसलाई तिर्नुपर्ने हो विवरणमा खुलेको देखिएन । तसर्थ दायित्व बढाएको उक्त रकमलाई दफा ४० बमोजिम निसर्ग मानी सो मा आयकर ऐन,२०५८ बमोजिम लाग्ने कर रु.७४६९०१। र सोमा लाग्ने शुल्क तथा व्याज समेत गणना गरि असुल गर्नुपर्ने देखिएको छ । आयकर ऐन, २०५८ को दफा ५९(१) ख मा सहकारी संस्थाले जोखीम व्यहोर्ने कोषमा राखेको असुल हुन बांकी ऋण रकमको ५ प्रतिशत सम्मको रकमलाई खर्चको रुपमा कट्टी गर्न पाउने व्यवस्था छ । करदाताले यो वर्ष रु ४००२३२। जोखीम व्यहोर्ने कोषको व्यवस्थाको लागि खर्च लेखेको छ । असुल हुन बांकी खराब ऋणको विवरण पेश गरेको छैन । कोषमा राखेको बांकी ऋण रकमको विवरण संलग्न प्रमाण पेश गर्नुपर्ने देखिएको छ ।

१८. **दायित्व घटाएको :** आयकर ऐन,२०५८ को दफा ४० मा कुनै व्यक्तिको कुनै सम्पतीबाट स्वामित्व हटेमा निजले सो सम्पतीको निसर्ग गरेको मानिने व्यवस्था छ । परामर्श सेवा प्रदान गर्ने यस करदाताले आय वर्ष २०७०।७१ मु.अ.कर विवरणमा रु ५८२८०२। डेबिट देखिएको छ । करदाताको आय विवरणमा उक्त दायित्व नदेखिएकोले दायित्व घटाएको उक्त रकम निसर्ग गरि सोमा आयकर ऐन,२०५८ बमोजिम लाग्ने कर रु. १४५७००। र शुल्क तथा व्याज समेत गणना गरि असुल गर्नुपर्दछ । आयकर ऐन, २०५८ को दफा ८८(५) अनुसार भाडा भुक्तानीमा १० प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । सोही करदाताले यो वर्ष गाडी भाडा वापत रु २१२३८७६। भुक्तानी गरेको देखिएकोमा १.५ प्रतिशतका दरले रु ३१८५८। मात्र कट्टी गरेको देखिएकोमा थप रु.१८०५३२। सम्बन्धितबाट असुल गरि दाखिला गर्नुपर्दछ ।

१९. **मूल्य अभिवृद्धि कर क्रेडिट :** आयकर ऐन,२०५८ को दफा ४० मा कुनै व्यक्तिको कुनै सम्पतीबाट स्वामित्व हटेमा निजले सो सम्पतीको निसर्ग गरेको मानिने व्यवस्था छ। करदाताको मु.अ.कर विवरणमा रु १७४६२९६। क्रेडिट देखिएको छ । निर्माण सामाग्रीको कारोबार गर्ने यस करदाताले आय वर्ष २०७०।७१ मा आय विवरणमा रु १८२८९९१। लाई भुक्तानी पाउनुपर्ने भनी देखाएको छ । फरक परेको रु ८२८९५ । लाई निसर्ग गरि सो मा आयकर ऐन,२०५८ बमोजिम लाग्ने कर रु.२०७२३। , शुल्क व्याज समेत गणना गरि असुल गर्नुपर्दछ । करदाताको वासलात अनुसार गत वर्ष रु ७१५००००। पुंजी रहेकोमा यो वर्ष पुंजी थप गरि रु १०३५००००। पुर्‍याएको छ । थप भएको पुंजी रु ३२०००००। सम्बन्धमा सम्बन्धित निकायबाट शेयर संरचना परिवर्तन साथै उक्त रकमको बैंङ्किङ कारोबार तथा उक्त रकम कर चुक्ता भएको श्रोतबाट प्राप्त भएको प्रमाण सम्बन्धमा थप छानविन गरि कर दायित्व यकिन गर्नुपर्दछ ।

२०. **संरचना परिवर्तन :** मेशीनरी र सम्बन्धित सामानको कारोबार गर्ने एक करदाताले आय वर्ष २०७०।७१ मा गत वर्ष शेयर अग्रिम पेश्की भनी रु ८०००००। देखिएकोमा यो वर्ष पुंजी थप भएको छैन । सम्बन्धित

निकायबाट पूंजीगत संरचना परिवर्तन साथै उक्त रकमको बैङ्किङ कारोबार तथा उक्त रकम कर चुक्ता भएको श्रोतबाट प्राप्त भएको प्रमाण सम्बन्धमा थप छानविन गरि करदायित्व यकिन गर्नुपर्दछ ।

२१. **खर्च कट्टी :** आयकर ऐन, २०५८ को दफा १३ अनुसार कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट भएको आय गणना गर्दा सो आय वर्षमा भएका आयआर्जन हुने कार्यमा भएका खर्च कट्टी गर्न पाउने व्यवस्था छ । सहकारीको कारोबार गर्ने एक करदाताले आय वर्ष २०७१।७२ मा कार्यक्रम तथा सभा अर्न्तगत साधारण सभा खर्च रु४७०२२१। र वार्षिक कार्यक्रम खर्च रु ५१५०२५। खर्च कट्टी गरेको छ । दुवै शिर्षक एकै प्रकृतिको कार्यक्रम भएको हुंदा वार्षिक कार्यक्रम खर्च रु ५१५०२५ लाई अमान्य गरि सो मा आयकर ऐन,२०५८ बमोजिम लाग्ने कर रु.१०३००५। , सोमा लाग्ने शुल्क र व्याज समेत गणना गरि असुल गर्नुपर्दछ ।

आयकर ऐन, २०५८ को दफा ५९ १ (ग) मा जोखीम व्यहोर्ने कोष कायम रहेको अवस्थामा नउठ्ने आसामी भनी मुनाफाबाट खर्च लेखीएमा मिन्हा हुने छैन र सो कोषमा रहेको रकम पुंजीकृत गरिएमा वा मुनाफा वा लाभांश बांडफांड गरिएमा जुनवर्ष बांडफांड गरिएको छ सोही वर्ष आयमा समावेश गरिने व्यवस्था छ । सोही करदाताको कोष विवरण बमोजिम घाटा पुर्ति कोषमा रहेको रकम रु ४०२६३६। लाई घाटा पुर्ति कोषमा राखी पुंजीकृत गरेकोमा उक्त रकमलाई निसर्ग मानी सो मा आयकर ऐन,२०५८ बमोजिम लाग्ने कर रु.८०५२७।, सोमा लाग्ने शुल्क र व्याज समेत गणना गरि असुल गर्नुपर्दछ ।

२२. **सापटी :** शैक्षिक सेवाहरु प्रदान गर्ने एक करदाताले आय वर्ष २०७०।७१ मा आयकर ऐन, २०५८ को दफा २७ अनुसार भुक्तानी गरिएका रकमको प्रमाणिकरण गरि आयमा समावेश गर्नुपर्ने व्यवस्था छ । करदाताले यो वर्ष सापटी दिएको रु १७३२७७७। मा औषत व्याजदर १० प्रतिशतले हुने रु १७३२७७। व्याज आम्दानी गरि सो मा आयकर ऐन, २०५८ बमोजिम लाग्ने कर रु.४३३१९। असुल गर्नुपर्दछ ।

२३. **दायित्व घटाएको :** आयकर ऐन,२०५८ को दफा ४० मा कुनै व्यक्तिको कुनै सम्पतीबाट स्वामित्व हटेमा निजले सो सम्पतीको निसर्ग गरेको मानिने व्यवस्था छ । विविध निर्माण सामाग्रीको कारोबार गर्ने यस करदाताले आय वर्ष २०७०।७१ मा मु.अ.क विवरणमा रु ९०६४८। डेविट देखिएको छ । करदाताको आय विवरणमा उक्त रकम तिर्नुपर्ने नदेखाएकोले दायित्व घटाएको रु ९०६४८। लाई निसर्ग गरि सो मा आयकर ऐन,२०५८ बमोजिम लाग्ने कर रु २२६६२। , र सोमा लाग्ने शुल्क र व्याज समेत गणना गरि असुल गर्नुपर्ने देखिएको छ ।

करदाताको आयविवरण अनुसार १२०७३७३०। लागत खर्च दावी गरेकोमा मु.अ.कर विवरणमा रु १२२८२७१७। दावी गरेको छ । समायोजन विवरणमा रकम रु २०८९८७। सवारी साधनको पार्टपूर्जा खरिद भनी दावी गरेकोमा नगद प्रवाह विवरणमा उक्त खर्च भएको नदेखिएकोले बढि लागत दावी गरेको उक्त खर्च अमान्य गरि सो मा आयकर ऐन,२०५८ बमोजिम लाग्ने कर रु ५२,२४६। , सोमा लाग्ने शुल्क र व्याज समेत गणना गरि असुल गर्नुपर्दछ ।

२४. **बढी लागत खर्च :** एक करदाताले आय वर्ष २०७१।७२ मा पेश गरेको मु.अ.कर विवरण अनुसार रु ३,५३,९०,६४४। खरिद देखिएकोमा १३ नं. अनुसुचीअनुसार रु ३,८७,६५,९०३। खरिद गरेको देखिन्छ । यसरी बढि लागत खर्च दावी गरेको रु ३३,७५,२५९। लाई अमान्य गरि सो मा आयकर ऐन, २०५८ बमोजिम लाग्ने कर रु ८,४३,८१४।, र सोमा लाग्ने शुल्क तथा व्याज समेत गणना गरि असुल गर्नुपर्दछ ।

२४.१ करदाताको आय विवरण अनुसार गत वर्षको बिक्री रु ३९४८९१६१। रहेकोमा यो वर्ष बिक्री बढेर रु ४६९२२१२०। रहेको देखिन्छ । करदाताले गत वर्ष रु ११२०५५०। कमिशन आम्दानी गरेको देखाएकोमा यो वर्ष कमिशन प्राप्त भएको देखिएन । यसरी बिक्री बढेको आवस्थामा कमिशन आम्दानी थप हुनुपर्नेमा आम्दानी नै नगरेको देखिएकोले यस सम्बन्धमा थप छानविन गरि करदायित्व यकिन गर्नुपर्दछ ।

२४.२ करदाताको यो वर्षको स्थिर सम्पतीको ह्रास आधार रु ४०३२५५९। रहेकोमा करदाताले सो को ७ प्रतिशतले हुने रु २८२२७९। मात्र मर्मत सम्भार खर्च दावी गर्न पाउनेमा रु १८३९२४०। दावी गरेको देखिएकोले बढि दावी गरेको रु १५५६९६०। खर्च अमान्य गरी आयकर ऐन,२०५८ बमोजिम लाग्ने कर रु ३,८९,२४०।, र सोमा लाग्ने शुल्क तथा व्याज समेत गणना गरि असुल गर्नुपर्दछ ।

२५. **दायित्व घटाएको**: आयकर ऐन,२०५८ को दफा ४० मा कुनै व्यक्तिको कुनै सम्पतीबाट स्वामित्व हटेमा निजले सो सम्पतीको निसर्ग गरेको मानिने व्यवस्था छ । सप्लायर्स तथा सरसफाई सम्बन्धि कार्य गर्ने एक करदाताको मु.अ.क विवरणमा रु ३४९४२२। डेविट देखिएको छ । आय वर्ष २०७१।७२ आय विवरणमा उक्त रकमलाई दायित्व नदेखाएकोले दायित्व घटाएको देखिएको रु ३,४९,४२२ । लाई निसर्ग गरि सो मा आयकर ऐन,२०५८ बमोजिम लाग्ने कर रु.८७,३५५। , र सोमा लाग्ने शुल्क तथा व्याज समेत गणना गरि असुल गर्नुपर्दछ ।

आयकर ऐन, २०५८ को दफा २७ अनुसार भुक्तानी गरिएका रकमको प्रमाणिकरण गरि आयमा समावेश गर्नुपर्ने व्यवस्था छ । करदाताले पेश गरेको आय विवरण अनुसार आ.ब.२०७१।७२ मा रु ८०,००,०००। संचालक सापटी दिएको छ । यसरी सापटी दिएको रकममा १५ प्रतिशतले हुने व्याज रु १२,००,०००। लाइ आयमा समावेश गरि सो मा आयकर ऐन,२०५८ बमोजिम लाग्ने कर रु ३,००,०००।, र सोमा लाग्ने शुल्क तथा व्याज समेत गणना गरि असुल गर्नुपर्दछ ।

२६. **दायित्व बढाएको :** आयकर ऐन,२०५८ को दफा ४० मा कुनै व्यक्तिको कुनै सम्पतीबाट स्वामित्व हटेमा निजले सो सम्पतीको निसर्ग गरेको मानिने व्यवस्था छ । एक करदाताको आय विवरणमा कारोबार नभएका ४ जना व्यक्तिहरुलाई तिर्नुपर्ने भनी रु ४६,५६,८८२। देखाएको छ । यसरी दायित्व बढाएको उक्त रकमलाई निसर्ग मानी सो मा आयकर ऐन,२०५८ बमोजिम लाग्ने कर रु ११,६४,२२०।, र सोमा लाग्ने शुल्क तथा व्याज समेत गणना गरि असुल गर्नुपर्दछ ।

२७. **नियन्त्रणमा परिवर्तन :** आयकर ऐन, २०५८ को दफा ५७ मा कुनै निकाय विगत ३ वर्ष अघि सम्मको स्वामित्वमा ५० प्रतिशत वा सो भन्दा वढी परिवर्तन भएमा सो निकायले आफ्नो स्वामित्वको सम्पत्ति वा आफुले वहन गरेको दायित्व निसर्ग गरेको मानिनेछ । सोही दफाको उपदफा २ मा यसरी स्वामित्व परिवर्तन अघि र पछिको भागहरु छुट्टा छुट्टै आय वर्षको रुपमा समेत मानिने व्यवस्था छ । ठेक्का पट्टाको कारोवार गर्ने एक करदाताले आर्थिक वर्ष २०७१।७२ मा पेश गरेको आय विवरणवाट एक प्रालिको नाममा संचालित भएकोमा यो वर्ष एक कन्सट्रक्सन प्रा.लि. लाई बिक्री गरेको छ । साथै चुक्ता पुंजि गत वर्ष रु १०००००००। भएकोमा यो वर्ष रु ५,००,००,०००। पुगेको देखिन्छ । उक्त शेयर संरचना परिवर्तन पश्चात गत वर्षको नोक्सान रु २४,७६,०३७। जिम्मेवारी सरेको र गरी यो वर्षको थप २५,५८,०२८। समेत जम्मा ५०,३४,०६६। रहेको विवरण पेश गरेको छ । सोको कर दायित्व सम्बन्धमा छानविन गरि यस अवधिमा करदाताको आ. ब. २०७०।७१ को जिम्मेवारी सरेको नोक्सान रु २४,७६,०३७। लाई अमान्य गरि सो मा आयकर ऐन, २०५८ बमोजिम लाग्ने कर रु ६,१९,००९। र सोमा लाग्ने शुल्क, व्याज र जरिवाना समेत छानवीन गरी असुल गर्नुपर्दछ ।

करदाताको आय विवरण अनुसार गत वर्षको निर्माणाधिन संरचना देखिदैन । यो वर्ष करदाताले शुरु मौज्दात भनी रु २,९९,७५,८८३। भएको विवरण पेश गरेको छ । यस सम्बन्धमा थप छानविन गरि कर दायित्व यकिन गर्नुपर्दछ ।

२८. **निर्णय कार्यान्वयन एवं वेरुजू फछ्र्यौट :** आर्थिक कार्यविधि ऐन,२०५५ को दफा २१(३) मा महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजुहरुको सम्बन्धमा व्यवस्थापिका-संसदको सार्वजनिक लेखा समितिमा लिखित जवाफ दिने, समितिको बैठकमा उपस्थित भई छलफलमा भाग लिई सो सम्बन्धमा आफ्नो प्रतिकृया व्यक्त गर्ने र बेरुजु फछ्र्यौट सम्बन्धी काम कारवाही गर्ने गराउने उत्तरदायित्व तोकिएको छ । यस कार्यालयको लेखापरीक्षण गरी महालेखा परीक्षकले वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजुको अभिलेख राखी सो को कार्यान्वयन अवस्थाको अनुगमन गनुपर्दछ । कार्यालयबाट प्राप्त अभिलेख अनुसार आर्थिक वर्ष २०७२।७३ सम्म रु. ४ करोड ३ लाख ३२ हजार बेरुजू फछ्र्यौट हुन बांकी रहेको छ ।

२९. **नपाउने कर:** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९(१क) तथा मु.अ.कर निर्देशिका २०६९ को १०.१५ बमोजिम नपाउने कर कट्टी सम्बन्धी व्यवस्था छ । घर जग्गाको कारोवार गर्ने करदाताको आय वर्ष २०७१।७२ को नपाउने वस्तु तथा सेवाको कर कट्टी दावी गरेको देखिन आएकोले कार्यालयको मिति २०७३।०८।२९ को निर्णयानुसार करदाताले रु ८२,७७,३५८। डेबिट समायोजन गरेको रकमको २० प्रतिशतका दरले हुने रु १६,५५,४७१। जरिवाना असुल गर्नुपर्दछ ।

करदाता सेवा कार्यालय, टंगाल

१. **आय विवरण :** आयकर ऐन, २०५८ को दफा ९६ मा प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिना भित्र सो वर्षको आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष आय विवरण दाखिला गर्नुपर्ने १००५६ करदातामध्ये ४२४३ करदाताले मात्र आय विवरण दाखिला गरेका छन् । विवरण दाखिला नगर्ने ५८१३ करदातालाई आय विवरण दाखिला गर्न लगाएको छैन । मूल्य अभिबृद्धि करमा दर्ता भएका ३,२७१ करदातामध्ये ४६८ डेबिट विवरण, ७६२ क्रेडिट विवरण, ६६८ शुन्य विवरण पेश गरेको र ९४६ विवरण पेश नगरेको, २६५ करदाताले स्थगन गरेको र १६२ करदाताको विवरण नखुलेको अवस्था छ । आर्थिक वर्ष २०७२।७३ को अन्त्यमा ४६८६ डेबिट कर विवरण पेश गरी रु. ६,९७,०१,५२८।– डेबिट रकम देखाएकोमा सो सबै डेबिट रकम दाखिला गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गर्नुपर्दछ ।

२. **कर फछ्र्यौट :** कर फछ्र्यौयट् आयोगको निर्णयानुसार विगत देखि आयकर र मूल्य अभिवृद्धि कर बक्यौता रहेका करदाताको निर्धारण भएको आयकर र मूल्य अभिवृद्धि करको बक्यौता रकममा आयोगले देहायमा

उल्लेख भए अनुसार कर बक्यौता फछ्र्यौट्को सम्झौता गरेको र सो आधारमा कार्यालयले ७ करदाताको रु.१९,५५,४८,४४४।- बक्यौता लगत रकम हटाएको छ । आयकरतर्फ सम्झौतावाट फछ्र्यौट भएको रकम मध्ये रु. १ करोड भन्दा माथि बक्यौता भएका एक करदाताको कर रकम रु.१०,५७,७०,९३०।–, शुल्क, व्याज र जरिवाना रु.६,२३,१९,५२७/- समेत रु.१६,८०,९०,४५७ /- लगत रहेकोमा रु. १,४७,००,०००/- मा सम्झौता भई बक्यौता लगत कट्टा भएकोमा निर्धारित बक्यौताभन्दा न्यून रकममा सावां समेत नउठ्ने गरी सम्झौता भई लगत कट्टा गरेको छ ।

३. **मु.अ.कर क्रेडिट :** कार्यालयमा दर्ता रहेका करदाताहरुले ६६९ क्रेडिट कर विवरण पेश गरेकोमा ती करदातालाई रु. १४,५८,०७,७८९।– नेपाल सरकारले मूल्य अभिबृद्धि कर फिर्ता दिनु पर्ने संभावित दायित्व देखिएकोमा सो रकमलाई आर्थिक विवरणमा दायित्वमा देखाइएको छैन । मूल्य अभिबृद्धि करमा रकम क्रेडिट देखाई विवरण पेश गर्ने यस्ता करदाताहरुको क्रेडिट अवस्था यकिन गरी मु.अ.कर डेविटमा ल्याउन प्रभावकारी पहल गनुपर्दछ ।

४. **वक्यौता** : कार्यालयवाट प्राप्त विवरण अनुसार आषाढ मसान्तसम्म कार्यालयमा दर्ता रहेका करदाताहरुमध्ये ८७७ करदाताको मूल्य अभिबृद्धि कर रु. २०,८५,१३,७९७।–, आयकर, परिश्रमिक कर, बहाल कर, बिक्रीकर र ठेक्का कर समेत रु.८,९७,२०,५०३।– कर रकम असुल गर्न बांकी रहेको छ । बक्यौता रहेको मध्ये एक सिभिल इन्जिनियरिङ ग्रुपको आयकर रु. ६,४६,१०,२०२।– र मू.अ.कर रु. ९,७७,४१,६३९।– समेत रु. १६,२३,५१,८४८।– उठाउन बांकी देखिएको छ । कार्यालयले कर परीक्षण गरी कर निर्धारण गरेता पनि निर्धारण भएको ठूलो रकम उठाउन नसकी बक्यौता रहेको छ ।

५. **मूल्य अभिवृद्धि कर कोष :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५१ अनुसार भंसार विन्दुमा संकलित सम्पूर्ण कर रकम मूल्य अभिवृद्धि कोष खातामा दैनिक रुपमा जम्मा गर्नुपर्ने, यसरी कोषमा जम्मा हुन आएको रकमबाट आन्तरिक राजस्व विभागले आदेश दिएको रकम फिर्ता दिई बांकी रहने रकम दैनिक रुपमा तोकिएको राजस्व खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । मूल्य अभिबृद्धि कर फिर्ता गर्नको लागि यस वर्ष ६ करदातालाई रु. ४८,८०६,०५५/७० माग भई आएकोमा यस वर्ष रु. ४४,८९४,१८६/९८ फिर्ता भएको छ । कर फिर्ता दिनको लागि अन्य खर्च शीर्षकमा बजेटको व्यवस्था गरी सोही खर्च शीर्षकबाट निकाशा र खर्च गर्नु पर्नेमा बजेटमा समावेश नगरी यस्तो खर्च गरेको छ ।

६. **प्रतिवेदन** : सहकारी संघासंस्था दर्ता, संचालन, लेखापरीक्षण, अनुगमन तथा नियमन सम्बन्धि मापदण्ड, २०६८ बमोजिम रु. एक करोडभन्दा बढि बचत परिचालन गर्ने संस्था वा संघ वा बैंकको लेखापरीक्षण गर्दा अनिवार्य रुपमा मापदण्डमा तोकिएको ढांचामा लङफर्म लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था भएकोमा सहकारी संस्थाको प्रतिवेदन साथ उक्त प्रतिवेदन समावेश गरेको छैन ।

७. **करपरीक्षण** : आयकर ऐन, २०५८ को दफा ९५(७), ९६(५), १००(२), १०१ एवं मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २३ तथा अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ आन्तरिक विभागले संशोधित कर निर्धारण गर्न सक्ने व्यवस्था छ । यो बर्ष २०७ करदाताको पूर्ण करपरीक्षण गर्नुपर्नेमा ११० करदाताको मात्र कर परीक्षण भई बांकी ९७ करदाता आगामी बर्षका लागी जिम्मेवारी सारेको छ । यसबाट ज्यादै कम करदाताका फाइल कर परीक्षण गर्न छनौट गर्ने र छनौट भएका मध्ये पनि कम करदाताको मात्र कर परीक्षण हुने गरेको छ । आय विवरण पेश गरेका करदाताहरु मध्ये जोखिमको आधारमा अधिकतम करदाताको कर परीक्षण गर्ने नीति अवलम्बन गर्न आवश्यक सुधार गर्नुपर्दछ ।

८. **ऋण पूंजीको अनुपात र आर्थिक कारोवार** : करदाताको वासलातमा रहने पूंजीको स्रोत मध्ये शेयर, ऋण मुख्य रहेका हुन्छन् ऋण र शेयर पूंजीको अनुपात परीक्षण गर्दा अधिकृत पूंजीको तुलनामा न्यून मात्रामा चुक्ता पुंजी जुटाई व्यवसायमा स्रोतको अभाव देखाई वैंकवाट ऋण लिएर व्याज खर्च कट्टी गर्ने गरेको देखियो । कर दायित्वमा प्रत्यक्ष असर गर्ने ऋण पूंजी र शेयर पूंजीको अनुपात अर्न्तराष्ट्रिय अभ्यास हेर्दा ३:१ सम्म रहेको देखिए तापनि यस कार्यालयका क्षेत्राधिकारका करदाताको अवस्था ७:१ सम्म देखिएकोले पूंजी न्यून संकलन गरेर ऋण लिई व्याज खर्च लेख्दा आयकर राजस्वमा परेको प्रभाव, यस सम्वन्धमा कानुनी व्यवस्था नभएकोले ऋण र पूंजीको अनुपात निर्धारण गर्न कठिनाई परेको अवस्थालाई दृष्टिगत गदै अर्न्तराष्ट्रिय मान्यता अनुरुप ऋण पूंजी अनुपात सम्वन्धमा कानूनी व्यवस्था गर्नुपर्दछ ।

९. **शिक्षा सेवा शुल्क :** आर्थिक ऐन, २०७१ को दफा ८ मा निजी क्षेत्रबाट सञ्चालित देशभरिका उच्च माध्यामिक शिक्षाभन्दा माथिको शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरुले मासिक शिक्षण शुल्कमा १ प्रतिशतका दरले शिक्षा सेवा शुल्क असूल गर्ने व्यवस्था छ । यस वर्ष शिक्षा सेवा शुल्क वापत रु.७६३८ हजार असुल गर्ने लक्ष्य भएकोमा रु. ६३६९ हजार अर्थात लक्ष्यको तुलनामा ८३ प्रतिशत असुली भएको देखाएको छ ।

शिक्षण संस्थाहरुले शिक्षण सेवा शुल्क नवुझाएको वा कम बुझाएको सम्बन्धमा कार्यालयवाट विद्युतीय माध्यममा अभिलेख राखी नियमित रुपमा प्रभावकरी अनुगमन भएको छैन ।

१०. **सामाजिक सुरक्षा कर :** आर्थिक ऐन, २०७२ को दफा २८ मा आयकर ऐन, २०५८ को अनुसूची-१ एक प्रतिशतका दरले कर सामाजिक सुरक्षा कर लाग्ने र असूल गरिएको रकम छुट्टै राजस्व खातामा जम्मा गरिने व्यवस्था रहेको छ । यस वर्ष रु.४,६१,०५,२८८। सामाजिक सुरक्षा कर असूल भई नेपाल सरकारको राजस्व खातामा दाखिला भएको छ । सामाजिक सुरक्षा कोष नियमावली, २०६७ अनुसार सामाजिक सुरक्षा कोषले योगदानकर्ताहरुलाई परिचयपत्र जारी गर्ने व्यवस्था रहेकोमा करदाताले धेरै कर्मचारी वा कामदार देखाई उनीहरुलाई यस्तो कर लाग्ने रकमको सीमासम्म तलब भुक्तानी भएको देखाउने गरेकोमा दाखिला गर्दा कोषबाट जारी भएको परिचयपत्र नम्बर अनिवार्य रुपमा उल्लेख गर्न लगाउने वा कामदार तथा कर्मचारीलाई विभागले व्यक्तिगत स्थायी लेखा नम्बर लिन अनिवार्य गर्नुपर्दछ ।

११. **वित्तिय कारोवार :** मू.अ.कर ऐन, २०५२ को अनुसूची १ को समूह ११ को (आ) मा वित्तीय सेवालाई कर छुट हुने सेवामा राखेको देखिन्छ । मू.अ.करले यस सम्बन्धमा थप परिभाषित गरेको छैन । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ ले वित्तीय सेवाको परिभाषा नगरी वित्तीय कारोवार सम्बन्धी व्यवस्था गरेको छ । अन्तराष्ट्रिय रुपमा वित्तिय संस्थाको परिभाषाले वित्तीय कारोबारभित्र एक स्थानबाट अर्को स्थानमा रकमको स्थानान्तरण तथा लगानी सम्बन्धी कारोबारलाई समेटेबाट करदाताको कारोवार वित्तीय सेवासंग सम्बन्धित छ । करदाताले आय विवरण पेस गर्दा २५ प्रतिशतका दरले कर गणना गरेबाट संस्थालाई वित्तीय कारोवार गर्ने संस्थामा गणना गरेको छैन । आयकर ऐन २०५८ को अनुसूची १ वमोजिम ३० प्रतिशतका दरले कर लगाउनु पर्नेमा २५ प्रतिशत मात्र गणना गरेकोले वित्तिय कारोवार गर्ने एक क्यापीटल मार्केटको आय बर्ष २०७०।७१ र २०७१।७२ मा छुट हुन गएको ५ प्रतिशतले हुने कर रु.१०,७६,५४७/- सोमा लाग्ने शुल्क तथा व्याजको छानवीन गरी नपुग कर दायित्व असुल गर्नुपर्दछ ।

१२. **संरचना निर्माणमा मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) मा व्यवसायिक प्रयोजनको लागि निर्माण गरिने रु. ५० लाख भन्दा वढीको संरचना दर्ता नभएको व्यक्तिवाट गराएको छ भने पनि दर्ता भएको व्यक्तिवाट गरे सरह मानी यस्तो संरचनाको स्वामित्व रहेको व्यक्तिवाट कर निर्धारण गरी असुल गरिने व्यवस्था छ । एक करदाताले आय वर्ष २०७१।७२ को वित्तिय विवरणमा गत वर्षको निर्माणाधिन संरचना रु.२०,०१,५१,९९२/- बरावर नै यस आय वर्षको संरचना निर्माणाधिन रहेको देखिएको छ । निजले मू.अ.करमा दर्ता भएको निर्माण व्यवसायी, सप्लायर्ससंग खरिद गरेको नदेखिएकोले थप छानविन गरी मू.अ.कर ऐन, २०५२ अनुसारको १३ प्रतिशतले हुने मू.अ.कर रु.२,६०,१९,७५७– असूल गर्नुपर्दछ ।

१३. **सम्पत्ती नोक्सानी :** आयकर ऐन, २०५८ को दफा १९ मा ह्रासयोग्य सम्पीको ह्रास खर्च कट्टी गर्न पाइने व्यवस्था छ । त्यस्तै ऐनको दफा २१(३) मा पुंजिगत प्रकृतीको खर्च रकम कट्टी गर्न नपाउने व्यवस्था छ । एक डाइग्नोष्टि प्रा.लि.ले आयवर्ष २०७१।७२ मा समूह क मा रहेको भवन रु. १,९७,०४,५०६।– नोक्सानी भएको भनी सोही बरावर रकम करयोग्य आयवाट ऱ्हास कट्टी खर्च दावी गरेको छ । भवन हटाउंदा प्राप्त हुने आम्दानी आय विवरणमा समावेश नगरेको र भवन हटाउंदा प्राविधिक मूल्यांकन गरेको प्रमाण समेत पेश गरेको छैन । करदाताले भवनको विमा दावी समेत गरेको नदेखिंदा यस सम्बन्धमा थप छानविन गरी ऱ्हास कट्टी खर्च दावी गरेको रु. १,९७,०४,५०६।– छानविन गरी करदाताको आय विवरणमा देखाएको नोक्सानी समायोजन गर्नुपर्दछ ।

१४. **नोक्सानी समायोजन :** आयकर ऐन, २०५८ को दफा २०.१(ख) मा बिगत बर्षको कट्टी हुन नपाएको नोक्सानी कट्टी गर्न पाउने व्यवस्था छ । एक कन्सल्ट प्रा.लि.ले २०७१।७२ मा पेश गरेको विवरण अनुसार आय वर्ष २०६८।६९ मा रु.१,०७,३९,९०५।– नोक्सानी देखाएकोमा कर परीक्षण गर्दा रु. ६३,८८,१७१।– संशोधित कर योग्य आय निर्धारण गरेको छ । आयवर्ष २०६९।७० को आय विवरणको अनुसूची ५ मा व्यवसायको नोक्सानी भनी गत आयवर्षवाट जिम्मेवारी सरेको नोक्सानी रु.१,०७,३९,९०५।– दावी गरेको छ । संशोधित कर निर्धारण गर्दा नाफा देखाईसकेको अवस्थामा करदाताले नोक्सानी दाबी गरेको देखिएकाले नोक्सानी रकमलाई अमान्य गरी आयकर ऐन, २०५८ बमोजिम करदाताको नोक्सानी समायोजन हुनुपर्दछ । एक अर्को प्रा.लि.ले आय वर्ष २०७०।७१ मा पेश गरेको विवरण अनुसार रु.३,५४,४५,९५२।– नोक्सानी देखाएकोमा कर परीक्षण गर्दा रु. ३,१७,६४,२६०।– संशोधित नोक्सानी कायम गरेको छ । अनुसूची ५ मा व्यवसायको नोक्सानी भनी गत आय वर्षवाट जिम्मेवारी सरेको नोक्सानी रु.३,५४,४५,९५२।– नै दावी गरेको छ । संशोधित कर निर्धारण गर्दा कायम भएको नोक्सानी मात्र दावी गर्नुपर्नेमा बढी नोक्सानी दाबी गरेको देखिएकाले उक्त नोक्सानी रकमलाई अमान्य गरी रु.३६,८१,६९२/-नोक्सानी समायोजन गर्नुपर्दछ ।

१५. **प्रशासनिक खर्च :** निर्माण सम्बन्धी कारोवार गर्ने एक करदाताले आय वर्ष २०७१।७२ मा पहुंच मार्ग निर्माण वापत रु.२२,८९,७४,१७२।८० समेत रु.२३,५४,९८,६४०।४५ आय गरेको विवरणवाट देखिन्छ। गत बर्ष विक्रि आम्दानी रु.३९,५१,४२,९०५।– रहेकोमा यसवर्ष रु. २३,५४,९८,६४०।४५ भएवाट ४० प्रतिशत विक्रि घटेको देखिन्छ भने प्रशासनिक खर्च गतवर्ष रु.३०६४३८७८।– रहेकोमा यस वर्ष बृद्धि भई रु. ८,३३,७०,५९७।– रहेवाट १७२ प्रतिशत बढेको छ । करदाताले पेश गरेको विवरण अनुसार प्रशासनिक खर्च वापत रु.८,३३,७०,५९७।५८ खर्च लेखेकोमध्ये परामर्श शुल्क वापत ६,९९,८६,०४४।३८ अर्थात प्रशासनिक खर्चको ८३.९४ प्रतिशत खर्च लेखेको छ । एक्सेस रोड निर्माण गर्ने निर्माण व्यवसायीले ठूलो रकम परामर्श खर्च गर्नुपर्ने आवश्यकता पुष्ट्याइ नभएको, अग्रिम कर र विदेशी भएमा रिभर्स मूल्य अभिवृद्धि कर दाखिला प्रमाण समेत प्रस्तुत नभएकोले यस सम्बन्धमा थप छानविन गरी आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिमको कर रु.१,७४,९६,५११।- असूल गर्नुपर्दछ ।

१६. **सम्पत्ती हस्तान्तरण :** आयकर ऐन, २०५८ को दफा २७(१) क मा कुनै एक व्यक्तिले अर्को व्यक्तिलाई सम्पत्ति हस्तान्तरण गरी गरिएको भुक्तानीको हकमा हस्तान्तरित सम्पत्तिको बजार मूल्य बराबरको रकम आयमा प्रमाणीकरण गर्नुपर्ने व्यवस्था छ । अन्य स्वास्थ्य सेवा सम्बन्धी कारोवार गर्ने एक करदाताले आयवर्ष २०७१।७२ मा पेश गरेको विवरण अनुसार रु. २५,४२,०००।– सापटी दिएको देखाएकोमा उक्त सापटी रकमको विवरणमा उल्लेख नगरेकोले सापटी दिएको रकमको सामान्य व्याजदर १५ प्रतिशतले हुने रु. ३,८१,३००।– लाई करदाताको थप आय मानी सोमा आयकर ऐन, २०५८ बमोजिमको कर रु. ९५,३२५।– र शुल्क, व्याज तथा जरिवाना समेत छानविन गरी असूल गर्नुपर्दछ ।

१७. **क्रेडीट दावी :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४०(३)(४) मा क्रमश कुनै करदाताले कर लाग्ने वस्तु तथा कर छुट भएका वस्तु वा सेवा दुवैको कारोवार गर्ने रहेछ भने त्यस्तो करदाताले कर लाग्ने वस्तु तथा सेवासंग प्रत्यक्ष रुपमा सम्बन्धित खरिद वा आयातमा तिरेको कर मात्र कट्टी पाउने छ । कर लाग्ने र कर छुट भएको दुवै प्रकारको वस्तु वा सेवाको कारोवार गर्ने एक प्रा.लि.ले नपाउने क्रेडिट दावी गरेको रु.१,१५,७६५।- र व्याज जरिवाना समेत छानवीन गरी असुल गर्नुपर्दछ ।

१८. **गैह्र बासीन्दा भुक्तानी :** आयकर ऐन, २०५८ को दफा ८८ मा बासिन्दा रोजगार कम्पनीले गैह्र बासिन्दा व्यक्तिलाई भुक्तानी गर्दा भुक्तानी रकममा ५ प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ । ट्राभल सम्बन्धी कारोवार गर्ने एक करदाताले आयवर्ष २०७१।७२ को आय विवरणमा एकमुष्ट टुर्स खर्च अन्तर्गत रु. २,०८,५८,५८९।– खर्च दावी गरेको मध्ये भुटान टुर्स, भुटानसंग रु. १,२१,६४,९८४।– खरिद देखाएको र उक्त रकम बराबर मू.अ.कर विवरणमा करछुट आयात समेत देखिएको छ । विदेशी व्यक्तिलई भुक्तानी दिएको रकममा ५ प्रतिशतका दरले कर कट्टी गरी भुक्तानी दिएको नदेखिएकोले ५ प्रतिशले हुने कर रु. ६,०८,२४९ र शुल्क, व्याज तथा जरिवाना समेत छानविन गरी असूल गर्नुपर्दछ । अर्को एक करदाताको आय वर्ष २०७०।७१ मा प्रत्यक्ष खर्च अन्तर्गत विदेशी टुर्स ट्रान्सफर वापत रु. ४७,७३,०१९।– खर्च दावी गरेकोमा विदेशी व्यक्तिलाई भुक्तानी दिएको रकममा ५ प्रतिशतका दरले कर कट्टी गरी भुक्तानी दिएको नदेखिएकोले रु. २,३८,६५०।– र शुल्क, व्याज तथा जरिवाना समेत छानविन गरी असूल गर्नुपर्दछ ।

१९. **दायित्व :** शैक्षिक सेवा सम्बन्धी कारोवार गर्ने एक करदाताले आयवर्ष २०७०।७१ मा पेश गरेको साहुको विस्तृत विवरणमा रु. २७,६१,१६०।– देखिएकोमा उक्त दायित्वलाई वासलातमा समावेश गरेको देखिदैन । कर परीक्षण प्रतिवेदनमा यस सम्वन्धमा समेत कुनै व्यहोरा उल्लेख गरेको छैन। दायित्व देखाएको रकमलाई वासलातमा समावेश नगर्दा सोको समान असर सम्पत्ति तर्फ समेत पर्ने हुंदा आयकर ऐन, २०५८ को दफा ४०(२) बमोजिम दायित्व निसर्ग गरेको मानी सोमा आयकर ऐन, २०५८ बमोजिमको कर रु. ६,९०,२९०।– र सोमा लाग्ने व्याज, जरिवाना तथा शुल्क समेत छानविन गरी असूल गर्नुपर्दछ ।

२०. **स्थिर सम्पत्ती :** परामर्श सम्बन्धी कारोवार गर्ने एक करदाताले आयवर्ष २०७१।७२ को कर परीक्षण प्रतिवेदनमा मूल्य अभिवृद्धि कर विवरण र आय विवरणमा देखिएको फरक खरिदको हिसाव मिलान गर्दा रु. ८,८४,७३२।– को स्थिर सम्पत्ति खरिद गरेको भनी हिसाव मिलान गरेकोमा स्थिर सम्पत्तिको विवरण भने रु. २,२०,५६२।– को मात्र सम्पत्ति खरिद गरेको छ । यसरी खरिद गरेको सम्पत्तिलाई बासलातमा नदेखाएकाले रु. ६,६४,१७०।– लाई आयकर ऐन, २०५८ को दफा ४० बमोजिम निसर्ग मानी सोमा आयकर ऐन, २०५८ बमोजिमको कर रु. १,६६,०४२।– र सोमा लाग्ने शुल्क, व्याज तथा जरिवाना समेत छानविन गरी असूल गर्नुपर्दछ ।

२१. **खर्च प्रकृती :** आयकर ऐन, २०५८ को दफा २१(३) मा ऐनको दफा १४,१५,१६,१७,१८,१९ र २० का व्यवस्थाको अधिनमा रही पुँजिगत प्रकृतिको खर्च वापत कुनै पनि रकम कट्टी गर्न नपाउने व्यवस्था छ । अध्ययन अनुसन्धान तथा परामर्श सेवाको कारोवार गर्ने एक करदाताले पेश गरेको आय विवरणमा पुँजिगत

प्रकृतिका खर्चलाई स्थिर सम्पत्तीमा पुँजिकृत नगरी प्रशासनिक खर्च अन्तर्गत खर्च दावि गरेको देखिएकोले ऐनमा भएको व्यवस्था बमोजिम उक्त खर्च कट्टी लिन पाउने नदेखिएकोले रु.३२,३४,८४४।- खर्चलाई अमान्य गरी आयकर ऐन, २०५८ बमोजिमको कर रु.८,०८,७११।- र शुल्क ब्याज तथा जरिवाना समेत छानविन गरी असुल गर्नुपर्दछ ।

२२. **मर्मत खर्च :** आयकर ऐन, २०५८ को दफा १६ मा सम्पत्तीको समुहको ह्रास आधार रकमको सात प्रतिशत भन्दा बढी नहुने व्यवस्था छ । अध्ययन अनुसन्धान तथा परामर्श सेवाको कारोवार गर्ने करदाताले पेश गरेको आय विवरणमा मर्मत सुधार खर्च वापत एकमुष्ठ रु.४,०१,८०५। खर्च कट्टी दावि गरेको देखिन्छ । तर करदाताले पेश गरेको स्थिर सम्पत्तीको विवरण अनुसार यस वर्षको सम्पत्तीको सुरु मूल्य रु.२२,४२,३६७- र यस वर्ष थप भएको सम्पत्ती रु.१३,११,६५३- मध्ये ह्रासयोग्य मूल्य रु.४,३७,२१७- समेत जम्मा रु.२६,७९,५८४।- यस आय वर्षको अन्त्यको ह्रास आधार रकम हुन्छ । करदाताले ह्रास आधार रकम रु.२६,७९,५८४।- को ७ प्रतिशतले हुने रु.१,८७,५७०।- मात्र खर्च कट्टी लिन पाउने हुँदा बढी खर्च कट्टी लिएको रु.२,१४,२३५।- लाई अमान्य गरी आयकर ऐन, २०५८ बमोजिमको कर रु.५३,५५८।- र शुल्क, ब्याज तथा जरिवाना समेत छानवीन गरी असूल गर्नुपर्दछ ।

२३. **आय प्रमाणीकरण :** आयकर ऐन, २०५८ को दफा ९ मा कुनै व्यक्तिले कुनै आयवर्षमा लगानीवाट गरेको मुनाफा र लाभ सो व्यक्तिको सो वर्षको आय हुने उल्लेख छ । त्यस्तै दफा २७.१(क) मा कुनै एक व्यक्तिले अर्को व्यक्तिलाई सम्पत्ती हस्तान्तरण गरी गरिएको भुक्तानीको हकमा हस्तान्तरित सम्पत्तीको बजार मूल्य वरावरको रकम प्रमाणिकरण गर्नुपर्ने व्यवस्था छ । अध्ययन अनुसन्धान तथा परामर्श सेवाको कारोवार गर्ने करदाताले पेश गरेको विवरण अनुसार रु.३०,००,०००।- लगानी गरेको देखाएतापनि सोको आम्दानी नदेखाएकोले उक्त रकमको सामान्य व्याजदर १५ प्रतिशतले हुने रकम रु.४,५०,०००।- लाई करदाताको आय प्रमाणीकरण गरी आयकर ऐन, २०५८ बमोजिमको कर रु.१,१२,५०० ।- असूल गर्नुपर्दछ ।

२४. **हिसाव मिलान :** मूल्य अभिवृद्धी कर ऐन, २०५२ को दफा १७ मा आफुले उठाएको करको रकमबाट कट्टी गर्न पाउने व्यवस्था छ । फल्स सिलिङ सम्बन्धी काम गर्ने एक करदाताको कर परिक्षण प्रतिवेदनमा खरिदको हिसाव मिलान गर्दा रु.१३,९१,०००।- को खरिद गत वर्षको विजकको रकम मूल्य अभिवृद्धि कर विवरणमा समावेश भएको तर आय विवरणमा समावेश नभएको उल्लेख छ । यसरी गत वर्षको विजकको खरिद रकमलाई यस वर्षको मूल्य अभिवृद्धि कर विवरणमा समावेश गरी मु.अकर केडीट दावि गरेको छ। करदाताले उक्त विजकको खरिद रकम गतवर्षकै मूल्य अभिवृद्धि कर विवरणमा समावेश गरी मु.अकर केडीट दावि गरी सकेको हुने हुँदा यस वर्ष केडीट दावि गरेको रु.१,८०,८३०।- लाई अमान्य गर्नुपर्दछ ।

२५. **लाभांश खर्च :** आयकर ऐन, २०५८ को दफा १३ मा खर्च कट्टी गर्न पाउने व्यवस्था छ । शैक्षिक सेवा सम्बन्धी कारोवार गर्ने एक करदाताले पेश गरेको आय विवरणमा प्रशासनिक खर्च अन्तर्गत यस वर्ष भुक्तानी गरेको लाभांस रकम रु.३३,५०,०००।- समेतको खर्च कट्टी लिएको छ । करदाताले लाभांस वितरण गरेको रकमलाई समेत प्रशासनिक खर्च अर्न्तगत समावेश गर्दा करदाताको खुद नाफा अर्थात करयोग्य आय घट्ने हुँदा उक्त खर्च कट्टी लिएको रकमलाई करदाताको थप आयमानी सोमा आयकर ऐन, २०५८ बमोजिमको कर रु.८,३७,५००।- र शुल्क, ब्याज तथा जरिवाना समेत छानवीन गरी असूल गर्नुपर्दछ ।

२६. **व्याज खर्च :** आयकर ऐन, २०५८ को दफा १४ मा व्याज खर्च कट्टीपाउने व्यवस्था छ । शैक्षिक सेवा सम्बन्धी कारोवार गर्ने करदाताले पेश गरको वित्तिय विवरण अनुसार यस वर्षको अन्तमा ऋण रु.४४,४०,३३३।-वाँकी देखिन्छ, भने यसवर्ष फल्स सिलिङ सम्बन्धी काम गर्ने करदाताले रु.६,१५,२२१।- व्याज खर्च कट्टी लिएको छ । करदाताको गत वर्षको अन्त्यमा रु.८०,९७,१२९।- नगद तथा बैंक मौज्दात देखिएकोमा यस वर्षको अन्तमा समेत रु.६९,३०,०९७- नगद तथा वैक मौज्दात रहेको छ । यसरी व्यवसायमा नगद तथा वैंक मौज्दात हुँदा हुदै रकमको अभाव देखाई ऋण लिई व्याज खर्च दावि गरेको रकमलाई अमान्य गरी आयकर ऐन, २०५८ बमोजिमको कर रु.१,५३,८०५।- र शुल्क तथा जरिवाना समेत छानविन गरी असूल गर्नुपर्दछ ।

२७. **सम्पती निसर्ग :** आयकर ऐन, २०५८ को दफा ४०(१) मा कुनै व्यक्तिको कुनै सम्पत्तीबाट स्वामित्व हटेमा निजले सो सम्पत्तीको निसर्ग गरेको मानिने व्यवस्था छ । शिक्षण संस्था सम्बन्धी करोवार गर्ने करदाताको रिपोर्टेड तर्फको मिसम्याच प्रतिवेदन अनुसार एक प्रा.लि. ले यस करदातालाई मूल्य अभिवृद्धि कर बाहेकको रु.२४,३८,०५३।- को विक्री र रु.२२,०५,०००।- को आसामी देखाएको छ । करदाताले पेश गरेको प्रा.ली.को २०७१।१२।१७ को विजक अनुसार रु.२७,५५,०००।- को सवारी साधन खरिद गरेको छ । तर करदाताले उक्त खरिद गरेको स्थिर सम्पत्तीलाई वासलातमा देखाएको छैन । करदाताले खरिद गरेको सम्पत्तीलाई वासलातमा नदेखाएको तर तिर्न बाँकी रकमलाई दायित्वमा देखाएकोले ऐनको दफा ४० बमोजिमको सम्पत्ती खरिद रकम रु.२७,५५,०००।- लाई निसर्ग भएको मानी आयकर ऐन, २०५८ बमोजिमको कर रु.६,८८,७५०।- र शुल्क व्याज तथा जरिवाना समेत छानवीन गरी असुल गर्नुपर्दछ ।

२८. **निर्णय कार्यान्वयन एवं वेरुजू फछ्यौट :** आर्थिक कार्यविधि ऐन,२०५५ को दफा २१(३) मा महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजुहरुको सम्बन्धमा व्यवस्थापिका-संसदको सार्वजनिक लेखा

समितिमा लिखित जवाफ दिने, समितिको बैठकमा उपस्थित भई छलफलमा भाग लिई सो सम्बन्धमा आफ्नो प्रतिकृया व्यक्त गर्ने र बेरुजु फछ्र्यौट सम्बन्धी काम कारवाही गर्ने गराउने उत्तरदायित्व तोकिएको छ । यस कार्यालयको लेखापरीक्षण गरी महालेखा परीक्षकले वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजुको अभिलेख राखी सो को कार्यान्वयन अवस्थाको अनुगमन गनुपर्दछ । कार्यालयबाट प्राप्त अभिलेख अनुसार आर्थिक वर्ष २०७१।७२ सम्म रु. ४०,०३,१७१/- बेरुजु कायम रहेकोमा फछ्र्यौट गरेको विवरण लेखापरीक्षणलाई प्राप्त भएको छैन ।

करदाता सेवा कार्यालय, बानेश्वर

१. **आय विवरण:** आयकर ऐन, २०५८ को दफा ९६ मा प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिना भित्र आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष आय विवरण दाखिला गर्नुपर्ने करदाताहरुमध्ये डे १ विवरण १८०० (२४.७ प्रतिशत) र डे३ ५६७६ विवरण (७५.९३ प्रतिशत) रहेका छन । समयमा आय विवरण दाखिला नगर्ने को खोजि गरी आय विवरण पेश गर्न लगाउनुपर्दछ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिन भित्र कर विवरण बुझाउनु पर्ने व्यवस्था छ । कार्यालयमा मूल्य अभिबृद्धि करमा दर्ता भएका ७३८२ करदाताहरुले मूल्य अभिबृद्धि कर विवरण बुझाउनु पर्नेमा १३५४ ले डेविट विवरण, १५३३ ले क्रेडिट विवरण, १५७३ ले शुन्य विवरण पेश गरेको र २९२२ ले विवरण पेश गरेको छैनन् । यसबाट क्रेडिट विवरण बुझाउने करदाताको सम्बन्धमा बजार अनुगमन गरी बास्तविकता यकिन गर्नुपर्दछ ।

२. **मू अ कर वक्यौता** : मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १९ मा करदाताले कर अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र बिबरण र कर बुझाउनु पर्ने र नबुझाएमा बांकी रहेको कर रकममा वार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्ने व्यवस्था छ । कार्यालयमा दर्ता रहेका करदाताहरुमध्ये २०७३ आषाढ मसान्त सम्म २२७१ करदाताहरुबाट मु.अ. कर वापत रु.८०,८९,०३,०७५। दाखिला गर्न बांकी रहेको छ । मूल्य अभिवृद्धि कर बांकी राख्ने र बिगत बर्षहरुदेखि हालसम्म आयविवरण नबुझाएका करदाताहरुको बक्यौता असुली सम्बन्धमा प्रभावकारी कदम चाल्नुपर्दछ ।

३. **मूल्य अभिवृद्धि कर कोष :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५१ अनुसार भंसार विन्दुमा संकलित सम्पूर्ण कर रकम मूल्य अभिवृद्धि कोष खातामा दैनिक रुपमा जम्मा गर्नुपर्ने र यसरी कोषमा जम्मा हुन आएको रकमबाट विभागले आदेश दिएको रकम फिर्ता दिई वांकी रहने रकम दैनिक रुपमा तोकिएको राजस्व खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयबाट यो वर्ष रु ७०,४६,३९५। मूल्य अभिबृद्धि कर फिर्ता भएको छ । मूल्य अभिबृद्धि कर फिर्ता दिनको लागि नेपालको संविधान, बमोजिम खर्च शीर्षकमा बजेटको व्यवस्था गरी निकाशा र खर्च गर्नु पर्नेमा बजेटमा समावेश नगरी यस्तो खर्च गरेको छ ।

४. **कर परीक्षण :** आयकर ऐन, २०५८ अनुरुप आयविवरण बुझाएका २१०७१ करदाताहरु मध्य डे३ विवरण बुझाएका ९३०४ करदाताको विवरणमध्ये १६४ करदाताको यो वर्ष पूर्ण करपरीक्षण गर्नुपर्नेमा १४१ करदाताहरुको मात्र करपरीक्षण हुन सकेको देखिएको छ । यस आ.व.मा डे३ आय विवरण पेश गर्ने ९३०४ करदाताको १.५१ प्रतिशत कर परीक्षण हुन सकेको देखियो । आय विवरण पेश गरेका करदाताहरुको जोखीमका आधारमा कर परीक्षण गर्ने नीति अवलम्बन गर्न आवश्यक सुधार गर्दै लानु पर्ने देखिन्छ । कर परीक्षणबाट निर्धारण भएको कर रु. ३ करोड ६१ लाख ९६ हजार।(आयकर रु.२ करोड ३ लाख १६ हजार, मूल्य अभिवृद्धि कर रु.१ करोड ५४ लाख ४ हजार र अन्तःशुल्क रु. ४ लाख ७६ हजार) र रु. २१ करोड४७ लाख ७२ हजार सञ्चित नोक्सानी घटाइएको छ । जोखीमको आधारमा कर परीक्षणको दायरा बढाउंदा राजस्वमा थप योगदान हुने भएकाले जोखिमका क्षेत्र पत्ता लगाई करपरीक्षणको दायरा बढाउनु आवश्यक देखिएको छ ।

५. **समानुपातिक कर :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७(३) मा कुनै महिनामा कारोवार भएको वस्तु वा सेवा एवं पूर्ण अंश करलाग्ने कारोवारमा प्रयोग नभएमा उक्त वस्तु वा सेवामा पहिला तिरेको कर कट्टी सो वस्तु वा सेवाको कर लाग्ने कारोवारमा प्रयोग भएको अंशमा मात्र तोकिए वमोजिम प्रदान गरिने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

५.१.१ आयुर्वेदिक औषधिको कारोबार गर्ने एक करदाताले आर्थिक वर्ष २०७०।७१ मा कर लाग्ने नलाग्ने दुवै वस्तुको खरिद विक्री गरेकोमा समानुपातिक कर कट्टी भएको पाइएन ।नियमानुसार नपाउने क्रेडिट दावी गरेको रकम रु.६,८५,१३९।-र तरकारी विउविजन मल आदिको कारोबार गर्ने अर्का एक करदाताले आय वर्ष २०७१।७२ मा कर लाग्ने नलाग्ने दुवै वस्तुको खरिद विक्री गरेकोमा समानुपातिक कर कट्टी भएको छैन । यसरी नियमानुसार नपाउने क्रेडिट दावी गरेको रकम रु.८३३९७७।- मा लाग्ने व्याज जरिवाना समेत छानवीन गरी असुल गर्नुपर्दछ ।

५.२ विविध विद्युतिय सामाग्रीको कारोबार गर्ने एक करदाताले आय वर्ष २०७१।७२ मा कर लाग्ने, नलाग्ने दुवै वस्तुको खरिद विक्री गरेकोमा समानुपातिक कर कट्टी भएको पाइएन । यसरी नियमानुसार नपाउने क्रेडिट दावी गरेको रकम रु.१,०९,७५१।- मा लाग्ने व्याज जरिवाना समेत छानवीन गरी असुल गनुपर्दछ ।

५.३ एक करदाताले आर्थिक वर्ष २०७१।७२ मा कर लाग्ने नलाग्ने दुवै वस्तुको खरिद विक्री गरेकोमासमानुपातिक कर कट्टी भएको पाइएन । यसरी नियमानुसार नपाउने क्रेडिट दावी गरेको रकम रु.२,२१,०३३। मा लाग्ने व्याज जरिवाना समेत छानवीन गरी असुल गर्नुपर्दछ ।

६. **आय विवरणमा फरक :** ठेक्कापट्टाको कारोबार गर्ने एक करदाताले पेश गरेको अनुसुची १० बमोजिम २०७०।७१ मा अग्रीम कर कट्टी रु ५७३७७३। दावी गरेको देखिन्छ । सो बमोजिम बिक्री रु ३८२५१५३३। हुनुपर्नेमा करदाताको आयविवरणमा रु ३५८७०८३१। देखाएकोले कम देखाएको रु २३८०७०२। मा कुल नाफा १५ प्रतिशतले हुन आउने रु ३५७१०५। समेत रु २७३७८०७। मा आयकर ऐन, २०५८ को अनुसुची १ बमोजिम २५ प्रतिशत कर रु..६८४४५१।, दफा १२०(क) बमोजिम शुल्क र सो मा लाग्ने व्याज र जरिवानासमेत असुल गर्नुपर्ने देखिएका छ । सो बिक्रीमा रकम रु २३८०७०२। मा मु.अ.कर ऐन, २०५२ को दफा ७ बमोजिम १३ प्रतिशत कर रु ३०९४९१।, दफा २९ बमोजिम शतप्रतिशत जरिवाना र सो को व्याज समेत गणना गरि असुल गर्नुपर्दछ ।

६. **नपाउने खर्च** : आयकर ऐन, २०५८ को दफा १३ अनुसार कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो आयवर्षमा भएका व्यवसाय वा लगानीबाट आयआर्जन हुने कार्यमा भएका खर्च कट्टी गर्न पाउने व्यवस्था छ । प्राविधिक कलेज तथा शिक्षालय संचालन गर्ने एक करदाताले आय वर्ष २०७०।७१ मा करदाताको स्थिर सम्पतीको विवरणमा समुह ग को **Opening WDV** देखिदैन । करदाताले यस वर्ष खरिद भएको समुह ग अर्न्तगतको सवारी साधनको मर्मत खर्च भनी रु २,३२,९९९। दावी गरेको छ । सवारी साधन वारेन्टी अवधिभित्र सो को मर्मत सम्भार आपुर्तिकर्ताले गर्ने भएकोले उक्त खर्च वास्तविक खर्च ठहर्दैन । तसर्थ उक्त खर्चलाई अमान्य गरि सो मा आयकर ऐन, २०५८ बमोजिमको कर रु.५८,२४९।, र सोमा लाग्ने शुल्क , व्याज र जरिवाना समेत असुल गर्नुपर्दछ । सोही करदाताले यो वर्ष व्यवसाय प्रर्वद्धन खर्च भनी रु ७९६६७३। भुक्तानी गरेको देखिएकोमा १५ प्रतिशतका दरले अग्रिम कर रु ११९५००। कट्टी गरेको नदेखिएकोले सो को व्याज सहित असुल गर्नुपर्दछ ।

७. **बढि सम्पती दावी :** आयकर ऐन,२०५८ को दफा ४० मा कुनै व्यक्तिको कुनै सम्पतीबाट स्वामित्व हटेमा निजले सो सम्पतीको निसर्ग गरेको मानिने व्यवस्था छ । करदाताको स्थिर सम्पतीको विवरण अनुसार ३५६८३३५८। रहेकोमा करदाताको वासलातमा रु ४,०१,६७,१३९। रहेको देखिएकोले बढि सम्पती दावी गरेको रु ४४,८३,७८१। लाई निसर्ग गरि कर रु.११,२०,९४५।, सोमा लाग्ने शुल्क ,व्याज र जरिवानासमेत असुल गर्नुपर्दछ ।

८. **आय फरक :** विविध वस्तुको आयात निर्यातको कारोबार गर्ने एक करदाताले आय वर्ष २०६९।७० मा पेश गरेको मु.अ.करको विवरणमा रु १,१२,१४,४६०। बिक्री देखाएकोमा आयविवरण अनुसार रु ९९,९८,४०८। देखाएको छ । यसरी फरक परेको रु १२,१६,०५२। सम्बन्धमा करपरीक्षणमा केही उल्लेख गरेको छैन । यसरी बिक्री कम देखाएको रु १२,१६,०५२। मा यो वर्षको कुल नाफा ६५.९६ प्रतिशतले हुन आउने रु ८,०२,१०७। समेत रु २०,१८,१५९। लाई रु १४,९३,७१७। नोक्सानी समायोजन गरि बांकी रु ५,२४,४४२। आयकर ऐन, २०५८ बमोजिमको कर रु १,३१,११०। सोमा लाग्ने शुल्क , व्याज र जरिवानासमेत असुल गर्नुपर्दछ । सो मा बिक्री कम देखाएको रु ५,२४,४४२। मा मु.अ.कर ऐन, २०५२ को दफा ७ बमोजिम १३ प्रतिशत मु.अ. कर रु ६८,१७७।, दफा २९ बमोजिम शतप्रतिशत जरिवाना र सो को व्याज समेत गणना गरि असुल गर्नुपर्दछ ।

८.१ सोही करदाताले पेश गरेको मु.अ.करको विवरणमा रु १०३०१६३०। बिक्री देखाएकोमा आयविवरण अनुसार रु ८७१०७७०। देखाएको छ । यसरी फरक परेको रु १५९०८६०। सम्बन्धमा करपरीक्षणमा केही उल्लेख गरेको छैन । यसरी बिक्री कम देखाएको रु १५९०८६०। मा यो वर्षको कुल नाफा रु ६.२७ प्रतिशतले हुन आउने रु ९९७४६। समेत रु १६९०६०६। मा आयकर ऐन, २०५८ बमोजिमको कर रु ४२२६५१। र सोमा लाग्ने शुल्क र सो मा लाग्ने व्याज र जरिवानासमेत असुल गर्नुपर्दछ ।

८.२ उपर्युक्त बमोजिम बिक्री कम देखाएको रु १६९०६०६। मा मु.अ.कर ऐन, २०५२ को दफा ७ बमोजिम १३ प्रतिशत मु.अ.कर रु २,१९,७७८।, दफा २९ बमोजिम शतप्रतिशत जरिवाना र सो को व्याज समेत गणना गरि असुल गर्नुपर्दछ ।

८.३ करदाताको मु.अ.कर विवरण अनुसार रु १४,५९,६३२। खरिद देखाएकोमा आयविवरणमा खरिद देखाएको छैन । यसरी खरिद नदेखाएको सम्बन्धमा थप छानविन गरि सो रकममा कुल नाफा ६.२७ प्रतिशतले हुन

आउने रु ९१५१८। समेत रु १५,५१,१५०। लाई निसर्ग मानीमा आयकर ऐन, २०५८ बमोजिम २५ प्रतिशत कर रु ३,८७,७८७सो मा लाग्ने शुल्क ,व्याज र जरिवानासमेत असुल गर्नुपर्दछ ।

८.४ आयकर ऐन, २०५८ को दफा १६ मा कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवासाय वा लगानीको आय गणना गर्दा ह्रासयोग्य सम्पतीको हकमा आय वर्षको अन्तमा रहेको सम्पतीको समुहको ह्रास आधार रकमको ७ प्रतिशत भन्दा बढी नहुने गरि खर्च कट्टी गर्न पाउने व्यवस्था छ । करदाताले यो वर्ष रु २१७८३८८। को ७ प्रतिशतले हुने रु १५२४८६। मात्र मर्मत खर्च कट्टी गर्न पाउनेमा रु ३०२१७७ दावी गरेको देखिएकोले बढि दावी गरेको देखिएको रु १४९६८९। लाई अमान्य गरि आयकर ऐन, २०५८ बमोजिम कर रु ३७४२१।, र सो मा लाग्ने शुल्क, व्याज समेत गणना गरि असुल गर्नुपर्दछ ।

९. **प्रमाणित कागजात नभएको** : आयात निर्यातको कारोबार गर्ने एक करदाताको आय वर्ष २०७१।७२ को वासलात अनुसार गत वर्ष रु ९,००,०००। पुंजी रहेकोमा यो वर्ष पुंजी थप गरि रु ९,००,००,०००। पु–याएको देखिन्छ । थप भएको पुंजी रु ८,९१,००,०००। सम्बन्धमा श्रोतको यकिन हुनुपर्दछ ।

१०. **फरक खरिद :** करदाताको मु.अ.कर विवरण र आयविवरणमा पेश गरेको खरिद भिडान हुनुपर्दछ । एक करदाताको आयविवरण अनुसार रु १,३०,०९,९२६। खरिद देखाएको छ । करदाताको मु.अ.कर विवरण अनुसार रु १,९७,४४,३७९। खरिद देखिन्छ । फरक परेको रु ६७,३४,४५३। सम्बन्धमा रिकन्साईल विवरणमा गाडी खरिदबापतको ६० प्रतिशत मु.अ.कर रु २३९१७७ को डेविट समायोजन गरेको देखिन्छ । उक्त रकम वरावरको खरिद रु ३०,६६,३७१। समेत जोड्दा पनि करदाताको खरिद भिडान भएको देखिएन । यसरी करदाताले आयविवरणमा खरिद कम देखाएको रु ३६,६८,०८२। मा सो वर्षको कुल नाफा ६८.१० ले हुन आउने रु २४,९७,९६३। समेत रु ६१,६६,०४५। लाई बिक्रि मानी सोमा आयकर ऐन, २०५८ बमोजिमको कर रु १५,४१,५११, र सोमा लाग्ने शुल्क, व्याज र जरिवाना समेत गणना गरि असुल गर्नुपर्दछ ।

११. **बढी हास खर्च :** आयकर ऐन, २०५८ को दफा १९ मा अनुसुची २ बमोजिम ह्रास खर्च कट्टी गर्न पाउने व्यवस्था छ । क्याटरिङ तथा रेष्टुरेन्ट व्यवसाय संचालन गर्ने यस करदाताले आय वर्ष २०७०।७१ मा भाडाको घर को मूल्यह्रास गणना गर्दा रु ११,०९,६३७ मात्र मूल्यह्रास कट्टी गर्न पाउनेमा रु १२,४७,३७६। कट्टी गरेको छ । बढि दावी गरेको रु १३७७३९। लाई अमान्य गरि सोमा लाग्ने कर रु ३४,४३४।मा शुल्क, व्याज र जरिवाना समेत गणना गरि असुल गर्नुपर्दछ ।

१२. **बढी सम्पति दाबी :** आयकर ऐन,२०५८ को दफा ४० मा कुनै व्यक्तिको कुनै सम्पतीबाट स्वामित्व हटेमा निजले सो सम्पतीको निसर्ग गरेको मानिने व्यवस्था छ । रेडियो टि.भी तथा विद्युतिय सामाग्रीको कारोबार गर्ने एक करदाताले आय वर्ष २०७०।७१ को मु.अ.कर विवरण अनुसार रु १३८४७३। मात्र मु.अ.कर क्रेडिट देखिएकोमा आयविवरणमा पाउनुपर्ने मु.अ.कर भनी रु ३३९५३८। देखाएकोले बढि दावी गरेको रु २०१०६५। लाई निसर्ग मानी सो मा आयकर ऐन बमोजिमकोकर रु ५०२६६। सोमा लाग्ने शुल्क र व्याज समेत गणना गरि असुल गर्नुपर्दछ ।

१३. **बिक्री फरक :** ठेक्का पट्टा सम्बन्धि कारोबार गर्ने एक करदाताले आय वर्ष २०७१।७२ मा पेश गरेको आयविवरण बमोजिम करदाताको बिक्री रु ८३,४२,४०२। हुनुपर्नेमा करदाताले रु ४९,६६,६६५। मात्र देखाएकोले कम देखाएको रु ३३,७५,७३७ मा कुल नाफा ८.९४ प्रतिशत ले हुने रु ३,०१,७९०। समेतले हुने रु ३६,७७,५२७ मा आयकर ऐन बमोजिम लाग्ने कर रु ९,१९,३८१। मा शुल्क, व्याज तथा जरिवाना समेत गणना गरि असुल गर्नुपर्दछ ।

१४. **संरचना निर्माणमा मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) मा व्यवसायिक प्रयोजनको लागि निर्माण गरिने रु. ५० लाख भन्दा वढीको भवन, अमार्टमेन्ट वा सपिङ कम्प्लेक्स र विभागले तोकेका यस्तै प्रकारका अन्य संरचना दर्ता भएको व्यक्तिवाट गराएको छ भने पनि दर्ता भएको व्यक्तिवाट गरे सरह मानी यस्तो संरचनाको स्वामित्व रहेको व्यक्तिवाट कर निर्धारण गरी असुल गरिने व्यवस्था छ । एक करदाताको स्थिर सम्पतीको विवरण अनुसार यो वर्ष रु ४,५५,१५,१००। को भवन निर्माण भईरहेको देखिन्छ । उक्त निर्माण मु.अ.करमा दर्ता भएको संग गरेको सम्बन्धमा विवरणमा खुलेको देखिएन । उक्त निर्माण सम्बन्धमा थप छानविन गरि लागत खर्च रु ४,५५,१५,१००। मा मु.अ.कर ऐन, २०५२ बमोजिमको कर रु ५९,१६,९६३। सो मा लाग्ने व्याज र जरिवाना समेत गणना गरि असुल गर्नुपर्दछ ।

१५. **शेयर बृद्धि :एक** करदाताको आय विवरण अनुसार गत वर्ष रु ५०,००,०००। चुक्ता पुंजी रहेकोमा यो वर्ष २०,००,००,०००। पुऱ्याएको छ । यसरी पुंजी वृदि गरेको रु १९,५०,००,०००। गत वर्ष सापटी लिई यस

वर्ष शेयर जारी गरेको छ । उक्त सापटीको श्रोत , सम्बन्धित निकायबाट पुंजी बृद्धि गरेको प्रमाण पेश गर्नुपर्दछ ।

१६. **क्रेडिटः** आयकर ऐन,२०५८ को दफा ४० मा कुनै व्यक्तिको कुनै सम्पतीबाट स्वामित्व हटेमा निजले सो सम्पतीको निसर्ग गरेको मानिने व्यवस्था छ । यस करदाताको मु.अ.कर विवरण अनुसार आ.ब. २०७१।७२ को अन्तमा रु ५३१०७६५। क्रेडिट रहेको र करदाताले घरजग्गाको कारोबार गर्ने भएकोले निजको कारोबार मूल्य अभिबृद्धि करयोग्य भएको छैन । यसरी करयोग्य बिक्री नरहेको अवस्थामा निज करदाताले खरिदमा तिरेको क्रेडिट नपाउने हुंदा यस सम्बन्धमा थप छानविन गरि करदायित्व यकिन गर्नुपर्दछ ।

१७. **सापटी :** आयकर ऐन, २०५८ को दफा २७ अनुसार भुक्तानी गरिएका रकमको प्रमाणिकरण गरि आयमा समावेश गर्नुपर्ने व्यवस्था छ । शिक्षा सेवा प्रदान गर्ने एक करदाताको आय वर्ष २०७१।७२ को आय विवरण अनुसार आ.ब.२०७१।७२ मा रु १,१०,६०,५८२। संचालक सापटी दिएको देखिन्छ । यसरी सापटी दिएको रकममा १५ प्रतिशतले हुने व्याज रु १६,५९,०८७। लाइ आयमा समावेश गरि सो मा आयकर ऐन,२०५८ बमोजिमको कर रु ४,१४,७७१।, सोमा लाग्ने शुल्क, ब्याज र जरिवाना समेत गणना गरि असुल गर्नुपर्दछ ।

१८. **व्याज खर्च** : आयकर ऐन, २०५८ को दफा १४ बमोजिम व्याज खर्च कट्टी लिन पाउने व्यवस्था छ । करदाताको गत वर्ष ऋण रकम रु २६३९३३४६। रहेकोमा यो वर्ष रु ४३२०००००। पुगेको छ । करदाताले यो वर्ष व्याज खर्च रु ५६६१५९१। कट्टी लिएको छ । करदाताको उक्त ऋणमध्ये एक बैंकबाट अटो लोन रु ४५,००,०००। लिएको र बांकी रु ३,८७,००,०००। सहकारी बाट र विभिन्न व्यक्तिहरुबाट लिएको देखिन्छ । यसरी व्यक्तिगत ऋण लिई व्याज तिरेको देखिएको तथा करदाताको स्थिर सम्पती विवरणमा गाडी खरिद गरेको नदेखिएकोले व्याज खर्च कट्टी लिएको रु ५६६१५९१। लाई अमान्य गरि सो मा आयकर ऐन,२०५८ बमोजिमको कर रु १४,१५,३९७, सोमा लाग्ने शुल्क ब्याज र जरिवाना समेत गणना गरि असुल गर्नुपर्दछ ।

१९. **मू. अ. कर क्रेडिट :** आयकर ऐन, २०५८ को दफा १३ बमोजिम कुनै व्यक्तिले कुनै व्यवसायको आय गणना गर्ने प्रयोजनका लागि सो आयवर्षमा भएका व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा भएको खर्च कट्टी पाउने व्यवस्था छ । निर्माणजन्य कारोवार गर्ने एक करदाताको मु.अ.कर विवरण अनुसार आय वर्ष २०७१।७२ मा कुनै पनि कारोबार भएको देखिदैन भने करदाताले २०७२ आषाढ महिनामा मात्र रु ३७,२४,१७९। क्रेडिट दावी गरेको देखिएकोले उक्त क्रेडिट सम्बन्धमा थप छानविन गरि करदायित्व यकिन गर्नुपर्दछ ।

२०. **क्रेडिट छानविन :** करदाताको मु.अ.कर विवरण अनुसार मु.अ.कर रु १४१४७५। डेबिट रहेको देखिन्छ । आय विवरणमा करदाताले मु.अ.कर क्रेडिट रहेको भनी रु ७८०३६८। दावी गरेको छ । मूल्य अभिबृद्धि कर र आय विवरण बीच परेको फरक सम्बन्धमा छानवीन हुनुपर्दछ ।

२१. **विक्री फरक :** चुरोट सुर्तीको कारोबार गर्ने एक करदाताले आय वर्ष २०७१।७२ मा पेश गरेको मु.अ.कर विवरण अनुसार करयोग्य बिक्री रु १,२१,७६,६८८। रहेकोमा आय विवरणमा करयोग्य बिक्री नदेखाई कमिशन आम्दानी मात्र देखाएको छ । करदाताले बिक्री घटी देखिएको रकममा आयकर ऐन, २०५८ को अनुसुची १को (२) बमोजिम ३० प्रतिशत कर रु ३६,५३,००६। र सोमा लाग्ने शुल्क र व्याज समेत गणना गरी असुल गर्नुपर्दछ । त्यसैगरी आयकर ऐन, २०५८ को दफा २७ अनुसार भुक्तानी गरिएका रकमको प्रमाणिकरण गरि आयमा समावेश गर्नुपर्ने व्यवस्था छ । करदाताले पेश गरेको आय विवरण अनुसार आ.ब.२०७१।७२ मा रु.२,५८,३८,४९०। संचालक सापटी दिएको देखिन्छ । उक्त रकममा १५ प्रतिशतले हुने व्याज रु ३८,७५,७७३। लाई आयमा समावेश गरी सो मा आयकर ऐन, २०५८ बमोजिम ३० प्रतिशत कर रु ११,६२,७३१। र सोमा लाग्ने शुल्क र व्याज समेत गणना गरि असुल गर्नुपर्दछ ।

२२. **पूंजीगत लाभकर :** आयकर ऐन, २०५८ को दफा २(द)४ मा प्राकृतिक व्यक्तिले रु.३० लाख वा सोभन्दा बढी मूल्यको घर जग्गाको कारोबार गर्दा व्यवसायिक सम्पत्ति भएको अवस्थामा व्यवसायको आयको आयकर ऐन, २०५८ को दफा ७ बमोजिम व्यवसाय सञ्चालनबाट भएको मुनाफा गणना गरी सोही ऐनको अनुसूची १ बमोजिम २५ प्रतिशत आयकर लाग्ने व्यवस्था छ । एक करदाताले २०७०।७१ र ०७१।०७२ मा रु.१० करोड ५८ लाखको गैर व्यवसायिक सम्पत्ति घर जग्गा निसर्ग गर्दा लागत कटाई हुने आयमा २५ प्रतिशतले कर लगाउनुपर्नेमा आय विवरणमा उक्त बिक्रि देखाएको पाइएन । तसर्थ प्राकृतिक व्यक्तिको गैर व्यवसायिक सम्पत्ति निसर्गमा हुने लाभ सरह ५ प्रतिशतले हुने रु.५३ लाखमा शुल्क तथा ब्याज समेत असुल गर्नुपर्दछ ।

२३. **निर्णय कार्यान्वयन एवं वेरुजू फछ्यौट :** आर्थिक कार्यविधि ऐन,२०५५ को दफा २१(३) मा महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजुहरुको सम्बन्धमा व्यवस्थापिका-संसदको सार्वजनिक लेखा समितिमा लिखित जवाफ दिने, समितिको बैठकमा उपस्थित भई छलफलमा भाग लिई सो सम्बन्धमा आफ्नो

प्रतिकृया व्यक्त गर्ने र बेरुजु फछ्र्यौट सम्बन्धी काम कारवाही गर्ने गराउने उत्तरदायित्व तोकिएको छ । यस कार्यालयको लेखापरीक्षण गरी महालेखा परीक्षकले वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजुको अभिलेख राखी सो को कार्यान्वयन अवस्थाको अनुगमन गनुपद)छ । कार्यालयबाट प्राप्त अभिलेख अनुसार आर्थिक वर्ष २०७२।७३ सम्म रु. ४ करोड २५ लाख ७० हजार बेरुजू फछ्र्यौट हुन बांकी रहेको छ ।

करदाता सेवा कार्यालय, कलंकी

१ **आय विवरण :** आयकर ऐन, २०५८ को दफा ९६ मा प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिना भित्र सो वर्षको आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष आय विवरण दाखिला गर्नुपर्ने २०६४३ करदातामध्ये ८३३१ करदाताले मात्र आय विवरण दाखिला गरेको अभिलेखबाट देखिएको छ । कानुनमा तोकिएको समयमा आय विवरण दाखिला नगर्ने ९४८१ करदाता को खोजि गरी आय विवरण दाखिला गर्न लगाउने कार्य भएको समेत देखिएको छैन ।

२ **मूल्य अभिवृद्धि कर विवरण** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम सो महिना समाप्त भएको २५ दिन भित्र कर विवरण बुझाउनु पर्ने व्यवस्था छ । कार्यालयमा मूल्य अभिबृद्धि करमा दर्ता भएका ४०६९ करदाताहरुमध्ये ३२५ ले बन्द गरेको बांकी ३७४४ ले मूल्य अभिबृद्धि कर विवरण बुझाउनु पर्नेमा ६४४ ले डेबिट विवरण, ११९१ ले क्रेडिट विवरण, ७७५ ले शुन्य विवरण पेश गरेको र १०१० ले विवरण पेश गरेको छैन । डेबिट विवरण बुझाउने करदाताको संख्या न्युन देखिएकाले बजार अनुगमन गरी छानवीन गर्नुपर्दछ ।

३ **निरन्तर क्रेडिट :** कार्यालयमा दर्ता रहेका करदाताहरुले २०७१।४।१ देखि २०७२।३।३१ सम्म ११९१ वटा क्रेडिट कर विवरण पेश गरेकोमा ती करदातालाई रु. ३३,१५,३२,४३२/- नेपाल सरकारले मूल्य अभिबृद्धि कर फिर्ता दिनु पर्ने संभावित दायित्व देखिएकोमा सो रकमलाई आर्थिक विवरणमा दायित्वमा देखाइएको छैन । क्रेडिट विवरण पेश गर्ने करदाताहरु मध्ये १२ महिनाभन्दा बढि अवधि देखि निरन्तर क्रेडिट हुने करदाता ६४६ रहेका छन । कार्यालयले वास्तविक क्रेडिटको अवस्था यकिन गर्न पहल गनुपर्दछ ।

४ **मूल्य अभिबृद्धि कर वक्यौता :** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १९ मा करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र बुझाउनु पर्ने र नबुझाएमा बांकी रहेको कर रकममा वार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्ने व्यवस्था रहेको छ । कार्यालयमा दर्ता रहेका करदातामध्ये २०७३ आषाढ मसान्तसम्म १५०० करदाताको कर वापत रु. १७,७२,७६,३८४/- दाखिला गर्न बांकी रहेको छ । बक्यौता असुलीमा प्रभावकारीता ल्याउनु ध्यान पुऱ्याउनु पर्दछ ।

५ **आयकर वक्यौता :** कार्यालय अर्न्तगत रहेका करदातामध्ये विभिन्न करदातासंग मिति २०७३ आषाढ मसान्तसम्म आयकर रु. ९,२९,७९,९३४/- अन्त:शुल्क रु. १,१७,४४,९५५/- परिश्रमिक कर रु. ४,०००/-, गरी रु. १०,४७,२८,८८९/- आर्थिक वर्षको असुल गर्न बांकी रहेको छ । पूनरावेदनका लागि गएका करदाता बाहेक अन्य करदाताको बक्यौता असुलीमा प्रभाबकारीता ल्याउनु पर्दछ ।

७ **मूल्य अभिवृद्धि कर कोष :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५१ अनुसार भंसार विन्दुमा संकलित सम्पूर्ण कर रकम मूल्य अभिवृद्धि कोष खातामा दैनिक रुपमा जम्मा गर्नुपर्ने र सो को विवरण भंसार कार्यालयले तीन दिन भित्र नजिकको आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्ने, यसरी कोषमा जम्मा हुन आएको रकमबाट विभागले आदेश दिएको रकम फिर्ता दिई वांकी रहने रकम दैनिक रुपमा तोकिएको राजस्व खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । मूल्य अभिबृद्धि कर फिर्ता गर्नको लागि यस वर्षरु. १,८७,८७,४७१/- माग भई आएकोमा यस वर्ष रु. १,५९,२६,८३२/- फिर्ता भएको छ । मूल्य अभिबृद्धि कर फिर्ता दिनको लागि नेपालको अन्तरिम संविधान, २०६३ को धारा ९३ बमोजिम पेश हुने बजेटमा २८२११ (राजस्व फिर्ता) वा अन्य खर्च शीर्षकमा बजेटको व्यवस्था गरी सोही खर्च शीर्षकबाट निकाशा र खर्च गर्नु पर्नेमा बजेटमा समावेश नगरी यस्तो खर्च गरेको छ ।

८ **करपरीक्षण** : आयकर ऐन, २०५८ को दफा ९५(७), ९६(५), १००(२), १०१ एवं मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २३ तथा अन्त:शुल्क ऐन, २०५८ को दफा १०घ आन्तरिक विभागले संशोधित कर निर्धारण गर्न सक्ने र यस्तो निर्धारण आय विवरण पेश गरेको मितिले चार वर्षभित्र गरिसक्नु पर्ने व्यवस्था रहेको छ ।आयकर ऐन, २०५८ अनुरुप पेश भएका आय विवरणमध्ये पूर्ण कर परीक्षणका लागि गत वर्षहरुमा छनौट भएकामध्ये परीक्षण हुन बांकी रहि जिम्मेवारी सरेका १६७ र यो वर्ष आय विवरण पेश गरेका ८३३१ करदाताहरुमध्ये १०० करदाताको मात्र कर परीक्षण हुन सकेको छ । कर परीक्षणबाट निर्धारण भएको कर रु. १,२८,६७,०००/- आयकर रु. ८४,८३,०००/-, मूल्य अभिबृद्धि कर रु. २८,७४,०००/- र अन्त:शुल्क रु.

१५,१०,०००/- र रु. ९५,२४,०००/- सञ्चित नोक्सानी घटाइएको देखिन्छ । जोखिमका क्षेत्र पत्ता लगाई करपरीक्षणको दायरा बढाउनु आवश्यक देखिएको छ ।

९ **सञ्चालकबाट लिएको ऋण वा सापटी** : आयकर ऐन, २०५८ को दफा ११(ख) मा राष्ट्रिय महत्वमा आयोजना, लगायत ३०० भन्दा वढी स्वदेशी कामदारलाई रोजगारी दिने, ५० प्रतिशत भन्दा वढी स्वदेशी कच्चा पदार्थ प्रयोग गर्ने उद्योग वाहेक अन्यत्र लगानी गरेकोमा लगानीको स्रोत खोजिने व्यहोरा उल्लेख छ । आन्तरिक राजस्व विभागको मिति २०६९।०९।२९ को परिपत्रबाट समेत सञ्चालकवाट प्राप्त सापटीको रकम बैंक मार्फत प्राप्त हुनु पर्ने उल्लेख गरेको छ । कार्यालयले यो वर्ष ६करदाताले सञ्चालकबाट लिएको सापटीको सम्बन्धमा छानवीन नगरेको र लेनदेन वैंक मार्फत भएको छैन । यस सम्वन्धमा छानविन हुनुपर्दछ ।

१० **ऋण पूंजीको अनुपात र आर्थिक कारोवार** : करदाताको वासलातमा रहने पूंजीको स्रोत मध्ये शेयर, ऋण मुख्य रहेका हुन्छन् ऋण र शेयर पूंजीको अनुपात परीक्षण गर्दा अधिकृत पूंजीको तुलनामा न्यून मात्रामा चुक्ता पुंजी जुटाई व्यवसायमा स्रोतको अभाव देखाई वैंकवाट ऋण लिएर व्याज खर्च कट्टी गर्ने गरेको देखियो । कर दायित्वमा प्रत्यक्ष असर गर्ने ऋण पूंजी र शेयर पूंजीको अनुपात अर्न्तराष्ट्रिय अभ्यास हेर्दा ३:१ सम्म रहेको देखिए तापनि यस कार्यालयका क्षेत्राधिकारका करदाताको अवस्था ५०.१ सम्म देखिएकोले अर्न्तराष्ट्रिय मान्यता अनुरुप ऋण पूंजी अनुपात सम्वन्धमा कानूनी व्यवस्था गर्नुपर्दछ ।

११ **सामाजिक सुरक्षा कर :** आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा १ बमोजिम यस वर्ष सामाजिक सुरक्षा कर वापत रु.५,९३,८२,८६०/- असुल भई नेपाल सरकारको राजस्व खातामा दाखिला भएको छ । सामाजिक सुरक्षा कोष (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६७ अनुसार सामाजिक सुरक्षा कोषले योगदानकर्ताहरुलाई परिचयपत्र जारी गर्ने व्यवस्था समेत रहेको छ । यस्तो करलाई व्यवस्थित गर्न कर दाखिला गर्दा कोषबाट जारी भएको परिचयपत्र नम्बर लिन अनिवार्य गर्नुपदंछ ।

१२ **खर्च कट्टी** : आयकर ऐन, २०५८ को दफा १५ वमोजिम वास्तविक लागेको खर्च मात्र कट्टि गर्न पाउने व्यवस्था छ । एक प्रा.ली ले २०७१।०७२ मा रु २,०१,६४,५३०।- को सामान आयात रु ५४,०५,७५२।- भन्सार तिरी जम्मा रु २,५५,७०,२८२।- खर्च गरेको देखियो । तर करदाताले रु २,५९,६९,८२७।- को भन्सार खर्च देखाई रु ३,९९,५४५।- वढी खर्च दावी गरेको देखियो । वढि खर्चलाई आयकर ऐन २०५८ को दफा १५ वमोजिम कट्टि नदिई आयकर ऐन २०५८ वमोजिम कर रु ९९,८८६।- र सोमा लाग्ने व्याज र शुल्क समेत असुल गर्नुपर्दछ । करदाताले संचालक लाई दिएको सापटी रु ५८,७२,३९७।- वापत रु ५१४३२०।- व्याज आम्दानी गरेको देखियो । तर उक्त व्याज आयमा आयकर ऐन २०५८ को दफा ८८ वमोजिम १५ प्रतिशत व्याज कर कट्टा गर्नु पर्ने व्यवस्था छ । सो अनुसार करदाताले रु ७७१४८।- व्याज कर राजस्व दाखिला गर्नुपर्नेमा कट्टा गरि राजस्व दाखिला गरेको नदेखिएकोले असुल गर्नुपर्दछ ।

१३ **खर्च कट्टी** : आयकर ऐन २०५८ को दफा १३(ग) मा व्यवसाय वा लगानी बाट आय आर्जन हुने कार्यमा भएका खर्च कट्टी पाउने व्यवस्था छ । एक इन्टरप्राइजेज ले आय बर्ष २०७०।७१मा रु ५५८२६७४। ऋण र सो ऋण रकमको व्याज रु ५१८७४८।- खर्च कट्टी दावी गरेको छ । करदाताले पेश गरेको वित्तिय विवरणको अनुसुची ७ मा यस वर्ष कुल प्राप्त हुनुपर्ने रकम रु ३१,५५,४६५।- छ । सो प्राप्त हुनुपर्ने रकम मध्ये अन्य प्राप्त हुनुपर्ने देखाएको रु २२२५५४२।४२ को विस्तृत विवरण संलग्न छैन । प्रमाण वेगरको असम्वधीत दावी रु २२२५५४२।- मा ऐनको दफा ४० वमोजिम सम्पत्ती तथा दायित्वको निर्सग गरी आयकर ऐन २०५८ को अनुसुची १ वमोजिम लाग्ने कर रु ५५६३८५।- र शुल्क तथा व्याज समेत छानविन गरी असुल गर्नुपर्दछ ।

१४ **मर्मत सुधार** : आयकर ऐन ०५८ को दफा १९ अनुसार आर्थिक वर्षको अत्यको कुल ह्रास आधार रकमको ७ प्रतिशत रकम मर्मत सुधार खर्च वापत दावि गर्न पाउने व्यवस्था छ। **एक** जे.भी. आ.व.२०७०।७१ **को** मर्मत योग्य सम्पत्ती को आधार रकम रु १५३२६९४।- का ७ प्रतिशत रकम १०७२८८।- मात्र खर्च दावि गर्न पाउने देखिन्छ । निजले वित्तिय विवरण अपलोड गर्दा रु १४१८४९२।- मर्मत खर्च अनुसुचि २ मा दावि गरेकोमा कर परीक्षणमा अन्य खर्च फेरवदल गरी मर्मतमा रु २११९७१७।३९ दावि गरेकोले रु २०१२४२८।- वढि दावि रकम अमान्य गरी आयकर ऐन २०५८ वमोजिम कर रु ५०३१०७।- र सोमा लाग्ने शुल्क, व्याज र जरिवाना सहित असुल गर्नुपर्दछ । करदाताले रु १६८००००।- मेसिन भाडा भुक्तानी गरेकोमा सो रकममा आयकर ऐन ०५८ को दफा ८८ वमोजिम १० प्रतिशत अग्रिम कर कट्टा गरेको नदेखिदा कट्टा गरि असुल गर्नुपर्दछ ।

१५ **सम्पति खरिद** : एक ट्रेड सेन्टरले आ.व.२०७०।०७१ मा रु १९१२९५७-को सवारी खरिद (मूल्य अभिवृद्धि कर समेत) गरेकोमा निजले रु १६९४६९०।- मात्र सम्पत्तीमा पूजिकरण गरेको देखियो । रु.२२१८२६७- मूल्य अभिवृद्धि कर फिर्ता लिएको वा पुँजीकरण गरेको छैन । सम्पत्ती तर्फ कम लेखाङ्कन गरी दायित्व तर्फ पनि

घटि देखाइएको रकमलाई आयकर ऐन ०५८ को दफा ४० वमोजिम निर्सग गरि अनुसचि १(क) वमोजिम कर रु ६५४८०।- शुल्क व्याज र जरिमाना समेत असुल गर्नुपर्दछ ।

१६ **ह्रास कट्टि :** आयकर ऐन, २०५८ को अनुसुचि २(१)(१) मा उपदफा (३) समेत अन्य कतै समावेश नभएको ह्रास योग्य सम्पत्तीमा १५ प्रतिशत ह्रास हुने व्यवस्था छ । एक प्रा.ली ले आ.व. २०७०।०७१मा फर्निचर तथा कम्प्यूटर एण्ड इक्यूमेन्टलाई समुह ख मा राखीसकेपछि वर्ग नखुलेको सामग्रीलाई वर्ग घ १५ प्रतिशतले हुने रकम रु २३९३३२।- कट्टी हुनुपर्नेमा रु १५९५५४।- ले बढी कट्टी गरेकोले बढी कट्टी रकमलाई खर्च कट्टि नदिई ऐनको अनुसुची १(२)१ वमोजिम लाग्ने कर रु ३९८८१।- र सोमा लाग्ने शुल्क र व्याज समेत छानविन गर्नुपर्दछ । आयकर ऐन ०५८ को दफा ८८(१) मा १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । सोही प्रा.ली**ले** होटल बुकिङ्ग खर्च बापत रु ८४५३४९।- खर्च कट्टी दाबी लिएकोमा नियमानुसार अग्रिम कर कट्टी नगरेकोले १५ प्रतिशतका दरले लाग्ने कर रु १२६८०२।- र नियमानुसार लाग्ने व्याज, तथा जरिवाना समेत गणना गरी असुल गर्नुपर्दछ ।

सोही प्रा.ली. को वित्तिय विवरणमा Bills and Account Receivable मा रु ६२५८३१४।७१ देखिएको छ । भने आयको विविरण अनुसुची १३ मा रु ३८६१४०९।- मात्र असामी देखाएकोले रु २३९८६३५।- लिनुपर्ने रकमको पुष्टाई संलग्न भएको छैन र साथै करदाताले वित्तिय विवरणमा Bills Account payable देखाएको रु ४९४१९८७- मा आयको विवरण अनुसुचि १३ मा कुनै पनि साहु देखीएन । अनुसुची १३ तथा वित्तिय विवरणमा विस्तृत विवरण संलग्न नभएको आसामी रु २३९८६३५।- र साहु रु ४९४१९८७- गरी जम्मा रु ७३४०६२२।- को सम्वन्धमा छानवीन गरी आयकर ऐन २०५८ को दफा ४० वमोजिम सम्पत्ती तथा दायित्व को निर्सग मानी २५ प्रतिशत का दरले हुने कर रु १८३५१५५।- र शुल्क तथा व्याज समेत छानविन हुनुपर्दछ ।

आयकर ऐन २०५८ को दफा ७ वमोजिम कुनै व्यक्तिले कुनै आय वर्षमा प्राप्त गरेको सेवा शुल्क वापतको रकमलाई आयमा समावेश गर्नुपर्दछ यस्तै गरी दफा ८८ वमोजिम सेवा शुल्क भुक्तानी गर्दा १५ प्रतिशत का दरले भुक्तानीमा करकट्टी गर्नुपर्दछ । उक्त प्रा.ली. ले सेवा प्रदान गरेवापत यस वर्ष प्राप्त गर्नुपर्ने रकममा सेवाग्राहीवाट कट्टी गरिएको रकम रु ७६५७७६।- रहेको करदाताले पेश गरेको आयविवरणको कुल सेवा शुल्क रु ५१०५१६५४।- हुनुपर्नेमा पेश गरीएको आय विवरणको अनुसुची ५ मा रु ४७८८०९१०।- मात्र समावेश गरी रु ३१७०८४३।-घटी आय देखाएको पाइयो । अत: घटी हुन गएको रकमलाई आयमा समावेश गरी ऐन वमोजिम कर रु ७९२७१०।- र सो मा लाग्ने व्याज र शुल्क समेत गणना गर्नुपर्दछ ।

सोही प्रा.ली. ले वित्तिय विवरणमा Loan and Advance तर्फ यो वर्ष रु १५५६३७६७।- र गत वर्षका रु १९८२४६३८।६० देखीन्छ । Loan Advances मध्ये कर परीक्षणवाट यो वर्ष रु ८५५३०८९।- ऋण रकम गत आ.व.मा रु २५३६३५।- रहेकोमा यस वर्ष रु ११५२२४५।- वित्तिय विवरण वाट देखिएको तर व्याज खर्च दावी नगरेको अवस्था देखीन्छ । करदाताले सो ऋण को कससंग लिएको हो सो को बैंक स्टेटमेन्ट तथा वित्तिय विवरण समेत फाइलसाथ संलग्न गरेको पाइएन भने बाँकी रकम advances को रु ७०१०७७८/क-कसलाई दिएको हो सो को विवरण समेत संलग्न भएको देखीएन । विवरण संलग्न नराख्दा यो वर्ष खर्च कट्टी दावी गरेको ऋण रकम रु ८५५३०८९।- को यकिन गर्न सकिएन । यस सम्वन्धमा छानविन हुनुपर्दछ ।

१७ **मौज्दात मूल्याङ्कन :** आयकर ऐन २०५८ को दफा १५ अनुसार व्यापार मौज्दातको लागत कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ भने सोही दफाको उपदफा ४ मा अन्तिम मौज्दात मूल्यांकन गर्दा वजार मूल्य वा लागत मूल्य जुन घटी छ सो आधारमा राख्नुपर्ने व्यवस्था छ । एक इण्डट्रीज प्रा.ली ले आ.व. २०७१।७२ मा ३९६४४१४ के जी कच्चा पदार्थ खपत गरी प्रति के.जी रु ६४।८५ को दरले Cost of Good Sold मा रु २५७०८९२९।४२ खर्च दावी गरेको छ । तर निजको मौज्दातको मूल्याकनमा १२१४६५।७४ केजी कच्चा पदार्थ मौज्दात राख्दा प्रति केजी ५६।७४ का दरले राखी जम्मा रु ७४६०११३।- को मौज्दात राखेको देखियो । करदाता विगत लामो समय देखि घाटामा संचालन भएको छ । निजको वास्तविक लागतको आधारमा खपत लागत खर्च दावी गर्दा रु५६।७४ प्रति केजी हुनेमा खपतमा रु ८/११ वढी दावि गरि ३९६४१४।- केजीको रु ३२१६३९८।- वढी लागत दावी देखिएकोले सो लागत लाई दफा १५ वमोजिम अमान्य गरी रु ३२१६३९८।- नोक्सानी समायोजन हुनुपर्दछ ।

१८ **व्याज आम्दानी :** आयकर ऐन २०५८ को दफा ७.२ वमोजिम दायित्वको निर्सगवाट प्राप्त रकमलाई आयमा समावेश गर्नुपर्ने व्यवस्था छ । एक कं.प्रा.ली. ले आ.व. २०७१।७२ मा एक संचालकलाई रु.२००००००।- सापटी दिइएकोमा सो रकममा प्रचलित व्याजदर १५ प्रतिशतले हुने ३,००००० असुल गरी आम्दानी देखाउनु पर्नेमा आम्दानी नदेखाएकोले सो रकममा आयकर ऐन २०५८ वमोजिमको कर रु ७५,०००।- र सोमा लाग्ने शुल्क, व्याज र जरिवाना समेत असुल गर्नुपर्दछ ।

१९ **जरिवाना खर्च :** आयकर ऐन २०५८ को दफा १३ वमोजिम लाग्ने खर्च दावि गर्दा जरिवाना तथा हर्जाना खर्च दावी गर्न पाउने देखिदैन । एक कं.प्रा.ली. **ले** आ.व. २०७१।७२ मा रु ३३२५९१।- हर्जाना समेत खर्च

दावि गरेकोले सो रकमलाई अमान्य गरी आयकर ऐन २०५८ वमोजिमको कर रु ८३१४७।- शुल्क व्याज र जरिवाना समेत असुल गर्नुपर्दछ ।

२० **सम्वद्ध पक्षको कारोवार** : एक कं.प्रा.ली. ले आ.व. २०७१।७२ मा संचालक स्वयं वाट रु १६०००००।- मा गाडी खरिद गरेको छ । स्वयं संचालकवाट खरिद गर्दा त्यसको वास्तविक खरिद मूल्य नखुलेको तथा संवद्ध कारोवारमा ऐनको दफा ३३ वमोजिम व्यवस्था पालना नभएकोले लागत वास्तविक हो भन्ने अवस्था देखिएन । साथै संवद्ध व्यक्तिसंग खरिद गर्दा समायोजन नगरी पुरै मूल्य अभिवृद्धि कर लिएको हुने हुदाँ थप छानविन गरि वास्तविक खरिद लागत यकिन गरी दफा ४० वमोजिम निर्सग गरि अनुसुचि १(क) वमोजिम कर रु ४००००।- शुल्क व्याज र जरिवाना समेत असुल गर्नुपर्दछ ।

२१ **व्याज खर्च कट्टी :** एक कं.प्रा.ली. **ले** आ.व. २०७१।७२ मा नोक्सानी भएको वित्तिय विवरण पेश गरेको छ । करदाताले दफा १४ वमोजिम व्याज खर्च दावी पनि गदै आएको छ । करदाताले लिएको संञ्चालक सापटी वापत यस वर्ष रु १,५१,०८८८८।- को रु १६९९७५०।- व्याज कर परीक्षणमा अमान्य गरेको छ । तर निजले आ.व. ०७०।७१ मा पनि संञ्चालन सापटी वापत रु ३६००७३५।- लिएकोमा सो को व्याज अमान्य गरेको नदेखिदाँ आयकर ऐन ०५८ को दफा १४ वमोजिम औषत ७.१२ प्रतिशतले हुने रु २५६५०४।- खर्च कट्टि नदिई नोक्सानवाट घटाउनुपर्ने देखिएको छ ।

२२ **कारोवार भिडान** : एक ट्रेडिङ्ग प्रा.ली ले २०७०।०७१ **मा** पेश गरेको मूल्य अभिवृद्धि कर विवरणमा कर योग्य खरिद रु. ५६३९५६८ र करयोग्य आयात रु ३३५९६४४३।- र कर छुट खरिद रु४२३४७।- समेत जम्मा रु ३,९२,७८३५८।- खरिद देखाएको छ । तर निजको आसिकुडा विवरण Reconcile Sheet अनुसार आयात वाट रु ३९८७८२२३।- खर्च दावि गरेको देखिन्छ र स्थानीय खरिद समेत जम्मा ४५४७५४४४।- खरिद देखिएकोले Cost of Good sold मा जम्मा रु ३९४२८३५८।- खरिद देखाई रु ६०४७०८६।- खरिद देखाएको पाइएन, तसर्थ उक्त रकमलाई आयकर ऐन ०५८ को दफा १३ वमोजिम कुल नाफा ३।४४ प्रतिशतले हुने रु २०८०१९।- मा आयकर ऐन ०५८ को अनुसुचि १(क) वमोजिम शुल्क व्याज र जरिवाना समेत छानवीन गरी कर दायित्व यकिन हुनुपर्दछ ।

२३ **मौज्दात मूल्यङ्कन :** एक सुर्ती उद्योग ले २०७०।०७१मा पेश गरेको मौज्दात विवरण अनुसार तयारी सुर्ति प्रति केजी रु २५४।६४ का दरले रु ५४,८३,५१६।६४ को मौज्दात राखेको देखियो । निजले Cost of Good sold अन्तर्गत यस वर्ष खपत कच्चा पर्दाथ को लागत ३७४।९७ रहेको देखियो भने विक्री लागत प्रति केजी रु २२५।- देखियो । आयकर ऐन ०५८ को दफा १५ वमोजिम वास्तविक लागत दावि गर्न पाउने व्यवस्था छ । निजको मौज्दात सुर्ति लागत प्रति केजी रु २२५ देखिएकोमा खपत लागत लागत रु ३७४।९७ देखाई प्रति केजी रु १४९।९७ वढी देखाएकोले विक्री परिमाण २१०७८ केजीको रु ३१६१०७६।- वढी लागत घटाई आयकर ऐन २०५८ अनुसार नोक्सान घटाउनु पर्दछ ।

सोही उद्योगले सुर्तीको विक्री दर रु २२५।- प्रति केजी देखाउदा मौज्दात रु २५४।६४ का दरले राखि २१५३११ केजी सुर्तीको ५४८३५१६।- मौज्दात देखाएकोमा आयकर ऐन ०५८ को दफा १५ अनुसार वजार मूल्य वा लागत मूल्य जुन घटी छ सो आधारमा मौज्दात राख्नुपर्ने व्यवस्था गरेकोमा प्रति केजी रु २९।६४ का दरले २१५३०।११ केजी को रु ६३८१५२।- वढी मौज्दात मूल्याकन गरेको रकमलाई आयकर ऐन ०५८ को दफा ४० वमोजिम निर्सग गरि अनुसुचि १ (क) वमोजिम शुल्क व्याज र जरिवाना समेत छानवीन गर्नुपर्दछ ।

२४ **पूँजीगत खर्च :** आयकर ऐन ०५८ को दफा २१(३) वमोजिम पूजीगत प्रकृतिको खर्च कट्टी गर्ने नपाइने व्यवस्था छ । एक पशिमना प्रा.ली ले २०७१।०७२ **मा** पेश गरेको वित्तीय विवरण को अनुसुची १० मा रहेको प्रशासनिक खर्च तर्फ Building contruction expenses रु २३७९७७३।- दावी गरी सोही खर्च आय विवरणमा पनि दावी गरिएको छ । उक्त खर्च पूजीकृत गर्नुपर्ने लेखेकोले खर्चकट्टी अमान्य गरी आयकर ऐन २०५८ वमोजिम लाग्ने कर रु ४७५९५४।- र सो मा लाग्ने व्याज र शुल्क समेत गणना गरी असुल गर्नुपर्दछ ।

आयकर ऐन ०५८ को उपदफा १४ वमोजिम आय आर्जन हुने कार्यमा प्रयोग भएको दायित्वको व्याज खर्च कट्टी गर्न पाउने व्यवस्था छ । सोही प्रा.ली.ले पेश गरेको आय विवरण अनुसार यस वर्ष रु ८६२२१२।५१ व्याज खर्च दावी गरेको छ । करदाताको वित्तीय विवरण अनुसार यस वर्ष को अन्त्यमा वैक ऋण रु १,३२,५८,३०३।- र डाइरेक्टरलाई पेस्की दिएको रु ८६,४१,८११।- रहेको देखिन्छ । एकातर्फ वैकवाट ऋण लिई व्याज खर्च बढाएको अर्कोतर्फ डाइरेक्टरलाई पेश्की दिई लिएको ऋण व्यवसायिक प्रयोजनमा प्रयोग नभएकोले औषत पेस्की रकम रु ४३२०९०५।- को औसत व्याजदर ४.७४ प्रतिशत को दरले गणना गर्दा हुने रु २०४८१०।- अमान्य गरी आयकर ऐन वमोजिमको कर रु ४०९६२।- र सो मा लाग्ने व्याज शुल्क समेत गणना गरी असुल गर्नुपर्दछ ।

मूल्य अभिवृद्धि कर ऐन २०५८ को दफा १७ तथा नियमावली २०५३ को नियम ४१ वमोजिम अटोमोवाइल्स खरिदमा तिरेको मूल्य अभिवृद्धि कर को ४० प्रतिशत सम्म कट्टी दावी गर्न पाउने व्यवस्था

छ। सोही प्रा.ली. **ले** पेश गरेको विवरण अनुसार यस वर्ष रु ५३०७९३५।- को अटोमोवाइल्स (Mitsubishi asx) खरिद भएकोमा सो वापतको मूल्य अभिवृद्धि कर रु ६९०२६५।- को ६० प्रतिशतले हुने रकम रु ४१४१५९।- डेविट समायोजन नगरी पुरै दावी गरेकोले सो रकम र सो मा लाग्ने व्याज र शुल्क समेत गणना गरी असुल गर्नुपर्दछ।

२५ **कर कट्टि** : आयकर ऐन २०५८ को परिच्छेद १७ दफा ८७,८८,८९ मा तोकिएको दरमा कर कट्टि गर्नुपर्ने व्यवस्था छ। एक चिम्नी उद्योगले २०७१।०७२ मा भुक्तानीमा घटी करकट्टी गरेको देखिएकोले घटी हुन गएको रु २३८२६५।- र सो मा लाग्ने व्याज समेत गणना गरी असुल गर्नुपर्दछ।

२६ **समानुपातिक कर :** मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १७(३) वमोजिम खरिद र विक्रीको प्रत्येक्ष सम्वन्ध स्थापित गर्न नसकीने भएमा कर लाग्ने कारोवारको समानुपातिक हिसावमा खरिद वा आयातमा तिरेको कर कट्टी गर्नु पर्ने व्यवस्था छ। एक इन्टरनेशनल प्रा.ली.को आ.व २०७०।०७१ को मूल्य अभिवृद्धि कर विवरण अनुसार कुल कारोवारको ९२।१७ प्रतिशत करयोग्य विक्री तथा ७।८३ प्रतिशत कर छुट विक्री गरेकाले सोही अनुपातमा दावी गर्दा रु ३,१३,४७,५९३।- को मात्र कट्टी दावी गर्नुपर्नेमा रु ३,१८,३२,७५९।- को कर कट्टी दावी गरी रु ४८५२०२ को मूल्य अभिवृद्धि कर वढी दावी गरिएको छ। अत रु.४,८५,२०२।- को १३ प्रतिशतले हुने रु ६३,०७६।- वढी मूल्य अभिवृद्धि कर कट्टी दावी भएकोमा पूर्ण कर लेखापरीक्षणवाट अमान्य गरिएको रु १२०६ घटाई वाकी रहने रु ६१८७०।- र सो मा लाग्ने व्याज तथा जरिवाना समेत गणना गरी असुल गर्नुपर्दछ।

२७ **कर कट्टि :** आयकर ऐन २०५८ को दफा ८७ तथा ८८ मा परिश्रमिक तथा सेवा शुल्कमा भुक्तानीमा करकट्टी गर्ने व्यवस्था छ। एक इण्डष्ट्रिज प्रा.ली ले २०७१।०७२ मा खर्चको भुक्तानीमा करकट्टी गर्नुपर्नेमा नगरेको तथा घटी गरेको पाइएकाले घटी हुन गएको रु ४२००७।- र सो मा लाग्ने व्याज र शुल्क समेत गणना गरी असुल गर्नुपर्दछ।

आयकर ऐन २०५८ को दफा १३ वमोजिम व्यवसाय वा लगानीवाट आय आर्जन हुने कार्यमा भएका खर्चहरु कट्टी गर्न पाउछ त्यस्तै गरी दफा १९ वमोजिम स्वावित्वमा रही आय आर्जन हुने कार्यमा प्रयोग भएको ह्रासयोग्य सम्पत्तिको ह्रास खर्च कट्टी गर्नुपर्ने व्यवस्था छ। सोही इण्डष्ट्रिजले पेश गरेको वित्तीय विवरण अनुसार व्याक्तिगत प्रयोजनमा उपयोग हुने सम्पत्तिमा ह्रासकट्टी रु ४०६३७।१७ दावी गरेकाले सो खर्च अमान्य गरी नोक्सानी घटाउनुपर्दछ।

२८ **मूल्य अभिवृद्धि कर कट्टि :** मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ४१ वमोजिम सवारी साधनको लागि हल्का पेट्रोलियम इन्धन खरिदमा तिरको मूल्य अभिवृद्धि कर कट्टी गर्न नपाइने व्यवस्था छ। एक खानेपानी प्रा.ली ले २०७०।०७१ मा पेश गरेको वित्तीय विवरण तथा मूल्य अभिवृद्धि कर विवरणको हिसाव मिलान अनुसार यातायात खर्चमा इन्धन वापत रु १८९८२९१।- र प्रशासनिक खर्च तर्फ इन्धन खर्च रु १६४०७०।- गरी रु २०६२३६२।- को १३ प्रतिशतले हुने रकम रु २,६८,१०७।- मूल्य अभिवृद्धि कर कट्टी दावी गरेकाले सो कट्टी अमान्य गरी सो रकममा व्याज र जरिवाना समेत गणना गरी असुल गर्नुपर्दछ।

आयकर ऐन २०५८ को दफा ८८ वमोजिम मूल्य अभिवृद्धि कर मा दर्ता भएको करदातालाई सेवा शुल्क वापतको रकम भुक्तानी गर्दा भुक्तानीमा १.५ प्रतिशतका दरले हुने रकम करकट्टी गर्नुपर्ने व्यवस्था छ। सोही प्रा.ली. ले वित्तीय विवरणअनुसार व्यापार प्रवद्धन खर्च वापत रु ९७२४००।- म.अ.करमा दर्ता रहेको विज्ञापन एजेन्सीलाई भुक्तानी गरेको देखिएकोमा कर कट्टी गरेको पाइएन। सो रकमको १.५ प्रतिशत ले गणना गर्दा हुने रु १४५८६।- र सो मा लाग्ने व्याज तथा शुल्क समेत गणना गरी असुल गर्नुपर्दछ।

२९ **मिस्मयाच :** विभिन्न ८ करदाताको कारोबार रकममा आय वर्ष २०७१।०७२ मा मिसम्याच देखिएको भनी अन्य कर कार्यालयबाट छानबिन गर्न पत्राचार गरिएको देखियो। ती करदाताले खरिद/बिक्री कम देखाएकोमा कम खरिद/बिक्री देखाएको रकम रु.८०७३२९७५।- सम्बन्धमा छानबिन गरी आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम कर रु.२०१८३२४३।- तथा शुल्क, ब्याज र जरिबाना समेत यकिन गरी असुल गर्नुपर्दछ।

आयकर ऐन २०५८ को दफा ४ (४) मा नेपालमा स्रोत रहेको व्यवसायबाट मात्र आय वर्षमा रु.२० लाख सम्म कारोबार र रु.२ लाख सम्म कारोबार हुने प्राकृतिक व्यक्तीले डे १ विवरण भर्नुपर्ने व्यवस्था छ। ३ करदाताले ३ करदाताबाट सो भन्दा बढी रकमको कारोबार गरेको अवस्थामा पनि डे १ को आय विवरण पेश गरेकोले वास्तविक कारोबार नदेखाई खटि कारोबार गरेको देखिदाँ छानविन गरी आयकर ऐन २०५८ बमोजिम लाग्ने कर रु.६८५६४७।- र शुल्क तथा ब्याज समेत असुल गर्नुपर्दछ।

३० **संरचना निर्माण मूल्य अभिवृद्धि कर :**मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ८(३) वमोजिम व्यवसायिक प्रयोजनको लागि निर्माण गरिने पचास लाख रुपौयाभन्दा वढीको भवन तथा संरचना दर्ता नभएको व्यक्तिवाट निर्माण गराएको भए तापनि त्यस्तो निर्माण दर्ता भएको व्यक्तिवाट गराए सरह मानी कर दाखिला गर्नुपर्दछ। एक रिसोर्ट प्रा.ली.ले २०७१।०७२ मा पेश गरेको वित्तीय विवरण अनुसार रु.१९९,६००६।४४ को स्थिर सम्पत्ति वढेको देखिएकोमा त्यसलाई थप पुष्टि गर्ने अनुसुची विवरण अनलाइन अपलोड गरिएको छैन। उक्त सम्पत्ति

वृद्धिको सम्वन्धमा छानविन गरी दर्ता नभएको व्यक्तिवाट संरचना निर्माण गरिएको भए मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ ।

३१ **करको दर फरक :** आयकर ऐन, २०५८ को अनुसूची १.२(२) अनुसार कुनै आय वर्षमा चुरोट, बिडी, सिगार, खानेसुर्ती, खैनी, मदिरा र वियर व्यवसाय गर्ने निकायको करयोग्य आयमा तीस प्रतिशतका दरले कर लाग्ने व्यवस्था उल्लेख छ । एक प्रा.ली. ले आ.व. २०७१।७२ मा कारोवार रकम रु ४११२९९२९।- देखाई रु ८२००६१।- कर योग्य आय देखाएकोमा कर रकम २५ प्रतिशतले हुने रु २०५०१५।- असुली गरेकोमा नपुग ५ प्रतिशले हुने नपुग कर रु ४१०३३।- निर्धारण गर्नुपर्दछ ।

३२ **आय विवरण :** विभिन्न ४ करदाताले मूल्य अभिवृद्धि कर विवरण पेश गरेको देखियो । तर आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम आय विवरण पेश गरेको देखिएन । तसर्थ उपर्युक्त करदाताको वास्तविक कारोबार यकिन गरी आयकर ऐन, २०५८ को अनुसूची १(क) बमोजिम बिक्री रकमको २५ प्रतिशतका दरले हुने कर रु ३६२७५५६५।- तथा शुल्क, ब्याज र जरिबाना सहित असुल गर्नुपर्दछ ।

३३ **विद्यालय सुधार आयोजना :** संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०६९ को शैक्षिक व्यवस्था सम्बन्धी कम्पोनेन्ट नं.४.२.३ अनुरुप निजी क्षेत्रबाट सञ्चालित शैक्षिक संस्थाले आधारभूत तहका विद्यालयहरुले रु.३ लाखसम्म र माध्यमिक तहसम्मका विद्यालयहरुले बढीमा रु.५ लाखसम्म विज्ञपन खर्च गर्न पाउने व्यवस्था छ । एक शैक्षिक करदाताले आ.व. २०७१।७२ मा विज्ञापन तथा प्रवर्द्धन खर्च रु ७०७००२/- दाबी गर्दा खर्चको सम्बन्धित निकायबाट स्वकिृति नलिएको र निर्देशिका बमोजिम रु २०७००२/- बढी खर्च दाबी गरेको रकममा लाग्ने कर, शुल्क र जरिबाना समेत छानबिन गरी असुल गर्नुपर्दछ ।

३४ **करको दर :** मूल्य अभिबृद्धि कर ऐन,२०५२ को अनुसूची १ को समूह ११ को “आ” मा वित्तीय सेवालाई कर छुट हुने सेवामा राखेको छ । वित्तिय सेवा भनी मूल्य अभिवृद्धि करमा दर्ता नहुने तर वित्तिय कारोवार गर्ने संस्थाको लागि आयकर ऐन २०५८ को अनुसूची १ ले तोकेको वित्तिय सेवामा लाग्ने ३० प्रतिशत कर असूल नहुने स्थिति कानून सम्मत देखिदैन । एक ट्रन्सफर प्रा.ली.ले पेस गरेको वित्तिय विवरणमा आय वर्ष २०७१।७२ को करयोग्य आय रु.१६९८४७४२।- लाई वित्तीय सेवासँग सम्बन्धित भएकोले ३० प्रतिशत कर निर्धारण गर्नुपर्नेमा २५ प्रतिशत मात्र निर्धारण गरेकोले नपुग करमा आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिमको शुल्क तथा व्याज गणना गरी असुल गर्नुपर्दछ ।

३५ **फरक विवरण** : विभिन्न ६ करदाताले पेश गरेको आय विवरण र मूल्य अभिवृद्धि कर विवरणको आयमा फरक देखिएकोले सो सम्वन्धमा छानविन गरी आयकर ऐन ०५८ को अनुसुचि १(क) वमोजिम कर रु १४६३८०९/६० तथा शुल्क व्याज र जरिवाना सहित छानविन हुनुपर्दछ ।

३६ **घटी कर :** ३ करदाताले पेश गरेको आय विवरण भन्दा म.अ.कर विवरणको विक्री घटि देखिएको छ । आय विवरण भन्दा मूल्य अभिवृद्धि कर विवरणमा घटि विक्री देखाउदा मूल्य अभिवृद्धि कर मा दर्ता भएका करदातावाट मूल्य अभिवृद्धि कर कम असुल भएको हुन सक्ने हुदा छानविन गरि मूल्य अभिवृद्धि कर असुल गर्न छानवीन हुनुपर्दछ ।

३७ **संचालक सापटी :** एक प्रा.ली आ.व. ०७१।७२ ले पेश गरेको रु २६६११८९२।- को वित्तिय विवरणमा Advence to propiter भनि रु ३७,००,०००।- संचालक सापटी दिएको देखियो । उपरोक्त रकममा आयकर ऐन ०५८ को दफा ७ वमोजिम प्रचलित औषत व्याज १५ प्रतिशतले हुने रु ५,५५,०००।- लाई आयमा समावेश गरि सो मा लाग्ने कर रु १३८७५०।- शुल्क व्याज र जरिवाना समेत असुल गर्नुपर्दछ ।

प्रा.ली को वित्तिय विवरणमा मौज्दात रु ४७७५०००।- रहेको देखिन्छ । निज करदाताले मूल्य अभिवृद्धि कर को विवरणमा रु २९००४।- मात्र मूल्य अभिवृद्धि कर क्रेडिट देखिन्छ । जसको आधारमा औषत मौज्दात २,२३,१००।- भन्दा केही वढी हुनुपर्ने देखिन्छ । प्रशासनिक तथा पुजीगत खर्च तर्फ पनि उल्लेख्य मूल्य अभिवृद्धि कर योग्य खरिद देखिदैन । वढी रकम सम्वन्धमा छानविन गरि वास्ताविक मौज्दात यकिन गर्नुपर्दछ ।

३८ **नपाउने क्रेडिट** : मूल्य अभिवृद्धि कर ऐन २०५२ दफा १७ वमोजिम दर्ता भएको व्यक्तिले आफ्नो कर लाग्ने कारोवारसंग संम्वन्धित वस्तु वा सेवा आयात वा प्राप्त गर्दा तिरेको वा तिर्नुपर्ने करको रकम आफुले उठाएको करको रकमवाट कट्टिगर्न सक्ने व्यवस्था छ । एक ट्रेनिङ्ग सेन्टर प्रा.ली ले आ.व ०७०।७१ र ०७१।७२ मा पेश गरेको मूल्य अभिवृद्धि कर विवरणमा रु ९३,८२,६९०।- क्रेडिट देखाएको छ । ऐनको दफा १७ वमोजिम नपाउने दावि क्रेडिट रु ९३,८२,६९०।- लाई अमान्य गर्नुपर्दछ ।

३९ **नपाउने क्रेडिट :** मूल्य अभिवृद्धि कर ऐन २०५२ दफा १७ वमोजिम दर्ता भएको व्यक्तिले आफ्नो कर लाग्ने कारोवारसंग संम्वन्धित वस्तु वा सेवा आयात वा प्राप्त गर्दा तिरेको वा तिर्नुपर्ने करको रकम आफुले उठाएको करको रकमवाट कट्टिगर्न सक्ने व्यवस्था छ । एक कोलोनी ले आर्थिक वर्ष ०६९।७० देखि हालसम्ममा

पेश गरेको मूल्य अभिवृद्धि कर विवरणमा रु १०७४८९३।- क्रेडिट देखिएको छ। ऐनको दफा १७ वमोजिम नपाउने दावि क्रेडिट रु १०७४८९३।- लाई अमान्य गर्नुपर्दछ।

४० **लागत खर्च :** आयकर ऐन ०५८ को दफा १५ अनुसार कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै व्यवशायवाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो वर्षमा सो व्यक्तिको व्यवशायको व्यापार मौज्दातको निर्सग सम्वन्धमा उपदफा २ वमोजिम गणना गरिएको खर्च कट्टी वाहेक अन्य कुनै पनि खर्च कट्टी गर्न पाइने छैन। करदाताले रु ९८,२६,४२९।- आय हुदा रु ४,२८,७१,५५४।- लागत खर्च दावी गरेको छ। तसर्थ ऐनले तोकेको व्यवस्था भन्दा वढि र अस्वाभाविक खर्च दावी रु ४,२८,७१,५५४।- छानविन गरि नोक्सानवाट कट्टा गर्नुपर्दछ।

करदाता सेवा कार्यालय, कालिमाटी

१. **आय विवरण :** आयकर ऐन, २०५८ को दफा ९६ मा प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिना भित्र सो वर्षको आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ। यो वर्ष आय विवरण दाखिला गर्नुपर्ने १५५३५ करदातामध्ये ८६२३ करदाता (५५.५० प्रतिशत) ले मात्र आय विवरण दाखिला गरेको अभिलेखबाट देखिन्छ। कानुनमा तोकिएको समयमा आय विवरण दाखिला नगर्ने ६९१२करदाता को खोजि गरी आय विवरण दाखिला गर्न लगाउने कार्य भएको छैन।

२ **मूल्य अभिबृद्धि कर विवरण :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना को २५ दिन भित्र कर विवरण बुझाउनु पर्ने व्यवस्था छ। कार्यालयमा मूल्य अभिबृद्धि करमा दर्ता भएका ४७२४ करदाताहरुमध्ये ३३ ले बन्द गरेको बांकी ४६९१ ले मूल्य अभिबृद्धि कर विवरण बुझाउनु पर्नेमा ५९७ ले डेविट विवरण, १२५८ले क्रेडिट विवरण, ७८६ ले शुन्य विवरण पेश गरेको र १४०४ ले विवरण पेश नगरेको र ६४६ नखुलेको देखिन्छ। यसबाट डेविट विवरण बुझाउने करदाताको संख्या न्युन देखिएकाले बजार अनुगमन गरी यस्ता विवरणको छानवीन गनुपर्दछ।

३ **निरन्तर क्रेडिट :** कार्यालयमा दर्ता रहेका करदाताहरुले २०७१।४।१ देखि २०७२।३।३१ सम्म १२५८ वटा क्रेडिट कर विवरण पेश गरेकोमा ती करदातालाई रु.४९६०८८०५५।- नेपाल सरकारले मूल्य अभिबृद्धि कर फिर्ता दिनु पर्ने संभावित दायित्व देखिएकोमा सो रकमलाई आर्थिक विवरणमा दायित्वमा देखाइएको छैन। मूल्य अभिबृद्धि करमा रकम क्रेडिट देखाई विवरण पेश गर्ने यस्ता करदाताहरुको कारोवारका सम्बन्धमा कार्यालयबाट बिषेश निगरानी राखी वास्तविक क्रेडिटको अवस्था यकिन गरी मु. अ.कर डेविटमा ल्याउन प्रभावकारी पहल गनुपर्दछ।

४ **मु.अ. कर वक्यौता :** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १९ मा करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र बुझाउनु पर्ने व्यवस्था रहेको छ। कार्यालयमा दर्ता रहेका करदाताहरुमध्ये २०७२ आषाढ मसान्त सम्म १०१८ करदाता कर वापत रु. २१८४५९२१०।- दाखिला गर्न बांकी रहेको छ। लामो समय देखि बक्यौता रहनुले कर असुली प्रभावकारी देखिएन। यस तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ।

५ **आयकर बक्यौता** कार्यालय अन्तरगत रहेका करदाताहरुमध्ये विभिन्न करदाताहरुसंग मिति २०७२ आषाढ मसान्तसम्म आयकर रु. ५७५४६७३२६।- परिश्रमिक कर रु.१९३१०।- बहाल कर रु. ९७२६१।- गरि जम्मा रकम रु ५७५५८३८९८।- आर्थिक वर्षको असुल गर्न बांकी रहेको छ। पूनरावेदनका लागि गएका करदाता बाहेकका करदाताको असूलीमा प्रभाबकारीता ल्याउनु पर्दछ।

६ **मूल्य अभिवृद्धि कर कोष :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५१ अनुसार भंसार विन्दुमा संकलित सम्पूर्ण कर रकम मूल्य अभिवृद्धि कोष खातामा दैनिक रुपमा जम्मा गर्नुपर्ने, यसरी कोषमा जम्मा हुन आएको रकमबाट विभागले आदेश दिएको रकम फिर्ता दिई वांकी रहने रकम दैनिक रुपमा तोकिएको राजस्व खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ। यस वर्ष २ करदाताको रु.४९०९८७७।- फिर्ता भएको छ। मूल्य अभिबृद्धि कर फिर्ता दिनको लागि अन्य खर्च शीर्षकमा बजेटको व्यवस्था गरी सोही खर्च शीर्षकबाट निकाशा र खर्च गर्नु पर्नेमा बजेटमा समावेश नगरी यस्तो खर्च गरेको पाइयो।

७ **करपरीक्षण :** आयकर ऐन, २०५८ को दफा ९५(७), ९६(५), १००(२), १०१ एवं मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २३ तथा अन्त:शुल्क ऐन, २०५८ को दफा १०घ आन्तरिक विभागले संशोधित कर निर्धारण गर्न सक्ने व्यवस्था छ।यो बर्ष कर परीक्षणबाट निर्धारण भएको आयकर रु.१८२६१ हजार मूल्य अभिवृद्धि कर रु. १३४४० हजार र अन्त:शुल्क रु.१०३ हजार र रु. २८५२२ हजार सञ्चित नोक्सानी घटाइएको देखिन्छ। दर्ता भएका करदाताको जोखीम क्षेत्र पहिचान गरी परिक्षणको दायरा बढाउने नीति अवलम्बन गरिएमा नेपाल सरकारको राजस्वमा थप योगदान हुने देखिएको छ।

८ **सामाजिक सुरक्षा कर :** आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा १ बमोजिम यस वर्ष सामाजिक सुरक्षा कर वापत रु.५३४७४७७५।६३ असुल भई नेपाल सरकारको राजस्व खातामा दाखिला भएको छ । सामाजिक सुरक्षा कोष (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६७ अनुसार सामाजिक सुरक्षा कोषले योगदानकर्ताहरुलाई परिचयपत्र जारी गर्ने व्यवस्था समेत रहेको छ । करदाताहरुले आय विवरण पेश गर्दा करदाताले धेरै जना कर्मचारी वा कामदार देखाई उनीहरुलाई यस्तो कर लाग्ने रकमको सीमासम्म तलब भुक्तानी भएको देखाउने गरेको पाइयो । यस्तो करलाई व्यवस्थित गर्न कर दाखिला गर्दा कोषबाट जारी भएको परिचयपत्र नम्बर अनिवार्य रुपमा उल्लेख गर्न लगाउनु पर्दछ ।

९ **मिसम्याच :** एक बिजिनेस प्रा.ली को आय बर्ष २०७१।७२ को करपरीक्षण को मिसम्याच रिपोटिङ विवरण अनुसार यस करदाताले एक फ्रुट सेन्टर प्रा.ली लाई गरेको विक्री रु ३५९७०६५।- करदाताको विक्री विल र पार्टि लेजरबाट पुस्टी भएको व्यहोरा उल्लेख छ । खरिद गर्ने करदाता नन् फाइलर देखीएकोले करदाताले देखाएको विक्री तथा एक फ्रुड सेन्टरले गरेको खरीद खुलासा भएको देखीदैन । कार्यालयबाट करपरीक्षण गर्दा आफ्नो कार्यक्षेत्रको करदाताको समेत खरिद विक्री भिडान नगरेकोले एक फ्रुड सेन्टरको कारोवारको थप छानविन गरी आयकर ऐन २०५८ बमोजिम कर रु.५९७०६५।०० र सोमा लाग्ने शुल्क,व्याज र जरिवाना हिसाब गरी असुल गर्नुपर्दछ ।

करदाताको वित्तिय विवरणमा ह्रास योग्य सम्पत्ती मध्ये ग समुहको सवारी साधन समुहको मूल्य रु २४८८०२६।- देखिन्छ । सो मूल्य मध्ये करदाताले यस वर्ष रु ८००००।- को मोटरसाइकल विक्री गरेकोमा सो रकम ह्रासयोग्य सम्पत्तीमा समावेश गरेको तर नगद प्रवाह विवरणमा सम्पत्ती बिक्री देखाएको पाइएन । प्राप्त भएको रकम नगद प्रवाह विवरणमा समावेश नगरेकोले आयकर ऐन , २०५८ को दफा ४० वमोजिम सम्पत्ती तथा दायित्वको निर्सग भएको भनी ऐने वमोजिम लाग्ने कर रु २००००।- र नियमानुसार लाग्ने व्याज, शुल्क तथा जरीवाना समेत थप छानविन गरी असुल हुनुपर्दछ ।

१० **फरक विवरण** : एक ट्रेडर्सको आय वर्ष ०६९।७० को मूल्य अभिवृद्धि कर विवरण अनुसार रु १४४७८२०।- मूल्य अभिवृद्धि कर लिनुपर्ने देखिन्छ । तर निजको वित्तिय विवरण अनुसार यस वर्ष कुनै पनी मूल्य अभिवृद्धि कर लिनुपर्ने देखिएको छैन । वास्तविक लिनुपर्ने समावेश नगरी वित्तिय विवरण तयार पारेकोले आयकर ऐन २०५८ को दफा ४० वमोजिम सो रकमलाई निसर्ग मानि सो मा आयकर ऐन ०५८ को बमोजिम कर रु ३६१९५५।- तथा शुल्क व्याज र जरिवाना समेत असुल गर्नुपर्दछ ।

करदाताले यस वर्ष जम्मा चुक्ता पूजि रु ५०००००।- राखी व्यवसायिक कारोवार सुरु गरेको छ । यस वर्ष बैकिङ्ग ऋण कुनै पनि नदेखिएतापनि रु ७४६१५१४।- प्रोपाइटरलाई तिर्नुपर्ने दायित्व देखाएको रकम आयकर ऐन २०५८ वमोजिम प्राप्तिको पुस्टाई सम्वन्धमा कर परीक्षणमा केही उल्लेख छैन ।

११ **नपाउने खर्च** : सिमेन्ट उत्पादन गर्ने एक करदाताले आय बर्ष २०७०।७१मा Village Development अन्तर्गत रु ६०००००।- खर्च दावी गरेकोमा कर परीक्षणवाट उक्त रकमलाई मान्यता दिएको छ । उक्त खर्चको लेजर अध्ययनवाट सो खर्च करदाताको करोवारसंग प्रत्यक्ष संम्वन्धित खर्च नदेखिएको तथा चन्दा दान दातव्यको सिमा भित्र पनि नरहेकोले खर्चलाई आन्य गरी ऐने वमोजिम लाग्ने कर रु १,५०,०००।- मा व्याज र शुल्क समेत गणना गरि असुल गर्नुपर्दछ ।

१२ **नगदमा भुक्तानी** : आयकर ऐन २०५८ को दफा २१(२) वमोजिम एक पटकमा रु पचास हजार भन्दा वढी नगदमा भुक्तानी गरेमा सो खर्च कट्टि गर्न नपाइने व्यवस्था छ। एक कन्स्ट्रक्सन प्रा ली ले आय बर्ष**२०७०।७१मा** पेश गरेको विवरण साथै संलग्न लेजरवाट २०७१।०३।२७ मा एक अर्थ मुभिजलाईरु३०४०००।- नगद भुक्तानी गरेको देखिएकाले सो खर्च अमान्य गरी कर रु ७६०००।- र सो मा लाग्ने व्याज र शुल्क समेत गणना गरी असुल गर्नुपर्दछ ।

१३ **व्याज खर्च** : आयकर ऐन २०५८ को दफा १४ वमोजिम व्यवसायवाट आय आर्जन गर्ने कार्यमा प्रयोग भएको दायित्वको व्याज खर्च कट्टी गर्न पाइने व्यवस्था छ । **एक लजिष्टिक प्रा.ली.ले आय बर्ष .२०७१।७२** पेश गरेको आयविवरण अनुसार यस वर्ष व्याज खर्च ७५१९९।- दावी गरेको छ । करदाताको वित्तीय विरणअनुसार यस वर्ष ऋण रु १७५५४६३।- देखिन्छ भने औषत नगद तथा वैक मौज्दात रु ४७,३१,९३२।- रहेको छ । यसरी आवश्यक रकम करदाता स्वयसंग हुदाहुदै वैकवाट ऋण लिई व्याज खर्च वढाएको देखिएको हुदा सो व्याज खर्च रु ७५१९९।- अमान्य गरी आयकर ऐन २०५८ बमोजिम कर रु १८७९९।- र व्याज र शुल्क समेत गणना गरी असुल गर्नुपर्दछ ।

१४ **बढी खर्च** : विविध वस्तुको कारोबार गर्ने करदाताले आय बर्ष २०७१।७२को आयातमा विभिन्न प्रज्ञापन पत्रमा भन्सारमा दावि गरेको मूल्य र भन्सारले लगाएको दरवन्दी भन्दा वढी खर्च दावी गरेको देखियो । भन्सार खर्च पछि दावी गरेको रु १२२१७४६।- लाइ आयकर ऐन २०५८ वमोजिम लागतखर्च कट्टि नदिई सो मा लाग्ने कर र शुल्क व्याज र जरिवाना सहित रु.३०५४३७-असुल गर्नुपर्दछ ।

१५ **मिसम्याच** : १२ करदाताको कारोबार रकममा आय वर्ष २०७१।०७२ मा मिसम्याच देखिएको भनी अन्य कर कार्यालयबाट छानबिन गर्न पत्राचार गरिएको देखियो । ती करदाताले खरिद/बिक्री कम देखाएकोमा कम

खरिद/बिक्री देखाएको रकम रु.७२२३०४८२/- सम्बन्धमा छानबिन गरी आयकर ऐन, २०५८ बमोजिम कर रु.१८०५७६२१/- तथा शुल्क, ब्याज र जरिबाना समेत यकिन गरी असुल गर्नुपर्दछ ।

१५. **आय विवरण** : आयकर ऐन २०५८ को दफा ४ (४) मा नेपालमा स्रोत रहेको व्यवसायबाट मात्र आय वर्षमा रु.२० लाख सम्म कारोबार र रु.२ लाख सम्म मुनाफा हुने प्राकृतिक व्यक्तीले डे १ विवरण भर्नुपर्ने व्यवस्था छ । ३ करदाताले विभिन्न करदाताबाट सो भन्दा बढी रकमको कारोबार गरेको अवस्थामा पनि डे १ विवरण भरी आय विवरण पेश गरेको देखिएकोले वास्तविक कारोबार लुकाई कारोबार गरेको देखिदा छानविन गरी आयकर ऐन २०५८ बमोजिम लाग्ने कर रु.१२७७५८०४।- र शुल्क तथा ब्याज समेत असुल गर्नुपर्दछ ।

यसैगरी एक आयल प्रा लि ले एक स्टोर लाई रु.११,२५,५९४९।- विक्री देखाएको देखिन्छ । करदाता एक स्टोर्सले आयविवरणको अनुसूची ५ मा रु.८३,६६,१४५।- मात्र खरिद देखाएको र रु.८८,४०,१०४।- मात्र विक्री देखाएको छ । एउटै पाटीसँग देखाएको खरिद नै निजले देखाएको खरिद भन्दा रु.२८,९४,८४९।- ले बढी देखिएकोले अन्य कारोबार समेत छानविन गरी आयकर ऐन २०५८ बमोजिम कर रु.७२२४६२।- र शुल्क एवं ब्याज समेत असुल गर्नुपर्दछ ।

१७. **खर्च कट्टी** : एक ग्रुप प्रा.ली ले आय बर्ष २०७१।७२मा पेश गरेको वित्तिय विवरणमा रु ११३२५४०।- इन्धन खर्च दावी गरेको देखियो । निजको पेश भएको वित्तिय विवरण र सम्पत्ती विवरणमा इन्धन प्रयोग गर्ने खालका साधन देखाएको छैन । तसर्थ वास्तविक इन्धन खर्च प्रयोगको प्रमाण नभएकोले आयकर ऐन ०५८ को वमोजिम खर्च कट्टि नदिइ सोमा लाग्ने कर रु २८३१३५।- तथा शुल्क व्याज र जरिवाना समेत असुल गर्नुपर्दछ ।

१८ **मूल्य अभिबृद्धी कर** : मूल्य अभिवृद्धि कर ऐन २०५२ दफा ८(३) वमोजिम व्यवसायिक प्रयोजनको लागि निर्माण गरिने पचास लाख रुपैया भन्दा वढीको भवन वा अपार्टमेन्ट वा सपिङ कम्प्लेक्स वा यस्तै अन्य संरचना दर्ता नभएको व्यक्तिवाट निर्माण गराएको भए तापनि यस्तो निर्माण दर्ता भएको व्यक्तिवाट गराए सरह मानी मूल्य अभिवृद्धि कर दाखिला गर्नुपर्दछ । एक विजिनेश कम्प्लेक्स प्रालीको आय बर्ष २०७१।७२ को वित्तीय विवरण अनुसार यस वर्ष भवन रु ७२५५८२४।८१ को थप पुजीकृत भएकोमा मूल्य अभिवृद्धि कर दर्ता भएको व्यक्तिवाट नै भएको भन्ने यकिन हुन नसकेको हुँदा सो यकिन गरी दर्ता नभएको व्यक्तिवाट निर्माण गराएको भएमा मूल्य अभिवृद्धि कर रु ९४३२५७।२३ र सो मा लाग्ने व्याज र शुल्क समेत गणना गरी असुल गर्नुपर्दछ ।

आयकर ऐन २०५८ को दफा २० मा कुनै व्यक्तिले कुने व्यवसायवाट वेहोर्नु परेको विगत सात आय वर्षहरुको कट्टि हुन नपाएको नोक्सानी कट्टी गर्न पाउने व्यवस्था छ ।सोही करदाताको आय वर्ष २०७१।०७२ को नोक्सानी समेत समावेश गरी कुल नोक्सानी रु.२८१८६८४६६।- रहेकोमा यस वर्षको आय विवरण अनुसार गत आ.व.वाट जिम्मेवारी सरेको व्यवसायको नोक्सानी रु २८७२८२०००।- दावी गरेको पाइएकाले वढी दावी गरेको नोक्सानी रु ५४१३५३३।- अमान्य गरी नोक्सानी घटाउनुपर्दछ । साथै करदाताले पेश गरेको वित्तिय विवरणको अनुसुची १३ मा रहेको प्रशासनिक खर्चतर्फ Tax Expenses वापत रु ६६९५२१।- खर्च दावी गरेकोले सो सम्वन्धमा छानविन गरी खर्च अमान्य गरी कर योग्य नोक्सानी घटाउनुपर्दछ ।

१९ **त्रिक्रि भिडान** : करदाताको मूल्य अभिवृद्धि कर विवरण अनुसार विक्री तथा आय विवरण अनुसारको विक्री भिडान हुनुपर्दछ । एक कन्स्ट्रक्सन प्रा.लीले पेश गरेको. २०७१।७२ के वित्तिय विवरणअनुसार विक्री रु ४२८६२१३५।- रहेकोमा मूल्य अभिवृद्धि कर विवरण मा रु ४०५६८१९०।- मात्र समावेश गरी रु २२९३९४५।- को मूल्य अभिवृद्धि कर घटी गणना गरेको देखिन्छ ।अत उक्त घटी विक्री रकमको सम्वन्धमा छानविन गरी १३ प्रतिशले हुने मूल्य अभिवृद्धि कर रु २९८२१२।- र सो मा लाग्ने व्याज र शुल्क समेत गणना गरी असुल गर्नुपर्दछ ।

यसै गरी एक डेभलमेन्ट वैक लिमिटेडले यस करदातासंग रु ५७४०४५८।- को खरिद गरेको देखाई विवरण पेश गरेकोमा यस करदाताले विक्री नदेखाई मिसम्याच देखिएकाले सो सम्वन्धमा छानविन गरी उक्त रकमलाई विक्रीमा समावेश गरी कर रु १४३५११४।- र सो मा लाग्ने व्याज र शुल्क समेत गणन गरी असुल गर्नुपर्दछ ।

२० **समायोजन :** नोक्सानमा रहेका विभिन्न ३ करदाताको २०७०।७१ को पूर्ण कर लेखापरीक्षण भई संशोधित करयोग्य नोक्सानी कायम भएकोमा २०७१।७२ मा करदाताको अघिल्लो वर्षको आय विवरणको आधारमा अ.ल्या गरिएका नोक्सानी रु २२१७६५६।- अमान्य गरी पछिल्लो वर्षमा समेत साही वमोजिम समायोजन गर्नुपर्नेमा समायोजन भएको नदेखिएकोले नियमानुसार समायोजन गर्नुपर्दछ ।

२१ **आय बिबरण** : आयकर ऐन २०५८ को दफा ९६ वमोजिम प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिना भित्र आय विवरण पेश गर्नुपर्दछ । एक ट्रेडर्सले २०७१।७२ को आय विवरण पेश गरेको छैन । सो वर्षको मूल्य अभिवृद्धि कर विवरण अनुसार कुल विक्री रु २,११८५७९१।- र कुल खरिद रु १९५१९२११।- देखिएकोमा सो सम्वन्धमा छानविन गरी फरक रु १६६६५८०।- मा आय कर ऐन २०५८ बमोजिम कर रु ४१६६४५।- र व्याज र शुल्क समेत गणना गरी असुल गर्नुपर्दछ ।

२२ **कर दर्ता :** मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ९,८,१० तथा मूल्य अभिवृद्धि कर नियमावली २०५३ नियम ६ मा भएको व्यवस्था वमोजिम वार्षिक रु पचास लाख भन्दा वढी करयोग्य वस्तुको कारोवार गर्ने व्यक्ति मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्दछ । आय वर्ष २०७१।७२ मा रु चार करोड भन्दा वढी कारोवार गरेको बिभिन्न ३ करदाता मूल्य अभिवृद्धि करमा दर्ता नभएको पाइएकाले कर लाग्ने वस्तु कारोवारको सम्वन्धमा छानविन गरी मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ ।

२१ **मूल्य अभिवृद्धि कर** : मूल्य अभिवृद्धि कर नियमावली २०५३ को दफा ३३ अनुसार प्रयोग भैसकेको वस्तुहरको कर निर्धारण यस्ता वस्तुहरुको विक्री मूल्य र खरिद मूल्यको विचको वचतमा माग गरिने व्यवस्था र त्यस्तो खरिद विक्रिमा खुलाउनुपर्ने व्यहोरा उल्लेख गरेको छ । खुलाउनुपर्ने व्यहोरा सन्तोषजनक रुपमा राखेको नपाइएमा करदाताले विक्रि गरेको कुल मूल्यमा कर लगाई दाखिला गर्न लगाउने व्यवस्था गरेको देखिन्छ । एक **अटो सेन्टर आ.व.२०७१।७२मा** रु ३,८७,२९०५०।- को गाडी विक्रि गरेको देखिन्छ । भने निजले मूल्य अभिवृद्धि कर विक्रि नदेखाई सवै कारोवार कर छुट विक्रिमा देखाएको छ । तर्सथ उपरोक्त नियमानुसार लेखा राखि मूल्य अभिवृद्धि कर असुल गर्न पर्नेमा मूल्य अभिवृद्धि कर असुल गरेको नदेखिदा सो विक्रि रकमको १३ प्रतिशतले हुने रु ५०,३४,७७६।- छानविन गरी असुल गर्नुपर्दछ ।

२२ **त्रिक्रि फरक** : मूल्य अभिबृद्धि कर ऐन २०५२ को दफा ७ बमोजिम मूल्य अभिबृद्धि कर लाग्ने वस्तु वा सेवामा कर असुल गर्नु पर्ने व्यवस्था छ । एक इन्जिनियरिङ्ग एण्ड सोलुसन प्र.ली.ले ०७१/७२ मा रु.१९३८३०१६।५९ आय गरेको विवरण पेश गरेकोमा निजले मूल्य अभिवृद्धि कर विवरणमा मा कुनै पनि बिक्री देखाएको छैन । निजको रिटर्न डिटेलमा रु.११५०३०४५।- मूल्य अभिवृद्धि कर योग्य खरिद देखिएकोमा बिक्रीबाट कुनै मूल्य अभिवृद्धि कर असुल गरेको नदेखिएकोले विक्री रु.१९३८३०१६।- लाई कर योग्य विक्री मानी ऐन बमोजिम कर रु.२५१९७९२।- तथा जरिवाना समेत असुल गर्नुपर्दछ ।

२३ **मूल्य अभिवृद्धी कर** : मूल्य अभिवृद्धी कर ऐन ०५२ को दफा ८(३) वमवोजिम व्यवसायिक प्रयोजनको लागि निमार्ण गरिने रु ५० लाख भन्दा वढीको भवन वा अन्य संरचना निमार्ण गरि विक्रि गर्ने वा त्यस्ता संरचना चालू वा स्थाइ रुपमा सम्पत्तिमा देखाई गरी आय आर्जन कार्यमा उपयोग गर्ने त्यस्ता संरचना मूल्य अभिवृद्धि करमा दर्ता नभएको व्यक्तिवाट निर्माण गराएको भएपनि त्यस्ता निर्माण दर्ता भएको व्यक्तिवाट गराएसरह मानि कर दाखिला गर्नुपर्दछ । त्यसरी दाखिला नगरेमा सो संरचना स्वामित्व भएको व्यक्तिवाट कर निर्धारण गरि असुल उपर गरिने व्यवस्था छ । एक हाउजिङ्ग कं.प्रा.लीले भवन निमार्ण बापत आ.व ०७०।७१ अन्तर्गत रु ७७३६६५३१३।- र ०७१।७२ को रु ९२७०४६०२० को संरचना निमार्ण गराएको मा ०७०।७१ अनुसुचि १३ वमोजिम रु ४,३२,८७,०७०।- मात्र मु अ कर दर्ता भएकोसंग गराइ रु ७३०३७८२४३ को मु अ.कर दर्ता संग नगराएको र आ.व ०७१।७२ मा संरचना निमार्ण गरेकोमा रु ४८०८५९११।- अनुसुचि १३ अनुसार को मात्र मु अ.करदर्तावाला संग गराएको देखिएकोले वाकी जम्मा रु ८७८९६०१०९।- को ऐन वमोजिम १३ प्रतिशतले हुने रु ११४२६४८१५।- र सो मा लाग्ने व्याज समेत असुल गर्न कर निर्धारण हुनुपर्दछ ।

करदाता सेवा कार्यालय,त्रिपुरेश्वर

१. **कर मुक्तिको योजना :** आयकर ऐन, २०५८ को दफा ३५ अनुसार विभागले कर दायित्वको यकिन गर्न कर मुक्ति योजनाको कुनै प्रबन्ध वा प्रबन्धको भागलाई पुनः चारित्रिकरण, वा व्यवस्था गर्न सक्ने प्रावधान छ । एक टेलिकम प्रा.लि. नेपाल र एक सर्भिसेज लिमिटेड साईप्रसबीच १४ सेप्टेम्बर २०११ मा भएको सम्झौताअनुसार ४५ दिनभित्र नेपालका एक टेलिकम लिमिटेडको ४० प्रतिशत शेयर (४० हजार कित्ता) वा हितमध्ये २५ हजार कित्ता शेयर उक्त सर्भिसेज लिमिटेड साईप्रसलाई रु.२ करोड ५० लाखमा बिक्री गरेको विवरण उद्योग विभागमा पेश गरेको छ । सो सर्भिसेज लिमिटेड साईप्रसको मालिक स्वीडेन स्थित विदेशी कम्पनीले २६ अप्रिल २०१२ मा नेपालका उक्त टेलिकम लिमिटेडको थप ५० प्रतिशत (५० हजार कित्ता) शेयर स्वामित्व प्राप्त गर्न करिव रु.३.६८ अर्ब (२९५ मिलियन स्विडिस क्रोनर) खर्च गरेको विवरण आफ्नो लेखापरीक्षण तथा वार्षिक प्रतिवेदनमा सार्वजनिक गरेको छ । उक्त ५० हजार कित्तामध्ये टेलिकम प्रा.लि. को स्वामित्वबाट प्राप्त गरेको २५ हजार कित्तासमेत समावेश भएको छ । यस आधारमा टेलिकम प्रा ली को स्वामित्वमा रहेको शेयर प्राप्त गर्न विदेशी कम्पनीले करिब रु.१.८४ अर्ब (३.६८ अर्ब को ५० प्रतिशत) खर्च गरेको देखिन्छ ।

उक्त टेलिकम प्रा.लि.ले शेयर बिक्री गरेको ५ महिनाको अवधिमा नेपालका उक्त टेलिकम लिमिटेडको ग्राहक आधार, लगानी तथा भविष्यको संभावनामा कुनै सारभूत परिवर्तन भएको अवस्थासमेत देखिँदैन । सो टेलिकम लिमिटेडको शेयर सन् २०११ मा प्रतिकित्ता रु ९१ हजार र २०१२ मा प्रतिकित्ता रु.७४ हजारमा कारोबार गरेकोमा २०११ सेप्टेम्बरमा उक्त सर्भिसेज लिमिटेड साईप्रसलाई बिक्री गर्दा शेयर प्रतिकित्ता रु.१ हजारमात्र मूल्याङ्कन गर्नुले सो कारोबार गर्न आयकर ऐनको दफा ३५ अनुसार करमुक्ति योजनाको भागको रुपमा गरेको प्रबन्ध देखियो । तसर्थ न्युन मूल्यांकन गरी बिचमा मध्यस्थ कम्पनी खडा गरेर कर छल्ने प्रबन्ध गरेको हुँदा उक्त रकमलाई दफा २७ बमोजिम बजारमूल्यअनुसार परिमाणीकरण गरी लगानीकर्ताले देखाएको

मूल्य रु.१.८४ अर्ब (२९५ मिलियन स्विडिस क्रोनर, २६ अप्रिल २०१२ को विनिमय दर रु.१२.४७) मा कारोबार भएको मानी उक्त मूल्यमा शुरु खरिद मूल्य रु.२ करोड ५० लाख खर्च कट्टी गर्दा हुन आउने लाभ रु.१ अर्ब ८२ करोडको आयकर ऐन, २०५८ को अनुसूची १ को उपदफा २ अनुसार २५ प्रतिशतले हुन आउने कर रु.४५ करोड ३८ लाखमा शुल्क तथा ब्याज समेत छानवीन गरी कर निर्धारण एवं असुल गर्नुपर्दछ ।

करदाता सेवा कार्यालय पुतलीसडक

१ **आय विवरण :** आयकर ऐन, २०५८ को दफा ९६ मा प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिना भित्र (दफा ९८ वमोजिम म्याद थप भएकोमा सो म्याद भित्र) सो वर्षको आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष आय विवरण दाखिला गर्नुपर्ने २६६७३ करदातामध्ये २०७१।७२ मा ७७५२ करदाता अर्थात (२९ प्रतिशत) ले मात्र आय विवरण दाखिला गरेको छ। आय विवरण पेश नगर्ने करदाताको थप अनुगमन गर्नुपर्दछ ।

२ **राजस्व लेखा :** आर्थिक कार्यविधि नियमावली, २०६४ मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको ३५ दिन भित्र लगती राजस्व रकम र असुल हुन बांकी रकम तथा हसवली राजस्व समेतको कच्चावारी समेत भिडाई राजस्वको वार्षिक आर्थिक विवरण तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ । उक्त आर्थिक विवरणको परीक्षण गर्दा यस वर्ष जिम्मेवारी सरेको रकममध्ये रु.१२ करोड ४९ लाख ४५ हजार ९७ मिन्हा गरेकोमा मिन्हा भएको सम्बन्धमा विवरण तयार गरेको छैन । कायमी लगत रकम रु.२२ करोड २३ लाख २० हजार ८१२ यस वर्ष असुल गर्नुपर्नेमा रु.२९ लाख २९ हजार ७६०(१.३ प्रतिशत) असुल भई रु.२२ करोड ५० हजार २९८ आगामी वर्षको लागि जिम्मेवारी सारेकोले नियमानुसार असुल गर्नुपर्दछ ।

३ **कर विवरण :** कार्यालयमा **२०७२।४।१** देखि **२०७३।३।३१** सम्मदर्ता रहेका करदाताहरुमध्ये १६५३ करदाताले क्रेडिट कर विवरण पेश गरेकोमा ती करदातालाई रु ५१,७१,५४,२६० नेपाल सरकारले मूल्य अभिबृद्धि कर फिर्ता दिनु पर्ने संभावित दायित्व देखिएकोमा सो रकमलाई आर्थिक विवरणको दायित्वमा देखाइएको छैन । क्रेडिट कर विवरण पेश गर्ने करदाताहरुमध्ये विगत १२ महिना देखि र सवै भन्दा बढी क्रेडिट रहेका करदाता छनौट भएका मध्ये ठुला रकमका निरन्तर क्रेडिटमा रहेका करदाता १२ रहेका छन । मूल्य अभिबृद्धि कर क्रेडिट देखाई विवरण पेश गर्ने यस्ता करदाताहरुको कारोवारका सम्बन्धमा कार्यालयबाट **विशेष** निगरानी राखी वास्तविक क्रेडिटको अवस्था यकिन गरी मूल्य अभिवृद्धि कर डेविटमा ल्याउन प्रभावकारी पहल गर्नुपर्दछ ।

४ **नपाउने क्रेडिट :** मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ बमोजिम अनुसूची १ मा उल्लेखित बस्तु तथा सेवामा कर नलाग्ने व्यवस्था रहेको छ त्यस्तो बस्तु वा सेवाको खरिदमा पहिले लागेको कर दफा १७ बमोजिम कट्टी गर्न र दफा २४ बमोजिम फिर्ता लिन नपाउने स्पष्ट व्यवस्था रहेकोमा २ करदाताले पेश गरेको आर्थिक बर्ष २०७१।७२ को आय विवरण र लेखा टिप्पणीको खुलासाको आधारमा भवन तथा संरचना निर्माण गर्ने मुख्य उदेश्य रहेकोमा कर छुटको कारोवार गरेको स्थिर सम्पत्ति सृजना गर्न गरेको खर्चको मुल्य अभिवृद्दि कर क्रेडिट दावि गरेको र करदाताले निर्माणाधिन सम्पत्ति विक्रि गर्दा वा भाडामा लगाउदा मुल्य अभिवद्धि कर संकलन नहुने अवस्थामा मुल्य अभिवृद्धि करमा दर्ता भई कर क्रेडिट दावि गरेको रकम रु २,३१,९३,८०४/- अमान्य गर्न कर निर्धारण गर्नुपर्दछ ।

५ **असम्वन्धित क्रेडिट दावी :** करयोग्य र कर छुट दुवै बस्तुको कारोवार गर्ने एक करदाताले मुल्य अभिवृद्दि कर ऐनको दफा १७ अनुसार करदाताले करयोग्य आयसँग प्रत्यक्ष सम्बन्ध राख्ने खर्चमात्र समावेश गरी कर कट्टी दावी गर्नुपर्नेमा गत विगत बर्ष देखिकै नपाउने कर कट्टी गरेको देखिएकोले स्थिति एकिन गर्न विगत बर्षहरु देखिकै विस्तृत छानविन गर्नुपर्दछ। आर्थिक बर्ष २०७०।७१ को नपाउने मूल्य अभिवृद्धि कर क्रेडिट दावि गरेको रु ९,३१,९४०।- अमान्य गर्न कर निर्धारण गर्नुपर्दछ।

६ **अग्रिम कर :** एक करदाताले पेश गरेको आर्थिक बर्ष २०७१।७२ को आय विवरण सरसर्ती परीक्षण गर्दा हालसम्म रु ३१,११,९९,३७७ स्थिर सम्पत्ती तर्फ पुँजीकरण गरेको छ । तर मूल्य अभिवृद्धि कर खरिद प्रयोजनको लागि रु ५,५०,३१,९६९ मात्र हाल सम्म खरिद दावी गरेको छ । करदाताले पेश गरेको आर्थिक बर्ष २०७१।७२ मा रु ३०,५१,०५२ रिटेन्सन डिपोजिट भनी विभिन्न आपुर्तक

र निर्माण कम्पनीसँग कट्टा गरि राखेको छ। अनुसुची १३ र अन्य खुलासा गरेको विवरण अनुसार निर्माण व्यवसायी र सम्झौता गरिएका आपुर्तकसँग ऐन बमोजिम अग्रीम कर कट्टा गरेको नदेखिएकोले भवन निर्माणाधीनमा पूँजीकृत गरेको रु ३१,११,९९,३७७ मा करयोग्य कारोवारमा १.५ प्रतिशत र कर छुटको कारोवारमा १५ प्रतिशतको दरले अग्रीम कर कट्टा गर्नुपर्ने रु ४६,६७,९९० र सोमा लाग्ने व्याज समेत असुल गर्न विस्तृत छानविन गर्नुपर्दछ ।

७ **वक्यौता राजस्व असुली** : आयकर ऐन, २०५८ को दफा १०९ मा कर वक्यौता राख्ने व्यक्तिलाई रकम बुझाउनु पर्ने व्यक्ति वा निजको रकम जिम्मा लिने व्यक्ति समेतलाई रकम दाखिला गर्न आदेश दिई असुल गर्न सक्ने व्यवस्था छ । कार्यालयमा दर्ता रहेका करदातामध्ये २०७३ आषाढ मसान्तसम्म ३१३४ करदातावाट कर वापत रु.४९,७३,७४,५७७। वक्यौता रहेको मध्ये रु. १ लाखभन्दा बढि बांकी राख्ने ५०५ करदातासंग मात्र रु. ४६ करोड ५३ लाख ६४ हजार राजस्व वक्यौता रहेको छ । २०७३ आषाढ मसान्तसम्म आयकर रु ५,८०,७५,९४८ असुल गर्न बांकी रहेको छ । वक्यौता राखेका करदाताबाट कर असुल गर्न थप कारवाही गर्नुपर्दछ ।

८ **राजस्व लेखा प्रणाली :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९ देखि १८ सम्म राजस्व दाखिला र राजस्वको लेखा सम्बन्धमा व्यवस्था गरिएको र सो सम्वन्धमा महालेखा नियन्त्रक कार्यालयले राजस्व लेखा निर्देशिका जारी गरेको वमोजिम आन्तरिक राजस्व विभागले राजस्वको लेखा राख्न एवं प्रतिवेदन जारी गर्न विद्युतीय कर प्रणालीमा राजस्व लेखाप्रणाली सम्बन्धि अलग रास पोर्टलको व्यवस्था गरेकामा कार्यालयले म.ले.प.फा.नं. १५ क, म.ले.प.फा.नं. १०८क, म.ले.प.फा.नं. १०८ ख, म.ले.प.फा.नं. १०८) र राजस्वको आर्थिक विवरण (म.ले.प.फा.नं. १९३) लगायतका राजस्व लेखा प्रणालीका स्वीकृत ढाँचा स्वचालित रुपमा सृजना गर्ने गरेको छैन ।

९ **मूल्य अभिवृद्धि कर कोष :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५१ अनुसार भंसार विन्दुमा संकलित सम्पूर्ण कर रकम मूल्य अभिवृद्धि कोष खातामा दैनिक रुपमा जम्मा गर्नुपर्ने र सो को विवरण भंसार कार्यालयले तीन दिन भित्र नजिकको आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्ने, यसरी कोषमा जम्मा हुन आएको रकमबाट विभागले आदेश दिएको रकम फिर्ता दिई वांकी रहने रकम दैनिक रुपमा तोकिएको राजस्व खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । सो वमोजिम यो वर्ष रु ९२,५७,३६५।-सोझै निकासा माग गरी फिर्ता गरेको छ । मूल्य अभिबृद्धि कर फिर्ताको लागि नेपालको संविधान बमोजिम पेश हुने बजेटमा २८२११ (राजस्व फिर्ता) वा अन्य खर्च शीर्षकमा बजेटको व्यवस्था गरी सोही खर्च शीर्षकबाट निकाशा र खर्च गर्नु पर्नेमा बजेटमा समावेश नगरी यस्तो खर्च गरेको उपयुक्त देखिएको छैन ।

१० **मुल्य अभिवृद्धि कर असूल** : मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ७ अनुसार बार्षिक ५० लाख भन्दा बढीको वस्तु वा सेवाको कारोवार गर्दा मुल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता हुनुपर्ने व्यवस्था छ । मूल्य अभिवृद्दि कर ऐन, २०५२ को अनुसूची १ मा उल्लेखित कर छुट हुने वस्तु तथा सेवा वाहेकका नेपाल भित्र आपुर्ति भएको बस्तु वा सेवामा १३ प्रतिशतले मूल्य अभिवृद्दि कर लाग्ने व्यवस्था रहेको छ । आय बर्ष २०७२।७३ को हालसम्म पेश भएको आय विवरण अनुसार परीक्षण गरीएका विभिन्न ८ करदाताबाट यस्तो सेवाको आपुर्तीमा मुल्य अभिवृद्धि कर रु ५,६२,८१,९२१असूल गरेको नदेखिएकोले असूल गर्नुपर्दछ ।

११ **आन्तरिक नियन्त्रण व्यवस्था :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ बमोजिम कार्यलय वाट सम्पादन गरिने कार्य सम्वन्धमा आन्तरिक नियन्त्रण व्यवस्था तयार गर्नुपर्ने व्यवस्था छ । सो अनुसार कर परीक्षणमा प्रयोग गर्नुपर्ने सवै अनुसूचीलाई वित्तिय विवरणको अंग नबनाएको, क्यास मेशिन प्रयोग एवं कम्प्युटर बिलिङ मेशिन प्रयोग गर्ने सम्बन्धि कार्यको कार्यन्वयन अवस्थाको मूल्याकंन नभएको, कर परीक्षण निर्देशिकामा उल्लेख भएको र तोकिएको ढाँचामा कर परीक्षण फाइलको आवश्यक सम्पूर्ण नतिजा खुलाउने नगरेको, कर अधिकृतले कर लेखापरीक्षणको क्रममा आयकर ऐन, २०५८ को दफा ८३ बमोजिम माग गरेका कागजात कर परीक्षण फाइल संलग्न राख्ने नगरेको, लेखापरीक्षकबाट प्रमाणित करदाताको वित्तिय विवरण कानूनले तोके अनुसार तुलनात्मक विवरण पेश नगरेको, रितपूर्वकको ढाँचामा विवरण पेश नगरेको जस्ता व्यहोरा देखिएको छ । कानूनको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी वनाउनु पर्दछ ।

१२ **वार्षिक लक्ष्य प्रगती :** वार्षिक तोकिएका कामका विवरणका लक्ष्यहरु मध्ये चालु बर्षको मूल्य अभिवृद्धि कर परीक्षणको ८२ प्रतिशत, आय विवरण पेश नगर्ने उपर कारवाही ९२ प्रतिशत, वक्यौता आयकर संकलन २४ प्रतिशत, वेरुजु फछ्यौंट ४८ प्रतिशत र आय विवरण दर्ताको ७८ प्रतिशत मात्र प्रगती देखिएको छ । यस वर्ष शिक्षा सेवा शुल्कमा ४९ प्रतिशत र स्वास्थ्य सेवा शुल्कमा ५७ प्रतिशत मात्र असुल भएको छ। उक्त प्रगती न्यून हुनुको कारण खुलाएको छैन। कार्यालयमा मूल्य अभिबृद्धि करमा दर्ता भएका ७९१९ करदातामध्य ५० ले बन्द गरेको बांकी ७८६९ ले मूल्य अभिबृद्धि कर विवरण बुझाउनु पर्नेमा १२५७ (१६ प्रतिशत) ले डेबिट विवरण, १६५६ (२१ प्रतिशत) ले क्रेडिट विवरण, १०१० शुन्य विवरण (१३ प्रतिशत) ले शुन्य विवरण पेश गरेको र ३९४६ (५० प्रतिशत विवरण पेश गरेको छैन। यसबाट डेविट विवरण बुझाउने करदाताको संख्या न्युन देखिएकाले (डेविटभन्दा क्रेडिट १.२२ गुणाले बढि) बजार अनुगमन गरी यस्ता विवरणको छानवीन गर्नुपर्दछ ।

१३ **करको दायरा विस्तार** : आयकर ऐन, २०५८ आयकर नियमावली, २०५९ बमोजिम स्थायी लेखा नम्बर लिनुपर्ने मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० कारोबार शुरु गर्नु अघि कारोबार दर्ताको लागि मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने, अन्त: शुल्क ऐन, २०५८ को दफा ८ बमोजिम अन्तशुल्क कारोवार गर्दा दर्ता हुनुपर्ने व्यवस्था छ। साथै, संस्था दर्ता एवं नियमन गर्ने कार्यालयले दर्ताको जानकारी सम्बन्धित करदाता सेवा कार्यालयलाई दिने व्यवस्था रहेतापनि ती कार्यालयबाट संस्था दर्ताको जानकारी सिधै प्राप्त हुने गरेको छैन भने करदाता सेवा कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र कारोबार सञ्चालन गरिरहेका निकायहरुको विवरण संस्था दर्ता तथा नियमन गर्ने कार्यालयबाट लिई ती निकायले स्थायी लेखा नम्बर लिए नलिएको भनी कार्यालयको अभिलेखसंग भिडान गर्ने गरेको छैन। करदाता सेवा कार्यालयले करदातालाई स्थायी लेखा नम्बर प्रदान गर्दा करदाताको कारोबार वा पेशा वा व्यवसायको प्रकृति खुल्ने गरी स्थायी लेखा नम्बर दिने गरेको छैन। जसले गर्दा यस कार्यालयको कार्यक्षेत्र भित्र दर्ता भएका प्राइभेट फर्म, सहकारी संस्था, पेशागत संस्था (लेखापरीक्षक, कानून व्यवसायी, स्वास्थ्य व्यवसायी आदि), शैक्षिक संस्था, स्वास्थ्य संस्था, प्राइभेट कम्पनी आदिले स्थायी लेखा नम्बर लिए नलिएको अनुगमन गर्न सकिने अवस्था नरहेकोले स्थायी लेखा नम्बरको वर्गीकरण प्रकृयामा सुधार गर्नुपर्दछ । कार्यालयको अभिलेख अनुसार व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाताको संख्या २६६७३ रहेकोमा ती करदाताले आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम आय विवरण पेश गरेको अभिलेख रहेको छैन। आयकर तर्फ आय विवरण पेश नगर्ने करदाताले आर्थिक कारोबार गरे नगरेको सम्बन्धमा कार्यालयबाट प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

१४ **अनुमानित कर विवरण :** आयकर ऐन, २०५८ को दफा ९४ मा किस्तावन्दीमा कर दाखिला गर्ने र दफा ९५ मा दाखिला गर्नु पर्ने अनुमानित करको विवरण बुझाउनु पर्ने व्यवस्था रहेको छ । यस्तो विवरण नबुझाउनेलाई ऐनको दफा ११७ (क) अनुसार शुल्क तथा दफा ११८ (१) अनुसार व्याज लाग्ने व्यवस्था छ । यस कार्यालय अन्तर्गत आयकरतर्फ दर्ता भएका करदातामध्ये अनुमानित आय विवरण दाखिला गर्ने करदाताको अभिलेख अद्यावधिक गरेको छैन। अनुमानित कर विवरण पेश गर्नु पर्ने करदाताले समयमा पेश गरे नगरेको सम्बन्धमा अभिलेख राखी सजाय गर्ने अनुगमन कार्यलाई प्रभावकारी बनाउनु पर्दछ।

१५ **भुक्तानीमा कर** : आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ मा प्रत्येक वासिन्दा व्यक्तिले भुक्तानी गर्दा ती दफामा तोकिएको दर अनुसार कर कट्टी गर्नुपर्ने व्यवस्था छ। दफा ९० मा अग्रिम कर कट्टी गर्नुपर्ने व्यक्तिले प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र विभागले तोकेको तरिका र ढांचामा विभागमा विवरण दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

१५.१ करदाताले मासिक रुपमा अग्रिम कर कट्टीको विवरण दाखिला गरे नगरेको सम्बन्धमा कार्यालयबाट अनुगमन गरी अभिलेखे अद्यावधिक नगरेको र करदाताले अग्रिम कर बुझाउन ल्याएमा मात्र रकम बुझ्ने गरेको छ। जसले गर्दा सवै करदाताबाट अग्रिमकर दाखिला नहुने अवस्था छ।

१५.२ करदाताले अग्रीम कर कट्टा गरी रकम बैंक भौचर मार्फत दाखिला गरेपछि कर कटाइएका करदाताले आय विवरण पेश गर्दा लाग्ने आयकर वा विगत वर्षमा कटाई दाखिला भएको कर रकम अनुसूचि १० मार्फत दावी गर्दा कुनैखास नम्बरको बैंक भौचरबाट धेरै करदाताले दावी गर्न सक्ने,टि.सि.भनी विगतको रकम समेत चालू वर्षमा दावि गर्ने अवस्था रहेको छ। भौचरको रकम पहिलेनै दावी भइसकेको वा भौचर रकममध्ये निश्चित रकममात्र दावी गर्न बांकी रहेको जानकारी विद्युतीय अभिलेख प्रणालीले दिने व्यवस्था रहेको छैन जस्ले गर्दा कुनै खास भौचरमा उल्लेखित रकम धेरै करदाताले अनुसूची १० मा दावी गर्न सकिने अवस्था रहेकोले अलग फारम वा अनुसूचिको व्यवस्था गरी अग्रिम र किस्तावन्दी कर अलग अलग गर्नुपर्दछ।

१६ **कागजातको ढांचा:** आयकर ऐन, २०५८ को दफा ७७ मा आयकर ऐन र ऐन अन्तरगत बनेको नियमावली बमोजिम आवश्यक तथा आयकर ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने सूचना, विवरण तथा जानकारी समावेश हुने गरी विभागले समय समयमा अभिलेखको ढांचा तोक्न सक्ने व्यवस्था रहेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न रहेका छन्:

१६.१ कम्पनी ऐन, २०६३ अन्तरगत दर्ता भएका कम्पनीले कम्पनी रजिष्टारको कार्यालयले मिति २०५८।२।१ मा नेपाल राजपत्रमा प्रकाशन गरेको ढांचामा कम्पनीको वार्षिक आर्थिक विवरण तयार गर्नु पर्ने व्यवस्था भएकोमा यस वर्ष कर परीक्षण भएका कुनै पनि कम्पनीको वित्तीय विवरण सो ढांचा अनुरुप तयार गरी पेश गर्ने नगरेको र दर्ता रहेका कुल करदाता १९३५३ मध्ये ९३११ (४८ प्रतिशत) करदाता प्राइभेट फर्म र साझेदारी फर्म रहेका छन् । यस्ता करदाताले राख्नुपर्ने लेखाको ढांचा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन तथा साझेदारी फर्म ऐन र ती ऐन अन्तरगतको नियमावलीमा तोकिएको छैन । करदाताले राख्नु पर्ने लेखाका ढांचा आयकर ऐन, २०५८ को दफा ७७ बमोजिम विभागले नतोकेकोले करदाताले पेश गर्ने आर्थिक विवरणका ढांचाहरु फरक फरक हुने गरेको छ ।

१६.२ करदाताको आय विवरण पूर्ण वा अन्य कर परीक्षण गर्न छनौट भएपछि कार्यालयले आयकर ऐन, २०५८ को दफा ८३ (१) बमोजिम कागजात तथा फांटवारी पेश गर्ने आदेश दिने गरेको छ । करदाताले पेश गरेका आय विवरण तथा वित्तीय विवरण एवं कर निर्धारण आदेश बाहेक यसरी माग भएका कागजात (बैंक विवरण, अन्य सरकारी निकायले उपलव्ध गराएका जानकारी आदि), कर परीक्षकको कार्यपत्रको अभिलेख कर परीक्षण फाइलमा राख्ने गरेको छैन । आर्थिक कारोबारलाई पुष्टि गर्ने गरी माग भएका कागजातको व्यवस्थित अभिलेख नहुने र करदाताका लेखा सम्बन्धि कागजातहरु जस्तै खाता वही एवं विल भरपाईसम्म लेखापरीक्षणमा पहुच नभएको कारणले यस्ता विवरणको मूल्यांकनबाट कर दायित्वमा पर्ने असर न्युन भएको छैन ।

१६.३ आयकर निर्देशिका, २०६८ को परिच्छेद २५ को दफा २५.२.३ मा बीस लाख रुपैयाभन्दा बढी आय भएका पेशाकर्मी तथा पचास लाख रुपैयाभन्दा बढी कारोबार भएको पेशाकर्मी बाहेकको अन्य सबै व्यक्ति, पांच करोड रुपैयाभन्दा बढी बार्षिक कारोबार हुने सबै व्यक्ति, उत्पादन मूलक उद्योग सञ्चालन गर्ने व्यक्ति, ठेक्का व्यवसाय गर्ने व्यक्ति, कमिशनको आधारमा कारोबार गर्ने व्यक्ति, होटल व्यवसाय गर्ने व्यक्ति, ट्राभल, ट्रेकिङ्ग तथा -याफ्टीङ्ग व्यवसाय गर्ने व्यक्ति, बैंक तथा वित्तीय संस्था, सामान्य वीमा व्यवसायीले आय विवरण साथ पेश गर्नुपर्ने कागजातको विवरण उल्लेख गरेको छ । तर आन्तरिक राजस्व विभागले ती कागजात पेश गर्ने अलग अनुसूचीको व्यवस्था गरेको छैन भने अनलाइन (सूचना प्रविधि) को माध्यमबाट आय विवरण पेश गर्दा यस्ता कागजात पेश गर्नु पर्ने फाराम पनि तोकिएको छैन । कार्यालयबाट कर परीक्षणका लागि कागजात माग गर्दा पनि यस्ता कागजात माग गर्ने नगरेकोले लेखापरीक्षणको क्रममा विश्लेषण गर्न सकिएको छैन ।

१७ **कम्प्युटर विजक जारी :** मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम १८ मा विभागले कुनै करदाताले क्यास मेशिन प्रयोग गर्नुपर्ने गरी तोक्न सक्ने व्यवस्था रहेको छ । यस्तो मेशिनबाट विजक जारी गर्नु पर्ने कारोबार गर्ने करदाताहरु एवं एकै कम्प्लेक्स वा भवन अन्तरगत रही जुनसुकै कारोबार गर्ने करदाताले यस्तो विजक जारी गर्न स्वीकृति लिएका सफ्टवेयरको अभिलेख राखी नियमित रुपमा अनुगमन गर्ने कार्य प्रभावकारी रुपमा गर्न सकेको छैन ।

१८ **सामाजिक सुरक्षा कर :** आर्थिक ऐन, **२०७२** को दफा २८ मा आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा १ बमोजिम एकल प्राकृतिक व्यक्ति र दम्पत्तीका आय भुक्तानीको बखत तोकिएको दरमा श्रोतमा कट्टी गरी असूल गरिने र असूल गरिएको रकम छुट्टै राजस्व खातामा जम्मा गरिने व्यवस्था रहेको छ । यस वर्ष सामाजिक सुरक्षा कर वापत रु.**१०,१८,०९,०१९।९५** असुल भई नेपाल सरकारको राजस्व खातामा दाखिला भएको छ । सामाजिक सुरक्षा कोष (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६७ अनुसार सामाजिक सुरक्षा कोषले योगदानकर्तालाई परिचयपत्र जारी गर्ने व्यवस्था समेत रहेको छ। करदाताले आय विवरण पेश गर्दा करदाताले धेरै जना कर्मचारी वा कामदार देखाई उनीहरुलाई यस्तो कर लाग्ने रकमको सीमासम्म तलब भुक्तानी भएको देखाउने गरेको छ। यस्तो करलाई व्यवस्थित गर्न कर दाखिला गर्दा कोषबाट जारी भएको परिचयपत्र नम्बर अनिवार्य रुपमा उल्लेख गर्न लगाउने वा कामदार तथा कर्मचारीलाई विभागले व्यक्तिगत स्थायी लेखा नम्बर लिन अनिवार्य गर्नुपर्नेमा गरेको छैन ।

१९ **कर परीक्षण** : आयकर ऐन, २०५८ को दफा ९५(७), ९६(५), १००(२), १०१ एवं मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २३ तथा अन्त:शुल्क ऐन, २०५८ को दफा १० बमोजिम आन्तरिक राजस्व विभागले संशोधित कर निर्धारण गर्न सक्ने व्यवस्था छ । यस्तो निर्धारण आय विवरण पेश गरेको मितिले चार वर्षभित्र गरिसक्नु

पर्ने व्यवस्था रहेको छ । यस सम्वन्धी विभागको अधिकार कार्यालयले प्रयोग गरेकोमा देखिएको व्यहोरा निम्न छन :

२०.१ कर परीक्षणका लागि करदाताको छनौट गर्दा आयकरतर्फ लगातार रुपमा पर्याप्त पुष्ट्याई वेगर घाटामा आय विवरण पेश भएको, बिक्री कारोबारको तुलनामा कुल मुनाफा र खुद मुनाफा अस्वभाविक रुपमा कम भएको, समान प्रकृतिको करदाताको मुनाफा अनुपात फरक फरक भएको, ठूलो कारोबार भएको, नयां व्यवसायिक क्षेत्रको करदाता, वासलातमा भएको परिवर्तन, स्वामित्वमा भएको परिवर्तन उत्पादन तथा खरिद, उत्पादन विविधता आदि आधार अवलम्बन गरी करदाताको छनौट गर्नुपर्नेमा आन्तरिक राजस्व विभाग एवं कार्यालयले उपरोक्त आधारलाई उपयुक्त भार दिई उच्च अंक आउने करदाता मध्येबाट करदाता छनौट गरेको अभिलेख राखेको नदेखिएकोले अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

२०.२ आयकर ऐन, २०५८ अनुरुप पेश भएका आय विवरणमध्ये पूर्ण कर परीक्षणका लागि यो वर्ष आय विवरण पेश गरेका ७७५२ करदातामध्ये १२१ (आय विवरण पेश गर्ने करदाताको १.५६ प्रतिशत) करदाताको यो वर्ष पूर्ण कर परीक्षण गरेको छ । यसबाट ज्यादै कम करदाताका फाइल कर परीक्षण गर्न छनौट गर्ने र छनौट भएका मध्ये पनि कम करदाताको मात्र कर परीक्षण हुने गरेको छ । कर परीक्षणबाट निर्धारण भएको कर रु ६३ लाख ४५ हजार.(आयकर रु.**५० लाख** लाख ८९ हजार र मूल्य अभिवृद्धि कर रु.१२ लाख **५६** हजार) र रु **२६** लाख १२ हजार सञ्चित नोक्सानी घटाइएको मासिक कार्यसम्पन्न प्रतिवेदनबाट देखिएको छ । कर परीक्षण नीति बाट नेपाल सरकारको राजस्वमा थप योगदान हुने भएकाले जोखिमका क्षेत्र पत्ता लगाई ४ वर्ष भित्रनै कर परीक्षण गर्नुपर्दछ ।

२० **कर छुट संस्था :** आयकर ऐन, २०५८ को दफा २ मा छुट पाउने संस्थाको विवरण उल्लेख छ । आयकर नियमावली, २०५९ को नियम ३ मा कर छुटको निवेदन दिने कार्यविधि तोकिएको छ । दर्ता भएका व्यक्तिको अभिलेख कार्यालयमा रहेको कम्प्युटर प्रणालीमा राखिएको भए तापनि स्थायी लेखा नम्बर लिएकामध्ये आयकर ऐन, २०५८ को दफा २ अनुसार कर छुटमा दर्ता भएका संस्थाको छुट्टै अभिलेख राखेको छैन । यसबाट स्थायी लेखा नम्बर लिएका करदातामध्ये कति कर छुट्मा छन् सो स्पष्ट नहुने अवस्था छ । आयकर छुटको प्रमाणपत्र जारी गर्दा यस्ता करदातालाई वर्गीकरण गरी अलग स्थायी लेखा नम्बर दिई यस्को अनुगमन गर्नुपर्ने र बैङ्क डिपोजिटबाट व्याज आर्जन गरेको, घर जग्गा ऋण समेत उपलव्ध गराएको व्यहोरा संस्थाको लेखा परीक्षण प्रतिवेदन र कागजात विवरणबाट देखिएका सस्थाहरुल पूर्णरुपमा व्यापारिक कारोबार गरी आय आर्जन गरेको अवस्थामा विशुद्ध व्यापारिक कारोबार गरी आय आर्जन गरेको आयमा छुट दिन मिल्ने देखिंदैन ।

२१ **व्याज प्राप्ती** : नेपाल राष्ट्र बैकबाट स्वीकृति प्राप्त घ बर्गको वित्तीय संस्थाको लागी जारी गरेको निर्देशिका २०७१ अनुसार कर्जाको व्याजदरलाई ८ प्रतिशत तोकेको छ ।गैर नाफामुलक संस्थाको रुपमा आयकर छुट भनी दावि गर्ने करदाताले कर्जामा १७ प्रतिशत सम्म व्याज आम्दानी गरेको छ । करदाताले औसतमा खुद १० प्रतिशत व्याज वित्तिय मध्यस्थतावाट प्राप्त गरेको अवस्थामा गैर नाफामुलक र सामाजिक सेवा भन्न सक्ने अवस्था देखिदैन । त्यसैगरी, नेपाल राष्ट्र बैकले मौद्रिक नीति मार्फत सार्वजनिक गरेको व्याज दर संरचना विश्लेषणमा वाणीज्य वैकहरुले जारी गरेको औसत भारित कर्जा ८.९८ देखि १२. ०९ प्रतिशत को तुलनामा ४८ प्रतिशत सम्म बढी व्याज लिएको उपयुक्त देखिएको छैन ।

२२ **सामुदायीक संस्था आयकर :** आयकर ऐन, २०५८ को अनुसुची १ अनुसार वित्तिय कारोवारको आयमा करदातालाई ३० प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ । यस कार्यालय अन्तर्गतका एक करदाताको विभिन्न ५ आय वर्षको मुनाफा रु ५,८२,६६,७०० मा नियमानुसार ३० प्रतिशत कर रु १,७४,८०,०१० र सोमा लाग्ने शुल्क तथा जरिवाना समेत असूल गर्न विस्तृत छानविन गर्नुपर्दछ ।

२३ **जोखिम व्यहोर्ने कोष :** आयकर ऐन, २०५८ को दफा **५९** (१) (क) बमोजिम नेपाल राष्ट्र बैकले तोकेको मापदण्डको अधिनमा रही बैकिङ्ग व्यवसाय सञ्चालन गर्ने व्यक्तिले जोखिम व्यहोर्ने कोषमा राखेको असुल हुन वांकी ऋण रकमको बढीमा **५** प्रतिशतको रकमलाई खर्चको रुपमा कट्टी गर्ने व्यवस्था छ । आयकर ऐनको दफा ६३ अनुसार अवकास कोष राख्न चाहने वासिन्दा व्यक्तिले अवकास कोष राख्ने स्वीकृतिको लागि विभाग समक्ष निवेदन दिनुपर्ने व्यवस्था गरेको छ । यस कार्यालय अन्तर्गतका

एक करदाताले विभिन्न आर्थिक बर्षहरुमा अवकास कोष व्यवस्था गरेकोमा उक्त रकम विभागबाट स्वीकृत प्राप्त अवकास कोषमा समेत राखेको छैन । तसर्थ करदाताले स्वीकृति नलिएको अवकास कोषमा गरेको विभिन्न ४ आ.व.को खर्च रु ३६,९७,९३४ अमान्य गरी रु ११,०९,३८० कर र सोमा लाग्ने शुल्क तथा जरिवाना समेत असुल गर्नुपर्दछ । जोखिम व्यहोर्ने कोष कायम रहेको अवस्थामा नउठ्ने असामी भनी मुनाफाबाट खर्च लेखिएमा मिन्हा हुने व्यवस्था छैन । करदाताको आर्थिक बर्ष २०७२।७३ को अन्त्यमा उठ्न नसकेको असामी भनी रु ३०,७५,५२८ र ऋण सुरक्षा खर्च भनी रु २१,३८,४१३ दावि गरेको देखिएकोले उक्त खर्चलाई समेत अमान्य गरी कर रु १५,६४,१८२ र शुल्क तथा व्याज समेत गणना गरी असुल गर्न छानविन गर्नुपर्दछ ।

२४ **फण्डमा सोझै आम्दानी** : एक करदाताको लेखापरीक्षण प्रतिवेदन अन्तर्गत गरिएको खुलासामा साधारण ऋण लगानी गर्दा वेलफेयर फण्ड १ प्रतिशत लिने गरेको र सो सेवा शुल्क रहेको खुलासा गरेको छ । उक्त १ प्रतिशत सेवा शुल्क रकम आम्दानीमा लेखांकन नगरी सिधै फण्ड तर्फ लेखांकन गरिएको र सेन्टर फण्डतर्फ जरिवाना प्राप्त रकमलाई समावेश गरी कोष निर्माण गरिएको छ । तर उक्त कोषलाई आम्दानी तर्फ लेखांकन नगरि सिधै कोष निर्माण गरेको छ । करदाताको आय बर्षहरुमा उक्त रकम सिधै कोष निर्माण गरेकोले आयकर ऐन बमोजिम उक्त रकमलाई सम्बन्धित आर्थिक बर्षमा रु १,७८,८४,०९२ आम्दानी कायम गरी लाग्ने ३० प्रतिशत कर रु ५३,६५,२२७ र सोमा लाग्ने व्याज तथा शुल्क समेत असुल गर्न छानविन गर्नुपर्दछ ।

२५ **असम्बन्धित खर्च** : मूल्य अभिवृद्धि कर नियमावलीको नियम ४० मा कुनै करदाताले कर लाग्ने वस्तु वा सेवा तथा कर छुट पाउने वस्तु वा सेवा दुवैको कारोवार गरिरहेको छ भने त्यस्तो करदाताले कर लाग्ने वस्तु वा सेवासँग प्रत्यक्ष रुपमा सम्बन्धित खरिद वा आयातमा तिरेको कर मात्र कट्टी पाउने व्यवस्था छ। एक सौर्य उर्जाको कारोवार गर्ने संस्थाको छाता संगठनको रुपमा रहेको करदाताले विभिन्न आर्थिक बर्षमा पेश गरेको आय विवरण र कार्यालयमा पेश गरेको मुल्य अभिवृद्धि कर विवरणको सरसर्ती परीक्षण गर्दा करदाताको तालिम सम्बन्धि कारोवारबाट मुल्य अभिवृद्धि कर संकलन गरेको तर खरिद तर्फ तालिम कार्यमा प्रयोग हुने खर्चहरु मुल्य अभिवृद्धि कर लाग्ने कारोवार रहेको नदेखिएकोले कर योग्य कारोवार संग सम्बन्धित नरहेको मुल्य अभिवृद्धि कर कट्टी रु ५,७०,७५४।- लाई अमान्य गरी व्याज सहित असुल गर्नुपर्दछ । करदाताले विभिन्न बर्षहरुमा तालिम संचालन गरी मुअकर संकलन गरेको अवस्था मा अन्य तालिम र करयोग्य कारोवारमा मुल्य अभिवृद्धि कर संकलन नगरेकोले रु ७,६७,५८३।- र कर योग्य कारोवार गरेकोमा करकट्टी नगरेको रु १६,६२,५४३।- र सोमा लाग्ने शुल्क तथा जरिवाना समेत असूल गर्न विस्तृत छानविन गरी सोमा लाग्ने व्याज समेत असूल गर्नुपर्दछ ।

२६ **शिक्षा सेवा शुल्क** : आर्थिक ऐन, **२०७३** को दफा ८ मा निजी क्षेत्रबाट सञ्चालित देशभरिका उच्च माध्यामिक शिक्षाभन्दा माथिको शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरुले असूल गर्ने भर्ना शुल्क र मासिक शिक्षण शुल्कमा १ प्रतिशतका दरले शिक्षा सेवा शुल्क असूल गर्ने व्यवस्था छ । यस करदाता सेवा कार्यालय अन्तर्गतदर्ता भएकामध्ये स्थायी लेखा नम्बर लिन बांकी विद्यालयहरु खोजी गरी आय विवरण तथा शुल्क दाखिला गरे नगरेको कार्यालयले अनुगमन गरेको छैन। शिक्षण सेवा शुल्क सम्बन्धमा कार्यालयवाट विद्युतीय माध्यममा अभिलेख राखी नियमित रुपमा अनुगमन गर्नुपर्दछ।

२७ **स्वास्थ्य सेवा कर** : आर्थिक ऐन, २०७३ को दफा ७ मा नेपाल सरकारले प्रदान गर्ने स्वास्थ्य सेवा र सामूदायिक अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेकका अन्य निकायहरुले प्रदान गर्ने स्वास्थ्य सेवामा जारी विजक मूल्यको पांच प्रतिशतका दरले स्वास्थ्य सेवा कर लगाई असुल गरिने व्यवस्था छ । यस सेवा कार्यालय अन्तर्गत दर्ता भई स्वास्थ्य सेवा संचालनमा संलग्न रहेका करदाता मध्ये विभिन्न ६ करदाता छनौट गरी आय वर्ष २०७१।७२ मा पेश गरेको आय विवरण र स्वास्थ्य सेवा शुल्क दाखिला गरेको कार्यालयको अभिलेखका आधारमा परीक्षण गर्दा करदाताले कुल आय रु ११,१९,३२,८१६।— मा

रु ४५,२८,३४४।—कर दाखिला गर्नुपर्नेमा रु २९,७९,३७८।—मात्र दाखिला गरेको देखिएकोले रु १५,४८,९६६।— स्वास्थ्य सेवा शुल्क असुल गर्नुपर्दछ ।

२८ **कम दरमा कर**: वैक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०६३ ले वित्तिय कारोवार भन्नाले दफा ४७ मा उल्लेख भए बमोजिम कारोवार सम्झनुपर्छ भनी व्याख्या गरेको छ । सो व्याख्या अनुसार मुल्य अभिवृद्दि करमा दर्ता नभई वित्तीय कारोवारमा आयकर ऐनको अनुसुची बमोजिम ३० प्रतिशत कर दाखिला गर्नुपर्नेमा २५ प्रतिशत मात्र कटाएकोले ५ प्रतिशतले हुने रु २६,४४,०९६ तथा ऐन बमोजिम शुल्क र व्याज गणना गरी असुल गर्नुपर्दछ ।

२९ **मौज्दात लागत निर्धारण :** यस कार्यालय अन्तर्गतको चमेनागृह संचालन गर्ने एक करदाताले आर्थिक बर्ष २०७१।७२ मा रु ४९,७५,३१४।— को कारोवार गरी रु २५,४३,६२८।— उच्च मुल्य वृद्धि हुने सेवा क्षेत्रमा समेत प्रत्यक्ष खर्च समावेश विनाको व्यापार मौज्दात लागत भन्दा १८ प्रतिशत न्युनमा विजक जारी गरेकोले लागत रु ६०,५४,२९२।— मा गत बर्षको कुल नाफा १३ प्रतिशतको आधारमा न्युनतम रु ६८,४१,३४९।— विक्रि हुनुपर्नेमा रु ४९,७५,३१४।— मात्र देखाएकोले फरक १८,६६,०३५।— लाई विक्रि कायम गरी नोक्सानी समायोजन गर्नुपर्ने त्यसै गरी विक्रि कायम भएको मुल्यमा ऐन बमोजिम लाग्ने मु.अ.कर रु २,४२,५८४।— र शुल्क, व्याज तथा जरिवाना समेत असुल गर्नुपर्ने तथा पुर्ण लेखापरीक्षण गरी थप छानविन गर्नुपर्दछ ।

३० **आनुपातिक व्याज खर्च**: शैक्षिक संस्था संचालन गर्ने एक करदाताले आर्थिक बर्ष २०७१।७२ मा आयकर ऐनको दफा १६ अनुसार मर्मत तथा संभार खर्च सो आय बर्षको अन्त्यमा रहेको सम्पत्तिको समुहको ह्रासयोग्य आधारको ७ प्रतिशत मात्र कट्टी गर्न पाउने व्यवस्था रहेकोमा आर्थिक बर्ष २०७१।७२ मा मर्मत संभार खर्च रु २,७७,८७६।—लाई प्रशासनिक खर्च समुहमा राखि दावी गरेको छ । बर्षान्तको ह्रास आधार रु १५,८२,८६८ देखाएको अवस्थामा सो आधारमा रु १,१०,८००।—मात्र मर्मत संभार खर्च पाउनेमा बढी दावि गरेको रु १,६७,०७६।— लाई अमान्य गरी रु ४१,७६९।—कर र ऐन बमोजिम शुल्क तथा व्याज समेत गणना गरी असुल गर्नुपर्ने र दफा ७ अनुसार संचालन भएको मुनाफा र लाभलाई व्यवसायको आयमा समावेश गरी करदाताले व्यवसायिक क्रियालापमा रकम अभाव देखाई सहकारीबाट रु. ११,९०,०००।—ऋण लिई रु १,४१,५८३।— व्याज खर्च लेखेकोले सोही अवधिमा एक संचालक लाई रु ९,४६,९४९।१७ अग्रिम सापटी दिएको छ। संचालकलाई सापटी दिएको रकमको व्याज खर्च दावि गरेको व्याज मध्ये रु ९,४६,९४९।— को १२ प्रतिशतका दरले अनुपातिक व्याज खर्च रु १,१३,६३३।— लाई आयकर ऐनको दफा १४ अनुसार व्यवसायमा प्रयोग भएको नदेखिएकोले खर्च अमान्य गरी ऐन बमोजिम लाग्ने कर रु २८४०८।— तथा शुल्क र व्याज गणना गरी असूल गर्नुपर्दछ ।

३१ **व्याज भुक्तानीमा कर :** करदाता एक एजुकेशन प्रा लि र एक हाउजिगं प्रा लिको विभिन्न बर्षमा सम्बन्धित आर्थिक बर्षको बैक व्याज वाहेक अन्य व्याज रु १५,३२,७६४।— लाई प्रत्यक्ष खर्च समुह अन्तर्गत लेखांकन गरेको छ । अन्य ऋण र विभिन्न व्यक्ति तथा संस्थाबाट तिर्नुपर्ने दायित्व अन्तर्गत लेखांकन गरिएको रकमको व्याज भुक्तानि भएको आर्थिक विवरणबाट खुल्न आउछ । तसर्थ आ.व. २०६९ ।२०७० देखि ०७१।७२ सम्मको रु ७७,३५,०६६।- को व्याज भुक्तानिमा आयकर ऐनको दफा ८८ अनुसार १५ प्रतिशतको दरले व्याज रु ११,६०,२६०/- अग्रीम कट्टा गर्नुपर्ने र सोमा लाग्ने व्याज समेत गणना गरी असुल गर्नुपर्दछ ।

३२ **व्यावसायीक प्रयोजनमा सम्पत्ती :** मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) बमोजिम व्यवसायिक प्रयोजनको लागि निर्माण गरिने रु ५० लाख भन्दा बढीको भवन वा विभागले तोकेको अन्य संरचना निर्माण गरी विक्रि गर्ने एंव त्यस्ता संरचना चालु वा स्थायी रुपमा सम्पत्तिमा लेखांकन गरी आय

आर्जन कार्यमा उपयोग गर्ने त्यस्ता संरचना मुल्य अभिवृद्धि कर दर्ता नभएको व्यक्तिबाट निर्माण गराएको भएपनि त्यस्तो निर्माण दर्ता भएको व्यक्तिबाट गराए सरह मानी कर दाखिला गर्नुपर्दछ । त्यसरी दाखिला नगरेमा सो संरचना स्वामित्व भएको व्यक्तिबाट कर निर्धारण गरी असुल उपर गरिने व्यवस्था रहेको छ । कृषिजन्य कारोवार गर्ने एक करदाता २०७०।९।१६ मा दर्ता भई कारोवार शुरु गरेको छ । उक्त कम्पनीको २०७१।७२ मा थप समेत रु१९७२६७९६।– स्थिर सम्पत्तिको रहेको छ । अत उक्त निर्माण रु १,९७,२६,७९६ को १३ प्रतिशतको दरले हुने मुल्य अभिवृद्धि कर रु २५,६४,४८३।– र सोमा लाग्ने व्याज तथा जरिवाना समेत असुल गर्न छानविन गर्नुपर्दछ।

३३ **वढि खर्च दावी** : निजि कलेजको कारोवार गर्ने एक करदाताले आफ्नो कारोवारवाट भएको खुद आम्दानी गणना गर्ने प्रयोजनार्थ आयकर ऐन, २०५८ वमोजिम खर्च कट्टा गर्ने क्रममा नियमानुसार दावी गर्न पाउने भन्दा ह्रास खर्च रु ८३८४१,-नयां स्थिर सम्पत्ती खरिद गरेको अवस्थामा मर्मत खर्च दावि गरेको रु.४३,४३७। खर्च अमान्य गर्नु पर्नेपर्दछ। अग्रिमकर नकटाएको रु,८३,८५०। असुल गर्नुपर्दछ। । स्थिर सम्पत्ति वाहेक व्यवसाय खरिद गर्दा ख्यातिको लागि गरेको खर्च रु २,०५,००,०००।– लाई लिज होल्ड प्रोपर्टीमा समावेश गरेको विवरण पेश गरेको छ । व्यवसाय खरिद विक्रिको सम्झौताहुँदा सम्पत्तिको अतिरिक्त भुक्तानी गरेको गुडविल सम्बन्धित विक्रेताको नाफाको रुपमा रहेको हुन्छ । यस हिसावले उक्त व्यवसाय विक्रि गर्दा प्राप्त भएको उक्त नाफामा आयकर ऐन बमोजिम कर लाग्ने व्यवस्था भए वमोजिम रु ५१,२५,०००।– र सोमा लाग्ने व्याज तथा जरिवाना समेत विक्रेताबाट असुल गर्न विस्तृत छानविन गर्नुपर्ने, ईन्धन खपत गर्ने उपकरण नदेखिएकोमा रु ४,४१,९२५।-सो वापत दाविगरेको ईन्धन खर्चलाई अमान्य गरी असुल गर्नु पर्ने कर रु १,१०,४८०।- र सोमा लाग्ने कर तथा जरिवाना समेत छानविन गरि असुल गर्नुपर्ने, करदाताले आर्थिक बर्ष २०७१।७२ मा पेश गरेको विवरण अनुसार प्रशासनिक खर्च समुह अन्तर्गत रु ३३०,०००।– कमिशन खर्च दावि गरेको छ । आयकर ऐनको दफा ८८ अनुसार कमिशन भुक्तानिमा १५ प्रतिशतले अग्रीम कर कट्टा गर्नुपर्नेमा सो नगरेकोले कर रु ४९,५००।– र सोमा लाग्ने व्याज समेत छानविन गरि असुल गर्नुपर्दछ ।

३४ **नपाउने खर्च दावी** : शिक्षण संस्था संचालन गर्ने एक करदाताले पेश गरेको आर्थिक बर्ष २०७०।७१ र २०७१।७२ को आर्थिक विवरणको सरसर्ती परीक्षण गर्दा विज्ञापन खर्च, चन्दा खर्च,मर्मत संभार खर्च र ईन्धन खर्च मा वढी दाविगरेको रु १,२६,०७,७०२/- नपाउने व्याज खर्च दाविगरेको रु ३०,७०,६००। रकमलाई अमान्य गरी नोक्सानीमा समायोजन गर्नुपर्ने र अग्रिम कर नकटाएको रु ४,०८,९११।- असुल गर्नुपर्दछ।

३५ **संरचना निर्माणमा मूल्य अभिवृद्दि कर** : मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८९३० बमोजिम व्यवसायिक प्रयोजनको लागि निर्माण गरिने ५० लाख रुपयाँ भन्दा बढीको भवन वा विभागले तोकेको अन्य संरचना निर्माण गरी विक्रि गर्ने एंव त्यस्ता संरचना चालु वा स्थायी रुपमा सम्पत्तिमा लेखांकन गरी आय आर्जन कार्यमा उपयोग गर्ने त्यस्ता संरचना मुअकरमा दर्ता नभएको व्यक्तिबाट निर्माण गराएको भएपनि त्यस्तो निर्माण दर्ता भएको व्यक्तिबाट गराएसरह मानी कर दाखिला गर्नुपर्दछ । घरवहाल संचालन गर्ने एक करदाताले आर्थिक बर्ष २०७०।७१ मा पेश गरेको वित्तीय विवरण र संलग्न अनुसुचीको सरसर्ती परीक्षण गर्दा संरचना रु २,०१,०८,६०९ को १३ प्रतिशतले हुने मुल्य अभिवृद्धि कर रु २६,१४,११९ र सोमा लाग्ने जरिवाना तथा व्याज समेत असुल गर्नुपर्दछ ।

३६ **अग्रिम कर** : निजी कलेज संचालन गर्ने एवं करदाताले २०७०।७१ मा रु ३ लाख र २०७१।७२ मा रु ३ लाख एलाउन्स खर्च लेखांकन गरेकोमा आयकर ऐनको दफा ८८ बमोजिम १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा सो नगरेकोले रु ९० हजार कर र सोमा लाग्ने व्याज समेत असुल गर्नुपर्दछ।

३७ **निःशुल्क सापटी** : मनोरन्जनात्मक तथा सांस्कृतिक सेवा संचालन गर्ने करदाताले पेश गरेको आर्थिक बर्ष २०७१।७२ मा पेश गरेको विवरणको सरसर्ती परीक्षण गर्दा करदाताले रु

६२,२५२,९७१/- ऋण देखाई रु ६,६७,८६८ व्याज खर्च दावि गरेकोमा सम्बद्ध व्यक्तिहरुको संलग्नता रहेको एप्पल ईन्टरटनमेन्ट, सेन्ट्रल सिनेमा, जय नेपाल चित्र घर र क्वेष्ट ईन्टरटनमेन्टलाई दिएको रु १८३,३४२,१३५/- निशुल्क सापटी मार्फत ऋण स्थानान्तरण गरेकोले उक्त व्याज खर्चलाई अमान्य गरी रु १६६,९५९ कर र लाग्ने शुल्क तथा जरिवाना असूल गर्न छानविन गर्नुपर्दछ ।

३८ **हवाई यातायात:** आयकर ऐन, २०५८ को दफा ७० (१) अनुसार गैर वासिन्दा व्यक्तिले हवाई सेवा संचालन गर्दा नेपालवाट प्रस्थान हुने यात्रुको ओसारपसार बाट प्राप्त रकम र दफा ६७ को बमोजिम नेपालमा संचालित क्रियाकलापसँग सम्बन्धित भुक्तानी नेपालको श्रोत हुने उल्लेख छ । तसर्थ दोहोरो करमुक्ति सम्झौताले अन्यथा तोकेकोमा वाहेक नेपालबाट प्रस्थान हुने यस्ता भुक्तानीमा ५ प्रतिशत र नेपालवाट अर्को विदेशी मुलुक पुग्ने गरी प्रस्थान नहुने यातायात सेवाको हकमा २ प्रतिशत कर लाग्ने व्यवस्था रहेको छ । यस करदाता सेवा कार्यालय क्षेत्रमा पर्ने करदाता २ एयरलाईन्सको २०६८।६९ देखि २०७१।७२ सम्म भएको आयमा कर असुल गरेतापनि नेपाल नागरिक उड्यन प्राधिकरणबाट प्राप्त एयरलाइन्स अनुसारको यात्रु प्रस्थान संख्या बमोजिम भन्दा कम असुल गरेको रु २ करोड ३३ लाख २८ हजार ८४३।- र करदाता एक एयरवेज ले आयमा कुनै पनि कर रकम नबुझाएको रु.७ करोड ५४ लाख १६ हजार ३८८ समेत रु.९ करोड ८७ लाख ४५ हजार २३१ मा व्याज तथा शुल्क र अघिल्ला वर्षहरुको समेत छानविन गरी कर निर्धारण एवं असुल गर्नुपर्दछ ।

३९ **संशोधित कर निर्धारण :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० तथा आयकर ऐन, २०५८ को दफा १०१ मा दफा ९९ र १०० वमोजिम कर निर्धारण भएको व्यक्तिको करको दायित्व यस ऐनको उद्देश्य वमोजिम न्यायोचित आधारमा समायोजन गर्ने विभागले संशोधित कर निर्धारण गर्ने सक्ने व्यवस्था रहेको छ । उपरोक्त व्यवस्था वमोजिम प्रत्येक वर्ष विभाग तथा कार्यालयबाट निश्चित करदाता छनोट गरी कर परीक्षण गर्ने प्रचलन छ । **कार्यालयबाट पुर्ण कर परीक्षण भएका र सोवाट प्राप्त राजश्वको अवस्था विश्लेषण गर्दा कर परीक्षणबाट थप राजश्वमा ०.२५ प्रतिशतको योगदान पुगेकोले जोखिमका क्षेत्रहरु पहिचान गरी कर लेखापरीक्षणमा थप प्रभावकारीता हासिल गर्नुपर्दछ ।**

४० **कर फछ्र्यौट आयोगको निर्णय :** कर फर्छ्यौट आयोगको निर्णयानुसार विगत देखि विभिन्न कर बक्यौता रहेका करदाताको निर्धारण भएको आयकर तथा मूल्य अभिबृद्धि करको तिर्नुपर्ने बक्यौता रकममा आयोगले ३,०८,८९,३१५।- कर बक्यौता फछ्र्यौट सम्झौता गरेको र सो आधारमा कार्यालयले करदाताको बक्यौता लगत रु १२,१८,९८,८५८।- हटाएको छ। कार्यालयसँग कर बक्यौता फर्छ्यौटको कुल विवरण माग भएकोमा आंशिक विवरण मात्र प्राप्त भएको छ। सो प्राप्त विवरण अध्ययन गर्दा कर निर्धारणको आधार र सेटलमेन्टको आधारवीच समन्वय हुन नसकेको, बर्ष र करदाता अनुसारको सेटलमेन्ट नगरेको, सेटलमेन्ट पश्चात् राजस्व असूलीको अवस्था माथि मूल्यांकन गरी पृष्ठपोषण नगरेको, निर्धारण भएको कर रकममा सम्झौता भएको रकम घटी भएको एवं सो घटीको अनुपात अधिकतम रहेको प्राप्त तथ्यांकबाट देखिएको छ। करदाताको कर तिर्न सक्ने क्षमता र कर तिरी रहेको इमान्दार करदाता बीचको असर बिश्लेषण नगरिदा सम्झौता रकमको मापदण्ड वस्तुनिष्ठ समेत देखिएको छैन ।

करदाता सेवा कार्यालय, चावहिल

१. **आय विवरण :** आयकर ऐन, २०५८ को दफा ९६ मा प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिना भित्र (दफा ९८ वमोजिम म्याद थप भएकोमा सो म्याद भित्र) सो वर्षको आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष आय विवरण दाखिला गर्नुपर्ने २७४७५ करदातामध्ये २०७१।७२ मा ७७५२ करदाता (२८ प्रतिशत) ले मात्र आय विवरण दाखिला गरेको अवस्था छ । आय विवरण पेश नगर्ने संस्थाको थप अनुगमन गर्नुपर्दछ ।

२. **राजस्वको आर्थिक विवरण :** गत बर्षको रकममा रु २४६,८२३ वढाई जिम्मेवारी सारेकोमा गत आर्थिक बर्षको छुट शिक्षा सेवा शुल्क समायोजन गरेको उल्लेख छ । कायमी लगत रकम रु. १३,९१,१३,३७४।४८ मध्ये यस बर्ष रु १,४९,५०,३९५।७२ (१०.७४ प्रतिशत) असुल भई रु. १२,४१,६२,९७८।७६.१९ आगामी वर्षको लागि जिम्मेवारी सारेको छ । यस वर्ष जिम्मेवारी सरेको लगत रु १४,८४,५४,३३६।४४ मध्ये रु.२,२७,९४,५१७ मिन्हा गरेकोमा विवरण तयार गरेको छैन ।

३. **मूल्य अभिबृद्धी कर क्रेडिट :** कार्यालयमा दर्ता रहेका करदाताहरुले २०७२।४।१ देखि २०७३।८।१५ सम्म १३९८ वटा क्रेडिट कर विवरण पेश गरेकोमा ती करदातालाई रु.२८,४४,३३,२५३/- नेपाल सरकारले मूल्य अभिबृद्धि कर फिर्ता दिनु पर्ने संभावित दायित्व देखिएकोमा सो रकमलाई आर्थिक विवरणको दायित्वमा देखाइएको छैन । क्रेडिट कर विवरण पेश गर्ने करदाताहरु मध्ये १२ महिनाभन्दा बढि अवधि देखि निरन्तर क्रेडिट हुने करदाता छनौट गर्दा सबैभन्दा बढि अवधिदेखि निरन्तर क्रेडिटमा रहेका करदाताहरु ४२ रहेका छन् । मूल्य अभिबृद्धि कर रकम क्रेडिट देखाई विवरण पेश गर्ने यस्ता करदाताहरुको कारोबारका सम्बन्धमा कार्यालयबाट वास्तविक क्रेडिटको अवस्था यकिन गरी डेबिटमा ल्याउन प्रभावकारी पहल गर्नुपर्दछ ।

४. **वक्यौता राजस्व असुली** : मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १९ मा करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र बुझाउनु पर्ने र नबुझाएमा बांकी रहेको कर रकममा वार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्ने व्यवस्था रहेको छ । कार्यालयमा दर्ता रहेका करदाताहरुमध्ये २०७३ भाद्र मसान्त सम्म १८१६ करदाता वाट रु. १७,६७,१७,८६८।-कर दाखिला गर्न बांकी रहेको छ । जसमध्ये रु. १ करोड भन्दा बढि बांकी राख्ने ५ करदातासंग मात्र रु. ८ करोड ६० लाख ८६ हजार बांकी रहेको छ । मूल्य अभिवृद्धि कर बांकी राख्ने मुख्य १० करदाताको वक्यौता रु. १,०३,३६,९४१ र २०७३ आषाढ मसान्तसम्म ५० करदातासंग आयकर रु १९,७८६,१९४ असुल गर्न बांकी रहेको छ। कार्यालयबाट कर निर्धारण भई करदाता सेवा कार्यालयमा आएको करदाताबाट कर असुल उपर गर्न कार्यालयले थप पहल गर्नुपर्दछ ।

५. **राजस्व लेखा प्रणाली** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९ देखि १८ सम्म राजस्व दाखिला र राजस्वको लेखा सम्बन्धमा व्यवस्था गरिएको छ । यस्का लागि महालेखा नियन्त्रक कार्यालयले राजस्व लेखा निर्देशिका जारी गरेको छ भने आन्तरिक राजस्व विभागले राजस्वको लेखा राख्न एवं प्रतिवेदन जारी गर्न विद्युतीय कर प्रणालीमा राजस्व लेखा प्रणाली सम्बन्धि अलग पोर्टलको व्यवस्था गरेको छ । उक्त प्रणालीमा (म.ले.प.फा.नं. १५ क , म.ले.प.फा.नं. १०८क, म.ले.प.फा.नं. १०८ ख, म.ले.प.फा.नं. १०८) र राजस्वको आर्थिक विवरण (म.ले.प.फा.नं. १९३) लगायतका राजस्व लेखा प्रणालीका स्वीकृत ढाँचाहरु स्वचालित रुपमा सृजना गर्ने गरेको छैन ।

६. **मूल्य अभिवृद्धि कर कोष :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५१ अनुसार भंसार विन्दुमा संकलित सम्पूर्ण कर रकम मूल्य अभिवृद्धि कोष खातामा दैनिक रुपमा जम्मा गर्नुपर्ने र सो को विवरण भंसार कार्यालयले तीन दिन भित्र नजिकको आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्ने, यसरी कोषमा जम्मा हुन आएको रकमबाट विभागले आदेश दिएको रकम फिर्ता दिई बांकी रहने रकम दैनिक रुपमा तोकिएको राजस्व खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । मूल्य अभिबृद्धि कर फिर्ता गर्नको लागि यस वर्ष रु १,६२,७७,४४६ माग भई आएकोमा यस वषरु. १,३३,४१,५९१.०० फिर्ता भएको छ । मूल्य अभिबृद्धि कर फिर्ता दिनको लागि नेपालको संविधान अनुसार बजेटको व्यवस्था गरी सोही वमोजिमको खर्च शीर्षकबाट निकाशा र खर्च गर्नु पर्नेमा बजेटमा समावेश नगरी खर्च गरेको उपयुक्त देखिएको छैन ।

७. **वार्षिक लक्ष्य प्रगति** : कार्यालयले तयार गरेको लक्ष्य प्रगति विवरण अनुसार यस वर्ष अन्त शुल्कमा ६६ प्रतिशत, शिक्षा सेवा शुल्कमा ८२ र स्वास्थ्य सेवा शुल्कमा ८५ प्रतिशत मात्र असुल भएको र प्रगती न्युन हुनुको कारण खुलाएको छैन ।

८. **करको दायरा विस्तार :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिन भित्र कर विवरण बुझाउनु पर्ने व्यवस्था छ । कार्यालयमा मूल्य अभिबृद्धि करमा दर्ता भएका ५७३० करदाताहरुमध्ये ११३ ले बन्द गरेको बांकी ६१०८ ले मूल्य अभिबृद्धि कर विवरण बुझाउनु पर्नेमा ७१६ (११.७२ प्रतिशत) ले डेबिट विवरण, १४१३ (२३ प्रतिशत) ले क्रेडिट विवरण, १२४४ (२०.३६ **प्रतिशत**) ले शुन्य विवरण पेश गरेको र २७३५ (४४.७७ प्रतिशत विवरण पेश गरेको छैन । डेबिटभन्दा क्रेडिट १.९७ गुणाले बढि रहेको छ। यसबाट डेबिट विवरण बुझाउने करदाताको संख्या न्युन देखिएकाले बजार अनुगमन गरी यस्ता विवरणको छानवीन गर्नुपर्दछ ।

९. **अनुमानित कर विवरण :** आयकर ऐन, २०५८ को दफा ९४ मा किस्तावन्दीमा कर दाखिला गर्ने र दफा ९५ मा दाखिला गर्नु पर्ने अनुमानित करको विवरण बुझाउनु पर्ने व्यवस्था रहेको छ । यस्तो विवरण नबुझाउनेलाई ऐनको दफा ११७ अनुसार शुल्क तथा दफा ११८ अनुसार व्याज लाग्ने व्यवस्था छ । यस कार्यालय अन्तर्गत आयकरतर्फ दर्ता भएका करदातामध्ये अनुमानित आय विवरण दाखिला गर्ने करदाताको अभिलेख अद्यावधिक गरेको छैन ।

१०. **भुक्तानीमा कर कट्टी** : आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ मा प्रत्येक वासिन्दा व्यक्तिले भुक्तानी गर्दा ती दफाहरुमा तोकिएको दर अनुसार कर कट्टी गर्नुपर्ने व्यवस्था छ । दफा ९० मा अग्रिम कर कट्टी गर्नुपर्ने व्यक्तिले प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र विभागले तोकेको तरिका र ढांचामा विवरण दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा करदाताले मासिक रुपमा अग्रिम कर कट्टीको विवरण दाखिला गरे नगरेको सम्बन्धमा कार्यालयबाट पर्याप्त अनुगमन गरेको छैन ।

११. **करपरीक्षण** : आयकर ऐन, २०५८ को दफा ९५(७), ९६(५), १००(२), १०१ एवं मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २३ तथा अन्तःशुल्क ऐन, २०५८ को दफा १० बमोजिम आन्तरिक विभागले संशोधित कर निर्धारण गर्न सक्ने व्यवस्था छ । आन्तरिक राजस्व विभाग एवं कार्यालयवाट कर परिक्षण हुने करदाता छनौट गर्दा उपयुक्त भार दिई उच्च अंक आउने करदाता मध्येबाट करदाता छनौट गरेको अभिलेख अध्यावधिक गर्नुपर्नेमा सो गरेको छैन । आयकर ऐन, २०५८ अनुरुप पेश भएका आय विवरणमध्ये पूर्ण कर परीक्षणका लागि यो वर्ष आय विवरण पेश गरेका पुर्वानुमानित वाहेक **५९३४** करदाताहरुमध्ये **११३** (आय विवरण पेश गर्ने करदाताको २.०७ प्रतिशत) करदाताको यो वर्ष पूर्ण करपरीक्षण गरेको छ । कर परीक्षणबाट निर्धारण भएको कर रु **१ करोड ५५ लाख ७८** हजार.(आयकर रु. **१ करोड १ लाख ७** हजार र मूल्य अभिवृद्धि कर रु. **५४** लाख **७१** हजार) र रु **१ करोड ६०** लाख **२६** हजार सञ्चित नोक्सानी घटाइएको मासिक प्रतिवेदनबाट देखिएको छ । कर परीक्षणबाट सरकारको राजस्वमा थप योगदान हुने भएकाले जोखिमका क्षेत्र पत्ता लगाई करपरीक्षणको दायरा बढाउनु आवश्यक देखिएको छ ।

१२. **आन्तरिक लेखापरीक्षणको प्रभावकारिता :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयको राजस्व, धरौटी तथा विनियोजन तर्फको आय व्यय तथा प्रचलित कानून बमोजिम खडा भएको कार्य सञ्चालन तथा अन्य सार्वजनिक कोषको आन्तरिक लेखा परीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले राजस्व एवं मूल्य अभिबृद्धि कर कोषबाट भएको आम्दानी खर्चको आन्तरिक लेखापरीक्षण गराएको छैन ।

१३. **सफ्टवेयरबाट विजक जारी :** मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम १८ मा विभागले कुनै करदाताले क्यास मेशिन प्रयोग गर्नुपर्ने गरी तोक्न सक्ने व्यवस्था रहेको छ । आन्तरिक राजस्व कार्यालयले क्याश मेशिन जांच गर्ने, विजक जारीको अनुगमन गर्ने, खरिद खाता र बिक्री खातामा कारोवार भएको दिनको एकमुष्ट प्रविष्ट गरे नगरेको नियमित अनुगमन गर्नु पर्ने जिम्मेवारी तोकिएको छ । यस्तो मेशिनबाट विजक जारी गर्नु पर्ने कारोबार गर्ने करदाता एवं एकै कम्प्लेक्स वा भवन अन्तरगत रही जुनसुकै कारोबार गर्ने करदाताले यस्तो विजक जारी गर्न स्वीकृति लिएका सफ्टवेयरको अभिलेख राखी अनुगमन गर्ने कार्य प्रभावकारी रुपमा भएको छैन ।

१४. **सामाजिक सुरक्षा कर :** आर्थिक ऐन, २०७२ को दफा २८ मा आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा १ बमोजिम एकल प्राकृतिक व्यक्ति र दाम्पत्तीको पारिश्रमिक भुक्तानीका बखत श्रोतमा तोकिए बमोजिम कर कट्टी गरी असूल गरिने र असूल गरिएको रकम छुट्टै राजस्व खातामा जम्मा गरिने व्यवस्था रहेको छ । यस वर्ष सामाजिक सुरक्षा कर वापत रु.**४१,२९६,६९७।-** असुल भई नेपाल सरकारको राजस्व खातामा दाखिला भएको छ । सामाजिक सुरक्षा कोष (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६७ अनुसार योगदानकर्ताहरुलाई परिचयपत्र जारी गर्ने व्यवस्था समेत रहेको छ । करदाताहरुले आय विवरण पेश गर्दा करदाताले धेरै जना कर्मचारी वा कामदार देखाई उनीहरुलाई यस्तो कर लाग्ने रकमको सीमासम्म तलब भुक्तानी भएको देखाउने गरेको छ । यस्तो करलाई व्यवस्थित गर्न कर दाखिला गर्दा कोषबाट जारी भएको परिचयपत्र नम्बर अनिवार्य रुपमा उल्लेख गर्न लगाउने वा कामदार तथा कर्मचारीलाई व्यक्तिगत स्थायी लेखा नम्बर लिन अनिवार्य गर्नुपर्दछ ।

१५. **कर फछ्र्यौट आयोगको निर्णय** : कर फर्छौयट् आयोगको निर्णयानुसार विगत देखि आयकर तथा मूल्य अभिबृद्धि कर बक्यौता रहेका करदाताको निर्धारण भएको आयकर तथा मूल्य अभिबृद्धि करको तिर्नुपर्ने ३ करदातावाट बक्यौता रु ४६,३२,२७६।-रहेकोमा आयोगले रु २,२०,०००।-प्राप्त गर्ने गरी सम्झौता गरेको र

सो आधारमा कार्यालयले करदाताको बक्यौता लगत रु ४६,३२,२७६।-हटाएको छ। कार्यालयबाट प्राप्त विवरण अध्ययन गर्दा कर निर्धारणको आधार र सेटलमेन्टको आधार वीच समन्वय हुन नसकेको, बर्ष र करदाता अनुसारको सेटलमेन्ट नगरेको, सेटलमेन्ट पश्चात् राजस्व असूलीको अवस्था माथि मूल्यांकन गरी पृष्ठपोषण नगरेको, निर्धारण भएको कर रकममा सम्झौता भएको रकम घटी भएको एवं सो घटीको अनुपात अधिक्तम रहेको, करदाताको कर तिर्न सक्ने क्षमता र कर तिरी रहेको इमान्दार करदाता बीचको असर बिश्लेषण नगरिदा सम्झौता रकमको मापदण्ड वस्तुनिष्ठ समेत देखिएको छैन ।

१६. **स्वास्थ्य सेवा कर :** आर्थिक ऐन, २०७२ को दफा ७ मा नेपाल सरकारले प्रदान गर्ने स्वास्थ्य सेवा र सामूदायिक अस्पतालले प्रदान गर्ने स्वास्थय सेवा बाहेकका व्यक्ति, संस्था वा निकायले प्रदान गर्ने स्वास्थय सेवामा जारी विजक मूल्यको ५ प्रतिशतका दरले स्वास्थय सेवा कर लगाईने र असुल उपर गरिने व्यवस्था छ। करदाता सेवा कार्यालय चावहिलमा दर्ता रहेको एक गैर सरकारी संस्थाबाट सञ्चालन गरेको अस्पतालले २०६५।६६ देखि २०६७।६८ सम्म स्वास्थ्य सेवा कर बुझाएकोमा तत् पश्चातका बर्षहरुमा बुझाएको छैन । उक्त अस्पताल सेवाग्राहीबाट शुल्क असूल गरी सेवा दिने र सरकारी अनुदान तथा सहायता प्राप्त नगर्ने गैर सरकारी संस्थाबाट सञ्चालित रहेको समेत देखिएको छ । सोही प्रकृतिका अन्य स्वास्थ्य सेवा प्रदायकले स्वास्थ्य सेवा कर तिरेको अवस्था समेत विद्यमान छ। तसर्थ २०६८।६९ देखि २०७१।७२ सम्मको आय रु.३७ करोड ९२ लाखमा ५ प्रतिशत स्वास्थ्य सेवा कर बापतको रु १ करोड ९० लाख कर निर्धारण गरी असुल गर्नुपर्दछ । त्यसैगरी कार्यालयको क्षेत्र भित्र पर्ने एक डेण्टल हस्पिटलको २ आर्थिक बर्षको नपुग रु२५९,३७०/- र एक मेडिकल तथा एष्ट्रोलोजी प्रा लि ले स्वास्थ्य सेवा कर लाग्ने कारोवार गरे पनि स्वास्थ्य सेवा शुल्क नवुझाएकोले रु २००,३८३/- गरी रु ४५९७५३/- असुल गर्नुपर्दछ।

१७. **समानुपातिक कर कट्टी :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ (३) र नियमावली, २०५३ को नियम ४० (४) बमोजिम कुनै करदाताले कर लाग्ने वस्तु वा सेवा तथा कर छुट भएका वस्तु वा सेवा दुबैको कारोबार गर्दा त्यस्तो करदाताले कर लाग्ने वस्तु वा सेवासंग प्रत्यक्ष रुपमा सम्बन्धित खरिद वा आयातमा तिरेको करमात्र कट्टी गर्न पाउने व्यवस्था छ। बिक्रीसँग खरिदको प्रत्यक्ष सम्बन्ध स्थापित गर्न नसकेमा कुल बिक्रीमध्ये समानुपातिक हिसाबबाट खरिदमा तिरेको कर कट्टी गर्न पाउने उल्लेख छ। कर छुट र कर योग्य दुवै कारोवार गर्ने ५ करदाताको समानुपातिक रुपमा कर कट्टा नगरेकोले रु १२४५४१७२ मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ।

१८. **भुक्तानीमा कर :** आयकर ऐन, २०५८ को परिच्छेद १७ मा भुक्तानीमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ। आयकर ऐन, २०५८ को दफा ९०(१) मा अग्रीम कर कट्टी गर्नुपर्ने प्रत्येक व्यक्तिले प्रत्येक महिना समाप्त भएको पच्चीस दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था समेत रहेको छ। १५ करदाताले रु १० करोड ६४ लाख ६३ हजार ५८० भुक्तानि गर्दा आयकर ऐन अनुसार रु ८८,३०,११५/- अग्रीम कर र सोमा लाग्ने शुल्क तथा व्याज समेत असुल गर्नुपर्दछ।

१९. **अन्तिम मौज्दात मुल्यांकन :** आयकर ऐन २०५८ को दफा १५ अनुसार व्यापार मौज्दातको लागत गणना गर्दा कुनै आय बर्षमा कुनै व्यवसायको व्यापार मौज्दातको शुरु मुल्यमा सो बर्षको व्यवसायबाट प्राप्त गरिएको व्यापार मौज्दात लागतमा बर्षान्तको व्यापार मौज्दातको अन्तिम मुल्य घटाई दावि गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी व्यापार मौज्दातको अन्तिम मुल्य गणना गर्दा व्यापार मौज्दातको लागत वा बजार मुल्य अनुसार गर्नुपर्ने स्पष्ट व्यवस्था रहेको छ । करदाताले पेश गरेको आय विवरणमा संलग्न लेखा नीति र खुलासामा समेत लागत मुल्यमा अन्तिम मौज्दातको मुल्यांकन गरिएको ७ करदाताको प्रत्यक्ष खर्च समावेश नगरी १ करोड ५० लाख ४२ हजार २१९लागत मुल्य भन्दा न्युन मुल्यांकन गरेको १ करदाताको नोक्सानि समायोजन गरी रु २९,३३,९३९/- कर तथा सोमा लाग्ने शुल्क तथा व्याज समेत असुल गर्न छानविन गर्नुपर्दछ ।

२०. **ब्याजको पूँजीकरण :** आयकर ऐन, २०५८ को दफा १४ मा व्यवसायको आय आर्जनको लागि सिर्जना भएको ऋणको व्याज खर्च कट्टी गर्न पाउने व्यवस्था छ। कार्यालय अन्तर्गत ३ करदाताले प्रयोगमा नआइसकेको भवन निर्माण तथा जग्गामा प्रयोग भएको ऋण रु.११ करोड ३२ लाखको व्याज खर्च रु.९५ लाख ११ लाख सम्बन्धित सम्पत्तिमा पूँजीकरण नगरी खर्च कट्टी लिएकोले २ करदाताको रकम रु.७४ लाख ८८ नोक्सानीमा समायोजन गरी हुने आयमा रु.५ लाखमा ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ।

२१. **कर योग्य कारोबार :** मूल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा १० अनुसार कर लाग्ने वस्तुको कारोवार गर्न दर्ता हुनुपर्ने तथा कुनै व्यक्तीले कारोवार गरेको वस्तु वा सेवामा कर लागेको वा लाग्ने भएको ३० दिन भित्र दर्ताको लागी दरखास्त दिनुपर्ने उल्लेख छ। दफा २० मा दर्ता नभै कारोवार गरेमा कर निर्धारण गरि दफा २९ वमोजम जरिवाना लगाउने व्यवस्था छ । मूनाफा वितरण नगर्ने कम्पनीको रुपमा करदाता सेवा कार्यालय चावहिलबाट कर छुट प्रमाणपत्र लिएको एक योगपिठले योगा कार्यक्रमको आम्दानी र विभिन्न सदस्य शुल्क, सहयोग र लेवि आम्दानी गरेको देखिन्छ। ऐनले योगा कारोवारलाई मूल्यअभिवृद्धि कर छुट नदिएकोले २०६८।६९ देखि २०७१।७२ सम्मको यस्तो कारोवारको आम्दानी रु.२ करोड २५ लाखको १३ प्रतिशतले रु.२९ लाख कर लाग्ने देखिन्छ। सोही कार्यालयबाट कर छुट प्रमाणपत्र लिएको एक डेण्टल अस्पतालले दन्त उपचारका सामाग्री बिक्री, एक्सरे लगायत औषधि जन्य सामाग्री बिक्री र सो सम्वन्धि खर्च गरेको छ। ऐनले दन्त उपचारका सामाग्री कारोवारलाई मूल्यअभिवृद्धि कर छुट नदिएकोले २०७०।७१ र २०७१।७२ को कारोबार रु.२ करोड ९६ लाखमा ऐनको प्रावधान बमोजिम १३ प्रतिशत कर रु.३९ लाख लाग्ने देखिन्छ। त्यसै गरी एक फिटनेश तथा पार्टी प्यालेसले सदस्यवाट शुल्क लिएको भनी ३ आर्थिक बर्षको ९० लाख २५ हजार २१२ कारोवारमा मुअकर असुल नगरेकोले रु.११७३२७८ असुल गर्नुपर्ने समेत ३ करदाताको मु.अ. कर रु.८० लाखमा जरिवाना सहित मूल्य अभिबृद्धि कर निर्धारण गर्नुपर्दछ।

२२. **कर क्रेडिट** मूल्य अभिवृद्धि कर ऐनको दफा ५ को उपदफा ३ मा अनुसूचीमा उल्लेखित वस्तु तथा सेवामा कर नलाग्ने र त्यस्तो बस्तु तथा सेवाको खरिदमा लागेको कर दफा १७ बमोजिम कट्टा गर्न र दफा २४ बमोजिम फिर्ता लिन नपाउने कानुनी व्यवस्था रहेको छ । मुअकर लाग्ने कारोवार नगर्ने तर मुअकरमा दर्ता भएका २ करदाताले निरन्तर दावी गर्दे आएको रु ६४,४७,८६२ लाई अमान्य गर्न कर निर्धारण गर्नुपर्दछ ।

२३. **कर छुट संस्थाको कारोबार** : आयकर ऐन, २०५८ को दफा २ मा नाफा नकमाउने उद्देश्यले स्थापना भएको सार्वजनिक प्रकृतिका सामाजिक धार्मिक शैक्षिक वा परोपकारी संस्थालाई जनाउने उल्लेख छ। कर छुट पाउने संस्थाको उद्देश्यअनुसार कार्य सम्पन्न हुंदा वा कुनै व्यक्तिद्वारा सो संस्थालाई प्रदान गरिएको सम्पत्ति वा सेवाबापत कुनै भुक्तानी गर्दाबाहेक सो संस्थाले प्राप्त गरेको रकमबाट कुनै व्यक्तिलाई फाइदा पुऱ्याएको र व्यवसायिक कार्यबाट आम्दानी भएको भए त्यस्तो संस्थालाई कर छुट नहुने व्यवस्था आयकर निर्देशिकामा छ। एक करदाता कर छुटको संस्थाको रुपमा दर्ता भएको तर उदेश्यमा तोकेको कार्यका अतिरिक्त सामान विक्रि गरी विभिन्न आय वर्षहरुमा रु.४६ लाख ८५ हजार आय प्राप्त गरेको छ। उक्त आयमा कर छुट नहुने हुँदा आयकर ऐन, २०५८ को अनुसुची १ बमोजिम २५ प्रतिशत कर रु ११ लाख ७१ हजार र सो मा लाग्ने शुल्क तथा व्याज समेत निर्धारण गरि असुल गर्नुपर्दछ।

करदाता सेवा कार्यालय, बालाजु

१. **नियन्त्रणमा परिवर्तन :** आयकर ऐन, २०५८ को दफा ५७ मा कुनै निकायको विगत ३ वर्ष अघि सम्मको स्वामित्वको तुलनामा ५० वा सो भन्दा वढी प्रतिशत स्वामित्व परिवर्तन भएमा दफा ५७(१) अनुसार नियन्त्रणमा परिवर्तन हुंदा आफ्नो स्वामित्वको सम्पत्ति वा आफूले वहन गरेको दायित्व निसर्ग गरेको मानिने र दफा ५७(२) बमोजिम कुनै निकायको स्वामित्व परिवर्तन भएमा त्यस्तो परिवर्तनपछि सो निकायलाई दफा २० बमोजिम नोक्सानी कट्टा गर्न, दफा २० बमोजिम नोक्सानी सार्न, दफा २४ एवं दफा २५ बमोजिम समायोजन गर्न अनुमति नदिइने प्रावधान रहेको छ। बालाजु क्षेत्रका शैक्षिक संस्था सञ्चालन गर्ने एक करदाताले २०७१ कार्तिक १२ मा स्वामित्व परिवर्तन भएको भनी स्वामित्व परिवर्तन अघि र परिवर्तन पश्चातको आयलाई अलग अलग आय बर्ष मानी आय विवरण दाखिला गरेको छ। २०६०।१२।१८ मा दर्ता भए पश्चात सृजना गरेको सम्पत्ती बजार मूल्य अनुसार मूल्यांकन गरेको छ। करदाताको जग्गा रु २ करोड २ लाखको सम्पत्ति समेतको बजार मूल्य अनुसार लाभको यकिन गरी कर दायित्व निश्चित गर्नुपर्दछ। आयकर ऐनको दफा ५७ अनुसार स्वामित्व परिवर्तन हुनु अघि सो निकायलाई हुन गएको नोक्सानी दफा २० अनुसार कट्टा गर्न नपाउने व्यवस्था रहेपनि करदाताले स्वामित्व परिवर्तन पश्चातको आय विवरणमा गत विगतको कट्टी नपाउने नोक्सानी रु.१ करोड ५९ लाख समायोजन गरेकोले उक्त नोक्सानीलाई अमान्य गर्नुपर्ने गरी कर निर्धारिण गर्नुपर्दछ।

२. **विदेशी स्थायी संस्थापन :** आयकर ऐन, २०५८ को दफा २ मा नेपालमा रहेको विदेशी स्थायी संस्थापन वासिन्दा हुने र दफा ३ मा विदेशी स्थायी संस्थापनलाई कर लगाउने व्यवस्था छ। ऐनको दफा ६८ अनुसार विदेशी स्थायी संस्थापनको आयबाट ऐनको दफा ६९ बमोजिम सो संस्थापनको स्वामित्व भएको व्यक्तिको आय छुट्याउनुपर्ने व्यवस्था रहेको छ। दफा ६८ अनुसार गैर वासिन्दा व्यक्तिको नेपाल स्थित विदेशी स्थायी

संस्थापनले विदेश पठाएको आयमा कर लाग्ने व्यवस्था छ। विदेशी स्थायी संस्थापनले नेपालमा प्राप्त गरेका सवै प्रकारका आम्दानी समावेश गरी आय विवरण पेश गर्नुपर्ने र अनुसुची १ मा उल्लेखित करको दर बमोजिम विदेशी स्थायी संस्थापनलाई विदेश पठाएको आयमा ५ प्रतिशतका दरले कर लाग्ने व्यवस्था समेत छ। बालाजु क्षेत्रका ठेक्का कारोबार गर्ने एक करदाता नेपालमा विदेशी स्थायी सस्थापनको रुपमा स्थापना भई २०७१।७२ मा मूल्य अभिबृद्धि करमा दर्ता भएको र सो बर्षमा करदाताले नेपाल विद्युत प्राधिकरणबाट रु १ अर्ब ७२ करोड ७ लाख भुक्तानी प्राप्त गरेको देखिन्छ। उक्त कम्पनी नेपालमा दर्ता भएको विदेशी स्थायी संस्थापन भएकोले निजले भुक्तानी पाउने सबै रकमलाई आयमा समावेश गरी करयोग्य आयमा २५ प्रतिशतले र दफा ६८ को उपदफा (३) र (४) बमोजिम विदेशमा पठाएको आयमा ५ प्रतिशतका दरले आयकर निर्धारण गरी असुल उपर गर्नुपर्नेमा १.५ प्रतिशत अग्रीम कर मात्र असुल गरेकोले नपुग रु.६ करोड २ लाखमा शुल्क तथा ब्याज समेत छानवीन गरी कर निर्धारण एवं असुल गर्नुपर्दछ।

३. **संरचना निर्माणको मूल्य अभिबृद्धि कर :** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ८(३) मा व्यवसायिक प्रयोजनको लागि निर्माण गरिने रु ५० लाख भन्दा बढिको भवन, अर्पाटमेन्ट वा सपिङ कम्प्लेक्स र विभागले तोकेको यस्तै प्रकारका अन्य संरचना दर्ता नभएको व्यक्तिबाट गराएको छ भने पनि दर्ता भएको व्यक्तिबाट गरे सरह मानी त्यस्तो संरचनाको स्वामित्व रहेको व्यक्तिबाट कर निर्धारण गरी असूली गरिने व्यवस्था छ। यस कार्यालय अन्तगर्तका संरचना निर्माण गर्ने १ शैक्षिक संस्थाले रु.३,४१,२८,१८८/- को संरचना थप गरी पूँजीकरण गरेको स्थितिमा उल्लेख भए बमोजिम ऐनको दफा ८(३) बमोजिम १३ प्रतिशतले हुने रु.४४,३६,६६४/- मूल्य अभिवृद्धि कर छानवीन गरी असुल गर्नुपर्दछ।

४. **कर छुट संस्थाको कारोबार** : आयकर ऐन, २०५८ को दफा २ मा नाफा नकमाउने उद्देश्यले स्थापना भएको सार्वजनिक प्रकृतिका सामाजिक धार्मिक शैक्षिक वा परोपकारी संस्थालाई कर छुटको संस्था जनाउने उल्लेख छ। कर छुट पाउने संस्थाको उद्देश्यअनुसार कार्य सम्पन्न हुंदा वा कुनै व्यक्तिद्वारा सो संस्थालाई प्रदान गरिएको सम्पत्ति वा सेवाबापत कुनै भुक्तानी गर्दाबाहेक सो संस्थाले प्राप्त गरेको रकमबाट कुनै व्यक्तिलाई फाइदा पुऱ्याएको भए त्यस्तो संस्थालाई कर छुट नहुने व्यवस्था छ। यस्तो संस्थाहरुको व्याज आम्दानी, बहाल आम्दानी, व्यवसायिक कार्यवाट प्राप्त हुने आम्दानी जस्ता आयमा कर छुट नहुने व्यवस्था आयकर निर्देशिका, २०६६ को बुदा नं. ९.३ मा उल्लेख छ। यस कार्यालय अन्तर्गतका २ संस्थाले कर छुट नहुने प्रकृतिको रु ४ करोड ३५ लाख १६ हजार कारोवार गरेकोमा आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम २५ प्रतिशतले हुने रु १ करोड ४४ लाख ४ हजार छानविन गर्नुपर्दछ।

५. **भुक्तानीमा कर :** आयकर ऐन, २०५८ को परिच्छेद १७ मा भुक्तानीमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ। आयकर ऐन, २०५८ को दफा ९०(१) मा अग्रीम कर कट्टी गर्नुपर्ने प्रत्येक व्यक्तिले प्रत्येक महिना समाप्त भएको पच्चीस दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था समेत रहेको छ। एक ईन्स्टिच्युटले रु १५ लाख ३० हजारको सेवा खरिद गरेकोमा आयकर ऐन अनुसार रु २२,९५०/- अग्रीम कर र सोमा लाग्ने शुल्क तथा व्याज समेत असुल गर्नुपर्दछ ।

६. **अन्तिम मौज्दातको मुल्यांकन :** आयकर ऐनको दफा १५ अनुसार व्यापार मौज्दातको लागत गणना गर्दा कुनै आय बर्षमा कुनै व्यवसायको व्यापार मौज्दातको शुरु मुल्यमा सो बर्षको व्यवसायबाट प्राप्त गरिएको व्यापार मौज्दात लागतमा बर्षान्तको व्यापार मौज्दातको अन्तिम मुल्य घटाई दावि गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी व्यापार मौज्दातको अन्तिम मुल्य गणना गर्दा व्यापार मौज्दातको लागत वा बजार मुल्य अनुसार गर्नुपर्ने स्पष्ट व्यवस्था रहेको छ । एक ट्रेड लिंकले अन्तिम मौज्दातको लागत गणना गर्दा प्रत्यक्ष खर्च समावेश नगरेकोले न्युन मुल्यांकन भएको रु ९,०५,६९८/- लाई अन्तिम मौज्दातमा समावेश गरी रु २,२६,४२४/- कर र शुल्क तथा व्याज समेत असुल गर्नुपर्दछ ।

७. **आय विवरण :** आयकर ऐन, २०५८ को दफा ९६ मा प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिना (दफा ९८ वमोजिम म्याद थप भएकोमा सो म्याद) भित्र सो वर्षको आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ। यो वर्ष आय विवरण दाखिला गर्नुपर्ने ३४०५४ करदातामध्ये १५६६०(४६प्रतिशत) ले मात्र आय विवरण दाखिला गरेको अभिलेखबाट देखिन्छ। जसमध्ये डे १ विवरण ५६७० (३६ प्रतिशत), डे३ विवरण ६६१० (४२ प्रतिशत) र बांकी ३३८० (२२ प्रतिशत) ले म्यानुअली विवरण पेश गरेका छन्। कानूनमा तोकिएको समयमा आय विवरण दाखिला नगर्ने १८३९४ (५४ प्रतिशत) करदाताको खोजि गरी आय विवरण दाखिला गर्न लगाउने कार्य भएको छैन। मूल्य अभिबृद्धि करमा दर्ता भएका ६५९७ करदातामध्ये ६३७ ले बन्द गरेको बांकी ५०६० ले मूल्य अभिबृद्धि कर विवरण बुझाउनु पर्नेमा ३०८ (४ प्रतिशत) ले डेबिट विवरण, १६२९ (२४ प्रतिशत) ले क्रेडिट विवरण र वाँकी ३१२३ करदाता (६१.७१प्रतिशत) ले शुन्य विवरण तथा विवरण

पेश गरेको छैन । यसबाट डेबिट विवरण बुझाउने करदाताको संख्यो डेबिटभन्दा क्रेडिट ५.२८ गुणाले बढि देखिएकोले बजार अनुगमन गरी यस्ता विवरणको छानवीन बढाउनु पर्दछ । आयकर तर्फ आय विवरण पेश नगर्ने १०९३५ करदाताले आर्थिक कारोबार गरे नगरेको सम्बन्धमा समेत कार्यालयबाट अनुगमन गर्नुपर्दछ ।

८. **राजस्वको आर्थिक विवरण :** आर्थिक कार्यविधि नियमावली, २०६४ मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको ३५ दिन भित्र लगती राजस्व रकम र असुल हुन बांकी रकम तथा हसवली राजस्व समेतको कच्चावारी समेत भिडाई राजस्वको वार्षिक आर्थिक विवरण तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ । गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा रु.१२,१०,६७,८३५।- लगत बांकी भए पनि यस वर्षको आर्थिक विवरणमा गतवर्ष सम्मको लगत बांकी रु.६,१०,६४,४०४।- कायम गरेको छ । यस वर्ष जिम्मेवारी सरेको रकम समेतमा रु. ५,१५,५४,१७४।- मिन्हा गरेकोमा सोको विवरण तयार गरेको पाइएन । गत वर्षसम्मको बांकी रु. ६,१०,६४,४०४।- र यो वर्ष थप भएको रु.२,५८,८५,११९। - समेत आर्थिक वर्षको अन्तमा कुल लगत बांकी रु. ८,६९,४९,५२३।- पुगेकोले लगत असुल तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

९. **कर विवरण :** कार्यालयमा दर्ता रहेका करदाताले २०७२।४।१ देखि २०७३।०३।३१ सम्म १६२९ वटा क्रेडिट कर विवरण पेश गरेको छन । ती करदातालाई रु. ३४,६३,८०,५७०।- नेपाल सरकारले मूल्य अभिबृद्धि कर फिर्ता दिनु पर्ने संभावित दायित्व देखिएकोमा सो रकमलाई आर्थिक विवरणमा दायित्वमा देखाइएको छैन । क्रेडिट कर विवरण पेश करदातामध्ये १२ महिनाभन्दा बढि अवधि देखि निरन्तर क्रेडिट हुने करदाता **४२** रहेका छन । सो मध्ये सबैभन्दा बढि अवधिदेखि निरन्तर क्रेडिटमा रहेका करदाताहरु ५ रहेकोले करदाताको कारोवारमा कार्यालयबाट निगरानी राखी वास्तविक क्रेडिट यकिन गर्नुपर्दछ ।

१०. **वक्यौता राजस्व असुली** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ मा कर असुल गर्न सक्ने तरिका उल्लेख छ । आयकर ऐन, २०५८ को दफा १०९ मा कर वक्यौता राख्ने व्यक्तिलाई रकम बुझाउनु पर्ने व्यक्ति वा निजको रकम जिम्मा लिने व्यक्ति समेतलाई रकम दाखिला गर्न आदेश दिई असुल गर्न सक्ने व्यवस्था छ । अन्त:शुल्क ऐन, २०५८ को दफा १०ज मा अन्त:शुल्क अधिकृतले अन्त: शुल्क असुल गर्ने तरिका उल्लेख गरेको छ । मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १९ मा करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र बुझाउनु पर्ने र नबुझाएमा बांकी रहेको कर रकममा वार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्ने व्यवस्था रहेको छ । कार्यालयमा दर्ता रहेका करदातामध्ये २०७३ आषाढ मसान्त सम्म १९८३ करदाता बाट रु.१,९३,०९,८८,५१०।- दाखिला गर्न बांकी रहेको छ । जसमध्ये रु. १ लाखभन्दा बढि बांकी राख्ने १४९ करदातासंग मात्र रु.१७,६४,२७,३३५।- बांकी रहेको छ । कार्यालय अन्तरगत रहेका करदातामध्ये विभिन्न करदातासंग मिति २०७३ आषाढ मसान्तसम्म आयकर रु. ७,२९,२३,६२९, समेत. ७,३९,९२,१८१ कर रकम असुल गर्न बांकी रहेकोले सो असुल गर्नुपर्दछ ।

११. **राजस्व लेखा प्रणाली** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९ देखि १८ सम्म राजस्व दाखिला र राजस्वको लेखा सम्बन्धमा व्यवस्था गरिएको छ । यस्का लागि महालेखा नियन्त्रक कार्यालयले राजस्व लेखा निर्देशिका जारी गरेको छ भने आन्तरिक राजस्व विभागले राजस्वको लेखा राख्ने एवं प्रतिवेदन जारी गर्न विद्युतीय कर प्रणालीमा राजस्व लेखाप्रणाली सम्बन्धि अलग पोर्टलको व्यवस्था गरेको छ । उक्त लेखा प्रणालीले (म.ले.प.फा.नं. १५ क , म.ले.प.फा.नं. १०८क, म.ले.प.फा.नं. १०८ ख, म.ले.प.फा.नं. १०८) र राजस्वको आर्थिक विवरण (म.ले.प.फा.नं. १९३) लगायतका राजस्व लेखा प्रणालीका स्वीकृत ढाँचाहरु स्वचालित रुपमा सृजना गर्ने गरेको छैन ।

१२. **मूल्य अभिवृद्धि कर कोष :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५१ अनुसार भंसार विन्दुमा संकलित सम्पूर्ण कर रकम मूल्य अभिवृद्धि कोष खातामा दैनिक रुपमा जम्मा गर्नुपर्ने र सो को विवरण भंसार कार्यालयले तीन दिन भित्र नजिकको आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्ने, यसरी कोषमा जम्मा हुन आएको रकमबाट विभागले आदेश दिएको रकम फिर्ता दिई वांकी रहने रकम दैनिक रुपमा तोकिएको राजस्व खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । मूल्य अभिबृद्धि कर फिर्ता गर्नको लागि यस वर्ष रु. ३७९१२५७८/. माग भई आएकोमा रु. ३७८१८६४८/- (मागको **९९.७५** प्रतिशत) फिर्ता भएको छ । मूल्य अभिबृद्धि कर फिर्ता दिनको लागि नेपालको संविधान अनुसार बजेट व्यवस्था गरी सोही वमोजिम खर्च शीर्षकबाट निकाशा र खर्च गर्नु पर्नेमा बजेटमा समावेश नगरी यस्तो खर्च गरेको उपयुक्त देखिएको छैन ।

१३. **करको दायरा विस्तार :** आयकर ऐन, २०५८ को दफा ७८, आयकर नियमावली, २०५९ को नियम २३, मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १०, अन्त: शुल्क ऐन, २०५८ को दफा ८ बमोजिम व्यक्ति, फर्म, कम्पनी वा संस्थाले इजाजतपत्र लिनु पर्ने व्यवस्था रहेको छ । कार्यालयमा यसवर्ष दर्ता भएका करदाताहरुको

संख्या ४४१० देखिएको र मूल्य अभिबृद्धिकर तर्फ कार्यालयको अभिलेखबाट यस वर्ष ६५१ करदाता दर्ता भएको छ । अन्त:शुल्क तर्फ दर्ता प्रणालीलाई सूचना प्रविधिको माध्यममा समावेश गरेको छैन । कार्यालयको अभिलेखबाट १५० करदाता यसवर्ष दर्ता भएको छ । २०४७ करदाताले स्थायी लेखा नम्बर स्थगन गराएको उल्लेख गरेकोमा प्रणालीबाट १०४२ करदाताले आयकर र ३५१ करदाताले मूल्य अभिबृद्धि कर दर्ता खारेजी गरेकोले करको दायरा अपेक्षित रुपमा बढेको देखिएको छैन ।

१४. **कर छुट पाउने संस्था :** दर्ता भएका व्यक्तिको अभिलेख कार्यालयमा रहेको कम्प्युटर प्रणालीमा राखिएको भए तापनि स्थायी लेखा नम्बर लिएकामध्ये आयकर ऐन, २०५८ को दफा २ अनुसार कर छुटमा दर्ता भएका संस्थाको छुट्टै अभिलेख राखेको छैन । यसबाट स्थायी लेखा नम्बर लिएका करदातामध्ये कति कर छुट्मा छन् सो स्पष्ट नहुने अवस्था छ । आयकर छुटको प्रमाणपत्र जारी गर्दा करदाताको वर्गिकरण गरी यस्ता करदातालाई अलग स्थायी लेखा नम्बर दिई अनुगमन गर्नुपर्दछ ।

१५. **सफ्टवेयरबाट विजक जारी :** मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम १८ मा विभागले कुनै करदाताले क्यास मेशिन प्रयोग गर्नुपर्ने गरी तोक्न सक्ने व्यवस्था रहेको छ । करदाताले क्याश मेशिन प्रयोग गर्दा आन्तरिक राजस्व कार्यालयले क्याश मेशिन जांच गर्ने, विजक जारीको अनुगमन एवं निरीक्षण नियमित रुपमा गर्ने, यस्तो व्यवस्थाको उल्लंघन गर्नेलाई कारवाही गर्ने, खरिद खाता र बिक्री खातामा कारोवार भएको दिनको एकमुष्ट प्रविष्ट गरे नगरेको नियमित अनुगमन गर्नु पर्ने जिम्मेवारी तोकिएको छ । त्यस्तै कम्प्युटर विलिङको स्वीकृति दिनु पर्ने व्यवस्था रहेको छ । यस्तो मेशिनबाट विजक जारी गर्नु पर्ने कारोबार गर्ने करदाताहरु एवं एकै कम्प्लेक्स वा भवन अन्तरगत रही जुनसुकै कारोबार गर्ने करदाताहरुले यस्तो विजक जारी गर्न स्वीकृति लिएका सफ्टवेयरहरुको अभिलेख राखी नियमित रुपमा अनुगमन गर्ने कार्य प्रभावकारी रुपमा गर्न सकेको छैन ।

१६. **सामाजिक सुरक्षा कर :** आर्थिक ऐन, २०७२ को दफा २८ मा आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा १ बमोजिम एकल र दाम्पत्तीको पारीश्रमिक तोकिएको दरले भुक्तानीका बखत श्रोतमा कर कट्टी गरी असूल छुट्टै राजस्व खातामा जम्मा गरिने व्यवस्था रहेको छ । सामाजिक सुरक्षा कोष (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६७ अनुसार सामाजिक सुरक्षा कोषले योगदानकर्ताहरुलाई परिचयपत्र जारी गर्ने व्यवस्था समेत रहेको छ । करदाताहरुले आय विवरण पेश गर्दा करदाताले धेरै जना कर्मचारी वा कामदार देखाई उनीहरुलाई यस्तो कर लाग्ने रकमको सीमासम्म तलब भुक्तानी भएको देखाउने गरेको छ । यस्तो करलाई व्यवस्थित गर्न कर दाखिला गर्दा कोषबाट जारी भएको परिचयपत्र नम्बर अनिवार्य रुपमा उल्लेख गर्न लगाउने वा कामदार तथा कर्मचारीलाई विभागले व्यक्तिगत स्थायी लेखा नम्बर लिन अनिवार्य गर्नुपर्दछ ।

१७. **कर फछर्यौट आयोगको निर्णय** : कर फछ्र्यौट आयोगको निर्णयानुसार विगत देखि आयकर तथा मूल्य अभिबृद्धि कर बक्यौता रहेका करदाताको निर्धारण भएको आयकर तथा मूल्य अभिबृद्धि करको तिर्नुपर्ने बक्यौता मध्ये ३ कर दातावाट आयोगले रु ९,२०,०००।- प्राप्त गर्ने गरी सम्झौता भएको छ । सो आधारमा कार्यालयले करदाताको बक्यौता लगत रु १,३५,२६,५२२। - हटाएको छ । कार्यालयबाट प्राप्त विवरण अध्ययन गर्दा कर निर्धारणको आधार र सेटलमेन्टको आधारवीच समन्वय हुन नसकेको, बर्ष र करदाता अनुसारको सेटलमेन्ट नगरेको, सेटलमेन्ट पश्चात् राजस्व असूलीको अवस्था माथि मूल्यांकन गरी पृष्ठपोषण नगरेको, निर्धारण भएको कर रकममा सम्झौता भएको रकम घटी भएको एवं सो घटीको अनुपात अधिक्तम रहेको करदाताको कर तिर्न सक्ने क्षमता र कर तिरी रहेको इमान्दार करदाता बीचको असर बिश्लेषण नगरिदा सम्झौता रकमको मापदण्ड वस्तुनिष्ठ नरहेको अवस्था छ ।

कोष तथा लेखा नियन्त्रक समन्वय कार्यालय

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । कार्यालयले आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ४७ (१) बमोजिम सामानको मूल्य खुलाई अभिलेख नराखेको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ बमोजिम सार्वजनिक निकायले वार्षिक रु १० लाख भन्दा वढी रकमको खरीद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तयार गर्दा आगामी वर्षमा गरिने खरीद कार्यका लागि वार्षिक खरीद योजना तयार गर्नुपर्नेमा तयार नगरी मालसामानमा रु ८६१,८४८।-, संचालन तथा मर्मत सम्भारमा रु २७४,९५८।- र मेशिनरी औजारमा रु ४,४७,१४०।- वजेट खर्च गरेको छ ।

२. **जिल्लागत राजस्व/धरौटी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम १४ मा सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले नियम १३ बमोजिम प्राप्त आर्थिक विवरणका आधारमा जिल्ला स्थित राजस्व आर्जन गर्ने सबै कार्यालयको राजस्वको विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । तर यस कार्यालयवाट लेखापरीक्षण अवधि समयमा पनि सो बमोजिम को राजस्वको विवरण

तालुक कार्यालयमा पेश गर्न हिसाव मिलान सम्वन्धी कार्य भैरहेको छ । यसरी जिल्लागत राजस्वको हिसाव नटुङ्ग्याएको अवस्थाले लेखापरीक्षणको क्रममा जिल्लागत राजस्व (धरौटी समेत) को अवस्था विश्लेषण हुन सकेको छैन ।

३. **दरवन्दी तथा पदपूर्ती :** निजामती सेवा ऐन, २०४९ को दफा ६(क) बमोजिम सिर्जना भएको दरवन्दी दफा ७ बमोजिम कार्यालय संचालनको लागि स्वीकृत दरवन्दी र पदपूर्तीको व्यवस्था छ । कार्यालयमा कुल २२ दरवन्दी स्वीकृत भएको देखिएकोमा २०७३ आषाढको तलवी प्रतिवेदन अनुसार २१ पदपूर्ति भएको देखिएकोले रा.प.तृतीय श्रेणीको कोष नियन्त्रक १ पद रिक्त रहेको छ । जनशक्तिको अभावमा कार्यालयको काम प्रभावित हुन नदिन स्वीकृत दरवन्दी अनुरुप कर्मचारी पदपूर्ति गर्नुपर्दछ ।

४. **राजस्व :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १३ मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको ३५ दिन भित्र लगती र हसवली राजस्व रकमको कच्चावारी समेत भिडाई राजस्वको वार्षिक आर्थिक विवरण तयार गरी पेस गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले यस वर्ष राजस्व शीर्षक १४२२४ परीक्षा शुल्कमा रु ८००।- रा.शि.१४३१२ प्रशासनिक दण्ड, जरीवाना, जफतमा रु १९५००।- र राजस्व शिर्षकगत वर्षको नगद बाकी मौज्दात रु ११,७६,१३६।- समेत रु १३,७१,९३६।- राजस्व आम्दानी तथा दाखिला देखाई आर्थिक विवरण पेस भएकोमा उक्त राजस्व रकम यस कार्यालय संग सम्वन्धित नदेखिएको भनी नेपाल राष्ट्र बैक र राष्ट्रिय वाणिज्य वैकको स्टेटमेन्ट र राजस्व व्यवस्थापन सूचना प्रणाली बमोजिम कार्यालयले राजस्व आम्दानी देखाएको छ। उक्त राजस्वको श्रोत सम्वन्धमा यथार्थता स्पष्ट नभएकोले राजस्वको आर्थिक विवरणले यथार्थ चित्रण गरेको छैन ।

५. **प्रोत्साहन भत्ता :** एकल कोष प्रणाली लागु भएका कोष तथा लेखा नियन्त्रक कार्यालयमा कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ताको व्यवस्था भएको र सोको लागि प्रोत्साहन भत्ता पद्दति कार्यान्वयन कार्यविधी, २०६८ लागु भएको छ । यसका लागि कार्यालय समय भित्रको १५ कार्यको २५ प्रतिशत र कार्यालय समय बाहिरको थप समयको ११ कामको लागि २५ प्रतिशत गरी कुल ५० प्रतिशत भार तोकिएको छ भने कार्यालयले उक्त सूचकको आधारमा २०७२ श्रावण देखि कार्तिकसम्म ४७ प्रतिशत मार्ग देखि फाल्गुनसम्म ४३ प्रतिशत र चैत्र देखि आषाढसम्म ४४.८१ प्रतिशत भारका दरले रु २१,१२,३४८।- प्रोत्साहन भत्ता खर्च लेखेको छ । उक्त भार विश्लेषण गर्दा यस कार्यालयसंग असम्वन्धित कार्य तलवी प्रतिवेदन पारीत गर्ने कार्यको लागि १ प्रतिशत र निवृत्तीभरण सम्वन्धी कार्यका लागि २ प्रतिशत भार राखिएको छ । आन्तरीक लेखापरीक्षण प्रभावकारी बनाउन र राजस्व प्रबिष्ट तथा प्रतिवेदन सम्वन्धी कार्यहरु समयमा सम्पन्न गर्न उक्त भार यी २ कार्यमा थप गर्नुपर्दछ । साथै, यस आर्थिक वर्षको प्रोत्साहन भत्ता भुक्तानीमा कोष व्यवस्थापकसमेत १८ जनाको भरपाई अनुसार रु २८५७६१।- खर्च लेख्नुपर्नेमा रु २९०७६१।- खर्च लेखि भरपाई भन्दा वढी खर्च लेखेको रु ५०००।- असुल गर्नुपर्दछ ।

६. **आन्तरीक लेखापरीक्षण :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ९६(१) मा कोष तथा लेखा नियन्त्रक कार्यालयको राजस्व, धरौटी, तथा विनियोजन तर्फको आय व्यय र प्रचलित कानून बमोजिम खडा भएको कार्य संचालन वा अन्य सार्वजनिक कोषको आन्तरीक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छ ।

६.१. यस वर्ष कार्यालयवाट प्राप्त विवरण अनुसार कार्यालयले १७० कार्यालयको आन्तरीक लेखापरीक्षण सम्पन्न गरेको छ । जसमा विनियोजित तर्फ रु १३,५६,४७,०२,४९०।- र धरौटी तर्फ रु ६०४,८१,९१,१८८।- को आन्तरीक लेखापरीक्षण सम्पन्न गरेको छ। भने राजस्व तर्फको लेखापरीक्षण सम्पन्न अंक उपलब्ध हुन सकेन । यसतै आन्तरीक लेखापरीक्षण वाट रु ९६,३५,५१८।- असुल गर्नुपर्ने रु ११,४५,७५५।- नियमित गर्नुपर्ने रु २,७१०८३५९३७।- पेश्की वेरुजुसमेत रु २,७२,१६,१७,२१०।- बेरुजू कायम भएको देखिएता पनि ति मध्ये लेखापरीक्षण भन्दा अगावै कति फछ्र्योट भए सो को विवरण प्राप्त भएको छैन । यसवाट कार्यालयले उक्त नियमावलीको नियम ९६(३) बमोजिम आन्तरीक लेखापरीक्षणवाट औल्याएको बेरुजू अन्तिम लेखापरीक्षण हुन अगावै टुंगो लगाउनुपर्नेमा बेरुजू लगत कट्टा गरेको सुनिश्चित हुने आधार नदेखिएकोले सुधार गर्नुपर्दछ ।

६.२. कार्यालयवाट सम्पादित आन्तरीक लेखापरीक्षण गरिएका फाइलमध्ये ११ वटा छनौट गरी परीक्षण गर्दा ३ फाइलमा जिन्सी निरीक्षण प्रतिवेदन नरहेको, ४ फाइलमा चेक लिस्ट प्रयोग नभएको र ८ फाइलमा ट्र्याकिङ्ग लिष्ट प्रयोग नभएको तथा सबै फाइलमा लेखापरीक्षण अख्तियारी र योजना तथा कार्यक्रम रहेको छैन । आन्तरीक लेखापरीक्षण कार्य आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२(२) ले तोकेको क्षेत्र समेटीने गरी महालेखा नियन्त्रक कार्यालयबाट जारी आन्तरीक लेखापरीक्षण निर्देशिका अनुरुपको कार्यविधि अपनाई प्रभावकारी बनाउनु पर्दछ ।

भन्सार जांचपास परीक्षण कार्यालय, सुविधानगर

१. **राजस्वको लक्ष्य प्रगति** : जांचपास पछिको परीक्षण कार्यविधिको बुंदा ११(क) बमोजिम विभागले कार्यालयको जांचपास पछिको परीक्षण गरी तोकिएको फर्महरुबाट निश्चित रकम असुल गर्नुपर्ने गरी वार्षिक लक्ष्य निर्धारण

गरेको छ । यस वर्ष ४५० प्रज्ञापन–पत्रको परीक्षण गरी रु.५ करोड ७४ लाख २७ हजार असुल गर्नुपर्ने लक्ष्य रहेकोमा ५७७ प्रज्ञापन–पत्रको परीक्षण गरी रु.४ करोड ११ लाख ६८ हजार राजस्व निर्धारण गरेको छ । गत वर्ष ४०० प्रज्ञापन–पत्रको परीक्षण गर्ने लक्ष्य रहेकोमा ४४० प्रज्ञापन–पत्रको परीक्षण सम्पन्न गरी रु.५ करोड ५ लाख ८६ हजार राजस्व निर्धारण भएकोले यस वर्ष तुलनात्मकरुपमा वढी प्रज्ञापन–पत्रको परीक्षण भएतापनि गतवर्षको तुलनामा रु ९४लाख १८ हजार (१८.६१प्रतिशत) घटी राजस्व निर्धारण भएको छ ।

२. **कानूनी आधार** : भन्सार जांचपास परीक्षण कार्यका लागि भन्सार ऐन, २०६४ लगायत अन्य ऐनमा भन्सार पछिको जांचपास परीक्षण कार्यालयको व्यवस्था गरेको देखिंदैन । भन्सार विभागले भन्सार नियमावली, २०६४ को नियम २८(४) बमोजिम तर्जूमा गरेको जांचपास पछिको परीक्षण कार्यविधी, २०६८ लाई अनुशरण गरी कार्य गर्दै आएको छ । कानूनमा स्पष्ट व्यवस्था गरी कार्य निर्देश गर्नुपर्ने भनि विगतको प्रतिवेदनमा औंल्याएकोमा स्थिति यथावत रहेकोले सुधार गर्नुपर्दछ ।

३. **प्रज्ञापन–पत्र छनौट प्रक्रिया** : जांचपास पछिको परीक्षण कार्यविधि, २०६६ को बुंदा नं.९ मा परीक्षण गर्दा जोखिम विश्लेषणको आधारमा छनौट गरिएका मालवस्तुहरुको वा पैठारीकर्ताको मात्र २१ वटा विषयलाई आधार लिई परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ । जसमध्ये उच्च महशुल दर, परिमाणात्मक बन्देज भएका राजस्व जोखिमयुक्त वस्तुहरु, पैठारीकर्ताको विश्वसनीयता, सामान उत्पत्तिको देश, आयात भएका वस्तुको घोषित मूल्य तथा परिमाण, भन्सार विन्दुहरुको परिवर्तन, मालवस्तु घोषणाको प्रकृति, सामान चलान भएको देश तथा चलान भएको मिति र विभागका विभिन्न शाखामा रहेका तथ्याङ्कको विश्लेषणको आधार प्रमुख रहेका छन् । यस वर्ष भन्सार जांचपास पछिको परीक्षणका लागि विभागबाट २०७ र कार्यालयबाट ५५१ गरी ७५८ प्रज्ञापन–पत्र छनौट भएकोमा छनौटको आधारलाई सूचक बनाई बढी राजस्व जोखिमको मालवस्तुको छनौट गर्ने प्रक्रिया अवलम्बन गरेको छैन । यसबाट जांचपास पछिको परीक्षण कार्य प्रभावकारी नभई यसबाट भन्सार राजस्व चुहावट नियन्त्रणमा असर पर्न जाने हुंदा छनौट प्रक्रिया सूचकमा आधारित गर्नुपर्दछ । यस सम्वन्धमा पटके पैठारी कर्ता सम्पर्क नहुने, सम्पर्क गर्न नचाहने पैठारीकर्ता पक्राउ गरी ल्याउने अधिकार नभएको, कारोवार रोक्काले यस्ता पटके पैठारीकर्तालाई फरक नपर्ने भएकोले लक्ष्य तोकिंदा वढी छनौट गर्नुपर्ने वाध्यता रहेको कार्यालयले जनाएको छ ।

४. **लेखापरीक्षण क्षेत्रको सीमितता** : भन्सार जांचपास परीक्षण पछिको कार्यविधि, २०६८ को बुंदा ७ मा परीक्षण गर्ने समयावधि, मालवस्तु भन्सार कार्यालयबाट जांचपास भएको मितिले ४ वर्षभित्र गरी सक्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार २०७२ आषाढ मसान्तसम्ममा परीक्षण गर्न बांकी संख्या ८०१ मा यस वर्ष छनौट ७५८ गरी १,२५९ मध्ये यस वर्ष ५७७ थान मात्र अर्थात ४५.८३ प्रतिशत मात्र परीक्षण सम्पन्न गरी रु ४ करोड ११ लाख ६९ हजार थप महसुल निर्धारण भएको छ । यस्तै वर्षान्तमा छनौटमध्ये ६८२ थान ५४.१६ प्रतिशत परीक्षण नभई बांकी रहेको छ । कार्यालयले छनौट गरेको प्रज्ञापनहरु समयमा परीक्षण नहुंदा भन्सार राजस्व चुहावट नियन्त्रण कार्यमा असर पर्न गएको छ । जनशक्ति अभावका कारण छनौट भएका प्रज्ञापन–पत्र परीक्षण हुन नसकेकोले कार्यालयमा पर्याप्त जनशक्तिको व्यवस्था गरी क्षमता अभिवृद्धि गर्नुपर्दछ । यस सम्वन्धमा सुधारका लागि भन्सार विभागसंग छलफल भैरहेको जानकारी प्राप्त भएको छ ।

५. **आंशिक परीक्षण** : जांचपास पछिको परीक्षण कार्यलाई पूर्णता दिन जांचपास पछिको कार्यविधि, २०६६ को बुंदा ११(ख) मा परीक्षणको लागि छनौट भएका मालवस्तु वा पैठारीकर्ताको परीक्षण कार्यका लागि परीक्षण योजना बनाउने उल्लेख भएतापनि परीक्षण योजना वनाउने गरेको छैन । कार्यालयले गरेको परीक्षण एंव निर्णय सोही प्रज्ञापन–पत्रमा मात्र सीमित हुने, उक्त फर्मको त्यस्तै कारोवार भएको वा यस्तै प्रकृतिको अन्य कारोवारमा समेत कम राजस्व असुली हुनसक्ने हुंदा एउटै फर्मको अन्य कारोवार र यस्तै कारोवार गर्ने अन्य फर्मको पुरै कारोवारको परीक्षण गर्ने व्यवस्था मिलाउनेतर्फ तालुक निकायको ध्यान जानुपर्दछ । साथै कार्यालयले आफ्नो परीक्षणबाट देखिएका महत्वपूर्ण निर्णयहरुलाई भन्सार विभाग मार्फत अन्य भन्सार कार्यालयहरुमा समेत सुचना प्रवाह गर्ने व्यवस्था मिलाई छुट राजस्व सङ्कलन गर्नेतर्फ ध्यान जानुपर्दछ । यस सम्वन्धमा भन्सार जांचपास परीक्षण कार्यविधी, २०७२ बमोजिम यस आर्थिक वर्षवाट मालवस्तु र पैठारीकर्ता र समयावधीको आधारमा परीक्षण गर्नेगरी उक्त समस्या सम्बोधन भएको प्रतिक्रिया प्राप्त भएको छ ।

६. **मुद्दा फछ्र्यौटको अवस्था** : यस वर्ष राजस्व न्यायाधीकरणमा १९ र सर्वोच्च अदालतमा ५ समेत कुल २४ मुद्दा परेको मध्ये राजस्व न्यायधिकरणमा १९ वटा र सर्वोच्च अदालतमा ५ वटा वांकी रहेको देखिएको छ ।

७. **दरवन्दी र पदपूती) :** सबै सरकारी निकायले स्वीकृत दरवन्दी अनुसारका पदपूती) हुनुपर्नेमा ३९ जना मध्ये ३० जना मात्र पदपूती) भई ९ पद रिक्त रहेको छ । दरवन्दी समयमा पदपूर्ति नहुदा तोकिएको लक्ष्य अनुसारको प्रगति हासिल नहुने र कार्यसम्पादनमा समेत असर पर्न जाने हुंदा स्वीकृत दरवन्दी अनुसार पदपूती) गर्नुपर्दछ ।

८. **खरिद योजना र ईकाई :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७(३) बमोजिम सार्वजनिक निकायले खरिद योजना तयार गर्ने समेत कार्यको लागि एक खरिद इकाइको स्थापना गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष खरिद योजना तयार नगरी र खरिद ईकाई गठन नगरी रु २३ लाख ४७ हजारका फर्निचर, ल्यापटप,डेस्कटप कम्प्युटर रेफिजरेटर, फोटोकपी मेशिन, सोलार प्यानल, क्यमरा लगायतका सामान बोलपत्र वा दरभाउपत्रको माध्यमबाट प्रतिस्र्पधा नगराई सोझै खरिद गरेकोले खरिद कार्य मितव्ययी र नियमसम्मत देखिएको छैन । तसर्थ ऐन तथा नियममा भएको व्यवस्था अनुसारको प्रक्रिया अपनाई खरिद गर्नुपर्दछ । यस सम्वन्धमा चालू आर्थिक वर्षवाट खरिद योजना र खरीद इकाई गठन गर्ने विषयलाई गंभिरतापूर्वक कार्यान्वयनमा ल्याइने प्रतिवद्धता कार्यालयले गरेको छ ।

९. **जिन्सी निरीक्षण प्रतिवेदन :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ५० अनुसार कार्यालयमा लगत खडा गरि राखेका जिन्सी सामान के कस्तो अवस्थामा छन निरिक्षण गर्न लगाई त्यस्तो प्रतिवेदन लिखित रुपमा लेखी वा लिई राख्ने व्यवस्था छ । सोही व्यवस्था अनुसार कार्यालयले निरिक्षण गरी २०७३।४।२ मा पेश गरेको तर रेफ्रिजेरेटर, एयरकण्डिसन, एल.जी फ्याक्स मेसिन लगायत ५९ आइटम जिन्सी सामान चालू अवस्थामा नरहेको उल्लेख छ । चालू अवस्थामा नरहेको सामानको मर्मत सम्भार गर्नुपर्ने वा मर्मत नहुने सामान लिलाम बिक्री गर्नुपर्ने र मूल्य नखुलेको सामानको हकमा सामानको अवस्था र प्रचलित बजार मूल्यसमेत विचार गरी मूल्य कायम गराई राख्नेतर्फ कार्यालयको ध्यान दिनुपर्दछ ।

१०. **माग तथा लगत :** आर्थिक कार्यविधी ऐन, २०५५ को दफा १२(२) बमोजिम राजस्वको लगत अद्यावधिक हुनुपर्नेमा कार्यालयले निर्धारण गरेको माग रकम र वाकी रकम मात्र अद्यावधीक गरेकोमा माग बमोजिम असुल भएको रकमको भौ.नं र मिति समेत खुलाई असुलीको अभिलेख राख्नुपर्नेमा सो राखेको छैन । जसवाट आर्थिक विवरणले देखाएको असुली रकम र माग किताव बमोजिमको असुली रकम भिडान गर्न सकिने एवं माग किताबमा माग कायम रु १०६३५०४२३।– मध्यै असुल भएको रु १,३२,३३,३२६।– कटाई वाकी बक्यौता रु ९,३१,१७,०९७– सुनिश्चित हुने आधार रहेको छैन । माग किताबमा मागको अत्तिरीक्त असुली र वांकी रकम समेत अद्यावधिक गरी आर्थिक विवरणसंग भिडान गर्नुपर्दछ ।

११. **असुली बांकीको स्थिति** : भन्सार ऐन, २०६४ को दफा ३४(३घ) अनुसार जांचपास पछिको परीक्षणबाट निर्धारण भएको महसुल तथा जरिवाना वापतको रकम दाखिला गर्ने आदेश प्राप्त गरेको मितिले ३५ दिनभित्र तोकिए बमोजिमको रकम दाखिला गर्नुपर्ने व्यवस्था छ । सो अवधिभित्र दाखिला नगरेमा त्यस्तो महसुल तथा जरिवाना रकममा दाखिला गर्ने आदेश भएको मितिदेखि वार्षिक १५ प्रतिशतका दरले व्याज समेत गणना गरी असुल गरिने व्यवस्था रहेको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०६७।६८ देखि २०७२।७३ सम्मको कुल बक्यौता रु.९ करोड ३१ लाख १६ हजार रहेकोमा राजस्व न्यायाधिकरणमा रु. ४करोड ४९लाख ६५ हजार र सर्वोच्च अदालतमा रु.१७ लाख ५९ हजार गरी रु. ४ करोड ६७ लाख २४ हजार पूनरावेदनमा गएको छ । पूनरावेदनमा गएको कुल रकम बक्यौताको ५०.१७ प्रतिशत रहेको छ । सो बाहेक बांकी बक्यौता असुलीतर्फ प्रभावकारी नदेखिएकोले बक्यौता रकममा वृद्घि हुंदै गएको छ । बांकी बक्यौता रकम असुलीतर्फ प्रभावकारी कदम चाल्नुपर्ने व्यहोरा लेखापरीक्षणमा औल्याइएकोमा असुली प्रक्रियालाई पत्राचार, अनलाइन सम्पर्क गरेर वा कारोवार रोक्का राखेर अभियानकारुपमा अधि वढाइने कार्यालयले जनाएको छ ।

१२. **चालू वर्षको बक्यौता** : भन्सार ऐन, २०६४ को दफा ३४(३)(घ) अनुसार जांचपास पछिको परीक्षणबाट निर्धारण भएको महशुल तथा जरिवाना वापतको रकम दाखिला आदेश प्राप्त भएको मितिले ३५ दिनभित्र दाखिला गर्नुपर्ने तत्पश्चात १५ प्रतिशतका दरले व्याज समेत असुल गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयबाट यस वर्ष परीक्षण गरी माग कायम भएको रु. ४ करोड ११ लाख ६९ हजार मध्ये रु ८७ लाख ३० हजार (२१.२१ प्रतिशत) मात्र असुलभई रु ३ करोड २४ लाख ३८ हजार (७८.७९प्रतिशत) बक्यौता रहन गएको छ । कुल वक्यौता रु ९ करोड ३१ लाख १७ हजार मध्ये रु ६ करोड ६लाख ७८ हजार (६५.१६ प्रतिशत) साविकको बक्यौता र रु ३ करोड २४ लाख ३८ हजार (३४.८४प्रतिशत) चालुवर्षको वक्यौता रहेको छ । कार्यालयले गतवर्ष देखि दाखिला नभएको राजस्व रकमलाई बक्यौता जनाई आर्थिक विवरणमा समावेस गरेको छ । कार्यालयले निर्धारण गरेको कर तथा महसुल उपर राजस्व न्यायाधिकरण र सर्वोच्च अदालतमा पूनरावेदन गरेको रकम मुद्धाको कारबाही टुंगिए पछि निर्णयानुसार र मुद्दा तथा पूनरावेदन नपरेको रकम

भन्सार ऐन २०६४ को दफा ३४(३घ) बमोजिमको व्याज तथा जरिवाना गणना गरी असुल गर्नुपर्दछ । यस सम्वन्धमा असुली प्रक्रियालाई पत्राचार, अनलाइन सम्पर्क गरेर वा कारोवार रोक्का राखेर अभियानकारुपमा अघि वढाइने कार्यालयले जनाएको छ ।

१३. **राजस्व लेखा :** आर्थिक कार्याविधी ऐन, २०५५ को दफा १२(२)मा राजस्वको लगत तथा लेखा राख्ने एवं फाटवारी पेश गर्ने, लेखापरीक्षण गराउने र त्यसको अभिलेख राख्ने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । कार्यालयले सो बमोजिम राजस्वको लगत राखेको भएता पनि सो लगत प्रमाणित अवस्थामा रहेको देखिएको छैन । राजस्वको प्रमाणित आर्थिक विवरणमा कार्यालयवाट निर्धारण नभएको सामाजिक सुरक्षाकर, गतवर्षको नगद मौज्दात दाखिला लगायतका रकम समेत लगतमा समावेश गरेको छ । सोको अतिरिक्त आर्थिक विवरणमा गलत प्रस्तुतीकरणको कारणले वास्तवीक लगत भन्दा रु २३६१३६।–वढी लगत कट्टा हुनगई वाकी ऋणात्मक मौज्दात रहेको छ । ऋणात्मक मौज्दातले वास्तविक राजस्व वक्यौता रकम घट्न गएको हुंदा सो रकम स्पष्टगरी लगत किताव (माग किताव) समेत अद्यावधिक गर्नुपर्दछ ।

निवृत्तभरण व्यवस्थापन कार्यालय

१. **निवृत्तभरण व्यवस्थापन** : कार्यालयले २०७१ माघ महिना देखि हरेक निवृत्त निजामती कर्मचारी, नेपाली सेना, प्रहरी तथा शिक्षकको दुई वाणिज्य वैंकमा खाता खोली देश भरीका सेवा निवृत्त निजामती कर्मचारी, नेपाली सेना, प्रहरी तथा शिक्षकलाई बैंक खाता मार्फत निवृत्तभरण भुक्तानी गर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

१.१. सबै निवृत्तभरकको तलवी भरपाई साथ सो को पुष्टयाई गर्ने प्रमाण कागजातहरु समेत हेर्न सकिने गरी सफ्टवेयर तयार भइसकेको छैन । कार्यालयबाट सो सम्वन्धमा सफ्टवेयर अपडेट/डाटा इन्ट/डकुमेन्ट स्क्यान गर्ने क्रममा रहेको जानकारी प्राप्त भएको छ । निवृत्तिभरकको व्यक्तिगत विवरणको सफ्टवेयर अपडेट र डाटा इन्ट्री/डकुमेन्ट स्क्यान गरी राख्ने कार्य भइनसक्दा निवृत्तभरकको उमेर अनुसार, अवधि अनुसार वर्गीकरण गरी जोखिम पहिचान गर्न कठिनाई परेको छ । सबै निवृत्तभरकको व्यक्तिगत विवरणको सफ्टवेयर अपडेट र डाटा इन्ट्री/डकुमेन्ट स्क्यान गरी विश्लेषण गर्न सकिने व्यवस्था गर्नुपर्दछ ।

१.२. बुढयौली असक्तता जस्ता कारणबाट निवृत्तभरण पाउनेले दस्तखत गर्न नसकेको अवस्थामा वैंकबाट रकम झिक्न नसकिने विद्यमान परिपाटीलाई वाणिज्य वैंकहरुसंग सहकार्य गरी दस्तखत वा ल्याप्चे सहि कुनै एकबाट पेन्सन रकम वैंकबाट झिक्न सकिने गरी उक्त सफ्टवेयर अद्यावधिक गर्नुपर्दछ ।

१.३. निवृत्तिभरण लिईरहेकामध्ये सामाजिक सुरक्षा भत्ता समेत पाउने अवस्थामा पुगे पछि सामाजिक सुरक्षा भत्ता लिन नमिल्ने व्यवस्था छ । उक्त दुबै भत्ता लिए नलिएको विवरण थाहा हुने गरि सम्बन्धित निकायविच समन्वय गरि विद्युतिय सुचना प्रणालीको सन्जाल कायम गराउने गरी सफ्टवेयर अद्यावधिक गर्नुपर्दछ ।

२. **जिन्सी निरीक्षण :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ५०(३) मुताबिक जिन्सी निरीक्षण प्रतिवेदन मर्मत हुन नसक्ने जिन्सी मालसामानहरु लीलाम, मर्मत मिन्हा जे गर्नु पर्ने हो सो गरि जिन्सीको अबस्थालाई अद्यावधिक गर्नुपर्दछ ।

३. **निवृत्तभरण खर्चको स्थिति** : निजामती सेवा ऐन, २०४९ को दफा ३९ ख मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मिति भन्दा पछि नियुक्त हुने निजमती कर्मचारीलाई उपदान तथा निवृत्तभरण दिने प्रयोजनको लागि नेपाल सरकारले छुट्टै उपदान तथा निवृत्तभरण कोष खडा गर्ने र त्यस्ता कर्मचारीको मासिक तलवबाट दश प्रतिशतका दरले रकम कट्टी गरी सो रकममा नेपाल सरकारले मासिक तलवको दश प्रतिशत बराबरको रकम थप गरी हुन आउने रकम सो कोषमा जम्मा गरी दिने व्यवस्था छ । हालसम्म यस्तो कोषको व्यवस्था हुन नसकेको कारणले निवृत्तभरण खर्चको भार प्रत्येक वर्ष वृद्धि हुदै गएको देखिन्छ । निवृत्तभरण व्यवस्थापन कार्यालयबाट प्राप्त विवरण अनुसार २०७०।०७१, २०७१।०७२, र २०७२।०७३ मा क्रमश: निवृत्तभरणको बजेट रु २५००००।–, रु २६७०००।–, रु ३१०६००।– खर्च रु २४३८२७।–, रु २६०१०६।–, रु २६९२७३।– निवृत्तभरकको संख्या १९७६७७, २०९४६२, २२४७३० भई बजेटको तुलनामा खर्च र निवृत्तभरकको संख्यामा विगत ३ वर्षमा बृद्धि प्रतिशत क्रमश: २०७०/७१ मा ६२.५५ र ४.७१, २०७१।०७२ मा ६.६८ र ५.९६, २०७२।०७३ मा ३.५२ र ७.२९ प्रतिशत रहेको देखिन्छ । योगदानमूलक निवृत्तभरणको अवधारणालाई कार्यान्वयनमा ल्याउने तर्फ सम्वन्धित पक्षको ध्यान जानुपर्दछ ।

४. **अभिलेख व्यवस्थापन** : निवृत्तभरण खर्चको सोधभर्ना वैंकलाई दिंदा उक्त सफ्टवेयर बाट प्रत्येक सेवा निवृत्त कर्मचारीको व्यक्तिगत र वैंकहरुको शाखागत खर्चको सोधभर्ना सम्वन्धि विवरणको हार्डकपि निकाली प्रमाणीत गरी राख्ने एवं बैंकले माग गरेको सोधभर्ना रकमसंग भिडान गर्ने नगरेको कारण प्रत्येक

निवृत्तभरकले नियमानुसार पाउने रकममात्र बैंकले सोधभर्ना माग गरेको छ भन्ने यकिन हुन सकेको छैन । उक्त सफ्टवेयरबाट प्रत्येक सेवा निवृत्त कर्मचारीको व्यक्तिगत र बैंकहरुको शाखागत खर्चको सोधभर्ना सम्वन्धि विवरणको हार्डकपी निकाली प्रमाणीत गरी राख्ने, बैंकले माग गरेको सोधभर्ना रकमसंग भिडान गर्ने व्यवस्था गर्नुपर्दछ ।

५. **कार्य प्रकृति र समन्वय** : पूजा सम्वन्धि खर्च, पुजारीको लागि पारिश्रमिक जस्ता खर्च गुठी संस्थान जस्ता निकायबाट पनि उपलव्ध हुने गर्नाले एउटै कार्यको लागि बिभिन्न निकायबाट खर्चको व्यवस्था हुने गरेको छ । निवृत्तिभरण व्यवस्थापन कार्यालयको नाम अनुसारको काम निवृत्तभरण रकम निश्चित गरी निकासा दिने काम र पूजा खर्च वीच तारतम्य नमिलेको र कार्यालयको काम कर्तव्य अधिकार सम्वन्धमा ऐन नियममा छुट्टै व्यवस्था नभएकोले स्पष्ट कार्य विवरण सहित जिम्मेवारीको व्यवस्था गर्नुपर्दछ ।

६. **अग्रीम कर :** आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा शुल्क भुक्तानी गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक वा मूल्य अभिबृद्धि कर छुटको कारोबार गर्ने बासिन्दा निकायलाई भुक्तानी गरेको सेवा शुल्कमा भुक्तानी रकमको १.५ प्रतिशतले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेकोमा तत्कालीन नेपाल सरकारको २०५२।२।२८ को निर्णयबाट निवृत्तिभरणको रकम उपलव्ध गराए बापत १ प्रतिशतले २०७२।७३ मा दुई वाणिज्य बैंकलाई सेवा (शुल्क हयाण्डलिङ चार्ज) वापत कार्यालयले यस वर्ष जम्मा रु.२६,५८,३१,६०१।– भुक्तानिमा १.५ प्रतिशतले हुने रु. ३९,८७,४७४।- कर कट्टी गरी दाखिला गर्नुपर्दछ । साथै, सेवा शुल्क (हयाण्डलिंग चार्ज) लाई लागत प्रभावी बनाउन न्यूनतम सेवा शुल्क निर्धारण गरी बैंकवीच खुल्ला प्रतिस्पर्धाको माध्यमबाट छनौट गर्नुपर्दछ ।

७. **पारिश्रमिक कर** : आयकर ऐन, २०५८ को अनुसुची १ मा उल्लेख भए बमोजिम रोजगारदाताले कर योग्य रोजगारी आयको भुक्तानीमा पारिश्रमिक कर श्रोतमा नै कट्टीको व्यवस्था छ । कार्यालयले २२४७३० जना निवृत्तभरकलाई दुई वाणिज्य बैंक, एक केन्द्रीय बैंक र अन्य मार्फत गरी जम्मा रु.२६,९२,७२,७४,९७१।– सोधभर्ना दिएको छ । बैंकहरुलाई सोधभर्ना दिएको उक्त रकममा निवृत्तभरकबाट कर कट्टा गरी राजस्व खातामा दाखिला भए नभएको सम्वन्धमा तालुक निकायबाट अनुगमनको व्यवस्था गर्नुपर्दछ ।

८. **निवृत्तभरण र पारिश्रमिक :** सार्वजनिक लाभको पदमा अथवा सरकारी सेवामा मासिक पारिश्रमिक पाउने गरी नयां नियुक्त हुने पदाधिकारीले एक महिना भित्र र हाल वहाल रहेको पदाधिकारीले नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७२।१०।८ को निर्णय भएको मितिले एक महिना भित्र मासिक पारिश्रमिक वा निवृत्तभरणमध्ये जुन वढी हुन्छ सो रोजेर लिने र सो जानकारी नियुक्ति भएको सम्वन्धित निकायमार्फत निवृत्तभरण व्यवस्थापन कार्यालयलाई दिई अभिलेख राख्नुपर्ने उल्लेख छ । यस सम्वन्धमा निबृत्तभरण व्यवस्थापन कार्यालयबाट सेवा निवृत्त २३ जना कर्मचारीले जानकारी दिए मुताविकनै निबृत्तिभरणको रकम रोक्का राखेको बाहेक अन्य निकायवाट यस्तो नियुक्तीको जानकारी प्राप्त भएको छैन । हाल नेपाल सरकारको विभिन्न निकायमा नियुक्ति पाई कार्यरत रहेका ८ निवृत्त कर्मचारीले यसबर्ष रु. २२,७१,८१८।- निवृत्तिभरण लिएकोमा अभिलेख राखी सोको जानकारी दिएको छैन । सम्वद्ध निकाय र निबृत्तभरण व्यवस्थापन कार्यालयबीच समन्वय नभएकोमा सम्बन्धित निकायबाट अनुगमन समेत भएको छैन । अभिलेख अद्यावधिक र अनुगमनको व्यवस्था गर्नुपर्दछ ।

त्रिभुवन विमानस्थल भन्सार कार्यालय

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । स्वीकृत दरवन्दी भन्दा बढी कर्मचारीको तलव भत्ता खर्च लेखेको, रसिद नियन्त्रण खाता नराखेको, व्यक्तिगत प्रयोजनको लागि पैठारी गरेका सुन चाँदी, हिरा, कलर स्टोन आदी मालवस्तुको अभिलेख आशिकुडामा आवद्द नगरेको, भन्सार ऐन, २०६४, अनुसार जफत भएका सामानको लिलाम बिक्रीको लागि फैसाला भएकोमा कार्यान्वयन नगरेको,आर्थिक ऐन २०७२,अनुसार लगतमा पैठारी गरेका मालवस्तुहरुको छुट्टै अभिलेख नराखेको अवस्था देखिएको छ । ऐन नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६४ को नियम ८५ अनुसार एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु ३ लाख भन्दा बढीको समान सोझै खरिद गर्न नमिल्ने उल्लेख छ । कार्यालयले रु ३७ लाख १७ हजार मूल्यका क्यामरा, प्रिन्टर, व्याट्री ल्यापटप र फर्निचर जस्ता सामानहरु विभिन्न फर्मबाट सिधै खरिद गरेकोले खरिदमा प्रतिस्पर्धा सिमित हुन गएको छ । मालसामान खरिद गर्दा ऐन नियमको पालना गरी खरिद गर्नुपर्दछ ।

३. **जाँचपास पछिको परीक्षण :** भन्सार ऐन, २०६४ को दफा ३४ अनुसार कार्यालयले जाँचपास पछिको परीक्षणबाट राजस्व असुल गर्नुपर्ने यकिन गरेको रु १४ लाख २७ हजार असुल गर्नुपर्दछ ।

४. **लीजमा पैठारी :** आर्थिक ऐन, २०७२ को दफा १४ (२) ख मा हवाई सेवा प्रदायक संस्थाले लिजमा पैठारी गर्ने हवाइजहाज हेलिकप्टर वा तिनका इन्जिन पैठारी गर्दा पैठारी गरेको मितिले तिन वर्षभित्र फिर्ता गरेमा पैठारी हुंदा तिरेको भन्सार महशुल फिर्ता दिने उल्लेख छ। कार्यालयवाट एक हवाईसेवा संचालकले एअरवस लीजमा पैठारी गर्दा रु ४ करोड महशुल दाखिला गरेको छ। अन्य हवाई सेवा प्रदायक संस्थाले हवाइजहाज हेलिकप्टर र तीनका इन्जिन लिजमा पैठारी गर्दा लाग्ने महशुल केहिमा धरौटी राखी तथा केहिमा राजस्व दाखिला गरी जांचपास गर्ने गरेको छ। धरौटीमा जांचपास गरेका मालवस्तुको महशुल पूर्णरुपमा फिर्ता गर्ने गरेको छ। यसरी एउटै प्रावधान अनुरुप जांचपास गरिएका मालसामानमा समेत दोहोरो मापदण्ड रहेको देखिएको छ। अन्तराष्ट्रिय असल अभ्यास अनुरुप छुट्टै दरवन्दीको व्यवस्था गरी भन्सार महशुल असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

५. **फरक दरवन्दी :** आर्थिक ऐन, २०७२ को दफा २ मा विदेशबाट नेपालभित्र पैठारी हुने सामानमा भन्सार ऐन, २०६४ को अनुसूची-१ बमोजिम भन्सार महशुल लगाउनु पर्ने र दफा ६ मा मूल्य अभिवृद्धिकर ऐन, २०५२ बमोजिम मूल्य अभिवृद्धिकर लगाई असुल गर्नुपर्ने गर्नुपर्ने र भन्सार मूल्याकन गर्दा प्रत्येक मालवस्तुको एकल प्रविष्टी गरी वेग्ला वेग्लै जाचपास गर्नुपर्ने व्यवस्था छ। एक पैठारीकताले डेल ल्यापटप पैठारी गर्दा सोसँगै पैठारी गरेको ल्यापटप व्यागको बेग्लै मूल्याकन गरी कारोवार मूल्यमा समावेश गरी सोमा लाग्ने २० प्रतिशत भन्सार महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर असुल गरी जाँचपास गर्नुपर्नेमा सो नगरी ल्यापटपको मात्र जाँचपास गरेकोले ८४२७ थान ल्यापटप ब्याग पैठारी गर्दा छुट भएको राजस्व रु १६ लाख ३५ हजार असुल गर्नुपर्दछ। फरक दरवन्दी सम्बन्धमा देखिएका थप व्यहोरा निम्न छन् :

५.१. आर्थिक ऐन, २०७२ अनुसार स्रिंक स्लीभ पैठारी गर्दा भंसार उपशीषंक ३९२६९०९० प्लास्टिकका अन्य सामाग्रीको दरवन्दी ३० प्रतिशत भन्सार महशुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा एक उद्योगले पैठारी गरेको सो सामानमा भन्सार उपशीर्षक ३९२१९० र ३९२०६२ बाट १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई ५७ वटा प्रज्ञापनपत्रवाट जाँचपास गर्दा घटी भएको राजस्व रु १ करोड ५९ लाख असुल गर्नुपर्दछ।

५.२. भन्सार कार्यालयबाट एक दूरसंचार सेवा प्रदायकले ६८ वटा नाइन पोर्ट वेभलेन्थ सेलेक्टीभ मल्टीप्लेक्सिग पैठारी गर्दा ती वस्तु राउटिंग र स्वीचिङ्ग उपकरण भएकाले भन्सार उपशीर्षक ८५१७६२ (ध्वनी, छवी वा अन्य आँकडा लाई संग्रहण गर्ने परिवर्तन गर्ने यन्त्रहरु, स्वीचीङ्ग र राउटिङ्ग उपकरणहरु) बाट अन्तःशुल्क ५ प्रतिशत र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ८५४२३३ एम्प्लीफायरमा बर्गिकरण गरी १३ प्रतिशत मूल्य अभिवृद्धि कर मात्र लगाई जाँचपास गरेको कारणले घटी असुल भएको राजस्व रु ३१ लाख असुल गर्नुपर्दछ।

५.३. आर्थिक ऐन, २०७२ अनुसार पैठारी हुने वस्तुमा तोकिएको उपशिर्षकबाट राजस्व असुल गर्नुपर्ने व्यवस्था छ।यस भन्सार कार्यालयबाट एक दुरसंचार सेवा प्रदायक कंपनिले एक प्रज्ञापनपत्रबाट रु १ करोड ५३ लाख ५९ हजार कारोवार मूल्यका डिबिएस ३९०० सीई हाडवयर पैठारी गर्दा भन्सार उपशीर्षक ८५३८१०० बाट १० प्रतिशत भन्सार महशुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ८५१७६१० बाट शुन्य प्रतिशत भन्सार महशुल ५ प्रतिशत अन्तशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेको छ। सोही पैठारीकर्ताले सोही प्रकृतिको सामान दुई प्रज्ञापनपत्रबाट पैठारी गर्दा १० प्रतिशत भन्सार महशुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेको छ। यसरी फरक दरवन्दी लगाई जाँचपास गर्दा घटी भएको राजस्व रु १६ लाख ३६ हजार असुल गर्नुपर्दछ।

५.४. आर्थिक ऐन, २०७२ पैठारी हुने मालवस्तुमा तोकिएको उपशिर्षकबाट राजस्व असुल गर्नुपर्ने उल्लेख छ। एक दुरसंचार सेवा प्रदायक कंपनिले रु.१करोड ३९ लाख ६४ हजार कारोवार मूल्यका एडप्टर पैठारी गर्दा भन्सार दरवन्दी ८५०४५० (अन्य इण्डक्टर) बाट १५ प्रतिशत भन्सार महशुल र १३ प्रतिशत मूल्य अभिवृद्धिकर लागाउनु पर्नेमा भन्सार दरवन्दी ८५२३८०१० (सफ्टवेयरहरु) बाट ५ प्रतिशत अन्तशुल्क र मूल्य अभिवृद्धिकर लगाई जाँचपास गरकोले छुट भएको भन्सार महशुल- र मूल्य अभिवृद्धिकर समेत रु.२३लाख ६७ हजार असुल हुनुपर्दछ।

५.५. आर्थिक ऐन, २०७२ अनुसार पैठारी हुने मालवस्तुमा तोकिएको उपशिर्षकबाट राजस्व असुल गर्नुपर्नेमा एक दुरसंचार सेवा प्रदायक कंपनिले रु.९लाख ९६ हजार कारोवार मूल्यका जिएसएम मल्टिपल पैठारी गर्दा भन्सार दरवन्दी ८५२७९१ बाट १० प्रतिशत भन्सार महशुल र १३ प्रतिशत मूल्य अभिवृद्धिकर लागाउनु पर्नेमा भन्सार दरवन्दी ८५२३८०१० (सफ्टवेयरहरु) बाट ५ प्रतिशत अन्तशुल्क र मूल्यअभिवृद्धिकर लगाई जाँचपास गरकोले छुट भएको महशुल रु.५६ हजार असुल गर्नुपर्दछ।

५.६. आर्थिक ऐन, २०७२ अनुसार पैठारी हुने मालवस्तुमा तोकिएको उपशिर्षकबाट राजस्व असुल गर्नुपर्नेमा एक पैठारीकर्ताले रु.९९ लाख ५४ हजार कारोवार मूल्य को रिसिभर ट्रान्समिटर ऐन्टिना पैठारी गरेकोमा उक्त समान रडार उपकरण नभई रिसिभर एन्टेना भएकोले भन्सार दरवन्दी ८५२९१०(एरियल)बाट १० प्रतिशत भन्सार महशुल र १३ प्रतिशत मूल्य अभिवृद्धिकर लागाउनु पर्नेमा भन्सार दरवन्दी ८५२६१० (रडार

उपकरणहरु)बाट ५ प्रतिशत भन्सार महशुल र मूल्य अभिवृद्धिकर लगाई जाँचपास गरकोले छुट भएको महशुल रु.५ लाख ६२ हजार असुल गर्नुपर्दछ

५.७. आर्थिक ऐन, २०७२ अनुसार पैठारी हुने वस्तुमा तोकिएको उपशिर्षकबाट राजस्व असुल गर्नुपर्नेमा एक हवाईसेवा प्रदायक कंपनीले एसी पार्टस फ्यानबेल्ड पैठारीगर्दा भन्सार दरवन्दी ८८०३३००० (हवाइ जहाज वा हेलिकोप्टर को पार्टपुर्जाहरु) बाट १ प्रतिशत भन्सार महशुल र १३ प्रतिशत मूल्य अभिवृद्धिकर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार दरवन्दी ८४०९१००० (हवाइजहाजको इन्जिनको लागि) बाट १ प्रतिशत भन्सार महशुलमात्र लगाई जाँचपास गरेकाले छुट भएको मूल्यअभिवृद्धि कर रु ६२ लाख ५९ हजार असुल गर्नुपर्दछ ।

५.८. आर्थिक ऐन, २०७२ अनुसार पैठारी हुने मालवस्तुमा तोकिएको उपशिर्षकबाट राजस्व असुल गर्नुपर्ने र भन्सार विभागको च.नं. ५८ मिति २०७१।११।२१ अनुसार समेत मोवाइल कभर भन्सार दरबन्दि ३९२६९०९० (प्लाष्टिकका अन्य सामग्री) बाट जांचपास गर्नुपर्ने उल्लेख छ । एक पैठारीकर्ताले पैठारी गरेका सामसुङ्ग मोबाइल सेटका कभर,फिलिप,चार्जिग केवल,व्याट्री एवं सामसुङ् गियर एकमुष्टरुपमा मोवाइल एक्सेसोरिज घोषणा गरि भन्सार दरबन्दिबाट ८५१७७०००००(अङ्गहरु पार्टस) जांचपास गरेकोमा उक्त मालवस्तुहरु भन्सार दरवन्दी ८५०४४०, ८५०६५०, ९१०२९९, ३९२६९० बाट क्रमश प्रतिशत १५ प्रतिशत, ३० प्रतिशत,१५ प्रतिशत र ३० प्रतिशत भन्सार महशुल र मूल्य अभिवृद्धि कर लगाई जाचपास गर्नुपर्नेमा फरक भन्सार दरबन्दि प्रयोग गरि जाँचपास गर्दा छुट भएको भन्सार महशुल रु २० लाख ३४ हजार असुल गर्नुपर्दछ ।

५.९. भन्सार विभागको २०७१।११।२१ को पत्रानुसार विभिन्न मितिमा जाँचपास भएका मोवाइल कभर हार्मोनाइज्ड कोड ३९२६९०९० बाट वर्गिकरण पर्ने, मोवाइल कभर छालाको भएमा मात्र ४२०५ र प्लाष्टिकको भएमा शीर्षक ३९२६ वाट वर्गिकरण गर्नुपर्ने साथै कार्यालयबाट जांचपास भएका मोवाइल कभर प्लाष्टिकका कभर भन्दा बढी नभएको देखिएकोले मोवाइल कभरलाई ३९२६ अन्तर्गत वर्गिकरण गरी निमयानुसार लाग्ने भन्सार महशुल असुल गर्नुपर्ने उल्लेख भएकोमा यस कार्यालयबाट ८ पैठारीकर्ताले पैठारी गरेका मोबाईल कभरमा सो अनुरुप असुल गरेको नदेखिएकोले छुट महशुल रु ३ लाख ६१ हजार असुल गर्नुपर्दछ ।

५.१०. आर्थिक ऐन, २०७२ अनुसार पैठारी हुने वस्तुमा तोकिएको उपशिर्षकबाट राजस्व असुल गर्नुपर्नेमा २ पैठारीकर्ताले मल्टिफङ्क्सन प्रिन्टर पैठारी गर्दा भन्सार दरवन्दी ८४४३३१ (मुद्रण गर्ने प्रतिलिपि उतार्ने वा प्याक्स पठाउने मध्ये दुइ वा दुइभन्दा वढी कार्यहरु सम्पन्न गर्ने सक्ने यन्त्रहरु) बाट १० प्रतिशत अन्तशुल्क र मूल्य अभिवृद्धि कर लगाई जांचपास गर्नुपर्नेमा भन्सार दरवन्दी ८४४३३२ (अन्य मुद्रकहरु) बाट मूल्य अभिबृद्धिकर मात्र लगाई जांचपास गरेकोले छुट भएको महशुल रु ३ लाख २७ हजार असुल गर्नुपर्दछ ।

५.११. आर्थिक ऐन, २०७२ अनुसार पैठारी हुने मालवस्तुमा तोकिएको उपशिर्षकबाट राजस्व असुल गर्नुपर्ने उल्लेख छ। यस कार्यालयबाट ६ पैठारीकर्ताले ग्लास विड्स पैठारी गरेकोमा भन्सार उपशीर्षक ७०२००० (काचका अन्य सामानहरु) बाट भन्सार महसुल १५ प्रतिशत र मू.अ.कर लगाई जांचपास गर्नुपर्नेमा फरक दरवन्दी लगाई जांचपास गरेकोले छुट भएको महशुल रु ४ लाख ७० हजार असुल गर्नुपर्दछ ।

५.१२. आर्थिक ऐन, २०७२ अनुसार पैठारी हुने मालवस्तुमा तोकिएको उपशिर्षकबाट राजस्व असुल गर्नुपर्नेमा कार्यालयबाट ४ पैठारीकर्ताले फिगंरप्रिन्ट टाईम ऐटेन्डेन्स डिभाईस पैठारी गर्दा भन्सार दरवन्दी ९१०६१००० (समय जनाउने रेकर्ड गर्ने) बाट १० प्रतिशत भन्सार महशुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाउनु पर्नेमा भन्सार दरवन्दी ८५२३८०१००, ८५४३७१००० (सफ्टफेयर) बाट ० र ५ प्रतिशत भन्सार महशुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाचँपास गरेकोले घटी महशुल रु ४ लाख ६९ हजार असुल गर्नुपर्दछ ।

६. **छुट सुविधा :** आर्थिक ऐन, २०७२ को अनुसूची १ को दफा ७ बमोजिम सार्क मुलुकमा उत्पादित मालवस्तु, प्रतितपत्र खोली साफटा उत्पत्तिको प्रमाणपत्र सहित पैठारी भएमा भन्सार महसुल आंशिक छुट दिई तोकिएको दरमा भन्सार महसुल असुल गरिने व्यवस्था छ। एक मित्रराष्ट्रबाट ६ पैठारीकर्ताले बिभिन्न मालवस्तु पैठारी गर्दा सो सुविधा दिई जाँचपास गरेकोमा सम्बन्धित पैठारीकर्ताको नाममा जारी भएको साफटा प्रमाणपत्र बिना छुट दिएको देखिएकोले साफ्टा प्रमाणपत्र पेश हुनुपर्ने अन्यथा छुट भन्सार महशुल र मुअकर समेत रु २२ लाख ३९ हजार असुल गर्नुपर्दछ। छुट सुविधा सम्बन्धमा देखिएका थप व्यहोरा निम्न छन् :

६.१. आर्थिक ऐन, २०७२ को अनुसुचि १ दफा १५ को २ (ण) अनुसार औषधी व्यवस्था विभागको सिफारिसमा औषधी उद्योगले पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, रासायनिक पदार्थ एवं प्याकिङ्ग मेटेरियलमा एक प्रतिशत भन्सार महसुल लगाई जाचपास गर्ने व्यवस्था छ। यस भन्सार कार्यालयबाट २ औषधी उद्योगले पैठारी गरेका औषधी उत्पादन सम्बन्धी कच्चा पदार्थहरुमा औषधी व्यवस्था विभागको सिफारिस बेगर एक प्रतिशत भन्सार महसुल लगाई जांचपास गरेको ले सिफारिसको प्रमाण पेश गर्नुपर्ने अन्यथा छुट भएको महशुल रु १ लाख ६६ हजार असुल गर्नुपर्दछ ।

६.२. आर्थिक ऐन, २०७३ को दफा १४(२)(क) मा हवाईसेवा प्रदायक संस्थाले वा नागरिक उड्डयन प्राधिकरणबाट इजाजत प्राप्त गरेको कम्पनीले पैठारी गर्ने हवाईजहाज, हेलिकोप्टर, गेयरबक्स, इन्जिन, टायर, ब्याट्री, नटबोल्ट, रिभेट र पार्टपुर्जामा भन्सार महसुल १ प्रतिशतमात्र लाग्ने व्यवस्था रहेको छ । यस भन्सार कार्यालयले हवाईसेवा प्रदायक कम्पनी नभएको एवं नागरिक उड्डयन प्राधिकरणले १६ जुलाई २०१६ देखि १ बर्षको लागि मात्र इजाजत प्रदान गरेको एक कम्पनीले सो मिति अगावै ती सामान पैठारी गर्दा सो छुट दिई जांचपास गर्दा छुट भएको राजस्व रु ६४ लाख असुल गर्नुपर्दछ ।

७. **बैक ग्यारेन्टी :** भन्सार नियमावली, २०६४ को नियम १६ मा बण्डेड वेयर हाउसको इजाजतपत्रवालाले निकासी वा स्वदेशमा नै परिवर्त्य विदेशी मुद्रामा बिक्री गरिने मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थमा लाग्ने महसुल बैक जमानत दिई पैठारी गरेको कच्चा पदार्थबाट ११ महिनाभित्र तयारी वस्तु बनाई नकासी नगरेमा वा म्याद थपको अवधिसमेत समाप्त भएको अवस्थामा बैक जमानतबाट भन्सार महसुलमा लाग्ने २५ प्रतिशत थप रकम असुल गरिने व्यवस्था छ । यस भन्सार कार्यालयबाट विभिन्न १७ उद्योगहरुले बैक ग्यारेन्टीको आधारमा पैठारी गरेको कच्चापदार्थबाट पैठारी मितिले ११ महिनाभित्र तयारी वस्तु निकासी गरेको नदेखिएकोले कच्चापदार्थमा लाग्ने भन्सार महसुल र सोको २५ प्रतिशत थप महसुल समेत रु.३ करोड ३१ लाख ४४ हजार असुल गर्नुपर्दछ ।

८. **लगतमा पैठारी :** आर्थिक ऐन, २०७२ को अनसूची १ को दफा १३ (२) मा कुनै खास कार्य वा प्रयोजनको लागि अस्थायी तवरबाट पछि फिर्ता लैजाने शर्तमा लगतमा पैठारी भएका सवारी साधन, यन्त्रउपकरण एवं अन्य मालवस्तुहरु महशुल बुझाई सकेको अवस्थामा बाहेक तीन महिना भित्र फिर्ता लगिसक्नु पर्ने अन्यथा त्यस्ता मालवस्तुहरु नेपाल सरकारले म्याद थप दिएको अवस्थामा बाहेक जफत गर्नुपर्ने उल्लेख छ । कार्यालयवाट उक्त सुविधा अर्न्तगत एक पैठारीकर्ताले फ्रेञ्च भाषामा निर्माण गरिने चलचित्र छायांकन गर्ने उपकरणहरु ३० मार्च २०१६ मा पैठारी गरी ६ अप्रिल २०१६ मा फिर्ता लैजाने शर्तमा रु ४ करोड ९८ लाख मूल्यका ६ थान उपकरणहरुको रु ९३ लाख महशुल निर्धारण गरी लगतमा जाँचपास गरेकोमा ती मालवस्तु हालसम्म फिर्ता लगेको नदेखिएकाले ती सामान जफत गर्ने वा महशुल रकम राजस्व दाखिला गर्नुपर्दछ । लगतमा पैठारी सम्बन्धमा देखिएका थप व्यहोरा निम्न छन् :

८.१. कार्यालयवाट एक पैठारीकर्ताले २०१६।१।१४ मा रु २ करोड ४ लाख मूल्यका चलचित्र छायांकन गर्ने उपकरणहरु ३२ थान पैठारी गरेकोमा पैठारी भएको मूल्य भन्दा रु १ करोड ८३ लाख कम मूल्यका उपकरण निकासी गरेको देखिएकोले ऐन अनुसार फिर्ता हुन बाँकी उपकरण जफत गर्ने वा उक्त उपकरणहरुमा लाग्ने महशुल रु ३४ लाख असुल गर्नुपर्दछ ।

८.२. आर्थिक ऐन, २०७२ को अनसूची १ को दफा १५ (३) झ मा चलचित्र धुलाई गर्ने ध्वनी भर्ने उद्देश्यले दर्ता भएका उद्योग वा कम्पनीले चलचित्र विकास बोर्डको सिफारिशमा पैठारी गर्ने उपखण्ड (अ), (आ) र (इ) मा उल्लेखित मालवस्तु पहिलो पटक पैठारी गर्दा दुई दशमलव पाँच प्रतिशत महशुल लगाई बाँकी महशुल छुट हुने उल्लेख छ । उक्त सुविधाअर्न्तगत २०७१।०७२ मा एक चलचित्र प्रदर्शन गर्ने पैठारीकर्ताले प्रोजेक्टर पैठारी गरेकोमा सो संस्था धेरै पहिला स्थापना भएको र यस बर्ष पनि छुट सुविधा लिई मालवस्तु पैठारी गरी दोहोरो छुट सुविधा लिएको महशुल रु ८ लाख ६२ हजार असुल गर्नुपर्दछ ।

९. **भन्सार कोष खाता :** भन्सार ऐन तथा आर्थिक ऐन बमोजिम सिर्जित रकमको कारोवार गर्ने प्रयोजनको लागि ख–११ समूहको भन्सार कोष खाता खोल्न महालेखा नियन्त्रक कार्यालयले सालतमाम हुंदा सो खाताको मौज्दात शुन्य गर्नुपर्ने गरी अनुमति दिएकोमा कार्यालयले सो खातामा आर्थिक वर्षको अन्त्यमा रु ७ करोड २२ लाख ८३ हजार मौज्दात वांकी राखेकोले खाता खोल्न अनुमति लिदाको शर्त पालना गरेको छैन ।

आपुर्ति मन्त्रालय

१. आन्तरिक नियन्त्रण व्यवस्था : मन्त्रालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । मन्त्रालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा कार्यालयले खरीद योजना बनाएकोमा सो को कार्यान्वयन नभएको, दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा अनियवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्थाको आंशिक रुपमा मात्र कार्यान्वयन भएको, जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गरी जिन्सी खाता अद्यावधिक र प्रमाणित गरी नराखेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउन छाप लगाई नराखेको, कर्मचारीहरुलाई कार्य बिबरण नदिएको आदि कमजोरी देखिएकोले आन्तरीक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्ने देखिन्छ ।

२. आवधिक योजनाको कार्यान्वयन : तेह्रौ योजना अवधि (२०७०।७१ देखि २०७२।७३) मा आपुर्ति मन्त्रालय अन्तरगत लिएका प्रमख कार्य नीतिहरु मध्ये प्रमुख उपभोग्य वस्तुको मुल्य सुचि नियमित रुपमा प्रकाशित गर्ने, दुर्गम क्षेत्रमा स्थानीय उत्पादननै उपभोग गर्ने बानीको बिकास गर्न खाद्य आहार परिवर्तन सम्बन्धी

जनचेतनामुलक कार्यक्रम, खाद्यान्न आदान प्रदान कार्यक्रम संचालन गर्ने , अत्यावश्यक उपभोग्य वस्तुको मुल्यमा हुने अस्वभाबिक मुल्यबृद्धि नियन्त्रण गर्न आधारभुत मुल्य तोक्ने, नेपाल आयल निगमको परम्परागत संरचनामा सुधार गर्ने, पेट्रोलियम पदार्थको मौज्दात क्षमता अभिबृद्धि गर्न थानकोट, पोखरा र भैरहवामा भण्डारण क्षमता थप गर्ने लगायतका कार्यहरु योजना अवधीमा सम्पन्न भएको देखिएन ।

३. **संचित कोष दाखिला** : साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड र नेपाल खाद्य संस्थानलाई नुन तथा खाद्यान्य ढुवानी गर्न निकासा दिएकोमा खर्च नभई बांकी रहेको रु.१५ करोड २७ लाख २१ हजार संचित कोष दाखिला गर्नु पर्नेमा प्रतिकृयासाथ नेपाल खाद्य संस्थानले रु.११ करोड ९१ लाख ८३ हजार दाखिला गरेको छ । साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडले दाखिला गर्न बाँकि रु.३ करोड ३५ लाख ३८ हजार यथाशिघ्र दाखिला गर्नु पर्दछ ।

४. **कण्ठरोग नियन्त्रण कार्यक्रम** : यो बर्ष मन्त्रालयलाई कण्ठरोग नियन्त्रणकालागि रु १५ करोड ४० लाख ५ हजारको अख्तियारी प्रप्त भएकोमा साल्ट ट्रेडिङ्ग कर्पोरेशनलाई नुन ढुवानी बापत रु.१३ करोड ८० लाख ५ हजार, ढुवानी संग सम्बन्धित अन्य खर्चको लागि रु १ करोड ५० लाख र कार्यक्रम सुपरिवेक्षण तथा अनुगमनको लागि १० लाख गरि पुरै रकम निकासा दिई खर्च जनाएको छ। सत्र जिल्लाका बिभिन्न स्थानमा ७६७२३ क्वीन्टल नुन ढुवानी गर्ने कार्यक्रम रहेकोमा ७२,१६९ क्वीन्टल नुन ढुवानी गरेको प्रगती विवरण पेश हुन आएको छ । डोल्पाको तेन्जेमा २६०० क्वीन्टल, हुम्लाको हिल्सामा १५०० क्वीन्टल नुन ढुवानी गर्ने कार्यक्रम रहेको भएतापनि ती २ स्थानमा नुन ढुवानी भएको पाइएन। ढुवानी हुन नसकेको कारण मन्त्रालयले स्पस्ट पारेको छैन । अख्तियारी बमोजिम खर्च भए नभएको सम्बन्धमा मन्त्रालयले अनुगमन गर्नु पर्दछ । उक्त स्थानहरुमा ढुवानी गर्न तातोपानी नाका प्रयोग गर्नु पर्ने तर भुकम्प पश्चात उक्त नाका अवरुद्द रहेको कारण ढुवानी गर्न नसकिएको मन्त्रालयले जानकारी दिएको छ।

५. **खाद्यान्न ढुवानी अनुदान** : यो वर्ष मन्त्रालयलाई २३ दुर्गम जिल्लामा खाद्यान्न ढुवानी गरी आपुर्ति गर्न ४५ करोड ९९ लाख ९९ हजार, राष्ट्रिय खाद्य सुरक्षा भण्डारको लागि ४ करोड ५० लाख, सार्क खाद्यान्न सुरक्षा बैंक तथा बफर स्टकमा मौज्दात खाद्यान्नको लागि रु.३ करोड ३५ लाख, कर्णाली अंचलको स्थानीय खाद्य वस्तु खरिद गर्न रु.१ करोड, अनुगमन तथा निरीक्षणको लागि रु १५ लाख र गोदाम मर्मत संभार (पुजिगत सुधार) को लागि रु.२ करोड गरी जम्मा रु.५६ करोड ९९ लाख ९९ हजारको अख्तियारी प्राप्त भएकोमा पुरै रकम नेपाल खाद्य संस्थानलाइ अनुदान स्वरुप निकासा उपलब्ध गराएकोमा शिर्षकगत खर्चको फाटबारी सहितको स्रेस्ता पेश भएको छैन ।

६. **प्रगति** : प्राप्त प्रगति बिवरण अनुसार वार्षिक कार्यक्रममा तोकिएको परिमाण अनुसार ढुवानी गर्नु पर्नेमा ढुवानी गरेको पाइएन। राष्ट्रिय खाद्य भण्डार, सार्क खाद्य सुरक्षा बैंक तथा बफरस्टकमा तोकिएको परिमाणमा खाद्यान्न मौज्दात राखेको पाइएन भने कर्णाली अञ्चलको स्थानीय खाद्य वस्तु पनि तोकिएको परिमाणमा खरिद गरेको पाइएन । यसरी घटी प्रगति हुनुको कारण मन्त्रालयले स्पस्ट पारेको छैन । १९ वटा खाद्य गोदामको मर्मत सुधार गर्ने लक्ष्य रहेकोमा १५ बटा सम्पन्न भैसकेको, हुम्ला र मंगलसेनको गोदाम ढिलो गरि इष्टिमेट प्राप्त भएको र गोरखाको गोदाम राष्ट्रिय पुनःनिर्माण कार्यक्रम अर्न्तगत कार्यान्वयन हुने भएकोले कार्यान्वयन नभएको मन्त्रालयले जनाएको छ ।

७. **कन्टिन्जेन्सी बढी खर्च** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० को उपनियम ७ को अनुसुची -१ बमोजिम वर्क चार्ज स्टाफ खर्च २.५% र अन्य साना तिना खर्च २.५% गरि जम्मा ५ % कन्टिन्जेन्सि खर्च गर्न सकिने व्यवस्था छ। गोदाम मर्मत संभारतर्फ रु.१,०५,४८,०००।०० र कन्टिन्जेन्सी खर्च १८,५२,०००। गरी जम्मा मर्मत खर्च १,२४,००,०००। देखाएको छ। नियम अनुसार कन्टिन्जेन्सीमा रु १,०५,४८,०००।०० को ५ प्रतिशतले रु.५२७४००। मात्र खर्चगर्न पाउनेमा रु.१८५२०००। खर्च गरेकोले रु.१३,२४,६००। वढि खर्च गरेको छ। कन्टिन्जेन्सीमा बढी खर्च भएको रकम नियम बिपरीत देखियो ।

८. **बस्तुगत सहायता** : भुकम्प पिडितको सहयोगार्थ चिन सरकारबाट २०७२।८।२ मा रु ५० लाख चिनिया यूयान बराबरको १० हजार थान इन्डक्सन चुलो, २०७२।७।१३ मा रु.१० लाख चिनिया यूयान बराबरको १० टन नुन, १० टन तेल, ३० टन चामल समेत नेपाली रुपयाँ रु ९ करोड ३० लाखको बस्तुगत सहायता प्राप्त भएको छ। प्राप्त सहायता मध्ये नुन, तेल र चामल खाद्य प्रबिधि तथा गुण नियन्त्रण बिभागले २०७२।११।२१ मा परीक्षण गर्दा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम नुन र चामल खानयोग्य देखिएतापनि तेलमा एसिडको मात्रा ०.५ प्रतिशत भन्दा बढी नहुनु पर्नेमा १.२६ देखि १.४१ प्रतिशतसम्म भएकाले खान योग्य नभएको प्रतिबेदन दिएको छ । इन्डक्सन चुल्होको सम्बन्धमा भन्सार महसुल र मूल्य अभिबृद्धिकर भुक्तानी गर्न नेसनल ट्रेडिङ्ग लिमिटेडलाई रु.२ करोड ५० लाख १९ हजार अनुदान दिइएकोमा हाल सम्मको डेमरेज शुल्क रु.१ करोड बुझाउन बाँकि रहेकोले भन्सार गोदाममै रहेको छ। यसबाट भुकम्प पिडितले लाभ प्राप्त नगरेकोले उचित समयमै व्यवस्थापन गर्नु पर्दछ ।

९. **ख/६-१ खाद्य संस्थान (भूकम्प पिडित राहत** : भूकम्प पिडितको लागि राहत सामग्री ढुवानी वापत गृह मंत्रालयबाट प्राप्त रकम नेपाल खाद्य संस्थानले भूकम्पले प्रभावित जिल्लामा विभिन्न राहत सामग्री र ढुवानी

गरेको ढुवानी खर्च रु.२,६७,८०,९५४।- को श्रेस्ता मंत्रालय मार्फत लेखा परीक्षणको लागि पेश भएको छ। भुकम्प प्रभावित जिल्लाका विभिन्न स्थानमा विभिन्न मितिमा ३३ पटक ढुवानी गर्दा एउटै गाडी नं. बा.३.ख. २५४६ का चालक श्री रामशरण बस्नेतबाट १५ पटक सम्म ढुवानी गराई रु.२,२७,०००।- र मिति २०७२।०३।२९ देखि २०७२।०४।१५ सम्म भूकम्प प्रभावित जिल्ला सिन्धुली, गोरखा, सिन्धुपाल्चोक, दोलखाका विभिन्न स्थानमा राहत सामग्री ढुवानी गर्दा बिभिन्न सवारी धनीलाई भुक्तानी भएको ढुवानी खर्च रु.१,४४,०००।- समेत रु ३ लाख ७१ हजार भुक्तानी गर्दा आयकर ऐन २०५८ को दफा ८८ बमोजिम १० प्रतिशत अग्रिमकर रु.३७१००.०० कट्टी भएको देखिएन। मिति २०७३।३।४ मा नुवाकोट ककनीमा टेन्ट २१५ थान, ब्लाङकेट १०० थान, ज्याकेट १०० थान ढुवानी गरेको भनी ना.३.ख. ७१८६ नं. का चालक बुद्धिमान स्याङतानलाई रु.९०००।- भुक्तानी गरेकोमा सामान बुझाएको प्रमाण पेश भएको छैन। यसैगरी सिन्धुपाल्चोक (मेलम्ची) मा मिति २०७२।३।८ मा ब्ल्याङकेट १९२० थान बा.३.ख. २५४६ का चालक मार्फत ढुवानी गरेको भनी रु.७०००।- भुक्तानी गरेकोमा कागजात पेश भएन। ढुवानी कार्य गराउदाँ कुन ठाउँमा ढुवानी गर्दा कति भाडा लाग्ने हो भाडा दरको आधारबेगर ढुवानी गराएको छ। जस्तै ६०० कार्टुन विस्कुट दोलखा ढुवानी गर्दा भाडा रु.१८,०००।- र १००० कार्टुन विस्कुट सोही स्थानमा ढुवानी गर्दा पनि भाडा दर रु.१८,०००।- भएको पाइयो। स्विकृत नर्म्सको अधारमा भाडा खर्च लेखी लागतमा एक रुपता कायम गर्नु पर्दछ।

१०. **बोलपत्र प्रतिष्पर्धा :** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११ (२) मा मालसामानको लागत अनुमान तयार गर्दा चालु वा अघिल्ला बर्षहरुमा सोहि प्रकृतिको खरीद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ र आपुर्ति गर्ने स्थान सम्मको ढुवानी खर्च तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई आधार लिनुपर्ने व्यवस्था छ। मन्त्रालयले ३ वटा सवारी साधन खरिदका २ वटा ठेक्का बन्दोवस्त गर्दा कानुनमा उल्लेखित आधार बेगर एक जिप खरिदको एक ठेक्कामा मूल्य अभिवृद्धि कर समेत रु ६६ लाख र अर्को २ थान कार खरिदको ठेक्कामा ५४ लाखको लागत अनुमान तयार गरी खरिद कार्य गरेको देखियो। सार्वजनिक खरिद ऐन, २०६४ को दफा २६(६) मा आपसमा मिलेमतो गरी बोलपत्र दाखिला भएको देखिए त्यस्तो बोलपत्र रद्द गर्न सकिने व्यवस्था छ। लेखापरीक्षणमा पेश भएको बोलपत्र बिवरण अनुसार गाडी खरिदका दुइ ठेक्का र मेशिन औजार र फर्निचरका दुई ठेक्का गरी जम्मा चार ठेक्का व्यवस्था भएकोमा सवारी साधनको एक ठेक्कामा एकमात्र बोलपत्र बिक्रि तथा दाखिला भएको छ। अर्को एक ठेक्कामा ३ वटा बोलपत्र बिकि तथा दाखिला भएका छन्। उक्त गाडी खरिदका दुई ठेक्काको लागत अनुमान र स्वीकृत ठेक्का अंक बिच तुलना गर्दा एक ठेक्कामा लागत अनुमानको तुलनामा ३.७४प्रतिशत घटी अंकमा खरीद गरीएको छ भने एक ठेक्कामा २.३२ प्रतिशत मात्र घटी रहेको छ। यसबाट लागत अनुमान पनि यथार्थपरक नभएको र प्रतिष्पर्धा पनि सिमित भएको अवस्था देखियो। स्विकृत नर्मसको आधारमा लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक मुल्यमा खरीद व्यवस्थापन गर्नु पर्दछ।

११. **सोझै खरीद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा सार्वजनिक निकायले खरिद विधि छनौट गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरि सिमा भन्दा वढि रकमको वा एउटै ब्यक्ति फर्म, कम्पनि वा संस्थाबाट एक पटकभन्दा बढि सोझै खरिद गर्न नपाईने उल्लेख भएकोमा मन्त्रालयवाट कानुन बमोजिम लागत अनुमान समेत तयार नगरी प्रतिस्पर्धा बेगर विभिन्न फर्मबाट एकै प्रकृतिका सामान टुक्रा टुक्रा गरी रु.३२,०२,१५०।– को बिभिन्न सामान सोझै खरिद गरेको छ। ऐन तथा नियम बमोजिम लागत अनुमान नभएको, प्रतिस्पर्धा नभएको, लिखित रुपमा शिलवन्दी कोटेशन माग नभएको, प्राप्त कोटेशनहरु मन्त्रालयमा दर्ता नभएको एउटै फर्मबाट समेत एक पटक भन्दा बढी सोझै खरिद गरेको देखिएकोले खरीद कार्य नियमित देखिएन । मन्त्रालय नयाँ गठन भई चैत्रमा मात्र अख्तियारी प्राप्त भएको तथा आकस्मिक रुपमा स्थापना र व्यवस्थापन खर्च गर्नु परेको कारण सोझै खरीद गरीएको जानकारी मन्त्रालयबाट प्राप्त भएको छ।

१२. **करार सेवाको भुक्तानी :** सार्बजनीक खरीद ऐनको दफा ८.(२) तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ९५ बिपरीत बिभिन्न १५ जना कर्मचारीहरुसंग रु.१ लाख भित्रको लागत अनुमान तयार गरी सोझै बार्ताबाट खरीद गरी रु.८ लाख ७० हजार भुक्तानी गरेको छ। अतः नियमको पालना हुनुपर्दछ।

१३. **जिन्सी ब्यवस्थापन :** आपुर्ति मन्त्रालय स्थापना भै तत्काल खरिद गरेका र साबिक बाणिज्य तथा आपुर्ति मन्त्रालयबाट प्राप्त सवारी साधन, फर्निचर, मेसिनरी औजार तथा रष्ट्रिय योजना आयोग भुकम्प पश्चात अन्यत्र सरी गई आयोगले छाडी गएका फर्निचर लगायतका सामग्रीहरु सम्बन्धित निकायको हस्तान्तरण फारम बेगर मन्त्रालयको खर्च भएर नजाने जिन्सी खातामा प्रबिस्ट गरेको छ। हस्तान्तरण फारम बेगर आम्दानी जनाउँदा स्वामित्वमा रहेको सामानहरुको यथार्थ परीमाण र मुल्य यकिन गर्न सकिएन।

आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण बिभाग

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : विभागले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । विभागको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा खरीद योजना बनाएकोमा सो को कार्यान्वयन नभएको, दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा अनियवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्थाको आंशिक रुपमा मात्र कार्यान्वयन भएको, जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गरी जिन्सी खाता अद्यावधिक र प्रमाणित गरी नराखेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउन छाप लगाई नराखेको, कर्मचारीहरुलाई कार्य बिबरण नदिएको आदि कमजोरी देखिएकोले आन्तरीक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्ने देखिन्छ ।

२. **बोलपत्र प्रतिष्पर्धा :** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११ (२) मा मालसामानको लागत अनुमान तयार गर्दा चालु वा अघिल्ला बर्षहरुमा सोहि प्रकृतिको खरीद गर्दा लागेको वास्तविक लागत, बजारमा प्रचलित दरभाउ र आपुर्ति गर्ने स्थान सम्मको ढुवानी खर्च तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई आधार लिनुपर्ने व्यवस्था छ । यो वर्ष २ वटा गाडी खरिदका ठेक्का बन्दोबस्त गर्दा स्विकृत नर्मस बेगर एक जिपको भ्याट बाहेक रु.३०४८६७२।- र अर्को पिकअप गाडीको रु.२१९६०१७७- गरी जम्मा रु.६००८८४९- को लागत अनुमान तगार गरी खरीद कार्य गरेको देखियो । सार्वजनिक खरिद ऐन, २०६४ को दफा २६(६) मा मिलेमतो गरी बोलपत्र दाखिला भएको देखिएमा त्यस्तो बोलपत्र रद्द गर्न सकिने व्यवस्था छ । पेश भएको बोलपत्र मुल्यांकन प्रतिबेदन अनुसार उपर्युक्त २ ठेक्कामा एक, एक मात्र बोलपत्र बिक्री तथा दाखिला भएको र लागत लागत अनुमानको तुलनामा एक गाडीमा ०.८ प्रतिसत र अर्को एक गाडीमा ०.६० प्रतिशत मात्र घटीमा खरिद गरेको छ । यसबाट लागत अनुमान पनि यथार्थ परक नभएको र प्रतिस्पर्धा पनि सिमित भएको अवस्था छ । स्विकृत नर्म्सको आधारमा लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक मुल्यमा खरीद गर्नु पर्दछ ।

३. **कार्यक्रम तथा खर्चको फांटवारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ को उपनियम २ मा स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्बन्धीत मन्त्रालयले आर्थिक वर्ष शुरु भएको पन्ध्र दिन भित्र सम्बन्धीत कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा तालिममा संलग्न अधिकृतहरुलाई बजार तथा आपुर्ति व्यवस्थाको सघन अनुगमन प्रयोजनार्थ भ्रमण खर्च उपलब्ध गराउने गरी २०७२।१२।२१ मा रु.१५,१२,०००।- र २०७३।३।७ मा रु.२२,५५,४००।- समेत रु.३७,६७,४००।- को अख्तियारी प्राप्त भएकोमा सो बमोजिमको स्विकृत कार्यक्रम प्राप्त भएको देखिएन । उक्त रकम नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानलाई पेश्कीको रुपमा उपलब्ध गराएकोमा विभागले खर्चको विवरणको आधारमा मात्र पेश्की फछ्यौट गरेको छ । अतः स्वीकृत वार्षिक कार्यक्रम सहित सो बमोजिम खर्च भएको सक्कल बिल भरपाई पेश गरी पेश्की फछ्यौट गर्नु पर्दछ ।

४. **वढी भुक्तानी** : आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम ३६ को उप नियम ८ मा कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । विभागले सो बमोजिम जाँच नगरेको कारण एक विज्ञापन एजेन्सीहरुलाई भुक्तानी दिंदा वास्तविक भन्दा वढी सी.सी.को भुक्तानी दिएको रु.५२२३२।- असूल गर्नु पर्दछ । यसैगरी एक मञ्चलाई संलग्न कक्षा संचालन विवरण अनुसार नौ वटा विद्यालय जादाँको परिवहन रु.२००।- ले रु.१८००।- र चौध कक्षाको रु.५००।- का दरले रु.७०००।- गरी जम्मा रु.८,८००।- मात्र भुक्तानी गर्नुपर्नेमा रु.१०,५०० ।- भुक्तानी गरेकोले बढी भुक्तानी रु.१७००।- असुल गर्नु पर्दछ ।

५. **करार सेवाको भुक्तानी :** सार्बजनीक खरीद ऐनको दफा ८.(२) तथा सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९५ बिपरीत बिभिन्न ७ जना कर्मचारीहरुसगं रु.१ लाख भित्रको लागत अनुमान तयार गरी सोझै बार्ताबाट खरीद गरी रु.२ लाख ९० हजार भुक्तानी गरेको छ ।

विषयगत लेखापरीक्षण

६. **बजार अनुगमन :** उपभोक्ता संरक्षण ऐन, २०५४ र उपभोक्ता संरक्षण नियमावली, २०५६ बमोजिम आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण बिभागले २०७२।७३ को लागि काठमाण्डौ उपत्याका भित्र ३ हजार ६०० व्यापारीक संस्थाहरुको बजार अनुगमन गर्ने लक्ष्य राखेकोमा ३ हजार ९२६ को संख्यामा बजार अनुगमन भएको छ । बिभागले कारोबार क्षेत्रको आधारमा लक्ष्य निर्धारण नगरी एकमुस्ट लक्ष्य निर्धारण गरेको छ । अनुगमन गरीएका मध्ये ७ सुन चाँदी पसललाई मिसावट तथा गुणस्तरहीन गहना बिक्रि गरेको र १ खाद्यान्न पसललाई म्याद नाघेका सामानहरु बिक्रि गरेको अभियोगमा काठमाण्डौ जिल्ला अदालतमा मुद्दा दायर गरेको पाईयो । साथै एक कन्फेक्सनरी उद्योग, एक फार्मेसी लगायत १४ फर्मले बढी मुल्य लिएको भनि थप अनुसन्धान तथा कारबाही गर्न महानगरीय प्रहरी परीसरमा पठाएको छ । थप कारवाहि एवं निर्णयको जानकारी बिभागलाई प्राप्त हुने गरेको छैन । अनुगमन गरीएको मध्ये ०.३१ प्रतिशत मात्र

कारबाहिको दायरामा परेको र अभियोजन गरीएका फर्महरुलाई भएको कारबाहीको सम्बन्धी निर्णयको अभिलेख बिभागमा नहुदा अनुगमन कार्यको प्रभावकारीताको परीक्षण गर्न सकिएन ।अनुगमनको क्रममा गुणस्तर तथा मिसावट परीक्षण गर्न विभागसँग प्रयोगशाला नभएको, संस्थागत समन्वयको अभाब, प्रमुख जिल्ला अधिकारीको कार्य व्यस्तताको कारण जिल्ला अनुगमन तथा क्षतिपूर्ति समितिको वैठक वस्न विलम्व हुनु, वजार निरिक्षण अधिकृतलाई आर्थिक दण्ड गर्ने कानूनी अधिकारको अभाब, उपभोक्ता इजलासको अभाब, नीतिगत अस्थिरता, महानिर्देशकलाई अर्धन्यायिक अधिकार नहुनु आदि समस्याको रुपमा पहिचान गरेको देखिन्छ ।

अतःअनुगमन कार्यमा प्रभाबकारीता ल्याउन उपभोक्ता हितका सम्बन्धमा निरन्तर निगरानी गर्ने, उपभोक्ता हित विरुद्ध गल्ती गर्नेलाई चेतावनी दिने, उपभोक्ता हित संरक्षण इजलास वा अदालतको गठन, थोक पसल र खुद्रा पसलको स्पष्ट विभाजन, मूल्य निर्धारण मापदण्डको निश्चितता, बजार निरिक्षण अधिकृतलाई तत्काल आर्थिक जरिवाना गर्न सक्ने अधिकार, संस्थागत समन्वय , मूल्य नियन्त्रणको लागि थोक तथा खुद्रा मूल्यसूची व्यापार संघहरुबाट प्राप्त गरी मासिक रुपमा अद्यावधिक गर्ने, उपभोक्ताको आचार संहिताको निर्माण, प्राविधिक कर्मचारीको व्यवस्था, सुविधा सम्पन्न प्रयोगशालाको व्यवस्था लगायतमा ध्यान पुर्याउन सकेमा बजार अनुगमन कार्य थप प्रभावकारी भई उपभोक्ता हक हितको सुरक्षा हुन जाने देखिन्छ ।

उद्योग मन्त्रालय, सिंहदरवार

१. **आन्तरिक नियन्त्रण प्रणाली :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ९५ बमोजिम मन्त्रालयबाट सम्पादन गरिने कार्यहरु मितब्ययी कार्यक्षमता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिबेदन प्रणालीलाई बिश्वसनीय बनाउन तथा प्रचलित कानुनबमोजिम कार्य सम्पादन गर्न कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने ब्यवस्था छ । मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली लागु गरेको देखिएन । मन्त्रालयको आन्तरिक नियन्त्रण प्रणलीको मुल्यांकन गर्दा सुशासन (ब्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ (१) बमोजिम वार्षिक प्रतिवेदन तयार नगरेको, जिन्सी निरीक्षण गरेको भएतापनि प्रतिवेदन अनुसार कारवाही नगरेको जस्ता कमी कमजोरीहरु देखिएका छन् । अतः आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ तुल्याउनु पर्दछ ।

२. **प्राबिधिक सहायता रकमको लेखापरीक्षण :** आर्थिक कार्याविधि ऐन, २०५५को दफा १६(२) बमोजिम मन्त्रालय र मातहत निकायले प्राप्त गरेका सबै किसिमका वैदेशिक सहायतालाई समावेश गरी लेखापरीक्षण गराउनु पर्ने ब्यवस्था छ । २०७२।७३ को बजेट प्राबिधिक सहायता सम्बन्धी बिवरणमा मन्त्रालय र मातहतका कार्यालयका ३ कार्यक्रममा ३ दातृसंस्थाबाट रु.९४ करोड ८४ लाख २६ हजारको प्राबिधिक सहायता प्राप्त हुने उल्लेख गरेकोमा सोको आर्थिक विवरण लेखापरीक्षणको लागि पेश हुन आएको छैन । सम्झौता अनुसार प्राप्त हुनुपर्ने र प्राप्त भएको सहायता रकमको लेखापरीक्षण गराउनु पर्दछ ।

३. **तेह्रौ योजना :** मन्त्रालयले आवधिक योजनामा उल्लेख भए बमोजिम मन्त्रालयसंग सम्बन्धित नीति निर्माण तर्जुमा एवम् कार्यक्रम कार्यान्वयन गर्नु पर्दछ । मन्त्रालयले तेह्रौ योजना अवधिमा सम्पन्न गर्ने गरी उल्लेख भएका ५ कार्यक्रममा ३२ देखि ६६ प्रतिशतसम्म मात्र कार्य प्रगति गरेको छ । अतः न्यून प्रगतिका सम्बन्धमा परिस्थितिको बिश्लेषण गरी आगामि दिनमा सुधार गर्नुपर्दछ ।

४. **लक्ष्य तथा प्रगति :** मन्त्रालयले तोकिएका कार्यक्रमहरु तोकिएको समय र बजेटको परिधिभित्र रही लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ । मन्त्रालयको यस बर्षको स्वीकृत कार्यक्रममध्ये ६ कार्यक्रममा शून्य प्रगति तथा घटी देखाएकोमा सोको कारण खुलाइएको पाइएन ।

५. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८७ (१) बमोजिम वार्षिक आयमा ३ लाखभन्दा बढीको रकममा १५% पारिश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था अनुसार विभिन्न ११ कर्मचारीको नपुग कर रु.११,५५०।– असुल गर्नुपर्दछ ।

६. **सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार सार्वजनिक निकायले प्रतिस्पर्धा हुने गरी टुक्रा पारी खरीद गर्न नहुने, नियमावली, २०६४ को नियम ३१ बमोजिम रु.१० लाखभन्दा बढीका मालसामान खरिद गर्दा बोलपत्रको माध्यमबाट गर्नुपर्ने ब्यवस्था छ । यो वर्ष मन्त्रालयले टुक्रा टुक्रा गरी सामान खरिदमा रु.२५९९५१३। खर्च गरेको नियम सम्मत देखिएन ।

७. **बैठक भत्ता :** आर्थिक कार्यबिधि नियममावली, २०६४ को नियम ३६ (७) अनुसार खर्चको बिल, भरपाई एवम् प्रमाण राखी खर्च गर्नुपर्दछ । बैठक भत्ता बापत रु.१९,७००। खर्च लेखेकोमा रकम बुझेको नदेखिएकोले दाखिला गर्नुपर्दछ ।

उद्योग विभाग, त्रिपुरेश्वर

१. **दरबन्दी तथा पदपूर्ति :** प्राप्त दरवन्दी विवरण अनुसार ७४ दरबन्दी रहेकोमा ८ दरवन्दी रिक्त रहेको पाईयो । रिक्त पदहरु पुर्ति हुनुपर्दछ ।

२. **लक्ष्य तथा प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ बमोजिम अनूसुची–२ ढांचामा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । प्रगति विवरणमा इकाईगत क्रियाकलापहरु देखिने विवरण तयार नगरेकोले भौतिक लक्ष्य प्रगति र वित्तीय प्रगतिको विश्लेषण गर्न सकिएन ।

३. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवथाको मूल्यांकन गर्दा जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, संक्षिप्त वार्षिक प्रतिवेदन तयार नगरेको, भ्रमण अभिलेख खाता नराखेको, सवारी साधन अभिलेख नराखेको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

४. **चौमासिक र खर्च :** स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्पादन गरिने कार्य प्रथम, दोश्रो र तेश्रो चौमासिक अवधिमा सम्पादन गर्ने गरी कार्यक्रम स्वीकृत भएको छ । विभागको तेश्रो चौमासिकमा कुल खर्च ९७.८७ प्रतिशत र आषाढमा ९५.१३ प्रतिशत खर्च गरेको छ ।

५. **असूल :** अग्रिम कर रु.३,९६९।०० वैठक भत्ताको कर दाखिला रु.९,२२५।०० समेत रु.१३२९४।–असुल गर्नु पर्दछ ।

६. **समाजिक सुरक्षा कर :** आर्थिक ऐन, २०६६ को अनुसुची १(क) अनुसारको १ प्रतिशत सामाजिक सुरक्षा कर वापत कट्टी गर्नुपर्नेमा सामाजिक सुरक्षा कर घटी कट्टी गरेकोले रु.३३०३।– असुल गरी दाखिला गर्नु पर्दछ ।

७. **धरौटी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८ बमोजिम अनुसूची ११ मा तोकीए बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता राख्नुपर्ने व्यवस्था छ । स्रेस्ता अनुसार रु.४,३७,४२,२५५/- बाँकी रहेको छ । प्रयोजन बाँकी रहेका बाहेक अन्य धरौटीहरु नियमानुसार फिर्ता वा सदरस्याहा गर्नुपर्ने देखिन्छ ।

८. **भवन निर्माण कार्य :** विभागको भवन निमार्ण गर्नको लागि रु.१६,२५,२३,०३७।३५ को लागत अनुमान स्वीकृत भएको देखिन्छ । कवोल अंक रु.१३,८५,८८,००१।८० र २ वर्षभित्र काम सम्पन्न गर्ने गरी व्यवसायीसंग २०७३।३।८ मा सम्झौता भएको छ । माटोको कार्य तोकिएको कार्यतालिका बमोजिम सम्पन्न गराउनु पर्दछ ।

९. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम एक निर्माण व्यवसायीलाई दिएको रु.२,४५,२०,०००/- मोविलाइजेशन पेश्की नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम एक आयल स्टोरलाई २०७२।०५।२६ मा दिएको म्याद नाघेको पेश्की रु.१ लाख पेश्की नियमानुसार फछ्र्यौट हुनु पर्दछ ।

१०. **अनलाइन सेवा :** विभागको सेवालाई अनलाइनमा लैजाने कार्यक्रम अर्न्तगतको लागत अनुमान रु.९७,००,०३३।०० स्वीकृत भएकोमा रु.४१,७९,०००।०० कवोल अंक स्वीकृत भई रु.४७,२२,२७०।०० खर्च भएकोमा अनलाईनमा लैजाने कार्य शुरु गरेको देखिएन । सेवा सञ्चालन गर्नेतर्फ विभाग संवेदनशिल हुनुपर्दछ ।

११. **परामर्श सेवा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम १० लाख रुपैयाँसम्म लागत अनुमान भएको वा अन्य सेवा सिलवन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने उल्लेख छ। एकै प्रकृतिका तथा एकै इन्जिनिएरिङ कन्सल्टेन्सीबाट गराउन सकिने अवस्थाका कार्यहरु पटक पटक ४ वटा कन्सल्टेन्सीबाट सोझै सेवा लिई रु.८,५३,२००।– खर्च गरेको छ ।

१२. **मूल्य अभिवृद्धि कर समायोजन :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) बमोजिम कुनैपनि सार्वजनिक निकायले भुक्तानीमा मूल्य अभिवृद्धि कर वापत थप गरी दिएको रकम समायोजनको लागि सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई जानकारी दिनुपर्ने व्यवस्था छ। विभिन्न ३ इन्जीनियरिङ फर्मलाई भुक्तानी गरेको मूल्य अभिवृद्धि कर थप सहित रु.८,५३,२००।- भुक्तानी रकमको जानकारी दिएको नदेखिएकोले समायोजन पत्र पेश हुनुपर्दछ ।

१३. **छुट्टै परामर्शदाता :** आर्कीटेक्चरल र सिभिल कार्यमा खटिएका २ इन्जिनियरलाई प्रमाणित डोर हाजिर र कामको विवरण बेगर रु.४७,०३४।- भुक्तानी गरेको छ ।

१४. **सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा दशलाखभन्दा बढीको मालसामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालय सामान तथा छपाईमा रु. १०,९०,०००।०० पटक पटक विभिन्न फर्मबाट सोझै खरिद गरेबाट प्रतिस्पर्धि तथा मितव्ययी देखिएन ।

१५. **नगद प्रोत्साहन :** नगद प्रोत्साहन कार्यविधि, २०७० बमोजिम समय, समयमा अग्रिम रुपमा नेपाल राष्ट्र बैंकको खातामा जम्मा गर्ने व्यवस्था अनुसार यो वर्षको रु.३० करोड समेत जम्मा शसर्त अनुदान रु.५३ करोड ४० लाख १७ हजार जम्मा भएकोमध्ये यो वर्ष विभिन्न उद्योगहरुलाई रु.१९ करोड ८७ लाख ८१ हजार नगद प्रोत्साहन वितरण गरी रु.३३ करोड ५२ लाख ३६ हजार नेपाल राष्ट्र बैंकमा मौज्दात रहेको छ। उद्योगहरुको लागि प्रोत्साहन अनुदान वितरणका लागि राष्ट्र बैंकलाई प्रत्येक वर्ष उपलब्ध गराएको रकम सो वर्षमा पुरै खर्च नभइ मौज्दात रहने गरेको पाइएकोले त्यस्तो खर्च नभई बाँकी रहेको रकम राष्ट्र बैंकबाट फिर्ता प्राप्त गरी राजश्व दाखिला गर्नुपर्दछ।

१६. **उद्योगहरुको दर्ता, सञ्चालन र अनुगमन :** औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २३ र २५ अनुसार उद्योगहरुले दर्ता प्रमाण पत्रमा उल्लेख भए अनुसारका विवरणहरु दिनु पर्ने र नदिएमा रु. ५ लाख सम्म जरिवाना गर्ने, दर्ता तथा अनुमति खारेज गर्ने एवं बन्द गर्ने व्यवस्था छ। उद्योगहरुमध्ये हालसम्म सञ्चालन भएका र नभएका उद्योगहरुको विवरण अद्यावधिक राख्नु पर्नेमा विभागले राख्ने गरेको छैन। दण्ड जरिवानाका व्यवस्थाहरुको हालसम्म कार्यान्वयन गरेको छैन। औद्योगिक नीति, २०६७ अनुसार उद्योगहरुको अनुगमन गर्नुपर्ने व्यवस्था रहेकोमा अनुगमन समेत गरेको छैन।

१७. **कम्प्यूटर सफ्टवेर :** औद्योगिक व्यावसाय ऐन, २०४९ को दफा १५(प) बमोजिम कुनै उद्योगले आफ्नो उत्पादन वा उत्पादनमा प्रयोग गरेको प्याकिङ्ग मेटेरियल्स कच्चा पदार्थ, सहायक कच्चा पदार्थ आदिमा तिरको भन्सार, विक्रिकर अन्तःशुल्क तथा निकासी गरेको परिमाणको आधारमा फिर्ता दिने व्यवस्था भए बमोजिम यो वर्ष एकद्धार समितिको बैठकबाट ८ उद्योगहरु को रु.७,२२,६८,५९९।०० भन्सार महशुल फिर्ता गरको छ। एकै प्रज्ञापन पत्रबाट आशिंक रुपमा पटक पटक भुक्तानी दिने गरेको देखिएबाट नियन्त्रणको लागि कम्प्यूटर सफट्वेर तयार गरी सो मार्फत भन्सार महसूल फिर्ता दिनुपर्दछ।

१८. **नर्म्स सम्बन्धमा :** भन्सार महशुल फिर्ता दिदा निकासी भएको परिमाणको लागि आवश्यक पर्ने कच्चा पदार्थको खपत परिमाणमा मात्र तिरेको भन्सार महसूल फिर्ता दिनु पर्ने प्रावधान बमोजिम कूल वस्तु उत्पादनको लागि खपत हुने कच्चा पदार्थ फरक फरक वस्तुको अलग, अलग नर्मस तयार गरको देखिन्छ। फरक नर्म्स पेश गरी सोही आधारमा भन्सार महशुल लगायतका छुटका सुविधा लिएबाट उद्योग पिच्छे कच्चा पदार्थ खपतको अनुपातमा उत्पादित परिमाण फरक परी भन्सार महशुल फिर्ता सुविधा समेतमा प्रभाव पर्ने हुँदा नर्म्समा एकरुपता कायम गर्नुपर्दछ।

१९. **कर समायोजन :** विभिन्न ८ उद्योगहरुलाई यो वर्ष रु.७ करोड २२ लाख ६८ हजार भन्सार महसुल फिर्ता खर्च लेखेको मा तत्सम्बन्धी भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई दिएको भएतापनि ती उद्योगहरुले भन्सार महशुल फिर्ता वापत प्राप्त रकम आय विवरणमा समावेश गरी कर समायोजन गरेको प्रमाण पेश हुनु पर्ने अन्यथा आयकर ऐन, २०५८ को अनुसूची (२) बमोजिम २० प्रतिशतका दरले लाग्ने कर रु.१,४४,५३,७१९/-असूल गर्नु पर्दछ।

२०. **ट्रेडमार्क नविकरण :** उद्योगहरुले हालसम्म २ हजार ७२ वटा ट्रेडमार्क दर्ता भएकोमा १३३० वटाको नविकरण भएको देखिएको छ। पेण्टेड, डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा १८घ अनुसार ट्रेडमार्क दर्ता भएको ७ वर्ष सम्म ट्रेडमार्क वालाको हक कायम हुने दफा २३ख को प्रावधान अनुसार नविकरण गराउन सकिने र सो म्याद भित्र पनि नविकरण नगराएमा ट्रेडमार्क स्वतः खारेज हुन्छ। अतः ट्रेडमार्कवालाहरुलाई बेलैमा सुचित गराउन सकेमा राजश्व प्राप्त हुने र ऐनको दफा १८ (ग) मा ट्रेडमार्क प्रयोग गर्ने म्याद सम्बन्धमा विभागमा दर्ता भएको ट्रेडमार्क दर्ता भएको मितिले एक वर्षसम्ममा प्रयोगमा नल्याएमा विभागले आवश्यक जांचबूझ गरी त्यस्तो ट्रेडमार्क दर्ता खारेज गर्न सक्ने उल्लेख भएकोमा त्यस्तो जांचबुझ गरेको पाईएन।

खानी तथा भू–गर्भ विभाग

१. **कार्यक्रम तथा प्रगति** : विभिन्न बजेट उपशीर्षकहरुमा तोकिएको वार्षिक कार्यक्रम तथा प्रगति मध्ये ४ कार्यक्रममा शुन्य प्रगति देखाएको छ प्रगति हुन नसक्नु को कारण खुलाएको छैन।

२. **आन्तरिक नियन्त्रण** : विभागले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा दरवन्दी अनुसार पदपूर्ति नगरेको, वार्षिक खरिद योजना नबनाएको, मर्मत अभिलेख खाता नराखेको, भ्रमण अभिलेख खाता नराखेको जस्ता कमी कमजोरी देखिएका छन्। प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

३. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ। यसै गरी साबंजनिक खरिद नियमावली २०६४ को नियम ३१ बमोजिम रु १० लाख भन्दा वढिको मालसामान वा सेवा खरिद गर्दा वोलपत्रको माध्याम बाट गराउनु पर्ने व्यवस्था छ। विभागले रु.२२,१९,६२१।– मूल्यकाकार्यालय सम्वन्धी सामानहरु पटक पटक सोझै खरिद गरेकोले खरिद कार्य मितव्ययी र प्रतिस्पर्धि हुन सकेको देखिएन।

४. **प्रयोगशाला अभिलेख :** कार्यालयको वार्षिक प्रगति प्रतिवेदन अनुसार प्रयोगशालाका लागि उपकरण तथा मेशिनरी औजार र केमिकल र ग्लास वेयर खरिद भनि रु.३० लाख ५० हजार खर्च गरेको छ। कार्यालयले वार्षिक रुपमा खनिज पदार्थहरुको परीक्षण गरेको विगत ३ वर्षको विवरण माग गरेकोमा उपलब्ध हुन सकेन। खनिज पदार्थको उत्खनन, अन्वेषण गर्नको लागि प्रयोगशाला खर्च गरेको स्थितिमा परीक्षण गरिएका विषय तथा नमूनाको समेत अभिलेख राख्नुपर्दछ।

५. **शिर्षक फरकपारी खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ अनुसार स्वीकृत बजेटबाट रकम खर्च गर्नु पर्दछ। ६ जना कर्मचारीहरुलाई प्रसुति स्याहार भत्ता रु.३०,०००।०० र पालो पहरा भत्ता रु.२७,३७५।०० भुक्तानी गर्दा शीर्षक फरसक पारी खर्च लेखेकोले नियम सम्मत भएको छैन।

६. **मुल्य अभिवृद्धि करको जानकारी :** मुल्य अभिवृद्धि कर नियमावली,२०५३ को नियम ६(क) बमोजिम मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजश्व कार्यालयलाई दिइनु पर्ने उल्लेख छ। कार्यालयले ३ फर्मबाट सामानहरु खरिद गरी मूल्य अभिवृद्धि कर रु.१,१८,८३३।– भुक्तानी गरेकोमा सोको जानकारी आन्तरिक राजश्व कार्यालयलाई दिएको नदेखिएकोले समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ।

७. **कार्यक्रम संशोधन** : आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम २३ वमोजिम स्वीकृत भएको कार्यक्रममा तोकिए बमोजिमको बजेट खर्च हुनु पर्दछ।स्वीकृत कार्यक्रम भन्दा अन्य कार्यक्रममा खर्च गर्नु पर्दा नियम २४ वमोजिम कार्यक्रम संशोधन गर्नु पर्दछ। स्वीकृत वार्षिक कार्यक्रममा ३ थान सोलार खरिदका लागि रु.५ लाख बजेट स्वीकृत भएता पनि कार्यालयले१ थान इन्भर्टर सहित ५ थान हाइव्रिड सोलार सिस्टम रु ८ लाखमा खरिद कार्य गरेकोमा कार्यक्रम संशोधन नगरी रु.३०००००।०० स्वीकृत कार्यक्रम भन्दा वढि खर्च गरेको छ।

८. **ज्याला भुक्तानी :** विभागले काठमाण्डौ उपत्यकाको विभिन्न स्थाानमा उत्खनन गरी ग्यास पत्ता लागेको स्थानमा सुरक्षाको लागि पालो पहरा राखे वापत मासिक रुपमा ज्याला भुक्तानी गर्दै आएको देखिन्छ। कर्मचारीहरुको नियुक्ति, सम्झौता एवं म्याद थप लगायतको कुनै प्रक्रिया समेत अवलम्वन नगरी रु.१५,६०,०००।– खर्च लेखेको छ।

९. **उद्योगको निरीक्षण तथा अनुगमन** : खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ५० अनुसार विभागबाट अनुमति प्राप्त गरेको उद्योगहरुको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा यो वर्ष १० वटा उद्योगहरुको निरीक्षण तथा अनुगमन गरेकोमा खानी निरिक्षकको प्रतिवेदन अनुसार मुल्यांकन गरी त्यसको अभिलेख राखी नीति निर्देशन तयार गर्नुपर्दछ। विभागले खानी निरिक्षकको प्रतिवेदन उपर कारवाही नगरेकोले उद्योग सम्बन्धमा विश्लेषण गर्न सकिएन।

१०. **भरपाई बेगर खर्च :** एक कर्मचारीलाई खनिज अन्वेषण फिल्ड कार्यको अनुगमनमा जाँदा सर्भे हेल्पर सहित ४ जना लाई डोर हाजिर फारमबाट १ कि.मि क्षेत्रमा अन्वेषण कार्य गर्दा दैनिक रु ४४०/- ले ५ दिनको हुने रु ८,८००/- ज्याला खर्च लेखेकोमा रकम बुझेको भर्पाइ पेश नभएकोले सो रकम दाखिला गर्नुपर्दछ।

११. **पेश्की बांकी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार एक कर्मचारीलाई रु.५,०००।– र दुई अन्य संस्थालाई रु.१,९५,९०१।– समेत रु.२,००,९०१।– पेश्की दिएको रकम आर्थिक वर्षको अन्तसम्ममा पनि फछ्र्यौट नभएकोले नियमानुसार असूल फछ्र्यौट हुनुपर्दछ।

१२. **राजश्व** : खानी तथा खनिज पदार्थ नियमावली, २०५६ (संशोधन सहित) को नियम २१ (१) अनुसार खानी उत्खनन कार्यको लागि अनुमति प्राप्त कम्पनी वा व्यक्तिले खानीद्वारबाट प्रत्येक पटक खनिज पदार्थ वाहिर निकाल्दा त्यसरी निकालिएको खनिज पदार्थको परिमाणको आधारमा रोयल्टी बुझाउनु पर्ने व्यबस्था छ। नियम ४६(१) मा अनुमति प्राप्त व्यक्तिले खनिज कार्य गर्न अनुमति पत्रमा उल्लेखित खनिज क्षेत्रको जग्गा नेपाल सरकारले भए निजले नेपाल सरकारलाई वार्षिक भू–वहाल रकम बुझाउनु पर्नेउल्लेख छ। उत्खनन् कार्यको लागि अनुमति प्राप्त कम्पनी वा व्यक्तिले खनिज पदार्थ निकालिएको परिमाणको आधारमा रोयल्टी वुझाएको प्रमाण, खनिज कार्यको लागि उपयोग गरेको जग्गाको क्षेत्रफल र वुझाउनु पर्ने भु–बहालकर र ११ सिमेण्ट उद्योहरुले चुनढुंगा उत्खननको अभिलेख लगत खाता राखि यकिन गर्नुपर्नेमा सो भए गरेको देखिएन। तोकिएको परिमाणमा उत्खनन् गरी रोयल्टी निर्धारण हुनुपर्दछ।

१३. **खानी सञ्चालन** : खानी तथा खनिज नियमावली, २०५६ (संशोधन सहित) को नियम १८ (१) मा उत्खनन् कार्यको अनुमति प्राप्त व्यक्तिले उत्खनन कार्यको सञ्चालन अनुमति प्राप्त गरेको मितिले ६ महिना भित्र गर्नु पर्ने र उपनियम (२) मा उपनियम (१) बमोजिमको अवधिभित्र उत्खनन कार्यको सञ्चालन नगरेमा विभागले उत्खनन् कार्यको अनुमति पत्र रद्द गर्न सक्ने उल्लेख छ तर विभागले विभिन्न ३० व्यक्ति तथा संस्थालाई खनिज बस्तुहरु उत्खनन् गर्न अनुमति दिएकोमा प्राप्त विवरण अनुसार ती व्यक्ति तथा संस्थाहरुले हालसम्म

पनि उत्खनन् कार्य गरेको पाईएन । तोकिएको अवधिभित्र खानी सञ्चालन नगर्ने कम्पनी तथा व्यक्तिहरुलाई नियमानुसार कारवाही गरिनुपर्दछ ।

१४. **धरौटीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६७ बमोजिम म्याद भित्र धरौटी फिर्ता लिन नआएमा नियम ६७ बमोजिम कार्यविधी अपनाई राजश्व आम्दानी वाध्नु पर्ने व्यबस्था छ । विभागको धरौटी खातामा नामनामेसी नखुलेको लगायत प्रयोजन समाप्त भएको रु.५,०४,६६,०६८।– धरौटी नियमानुसार सदरस्याहा गर्ने तर्फ गत विगतको प्रतिवेदनमा उल्लेख गरेतापनि उलेख्य सुधार भएको देखिएन ।

गुणस्तर तथा नापतौल विभाग, बालाजु

१. **अनुगमन तथा परीक्षण :** नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन २०३७ को दफा १०(१) अनुसार औषधी ऐन, २०३५ र खाद्य ऐन २०२३ बमोजिम स्तर निर्धारण हुने औषधी र खाद्य पदार्थ बाहेक अन्य कुनै पदार्थ वा प्रक्रियाको सम्बन्धमा नेपाल सरकारले जनसाधारणको स्वास्थ्य र सुरक्षाको लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सोही सूचनामा तोकिएको मिति देखी लागू हुने गरी त्यस्तो पदार्थ वा प्रकृयाको उत्पादक वा निर्माता, वितरक र सेवा प्रदान गर्ने व्यक्तिले परीषदबाट निर्धारण गरिएको गुणस्तर अनिवार्य रुपले अपनाउनु पर्ने गरी तोक्न सक्ने व्यवस्था अनुरुप नेपाल सरकारले सिमेन्ट, फलामे छड, जि.आई.पाईप, पि.पि.सि केबल, लगायतको ११ वस्तुमा उत्पादन वितरण तथा पैठारीमा नेपाल गुणस्तरको बाध्यात्मक व्यवस्था भएको तथा अन्य स्वेच्छिक रुपमा गुणस्तर प्रमाणपत्र लिएका वस्तुहरुमा वर्षमा कम्तिमा १ पटक परीक्षण गर्ने व्यवस्था भएकोमा विभागबाट परिक्षण गर्न अनुगमन गरिएका विभिन्न वस्तुहरुमध्ये गुणस्तर फरक परेको उक्त मेटल प्रा.लि. को ग्यांस सिलिण्डरको क्यालिव्रिएशन नगराएको, गुणस्तर चिन्ह कार्यान्वयन नगरेको, इजाजत प्राप्त नगरी गुणस्तर चिन्ह प्रयोग गरेको, एक सिमेण्ट उद्योगले किलिङ्करमा गिट्टी मिसाएको, एक स्टिल उद्योगले तोकिए बमोजिम रडको परीक्षण नगराएको १३१ उद्योगको २७३ वस्तुमध्ये १३५ वस्तुको गुणस्तर परीक्षण नभएको जस्ता कैफियत देखिएकोले पर्याप्त स्रोत साधन र स्पष्ट कानूनी व्यवस्था गरी सर्वसाधारणको स्वास्थय र सुरक्षातर्फ सम्बन्धित निकाय संवेदनशीलन हुनुपर्दछ ।

२. **समन्वय तथा अभिलेख व्यवस्थापन :** गुणस्तर तथा नापतौल विभागबाट गुणस्तर प्रमाणपत्र अनिवार्य भएका ११ वटा बस्तुहरु र अन्य ऐच्छिकरुपमा नेपाल गुणस्तर लिएका फर्महरुको अनुगमनमा जाँदा गुणस्तर तथा नापतौल विभागका कर्मचारी, क्षेत्रिय कार्यालयका कर्मचारी र अन्य सरोकारवाला निकायको कर्मचारी सहभागी भई कुनै पनि फर्म, पसल, उद्योग आदिको निरिक्षण गर्ने गरेको देखिन्छ । यसरी अनुगमन गर्दा देखिएका त्रुटि सच्याउन विभागबाटै स्पस्टिकरण लिई सचेत गराउने व्यवस्था भएको छ । नेपाल गुणस्तर चिन्ह (प्रमाण ऐन) २०३७ को दफा १५ अनुसार मुद्दा हेर्ने अधिकारी प्रमुख जिल्ला अधिकारी हुनेछ भनिएकोले गुणस्तरको अन्तिम कारवाई जिल्ला प्रशासन कार्यालयबाट हुने भएकोले जिल्ला प्रशासन कार्यालयसंग समन्वय गरी बिभागले छानबिन गरी दर्ता गरेका मुद्दाहरु मध्ये के कति फैसला बिभागको पक्ष वा बिपक्षमा भए र कति बिचाराधिन छन अभिलेख राखि मुद्द हेर्ने अधिकारीको निर्णय कार्यान्वयन गरी कार्य सम्पादनलाई नतिजा उन्मुख बनाउनु पर्दछ ।

३. **चौमासिक कार्यक्रम खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(२) र नियम २५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले आफ्नो वार्षिक बजेट तथा कार्याक्रम अनुसार चौमासिक लक्ष्य निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । यस वर्ष नापतौल तथा गुणस्तर विभागबाट पूँजिगत शिर्षकमा रु.२ करोड ३७ लाख १५ हजार खर्च भएको छ । पूँजिगत खर्चमध्ये पहिलो चौमासिकमा ०. २१ प्रतिशत दोस्रो चौमासिकमा १.४१ प्रतिशत अर्थात र अन्तिम चौमासिक (तेस्रो) मा ९८.३७ खर्च भएको छ । तेस्रो चौमासिकको खर्चमध्ये पनि आषाढमा मात्र ८७.८३ प्रतिशत खर्च भएको छ । यसरी आर्थिक वर्षको अन्तमा अधिकांश बजेट खर्च हुँदा कामको गुणस्तर कम हुने, समयमा कार्य सम्पादन गर्न कठिनाई हुनेतर्फ ध्यान दिई आर्थिक कार्यविधि नियमावलीको अनुसरण गरी समानुपातिक रुपमा खर्च हुनुपर्दछ ।

४. **निर्माण कार्यको नापजाँच :** ट्रस हल निर्माणको रु.६८ लाख ७४ हजार लागत अनुमान तयार गरी बोलपत्र आव्हान गरेकोमा एक निर्माण व्यवसायीसंग रु.४४ लाख ३५ हजारमा सम्झौता भएको छ । हल निर्माण कार्य २०७३।३।१५ मा सम्पन्न हुनुपर्नेमा सो अवधिमा ३३.१८ प्रतिशत मात्र कार्य सम्पन्न भई हालसम्म रु.१४ लाख ७१ हजार भुक्तानी भई मोविलाइजेसन पेश्की रु ३ लाख ९० हजार बांकी रहेको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१(क) अनुसार ०.०५ प्रतिशत⁄ प्रतिदिनका दरले आगामी रनिङ बिलबाट पुर्व निर्धारित क्षतिपुर्ती कट्टी गरी यथाशिघ्र निर्माण कार्य सम्पन्न गराउनु पर्दछ। हल निर्माणको अधिकांश कार्यसम्पन्न भईसकेको भएतापनि शहरी बिकास तथा भवन निर्माण डिभिजन कार्यालयले समयमा नापजाँच नगरी दिएको कारण घटी प्रगति देखिएको बिभागले जनाएको छ। समयमा नापजांच नगर्ने जिम्मवार प्रबिधिक कर्मचारीलाई निर्माण कार्यको नांपजाच नगरेकोले प्रचलित कानून बमोजिम आबश्यक कारबाही हुनुपर्दछ ।

५. **लागत अनुमान :** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११ (२) मा मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोहि प्रकृतिको खरीद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य वजारको प्रचलित दरभाउ र आपुर्ति गर्ने स्थान सम्मको ढुवानी खर्च तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई आधार लिनुपर्ने व्यवस्था छ । बोलपत्रको माध्यमबाट यु.टी.एम. मेसिन खरिद गर्दा रु १ करोड २० लाख लागत अनुमान रहेकोमा ४२.३९ प्रतिशत घटीले रु ६९ लाख १३ हजारमा ठेक्का स्वीकृति भएको छ । सो मेसिनको खरिदको लागि १२ वटा बोलपत्र विक्री भएकोमा ४ वटामात्र बोलपत्र दर्ता भएकोछ । लागत अनुमान तयार गर्न स्वीकृत नर्म्स नभएकोले यथार्थपरक लागत अनुमान तयार गर्न नसकिएको कारण घटी मूल्यमा कार्य गर्न बोलपत्र पेश भएको देखिन्छ । अगाामि बर्षदेखि यस किसिमको मेसिन खरिद गर्दा यस वर्ष खरिद भएको मूल्यलाई बजार मूल्य मानि लागत अनुमान तयार गर्न ध्यान दिनुपर्दछ ।

६. **लक्ष्य तथा प्रगति :** गुणस्तर तथा नापतौल विभागबाट प्रस्तुत आर्थिक वर्ष २०७२।७३ को लक्ष्यको तुलनामा एक्स्टेन्सन अडिट ५०.७२ प्रतिशत, एक्सपेन्स ग्लासलेयर्स ५६.१२ प्रतिशत, उद्योग निरीक्षण प्रणाली ६६.६६ प्रतिशत कम प्रगति रहेको देखिन्छ । प्रगति न्यून रहेको सम्बन्धमा बिभागले कारण स्पष्ट गरेको छैन ।

७. **पेश्कि बाँकी :** एक निर्माण व्यवसायीलाई भवन निर्माणका लागि दिएको पेश्की रु ३ लाख ९० हजार फछर्यौट नभएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार फ्छर्यौट गर्नु पर्दछ ।

८. **बोलपत्र प्रतिस्पर्धा :** सार्वजनिक खरीद ऐन, २०६३ को दफा २६(६) मा मिलेमतो गरी बोलपत्र दाखिला भएको देखिएमा सार्वजनिक निकायले त्यस्तो बोलपत्र रद्ध गर्न सक्ने व्यवस्था छ । बिभागले कम्पाईलेसन फर्निस सेट तथा मेजरीङ स्केल र टेप क्यालीबरेसनको क्रमसः रु ४८ लाख र रु १७ लाख ३० हजारको लागत अनुमान तयार गरी बोलपत्र आव्हान गरेकामा क्रमश ०.०७ तथा ०.३९ प्रतिशत मात्र घटीमा सम्झौता भएको छ । उल्लेखित सामानहरुको लागत अनुमान तयार गर्न बिभागले ३ आपुर्तिकर्ताहरुबाट कोटेसन माग गरेता पनि ति कोटेशनहरुमा उल्लेखित मुल्यको विश्वसनियताको लागि स्विकृत नर्म्स नभएकोले लागत अनुमान यथार्थपरक र बैज्ञानिक ढंगले तयार गरेको देखिएन ।यसरी स्वीकृत नर्मस बेगर लागत अनुमान तयार भएको र लागत अनुमानकै हाराहारीमा बोलपत्र स्वीकृत भएबाट आबश्यक सामग्री मितव्ययी ढंगबाट खरिद भएको देखिएन ।

९. **करार सेवाको भुक्तानी :** सार्वजनिक खरिद ऐन, २०६३, को दफा ८(२) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ बिपरित राष्ट्रिय ओजन इकाईतर्फको ४ समेत १८ जना कर्मचारीहरुसगं रु.१ लाखभित्रको लागत अनुमान तयार गरी सोझै वार्ताबाट रु.१८ लाख ९३ हजार भुक्तानी गरेको छ । पूर्णरुपमा कानूनको पालना गरी सेवा करारमा लिनेतर्फ ध्यान दिनु पर्दछ ।

१०. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत गर्नुपर्ने जिन्सी सामान र लिलाम गर्नुपर्ने सामान भनी उल्लेख भएकोमा तत्सम्बन्धी कारबाही भएको पाइएन ।

घरेलु तथा साना उद्योग विभाग

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दा दरवन्दी अनुसार पदपूर्ति नभएको, जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, संक्षिप्त वार्षिक प्रतिवोदन तयार नगरेको, लागत अनुमान बेगर रु.३ लाख २२ हजारको कम्प्यूटर खरिद गरेको जस्ता कमी कमाजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **लक्ष्य प्रगति** : प्राप्त लक्ष्य प्रगति विवरण अनुसार २ कार्यक्रम सञ्चालन नभएको र २ कार्यक्रममा घटि प्रगति भएकोमा कारण खुलाएको छैन ।

३. **असुल :** एक कर्मचारीको पेश्की फछ्र्यौटमा पेश गरेको होटल विलको अग्रिम कर रु.२,०६९।-२ जना कर्मचारीको पारीश्रमीक कर रु.३,४२८।- र वढि ग्रेड भुक्तानी भएको रु.३,३९९।- समेत रु.८,८९६।- असुल हुनु पर्दछ ।

४. **सेवा करार :** सेवा करार निर्देशिका, २०५९ को दफा ११ अनुसार करारनामा सम्झौता गरी ९ कर्मचारीहरु काम लगाएकोमा सम्झौतामा चाडपर्व खर्च दिने उल्लेख नभएको र अर्थ मन्त्रालयको परिपत्रानुसार, २०७० सालबाट करार सेवामा कार्यरत कर्मचारी लाई चाडपर्व खर्च नदिने व्यवस्था रहेको छ । करारनामामा चाडपर्व खर्चको व्यवस्था समेत नभएका कर्मचारीहरुलाई रु.१,२८,४००।- भुक्तानी दिएको छ ।

५. **प्रारम्भिक वातावरणीय मूल्यांकन :** घरेलु तथा साना उद्योग विभागले प्रारम्भीक वातावरणीय मूल्यांकन गर्ने कार्य गर्दै आइरहेको छ । प्रारम्भीक वातावरणीय मूल्यांकन समितिको निर्णय तथाप्रारम्भीक वातावरणीय मूल्यांकन गराउने उद्योग मध्ये केही उद्योगको नमूना परीक्षण गर्दा निवेदनको दर्ता मिति र अन्य अभिलेख

नराखेकोले सम्पादित कार्यको जानकारी हुन सकेन । विभागले प्रारम्भिक वातावरणीय मुल्यांकन गराउने उद्योगहरुको शुरु दर्ता र निर्णय मिति देखिने गरी अभिलेख राखी सालबसाली प्रारम्भिक वातावरणीय मूल्यांकन गर्ने उद्योगको अभिलेख अध्यावधिक गराउनु पर्दछ ।

६. **भवन निमार्ण कार्य** : भवन निर्माणको लागि रु.३,१४,८८,४०७।३२ को लागत अनुमान तयार गरी प्रतिस्पर्धा गराउंदा एक निर्माण व्यवसायीसंग १८ महिनाभित्र कार्य सम्पन्न गर्ने गरी रु.२,३७,७४,२७२।३४ को ठेक्का स्वीकृत भएको छ । दोस्रो पटक २०७३ भाद्रसम्म म्याद थप भएकोमा वर्ष, चाडपर्व, साइट उपलब्ध नहुनु, रुख कटान नहुनु जस्ता कारण देखाई कार्य सम्पन्न हुन नसकेकोले थप समय माग गरेकोले पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप हुनुपर्दछ ।

७. **पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ बमोजिम तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । निर्माण व्यवसायी लाई दिएको मोबिलाइजेशन पेश्की रु १६,३६,०००।- नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

८. **मेडेप (लघु उद्यम विकास कार्यक्रम) :** विभागले च्यूरी घिउ उद्योगको छानवीन गर्न २ कर्मचारी अर्घाखाँची गएको उल्लेख गरी रु.३५,१५०।०० दै.भ्र.भ. खर्च लेखेको छ । छानवीन टोलीले छानवीन गर्दा देखिएको व्यहोराहरु सहितको प्रतिवेदन बमोजिम औल्याइएको जग्गा विवाद सम्बन्धी कारवाही अद्यापी टुंगो लागि नसकेको हुँदा तत्सम्बन्धी प्रक्रियाको कारवाही टुंगो लगाउनु पर्दछ । काभ्रेमा लघु उद्यम प्रभावकारिता अध्ययनको लागि रु.२,०१,१९०।०० खर्च गरी प्रतिवेदन तयारीको रु.३ हजार खर्च लेखेकोमा प्रतिवेदन पेश भएन साथै कार्यक्रमगत खर्च खाता राखेको छैन ।

९. **महिला उद्यमशीलता कोष :** महिला उद्यमशीलता कोषको रकम रु ३ करोड ८० लाख को सम्बन्धमा राष्ट्रिय वाणिज्य बैंक संग भएको संझौताको शर्त नं ८ वमोजिम अबधि समाप्त भएको एक महिना भित्र त्रैमासिक प्रतिवेदन बुझाउनु पर्नेमा बुझाएको देखिएन । कोषको रकम परीचालन तथा साँवा व्याज संकलन र अभिलेखांकन प्रभाबकारी रुपमा हुन सके नसकेको यकीन गर्न सकिएन ।

१०. **उद्योग विकास कोष :** लघु घरेलु तथा साना उद्योग कोष सञ्चालन कार्यविधि, २०६९ मा परियोजनाको सुपरीवेक्षण सम्बन्धी व्यवस्था छ । कोष बाट भएको खर्च रु ८० लाख ३ हजारको सम्वन्धमा अनुसूचीमा तोकिएको ढाँचामा परीचालन को प्रमुख क्रियाकलापहरु, अपेक्षीत परिणाम, हालसम्मको खर्च र वास्तविक परीणाम लगायतका विवरणहरु खुलाई सुपरीवेक्षण गर्नु पर्नेमा तदनुरुप भए गरेको पाइएन । कार्यविधिका प्रावधानहरु पालना गरी प्रभावकारी सुपरीवेक्षण गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

११. **स्रोत परिचालन :** आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३३ बमोजिम आर्थिक वर्षभित्र खर्च नभई बाँकी रकम फिर्ता गर्नुपर्ने उल्लेख छ । महिला कर्जा कोषमा रु.२० लाख र लघु कोषमा रु.१० लाख समेत रु.३० लाख खर्च नभई बाँकी रहेको देखियो भने वाणिज्य बैंकमा गएको रु.३,८०,००,०००।०० मध्ये के कति खर्च भै कति वाँकी छ सो सम्बन्धी विवरण पेश भएन । शशर्त अनुदानको रकमको सम्बन्धमा खर्चको विवरण प्रगति प्रतिवेदन तथा विभागले अनुगमन गरेको समेत नदेखिएकोले निकासा गरेको रकमको प्रभावकारिता मुल्यांकन नहुनुको साथै प्राप्त अनुदान रु.४ करोड १० लाख उपलब्ध स्रोत परिचालन हुन नसकी निष्क्रिय रहेको छ ।

११.१. महिला उद्यमशिलता विकास कोष (सञ्चालन) कार्यविधि, २०६९ को नियम (६) मा लगानी तथा असुलीको निरीक्षण, अनुगमन तथा मुल्यांकनमा कोषमा जम्मा भएको रकमको ५ प्रतिशत खर्च गर्न सक्ने व्यवस्था छ ।यस कोषको रकम केन्द्रीय कोष सञ्चालन तथा व्यवस्थापन समितिले वातावरणीय मूल्यांकनको कार्यमा रु.२३,७३०/- विनियमावली विपरित महिला उद्यमशिलता विकास कोषबाट खर्च गरेको छ ।

१२. **जिम्मेवारी :** लघु घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन विनियमावली,२०६२ को नियम ४ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम कार्यक्रम वनाई खर्च गर्नु पर्ने व्यवस्था गरेको छ । यस कोषको गत आर्थिक वर्षबाट रु.३,५२,४२,६२५।०० जिम्मेवारी सारी सोही रकम वाँडफाँड गर्नुपर्नेमा रु.३,४०,५४,५३५।०० जिम्मेवारी सारी २०७२।४।२६ मा कार्यक्रम र रकम वाँडफाँड स्वीकृत गरेको देखिन्छ । कार्यक्रम बनाउदा जिम्मेवारी घटी देखाएको रु.११,८८,०९०।०० को सम्बन्धमा स्पष्ट गर्नुपर्दछ ।

१३. **बढी खर्च** : स्वीकृत कार्यक्रम अनुसार सुचना प्रकाशनमा रु.७५,०००/– बजेट व्यवस्था भएकोमा रु.१,७७,९७५।०० भुक्तनी गरेकोले स्वीकृत रकमभन्दा रु.१,०२,९७५।०० बढी खर्च गरेको नियम सम्मत भएन ।

१४. **पेश्की विवरण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८१ बमोजिम प्रत्येक आर्थिक वर्षको आषाढ महिनाको स्रेस्ता दाखिला गर्दा फछ्र्यौट हुन बाँकी रहेको पेश्कीको फाँटवारी पेश गर्नुपर्ने व्यवस्था छ । यस विभागले लघु घरेलु तथा साना उद्योग विकास कोष बाट नेपाल घरेलु तथा साना उद्योग महासंघ र नेपाल उद्योग वाणिज्य महासंघ लाई दिएको पेश्कीको फाँटवारी तयार गरेको छैन ।

१५. **कार्यक्रम सन्चालन :** विभागले घरेलु तथा साना उद्योग महासंघ र नेपाल उद्योग वाणिज्य महासंघसंग कार्यक्रम कार्यान्वयनको लागि २०७०।११।८ मा गरेको संभौताको शर्त संस्थाहरुलाई तोकिएको कार्यक्रम सञ्चालन गर्न लगाउनु पर्ने व्यवस्था छ। शर्त (ग) मा सञ्चालन गर्न रकम बुझेर लगी समयमा कार्य सम्पादन नगरेमा त्यस्ता संस्थाहरुको वैंक खाता रोक्का गरी संस्था दर्ता खारेज गर्नेतर्फ कारवाही गरीने व्यवस्था छ। यस आर्थिक वर्षमा ६ संस्थाहरु लाई अनुदान रु ५,९७,५००।- रकम उपलब्ध गराएकोमा काम नगरेको भनी रकम फिर्ता गरेकोमा संभौताको शर्त बमोजिम कार्यक्रम सञ्चालन नगरेकोमा अनुगमन गरी समयमै वैंक खाता रोक्का,दर्ता खारेजी नगरी रकम फिर्ता लिएको देखिन्छ।

१६. **राजश्व :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १०(२) वमोजिम आर्थिक कारोवारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढाँचामा राजस्वको दैनिक आम्दानी र रसिद नियन्त्रण खाता राख्नुपर्ने व्यवस्था छ। यस वर्ष रु.१,६८,२६४/– राजश्वको आर्थिक विवरण पेश भएतापनि उल्लेखित खाता पेश नभएकोले राजश्वका खाताहरु र नगदी रसिद पेश गर्नु पर्ने देखिएको छ।

औद्योगिक उर्जा ब्यवस्थापन आयोजना, त्रिपुरेश्वर

१. **लक्ष्य र प्रगति प्रतिवेदन** : उक्त आयोजनाको बार्षिक प्रगति प्रतिवेदन पेश हुन आएन, प्रगति नभएबाट तत् सम्बन्धमा विश्लेषण गर्न सकिएन।

२. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, अनुसूची १४ अनुसारको आर्थिक कारोबारको संक्षिप्त वार्षिक प्रतिवेदन तयार नगरेको, वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार नगरेको, सवारी साधन मर्मत गर्दा मर्मत अभिलेख खाता नराखेको जस्ता कमी कमजोरी देखिएका छन्। प्रचलित ऐन नियमको पालना गरी अन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

३. **चाडपर्व खर्च :** आयोजनाको २०७२।७३ को लागि अस्थायी दरबन्दी मिति २०७१।५।१६ को (मन्त्रीस्तर) को निर्णयबाट स्वीकृत दरबन्दीमा पदपूर्ति नभएसम्म खरिदार पद-१ मा प्रशासनिक सेवाका स्थायी कर्मचारीबाटै काम लिने व्यवस्था गर्ने उद्योग मन्त्रालय, कर्मचारी प्रशासनशाखाको च.नं.३५४ मिति २०७२।५।१८ को पत्रको बुंदा नं. (ख) बमोजिम उल्लेख भएकोमा सो बिपरित खरिदार पदमा करार सम्झौता गरी चाडपर्व खर्च समेत रु.२२८२६०।– भूक्तनी गरेकोमा उक्त पत्र अनुसार गरेको देखिएन।

४. **मूल्य अभिवृद्धि करको जानकारी** : मुल्य अभिबृद्धिकर नियमावली, २०५५ को नियम ६ (क) बमेजिम कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा जानकारी दिनु पर्ने व्यवस्था छ। एक परामर्श सेवाबाट कार्य गराई रु.१४,४२३। मूल्य अभिवृद्धि कर. भुक्तानी गरेकोमा सोको जानकारी दिएको नदेखिएकाले मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेश गर्नु पर्ने देखिन्छ।

कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर

१. **संक्षिप्त वार्षिक प्रतिवेदन तयार नगरेको** : आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ९० को अनुसुचि १४ बमोजिम आर्थिक कारोबारको संक्षिप्त वार्षिक प्रतिवेदन तथा नियम ९१ बमोजिम वार्षिक कार्यसम्पादन प्रतिवेदन तयार गरी तालुक मन्त्रालयमा पठाउनु पर्नेमा पठाएको देखिएन।

२. **आन्तरीक लेखापरीक्षणको प्रभावकारीता :** आन्तरिक लेखापरीक्षण निर्देशिका, २०५५ को दफा १.५ र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। अन्तिम लेखापरीक्षण गर्दा उल्लेखनिय व्यहोरा देखिएको छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा तत्सम्वन्धी व्यहोरा देखिएन। अतः आन्तरीक लेखापरीक्षण निर्देशिका बमोजिम लेखापरीक्षण गरी आर्थिक अनुशासन कायम गर्ने तर्फ निकाय संवेदनशिल हुनु जरुरी छ।

३. **तलब वृद्धि (ग्रेड) भुक्तानी :** निजामति सेवा ऐन, २०४९ कोदफा ३७ (३) अनुसार प्रत्येक निजामति कर्मचारीले नियूक्ति भएको मितिले एक वर्षको सेवा पुरा गरेपछि तोकिए वमोजिमको तलव वृद्धि (ग्रेड) पाउने व्यवस्था छ। विभिन्न ६ जना कर्मचारीलाई पारीत ग्रेड भन्दा रु ११,८४५।- वढि भुक्तानी गरेको र १२ जना कर्मचारीको वढुवा मितिबाट गणना गरी पारीत ग्रेड भन्दा वढि भुक्तानी रु ८१५२।- समेत रु २०,३७५।- असुल गर्नु पर्दछ।

४. **सोभै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ।सार्बजनिक खरिद नियमावली २०६४ बमोजिम प्रतिस्पर्धा नगराई पटक पटक सोभै रु ४९,८१,७२३।- खर्च गरेकोले खरिद कार्य मितव्ययि र प्रतिस्पर्धी हुन सकेको छैन।

५. **कार्यालयहाता भित्रका निमार्ण कार्य :** सार्वजनिक खरिदलाई मितव्ययी र प्रतिस्पर्धि वनाउन सार्वजनिक खरिद ऐन,२०६३ को दफा ३१ मा रु २० लाखभन्दा माथिको निमार्ण कार्य वोलपत्रको माध्यामबाट गराउनु पर्ने उल्लेख छ। यस कार्यालयले कार्यालय हाताभित्र गर्नुपर्ने एकै प्रकृतिको एकै ठेक्काबाट गराउन सकिने काम वोलपत्र नगरी लागत अनुमान हाराहारीमा सोभै खरिद गरी रु २६२१२८३।१० भुक्तानी दिएकोले खरिद कार्य नियम

संगत,प्रतिस्पर्धात्मक एवं मितव्ययी हुन सकेको छैन । तोकिएकै समयमा अख्तियारी प्राप्त भएकोले वोलपत्रबाट काम गराउन नसकिने अवस्था समेत छैन

६. **निर्माण कार्यको अभिलेख :** कार्यालयले वर्षेनि कार्यालय परिसर भित्र विभिन्न निमार्ण कार्य गर्दै आएकोले निर्मित भवनको प्रकार एवं संख्या खुलाई अभिलेखित समेत गर्नु पर्ने देखिन्छ अभिलेख नगर्दा कुन प्रकारको संरचनाको प्रकार, आ.व र निमार्ण भएको बजेट खुल्न नसकि काममा दोहोरोपना समेत आउन सक्ने हुनाले निमार्ण कार्यको अद्यावधिक अभिलेख राख्नु पर्ने देखिन्छ ।

७. **निर्णय कार्यान्वयन :** आ.व ०७०।७१ को वेरुजु दफा २०(क) मा कम्पनी ऐन,२०६३ अनुसार कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भएका कम्पनीहरुले उक्त ऐन अनुसार कार्यालयमा नियमित रुपमा वुझाउनु पर्ने कागजात तथा विवरणहरु ढिला वुझाएवापत लाग्ने शुल्क तथा जरिवाना वापतको विभिन्न १० कम्पनीहरुको राजश्व रकम रु ५८,३३,०००।०० ऐनमा व्यवस्था भए बमोजिम सेवा लिन आएको वखत असूलउपर गरिने कार्यालयको प्रतिवद्धता पत्र एवं उक्त वेरुजु २०७३।३।२२ मा भएको सार्वजनिक लेखा समितिको निर्णय समेतको आधारमा आगामि वर्षको लेखापरीक्षणमा सो व्यहोरा उपर अनुगमन गर्ने गरी सैद्धान्तीक व्यहोरा कायम राख्ने म.ले.प कार्यालयको २०७३।४।७ को निर्णयको आधारमा तत् तत् कम्पनीहरुको लेखापरीक्षणमा फाइल अनुगमन गर्दा उक्त वेरुजुमा उल्लिखित कुनै पनि कम्पनीले अद्यावधिक तथा कुनै कागजात पेश नगरेको तथा जरिवाना शुल्क असूली तर्फ कार्यालयले पनि थप पत्रचार एवं असुली प्रयास गरेको देखिएन ।

८. **अनावश्यक खर्च :** आर्थिक कार्याविधि ऐन, २०५५ को दफा २७ वमोजिम सरकारी धनमाल वा सम्पत्ति तोकिएको काममा मात्र लगाउनु पर्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३५(२) बमोजिम रकम स्वीकृत बजेट भित्र र सम्वन्धीत खर्च शिर्षकमा पर्दछ भने खर्च गर्न सकिने उल्लेख छ । कार्यालयले एक ट्रेड कन्सर्न बाट आईप्याड २ सेट रु.२,९९,९९२।४० मा खरिद गरेको देखिन्छ । स्वीकृत कार्यक्रममा उक्त सामान खरिद गर्ने उल्लेख गरेको देखिदैन । स्वीकृत कार्यक्रममा नपरेको २ वटा आईप्याड खरिद गरि एक थान रजिष्ट्रार र एक थान लेखा अधिकृतले बुझि लगेको सहायक जिन्सी खातामा उल्लेख छ । स्वीकृत कार्यक्रम विपरीत व्यक्तिगत प्रयोजनमा आउने सामान खरिद गरी सरकारी बजेट अनावश्यक कार्यमा खर्च गरेको पाइएकोले त्यस्तो खर्चमा नियन्त्रण गर्नेतर्फ कार्यालय संवेदनशिल हुनु पर्ने देखिन्छ ।

९. **ल्यापटप फिर्ता :** निजामती सेवा ऐन,२०४९ को दफा ७४ बमोजिम कुनै पनि निजामती कर्मचारीले आफुले वुझाउनु पर्ने नगदी जिन्सी वा कागजात तोकिएको म्याद भित्र सम्वन्धीत कर्मचारीलाई वुझाइ दिनु पर्नेछ र वुझ्नुपर्नेले पनि सोही म्याद भित्र बुझिलिनु पर्ने उल्लेख छ । निजामती सेवा नियमावली, २०५० को नियम १२४ बमोजिम कर्मचारीले आफ्नो जिम्मामा रहेका सामान वरवुझारथ गर्नुपर्ने उल्लेख छ। तत्कालीन रजिष्ट्रार लाई ३ थान (मूल्य नखुलेका) ल्यापटप दिएकोमा निज हाल कम्पनी रजिष्ट्रार कार्यालयमा नरहेको अवस्थामा ती सामानहरु मूल्य एकिन गरी फिर्ता दाखिला गर्नु पर्ने देखिन्छ । त्यस्तै १ थान ल्यापटप (मुल्य नखुलेको) हराएको भनि जिन्सी खातामा उल्लेख गरेकोमा को कसको लापरवाहिले हराएको हो तत् सम्वन्धमा छानविन समेत गर्नु पर्ने देखिन्छ ।

१०. **कर विजक :** कार्यालय परिसर भित्र ट्रसको कार्य लगायत विभिन्न मर्मत कार्य गरेको भनि एक निर्माण व्यवसायीलाई रु २,५०,८१८।९५ को लागत अनुमान रहेको कार्यमा रु २४९६००।०० भुक्तानी गरेको छ ।उक्त कार्यको कार्य स्वीकार प्रतिवेदन पेश नभएको साथै मू.अ.कर ऐन नियम बमोजिम रीतपूर्वकको कर विजक वेगर भुक्तानी दिएकोले कार्य सम्पन्न प्रतिवेदनका साथै रु २८,७१५/०४ मूल्य अभिवृद्धि कर भुक्तानिको कर समायोजन प्रमाण पेश हुनु पर्दछ ।

११. **धरौटी कट्टा :** कम्पनी रजिष्ट्रारको कार्यालयको अनलाईन सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि सेवा प्रदायक संस्थाहरुसंग ओ.आर.सी.इन्फरमेशन सिसटम इनहेन्समेण्ट मेन्टेनेन्स अफ सर्पोट र हेल्प डेस्क अप्रेसन सम्बन्धी कार्यको परामर्श सेवा खरिद गर्ने प्रयोजनको लागि आर्थिक तथा प्राविधिक प्रस्ताव द्धारा छनौट गरिएको एक प्रा.लि लाई मूल्य अभिवृद्धि कर सहित रु ३४,९९,६४९।०० भुक्तानी गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(४) बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिमको भुक्तानी गर्दा धरौटी वापत ५ प्रतिशत रकम कट्टा गरि राख्नु पर्ने र सम्झौताको दफा ६.५ मा समेत सोहि व्यवस्था उल्लेख भएकोमा परामर्शदातालाई रु.३४,९९,९४९।०० भुक्तानी गर्दा ५ प्रतिशत धरौटी वापत रु १५४८६५।०० कट्टा नगरी भुक्तनी गरेको छ ।

१२. **कार्यसम्पादन जमानत :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ बमोजिम कार्यसम्पादन जमानत पेश गर्दा वोलपत्र सम्वन्धी कागजातमा उल्लेख भएको ढाँचामा पेश गर्नुपर्ने उल्लेख छ। सोहि नियमावलीको नियम ११०को उपनियम ४ बमोजिम कार्यसम्पादन जमानतको मान्य अवधि त्रुटि सच्चाउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना वढी अवधिको हुनुपर्ने उल्लेख छ । कम्पनी रजिष्ट्रारको कार्यालयको सेवालाई अनलाईनमा लैजाने कार्यको लागि छनौट गरिएको एक प्रा.ली संग मूल्य अभिवृद्धि कर वाहेक रु ३०९७३००।०० मा सम्झौता गर्दा ५ प्रतिशतले हुने रु १५४८६५।००

वरावरको त्रुटि सच्चाउने दायित्वको एक महिना वढि अवधि सम्म मान्य हुने कार्य सम्पादन जमानत वेगर नै सम्झौता गरेकोले नियम विपरीत सम्झौता गरेको छ ।

१३. **कम्पनी दर्ता प्रकृया :** कम्पनी ऐन, २०६३ को दफा ३ बमोजिम कूनै व्यक्तिले एक्लै वा संयुक्त रुपमा कूनै उद्यम गर्न चाहेमा प्रबन्धपत्रमा उल्लेख भए बमोजिम एक वा एक भन्दा बढी उद्देश्य प्राप्तीका लागि कम्पनी स्थापना गर्न सक्ने, ऐनको दफा ४ वमोजिम कार्यालयमा निवेदन दिनु पर्ने प्रावधान रहेको छ । कम्पनी दर्ता गर्नु पूर्व तोकिएका प्रक्रिया पूरा गरी कम्पनी दर्ताको लागि कार्यालयमा उपस्थित भई प्राप्त डकुमेन्ट सदर भए पश्चात तोकिएको राजस्व तिरी कम्पनी दर्ता हुने गरेको देखिन्छ ।
यसरी दर्ता भएका कम्पनीले तोकिएको समयमा विवरण नबुझाएमा आर्थिक ऐनले तोकेको दरमा जरिवाना असुल गरी विवरण बुझ्नु पर्ने व्यवस्था रहेको छ । यो वर्ष (२०७२।७३) सम्म यूजर आई.डि लिएका ९३०७२ कम्पनी मध्ये यो आ.व मा २५४४९ र यूजर आई.डि नलिएका ६०३७८ कम्पनि रहेको विवरण पेश भएको छ । दर्ता भएका कम्पनी मध्ये आ.व २०७२।०७३ सम्म ५२७०५ अद्यावधिक भएका र १७५३१ मात्रले कार्यालयमा अध्यावधिक गराएको देखियो ।

१४. **जरिवाना असूल हुनुपर्ने :** लेखापरीक्षणको क्रममा जरिवाना असूल नभएका विभिन्न कम्पनीहरु मध्ये नमूना छनोटको आधारमा १० वटा कम्पनीको फाइल परीक्षण हुँदा रु ७३ लाख ४८ हजार ६ सय जरिवाना असूल हुन बाँकी रहेको देखियो । उक्त कम्पनीहरु लगायतबाट आवश्यक प्रकृया अपनाई नियमानुसार जरिवाना असुल हुनु पर्दछ

१५. **विवरण अद्यावधिक** : कार्यालय मार्फत कम्पनीको रुपमा दर्ता भएका विभिन्न कम्पनीहरुले ऐनले तोकेको म्याद भित्र आवश्यक विवरण बुझाई कम्पनी नविकरण एवं अद्यावधिक गर्ने र सो वमोजिम विवरण नबुझाई निस्क्रिय कम्पनीहरुले कहिले देखि विवरण नबुझाएको र लाग्ने जरिवाना समेत एकिन हुने गरी वर्षगत कम्प्यूटराइज गरी विवरण अद्यावधिक गर्नुपर्नेमा सो बमोजिम गरेको नदेखिदा यथार्थ विवरण एकिन गर्न कठिन हुने देखियो । तसर्थ कार्यालयले सो वमोजिमको विवरण समेत एकिन हुने व्यवस्था गर्नु जरुरी देखियो ।

१६. **नीतिगत व्यवस्था** : कार्यालयमा दर्ता भई सकेका कम्पनीहरुको सम्बन्धमा कार्यालयबाट जानकारीमुलक सूचना एवं कम्पनीहरुलाई निर्देशन गर्न सक्ने नीतिगत व्यवस्था हुनु पर्ने देखिन्छ ।

१७. **पारिश्रमिक कर कट्टा :** कार्यालयका २ जनाकर्मचारी बाट पारिश्रमिक कर रु.२२५८।– असुल गर्नु पर्ने देखिन्छ ।

१८. निर्देशिकाको पालना : कम्पनी ऐन बमोजिम कम्पनी दर्ता गरी ती कम्पनीहरुलाई आर्थिक तथा कानुनि अनुशासनमा राखि सञ्चालन गर्न लगाई पूँजि वजारको विकासमा थप टेवा पुऱ्याउने उद्देश्यले कम्पनी रजिष्ट्रारको कार्यालयबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरुमा हुने खर्चहरु अर्थ मन्त्रालय , कार्यसञ्चालन निर्देशिका ,२०७० मा उल्लेखित नर्म्स अनुसार भएको नदेखिएकोले आगामी दिनमा कार्यक्रम सञ्चालन गर्दा अर्थ मन्त्रालय , कार्यसञ्चालन निर्देशिका ,२०७० मा उल्लेखित खर्च सम्वन्धी मापदण्डको आधार लिएर मात्र खर्च गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

१९. **कर दाखिला :** आर्थिक कार्याविधि नियमावली,२०६४ को नियम ७४ अनुसार एक कर्मचारीलाई २०७२।८।१३ गते गोरखा जिल्लामा संचालीत कम्पनी ऐन र कम्पनी प्रशासन सम्वन्धी अन्तरक्रिया कार्यक्रमको लागि पेश्कि दिई फाँटवारीबाट फछ्र्यौट गरेकोमा सहभागि र प्रशिक्षकलाई भत्ता वितरण गर्दा पारिश्रमिक कर रु ३७५०।००, बहालकर रु ३०००/- र अग्रिम आयकर रु ३९१/- गरी जम्मा रु ७१४१/- कट्टी गरेकोमा वैंक दाखिला भौचर पेश गर्नु पर्दछ ।

केन्द्रीय कारागार कारखाना

१ **कारखानाको कानूनी स्थिति :** अर्थ मन्त्रालयको २०६५।४।३० को निर्णयले नेपाल सरकार अन्तर्गत कुनै प्रकारको कोष सञ्चालन नगर्ने भनी निर्णय भएकोमा कार्यसञ्चालन कोष ऐन, २०४३को दफा ३ र नियमावली,२०५२ बमोजिम हालसम्म कार्य सञ्चालन कोषको रुपमा कारखाना सञ्चालन भैरहेको देखिन्छ । उक्त कोष सञ्चालनको लागि कारागार कारखाना पूंजि परिचालन कोष सञ्चालन कार्यविधी,२०६१ तयार गरेको भएतापनि नियम १४ अनुसारको आवश्यक विनियमहरु तयार भएको छैन ।

२ **कोषको अवस्था :** आर्थिक वर्ष २०२२।२३ सम्म तत्कालिन श्री ५ को सरकारबाट प्राप्त रु.२८७०००।०० पूंजिलाइ परिचालन गरी आफ्नै आयस्रोतबाट स्वावलम्वी रुपमा कोष सञ्चालन गर्ने निर्णय अनुसार कोष सञ्चालन भइ हाल रु.१८४९२८०४/०८ पूंजी रहेको देखिन्छ । कारागार कारखाना पूंजी परिचालन कोष सञ्चालन कार्यविधि, २०६१को परिच्छेद ३ नियम ७ अनुसार कपडा विक्री रकमको अलावा धागो रंगाइ र टुक्रा कपडा विक्रीबाट समेत आम्दानी हुने उल्लेख भएको भएतापनि हालसम्म कुनै रकम प्राप्त भएको देखिदैन । तलव र पूंजीगत खर्च वाहेक) सरकारी अनुदान प्राप्त भएको छैन । सरकारको स्विकृति लिइ

विभिन्न दाताबाट रकम प्राप्त गर्न सकिने कार्यविधीमा उल्लेख भएतापनि सो बमोजिमको कुनै आय समेत प्राप्त भएको देखिएन ।

३ **लेखा व्यवस्था र आन्तरिक लेखापरीक्षण :** कोषलाइ स्वावलम्वी रुपमा सञ्चालन गर्ने स्थिर पूंजि, सम्पत्तिको मूल्यांकन,कार्य सञ्चालन खर्च, पूंजिगत खर्च र वचत रकम देखिने गरी व्यवसायिक लेखा राखी वासलात र नाफा नोक्सान हिसाव तयार गरेको छैन ।

४ **उत्पादनतर्फ :** यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

४.१ उद्योगको रुपमा संचालित यस कारखानाले आफ्नो उत्पादन कार्य दीर्घकालिन सोचका आधारमा गर्नु पर्नेमा कारखानामा रहेको मेसिन, भौतिक संरचना एवं जनशक्तिको आधारमा उद्योगले क्षमता पहिचान गरी सो अनुसारको उत्पादन र विक्री वृद्धि गर्ने कार्यको दिर्घकालीन योजना वनाई कार्य गर्नु पर्नेमा सो अनुरुप कार्य गरेको छैन ।

४.२ कारखानबाट उत्पादन हुने वस्तुहरु स्वीकृत नर्म्सका आधारमा तयार गर्नु पर्नेमायस वर्ष रु.५११८१९१।०४ मूल्य वरावरको ७४४२ के.जि. धागो लगायत ६ किसिमको कच्चापदार्थ खर्च गरी रु ६३०२३००।५० मूल्य वरावरको सारी, प्लेन कपडा र कोरा कपडा लगायत १३ किसिमको सामाग्री उत्पादन भएको देखाइएकोमा सोको नर्म्स तयार नभएकोले कच्चा पदार्थको अनुपातमा तयारी सामानको स्थिति यकीन गर्न सकिएन ।

४.३ प्रत्येक मेसिन वा उत्पादनको जिम्मा लिने कामदारबाट तयारी सामान उत्पादन शाखामा वुझाउँदा वुझ्ने, वुझाउने व्यक्ति, वुझाएको परिमाण स्पष्ट खुलाई कार्यालय प्रमुखबाट समेत प्रमाणित गरी उत्पादन खातामा प्रविष्टि गर्नुपर्नेमा उत्पादन खाता तयार नगरी अप्रमाणित रुपमा टिपोट मात्र राख्ने गरेको हुँदा उत्पादित परिमाण एकिन गर्न सकिएन ।

५ **तयारी वस्तुको मूल्यांकन** : कामदार ज्याला तथा उत्पादित वस्तु मूल्यांकन नियम, २०६६ अनुसार कच्चा पदार्थको लागतमा कामदारको ज्याला थप गरी हुने रकममा मेसिन र विद्युत वापत ५ प्रतिशत ,व्यवस्थापन खर्च वापत १५ प्रतिशत, मुनाफा वापत ५ प्रतिशत र विक्री कमीसन वापत १२ प्रतिशत थप गरी मूल्याकंन गर्ने गरेकोमा कामदारको ज्याला नपुग भएको देखाइ यस वर्षबाट ज्यालामा वृद्धि गरेको देखिन्छ । यसरी ज्याला वृद्धिसंगै मूल्याकंनमा नपुग देखिएको वा छुट हुन गएको रकम समेत समावेश गरि तयारी वस्तुको मूल्यांकन गर्नुपर्नेमा उत्पादनसंग प्रत्यक्ष सम्बन्धित नेपाल सरकारतर्फको बजेटबाट खर्च व्यहोरेको भौतिक संरचना मरमत खर्च रु४८४५३२७०० र अन्य उत्पादनसंग सम्बन्धित खर्च समेत रु.५८६८८७८।०० मूल्यांकनमा समावेश भएको देखिएन । उत्पादन हुने विभिन्न सामाग्रीको लागि भएको उत्पादन सम्बन्धी सम्पूर्ण खर्चको अभिलेख छुट्टाछुट्टै राखी एवं विश्लेषण गरि लागत तथा मूल्य कायम गर्नु पर्दछ ।

६ **विक्री :** यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

६.१ प्राप्त आय व्यय विवरण अनुसार नगद विक्री रु.८४९०८।४२ र उधारो विक्री रु.३७९७१०७।२५ समेत कुल रु.४५८२०१५।६७ को तयारी सामान विक्री देखाएकोमा तयारी सामानको जिन्सी विवरण अनुसार रु.६३,३५,६५६।४१ खर्च एंव विक्री देखाइएको पाइयो । रु.१८,५३,६४०।७४ फरक परेको सन्दर्भमा रँगाइ लगायतका कार्य गर्न आन्तरिक प्रयोजनको लागि तयारी कपडा खर्च गर्दा समेत विलको प्रयोग गर्ने भएकोले उपरोक्त वमोजिम जिन्सी विवरण अनुसार वढि खर्च देखिन गएको भन्ने कार्यालयको भनाइ रहेतापनि पुष्ट्याईको आधार पेश भएन ।

६.२ नगद विक्री र उधारो विक्री समेत स्पष्ट हुने गरी सवै विल प्रविष्टि भएको बिक्री खाताको प्रयोग हुनु पर्नेमा सो अनुसारको विक्री खाताको प्रयोग भएको पाइएन ।

६.३ प्राप्त विवरण अनुसार विभिन्न ३१ वटा निकाय संग आ व २०५३।५४ देखि उधारो असुल गर्न वाकि रहेको रु २७,०४,८२२।५४ हालसम्म पनि असुल भएको देखिएन । अतः असुलीको लागि पहल गर्नु पर्ने देखिन्छ ।

७ **जनशक्ति व्यवस्था** : कारखानबाट प्राप्त विवरण अनुसार कूल १९ जनाको दरवन्दी मध्ये ९ मात्र पदपूर्ति भइ प्रशिक्षण अधिकृत २ , प्रमुख शिक्षक २ र शिक्षक ३ लगायत १० जना अर्थात ५२.६३ प्रतिशत दरवन्दी रिक्त रहेको पाइयो । दरवन्दी वमोजिम जनशक्ति नहुँदा कारखानाले उद्देश्य अनुसारको कार्यसम्पादन गर्न सक्ने देखिदैन ।

८ **वार्षिक लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४को नियम २० र २१ तथा अनुसूचि १(क) र २ को ढाँचामा वार्षिक कार्यक्रम र प्रगति बनाउनु पर्ने व्यवस्था रहेतापनि कोषतर्फ सो अनुसारको ढाँचामा वार्षिक कार्यक्रम र प्रगति तयार गरेको पाइएन । पावर लुम खरिद र सुतिकपडा उत्पादनमा लक्ष्य भन्दा घटि प्रगती भएको छ ।

९ **चौमासिक खर्च विवरण** : आर्थिक कार्यविधी नियमावली, २०६४को नियम २०(२) र नियम २५बमोजिम बजेट तथा कार्यक्रम सञ्चालन गर्ने प्रत्येक कार्यालयले आफ्नो वार्षिक बजेट तथा कार्यक्रम अनुसार चौमासिक लक्ष्य निर्धारण गरी कार्यक्रम एंव बजेट सञ्चालन गर्नुपर्ने व्यवस्था रहेकोमा प्राप्त विवरण अनुसार पुंजिगततर्फ निकासा रकम प्रथम चौमासिकमा खर्च नगरेको, दोस्रो चौमासिकमा रु.१८८०७०।- र तेस्रो

चौमासिकमा रु.५६८०८०८।- खर्च भएको देखिन्छ । तेश्रो चौमासिकमा खर्च भएको रकम मध्ये रु.३४८६३७२।०० अर्थात ६१.३७ प्रतिशत आषाढ महिनामा मात्र खर्च भएको देखिन्छ ।

१० **जिन्सी व्यवस्था र मौज्दात :** यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

१०.१ आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ५० अनुसार जिन्सी निरीक्षण गरी गराइ मालसामानको अवस्था खुलेको लिखित प्रतिवेदन लिनुपर्ने व्यवस्था भएकोमा कार्यालयले नियमानुसारको जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको छैन ।

१०.२ गतवर्षको भूकम्पको कारणबाट उत्पादन कार्यसंग प्रत्यक्ष सम्वन्ध रहेको भण्डार शाखा लगायत विभिन्न भौतिक संरचनाहरु क्षति नोक्सानी भई यसवर्ष रु.४८,४५,३२७।०० खर्च गरी मर्मत गरेको देखिएतापनि कच्चा पदार्थ, तयारी सामान र अन्य मेसीन उपकरण नोक्सानीको वारेमा हालसम्म पनि विवरण तयार गरेका छैन ।

१०.३ प्राप्त विवरण अनुसार २०५४।५५ भन्दा पुरानो रु.१,२५,७७२।५४ मूल्य बराबरको कपडा लगायतका विभिन्न २२ किसिमको तयारी सामाग्री र रु.१७,६८६।४५ मूल्य वरावरको कच्चा पदार्थ (धागो) हालसम्म मौज्दात नै रहेको पाइयो । उक्त सामाग्रीहरु प्रयोग हुन सक्ने नसक्ने यकिन गरी मिन्हा वा लिलाम गर्नुपर्ने देखिन्छ ।

१०.४ आवश्यकताको आधारमा मात्र कच्चा पदार्थ खरिद गर्नुपर्नेमा कतिपय कच्चा पदार्थ प्रयोगको अनुपातमा आवश्यकता भन्दा वढी खरिद गरी मौज्दात राख्ने गरेको देखियो । उदाहरणको लागि २/४० को धागो गत वर्ष २९७ के.जि. मौज्दात भइ यस वर्ष खर्च समेत नभएकोमा पुन ६०० के.जि. खरिद गरी कूल रु.४,५१,९९८। मूल्य वरावरको धागो मौज्दात राखेको पाइयो ।

११ **खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले दशलाख रुपैयाँ भन्दा बढीको मालसामान, सेवा वा कुनै निर्माण कार्य गराउँदा वोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । कारखानाले रु १८७५०३०।०० को भबन मर्मत कार्य र रु.४९८९५१।०० को मेसिनरी सिधै खरिद गरेको छ । नियमको पालना गरी खरिद कार्य गर्नुपर्दछ ।

१२ **मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ र नियमावली, २०५३ नियम १७ बमोजिम दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा अनुसूचि ५ र ५क(१८) बमोजिमको ढाँचामा रितपूर्वकको कर विजक जारि गर्नुपर्ने व्यवस्था छ । एक इन्टरप्राइजेज बाट रु.४९८९५१।५० मूल्यको प्यानल वोर्ड खरिद गर्दाको विजक नम्वर हातले सच्चाइएको पाइयो । विजक सच्चाइएको कारणबाट कुन विजक नम्बरको लागि रु.५७४०१।५० मू.अ.कर वापत खर्च लेखेको हो एकिन गर्न सकिएन । उक्त विजक अनुसार मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनु पर्दछ ।

१३ **मर्मत अभिलेख :** कपडा वुन्ने कार्यमा प्रयोग हुने ६८ वटा पावरलुम समेत विभिन्न मेसीन उपकरण रहेको यस कारखानाले मर्मत सम्वन्धी अभिलेख म.ले.प.फा.नं.२ वेगर यो वर्ष रु.४८१८९१।– मर्मत संभार खर्च लेखेको छ ।

घरेलु तथा साना उद्योग कार्यालय, काठमाण्डौ

१. **कार्यक्रम तथा प्रगति** : उद्यमशिलता बिकास , मेशिनरी औजार खरिद तथा हस्तान्तरण कार्यको लागि रु ३ लाख बजेट सहित कार्यक्रम स्विकृत भएकोमा कार्यक्रम सञ्चालन भएको पाईएन । यसरी आबश्यक र कार्यान्वयनयोग्य नभएको बिषयमा बजेट बिनियोजन गरी रकम निश्क्रिय राख्ने परिपाटीको अन्त्य गरी मागमा आधारित रहेर नतिजामुखी कार्यमा बजेट बिनियोजन गरीनु पर्दछ ।

२. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(१) बमोजिम जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले १ वर्षमा कम्तीमा एक पटक आफैंले निरीक्षण गरी वा त्यस्तो माल सामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखि वा लिई ५०(३) अनुसार जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि मर्मत सम्भार गर्नु पर्ने भए ३ महिना र लिलाम विक्री गर्नुपर्ने भएमा ६ महिनाभित्र लिलाम गर्नुपर्ने उल्लेख छ । कार्यालयले सो बमोजिम गरेको देखिएन ।

३. **प्रशिक्षार्थी छनौट तथा पाठ्यक्रम :** कार्यालयले घरेलु तथा साना उद्योग कार्यक्रम सञ्चालन निर्देशिका, २०७० को अनुसुची ६ बमोजिम तालिम आबेदन फारम बमोजिम दरखास्त माग गरी सोही आधारमा स्थापित मापदण्ड बेगर कार्यालयलाई उपयुक्त लागेको व्यक्ति वा समुहलाई छनौट गरी तालिम प्रदान गर्ने गरेको देखिन्छ । दरखास्त पेश गर्ने व्यक्तिहरुमध्येबाट पारीवारिक पृष्ठभूमि, व्यवसायिक व्यक्तित्व, व्यवसायिक सीप उपयोगितास्तर, प्रतिबद्धतास्तर र उद्यमशिलता लक्ष्य सहितका बिषयमा बैज्ञानिक ढंगले बिश्लेषण गरी सिमान्तकृत समुदायको व्यक्तिलाई प्राथमिकता प्रदान गरी प्रशिक्षार्थी छनौट गर्नु पर्दछ । कार्यालयबाट संचालित बिभिन्न किसिमका तालिम कार्यक्रमहरु गत बिगत वर्षहरु देखिनै परम्परागत रुपमा सञ्चालन भएको देखिन्छ । आधुनिक प्रबिधि र सिपको प्रयोग गरी बैज्ञानिक पाठ्यक्रमको आधारमा तालिम कार्यक्रमहरुलाई आधुनिक

बजार अनुरुप स्वरोजगार मुलक बनाउने तर्फ ध्यान दिएको देखिएन । स्थानिय निकायको माग र यस अघि सञ्चालन नभएको तालिम एवं संस्थालाई प्राथमिकता दिई तालिम कार्यक्रम सञ्चालन गर्ने गरिएको कार्यालयले जनाएको छ ।

४. **नर्म्स बेगरको कार्यक्रम खर्च :** यस कार्यालयबाट सञ्चालन हुने विभिन्न किसिमका तालिमहरुको लागि आवश्यक पर्ने कच्चा पदार्थहरु कार्यालयले लागत अनुमान समेत तयार नगरी खरिद गरी प्रयोगमा ल्याएको देखिन्छ । कुन कार्यक्रमको लागि के , कति परिमाणमा कस्तो किसिमका कच्चा सामाग्री आवश्यक पर्ने हो सोको स्पष्ट नर्म्स एवं मापदण्ड निर्धारण नगरी केवल मागफाराम स्वीकृत गराएको आधारमा सोझै बजारबाट सामान खरीद गरेको देखिदा खरिद उपयुक्तता एवं यथार्थताको मापन गर्ने चेकजाँच गर्ने, लगायतको कुनैपनि आन्तरीक नियन्त्रण व्यवस्था अबलम्बन भएको देखिएन । प्राप्त बजेटलाई मात्र आधारमानी तालिम सामाग्री खरिद हुने र सबै सामाग्री खपत भएको भनी खर्च जनाउने गरेको देखिदा खर्चको यथार्थता सम्बन्धमा विश्वस्त हुन सक्ने आधार देखिएन । तालिमको लागि भनी केन्द्रबाट यो वर्ष विभिन्न ५ फर्महरुबाट रु.८ लाख ९३ हजार ८६३ को विभिन्न कच्चा सामाग्रीहरु खरिद भएको देखियो । सो सम्बन्धमा कार्यालय लगायत सम्बन्धित निकायको ध्यानाकर्षण हुनु जरुरी देखिन्छ ।

५. **धरौटीतर्फ :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६६(२) वमोजिम धरौटी रकम फिर्ता पाउने व्यक्तिले धरौटी रकम फिर्ता लिन पाउने म्याद प्रचलित कानुनले तोकेको भएमा सोही अवधि भित्र, म्याद नतोकीएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम सम्बन्धी कारवाही समाप्त भएको मितिले १ वर्षभित्र धरौटी रकम फिर्ता पाउन सम्बन्धित कार्यालयमा नगदी रसीद साथ निवेदन दिनुपर्ने व्यवस्था छ । उक्त नियमको उपनियम ३ मा म्यादभित्र धरौटी फिर्ता लिन नआएमा नियम ६७ को राजश्वमा आम्दानी बाध्ने कार्यविधि अपनाई कार्यालय प्रमुखले राजश्वमा आम्दानी बाध्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त २०७२।७३ को व्यक्तिगत धरौटी बाँकीको विवरण अनुसार मिति २०६९ फाल्गुण २२ सम्मको नाम नखुलेको धरौटी रु.१७२३३२।४० देखाएको छ । उक्त नाम नामनामेसी नखुलेको धरौटी रकम सम्बन्धमा आर्थिक कार्यविधि नियमावली २०६४ को प्रक्रिया पुरा गरि सदरस्याहा गर्नु पर्दछ ।

६. **खर्च शिर्षक फरक :** आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३५(२) अनुसार रकम स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शिर्षकमा पर्दछ भने मात्र खर्च लेख्न पाउने व्यवस्था रहेको छ । यस वर्ष कार्यालयले सिप बिकास तथा जनचेतना शिर्षकमा विनियोजित बजेटबाट कार्यालय सामान शिर्षकमा रु २५२३१२।०० खर्च लेखेको छ । यसरी एक खर्च शिर्षकमा विनियोजित बजेट अर्को खर्च शिर्षकमा खर्च गर्ने कार्य नियमित देखिएन ।

७. **सम्झौता कार्यान्वयन :** किर्तिपुरमा ४० जना प्रशिक्षार्थीलाई ३० दिने बेतबास हस्तकलाका सामग्री निर्माण तालिम सञ्चालनको लागि एक हस्तकला उद्योगलाई रु.१६६३२२।०० तालिम सामग्री खरिद बापत भुक्तानी दिएकोमा सम्झौता बमोजिम उत्पादित सामग्री प्राप्त गरी भण्डार दाखिला भएको देखिएन । सम्झौता बमोजिम सामान प्राप्त गरी बजार मुल्यको आधारमा बिक्रि बितरण गरेर राजश्व आम्दानी गर्नु पर्दछ ।

८. **अनुगमन तथा मुल्यांकन :** कार्यालयले अनुगमन तथा मुल्यांकनमा बिनियोजन भएको रु १ लाख ५ हजार मध्ये रु ३८३९०।०० मात्र खर्च गरेको छ । तालिमको स्टाण्डर्ड मानदण्ड, कार्यान्वयन अवस्था र सुधारका क्षेत्रहरु पहिचान गरी दिईएका सुझाबहरुको कार्यान्वयन अवस्था सहित अनुगमन प्रतिबेदन तयार गरी अनुगमन तथा मुल्यांकन कार्यलाई नतिजामुखि बनाउने तर्फ ध्यान दिएको देखिएन ।

९. **उद्योग दर्ता तथा नविकरण :** प्राईभेट फर्म रजिष्ट्रेशन नियमावली, २०७० को नियम ४ मा दर्ता भएका उद्योगहरु तोकिएको अवधी पश्चात नविकरण गर्नु पर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त बिबरण अनुसार २०७२।७३ सम्ममा ४७६२७ उद्योगहरु दर्ता भएको देखिन्छ । कार्यालयले उद्योगहरुको नविकरण सम्बन्धि अभिलेख राखेको छैन । अभिलेख बेगर नविकरण दस्तुर बापत आर्थिक बिबरणमा आम्दानी देखाएको रु ३६ लाख ८८ हजार ६४५ ले सहि र यथार्थ चित्रण गरेको अवस्था छैन । प्राप्त बिबरण अनुसार प्राईभेट फर्म तर्फ मात्र आ.ब. २०६७।६८ मा दर्ता भई २०७२।७३ मा नबिकरण गर्नु पर्ने उद्योगहरु ३६५४७ रहेकोले ति उद्योगहरुको दर्ता खारेजी भएको प्रमाण वा अभिलेख अद्यावधिक भएको छैन । त्यस्ता उद्योगहरुको न्यूनतम चुक्ता पुँजी रु १ लाख मात्र हुने आधारमा पनि न्यूनतम नविकरण दस्तुर प्रति उद्योग रु ६०० को दरले रु.२ करोड १९ लाख २८ हजार हुने देखिदा नविकरणको अभिलेख अद्यावधिक गरी राजश्व प्राप्त गर्नेतर्फ आवश्यक ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

घरेलु प्रशिक्षण केन्द्र, त्रिपुरेश्वर

१. **तलवि प्रतिवेदन** : निजामती सेवा ऐन, २०४९को दफा ७ख(२) वमोजिम निजामती किताव खानाबाट वार्षिक रुपमा तलवी प्रतिवेदन पारीत गराई सोही वमोजिम तलव खर्च लेख्नु पर्ने व्यवस्था छ । यसरी पारीत हुने प्रतिवेदनमा प्रत्येक कर्मचारीको गत वर्षसम्मको ग्रेड र चालु आ.व. मा वृद्धी हुने ग्रेड रकम र ग्रेड वृद्धि

हुने महिना स्पष्ट हुने गरी प्रतिवेदन पारीत गराउनु पर्नेमा सो वमोजिम नभई एकमुष्ट जम्मा ग्रेड र तलव उल्लेख गरी पारीत गरेको देखियो । जसबाट ग्रेडरकमको यथार्थता समेत एकिन गर्न सकिएन । यस केन्द्रका ८३ जना कर्मचारीको दरबन्दी स्वीकृत भए मध्ये ४१ पद अस्थायी रहेकोमा त्यसमध्ये १४ पद करारबाट पदपूर्ति भएको छ । अस्थायी २७ जना कर्मचारीको कूल मासिक तलब र ग्रेड गरी ५,७०,८४०/- ले एक आ.व.मा ७३,९३,९२०/- खर्च लेखेको छ । लामो समयदेखि अस्थायी कर्मचारी कार्यरत रहेकामा निजहरुको तलव तथा ग्रेड रकम यकिन गर्ने व्यवस्था गरेको छैन ।

२. **विद्युत महसुल :** केन्द्रले विद्युत महसुल भुक्तानी गर्दा २०७२ श्रावण देखि फागुनसम्मको विद्युत महसुल ढिला बुझाए बापत लागेको जरीबाना रू.४९,८३०५– समेत खर्च लेखेको छ । समयमै बिल भुक्तानी भएमा पाईने छुट ३ प्रतिशतले खर्च बचत हुनेमा ढिलो दाखिला हुंदा अनावश्यक व्ययभार पर्न गएको देखियो । जरीवाना तिर्नुपर्ने अवस्थाको अन्त्य गरिनु पर्दछ ।

३. **फरक शिर्षकमा खर्च :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३६(१) मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नु पर्ने व्यवस्था छ । कार्यालयले २०७३/२/११ मा एक इन्टरप्राइजेजलाई कार्यालय सामान खरीद गरी रु.५८०१९।०० शिप बिकास तालिम शिर्षकबाट खर्च लेखेकोले अनियमित देखियो ।

४. **मन्त्रालयको खर्च :** उद्योग मन्त्रालयमा कार्यरत एक कम्प्यूटर अपरेटर २०७३।२।१९ देखि २०७३।२।२५ सम्म पोखरामा संचालित विभिन्न तालिमको अनुगमन गर्न गएको भनी रू.९,७००५– दरले रू.१९,४००५– भुक्तानी दिएको छ । छुट्टै बजेट तथा कार्यक्रम भएको तालुक मन्त्रालयको कर्मचारीको लागि केन्द्रले खर्च लेखेको नियमित देखिएन ।

५. **अग्रिम भुक्तानी :** केन्द्रले रू.२५,३२९।७६ नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी गरेको मध्ये १३६५०।१६ को रसिदमा एक्सीड रू.११६७९.५० उल्लेख छ । केन्द्रले नगदमा आधारीत लेखा प्रणाली अपनाएको हुदा पेश्कि स्वरूप भुक्तानी भएको सो रकम पछि भुक्तानी हुने विलमा समायोजन भएको प्रमाण पेश गर्नु पर्दछ ।

६. **उत्पादित सामान :** प्रशिक्षण केन्द्रमा संचालित सीप विकास तालिम तथा सेरामिक्स प्रवर्द्धन लगायतका विभिन्न तालिम सञ्चालनको लागि तालिम सामाग्री खरीद भै दाखिला भएको छ । उक्त तालिम सामाग्रिहरु शाखा प्रमुख तथा तालिम प्रशिक्षकहरुलाई एकमुष्ट बुझाई तालिमहरु सञ्चालन गरेको छ । ती तालिमहरुबाट उत्पादित सामानहरु हालसम्म पनि स्टोर दाखिला भएको छैन । ती सामानहरु दाखिला गरी विक्री वितरणबाट राजश्व प्राप्त गर्नु पर्दछ । तालिम कार्यक्रम सञ्चालन निर्देशिका, २०६८ को परिच्छेद–६ को दफा नं. १४. ४ मा तालिमबाट उत्पादित सामानको छुट्टै जिन्सी खाता राखी आम्दानी, विक्री परिमाण र राजश्व दाखिला रकम समेतको दुरुस्त अभिलेख राख्नु पर्नेमा प्रशिक्षण केन्द्रले उक्त खाता राखेको पाइएन । केन्द्रले स्विकृत हुन बांकि रु.७ लाख ६७ हजार मुल्यको सामानहरुको अनुमानित लागत समेत तयार गरिसकेकोले बिगत बर्ष देखिकै उत्पादित सामानहरुको अभिलेख राखि बजार मुल्यका आधारमा बिक्रि बितरण गरी राजश्व दाखिला गर्नु पर्दछ ।

७. **लागत गणना :** प्रशिक्षकहरुको व्यस्तता तथा जनशक्तिको अभाबको कारण जनाई प्रशिक्षर्थीहरुद्धारा उत्पादन भएका फेसन डिजाईन सम्बन्धी बिभिन्न ४० थान समानहरुको लागत समेत गणना भएको नदेखिएकोले उत्पादित सामग्रीहरुको यथार्थ लागत गणना गरी बजार मुल्यको आधारमा बिक्रि बितरण मार्फत राजश्व प्राप्त गर्नु पर्दछ ।

८. **अभिलेख व्यबस्थापन :** तालिम कार्यक्रम सञ्चालन निर्देशिका २०६८, को परिच्छेद–६ को दफा नं.१३ मा प्रशिक्षार्थीहरुको अभिलेख कम्यूटराईज गरि अध्यावधिक राखिने उल्लेख भएकोमा सो अनुसार भए गरेको पाइएन ।

९. **नर्म्स बेगरको कार्यक्रम खर्च :** प्रशिक्षण केन्द्रबाट सञ्चालन हुने विभिन्न किसिमका तालिमहरूको लागि आवश्यक पर्ने कच्चा पदार्थहरू समेत यसै केन्द्र मार्फत खरिद गरी प्रयोगमा ल्याएको देखिन्छ । कून कार्यक्रम अनुसार आवश्यक परिमाण र कच्चा सामाग्री किसिमको आवश्यकता र सोको स्पष्ट नर्म्स एवं मापदण्ड निर्धारण नगरी केवल मागफाराम स्वीकृत गराएको आधारमा सोझै बजारबाट सामान खरीद गरेको देखिदा खरीद भएको सामानको उपयूक्तता एवं यथार्थताको मापन गर्ने, चेक जाँच गर्ने, लगायतको कूनै पनि आन्तिरिक नियन्त्रण व्यवस्था भएको देखिएन । प्राप्त बजेटलाई मात्र आधारमानी तालिम सामाग्री खरिद हुने र सबै सामाग्री खर्च जनाउने गरेको देखिदा खर्चको यथार्थता सम्बन्धमा विस्वस्त हुन सक्ने आधार देखिएन। यसरी तालिमको लागि भनी केन्द्रबाट यो वर्ष विभिन्न फर्महरूबाट रू.१८४५०४९/- को विभिन्न कच्चा सामाग्रीहरू खरिद भएको देखियो । सो सम्वन्धमा कार्यालय लगायत सम्वन्धित निकायको ध्यानाकर्षण हुनु जरूरी देखिन्छ । साथै सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ को उपदफा २ मा सार्वजनिक निकायले

खरीद विधि छनौट गर्दा प्रतिस्पर्धा सिमीत नहुने गरी वार्षिक रूपमा खरीद योजना वनाई सोही वमोजिम खरीद कार्य गराउनुपर्ने देखिन्छ ।

१०. **अनुगमन तथा मुल्यांकन :** प्रशिक्षण केन्द्रले अनुगमन तथा मुल्यांकनमा रू.४ लाख ९७ हजार खर्च गरेको छ । तालिमको मानदण्ड, कार्यान्वयन अवस्था र सुधारका क्षेत्रहरू पहिचान गरी दिईएका सुझाबहरूको कार्यान्वयन अवस्था सहित अनुगमन प्रतिबेदन तयार नगरी भ्रमणको बिबरणमात्र भएको प्रतिबेदनको आधारमा खर्च लेखेकोले अनुगमन तथा मुल्यांकन खर्च नतिजामुखी देखिएन ।

११. **प्रशिक्षार्थी छनौट तथा पाठ्यकम :** प्रशिक्षण केन्द्रले प्रशिक्षार्थि छनौटको लागि चौमासिक रूपमा सूचना प्रकाशित गरी १५ दिनको म्याद दिई दरखास्त माग गर्ने गरेको छ । दरखास्त पेश गर्ने व्यक्तिहरू मध्येबाट पारीवारीक पृष्ठभुमि, व्यवसायिक व्यक्तित्व, व्यवसायिक सिप उपयोगिता स्तर, प्रतिबद्धता स्तर र उद्यमशिलता लक्ष्यण सहित ५ बिषयमा प्रत्येक बिषयको लागि २० अंकको दरले कुल १०० पुर्णाीको अन्तरबार्ता र आबश्यक परेको केहि बिषय जस्तै व्यूटिसियन, मोबाईल मर्मत आदिमा लिखित परीक्षा समेत लिई सिमान्तकृत समुदायको व्यक्तिलाई प्राथमिकता प्रदान गरी प्रशिक्षार्थी छनौट गर्ने गरेको छ । केन्द्रबाट संचालित बिभिन्न ३५ किसिमका तालिम कार्यक्रमहरू स्थापनाकाल देखिनै परम्परागत रूपमा सञ्चालन भएको र बिशेषज्ञताको आधारमा आफ्नै पाठ्यकम समेत तयार नगरी घरेलु तथा साना उद्योग बिभागको पाठ्यक्रमका आधारमा प्रशिक्षण प्रदान गर्ने गरेको छ । आधुनिक प्रबिधि र सिपको प्रयोग गरी बैज्ञानिक पाठ्यक्रमको आधारमा तालिम कार्यक्रमहरूलाई आधुनिक बजार अनुरूप स्वरोजगारमुलक बनाउनु पर्दछ ।

१२. **करार सेवाको भुक्तानी :** सार्बजनीक खरीद ऐन, २०६३ को दफा ८(२) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ विपरित गत बिगत वर्ष देखिनै कार्यरत बिभिन्न. १७ जना कर्मचारीहरूसगं रू.१ लाख भित्रको लागत अनुमान तयार गरी सोझै बार्ताबाट सम्झौता गरी सेवा करारमा राखी रू.२७ लाख १५ हजार भुक्तानी गरेको छ ।

घरेलु तथा साना उद्योग विकास समिति, प्रधान कार्यालय, त्रिपुरेश्वर

१. **दोहोरो संरचना :** औद्योगिक नीतिमा लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन एवं प्रशासनमा कार्यरत निकायहरुबीचको दोहोरोपन र अस्पष्टता हटाउन केन्द्रीयस्तरमा राष्ट्रिय लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन बोर्ड गठन गरिने व्यवस्था भएकोमा हालसम्म पनि समान उद्देश्य राखी घरेलु तथा साना उद्योग विभाग र घरेलु तथा साना उद्योग विकास समिति प्रधान कार्यालय दुबैलाई निरन्तरता दिइएको छ । प्रशासन सुधार आयोगको प्रतिवेदन, २०४८ ले समेत घरेलु तथा साना उद्योग विकास समिति तथा घरेलु तथा ग्रामीण उद्योग विभागलाई एकीकृत गर्नु उपयुक्त हुने सुझाब दिएपनि हालसम्म यस किसिमको दोहोरो संस्थागत संरचनाको अन्त्य भएको छैन ।

२. **नेतृत्वमा परिवर्तन :** घरेलु तथा साना उद्योग विकास समिति (गठन आदेश) २०५० को दफा ७(२) मा कार्यकारी निर्देशकको पदावधि ४ वर्षको हुने उल्लेख छ । विगत केहीवर्षको कार्यकारी निर्देशकको कार्यअवधि अध्ययन गर्दा ६ वर्षको अवधिमा ६ कार्यकारी निर्देशक नियुक्ति भएको पाइयो । पछिल्लो समय चार वर्षको लागि नियुक्ति भएका कार्यकारी निर्देशकलाई २ वर्ष १ महिनामा सरुवा गरी ३ जना कर्मचारीहरुलाई निमित्त कार्यकारी प्रमुख बनाएको देखियो । कार्यकारी निर्देशक नियुक्ति गर्दा अपनाउनुपर्ने कार्यविधि र मापदण्ड तयार गरी पूर्णकार्यकालको जिम्मेवारी सुम्पिनुपर्दछ ।

३. **मेड्प कार्यकम :** गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) सञ्चालन निर्देशिका, २०७० को दफा ४६ मा आफ्नो र मातहतमा संचालित कार्यक्रमहरुको अनुगमन गरी सोको चौमासिक प्रतिवेदन मन्त्रालयमा पेश गर्नुका साथै जिल्लाबाट प्राप्त हुने प्रतिवेदनलाई एकिकृत गरी चौमासिक रुपमा सार्वजनिक गर्नुपर्ने उल्लेख छ । यस कार्यक्रम अन्तरगत प्रधान कार्यालयमा मात्र रु.४३ लाख ७७ हजार खर्च भएकोमा समितिले जिल्ला स्थित कार्यालयहरुको समेत प्रतिवेदन लिई निर्देशिका बमोजिम प्रतिबेदन तयार गर्ने तथा सार्वजनिक गर्ने कार्य गरेको छैन । यसबाट तोकिए बमोजिम कार्यक्रम सञ्चालन भए नभएको परीक्षण गर्न सकिएन ।

४. **संस्था छनौट :** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) सञ्चालन निर्देशिका, २०७० को दफा ५ मा उद्यमी श्रृजनाको लागि सेवा प्रदायक संस्था परिचालन गरिने उल्लेख छ । प्रधान कार्यालयले प्राबिधिक प्रस्तावको मुल्यांकन गरेर ३ वटा संस्थाहरु प्रारम्भिक छनौट गरी जिल्लागत सूची प्रकाशित गर्ने र कार्यक्रम लागु भएका जिल्लाहरुले ती संस्थाहरुमध्येबाट आर्थिक तथा प्राबिधिक प्रस्ताब सहित पेश गर्न पुन आव्हान गर्ने व्यवस्था भएकोमा प्रारम्भिक छनौटको लागि प्रधान कार्यालयले रु.४ लाख खर्च गरेको छ । यसरी केन्द्र र जिल्लाले प्रस्ताब छनौट गर्दा स्थानिय आबश्यकता तथा सेवा प्रदायकहरुको उपलव्धता विच

सामाञ्जस्यता कायम गर्न कठिन हुने देखिदा स्थानिय स्तरमा कार्यक्रम सञ्चालन गर्ने संस्थाहरुको छनौट स्थानिय स्तरमै गरिनु पर्दछ ।

५. **कार्यक्रम तथा प्रगति** : बिभिन्न ५ जिल्लामा औधोगिक सम्भाव्यता अध्ययन प्रतिबेदन तयारी कार्यको लागि रु.६ लाख २५ हजार बजेट सहित कार्यक्रम स्विकृत भएकोमा कार्यक्रम सञ्चालन भएको पाईएन । मागमा आधारित रहेर नतिजामुखी कार्यमा मात्र बजेट बिनियोजन गर्नुपर्दछ ।

६. **प्रशिक्षार्थी छनौट तथा पाठ्यक्रम :** समितिले प्रशिक्षार्थी छनौटको पहिलो चौमासिकमा सूचना प्रकाशित तालिम लिन चाहनेहरुलाई अन्तरक्रियामा भाग लिने तथा संस्था छनौट र प्रशिक्षक रोस्टरको लागि सूचना आव्हान गर्ने गरेको देखियो । सूचना बमोजिम अन्तरक्रियामा सहभागि हुने मध्ये घरेलु तथा साना उद्योग बिकास समिति कार्यक्रम सञ्चालन निर्देशिका २०५८ को अनुसूची १३ बमोजिमको ढांचामा दरखास्त माग गरी दरखास्त पेश गर्ने व्यक्तिहरु मध्येबाट पारीवारीक पृष्ठभूमिको शैक्षिक योग्यता, काम प्रतिको प्रतिबद्धता, व्यवसायिक सीप उपयोगिता, उद्यमशिलता लक्ष्य, व्यक्तित्व र सीमान्तकृत समुदायको आधारमा प्रशिक्षार्थी छनौट गर्ने गरेको छ । समितिबाट संचालित बिभिन्न महिला उद्यमशिलता सम्बन्धी तालिम कार्यक्रमहरु आधुनिक बजारको माग अनुरुप स्वरोजगारमुलक एवं शिपमुलक बनाउन पठ्यक्रम तथा परीक्षण बिधिलाई समयनुकुल परिमार्जन गरिदै जानुपर्दछ ।

७. **जिन्सी निरीक्षण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० (१) मा जिन्सी निरीक्षण गरी सोको प्रतिवेदन तयार गरी कार्यान्वयन गर्ने व्यवस्था भएकोमा कार्यालयले सो बमोजिम जिन्सी निरीक्षण गराएको पाइएन । नियम बमोजिम निरीक्षण एवं प्रतिबेदन गरी सो को कार्यान्वयन मार्फत जिन्सी व्यवस्थापनलाई प्रभाबकारी बनाउनु पर्दछ ।

८. **दाखिला प्रतिबेदन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५७(४) मा जिन्सी मालसामान हस्तान्तरण गर्दा हस्तान्तरण फारम भरी हस्तान्तरण गर्नुपर्ने, बुझिलिने कार्यालयले हस्तान्तरण भई आएका मालसामानहरु जिन्सी खातामा आम्दानी बाधी सो को जानकारी साबिक कार्यालयलाई दिनुपर्ने र सो बमोजिम साबिक कार्यालयले लगत कट्टा गर्नुपर्ने उल्लेख छ । प्रधान कार्यलयले लघु उद्यम बिकास कार्यक्रम मार्फत प्राप्त ६ थान मोटर साईकलको प्रति थान रु.१ लाख ८२ हजारका दरले आम्दानी बांधि बिभिन्न ६ जिल्लामा हस्तान्तरण भएकोमा एक जिल्लाबाट मात्र जिन्सी खातामा आम्दानी जनाएको प्रमाण पेश भएको छ । ५ जिल्लाबाट दाखिला प्रतिबेदन प्राप्त नगरी लगत कट्टा गरेको रु.९ लाख १० हजारको मोटर साईकल जिन्सि खातामा आम्दानी जनाएको प्रमाण पेश गर्नु पर्दछ ।

९. **बढी खरीद :** समितिको संक्षिप्त परिचय पुस्तिका ५०० प्रतिको रु.५२४९९।०० र लघु उद्यम बिकास कार्यक्रम ३०० प्रतिको रु.६००००।०० मा छपाई गरी जिन्सी खातामा मौज्दात रहेको देखियो । आबश्यकताको बिश्लेषण नगरी अनुत्पादक ढंगले बढिमात्रामा खरिद गरी रु ११२४९९.०० थप व्ययभार पारेको देखियो ।

९.१ **दर्ता नभएकोबाट खरीद :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(१) मासार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायीलेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ताप्रमाणपत्र प्राप्त गरेका फर्मबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । प्रधान कार्यालयले मूल्य अभिवृद्धि कर दर्ता नभएका एक व्यक्तिसँग सम्झौता गरी भुक्तानी भएको रु.९ लाख ६६ हजार भाडा खर्च अनियमित देखियो । भाडा कर रु.९६,६००।०० कट्टी नभएकोले असुल गरी सम्बन्धित राजश्व खातामा दाखिला गर्नु पर्दछ ।

१०. **कार्यक्रमगत खाता :** प्रधानकार्यालयबाट संचालित विभिन्न कार्यक्रहरुको कार्यक्रमगत खाता राख्ने नगरेबाट के कुन कार्यक्रममा कति खर्च भयो एकिन गर्ने आधार भएन भनि गत बिगत वर्षको प्रतिवेदनहरुमा समेत औंल्याईएकोमा यस वर्षपनि कार्यक्रमगत खाता राखेको छैन ।

११. **नर्म्स सम्बन्धमा :** प्रधान कार्यालयले सञ्चालन गर्ने गोष्ठी तथा सेमिनारमा अध्यक्षता, कार्यपत्र प्रस्तुत तथा टिप्पणी गरेको र चिया खर्च सम्बन्धमा स्पष्ट नर्म्स निर्माण गरी खर्च गर्नु पर्दछ । कार्यक्रम सञ्चालन निर्देशिका, २०५८ बिक्रम संम्बत २०६६ देखि अद्यावधिक नभएकोले अर्थ मन्त्रालयको कार्यक्रम सञ्चालन निर्देशिका संग समाञ्जस्यता कायम गरी अद्यावधिक गर्नु पर्दछ ।

१२. **बृत्तचित्र :** घरेलु तथा साना उद्योग सम्बन्धी बृत्तचित्र निर्माण तथा प्रशारण कार्यमा रु ७ लाख २० हजार खर्च भएकोमा सम्झौता बमोजिम उत्पादित सामग्री डिजिटलरुपमा प्राप्त गरी दीर्घकालीन रुपमा प्रयोग गर्न मिल्ने गरी भण्डार दाखिला गरेको देखिएन ।

१३. **बिल भरपाई :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३६(३) माखर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नुपर्ने व्यबस्था छ । कार्यालयले बैठक भत्ता रु.९ हजार भरपाई बेगर खर्च लेखेको देखिएकोले खर्च असुल गर्नु पर्दछ ।

१४. **प्रमाणपत्र छपाई :** बिभिन्न सिपमुलक तालिममा सहभागि १०५२ जना प्रशिक्षर्थीहरुको लागि १९०० थान प्रमाणपत्र छपाई गरी रु ८१५८६।०० खर्च लेखेको पाईयो । सहभागि भन्दा बढी प्रमाणपत्र छपाई गरेको ८४८ थानको प्रतिथान रु.४२.९४ का दरले रु ३६४१३।१२ बढी बढी व्ययभार पारेको छ ।

१५. **प्रबिधि हस्तान्तरण :** सिलाई प्रशिक्षार्थीहरुलाई बितरण गर्न १० थान सिलाई मेसिन रु.१ लाख १० हजार तथा बिषदी रसायनिक मल प्रयोग बिधिका प्रशिक्षार्थीहरुलाई बितरण गर्न प्लास्टिकको स्प्रे टंकि १० थान रु. १८ हजार समेत रु.१ लाख २८ हजारको सामग्री खरिद गरी मौज्दात राखेकोले यथाशिघ्र लक्षित बर्गलाई हस्तान्तरण गर्नुपर्दछ ।

१६. **सोझै खरीद :** सार्बजनीक खरीद ऐन २०६३, को दफा ८.(२) विपरित समितिले रु १०९३४२३।७५ को मेशिनरी औजार खरीद गर्दा टुक्रा टुक्रा प्याकेज बनाई बिना प्रतिस्पर्धा लागत अनुमान समेत तयार नगरी सोझै खरीद गरेकोले नियम सम्मत देखिएन ।

१७. **ऋण फिर्ता :** एकै आर्थिक वर्ष भित्र फिर्ता गर्नु पर्ने बिभिन्न ४ कर्मचारीको ६ महिने अल्पकालीन ऋण रु.८ लाख १३ हजार आर्थिक वर्षको अन्त सम्म पनि फिर्ता गरेको नदेखिएकोले सावाँ व्याज सहित फिर्ता प्राप्त गर्नु पर्दछ ।

१८. **करार सेवाको भुक्तानी :** सार्बजनीक खरीद ऐनको दफा ८.(२) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ विपरित गत बिगत वर्ष देखिनै कार्यरत बिभिन्न.६ जना कर्मचारीहरुसंग रु.१ लाखभित्रको लागत अनुमान तयार गरी सोझै बार्ताबाट खरीद गरी रु १२ लाख ८ हजार भुक्तानी गरेको छ ।

१९. **अनुगमन तथा मुल्यांकन :** समितिले अनुगमन तथा निरीक्षण प्रतिबेदन भनि बार्षिक रुपमा पुस्तिकानै प्रकाशन गर्ने गरेको छ । प्रतिबेदन तथा पुस्तिकाहरुमा मातहत कार्यलयलाई आबश्यक भौतिक पुर्वाधार उपलव्ध गराउनु पर्ने, धरौटी रकम समयमा प्रधान कार्यालय पठाउनु पर्ने जस्ता व्यहोराहरु गत बिगत देखिनै औंल्याईएको देखिन्छ । तर ती सुझावहरुको कार्ययोजना सहित कार्यन्वयन गर्ने तथा फलो अप गर्ने संयन्त्र नभएकोले अनुगमन मुल्यांकनमा भएको खर्च रु ७६१४६३।०० नतिजामुखी देखिएन ।

२०. **आन्तरिक लेखापरीक्षण** : आन्तरिक लेखापरीक्षण निर्देशिका, २०५५ को दफा १.५ र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ अनुसार आन्तरीक लेखापरीक्षण गर्नुपर्ने व्यबस्था छ । समितिको प्रमुख कार्यक्रमको रुपमा रहेका ऋण लगानी कोष, घर जग्गा सापटी कोष र घुम्ति कोषको आन्तरिक लेखापरीक्षण गराएको छैन । कार्य सञ्चालन कोष सहित नियमावली तथा निर्देशिकाको पुर्ण रुपमा पालना गरी प्रभाबकारी ढंगले आन्तरिक लेखापरीक्षण गर्नुपर्दछ ।

२१. **बजेट बिनाको दायित्व :** समिति अन्तरगत रहेका ४८ वटा शाखा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको सरुवा, काज तथा नयां पदस्थापनका बखत कर्मचारी तथा परिवारको भ्रमण खर्च रकम रु.२६ लाख ६ हजार ९५२ बजेट अभाब भएको कारण देखाई २०७३।७४ को लागि दायित्व श्रृजना गरेको देखियो । २०७३।७४ को स्विकृत बजेटमा भ्रमण खर्चमा रु.८ लाख ७५ हजार मात्र बिनियोजन भएको छ । बिनियोजित बजेट पुरै खर्च खर्च गर्दा समेत अघिल्लो बर्षको दायित्व भुक्तानी गर्न नपुग हुने आन्तरिक लेखापरीक्षण प्रतिबेदनमा समेत उल्लेख भएको छ । यसबाट चालु आ.ब. को कार्यक्रम सञ्चालन गर्न बजेट सून्यताको अवस्था आई कार्य संपादन जटिल बन्न जाने अबस्था छ । बजेट बिना दायित्व श्रृजना गर्ने कार्य पुर्ण रुपमा नियन्त्रण गर्नु पर्दछ ।

ट्याक्सी टेम्पो इकाइ, बालाजु

१. **ट्याक्सी टेम्पोको मिटर अनुगमन तथा नविकरण** : काठमाण्डौं उपत्यकामा यो वर्ष नयां दर्ता भएको १७५३ समेत मिटर जडान गरी सञ्चालन भएको ट्याक्सी ८५५४ वटा रहेको पाइयो । इकाइमा रहेको अभिलेख अनुसार नयां दर्ता १७५३ बाहेक गत बिगतमा दर्ता भई यो बर्ष नविकरण गर्नुपर्ने ६८०१ ट्याक्सी मध्ये ५७५४ वटा ट्याक्सीले मात्र नविकरण गरेको छ । यसरी मिटर जडान भएको ट्याक्सीहरु मध्ये ८४.६० प्रतिशतले मात्र नविकरण गरी १०४७ वटा ट्याक्सीले मिटर नविकरण नगर्नुका साथै सो बापत लाग्ने जरीवाना समेत असुल गरेको छैन । अत: नबिकरण नभएका ट्याक्सीहरुलाई प्रचलित कानुन बमोजिम कारबाहि गरी न्यूनतम नविकरण दस्तुर प्रति ट्याक्सि रु ३०० का दरले १०४७ ट्याक्सिको रु ३ लाख १४ हजार १०० मा जरिवाना सहित गणना गरी असुल गर्ने तर्फ ईकाई कार्यालय संबेदनशिल हुनु पर्दछ ।

२. **कर भुक्तानीको जानकारी** : बिभिन्न ६ आपूर्तकलाई मूल्य अभिवृद्धि कर रु.२३ हजार भुक्तानी गरेकोमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) बमोजिम सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा जानकारी पठाउनुपर्नेमा जानकारी गराएको नदेखिएकोले कर समायोजन भएको प्रमाण पेश गर्नु पर्दछ ।

३. **ट्याक्सी अनुगमनः** स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा २५ बमोजिम अनुमति प्राप्त गरेको मिटरवाला ट्याक्सीको सम्बन्धमा इकाइको निरिक्षक कर्मचारीको नेतृत्वमा ट्राफिक प्रहरी, नगर प्रहरी, उपभोक्ता मञ्चको

प्रतिनिधि , प्रत्रकार समेतको उपस्थितिमा सार्वजनिक विदाको दिन वाहेक प्रत्येक दिन मिटर ट्याक्सी अनुगमन गर्ने गरेकोमा यस वर्षसम्म नविकरण अनुमति पत्र प्राप्त गरेको ८५४६ ट्याक्सी मध्ये प्राप्त विवरण अनुसार कल फास्ट गर्ने ७, सिल नभएको/छिनेको /टुटेको ७३, डेडी हानेको ५७, मिटर विगारी बढी भाडा लिएको ७६, गरी जम्मा २१३ ट्याक्सी लाई जरिवाना गरी रु, ३,११,०००।- राजस्व संकलन भएको छ । दशै तिहार जस्ता लामो अवधि सार्वजनिक विदा हुने समयमा अनुगमन नहुँदा उपभोक्ताको हित संरक्षण भएको देखिएन । अभिलेखको अभावमा प्रत्येक पटक एकै प्रकृतिको गल्ती दोहोर्‍याउने ट्याक्सीको संख्या यकिन गर्न नसकिएबाट मिटरमा हुने अनियमितता नियन्त्रण गर्न कठिन हुने देखिन्छ ।

४. **जिन्सी व्यवस्थापन :** कार्यालयबाट आर्थिक कार्यविधि नियमाली, २०६४ को नियम ५० (३) वमोजिम जिन्सी निरिक्षण प्रतिवेदन प्राप्त भएपछि कार्यालय प्रमुखले त्यसको १ प्रति तालुक कार्यालयमा पठाउनु पर्ने र तालुक कार्यालयले त्यस्तो प्रतिवेदनको विषयमा एक महिनाभित्र कुनै निर्देशन पठाएको भए सो समेतलाई विचार गरी तोकिएको समयभित्र मर्मत तथा लिलाम विकी गरिसक्नुपर्ने नियममा व्यवस्था छ । कार्यालयले नियमानुसार प्रतिबेदनको कार्यान्वयन गरेको छैन ।

५. **धरौटी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८ बमोजिम धरौटी कारोवारको लेखा राख्दा गोस्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता छुट्टा छुट्टै राख्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले व्यक्तिगत तथा धरौटी खाता छुट्टा छुट्टै राखेको देखिएन ।

गुणस्तर तथा नापतौल क्षेत्रीय कार्यालय, बालाजु

१. **प्राविधिक परीक्षण र बजार अनुगमन :** नेपाल गुणस्तर नापतौल ऐन, २०२५ को दफा २० (१) २३,२५,२६,२७ र ३० (१) को विपरित हुने गरी कुनै पनि पसल, फर्मले नापतौलमा घटवढ गरेमा प्रति दफा रु १०००।- देखि २०००।- सम्म जरिवाना गरेको छ । यस क्षेत्रिय कार्यालयमा १२ जना स्थायी कर्मचारीको दरवन्दि रहेको छ । कार्यक्षेत्रको बिस्तार, जनशक्तिको कमि, भूकम्प जस्ता दैवि विपत्तिले गर्दा यो वर्ष बजारमा नापतौलमा एकरुपता कायम गर्ने सम्बन्धि कार्यको पर्याप्त अनुगमन हुन नसकेको व्यहोरा छलफलको क्रममा कार्यालयले जानकारी गराएको छ । ऐन नियममा समयानुकुल सुधार र बिद्यमान जनशक्तिको अधिकतम परीचालन गरी अनुगमन प्रकृयामा तिव्रता ल्याउनु पर्दछ ।

२. **ग्यास उद्योग सम्बन्धमा :** यो वर्ष क्षेत्रिय कार्यालय बालाजुबाट ४ वटा ग्यासको नापतौलमा एकरुपता कायम गर्न अनुगमन गरेको छ। सिलिण्डरमा घटि ग्यांस भरेको, ग्यांस उद्योगले नविकरण नगरेको फिलिङ मेसिनहरु सञ्चालन गरेको जस्ता कार्य भएको पाइएकोमा कार्यालयबाट नेपाल गुणस्तर ऐन, २०२५ अनुसार रु.१५००।- देखि रु.४०,०००।- सम्म जरिवाना लिएको देखिन्छ । एउटै कमजोरीमा उद्योग अनुसार निरीक्षण अधिकृतको स्वविवेकमा फरक फरक जरीवाना गर्दा न्यायसंगत हुने नदेखिएकोले कानुनमा सुधार गरी जरीवाना रकममा एकरुपता कायम गर्नु पर्दछ ।

३. **राजश्व :** यस क्षेत्रिय कार्यालयबाट यो वर्ष रु.८३२४०२८।- राजश्व संकलन गरेको छ । राजश्व संकलनका स्रोतहरुमा पेट्रोलियम पदार्थको नविकरण, ग्यांस उद्योगहरुको नविकरण र नापतौल तथा नाप्ने यन्त्र जांचपास गर्दा प्राप्त हुने राजश्व रहेको देखिन्छ । पेट्रोलियम पम्प र ग्यांस उद्योग स्थायी प्रकृतिका उद्योग हुन । यी उद्योगहरुबाट प्रतिवर्ष नविकरण गरेवापत राजश्व प्राप्त हुने हुदाँ यस क्षेत्रीय कार्यालयको क्षेत्राधिकार अर्न्तगत कतिवटा पेट्रोलियम पम्प र ग्यांस उद्योग छ, सोको लगत राखेको देखिएन । स्थायी प्रकृतिका राजश्व संकलन हुने उद्योगहरुको लगत खडा गरी पारदर्शि ढंगबाट राजश्व असुल गरीनु पर्दछ ।

४. **जिन्सी सम्बन्धमा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० बमोजिम जिन्सी सामानको लगत खडा गरी कार्यालय प्रमुख तथा निजले तोकेको जिन्सी शाखाको प्रमुख बाहेकको कर्मचारीबाट वर्षको एक पटक जिन्सी निरीक्षण गर्नुपर्ने प्रावधान रहेको छ । यसरी निरीक्षण गर्दा चालु हालतमा भएको वा नभएको तथा मर्मत गर्नुपर्ने वा लिलाम गर्नुपर्ने सो समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जिन्सी निरीक्षण प्रतिवेदनमा चालु हालतमा नरहेको भनि उल्लेख भएकोमा मर्मत वा लिलाम गर्नुपर्ने कुरा खुलाएको देखिएन ।

५. **पेट्रोल पम्पको अनुगम :** कार्यालयले आफ्नो क्षेत्र भित्रको ९ जिल्लामा स्ट्याण्डर्ड नापतौल ऐन, २०२५ अनुसार नापतौलको अनुगमन गर्ने जिम्मेवारी पाएकोमा यस वर्ष नेपाल भारत सिमा नाकामा देखा परेको असहज आपुर्तिको कारण पट्रोल पम्पहरुको नापतौलको अनुगमन हुन नसकेको भन्ने कार्यालयको भनाई रहेको छ । असहज अवस्थामा उपभोक्ता हित विपरित कार्यमा झनै बढोत्तरी हुने हुदाँ यस्तो स्थितिमा अनुगमन कार्यमा बृद्धि गर्नुपर्नेमा अनुगमननै नगर्ने परिपाटीले कार्यालयको जिम्मेवारी र जवाफदेहिता वहनको स्थिति फितलो रहेको देखियो ।

६. **लागत अनुमान :** कार्यालयले रु.८ लाख ५० हजारको ढक तराजु खरीद गर्दा सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११ बमोजिम लागत अनुमान तयार गरी नियम १४ बमोजिम स्वीकृत भएको देखिएन । स्वीकृत लागत अनुमान बमोजिम प्रतिस्पर्धा गरी खरीद गर्नुपर्नेमा लागत अनुमान तयार नगरी खरीद गरेको रकम कानुन विपरित देखियो ।

पेट्रोलियम अन्वेषण परियोजना, लैनचौर

१. **चौमासिक खर्च सम्बन्धमा :** स्वीकृत वार्षिक कार्यक्रमहरु समयबद्ध रुपमा सञ्चालन गर्नुपर्नेमा खर्चको बिवरण अनुसार कुल खर्च रु.१७ लाख ७७ हजार भएकोमा तेस्रो चौमासिकमा रु.१० लाख ३८ हजार अर्थात ५८.४१ प्रतिशत खर्च गरेको छ । अन्तिम चौमासिकमा ठूलो रकम खर्च गर्दा कामको चापको कारणले पर्याप्त अनुगमन, सुपरिवेक्षण गर्न नसकी कामको गुणस्तरमा समेत असर पर्न नदिन योजनाबद्ध रुपमा समयमै कार्यक्रम सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२. **जिन्सीप्रतिवेदन र कार्यान्वयन** : कार्यालयबाट पेश भएको जिन्सी निरीक्षण प्रतिबेदन अनुसार बिभिन्न किसिमका खर्च नहुने प्रकृतिका सामानहरु मर्मत गर्नु पर्ने र लिलाम गर्नु पर्ने प्रतिवेदनमा उल्लेख छ । लिलामी कारबाही गर्नुपर्ने सामानहरु लिलाम गर्नुपर्ने र मर्मत गर्नुपर्ने सामानहरु मर्मत गरी प्रयोगमा ल्याउनु पर्ने देखिन्छ ।

३. **प्रतिवेदन :** मेची राजमार्ग सडकको नक्सा अपडेट कार्यको अपडेटेड नक्सा तयार भएको र सो कार्यको अनुगमन प्रतिवेदन पेश भएको पाइएन ।

४. **दाखिला प्रमाण :** एक कर्मचारीको पेश्की फछ्र्यौट गरेकोमा पेश भएको फाँटबारी अनुसार नपुग रु.४९७५। नगद दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

५. **बढि भुक्तानी :** स्वीकृत कार्यक्रम अनुसार सुर्खेत तथा दैलेख क्षेत्रमा पेट्रोलियम संभावनाको पूर्नमुल्याङ्कन गर्ने टोलीमा गएका कर्मचारीको भ्रमण खर्च बापत एक कर्मचारीको रु.७८८६०। पेश्की फछ्र्यौट गरेकोमा २ कर्मचारीलाई फर्केको दिनको वढी दैनिक भत्ता दिएको रु.२,७००।– असुल गर्नुपर्दछ ।

५.१. **बढी भुक्तनी :** सुनसरी र धनकुटा जिल्लामा हुने नक्शा अपडेट कार्यको लागि तथा सुर्खेत जिल्लामा सञ्चालन भएको स्टाटिग्रफि स्ट्रक्चरल कार्यको लागि रु.३,४८,८८८। पेश्की फछ्र्यौट एवं खर्च लेखेकोमा खनिज सर्वेक्षण (भत्ता तथा सुविधा) नियमहरु, २०६० को अनुसुचि ४ बमोजिम चैत्र, बैशाख तथा जेष्ठ महिनामा गर्नुपर्ने कार्यमा पचास प्रतिशत थप पाउने ब्यवस्थाको आधारमा कर्मचारीले दैनिक भत्ता लिएको देखिन्छ । स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्टाटिग्राफी एवं स्ट्रक्चरल फिल्ड कार्य प्रथम र दोस्रो चौमासिक अर्थात श्रावणदेखि फागुनसम्ममा गर्नुपर्ने उल्लेख छ । तोकिएको चौमासिकमा कार्य नगरी तेस्रो चौमासिकमा सो कार्य गरी खनिज सर्वेक्षण सम्बन्धि नियमावली प्रयोग गरी थप सुबिधा लिएको देखियो । तोकिएको अवधिमा सो कार्य नगरी थप सुबिधा पाउने महिनामा कार्य गरेकोले उक्त नियमआकर्षित हुने अवस्था नदेखिएकोले २ कर्मचारीलाई रु.४४,८००।– वढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ ।

६. **भुवहालकर :** भुवहाल कर वापत रु.४८६७६८९।३९ बिबिध खातामा बाकी रहेकोले सो रकम राजश्व खातामा दाखिला हुनुपर्दछ ।

७. **पेश्की बांकी :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ७४ बमोजिम ३ कर्मचारीलाई दिएको पेश्की रु.४,१०,३५६।– असुल फछ्र्यौट गर्नुपर्दछ ।

८. **कार्यालयको खर्च एवं उपलब्धी :** पेट्रोलियम लगायत खानीजन्य वस्तुहरुको अनुसन्धान, अन्वेषण र उत्खनन कार्यहरु अगाडी बढाउने उद्देश्यले यो आ.ब.मा चालु खर्चमा रु.५७ लाख ८३ हजार र पूजिगत खर्चमा रु.१७ लाख ७७ हजार समेत रु.७५ लाख ६० हजार निकासा खर्च गरेको छ । यो वर्ष पेट्रोलियम पदार्थ अन्वेषण सम्बन्धि बिवरण पेश गरेको छैन, परियोजनाले यो वर्ष पेट्रोलियम पदार्थ तथा खानीजन्य उत्खनन गरी तत्सम्बन्धमा भएको प्रगति बिवरण पेश नभएको र अन्वेषण कार्य नसकेको जानकारी दिएकोले परियोजनाले उपरोक्तानुसारको खर्चको औचित्य पुष्ट्याई गर्नुपर्ने देखिन्छ ।

विशेष आर्थिक क्षेत्र विकास समिति

१. **आन्तरिक नियन्त्रण** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको मूल्यांकन गर्दा सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११७ (१) अनुसार सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरेको मालसामान वा सेवा स्वीकार गर्दा सो को कार्य स्विकार प्रतिवेदन तयार नगरेको, तेश्रो चौमासिकमा कुल खर्चको ६५ प्रतिशत खर्च गरेको, आषाढ अन्त्यमा रु.३ करोडको थप अख्तियारी प्राप्त भएको, पहिलो चौमासिकमा सम्पन्न गर्नु पर्ने ५ ठेक्का सम्झौता तेस्रो चौमासिकमा भएको, साइट रजिस्टर र आइटम वाइज रजिस्टरलाई आधार मानि म.ले.प.फा.नं. १९२ अनुसार नापी किताव नियन्त्रण खातामा प्रविस्टी नगरेको, अनुसूचि १४ वमोजिमको ढांचामा वार्षिक प्रतिवेदन तयार नगरेको, तलवी प्रतिवेदन पारित नगराई रु.१५०६५५७– तलवमा खर्च लेखेको, बिभिन्न पदमा ५ दरबन्दि रिक्त रहेको कन्टिन्जेन्सीको अभिलेख नराखी रु.३० लाख ५२ हजार खचं गरेको आदि कमजोरी देखिएकोले आन्तरीक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्ने देखिन्छ ।

२. **प्रगति :** विशेष आर्थिक क्षेत्र विकास समितिले मुलुकको विभिन्न १५ स्थानमा विशेष आर्थिक क्षेत्र निर्माण गर्ने योजनाअनुरुप २०६०।६१ बाट शुरु भएको भैरहवा विशेष आर्थिक क्षेत्रमा ल्यान्ट डिमार्केसन, लाईट भ्याकल

पार्किङ, बाटर ट्रिटमेन्ट प्लान्ट,पेट्रोल पम्प निर्माणबाहेक अन्य कार्यहरु १३ वर्षमा सम्पन्न गरेको छ । शुरु लागत अनुमान रु.३९ करोड ४९ लाख २८ हजार भएको सो कार्यमा हालसम्म रु.५९ करोड ६५ लाख ५५ हजार खर्च भएको छ । गुरु योजनाबमोजिम बाँकी कार्य यथाशीघ्र सम्पन्न गरी उद्योग स्थापना मार्फत निकासी प्रर्वधन गर्नुपर्दछ । त्यस्तै गोरखा, सिरहा, रौतहट, धनुषा, धनगढी, कपिलवस्तुमा विशेष आर्थिक क्षेत्र निर्माणको लागि सम्भाव्यता अध्ययन भएको, झापा र नेपालगन्जको पूर्वसम्भाव्यता अध्ययन भएकोमा पूर्वाधार निर्माणको कार्य अगाडि नबढेको र नुवाकोटमा जग्गा हस्तान्तरणमा समस्या रहेको देखिन्छ । गुरुयोजनाअनुसार बाँकी १४ स्थानमा समेत समयमै विशेष आर्थिक क्षेत्र निर्माण गर्नुपर्दछ ।

३. **म्याद थप :** भैरहवा विशेष आर्थिक क्षेत्र विकास समितिमा प्रशासनिक भवनको रुफ ट्रस निर्माणको लागत अनुमान रु ७५८६६४।४४ भएकोमा एक निर्माण सेवाले रु ७२४६९६।१८ मा सम्झौता गरी आषाढ २८, २०७२ मा कार्य सम्पन्न गर्ने भनी सम्झौता भएको छ । उक्त निर्माण व्यवसायीले कारण खुलाई म्याद थपको निम्ति निवेदन समेत नदिएको अवस्थामा संचालक समितिको वैठकबाट २०७३।३।२० सम्म म्याद थप गर्ने गरी स्विकृति दिएकोमा म्याद थप मनासिव देखिएन । ढिलाइ गरे वापत सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति समेत असुल नगरी रु.७२२३९५।- भुक्तानी दिएकोले सम्झौता रकम रु ७५८६६४।४४ को प्रति दिन ०.०५ प्रतिशतको दरले ३५७ दिनको पुर्वनिर्धारित क्षतिपुर्ति रकम रु १३५४२१.०० वा दश प्रतिशतले हुने रु ७५८६६.०० मध्ये घटी रकम रु.७५८६६.०० असूल गर्नु पर्दछ । समितिबाट प्राप्त विवरण अनुसार यस वर्ष सम्पन्न भएको तथा हुन बाँकि रहेको २७ ठेक्का मध्ये २ ठेक्कामा शुरु अवधिको १०० प्रतिशत सम्म म्याद थप भएको ताथा ५ ठेक्कामा शुरु अवधिको १०० प्रतिशत भन्दा बढी अवधि थप भएको देखिन्छ । सम्झौता बमोजिम गुणस्तरीय एवं मितव्ययी तरिकाबाट समयमै सम्पन्न गर्नेतर्फ समिति संवेदनशिल हुनु पर्दछ ।

४. **भरपाई :** भाडा निर्धारण समितिको बैठक बसे बापत ९ जनालाई बैठक भत्ता रु.६८००।-खर्च लेखेकोमा उक्त भत्ता रकम बुझेको भर्पाइ पेश भएको छैन ।

५. **परामर्श खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ अनुसार रु.३००,०००।- भन्दा बढिको मालसमान वा परामर्श सेवा खरिद गर्नु परेमा सिलबन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने व्यवस्था छ । समितिले रु ९९३६७०.०० लागत अनुमान भएको निर्माण कार्यको लागि परामर्श सेवा खरीद गर्न एक इन्जिनियरिङ्ग प्रा.लि.सँग रु.९५७११०.०० पुरै रकम भुक्तानी भएको छ । मस्यौदा प्रतिवेदन बुझाएको १ दिनपछि अन्तिम प्रतिबेदन बुझाएको देखिन्छ । मस्यौदा प्रतिबेदनमा रहेका कमि कमजोरीहरुको परीक्षण गरी प्राप्त पृष्ठ पोषणको आधारमा अन्तिम प्रतिबेदन तयार गर्नु पर्नेमा सो नगरी अन्तिम प्रतिबेदन बापतको रु.२८९११०.००भुक्तानी दिएको छ ।

६. **जग्गा अतिक्रमण :** सेज सिमराको कार्य क्षेत्र भित्र पर्ने ८३३ विगाह जग्गा मध्ये उक्त क्षेत्र भित्र सयौ घर, टहरा, छाप्रा निर्माण गरी स्थानियबासिहरु वसोवास गरेको अभिलेखबाट देखिएकोले आफ्नो जग्गा नाप नक्शा वमोजिम छुट्टयाई अतिक्रमण हुन बाट जोगाउनु पर्ने देखिन्छ । अतिक्रमण हटाउन पटक पटक प्रयास गरिएको भएता पनि बिभिन्न पर्यावरणिय कारणहरुले नसकिएको समितिले जनाएको छ ।

७. **सेवा करार :** उद्योग मन्त्रालयको अस्थायी दरवन्दी सम्बन्धी परिपत्र अनुसार समितिको स्वीकृत अस्थायी दरवन्दीमा मन्त्रालय अन्तर्गत कार्यरत स्थायी कर्मचारी काजमा ल्याई पदपूर्ति गर्न, सो नभएमा सामान्य प्रशासन मन्त्रालय सँग माग गर्ने, उपलब्ध हुन नसकेमा लोकसेवा आयोगको अस्थायी सूचीमा रहेकोबाट पदपूर्ति गर्न माग गर्ने र यसरी पनि पदपूर्ति हुन नसकेमा प्रचलित कानून वमोजिम सेवा करारमा लिनुपर्ने व्यवस्था भएकोमा यस वर्ष समितिले विभिन्न पदको १९ जना कर्मचारीलाई उपरोक्त व्यवस्था विपरित सोझै नियुक्ति तथा करार नविकरण गरी तलव भत्ता वापत रु.३८ लाख ११ हजार खर्च लेखेको छ ।

८. **रुग्ण योजना :** भैरहवाको साईट डेभलप प्रोजेक्ट ठेक्काको कार्य एक निर्माण सेवाले २०७३ वैशाख ६ गते सम्पन्न गर्नु पर्नेमा २ पटक म्याद थप गरी हालसम्म पनि सम्पन्न भएको छैन । SiteProject Works को कार्य समयमै सम्पन्न हुन नसकेकोमा २०७३ श्रावण मसान्तसम्म थप भएको र सो अवधिमा समाप्त नभएकोमा २०७३ आश्विन मसान्तसम्म थप भएको छ । यसरी २ पटक कार्यविधि थप भएता पनि हालसम्म काम सम्पन्न हुन नसकेको समितिबाट जवाफ प्राप्त भएको छ । यसैगरी भैरहवा सेजमा नाली निर्माण कार्यकोएक निर्माण सेवाले २०६९।३।२२ मा काम सम्पन्न गर्ने गरी रु.२९१७९३२।३३ मा सम्झौता भएको छ । पटक पटक म्याद थप हुंदा समेत निर्माण कार्य सम्पन्न नगरेकोमा कारवाहीका विभिन्न प्रक्रिया अपनाएको भएतापनि पूर्व निर्धारित क्षतिपूर्ति नलिइएको र कालोसूचीमा समेत राखेको छैन ।

९. **पुरस्कार :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(३) बमोजिम निर्माण कार्य सम्पन्न गर्न लाग्ने समयावधी यकिन गर्नुपर्ने व्यवस्था छ । एक निर्माण व्यवसायीले सिमरा सेजमा वाउण्ड्री वाल निर्माण कार्य रु.७८८४५१६।१४ मा १०५ दिन भित्र कार्य सम्पन्न गर्नुपर्ने गरी संझौता गरेकोमा उक्त निर्माण व्यवसायीले

कार्य शुरु गरेको ७२ दिनमा सम्पन्न गरी ४३ दिनको प्रतिदिन ०.०५ प्रतिशतले रु १६९५१७०० पुरस्कार भुक्तानी भएको र सोही निर्माण व्यवसायीलाई भैरहवा सेजको पार्किङ पेभमेन्ट कार्यको रु.५९२४९१४।५४ मा १०५ दिन भित्र कार्य सम्पन्न गर्ने भनि संम्फौता भएकोमा उक्त निर्माण व्यवसायीलाई ३२ दिनमा कार्य सम्पन्न गरी ७३ दिनको प्रति दिनको ०.०५ प्रतिशतले हुने रु.२१६२५८।– पुरस्कार भुक्तानी भएको छ । संम्फौतामा उल्लेख भएको समय भन्दा धेरै चाडो कार्य सम्पन्न भएको सर्न्दभमा लागत अनुमान तयार गर्दा प्राविधिक दृष्टिकोणबाट कार्य सम्पन्न गर्न लाग्ने आवश्यक समय यकिन गरेको छैन । यस सम्बन्धमा छानबिन नगरी रु.३८५७७५.०० पुरस्कार प्रदान गरी बढी व्ययभार पारेको छ । संयुक्त उपक्रममा संलग्न मध्येको एक निर्माण सेवाले साईट डेभलपमेन्ट वर्क भैरहवाको कार्यमा वि.ओ.क्यू. मा भएको विद्युतीय केवल कार्यको कार्य लामो समय सम्म सम्पन्न नगरेको जानकारी हुदाहुदै संयुक्त उपक्रममा संलग्न एउटै ठेकेदारलाई एउटा कार्य सम्पन्न हुन नसकेको अवस्थामा उक्त कार्य सम्पन्न गरेपछि मात्र पुरस्कार भुक्तानी गर्नुपर्नेमा त्यस तर्फ ध्यान नदिई पुरस्कार भुक्तानी गरी थप व्ययभार पार्ने कार्य उचित देखिएन ।

१०. **बढी व्ययभार :** साईट डेभलपमेन्ट वर्क भैरहवाको एक निर्माण सेवाले रु.२९८९९७५।२५ मा सम्फौता गरेकोमा सम्फौता बमोजिमको कार्य मध्ये इलेक्ट्रीक केवल वर्कको कार्य सम्पन्न नगरी सो कार्य बाहेकको रु २६६१८४२।४६ भुक्तानी लिएको छ । एक निर्माण सेवाले २२७ रनिङ मिटरको रु.१२ लाख ९ हजार ३१५ लागत अनुमान भएको फोर कोर कपर वायरको कार्य लाई ८८.७३ प्रतिशत घटीले प्रति रनिङ मिटर ६०० मात्र कबोल गरी ठेक्का प्राप्त गर्न सफल भएको देखिन्छ । यसबाट निर्माण व्यवसायीले सम्फौताको प्रमुख कार्यमा ठेक्का प्राप्त गर्नेमात्र मनासय राखी अस्वाभाबिक रुपमा घटी कबोल गर्ने र सो कार्य नगरी अन्य कार्यबाट बढी मुनाफा प्राप्त गर्ने उदेश्य राखेको देखिन्छ । पेश भएका बोलपत्रहरुमध्ये उक्त कार्य बाहेक मुल्यांकन गर्दा सम्फौता गरीएका एक निर्माण व्यवसायीको रु २८ लाख ५३ हजार ७७५ हुने र अर्को निर्माण व्यवसायीको रु २४ लाख ५७ हजार ९९२ मात्र भई सम्पन्न कार्य सम्फौता रकम भन्दा रु ३ लाख ९५ हजार ७८३ घटीमा नै खरीद गर्न सकिने देखिन्छ । तसर्थ यस सम्बन्धमा छानबिन गरी सम्फौता बमोजिम बाँकि कार्य यथाशिघ्र सम्पन्न गराउने अन्यथा सम्पन्न भएको कार्यमा बढी व्ययभार परेको रकम असुल गर्नु पर्दछ ।

विद्युतीय केवल कार्यको कार्य सम्पन्न नभएको सम्बन्धमा निर्माण व्यवसायीलेप्राविधिक दृष्टिकोणबाट साविक इष्टिमेट बमोजिम काम गर्न नसकिने भनी दिएको निवेदनमा सम्वन्धित प्राविधिकले मिति ०७२।१२।७ मा उक्त कार्य पुरा गर्नरु ३३२४।९४ मूल्य अभिवृद्धि कर सहितको थप Estimate पेश गरेको छ । शुरुमा स्वीकृत नर्मस बमोजिम यर्थाथ लागत अनुमान तयार नगरी ८८.७३ प्रतिशत घटी कबोल गर्न मिल्ने गरी लागत अनुमान तयार गर्ने र पछि प्राबिधिक दृष्टिकोणले अनुपयुक्त भनि निर्माण व्यबसायीलाई सम्फौता बमोजिमको कार्य समयमा सम्पादन गर्न गराउन ध्यान नदिने कार्य उचित देखिएन । प्राबिधिक रुपमा पुर्ण, स्थापित मापदण्ड र स्वीकृत नर्मसको आधारमा मात्र लागत अनुमान तयार गर्नु पर्दछ ।

११. **वोलपत्रमा प्रतिस्पर्धा :** समितिबाट प्राप्त विवरण अनुसार समितिले यस वर्ष १० विभिन्न वोलपत्र गरेकोमा ७२ वोलपत्र विक्रि भएकोमा ५७ वोलपत्र दाखिला भएको देखिन्छ । लागत अनुमानको तुलनामा ९.१० प्रतिशत देखि ४६.१९ प्रतिशत सम्म घटीमा ठेक्का स्वीकृत हुँदा सम्पादित कार्यको गुणस्तर कमजोर हुन सक्ने, समयमै कार्य सम्पादन गर्न नसक्ने जस्ता समस्या निराकरण गर्न समिति प्रयत्नशिल भई गुणस्तरिय ढंगबाट निर्माण कार्य सम्पन्न गर्नु गराउनु पर्दछ ।

१२. **सोभै खरीद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा विपरित एकै प्रकृतिको कार्य समेत टुक्रा टुक्रा गरी २८५३१५५.४२सोभै खरिद गरेको छ । ऐन तथा नियम विपरित भार हटाउने, माटो भर्ने जस्ता एकै स्थान र समान प्रकृतिको कामको समेत अलग अलग लागत अनुमान तयार गरेको , प्रतिस्पर्धा नभएको, प्राप्त कोटेशनहरु समितिमा दर्ता भएको नदेखिएकोले खरीद कार्य अनियमित देखियो ।

१३. **मोबिलाईजेसन पेश्कि :** सार्वजनिक खरिद नियमावली, २०६४,को नियम ११३ अनुसार आर्थिक वर्षको अन्तमा एक निर्माण व्यवशायीको नाममा बि.ओ.क्यू बमोजिमको सवारी साधन खरिद गर्न रु ५७ लाख तथा अन्य निर्माण कार्यको लागि रु.१ करोड २६ लाख ९८ हजार समेत रु.१ करोड ८३ लाख ९८ हजार मोबिलाईजेसन पेश्कि प्रदान गरेकोमा नियमानुसार असुल फछ्र्यौट गर्नु पर्दछ ।

१४. **स्वीकृत कार्यक्रम बेगर खरिद :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३६(१) माबजेटको सीमा भित्र रही निर्धारित कार्यमा खर्च गर्नु पर्ने व्यवस्था छ । समितिले स्वीकृत कार्यक्रम बमोजिम २ थान मोटर साईकल रु ४ लाख ७८ हजार तथा १ थान हलुका सवारी साधन रु ३० लाखमा खरिद गरेको छ । सोको अतिरिक्त स्वीकृत कार्यक्रम बेगर गार्मेन्ट प्रोसेसिङ जोनको लागतमा समाबेश गरी एक निर्माण व्यवसायि मार्फत यथार्थ खर्चको बिल भरपाई समेत पेश नगरी ४ थान मोटरसाईकल रु ७७२९२०।०० मा खरिद गरेको तथा एक थान हलुका सवारी साधन रु ५७ लाखमा खरिद गर्न मोविलाईजेशन पेश्कि प्रदान गरेको छ । लाईन आईटममा आधारीत बजेट बर्गिकरण तथा महालेखा नियन्त्रक कार्यालयको खर्च शिर्षक बर्गिकरण र

व्याख्या विपरित सम्बन्धित मन्त्रालय र अर्थमन्त्रालयको स्विकृति समेत नलिई खरिद भएको सम्बन्धमा सम्बन्धित पदाधिकारीहरुलाई जिम्मेवार बनाईनु पर्दछ ।

१५. **बिमा खर्च :** ठेक्का नम्बर ११-०७२/७३ को सिमरा प्रथम फेजको कार्यमा बिमा बापत रु.१७ लाख १० हजार लमसम आईटममा समाबेश गरी सम्झौता तथा भुक्तानी भएको छ । श्रमिक तथा उपकरणको बिमा प्रिमियम तिरेको यथार्थ खर्चको आधारमा मात्र बिमा बापतको रकम भुक्तानी गर्नु पर्दछ ।

१६. **सर्भे सामग्री :** ठेक्का नम्बर ११-०७२/७३ को सिमरा प्रथम फेजको कार्यमा सर्भे सामग्री बापत रु.४ लाख ५६ हजार भुक्तानी हुने गरी लमसम आईटममा समाबेश गरी सम्झौता भएको छ। यस अर्थिक वर्षभित्र भुक्तानी नभएको उक्त सर्भे सामग्री बापत रकम भुक्तानी गर्दा खरीद भएको यथार्थ खर्चको बिल भरपाईका आधारमा मात्र भुक्तानी गरी निर्माण सम्पन्न भए पछि समितिले प्राप्त गरी भण्डार दाखिला गर्नु पर्दछ ।

१७. **ल्याब टेष्ट :** ठेक्का नम्बर ११-०७२/७३ को सिमरा प्रथम फेजको कार्यमा १३ पटक ल्यब टेष्ट गर्ने भनी रु.३ लाख ७० हजार ५०० भुक्तानी गर्ने सम्झौता भएकोमा प्रथम रनिङ बिलसम्म कुनै किसिमको ल्याब टेष्ट गरेको देखिएन । ल्याब टेष्ट गराएको प्रमाण पेश भएको आधारमा मात्र यस किसिमको रकम भुक्तानी गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

उर्जा मन्त्रालय

१. **वित्तिय विवरण :** आर्थिक वर्ष २०७२/७३ को बार्षिक बजेटमा मन्त्रालयको चालु तथा पुँजीगत समेत रु.६ अर्व ३८ करोड ४४ लाख २२ हजार बार्षिक बजेट उल्लेख भएकोमा मन्त्रालयको एकीकृत विवरणमा नेपाल विद्युत प्राधिकरणलाई दिएको निकासा समावेश गराएको पाइएन। उक्त संस्थालाई दिएको रकम समेत आर्थिक विवरणमा समावेश गर्नु पर्दछ ।

२. **खर्चको अवस्था :** स्वीकृत कार्यक्रम अनुसार समानुपातिक वजेट खर्च गर्ने व्यवस्था भएकोमा मन्त्रालयले यो वर्ष गरेको खर्चमध्ये तेस्रो चौमासिकमा ३४ प्रतिशत र आषाढमा २१ प्रतिशत खर्च गरेको छ । मन्त्रालयको बजेटको ठूलो हिस्सा तेस्रो चौमासिक तथा आषाढमा भएको देखिएकोले नियमानुसार चौमासिक अवधि अनुसार खर्च गर्नुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण प्रणाली :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार मन्त्रालयले सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्य दक्षता र प्रभावकारी ढंगबाट संचालन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था भएतापनि सो अनुसार आन्तरिक नियन्त्रण प्रणाली लागु गरेको देखिएन । सोको कार्यान्वयनको लागि अनुगमन, मुल्यांकनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुदृढ गराउनु पर्दछ ।

४. **बजेट कार्यान्वयन स्थिति :** आर्थिक वर्ष २०७२/७३ का लागि घोषणा गरेको बजेट वक्तव्यमा उल्लेखित कार्यक्रमहरुको प्रगति विवरण माग गरेकोमा प्रगति विवरण पेश भएन ।

५. **नीति कार्यान्वयन :** जलविद्युत विकासका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति निर्माण गरी सो को कार्यान्वयनका लागि आवश्यक योजना तथा कार्यक्रम तयार गर्ने सम्बन्धी कार्य गर्न नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ तथा उर्जा विकास नीति, २०५८ लागु भए अनुसार उर्जा मन्त्रालयले उर्जा उत्पादन, व्यवस्थापन, उपयोग, सुरक्षा, प्रर्बद्धन र विकास सम्बन्धी नीति कार्यान्वयन गर्नुपर्ने तोकेको छ । नीतिगत व्यवस्थाको बुँदागत प्रगति माग गर्दा उपलव्ध भएन ।

६. **अनुगमन मूल्याकन** : नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ तथा आर्थिक वर्ष २०७२/७३ को खर्च गर्ने अख्तियारीमा मातहतका निकायहरुको अनुगमन तथा मुल्याङ्कन गर्नुपर्ने उल्लेख छ । मन्त्रालयको संगठनात्मक व्यवस्थामा अनुगमन तथा मूल्यांकनको व्यवस्था भएतापनि अनुगमनको लिखित प्रतिवेदन राख्ने गरेको पाइएन । अनुगमन तथा मूल्यांकन व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनुपर्दछ ।

७. **अनुदान :** मन्त्रालयले उपलव्ध गराइएको वार्षिक प्रगति विवरण अनुसार विद्युत प्राधिकरण र सो अन्तर्गतका कार्यालयलाई रु.४१ अर्व ३८ करोड ४७ लाख उपलव्ध गराएको र रु.१५ अर्व १९ करोड ९१ खर्च भएको विवरण पेश भएता पनि उक्त खर्चको अवस्था खुल्ने विवरण पेश भएन ।

जल तथा ऊर्जा आयोगको सचिवालय

१. **कार्यक्रम सञ्चालन :** सचिवालयलाई यस वर्ष रु.८ करोड ३८ लाख ८७ हजार बजेटको अख्तियारी प्राप्त भएपनि पूंजीगत तर्फको निकासा तथा खर्च भएको देखिएन । परामर्श दाताहरुको सुची तयार गर्ने कार्य अन्तिम चरणमा पुगेकोले सम्झौता हुन नसक्दा सो सम्बन्धि रकम फ्रिज हुन गएको भनाई रहेको छ ।

२. **आन्तरिक नियन्त्रण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु नगरेको, बार्षिक खरिद योजना तथा गुरु योजना नबनाएको,

निजामती कर्मचारीलाई कार्य विवरण खुलाई काम नदिएको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित व्यहोरा कार्यान्वयन नगरेको, बार्षिक प्रतिवेदन तयार नगरेको जस्ता व्यहोरा देखिएका छन् ।

३. **नीति कार्यान्वयन :** नेपाल सरकार कार्य विभाजन नियमावली, २०६४ तथा उर्जा विकास नीति, २०५८ मा व्यवस्था भए अनुसार जल तथा ऊर्जा आयोगको सचिवालयले उर्जा उत्पादन व्यवस्थापन, सुरक्षा प्रवर्द्धन र विकास सम्बन्धी नीति कार्यान्वयनमा आवश्यक राय परामर्श दिने नियमन निकायको रुपमा आवश्यक सहयोग निर्देशन गर्नुपर्ने व्यवस्था छ । सचिवालयबाट परामर्श सेवा उपलव्ध गराएको विवरण पेश हुन सकेन । यस सम्वन्धमा सचिवालयले नीति कार्यान्वयन गरिने जानकारी गराएको छ ।

४. **लक्ष्य प्रगति :** सचिवालयले सञ्चालन गरेका कार्यक्रम मध्ये दुई कार्यक्रममा ७५ प्रतिशत भन्दा कम र एक कार्यक्रममा २५ प्रतिशत भन्दा कम भौतिक प्रगति देखिएको छ । यस सम्वन्धमा सचिवालयले आगामी दिनमा गम्भिरताका साथ कार्य अगाडि बढाईने जानकारी गराएको छ ।

५. **खर्च संरचना :** स्वीकृत बार्षिक कार्यक्रम बमोजिम तोकिएको चौमासिकमा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा दुई पूँजिगत उप-शीर्षक तर्फ पहिलो चौमासिकमा १०.५९ प्रतिशत, दोस्रो चौमासिकमा ४६.३१ प्रतिशत र तेस्रो चौमासिकमा ४३.०९ प्रतिशत खर्च भएको छ । तोकिएका कार्यक्रम समयमा सम्पन्न गर्नु पर्दछ ।

६. **ठेक्का व्यवस्था :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार ठेक्कापट्टा सम्बन्धी कार्य प्रथम चौमासिक अवधिमा सम्पन्न गरी सक्नुपर्ने व्यवस्था छ । आयोगले परामर्श सम्बन्धी कार्यको लागि दोस्रो चौमासिक अवधिमा रु.५ करोड २५ लाख ८८ हजार र अमेरिकी डलर १८,२२,९६५ को ठेक्का सम्झौता गरेको देखियो । नियमले तोके बमोजिम समयमा खरिद सम्झौता गर्नुपर्दछ ।

७. **करारका कर्मचारी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५(३) मा रु.३ लाख भन्दा बढीको करार सेवा लिनुपर्दा १५ दिनको सूचना प्रकाशन गरी प्रस्ताव माग गर्ने व्यवस्था रहेपनि आयोगले गत विगत देखि कार्यरत १३ कर्मचारीलाई यो वर्षपनि रु.२१ लाख ८० हजार खर्च लेखेको छ । आयोगले करारका कर्मचारी नियुक्त गर्दा सार्वजनिक खरिद नियमावलीमा उल्लेख भएको व्यवस्थालाई कार्यान्वयनमा ल्याई कार्य सम्पन्न गर्नुपर्दछ ।

८. **सोधभर्ना :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७.२ (ग) बमोजिम सम्बन्धित दातृ निकायसँग ४५ दिन भित्र सोधभर्ना माग गर्नुपर्ने व्यवस्था छ । आयोगले अधिकार सम्पन्न बागमती एकीकृत विकास समितिमा सोझै भुक्तानी भएको रु.४७ लाख ९६ हजार मध्ये के कति रकम सोधभर्ना भयो एकिन हुन सकेन ।

९. **पेस्की :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार सम्झौता बमोजिम उपलव्ध गराएको रु.१ करोड ५८ लाख ११ हजार मोविलाइजेशन पेस्की फछर्यौट भएको देखिएन ।

१०. **धरौटी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६६ बमोजिम काम सम्बन्धी कारबाही अन्तिम रुपमा समाप्त भएको मितिले १ वर्षभित्र धरौटी फिर्ता लिन नआएमा राजस्वमा आम्दानी बाँध्नुपर्ने व्यवस्था रहेको छ । प्रयोजन समाप्त भएका रु.२ लाख २५ हजार धरौटी नियम ६७ बमोजिम राजस्व आम्दानी बाँध्नु पर्दछ ।

विद्युत विकास विभाग

१. **न्यून प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(६) अनुसार निर्धारित गरिएको रकम निकासा लिई कार्यसम्पादन गर्नु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुने व्यवस्था छ । विद्युत विकास कार्यक्रमबाट जग्गा अधिकरण गर्ने कार्य नभएको, पहुंच सडक निर्माण कार्य नभएको अनुसन्धान तथा परामर्शमा ६ कार्यक्रमको लागि रु.४ करोड ३६ लाख ४१ हजार विनियोजन भएकोमा रु.१ करोड ३० लाख ७८ हजार अर्थात २० प्रतिशत मात्र खर्च भएको देखिन्छ । बार्षिक कार्यक्रमले तोकेको लक्ष्य अनुसार कार्यक्रम संचालन हुन सकेको पाइएन ।

२. **चौमासिक तथा आषाढको खर्च :** स्वीकृत बार्षिक कार्यक्रम अनुसार पूँजीगततर्फ भएको खर्चमध्ये ६ वटा बजेट उपशीर्षकमा तेस्रो चौमासिकमा कुल खर्चको करिव ६८ प्रतिशत र आषाढमा करिव ४२ प्रतिशत खर्च भएको देखिन्छ । स्वीकृत कार्यक्रममा सन्तुलित बजेट खर्च हुनुपर्दछ ।

३. **आन्तरीक नियन्त्रण प्रणाली :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(१) अनुसार आन्तरिक नियन्त्रण व्यवस्थाका आधारमा परीक्षण मूल्यांकन गरिएकोमा जिन्सी निरीक्षण प्रतिवेदन माथि कारबाही नगरेको, कार्यालयको उद्धेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी जोखिम निराकरण गर्न थप प्रयास नगरेको, बर्षौसम्म आवश्यक पर्ने विभिन्न अध्ययन अनुसन्धानका प्रतिवेदनका व्यवस्थापन राम्रोसंग नगर्दा महत्वपूर्ण दस्ताबेज नष्ट वा बिग्रने अवस्थामा रहेको देखिदा आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी नभएको पाइयो । आन्तरिक नियन्त्रण प्रणाली मजबुत नहुँदा कार्यमा दोहोरोपना हुने र तोकिएको जिम्मेवारी पुरा गर्न नसक्ने हुदाँ आवश्यक सुधार गर्नुपर्दछ ।

४. **अनुगमन** : शशर्त अनुदान स्वरुप यस वर्ष ६६ जिल्ला विकास समितिलाई रु.६० करोड २१ लाख अख्तियारी निकासा दिएको मध्ये रु.२ लाख २५ हजार देखि अधिकतम रु.३ करोड ८१ लाखसम्म दिएको देखियो । शशर्त अनुदानको रुपमा निकासा दिएको उक्त रकमको १९ जिल्ला विकास समितिबाट मात्र रु.२० करोड १६ लाखको आर्थिक विवरण प्राप्त भएको छ । निकासा भएको उक्त रकम सोही काममा प्रयोग भए नभएको अनुगमन मूल्यांकन भएको देखिएन । विद्युत रोयल्टी बापत प्राप्त रकम विद्युत उत्पादन, वितरण र बिस्तारमा लगानी गरिनु पर्ने मुख्य शर्तको परिपालना हुनुपर्दछ ।

५. **भवन निर्माण :** विभागको भवन निर्माण गर्ने निर्माण व्यवसायीसंग रु.२४ करोड ७१ लाख ९ हजारको ठेक्का सम्झौता भएको र गतवर्ष सम्म रु.१४ करोड ३३ लाख ८४ हजार र यो वर्ष चौधौ रनिङ बिलबाट रु.३९ लाख ३९ हजार समेत हालसम्म रु.१४ करोड ७३ लाख २३ हजार अर्थात् सम्झौता रकमको ५९.६१ प्रतिशत भुक्तानी भएकोमा सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५६ अनुसार शुरुको सम्झौता अनुसार कार्य सम्पन्न हुन नसकेकोले २०७३ वैशाखसम्म प्राविधिक पुष्ट्याई नगरी म्यादथप भएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) अनुसार निर्माण व्यवसायीको कारणबाट निर्माण कार्यमा ढिलाई हुन गएमा मूल्य समायोजन नपाउने उल्लेख छ । तर नियमानुसार छानविन नगरी यो वर्ष चौधौ रनिङ बिलको मूल्य समायोजन बापत रु.२ लाख २६ हजार भुक्तानी गरेको छ ।

६. **परामर्श खर्च :** यस विभागबाट हालसम्म विभिन्न १२ वटा जलविद्युत आयोजनाको लागि वातावरणीय परीक्षण अध्ययन लगायतका कार्य गर्न २०६९/१/१४ देखि २०७३/२/९ सम्ममा १२ कार्यको लागि रु.१५ करोड ११ लाख ७२ हजारको सम्झौता गरेकोमा यो वर्ष रु.३ करोड १९ लाख ५ हजार समेत हालसम्म रु.४ करोड ६८ लाख ४४ हजार भुक्तानी गरेको छ । सम्झौता गरेको मध्ये २ वटा मात्रको अन्तिम प्रतिवेदन बुझाएको र बाँकीको कार्य चालु अवस्थामा रहेकोमा प्राप्त प्रतिवेदनलाई व्यवस्थित गर्नुपर्दछ ।

७. **कन्टिन्जेन्सी खर्च :-** अर्थ मन्त्रालयको कन्टिन्जेन्सी रकम खर्च गर्ने बारेको परिपत्र अनुसार लागत तयार पार्दा समावेश गरिने ५ प्रतिशत कन्टिन्जेन्सी रकम मध्ये २ प्रतिशत पुंजीगत खर्च गर्नुपर्ने व्यवस्था भएकोमा गत वर्ष रु.२१ लाख ६६ हजार र यो वर्ष रु.९ लाख ५४ हजार समेत रु.३१ लाख २० हजार खर्च भएको मध्ये सबै रकम चालु प्रकृतिमा भएकोले अर्थ मन्त्रालयको परिपत्र पालना भएको पाइएन ।

८. **विद्युतको उपयोग :** विद्युत ऐन, २०४९ को दफा २१ मा कसैले यस ऐन बमोजिम उत्पादन गरेको विद्युत एकमुष्ट विक्री गर्न चाहेमा राष्ट्रिय ग्रीडमा समावेश हुनेगरी खरीद गर्न गराउन सक्ने व्यवस्था रहेको छ । विभागवाट प्राप्त विवरण अनुसार शुरु अर्थात् २०६५/१०/१३ देखि हालसम्म ३३ के.भि. देखि ४०० के.भी.को विद्युत ट्रान्सफर लाइनको सर्वे गर्नको लागि विभिन्न १०७ कम्पनीलाई लाइसेन्स प्रदान गरेको छ । तर राष्ट्रव्यापी रुपमा उत्पादित विद्युत राष्ट्रिय ग्रिडमा जोड्न राष्ट्रिय विद्युत प्रशारण लाइनको व्यवस्था नभएको र स्पष्ट नीति समेत नभएको हुँदा कतिपय विद्युत उत्पादनको लाइसेन्स लिएका विद्युत कम्पनीले उत्पादन गर्न समेत आलटाल गरेको र ३ जल विद्युत कम्पनीले उत्पादन गरिसकेको विद्युत राष्ट्रिय ग्रिडमा जडान नभै पुर्णरुपमा विद्युत खपत नभै खेर गएको अवस्था छ । उत्पादित जलविद्युत खरिद गर्न ट्रान्सफरमरको पूर्ण व्यवस्था गर्ने र वास्तविक उत्पादनकर्तालाई मात्र विद्युत उत्पादनको अनुमति दिनुपर्ने देखिन्छ ।

९. **अनुमतिपत्र रद्ध :** विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा (२) मा उपदफा (१) बमोजिम परेको दरखास्तमा तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गरी विद्युतको सर्वेक्षण अनुमतिपत्रको हकमा तीस दिनभित्र र विद्युतको उत्पादन, प्रसारण वा वितरण अनुमतिपत्रको हकमा एक सय बीस दिनभित्र तोकिए बमोजिमको अनुमतिपत्र दिनुपर्ने व्यवस्था छ । तर विभागले सर्भेतर्फ १४३ र उत्पादन लाईसेन्सतर्फ ६३ कम्पनीलाई तोकिएको अवधिभित्र अनुमतिपत्र दिन नसक्नाको कारण बेगर नै दरखास्त दिएको लामो अवधिसम्म अनुमतिपत्र नदिई राखेको पाइयो ।

१०. **सर्वेक्षण अनुमतिपत्रको नवीकरण :** विद्युत ऐन, २०४९ को दफा ५ (१) मा विद्युतको सर्भेक्षणको लागि दिईने अनुमति पत्रको अवधि बढीमा पाँच बर्षसम्मको हुने, सो भन्दा घटी अवधिको लागि अनुमतिपत्र दिएकोमा एक वर्ष अगावै तोकिए बमोजिम नविकरण गराउनुपर्ने र त्यसरी सो समयावधि भित्र नवीकरण नगराएमा स्वतः रद्द हुने व्यवस्था छ । आर्थिक वर्ष २०७२/७३ को अन्त्यसम्ममा विभिन्न ६ परियोजनाको २५०.१६ मेघावाटको योजना सर्वेक्षण अनुमति लिएका संस्थाको सर्वेक्षण के कति सम्पन्न भएको हो कार्य प्रगति विवरण पेश नभएको अवस्थामा कानून अनुसार रद्द गर्नुपर्दछ ।

११. **विद्युत उत्पादन :** विद्युत नियमावली, २०५० को नियम २१ अनुसार अनुमति प्राप्त गरेको मितिले सर्भेक्षणको हकमा तीन महिना भित्र र उत्पादन, प्रशारण वा वितरणको हकमा एक वर्ष भित्र भौतिक रुपमा कार्य शुरु गरी सोको जानकारी विद्युत विभागलाई दिनुपर्ने व्यवस्था छ । शुरुमा उत्पादन लाईसेन्स लिने तर पछि वित्तिय स्रोतको व्यवस्थापन, विद्युत खरिद, ट्रान्समिशन लाईन, वातावरणीय पक्ष, जग्गा विवाद, लगानीकर्ताको विवाद जस्ता व्यहोरा जनाई उत्पादन कार्य नै नगर्ने, कतिपयले कार्य प्रगति बारेमा जानकारी नै नदिने र कतिपय विभागको सम्पर्कमा समेत नरहने अवस्था छ । यस सम्बन्धमा विभागले पनि उत्पादन लाईसेन्स लगेपछि थप कारवाही गर्न नसक्ने अवस्थाले उत्पादनमा समस्या देखिएको हुदाँ विद्युत कम्पनीलाई परेका समस्या

समाधान गर्न सम्बन्धित निकायले ध्यान दिने र सो गर्दा पनि उत्पादन कार्य प्रारम्भ नगर्ने उपर लाईसेन्स खारेजी सम्मको कारबाही हुनुपर्दछ ।

१२. **विद्युत उत्पादक कम्पनीको प्रगति स्थिति :** विद्युत नियमावली, २०५० को नियम २१ अनुसार अनुमति प्राप्त गरेको मितिले सर्भेक्षणको हकमा तीन महिना भित्र र उत्पादन, प्रशारण वा वितरणको हकमा एक वर्ष भित्र भौतिक रुपमा कार्य शुरु गरी सोको जानकारी विद्युत विभागलाई दिनु पर्नेछ भन्ने उल्लेख भए अनुसार विभागबाट प्राप्त विवरण अनुसार विभागबाट गरिएको २२०४ मेगावाटका विभिन्न १०४ योजना मध्ये ६३१ मेगावाटको १४ योजनाको मात्र ५० प्रतिशत भन्दा बढी कार्य प्रगति भएको छ । सो मध्ये ९० प्रतिशत माथिका ३८ मेगावाटका ३ र ८० प्रतिशत माथिका ५६७ मेगावाटका ८ योजना रहेका छन् । उत्पादन लाइसेन्स लिएको लामो समय वितिसक्दा पनि विद्युत उत्पादनको कार्य न्यून प्रगति भएकोमा आवश्यक कारवाही गरेको पाइएन ।

१३. **विद्युत खरिद सम्झौता :** विद्युत ऐन, २०४९ को दफा ३५ मा नेपाल सरकारले कुनै व्यक्ति वा संस्थासित करार गरी सोही करारमा उल्लेखित शर्तको आधारमा विद्युत उत्पादन, प्रशारण वा वितरण गर्न गराउन सक्नेछ भन्ने व्यवस्था छ । त्यस्तै सोही ऐनको दफा ९मा अनुमतिपत्र प्राप्त व्यक्ति संग विद्युतको एकमुष्ट खरिद वा लगानी गरिने आवश्यक पूँजीको जमानत वा अन्य आर्थिक एवं प्राविधिक विषयहरुका सम्बन्धमा नेपाल सरकारले सम्झौता गर्नसक्ने व्यवस्था भए अनुसार निजी कम्पनीबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणसंग खरिद सम्झौता गरि उत्पादन अनुमति लाईसेन्स पाउने व्यवस्था छ । सम्झौता गर्दा प्रत्येक उत्पादक पिच्छे गर्ने गरेकोमा सवै उत्पादकलाई लागु गर्ने गरी विद्युत खरीद सम्वन्धी नीतिगत स्पष्टता ल्याउनुपर्दछ ।

१४. **विद्युत योजना :** विद्युत ऐन, २०४९ को दफा ३५ मा नेपाल सरकारले कुनै व्यक्ति वा संस्थासित करार गरी सोही करारमा उल्लेखित शर्तको आधारमा विद्युत उत्पादन, प्रशारण वा वितरण गर्न गराउन सक्ने व्यवस्था छ । विद्युत विभागमा हालसम्म सर्भे भएका २३८ परियोजनाको १४११७ मेगावाटको विद्युत आयोजना रहेकोमा विद्युत योजना सञ्चालन गरेको छैन ।

१५. **कर छुट :** आयकर ऐन, २०५८ तथा मूल्य अभिवृद्धि कर ऐन, २०५३ अनुसार आयोजनाहरुले निर्माण चरणमा स्वीकृत लिई आयात गर्ने संयन्त्रहरु, उपकरणहरु, मेशिनरी एवं सोका पार्ट पूर्जाहरुमा १ प्रतिशत मात्र भंसार महसुल लाग्ने, तर यस्ता पार्टपूर्जाको पैठारी मुख्य मेशिनरीको कुल मूल्यको २० प्रतिशत भन्दा बढी हुने छैन भन्ने उल्लेख छ । निर्माणधीन जलविद्युत आयोजनाहरुमा प्रयोग हुने सामानहरुको पैठारीमा लाग्ने भन्सार छुट तथा मूल्य अभिवृद्धि कर छुट एवं भन्सार प्रज्ञानपनपत्रको आधारमा सामानको भुक्तानी बापत ७८ आयोजनालाई अमेरिकी डलर ६ करोड ९१ लाख ७७ हजार, भारतीय रुपैया १ अर्व १९ करोड ३९ लाख ४४ हजार, यूरो तर्फ ४९ लाख २६ हजार र जापानी येनतर्फ ७ करोड ६४ लाख १९ हजार मुद्राका सटही सुविधा सिफारिस गरेको छ । त्यसैगरी विभिन्न १५ आयोजनालाई परामर्श सेवा बापतको भुक्तानीमा वैदेशिक मुद्रा सटही सुविधा बापत अमेरिकी डलर ४ करोड २१ लाख ४६ हजार, भारतीय रुपैया ४ करोड १० लाख ६१ हजार समेत कुल ११ करोड १३ लाख २३ हजार अमेरीकी डलर, १ अर्व २३ करोड ५० लाख भारतीय रुपैया, ५ हजार यूरो र यूरोपियन मुद्रा तर्फ ४९ लाख २६ हजार, जापानी येन तर्फ ७ करोड ६४ लाख १९ हजार सटही सुविधा दिन नेपाल राष्ट्र बैंकलाई सिफारिस गरेको देखिन्छ । सटही सुविधा सिफारिस, परामर्श सेवा बापतको विदेशी मुद्रा सटही सुविधा सिफारिस गरे पश्चात आयोजनामा सिफारिस लिए अनुरुपको सामान वा सेवा प्राप्ति एवं उपयोग भए नभएको सम्बन्धमा नियामक निकायको हैसियतले आयोजनाको अनुगमन निरीक्षण गरेको विवरण माग गरेकोमा यस्तो विवरण उपलब्ध हुन सकेन ।

१६. **रोयल्टी असूली** : विद्युत ऐन, २०४९ को दफा ११ को उपदफा (१) अनुसार अनुमतिपत्र प्राप्त व्यक्तिले जलविद्युतको व्यापारिक उत्पादन शुरु गरेको निश्चित अवधि सम्म नेपाल सरकारलाई रोयल्टी बुझाउनु पर्ने व्यवस्था छ । सो आधारमा विभागले विभिन्न ५१ जल विद्युत आयोजनाले उत्पादीत र जडित क्षमताको आधारमा २०७१/७२ को उठ्न बाँकी रु.१ अर्व ६५ करोड ३६ लाख ४९ हजार रहेकोमा यो वर्ष रु.१ अर्व ५८ करोड ४४ लाख १६ हजार असूल भै रु.९ करोड १५ लाख २५ हजार असूल गर्न बाँकी रहेको रकम असूल गर्नुपर्दछ ।

नलसिंहगाड जलविद्युत आयोजना विकास समिति

१. **आयोजना कार्यान्वयन स्थिति :** नलसिङगाड जलविद्युत आयोजना विकास समिति (गठन) आदेश, २०६९ को दफा ४ मा भएको समितिको काम कर्तव्य र अधिकारको व्यवस्था अनुसार आयोजनाको सर्भेक्षण गराउने, आयोजनाको निर्माणको टेण्डर गर्ने, मुल्यांकन गराउने, निर्माण कर्ताको छनौट गर्ने, साइटमा कार्यालय, भवन निर्माण आयोजना स्थल पहुँच मार्ग निर्माण, अटोमेटिक गेजिङ स्थापना गर्ने, अनुगमन सम्बन्धी कार्य आयोजनाले प्राथमिकताका साथ सम्पादन गर्नुपर्ने उल्लेख भएता पनि आयोजनाले हालसम्म कार्यालय स्थापना, सवारी साधन खरिद तथा कच्ची प्रवेश मार्ग निर्माण कार्यसम्म शुरुवात गरेको छ । तोकिएका बाँकी कार्य समेत अविलम्ब गर्नुपर्दछ ।

२. **बार्षिक प्रतिवेदन :** समितिले प्रत्येक बर्ष आफूले गरेको कामको बिवरण सहितको बार्षिक प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्र मन्त्रालय समक्ष पेश गर्नुपर्ने समितिको (गठन) आदेश, २०६९ को दफा १३ मा व्यवस्था छ । तर समितिले सो अनुसार बार्षिक प्रतिवेदन तयार पारेको देखिएन ।

३. **आर्थिक विवरण :** कार्यालयले तयार गरेको वित्तिय विवरणमा यो वर्ष रु.४७ करोड ५२ लाख ९७ हजार बजेट व्यवस्था भै रु.१४ करोड ८९ लाख खर्च भएको विवरण पेश भएको छ । तर धरौटी वापत रु.१३ लाख ८८ हजार आयोजनाले धरौटी खातामा जम्मा गरेको देखिएन । तर उक्त खर्चको चेक नसाटिएकोले रकम फ्रिज गरेको हुदाँ उक्त रकम यथार्थमा खर्च नै नभएको हुदाँ वास्तविक खर्च भन्दा बढी खर्च देखिदाँ वित्तीय विवरणले यथार्थ चित्रण गर्ने अवस्था देखिएन ।

४. **अभिलेख व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ अनुसार कारोवारमा आन्तरिक जाँच गरी आम्दानी र खर्चको प्रमाण, आर्थिक विवरणको अभिलेख व्यवस्थित राख्नुपर्ने व्यवस्था भएपनि बैंक नगदी किताव तयार नगरी सफ्टवेयरमा मात्र राखेको, कार्यालय प्रमुखले खर्चको फाटँवारी, पेस्की, बार्षिक प्रतिवेदन तयार गरी प्रमाणीत गरी राख्नुपर्नेमा सो बेगर कार्यक्रमगत खर्च विवरण समेत नराखे बाट पेश गरिएको आर्थिक विवरणले यर्थाथ स्थिति देखिएन । आयोजनाले यो बर्ष खर्च गरेको कन्टिन्जेन्सीको अभिलेख समेत राखेको देखिएन ।

५. **लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ ले व्यवस्था गरे अनुसार बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न प्रत्येक कार्यालयले अनुसूची-२ अनुसारको ढांचामा चौमासिक प्रगति विवरण तयार गरी तोकिएका कार्यालयहरुमा पठाउनुपर्ने व्यवस्था गरेको छ । आयोजनाले यस वर्ष सम्पादन गर्नु पर्ने आयोजना प्रतिवेदन तयार पार्ने कार्य, जग्गा खरिद, भवन निर्माण जस्ता कार्य सम्पन्न हुन सकेको देखिएन ।

६. **चौमासिक खर्च :** आर्थिक बर्ष २०७२/७३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार आयोजनाबाट गरिने निर्माण कार्य प्रथम, दोस्रो र तेस्रो चौमासिक अवधिमा सम्पादन गर्ने गरी कार्यक्रम स्वीकृत भएको छ । प्रथम चौमासिकमा १.३३ प्रतिशत, दोश्रो चौमासिकमा ७.३५, तेश्रो चौमासिकमा ९१.३० प्रतिशत र आषाढ महिनामा मात्र ७.१४ प्रतिशत खर्च भएको छ । यसरी आर्थिक बर्षको अन्त्यमा मात्र खर्च आयोजनाको मूल अभियानको रुपमा रहेको परामर्श तथा स्थान निर्माण कार्यमा ढिला भै योजनाको लागत बढ्न जाने हुदाँ स्वीकृत कार्यक्रम अनुसार बजेट खर्च गर्ने व्यवस्था गर्नुपर्दछ ।

७. **कार्यविवरण :** निजामती सेवा ऐन, २०४९ को दफा ५(क) को उपदफा (१) मा नेपाल सरकारले स्वीकृत गरेको सङ्गठनको कार्य विवरणको आधारमा सम्बन्धित सचिव, विभागीय प्रमुख तथा कार्यालय प्रमुखले प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू गर्नुपर्ने व्यवस्था छ । स्पष्ट कार्य विवरणको अभावमा कर्मचारीको काम कर्तव्य र उत्तरदायित्व स्पष्ट नभई सम्पादन गर्ने काममा कठिनाई हुने हुँदा ऐनमा व्यवस्था भए अनुसार कार्य विवरण व्यवस्थित गर्नुपर्दछ ।

८. **मूल्य अभिवृद्धि कर :** मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का दिने सरकारी निकायले आफूले गरेको ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीलाई रु.३ लाख ५६ हजार भुक्तानी दिएकोमा जानकारी दिएको प्रमाण पेश भएको छैन ।

९. **प्रतिवेदनमा ढिलाई :** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२१(क) मा आपुर्ति, परामर्शदाता सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरीद सम्झौता बमोजमको कार्य तोकिएको समयमा हुन नसकेकोमा पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था गरेको छ । समितिले एक कार्यको लागि लागत अनुमान र टेण्डर डकुमेण्ट तयार गर्न रु.२ लाख ९४ हजारमा गर्ने गरी २०७२/८/१६ मा ६० दिन भित्र सक्ने गरी सम्झौता भएकोमा २०७३/३/३० अर्थात ५ महिना ढिला रिर्पोट बुझाएको पाइयो ।

१०. **असूली :** आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३६(३) मा सरकारी रकम खर्च गर्दा बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेकोमा एक कर्मचारीको दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा रु.२९ हजारको बिल भरपाई पेश भएको देखिएन । नियमले नपाउने ३ कर्मचारीलाई रु.४ हजार समेत भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्दछ ।

११. **पहुँच मार्ग निर्माण :** २०७१/०७२ को पहुँच मार्ग निर्माण गर्ने कार्यक्रम अनुसार ४०.३२ प्रतिशत घटी कवोल गर्ने एक निर्माण व्यवसायीसंग २०७२/१/३ मा रु.२४ करोड ७२ लाख ५९ हजारमा काम गर्ने ठेक्का सम्झौता भएको छ । ठेक्का सम्झौता अनुसार २०७४/१/२ भित्र कार्य सम्पन्न गर्नुपर्नेमा आर्थिक बर्षको अन्त सम्म रु.१ करोड ५४ लाख ९४ हजार मात्र भुक्तानी गरेकोले न्यून प्रगति भएको छ । निर्माण तथा परामर्श कार्यको बिल अफ क्वान्टिटीमा सवारी साधनको भाडा समावेश गर्दा शिरोभार खर्च समेतको लागत बढ्ने हुदाँ सार्वजनिक लेखा समितिले २०६९।९।१८ लागत वृद्धि नियन्त्रण नीति वनाउने भनिएता पनि बिल अफ क्वान्टिटीमा समावेश गरि एक थान गाडी यस समितिलाई उपलव्ध गराउनको लागि यो वर्ष १४

महिनाको मूल्य अभिवृद्धि कर समेत रु.१५ लाख ८२ हजार भुक्तानी गरेको देखियो । समितिको निर्णय कार्यान्वयन हुनुपर्दछ ।

१२. **क्याम्प भवन निर्माण :** आयोजनाको क्याम्प भवन निर्माण कार्यको लागि २०७१।७२ को कार्यक्रमबाट घटी कवोलवाला एक निर्माण व्यवसायीसंग रु.५ करोड ५६ लाख ६५ हजारमा २०७३/६/२५ सम्ममा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा आर्थिक बर्षको अन्त सम्म रु.९८ लाख ११ हजार मात्र भुक्तानी गरेको देखियो । बिमा वापत रु.२ लाख ५४ हजारको मात्रको बिल पेश गरी रु.५ लाख भुक्तानी गरेकोमा बाँकी रकमको बिल पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने देखिन्छ ।

१३. **विस्तृत ईन्जिनियरिङ डिजाइन :** आयोजनाको सम्भाव्यता अध्ययन तथा वातावरणीय प्रभाव मुल्यांकन कार्य गर्न सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ७०(२) अनुसार रु.३ करोड भन्दा बढीको परामर्श सेवा लिदाँ अन्तराष्ट्रिय बोलपत्र माग गर्नुपर्ने व्यवस्था तथा सोही नियमावली, २०६४ को नियम ८१(१) अनुसार बोलपत्र आव्हान गरी खरिद कार्य गरेकोमा यो बर्ष यस कार्यका लागि कुनै पनि रकम भुक्तानी नभएको र बोलपत्र आव्हान सम्बन्धि सक्कल स्रेस्ता लेखापरीक्षणका लागि पेश नभएकोले थप परीक्षण भएन ।

१३.१. **परामर्श खर्च :** सानो जलविद्युत आयोजनाको ४.५. मेगावाटको विस्तृत तथा वातावरणीय अध्ययन गर्ने कार्यको लागि २०७१/७/२८ मा आशयपत्र माग गर्दा ५ वटा आशयपत्र पेश भएको छ। सो मध्ये घटीवाला एक परामर्श दाताको रु.८० लाख ५१ हजार लाई स्वीकृत गरेको छ । सम्झौता मितिले १२ महिना भित्र अन्तिम प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेकोमा २०७२/३/२ मा शुरु प्रतिवेदन पेश गरेको, भुकम्पको कारण जनाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार समितिले २०७३/३/६ मा १.५ महिना थप गरेको छ। अन्तरिम प्रतिवेदन २०७३/३/२१ मा पेश भएको र रु.३ लाख २४ हजार मूल्य अभिवृद्धि कर सहित भुक्तानी गरेकोमा नियमानुसार कर कार्यालयलाई जानकारी दिएको प्रमाण पेश भएन ।

१४. **सूचना प्रकाशन** : आयोजनाले प्रतिक्रिया लगायतका सूचना समेत प्रकासित गरी रु.३ लाख २ हजार भुक्तानी गरेकोमा विज्ञापन सम्वन्धि नीति तय गरी प्रतिष्पर्धा गराउने र मितव्ययी रुपमा प्रकाशन गर्नुपर्नेमा सो भए गरेको पाइएन ।

१५. **बिल भरपाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३६(३) मा सरकारी रकम खर्च गर्दा बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेकोमा आयोजनाको काममा भ्रमणमा खटिइ गए वापत दैनिक भ्रमण भत्ता भुक्तानी गरेकोमा रु.१० हजारको हवाइ टिकट पेश नभएको र दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा बढी भुक्तानी भएकाले रु.१७ हजार असूल गर्नुपर्दछ ।

१६. **खर्चको बिलको अनुमोदन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम यो वर्ष विभिन्न १९ उपभोक्ता समिति मार्फत भवन निर्माण लगायतका कार्य गराई रु.५१ लाख १५ हजार भुक्तानी भएकोमा नियमावलीको उपनियम ६ र ७ को व्यवस्था कार्यान्वयन भएको देखिएन। साथै एक कल्भर्ट निर्माण उपभोक्ता समितिलाई रु.३ लाख ६ हजार भुक्तानी गर्नुपर्नेमा रु.१० हजार वढी भुक्तानी भएकोले असुल गर्नुपर्दछ ।

१७. **बिल भर्पाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम सरकारी रकम खर्च गर्दा बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। समितिले वैठक भत्तावापत रु.३० हजार, वजेट वेगर चन्दा स्वरुप ४३ हजार, मोवाइल खरिद गरी रु.२० हजार, खाजा खर्च बिल वेगर रु.११ हजार खर्च लेखेकोमा खर्च लेख्दा बिल भर्पाई पेश गर्नुपर्ने र कार्यक्रम स्वीकृत गरेर मात्र यस्तो खर्च लेख्नुपर्दछ ।

१८. **गैर सरकारी सस्थासंग कार्य गराएको :** समितिले एक गैर सरकारी संस्थाबाट आयोजनाले गरेको कार्यको अनुगमन, मूल्याङ्कन भिजिटिङ्ग तथा अन्तरक्रिया कार्यक्रम संचालन गरेको भनि रु.२ लाख ९५ हजार भुक्तानी गरेकोमा कार्यक्रम सञ्चालनको प्रतिवेदन पेश भएन ।

१९. **अन्यत्र कार्यालयको खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम एक कार्यालयको खर्च अर्को कार्यालयले गर्न नहुने व्यवस्था रहेको हो । यस समितिले मन्त्रालयको गाडी मर्मत तथा सामग्री खरिद गरे वापत रु.२ लाख ३ हजार भुक्तानी गरेकोमा उक्त खर्च नियमित हुनुपर्दछ ।

२०. **सुविधा खर्च :** नेपाल सरकार (मन्त्रीपरिषद) को २०६९/११/२८ को निर्णय अनुसार कार्यकारी अध्यक्षलाई मासिक पारिश्रमिक रु.७५ हजार उपलब्ध गराउने निर्णय भएको देखिन्छ। यसका अतिरिक्त २०७२ सालको बडादशैं खर्च समेत रु.७५ हजार भुक्तानी गरेकोमा निर्णयमा यस्तो सुविधा दिने व्यवस्था देखिएन ।

२१. **बार्षिक सुविधा तथा तलव भत्ता** : कार्यकारी निर्देशकलाई मासिक तलव रु.४० हजार, व्यापार विकास तथा नेतृत्व भत्ता वापत मासिक रु.८० हजार र कार्यसम्पादन आधारित प्रोत्साहन आधारमा कार्यसम्पादन स्तर ७५ प्रतिशत भन्दा माथि भएमा भत्ता को ५० प्रतिशत तथा कार्यसम्पादन स्तर ९० प्रतिशत भन्दा माथि भएमा ८० प्रतिशत भत्ता पाउने भनि मन्त्रिपरिषद्को २०७२/४/१४ को निर्णयबाट ४ वर्षको लागि नियुक्ती गरेको छ। सो अनुसार यो वर्ष मासिक तलव र व्यापार विकास तथा नेतृत्व भत्ता बापत वार्षिक रु.९ लाख १२ हजार भुक्तानी गरेकोमा प्रोत्साहन भत्ता भुक्तानीको विवरण पेश भएन ।

२२. **करारका कर्मचारी र पारिश्रमिक** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५(३) मा रु.३ लाख भन्दा बढीको करार सेवा लिनुपर्दा सार्वजनिक निकायले १५ दिनको सूचना प्रकासन गरी प्रस्ताव माग गर्नसक्ने व्यवस्था छ। आयोजनाबाट यो वर्ष २९ कर्मचारीलाई करारमा नियुक्ति गरी रु.७६ लाख ११ हजार खर्च लेखेको छ। समितिले विभिन्न मितिमा सुपरभाइजरको पारिश्रमिक भनि डोर हाजिर फारमका आधारमा रु.५ लाख १५ हजार खर्च लेखेकोमा के कुन कामको लागि सुपरभाइजर राखिएको सो खुल्न आएन। नियमानुसार रु.३ लाखभन्दा बढीको करार सेवा लिनुपर्दा सार्वजनिक निकायले सूचना प्रकाशन गरी प्रस्ताव माग गरेरमात्र कर्मचारी नियुक्ति गर्नुपर्दछ।

२३. **बैठक भत्ता :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा सरकारी रकम खर्च गर्दा बिल भरपाई सहित लेखा राख्नु पर्नेछ भन्ने व्यवस्था रहेकोमा आयोजनाले विभिन्न कर्मचारीहरुलाई बैठकमा उपस्थिति नभई भत्ता वितरण गरेको रु.२८ हजार असुल गर्नुपर्ने देखिन्छ।

२४. **पेश्की बांकी :** आर्थिक बर्षको अन्त्यसम्ममा रु.५ करोड ८५ लाख ७४ हजार फछ्र्यौट गर्न बाँकी रहेको पेस्की नियमानुसार असूल फछ्र्यौट गर्नु पर्दछ।

पञ्चेश्वर वहुउद्देश्यीय आयोजना

१. **विस्तृत आयोजना प्रतिवेदन :** महाकाली नदीको एकीकृत विकास सम्वन्धी नेपाल भारत सन्धी अनुसार विस्तृत आयोजना प्रतिवेदन ४ डिसेम्वर १९९७ सम्ममा तयार गर्ने लक्ष्य रहेकोमा १९ वर्ष व्यतित हुंदा समेत तयार हुन सकेको छैन। पञ्चेश्वर विकास प्राधिकरणको रुपमा विकास गर्ने उद्देश्यले सन् २००९ मा दुवै देशको सचिवस्तरीय वैठकबाट निर्णय भएको र सन २०१४ मा दुवै देशबाट सहमति प्राप्त भै प्राधिकरण गठन भई कार्य अगाडी वढी रहेको आयोजनाको भनाई रहेको छ।

२. **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२.८ तथा अर्थ मन्त्रालयको आर्थिक नीति अनुसार पूंजीगत खर्च तर्फ तेश्रो चौमासिकमा कुल बजेट खर्चको ४० प्रतिशत र आषाढ महिनामा सो को २० प्रतिशत भन्दा वढी खर्च गर्न नपाउने व्यवस्था रहेकोमा पुंजीगत उपशिर्षक अन्तर्गत सम्पुर्ण रकम तेश्रो चौमासिकमा सो मध्ये ९५.१४ प्रतिशत रकम असार महिनामा मात्र खर्च गरेको छ। स्वीकृत बार्षिक कार्यकम अनुसार लक्ष्य निर्धारण भएका कार्यहरु तोकिएको समयमा संचालन हुनुर्दछ।

३. **वार्षिक लक्ष्य तथा प्रगति** : कार्यालयले तोकिएका कार्यक्रमहरु तोकिएको समय र बजेटको परिधि भित्र रही लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ। यस वर्ष समग्रमा वार्षिक प्रगति ९७.११ प्रतिशत भएता पनि खर्चतर्फ वित्तीय प्रगति ५३.०७ प्रतिशत रहेको छ। लक्षित कार्यक्रम मध्ये पन्चेश्वर विकास प्राधिकरणको कार्यालय स्थापनाको लागि १ रोपनी जग्गा खरिद कार्य र विस्तृत वातावरण व्यवस्थापन तर्फ १५.५० प्रतिशत कार्य सम्पन्न भएको छैन।

४. **प्राधिकरण कोष :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम २३(१) अनुसार पन्चेश्वर विकास प्राधिकरणको कोष स्थापना गर्ने प्रयोजनको लागि उर्जा मन्त्रालयको नाममा भैपरी आउने विकास कार्यक्रमको भैपरी आउने चालु खर्चवाट आयोजनाको खर्च शिर्षक नं. २२५२२ कार्यकम खर्च मा रु १६ करोड रकमान्तर भई निकासा भएकोमा उक्त रकम पन्चेश्वर विकास प्राधिकरणलाई खर्च लेखि पठाएको देखियो। उक्त रकम खर्च गर्न आयोजनाको स्वीकृत बार्षिक कार्यकम भएको देखिएन। उक्त रकम खर्च भएको बिल भर्पाई सहितको लेखा पेश हुन आएन। बार्षिक कार्यक्रममा समावेश नगरी रकमान्तबाट खर्च गरेको नियम संगत देखिएन।

५. **विस्तृत वातावरण व्यवस्थापन प्रतिवेदन** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(२) अनुसार निर्माण कार्यमा अवधि बढाउन आवश्यक भएमा अधिकार प्राप्त अधिकारीले तोकिएको आधारमा अवधि बढाउन सक्ने व्यवस्था छ। आयोजनाको विस्तृत वातावरण व्यवस्थापन योजना तयार गर्न एक परामर्शदातासंग रु.२ करोड ५६ लाख ८८ हजारमा कार्य गर्न मिति २०६८।२।८ मा संझौता भएको देखिन्छ। शुरु संझौता अनुसार उक्त कार्य २०७०।७।५ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा परामर्शदाताको माग अनुसार ३ पटक गरी २०७१।१२।१४ भित्र कार्य सम्पन्न गर्ने गरी म्याद थप भएको देखिन्छ। २०७१।०७२ सम्म रु.२ करोड २५ लाख भुक्तानी भई जम्मा १५.५० प्रतिशत कार्य सम्पन्न भएको र २०७१।१२।१४ मा नै म्याद समाप्त भएकोमा उक्त कार्यको इन्सेप्सन रिपोर्ट प्राप्त भएको देखिन्छ। नियमानुसार कारवाही गरी कार्यसम्पन्न गराउनु पर्दछ।

६. **आन्तरिक नियन्त्रण व्यवस्था :** कार्यालय प्रमुखले प्रत्येक निजामती पदको कार्यविवरण बनाई लागू गर्नुपर्ने व्यवस्था रहेकोमा कार्य विवरण तयार नभएको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित मर्मत तथा लिलाम गर्नुपर्ने सामानहरुको सुझाव कार्यान्वयन नभएको, तलवी प्रतिवेदन पास नगरेको जस्ता व्यहोरा देखिएका छन्। नियममा भएको व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी वनाउनुपर्दछ।

बुढीगंगा जलविद्युत आयोजना

१. **कार्यान्वयनमा ढिलाई :** ऊर्जा क्षेत्रको विकास भई यस क्षेत्रको सन्तुलित विकासमा मद्दत गरी एकिकृत रुपमा आर्थिक क्रियाकलाप र अन्य विकास कार्यक्रमहरुको ढोका खुल्ने उद्धेश्य साथ आगामी ३ वर्ष भित्र निर्माण

कार्य सम्पन्न गर्ने लक्ष्य भएता पनि डिपिआरको लागि परामर्शदाता छनौट गरेको, कार्यालयको भवन निर्माण तथा पहुँच मार्गको कार्य गरेको, थप अन्य स्थानमा समेत विद्युत उत्पादन गर्न अन्य सर्भेको कार्य शुरु भएको छ ।

२. **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२(२) मा स्वीकृत बार्षिक कार्यक्रम र खर्चगर्ने अख्तियारी सम्बन्धित मन्त्रालयले आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । सो अनुसार आयोजनामा मन्त्रालयले २०७२/४/६ मा अख्तियारी पठाएको भएतापनि तद्नुरुप खर्च गर्नुपर्नेमा बार्षिक बजेटको तुलनामा ३६ र पूँजीगत तर्फ ३४ प्रतिशतमात्र खर्च गरेको पाइयो ।

३. **लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(६) अनुसार बजेटमा निर्धारित गरिएको रकम निकासा लिई समयमै निर्धारित कार्यक्रम अनुसार मालसामानको उपलब्धि तथा प्राविधिक एवं प्रशासकीय व्यवस्था मिलाई कार्य सम्पादन गर्नु सम्बन्धित योजना प्रमुखको कर्तव्य हुने उल्लेख छ । प्रगति विवरण अनुसार पुंजिगत खर्च अन्तर्गत २१ वटा कार्यक्रम रहेकोमा ६४ प्रतिशत भौतिक र ३४ प्रतिशतमात्र वित्तिय प्रगति रहेको छ । बार्षिक कार्यक्रममा तोकिएका कार्य समयमा सम्पन्न गर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

४. **ऋण सम्झौता सम्बन्धमा** : परियोजनाको लागि साउदी फण्ड डेभलप्मेन्टसंग रु.३ अर्व, कुवेती फण्ड फर अरब इकोनोमिक डेभलप्मेन्टसँग रु.१८ अर्वको सम्झौता भै बाँकी रकम नेपाल सरकारले व्यहोर्ने व्यवस्था रहेको छ । सम्झौता अनुसार कुवेती ऋणमा कमिटमेन्ट चार्ज ०.५० प्रतिशतका दरले र ४० किस्तामा भुक्तानी गर्नुपर्ने साउदी रियल तर्फ २५ वर्ष भित्र २ प्रतिशत व्याज तिर्ने गरी सम्झौता भएको छ । यो वर्ष सिभिलवर्क्स, कन्सल्टेन्सी लगायतमा खर्च गरेको छ । उक्त रकम सोधभर्ना हुने शिर्षकमा भएको हुँदा साउदी कोषबाट २०७२/५/१६ मा रु.१ करोड ६१ लाख ६४ हजार राजस्व खातामा सोधभर्ना हुने ऋण शिर्षकबाट राजस्व प्राप्त भएको छ । नेपाल सरकारले बैदेशिक सहायता रहने आयोजनाको वित्तिय विवरण आयोजना लेखा तयार गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार वित्तिय प्रतिवेदन तयार नगरेको हुँदा दातावाट सोधभर्ना लिनुपर्ने यथार्थ हिसाव देखिने अवस्था छैन ।

५. **आन्तरिक नियन्त्रण प्रणाली :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२(१) मा प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी, जिन्सी, र अन्य आम्दानी खर्चको लेखा महालेखा परीक्षकको स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । योजनाले नापी किताबमा भुक्तानीको गोश्वारा भौचर नम्बर र मिति मात्र उल्लेख गरी अभिलेख नराखेकोले लागत अनुमान, ठेक्का स्वीकृति, नापी किताव, ठेक्का बिल, कार्य सम्पन्न प्रतिवेदन लगायतका अभिलेखमा शुरुदेखि अन्त्यसम्म मिति उल्लेख गरी दस्तखत गरि आन्तरिक नियन्त्रण प्रणाली मजवुत बनाउनु पर्दछ ।

६. **कन्टिन्जेन्सी खर्च :** अर्थ मन्त्रालयको परिपत्र अनुसार निर्माण कार्यको लागत तयार गर्दा समावेश गरिने ५ प्रतिशत कन्टिन्जेन्सी बापतको रकमबाट २ प्रतिशत रकम आवश्यकता अनुसार पूँजी निर्माण तथा खरिद सम्बन्धी शिर्षकहरुमा अर्थ मन्त्रालयबाट सैद्धान्तिक सहमति लिई खर्च गर्न सकिने गरी २०७०/१/१५ मा मन्त्रिस्तरीय निर्णय भएकोले सोही अनुसार कार्यान्वयन गर्ने गरी परिपत्र भएको छ । कार्यालयले निर्माण तथा अन्य कार्य गर्न यसवर्ष कुल लागत अनुमान रु २४ करोड ७८ लाख २६ हजार रहेकोमा गतवर्ष र यो वर्ष समेत रु.१० लाख १ हजार खर्च गरेकोमा पुँजिगत तथा चालु खर्च यकिन गरी अभिलेख राखेको पाईएन ।

७. **परामर्श सम्वन्धमा** : सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ७०(२) अनुसार घटी कवोलवाला एक परामर्शदातासंग रु.२२ करोड ५० लाख ७१ हजारमा २०७२/२/२२ मा सम्झौता भएको छ । स्वीकृत सम्झौता अनुसार सम्झौता भएको मितिले १८ महिना अर्थात २०७३/९/१३ भित्र सम्पन्न गर्ने व्यवस्था भएकोमा १६ महिना अर्थात् २०७३/७/१३ भित्र अन्तिम प्रतिवेदन वुझाउनु पर्नेमा सो अनुसार रिर्पोट वुझाएको पाइएन । सम्झौता अनुसारको व्यवस्था कार्यान्वयन हुनुपर्दछ । साथै सम्झौता अनुसार अमेरिकी डलर ८२,०७०।३२ भुक्तानी गर्दा सटही दायित्व वापत रु.७ लाख ३३ हजार थप रकम भुक्तानी भएको छ ।

८. **जिन्सी व्यवस्थापन :** निर्माण तथा परामर्श कार्यको बिल अफ क्वान्टिटिमा सवारी साधनको भाडा समावेश गर्दा शिरोभार खर्च समेतले लागत बढ्न गएको व्यहोरा उपर सार्वजनिक लेखा समितिले २०६९/९/१८ मा लागत वृद्धि नियन्त्रण गर्न एक नीति बनाउने र यसको जानकारी दिने निर्णय गरेको थियो । यस सम्बन्धमा अर्थ मन्त्रालयको सहमती लिई कन्टिन्जेन्सीबाट सवारी साधन खरिद गर्ने व्यवस्था भए अनुसार यो वर्ष आयोजनाले एक ठेक्कामा सवारी साधन लगायतको लागि रु.२ करोड ६० लाख ८५ हजार भुक्तानी गरेकोमा स्पेशिफिकेशन खुलाई जिन्सी दाखिला गरेको नपाईएकोले दाखिला गर्नुपर्दछ ।

९. **जनशक्ति व्यवस्थापन :** निजामती सेवा ऐन,२०४९ र नियमावली,२०५० अनुसार रिक्त दरबन्दी पूर्ती पर्दछ । योजनाको हालको दरबन्दी विवरण अनुसार कुल २९ कर्मचारी मध्ये ६ दरवन्दी पूर्ति भएको पाइएन । तोकिएको समयमा आयोजना सम्पन्न गर्न कार्यवोझ अनुसार कर्मचारी पदपुर्ति हुनुपर्दछ ।

१०. **मूल्य अभिवृद्धि कर :** सार्वजनिक खरिद नियमावलीको नियम ८१(५) अनुसार बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ६.२ मेगावाटको वुढीखोला नदीको विस्तृत इन्जिनियरिङ डिजाइन तयार गर्न लागत अनुमानको तुलनामा ०.०५ प्रतिशत घटी देखिएको एक वोलपत्रदातासंग रु.१ करोड ९१ लाख २५ हजारको सम्झौता गरेको छ। भुक्तानीको शर्त अनुसार कार्यालयमा प्रारम्भिक रिपोट पेश भएको आधारमा मूल्य अभिवृद्धि कर रु.४ लाख ९७ हजार सहित रु.४ लाख २२ हजार भुक्तानी गरेकोमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी दिएको प्रमाण पेश भएन।

११. **पेश्की :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ७७ को उपनियम १ अनुसार कार्यालयले यो वर्ष रु.२ करोड ४१ लाख विभिन्न फर्महरुको नाममा पेस्की दिएकोमा आर्थिक बर्षको अन्त्यसम्म पनि फछ्र्यौट नभई बाँकी नै रहेकोले असूल र फछ्र्यौट गर्नुपर्दछ।

बुढीगण्डकी जलविद्युत आयोजना विकास समिति

१. **जग्गा खरिद :** जग्गाको मुआब्जा वितरण गर्न रु.२ अर्ब ९० करोड विनियोजन भएकोमा रु.३ करोड ९९ लाख ६० हजार (१.३८ प्रतिशत) खर्च भएको छ। जग्गाको मूल्याङ्कन दर समयमा निर्धारण नहुंदा मुआब्जा वितरण हुन नसकी खर्च हुन सकेको देखिएन। खरिद कार्य नटुंग्याई आयोजनाको निर्माण कार्य शुरु गर्न नसकिने हुंदा जग्गा खरिद कार्य यथाशीघ्र टुंग्याउनु पर्दछ।

२. **आयोजना मोडालिटी :** विकास आयोजनाको लागत २,५९२ मिलियन अमेरिकी डलर हुने अर्थात् हालको मूल्यमा रु.२ खर्ब ७८ अर्ब १९ करोड ९३ लाख ६० हजार हुने देखिन्छ। राष्ट्रिय गौरवको रुपमा रहेको सो वृहत्त आयोजना सञ्चालनको मोडालिटी (विकास समिति, कम्पनी वा अन्य) स्वीकृत भई नसकेको, गठन आदेशको दफा १८ मा समितिले आवश्यक नियम बनाउन सक्ने व्यवस्था गरे तापनि नियम तर्जुमा भई नसकेको, समितिमा पूर्णकालीन कर्मचारीको व्यवस्था हुन नसकेको स्थिति रहेको देखियो। आयोजना संचालनको मोडालिटी स्वीकृत हुनुपर्दछ।

३. **वातावरणीय मूल्याङ्कन** : आयोजनाको संभाव्यता अध्ययन र विस्तृत डिजाइन तयार गर्न छनौट भएको एक विदेशी परामर्शदाताले सो अध्ययनसंग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन आयोजना विकास समितिमा पेस गरेको र समितिले २०७३।६।१९ मा सो प्रतिवेदन स्वीकृतिको लागि उर्जा मन्त्रालयमा पठाएकोमा लेखापरीक्षणको अवधि २०७३ कार्तिक मसान्तसम्म सो प्रतिवेदन स्वीकृत भएको देखिएन। परामर्शदाताको जूलाई २७, २०१६ को पत्रमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन उपर राय सुझाव दिन र स्वीकृतिको प्रक्रिया पूरा गर्न समय लाग्न गई परामर्शदातालाई चौंथो पटकसम्म म्याद थप भएको र पांचौं पटक म्याद थप्नुपर्ने अवस्था रहेको छ।

४. **लक्ष्य प्रगति** : तोकिएको समय र बजेटको परिधि भित्र रही लक्ष्य अनुसार प्रगति हासिल हुनुपर्दछ। स्वीकृत बार्षिक कायाक्रम मध्ये जग्गा खरिद तथा मुआब्जा वितरण ३,६२५ रोपनीमा गर्ने लक्ष्य रहेकोमा ४९.९५ रोपनी जग्गामात्र खरिद गरी मुआब्जा वितरण लक्ष्यको तुलनामा १.३७ प्रतिशत मात्र प्रगति भएको, भौगर्भिक सम्बन्धी अध्ययन, चक्रपथको वातावरण मूल्याङ्कन, आयोजनाको विकास मोडालिटी अध्ययन, आयोजनाको स्रोत परिचालन सम्बन्धी कार्य हुनसकेको देखिएन। लक्ष्य अनुसार कार्य नगर्दा आगामी दिनमा लागत बढ्न जाने देखिन्छ।

५. **तलव प्रतिवेदन** : निजामती सेवा ऐन, २०४९ को दफा ७(ख)२ अनुसार उपत्यका स्थित कार्यालयहरुको निजामती कर्मचारीहरुको तलवी प्रतिवेदन निजामती किताब खानाबाट पारित गराएर मात्र तलव खर्च लेख्नुपर्ने व्यवस्था छ। आयोजनामा कार्यरत निजामती कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगराई रु. ४३ लाख ५६ हजार खर्च लेखेको छ। कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्दछ।

६. **जिन्सी निरीक्षण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) अनुसार कार्यालयबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत तथा संरक्षण गर्नुपर्ने र लिलाम गर्नुपर्ने उल्लेख गरिएका सामान लिलाम तथा मर्मत गरेको देखिएन। नियमावलीमा व्यवस्था भए अनुसार कार्यान्वयन गरी जिन्सी सम्बन्धी व्यवस्थालाई चुस्त र दुरुस्त बनाउनुपर्दछ।

७. **चौमासिक खर्च** : खर्च गर्ने अख्तियारी दिंदा चौमासिक रुपमा खर्च गर्ने र आषाढमा गरिने खर्चको सीमा तोकिने व्यवस्था गरिएको छ। आयोजनाबाट प्राप्त विवरण अनुसार खर्चको अनुपात हेर्दा प्रथम चौमासिक अवधिमा ९.९७, दोस्रो चौमासिक अवधिमा १५.६८ र तेस्रो चौमासिक अवधिमा ७४.३३ र आषाढ महिनामा २२.५६ प्रतिशत खर्च भएको देखिन्छ। आर्थिक वर्षको अन्त्यमा अत्याधिक बजेट खर्च हुंदा कामको चाप

बढ्ने, अनुगमन गर्न समस्या पर्न जाने, तोकिएको समयमा कार्यसम्पन्न हुन नसक्ने र गुणस्तर कायम राख्न नसकिने अवस्था सिर्जना हुन्छ ।

८. **करारका कर्मचारी** : सार्वजनिक खरिद नियमावाली, २०६४ को नियम ९५(३) मा रु.३ लाख भन्दा माथिको करार सेवा लिनु पर्दा सार्वजनिक प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ । आयोजनाबाट ३६ कर्मचारीलाई करारमा नियुक्त गरी रु.५० लाख १२ हजार खर्च लेखेको छ । करार सेवामा लिनुपर्दा सार्वजनिक निकायले १५ दिनको सूचना प्रकाशन गरी प्रस्ताव माग गर्ने व्यवस्था भए तापनि सो व्यवस्थालाई कार्यान्वयन नगरी कर्मचारी नियुक्ति गरी बजेट खर्च लेखेको देखिएकोले नियमित मान्न सकिएन ।

९. **लगवुक** : आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ९२ अनुसार स्वीकृत ढांचामा लेखा राख्नुपर्ने र लेखा भिड्ने प्रमाणित कागजातहरु सिलसिलावद्ध तरिकाले राख्नुपर्दछ । यस वर्ष समितिले इन्धन खर्च वापत एक ट्रेडिङ लिमिटेडलाई रु.८ लाख २२ हजार गरेको देखियो । उक्त इन्धन खर्चको लगबुक राखेको देखिएन । आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउन लगवुक अद्यावधिक राख्नुपर्दछ ।

१०. **बढी दैनिक भत्ता :** दैनिक तथा भ्रमण भत्ता नियमावली,२०६४ को नियम ७(४) अनुसार काजबाट फर्केको दिनको एक चौथाई मात्र दैनिक भत्ता पाउनेमा आधा भत्ता भुक्तानी भएकोले २३ जनालाई बढी भुक्तानी रु.९,७००।- असूल गर्नुपर्दछ ।

११. **खर्चको नर्म्स** : अर्थ मन्त्रालय, कार्यसञ्चालन निर्देशिका,२०७० अनुसार कुनै समिति तथा बोर्डको बैठक बस्दा आमन्त्रित सदस्य संख्या ३ भन्दा बढी राख्न नसकिने व्यवस्था रहेकोमा ६ जना राखी रु.४२ हजार खर्च लेखेकोले यस्तो रकम असूल हुनुपर्दछ ।

१२. **खर्चको प्रमाण** : आयोजना विकास समितिको बैठक वस्दा २८ जना उपस्थित भएकोमा ५६ को लागि खर्च लेखेकोले २८ जनाको रु.१ लाख २९ हजार सम्वन्धमा प्रमाण पेश हुनुपर्दछ ।

१३. **सम्झौताको व्यवस्था** : पूंजीगत अनुसन्धान तथा परामर्शबाट रु.१ करोड ८३ लाख ६१ हजार खर्च लेखी एक विदेशी परामर्शदातालाई भूक्तानी दिएकोमा विकास समिति गठन आदेश अनुसार परामर्श दातासंग भएको सम्झौतको समितिले परिमार्जन (मोडिफिकेसन) गर्न सक्नेमा समितिका अध्यक्षले स्वदेशी तथा विदेशी परामर्श दाताको म्यान मन्थ परिमार्जन गरेको, तीस महिनामा सम्पूर्ण काम सम्पन्न गर्ने गरी सम्झौता भएकोमा सुरु सम्झौतामा नै ४६ महिनाको घर भाडा तथा गाडी भाडा उपलब्ध गराउने गरी सम्झौता गर्दा रु.३१ लाख ९२ हजार बढी व्यय भार हुने गरी सम्झौता गरेको देखियो । सम्झौताको व्यवस्था अध्यक्षको सिफारिसमा समितिबाट मात्र परिमार्जन हुनुपर्दछ ।

१४. **गुणस्तर नियन्त्रण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(२) अनुसार निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम आवश्यक पर्ने कागजात पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयको कम्पाउण्डवाल निर्माणको लागि एक निर्माण व्यवसायीसँग रु.१ करोड ३८ लाख ७७ हजारको सम्झौता गरीयो कार्यको रु.४४ लाख १४ हजार खर्च लेखेको छ । फाईल साथ क्वालिटि कन्ट्रोल टेष्टको प्रमाण संलग्न नगरेकोले ढुङगाको गारो लगाउने कामको क्वालिटि टेष्टको प्रमाण पेश हुनुपर्दछ ।

१५. **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा जिल्ला दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा तयार गर्नुपर्ने उल्लेख छ । पहुँच मार्ग र कम्पाउण्डवाल निर्माण कार्य अन्तर्गत ढुंगाको गारो (१:४ जोडाई) लगाउने कार्यमा स्वीकृत दररेट भन्दा सिमेन्टमा बढी मूल्य राखी लागत अनुमान तयार गर्दा सो कार्यमा मात्र रु.३ लाख ९३ हजार बढी लाग्ने गरी लागत अनुमान तयार गरेको देखियो । स्वीकृत जिल्ला दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्दछ ।

१६. **मुआब्जा वितरण :** आयोजना कार्यालयको लागि अधिग्रहण गरिएको जग्गाको मुआव्जा वितरण गर्न जिल्ला प्रशासन कार्यालय, गोरखाले रु.१ करोड १७ लाख, ११ हजार पेस्की फछ्र्यौट गरेकोमा पहुंच मार्ग तथा कार्यालय परिसर कम्पाउण्डवाल भित्र १५ कित्ता जग्गाको क्षेत्रफल १२ रोपनी जग्गा अधिग्रहण भई मुआव्जा वितरण गर्न बांकी रहेको छ । उल्लेखित जग्गा अधिग्रहणको लागि २०७२।१२।२० मा सूचना प्रकाशितसम्म भएको, तर मुआव्जा दर निर्धारण भएको छैन । सो स्थानको २०७३।७।८ मा स्थलगत निरीक्षण गर्दा अधिग्रहण हुन बांकी जग्गा भित्र दुईवटा पक्की घर समेत रहेको देखियो । अधिग्रहण र मुआव्जा निर्धारण नगरी पहुंच मार्ग र कम्पाउण्डवाल निर्माण भैसकेकोले उल्लेखित जग्गाको मूल्याङ्कन दर बढ्न सक्ने अवस्था रहेकोले यथाशीघ्र मुआव्जा निर्धारण गरी वितरण गर्नुपर्दछ ।

१७. **निर्माण व्यवसायी कोष :** निर्माण व्यवसायी नियमावली, २०५६ को नियम १४ ले कुनै पनि सार्वजनिक निर्माण कार्य गर्ने निर्माण व्यवसायीले स्वीकृत ठेक अंकको ०.१० प्रतिशतले हुन आउने रकम निर्माण

व्यवसायी कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । आयोजनाले ७ कारोवारबाट निर्माण व्यवसायीलाई निर्माण कार्यको रु.१९ हजार भुक्तानी गर्दा कट्टा भएको नदेखिएकोले कोषमा दाखिला हुनुपर्दछ ।

१८. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको अभावमा समयमा बार्षिक खरिद योजना तर्जुमा, योजनाको लागत अनुमान स्वीकृति चौमासिक कार्यक्रम अनुसारको प्रगति हासिल भएको देखिएन । आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरी आयोजना कार्यान्वयनमा गति दिनु पर्दछ ।

१९. **जनशक्ति हेरफेर :** परामर्शदातासंगको त्रिपक्षीय सम्झौतामा उल्लेख भएका जनशक्तिमध्ये स्थानीयको हकमा फेरबदल हुने अवस्था परेमा समितिको पूर्व स्वीकृति लिएर मात्र जनशक्ति काममा लगाउन सकिने व्यवस्था रहेकोमा एक हाइड्रो पावर इन्जिनियरको ठाउँमा अर्को हाइड्रो पावर इन्जिनियरको नाम राखी स्थानीय कन्सल्टेन्टलाई पारिश्रमिक रकम भुक्तानी भएकोमा निज पछिल्ला इन्जिनियरको नियुक्तिको आधार तथा पुष्ट्याई पेश हुनुपर्दछ ।

२०. **इन्सेन्टीभ** : परामर्शदाताले पेस गरेको २०७१ कार्तिक को बिल भनी नेपाल विद्युत प्राधिकरणका स्टाफलाई रु.२९ लाख १९ हजार इन्सेन्टीभ भुक्तानी दिएकोमा छुट्टै विकास समितिबाट कार्यान्वयन भएको आयोजनाबाट यसरी इन्सेन्टीभ भुक्तानी गर्न पाउने आधार पेश हुनुपर्दछ ।

२१. **पेश्की** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपनियम (५) मा उपनियम (१) बमोजिम दुई निर्माण व्यवसायीको नाममा गएको रु.२३ लाख ८० हजार पेश्की नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

कृषि विकास मन्त्रालय

१. **अख्तियारी प्रदान :** आर्थिक कार्यविधि नियमावली २०६४को नियम २३ (२) मा स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्बन्धित मंत्रालयले आर्थिक वर्ष शुरु भएको १५ दिन भित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्ने उल्लेख छ । मन्त्रालयले यो वर्ष २०७३।३।३ देखि २०७३।३।२८ सम्म २० बजेट उपशीर्षकमा अख्तियारी संशोधन गरी थप अख्तीयारी रु.१२ करोड ९८ लाख ६५ हजारको प्रदान गरेको छ । यसरी असार महिनाको अन्त्यमा मात्र थप बजेटको अख्तियारी प्रदान गर्दा २ दिनको अवधिमा कुनै कार्य हुन सक्ने देखिदैन । अतःसमयमै अख्तीयारी प्रदान गर्नु पर्दछ ।

२. **लक्ष्य तथा प्रगति :** मन्त्रालयबाट यो वर्ष ५ बजेट उप-शीर्षकवाट विभिन्न कार्यक्रम संचालन गर्नु पर्ने गरी वार्षिक कार्यक्रम स्वीकृत भई रु.६ अर्व ५२ करोड ७४ लाख ६४ हजार बजेट व्यवस्था भएकोमा सवै कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरेको छैन । प्रगति तयार गरी पेश हुनु पर्दछ ।

३. **जिन्सी व्यवस्थापन :** मन्त्रालयले लेखापरीक्षण अवधि (२०७३।८।२४) सम्म पनि जिन्सी निरीक्षण गरी वा गर्न लगाइ प्रतिवेदन लिएको देखिएन । मातहतका कार्यालयले नियम अनुसार आन्तरिक नियन्त्रण प्रणाली अनुशरण गरे नगरेको अनुगमन गरी निर्देशन दिने निकायले नै आर्थिक वर्ष समाप्त भएको करिव ५ महिना वितिसक्दा पनि जिन्सी निरीक्षण नगरेकोले जिन्सी निरीक्षण गरी वा गर्न लगाइ प्रतिवेदन लिने र प्रतिवेदनमा उल्लेखित विषय समयमा कार्यान्वयन गर्ने व्यवस्था गरिनु पर्दछ ।

४. **संचालित आयोजनाहरु :** मन्त्रालय अन्तरगत ३ बैदेशिक दातृ निकायको अनुदान तथा ऋण सहयोगमा ७ आयोजना संचालित भएका र ति आयोजनामा रु.२० अर्व ४६ करोड २९ लाख ८६ हजार खर्च गर्ने सम्झौता भएकोमा हाल सम्म रु.८ अर्व ९७ करोड ४५ लाख ६५ हजार खर्च भएको विवरण पेश भएको छ ।

४.१ **आयोजना संचालन :** उपर्युक्तानुसारका ७ आयोजना मध्ये मध्यपश्चिम र सुदुर पश्चिमका केही जिल्लामा ७ वटै आयोजना संचालन भएको देखिन्छ भने पूर्वाञ्चल,मध्यमाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रका कुनै जिल्लामा ३ र कुनैमा १ मात्र आयोजना संचालन भएका छन । अतः आयोजना छनौट गर्दा ध्यान दिनु पर्ने देखिन्छ ।

४.२ **आयोजनागत खर्च :** मन्त्रालय अन्तरगत संचालित आयोजनाहरुमा खर्च गरी कृषि उत्पादनमा वृद्धि गर्ने र कृषि क्षेत्रलाई व्यवसायीकरण गर्ने लक्ष्य रहेकोमा आयोजनाहरु संचालनको ५० प्रतिशत देखि ८३ प्रतिशत भन्दा बढी समय व्यतीत भइसकेको अवस्थामा न्यून खर्च गरेको देखिन्छ ।

वैदेशीक ऋण र अनुदान सहयोगमा संचालित आयोजनाहरु प्रभावकारी रुपले संचालन हुन नसक्दा वैदेशिक सहयोग रकमको पूर्णरुपले उपयोग हुन सकेको छैन भने ऋणमा संचालीत आयोजनाको हकमा अनावश्यक रुपले व्याज तिर्नु परेर व्ययभार बढ्न गएको छ । अतः मन्त्रालयले आयोजनाको कार्यक्षमतामा वृद्धि गरी गुणस्तरीय र प्रभावकारी रुपले आयोजना सम्पन्न गराउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

४.३ **शिर्षकगत खर्च :** मन्त्रालय अन्तर्गत संचालीत उपर्युक्तानुसारका आयोजनाहरुले हालसम्म खर्च गरेको रकम मध्ये परामर्शदाता, कार्यालय व्यवस्थापन, उपभोग र कार्यालय संचालन अनुगमन तथा बैदेशिक भ्रमणमा वढी खर्च भएको उल्लेख छ ।

५. **अनुदान वितरण :** मन्त्रालयले यो वर्ष २४ बजेट उप-शीर्षकवाट विभिन्न कार्यक्रमहरु संचालनमा रु.११ अर्व ७४ करोड २४ लाख ५१ हजार अनुदान दिने गरी कार्यक्रम स्वीकृत भएकोमा ति कार्यक्रम संचालनमा रु.८ अर्व ८९ करोड ५२ लाख ६७ हजार अनुदान वितरण गरेको विवरण प्राप्त भएको छ।

अनुदान र उत्पादनको तुलना गर्दा २०६९।७०मा अनुदान ५१.३९ प्रतिशत बृद्धि भएकोमा खाद्यान्न र फलफुल उत्पादन क्रमशः ८.५८ र ८.८३ प्रतिशत घटी भएको छ। यसैगरी २०७०।७१ मा अनुदानमा ८३.८४ प्रतिशत बृद्धि भएको छ भने खाद्यान्न उत्पादनमा क्रमश ९.४४ र ४.२६ प्रतिशत बृद्धि, २०७१।७२ मा अनुदानमा १९.१३ प्रतिशत बृद्धि भएको छ भने खाद्यान्नमा ३.१० प्रतिशत घटी र फलफूलमा १.३३ प्रतिशत मात्र वढी उत्पादन भएको छ। आर्थिक वर्ष ०७२।७३ मा पनि खाद्यान्न उत्पादनमा ७.०४ प्रतिशत ह्रास आएको छ। यसमा क्रमिक सुधार ल्याई कृषि क्षेत्रको विकास र बृद्धि गर्न तर्फ मन्त्रालय प्रयासरत रहेको जनाएको छ। कृषि उत्पादन र उत्पादकत्वमा धेरै तत्वहरुले प्रभाव पार्ने भएतापनि अनुदान वृद्धि हुदै गएकोमा उत्पादन भने अपेक्षित रुपमा वृद्धि हुन नसक्नु उचित होईन। अतः अनुदानलाई उत्पादन र उत्पादकत्वसंग आवद्ध गर्नुपर्दछ।

अनुदान उपलब्ध गराउन बजेट व्यवस्था भएको रकम मध्ये रु.१ अर्व ७० करोड ५८ लाख बजेट खर्च भएको देखिएन। खर्च नभएको बजेट मध्ये पनि कार्यक्रम संचालन गर्न छुट्याएको बजेट घटी खर्च भएको छ। साथै रु ११ करोड ५० लाख व्यवस्था भएका ५ कार्यक्रम संचालन नै भएको छैन। कार्यक्रम कार्यान्वयन क्षमतमा वृद्धि गर्नु पर्दछ।

६. **विशेष कृषि उत्पादन :** लेखापरीक्षणवाट रसायनिक र प्रांगारिक मलको मुल्य अनुदान वापत कृषि सामाग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्गका कर्पोरेशनलाई रु.५ अर्व ४४ करोड २ लाख ९७ हजार अनुदान दिएको देखिन्छ भने मन्त्रालयले देखाएको अनुदान सम्वन्धि विवरणमा रु.४ अर्व ५२ करोड ३९ लाख ७७ हजार देखाएको र लेखापरीक्षणवाट उन्नत वीउमा मुल्य अनुदान वापत राष्ट्रिय वीउ वीजन कम्पनी लिमिटेडलाई रु.२२ करोड, ५१ लाख ४३ हजार अनुदान दिएकोमा प्राप्त विवरणमा रु.१८ करोड ३२ लाख ४२ हजार मात्र देखाएको छ। यसरी एक बजेट उप शीर्षकवाट गएको अनुदानमा मात्र लेखापरीक्षणवाट देखिएको रकम भन्दा प्राप्त विवरणमा रु.१ अर्व १४ करोड १४ लाख ६३ हजार घटी देखिएकोमा लेखारीक्षणवाट देखिएकै अंक समावेस गरिएको छ। वास्तविक भएको काम र खर्चको आधारमा विवरण उपलव्ध गराउनु पर्दछ।

७. **रासायनिक मल :** कृषि सामाग्री कम्पनी लिमिटेड लाई युरिया, डि.ए.पी र पोटास युरिया, डि.ए.पी र पोटास १ लाख ८० हजार १७३ मे.टनमा मूल्य अनुदान वापत रु ३ अर्व ८६ करोड ६० लाख उपलव्ध गराएकोमा रु ३ अर्व ६६ करोड ९२ लाख खर्च भई रु १९ करोड ९८ लाख वाकी रहेको देखाएको छ। वाकी रहेको रकम सञ्चितकोष दाखिला गर्नु पर्दछ। त्यसै गरी कम्पनीले मल परिचालन वापत रु २५ करोड ७२ लाख ५० हजार खर्च लेखेको मध्ये १०५३९.९० मेट्रिकटन मलको रु २३ करोड ३६ लाख ६५ हजार खर्च देखाएको छ भने शून्य मेट्रिकटनको परिचालन खर्च भनी रु २ करोड ३५ लाख ८५ हजार खर्च देखाएकोले शून्य मल परिचालन खर्च वास्तविक नदेखिएकोले असूल हुनु पर्दछ।

साल्ट ट्रेडिङ्गका करपोरेशन लिमिटेडलाई १ लाख ७ हजार ५०० मेट्रिक टन मलको मुल्य अनुदान वापत रु १ अर्व ५७ करोड ४२ लाख उपलब्ध गराएकोमा १ लाख ७ हजार मेट्रिक टन मल खरिद गरेको जनाई रु १ अर्व ९९ करोड ८८ लाख ७७ हजार खर्च लेखि रु ४२ करोड ४६ लाख बढी खर्च गरेको छ। बढी खर्च गर्नुपूर्व मंन्त्रालयको स्वीकृति लिएको नदेखिएकोले कर्पोरेशनलाई जिम्मेवार वनाउनु पर्दछ। रासायनिक मल आयातको लागि प्रतितपत्र खोल्दा बैंक कमिशन बापत कृषि सामाग्री कम्पनी लिमिटेडले १ लाख ९० हजार ७१२.६५ मेट्रिकटनको लागि रु १४ लाख ३१ हजार खर्च जनाएको छ तर साल्ट ट्रेडिङ्ग करपोरेशन लिमिटेडले १ लाख ७ हजार २५७ मेट्रीक टनको रु २७ लाख ८४ हजार खर्च लेखेको मन्त्रालयको अध्ययन टोलीले सिफारिश गरेकोमा लेखापरक्षिण अवधि सम्म छानविन भएको छैन यस विषयमा छानविन हुनु पर्दछ .

८. **बीउ बिजन अनुदान :** उन्नत बीउ बीजन अनुदानमा बिक्रि वितरण गर्न १२००० मेट्रिक टन को मुल्य अनुदान बापत राष्ट्रिय बीउ बीजन कम्पनीलाई रु.२२५१४२८२२। सशर्त अनुदान उपलब्ध गराएको छ। उक्त कम्पनीले के कुन उन्नत बीउ कहाँका कति कृषकलाई अनुदानमा उपलब्ध गराई कति खर्च गरेको थियो सोको विवरण प्राप्त गरी मन्त्रालयले गठन गरेको अनुदान रकमको हिसाब फरफारक कार्यटोलीले हिसाब जाँच गरी अनुदान वितरण व्यवस्थापन समिति समक्ष पेश गरेको नदेखिएको र व्यवस्थापन समितिले हिसाब फरफारक गरेको देखिएन। अतः कम्पनीले गरेको कामको खर्चको फाटवारी र सिफारिस टोलीको प्रतिवेदन र फरफारक गरेको प्रतिवेदन र खर्च नभई वाकी रहेको रकम फिर्ता गरी सम्वन्धित राजश्व खातामा दाखिला गरेको प्रमाण पेश हुनु पर्दछ।

९. **एक गाँउ एक उत्पादन** : एक जिल्ला एक उत्पादन कार्यक्रमस एक गाँउ एक उत्पादन र एक जिल्ला एक उत्पादन कार्यक्रम कार्यान्वयन निर्देशिका २०७० मा अनुग्राही संस्थाबाट ५० प्रतिशत रकम जम्मा गरेको

प्रमाण पेश भएपछि छ्ण प्रतिशत रकम अनुदान दिने व्यवस्था छ। विभिन्न कार्यक्रम सञ्चालनको लागि कृषि उद्यम केन्द्र लाई रु २२ करोड २७, लाख पारिवारिक खेती कार्यक्रमको लागि केन्द्रिय सहकारी संघलाई रु २ करोड र पुस्प व्यवसाय प्रवर्द्धनको लागि एक एशोशियशनलाई रु २ करोड ५० लाख समेत रु २६ करोड ७७ लाख शशर्त अनुदान दिएको छ। ति संस्थाहरुले स्वीकृत कार्यक्रम अनुसार गरेको कामको प्रगति र खर्चको विवरण सम्म पनि पेश गरेका छैनन् ।व्यवसायिक कृषि तथा व्यापार आयोजनाले त्रिपुरेश्वर स्थित एक पुस्प व्यवसायी संस्थासंग रु ४३ लाख २५ हजार अनुदान दिने गरि सम्झौता गरेको मध्ये हाल सम्म रु १२ लाख ६८ हजार अनुदान उपलब्ध गराएकोछ। मंत्रालयले समेत सोही संस्थालाई यो वर्ष रु ८ लाख अनुदान उपलब्ध गराएकोले एकै संस्थालाई दोहोरो अनुदान दिएको देखियो .

१०. **वीमा प्रीमियम अनुदान :** मन्त्रालयले वीमा समितिलाई वाली तथा पशु धन वीमाको ७५ प्रतिशत अनुदान वापत रु.१६ करोड ९६ लाख ५४ हजार निकासा दिई खर्च लेखेको छ। उक्त रकमवाट कुन जिल्लाको कुन कृषकको वाली तथा पशुपंक्षीको कुल कति रकम वरावरको वीमा गराएको मध्ये विमा प्रिमियम वापत कति रकम तिर्नु परेको थियो र सो को ७५ प्रतिशत प्रिमियम भुक्तानीमा कति रकम भुक्तानी दिईयो र कति रकम बचत रहेको वा प्रिमियत वापत तिर्न वांकी छ, सो को जिल्लागत र कृषकगत रुपले विवरण माग गरिएकोमा प्राप्त भएन। अतः उक्तानुसारको विवरण पेश हुनु पर्दछ। साथै आर्थिक वर्षको अन्त्य सम्म खर्च नभई वांकी रहेको रकम भए सो समेत फिर्ता गरि सम्वन्धित राजस्व खातामा दाखिला हुनु पर्दछ।

११. **राहत अनुदान :** राष्ट्रिय पुनः निर्माण कोषवाट प्राप्त रकम राष्ट्रिय वीउ वीजन कम्पनी लिमिटेडलाई भुकम्प पिडित १४ जिल्लाका कृषकहरुलाई राहत स्वरुप मकैको वीउ अनुदानमा वितरण गर्ने कार्यको लागि रु.२ करोड पेश्की स्वरुप उपलव्ध गराई खर्च लेखेको देखियो। वीउ वीजन कम्पनीले कुन जिल्लाका कति कृषकलाई कति वीउ अनुदानमा उपलव्ध गरायो र कति रकम वांकी छ भन्ने सम्वन्धमा विवरण पनि पेश हुन आएन। अतः आर्थिक वर्षको अन्त्य सम्ममा कति वीउ खरिद गरी कति खर्च गरेको छ, सो को प्रमाण कागजातहरु सहित पेश गर्न लगाई पेश्की फछ्र्यौट हुनु पर्ने र बचत रकम फिर्ता गरी सम्वन्धित राजस्व खातामा दाखिला हुनु पर्दछ।

१२. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ अनुसार एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु.३,००,०००। भन्दा वढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्था वाट एक पटक भन्दा वढी सोझै खरिद गर्न सकिने छैन भनी स्पष्ट व्यवस्था हुंदा हुंदै विभिन्न आपूर्ती कर्ताहरु संग पटक पटक खरिद गरेको रु **७,००,८७०।००** नियम सम्मत देखिएन ।.

१३. **जिन्सी सामान खर्च :** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ४६ मा सरकारी सम्पत्तिको हिनामिना नहुने गरी जिन्सी सामानको लगत श्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्तिको जिम्मा लिने कर्मचारी र सम्वन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ। मन्त्रालयले विभिन्न आपूर्तीकर्ताहरुवाट रु ५,२०,०२६।- को सामान छपाइ गरी आपूर्ती भएको सामान जिन्सी आम्दानी गरी एकै पटकको निकासी मागफारामवाट जिन्सी किताबमा खर्च जनाएको छ। छपाई गरी प्राप्त भएका सामानहरु स्टोरमा मौज्दात राखेर आवश्यकता र स्वीकृत माग फाराम अनुसार खर्च जनाई क्रमशः मौज्दात घटाउने व्यवस्था गर्नु पर्दछ।

१४. **घटी कर कट्टा :** आपूर्तीकर्ताहरुवाट सामान आपूर्ती गर्दा आयकर ऐन २०५८ को दफा ८८ (४) अनुसार विल रकम (मु.अ. कर वाहेक) को १.५ प्रतिशतले अग्रिम कर कट्टा गर्नुपर्नेमा २ आपूर्तीकर्ताहरुवाट घटी कट्टा गरेकोले नपुग कर वापतको रकम रु २०७१। असुल हुनुपर्दछ।

१५. **वढी खर्च लेखेको :** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६(३) वमोजिम खर्चको विल भर्पाइ सहितको लेखा राख्नु पर्ने व्यवस्था छ। एक आपूर्तीकर्तालाई विल भन्दा वढी खर्च लेखेको रु ३०००। सम्बन्धित आपूर्तीकर्तावाट असूल गरी राजश्व खातामा दाखिला गर्नु पर्दछ।

१६. **कर विजक :** मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४ मा आपूर्तीकर्ताले सिलसिलेवार नम्वर सहितको विजक दिनु पर्ने व्यवस्था छ। विभिन्न आपूर्तीकर्ताले कर विजक जारी गर्दा विजक नम्वर नवुझीने, केरमेट गरेको तथा नम्वर मेटी फेरी प्रिन्ट गरेको विजक जारी गरेको हुंदा आन्तरिक राजश्व कार्यालयमा मूल्य अभिवृद्धीकर समायोजन भएको प्रमाण पेश गर्ने अन्यथा मु.अ.कर वापत भुक्तानी भएको रु.२०,९८१। असुल गर्नुपर्दछ।

१७. **वढी भूक्तानी :** एक कर्मचारीले पोखरामा सुसासन मानव अधिकार तथा सूचनाको हक सम्वन्धी तालिम संचालन गरी पेश गरिएको फांटवारीमा संलग्न विल भरपाईको जोड रु.१,०१,७६०। भएको र निजको भ्रमण विल रु.३७,९८५। गरी जम्मा खर्च रु.१,३९,७४५। वाट निजको पेश्की रु.८५,०००। फछ्र्यौट गरी रु.५४,७४५। मात्र सोधभर्ना भुक्तानी गर्नुपर्नेमा रु.६३,११०। सोध भर्ना दिई वढी भुक्तानी गरेको रु.८३६५। असूल गरी राजश्व दाखिला गर्नुपर्दछ।

१८. **प्रमाण वेगरको खर्च** : एक कर्मचारीको रमाना तथा हाजिर भएको मिति भन्दा अगाडिको र हाजिर तथा विदा लिएको प्रमाण वेगर तलव भत्ता भुक्तानी दिएको पाइयो। अतः तलव भत्ता भुक्तानी दिनु पाउने आधार प्रमाण भए पेश हुनु पर्दछ अन्यथा रु.१,१६,२२०। असुल हुनु पर्दछ।

१९. **पेश्की वांकी :** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ७४ मा म्याद भित्र पेश्की लिने दिने दुवै थरीले पेश्की फछर्यौट गर्नुपर्ने व्यवस्था छ । तर विभिन्न पदाधिकारीले लिइएको पेश्की रु..**८४९५६८०।** आर्थिक वर्षभित्र फछर्यौट नगरी वांकी रहेको हुंदा पेश्की फछर्यौट गर्नुपर्ने ।

२०. **जमानत :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा ५ वमोजिम सम्झौता गर्न नआउने फर्मको जमानत रु.१५०००। जफत गरी राजश्व दाखिला हुनुपर्दछ ।

२१. **शीर्षक फरक :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(क) वमोजिम खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्दछ र खर्च गर्न वांकी छ भने मात्र खर्च गर्ने निकासाको आदेश दिनुपर्ने व्यवस्था रहेको छ। मन्त्रालयले यस वजेट शीर्षक २९३११ फर्निचर तथा फिक्चर्सवाट रु.१७७४१०। रकम नं. २९५११ मेशिनरी औजार खर्च शीर्षकमा खर्च लेखेको नियम सम्मत नदेखिएको ।

२२. **दाखिला प्रतिवेदन :** आर्थिक कार्यविधी नियमावलीमा व्यवस्था भएको समय भित्र जिन्सी मालसामान दाखिला गरी अद्यावधिक गरिनुपर्नेमा पशुपंक्षी विकास मन्त्रालयले लेखापरीक्षणको अवधि २०७३।८।१९ सम्ममा पनि दाखिला गरी दाखिला प्रतिवेदन कृषि विकास मन्त्रालयमा पठाएको देखिएन ।दाखिला प्रतिवेदन पेश हुनु पर्दछ ।

२३. **सामान आपूर्ती :** एक फर्मसंग वोलपत्रको माध्यमवाट खरिद गरिएको रु.८६४६४२। ल्यापटप १० थान र डेक्सटप ७ थान खरिद गर्दा आपूर्तीकर्ताले पेश गरिएको स्पेशिफिकेशन र राष्ट्रिय सूचना प्रविधी केन्द्रवाट तयार गरिएको स्पेशिफिकेशन फरक परेको तथा आइएसओ तथा सिई सर्टिफिकेशन हुनु पर्ने भनि स्पेशिफिकेशनमा उल्लेख भएतापनि सर्टिफिकेशन को प्रमाण नभएकोले यस प्रकारको खर्च नियमित भन्न सकिएन ।

२४. **धरौटी तर्फ :** गत आ.व. ०७१।७२ देखि नै श्रेस्ता भन्दा वढी भई फरक परेको रकम रु.४३३१।- सदर स्याहा गर्नु पर्ने देखिन्छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

१. **आन्तरिक नियन्त्रण व्यवस्था :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा आयोजनाले वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी मालसामनको लिलाम तथा मर्मत नभएको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू नगरेको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, घरजग्गाको लगत मूल्य खुलाई तोकिएको ढाँचामा नराखेको, तालुक निकायबाट निरीक्षण भएको प्रतिवेदन नभएको, मर्मत अभिलेख खाता नराखेको जस्ता व्यहोरा देखिएका छन् । अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउनु पर्दछ ।

२. **सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.१० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेकोमा विभागले यो वर्ष गाईड लाईन तयार, विभिन्न छपाई ,कृषि सम्बन्धी ल्याब तथा अन्य सामानहरु रु.२५३५८१०। सोझै खरिद गरेको नियमसम्मत देखिएन ।

३. **ल्याब सामाग्री :** व्यवसायिक कृषि तथा व्यापार आयोजनाबाट खाद्य प्रबिधि तथा गुण नियन्त्रण बिभागको लागि यो बर्ष रु ४७४४१२०३।- मुल्य बराबरका फुड मिक्चर एनालाइजर एक, माइक्रोओयभ डिजाइन सिस्टम एक,रियल टाइम पी.सी.आर. एक ,ट्रिपल क्वाडरुपोल ग्यास क्रोमोटोग्राफ मास स्पेक्टोमीटर (जि.सी.एम.एस.) एक, र ट्रिपल क्वाडरुपोल लिक्यूड क्रोमोटोग्राफ मास स्पेक्टोमीटर (एल.सी.एम.एस.) एक ल्याब इक्युपमेन्टहरु खरिद गरी हस्तान्तरण भै आएको देखिन्छ । साथै यसबर्ष विभागबाट समेत रु.१ करोड २८ लाख मुल्यका अन्य विभिन्न थप सामानहरु खरदि गरेको देखियो । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ अनुसार वार्षिक खरिद योजना तयार नगरी दुबै तिरबाट यसरी गरिने खरिद प्रकृयामा नियन्त्रण हुनु पर्दछ ।

४. **कन्टेन्जेन्सी खर्च :** कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार अनुसूची १ मा उल्लेखित व्यवस्थाबाहेक अन्य कुनै आधार देखिदैन । अनुसूची १ मा वर्कचार्ट खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत भनी उल्लेख भएता पनि के कस्ता खर्चहरु समावेश हुने हो ऐन, नियममा स्पष्ट उल्लेख नभएको, मन्त्रालय विभागबाट समेत कुनै नीतिगत निर्णय नभएकोमा भ्रमण भत्ता, इन्धन खर्च, गाडी, मोटरसाइकल, कार्यालय तथा आवास भवन मर्मत, सूचना प्रकाशन, चिया खाजा खर्च जस्ता कार्यमा रु १४ लाख ७० हजार ४२१ सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ । कार्यालय सञ्चालनसंग

सम्बन्धित खर्चहरुको बजेट व्यवस्था भएको देखिन्छ । त्यस्ता कार्यको लागि बजेट नपुग भएमा सोही बजेट उपशीर्षकमा थप गरी खर्च गर्नुपर्नेमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको उपयुक्त देखिएन ।

५. **मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम छ(क) अनुसार मूल्य अभिवृद्धि कर भुक्तानी गर्दा सो को जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्नेमा रु.३३ लाख ५५ हजार भुक्तानीको जानकारी दिएको नदेखिएकोले कर समायोजन भएको प्रमाण पेश हुनु पर्ने ।

६. **कर असुल :** एक कुरियरले मु.अ.कर विजक जारी नगरी मु.अ.कर भुक्तानी लिएकोले रु.२४४८।५५ मू.अ.कर असुल हुनुपर्ने, प्रगति समिक्षा गोष्ठीमा एक कर्मचारीले बढी भूक्तानी लिएको रु.८५०।, कर दाखिला नभएको रु.३ हजार ४००, भृकुटी मण्डपमा संचालन भएकोमा भृकुटी मण्डपलाई स्टल भाडा रु.१८ हजार अग्रिम कर रु.१४ हजार १७६ असुल हुनुपर्ने ।

७. **दर्ता कायम नभएको :** भवन निर्माणको ठेक्का सम्झौता गर्दा निर्माण व्यवासायीको बी.ओ.क्यू.मा समावेश गरी होण्डा युनिकन मोटर साइकल खरिद गर्न भनी रु.३ लाख ९० हजार समाबेश गरेकोमा प्रथम बील भुक्तानी गर्दा एक माटर साइकल को रु.१लाख ८९हजार २९२ समेत भुक्तानी गरेको छ । सो विभागको जिन्सी खातामा दाखिला भएको छैन । अत: अबिलम्ब फिर्ता गरी विभागको नाममा दर्ता कायम हुनुपर्दछ ।

८. **नपाउने तलब :** विभागको २०७२।९।२६ को पत्रानुसार एक कर्मचारीको २०७२।५।२९ देखि २०७४।५।२८ सम्म २ वर्षको लागि बेतलवी अध्ययन विदा स्वीकृत भएकोमा सो मिति देखी २०७२ पौष महिनासम्मको तलब भत्ता रु.१लाख १५ हजार ४६३ भुक्तानी गएकोले उक्त रकम निजबाट असुल हुनुपर्दछ ।

९. **बजार निरीक्षण :** यो बर्ष खाद्य गुण नियन्त्रण महाशाखा (केन्द्र) तथा क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयहरु-५ समेतबाट स्थानिय बजार, सुपरमार्केट तथा खाद्य उद्योगहरुको निरीक्षण/अनुगमन गरी खाद्य तथा दानाको २१२० नमूनाहरु संकलन गरिएका मध्ये २०६ वटा नमूनाहरु न्यूनस्तरका र दूषित भेटिएकोमा न्यून गुणस्तर तथा दूषित खाद्य तथा दाना उत्पादन/विक्री वितरण गर्ने २०६ व्यवसायीहरुलाई अभियोग सहित कानूनी कारवाहीको लागि मुद्दा चलाईएको उल्लेख छ । तर अभियोग सहित कानूनी कारवाहीको लागि मुद्दा दायर भएका व्यवसायीहरुलाई के कस्तो कानूनी कारवाही भयो सो उल्लेख गरिएको छैन । कानूनी कारवाहीको अवस्था समेत देखिने विवरण तयार हुनु पर्दछ ।

१०. **विश्लेषण सेवा :** केन्द्रीय खाद्य प्रयोगशालाबाट ३१६०, क्षेत्रीय प्रयोगशालाहरुबाट २२२८३, खाद्य क्वारेन्टाइन प्रयोगशालाहरुबाट ७५७० र स्याउ प्रशोधन केन्द्र जुम्लाबाट ३० समेत **३३०४३** नमूनाहरु परिक्षण विश्लेषण गरेको उल्लेख छ । औपचारिक बजार निरीक्षण तथा छड्के जांच, उद्योग निरीक्षण, सर्टिफिकेशन तथा प्रमाणिकरण, गुणस्तर निर्धारण तथा परिमार्जन र उपभोक्ता एवं अन्य सेवाग्राहीको माग अनुसार सो कार्य भएको देखिन्छ । प्रचार प्रसार गरी उपभोक्ता वर्गहरुमा खाद्य स्वच्छता एवं गुणस्तर वारे सचेतना कार्यक्रम ७९० पटक संचालन गरेको उल्लेख छ तर त्यसको प्रभावकारीता के कस्तो भएको थियो सो को बारेमा केही उल्लेख भएको देखिएन । त्यसै गरी उपभोक्ता वर्गहरुमा खाद्य स्वच्छता एवं गुणस्तर वारे सचेतना कार्यक्रम ७९० पटक संचालन गरेको उल्लेख छ तर त्यसको प्रभावकारीता के कस्तो भएको थियो सो को बारेमा केही उल्लेख भएको देखिएन ।

फलफूल विकास निर्देशनालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्नेमा सो अनुसारको व्यवस्थाको पालना गरेको देखिएन जस्तै प्रत्येक निजामति पदको कार्य विवरण वनाई लागु नगरेको, उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, पुराना मालसमानको मूल्य नखुलेको, जिन्सी मालसमानको लिलाम नभएको, चल्ती मेसिन तथा सवारी साधन मर्मत गर्दा मर्मतको अभिलेख नराखेको, वार्षिक कार्यसम्पादन प्रतिवेदन तयार नगरेको, रसिद नियन्त्रण खाता नराखेको जस्ता आन्तरिक नियन्त्रण व्यवस्था कमजोर रहँदा कार्यालयबाट संचालन गर्ने क्रियाकलापहरु मितव्ययी, प्रभावकारी, पारदर्शी नहुने र कार्यालयबाट प्रदान गरिने सेवामा समेत असर पर्ने भएकाले प्रचलित ऐन नियमले तोकेको प्रकृया अवलम्बन गरि आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी बनाउनु पर्दछ ।

२. **अनुदान :** अनुदान खर्च शिर्षक अन्तर्गत वाजुराको १ विद्यालयलाई जैतुन नर्सरी तथा वगैचा व्यवस्थापनका लागि रु.४ लाख अनुदान उपलब्ध गराएको देखिन्छ । विद्यालयले खर्चको विल भरपाई संलग्न गरी पेश गरे अनुसार आर्थिक वर्ष ०६८।६९ देखिनै हरेक वर्ष रु.८ लाखका दरले हाल सम्म रु ३६ लाख अनुदान उपलब्ध गराएको छ । हाल सम्म जैतुन खेती विकासमा भएको उपलब्धी तथा त्यसमा गर्नु पर्ने निरन्तरता सम्वन्धमा अनुगमन मुल्यांकन गरेको पाइएन ।वगैंचा व्यवस्थापन कार्यक्रममा भएको खर्चको फांटवारी पेश गर्दा भ्रमण विलमा हवाई भ्रमण वापत १ व्यक्तिलाई नेपालगन्ज-वाजुरा, काठमाण्डौं-नेपालगन्जको हवाइ जहाजवाट भ्रमण गरेको यथार्थ प्रमाण संलग्न नगरी हवाई भाडा रु.४६ हजार भुक्तानी लिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

३. **दोव्वर भुक्तानी :** भ्रमण खर्च नियमावली २०६४ को नियम ६ अनुसार हवाई यातायातको सुविधा प्रयोग गरी जान सकिने स्थानमा द्वितिय तह वा सो भन्दा माथिल्लो तहका पदाधिकारी वा कर्मचारीले सतहमा चल्ने सार्वजनिक यातायात (टयाक्सी वाहेक) को साधनवाट भ्रमण गरेमा निजले त्यस्तो सार्वजनिक यातायातको साधनको भाडा दरको दोव्वर रकम पाउने व्यवस्था नरहेको अवस्थामा ४ कर्मचारीहरुलाइ वसभाडा वापत दोहोरो भाडा रु १६ हजार खर्च भुक्तानी गरेको देखिएकोले यसरी नियम विपरीत खर्च लेखी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

४. **तालिममा वढी खर्च :** अर्थ मन्त्रालयको कार्यक्रम संचालन निर्देशिका २०७० अनुसार तालिम केन्द्रहरु वाहेक अन्य निकायवाट सन्चालित सवै प्रकारका तालिमका श्रोत व्यक्ति प्रशिक्षकको पारिश्रमीक तय भए अनुसार सम्वन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको श्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम मात्र पाउने तथा कार्यालय वाहेकको हकमा प्रशिक्षण तथा कार्यपत्रवापत पाउने व्यवस्था गरेको छ । तर कार्यालयले मापदण्ड विपरित २ तालिम कार्यक्रममा विभिन्न प्रशिक्षकलाई वढि भुक्तानी दिएको रु २७ हजार सम्वन्धितवाट असुल गर्नुपर्दछ ।

५. **शिर्षक विपरीत खर्च :** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३५ अनुसार खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले रकम स्वीकृत बजेट भित्र र सम्वन्धित खर्च शिर्षकमा रहेर गर्नु पर्दछ र खर्च गर्न वांकी छ भने सो को विचार गरी खर्च गर्ने र खर्च गर्न निकाशा दिनु पर्ने व्यवस्था गरेको छ । निर्देशनालयले नेट जडानमा खर्च गरेकोमा जुन शिर्षकवाट खर्च लेख्नुपर्ने हो सो नगरी शिर्षक फरक पारी खर्च लेखि भुक्तानी गरेको देखिएकोले यसरी नियम विपरीत खर्च लेखी भुक्तानी गरेको रु २४ हजार नियमसम्मत देखिएन ।

६. **वढि ग्रेड भुक्तानी :**निजामति सेवा ऐन, २०४९ अनुसार निजामती किताबखानाले पारित गरेको तलवि प्रतिवेदन अनुसार कर्मचारीहरुको तलव ग्रेड भुक्तानी गरिनु पर्दछ । निजामति किताबखानाको २०७३।३।१८ को तलवि प्रतिवेदन अनुसार ५ कर्मचारीहरुको ग्रेड रकम वढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी रु ६ हजार सम्वन्धित कर्मचारीहरुवाट असुल गर्नुपर्दछ

मत्स्य विकास निर्देशनालय

१. **बजेट निस्कृय :** यस निर्देशनालयवाट यो वर्ष सघन मत्स्य उत्पादन कार्यक्रम संचालन गर्न सम्वन्धीत कृषक/कृषक समूह/संस्थालाई अनुदान उपलव्ध गराउन रु.३५ करोड ९३ लाख २२ हजार बजेट व्यवस्था भएकोमा रु.२३ करोड ३४ लाख २६ हजार मात्र खर्च गरी रु.११ करोड ६३ लाख ५१ हजार बजेट खर्च नगरी निस्कृय वनाएको पाईयो । अतः मत्स्य पालनको क्षेत्र विस्तार गरी लक्ष्य अनुसार कार्यक्रम संचालन र खर्च गर्ने व्यवस्था गर्नुपर्दछ ।

२. **लक्ष्य तथा प्रगति :** यस निर्देशनालयवाट विभिन्न ४६ कार्यक्रम संचालन गर्ने गरी बजेट व्यवस्था भएकोमा कार्यक्रम संचालनमा रु.२४ करोड ५२ लाख ३८ हजार खर्च गरेको देखिन्छ । ४ कार्यक्रममा लक्ष्य अनुसार प्रगति भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार शत प्रतिशत प्रगति गर्ने तर्फ अग्रसर हुनु पर्ने देखिन्छ ।

३. **कार्यक्रम संशोधन :** कार्यक्रम नं. ५.१.१०.७९ मा एक लिंगीय टिलेपिया, पंजालीस हयाचरी २ वटा निर्माण गर्ने कार्यको लागि रु.२१ लाख बजेट व्यवस्था भएकोमा नवलपरासी चितवन र वारामा एक-एक मत्स्य हयाचरी निर्माणका लागि ३ कृषकलाई रु.१० लाख दरले रु.३० लाख अनुदान दिई खर्च लेखेको देखियो । कार्यक्रम शंशोधन वेगर एक मत्स्य हयाचरी निर्माणको लागि थप रु.१० लाख खर्च लेखी बढी खर्च लेखेको नियम संगत देखिएन ।

४. **चौमासिक खर्च** : निर्देशनालयले यो वर्ष चालू खर्च तर्फ तेश्रो चौमासिकमा ९६.२१ र असार महिनामा मात्र ७२.८९ प्रतिशत तथा पूंजीगत खर्च तर्फ तेश्रो चौमासिकमा ६७.४८ र असार महिनामा मात्र ५४.९३ प्रतिशत खर्च गरेकोले स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम संचालन गरी खर्च गरिनु पर्दछ ।

५. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ५० वमोजिम जिन्सी निरीक्षण गरी २०७३।७।१० मा प्रतिवेदन पेश गरेको छ । प्रस्तुत जिन्सी निरीक्षण प्रतिवेदनमा जिन्सी निरीक्षण गर्दा चालु अवस्थामा रहेका सामानहरु चोरी भएकोले मुचुल्का समेत गरेको पाईयो भन्ने उल्लेख छ । तर उक्त प्रतिवेदनमा कुन कुन सामानहरु चोरी भएको हो उल्लेख छैन । अतः चोरी भएका सामानहरु प्रतिवेदनमा उल्लेख गरिनु पर्दछ र कस्को लापरवाहीले गर्दा वा के कारणले गर्दा चोरी भएका हुन यस सम्वन्धमा प्रचलित कानून वमोजिम कारवाही गरी टुंगो लगाउनु पर्ने देखिन्छ ।

६. **दरवन्दी र पदपूर्ति :** निर्देशनालयको लागि कार्यक्रम निर्देशक देखि कार्यालय सहयोगी सम्म विभिन्न ११ पदको लागि १८ दरवन्दी स्वीकृत भएकोमा ३ पदहरु पूर्ति नभई रिक्त रहेको देखियो । ति पदहरु समयमै पूर्ति गर्नुपर्ने देखिन्छ ।

७. **मत्स्यपालन खर्च र उत्पादन :** निर्देशनालयले उपलब्ध गराएको विवरण अनुसार नेपालमा कुल मत्स्य उत्पादन २०७१।७२ मा ६९ हजार ५०० मेट्रिक टन भएकोमा २०७२।७३ मा ७७ हजार मेट्रिक टन भई १०.७९ प्रतिशतले वृद्धि भएको उल्लेख छ । माथिको तथ्यांक अनुसार मत्स्य पालन क्षेत्रमा बजेट खर्च ५१.१५

प्रतिशतले वृद्धि भएको छ भने कुल मत्स्य उत्पादनमा १०.७९ प्रतिशत मात्र वृद्धि भएको छ । क्षेत्रगत उत्पादनमा मत्स्य वीज उत्पादनमा १०.९८ प्रतिशत, पोखरीमा मत्स्य उत्पादनमा १७.०३ प्रतिशत, घोलमा मत्स्य उत्पादनमा ६.९४ प्रतिशत, रेन्वो ट्राउट उत्पादनमा २० प्रतिशत वृद्धि भएको छ भने धान खेत, केज र इन्क्लोचरमा उत्पादन १.४२ प्रतिशतले घटी भएको देखिन्छ । मत्स्य क्षेत्रमा भएको खर्च अनुसार मत्स्य उत्पादन गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । कृषि क्षेत्रको ग्राहस्थ उत्पादन र राष्ट्रिय ग्राहस्थ उत्पादनमा वृद्धि गर्दै यो वर्ष क्रमश: ४.२२ र १.३२ प्रतिशत योगदान पुऱ्याएको देखिन्छ । यसलाई अझ वृद्धि गर्दै लैजानु पर्ने र विदेशवाट माछा आयातमा गत वर्षको तुलनामा यो वर्ष २९.४८ प्रतिशतले घटी भएतापनि यो वर्ष ७ हजार ८८२ मेट्रिकटन आयात गरेको देखिन्छ । यसलाई क्रमश न्यून गर्दै निर्यात उन्मुख हुनु पर्ने देखिन्छ ।

८. **विशेष मत्स्य उत्पादन :** निर्देशनालयले यो वर्ष तराईका जिल्लाहरुमा प्रति हेक्टर रु ३० हजारका दरले ६४ हजार हेक्टरका लागि ८९६ कृषकलाई रु १८ करोड ९० लाख र पहाडी जिल्लामा प्रति पोखरी रु १० हजारका दरले २०० पोखरीका लागि १९९ कृषकलाई रु २० लाख समेत रु १९ करोड १० लाख अनुदान उपलव्ध गराएको छ । तराईका ९ जिल्लाका १५ कृषकलाई न्यूनतम रु १० लाख देखि अधिकतम रु ३२ लाख वितरण गरी रु २ करोड ४१ लाख १० हजार खर्च लेखेको छ । अनुदान उपलव्ध गराएका मध्ये सिरहाका एक कृषकले ८.७० हेक्टरमा २३ पोखरी निर्माण गरेको र बाराका एक कृषकले ४.९ हेक्टरमा एउटै पोखरी निर्माण गरेको उल्लेख छ । निर्देशनालयले २०७३ जेष्ठ र असार महिनामा अनुदान उपलव्ध गराएकोमा पनि ठुलो संख्यामा पोखरी निर्माण भएको विवरण उपलव्ध गराएको छ । पोखरी निर्माण भएको सम्वन्धमा विश्वस्त हुन विशेष मत्स्य उत्पादन कार्यान्वयन कार्यविधि २०७२ वमोजिम अनुगमन गर्नु पर्दछ ।

९. **कन्टेन्जेन्सी खर्च** : मत्स्य उत्पादन विशेष कार्यक्रम कार्यान्वयन, कार्यविधि, २०७२ को परीच्छेद-५ को दफा १.२ मा सम्भाव्यता अध्ययन, अनुगमन एवं प्रशासनिक खर्च वापत पोखरी निर्माण लागतको २.५ प्रतिशत खर्च गर्न सक्ने व्यवस्था छ । खर्च गर्ने रकम मध्ये प्रशासनिक एवं आवश्यकता र औचित्यताको आधारमा अनुगमन कार्यको लागि सम्वन्धित मत्स्य विकास केन्द्रले र जिल्ला कृषि विकास कार्यालयले ३०-३० प्रतिशतको दरले ६० प्रतिशत र मत्स्य विकास निर्देशनालयले ४० प्रतिशत खर्च गर्न पाउने व्यवस्था छ । कार्यविधिमा भएको व्यवस्था अनुसार कन्टेन्जेन्सी वापत गरेको खर्च रकमको कार्यालयगत अभिलेख राख्नु पर्ने र अनुदान खर्च रकमको २.५ प्रतिशत सम्म मात्र खर्च गर्नुपर्नेमा निर्देशनालयले सो वापत अभिलेख राखेको देखिएन । निर्देशनालयले उपलव्ध गराएको तराई तथा पहाडी जिल्लामा पोखरी निर्माण, मत्स्य हयाचरी निर्माण र एरिएटर खरिद र वितरण वापत अनुदान खर्च सम्वन्धी विवरणमा रु.१९६६१६६०९। खर्च गरेको विवरण पेश गरेकोले सोको २.५ प्रतिशतले हुने रु.४९१५४१५। कन्टेन्जेन्सी वापत खर्च लेख्न पाउने हुन्छ। निर्देशनालयले चालु अनुदान शीर्षकमा जम्मा खर्च रु.२३४२२६५३५। भएकोले वांकी रु.३२६९४५११। के वापत खर्च भएको हो खुल्दैन । कार्यक्रम र कन्टेन्जेन्सी खर्चको अद्याधिक विवरण राखेर लेखापरीक्षणवाट माग भएका विवरण वास्तविक खर्चको आधारमा पेश गर्नु पर्दछ ।

१०. **बढी भूक्तानी :** एरिएटर प्रति गोटा रु.५९,९९९। दरले १०० थान वोलपत्रको माध्यमवाट खरिद गरि आपुतृकको वील रु.५९,९९,९००। को ७५ प्रतिशत अनुदान वापत हुने रु.४४,९९,९२५। भुक्तानी दिई खर्च लेखेको देखियो । मु.अ.कर समेत उल्लेख नगरेको अवस्थामा जडान खर्च समेतको मुल्यले १०० थानको हुने रु.५२,३२,७४३। अनुदान खर्च लेख्नु पर्नेमा ठेक्का कवोल अनुसार मु अ कर समेतको हुने रु.५९,९९,९००। भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम रु.७६७,१५७ असुल हुनु पर्दछ । साथै सम्झौतामा उल्लेख भए अनुसार एरिएटर झापा देखि कन्चनपुर सम्म २० जिल्लाका कृषकहरुलाई वुझाउनु पर्ने उल्लेख भएकोले निर्देशनालयको जिन्सी खातामा आम्दानी जनाएको पाईएन । खरिद भएका एरिएटरहरु तोकिएको स्पेशिफिकेशन अनुसारका थिए कि थिएनन सम्वन्धित, प्राविधिकवाट जांच गराएको समेत पाईएन । अतः सम्वन्धित प्राविधिकवाट स्पेसिफिकेशन अनुसारको सामान थियो थिएन जांच गराएको प्रंमाण र सम्वन्धित कृषकको पोखरीमा जडान गरेको प्रमाण पेश हुनु पर्दछ ।

११. **अग्रीम कर :** एक सहसचिवलाई सुविधा वापतको रकम रु २३१७७०। भुक्तानी गर्दा आयकर ऐन २०५८ को दफा ८७ अनुसार १५ प्रतिशत अग्रीम कर रु ३४७६५। कट्टा गरी भुक्तानी गर्नुपर्नेमा रु १८९००। मात्र कट्टा गरी भुक्तानी गरेकोले घटी कर कट्टा भएको रकम १५८६५। निजवाट असूल गर्नु पर्दछ ।

१२. **जिन्सी आम्दानी :** एक कर्मचारीलाई रु.८२,०५८। सोधभर्ना दिएएको मध्ये डिजिटल क्यामेरा र कम्प्यूटरको मिति २०७३।१।१२ को विल नं. २२६ वाट सामसुम मोवाइल थान १ मु.अ. कर समेत १८,०००। समावेश भएको देखियो । यस प्रकार २०७३।१।१२ मा व्यक्तिगत प्रयोजनको लागि खरिद गरेको विल संलग्न गरी ०७२।९।२९ मै खर्च लेखेकोमा कार्यालयको जिन्सी खातामा आम्दानी जनाएको समेत देखिएन । अतः कार्यालय प्रयोगमा खरिद भएको हो भने जिन्सी आम्दानी गरेको प्रमाण पेश हुनु पर्ने अन्यथा असूल हुनु पर्दछ ।

१३. **क्षतिपूर्ति रकम :** निर्देशनालयको परिसर भित्र फेन्सीङ्ग कार्य (कम्पाउण्डवाल निर्माण) का निर्माण व्यवसायिलाई प्रथम र दोश्रो तथा अन्तिम विल वापत रु.१७,३८,२१५। भुक्तानी दिएको देखियो । निजले अन्तिम वीलको वीजक २०७३।३।२५ मा जारी गरेको र २०७३।३।२४ मा बजेट खर्च लेखेको देखिन्छ । म्याद थप समेत नगरी

ढिला सम्पन्न गरेकोमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ अनुसार सम्झौता रकमको दैनिक ०.०५ प्रतिशत निर्धारीत क्षतिपूर्ति वापतको रकम कट्टा गरेर मात्र भुक्तानी दिनुपर्नेमा कट्टा गरेको नदेखिएकाले ८७ दिनको क्षतिपूर्ति वापतको रकम रु.१,१०,३३४। असुल हुनु पर्दछ ।

१४. **अधुरो कार्य :** निर्देशनालयको भुकम्पवाट क्षेतिग्रस्त भवन रेक्टोफिटिङ्गवाट मर्मत सम्भार गर्ने कार्यका ठे. लाई पेश्की स्वरुप रु.६८,६,०००। उपलब्ध गराएको देखियो । ठेकेदारले निर्माण कार्य शुरु गरी केही कार्य गरेको स्थलगत अवलोकनवाट देखिएतापनि ठेक्का वील वनाई पेश गरेको र पेश्की फछ्र्यौट गरेको तथा निर्माण कार्य सुचारु र सम्पन्न गरेको देखिएन । अतः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ र १२५ अनुसार गरी निर्माण कार्य सम्पन्न गराउनु पर्दछ। अन्यथा निजले वोलपत्र दाखिला गर्दा राखेको बैंक जमानत वापतको रकम रु १९४०००। प्राप्त गरी राजस्व दाखिला गर्नुपर्ने देखियो ।

१५. **पेश्की बाँकी :** कार्यालयले दिएको पेश्की समयमै फछ्र्यौट हुने गरेको पाइएन । आ. व. को अन्त्यमा वाकी रहेको पेश्की रु ७०३६५०। आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार फछ्र्यौट हुनु पर्दछ ।

कृषि तथा खाद्य सुरक्षा योजना

१. **वैदेशिक सहायता :** वैदेशिक सहायताको उपयोग (नेपाल सरकारको स्रोतबाट ११.४ मिलियन र वैदेशिक स्रोतबाट ४६.५ मिलियन समेत अमेरिकि डलर५८ मिलियन डलर प्रति अमेरीकि डलर रु ८५ ले हुने रु ४ अरब ९३ करोड ५ वर्षको उपयोग गर्ने गरी अप्रिल ३० २०१३ मा आई डि ए संग सम्झौता भएको थियो । आयोजनाले आ.व २०६९र०७० देखी २०७३ आषाढ (२०१६ जुलाई १२) सम्म ३ वर्ष मा देहाय अनुसार रु.२,०८,२२,७७,४६४।९७ (अमेरिकि डलर १८७९३७०५।८०) उपयोग गरेकोले अमेरिकि डलर २,८४,३४,६६८.६८ (६१.१५५) बाँकि रहेको अर्थात अनुदान सम्झौताको ३८.८५५ मात्र उपयोग गरी ओसत बार्षिक १२.९५५ खर्च भएकोले आगामी २ वर्षमा बाँकी ६१.१५५ अनुदान उपयोग हुनसक्ने देखिदैन। कार्यक्रम कार्यान्वयन नहुनुको कारण स्पष्ट छैन। अतः अनुदान सहायताको पूर्ण उपयोग हुने गरी कार्यक्रम कार्यान्वयन गराउनु पर्छ।

२. **वैदेशिक स्रोत र स्रोतान्तर** : आयोजनाले उपलब्ध गराएको विवरण अनुसार जिल्ला स्थित १६ कार्यालयबाट कार्यक्रम खर्चको श्रोतमा रु.१,९८,२९९।९० फरक परेको देखियो । स्रोतान्तर फरकपारी खर्च लेखेकोले नियमित भएन ।

३. कार्यक्रम र प्रगति : आयोजनाको वार्षिक प्रगति विवरण अनुसार ९ वटा कार्यक्रमको प्रगतिनै नभएको, ३५ वटा कार्यक्रमको २५५ भन्दा घटी प्रगति भएको, ३२ वटा कार्यक्रमको ५० प्रतिसत भन्दा घटी प्रगति भएको र २९ वटा कार्यक्रमको ७५ प्रतिशत भन्दा घटी प्रगति भएकोले बार्षिक कार्यक्रम अनुसार उपलब्धी भएको देखिएन । लक्ष्य अनुसार प्रगति गरिनु पर्दछ ।

४. **चौमासिक खर्च** : अर्थ मन्त्रालयले वार्षिक कार्यत्रmम तथा खर्च गर्ने अख्तियारी साथ दिइएको निर्देशन अनुसार अन्तिम चौमासिक तथा अषाढ महिनामा कुल खर्चको क्रमशः ४० र २० प्रतिशत भन्दा बढी हुने गरी खर्च गर्न नहुने व्यवस्था गरेकोमा आयोजनाले यो वर्ष कुल खर्च रु.२७ करोड ७० लाख ५१ हजार गरेकोमा तेस्रो चौमासिकमा रु १३ करोड ६५ लाख ५८ हजार ४९.३५ प्रतिशत तथा आषाढ महिनामा र १२ करोड ३३ लाख ९९ हजार ४४.५५ प्रतिशत खर्च गरेको छ। अर्थ मन्त्रालयको निर्देशन अनुसार सन्तुलन कायम गरेर चौमासिक तथा अषाढ महिनामा खर्च गर्नु पर्ने देखिन्छ ।

५. **कार्य सम्पादन सम्झौता :** व्यवस्थापन र संचालन ऐन, २०६४को दफा १९ मा नेपाल सरकारले सम्पादन गर्नुपर्ने कुनैकाम निश्चित अवधिभित्र सम्पादन (परफरमेन्स कन्ट्राक्ट) गरिसक्नु पर्ने वा निश्चित परिमाणको उपलब्धि हुनेगरि सम्पादन गर्नुपर्ने भएमा र नेपाल सरकारको राष्ट्रिय दृष्टिकोणले प्राथमिकताप्राप्त कुनै कार्यक्रम वा आयोजना कार्यान्वयन गर्नु पर्ने भएमा कुनै पदाधिकारी संग करारमा अन्य कुराको अतिरिक्त जिम्मेवारी पाएको पदाधिकारीले गर्नु पर्ने कामको विवरण कार्यसम्पादन गरिसक्नु पर्ने समयावधि र कार्यसम्पादनको गुणस्तर वा परिमाण समेतको कार्यसम्पादन करार गरि त्यस्तो कार्य सम्पादन गर्ने जिम्मेवारी निजलाई दिन सक्ने व्यवस्था रहेको छ । आयोजनाका कार्यक्रम निर्देशक संग गरिने सम्झौताको ड्राफ्ट प्रति रहेको तथा मन्त्रालयबाट स्वीकृत भएको देखिएन । सुशासन (व्यवस्थापन र संचालन) नियमावली अनुसार कार्यसम्पादन सम्झौता गरिनु पर्ने देखिन्छ ।

६. **सोधभर्ना हिसाव :** आर्थिक कार्यविधि नियमावाली २०६४ को नियम ३७(२)को खण्ड (ग) अनुसार दातृपक्षबाट सोधभर्ना माग गर्दा बढिमा ४५ दिन भित्र माग गर्नु पर्नेमा आयोजनाले यो वर्ष ४ वटा सोध भर्ना माग निवेदनबाट रु ६५,६८,४०,२१८।५६ सोधभर्ना माग गर्दा तोकिएको समय भन्दा ढिला गरि माग गरेको देखियो । सोधभर्ना गर्न बाँकी रहेको रु ५३,५३,८२,०४९।- मध्ये रु १,७८,१९,५७०।३१ गत विगत वर्षको रहेको छ । आयोजनाले लागत केन्द्र धेरै रहेकोले खर्चको विवरण प्राप्त गरि माग गर्न समय लागेको र लेखा समुहका कर्मचारीहरु सरुवा भएको कारण उल्लेख गरेको छ ।

७. **सम्झौताको पालना :** परामर्शदातासंगको सम्झौता र रिभ्यु मिशनको प्रतिवेदनमा उल्लेखित शर्तहरु सम्झौताकै तालिका अनुसार सम्पन्न गरिएको हनु पर्नेमा प्रबिधि बिकास अन्तर्गत चौथो वर्षसम्ममा २९

इकाइ सम्पन्न गर्नु पर्नेमा २४ मात्र गरेकोले कार्य तालिकाको पूर्ण अनुशरण हुन सकेन । परामर्सदाता संगको कार्यतालिकाकको अनुशरण गर्नु पर्दछ ।

८. **परामर्श सेवा :** सार्वजनिक खरीद नियमावली २०६४को नियम ७० अनुसार सार्बजनिक निकायले १० लाख रुपयाँ भन्दा बढी मूल्यको परामर्श सेवा खरीद गर्दा सार्वजनिक खरीद ऐन, २०६३ को दफा ३० बमोजिम सूचना प्रकाशन गरी तथा ३ करोड रुपयाँ भन्दा वढी रकमको परामर्श सेवा खरीद गर्नु परेमा अन्तराष्ट्रियस्तरको आशयपत्र माग गर्नुपर्ने व्यवस्था रहेको छ । आयोजनाले परामर्शदाता विश्व खाद्य तथा कृषि संगठनलाई ५ वर्षे कार्य अवधिकालागी लागत अनुमान अमेरिकि डलर ८६,२९,८१६ (ने रु.८५ ले रु.७३,३५,३४,३६०।- भुक्तानी दिने गरी २२ जनवरी २०१४ मा खरीद सम्झौता गरेको देखियो । आयोजनाले २०७२।७३ सम्ममा अमेरीकी डलर ४४,८९,३६५ र अग्रिम भुक्तानी १३,६७,१६२ समेत ५८,५६,५२७ (रु.८५ ले रु.४९,७८,०४,७९५) भुक्तानी गरेको देखियो । तर आयोजनाले परामर्सदाता नियुक्तिमा सार्वजनिक खरीद ऐन तथा नियमावलिको अनुसरण नगरी सोझै खरिद सम्झौता गरेको देखियो । सार्वनजिक खरिद ऐन, २०६३ अनुसार प्रतिस्पर्धात्मक तवरले परामर्श सेवा खरीद गरि परामर्श खर्च मितव्ययि वनाउनु पर्दछ ।

९. **वित्तिय अनुगमन प्रतिवेदन :** दातृनिकाय संगको सम्झौताको Schedule-2 को खण्ड ii(B) को दफा २ मा प्रत्येक Trimester को समाप्तिको ४५ दिन भित्र वित्तिय अनुगमन प्रतिवेदन बिश्व बैंकमा पठाउनुपर्ने व्यवस्था रहेकोमा आयोजनाले सम्झौतामा निर्धारित समयमा पठाउने गरेको देखिएन । तथ्याङ्क संकलनलाई प्रभावकारी तुल्याई सम्झौतामा उल्लेखित समयमा वित्तिय अनुगमन प्रतिवेदन पठाउनु पर्दछ ।

१०. **वित्तिय प्रतिबेदन :** दातृनिकाय संगको सम्झौताको Schedule –ll अनुसार आर्थिक वर्ष समाप्त भएको ४५ दिन भित्र Unaudited financial reports तयार गरि world Bank मा पठाउनुपर्ने व्यवस्था रहेको छ । तर आयोजनाले Unaudited financial reports तयार गरेको छैन । आयोजनाले लागत केन्द्र धेरै रहेको र सवै केन्द्रबाट डाटा प्राप्त गरि रिपोर्ट तयार गर्न ढिला भएको भनाई आयोजनाको रहेको छ । अतः सम्झौता अनुसार वित्तिय शर्तको अनुशरण गरिनु पर्दछ .

११. **रिभ्यू मिशनको निर्देशन :** आयोजनाले विश्व बैंकको रिभ्यू मिशनको निर्देशनले दिएको सुझावहरुको कार्यान्वयन गरेको हुनु पर्दछ । विश्व बैंकले मध्यावधि रिभ्यू मिशनको प्रतिवेदन अनुसार २०१६ फरवरी ८ सम्ममा कुल बजेट अमेरिकी डलर ४६.५ मिलियन को ३५.५ प्रतिशतले अमेरिकी डलर १६.१२ मिलियनमात्र खर्च भएको देखिएकोले योजना कार्यान्वयन तथा डिस्बर्समेन्ट बृद्धि गराउनु पर्ने निर्देशन दिएकोमा योवर्ष पूजीगत शीर्षकमा बिनियोजन रु.४ करोड २३ लाख ८० हजार भएकोमा रु १८ लाख ९९ हजारमात्र खर्च गरेकोले सुधार भएको छैन । रिभ्यू मिशनको निर्देशन अनुसार डिस्बर्समेन्ट रकम बृद्धि गरिनु पर्ने देखिन्छ ।

१२. **अनुगमन :** साना अनुदान कार्यान्वयन कार्यविधि २०७१ को दफा ७.८ अनुगमन तथा सुपरिवेक्षण खण्डमा साना अनुदानमा संचालित उप आयोजनाहरुको भौतिक प्रगति, प्राबिधिक आर्थिक कारोबार तथा लेखा राख्ने व्यवस्थाको अनुगमन सम्बन्धित कृषि बिकास कार्यालय र पशु सेवा कार्यालय र जनस्वास्थ्य कार्यालयहरुले गर्ने र क्षेत्रिय आयोजना सहयोग इकाईबाट मातहतका जिल्लाहरुमा संचालित उप-आयोजनाहरुको आर्थिक व्यवस्थापनका साथै प्रगति स्थिति बारेमा अनुगमन गर्ने जिम्मेवारी रहने व्यवस्था रहेको छ । तर निर्देशिकामा आयोजना व्यवस्थापन ईकाइले अनुगमन गर्ने व्यवस्था रहेको छैन । साथै जिल्ला तथा क्षेत्रिय योजना सहयोग इकाई अनुगमनबाट देखिएका नतिजाहरु आयोजना व्यवस्थापन कार्यालयमा पठाउनुपर्ने व्यवस्था रहेको छैन । निर्देशिकाको अनुगमन सम्बन्धि व्यवस्थामा आयोजना व्यवस्थापन कार्यालयलाई समेत आवद्ध गराई प्रभावकारी अनुगमन गरिनु जरूरी छ ।

१३. **अनुगमन प्रतिवेदन :** साना अनुदान कार्यान्वयन कार्यविधि २०७१ अनुसार अनुदानमा संचालित उप आयोजनाहरुको अनुगमन गरि अनुगमन प्रतिवेदन निर्देशन तथा सुझाव कार्यान्वयन र पृष्ठपोषणको व्यवस्था गरिएको हुनु पर्दछ । विश्व खाद्य संगठन को प्राबिधिक टिमले पौष्टिक एवं पोषण अस्थामा सुधार, प्लास्टिक टनेल, कृषिबाली, पशुपालन आदि जस्ता साना अनुदान अन्तर्गतका कार्यक्रमहरुको अनुगमन गर्ने गरेको देखियो । उक्त टिमले अनुगमन गरे मध्ये रोल्पा, सुर्खेत, दैलेख र कालीकोट जिल्लामा अनुगमन गरेको प्रतिवेदनमा रोल्पाको बुढागाउँमा सञ्चालित सहकारीमा आधारित साना सिचाई योजनाको निर्माण कार्य करिब सम्पन्न भएतापनि गुणस्तरिय नरहेको बुढागाऊ-७ मा सहकारीले सन्चालन गर्नुपर्ने बीउ उत्पादन संग सम्बन्धित तालिम सञ्चालन नगरेको र बीऊ प्याकिङ्ग गर्ने ब्याग तथा ब्याग छपाई गर्ने कार्यहरु नगराएको उल्लेख छ । अनुगमन सम्बन्धमा देखिएका समस्याको सुझाव कार्यान्वयन तथा पृष्ठपोषण गरेको छैन । अनुगमन पश्चात सुझाव कार्यान्वयनको पृष्ठ पोषणको व्यवस्था गरीनु पर्दछ ।

१४. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावलि २०६४ को नियम ५० अनुसार कार्यालयले तयार गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका मालसामानहरु मर्मत गर्नु पर्ने भए ३ महिना भित्र र लिलाम गर्नुपर्ने भए ६ महिना भित्र लिलाम गर्नु पर्ने व्यवस्था छ । आयोजनाले योवर्ष तयार पारेको जिन्सि निरिक्षण

प्रतिवेदन अनुसार मर्मत तथा लिलाम बिक्रि गरेको देखिएन। नियमावली अनुसार योजनाले जिन्सी सामानको मर्मत तथा लिलाम गर्नु पर्दछ।

१५. **उपलब्धिको मूल्यांकन :** कार्यक्रम अनुसार आयोजनाले यसवर्ष खाद्यसुरक्षाको सम्बन्धमा पूर्वधार निर्माण, सत्रुजीव व्यवथापन,पोषण सुरक्षा, नश्ल सुधार र गुण नियन्त्रणआदि कार्यक्रम सचालन गरेकोमा योजनाको संचालित कार्यक्रमबाट भएको उपलब्धिको मूल्यांकन गरेको छैन । आयोजनाद्वारा संचालित कार्यक्रमको उपलन्धिको मूल्यांकन गर्नु पर्ने देखिन्छ।

१६. **ठेक्कावन्दोबस्त :** आर्थिक कार्यबिधि नियमावली २०६४ कोनियम२०(३) मा लागत अनुमान तयार गर्ने र टेक्कापट्टा स्वीकृत गर्ने समेतको कार्यहरु प्रथम र चौमासिक अवधि सम्म गरिसक्नु पर्ने व्यवस्था छ । आयोजनाले सर्भर खरीद रु ८,३१,१७१।५० र छपाई सामान डिजाईन रु ८,४६,९३५।- को खरीद कार्य तेस्रो चौमासिकमा सम्पन्न गरेको छ। आयोजनाले उल्लिखित कार्यहरुको लागत अनुमान दरभाउ पत्रको सूचना प्रकाशन तथा सम्झौता लगायतका कार्यहरु नियमावलीमा तोकिएको समयमा गरेको देखिएन। नियमावलिमा तोकिएको समयावधीभित्र ठेक्कावन्दोवस्त गर्ने व्यवस्ता मिलाउनु पर्दछ।

१७. **तालुक निकायबाट अनुगमन :** आर्थिक कार्यबिधि नियमावली २०६४को नियम ९५ अनुसार मन्त्रालयले अनुगमन गर्ने र अनुगमन पश्चात अनुगमन प्रतिवेदन दिने पोषण गरने व्यवस्था भएको देखिएन। आन्तरीक नियन्त्रण सम्बन्धी व्यवस्था प्रभावकारी वनाइनु पर्दछ।

१८. **अन्य निकायको खर्च :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७ अनुसार कार्यालयमा प्राप्त हुन आएको सम्पूर्ण नगदी जिन्सीको संरक्षणको प्रबन्ध मिलाउन जिम्मेवार व्यक्तिको कर्तव्य हुने र कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने र तोकिएको काम बाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार व्यक्तिबाट यस्तो खर्च रकम असुल उपर गरी विभागीय कारबाही समेत गर्न सकिने व्यवस्था अनुसार छुट्टै वजेट भएका सरकारी निकायको खर्च व्यहोर्नु पर्ने अवस्था सृजना भएमा सम्बन्धित मन्त्रालयको सहमति र तालुक कार्यालयको पूर्व स्वीकृति लिएर मात्र अनुदान वा खर्च लेख्नु पर्नेमा त्यस्तो स्वीकृति र सहमति वेगर मध्य पस्चिमान्चल कृषि बिकाष निर्देशनालय, सुर्खेत र क्षेत्रिय पसुरोग अन्वेषण प्रयोगशाला सुर्खेतको खर्च ५,०९,४५०।- भुक्तानी गरेको देखियो। अतः अन्यत्र निकायको खर्च आयोजनाबाट व्यहोरिएकोले नियमसम्मत देखिएन।

१९. **भ्रमण खर्च :** आयोजना समेतका कर्मचारीहरु कोरियामा सचालन भएको कृषि पाठशाला अनुभव आदान प्रदान गोष्ठी तथा तालिममा सहभागिताको लागि १४ जनाआलु विज्ञहरुको टोलिको लागि दैनिक भ्रमण तथा भत्ताको रु३७,४८,२००।- एक अधिकृतलाई पेश्कि उपलब्ध गराएकोमा गोष्ठी तथा तालिममा भ्रमण गर्दाको खर्चको विल भर्पाई संलग्न गरी सोको आधारमा रु.३७,७३,१५५।- खर्च लेखी पेश्की फर्छ्यौट गरेकोमा कोरियाकोको पत्र अनुसार कोरियामा हुने ट्रान्सपोटेशन, ट्रान्सलेशन फ्यासिलिटेशन र गिफ्टको प्रत्येक दिनको खर्च रु.४३,३३५।- योजनाले व्यहोर्नु पर्ने उल्लेख भए अनुसार भ्रमण अवधि ९ दिनको रु.४,३३,३५० मात्र खर्च लेख्नु पर्ने मा रु.४७६६८५।- रु.४३,३३५।- बढि खर्च लेखेको रकम असुल गरिनु पर्दछ।

२०. **अनुदानको भरपाई :** आयोजनाले बिभिन्न जिल्लामा उत्पादकत्व सुधार प्रयोजनको लागिभनि बोयर जातका बोका आयात गरी जिल्ला पशुसेवा कर्यालय सुर्खेतको लागि ६ वटा, दैलेखको लागि ६ वटा, सल्यानको लागि ५ वटा र रुकुमको लागि ५ वटा गरि २२ थान बोका जिल्ला पशुसेवा कार्यालय बाँकेका कर्मचारी द्वारा ढुवानीका सवारी ईन्धन खर्च रु ४१२४५।- र दैनिक भ्रमण भत्ता खर्च रु.१७०००।- समेत रु.५८२४५।- भुक्तानि गरेकेमा जिल्ला पशुसेवा कार्यालय, बाँकेबाट चलान र जिल्ला पशुसेवा कार्यालयले बोकाहरु बुझेको भर्पाई तथा बोका हस्तान्तरण भएको प्रमाण भएन।

२१. **पुर्व निधारीत क्षतिपूर्ति** : सार्वजनिक खरीद नियमावली २०६४को नियम १२१को दफा (क) मा सेवा प्रदायकले सम्झौता तोकिएको म्यादमा सम्झौता बमोजिमको काम सम्पन्न गर्न नसकेमा प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारीत क्षतिपुर्ति दिनुपर्ने व्यवस्था रहेको छ। आयोजनाले म्याद थप समेत २०७२।३।१२ सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा निजले सम्झौतामा तोकिएको समय भन्दा १० दिन ढीला गरि २०७२।३।२२मा कार्य सम्पन्न गरेकोमा प्रति दिन ०.०५ प्रतिशतले सम्झौता अंक रु.२६,२३,२२९।८१ को रु.१,३११।६१ ले दश दिनको पूर्व निर्धारित क्षतिपुर्ति रु.१३,११६।१५ असुल गर्नुपर्दछ।

२२. **बढि खर्च** : बढि खर्च एक स्थानिय परामर्शदातालाई निजले कबोल गरेको द्यइत्त अनुसारको दरमा प्रतिदिन रु.२,०००।- ले १० दिनको रु.२०,०००।- सोधभर्ना दिनु पर्नमा प्रति दिन रु.२,०००।(ले ३६,०००।- सोधभर्ना दिएके देखिएकेले रु १६,०००।- र खर्चका प्रमाण रु.८८,२००।- भएकोमा रु.९०,०००।- सोधभर्ना दिएकोले रु.१,८००।- समेत रु १७,८०० बढि भुक्तानी गरेके छ। अतस् बढी सोधभर्ना दिइएको असुल गरिनु पर्दछ।

२३. **ठेक्का बन्देवस्त** : आर्थिक कार्यविधि नियमावली, २०६४ कियम ३६(३) मा बोलपत्र आव्हान गरि स्वीकृत गर्ने अन्य निकाय संग लिनुपर्ने सहयोग र स्वीकृतिको पत्राचार तथा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरि सक्नुपर्ने व्यवस्था रहेकेमा आयोजनाले आयोजना सूचनाप्रणाली र वित्तिय व्यवस्थापन सूचनाप्रणाली तयारीका लागि मू.अ. समेत लागत अनुमान

रु.९,९४,४००।- भएको समेत खरीदका लागि लागत अनुमान स्वीकृती २०७२ चौत्रमा, सिलबन्दी बोलपत्रको सूचना प्रकाशन २०७२।१२।२२मा र ठेक्का सम्झौता २०७३।२।१० मा गरेको देखियो । नियमावलीले निर्धारण गरेको समयमा ठेक्का सम्झौता समेतका कार्यहरु गरिनु पर्दछ ।

जलवायु प्रकोप समुत्थान निर्माण आयोजना

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा आयोजनाले वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी मालसामनको लिलाम तथा मर्मत नभएको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू नगरेको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, घरजग्गाको लगत मूल्य खुलाई तोकिएको ढाँचामा नराखेको, तालुक निकायबाट निरीक्षण भएको प्रतिवेदन नभएको, मर्मत अभिलेख खाता नराखेको,पेश्कि समयमा फछ्र्यौट नगरेको जस्ता व्यहोरा देखिएका छन् । अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **लक्ष्य तथा प्रगति :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २०(२) र २५ अनुसार अनुसूची-२ को ढांचामा कार्यक्रमगत बजेट व्यवस्था र कार्यक्रमगत खर्च समेत देखिने गरी वार्षिक प्रगति प्रतिवेदन तयार गर्नुपर्नेमा कार्यक्रमगत खर्च उल्लेख नगरी तयार गरेकोले कार्यक्रमगत बजेट व्यवस्था भएको रकम भन्दा घटी वा बढी कति खर्च भएको थियो भिडाई हेर्ने आधार भएन । अतः नियममा व्यवस्था भए अनुसार कार्यक्रमगत खर्चको हिसाव राखि सोही अनुसार प्रगति प्रतिवेदन तयार गरिनु पर्दछ ।

३. **बजेट निस्कृय :** आयोजनावाट यो वर्ष विभिन्न कार्यक्रम संचालनको लागि रु.२१ करोड २१ लाख ५४ हजार बजेट व्यवस्था भएकोमा रु.१६ करोड ३० लाख ९० हजार खर्च गरी रु.४ करोड ९० लाख ६३ हजार बजेट खर्च नगरी निस्कृय वनाएको देखियो । बैदेशीक सहायतामा संचालीत आयोजनाले स्वीकृत कार्यक्रमहरु संचालन नगरी बजेट निस्कृय वनाएको उपयुक्त देखिएन ।

४. **परामर्श सेवा भूक्तानी :** एक प्रा.ली. वाट क्लाइमेट भल्नरेवल एरिया मेपिङ अफ पाइलट डिष्ट्रिक्ट विषयमा अध्ययन गराउने कार्य गराएको जनाई रु.३७,४८,७७५। भुक्तानी दिएको देखियो । फर्मलाइ विशेषज्ञको पारिश्रमिक वापत ५ जनालाई न्यूनतम रु ८००००। देखि रु ३९०६२५। का दरले समेत जम्मा १०९७५००। भुक्तानी दिने गरी सम्झौता र भुक्तानी भएकोछ । विशेषज्ञको पारिश्रमिक निर्धारण सम्वन्धमा आधार खुलाएको छैन । आधार वेगर ठूलो रकम दिने गरी लागत अनुमान तयारी र सम्झौता गरेको उपयुक्त देखिएन ।

फर्मलाई सोधभर्ना हुने तर्फ भ्रमण खर्च, संचार खर्च, पुस्तक म्यानुअल खरिद, प्रिन्टिङ फोटो कपी आदि कार्यको लागि रु १४५००००।०० को सम्झौता भएकोमा सो को विल भर्पाई पेश गरेको छैन । परामर्शदाताले जम्मा सम्झौता रकम , गत किस्ता सम्मको भुक्तानी, यो विलको भुक्तानी जम्मा भुक्तानी भएको र भुक्तानी हुन वाकी रकम समेत देखिने गरी विल पेश गर्नु पर्नेमा सो अनुसार नगरेकोले आइटमगत सम्झौता भन्दा वढी भुक्तानी भयो भएन भनी यकिन गर्ने आधार भएन ।

५. **सोझै निकासा :** कृषि सूचना तथा संचार केन्द्रलाई कार्यक्रम संचालनको लागि रु.१९,००,०००। निकासा खर्च दिएको छ । यस आयोजनाको कार्यक्रममा रहेको रकम अन्य कार्यालयमा पठाउंदा पेश्कीको रुपमा पठाई वील भरपाई पेश भएपछि पेश्की फछ्र्यौट गर्नुपर्नेमा सोझै निकासा दिएको देखियो । उक्त केन्द्रको आ.व. २०७२।७३ को लेखापरीक्षण गर्दा आयोजनावाट गत वर्ष प्राप्त निकासा रु.५००,०००। खर्च नगरी वांकी राखेको र यो वर्षको निकासा समेत जम्मा आम्दानी रु.२४,०००००। भएकोमा यो वर्ष खर्च रु.१५,५८,४२२। गरी वाकी रु.८,४१,५७८। मौज्दात नै रहेको देखियो । आर्थिक कार्याविधी नियमावली २०६४ अनुसार खर्च नभई वांकी रहेको रकम रु ८,४१,५७८। फ्रिज गर्नुपर्नेमा गरेको नदेखिएकोले वांकी रकम तत्काल राजस्व दाखिला गरी प्रमाण पेश हुनु पर्दछ

६. **कार्याक्रम संसोधन :** वार्षिक स्वीकृत कार्यक्रम अनुसार १६ जिल्लाका २४ कार्यालयमा उक्त कार्यक्रममा वचेको रकमवाट कृषि सूचना तथा संचार केन्द्र हरिहरभवनमा स्थापित सेन्टरका लागि सामाग्री खरिद तथा कृषि मन्त्रालयमा सी सी टिभि जडान कार्यमा भएको खर्च समेत रु.१०११२७०। भूक्तानी गरेको देखिन्छ । यसरी विभिन्न जिल्लामा कृषकको सूचनाको लागि एग्रो कल सेन्टर स्थापना गर्ने कार्यक्रम लक्ष्य अनुसार पुरा नगरी वचत रकम भनि कार्यक्रम संशोधन वेगर खर्च लेखिएको रकम रु.१०११२७०। नियम सम्मत नदेखिएको ।

७. वार्षिक स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम संचालन गर्नुपर्ने र कारणवस अन्य कार्यक्रममा खर्च गर्न पर्ने अवस्था आएमा कार्यक्रम संशोधन गरेर मात्र खर्च गर्नुपर्नेमा वार्षिक स्वीकृत कार्यक्रममा नरहेको कृषि सूचना तथा संचार केन्द्र हरिहरभवन ललितपुरको च.नं. ४६७ मिति २०७३।१।२८ को पत्र साथ विल पठाएको र सोहि आधारमा आयोजनाको वजेटवाट खर्च लेखि भुक्तानी भएको खर्च रु रु.५०११८०। भुक्तानी दिएको रकम नियम सम्मत नदेखिएको।

८. **सफ्टवेयर खरिद :** आयोजनाले सफ्टवेयर खरिद तथा स्थापना कार्यको लागि एक फर्मलाई रु ४७४६०००। भुक्तानी दिएको छ । उक्त कार्यको स्पेशिफिकेशन तयार गरेको भए पनि लागत अनुमान तयार गरेको पाईएन । एक प्रा.लि. लाई ७ दिन भित्र ३३ वटा कार्यालयमा ई.एस.आर.आइ सफ्टवेयर आपुर्ति तथा स्थापना गर्ने भनि ०७३।३।२० मा सम्झौता भई २०७३।३।२०मा कार्यादेश दिएको देखिन्छ । कार्यालय ३३ मा ई.एस.आर.आइ सफ्टवेयर आपुर्ति तथा स्थापना गरेको भनि रु ४७४६०००। को विल पेश गरेको आधारमा कुन कार्यालयको कुन कुन कम्प्युटरमा इन्स्टल गरेको कुनै जांच प्रमाण वेगर भुक्तानी भएको नियम सम्मत देखिएन । सार्वजनिक खरिद नियमावली २०६४ ले गरेको व्यवस्था अनुसारको प्रकृया पुरा गरी खरिद गर्नु पर्दछ ।

९. **बाँकी पेश्की :** कार्यालयले दिएको पेश्की समयमै फछ्र्यौट हुने गरेको पाइएन । एक सहकारी संस्थाको नाममा रहेको पेश्की रु ५,००,०००। आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार फछ्र्यौट हुनुपर्दछ ।

व्यवसायिक कृषि तथा व्यापार आयोजना

१. **अख्तियारी :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम २३ (२) मा स्वीकृत बार्षिक कार्यक्रम खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालयले आर्थिक बर्ष शूरु भएको १५ दिन भित्र सम्बन्धित कार्यालयमा पठाउनू पर्ने व्यवस्था रहेको छ । आयोजनालाई २ कार्यक्रमको रु ९ लाख ८० हजारको थप अख्तियारी आषाढको अन्तमा प्राप्त भएको छ । अख्तियारी तथा कार्यक्रम निर्दिष्ट समयमा नपठाउदा कार्यक्रम संचालनमा कठिनाई हुने, मितब्ययी तबरले दक्षता पूर्वक खर्च गरी प्रभावकारी कार्य सम्पादन गर्न नसकिने हुँदा कानूनी व्यवस्था बमोजिम कार्यक्रम स्वीकृत गरी बजेट निकाशा हुने व्यवस्थाको पालना हुनुपर्दछ ।

२. **खर्च संरचना :** स्वीकृत बार्षिक कार्यक्रमबमोजिम तोकिएको चौमासिकमा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा पहिलो चौमासिकमा चालु तथा पुजिगतमा क्रमश: १२.८४, ४.२२प्रतिशत, दोस्रो चौमासिकमा ३९.५३ र १४.६४ प्रतिशत र तेस्रो चौमासिकमा ४७.६३ र ८१.१४ प्रतिशत खर्च भएको छ । स्वीकृत वार्षिक कार्यक्रम अनुसार तोकिएको समयमा कार्यक्रमको कार्यन्यन गरी चौमासिक बित्तिय प्रगति हासिल गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

३. **वार्षिंक लक्ष प्रगति :** आयोजनाबाट प्राप्त वार्षिक कार्यक्रम तथा प्रगति विवरण अनुसार यो वर्ष ३ बटा कोर कार्यक्रम अर्न्तगत १५ क्रियाकलापहरु संचालनमा ल्याएकोमा कार्यक्रमको रकमगत खर्च तथा भौतिक प्रगति तयार गरेको छैन । प्रगती विश्लेषण गर्दा चोभारमा आधुनिक फलफुल तथा तरकारी थोक बजार निर्माण प्रारम्भ नै नभएको, कालीमाटी फलफुल तथा तरकारी थोक बजार पुन: निर्माण कार्यको ठेक्काको पटक पटक म्याद थप्दा समेत अधुरै रहेको , कृषिं सेवा केन्द्र निर्माण सुधार को काम शुरुनै नगरेको, किर्तिपुरमा फमिगेसन चेम्बर निर्माण र हरीहर भवनमा हरीत गृह निर्माण कार्य स्थान छनोट बिवादका कारण हुन नसकेको, अबस्था छ । तोकिए बमोजिमको समयमा कार्यंक्रम सन्चालन नहुदा त्यस्ता कार्यंक्रमहरुको सान्दर्भिकता समेत नरहन सक्ने र लाभग्राहीको उपस्थिति समेत न्यून हुन सक्ने तर्फ विचार गरी तोकिएको समयभित्रै कार्यंक्रम संचालन गरी प्रगति हासिल हुनु पर्दछ ।

४. **पुरक अनुदान :** आयोजनाले फेब्रुअरी १३, २०१३ मा भएको सम्झौता बमोजिम साना तथा मझौला आकारको पुरक अनुदान वितरणको लागी चौथो आह्वन कार्यान्वयन गर्ने शीलशिलामा प्राइभेट फर्म, कृषक समुह र सहकारी संस्थाबाट पेश भएका कन्सेप्ट नोट मध्ये २०१४/०७/०६ को निर्णयबाट १७०३ वटा कन्सेप्ट नोट छनौट भएको देखियो । स्वीकृत निर्देशिका बमोजिम कम्तिमा एकवटा मझौला आकारको र अन्य साना आकारको अनुदान प्राप्त गर्ने गरी मुल्य श्रृंखलामा आबद्ध हुने किसिमबाट संयुक्त रुपमा पुर्ण आयोजना प्रस्ताव पेश गर्न बिभिन्न मितिमा स्थलगत अनुगमन गरि सो मा उतिर्ण सस्था , फर्म लाई बित्तिय आयोजना प्रतिबेदन पेश गर्न सुचना आहवान गरिएकोमा ५०९ वटा संयुक्त प्रस्ताव आयोजनामा दर्ता भएका छन । बिश्व बैंकबाट **स्वी**कृत निर्देशिका बमोजिम विषयगत विज्ञहरुबाट उक्त प्रस्तावको प्राविधिक, आर्थिक एवं वातावरणीय पक्षको मुल्याङ्कन गराई सम्बन्धित विज्ञहरुबाट प्राप्त प्राप्ताङ्क बमोजिम ४०५ वटा संयुक्त प्रस्तावहरुको योग्यता क्रम निर्धारण गरी सो बाट १०० वटा संयुक्त प्रस्तावलाई अनुदान उपलब्ध गराउने कार्यक्रम आयोजनाले स्वीकृत गराएको छ ।

प्रस्ताव प्राप्त भएको र सोको मुल्याङ्कन भएको समय अन्तराल १ बर्ष ७ महिना भन्दा बढी भएको, मुल्याङ्कन गर्ने निर्देशिकामा उल्लेख भएका बुँदाहरु अत्यन्त विषयगत (Subjective) किसीमका भएका र केही प्रस्तावको नमुना परीक्षण गर्दा पुनरावलोकनकर्ताले दिएको अंक र सो अंक स्थापित गर्न गरेको कमेन्ट निर्देशिकाको आशय अनुसार पर्याप्त नदेखिएको अबस्थाले छनोट त्रृटिपुर्ण देखिएकाले छनोट प्रकृया पारदर्शी तुल्याउनु पर्दछ ।

५. **तलवी प्रतिवेदन :** निजामति सेवा ऐन २०४९ को दफा ७(ख)२ अनुसार निजामति किताबखानाबाट तलवी प्रतिवेदन पास गराई तलव खर्च लेख्नु पर्ने व्यवस्था छ । आयोजनाले यस आ.व. मा बिभिन्न तहका ९ कर्मचारीको रु.४०लाख ३९ हजार खर्च लेखेकोमा तलवी प्रतिवेदन पारित गरेको छैन ।

६. **अन्य कार्यालयको खर्च :** आर्थिक कार्यविधि नियमवाली ,२०६४ को नियम ३६ (३) र (८) मा यस नियमावली बमोजिम खर्च गर्दा खर्चको बिल भरपाई सहितको श्रेस्ता राख्नु पर्ने र कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । आयोजनाले विभिन्न मितिमा पशुसेवा विभाग लगायत ८ अन्य कार्यालयका सवारी साधन अनुगमन कार्यमा प्रयोग गरे वापत विभिन्न ६ वर्कशपहरुलाई मर्मत खर्च वापत रु.११ लाख, ९२ हजार भुक्तानी दिएको छ । यसरी आयोजनाले अन्य निकायको सवारी साधनहरु मर्मत गर्दा दोहोरो मर्मत, इन्धन खर्च हुन सक्ने हुदा दोहोरो भुक्तानी नहुने उपयुक्त नियन्त्रणात्मक व्यवस्था गरेर मात्र खर्च गर्नु उपर्युक्त देखिन्छ ।

७. **बोलपत्रमा सहभागिता :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २०(३) मा बार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउदा कार्यक्रम सुचारु रुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न ठेक्कापट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरीसक्नु पर्ने व्यवस्था छ । आयोजनाले बोलपत्रद्धारा बन्दोबस्त गरेका ६ ठेक्काहरुमा बढीमा ३ तथा कम पर्नेमा २ वटा फर्म सहभागिता रहेको र लागत अनुमानकै हाराहारीमा कबोल अङ्क स्विकृत हुने गरेको पाइयो । वैयक्तीक परामर्शदाता बाहेकका ठेक्कामा अन्यन्तै न्युन प्रतिस्प्रर्धा रहेको देखियो । कार्यक्रमको कार्यान्यनको क्रममा प्रयाप्त सुचना दिई ठेक्का थप प्रतिस्प्रधी बनाउने तर्फ पहल हुनु पर्दछ ।

८. **परामर्श खर्च :** आयोजनाले प्रयोगशाला उपकरण खरिद कार्यमा सहयोग पुर्याउन एक रसायनशाास्त्रिसंगको सम्पादीत कार्यसम्पादन करार अनुसार मासिक कार्य प्रगतीको प्रमाणित अभिलेखका आधारमा भुक्तानी गर्नु पर्ने शर्तमा उल्लेख छ । निजलाई उक्त कार्य बापत रु.१लाख ५० हजार पारिश्रमिक उपलब्ध गराएकोमा मासिक कार्य प्रगतीको प्रमाणित अभिलेख बेगर भुक्तानी भएको रकम अनियमित देखिएको छ ।

९. **दोहोरो खर्च** : आयोजनाले विभिन्न उपआयोजनाहरुको अनुगमन मुल्याङ्कन लगायत अन्य विविध प्राविधिक कार्यसम्पादन गर्नको लागी एक परामर्शदातालाई सम्मको जुन ३० २०१६ सम्मका लागी नियुक्त गरी यस आ.व. मा रु.४करोड ६८लाख ९४ हजार भुक्तानी दिएको छ। सोही प्रयोजनमा अनुगमन मुल्याङ्कन शीर्षकबाट रकम खर्च लेखी यस आयोजनाका कर्मचारीहरु, बिभाग तथा , निर्देशनालयका कर्मचारी तथा पदाधिकारीहरु समेत स्थलगत निरीक्षणमा जाने गरेको देखियो । आयोजनाले थप अनुगमन मुल्याङ्कन कार्यको लागी तालुक बिभिन्न ३ निकायलाई रु.१० लाख ९० हजार उपलब्ध गराएको छ। अतः एउटै कार्यको लागी पटक पटक दोहोरो खर्च गर्ने कार्यमा सुधार हुनुपर्ने देखिन्छ ।

१०. **परामर्श सेवा :** आयोजना अन्तर्गत पूरक अनुदानमा सञ्चालन गरीएका कृषि व्यवसाय संग सम्बन्धित उप-आयोजनाहरुबाट सञ्चालन हुने क्रियाकलापहरुमा प्राबिधिक सहयोग पु-याउने र भएको कामको नियमित अनुगमन मुल्याङ्कन सम्बन्धी कार्य गरी अनुदान भुक्तानीको लागि सिफारिश गर्ने कामको लागि क्षेत्रिय प्राविधिक सहयोग समुहको रुपमा एक परामर्शदातासंग रु.२१ करोड ६९लाख ३१ हजारमा सेवा प्रदान गर्ने गरी ठेक्का सम्झौता भएकोमा २०७३ असार सम्मका सेवा प्रदान गरे वापत रु २१ करोड २३लाख ८६हजार भुक्तानी भई सकेको छ । तर तोकिएको संझौता अनुरुप आयोजनाबाट सञ्चालित उप-आयोजनाहरु मध्ये केहि सम्पन्न हुन बांकी रहेको र सो को लागि थप परामर्श शुल्क तिरी पुनः सोझै सेवा लिएको देखिएकोले आयोजनालाई थप आर्थिक दायित्व व्यहोर्नु परेकोले समयमै उप-आयोजना सम्पन्न गर्ने तर्फ आयोजनाको ध्यान जानु पर्ने देखिन्छ ।

११. **मूल्य अभिवृद्धि कर :** मुल्य अभिवृद्धि कर ऐन २०५३ ले मु.अ. करमा दर्ता भएका आपुर्तकहरुलाई सेवा वा सामानको भुक्तानीमा थप गरी दिएको मु.अ. कर रकमको भुक्तानी भएको पछिल्लो महिनाको २५ गते भित्र आपुर्तक फर्म/कम्पनी दर्ता भएको सम्बन्धित आन्तरीक राजश्व कार्यालयमा जानकारी दिनुपर्ने व्यवस्था छ । आयोजनाले यस वर्ष विभिन्न १६८ आपुर्तकबाट परामर्श सेवा, समान खरिद गरी रु १६ करोड६४ लाख,३९ हजार भूक्तानी दिदा थप मूल्य अभिवृद्धि कररु २ करोड१६लाख३७हजार खर्च लेखेकोमा सोको जानकारी ऐनमा तोकिएको समयमा दिएको छैन । मूल्य अभिवृद्धि करको सम्बन्धीत आन्तरीक राजश्व कार्यालयबाट समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

१२. **डिप बोरिङ्ग कार्य :** कालिमाटी फलफुल तथा तरकारी बजार बिकास समितिको हाता भित्र बिभिन्न संरचना निर्माणको लागि रु १६ करोड ६२लाख ७५ हजारको लागत अनुमान स्विकृत भई बोलपत्रको माध्यम द्धारा रु ९करोड२४लाख ३० हजारमा एक सयुक्त उपक्रमको ठेक्का स्विकृत भएको देखियो । ठेक्काको बिओक्यु आइटममा डिप बोरिङ्ग निर्माणको कार्य २५ सब आइटम समाबेश गरी चौथो रनिङ्ग बील सम्म बाट रु २९लाख ९८हजार तथा सो मा मु.अुकर बापत रु ३ लाख ८९हजार समेत जम्मा रु ३३लाख ८७ हजार भुक्तानी भएको देखियो । स्थलगत अबलोकनका हुदा यसरी पुरै भक्तानी भै सकेको डिप बोरिङ्ग निर्माण कार्य पुर्णरुपमा असफल रहेको, उक्त संरचना समेत सम्पन्न नभई बोर फेलिएर भएकाले बाकी आइटमका कार्य बिचमानै शुरु नगरी छाडिएको स्थिति देखियो । बोरिङ्गको लगसीट, स्पेसिफिकेशन, जियो टेष्टिङ्ग रिर्पोट, प्रति क्यूसेक पानी प्रवाहको टेष्टिङ्ग रिर्पोट,बेगर आयोजनाले उक्त कामको पुरै बील बमोजिमको भुक्तानी के कति प्रगतिका आधारमा दिएको हो सो को यथार्थ स्थिति समेत एकिन हुन सक्ने अबस्था छैन । ठेकेदारले

हाल सम्म उक्त निर्माण कार्यको सुधार गरी सम्पन्न गर्ने तर्फ पहल समेत भएको देखिएन । अत सार्वजनिक खरिद नियामावली अनुसार ठेकेदारलाई आबश्यक कार्वाहि गरी उक्त रकम असुल गर्नु पर्दछ ।

१३. **ल्याब इक्युपमेन्ट खरीद :** भेटनरी गुणस्तर औसधी व्यवस्थापन कार्यालय (VSDAO) तथा खाद्य प्रबिधि तथा गुण नियन्त्रण बिभाग को ल्याब्रोटोरीको लागि बिभिन्न ल्याब इक्युपमेन्ट खरीदको लगत अनुमान रु १०करोड ९९ लाख ७८ हजार स्विकृत भएको छ । बोलपत्र आहवान गरेकोमा २ वटा फर्मले बोलपब पेश गरेकोमा ६ करोड ५३ लाख ९१ हजार को बोलपत्र स्विकृत गरी सामान खरिद गरी पठाएकोमा ल्याब स्थान अभाबमा आयोजनाले उपलव्ध गराएका ल्याब इक्युपमेन्ट कार्यालय परिसरको प्यासेज ,किचन लगायतका खालि स्थानमा प्याकेजिङ्ग नखोलेको अबस्थामा थान्काइएको ,उपकरण अधुरा अपुरा हुने गरी हस्तानतरण फारममा कैफियत जनाइ बुझाएको, गत बर्ष खरिद गरी उपलव्ध गराएका यस्तै प्रकृतिका सामान समेत प्रयोग बिहिन अबस्थामा रहि रहेको, संझौता अनुसारका सामान प्राप्तिको एकिन हुन नसकेको, उक्त सामान जडान कार्य गरी टेस्ट भेरीफिकेशन नभएको, यसरी खरिद भएका यन्त्र उपकरण संचालन गर्ने जनशक्ती लाई संझौतामा उल्लेख भए अनुसारको तालीम लगायतका बिक्रि पश्चातका सेवा दिन नसकेको देखिएकाले बिश्वासनियआधारमा लागत अनुमान स्विकृत गरी आबश्यकताका आधारमा खरिद कार्यको अभ्यास हुनु जरुरी छ । समयमा जडान गरी उपयोगमा ल्याउने अवस्था नरहदा करोडौ मुल्यका ल्याब इक्युपमेन्ट प्रयोगमा आउन नसक्ने जोखिम बढेको छ ।

१४. **अनुगमन मूल्याकन :** आयोजनालाईं आ.व.२०७२।७३ को खर्च गर्नें अख्तियारीको सि.न. १३ मा रु १५ करोड भन्दा बढी रकम विनियोजन भएका आयोजनाहरुको भौतिक तथा वित्तिय प्रगतिको आद्याबधिक मुल्याङ्गन उच्चस्तरीय समितिले गर्ने व्यवस्था मिलाएको उल्लेख छ । सो अनुरुप आयोजनाको कार्यान्वयन पक्षको प्रभावकारी रुपमा अनुगमन तथा मूल्याकन गर्नुपर्दछ । आयोजनाको कार्यान्वयन सन्दर्भमा देखा परेका अन्तरालको (devation) पहिचान र समयमै सुधारका उपाय अवलम्बन गरी निर्धारित कार्यक्रमहरुको सफल कार्यान्वयन तथा व्यवस्थापनका लागि अनुगमन र मूल्याकनको महत्वपूर्ण भूमिका हुन्छ । सम्भाव्यता अध्ययनको मूल प्रतिवेदन अनुसार आयोजनाको सगठनात्मक व्यवस्थामा अनुगमन तथा मूल्याकन महाशाखाको व्यवस्था गरी अनुगमन गर्नुपर्ने सुझाव रहे तापनि पालना गरेको छैन । मन्त्रालय स्तरबाट बार्षिक कार्यक्रम अनुरुपको सूचक सहितको अनुगमनको कार्ययोजना तयार गरी कार्यन्वयनमा ल्याएको समेत देखिदैन ।

केन्द्रिय बागवानी केन्द्र

१. **चौमासिक र आषाढको खर्च** : अर्थ मन्त्रालयले वार्षिक कार्यक्रम तथा खर्च गर्ने अख्तियारी साथ दिइएको निर्देशन अनुसार अन्तिम चौमासिक तथा अषाढ महिनामा कुल खर्चको क्रमश: ४० र २० प्रतिशत भन्दा बढी हुने गरी खर्च गर्न नहुने व्यवस्था गरेको छ । कार्यालयले यो वर्ष पूंजीगत खर्च रु.६० लाख ६२ हजार गरेकोमा तेस्रो चौमासिकमा ८०.२० प्रतिशत तथा आषाढ महिनामा ७६.९२ प्रतिशत खर्च गरेको छ । यसले अन्तिम चौमासिक तथा अषाढमा खर्च गर्न नपाउने अर्थ मन्त्रालयको निर्देशन पालाना र अन्तिम अवधिमा गरिने खर्चको चाप तथा शुद्धतामा असर पारेको छ ।

२. **आन्तरिक नियन्त्रण :** प्रथम चौमासिक अवधिभित्र ठेक्का पट्टा स्वीकृत गर्ने कार्य सम्पन्न नगरेको, अभिलेख नराखेको, भ्रमण प्रतिवेदन नलिएको, वार्षिक खरिद योजना तयार नभएको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको, उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, घर जग्गाको लगत राखे पनि मूल्य नखुलेको, पुराना मालसामानको मूल्य नखुलेको, मर्मत अभिलेख नराखेको, वार्षिक कार्यसम्पादन प्रतिवेदन तयार नगरेको, भुक्तानी भएको छाप लगाई प्रमाणीत गरी नराखेको र तालुक कार्यालयले निरीक्षण नगरेको देखियो । आन्तरिक नियन्त्रण व्यवस्था नहुदा मितव्ययी, प्रभावकारी, पारदर्शी नहुने र प्रवाहमा गरिने सेवामा समेत असर पर्ने भएकाले आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी बनाउनु पर्दछ ।

३. **कार्यक्रम विपरित खर्च :** स्वीकृत वजेट तोकिएको कार्यमा प्रयोग गर्नुपर्दछ । कार्यालयले डिप वोरिङको तार खरिद रु ३४ हजार र डिप वोरिङको पम्प मेशिन झिकी नया मेशिन फिट गर्ने रु १ लाख २१ हजार समेत रु १ लाख ५५ हजारको कार्य स्वीकृत कार्यक्रममा नभएको अवस्थामा खर्च गरेको हुंदा उक्त खर्च रकमलाई नियमित गर्नुपर्दछ ।

४. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ अनुसार कुनै मालसामान वा सेवा उपलब्ध गराए वापत रकम भूक्तानी गर्दा भूक्तानीमा भ्याट विल संलग्न भएको अवस्थामा १.५ प्रतिशत कर कट्टि गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले एक आपुर्तकवाट पोलिथिन झोला, पोलिव्याग, प्लाष्टिक क्रेटर आदि खरिद गरी रु.२ लाख ८५ हजार भूक्तानी गरेकोमा उक्त फर्मले भ्याट विल पेश नगरी प्यान विल पेश गरेकोले उक्त फर्मवाट अग्रिम कर वापत १५ प्रतिशतले हुने रु.४३ हजार असुल गरी राजस्व दाखिला हुनु पर्दछ ।

५. **अग्रिम भुक्तानी :** यस वर्ष कार्यालयले बजेट फ्रिज हुन नदिने उद्देश्यले ०७३।३।२७ गते नेपाल विद्युत प्राधिकरणलाई रु ३ लाख र काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडलाई रु १ लाख ५० हजार समेत रु.४ लाख ५० हजार अग्रिम भूक्तानी गरेकोले के कारणले ठूलो रकम अग्रिम भूक्तानी गरेको नियमसम्मत देखिएन ।

६. **भूक्तानी दिन वांकी :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ४० अनुसार गत वर्षको भूक्तानी दिनुपर्ने अवस्था भएमा महालेखापरीक्षकको कार्यालयले तोकेको भूक्तानी दिन वांकीको कच्चावारीमा चढाई आर्थिक वर्षको श्रावण १५ गते भित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । कार्यालयले एक लेखापाललाई मिती ०७० श्रावण र भाद्र १९ सम्मको तलव र महंगी भत्ता समेत रु.३२ हजार भूक्तानी दिएकोमा भुक्तानी बाकीको अभिलेख राखि प्रमाणित गरेको नदेखिएकोले उक्त खर्च नियमित नदेखिएको ।

७. **नर्म्स भन्दा वढी खर्च :** अर्थमन्त्रालय वजेट तथा कार्यक्रम महाशाखा कार्यक्रम सञ्चालन निर्देशिका २०७० मा सवै प्रकारका तालिम गोष्ठि, सेमिनार, कार्यशाला सञ्चालन सम्वन्धी खर्चको मापदण्ड तय गरेको छ । तालिम केन्द्रहरु वाहेक अन्य निकायवाट संचालित सवै प्रकारका तालिमका श्रोत व्यक्ति प्रशिक्षकको पारिश्रमिक (कक्षा लिए वापत रु.७००। र कार्यपत्र वापत रु.९००।) तय भए अनुसार सम्वन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको श्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकममात्र पाउने तथा कार्यालय वाहेकको हकमा प्रशिक्षण तथा कार्यपत्र वापत पाउने व्यवस्था गरेको छ । तर केन्द्रले तोकिएको मापदण्ड विपरीत २ तालिम कार्यक्रममा वढी खर्च गरेको रु ३७ हजार असुल हुनु पर्दछ ।

८. **अमानतमा निर्माण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८मा सार्वजनिक निकायले अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृति लिनुपर्ने, अमानतबाट काम गर्नुपर्दा सो कामको लागि आवश्यक पर्ने प्राविधिक सेवा र निर्माण सामग्री ऐन र नियमावलीको प्रक्रिया बमोजिम खरिद गरी ज्यालामा काम गराउनु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष किवी तथा अंगुरको नया वगैंचामा सिमेन्ट पोल गाड्ने तथा टि वार निर्माण कार्य अमानतवाट गराई रु १ लाख ९८ हजार खर्च गरेकोमा एक तह माथिको पुर्व स्वीकृती नलिई गरिएको हुँदा नियम सम्मत नदेखिएको ।

९. **आम्दानी :** कार्यालयले यसवर्ष उत्पादन सामाग्रीमा रु.७८ लाख ९६ हजार खर्च गरी ३३ लाख ७० हजार राजस्व आम्दानी गरेको छ । खर्चको तुलनामा आम्दानी ५७.३१ प्रतिशतले कमि भएकोले आम्दानी वढाउने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

जिल्ला कृषि बिकास कार्यालय

१. **कर विजक :** सार्वजनिक खरिद नियमावली,२०६४ अनुसार सार्वजनिक निकायले १० लाख रुपैंया भन्दा वढी लागत अनुमान भएको माल सामान खरीद गर्दा वोलपत्रको माध्यमद्वारा खरीद गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले अनुदान दिएको र कृषक आफैले भुक्तानी गरेको समेत जम्मा रु.६३ लाख ५२ हजार ७३२ को प्राङ्गारिक तथा अर्गानिक मल सोझै खरीद गरी आपुर्तकलाई भूक्तानी गर्दा विक्रेताले मु.अ. कर विजक जारी नगरेको, साथै कार्यालयले अग्रिम कर समेत कट्टा नभएकोले आयकर ऐन २०५८ को दफा ८८ अनुसार १५ प्रतिशतले रु.९ लाख ५२ हजार ९१० कृषकले भुक्तानी गरेकोमा समेत असुल दाखिला हुनु पर्दछ ।

२. **कन्टिन्जेन्सी खर्च :** कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार अनुसूची १ मा उल्लेखित व्यवस्थाबाहेक अन्य कुनै आधार देखिदैन । अनुसूची १ मा वर्कचार्ट खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत भनी उल्लेख भएता पनि के कस्ता खर्चहरु समावेश हुने हो ऐन, नियममा स्पष्ट उल्लेख नभएको, मन्त्रालय विभागबाट समेत कुनै नीतिगत निर्णय नभएकोमा दैनिक भ्रमण भत्ता, इन्धन खर्च, गाडी, मोटरसाइकल, कार्यालय तथा आवास भवन मर्मत, सूचना प्रकाशन, चिया खाजा खर्च जस्ता कार्यमा रु .२ लाख ८३ हजार ६७३ समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको छ। कार्यालय सञ्चालनसंग सम्बन्धित खर्चहरुको लागि बजेट व्यवस्था भएको देखिन्छ। त्यस्ता कार्यको लागि बजेट नपुग भएमा सोही ब.उ.शि.न.मा थप गरी खर्च गर्नुपर्नेमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको उपयुक्त देखिएन ।

३. **पेश्की बांकी** : आर्थिक कार्यविधी नियमावली, २०६४ अनुसार दिईएको पेश्की तोकिएको म्याद भित्र यसै नियमावलीको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कर्मचारीरु.२ लाख र एक निर्माण व्यवसायीको रु.१६लाख ३८ हजार पेश्की आर्थिक वर्षको अन्त्यमा बाकी रहेकोले फछ्र्यौट गर्नु पर्दछ ।

४. **कर असुल** : तरकारी खेती सम्बन्धी २ दिने तालीममा सहभागीहरुलाई वितरण गरिएकोमा आयकर ऐन २०५८, अनुसार १५ प्रतिशत कर रु.४६८० कट्टा नगरेकोले असुल गर्नु पर्दछ ।

कृषि अनुसन्धान परिषद

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नु पर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको देखिएन । र प्रत्येक निजामति पदको कार्य विवरण वनाई लागु नगरेको, कार्यालयको निरीक्षण पुस्तिकामा उल्लेखित व्यहोराको कारवाही आंशिक रुपमा भएको, उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणका लागि कार्यक्रम व्यवस्थित नगरेको, घर जग्गाको लगत राखे पनि मुल्य नखुलेको अवस्था छ यसमा सुधार हुनु पर्दछ ।

२. **लक्ष्य प्रगति :** कार्यालयले प्रगति प्रतिवेदनमा कार्यक्रमगत खर्च उल्लेख नगरेकोले कार्यक्रमहरुमा बजेट व्यवस्था भएको रकम भन्दा घटी वा बढी कति खर्च भएको थियो एकिन गर्ने आधार भएन । अतः नियममा व्यवस्था भए अनुसार अनिवार्य रुपले खर्च समेत देखिने गरी प्रगति प्रतिवेदन तयार गरिनुपर्दछ ।

३. **वार्षिक प्रतिवेदन :** नेपाल कृषि अनुसन्धान परिषद ऐन २०४८ को दफा १५ मा परिषदले आफूले गरेको कामको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको ५ महिना भित्र नेपाल सरकार समक्ष पेश गर्नु पर्ने व्यवस्था भएकोमा सो अनुसार वार्षिक प्रतिवेदन पेश गरेको देखिएन । ऐनमा व्यवस्था भए अनुसार समयमा प्रतिवेदन पेश गर्ने व्यवस्था हुन परिषदको ध्यान जानु पर्ने देखिन्छ ।

४. **परिषदको कोष :** नेपाल कृषि अनुसन्धान परिषद ऐन २०४८ को दफा ११ मा परिषदको एउटा छुट्टै कोष हुने व्यवस्था छ । परिषद आर्थिक वर्ष ०७१।७२ देखि नेपाल सरकारले अपनाएको एकल खाता कोष प्रणाली मा गई सकेको अवस्थामा परिषदको ऐन र विनियममा भएका व्यवस्थाहरु संशोधन गर्नु पर्नेमा हालसम्म गरेको देखिएन । अतः परिषदले परिषदको ऐन नियममा नेपाल सरकारले अपनाएको एकल खाता कोष प्रणालीसंग समन्वय हुने हिसावले संशोधन गर्नु पर्ने भनि गत वर्षको प्रतिवेदनमा औल्याइएकोमा हाल सम्म पनि संशोधन नगरेकोले संशोधन गर्नु पर्ने देखिन्छ ।

५. **संचालन नतिजा :** परिषदको गत वर्ष संचित वचत रु ७९ करोड ४१ लाख रहेकोमा यो वर्षको वचत रु १५ करोड ७० लाख समेत रु ९५ करोड ११ लाख संचित रहेको छ ।

६. **सम्पत्ति** परिषद्को स्थिर सम्पत्तितर्फ जग्गा, भवन, गाडी आदिको मूल्य रु २ अर्व १९ करोड ९३ लाख वासलातमा देखाएको छ । वासलातमा देखाएको उक्त स्थिर सम्पत्तिमध्ये नेपाल सरकार र दातृ निकायबाट हस्तान्तरण भई प्राप्त भएको सम्पत्तिको मूल्य खुलाएको छैन ।सम्पत्ति व्यवस्थापन विधि, २०५१ को व्यवस्था बमोजिम परिषद्ले आफ्नो र अन्तर्गतका निकायको सम्पत्तिको ह्रास कट्टी गरी जगेडा कोष र ह्रास कट्टि व्यवस्थापन गर्नुपर्ने देखिएको छ ।

७. **बचत रकम :** नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को दफा ११ अनुसार परिषद्ले आपनो स्रोतबाट प्राप्त आम्दानी समेतलाई परिषद्को बजेटमा समावेश गरी सोहीअनुसार कार्यक्रम बनाई कार्यान्वयन गर्नुपर्नेमा बजेटमा समावेश नगरी यस्ता आयलाई मुद्दतीमा लगानी गरी आम्दानी देखाउदै आएको छ । गतवर्षको बचतमा यो वर्ष थप समेत नन्अपरेटिभ खातामारु १ अर्व ५ करोड ८५ लाख मौज्दात राखेको छ । उक्त मौज्दात रकमको समुचित व्यवस्थापन र परिचालन गर्नुपर्ने सुझाव विगतको प्रतिवेदनवाट दिइएतापनि सुधार भएको छैन ।

८. **मौज्दात :** परिषद अन्तर्गत अनुसन्धान उत्पादन गरेको वालीको वीउ तथा खाद्यान्न वापतको मौज्दात रु १९८५०७०८। देखाएको छ । वीउको लागि मौज्दात राखेको उत्पादन समयमा प्रयोग नगर्दा उमारशक्ति नष्ट हुने, विउमा किटनाशक औषधीको प्रयोग हुने हुदा खाद्यान्नमा विक्री गर्न समेत नमिल्ने देखिन्छ । अतः वीउको हकमा जिल्ला कृषि विकास कार्यालयसंग समन्वय गरेर र खाद्यान्नको हकमा सूचना प्रकाशित गरी लिलाम वढावढवाट विक्रि गरी आम्दानी गर्नु पर्दछ ।

९. **कल्याण कोष :** परिषदले कर्मचारी कल्याण कोषमा गत वर्ष सम्मको मौज्दात रु १४१९०३०२। रहेकोमा यो वर्ष रु ५३८०१९। थप गरी रु १४७५८३२१। मौज्दात देखिन्छ । परिषदले कोषको रकम परिचालन सम्वन्धमा कुनै निर्देशिका तथा मापदण्ड तयार गरेको छैन । अतः कोषको परिचालन सम्वन्धमा मापदण्ड तयार गरेर कोषको उचित परिचालन गर्नु पर्दछ ।

१०. **दायित्व व्यवस्था :** कोषले नियमित वजेट अन्तर्गत गत वर्ष दायित्व व्यवस्था गरेको रु ८२३६९७१।६३ यो वर्ष पनि भुक्तानी नभई वाकीनै देखिएको छ । यो वर्ष थप दायित्व सिर्जना नगरेको र गत वर्ष दायित्व सिर्जना गरेको रकम समेत खर्च नभएको हुदा उक्त रकम खर्च गर्न पाउने प्रमाण पेश गरी खर्च गर्नु पर्दछ अन्यथा परिषदको नन अपरेटिभ खातामा दाखिला गर्नु पर्दछ । त्यसै गरी विशेष कार्यक्रम तर्फ गत वर्षको दायित्व व्यवस्था रु ३६७४७२४२। रहेकोमा या वर्ष रु ४०७५६२२०। थप भई रु ७७५०३४६२। पुगेको छ । वार्षिक कार्यक्रम संचालनकका लागि वजेट व्यवस्था भएकोमा कार्यक्रम गर्न नसकि आगामी वर्षमा भुक्तानी दिने गरी दायित्व सिर्जना गर्दै जाने तर वजेट खर्च नगरी वाकी राखेको उपयुक्त देखिएन । अत उक्त रकम परिषदको नन अपरेटिभ खातामा दाखिला गर्नु पर्दछ ।

११. **पेश्की :** परिषदको केन्दीय कार्यालय तथा अन्तर्गत निकायमा रु ३७३५९१५।८७ पेश्की वाकी रहेको देखाएको छ । पेश्की वाकी रकम आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार असुल फछ्र्यौट गर्नु पर्दछ ।

१२. **पाउनु पर्ने हिसाव :** परिषदले एकमुष्ट वासलातमा रु २५७४७१३।९५ पाउनु पर्ने रहेको देखाएकोछ । पाउनु पर्ने उक्त रकम असूल गरी परिषदको ननअपरेटिभ खातामा वा सम्वन्धित राजश्व खातामा दाखिला गरेको प्रमाण पेश हुनु पर्दछ ।

१३. **अनियमित भुक्तानी :** नेपाल कृषि अनुसन्धान परिषद कर्मचारी प्रशासन विनियम २०४९(संशोधन सहित)को विनियम ४० मा कुनै कर्मचारी लगातार ६० दिन गयल भएमा नोकरी टुटेको सम्झी सेवावाट हटाउन सकिने, गयल भएको ६० दिन व्यतित नहुदै हाजिर हुन निवेदन दिएमा कार्यालय प्रमुखले हाजिर हुन दिने नदिने निर्णय गर्ने व्यवस्था रहेको छ । एक वरिष्ट वैज्ञानिक २०७१।७।२६ देखि २०७२।३।२१ सम्म विना सूचना अनुपस्थित रहेकोमा २०७२।३।२३ मा कृषि ईन्जिनीयरिङ्ग महाशाखाले ०७१।४।५ देखि ०७१।५।२० सम्म र ०७१।७।२६ देखि ०७२।३।२१ सम्मको लागि घर विदा तथा विरामी विदा स्वीकृत गरी तलव भत्ता वापत रु.२ लाख १० हजार भुक्तानी गरेको देखियो । यसरी ६० दिन भन्दा वढी गयल हुने कर्मचारीलाई विनियम अनुसार कारवाही नगरी विदा स्वीकृत गरी तलव भत्ता तथा अन्य सुविधा प्रदान गरेकोले विनियम विपरित निर्णय गर्ने कर्मचारीलाई कारवाही गरी नियम विपरितको भुक्तानी रकम असूल हुनु पर्दछ ।

१३.१ **वढी भुक्तानी :** एक कर्मचारीलाई मिति ०७२।६।८ देखि ऐ १२ सम्मको भ्रमण विल अनुसार रु ६००२६। भुक्तानी दिएको देखियो । निज २६ सेप्टेम्वर २०१५ मा काठमाडौ भरतपुर गरी २९ सेप्टेम्वर २०१५मा पोखरावाट काठमाडौ फर्केका देखिन्छ । उक्त अवधिको ३.५ दिनको दैनिक भ्रमण भत्ता दिनु पर्नेमा ४.५ दिनको दिइ वढी भुक्तानी दिएको रु २०००। असुल हुनु पर्दछ

१४. पदपुर्ति समितिको पारिश्रमिक खर्चको भपाई रु ३५२९४१। भएकोमा कर कट्टा रु ५२९४१। गरी खुद भुक्तानी पाउने रु ३०००००। वजेट खर्च लेखि एक कर्मचारीको पेश्की फछ्र्यौट गरेको देखियो । वजेट खर्च नलेखेको रु ५२९४१। कर वापतको खर्च लेखि राजश्व दाखिला गर्नु पर्दछ ।

१५. **बढी भुक्तानी :** परिषदले उत्पादन सामाग्रीमा रु.२,५७,६००। र अन्य सेवा शुल्कमा रु.१,२०,४८०। गरी जम्मा रु.३,७८,०८०। खर्च लेखेकोमा खर्चका वील भरपाईहरु परिक्षण गर्दा रु.३,७२४८०। को मात्र वील भरपाई भएकोले वील भरपाई भन्दा बढी खर्च लेखेको रु.५६००। असुल हुनु पर्दछ ।

१६. **वोर्डिङ पास :** एक कर्मचारीले परिषदको विभिन्न वैठक संचालनका लागि लिएको पेश्की रु.२,७४,३९७। फछ्र्यौट गरेकोमा नेपाल कृषि अनुसन्धान परिषदको २४३औं वैठकमा सहभागी हुन आएका परिषदका सदस्यलाई प्लेन खर्च काठमाण्डौ नेपालगञ्जको वुद्ध एयरको उडान नं. ४५१ वाट ३ अगष्ट २०१५ मा भ्रमण गरेको भनी रु.८९५५। भुक्तानी गरेकोमा वोर्डिङ पास संलग्न नरहेकोले वोर्डिङ पास पेश गर्नु पर्दछ ।

१७. **कर दाखिला :** आयकर ऐन २०५८ को दफा ८७ अनुसार अग्रिम कर कट्टा गरिएको रकम राजस्व खातामा दाखिला गर्नु पर्दछ । भौचर २९५ र ३१५ वाट विभिन्न पदाधिकारीहरुले पेश्की लिई कार्यक्रम संचालन गर्दा वैठक भत्तामा अग्रिम कर कट्टा गरी भुक्तानी गरिएको रु.. ९४,६८४।९६ राजस्व दाखिला हुनुपर्दछ ।

१८. **भ्रमण अवधिको भत्ता :** नेपाल कृषि अनुसन्धान परिषद आर्थिक प्रशासन विनियम २०४९ मा परिषदको कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपयोग गर्ने कर्मचारीले सो अवधिमा वैठक भत्ता लगायत अन्य कुनै किसिमको भत्ता लिन पाउने छैन भनी स्पष्ट व्यवस्था छ । तर एक पदाधिकारीलले मिति २०७२।१२।७ देखि २०७२।१२।९ सम्म तरहरा भ्रमणमा रहि दैनिक भ्रमण भत्ता रु.१९७८७। भुक्तानी लिएको अवस्थामा २०७२।१२।८ विहान ८.३० र ०७२।१२।९ विहान ८.३० बजे, दिउंसो १.३० र बेलुका ५.३० गरी ४ वटा वैठकमा उपस्थित भएको देखाई प्रति वैठक १५००। ले ६०००। मा अग्रिम कर कट्टा रु.९००। गरी रु.५१००। वुझेकोले दैनिक भ्रमणमा रहेको अवधिको नियमले नपाउने तथा जिल्ला वाहिर भ्रमणमा रहेको देखाएको अवस्थामा उपस्थित जनाई भत्ता वुझेको रकम असूल गर्नुपर्दछ ।

१९. **अन्तर्वाता खर्च:** विज्ञापन नं. ९५-०७१।७२ निम्न स्तर प्राविधिक पदको मिति २०७२।४।१४ देखि ०७२।४।२९ सम्म खुमलटार स्थित विभिन्न कार्यालय संचालन गरिएको अन्तर्वार्ता कार्यक्रममा अध्यक्ष, सदस्य भई उपस्थित पदाधिकारीहरुलाई रु.१८,३६,७५०। र उक्त कार्यक्रममा सुपरभिजन गर्ने र अन्य सहयोगीहरुलाई रु.५,४७,५००। गरी रु.२३,८४,२५०। खर्च लेखेकोमा निम्न व्यहोरा देखियो ।

१९.१ नेपाल कृषि अनुसन्धान परिषद पदपूर्ति समितिको कार्यविधी २०६१ को दफा ५३ मा सहायक स्तर (रा.प.अनं. र श्रेणी विहिन पदको अन्तर्वार्ता लिदा अन्तर्वार्ता समितिमा रहने दक्ष तथा अन्तर्वार्ता समितिको अध्यक्ष तथा सदस्यका रुपमा रहने पदपूर्ति समितिका वा अन्यत्रका अधिकृतलाई प्रति सिटिङ रु.१२००। पारिश्रमिक प्रदान गरिने र ५ जना भन्दा वढी उम्मेदवार भएमा उक्त दरमा २५ प्रतिशत थप समेत गरी पारिश्रमिक दिने उल्लेख छ। परिषदले विज्ञापन नं. ९५।०७१।७२ को अन्तर्वार्ताको लागि सूचना नं. १३।०७१।७२ को अन्तर्वार्ताको मिति समय र स्थान सूचना टांस गरिएको जस अनुसार २०७२।४।१४ देखि २०७२।४।२९ सम्म २९ पटक

हुने, २१ पटक ५ वटा कार्यालयमा र ८ पटक ४ वटा कार्यालयमा हुने देखिन्छ । जस अनुसार १३७ पटक अन्तर्वार्ता हुने देखिन्छ । अन्तर्वार्ताका ४ जना दक्ष तथा सदस्य उपस्थित हुने सो अनुसार ५४८ संख्यालाई १२००। ले रु.६५७६००। र सो मा २५ प्रतिशतले रु.१६४४००। गरी रु.८,२२,०००। मात्र खर्च हुनेमा अन्तर्वार्ताको सिफट वढाई खर्च गरेकोले परिषदलाई रु.१०,१४,७५०। वढी व्ययभार परेको देखियो ।

१९.२ अन्तर्वार्तामा अध्यक्ष, दक्ष र सदस्य समेत ४ जनाले प्रत्येक सिफटमा अन्तर्वार्ता लिने गरेको छ । अन्तर्वार्ता समय र अन्तरर्वार्ता समितिमा गठन गर्ने निर्णय गरेको आधारमा २०७२।४।१४ देखि २०७२।४।२९ सम्म रु.१३,३९,२००। मात्र खर्च हुने देखिन्छ । तर ६९ जनालाई १३,९४,९००। खर्च लेखिएको हुंदा वढी खर्च लेखेको रु.५५,७००। र सो मा २५ प्रतिशतले १३,९२५। समेत रु.६९,६२५। मा अग्रिम कर कट्टा गरिसकेको रु.१५ प्रतिशतले रु.१०,४४३।७५ कट्टा गरी वढी खर्च लेखेको रु.५९,१८१।२५. खर्च लेख्न पाउने आधार भए पेश गर्ने अन्यथा निजवाट असूल गर्नुपर्दछ ।

राष्ट्रिय कृषि अनुसन्धान विकास कोष

१. **अख्तियारी :** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम २३(२) मा स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तीयारी सम्वन्धित मन्त्रालयले आर्थिक वर्ष शुरु भएको १५ दिन भित्र सम्वन्धित कार्यालयमा पठाउनु पर्ने व्यवस्था भएतापनि कृषि विकास मन्त्रालयले शुरु अख्तियारी मिति २०७२।४।२५ मा रु.७ करोड ०२ लाख ६५ हजार को कार्यक्रम तथा खर्च गर्ने अख्तयारी पठाएको र मिति २०७३।३।२८ मा थप अख्तियारी रु.१ करोड ९९ लाख ८१ हजार पठाएको देखियो । अतः नियममा व्यवस्था भए अनुसार आर्थिक वर्षको शुरुमै कार्यक्रम स्वीकृत गरी आवशयक वजेटको व्यवस्था गर्ने र सो अनुसार अख्तियारी दिई चौमासिकगत रुपले कार्यक्रम संचालन गर्नुपर्दछ ।

२. **चौमासिक खर्च :** कार्यालयले यो वर्ष बजेट उपशीर्षक नं. ३१२१०१३ मा रु.८ करोड ८१ लाख ६७ हजार खर्च लेखेको मध्ये तेश्रो चौमासिकमा रु.३ करोड ९३ लाख ४ हजार अर्थात ४४.५८ प्रतिशत र असार महिनामा मात्र रु.२ करोड ३१ लाख ८४ हजार अर्थात २६.२९ प्रतिशत खर्च लेखेको देखियो । स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम संचालन गरी बजेट खर्च गर्नु पर्दछ ।

३. **कार्यक्रम भन्दा वढी खर्च :** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३५ (२) (क) मा रकम स्वीकृत बजेट भित्र र सम्वन्धित खर्च शिर्षकमा पर्छ र खर्च गर्न वांकी छ भने अधिकार प्राप्त अधिकारीले खर्च गर्न आदेश वा खर्च स्वीकृत दिन सकिने व्यवस्था छ । कार्यालयवाट पेश भएको वार्षिक कार्यक्रम अनुसार कार्यक्रम नं. १६,१७,१८,१९,२० र २२ मा २० लाख र ३० लाख विभिन्न आयोजनाहरुलाई शशर्त सोधभर्ना अनुदान दिन रु.७ करोड ०२ लाख ३७ हजार कार्यक्रम बजेट व्यवस्था भएकोमा रु.७ करोड १८ लाख ०२ हजार खर्च गरी रु.१५ लाख ६५ हजार वढी खर्च गरेको देखियो । कार्यक्रम शंशोधन वेगर अन्य कार्यक्रममा खर्च नभई वांकी रहेको रकमवाट ति कार्यक्रममा विनियोजित वजेट भन्दा वढी खर्च लेखेको नियम सम्मत देखिएन

४. **सोधकार्य :** यो वर्ष कृषि विज्ञान विषयमा स्नातकोत्तर र विद्यावारिधि सोध कार्य गरेका विद्यार्थी कर्मचारी ४० जनालाई रु.४० लाखको वजेट व्यवस्था गरेकोमा ३९ जनालाई रु.२४,३५,०००। उपलव्ध गराएको पाइयो । सोधकार्य वापतको भुक्तानी दिन कार्यविधी तयार नगरी एकमुष्ट भुक्तानी दिएकोले कार्यविधी तयार गरी भुक्तानी गर्ने र सोको अभिलेख राख्ने व्यवस्था गरिनु पर्दछ ।

५. हस्ते गरी रकम वुझाएको : वार्षिक कार्यक्रममा उल्लेख गरिएको कृषि विज्ञान विषयमा स्नातकोत्तर र विद्यावारिधी सोध कार्य गरेका सम्वन्धीत विद्यार्थीहरुलाई रकम भुक्तानी गर्नु पर्नेमा अन्यलाई हस्ते गरी रकम वुझाएकाले रु.२,८०,०००। सम्वन्धितले वुझेको प्रमाण पेश हुनु पर्दछ ।

६. **सोझै खरीद :** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु.३ लाख भन्दा वढी रकमको एउटै व्यक्ति फर्म कम्पनी वा संस्थावाट एक पटक भन्दा वढी सोझै खरीद गर्न सकिने छैन भनी व्यवस्था हुंदा हुंदै यस वर्ष २ आपूर्तीकर्ता वाट पटक पटक गरी रु.३ लाख को सीमा भन्दा वढी रु.. १०,६७,९२८।८५ को सामान खरिद गरेको नियम संमत देखिएन ।

७. **कर विजक :** ४ परामर्शदाता ४ लाई मूल्य अभिवृद्धि कर विजक नम्वरमा टिपेक्स लगाएको, केरमेट भएको विजक वाट रु.१,९२,९६३।६८ भुक्तानी भएकोले सम्वन्धित आन्तरिक राजस्व कार्यालयवाट समायोजन गरेको प्रमाण पेश गर्ने अन्यथा असूल गर्नु पर्दछ ।

८. **अग्रिम कर:** एक कर्मचारीको वाह्रौ कलका प्रस्तावकहरुको स्थलगत प्रमाणिकरण कार्यक्रमको खर्च भएका विल भरपाई संलग्न गरी पेश्की र सोध भर्ना समेत रु.५,००,०००। खर्च लेखेको मध्ये गाडिवापत रु २८६३००।०० कर कट्टी नगरेको २८६३० ।०० असूल गर्नु पर्दछ ।

९. **दाहोरोपना :** कोषवाट उपलव्ध गराईने अनुदान कृषकहरु प्रत्यक्ष लाभान्वीत हुने र कृषिक्षेत्रमा अनुसन्धानात्मक कार्य हुने तर्फ लक्षित हुनु पर्दछ । नेपाल कृषि अनुसन्धान परिषद तथा विकास कोषवाट प्रदान गरिने अनुदान रकमवाट सम्पादन हुने कार्यमा दोहोरो पर्न सक्ने सम्भावना रहेको हुंदा अनुसन्धान सम्वन्धी कार्य एउटै निकायवाट गर्ने व्यवस्था गर्नु पर्दछ ।

१०. **अनुदान खर्च :** यस कोषले सरकारी, गैह्र सरकारी, शैक्षिक संस्थाहरु, निजी क्षेत्र, नागरिक समाज, सरकारी र समुदायमा आधारित संस्थालाई सहकार्य र साझेदारी मार्फत कृषि अनुसन्धान तथा विकासमा संलग्न हुन प्रोत्साहन गर्न यस वर्ष ८७ वटा संस्थालाई रु.७ करोड १८ लाख ०२ हजार अनुदान खर्च लेखेको छ। प्रदान गरेको अनुदानको अभिलेख नराखेको, लेखापरीक्षण प्रतिवेदन नलिएको साथै कोषले कृषि अनुसन्धान सम्वन्धी कार्य गर्ने किटान नगरी दर्ता भएका संस्था मार्फत कृषि अनुसन्धान क्षेत्रमा आयोजना संचालन गराई अनुदान दिएको उचित देखिएन।

११. **कार्यक्रम खर्च :** कार्यालयवाट प्राप्त वार्षिक कार्यक्रममा सोलार सिस्टम १ खरिदको लागि रु.४ लाख को वजेट व्यवस्था भएको छ। वजेट वांकी रहेको रकमवाट वार्षिक कार्यक्रममा समावेश नभएको इन्भटर र व्याट्री एक ट्रेडर्सवाट सोझै खरिद गरी रु.१,५३,६८०। खर्च लेखेको छ। खरिद नियमको पालना नगरी सिधै तथा कार्यक्रम वेगरको खरिद गरेको रु ३९३७७७।०० नियम संगत देखिएन।

१२. **पेश्की वांकी** : दुई संस्थालाई पेश्की दिएको रकमरु.६५६७५०।०० आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार फछ्र्यौट हुनु पर्दछ।

कालीमाटी फलफूल तथा तरकारी वजार विकास समिति

१. **वित्तीय स्थिती :** समितिको पूंजी कोष रु १९करोड ८५लाख ५६हजार पुंजीगत जगेडा कोष रु.१लाख ९७ हजार ,पुजीगत प्रतिस्थापन कोष रु ८८लाख ५९हजार र कर्मचारी कल्याण कोष रु १करोड ८७ लाख ६५ हजार र दायित्व रु १८करोड ३७ लाख४३ हजार एव धरौटी फिर्ता बाकी रु १ करोड ७५लाख ९६ हजार समेत पूजी तथा दायित्व रु ४२ करोड ७७ लाख १६ हजार र स्थिर सम्पत्ति रु २९ करोड २५ लाख ३१ हजार, लगानी रु ७ करोड ८६ लाख ४० हजार नगद तथा वैक मौज्दात रु ५करोड, ६२ लाख ८१ हजार , धरौटी, लिन वाकी तथा अन्य पेश्की गरी रु २ लाख ६४ हजार समेत जम्मा सम्पत्ति रु ४२ करोड ७७ लाख १६ हजार रहेको छ।

२. **स्थिर सम्पत्ति :** गत वर्षको स्थिर सम्पत्ति २९करोड ३८लाख २३ हजार रहेकोमा यो वर्ष थप १६लाख १६ हजारमा रु २९लाख ८ हजार ह्रास कट्टि गरी रु २९करोड २५ लाख ३१ हजार वांकी देखिएको छ। स्थिर सम्पत्तिको विस्तृत विवरण खुल्ने गरी खाता राखेको छैन। समितिको स्थिर सम्पतिको विस्तृत विवरण खुल्ने गरी सहायक खाता ,अभिलेख राख्नुपर्दछ।

३. **लगानी :** समितिको गत वर्ष सम्म रु ७करोड ८६लाख ४० हजार लगानी रहेकोमा यस वर्ष थप लगानी गरेको छैन। एभरेष्ट वैंकको शेयर तथा कृषि विकास वैंकमा मुद्धति खातामा लगानी गरेको उक्त रकम प्रतिस्प्रधात्मक बिधि अपनाई बढी व्याजदर दिने (क) वर्गका वाणिज्य वैकहरु तथा ट्रेजरी लगायतका सुरक्षित एव उत्पादनमुलक ठाउमा रकम राख्ने व्यवस्था हुनु पर्दछ।

४. **कर्मचारी कल्याण कोष :** समितिको कर्मचारी सेवा शर्त नियमावली २०६०को नियम ३३(२)मा प्रत्येक वर्ष वार्षिक वचत हुन आउने रकमको १० प्रतिशतले हुने रकम समितिले तोकेको वैंकमा उपनियम (१) वमोजिम स्थापना भएको कोषमा जम्मा गर्नु पर्ने उल्लेख छ। कर्मचारी कल्याण कोषमा गत वर्ष सम्म रु १करोड ६८लाख ३७ हजार मौज्दात रहेकोमा यस वर्ष रु १९लाख २८ हजार थप गरी रु १करोड ८७लाख ६५ हजार छ। उक्त रकमवाट कर्मचारी कल्याणसम्वन्धी के कस्तो कार्यक्रम संचालन गरिने हो कार्याविधि सहित नियमावलीमा व्यवस्था गर्नु पर्ने देखिन्छ।

५. **पसल कवल :** समितिको संचालन नियमावली २०६० को नियम ८(२) मा वजारको स्टल सटर तथा अन्य स्थानको भाडा दरलाई हालको मुद्रा स्फिति ,कायम रहेको भाडा दर, प्रचलित वजारको भाडा दर तथा रिक्त स्थानको मागको आधारमा ५।५ वर्षमा पुनरावलोकन गरिने व्यवस्था छ। ।समितिले कालिमाटी, वालाजु र चोभारमा गरी ६८४ पसल कवलहरु रहेकोमा ६५१ पसल कवलहरु भाडामा लागेको २ ग्यारेज र २ गोदाम समिति आफैले प्रयोग गरेको २९ पसल कवलहरु भाडामा लगाउन नसकि रिक्त रहेको छ। समितिले पसल कवल भाडामा लगाउदा सम्झौताको अवधि वढीमा १५ आर्थिक वर्षको हुन सक्ने प्रावधान अनुसार १५ वर्ष सम्मको सम्झौता गरेको देखियो। भाडामा लगाएको ६५१ मध्ये ४२३ को सम्झौता अवधि १५ वर्षको रहेको छ। भाडा सम्झौतामा बहाल कर श्रोतमा कट्टि गरी दाखिला गर्नुपर्ने शर्त अनिवार्य राख्नु पर्नेमा अधिकाशमा राखेको छैन। जसका कारण राजश्व असुलीमा असर परेको अवस्था छ। उल्लेख भएको भाडा मुल्य बृद्धि लगायतका फयाक्टर्सका आधारमा पुनरावलोकन हुनु पर्नेमा सो व्यवस्था संझौतामा नरहेकाले दिर्घकालीन रुपमा समितिलाई नोक्सान पर्ने देखिदा निश्चित समय र आधारमा भाडा रकम पुनरावलोकन हुने व्यवस्था कार्यान्वयन गर्नु पर्दछ।

६. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१) को खण्ड -क) अनुसार ५ लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य साझै खरिद गर्न सकिने व्यवस्था छ। समितिले उल्लेखित नियममा रहि बजार सरसफाई तथा फोहर संकलन एवं ढुवानी गर्ने सम्बन्धि कार्यबिधी, २०७२ मा कुनै दैबी प्रकोप वा बिषम परिस्थतिका कारण फेहर उठन नसकि जनस्वास्थ्यमा असर पर्ने अबस्थालाई फोहर व्यवस्थापन संकट घोषणा गरी बढीमा ६ महिना सम्म सोझै बजार सरसफाई तथा फोहर संकलन एवं ढुवानी गर्ने सक्ने

उल्लेख छ। समितिले २०७२ को भुकम्पको कारण सृजित अबस्थालाई फोहर व्यवस्थापन संकट घोषणा गरी फोहोर व्यस्थापन लगायत निर्माण तथा मर्मत कार्य समेतको बोलपत्र आह्वान नगरी एक निर्माण व्यवसायीवाट ८ महिनासम्म पटक पटक गरी १८ पटक रु ५८ लाख २६ हजार ९०० बरावरको सोझै खरिद गरेको छ। नियमावली र कार्यबिधी २०७२ तोके भन्दा बढी समयको खरिद कार्य गरेको छ।

७. **आन्तरिक नियन्त्रण प्रणाली :** समितिले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। खरिद योजनालाई बजेट तथा कार्यक्रमसँग आबद्ध गरी चौमासिक लक्ष्यबमोजिम कार्य नभएको, जिन्सी निरीक्षण प्रतिवेदनअनुसार समयमै मर्मत तथा लिलामको प्रकृया सुरु नगरेको, कार्यालयका विभिन्न कर्मचारीहरु भ्रमणमा जादाको अभिलेख आंशिक रुपमा मात्र राखिएको जस्ता व्यहोरा देखिएका छन्। ऐन नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

खानेपानी तथा सरसफाई मन्त्रालय

१ **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्नेमा सो सम्बन्धमा परीक्षण गर्दा जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका जिन्सी सामानको लिलाम, मर्मत र मिन्हा गर्नु पर्ने तथा मुल्य खुलाउनुपर्ने व्यहोराको कार्यान्वयन नभएको, प्राथमिकता प्राप्त आयोजनाहरुको समष्टीगत वार्षिक प्रतिवेदन पेश नभएको, लक्ष्य अनुसार प्रगति पेश नगरेको, खरिद योजना तयार नगरी सोझै खरिद गरेको, अर्थ मन्त्रालयको निर्देशिका अनुसार सवारी साधन व्यवस्थापन नभएको, सवारी साधन खरिद आपूर्तकवाट धरौटी कट्टी नगरी भुक्तानी गरेको जस्ता कमि-कमजोरीहरु देखिएका छन्। कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्थालाई सुदृढ बनाउनु पर्दछ।

२ **फरक शिर्षकबाट खर्च लेखेको:** आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ३५ (२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बाकी छ भने मात्र खर्चको आदेश दिन सक्ने व्यबस्था रहेकोमा मन्त्रालयले करार सेवाका कर्मचारीहरुको असारको खर्च लेख्दा अन्य सेवा शुल्कबाट खर्च लेख्नुपर्नेमा परामर्श सेवा शुल्कबाट रु.४७४६८।- खर्च गरेको पाइयो। कार्यालयले नियमानुसार तोकिएको सम्बन्धित शिर्षबाट मात्र खर्च लेख्नु पर्दछ।

३ **जमानतको म्याद थप:** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम (११३) मा पेश्की दिन सकिने र खरिद सम्झौतानुसार पेश्की जमानतको म्याद पेश्की फछ्र्यौट हुने अवधिसम्मको रहनुपर्नेमा रु.१८,५५,३०००।- पेश्की भुक्तानी भएकोमा सबै पेश्की फछ्र्यौट नहुंदाकै अवस्थामा पेश्की जमानतको म्याद समाप्त भएकोले कार्यालयले पेश्की जमानतको थप गर्नुपर्ने देखिएको छ।

४ **बढी भुक्तानी:** सार्वजनिक खरिद नियमाली, २०६४ को नियम (१२३) मा विल वा विजकको भुक्तानीमा रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी लिनको लागि आपुर्तिकर्ता निर्माण व्यवसायी सेवा प्रदायक वा परामर्शदाताले खरीद सम्झौता बमोजिम आवश्यक पर्ने कागजात पेश गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले आयोजना सहयोग टिम लाई ५ रनिङ्ग बिलको रु.४३६६७३८।- भुक्तानी दिएकोमा विमा प्रिमियमको मुल्य अभिवृद्धि कर रु.४६७९।- र मोटर साइकलको खरिदको बीलमा रु.१३६५००।- गरी रु.१४११७९।- मा दोहोरो मुल्य अभिवृद्धि कर भुक्तानी दिएकोले कर माथि मुल्य अभिवृद्धी कर रु.१८३५४।- समेत बढी भुक्तानी भएको रु.१५९५३३।- सम्वन्धित परामर्शदातावाट असुल गर्नुपर्दछ।

५ **पेश्की :** आर्थिककार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ मा पेश्की दिने र पेश्की फछ्र्यौट गर्ने सम्वन्धि व्यवस्था छ। मन्त्रालयले रु.१८८१४६११।- पेश्की रकम हालसम्म फछ्र्यौट गरेको नदेखिएकोले नियमावलीको व्यवस्था बमोजिम समयमै पेश्की फछ्र्यौट गराउनु पर्दछ।

२. खानेपानी तथा ढल निकास बिभाग

१ **अख्तियारी :** बिभागले उपलव्ध गराएको बिबरण अनुसार बिभिन्न २५ वजेट उपशिर्षक न: मा प्राप्त भएको शुरु वजेटको अख्तियारी रु.६ अर्ब ७४ करोड २४ लाख ७३ हजार मध्ये रु.१७ करोड ९९ लाख ९९ हजार मात्र बिभागलाई अख्तियारी प्राप्त भएको मितिले १५ दिन भित्र कार्यालयहरुलाई अख्तियारी दिएको पाईयो। त्यसैगरी खानेपानी तथा सरसफाई आयोजनाको वजेट मध्ये जिल्ला स्थित कार्यालयलाई पटक पटक (२०७२।१०।१० देखि २०७३।३।२० सम्म) अख्तियारी प्रदान गरी बर्षान्त सम्म रु.३ करोड ३९ लाख ३६ हजार अवण्डा राखेको देखियो। कार्यालयलाई दिनुपर्ने अख्तियारी अवण्डा राख्नु नियम अनुकुल देखिदैन। कार्यालयलाई प्रदान गर्नु पर्ने अख्तियारीको वजेट अवण्डा राख्ने कार्यमा सुधार गर्नु पर्ने देखिन्छ।

२ **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२(२) मा विभागीय प्रमुखले कार्यक्रम संचालन गर्ने कार्यालयलाई स्वीकृत कार्यक्रम र खर्चगर्ने स्रोत खोली अख्तियारी पठाउनुपर्ने व्यवस्था छ। मन्त्रालयबाट खानेपानी तथा ढल निकास विभागलाई पठाएको वजेट खर्च गर्ने अख्तियारी विभागबाट विभाग

अन्तरगतका सवै कार्यालय र विभाग भित्रका शाखाहरुलाई समेत उपलब्ध गराएको देखियो । विभाग भित्रका शाखाहरु कार्यालयको रुपमा रहने आधार देखिदैन साथै विभागको जिन्सी सम्बन्धी भण्डार प्रमुख एकै कर्मचारी रहेको र जिन्सी प्रतिवेदन पनि एउटै वनाउने गरेको छ । कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पनि यो विभागलाई एउटै कार्यालयको रुपमा स्वीकार गरी राजस्व जम्मा गर्ने कार्यालय कोड तथा धरौटी खाता पनि एउटै मात्र स्वीकृति दिएको पाइन्छ । यो स्थितिमा विभागबाट छुतै कार्यालयको रुपमा कार्यालय संचालनमा समेत रकम व्यवस्था गरी खर्च गर्ने कार्य उपयुक्त देखिएन ।

३ **चौमासिक खर्चको स्थिति :** विभागलाई प्रदान गरिएको वार्षिक कार्यक्रम तथा अख्तियारी २०७२।७३ अनुसार प्रथम, दोस्रो तथा तेस्रो चौमासिकमा सञ्चालन गरिने कार्यक्रम/क्रियाकलाप तथा सोका लागि लाग्ने वजेट खर्चको सीमा निर्धारण गरिएकोमा विभागले निम्न बजेट उप शीर्षकमा संशोधित वार्षिक कार्यक्रम अनुसार प्रथम चौमासिकमा रु ८२ लाख ७७ हजार, दोस्रो चौमासिकमा रु.१ करोड ३४ लाख ११ हजार र तेस्रो चौमासिकमा रु.१८ करोड २ लाख ३१ हजार खर्च गरेको छ । कुल खर्च मध्ये अषाढ महिनामा मात्र रु.१२ करोड ७१ लाख ३७ हजार (६२.९७ प्रतिशत) खर्च गरेको छ । विभागले तर्जुमा गरेको कार्यक्रम वमोजिम वजेट व्यवस्था सहित स्वीकृत कार्यक्रम तोकिएको समयसीमा भित्र रही कार्य नगर्नाले प्रथम तथा द्वितीय चौमासिकमा अपेक्षित आर्थिक क्रियाकलापहरु हुन नसकेको र तेश्रो चौमासिकमा वित्तीय तथा आर्थिक भार पर्नेगरी कार्य भएको देखियो ।

४ **वार्षिक कार्यक्रम र प्रगति :** विभागको स्वीकृत बार्षिक वजेट तथा कार्यक्रम अनुसार समग्र भारित प्रगति ३१.८९ प्रतिशत देखि ९८.१६ तथा वित्तीय प्रगति ११.७१ देखि ९०.२७ प्रतिशत सम्म प्रगति प्रतिवेदन पेश गरेको छ । दुई कार्यक्रम वाहेक अन्य कार्यक्रममा ९०% भन्दा घटी नै प्रगति भएकोले लक्ष्य अनुसार प्रगति हासिल गर्न ध्यान दिनु पर्दछ ।

५ **खरिद गुरु योजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा एक वर्ष भन्दा बढी अवधि संचालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक १० करोड भन्दा बढी रकमको खरिद गर्दा खरिद गुरु योजना तयार गर्नुपर्ने उल्लेख छ । बिभागले बिभिन्न पूंजिगत शिर्षकहरुवाट रु. २०,१९,१८,६५५। खर्च गरेकोमा खरिद गुरु योजना तयार नहुंदा खरिद कार्यमा पारदर्शिता र मितव्ययिता हासिल गर्न नसक्नुका साथै खरिद व्यबस्थापन कार्यको प्रभावकारितामा असर पर्न जाने देखिन्छ । खरिद कार्यलाई गुणस्तरीय, मितव्ययी र पारदर्शि बनाउनका लागि नियमावलीको व्यबस्था बमोजिमको खरिद गुरु योजना तयारीमा बिभागको ध्यानाकर्षण हुनु जरुरी देखिन्छ ।

६ **संक्षिप्त वार्षिक प्रतिवेदन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९० मा आर्थिक कारोवारको संक्षिप्त वार्षिक प्रतिवेदन म.ले.प.फा.नं २११ तयार गरि आर्थिक वर्ष समाप्त भएको २१ दिन भित्र तालुक कार्यालय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयको कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । विभागले प्रतिवेदन तयार गरि सम्वन्धित निकायमा नपठाएकोले आर्थिक कारोवार सम्वन्धमा तालुक निकायबाट अनुगमन एवं मुल्यांकन हुन सक्ने स्थिति देखिएन । अत: तोकिए बमोजिम आर्थिक कारोवारको संक्षिप्त वार्षिक प्रतिवेदन तयार गरि तोकिए बमोजिम निकायमा पठाउनु पर्ने देखिन्छ ।

७ **अस्थायी तथा करार कर्मचारी :** बिभागले उपलब्ध गराएको बिबरण अनुसार यो बर्ष अस्थायी तथा करारमा सवारी चालक, कम्प्यूटर अपरेटर, चौकीदार, माली, कार्यालय सहयोगी आदि पदमा ३८ जना नियुक्त गरी रु.७२,८९,१००। अन्य सेवा शुल्कवाट तलव खर्च लेखेको छ । बिभागमा राजपत्रांकीत प्रथम श्रेणीका ६ जना पदाधिकारी र स्थायी दरबन्दीमा ४ जना सवारी चालक कार्यरत रहेको अवस्था छ । उक्त स्थितिमा बिभिन्न शाखामा १३ जना सवारी चालक राखी रु.२४,७९,२३०। तलव खर्च लेखेको छ । उपर्युक्तानुसार सवारी चालक भर्ना गर्नुको कारण स्पष्ट हुनु पर्दछ । त्यसै गरी अन्य अस्थायी तथा करारको दरवन्दीमा पुनरावलोकन गरी खर्च नियन्त्रणमा समेत ध्यान दिनु पर्ने देखिएको छ ।

८ **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भए पछि कार्यालय प्रमुखले प्रतिवेदनमा उल्लेखित लिलाम विक्री गर्नुपर्ने मालसामान ६ महिना भित्र गरि सक्नुपर्ने व्यवस्था छ । विभागबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदन अनुसार १ थान कार, रेडियो क्यासेट, अल्टिमिटर लगायत ११४ प्रकारका १०४९ थान लिलाम बिक्रि गर्नुपर्ने उल्लेख छ । उक्त सामानको मुल्य खुलाएको देखिदैन । नियमावलीमा भएको व्यवस्थाको पालनामा यथोचित ध्यान नपुऱ्याएका कारण उपरोक्त सामानहरु लिलाम विक्री हुन सकेको देखिएन ।

९ **वरवुझारथ :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५५(१) बमोजिम नगदी जिन्सी मालसामान, विनियोजित रकम, राजस्व, धरौटी वेरुजू अन्य रकमको लगत श्रेस्ता तथा सरकारी कागजात र आफ्नो जिम्मामा भएको वा रहेको काम आदीको जिम्मा लिने कर्मचारी साधारणतया सरुवा, वढुवा, अवकाश प्राप्त

गरी वा अन्य कुनै कारणले आफु कार्यरत कार्यालय छोडी जांदा वा सो कामबाट अलग हुंदा निजको वरवुझारथ गर्ने कर्तव्य हुनेछ भनी उल्लेख गरेको छ। विभागबाट प्राप्त विवरण अनुसार ७ जना पदाधिकारी एवं संस्थाले वुझी लिएका मालसामानहरु लेखापरीक्षण अवधि सम्म पनि वरवुझारथ गरेको देखिएन । त्यस सम्बन्धी केही उदाहरण देहाय अनुसार छन् :

१०. **भ्रमण प्रतिवेदन :** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको विल भरि भ्रमण प्रतिवेदन साथ आवश्यक विल भरपाई कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। विभिन्न पदाधिकारीहरु जिल्लाको योजना अनुगमन भ्रमणमा गएको भनी दै.भ्र.भत्ता भुक्तानी लिएकोमा भ्रमण प्रतिवेदन पेश गरेको देखिएन ।

११. **निर्णय कार्यान्वयन :** बर्षिक प्रतिवेदनमा उल्लेख भएका बिषयमा सार्बजनिक लेखा समितिमा छलफल भए पश्चात प्राप्त भएका निर्देशन सम्बन्धित मन्त्रालयले मातहतका बिभाग/कार्यालयलाई जानकारी गराउनु पर्नेमा जानकारी नगराएको जवाफ प्राप्त भएको छ। लेखापरीक्षणवाट देखिएका व्यहोरा पुनः दोहोरिन नदिन र एकरुपता कायम गर्नका लागि (निर्देशन कार्यान्वन गर्न) निर्देशन सम्बन्धी जानकारी हुनु पर्दछ ।

१२. **ईन्धन खर्च :** बिभागले प्राप्त बजेटवाट ईन्धन खर्चको लागि कोटा निर्धारण गरी खर्च लेखेको छ । सरकारी कामको लागि निरीक्षण तथा भ्रमण गर्दा थप इन्धन प्रयोग गर्नुपर्ने भएमा स्विकृति लिएर थप इन्धन लिन सक्ने गरी निर्णय गरेको देखिन्छ । बिभिन्न १३ शाखामा निर्धारित कोटा अनुसार इन्धनमा रु.५,७९,०००। र सवारी चालकमा रु.२४,७९,२३०। खर्च भएको देखिन्छ । यस प्रकारको खर्च रा.प.प्रथम श्रेणी भन्दा तलको पदमा कार्यरत पदाधिकारीलाई समेत उपलव्ध गराएको देखिदा खर्च नियन्त्रणमा ध्यान दिनुपर्ने देखिन्छ।

१३. **केन्द्रिय लेखा :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ८७ मा केन्द्रिय लेखा राख्ने दायित्व बिभागको हुने उल्लेख छ । बिभागले जिल्ला स्थित कार्यालयमा सञ्चालन भएका कार्य सञ्चालन कोष र अन्य कोष भए सो समेतको केन्द्रिय हिसाव राखी एकिकृत आर्थिक बिबरण तयार गर्नु पर्नेमा सो वमोजिम गरेको देखिएन । नियमको व्यबस्था बमोजिम एकिकृत आर्थिक बिबरण तयार गर्नु पर्दछ ।

१४. **नर्म्स नभएको :** सार्बजनिक खरिद नियमावली २०६४ को नियम १०(२) अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धि पुरातात्वीक उत्खनन् सम्बन्धी र सुरुङ खन्ने, डिप ट्युबवेल, पेट्रोलियम अनुसन्धान आदि जस्ता जमिनमुनी गरिने कार्यको नर्म्स भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी त्यस्तो नर्म्स नेपाल सरकार मन्त्रीपरिषदबाट स्विकृत गराई स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यबस्था रहेको छ । नियमावलीको उक्त व्यबस्था बमोजिम बिभागले नै नर्म्स बनाई स्विकृत गराइ जिल्ला स्तरमा हुने सोलार पम्प प्रणाली र डिप ट्युववेलको लागत तयार गर्ने आधार तय गरी जिल्लाहरुमा हुने सोलार पम्प जडान र डिप ट्युववेल सम्बन्धी कार्यलाई नर्म्स बमोजिम व्यबस्थित गर्नुपर्नेमा बिभागले नर्म्स बेगर नै बिभिन्न ११ जिल्लामा रु.३,२९,५४,०१०।- को डिप ट्युबवेल र सोलार पम्प जडानको कार्य गराएकोले खरिद कार्य मितव्ययी र यथार्थपरक छ भनी यकिन गर्न सकिएन ।

१५. **केन्द्रको खरिद कार्य :** बिभागले जिल्ला स्थित बिभिन्न खानेपानी डिभिजन कार्यालयहरुको लागि पि.भि.सि.पाइप, हैण्ड पम्प, हैण्ड पम्प हेड र सो सँग सम्बन्धित फिटिङ्ग सामग्रीहरु खरिद गरी खर्च लेख्ने गरेको छ । गत बिगत बर्षका म.ल.प.प्रतिवेदनले यसरी जिल्ला स्थित कार्यालयहरुको लागि आवश्यक सामग्रीहरु खरिद गर्न आवश्यक वजेट सम्बन्धित कार्यालयको बजेटमा समावेश गरी खर्च गर्न सकिनेमा केन्द्रको बजेटमा समावेश गरी खर्च गर्ने गरेकोले केन्द्रवाट खर्च गर्ने परिपाटी अन्त्य गर्नुपर्ने भनि उल्लेख भएकोमा उक्त परिपाटीमा सुधार नगरी यस बर्ष पनि जिल्लाहरुको लागि जम्मा रु.७१,४१,१२०। को पि.भि.सि.पाइप, हैण्ड पम्प, हैण्ड पम्प हेड र सो सँग सम्बन्धित फिटिङ्ग सामग्रीहरु खरिद गरी पठाएको पाइयो । सम्बन्धित जिल्लाले नै खरिद नगरी नीतिगत कार्य गर्नुपर्ने बिभागले नै खरिद गर्नुको कारण स्पष्ट हुनु पर्दछ, र यस्तो कार्यमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

१६. **फरक शिर्षक खर्च :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३५ मा स्वीकृत बजेट वाट अधिकार प्राप्त अधिकारीले खर्च गर्दा वा खर्चको आदेश दिंदा रकम स्विकृत बजेट भित्र र सम्बन्धित खर्च शिर्षक भित्र भएको हुनुपर्ने व्यबस्था छ। बिभागले यस आ.व.मा खर्च शिर्षक २९६११ (सार्बजनिक निर्माण) मा बिनियोजित रु.१७,८०,४७१। खर्च शिर्षक फरक पारी पूँजीगत अनुसन्धानमुलक कार्यमा खर्च लेखेको पाइएकोले आर्थिक कार्यबिधि नियमावलीको नियम ३५ बिपरित भै अनियमित देखिएको छ ।

१७. **पाइपको भन्दा बोरहोल र ड्रिलिङ्गको लम्वाई बढी देखाएको :** रामग्राम लोसडा खानेपानी तथा सरसफाई आयोजनाको भौगर्भिक सर्भे अनुसार १०० मिटरको डिप वेल कार्यको लागि मु.अ.कर समेत रु.१४,९८,५११। लागत अनुमान तयार गरी वोलकवोल गराएकोमा स्वीकार कन्स्ट्रक्सन एण्ड डिप वेल कम्पनी सँग रु.१४,८५,५४३। (०.८७ प्रतिशत घटी) मा ठेक्का सम्झौता भै निर्माण कार्य पश्चात निर्माण सेवालाई रु.१४,७६,८६४। भुक्तानी दिएको पाइयो । निर्माण कार्यको नापी किताव र सम्बद्ध रनिङ्ग बिल परीक्षण गर्दा

सम्पन्न निर्माण कार्यको ड्रिलिङ्ग कार्य तर्फ १०५ मिटर खन्ने र वोरोहोलको लोरिङ्ग गर्ने कार्य १०३ मिटर गरेकोतर सामान आपूर्ती तर्फ १५० एम.एम.को क्यासिङ्ग पाइप ३९ मिटर र १०० एम.एम.को स्टील स्लोटेड जाली ९ मिटर समेत जम्मा ४८ मिटर मात्र प्रयोग भएको पाइयो । सामान्यतया प्रयोग भएको पाइपको लम्वाई अनुसारकै ड्रिलिङ्ग र लोरिङ्ग कार्यको लम्वाइ हुनु पर्नेमा पाइपको लम्वाई भन्दा तपसिल बमोजिम ड्रिलिङ्ग कार्यमा ५७ मिटर बढी र लोरिङ्ग तर्फ ५५ मिटर बढी देखाएकोले प्रयोग भएको पाइप भन्दा ड्रिलिङ्ग तथा वोरहोल लोरिङ्ग रु.४८९२९०। वरावरको बढी कार्य गरी खर्च लेखेको आधार प्रमाण पेश हुनुपर्दछ ।

१८ **थप व्ययभार पारेको :** विभागले ३ जिल्लाको ६ थानको खानेपानी आयोजनाको लागी ट्रादर रेट पेश भएका दुई आपुर्तक मध्ये कार्यालयले ट्रान्सफर्मर सप्लाईको वेल्ड नेपाल प्रा.लि.को भन्दा मु.अ.कर समेत रु.५,६६,८०८। बढी मुल्यको नेपाल ईकारत इन्जिनियरिङ्ग प्रा.लि.को दररेट लिई रु.२६,७५,६००। को लागत अनुमान मा रु.४,०१,३४०। Overhead cost (15% contract profit) समेत थप गरी रु.३४,७६,९४२। को लागत अनुमान स्वीकृत गरी वोलपत्रको सुचना आह्वान गरेको पाइयो । सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची १ ले निर्माण कार्यको लागत अनुमान निकाल्ने तरिका स्पष्ट उल्लेख गरेको छ । उक्त अनुसूची १ मा निर्माण कार्य वाहेक अन्य कुनै प्रकारका खरिद कार्य (परामर्श तथा सामान खरिद) मा १५ प्रतिशत ओभरहेड थप गर्न पाउने व्यबस्था भएको देखिदैन । साथै आपुर्तकले पेश गरेको दर रेट पत्रमा समेत मु.अ.कर वाहेक सो उल्लेखित दरमा कार्य गर्न मञ्जुर गरेको उल्लेख भएकोले र खरिद कानुनमा नभएको १५ प्रतिशत ओभरहेड थप सहित लागत अनुमान तयार गरी खरिद कार्य गर्दा मु.अ.कर समेत कार्यालयलाई रु.४,४९,५२३। बढी लागत पर्न गई थप व्ययभार परेको देखिएको छ ।

१९ **स्पेशिफिकेशन फरक पारी खरिद कार्य गरेको :** भक्तपुर जिल्लाको सिरुटार तथा कटुञ्जे खानेपानी आयोजनाको लागि ३० हर्ष पावरको समरसिएवल पम्प १/१ थान र सो लाई आवश्यक पर्ने प्यानल वोर्डका लागि लागत अनुमानमा कार्यालयले मु.अ.कर वाहेक प्रति इकाई रु.४,५४,८००। दर कायम गरेकोमा स्वीकृत वोलपत्रदाता हिमाल ट्रडिङ्ग कन्सर्न लोकन्थलिले क्रमशः सिरुटार खानेपानी आयोजनाको लागि रु.६,८४,७००।, कटुञ्जे खानेपानी आयोजनाको लागि रु.७,५५,०००। (मु.अ.कर वाहेक) कवुल गरेको पाइयो । तर उक्त २ स्थानमा जडान भएको पम्प र प्यानल वोर्ड सँग सम्बन्धित कागजात र फाँटवारी परिक्षण गर्दा २५ हर्ष पावरको समरसिएवल पम्प र सो लाई आवश्यक पर्ने प्यानल वोर्ड जडान भएकोमा समेत ३० हर्ष पावरको पम्प र प्यानल वोर्डको आपुर्तकले कवोल गरेको रकम नै भुक्तानी गरेको छ । झापा जिल्लाको बिर्तामोड र लखनपुर मा २५ हर्ष पावरको २ थान समरसिएवल पम्प र सो लाई आवश्यक पर्ने प्यानल वोर्डको लागि कार्यालयले लागत अनुमानमा मु.अ.कर वाहेक रु.४,१२,८००। दर कायम गरेकोमा आपुर्तक हिमाल ट्रडिङ्ग कन्सर्नले रु.४,१२,६००। मात्र कवोल गरेको पाइयो । अतः भक्तपुर जिल्लाको उपरेक्त सिरुटार र कटुञ्जे खानेपानी आयोजनामा ३० हर्ज पावरको पम्प र प्यानलवोर्ड को सट्टामा २५ हर्ष पावरको पम्प र प्यानलवोर्ड जडान गर्दा झापाको बिर्तामोड र लखनपुर कै कबुल गरेको २५ हर्ष पावर कै पम्प र प्यानलवोर्डको कवोल गरे बमोजिम कै मात्र भुक्तानी दिनु पर्नेमा घटी हर्ष पावरको पम्प र प्यानलवोर्ड जडान गरी भुक्तानीगर्दा २ वटा पम्प र सो सँग सम्बन्धित प्यानलवोर्ड वाट कार्यालयलाई मु.अ.कर समेत रु.६,९४,३८५। थप व्ययभार परेको देखिन्छ ।

२० **फरक शिर्षक खर्च :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम २(क) मा रकम स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शिर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने मात्र स्वीकृत बजेटबाट खर्च गर्ने उल्लेख छ । बिभागले यस आ.ब.मा ढल निर्माण तथा प्रशोधन कार्यक्रम अन्तर्गत खर्च शिर्षक २९६११ (सार्बजनिक निर्माण) मा बिनियोजित बजेट बाट रु.८८,८१८। रकम खर्च शिर्षक २९७११ (पूँजीगत अनुसन्धान तथा परामर्श) तर्फको गोरुसिंगे वजार, कपिलवस्तुको ढल निर्माण तथा प्रशोधन कार्यको क्ष्भ्भ कार्य गराई Executive Consulting Engineering & Planners (P) ltd. लाई भुक्तानी दिएको पाइयो । अतः खर्च शिर्षक २९७११ बाट मात्र गर्नुपर्ने पुँजीगत अनुसन्धान तथा परामर्शको खर्च २९६११ (सार्बजनिक निर्माण खर्च शिर्षक) बाट गराएकोले नियम बिपरित भएको पाइयो ।

२१ **प्रोभिजनल सम :** प्रोभिजनल समको रकम भुक्तानी गर्दा बिल बिजक तथा खर्चका आधिकारीक प्रमाण कागजात पेश भए पश्चात सम्झौता अंक भित्रको रकम सोधभर्नाको रुपमा भुक्तानी दिइनु पर्दछ । खानेपानी तथा ढल निकास बिभाग पानीपोखरीले बिभिन्न सहलगानी खानेपानी तथा सरसफाई आयोजनाको डिजाइन तथा अध्ययन प्रतिवेदन तयार गर्न कम्पिटेटिभ र नन्कम्पिटेटिभ कम्पोनेनट छुट्याई लागत अनुमान तयार गरी वोलपत्रको सुचना आह्वान अनुसार छनौट भएका परामर्शदाता सँग समेत सोही component उल्लेख गरी सम्झौता गर्ने गरेको पाइयो । बिभागले बिभिन्न परामर्शदाता सँग गरेको परामर्श खरिद सम्झौताको Appendix F मा उल्लेख भए बमोजिमको बिल बिजक र खर्च पुष्ट्याई गर्ने आधिकारीक प्रमाण कागजात पेश नभएको र प्रोभिज्नल सम भुक्तानीका बिल बिजकमा आयोजना व्यबस्थापन प्रमुख वाट प्रमाणीत भइ

नआएकोले बिभिन्न ७ परामर्शदातालाई दिएको रु.१०,०५,४११।- प्रोभिज्नल समको भुक्तानी दिएको नियमित देखिएन ।

२२ **अनुगमन तथा मुल्यांकन खर्च :** वातावरण तथा सरसफाई (चालु) वाट सुपरिवेक्षण निरिक्षण तथा अनुगमनमा रु.४८५,२८५। रकम खर्च भएको र कार्यक्रम खर्चमा पनि त्यतिकै रकम दैनिक तथा भ्रमण भत्तामा खर्च भएको देखिन्छ । सुपरिवेक्षण र अनुगमन, कार्यक्रमको मुल्यांकन गर्न, गल्ती कमजोरीलाई समयमै सुधार गर्ने, अत्यावश्यक सेवा प्रवाह भएको आश्वस्तता प्राप्त गर्ने महत्वपुर्ण औजार हो । सुपरिवेक्षण तथा अनुगमनको उद्देश्य हासिल गर्नका लागि निश्चित मापन योग्य सुचक एंव चेक लिष्टको बिकास गर्ने, सोही आधारमा गरिएको समिक्षा मुल्यांकन अनुगमन प्रतिवेदनको आधारमा पृष्ठपोषणवाट कार्यक्रम कार्यान्वयनमा सुधार गर्ने एंव परिमार्जन गरेमा मात्र उद्देश्य उपलब्धि मुलक हुन्छ । भ्रमण खर्च निमावली, २०६४ को नियम १८(१) बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भए पछि भ्रमण बिल साथ भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यबस्था गरेको छ । खानेपानी तथा ढल निकास बिभागले अनुगमन तथा मुल्यांकनको लागि सुचक तथा चेक लिष्ट बिकास नगरेको, अधिकांश खर्चहरु दैनिक भ्रमण भत्ता खर्च गर्नु वाहेक केही कर्मचारीहरुवाट न्युन संख्यामा अनुगमन भ्रमण प्रतिवेदन तयार गरी पेश गर्ने गरेको, दैनिक भ्रमण भत्तामा भएको खर्च मध्ये काम सँग असम्बन्धित सपोर्टीभ स्टाफलाई समेत अनुगमन खर्चवाट भ्रमण बिल भरी भुक्तानी दिने गरेको, कार्यक्रम खर्च तेश्रो चौमासिकमा गर्ने उल्लेख भएकोमा सो वापत अनुगमन खर्च दोश्रो चौमासिकमा लेख्ने गरेको जस्ता अवस्था देखिएकोले अनुगमन तथा भ्रमण खर्च उद्देश्य अनुरुप भएको छ भन्ने देखिएन । तसर्थः सार्बजनिक श्रोत र साधनको सदुपयोग, क्षमता र पद्धतिको बिकास गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउन आवश्यक देखियो ।

२३ **सोझै खरिद :** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ७(३) बमोजिम सार्बजनिक निकायले खरिद योजना तयार गर्ने समेत कार्यका लागि एक खरिद इकाईको स्थापना गर्नुपर्ने व्यबस्था छ । त्यसै गरी सार्बजनिक खरिद नियमाली, २०६४ को नियम ८ अनुसार सार्बजनिक निकायले वार्षिक १० लाख भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा बार्षिक खरिद योजाना तयार गरी खरिद कार्यको प्रकृति अनुसार खरिद कारवाहीको समय तालिका, प्याकेज तयार गरी सो वमोजिम एकै पटक वोलपत्र वा सिलवन्दी दरभाउपत्रवाट खरिद गर्नु पर्ने व्यबस्था रहेको छ । तर यस बर्ष वातावरणीय सरसफाई कार्यक्रम अन्तर्गतको सामान खरिद गर्दा खरिद इकाई स्थापना र बार्षिक खरिद योजना तयार गरी नियमको व्यबस्था अनुसार पूर्ण प्रतिश्पर्धा गराई खरिद गर्नु पर्नेमा प्याकेज तथा बिधि समेत तय नगरी आषाढको अन्तिममा सोझै खरिद गरी एकै गोश्वारा भौचर वाट रु.२७,४८,९९०। भुक्तानी खर्च लेखेको छ ।

२४ **जिन्सी दाखिला :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ४७ मा खरिद गरी प्राप्त हुन आएका जिन्सी मालसामानको बिबरण र मुल्य समेत खुलाई जिन्सी कितावमा ७ दिन भित्र आम्दानी बाँधी श्रेस्ता खडा गरी अध्यावधिक राख्नु पर्ने व्यबस्था छ । त्यस्तै आपुर्तक वाट मालसामान सहितको बिल प्राप्त भए पछि कार्यालयले आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) र ८ बमोजिम बिल भरपाई र भुक्तानी सम्बन्धी रित पुगे नपुगेको जाँच गराएर भुक्तानी दिनुपर्ने स्पष्ट उल्लेख छ । बिभागले सरसफाईसँग सम्बन्धित सन्देशमुलक र चेतनामुलक डकुमेन्ट्री तयारी, उत्पादन गरी सिडी, डि.भि.डि.मा उपलब्ध गराउनु पर्ने गरी बिभिन्न मिडिया प्रा.लि. सँग सम्झौता गरी रु.१७,४८,०८०। भुक्तानी खर्च लेखेकोमा श्रेस्ता तथा फाँटवारी परिक्षण गर्दा सम्झौता अनुसार उत्पादन गरेको सन्देशमुलक तथा चेतनामुलक श्रव्य दृश्य सामग्री (डकुमेन्ट्री) कार्यालयमा जिन्सी दाखिला प्रतिवेदन तयार गरी जिन्सी खातामा आम्दानी दाखिला गरेको प्रमाण वेगर भुक्तानी दिएको छ ।

२५ **बिल भरपाई पेश :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३६(३) मा रकम खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यबस्था छ। बिभागले एक मिडिया प्रा.लि.लाई रु.२,८४,७६०। भुक्तानी दिएको गोश्वारा भौचर परिक्षण गर्दा सो खर्चलाई पुष्ट्याई गर्ने सम्झौता, कागजात तथा बिल भरपाई संलग्न रहेको पाइएन ।

२६ **बढी भुक्तानी :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३६(३) मा रकम खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यबस्था छ। सप्लाई गर्नुपर्ने जम्मा २२ प्रकारका आई.इ.सि सामग्रीको लागि आपुर्तकले मु.अ.कर समेत रु.३९,६१,३२८। कवुल गरेको र बिभागले समेत सोही बमोजिमको सामग्री आपुर्ति गर्न रु.३९,६१,३२८। को खरिद आदेश दिएकोमा सप्लाई बमोजिम सामान कवुल गरेको दररेटमा आपुर्ति गरेको तर बिल बिजकमा जोड जम्मा फरक पारी रु.३५,२५,१००। मा मु.अ.कर थपी जारी गरेका कर बिजक रु.३९,८३,३६३। बमोजिम नै भुक्तानी दिएकोले सम्झौता बमोजिम भुक्तानी हुने भन्दा रु.२२,०३५। बढी भुक्तानी भएको छ । अतः सम्झौतामा तोकिएको सामग्री तोकिएको दररेटले हुन आउने भन्दा फरक पारी बढी भुक्तानी दिएको रु.२२,०३५। असुल फछ्र्यौट गरी राजस्व दाखिला गर्नुपर्ने देखिएको छ ।

२७ **गुणस्तर परीक्षण नगराएको :** खानेपानी तथा ढल निकास बिभागले २२ प्रकारका क्ष्भ्ऋ ८बतभचष्वी को लागि सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११ को अधिनमा रही स्पेशिफिकेशन तोकी लागत अनुमान

तयार गरेको पाइयो । साथै बिभागले आपुर्तक कुशल इन्टरप्राइजेज सँग सम्झौता पश्चात आपुर्ति गर्नु पर्ने आइसि मेटेरियलको लागि स्पेशीफिकेशन तोकि २०७२।१२।१६ मा खरिद आदेश समेत दिएको पाइयो । आपुर्तक कुशल इन्टरप्राइजेजलाई उपरोक्त सामग्रीको साइजको लम्वाई चौडाई, पेपर क्वालिटी, प्रिन्ट तथा कलरको साइट तथा प्रकार तोकी खरिद आदेश दिएकोमा बिभागले स्पेशीफिकेशन बमोजिमको सामान प्राप्त भएको नभएको गुणस्तर परिक्षण नगराई सामग्री दाखिला भएको आधारमा रु.३९,८३,२६९।- भुक्तानी दिएको छ ।

२८ **धरौटी हिसाब :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ६८ मा प्रत्येक कार्यालयले धरौटी खातामा जम्मा भएको धरौटी रकमको लेखा अनुसूची १० बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । बिभागले गतबर्ष आम्दानी भएको तर आ.व.२०७२।७३ मा बैंक दाखिला भएको रु.३४,८०,६०२।२५ लाई यस बर्षको आम्दानीमा देखाएको छ । त्यसैगरी यो बर्षको श्रेस्ता अनुसार आम्दानी देखाउनु पर्ने रु.४९,२५,९४५। आ.व.२०७२।७३ को आम्दानीमा देखाएको छैन । उक्त रकम बैंक दाखिला भएको आधारमा बिभिन्न भौचर वाट २०७३।७४ को आम्दानीमा देखाएको छ । उपर्युक्त स्थितिमा धरौटीको आर्थिक बिबरणले यथार्थ स्थिति प्रस्तुत गरेको छैन । तोकिए वमोजिमको ढाँचामा अभिलेख तयार नगर्दा यस प्रकारको स्थिति देखिएकोले नियमावलीले तोके बमोजिम श्रेस्ता अधावधिक गर्नु पर्दछ ।

बिभागले पेश गरेको आर्थिक बिबरण अनुसार यस बर्षको अन्तमा रु.१,६५,४९,६४१।५६ धरौटी वाँकी देखाएकोमा बिगत वर्ष देखिनै व्यक्तिगत धरौटी खाता अधावधिक नगरेको कारण भिडान गर्ने अवस्था छैन । यसवाट धरौटी फिर्ता गर्न नपर्ने अवस्थामा समेत फिर्ता हुने जोखिम देखिएको छ । नियमावलीको व्यवस्था पालना नगरेको कारणले यस प्रकारको स्थिति देखिएकोले तोकिएको व्यबस्थाको पालना गर्नु पर्ने देखिन्छ । यस सम्बन्धमा छलफल गर्दा अद्यावधिक गर्ने कार्य भैरहेको जवाफ प्राप्त भएको छ ।

२९ **कटिन्जेन्सी खर्च :** बिभागले व.उ.शि.नः ३४७८०२ र ३४७८०५ वाट सञ्चालित आयोजनाको २% ले हुने रकम जिल्लावाट माग गरी कोष तथा लेखा नियन्त्रक कार्यालयको बिबिध खातामा जम्मा गरी पूजीगत खर्च (सवारी साधन खरिद) गरेको देखिन्छ । यो बर्ष ७४ खानेपानी तथा सरसफाई डिभिजन/सव डिभिजन/क्षेत्रिय अनुगमन तथा सुपरिवेक्षण कार्यालय (मनाङ वाहेक) वाट रु.८,३७,१६,७६३। आम्दानी देखाई रु.८,००,१२,११०। पूँजीगत कार्यमा खर्च गरेको देखिन्छ । खानेपानी तथा सरसफाई मन्त्रालयको २०७३।१।२७ को पत्र वाट सवारी साधन खरिद गर्न अर्थमन्त्रालयवाट निर्णय भएको उल्लेख गरे तापनि परिमाण सम्बन्धमा खुलाएको देखिएन । सम्बन्धित जिल्ला स्थित कार्यालयले यस प्रकारको खर्च खर्च शिर्षक नः२९६११ सार्बजनिक निर्माणमा देखाउने तर बिभागले उक्त खर्च कन्टिन्जेन्सीवाट सवारी साधनमा देखाउदा सम्बन्धित कार्यालय र बिभागको आर्थिक बिबरणले यथार्थ स्थिति प्रस्तुत गरेको छैन । आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३३ मा बर्षान्तमा खर्च नभै बाँकी रहेको रकम संचित कोष दाखिला गर्नु पर्ने व्यबस्था रहेको छ । सम्बन्धित कार्यालयका नाममा २०७२।७३ को लागि छुट्याइएको वजेट मध्ये सोही आर्थिक बर्ष भित्र खर्च नभै रु.३७,०४,६५३।- वाँकी रहेको देखिन्छ । वाँकी रहेको उक्त रकम संचित कोष दाखिला गर्नुपर्दछ ।

३० **सबारी सधान खरीद :** सबारी साधन खरीद तर्फ विभागले एक आपूर्तीकर्ताबाट ८ थान पिक अप अपुर्ति गर्दा वील नः vs/059/2073-3-22 मा मुल्य अभिबृद्धि कर समेत रु.६,२८,००,०००। को कर बिजक जारी गरेकोमा पुनः वील नः sp/0915/7273, 2073-3-22 मा AT-303-TY12 Roll Bar Toyota Vigo ८ थानको मुल्य अभिबृद्धि कर समेत रु.७,०८,०४७।९७ को कर बिजक समावेश गरी भुक्तानी गरेको देखियो । सवारी साधनको पार्टस्हरु सहित अपुर्ति गर्ने सम्झौता भएकोमा छुट्टाछुट्टै वील पेश गरेको छ । त्यसै गरी पार्टस्हरुको छुट्टै जिन्सी दाखिला नगरी एकमुष्ट मुल्य देखाई सवारी साधनको आम्दानीमा मूल्य कायम गरेको छ । यसरी भुक्तानी गर्नुको कारण स्पष्ट हुनु पर्दछ ।

३१ **बिबरण पेश नभएको :** आय व्यय बिबरणमा गत बर्षको जिम्मेवारी भनि WSSCC तर्फ रु.१०४१०७५। Water Aid तर्फ रु.५७२२३। र UNDP तर्फ रु.१००६४८८। समेत रु.२१०४७८६। देखाएको छ । तत्सम्बन्धी कार्यक्रम पेश नभएकाले बिश्लेषण गर्ने अवस्था छैन । उक्त मौज्दात बिगत देखि जिम्मेवारी सारेकोमा उक्त शिर्षकवाट गत बर्ष र यो बर्ष समेत कुनै खर्च भएको देखिदैन । बिगत देखि निस्क्रिय रहेको रकम यकिन गरी सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने वा राजश्व दाखिला गर्नुपर्ने देखिएको छ । त्यसैगरी आय-व्यय बिबरणमा गत बर्षको जिम्मेवारी सार्नुपर्ने देखाएको Water Quality शिर्षकको रु.१७३७६९।७२ जिम्मेवारी नदेखाई रु.१०८५००।७८ देखाएको छ । उक्त रकम मध्ये यो वर्ष रु.२२६२०। खर्च देखाई रु.८५८८०।७८ वाँकी रहेको देखिन्छ । घटी जिम्मेवारी सारेको सम्वन्धमा छलफल गर्दा गत बर्ष बढी जिम्मेवारी सारेकोले यो वर्ष यथार्थ जिम्मेवारी सारेको जवाफ पेश भएको छ । आय व्ययको श्रेस्ता व्यबस्थित रुपमा नराखेकोले यस प्रकारको स्थिति देखिएकोले श्रेस्ता दुरुस्त राख्नुपर्ने देखिएको छ । त्यसै गरी श्रोत नखुलेको आम्दानी

रु.२४७०८४। वाट कुनै खर्च भएको देखिदैन । उक्त जम्मा रु.३,३२,९६५।- रकम राजश्व दाखिला वा फिर्ता गर्नु नपर्ने भए सो को आधार पेश हुनु पर्दछ ।

३२ **पेश्की बाँकी :** आर्थिक वर्षको अन्त सम्म विभिन्न निर्माण व्यवसायी एवं कार्यालयहरुको नाममा रहेको पेश्की रु.४२,१०,७३४।- फछ्र्यौट गर्नुपर्दछ ।

काठमाडौँ उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालय

१. **आर्थिक विवरण :** आर्थिक कार्यविधि ऐन, २०५५ तथा नियमावली, २०६४ अनुसार एकिकृत केन्द्रीय आर्थिक विवरण महालेखा नियन्त्रक कार्यालयले वनाउनु पर्ने व्यवस्था छ । सो वमोजिम वजेटमा उल्लेख भए बमोजिमको वजेट निकासा खर्च केन्द्रिय हिसावमा देखाउनु पर्दछ । आयोजना कार्यालयले विभिन्न ऋण नम्वरका वित्तीय उपशीर्षकमा गरी रु.१२३६४५८३५१।- रकम केन्द्रीय हिसावमा महालेखा नियन्त्रक कार्यालयले समावेश नगरेवाट एकीकृत आर्थिक विवरण यथार्थ देखिएन ।

२. **प्रोभिज्नल सममा १० % ओभरहेड भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २२ मा निर्माण कार्यको लागि खरिद सम्झौतामा सार्वजनिक निकायले कुनै निर्माण कार्य गराउनका लागि अनुसूची-४ वमोजिमका विभिन्न ८ सम्झौतामध्ये कुनै एक सम्झौता गर्न सक्ने । उक्त अनुसूची-४ को लागत सोधभर्ना सम्झौतामा निर्माण व्यवसायीले इकाई दर सम्झौता वमोजिम काम गर्न मञ्जुर नगर्ने वा गर्न नसक्ने ठुलो जोखिमयुक्त ५ काम गर्ने परिस्थिति पूर्वानुमान गर्न नसकिने प्रक.तिको निर्माण कार्य गराउनका लागि लागत सोधभर्ना सम्झौता गर्न सकिने छ । यो सम्झौता गरि गरिने निर्माण कार्य गर्दा गरेको वास्तविक खर्च सो कार्यको शिरोभार खर्च र स्वीकृत लागत अनुमानमा उल्लेख भएको मुनाफा थप हुन आएको रकम भुक्तानी दिन सकिने छ। निकायको प्रमुखले लागत सोधभर्नाको अधिकतम रकमको सीमा निर्धारण गर्नु पर्नेछ र सो सीमा भन्दा वढी लागत सोधभर्ना दिनु पर्ने भएमा विभागीय प्रमुखको पूर्वस्वीकृती लिनु पर्नेछ भन्ने व्यवस्था छ । प्रति इकाई लागत तयार नगरी तथा कार्य प्रकृतिमा थप लागत लाग्ने नदेखिएका प्रकृतिका खर्च वीमा प्रिमीयम समेतको मुल्य अभिवृद्धी कर समेतवाट वीमा प्रिमियम रु.१५५६४१३६।८८ र वैंक कमिटमेन्ट चार्ज रु.७९४८४४३।०५ समेत गरी जम्मा रु.२३५१२५७९।९३ उपर्युक्त वमोजिमको लागत सोधभर्ना संझौता वमोजिम भुक्तानी गरेको देखिएन ।

३. **पेस्की फछ्र्यौट नभएको :** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद-९ मा पेस्की दिने र पेस्की फछ्र्यौट सम्वधि व्यवस्था छ। कार्यालयले यस वर्ष प्रदान गरेको विभिन्न ३ निर्माण व्यवसायीको रु.४१४८३८०९८।- पेस्की रकम फछ्र्यौट हुनुपर्दछ ।

४. **पेश्की नघटाई मुल्य वृद्धि भुक्तानी :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५५) मा खरिद सम्झौतामा मुल्य समायोजन अन्तर्गत उपदफा (१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक पन्ध्र महिना भन्दा वढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मुल्य समायोजन गर्न आवश्यक देखिएमा अधिकार प्राप्त अधिकारिले मुल्य समायोजन गर्न सक्नेछ भने व्यवस्था छ । आयोजना कार्यान्वयन निर्देनालयले खरिद सम्झौतामा व्यवस्था भए वमोजिम एकातर्फ पटक-पटक म्याद थप गर्ने र म्याद थप गर्दा स्पष्ट कारण र पुष्ट्याई संलग्न नगर्न र अर्को तर्फ मुल्य वृद्धि समायोजन भुक्तानी गर्ने गरेको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको वोलपत्र सम्वन्धी कागजात प्रतिकूल हुने गरी आयोजनावाट सञ्चालित योजनामा अन्तराष्ट्रिय र राष्ट्रिय प्रतिस्पर्धा हुने निर्माण कार्यमा मुल्य समायोजन वापत भुक्तानी दिदा मोविलाइजेशन पेश्की कट्टा गर्नुपर्ने प्रावधान नरहेकोले विभिन्न ६ निर्माण सम्बन्धी खरीद सम्झौतामा रु.१२११३०६३९।- नेपाल सरकारलाई पेश्की वापत भुक्तानी दिई सकेको मुल्यमा पनि बढी व्ययभार पर्ने गरी भएको मुल्यसमायोजन रकम सम्वन्धित निर्माण व्यवसायीवाट असुल गर्नुपर्ने देखिन्छ ।

५. **सोधभर्ना हिसाव :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३७ को उप नियम २ (घ) मा सोधभर्ना माग गर्ने कर्तव्य भएको कार्यालयले सोधभर्ना माग गर्दा विभिन्न विवरणहरु राखी महालेखा नियन्त्रक कार्यालयमा भएको अभिलेखसंग भिडान गरी सोधभर्ना माग गर्नु पर्ने रकम समयमा नै माग गर्नु पर्दछ । आयोजना कार्यान्वयन निर्देशनालयमा सम्झौता भएका विभिन्न ऋण सम्झौता अनुसार विभिन्न आयोजनामा सोधभर्ना हुन वांकी देखिएको रकम रु.६४६७५४८५७।- को रु.६५११४९७६।- अमेरिकी डलर सोधभर्ना माग हुनु पर्ने देखिन्छ ।

६. **मूल्य समायोजन :** निर्देशनालयले १७ देखि २१ औं आन्तरिम विल आई.पि.सि. सम्मको मुल्य समायोजन भुक्तानी गर्दा २०१२/२०१३ जुलाई अगष्टको नन फुड एण्ड सर्भिस आइटमको फाइनल भएको आधार मुल्य सूचक नेपाल राष्ट्रवैंकबाट लिई सोहि आधारमा रु.१५६।५ लाई आधार मूल्य र राष्ट्र बैक बाट समय समयमा निस्कने वर्तमान मूल्य सुचकांक लिई सो को आधारमा मुल्य समायोजन दिने सम्झौता भएकोमा पछि गएर फाईनल मुल्य सूचकांक साविकमा राखेको रु.१५६।५ लाई परिवर्तन गरी ई.स.२०१२/२०१३ जुलाई अगष्टको नन्फुड सर्भिस आइटम को आधार मुल्य सूचकांकलाईनै परीबर्तन गरी रु.९०।१० आधार मुल्य सूचकांक राखी १० अगष्ट २०१३ देखिको थप मुल्य समायोजन वापत २२ औं अन्तरिम विल वाट रु.४३५७७०।४४ आ.व. २०७२।०७३ मा भुक्तानी भएकोले नेपाल राष्ट्र बैंकबाट फाईनल मुल्य सूची प्रकाशन भैसकेपछि संशोधीत आधार मुल्य सूचाकांक पछी संशोधन हुनुको कारण स्पष्ट नभएकोले उक्त थप मुल्य समायोजन रकम रु.४३५७७०।- असुल गरी दाखिला गर्नुपर्ने देखिन्छ ।

७. **बढी मुल्य समायोजन भुक्तानी :** परामर्शदातासंग भएको खरिद सम्झौताको स्पेसल कण्डिशन अफ कन्ट्रयाक्टमा मुल्य समायोजन सम्वन्धमा व्यवस्था रहेकोमा एउटै सम्झौता भित्र मुल्य समायोजन गर्ने दुईवटा सुत्र सहित सम्झौता गरेको पाइयो । एउटै सम्झौतामा एक कामको लागि दुई सूत्र प्रयोग हुने हुने गरी सम्झौता गर्नाले मुल्य बढी गणना हुने, दोश्रो सूत्र प्रयोग नगरी पहिलो सुत्रबाट मुल्य बढी गणना गरी रकम भुक्तानी दावी गरेको आधारमा निर्देशनालयले भुक्तानी दिएको छ । तर आयोजना निर्देशनालयले परामर्शदाता BDA (CAPC-1) मा दोश्रो सूत्र प्रयोग गरेको आधारमा मुल्य वृद्धि भुक्तानी गरेको देखिएकाले एक रुपता कायम भएको समेत नदेखिंदा सम्झौताको शर्तका कारण आयोजनाले मितव्ययी ढंगबाट परामर्शसेवा खरिद गर्न ध्यान पुऱ्याएको पाइएन । अतः बढि दरबाट मुल्य समायोजन गणना हुने सूत्र प्रयोग गरी दावी गरिएको मुल्यबृद्धि बापत रु.२२४८४७।०६ बढि भुक्तानी भएको असूल हुनु पर्दछ ।

८. **भेरिएशन कार्यको भुक्तानी :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावली, २०६४ को नियम ११८ अनुसार खरीद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थितीको सृजना भई प्राविधिक कारणवाट त्यस्तो कार्यको परिमाणमा थपघट गर्न वा नयां आइटम वा सट्टा गर्न आवश्यक देखिएमा त्यस्तो निर्माण कार्यको ड्रइङ्ग डिजाइन तथा स्पेसिफीकेशन आदि वदल्नुपर्ने अवस्था भई वा नभई सम्झौता मुल्यको १० प्रतिशत सम्मको भेरिएशन आदेश प्राविधिक पुष्टयाई गरी राजपत्रांकित द्धितिय श्रेणीको प्रमुखले एकतह माथिका अधिकारीवाट स्वीकृती लिइ र १५ प्रतिशत सम्मको भेरिएशन आदेश प्राविधिक पुष्टयाई गरी विभागीय प्रमुखले जारी गर्न सक्ने व्यवस्था छ । निर्देशनालयवाट सञ्चालित आकस्मिक सुधार, वितरण प्रणाली सुधार आदीका कार्यहरु बमोजिम भएकोमा भेरिएशन आदेश जारी नगरी रु.१००२३५८८।-भुक्तानी गरेको अनियमित देखिएको छ ।

९. **नेगोसिएशन दर भन्दा वढी दरले भुक्तानी :** बि.ओ.क्यू. को आइटम नम्वर ८.४ सप्लाई एण्ड इन्स्टलेशन अफ डुक्टाइल आइरन पाइप (क) फर डिस्ट्रोक्सन नेट वर्क इनक्लुडिङ्ग नेसेसरी रवर ग्यास्केट को १०० मिटर को रु.४५००।- मा कवोल गरी सोको २६ प्रतिशत छुट नगरी भेरिएशन २ सम्म वाट १२०७.५० र १२०६.५० मिटर थप गरी आइपिसी १४ वाट ६३५ थप मिटरको रु.४५००।- को दरले रु.२८५७५००।- को ५० प्रतिशतले रु.१४२८७५०।- आइपिसी १४ नम्वरवाट छुट नहुने महलमा राखी भुक्तानी दिएको देखियो । भेरिएशन आदेश २ सम्म क्वान्टीटी थप गरी १३०७.५० क्वान्टीटी मध्ये ६३५ मिटरको नेगोसिएसनवाट कायम नयां दर रेट रु.४१००८।- को रु.२६०३५००।- को ५० प्रतिशत रु.१३०१७५०।- भुक्तानी गर्नु पर्नेमा रु.१४२८७५०।- भुक्तानी गरेकोले नेगोसिएशनको दर भन्दा वढीको दरले भुक्तानी भएको १२७०००।-सम्बन्धित निर्माण व्यवसायीवाट असुल हुनुपर्दछ ।

९.१ यसरी शुरु बिओक्यू मा १०० मिटर वीओक्यू तयार गर्ने र पछि १२०७.५० मिटर मोटरको भेरिएशन तयार गरी स्वीकृतीको लागि पेश गर्ने उक्त निर्माण कार्यका परामर्शदाताको कार्य सम्पादनमा छानविन हुनुपर्दछ ।

९.२ वीओक्यू मा तथा नयां आईटममा नराखि कस्ट अफ इन्सटलेशन अफ ओभरहेड ११ के.भी.एच टि लाईन पूजा प्रतिष्ठान टुववेल साइट भनी रु.१५०४३९।५९ को भुक्तानी दिएको रकम सम्वन्धित निर्माण व्यवासइसंग बाट असुल हुनुपर्दछ ।

१०. **मुल्य समायोजन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा सार्वजनिक निकायले मुल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने अवस्था भए अनुसार निज निर्माण व्यवसायीसंग मिति २०६९।१२।२७ मा भएको सम्झौतामा मुल्य समायोजन पाउने उल्लेख छ । निर्माण व्यवसायीलाई यस वर्ष आई.पि.सि. १२,१३ र १४ वाट मुल्य समायोजन वापतको कुनै पनि रकम भुक्तानी दिएको देखिएन गत वर्ष आई.पि.सी ११ बाट गत वर्ष सम्म भुक्तानी दिएको मुल्य समायोजन रु. २२६०२४१३।२० यस वर्षको आई.पि.सी १२,१३ र १४ मा क्रमश जिम्मेवारी सार्नुपर्नेमा त्यसो नभई आई.पि.सी १२ मा रु.२२६०२४१३।२० तथा १३ र १४ मा रु.२९२१६५७२।०१ जिम्मेवारी सारेको देखिएकोले रु.६६,१४,१५८।८१ वढी जिम्मेवारी सार्नुको कारण स्पष्ट भएन । यसरी फरक फरक मुल्य समायोजन जिम्मेवारी सार्नाले निर्माण व्यवसायीलाई वास्तविक भुक्तानी दिनुपर्ने मुल्य समयोजन वापतको रकम एकिन हुने प्रमाण पेश गर्नुपर्दछ ।

११. **म्याद थप :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता वमोजिमको कार्य त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्वन्धित निर्माण व्यवसायीले म्यादथप गर्न निवेदन दिनु पर्ने व्यवस्था छ । सो वमोजिम २०७३।८।१ मसान्तसम्म म्याद थप हुंदा पनि कार्यमा प्रगति भएको देखिएन । के-कस्को लापरवाहीले गर्दा यस्तो स्थितिको श्रृजना भएको हो पहिचान गरि नियन्त्रण गरिनु पर्दछ ।

१२. **वढी भुक्तानी :** आई.पि.सी ५ बाट प्रोभिजनलसम वापतको रकम भुक्तानी दिदां वालाजु क्षेत्रको प्लेट लोड टेष्ट गरे वापत एक ल्यावरोटरी प्रा.लि.को कर विजक विल अनुसार रु.५७४९२६।– भूक्तानी दिनु पर्नेमा रु. ५९६४०९।– भुक्तानी दिएको देखिएकोले वढी भुक्तानी भएको रु.२१४८३।– असुल गर्नुपर्दछ ।

१३. **थप आर्थिक व्ययभार :** निर्देशनालयले सर्भिस रिजर्भोयर (प्याकेज-३) निर्माण कार्यका लागी एक निर्माण व्यवसायीसंग मिति २०७३।३।१ (१५ जुन २०१६) भित्र कार्य सम्पन्न गर्ने गरि मिति २०७१।२।२२ (५ जुन २०१४) मा सम्झौता भएको पाईयो । दिएको समयमा कार्य सम्पन्न गर्न नसकी निर्माण व्यवसायीले विनासकारी भूकम्प, तराई नाकावन्दी आदी कारण जनाई म्याद थपको लागि दिएको निवेदन उपर कारवाही हुंदा नेपाल सरकारालई थप आर्थिक व्ययभार नपर्ने गरि म्याद समाप्त भएको मिति देखि १८१ दिन (२०७३ मार्ग मसान्तसम्म का लागी मिति २०७३।७।१० मा निर्णय गरी म्याद थप गरेको देखिन्छ । यसरी आयोजनाले "नेपाल सरकारलाई थप आर्थिक भार नपर्ने गरि" भनी निर्णय गरे पछि मिति २०७३।३।३१ मा छैठौ आई. पि.सी बाट रु.७,८८,५६,२२७।०४ (मु.अ.कर समेत) भुक्तानी दिंदा मूल्य समायोजना पावतको रु. ७८६२७८५।४३ (मु.अ.कर समेत) भुक्तानी दिएको रकम मिति २०७३।७।१० को निर्णय विपरित भुक्तानी भएको र नेपाल सरकारलाई थप व्ययभार पर्न गएको देखिंदा उक्त रकम असूल गर्नुपर्दछ ।

१४. **म्याद थप :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० (१) अनुशार ऐनको दफा ५६ वमोजिम कावु वाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलव्ध गराउनु पर्ने कुरा उपलव्ध गराउन नसकेमा वा अन्य मनासिव कारणवाट खरिद सम्झौताको अवधि नवढाई नहुने भएमा सम्वन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्श दाताले कारण खुलाई खरिद सम्झौताको अवधि थपको लागि निवेदन दिनु पर्ने व्यवस्था छ । डि.एन.आई. ०१।०५ प्याकेज २ का निर्माण व्यवसायीको सम्झौता वमोजिम निर्माण कार्यको अवधि २०७३।७।२० सम्म रहेकोमा, लेखापरीक्षण अवधि ०७३ कार्तिक मसान्त सम्म नियमावलीमा तोकिए वमोजिम म्याद थप सम्वन्धि प्रकृया अगाडी वढाएको देखिएन ।

१५. **पूर्वनिर्धारित क्षतिपूर्ति** : निर्देशनालयले यो वर्ष पाइप तथा फिटिङ्गस् सप्लाई कार्यका लागी एक निर्माण व्यवसायीसंग मिति २०७०।७।२० (६नोभेम्वर२०१३) मा भएको सम्झौतामा यस ठेक्काको मुख्य कार्य काठमाडौ उपत्यकाको डिए आइ ३ डि एन आई ५ र डि एन आई ७, ४ क्षेत्रमा पर्ने स्थानहरुको वितरण प्रणाली अन्तर्गत पाईप लाईन विछ्याउने कार्यको अलावा विछ्याइएका पाईपहरु पछि संचालन संभारको कार्य गर्नका लागि भनी आयोजनाले छुट्टै ठेक्का पट्टा नगरी यसै ठेक्का भित्र विओक्यु आइटम नं. १६.१ देखि १६. १७ सम्मका सप्लाई अफ पाइप एण्ड फिटीङ सोसेटीले फर ओपरेशन एण्ड भन्टेनेसन रु.४०१९१७६२।५० को डुक्टाइल आइरन एण्ड एचडिआई पाइप तथा फिटिङ्गसका सामानहरु प्रस्तुत कार्यतालिका वमोजिम काम शुरु भएको चौथो महिना देखि एक वर्ष भित्र सप्लाई गरि सक्नु पर्ने भनी उल्लेख गरिएको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ (क) वमोजिम निर्माण व्यवसायीको ढिलाइको कारणले खरिद सम्झौता वमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशत मा नद्वढ्ने गरि साधारण तया प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत क्षतिपुर्ति दिनु पर्ने तर निजको कावु वाहिरको परिस्थीत वा कुनै गल्ती वा हेलचेक्र्याई नभई कार्य सम्पादन वा आपूर्ति ढिला भएमा त्यस्तो क्षतिपूर्ति तिर्न नपर्ने व्यवस्था छ । यस वर्ष ११ औं आई.पि.

सी. सम्म रु. १५७९६७७०।– को मात्र पाईप र फिटिङ्गस सप्लाई गरि रु.२४३९४९९२।५० को सामान सप्लाई गरेको छैन । यसरी सामान सप्लाई गर्न ढिला हुनाको मनासिव कारण खुलाएको छैन । यस्तो अवस्थामा नियमावलीले तोके वमोजिम सम्झौता अनुसार फिटिङ्स आईटम रु.४०१९१७६३।– को २०७२ श्रावण देखि २०७३ आषाढ मसान्तसम्मको १० प्रतिशतले नबढाई हुने पूर्वनिर्धारित क्षतिपूर्ति रु४०१९१७६।- असुल गर्नुपर्दछ ।

१६. **भुक्तानी रकम यकिन नभएको :** पेश भएका हरेक आई.पि.सी.को भुक्तानी दिदा जोड जम्मा गरी रकम एकिन गरेर मात्र भुक्तानी दिनु पर्दछ । गत वर्ष सातौ आई.पि. सी सम्मको रु.६२३५३१३९६।र यस वर्षको आई.पि.सी. ८ देखि ११ सम्मको रु.१७७९२०५३७- समेत गरि जम्मा रु.८०,१४,५१,९३३।५३ भुक्तानी दिएको देएकोमा एघारौ आई.पि.सी.सम्मको भुक्तानी भनी रु.८०२४००२३१।७१ देखाएवाट गोश्वरा भौचर र आई पि.सी.मा फरक पर्न गएको रु.९४८२९८।१८ सम्वन्धमा स्पष्ट हुनुपर्दछ ।

१७. **होल्ड एमाउण्ट :** निर्माण व्यवसायी संग भएको सम्झौतामा हाउस होल्ड कनेक्शन वर्क डोन १०० प्रतिसतको ८५ प्रतिशत रकम भुक्तानी दिई १५ प्रतिशत रकम प्रत्येक घरमा जोडिएको धारा बाट पानी नआउञ्जेल सम्म होल्ड गरी राख्ने भनी उल्लेख गरिएको छ । यसरी उल्लेख भए अनुसार गत वर्ष आई.पि. सी ७ सम्म रु.२६,९४,१९२।५८ र यस वर्ष आई.पि.सी. ८,९,१० र ११ बाट रु.३८९१०५१७।६० समेत गरी आई.पि.सी. ११ सम्मको जम्मा रु.४,१६,०४,७१०।१८ होल्ड एमाउन्ट राखेको छ । यसरी राखिएको रकम धारामा मिटर राखि पानी आएपछि जाचेर निर्माण व्यवसायीलाई फिर्ता गर्नुपर्ने हुन्छ । यस्तो रकम पछि भुक्तानी गर्दा १३ प्रतिशत मु.अ.कर दिनुपर्ने तथा १.५ प्रतिशत अग्रिम आयकर कट्टा गर्नुपर्ने अवस्था आउने हुंदा आई.पि.सी.बाट कट्टा गरी होल्ड गरेर राखेको उक्त रकमको छुट्टै अभिलेख राख्नु पर्ने देखिन्छ ।

१८. **प्राइस एडजष्टमेन्ट प्रोभिजन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा सार्वजनिक निकायले मुल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था अनुसार निज निर्माण व्यवसायीसंग मिति २०६९।१२।२७ मा भएको सम्झौतामा मुल्य समायोजन पाउने उल्लेख छ । जस अनुसार गत वर्ष सातौ आई.पि.सी सम्मको रु.४,७९,५७,५५५।८८ मुल्य समायोजन दिएकोमा यस वर्ष आई.पि.सी. ८ देखि ११ सम्म रु.२०७४५२३५।४५६ समेत गरी हाल सम्म जम्मा रु.६,८७,०२,७९१।४४ मुल्य समायोजन दिएको देखिन्छ । सम्झौता वमोजिम निर्माण व्यवसायीलाई मुल्य समायोजन वापतको रकम नेपाल राष्ट्रबैंकको प्रोभिजनल प्राइस इन्डेक्सको आधारमा भुक्तानी दिएको छ । यस वर्ष आई.पि.सी. ८ देखि १० सम्म रु. ९३,५४,९२९।– प्रोमिजनल प्राइस इन्डेक्सबाट मुल्य समायोजन रकम भुक्तानी दिएकोमा नेपाल राष्ट्र बैंकको फाइनल प्राइस इन्डेक्स प्राप्त गरी रु.९३५४९२९।– मुल्य समायोजन भुक्तानी दिएको रकम यकिन गर्नु पर्ने देखिन्छ ।

१८.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० (१) अनुसार ऐनको दफा ५६ वमोजिमको अवस्था परि खरीद सम्झौता वमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्वन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा सात दिन अगावै सम्वन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने र म्याद थपका कारणहरु जायज देखिएमा म्याद थप गर्न सक्ने व्यवस्था छ । त्यस्तै गरि सोही नियमावली नियम १२१ वमोजिम आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको कारणले तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नवढ्ने गरी साधारण तया प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूति दिनु पर्ने व्यवस्था छ । एक निर्माण व्यवसायीसंग २०७०।३।२३ मा भएको सम्झौता अनुसार शुरुमा १४ महिना ०७१।५।२१ (६ सेप्टेम्वर २०१४) सम्म म्याद दिईएकोमा पछि ट्यूवेलको साईट उपलव्ध हुन नसकेको बिओक्यु अनुसार पाईप खरिद गर्न समय लागेको, स्थानीय अवरोध तराई बन्द, भूकम्प जस्ता, कारण जनाई चौथो पटक २०७३।३।१ सम्म म्याद थप गरेको देखिन्छ भने त्यसपछि म्याद थपको कारवाही भएको देखिएन । सम्झौता वमोजिम निर्माण व्यवसायीलाई शुरुमा दिएको समय १४ महिनामा ४ पटक गरी २३ महिना १४ दिन सम्म थप गर्दा समेत कार्य सम्पन्न भएको छैन । तसर्थ सम्झौता रकम रु.२५९६६८२४९।- को २०७३।३।१ देखि २०७३ आषाढ मसान्त सम्मको हुने दिन २९ को दैनिक ०.०५ प्रतिशतका दरले हुने रु.३७,६५,१९०।- पूर्व निधारित क्षतिपुर्ति असुल गर्नुपर्दछ ।

१८.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ (१) वमोजिम खरिद सम्झौता वमोजिम कार्य शुरु भई सकेपछि प्राविधिक कारणवाट त्यस्तो कार्यको परिमाणमा थपघट गर्न वा नयाँ आईटम थप्न वा सट्टा गर्न आवश्यक देखिएमा अधिकार प्राप्त अधिकारीले लागत अनुमान तयार गरि ऐनको दफा ५४ को अधिनमा रही भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ । उपरोक्त व्यवस्था वाहेक निर्माण व्यवसायीलाई परिमाण

बढेको भनी सम्झौता भन्दा वढी रकम भुक्तानी दिन मिल्दैन । आयोजनाले निर्माण व्यवसायीसंग भएको सम्झौतामा उल्लेखित वीओक्युमा उल्लेखित परिमाण भन्दा वढी परिमाणको रकम रु.१३६००००।– भुक्तानी दिएको असुल गर्नुपर्दछ ।

१९. **म्याद थप स्वीकृत वेगर बिलको भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (२) र (८) वमोजिम रकम खर्च लेख्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने तथा खर्चको भुक्तानी दिंदा रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ । आयोजना कार्यान्वयन निर्देशनालयले केयुकेएल वीडिएस एस आरटी ०१।०३ लाइङ्ग एण्ड वल्क डिस्ट्रिव्युशन सिष्टम एण्ड कन्स्टेक्शन (प्याकज-३) का निर्माण व्यवसायीलाई ठेक्काको म्याद २०७३।३।१ (१५ जुन २०१६) मा समाप्त हुंदा मिति २०७३।३।३१ मा छैठौं आई. पि.सी बाट रु.७,८८,५६,२२७।०४ (मु.अ.कर समेत) भुक्तानी दिएको पाईयो । यस सम्वन्धमा निर्देशनालयको म्याद थप सम्वन्धि फायल माग गरी अध्ययन गर्दा ठेक्काको म्याद मिति २०७३।७।१० (२६ अक्टुवर २०१६) मा स्वीकृत गरेको देखियो । यसरी म्याद थप स्वीकृत हुनुभन्दा करिव ४ महिना अघि नै विल भुक्तानी हुनु नियमसम्मत देखिएन ।

२०. **मूल्य समायोजन :** बांसवारी, महाकाल चौर, आरुवबारीमा रिजर्भ म्यायर र मैनलाइन पाईप विछ्र्यांउने कामको लागी एक निर्माण व्यवसायीसंग मिति २०१४।३।११ मा मूल्य अभिवृद्धि कर समेत रु. १,८७,१३,८८,२०७।८२ मा २०७२।११।२७ सम्ममा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको मा उक्त निर्माण व्यवसायी ठेक्का सम्झौता हुंदा तुलनात्मक विवरणमा मू.अ.कर समेत रु.१,८६,८८,२९,२७५।- उल्लेख भएको र २०१४।२।१३ मा लेटर अफ एसेप्टेन्सको पत्र समेत पठाई सकिएको थियो । पछी मिति २०१४।३।११ को निर्णयले टेण्डर डकुमेन्टमा सम आइटम वेयर मिस्ट इन समेशन इन विल नं. ८ वी भनि विद्युतीय कार्यहरु छुट भएको र परिमाण र दर परिवर्तन गरी साविकको ठेक्का रकममा रु.२२,६४,५४३।– थप गरी जम्मा ठेक्का रकम मू.अ.कर समेत गरी रु.१,८७,१३,८८,२०८।– कायम गरिएको पाईएकोले केही आईटम छुट भएको भनी मिति २०१४।३।११ को निर्णय एवं पत्रबाट रु. २२,६४,५४२।७२ बढाउनु नियमसंगत देखिएन ।

२१. **संझौता विपरित भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(२) मा मुल्य समायोजन सूत्र प्रयोग गर्ने आधार र निर्माण व्यवसायीसंग वल्क डिष्ट्रीव्युशनको कार्य गर्ने ठेक्का सम्झौताको जनरल काण्डिशनको वुंदा नं. १३.८. मा एडजष्टमेन्ट फर चेन्ज इन कस्ट को भुक्तानीनै पछि तय हुने र साविकमा नै विओक्युमा पहिला नैं तय नहुने जस्तै प्रोभिजनल वर्क र न्यू आइटम कार्य गर्दै जांदा पछि निर्क्यौल हुने हुंदा उक्त आइटम भुक्तानी दिंदा मुल्य समायोजन दिन नमिल्ने देखिएकोमा उक्त कार्यहरुको पनि भुक्तानी भएकोले सम्झौता बिपरीतको रु. ८००४०७।– भुक्तानी असुल गरी दाखिला गर्नुपर्दछ ।

२२. **भेरीएशन भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(१) मा खरिद सम्झौता वमोजिम कार्य शुरु भईसकेपछि प्राविधिक कारणबाट त्यस्तो कार्यको परिमाणमा थप गर्न वा नयां आइटम थप्न वा सट्टा गर्न आवश्यक देखिएमा तोकिएको अधिकारीले त्यस्तो थप घट तथा नयाँ आइटमको लागत अनुमान तयार गरी ऐनको दफा ५४ को अधिनमा रही भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ । निर्देशनालयले एक निर्माण व्यवसायीलाई ठेक्का सम्झौताको वि.ओ.क्यू.मा उल्लेखित आइटम भन्दा वढी आइटमको भेरिएशन स्विकृती वेगर नै भुक्तानी भएको रु १५७७६८४। र भेरिएशन बाँकी देखिएको रु. ५३७१०६०।२७ समेत गरी भेरिएशन स्विकृती वेगरको रु ६९४८७४४/- भुक्तानी दिएको नियम संगत देखिएन ।

२३. **वीमाको भुक्तानी :** एक निर्माण व्यवसायी निर्माण कार्यको सम्झौता गर्दा पि.सी.सी.का वुंदा नं. १३.५ वि (ii) रु प्रोभिजनल सम १० प्रतिशत एज ए सम फ र ओभरहेड चार्जस एण्डप्रोटिट क्याल कुलेटेड एज ए परसेन्ट अफ द कस्ट अफ वर्कस सप्लायर्स एण्ड सरभिसेज कभरज अण्डर द प्रोभिजनल समको वारेमा उल्लेख गरिएको छ । त्यस्तै जि.सि.सि.को १३.५ मा समेत नाफा गणना गर्ने आधारहरु तय गरिएको छ । निर्देशनालयले निर्माण व्यवसायीलाई विभिन्न कार्यको विमा रकम भुक्तानी गर्दा विमाको विल रकममा समेत १० प्रतिशत नाफा जोडी भुक्तानी भएको देखिएकोले सो भुक्तानी दिनु सार्वजनिक खरिद नियमावली, २०६४ विपरित देखिन्छ । कतिपय निर्माण ठेक्काहरुमा बिमा बापतको रकम मात्र भुक्तानी गर्ने र बिमा रकममा मुनाफा नजोड्ने गरी ठेक्का सम्झौता पनि भएकोले सम्झौताहरुमा एकरुपता देखिएन । त्यसैले सम्झौता गर्दा १० प्रतिशत मुनाफा जोड्ने गरी खरीद सम्झौता गर्न मिल्ने देखिदैन ।

२४. **पेश्की कट्टा नगरी भुक्तानी :** गत आ.व.मा मु.अ.कर वाहेक सातौ अन्तरिम विल सम्ममा रु.४०९६२९९५०। भुक्तानी, यस आ.व.मा आठौ, नवौं र दशौं अन्तरिम विलवाट मु.अ.कर समेत भुक्तानी दिईएकोमा सम्झौता अनुसार पेश्की कट्टी गर्नुपर्नेमा सम्झौता रकमको ३० प्रतिशत भन्दा वढी भुक्तानी हुंदा पनि उक्त पेश्की

रकम कट्टी नगरी निर्माण व्यवसायीलाईमात्र अनुकुल हुनेगरी रु.९१८२७२७४।– भुक्तानी दिएको नियम सम्मत देखिएन ।

२५. **छुट कट्टा नगरी भुक्तानी :** एक निर्माण संग गरेको ठेक्का सम्झौतामा विओक्यूमा उल्लेखित रु. ५७५०८४३२।– को ४ प्रतिशतले हुने रु.२३००३३७।– छुट कटाई रु.५५२०८०९५।– ठेक्का सम्झौता भएको देखिन्छ । उक्त सम्झौतामा वीड प्राइसमा उल्लेख भएे रकममा ४ प्रतिशतले डिस्काउन्ट दिने गरी मुअकर उल्लेख भएकोमा पनि प्रभिजनल सम बापतको रु.९७०३८६।–को भुक्तानीमा ४ प्रतिशतले हुने रु. ३८८१५।- वढी भुक्तानी भएको रकम कट्टी गरी दाखिला गर्नुपर्दछ ।

२६. **भेरिएशन आदेश वेगर भुक्तानी :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ (१) मा खरिद सम्झौता वमोजिम कार्य शुरु भइकेपछि प्राविधिक कारणवाट त्यस्तो कार्यको परिमाणमा थप गर्न वा नयां आइटम थप्न वा सट्टा गर्न आवश्यक देखिएमा तोकिएको अधिकारीले त्यस्तो थपघट तथा नयां आइटमको लागत अनुमान तयार गरी ऐनको दफा ५४ को अधिनमा रही नियमावलीमा उल्लेख भए वमोजिमको भेरिएशन आदेश जारी गर्न सकिने व्यवस्था रहेको छ । निर्देशनालयले विभिन्न अन्तरिम विलवाट निर्माण कार्यको भुक्तानी दिंदा ठेक्का सम्झौतामा उल्लेखित वि.ओ.क्यू को परिमाण भन्दा वढी भुक्तानी भएको रु. १८१९२४५१।-नियम संगत देखिएन ।

२७. **संझौता भन्दा फरक भुक्तानी :** यो वर्ष एक कम्पनीलाई रिजरवायर ट्याकीमा रुफ टेर्स फाइनल पेमेन्ट वापत रु१५,७३,६६०।- भुक्तानी भएकोमा साविकमा ठेक्का सम्झौता हुंदा को दर रेटमा ३८ प्रतिशतले छुट दिने सम्झौता भएको छ । विओक्युको आईटम नं.२९ मा २५ एम. एम. को मार्वल लगाउने सम्झौतामा उल्लेख भएकोमा उक्त साईजको मार्वल नपाइएकोले नयां आइटम ८४.९१ फरक साइजको मार्वल लगाई रु. १६०० का दरले रु.१३५८५६।– पुरै भुक्तानी भएको देखिन्छ । सम्झौतामा उल्लेख भए अनुसार रु. १३५८५६।– को ३८ प्रतिशतले हुने रु.४०,७५७– कट्टी नगरेकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

२८. **मूल्यसूची फरक पारी भुक्तानी दिएको :** सुन्दरीजल देखि महाकाल चौर सम्मको ९.६ कि.मी दुरीमा खानेपानीको थोक वितरण प्रणालीका लागि १४०० एम.एम डायको डक्टाइल आइरन पाइप आपूर्ति तथा जडान गर्ने कार्यको लागी एक निर्माण व्यवसायीसंग मिति २०१३ अगष्ट २२ मा ६०८ दिन भित्र कार्य सम्पन्न गर्ने गरी रु.९९,४८,०४,३९०।– मा सम्झौता गरिएकोमा भेरिएसन अर्डर १ वाट रु. १००८८२७३६५।३८ भेरिएसन अर्डर २ बाट रु.१०३०४५०९५०।- र भेरिएसन अर्डर ३ वाट रु. १०८९२६९३६४।१४ कायम भएको छ । गत आ.व. आठौ विल सम्म मु.अ.क.समेत रु १०३३५४९३३१।- भुक्तानी दिईएकोमा यस आ.व. मा नवौं विलसम्म वाट रु.१०८०६७८३५४।- भुक्तानी भएको देखियो । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (ग) मा खरिद सम्झौतामा सम्पन्न कार्य मापन गर्ने सूचकाङ्क तोकिएकोमा त्यस्तो सूचकाङ्क प्राप्त भएपछि र त्यस्तो सूचकाङ्क नतोकिएकोमा सम्पन्न भएको कार्यको आधारमा भुक्तानी दिने व्यवस्था रहेको छ । यस निर्देशनालयले उक्त निर्माण व्यवसायीलाई (नवौं) आई.पि.सि.वाट रु.४७१२९०२३।- भुक्तानी गर्दा खरिद सम्झौतामा व्यवस्था नै नभएको "होल्डीङ एमाउण्ट" विलको रकम रोक्का राखेको सिभिलवर्क नं. २.३.१.५ को रु.२५,२८,४५५।- भुक्तानी दिदा विलको रकम रोक्का राखेको समयको वर्तमान दर लाई आधार मानी भुक्तानी दिनुपर्नेमा मार्च-अप्रील २०१७ को समयलाई अर्थात भुक्तानी दिने समयको मुल्य सूचीलाई आधार लिई ०.१११७ फयाक्टरले रु.२५,२८,४५५।- को हुने रु. २,८२,४२८।- समेत मुल्य समायोजन थप गरी भुक्तानी भएको देखिन्छ । काम भएको समयको फ्याक्टर लिई सो को आधारमा मुल्य समयोजन गर्नुपर्ने रकम रु.१८२४२८।- यकिन गर्नुपर्ने देखिन्छ ।

२९. **डि.एल.पि.अबधि :** एक जे.भी संग ई.सं. २०१३–८–२२ मा ६०८ दिन भित्र रु. ९९४८०४३९०।- मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा उक्त ठेक्कामा शुरुमा ६०८ दिन म्याद दिइएकोमा ५ पटक म्याद थप भई ३४ महिना २६ दिन अर्थात १०४६ दिन सम्ममा अर्थात शुरु सम्झौतामा ५८ प्रतिशत समय थप गर्दा पनि कार्य सम्पन्न नगरी उक्त निर्माण व्यवसायीलाई मिति १५ जुलाई २०१६ को पत्रवाट सोही मितिको मिटीङ्ग अनुसार विभिन्न निर्माण कार्यसम्पन्न गर्नुपर्ने मिति आउटस्टानडीङ्ग वर्कर्स एण्ड माइलस्टोन दर मात्र तोकि उक्त कार्यको मुल्यगत आधार र मुल्य समायोजन दिनेकि नदिने सो समेत नखुलाई कार्य आदेश दिएको देखिन्छ । सार्वजनिक खरिद ऐन र नियमावली मा यसरी कार्य गराउन व्यवस्था नभएको र निर्माण व्यवसायी संग भएको सम्झौता अनुसारको कार्य सम्पन्न भै सकेपछि मात्र डि.एल.पि शुरु हुने हुंदा ऐन नियमको प्रावधान विपरित डि.एल.पि. अवधी शुरु गरिएकोले रु.५२६००८७।- अनियमित देखिएन्छ ।

३०. **मूल्य समायोजन :** एक जे.भी.ले मिति २०११– डिसेम्वर–२३ वाट ६०८ दिन भित्र १५ सेप्टेम्वर २०१३ सम्म कार्य सम्पन्न गर्ने गरी केयुकेएल वीडीसी ०१।०१ ट्रान्समिशन मेन लाईन सुन्दरीजलवाट महाकाल

चौरस्फको कार्य गराउन भएको निर्माण ठेक्काको म्याद थप ५ पटक सम्म विभिन्न कारण देखाई पटक पटक ऐन नियम र सम्झौतामा उल्लेख नभएको प्रोमिजनल टायर एकसटेन्सन र माइल स्टोन डेट फिक्स गरी डिफेक्टलाइविली पेरिडमा काम गराउंदा समेत हरेक पटकको इओडीमा मुल्य समायोजन थप दिने नदिने सम्वन्धमा स्विकृत टिप्पणीमा केही नखुलाई मिति २०७३।३।२६ मा ३० दिन सम्म भुक्तानीका लागि म्याद थप गरी आई.पि.सि.९ बाट भुक्तानी भएको रु. ४७१२९०२३।- मध्ये मुल्य समायोजन वापत रु. २५,५७,५२३।- भुक्तानी भएको छ । यसरी पटक पटक म्याद थप गर्दा पनि मुल्य समायोजनको भुक्तानीका सम्वन्धमा परामर्शदाता तथा आयोजना प्रमुखले मुल्य समायोजनको सम्वन्धमा स्पष्ट उल्लेख गरेको पाईएन । खरिद सम्झौताको १३.८ मा यस सम्वन्धमा निर्णयनै नगरी भुक्तानी भएकाले उक्त रकम २५५७५२३।- फाइनल विलबाट कट्टा गरी दाखिला गर्नुपर्ने देखिन्छ ।

३१. **जिन्सी आम्दानी नबांधेको :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४६(२) मा उपनियम (१) वमोजिम जिम्मामा रहेको सरकारी सम्पत्तीको हिनामिना नहुने गरी लगत श्रेष्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्वन्धित कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । निर्देशनालयले एक निर्माण व्यवसायीजे.भिलाई नवौं आई.पि.सि. भुक्तानी दिंदा आइटम नं. ३.४.७ को १४०० एम एम डाईको २२०० एम पी नं १७ को १ वटा पाईप रु.२०००००।– भुक्तानी भएकोमा उक्त सरप्लस मेटरीयल रहेकोमा उक्त पाईपको निर्माण व्यवसायीले भुक्त,ानी लिईसकेको अवस्थामा आयोजना कार्यान्वयन निर्देशनालयको जिन्सी खातामा आम्दानी बांधेको नदेखिएकोले रु.२०००००। जिन्सि दाखिलाको प्रमाण पेश गर्नुपर्दछ ।

३२. **स्थलगत निरीक्षण :** सुन्दरीजल देखि महाल चौरसम्म ९.६.के. एम k.m थोक वितरण प्रणालीको कार्य गर्न एम निर्माण व्यवसायी जे.भिसंग २०१३– अगष्ट २२ भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको छ । शुरु सम्झौतावाट पछि ५ पटक गरी ४३८ दिन अर्थात ७२ प्रतिशत समय थप गरी विभिन्न ६ वटा कार्यहरुको काम सम्पन्न गर्ने गरी माइल्स स्टोन डेट राखेको अन्तिम मिति इं.सं. २०१७–१२–१५ (२०७३।९।१) सम्ममा सवै कार्य सम्पन्न गरी सक्नुपर्ने देखिन्छ । भल्व च्याम्वर निर्माण र जडान गर्ने कार्य ६ वटा अरवान एरिया मा ६ वटा र सिटी एरियामा १ वटा गरी ७ वटा निर्माण गर्नुपर्ने स्थल मध्ये वाग्मती महाकाल सुन्दरीजल फांटमावासआउट भल्व वनाउन वस मा डण्डी वांधेको साइड मा ५,६ जना कामदारले कार्य गरेको देखिन आयो । उक्त कार्यमाइल्सस्टोन डेट अनुसार मिति २०७३।८।२५ सम्मा सम्पन्न गरी सक्नु पर्ने देखिन्छ । कार्य प्रगति स्थिती हेर्दा उक्त कार्य निर्धारित मितिमा सम्पन्न हुन सक्ने देखिदैन ।

- वाटो पून निर्माणको कार्य मिति २०७३।९।१ सम्ममा सम्पन्न गरी सक्नुपर्नेमा साईड क्लीयर नभएको कारण जनाई हालसम्म पनि काम शुरु भएको छैन ।
- निर्माण कार्य मिति २०७३।८।१६ सम्ममा सम्पन्न गरी सक्नुपर्नेमा सर्वसाधारणको अवरोध भएको कारण देखाई कपन, तिनचुली र रमेश बिकल चोकमा काम शुरुनै भएको छैन ।
- वाग्मती महाकाल सुन्दरीजल फांटमा पाइप लाइन को लागि ढुङ्गाको पर्खाल लगाउने काम भैराखेको पाईयो । उक्त स्थलमा भर्टिकल थ्रस्ट वल्क मुनी एन्च र वल्क को वेशमा पहिलानै ढुङ्गाको वाल ले सपोट गरेर मात्र पाइप माथी थ्रुस्ट वल्क बनाउनु पर्नेमा थ्रुस्ट वल्क बनाईसके पछि सपोर्ट वाल दिईएको पाईयो ।

३३. **केयुकेएल डिएन आई ०२।०४ :** निर्माण व्यवसायी जे.भि.ले नख्खु इन्टेक र पाईपको कार्यको लागि भौ.नं. ५५९ मिति २०६७।१२।९ मा रु. १,५६,९५,०००।– निर्माण कार्य पेश्की दिईएकोमा मिति २०६९।३।३१ सम्म रु. १,४२,६९,४६०। फछ्र्यौट भई रु. १४,२५,५४०। मौज्दात रहेको पेश्की लेजर खा.पा नं. ७५ वाट देखिन्छ । पेश्की गएको मिति २०६७।१२।९ बाट लेखापरीक्षण अवधि २०७३।६।२० सम्म करिव ५ वर्ष ६ महिनाको अवधी सम्म र अन्तिम पटक पेश्की फछ्र्यौट भएको मिति २०६९।३।३१ वाट लेखापरीक्षण समय सम्म पनि पेश्की फछ्र्यौट भएको छैन । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ को उप–नियम ६ मा खरिद सम्झौता वमोजिमको काम सम्पन्न नगरी पेश्की फछ्र्यौट हुन नसकेमा सार्वजनिक निकायले उप नियम (३) वमोजिमको् वैंक जमानतको रकम सम्वन्धित वैंक वाट प्राप्त गरी पेश्की फछ्र्यौट गर्नुपर्नेछ यसरी र्वाकी पेश्की रु. १४,२५,५४०। फछ्र्यौट गर्नुपर्दछ ।

३४. **बजेट खर्च :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २७(२) र (३) मा वैदेशिक सहायता वजेटमा स्रोत स्पष्ट उल्लेख गराई खर्च गर्नुपर्नेमा एक कम्पनीलाई लाई अमेरिकी डलर १०१००० को विनिमय दर १०८.०१ ले हुन आउने रु. १०,९०,९०,३००।– खर्च लेखेकोमा नियमावलीमा उल्लेखित व्यहोरा पालना गरेको पाइएन । कार्यालयले नियमावलीमा उल्लिखित विधि र प्रक्रिया पालनामा ध्यान दिनु पर्ने देखिन्छ ।

आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २ मा वजेट तयार कार्यक्रम तयार गरी पेश गर्ने र नियम २.१ मा वजेट तयारीमा तालुक कार्यालयको कर्तव्य तोकी वजेट तयार गर्ने विधी र आधार तयार गरिएको छ । निर्देशनालयमा यस आ.व. मा भए गरेको खर्चहरुको परीक्षण गर्दा वार्षिक रुपमा नेपाल, सरकारको आर्थिक संकेत २०६४ मा निर्दिष्ट गरिएका वजेट रकम नम्वरहरुमा वजेट विभाजन गरी बजेट तर्जुमा गर्ने नगरेको वार्षिक रुपमा भए गरेका खर्चहरुलाई आ.व.को अन्त्यमा मात्र वजेट खर्चको आधारमा वजेट खर्च शिर्षकमा राख्ने गरेको पाइयो । ए.डि.बि श्रोतबाट खर्च भएको उक्त रकम वजेट खर्चको सिमा भित्र रही खर्चमा नियन्त्रणनै भएको छ भनी यकिन गर्न सकिएन ।

३५. **नियमको पालना :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३८ (४) मा कुनै आयोजनाको लागि मालसामान उपलव्ध गराउने वा निर्माण कार्य गर्ने फर्म र त्यससंग सम्वन्धित अन्य संस्था वा व्यक्तिले सोही आयोजनाका लागि परामर्श सेवा प्रदान गर्न र कुनै योजना तयार वा कार्यान्वयन गर्ने कामको लागि नियुक्त भएको परामर्शदात्री फर्म वा सो संग सम्वन्धित अन्य संस्था वा व्यक्तिले त्यस्तो आयोजनाको लागि मालसामान आपुर्ति गर्न सक्ने छैन भन्ने व्यवस्था रहेको छ । निर्देशनालयले ग्लोबल लिक टेक्नोलोजीसंग कम्प्युटर र फोटोकपी मर्मतको परामर्श सेवा लिने गरी मिति २०७२।६।९ मा सम्झौता भई ४ पटक सम्म सोही व्यवसायीसंग परामर्श लिने गरी मासिक रु. २२१००। मा सम्झौता नविकरण गरेको देखिन्छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३८ (४) विपरीत सो व्यवसायीवाट रु१४०६७३४।– सामग्रीहरु खरिद गरेको हुंदा नियमित नदेखिएको ।

३६. **वरवुझारथ :** आर्थिक कार्यविधी ऐन २०५५ को दफा २५ एवं नियमावली २०६४ को नियम५५ वमोजिम , जिन्सी मालसामाने, जिम्मा लिने कर्मचारी सरुवा, वढुवा, अवकाश प्राप्त गरी वा अन्य कुनै कारणले आफु कार्यरत कार्यालय छोडी जांदा वा सो कामबाट अलग हुंदा २१ दिनभित्र वरवझारथ गर्नुपर्ने व्यवस्था रहेको छ । यस निर्देशनालयवाट सरुवा अवकास र पदावधि समाप्त भैसकेका मन्त्री आयोजना निर्देशिन मन्त्रालयका कर्मचारी तथा पदाधिकारीहरुले मुल्यका सामग्रीहरु हालसम्म पनि प्रयोग गरिराखेको हुंदा सरुवा अवकास र पदावधी समाप्त हुंदा अनिवार्य रुपमा (जिन्सी) दाखिला नगरेकोले निर्देशनालयले उक्त १४५६२४७६।– जिन्सी सामग्री अविलम्व फिर्ता माग गर्नुपर्ने देखिन्छ । अन्यत्र प्रयोगमा दिइएको सवारी साधनको लागि यस आयोजन कार्यान्वयन निर्देशनालयले रु. २७०७२२।– मर्मत खर्च व्यहोरोको देखिन्छ । यसरी अख्तीयारी वेगर खर्च गरेको देखिन्छ भने गाडी प्रयोग गर्ने कार्यालयले पनि यस्ता मर्मत खर्च गर्ने हुंदा खर्च नियन्त्रित नभै दोहोरो पर्न सक्ने जोखिम समेत रहेको देखिन्छ ।

३७. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४६ को उपनियम २ मा सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत श्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्वन्धित कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । निर्देशनालयले परामर्शदातालाई कार्यालय सामान (फर्निचर, फोटोकपी कम्प्युटर आदी) खरिदका लागि के कति रकम भुक्तानी भएको थियो र के कस्ता सामग्री कति परिमाणमा खरिद भएको हो सो को अभिलेख जिन्सी खाता क्रस चेक गरी यकिन गर्नका लागि आयोजना कार्यान्वयन निर्देशनालयमा राख्ने गरेको पाईएन । जस्ले गर्दा परामर्शदाताले जे जति कार्यालय सामान उपकरण आयोजना कार्यान्वयन निर्देशनालयलाई वुझायो सो सामान मात्र (रुजु एवं एकिननै नगरी)आयोजनाको जिन्सी खातामा अभिलेख गर्नुपर्ने स्थिति रहेको देखिन्छ ।

३८. **सवारी साधन फिर्ता :** कार्यालयले सम्झौता वमोजिम निर्माण व्यवसायीलाई निर्माण कार्यमा सहयोगका लागि उपलव्ध गराएका सवारी साधन सम्झौता अवधि समाप्ति पश्चात फिर्ता लिई कार्यालयको खातामा आम्दानी वाध्नु पर्दछ । ११ मे २०१४ को त्रिपक्षीय वैठकको निर्णय तथा २०७१।५।४ को निर्देशनालयको म्याद थपको निर्णय समेतका आधारमा ठेक्का कार्य अन्तर्गत खरिद भएका देहाय अनुसारका रु.४,१२६८६०।– मुल्य वरावरका विभिन्न ४ सवारी साधन हालसम्म निर्माण व्यवसायीवाट हस्तान्तरण भई कार्यालयको स्वामित्वमा आई नसकेको हुंदा निर्देशनालयले ति सवारी साधन सम्वन्धित निर्माण व्यवसायीवाट फिर्ता लिई कार्यालयमा आम्दानी जनाउनुपर्दछ ।

३९. **बैठक भत्ता :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम १२१ मा यस नियमावली वमोजिम गठन भएका समितिको वैठक कार्यालय समयभित्र हुन नसकी कार्यालय समय वा पछी गर्नु परेमा त्यस्तो वैठकमा उपस्थित हुने सदस्यलाई अर्थ मन्त्रालयले तोके वमोमिको दरमा वैठक भत्ता दिइने व्यवस्था रहेको छ । यस निर्देशनालयबाट भुक्तानी भएका वैठक भत्ताहरु भुक्तानी हुंदा कार्यालय समय अघिपछि वैठक वसेको प्रमाण वेगरनै भुक्तानी भएको देखिएकोले यस्ता खर्च हरु गर्दा वैठक वसेको समय र अन्तर कार्यालय प्रतिनिधिरहेको प्रमाण बेगरनै रु ७,२०,०००/-खर्च भएकोले यस्ता खर्चहरु नियन्त्रण हुनुपर्दछ ।

४०. **अग्रिम कर** : आयकर ऐन २५८ को दफा ८९ (१) मा वस्तु वा सेवा प्रापकले त्यस्तो वस्तु वा सेवा वापतको रु. ५,०००।– भन्दा वदिको भुक्तानीमा १.५ प्रतिशतका दरले कर कट्टी गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ। निर्देशनालयले विभिन्न तीन सेवा प्रदायकलाई रु. ५८४४९८।– भुक्तानी गर्दा ऐन वमोजिम कट्टी गर्नुपर्ने रु. ७६८ अग्रिमकर कही नगरी भुक्तानी दिएको छ निर्देशनालयले स्रोत खर्च गर्दा कानून वमोजिम लाग्ने कर कट्टी गरी भुक्तानी दिनु पर्दछ । ऐन वमोजिम लाग्ने कर रु.८७६८। कट्टी गरी राजस्व खातामा दाखिला गनुर्दछ ।

४१. **धरौटी :** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ६८ (१) मा प्रत्येक कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोवारको लेखा अनुसूची १ वमोजिमको ढांचामा गौश्वारा धरौटी खाता र अनुसूची ११ वमोमिको ढांचामा व्यक्तिगत धरोटी खाता अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था रहेको छ । निर्देशनालयल यस आ.व. को अन्त्यमा आर्थिक विवरण अनुसार वांकी देखिएको रु.२४२३१२१६३।२२ रकमको व्यक्तिगत धरौटी खाता राखेको नदेखिएकोले सो खाता राखेको प्रमाण पेश गर्नुपर्दछ ।

४२. **धरौटी फिर्ता :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ (२) तथा अर्थ मन्त्रालयको राजस्व व्यवस्थापन महाशाखाको परिपत्र अनुसार मुल्य अभिवृद्धिकर समायोजन गरेको पत्रको आधारमा निर्माण व्यवसायीलाई धरौटी फिर्ता गर्नुपर्ने उल्लेख छ । निर्देशनालयले विभिन्न निर्माण व्यवसायीहरुलाई सो वेगर रु.६८९६८८८।२६ धरौटी फिर्ता गरेको छ । निर्देशनालयले कानूनमा भएको व्यवस्था पालनामा ध्यान दिनुपर्दछ ।

४. तेश्रो साना शहरी खानेपानी आयोजना

१ **आयोजना छनौट :** तेश्रो साना सहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत आयोजना सञ्चालनका लागि २६ वटा शहरहरु छनौट गरिएको छ । ति मध्ये पहिलो चरणमा १२ वटा र दोश्रो चरणमा १४ वटा कार्यान्वनमा ल्याउने उल्लेख गरेको देखिन्छ । आयोजनाले आ.व.२०७२।७३ सम्म १० वटा शहरमा निर्माण कार्यको सम्झौता भई कार्यारम्भ भएको जनाएको छ ।

२ **आयोजना निर्माणको हिस्सा तथा हिस्सेदारहरु :** आयोजना व्यबस्थापन सम्बन्धी प्रबिधिक परामर्शदाताको खर्च तथा प्रशासनिक सम्बन्धी सबै खर्च नेपाल सरकारले व्यहोर्ने छ । खानेपानी संरचना निर्माणमा ७०%, सरसफाई संरचनामा निर्माणको ८५% नेपाल सरकारले अनुदान दिने व्यबस्था रहेको छ। बाँकी रकम स्थानिय उपभोक्ताहरुवाट ५% अग्रिम नगद र २५% नगर बिकास कोषले ऋण उपलव्ध गराउने व्यबस्था छ । आयोजनाले उपलव्ध गराएको बिबरण अनुसार यो बर्ष सम्म नेपाल सरकारको स्रोत तर्फ रु.२३,९८,५९,६६१।६४, ए.डि.बि. तर्फ रु.७५,५७,७४,३६०।६८ र उपभोक्ता समितिको रु.२१,४०,०३,११३।९२ समेत रु.१,२०,९६,३७,१३६।२४ खर्च भएको छ। ए.डि.बि. तर्फको खर्च मध्ये रु.४३,३९,४७,१८३।२१ सोधभर्ना हुन बाँकी रहेको देखिंदा सोधभर्ना लिनु पर्ने देखिएको छ ।

३ **आषाढ महिनाको खर्च :** आयोजनालाई प्रदान गरिएको वार्षिक कार्यक्रम तथा अख्तियारी २०७२।७३ अनुसार प्रथम, दोश्रो, तथा तेश्रो तिनवटै चौमासिकमा संचालन गरिने कार्यक्रम/क्रियाकलाप तथा सो का लागि लाग्ने बजेट खर्चको सीमा निर्धारण गरिएकोमा आयोजनाले तेश्रो चौमासिकमा ५५.९३ प्रतिशत देखि ७८.१५ प्रतिशत सम्म तथा आषाढ महिनामा मात्र ३१.०२ प्रतिशत देखि ६९.१८ प्रतिशत सम्म खर्च गरेको पाईयो । यसरी आर्थिक वर्षको अन्ततिर मात्र अधिक मात्रामा कार्य सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दीगोपनामा समेत नकारात्मक असर पर्ने स्थिति रहन्छ ।

४ **कार्यक्रम तथा प्रगति :** आयोजनाबाट पेश भएको ०७२।७३ को वार्षिक कार्यक्रम र प्रगति विवरण अनुसार १२ कार्यक्रमको लागि बार्षिक लक्ष्यनुसार भौतिक प्रगति ८७.४७% र बित्तीय प्रगति ८८.०० प्रतिशत भएको देखिन्छ । आयोजनाले राष्ट्रिय योजना आयोगको ढाँचामा प्रगति बिबरण तयार गरेको देखिएन । आयोजनाले राष्ट्रिय योजना आयोगको ढाँचामा प्रगति बिबरण तयार गर्नु पर्दछ। आयोजनाले पेश गरेको यो वर्षको प्रगति स्थिति निम्नानुसार रहेको छ ।

बिदुर नगर बिकास आयोजना निर्माण कार्यको लागि रु.९३३१५८९५३।०२ को ल.ई. तयार गरी ADB Procurement Guideline अनुसार Single Stage Two Envelope खरिद प्रक्रिया अनुरुप International Competition Bidding (ICB) आह्वान गरिएकोमा दाखिला भएका बोलपत्रहरु मध्ये बोलपत्र मुल्याङ्कन समितिवाट CICO/ Kalika/Tundi JV को कवोल अङ्क ८१०८२०१५५।५९ बोलपत्र सिफारिस भए पश्चात मिति २०७२।१०।२४ मा महानिर्देशकवाट स्वीकृत भएको छ। २६ मे, २०१८ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २७ मे, २०१६ मा सम्झौता भएको यस निर्माण कार्यको सम्झौता पश्चात रु.५३२१६९००। कार्य परिचालन पेश्की भुक्तानी भएको छ ।

तनहुँको डुम्रे नगर बिकास आयोजना निर्माण कार्यका लागि रु.१५५९७४०१३। लागत अनुमान तयार गरी ADB Procurement Guideline अनुसार खरिद प्रक्रिया अनुरुप International Competition Bidding (ICB) आह्वान गरिएकोमा पर्न आएको वोलपत्र हरु मध्ये बोलपत्र मुल्याङ्कन समितिवाट Prera Nirman Sewa को रु.१३९४२०६४६।५५ को वोलपत्र सिफारिस भए पश्चात महानिर्देशक वाट स्वीकृत भएको छ । ८ डिसेम्वर २०१७ भित्र कार्य सम्पन्न गर्ने गरी ९ जनवरी २०१५ मा सम्झौता भएको यस निर्माण कार्यको लागि आ.व. २०७२।७३ मा २ वटा IPC वाट रु.१२८५०४४०।३९ र कार्य परिचालन पेश्की रु.६१०००००। समेत रु.१८९५०४४०।३९ भुक्तानी भएको छ। यस सम्बन्धमा निम्न व्यहोरा देखियो ।

५ **कर बीजक :** तनहुँको डुम्रे नगर बिकास आयोजना निर्माण अन्तर्गत एक व्यवसायीसंग भएको सम्झौताको दफा (G.C.C.को) ६०.२ मा Day Works अन्तर्गत ज्यामीको ज्याला र उपकरणको रकम भुक्तानी गर्दा पुर्व स्वीकृति लिइ त्यस अन्तर्गत भएका कार्यको अभिलेख राख्नुपर्ने र प्रोभिजनल समको रकम भुक्तानी गर्दा कर बिजक पेश गर्नुपर्ने उल्लेख गरेकोमा सो बेगर देहाय अनुसार प्रोभिजनल सम वापत रु.६,२७,२७८।- रकम भुक्तानी गरेको छ । कर बिजक तथा प्रमाण कागजात बेगर भुक्तानी गरिएको उक्त रकम मध्ये लागत साझेदारी अनुसार आयोजनालाई रु.४,३९,०९५।- थप व्ययभार हुने गरी भुक्तानी भएको अनियमित देखिएको छ ।

६ **नापी कितावमा नचढेको :** आयोजना व्यबस्थापन कार्यालयले तनहुँको डुम्रे नगर बिकास आयोजनाको सिभिल कार्य अन्तर्गतको बि.ओ.क्यू. को आइटम नः ८ को Dismantaling कार्यको दोश्रो IPC वाट प्रति घनमिटर रु.३२५९।२० का दरले ५.७४ घ.मि.को मुल्य अभिबृद्दि कर समेत रु.२११४०। निर्माण सेवाको नाममा भुक्तानी खर्च लेखेको बिल सम्बन्धी नापी किताव परिक्षण गर्दा उक्त Dismantal सम्बन्धी कार्य नापी कितावमा प्रबिष्टी भएको पाइएन । अतः नभएको कार्य समेत भएको भनि रनिङ्ग बिल वाट खर्च देखाएको उक्त कार्यको भुक्तानी वाट लागत साझेदारी अनुसार आयोजनालाई रु.१४७९८। थप व्ययभार परेकोले अशुल फछ्र्यौट गर्नुपर्दछ ।

७ **वोलपत्र स्वीकृत :** सार्बजनिक खरिद ऐन, २०६४ को दफा २६.१ (ख) मा सार्बजनिक निकायले जारी गरेको सुचना अनुसार पर्न आएको वोलपत्रको अंक लागत अनुमान भन्दा सारभुत रुपमा बढीभएमा अस्वीकृत वा खरिद कार्य रद्द गर्न सक्ने उल्लेख छ । त्यस्तै सोही ऐनको दफा २७ (१) मा सारभुत रुपमा प्रभावग्राही बोलपत्र मात्र स्वीकृतिकोलागी छनौट गर्नुपर्ने उल्लेख छ । बिर्तामोड नगर आयोजना निर्माण आयोजना व्यबस्थापन कार्यालयले प्रकाशित सुचनामा पर्न आएको एक निर्माण व्यवसायीको वोलपत्र रकम बिभागिय ल.इ.भन्दा १६.९१ प्रतिशत बढी भएको र एशियाली बिकास बैंकबाट बोलपत्रको रकम घटाउन निर्माण सेवासंग संभ्कौता गर्ने सहमति पत्रानुसार गरेको उल्लेख गरी रु.३,२४,८९,०५१।९० (बिभागिय ल.ई.भन्दा १.१६ प्रतिशत बढी) को वोलपत्र स्वीकृत तथा सम्झौता गरी निर्माण कार्य गराएको छ। आयोजना व्यबस्थापन कार्यालयले बिभागिय ल.ई. भन्दा रु.३,६१,३३४।०९ बढी को बोलपत्र स्वीकृत गरेको कारण लागत साझेदारी बमोजिम आयोजनालाई रु.२,५२,९३४। बढी खर्च लाग्ने देखिन्छ ।

८ **डे वर्कस तथा प्रोभिजनल समको भुक्तानी :** निर्माण सेवा संग भएको सम्झौताको दफा (जि.सि.सि.को) ६०.२ मा Day Workक अन्तर्गत ज्यामीको ज्याला र उपकरणको रकम भुक्तानी गर्दा पुर्व स्वीकृति लिइ त्यस अन्तर्गत भएका कार्यको अभिलेख राख्नुपर्ने र खर्च सृजना भएको २ दिन भित्र आयोजना प्रमुखवाट त्यस अन्तर्गत भएको खर्च लाई स्वीकृति जनाइसक्नुपर्ने साथै प्रोभिजनल समको रकम भुक्तानी गर्दा कर बिजक बिल पेश गरेपश्चात बिल बमोजिमको रकम सोध भर्नाको रुपमा भुक्तानी हुने उल्लेख छ। कार्यालयले यस निर्माण कार्यको निर्माण सेवालाई प्रोभिजनल समको रु.८२,३८९। भुक्तानी गरेकोमा उपरोक्त बमोजिम प्रोभिजनल समको रकम कर बिजक बिल भन्दा बढी भुक्तानी दिएकोले लागत साझेदारी अनुसार आयोजनालाई रु.५७,६७२।- थप व्ययभार परेको देखिन्छ ।

९ **बीमा :** आयोजना व्यबस्थापन कार्यालयले बिमा वापत भुक्तानी हुने रकमलाई प्रोभिजनल सममा राखि निर्माण सेवा सँग सम्झौता गरेको पाइयो । सार्बजनिक निकायले प्रोभिजनल समको बिल बमोजिम हुन आउने रकम सोध भर्नाको रुपमा भुक्तानी गरिनु पर्दछ । आयोजना व्यबस्थापन कार्यालयले यस निर्माण सेवालाई प्रथम IPC को रकम भुक्तानी गर्दा बिल अफ क्वान्टिटीमा उल्लेख भएको रु.३,००,०००। रकम सम्म बिल बमोजिम भुक्तानी दिनुपर्नेमा युनाइटेड इन्सुरेन्स कम्पनी को बिमाको प्रिमियम तिरेको कर बिजक बिल पेश गरी रु.५,१८,५६८। भुक्तानी दिएकोले रु.२,१८,५६८। बढी भुक्तानी दिएकोले लागत साझेदारीको आधारमा आयोजनालाई रु.१,५२,९९८। थप व्ययभार पारेको छ ।

१० **बढी भुक्तानी :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) मा रकम खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । आयोजना व्यबस्थापन कार्यालयले प्रथम बील को रकम भुक्तानी गर्दा को आईटम नम्बर ४ को माटोपुर्ने काम को २५१३.३८ घ.मि.को प्रति घ.मि.को रु.१००

का दरले रु.२५१,३३८। भुक्तानी भएको सम्बन्धमा नापी किताव परीक्षण गर्दा तपशिल बमोजिम १५.३२५ घ.मि.को मात्र कार्य हुन गई रु.१५३३। भुक्तानी हुनुपर्नेमा नापी कितावमा जोड जम्मा फरक पारी वास्तबिक कार्य परीमाण भन्दा २४९८ घ.मि. बढीको मुल्य अभिबृद्दि कर थप समेत रु.२,८२,२८०। बढी भुक्तानी भएकोले लागत साझेदारी अनुसार आयोजनालाई थप व्ययभार पारेको रु.१,९७,५९६। अशुल फछ्र्यौट हुनुपर्ने देखिएको छ ।

११ **वोलपत्र स्विकृत :** सार्बजनिक खरिद ऐन, २०६४ को दफा २६.१ (ख) मा सार्बजनिक निकायले जारी गरेको सुचना अनुसार दाखिला भएका वोलपत्रको अंक लागत अनुमान भन्दा सारभुत रुपमा बढीभएमा अस्वीकृत वा खरिद कार्य रद्द गर्न सक्ने उल्लेख छ । त्यस्तै सोही ऐनको दफा २७ (१) मा सारभुत रुपमा प्रभावग्राही बोलपत्र मात्र स्वीकृतिकोलागी छनौट गर्नुपर्ने उल्लेख छ । इटहरी नगर आयोजना निर्माण कार्यको आयोजना व्यबस्थापन कार्यालयले प्रकाशित सुचनामा पर्न आएको एक निर्माण व्यवसायीको को वोलपत्र रकम बिभागिय ल.इ.भन्दा रु.५२१७५२।४३ (०.४३% बढी) को बोलपत्र स्वीकृत तथा सम्झौता गरी निर्माण कार्य गराएको छ । आयोजना व्यबस्थापन कार्यालयले बिभागिय ल.ई. भन्दा बढी रकमको बोलपत्र स्वीकृती गरेको कारण लागत साझेदारी बमोजिम आयोजनालाई रु.३६५२२७। बढी खर्च लाग्ने देखिन्छ ।

१२ **बिल अफ क्वान्टिटीमा नपरेको कार्यको भुक्तानी :** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा पुर्ब अनुमान गर्न नसकिने कामको लागि प्रबिधिक पुष्ट्याई सहित भेरिएसन जारी गर्नुपर्ने व्यबस्था छ। बिरेन्द्रनगर नगर आयोजना निर्माण कार्यको प्रथम बिल भुक्तानी गर्दा अन्य स्रोतसंग सम्बन्धित बीलअफ क्वान्टीटीमा नपरेको २२५ mm Dia को 10kg/CM को १४० रनिङ्ग मिटर एच डी पि पाइप प्रति रनिङ्ग मिटर ४६५१.३६ ले रु.६५११९०।४० भुक्तानी खर्च लेखेकोमा के कस्तो परिमाणमा थप घट भइ भुक्तानी दिनुपरेको हो, सो को प्राबिधिक पुष्ट्याई सहित भेरिएसन आदेश जारी गरेको पाइएन । अत: निर्माण कार्य सुरु भइसकेपछी प्रबिधिक कारणले त्यस्तो कार्यको परिमाण थप–घट, नया आइटम थप आदि गर्दा प्रबिधिक पुष्ट्याई सहितको भेरिएसन आदेश वेगर नया कार्यको भुक्तानी दिइएकोले मु.अ.कर समेत आयोजनालाई रु.५१५,०९२। थप व्ययभार परेको देखिएको छ ।

१३ **पुर्वनिर्धारित क्षतिपूर्ति :** सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२१(क) मा आपुर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यबसायीको ढिलाइको कारणले खरिद सम्झौता बमोजिम काम सो सम्झौतामा तोकिएको म्याद भित्र सम्पन्न हुन नसकेमा निजले सार्बजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पुर्बनिर्धारित क्षतिपुर्ति दिनुपर्ने उल्लेख छ । बिभिन्न स्थानको निर्माण कार्य मध्ये तम्सरीया, सुडा र बिरेन्द्रनगरको डिप वेलको ड्रिलिङ्ग तथा स्टलेसन कार्य २०७३ बैशाख मसान्त भित्र सम्पन्न गरी दोश्रो बिलवाट रु.१०७७६८१०। भुक्तानी भएको भए तापनि बाँकी १ स्थान लालबन्दीको कार्य २०७३ असोजमा मात्र सम्पन्न गरी तेश्रो तथा अन्तिम IPC को रु.३६३००१२। Certified सहित भुक्तानीको लागि फरवार्ड गरेको देखिएकोले दोश्रो म्याद थप अवधि २०७३ आषाढ ३१ भन्दा ६२ दिन ढिलो कार्य सम्पन्न भएको देखिन्छ । यस सम्बन्धमा व्यबस्थापनवाट IPC Covering मिति जनवरी देखि अप्रिल २०१६ उल्लेख गरेको भए तापनि खरिद सम्झौताको बुदा नं.६९ मा उल्लेख गरेको सर्त बमोजिम तेश्रो तथा अन्तिम IPC को काम १८ सेप्टेम्बर २०१६ मा मात्र सम्पन्न भई Certified सहित 3rd IPC Forward गरेको पाइएकोले सम्झौतामा उल्लेख भएको अन्तिम अवधि (दोश्रो पटकको म्याद थप) भित्र समेत कार्य सम्पन्न नगरी बिलम्व गरेको कारण सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२१ बमोजिम सम्झौता बमोजिम ०.०५ प्रतिशतका दरले रु.४१८१६६। पुर्बनिर्धारित क्षतिपुर्ति अशुल फछ्र्यौट हुनुपर्ने देखिएको छ ।

१४ **परामर्श सेवा खर्च :** आयोजनाले बिभिन्न जिल्ला स्थित खानेपानी आयोजना सञ्चालनका लागि डिजाइन तथा सुपरीवेक्षण गर्न, नगर बिकास कोषको क्षमता अभिवृद्धि डिजाइन रिभ्यू एण्ड टेक्नीकल असिस्टेण्ट आदिको लागि परामर्शदाता छनौट गरी कार्य सञ्चालन गर्दै आएको छ । परामर्श सेवाको लागत अनुमान सम्बन्धी बिगत बर्ष देखिको एकिकृत बिबरण माग गरेकोमा सो को बिबरण प्राप्त नभए तापनि परामर्श सेवामा गत बर्ष सम्म रु.४,२९,७३,०००।- र यो बर्ष रु.९,८८,९६,०००।- समेत रु.१४,१८,६९,०००।- खर्च गरेको देखियो । आन्तरिक जनशक्तिवाट कार्य सम्पादन हुन नसक्ने स्पष्ट आधार खुलाएको र मन्त्रालयवाट नर्म्स समेत स्वीकृत भएको देखिदैन । परामर्श सेवाले समेत आयोजनाको लागतमा बृद्धि हुन सक्ने हुँदा त्यस तर्फ आयोजनाले ध्यान दिनु पर्ने देखिन्छ ।

१५ **क्षमता अभिबृद्ध कार्यक्रम :** मुल्य अभिबृद्दि कर नियमावली, २०५३ को दफा ६(क) मा सरकारी निकाय, सार्बजनिक सँघ सँस्थाले बार्षिक एक लाख रुपैया भन्दा बढीको परामर्श सेवा लिदां दर्ता भएको व्यक्ती सँग मात्र लिनुपर्ने व्यबस्था छ । कार्यालयले नगर बिकास कोषको क्षमता अभिबृद्दि गर्न Expression of intrest को सुचना प्रकाशन गरी Individual Consultants सँग रु.३९१६०८००। को सम्झौता गरेको देखियो । परामर्शदाताहरु मुल्य अभिबृद्धि करमा दर्ता भएको देखिदैन । नियम बिपरित परामर्शदाताहरु छनौट भएको

कारण मुल्य अभिबृद्धि कर वापतको राजश्व असुल नहुने हुँदा राजश्वमा असर पर्ने देखिएकोले नियमको व्यबस्था पालना गर्नु पर्दछ । नियम बिपरित सम्झौता गरी यो बर्ष भुक्तानी दिएको रु.३५,३०,४०२।- अनियमित देखिएको छ ।

१६ **पारिश्रमिक कर :** कार्यालयले परामर्शदाता छनौट गरी सम्झौताको लागि नगर बिकास कोषमा पठाउने र नगर बिकास कोषवाट सोधभर्ना भुक्तानी माग भए बमोजिम नगर बिकास कोषलाई भुक्तानी गरेको देखिन्छ । परामर्शदाताले कार्यबिबरण अनुसार कार्य गरे नगरेको बिबरण लेखापरीक्षणमा पेश भएको छैन । नगर बिकास कोषबाट माग भए बमोजिम बिभिन्न ६ परामर्शदातालाई यो बर्ष रु.३५३०४०१।९७ भुक्तानी गर्दा पारिश्रमिक कर वापत कट्टि गर्नुपर्ने रु.५२९५६०।३० दाखिला भएको भौचर पेश नभएकोले सो को प्रमाण पेश गर्नुपर्दछ ।

१७ **परामर्श सेवा :** मूल्य अभिबृद्दि कर नियमावली, २०५३ को दफा ६(क) मा सरकारी निकाय, सार्बजनिक सँघ सँस्थाले बार्षिक एक लाख रुपैया भन्दा बढीको परामर्श सेवा लिदां दर्ता भएको व्यक्ती सँग मात्र लिनुपर्ने व्यबस्था छ । आयोजनाले परामर्श सेवा दिनको लागि Design Review and Technical Assistant Consultant (DRTAC) रहने र सो सेवा Individual Consultant वाट लिने निर्णय गरिएको देखिन्छ । Individual Consultants सँग रु.९४,८७,८००।- को सम्झौता गरेकोमा परामर्शदाताहरु मूल्य अभिबृद्दि करमा दर्ता भएको देखिदैन । नियम बिपरित परामर्शदाताहरु छनौट भएको कारण मुल्य अभिबृद्धि कर वापतको राजश्व असूल नहुने हुँदा राजश्वमा असर पर्ने देखिएकोले नियमको व्यवस्था पालना गर्नु पर्दछ ।

१८ **भवन निर्माण :** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्बजनिक निकायले निर्माणस्थलको व्यबस्था नभै निर्माण कार्यको खरिद कार्वाही सुरु गर्न नहुने व्यबस्था छ । बिभागको पुरानो भवन भत्काउने सम्बन्धमा नेपाल सरकार (आधिकारीक) निर्णय भएको देखिदैन । पुरानो भवन भत्काउने सम्वन्धमा ठेक्का सम्झौता भएको छैन । उपर्युक्त स्थितिमा नयाँ भवन निर्माणको लागि (डिजाइन तथा सुपरिवेक्षण) परामर्शदाता सँग रु.१,११,०२,८०९।३५ को सम्झौता गरी पेश्की समेत रु.३०,६९,२७५।- भुक्तानी दिएको छ । यस अवस्थामा परामर्शदाता नियुक्ती गर्नु नियम सम्मत नदेखिएकोले आयोजनाले स्पष्ट गर्नु पर्दछ ।

१९ **परामर्श सेवा :** परामर्श सेवाको लागत अनुमान रु.१,११,०३,८२६।३५ स्वीकृत भएकोमा उक्त लागत अनुमान तयार सम्बन्धी आधार लेखापरीक्षणमा पेश भएको छैन । लागत अनुमान भन्दा ०.००९१% अर्थात रु.१०१७।- कम रहेको कारण उल्लेख गरी कबोल अंक स्वीकृत गरी सम्झौता भएको छ । आयोजनाले Phase 1 DPR तयारी वापत रु.४०,००,०००।- र Phase II तर्फ Super vision वापत रु.४६,४०,०००।- मु.अ.कर वाहेक भुक्तानी दिने गरी सम्झौता गरेको छ । बिभाग परिसर भित्र रु.१४,१४,००,०००।- को लागतमा निर्माण भइ रहेको नयाँ भवनको सुपरिवेक्षण सम्बन्धी सम्पुर्ण कार्य मर्मत संभार डिभिजनलाई तोके बमोजिम कार्य भैरहेकोमा आयोजनाले निर्माण गर्ने नयाँ भवनको लागि पारिश्रमिक दिने गरी परामर्शदाता नियुक्ति गर्दा व्ययभार बढ्ने देखिएको छ ।

२० **लागत अनुमानमा कन्टेन्जेन्सी :** लागत अनुमान गर्दा कन्टिन्जेन्सी खर्च समावेश गर्न नमिल्नेमा कार्यालयले रु.४,४६,४९५।- लागत अनुमानमा समावेश गरेको र परामर्शदाताले समेत सोही अंक उल्लेख गरेकोमा सो लाई समावेश गरी सम्झौता गरेको देखिन्छ । परामर्श सेवाको लागत अनुमानमा कन्टिन्जेन्सीको अंक समावेश गर्न मिल्ने देखिदैन । यद्यपी आयोजनाले कन्टिन्जेन्सीको रकम र प्रोभिजनल समको रु.४,५०,०००।- आयोजनावाट स्वीकृत गराई उपयोग गर्न सक्ने उल्लेख गरेको छ ।

२१ **सवारी साधन :** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान गर्दा चालु वा अघिल्लो आ.व.मा खरिद भएको सोही प्रकृतिको सामानको वास्तबिक लागत, प्रचलित दरभाउ र उद्योग वाणिज्य संघले जारी गरेको दररेट समेतलाई आधार लिनु पर्ने व्यबस्था छ । आयोजनाले २०७३ बैशाख २३ मा ३ वटा सवारी साधनको टेक्निकल स्पेसिफिकेशन अनुसार रु.२०००१०००।- (मु.अ.कर समेत) को लागत अनुमान तयार गरेकोमा लागत अनुमानको आधार देखिदैन । आयोजनाले प्राप्त भएका टोयोटा हिलुक्स, फोर्ड रेङ्गोर, इसुजुको कोटेशनलाई लागत अनुमान गरेको आधार उल्लेख गरे तापनि निसान नभारा खरिद गर्ने गरी सम्झौता भएकोले लागत अनुमान र खरिद बिच तादात्म्यता देखिदैन । सवारी साधान खरिदमा समेत लागत अनुमान र खरिद बिच रु.११७६०००। फरक परेकोले लागत अनुमान भरपर्दो देखिन आएन ।

सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्बजनिक निकायले १० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको मालसामान खरिद गर्दा वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने व्यबस्था छ । आयोजनाले यो बर्ष रु.१७,४९,०००। को मोटर साइकल सोझै खरिद गरेकोले सार्बजनिक खरिद नियमको व्यबस्था पालना गरेको देखिएन ।

२२ **कार्यक्रम संसोधन :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम २४ मा स्वीकृत बार्षिक कार्यक्रम संसोधन गर्न परेमा तालुक मन्त्रालयको स्वीकृति लिनुपर्ने व्यबस्था छ । आयोजनाको बार्षिक कार्यक्रममा यो बर्ष ३ वटा मोटरसाइकल खरिद गर्ने उल्लेख भएकोमा कार्यक्रम संसोधन नगरी २०७३।३।३० मा १० वटा

खरिद गरेको देखियो । बार्षिक कार्यक्रम संसोधन नगरी खर्च गर्दा अनावश्यक रुपमा व्ययभार बढेको छ । यसको कारण नियमावलीको व्यबस्था पालना नगरिनु रहेको छ । कार्यक्रम संसोधन वेगर नै रु.१२,२४,३००।- को ७ वटा बढी मोटरसाइकल खरिद कार्य अनियमित देखिएको छ ।

२३ **खरीद योजना :** सार्बजनिक खरिद नियमावली २०६४ को नियम ८(५) अनुसार निकायको प्रमुखले चालु आर्थिक बर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भएपछी सो अनुसार यस नियमावली बमोजिम तयार भएको बार्षिक खरिद योजना परिमार्जन गरी स्वीकृत गराउनुपर्ने व्यबस्था छ । यस्तो योजनाहरुको एक एक प्रति तालुक कार्यालय र सार्बजनिक खरिद अनुगमन कार्यालयमा पठाउनुपर्ने व्यबस्था रहेकोमा सो अनुरुप भएको देखिएन । नियमावलीले गरेको व्यबस्था पालना गरिनु पर्ने देखिन्छ ।

२४ **प्रतिवेदन पेश नभएको :** भ्रमण खर्च नियमावली २०६४ को नियम १८ अनुसार भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भए पछि नियम अनुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरी भ्रमण प्रतिवेदनका साथ आवश्यक बिल भरपाइ सहित कार्यालयमा पेश गर्नुपर्ने व्यबस्था छ । उक्त व्यहोरा आन्तरिक लेखापरीक्षणवाट औंल्याइएकोमा लेखापरीक्षणा आंशिक प्रतिवेदन मात्र पेश भएको देखिन्छ । यस भौचरवाट बिभिन्न कर्मचारीलाई रु.१,६०,८६०।- दैनिक भ्रमण भत्ताको बिल भुक्तानी गरेकोमा भ्रमण प्रतिवेदन पेश भएको छैन । नियमावलीको व्यबस्था बमोजिम प्रतिवेदन पेश गरेर मात्र भुक्तानी दिनु पर्दछ ।

२५ **करारमा नियुक्ति :** निजामती सेवा ऐन २०४९ मा स्थायी कर्मचारीले गर्नुपर्ने काम ज्यालादारी वा करारमा कर्मचारी राखी गराउन नपाइने व्यवस्था छ । तेश्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना पानीपोखरी काठमाण्डौंले यो बर्ष पनि गत बर्ष देखि करारमा काम गर्दै आएका ७ जना कर्मचारी प्रतिश्पर्धा बेगर म्याद थप गर्दै सेवा करार लिएर रु. ८ लाख ७३ हजार खर्च लेखेको देखिन्छ । आवश्यकताको पहिचान र दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यबस्थापन हुनु पर्दछ ।

२६ **पेश्की बाँकी :** आर्थिक वर्षको अन्त सम्म विभिन्न २२ निर्माण व्यवसायीको नाममा बाँकी रहेको पेश्की रु.१७,९८,३६,२२४।- फछ्र्यौट गर्नुपर्दछ ।

दोश्रो साना सहरी खानेपानी आयोजना

१ नगर आयोजनाहरुको निर्माण स्थिति : सवै नेपालीहरुलाई बि.स.२०७५ को मध्य सम्म गुणस्तरिय खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउने उद्देश्य अनुरुप दोश्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना सञ्चालन हुदै आएको छ । एशियाली बिकास बैकको अनुदान सहयोगमा सञ्चालित आयोजना १४ जनवरी, २०१० वाट सुरु भै ३० जुन, २०१७ मा वन्द हुने उल्लेख छ । उक्त अनुदान सहायता अमेरिकी डलर ४ करोड ५१ लाख हुने उल्लेख छ । खानेपानी तथा आपूर्ति सेवा सुबिधाको लागि उपभोक्ता वर्गको सहलगानी रहने गरी हाल २१ नगर आयोजना सञ्चालनमा रहेको पाइयो । उक्त २१ नगर आयोजना र व्यास तथा इन्द्रपुर खानेपानी तथा सरसफाई आयोजना सञ्चालन समेतमा आ.व.०७२।७३ सम्म नेपाल सरकारको रु.११,५५,३३५।- एशियाली बिकास वैंकको रु.२२,४८,४१७।- र उपभोक्ता समितिको रु.२१,५७,९९५।- समेत जम्मा रु.५६,६१,७४७।- खर्च भएको छ । ए.डि.बि. स्रोत तर्फको खर्च मध्ये रु.२३,१०,६९,५६२।२० सोधभर्ना प्राप्त हुन बाँकी देखाएकोले उक्त रकम सोधभर्ना हुनु पर्ने देखिएको छ ।

२ **अन्तिम चौमासिक तथा आषाढ महिनाको खर्च :** आयोजनालाई प्रदान गरिएको वार्षिक कार्यक्रम तथा अख्तियारी २०७२।७३ अनुसार प्रथम, दोश्रो, तथा तेश्रो तिनवटै चौमासिकमा संचालन गरिने कार्यक्रम/क्रियाकलाप तथा सो का लागि लाग्ने बजेट खर्चको सीमा निर्धारण गरिएकोमा आयोजनाले तेश्रो चौमासिकमा ५७.९७ प्रतिशत देखि ६१.४५ प्रतिशत सम्म तथा आषाढ महिनामा २३.५१ प्रतिशत देखि ४८.७९ प्रतिशत सम्म खर्च गरेको पाईयो । यसरी आर्थिक वर्षको अन्ततिर मात्र अधिक मात्रामा कार्य सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दीगोपनामा समेत नकारात्मक असर पर्ने स्थिति रहन्छ ।

३ **जिन्सी निरीक्षण :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ५०(१) बमोजिम जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार मर्मत गर्नु पर्ने तथा लिलाम बिक्री गर्नु पर्ने सामानहरु समयमै व्यावस्थापन गर्नु पर्ने उल्लेख छ । आयोजनाले जिन्सी निरीक्षण गराए तापनि मर्मत तथा लिलाम बिक्रीको कार्य गरेको नदेखिएको व्यहोरा आन्तरिक लेखापरीक्षणवाट समेत औल्याइएकोमा सुधार भएको छैन । नियमावलीको व्यबस्था कार्यान्वयन गर्नु पर्दछ ।

४ **निर्माण कार्यमा ढिलाई :** सवै आयोजनाहरु निर्माण गर्न सन् २०११, २०१२, २०१३ र २०१५ को बिभिन्न मितिमा निर्माण व्यबसायी सँग सम्झौता भएकोमा तोकिएको शुरु मितिमा कुनैपनि आयोजना सम्पन्न भएको देखिदैन । उक्त आयोजनाहरुको सुरु सम्झौता मूल्य रु.४,३४,१७,५२,१०१। भएकोमा भेरिएसन थप समेत २०७२।७३ सम्म रु.४,७४,८८,६५,७५९। कायम भएको र रु.४,४७,९६,७३,९८३। भुक्तानी भैसकेको देखिन्छ । आयोजनाले उपलब्ध गराएको बिबरण अनुसार २०७३ आषाढ सम्म पनि रु.२,१४,९०,०१,३५७। मुल्यका

खानेपानी आयोजनाहरु बाग्लुङ्ग, दरख सुख्खड, नारायण, खाँदवारी, दुहवी, रामपुर, वैतडी, व्यास(२) र इन्द्रपुर निर्माण चरणमै रहेको देखिन्छ। पटक पटक म्याद थप भए तापनि आयोजना समयमै सम्पन्न नभएको कारण मुल्य समायोजन तथा परामर्श शुल्क भुक्तानी गर्दा आयोजनाको लागत बृद्धि हुँदै गएको र सेवा प्रवाहमा असर परेकोले १० नगर खानेपानी योजनाको निर्माण कार्य सन्तोषजनक देखिदैन । ठेक्काको शर्त सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न गर्नु गराउनु पर्दछ ।

५ **आयोजना हस्तान्तरण :** दोश्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना कार्यान्वयन निर्देशिका, २०६८ को भाग २, ३ (ट) ले नगर आयोजना अन्तर्गत निर्माण हुने सम्पुर्ण संरचनाहरु निर्माण सम्पन्न भईसके पछि नगर आयोजना सम्पन्न प्रतिवेदन तयार गरी सो प्रतिवेदनमा स्थानिय निकाय तथा उपभोक्ताको सहमति प्राप्त गर्ने तथा नगर बिकास कोषलाई उपलव्ध गराउने साथै नगर बिकास आयोजना कार्यालय खारेज भएपछि त्यहा रहेका आयोजनाका नक्सा तथा संचालन र सम्भारका लागि प्रयोगमा आएका भौतिक सामाग्री उपभोक्ता संस्थालाई हस्तान्तरण गर्ने व्यवस्था छ । सम्पन्न भएका नगर आयोजनाहरु निर्देशिका बमोजिम हस्तान्तरण गर्नु पर्दछ ।

६ **परामर्श सेवा खर्च :** आयोजनाले बिभिन्न जिल्ला स्थित खानेपानी आयोजना सञ्चालन गर्न सर्भे, डिजाइन लगायत निर्माण चरण देखि त्रुटी सच्याउने चरण सम्मको कार्य गर्न परामर्शदाता तथा गैर सरकारी संस्था छनौट गरी कार्यसञ्चालन गर्दै आएको छ। परामर्श सेवाको लागत अनुमान सम्बन्धी बिगत देखिको एकिकृत बिबरण माग गरेकोमा सो को बिबरण प्राप्त नभए तापनि परामर्श सेवामा गत बर्ष सम्म रु.४५,४९,९१,०००। र यो बर्ष रु.११,४१,४३,०००। समेत रु.५६,९१,३४,०००। खर्च भएको देखियो । जिल्ला स्थित खानेपानी आयोजना समयमै सम्पन्न हुन नसकेको कारण पटक पटक म्याद थप हुँदा परामर्शदाताको म्याद समेत थप्नु परेको अवस्था छ । जसको कारण योजनाको लागतमा समेत बृद्धि हुदै गएको छ। तोकिएको समयमै योजना सम्पन्न गरी लागत बृद्धि नियन्त्रण गर्न ध्यान दिनु पर्दछ ।

७ **नपाउने मूल्य :** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा १५ महिना भन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्दा मुल्य समायोजन गर्ने व्यबस्था रहेको छ। आयोजना व्यबस्थापन कार्यालय र टेक कन्सल्ट/इन्टिग्रेटेड कन्सल्टेन्ट जे.भी. बिच भएको परामर्श कार्य सम्बन्धी सम्झौताको (G.C.C.) दफा नं. ६२(a) मा परामर्श खरिद कार्यका बिभिन्न कम्पोनेन्ट मध्ये पारिश्रमिक कम्पोनेन्ट मात्र राष्ट्र बैंकबाट प्रकाशित राष्ट्रिय उपभोक्ता मूल्य सूची अनुसार सुत्रमा आधारित मुल्य समायोजनको गणना गर्ने र अन्य कम्पोनेन्टमा मुल्य बृद्दि समायोजन गर्न नपाउने उल्लेख छ । आयोजना व्यबस्थापन कार्यालयले टेक कन्सल्ट/इन्टिग्रेटेड कन्सल्टेन्ट जे.भी. लाई Invoice no 35 वाट रु.३८,९६,०६९।७६ खर्च लेखेको फाँटवारी परिक्षण गर्दा उपरोक्त सम्झौतामा उल्लेखित शर्त बिपरित कन्टिन्जेन्सी कम्पोनेन्टमा शशि कुमार ठाकुरको जनवरी महिनाको रु.५७,०००। पारिश्रमिकमा रु.२९,६०६ मुल्य बृद्दि थप गरी जम्मा रु.८६६०६। भुक्तानी दिएको र उक्त मुल्य बृद्दि वापतको रकम कन्टिन्जेन्सी खर्चमा लेखाङ्कन गरेको पाइयो। अतः सम्झौताको शर्त बिपरित मुल्य समायोजन गरी भुक्तानी गर्दा रु.२९,६०६। मु.अ.कर थप समेत थप व्ययभार परेको रु.३३४५५। अशुल हुनुपर्दछ ।

८ **असम्बन्धित खर्च :** सार्बजनिक लेखा समितिको मिति ०६९।१।०८ को निर्णयमा खरिद कार्यको बि.ओ.क्यू. मा सवारी साधन र अन्य उपकरण राखी सम्झौता गर्दा शिरोभार लागत बढ्न गएकोले लागत बृद्दि नियन्त्रण गर्न नीति बनाउने र अन्य मन्त्रालय समेत लाई जानकारी दिने उल्लेख छ । यसै गरी सार्बजनिक लेखा समितिवाट २०७२।५।४ मा आइन्दा बि.ओ.क्यू. वाट सवारी साधन तथा उपकरण खरिद नगर्ने र त्यसरी खरिद गर्ने गराउनेलाई कारवाही गर्न व्यबस्था गर्ने भनी पुनः निर्णय भएको छ । आयोजना व्यबस्थापन कार्यालयले परामर्श सेवा सम्बन्धी टेक कन्सल्ट/इन्टिग्रेटेड कन्सल्टेन्ट जे.भी.सँग सवारी साधन र उपकरण समेत Provisional sum मा राखी सम्झौता गरेको मध्ये बील नं.६ वाट उक्त परामर्शदातालाई ल्यापटप को रु.६८,२००।- जिरोक्स पेजरको रु.५३,४५०। समेत जम्मा रु.१२१,६५०। को भुक्तानी गरेको पाइयो । परामर्श सेवा खरिद सम्झौता गर्दा सम्झौताको बुँदामा परामर्शदाताले बि.ओ.क्यू. मा राखी खरिद गरी भुक्तानी लिएको सवारी साधन तथा अन्य उपकरणहरु परामर्शताको सम्झौता अवधि सम्पन्न भए पश्चात आयोजनालाई हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । आयोजनाले परामर्शदातालाई Bill of Quantity मा उल्लेख भए बमोजिमको के कति सवारी साधन र उपकरण खरिद भएको हो सो को अभिलेख राख्ने गरेको नपाइएकोले आयोजना सम्पन्न भए पश्चात आयोजनाको नाममा खरिद भएका सवारी साधन र उपकरण हस्तान्तरण हुने सुश्चितता देखिएन ।

९ **बिल बेगर भुक्तानी :** आर्थिक कार्यबिधी नियमावली, २०६४ को नियम ३६(३) मा रकम खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यबस्था छ । साथै आयोजना व्यबस्थापन कार्यालयले संरचना निर्माण कार्यको बिभिन्न चरणमा परामर्शदाताको सेवा लिने गरी गरिएको सेवा खरिद कार्यको सम्झौतामा खरिद कार्यमा बिभिन्न कार्यमा भएका खर्चलाई पुष्ट्याई गर्ने बिल बिजक पेश हुनुपर्ने गरी खरिद

सम्झौता गरेको छ । तर आयोजना व्यबस्थापन कार्यालयले बिभिन्न परामर्शदाता लाइ रु.८,११,७२०। को बिल बिजक र प्रमाण कागजात बेगर भुक्तानी भएकोले बिल बिजक तथा प्रमाण कागजात पेश हुनुपर्ने देखिएको छ ।

१०. **नपाउने मूल्य बृद्धि :** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा १५ महिना भन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्दा मूल्य समायोजन गर्न सकिने, दफा ५५(२) मा खरिद सम्झौता गर्नेको ढिलाइको कारण काम सम्पन्न नभएमा र निश्चित बजेटको आधारमा खरिद सम्झौता भएकोमा मुल्य समायोजन गर्न नसकिने व्यबस्था छ । परामर्शदातालाई २०७२।७३ सम्म रु.३,६४,६९,९६६। भुक्तानी भएको छ । तर आयोजना व्यबस्थापन कार्यालयले परामर्शदाता (ERMC) लाई सुरु सम्झौता देखि आ.व.२०७२।७३ को अन्त सम्म रु.६७,२९,५७६। मुल्य बृद्दि भुक्तानी भएको मध्ये महानिर्देशक वाट मिति २०७२।१।२७ को निर्णयले थप आर्थिक दायित्व नपर्ने गरी म्याद थप भएकोमा समेत आ.व. २०७१।७२ मा रु.१५,४४,२०४। मध्ये सम्झौताको अन्तिम म्याद भन्दा अघिल्लो ३ महिनाको राष्ट्र बैंकको सूचाकांक प्रयोग गरी भुक्तानी दिएको रु.४८९३४७। घटाइ वाकी रु.१०५४८५७। र आ.व.०७२।७३ मा रु.३०,२८,२०८। गरी जम्मा रु.४०,८३,०६५। नपाउने मुल्य बृद्दि भुक्तानी भएको छ । खरिद सम्झौतामा उल्लेख भएको अवधि भित्र काम सम्पन्न नभै बिलम्ब भए तापनि कुनै पनि थप आर्थिक दायित्व नबढ्ने गरी म्याद थपको निर्णय भएकोमा समेत सो निर्णयको पालना नगरी मुल्य बृद्दि भुक्तानी गर्दा आयोजनालाई रु.४०,८३,०६५। थप व्ययभार पर्न गएको छ ।

११. **सम्झौता अवधि थप :** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५६ ले खरिद सम्झौताको अवधि थप सम्बन्धी व्यबस्था खरिद सम्झौतामा उल्लेख भए बमोजिम हुने उल्लेख छ । सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) ले निर्माण स्थलको व्यबस्था नभइ निर्माण कार्यको खरिद कारवाही सुरु नहुने व्यबस्था गरेको छ । कावु वाहिरको परिस्थिति, सार्बजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिव कारणवाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको निवेदन बमोजिम अधिकार प्राप्त अधिकारीले अवधि बढाउन उल्लेख भएकोमा परामर्श सेवा सम्बन्धी ठेक्का कार्यमा निर्माणको प्रक्रियामा भएको ढिलाईमा समेत म्याद थप भएको देखिन्छ ।

१२. **म्याद थप तथा क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था (कावु बाहिरको परिस्थीति, मनासिव कारण) परी सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यबसायी वा सेवा प्रदायकले कारण खुलाई खरिद सम्झौताको म्याद सकिन ७ दिन अगावै सम्बन्धित निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने व्यबस्था छ । रु.३,५०,१४,०००। ठेक्का अंक भएको मेघौली, खाँदवारी र सखुवा महेन्द्रनगर आयोजनाको फिजिवीलिटी अध्ययन, डिटेल डिजाइन तयारी गरी निर्माण चरणको सुपरीभिजन गर्ने कार्यको लागि १५ नोभेम्वर २०१५ भित्र कार्य सम्पन्न गर्ने गरी १५ अगष्ट, २०११ मा कोइमान्को नेपाल प्रा.लि. दोश्रो व्याच सँग परामर्श खरिद सम्झौता भई आ.व.०७२।७३ सम्म रु.२,७८,४८,९५१। भुक्तानी भएको छ । खरिद सम्झौताको अन्तिम अवधि १५ नोभेम्वर २०१५ रहेको यस सेवा खरिद कार्यको म्याद थप भएको प्रमाण लेखापरीक्षणको क्रममा पेश भएन । खरिद सम्झौताको अन्तिम अवधि देखि २०७३ आषाढ ३१ सम्म गणना गर्दा २४० दिन व्यतित भै सकेकोमा खरिद सम्झौता सम्पन्न नदेखाएको र म्याद थप समेत नभएकोले परामर्शदातावाट सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२१(क) बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति रु.४२,०१,६८०।- असुल हुनुपर्ने देखिएको छ ।

१३. **सम्झौताको अवधि थपको मूल्य समायोजन :** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा १५ महिना भन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्दा मुल्य समायोजन गर्न सकिने, दफा ५५(२) मा खरिद सम्झौता गर्नेको ढिलाइको कारण काम सम्पन्न नभएमा र निश्चित बजेटको आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नसकिने व्यबस्था छ । आयोजना व्यबस्थापन कार्यालयले विभिन्न परामर्शदाताहरु सँग १५ महिना भन्दा बढी अवधिको खरिद सम्झौता गरेकोमा जिल्ला स्तरमा निर्माणाधिन नगर आयोजनाहरुको निर्माण कार्यको बिभिन्न चरणमा हुने ढिलाइका कारण उल्लेख गरी २७.६६% देखि १५६.९३% सम्म म्याद थप गरेको छ । लेखापरीक्षण छनौटमा परेको मध्ये विभिन्न ६ वटा परामर्शदाताले परामर्श सेवा खरिदमा मुल्य समायोजन वापत रु.३,५२,१५,४४३। रकम भुक्तानी दिएको मा म्याद थप अवधि पश्चात समेत रु.८९,५५,८४९। मुल्य समायोजनको रकम भुक्तानी दिएको कारण थप व्ययभार हुनगई आयोजनाको लागतमा बृद्दि भएको छ ।

१४. **भेरिएसन :** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता बमोजिम कार्य सुरु भए पश्चात प्राबिधिक कारणवाट त्यस्तो कामको परिमाण थप घट गर्न वा नयाँ आइटम थप वा सट्टा गर्न आवश्यक देखिएमा भरिएसन आदेश जारी गर्न सक्ने व्यबस्था छ । नियम ११८(१) (क) बमोजिम ड्रइङ्ग डिजाइन बदल्नु नपर्ने तर कामको परिमाण थप घट हुने अवस्थामा भेरिएसन आदेश गर्दा प्राबिधिक पुष्ट्याइ

पेश गर्नुपर्ने व्यबस्था छ । आयोजना व्यबस्थापन कार्यालयले परामर्श सेवा खरिद कार्य गरेका तपशिलका परामर्शदाता लाई नयाँ छुट भएका नगर आयोजनाहरुको सम्भाव्यता अध्ययन एंव बिस्तृत इन्जिनियरिङ्ग र डिजाइन एवं सुपरिवेक्षणको कार्य गर्नुपर्ने उल्लेख गरी निम्नानुसार भेरिएसन आदेश जारी गरी थप कार्यादेश दिएको पाइयो ।

१५ **डिजाइन तथा लागत अनुमान :** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्न गर्नुपर्ने कार्यहरु सम्बन्धमा व्यबस्था गरी नियम १०(६) बमोजिम सार्बजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गरी सकेपछी लागत अनुमान तयार गर्ने प्राबिधिक भन्दा एक तह माथिको प्राबिधिकको समुहलाई डिजाइन ड्रइङ्ग समेत जाच्न लगाई कुनै त्रुटी देखिएमा त्यस्तो त्रुटी सच्याउन लगाउनुपर्ने उल्लेख छ । आयोजना व्यबस्थापन कार्यालयले नगर आयोजनाहरुको डिटेल डिजाइन तयारी गरी निर्माण कार्यको सुपरिभिजन परामर्श र आयोजना व्यबस्थापन परामर्शदाताको कार्य गरी आयोजना व्यबस्थापन कार्यालयलाई व्यबस्थापकिय र प्राबिधिक सहयोग दिने गरी उपरोक्त परामर्शदाता फर्मलाई गत बिगतवाट सेवा लिएको र परामर्शदाताको TOR मा समेत ड्रइङ्ग डिजाइन तथा लगत अनुमान तयार गर्नुपर्ने कार्य निज बिशेषज्ञहरुको TOR मा तोकिएको छ । नगर आयोजना निर्माण कार्यको लागत अनुमान तयारी र निर्माण कार्यको सुपरभिजन गर्न परामर्शदात्री फर्म सँग खरिद सम्फौता गरी निरन्तर सेवा लिएकोमा निर्माण कार्यको सुपरभिजन चरणमा पटक पटक गरी ४ पटक सम्म भेरीएशन आदेश जारी गर्ने अवस्था सृजना भएकोले शुरुको डिजाइन र लागत अनुमान भरपर्दो भन्न सकिने अवस्था आएन ।

१६ **सुपरिभिजन खर्च :** आयोजना व्यबस्थापन कार्यालयले दोश्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत सञ्चालन भएका जिल्ला स्थीत नगर खानेपानी आयोजनाको फिजिविलिटी अध्ययन र डिटेल डिजाइन तयारी तथा सुपरिवेक्षण गर्ने कार्यको लागि समेत एकै परामर्शदातावाट सेवा लिने गरी बिभिन्न परामर्शदाता सँग परामर्श सेवाको सम्फौता गरी ठेक्का बन्दोवस्त गर्ने गरेको पाइयो । अनुगमन र सुपरिभिजन गर्ने जिम्मा जिल्ला स्थित खानेपानी तथा सरसफाई डिभिजन कार्यालयमा रहेकोमा समेत आयोजना व्यबस्थापन कार्यालयले संचालित आयोजनाको डिटेल डिजाइन कार्यको अतिरिक्त सुपरभिजन कार्यको समेत सेवा लिने गरी खरिद सम्फौता गरेकोले सुपरभिजन कार्यमा आयोजना व्यबस्थापन कार्यालयले गरेको खरिद कार्यवाट आयोजनामा थप व्ययभार पर्न गइ लागत वृद्दि हुन जाने अवस्था देखियो । साथै नगर आयोजनाको डिटेल डिजाइन र निर्माण चरणको सुपरिभिजनको कार्य समेत एउटै परामर्शदातावाट सेवा लिने गरेकोमा निर्माण कार्यमा भएको ढिलाइको कारणवाट परामर्शदाताको सुपरभिजन गर्ने समयको समेत म्याद थप गर्नुपर्ने अवस्था रहेको र म्याद थप पश्चात पनि भेरिएसन र मुल्य बृद्दि भुक्तानी दिने गरेकोले नगर आयोजनामा थप लागत बृद्दि हुन जाने अवस्था छ ।

१७ **मूल्य समायोजन :** आयोजना व्यबस्थापन कार्यालयले आ.व.२०७२।७३ मा ६ वटा परामर्शदाता फर्मलाई अस्थायी रुपमा गणना गरी मुल्य समायोजनको रु.१,४०,२४,५१३।९६ भुक्तानी दिएको छ । राष्ट्र वैंकवाट निष्काशन हुने अन्तिम सुचकांक अनुसार गणना गरी मुल्य समायोजन गर्ने व्यबस्था रहेकोमा ँष्लबी क्लमभह प्राप्त नभएको उल्लेख गरी व्यबस्था गरिएको मुल्य समायोजनको रकम भुक्तानी दिएकोले भुक्तानी गरिएको उक्त रकममा Final Index प्राप्त भए पछि हिसाव समायोजन गर्नु पर्ने देखिन्छ । साथै Provisional रुपमा मुल्य समायोजनको रकम भुक्तानी दिने व्यबस्थालाई नियन्त्रण गरी Final Index पश्चात मात्र मुल्य समायोजनको रकम भुक्तानी दिइनु पर्दछ ।

१८ **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०, ११ र १२ मा नेपाल सरकारवाट स्वीकृत नर्म्स बमोजिम काम गर्दै जादा खास कामको लागि खास प्रकारको नर्म्स आवश्यक परेमा सम्बन्धित सार्वजनिक निकायको प्रमुखले त्यस्तो निकायको प्राबिधिकवाट आवश्क नर्म्स तयार गर्न लगाइ त्यस्तो नर्म्स बिभागिय प्रमुखवाट स्वीकृत गराउन सक्ने व्यबस्था छ। आयोजना व्यबस्थापन कार्यालयले दोश्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गतका नगर आयोजनाहरुमा स्वचालित पानी वितरण प्रणाली लागु गर्न रु.२,८५,२१,९३४।५० को लागत तयार गरी परामर्शदाता मार्फत कार्य गराएकोमा सो कार्यका लागि छुट्टै नर्म्स तयार गरी बिभागिय प्रमुख वाट स्वीकृत गरेको देखिदैन । तसर्थ, कानुनमा व्यबस्था गरिए अनुरुप लागत अनुमान तयार तथा स्वीकृत गरी कामको गुणस्तरमा सुधार ल्याउन कार्यालयले ध्यान दिएको देखिएन ।

१९ **खरीद योजना :** सार्बजनिक खरिद नियमावली २०६४ को नियम ८(५) अनुसार निकायको प्रमुखले चालु आर्थिक बर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भएपछी सो अनुसार यस नियमावली बमोजिम तयार भएको बार्षिक खरिद योजना परिमार्जन गरी स्वीकृत गराउनुपर्ने व्यबस्था छ । यस्तो योजनाहरुको एक एक प्रति तालुक कार्यालय र सार्बजनिक खरिद अनुगमन कार्यालयमा पठाउनुपर्ने व्यबस्था रहेकोमा सो अनुरुप भएको देखिएन । नियमावलीले गरेको व्यबस्था पालना गरिनु पर्ने देखिन्छ ।

२० **अग्रिम कर :** कार्यालयले कार्यालय प्रयोजनको लागि न्यू नटराज तन्दुरी रेष्टुरेष्टवाट खाजा तथा अन्य सामाग्री खरिद गरी रु.२३५२५९। भुक्तानी गरेकोमा आयकर ऐन, २०५८ को दफा ८९ अनुसार अग्रिम कर कट्टि नगरेकोले रु.३५१३।३७ अग्रिम कर वापतको रकम दाखिला गर्नु पर्दछ ।

२१ **बील भर्पाई :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३६(३) मा रकम खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यबस्था छ । यस कार्यालयका वरिष्ठ समाजशास्त्री श्री प्रेमनिधि के.सी. आयोजनावाट अनुगमनका लागी चारआलि झापा जाँदा पेश गर्नुभएको प्लेन टिकटको मिति ८ अगष्ट, २०१५ र वोर्डिङ्ग पासको मिति ७ अगष्ट, २०१५ उल्लेख छ । यसरी एउटै समयमा प्रयोग भएको प्लेन टिकट र वोर्डिङ्ग पासको मिति फरक पर्न गएको देखिएकोले प्लेन भाडा वापतको रकम रु.७,९१०। अशुल गर्नुपर्ने देखिएको छ ।

२२ **बैठक भत्ता :** नेपाल सरकार अर्थमन्त्रालय कार्यसञ्चालन निर्देशिका २०७० को परिच्छेद ७.१.१(३) अनुसार एउटै निकाय र अन्तर्गतका पदाधिकारी कर्मचारी मात्र वस्ने बैठकमा बैठक भत्ता प्रदान गर्न नमिल्ने व्यवस्था छ । तर यस कार्यालयवाट बिभिन्न मितिमा आह्वान गरिएको टेण्डर मुल्याङ्कन गर्न कार्यालयको कर्मचारीहरु मात्र रहने गरी गठित समितिको बैठकमा बितरण गरिएको रकम रु.१,७६,०००। नियम सम्बत नदेखिएकोले अशुल गर्नुपर्ने देखिएको छ ।

२३ **कार्यक्रम नभएको :** स्वीकृत बार्षिक कार्यक्रम अनुसार कार्यक्रमहरु सञ्चालन गरिनु पर्दछ । Ambassy Restaurant, Susmita Hotel / The Quality cafe को रु.२६४५०१। लन्च सेट र डिनरको लागि भुक्तानी भएकोमा स्वीकृत कार्यक्रम पेश हुन नआएकोले असुल फछ्र्यौट हुनुपर्ने देखिएको छ ।

२४ **भ्रमण प्रतिवेदन :** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भए पछि भ्रमण प्रतिवेदन समेत पेश गर्नुपर्ने व्यबस्था छ । दैनिक भ्रमण भत्ता सम्बन्धी बील परिक्षण गर्दा तत्सम्बन्धी भ्रमण प्रतिवेदन आंशिक रुपमा मात्र संलग्न रहेको देखियो । उक्त व्यहोरा आन्तरिक लेखापरीक्षणवाट समेत औंल्याइएकोमा पूर्ण रुपमा पालना भएको देखिएन । खर्चको उपदेयता सिद्ध गर्न तत्सम्बन्धी प्रतिवेदन संलग्न गरी भुक्तानी दिने व्यबस्थाको पालना गर्नु पर्दछ ।

२५ **आय व्यय विवरण :** आयोजनाले पेश गरेको यू.एन. ह्यावटिटेट्स तर्फको आय व्यय बिबरणमा बिगत बर्ष देखि रु.५९९३९५२।६१ जिम्मेवारी सार्दै ल्याएको देखिन्छ । बिगत बर्ष र यो बर्ष समेत आय व्यय बिवरणवाट कुनै खर्च समेत नभएकोले उक्त रकम निष्क्रीय रहदै आएको छ । उक्त निष्क्रिय रुपमा रहेको रकम राजश्व दाखिला गर्न नपर्ने भए सो को आधार पेश गर्ने अन्यथा राजश्व दाखिला गर्नु पर्ने देखिएको छ ।

२६ **पेश्की बाँकी :** आर्थिक वर्षको अन्त सम्म विभिन्न २ निर्माण व्यवसायीको नाममा रहेको पेश्की रु.३८,३५,८७२।- फछ्र्यौट नभएकोले फछ्र्यौट गर्नुपर्दछ ।

क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय

१ **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्नेमा आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम, मर्मत र मिन्हा गर्नु पर्ने तथा मुल्य खुलाउनु पर्नेमा व्यहोराको कार्यान्वयन नभएको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, नायव सुव्वाको पदपूर्ति नभएको, वार्षिक आर्थिक कारोवारको प्रतिवेदन तयार नभएको, खरिद गुरुयोजना नवनाएको,निरीक्षण पुस्तिका नराखेको, कार्य संचारण कोषको वांकी रकम राजस्व खातामा दाखिला नगरेको,न्युन प्रतिस्पर्धामा खरिद कार्य भएको, घटी जनश्रमदान तथा जनश्रमदान नगरेको, विमा नगराई निर्माण कार्य गरेको जस्ता कमीकमजोरी देखिएका छन् । कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२ **चौमासिक र आषाढ महिनाको खर्च :** कार्यालयले वार्षिक बजेट तथा स्वीकृत कार्यक्रमका आधारमा चौमासिक लक्ष्य अनुसार खर्च गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था भएकोमा विकास निर्माणको कूल बजेट खर्च रु.१९३०३६०००।-को तेश्रो चौमासिकमा र रु.१६४८१६।- र आषाढ महिनामा रु.१३३८२४०००।-खर्च गरेको छ ।

३ **बरबुझारथ :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५५(१) बमोजिम नगदी जिन्सी मालसामानको, बरबुझारथ गर्ने कर्तव्य हुनेछ भनी उल्लेख छ। कार्यालयवाट सरुवा वढुवा तथा अवकास प्राप्त कर्मचारीहरुले उपयुक्त वमोजिम बरबुझारथ गरेको देखिएन । यसरी वरवुझारथ नगर्दा फिर्ता हुनुपर्ने रु.३१३७२६।- मुल्य वरावरका मालसामान फिर्ता भएका छैन ।

४ **कन्टीन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसार ५ प्रतिशतसम्म कन्टिजेन्सी खर्च गर्न सकिने व्यवस्था रहेकोमा कार्यालयले यस वर्ष रु.६१९०६३७।- कन्टिजेन्सी खर्च गरेको विवरण प्राप्त भएको छ । सो मध्ये सवारी साधन खरिदको लागि विभागमा पठाएको रु.१६३८०००।- को लेखापरीक्षण गरिएको छैन । कार्यालयले उपर्युक्त प्रकृतिका खर्च

गर्दा खर्चको निर्देशिका तथा लागत अनुमान तयार गरी खर्च गरेको देखिएन । खर्चलाई व्यवस्थित गर्न खर्च सम्वन्धी निर्देशिका तथा लगत इष्टिमेट तयार गरी सो अनुसार गराउनु पर्दछ ।

५ **पाईप जडान :** नेपाल सरकार (सचिव स्तर) को २०६२।११।८ को निर्णय तथा खानेपानी तथा ढल निकास विभागको २०६३।१।३ को परिपत्रानुसार पाइप तथा फिटिङ्स/औजार खरिद गर्ने सम्बन्धमा गत विगतको मौज्दातको ख्याल गरी सोको उपयोग गर्ने, अत्यावश्यक भएमा मात्र खरिद गर्ने तथा नापी किताबमा जडान देखिए अनुसार जिन्सी खाताबाट मौज्दात घटाउनु पर्ने व्यहोरा उल्लेख छ । कार्यालयले यस वर्ष जिन्सी खाताबाट खर्च जनाई सम्वन्धित योजनाको लागि निकासा गरिएका विभिन्न खानेपानी योजनाका पाइपहरु सम्वन्धित योजनाहरुको नापी कितावमा खपत जडान गरेको नदेखिएकोले रु.१६४९५११।- एच.डि.पि.ई.पाइप तथा जि.आई. पाइपहरु सम्वन्धित योजनामा जडान गरेको प्रमाण अभिलेख पेश हुनुपर्ने देखिन्छ । करार सेवामा कार्यरत कर्मचारीको तलब खर्च लेख्दा बजेटको व्याख्या तथा सिद्धान्त अनुसार खर्च लेख्नु पर्दछ । कार्यालयले उपर्युक्त सिद्धान्त विपरित, अन्य सेवा शुल्कवाट खर्च नलेखि सेवा परामर्शबाट करारमा कार्यरत कर्मचारीको तलब खर्च लेखेको रु.६९०००।- नियम सम्मत देखिएन । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्दछ । संलग्न भरपाई अनुसार रु ९७,९६७।०० मात्र खर्च लेख्नु पर्नेमा रु १०९,१६८।०० खर्च लेखेको देखिएकोले बढी खर्च लेखिएको रु ११,२०१।०० असुल हुनुपर्दछ ।

६ **कर विजक :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) क मा वस्तु वा सेवाको विक्रेताले नियमावलीले अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक अनुसूची ५ वा ५ क बमोजिमको ढांचामा रितपूर्वकको कर विजक जारी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले गोठाटार ढल निर्माण तथा प्रशोधन आयोजनाका लागि एक उपभोक्ता समितिको प्रथम रनिङ्ग विलको रु २५,५४,६४४।- भूक्तानी दिंदा पेश भएका एक आर्पुतकका विभिन्न ६ विजकको रु १४८६७३।- मा रु १९३२७।४४ मु.अ.कर समेत रु १६८,०००।- भुक्तानी भएकोमा विजक सच्चाइएको पाइएकोले विजकबाट भुक्तानी भएको रु.१९३२७ को मूल्य अभिवृद्धि कर राजस्वमा समायोजन भएको प्रमाण पेश हुनुपर्दछ ।

७ **आनुपातिक भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायबाट काम गराउने व्यवस्था छ । कार्यालयले सार्वजनिक शौचालय निर्माण तथा मर्मतका लागि दुई भिन्न उपभोक्ता समितिसँग गरेको सम्झौतामा सम्पन्न कार्य लागत अनुमान भन्दा रु.१५१,२६०।- घटी हुँदाको अवस्थामा सम्झौतामा उल्लेखित पुरै रकम भुक्तानी गरेको पाइयो । बढि भुक्तानी भएको रकम रु.११७६६४।-सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी घटि मुल्याङ्कित रकममा अनुदानको अंश कट्टा गरेरमात्र भुक्तानी दिनेतर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

८ **सम्झौता अवधि :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१), ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौता अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको अवधि थपको लागि निवेदन दिनु पर्ने व्यवस्था छ । कार्यालय र २ टयुववेल कस्ट्क्सन पिभएस लिमिटेड वीच पाँचधारा खानेपानी आयोजना तथा खरिबोट भानुटोल खानेपानी आयोजना २०७३।३।३१ मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा लेखापरीक्षण अवधि २०७३।६।२१ सम्म कार्य सम्पन्न नभएको र निर्माण व्यवसायीले म्याद थपको निमित्त निवेदन दिएको पाइएन । कार्यालयले नियमावलीले गरेको व्यवस्था अनुरुप खरिद कारवाही अगाडि बढाउनु पर्दछ ।

९ **पेश्की :** अर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ मा पेश्की सम्बन्धी व्यवस्था छ । कार्यालयले खरिबोट भानुटोल खानेपानी आयोजनाको लागि एक निर्माण व्यवसायलाई रु.४०००००।- पेश्की दिएकोमा आर्थिक वर्षको अन्तिमसम्म फछ्र्यौट नभई बाँकी रहेकोले पेश्की रकम फछ्र्यौट हुनुपर्दछ ।

१० **लागत अनुमान स्विकृती वेगरका आयोजना :** सार्वजनिक खरिद नियमावली, २०६४ नियम १० (१) अनुसार योजनाको लागत अनुमान स्विकृत गरी खानेपानी योजनाहरु सञ्चालन गर्नुपर्ने व्यवस्था रहेकोमा यस वर्ष सञ्चालित ६८ खानेपानी आयोजनाहरुको लागत अनुमान स्विकृत वेगर सञ्चालन भई यस आ.व.मा मात्र १६६४३०००।- खर्च भएको देखिएकोले नियमको पालना हुनुपर्दछ ।

११ **डीप बोरिङ्गको लागत अनुमान :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० (२)मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी पुरातात्वीक उत्खनन् सम्बन्धी र सुरुङ खन्ने, डिप टयूववेल, पेट्रोलियम अनुसन्धान आदी जस्ता जमिनमुनी गरिने कार्यको नर्मस भए त्यस्तो नर्मस बमोजिम र त्यस्तो नर्मस नभएको अवस्थामा आवश्यक नर्मस तयार गरि नेपाल सरकार मन्त्री परिषद्बाट स्वीकृत गराई स्वीकृत नर्मस बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयबाट विभिन्न १२ खानेपानी आयोजना अन्तर्गत डिप टयूववेल ड्रिलिङ्ग एवं जडानका लागि लागत अनुमान तयार गर्न लिएको आधार तथा सो सम्बन्धी नर्मस पेश नभएकोले लागत अनुमानको यथार्थता सम्बन्धमा यकिन हुन सकिएन । नियमावलीमा भएको व्यवस्था अनुसार आवश्यक नर्मस तयार गरी स्वीकृत गराउनुपर्ने देखिन्छ ।

१२ **ठेक्का व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार सार्वजनिक निकायले लागत अनुमान बनाउने, बोलपत्र आव्हान गरी स्वीकृत गर्ने, स्थानिय निकाय वा उपभोक्ता समितिको सहयोग जुटाउने र सामाग्री उपलब्ध र ढुवानी गराई कार्यान्वयन गर्ने विषयलाई समेत ध्यान दिई लागत अनुमान तयार गर्ने तथा ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरीसक्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष विभिन्न निर्माण कार्य तथा पाईप खरिदका लागि १५ ठेक्का सम्झौताहरु भएकोमा सबै ठेक्का संझौताहरु तेस्रो चौमासिकमा भएका छन् । यस प्रकार ठेक्का पट्टाको संझौता वर्षान्तमा हुदाँ नियमावलीमा तोकिए बमोजिम भएको पाइएन । समयमै ठेक्का पट्टाको कार्य गर्न कार्यालयले पहल गर्नुपर्ने देखिन्छ ।

१३ **निर्माण कार्यको अभिलेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा प्राविधिक नाप, जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भूक्तानी गर्नुपर्नेमा सम्बन्धित कार्यको नापी किताब, रनिङ्ग विल वा अन्तिम विल तथा कार्य सम्पन्न प्रतिवेदन लगायतका निर्माण अभिलेखाङ्कन गर्ने अभिलेखहरुमा आयोजनाको स्कीम नम्बर, लोकेशन एवं चेनेज खुलाउने गरेको पाइएन । यसले गर्दा क्रमागत आयोजनाहरुमा गत विगतमा भएको कार्यहरु तथा हाल गरिने कार्यहरुबिच दोहोरोपना आउने अवस्था देखियो । यस्ता कार्यहरु गर्दा गराउँदा सोको उचित अभिलेखाङ्कन गर्ने व्यवस्था हुनुपर्दछ ।

१४ **पाईपको गुणस्तर परीक्षण :** एच.डि.पि. पाईप खरिद सम्बन्धी आपूर्तिकर्तासँग भएको संझौताको सेक्सन-३ को जनरल कण्डीसन अफ कन्ट्रयाक्टको बुदाँ नं.८ तथा टेक्नीकल स्पेशीफिकेशन को बुदाँ नं. २.१.५ अनुसार कार्यालयले आपूर्तिकर्ताहरुबाट आपूर्ति गरिने पाईपको स्वतन्त्र परिक्षण समेत गराउनु पर्ने व्यवस्था रहेकोमा सम्बन्धित कार्यालय तथा विभागिय प्रतिनिधिको रोहबरमा परिक्षण गरिएको टेष्ट सर्टिफिकेट पेश भएको आधारमा भुक्तानी गरेको देखियो । संझौताको सर्त अनुसार स्वतन्त्र व्यक्ति वा निकायबाट पाईप परिक्षण गराई सोको टेष्ट सर्टिफिकेट प्राप्त गरेर मात्र आपूर्तिकर्तालाई भूक्तानी हुनुपर्ने देखिन्छ ।

१५ **दर विश्लेषण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्मस बमोजिम तयार गर्नुपर्दछ । कार्यालयले खानेपानी आयोजनाहरु अन्तर्गत पाईप लाइन ट्रेञ्च खन्ने र पुर्ने कार्यको लागत अुनमान तयार गर्दा अधिकांश क्षेत्रका लागि ढुङ्गा ग्राभेल मिसिएको माटो खन्ने र पुर्ने कार्यको नर्मस राखी लागत अनुमान तयार गरेको पाइयो । जिल्लाका सबै क्षेत्र तथा एकै आयोजना अन्तर्गत पनि जमिनको प्रकृति एकै किसिमको हुने नभई फरक-फरक प्रकृतिको हुने हुदाँ सम्बन्धित आयोजना क्षेत्रको जमिनको प्रकृति अनुरुप खन्ने पुर्ने कार्यको नर्मस प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने देखिन्छ ।

१६ **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १ बमोजिम साठी लाख रुपैयाँ सम्म लागत अनुमान भएको निर्माण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिनेमा कार्यालयबाट संचालित क्रमागत तथा सम्पन्न आयोजनाहरुको कुल लागत अनुमान रु.६० लाख भन्दा बढी रहेकोमा त्यस्ता आयोजना निर्माण कार्यको जिम्मेवारी र जटिल प्रकृतिका फेरोसिमेण्ट टंकी कलेक्सन च्याम्बर, पम्पहाउस लगायतका विभिन्न कार्य उपभोक्ता समितिहरुलाई दिएको पाईयो । नियमावलीले गरेको व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

१७ **अधुरा आयोजना :** कार्यालयले सञ्चालन गर्ने विभिन्न आयोजनाहरुको निर्धारित लक्ष्य अनुसारको प्रगति हाँसिल गर्नुपर्दछ । कार्यालयबाट विगत ५ वर्ष अगाडि आ.व. ०६८।६९ देखि सञ्चालन गर्दै आएका आयोजनाहरुको प्रगति ७.१३ प्रतिसत देखि ९३.०६ प्रतिशत सम्म रहेको देखियो । समयमै आयोजना सम्पन्न गर्ने गराउने तर्फ पहल गरिनुपर्दछ ।

१८ **कर विजक :** मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मु.अ.कर विजक जारी भएको अवस्थामा मात्र मु.अ.कर भुक्तानी दिन मिल्ने तथा सोही ऐनको दफा १५ मा मु.अ.करमा दर्ता नभएको व्यक्ति वा फर्मले मु.अ.कर उठाउन वा असुल गर्न नमिल्ने व्यवस्था छ। उपभोक्ता संस्थाहरु गैह्र नाफामुलक संस्था भएका र मु.अ.करमा दर्ता पनि नहुने हुनाले त्यस्ता संस्थाहरुलाई मुल्य अभिवृद्धि कर दिन मिल्ने देखिदैन । कार्यालयले यस वर्ष खानेपानी आयोजना अन्तर्गत पम्प हाउस अपरेटर क्वाटर, रिजर्भवायर कम्पाउण्ड वाल आदी कार्यको लागत अनुमान तयार गर्दा दर निर्धारणमा मूल्य अभिवृद्धि कर समेत समावेश गरिएको र सोही दरमा संझौता गरी उपभोक्ता समितिलाई मु.अ.कर समेत भुक्तानी भएको छ । यसरी ऐनले तोकेको प्रकृया पुरा नगरी मु.अ.कर समेत भूक्तानी भएको रु.छटढद्दठघर(कर समायोजन भएको विवरण पेश गर्नुपर्दछ । त्यसैगरी नयाँ पाटी खा.पा.आयोजनाको कार्य गर्दा कर विजक वेगर भुक्तानी भएको मुल्य अभिवृद्धि कर रु.३९२४।- असुल गर्नुपर्दछ ।

१९ **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ अनुसार रु ५० हजार भन्दा बढीको ठेक्का वा करारको भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम आयकर कट्टा गर्नुपर्ने व्यवस्था भएकोमा विभिन्न सामान खरिद गरी भुक्तानी दिंदा आंशिक मात्र आयकर कट्टा गरेको देखिएको हुदाँ नियमानुसार लाग्ने अग्रिम कर रु.२७३११।- असुल गरी राजश्वमा दाखिला गर्नुपर्दछ ।

२० **बढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ वमोजिम विल भरपाई वमोजिम भुक्तानी गर्नुपर्दछ । एक आर्पुतकलाई पाईप तथा फिटिङ्गस् खरिद वापतको बिल अनुसार रु.८८९०।- भुक्तानी दिनुपर्नेमा रु.९४५४।- भुक्तानी दिई रु ५६४।- बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ ।

२१ **घटी रकम कट्टी :** रनिङ विलको भुक्तानी गर्दा नियमानुसार धरौटी तथा अग्रिम आयकर कट्टा गर्नुपर्दछ । ढोलुङ्गे खानेपानी आयोजनाको डिप ट्यूववेल ड्रिलिङ्ग एण्ड इन्स्टलेशन कार्य गरेवापत एक ड्रिलिङ्ग कम्पनीलाई प्रथम रनिङ्ग विलको रु.१६४५०००।- भुक्तानी गर्दा रु.८६१२५।- घटी धरौटी तथा अग्रिम आयकर कट्टा गरेको पाइएकोले नपुग कर र धरौटी कट्टा गर्नुपर्दछ ।

२२ **स्थलगत अवलोकन :** कार्यालयका कर्मचारी र लेखापरीक्षण टोलीवाट दक्षिणकालि स्थित भूकम्पले क्षति पुऱ्याएको स्थान छैमले बृहत खानेपानी आयोजनाको मिति २०७३।७।२४ का दिन स्थलगत आवलोकन गरियो । स्थलगत अवलोकन गर्दा यस वर्ष आयोजनाको लागि खरिद गरेको ५ इन्च हेभी क्लासको १५४६ मिटर (२५८ थान) मुल्य रु.२७ लाख ७१ हजार का जि.आई पाईप उपभोक्ता समितिका अध्यक्षलाई आषाढ महिनामा बुझाएकोमा हालसम्म ती पाईपहरु बिछ्याउने कार्य नभई बाटोको छेउमा थुपारी राखेको पाईयो । यस विषयमा सोधनी गर्दा बजेटको अभावले गर्दा उक्त पाईप बिछ्याउने कार्य नभएको र अन्य पाईपको माध्यमबाट अस्थायी रुपमा पानी आपूर्ति भैरहेको भन्ने अध्यक्षको भनाई रहेको पाईयो । यसरी लामो समय सम्म बाटोमा पाईप राखि रहँदा नासिने, चोरीने सम्भावना देखिएकोले यथाशिघ्र विछाउने र जोड्ने कार्य हुनुपर्दछ ।

खानेपानी तथा ढल निकास विभाग (यूनिसेफ तर्फ)

१ **वचत रकम :** यूनिसेफ वाट प्राप्त रकम ६ महिना भित्र खर्च गर्न नसकेमा पुनः कार्ययोजना बनाई खर्च गर्न सकिने व्यबस्था छ । बिभागले प्राप्त भएको रकम तोकिएको समयमा खर्च नगरेकोमा समेत थप कार्ययोजना तयार तथा स्वीकृत समेत गरेको देखिदैन । यो बर्ष रु.४६,६६,३९५।- प्राप्त भएको रकम खर्च नभै वचत रहेकोले उक्त रकम फिर्ता गर्नु पर्ने देखिएको छ ।

२ **निकासा :** बिभागले यस बर्ष फर्निचर शिर्षकमा रु.४००,०००।- खानेपानी तथा सरसफाई डिभिजन कार्यालय नुवाकोट र ओखलढुङ्गलाई फर्निचर खरिदको निमित्त बिकाशा दिइएको छ । उक्त निकाशा रकम सम्बन्धित कार्यमा खर्च भए नभएको अनुगमन गरेको देखिएन । उक्त रकमको लेखापरीक्षण समेत हुनु पर्दछ ।

३ **पेश्की :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ७४(१) मा सरकारी वा अन्य कुनै व्यक्तिले सरकारी काम काजको निमित्त पेश्की लिनु पर्दा कुन कामको निमित्त के कति रकम चाहिने हो त्यसको बिवरण पेश गर्नु पर्ने उल्लेख छ । सोही नियमको उपदफा (३) मा यसरी दिइएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । बिभागले यस बर्ष बिभिन्न जिल्ला स्थित १३ खानेपानी तथा सरसफाई डिभिजन कार्यालयलाई रु.१३,००,०००।- पेश्की उपलब्ध गराएकोमा बर्षान्त सम्म पनि फछ्र्यौट भएको छैन ।

४ **कार्य योजना :** यूनिसेफवाट प्राप्त रकम ६ महिना भित्र खर्च हुन नसकेमा पुनः कार्ययोजना बनाई UNICEF वाट स्वीकृति लिएर खर्च गर्न सकिने व्यबस्था छ । वाताबरणीय सरसफाई तर्फ यो बर्ष गत बर्षको मौज्दात रु.१५,१६०।९८ इन्जिनियरहरुको क्षमता अभिबृद्धि सम्बन्धी तालिममा खर्च गरेको देखियो । उक्त रकम खर्च गर्न UNICEF वाट स्वीकृत भएको कार्ययोजना पेश नभएकोले पेश गर्नु गर्नुपर्दछ ।

५ **आन्तरिक नियन्त्रण :** बिभागले बर्षान्तमा बैंक हिसाव बिबरण प्राप्त गरी बर्षान्तको वचत रकम भिडान गर्नु पर्दछ । पेश भएको बैंक हिसाव बिबरण अनुसार बिभागले तिन वटा बैंक खाता सञ्चालन गरेको देखिन्छ । उक्त खाताहरुमा Red Book मा समावेश भएको वजेट निकाशा हुँदा प्राप्त भएको रकम, अन्य निकायवाट प्राप्त रकम र यूनिसेफवाट सोझै भुक्तानी हुने रकम समेत समावेश हुने गरेको छ । बर्षान्तमा उक्त रकमको भिडान गरे तापनि यूनिसेफको अलग्गै खाता सञ्चालन भएको देखिएन ।

राष्ट्रिय खानेपानी तथा सरसफाई प्रशिक्षण केन्द्र

१ **म्याद थप :** तालिम केन्द्रको वर्कसपमा तला थप गर्ने कार्यको लागि मु.अ.कर समेत रु.२९,६७,२५२।४७ को लागतमा २०७२।३।३० भित्र निर्माण कार्य सम्पन्न गर्ने गरि तुलसी कन्स्ट्रक्सन भक्तपुर २ सँग सम्झौता भएकोमा उक्त कार्य दोश्रो पटकको म्याद थप अवधि २०७२।११।३० भित्र सम्पन्न भएको पाइयो । तालिम केन्द्रले निर्माण सेवालाई पटक पटक निर्माण कार्य सम्पन्न गर्न ताकेता गरिएको भएता पनि सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२०(२) को (क), (ख) र (ग) अनुसारको स्थीती बिधमान रहे नरहेको सम्बन्धमा छानबिन समेत नगरी प्रथम पटक २०७२।७।३० सम्म र दोश्रो पटक २०७२ फागुन मसान्त सम्म

१२० दिन गरि जम्मा २५० दिन सम्म सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) बमोजिम पूर्वनिर्धारित क्षतिपुर्ति नलिने गरि म्याद थप भएको छ ।

२ **विमा नगरेको :** सार्बजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा ठेक्का सम्झौता गर्दा निर्माण कार्यको सत प्रतिशत उपकरण, श्रमीक र तेश्रो पक्षको बिमा गराउनु पर्ने व्यबस्था छ । सम्झौतामा समेत बिमा गर्ने प्रबधान रहेको छ । यस प्रयोजनका लागि निर्माण सेवाले रु.४०,०००।- कबोल गरि ठेक्का सम्झौता समेत गरेकोमा निर्माण कार्यको अन्तिम बिल भुक्तानी हुँदा समेत कुनै पक्षको पनि बिमा गरेको पाइएन ।

३ **तालिम कार्य :** तालिम केन्द्रले मिति २०७२।११।१६ देखि २०७२।११।१९ सम्म सञ्चालन गरेको ४ दिने तालिम कार्यक्रममा जम्मा खर्च रु.४,८३,८८७।६५ गरेको छ । तालिम केन्द्रले प्रशिक्षण र प्रशिक्षार्थी र अन्य सहभागी समेत जम्मा ४० जना सहभागि भएको यस कार्यक्रमको लागि होटल रेष्टुरामा कार्यक्रम संचालन गरेको उल्लेख गरि रिफ्रेशमेन्ट खर्च (खाजा) वापत रु.१,३४,४००।- खर्च लेखेको छ । राष्ट्रिय खानेपानी तथा सरसफाई प्रशिक्षण केन्द्रको भक्तपुरको नगरकोटमा आफ्नै सुबिधा सम्पन्न तालिम तथा प्रशिक्षण केन्द्र रहेको अवस्थामा आफ्नो तालिम भवनको उपयोग नगरि होटल तथा रेष्टुरामा तालिम संचालन गरी खर्च लेख्नु मनासिव देखिदैन ।

राष्ट्रिय खानेपानी तथा सरसफाई प्रशिक्षण केन्द्र (यूनिसेफ तर्फ)

१ **वार्षिक कार्ययोजना :** युनिसेफ वाट प्राप्त रकम खर्च गर्दा केन्द्रले बार्षिक कार्ययोजना (Annual work Plan) वा बार्षिक कार्यक्रम तर्जुमा गरी खर्च गर्नुपर्ने व्यहोरा युनिसेफको खर्च सम्बन्धी निर्देशिकामा उल्लेख छ । केन्द्रलाई प्राप्त रकम वाट बिपत जोखिम व्यवस्थापन तालिम कार्यक्रममा रु.२,०५,३४१।- र वास क्षेत्रको विकास योजना २०१६ तयारी वापत रु.११,५९,०००।- गरी जम्मा रु.१३,६४,३४१।- खर्च लेखेको छ । राष्ट्रिय खानेपानी तथा सरसफाई प्रशिक्षण केन्द्रले रकम खर्च गर्नकोलागि वार्षिक कार्य योजना तयार नगरेकोले कार्ययोजना अनुसार सम्बन्धित कार्यमा खर्च भएको आश्वास्त हुने आधार देखिएन ।

२ **लक्ष्य प्रगति :** हरेक क्रियाकलापको सम्पन्न गर्न लाग्ने अवधि तथा लागतको आधारमा वार्षिक लक्ष्य निर्धारण गरी आवश्यक श्रोतको सुनिश्चितता पश्चात कार्यक्रम संचालन गरीनु पर्दछ । यनिसेफवाट प्राप्त रकमको केन्द्रले वार्षिक कार्ययोजना तयार नगरेको र स्वीकृत बार्षिक कार्यक्रम भित्र नपरेको २ वटा क्रियाकलापमा खर्च गरे तापनि बार्षिक लक्ष्य प्रगति तयार गरेको पाइएन । लक्ष्य प्रगति नभएको हुँदा सञ्चालित क्रियाकलापको प्रगति स्थीतिको बिष्लेषण गर्न सकिएन । संचालित क्रियाकलापको लागत तथा सम्पन्न गर्ने अवधिलाई दृष्टिगत गरी स्रोत र साधनको सुनिश्चितता गर्न लक्ष्य प्रगति तयार गरिनु पर्दछ ।

३ **आन्तरिक लेखापरीक्षण :** आन्तरिक लेखापरीक्षण : युनिसेफको खर्च सम्बन्धी निर्देशिकामा खर्च भएको, रकम कलमको आन्तरिक लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षण आम्दानी खर्च र त्यसको लेखाङ्कन प्रचलित कानुन द्धारा निर्धारित प्रकृया अनुरुप भए नभएको र बित्तिय साधनको उपयोग मितव्ययी तवरले भए नभएको हेर्ने आन्तरिक नियन्त्रण प्रणालीको महत्वपूर्ण औजार हो । अन्तिम लेखापरीक्षणको शिलशिलामा आन्तरिक लेखापरीक्षणको प्रतिवेदन माग गरिएकोमा पेश भएन । निर्देशिका अनुसार आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन दिने व्यबस्था गरिनु पर्दछ ।

ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति

१. **सञ्चालन नतिजा :** समितिको आय व्यय बिबरण अनुसार गत वर्षको नोक्सान रु.४४,८३,०४४।- बिनिमय नोक्सान रहेकोमा यो वर्ष बिनिमय नाफा रु.२,७५,५४,०४८।- देखाएको छ । गत वर्ष रु.१,३०,१९,३४०।- स्थिर सम्पत्ति रहेकोमा यो वर्ष रु.३,६६,०७,५५३।- स्थिर सम्पत्ति रहेकोले गत वर्षको तुलनामा स्थिर सम्पत्तिमा बृद्धि भएको छ । उक्त बृद्धि सवारी साधनको खरिदवाट भएको देखिन्छ । जिन्सी मौज्दात तर्फ गत वर्ष.४१,३५,९८९.५० भएकोमा यो वर्ष जिन्सी मौज्दात रु.२१,८५,६६२.१४ भै घटी भएको छ । गत बर्षदेखि बासलातमा दर्शाइएको लगानी रकम यस बर्ष रु.४,२९,३२,९६५.६७ रहेकोमा उक्त लगानी रकम बिगतमा बैंक मौज्दातमा देखाउने गरिएकोमा बिगत वर्षदेखि लगानी शीर्षकमा देखाउने गरिएको र उक्त रकम कर्मचारीको उपदान कोषको नागरिक लगानी कोषमा रहेको रकम भन्ने कायांलयको जवाफ रहेको छ ।

२. **वासलात** : समितिको कायांन्वयन दिग्दर्शनको १.३.१ र १.४.१.२ अनुसार दोहोरो सिद्धान्तमा आधारित एक्यूरल लेखा व्यवस्था राख्नुपर्ने व्यवस्था छ । समितिले सम्झौता भएका परियोजनामा भएको खर्चलाई नगद भुक्तानीको आधारमा लेखांकन गर्नं र दायित्वलाई लेखांकन नगरेको कारण समितिले प्रोदभावी लेखा सिद्धान्तको अनुसरण गरेको

छैन । उक्त स्थितिमा समितिले पेश गरेको वासलातले समितिको बित्तिय अवस्थाको यर्थाथ चित्रण गरेको देखिदैन ।

३. स्रोतगत खर्च स्थिति : समितिले उपलब्ध गराएको बिबरण अनुसार ग्रामिण खानेपानी तथा सरसफाई आयोजनाको २०७२।७३ सम्मको स्रोतगत खर्च रु.१,३०,५४,८८,५३९।- रहेको मध्ये यो बर्षको जनसहभागिताको अंश रु.१,७७,९६,२६१।- लेखापरीक्षणको दायरामा समावेश भएको छैन ।

४. सोधभर्नाको स्थितिः ११ जुलाइ, २०१४ मा नेपाल सरकार र आइ डि ए. बिच भएको बित्तिय व्यवस्था सम्झौता बमोजिम बिभिन्न क्याटोगरिहरुमा तोकिए बमोजिमको Funding Category अनुसारको खर्चहरु दातृ संस्थाले सोधभर्ना गर्ने व्यवस्था छ । समितिले उपलब्ध गराएको बिबरण अनुसार ऋण तथा अनुदान रु.२५,३८,८२,९४३।- सोधभर्ना हुनु पर्ने देखिएको छ ।

५. **लक्ष्य तथा प्रगतिः** कोषले पेस गरेको आ.व.२०७२।७३ को वाषिंक प्रगति प्रतिवेदन अनुसार यो वर्ष रु.१ अरव २९ करोड ४५ लाख ५९ हजार बजेट विनियोजन भएकोमध्ये रु.६४ करोड ७६ लाख ९६ हजार खर्च गरी आयोजनाका विभिन्न क्रियाकलापहरु सञ्चालन गरेको छ । पेश भएको प्रगति प्रतिवेदन अनुसार यो बर्ष भारित प्रगति ८१.८३% र बित्तीय प्रगति ९०.९१ भएको उल्लेख छ । समितिको प्रगति परीक्षण गदां ४३ कार्यक्रम मध्ये ३४ कार्यक्रमको प्रगति ७५% भन्दा घटी रहेको, यो बर्ष सञ्चालन गर्न रु ७ करोड ४२ हजार लागतका बिभिन्न २१ कार्यक्रम सञ्चालन नभै प्रगति शुन्य रहेको, भुकम्पवाट क्षति पुगेका आयोजनाहरुको पुनःस्थापना तथा पुन निर्माण गरिने गरी एसडिआर रु.२०,००,०००।- बराबरको रकम खर्च गर्न सकिने व्यबस्था भएकोमा यस बर्ष यस क्रियाकलापमा कुनै रकम खर्च गरेको छैन । समयमा तोकिएको कार्यक्रम र्सचालन नगर्दा सेवा प्रवाहमा असर पर्ने देखिएकोले बार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन गरिनु पर्दछ ।

६. **लेखापरीक्षण** : समितिको कार्यान्वयन दिग्दर्शनको ९.२ मा कार्यकारी निर्देशकले लेखापरीक्षक नियुक्त गरी सहयोगी संस्था र खानेपानी तथा सरसफाई उपभोक्ता समितिको एकल तथा संयुक्त खाताको लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । समितिले सहयोगी संस्था र उपभोक्ता समितिलाई यो बर्ष सम्म भुक्तानी भएको रु.१,१६०,६४५,९६६।२२ को लेखापरीक्षण भएको छैन । उपलब्ध गराएको रकम तोकिए बमोजिम खर्च भएको आश्वस्त हुन दिग्दर्शन बमोजिम लेखापरीक्षक नियुक्ति गरी लेखापरीक्षण गराउनु पर्दछ ।

७. **चौमासिक खर्च** : समितिले उपलव्ध गराएको बिबरण अनुसार पूंजीगत तर्फ तेश्रो चौमासिकमा ९१.१७ प्रतिशत र आषाढ महिनामा मात्र ८४.७८ प्रतिशत खर्च गरेको देखिएकोले आर्थिक वर्षको अन्तमा मात्र खर्चको भार बढी भएको देखियो । समितिले समयमै आयोजना छनौट गरी आनुपातिक रुपमा खर्च गर्ने व्यवस्था गर्नुपर्दछ ।

८. **बिकास चरणको अवस्थाः** ग्रामीण खानेपानी तथा सरसफाई कोष बिकास समिति अन्तर्गत दशौ समुहको खानेपानी आयोजना संचालन गर्न ४६ जिल्लाका १०७ सहयोगि संस्थाहरुको लागि रु.५५६,१०९,८७७।- को सम्झौता भएकोमा प्रथम किस्ताको रु.२७,९७,२०,४३९।७७ खर्च लेखेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् :

८.१ **लागत अनुमान :** जिल्ला स्तरमा Support organization हरुले सञ्चालन गर्ने प्रत्येक आयोजनाहरुको लागि कम्तिमा ११ कर्मचारीको मौजुदा व्यबस्था, तिनीहरुको तलव भत्ता, तालिम अनुसन्धान, पूर्व सम्भाव्यता अध्ययन, शिरोभार खर्च जस्ता बिषय समावेश गरी Supporting organization वाट पेश भएको आर्थिक प्रस्तावलाई यस समितिको Technical Appraisal Commitee (TAC) ले अध्ययन गरी प्रति आयोजना सरदर रु.९ लाख खर्च लाग्ने गरी सिफारिस गरे पश्चात वोर्डले बिकास चरणको आयोजनाको लागत अनुमान स्वीकृत गर्ने गरेको देखिन्छ ।

८.२ **सहयोगी संस्थाहरुको छनौट तथा सम्झौता :** ग्रामीण खानेपानी तथा सरसफाई कोष बिकास समिति अन्तर्गत दशौ समुहका बिकास चरणका आयोजना सञ्चालन गर्न सहयोगी संस्थाहरु संग प्रस्ताव माग गरेकोमा पेश भएका २९७ सहयोगी संस्थाहरुको प्रस्ताव अध्ययन पश्चात समितिले बिभिन्न १० वटा Criteria पुरा गरेको आधारमा ११२ वटा सहयोगी संस्था छनौट गरेको मध्ये ५ वटा सहयोगी संस्था सम्झौता गर्न नआएको उल्लेख गरी बिभिन्न ४६ जिल्लाका १०७ सहयोगी संस्था संग सम्झौता गरी प्रथम किस्ता वापत रु.२७,९७,२०,४३९।७७ निकासा खर्च लेखेको छ ।

९. **काममा ढिलाई :** ग्रामीण खानेपानी तथा सरसफाई कोष बिकास समिति अन्तर्गत दशौ समुहका खानेपानी आयोजनाहरु सञ्चालन गर्नका लागि १०७ सहयोगी संस्थाहरुसँग कोष बिकास समितिले ८ महिनाको अवधि भित्र बिकास चरणका सम्पुर्ण कार्यहरु सम्पन्न गर्न २०७२।७३ को जेष्ठ र आषाढ महिनामा सम्झौता गरी प्रथम किस्ता वापत रु.२७,९७,२०,४३९।७७ निकासा दिएको छ । सम्झौता गर्दा सम्झौतामा तोकिएको समयावधि भित्र बिकास चरणका कार्यहरु सम्पन्न गरे पश्चात मात्र उक्त आयोजनाहरु कार्यान्वयन चरणमा प्रवेश पाउने उल्लेख गरी प्रथम चरणको किस्ता दिएको ५ महिनामा दोश्रो चरणको र थप ३ महिना पश्चात तेश्रो चरणको किस्ता निकासा दिने गरी जम्मा ८ महिनाको समय सीमा तोकी सम्झौता गरी प्रथम चरणको किस्ता भुक्तानी भैसकेको र तेश्रो चरणको किस्ताको भुक्तानी हुने अवधि (२०७३ पौष मसान्त) सम्म पनि १०७ सहयोगी संस्थाहरुलाई दोश्रो किस्ता निकासा हुन सकेको छैन । तेश्रो चरणको रकम निकासा गर्ने अवधि सम्म पनि दोश्रो चरणको रकम निकासा हुन नसकेको सम्बन्धमा कोष बिकास समितिका पदाधिकारी सँग सोधनी गर्दा सहयोगी संस्थाहरुवाट प्रथम चरणको कामको मध्यावधी प्रतिवेदन पेश भए पश्चात कोष बिकास समितिवाट अनुगमन गरी कार्य सन्तोषजनक भएमा मात्र दोश्रो किस्ताको रकम भुक्तानी हुने भएकोले सहयोगी संस्थाहरु वाट नै प्रथम चरणको कामको मध्यावधी प्रतिवेदन पेश नभएकोले अनुगमन गरी सम्झौता अनुसार दोश्रो चरणको रकम निकासा हुन नसकेको जवाफ पेश भयो ।

१०. **कार्यान्वयन चरणको अवस्था :** ग्रामीण खानेपानी तथा सरसफाई कोष बिकास समिति अन्तर्गत नवौ समुहका खानेपानी आयोजना संचालन गर्न ५३ जिल्लाका ७१ सहयोगि संस्थाहरु सँग २०५ स्कीमको लागि जम्मा रु.६०६,८६९,८२२। को सम्झौता भएको थियो । जस मध्ये उपरोक्त स्कीमका खानेपानी आयोजना संचालनार्थ गत बिगतमा रु.२६०,०००,०००।- खर्च भएको र आ.व. ०७२।७३ मा रु.१०,०८,८५,८३१।२२ निकासा खर्च भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् :

११. **म्याद थप :** ग्रामीण खानेपानी तथा सरसफाई कोष बिकास समितिको नियम, २०६० को उप नियम ४६(३) मा त्रिपक्षीय सम्झौताको अधिनमा रही कार्य सम्पन्न गर्ने व्यबस्था छ । सम्झौता अनुसार कार्यान्वयन चरणमा १० महिनामा आयोजनाको कार्यान्वयनका चरणको काम सम्पन्न गर्नु पर्ने व्यबस्था छ । व्याच ९ का २११ खानेपानी आयोजनाहरु मध्ये तोकिएको समयमा कुनै पनि आयोजना सम्पन्न भएका छैनन् । लेखापरीक्षणको शिलसिलामा पेश भएको बिबरण अनुसार कार्यान्वयन चरणका २११ खानेपानी स्किम मध्ये म्याद थप पश्चात ढिलो गरी भए पनि १११ वटा स्किमका खानेपानी आयोजनाको काम सम्पन्न भएको छ । वाँकी १०० स्किममा आयोजनाको काम आ.व.०७२।७३ सम्म पनि अधुरै रहेको पाइयो । सुरु म्याद भित्र सम्पन्न हुन नसकेका समितिले व्यहोर्ने रु.३०,५८,२५,१६५।- लागत अनुमान रहेका १०० स्किमका खानेपानी आयोजनाहरुका कार्यान्वयन चरणमा आ.व.०७२।७३ सम्म रु.२२,०७,४२,९९२।- खर्च भई सकेको अवस्थामा काममा ढिलाई भएको कारण म्याद थप गरेको बिबरण पेश भएको छ । तोकिएको समयमा कार्य सम्पन्न नभएमा आयोजनाको वान्छित लक्ष्य हासिल नहुने हुँदा यसमा कार्यालयले समयमा नै कार्य सम्पन्न गर्नाको लागि सम्बन्धित पक्षलाई ताकेता गरी आयोजना सम्पन्न गराउनु पर्ने देखिन्छ ।

१२. **मुल्य अभिबृद्धि करः** मुल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार सरकारी निकाय, सार्बजनिक संघ संस्था वा दर्ता भएको व्यक्तिले बार्षिक १ लाख भन्दा बढी रकमको परामर्श सेवा लिंदा दर्ता भएको व्यक्ति सँगमात्र लिनु दिनुपर्ने व्यबस्था रहेको छ । समितिले ग्रामीण खानेपानी तथा सरसफाई कोष बिकास समिति नियमहरु, २०६० को नियम ४१ बमोजिम आयोजना तर्जुमा तथा कार्यान्वयन गर्न उपभोक्ता समुहलाई आवश्यक सहयोग पुऱ्याउन तथा सो प्रयोजनको लागि अन्य संस्थालाई परिचालन गर्नको लागि समितिले गैर सरकारी संस्था वा निजी क्षेत्र सँग सम्बन्धित सँगठीत संस्था वा सहयोगि संस्थावाट परामर्श सेवा लिएकोमा बिभिन्न १६ सहयोगि संस्थाहरु मुल्य अभिबृद्धि करमा दर्ता भएर पनि मुल्य अभिबृद्धि करको कारोवार गरेको पाइएन । बिगत बर्षमा नै परामर्श सेवा लिन सम्झौता भई सकेको सहयोगि संस्थाहरुलाई सेवा शुल्क भुक्तानी गरेकोमा मुल्य अभिबृद्धि कर वेगर भुक्तानी गरेको छ । यस बर्ष मु.अ.करमा दर्ता भएका सहयोगि संस्थालाई रु.७०,७४,९५४।६८ भुक्तानी गरेकोमा संस्थाले कर बिजक जारी गरेको

देखिएन । मुल्य अभिबृद्धि करमा दर्ता भएका संस्थाले मुल्य अभिबृद्धि कर भुक्तानीका लागि कर बिजक जारी नगर्दा र कोष बिकासले भुक्तानी नगर्दा सो मा लाग्ने रु.९,१९,७४४।११ मुल्य अभिबृद्धि कर राजस्वमा दाखिला नभएको देखिन्छ ।

१३. **मु.अ.करमा दर्ता** : मुल्य अभिबृद्धि कर नियमावली, २०५३ को दफा ६(क) मा सरकारी निकाय, सार्बजनिक संघ संस्थाले बार्षिक एक लाख रुपैया भन्दा बढीको परामर्श सेवा लिंदा दर्ता भएका व्यक्ति सँग मात्र लिनु पर्ने व्यबस्था छ । यस बिभिन्न ४२ सहयोगि संस्था हरुवाट सेवा लिने सम्झौता गरी यस आ.व.मा रु.१,८९,००,१७५।५० भुक्तानी दिएकोमा ति सहयोगि संस्थाहरु मुल्य अभिबृद्धि करमा दर्ता भएको देखिदैन । नियम बिपरित सहयोगि संस्थाहरु छनौट भएको कारण मुल्य अभिबृद्धि कर वापतको राजस्व असुल नहुने हुँदा राजस्वमा असर पर्ने देखिएकोले नियमको पालना गर्नु पर्दछ । नियम बिपरित परामर्श सेवाको सम्झौता गरी यो बर्ष भुक्तानी गरेको रकममा १३ प्रतिशतले हुने मु.अ.कर रु.२४,५७,०२३।- दाखिला नहुने अवस्था देखिएको छ ।

१४. **कर कट्टी नगरेको** : आयकर ऐन, २०५८ को दफा ८८ अनुसार वासिन्दा व्यक्तिले नेपालमा श्रोत भएको व्याज, प्राकृतिक श्रोत, भाडा, रोयल्टी सेवा सुल्क, कमिसन वा बिक्री, बोनस र अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र (१५) प्रतिशतका दरले कट्टी गर्नुपर्ने व्यबस्था गरेको छ । समितिले ग्रामिण खानेपानी तथा सरसफाई कोष बिकास समिति नियमहरु, २०६० को नियम ४१ बमोजिम आयोजना तर्जुमा तथा कार्यान्वयन गर्न उपभोक्ता समुहलाई आवश्यक सहयोग पुऱ्याउन सहयोगि संस्थावाट सेवा लिएकोमा कर छुटको प्रमाण वेगर रु.६१,८४८।- कर कट्टी गरेको नपाइएकोले सो रकम असूल गर्नुपर्ने देखिएको छ ।

१५. **परामर्श दाताको छनौट** : मुल्य अभिबृद्धि कर नियमावली, २०५३ को दफा ६(क) मा सरकारी निकाय, सार्बजनिक संघ संस्थाले बार्षिक एक लाख रुपैया भन्दा बढीको परामर्श सेवा लिंदा दर्ता भएका व्यक्ति सँग मात्र लिनु पर्ने व्यबस्था छ । यस समितिले परामर्श सेवाको लागि सम्झौता गरी भुक्तानी गरेकोमा परामर्शदाता मु.अ.करमा दर्ता भएको देखिएन । नियम बिपरित परामर्शदाताहरु छनौट भएको कारण मुल्य अभिबृद्धि कर वापतको राजश्व असुल नहुने हुँदा राजस्वमा असर पर्ने देखिएकोले नियमको व्यबस्था पालना गर्नु पर्दछ । नियम बिपरित परामर्श सेवाको सम्झौता गरी भुक्तानी गरेको रकममा १३ प्रतिशतले हुने मु.अ.कर रु.४,८९,०८७- दाखिला हुनु पर्दछ ।

१६. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८८ अनुसार मूल्य अभिव(द्धि करमा दता) भएको सेवा प्रदायक वासिन्दा व्यक्तिलाइ) भुक्तानी गरेको सेवा शुल्कमा भुक्तानी रकमको एक दशमलब पाङ्च प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने व्यवस्था गरेको छ । समितिले ग्रामीण खोनपानी तथा सरसफाइ कोष विकास समिति नियमहरु, २०६० को नियम ४१ बमोजिम आयोजना तर्जूमा तथा कार्यान्वयन गर्न उपभोक्ता समूहलाई आवश्यक सहयोग पुऱ्याउन सहयोगी संस्थाबाट परामर्श सेवा लिएकोमा कर छुटको प्रमाण बेगर अग्रीम कर कट्टी रु.४१,३१४।- गरेको नपाइएकोले कर कट्टी नभएको रकम असुल उपर हुनुपर्दछ ।

१७. **प्रोभिजनल सम** : प्रोभिजनल समको रकम भुक्तानी गर्दा बिल बिजक तथा खर्चका आधिकारीक प्रमाण कागजात पेश भए पश्चात सम्झौता अंक भित्रको रकम सोधभर्नाको रुपमा भुक्तानी दिइनु पर्दछ । ग्रामिण सामुदायिक खानेपानी तथा सरसफाई कोष बिकास समितिले खानेपानी आयोजनाहरुको डिजाइन तथा अध्ययन प्रतिवेदन तयार गर्न प्रतिस्पर्धि र अप्रतिस्पर्धि कम्पोनेन्ट छुट्याई लागत अनुमान तयार गरी बिभिन्न परामर्शदाता सँग खरिद सम्झौता गर्ने गरेको पाइयो । कोष बिकास समितिले बिभिन्न परामर्शदाता सँग गरेको परामर्श खरिद सम्झौतामा प्रोभिज्नल सम अन्तर्गतको रकम बिल बिजक पेश भए पश्चात सोधभर्नाको रुपमा भुक्तानी हुने उल्लेख भएकोमा समेत बिभिन्न १८ परामर्शदातालाई सम्झौता बमोजिमको रकम भुक्तानी गर्दा बिल बिजक बेगर प्रोभिज्नल सम अन्तर्गतको सोधभर्ना हुने रकम समेत समावेश गरी रु.९,२७,५००।- भुक्तानी भएकोले सोध भर्नाको रुपमा मात्र भुक्तानी हुने उक्त रकमको बिल बिजक पेश हनु पर्ने देखिएको छ ।

१८. **स्थगित आयोजना** : समितिले उपलव्ध गराएको बिबरण अनुसार ix व्याच अन्तर्गतका आयोजना मध्ये समितिले रु.५,०६,६०,३७९।२६ खर्च व्यहोर्ने उल्लेख भएका १९ आयोजना समुदायको विवाद, श्रोतको अपर्याप्तता आदि कारण देखाई स्थगित गरेको देखिन्छ । उक्त आयोजनाको लागि समितिले बिगत बर्षमा रु.२,७०,७४,२३६।२८ उपलव्ध गराएकोमा आयोजना सम्पन्न हुन नसकेको कारण अनावश्यक खर्च भएको देखियो । यस वाट सेवा

प्रवाहमा असर परेको अवस्था छ । आयोजना छनौट गर्दा पर्याप्त ध्यान नदिएको कारणले उपर्युक्त स्थिति देखापरेको हुँदा आयोजना छनौट गर्दा ध्यान दिनु पर्दछ ।

१९. **सञ्चित कोष दाखिला :** स्थगित भएका आयोजनामा समितिले बिगत बर्षमा उपलब्ध गराएको रु.२,७०,७४,२३६।२८ मध्ये बिगतमा समितिले रु.१,५५,२०,०९७।२८ फिर्ता प्राप्त गरेकोमा बाँकी रकम फिर्ता भएको छैन । आयोजनामा खर्च नभै बाँकी रहेको रकम यकिन गरी फिर्ता गर्नु पर्ने देखिएको छ । त्यसै गरी उक्त रकम साबिकमा नेपाल सरकारको बिनियोजन बजेट बाट खर्च भएकोमा फिर्ता प्राप्त भएको रकम रु.१,५५,२०,०९७- समितिको बैंक खातामा रहेको देखिएकोले उक्त रकम संचित कोष दाखिला गर्नु पर्दछ ।

२०. **सवारी साधन खरिद :** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्बजनिक निकायले दश लाख रुपैया भन्दा बढी लागत अनुमान भएको मालसामान खरिद गर्दा वोलपत्रको माध्यम द्धारा खरिद गर्नुपर्ने व्यबस्था रहेको छ । समितिले यो बर्ष महेन्द्रा स्कार्पियो (S4) ४ थान जीप रु.१,८५,६०,०००। र सुजुकी सियाज १ थान कार रु.३७,७७,०००। मा सोझै खरिद गरेकोले सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको स्पेशिफिकेशन को अधिनमा रही लागत अनुमान तयार गर्नुपर्नेमा सो अनुसार लागत अनुमान तयार गरेको देखिएन । सवारी साधनको खरिदको लागि ३ सदस्सीय समिति गठन गरेर बजार अनुगमन गरी बिभिन्न प्रकारका सवारी साधनको मुल्य प्राप्त गरी सो बमोजिम कार्यालयले तयार गरेको स्पेशिफिकेशन को आधारमा IDA को सहमति लिई सोझै सम्पर्कगरी खरिद गरेको छ । सार्बजनिक खरिद नियमावली बमोजिम लागत अनुमान तयार गरी प्रतिश्पर्धाको आधारमा खरिद गर्नु पर्दछ ।

२१. **मेसिनरी औजार खरिद :** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ८४ र ३१ मा ३ लाख देखि १० लाख रुपैंया सम्म लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नु पर्ने र १० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको सामान वोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने व्यबस्था रहेको छ । समितिले यो बर्ष बिभिन्न ४ प्रकृतिको सामान खरिद गरेकोमा खरिद नियमावलीको उक्त व्यबस्था बमोजिम खरिद नगरी IDA वाट स्वीकृत भएको खरिद योजना बमोजिम कोटेशन लिई सवै भन्दा घटी मुल्य उल्लेख गर्ने आपुर्तक सँग खरिद गरेको देखियो । प्रचलित नियमको पालना नगर्दा प्रतिस्पर्धा नहुने र खरिद कार्य मितव्ययी नहुने देखिएकोले सार्बजनिक खरिद नियमावलीको व्यबस्था अनुसार खरिद कार्य गर्नु पर्ने देखिएको छ ।

२२. **मु.अ.कर दर्ता नभएको सँग खरिद :** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा रु.५ हजार भन्दा बढीको मालसामान खरिद गर्दा स्थायी लेखा नम्बर र मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेको सँग मात्र खरिद गर्नु पर्ने उल्लेख छ । समितिले यस बर्ष मु.अ.करमा दर्ता नभएका बिभिन्न ९ फर्मसँग रु.७,३३,५२५।- को मालसामान खरिद गरेकोले उपर्युक्त वमोजिम नियमावलीको पालना भएको देखिएन ।

२३. **परामर्श सेवा खर्च :** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५ ले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यबस्था गरेको छ । सोही ऐनको दफा २९ ले सम्बन्धित सार्बजनिक निकायमा उपलब्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा सार्बजनिक निकायले परामर्श सेवा खरिद गर्न सक्ने व्यबस्था गरेको छ । समितिले बिभिन्न जिल्लामा संचालित खानेपानी आयोजनाहरुको डिजाइन स्टीमेट, टेक्नीकल सपोर्ट, तालिम तथा जनशक्ति बिकास, अध्ययन अनुसाधन, अनुगमन तथा मुल्याङ्कन लगायतका बिभिन्न क्रियाकलापहरुमा परामर्शदाता/फर्महरु छनौट गरी कार्य संचालन गर्दै आइरहेको छ । आन्तरिक जनशक्तिवाट कार्य सम्पादन हुन नसक्ने स्पष्ट आधार खुलाएको र तालुक मन्त्रालयवाट नर्म्स समेत स्वीकृत भएको देखिदैन । परामर्श सेवाले सञ्चालित खानेपानी आयोजनाको लागतमा बृद्धि हुन सक्ने हुँदा के कस्तो अवस्था र परिस्थितिमा मात्र परामर्श सेवा लिनु पर्ने हो सो सम्बन्धमा कोष बिकास समितिले ध्यान दिनु पर्ने देखिन्छ ।

२४. **आयोजना बिमा** : भूकम्प, बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपबाट उत्पन्न जोखिम न्यून गर्न समितिले सन, २०१० को जुलाई २६ देखि आयोजनाको बिमा कार्यक्रम पाइलट कार्यक्रमको रुपमा लागू गरेको छ। सरकार र दातृ निकायको सहयोगबाट सञ्चालित यस्ता आयोजनाहरुमा जोखिम न्युन गर्न बिमा गर्ने नीति तर्जुमा गर्नुपर्ने देखिन्छ ।

२५. **जिन्सी व्यवस्थापन** : ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति नियमहरु, २०६० को नियम २१ बमोजिम कार्यकारी तथा पेशागत कर्मचारीको कार्य विवरण अनुसार प्रशासन महाशाखा प्रमुखको कार्य विवरणको विशेषको देहाय ७ मा कार्यालय सामग्रीहरुको मर्मत संभारको व्यवस्था र कार्यालय परिसरको सुव्यवस्था गर्ने र ८ मा समितिको सम्पत्ति संरक्षण गर्न र समितिको खाता र सरसामानहरुको सूची अद्यावधिक बनाई राख्ने, समितिको कार्यमा प्रयोगमा नआउने सामान र सम्पत्तिहरु विक्री गर्न, लिलाम गर्न र धुल्याउन कार्यकारी निर्देशक समक्ष सिफारिस गर्ने गरी कार्य विवरण तोकेको छ । नियममा व्यवस्था भए बमोजिम समितिमा रहेका जिन्सी सामानहरुको अवस्था पहिचान गरी मर्मत गर्नुपर्ने वा लिलाम गर्नुपर्ने हो सूची अद्यावधिक गरी जिन्सी व्यवस्थापन गर्नुपर्ने देखिन्छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदनवाट भौतिक अस्तित्वमा नरहेको साथै चालु हालतमा समेत नरहेका रु.७८,६९६।७० मुल्यका २६ प्रकारका जिन्सी सामानहरु समितिको जिन्सी खातामा रहेको देखिएकोले कानुन अनुसार लिलाम बिक्रि वा मर्मत संहार गर्नुपर्ने देखिएको छ ।

२६. **घरभाडा** : सार्बजनिक खरीद नियमावलीको परिच्छेद ९ को नियम ९४ को उपनियम (४) बमोजिमको जिल्ला घरभाडा निर्धारण समितिको निर्णय गराई खर्च गर्नु पर्ने व्यबस्था गरेको छ । यो बर्ष समितिको कार्यालय बसेको घरको भाडा घरधनी श्रीमती मञ्जु राणालाई ३ महिनाको मासिक रु.४८३,१५३। का दरले र ९ महिनाको मासिक रु.५३१,४६८।- का दरले रु.६२,३२,६७१।- भुक्तानी दिएकोमा उपरोक्त नियमावलीको व्यवस्था विपरित जिल्ला घरभाडा निर्धारण समितिको निर्णय बेगर खर्च गरेको छ ।

२७. **घरबहाल कर :** आयकर ऐन, २०५८ मा घरबहालकर घरधनीले पाउने रकमबाट कट्टागरी दाखिला गर्ने उल्लेख छ । तर समितिले घर धनीसंग गरेको संझौताको सि.नं.७ मा घरबहाल कर समितिबाट बेहोर्नेगरी सम्झौता गरेकोले १०% ले हुने रकम आन्तरिक राजस्व कार्यालय र २% ले हुने रकम काठमाण्डौ महानगरपालिकामा दाखिला गरेको देखिन्छ । आय प्राप्त हुने व्यक्तिवाट कट्टी गर्नु पर्ने रकम समितिले व्यहोर्ने गरी सम्झौता गर्नु ऐन अनुकुल देखिएन ।

२८. **गत बर्षको भुक्तानी :** आन्तरिक लेखापरीक्षणवाट गत बर्षको भुक्तानी बांकी रकम यस आ.ब.मा भुक्तानी दिन बांकीको कच्चावारी प्रमाणीत बेगर मिटिङ्ग भत्ता रु.६०,९००।- भुक्तानी दिएको व्यहोरा उल्लेख छ । यस प्रकारको भुक्तानी दिंदा भुक्तानी बांकीको प्रमाणित कच्चावारीको अभिलेख राखेर मात्र भुक्तानी दिइनु पर्दछ ।

मेलम्ची खानेपानी विकास समिति

१ **आन्तरिक नियन्त्रण :** कायालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित सुझाव कार्यान्वयन नगरेको, समितिको सामान अन्यत्र प्रयोग भएको स्थिती रहेको , सवारी साधनको रातो नम्वर प्लेटलाई सेतो नम्वर प्लेटमा नल्याएको, साईटमा रहेको कार्यालय सामाग्रीको समितिको मूल जिन्सी खातामा प्रविष्टी नगरेको, भ्रमण अभिलेख तथा अनुगमन प्रतिवेदन तयार नगरेको पाईयो । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२ **खर्च व्यवस्थापन :** सन् २००८ मा शुरु लागत अमेरिकी डलर ३१७.३ मिलियन रहेको आयोजनाको लागत २०७३ आषाढ सम्ममा वृद्धि भई अमेरिकी डलर ३५५.४ मिलियन पुगेको छ । समिति अन्तर्गत मेलम्ची खानेपानी उपआयोजना १ को लागत रु.२३ अर्ब ४५ करोड ८७ लाख अमेरिकी डलर २८७.५ मिलियन मध्ये २०७३ आषाढ मसान्त सम्म नेपाल सरकार र अन्य दातृ निकायको लगानीमा निम्नानुसार रु.१८ अर्व १४ करोड २४ लाख खर्च भएको देखिएको छ । आयोजनाको यस वर्ष सम्मको कुल खर्चमध्ये परामर्श सेवामा २४.१ प्रतिशत, निर्माण कार्यमा ६६.७ प्रतिशत, जग्गा मुआव्जा वितरण ५.१ प्रतिशत सामजिक उत्थान कार्यक्रम र कार्य सञ्चालन खर्च ३.२ प्रतिशत , सुरक्षा खर्च,सवारी साधन र उपकरणमा ०.९ प्रतिशत खर्च भएको देखिन्छ। आयोजनाको स्रोत व्यवस्था अनुसार अधिक खर्च हुने क्षेत्र सिभिल वर्क्समा ७९.८९, परामर्श सेवामा ११.०६, सामाजिक वातावरणीय सहयोगमा ५.९३ र प्रशासनिक खर्चमा ३.१२ प्रतिशत हुने उल्लेख भएपनि मूख्य संरचनाको निर्माण खर्च भन्दा परामर्श सेवा लगायत अन्य सहायक कार्यमा अधिक खर्च भएको देखिन्छ ।

३ **आयोजनाको लक्ष्य प्रगती :** मेलम्ची खानेपानी आयोजना २०५५।५६ बाट शुरु भै २०७३।७४ मा सम्पन्न गर्ने गरी कूल लागत अनुमान रु.२३ अर्व ४५ करोड रहेकोमा हालसम्म रु.१८ अर्व १४ करोड खर्च भै ८२ प्रतिशत भौतिक प्रगती भएको छ । हेडवर्क्स, सुरुर निर्माण, पानी प्रशोधन केन्द्र निर्माण कार्य गर्ने लक्ष्य रहेकोमा ०७३ माघ मसान्तसम्म हेडवर्क्स निर्माण २९ प्रतिशत र सुरुर निर्माण २७.५ कि.मि. मध्ये २२.६६ कि.मि. सम्पन्न भई ४.८४ कि.मि.बाँकी रहेको छ । यस आयोजनाले ०७३ श्रावण देखि ०७३ माघ सम्म ६३०० मिटर सुरुर निर्माण लक्ष्य राखेकोमा ४७४० मिटर मात्र निर्माण गरेको पानी प्रशोधन केन्द्र तर्फ १७ करोड लिटर क्षमताको वनाउनु पर्नेमा एक प्रशोधन केन्द्र ८ करोड ५० लाख लिटरको निर्माण कार्य सम्पन्न हुने क्रममा रहेको र अर्को ८ करोड ५० लाख लिटरको प्रशोधन केन्द्र ठेक्का संझौता भएपनि हाल

सम्म पनि निर्माण कार्य शुरु गरेको छैन । सुरुर खन्ने क्रममा सिन्धु–ग्याल्थुम र ग्यालथुम अम्वाथान खण्डमा कमजोर चट्टान फेला पर्नु , मेशिन उपकरण पुराना हुनु , बन्द हड्ताल भुकम्प लगायतका कारण देखाई निर्माणमा ढिलाई भएकोछ । लक्ष्य अनुसार प्रगति नभएकोले आयोजनाले २०७४ असोज सम्ममा काठमाडौ उपत्यकामा पानी वितरण गर्न थप प्रयत्न गर्नुपर्ने देखिन्छ ।

४ **नागरिकको अवसर लागत :** मेलम्ची वाटर सप्लाई प्रोजेक्ट र काठमाडौं भ्याली वाटर सर्भिस सेक्टर डेभेलपमेन्ट कार्यक्रमको सन्दर्भमा मेजर चेन्ज इन स्कोप एण्ड इम्प्लीमेन्टेसन एरेन्जमेन्ट विषयक एशियाली विकास वैंकले सन् २००७ मा तयार गरेको प्रतिवेदनको एपेन्डीक्स १३ रिभाईज्ड् ईकोनोमिक एनलाईजको बुँदा नं १२ मा परियोजना विनाको परिदृष्य (विइदाउट प्रोजेक्ट सिनारियो) को आधारमा प्रति क्यूविक मिटर (१००० लिटर)को औषत आर्थिक लागत रु.२४३ र परियोजना सहितको परिदृष्य (विइद् प्रोजेक्ट सिनारिया) को आधारमा वा मेलम्ची परियोजना पूर्ण भएर पानी उपलब्ध भएमा औषत लागत रु.६६ घरायसी प्रयोजन र रु.८६ व्यापारिक प्रयोजनाको लागि लाग्ने कुरा उल्लेख छ । मेलम्ची खोलाबाट १७ करोड लिटर पानी काठमाडौंमा ल्याउन वि.सं. २०६५ माघमा काम सुरु गरेको चीनको सीआरसीसी कम्पनीसँग सरकारले २०६९ असोजमा ठेक्का रद्द गरेको र त्यसपछि इटालियन कम्पनी सिएमसी डी राभेन्नासँग २०७१ असारमा १०९५ दिनमा सम्पन्न गर्ने गरी संझौता भएपनि हाल सम्म सम्पन्न नभएको कारणबाट काठमाडौंको जनताले १७ करोड लिटर पानी सस्तो रुपमा उपभोग गर्नबाट वञ्चित हुन परेकोछ । सिएमसी डी राभेन्नासँग भएको संझौता अवधि सकिएकोमा १८२ दिन थप (३१ मार्च २०१७ सम्म) गरिएको छ । उल्लेखित प्रतिवेदनलाई आधार मान्ने हो भने १७ करोड लिटर पानी उपभोगको अवसर गुमाए वापत जनताले प्रति क्युविक मिटर रु १५७ (२४३-८६) बाट हुन आउने रु.२६६९००००।- वार्षिक आर्थिक भार भोग्नु परेको देखिन्छ ।

५ **सवारी साधन अन्यत्र प्रयोग :** सार्बजनिक लेखा समितिले महालेखापरीक्षकको ४८औ प्रतिवेदन सन्दर्भमा छलफल हुँदा असम्बन्धित खर्च नियन्त्रण गर्ने निर्देशन दिएको छ । आयोजनाका १२ सवारी साधनहरु वागमती एकीकृत विकास समिती, क्षेत्रीय प्रशासन कार्यालय हेटौडा, प्रधानमन्त्रिको कार्यालय, काठमाडौ उपत्यका विकास प्राधिकरण र सहरी विकास मन्त्रालयमा प्रयोग गर्न दिएको पाईयो । सहरी विकास मन्त्रालयमा लगीएका सवारी साधनहरुको मर्मत सम्भारमा समेत आयोजनाले रु.८ लाख ८४ हजार खर्च लेखेकोछ । यस प्रकार सवारी साधन अन्यत्र प्रयोग हुने परीपाटी सम्बन्धमा जिम्मेवार वनाईनुपर्छ ।

६ **प्रमाण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा यस नियमावली वमोजिम खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । घरधनी पवनकुमार भिमसरीयालाई आ.व.२०७२।७३ को कामनपा मा २ प्रतिशत घरबहालकर रु ८६४००।- बुझाएको नगदी रसिदको फोटोकपी रसिदका आधारमा सोधभर्ना भुक्तानी खर्च लेखेकोमा सो को सक्कल रसिद पेश भएको छैन ।

७ **श्रोतान्तर बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७ अनुसार नेपाल सरकार तथा बैदेशिक संस्थाले व्यहोर्नुपर्ने रकम निकासा प्राप्त भएपछि सम्झौतामा भएको व्यवस्था अनुसार लेखा राख्नुपर्दछ । यस्तै आयोजनाको नाममा खोलिएको विशेष खाताको हिसाव इम्प्रेष्ट एकाउण्टसँग मासिक रुपमा बैंक हिसाब मिलान गर्नुपर्दछ । त्यस्तै खर्च गरेको रकम सोही नियमावलीको नियम ३७(२) ग अनुसार दातृसंस्थाबाट शोधभर्ना माग गर्न आवश्यक विवरण साथ दातृपक्षमा ४५ दिनभित्र माग दरखास्त फारम तयार गरी शोधभर्ना माग गर्नुपर्दछ । जाईका श्रोतबाट खर्च गर्नुपर्ने रकम नेपाल सरकारको श्रोतबाट एन.जि.एस. कन्सल्टेन्स र भि.ए.टेक. ओवागलाई नेपाल सरकार श्रोतबाट भुक्तानी दिएको रु.८३५२०६०।५० रकम समर्थन गराई नियमानुसार श्रोतान्तर गर्नु पर्दछ ।

८ **अतिरीक्त पेश्की** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(२)मा पेश्की दिँदा सार्वजानिक निकायले खरिद संझौता रकमको बीस प्रतिशत भन्दा बढी हुने गरी दिन नहुने व्यवस्था छ । निर्माण व्यवसायी र यस समिती विच २०७०।३।३१ (१५जुलाई २०१३) मा भएको ठेक्का सम्झौतामा अतिरिक्त पेश्की भुक्तानी सम्बन्धमा व्यवस्था गरेको छैन । यस विकास समितिले ०७०।७१ मा नै मोविलाईजेशन पेश्की वापत रु.१ अर्व ५४ करोड ४५ लाख भुक्तानी गरी सकेको अवस्थामा निर्माण व्यवसायीको माग बमोजिम वील नं. १८ बाट अतिरीक्त पेश्की वापत रु.२६ करोड ७८ लाख २५ हजार (२.५ मिलियन अमेरिकी डलर) भुक्तानी गरेको देखिन्छ । यसरी नियम विपरीत दिएको पेश्की रकमको व्याज सहित असुल गर्नुपर्दछ ।

९ **सामग्री तथा उपकरणको मूल्यांकन तथा उपयोग :** आयोजनाको हेडवर्क्स तथा टनेल निर्माण कार्यका तत्कालीन एक चाइनिज निर्माण व्यावसयी बाट खरिद सम्झौता अन्तर्गत आपूर्ति भएका मेशिनरी औजार, उपकरण, विष्फोटक पदार्थ र अन्य निर्माण सामग्रीको अद्यावधिक विवरण तथा स्थितिको विवरण उपलव्ध गराउन गत वर्षको ले.प. प्रतिवेदनमा समेत उल्लेख थियो । उल्लेखित निर्माण व्यवसायीको ठेक्का सम्झौताको शर्त १५.२ अनुसार समितिको निर्णयले २५ सेप्टेम्बर २०१२ देखि तोडिएको अवस्थामा परामर्शदाताबाट २०१२ डिसेम्बरमा तयार गरेको विवरणमा परिमाण उल्लेख भएपनि मूल्यांकन भएको छैन । उक्त सामग्री तथा उपकरणको हालको निर्माण सेवाबाट उपयोग गर्दा मूल्यांकन गर्नेसम्म व्यवस्था सम्झौतामा गरेपनि पेस

भएका आई.पि.सि.बिलहरुमा सोको खपत परिमाण तथा मूल्यांकन भएको नदेखिएकोले सोको स्पष्ट मूल्यांकन तथा खपत सामग्रीको अभिलेख राखी निर्माण व्यवसायीको बिलबाट उक्त रकम कट्टा गरिनुपर्छ भन्ने विषय गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख छ तर सो विषयमा यस समितिले कुनै कार्वाही नगरी समस्या जस्ताको तस्तै रहेको छ ।

१०. **दावी भुक्तानी :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५८(२) मा खरिद सम्झौताको कार्यान्वयनको सिलसिलामा उत्पन्न हुने विवाद सहमती बाट समाधान गर्नुपर्ने उल्लेख छ । निर्माण कार्यमा विवाद उत्पन्न भएमा मैत्रीपूर्ण र सौहार्द रुपले वार्तालाप(एमिकेवल सेटलमेन्ट) गर्नुपर्ने सम्झौतामा समेत व्यवस्था छ । टनेल हेडवर्क्सको लागि निर्माण व्यवसायी सँग रु ६२ करोड ८७ लाखमा काम सम्पन्न गर्ने गरी सम्झौता भएकोमा ढिलो गरी ड्रईङ्ग उपलब्ध गराएको र चट्टान खन्ने काट्ने काम सम्झौताको परिमाण भन्दा बढेको र समयमा कार्य गर्न नपाएको सम्वन्धमा निर्माण व्यवसायीले अवरोध लागत, निश्क्रीय कर्मचारी तथा यन्त्र उपकरण खर्च, वित्तिय लागत र मौज्दात लागत लगायतमा ४०८ दिनको रु.१ अर्व २० करोड ६५ लाख क्षतिपूर्ति दावी गरेकोमा ३४२ दिन समयावधि थप भई प्रोलोङ्गेशन लागत रु.४८ करोड १७ लाख, अवरोध लागत रु.२ करोड ८० लाख, वित्तिय लागत रु.५ करोड १० लाख र नाफा लागत रु.२ करोड ५५ लाख गरी रु.५८ करोड ६२ लाख भूक्तानी भएको छ । परामर्शदाता एवं समितिको असहमति हुँदाहुँदै सम्झौता रकमको ९८.२३ प्रतिशत क्षतिपूर्ति भुक्तानी भएको छ ।

११. बोलपत्र कागजातको हेडवर्क्स प्लान एण्ड लङ्गिच्युडिनल सेक्सन र ओपन कट एक्जाभेसन साउर्थन प्रोटलमा अन्तिम एक्जाभेसन प्लान निमार्ण व्यवसायीले तयार गर्नुपर्ने र खन्ने क्रममा आएको सबै प्रकारको अपवादहरुको एक्जाभेशनको अवधिमा सम्बोधन गर्ने उल्लेख छ । सो विषयलाई स्वीकार गरी कन्ट्रयाक्टरले तयार गरेको ओपन कट एक्जाभेसनको ड्रईङ इन्जिनियरले स्वीकृति गरी काम भएको देखिन्छ । परामर्शदाताका अनुसार ड्रईङ डिजाइन निमार्ण व्यवसायीले नै बनाउने र सोही अनुसार डिजाइन भई काम भएकोले ढिलो ड्रईङ डिजाइन तथा अपर्याप्तताका कारण देखाई सिद्धान्ततः दावीलाई अस्वीकार गरेको देखिन्छ । उक्त व्यहोरामा समिति समेत सहमत देखिन्छ । तर काममा प्रत्यक्ष संलग्न पदाधिकारीको असहमति र सम्झौता बमोजिम अन्तिम नक्सा तयार गर्ने जिम्मेवार निमार्ण व्यवसायीको हुने व्यवस्था रहेपनि सो लाई इन्कार गर्दै थप दावी भुक्तानी दिएको सम्झौता प्रतिकुल देखिन्छ ।

१२. निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार हेडवर्क्स र टनेलको कुल ठेक्का रकम रु.७ अर्ब ७२ करोड ३५ लाख मध्ये हेडवर्क्स कम्पोनेन्टको अंश रु.६२ करोड ८७ लाख अर्थात ८.१४ प्रतिशत रहेको छ । एउटै खरिद सम्झौताको सानो अंशको कार्य मात्र रोकिएको कुल ठेक्काको ९१.८६ प्रतिशत अंशको काम संचालन भैरहेको देखिन्छ । सानो अंशको कार्य संचालन नभई ठुलो अंशको कार्य संचालन भैरहँदा निर्माण व्यवसायीको श्रोत साधन आइडल हुने अवस्था रहँदैन । त्यसैले हेडर्वक्समा प्रयोग हुने जनशक्ति यन्त्र उपकरण पनि यही ठेक्का अन्तर्गतको काममा प्रयोग गर्न सकिने देखिन्छ । यदि प्रयोग हुन नसकेको हो भने निमार्ण व्यवसायीको आन्तरिक नियन्त्रण व्यवस्थापनको कमजोरीबाट भएको हो भन्न सकिन्छ । निमार्ण व्यवसायीको कमजोरीको कारण सिर्जना भएको दायित्व समितिले व्यहोर्न मिल्ने देखिँदैन ।

१३. दावी रकम निमार्ण व्यवसायीलाई भएको क्षतिको पूर्ति मात्र हो । यसमा नाफा दिन मिल्दैन । निर्माण व्यवसायीले कुल कार्यमा रु.२ अर्व ६४ करोड १६ लाखको कार्य सम्पन्न गरेकोमा खरिद सम्झौता अनुरुप रु.५ अर्व ८ करोड १९ लाखको थप कार्य गर्न बाँकी देखिन्छ । कार्य सम्पन्न परिमाणको आधारमा नाफा आर्जन हुने अवस्था स्वतः सिर्जना हुने हुँदा रु.५० करोड ९७ लाखको ५ प्रतिशतले भुक्तानी भएको नाफा वापतको दावीको रु.२ करोड ५५ लाख उपलब्ध गराउन मिल्ने देखिदैन ।

१४. सेप्टेम्बर २०१४ देखि सेप्टेम्बर २०१५ सम्म समय लम्बीएको (प्रोलोङ्गेशन कस्ट्) र अवरोध लागत दावी गरेकोमा विवाद समाधान बोर्डको निर्णय अनुसार १४ मार्च २०१५ देखि बोर्डले निर्णय गरेको ९ जून २०१६ सम्मको लागि ८ प्रतिशतको दरले रु.५० करोड ९७ लाखको हुन आउने रु ५ करोड १० लाख दावी भुक्तानी भएको छ । निर्माण व्यवसायीले १८ अगष्ट २०१५ मा मात्र विस्तृत विवरण सहितको दावी पेश गरेको छ । दावी पेश गरेको मिति पश्चात्को मात्र ब्याज गणना गर्नुपर्नेमा सो भन्दा ५ महिना पहिले देखिको ब्याज गणना गरी भुक्तानी दिएबाट रु.१ करोड ७० लाख बढि ब्याज भुक्तानी भएको छ । विवाद समाधान वोर्डको निर्णयमा समितिले दावी स्वीकृत रकमको प्रकृति अनुसार गणना गरी स्वदेशी मुद्रा र विदेशी मुद्राको अनुपात निर्धारण गरी भुक्तानी गर्ने उल्लेख छ । जस अनुसार क्षतिको रकम मध्ये स्वदेशी मुद्रामा भएको क्षति स्वदेशी मुद्रामा र विदेशी मुद्रामा भएको क्षति विदेशी मुद्रामा हिसाब गर्नुपर्नेमा सो अनुसार नगरी सम्झौतामा उल्लेख भएको विदेशी मुद्राको अनुपातको आधारमा रु.७ करोड २३ लाख (६ लाख १९ हजार ९०२ युरो) भुक्तानी भएको छ । क्षतिको आइटमहरु अध्ययन गर्दा अधिकांश स्वदेशी मुद्रासँग सम्बन्धित छन् तर सम्झौता अनुसारको अनुपातमा विदेशी मुद्रा भुक्तानी दिएकोछ । उपर्यूक्त अवस्थाहरुको विश्लेषणबाट रु.६२ करोड ८७ लाखको काममा रु.५८ करोड ६२ लाख (९८.२३ प्रतिशत)

दावी भूक्तानी भएको सम्बन्धमा सम्बन्धित कागजात परीक्षण गर्दा भुक्तानी गर्नुपर्ने पर्याप्त पुष्टाँई नदेखिएको हुँदा छानविन गरी सम्बन्धित पक्षलाई जिम्मेवार वनाउनुपर्दछ ।

१५ **डेवर्क्स भुक्तानी :** एक निर्माण व्यवसायीसँग भएको सम्झौताको दफा १३.६ मा साना तिना वा अपर्झट एवं आकस्मिक प्रकृतीका कामको लागि डेवर्क्स वेसिसमा काम गर्न सक्ने प्रावधान छ । निर्माण व्यवसायीले परामर्शदाताको ईन्जिनियर समक्ष कोटेशन पेश गर्नुपर्दछ । सामग्रीको भुक्तान प्राप्त गर्न इन्भ्वाइंस, भौचर तथा वस्तु प्राप्ती रसिद जस्ता प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ,। यन्त्र उपकरणको भुक्तानी प्राप्त गर्न कुन प्रकारको उपकरण कति समय सम्म काममा लगाइयो र सामग्री र औजारको भुक्तानी सम्बन्धमा कुन प्रकारको कति परिमाणमा उपयोग गरियो भन्ने प्रमाण राख्नुपर्ने व्यवस्था छ । डेवर्क्समा गरेको कार्यको कोटेशन र सो काम गर्न दिएको स्वीकृति, ज्यामी कामदार लगाएको प्रमाणित हाजिरी, मेशिन उपकरण सञ्चालन लगसिट, सामग्री खरिद तथा प्राप्तिको विल भपाई आदि पेश नभएकोले श्रम वापत रु.३९१६०९।- यन्त्र उपकरण मेशिन वापत रु.१२६३१६३६। र सामाग्री तथा अन्यमा रु.१०४२१९९।गरी जम्मा भूक्तानी गरेको रु.१४०६५४४४।- नियम सम्मत देखिएन ।

१६ **सर्किट रिवको सट्टामा ल्याटिस ग्रिडर प्रयोग** : एम.डि.एस./ डि.टि.०२ ठेक्का अन्तर्गत निर्माण व्यवसायीबाट सुरुङ्ग निर्माण कार्यको सर्पोट क्लास आईभि., भि. र भिआईमा पर्मानेन्ट सर्पोटको रुपमा सम्झौताका शर्तका प्रावधान बमोजिम आवश्यकता अनुसार सर्किट रिव स्टक्चर राख्नुपर्ने प्रावधान रहेकोछ । संझौताको १३.२ मा भएको व्यवस्था अनुसार सुरुङ्ग निर्माण कार्यका आईटममा फेरवदल गर्न परेमा समय, लागत र प्रभावकारीतालाई ध्यान दिई भ्याल्यू ईन्जिनियरिर प्रस्ताव पेश गर्नु सक्न व्यवस्था अनुसार निर्माण व्यवसायी बाट पेश भएको भ्याल्यू ईन्जिनियरिर प्रस्तावलाई स्वीकृति गरी ल्याटिक ग्रिडर प्रयोग गर्ने गरी भएको आधारमा भेरियसन नं. ८ बाट २०७३।५।१६ मा यस समितिबाट स्वीकृत गरिएको छ । सो अनुसार टनेल सर्पोटको लागि सर्किट रिवको प्रयोग गर्दाको अवस्थामा पहिलाको वि.ओ.क्यू.को रु.१६२७३८८४७०।- र रिभाईज टेन्डर ड्रईरबाट वढ्न गएको रु.३०१४४८७०१।- गरी जम्मा रु.१९२८८३७१७१।- खर्च हुने अनुमान गरिएको र लाटिक गिर्डर प्रयोग गर्दा रु.२०११९०६६१२।- खर्च लाग्ने अनुमान गरिएकोलाई आधार मान्दा रु.८३०६९४४०।- बढी व्यय भार पर्ने देखिन्छ । भ्याल्यू ईन्जिनियरिरको मूल्य मान्यताबाट अनुसार छिटो समयमा आयोजना सम्पन्न हुनु पर्नेमा सो नभएको, घट्दो लागत हुनुपर्नेमा सो पनि नभएको र टनेल खन्ने प्रगतिलाई आधार मान्दा सोको प्रभावकारीतालाई पुष्टाई नगरेको देखिन्छ ।

१७ **कर बीजक :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची-५ बमोजिमको ढाँचामा सिलसिलेबार नम्बर सहितको प्रिन्टेड बीजक जारी गर्नुपर्ने व्यवस्था छ । यो वर्ष मेलम्ची खानेपानी विकास समितीले ३ देखि १४ आई.पि.सि.बाट रु.२४५१७६२३।-मुल्य अभिवृद्धि कर भुक्तानी गरेको देखियो । उक्त मूल्य अभिवृद्धिकर सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला वा समायोजन भएको प्रमाण पेश हुनुपर्दछ ।

१८ **पेश्की बाँकी :** अथिक वर्षको अन्तसम्म दई निर्माण व्यवसायी, एक सरकारी कार्यालय र पाँच समितिको नाममा रहेको पेश्की बाँकी रु.२५६३८२७।- सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार फछ्र्यौट हुनुपर्दछ ।

१९ **इन्द्रावती मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रम :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा साल तमाममा बाँकी रकम फिर्ता दाखिला गर्ने व्यवस्था छ । समितिबाट रु १००००००।- निकासा भएको मध्ये २०७३ असार मसान्त सम्म रु ४८,८६,०६०।- खर्च भई बाँकी रहेको रु ५१,१३,०६९।- लेखापरीक्षण अवधि सम्म पनि राजस्व खातामा दाखिला गरेको छैन । नियमानुसार आवश्यक कार्वाही गरी राजस्व दाखिला प्रमाण पेश गरिनुपर्दछ ।

२० समितिबाट विभिन्न निर्माण तथा मर्मत कार्य गर्न तयार भएको लागत अनुमान अनुसार ढुगां फिलिगं गर्ने, ग्याविन फिलिर गर्ने, ढुरा सोलिर गर्ने कार्यको लागि चाहिने निर्माण सामग्री ढुरा खरीद गर्ने कार्यको दररेटको आधारमा लागत अनुमान तयार गरी ढुरा खरीदको प्रमाण वेगर निर्माण तथा मर्मत कार्यको सम्पूर्ण ज्यामी ज्याला मस्टरोल फारमबाट ज्यामी ज्याला रु.१०६१९५३।- बुझाएको भरपाई संलग्न गरी खर्च लेखेबाट यर्थाथमा लागत अनुमान अनुसार नै कार्य भएको भन्ने आधार पेश भएको छैन ।

२१ **पेश्की बाँकी :** तीन उपभोक्ता समितिलाई याडग्री सडक ट्र्याक निर्माण कार्यको लागि आर्थिक बर्षको अन्तसम्म बाँकी रहेको पेश्की रु.१५२२०००।- सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार अनुसार फछ्यौट गर्नुपर्दछ ।

२२ **घटी परिमाणमा सिमेन्ट खरिद :** सात कन्या मा.वि. गुन्सा भवन निर्माणमा कार्यालयको तर्फबाट रु.१००००००।- र उपभोक्ता समितिको रु २९५९७८।- समेत खर्च लेखेकोमा खानीखोला ईन्टरप्राईजेज ०७३।१।८ को बिल अनुसार जगदम्वा सिमेन्ट १७० वोरा प्रति वोराको रु ७५०।- (मू.अ.कर सहित) ले रु

१२७५००।- र बिल नं ४१२३ मिति ०७३।१।१० को बिल अनुसार निर्माण सिमेन्ट १०० वोरा प्रति वोराको रु ७४०।- (मू.अ.कर सहित) समेत २७० वोरा सिमेन्ट खरीद भएको बिल पेश भएको छ । उक्त सिमेन्ट खरीद भएको मध्ये पिसिसि (१:३:६) प्रति घनमिटर २२० के.जी लाग्ने र स्टोन मासिनरी (१:४) प्रति घनमिटर १५९ के.जी. लाग्ने नर्म्सलाई आधार मान्दा सिमेन्ट ३९७.९६ वोरा लाग्नेमा २७० वोरा मात्र सिमेन्ट खरीद भएकोले मर्मत कार्य गर्न आवश्यक परीमाण भन्दा घटी परीमाणमा सिमेन्ट खरीद गरी लागत अनुमान अनुसार कै परीमाण सम्पन्न भएको भनी तयार भएको कार्य सम्पन्न प्रतिवेदनले वास्तविक कार्य अनुसार नै भुक्तानी भएको भन्ने आधार पेश गरेको छैन ।

२३ **बढी खरिद :** शिखरपुरमा फलामे सिंचाई कुलो निर्माण गरेको भनी कूल खर्च १८७११५।- मध्ये गत आ.व. को रु.२००४५।- पेश्की फछ्र्यौट गरी रु १६६६७०।- खर्च लेखेकोमा एक सप्लायर्सको ०७३।१।१ को बिल अनुसार सिमेन्ट ८० बोरा प्रति बोराको रु ८३६।२० (मू.अ.कर सहित) ले रु.६६८९६।- खरीद भएको बिल पेश भएको छ । उक्त सिमेन्ट खरीद भएको मध्ये Stone Measonery Work १:६ सिमेन्टको प्रयोग गर्दा नर्मस अनुसार प्रति घमी १०६ मे.टन सिमेन्ट लाग्ने भए अनुसार २६.१६ घमीको लागि ५५.४५ व्याग मात्र लाग्नेमा ८० बोरा खरीद गरी आवश्यक परीमाण भन्दा बढी खरीद भएको २४.५५ व्याग सिमेन्टको रु.२०५२८।७१ रकम असुल गर्नु पर्दछ ।

२४ **घटी खरिद :** महादेव खोला घट्टे मुहान कूलो थागंपालधापमा कूलो निर्माण गर्न कार्यालयको तर्फबाट रु.१०००००।- र उपभोक्ता समितिको रु ४१३४६।- समेत खर्च लेखेकोमा सिमेन्ट २० वोरा प्रति वोराको रु ७५०(मू.अ.कर सहित) ले रु १५०००।- खरीद भएको बिल पेश भएको छ । नर्म्स अनुसार पिसिसि.(१:२:४) कार्यको प्रति घनमिटर ३२० के.जि.र स्टोन मासोनरी (१:४) कार्यको लागि प्रति घनमिटर १५९ के.जि. सिमेन्ट लाग्ने आधारमा ५१.५४ बोरा सिमेन्ट आवश्यक हुनेमा २० बोरा मात्र सिमेन्ट खरीद भएको हुँदा घटी परीमाणमा सिमेन्ट खरीद गरी उक्त कूलो निर्माण कार्य सम्पन्न भएको भनी तयार भएको कार्य सम्पन्न प्रतिबेदन समेत बिश्वसनीय देखिएन ।

२५ **असुली :** छेपारे खोला गोरेटो पुल निर्माण वापत कार्यालयको रु २०४३३१।- र उपभोक्ता समितिको रु ५६१६४।- समेत कूल लागत रु २६०४९७।- को लागतमा उक्त कार्य सम्पन्न भएको भनी कार्य सम्पन्न प्रतिबेदन तयार भएकोमा घले निर्माण सेवाको बिल अनुसार २.१.१. साईजको १८ थान र ३.१.१. साईजको ३ थान ग्याविन क्रमश रु २३७३।- र २६५५।- (मू.अ.कर सहित)ले रु ५०६८०।- खरीद गरी खर्च लेखेको छ । उक्त कार्य सम्पन्न भएको भनी तयार गरीएको कार्य सम्पन्न प्रतिबेदन अनुसार २.१.१ साईजको ग्याविन २४ घ मी (१२ थान) मात्र जडान भएको देखिंदा खरीद भएको उक्त साईजको ग्याविन ६ थान प्रयोग नभए बाट सो को खरीद मूल्य प्रति थानको रु २३७३।- ले रु.१४२३८।- र ग्याविन ३.१.१. साईजको ३ थान समेत प्रयोग नभएबाट सो को खरीद मूल्य प्रतिथान को रु २६५५।- ले ७९६५।- समेत कूल रु २२२०३।- असुल गर्नुपर्ने पर्दछ ।

२६ ज्याला ज्यामीको प्रयोग : भोटांग जालामारार्ग ६ सडक निर्माण गर्न कार्यालयको तर्फबाट रु १००००००।- र उपभोक्तको तर्फबाट रु ३००७६७।- समेत कूल रु १३००७६७।- को लागतमा उक्त कार्य निर्माण सम्पन्न भएको भनी कार्य सम्पन्न प्रतिबेदन तयार गरेको छ । उक्त निर्माण कार्य गर्न तयार भएको लागत अनुमान अनुसार हिलकट फर रोड इन सफ्ट सइल २७४८.७५ घ मी कार्य गर्न स्काईभेटरको प्रयोग गर्ने गरी प्रति घ मी को रु ८१।- का दरले लागत अनुमान तयार भएकोमा ज्यामीबाट उक्त काम गराएको भनी मस्ट रोल पेश भएको छ । यसरी स्काईभेटर प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेकोमा ज्यामीबाट काम गराई रु.१३००७६७।- खर्च लेखेको छ ।

२७ **पेश्की :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (५) र (६) मा खरिद सम्झौताको शर्त अनुसार पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । यसवर्ष समितिको कार्यालयले दुई उपभोक्ता समितिहरुलाई दिएको निर्माण बाँकी पेश्की रु.६१०००।- बांकी रहन गएको फछ्र्यौट गर्नुपर्दछ ।

२८ **ह्योल्मो सिन्धु मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रम संचालन समिति :** विभिन्न मितिबाट रु.७०००००।- प्रति सहरकारी संस्थाका दरले १० सहकारी संस्थालाई २०७१/७२ मा स्वीकृत कार्यक्रम मध्येका सो वर्ष सम्पन्न हुन नसकेका कार्यक्रमहरु चालु आ.व.को नियमित बजेटबाट भुक्तानी हुने गरी मेलम्ची खानेपानी विकास समितिको २०७२।९।५ गतेको वोर्ड बैठकको निर्णय अनुसार बीउ पूँजीकोष अनुदान दिने निणर्य भएको छ । उक्त निर्णयमा खानेपानी विकास समिति लगायत जिल्ला सहकारी कार्यालयबाट अनुदान प्रदान गरेको सहकारी संस्थाहरुको नियमित रुपमा अनुगमन गर्ने उल्लेख छ । निर्णय अनुसार अनुदान रकमको सही सदुपयोग भए नभएको तथा संस्थाले अनुदान पछि गरेको प्रगति सम्बन्धमा कुनै निकायले अनुगमन गरेको पाइएन ।

२९ **दोहोरो खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ मा प्रत्येक जिल्लामा निर्माण सामग्री, ढुवानीको दर रेट तथा कामदारको ज्याला समेत निश्चित गर्न एक दररेट निर्धारण समिति रहने व्यवस्था

छ । खानेपानी तथा सिंचाईका लागि प्रयोग हुने पाइपको लागि काठमाडौं जिल्लाको दररेट निर्धारण समितिबाट तय भएको दरलाई आधार लिई उक्त दरमा सम्बन्धित आयोजनास्थलहरुको दूरी अनुसार हुने ढुवानी लागत थप गरी निर्माण कार्यको लागत अनुमान तयार गर्ने गरेको पाइयो । विभिन्न भौ.नं. र मितिबाट विभिन्न योजनाको लागि एचडिपी पाइप खरिद गर्दा तयार पारेको लागत अनुमानमा काठमाडौं जिल्लाको जिल्ला दररेटमा ढुवानी तथा लोड अनलोड समेत समावेश गरेर मेटरियल एट साइटको मूल्य समावेश गरेको छ । निर्माण स्थलसम्म पाइप पुऱ्याउँदा लाग्ने सम्पूर्ण लागतको आधारमा लागत अनुमान तयार गरेर पुनः ५ प्रतिशत ढुवानी समावेश गरेकाले योजनाको लागत बढेको छ । दोहोरो पर्ने गरी थप भएको ५ प्रतिशत ढुवानीको रकम रु.१६४२६७- असुल गर्नु पर्दछ ।

३०. **दोहोरो भत्ता :** ह्याल्मो सिन्धु मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रमका ६ पदाधिकारी एउटै मितिमा एक भन्दा बढी स्थान र कार्यक्रम तथा भ्रमणमा सहभागी भएको देखिएको तथा सोही मितिमा समितिको बैठकमा सहभागी भएर माएन्युट पुस्तिकामा हस्ताक्षर गरेको देखिएकोले दोहोरो भत्ता रु.१०४८००।- बुझेको पाइयो । दोहोरो भ्रमण भत्ता तथा सुविधा बुझिलिने पदाधिकारीबाट यस्तो भत्ता असुल गरी आगामी दिनमा दोहोरो पर्ने गरी कुनै कार्यक्रम तथा भ्रमणमा नखटाउने तर्फ समिति सचेत हुनु पर्ने देखिन्छ ।

३१. **भपाई पेश नभएको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३६ (३) अनुसार खर्च गर्दा खर्चको वील भर्पाई सहितको लेखा राख्नु पर्नेमा ५ आपूर्तिकर्तालाई विल भपाई बेगर रु.४४९०५९।- भुक्तानी गरेको छ । यसरी रकम भुक्तानी गरेकोमा सोको वील भर्पाई पेश भएको छैन ।

३२. **अध्ययन अवलोकन भ्रमण** : विकास आयोजना तथा आय आर्जन सम्बन्धी अध्ययन आलोकन भ्रमणकार्यक्रम अर्न्तगत लमजुङ, तनहु, कास्की, मुस्ताङ, आदि जिल्ला भ्रमण गरी रु.६८६३४७।- खर्च गरेकोमा देहाय अनुसार भए गरेको पाइयो । अवलोक भ्रमणको लागि रु.५०००००।- बजेट प्रस्ताव गरिएकोमा रु.६८६३४७।- खर्च भएकोले प्रस्तावित बजेट भन्दा रु.१८६३४७।- बढी खर्च गरेको पाइकोले निर्धारित कार्यक्रमको लागि बढी खर्च गर्ने पदाधिकारीबाट असुल गर्नु पर्दछ । भ्रमण टोलीका देहायका सदस्यहरुले भ्रमण प्याकेज अर्न्तगतका सम्पूर्ण सुविधाको अतिरिक्त छलफल तथा अन्तरक्रिया वापतको रकम भ्रमण अवधिभर ६ सेसनसम्मको प्रतिशेसन रु.१२००।- का दरले रकम बुझेको पाइयो । सोही अवधि २०७३/१/१२-१८ मा सिन्धुकोट फटकशिला भ्रमण रहेको र एउटै अवधि २०७३/१/१६-२२ मा सहकारी लेखा व्यवस्थापन तालिममा प्रशिक्षक भई भत्ता समेत बुझेको देखिएकोले तीन ठाउँबाट एकै मितिमा भत्ता बुझेको समेत देखिन्छ । काठमाडौं देखि पोखरा, मुस्ताङ पुनः काठमाडौंको सात दिनको भ्रमणमा बस यात्रा सहितको अवधिमा २८ सेशन (अर्थ मन्त्रालयको नर्म्स अनुसार ५६ घण्टा) अन्तरक्रिया सञ्चालन गरेको भनेर विभिन्न ५ पदाधिकारीलाई दिएको भत्ता रु.२८५६०।- असुल गर्नु पर्दछ ।

३३. **नर्म्स भन्दा वढी भूक्तानी :** काठमाडौ जिल्लाको जिल्ला दररेट अनुसार अलैचीको विरुवा प्रति गोटा रु.८।- रहेको छ । इचोक गाविसमा अलैची खेतीका लागि विरुवा वितरण कार्यको लागि एक बगैचा निर्माण तथा कृषि सामग्री सेवा प्रा.लि.काठमाडौंको २०७३।३।२८ विल नं. २८९ बाट १०००० अलैचीका विरुवा प्रतिगोटा रु.१२ का दरले रु.१२००००।- मा खरिद गरेको पाइयो । विरुवाको ढुवानी खर्च वापत रु.५०००।- खर्च छुट्टै समावेश गरेको छ । विरुवा खरिद गर्दा काठमाडौं जिल्लाको जिल्ला दररेट भन्दा बढी खर्च लेखेको प्रति विरुवा रु.४।- दरले १०००० विरुवाको रु.४००००।- असुल गर्नु पर्दछ ।

३४. **भरपाई :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६को (३) खर्च गर्दा खर्चको विल भर्पाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पाल्चोक गाविसका ३५ जना गरीब, जेहेन्दार, दलित तथा आदिवासी जनजाति विद्यार्थीको लागि जयवागेश्वरी मा.वि. पाल्चोकका १६ जना छात्रछात्राको लागि रु.३३२५०।- र पाल्चोक नि.मा.वि. पाल्चोक-९ का १८ जना छात्रछात्राको लागि रु.३९५००।- समेत रु.७२७५०।- छात्रवृत्ति वितरण गरेको छ । २०७३।३।१६ गतेको पाल्चोक गाउँ सामुदायिक समितिको बैठकमा कुन कुन विद्यालयलाई छात्रवृत्ति रकम दिने भन्ने उल्लेख नभएको तथा सम्बन्धित विद्यालयको व्यवस्थापन समितिको वैठकद्वारा छात्रछात्राको नाम समेत अनुमोदन भएको पाइएन । विद्यालय व्यवस्थापन समितिद्वारा छात्रछात्राको नाम अनुमोदन गरी सम्बन्धित विद्यार्थी आफैं वा निजको अभिभावले रकम बुझेको भरपाई पेश हुनु पर्दछ ।

३५. **असम्बन्धित खर्च :** तालामाराङ गाविसमा सञ्चालित कफी खेती कार्यक्रम तथा अलैची खेती कार्यक्रमको लागि विरुवा खरिद गर्दा विरुवाको मूल्य तथा ढुवानीको अतिरित्त विरुवा कुरुवा खर्च , खाना खर्च , खाजा खर्च लगायतको शीर्षकमा थप खर्च दावी गरी भुक्तानी गरेको पाइयो । अलैची तथा कफीको विरुवा खरिद गर्दा असम्बन्धित शीर्षकमा खर्च गरेको रकम सम्बन्धित व्यक्तिबाट रु.४०४०८।- असुल गर्नु पर्दछ ।

३६. **ओभर ल्याप खर्च :** नेपाल सरकारको स्वीकृत दर विश्लेषणको ९ (१) अनुसार जस्तापाताको छाना छाउने कार्यमा १० वर्ग मिटर क्षेत्रमा १२ वर्गमिटर जस्ता पाता खर्च हुने गरी नर्म्समै व्यवस्था भएकोमा ग्रामीण सामुदायिक स्वस्थ केन्द्र भोटेचौरको २६ गेज सीजीआई सिट फर रुफिङ कार्यको लागत अनुमान तयार गर्दा

पुन ओभरल्याप २० प्रतिशत थप गरेको पाइयो । जम्मा ६६.८० बर्गमिटर जस्ता पाता मध्ये १३.५३ बर्गमिटर ओभरल्याप थप गरेको पाइएकोले प्रति बर्गमिटर रु.६८५.५३ ले हुने ९१५९।- असुल गर्नु पर्दछ । त्यसै गरी गोज्मेश्वरी मन्दिर निर्माणको २६ गेज सीजीआई सिट फर रुफिङ कार्यको लागत अनुमान तयार गर्दा पुन ओभरल्याप २० प्रतिशत थप गरेको पाइयो । जम्मा १०३.८४ बर्गमिटर जस्ता पाता मध्ये २७.२७ बर्गमिटर ओभरल्याप थप गरेको पाइएकोले प्रति बर्गमिटर ७६२.६९ ले हुने २०७९८।५५ असुल गर्नु पर्ने र छाना छाउनको लागि २ इन्चको ४४८.३५ मिटर र ४ इन्चको ४३.३५ मिटर पाइप मा १५ प्रतिशत वेस्टेज (२ इन्चको ६.५४ मिटर र ४ इन्चको ६७.२५ मिटर) समेत रु.१८५१४०।९३ मा खरिद गरेको पाइयो । छाना छाउने पाइपमा १५ प्रतिशतले वेस्टेज राख्ने आधार बेगर रु.२४१४८। खर्च लेखेको र जस्तामा ओभर ल्याप खर्च रु.२०७९८।५५ समेत रु.४४९४६।६८ असुल गर्नु पर्दछ ।

३७ **बढी भूक्तानी** : एल्मोनिसा ताकोते मेलम्ची घ्याङ सडक निर्माण गर्दाको डिटेल क्वान्टिटी इस्टिमेट सिटमा कुल २०५ मिटर सडक निर्माण गर्दा २५७२ घनमिटर माटो काट्ने गरी क्वान्टिटी इस्टिमेट गरेको छ । यसरी क्वान्टिटी इस्टिमेट गर्दा जमिनको न्यूनतम उचाई र अधिकतम अचाईको औसत गणना गरिएको भए पनि सडकको लम्वाई, चौडाई र अधिकतम उचाईको आधारमा माटो काट्ने परिमाणको गणना गरिएकोले रु.७३.२४ प्रति घनमिटरको दरले ११० घनमिटर वढी परिमाण कार्य भएको देखाई भुक्तानी भएको रु.८१२९७- असुल गर्नु पर्दछ । त्यसै गरी गैरीबेंसी भञ्ज्याङ सडक निर्माण गर्दाको रु.७३ प्रति घनमिटरको दरले ५३४ घनमिटर वढी परिमाण कार्य भएको देखाई बढी भुक्तानी भएको रु.३८९८२।- असुल गर्नु पर्दछ ।

३८ **दोहोरो भूक्तानी :** महाकाल कालुङखोला खरबुजे फारपासाङ बाटो निर्माण कार्यको डिटेल इस्टिमेट अनुसार अर्थ वर्क एन एक्स्काभेसन इन फाउण्डेसन इन बिएमए ४३.२ घनमिटर र स्टोन सोलिङ्ग इन रड ५७.६० घनमिटर जम्मा कार्य रहेकोमा प्रथम रनिङ विल अर्थ वर्क एन एक्स्काभेसन इन फाउण्डेसन इन बिएमए ३२.४० घनमिटर र स्टोन सोलिङ्ग इन रड ४३.२० घनमिटर कार्य सम्पन्न गरी रु.१२९२२२।७८ भुक्तानी भएको छ । पहिलो वीलबाट सम्पन्न भएको कार्यको भूक्तानी रु.५१८९८।८२ दोस्रो रनिङ विलबाट नघटाई रु.१७०७७८.०० भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु.११८८७९।८२ असुल गर्नुपर्दछ ।

३९ **छानामा प्रयोग हुने पाइपमा वेस्टेज खर्च :** मसानेपाटी र बगलामुखि मन्दिर निर्माण कार्यको लागि छाना छाउनको लागि प्रयोग हुने फलामे पाइप लागत अनुमानमा १५ प्रतिशत वेस्टेज समेत समावेश गरी खरिद गरेको छ । नेपाल सरकारको स्वीकृत नर्म्समा यसरी वेस्टेज थप गर्ने व्यवस्था नभएकोले ११२.९५ मिटर पाईपको प्रति मिटर रु.७५।- का दरले हुने रु.८४७१।२५ असुल गर्नु पर्दछ ।

४० **पेश्की बाँकी :** एक कन्स्टक्सनलाई भवन निर्माण पेश्की दिएकोमा आर्थिक बर्षको अन्तसम्म बाँकी रहेको पेश्की रु.१६७२०००।-सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार अनुसार फछर्यौट गर्नुपर्दछ ।

४१ नर्म्स भन्दा वढी भुक्तानी : ह्यल्मो खानेपानी सरोकार समिति अन्तर्गतको टिम्बो दोरांग नाकोते र चेडेन्चे टोंगदिर सडक मर्मत योजना अन्तग वि.ओ.क्यू.अनुसार विभिन्न परिमाण मध्ये E/W excavation along the road in soft rock using heavy equipment कार्यको लागि जिल्ला दर विश्लेषण अनुसार प्रति घन मिटर रु.७३.२४ का दरले हुनुपर्नेमा रु.४८५ का दरले भुक्तान भएकोमा रु.४११।७६ वढी दरले भुक्तान भएको देखिन्छ। माथि उल्लेखित समितिबाट उल्लेखित कार्यको लागि १६९९.२० घन मिटरको काम भएको हुदा सो कामको लागि रु.४११।७६ का दरले हुन आउने रकम रु.६९९६६२.५९ यस समितिबाट भुक्तान भएको हुँदा वढी भुक्तानी असुल गर्नु पर्दछ ।

४२ **राजश्व लेखा व्यवस्था :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० ले प्रत्येक कार्यालयले लगती तथा हसवली राजस्व आम्दानी दाखिला श्रेस्ताको महालेखा परीक्षकको कार्यालयबाट तोकिए बमोजिमको ढाँचामा लेखा अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था गरेको छ। राजस्व सम्बन्धी लेखाको लागि म.ले.प.फा.नं.१० क, १०८, क १०८ ख २३ लगाएतका फारामहरूको प्रयोग गर्नु पर्ने व्यवस्था छ। समितिले राजस्व सम्बन्धी म.ले.प.फा.नं. फारामहरू प्रयोगमा ल्याएको देखिएन । तोकिए बमोजिमका अभिलेख राखी श्रेस्ता व्यवस्था दुरुस्त गर्नु पर्ने देखिन्छ।

४३ **रसिद नियन्त्रण खाता :** राजस्व आर्जन गर्ने कार्यालयहरूले रसिद नियन्त्रण खातामा प्राप्त रसिदहरूको आम्दानी तथा खर्चको हिसाव अध्यवधिक गरी राख्नु पर्नेमा रसिद नियन्त्रण खाता राखेको पाइएन । रसिद नियन्त्रण खाता राख्ने नगरेकोले गर्दा नगदी रसिदको आम्दानी खर्च एकीन गर्न सकिएन । रसिद नियन्त्रण खाता राखी स्रेस्ता अध्यावधिक गर्नु पर्दछ ।

४४ **स्थलगत निरीक्षण :** मेलाम्ची खानेपानी आयोजनाको स्थलगत निरीक्षण भ्रमण हुँदा सुरुर निर्माण कार्य २०७३ माघ मसान्त सम्म २७५८४ मिटर मध्ये २२६६२ मिटर निर्माण सम्पन्न भईसकेकोछ । हेडवर्क्स र डाईभर्जन सुरुर १५ मिटर, अम्वाथान ग्याल्थुंम १५५७ मिटर, ग्याल्थुंम अम्वाथान ९६२ मिटर ग्याल्थुम सिन्धु

१०९२, सिन्धु ग्याल्थुम १२९६ गरी जम्मा ४९०७ मिटर अर्थात १८ प्रतिशत टनेल खन्न बाँकी देखिन्छ । आ.व.२०७३।७४ को श्रावण र भाद्र महिना बाहेक कुनै पनि महिनामा लक्ष्य भेटाउन सकेको छैन । सिन्धु र ग्याल्थुम विचको भागमा कमजोर रक फेला परेको कारणले २३ डिसेम्बर २०१६ को दिनको प्रगतिलाई हेर्दा ग्याल्थुम डाउनस्टिम साईडमा १ ब्लाष्ट मात्र हुन सकि १.५ मिटर सुरुर खन्न सकेको देखिन्छ । यस तर्फ ३७५१ मध्ये खन्न बाँकी १०९१.९ मिटर खन्न यहि प्रगतिलाई आधार मान्ने हो भने ७२७ दिन लाग्छ । त्यसै गरी ग्याल्थुम र अम्वाथान विचको भागमा कमजोर रक फेला परेको कारणले २२ डिसेम्बर २०१६ को दिनको प्रगतिलाई हेर्दा अव्वाथान डाउनस्टिम साईडमा २ ब्लाष्ट मात्र हुन सकि ३.३ मिटर सुरुर खन्न सकेको देखिन्छ । यस तर्फ ४३२१ मध्ये खन्न बाँकी १५५७ मिटर खन्न यहि प्रगतिलाई आधार मान्ने हो भने ४७२ दिन लाग्छ । पेश भएको हेडवर्क्सको भौतिक प्रगती विवरणलाई आधार मान्दा यो कार्यको प्रगति २९.५ प्रतिशत तथा संझौता मूल्य रु.६२८७२१०००।- मध्ये रु.६९४२७०००।- मात्र खर्च भई ढिलो गतिमा प्रगती भएको देखिन्छ । स्थलगत रुपमा भ्रमण गर्दाओपन कट एकजाभेसनको कार्य भइरहेको देखियो । पुरानो मेशिनका साथ कार्य गर्नुपर्दा कार्य प्रभावकारीतामा असर पुगेको भन्ने जानकारी प्राप्त भयो । पेश भएको वाटर ट्रिटमेन्ट प्लान्ट को भौतिक तथा वित्तिय प्रगती आठ करोड ५० लाख लिटर क्षमताको भौतिक निर्माण प्रगति सन्तोष जनक रहे पनि अर्को ८ करोड ५० लाख लिटर क्षमताको भौतिक निर्माण बाँकी नै रहेको र निरीक्षण अवधि सम्म पनि कार्य प्रारम्भ भएको पाइएन ।

गृह मन्त्रालय

१. **लक्ष्य प्रगति :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम २५ अनुसार अनुसूचि- २ को ढाँचामा प्रगति प्रतिबेदन बनाउनुपर्ने तथा कार्यालयको लक्ष्य अनुरुप अपेक्षित प्रतिफल प्राप्त गर्न तोकिएको अवधिभित्र कार्य संपन्न गर्नुपर्ने व्यवस्था छ । प्राप्त प्रगति बिबरण अनुसार भुटानी शरणार्थीको सामुमहिक पुनर्बास सम्बन्धी कार्यक्रम, नेपाल भारत गृह सचिव र सहसचिवस्तर वैठक, अन्य उपकरण तथा मेशिनरी औजार खरिद तथा विविध कार्यकममा प्रगति शुन्य देखिएकोले प्रगति नहुनाका कारण पहिचान गरी सुधार हुनुपर्दछ ।

२. **प्रगति समिक्षा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ (१)मा मन्त्रालय र मातहतका निकायको चौमासिक केन्द्रीयस्तरको प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने, तोकिएको समयमा प्रगति विवरण नपठाउने कार्यालय प्रमुखको तलब रोक्का गर्नसकिने व्यवस्था छ । यो वर्ष मन्त्रालय र मातहतका निकायहरुबाट चालुतर्फ रु ३६ अर्व ५५ करोड ७३ लाख १९ हजार र पुँजीगततर्फ रु ५ अर्ब २५ करोड ६३ लाख २० हजार खर्च गरेको छ । मन्त्रालयको प्राप्त प्रगति बिबरण अनुसार ६ कार्यक्रमको प्रगति शुन्य भएको अवस्था छ । मातहतको निकायको प्रगति विवरण प्राप्त नहुँदा केन्द्रीयस्तरको प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गरेको छैन । यसले गर्दा मन्त्रालय र मातहतका निकायको भौतिक र वित्तीय पक्षको केन्द्रीयस्तरको प्रगति विवरणको विश्लेषण हुन सकेन । यस सम्बन्धमा आंशिक भएको र आगामी समयमा थप प्रभावकारी ढंगबाट कार्यान्वयन गर्ने प्रतिक्रिया प्राप्त भएको छ ।

३. **अवण्डा रकम :** अर्थ मन्त्रालयको २०७२। ०३।३० को पत्र अनुसार चालु तथा पूङजीगततर्फ बिनियोजन भएको रकम बाँडफाँड स्वीकृती गर्दा अर्थ मन्त्रालयवाट प्राप्त अख्तियारी र राष्ट्रिय योजना आयोगबाट स्वीकृत कार्यक्रम बमोजिमको बजेट अख्तियारी दिनुपर्दछ । यो वर्ष अर्थ मन्त्रालयले दिएको अख्तियारी चालु तर्फ रु ३६ अर्व ५५ करोड ७३ लाख १९ हजार र पूंजीगततर्फ रु ५ अर्व २५ करोड ६३ लाख २० हजार मध्ये चालुतर्फ रु १५ करोड १ लाख ८६ हजार र पुँजीगततर्फ रु ३ करोड ९८ लाख २१ हजार अवन्डा राखेको छ ।

४. **कार्यक्रम संशोधन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा स्वीकृत कार्यक्रमको उद्देश्य, लक्ष्य, स्वीकृत बजेट र आवधिक योजना अनुकूल कार्यक्रम संशोधन गरी राष्ट्रिय योजना आयोगलाई जानकारी दिनुपर्ने व्यवस्था छ । मन्त्रालयले पूजिंगत वजेट उपशीर्षक तर्फ रु. ५ अर्ब २५ करोड ६३ लाखको कार्यक्रम २०७२।३।३० मा स्वीकृत गरी जिल्ला प्रशासन कार्यालय ७५ लाई शुरु अख्तियारी पठाएकोमा कार्यक्रम संशोधन नगरी १८ पटक गरी रु. ३८ करोड ८६ लाखको थप अख्तियारी दिएको देखियो । थप अख्तियारी पठाउंदा संशोधित कार्यक्रम स्वीकृत गरी सोको जानकारी राष्ट्रिय योजना आयोगलाई दिनुपर्दछ ।

५. **आन्तरिक नियन्त्रण प्रणाली :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ मा सार्वजनिक निकायले सञ्चालन गर्नुपर्ने दैनिक कार्य, कार्य विवरण, कार्यविधि, कार्यान्वयन गर्ने पदाधिकारी, त्यसको जिम्मेवारी लिने पदाधिकारी सहितको वडापत्र तयार गरी सार्वजनिक स्थानमा सबैले देख्ने गरी राख्नु पर्नेमा सो राखेको छैन । यस्तै मन्त्रालय र मातहतका निकायहरुले गर्नुपर्ने मूख्य काम तथा दैनिक प्रशासन चुस्त दुरुस्त, वित्तीय अनुशासन पारदर्शिता कायम राख्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउन सम्बन्धमा विगत वर्षको म.ले.प. प्रतिवेदनमा व्यहोरा उल्लेख भएकोमा स्थिति यथावत छ ।

६. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावल, २०६४ को नियम ५० अनुसार कार्यालयले मन्त्रालयको आन्तरिक व्यवस्थापन क अर्न्तगतको जिन्सी निरिक्षण गरी २०७३।०५।१० मा जिन्सी निरिक्षण प्रतिवेदन प्राप्त

भएको तथा सवारी साधन तर्फको जिन्सी व्यवस्था गर्ने शाखा आन्तिरिक "ख" ले जिन्सी निरिक्षण गरि लेखापरिक्षण अवधि २०७३।११।१५ गते सम्म प्रतिवेदन तयार गरेको छैन । सवै मन्त्रालयका एंवसंवैधानिक निकायका पदाधिकारीहरुलाई सवारी साधन व्यवस्था गर्ने जिम्मा रहेको मन्त्रालयले सवारी साधनको अवस्था वारे व्यवस्थापनलाई प्रतिवेदन पेश नगर्दा त्यस सम्वन्धी तथ्याङ्क विश्लेषण गर्न सकिएन । यस वर्ष सवारी साधनमा मात्र रु.५५ लाख ५१ हजारको मर्मत खर्च भएको छ । सवारी साधनको जिन्सी निरिक्षण नगर्दा चालु अवस्थामा भएका सवारी साधनको मात्र मर्मत खर्च भएको वा विग्रिएका सवारी साधनको समेत मर्मत खर्च भएको छ । त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० (२)च मा एकै किसिमको मालसामान मध्ये गत वर्ष उपयोग भएको परिणाम र चालु आर्थिक वर्षमा खरीद गरिएको परिणामको तुलनात्मक विवरण तयार गर्नु पर्ने व्यवस्था छ । जिन्सी निरिक्षण गर्न तोकिएका सदस्यहरुले दिएको प्रतिवेदनमा गत विगतमा खरिद गरिएका मुख्य सामानहरुको उपयोग संख्या, खरिद संख्या ,मौज्दात र यस वर्ष खरिद हुन आवश्यक देखिएको संख्या र खरिद संख्या उपयोग संख्याको तुलनात्मक विवरण प्राप्त गरी सो प्रतिवेदनमा उल्लेख गरेको छैन । यसर्थ यथार्थ जिन्सी निरिक्षण प्रतिवेदन तयार गर्न ध्यान दिनुपर्दछ ।

७. **जिन्सी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० (३) मा आफ्ना मातहतका कार्यालयबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त गरी प्रतिवेदनलाई अध्ययन विश्लेषण गरी त्यसमा मर्मत गर्नु पर्ने तथा लिलाम बिक्री गर्नु पर्ने भनी उल्लेख भएका सामानहरु सम्बन्धमा मन्त्रालयले निर्देशन दिने व्यवस्था छ । हालसम्म मन्त्रालयका मातहतका निकायबाट जिन्सी निरिक्षण प्रतिवेदन लिने र त्यस प्रतिवेदनलाई अध्ययन विष्लेषण गरी निर्देशन दिने गरिएको पाइएन ।

८. **काज :** निजामती सेवा ऐन, २०४९ को दफा १८ क(१) मा एक वर्षमा ३ महिनाभन्दा बढी अवधिको लागि काज खटाउन नपाइने उल्लेख छ । गृह मन्त्रालयले सामान्य प्रशासन मन्त्रालयको सहमति नलिई विभिन्न श्रेणीका २४ कर्मचारी काजमा खटाएको तथा ७ कर्मचारीलाई १ वर्षभन्दा बढी काजमा राखी यो वर्ष रु.४७ लाख ७२ हजार खर्च गरेको छ । आवश्यकताभन्दा वढी कर्मचारी काजमा राख्दा जिम्मेवारी तथा मूल्यांकनमा समस्या आउनुका साथै तलव भत्ताका लागि थप विनियोजन गर्नुपर्ने समस्या रहने हुँदा कर्मचारी काजमा राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

९. **करार सेवा :** गृह मन्त्रालयको ०७२/४/४ को अख्तियारीको दफा २२ मा स्वीकृत बजेटको सीमा भित्र रहेर मात्र करारमा नियुक्ति गर्न सकिने तथा विगतमा करारमा नियुक्ति व्यक्ति वाहेक नयां करार सेवा लिदां व्यक्तिगत करारमा लिन पाईने छैन भन्ने उल्लेख छ । यस बर्ष ३३ जना विगतका कार्यरत कर्मचारीहरुलाई म्याद थप गरि रु.५६,७२,५३०।३५ भुक्तानी गरेको देखिन्छ ।

१०. **भ्रमण अभिलेख :** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि कार्यालयले तोकिएको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्दछ । यस वर्ष विभिन्न पदाधिकारी वा कर्मचारी स्वदेश वा विदेश भ्रमण प्रारम्भ गरेपछि स्वीकृत भ्रमण आदेशको आधारमा भ्रमण अभिलेख तयार नगरी रु.२१ लाख ७७ हजार रकम भूक्तानी गरेको छ । नियमावलीमा उल्लिखित व्यवस्था अनुसार भ्रमण अभिलेख तयार नगर्दा पदाधिकारी खटिएको ठाउँ, भ्रमण, उद्देश्य लगायतका अभिलेख यकिन हुन सकेन । यसर्थ अभिलेख तयार गरिनुपर्दछ ।

११. **पदाधिकारीलाई सुविधा** : मन्त्रीहरुको पारिश्रमिक सुविधासम्बन्धी ऐन, २०४९ मा भएको व्यवस्थाको अतिरिक्त प्रधानमन्त्री, मन्त्री र राज्यमन्त्रीलाई थप सुविधा दिनुपर्ने भएमा कानूनमा समावेश गरेर मात्र खर्च लेख्न सर्वोच्च अदालतले २०६८।८।२२ मा आदेश गरेकोमा ऐनमा व्यवस्था नगरी ३ पूर्व पदाधिकारी र १ सांसदलाई मन्त्रालयले सवारी साधन उपलब्ध गराएको छ ।

१२. **खर्च संरचना :** आर्थिक कार्यबिधि नियमावली, २०६४ बमोजिम चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरिएको हुन्छ । प्राप्त बिबरण अनुसार कार्यालयको पूँजीगत बजेट खर्च रु. ६३,२५,८१२।०० मध्ये तेश्रो चौमासिकमा ७९ प्रतिशत र आषाढ महिनामा ३२ प्रतिशत खर्च गरेको पाईयो । तोकिएको कार्यक्रम समयमा सम्पन्न गर्नुपर्दछ ।

१३. **गुणस्तर परीक्षण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा मालसामान प्राप्त भइसकेपछि प्राप्त मालसामानको सम्वन्धीत प्राविधिकबाट स्पेशिफिकेशन अनुसार भए नभएको जाँच गरी सामान दाखिला गर्ने र भुक्तानी दिनुपर्ने उल्लेख छ । मन्त्रालयले सुपर स्प्लेन्डर मोटरसाइकल, म्याकबुक ल्यापटप लगायतका सामान खरिद गरी रु.९,९२,४९९।०० खर्च लेखेकोमा नियममा व्यवस्था भए बमोजिम प्राविधिक प्रतिवेदन वेगर भुक्तानी दिएको छ ।

१४. **भाडा :** चालु खर्च तथा दैवी प्रकोप उद्धार कोषबाट गरिने खर्चमा मापदण्ड हुनुपर्ने व्यवस्था छ । मन्त्रालयले यस वर्ष अन्य भाडामा रु.९,२५,८०२।– खर्च गरेको देखियो । उक्त रकम मधेश आन्दालनको क्रममा सुरक्षाकर्मी पुऱ्याउनको लागि (नाइट भिजन रेस्क्यू) खर्च भएको पाइयो । देशमा विभिन्न समयमा हुने दैवी प्रकोप उद्धारमा केन्द्रीय दैवी प्रकोप उद्धार समितिमार्फत समेत खर्च हुने गरेको छ । दुवै निकायवाट भएका खर्च हेर्दा एकै प्रकृति देखिएकाले मापदण्ड तयार गर्नुपर्नेमा तयार गरेको देखिएन । यसर्थ विपत्तिमा परेका

नागरिकको सहयोग गर्नु राज्यको दायित्व भएकोले विभिन्न समद्ध निकायबाट सहयोग गर्ने मापदण्ड तथा कार्यविधि तयार गरी पारदर्शी रुपमा यस्तो खर्च हुनुपर्दछ ।

१५. **पेश्की :** आर्थिक कार्यबिधि नियमावली, २०६४को नियम ७४ मा कार्यबिधि अपनाई फछ्र्यौट गर्नु उल्लेख छ । कार्यालयले एक कर्मचारीलाई बीमाको लागि रु.२,००,०००।०० र १४ कर्मचारीलाई दैनिक भ्रमण खर्चको लागि रु.१,८१,०५०।०० समेत रु.३,८१,०५०।०० तथा आर्थिक सहायता, क्षतिपूर्ति तथा औषधोपचारको लागि ३१ जिल्ला प्रशासन कार्यालय लगायत अन्य कार्यालयलाई रु.५,०७,०७,५३७।०० दिएको पेश्की आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट भएको नदेखिएको असुल फछ्र्यौट हुनुपर्दछ ।

१६. **विविध खर्च :** प्राप्त विवरण अनुसार (विविध खर्च) शीर्षकबाट यस वर्ष १,१२,४६,७९२।०० खर्च भएको छ । कार्यालयले दैनिक खर्च लगायत गृह मन्त्रीले शान्ति सुरक्षा वापत एक पटकमा रु.५०,०००।०० को दरले वार्षिक ३५,००,०००।०० र सचिवले एक पटकमा २०,०००।०० को दरले वार्षिक रु.२३,९७,१४०।०० खर्च गरेको विवरण पेश भएको छ । गृह मन्त्रीले एक पटकमा ५० हजार र सचिवले एक पटकमा २० हजार खर्च गर्न पाउने व्यवस्था भएपनि त्यसको अवधि बारे उल्लेख छैन ।

१७. **आर्थिक सहायता :** यस वर्ष विभिन्न व्यक्तिहरुलाई मृत्यु, उपचार खर्च, सवारी क्षतिपूर्ति लगायत आर्थिक सहायता वापत मन्त्री परिषदको निर्णयबाट रु.१६,४०,३५,२९४।०० खर्च भएको विवरण पेश भएको छ । आर्थिक सहायता प्रदान गर्दा निश्चित मापदण्ड नहुँदा व्यक्तिको क्षमता र आवश्यकताको पहिचान नगरी रकम निकासा गर्ने गरेको देखियो । तसर्थ आर्थिक सहायता प्रदान गर्दा मापदण्ड तयार गरी रकम उपलब्ध गराउने व्यवस्था हुनुपर्दछ ।

१८. **विमा :** सवारीधनीले सवारी साधनको सम्भावित क्षतिको न्यूनिकरण गर्न सवारी साधनको प्रचलित नियमानुसार विमा गराउनुपर्ने व्यवस्था छ । मन्त्रालयले यो वर्ष एक निर्माण व्यवसायी र दुई व्यक्ति समेत तीनलाई सवारी साधन क्षतिपूर्ति वापत रु.४३,७३,३५०।०० प्रदान गरेको छ । सवारी साधन क्षतिपूर्ति दिनुपूर्व मन्त्रालयले सर्जमिन मुचुल्का तथा क्षतिको मूल्याङ्कन गर्ने समितिले वीमा गरिएको रकमबारे विवरण लिएको देखिएन । तसर्थ सवारी साधनको वीमा गरे/नगरेको विवरण माग गरी वीमा गरिएकोमा सम्बन्धित संस्थाले व्यहोर्ने रकम एकीन गरी प्रमाण पेश हुनुपर्दछ ।

१९. **धरौटी :** गत वर्षको जिम्मेवारी रु.३५७८२९२।५७ समेत जम्मा आम्दानी रु.५४६४५१८।५७ भएकोमा रु.१५,७१२।०० सदरस्याहा र रु.१२५३७७०।०० फिर्ता भई स्रेस्तानुसार रु.१२,७५,०३६।५७ बाँकी देखिन्छ । बैंक मौज्दात विवरणमा रु.४२,९१,८१५।५७ देखिएकोले फरक रु.११६६७९।०० एकीन गरी आम्दानी बाँध्नुपर्दछ ।

२०. **धरौटी अभिलेख :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८ मा प्रत्येक कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोबारको लेखा अनुसूची १० बमोजिमको ढाँचामा गोश्वारा धरौटी खाता र अनुसूची ११ बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । तर मन्त्रालयमा व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राखेको पाइएन ।

अध्यागमन विभाग

१. **कानूनको पालना :** कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धमा तालुक कार्यालयले समयमा खर्च गर्ने अख्तियारी नपठाएको, भ्रमण प्रतिवेदन लिने नगरेको, भ्रमण अभिलेख नराखेको, पुराना सामानको मर्मत संभार र लिलाम विक्रीको कार्य नभएको, जिन्सी खातामा फाँटवाला तथा कार्यालय प्रमुखले प्रमाणित नगरेको, वार्षिक खरिद योजना तयार नगरेको, ईन्धन खर्चको लगबुक नराखेको, आन्तरिक लेखापरीक्षणबाट देखिएको वेरुजू उपर आवश्यक कारवाही नगरेको जस्ता व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ ।

२. **लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम २५ अनुसारको प्रगति विवरण अनुसार पुँजीगत शीर्षकको कार्यक्रम संचालनमा भौतिक प्रगति २८ प्रतिशत तथा वित्तीय प्रगति २२ प्रतिशत देखाएको छ ।

३. **जनशक्ति** : गृह मन्त्रालयको २०७२।१०।२४ को निर्णयानुसार मन्त्रालय अन्तर्गतका सबै कर्मचारीहरुको काज फिर्ता गरिएको छ । विभागको स्वीकृत दरवन्दी ५६ मध्ये यो वर्ष ५४ पदपूर्ति रहेको छ । स्वीकृत दरवन्दीको अलावा विभागमा अन्यत्रबाट तलब, भत्ता भुक्तानी लिनेगरि कर्मचारी काजमा रहेको पाईयो । साथै विभागमा करार सेवामा ३ र काजमा १० कर्मचारी कार्यरत रहेको पाइयो । गृह मन्त्रालयको निर्णय कार्यान्वयन तर्फ कार्यालयको ध्यान जानु जरुरी देखिन्छ ।

४. **दरभाउपत्र** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा सार्वजनिक निकायले दश लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको मालसामान खरिद गर्दा बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने व्यवस्था छ । यस वर्ष विभागले वेभसाईट,सफ्टवेयर निर्माण, फर्निचर तथा मेशीनरी औजार सामानहरु खरिद गर्दा दरभाउपत्र मार्फत ७४ लाख ४३ हजार ९८८ को अनियमित खरिद कार्य गरेको देखिन्छ ।

५. **कार्य सञ्चालन कोष :** नेपाल सरकार र युनिसेफ बीच २०१३, जनवरी ७ मा २०१३ देखि २०१७ सम्ममा प्रिभेन्टिङ क्रस बोर्डर ट्राफिकिङ एण्ड ट्रान्सफर चिल्ड्रेन एण्ड वीमन विषयमा ४ वटा कार्यक्रम संचालन गर्ने सम्झौता भएको छ। गत वर्षको रु १८ लाख २५ हजार २५६ समेत यस वर्ष सम्म रु ३१ लाख २ हजार ५९६ खर्च भएको छ। उक्त रकमबाट कर्मचारीहरुको क्षमता अभिवृद्धि र तालिम र "अध्यागमन प्रशासन वर्तमान र आगामी कार्यदिशा" विषयक अन्तरक्रिया कार्यक्रम संचालन भएको छ। अध्यागमन विभागलाई कुन कुन कार्यक्रमका लागि के कति रकम विनियोजन गरिएको छ र कहिले सम्ममा कार्य संचालन गरिसक्नु पर्ने हो, विवरण पेश भएको छैन। सन २०१३ देखि सन् २०१७ सम्ममा कार्यक्रम सम्पन्न गरिसक्नु पर्ने र २०१५ मा मध्यावधि मूल्याकंन गर्नुपर्नेमा सो समेत गरेको छैन।

६. **आन्तरिक लेखापरीक्षण** : आर्थिक कार्यविधि नियमावली , २०६४ को नियम ९६(३)मा कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औल्याइएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगाडि बेरुजु लगत कट्टा गराउनुपर्ने व्यवस्था गरेकोमा बर्षान्तमा एक पेट्रोल पम्पको नाममा रहेको रु ९ हजार ६६६ र एक व्यक्तिको नाममा रहेको रु १३ हजार ८०१ फछ्र्यौट गर्नुपर्दछ भनी आन्तरिक लेखापरीक्षणबाट औल्याइएका बेरुजु फछ्र्यौट गरीनु पर्दछ।

भिसा स्टिकरको आम्दानी, खर्च र राजश्व असुली

७. अध्यागमन अभिलेख : अध्यागमन कार्यविधि, २०६७ को बुदा २.५ ले "सूचना प्रविधियूक्त अत्यूत्तम व्यवस्थापनमा पारदर्शिता र व्यावसायिक अध्यागमन" तथा बुदा ३.६ ले सेवाग्राहीलाई उच्चत्तम सन्तुष्टी प्रत्याभूतगर्न पारदर्शिता र प्रभावकारी पद्धति स्थापनाका साथै कागज विहिन अध्यागमन निर्माण गर्ने उल्लेख छ। सबै अध्यागमन कार्यालयहरुले आगमन र प्रस्थान गरेका विदेशी नागरिकको अनलाइन अभिलेख विभागमा रहने व्यवस्था मिलाउनु पर्नेमा सो भएको छैन। अध्यागमन प्रशासन सम्बन्धी काम, प्रशासनिक काम, ई–भिसा, मेशिन रिडेबल भिसा आदिको कार्य हुन सकेको छैन। विदेशीको नेपालमा भएको आगमन र प्रस्थान सम्बन्धी अध्यावधिक विवरण नरहेको हुदा वास्तविक आगमन र प्रस्थान संख्या यकिन हुने अवस्था रहेन। रसुवागढीमा सूचना प्रणाली संचालनको सेवा प्रदायकको सुविधाको पहुच नभएको र यसका लागि राष्ट्रिय निकुन्जले स्वीकृति दिनुपर्ने भएकोले रसुवागढी अध्यागमन कार्यालयले दिएको सेवाको अध्यागमन विभागको ग्रीड मा सोझै जोडेको छैन।रसुवागढीमा कम्प्युटरीकृत डाटालाई समय समयमा विभागमा ल्याई अभिलेखाङ्कन गर्ने गरेको छ।

८. **भिसा जारीको अभिलेख** : अध्यागन ऐन, २०४९ र नियमावली, २०६५ वमोजिम विभाग तथा कार्यालयहरुबाट हुने कामको अध्यावधिक कम्प्युटरीकृत अभिलेख राख्नु पर्ने व्यवस्था छ। विगत ३ वर्षमा नेपालबाट प्रस्थान गरेका र नेपाल आएका विदेशी तथा नेपाली नागरिकहरुको विवरण देहाय अनुसार छ

नागरिक	सन् २०१४ अप्रिल -डिसेम्वर		सन् २०१५		सन् २०१६	
	आगमन	प्रस्थान	आगमन	प्रस्थान	आगमन	प्रस्थान
विदेशी	४०४५२५	४९७९३२	५४८९७०	५८५९६४	७२९५५०	७०७२९९
नेपाली	२७२२१९	५१०५२२	७९५५१४	९९३१०५	१०६६६६१	११३१५२९
जम्मा	६७६६७२४	१००८४५४	१३३४४८४	१५७९०६९	१७९६२११	१८४०८२८

९. **भिसा स्टिकर :** यो वर्ष विभागले गत वर्षको मौज्दात ५६१२४८ यो वर्ष छपाई बाट प्राप्त ३७२०२० समेत ९३४२६८ थान भिसा स्टीकर आम्दानी देखाएको छ। सो मध्ये परराष्ट्र मन्त्रालयलाई उपलब्ध गराएको ९५७४८ र अध्यागमनले स्वदेशमा खपत गरेको २८२२६० थान समेत ३७८००८ खपत देखाई ५५६२६० थान मौज्दात देखाएको छ। अध्यागमन नियमावली, २०५१ ले भिसा दिएको व्यक्तिको नाम, राष्ट्रियता, राहदानी नम्बर र भिसा अवधि खुलेको विवरण मासिक रुपमा परराष्ट्र मन्त्रालयले अध्यागमन विभागलाई उपलब्ध गराउने व्यवस्था गरेकोमा यो वर्ष पनि उपलब्ध नगराएकाले भिसा स्टिकर बाट प्राप्त हुनुपर्ने सबै दस्तुर प्राप्त भए नभएको यकिन गर्ने अवस्था छैन।

१०. **स्टिकर खपत** : विभागबाट प्राप्त विवरण अनुसार आ.व.२०७०/७१ मा ६८९९५६, आ.व.२०७१/७२ मा ६९९२५२ र आ.व.२०७२/७३ मा ३७८००८ भिसा स्टिकर खपत भएको छ।

११. **राजश्व असुली :** अध्यागमन विभाग र मातहत कार्यालयहरुले भिसा जरिवानाबाट क्रमश: आ.व.२०७०/७१ मा १९५५१३४०१६/४६, २०७१/७२ मा १९६१६७१३१६/३० र २०७२/७३ मा रु १७२७३८८६७१/९२ राजश्व असुली गरेको छ।

१२. **राजश्व :** अध्यागमन नियमावली, २०५१ को १२ (२) अनुसार उपनियम (१) को खण्ड (क) र (ख) वमोजिम भिसा दिएको व्यक्तिहरुको नाम, राष्ट्रियता, राहदानी नम्वर र भिसा अवधि खुलेको विवरण मासिक रुपमा परराष्ट्र मन्त्रालयले अध्यागमन विभागलाई उपलब्ध गराउनुपर्ने उल्लेख छ।तर परराष्ट्र मन्त्रालयबाट हालसम्म तोकिए बमोजिमको विवरण अध्यागमन विभागलाई उपलब्ध गराइएको छैन। विदेशी दूतावास र वाणिज्य दूतावासमा अधिकृत लाई क्रमशः आ.व.२०७०/७१मा २७८२०४, आ.व. २०७१/७२ मा ३०१०९२ र आ.व.२०७२/७३ मा ९७७७४८ गरी जम्मा ६७७०४४ भिसा स्टिकर उपलब्ध गराएको छ। परराष्ट्र मन्त्रालय

र विदेश स्थित नेपाली नियोगबाट भिसा जारी गर्दा उठेको राजश्व तथा भिसा स्टिकरको आम्दानी खर्च विवरण उपलब्ध नभएकोले यस उपर परीक्षण गरी प्रतिवेदन गर्न सकिएन । विभागले उपलब्ध गराए अनुसार स्वदेश भित्र प्रयोग हुने गरी अधिकृत लाई उपलब्ध गराएको गत विगत ३ वर्षको भिसा स्टिकरको खर्च विवरण र सोबाट प्राप्त आम्दानी रकम पनि यकिन गर्न सकिएन ।

सो अवधिमा विभिन्न दरका भिसा जारी गरेकोमा सरकारलाई प्राप्त हुनु पर्ने राजश्व सरकारी कोषमा दाखिला नहुने तथा दुरुपयोग तथा चुहावट समेत हुन सक्ने हुँदा नियन्त्रणमा ध्यान दिनु पर्दछ ।

१३. **अनियमित भिसा जारी :** अफगानिस्थान, स्वाजिल्याण्ड, सिरिया,समेत १२ देशका नागरिकलाई नेपाल प्रवेशमा अनअराइभल भिसामा रोक लगाइएको छ । त्यसवाहेक अन्य मूलुकका नागरिकले नेपाल भ्रमण गर्न चाहेमा लाग्ने दस्तुर लिई अध्यागमन कार्यालयहरुबाट अनअराइभल भिसा प्रदान गर्ने व्यवस्था छ । विदेश स्थित अवैतनिक महावाणिज्य दूतहरुले भिसा जारी नगरेको अवस्थामा पनि नेपाल प्रवेश गर्न चाहने विदेशीलाई अराइभल भिसा को व्यवस्था हुदाहुदै भिसा जारी गर्ने र सो वापत रकम लिने गरेको पाईयो । यस प्रकारका कार्यमा नियन्त्रण हुनुपर्दछ ।

- वार्सिलोना स्पेन स्थित अनररी कन्सुलर अफ नेपालले एक व्यक्तिलाई युरो डलर ५० लिई जनवरी २० देखि फ्रेबुअरी १३, २०१७ सम्म नेपाल प्रवेश गर्न ग्रेटिस भिसा दिइएको छ । ग्राटिस भिसा दिन नमिल्ने र ग्रेटिस भिसामा दस्तुर नलाग्नेमा दस्तुर लिइएको समेत देखियो ।
- कन्सुलर अफ नेपाल लिसबन पोर्चुगलले १ वर्षे नावालकलाई नोभेम्वर ११, २०१६ मा भिसा जारी गरेको पाईयो । नाबालकलाई ग्राटिस भिसा उपलब्ध गराउने व्यवस्था रहेकोमा भिसा उपलब्ध गराएको देखियो ।

उक्त भिसा जारीबाट प्राप्त रकम नेपाल सरकारको खातामा दाखिला भएको प्रमाण पेश नभएकोले सम्बन्धितबाट असुल गरिनुपर्दछ ।

१४. **एकिकृत अभिलेख** : अध्यागमन ऐन, २०४९, तथा नियमावली, २०५१, कार्यविधि, २०५६, र गैर आवासीय नेपाली सम्बन्धी ऐनले तोके बमोजिम भिसा जारी गर्ने आधार अध्यागमन विभागले तय गरेको छ । कुटनैतिक पदाधिकारी, विदेशी नागरिक र एन.आर.एन. लाई भिसा तथा ग्राटिस भिसा जारिको विवरण माग गर्दा भिसा जारी हुने सबै निकायबाट भिसा जारी हुने र सोको एकिकृत अभिलेख राख्ने प्रचलन नरहेको जवाफ प्राप्त भएकोले यस उपर परीक्षणगरि प्रतिवेदन गर्न सकिएन । विभागले देखाएको भिसा जारीबाट उठेको राजश्व अंक र भिसा पाउनेको संख्या समेत ठिक छ भन्न सक्ने अवस्था रहेन ।

१५. **आधुनिकिकरण :** अध्यागमन प्रशासन आधुनिकीकरण योजना, २०७० अर्न्तगत आ.व. २०७२/०७३ सम्म सम्पादन गरिने भनि किटान भएका प्रमुख कार्यहरु मध्ये विदेशी पर्यटक बस्ने होटलको अध्यागमनसँग सम्बन्ध हुने गरि होटलमा बस्ने विदेशीको विवरणको लागि सूचना प्रणाली र पि.बि.आई.एस. प्रणाली लागू गर्नका लागि विशिष्टिकृत किसिमको सूचकाङ्कको विकास गरी त्रिभुवन अर्न्तराष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका कर्मचारीहरुको मनोबलमा सकारात्मक परिवर्तन ल्याउने कार्यको थालनी गरिने उल्लेख भएकोमा सो कार्य भएको पाइएन ।

१६. **अनुसन्धान तथा कारवाही :** आ.व.२०७२/७३ मा विभागले अपराध अनुसन्धान तथा कारवाही गरेको विवरणमा जाली राहदानी, जाली भिसा बाहक नेपाली तथा विदेशी नागरिकहरु, ओभर स्टे भएका विदेशीहरु अन्य कसुरमा कारागारबाट कैद भुक्तानी गरी यस विभागमा ल्याइका विदेशी व्यक्तिहरुलाई अध्यागमन अपराध अन्तर्गत गरेको अनुसन्धान र कारवाही भएको जनाएको छ ।

१७. **सूचना प्रणाली विकास :** अध्यागमन सेवालाई ई भिसामा रुपान्तरण हुने गरि भिसा पद्दति यसै वर्षबाट शुरु गरिने नेपाल सरकारको आर्थिक वर्ष २०७२/७३ को नीति तथा कार्यक्रममा समावेश छ तापनि विभागले कार्यान्वयनमा ल्याउन सकेको पाइएन ।

त्यस्तै, भिसा जारी र ग्राटिस भिसा व्यवस्थापनका समस्या समाधान नहुने खालका रहेको विभागले यो वर्षको वार्षिक प्रतिवेदनमा उल्लेख गरेको छ । नेपालले यथासक्य चाँडो मेशिन रिडेबल भिसा , ई भिसामा जानुपर्ने र सो व्यवस्था गर्न अध्यागमन विभाग र यस अर्न्तगतका निकायमा कार्यरत जनशक्तिलाई विभिन्न समूहमा वर्गीकरण गरि आवश्यकताको आधारमा सूचना प्रविधिमा आधारित तालिम दिने, अध्यागमन प्रशासनमा सूचना प्रविधि मैत्री युवा जनशक्तिको पदपूर्ति गर्ने र विभागमा छुट्टै सूचना प्रविधि शाखा गठन गर्ने उल्लेख छ । उक्त कार्य व्यवस्थापनको थालनी भएको पाईएन ।

१८. **सूचना प्रविधि :** विकसीत देशले सफलतापूर्वक लागू गरेका अध्यागमन व्यवस्थापन सम्बन्धी मेशिन रिडेबल भिसा , ई भिसा, आफ्नै देशबाट अनलाईन भिसा लिने प्रणाली आदिको विकास गरी लागू गरिसकेको अवस्थामा अध्यागमन विभागले सो प्रणालीमा अझै पनि रुपान्तरण गर्न सकेको छैन । अध्यागमन प्रशासनमा सूचान प्रविधि मैत्री युवा जनशक्तीको व्यवस्थापन हुन सकेको छैन । त्यस्तै विभागमा छुट्टै सूचना प्रविधि शाखाको व्यवस्थापन गरी सूचना प्रणालीलाई विकास गर्नु पर्नेमा सो हुने सकेको पाईएन ।

कारागार व्यवस्थापन विभाग

१. **लक्ष्य र प्रगति** : आर्थिक कार्यविधि निमायवली, २०६४ को नियम ३० को उपनियम (१) वमोजिम अनुसूचि १ को ढांचामा वार्षिक कार्यक्रम र सोही नियमावलीको नियम २० को उपनियम २ र नियम २५ अनुसारको अनुसूची २ को ढांचामा वार्षिक लक्ष्य प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। यो वर्ष रु १०,३३,५०,०००। को वजेट तथा कार्यक्रम स्वीकृत भै २०७२।४।६ मा वजेट खर्च गर्ने अख्तियारी प्राप्त भएकोमा २०७३।१।२१मा भवन निर्माण तर्फ रु ५ करोड घटाई रु ५करोड ३३ लाख ५० हजारको संशोधित अख्तियारी प्राप्त भई रु३०१४६०१८।७४ खर्च भएको छ। विभागले शुरु अख्तियारीको २९ र संशोधित अख्तियारीको ५७ प्रतिशत खर्च गरेको छ। विभागले कार्यान्वयन गरेको कार्यक्रम र समग्र कारागार विभाग र अन्तर्गतको प्रगति प्रतिदेन तयार गरेको नदेखिंदा यसतर्फ सम्वद्ध निकायले ध्यान दिनुपर्दछ।

२. **मूल्य समायोजन** : सार्वजनिक खरिद ऐन २०६३को दफा ५५को उपदफा (१)मा खरीद सम्झौतामा अन्य व्यवस्था भएकोमा वाहेक १५ महिनाभन्दा वढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा अधिकार प्राप्त अधिकारीले मुल्य समायोजन गर्न सक्ने व्यवस्था छ। मुल्य बृद्धि भुक्तानी दिने आधार र अवस्था नखुलाई विभागले क्षेत्रिय कारागार भिमफेदीको पुरुष बन्दीगृह निर्माण कार्य गर्ने एक निर्माण व्यवसायीलाई रु १९,१३,९४०।– मुल्य बृद्धि दिएको छ। आधार पुष्ट्याई नखुलाई मुल्य बृद्धि भुक्तानी गर्नु मनासिव देखिएन।

३. **नापी किताव** : म.ले.प. फा.नं.१७१ को रुपमा नापी किताबको ढाँचा तोकिएको छ।कार्यालयले लूज शिटमा नापी मूल्यांकन गरेको र भुक्तानी भएको मिति गोश्वारा भौचर उल्लेख गरी प्रमाणित गरेको पाईएन। यसवाट विगतमा भुक्तानी भएको परिमाण र रकम भिडान गर्ने आधार देखिएन। तोकिएको ढाँचामा कामको परिमाण र भुक्तानी देखिने गरी नापी किताव तयार गरी भुक्तानी भएको जनाउनु पर्ने देखिन्छ।

४. **खर्चको प्रमाण** : सार्वजनिक खरिद ऐन,२०६४ को दफा ५ मा रु २५ हजार भन्दा बढीको खरिद गर्दा लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ। विभागले एक परामर्शदाताबाटवित्तिय व्यवस्थापन सूचना प्रणाली तथा केन्द्रिय स्तरको लेखा सफ्टवेयर अपडेट तथा तथ्यांक प्रविष्टी गर्न रु १९२१००।०० खर्च लेखेको पाईयो। उक्त कार्यको लागत अनुमान स्वीकृति र तथ्याङ्क प्रबिष्टि गरेको प्रमाण बेगर भुक्तानी गरेको नियमित देखिएन। लेखापरीक्षण अबधि २०७३।०७।११ सम्म केन्द्रीय लेखा तयार भएको नदेखिएकोले केन्द्रियस्तर लेखा सफ्टवेयर तथ्याङ्क प्रबिष्टि भनी खर्च लेखेको यथार्थ देखिएन

५. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रणको मूल्यांकन गर्दा तालुक कार्यालयले निरीक्षण नगरेको , प्रगती प्रतिबेदन तयार नगरेको , आर्थिक कार्यबिधि नियमावली,२०६४ को नियम ५०(२) अनुसारको विवरण खुलाई जिन्सी प्रतिबेदन तयार नगरेको, जिन्सी खाता प्रमाणित नगरेको ,पेश्की बाँकीको विवरण यथार्थ नदेखिएको जस्ता अवस्था देखिएकोले ऐन नियमले तोकेको व्यवस्था एवंम् प्रकृयाको अवलम्वन गरी आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनु पर्दछ ।

६. **अभिलेख** : केन्द्रीय कारागार नुवाकोट र क्षेत्रीय कारागार नौवस्ता बन्दीको ड्रइङ्ग डिजाईन माष्टर प्लान तथा लागत अनुमान तयार गरेको भनी शहरी विकास तथा भवन निर्माण विभागको २०७२।०६।२१ को पत्र अनुसार डोर हाजिर फाराम अनुसार ३ इन्जिनियरको ३ महिनाको रु २१७३३८।०० भुक्तानी गरेको छ। ज्यालादारीमा काम लगाई मष्टररोल भुक्तानी गरेकोमा उक्त कार्यको ड्रइङ्ग डिजाईन तथा लागत अनुमान पेश गरी जिन्सी दाखिला गरेको पाइएन। बिगतमा समेत परामर्शदातावाट ड्रइङ्ग तथा लागत अनुमान तयार गरेकोमा अभिलेख अद्यावधिक समेत गरेको छैन। भवन निर्माण शीर्षकमा खर्च जनाएको उक्त रकम कन्टेन्जेन्सी खर्चको रुपमा समेत अभिलेख राखेको नदेखिएकोले खर्च शीर्षक फरक पारी खर्च लेखेको रकम नियमित देखिएन।

७. **कन्टिन्जेसी खर्च** : अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाको २०७१।१।२० को परिपत्र अनुसार निर्माण कार्यको लागत अनुमान तयार पार्दा समावेश गरिने ५ प्रतिशत कन्टेन्जेसी वापतको रकमवाट २ प्रतिशत रकम आवश्यकता अनुसार फर्निचर ,मेशिनरी औजार जस्ता पूजिगत निर्माण जस्ता शीर्षकमा अर्थ मन्त्रालयवाट सैद्यान्तिक सहमति लिई खर्च गर्नु पर्ने र वाकी ३ प्रतिशत आवश्यकता अनुसार चालु प्रकृतिका खर्च गर्न सकिने उल्लेख छ। विभागले पूजीगत प्रकृतिका खर्च र चालु खर्चको छुट्टै अभिलेख नराखेको, पूजीगत खर्च गर्दा अर्थ मन्त्रालयको सैद्यान्तिक सहमति नलिएको र कुन निर्माण कार्यको कति खर्च भयो र सोको कन्टेन्जेन्सी खर्च कति भयो भिडान गर्ने अभिलेख राखेको देखिएन। प्रत्येक वर्ष भएको कन्टेन्जेन्सी खर्च देखिने गरी अभिलेख नराखेकोले कन्टेन्जेन्सी खर्च सिमाभित्र भएको छ छैन यकिन हुने अवस्था देखिएन। यस वर्ष भवन निर्माणमा रु २७१२२६३४। खर्च गरेकोमा कन्टेन्जेन्सी खर्चमात्र रु ३७६७७५९। (१३.८९ प्रतिशत)भएकोले कन्टेन्जेन्सी खर्च सीमाभित्र नभएको हुँदा खर्च नियमित देखिएन।

८. **चौमासिक खर्च** : स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा तोकिए वमोजिम खर्च गर्नु पर्दछ। विभागले यो वर्ष आषाढ महिनामा कुल खर्चको ३७.७३ प्रतिशत खर्च गरेको देखिन्छ। आर्थिक वर्षको शुरुमा नै वजेट

तथा खर्च गर्ने अख्तियारी प्राप्त भए पनि चौमासिक रुपमा खर्च भएको देखिएन। तोकिए अनुसार खर्च नहुँदा वजेट कार्यान्वयन र गुणस्तरमा समेत असर पर्न सक्ने देखिदा सुधार हुनु पर्दछ।

९. **जिन्सी खर्च** : जिन्सी सामान खरिद, आम्दानी जनाउदा तथा खर्च लेख्दा विभिन्न म.ले.प.फा.नं.हरुको प्रयोग गरी जिन्सीको लेखा राख्नु पर्ने व्यवस्था छ। एक आपूर्तकवाट २०७३।३।२०मा रु१०६५७५।को जिन्सी सामाग्री खरिद भएकामा आर्थिक वर्षको अन्त्यमा खर्च जनाएको पाइयो। स्वीकृत माग फारामका आधारमा खर्च जनाएको भएपनि प्रयोजन वेगर एकमुष्ठ खर्च लेख्नु मनासिव देखिएन।

१०. **खर्च शीर्षक** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च सम्बन्धी कार्यविधि तोकिएको छ। खर्च गर्दा सम्वन्धित खर्च शीर्षकमा बिनियोजित बजेटको अधिनमा रही खर्च गर्नुपर्ने उल्लेख छ। करार सेवामा रहेका कर्मचारीहरुको पारिश्रमिक अन्य सेवा शुल्क मा खर्च लेख्नु पर्नेमा २०७३ आषाढको खर्च रु १२२७३०। मध्ये तलव शीर्षकमा रु ३८७३०। खर्च लेखेको पाइयो। खर्च शीर्षक फरक पारी खर्च लेखेको नियमित देखिएन।

११. **धरौटी** : आर्थिक कार्यबिधि नियमावली,२०६४ को परिच्छेद ८ मा धरौटी सम्वन्धी व्ययस्था रहेको छ। धरौटी बाँकीको बिवरण अनुसार नाम नामेसी नखुलेको धरौटी रु ८६२६४।०० र २०६४ साल अगाडीको धरौटी रु २७७८०।०० रहेको उल्लेख छ। प्रयोजन बाँकी नरहेको धरौटी राजस्वमा आम्दानी गर्नु पर्ने र नाम नामेसी नखुलेको धरौटी नियम ७१(३) अनुसार राजस्व खातामा दाखिला गरी धरौटी स्रेस्ता अद्यावधिक गर्नु पर्नेमा सो अनुसार गरेको पाइएन। यस सम्वन्धमा कार्यालयले राजश्व खातामा जम्मा गरी सदर स्याहा गरिने जवाफ दिएको छ।

१२. **अन्य कारोवार** : कारागार कार्यालय नख्खुमा महिला वन्दी गृह निर्माण कार्यको लागि निकासा भएको रकम विविध खातामा जम्मा गरी गत बर्षको अ.ल्या. १४४०६१९८।००, यो वर्ष आम्दानी ५७७२६०।०० र खर्च ८००२४३।०० भई रु १४१८३२१५।०० को आर्थिक बिवरण पेश भएको छ। यो बर्ष पूँजीगत खर्च भएको देखिएन। उक्त कार्यको २०७२।३।१३ को निर्णयले २०७२ भाद्र १० गते सम्म म्याद थप भएको अवधि भुक्तान भैसकेपनि यस सम्वन्धमा कुनै निर्णय तथा कारवाही भएको देखिएन।

१३. **विवरण** : मिति २०७२।११।०६ मा रु.१०८२३०।०० कोष तथा लेखा नियन्त्रक कार्यालय विविध खातामा आम्दानी भएको रकम के बापत कसले जम्मा गरेको हो खुल्ने विवरण बेगर आम्दानी जनाएको देखिन्छ। उक्त रकम पहिचान गरी राजस्व दाखिला गर्नु पर्ने देखिन्छ।

१४. **कन्टेन्जेन्सी** : यस वर्ष रु ८००२४३।०० खर्च भएकोमा सबै खर्च कन्टेन्जेन्सीको रुपमा चालु प्रकृतिको खर्च गरेको छ। पूजीगत खर्च नभएको अवस्थामा सबै खर्च आधार वेगर कन्टेन्जेन्सी खर्च लेखेको नियमित देखिएन।

१५. **बन्दीको क्षमता** : कारागारमा वस्न योग्य न्यूनतम आधारभूत सुविधाको व्यवस्था गरी क्षमता अनुरुप कैदी वन्दी राख्ने व्यवस्था गर्नु पर्दछ। कारागार व्यवस्थापन बिभागले उपलब्ध गराएको विवरण अनुसार २०७३ आषाढमा ७४ कारागारहरुको कुल बन्दी क्षमता १०४३३ र बन्दीहरु १७५३९ रहेको देखिएको छ।

१६. **भौतिक पूर्वाधार** : कारागार ऐन, २०१९ को दफा ६ मा रोगी, देवानी फौजदारी मुद्दा लागेका पागल, अर्धपागल एवं महिला र अन्य वन्दीलाई सम्भव भएसम्म छुट्टाछुट्टै कोठामा राख्नुपर्ने व्यवस्था छ। भौतिक पूर्वाधारको कमीले उल्लेखित व्यवस्थाको पालना हुन सकेको छैन।

- कारागारलाई आधुनिकीकरण गरी अपराधलाई न्यूनीकरण गर्ने र अपराधिको मानसिकता परिवर्तन गर्ने कार्यक्रम सञ्चालन हुन सकेको छैन जसले गर्दा अपराध दोहोरिन नदिने कार्य प्रभावकारी भएको पाईदैन।
- जेल परेका कैदीहरु ,विरामी र अन्य वन्दीहरुलाई छुट्टै स्थानमा राख्न सक्ने स्थिति छैन। सरुवा रोग लागेका (टि.वि. हेपाटाईटिस वि) विरामीहरुलाई स्थान अभावको कारणले एकै ठाउमा राखेकोले कैदिवन्दीहरुको स्वास्थ सुरक्षामा गम्भिर असर पर्न सक्ने देखिन्छ।

१७. **न्यून सिदा** : कारागार नियमावली २०२० को नियम २२ मा कैदी वन्दीले कारागार प्रवेश गरेको दिनदेखि दैनिक मोटो चामल ७ सय ग्राम र रु.४५। नगद, वर्षको २ जोर कपडा, २ वर्षमा १ सेट ओढ्ने ओछ्याउने, रु.३०० दशैं खर्च र कारागार गैसकेपछि सुत्केरी भएका महिलालाई थप सुत्केरी खर्च दिनुपर्ने व्यवस्था छ। तराई, पहाड र हिमाली जिल्ला सबैमा एकैदर रु ४५।- रहेको छ। नगद सिदालाई पुनरावलोकन गर्नुपर्ने सम्बन्धित पक्षको भनाई रहेको छ।

१८. **वन्दी पोशाक** : कारागारमा रहेका कैदी बन्दीहरुलाई बर्षको २ पटक कपडा बितरण गर्ने गरेको छ। कारागार निरीक्षणको क्रममा कैदी बन्दीहरुले आफखुसी पोशाक लगाएको देखियो। कैदी बन्दीहरुलाई एकै किसिमको कपडा दिने र दिएको पोशाक अनिबार्य रुपमा लगाउनुपर्ने व्यबस्था भएमा कैदी बन्दी व्यबस्थापनमा सहजता हुने देखिन्छ।

१९. **सामुदायिक सेवा :** कारागार व्यवस्थापनमा समसामयिक सुधार गर्न नेपाल सरकारले कारागार कानूनमा समेत सुधार गरेको छ । कारागार ऐनको दफा १० (क) र नियमावलीको परिच्छेद २(क) मा सामुदायिक सेवामा पठाउनसक्ने व्यवस्था छ । यस सम्वन्धमा निर्देशिका बनाई व्यवहारमा ल्याएको छैन । सामुदायिक सेवा सम्वन्धी व्यवस्था कार्यान्वयन गर्न तदरुकता हुनुपर्दछ ।

२०. **खुला कारागार :** कारागार ऐन, २०१९ को दफा १० (ख) र कारागार नियमावली २०२० को परिच्छेद २(क) ले खुला कारागारको व्यवस्था गरेको छ। ुला कारागार सम्वन्धी कानूनी व्यवस्था भएतापनि यसलाई व्यवहारमा ल्याउन सकेको देखिएन । कारागारलाई सुधार गृहको रुपमा परिवर्तन गर्न, स्वरोजगार बनाउन र नेपाल सरकारलाई थप दायित्वबाट समेत राहत हुने भएकाले खुला कारागार सम्वन्धमा कार्यविधि निर्देशिका बनाई कार्यान्वयन गर्न पहल हुनु पर्ने देखिन्छ ।

२१. **सुरक्षा व्यवस्थापन :** करागार सुरक्षाकोलागि नेपाल प्रहरी र सशस्त्र प्रहरी समेत परिचालन गरेको देखिन्छ । सुरक्षा कर्मीको वस्ने स्थान व्यारेक, नाजुक रहेको, अफिस सञ्चलनको बजेट व्यवस्था हुन नसकेको, सुरक्षाको आधुनिक सुरक्षा उपकरण पर्याप्त व्यवस्था हुन नसकेकोले यसतर्फ सम्बद्ध निकयले ध्यान दिनुपर्दछ ।

२२. **सवारी साधन :** कारागार कार्यालय जगन्नाथदेवलको जिन्सी खातामा ५ सवारी साधन भए पनि ३ काम नलाग्ने रहेको, २ सवारी साधनमध्ये १ थान कार्यालय प्रयोजनमा रहेको र १ थान बन्दीओसार पसारमा प्रयोग गर्ने गरेको जनाएको छ । सवारी साधनको कमीले गर्दा थुनुवालाई अदालतमा उपस्थित गराउन समेत कठिनाई हुने हुंदा आवशयक मर्मत संभार गरी मौजुदा सवारी साधनको उचित व्यबस्था हुनुपर्दछ ।

प्रहरी प्रधान कार्यालय

१. **कानूनको पालना :** कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धमा तालुक कार्यालयले समयमा खर्च गर्ने अख्तियारी नपठाएको, भ्रमण प्रतिवेदन लिने नगरेको, भ्रमण अभिलेख नराखेको, वार्षिक खरिद योजना तयार नगरेको, नबनाएको, प्रगति प्रतिबेदन तयार नगरेको, आन्तरिक लेखापरीक्षणबाट देखिएको वेरुजू उपर आवश्यक कारवाही नगरेको बोलपत्र प्रतिस्पर्धा वेगर दरभाउ पत्रको आधारमा टुक्रा पारी काम गराएको जस्ता व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ ।

२. **खर्च संरचना :** यसवर्ष कार्यालयले रु ३४,०९,२०,०००।०० वजेट प्राप्त गरी रु.२८,२७,५९,४४३ निकासा तथा खर्च गरेको मध्ये अन्तिम चौमासिक अवधिको खर्च रु २३,५२,०,६३७– (८३ प्रतिशत) र आषाढमा रु.२१,४४,६८,१२२।- (७६ प्रतिशत) खर्च गरेको देखिन्छ। कूल खर्चमध्ये वर्षको अन्तमा रु.१२,८५,९७,५००।- (६० प्रतिशत) पेश्की बाँकी रहेको देखिन्छ । तोकिएको चौंसिक विभाजन अनुसार खर्च गर्नुपर्दछ ।

३. **स्वीकृत कार्यक्रम र बजेट :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ अनुसार कार्यालयको उद्धेश्य, नीतिगत लक्ष्य र स्वीकृत वजेट अन्तर्गत मन्त्रालय र अन्तर्गत संचालन हुने कार्यक्रम मन्त्रालयले स्वीकृत गर्नुपर्ने व्यवस्था छ । कार्यालयको खर्च शीर्षकमा संशोधित वाषिंक कार्यक्रम, वजेट तथा निकासा खचं) परीबर्तन भएको छ। कार्यक्रम र अन्तिम वजेटमा भिन्नता रहेकोले कार्यक्रम वजेटको सिद्घान्त अनुरुप वजेट विनियोजन गनं गराउन सम्बन्धित निकायले ध्यान दिनु पर्दछ ।

४. **वजेट तथा कार्यक्रम :** गृह मन्त्रालयको २०७२।४।१ को पत्र बाट प्रहरी प्रधान कार्यालयलाई पठाएको अख्तियारीको कार्यक्रम स्वीकृति, वजेट बाँडफाँड र अख्तियारी श्रावण २५ गतेभित्र मातहत निकायमा पठाइं सक्नुपर्ने उल्लेख छ । यो वषं कार्यालयबाट मातहतका विभिन्न कार्यालयहरुमा चालु खर्च शीर्षकका लागि सीमित रकमको अख्तियारी २०७१ श्रावण भित्रै र पूजिगतको भाद्रको पहिलो हप्तामा जारी गरेको र सो पछी पनि पटक पटक थप अख्तियारी दिने गरेको देखियो । मन्त्रालयबाट प्राप्त निकासा मध्ये चालु तथा पूँजिगत तर्फ क्रमशः १५.३८ र २८.९७ प्रतिशत रकम शुरुमा विनियोजन नगरी अवण्डामा राखी पछि थप अख्तियारी माफंत निकासा गरेको देखिन्छ। वर्षको अन्तमा ठूलो रकम निकासा हुँदा चौमासिक विभाजन अनुरुप खरिद व्यवस्थापनको कायं समन्वयात्मक रुपले नहुने, आर्थिक वषंको अन्तमा खर्च वढ्ने, वर्षान्तमा ठेक्का संभौता भईकार्य संचालन पेश्कीको ठूलो हिस्सा अफछ्यौंट रहने लगायतका स्थिति देखिदा पटक पटक थप अख्तियारी दिदै जाने प्रक्रियामा सुधार गर्नुपर्ने देखिन्छ ।

५. **बार्षिक कार्यक्रम र बजेट संसोधन** : गृह मन्त्रालयले २०७२/०५/५ मा पठाईएको स्वीकृत बार्षिक कार्यक्रममा मन्त्रालयको ०७३/०३/१३ को पत्रानुसार बार्षिक कार्यक्रम र बजेट निम्नानुसार संशोधन भएको छ :

कार्यक्रमको नाम	बजेट (हजारमा)	भार	संसोधित बजेट (हजारमा)	भार
भवन निर्माण	४०,०००।-	९।९७	६०,०००।-	१४।०
मेशिनरी औजार	२,३७,८५५।-	५९।३१	२,३८,५५५।-	५६।५६
पोशाक	६,९६,६३३	९९।१८	६,५६,७५१।-	९९।१३

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा स्वीकृत कार्यक्रम संसोधन गर्ने सिलसिलामा स्थानिय परिस्थितिलाई ध्यानमा राखी कार्यक्रमको उद्देश्य लक्ष्य, स्वीकृत बजेट र आवधिक योजना अनुकुल हुने गरी संसोधन गर्नु पर्ने व्यवस्था रहेकोमा सो अनुरुप कार्यक्रम संसोधन भई रु.१ करोड ९१ लाख ८२ हजार कम बजेट तथा कार्यक्रम स्वीकृत भएको उल्लेख छ। सो कार्यक्रम संसोधन गर्दा नियमावलीले व्यवस्था गरे बमोजिम उद्देश्य, लक्ष्य, स्वीकृत बजेट र आवधिक योजनाको प्रतिकुल भए नभएको स्पष्ट कारण जनाएको छैन। बाँकी रहेको रु.१ करोड ९१ लाख ८२ हजार बिभिन्न निकायलाई रकमान्तर गरिएको छ। आर्थिक कार्यविधि नियमावली, २०६४ को नियमा ४० (३) मा कारण सहित रकमान्तर गर्नु पर्ने अन्यथा नेपाल सरकार सविचस्तर वा विभागिय प्रमुखले खर्च गर्ने शीर्षकमा २५ प्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ। नियममा रकमान्तर गर्नु पर्ने निकायको व.शी.नं.को खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा २५ प्रतिशतले नबढ्ने गरी रकमान्तर गर्नु पर्नेमा प्रधान कार्यालयको कार्यक्रमबाट घटाई अन्य मातहतका निकायमा पठाएको देखिन्छ।

६. **प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा नियम २५ बमोजिम चौमाशिक प्रगति बिवरण प्राप्त भए पछि तालुक कार्यालयले त्यसको भौतिक तथा वित्तिय पक्षको समिक्षा गर्नु पर्ने र सबै कार्यालयबाट प्रगति बिवरण प्राप्त गरेपछि केन्द्रिय स्तरको भौतिक तथा वित्तिय प्रगति बिवरण तयार गरी सामुहिक समिक्षा गर्नु पर्ने व्यवस्था छ। यस्तै उपनियम (२) मा सामूहिक समिक्षा गर्दा प्रगति कम हुनाका कारण र जिम्मेवार व्यक्तिको पहिचान गरी निज उपर आवश्यक कारवाही गर्ने, बाधा अड्काउ फुकाउनु पर्ने भएमा सो फुकाई दिने र केही निर्देशन दिनु पर्ने भएमा निर्देशन दिने व्यवस्था छ। नियमावलीको अनुसूचि- २ मा व्यवस्था गरे बमोजिमको ढाँचामा चौमासिक तथा बार्षिक प्रगति बिवरण तयारगरी समूहिक समीक्षा गरेको नपाइएकोले प्रहरी प्रधान कार्यालयको वित्तिय तथा भौतिक प्रगतिको समीक्षा हुन सकेको छैन।

७. **बार्षिक कार्यक्रम :** यस बर्षको बार्षिक कार्यक्रम गृह मन्त्रालयबाट २०७३/०५/१५ मा पठाएको मा २०७३/०३/१३ मा संसोधन भएको छ। सो कार्यक्रम अन्तर्गत खर्च शीर्षक नं. २९४११ (सवारी साधन) शीर्षकमा तेश्रो चौमासिकमा कुनै कार्यक्रममा खर्च गर्ने व्यवस्था उल्लेख छैन। २०७२ चैत्र देखि २०७३ आषाढसम्मको खर्चको फाँटवारी परीक्षण गर्दा रु.५ करोड ४४ लाख ८४ हजार खर्च भएको छ। नेपाल सरकारबाट स्वीकृत नीति कार्यक्रम अनुसार प्रत्येक चौमासिकमा सम्पन्न गर्नु पर्ने कार्यक्रम र खर्च श्रोत तोकिएकोमा सो अनुरुप कार्यसञ्चालन देखिएन।

८. **राहत वितरण :** महाभुकम्प २०७२ को राहत वितरणको लागि भनि प्राप्त ३०० थान कार्यालय परिसरमा सानो त्रिपाल रहेको छ। भुकम्प जस्तो दैवि प्रकोपको सामान हाल सम्म पनि वितरण नहुदा पिडितले प्रयोग गर्न नपाई कार्यालय परिसरमा रहनु उचित भएन। यथा सम्भव सामानको व्यवस्थापन हुन जरुरी छ।

९. **मौज्दात :** मौज्दात जिन्सी परिमाणको आधारमा आगामी बर्षको खरिद योजना तय गरिनु पर्दछ। कार्यालयको दैनिक कार्य संचालनको लागि आवश्यक पर्ने जिन्सी सामानको लागि बार्षिक विनियोजन मार्फत त्यस्ता सामानहरु खरिद गरी खर्च भएर जाने जिन्सी खाता (म.ले.प. फा.नं. ५२) मा अभिलेख राख्ने र खर्च गर्ने गर्नुपर्दछ। खर्च भएर जाने प्रकृतिको र प्रत्येक वर्ष विनियोजन मार्फत खरिद गरिने सामानहरुको बार्षिक मौज्दात सामानमा नगण्य मात्रामा रहनुपर्नेमा कार्यालयको खर्च भएर जाने जिन्सी खाता परीक्षणगर्दा आर्थिक बर्षको अन्तसम्म खर्च नगरी रु.८ करोड १४ लाख ३२ हजार ५३० मूल्यको ठूलो परिमाणमा जिन्सी मौज्दात रहेको छ।

१०. **काज सम्बन्धी व्यवस्था :** प्रहरी नियमावली, २०७१ को नियम ५२ मा प्रहरी कर्मचारीलाई सामान्यतय काजमा खटाईने छैन तर विशेष परिस्थितिमा काज खटाउने प्रयोजनको लागि काज सम्बन्धी छुट्टै मापदण्ड बनाउनु पर्ने व्यवस्था छ। प्रहरी प्रधान कार्यालयले काज सम्वन्धी छुट्टै मापदण्ड बनाएको पाईएन। प्राप्त बिबरण अनुसार यो वर्ष काजमा आएका कर्मचारी संख्या ४७७ र काज गएका कर्मचारी संख्या १७५ गरी जम्मा ६५२ जना कर्मचारी काजमा खटाएको देखिन्छ।

११. **तलब भत्ता :** कार्यालयले बिभिन्न कर्मचारीको बढी तलब भत्ता भुक्तानी रकम असारमा आएर दाखिला गरी हिसाव मिलान गरको छ। आन्तरीक नियन्त्रण प्रणाली कमजोर रहेको कारण तलब भत्ता र राशन बढी भुक्तानी गर्दा यसरी अनियमित खर्च हुन गएकोले आन्तरिक नियन्त्रण प्रणालीमा सुधार हुनु पर्दछ।

१२. **ठेक्का व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० (३) मा निर्धारित समयभित्र कार्य सम्पन्न गर्न लागत अनुमान तयार गर्ने र ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिभित्र गरी सक्नुपर्ने व्यवस्था छ। गृह मन्त्रालयबाट प्राप्त यो वर्षको खर्च गर्ने अख्तियारीको बजेट निकासा तथा कार्यान्वयन व्यवस्थाको बुँदा नं. ११ मा स्वीकृत कार्यक्रमको ठेक्कापट्टा मंसीर मसान्तभित्र सम्पन्न गरी सक्नुपर्ने उल्लेख छ। कार्यालयबाट यो वर्ष ठेक्का बन्दोबस्त भएका कुल रु.८० करोड ७ लाख २१ हजारको ५१ ठेक्कामध्ये पहिलो चौमासिकमा १४, दोस्रो चौमासिकमा १७ र तेस्रो चौमासिकमा २० अर्थात् क्रमश:

२७, ३३, र ४० प्रतिशत ठेक्का बन्दोबस्त गरेको छ । उपरोक्त ठेक्कामध्ये रु.९ करोड ४३ लाख ६६ हजारको ११ ठेक्का (२२ प्रतिशत) आषाढमा गरेको पाइयो । ढिलो गरी ठेक्का बन्दोबस्त हुँदा, वर्षान्तमा रु. १२ करोड ८५ लाख ९७ हजार प्रतितपत्र पेश्की बाँकी रहेको तथा समयमा कार्यक्रम सम्पन्न भई अपेक्षित प्रतिफल प्राप्त भएको देखिएन ।

१३. **बोलपत्र रद्द :** प्रहरी नियमावली, २०६४ को नियम ५३ (भ) बमोजिम आवश्यक योजना तर्जुमा गरी लागू गर्ने व्यवस्था छ । सार्वजनिक खरीद योजना बनाई प्रहरी कर्मचारीलाई आवश्यक पर्ने बन्दोवस्ती सामग्री तथा सुरक्षा सामग्री खरीद गर्ने गरेकोमा यस वर्ष वार्षिक खरीद योजना अनुसार कटन कपडा, निलो चुस्ता, उनी जर्सी, उलन सर्ट, रेन सुट, अन्डर टाउजर भेष्ट आदी कामको लागि लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट खरीद प्रक्रिया गरिएको छ ।

१४. **म्याद थप :** यस वर्ष वार्षिक खरीद योजना अनुसार आवश्यक र सुरक्षा सामग्री खरीद गर्न बोलपत्रको माध्यमबाट ६ व्यवसायिक फर्मससँग सम्भौता भएको छ । यस वर्ष सम्भौता भए मध्ये देहायका व्यवसायी फर्मलाई सामग्री आपूर्ति गर्न कार्यादेश भएकोमा तोकीएको म्याद भित्र आपूर्ति हुन नसकी सम्भौता रद्द गरिएको छ । आपूर्तकले सार्वजनिक खरीद नियमावली ,२०६४ को नियम १२० बमोजिम म्याद समाप्त हुने मितिले सात दिन अगावै म्याद थपको निवेदन कार्यालयमा प्राप्त हुनुपर्नेमा म्याद थप निबेदन रजिष्टरमा दर्ता नगरिएको हुँदा नियमावलीले तोकेको म्याद भित्रै निवेदन दर्ता छ भन्न सकिएन । यसमा सुधार हुनु पर्दछ । गत वर्षको नाकाबन्दीको असहज परिस्थिति भनेर म्याद थप भएको छ । उक्त असहज परिस्थिती २०७२ असोज बाट सुरु भएको र हरेक सम्भौता २०७२ असोज पश्चात भएको हुंदा आपुर्तक र कार्यालयले यस सम्बन्धमा सम्भौता अघि नै अध्ययन विश्लेषण गरी सहज आपुर्तिको म्याद दिनु पर्नेमा सो भएको छैन ।

१५. **गुणस्तर परीक्षण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४६ (च) र (छ) मा बोलपत्र कागजातमा मालसामानको गुणस्तर प्रत्याभुतिको विवरण र बोलपत्र सम्बन्धि नियम १८ (३) को मालसामान र सम्वन्धि सेवाको विवरण (खण्ड ५) मा उल्लेख भएको विवरण संग सारभुत रुपमा ग्राह्य भएको सामानको गुणस्तर पेस गर्नु पर्ने व्यवस्था छ । यो वर्ष खरिद भएका १३ किसिमका सामग्रीको गुणस्तर परीक्षण एक कम्पनीबाट गरेको छ । उक्त कम्पनीबाट नमूना परीक्षण गरी आपूर्ति पश्चात् पुनः परीक्षणका लागि पनि सोही कम्पनीमा पठाई प्रतिबेदन पेश भएकोमा एउटै कम्पनीले गरेको परीक्षणमा केहीमा नमुना असफल देखाएको छ । एउटै कम्पनीबाट नमुना र आपूर्ति सामग्रीको परीक्षण प्रतिबेदन प्राप्त हुने गरेको छ ।

लागत अनुमान गरिएको मध्ये अण्डर ट्राउजर ६१५०० सेट खरिद गर्न २०७२।६।१ मा भएको सूचना अनुसार १७ वटा आपूर्तकले बोलपत्र खरीद गरी १५ वटाले दर्ता गरेकोमा आपूर्तकले पेश गरेको नमूना परीक्षणमा गुणस्तर परीक्षण असफल भएको भनी २०७२।९।३ को मूल्याङ्कन प्रतिवेदन अनुसार २०७२।९।१२ मा बोलपत्र रद्द गरिएको छ । लागत अनुमान ३,६९,००,०००।- मध्ये बोलपत्रदाताको कबोल अंक रु.२,७२,४४,५००।- को बोलपत्र रद्द भएको कारणले प्रहरी कर्मचारीलाई प्रहरी ऐन ,२०७० र नियमावली, २०६४ ले व्यवस्था गरेको प्रहरी कर्मचारीलाई चुस्तदुरुस्त बनाउन सकिने देखिएन ।

सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२५ (३) मा नियम १२५ (१) बमोजिम आपूर्ति भएका सामान निरीक्षण र परीक्षण गर्न गठित समितिले नियम १२५ (६) बमोजिम परीक्षण गरी प्रतिवेदन गर्नुपर्ने व्यबस्था छ । सो प्रतिवेदनमा स्पेशिफिकेसन र गुणस्तर तोकिए बमोजिम नभएको भनी उल्लेख गरेको आधारमा ३ वटा आपूर्तकसँगको ठेक्का रद्ध भएको छ । आपूर्तकसँग ठेक्का रद्ध भएपनि आपूर्तकले उनी जर्सी घठछण थान, सादा चुस्ता ६१००० थान, कटन सर्ट ११००० थान आपूर्ति गरेकोमा सो सामानहरु स्टोरमा मौज्दात देखिएको छ । यस सम्बन्धमा छलफल हुँदा गुणस्तर नमिलेकोमा रु ७० लाख ८७ हजार ७०० को सामानहरु आपूर्तकले उठाई नलगेका कारण कार्यालयमा रहेको जवाफ प्राप्त भएको छ । कार्यालयको भण्डारमा आपूर्तकको रु.७०लाख ८७ हजार मूल्यको सामान गुणस्तर परीक्षणमा सफल नभएतापनि भण्डारण गरी मौज्दात राखेको देखिन्छ । उक्त सामानहरु हराए, नासिए, गुणस्तरमा कमी आएमा त्यसको जिम्मेवार कस्को हुने एकीन नगरी कार्यालयको भण्डारमा राखेको छ । यसले गर्दा भण्डार अनावश्यक भरिएको र अन्य सामान राख्ने स्थान समेत देखिएन ।

१६. **पोशाक खरिद** : यस वर्ष विभिन्न प्रकारका पोशाक खरीद गर्न बोलपत्रको माध्यमबाट आपूर्तकसँग सम्भौता गरी सामान खरीद गरिएको छ । बोलपत्रको माध्यमबाट आपूर्तकसँग सम्भौता गरिएतापनि यस वर्ष रु.३३लाख ७४ हजारको विभिन्न पोशाक सम्वन्धी सामानहरु दरभाउपत्र प्रतिस्पर्धा मार्फत खरीद गरिएको छ । बोलपत्रको माध्यमबाट खरीद गर्दा नियम १२५ बमोजिम गुणस्तर परीक्षण समितिले आपूर्ति भएका सामानहरु परीक्षण गर्न सकिन्छ । बोलपत्रको माध्यमबाट खरीद गर्ने प्रक्रिया गर्दा एक खरीद कार्यको बोलपत्रदाताको बोलपत्रमा प्रेसित नमूना गुणस्तर नभएको भनी बोलपत्र नै रद्द गरिएको र पेश भएका विभिन्न बोलपत्रदाताको बोलपत्र समेत गुणस्तर र स्पेसिफिकेशन तोकीए बमोजिम नभएको कारणले रद्द गरिएको छ । कोटेशन मार्फत खरीद

भएका सामानहरु समितिबाट गुणस्तर परीक्षण नभएको, स्पेसिफिकेशन समेत परीक्षण गरिएको छैन । छलफलको क्रममा प्रहरी पोशाक, तानाबाना (सिट्ठी कर्ड, दर्ज्यानी चिन्ह, आर्मव्याज जस्ता) सामानहरु पटक पटक रु.३ लाख भन्दा घटी मूल्यका आधारमा गुणस्तर जाँच गरी उपयुक्त सामान मात्र खरिद गरेको जवाफ प्राप्त छ ।

१७. **लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ र नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा लागत अनुमान गर्नुपर्ने व्यवस्था छ ।

कार्यालयले मालसामानको लागत अनुमान तयार गर्दा आफैंले अघिल्लो वर्षमा खरिद गरेको दर, नेपाली सेना, सशस्त्र प्रहरी वल, उद्योग वाणिज्य संघ र आवश्यक मालसामान आपूर्ति गर्ने आर्पूकहरुसंग दर वुझ्न पत्राचार गर्ने र त्यसरी प्राप्त भएका दरहरुको औषतका आधारमा लागत अनुमान तयार गरेको देखियो । अन्य सुरक्षा निकाय मध्ये अधिकांशमा नेपाली सेना र सवैजसोमा उद्योग वाणिज्य संघबाट दरभाउ प्राप्त भएको देखिदैन । स्थानीय वजार भाउ वुझ्न प्रायशः४ आपुर्तिकर्ताहरुबाट दरभाउ लिने गरेको पाइयो । प्रचलित वजार भाउ वुझ्न कस्ता, कति फर्महरुसंग मूल्यसूचि माग गर्ने सम्बन्धी मापदण्ड तय गर्न ध्यान दिनु पर्दछ ।

१८. **खरिद व्यवस्थापन** : यो वर्ष बोलपत्र माध्यमबाट ४ थान प्रिजनर भ्यान, ३४ थान पिकअप सवारी साधन, ६५ थान मोटरसाइकल खरिद गर्न रु.५,६४,४४।२४८।०० को संझौता गरेको देखियो । संझौता अनुसार आपूर्ति भई २४ पिक अप सवारी साधन तथा २० मोटरसाइकलको कार्यालयले र बाँकीको मातहतका कार्यालयबाट भुक्तानी गरेको पाइयो ।

१९. **भवन निर्माण :** प्रहरी प्रधान कार्यालय अन्तर्गत ३२ वटा प्रहरी कार्यालय निर्माण गर्न रु.४६ करोड ५८ लाख आर्थिक बर्ष २०७१/०७२ सम्म निकाशा गरिएको छ । सो रकमबाट भवन निर्माण गर्ने भनिएकोमा कति वटा भवन कहिलेबाट निर्माण शुरु गरि कहिले सम्म बनि सक्ने, कतिवटा निर्माण सम्पन्न भै बजेट खर्च भएको छ, कति बन्न बाँकी छन्,कार्य प्रगति कति भएको छ सोको तथ्यांक सहितको कार्यप्रगति विश्लेषण प्रतिवेदन तयार गरिएको छैन ।

२०. **स्थानीय एजेन्ट** : नेपाल एजेन्सी ऐन ,२०१४ अनुसार सुचिकृत आपूर्तिकर्ताबाट प्रहरी प्रधान कार्यालयले एक पोशाक समेत विभिन्न ६ एजेण्ट मार्फत विभिन्न सामान वोलपत्रबाट खरिद गर्न रु.२० करोड २१ लाख को प्रतितपत्र पेश्की उपलव्ध गराएको देखियो ।

२१. **फुटकर खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) वमोजिमको सीमा भित्र रही आ.व.२०७२।०७३ को लागि मौजुदा सूचि तयार गर्न १५ दिने म्याद दिई २ पटक गोरखापत्रमा सूचना प्रकाशन गरी पेश भएका स)स्थाहरुबाट आवश्यक मालसामान, निर्माण कार्य तथा सेवा प्राप्त गर्न खरिद तथा आपूर्ति तर्फ १२७५, मर्मत तर्फ २११ , सेवा तर्फ २७० गरी १७५६ को मौजुदा सूचि तयार गरेको छ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) अनुसार कार्यालयले सोझै खरिद गर्दा मौजुदा सूचिमा रहेका आपुतंक र निर्माण व्यवसायी र सेवा प्रदायक संस्थाहरुबाट लिखित रुपमा दरभाउपत्र प्रस्ताव माग गरी खरिद कारवाही गर्न कार्यालयले ध्यान दिनुपर्दछ ।

२२. **पोशाक खरिदको दर :** प्रहरी नियमावली, २०७० को नियम १६८ देखि १७३ सम्म प्रहरी कर्मचारीको लागि प्रारम्भिक पोषाक, गर्मी तथा जाडो मौसमका लागि आवश्यक पोशाक र अन्य सामानहरुको खपत अवधि तोकी दरबन्दी व्यवस्था गरेको देखिन्छ ।

२३. **पोशाक वितरण :** मौसमी आवश्यकता समेतको आधारमा पोशाक वितरण गर्ने कार्यतालिका तयार गरी खरिद योजना तथा कार्यक्रम तय गर्नुपर्ने र खरिद व्यवस्थापन हुनु पर्दछ । कार्यालयले यो वर्ष वार्षिक खरिद योजनाको प्रतिवेदन पेश भएकोमा सोमा खरिद कार्यान्वयन अवधि स्पष्ट नखुलाएको भएतापनि पोशाक तर्फका विभिन्न आइटमहरुको खरिद कारवाही समय हेर्दा सूचना प्रकाशन सममै भएको भएतापनि बोलपत्र रद्द हुने आदि कारणले पुन सूचना प्रकाशन गरी खरिद गर्दा आ.ब.को अन्तिम तिर बढी भुक्तानी भएको देखिन्छ । अधिर्काश ठेक्कामा यो वष) र्सझौता अनुरुपको कार्य हुन नसकी म्याद थप भएको र कार्य संचालन वापत दिएको अफछ्र्यौट पेश्की रहन गएको छ । ढीलो खरिद गर्दा तोकिएको पोशाकमा ड्युटी गर्नुपर्ने प्रहरी समेतलाइं पर्ने असर मध्यनजर गरी पोशाक वितरण गर्ने निश्चित कार्यतालिका तय गरी उपलव्ध वजेटको आधारमा खरिद व्यवस्थापन तथा वितरण कार्य समयमै हुनु पर्दछ ।

यो बर्ष सम्झौता भएका ठेक्काहरुमा माग बमोजिमका कागजात पेश नगरी बोलपत्र पेश गरेकोले सारभूत रुपमा प्रभावग्राही नभएका कारण १५ ठेक्का रद्द गरेको पाईयो । समयमा सामान आपूर्ति नभई प्रहरी

नियमावलीमा व्यवस्था भए बमोजिम प्रहरी कर्मचारीले पाउनु पर्ने स्केलका लत्ता कपडाहरु समयमा उपलब्ध गराउन नसकेको र सेवा प्राप्त गर्नुपर्ने वर्गले लक्षित सुविधा उपयोग गर्न सकेको पाइएन ।

२४. **पोशाक खरिद :** नेपाल प्रहरीका लागि आवश्यक पर्ने बिभिन्न प्रहरी पोशाक खरिद तथा वितरण प्रबन्ध शाखाले गर्दै आएको छ । प्रबन्ध शाखाले यो वर्ष कटन सर्ट कपडा, निलो चुस्ता ,उनी कम्बल, कपडा रेन, सुट व्यारेट , क्याप पिटि, जुत्ता ऊलन, सर्ट कपडा, स्लिपिङ व्याग, रुक स्याग व्याग, डि.एम.एस. बुट, पार्का ज्याकेट, कटन पाईन्ट कपडासमेत १४ पोशाक सामान खरिद गर्न रु(३५ करोड ७२ लाख ७५ हजार ५०० को ठेक्का संझौता भएको छ । बोलपत्र दाखिला गर्ने आपूर्तकहरुबाट पेश भएको नमूनाको परीक्षण प्रतिवेदन मूल्यांकनबाट छनौट गरी गुणस्तर कायम रहेका आपूर्तकहरुसँग सम्झौता गरी खरीद कार्य भएको छ ।

२५. **न्यून दर स्वीकृत :** वोलपत्रदाताले वोलपत्रमा स्पेसिफिकेसन अनुसारका सामान उपलब्ध गराउने उल्लेख गरी वोलपत्र पेश गरेपनि पेश भएको नमूना स्पेसिफिकेसन वमोजिम नभएको उल्लेख गरी नमूना परीक्षणमा धेरै असफल हुने गरेकोले कम दरको वोलपत्र मूल्यांकनमा समावेश गरेको पाइएन । मूल्यांकनमा समावेश नगर्दा वोलपत्रमा न्यून दर कवोल गर्नेको भन्दा वढी दरको बोलपत्र स्वीकृत हुने गरेको पाइयो ।

२६. **वोलपत्र छनौट :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३५ (घ)अनुसार वोलपत्र मूल्यांकन गर्दा न्यून लागत विधि अपनाइएकोमा प्राविधिक प्रस्तावमा सफल हुन तोकिएको न्यूनतम अंक प्राप्त गर्ने प्रस्तावदाताहरु मध्ये सवै भन्दा कम लागत भएको प्रस्ताव छनौट गर्नुपर्ने उल्लेख छ । यस्तै सोही नियमावलीको नियम २९(ङ)वमोजिम वोलपत्र सम्बन्धी कागजातमा उल्लेखित अन्य विवरण माग गर्न सक्ने व्यवस्था रहेकोले सोको समेत अवलम्वन गरी वोलपत्रको मूल्यांकन गर्नु पर्दछ । वोलपत्र मूल्यांकन गर्दा न्यूनतम कवोल गर्ने वोलपत्रदाताले वोलपत्रको सूचनामा उल्लेखित निर्देशनको पालना नगरेकोले पूर्ण नभएको तथा प्राविधिक पक्ष कमजोर रहेको भनी सो भन्दा वढी दर उल्लेख भएका आपुर्तक छनौट गरेको देखिन्छ ।

२७. **वोलपत्र मूल्यांकन** : खरिद कार्यका लागि वोलपत्र आह्वान गर्दा सामान्यतया वोलपत्र दर्ता भएतापनि परीक्षणका क्रममा अधिकांशमा प्रायः प्राविधिक पक्ष कमजोर भएको र नमूना गुणस्तर जांचमा प्रभावकारी नभएकोले प्रतिस्पर्धाबाट अलग गरी बांकी १ वा २ आथिंक पक्षको मूल्या)कन गर्दा ठेक्का प्रक्रियामा न्यून प्रतिस्पर्धा रहेको स्थिति देखिन्छ । यसर्थ खरिद गर्ने प्रक्रियामा वोलपत्र फाराम साथ वोलपत्रदातालाई उपलव्ध स्पेसिफिकेसन अनुरुप गुणस्तरको पूर्व सुनिश्चित गराइं वोलपत्र प्राप्त गर्ने व्यवस्था मिलाई खरिद व्यवस्थापनमा वढी भन्दा वढी प्रतिस्पर्धा हुने गरी वोलपत्र मूल्यांकन परीपाटीमा सुधार हुनुपर्दछ ।

२८. **सोविनियर खरिद :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्ने तरिकामा नेपाल सरकारद्वारा समय समयमा खर्चमा मितव्ययिता ल्याउन निर्देशिका जारी गरी निजी प्रकृतिका खर्च कार्यालयबाट नगरी फजुल खर्च नियन्त्रण गर्ने निर्देश समेत गरेको छ । कार्यालयले विशिष्ट देखि सहायक स्तरका प्रहरी कर्मचारीहरु वैदेशिक तालिममा सहभागी हुंदा पश्मिना सल, खुकुरी, मन्दिर, मुर्ति लगायतका उपहार सामानहरु तालिममा सहभागीलाई बांड्न खरीद देखाई यो बर्ष रु.७१३,३८६।०० खर्च लेखेको छ । वैदेशिक तालिममा सहभागी अन्य देशले नेपाललाई दिएको उपहार कार्यालय आम्दानी बांधेको देखिएन । यस प्रकारको खर्च गर्न पाउने आधिकारिक निर्णय पेश नभएकोले मितव्ययिता ल्याउन खर्च गर्दा मापदण्ड तय गरी खरिद व्यवस्थापन गर्न कार्यालयले ध्यान दिनु पर्दछ ।

२९. **रमाना** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्ने तरिका उल्लेख गरिएको छ । कार्यालयले विभिन्न प्रहरी कर्मचारी सरुवा वढुवा भई रमाना हुंदा खुलाउनु पर्ने व्यहोरा र उपयोग गरी सकेका आर्थिक सुविधा र अवधि खुलाई स्पष्ट रुपमा उल्लेख गरी पठाउनु पर्दछ । रमाना भई जाने र हाजिर हुन आउने पदाधिकारीबाट बरबुझारथ प्रमाण लिने दिने व्यवस्था मिलाउनु पर्दछ ।

३०. **सूचना प्रविधि अभिलेख :** कार्यालयमा अधिक संख्यामा रहेका सफट्वेयरको एकीकृत अभिलेख कार्यालयको कम्प्युटर निर्देशनालयसँग समेत रहेको देखिएन । परीक्षणका क्रममा सफट्वेयरहरु सुरक्षित रहेको जानकारी सम्बद्ध पदाधिकारीले गराएकोमा तिनीहरुको वास्तविक अवस्था प्रारम्भिक चरणमै रहेको देखियो । अमेरिकी दुतावासको सहयोगमा ७५ एम.बि.पि.एस.को इन्टरनेट सुविधा प्रधान कार्यालयले प्राप्त गरेको छ । कार्यालयको आवश्यकता पूरा गर्न प्राप्त सुविधालाई कम्तीमा दोव्वर गरी कार्यालयका कामकारवाही र नेटवर्किङलाई थप प्रभावकारी बनाउनु पर्ने स्थिति छ । कार्यालयले *nepalpolice.gov.np* नाम वेभसाइट र *nepol.cd* नाम इन्ट्रानेट प्रयोगमा ल्याएको पाइयो । यी दुवैको व्यवस्थापनका लागि कार्यविवरण सहितको टोली रहनुपर्ने देखिएको छ ।

३१. **पेश्की बांकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८१ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ वमोजिम समयमा पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । बर्षान्तमा पुरानो पेश्की बाँकी रु.१३ करोड ५ लाख ४० हजार ६३४ उपर करबाही गरी फछ्र्यौट हुनुपर्दछ ।

३२. यो वर्ष २९ जना व्यक्ति, फर्म, संस्थालाई गएको पेश्की मध्ये आर्थिक वर्षको अन्त्य सम्ममा रु.२३ करोड ४६ लाख ९१ हजार पेश्की बाँकी देखिँदा प्रयोजन समाप्त भएका छानविन गरी सम्बन्धित कार्यालय, पदाधिकारी उपर आवश्यक कारवाही गरी नियमानुसार पेश्की असुल फछ्र्यौट गर्नु पर्दछ ।

३३. **सुराकी परिचालन :** नेपाल प्रहरीको लागी २०५३।१०।०३मा मन्त्रिपरिषदबाट भएको निर्णयमा बिभिन्न तहका कार्यालय प्रमुखलाई तह अनुसार १ पटकमा रु.५०० देखी रु.१५,०००।- सम्म बिबिधबाट सुराकी परिचालन खर्च गर्न सक्ने निर्णय भएको छ । नेपाल प्रहरी तर्फ यस बर्ष शान्ति सुरक्षा सम्बन्धि कार्य संचालन गर्न सुराकी परिचालनमा रु ४ लाख ९६ हजार ५०० र आफ्नै कार्यालयको नाममा बजेट बिनियोजन हुने मध्यक्षेत्र प्रहरी कार्यालयले प्रहरी प्रधान कार्यालयबाट रु.३ लाख पेश्की लिई खर्च गरेको छ ।

३४. **मातहत निकायको भुक्तानी :** प्रहरी प्रधान कार्यालय मातहत बजेट निकाशाको व्यवस्था रहेका विभिन्न निकायले गरेको खरीद रकमको खरीद योजना र स्वीकृत वार्षिक कार्यक्रम विपरित हुने गरी प्रहरी प्रधान कार्यालयको नाममा विनियोजित रकमबाट बजेट विनियोजन भएका मातहतका कार्यालयको लागि एच.पी. ल्यापटप, क्यनन डस ७ डि मार्क क्यामरा र ब्याग, आइ पि ६ डि बडि वर्न पोलिस क्यामरा ८ थान सामान खरीद गरी सम्वन्धीत कार्यालयमा सामान पठाएको पाइयो । यसरी खरीद भएका सामानहरु प्रहरी प्रधान कार्यालयको केन्द्रीय भण्डारमा दाखिला नगरी सोझै सम्वन्धीत कार्यालयमा पठाइएकोमा सामानको स्पेसिफिकेशन नखुलेकोले सोको गुणस्तर र प्रयोगको विषयमा आश्वस्त हुन सकिएन । मातहत निकायलाई विनियोजित बजेटले खरीद गर्न नसकिने अवस्थाका अति आवश्यक पर्ने सामानहरु केन्द्रबाट खरीद गरी केन्द्रीय भण्डारमा दाखिला गरी सामानको गुणस्तर, परिमाण, मूल्य र उपयोगिताको समेत मूल्याङ्कन गरी सम्वन्धीत कार्यालयलाई हस्तान्तरण गरी जिन्सी लेखा अद्यावधिक गरिनुपर्नेमा सो भएको पाइएन । त्यसमा सुधार गरिनु पर्दछ ।

३५. **भुक्तानी दिन बाँकी :** प्रहरी प्रधान कार्यालय आवास तथा भौतिक परियोजना निर्माण शाखाको २०७२।०५।१५ को पत्रको आधारमा एक निर्माण सेवालाई आर सि सि ओभरहेड वाटर ट्याँक निर्माण समेतको गत वर्षको भुक्तानी दिन बाँकी भनी रु.४लाख९१ हजार ७७४ भुक्तानी दिएको छ । लेखापरीक्षणमा उपलब्ध भुक्तानी दिन बाँकीको विवरण (म.ले.प.फा.नं. १८) मा उक्त रकम भुक्तानी दिन बाँकीको अभिलेखमा समावेश नभएको उक्त रकम अनियमित खर्च लेखेको छ ।

३६. **फरक शीर्षक :** आर्थिक कार्यविधि नियमावली २०६४, को नियम ३५ (२) (क) अनुसार खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले खर्च रकम स्वीकृत बजेटभित्र र सम्वन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने खर्च गर्न र खर्च गर्ने निकासा दिनु पर्ने व्यवस्था गरेको छ । महालेखा नियन्त्रक कार्यालयको आर्थिक संकेत तथा वर्गीकरणले खर्च संकेत र शीर्षक अनुसार गरिने खर्चको व्याख्या गरेको छ ।

- २०७२।७।२२ मा मिति उल्लेख नभएको एक प्रहरी ब.उ. को निर्णयले बा.१. झ १५८४ नं.को ल्याण्ड क्रुजर बुलेट प्रुफ जिपको सडक दस्तुर रु.३९७३०० सवारी कर रु.१३०००, दर्ता शुल्क रु.७५०, प्रदुषण शुल्क रु.३५, प्रज्ञापन शुल्क रु.१०५०, फुटकर खर्च रु.७६० र तेस्रो पक्ष विमा रु.३८७६ समेत ४१६६८१। खर्च लेखेको छ । विमा खर्च बजेट खर्च शीर्षक नं. २२२१३ र अन्य खर्च २२३११ बाट खर्च लेख्नु पर्नेमा खर्च शीर्षक नं. २९४११ बाट अनियमित खर्च लेखेको छ ।
- एक ट्रेडिङ प्रा.लि. को नं. ६८७ मिति २०७३।३।१४ को विल अनुसार पावर वोर्ड मर्मत समेत रु.५२५४५ खर्च शीर्षक नं.२२२१२ सञ्चालन तथा मर्मतबाट खर्च लेख्नु पर्नेमा खर्च शीर्षक नं. २९५११ मेशिनरी औजारबाट अनियमित खर्च लेखेको छ ।

३७. **अन्यत्रको खर्च :** कार्यालयले गृह सचिवको सुकेधारास्थित निजी निवासमा नेपाल प्रहरीलाई गार्ड हाउस निर्माण कार्यको मु.अ.कर समेत रु.३ लाख ८८ हजार ५०३ एक निर्माण सेवालाई भुक्तानी गरेको छ । कार्यालयको वार्षिक खरिद योजनामा समावेश नभएको र नेपाल प्रहरीको स्वामित्व भित्र नपर्ने संरचना निर्माणमा अनियमित बजेट खर्च लेखेको छ ।

३८. **जिन्सी आम्दानी :** बोलपत्र प्रतिस्पर्धाको माध्यमबाट ४ थान प्रिजनर क्यारियर ट्रक रु.९२ लाख ९९ हजार ९९९ मा खरिद गरी मातहतका तीन इकामा एक।एक थान ट्रक हस्तान्तरण गरेको छ । उक्त सामान उल्लेखित कार्यालयलाई हस्तान्तरण गरेपछि हस्तान्तरणको अभिलेख प्राप्त गरी जिन्सी खाताबाट मौज्दात घटाई जिन्सी हिसाव मिलान गर्नुपर्नेमा जिन्सी खाता पाना नं. ४७ (ग) को पेज नं. ५२ मा उक्त ट्रक मौज्दात रहेको पाइएकोले यसमा सुधार गर्नुपर्ने देखिन्छ ।

३९. **धरौटी :** गत बर्षको जिम्मेवारी रु ३ करोड ८८ लाख ६३ हजार ५३७ समेत रु.६ करोड २१ लाख ६६ हजार ५१९ आम्दानी मध्ये रु.२ करोड २० लाख २९ हजार ३३० सदरस्याहा रु १ करोड ४९ लाख ४६ हजार ९१४ फिर्ता खर्च देखाई यो बर्ष रु.४ करोड ५१ लाख ९० हजार २७५ धरौटी मौदात देखाईएकोमा मौज्दात एकिन भएको प्रमाण पेश भएन । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६७ मा धरौटी रकम

राजश्वमा आम्दानी बाँध्ने कार्यविधि सम्बन्धमा उल्लेख गरिएको छ । सो अनुसार यो नियमावली प्रारम्भ हुनु भन्दा अगाडी प्राप्त धरौटी मध्ये प्रयोजन बाँकी रहेका बाहेक अन्य धरौटी रकम प्रमाण साथ दावि गर्न आएमा फिर्ता दिने गरी राजश्व आम्दानी बाँध्नु पर्ने व्यवस्था छ । कार्यालयको धरौटी बिवरण अनुसार बिभिन्न व्यक्तिको नाममा आ.ब. २०६४/६५ देखि रु २ करोड ३३ लाख ४८ हजार ८९२ बाँकी पाईएकोले नियमावलीको व्यवस्था अनुसार राजश्व दाखिला गर्नु पर्ने रकम एकिन गरी सदरस्याहा गरीनु पर्दछ ।

४०. **राजश्व :** कार्यालयले यो बर्ष बिभिन्न छ राजश्व शीर्षकमा रु.१ करोड ६५ लाख ४६ हजार ३५६ हसवली राजश्व असुली र दाखिला देखाएको छ । राजश्व कारोवारमा म.ले.प.फा.नं. १०८ क र १०९ प्रयोगमा ल्याएको छैन । तोकिएका निर्दिष्ट फारमहरु राजश्व कारोवारमा प्रयोग गरी अभिलेख राख्नुपर्दछ ।

सशस्त्र प्रहरी बल, प्रधान कार्यालय

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा मितव्ययी, कार्यदक्षता र प्रभावकारी दृष्टिकोणले गर्नुपर्ने उल्लेख छ । कार्यालयले खरिद योजना नबनाएको, वार्षिक लक्ष्य प्रगति विवरण तयार गरेको पाइएन । नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्थालाई मजवुत बनाउनुपर्दछ ।

२. **खर्च संरचना :** कार्यालयले समयमा नै अख्तियारी लिई स्वीकृत वार्षिक कार्ययोजना अनुसार प्रथम दोश्रो तथा तेश्रो चौमासिकमा तोकिए वमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ । पूँजीगत खर्च रु.१३,४७,८८,५२२।०० मध्ये प्रथम चौमासिकमा ६.४९ प्रतिशत, दोस्रोमा १९.४९ प्रतिशत र तेस्रोमा ७४.०२ प्रतिशत तथा आषाढमा ५५.२२ प्रतिशत खर्च गरेको देखिन्छ । समयवद्ध हिसावले खर्च गर्नुपर्दछ ।

३. **लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(१) मा वार्षिक कार्यक्रम बनाउनुपर्ने र नियम २५(१) मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूचि-२ वमोजिमको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पूँजीगत शीर्षकबाट विभिन्न कार्यको रु १३,४७,८८,५२२। खर्च गरेकोमा वार्षिक कार्यक्रम एवं प्रगति विवरण तयार गरेको पाइएन । वार्षिक रुपमा लक्ष्य प्रगति विवरण तयार गर्ने व्यवस्था हुनुपर्दछ ।

४. **अख्तियारी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) अनुसार बजेटको खर्च गर्ने अख्तियारी आर्थिक वर्ष शुरु भएको १५ दिन भित्र पठाउनुपर्ने व्यवस्था छ । कार्यालयबाट चालु र पूँजीगत खर्चको एकमुष्ठ अख्तियारी नदिई शुरुमा चालु खर्च तर्फ १४,३५,०७,०००।०० अख्तियारी पठाएकोमा पटक पटक वृद्धि गरी ३८० प्रतिशतसम्म तथा पूँजीगततर्फ शुरुमा रु.१४,००,०००।०० अख्तियारी दिएकोमा पटक पटक गरी ९६४८ प्रतिशतसम्म वृद्ध गरी कूल वजेट रु.६८,०१,१६,७८५।०० कायम गरेको पाइयो । समयममै अख्तियारी दिने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

५. **खरिद गुरुयोजना :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमाभन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने तथा सार्वजनिक खरिद नियमावली, २०६४ नियम ७ मा सार्वजनिक निकायले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजनाको लागि खरिद गर्दा वा वार्षिक दश करोड रुपैयाँ भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरु योजना तयार गर्नु पर्ने तथा नियम ८ मा बार्षिक १० लाख रुपैंयाभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यबस्था छ । यो वर्ष भवन निर्माण लगायतका काममा रु १३,५०,६५,०००। को वजेट व्यवस्था भएकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन । खरिद गुरुयोजना एवं खरिद योजना तयार गरी खर्च गर्नुपर्दछ ।

६. **जिन्सी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० (३) मा जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि कार्यालय प्रमुखले त्यस्तो प्रतिवेदनको आधारमा लिलाम, मर्मत गर्नुपर्ने भए तीन महिना भित्र गरी सक्नुपर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार जिन्सी स्रेस्ता अद्यावधिक नराखेको, सामानको मूल्य नखुलाएको, लिलाम गर्नुपर्ने तथा नष्ट गर्नुपर्ने सामानको व्यवस्थापन नभएकोमा औंल्याएका विषयमा सुधार भएको देखिएन । नियमले तोके बमोजिम जिन्सी अद्यावधिक गर्नुपर्दछ ।

७. **पोशाक :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त प्रमाण, पुष्ट्याई राख्नुपर्ने व्यवस्था छ । कार्यालयको दरबन्दी ३६७५८ रहेकोमा ३३९०२ पूर्ति भएको छ । सेवारत कर्मचारीको लागि विभिन्न किसिमका पोशाक खरिद गरी वितरण गर्न खरिदको आवश्यकता पहिचान गर्दा गतवर्षको मौज्दात रहेको वाहेक दरबन्दीकै अनुपातमा तथा कतिपय आइटममा सोभन्दा वढी परिमाणमा लागत अनुमान तयार गरेको पाइयो । कार्यरत जनशक्तिलाई मध्येनजर गरी लागत अनुमान तयार गर्नुपर्नेमा गरेको देखिएन । लागत अनुमानलाई यथार्थपरक बनाउन पोशाक उपलव्ध गराएको वर्षमा कार्यरत रहेको जनशक्तिलाई आधार लिई आवश्यकता पहिचान गरी यथार्थपरक लागत अनुमान तयार गर्नुपर्दछ ।

८. **आपूर्ति :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ मा वोलपत्रदाताले दफा ६२ मा उल्लेख भए वमोजिमको खरिद संझौता तथा खरिद सम्बन्धी अन्य लिखतमा उल्लेख भए वमोजिमको दायित्व पालना नगरेमा त्यस्तो

वोलपत्रदातालाई निजको कार्यको गाम्भीर्यताको आधारमा १ देखि ३ वर्षसम्म कालोसूचिमा राख्न सकिने व्यवस्था छ। यो वर्षमा संम्झौता गरेका ४ आपुर्तकले पटक पटक म्याद थप हुंदा पनि पोशाक ९५२१६ मिटर, कटन पाइन्ट कपडा ४३००० मिटर एवं चुस्ता ३७००० मिटर आपूर्ति गरेको देखिएन। संम्झौताको अन्तिम समयसम्म आपूर्ति नगरी संभ्झौता उल्लघंन गर्ने त्यस्ता आपूर्तकलाई कालोसूचिमा राख्नुपर्दछ।

९. **वितरण :** सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम १६८ देखि १७३ सम्म प्रहरी कर्मचारीको लागि प्रारम्भिक पोशाक, गर्मी तथा जाडो मौसमका लागि आवश्यक पोशाक र अन्य सामानको खपत अवधि तोकी दरबन्दी व्यवस्था गरेको देखिन्छ। वितरण गरिने पोशाकको आवश्यकताको आधारमा खरिद र वितरण गर्ने समयतालिका तयार गर्नुपर्नेमा कार्यतालिका तयार गरेको देखिएन। पोशाकको खरिद एवं वितरणको तालिका तयार गर्नुपर्दछ।

१०. **क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९० तथा संम्झौतामा करारको पालनामा ढिलाई भएमा पूर्वनिर्धारित क्षतिपूर्ति प्रतिदिन करार मूल्यको ०.०५ प्रतिशतका दरले वढीमा करार मूल्यको १० प्रतिशत सम्म कट्टा गरिने उल्लेख छ। कार्यालयले २ आपूर्तकवाट ४८ दिन देखि ७६ दिनसम्म सामान ढिलो गरी आपूर्ति गरेकोमा क्षतिपूर्ति रु २८,२०,५८४.०० लिएको देखिएन। पूर्व निर्धारित क्षतिपूर्ति असुल हुनुपर्दछ।

११. **मौज्दात :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्ने तरिका तथा नियम ४५ मा सरकारी खर्चमा मितव्ययिता, प्रभावकारिता तथा कार्यदक्षता अपनाउनुपर्ने उल्लेख छ। कार्यालयको जिन्सी स्रेस्तामा रु.८,९२,०४,०००।०० मूल्यका २६ प्रकारका सामान गतवर्षको मौज्दात देखिएको छ। कर्मचारीले यो वर्षमा पाउने स्केल समेत समावेश रहेको देखिएकोले स्केल घटाई मौज्दात यथार्थपरक बनाउनु पर्ने देखियो। केही जिन्सी रजिष्ट्रर अनुसन्धानको सिलसिलामा वाहिर रहेकोले जिन्सी सम्बन्धी सवै अभिलेख लेखापरीक्षणमा प्रस्तुत हुन आएको छैन।

१२. **ठेक्का व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० (३) मा निर्धारित समयभित्र कार्य सम्पन्न गर्न लागत अनुमान तयार गर्ने र ठेक्कापट्टा स्वीकृती गर्ने कार्य प्रथम चौमासिक अवधिभित्र गरी सक्नुपर्ने, स्वीकृत कार्यक्रमको ठेक्कापट्टा मंसिरभित्र सम्पन्न गर्नुपर्ने व्यवस्था छ। कार्यालयले प्रथम चौमासिकमा ७, दोस्रो चौमासिकमा ७ ठेक्का सम्झौता भएको देखिन्छ। तोकिएका समयमा ठेक्कापट्टा गर्नुपर्दछ।

१३. **पोशाक** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्ने व्यवस्था छ। कार्यालय र मातहतको दरबन्दी ३७२१९ रहेकोमा कटन सट कपडा ६००००, उलन सट कपडा ६००००, कटन प्यान्ट कपडा ४३,००० तथा उलन प्यान्ट कमडा ४३००० कर्मचारीको लागि लागत अनुमान स्वीकृत गरी कटन सट कपडा ६०००० कर्मचारीको लागि भएको देखियो। दरबन्दी अनुसार पोशाकको लागत अनुमान तयार गरी खरिद गर्नुपर्दछ।

१४. **वैक ग्यारेन्टी :** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार पेश्की रकमको वैंक ग्यारेण्टी लिनुपर्ने व्यवस्था छ। कटनप्यान्ट कपडा ४३००० मिटर खरिदको लागि एक आपूर्तकसँग रु १०१४८०००।०० मा आपूर्ति गर्ने गरी २०७२।१२।६ सम्ममा आपूर्ति गर्ने गरी संभ्झौता भएको थियो। आपूर्तकले २७०९७ मिटर मात्र आपूर्ति गरी १५९०३ मिटर आपूर्ति गर्नसकेको देखिएन। समयमा कार्य सम्पन्न नभएको कारण प्रतिदिन ०.०५ प्रतिशतका दरले क्षतिपूर्ति लिनेगरी २०७३।३।२ सम्म म्याद थप भएकोमा प्राप्त सामान गुणस्तरयुक्त नभएको जनाई फिर्ता भएपछि भुक्तानी भएको रु ७२,२६,१२१।०० असुल गरी समयमा कार्य नसकेको कारण हर्जना रु २५३७०।०० असुल गरेकोमा समयमा कार्य नगर्ने आपूर्तकको धरौटी जफत गरी कालोसूचिमा राख्नुपर्नेमा राखेको छैन। आपूर्तकले संभ्झौता गर्दा वैंक ग्यारेण्टी रु ५,७४,०००।०० राखेकोमा सामान प्राप्त नभएको स्थितिमा वैंक ग्यारेण्टीमा कट्टा गरिएको रु २५३७०।०० घटाई रु ५,४८,५३०।०० जफत हुनुपर्दछ।

१५. **पूर्वनिर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा सम्झौतामा आपूर्तिकर्ताको कारणले सामान आपूर्तिमा ढिलाई भएमा पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ। कार्यालयले चार आपूर्तकबाट पाँच प्रकारका पोशाक २५ देखि ७६ दिनसम्म ढिलो आपूर्ति गरेकोमा पूर्व निर्धारित क्षतिपूर्ति लिनेगरी म्याद थप गरेपनि क्षतिपूर्ति लिएको देखिएन। पूर्वनिर्धारित क्षतिपूर्ति रु.४२ लाख २० हजार असुल गरी सञ्चित कोष दाखिला हुनुपर्दछ।

१६. **बैङ्क जमानत :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ तथा नियमावली, २०६४ को नियम १४१ मा कालो सूचिमा राख्ने र तोकिएको कार्य सम्पादन नगरेमा वैंक जमानत जफत गर्नुपर्ने व्यवस्था छ। क्यामोफ्याग तयारी चुस्ता र कटनप्यान्ट खरिदको २ आपुर्तकबाट समयमा कार्य सम्पन्न नगरी म्याद थप हुँदा प्रतिदिन ०.०५ प्रतिशतका दरले क्षतिपूर्ति लिने निर्णय गरी म्याद थप भएको छ। खरिद सम्झौता बमोजिमको काम उल्लिखित समयावधिभित्र सम्पादन नगरेको कारणले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ र ६३ अनुसार आपूर्तकलाई कालोसूचीमा राखी बैङ्क जमानत प्राप्त गरी रु.३८ लाख जफत हुनुपर्दछ।

१७. **कर बीजक** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले वस्तु वा सेवा आपूर्ति गर्दा रीतपूर्वकको कर बीजक पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयले ३

आपूर्तकबाट बीजक नम्बर नखुलेको, सच्याएको तथा हातले लेखेको कर बीजकको आधारमा भुक्तानी दिएको मूल्य अभिवृद्धि कर रु.३१ लाख ९६ हजार समायोजन हुनुपर्दछ ।

१८. **लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा खरिद गर्ने वस्तु, सेवा तथा निर्माणको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष र आगाामी आर्थिक वर्षको ३ महिनासम्मको लागि चाहिने सामान तथा सेवाको परिमाण, प्रति इकाइ मूल्य सहितको विवरण सम्बन्धित शाखा, अन्य सुरक्षा निकाय तथा आपूर्तकबाट माग गरी औसत प्रति इकाई मूल्य (मूअकर सहित) निकाली ५ प्रकारका सामानको गणना तालिकामा मूअकर सहित रु.५,०२,७१,००१।०० गणना गरेकोमा सोही रकमलाई लागत अनुमान स्वीकृत गराउंदा र सूचना प्रकाशन गर्दा मूअक वाहेक भनी उल्लेख गरेको पाइयो । यथार्थपरक सूचना प्रकाशन हुनुपर्दछ ।

१९. **स्पेयर पार्टस् :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६(१) मा कुनै मालसामान मर्मत गर्नुपर्ने भएमा सोको जानकारी सामानको उपयोगकर्ताले निकायको प्रमुखलाई दिनुपर्ने तथा नियम १३(५) मा कुनै सामानको मर्मत संभारको लागि लागत अनुमान तयार गर्दा त्यस्तो निकायमा त्यस सम्बन्धी दक्ष प्राविधिक विशेषज्ञ कर्मचारी भए त्यस्तो कर्मचारीबाट प्राविधिक परीक्षण गरी गराई सिफारिसको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । दक्ष विशेषज्ञ प्राविधिकबाट प्राविधिक परीक्षण गरी कुन कुन सवारी साधनको कुन कुन स्पेयर पार्टस् फेर्नुपर्ने हो सोको विवरण सहितको प्राविधिक प्रतिवेदन तयार गरी सोही आधारमा लागत अनुमान तयार गर्नुपर्नेमा कार्यालयले सवारी साधनको मर्मत गर्ने प्रयोजनका लागि स्पेयर पार्टस्को लागत अनुमान तयार गर्दा प्रबन्ध शाखाले सवारी शाखाबाट मागेको दररेट सहितको विवरणको आधारमा विभिन्न आर्पुतक, अन्य सुरक्षा निकायबाट लिइएको गतवर्षको खरिदको विवरणको औषत मूल्यलाई आधार मानी लागत अनुमान तयार गरेको पाइयो । प्राविधिक परीक्षण गरी गराई प्रतिवेदनको आधारमा अनुमान तयार गरेको पाइएन । दक्ष विशेषज्ञको सिफारिसको आधारमा लागत अनुमान तयार गर्दा वढी वास्तविकतामा आधारित यथार्थपरक हुने भएकोले दक्ष प्राविधिको सिफारिसको आधारमा मात्र लागत अनुमानत तयार गर्नुपर्ने देखिन्छ ।

२०. **दाखिला प्रमाण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त प्रमाण राख्नुपर्ने व्यवस्था छ । कार्यालय परिसरभित्रका र भण्डारबाट सिधै सशस्त्र प्रहरी कर्मचारीलाई वितरण गरेको पोशाक मागफारमको सिलेसिलेवार नं. राखी फाइलिङ गरेको पाइएन । मातहतका ६ इकाइमा २ प्रकारका रु.९८१,२०८।०० मूल्यका १०१७ थान पोशाक पठाएकोमा सम्बन्धित इकाइले सामान बुझी दाखिला गरेको प्रमाण पठाएपछि जिन्सीमा घटाउनुपर्नेमा पठाएकै आधारमा मौज्दात घटाएको पाइयो । उल्लेखित सामानको दाखिला भएको प्रमाण पेश हुनुपर्दछ ।

२१. **गुणस्तर :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका सामान संझौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर वमोजिम भए, नभएको प्राविधिकबाट परीक्षण गराउनुपर्ने तथा नियम ११७ मा आपूर्ति गरिएका सामानको कार्य स्वीकार प्रतिवेदन तयार गरी स्वीकारयोग्य सामानको भुक्तानीको दिनुपर्ने व्यवस्था छ । कार्यालयले २ आपूर्तकहरुवाट प्राप्त ६०७७७ मिटर पोशाक जिन्सी दाखिला गरेपछि स्पेसिफिकेसन वमोजिम नभएको जनाई फिर्ता पठाएको देखियो । यथार्थपरक प्राविधिक परीक्षण गराएर जिन्सी आम्दानी गर्नुपर्दछ ।

२२. **बोलपत्रमा सहभागिता :** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार प्रतिस्पर्धात्मक तवरले खरिद कार्य गर्नुपर्ने उल्लेख छ । कार्यालयले १९ प्रकारका सामान खरिद गर्न वोलपत्र आह्वान गरेकोमा २३१ विक्री भई १७३ दाखिला गरेको मध्ये २ ठेक्का रद्ध गरेको पाइयो । लागत अनुमान रु.३५,५१,५४,०००।०० भएकोमा रु.२४,०६,८३,०००।०० को ठेक्का स्वीकृत भएको पाइयो । ठेक्का प्रतिर्स्धात्मक बनाउनुपर्दछ ।

२३. **म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२० मा खरिद संझौताको म्याद थप सम्बन्धमा व्यवस्था छ । कार्यालयले यो वर्ष ८ प्रकारका सामान खरिद गरेकोमा २ प्रकारको खरिदमा शुरु म्यादको ५० प्रतिशत र बांकी ६ प्रकारको खरिदमा ५१ देखि १०० प्रतिशतसम्म थप गरेको छ । तोकिएको समयमा खरिद कार्य सम्पन्न गर्नुपर्दछ ।

२४. **धरौटी राजश्व दाखिला :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ मा खरिद संझौता उलघंन भएमा क्षतिपूर्ति भराउने एवं भुक्तानी हुंदा कट्टि भएको धरौटी राजश्व खातामा दाखिला हुनुपर्ने व्यवस्था छ । कार्यालयले दुई आपूर्तकबाट संझौता वमोजिमको कार्य नहुंदा भुक्तानीमा कट्टि भएको धरौटी रु.१२,९९,५५८।०० कट्टी गरेको पाइएन । उक्त धरौटी असुल हुनुपर्दछ ।

२५. **दाखिला प्रतिवेदन :** आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३६ मा सरकारी रकम खर्च गर्दा अपनाउने प्रक्रिया एवं नियम ४५ मा खर्चमा मितव्ययी, कार्यदक्ष तथा प्रभावकारिता हुनुपर्ने उल्लेख छ । कार्यालयले सप्रबल कमाण्ड तथा स्टाफ कलेज सानोगौचरणको च.नं. ५९ मिति २०७२।६।२१ को पत्रानुसार मण्डला वुक

प्वाइन्टबाट रु ६७८२८। मा खरिद गरेका ५२ प्रकारका पुस्तकको जिन्सी खातामा दाखिला नगरी सोझै खर्च जनाएको पाइयो । जिन्सीमा आम्दानी वांधेरमात्र खर्च लेखने व्यवस्था मिलाउनु पर्दछ ।

२६. **बेरीतको कर वीजक** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले वस्तु वा सेवा आपूर्ति रीतपूर्वकको कर वीजक जारी गरी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले एक आपूर्तकको ३ बेरीतको कर वीजकबाट रु.१,११,१२४।०० मूल्य अभिवृद्धि कर भुक्तानी दिएको छ । मूल्य अभिवद्धि कर समायोजन भएको प्रमाण पेश हुनुपर्दछ ।

२७. **पटके खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१ ख) मा ३ लाखसम्मको लागत अनुमान भएको मालसामान सोझै र नियम ८४(१) मा सोभन्दा भन्दा माथि रु.१० लाखसम्मको मालसामान सिलबन्दी दरभाउपत्रबाट गर्नुपर्ने उल्लेख छ । कार्यालयले एकै प्रकृतिका सामान ५ आपूर्तबाट सोझै खरिद गरी रु. २६,८१,१४९।०० खर्च गरेको पाइयो । नियमानुसार प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्दछ ।

२८. **कम तथा प्रतिलिपि भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्ने तरिका उल्लेख छ । कार्यालयले मातहत २ इकाईमा विविध खर्च पेश्की फछ्यौट गर्दा फाँटबारीमा प्रतिलिपि भरपाई तथा कम भरपाई राखी रु २१३,७५०।०० खर्च गरेको देखियो । सक्कल भरपाई वेगरको खर्च असुल हुनुपर्दछ ।

२९. **सरुवा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्ने तरिका उल्लेख छ । कार्यालयले सरुवा भई गएका, आएका तथा विदेशमा रहेकाको विवरण व्यवस्थित गरेको पाइएन । प्रशासनिक अभिलेख व्यवस्थित हुनपर्दछ ।

३०. **रमाना :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्ने तरिका उल्लेख छ । कार्यालयले अन्यत्र सरुवा भएको ६ सशस्त्र प्रहरी कर्मचारीको रमाना संलग्न नगरी तलव रासन खर्च रु २,५९,६९१।०० लेखेको पाइयो । रमाना अनुसार खर्च लेख्नुपर्दछ ।

३१. **विविध खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ मा विविध खर्च शीर्षकमा विनियोजित वजेट खर्च गर्दा रकमको बाँडफाँड स्वीकृत गर्नुपर्ने र नियम ४५ मा मितव्ययिता कायम गर्नुपर्ने उल्लेख छ । यसवर्ष विविध खर्च शीर्षकमा रु.८,३३,३१,०००।०० रकम खर्च भएको आर्थिक विवरणबााट देखिन्छ । कार्यालयले विविध खर्चको कार्यक्रम स्वीकृत नगरी खर्च गरेको पाइयो । विविध तर्फको खर्च गर्दा कार्यक्रम स्वीकृत गराउने तर्फ ध्यान दिनु पर्ने देखियो ।

३२. **अवकाश पछिको तलव खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त प्रमाण कागजात संलग्न गर्नुपर्ने उल्लेख छ । कार्यालयले २ सशस्त्र प्रहरी कर्मचारीको अवकाश पछिको अवधिको तलव भत्ता, रासन खर्च रु.१९,०८२।०० गरेको देखियो । अवकाश पछिको भुक्तानी असुल हुनुपर्दछ ।

३४. **सफट्वेयर प्रयोग :** विद्युतीय कारोवार ऐन, २०६३ ले सरकारी कामलाई सेवामैत्री बनाउनुपर्ने उललेख गरेको छ । कार्यालयमा २५ सफ्टवेयर रहेकोमा सवैको पूर्ण उपयोग भएको देखिएन । तयार भएका सफट्वेयर प्रयोग गरी सेवाप्रवाह सूचना प्रविधिमैत्री बनाउनु पर्दछ ।

३५. **संक्षिप्त प्रतिवेदन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम (९०) मा १ आर्थिक बर्षको अवधिभित्र भएको आर्थिक कारोवारको अनुसूचि–१४ बमोजिमको ढाँचामा बार्षिक प्रतिवेदन तयार गरी असम्बन्धित निकायमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालयले यो प्रतिवेदन तयार गरेको देखिएन । प्रतिवेदन तयार गर्नुपर्दछ ।

३६. **भ्रमण** : भ्रमण खर्च नियमावली २०६४ को नियम १८ अनुसार भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउनुपर्ने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरी भ्रमण प्रतिबेदन साथ आबश्यक बिल भर्पाई पेश गर्नुपर्ने तथा नियम २१ अनुसार भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि अनुसूचि ६ को ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयले उल्लिखित व्यवस्था वमोजिम भ्रमण प्रतिवेदन र भ्रमण अभिलेख खाता राखेको पाइएन । नियममा भएको व्यवस्था वमोजिम भ्रमण प्रतिवेदन र भ्रमण अभिलेख खाता राख्नुपर्दछ ।

३७. **बढी भुक्तानी** : आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३६ अनुसार सरकारी रकम खर्च गर्दा खर्चको बिल भरपाई सहितका कागजात राख्नुपर्ने व्यवस्था छ । कार्यालयले ३२ सशस्त्र प्रहरी कर्मचारीको दैनिक भ्रमण भत्ता फांटवारी अनुसार रु.२,५९,६५३।०० खर्च लेख्नुपर्नेमा रु.२,७५,६९९.०० खर्च लेखेको पाइयो । बढी खर्च रु. १६०४६।०० असुल हुनुपर्दछ ।

३८. **कर :** आयकर ऐन २०५८ को दफा ८८ बमोजिम आपूर्तकको भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ३ आपूर्तकलाई सेवा तथा सामान उपलब्ध गराएको जनाई मूअकर वाहेक रु.६७५,४३९।०० भुक्तानी गरेकोमा अग्रीम कर रु.१०,१३१।०० कट्टी गरेको पाइएन । उक्त रकम असुल गरी राजश्व दाखिला गर्नुपर्दछ ।

३९. **वीजक :** मूल्यवृद्धि कर ऐन, २०५२ को दफा १४ मा प्रत्येक दर्ता भएको फर्मले तोकिए वमोजिमको अवस्थामा वाहेक वस्तु वा सेवा आपूर्ति गर्दा रीतपूर्वको वीजक जारी गर्नुपर्ने व्यवस्था छ । मू.अ.कर नियमावली २०५३ को नियम १७ मा प्रापकलाई विल नम्वर मुखपृष्ठमा देखिने गरी प्रष्टसंग लेखी सक्कल वीजक दिनुपर्ने व्यवस्था छ । कार्यालयले एक आपूर्ततको रीतपूर्वक नभएका चार वीजकबाट मूल्य अभिवृद्धि कर रु.२०,८६,०१६।०० भुक्तानी गरेको देखियो । उक्त रकमको मूअकर समायोजनको प्रमाण राख्नुपर्दछ ।

४०. **सामान ढुवानी :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ मा वोलपत्रदाताले दफा ६२ मा उल्लेख भए वमोजिमको खरिद संझौता तथा खरिद सम्बन्धी अन्य लिखतमा उल्लेख भए वमोजिमको दायित्व पालना गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष ६ स्थानमा सामान ढुवानी गर्ने कामको लागि मूअकर सहित रु १,०५,२०,०००.०० को लागत अनुमान तयार गरी वोलपत्र आव्हान गरी एक सेवा प्रदायकसँग मूअकर सहित रु ८३,५०,०००.०० संझौता गरेकोमा देहाय अनुसार देखिएको छ :

- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्ने तरिका उल्लेख छ । कार्यालयले एक ढुवानीकर्तासँग सझौता गरी मातहत २ इकाइमा कटन सर्ट, म्याट्रेस लगायत ६ प्रकारका सामान पठाएकोमा चलानी परिमाण अनुसार नबुझाई रु.४,५८,३१६.०० पर्ने घटी सामान वुझाएको पाइयो । उक्त रकम असुल गर्नुपर्दछ ।
- सेवा प्रदायकले कार्यालयवाट उपकरण ९०० सेट पूर्व क्षेत्रको एक मातहत इकाइमा चलानी गरी पठाएकोमा जिन्सी खाता अनुसन्धानको क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाएको जानकारी प्राप्त हुन आएकोले जिन्सी खाताको आम्दानी खर्च भिडान हुन सकेन । यो वर्ष ६ स्थानमा सामान ढुवानी गर्दा संझौताको शर्तानुसार कम्तीमा २० फिटे ट्रक प्रयोग गर्नुपर्नेमा अन्य साईज नखुलेको ट्रकबाट सामान भएको देखियो ।

४१. **अग्रीम कर** : आयकर ऐन २०५८ को दफा ८८ मा करार सेवाको भुक्तानीमा १५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले एक सेवा प्रदायकसँग सामान ढुवानी गर्न मूअकर कर सहित रु ८३,५०,०००.०० मा सझौता गरेको पाइयो । सेवा प्रदायकलाई भुक्तानी भएको रु ६,१९,०००.०० को १५ प्रतिशत ले हुने कर रु ९२,८५०.०० कट्टा गर्नुपर्नेमा रु ९,२८५.०० मात्र कट्टा गरेकोले छुट रु ८३,५६५.०० असुल हुनुपर्दछ ।

४२. **फोहोर व्यवस्थापन :** आयकर ऐन २०५८ को दफा ८८ मा करार सेवाको भुक्तानीमा १५ प्रतिशत अग्रीम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष फोहर उठाउने सेवा लिएको जनाई एक संस्थालाई रु.३,२३,१००.०० भुक्तानी गरेको पाइयो । उक्त भुक्तानीमा १५ प्रतिशतले हुने कर रु ४८,४६५.०० कट्टा गरेको पाइएन । नियमानुसार अग्रीम कर कट्टी गर्नुपर्दछ ।

४३. **सोझै खरिद:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१ ख) मा ३ लाख सम्मको मालसामान मात्र सिधै खरिद गर्न पाइने र नियम ८४(१) मा सो भन्दा भन्दा माथि रु.१० लाखसम्म लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रबाट गर्नुपर्ने उल्लेख छ । कार्यालयले एकै प्रकृतिका सामान ३ आपूर्तकबाट सोझै खरिद गरी रु. ६५९,६१०।०० खर्च गरेको पाइयो । नियममानुसार खरिद कार्य गर्नुपर्दछ ।

४४. **क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा समयमा तोकिएको कार्य नगर्ने आपुर्तकलाई संझौताको १० प्रतिशतमा नवढ्ने गरी प्रतिदिन संझौताको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । कार्यालयले प्रति थान जर्सी रु.७५७.०० का दरले थान ३७,००० आपूर्ति गर्न एक आपूर्तकसँग कुल मू.अ.कर सहित रु ३,१६,५०,१७०.०० मा २०७२।१२।१९ सम्म आपूर्ति गर्ने गरी संझौता गरेको पाइयो । तोकिएको समयावधिमा सामान आपुर्ति नभई २०७३।२।२ सम्म म्याद थप भएको देखिन्छ । थपिएको अवधिमा १८००० थान आपूर्ति भएको र बाँकी सामान भएको देखिएन । म्याद थप पछिको अवधि (२०७३ जेष्ठ ३ देखि आषाढसम्म) दिन ६१ को प्रतिदिन रु १४००४.५० ले हुने रु.८,५४,२७४.५० असुल गर्नुपर्दछ ।

४५. **रसिद नियन्त्रण :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १०(२) मा कारोवारको लेखा स्वीकृत ढाँचामा राख्नुपर्ने तथा नगदी रसिद आम्दानी, खर्च र बाँकीको अभिलेख मलेप फा.नं. ५२ तथा रसिद नियन्त्रण खाता मलेप फा.नं. ११८ राख्नुपर्ने व्यवस्था छ । कार्यालयले नगदी रसिदको मौज्दात, यसवर्ष प्राप्ति तथा उपयोग र बाँकी अभिलेख तयार गरेको पाइएन । उल्लेखित अभिलेख राख्नुपर्दछ ।

४६. **दैनिक अभिलेख :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९(५) मा नगद रुपमा प्राप्त भएको राजश्व सम्बन्धित खातामा आम्दानी जनाउनुपर्ने तथा आम्दानी जनाउँदा राजश्व श्रेस्ताको तोकिएको ढाँचामा लेखा अद्यावधिक गरी राख्नुपर्ने तथा लेखा भिड्ने प्रमाणित कागजात सिलासिलावद्ध गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेख भए अनुसारको अभिलेख तयार गरेको पाइएन । उल्लेखित व्यवस्थाको पूर्णरुपमा कार्यान्वयन हुनुपर्दछ ।

४७. **बोलपत्र विक्री :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १०(२) मा कारोवारको लेखा स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले वोलपत्र फाराम विक्रीको अभिलेख अद्यावधिक गरेको पाइएन । प्राप्त आर्थिक विवरणमा सरकारी सम्पति विक्रीको रु.७,२४,०००।०० राजश्व उल्लिखित अभिलेख नहुँदा भिडान गर्न सकिएन । वोलपत्र फाराम विक्रीको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

४८. **धरौटी फिर्ता :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १२४(२) मा धरौटी रकम सम्बन्धित आपूर्तकले आन्तरिक राजश्व कार्यालयबाट करचुक्ताको प्रमाणपत्र तथा मूअकर समायोजन गरेको प्रमाण पेश गरेपछि फिर्ता दिनुपर्ने व्यवस्था छ । कार्यालयले उल्लिखित प्रमण बेगर एक आपूर्तको धरौटी रु.३८,११,००३।९९ फिर्ता गरेको पाइयो । करचुक्ता तथा कर समायोजनको प्रमाण संलग्न गरी धरौटी फिर्ता दिनुपर्दछ ।

४९. **कार्यसम्पन्न प्रतिवेदन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त पुष्ट्याई राख्नुपर्ने व्यवस्था छ । कार्यालयले बहुतले भवन निर्माणको कार्यको लागत अनुमान रु २,१३,१२,६४२।०० एक निर्माण व्यवसायीसँग रु. १,७०,८९,९४७।०० मा संझौता तथा भुक्तानी भैसकेको पाइयो । नियमानुसार कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखिएन । निर्माण कार्यको सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

५०. **वीमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक रु. १० लाख भन्दा वढीको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्य शुरु गर्नु अगावै त्रुटि सच्याउने अवधि सम्म वहाल रहने गरी निर्माण सामग्री, कामदार प्रयोग गरिने मेशीन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको विमा गराउनुपर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका सार्वजनिक निर्माण कार्यमा ठेक्का सम्झौता गर्दा विमाको शर्त समावेश गरेको भए तापनि रु. १,७०,८९,९४.०० ठेक अंकको वहुतले भवन निर्माणमा विमा नगरी निर्माण कार्य गरेको छ । वीमा गरी निर्माण कार्य गराउनुपर्दछ ।

५१. **लागत अनुमान** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुसार मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित स्पेसिफिकेसनको अधिनमा रही तयार गर्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयले मालसामान खरिदको स्पेसिफिकेशन तयार गरेको आधार खुलाएको देखिएन । मालसामानको लागत अनुमान तयार गर्दा सम्वन्धित सार्बजनिक निकायले चालु वा अघिल्लो बर्षमा सोही प्रकृतिको सामान खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग बाणिज्य संघले जारी गरेको दररेटलाई आधार मानी लागत अनुमान तयार गर्नुपर्ने व्यबस्था रहेको छ। कार्यालयले प्राप्त गरेको अधिकांश आइटमको लागि ४ फर्मबाट मात्र मूल्य सूचि लिएको देखियो । त्यस्ता फर्म सबै किसिमका मालसामानको उत्पादन, बिक्री बितरण गर्ने वा आपूर्ति गर्ने आधार रहेको देखिएन । उल्लिखित व्यवस्थाको पादना गरी लागत अनुमान यथार्थपरक बनाउनुपर्दछ ।

५२. **स्पेसिफिकेसन :** सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा प्राप्त हुने सामानको स्पेसिफिकेसन तयार गर्नुपर्ने उल्लेख छ । वोलपत्रदाताले स्पेसिफिकेसन अनुसारका सामान उपलब्ध गराउने उल्लेख गरी वोलपत्र पेश गरे तापनि पेश भएको नमूना स्पेसिफिकेसन वमोजिम नभएको उल्लेख गरी नमूना परीक्षणमा असफल हुने गरेको पाइयो । कम दरको वोलपत्र मूल्यांकनमा समावेश गरेको पाइएन । संझौताको ५ प्रतिशत वैंक जमानत राख्नुपर्ने, सामानको ग्यारेण्टी, वारेण्टी र स्पेसिफिकेसन वमोजिमका सामान प्राप्त नभएमा खरिद संझौता अनुसार थप कारवाही हुनसक्ने प्रावधान रहे तापनि नमूनाका आधारमा मूल्यांकन गर्ने व्यवस्थाले प्रतिस्पर्धा सीमित हुने स्थिति देखिंदा वोलपत्र मूल्यांकन परिपाटीमा सुधार हुनुपर्दछ ।

५३. **अभिलेख :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त पुष्ट्याई राख्नुपर्ने व्यवस्था छ । कार्यालयले वैंक नगदी किताव र गौश्वारा भौचर तथा प्राप्त रसिदमा भुक्तानीको चेक नंम्बर उल्लेख गरेको देखिएन । कार्यालयले भुक्तानी गर्दा चेक नम्बरसहितको विवरण राख्नुपर्दछ ।

५४. **दाखिला र वितरण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४८ मा खरिद भएका सामानको दाखिला र वितरण व्यवस्था सम्बन्धमा उल्लेख छ । कार्यालयले ४ प्रकारका १७९ थान सफ्टवेयर रु. ४,९४,९४०।०० खरिद गरेकोमा दाखिला तथा वितरण एवं उपयोगको स्थिति खुलाएको पाइएन । खरिद सामानको वास्तविक अवस्था खुल्ले गरी अभिलेख राख्नुपर्दछ ।

५५. **निर्माण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त पुष्ट्याई राख्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्यको विल भुक्तानी गर्दा टेक्का संख्या, अघिल्लो विलको क्रम संख्या, भुक्तानी भौचर नं, कार्यारम्भ मिति, कार्यादेश मिति, कार्य सम्पन्न गर्नुपर्ने मिति, नापी कितावको पृष्ठ संख्या जस्ता सूचांकहरु भरेको देखिएन । उल्लिखित विवरण अद्यावधिक गरी निर्माण कार्य गराउनुपर्दछ ।

५६. **खरिद** : सार्बजनिक खरिद ऐन, २०६३ को दफा ३१ को उपदफा (१)क मा सार्वजनिक निकायले दश लाख रुपैंयाभन्दा वढी लागत अनुमान भएको मालसामान र वीस लाख भन्दा वढी लागत अनुमानको निर्माण कार्य वोलपत्रवाट गर्नुपर्ने तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) अनुसार रु.पाँच लाख

रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य र तीन लाख रुपैया सम्म लागत अनुमान भएको माल समान वा परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यबस्था रहेको छ । सोही नियमाबलीको नियम ८५(१ख) अनुसार एक आर्थिक बर्षमा एकैपटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नसक्ने व्यबस्था रहेको छ । कार्यालयले पटक पटक गरी एउटै फर्मबाट तोकिएभन्दा वढी पटक निर्माण काम गरेको देखियो । कार्यालयले ९ आपूर्तकबाट सामान खरिद र निर्माण कार्य गराई रु.१,२०,८४,५१२।०० खर्च लेखेको पाइयो । नियमानुसार खरिद कार्य गर्नुपर्दछ ।

५७. **पेश्की :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ तथा संझौताका शर्त वमोजिम मोविलाइजेशन पेश्की दिन सकिने व्यवस्था छ । कार्यालयले बहुतले भवन निर्माणको लागत अनुमान मू.अ.कर वाहेक रु २,१०,८२,५१८।०० तयार गरी वोलपत्रको माध्यमवाट एक निर्माण व्यवसायीसँग मू.अ.कर सहित रु १७०८९९४६।९९ मा संझौता गरेको देखियो । निर्माण व्यवसायीलाई पेश्की दिंदा मू.अ.कर वाहेको रकमको २० प्रतिशतले हुने रु. ३०,२४,७६९।०० उपलब्ध गराउनुपर्नेमा मू.अ कर सहितको २० प्रतिशतले हुने रु ३४,१८,०००।०० उपलब्ध गराएको देखिएकोले रु. ३९,३२३।० वढी पेश्की दिएको पाइयो । नियमानुसार मात्र पेश्की दिनुपर्दछ ।

५८. **निर्माण कार्य :** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ वमोजिम निर्माण कार्य गराउनुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान, तथा खरिद योजना तयार नगरी २१ प्रकारका निर्माण तथा मर्मत कार्य यो वर्षको अन्तमा गराई रु. १,७७,६७,३१६।०० खर्च लेखेको पाइयो । लागत अनुमान, खरिद योजना बनाई समयवद्ध तवरले निर्माण कार्य गर्नुपर्दछ ।

५९. **अख्तियारी तथा खर्च संरचना :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) अनुसार मन्त्रालय तथा विभागले मातहतका खर्च गर्ने निकायको नाउँमा स्वीकृत भएको बजेटको खर्च गर्ने अख्तियारी आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र पठाउनुपर्ने व्यवस्था छ । कार्यालयले चालु तथा र पूँजीगत खर्चको एकमुष्ठ अख्तियारी नदिई शुरुमा चालु तर्फ रु.१४ करोड ३५ लाख ७ हजार र पूंजिगत तर्फ रु.१४ लाखको अख्तियारी दिएकोमा क्रमशः रु.१३ करोड ५० लाख ६५ हजार र ५४ करोड ५० लाख ५२ हजार कायम गरेको छ । शुरुमा चालु वजेट उपशीर्षकतर्फ अख्तियारी रकमको तुलनामा ३८० प्रतिशत र पूँजीगततर्फ ९,६४८ प्रतिशतसम्म थप भएको छ । अख्तियारी शुरुमै दिने व्यवस्था मिलाउनुपर्दछ ।

प्राप्त विवरण अनुसार आषाढ महिनामा रु.७ करोड ४४ लाख ३०हजार (५५.२२ प्रतिशत) खर्च भएको छ । अन्तिम चौमासिक र आषाढ महिनामा ठूलो रकम खर्च गर्दा कामको चापको कारणले पर्याप्त अनुगमन, सुपरीवेक्षण गर्न नसकी कामको गुणस्तरमा समेत असर पर्ने हुँदा योजनावद्धरुपमा समयमै कार्यक्रम संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६०. **पूर्व निर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा संझौतामा आपूर्तिकर्ताको कारणले सामान आपूर्तिमा ढिलाई भएमा पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । कार्यालयले चार आपूर्तकबाट पाँच प्रकारका पोशाक २५ देखि ७६ दिनसम्म ढिलो आपूर्ति गरेकोमा पूर्व निर्धारित क्षतिपूर्ति लिनेगरी म्याद थप गरेपनि क्षतिपूर्ति लिएको देखिएन । पूर्व निर्धारित क्षतिपूर्ति रु.४२ लाख २० हजार असुल गरी संचित कोष दाखिला हुनुपर्दछ ।

६१. **वैंक जमानत :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ तथा नियमावली, २०६४ को नियम १४१ मा कालो सूचिमा राख्ने र तोकिएको कार्य सम्पादन नगरेमा वैंक जमानत जफत गर्नुपर्ने व्यवस्था छ। क्यामोफ्याग तयारी चुस्ता र कटनप्यान्ट खरिदको २ आपुर्तकबाट समयमा कार्य सम्पन्न नगरी म्याद थप हुँदा प्रतिदिन ०.०५ प्रतिशतका दरले क्षतिपूर्ति लिने निर्णय गरी म्याद थप भएको छ । खरिद संझौता वमोजिमको काम उल्लिखित समयावधिभित्र सम्पादन नगरेको कारणले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ र ६३ मा अनुसार आपूर्तकलाई कालो सूचिमा राखी वैंक ग्यारेण्टी प्राप्त गरी रु. ३८ लाख जफत हुनुपर्दछ ।

६२. **कर वीजक** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले वस्तु वा सेवा आपूर्ति गर्दा रीतपूर्वकको कर वीजक पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ३ आपूर्तकबाट वीजक नम्बर नखुलेको, सच्याएको तथा हातले लेखेको कर वीजकको आधारमा भुक्तानी दिएको मूल्य अभिवृद्धि कर रु.३१ लाख ९६ हजार समायोजन हुनुपर्दछ ।

राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र

१. **खरिद योजना :** सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ८ बमोजिम बार्षिक रु १० लाख भन्दा बढीको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष वार्षिक कार्यक्रम अनुसार पूजीगंतमा रु.४४,८६,०४५।६० खर्च गरेकोमा खरिद कारवाहीको समय तालिका, खरिद बिधि एवम सम्झौता लगायत कुराहरु समेत खुलाई खरिद योजना तयार गरेको छैन । कानूनको व्यवस्था पालना तथा आन्तरिक नियन्त्रण प्रभावकारी रुपमा सम्पादन गर्न उक्त नियमाबलीको व्यवस्था अनुरुप खरिद योजना स्विकृती गराई निर्माण कार्य गर्नुपर्दछ ।

२. **चौमासिक खर्च :** आर्थिक कार्यबिधि नियमावली,२०६४ बमोजिम चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी बजेट विनियोजन गरिएको हुन्छ । प्राप्त बिबरण अनुसार कार्यालयको पूंजीगत बजेट शीर्षकमा भएको कुल खच) रु. १९४५६२०/- मध्ये तेस्रो चौमासिकको आषाढ महिनामा ९०.७९ प्रतिशत खर्च गरेको पाईयो। बोलपत्र प्रक्रिया अपनाई कार्य गराउँदा विविध कारणवश वर्षान्तमा मात्र ठेक्का सम्झौता हुन गएकोले आर्थिक वर्षको अन्त्यमा बढी खर्च हुन गएको कार्यालयको भनाई रहेको छ ।

३. **खरिद व्यवस्थापन :** राष्ट्रिय परिचयपत्र प्रणाली स्थापना गर्ने कार्यका लागि कुल लागत अङ्क यु.एस. डलर ७९९८००७ को आधारमा अन्तराष्ट्रिय स्तरको बोलपत्र प्रतिस्पर्धाको प्रभावकारी देखिएको एकमात्र बोलपत्रदाताको प्रस्ताव अङ्क यु.एस. डलर ४८७८६९८.६० लागत अङ्कमा १२ महिनाको अवधिमा डिजाईन गरी आधारभूत प्रविधिसहितको केन्द्रीय परिचयपत्र प्रणाली र एक जिल्लाको जिल्ला स्तरीय प्रणाली स्थापना तथा ६ महिनामा ११७००० राष्ट्रिय परिचयपत्र वितरण गरी सक्ने अवधि कायम गरी २०७३।३।३१ मा सम्झौता गरेको देखियो । यस अनुसार लिमिटेड डिप्लोयमेण्टको चरणमा सिंहदरबारमा कार्यरत ७००० राष्ट्रसेवक कर्मचारीहरुलाई लाईभ इन्रोलमेण्ट प्रोसेसबाट परिचयपत्र प्रदान गर्ने तथा लिमिटेड फिल्ड डिप्लायमेण्ट चरणमा १,१०,००० नागरिकलाई परिचय पत्र प्रदान गर्ने व्यवस्था गरेको पाइयो ।

४. **म्याद थप :** दातृसंस्था एशियाली विकास बैंक को सहयोगमा सञ्चालित यस केन्द्रमा दातृ निकायको समेत सहमति प्राप्त गरी गरेको खरीद सम्झौता बमोजिम कार्य सम्पादन गरिनुपर्दछ । आयोजनको शुरु सम्झौता कार्य तालिका अनुसार पहिलो पटकको खरीद प्रक्रियामा एक वर्ष खरीद व्यवस्थापन लगायतका कार्य गर्न नसकेको र हालको खरिद प्रक्रियामा लागत अनुमान तयारी तथा स्वीकृत देखि ठेक्का सम्झौता गर्न नै २ वर्ष भन्दा बढि अवधि लागेको देखिएकोले आयोजना म्याद शुरु सम्झौता अनुसार डिसेम्बर ३१,२०१४ बाट ३ पटक थप गरी ३१ मार्च, २०१८ सम्म कायम हुन पुगेको छ । केन्द्रको स्थापित उद्देश्य अनुरुप विविध कारणवश समयमै खरीद व्यवस्थापन हुन नसक्दा लागत बढ्ने तथा राष्ट्रिय प्राथमिकतामा परेको कामको समयमै अपेक्षित प्रतिफल प्राप्त गर्न नसक्ने हुन्छ । यसर्थ आयोजना म्याद तथा खरीद व्यवस्थापन अनुसार परिचयपत्र वितरण गरिने जिल्ला समेत एकीन गरी कार्य सम्पादन गर्न गराउन सम्बद्ध निकायले ध्यान दिनुपर्दछ ।

५. **सोझै भुक्तानी :** एशियाली विकास बैंकसँग भएको सम्झौता अनुरुप सरकारी बजेटमा समावेश हुने गरी र सोझै भुक्तानी हुने गरी अनुदान प्राप्त हुने प्रतिवद्धता प्राप्त भएकोमा हालसम्म सरकारी बजेटमा समावेश हुने रकम प्राप्त हुन सकेको छैन । केन्द्रका विभिन्न ८ कर्मचारीको वैदेशिक (सिङ्गापुर) अध्ययन भ्रमणको रु.१९,८०,१४५।६० तथा परामर्श दाताको बैदेशिक भ्रमण खर्च रु.५,६०,२८०।- समेत रु.२५,४०,४२५।६० सोझै खर्च भएको विवरण प्राप्त भएको छ ।

६. **कर्मचारी दरबन्दी :** निजामती सेवा ऐन तथा नियमावली अनुसार करारमा कर्मचारी राख्नुपर्ने स्पष्ट कारण सहित दरवन्दी स्वीकृत गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयको २५ स्थायी दरवन्दी रहेको मध्ये स्थायी कर्मचारी औषत १६ मात्र कार्यरत रहेको देखियो । यो वर्ष १४ जना करार कर्मचारी समेत राखी रु.२३,०५,०००।०० खर्च लेखेको छ । गृह मन्त्रालयको ०७२।४।०६ को अख्तियारी दफा २२ मा स्वीकृत बजेटको सीमा भित्र रहेर मात्र करारमा नियुक्ती गर्न सकिने उल्लेख छ । यस वर्ष विगतदेखि रहेका कर्मचारीहरुलई म्याद थप गरी २०७३ आषाढ १५ सम्म कार्यरत रहेको देखियो ।

७. **तलवी प्रतिवेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७.ख.२ मा प्रत्येक वर्ष निजामती कर्मचारीको तलवी प्रतिवेदन पारित गराई मात्र तलब खर्च लेख्नुपर्ने व्यवस्था छ । एक उपसचिवलाई शुरु स्केल रु.२७३७०।- मा मासिक ग्रेड रु.११७०।- (३ ग्रेड) खर्च लेखिएकोमा तलवी प्रतिवेदन पारित गरेको पाइएन ।

८. **वैठक संचालन :** कार्यालयको यस आ.व. ०७२।७३ को कारोबार मध्ये नमूना छनौटको आधारमा ४ महिनाको स्रेस्ता परिक्षण गर्दा बैठक संचालनमा रु.५७१०००।- खर्च गरेको पाइन्छ । धैरै जसो बैठक बोलपत्र मूल्याङ्कन समिति र उप-समितिको अधिकांश बैठक एकै दिनमा विहान ७.१५ बजे र बेलुका ५.१५ बजे गरी २ वटा समेत बसेको पाइन्छ थोरै पटक बैठक बसी बैठक भत्ता खर्च लेखेपनि हुनेमा धेरै पटक बैठक गरी भत्ता अन्य खर्च लेखिनुले सार्वजनिक खर्चमा मितव्ययिता सम्वन्धि ध्यान दिएको पाइएन ।

९. **थप दस्तुर :** समयमै महशुल तिरी रिवेट लिन सकिनेमा कार्यालयमा बजेट तथा जनशक्ति रहेकै अवस्थामा विद्युत महशुल तिर्दा थप दस्तुर खर्च लेखेको देखियो । कार्यालयले विद्युत महशुल खर्च लेख्दा थप दस्तुर रु.२,४६८।- खर्च लेखी अतिरिक्त व्ययभार पारेको नियमसम्मत देखिएन । समयमा महसुल तिर्नुपर्दछ ।

१०. **भरपाई :** कार्यालयले खर्च गर्दा सोलाई पुष्ट्याई हुने विल भरपाई संलग्न हुनुपर्दछ । एक अधिकृत कर्मचारीलाईलाई बैठक भत्ता खर्च लखेकोमा सो बुझेको भरपाई पेश नभएको रु.४२५०।- सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

११. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ बमोजिम निर्माणमारु.५ लाखसम्म र सामान खरिदमा रु.३ लाखसम्म लागत अनुमान भएको खरिद गर्दा नियम ८५(४) को अधिनमा रही सोझै

गर्न सक्ने व्यवस्था गरेको छ । कार्यालयको पूंजीगत बजेटतर्फ मिति २०७२।४।६ मा फर्निचर फिक्चरमा, मेशिनरी औजारमा, पूंजीगत सुधारमा र सफ्टवेयर निर्माणमा गरी जम्मा रु.३०,५०,०००।०० बजेट विनियोजन भएकोमा सफ्टवेयर निर्माण तथा खरिद कार्य भएको पाइएन । अन्य खर्च शिर्षकमा समयमै बजेट प्राप्त भएकोमा कार्यालयले खरिद कार्य सिलबन्दि दरभाउपत्र अपनाई गराउनुर्पेमा सो नगरी बिभिन्न आपूर्तकहरुबाट सिधैं खरिद गरेको देखियो ।

महानगरीय प्रहरी कार्यालय, रानीपोखरी

१. **प्रगति प्रतिबेदन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० तथा २५ मा अनुसुची-२ को ढांचामा चौमासिक तथा बार्षिक प्रगती प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले चालु वर्ष पूंजीगततमा रु. ५,२९,१६,०१५।०० खर्च गरेकोमा नियमवलीमा व्यवस्था भए बमोजिमको कार्यक्रम बमोजिमको प्रगति प्रतिबेदन तयार गरेको पाईएन ।

२. **खरिद योजना :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ बमोजिम बार्षिक रु १० लाख भन्दा बढीको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने र सोही नियमको उपनियम (५) अनुसार स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भएपछि सो अनुरुप वार्षिक खरिद योजना परिमार्जन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष सुरुमा पुँजीगत खर्चतर्फ खरिद कारवाही, बिधि, समय तालिका लगायतका व्यहोरा समावेश गरी विनियोजन अनुरुप खरिद योजना परिमार्जन गरेको पाइएन ।

यसैगरी आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २० (३) बमोजिम कार्यक्रम सुचारु रुपले कार्यान्वयन गराउन लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमसिक अवधिमा समाप्त गरिसक्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा कार्यालयका सवारी साधन खरिदका दुई ठेक्का बन्दोबस्त प्रहरी प्रधान कार्यालयबाट २०७२ मंसिर तथा माघमा भएको सम्झौताका आधारमा खरिद गरेको, कार्यालयले मेशिनरी उपकरणको शिलबन्दी बोलपत्र १ तथा शिलबन्दी दरभाउ पत्र १ तेस्रो चौमासिकमा खरीद व्यवस्थापन गरेको तथा अन्य खर्च सूचीकृत आपूर्तिकर्ताबाट सोझै खरिद गरी रु.५,२९,१६,०१५। खर्च गरेको देखिन्छ । नियम अनुसार ठेक्का बन्दोबस्त समयमा हुन नसकेमा कार्य सम्पादनको गुणस्तरमा प्रभाव पार्ने, चौमासिक रुपमा सन्तुलित खर्च व्यवस्थापनमा असर पर्ने हुँदा नियमावलीको प्रावधान बमोजिम खरिद योजना तथा खरिद व्यवस्थापन गर्नुपर्दछ ।

३. **चौमासिक खर्च :** आर्थिक कार्यबिधि नियमावली,२०६४ बमोजिम चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरिएको हुन्छ । प्राप्त बिबरण अनुसार कार्यालयको पूँजीगत बजेट शीर्षकमा भएका कुल खर्च रु.५२९१६०१५।- मध्ये तेश्रो चौमासिकमा ९८ प्रतिशत र आषाढ महिनामा ७७ प्रतिशत खर्च गरेको पाईयो । स्वीकृत कार्यक्रम तोकिएको समयमा संचालन गरी खर्च गर्नुपर्दछ ।

४. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ४७ को उपनियम ४ बमोजिम जिन्सी सामानको मूल्य कायम गराई राख्नु पर्ने व्यवस्था छ । जिन्सी निरीक्षण प्रतिबेदनमा उल्लेख भए अनुसारका ४८ प्रकारका विभिन्न परिमाणहरुको जिन्सी खातामा मूल्य खुलाएको नदेखिएकाले नियममा भएको व्यवस्था बमोजिम जिन्सी सामानहरुको मुल्य कायम गरी जिन्सी व्यवस्थापन अध्यावधिक गर्नुपर्दछ ।

५. **स्वीकृति दरबन्दी तथा काज :** प्रहरी संगठनको उद्देश्य अनुरुपका कार्य सञ्चालन गर्न स्वीकृत दरबन्दी अनुरुप पदपूर्ति भई कार्यरत रहनुपर्दछ । यसैगरी प्रहरी नियमावली, २०७१ को नियम ५२ अनुसार प्रहरी प्रधान कार्यालयले विशेष परिस्थितिमा काज खटाउने प्रयोजनका लागि काज सम्बन्धी छुट्टै मापदण्ड बनाई काजलाई व्यवस्थित गर्नुपर्दछ । प्राप्त विवरण अनुसार कार्यालयमा दरवन्दी संख्या १९१६ रहेकोमध्ये यस कार्यालयको दरबन्दी १८०१ (२०७३ आषाढमा) कार्यरत देखिन्छ । सोको अतिरिक्त कार्यालयमा अन्य कार्यालयबाट विभिन्न महिनामा २४ देखि ३८ जनासम्म काजमा आएको (औषत मासिक ३१ जना) तथा यस कार्यालयबाट मासिक १४ देखि २० सम्म कर्मचारीहरु काजमा गएको (औषत मासिक १७ जना) स्थिति देखिन्छ । अन्यत्रबाट काजमा आएका प्रहरी कर्मचारीहरुको कार्य जिम्मेवारी मूल्याङ्कनमा समस्या आउनुको साथै स्थानान्तरणमा थप आर्थिक भार पर्ने, निजहरुको तलब भत्ताको व्यवस्था निश्चित समयमा हुन नसक्ने अवस्था छ । त्यस्तै अन्यत्र काजमा गएका कारण संगठनमा जनशक्तिको अभाव हुने गरेको छ । यसर्थ दीर्घकालको लागि संगठनको दरबन्दी पुनराबलोकन गरेर तथा मापदण्ड तर्जुमा गरी कर्मचारी काजमा खटाउने कार्यलाई निश्चित सीमा भित्र कायम गरिनु पर्दछ ।

६. **राशन खर्च :** साविकमा तलब भत्ता दरवन्दी रहेको कार्यालयबाट र काजमा रहेका कर्मचारीहरुको कार्यरत कार्यालयबाट खर्च लेखिने गरेकोमा २०७३ बैशाखदेखि तलब भत्ता तथा राशन खर्च कार्यरत रहेको स्थानको दरमा गणना गरी दरवन्दी रहेको कार्यालयबाट खर्च लेखिने व्यवस्था छ । तलब दरवन्दी रहेको स्थानबाट २०७२ चैत्रसम्म भुक्तानी भए तापनि कार्यालयले २०७२ असोज र फागुनको राशन खर्च लेख्दा सरुवा भइसकेका तर रमाना नलिएका कर्मचारीको राशन खर्च रु.५२९६२९/- खर्च लेखेकोमा सरुवा निर्णय भईसके पनि रमाना नगरी लामो समयसम्म काजमा राख्ने प्रक्रियालाई निरुत्साहित गर्नुपर्दछ ।

७. **तलब खर्च :** प्रहरी किताबखाना कार्यविधि निर्देशन, २०६८ को प्रकरण ४ मा उल्लेखित व्यवस्था अनुसार प्रहरी किताबखानाबाट मिति २०७२।११।२२ मा पारित तलबी प्रतिवेदन अनुसार तलब खर्च लेख्नुपर्ने व्यवस्था भएको छ। केही कर्मचारीहरुलाई पारित ग्रेड भन्दा बढी भुक्तानी गरी खर्च लेखेको समयमै तलबी प्रतिबेदन पारित गराई तलब खर्च लेख्नुपर्नेमा ढिलो गरी भएको तथा पारित तलब अंक (ग्रेड संख्या) ११ कर्मचारीको बढी खर्च गरेको रकम रु ५६९६०/- असूल गरी दाखिला हुनु पर्दछ।

८. **सामाजिक सुरक्षा कर :** आर्थिक ऐन, २०७२ बमोजिम प्रत्येक रोजगारी प्राप्त व्यक्तिले स्वीकृत अवकास कोष कट्टी पश्चात् प्राप्त हुने पारिश्रमिकमा १ प्रतिशतका दरले सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्ने व्यवस्था छ। प्रहरी कर्मचारीको प्राप्त हुने रासन खर्च समेतलाई जोडी सोमा पारिश्रमिक कर लाग्ने भएमा सोको सीमा अनुसार गणना गर्नुपर्ने र वार्षिक रु.३,००,०००। सम्म आय भएमा १ प्रतिशत सामाजिक सुरक्षा सेवा कर कट्टा गर्नुपर्नेमा कार्यालयका ३ प्र.ना.नि.को नियम अनुसार कट्टी हुनुपर्ने सामाजिक सुरक्षा कर कट्टी गरेको नपाईएकोले नपुग रु.१,७९९/-असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ।

९. **कट्टी रकम :** प्रचलित नियम तथा खर्च गर्ने निर्देशिका अनुसार खर्च लेख्दा कट्टी हुने स्वीकृत अबकाशकोषको रकम, कर्मचारी सापटी आदि रकम गोश्वरा भौचरमा नै क्रेडिट गरी हिसाब देखाएर भुक्तानी आदेश बनाई कोष तथा लेखा नियन्त्रक कार्यालयबाट रकम पठाउने जाने निकायकै नाउँमा एकाउन्टपेयी चेक जारी गरिनु पर्दछ। कार्यालयले प्रहरी कल्याणकोषमा कट्टी रकम प्रति व्यक्ति रु.२५०।०० का दरले र ऋण,किस्ता कट्टी रकम नगदनै झिकेर दाखिला गर्ने गरेको पाईयो। उदाहरणको लागि २०७२ असोजमा रु.४,६२,२५०।०० नियमित कट्टी र रु.३,६६,६०६।०० ऋण किस्ता कट्टी रकम नगदै झिकेर दाखिला गर्ने गरिएको छ। यस्तो प्रकृयाले खर्चमा पारदर्शिता र कानूनी प्रकृयाको पालना भएको पाइएन। नगदमा आधारित कारोबार प्रकृया निरुत्साहित गर्ने नीतिको पालना गरी खर्चलाई विश्वसनीय र पारदर्शी गराउनुपर्दछ।

१०. **अग्रिम भुक्तानी :** नेपाल टेकिकमलाई पेश्कि नदेखाई रु.९६,६००।०० अग्रिम भुक्तानी दिएको पाईएकोले नियमानुसार असुल फछ्र्यौट हुनु पर्दछ।

११. **तालिम खर्च एवम भरपाई :** आर्थिक कार्यबिधि नियमावली,२०६४ को नियम ३६ मा सरकारी रकम खर्च सम्बन्धि कार्यबिधि उल्लेख छ। जस अनुसार नियम ३६ को उपनियम (५) मा सरकारी निकायबाट कुनै तालिम संचालन गर्नु पर्दा स्विकृत नर्म्स र निर्देशिका अनुसार लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने र सो अनुरुप कार्य सम्पादन स्थितीको अभिलेख तथा खर्चलाई पुष्ट्याई हुने फांटबारी तथा भरपाई संलग्न गरी तालिम सम्पन्न प्रतिबेदनको आधारमा खर्च लेख्नुपर्ने व्यवस्था छ। यो बर्ष कार्यालयले विभिन्न तहका सेवाकालिन/ उत्प्रेरणामुलक तालिमहरु ४२४७ जनालाई संचालन गरी रु.४३,००,०००।०० खर्च लेखांकन गरेकोमा तालिममा सहभागी प्रशिक्षार्थीको दैनिक हाजिरी, तालिम सम्पन्न प्रतिवेदन समेत संलग्न गरेको छैन।

१२. **खरिद व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २० (३) मा ठेक्का स्वीकृत गर्ने कार्य प्रथम चौमासिकमा सम्पन्न गर्नुपर्ने उल्लेख छ। महानगरीय प्रहरी कार्यालय पूँजीगत तर्फ मेशिनरी औजार र उपकरणबाट प्रहरी प्रधान कार्यालय बजेट शाखाको २०७२।०२।०६ को प्रहरी सञ्चार अनुसार काठमाडौँ उपत्यका स्थित विभिन्न २३ कार्यालयहरुको लागि रु.२ करोड ५३ लाख २८ हजार विनियोजन गरी महानगरीय प्रहरी कार्यालयसँग समन्वय गरी सि.सि. टि.भी. खरिद तथा जडान गर्न उल्लेख गरेको देखिन्छ। २०७३ जेठ ६ मा थप अख्तियारीबाट उक्त कार्यक्रम सञ्चालन गर्न पठाएकोले आर्थिक वर्षको अन्त्यमा मात्र खरीद व्यवस्थापन गरी कार्यसञ्चालन भएको देखिन्छ। लेखापरीक्षणको सिलसिलामा यो वर्ष नयाँ जडानको क्रममा रहेका सि.सि.टि.भि. क्यामराहरुको कार्यसम्पादन स्थिति २०७३।०६।१३ मा अवलोकन गर्दा कुल ७१ स्थानमा ९४ नयां क्यामरा (घुम्न सक्ने तथा स्थिर समेत) जडान गर्ने लक्ष्य रहेकोमा ६६ जडान भई सकेको र २८ जडान हुन बांकी रहेको देखिन्छ। मातहतका कार्यालयहरुले जिन्सी खरिद गरेको आधारमा उक्त कार्य सम्पन्न भई सकेको विवरण वार्षिक प्रतिवेदन २०७२।७३ मा उल्लेख गरेकोमा जडान हुन बाँकी क्यामरा २८ त्रिपुरेश्वर कालिमाटी सडक खण्डको सडक विस्तारका कारण अधुरो रहेको कार्यालयले जनाएको छ। आर्थिक वर्षको अन्त्यतिर खरिद सम्झौता गरी वर्षान्तमा हतारमा काम गराउँदा गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुसार समयमै बजेट अख्तियारी तथा खरिद व्यवस्थापन गरी कार्यसम्पादन गराउन सम्वन्धीत निकायले ध्यान दिनुपर्दछ।

१२. **सवारी साधन खरिद :** प्रहरी प्रधान कार्यालयबाट बोलपत्रको प्रक्रियाबाट खरिद सम्झौता गरी यस कार्यालयको लागि १० थान पिकअप सवारी साधन खरीद गरी रु.२,०९,८५,०००।०० भुक्तानी गरेको देखिन्छ। आपूर्तिकर्ताको विजक नं. ०५६९६ देखि ०५७१६ सम्मको मिति २०७३।०१।१३ र १४ गतेको विलबाट प्रति थान रु.१८५७०७९।६५ (मु.अ. कर बाहेक) को सवारी साधन आपूर्ति भई २०७३।०३।१० मा जिन्सी आम्दानी बाँधेको र कार्यालयको २०७३।०३।१२ मा ४ कार्यालयलाई हस्तान्तरण गरेको देखिन्छ। आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ अनुसार कार्यालयबाट हस्तान्तरण गरेका सवारी साधनको च्यासिस नं.,

इन्जिन नं., मोडेल नं. सहित मूल्य खुलाई आम्दानी बाँध्नुपर्ने उल्लेख छ । कार्यालयले हस्तान्तरण फाराममा मूल्य नखुलाएको कारण सम्वन्धित कार्यालयले जिन्सी आम्दानी गर्दा मूल्य खुलाएको पाइएन । खरिद गरी हस्तान्तरण भएका उक्त सवारी साधनको मूल्य समेत खुलाउन लगाई जिन्सी व्यवस्थापन अद्यावधिक गर्नुपर्दछ ।

१३. **मुल्य अभिबृद्धि कर :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ तथा नियमावली २०५३ को नियम १७ (२) अनुसार दर्ता भएको व्यक्ति वा संस्थाले वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई निर्धारित ढाँचामा विजक दिनुपर्दछ । यसरी दिने विजकमा विलको क्रम संख्या प्रिन्टेड हुनुपर्दछ । कार्यालयले एक आपूर्तिकर्ताको बिजक नं. ७३ २०७३।०३।२३ को बिल बाट खर्च लेखी भुक्तानी गरेकोमा निर्धारित प्रक्रिया नपुऱ्याई हातले लेखेको विजक नं.बाट भुक्तानी गरेकोले मूल्य अभिवृद्धि कर रु ३८६५/- दाखिला भएको प्रमाण पेश हुनुपर्दछ ।

१४. **परामर्श सेवा :** राजधानीको शान्ति, सुरक्षा तथा अनुसन्धानलाई अफ व्यवस्थित र प्रभावकारी बनाउन उपत्यकाको विभिन्न स्थापना परिचालित जिपिएस जडान भएका सवारी नियन्त्रण कक्षहरुको महानगरीय तथा ट्राफिक नियन्त्रणबाट अनुगमनको लागि महानगरीय कार्यालयले एक निजी संस्थासँग सम्फौता गरी मासिक रु.११,०००। दरमा परामर्शबाट खर्च लेखेको देखिन्छ । २०७३।०६।१३ गते उक्त गाडिहरुको अवस्थिति बारे डिस्प्ले कन्ट्रोलरमा अवलोकन गर्दा अफलाईन मा रहेको पाइयो । सम्फौताको कार्य शर्त अनुसार सेवा प्राप्त गर्न नसकेमा कार्यालयको उद्देश्य अनुरुप प्रभावकारी परिचालिन हुन कठिनाई हुने हुँदा शर्त अनुरुप कार्य गराउन नसकेमा क्षतिपूर्ति समेत व्यवस्था गरी सम्फौता बमोजिम कार्य सम्पादन गराउनु पर्दछ ।

१५. **कल्याण कोष** : प्रहरी नियमावली,२०७१ को नियम १९४ (७) अनुसार कल्याण कोषको लेखा प्रचलित कानून बमोजिम राखी आन्तरिक लेखापरीक्षण संचालक समितिले तोके बमोजिम हुने उल्लेख छ । यो वर्षको आय व्यय विवरण अनुसारको कारोबार रकम रु.रु.११,०८,९६१।०० को आन्तरिक लेखापरीक्षण गराएको पाईएन ।

यस कार्यालयमा जिम्मेबारी रहेको रु.१,५०,००,०००।०० मध्ये नेपाल ईन्भेष्टमेन्ट बैंक लि लाजिम्पाट शाखामा रु.१,००,००,०००।०० र लक्ष्मी बैंक लिमिटेड हात्तिसारमा रु.५०,००,०००।०० मुद्दती हिसावमा रहेको रकम आर्थिक विवरणमा समाबेश नभएको हुदां सोलाई समावेस गरी आय/व्यय विवरण तयार गर्नुपर्दछ ।

महानगरीय ट्राफिक प्रहरी महाशाखा

१. **प्रगति प्रतिबेदन :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम २० तथा २५ मा अनुसुची-२ को ढांचामा चौमासिक तथा बार्षिक प्रगती प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले चालु वर्ष पूँजीगतमा रु. ६७,०५,३४०।०० खर्च गरेकोमा कार्यक्रम बमोजिमको प्रगति प्रतिबेदन तयार गरेको भए तापनि तोकिएको ढाँचामा प्रगति प्रतिबेदन तयार गरेको पाइएन ।

२. **चौमासिक खर्च :** आर्थिक कार्यबिधि नियमावली,२०६४ बमोजिम चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरिएको हुन्छ । प्राप्त बिबरण अनुसार कार्यालयको पूंजीगत खर्च रु.६७०५३४०/- मध्ये तेश्रो चौमासिकमा ९१.५२ प्रतिशत र आषाढ महिनामा ७१.३६ प्रतिशत खर्च गरेको पाईयो । स्वीकृत कार्यक्रम तोकिएको समयमा संचालन गरी खर्च गर्नुपर्दछ ।

३. **जिन्सी मौज्दात :** कार्यालयको जिन्सी अभिलेख अनुसार साविकमा ८ वटा घोडा रहेकोमा नेपाली सेनाबाट २०७२।७।२३ मा हस्तान्तरण भई आएका १० समेत १८ कायम भएको देखिन्छ । यो वर्ष नेपाली सेनाबाट हस्तान्तरण भई आएको मध्ये १ घोडा(परल मूल्य नखुलेको) र कार्यालयले २०६४।१।२२ मा खरीद गरेको अर्को २ घोडा (परल मूल्य रु.९८,०००।-) समेत २ घोडा/घोडी क्रमश: २०७३।०२।१७ र ऐ २४ गते मृत्यु भएको कागजात मिसिल, मौका मुचुल्का र डाक्टरले दिएको मृत्युको प्रमाणपत्र संलग्न गरेको आधारमा मिन्हाका लागि यस कार्यालयबाट क्रमश:मिति २०७३।२।१९ र २०७३।२।२५ मा महानगरीय प्रहरी कार्यालय,रानीपोखरीमा पठाएको र उक्त कार्यालयबाट प्रहरी प्रधान कार्यालयमा क्रमश: २०७३।२। उल्लेख नभएको र २०७३।२।३० मा पठाएको सम्म देखिन्छ । आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २९ तथा नियमावली, २०६४ को नियम १०६ अनुसार तोकिएको प्रक्रिया पुऱ्याई अधिकार प्राप्त अधिकारीबाट मिन्हा स्वीकृत गरी जिन्सी व्यवस्थापन अद्यावधिक गर्नुपर्दछ ।

४. **खरिद व्यवस्थापन :** प्रहरी प्रधान कार्यालय, बजेट शाखाको २०७२।०२।०६ को उपत्यका स्थित विभिन्न २३ कार्यालयहरुमा पठाएको प्रहरी सञ्चार अनुसार सि.सि.टि.भी.खरीद तथा जडान गर्दा महानगरीय प्रहरी कार्यालय,रानीपोखरी,काठमाडौंसँग समन्वय गर्न उल्लेख गरी यस कार्यालयको लागि मेशिनरी औजार र उपकरण खर्च शीषर्क तर्फ सि.सि.टि.भी.खरीद तथा जडान गर्न रु.१०,०२,०००।- वार्षिक विनियोजन भएकोमा उक्त रकम निकासा लिई खर्च गरेको देखिन्छ । कार्यालयले सि.सि.टि.भि. (क्यामरा) थान ५ र सोसँग सम्वन्धित आवश्यक पार्टपुर्जा/उपकरण जडान समेतको रु.८,८४,२८९।०२ (मु.अ. कर बाहेक) लागत अनुमानको आधारमा २०७३।०२।१५ मा खरीद कारवाही शुरु गरी एक आपूर्तिकर्तासंग २०७३।०३।२५ सम्ममा कार्य सम्पन्न गर्ने गरी २०७३।०३।१० मा खरीद सम्फौता गरेको देखिन्छ । उक्त आपूर्तक संस्थाबाट

सम्झौता अनुसारका मेशिनरी उपकरण सामग्री प्रमाणका आधारमा २०७३।०३।३० मा रु.९,६६,८०४।०० खर्च लेखी भुक्तानी गरेको देखिन्छ। उक्त खरिदी सामग्री कार्यालयले जिन्सी आम्दानी बाँधे पनि महानगरीय प्रहरी कार्यालय, रानीपोखरीलाई हस्तान्तरण गरेको जनाएकोमा उक्त कार्यालयले मुल्य सहित आम्दानी बाँधेको प्रमाण संलग्न गरेको पाइएन। जडान खर्च रु.९०००।- समेत भुक्तानी गरेकोमा खरिदी सामग्री तथा उपकरण जडान खर्च सञ्चालन भएको स्थान खुलाई उक्त खर्च लाई विश्वसनीय र पारदर्शी बनाउनुपर्दछ।

५. **भवन निर्माण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ अनुसार बजेट तर्जुमा गर्दा प्रस्तावित कार्यक्रमको आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यस्तो कार्यक्रम स्वीकृत हुनुपर्ने साथै कार्यान्वयनको लागि विस्तृत सर्वेक्षण ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नु पर्दछ। कार्यालयको पूँजीगत बजेट उपशिर्षकतर्फ खर्च शिर्षक भवन निर्माणमा शुरु विनियोजन नभए पनि पछि २०७२।६।१५ र २०७२।११।२३ मा गरी ६० लाख थप बजेट अख्तियारी दिएकोमा २०७३ जेठमा ५९,४६,६६०।- बजेट घट गरी रु.५३,३४०।- कायम गरेको छ। यस सम्वन्धमा महाशाखाको कम्पाउण्ड भित्र रहेको व्यारेक तथा डे. केयर सेण्टर भवनको माथि २ तला थप गर्न रु.२,४०,०४,९३८।०८ (मु.अ. कर समेत) लागत अनुमानको आधारमा बोलपत्र माग गरेकोमा प्रहरी प्रधान कार्यालय,प्राबिधिक निर्देशनालयको २०७३।१।३० गतेको पत्रबाट निर्माण कार्य रद्ध गर्ने निर्णय भई सूचना प्रकाशन र फाराम छपाईमा मात्र उक्त रकम रु.५३,३४०।- खर्च गरेको देखियो। यसबाट कार्यालयको नियमितता र मितव्ययीतामा असर परेको छ। जटिल प्राबिधिक पक्ष समाबेश हुने भवन निर्माण कार्यको ड्ईङ्ग डिजाइन,लागत अनुमान र बजेट व्यवस्थापन गर्दा सम्बन्धित कार्यालय र सो को अनुगमन गर्ने दायित्व भएका प्रहरी प्रधान कार्यालय र प्राबिधिक निर्देशनालय जिम्मेवार रहेका छन। अत: यस प्रकारको कार्यमा पुनरावृति हुन नदिन सम्बद्ध पक्षले ध्यान दिनुपर्दछ।

६. **स्वीकृति दरबन्दी तथा काज :** महानगरीय ट्राफिक प्रहरी संगठनको उद्देश्य अनुरुपका कार्य सञ्चालन गर्न स्वीकृत दरबन्दी अनुरुप पदपूर्ति भई कार्यरत रहनुपर्दछ। यसैगरी प्रहरी नियमावली, २०७१ को नियम ५२ अनुसार प्रहरी प्रधान कार्यालयले विशेष परिस्थितिमा काज खटाउने प्रयोजनका लागि काज सम्बन्धी छुट्टै मापदण्ड बनाई काजलाई व्यवस्थित गर्नुपर्दछ। प्राप्त विवरण अनुसार कार्यालयमा दरवन्दी संख्या १००९ रहेकोमध्ये यस कार्यालयको दरबन्दीमा ९६४ (२०७३ आषाढमा) कार्यरत देखिन्छ। सोको अतिरिक्त कार्यालयमा अन्य कार्यालयबाट विभिन्न महिनामा १८३ देखि ३४७ जनासम्म काजमा आएको (औषत मासिक २३७ जना) तथा यस कार्यालयबाट मासिक ७१ देखि १९७ सम्म कर्मचारीहरु काजमा गएको (औषत मासिक १२० जना) स्थिति देखिन्छ। अन्यत्रबाट काजमा आएका प्रहरी कर्मचारीहरुको कार्य जिम्मेवारी मूल्याङ्कनमा समस्या आउनुको साथै स्थानान्तरणमा थप आर्थिक भार पर्ने, निजहरुको तलब भत्ताको व्यवस्था निश्चित समयमा हुन नसक्ने अवस्था छ। त्यस्तै अन्यत्र काजमा गएका कारण संगठनमा जनशक्तिको अभाव हुने गरेको छ। यसर्थ दीर्घकालको लागि संगठनको दरबन्दी पुनराबलोकन गरेर तथा मापदण्ड तर्जुमा गरी कर्मचारी काजमा खटाउने कार्यलाई निश्चित सीमा भित्र कायम गरिनु पर्दछ।

७. **राशन खर्च व्यवस्थापन :** साविकमा तलब भत्ता दरवन्दी रहेको कार्यालयबाट र काजमा रहेका कर्मचारीहरुको कार्यरत कार्यालयबाट खर्च लेखिने गरेकोमा २०७३ बैशाख देखि तलब भत्ता तथा राशन खर्च (कार्यरत रहेको स्थानको दरमा गणना गरी) दरवन्दी रहेको कार्यालयबाट खर्च लेखिने व्यवस्था छ। २०७२ चैत्रसम्म तलब दरवन्दी रहेको स्थानबाट भुक्तानी भएतापनि कार्यालयले २०७२ असोज र फागुनको राशन खर्च लेख्दा सरुवा भईसकेका तर रमाना नलिएका कर्मचारीहरु ३२८ जनाको राशन खर्च रु.१७२६६२८/- लेखेकोमा सरुवा निर्णय भईसके पनि रमाना नगरी लामो समयसम्म काजमा राख्ने प्रक्रियालाई निरुत्साहित गर्नुपर्दछ।

८. **तलब खर्च :** प्रहरी कितावखाना कार्यविधि निर्देशन, २०६८ को प्रकरण ४ मा उल्लेखित व्यवस्था अनुसार प्रहरी किताबखानाबाट मिति २०७२।११।२२ मा पारित तलवी प्रतिवेदन अनुसार तलव खर्च लेख्नुपर्ने व्यवस्था छ। समयमै तलबी प्रतिबेदन पारित गराई तलब खर्च लेख्नुपर्नेमा ढिलो गरी भएको तथा पारित तलब अंक (ग्रेड संख्या) अनुसार खर्च लेख्नुपर्नेमा १४ कर्मचारीको रु.२६,२२०।०० बढी खर्च लेखेको असुल गरी दाखिला हुनुपर्दछ।

९. **सामाजिक सुरक्षा कर :** आर्थिक ऐन, २०७२ अनुसार प्रत्येक रोजगार प्राप्त व्यक्तिको पारिश्रमिक आयमा स्विकृत अवकास कोष रकम कट्टी गरेपछि हुने भुक्तानीमा वार्षिक रु.२ लाख ५० हजारसम्म १ प्रतिशतका दरले सामाजिक सुरक्षा कर कट्टी गरी राजस्व दाखिला गर्नुपर्ने र सो पछिको आयमा निर्धारित दरमा पारिश्रमिक कर कट्टी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले मासिक पारिश्रमिकमा सामाजिक सुरक्षा कर १ प्रतिशत कट्टी गरे पनि रासन भुक्तानीको हकमा शुरु ६ महिनाको रकम आयमा समाबेश गरेको र बांकी ६ महिनाको पछि राशन दररेट छुट्टै कायम हुने भनी समाबेश गरेको पाइएन। यस सम्बन्धमा प्रहरी प्रधान कार्यालयको पे रोल सफ्टवेयर सिस्टममा ६ महिनाको राशन भुक्तानीको रकम आयमा समाबेश गर्ने प्राबधान भएको कार्यालयको भनाइ रहेको छ। यसरी पछिल्लो ६ महिना अवधिको नगद राशन बुझेको

रकम समाबेश नगरिंदा नियमानुसार पारिश्रमिक कर गणना त्रुटीपूर्ण रहने हुंदा सम्पूर्ण आय समेत कम्प्युटर सफ्टवेयरमा अध्याबधिक गरी बार्षिक पारिश्रमिक खर्च तथा सो अनुरुप कर कट्टा तथा दाखिला विवरण अध्याबधिक गरी खर्चलाई बिश्वसनिय र पारदर्शि बनाउनुपर्दछ ।

१०. **प्रोत्साहन भत्ता तथा कल्याणकारी कोष :** आर्थिक वर्ष २०७१।७२ मा ट्राफिक व्यवस्थापन कार्य सम्पादन गर्दा संकलन भएको राजस्व रकमको १५ प्रतिशत रकम रु.२,१७,५१,९९५।- कार्य सम्पादन सूचकांक तथा प्रोत्साहन भत्ता निर्देशिका २०७२ को बुँदा २.५ अनुसार १० प्रतिशतले हुने रु.२१,७५,१९९.५० कट्टा गरी कल्याणकारी कोषमा दाखिला गरेको देखिन्छ । उक्त कोषको सञ्चालन गर्न राष्ट्रिय वाणिज्य बैंकमा २०६९ देखि खाता सञ्चालन गरी यो वर्षसम्म कुल रु.७९,९८,७०३।५३ देखिएकोमा बैंक स्टेटमेन्ट प्राप्त गरी बचतमा प्राप्त व्याजलाई आम्दानी बाँधी स्रेस्ता अद्यावधिक गरेको छैन । उक्त कारोबारको आय व्यय विवरण बनाई कल्याणकारी कोष निर्देशिका अनुसार हिसाब किताबको अद्यावधिक अभिलेख राखी लेखापरीक्षण गराउनु पर्दछ ।

११. **बाँकी प्रोत्साहन भत्ता :** महानगरीय ट्राफिक प्रहरी महाशाखा,रामशाहपथले आ.ब.२०७१।०७२ प्राप्त राजस्व रु.१४,५०,१३,३००।०० को १५ प्रतिशतले हुने रु.७७,४११।६४ बितरण गर्न बांकी देखिएकोले वितरण भरपाई/दाखिला प्रमाण पेश गरी गर्नुपर्दछ ।

१२. **एफ.एम. कोष खाता सञ्चालन :** मेट्रो ट्राफिक एफ.एम.का लागि कार्य सञ्चालन निर्देशिका, २०६९ र प्रहरी नियमावली, २०७१ अनुसार सञ्चालन भएको देखिन्छ। उक्त कोषमा स्टेशनले माग गरे पश्चात प्रहरी प्रधान कार्यालयबाट प्राप्त हुने नियमित बजेट, विज्ञापन शुल्क, नेपाल सरकार तथा स्थानीय निकायबाट प्राप्त हुने अनुदान/सहयोग आदि रहने र वार्षिक लेखापरीक्षण प्रहरी प्रधान कार्यालयको आर्थिक लेखापरीक्षण शाखाबाट वा तोकेको लेखापरीक्षकबाट गराउनु पर्ने व्यवस्था छ । यस कार्यालयको २०७३।०६।१६ बाट श्री मेट्रो ट्राफिक एफ. एम. ९५.६ मेघाहर्ज आर्थिक प्रशासन शाखालाई हस्तान्तरण गरेको विवरण अनुसार विज्ञापन वापत संकलन भएको मौज्दात रु.५,५४,०३७।९८ उल्लेख गरी पठाएको देखिन्छ। नेपाल सरकारको नियमित बजेटबाट कार्य सञ्चालन हुने यस निकायले कोषमा विज्ञापन प्रसारणबाट प्राप्त रकम मध्येबाट सञ्चित कोषमा निश्चत प्रशित सम्म पनि दाखिला नहुने गरी सिधैं खर्च गर्न सकिने व्यवस्था प्रचलित नियम अनुरुप नभएकोले सो व्यवस्थामा सुधार गरिनुपर्ने साथै कोषको आय व्यय विवरण तयार गरी आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षण गराउनु पर्दछ ।

१३. **राजस्वतर्फ :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम १० मा प्रत्येक कार्यालयले अर्थ मन्त्रालयबाट स्वीकृत राजस्व वर्गीकरणको व्याख्या अनुरुप राजस्व आम्दानी दाखिला गरी नियम ९ बमोजिम आम्दानी जनाई दोहोरो श्रेस्ता प्रणाली अनुसार राजस्व श्रेस्ता तोकिएको ढाँचामा लेखा अद्यावधिक गरी राख्नुपर्नेछ र लेखामा भिड्ने प्रमाणित कागजातहरु पनि सिलसिलावद्ध तरिकाले राख्नुपर्ने उल्लेख छ । ट्राफिक प्रहरीबाट सवारी नियम उल्लघंन वापत जारी गरिने २४ घण्टे पूर्जीको कसुर अनुसार प्राप्त हुने राजस्व सवारी चालकले बाणिज्य वैंकमा दाखिला गर्ने र सोको भौचरका आधारमा मात्र कार्यालयले अभिलेख राख्ने गरेको पाइयो । वैंकले प्राप्त राजस्व मलेनिकाको राजस्व सूचना अभिलेख व्यवस्थापन प्रणाली (आइ.एम.एस.) अनुसार प्रविष्टी गरिएकोमा सोही प्रणालीकै अभिलेख अनुसार कार्यालयले स्रेस्ता कागजात तयार गरेको पाइयो । बैंकले दिएको भौचरको आधारमा मात्र अभिलेख राखिएको हुँदा प्रत्येक भौचर भिडान गर्ने गरेको पनि पाइएन । राजस्व आम्दानी तर्फ आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी गराउन कार्यालयले प्रत्येक पूर्जीका आधारमा प्राप्त राजस्व अभिलेख र बैंकको अभिलेख प्रणाली तथा प्राप्त भौचरसँग भिडान गरी दुरुस्त स्रेस्ता कागजात राख्नुपर्ने तर्फ ध्यान दिनु पर्दछ ।

१४. **छपाई :** कार्यालयबाट छपाई गरिने २४ घण्टे पूर्जी नियन्त्रण खाता राखी अभिलेख राखिने गरेको छ तर बुझेर लगेको पूर्जी र फिर्ता पूर्जी एवम् जारी भएका सवै पूर्जीको अभिलेख पनि दुरुस्त छैन । यसवर्ष ६१५००० थान पूर्जी (चौविस हजार चार सय विस प्याड) छपाई गरिएकोमा ७५० प्याड बाँकी रहेको अभिलेख देखिन्छ । अर्को आ.व. मा उक्त प्याड पुन: प्रयोग नगरिएको हुँदा उक्त खर्च फजुल देखिन्छ । पूर्जीमा आ.व. उल्लेख नभएतापनि पुन: आगामी वर्षमा प्रयोग नगर्ने गरेको पाइएको हुँदा आवश्यक छपाई मात्र गर्नुपर्ने देखिन्छ ।

ट्राफिक व्यवस्थापन तथा कार्य सम्पादन

महानगरीय ट्राफिक प्रहरी महाशाखाले उपत्यकामा बढ्दै गइरहेको शहरीकरण एवं सवारी चाप तथा सडक अनुशासन उलंघन गर्नेलाई कारवाही गरी सहज ट्राफिक व्यवस्थापनको संयोजनकारी भूमिका निर्वाह गरिरहेको छ । उपत्यकाका प्रमुख चोकहरु कलंकी, थापाथली, नयाँ वानेश्वर, गौशाला, चावहिल र कोटेश्वर आदिको ट्राफिक व्यबस्थापन सम्बन्धमा गरिएको अध्ययनबाट देखिएका प्रमुख समस्या र सुधारका उपायहरु देहाय बमोजिम प्रस्तुत गरिएको छ:

१५. **स्वचालित टाफिक व्यबस्थापन :** स्वचालित ट्राफिक व्यवस्थापन अर्न्तगत उपत्यकाको ३६ स्थानमा ट्राफिक लाइटको आवश्यकता पहिचान गरे तापनि २० स्थानमा मात्र ट्राफिक लाइट व्यबस्था गरेको छ। सो मध्ये कौशलटार, गठ्ठाघर र सल्लाघारी ३ स्थानको मात्र चालु अवस्थामा रही १७ स्थानमा वेचालु रहेको बिबरण प्राप्त भएको छ । ट्राफिक बत्ती रहँदा २ जनासम्म जनशक्ति भए पुग्नेमा ट्राफिक बत्ती नरहँदा सवारी चापअनुसार ४ देखि १० जनासम्म जनशक्ति आवश्यक पर्ने जानकारी प्राप्त भएकोले ट्राफिक व्यबस्थापन लागत बढ्न गएको छ । यसबाट १ ट्राफिक लाइट व्यबस्था गर्दा औषतमा ५ जनासम्म जनशक्ति कम गरी स्वचालित ट्राफिक व्यवस्थापन प्रणाली अवलम्वन गर्नुपर्ने देखिन्छ ।

१६. **सि.सि.टि.भी. क्यामेरा :** सवारी गतिविधिलाई नियमित रुपमा अनुगमनमा राखी चुस्त ट्राफिक व्यवस्थापन गर्न उपत्यकाको अति व्यस्त स्थल, संवेदनशील क्षेत्र र प्रमुख सडक क्षेत्रमा प्रविधिमा आधारित सि.सि.टि.भि. क्यामेरा जडान गर्ने कार्य अर्न्तगत साविकमा २४१ स्थान र यो वर्ष थप ९४ स्थानमा जडान गर्ने लक्ष्यमध्ये २०७३ आश्विनसम्म जडान भईसकेको ६६ स्थान समेत ३०७ स्थानमा जडान गरेको भएतापनि सि.सि.टि.भि. क्यामेरा संचालन र व्यबस्थापन प्रभावकारी हुन सकेको छैन । अतः विभिन्न चोकहरुलाई कन्ट्रोल रुमबाट मनिटर गर्न सकिने गरी सि.सि.टि.भी.क्यामरा संचालन र व्यबस्थापनमा प्रभावकारिता ल्याउनु पर्दछ ।

१७. **रोड फर्निचर (रेलिङ्ग, ट्राफिक लाइट, जेब्रा क्रसिङ्ग र अन्य चिन्ह) :** उपत्यकाका भित्री सडकहरुमा रोड मार्किङ्ग नभएका ४६ स्थानमा तत्काल मार्किङ्ग गर्नुपर्ने, जेब्रा क्रसिङ्ग भएका स्थानमा मेटिएकोमा पुनः पेन्ट गर्नुपर्ने, काठमाडौंको १४५, ललितपुरको २१ र भक्तपुरको १२ समेत १७८ थप स्थानहरुमा नयाँ जेब्रा क्रसिङ्ग तथा बढी यात्रु आवागमन हुने क्षेत्रमा सडक छेउ रेलिङ्गको बार लगाउनु आवश्यक भएको जानकारी ट्राफिक महाशाखाबाट प्राप्त भएको छ। सडक बिभागसँग समन्वय हुन नसकेका कारण सो कार्य हुन नसकी ट्राफिक व्यबस्थापनमा समस्या आएको देखिन्छ । रोड फर्निचर सहितको व्यवस्थित सडक नहुँदा मुख्य सडक तथा चोकमा वढी जनशक्ति परिचालन गर्नुपर्दा ट्राफिक व्यबस्थापन लागत बढेको छ । तसर्थ रोड फर्निचर सहितको व्यवस्थित सडक बनाई जनशक्ति र समयको बचतका माध्यमबाट ट्राफिक सुधार गर्नुपर्दछ ।

१८. **सवारी नियम पालना तथा कारवाही :** कानूनी व्यवस्थाको पालना तथा ट्राफिक सम्बन्धी जनचेतनाको माध्यमबाट सवारी दुर्घटना तथा चोरी नियन्त्रणमा न्यूनीकरण, अनुसन्धान तथा सडक सुरक्षामा अभिवृद्धि हुनुपर्दछ । बिगत ३ वर्षमा सवारी दुर्घटना सम्बन्धी तथ्यांक क्रमशः ४६७२, ४९९९ र ५६६८ रहेको देखिन्छ। सवारी दुर्घटना बढ्दै जानुको मुल कारणमा लेन अनुशासनको पालना नगर्ने, मादक पदार्थ सेवन गरी सवारी चलाउने, जथाभावी पार्किङ गर्ने तथा ट्राफिक नियमको पालना नगर्ने आदि रहेका छन । अतः सवारी दुर्घटना न्युनीकरणका लागि सवारी साधनको अवस्था, कागजपत्र दुरुस्त रुपमा रहे/नरहेको सम्बन्धमा नियमित चेक जाँच, बढी दुर्घटना हुने स्थानको सडक किनारामा सो सम्बन्धी जानकारी मूलक डिस्प्ले बोर्ड राखिनुपर्ने तथा पैदल यात्रुको सुविधाका लागि सवारी साधनलाई क्रसिङ क्षेत्रमा वैकल्पिक व्यवस्था गरी ट्राफिक व्यबस्थापनमा सुधार ल्याउनु पर्दछ ।

- उपत्यकामा बढ्दो सवारी संख्याको साथै चोरीको घटनामा पनि आनुपातिक वृद्धि भएको देखिन्छ । प्राप्त विवरण अनुसार ३ आर्थिक वर्षमा १७६५ मोटरसाइकल हराएको निवेदन परेकोमा प्राप्त भएका १२८४ मोटर साइकल मध्ये ४४९ धनीलाई दिएको, ४० कारवाहीमा पठाएको र ७९५ भन्सार पठाएको देखियो । यसैगरी चार पाङ्ग्रे सवारीतर्फ ९५ हराएको उजुरी परेकोमध्ये पक्राउ गरी १२ गाडी धनी जिम्मा पठाएको र ८३ सवारी साधन अनुसन्धानमा ल्याएको देखिन्छ । सवारी साधन चोरी भएको उजुरीमध्ये मोटरसाईकलतर्फ २५ प्रतिशत र चार पाङ्ग्रे सवारीतर्फ १२ प्रतिशत सवारी धनीले मात्र फिर्ता प्राप्त गरेको स्थिति छ। यसर्थ सवारी साधन चोरी तथा अपराध नियन्त्रण गर्न आवश्यक तालिम एवम् प्रविधिको प्रयोगबाट अनुसन्धान गरी चोरी नियन्त्रणमा प्रभावकारीता ल्याउनुपर्दछ।
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ बमोजिम सवारी दुर्घटना प्रकृतिअनुसार सामान्य प्रकृतिको सवारी दुर्घटनाको दुवै पक्षको समझदारीमा मिलापत्र गराउने वा थप अनुसन्धानको लागि सम्बन्धित प्रहरी कार्यालयमा लेखी पठाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार महाशाखामा विगत तीन वर्षको कुल ११०४ निवेदन मध्ये ७६५ अर्थात ६९.२९ प्रतिशतमा मिलापत्र गराएको र बाँकी ३३९ (३०.७१ प्रतिशत) को अनुसन्धान भैरहेको देखिन्छ । ट्राफिक नियम उल्लङ्घनको कसुर अनुसार हिट एण्ड रन केस पद्धतिअनुसार अनुसन्धानात्मक कारवाही तथा जरिवाना गराई ट्राफिक व्यवस्थापनमा सुधार गर्नुपर्दछ ।
- ट्राफिक व्यवस्थापन कार्यलाई सहज बनाउन जथाभावी सडकमा पार्क गरी ईन्जिन बन्ध गरेर छाडेका सवारी साधनको अगाडीको शिशामा टि.भि.टि.(ट्राफिक भायोलेसन टिकट) टांस गरिएको सवारी साधनको विगत ३ वर्षको संख्या ४५२ मध्ये २७८ अर्थात ६१.५० प्रतिशतले मात्र जरिवाना तिरेको र १७४ अर्थात ३८.५० प्रतिशत तिर्न बांकी देखियो । उक्त बांकीलाई समेत यातायात व्यवस्था कार्यालयसंग समन्वय गरी ट्राफिक नियम उल्लंघनको आवश्यक कारवाही गर्नुपर्दछ ।

- सवारी तथा यातायात व्यवस्था ऐन,२०४९ को दफा १६४ मा नियम उल्लघंन गरी आवश्यक कारवाहीका लागि ट्राफिक प्रहरीबाट खिचिएका कागजपत्रहरु २४ घण्टे पुर्जीमा उल्लिखित जरिवाना रकम दाखिला गरी फिर्ता गर्ने व्यबस्था भए तापनि विगत ३ बर्षमा यसरी समातिएका कागजपत्रहरुमध्ये ३२,०४५ ले जरिवाना तिरी कागजात फिर्ता लगेको देखिएन । महाशाखाले खिचिएका कागजपत्र सम्बन्धमा लामो समयसम्म सम्बन्धित व्यक्तिहरुले जरिवाना तिर्न र आफ्ना कागजपत्रहरु लिन नआएकोमा ऐनको उपदफा (५) र (६) बमोजिम आवश्यक कारवाहीका लागि यातायात व्यवस्था विभागमा २०७३ आश्विनसम्ममा पत्राचार गरेकोमा तोकिएको जरिवाना तिरी १४६० सवारी चालक अनुमति पत्र फिर्ता भई अझै ३०,५८५ को कारवाही टुगों लाग्न बांकी भएकोले नियमानुसार कारवाही गरी टुंगो लगाउनु पर्ने देखिन्छ ।

१९. **मेशिन उपकरण :** ट्राफिक सुधार कार्य योजना अनुसार जथाभावी पार्किङ्ग गरी सवारी आवागमनमा बाधा पुऱ्याउने मोटर साइकल लगायतका सवारी साधनलाई उठाउन लङ वडी ट्रक १, दुर्घटना हुँदा घाईते मानिस छिटो अस्पताल पुर्‍याउन एम्वुलेन्स १, ट्राफिक व्यवस्थापनको सिलसिलामा पिक एण्ड ड्रप गर्न मिनीवस १, ट्राफिक व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउने आधुनिक प्रविधि सहितको ट्राफिक भ्यान १० तथा थप र्‍याकर ४ आवश्यक भएको जनाएको भए तापनि हाल ३ र्‍याकर, प्लेन क्रेट र जेसिवि तथा वानटन-२ मात्र रहेको देखिन्छ भने अन्य मेशिन उपकरण व्यबस्था हुन सकेको छैन । त्यस्तै, महाशाखासँग रहेको सीमित राडार गन र ब्रेथलाइजर पनि पटक-पटक बिग्रने र न्यून संख्यामा भएका कारण स्पिड डिटेक्टर तथा मादक पदार्थ सेवन परीक्षणमा कठिनाई हुने गरेको पाइयो । अतः ट्राफिक व्यबस्थापनलाई चुस्त बनाउन आबश्यक उपकरणको व्यबस्थापन गर्नुपर्ने देखिन्छ ।

२०. **भौतिक पूर्वाधार :** उपत्यकामा हाल ३६ ट्राफिक प्रहरी इकाई मध्ये ८ को मात्र आफ्नो स्वामित्वको कार्यालय भवन रहेको र सो मध्ये पनि २०७२ बैशाखको भूकम्पका कारण व्यारेक, सचेतना तालीम कक्ष तथा भान्साघर लगायतका भवनहरु क्षतिग्रस्त भई नियमित काम कारवाहीमा बाधा पर्न गएको देखिन्छ । अहोरात्र खट्नुपर्ने प्रहरी जनशक्तिलाई पर्याप्त कार्यालय भवन तथा व्यारेक नभएमा कार्य सञ्चालनमा असुविधा र कार्य क्षेत्रमा खटिन ढिलाई लगायतका समस्या रहन जान्छ । अतः क्षति भएका भवन पुनर्निर्माण तथा थप आबश्यक भौतिक पूर्वाधार व्यबस्थापन गर्नुपर्ने देखिन्छ ।

२१. **जनशक्ति व्यवस्था :** प्रभावकारी ट्राफिक व्यबस्थापनको लागि आबश्यक न्यूनतम दरवन्दी र प्रहरी कर्मचारीको व्यबस्था हुनु पर्दछ । अन्तर्राष्ट्रिय स्तरमा प्रति ट्राफिक प्रहरी २०० सवारी साधन र ७०० मिटर क्षेत्र ट्राफिक व्यवस्थापन गर्नेगरी मापदण्ड बनाएको पाइएको छ भने प्रशासन पुनः संरचना आयोग, २०६५ ले ट्राफिक प्रहरीको न्यूनतम दरवन्दी २००० हुनुपर्ने सुझाव दिएको छ । ट्राफिक महाशाखा र अन्तर्गत २३ कार्यालयमा १०८५ दरवन्दी रहेकोमा अस्थायी रुपमा स्थापना गरेका १३ समेत ३६ प्रहरी इकाईमा काजमा रहेका समेत ११९९ प्रहरी कर्मचारी कार्यरत रहेको देखिन्छ । उपत्यकाको सडकको लम्वाई १,५९४.६७ कि.मि. र वाग्मती अञ्चलमा दर्ता सवारी साधन ९,२२,९०० रहेको आधारमा एक ट्राफिक प्रहरीको कार्य क्षेत्रमा ८५० सवारी साधन र १.४६ किलो मिटरसम्मको सवारी व्यवस्थापन गर्नुपर्ने देखिन्छ । न्यून दरवन्दीबाट अत्यधिक सवारी साधनको व्यबस्थापन प्रभावकारी हुन नसक्ने भएकोले पर्याप्त जनशक्ति व्यवस्था गरी उपलब्धिमूलक कार्य सम्पादनमा जोड दिनुपर्दछ ।

२२. **सरोकारवाला निकायवीच समन्वय :** ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउन सरोकारवाला निकायहरु वीच समन्वयात्मक ढङ्गले परिचालन गर्न आबश्यक हुन्छ। सडक कार्यक्षेत्र रहेका निकायहरु सडक विभागबाट पूर्वाधार निर्माण, ट्राफिक संकेत, जनचेतना अभिबृद्धि, यातायात व्यवस्था बिभागबाट सवारी चालक अनुमति पत्र वितरण, सवारी दर्ता,सवारी ईजाजत पत्र आदिको अभिलेख, नगरपालिकाबाट फोहरमैला व्यवस्थापन, सडक मर्मत, फुटपाथ, पार्किङ तथा होर्डिङ बोर्ड लगायतका व्यवस्था गर्ने गर्दछन् । त्यस्तै, वातावरण मन्त्रालयबाट प्रदुषण चेकजांच, दुरसंचार, विद्युत प्राधिकरण, खानेपानी तथा ढल निकास संस्थानबाट पाइपलाइन, पोल तथा तारहरुको व्यवस्थापन हुने गर्दछ भने सवारी ऐन, नियमको पालना, सञ्चालन तथा व्यवस्थापन गरी सवारी साधनको सहज आवागमन व्यवस्था ट्राफिक प्रहरीबाट हुने गरेको छ । यसरी सडक तथा सो को कार्यक्षेत्रमा संलग्न रहने बिभिन्न निकायवीच समन्वय गर्ने नीति तथा संयन्त्र नभएका कारण ट्राफिक व्यबस्थापन प्रभावकारी हुन सकेको छैन । अतः सडक कार्यक्षेत्र भएका निकायवीच समन्वय संयन्त्र बनाई सडक एवं ट्राफिक व्यबस्थापनमा चुस्तता ल्याउनु पर्दछ ।

२३. **निष्कर्ष :** उपत्यकाको ट्राफिक व्यवस्थापनको समायोजनकारी भूमिका ट्राफिक प्रहरी महाशाखाले गर्दै आएको छ । सम्वन्धित ऐन नियमको आधारमा सवारी ऐन, नियम उल्लंघन गरेमा कारवाही, जनचेतना सम्वन्धि कार्य, मेट्रो ट्राफिक एफ.एम. लगायत शाखाको व्यवस्थापन गरी कार्य सम्पादन गरेको देखिएको छ। पर्याप्त जनशक्ति नहुनु, भवन तथा व्यारेक, सवारी साधन, सि.सि.टि.भि., ट्राफिक लाइट तथा रोड फर्निचर तथा अन्य निकायसँगको समन्वयको अभाव आदि समस्याले कार्यसम्पादनमा प्रभाव परेको देखिएको छ। उल्लेखित समस्या समाधान गरी ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउन र सवारी चोरी तथा दुर्घटना न्यूनिकरण गर्न आवश्यकतानुसार प्रहरी कार्यालय तथा जनशक्ति व्यवस्थापन हुनुपर्ने, भौतिक पूर्वाधार तर्फ कार्यालय

भवन, व्यारेक, सवारी साधन तथा अन्य उपकरणको व्यवस्था र सवारी नियमन सम्वन्धमा अन्य निकायलाई समेत सम्वद्ध निकायहरुबाट समन्वयात्मक ढङ्गले परिचालन गरी ट्राफिक प्रहरीको कार्यदक्षता अभिवृद्धि गर्दै ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ ।

नेपाल प्रहरी अस्पताल, महाराजगंज

१. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण प्रतिवेदनको कारवाही सम्बन्धमा उल्लेख छ । प्राप्त प्रतिवेदन अनुसार २४४ प्रकारका मालसामानमध्ये कैफियत महलमा उल्लेख भएका ५४ प्रकारका मालसामान चालु हालतमा नरहेको, मूल्य खुलेको पाइएन । नियमानुसार आवश्यक कारवाही जिन्सी प्रतिवेदनको व्यहोरा कार्यान्वयन गर्नुपर्दछ ।

२. **कोष संचालन :** कार्यालयको आवश्यकता अनुसार तोकिएको प्रक्रिया अवलम्वन गरी कोष संचालन गर्न सकिने व्यवस्था छ । अस्पतालमा पूर्व प्रहरी तथा प्रहरी परिवार उपचार कोष, वृत्ति विकाष कोष, विविध कोष, अर्वुद रोग उपचार कोष, आवाश खाता र पूर्व नेपाल प्रहरी परिवार मंच रहेको देखियो । कोषमा यो वर्ष प्रहरी कल्याण कोषवाट प्राप्त, वेलहिया सपिङ कम्प्लेक्स भाडा, उपचारका लागि आउने वहालवाला र पूर्व प्रहरी तथा प्रहरी परीवारको सिकवुक दर्ता, विक्री तथा अन्य परीक्षण वापत प्राप्त हुने रकम, नेपाल प्रहरीमा नयां भर्ना हुने कर्मचारीको स्वास्थ्य परीक्षण परिचय पत्र वनाए वापत प्राप्त रकम, विशेष स्वास्थ परीक्षण र व्याज आम्दानी रहेको देखिन्छ । यो वर्ष २ रु ११ करोड ७० लाख ३२ हजार (अ.ल्या. समेत) आय भई व्यय रु ४ करोड १३ लाख २५ हजार र मौज्दात रु ७ करोड ५७ लाख ७ हजार रहेको पाइयो । कोषको अन्तिम लेखापरीक्षण गरेको पाइएन । कोष संचालनको स्पष्ट कानूनी व्यवस्था गरी लेखापरीक्षण गराउनुपर्दछ ।

३. **अस्पताल विकास समिति** : नेपाल प्रहरी अस्पताल विकास समिति (गठन) आदेश २०६४ अनुसार नेपाल प्रहरी अस्पताल विकास समिति गठन भएको देखिन्छ । गठन आदेशमा उल्लेख भए अनुसार नेपाल प्रहरी अस्पताललाई ३०० शैयामा विस्तार गरी नेपाल प्रहरी मेडिकल कलेज स्थापना गर्ने कार्य गरेको देखिएन । नियमानुसार उल्लिखित कार्य गरी लेखापरीक्षण गराउनुपर्दछ ।

४. **खरिद योजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा सार्वजनिक निकायले बार्षिक रु १० लाख भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा खरिदको प्रकार, खरिदको सम्भावित प्याकेज, खरिद विधि समयतालिका सहित खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तोकिए बमोजिमको ढाँचामा खरिद योजना तयार गरेको देखिएन । नियमावलीको व्यवस्था अनुसार खरिद योजना तयार गर्नुपर्दछ ।

५. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा मितव्ययी, कार्यदक्षता र प्रभावकारी दृष्टिकोणले आम्दानी, खर्च लेखामा विश्वस्त हुनुपर्ने उल्लेख छ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद योजना नबनाएको, खरिद इकाई गठन नगरेको, जिन्सी खाता अद्यावधिक नराखेको, जिन्सी सामानको मूल्य कायम गराई राखेको पाइएन । प्रचलित नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्थालाई मजवुत वनाउनुपर्दछ ।

६. **मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा मासिक रुपमा मूल्य अभिवृद्धि कर भुक्तानीको विवरण सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दिनुपर्ने व्यवस्था छ । कार्यालयले एकमुष्ठ रुपमा आन्तरिक राजश्व कार्यालय, क्षेत्र नं. ३, लाजिम्पाट, काठमाण्डौंमा मात्र आपुर्तकको मूअकर दर्ता नं. उल्लेख नगरी मू.अ.कर भुक्तानी भएको जानकारी पठाएको पाइयो । सम्बन्धित आपुर्तक दर्ता भएको आन्तरिक राजश्व कार्यालय तथा करदाता सेवा कार्यालयमा मूअकर दर्ता नं. समेत उल्लेख गरी मू.अ.कर भुक्तानीको जानकारी पठाउनुपर्दछ ।

७. **वढी ग्रेड :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त प्रमाण कागजात संलग्न गर्नुपर्ने तथा प्रहरी कितावखाना संचालन निर्देशिका वमोजिम प्रहरी कर्मचारीको तलवी प्रतिवेदन पारित गराएर तलव खर्च लेख्नुपर्ने उल्लेख छ । कार्यालयले १४ प्रहरी कर्मचारीलाई पारित तलवी प्रतिवेदन भन्दा रु.६३,५०८।०० वढी ग्रेड खर्च लेखेको पाइयो । तलव ग्रेड पारित गरेर खर्च लेख्नुपर्दछ ।

८. **दरभाउपत्र :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु.३ लाख सम्मको लागत अनुमान भएको सामान तथा सेवा मात्र सिधै खरिद गर्न सकिने उल्लेख छ । कार्यालयले योवर्ष ७१ सूचिकृत आपूर्तकबाट दरभाउपत्रको माध्यमवाट रु ६७,२७,७५३।०० को खरिद गरेको देखिएको छ । खरिद कार्यलाई नियमानुसार प्रतिस्पर्धात्मक बनाउनुपर्दछ।

९. **काज :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त पुष्ट्याई राखी खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले अन्यत्र कार्यालयबाट उपचारार्थ आउने प्रहरी कर्मचारीको रासन खर्च लेख्दा ती कर्मचारीको व्यवस्थित अभिलेख राखेको देखिएन । काजका कर्मचारीको रासन खर्चको व्यवस्थित अभिलेख राख्नुपर्दछ ।

१०. **खाद्यान्न :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त पुष्ट्याई राखी खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले ३१ प्रहरी कर्मचारीको रासन खर्च रु.७३,४५५।७३ फिर्ता गरी कोलेनिकाको खातामा रकम जम्मा गरेकोमा खर्च जनाएको पाइयो । उक्त रकम असुल गरी राजश्व दाखिला गर्नुपर्दछ ।

११. **चेक फिर्ता :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त पुष्ट्याई राखी खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयले एक आपूर्तकको चेक रु.१८०३१।०० फिर्ता भएकोमा खर्च जनाएको पाइयो । उक्त रकम असुल गरी राजश्व दाखिला गर्नुपर्दछ ।

१२. **कोषमा जम्मा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त पुष्ट्याई राखी खर्च शीर्षकको परिधिभित्र भित्र रहनुपर्ने उल्लेख छ। कार्यालयले आफू अन्तर्गत संचालित एक कोषमारु.७,००,०००।०० जम्मा गरेको पाइयो । कोषमा रकम जम्मा गर्दा आधिकारिक निर्णय गराएर मात्र गर्नुपर्दछ ।

१३. **वढी खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त पुष्ट्याई राखी विल भरपाई भन्दा वढी खर्च गर्न नहुने उल्लेख छ। कार्यालयले १० प्रहरी कर्मचारीको अनुगमन मूल्यांकन खर्च रु.१०२,५५१।०० हुनेमा रु.१०८,७०१।०० खर्च जनाएको पाइयो। विल भरपाई भन्दा वढी रु ६१५०।०० असुल हुनुपर्दछ ।

१४. **खर्च लेखाङ्कन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त प्रमाण कागजात संलग्न गर्नुपर्ने उल्लेख छ। कार्यालयले रु.५,०००।०० समेत भएको २ गोश्वरा भौचर तयार गरे तापनि वैंक नगदी किताव समावेश गरेको देखिएन । सिलसिलेवार रुपमा गोश्वरा भौचर तयार गरी वैंक नगदी कितावमा प्रविष्ट गरेर खर्च जनाउने परिपाटीलाई अनिवार्य रुपमा पालना गर्नुपर्दछ ।

१५. **स्रेस्ता :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८१ मा राजश्व स्रेस्ता व्यवस्थित गर्नुपर्ने उल्लेख छ । कार्यालयले लेखापरीक्षण पेश गरेको आर्थिक विवरणमा रु.३०,७५,१५०।२५ र स्रेस्तामा रु.३०,२४,१५०।२५ भई रु.५१,०००।०० घटी देखिएको छ। तयार भएका राजश्वका स्रेस्तामा एकरुपता कायम गरी राजश्व स्रेस्ता अद्यावधिक गर्नुपर्दछ।

१६. **दरवन्दी :** कार्यालयको लागि स्वीकृत दरवन्दी अनुसारको पदपूर्ति भएको हुनुपर्दछ। कार्यालयको स्वीकृत दरवन्दी ४४७ रहेकोमा ८० पद रिक्त रहेको देखिन्छ। स्वीकृत दरवन्दी अनुसार पदपूर्ति हुनुपर्दछ।

१७. **गुणस्तर :** आर्थिक कार्यविधि नियमावली, २०६४ तथा संझौता अनुसार सामानको गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष औषधि, मेडिकल अक्सिजन, सर्जिकल सामान लगायत ८ समूहका ११९४ प्रकारका औषधि खरिद गरी रु ४,३५,१३,२१७.३० खर्च लेखेको पाइयो । औषधि खरिद भएकोमा आपूर्तकसँग भएका संझौतामा उल्लेख भए अनुसार औषधिको गुणस्तर परीक्षण भएको देखिएन। नियमानुसार गुणस्तर परीक्षण गर्नुपर्दछ।

१८. **प्रमाण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त प्रमाण कागजात एसंलग्न गर्नुपर्ने उल्लेख छ। कार्यालयले एक प्रहरी कर्मचारीलाई रु.५४३९।०० रासन खर्च लेखेकोमा दरवन्दी रहेको स्थानमा खर्च भए नभएको यकीन गर्नुपर्दछ।

१९. **खर्च संरचना :** कार्यालयले समयमा नै अख्तियारी लिई स्वीकृत वार्षिक कार्ययोजना अनुसार प्रथम, दोश्रो तथा तेश्रो चौमासिकमा समयवद्ध तवरले खर्च गर्नुपर्ने व्यवस्था छ । पूँजीगत तर्फ रु.१४,८१,२०,२७६ खर्च गरेकोमा प्रथम चौमासिकमा ८.२६ प्रतिशत, दोस्रोमा ३.४७ प्रतिशत र तेस्रोमा ८८.२७ प्रतिशत तथा आषाढमा ६०.६२ प्रतिशत रकम खर्च गरेको छ । समयवद्ध हिसावले खर्च गर्नुपर्दछ ।

२०. **लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(१) मा वार्षिक कार्यक्रम वनाउनु पर्ने र नियम २५(१) मा अनुसूचि-२ वमोजिमको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। यो वर्ष कार्यालयले पूँजीगत सुधार, सार्वजनिक निर्माण, मेशिनरी औजार खरिद कार्यमा रु.१४,८१,२०,२७६।०० खर्च गरेकोमा वार्षिक कार्यक्रम एवं प्रगति विवरण तयार गरेको पाइएन । कार्यालयले नियमानुसार वार्षिक लक्ष्य एव प्रगति विवरण तयार गर्नुपर्दछ।

२१. **वार्ड भवन :** सार्वजनिक खरिद नियमावली, २०६४ मा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। नयाँ वार्ड भवनको फिनिसिङ्ग कार्यको लागि रु ६४१२७४९१.३६ को लागत अनुमान तयार गरी एक निर्माण व्यवसायीसँग रु ६३७२३३०२.९० संझौता भई रु.२,०२,२८,१५८.०० भुक्तानी भएको सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् :

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१)मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक रु १० लाख भन्दा वढि मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्य शुरु गर्नु अगावै पछि सम्म प्रभावित रहने गरि निर्माण सामाग्री, कामदार प्रयोग गरिने मेशीन, औजार वा प्लान्ट लगायतको विमा गराउनु पर्ने व्यवस्था अनुसार बि.ओ क्यु.मा समावेश गरी रु ३,३०,०००.०० भुक्तानी गरेकोमा रु १,२६४७०.०० को मात्र विमा प्रिमियम तिरेको विल समावेश गरेकोले नपुग रु २,०३,५३०.०० वढी भुक्तानी भएको असुल हुनु पर्दछ ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(२) मा भएको व्यवस्था अनुसार परफरमेन्स बन्डको वैंक कमिशन वापत रु १,०६,७९६.०० बि.ओ क्यु.मा समावेश गरी रु भुक्तानी गरेकोमा वैंक कमिशन भुक्तानी गरेको प्रमाण पेश हुनु पर्दछ ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा मोलिाइजेशन पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले एक निर्माण व्यवसायीलाई उपलव्ध गराएको पेश्की रु.८९,१९,७९४.०० फछ्र्यौट भएको देखिएन । नियमानुसार पेश्की असुल फछ्यौंट हुनुपर्दछ ।

२२. **धरौटी :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ अनुसार करचुक्ता प्रमाण र कर समयोजनको पत्र प्राप्त भएपछि धरौटी फिर्ता गर्नुपर्ने उल्लेख छ । कार्यालयले एक आपूर्तकको धरौटी रु २०,००,००० फिर्ता गर्दा उल्लिखित प्रमाण संलग्न गरेको पाइएन । नियमानुसार कर समायोजन पत्र र करचुक्ता प्रमाणपत्र राख्नुपर्दछ ।

२३. **लागत अनुमान** : सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा खरिद व्यवस्था सम्बन्धमा उल्लेख छ । मेशिनरी औजार खरिद गर्नको लागि लागत अनुमान तयार गर्दा ३ आपुर्तकबाट मूल्य सूचि लिई औसत मूल्यलाई लागत अनुमान कायम गरेको देखियो । यस्तो मूल्य लिंदा मूल्य अभिबृद्धि कर वाहेक वा सहितको मूल्य खुल्ने पत्र लिनुपर्नेमा नलिएको तथा आपूर्तक वाहेक अन्य निकायको समेत मूल्य सूचि लिएको देखिएन । सम्बन्धित अन्य निकायवाट मूल्य सूचि लिएर लागत अनुमान यथार्थपरक बनाउनुपर्दछ ।

२४. **व्ययभार :** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा खरिद व्यवस्था सम्बन्धमा उल्लेख छ। फर्निचर खरिदको कार्यमा एक आपुर्तकले ७ दिनभित्र सामान आपूर्ति गर्ने भनिएकोमा आपूर्ति गर्न नसक्ने जनाएपछि दोस्रो आपुर्तकसँग रु ६८१,७५०।०० को संभौता गरी रु १००,७१५।०० बढी खर्च गरेको देखियो । सामान आपूर्ति सम्बन्धमा पत्राचार तथा वार्ता लगायतका विधि सहित थप पहल नगर्दा वढी व्ययभार परेको देखियो । समयमै वोलपत्र गरी खरिद प्रक्रिया व्यवस्थित गरी मितव्ययिता कायम गर्नुपर्दछ ।

२५. **खरिद :** कार्यालयले खरिद योजना अनुसार कार्यालयलाई आवश्यक पर्ने सवै सामग्रीको खरिद प्रक्रिया र विधि तयार गरी खरिद गर्नुपर्ने व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा छ । सो नगरी यो वर्षको अन्तमा दरभाउपत्रको माध्यमवाट १९ आपुर्तकबाट विभिन्न सामान, सेवा तथा निर्माण कार्य गराई रु.१,१३,९८,४२०।०० खर्च गरेको छ। कानून अनुसार खरिद प्रक्रिया व्यवस्थित हुनुपर्दछ ।

२६. **खर्च :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४०(७) अनुसार चालु वर्षको बजेटले नखाम्ने गरी बढी खर्च हुने गरी दायित्व सृजना गर्न हुँदैन । विशेष कारण एवं परिस्थितिवश उपनियम (८) मा उल्लिखित खर्च शीर्षकमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने भएमा बिल भर्पाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनुपर्ने कारण खोली भुक्तानी दिन बाँकीको कच्चावारीमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । उल्लिखित शीर्षक वाहेक अन्य खर्चको भुक्तानी स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको अवस्थामा दिन सकिने व्यवस्थामा भएकोमा कार्यालयले म.ले.प.फा.नं. १८ तथा वार्षिक कार्यक्रममा सवमावेश नगरी एक निर्माण व्यवसायीलाई रु २९,८७,२२०।०० खर्च लेखेको छ । नियमानुसार उल्लिखित प्रमाण राखेर खर्च गर्नुपर्दछ ।

२७. **ठेक्का :** कार्यालयले ठेक्काको अभिलेख व्यवस्थित गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष मेशिनरी औजार खरिदमा ३२, औषधि खरिदमा ८ गरी ४१ ठेक्कापट्टा गरेको पाइयो । ठेक्का पट्टाको सम्पूर्ण विवरण देखिने म.ले.प.फा.नं. १९० तयार गरेको देखिएन । ठेक्कापट्टाको अद्यावधिक विवरण राख्नुपर्दछ ।

२८. **अभिलेख :** कार्यालयले लेखापरीक्षणमा माग गरेका विवरण उपलव्ध गराउनुपर्ने व्यवस्था छ । कार्यालयसंग ४४७ दरवन्दीको तलवी भरपाइको एक्सेल सिट तथा कर गणनाको अभिलेख प्राप्त भएन । उल्लिखित विवरण प्राप्त नहुँदा कार्यालयले कट्टी गरेको करको भिडान गर्न सकिएन । नियमानुसार माग गरेका विवरण उपलव्ध गराउनुपर्दछ ।

प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान बिभाग

१. **डाटा सेन्टर** : आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम २६(१)मा वार्षिक कार्यक्रमको समीक्षा गरी प्रगति कम भएमा कम हुनाको कारण पहिचान गरी आवश्यक निर्देशन दिनुपर्ने व्यवस्था छ। त्रिवर्षिय कार्य योजना अनुसार पहिलो वर्ष रु ११ करोड ६० लाख ४९ हजार तथा दोस्रो वर्ष रु ८ करोड ९४ लाख ८४ हजार मात्र खर्च हुन गएको छ । गत वर्ष सम्पन्न भएको कार्यक्रमहरुबाट कार्य योजनामा उल्लेख भए अनुसार डिजिटल फोरेन्सिक ल्यावको स्थापना, केश फाईल डिजिटाईजेशनको विस्तार,क्षेत्रिय विधि विज्ञान प्रयोगशालाको स्थापना,अपराध अनुसन्धानमा प्रविधिगत विस्तारका कार्यहरुको कार्य योजना अनुसार सम्पन्न गर्ने भएतापनि डाटा सेन्टरको स्थापना भएको छैन। डाटा सेन्टर स्थापना गर्न रु ५,०१,७९,३३३।३३ को लागत अनुमान स्वीकृत गरेकोमा कार्यक्रम सम्पन्न हुन नसकेकोले अपराध अनुसन्धान सम्वन्धी कार्ययोजनाको स्वीकृत उद्देश्य सफल हुन सक्ने स्थिती नहुदा बजेट मात्र खर्च हुन जाने र उद्देश्य अनुरुप प्रहरी संगठनले कार्य गर्न सक्दैन ।

२. **दरभाउपत्र** : सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ३१ मा दस लाख रुपैया भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा बोलपत्रको माध्यमद्वारा खरिद गर्नूपर्ने व्यवस्था छ ।यस वर्षको स्वीकृत वार्षिक कार्यक्रममा रु.२,२८,८९,८४५। लागत अनुमानको कम्प्युटर तथा यस सम्बन्धी उपकरणहरु खरिदको २०७२/१२/२७ मा वोलपत्र आव्हान गरी मूल्याङ्कन गर्दा विभागले तोकेको स्पेसिफिकेसन बमोजिम नभएको भनी २०७३/३/०७ मा प्राविधिक मूल्याङ्कन प्रतिवेदनको आधारमा वोलपत्र रद्ध गरी पुनः यी सामाग्रीहरु रु ११४२७०००।०० मा खुला कोटेशनको माध्यमबाट खरिद गरेको छ ।

३. **बढी भुक्तानी :** स्पेसिफिकेसन अनुसारको सामानको वोल पत्र पेश नभएको भनी बोलपत्र रद्ध गरी खुला कोटेशन मार्फत सामान खरिद गर्दा बोलपत्रदाताले कवोल गरेको ६ प्रकारका सामग्रीहरुको मूल्यमा रु २०६६४००।०० बढी भुक्तानी देखिन्छ ।

४. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम ९५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिदा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्चको लेखा र त्यसको जिन्सी नगदी मौज्दात तथा आर्थिक कारोवार सम्वन्धी व्यवस्था र नियम पर्याप्त हुन र तिनिहरूको पालना गरिएको छ भन्ने कुरामा विस्वस्त हुनुपर्ने उल्लेख छ। कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा लेखाको कर्मचारीबाटै भण्डार व्यबस्थापन भएकोले आन्तरीक नियन्त्रण व्यवस्था प्रभावकारी नरहेको, लिलाम गर्नुपर्ने भनी प्रतिबेदनमा उल्लेख भएकोमा लिलाम र मर्मत संभारको कारवाही नभएको आदि देखिएकोले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी वनाई कार्यान्वियन गर्नुपर्दछ ।

५. **आयोजना संभ्फौता** : लैङ्गिक आधारमा असहाय र कमजोर महिला तथा बालबालिका माथि हुने हिंसाबाट कानूनीरुपमा न्यूनिकरण गर्ने उद्देश्यले अधिराज्यका २० जिल्लामा महिला तथा बालबालिका सेवा केन्द्र स्थापना सम्बन्धि परियोजना सेप्टेम्बर ३०, २०१८ मा सम्पन्न हुने भनी नेपाल सरकार र एसियाली विकाश बैंक बीच नोभेम्बर ३०,२०१४ देखि प्रभावकारी हुनेगरी सेप्टेम्बर २५,२०१४ मा सम्भ्फौता भई संचालनमा आएको छ ।

६. **वित्तीय व्यवस्थाः** नेपाल सरकार र एशियाली विकास बैंक बीच सेप्टेम्बर २५, २०१४ मा भएको सम्भ्फौता बमोजिम आयोजनाको कुल लागत अमेरिकी डलर ३८८०००० रहेको छ। सम्भ्फौता अनुसार नेपाल सरकारले १० प्रतिशत र बाँकी दातृ निकायले व्यहोर्ने उल्लेख छ ।

७. **खर्च स्थिति :** आयोजना संभ्फौता अनुसार यो वर्षसम्म भएको पेश्की वाहेकको कूल खर्च रु.८,४१,७८,९६४।०० मध्ये एशीयाली विकास बैंकबाट रु.७,१०,०९,५९४।०० र नेपाल सरकारबाट रु.१,३१,६९,३७१।- खर्च गरेको देखिन्छ। संभ्फौताको अनुपातमा खर्च गर्ने व्यवस्था रहेकोमा दाताले उपलव्ध गराउन मञ्जुर गरेको कोषको समयमा सदुपयोग हुन सकेको छैन ।

प्रहरी प्रधान कार्यालय, कार्यबिभाग नक्साल

१. **कानूनको पालना :** हाल कार्यान्वयनमा रहेको विभिन्न ऐन, नियमावली तथा कार्यविधिमा उल्लेख भएका यस कार्यालयको कामसंग सम्बन्धित ऐन कानूनको पालना गरी कार्यसम्पादन गरिनु पर्दछ। कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली र कानूनको पालना सम्वन्धमा लेखापरीक्षणको क्रममा मुल्यांकन गर्दा खरिद योजना तयार नगरेको, स्वीकृत दरबन्दी पदपुर्ति नभएको, तलबी प्रतिबेदन पारित नगरी खर्च लेखेको आदि व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनु पर्दछ ।

२. **ईन्धन खरिद :** प्रहरी प्रधान कार्यालय अन्तर्गतको प्रहरी कल्याण पेट्रोल पम्पबाट देशका प्रहरी संगठन भित्र रहेका सवारी साधन र अन्य सवारी साधन मा समेत पेट्रोल ,डिजेल र ईन्जिन आयल प्रयोग गर्दै आएकोमा सम्पूर्ण ईन्धन आफ्नै पेट्रोल पम्पमा प्रयोग नगरी एक अटो ईन्टरनेशनल प्रा. ली.बाट खरीद गरेको देखियो ।

कार्यालयले मोबिल गियर आयल, हाइड्रोलिक लायल, स्टेरिङ आयल लुब्रिकेन्टहरु प्रहरी कल्याण पेट्रोल पम्पबाट खरीद नगर्दा संगठन भित्रको पेट्रोल पम्प लाइ बिश्वास नगरेको वा सो पम्पको बिश्वसनिय तथा गुणस्तरीयता सम्बन्धमा स्पष्ट हुनुपर्ने देखिन्छ ।

प्रहरी प्रधान कार्यालय,प्रहरी इकाई पुन निर्माण आयोजना

१. **कानूनको पालना:** हाल कार्यान्वयनमा रहेको विभिन्न ऐन, नियमावली तथा कार्यविधिमा उल्लेख भएका यस कार्यालयको कामसंग सम्बन्धित ऐन कानूनको पालना गरी कार्यसम्पादन गरिनु पर्दछ । कार्यालयको आन्तरीक नियन्त्रण प्रणाली र कानूनको पालना सम्वन्धमा लेखापरीक्षणको क्रममा मुल्यांकन गर्दा कार्यालयले वार्षिक खरिद योजना तयार गरी कारोवार नगरेको , भ्रमणवाट प्रतिवेदन लिने नगरेको र भ्रमण अभिलेख नराखेको, मुल्य नखुलेका पुराना र मुल्य नखुली प्राप्त भएका सामानहरुको मुल्य कायम गरी जिन्सी खाता आध्यावधिक नगरेको ,खर्चको विल भरपाइ सहित लेखा नराखेको,इन्धन खर्चको लगवुक नराखेको, बेरुजु लगत नराखेको आदि देखिएकोले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी वनाई कार्यान्वयन गर्नुपर्दछ ।

२. **वजेट तथा खर्च :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २० (२) मा चालु बर्षको प्रगति विवरण सहित अनुसुची-२ बमोजिमको ढांचामा बार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्नु पर्ने व्यवस्था छ । निम्न कार्यक्रम शान्तिकोष सचिवालयसंग सम्झौता भई सम्झौतामा उल्लेखित म्याद भित्र सम्पन्न गर्नु पर्ने उल्लेख छ । शान्तिकोष मार्फत नेपाल प्रहरी अन्तर्गतका निकायहरुको भौतिक पुर्बधारको पुन निर्माण र कार्मचारीहरुको बृत्ति बिकास कार्यक्रमहरु सम्पन्न गर्न ६ वटा कार्यक्रमहरुको रु ३ अर्ब १४ करोड ३० लाख ८६ हजार बजेट व्यवस्था भएकोमा रु १ अर्ब ९५ करोड १८ लाख ५६ हजार ३८३ खर्च भएको छ ।

३. **वार्षिक कार्यक्रम** : आर्थिक कार्यविधि नियमावली,२०६४ बमोजिमको ढाँचामा बार्षिक कार्यक्रम बनाई स्वीकृत गर्नु पर्दछ । बहु बर्षिय कार्यक्रम भएको भए कार्य प्रगतिको आधारमा यस बर्ष गर्न सकिने कार्यक्रम र बजेट सीमा उल्लेख गरी लागत अनुमान तयार गर्ने र बोलपत्रको कारवाही कार्य सम्पन्न अवधि आदी खुलाई बार्षिक कार्यक्रम स्वीकृत गर्नु पर्नेमा सो गरेको छैन ।शान्तिकोष सचिवालयसंग भएको सम्झौतालाई मात्र आधार बनाई कार्यक्रम संचालन गरिएको छ ।कार्यक्रम संचालन गर्दा सम्झौतालाई पटक पटक म्याद थप गरिएको छ ।

४. **प्रगति समिक्षा** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा बजेट तथा कार्यक्रम कार्यन्वयन गर्न प्रत्येक कार्यालयको अनुसुची-२ बमोजिम ढाँचामा चौमासिक प्रगति विवरण तयारगरी तालुक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था छ । शान्तिकोष सचिवालयसंग सम्झौता भई प्राप्त भएको रकम र स्वीकृत कार्यक्रमको चौमासिक प्रगति विवरण तयार गरेको छैन । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २६ बमोजिम प्रगति समीक्षा गरेको छैन ।

५. **कार्य प्रगति :** शान्तिकोष सचिवालयसंग प्रहरीतर्फको पुर्वाधारको पुनःनिर्माणगरी कार्य सञ्चालनमा ल्याउने वा नयां संरचना निर्माण गर्न उपयोगमा ल्याउने र्कचारीहरुलाई तालीम लगायतका कार्यक्रमहरु संचालनगर्न चरणगत आधारमा रकम उपलव्ध गराईएकोमा कार्य सम्पन्न भएको कार्य प्रगति र उपलब्धीको बिषयमा प्रगति प्रतिवेदन तयार गरेको छैन् ।

६. **बीमा** : सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ११२ मा सार्वजनिक खरिद निर्माण कार्य गर्ने निर्माण व्यवसायीले बिमा गराउनु पर्दछ भन्ने व्यवस्था गरेको छ । यस बर्ष ४ वटा निर्माण कार्य गर्दा निर्माण व्यवसायीले २,१६,६२,०५१।३१ बीमा गरेको छैन ।

७. **दरभाउपत्र** : सार्वजनिक खरिद नियावली,२०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैंयाभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य गराउँदा बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । यस बर्ष बोलपत्रको माध्यमबाट सम्झौता भई निर्माण कार्य सञ्चालन भएकोमा मुल कार्यमा नै समावेस गरी निर्माण गर्नुपर्नेमा मुल कामलाई टुक्राटुक्रा पारी रु ३७ लाख १८ हजार दरभाउपत्र मार्फत निर्माण गरेको छ ।

८. **एजविल्ट नक्शा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा निर्माण कार्य सम्पन्न भएको मितिले ३० दिन भित्रमा निर्माण भए बमोजिमको एजविल्ट नक्सा पेश गर्नु पर्ने र सो नक्सालाई निकायले प्राविधिक जाँच गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । यस बर्ष ६ भवन निर्माण कार्यको एजविल्ट नक्सा तयार गरी जाँच बुझ नगरी ४,९०,०५,४५४/६१ भुक्तानी भएको छ ।

९. **नापी किताव** : सार्वजनिक खरिद नियावली,२०६४ को नियम १२३ मा निर्माण व्यवसायीले भुक्तानीको लागी करबिजक पेशगर्दा सार्वजनिक नापजाँच गरी मेजरमेन्ट बुकमा समावेश गर्नु पर्दछ । कार्यालयका प्राविधिक कर्मचारीले निर्माण कार्यको नापजाँच गरी मेजरमेन्ट बुक भनी कम्प्युटर प्रिन्ट गरी गोश्वरा भौचरमा राख्ने गरेको छ । मेजरमेन्ट बुकले सम्पूर्ण निर्माण कार्यको यथार्थ विवरण रहने हुंदा यसलाई बुक बनाई त्यसमा कार्यालय प्रमुख,लेखा प्रमुख,प्राविधिक कर्मचारी र भुक्तानी लिने निर्माण व्यवसायीको छाप समेतको दस्तखत

गरी राख्नु पर्नेमा कम्प्युटर (लुज) प्रिन्ट गरी मेजरमेन्ट बुक मात्र लेखी रु ६,९६,९५,७६१/५९ भुक्तानी भएको छ ।

१०. **न्यून प्रगति :** यो वर्ष प्रहरी इकाई पुनर्निर्माण कार्यक्रमतर्फ प्रथम चरणका लागि २६ कार्यालयलाई रकम निकासा दिएकोमा ११ वटा कार्यालयको प्रगति न्यून देखिएको छ ।

११. **विगतको पेश्की :** कार्यालयबाट प्राप्त विवरण अनुसार आ.व. २०७०/७१ देखिको पेश्की रु २२४००००.०० र आ.ब.२०७१।०७२ पेश्की रु.३१,४७,९७७।२७ फछ्र्यौट भएको देखिएन । नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

१२. **पेश्की :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ वमोजिम आर्थिक बर्षको अन्त्यसम्म बाँकी पेश्की रु.२२४००००.०० नियमानुसार असुल फछ्र्यौट हुनुपर्दछ ।

सशस्त्र प्रहरी बल, मद्धती सेवा निर्देशनालय

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा मितव्ययी, कार्यदक्षता र प्रभावकारी दृष्टिकोणले आम्दानी, खर्च लेखामा विश्वस्त हुनुपर्ने उल्लेख छ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा वार्षिक लक्ष्य प्रगति विवरण, रीतपूर्वकको जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको पाइएन । नियममा भएको व्यवस्थाको वमोजिम आन्तरिक नियन्त्रण मजवुत वनाउनुपर्दछ ।

२. **अख्तियारी र खर्च संरचना :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ मा प्रत्येक आर्थिक वर्षको श्रावण १५ गतेभित्र अख्तियारी पठाई सक्नुपर्ने तथा समयवद्ध तवरले खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पूँजीगत खर्चको कूल वजेट रु.५०,४६,०००।०० मध्ये २०७३।२।१३ मेशिनरी औजार खर्च शीर्षकमा रु.३५,००,०००।०० र चालु खर्च तर्फ २०७३।३।१९ मा संचालन तथा मर्मत संभारमा रु.४४,००,०००।०० को अख्तियारी प्राप्त गरी खर्च गरेको पाइयो । कार्यालयले कूल पूँजीगत खर्च रु.५०,४६,०००।०० मध्ये तेस्रो चौमासिकमा रु.३३६४,०००।०० (६७ प्रतिशत) खर्च गरेको पाइयो । आर्थिक वर्षको अन्तमा अख्तियारी पठाउने तथा खर्च गर्ने प्रवृतिलाई निरुत्साहित गर्नुपर्दछ ।

३. **वढी ग्रेड :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त प्रमाण कागजात संलग्न गर्नुपर्ने तथा प्रहरी कितावखाना संचालन निर्देशिका वमोजिम सशस्त्र प्रहरी कर्मचारीको तलवी प्रतिवेदन पारित गराएर तलव खर्च लेख्नुपर्ने उल्लेख छ। कार्यालयले २१ सशस्त्र प्रहरी कर्मचारीहरुलाई पारित तलवी प्रतिवेदन भन्दा वढी तथा पारित नगरी तलव ग्रेड रु.६२,७७२।०० खर्च लेखेको पाइयो। पारित ग्रेड अनुसार तलव खर्च लेख्नुपर्दछ।

४. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१ ख) मा ३ लाखसम्मको मालसामान सोझै र नियम ८४(१) मा सोभन्दा माथि रु.१० लाखसम्म लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयले सिलबन्दी दरभाउपत्र तथा वोलपत्र प्रक्रिया अवलम्वन नगरी ११ आपूर्तकबाट १० प्रकारका सामान २२ पटक गरी रु. ५०,३२,८९७।०० सोझै खरिद गरेको देखियो । नियममानुसार प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्दछ ।

५. **रासन खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त प्रमाण कागजात संलग्न गर्नुपर्ने र नियम ४५ मा मितव्ययिता कायम गर्नुपर्ने उल्लेख छ। कार्यालयले २०७२ असोजमा कार्यरत ६६१ सशस्त्र प्रहरी कर्मचारीको रासन खर्च रु.३४,१५,८१०।२० लेखको पाइयो। निजहरुको हाजिरी, विदा, काज, मिसन, सरुवा लगायतका विवरण सेस्तासाथ समावेश गरेको देखिएन। स्पष्ट प्रमाण राखी खर्च गर्नुपर्दछ।

६. **अन्यत्र पदस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त प्रमाण कागजात संलग्न गर्नुपर्ने उल्लेख छ । कार्यालयले अन्यत्र कार्यालयमा पदस्थापन भएका एक सशस्त्र प्रहरी कर्मचारीको एक महिनाको तलव खर्च रु.१६५५४।०० लेखेको पाइयो । अन्यत्र पदस्थापन भएका कर्मचारीको तलव खर्च असुल हुनुपर्दछ।

७. **कर वीजक:** मूल्य अभिवृद्धि कर नियमावली, २०५४ को नियम १७ मा कर विजक रीतपूर्वकको हुनुपर्ने उल्लेख छ। कार्यालयले एक आपुर्तकको रीतपूर्वकको कर वीजक बेगर रु.१३७,०१२।०० खर्च लेखेको पाइयो। निजलाई भुक्तानी भएको मूअकर रु.१५,७६३।०० को समायोजनको प्रमाण राख्नुपर्दछ।

८. **वार्षिक प्रतिवेदन :** सुशासन (संचालन तथा व्यवस्थापन) ऐन, २०६४ को दफा ४१ मा वार्षिक रुपमा सम्पादित कामको प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। कार्यालयले वार्षिक रुपमा सम्पादित कामको वार्षिक प्रतिवेदन तयार गरेको पाइएन । नियमानुसार वार्षिक प्रतिवेदन तयार गर्नुपर्दछ।

९. **सफ्टवेयर :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा सकारी खर्चमा मितव्ययिता कायम गर्नुपर्ने उल्लेख छ। कार्यालयमा कम्प्युटर शाखा तथा २९ सफ्टवेयर रहे तापनि तलव तथा रासन खर्चको

अभिलेख कम्प्युटर सफ्टवेयरमा राखेको पाइएन । उपलब्ध स्रोत साधनको प्रयोग गरी अभिलेख सफ्टवेयरमा प्रविष्टि गर्नुपर्दछ ।

१०. **तलव :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त प्रमाण संलग्न गर्नुपर्ने उल्लेख छ । कार्यालयले ३ सशस्त्र प्रहरी कर्मचारीको अवकाश पछिको तलव भत्ता, रासन रु.९४,८२९।०० खर्च लेखेको देखियो । उक्त रकम असुल हुनुपर्दछ ।

राष्ट्रिय अनुसन्धान विभाग

१. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५३ को उपनियम(१) अनुसार कार्यालयवाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार कारवाही गरी मर्मत एवं लिलाम विक्रीको कार्य गरी जिन्सी लेखा अद्यावधिक गरेको छैन । यस सम्वन्धमा लिलाम विक्रीको कारवाही भै रहेको जवाफ प्राप्त भएको छ ।

२. **चौमासिक खर्च :** कार्यालयले समयमा नै अख्तियारी लिई स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रत्येक चौमासिकमा तोकिए वमोजिम खर्च गर्नु पर्नेमा पूजिगततर्फ रु १८५३४१४४।७६ खर्चभएकोमा तेस्रो चौमासिक अवधिमा रु ६५२२०३३।३२ र आषाढ महिनामा रु५५४२१३२।४८ खर्च भएको छ । समयवद्ध तवरले खर्च गर्नुपर्दछ ।

३. **पेश्की :** आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई वाकी रहेकोरु ३९४३००/ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७६ वमोजिम असुल फछ्र्यौट हुनु पर्दछ ।

४. **सूत्र संचालन खर्च :** यस आर्थिक वर्षमा विभाग तथा मातहतका कार्यालयहरुवाट सूत्र संचालन कार्यमा रु १३७३९०००। खर्च भएको देखियो । सूत्र संचालनको लागी रकमको सिमा निर्धारण गरेको पाइएन । सीमा निर्धारण गरी खर्च गर्नुपर्छ भनी विगतमा औंल्याएको व्यहोरा तर्फ सम्वन्धित निकायको ध्यानाकृष्ट हुनुपर्दछ ।

५. **राजस्व:** आर्थिक कार्याविधि नियमावली २०६४को नियम १०मा राजस्व लेखा महालेखापरीक्षकको कार्यालयवाट तोकिएको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । विभागले यो वर्ष ५२४६८२३।२१ असुली गरेकोमा दैनिक रुपमा प्राप्त नगद वा वैक भौचरको स्वीकृत म.ले.प.फा.न.अनुसारको अभिलेख राखेको नदेखिएकोले तोकिए वमोजिम खाता राख्नु पर्दछ ।

प्रहरी किताबखाना

१. **कानूनको पालना:** कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धमा तालुक कार्यालयले समयमा खर्च गर्ने अख्तियारी नपठाएको, भ्रमण प्रतिवेदन लिने नगरेको, भ्रमण अभिलेख नराखेको, पुराना सामानको मर्मत संभार र लिलाम विक्रीको कार्य नभएको, जिन्सी खातामा फाँटवाला तथा कार्यालय प्रमुखले प्रमाणित नगरेको, वार्षिक खरिद योजना तयार नगरेको, ईन्धन खर्चको लगबुक नराखेको, आन्तरिक लेखापरीक्षणबाट देखिएको वेरुजू उपर आवश्यक कारवाही नगरेको जस्ता व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ ।

२. **न्यून प्रगति** : आर्थिक कार्यबिधि नियमावली, २०६४ अनुसारको प्रगति बिबरण बिश्लेषण गर्दा महालेखा नियन्त्रक कार्यालयबाट २०७३।०१।२४ मा रकमान्तर निकासा गरी पठाएको प्रहरीको ब्यक्तिगत सुचना प्रणलीको सफ्ट्वेर निर्माण गर्न रु .८० लाख ९० हजार असार महिनामा शुरु निकासा भएको रु .५ लाख समेत ८५ लाख ९० हजार कुल बजेट निकासाको कार्यक्रम स्वीकृत भएकोमा रु.२८ लाख ५३ हजार ५०० मात्र खर्च भएको र स्वीकृत कार्यक्रमको ३३.२२ प्रतिशत अर्थात न्यून प्रगती भएको छ ।

३. **असारको खर्च** : यस वर्ष असार महिनामा कुल खर्च रु.३५ लाख ९१ हजार ७५८ मध्ये ७६.२० प्रतिशत रु.२७ लाख ३७ हजार ८८१ खर्च भएको छ । यसरी ढिलो निकासा भएको कारणले असार महिनामा मात्र बढी खर्च हुन गएको छ ।

४. **अनुगमन** : प्रहरी नियमावली,२०७१ को नियम १८९ बमोजिम उपत्यका भित्रका कार्यालयका कर्मचारीहरुको हकमा प्रहरी किताबखानाबाट र जिल्ला स्थित कार्यालयको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराई तलब खर्च लेख्नु पर्दछ । कार्यालयले नेपाल प्रहरीमा अधिकृत, विल्लादार तथा जवानहरुको तलवी प्रतिवेदन पारित गरेपछि मात्र सम्बन्धित कार्यालयले तलब भुक्तानी गर्नुपर्दछ । कार्यालयले कति कार्यलय र कर्मचारीको तलवी प्रतिवेदन पारित गरेको छ सो को अभिलेख तयार नगरेको र तलवी प्रतिवेदन पारित नगराई तलब खुवाईएको सम्बन्धमा कार्यालयले अनुगमन गरेको छैन ।

५. **पेश्की :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ अनुसार एक माइक्रो सिस्टम फर्मलाई दिएको मोबिलाइजेशन पेश्की रु.३ लाख ७५ हजार नियमानुसार फछ्र्यौट गर्नुपर्छ ।

अध्यागमन कार्यालय, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल

१. **कानूनको पालना :** कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धमा तालुक कार्यालयले समयमा खर्च गर्ने अख्तियारी नपठाएको, भ्रमण प्रतिवेदन लिने नगरेको, भ्रमण अभिलेख नराखेको, पुराना सामानको मर्मत

संभार र लिलाम विक्रीको कार्य नभएको, जिन्सी खातामा फाँटवाला तथा कार्यालय प्रमुखले प्रमाणित नगरेको, वार्षिक खरिद योजना तयार नगरेको, ईन्धन खर्चको लगबुक नराखेको, आन्तरिक लेखापरीक्षणबाट देखिएको वेरुजू उपर आवश्यक कारवाही नगरेको जस्ता व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ ।

२. **लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम २० (१)मा वार्षिक कार्यक्रम बनाउनुपर्ने, नियम २५ (१) मा अनुसूचि –२ बमोजिमको ढांचामा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले फर्निचर र मेशीनरी औजारमा रु ८ लाख ९८ हजार ५०६ खर्च गरेको छ । पुंजीगत शीर्षकबाट सम्पन्न भएको वार्षिक कार्यक्रमको प्रगती विवरण तयार गरेको छैन । वार्षिक प्रगति विवरण तयार गर्नुपर्दछ ।

३. **जनशक्ति व्यवस्थापन** : कार्यालयको कामलाई प्रभावकारी बनाउन दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । गृह मन्त्रालयको २०७२।१०।२४ को निर्णयानुसार मन्त्रालय अन्तर्गतका सबै कर्मचारीहरुको काज फिर्ता गरिएको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार स्वीकृत दरबन्दी १६० रहेकोमा १४४ जना कार्यरत रहेको तथा मन्त्रालयको निर्णय विपरीत यस कार्यालयबाट अन्यत्र ८ जना काजमा गएका र अन्यत्रबाट १२ जना काजमा आई यस कार्यालयमा कार्यरत रहेको पाईयो ।

४. **राजश्व** : कार्यालयले यस बर्ष रु ९२,३१,८२,१४४।६६. राजश्व असुल गरेकोमा राजश्व तर्फ प्रयोग गर्ने दैनिक आम्दानी खाता, नगदी रसिद प्रयोग, म.ले.प.फ.नं.१०८ आदि राख्ने गरेको पाईएन । कार्यालयले बैकबाट प्राप्त भौचरको आधारमा आर.एम.आई.एस. सिस्टममा डाटा राख्ने गरेको र सोही माध्यमबाट कम्प्युटरमा बैक भौचर र भिडान गरी बैक भौचरको आधारमा मात्र प्राप्त राजश्व एकिन गर्ने गरिएको ब्यहोरा उल्लेख छ । लेखापरीक्षणबाट समयमा बिभिन्न खाता भिडान गरि बास्तबिक राजश्व रकम प्राप्त भयो भएन एकिन गर्न सकिएन ।

५. **दाखिला :** आर्थिक कार्यविधि ऐन , २०५५ को दफा १३ (१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको नगदी रकम सोही दिन वा भोलिपल्ट दाखिला गर्नुपर्ने व्यवस्था छ । राजस्वको आर्थिक विवरणमा नगद बाँकी देखिएको रु ७९२६१।०० अबिलम्व राजस्व दाखिला हुनुपर्दछ ।

६. सोझै खरिद तथा पेश्की : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु.३ लाखसम्मको लागत अनुमान भएको सामान सोझै खरिद गर्नसक्ने व्यवस्था छ । कार्यालयले भुक्तानीमा ३ दरभाउपत्र संलग्न नगरी भुक्तानी गरेको र बर्षान्तमा एक फ्युल सेन्टरको फछ्र्यौट हुन बाँकी रु.३ लाख ८३ हजार २४५ नियमानुसार असुल फछ्र्यौट हुनुपर्दछ ।

नेपाल प्रहरी संगीत विद्यालय

१. **आन्तरिक नियन्त्रण :** विभिन्न ऐन, नियमावली तथा कार्यविधिमा उल्लेख भएका व्यवस्थाको पालना गरी कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मुल्यांकन गर्दा कार्यालयले वार्षिक खरिद योजना तयार नगरेको, प्रहरी प्रधान कार्यालयले काज सम्वन्धित मापदण्ड बेगर आदेशमा हाल यस विद्यालयमा ७५ जना प्रहरी कर्मचारी काजमा राखि तालिममा सहभागी गराएको छ । प्रहरी कर्मचारी र संगीत तथा बाद्यवादकहरुको कार्य विभाजन नगरेको , भ्रमण प्रतिवेदन र भ्रमण अभिलेख नराखेको, मुल्य नखुलेका पुराना र मुल्य नखुली प्राप्त भएका सामानहरुको मुल्य कायम गरी जिन्सी खाता आध्यावधिक नगरेको, खर्चको विल भरपाइ सहित लेखा नराखेको,इन्धन खर्चको लगवुक नराखी खर्च लेखेको , बेरुजु लगत नराखेको आदि देखिएकोले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी वनाई कार्यान्वयन गर्नुपर्दछ ।

२. **आवश्यकताको पहिचान :** प्रहरी प्रधान कार्यालय मातहत प्रहरी संगीत विद्यालय र नेपाल प्रहरी वैण्ड सन्चालनमा रहेका छन । नेपाल प्रहरीलाई भविष्यमा कस्तो संगीत विद्यालय आवश्यक पर्ने हो सो पहिचान गरी भविष्यको दृष्टकोण तयार गरी आवश्यक नीति कार्यक्रम र बजेट व्यवस्थापन गरी संगीत विद्यालय सन्चालन गर्नु उपयुक्त देखिन्छ ।

२.१ विद्यालयले प्रहरी कर्मचारीलाई बाद्यवादन र संगीत सम्वन्धि सीपमूलक नन एकेडेमिक तालिमसन्चालन गर्दै आएको छ । नेपाल सरकार वा सम्बन्धित विश्वविद्यालय वा प्राबिधिक शिक्षा तथा ब्यबसायीक तालिम परीषदबाट सम्वन्धन लिइ एकेडेमिक बाध्यबादन तथा संगीत शिक्षा दिने व्यवस्था मिलाउँदा भविष्यमा नेपाल प्रहरी भित्र योग्य बाध्यबादक र संगीत जनशक्ति उत्पादन हुन गई संस्थालाई सहयोग पुग्ने देखिन्छ ।

३. **आपूर्ति :** विद्यालयको जिन्सी अभिलेख अनुसार हाल १५५ प्रकारका ९६८९३ बाजा संगीत उपकरणहरु मौज्दात रहेकोमा ८०४५२ थान मात्र प्रयोग गर्न मिल्ने अवस्थामा रहेकोले बाजा /संगीत उपकरणहरु कुन माध्यमबाट प्राप्त भएका हुन सो को अभिलेख उपलव्ध भएन ।

३.१ लेखापरीक्षणको क्रममा विद्यालयका सम्बन्धित पदाधिकारीहरुसंग छलफल गर्दा विद्यालयलाई चाहिने बाजा/संगीत उपकरणहरु प्रयाप्त नभएको ,समयक्रमको प्रतिस्पर्धामा बजारमा उपलव्ध हुने नयां र सुविधा सम्पन्न बाद्य उपकरणहरुको आपुर्ति व्यवस्था समेत हुन नसकेको जानकारी प्राप्त भएको छ । नेपाल प्रहरी

संगठनलाई के कस्ता बाद्ययन्त्रहरु चाहिने हो । सो विषयमा संगठनले आफ्ना दृष्टिकोण निर्धारण गरि आवश्यक बाध्य उपकरणहरु विद्यालयलाई उपलब्ध गराउनु उपयुक्त देखिन्छ ।

४. **सेवा प्रदान :** प्रहरी प्रधान कार्यालय जनसम्पर्क शाखाको आदेशमा विभिन्न व्यक्ति वा संस्थाले यस विद्यालयको संगीत टोलीबाट वैण्डबाजा सहितको संगीत सुविधा लिईरहेका छन् । प्रहरी प्रधान कार्यालय जनसम्पर्क शाखाको च.न. ७६३ मिति २०७३।१।४को पत्रानुसार उक्त सेवा प्रदानबाट प्राप्त रु २,७९,७५०।०० को २५ प्रतिशतले हुने रकम विद्यालयलाई उपलब्ध गराएको र उल्लेखित काममा खटिजाने प्रहरी कर्मचारीलाई वितरण गर्ने भनि लेखि आएको छ । विद्यालयले प्रदान गर्ने यस प्रकारका सेवाबाट आर्जित रकम विद्यालय अन्तर्गत एक छुट्टैकोष खडागरी सो कोषमा दाखिला गर्ने र कोषबाट आर्जित रकम विद्यालयलाई आवश्यक पर्ने बाद्य बाधन ,संगीत उपकरण खरिद र मर्मत सम्भारमा प्रयोग गर्ने व्यवस्था मिलाउदा विद्यालयको कार्यक्षमता र गुणस्तरमा अझै वृद्धी हुन सक्ने सम्भावना रहेकोले यसमा प्रहरी प्रधान कार्यालयले आवश्यक कानूनी व्यवस्था मिलाउनु उपयुक्त देखिन्छ ।

विद्यालयले प्रदान गर्ने बाद्यवादन तथा संगीत शिक्षालाई सार्वजनिक विद्यालय तह सम्म विस्तार गरेमा विद्यालयको कार्य प्रभावकारी हुनेहुदां सन्वन्धित निकायले आवश्यक कानूनी व्यवस्था मिलाईनु पर्दछ ।

कारागार कार्यालय, जगन्नाथदेबल

१. **जिन्सी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ६ बमोजिम जिन्सी मालसामानको लगत तथा आम्दानी बाँधी सोही नियमावलीको नियम ५३ बमोजिम कार्यालयले गत आर्थिक वर्षको मौज्दात चालु आर्थिक वर्षमा खरिद तथा हस्तान्तण भई आएको मालसामान उल्लेख गरी कूल जिन्सी सामानको परिमाण र मूल्य चालु आर्थिक वर्षमा लिलाम मिन्हा, हस्तान्तरण भै खर्च भएको परिमाण र मूल्य बांकी जिन्सी सामानको जिन्सी निरीक्षण प्रतिवेदनमा सामानको मूल्य, अबस्था तथा चालु हालतमा नरहेका मालसामान लिलाम वा मर्मत गर्नुपर्ने अबस्थामा छन् सो को अबस्था समेत खुलाएको पाइएन । जिन्सीको अवस्था खुलाई जिन्सी निरीक्षण प्रतिबेदन पेश गर्नुपर्ने देखिन्छ ।

२. **बिद्युत महसुल :** कार्यालयका ३ बिद्युत मिटरको २०७१ मार्गदेखिको बक्यौता बिद्युत महशुल रु ९७५५४३७- बाँकी रहेको देखिएको छ । कार्यालयले यो बर्ष आषाढ महिनामा जरिवाना रु ८,५६,३६५।- समेत रु ४२८१८२३।०० भुक्तानी गरेकोमा लामो समयदेखि बिद्युत महशुल बक्यौता रहन गएकोले सो मा २५ प्रतिशत थप दस्तुर भुक्तानी गरेको पाइयो । बक्यौता रकम फरफारक हुने गरी बजेट बिनियोजन नहुदा प्रत्येक बर्ष जरिवाना बापत बजेट खर्च हुने देखिएको छ । कार्यालयले पटक पटक थप रकम निकासाको लागि अनुरोध गरे पनि बक्यौता रकम भुक्तानी हुन नसकेको सम्बन्धमा तालुक कार्यालयबाट बजेट निकासाको व्यबस्था हुनुपर्ने देखिन्छ ।

३. **सामाजिक सुरक्षा :** चालुखर्च शीर्षकमा बिनियोजन भएको रु ११०५८८६०५।- मध्ये रु ९००००००।- (८१ प्रतिशत) यस खर्च शिर्षकमा मात्र बिनियोजन भएकोमा रु ८९६८५३७०।- (९९.६५ प्रतिशत) रकम निकासा तथा खर्च भएको देखिन्छ । कारागार कार्यालय अन्तर्गतका केन्द्र, भद्र र महिला बन्दीगृहतर्फका कैदीबन्दीहरु लगायत बाल बिज्याई गरी युसेफ नेपाल बाल सुधार गृह सानोठिमी भक्तपुरमा रहेका बालबालिकाहरुको लागि नियमानुसारको नगदी सिदा,चामल, मौसम अनुसारको कपडा र सिलाई खर्च, सिरक डसना, खानेपानी,कैदीबन्दी स्थानान्तरण गर्दा लागेको दैनिक तथा भ्रमण खर्च र भाडा रकम,कारागार भित्रका सानातिना मर्मत र रंगरोगन खर्चका बिलहरु समेत यसै खर्च शिर्षकबाट व्यहोरिदै आएकोमा सो को छुट्टाछुट्टै अभिलेख नराखी एकमुष्ठ खर्च देखाएको छ । सामाजिक सुरक्षामा भएका खर्चको छुट्टाछुट्टै अभिलेख राख्नु पर्दछ ।

४. **मौज्दात :** कार्यालयबाट प्राप्त विवरण अनुसार गतबर्षको मौज्दात २४४ क्वीन्टल र यो बर्ष खरिद समेत ७१०४ क्वीन्टलमध्ये यो बर्ष ६७४१ क्वीन्टल खर्च लेखी बर्षान्त्मा रु.१७,०८,०००।०० मूल्यका ३६३ क्वीन्टल चामल मौज्दात रहेको छ । खातामा मौज्दात देखाएको भए तापनि बास्तबिक रुपमा मौज्दात नरहेको विगत देखिको जर्ती मिन्हा नभई मौज्दात मात्र रहेको देखियो । यस सम्बन्धमा कारागार व्यबस्थापन बिभागमा पत्राचार गरिएकोमा सो सम्बन्धमा निर्णय भै नआएकोले गर्दा उक्त परिमाणको चामल जिन्सि खातामा मौज्दातमै देखाइदै आएको कार्यालयको भनाई रहेको छ । यस सम्बन्धमा सम्बन्धित निकायबाट आवश्यक कारबाही हुनुपर्दछ ।

५. **पूँजीगत खर्चतर्फ :** पूँजीगत सुधार तर्फ केन्द्रिय कारागारमा सेड निर्माण,भद्र बन्दी गृहमा ट्रस निर्माण,सेन्ट्री पोष्ट निर्माण र ग्रील जडानमा खर्च भएको छ । साथै न्यून बजेटका कारण पूर्बाधार व्यबस्थापनमा कठिनाई भएको देखिन्छ भने कारागारको उत्तरतर्फ अग्लाअग्ला महल बनेका र बन्ने क्रममा रहेकोले कारागारको निगरानी तथा सुरक्षा व्यबस्थापनमा समस्या उत्पन्न हुने देखिएकोले सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

६. **कारागार पूर्वाधार :** कारागारको क्षमताभन्दा निकै बढी संख्यामा थुनुवा रहेकोले प्रर्याप्त स्थानको अभाबका साथै मानबोचित सुबिधाबाट समेत बञ्चित हुने देखिएको छ । बिगतको बिनासकारी भुकम्पका कारण कारागार भबन भत्केको स्थितिमा केन्द्र र भद्र बन्दीगृहमा सेड र ट्रस निर्माण गरी बिपद् व्यबस्थापन गरिएको भएपनि कारागारका बन्दीहरुको बसाईको दिगो व्यबस्थापनको निमित्त तालुक निकायसंग समन्वय गरी भुकम्पबाट

क्षतिग्रस्त भबनको क्षमता बृद्धि गरी सो को पुननिर्माण र नबनिर्माणको प्रकिया अगाडी बढाई हालको भौतिक सुबिधामा सुधार गर्नुपर्ने देखिन्छ ।

कारागार कार्यालय, डिल्लीबजार

१. **खरिद योजना :** सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ८ बमोजिम बार्षिक रु १० लाख भन्दा बढीको खरिद गर्दा खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष पूजीगंतमा रु.५,५६,४६९।०० तथा चालु बजेट उपशिर्षकबाट कैदी बन्दीहरुलाई सिरक,डसना र तन्नाको लागि रु.१२,७१,३८६।०० खर्च गरेकोमा खरिद योजना तयार गरेको छैन ।

२. **चौमासिक खर्च :** आर्थिक कार्यबिधि नियमावली,२०६४ बमोजिम चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम बजेट विनियोजन गरिएको हुन्छ । प्राप्त बिबरण अनुसार कार्यालयको पूंजीगत बजेट शीर्षकमा भएको कुल खर्च रु ५५४६९/- मध्ये तेश्रो चौमासिक ८४.२२ प्रतिशत प्रतिशत खर्च गरेको पाईयो ।

३. **कारागारको क्षमता :** यस कारागारको क्षमता ११९ जना मात्र रहेकोमा कारागारको अभिलेख अनुसार २०७३ लेखापरीक्षण अवधि २०७३।०९।१० मा ५६६ जना थुनुवा तथा बन्दि कारागारमा राखेको देखियो । क्षमता भन्दा बढी रहेको कैदीहरुको व्यवस्थापन उचित किसिमले गरीनुपर्दछ ।

४. **सुबिधाको अभिलेख** : कारागार ऐन २०१९ तथा नियमावली २०२० अनुसार कारागारमा रहेका कैदी तथा बन्दीहरुलाई बर्षको दुई पटक कपडा, प्रत्येक २ बर्षमा सिरक डसना तथा तन्ना जस्ता सुबिधा र ३ बर्षमा गुन्द्री चटाई जस्ता सुबिधा यो बर्ष पनि उपलब्ध गराएको पाईयो । दुई बर्ष तथा तिन बर्षमा उपलब्ध गराईने सुबिधाहरु लिएको अभिलेख कार्यालयमा राखेको देखिएन । बितरण व्यवस्थालाई भरपर्दो र विश्वसनीय बनाउन अभिलेख व्यवस्था अद्यावधिक गर्नुपर्दछ ।

५. **खर्च पालना :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ (४) अनुसार भुक्तानी रकमको ५ प्रतिशत धरौटी कट्टा गर्नुपर्ने व्यवस्था छ । कैदी बन्दिहरुलाई प्रत्येक २ बर्षमा डसना र तन्ना उपलब्ध गराउनको लागि यो वर्ष बोलपत्रको माध्यमबाट एक सप्लायर्ससंग गरेको सम्झौता अनुसार आपूर्ति गरी रु.१२,७९,३८६।०० मूल्य अभिवृद्धि कर समेत भुक्तानी गरेकोमा रु ५६६१०/- धरौटी कट्टी गरेको देखिएन । उक्त सामानहरुको माग फाराम खरिद आदेश तथा दाखिला प्रतिबेदनमा मिति नखुलाएकका सामान र बितरण भरपाईमा समेत मिति उल्लेख नभएको हुंदा यस उक्त खर्चको पुष्ट्याई हुने फांटवारी रीतपूर्वकको देखिएन ।

६. **फरक शीर्षक :** विनियोजित बजेटबाट तोकिएको शिर्षकमा मात्र खर्च गर्न पाइने व्यवस्था गरी वार्षिक अख्तियारीमा रकम समावेश गरी पठाईएको हुन्छ । ईन्धनमा भएको खर्च रु.७९,९२८।०० सामाजिक सुरक्षा अनुदान (खर्च शिर्षक नं.२७१११) बाट खर्च गरेको नियमसम्मत देखिएन ।

७. **धरौटी :** आर्थिक कार्यबिधि नियमावली,२०६४ अनुसार धरौटी कारोबार गर्दा राख्नुपर्ने धरौटीको गोश्वरा खाता र व्यक्तिगत खाता तयार गरी राखेको पाईएन । अर्थ मन्त्रालय आन्तरीक राजस्व विभागको २०६९/६/१७ को परिपत्रानुसार धरौटि फिर्ता दिँदा आयकर चुक्ता प्रमाणको अतिरीक्त मूल्य अभिबृद्धि कर समायोजन समेतको प्रमाण संलग्न हुनु पर्दछ । कार्यालयले दुई निर्माण व्यवशायीलाई धरौटि रकम फिर्ता दिदा मूल्य अभिबृद्धि कर रु ४२,०३८।- समायोजन भएको प्रमाण संलग्न नभएको हुँदा पेश हुनुपर्दछ ।

केन्द्रीय कारागार अस्पताल

१. **अख्तियारी :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम २३(२) अनुसार स्वीकृत कार्यक्रम र खर्चगर्ने अख्तियारी आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र पठाउनुपर्ने उल्लेख छ । कार्यालयलाई चालु वजेटमा ५ पटकमा रु २५७९४५००। वजेट अख्तियारी थप गरी रु रु ३,५९,११,०००।- पु-याएको छ । पटकपटक अख्तियारी थप दिदाँ स्वीकृत कार्यक्रम समयमा सम्पन्न गर्न बाधा पर्ने हुदाँ आर्थिक वर्षको सुरुमै अख्तियारी दिइनुपर्दछ ।

२. **जिन्सी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन गर्नु पर्नेमा मर्मत सम्भार र लिलाम गर्नुपर्ने सामानहरु लिलाम नभएको देखिएकोले प्रतिवेदनमा उल्लेखित व्यहोरा कार्यान्वयन गर्नुपर्दछ ।

३. **कानुनी व्यवस्था :** अस्पतालमा चालुवर्ष देखि जिल्ला अस्पताल सरह १५ बेड क्षमताको अन्तरंग सेवा समेत संचालनमा रहेको देखियो । अस्पताल संचालन सम्बन्धमा आवश्यक कानून तथा नेपाल सरकारको निर्णय देखिएन । अस्पतालमा स्थायी दरबन्दी स्वीकृत नभई दिने सेवा सुविधा तथा पर्याप्त उपकरण बिना अस्पताल संचालन भएको छ । आवश्यक कानुनी प्रक्रिया तथा पर्याप्त भौतिक संरचना सहितको सेवा दिने अवस्थामा मात्र अस्पताल सेवा संचालन गर्ने व्यवस्था हुनुपर्ने व्यहोरा विगतको प्रतिवेदनमा औंल्याइएकोमा सुधार भएको छैन ।

४. **अग्रीम कर :** आय कर ऐन, २०५८ को दफा ८७ (१) मा पारिश्रमिक आयमा कर लाग्ने व्यवस्था छ । कार्यालयमा करारमा कार्यरत ३ मेडिकल अधिकृतको वार्षिक आयमा यो वर्षको पारिवारीक छुट रु.३०००००।०० घटाई बाँकीमा १५ प्रतिशतले लाग्ने कर २५,११५।- असुल हुनुपर्दछ ।

५. **औषधि :** सार्वजनिक खरिद ऐन ,२०६३ को दफा ५ मा रु.२५०००।०० भन्दा बढीको खरिद गर्न लागत अनुमान तयार तथा ऐनको दफा १४ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु.१० लाख रुपैँयासम्म लागत अनुमान भएको मालसामान सिलवन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था छ । अस्पतालले औषधि तथा सर्जिकल सामान खरिद गर्न रु.९९,९९,९७०।०० को लागत अनुमान स्वीकृत गरी २ आपूर्तकमध्ये जीवनजल आपूर्तकको रु.२८,३१,१४०।- को ठेक्का स्वीकृत गरेकोमा सम्झौता गर्न आएको पाइएन । निजको जफत भएको कार्यसम्पादन जमानत रु.२,५०,०००।०० राजस्व खातामा जम्मा गरी कालोसूचिमा राख्नुपर्दछ । अर्का आपूर्तकको लाइभ मेडिसिनको रु.६०,४६,१११।- को ठेक्का स्वीकृत भएकोमा २०७२।१०।१ देखि २०७३ आषाढ मसान्तसम्म रु.१,१८,००,२२१।– भुक्तानी गरेको छ । ठेक्का गरेको रकम भन्दा रु.५७,५४,११०।- बढी भुक्तानी भएको देखियो । वर्षभरीलाई पुग्ने लागत अनुमान तयार गर्नुपर्दछ ।

महानगरीय प्रहरी बृत, स्वयम्भु

१. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण प्रतिवेदन र कारवाही सम्बन्धमा उल्लेख छ । प्राप्त जिन्सी प्रतिवेदन अनुसार ९९ प्रकारका मालसामानमध्ये १३ प्रकारका मालसामान चालु हालतमा नरहेको, मुल्य नखुलाएको उल्लेख छ । नियमानुसार सदरस्याहा तथा लिलाम र मर्मत संभार एवं मूल्य कायम गरी भएको व्यवस्था वमोजिम कारवाही गरी जिन्सी व्यवस्थित गर्नुपर्दछ ।

२. **घरजग्गाको लगत :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५४(१) मा प्रत्येक कार्यालयले कार्यालय र अन्तर्गतको सरकारी घरजग्गाको लगत राख्नुपर्ने, त्यस्ता जग्गाहरुको जग्गा धनी प्रमाणपूर्जा प्राप्त नभएकोमा कानून वमोजिम कार्यालयको नाउँमा दर्ता गराउनुपर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार कार्यालयले चर्चेको ४ रोपनी ९ आना जग्गा एक गुठीको नाममा रहेको पाइयो । उक्त जग्गा कार्यालयको नाममा ल्याउनुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा मितव्ययी, कार्यदक्षता र प्रभावकारी दृष्टिकोणले आम्दानी, खर्च लेखा व्यवस्थामा विश्वस्त हुनुपर्ने उल्लेख छ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद योजना नबनाएको, खरिद इकाई गठन नगरेको वार्षिक लक्ष्य प्रगति विवरण तयार नगरेको, जिन्सी खाता अद्यावधिक नराखेको, जिन्सी सामानको मूल्य कायम गराई राखेको पाइएन । नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्थालाई मजवुत वनाउनुपर्दछ ।

४. **अवकाश :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त प्रमाण कागजात संलग्न गर्नुपर्ने उल्लेख छ । कार्यालयले २ प्रहरी कर्मचारीलाई अवकाश पछिको तलव भत्ता खर्च रु.४२,७५२।०० लेखेको पाइयो । पाउने भन्दा वढी खर्च लेखेको रकम असुल हुनुपर्दछ ।

५. **निलम्बन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त प्रमाण कागजात संलग्न गर्नुपर्ने उल्लेख छ । कार्यालयले निलम्वनमा रहेका २ प्रहरी कर्मचारीको अभिलेख तयार गरेको देखिएन । व्यवस्थित अभिलेख राखेर खर्च गर्नुपर्दछ ।

६. **तलव वृद्धि घटुवा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त प्रमाण कागजात संलग्न गर्नुपर्ने उल्लेख छ । अन्यत्र कार्यालयमा दरबन्दीभई यस वृतमा सेवारत रहेका १ प्रहरी कर्मचारीको दुई तलव वृद्धि घटुवा गरिएकोमा व्यवस्थित अभिलेख राखेको देखिएन । अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

७. **लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(१) मा वार्षिक कार्यक्रम वनाउनुपर्ने र नियम २५(१) मा अनुसूचि-२ वमोजिमको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पूँजीगत सुधार, सार्वजनिक निर्माण, मेशिनरी औजार खरिद कार्यमा रु १५,१५,०००.०० खर्च गरेकोमा वार्षिक कार्यक्रम एवं प्रगति तयार गरेको पाइएन । वार्षिक रुपमा लक्ष्य एवं प्रगती विवरण तयार गर्नुपर्दछ ।

८. **खर्च संरचना :** कार्यालयले स्वीकृत वार्षिक कार्ययोजना अनुसार प्रथम, दोश्रो तथा तेश्रो चौमासिकमा तोकिए वमोजिम समयवद्ध तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तेस्रो चौमासिकमा मात्र सतप्रतिशत खर्च रु.१५,१५,०००।०० गरेको छ । समयवद्ध तरिकाले खर्च गर्नुपर्दछ ।

९. **खरिद योजना :** सार्वजनिक निकायले वार्षिक दश लाख रुपैयाभन्दा वढी रकमको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना बनाउनुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष वार्षिक खरिद योजना तयार नगरी पूँजीगत सुधार, सार्वंजनिक निर्माण, मेशिनरी औजार तथा कार्यालय संचालन एवं मर्मत संभारमा रु २५,५०,०००।०० खर्च गरेको छ । कार्यालयले वार्षिक खरिद योजना तयार गरी खर्च गर्नुपर्दछ ।

महानगरीय प्रहरी बृत, नयाँ वानेश्वर

१. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण प्रतिवेदनको कारवाही सम्बन्धमा उल्लेख छ । प्राप्त जिन्सी प्रतिवेदन अनुसार २१२ प्रकारका सामानमध्ये २९ प्रकारका २०२ मालसामान चालु हालतमा नरहेको तथा १० थान सवारी साधनको मूल्य खुलाएको पाइएन । मूल्य नखुलेका तथा चालु हालतमा नरहेका सामान नियमानुसार चालु हालतमा राखी मूल्य कायम गर्नुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा मितव्ययी, कार्यदक्षता र प्रभावकारी दृष्टिकोणले आम्दानी, खर्च लेखामा विश्वस्त हुनुपर्ने उल्लेख छ। कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद इकाई गठन नगरेको, जिन्सी खाता अद्यावधिक नराखेको, जिन्सी सामानको मूल्य कायम गराई राखेको पाइएन । नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्थालाई मजवुत बनाउनुपर्दछ ।

३. **वार्षिक लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(१) मा वार्षिक कार्यक्रम वनाउनुपर्ने र नियम २५ (१) मा अनुसूचि-२ वमोजिमको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पूँजीगत सुधार, सार्वजनिक निर्माण, मेशिनरी औजार खरिद कार्यमा रु २०,५८,०००.०० खर्च गरेकोमा वार्षिक कार्यक्रम एवं प्रगति विवरण तयार गरेको पाइएन । लक्ष्य एवं प्रगति विवरण तयार गर्नुपर्दछ ।

४. **खरिद योजना :** सार्वजनिक निकायले वार्षिक दश लाख रुपैयाभन्दा वढी रकमको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष पूँजीगत सुधार, सार्वजनिक निर्माण, मेशिनरी औजार खरिद, मर्मत संभार एवं कार्यालय संचालनमा रु.३३,९१,०००।०० खर्च गरेको पाइयो । कार्यालयले वार्षिक खरिद योजना तयार गरेको देखिएन । नियमानुसार वार्षिक खरिद योजना तयार गर्नुपर्दछ ।

५. **अख्तियारी :** आर्थिंक कार्यविधि नियमावली, २०६४ को नियम ५४ को उपनियम २३(३) अनुसार स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्वन्धित मन्त्रालयले आर्थिक वर्ष सुरु भएको १५ दिनभित्र सम्वन्धित कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । यो वर्ष पूँजीगत तर्फको रु.१९,५८,०००।०० खर्च गर्ने अख्तियारी २०७३।२।६ मा प्राप्त भएको छ । तोकिएको समयमा अख्तियारी पठाउने व्यवस्था हुनुपर्दछ ।

६. **मू.अ. कर :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा मासिक रुपमा मूल्य अभिवृद्धि कर भुक्तानीको विवरण सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दिनुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष ५ आपूर्तकबाट वस्तु तथा सेवामा प्राप्त गरी मू.अ.कर समेत रु.१५,४४,५२०।०० भुक्तानी गरेको पाइयो । सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा मू.अ.कर भुक्तानीको जानकारी पठाएको देखिएन । मू.अ.कर समयोजनको प्रमाण पेश हुनुपर्दछ ।

महानगरीय प्रहरी बृत, महाराजगंज

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार अधिकार प्राप्त अधिकारी सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा मितव्ययी, कार्यदक्षता र प्रभावकारी दृष्टिकोणले आम्दानी तथा खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद योजना नबनाएको, खरिद इकाई गठन नगरेको, वार्षिक लक्ष्य प्रगति विवरण तयार नगरेको, जिन्सी खाता अद्यावधिक राखेको पाइएन । नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्थालाई मजवुत बनाउनुपर्दछ ।

२. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण प्रतिवेदन र सोको कारवाही सम्बन्धमा उल्लेख छ । प्राप्त जिन्सी प्रतिवेदनमा ९९ प्रकारका मालसामानमध्ये ८ प्रकारका मालसामान चालु हालतमा नरहेको, मुल्य नखुलेको उल्लेख छ । नियमानुसार सदरस्याहा तथा लिलाम र मर्मत सम्भार एवं मूल्य कायम गरी भएको व्यवस्था वमोजिम जिन्सी व्यवस्थित गर्नुपर्दछ ।

३. **खर्च संरचना :** कार्यालयले समयमा अख्तियारी लिई स्वीकृत वार्षिक कार्ययोजना अनुसार योजनावद्ध तवरले खर्च गर्नुपर्ने व्यवस्था छ । पूँजीगत तर्फ रु. २३,१५,०००।०० खर्च भएको मध्ये तेस्रो चौमासिकमा ९७ प्रतिशत खर्च गरेको छ । योजनावद्ध तवरले खर्च गर्नुपर्दछ ।

४. **लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० को उपनियम (१) मा वार्षिक कार्यक्रम वनाउनुपर्ने र नियम २५(१) मा अनुसूची – २ वमोजिमको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पूँजीगत सुधार, सार्वजनिक निर्माण, मेशिनरी औजार खरिदमा रु २३,९५,०००.०० खर्च गरेकोमा वार्षिक कार्यक्रम एव प्रगति विवरण तयार गरेको पाइएन । वार्षिक लक्ष्य एवं प्रगति विवरण तयार गर्नुपर्दछ ।

५. **खरिद योजना :** सार्वजनिक निकायले वार्षिक दश लाख रुपैया भन्दा वढी रकमको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष वार्षिक खरिद योजना तयार नगरी पूँजीगत सुधार, सार्वजनिक निर्माण, मेशिनरी औजार खरिद, कार्यालय संचालन तथा मर्मत एवं कार्यालय संचालनमा रु ३९,६७,०००.०० खर्च गरेको पाइयो । नियमानुसार वार्षिक खरिद योजना तयार गर्नुर्दछ ।

६. **अख्तियारी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५४ को उपनियम २३ (३) अनुसार स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी आर्थिक वर्ष सुरु भएको १५ दिनभित्र सम्वन्धित कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। यो वर्ष पूँजीगत तर्फको रु. २२,९५,०००।० अख्तियारी २०७३ जेष्ठ तथा आषाढमा प्राप्त भएको देखियो। समयमा अख्तियारी पठाउनु पर्दछ ।

अपराध अनुसन्धान विद्यालय, प्रहरी प्रधान कार्यालय, महाराजगंज

१. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण प्रतिवेदन र सोको कारवाही सम्बन्धमा उल्लेख छ । कार्यालयले रीतपूर्वकको जिन्सी प्रतिवेदन तयार गरेको देखिएन । नियमानुसार जिन्सी निरीक्षण गराई भएको व्यवस्था वमोजिम कारवाही गरी जिन्सी स्रेस्ता अद्यावधिक गर्नुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा मितव्ययी, कार्यदक्षता र प्रभावकारी दृष्टिकोणले आम्दानी, खर्च लेखा व्यवस्थामा विश्वस्त हुनुपर्ने उल्लेख छ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद योजना नबनाएको, खरिद इकाई गठन नगरेको, वार्षिक लक्ष्य प्रगति विवरण तयार नगरेको, जिन्सी खाता अद्यावधिक नराखेको, जिन्सी सामानको मूल्य कायम गराई राखेको पाइएन। नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्थालाई मजवुत वनाउनपर्दछ ।

३. **तालिम :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३५ मा लागत अनुमान तयारी गर्ने तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त प्रमाण कागजात संलग्न गर्नुपर्ने तथा नियम ४५ मा मितव्ययी एवं कार्यदक्षतापूर्ण र प्रभावकारी हिसावले सरकारी कार्य गराउनुपर्ने उल्लेख छ । विद्यालयले कर्मचारी तालिम खर्च शीर्षकमा रु.५५,००,०००।०० विनियोजन भएकोमा रु.५४,५०,३२१।१० निकासा तथा खर्च गरेको पाइयो । वार्षिक रुपमा १७ तालिमका लागि विनियोजित उक्त वजेटबाट ३ समूहको तालिम संचालन भएको देखिएन । तोकिएका कार्यक्रम पूर्णरुपमा संचालन हुनुपर्दछ ।

४. **प्रतिवेदन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा शीर्षक मिलाएर खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले दुई आपूर्तकबाट ४१ प्रकारका कार्यालय सामान रु.१९६,०८९।०० मा खरिद गरेको पाइयो । प्रत्येक तालिमको लागि लागत अनुमान तयार गरी आवश्यक कार्यालय सामान, सहभागी संख्या मुताविक तालिम सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन । तालिम संचालन गरेको प्रतिवेदन तयार गर्नुपर्दछ ।

५. **खर्च संरचना :** कार्यालयले समयमा नै अख्तियारी लिई स्वीकृत वार्षिक कार्ययोजना अनुसार समयवद्ध तवरले खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कूल पूँजीगत खर्च रु.१०,००,०००।०० मध्ये तेस्रो चौमासिकमा ९४ प्रतिशत खर्च गरेको छ । योजनावद्ध तरिकाले खर्च गर्नुपर्दछ ।

६. **लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(१) मा वार्षिक कार्यक्रम वनाउनुपर्ने र नियम २५(१) मा अनुसूचि–२ वमोजिमको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले पूँजीगत सुधार, सार्वजनिक निर्माण, मेशिनरी औजार खरिदमा रु. १०,००,०००.०० खर्च गरेकोमा वार्षिक कार्यक्रम एवं प्रगति विवरण तयार गरेको पाइएन । नियमानुसार प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ ।

७. **खरिद योजना :** सार्वजनिक निकायले वार्षिक दश लाख रुपैया भन्दा वढी रकमको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष वार्षिक खरिद योजना तयार नगरी पूँजीगत सुधार, सार्वजनिक निर्माण, मेशिनरी औजार खरिद, कार्यालय संचालन तथा मर्मत एवं कर्मचारी तालिममा रु. ६९,५०,३२१.०० खर्च गरेको पाइयो । नियमानुसार वार्षिक खरिद योजना तयार गर्नुपर्दछ ।

८. **तालिम खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को ३६ को उपनियम (५) मा सरकारी निकायवाट तालिम संचालन गर्नुपर्दा लागत अनुमान स्वीकृत गराउनुपर्ने व्यवस्था छ । अर्थ मन्त्रालयको वजेट कार्यान्वयन निर्देशिका, २०६८ वा सम्वन्धित कार्यालयको स्वीकृत नर्मस अनुसार तालिमको लागत अनुमान तयार गर्ने र यस्तो स्वीकृत कार्यक्रम अनुसार संचालित तालिम सम्पन्न भैसकेपछि कार्यक्रम अनुरुप कार्य सम्पन्न भए नभएको र त्यसमा खर्च गरिएकोमा मालसामानको विवरण तथा विल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष १७ अपराध अनुसन्धानसँग सम्बधित तालिम संचालन गरी ५४,५०,३२१.०० खर्च गरेको छ। नियमानुसार कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

९. **प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार तोकिएका कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ। कार्यालयको यो वर्ष ३१ तालिम संचालन गर्ने लक्ष्य रहेकोमा १० तालिम सम्पन्न भएको देखिएन । वार्षिक कार्यक्रम अनुसारका तालिम संचालन गरी प्रगति हासिल गर्नुपर्दछ ।

महानगरीय प्रहरी वृत, कमलपोखरी

१. **अख्तियारी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५४ को उपनियम २३ (३) अनुसार स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी आर्थिक वर्ष सुरु भएको १५ दिनभित्र पठाउनुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयको पूँजीगत तर्फ रु. १२,६१,०००।०० को खर्च गर्ने अख्तियारी २०७३।२।६ मा प्राप्त भएको छ । समयमा अख्तियारी पठाउने व्यवस्था हुनुपर्दछ।

२. **खरिद योजना :** सार्वजनिक निकायले वार्षिक दश लाख रुपैया भन्दा वढी रकमको खरिद गर्दा वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष वार्षिक खरिद योजना तयार नगरी पूँजीगत सुधार, सार्वजनिक निर्माण, मेशिनरी औजार खरिद, कार्यालय संचालन तथा मर्मतमा रु २४,४०,०००.०० खर्च गरेको पाइयो । नियमानुसार वार्षिक खरिद योजना तयार गर्नुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा मितव्ययी, कार्यदक्षता र प्रभावकारी दृष्टिकोणले आम्दानी, खर्च लेखामा विश्वस्त हुनुपर्ने उल्लेख छ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद योजना नबनाएको, खरिद इकाई गठन नगरेको, वार्षिक लक्ष्य प्रगति विवरण तयार नगरेको, जिन्सी सामानको मूल्य कायम गराई राखेको पाइएन । नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्थालाई मजवुत वनाउनुपर्दछ ।

४. **जनशक्ति :** प्रहरी नियमावली, २०७१ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार कार्यालयको जनशक्ति उचित तवरले व्यवस्थित हुनुपर्ने उल्लेख छ । कार्यालयमा विभिन्नस्तरका १३२ प्रहरी कर्मचारीको दरबन्दी रहेकोमा ६१ जनाको पदस्थापन भएको, अन्यत्र दरबन्दी रहेका प्रहरी इकाइबाट ६१ जनाको पूर्ति भई १० जना रिक्त रहेको पाइयो । यस बृतबाट ४६ जना काजमा गएको, ६ जना सरुवा भएर पनि रमाना नभएका, ४ जना सरुवा भई हाजिर हुन बाँकी रहनुले जनशक्तिको उचित व्यवस्थापन भएको पाइएन । दरबन्दी अनुसार जनशक्ति पूर्ति हुनुपर्दछ ।

५. **खर्च संरचना :** कार्यालयले समयमा अख्तियारी लिई स्वीकृत वार्षिक कार्ययोजना अनुसार समयवद्ध तवरले खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पूँजीगत खर्च रु. १३,८६,०००।०० मध्ये प्रथम चौमासिकमा ४ प्रतिशत र तृतीय चौमासिकमा ९६ प्रतिशत खर्च गरेको पाइयो । समयवद्ध तवरले खर्च गर्नुपर्दछ ।

६. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण प्रतिवेदनको कारवाही सम्बन्धमा उल्लेख छ । प्राप्त प्रतिवेदन अनुसार ८ प्रकारका सामानको मूल्य खुलाएको पाइएन । नियमानुसार प्रतिवेदन कार्यान्वयन हुनुपर्दछ ।

७. **लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(१) मा वार्षिक कार्यक्रम बनाउनुपर्ने र नियम २५(१) मा अनुसूचि–२ वमोजिमको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले पूँजीगत सुधार, सार्वजनिक निर्माण, मेशिनरी औजार खरिद कार्यमा रु १३,८६,०००.०० खर्च गरेको पाइयो । कार्यालयले वार्षिक कार्यक्रम एवं प्रगति विवरण तयार गरेको देखिएन । नियमानुसार लक्ष्य एवं प्रगति विवरण तयार गर्नुपर्दछ ।

८. **दायित्व सिर्जना :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) अनुसार चालु वर्षको वजेटले नखाम्ने गरी दायित्व सिर्जना गर्न नहुने तथा दिनुपर्ने भएमा तोकिएको ढाँचामा प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । कार्यालयले कच्चाबारी प्रमाणित नगराई गतवर्षको इन्धन खर्च रु.६६,९१२।०० भुक्तानी गरेको गरेको पाइयो । नियमानुसार खर्च गर्नुपर्दछ ।

महानगरीय प्रहरी वृत, सिंहदरबार

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा मितव्ययी, कार्यदक्षता र प्रभावकारी दृष्टिकोणले आम्दानी, खर्च लेखामा विश्वस्त हुनुपर्ने उल्लेख छ। कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद योजना नबनाएको, खरिद इकाई गठन नगरेको, वार्षिक लक्ष्य प्रगति विवरण तयार नगरेको, जिन्सी खाता अद्यावधिक नराखेको, जिन्सी सामानको मूल्य कायम गराई राखेको पाइएन । नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्थालाई मजवुत बनाउनुपर्दछ ।

२. **वढी ग्रेड :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त प्रमाण कागजात संलग्न गर्नुपर्ने तथा प्रहरी कितावखाना संचालन निर्देशिका वमोजिम प्रहरी कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गराएर तलव खर्च लेख्नुपर्ने उल्लेख छ । कार्यालयले ४ प्रहरी कर्मचारीको पारित तलवी प्रतिवेदन भन्दा रु.१२,३६४।०० वढी ग्रेड खर्च लेखेको पाइयो । पारित प्रतिवेदन अनुसार ग्रेड खर्च लेख्नुपर्दछ ।

३. **खर्च संरचना :** कार्यालयले समयमा अख्तियारी लिई स्वीकृत वार्षिक कार्ययोजना अनुसार समयवद्ध तरीकाले खर्च गर्नुपर्ने व्यवस्था छ । पूँजीगत वजेटतर्फको रु १४,३३,०००।०० तेस्रो चौमासिकमा खर्च भएको पाइयो । समयवद्ध तवरले खर्च गर्नुपर्दछ ।

४. **खरिद योजना :** सार्वजनिक निकायले वार्षिक दश लाख रुपैया भन्दा वढी रकमको खरिद गर्दा भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले वार्षिक खरिद योजना तयार नगरी यो वर्ष पूँजीगत सुधार, सार्वजनिक निर्माण, मेशिनरी औजार खरिद, मर्मत एवं कार्यालय संचालनमा रु. २७,३२,०००।०० खर्च गरेको पाइयो । नियमानुसार वार्षिक खरिद योजना तयार गर्नुपर्दछ ।

५. **अख्तियारी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५४ को उपनियम २३ (३) अनुसार स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी आर्थिक वर्ष सुरु भएको १५ दिनभित्र पठाउनुपर्ने व्यवस्था छ । यो वर्ष पूँजीगत खर्च तर्फ रु. १४,३३,०००।०० को अख्तियारी प्राप्त भएको मध्ये रु. १३,३३०००।० को अख्तियरी २०७३।२।६ मा प्राप्त भएको छ । समयमा अख्तियारी पठाउने व्यवस्था हुनुपर्दछ ।

६. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण प्रतिवेदनमा कारवाही सम्बन्धमा उल्लेख छ । प्राप्त विवरण अनुसार ५५ प्रकारका जिन्सी मालसामानमध्ये २ प्रकारका ४ थान बेसावुत रहेको उल्लेख भए तापनि मर्मत वा लिलाम गर्नुपर्ने भनी किटान गरेको पाइएन । त्यस्तै, ४० थान सामानको मूल्य नखुलेको, १६ थान सामानको अवस्था खुलेको देखिएन । नियमानुसार रीतपूर्वकको जिन्सी प्रतिवेदन लिई भएको व्यवस्था वमोजिम कारवाही गर्नुपर्दछ ।

मानव श्रोत विकास विभाग

१. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण प्रतिवेदनको कारवाही सम्बन्धमा उल्लेख छ । प्राप्त प्रतिवेदनमा मालसामानको सावुत र वेसावुत अवस्था छुट्याएको पाइयो । बेसावुत भित्र मर्मत गर्नुपर्ने, नष्ट गर्नुपर्ने तथा लिलाम गर्नुपर्ने खुलाएको देखिएन । रीतपूर्वकको प्रतिवेदन लिई भएको व्यवस्था वमोजिम जिन्सी अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा मितव्ययी, कार्यदक्षता र प्रभावकारी दृष्टिकोणले आम्दानी, खर्च लेखामा विश्वस्त हुनुपर्ने उल्लेख छ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद योजना नबनाएको, वार्षिक लक्ष्य प्रगति विवरण तयार नगरेको, जिन्सी खाता अद्यावधिक नराखेको, जिन्सी सामानको मूल्य कायम गराई राखेको पाइएन । नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्थालाई मजवुत वनाउनुपर्दछ ।

३. **तलव :** आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३६ अनुसार सरकारी रकम मितव्ययी ढंगबाट पर्याप्त पुष्ट्याई राखी खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले अन्यत्र कार्यालयमा पदाधिकार रहेका एक कर्मचारीको २०७२ असोज महिनाको तलव र चाडपर्व खर्च समेत जम्मा रु.३९,४२६।०० खर्च लेखको पाइयो । खर्चको पुष्ट्याई राखेर खर्च गर्नुपर्दछ ।

४. **पेश्की :** आर्थिक कार्यविधि नियममावली, २०६४ को नियम ७९ मा समयमा पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष एक सरकारी निकायलाई ३ पटक गरी पेश्की उपलब्ध गराएकोमा पहिलो पेश्की फछ्र्यौट नगरी पटक पटक गरी रु.१,१०,००,९५१।०० पेश्की दिएको पाइयो । नियमानुसार पेश्की दिई फछ्र्यौट गर्नुपर्दछ ।

५. **भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३६ अनुसार सरकारी रकम मितव्ययी ढंगबाट पर्याप्त पुष्ट्याई राखी खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले एक संस्थाको पेश्की रु.३०,६९५।०० फछ्र्यौट गर्दा रु.५,६९५।०० भरपाई स्रेस्तासाथ संलग्न रहेको देखिएन । पर्याप्त पुष्याई राखेर खर्च जनाउनुपर्दछ ।

६. **अग्रीम कर :** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार हलभाडामा १० प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ । एक संस्थाले लिएको पेश्की फछ्र्यौट गर्दा हलभाडा रु.४८,०३०।०० भुक्तानीमा अग्रीम कर रु.४,८०३।०० कट्टी गरेको देखिएन । अग्रीम कर असुल गरी संचित कोष दाखिला हुनुपर्दछ ।

७. **रवाना :** आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३६ अनुसार सरकारी रकम मितव्ययी ढंगबाट पर्याप्त पुष्ट्याई राखी खर्च गर्नुपर्ने व्यवस्था छ । एक प्रहरी कर्मचारीको रवानामा तलव भत्ता खाएको अवधि खाली राखेको पाइयो । रवानामा सुविधा लिएको अवधि किटान गर्नुपर्दछ ।

८. **काज :** आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३६ अनुसार सरकारी रकम मितव्ययी ढंगबाट पर्याप्त पुष्ट्याई राखी खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयबाट सरुवा तथा काजमा गएका र आएकाको विवरण राखेको पाइएन । यस्तो विववरण अद्यावधिक राख्नुपर्दछ ।

९. **खर्च संरचना :** कार्यालयले स्वीकृत वार्षिक कार्ययोजना अनुसार समयवद्ध तरीकाले खर्च गर्नुपर्ने व्यवस्था छ । पूँजीगत तर्फको कूल खर्च रु १४,९९,५३०।०० मध्ये दोस्रो चौमासिकमा ७ प्रतिशत तथा तेस्रो चौमासिकमा ९३ प्रतिशत खर्च भएको पाइयो । नियमानुसार समयवद्ध तवरले खर्च गर्नुपर्दछ ।

१०. **लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(१) मा वार्षिक कार्यक्रम वनाउनुपर्ने र नियम २५(१) मा अनुसूचि– २ वमोजिमको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पूँजीगत सुधार,

सार्वजनिक निर्माण, मेशिनरी औजार खरिद कार्यमा रु. १४,९९,५३०.०० खर्च गरेको पाइयो । वार्षिक कार्यक्रम एव प्रगति विवरण तयार गरेको देखिएन । अत: कार्यालयले लक्ष्य एव प्रगति विवरण तयार गर्नुपर्दछ ।

११. **खरिद योजना :** सार्वजनिक निकायले वार्षिक दश लाख रुपैया भन्दा वढी रकमको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष पूँजीगत सुधार, मेशिनरी औजार खरिद, मर्मत एवं कार्यालय संचालनमा रु. ४८,६४,५३०.०० खर्च गरेको पाइयो । नियमानुसार कार्यालयले वार्षिक खरिद योजना तयार गरेको देखिएन । वार्षिक खरिद योजना तयार गर्नुपर्दछ ।

१२. **अख्तियारी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५४ को उपनियम २३ (३) अनुसार स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी आर्थिक वर्ष सुरु भएको १५ दिनभित्र पठाउनु पर्ने व्यवस्था छ । यो वर्ष कार्यालयको पूँजीगततर्फको कूल अख्तियारी रु. १५,००,०००।०० मध्ये रु. ५,००,०००।०० को अख्तियारी २०७३।२।६ मा प्राप्त भएको देखियो । समयमा अख्तियारी पठाउने व्यवस्था हुनुपर्दछ ।

१३. **खरिद प्रक्रिया :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा ३ लाखभन्दा वढी लागत अनुमान भएको मालसामान खरिद गर्दा सिलबन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने र नियम ८५ मा एउटै विक्रेतावाट पटक पटक खरिद गर्नु नहुने व्यबस्था छ । कार्यालयले यो बर्ष ३ थान एयर कन्डिसनरसँग सम्बन्धित रु.४,४७,३४९।०० को सामान सोझै खरिद गरेको देखियो । नियमानुसार खरिद कार्य हुनुपर्दछ ।

१४. **रासन खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त पुष्ट्याई राख्नुपर्ने व्यवस्था छ । कार्यालयले नेपाल सरकारलाई आर्थिक भार नपर्ने गरी विदेश तालिममा रहेको अवस्थामा २ प्रहरी कर्मचारीको दिन ३४ को रु. १७५।०० का दरले हुने रु. ५,९५०।०० रासन खर्च लेखेको पाइयो । नपाउने रासन खर्च असुल हुनुपर्दछ ।

१५. **दरभाउपत्र :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को नियम ४ मा कम्तीमा तीन वटा दरभाउपत्र लिएर न्यूनतम मूल्य पेश गर्ने विक्रेताबाट सामान खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले एक आपूर्तकबाट पेश भएको दरभाउपत्रमा उल्लेखित मूल्यमा सामान दिने उल्लेख गरेकोमा थप मूअकर रु. १२,४५३।०० समावेश गरी खर्च गरेको पाइयो । थप गरेको मू.अ.कर असुल हुनुपर्दछ ।

१६. **बैठक भत्ता :** अर्थ मन्त्रालयको **कार्य** सन्चालन निर्देशिका, २०७० को परिच्छेद ७ को खर्चको मापदण्ड सम्बन्धी निर्णय तथा कार्यविधिमा बैठक भत्ता पाउने व्यवस्था छ । कार्यालयले यस्तो बैठक भत्ता खर्च लेख्दा एकै दिनमा १५ देखि ३० मिनेटको फरकमा ४ बैठक समेत राखी रु. ६६,५०००।०० भत्ता खर्च लेखेको पाइयो । सीमित समयमा वैठक सम्पन्न गरी पुन: वैठक बस्नुको औचित्य स्पष्ट हुनुपर्दछ ।

महानगरीय प्रहरी पहरा गण, सामाखुशी

१. **टुक्रे कार्य :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० मा खरिदलाई सोझै खरिद गर्ने प्रयोजनार्थ कामलाई टुक्रा पार्न नहुने उल्लेख छ । कार्यालयले पूँजीगत खर्च रु.१२,००,०००।०० लाई ६ कार्य गरेको जनाई २२ टुक्रामा कार्य गराई सोझै खरिद गरेको देखियो । खरिद कार्यलाई मितव्ययी बनाउनुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा मितव्ययी, कार्यदक्षता र प्रभावकारी दृष्टिकोणले आम्दानी, खर्च लेखामा विश्वस्त हुनुपर्ने उल्लेख छ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद योजना नबनाएको, खरिद इकाई गठन नगरेको जिन्सी सामानको मूल्य कायम गराई राखेको पाइएन । नियममा भएको व्यवस्था पालना गरी आन्तरिक नियन्त्रणलाई मजवुत बनाउनुपर्दछ ।

३. **औषधि उपचार :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त प्रमाण कागजात संलग्न गर्नुपर्ने तथा प्रहरी नियमावली, २०७१ अनुसार सेवामा रहदै लिएको औषधि उपचार खर्च कट्टी गरी बाँकी खर्च लेख्न सकिने उल्लेख छ । कार्यालयले औषधि उपचारको व्यविस्थत अभिलेख बेगर अवकाश प्राप्त १ प्रहरी कर्मचारीको पहिला लिएको औषधि उपचार खर्च रु.५०,८२०।०० कट्टि गरी रु.२५७,४६०।०० खर्च लेखेको पाइयो । औषधि उपचार खर्चको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

४. **रवाना :** आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३६ अनुसार सरकारी रकम मितव्ययी ढंगबाट पर्याप्त पुष्ट्याई राखी खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयबाट अन्यत्र सरुवा भई गएका एक प्रहरी कर्मचारीको रवाना पत्रको रासन महलमा मिति खाली राखी पठाइएको छ । उक्त रमाना पत्रमा २०७३ वैशाख सम्मको तलव रु.. १३७८०।०० तथा ग्रेड रु.७२०।०० लिएको उल्लेख भए तापनि कार्यालयले निजको २०७२ चैत्रसम्मको तलव भत्ता मात्र खर्च लेखेको पाइयो । रवाना र भुक्तानीमा एकरुपता हुनुपर्दछ ।

५. **अवधि :** आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३६ अनुसार सरकारी रकम मितव्ययी ढंगबाट पर्याप्त पुष्ट्याई राखी खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयमा सरुवा भई आएका एक कर्मचारीको रवानामा तलव भत्ता तथा रासन खाएको मिति खाली राखेको समेत पाइयो । निजको २०७३ वैशाखको तलवी भरपाइमा तलव स्केल १०८ दिनको रु.५२,०८८।०० ग्रेड रु.२४००।०० तथा महंगी भत्ता रु.३५५१।०४ तथा प्रहरी

कल्याण कोष १ महिनाको मात्र कट्टि भएको पाइयो । छुट तलव निकाल्दा खाली महिना एकीन गरी समानुपातिक रुपमा कल्याण कोषमा कट्टी हुनुपर्दछ ।

६. **पारिश्रमिक कर :** आय कर ऐन, २०५८ को दफा ८७ (१) अनुसार रोजगारदाताले रोजगारीबाट कर्मचारीले प्रत्येक बर्ष प्राप्त गरेको आयको गणना गर्दा अनुसूचि १ बमोजिमको दरले हुने कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले दुई कर्मचारीको पुर्नबाहाली भएको जनाई २०७१ देखिको एकमुष्ट तलव भत्ताको करयोग्य आय क्रमश: रु. ४८९,२८०।०० र रु. २१६,५१७।०० भएकोमा भुक्तानी गर्दा पारीश्रमिक कर रु. १५०,४९९।०० कट्टी गरेको पाइएन । उक्त रकम असुल हुनुपर्दछ ।

७. **खर्च संरचना :** कार्यालयले समयमा नै अख्तियारी लिई स्वीकृत वार्षिक कार्ययोजना अनुसार समयवद्ध तवरले खर्च गर्नुपर्दछ । कार्यालयले पूँजीगत खर्च रु. १२,००,०००।०० मध्ये प्रथम चौमासिकमा ३३ प्रतिशत, दोस्रो चौमासिकमा २ प्रतिशत र तेस्रो चौमासिकमा ६५ प्रतिशत खर्च गरेको छ । समयवद्ध हिसावले खर्च गर्नुपर्दछ ।

८. **खरिद योजना :** सार्वजनिक निकायले वार्षिक दश लाख रुपैंयाभन्दा वढी रकमको खरिद गर्दा वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले पूँजीगत सुधार, सार्वजनिक निर्माण, मेशिनरी औजार खरिद, मर्मत एवं कार्यालय संचालनमा २१,१०,०००।०० खर्च गरेको पाइयो । कार्यालयले नियमानुसार वार्षिक खरिद योजना तयार गरेको देखिएन । वार्षिक खरिद योजना तयार गर्नुपर्दछ ।

९. **कार्य स्वीकार प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले व्यारेक भवनको निर्माण कार्य सम्पन्न गरी रु ५,००,०००.०० खर्च गरेको पाइयो । उक्त कार्यको स्वीकार प्रतिवेदन लिएको देखिएन । कार्य स्वीकार प्रतिवेदन लिनुपर्दछ ।

१०. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण प्रतिवेदनमाथि कारवाही सम्बन्धमा उल्लेख छ । प्राप्त जिन्सी प्रतिवेदनमा सवारी साधनहरु मुल्य नखुलेको मालसामानको अवस्था नखुलेको, चालु हालतमा नरहेको, ५ प्रकारका १४८ थान लिलाम गर्नुपर्ने, ३ प्रकारका ५ थान मर्मत गर्नुपर्ने देखियो । कार्यालये नियमानुसार सदरस्याहा तथा लिलाम र मर्मत संभार एव मूल्य कायम गरी राखेको पाइएन । प्रतिवेदनको नियमानुसार कारवाही हुनुपर्दछ ।

महानगरीय सशस्त्र प्रहरी गण, महाराजगंज

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा मितव्ययी, कार्यदक्षता र प्रभावकारी दृष्टिकोणले गर्नुपर्ने उल्लेख छ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद योजना नबनाएको, जिन्सी खाता अद्यावधिक राखेको पाइएन । नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्थालाई मजवुत बनाउनुपर्दछ ।

२. **काज :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त प्रमाण कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सरुवा भई तथा काजमा जाने आउनेको अभिलेख व्यवस्थित गरेको पाइएन । सरुवा र काजमा आउने जानेको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

३. **घरजग्गाको लगत :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५४(१) मा प्रत्येक कार्यालय बसेको सरकारी घर जग्गा लगत तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । मन्त्रिपरिषद्को निर्णयानुसार प्राप्त १३ रोपनी ५ आना जग्गाको जग्गाधनी प्रमाणपूर्जा प्राप्त गरी भोगचलन गरेको देखिएन । जग्गा प्राप्त गरी भोगचलन गर्नुपर्दछ ।

४. **खर्च संरचना :** कार्यालयले समयमा नै अख्तियारी लिई स्वीकृत वार्षिक कार्ययोजना अनुसार समयवद्ध तवरले खर्च गर्नुपर्दछ । कार्यालयको कुल पूँजीगत खर्च रु.१६,५०,०००।०० मध्ये दोस्रो चौमासिकमा ५ प्रतिशत र तेस्रो चौमासिकमा ९५ प्रतिशत खर्च गरेको छ । समयवद्ध हिसावले खर्च गर्नुपर्दछ ।

५. **लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(१) मा वार्षिक कार्यक्रम वनाउनु पर्ने र नियम २५(१) मा अनुसूचि–२ वमोजिमको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले पूँजीगत सुधार, सार्वजनिक निर्माण, मेशिनरी औजार खरिद कार्यमा रु. १६,५०,०००.०० खर्च गरेको पाइयो । कार्यालयले वार्षिक लक्ष्य एवं प्रगति विवरण तयार गरेको देखिएन । लक्ष्य एवं प्रगति विवरण तयार गर्नुपर्दछ ।

६. **अख्तियारी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५४ को उपनियम २३ (३) अनुसार स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी आर्थिक वर्ष सुरु भएको १५ दिनभित्र पठाउनुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयको पूँजीगत तर्फको खर्च गर्ने अख्तियारी रु. १६,५०,०००।०० मध्ये रु. ३,००,०००।०० को अख्तियारी २०७३।३।२६ मा प्राप्त भएको पाइयो । समयमा अख्तियारी पठाउनुपर्दछ ।

७. **खरिद योजना :** सार्वजनिक निकायले वार्षिक दश लाख रुपैयाभन्दा वढीको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष पूँजीगत सुधार, सार्वजनिक निर्माण, मेशिनरी औजार खरिद, मर्मत संभार एवं कार्यालय संचालनमा रु २७,०४,०००.०० खर्च गरेको पाइयो । नियममा भएको व्यवस्था अनुसार वार्षिक खरिद योजना तयार गरेको देखिएन । वार्षिक खरिद योजना तयार गर्नुपर्दछ ।

८. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण प्रतिवेदनको कारवाही सम्बन्धमा उल्लेख छ । प्राप्त जिन्सी प्रतिवेदन अनुसार मालसामानको अवस्था नखुलेको, चालु हालतमा नरहेको, ६ प्रकारका ६५ थान सामान लिलाम गर्नुपर्ने तथा २ प्रकारका ३०१ थान नष्ट गर्नुपर्ने देखियो । नियमानुसार सदरस्याहा तथा लिलाम र मर्मत संभार गरेको पाइएन । उल्लिखित कार्य गराई जिन्सी स्रेस्ता अद्यावधिक राख्नुपर्दछ ।

महानगरीय सुरक्षा प्रहरी गण, सिंहदरबार

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा मितव्ययी, कार्यदक्षता र प्रभावकारी दृष्टिकोणले आम्दानी, खर्च लेखामा विश्वस्त हुनुपर्ने उल्लेख छ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद योजना नबनाएको, खरिद इकाई गठन नगरेको वार्षिक लक्ष्य प्रगति विवरण तयार नगरेको, जिन्सी खाता अद्यावधिक नराखेको, जिन्सी सामानको मूल्य कायम गराई राखेको पाइएन । प्रचलित नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्थालाई मजवुत वनाउनुपर्दछ ।

२. **वार्षिक प्रहरी प्रतिवेदन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९० र ९१ तथा सुशासन (संचालन तथा व्यवस्थापन) ऐन, २०६४ को दफा ४१ मा व्यवस्था अनुसार वार्षिक रुपमा सम्पादित कामको वार्षिक प्रहरी प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले वार्षिक प्रतिवेदन तयार गरेको पाइएन । नियमानुसार वार्षिक प्रतिवेदन तयार गर्नुपर्दछ ।

३. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण प्रतिवेदनको कारवाही सम्बन्धमा उल्लेख छ। प्राप्त जिन्सी प्रतिवेदन अनुसार सवारी साधनको मुल्य नखुलेको, साामानको अवस्था नखुलेको, चालु हालतमा नरहेको, ६ प्रकारका २७ थान मर्मत गर्नुपर्ने देखियो । नियमानुसार जिन्सी प्रतिवेदनको कारवाही गरेको पाइएन । जिन्सी प्रतिवेदनको व्यहोरा कार्यान्वयन हुनुपर्दछ ।

४. **खर्च संरचना :** कार्यालयले समयमा नै अख्तियारी लिई स्वीकृत वार्षिक कार्ययोजना अनुसार समयवद्ध तवरले खर्च गर्नुपर्ने व्यवस्था छ । पूँजीगत खर्च रु.४२५,०००।०० तेस्रो चौमासिकमा मा गरेको छ । समयवद्ध तवरले खर्च गर्नुपर्दछ ।

५. **लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० र २१ तथा अनुसूचि १(क) को ढांचामा वार्षिक कार्यक्रम र अनुसूचि २ को ढांचामा प्रगति प्रतिवेदन बनाउनुपर्ने व्यवस्था छ । कार्यालयले पूँजीगत खर्च शीर्षकमा रु.४,२५,०००।०० खर्च गरेको देखियो । वार्षिक लक्ष्य तथा कार्यक्रम प्राप्त गरी प्रतिवेदन तयार गरेको देखिएन । नियमानुसार वार्षिक प्रगति प्रतिवेदन तयार हुनुपर्दछ ।

६. **अख्तियारी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५४ को उपनियम २३(३) अनुसार स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी आर्थिक वर्ष सुरु भएको १५ दिनभित्र सम्वन्धित कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । यो वर्ष पूँजीगत तर्फको अख्तियारी रु. ४,२५,०००।०० खर्च मध्ये रु. २,७५,०००।०० को अख्तियारी २०७३।३।२१ प्राप्त भएको देखियो । तोकिएको समयमा अख्तियारी पठाउने व्यवस्था हुनुपर्दछ ।

महानगरीय प्रहरी वृत, जनसेवा

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा मितव्ययी, कार्यदक्षता र प्रभावकारी दृष्टिकोणले आम्दानी, खर्च लेखामा विश्वस्त हुनुपर्ने उल्लेख छ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद योजना नबनाएको, खरिद इकाई गठन नगरेको वार्षिक लक्ष्य प्रगति विवरण तयार नगरेको, जिन्सी खाता अद्यावधिक नराखेको,सवारी साधनको मूल्य कायम गराई राखेको पाइएन । नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्थालाई मजवुत बनाउनुपर्दछ ।

२. **घर जग्गाको लगत :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५४(१) मा प्रत्येक कार्यालयले कार्यालय वसेको सरकारी घर जग्गाको लगत राख्नुपर्ने, जग्गाधनी प्रमाणपूर्जा प्राप्त गर्नुपर्ने उल्लेख छ । प्राप्त विवरण अनुसार १६ आना जग्गा तथा कार्यालय भवन लगायतका संरचनाको लगत राखी जग्गाको स्वामित्व लिएको पाइएन । नियमानुसार लगत राखी जग्गाधनी पूर्जा लिनुपर्दछ ।

३. **मू.अ. कर :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा मासिक रुपमा मूल्य अभिवृद्धि कर भुक्तानीको विवरण सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दिनुपर्ने व्यवस्था छ । कार्यालयले एकमुष्ठ रुपमा करदाता सेवा कार्यालयलाई आपुर्तकको मू.अ.कर भुक्तानीको जानकारी पठाएको पाइयो । सम्बन्धित आपुर्तक दर्ता भएको आन्तरिक राजश्व कार्यालय मू.अ.कर भुक्तानीको जानकारी पठाउनुपर्दछ ।

४. **लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० र २१ तथा अनुसूचि १(क) को ढाँचामा वार्षिक कार्यक्रम र अनुसूचि २ को ढाँचामा प्रगति प्रतिवेदन बनाउनुपर्ने व्यवस्था छ । कार्यालयले वार्षिक लक्ष्य तथा कार्यक्रम प्राप्त नगरी पूँजीगत शीर्षकमा रु.१८,६२,०००।०० खर्च गरेको देखियो । वार्षिक लक्ष्य प्रगति विवरण तयार गर्नुपर्दछ ।

५. **खर्च संरचना :** कार्यालयले समयमा अख्तियारी लिई स्वीकृत वार्षिक कार्ययोजना अनुसार समयवद्ध तवरले खर्च गर्नुपर्ने व्यवस्था छ। कार्यालयले पूँजीगत खर्चतर्फ प्रथम चौमासिकमा ३ प्रतिशते, र तृतीय चौमासिकमा ९७ प्रतिशत खर्च गरेको पाइयो । समयवद्ध हिसावले खर्च गर्नुपर्दछ ।

महानगरीय प्रहरी वृत्त, बौद्ध

१. **खरिद व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २३ (२)मा आर्थिक वर्ष सुरु भएको १५ दिनभित्र कार्यक्रम र बजेट सहितको अख्तियारी दिनुपर्ने व्यवस्था छ । यो वर्ष ४ थान सिसिटिभि र स्पेयर्स पार्टस खरिद गर्न रु.१४,६२,०००।- प्राप्त भएकोमा दरभाउपत्रको प्रक्रियाबाट मु.अ.कर बाहेक रु.७९०६९७। खरिद गरी बाँकी को सोझै खरिद गरेको पाइयो । प्राप्त सिसिटिभी र सम्वन्धित स्येयर्स पार्टसको अख्तियारी दिने कार्यालयमा नै हस्तान्तरण गरेकोमा जडान भएको स्थान र कार्य मूल्यांकन भएको देखिएन । प्राविधिक मूल्यांकन सहित जडान भएको स्थान एकीन गर्नुपर्दछ ।

सशस्त्र प्रहरीबल महानगरीय सशस्त्र प्रहरी कार्यालय, बलम्वु

१. **वार्षिक कार्यक्रम :** आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम २० (२) मा कार्यालयलाई आगामी वर्ष चाहिने कार्यक्रम र बजेट अनुसूची -१ (क) को ढाँचामा तयार गर्नुपर्ने व्यवस्था छ। यो वर्ष रु.१,११,४७,५००।- बजेट निकासा भई रु.१,११,४७,५००।- खर्च भएको छ । यो वर्ष कार्यालयको पूँजीगत कार्यक्रमको वार्षिक कार्यक्रम बनाई स्वीकृत नहुँदा प्रत्येक चौमासिकमा गरिने कार्यक्रम तथा वजेट एकिन हुन नसकेको र असार महिनामा मात्र ७५,००,१३२।- (६८ प्रतिशत) रकम खर्च हुन गएको छ । कार्यालयले चौमासिक कामको वार्षिक कार्यक्रम बनाई स्वीकृत गर्नुपर्दछ ।

२. **वार्षिक प्रगति :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २५ मा कार्यालयले अनुसूची २ को ढांचामा चौमासिक प्रगती विवरण तयार गर्नुपर्ने व्यवस्था छ ।राष्ट्रिय योजना आयोगबाट स्वीकृत फाराममा वार्षिक कार्यक्रम बनाई कार्यक्रम सम्पन्न गरेपछि वार्षिक प्रगति विवरण राष्ट्रिय योजना आयोगबाट स्वीकृत ढांचामा तयार गर्नुपर्ने,प्रगति न्यून भएमा सोको समीक्षा गर्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले वार्षिक प्रगति विवरण तयार गरेको छैन । कार्यालयले गरेको कामको प्रगति मूल्याङ्कन हुन नसकेकोले अविलम्ब वार्षिक प्रगति विवरण तयार गरिनुपर्दछ ।

३. **खर्च संरचना :** स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रत्येक चौमासिकमा गरिने कार्यहरु र खर्चको सीमा निर्धारण गरी तोकिएको कार्यक्रम सम्पन्न गर्न खर्च गर्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले बाउण्ड्री वाल निर्माणमा असार महिनामा मात्र ७५,००,१३२।- अर्थात (६७.७२ प्रतिशत) खर्च गरेको छ। चौमासिक विभाजन अनुसार खर्च गर्नुपर्दछ ।

४. **बोलपत्र मूल्याङ्कन :** सार्वजनिक खरिद नियमावली, २०६३ को नियम २३ मा कार्यालयले माग गरेको बोलपत्र आह्वान बमोजिम दर्ता भएका बोलपत्र फारामहरुको मूल्याङ्कन गर्न मूल्याङ्कन समितिमा पेश गर्नुपर्ने र समितिले नियम पूर्वक दर्ता भएका बोलपत्रहरुलाई सारभुत रुपमा प्रमाणग्राही भए नभएको परीक्षणबाट सफल भएका फर्महरुलाई आर्थिक रुपमा प्रभावग्राही भए नभएको परीक्षण गर्दछ । यो वर्ष कपाउण्ड वाल निर्माण गर्न दर्ता भएका ४ बोलपत्र फर्महरु मध्ये तीन वटालाई, कार्य अनुभव पेश नभएको, तीनवर्षे आय विवरण पेश नभएको, जनशक्ति विवरण पेश नभएको, नोटरी पब्लिकको छाप नभएको मानी कानूनी रुपमा प्रभावग्राही नभएको भनी आर्थिक मूल्याङ्कनमा समावेश गर्न अमान्य ठहऱ्याएको पाइयो । ती फर्महरु कानूनी रुपमा प्रभावग्राही हुन अयोग्य भएतापनि पुनः आर्थिक मूल्याङ्कनमा समावेश गरिएको छ । उक्त फर्महरुको प्राप्त बोलपत्र स्वीकार गर्न नमिल्ने भएमा आर्थिक मूल्याङ्कनमा समावेश गरिनु पर्ने देखिदैन ।दर्ता भएका ३ वटा फर्महरु मूल्याङ्कनबाट हटाईदा वा अयोग्य ठहऱ्याउँदा नेपाल सरकारलाई रु डट,द्धघ,ज्ञछढ।द्दण सम्म बढी व्यय भार पर्न गएको छ ।

५. **आन्तरिक नियन्त्रण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा प्रत्येक विभागीय प्रमुखले आफू र अन्तर्गतका निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगवाट सम्पादन गर्न आफ्नो कार्य प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । कार्यालयको लेखाको कर्मचारीबाटै भण्डार व्यबस्थापन भएको देखियो । जिन्सी प्रतिबेदनमा उल्लेख भए अनुसार लिलाम बिक्रि गर्नु पर्ने मालसामान ६ महिना भित्र र मर्मत संभार गर्नु पर्ने सामान ३ महिना भित्र नगरेकोले आन्तरीक नियन्त्रण व्यवस्थालाई मजवुत वनाउन कार्यालयको ध्यान जान जरुरी देखियो ।

राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ५०(३) अनुसार कार्यालयबाट जिन्सी निरीक्षणको प्रतिवेदन मर्मत गर्नुपर्ने र मर्मत हुन नसक्ने व्यहोरा मात्र खुलाएको र मर्मत गर्नू पर्ने सामानहरु समेत भएकोमा मर्मत संभारको कारवाही गर्ने तथा मर्मत हुन नसक्ने जिन्सी सामान लिलाम बिक्री नगरेकोले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी वनाई कार्यान्वयन गर्नुपर्दछ ।

२. **कार्यक्रम संचालन** : सशस्त्र प्रहरीवलमा कार्यरत कर्मचारीहरुलाई शान्ति सुव्यवस्था र सुरक्षा सम्वन्धि आधुनिक प्रविधि मैत्री बनाउन एवम् कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न सिनियर कर्मचारी अधिकृतहरुलाई आधारभूत तथा उन्नत तालिम सञ्चालन गर्ने उद्देश्यका साथ प्रशिक्षण प्रतिष्ठान स्थापना भएकोमा उद्देश्य अनुरुप कार्य भएको छैन ।

सशस्त्र प्रहरी बल बाघभैरब गुल्म, कान्तिपथ

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यबिधी नियमावली, २०६४ को नियम ५०(३) अनुसार कार्यालयबाट जिन्सी निरीक्षणको प्रतिवेदनमा मर्मत गर्नुपर्ने र मर्मत हुन नसक्ने व्यहोरा मात्र खुलाएको र मर्मत गर्नू पर्ने सामानहरु समेत भएकोमा मर्मत संभारको कारवाही गर्ने तथा मर्मत हुन नसक्ने जिन्सी सामान लिलाम बिक्री नगरेकोले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी वनाई कार्यान्वयन गर्नुपर्दछ ।

२. **धरौटी :** आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम ६६(३) मा धरौटी रकम फिर्ता पाउने व्यक्तिले प्रचलित कानूनले तोकेको म्यादभित्र धरौटी रकम फिर्ता लिन नआएमा नियम ६७ बमोजिम कार्यविधि अपनाई राजस्वमा आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । गुल्मले पेश गरेको धरौटीको आर्थिक विवरणमा गत विगत वर्षको धरौटी रु ७९८४६।४१ मौज्दात रहेको छ ।सो रकम नियम ६७ बमोजिमका कार्यविधि पुरागरी राजस्वमा आम्दानी बाँधी धरौटी रकम फरफारक गर्नुपर्दछ ।

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान

१. **लक्ष्य प्रगति :** यो वर्ष प्रतिष्ठानको पूँजीगत सुधारमा २ अरब २१ करोड ५९ लाख ९५ हजारको कार्यक्रम स्वीकृत भएकोमा भवन निर्माण तर्फ ०.४२ प्रतिशत र अन्य कार्यक्रममा शत प्रतिशत प्रगति भएको प्रगति प्रतिवेदन पेश भएको छ । छिमेकी राष्ट्रको सहयोगमा काभ्रेपलाञ्चोकको पनौतिमा प्रतिष्ठान स्थानान्तरण गर्न भवन निर्माणको बजेट स्वीकृत भएपनि जग्गा अधिग्रहणको कार्य सम्पन्न नभई कार्य अघि बढेको छैन । भवन निर्माणको भार ९९.६३ प्रतिशत देखिएकाले समग्र प्रगति ०.७९ प्रतिशत मात्र भएको छ ।

२. **अख्तियारी तथा वजेट खर्च :** पूँजीगत तर्फ शुरु अख्तियारी २०७२।५।१० मा रु २३१४८४५०००।- दिएकोमा थप घट भई २ अरब २१ करोड ५९ लाख ९५ हजार कायम भएको छ । कार्यक्रम अनुसार समयमै अख्तियारी प्राप्त नहुँदा खरिद योजना बनाउने तथा प्रतिस्पर्धात्मक खरिद प्रक्रिया सञ्चालन गर्न कठिनाई हुने देखिएको र चौमासिकगत खर्च समेत कार्यक्रम अनुसार नभएको देखिन्छ । भवन निर्माणमा काभ्रेपलाञ्चोक पनौतिमा छिमेकी राष्ट्रको सहयोगमा प्रतिष्ठानको निर्माणको लागि २ अरब २० करोड ७८ लाख ४५ हजार बजेट व्यवस्था भएपनि यो वर्ष पनि कार्य सुरु हुन सकेको छैन ।

प्रतिष्ठानले तेस्रो चौमासिक अवधिमा ५७.०९ प्रतिशत र आषाढ महिनामा मात्र ४३ प्रतिशत खर्च गरेको छ । आर्थिक वर्षको अन्त्यमा मात्र खर्च गर्ने प्रक्रियालाई निरुत्साहित गर्नु पर्दछ ।

३. **लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार २५ हजार भन्दा बढी रकमको खरिद गर्न लागत अनुमान तयार गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८५ (४) बमोजिम २५ हजार भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचिमा रहेका कम्तीमा ३ वटा आपूर्तिकर्ता निर्माण व्यवसायी परामर्शदाता वा सेवा प्रदायकबाट लिखित दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने र नियम ८५ १ (ख) मा एक आर्थिक वर्षमा सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नसकिने उल्लेख छ । प्रतिष्ठानले ३ लाखसम्मको मालसामान, सार्वजनिक निर्माण पूँजिगत सुधारका कार्य गर्न लागत अनुमान बनाउने नगरेको, मौजुदा सूचिमा सूचिकृत भएको व्यहोरा सुनिश्चित गर्ने नगरेको र एक फर्मबाट एक पटक वा सोझै खरिदको सीमा भित्र खरीद गर्ने कार्यको पालना भएको देखिएन । यो वर्ष सार्वजनिक निर्माणमा रु.१५ लाख पूँजीगत सुधारमा रु.१५ लाख , मेशिनरी औजार रु २८ लाख ५० हजार र फर्निचर तथा फिक्चर्समा रु २१ लाख निकासा तथा खर्च भएकोमा प्रतिस्पर्धात्मक खरिद प्रक्रिया अवलम्बन गरेको पाइएन। नियमले तोके अनुसारको प्रक्रिया अवलम्वन हुनु पर्दछ ।

४. **तालिम :** कर्मचारी तालिम शीर्षकमा यो वर्ष रु ७ करोड ५१ लाख ३७ हजार अख्तियारी प्राप्त भएकोमा रु. ७ करोड ५१ लाख ३७ हजार नै निकाशा तथा खर्च भएको देखिन्छ । तालिम शीर्षकमा रु.१९,६१,१९२। जुनियर प्रहरी अधिकृत शिक्षालय भरतपुरलाई भुक्तानी गर्न बाँकी बजेट जनाई आगामी वर्षलाई दायित्व सिर्जना गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन् ।

- प्रतिष्ठानको २०७२।७३ को २०७३।३।१३ मा प्राप्त संसोधित कार्यक्रम अनुसार स्वीकृत वार्षिक तालिम क्यालेन्डर अनुसारका तालिम सञ्चालन गर्न रु.८ करोड ६ लाख ५७ हजार स्वीकृत भएको छ । तालिम क्यालेन्डर प्रहरी महानिरिक्षक ज्यूबाट मिति २०७२।२।२४ मा स्वीकृत भएपनि तालिमको लागि बजेट वाँडफाँड गरेको देखिएन । त्यस्तै स्वीकृत तालिम क्यालेण्डर अनुसार ७४१ तालिम समुह सञ्चालनको लागी तोकिएको ढाँचामा रकम छुट्याई कार्यक्रम स्वीकृत नभएकोले स्वीकृत बजेट सीमा भित्र तालिम कार्यक्रम सञ्चालन भए नभएको एकीन नहुने अवस्था देखियो ।

- यो वर्ष विभिन्न तालिम सञ्चालन गर्ने क्यालेण्डर स्वीकृत भएपनि के कति कार्यक्रम सम्पन्न भयो प्रगति विवरण लेखापरीक्षणमा पेश भएन भने यस वर्ष सञ्चालित तालिम कार्यक्रमको तालिमको विषय अनुसार तालिम प्रतिवेदन समेत तयार गरेको पाइएन ।

५. **खर्च प्रक्रिया :** स्वीकृत तालिम क्यालेण्डर अनुसार १०२ तालिम विभिन्न निकायबाट संचालन हुने उल्लेख छ । जुनियर प्रहरी अधिकृत शिक्षालय भरतपुर, लगायत ५ क्षेत्रिय प्रहरी तालिम केन्दवाट संचालन गरिने कार्यक्रमको सम्वन्धित निकायमा वजेट खर्चगर्ने अख्तियारी नपठाई खर्च सोधभर्ना तथा पेश्की दिने गरेको पाइयो । आर्थिक कारोवार हुने निकायमा वजेट तथा खर्च गर्ने अख्तियारी नपठाउदा प्रतिष्टानलाई कार्यवोझ वढेको ,तालिम कार्यक्रम संचालन गर्न कठिनाई हुने र भुक्तानीका लागि विल भरपाई समेत अध्यावधिक नहुने भएकोले केन्द्रीकृत भुक्तानी प्रकृयामा सुधार गरी वजेट खर्चको अख्तियारी पठाउनु उपयुक्त हुने देखिन्छ ।

६. **तालिम प्रतिवेदन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च सम्वन्धी कार्यविधि तोकिएको छ । नियम ३६ (५) विपरित प्रतिष्ठानले यसवर्ष कर्मचारी तालिम शिर्षकमा रु ७ करोड ५१ लाख ३७ हजार खर्च लेखेको छ । विभिन्न विषयमा विभिन्न समुहका आधारभूत उन्नत र अनुशिक्षण तालिम कार्यक्रम संचालन गर्दा प्रत्येक समुहका लागी स्टेशनरी, प्रशिक्षर्थी भत्ता,प्रशिक्षण भत्ता,कार्यपत्र चाहिनेमा सोको लागत ,आतेजाते दैनिक भ्रमण भत्ता,खाजा खाना इन्धन खर्च भैपरी खर्च आदीको स्वीकृत नर्म्सको आधारमा लागत अनुमान गरी तालिम प्रस्तावना स्वीकृत नगराएको र तालिम प्रतिवेदन वेगर खर्च लेखेको देखिन्छ । तालिम क्यालेण्डर अनुसार प्रत्येक तालिमको नर्मश अनुसार खर्चको लागत अनुमान स्वीकृत नगरेकोले सहभागीहरुको खर्च, स्टेशनरी प्रशिक्षक भत्ता लगायतको खर्च भिडान गर्ने आधार भएन । नियमले तोके बमोजिम प्रक्रिया अवलम्बन गरी खर्च गर्ने र तालिम संपन्न पश्चात तालिम प्रतिवेदन तयार गरिनु पर्दछ ।

७. **तालिम खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्चसम्बन्धी कार्यविधि उल्लेख छ । सरकारी निकायबाट तालिम सञ्चालन गर्दा लागतअनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने, कार्यक्रम सञ्चालन भएअनुरुप खर्च गरिएका मालसामानको बिल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्दछ । राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानले यो वर्ष लागत अनुमान तथा तालिम कार्यक्रम समेत नखुलाई ९ फर्मवाट ९२ पटक सोझै खरिद गरी तालिम सामग्रीमा रु १ करोड ८९ लाख ७४ हजार खर्च लेखेको छ । एउटै आपूर्तकबाट पटक पटक सोझै खरिद गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।

८. **खर्च प्रक्रिया :** आर्थिक वर्षको अन्त्यमा तालिम सामाग्री खरीद गरी कर्मचारी तालिम शीर्षकमा खर्च जनाएको छ । खरीद सामग्रीहरु जिन्सी खातामा खरीदकै अवस्थामा खर्च जनाएको , जिन्सी खाता प्रमाणित नभएको , खर्च लेख्दा माग फाराम स्वीकृत नगराई खर्च जनाएकोले खर्च रीत पूर्वक देखिएन । आर्थिक वर्षको अन्त्यमा खरीद गरी खर्च लेखेको रकम सम्वन्धमा तराईमा असहज परिस्थितीको कारण तालिम सर्दै ज्येष्ठ आषाढ महिनामा २८ विभिन्न तालिम संचालन भएकोले वढी खर्च हुन गएको जवाफ प्राप्त भएको छ । खरिद सामाग्री खर्चको प्रकृति र जवाफ मिल्ने देखिएन ।

९. **सञ्चार महसुल :** खर्च शीर्षक सञ्चार महसुलबाट अप्टिकल फाइबर विच्छ्याइएको तथा एन्टी भाइरस खर्च रु.७५५१८२/ सञ्चार महसुलमा खर्च जनाएको पाइयो । खर्च संकेत तथा वर्गीकरण अनुसार सञ्चार महसुलमा विभिन्न सञ्चार महशुल वेवसाइट वापतको खर्च र अन्य सञ्चार सम्वन्धी महशुल खर्च लेख्नु पर्नेमा स्वीकृत कार्यक्रम ,लागत अनुमान तथा कार्य संपन्न प्रतिवेदन वेगर आर्थिक वर्षको अन्त्यमा पटक पटक खरीद गरी सञ्चार महशुलमा खर्च लेखिएको सम्वन्धमा भर्चुअल क्लास संचालन गर्न अति आवश्यक भै खरिद गरेको र श्रावण ५वाट कार्य शुभारम्भ भएको जवाफ प्राप्त भएको छ । खर्च नियम संगत देखिएन ।

१०. **आन्तरिक नियन्त्रण प्रणाली :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० (२) अनुसारको विवरण खुलाई जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने जिन्सी निरीक्षण फाराम मात्र तयार गरेकोले जिन्सीको वास्तविक अवस्था एकिन हुन नसकेको, खर्च भएको सवै रसिद विल भरपाईमा सिलसिलेवार नम्वर राखि पंजिका नवनाएको ,जिन्सी सामान खर्च जनाउदा माग फाराम स्वीकृत गरी खर्च जनाउनु पर्नेमा खरिदको अवस्थामा नै एकमुष्ठ खर्च लेखेको, जिन्सी खाता प्रमाणित नगरेको, वार्षिक खरिद योजना तयार गरे पनि प्रतिस्पर्धात्मक खरिद प्रक्रिया अवलम्वन नगरेको, विभिन्न निकायवाट तालिम संचालन भई भुक्तानीका लागी प्राप्त विल भरपाईको छुट्टै फाइल राखेकोमा सिलसिलेवर नम्वर राखि क्रस रिफरेन्स नराखेको, नियम ९० अनुसारको आर्थिक कारोवारको प्रतिवेदन अनुसूचि १४ र नियम ९१ अनुसारको वार्षिक कार्य सम्पादन प्रतिवेदन तोकिएको ढाँचामा पेश नभएको जस्ता अवस्था देखिएकोले ऐन नियमले तोकेको व्यवस्था एवंम् प्रकृयाको अवलम्वन गरी आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनु पर्दछ ।

११. **पेश्की** आर्थिक कार्यबिधि नियमाबली, २०६४ को परिच्छेद ९ मा पेश्की दिने र पेश्की फछ्र्योट सम्बन्धि व्यबस्था उल्लेख छ । पेश्की रकम तोकिएको म्यादभित्र उल्लेखित कार्यबिधि अपनाई फछ्र्योट गराउनुपर्ने

पेश्की लिने दिने दुबैथरीको कर्तव्य हुने उल्लेख छ। त्यस्तै मालसामान खरिद गर्दा सोझै सम्बन्धित बिक्रेतालाई रकम भुक्तानी दिनु पर्ने व्यबस्था छ । कार्यालयले यो बर्ष रु.४९०२९५३।०० पेश्की खर्च लेखी रु.४४६०९५३।०० पेश्की फछ्र्योट गरी रु.४४२०००।०० पेश्की बाकी राखेको मा मिति २०७३।८।२२ मा फछ्र्यौट गरेको प्रमाण पेश गरेको छ। पेश्की लिएको र फछ्र्योट गरेको समय निकै बढी रहेको देखिएकोले नियमले तोकेको समयमै फछ्र्योट गर्ने गराउनेतर्फ कार्यालयको पहल हुनु पर्दछ।

केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला

१. **आन्तरिक नियन्त्रण प्रणाली :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(२)अनुसारको विवरण खुलाई जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्नेमा जिन्सी निरीक्षण फाराम मात्र तयार गरेकोले जिन्सीको वास्तविक अवस्था एकिन हुन नसकेको, सार्वजनिक खरीद ऐन २०६३ को दफा ७(३) अनुसार खरिद इकाई गठन तथा नियमावली २०६४ को नियम ८ अनुसार वार्षिक खरिद योजना तयार नगरेको, विगतमा संस्थावाट प्राप्त सहयोग मेशिनरी औजार, डिएनए म्यापिङ मेशिन,क्यामेरा एसी लगायत सामानको मुल्य नखुलेको जस्ता अवस्था देखिएकोले ऐन नियमले तोकेको व्यवस्था एवंम् प्रकृयाको अवलम्वन गरी आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनुपर्दछ।

महानगरीय दंगा नियन्त्रण प्रहरी गण

१. **कार्यालय व्यबस्थापन:** प्राप्त प्रतिवेदन अनुसार बिनाशकारी भूकम्पको क्षतिबाट गणले प्रयोग पुरानो धर्मशाला असुरक्षित भई १८ थान टेण्टमा गणमा कार्यरत कर्मचारी बस्ने गरेको पाइयो। कूल दरबन्दी अनुसार कार्यालय तथा ब्यारेक भवन तथा शौचालय, परेड ग्राउण्ड, सिनियर प्रहरी अधिकृतहरुको निबास भबन जस्ता पूर्वाधारमा तालुक कार्यालयबाट आबश्यक व्यवस्थापन हुनपर्दछ।

२. **राशन खर्च :** राशन खर्च लेख्दा कार्यालयले प्रशासन शाखाबाट दरबन्दि र काजमा रहेका प्रहरी कर्मचारीहरुको बिबरण प्रमाणित गराई नियमानुसार पाउने राशन खर्च लेख्नु पर्ने व्यवस्था छ। राशन खर्च रकम सम्बन्धित कर्मचारीलाई भुक्तानी गरी भर्पाई गराउने वा सम्बन्धित प्रहरी कर्मचारीहरुको बैंक खातामा रकम जम्मा गरिदिनु पर्नेमा केही रकम मेसमा बुझाएको आंशिक रकमको भरपाई र केही रकम सम्वन्धित कर्मचारीको वैक खातामा पठाएको देखियो। मेशमा पठाएको रकम सम्बन्धित प्रहरी कर्मचारीले पाएको भनी बिश्वस्त हुन सक्ने नभएकोले मेसमा गएको रकम समेत सम्वन्धित कर्मचारीलाई भरपाई गराई मेसको हिसाब आन्तरिक रुपमा राख्नुपर्दछ।

३. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। सार्बजनिक खरिद ऐन,२०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले २५ हजार रुपैयाभन्दा बढीको खरिद गर्दा लागत अनुमान तयार गर्ने चल्ती मेसिन र सवारी साधन मर्मत गर्दा म.ले.प.फा. नं. २ मा अभिलेख राख्ने, जिन्सि निरीक्षण प्रतिबेदनमा तोकिए वमोजिम मर्मत संभार,लिलाम बिक्री मिन्हा गरी जिन्सि अद्याबधिक नभएको जस्ता अवस्था देखिएकोले ऐन नियमले तोकेको व्यवस्था एवंम् प्रकृयाको अवलम्वन गरी आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनु पर्दछ ।

४. **आन्तरिक कोष :** वार्षिक प्रतिवेदन २०७२।७३मा कल्याणकारी कोष मौज्दात रु २९४४९६। रहेको उल्लेख छ। उक्त रकम के कुन स्रोतबाट आय भई मौज्दात रहेको हो नखुलेको साथै आय व्यय तयार गरी लेखापरीक्षणमा पेश भएको छैन। यस सम्वन्धमा छलफलको क्रममा केन्द्रबाट निकासा नभएको र आन्तरिक स्रोतवाट आय गरी संचालन समितिले निर्णय गरी खर्च भएको जवाफ प्राप्त भएको छ।

नेपाल ए.पि.एफ. अस्पताल

१. **लक्ष्य प्रगति :** यो वर्ष भवन निर्माण, फर्निचर खरिद, मेशिनरी औजार, सार्वजनिक निर्माण र पूँजिगत सुधारमा रु ३ करोड ४८ लाख ३८ हजार खर्च गरी लक्ष्य अनुसार शतप्रतिशत प्रगति हासिल गरेको प्रगति प्रतिवेदन तयार गरेको छ। भवन निर्माण तर्फ रेडियोलोजी तथा आई.सि.यु भवनमा थप निर्माण, मल्टी स्टोरी व्यारेकमा तला थप, ल्याव ,३००युजर सेप्टी टेंक, प्रतिक्षालय छाना, वेटिगं हल निर्माण गरेको उल्लेख छ। स्वीकृत कार्यक्रममा २०७१।७२ को ठेक्का सम्झौता अनुसार ओ.पी.डी.व्लक निर्माणको निर्माणाधीन कार्य संपन्न गर्ने उल्लेख भएकोमा कार्यक्रम संशोधन नगरी उल्लेखित काम गरेको देखियो। साथै ठेक्का सम्झौता भएको क्रमागत ठेक्का समेत देखिएन।

२. **अस्पताल सञ्चालन कार्यविधि :** नेपाल ए.पि.एफ. अस्पताल स्थापनाको १० वर्ष वितिसक्दा पनि अस्पताल सञ्चालन सम्वन्धि निर्देशिका/कार्यविधि तयार गरेको देखिएन। आधारभूत तथा गुणस्तरीय विशेषज्ञ सेवा प्रदान गर्न अस्पताल सञ्चालन सम्बन्धमा निश्चित मापदण्ड एवम् प्रक्रिया निर्धारण नहुँदा अस्पतालबाट प्रवाह हुने सेवा सुविधाको गुणस्तरमा आश्वस्तता हुने अवस्था छैन। यस सम्वन्धमा छलफलको क्रममा अस्पताल सञ्चालन कार्यविधि बनाउने प्रयास भईरहेको जवाफ प्राप्त भएको छ।

३.	**अख्तियारी :** पूँजीगत तर्फ शुरु अख्तियारी २०७२।४। १८ मा रु ३८०००।- दिएकोमा ४ पटक थप गरी रु.३ करोड ४८ लाख ३८ हजार पुगेको छ। नियमले तोके अनुसार एकमुष्ठ कार्यक्रम अनुसार अख्तियारी प्राप्त नहुँदा खरीद योजना बनाउने तथा प्रतिस्पर्धात्मक खरीद प्रक्रिया सञ्चालन गर्न कठिनाई हुने देखिएको र चौमासिक गत खर्च समेत कार्यक्रम अनुसार नभएको देखिन्छ। तेस्रो चौमासिक अवधिमा ६७.२१ प्रतिशत र आषाढ महिनामा मात्र ४०.७९ प्रतिशत खर्च गरेको छ। आर्थिक वर्षको अन्त्यमा मात्र खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नु पर्दछ।

४.	**भवन निर्माण :** भवन निर्माण शीर्षकमा २०७१।७२ मा भएको ठेक्का सम्झौता अनुसार निर्माणाधिन ओ.पि.डि. व्लक निर्माण कार्य सम्पन्न गर्न भनी रु.१ करोड बजेट स्वीकृत भएको छ। अस्पतालले स्वीकृत कार्यक्रमभन्दा फरक कार्य मल्टी स्टोरी व्यारेकमा तला थप, ल्याव ,सेप्टी टेंक तथा सोकपीट आईसियु भवनमा विविध काम, प्रतिक्षालयमा छाना छाउने,वेटिगं हल निर्माणमा रु.१ करोड नै खर्च गरेको छ। स्वीकृति कार्यक्रम र खर्च बीच समन्वय देखिएन भने ओ.पि.डि. ब्लकको ठेक्का क्रमागत भएकोमा भुक्तानी भएको देखिएन।

५.	**भुक्तानी स्थितिः** मल्टी स्टोरी व्यारेकको दोस्रो तथा अन्तिम विल सम्म रु.४१९११४१।२२ नापी मूल्याङ्कन गरेको भएपनि रु.४०१७१७४.५८ भुक्तानी गरेको छ। लेखापरीक्षण क्रममा २०७३।०८।२२ गते भवन निरीक्षण गर्दा भवनको झ्याल तथा ढोका जडान नगरेको, विद्युत वायरिङगको काम अधुरो रहेको भऱ्याङ्ग र प्यासेजको काम समेत अधुरो रहेको पाइयो। भुक्तानी गरेको पाँच महिना वितिसक्दा पनि निर्माण कार्य सम्पन्न भएको छैन। यसरी निर्माण कार्य सम्पन्न नगरी भुक्तानी दिएको पाइएकोले यसमा संलग्न पदाधिकारी उपर कारवाही गरी कार्य सम्पन्न गर्नुपर्ने,उक्त कार्यको लागत अनुमानको दर र परिमाण, अद्यावधिक भएको कामको परिमाण र मूल्य एउटै उल्लेख गरी कार्यसंपन्न प्रतिवेदन तयार गरेकोले लागत अनुमान भन्दा २३ प्रतिशत घटी कवोल अंक भएको उक्त कार्यको यथार्थता स्पष्ट गर्नुपर्दछ। उक्त कार्यको दोस्रो तथा अन्तिम विलको रु २४२८९३८।- नापी मुल्यांकन भए पनि रु २२५४९७१।- मात्र भूक्तानी गरेको छ। भुक्तानी गर्न वाकी रु १७३९६७।- म.ले.प.फा.नं.१८ मा दायित्व सिर्जना गरेको छैन। यसले गर्दा कारोवार विश्वसनिय देखिएन।

६.	**खरिद प्रक्रिया :** सार्वजनिक खरीद ऐन २०६३ को दफा ८ को (२)मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। कार्यालयले आईसियु भवनको निर्माण कार्यको ३ वटा लागत अनुमान तयार गरी दरभाउ पत्रको माध्यमबाट कार्य गरेको छ। एउटै कार्यको टुक्रा टुक्रा लागत अनुमान तयार गरी लागत रकमको ०.२९ प्रतिशत घटीमा सम्झौता गरी रु ४९८९९३६.६१ खर्च लेखेको छ। एउटै कामको विम र फल्स सिलिङ्ग एउटा , आर. सि. सि. स्लाव निर्माण अर्को र एल्मुनियम पार्टिशन र फिनिसिङ्गको छुट्टै लागत अनुमान तयार गरी सिलवन्दी दरभाउ पत्रवाट एक संयुक्त उपक्रमसँग ३ महिना भित्र कार्य संपन्न गर्ने गरी २०७२।८।३मा सम्झौता भए पनि एल्मुनियम पार्टिशन र फिनिसिङ्ग कार्यको भुक्तानी २०७३।३।२२ मा गरेको देखिएको छ । उक्त सवै कार्य २०७२।११।३ मा कार्य सम्पन्न भएको उल्लेख छ। २०७३।८।२२मा स्थलगत निरीक्षण गर्दा आइ.सि.यु. कक्षको पार्टीसन कार्य भैरहेको, नर्सिङ्ग स्टेशन र सेनीटरीका कार्यहरु अधुरो अवस्थामा रहेको छ। एउटै भवनको एकमुष्ठ डिजाइन तथा लागत अनुमान तयार गरी क्रमशः कार्य नगर्दा कुन काम कहिले र कसले गरेको हो एकिन समेत नहुने स्थिति रहेको देखिन्छ।उक्त भवनको हालको स्थिति पनि अधुरो रहेको भऱ्याङमा रेलिङ नभएको सेनिटरीका कार्य अधरो रहेको र आल्मुनियम पार्टिशनको काम पनि वाकी रहेको छ। पर्याप्त समय हुँदाकै अवस्थामा २०७२।०६।११ मा ३ टुक्रा गरी सिलवन्दी दरभाउपत्रवाट भएको खर्चको प्रभावकारीता देखिएन।

७.	**लागत अनुमान :** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५ अनुसार २५ हजार भन्दा बढी रकमको खरीद गर्न तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। अस्पतालले सिलवन्दी दरभाउपत्र र बोलपत्रबाट खरीद गर्न लागत अनुमान तयार गरे पनि सोझै खरीदको लागत अनुमान बनाउने गरेको पाइएन। त्यस्तै सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ८५ (४) बमोजिम २५ हजार भन्दा बढी रकमको सोझै खरीद गर्दा मौजुदा सूचिमा रहेका कम्तिमा ३ वटा आपूर्तिकर्ता निर्माण व्यवसायी परामर्शदाता वा सेवा प्रदायकबाट लिखित दरभाउ पत्र वा प्रस्ताव माग गरी खरीद गर्नुपर्ने र नियम ८५ १ (ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको वा एउटै व्यक्ति फर्म कम्पनी वा संस्थाबाट एक पटक भन्दा वढी सोझै खरीद गर्न सकिने छैन भन्ने उल्लेख छ। अस्पतालले ३ लाख सम्मको माल सामान सार्वजनिक निर्माण पूँजिगत सुधारका कार्य गर्न लागत अनुमान बनाउने मौजुदा सूचिमा सूचिकृत भएको व्यहोरा सुनिश्चित नगरी सार्वजनिक निर्माणमा रु.१५ लाख र पूँजीगत सुधारमा रु.८ लाख खर्च गरेको छ नियमले तोके अनुसारको प्रक्रिया अवलम्वन हुनु पर्दछ।

८.	**औषधि खरिद :** अस्पतालको लागि यो वर्ष औषधी खरीद शीर्षकमा शुरुमा रु २ करोड विनियोजन भएकोमा रु ४,३५,७०,०००।- थप भई रु.६,३५,७०,०००।-(२१७ प्रतिशत थप) निकासा तथा खर्च भएको छ। औषधि खरिदको लागि २४ समूहको जम्मा रु.५,८३,८१,८५९।- को लागत अनुमान स्वीकृत भएकोमा बोलपत्रको

माध्यमबाट घटी कवुल गर्ने ७ फर्मको २३ प्याकेजको जम्मा रु.३,३२,६३,७८२।- को बोलपत्र स्वीकृत भएको छ। डेण्टल सम्वन्धी प्याकेजको कुनै पनि बोलपत्र परेको देखिएन ।

अस्पतालले प्रत्येक प्याकेजको लागत अनुमानको परिमाण र बोलपत्रबाट खरीद भएको परिमाण र मूल्य खुलाई विवरण तयार गरेको पाईएन । औषधि खरिद शीर्षकमा अन्यत्र अस्पतालमा उपचार गरेको भुक्तानी, ल्याव परीक्षण, सिटी स्क्यान एम आर आई गरेको खर्च समेत समावेश छ । त्यस्तै बोलपत्रमा नपरेका औषधि, ल्याव लगायतका खर्चहरुको अभिलेख राखेको पाइएन। यसले गर्दा ठेक्काबाट खरीद औषधीको प्याकेजगत वार्षिक भुक्तानी विवरण एकिन हुन सकेन । ठेक्का भुक्तानी ,सोफै खरीद र अन्य खर्च पनि छुट्याई अभिलेख राख्नु पर्ने देखिन्छ । यस सम्वन्धमा आगामी दिनमा अभिलेख राखिने जवाफ प्राप्त भएको छ ।

९. **करवीजक :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्तिले तोकिएको ढाँचामा सिलसिलेवर नम्बर सहितको कर वीजक जारी गर्नु पर्ने उल्लेख छ । कार्यालयल एक व्यवसायिलाइ हातले वीजक नम्बर उल्लेख गरेको विजकको रु ७७९३२।८८ भुक्तानी गरेकोमा कर समायोजन गरेको प्रमाण पेश हुनपर्दछ।

१०. **दोहोरो भुक्तानी :** एक आपूर्तकवाट रु.२९९४५०।- को एसेसरीज अफ अल्ट्रासउण्ड मेशिन खरिद गरेको छ । उक्त कार्यको लागत अनुमान स्वीकृत नगराई एसेसरीजको विवरण नखुलाई सोफै खरीद गरेको पाइयो । त्यस्तै अर्को फर्मबाट समेत खरिद देखाएकोमा जिन्सी आम्दानी नभएकोले दोहोरो भुक्तानी सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

११. **सोफै खरीद :** सार्वजनिक खरीद नियमावली २०६४ को परिच्छेद २ मा खरीद कारवाहीको तयारी खरीद योजना र लागत अनुमान सम्वन्धी व्यवस्था रहेको छ। अस्पतालले आवश्यकता पहिचान गरी लागत अनुमान गर्ने, प्याकेज निर्माण गर्ने र प्रतिस्पर्धी तवरबाट खरीद गर्नु पर्नेमा सामाजिक सुरक्षा सशर्त अनुदानबाट रु ५८३२८६०.७० खरीद सामानको आवश्यकता पहिचानको आधार समेत नखुलाई लागत अनुमान र प्रतिस्पर्धा बेगरसोफै खरीद गरी आर्थिक वर्षको अन्त्यमा एकमुष्ठ खर्च जनाएको छ । खर्च लेख्दा माग फारामको आधारमा खर्च जनाई मौज्दात जिम्मेवारी सार्नु पर्नेमा स्वीकृत माग फाराम नं. समेत उल्लेख नगरी एकमुष्ठ खर्च लेखेको छ । यसरी नियमको व्यवस्थाको पालना नगरी भएको खरीद कार्य र खर्च व्यवस्थापनमा प्रतिस्पर्धा र पारदर्शिता देखिएन । यसर्थ उक्त कार्यमा तालुक कार्यालयवाटै छानविन गरी नियन्त्रण तथा सुधार गर्नुपर्दछ ।

१२. **कर्मचारी तालिम :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च सम्वन्धी कार्यविधि तोकिएको छ । नियम ३६ (५) अनुसार सरकारी निकायबाट कुनै तालिम, सेमिनार सञ्चालन गर्नु पर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने उल्लेख छ अस्पतालले तालिम प्रस्तावना स्वीकृत नगराएको अधिकांश फुटकर विल खर्च विविध खर्च लेखेको र तालिम प्रतिवेदन वेगररु.८,६०,०००। खर्च लेखेको देखिन्छ । तालिमको विवरण र कार्ययोजना सम्बन्धमा उल्लेख गरेको छैन । यस्तै सहभागीहरुको खर्च, स्टेशनरी प्रशिक्षक भत्ता लगायतको विवरण उल्लेख गरी कार्यक्रम तथा लागत अनुमान तयार गरेको छैन यसवाट कर्मचारी तालिम खर्च भिडान गर्ने आधार भएन । नियमले तोके बमोजिम प्रक्रिया अवलम्बन हुनु पर्दछ ।

१३. **परामर्श सेवा :** विभिन्न भिजिटिङ कन्सल्टेण्टलाई काममा लगाउँदा अस्पतालमा दरवन्दी नभएको र विशेष विज्ञलाई आवश्यकताका आधारमा काम लगाउन पर्नेमा हाजिर र सम्वन्धित शााखाको सिफरिस वेगर रु रु.३८,६०,०००। खर्च लेखेको देखिन्छ । विशेषज्ञ डाक्टरलाई प्रतिदिन रु २३५३। मा १५ प्रतिशत कर कट्टा गरी खुद २०००। भुक्तानी गरेको छ । प्राप्त भिजिटीगं डाक्टरहरुको हाजिरी रजिष्टर ९ थान परीक्षण गर्दा हाजिर विवरण र भुक्तानी विवरण नभिडेको ले हाजिर भन्दा वढी अवधिको भुक्तानी भएको सम्वन्धमा तालुक कार्यालयवाटै छानविन गरी वढी भुक्तानी रु १०५७२८४। असुल हुनुपर्दछ ।

१४. **अनुगमन र भ्रमण खर्च :** कार्यालयले अनुगमन , मूल्यांकन एवं भ्रमण खर्चरु १००००००। लेखेको छ ।अनुगमन तथा भ्रमणमा खटिने कर्मचारीहरुलाई सोफै भुक्तानी नगरी सएक कर्मचारीको नाममा भुक्तानी आदेश प्राप्त गरेको देखिन्छ । भ्रमणमा खटाउनुपर्दा भ्रमण आदेश स्वीकृत गराई भ्रमण अभिलेख खातामा जनाउनुपर्ने र भ्रमण प्रतिवेदन सहित खर्चको विल भरपाई पेश गर्नुपर्नेमा एकमुष्ठ खर्च लेख्नु मनासिव देखिएन ।

१५. **इन्धन खर्च** : कार्यालयलाई यो वर्ष इन्धन शिर्षकमा सुरुमा रु १५ लाख अख्तियारी प्राप्त भएकोमा थप वजेट समेत रु४७१४०००। निकासा तथा खर्च गरेको छ । शूरु अख्तियारीको ३१४.२६ प्रतिशत खर्च भएको देखिन्छ । अस्पतालको सवारी साधनको विवरण अनुसार ८ थान सवारीसाधन मध्ये २थान विग्रिएको उल्लेख छ । कार्यालय परिसरमा ४थान सवारी साधन प्रयोगहिन अवस्थामा देखिन्छ । इन्धन खर्च मध्ये रु १३३३६७६।- (२८.२ प्रतिशत) खुद्रा खरिद (नगद कारोवार) गरेको र हल्चोक फयुल स्टेशनलाई रु ३३८०३२४।- भुक्तानी गरेको छ ।सवारी साधनगत इन्धन खर्चको अभिलेख र जेनेरेटर एवं क्षेत्रिय अस्पतालको समेत इन्धन खर्च छुट्टिने गरी अभिलेख राखेको नपाइएकोले इन्धन खर्चको यथार्थता स्पष्ट गर्नुपर्दछ ।

१६. **भुक्तानी प्रक्रिया** : आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ७६(१) ले प्रचलित कानून बमोजिम कार्यालयले नेपालभित्र वा विदेशबाट मालसामान खरिद गर्दा सोझै सम्बन्धित बिक्रेतालाई भुक्तानी दिनु पर्ने व्यवस्था छ। त्यस्तै रु २५ हजार भदा वढीको भुक्तानी एकाउण्ट पेयी चेक मार्फत गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पानी तथा विजुली शीर्षकमा रु.३००८०००।०० खर्च लेखेको छ। यस शीर्षकमा ११ बिअरर चेकको रु १४०३६१५।१० खर्च लेखेको छ। पानी तथा बिजुलीको सम्वन्धित संस्थालाई बिल बमोजिमको रकम चेक प्राप्त गरी भुक्तानी गर्नुपर्नेमा नगद कारोवार गरेकोले आन्तरिक नियन्त्रण प्रभावकारी देखिएन। नगद कारोवार तथा खर्चको यथार्थता एकिन गर्नुपर्दछ।

पानी तथा विजुलीमा संलग्न २ थान बिलको रकम भन्दा रु १८९४००। वढी खर्च लेखेको रकम सम्बन्धितबाट असुल गर्नुपर्दछ।

१७. **लिलाम** : कार्यालयवाट प्राप्त सरकारी सवारी साधनको विवरण अनुसार ८थान सवारी साधन रहेको देखिन्छ। अस्पताल परिसरमा ४थान सवारी साधन प्रयोगहिन अवस्थामा रहेको देखिन्छ। अस्पतालले जिन्सी निरीक्षण फाराम तयार गरे पनि जिन्सी निरिक्षणगरी आर्थिक कार्यविधि नियमावली २०६४को नियम ५०(२) अनुसारको विवरण खुलाई प्रतिवेदन तयार गरेको छैन।चालु हालतमा नरहेका मर्मत हुन नसक्ने जिन्सी सामान लिलाम विक्री गरि जिन्सी अद्यावधिक गर्नुपर्दछ।

१८. **आन्तरिक नियन्त्रण प्रणाली** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० (२) अनुसार जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्नेमा जिन्सी निरीक्षण फाराम मात्र तयार गरेकोले जिन्सीको वास्तविक अवस्था एकिन नभएको, खर्च भएको सवै रसिद विल भरपाईमा सिलसिलेवार नम्वर राखि पंजिका वनाएको छैन। नगद भुक्तानीको भरपाई तथा चेक प्राप्ती गरेको रिसिप्ट स्रेस्तामा व्यवस्थित गरी नराखेको ,तलव भत्ता खर्च लेख्दा कल्याण कोष दाखिला गर्नुपर्ने रकम, कर्मचारी संचय कोष सापटी कट्टी ,कल्याण कोष सापटी कट्टी जस्ता कारोवार केडिट गरी सम्वन्धित खातामा दाखिला गरेको स्रेस्तामा लेखांकन गरेको छैन।तलव, भत्ता, राशन खर्चको रकम वैक जम्मा तथा भरपाईको विवरण अद्यावधिक गरी सेस्ता साथ नराखी छुट्टै फाईलमा राख्ने गरेको छ। वैक दाखिला तथा भरपाईमा कल्याण कोष तथा अन्य सापटी कारोवार घटाउने र अन्य भौचरको रकम समेत दाखिला हुदा खर्च रकम र भरपाई भिडान गर्न नसकिने स्थिती रहेको छ। गोश्वारा भौचरमा चेक नम्वर र रकम उल्लेख नगरेको, तलव भत्ता समेत विभिन्न १० वैकमा जम्मा गर्ने गरेकोमा सम्वन्धित वैकको नाममा नै चेक प्राप्त गर्ने नगरेको, वोलपत्रको सूचना प्रकाशन खर्च औषधि, मेशिनरी औजार सामाजिक सुरक्षाजस्ता सम्वन्धित खर्चमानै लेख्ने गरेको ,प्रति इकाई २ हजार भन्दा कम पर्ने मेशिनरी औजारलाई कार्यालय सम्वन्धी खर्चमा लेख्नुपर्नेमा मेशिनरी औजारमा खर्च लेखि खर्च भएर जाने जिन्सी खातामा आम्दानी खर्च लेखेको पाइयो। आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनुपर्दछ ।

१९. **कल्याण कोष** : भूतपूर्व कर्मचारी तथा आश्रित परिवार उपचार कोषको लागि रु.१० करोडको अक्षयकोष स्थापना भई सो कोषको व्याजबाट न्यूनतम शुल्कमा उपचार गर्ने गरी नेपाल ए.पि.एफ. अस्पतालवाट उपलव्ध स्वास्थ सेवा एवं औषधी उपचार अक्षय कोष व्यवस्थापन सम्वन्धी कार्यविधि समेत तयार गरेको छ। निर्देशिकाको परिच्छेद ४ सि.न.(९) मा अक्षय कोषको लेखापरीक्षण स्वीकृती प्राप्त लेखापरीक्षकवाट गराउने उल्लेख भएको छ। यस सम्वन्धमा देखिएका व्यहोरा निम्नअनुसार छन्।

- अस्पतालको आम्दानी कल्याण कोषमा दाखिला गर्न पाउने कानूनी व्यवस्था तथा निर्णय माग गरेकोमा पेश हुन आएन। कोष संचालनको स्पष्ट कानूनी व्यवस्था गरी लेखापरीक्षण गराई पारदर्शिता प्रवर्धन गर्नु जरुरी देखिन्छ।
- अस्पतालले कोषको आय-व्यय विवरण र वासलात तयार गरी कारोवारको श्रेस्ता लेखापरीक्षणमा पेश गरेको छैन।
- कल्याणकारी सेवा केन्द्र प्रधान कार्यालयबाट प्राप्त रु.३८६४५८५।- को विभिन्न औषधी, ल्यावसामान एक्सरे फिल्म ,औषधि लगायतमा खर्च गरेको छ।

२०. **निशर्त अनुदान** : स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट प्राप्त रकमवाट निशर्त अनुदानको रकम रु १० लाख भुकम्प प्रभावितको उपचार वापत प्राप्त भएको देखिन्छ। उक्त रकमवाट औषधि , कम्प्युटर सर्भर, एनेस्थेसिया ट्ली ,पेसेण्ट ट्ली , मेशिनरी औजारमा रु १० लाख खर्च गरेको छ। उक्त सहयोगवाट उपचार भएकाको विवरण सम्म तयार गरेको पाइएन।

२१. **धरौटी** : सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२४ र अर्थ मन्त्रालय राजस्व महाशाखाको परिपत्र अनुसार मूल्य अभिवृद्धिकर सम्वन्धित ठेकेदार तथा आपूर्तिकर्ताले कर विवरणमा समायोजन गरे नगरेको सम्वन्धित आन्तरिक राजस्व कार्यालयबाट एकिन गरी मात्र धरौटी भुक्तानी गर्ने व्यवस्था छ। ३ निर्माण व्यवसायी आपूर्तकहरुलाई रु ८९७२०३.२९ धरौटी फिर्ता गरेकोमा कारोबार वर्षको मूल्य अभिवृद्धिकर समायोजन गरेको प्रमाण पेश हुनु पर्दछ ।

सशस्त्र प्रहरी वल राजश्व भन्सार तथा औद्योगिक सुरक्षा गण, हलचोक

१. **कार्यक्रम** : आर्थिक कार्यविधि नियमावली २०६४को नियम २३ (२) अनुसार स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्वन्धित मन्त्रालयले आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र पठाउनुपर्ने उल्लेख छ। पूँजीगत तर्फ यो वर्ष शुरु अख्तियारी पूजिगत सुधारमा रु१० हजार प्राप्त भएकोमा ३ पटक थप भई ९,३०,०००।- वजेट कायम भएको छ। अख्तियारी साथ कार्यक्रम पठाएको देखिएन। अख्तियारीसाथ कार्यक्रम पठाउनुपर्दछ।

२. **फर्निचर खरिद :** सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ८५ (१) को (ख)मा ३ लाख रुपैयासम्म लागत अनुमान भएको मालसामान वा परामर्श सेवा सोभै खरिद गर्न सक्ने र सो भन्दा वढी १० लाख सम्मको सिलवन्दी दरभाउ पत्रवाट खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयको लागी फर्निचर शीर्षकमा रु ५,२०,०००।को थप अख्तियारी २०७२।१०।१७मा प्राप्त भएकोमा फर्निचर खरिदको लागत अनुमान तयार नगरी खुला दरभाउ पत्रको माध्यमवाट २पटक खरिद गरी रु ५१९०००/- खर्च लेखेको छ।

३. **कर्मचारी तालिम :** कर्मचारी तालिम शीर्षकमा यो वर्ष रु ३०००००। खर्च लेखेको छ। तालिम खर्चमा तालिम सामग्री, स्टेशनरी मात्र खर्च लेखेको देखिन्छ। विभिन्न अनुशिक्षण तालिमको लागी भनी खर्च लेखे पनि प्रशिक्षार्थिको विवरण नभएको, प्रशिक्षक भत्ता खर्च नलेखेको र तालिम प्रतिवेदन पनि तयार गरेको पाईएन। छलफलको कममा विभिन्न विद्यालयहरुमा विपद जोखिम न्यूनिकरण जनचेतना अभियान कक्षा संचालन गरी रिपोटिङ गरिएको जवाफ प्राप्त भएको छ। तालिम प्रस्तावना स्वीकृत गरी कर्मचारी तालिम खर्च लेख्नु पर्ने र तालिम प्रतिवेदन समेत तयार गर्नु पर्ने देखिन्छ।

४. **आन्तरिक कोष :** वार्षिक प्रतिवेदन २०७२।७३मा कल्याणकारी कोष अक्षय कोष मौज्दात रु १४२७४०। र साधारण कोष मौज्दात ६७७४०। रहेको उल्लेख छ। उक्त रकम के कुन स्रोतवाट आय भई मौज्दात रहेको हो नखुलेको साथै आय व्यय विवरण तयार गरी लेखापरीक्षणमा पेश भएको छैन। यस सम्वन्धमा केन्द्रिय कल्याणकारीको प्रत्यक्ष निगरानीमा रहने र रकम जम्मा वाहेक केही गर्न नमिल्ने जवाफ प्राप्त भएको छ। आन्तरीक कोषको आय व्यय विवरण तयार गरी लेखापरीक्षणमा पेश हुनुपर्ने देखिएको छ।

सशस्त्रप्रहरी बल निलबाराही गण, बलम्बु

१. **अख्तियारी :** आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम २३(२) ले स्वीकृत बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालयले आर्थिक बर्ष शुरुभएको १५ दिन भित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्ने व्यवस्था गरेको छ। प्राप्त अख्तियारी पत्रानुसार चालु खर्चतर्फ शुरुमा रु २०४३४६०००।०० विनियोजन भएकोमा थप अख्तियारी प्राप्त भई रु.२२९५५३०००।०० बजेट कायम गरेको पाईयो। त्यस्तै, पूँजीगततर्फको शुरु अख्तियारी रु १०,०००।०० भएकोमा पटक पटक गरी रु २३१९२०००।०० बजेट कायम गरेको पाईयो। ठूलो मात्रामा बजेट बृद्धि हुनु बजेट सिद्धान्त अनुकुल देखिएन।

२. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार प्रत्येक कार्यालयले गत आर्थिक बर्षको मौज्दात, चालु आर्थिक बर्षमा खरिद गरेको तथा हस्तान्तरण भै आएको मालसामान र वस्तुगत सहायताको रुपमा प्राप्त भएको मालसामान समेत उल्लेख गरी कुल जिन्सी मालसामानको परिमाण र मूल्य, वाकी जिन्सी मालसामान मध्ये सावुत मर्मत सम्भार लिलाम मिन्हा गर्नुपर्ने मालसामानको परिमाण समेत खुलाउनु पर्ने उल्लेख छ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख वमोजिम मर्मत, लिलाम, मिन्हा गरी जिन्सि अद्यावधिक गरेको छैन ।

३. **पूँजीगत खर्च :** आर्थिक कार्यबिधि नियमाबली,२०६४ मा कार्यालयले समयमै अख्तियारी प्राप्त गरी स्वीकृत बार्षिक कार्यकम अनुसार चौमासिकरुपमा कार्यकम संचालन गरी निर्धारित ढाँचामा प्रगति प्रतिबेदन तयार गरी सम्बन्धित निकायमा पठाउनु पर्ने व्यबस्था उल्लेख छ।कार्यालयले समयमा अख्तियारी नआएको कारणबाट आर्थिक बर्षको अन्त्यतिर अधिकांश बजेट खर्च गरेको देखिन्छ। कार्यालय हाताभित्र निर्माणाधिन मल्टीस्टोरी कार्यालय भबन,वर्कशप तथा रिटेनिंगवाल निर्माण कार्यको रु ४२५५०५४०।४० मिति २०७२।१।२९ मा सम्पन्न सम्झौता अनुसार यस बर्षको रु २१५५२०००।०० समेत रु४१५५२०००।००खर्च भएको देखिन्छ।सार्बजनिक खरीद नियमाबली,२०६४ को नियम ११२ अनुसार विमा नगरेको , कार्य सम्पन्न प्रतिबेदन पेश नगरेको। संझौताको परिमाण सूचिको सि.न. १३.०४ बमोजिम निर्माण अघि र कार्य सम्पन्न पछी साइट क्लियरेन्सको लागि रु १३९८६८।५७ भुक्तानी भएको तर साईट क्लियरेन्स नभएको र सार्बजनिक खरीद नियमाबली,२०६४ को नियम ४३ बमोजिमको प्राबिधिक जाचपास र एजबिल्ड ड्रईङ्ग पेश नगरेको र निर्माण संपन्न भवन कार्यालयलाई हस्तान्तरण गरी संचालनमा आएको देखिएन।

४. **बिबिध :** काठमाण्डौ महानगरपालीका बाताबरण व्यबस्थापन विभागवाट रु २० लाख निकासा प्राप्त भएकोमा उक्त रकमको बार्षिक आर्थिक बिबरण पेश भएको छ। क्याम्प निर्माणको निमित्त बिभिन्न निर्माण व्यवसायीव्दारा रु १४१६३९३।३८ बराबरको निर्माण कार्य र बिभिन्न आपूर्तक कम्पनीहरुबाट रु ५८३६०६।६२

व्यबस्थापनका सामग्रीहरु खरिद गरेको छ । खरिद भएका मालसामानको जिन्सी खाता सम्बन्धित साईटमै रहेको जनाएको छ ।

सशस्त्र प्रहरी बल कालिञ्चोक भगबती गण

१. **अख्तियारी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) ले स्वीकृत बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालयले आर्थिक बर्ष शुरुभएको १५ दिनभित्र पठाउनुपर्ने व्यवस्था गरेको छ । चालु खर्चतर्फ शुरुमा रु २०५३८१०००।०० बजेट बाडफाड र खर्च गर्ने अख्तियारी प्राप्त भएकोमा पटक पटक गरी रु २२७४४६०००।०० र पुँजीगत तर्फ शुरु अख्तियारी १०,०००।०० प्राप्त भएकोमा पटक पटक गरी रु ६८००००।०० बजेट कायम गरेको पाइयो । समयमा अख्तियारी पठाउनुपर्दछ ।

२. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार प्रत्येक कार्यालयले गतआर्थिकबर्षको मौज्दात, चालु आर्थिक बर्षमा खरिद गरेको तथा हस्तान्तरण भै आएको मालसामान र वस्तुगत सहायताको रुपमा प्राप्त भएको मालसामान समेत उल्लेख गरी कुल जिन्सी मालसामानको परिमाण र मूल्य, वाकी जिन्सी मालसामान मध्ये सावुत मर्मत सम्भार लिलाम मिन्हा गर्नुपर्ने मालसामानको परिमाण समेत खुलाउनु पर्ने उल्लेख छ ।जिन्सीको वार्षिक प्रतिवेदनमा मुल्य नखुलाएको साथै निन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार मर्मत, लिलाम विक्री मिन्हा गरी जिन्सि अद्यावधिक पार्नु पर्ने देखिन्छ ।

३. **सोझै खरिद** : सार्बजनिक खरिद नियमाबली,२०६४ को नियम ८५ मा ३ लाख रुपैयासम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने भए तापनि एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति,फर्म,कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न सकिने छैन भन्ने उल्लेख छ । कार्यालयले एउटै आपूर्तक बाट २पटक गरी कुल रु ५१९८००।०० का १०० थान फलामको फोल्डिङ खाट सोझै खरिद गरेको नियम अनुकुल देखिएन ।

४. **धरौटी :** आर्थिक कार्यबिधि नियमाबली,२०६४ को परिच्छेद ८ बमोजिम प्रयोजन पुरा भएको धरौटी रकम फिर्ता दिने वा राजश्व खातामा जम्मा गर्नुपर्ने व्यबस्था उल्लेख छ । धरौटीको विवरण अनुसार ५ फर्मको नाममा धरौटी रु २१०६८।- राजश्व खातामा जम्मा गर्नुपर्दछ ।

प्रहरी प्रधान कार्यालय, सवारी महाशाखा

१. **प्रगति प्रतिबेदन :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम २० तथा २५ मा अनुसुची-२ को ढाँचामा चौमासिक तथा बार्षिक प्रगती प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ । यस कार्यालयले चालु वर्ष पूंजीगतमा रु. १३,२९,४६८।०० खर्च गरेकोमा कार्यालयले सो शिर्षकको कार्यक्रम बमोजिमको प्रगति प्रतिबेदन तयार गरेको पाईएन ।

२. **खरिद योजना :** सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ८ बमोजिम बार्षिक रु १० लाख भन्दा बढीको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष वार्षिक कार्यक्रम अनुसार पूजीगंतमा रु.१३,२९,४६८।०० खर्च गरेकोमा खरिद कार्वाहीको समय तालिका, खरिद बिधि एवम सम्झौता लगायत कुराहरु समेत खुलाई खरिद योजना तयार गरेको छैन । कानूनको व्यवस्था पालना तथा आन्तरिक नियन्त्रण प्रभावकारी रुपमा सम्पादन गर्न उक्त नियमाबलीको व्यवस्था अनुरुप खरिद योजना स्विकृती गराई निर्माण कार्य गर्नुपर्दछ ।

३. **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली २०६४ तथा कार्यालयलाई प्राप्त खर्च गर्ने अख्तियारीको निर्देशन वमोजिम चौमासिक विभाजन अनुसार खर्च गर्ने व्यवस्था मिलाउनु पर्ने गरी तोकेको छ । यस कार्यालयले पूंजीगतमा भएको कूल खर्च रु.१३२९४६/- मध्ये तेश्रो चौमासिकमा ९०.५८ प्रतिशत तथा आषाढ महिनामा ३५.३४ प्रतिशत खर्च गरेको पाईयो । स्वीकृत कार्यक्रममा तोकिएको समयमा संचालन गर्नुपर्दछ ।

४. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण प्रदिवेदन अनुसार मालसामानको मर्मत संभार र संरक्षण गराउनु पर्ने उल्लेख छ । कार्यालयको जिन्सी निरीक्षण प्रतिबेदनमा हेभी सवारी साधन २११ वटा,हल्का सवारी साधन ३१४ वटा र मोटरसाइकल १७९ वटा चालु अबस्थामा नरहेको व्यहोरा प्रतिबेदनमा महलमा बेसाबुत भई काम नलाग्ने तथा मर्मत सम्भार गर्नुपर्ने भनि उल्लेख भएकोमा नियममा व्यवस्था भए बमोजिम कार्यान्वयन भएको पाईएन ।

५. **स्वीकृति दरबन्दी तथा काज :** प्रहरी संगठनको उद्देश्य अनुरुपका कार्य सञ्चालन गर्न स्वीकृत दरबन्दी अनुरुप पदपूर्ति भई कार्यरत रहनुपर्दछ । यसैगरी प्रहरी नियमावली, २०७१ को नियम ५२ अनुसार प्रहरी प्रधान कार्यालयले विशेष परिस्थितिमा काज खटाउने प्रयोजनका लागि काज सम्बन्धी छुट्टै मापदण्ड बनाई काजलाई व्यवस्थित गर्नुपर्दछ । प्राप्त विवरण अनुसार कुल दरवन्दी संख्या ४७८ रहेकोमा कार्यरत जनशक्ति यो वर्ष विभिन्न महिनामा २८० देखि ३०९ सम्म रहेको देखिन्छ । सो मध्ये २०७३ आषाढ महिनामा ३०९ कार्यरत देखिन्छ । सोको अतिरिक्त कार्यालयमा अन्य कार्यालयबाट विभिन्न महिनामा ८३ देखि २४६ जना काजमा आएको (औषत मासिक १२८ जना) तथा यस कार्यालयबाट मासिक २९ देखि ४१ सम्म कर्मचारीहरु

काजमा गएको (औषत मासिक ३४ जना) स्थिति देखिन्छ । अन्यत्रबाट काजमा आएका प्रहरी कर्मचारीहरुको कार्य जिम्मेवारी मूल्याङ्कनमा समस्या आउनुको साथै स्थानान्तरणमा थप आर्थिक भार पर्ने, निजको तलब भत्ताको व्यवस्था निश्चित समयमा हुन नसक्ने अवस्था छ । त्यस्तै अन्यत्र काजमा गएका कारण संगठनमा जनशक्तिको अभाव हुने गरेको छ । यसर्थ दीर्घकालको लागि संगठनको दरबन्दी पुनराबलोकन तथा मापदण्ड तर्जुमा गरी कर्मचारी काजमा खटाउने कार्यलाई निश्चित सीमा भित्र कायम गरिनुपर्दछ ।

६. **कर्मचारी तालिम खर्च :** आर्थिक कार्यबिधि नियमावली,२०६४ को नियम ३६ मा सरकारी रकम खर्च सम्बन्धि कार्यबिधि उल्लेख छ । सोही नियमावलीको नियम ३६ (५) मा सरकारी निकायबाट कुनै तालिम संचालन गर्नु पर्दा स्विकृत नर्म्स र निर्देशिका अनुसार लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने र सो अनुरुप कार्य सम्पादन स्थितीको अभिलेख तथा खर्चलाई पुष्ट्याई हुने फांटबारी तथा भरपाई संलग्न गरी तालिम सम्पन्न प्रतिबेदनको आधारमा खर्च लेखिनु पर्नेमा यो वर्ष कर्मचारी तालिम कार्यक्रममा रु.३,६२,०००।०० बिनियोजन भएकोमा पुरै रकम खर्च गरेकामा तालिममा सहभागी प्रशिक्षार्थीको दैनिक हाजिरी, तालिम सम्पन्न प्रतिवेदन समेत संलग्न गरेको छैन ।

७. **ठेक्का व्यवस्थापन :** कार्यालयले धेरैजसो पार्टस एवम् इन्जिन पार्टसहरुको बोलपत्र गरी प्रत्येक किसिमका सवारी साधनको मर्मत गरेको पाइन्छ । तर न्यूनतम मूल्य पर्ने धेरैजसो पार्टसहरुको बोलपत्र गरेको पाईएता पनि केही मूल्यवान पार्टसहरुको भने सो बोलपत्रमा उल्लेख गरेको पाईंदैन । जस्तैः हिटर प्लग प्रति पीस रु.९२५।- का दरले मर्मत गरेको, सक बड कभर प्रतिपिस रु ३५००।०० ले मर्मत गरेको, अल्टरनेटिभ बेल्ट प्रतिपिस रु.३९५० ले मर्मत गरेको, टोयोटाको फ्रन्ट ग्लास प्रति पिस रु.२७०००।०० ले मर्मत गरेको ,हेड म्यास्केट प्रतिपिस रु.११००० ले मर्मत गरेको जस्ता सामग्री पनि पटक पटक मर्मत/फेरबदल गरेकोमा सो को बोलपत्रमा समावेस गरेको पाईएन । न्यूनतम मुल्यका सामग्री मात्र बोलपत्रमा समावेश भएको र केही मूल्यवान पार्टस/पूर्जाको समावेश नहुँदा यसतर्फ सुधार हुनुपर्दछ ।

८. **मर्मत अभिलेख :** बिभिन्न सवारी साधन मर्मत गराउंदा मर्मत सम्बन्धि अभिलेख (म.ले.प.फा.नं. २) मा विवरण अद्यावधिक गरी राख्नुपर्दछ । कार्यालयले मर्मत गरी फेरिएका पूराना सामग्रीको अवस्था र सो को व्यवस्थापन सम्बन्धमा अभिलेख अद्यावधिक नहुंदा सो को एकीन गर्न सकिएन । सो पुराना सामानको आम्दानी नवाँधेको, सो सामान लिलाम गरी राजस्व आय भएको नपाईएको र भण्डारण व्यवस्थापनमा समेत सो नदेखिएको हुँदा उक्त पूराना सामग्री अत्याधिक मात्रामा फलामका नै हुने हुँदा सो लिलामबाट राजस्व आय नदेखिदा मर्मत सम्भार पछिको पूराना सामग्रीको अवस्था अज्ञात रहेको पाईएकोले सोबाट गर्नुपर्ने व्यवस्थापन र राजस्व आय तर्फ ध्यान दिनु पर्दछ । २०७१।१२।२६ सम्म पूराना सामाग्रीहरु भण्डार शाखाबाट लिलाम भईसकेको पाईन्छ भने ततपश्चात कुनै कारवाही भएको देखिएन । यो वर्ष रु.१ करोड २५ लाखको मर्मत सम्भार गरी खर्च लेखिएकोमा पूराना (विग्रेका) सामग्री मूल्यांकन तथा भण्डार व्यवस्था, लिलाम गरी राजस्व आय तर्फको स्थिति नदेखिएकोले कार्य प्रक्रिया पारदर्शी देखिएन । लिलाम बिक्री प्रहरी प्रधान कार्यालयले गर्ने कार्यालयको भनाई रहेको छ ।

महानगरीय प्रहरी परिसर, काठमाण्डौ

१. **प्रगति प्रतिबेदन :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम २० तथा २५ मा अनुसुची-२ को ढाँचामा चौमासिक तथा बार्षिक प्रगती प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ । यस कार्यालयले चालु वर्ष पूंजीगत र शान्तिकोषमा समेत गरी रु.७५,२८,९४८।०० खर्च गरेकोमा कार्यालयले नियमावलीमा भएको व्यवस्था बमोजिम कार्यक्रम बमोजिमको प्रगति प्रतिबेदन तयार गरेको नपाइदा सो तयार गुर्नपर्दछ ।

२. **खरिद योजना :** सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ८ बमोजिम बार्षिक रु १० लाख भन्दा बढीको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष वार्षिक कार्यक्रम अनुसार पूजीगंतमा रु.७५,२८,९४८।०० खर्च गर्दा खरिद ईकाइ गठन गरी कार्य संपादन गरे पनि सो कार्यका लागि खरिद कार्वाहीको समय तालिका, खरिद बिधि एवम सम्झौता लगायत कुराहरु समेत खुलाई खरिद योजना तयार गरेको छैन । कानूनको व्यवस्था पालना तथा आन्तरिक नियन्त्रण प्रभावकारी रुपमा सम्पादन गर्न उक्त नियमाबलीको व्यवस्था अनुरुप खरिद योजना स्विकृती गराई निर्माण कार्य गर्नुपर्दछ ।

३. **पालना :** सार्वजनिक खरीद नियमावलीको नियम ११७ अनुसार सम्पन्न निर्माण कार्य प्रहरी चौकी नाङ्लेभारेको कार्यालय भवन निर्माणको कार्य स्वीकार प्रतिवेदनमा प्राबिधिकबाट निर्माण सम्पन्न भएको मिति खुलाएको छैन । कार्यालयको आर्थिक कारोवारलाई विश्वसनीय र पारदर्शी बनाउन उक्त विषयमा सुधार गर्नुपर्दछ ।

४. **चौमासिक खर्च :** आर्थिक कार्यबिधि नियमावली,२०६४ बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरिएको हुन्छ । प्राप्त बिबरण अनुसार पूंजीगत बजेट भएको कूल खच) रु ६५९३४२५/- मध्ये तेस्रो चौमासिकमा ८३.२७ प्रतिशत र आषाढ महिनामा ८०.२३ प्रतिशत खर्च भएको पाईयो । स्वीकृत कार्यक्रम तोकिएको समयमा सञ्चालन गरी खर्च गर्नुपर्दछ ।

५. **कार्यालय भवन व्यवस्थापन :** प्रहरी कार्यालयको उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन गर्न मौजुदा जनशक्तिलाई न्यूनतम आवश्यकता पुग्ने गरी कार्यालय भवन, व्यारेक लगायतका भौतिक पूर्वाधारको उचित व्यवस्था हुनुपर्दछ । कार्यालयबाट प्राप्त विवरण अनुसार यस कार्यालयले साविकमा प्रयोग गरेको हनुमान ढोका स्थित जग्गा र भवन पुरातत्व विभागको (विश्व सम्पदा सूची) नाममा रहेको र २०७२ बैशाखको भूकम्प पश्चात् नेशनल टेडिङ्ग लिमिटेड, टेकुको नाममा रहेको भवनमा स्थानान्तरण भई साँघुरो स्थितिमा कार्यालय सञ्चालन गरिरहेको देखिन्छ । राजधानीको सुरक्षा व्यवस्थालाई सहज हुने गरी तालुक निकायले समेतस्थायी कार्यालय भवनको व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

६. **स्वीकृति दरबन्दी तथा काज :** प्रहरी संगठनको उद्देश्य अनुरुपका कार्य सञ्चालन गर्न स्वीकृत दरबन्दी अनुरुप पदपूर्ति भई कार्यरत रहनुपर्दछ । यसैगरी प्रहरी नियमावली, २०७१ को नियम ५२ अनुसार प्रहरी प्रधान कार्यालयले विशेष परिस्थितिमा काज खटाउने प्रयोजनका लागि काज सम्बन्धी छुट्टै मापदण्ड बनाई काजलाई व्यवस्थित गर्नुपर्दछ । प्राप्त विवरण अनुसार कार्यालय तथा मातहतका विभिन्न इकाईमा दरवन्दी संख्या ३००१ रहेकोमा कार्यरत जनशक्ति यो वर्ष विभिन्न महिनामा २२९४ देखि २६५९ सम्म रहेको देखिन्छ । सो मध्ये यस कार्यालयको मात्र कुल ५११ दरबन्दी रहेकोमा ४४६ (२०७३ आषाढ) कार्यरत देखिन्छ । सोको अतिरिक्त कार्यालयमा अन्य कार्यालयबाट विभिन्न महिनामा १२१ देखि १५५ जना काजमा आएको (औषत मासिक १३४ जना) तथा यस कार्यालयबाट मासिक ३४२ देखि ८२९ सम्म कर्मचारीहरु काजमा गएको (औषत मासिक ५२६ जना) स्थिति देखिन्छ । अन्यत्रबाट काजमा आएका प्रहरी कर्मचारीहरुको कार्य जिम्मेवारी मूल्याङ्कनमा समस्या आउनुको साथै स्थानान्तरणमा थप आर्थिक भार पर्ने, निजहरुको तलब भत्ताको व्यवस्था निश्चित समयमा हुन नसक्ने अवस्था छ । त्यस्तै अन्यत्र काजमा गएका कारण संगठनमा जनशक्तिको अभाव हुने गरेको छ । यसर्थ दीर्घकालको लागि संगठनको दरबन्दी पुनरावलोकन गरेर तथा मापदण्ड तर्जुमा गरी कर्मचारी काजमा खटाउने कार्यलाई निश्चित सीमा भित्र कायम गरिनुपर्दछ ।

७. **थप दस्तुर :** आर्थिक कार्यविधि ऐन तथा नियमवली, मितव्ययीता सम्बन्धित निर्देशिकाहरु एव्म अख्तियारी निर्देशिका अनुसार कार्यालयले समयमै मितव्ययी तवरले खर्च गर्ने व्यवस्था अपनाउनु पर्दछ । कार्यालयले समयमा महशुल तिरी रिपोर्ट लिन सकिनेमा ढिला गरी विभिन्न इकाई समेतको विद्युत महशुल भुक्तानी गर्दा ३ प्रहरी इकाईको रु.६५९८/- थप दस्तुर तिरेको नियमसम्मत देखिएन ।

८. **खरीद व्यवस्थापन :** प्रहरी प्रधान कार्यालय, बजेट शाखाको २०७२।०२।०६ को उपत्यका स्थित विभिन्न २३ कार्यालयहरुमा पठाएको प्रहरी सञ्चार अनुसार सि.सि.टि.भी. खरीद तथा जडान गर्दा महानगरीय प्रहरी कार्यालय,रानीपोखरी,काठमाडौँसँग समन्वय गर्न उल्लेख गरी यस कार्यालयको लागि मेशिनरी औजार र उपकरण खर्च शीषर्क तर्फ सि.सि.टि.भी.खरीद तथा जडान गर्न रु.११,३८,०००।- वार्षिक विनियोजन गरेकोमा उक्त रकम निकासा लिई खर्च गरेको छ । सि.सि.टि.भी.खरीद तथा जडान गर्न शिलबन्दी दरभाउ पत्रको माध्यमबाट एक आपूर्तिकर्तासंग २०७३/३/२७ मा सम्झौता गरी रु.९,३८,४६५।- भुक्तानी गरेको र सोही कार्यमा प्रयोग हुने अप्टिकल फाइवर तार सोझै खरिद गरी सोही आपूर्तकलाई रु.१,९९,५३५।- समेत रु.११३८०००।- भुक्तानी दिएको छ ।

आपूर्तिकबाट सिसिटिभी (क्यामरा) थान ५ र सोसँग सम्बन्धित आवश्यक पार्टपूर्जा/उपकरण कार्यालयको स्पेशिफिकेशन अनुरुप प्राप्त भएको प्रमाणका आधारमा २०७३।०३।३० मा खर्च लेखी भुक्तानी गरेको देखिन्छ । खरीद सामग्री तथा उपकरण जडान तथा सञ्चालन भएको स्थान खुलाई उक्त खर्चलाई पारदर्शी र विश्वासनीय बनाउनुपर्दछ ।

९. **कल्याण कोष** : प्रहरी नियमावली,२०७१ को नियम १९४ (७) अनुसार कल्याण कोषको लेखा प्रचलित कानून बमोजिम राखी आन्तरिक लेखापरीक्षण संचालक समितिले तोके बमोजिम हुने उल्लेख छ । यो वर्षको आय व्यय विवरण अनुसारको कारोबार रकमको आन्तरिक लेखापरीक्षण गराएको पाईएन ।

१०. **राजस्व :** कार्यालयको आर्थिक विवरण अनुसार रु.४,१४,९२० ।- आम्दानी भै राजस्व दाखिला भएको मध्ये रु.४,१०,१४० विभिन्न विज्ञापन अनुसार भर्ना छनौटको निवेदन वापत प्राप्त राजस्व रकम दाखिला गरेको पाइन्छ । भर्ना छनौट तर्फको आम्दानी रकम र बैंक दाखिला रकम परीक्षण गर्दा रसिद नियन्त्रण खाता नराखेको,बैंक दाखिला विवरण दैनिक (म.ले.प.फा.नं. १०८ र १०९) नराखेको, निवेदन फाराम खातामा दैनिक रुपमा जोड जम्मा नगरेको र प्राप्त राजस्व भोलीपल्ट दाखिला नगरी एकै पटक अन्त्यमा दाखिला गरेको पाइएकोले सुधार हुनुपर्ने देखियो ।

महानगरीय प्रहरी नारायणहिटी सुरक्षा गारद गुल्म

११. **चौमासिक खर्च:** आर्थिक कार्यबिधि नियमावली,२०६४ बमोजिम चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरिएको हुन्छ । प्राप्त बिबरण अनुसार कार्यालयको पूंजीगत बजेट शीर्षकमा यो वर्ष भएको कुल खर्च रु. २७५०००/- तेश्रो चौमासिकको आषाढ महिनामा ८६ प्रतिशत खर्च गरेको पाइयो । स्वीकृत कार्यक्रम तोकिएको समयमा संचालन गरी खर्च गर्नुपर्दछ ।

लागू औषध नियन्त्रण कार्यक्रम, सिंहदरवार

१. **लक्ष्य प्रगति :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम २५ र अनुसूची २ को ढाँचामा प्रगति प्रतिबेदन बनाउनुपर्ने ब्यबस्था छ । कार्यालयबाट प्राप्त प्रगति प्रतिवेदन अनुसार जनशक्ति विकास (कर्मचारीलाई लागू औषध सहायक रसायन लगायतका विषयमा तालिममा ५० प्रतिशत र पुनस्थापना केन्द्र, रसायन तथा सहायक रसायन पदार्थ, इजाजत प्राप्त फर्मको अनुगमनमा ५० प्रतिशत प्रगति गरेको पाइएकोले तोकिएको लक्ष्य अनुसार प्रगति हासिल गरेको पाइएन ।

२. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ (१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरीद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनैपकारबाट प्राप्त हुन आएका जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँधी श्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। कार्यालयले जिन्सी सामानको मूल्य खुल्ने नयाँ जिन्सी खाता प्रयोग गरि जिन्सी व्यवस्थापन अद्यावधिक गर्नु पर्दछ ।

सशस्त्र प्रहरी गण नं. १ नक्साल

१. **प्रगति प्रतिबेदन :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम २० तथा २५ मा अनुसुची-२ को ढाँचामा चौमासिक तथा बार्षिक प्रगती प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ । यस कार्यालयले चालु वर्ष पूंजीगतमा रु. ४४,२७,९३९।०० खर्च गरेकोमा कार्यालयले सो शिर्षकको कार्यक्रम बमोजिमको प्रगति प्रतिबेदन तयार गरेको पाईएन । लक्ष्य प्रगति विवरण तयार नहुँदा निर्धारित समयमा उद्धेश्य अनुरुप खर्च रकमको पारदर्शिता कायम नहुने हुन्छ। यसर्थ कार्यालयले नियमाबलीमा व्यवस्था भए बमोजिमको तोकिएको कार्यक्रम अनुसार प्रगती प्रतिबेदन बनाउनु पर्ने देखिन्छ ।

२. **खरिद योजना :** सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ८ बमोजिम बार्षिक रु १० लाख भन्दा बढीको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष वार्षिक कार्यक्रम अनुसार पूंजीगंतमा रु.४४,२७,९३९।०० खर्च गरेकोमा खरिद कार्वाहीको समय तालिका, खरिद बिधि एवम् सम्झौता लगायत कुराहरु समेत खुलाई खरिद योजना तयार गरेको छैन ।
कानूनको व्यवस्था पालना तथा आन्तरिक नियन्त्रण प्रभावकारी रुपमा सम्पादन गर्न उक्त नियमाबलीको व्यवस्था अनुरुप खरिद योजना स्विकृती गराई निर्माण कार्य गर्नुपर्दछ ।

३. **चौमासिक खर्च :** आर्थिक कार्यबिधि नियमावली,२०६४ बमोजिम चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम बजेट विनियोजन गरिएको हुन्छ। प्राप्त बिबरण अनुसार कार्यालयको पूंजीगत बजेट शीर्षकमा भएको कुल खर्च रु. ४४२७९३९/- मध्ये तेश्रो चौमासिकमा ७७.५५ प्रतिशत र आषाढ महिनामा ५७.७३ प्रतिशत खर्च गरेको पाइयो । स्वीकृत कार्यक्रम तोकिएको समयमा संचालन गरी खर्च गर्नुपर्दछ ।

४. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यबिधि नियमावली,२०६४ को नियम ५३ (१) अनुसार जिन्सी निरीक्षण प्रतिबेदन उल्लेख गरिएका जिन्सी सामानहरु बेसाबुत भई काम नलाग्ने तथा मर्मत सम्भार गर्नुपर्ने भनि उल्लेख भएकोमा नियममा व्यवस्था भए बमोजिम कार्यान्वयन गरेको छैन, कार्यालयले जिन्सी खाताको प्रयोग गर्दा नयां ढांचाको जिन्सी खातामा सामानको मूल्य,बनेको देश र स्पेशिफिकेशन आदि खुल्ने जिन्सी खाताको प्रयोग गर्नुपर्नेमा पूरानो ढांचाको जिन्सी खाता प्रयोग गरेको र सो खाता प्रमाणित गरेको पाईएन । यस सम्बन्धमा गत वर्षको लेखापरीक्षण प्रतिबेदनमा व्यहोरा उल्लेख भएकोमा स्थिती यथावत रहेको पाईयो । प्राप्त विवरण अनुसार कम्प्युटर प्रिन्टर १ थान,बुलेट प्रुफ ज्याकेट १० थान,उनी कम्बल २३ थान लगायतका बिभिन्न ६५ प्रकारका जिन्सी सामान आम्दानी बांधिएकोमा भौतिक रुपमा नभएको जिन्सी प्रतिबेदनमा उल्लेख भएको हुंदा कार्यालयले प्रचलित नियमानुसार कारवाही गरी जिन्सी व्यवस्थापन अद्यावधिक गर्नुपर्दछ ।

५. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ बमोजिम रु.५ लाखसम्म लागत अनुमान भएको निर्माण कार्य नियम ८५(४) को अधिनमा रही सोझै गर्न सक्ने व्यवस्था गरेको छ । कार्यालयको पूंजीगत बजेटतर्फ सार्वजनिक निर्माणमा थप बजेट समेतबाट रु.२२,४५,०००।०० एवम पूंजीगत सुधार खर्च भवनमा मिति २०७३।२।६ मा रु.१०,००,०००।०० बजेट निकासा भएको पाईयो । कार्यालयले समयमा प्राप्त भएको बजेट रकमबाट मर्मत कार्य गराउंदा सिलबन्दि कोटेशन तथा बोलपत्रको माध्यमबाट मर्मत कार्य गराउनुर्पेमा सो नगरी लागत अनुमान टुक्रा गरी सिधैं मर्मत कार्य गराएको समेत देखियो । ५ लाख भन्दा घटिको लागत अनुमान तयार गरी मर्मत कार्य गराउंदा मात्र सोझै गराउन सकिने र एउटै निर्माण व्यवसायीबाट १ पटक भन्दा बढी पटक सिधैं मर्मत कार्य गराउन नसकिने व्यवस्था भएकोमा कार्यालयले निम्न लिखित बिभिन्न मर्मत कार्य गर्न लागत अनुमान तयार गरी सोही नियमावली बमोजिम प्रतिस्पर्धात्मक तबरले बोलपत्रको माध्यमबाट निर्माण कार्य गराउनुपर्नेमा निर्माण व्यवसायीहरुबाट सोझै दरदेट लिई एक निर्माण व्यवसायीबाट एक भन्दा बढी पटक मर्मत कार्य गराएको समेत पाईयो । तसर्थ ३ वटा निर्माण व्यवसायीबाट रु.२५,१७,३५४।– को कार्य गराएको नियमसम्मत नदेखिएको ।

६. **भुक्तानीको जानकारी :** मुल्य अभिवृद्धि ऐन, २०५२ को दफा १४ अनुसार मूल्य अभिवृद्धिकरमा दर्ता भएका विक्रेताहरुले तोकिए बमोजिमको अवस्थामा बाहेक कुनै वस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई सिलसिलेवार नं.सहितको रितपूर्वकको बिजक जारी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले एक आपूर्तिकर्तालाई रु.३,५०,०००।०० (मू.अ.कर समेत) भुक्तानी गरेकोमा सप्लायर्सले पेश गरेको बिजक नं.हातले लेखेको हुंदा मूल्य अभिवृद्धि कर रु.४०,२६५।०० को दाखिला वा समायोजनको प्रमाण पेश हुनुपर्दछ ।

७. **स्वीकृति दरबन्दी तथा काज :** प्रहरी संगठनको उद्देश्य अनुरुपका कार्य सञ्चालन गर्न स्वीकृत दरबन्दी अनुरुप पदपूर्ति भई कार्यरत रहनुपर्दछ । यसैगरी प्रहरी नियमावली, २०७१ को नियम ५२ अनुसार प्रहरी प्रधान कार्यालयले विशेष परिस्थितिमा काज खटाउने प्रयोजनका लागि काज सम्बन्धी छुट्टै मापदण्ड बनाई काजलाई व्यवस्थित गर्नुपर्दछ । प्राप्त विवरण अनुसार कार्यालयमा दरवन्दी संख्या ६०० रहेकोमा कार्यरत जनशक्ति यो वर्ष विभिन्न महिनामा ४६६ देखि ५७६ सम्म रहेको देखिन्छ। सो मध्ये २०७३ आषाढ महिनामा ५०२ कार्यरत देखिन्छ । सोको अतिरिक्त कार्यालयमा अन्य कार्यालयबाट विभिन्न महिनामा २८ देखि १३० जना काजमा आएको (औषत मासिक ९६ जना) तथा यस कार्यालयबाट मासिक ३३ देखि १५८ सम्म कर्मचारीहरु काजमा गएको (औषत मासिक ७० जना) स्थिति देखिन्छ । अन्यत्रबाट काजमा आएका प्रहरी कर्मचारीहरुको कार्य जिम्मेवारी मूल्याङ्कनमा समस्या आउनुको साथै स्थानान्तरणमा थप आर्थिक भार पर्ने, निजहरुको तलब भत्ताको व्यवस्था निश्चित समयमा हुन नसक्ने अवस्था छ । त्यस्तै अन्यत्र काजमा गएका कारण संगठनमा जनशक्तिको अभाव हुने गरेको छ । यसर्थ दीर्घकालको लागि संगठनको दरबन्दी पुनरावलोकन गरेर तथा मापदण्ड तर्जुमा गरी कर्मचारी काजमा खटाउने कार्यलाई निश्चित सीमा भित्र कायम गरिनु पर्दछ ।

८. **अग्रिम खर्च :** सरकारी रकम खर्च गर्दा नेपाल टेलिकम र नेपाल विद्युत प्राधिकरणलाई आगामी आर्थिक वर्षका लागि यो वर्ष को विनियोजित बजेटबाट खर्च लेख्न पाईने व्यवस्था छैन । कार्यालयले निम्नानुसारका निकायहरुलाई अग्रिम भुक्तानी खर्च लेखेकोमा उक्त निकायको सो प्राप्तीको रसिद संलग्न गरी रकम खर्च गरेको पाइन्छ। यस वर्ष नेपाल टेलिकम र नेपाल विद्युत प्राधिकरणलाई अग्रिम रुपमा दिएको रकमको चालु वर्षको भुक्तानीमा समायोजन गरेको पाईयो । पेश्कि समेत नदेखाई यसरी खर्च लेख्न पाईने आधार नभएको हुंदा यसरी खर्च गर्ने प्रक्रियामा नियन्त्रण तथा सुधार गर्नुपर्दछ।

९. **फरक शीर्षक :** ईन्धन खर्च रकमबाट व्याट्री खरिद गरी खर्च लेख्न पाइने व्यवस्था देखिदैन । कार्यालयले व्याट्री खरिद कार्यालय संचालन रकमबाट खर्च गर्नुपर्नेमा ईन्धन खर्चबाट लेखी ३ थान व्याट्री खरिदको रकम रु.३२,२०५।- खर्च गरेको पाईएको हुंदा उक्त रकम नियमसम्मत देखिएन ।

अन्य संस्थाः

केन्द्रीय दैवीप्रकोप उद्धार समिति

१. **केन्द्रीय विवरण :** केन्द्रीय दैविक प्रकोप उद्दार समितिको विभिन्न समयमा वसेको निर्णय अनुसार भूकम्पबाट अति प्रभावित १४ जिल्लामा न्यानो कपडा कार्यक्रम लगायत ७५ जिल्लामा नियमित उद्धारको लागि ९ अर्व १५ करोड ७९ लाख ४० हजार वितरण गरेको छ। गतवर्ष भूकम्प पीडितको लागि त्रिपाल खरिदको भुक्तानी गर्न शहरी विकास मन्त्रालयलाई २३ करोड ४८ लाख ५६ हजार, ढुवानीको लागि आपूर्ति मन्त्रालयलाई रु.२ करोड ६७ लाख ८१ हजार, चट्याङ् घाइते उपचार सोधभर्ना खर्च रु.५५ लाख ३८ हजार र अन्य खर्च समेत रु.९,५५,३८,४४,१७५।८६ रकम बाँडफाँड भएको विवरण पेश भएको छ। मन्त्रालयले ७५ जिल्लाबाट खर्च एवम् बाँकी रकमको विवरण लिई केन्द्रीय हिसाव तयार गरेको छैन। मातहतका निकायको आम्दानी खर्चको विवरण लिई एकिकृत केन्दीय विवरण तयार हुनुपर्दछ ।

२. **अग्रिम कर :** आयकर २०५८ को दफा ८८ को उपदफा १(३) मा वायुयान लिज(पट्टा) को भुक्तानी गर्दा १० प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । विनाशकारी भूकम्पवाट प्रभावितको ापतकालिन उद्धारका लागि र २०७२।२।५ गते कालीगण्डकी नदी थुनिदा ६ नीजि हेलिकप्टर प्रयोग गरे वापत यसवर्ष रु १२,५०,९३,६३३।४७ भुक्तानी देखिएको छ । मन्त्रालयले भुक्तानी गर्दा १.५ प्रतिशतका दरले हुने रु १८,७६,४०४।५० मात्र अग्रिम कर कट्टी गरेको देखिएकोले नपुग कर रु १,०६,३२,९५८।८४ सम्वन्धितवाट असुल गर्नुपर्दछ ।

३. **प्राथमिकता** : मन्त्रालयले २०७२।२।५ मा कालिगण्डकी नदी थुनिएकोमा निरिक्षण गर्न गृह मन्त्री सहितको टोली एक निजी संस्थाको हेलिकप्टर प्रयोग गरी रु.२,०५,९६,०८३।३२ खर्च गरेको देखियो । देशको समग्र क्षेत्रमा परेको आपतकालीन अवस्थामा बाहेक देशको एक क्षेत्रमा परेको आपतको अवस्थामा सम्भव भएसम्म नेपाली सेनाको हेलिकप्टर प्रयोग गर्नुपर्नेमा निजी क्षेत्रको हेलिकप्टर प्रयोग गर्नुपर्नाको कारण स्पष्ट हुन सकेको छैन । यस सम्वन्धमा तालुक निकायबाट स्पष्ट मापदण्ड/नीति तयार हुनुपर्दछ ।

नेपाल हज समितिको सचिवालय

१. **फिर्ता दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३३ अनुसार आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहन आएको रकम फिर्ता दाखिला गर्नुपर्दछ। नेपाल सरकारको चालु सशर्त अनुदानमा विनियोजित रकममध्ये केन्द्रीय हज कमिटीलाई मन्त्रालयबाट निकासा दिएको रकममध्ये विगत वर्षको जिम्मेवारी रु.६७ लाख ३० हजार र यो वर्षको रु.८ लाख ८७ हजार समेत रु.७६ लाख १७ हजार संचित कोष दाखिला गर्नुपर्दछ।

२. **हिसाव मिलान :** कार्यालयको श्रेस्ता अनुसार मौज्दात र बैंक स्टेटमेन्ट अनुसार मौज्दातमा फरक पर्न गएमा म.ले.प.फा.नं. १५ (बैंक समायोजन विवरण) तयार गरि हिसाब मिलान गर्नु पर्दछ । कार्यालयबाट प्राप्त आर्थिक विवरणमा रु.२५,०३,८८,२४०।९१ बाँकी देखाएकोमा संलग्न फाँटवारीमा बैंक मौज्दात रु.२५,०४,८८,२४०।९१ देखाएकाले स्रेस्ता भन्दा बैंकमा बढी देखाएको रु.१,००,०००।० को सम्वन्धमा हिसाव एकिन गरी आम्दानी बाँध्नुपर्दछ ।

३. **मौज्दात :** आर्थिक विवरण अनुसार वर्षको अन्त्यमा खर्च नभई वचत रु २५,०३,८८,२४०।९१ मध्ये नेपाल सरकारको अनुदान तर्फको ७६,१७,०००।०० कटाई बाँकी रु.२४,२७,७१,२४०।९१ रकम सम्वन्धितलाई फिर्ता दिनुपर्ने कार्यालयले जानकारी दिएको छ । उक्त रकमको व्यक्तिगत विवरण स्पष्ट खुलाइ पेश नगरेकोले अभिलेख व्यवस्थित गरि फरफारक गर्नु पर्दछ ।

४. **पेश्की :** आर्थिक कार्यबिधि नियमावली, २०६४को नियम ७४ मा कामको कार्यबिधि अपनाई पेश्की फछ्र्यौट गर्नु पर्ने उल्लेख छ । कार्यालयले २०७२ मा हज गर्न जाने हज यात्रीहरुलाई आर्थिक सहायता वापत २०७२।६।२४ मा परराष्ट्र मन्त्रालय मार्फत विदेश स्थित एक नेपाली राजदुतावासलाई रु.१,००,००,०००।०० (३,६२,१८६।०० साउदी रियाल) पेश्की दिएकोमा पेश्की फछ्र्यौट गर्दा ९९९ हाजिहरुलाई वितरण गरेको भरपाईको आधारमा रु.९७९१७४८।४५ (साउदी रियाल ३,५४,६४५।००) को मात्र बिल भरपाई पेश भएकोले बाँकी रु.२०८२०७।०० (साउदी रियाल ७,५४१।००) बराबरको असुल फछ्र्यौटको प्रमाण पेश हुनुपर्दछ ।

समितिले यो वर्षमा ४ पटक गरी रु.७,५७,६४,४५०।०० परराष्ट्र मन्त्रालयलाई पेश्की दिएकोमा फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्दछ ।

प्रहरी प्रधान कार्यालय, कल्याण कोष, नक्साल

१. **संचालन नतिजा** : कोषबाट प्राप्त आम्दानी खर्चको बिबरण अनुसार कोषको आर्थिक वर्ष २०७१।७२ मा रु.१७ करोड ७४ लाख ५६ हजार बचत गरेकोमा यो आर्थिक वर्षमा रु.१४ करोड १३ लाख ८८ हजार बचत गरेकोले गत वर्षको भन्दा रु.३ करोड ६० लाख ६८ हजारले बचत कम भएको छ ।

२. **कारोबारको लेखा :** कोषले आर्थिक कारोबारहरुको लेखा एकाउन्टिङ सफ्टवेयर नेभिगेटरमा अभिलेख राखेको छ । आर्थिक कारोबारको अभिलेख बैंक नगदी किताबमा प्रबिष्टि गरेपछिमात्र अन्य सहायक खाताहरुमा प्रबिष्टि गर्नु पर्ने,गोश्वारा भौचर नम्बर र कारोबारको मिति अनुसार सिलसिलेवार किसिमले प्रबिष्टि गर्नु पर्ने तथा कारोबारको अभिलेख एकाउन्टिङ सफ्टवेयरमा राखिएको र त्यसैलाई आधार मानी बासलात लगायतका अन्य बिबरणहरु तयार गरी लेखापरीक्षणको लागि उपलव्ध गराईएका लेजर सबलेजरहरुको जोडजम्मागरी बर्षान्तमा प्रमाणित गरी राख्ने व्यबस्था मिलाउनु पर्ने भनी लेखापरीक्षणबाट बिगत बर्षदेखि औंल्याईदै आएकोमा यस बर्ष पनि स्थिति यथाबत रहेकोले यसतर्फ कोष व्यबस्थापनले ध्यान दिनुपर्दछ ।

५. **पेट्रोल पम्प र हेल्थ क्लब संन्चालन** : प्रहरी कल्याण कोष अन्तर्गत संन्चालित प्रहरी कल्याण कोष पेट्रोल पम्प नक्साल,महालक्ष्मी फ्युल सेन्टर,सामाखुशी र पथलैया पेट्रोल पम्पहरुकासाथै नेपाल पुलिस हेल्थ क्लब भृकुटीमण्डपको समेत प्रहरी कल्याण कोष मातहत संन्चालित कारोबार भएकोले ती निकायका कारोबारको लेखापरीक्षण प्रतिबेदन पेश गरी आर्थिक कारोबारलाई व्यवस्थित र पारदर्शी गराउनुपर्दछ ।

६. **मिशनहरुमा भएको लगानी र सोधभर्ना हिसाबको स्थिति** : आर्थिक बर्ष २०६२।०६३ देखि हाईटी मिशन र आ.ब. २०६४।०६५ देखि सुडान मिशनमा खटिई जाने प्रहरी कर्मचारीहरुबाट हुने योगदानको रकम र उल्लिखित यु.एन. मिशनहरुमा उपलव्ध गराईएको मेशिन,उपकरणहरुको लगानीको सोधभर्नाबाट प्राप्त हुने रकम नै यस कोषको आम्दानीको प्रमुख श्रोत रहेको छ । प्राप्त बिबरण बमोजिम एफ.पि.यु.मिशनमा शुरुदेखि हालसम्मको खर्च र सो को सोधभर्ना एफ.पि.यु.मिशन, हाईटी र सुडानमा लगानी क्रमशःरु.४२८५२६०००.०० र रु.७५४६८२०००.०० लगानी भएकोमा क्रमशः रु. ९५९८१८०००.०० र रु. ९१२३४००००.००सोधभर्ना प्राप्त भएको छ । मिशनहरुमा गरिएको लगानी र प्राप्त सोधभर्नाको स्थितिलाई तुलना गर्दा हाईटी र सुडानबाट प्राप्त सोधभर्ना क्रमशः५३ करोड १२ लाख ९२ हजार रुपैया र १५ करोड ७६ लाख ५८ हजार रुपैया अर्थात् ६८ करोड ८९ लाख ९५ हजार रुपैया धनात्मक देखिएको छ ।

६.१ सयुंक्त राष्ट्र संघीय मिशनमा नेपाल प्रहरीका कर्मचारी निर्धारित संख्यामा तैनाथी संगै संयुक्त राष्ट्र संघको समझदारी अनुरुप सुरक्षा सामग्रीको आपुर्ति व्यवस्था अध्यावधिक हुनुपर्दछ । सयुंक्त राष्ट्र संघले लागू गरेको सीओई (कन्टिन्जेन्ट ओनड इक्वीपमेण्ट) निरीक्षण नीति अनुसार मिसनमा तैनाथ हुनुपर्ने मुख्य उपकरण तथा सवारी साधन नभएमा वा परीक्षणमा पास हुन नसकेमा उक्त उपकरणको साथै सोही अनुपातमा तैनाथ

सुरक्षाकर्मीको प्रति महिना प्राप्त गर्ने दैनिक भत्ता कटौती हुने व्यवस्था छ । यो बर्ष सुडान मिशनमा खटिएका प्रहरी कर्मचारीहरुको दैनिक भत्ता प्राप्त हुनुपर्ने रकममा उल्लिखित नीतिले गर्दा मिशनमा खटिएका प्रहरी कर्मचारीहरुको मिशन अवधिको भत्ता प्रहरी कल्याण कोषले वितरण गरेको रकममध्ये रु ७ करोड १२ लाख ७९ हजार शोधभर्ना प्राप्त गर्न नसकी कोषमा वढी व्ययभार पर्न गएको देखिन्छ । यसैगरी मिशनसंग सम्बन्धित आर्म पर्सोनेल क्यारिएर (ए.पि.सि.) सुरक्षा सामग्री तथा अन्य उपकरण समयमै खरिद व्यवस्थापन हुन नसक्दा यो वर्ष सुडान तथा हाइटी मिशनमा ५ लाख १२ हजार डलर प्राप्त गरेको छैन । मिसनको आवश्यकता पहिचानको आधारमा तोकिएको गुणस्तरको सामान समयमै पठाएमा सोधभर्ना प्राप्तिमा सहजता हुने देखिन्छ । यसर्थ कार्यालयले ए.पि.सि. खरिद व्यवस्थापन तथा आपुर्ति अध्यावधिक गरी कोषको आय-व्यय हिसावलाई सन्तुलित गराउनु पर्दछ ।

६.२ उक्त दुवै मिशनमा सुरक्षाकर्मी खटाउंदा मुख्य उपकरण,सेल्फ सस्टेन्मेन्ट उपकरण तथा तैनाथ सुरक्षाकर्मीको सोधभर्ना प्राप्त हुनुपर्ने, प्राप्त भएको तथा बांकीको अभिलेख व्यवस्थापन गरी सोधभर्ना स्थिति अध्यावधिक गर्नुपर्दछ ।

७. **बैंक मौज्दात** : कोषको रकम प्रत्येक महिना बैंक हिसाब मिलान गरी स्रेस्ता र बैंक मौज्दात दुरुस्त गर्नुपर्दछ । कोषले बिभिन्न बैंकमा राखेको मौज्दात कुलमा स्रेस्ता भन्दा बैंक विवरण अनुसार रु.९७,६९,३७०।– बढी देखिएको छ । बैंक मौज्दात रकम घटिबढी भएकोमा बैंक समायोजन हिसाब तयार नगरेकोले मौज्दात रकम यकिन हुन सक्ने देखिएन । यसर्थ आवश्यक छानविन एवम् कारबाही गरी हिसाब मिलान गर्नुपर्दछ ।

८. **स्थिर सम्पत्ति** : कोषबाट प्राप्त स्थिर सम्पत्तिको बिबरण बमोजिम गत बर्षको मौज्दात स्थिर सम्पत्तिमा यस बर्ष रु. २८६३४५२।८७ ले बृध्दि हुन गई कूल रु.६५०९२४२४।१८ मा नियमानुसार यस बर्षसम्मको संचित ह्रासकट्टी रु. १९१२६१४१।९० कटाई यस बर्ष रु.४५९६६२८२।२८ मौज्दात बांकी रहेको छ । यस बर्ष कोषबाट कम्प्यूटर एण्ड एक्सेसोरिज, फर्निचर एण्ड फिक्चर्स र प्रिफ्याब हाउस गरी जम्मा रु.३,११०,३५८.७७ स्थिर सम्पत्तिहरु थप खरिद गरेको देखिएको छ ।

९. **लगानी** : गत बर्षको बासलातमा रु.१,५०,७६,७०८।२३ मा रहेको लगानी यस बर्ष रु.२६,८९,०६,२७६।०९ ले न्यून भई रु.१,२३,८७,४०,४३२।१४ (१७.८४ प्रतिशत घटि) रहन पुगेको कोषबाट प्राप्त बिबरणबाट देखिन्छ । बिशेषरुपमा बैंक मुद्धती निक्षेपमा लगानी गत वर्ष रु.१,१७,४५,०३,७३४।०० रहेकोमा यो वर्षको अन्त्यमा रु.८१,८३,७०,१४४।०० मात्र रहन पुगी लगानी न्यून हुन गएको छ । कोषको लक्षित उद्धेश्य अनुरुप कल्याणकारी कार्य गर्न प्राप्त हुनुपर्ने व्याजमा बढोत्तरी गर्न अक्षयकोष तथा लगानी हिसाबलाई सन्तुलित रुपमा कायम गर्न बिशेष ध्यान दिनुपर्दछ ।

९.१ बिगत बर्षहरुदेखि महानगरीय प्रहरी कार्यालय रानीपोखरी समेत ६ वटा क्षेत्रीय कल्याण कोषहरुमा गरिएको लगानी रु.१३ करोड १५ लाख, महानगरीय प्रहरी परिसर र जिल्ला प्रहरी कार्यालयहरुलाई उपलव्ध गराएको ७५ लाख तथा नेपाल प्रहरी अस्पतालमा भएको लगानी रु.४ करोड ७५ लाख समेत १८ करोड ६५ लाख अक्षयकोषको संन्चालन र अभिलेखन सम्बन्धमा नियमित अनुगमन गरी प्रगति प्रतिबेदन लिनु पर्दछ ।

१०. **ऋण तथा सापटी र पेश्की :** कोषबाट प्राप्त चालु सम्पत्ति श्रृण तथा सापटी र पेश्कीको बिबरण बमोजिम बिगत देखिको बाँकी र चालु वर्षमा बृद्धि भई क्रमश: रु.३,६७,२८,२३४।८२ र रु.९,१६,१२,०६६।३२ कायम हुन गएकोले अबिलम्ब पेश्की तथा सापटी रकम असुल फछ्र्यौट गर्नुपर्दछ । बिगत वर्ष २०६३।६४ देखि स्रोत नखुली उठ्न बांकी रु.१,००,५४,४०६।८९ सम्बन्धमा विगत वर्षदेखि लेखापरीक्षण प्रतिबेदनमा औंल्याएकोमा यथावतै देखिएकोले कोषले यकिन गरी असुल फछ्र्यौट गर्नुपर्दछ ।

११. **चालु दायित्व तथा व्यबस्था** : कोषले उपलव्ध गराएको चालु दायित्व तथा अन्य व्यबस्थाको बिबरण अनुसार गत बर्ष रु.९०,९०,६२३।०८ मा सिमित रहेको चालु दायित्व तथा अन्य व्यबस्थाको रकम यस बर्ष रु.१६,०८,८९१।६२ (१७.६९) ले बृध्दि हुन गई रु.१,०६,९९,५१४।७० हुन पुगेको छ । यस अन्तर्गतका अन्य शिर्षकहरुमा गत बर्षकै स्थिति यथावत रहेतापनि रिटेन्सन मनी रु.१५,५८,८९१।६२ र विशेष प्रहरी कल्याण कोषमा रु.५०,०००।०० ले बृध्दि भएको छ ।

१२. **आयतर्फ :** यो वर्ष कोषमा सपिङ कम्प्लेक्स तथा सटर भाडा वापत रु.१,४५,०२,३६६।३७ (१० प्रतिशत बहाल कर र १० प्रतिशत मर्मत खर्च कटाई प्राप्त भएको देखिन्छ । यसरी बहाल भाडा संकलन गर्ने कार्यालयहरुले प्राप्त बहालको १० प्रतिशतले हुने रु.१०,१२,७९५।०० को बिल भरपाई तथा लेखापरीक्षण गराएको प्रतिबेदन पेश भएन ।

१३. **जिन्सी व्यबस्थापन कार्यालय तर्फ** : आर्थिक कार्यबिधि नियमाबली, २०६४ मा सार्बजनिक सम्पत्तिको लगत, संरक्षण, निरीक्षण, बार्षिक प्रतिबेदन तथा जिन्सि मालसामानको लिलाम बिक्रि सम्बन्धि व्यबस्था उल्लेख छ । कोषले नियमाबली अनुसार जिन्सि निरीक्षण गराई सो को बार्षिक प्रतिबेदनका साथै जिन्सि मौज्दातको बार्षिक बिबरण समेत तयार नगरेको कारण कूल जिन्सि मालसामानको भौतिक अबस्था र बाँकी परिमाणको सम्बन्धमा स्पष्ट भन्न सक्ने अबस्था रहेन । अत: नियमाबली बमोजिम जिन्सि निरीक्षण गराई उल्लेखित बिबरणहरु तयार गर्नु पर्दछ ।

१४. **जिन्सी व्यबस्थापन :** एफ पि यु मिशन हाईटीका लागि रु.२ करोड ८० लाख ०३ हजार र सुडानका लागि रु.३ करोड ५ लाख ४९ हजार समेत रु.५ करोड ८५ लाख ५२ हजारका जिन्सिमालसामानहरु सम्बन्धित आपूर्तक

कम्पनिहरुबाट कोषले आम्दानी–दाखिला गरी रकम भुक्तानी गरेको छ । सम्बन्धित मिशनहरुमा पठाएका जिन्सि मालसामानहरुको आम्दानी र उपयोग सम्बन्धमा सम्बन्धित मिशनहरुबाट प्रतिबेदन लिनु पर्दछ ।

१५. **अतिरिक्त खर्च :** कार्यालयले कोषबाट आर्थिक कारोबार गर्दा मितव्ययी किसिमले आन्तरिक नियन्त्रण गरी खर्च लेख्नु पर्दछ ।

१५.१ कार्यालयले हाइटी र सुडान एफ.पी.यू. मिसन निरिक्षण गर्न रु ११,३७,४५६/- हवाई टिकट खर्च लेखेको मध्ये रु ६९,३६०।- चारको टिकट क्यान्सिलेशन चार्ज रहेको पाईन्छ । उक्त रकम प्रवेश अनुमति भिषा आउनु भन्दा पहिला टिकट खरिद गरेको हुँदा पछि भिषा नआएकाले टिकट रद्द शुल्क तिर्नु परेको देखिन्छ । व्यवस्थापकीय कमजोरीका कारण अतिरिक्त खर्च भएको देखिंदा यस प्रकारका खर्च लेख्ने प्रक्रियामा नियन्त्रण तथा सुधार हुनुपर्दछ ।

१५.२ कार्यालयले नेपाल प्रहरीका लागि आवास भवन निर्माण गर्न काठमाण्डौ महानगरपालिकाबाट नक्सा स्वीकृति गराई रु ७९०३४३/- र डिजाईन लाइसेन्स दस्तुर रु १००००/- समेत रु ८,००,३४३/- खर्च लेखेकोमा भवन निर्माण गर्न ड्इङ्ग डिजाइन तयार गरी सो आधारमा लागत इन्टिमेट स्वीकृत भै नक्शा स्वीकृत गराउंदा रु ७९०३४३/- खर्च समेत लेखि सकेपछि बोलपत्र प्रक्रिया अपनाएकोमा रद्द भएको हुँदा यसरी सो भवन निर्माण रद्द हुनुको स्पष्ट कारण नखुलाई अतिरिक्त व्ययभार परेको छ ।

१५.३ लाईसेन्स दस्तुर वापत रु १००००/- खर्च लेखेकोमा रु ७०००/- मात्र बिल भर्पाइ संलग्न भएकोले बढी खर्च लेखेको रकम रु.३०००/-असुल गर्नु पर्दछ ।

१६. खर्च समर्थन : प्रहरी कल्याण कोष विधान, २०५२ को दफा १६ उपदफा (२) बमोजिम कोषको लेखा काम कारवाहीको वास्तविक स्थिति यथार्थ बुझिने गरी स्पष्ट रुपमा राखिने व्यहोरा उल्लेख छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा खर्चका बिल भपाई संलग्न गरी मात्र खर्च लेख्नु पर्ने व्यवस्था छ । कोषले एक सैनिक सल्लाहकारलाई यु.एस. डलर १५००/- भेटघाट तालिम, सेमिनार जस्ता भैपरी कार्यमा खर्च गर्न भुक्तानी दिएकोमा सो खर्चको पुष्ट्याई हुने बिल भर्पाई संलग्न नरहेको,सैनिक सल्लाहकारलाई गत वर्ष सम्म १०००.०० डलर दिएकोमा यस वर्ष बृद्धि गरी १५००.०० डलर कायम गरेकोमा संचालक समितिबाट खर्च समर्थन भएको नपाइंदा सो को प्रमाण पेश हुनुपर्दछ ।

१७. अग्रिम कर : आयकर ऐन, २०५८ को दफा ८८ अनुसार प्रशिक्षकको पारिश्रमिक भुक्तानी गर्दा भुक्तानी रकमको १५% अग्रिम कर कट्टी गरी बाँकी रकम भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले अमर प्रहरी तथा प्रहरी परिवारका लागि संचालित तालिममा रु.१,१५,१६७/६१ खर्च लेखि रु ४६,३००/- प्रशिक्षक भत्ता ५ जनालाई वितरण भएकोमा सोमा अग्रिम कर रु ६,९४५/- कट्टी गरेको नदेखिंदा उक्त रकम असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

१८. मिसनको खर्च : नेपाल प्रहरीको मिसनमा गरिने विविध खर्चमा एकरुपता कायम गर्नु पर्दछ । मिसनमा गरिने खर्चहरुको प्रकृति हेर्दा सरसफाई, मर्मत संभार, टेलिफोन, उपहार, विदाई तथा स्वागत सत्कार आदिका बिल भर्पाइ एकै रुपका देखिएता पनि विभिन्न ४ टोलि अनुसार ७००० देखि १६३१६ अमेरिकि डलर सम्मका खर्चहरु गरेको पाईन्छ । यसरी टोली कमाण्डरलाई एकमुष्ट दिइने पेश्की रकम तथा फछ्र्यौट अध्ययन गर्दा सबै चालु प्रकृतिका संचालन खर्च भएको पाईन्छ । यस प्रकार गरिने खर्चमा रकमको सीमा तथा मापदण्ड तयार नगरिंदा एक रुपता नदेखिएकोले यस प्रकारका खर्चमा एक रुपता कायम हुने गरी खर्च गर्न गराउन सम्बद्ध निकायले ध्यान दिनु पर्दछ ।

१९. खर्च श्रेस्ता : कोषको विधान एवं प्रचलित कानून वमोजिम कारोबारको लेखा र बिल भर्पाई गोश्वारा भौचर साथ स्पष्ट रुपमा संलग्न गरी राख्नु पर्दछ । कार्यालयले भुकम्प पिडित रासन खर्च १५० जनालाई वितरण गर्न सिंधुली जिल्ला प्रहरी कार्यालयमा पठाएको रु.१९,५०,०००।०० र ५ जना घाइते प्रहरी कर्मचारीलाई वितरण गर्न रु.५०,०००।०० खर्च लेखिएका रकमहरुमा खर्च लेखिएको रकमको पुष्ट्याई हुने भर्पाइ संलग्न नभएको हुँदा सोको प्रमाण पेश हुनुपर्दछ ।

२०. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यबिधि नियमावली,२०६४ को नियम ३६ मा व्यवस्था भए अनुसार खर्चका प्रमाण तथा पुष्ट्याई राख्नु पर्ने अभिलेख आदि दुरुस्त गरी राख्नु पर्दछ । मिसन निरिक्षण टोलीको पेश्की फछ्र्यौट गर्दा एक अधिकृत कर्मचारीको भ्रमण बिलमा निवेदकको र स्वीकृत गर्नेको हस्ताक्षर नभएको तथा सिनियर प्रहरी अधिकृत क्वार्टरको कार्य सम्पन्न प्रतिवेदनमा कार्यालय प्रमुखको दस्तखत भएको छैन । आर्थिक कारोबारलाई विश्वसनीय बनाउन उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ ।

२१. अन्य आय : सरकारी सम्पत्ति प्रयोग तथा भाडामा दिए वापतको आम्दानी संचित कोष दाखिला गरिनु पर्दछ । कार्यालयले विभिन्न फिल्म सुटिङ्ग कार्यमा विभिन्न प्रहरी कार्यालयहरुले प्रयोगमा दिएको सवारी साधन, प्रहरी परिसरका जग्गा आदी वापत प्राप्त रकमलाई कोषको आम्दानी गरेको पाईन्छ । पूर्ण सरकारी स्वामित्वका सम्पत्ति प्रयोग वापत प्राप्त रकम राजश्व दाखिला गर्नु पर्नेमा कोषमा दाखिला गरेको पाइदा सो राजश्व दाखिला हुनु पर्दछ । उदाहरणार्थ कार्यालयले ज.भौ.नं. २१९०/०७३/३/२० बाट जिल्ला प्रहरी कार्यालय

चितवनको परिसर र गाडी प्रयोगमा दिए वापत रु १४०००/- प्राप्त भएकोमा सो र अन्य यस्तै प्रकृति भएका आम्दानी समेत एकिन गरी राजस्व दाखिला हुनुपर्दछ ।

२२. **आर्थिक सहायता :** सरकारी कार्यको सिलसिलामा मृत्यु भएको प्रहरी कर्मचारीलाई कोषबाट सहयोग गर्दा न्यायको सिद्धान्तका आधारमा सम्पूर्ण पिडितलाई एक रुपता हुने गरी गर्नु पर्दछ । कोषले कैलाली, टिकापुर घटनामा मृत्यु भएका ७ जना प्रहरी कर्मचारीलाई पी.सी.सी. बैठकको सिफारिस अनुसार ०७२/५/२७ को बोर्डको निर्णयानुसार प्रति कर्मचारी १० लाखका दरले ७० लाख प्रहरी दिवसका दिन वितरण गरेको पाईयो । आतंककारीको कुर आक्रमणबाट मृत्यु भएका प्रहरी वरिष्ठ उपरिक्षक समेट ७ जनालाई गरिएको यस्तो सहयोग नेपाल सरकारका तर्फबाट समेत भएकोमा कल्याण कोषबाट पनि थप सहयोग गरेको पाईयो । यसरी कर्तव्यकै सिलसिलामा मृत्यु हुनेहरुमा कुनैलाई दिने र कुनैलाई नदिनुले कोषको उद्देश्य अनुसार सहयोग भएको नपाइंदा स्पष्ट नीति बनाई यस्तो पिडितलाई दिने सहयोगमा एक रुपता कायम गर्नु पर्दछ ।

२३. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ (१) अनुसार सार्वजनिक निकायले रु ५००००/- भन्दा बढी रकम करार वा ठेक्का वापत भुक्तानी गर्दा १.५% अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न प्रहरी कर्मचारीलाई दिईने ऋण सुविधा वापत गाडी, मोटरसाईकल,ल्यापटप आदि खरिद गरेको कर बिजकको आधारमा सिधै विक्रेतालाई भुक्तानी दिने गरेको पाईन्छ । उक्त भुक्तानीमा १.५% अग्रिम कर रु.४९७२५०/- कट्टी गरेको नदेखिंदा कर कट्टी गरी दाखिला गर्नु पर्दछ ।

२४. **बहाल कर :** आयकर ऐन, २०५८ को दफा ८७ अनुसार घरभाडा रकममा १०% रकम कट्टी गरी राजश्व दाखिला गर्नुपर्ने व्यवस्था छ ।

२४.१ बुटवल तालिम केन्द्रको घरभाडा असुलीको प्राप्त विवरणमा २ महिनाको घरभाडा वापत रु ५८९५९२/- असुलीमा १०% ले रु ५८९५९/२० राजश्व दाखिला हुनु पर्नेमा ५११५९/२० मात्र दाखिला गरेको पाईएकोले नपुग रकम रु ७,८००/राजश्व दाखिला हुनु पर्दछ ।

२४.२ मध्य पश्चिम क्षेत्रीय प्रहरी कार्यालय सुर्खेतबाट नेपालगंज सपिङ्ग कम्प्लेक्सको २०७२ मंसिरदेखि माघ महिनाको भाडा रु.९,८४,२७४।५० को रु.९८,४२७४५ कट्टी गरी बांकी रकम प्राप्त भएको र प.क्षे.प्र.ता.के.बुटबलबाट एक विकास बैंकले प्रयोग गर्ने फ्ल्याटको २०७२ मंसिर र पौषको भाडामा १० प्रतिशत कर रु.७,८००।०० कट्टी गरी बांकी रकम कोषमा आम्दानी गरेको छ । यसरी उल्लेखित निकायहरुबाट बहाल कर कट्टी पश्चात रकम प्राप्त हुने हुंदा कट्टी भएको सम्पूर्ण रकम सञ्चित कोष दाखिला भए नभएको सम्बन्धमा कोषले यकिन गरी सञ्चित कोषमा दाखिला गर्नुपर्दछ । नेपालगंज सपिङ्ग कम्प्लेक्सको रु.९८,४२७४५ र फेवा बिकास बैंक बुटवलको रु.७,८००।०० गरी जम्मा रु.१,०६,२२७४५ सञ्चित कोष दाखिला प्रमाण पेश हुनुपर्दछ ।

२५. **होलोग्रामको आय :** प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान बिभाग,नक्सालबाट जारी हुने चारित्रिक प्रमाणपत्रमा प्रयोग हुने होलोग्राम यस कोषले छपाई गरी उक्त बिभागलाई उपलब्ध गराउने गरेको र बिभागबाट चारित्रिक प्रमाणपत्रमा प्रयोग हुने एक वटा होलोग्रामको रु.१०।०० का दरले संकलन गरी २०७२ चैत्र महिनामा प्रयोग भएको २०६०० होलोग्रामको आय रु.२,०६,०००।०० बाट छपाई तथा स्टेशनरीमा रु.१,०७,४८९।०० कट्टा गरी बांकी रु.९८,५११।०० मात्र कोषमा प्राप्त भएको देखिन्छ । यसरी उक्त बिभागको लागि छुट्टै बजेट व्यवस्था भई खर्च गर्ने निकाय भएको र कट्टा गरिएको रकमको बिल भरपाई समेत लेखापरीक्षणमा पेश नभएको रकम रु.१,०७,४८९।०० ले कोषको आम्दानी कम भएको छ ।

२६. **भुकम्प सहायता :** भुकम्प पिडित प्रहरी कर्मचारीहरुलाई निजहरुको प्रमाण कागजातको आधारमा निबेदकहरुलाई सिधै भुक्तानी दिनुपर्नेमा सो नगरी जिल्ला प्रहरी कार्यालय, सिन्धुपाल्चोकलाई बहालवाला र भूतपूर्व समेत ३७० जनालाई बितरण गर्न रु.५५,५०,०००।०० निकासा पठाएको छ । उक्त रकम नियमानुसार सम्बन्धित पिडितहरुलाई भुक्तानी भए/नभएको वा रकम मौज्दात रहेको सम्बन्धमा खर्चका फांटवारी प्राप्त नभएको हुंदा निकासा भएको रकम सम्बन्धमा यकिन भएन । अत: उक्त निकासा रकमका खर्चका फाँटवारी प्राप्त गरी राहत खर्च प्रमाण पेश हुनुपर्दछ ।

२९. **असुली :** भुकम्प पिडित प्रहरी कर्मचारीहरुलाई सहायता रकम बितरण गर्न सम्बन्धीत जिल्ला प्रहरी कार्यालयलहरुलाई निकासा दिएकोमा ५ जिल्ला प्रहरी कार्यालयलाई दोहोरो निकासा हुन गएको रकम रु.२२५०००/- सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

३०. एफ.पि.यु.मिशन हाइटी १८ औं टोलीमा खटि गई स्वदेश फिर्ता भएका १४० जना प्रहरी कर्मचारीहरुको निजहरु मिशनमा कार्यरत रहंदा यु.एन.बाट प्राप्त हुने समूह निर्वाह भत्ता वापतको रकममा जुलाई २०१४ देखि बृद्धि भएकोले १४ जना प्रहरी कर्मचारीहरुले रु.२,००,९८०।०० कमाण्ड स्टाफ भत्ता बुझिलिएकोमा भत्ता रकम बृद्धि पछि कमाण्ड स्टाफ भत्ता नपाइने प्रावधान अनुसार २ जनाबाट रु.२५,९२५।१० फिर्ता प्राप्त भएकोमा १२ जना प्रहरी कर्मचारीहरुबाट रु.१७५०५४/७३ फिर्ता गर्नुपर्दछ ।

३१. **बोलपत्रबाट खरिद:** एफ.पि.यु.सुडानको १३ औं टोलीको लागि आवश्यक पर्ने भेहिकल पार्टस,संचार सामान,मेडिकल तथा मेडिशिनका सामान,ईलेक्ट्रिक जेनेरेटर,कम्प्युटर र अफिस आईटम र बिबिध आइटमका

सामान गरी ६ प्याकेज बनाई ६ आपूर्तकसंग रु.२,९२,१९,१३५।- को सामान प्राप्त गरेको छ । यस सम्बन्धी व्यहोराहरु निम्नानुसार छन ।

३१.१ कार्यालयले २१ सामानको लागत अनुमान २०७२।६।२७ मा रु .३,३३,४३,५४१।०० को स्वीकृत गरेकोमा लागत अनुमान तयार गर्दा सम्बन्धित प्रहरी निकाय तथा बिभिन्न फर्मबाट प्राप्त दररेटको आधारमा कायम गरेको औसत दररेट प्राप्त भएन ।

३१.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ बमोजिम कार्यालयमा आपुर्ति गरेका मालसामान स्पेसिफिकेशन अनुसार भए/नभएको सम्बन्धमा प्राबिधिक परीक्षण पश्चात्सामान स्वीकार गर्नुपर्नेमा गुणस्तर जांच प्रतिवेदन बेगर सामान स्वीकार गरी भुक्तानी दिएको पाइयो ।

३१.३ क्षतिपूर्ति : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ (क) मा आपूर्तिकर्ताको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम तोकिएको म्यादमा सप्लाई हुन नसकेमा सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले ४ आपूर्तकबाट सामान खरिद गर्दा सम्झौतामा तोकिएको समयभित्र सामान आपूर्ति नगरी ढिलो गरेको हुंदा पूर्व निर्धारित क्षतिपूर्ति रु.६३,४६३/- असुल हुनुपर्दछ ।

३२. सिधैं खरिद : सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ (२) बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । यो वर्ष कोषले एफ.पि.यु.सुडानको १३ औं टोलीको लागि आवश्यक पर्ने रु.१८,५०,९४०।०० मूल्यका पोशाक आइटम ८ आपूर्तकबाट सिंधै खरिद गरेको छ । प्रतिस्पर्धात्मक प्रक्रिया अपनाई सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

३३. धरौटी : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ तथा अर्थ मन्त्रालयको आन्तरिक राजश्व विभागको २०६९/६/१७ परिपत्र अनुसार आपूर्तिक वा निर्माण व्यवसायीको धरौटी फिर्ता दिंदा आय विवरण तथा भुक्तानी गरेको मूल्य अभिवृद्धि कर समायोजन प्रमाण संलग्न गरी फिर्ता दिनुपर्ने व्यवस्था छ। कार्यालयले २ आपूर्तकलाई धरौटी रकम रु.८६५५८/- फिर्ता दिंदा समायोजन प्रमाण संलग्न गरेको देखिएन। समायोजन प्रमाण पेश हुनुपर्दछ ।

सशस्त्र प्रहरीबल कल्याणकारी सेवा केन्द्र , हलचोक

१. **संचालन नतिजा :** गतवर्षको तुलनामा यस वर्ष किस्तावन्दी कार्यक्रमबाट रु ६७ लाख ९१ हजार बढी व्याज प्राप्त भएको छ। मिसन व्यवस्थापनको गत वर्ष रु २३ करोड ८३ लाख ८१ हजार आम्दानी रहेकोमा यस वर्ष रु १ अर्व ४५ करोड १५ लाख २१ हजार आयमा मिसनबाट रु १ अर्व २१ करोड ३१ लाख ३९ हजार (६०८.९१%) बढी आम्दानी भएको छ । गत वर्ष विनिमय आय रु १ करोड ९३ लाख ९५ हजार रहेकोमा यस वर्ष विनिमय आय रु २ करोड ९४ लाख ५१ हजार रहेको छ। यो वर्ष पहिलो पटक पेट्रोल पम्पबाट रु १ कारोड ८० लाख लाभांश आम्दानी प्राप्त देखाएको छ। कल्याणकारी सेवा केन्द्रको यो वर्षको समग्र आय-व्यय विवरणको परीक्षण गर्दा गतवर्षको तुलनामा कुल आय ४५३.२६% ले र कुल खर्च २९५.९४ प्रतिशतले बढेको छ। आय वृद्धि तथा खर्च कटौती गर्ने कार्यक्रम संचालन नगरिए भविष्यमा केन्द्र बन्द हुने स्थिति आउन सक्ने हुँदा सुधार गर्नुपर्दछ ।

२. **बार्षिक कार्यकम तथा बजेटः** : सशस्त्र प्रहरी बल, नियमावली, २०७२ को सेवा केन्द्र गठन र संचालनको बुँदा १६५ (१२) (क) ले ७ सदस्य रहेको संचालक समिति रहने व्यवस्था छ। सेवा केन्द्र संचालन सम्बन्धी कार्यविधि, २०६६ को दफा १९ अनुरुप संचालित केन्द्रले यो वर्षको वार्षिक कार्यक्रम र बजेट स्वीकृति र गत वर्षको खर्च समर्थन गरेको छैन । केन्द्रले यो वर्ष रु १ अर्व ५७ करोड ७२ लाख ४४ हजार कुल आम्दानी गरी रु १ अर्व ३१ करोड ९० लाख ६४ हजार व्यय गरेको छ ।

३. **पेट्रोलपम्प सन्चालन** : सेवा केन्द्र संचालन सम्बन्धी कार्यबिधि, २०६६ को दफा १९ मा केन्द्रको आर्थिक श्रोत सम्वन्धमा बित्तीय बिबरण अनुसार कल्याणकारी सेवा केन्द्रबाट ४ पेट्रोलपम्प रु.११ करोड २३ लाख ७८ हजार लगानीमा संचालन छन्। लगानी तथा आर्थिक गतिबिधि कल्याणकारी केन्द्रको बित्तीय बिबरणमा यस बर्षबाट समाबेस गरेको छ ।

४. **आय :** कल्याणकारी सेवा केन्द्रले यो वर्ष देखाएको कुल आय रु १ अर्ब ५७ करोड ७२ लाख ४४ हजार मध्ये रु १ अर्ब ४५ करोड १५ लाख २० हजार यु.एन. मिसनबाट शोधभर्ना प्राप्त देखाएको छ। मिसन व्यवस्थापन बाट यो वर्ष के कति रकम प्राप्त हुनु पर्ने थियो र सो मध्ये के कति प्राप्त हुन बाँकी छ ? सो को कोषसंग अभिलेख रहेको छैन ।

४.१ वासलातसँग संलग्न आय-व्यय हिसाबमा यो वर्ष रु १ करोड ८०,००,०००।०० पेट्रोलपम्पबाट लाभांस आम्दानी देखाएको छ ।गुह्येश्वरी, हलचोक र कालिका पेट्रोल पम्पबाट रु १,९०,५०,०००।००लाभांस प्राप्त भएको विवरण पेश भएकोमा फरक रु १०,५०,०००।०० सम्बन्धमा छानविन गरी हिसाब मिलान गरिनु पर्दछ ।

४.१ सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रको संचालन सम्बन्धी कार्यविधि, २०६६ मा सेवा केन्द्रले विभिन्न आय मूलक कार्यक्रमहरुमा लगानी गरी वा अन्य श्रोत परिचालन गरी आर्जन गरेको रकमलाई केन्द्रको आयमा समावेश हुने उल्लेख छ ।

४.२ कल्याणकारी सेवा केन्द्रले मातहत संचालित पेट्रोल सेन्टरले आर्जन गरेको खुद नाफा केन्द्रले प्राप्त गर्नु पर्ने व्यवस्था अनुसार ४ वटा पेट्रोलपम्पबाट यो वर्ष नाफा रु ५३६८,८२२/- र डिभिडेन्ड रु ७५,००,०००/- प्राप्त देखाएको छ ।

४.३ पेट्रोलपम्पहरुले गत विगत वर्ष सम्मको कत्ति नाफा आर्जन गरेको छ सो को अभिलेख केन्द्रसंग नरहेकोले केन्द्रले पाउनु पर्ने सबै रकम उपलब्ध भएको छ भन्न सक्ने अवस्था रहेन । पेट्रोलपम्पहरुको गत-विगत वर्षको लेखापरीक्षण भएको वासलातबाट पाउनु पर्ने रकम यकिन गरी पाउन बाँकी ठहरेको रकम असुल गर्नुपर्दछ । एक पेट्रोलपम्पले कल्याणकारी कोषबाट २०७०/१०/६ सम्ममा रु ३०,००,०००/- समेत रु ७०,००,०००/- लगानी रहेकोमा सो पेट्रोल सेन्टरबाट यो वर्ष डिभिडेण्ड प्राप्त देखाएको छैन । उक्त पेट्रोलियम सेन्टर यो वर्ष घाटामा गएकोले डिभिडेण्ड प्राप्त नभएको जवाफ प्राप्त छ । एक ट्रेडर्सले चितवन र सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र बिच चितवनमा साझेदारीमा पेट्रोल पम्प संचालन गर्न २०६७/१/३० मा सम्झौता भएकोमा २०७२/२/३ को सहमति पत्रानुसार उक्त सम्झौता रद्द गरि दिनु लिनु पर्ने हिसाब मिलान गर्न दुबै पक्ष बिच २०७२/२/१५ भित्र दिना लिना हिसाब मिलान गर्ने लिखित सहमति भएको छ । उपलब्ध आय विवरण अनुसार सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रले २०७२/३/३१ मारु ६०,६६,८६५/५६ प्राप्त गरेको देखाएकोमा दिनु लिनु पर्ने बाँकी हिसाब एकिन गरि कारोबार फरफारक गरिनु पर्दछ ।

५. **लगानी नीति** : सशस्त्र प्रहरीबल कल्याणकारी सेवा केन्द्रको कार्यविधिमा विभिन्न आयमूलक कार्यक्रमहरुमा कल्याणकारी सेवा केन्द्रले लगानी गर्ने ब्यवस्था गरेको छ । कल्याणकारी सेवा केन्द्र संचालन गर्न स्वीकृत भएको कार्यविधि, २०६६ मा कुनै व्यवसायीले कल्याणकारी सेवा केन्द्रसंगको साझेदारीमा फ्युल स्टेशन चलाउन अनुरोध गरेमा सेवा केन्द्रले आर्थिक सहयोग उपलब्ध गराउने व्यवस्था भए अनुसार हलचोक फ्युल स्टेशन समेत ४ फ्युल सेन्टरमा रु ११ करोड ७३ लाख ७८ हजार लगानी गरेको छ । उक्त लगानी मध्ये यो वर्ष हलचोके गुह्येश्वरी र कालिका पेट्रोल पम्पले समत रु १९०५००००/- अर्थात लगानीको तुलतामा क्रमशः ११.७२%, ५९.०५% र १५.४१% डिबिडेन्ट उपलब्ध गराएका छन् । लगानीको तुलनामा डिभिडेन्ड घटी, बढी प्राप्त भएको सन्दर्भमा छलफल हुँदा गुह्येश्वरी पेट्रोल पम्प रहेको स्थान लिजमा लिईएको र सो मा बनेको पूर्वाधार खर्च लगानीमा समावेश रहेको, हलचोक पेट्रोल पम्पको लगानीबाट पेट्रोल पम्प रहेको स्थानको जग्गा खरिद र भवन निर्माण खर्च लगानीमा समावेश भएकोले सबै रकम व्यवसायमा लगानी नभएको कारण उक्त पम्पको नाफा कम भएकोले डिभिडेण्ड घटी प्राप्त भएको र कालिका पेट्रोल पम्प, पोखराको सशस्त्र प्रहरी बलको स्वामित्वको जग्गामा पेट्रोल पम्प रहेकोले सो मा पूँजीगत लगानी कम भएकोले डिभिडेन्ड प्राप्ती हलचोकको तुलनामा केही बढी भएको जवाफ प्राप्त छ ।

६. **कर्मचारीलाई लगानी** : गत बर्ष सदस्यहरुलाई घर सापटी, घर कर्जा, हायर पर्चेज कर्जा, टेलिभिजन कर्जा गरी कुल रु.५५ करोड ३४ लाख ८२ हजारमात्र लगानी रहेकोमा यस बर्ष रु.६० करोड ८१ लाख ४३ हजार बिभिन्न प्रहरी कर्मचारीहरुलाई लगानीमा रहेको छ ।

७. **बैंक मौज्दात :** कोषमा रहेको मौज्दात रु.३८ करोड ६९ लाख ४७ हजार र अमेरीकी डलर खातामा नेपाली रुपैंया बराबर रु.५७ करोड ३८ लाख ५१ हजार समेत रु ९६ करोड १७ लाख ६३ हजार बिभिन्न बैकहरुमा मौज्दात रहेको देखियो । लगानी सम्वन्धमा बिश्लेषण गरी सुरक्षित लगानी नीतिको उपाय अवलम्वन गर्न उपयुक्त हुन्छ ।

८. **मिशन खर्च :** गत वर्ष रु ३९,४७,७१,७२६/२७ मिशन व्यवस्थापन खर्च रहेकोमा यो वर्ष रु १,२१,०४,४२,०५८/९८ देखाइएको छ । सो खर्च शोधभर्ना प्राप्त गरीहिसाब मिलान गरिनु पर्दछ ।

९. **पेश्की सापटी :** गत बर्ष पेश्की सापटीमा रु.४ करोड ५९ लाख ७९ हजार देखाएकोमा यो बर्ष रु.२ करोड ९६ लाख १० हजार पेश्की बाँकी रहेको छ । सो मध्ये लाईबेरिया शान्ती मिसन को भैपरी पेश्की रु.२ करोड १२ लाख ६७ हजार, प्रतितपत्र पेश्की १२ लाख २४ हजार, अग्रिम बीमा भूक्तानी ५० लाख ५९ हजार र उठ्न बाँकी व्याज रु.९ लाख ६७ हजार रहेको छ । पेश्की बाकी राख्ने कार्यलाई निरुत्साहीत गरिनुपर्दछ ।

१०. **सोधभर्ना** : सुडानको जुमामा यु.एन. मिसन –१ अर्न्तगत सशस्त्र प्रहरी बलका १४० जवान र अफिसियलहरु तैनाथी रहेकोमा सशस्त्र प्रहरी बलले उक्त स्थानमा ६ थान ए पि सि उपलब्ध गराउनु पर्नेमा उपलब्ध नगराए वापत मासिक अमेरिकी डलर ४०४३८:८२ सशस्त्र प्रहरी बलले सो ठाउमा तैनाथी वापत यु.एन. ले सशस्त्र प्रहरी बललाई शोध भर्ना दिने रकमबाट कट्टा गर्ने गरेको पाईयो । गत वर्ष नेपालले पाउनु पर्ने अमेरिकी डलर ४८५२६५:८४ पाउनबाट वञ्चित बनेको छ । यु.एन. मिसनमा सशस्त्र प्रहरी बलका जवान र पदाधिकारी तैनाथीसंगै यु.एन. संग भएको समझदारी अनुरुपमा सामाग्री आपूर्तिको व्यवस्था मिलाइनु पर्दछ ।

द्वन्दग्रस्थ क्षेत्रमा जवान तैनाथी गर्ने तर आवश्यक उपकरण र वन्दोवस्तीका सामाग्री नदिने कार्य उचित भएन । यसमा सुधार नगर्दा अन्तराष्ट्रिय जगतमा नेपालको शाख घट्ने हुँदा समयमानै आवश्यक उपकरण र सामाग्रीको व्यवस्थापन गरिनु पर्दछ ।

यु.एन. मिसन–२ सुडानको बोरमा बन्दोबस्तीका आवश्यक सबै सामान सशस्त्र प्रहरीले समयमा पठाउन नसकेको कारण यु.एन. बाट समयमा सामान चेक जाँचमा ढिलाई भएको जवाफ प्राप्त छ । सशस्त्र प्रहरीले मार्च १०, २०१५ देखि मार्च १०, १०१७ सम्मको मुख्य इक्युप्मेन्ट को मासिक अमेरिकी डलर ८२६७९.२३ दरले र सेल्फ सस्टेमेन्टको प्रति महिना अमेरिकी डलर ४५७७७.२० का दरले प्रति महिना अमेरिकी डलर १२८४६५.४३ ले हुने अमेरिकी डलर ३०८२९५४.३२ सशस्त्र प्रहरी बलले प्राप्त गरेको छैन । यस सम्बन्धमा छलफल हुँदा उक्त स्थानमा सशस्त्र प्रहरी बलले उपलब्ध गराउनु पर्ने ए.पि.सि. उपलब्ध गराउन नसके वापतको रकम र अन्य नपुग सामानको शोधभर्ना पाउने रकमबाट यु.एन. ले घटाउन पाउने व्यवस्था भएकोले सो हिसाब मिलान गरी शोधभर्ना प्राप्तीको कारवाही भई रहेको जानकारी प्राप्त भएको छ । नेपालले पाउन बाँकी उक्त वैदेशिक मुद्रा शिघ्र हिसाब मिलान गरी शोधभर्ना प्राप्त गरिनु पर्दछ ।

११. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) कुनै रकमको भुक्तानी दिनुपूर्व रीत पुगे वा नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ । नेपालबाट शान्ति स्थापनार्थ खटि जाने टोलीको अनुगमन तथा निरीक्षण गर्न आएका एक यु .एन.का प्रतिनिधिलाई २०७३।३।३१ बाट भ्रमण खर्च गर्न रु ३,००,०००।०० पेश्की दिएकोमा रु १,७५,१३२।०० बील भरपाई र रु १,२४,८६८।०० नगद दाखिला भौचर पेश भई पेश्की फछ्र्यौट भएकोछ । निज कहिले नेपाल आएको र निजको कार्यक्रम तालिका बेगर बील बिजक बाट मात्र पेश्की रु १७५१३२।०० फछ्र्यौट भएकोले कार्यक्रम तालिका पेश हुनु पर्दछ ।

१२. **अग्रिम कर** : आयकर ऐन,२०५८ को दफा ८८ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । यु.एन.का प्रतिनिधिलाई होटल बसोबास तथा खानाको तीनवटा फर्मलाई रु ६९०४३।०० रकम भुक्तानी भएकोमा अग्रिम कर रु ९१७।०० कट्टी नगरी भुक्तानी भएको छ ।

त्यस्तै, यु. एन. शान्ति स्थापना तालिम केन्द्रमा ई-लाईब्रेरी स्थापना र सञ्चालन गर्न रु ६१८५००।०० खर्च भएको बील तीनवटा फर्मलाई रु ६९०४३.२३ रकम भुक्तानी भएकोमा अग्रिम कर रु ९६४५.११ कट्टी नगरी भुक्तानी भएको छ ।

१३. **विल भरपाई :** सशस्त्र प्रहरीबल कल्याणकारी सेवा केन्द्र सञ्चालन निर्देशिका, २०६६ बमोजिम शान्ति स्थापनार्थ खटिई गएका टोलीको प्रमुखलाई कार्य सञ्चालनार्थ एक अवधिका विविध खर्च अमेरिकी डलर १५०००।- पेश्की दिई फछ्र्यौट गरेको छ । शान्ति स्थापनार्थ साउथ सुडानको बोरमा खटिई फर्की आएका टोलीका प्रमुख सशस्त्र प्रहरीका एक उपरीक्षकले नेपालको बील भरपाई पेशगरी खर्च लेखेको छ । शान्ति स्थापनार्थ साउथ सुडान बोरमा कार्यरत प्रहरी कर्मचारीले नेपालमा खर्च भएको विल रु ३,७१,३४२।- को भरपाई पेश गरेको देखियो । निजले खरिद सामानको रु १,७०,२२३।- भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम अग्रिम कर रु २,२५९।- कट्टा गरेको देखिएन । नेपालमा खरिद गर्नुपर्ने कारण खुलाई अग्रीम कर राजस्व दाखिला गर्नुपर्दछ ।

१४. **अनियमित खर्च :** सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र निर्देशिका ,२०६६ बमोजिम सामाजिक क्रियाकलाप अन्तर्गत केन्द्रबाट महिला संघ, भुतपूर्व सशस्त्र प्रहरी संघ, सशस्त्र प्रहरी कर्मचारी एवं निजका परिवारलाई विभिन्न प्रकारका रोजगारमूलक एवं व्यवसायिक सीपमूलक तालिम प्रदान गर्न यो वर्ष रु ७४,१४,६४३।०० भुक्तानी दिएकोछ । प्रमाण र अनुगमन प्रतिवेदन वेगर खर्च भएको रकम अनियमित देखिएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

१. **आषाढको खर्च :** मन्त्रालयलाई वजेट खर्च गर्ने अख्तियारी दिदा अन्तिम चौमासिकमा र आषाढमा गर्ने खर्चको सीमा तोकेको छ । जस अनुसार अन्तिम चौमासिकमा कूल खर्चको ४० प्रतिशत र आषाढमा २० प्रतिशतको सीमा भित्र रही खर्च गर्न सकिने उल्लेख छ । उल्लिखित खर्चको अनुपात हेर्दा तेस्रो चौमासिक र आषाढमा तोकिएको सीमाभन्दा वढी हुने गरी २ वटा उप शीर्षकमा खर्च भएको देखिन्छ । स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम सन्चालन गर्ने तर्फ ध्यान दिनु जरुरी देखिन्छ ।

२. **वार्षिक लक्ष्य तथा प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा अनुसूची २ वमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गर्नुपर्ने नियम २६ अनुसार तालुक कार्यालयले भौतिक र वित्तिय पक्षको समिक्षा गनुपर्ने उल्लेख छ । केन्द्रिय स्तरको प्रगती विवरण तयार तथा क्रियाकलापगत समिक्षा गरी प्रगति विवरण तयार गरेको देखिएन । त्यस्तै मन्त्रालय अन्तर्गत सञ्चालित राष्ट्रिय गौरवका आयोजनाको शुरुदेखि हालसम्मको प्रगति स्थिति देखिने गरी प्रतिवेदन तयार गरेको पाइएन । यसका अतिरिक्त तेह्रौ योजनाको प्रगति विवरण समेत लेखापरीक्षण क्रममा पेश हुन आएन ।

३. **आन्तरिक व्यवस्थापन प्रणाली** : आर्थिक कारोवार तथा जिन्सी व्यवस्थापन यथार्थ र पारदर्शी भएको छ भनि बिश्वस्त हुन र आन्तरिक नियन्त्रण तथा प्रभाबकारी व्यबस्थापनका लागि यस मंत्रालय तथा दक्षिण एशिया पर्यटन पूर्वाधार बिकास आयोजनाले आन्तरिक नियन्त्रण तथा प्रभाबकारी कार्यालय व्यबस्थापनका लागि कार्य विवरण तयार गरी कर्मचारीको कार्य विवरण तयार नगरेको, खर्च भएको सवै रसिद, विल भरपाईमा सिलसिलेवार नम्वर राखी भुक्तानी भएको छाप लगाउनु पर्नेमा नलगाएको, योजना तर्जुमाको प्रक्रिया तलबाट माथि जाने नभई माथिबाट तल जाने पद्धति अपनाइएको, जनचेताना अभिबृद्धि गराउने सम्बन्धमा कार्याक्रम तयार नभएको, जिन्सी निरीक्षण प्रतिवेदन र जिन्सी निरिक्षण फारममा रहेको लिलाम गर्नुपर्ने संङख्या एकिन नभएको, स्वीकृत दरवन्दी अनुसार पदपूर्ति नभएको, पारिश्रमिक कर र सामाजिक सुरक्षा कर एउटै शीर्षकमा दाखिला गरेको जस्ता व्यहोरा देखिएका छन् ।

४. **पेश्की** : मन्त्रालयले तीन कर्मचारीलाई प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सु(ढ गनुर्दटछ । दिएको पेस्की आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्र्यौट भएको नदेखिएको रु.१ लाख ८१ हजार पेस्की फछ्र्यौट गर्नुपर्दछ ।

५. **विभिन्न खर्च :** माननीय मन्त्रीज्यूको नीजि सचिवालयमा विविध, सुरक्षाकर्मी, इन्धन लगायत अन्य कतिपय विषयसंग सम्बन्धित रु.५ लाख १५ हजार खर्च गरेको पाईयो । मन्त्रीको पारिश्रमिक सचिवालय सम्बन्धी सम्पूर्ण खर्च मन्त्रीपरिषद्को कार्यालयबाट हुने व्यवस्था भएकोमा मन्त्रालयबाट पनि यसप्रकारको खर्च गरेको पाईएकोले दोहोरो भुक्तानि समेत हुने सम्भाबना भएकोले यस्तो खर्च नियम सम्मत देखिएन ।

६. **राजस्व तर्फ :** यसतर्फको व्यहोरा निम्नानुसार छन् :

६.१ गैर सैनिक हवाई उडान (सिभिल एभिएसन) ऐन, २०१५ को दफा ३(२) मा वायुसेवा सञ्चालन संस्था, हवाई उडान सम्वन्धी प्रशिक्षण संस्था (फ्लाइङ स्कुल) वायुयान तथा वायुयानको पार्टपुर्जाको उत्पादन, मर्मत तथा परीक्षण सहितका विस्तृत मर्मत (ओभरहल) गर्ने संस्थाले यस मन्त्रालयवाट इजाजत लिनुपर्ने व्यवस्था छ । इजाजत दिने लगायत उक्त ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु वनाउन सक्ने व्यवस्था उक्त ऐनको दफा ३ (१) मा उल्लेख छ । ऐन वनेको ५७ वर्ष भए पनि नियम तयार नगरी कार्यविधि, २०६६ लाई नै नियम मानी इजाजत दिने र नविकरण गर्ने गरेको देखियो । मन्त्रिपरीषदबाट स्वीकृत नियमबाट काम हुन पर्नेमा मन्त्रालयले आफ्नो अनुकुल आफैं कार्यबिधिमा पटक पटक संशोधन गर्दै कार्य सम्पादन गर्दै आएको छ । ऐन बिपरीत बनेको कार्यबिधिका आधारमा गरेको कामलाई मनासिब मान्न सकिने देखिएन । यसमा सुधार हुनु पर्दछ

६.२ इजाजत पत्र लिन विभिन्न कागजातका अतिरिक्त धरौटी समेत राख्नु पर्ने, तोकिएको अवधिमा सेवा सञ्चालन नगरे धरौटी जफत हुने, इजाजत पत्र प्राप्त गरे पछि तोकिए अनुसार वैंक ग्यारेन्टी (धरौटी) दाखिला गर्नुपर्ने, इजाजत पत्रको अवधि ४ वर्ष हुने, सो अवधि पछि तोकिए अनुसार नविकरण गर्नुपर्ने व्यवस्था उक्त कार्यविधिमा उल्लेख छ । तर उक्त व्होरा खुल्ने गरी अभिलेख राख्ने ढांचा कार्यबिधिमा उल्लेख गरेको देखिएन । लेखापरीक्षण क्रममा मन्त्रालयले इजाजत दिएका, इजाजत पत्रको नविकरण भए वा नभएका, इजाजत पत्र लिदा पेश गरेको वैंक ग्यारेन्टी (धरौटी) को विवरण सहित अद्यावधिक विवरण उपलब्ध भएन । यस्तो अबस्थामा अशुल गरेको राजस्व रु ६० लाख ५६ हजार यथार्थ र नियमानुसार छ भन्ने अवस्था रहेन । ऐनको व्यबस्था अनुसार नियम तयार गरी इजाजत पत्र दिने र नविकरण गरी राजस्व असुल गर्ने गराउने व्यवस्था हुनु पर्दछ ।

७. **समिति गठन :** विकास समिति ऐन, २०१३ को दफा ३ मा नेपाल सरकारले उचित वा आवश्यक ठहराएमा सूचित आदेशद्वारा सोही आदेशमा तोकिए वमोजिमको कुनै विकास योजना वा विकास कार्यलाई कार्यान्वयन गर्न समिति गठन गर्न सक्ने व्यवस्था अनुसार यस मन्त्रालय अर्न्तगत २५ समिती गठन भएका छन् । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेको छ ।

७.१ उक्त समिति मध्ये नेपाल पर्यटन तथा होटेल व्यस्थापन समिति,हनुमानढोका दरबार संग्रहालय बिकास समिति र पाटन संग्रहालय बिकास समितिका गठित समितिको अध्यक्ष मन्त्रालयका सचिव हुने व्यवस्था गरेको देखिन्छ भने अन्य समितिका अध्यक्ष नेपाल सरकारले तोकेको व्यक्ति हुने व्यवस्था गरेको देखियो ।

७.२ खप्तड, राष्ट्रिय, ताल संरक्षण र बृहत्तर बराह क्षेत्र बिकास समिति लगायतको समितिमा कार्यकारी निर्देशक (सदस्य सचिव) हुन स्नातक उतिर्ण व्यक्तिवाट गरिने कर्णाली क्षेत्र, बिराट क्षेत्र लगायत विकास समितिको हकमा नेपाल सरकारका तोकिएका निजामती कर्मचारी, तारागाउ बिकास समिति,पर्वतीय प्रशिक्षण बिकास समिति मनकामना बिकास क्षेत्र लगायतका समितिमा नेपाल सरकारले (शैक्षिक योग्यता नतोकिएका) तोकेको व्यक्ति तथा पाटन संग्रहालय बिकास समितिको हकमा समितिले तोकेको योग्यता पुगेको व्यक्ति खुल्ला प्रतिस्पर्धाबाट नियुक्त गरिने व्यवस्था गरेको देखियो । एकै प्रकृतिका संस्थामा कुनैमा निजामती कर्मचारी, कुनैमा तोकिएको न्यूनतम शैक्षिक योग्यता भएका व्यक्ति र कहि कुनै योग्यता नतोकिएका व्यक्तिबाट अध्यक्ष र कार्यकारी निर्देशक तोकिने आधार स्पष्ट भएन ।

७.३ समिति मध्ये बृहत्तर बराह क्षेत्र,हनुमानढोका दरबार संग्रहालय बिकास समितिमा कर्मचारी राख्दा नेपाल सरकार वा अर्थ मन्त्रालयको पूर्व स्वीकृतिमा, प्रर्बतीय प्रशिक्षण,देबघाट क्षेत्र,पाथिभरा क्षेत्रको हकमा समितिले आवश्यकता अनुसार, पाटन दरबार संग्रहालाय बिकास समितिको हकमा समितिको श्रोतवाट व्यहोर्ने गरी समिति आफैंले र तारागाउ बिकास समिति, नेपाल पर्यटन तथा होटेल व्यबस्थापन समितिको हकमा कुनै व्यहोरा उल्लेख गरेको पाइएन । त्यस्तै नेपाल

सरकारको पूर्व स्वीकृति लिएर कर्मचारी राख्न पर्ने स्थानमा स्वीकृति माग गरी स्वीकृत भए अनुसार कर्मचारी राखे नराखेको सम्वन्धमा मन्त्रालयबाट अनुगमन मुल्याङ्कन भएको देखिएन ।

७.४ मेची पहाडी पर्यटन क्षेत्र सहित हनुमानढोका दरबार क्षेत्र बिकास समितिको गठन आदेश अनुसार उल्लिखित समितिहरुले प्रत्येक वर्ष आफुले सम्पादन गरेको कामको प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । तर समितिले प्रतिवेदन पेश गरे नगरेको सम्वन्धमा मन्त्रालयवाट अनुगमन मुल्याकन हुने गरेको पाइएन । ९ समिति वाहेक अरुले प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था नै राखेको पाइएन । प्रतिवेदन पेश गर्ने सम्वन्धमा एक रुपता नहुनु र अनुगमन मुल्याकन समेत नहुनु मनासिव देखिदैन ।

७.५ उल्लिखित समिति मध्ये खप्तड क्षेत्र ,राष्ट्रिय ताल संरक्षण क्षेत्र सहित १० समितिको आन्तरिक लेखापरीक्षण सम्वन्धमा कुनै व्यवस्था उल्लेख गरेको पाइएन । तारागाउ बिकास समितिको सम्वन्धमा नेपाल कानून वमोजिम र नेपाल पर्यटन तथा होटेल व्यबस्थापन समितिका सम्वन्धमा नेपाल सरकारले तोकेको लेखापरीक्षकवाट आन्तरिक लेखापरीक्षण गराउन सक्ने व्यवस्था गरेको पाइयो । अन्य समितिमा भने समितिले तोकेको व्यक्तिवाट आन्तरिक लेखापरीक्षण गराउन सक्ने व्यवस्था रहेको पाइयो । आन्तरीक लेखापरीक्षण सम्वन्धमा सम्वन्धमा स्पष्ट व्यवस्था नहुनु मनासिव देखिएन ।

८. **कार्यक्षेत्र :** पर्यटन तर्फका १४ समिति मध्ये खप्तड क्षेत्र बिकास समिति ९ वटा समितिले तोकिएको कार्य क्षेत्रमा भौतिक निर्माणका काम समेत गर्ने व्यवस्था गरेको देखिन्छ । उक्त समितिहरुले नेपालका ३३ जिल्लामा काम गर्न सक्दछन । ३३ वाहेक ८ जिल्लामा जिल्ला विकास समिति मार्फत अख्तियारी पठाई काम गराएको उल्लेख छ । बाँकी ३४ जिल्लामा सम्वन्धित क्षेत्रको पर्यटन कार्यालयबाट कार्य सम्पादन हुने गरेको व्यहोरा मन्त्रालयबाट जानकारी प्राप्त हुन आयो । उल्लिखित व्यहोरा अनुसार पर्यटन पूर्वाधार सम्वन्धी काम गराउदा विभिन्न निकायबाट गराउने त्यसमा पनि ३३ जिल्लाका लागि विकास समिति नै गठन गर्ने अन्यमा नगर्ने सम्वन्धमा मन्त्रालयले स्पष्ट आधार खुलाएको छैन । सम्बन्धित जिल्ला विकास समिति मार्फत र पर्यटन कार्यालयवाट भौतिक निर्माणका काम समेत गराउने सकिने अवस्था हुंदा हुँदै छुट्टै समिति नै गठन गरी काम गराउनुको कारण समेत खुल्दैन । सो व्यहोराका अतिरिक्त उल्लिखित क्षेत्रमा माथि उल्लिखित कार्यालयबाटै काम गराउन सकिनेमा नेपाल भरका तालहरुमा मात्र संरक्षण र भौतिक निर्माण गर्नु परे राष्ट्रिय ताल संरक्षण विकास समितिको गठन गरेको पनि देखिन्छ ।

८.१ बौद्धनाथ बिकास समिति र मनकामना क्षेत्र बिकास समिति सहित ८ समितिलाई तोकिएको कार्य क्षेत्रमा सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक विकास गर्नका लागि गठन गरेको उल्लेख छ ।

८.२ काठमाडौं जिल्लाको दक्षिणकाली मन्दिर सहित सो क्षेत्र भित्र पूर्वाधार मर्मत सुधार , निर्माण र बनेका संरचनाहरुको व्यबस्थापन तथा संचालन शहरी बिकास मन्त्रालय मातहत दक्षिणकाली क्षेत्र प्रबन्ध बिकास समिति गठन गरी संचालनमा रहेको देखिन्छ । दक्षिणकाली मन्दिर र सोको परिसर पुरातात्विक महत्वको क्षेत्र भएकोले नेपाल सरकारको कार्यबिभाजन नियमाबली बमोजिम उक्त क्षेत्रमा गरिने काम यस मन्त्रालयको कार्यक्षेत्रमा पर्नेमा सो मन्दिरको काम समेत उल्लिखित प्रबन्ध समितिबाट गर्ने गरेको जानकारी हुन आयो । शहरी बिकास मन्त्रालयबाटै पुरातात्विक तथा धार्मिक महत्वका क्षेत्रमा बिभिन्न काम गर्न भनी २०७२/७३ मा बिभिन्न कार्यक्रम राखि खर्च गरेको पनि देखिन्छ । एकै प्रयोजनमा बिभिन्न निकायबाट खर्च गर्नु गराउनु मनासिब देखिएन यसमा सुधार हुन पर्दछ

९. **विनियम :** पञ्चागकारहरुलाई एकै थलोमा भेला गराई एकै सिद्धान्त र शास्त्रसम्मत ढंगबाट चाड, पर्वहरुको गणना गर्न गराउन एक समिति गठन भएकोमा उक्त समितिको काम स्थायी प्रकृतिको भएकोले समितिलाई वैधानिकता दिनु पर्ने भनि नेपाल राजकीय पञ्चाग निर्णायक समिति संचालन सम्वन्धी अवधारणा २०६२ तयार गरी मन्त्रिपरिषदमा स्वीकृतिको लागि पेश गरेकोमा उक्त अवधारणा २०६२।७।२२ मा स्वीकृति भएको छ । समितिले आफ्नो कार्यविधि आफै स्वीकृत गर्ने, नियम बिनियम वनाई नेपाल सरकारवाट स्वीकृत गराई लागू गर्ने, सो नहुदासम्म नेपाल सरकारको प्रचलित आर्थिक नियम अनुसार खर्च गर्ने अधिकार भएतापनि कार्यविधि तथा नियम विनियम बनाई लागू गरेको पाइएन । मन्त्रालयबाट विगत वर्षहरु देखि यस समितिलाई निकासा पठाइएको रकम प्रचलित आर्थिक ऐन नियम अनुसार खर्च गरी लेखापरीक्षण गरे नगरेको अनुगमन मुल्याङकन गरेको छैन । समितिलाई यस वर्ष रु. १९ लाख २३ हजार दिएकोमा लेखापरीक्षण गराउने सम्बन्धमा उल्लेख नगरे पनि २०७१/७२ सम्मको लेखापरीक्षण दर्तावाला लेखापरीक्षकबाट गराएको व्यहोरा जानकारी हुन आयो ।

१०. **पर्यटन रोयल्टी बाँडफाँड :** पर्वतारोहण वापतको नेपाल सरकारलाई प्राप्त हुने रोयल्टी (सलामी) रकमको वांडफांड स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली , २०५५ वमोजिम ३० प्रतिशत रकम वार्षिक विनियोजन शीर्षकमा प्राप्त भए पछि पर्यटन राजश्व वांडफांड समितिले सम्वन्धित जिल्ला विकास समितिमा सशर्त अनुदानको रुपमा अख्तियारी पठाउने व्यवस्था पर्वतारोहण रोयल्टी बाँडफाँड तथा परिचालन निर्देशिका, २०७० मा उल्लेख छ । २०७१।७२ को अशुल रोयल्टी मध्ये १० जिल्लालाई रु. ९ करोड ३० लाख ३ हजार वांडफांड गरेको छ । २०७२।७३ को असुली रोयल्टीको हिसाव प्राप्त गरी लेखापरीक्षण समय २०७३ मंसिरसम्म पनि वांडफांड गरेको छैन । निर्देशिका अनुसार वार्षिक रु. ५० लाखभन्दा वढी रोयल्टी पाउने जिल्लाले पर्यटन विकास गुरु योजना तर्जुमा गरी लागू गर्नुपर्ने, वार्षिक प्रगति प्रतिवेदन अवधि समाप्त भएको १५ दिन भित्र मन्त्रालयमा पठाउनु पर्नेमा सो अनुसार भएको अभिलेख मन्त्रालयमा रहेको पाइएन । त्यस्तै नेपाल सरकारको निर्णय अनुसार केही हिमालको रोयल्टी उठाउन नेपाल पर्वतारोहण संघलाई

अनुमति प्रदान गरे पनि उक्त संघले सो रोयल्टी रकमबाट गरेको खर्च र लेखापरीक्षण समेत गराएको अनुगमन मुल्याङ्कन हुने गरेको पाईएन ।

११. **अनुगमन मुल्याङ्कन :** नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ मा मन्त्रालयले संस्कृति, पर्यटन तथा हवाई यातायातको विकास सम्वन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्याङ्कन गर्ने उल्लेख छ । यसै प्रयोजनका लागि बजेट, अनुगमन, मुल्याकन खर्च वापत मन्त्रालयबाट रु.२८ लाख १८ हजार खर्च गरेको उल्लेख छ । यसको उपदेयता प्राप्त भए नभएको विवरण तयार गरी राखेको छैन ।

१२. **अनुदान :** यस मन्त्रालयले २०७२।७३ मा मन्त्रालय बाट सोभैं १२ संघ संस्थालाई रु.९७ लाख २४ हजार र मन्त्रालयबाट सोभैं ७३ जिल्ला विकास समिति लाई अख्तियारी पठाएर रु ४२ करोड १ लाख १५ हजार अनुदान रकम उपलव्ध गराएको देखिन्छ । अनुदान सम्वन्धमा देखिएका व्यहोरा निम्न छन् ।

१२.१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१ (६) मा अनुदान दिदा योजना, कार्यक्रम र यथा सम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । मन्त्रालय आफै वा मातहत सरकारी कार्यालयबाट विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकारवाट गठन भएका पर्यटन तर्फका १४ समिति, संस्कृति तर्फका १० समिति, छुट्टै बजेट उपशिर्षकबाट निकासा दिने एक मात्र ईच्छुक सांस्कृतिक प्रतिष्ठान सहित ९ स्वायत्त निकाय बाहेक अर्थ बजेटवाट निकासा दिइएका ११ संघ संस्था र एक व्यक्तिलाई रु ९७ लाख २४ हजार अर्थ बजेटवाटै जिल्ला विकास समिति कैलाली मार्फत एक दर्शन मेलालाई दिएको, रु २० लाख रकम ७३ जिल्ला विकास समिति मार्फत विभिन्न संघ, संस्था र निजी प्रतिष्ठानलाई दिएको रु. ४१ लाख ८१ हजार १५ हजार सहित यस मन्त्रालयबाट मात्र कुल रु.४२ करोड ९८ लाख ३९ हजार निकासा दिदा योजना, कार्यक्रम र लागत खुलाएको प्रमाण पेश भएन । यस मन्त्रालयबाट निकासा पठाएको रकम बाहेक यस मन्त्रालयको कार्य क्षेत्रमा पर्ने पुरातात्त्तिक तथा धार्मिक महत्वका क्षेत्रमा शहरी बिकास मन्त्रालयबाटै बिभिन्न काम गर्न २०७२/७३ मा बिभिन्न कार्यकम स्वीकृति गरी खर्च गरेको पनि देखिन्छ । एकै स्थान र प्रयोजनमा बिभिन्न निकायबाट खर्च गर्नु गराउनु मनासिब देखिएन । यसमा सुधार हुन पर्दछ ।

१२.२ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१ (३) मा सालवसाली प्रकृतिका वाहेक विशेष प्रकारका पटके कार्यक्रम, आयोजनाको रकम निकासा भई सम्वन्धित संघ, संस्था वा संस्थानलाई दिइएको रकमको आय व्ययको प्रगतिको विवरण लिई जुन कामको लागि त्यस्तो रकम दिइएको हो सो काममा खर्च गरे वा नगरेको लक्ष्य अनुसार गरे वा नगरेको, प्रचलित कानून वमोजिम लेखापरीक्षण भए वा नभएको कुराहरुको अध्ययन, अनुगमन गरी वार्षिक विवरण तयार गरी सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा र अर्थ मन्त्रालयमा पठाउने कर्तव्य सम्वन्धित मन्त्रालयको हुने व्यवस्था भएकोमा सो अनुसार गरेको देखिएन ।

१२.३ जिल्ला विकास समितिवाट अनुदान वितरणका लागि अख्तियारी पठाउदा पठाएको रकम सोही आर्थिक वर्षमा खर्च गर्नुपर्ने नभए सञ्चित कोषमा जम्मा गर्नुपर्ने, आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र बित्तीय, भौतिक प्रगति प्रतिवेदन सहित लेखापरीक्षण प्रतिवेदन लिनुपर्ने, प्राविधिक जाँचपास गरी सार्वजनिक लेखापरीक्षण गराउनु पर्ने, गरिएको काममा उपभोक्ता समितिको योगदान पनि हुनुपर्ने, फागुन मसान्तसम्म काम शुरु नभएमा सम्पूर्ण वजेट चैत्र १ गते फिर्ता गर्नुपर्ने भन्ने व्यहोरा उल्लेख गरी पठाए पनि सो अनुसार भएको देखिने कुनै कागजात यस मन्त्रालयमा आउने गरेको देखिएन भने मन्त्रालयबाट समेत अनुगमन मुल्याकन गरेको छैन ।

१२.४ अख्तियारी पठाउदा अन्य जिल्ला विकास समितिलाई फागुन मसान्तसम्म काम शुरु गर्नुपर्ने भने पनि मन्त्रालय आफैले जेष्ठ र असार महिनामा चालु अनुदानवाट १० संस्था र एक व्यक्ति लाई रु. ९७ लाख २४ हजार र जिल्ला विकास समिति कैलाली मार्फत एक धार्मिक मेला सञ्चालन गर्न रु. २० लाख समेत रु. १ करोड १७ लाख २४ हजार पठाएको छ । उक्त रकम मध्ये मन्त्रालयबाटै खर्च गर्ने निकायलाई निकासा दिएको रकम सम्बन्धमा मन्त्रालयबाट तोकिएका शर्त अनुसार भए नभएको अनुगमन मुल्यांङकन गरी लेखापरीक्षण गराएको प्रतिबेदन लिएको देखिएन ।

पर्यटन विभाग

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको परिचालन गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रणको प्रणालीको मूल्यांकन गर्दा वार्षिक खरिद योजना नबनाएको, खर्च भएका सबै बिल भर्पाइमा भुक्तानी भएको छाप समेत लगाई प्रमाणित गरी नराखेको, तोकिएको ढाँचामा भ्रमण अभिलेख नराखेको, संक्षिप्त बार्षिक प्रतिवेदन तयार नगरेको, बिभागले ट्राभल ट्रेकिङको इजाजतपत्र पत्र प्रदान गर्दा रु.३ लाख र रु.२ लाखको शर्त रहितको बैंक ग्यारेन्टी लिनुपर्नेमा टुरिजम विकास बैंकले शर्त सहित जारी गरेका बैंक ग्यारेन्टी पनि लिने गरेको, सार्वजनिक लेखा समितिले समय समयमा दिएका निर्देशन तथा महालेखा परीक्षकको बार्षिक प्रतिवेदनमा औल्याईएका व्यहोरा सम्बन्धमा भएका निर्णयको कार्यान्यन तथा अनुगमन मुल्याङ्कन अद्यावधिक अभिलेख तयार गरि नराखेको, कर्मचारीको कार्य विवरण तयार नगरेको र जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार मर्मत तथा लिलामको कारबाही नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गराउनु पर्दछ ।

२. **बजेट व्यक्तव्य :** २०७२/७३ को बजेट बक्तव्यमा उल्लिखित व्यहोरा लगायत अन्य व्यहोरा सम्बन्धमा भएको प्रगति सम्बन्धमा कुनै विवरण प्राप्त नभएकोले मुल्याकन, परीक्षण गर्न सकिएन । त्यस्तै भुकम्प अति प्रभावित जिल्लामा भुकम्प सम्बन्धी पुन स्थापना तथा पुननिर्माण सम्बन्धी कार्यको छुट्टै अभिलेख रहेको पाईएन ।

३. **पेश्की बाँकी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ ले पेश्की दिने र फछ्र्योट गर्ने व्यवस्था गरेको छ । विभागले ६ व्यक्ति वा संस्थालाई विभिन्न मितिमा दिएको पेश्की रु.४८ लाख ८९ हजार आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्र्योट भएको नदेखिएकोले पेस्की फछ्र्योट गनुपर्दछ ।

४. **भुक्तानी दिन बाँकी विवरण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० मा भुक्तानी दिनुपर्दा भुक्तानी दिन बाँकीको विवरण (म.ले.प.फा.नं. १८) तयार गर्नुपर्ने व्यवस्था छ । विभागले आर्थिक वर्षमा ४ जनालाई रु.३ लाख ३० हजार खर्च लेखेको अनियमित देखियो ।

५. **प्रहरी कर्मचारी व्यवस्थापन :** उपत्यकामा ५ स्थान र उपत्यकावाहिर १६ स्थान गरी २१ स्थानमा खटिने गरी कुल २२७ दरबन्दी रहेको प्रहरीको एक युनिट यस विभागमा रहेको छ । उक्त युनिटमा कार्यरत प्रहरी कर्मचारीहरुको तलब, भत्ता, राशन लगायतका सुविधाहरु पर्यटन विभागबाटै खर्च लेख्ने गरेको देखिन्छ । प्रहरी कर्मचारीको काज, सरुवा तथा अन्य खटनपटन कार्य भने प्रहरी प्रधान कार्यालयबाटै हुने गरेको देखिन्छ । पर्यटकिय सुरक्षाको दृष्टिले धेरै प्रहरी जनशक्ति आवश्यक परेको अवस्थामा विभागले उक्त ठाउँमा जनशक्ति थप घट गर्न सक्ने अवस्था देखिएन ।

६. **उपभोक्ता समितिको खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्ता समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने व्यवस्था रहेको छ । उपरोक्त व्यवस्था अनुसार खर्च सार्वजनिक गरेको प्रमाण कार्यालयमा पेश गरेको छैन । नियमको पालना हुनुपर्ने देखिन्छ ।

७. **इजाजत पत्र :** पर्यटन ऐन, २०३५ को दफा ४५क तथा औद्योगिक व्यवसाय ऐन, २०४९को दफा ३ मा क्यासिनोलाई पर्यटन उद्योगको रुपमा व्याख्या गरेको देखिदैन । तर यस विभागले उक्त ऐन नियमले नतोकेको क्षेत्र क्यासिनोलाई क्यासिनो नियमावली,२०७० अनुसार अन्य पर्यटन उद्योग वा सहासिक खेलको रुपमा व्याख्या गरि इजाजत दिने नविकरण गर्ने तथा रोयल्टी अशुल गर्दै आएको छ ।

७.१ क्यासिनो नियमावली, २०७० को नियम १० मा क्यासिनो संचालनको इजाजतका लागि दुई करोड इजाजत दस्तुर लाग्ने, तर आधुनिक मेशिन वा उपकरणको माध्यमबाट मात्र खेलाईने खेलको हकमा एक करोड रुपैया इजाजत दस्तुर लाग्ने व्यबस्था छ । उक्त व्यबस्था अनुसार इजाजतपत्र बाहकले २०७३/७४ को लागि २०७२/७३ मा नै इजाजतपत्र दस्तुरको पचास प्रतिशतले हुने रकम बुझाई नबिकरण हुनु पर्ने देखिए पनि २०७३ फागुनसम्म विभिन्न ९ इजाजतपत्र बाहक नविकरण भएको प्रमाण पेश हुन आएन । २०७२/७३ को लागि पनि विभिन्न फर्म नविकरण हुने अबधि सकिए पनि नबिकरण दस्तुर रु.७ करोड असुल भएको नदेखिएकोले नियमानुसार असुल हुनुपर्दछ ।

७.२ विभिन्न फर्ममध्ये एक प्रा. लि. ले २०७२ असोज १८ मा रु.५ लाख निवेदन दस्तुर बुझाई क्यासिनो सञ्चालनका लागि इजाजतपत्र माग गरेकोमा इजाजत दस्तुर नबुझाई रोयल्टी रकम बुझाउदै गरेको पाइयो । इजाजत पत्रको दस्तुर नै नबुझाएको अवस्थामा उक्त कार्य नियमानुसार भन्ने अवस्था रहेन । अतः इजाजत दस्तुर रकम रु.१ करोड असुल गरी दाखिला गर्नुपर्दछ ।

८. **क्यासिनो रोयल्टी :** नेपालमा सञ्चालित क्यासिनोले बुझाउनु पर्ने बार्षिक रोयल्टीको २०६९/७० देखिको दर बार्षिक रुपमा घटाउदो गएको देखिन्छ । क्यासिनो रोयल्टी सम्बन्धमा देखिएका व्यहोरा निम्न छन :

८.१ रोयल्टी दाखिला र आर्थिक ऐन, २०७२ को दफा १६ अनुसार २०७२/०७३ मा नेपालमा रहेका क्यासिनो सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति तथा निकायले क्यासिनो सञ्चालन गरे वापत वार्षिक तीन करोड रुपैयाँ रोयल्टी तिर्नुपर्ने व्यवस्था छ । आधुनिक मेशिन वा उपकरणको माध्यमबाट मात्र खेलाइने खेलको लागि वार्षिक रु.७५ लाख रुपैयाँ रोयल्टी तिर्नु पर्ने व्यबस्था गरेको छ । रोयल्टी बापतको रकम सम्बन्धित क्यासिनो सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा निकायले आर्थिक वर्ष प्रारम्भ भएको मितिले दुई महिनाभित्र बुझाउनु पर्ने, तोकिएको अवधिभित्र रोयल्टी नबुझाउने व्यक्ति वा निकायलाई सो रोयल्टी रकमको बार्षिक पन्ध्र प्रतिशतका दरले शुल्क र सो म्याद नाघेको मितिले तीन महिनासम्म त्यस्तो रकम नबुझाएमा वार्षिक पन्ध्र प्रतिशतका दरले थप शुल्क समेत लगाई रोयल्टी रकम असुल उपर गरिने व्यबस्था उल्लेख छ । विभागले समयमा रोयल्टी नबुझाएमा थप शुल्क गणना गर्ने गरेको पाइएन भने रोयल्टी बुझाउनु पर्नेले नबुझाएमा पनि कुनै कारबाही गरेको पाइएन । रोयल्टी नबुझाउने र ढिला रोयल्टी बुझाउनेबाट नियमानुसार शुल्क समेत गणना गरी रोयल्टी रकम रु.६ करोड असुल गर्नुपर्दछ । एक प्रा.लि.ले २०७२/६/२२ मा नयाँ इजाजतपत्रका लागि निबेदन दिएको अवस्थामा आर्थिक बर्ष प्रारम्भ भएको दुई महिना भित्र नै रोयल्टी बुझाउने अवस्था रहेन तर निजले आर्थिक वर्षको अन्त्यतिर सबै रोयल्टी रकम बुझाएको देखिन्छ । यस्तो अवस्थामा कसरी अतिरिक्त शुल्क बुझाउनु पर्ने हो स्पष्ट गरी शुल्क र थप शुल्कको गणना गर्नुपर्ने देखिन्छ ।

८.२ विभागले क्यासिनो रोयल्टी रकम नबुझाउनेबाट उठ्न बाँकी रकमको लगत राखी असुल गर्न बाँकी रकम राजश्वको आर्थिक विवरणमा देखाउने गरेको छैन । यस्तो अवस्थामा असुल हुन बाँकी र अशुल भएको रकमको यर्थाथ अवस्था एकीन गर्न सकिएन । बिगत बर्षको रोयल्टी असुल हुन बाँकी ९ संचालकको २०७२ चैत्रसम्मको कुल रु.१ अरब ३२

करोड ८० लाख ९३ हजार असुलीका लागि कुमारी चोक तथा केन्द्रीय तहशील कार्यालयमा लगत पठाएको उल्लेख भएता पनि उक्त कार्यालयले लगत कसेको प्रमाण पेश हुन आएन ।

९. **केबुलकार :** पर्यटन ऐन, २०३५ एवं औद्योगिक व्यवसाय ऐन, २०४९ अनुसार केबुलकार उद्योग संचालन गर्न इजाजतपत्र लिनु पर्ने र केबुलकारको इजाजत दस्तुर रु.५० हजार लाग्ने गरी कार्यविधि तयार गरेको छ । चितवनको कुरीनटारमा २०५५ देखि र २०७३ देखि काठमाण्डौको थानकोटमा सञ्चालित केबुलकारले इजाजत लिएको पाईएन । औद्योगिक व्यवसाय ऐन, २०७३ कार्यान्वयनमा आए पछि केबुलकारलाई पर्यटन उद्योगबाट निर्माण उद्योगमा सारेको छ तापनि साविकको ऐन अनुसार इजाजतपत्र लिनुपर्ने दायित्वबाट उन्मुक्ति दिन मिल्ने देखिदैन ।

१०. **हिमाल रोयल्टी व्यवस्थापन :** नेपाल सरकारको २०३४/१०/५ र २०५९/५/३१ को निर्णयले ३३ आरोहण शुल्क उठाउने अधिकार नेपाल पर्वतारोहण संघलाई दिएको छ । निर्णयमा पर्वतारोहण संघबाट व्यवस्थापन हुने सम्पुर्ण हिमचुलीबाट प्राप्त हुने रोयल्टी रकममध्ये स्थानीय बिकास कोषमा २० प्रतिशत, वातावरण संरक्षण कोषमा १० प्रतिशत, उद्धार कोषमा ५ प्रतिशत तथा नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान बिकास समितिलाई ५ प्रतिशत उपलव्ध गराउने र संघको प्रशासनिक खर्चमा २० प्रतिशत भन्दा बढी लगाउन नपाउने व्यवस्था छ । उक्त निर्णय अनुसार नेपाल पर्बतारोहण संघले २०५०/५१ देखि २०७०/७१ सम्ममा रु.५३ करोड ८८ लाख २६ हजार,२०७१/७२ को विवरण प्राप्त नभएको र २०७२/७३ को रु.४ करोड ९३ लाख १२ हजार रोयल्टी असुल गरेको विवरण प्राप्त भएको छ । यो वर्षमा स्थानीय बिकास कोषमा जानुपर्ने रकम मध्येबाट रु.१ करोड २७ लाख ८१ हजार र वाताबरण संरक्षण कोषमा जानुपर्ने रकम मध्येबाट रु.३४ लाख ५९ हजार कोषको नामबाट संघ आफैले खर्च गरेको छ । उक्त रकम संघबाट असुल गरी सम्बन्धित कोषमा दाखिला गराउनु पर्दछ । संघले असुल गरेको रोयल्टी र खर्चको लेखापरीक्षण समेत हुने गरेको नदेखिएकोले लेखापरीक्षण गराउने व्यवस्था मिलाउनु पर्दछ ।

११. **भन्सार महशुल :** नेपाल सरकारबाट जारी हुने आर्थिक अध्यादेश तथा ऐनमा उल्लेख भए अनुसार यस विभागको सिफारिसमा विभिन्न पर्यटन उद्योगहरुलाई भन्सार विभागले विदेशबाट पैठारी हुन सामानमा भन्सार महशुल छुट दिने व्यवस्था अनुसार यो वर्ष ४ होटेल व्यवसायीलाई छुटका लागि सिफारिस गरिएको व्यहोरा अवगत भयो । सिफारिस पूर्व होटेल व्यवसायीलाई भन्सार महशुल छुट प्रयोजनका लागि सामानको लिष्ट सहितको योजना विभागमा पेश गराई स्वीकृत भए अनुसार छुट सिफारिस गरिने गरेको भनाई विभागको रहेपनि होटेल व्यवसायीलाई भन्सार दरको लागि सिफारिस गरिएको अद्यावधिक अभिलेख तयार गरि राखेको पाईएन । यस्तो अवस्थामा उदेश्य अनुसार सिफारिस भई प्राप्त सामान उपयोग गरेका छन भन्ने अवस्था रहेन ।

१२. **धरौटी :** सार्वजनिक खरिद नियमावली, २०६४ का नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याउने अवधि सकिए पछि र कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ । धरौटी फिर्ता दिंदा मूल्य अभिवृद्धि कर समायोजनको पत्र पेश नगरे पनि धरौटी फिर्ता दिएको देखिन्छ । धरौटी फिर्ता दिएका मध्ये रु.५ लाख भन्दा बढी धरौटी रु.२५,०२,७६९।- फिर्ता दिएका विभिन्न निर्माण व्यवसायीहरु रहेको छन । धरौटी फिर्ता दिदाँ उक्त परिपत्र अनुसार भए नभएको सम्बन्धमा विभागबाटै एकिन गरी प्रमाण पेश हुनु पर्दछ ।

पुरातत्व विभाग, रामशाहपथ

१. **लक्ष्य र प्रगति :** प्रगती विवरण अनुसार यस वर्ष विभिन्न बजेट उपशिर्षकमा बार्षिक कार्यक्रम अनुसार ३९४ कार्यक्रम संचालन गर्नको लागि वार्षिक कार्यक्रम स्वीकृत भएकोमा ती मध्ये ८२ कार्यक्रम संचालन नभएको, १२५ मा ५० प्रतिशत भन्दा कम प्रगति भएको देखाएको छ । कार्यक्रम संचालन नगर्नु तथा कम प्रगति हुनु मनासिब देखिएन । तोकिए अनुसारको प्रगति हासिल हुने गरी कार्यक्रम संचालन गर्नु पर्दछ ।

२. **ठेक्का व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम २० अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम चौमासिक भित्र गर्नुपर्ने व्यवस्था छ । विभागले वोलपत्रको माध्यमवाट १०८ ठेक्का गराएकोमा प्रथम चौमासिकमा ठेक्का बन्दोवस्त नै नभएको पाइयो । नियममा उल्लेख भए अनुसार तोकिएको समयसीमा भित्रै ठेक्का सम्झौता गर्नुपर्ने देखिन्छ ।

३. **चौमासिक र आषाढको खर्च :** वजेट खर्च गर्ने अख्तियारी दिदाँ अन्तिम चौमासिकमा कूल खर्चको ४० प्रतिशत र आषाढमा २० प्रतिशतको सीमा भित्र खर्च गर्न सकिने उल्लेख छ । विभागवाट प्राप्त विवरण अनुसार उल्लिखित खर्चको अनुपात हेर्दा तेस्रो चौमासिक र आषाढमा तोकिएको सीमा भन्दा बढी हुने गरी खर्च भएको देखिन्छ । तोकिए अनुसार कार्यक्रम संचालनमा ध्यान दिनुपर्ने देखिन्छ ।

४. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा दरबन्दी अनुसार पदपुर्ति नभएको, तोकिए अनुसार कार्यक्रम सम्पन्न भए पछि प्रतिवेदन तयार नगरेको, कार्यकर्म खर्च खाता नराखेको, भ्रमण अभिलेख नराखेको, भुक्तानी भएका सबै बिल भर्पाइमा भुक्तानी भएको छाप समेत लगाई प्रमाणित नगरेको, सबै कामको लागत अनुमान तयार नगरेको, तालुक कार्यालयबाट निरीक्षण नगरेको, संक्षिप्त बार्षिक प्रतिवेदन तयार नगरेको, कर्मचारीको कार्य विवरण तयार नगरेको, विभिन्न कार्यक्रमहरुमा सहभागीको खाजा खर्च, यातायात खर्च, होटलबास खर्च वितरण गर्नको लागि कार्यक्रम निर्देशिका तयार नगरेको, जिन्सी

निरीक्षण प्रतिवेदन अनुसार मर्मत तथा लिलाम बिक्रीको कारबाही नगरेको, जिन्सी खातामा बाँकी रहेका सामानको जिम्मेवारी नसारेको, मूल्य नखुलेका सामानको मूल्य खुलाई नराखेको, विभागको खातामा आम्दानी बाधेँको सवारी साधन एक दुतावासलाई दिएकोमा कारण नखुलेको, स्वीकृत ढाँचाको नापी किताब नराखेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

५. **प्रतिस्पर्धा :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार सार्वजनिक निकायले खरिद कार्यगर्दा प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । विभागले निर्माण कार्य गर्दा एकै प्रकारका र एकै स्थानका कार्यहरु साना साना प्याकेजमा कार्यक्रम स्वीकृत गरी सोहि अनुसार खर्च लेखेको देखिन्छ । एकै प्रकृति र एकै स्थानको कामहरुलाई एकिकृत रुपमा प्याकेज बनाई काम गराउने तर्फ विभागको ध्यान जानु आवश्यक देखिन्छ ।

६. **उत्खनन कार्य** : विभागले यो वर्ष देहायका पुरातात्विक स्थलहरुको उत्खननको लागि कर्मचारीलाई पेस्की उपलव्ध गराई रु.४२ लाख ९२ हजार खर्च लेखेकामा निम्नानुसार व्यहोरा देखिएका छन् :

६.१ पुरातात्विक उत्खनन् सम्बन्धी खर्च गर्ने नर्म्स, २०६५ को २(ऊ) अनुसार पुरातात्विक उत्खनन् कार्य गरे पछि प्रतिवेदन लेखन उत्खननबाट प्राप्त उपलब्धिलाई सर्वसाधारणसम्म पुऱ्याउन प्रकाशन तथा रिपोर्ट लेखन एवं प्रकाशनमा लाग्ने खर्चको आधार खुलाएको छ । विभागले उत्खनन कार्य सम्पन्न गरे पछि नर्म्स अनुसार प्रतिवेदन पेश नगरि खर्चको विवरण मात्र पेश गरेको छ । तोकिए अनुसार कार्य सम्पन्न प्रतिवेदन, उत्खनन्बाट प्राप्त सामान लगायतका उपलव्धिको प्रमाण पेश हुनु पर्दछ ।

६.२ विभागले पुरातात्विक स्थलहरुको सालवसाली उत्खनन र अनुसन्धान कार्य गरी रहेको स्थिति देखिएको छ । उत्खनन् कार्यको अभिलेख राखि प्रतिवेदन लिने र उत्खननबाट प्राप्त सामान आम्दानी वाध्ने कार्यको लगत खडा गरी राखेको देखिएन । अभिलेख राख्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६.३ पुरातात्विक उत्खनन सम्बन्धी नर्म्स,२०६५ को २(ख) अनुसार पुरातात्विक उत्खनन्मा संलग्न पुरातत्वविद् डाफ्टम्यान, सर्भेयर, आदिका लागि दैनिक तथा भ्रमण भत्ता कुल विनियोजित रकमको ३० प्रतिशत सम्म खर्च गर्न सकिने व्यवस्था छ । सो नर्म्स बमोजिम खर्च नबढाई गरेता पनि उत्खनन कार्यमा खटाउन सकिने जनशक्तिको विवरण नर्म्समा नखुलेको हुंदा प्रशासनिक कर्मचारी समेत भ्रमण आदेश स्वीकृत गरी भ्रमणमा खटिएको र दैनिक भ्रमण भत्ता खर्च लेखेको देखिएको छ । यसमा सुधार हुनु पर्दछ ।

७. **पुरातात्विक संरक्षण** : विभागले गत विगत वर्ष देखि विभिन्न प्राचिन स्मारक तथा पुरातात्विक स्थलहरुको संरक्षण गर्ने र उत्खनन गर्ने कार्यमा वर्षेनी खर्च गरेको देखिन्छ । विभिन्न पुरातात्विक स्थलहरुमा १ वर्ष संरक्षण सम्बन्धी कार्यमा प्राप्त बजेट अनुसार खर्च गर्ने तर अर्को वर्षमा कार्यक्रम नै नराख्ने गर्दा पहिले गरेका काम समेत नष्ट भएर जाने स्थिति देखियो । विभागले पुरातात्विक स्थल भनी अभिलेख राखेका स्थल मध्ये प्राथमिकताको क्रममा ती स्थलमा वजेट छुट्याई उक्त स्थलको उत्खनन तथा संरक्षण गर्ने कार्य सम्पन नहुंदासम्म बजेट तथा कार्यक्रम राखि काम गराउनु पर्दछ ।

८. **सेवा शुल्क** : प्राचीन स्मारक संरक्षण नियमावली, २०४६ को नियम ४.१०.२.५ बमोजिम स्मारक क्षेत्रमा प्रवेश गर्न लगाइएको प्रवेश शुल्क वा अन्य शुल्कबाट प्राप्त हुने रकम ऐन बमोजिम गठन हुने कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पाटन संग्रहालयमा प्रवेश गर्न चाहने नेपाली तथा विदेशी नागरिकबाट असुल रकमको ७५ प्रतिशत उपमहानगरपालिकालाई, १५ प्रतिशत पाटन संग्रहालयलाई र बांकी १० प्रतिशतमध्ये ५ प्रतिशत प्रशासनिक काममा र ५ प्रतिशत पाटन दरबार क्षेत्र मर्मत सम्भार र पर्यटन प्रवर्द्धनका लागि बांडफांड हुने गरी उपमहानगरपालिका र पाटन संग्रहालय विकास समितिबीच २०७३।०५।२८ मा सहमति गरेको देखियो । प्राचीन स्मारक संरक्षण ऐन तथा नियम बमोजिम स्मारक क्षेत्रमा प्रवेश गर्न लगाइएको प्रवेश शुल्क उक्त ऐन नियमले तोकेको कोषमा जम्मा गरी संरक्षण कार्यमा खर्च गर्नुपर्नेमा उक्त कोषमा रकम जम्मा नै नगर्ने वा गरेपनि असुलीको बढीमा ५ प्रतिशतमात्र जम्मा हुने गरी गरिएको कार्य उक्त ऐन नियम विपरीत देखिन्छ । यस्तो अवस्था भक्तपुर दरबार क्षेत्र र काठमाण्डौं दरबार क्षेत्रमा पनि रहेको छ । स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को परिच्छेद ७ अन्तर्गत उल्लिखित नियम अनुसार प्राचीन स्मारक क्षेत्रमा प्रवेश गर्दा लाग्ने शुल्क नगरपालिकाले उठाई उसले सञ्चालन गर्ने कोषमा जम्मा गर्न मिल्ने नदेखिएकोले असुल गरेको रकम प्राचीन स्मारक संरक्षण ऐन, नियमले तोकेको कोषमा जम्मा गरी सो कोषबाट सार्वजनिक प्राचीन स्मारकहरुको संरक्षण, मर्मत तथा जिर्णोद्धार कार्यमा लगानी गर्न सरोकारवाला सबैको ध्यान जानु आवश्यक देखिन्छ ।

९. **कर विजक** : मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७(१) बमोजिम दर्ता भएको व्यक्तिले अनुसुचि-५ बमोजिमको ढाँचामा कर विजक दिनुपर्दछ । सूचना प्रकाशन बापत एक विज्ञापन एजेन्सी लाई मूल्य अभिवृद्धि कर बापत रु.५,३५४।- भुक्तानी भएकोमा विजक नं. नभएको तथा विजक केरमेट गरेको देखियो । अतः सम्बन्धित कर कार्यालयबाट मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेश गर्नुपर्दछ ।

१०. **अनुदान :** वार्षिक कार्यक्रम अनुसार विभिन्न निकायहरुलाई मठ मन्दिर, संग्रहालय, लगायतका प्राचिन स्मारकहरुको संरक्षण तथा मर्मतका लागि रु.२,०७,४९,८२७- सशर्त अनुदान दिएको पाईयो । सशर्त अनुदान दिदां विभागबाट

अनुगमन गरिने र कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने शर्त सम्झौतामा राखिएको छ । विभागले केही निकायहरुसंग विल भरपाई माग गरी श्रेष्तासाथ राख्ने गरेको देखिन्छ । ती बिल भरपाई परीक्षण गर्दा रितपुर्वकको कर विजक नभएको, भुक्तानीमा अग्रिम कर कट्टा गर्नु पर्नेमा नगरेको देखिएको छ । सम्झौताका शर्त पुरा गरेको नदेखिएका विभिन्न व्यहोरा देखिएका छन् । यसमा सुधार हुनुपर्ने दखिन्छ ।

११. **ठेक्का :** पि.डि.एन.ए तर्फ यस वर्ष ५१ ठेक्काको कुल लागत अनुमान रु.१ अर्ब ४१ करोड ३२ हजार भएकोमा ४३ ठेक्काको लागि रु.१ अर्ब १० करोड ९९ लाख २३ हजार कबोल अंकमा ठेक्का सम्भौता भई रु.३ करोड ९० लाख १६ हजार मोविलाइजेशन पेश्की उपलव्ध गराएको छ । सबै ठेक्काको काम सम्पन्न गर्ने समय २०७२।७३ मा नभएकाले सबै काम निर्माणाधीन अवस्थामा रहेको जानकारी प्राप्त हुन आयो । विभागले निरन्तर अनुगमन मूल्याङकन कार्य गरी तोकिएको समयमा काम सम्पन्न गर्न ध्यान दिनु पर्दछ ।

११.१ ठेक्का सम्झौता अनुसार निर्माण व्यवसायीले २५ प्रतिशत सम्म मूल्य समायोजन पाउने उल्लेख छ । उक्त मूल्य समायोजन पाउन निर्माण सामग्रीको आधारभूत मूल्य विड पेश गर्दा नै पेश गर्नुपर्ने र प्रोजेक्ट मेनेजरले स्वीकृत गरेको हुनुपर्ने उल्लेख भएकोमा निर्माण सामाग्रीको आधार मूल्य पेश गरी स्वीकृत गरेको पाईएन ।

११.२ निर्माण व्यवसायीहरुले ठेक्का सम्झौता गर्दा कार्य तालिका पेश गरेकोमा सो अनुसार काम भए नभएको विभागबाट अनुगमन मूल्याङकन गरेको छैन । यस्तो अवस्थामा तोकिएको समयमा काम सम्पन्न नहुने हुदाँ यस तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१२. **क्षतीपूर्ति :** विभागले नियमित तर्फ यस बर्ष ठेक्का सम्झौता गरी काम भएका भनी उपलव्ध गराएको ठेक्काको विवरण परीक्षण गर्दा ३ ठेक्काको तोकिएको समयमा काम सम्पन नभएकोले ठेक्का सम्झौता अनुसार कबोल रकमको प्रति दिन ०.०५ प्रतिशत प्रतिदिनका दरले पूर्व निर्धारित क्षतिपूर्ति रु.३२ हजार असुल गरी काम सम्पन्न गराउनु पर्दछ ।

१३. **मूल्य समायोजन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा पन्ध्र महिनाभन्दा बढी अवधिको खरिद सम्झौतामा मूल्य समायोजन गर्न आवश्यक देखिएमा अधिकार प्राप्त अधिकारीले मूल्य समायोजन गर्न पाउने व्यवस्था छ । नुवाकोट दरबार परीसरको लागि रु.८३ लाख ५० हजार (मूल्य अभिवृद्धि कर बाहेक)को ठेक्काको निर्माण अवधि करिब ९५ दिन रहे पनि मूल्य समायोजन पाउने गरी सम्झौता गरेको देखियो । उक्त काम तोकिएको समयमा सम्पन्न भएको र मूल्य समायोजन दिनु नपरेको भने पनि उक्त व्यहोरा राखि ठेक्का सम्झौता गर्नु मनासिब देखिएन । उक्त स्थानको दरबार मर्मत सम्भार नगरि कपाउण्ड बनाउने कार्यको मात्र ठेक्का प्याकेज बनाउनु मनासिब देखिएन । मित्रराष्ट्र चिनबाट उक्त दरबार मर्मत कार्य हुन लागेको भनाई विभागको रहे पनि लेखापरीक्षण समयसम्म उक्त दरबार मर्मतको काम शुरु भएको छैन ।

१४. **असम्बन्धित खर्च :** विभागले निर्माण कार्य गराउँदा २ निर्माण ठेक्काको वि.ओ.क्यू. मा सवारी साधन समाबेश गरी खरिद गरेको देखियो । निर्माण कार्यसँग असम्बन्धित भएको खर्च रु.५ लाख ५६ हजार नियम सम्मत देखिदैन ।

१५. **कन्टिन्जेन्सी** : कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार अनुसूची–१ मा उल्लिखित व्यवस्था बाहेक अन्य कुनै आधार देखिदैन । उक्त अनुसूची–१ मा वर्कचार्ट खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत भनी उल्लेख छ । वर्कचार्ट स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन भने यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । यस बर्ष कन्टिन्जेन्सी खर्च भनि रु.८२ लाख १२ हजार खर्च गरेको छ । कन्टिन्जेन्सीबाट गरिने खर्च सम्बन्धमा सम्बन्धित निकायहरुबाट स्पष्ट नीति तय हुनुपर्ने देखिएको छ ।

१६. **कार्य सम्पन्न प्रतिवेदन** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा निर्माण कार्य सम्पन्न भै त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने व्यवस्था रहेकोमा सो अनुसार कार्यसम्पन्न प्रतिवेदन तयार गरेको पाईएन साथै सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२५(४) बमोजिम एक तह माथिको अधिकारी समक्ष पेश गरेको छैन ।

१७. **भुक्तानी** : विभागले पि.एस.आईटमको भुक्तानी दिदां सक्कल बिल भरपाई पेश भएपछि मात्र भुक्तानी दिनुपर्नेमा एक निर्माण व्यवसायीलाई ३ आईटममा रु.१,७१,२०६।- भुक्तानी दिएकोमा बिल भरपाई पेश नगरी भुक्तानी दिएको देखियो । बिल भरपाई बेगर खर्च लेखेको रकम सम्बन्धितबाट असूल हुनुपर्दछ ।

१८. **क्यूरियो जांचपास** : प्राचिन स्मारक संरक्षण ऐन, २०१३ को दफा १३ (३) मा क्यूरियोको उत्पादन तथा विक्री गर्न चाहने वा त्यस्तो उत्पादनको विक्री व्यवसाय गरी रहेको कुनै व्यक्ति वा संस्थाले इजाजत पत्र लिनु पर्ने र त्यस्तो उत्पादित प्रत्येक क्यूरियोमा विक्रेताको नाम सहितको नेपाल सरकारबाट स्वीकृत निस्सा लगाएको हुनुपर्ने व्यवस्था छ । विभागले यस वर्ष संकेत नं.१ देखि २३९०७ सम्ममा निकासी संख्या ४११५४२ क्यूरियो सामानमा निस्सा लगाएको विवरण प्राप्त भएको छ ।

प्राचिन स्मारक ऐन, २०१३ र प्राचिन स्मारक नियमावली, २०४६ मा क्यूरियो जांचपास गरी प्रमाणपत्र प्रदान गर्दा रु.१५।– को टिकट लिई नि:शुल्क सेवा प्रदान गर्ने गरेको देखियो । क्यूरियो निवेदन फाराम ,क्यूरियो

प्रमाणपत्र छपाई र क्यूरियो निस्सा प्रदान गर्ने छुट्टै शाखा बनाई कर्मचारी समेत व्यवस्था गरी खर्च भएको देखिएको छ । वस्तु उत्पादन तथा विक्री गर्ने संस्थाबाट सामानको प्रकृति र मोटामोटी मूल्य समेत विचार गरी प्रति क्यूरियो न्यूनतम सेवा शुल्क लिने गरी निर्देशीका बनाई कार्यान्वयन गराउन आवश्यक देखिन्छ भनि लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरेतापनि सुधार भएको देखिएन ।

१९. **पेश्की** : विभागले विभिन्न व्यक्ति वा संस्थालाई विभिन्न मितिमा दिएको पेश्की रु.४ करोड ६६ लाख ८१ हजार आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्र्योट भएको नदेखिएकोले नियमानुसार पेश्की फछ्र्योट गर्नुपर्दछ ।

२०. **धरौटी फिर्ता** : सार्बजनिक खरिद नियमावली, २०६४ का नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याउने अवधि सकिए पछि र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ । मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण बेगर ७ फर्मलाई रु.१० लाख ८६ हजार धरौटी फिर्ता गरेको देखियो । यस सम्बन्धमा विभागबाटै छानविन गरी सवै फर्मको मूल्य अभिवृद्धि कर समायोजन पत्र पेश हुनुपर्दछ ।

दक्षिण एशिया पर्यटन पुर्वाधार विकास आयोजना, सिंहदरवार

१. **परामर्श सेवा** : परामर्शदाताको शुरु सम्झौता रकम रु.३ करोड ९७ लाख ३ हजार रहेकोमा भेरियसनबाट रु.४ करोड ५२ लाख ६७ हजार कायम भएको छ । ठेक्का सम्झौतामा थप घट गर्ने ब्यहोरा उल्लेख गरेको नदेखिएकोले ठेक्का सम्झौतामा नेपालको प्रचलित कानुन लागू हुने देखिन्छ ।

२. **मूल्य समायोजन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ बमोजिम मूल्य समायोजनको अधिकतम रकम सामान्यतया शुरु सम्झौताको २५ प्रतिशत भन्दा बढी दिन नमिल्ने व्यवस्था छ । सम्झौतामा मूल्य वृद्धि समायोजनको सीमा निर्धारण भएको देखिएन । शुरु सम्झौतामा पारिश्रमिक बापत कुल रु.१ करोड ५ लाख २० हजारको २५ प्रतिशतले रु.२६ लाख ३० हजारसम्म भुक्तानी गर्न सकिनेमा रु.२९ लाख ३८ हजार भुक्तानी गरेकोले रु.३ लाख ४८ हजार बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

३. **सवारी खरिद** : सम्झौता अनुसार परामर्शदाताको सवारीसाधन, कम्प्युटर, ल्यापटप लगायतका सामान खरिद गरी प्रोभिजनल सममा व्यवस्था भए अनुसार रु.८४ लाख १७ हजार भुक्तानी भई सकेको छ । सम्झौतामा उक्त सामान परामर्शदाताकै हुने व्यवस्था नभएकोले काम सम्पन्न पश्चात फिर्ता गर्नुपर्ने हुदाँ कार्यालयबाट उक्त सामान जिन्सी आम्दानी गरी अभिलेख तयार गर्नुपर्ने देखिन्छ ।

नारायणहिटी दरबार संग्रहालय
२०७१।७२ र २०७२।०७३

१. **गुरुयोजना** : नेपाल सरकारको निर्णय अनुसार नारायणहिटी दरबार संग्राहालयको गुरुयोजना तयार गर्न २०६९।३।१९मा गुरुयोजना निर्माण समिति गठन भएको भएता पनि हालसम्म गुरुयोजना तयार गरेको पाइएन ।

२. **संग्राहालयमा व्यवस्थापन** : संग्राहालयको मुख्य भवनमा रहेको ५२ कोठा मध्ये हाल १९ मात्र प्रदर्शनको लागि खुल्ला गरिएको, २२ वटा सवारी साधन ग्यारेजमा उपयोग विहिन अवस्थामा रहेको, श्री सदन सर्वसाधारणको लागि खुल्ला गर्न नसकिएको, परिसरभित्र मर्मत सम्भार तथा सरसफाईको व्यवस्थापन हुन नसकी ऐतिहासिक महत्वको रुपमा रहेको श्रीपेच समेत प्रदर्शनी कक्षमा राखेको पाइएन । त्यस्तै दरवार संग्रहालय क्षेत्र भित्र विभिन्न १४ भवन टहराहरु हाल नेपाल सरकारको स्वामित्वमा रहेतापनि केही क्षेत्र नेपाली सेनाको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहेको बुझिएकोले उक्त भवन तथा जग्गाहरु भोगाधिकार सम्बन्धमा स्पष्ट गरी संग्रहालय स्थापनाको मर्म अनुरुप व्यवस्थापन सहित सर्वसाधारणको लागि खुला गरी प्रर्दशनको व्यवस्था मिलाउनुपर्दछ ।

३. **ऐतिहासिक तथा पुरातात्विक सम्पत्ति व्यवस्थापन** : नेपाल सरकार (मन्त्रिपरिषद) को २०६५।२।१६ निर्णयानुसार नारायणहिटी दरवार मुख्य भवनको पूर्वी भाग श्री सदन, महेन्द्रमञ्जील लगायतका सम्पूर्ण कोठाहरुमा राखिएका सम्पत्ति लगायत सम्पूर्ण ऐतिहासिक महत्वका सामानहरु तथा ऐतिहासिक महत्वको सन्धी संझौता अन्य महत्वपूर्ण दस्तावेज सहितको मूल प्रतिवेदन लेखापरीक्षणको क्रममा पेश हुन भएन । प्रत्येक शाखाबाट तयार भएको विवरण भिडान गरी त्यस्ता सामानको एकिन गर्न सकिएन । उक्त प्रतिवेदनको आधारमा शाखागत एकीन गरी अद्यावधिक गरिनुपर्दछ ।

४. **बढी भुक्तानी** : एक निर्माण व्यवसायीलाई अन्तिम बिल सम्मको मूल्य अभिवृद्धि कर सहित रु.९८ लाख ७५ हजार खर्च लेखेकोमा बिमा वापत एक कम्पनीलाई प्रिमियम बापत २ वटा बिल बमोजिम रु.३६ हजार मात्र भुक्तानी गर्नुपर्नेमा रु. ५० हजार गरेको भुक्तानी गरेकोले बढी मूल्य अभिवृद्धि कर समेत रु.१६ हजार निजबाट असुल गर्नुपर्दछ ।

५. **अधुरो कार्य** : त्रिभुवन सदन भवनको दोस्रो चरण पुर्ननिर्माणको रु.१ करोड २६ लाख ६३ हजार खर्च लेखेकोमा सम्झौता अनुसारको सालको काठको काम, सालको चौकसको काम । लिष्टी लगाउने कामको लागि रु.६ लाख १७ हजार रकम व्यवस्था भएकोमा उक्त कार्य र किचलसिंक कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएको छ ।

६. **टुक्रा कार्य :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम खरिद कार्य गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था भएकोमा संग्रहालय मर्मत सम्भारको विभिन्न कार्य गर्न टुक्रा टुक्रा पारी कोटेशन प्रकृयाबाट सम्पन्न गराई रु.३४ लाख ५९ लाख खर्च लेखेको देखिन्छ ।

७. **संगठन संरचना :** निजामती सेवा ऐन, २०४९ को दफा ६ मा कुनै नयां सरकारी कार्यालय स्थापना गर्न संगठन संरचना र नयाँ दरवन्दी श्रृजना गरी जनशक्तिको व्यवस्थापन गर्नुपर्ने उल्लेख छ । संग्रहालय स्थापना भएको ८ वर्ष व्यतित भई सक्दा पनि बिभिन्न पदका १४५ जना कार्यरत कर्मचारीको दरवन्दी स्वीकृत भएको देखिएन । दरवन्दी स्वीकृत गराएर मात्र कर्मचारीको पदपूर्ति गरिनु पर्दछ ।

८. **प्रर्दशन :** नेपाल सरकार मन्त्रीपरिषदको २०६५।२।१५ को गणतन्त्र कार्यान्वयन गर्ने स्वीकृत प्रस्ताव अनुसार २०६५ आषाढ १ गते नारायणहिटी दरवार संग्राहालय स्थापना पश्चात संग्रहालयमा रहेका श्रीपेच सहित भौतिक सामाग्रीहरु सर्वसाधारणको लागि प्रर्दशन गर्ने निर्णय भए तापनि हालसम्म सम्पूर्ण सामाग्री प्रर्दशनमा राखेको देखिएन । उक्त सामानहरु प्रर्दशनमा राख्ने व्यवस्था मिलाउनुपर्दछ ।

९. **खर्च संरचना :** स्वीकृत वार्षिक कार्यक्रम अनुसार तोकिएको चौमासिकमा कार्यक्रम संचालन गरी खर्च गर्नुपर्दछ । प्रथम चौमासिकमा २५.१० प्रतिशत, दोस्रो चौमासिकमा २३.४९ प्रतिशत र तेस्रो चौमासिकमा ५१.१४ प्रतिशत खर्च गरेको देखियो । कुल खर्च मध्ये आषाढ महिनामा मात्र २५.२१ प्रतिशत खर्च गरेको छ । स्वीकृत कार्यक्रम अनुसार खर्च गर्नु पर्दछ ।

१०. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ र ५० मा कार्यालयमा रहेको र खरिद गरी आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी कितावमा आम्दानी बांधी श्रेस्ता अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । त्यस्तै जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएको सामान लिलाम तथा मर्मत सम्भार गर्नुपर्ने व्यवस्था भएकोमा जिन्सी निरीक्षण प्रतिवेदन र जिन्सी भण्डारको अवलोकनवाट देहाय बमोजिम देखियो :

१०.१ नारायणहिटी परिसरमा रहेको फारसखानामा विभिन्न जङ्गली जीवजन्तुको छाला, हड्डी समेतका अंङ्ग वर्षौ देखि मौज्दात रहँदै आएको र कम्परोलरको भण्डारमा काठ मौज्दात रहेको पाइयो । उक्त सामाग्रीको अवस्था अनुसार संग्रहालयमा प्रदर्शनीमा ल्याउने, हस्तान्तरण गर्ने वा लिलाम गर्न उपयुक्त हुने देखिन्छ ।

१०.२ नारायणहिटी दरवारको सम्पत्ति नेपाल सरकारको जिम्मामा ल्याउने आयोगले उल्लेख गरेको सवारी साधनको विवरणमा लेखापरीक्षणार्थ पेश हुन आएन ।

१०.३ नारायणहिटी संग्राहालय श्री सदन स्थित ग्यारेज परिसर भित्र २१ थान (ऐतिहासिक महत्वका मानिएका ३ थान र वेवी कार ३ थान समेत) सवारी साधनहरु संचालनमा नआई ग्यारेजमा रहेको देखियो । संचालनमा आउन सक्ने सवारी साधनहरु प्रयोगमा ल्याउनुपर्ने तथा प्रयोगमा आउन नसक्ने सवारी साधनहरुलाई प्रर्दशन योग्य बनाई दरवार अवलोकन गर्ने सर्वसाधारणलाई देखाउने व्यवस्था मिलाईनुपर्ने देखिन्छ ।

१०.४ आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ४७ बमोजिम सामानको मूल्य समेत खुलाई जिन्सी आम्दानी जनाउनु पर्ने व्यवस्था भएको देखिन्छ । पूर्व राजप्रसादवाट प्राप्त भएको सवारी साधनहरु संग्रहालयको जिन्सी खातामा आम्दानी जनाएको नदेखिएकोले नियमानुसार जिन्सी खातामा आम्दानी जनाउनु पर्दछ । सवारी साधन उचित व्यवस्थापन गरी उपयोगमा ल्याउनु पर्ने देखिन्छ ।

१०.५ राहदानी विभागको उत्तरतर्फ ब्रुलेट प्रुफ कार र तत्कालिन ढुकुटी विभागका ८ (आठ) ओटा ठूला सेफहरु वेवारिसे रुपमा रहेको देखिन्छ । ती सामानहरु तत्काल संग्रहालयको जिन्सी खातामा आम्दानी गरी उचित संरक्षण र व्यवस्थापन गरिनु पर्दछ ।

११. **तलवी प्रतिवेदन :** निजामती सेवा ऐन,२०४९ अनुसार दरवन्दी पास गर्नुपर्नेमा दरवन्दी पास नगरी कार्यरत कर्मचारीलाई नै आधार मानी निजामति कितावखानाबाट विभिन्न पदका १५१ जनाको तलवी प्रतिवेदन पारित गरी तलव भत्ता खर्च गर्ने गरेको पाइयो । दरबन्दी भित्र परे नपरेको उल्लेख नगरी आवश्यकता अनुसार सोझै विगतमा कार्यरत अनुभवी भनी २० जना कर्मचारी करारमा नियुक्ति गरी तलव भत्ता खर्च गरेको पाईयो । नियममा भएको व्यवस्था बमोजिम तलवी प्रतिवेदन पारित गर्नुपर्ने तथा करारमा कर्मचारी भर्ना गर्ने व्यवस्था हुनुपर्दछ ।

१२. **परामर्श :** बार्षिक कार्यक्रम अनुसार पुस्तकालयको इन्भेन्टरी तयार पार्ने लगायतका विभिन्न कार्य गर्न एक व्यवसायी सँग मूल्य अभिवेद्धि कर सहित रु.४,९९,५००।- मा कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेको पाईयो । सम्झौता अनुसारका कार्य पुरा गरेको प्रमाण वेगर भुक्तानी गरेकोले सम्झौता अनुसार कार्य पूरा भएको प्रमाण पेश हुनुपर्दछ ।

नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान, कालिमाटी

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दा कार्यालयले कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, भुक्तानी भएका सबै बिल भरपाईमा भुक्तानी भएको छाप समेत लगाई प्रमाणित गरी राख्नुपर्नेमा सो अनुसार नगरेको, लागत अनुमान तयार नगरेको, खरिद योजना नबनाएको, चल्ती मेसिन र सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं.२ मा अभिलेख नराखेको, बेरुजूको लागत नराखेको, सम्परीक्षण गर्ने र असूलको लागि ताकेता नगरेको, तोकेको ढांचामा धरौटीको गोश्वार धरौटी खाता अध्यावधिक नगरेको,

संक्षिप्त वार्षिक प्रतिवेदन तयार नगरेको, मूल्य नखुलेको सामानको मूल्य खुलाई नराखेको, आन्तरिक स्रोतबाट सञ्चालित कार्यक्रममा न्यून प्रगति भएको, निर्धारित ढाँचामा प्रतिवेदन तयार नगरेको, समयमा पेश्की फछ्र्यौट नगरेको जस्ता व्यहोरा देखियो। प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

२. **तालिम संचालन :** प्रतिष्ठानले तालिमको लागि प्रशिक्षार्थी छनौट गर्दा आवश्यकता अनुसार लिखित र अन्तवार्ताको माध्यमबाट छनौट गरी तालिम दिने गरेको छ। तालिम कार्यक्रममा प्रशिक्षार्थी छनौट गर्दा सार्वजनिक सूचना प्रकाशन गरी प्रशिक्षार्थीको स्तर अनुसार लिखित र अन्तर्वार्ता, प्रयोगात्मक वा अन्तर्वार्ताको निश्चित प्रकृया निर्धारण गरी छनौट गर्नुपर्ने देखिन्छ।

३. **अभिलेख व्यवस्थापन :** प्रतिष्ठानले रोजगारमूलक तालिम कार्यक्रम संचालन गर्ने गरेकोमा तालिमगत प्रशिक्षार्थीको अभिलेख राखी, तालिमको उपलब्धि सम्बन्धमा अनुगमन गरी त्यस्ता तालिम कार्यक्रमहरु संचालन गर्दा पृष्ठपोषणको रुपमा लिनुपर्नेमा सो अनुसार भएको पाईएन। अभिलेख राखी अनुगमन व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

४. **आवास गृह संचालन :** प्रतिष्ठानको होटल व्यवस्थापन र ट्राभल तथा पर्यटन व्यवस्थापन सम्बन्धी स्नातक तहको शैक्षिक कार्यक्रम २०५६।५७ देखि संचालन भएको र शैक्षिक कार्यक्रममा होटल तथा रेष्टुरामा अनिवार्य रुपले व्यवहारिक ज्ञान लिनुपर्ने गरी कोर्षमा व्यवस्था भएको देखिन्छ। सोही अनुसार रु.१३ करोडको लागतमा भवन निर्माण गरी सोमा प्रतिष्ठानले होटल संचालन गर्ने तथा विद्यार्थिलाई व्यवहारिक ईर्न्टसिप गर्ने उदेश्यले भवन निर्माण सम्पन्न भएको ४ बर्ष भईसकेता पनि हालसम्म सो होटल संचालनमा ल्याउन सकेको देखिएन।

५. **सम्पत्ति तथा दायित्व :** प्रतिष्ठानको वासलातमा उल्लेख भए अनुसार पूंजी तथा दायित्व र सम्पत्ति रु.५१ करोड ४५ लाख २५ हजार र स्थीर सम्पत्ति रु.४० करोड ३२ लाख ८४ हजार पुगेको देखिन्छ। स्थीर सम्पत्तिको छुट्टै खाता राख्नुपर्ने र प्रत्येक बर्षको ह्रास कट्टी रकम घटाई वजार मुल्य अनुसार मूल्यांकन गरी स्थीर सम्पत्ति खाता अद्यावधिक गरी राख्नुपर्नेमा सो अनुसार गरेको देखिएन। अत: स्थिर सम्पत्तिको छुट्टाछुट्टै अभिलेख राखी मुल्यांकन गरी अद्यावधिक गरी राख्नुपर्ने देखिन्छ।

गत आर्थिक वर्षमा जग्गा को मुल्य रु.२५ लाख देखाएकोमा यस वर्ष जग्गा नै नदेखाई ग्रस ब्लकमा राखेको तथा यस बर्ष कुल स्थिर सम्पति रु.२६,४८,८७,१४२।- देखाई ३५ प्रतिशतले ह्रास कट्टि रु.९,३१,०३,०३२।- गरेको छ। ह्रास कट्टि आधार बेगर सवै सम्पतिलाई एकै स्थानमा राखी ह्रास कट्टा गरेको नियम सम्मत देखिदैन। विना आधार एकमुष्ट सम्पत्तिमा जग्गा समेत समावेश गर्दा ह्रास कट्टि गर्नुपर्ने दरभन्दा बढी ह्रास कट्टा गरी पेश गरेको वित्तीय विवरणले प्रतिष्ठानको यथार्थ अवस्था देखाउन नसक्ने हुंदा जग्गा र अन्य सम्पत्तिको फरक फरक समुह देखाई ह्रास कट्टी गर्नुपर्दछ।

६. **ह्रास कट्टी :** प्रतिष्ठानले हरेक वर्ष भवनमा ५ प्रतिशत, फर्निचर तथा फिक्चर्स तथा अन्य अचल सम्पतिमा १५ देखी २५ प्रतिशत सम्म ह्रास कट्टा गरी नाफा नोक्सान खातामा खर्च देखाउने गरेको छ। लेखाको सर्वमान्य सिद्धान्त अनुसार ह्रास कट्टा रकमलाई पूंजी स्थान्तरण कोष बनाई स्थिर सम्पत्तिको अवधि समाप्त भएको खण्डमा सो कोषलाई स्थिर सम्पत्ति स्थानान्तरण गर्नमा प्रयोग गर्नुपर्नेमा पूंजीस्थान्तरण कोष तयार नगरी ह्रास कट्टा गरेको देखियो।

७. **आम्दानी :** यो बर्ष रु.१३ करोड ३६ लाख ७१ हजार आम्दानी गरेको देखिन्छ। उक्त आम्दानी गत वर्षको आम्दानी भन्दा घटी भएको देखिन्छ। आय घटनुको कारण पहिचान गरी आय बढाउने तर्फ ध्यान जान आवश्यक देखिन्छ।

८. **तालिम कार्यक्रम :** शैक्षिक कार्यक्रम र विभिन्न तालिमहरुको यो वर्षको आम्दानी र खर्चको स्थिति परीक्षण गर्दा शैक्षिक कार्यक्रम तर्फ बी.एच.एम, बी.टी.टी.एम, एम.एच.एम.मा समग्रमा ६७.२९ प्रतिशतले वचत रहेको छ। यसै गरी तालिम कार्यक्रमतर्फ ७ कार्यक्रममा बचत तथा ५ कार्यक्रममा घाटा भई तालिम कार्यक्रमतर्फ जम्मा ९.७५ प्रतिशत नोक्सान भएको छ। शैक्षिक कार्यक्रम र तालिम कार्यक्रममा गरी जम्मा ६० प्रतिशत बचत भएको छ।

९. **प्रशासनिक खर्च :** तलव, कर्मचारी सुविधा, अन्य पारिश्रमिक, यातायात खर्च, वैठक भत्ता आदि ३३ शिर्षकमा गत वर्ष रु. ५,१८,९०,८१२।- खर्च भएकोमा यो बर्ष रु.५,६३,८७,२२५।- खर्च भई रु.४४,९६,४१३।- अर्थात ८.६६ प्रतिशत ले खर्च वृद्धि भएको छ। खर्चको अनुपातमा आय बृद्धि गराउने तर्फ प्रतिष्ठानको ध्यान जानुपर्दछ।

१०. **क्यान्टिन संचालन :** रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन, २०२० अनुसार नेपाल सरकारले कुनै रकम वा कुनै अन्य कामको ठेक्का वन्दोबस्त गर्नुपरेमा टेण्डर गरी वा बढावढ वा घटाघट गराई वन्दोबस्त गर्नुपर्ने व्यवस्था छ। प्रतिष्ठानले नव निर्मित क्यान्टिन संचालन गर्न प्रतिस्पर्धा बेगर नेपाल राष्ट्रिय कर्मचारी संगठनलाई २०६९।८।१९ मा ६ महिनाको लागि परीक्षणकाल भनी मासिक रु.१२ हजारका दरले भाडा बुझाउने गरी सम्झौता गरी दिएकोमा २०७२।०७३ सम्म उक्त संगठनले नै क्यान्टिन सञ्चालन गरेको देखिन्छ। सम्झौता अनुसारको भाडा दरमा असूल हुन बाँकी विद्युत महसुल सहित जम्मा रु.२ लाख ९२ हजार असूल गरी प्रतिस्पर्धाको आधारमा ठेक्का लगाउनुपर्दछ।

११. **खरिद :** एक आपुर्तिकर्तालाई ११ थान एसेम्बल कम्प्युटर रु.२,९९,५६३।-मा खरिद गरेकोमा स्पेसिफिकेशन लागत अनुमान र प्राविधिक जाचँपास समेत नगराई खरिद गरेको नियमसम्मत देखिएन।

१२. **भुक्तानीको जानकारी :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ अनुसार मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यवस्था रहेकोमा एक निर्माण व्यवसायीलाई रु.६८ लाख

८४ हजार भुक्तानी दिएकोमा मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी नदिएकोले मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेश हुनुपर्दछ ।

१३. **शीर्षक फरक पारी खर्च :** स्वीकृत कार्यक्रम अनुसार नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको विस्तार गर्न सम्भाव्यता अध्ययनको लागि रु.५ लाख विनियोजन भएकोमा लागत अनुमान बेगर एक संस्थाबाट काम गराई रु.२ लाख ९७ हजार भुक्तानी दिएको छ । कार्यक्रममा विनियोजन भएको बाँकी रकम रु.२ लाख ३ हजार सम्वन्धित कार्यमा खर्च नगरी कार्यक्रम फरक पारी अन्य कार्यक्रममा खर्च गरेको नियम सम्मत देखिएन । स्वीकृत कार्यक्रम अनुसार प्रतिष्ठानको रणनीतिक अवस्था र भावी भुमिका बारे पुनरावलोकन अध्ययनको लागि व्यवस्था भएको रकमबाट रु.४ लाख १ हजार सम्वन्धित कार्यमा खर्च नगरी अन्य कार्यक्रममा खर्च गरेको नियम सम्मत देखिएन ।

१४. **टुक्रा खरिद :** प्रतिष्ठानको आर्थिक प्रशासन नियमाबली, २०६३ को नियम ३८ मा रु.३ लाखसम्म सोभै र सो भन्दा बढी रु.१२ लाखसम्म भए सिलबन्दी दरभाउ पत्रको माध्यमबाट गराउनु पर्नेमा एउटै कामलाई टुक्रा टुक्रा गरी रु.१० लाख १० हजारको खरीद गरेको छ । ऐन नियमको परिधिभित्र रही प्रतिस्पर्धाको आधारमा खरिद गर्नुपर्दछ ।

१५. **सेवा करार :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ बमोजिम रु.१ लाख भन्दा बढीको सेवा करारमा लिदां १५ दिने सार्वजनिक सूचना प्रकाशन गरी प्रतिस्पर्धाको आधारमा लिनुपर्ने उल्लेख छ । नियमको व्यवस्था बमोजिम प्रक्रिया पुरा नगरी ८ प्रशिक्षक तथा कर्मचारी सेवा करारमा लिई रु.१८ लाख ४ हजार खर्च गरेको मनासिव देखिएन ।

१६. **कर :** आयकर ऐन, २०५८ अनुसार पारिश्रमिकमा अग्रिम आयकर कट्टा गर्नुपर्ने उल्लेख छ । प्रतिष्ठानले विभिन्न कर्मचारीबाट नियमानुसार आयकर कट्टा गरी राजस्व दाखिला गर्नुपर्नेमा रु.१ लाख १३ हजार कर कट्टी गरेकोले नपुग कर रु १,१३,६०६।६८ असूल गर्नुपर्दछ ।

१७. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की फछ्र्यौट गर्ने व्यवस्था छ । आर्थिक वर्षको अन्तसम्म पनि व्यक्तिगत पेश्की खाता नराखेको हुदाँ पेश्की रु.१ लाख ३२ हजार पेश्की बाँकी रहेको नियमानुसार पेश्की फछ्र्यौट हुनु पर्दछ ।

१८. **धरौटी फिर्ता :** सार्वजनिक खरिद नियमावली, २०६४ का नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याउने अवधि सकिए पछि मूल्य अभिवृद्धि कर समायोजन र कर चुक्ता प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ । कार्यालयले २ ठेक्काको रु.३ लाख ७२ हजार धरौटी फिर्ता मूल्य अभिवृद्धि कर समायोजन पत्र पेश गरेको प्रमाण बेगर खर्च लेखेको अनियन्मित देखिन्छ ।

नेपाल प्रज्ञा प्रतिष्ठान

१. **आन्तरिक व्यवस्थापन प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दा कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, भुक्तानी भएका सबै बिल भरपाईमा भुक्तानी भएको छाप समेत लगाई प्रमाणित नगरेको, लागत अनुमान तयार नगरेको, खरिद योजना नबनाएको, चल्ती मेसिन र सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं. २ मा अभिलेख नराखेको, बेरुजूको लागत राख्ने, अनुगमन गर्ने, सम्परीक्षण गर्ने र असूलको लागि ताकेता नगरेको, तोकेको ढाँचामा धरौटीको गोश्वारा अभिलेख खाता तयार नगरेको, संक्षिप्त वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा नपठाएको, तालुक कार्यालयबाट निरीक्षण नगरेको, सामानको मूल्य तथा स्पेसिफिकेसन नखुलेको साथै पुराना सामानको मूल्य कायम गराई नराखेको, समयमा पेस्की फछ्र्यौट नगरेका जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **आय व्यय** : विभिन्न वैंकमा चल्ती, वचत, मुद्दती, खाता गरी १५ खाता रहेको देखियो । बैंक खाताको संख्या घटाउने तर्फ प्रतिष्ठानको ध्यान जानु उपयुक्त हुने देखिन्छ । प्रतिष्ठानको मुल खातातर्फ को बैंक स्टेटमेन्ट र श्रेस्ता मा देखाएको बैंक मौज्दात भिडान गर्दा श्रेस्ता बमोजिम कम देखिएको रु.४१ लाख ५२ हजार हिसाब मिलान गर्नुपर्ने देखिएको छ ।

३. **वार्षिक लक्ष्य र प्रगती** : नेपाल प्रज्ञा प्रतिष्ठान नियमावली, २०६७ को नियम १९ मा प्राज्ञ परिषद्ले बार्षिक प्रतिबेदन तयार गनुपर्ने उल्लेख छ । प्रतिष्ठानले मन्त्रालयको अनुदानतर्फ सवै कार्यकम लक्ष्य अनुरुप संचालन भै १०० प्रतिशत भौतिक तथा वित्तिय प्रगती भएको विवरण तयार गरेपनि प्रतिष्ठानको श्रोतबाट संचालन भएका कार्यकमको प्रगती विवरण तयार गरेको देखिएन । तसर्थ नियमावलीले तोके बमोजिम बार्षिक प्रतिबेदन तयार गनुपर्ने देखिन्छ ।

४. **यातायात खर्च :** लोक सेवा आयोगका एक सदस्यको अध्यक्षतामा यो वर्ष कुल ३३ बैठक बसेको देखिन्छ । प्रज्ञा प्रतिष्ठानको प्राज्ञ परिषदको निर्णयले बैठक बसेको दिन भत्ता रु.१,५००।- र यातायात खर्च रु.१,२००।- दिने निर्णय अनुसारै भुक्तानी दिए पनि नेपाल सरकारको तर्फबाटै गाडी सुविधा पाउने पदाधिकारीलाई विभिन्न बैठक बसेवापत रु.४९,५००।- खर्च लेखेको छ । यसतर्फ आवश्यक ध्यान जानुपर्ने देखिन्छ ।

५. **पुस्तक विक्री** : प्रतिष्ठान वाट प्रकाशन भएका विभिन्न पुस्तक विक्रीवाट २०७१।७२ मा रु.१४ लाख २३ हजार र २०७२।७३ मा रु.२२ लाख २४ हजार मुल खातामा आम्दानी गरेको बिवरणवाट देखिन आएको छ । पुस्तक बिक्री गर्दा रसिद काट्ने र पछि बिक्री कक्षवाट बैंक भौचर सहित विक्रीको विवरण लेखा शाखामा पठाउने गरेको देखिएको छ ।

बिक्री कक्षबाट बिक्री गर्दा १५ देखि ५० प्रतिशतसम्म छुटमा बिक्री गर्ने गरेको जानकारी हुन आयो। छुटमा बिक्री गरेको रकम र किताबको संख्या भिडान गरी हेर्ने गरेको देखिएन । बिक्री कक्षले जुन विवरण दिएको छ त्यसैलाई आधार मानी बिक्री रकम देखाएकोले बिक्री गरेको संख्या र रकम सही छ भनी एकिन हुन सकिएन। यसमा सुधार हुनु पर्दछ।

६. **भाडा कर** : नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा ४ मा प्रज्ञा प्रतिष्ठान अविछिन्न उत्तराधिकारीवाला एक स्वशासित संस्था सरह अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्ने व्यवस्था छ। प्रतिष्ठान आन्तरिक राजस्व तथा मुल्य अभिवृद्धि करमा दर्ता भएको देखिएन। प्रतिष्ठानले आफ्नो हल तथा अन्य जग्गा भाडामा दिई विभिन्न व्यापारिक फर्म, व्यक्ति संस्थावाट २०७१।७२ मा रु.१ करोड ६८ लाख र २०७२।०७३ मा रु.२ करोड १६ लाख ६० हजार प्राप्त गरेको देखिएको छ। आयकर ऐन, २०५८ अनुसार भाडा रकम भुक्तानी हुंदा १० प्रतिशत अग्रिम कर सम्बन्धित आयकर कार्यालयमा बुझाउनु पर्नेमा बुझाएको देखिएन । प्रतिष्ठानको भाडा आयमा कर छुट हुने कुनै प्रावधान तथा प्रमाण नभएकोले १० प्रतिशत अग्रिम कर रकम क्रमश: रु.१६ लाख ८० हजार र रु.२१ लाख ६६ हजार सम्बन्धित कर कार्यालयमा बुझाएको देखिएन। यस सम्वन्धमा २०७३ श्रावण देखि नियमित रुपमा अग्रिम आयकर दाखिला गर्ने गरिएको भनाई प्रतिष्ठानको रहेको छ।

७. **सम्पति व्यवस्थापन :** नेपाल प्रज्ञा प्रतिष्ठान आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६७ को परिच्छेद ५ नियम २३ अनुसार लगत खडा गरी राखिएको प्रज्ञा प्रतिष्ठानका जिन्सी मालसामानहरु के कस्तो अवस्थामा छन् सो सम्बन्धमा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । प्रतिष्ठानले जिन्सी निरीक्षण गरेको देखिएन । प्रतिष्ठानको हाताभित्र ४ वटा सवारी साधनहरु प्रयोगविहिन अवस्थामा रहेको देखियो। नियमानुसार जिन्सी निरीक्षण गरी सवारी साधनको उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

८. **वासलात :** नेपाल प्रज्ञाप्रतिष्ठान आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६७ को परिच्छेद ४ को नियम १६ मा प्रज्ञा प्रतिष्ठानको आय, व्यय, पेश्की लगायतको आर्थिक कारोवारको लेखा प्रणाली नेपाल सरकारले अपनाए वमोजिम हुने व्यवस्था उल्लेख छ । यसले आफ्नो विभिन्न सम्पत्ति आर्जन समेत गर्न स्वतन्त्र रहेकोले संस्थाको के कति पुंजी तथा दायित्व सम्पत्ति रहेको छ सोको स्पष्ट देखिने गरी वासलात तयार गरी हिसाव किताव चुस्त र दुरुस्त बनाउनेतर्फ पहल गरिनुपर्ने देखिन्छ । आर्थिक कारोवारको लेखा प्रणाली नेपाल सरकारले अपनाए बमोजिम हुने व्यवस्था भए अनुसार वासलात तयार नगरिएको हो। वासलात तयार गर्नुपर्ने भएमा प्रक्रिया अगाडि बढाइने भनाई प्रतिष्ठानको रहेको छ।

९. **प्राज्ञ सभा :** नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा १० (१) अनुसार प्राज्ञ सभाको बैठक वर्षमा कम्तिमा दुई पटक बस्नु पर्नेमा सो अनुसार बैठक बसेको देखिएन। ऐनले तोके अनुसारको संख्यामा बैठक बस्नु पर्ने देखिन्छ।

१०. **वार्षिक प्रतिवेदन:** नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा ३० अनुसार यस प्रतिष्ठानले वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । प्रतिष्ठानले २०७१।७२ को वार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्री एवं प्रतिष्ठानका प्रमुख संरक्षक समक्ष पेश गरेको देखिए पनि २०७२।७३ को प्रतिवेदन लेखापरीक्षण समय २०७३ कार्तिकसम्म पनि पेश गरेको पाइएन। ऐन नियमले तोके अनुसार समयमै वार्षिक प्रतिवेदन पेश गर्ने व्यवस्था हुनु आवश्यक छ।

११. **आन्तरिक आय वृद्धि :** प्रतिष्ठानबाट प्राप्त घर जग्गाको लगत अनुसार काठमाण्डौ महानगरपालिका र कैलाली तारानगरमा जग्गा रहेको देखिन्छ। काठमाण्डौको केन्द्रमा रहेको प्रतिष्ठानको जग्गालाई आम्दानीको श्रोत अभिवृद्धि गर्नका लागि भौतिक संरचनाको मर्मत सम्भार र संरक्षण गरी उच्चतम उपयोग गर्ने तर्फ ध्यान जानु आवश्यक देखिन्छ। त्यस्तै प्रतिष्ठानको आफ्नै छापाखाना रहेकोले सोलाई समेत समयानुकुल बनाई व्यवसायिक प्रयोजनमा सहयोग पुग्ने गरी स्तरोन्नती गर्नुपर्दछ।

१२. **विषय विज्ञता** : नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा ३६ मा यस प्रतिष्ठानमा कार्यरत कर्मचारीलाई निजहरुको योग्यता, अनुभवन कार्य विशिष्टता सहितको आधारमा र निजहरुको रुची अनुसार नेपाल सरकारले प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान तथा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान अन्तर्गत रहने गरी तोक्ने व्यवस्था भएपनि ९ वर्ष सम्म नतोक्दा हाल नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको कार्य क्षेत्र पर्ने तर २०६४ देखि यस प्रज्ञा प्रतिष्ठानमै हाजिर भई रहेका तर तोकिएको जिम्मेवार पुरा गर्ने गराउने अवस्था नदेखिएका नाट्य संगीत शाखामा कार्यरत सो विषयका विज्ञ ८ जना कलाकारलाई २०७१।७२ मा रु.२८ लाख ६० हजार, २०७२।७३ मा रु. २९ लाख ३३ हजार तलव भत्तामा खर्च लेखि भुक्तानी दिनु मनासिव देखिएन। यस सम्वन्धमा सम्वन्धित मन्त्रालयसंग समन्वय गरी ऐनले तोकेको जिम्मेवारी पुरा गरिनु पर्दछ।

१३. **साझा प्रकाशनसंगको कारोबार :** नेपाल प्रज्ञा प्रतिष्ठान र साझा प्रकाशन बिच प्रज्ञा प्रतिष्ठानले प्रकाशन गरेका पुस्तक तथा पत्र पत्रिका बिक्री बितरण गर्न साझा प्रकाशनलाई अधिकृत बिक्रेताको रुपमा नियुक्त गर्ने गरी भएको सम्झौता २०७० आषाढमा समाप्त भएको मितिबाटै २०७५ आषाढसम्म बहाल रहने गरी २०७२/३/३२ मा सम्झौता भएको देखिन्छ। यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन् :

१३.१ सम्झौताको अनुसार यस प्रतिष्ठानले प्रकाशन गरेका सबै प्रकाशनहरुको ६० प्रतिशत अनिबार्य रुपमा साझा प्रकाशनले उठाउनु पर्नेमा यस प्रतिष्ठानबाट छपाई भएको संख्या र साझा प्रकाशनलाई उपलब्ध गराएको प्रकाशनको संख्या देखिने विवरण राखेको छैन।

१३.२ सम्झौताको बुंदा नं ५ मा प्रतिष्ठानबाट प्रकाशित शव्दकोष एवं अन्य कोशहरु सम्झौता अनुसार पाउने कमिशन कटाई बांकी रकम नगद बुझाएर लैजानु पर्ने व्यवस्था उल्लेख भए पनि २०७३/६/४ मा दुई हजार प्रति नेपाली बृहत् शव्दकोष रकम नै नबुझाई उधारोमा उपलव्ध गराएको देखियो । यसरी उपलव्ध गराएका शव्दकोषको मुल्य रु.१,०००।- रहेकोमा ३५ प्रतिशत कमिशन कटाउदा हुने रु.१३ लाख साझा प्रकाशनले लेखापरीक्षण समय २०७३ मंसिरसम्म पनि उपलव्ध गराएको छैन ।

१३.३ सम्झौताको बुंदा नं ६ अनुसार प्रतिष्ठानले आफ्ना प्रकाशन छाप्न आबश्यक पर्ने कागजहरु साझा प्रकाशनले सुपथ मुल्यमा उपलव्ध गराउन पर्ने उल्लेख छ । २०७१/७२ मा रु.७ लाख ८० हजार र २०७२/७३ मा रु.१७ लाख ८४ हजार (मूल्य अभिवृद्धि कर सहित) रिम माग गरेको आधारमा भुक्तानी गरेको छ । अन्य लेनदेनको हिसाब मिलान गर्न पहल नगर्ने तर तेस्रो पक्षबाट खरिद गरिएका सामानको तत्काल भुक्तानी दिनु बिचारणीय छ ।

१३.४ सम्झौताको बुंदा नं २ अनुसार प्रतिष्ठानले उधारोमा उपलव्ध गराएका प्रकाशनहरु साझा प्रकाशनले बिक्री गरी प्राप्त रकममा पाउने कमिशन घटाएर प्रत्येक आर्थिक वर्षको ६/६ महिना भित्र प्रथम पक्षसंग हिसाब मिलान गर्नुपर्ने मा सो अनुसार यस प्रतिष्ठानले हिसाबै नराखेको र साझा प्रकाशनले पनि अद्यावधिक हिसाब पठाउने नगरेबाट साझा प्रकाशनसंग यस प्रतिष्ठानले लिन बांकी रकम यकिन गरेको छैन । सम्झौताको सबै बुंदाको पालना गरी लिन दिन बांकी हिसाब अद्यावधिक गर्न गराउन दुबै पक्षले यथोचित प्रयास नगर्नु मनासिब देखिदैन ।

१४. **आन्तरिक लेखापरीक्षण :** नेपाल प्रज्ञा प्रतिष्ठान आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६७ को नियम २०(२) मा नेपाल सरकारवाट मान्यता प्राप्त लेखापरीक्षकवाट आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र व्यवस्था अनुसार आर्थिक वर्ष २०७१।७२ र २०७२।७३ को आन्तरिक लेखापरीक्षण गरीएको भएता पनि आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराहरुमा सुधार भएको नपाईएकोले यसमा सुधार गरी प्रतिष्ठानको काम कारवाही चुस्त बनाउनुपर्ने देखिन्छ ।

१५. अध्ययन अनुसन्धान : प्रज्ञा प्रतिष्ठानबाट स्वीकृत वार्षिक कार्यक्रमअनुसार भाषा, साहित्य, संस्कृति लगायतका क्षेत्रमा अध्ययन अनुसन्धान गर्न प्रतिष्ठानले विभिन्न व्यक्तिसंगसोध प्रस्तावको आधारमा सम्झौता गर्ने गरेको देखियो । यसरी सम्झौता गर्दा सम्वन्धित सोधप्रस्तावकर्ताको त्यस विषयमा अध्ययन अनुसन्धान गर्न सक्ने विज्ञताको आधार उल्लेख नगरी सम्झौता गर्ने गरेको देखिएकोले यसमा सुधार गरी तत् तत् क्षेत्रका विज्ञहरुको रोस्टर तयार गरी उनीहरुबाटै अध्ययन अनुसन्धान हुनुपर्दछ ।

१६. **शोधभर्ना हुनुपर्ने :** नेपाल प्रज्ञा प्रतिष्ठान सापटी (कर्जा) सम्वन्धी कार्यविधि, २०६९ को बुंदा नं. ७ मा एउटा सापटी कोष खडा गरी रकमहरु जम्मा गर्ने व्यवस्था गरेको छ । निवृत्तिभरण कोषबाट आर्थिक वर्ष २०७१।०७२ मा रु.१५ लाख ७५ हजार सापटी कोषमा लगेको देखिएकोले उक्त रकम निवृत्तिभरण कोषमा शोधभर्ना हुनुपर्दछ ।

१७. **पेश्की फछ्र्यौट :** २०७१।७२ को रु.७ लाख १५ हजार र २०७२।७३ को रु.१४ लाख ६२ हजार समेत जम्मा रु.२१ लाख ७७ हजार फछ्र्यौट हुन बाँकी देखिएको छ । उक्त पेश्की नियमानुसार असुल फछ्र्यौट हुनुपर्दछ ।

नेपाल प्रतिलिपी अधिकार रजिष्टारको कार्यालय

१. **आन्तरिक नियन्त्रण :** आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दा कर्मचारीको कार्य विवरण तयार नगरेको, खर्च भएको सबै रसिद, बिल भरपाईमा सिलसिलेवार नम्वर राखी भुक्तानी भएको छाप नलगाएको, कार्यालयको निरीक्षण गरेको अभिलेख लेखापरीक्षण कममा पेश हुन नआएको र योजना तर्जुमाको प्रक्रिया तलबाट माथि जाने नभई माथिबाट तल जाने पद्धति नअपनाइएको, निर्धारित ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको, वार्षिक कार्यक्रम अनुसार प्रगति हाँसिल नगरेको, जिन्सी निरीक्षण प्रनिवेदनमा मर्मत गर्नुपर्ने र लिलाम गर्नुपर्ने सामानहरु छुट्याई नराखेको जस्ता ब्यहोरा देखिएका छन् । नियमको परीपालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **रोयल्टी अभिलेख :** प्रतिलिपी अधिकार ऐन, २०५९ को दफा ३०मा रजिष्टारको काम कर्तव्य अधिकारमा रोयल्टी संकलन, संस्थाको रेखदेख र नियन्त्रण गर्ने जस्ता काम उल्लेख भएतापनि रोयल्टी प्राप्त गर्ने यस्ता संस्था के कति छन् सोवाट के कति रोयल्टी प्राप्त भएको छ लगत राख्नु पर्ने तथा अनुगमन निरिक्षण गरी नियन्त्रण हुनुपर्नेमा सो भएको देखिएन । रोयल्टी संकलन, विवरणको लगत अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

३. **खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले मालसामान खरिद गर्नु अघि स्पेसिफिकेशन तयार गर्नुपर्ने सोही ऐनको दफा ५ बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ । विभिन्न सामान खरिद गर्दा स्पेसिफिकेसन तथा लागत अनुमान तयार गरेको देखिएन । अतः नियममा भएको प्रक्रिया पूरा गरी खरिद गर्नुपर्ने देखिन्छ ।

४. **भुक्तानीको जानकारी :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ अनुसार मूल्य अभिवृद्धि कर भुक्तानी भएको रकमको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यवस्था उल्लेख छ । कार्यालयले विभिन्न फर्मसंग खरिद गरी मूल्य अभिवृद्धि कर सहित भुक्तानी गरेकोमा सो को जानकारी सम्बन्धित राजस्व कार्यालयलाई दिएको देखिदैन ।

५. **पेश्की :** आर्थिक वर्षको अन्तमा एक कर्मचारीको पेश्की रु.२,४५,००।-फछ्र्यौट नभै वांकी रहेकोले सो नियमानुसार असूल फछ्र्यौट हुनुपर्दछ ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान

आ.व.२०७१।०७२

१. **आम्दानी :** नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा २६ मा प्रज्ञा प्रतिष्ठानको एउटा छुट्टै कोष रहने र त्यसमा नेपाल सरकारबाट प्राप्त रकम, विदेशी सरकार, संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम र स्वदेशी संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम, आम्दानी हुने व्यवस्था रहेको छ । प्रतिष्ठानले यस आर्थिक वर्षमा जम्मा रु.३,५३,५०,०००।- नेपाल सरकाबाट अनुदान प्राप्त गरेको र रु.१,५४,०५,१७७।७१ संस्थाको आम्दानी समेत रु.५,०७,५५,१७७।७१ आम्दानी भएको देखिएको छ ।

२. **निवृतभरण कोष :** नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान कर्मचारी -प्रशासन) नियमावली २०७० को नियम ७५ (१) मा "प्रज्ञा प्रतिष्ठानले निवृतभरणकोष रकमलाई आवश्यक कार्ययोजना बनाई प्रतिष्ठानको स्थायी सेवामा कार्यरत कर्मचारीहरुलाई घर सापटी, सवारी साधन खरिद लगायत हायर पर्चेज सापटी सम्बन्धी योजना संचालन गर्न सक्ने छ" भन्ने व्यवस्था गरेको देखिएको छ । कर्मचारीहरु आयोगद्वारा स्थायी पदपुर्ति नगरेको स्थितिमा पनि हरेक साल कोषमा निश्चित रकम जम्मा हुँदै आएको देखिएको छ । २०७१/७२ सम्ममा रु.३५,९२,८०५।- मौज्दात बाँकी देखिएको छ । कोष परिचालन सम्बन्धी कुनै पनि निर्देशिका, कार्यविधि, नियम बनाएको देखिएन विनियम बनाई कोष परिचालन हुनुपर्दछ ।

३. **जिन्सी निरीक्षण :** नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०७० को नियम २३ (१) जिन्सी माल सामानहरु निरीक्षण गरी त्यसको प्रतिवेदन लिखितरुपमा लेखी वा लिई राख्ने प्रबन्ध गर्नुपर्ने व्यवस्था छ । प्रतिष्ठानले जिन्सी निरीक्षण गराएको देखिएन । जिन्सी निरीक्षण हुनु पर्ने देखिन्छ ।

४. **अग्रिम कर :** विभिन्न कार्यक्रम संचालन गर्दा भुक्तानीमा आयकर ऐन, २०५८ अनुसार कर कट्टा हुनुपर्नेमा नगरेकोले रु.१,७२५ असूल गरी दाखिला गर्नुपर्दछ ।

५. **पेश्की :** नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान आर्थिक प्रशासन संबन्धी नियमावली २०७० को नियम २७ को उपनियम (३) मा तोकिएको म्याद भित्र फछ्र्यौट गर्नू गराउनु पर्ने उल्लेख छ । कार्यक्रम संचालन गर्न लिएको पेश्की अधिकाश लामो समयसम्म फछ्र्यौट नगरी राख्ने र पछि फछ्र्यौट गर्ने प्रवृत्ति देखिएको छ । यस्तो कार्य नियन्त्रण हुनुपर्ने देखिएको छ ।

६. **दैनिक भ्रमण भत्ता :** नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान आर्थिक प्रशासन सम्बन्धी नियमावली २०७० को नियम ३४ मा प्रतिष्ठानको कामको सिलसिलामा कुनै कर्मचारी सरकारी कामको सिलसिलामा जांदा पाउने दैनिक भ्रमण भत्ता नेपाल सरकारको प्रचलित नियमानुसार दिने व्यवस्था उल्लेख छ । प्रतिष्ठानबाट विभिन्न पदाधिकारी तथा कर्मचारीहरु कार्यक्रम संचालन गर्न जाँदा पाउने दैनिक भ्रमण भत्ता भन्दा बढी खर्च हुने गरी विभिन्न स्थानको भिन्न दरको विलहरु पेश गरी लजिङ्ग, फूडिङ्ग र नास्ता खर्च लेखेको छ । यस्तो खर्च नियन्त्रण गरी काज खटिने पदाधिकारी तथा कर्मचारीलाई नियमानुसार दैनिक भ्रमण भत्ता दिने नर्म्स तयार गरी सोही अनुसार खर्च लेख्ने व्यवस्था हुनुपर्ने देखिएको छ ।

७. **कार्यक्रम खर्च :** विभिन्न कार्यक्रम खर्च भनि रु.१,२०,२४,२६६।-खर्च लेखेको देखिएको छ । कार्यक्रम संचालन गर्न प्राज्ञ सदस्यहरु समेतले पेस्की लिई कार्यक्रम सम्पन्न भएपछी विल भरपाई पेश गरि फछ्र्यौट गर्ने गरेको देखियो । सहभागी र प्रतिष्ठानका पदाधिकारीलाई कार्यक्रम संचालनका क्रममा होटलबास, खाना खर्च फरक फरक लेख्ने गरेको देखियो । कार्यक्रम संचालनका क्रममा खाना, खाजा, स्टेशनरी यातायात उद्घोषक संचालक लाई दिने आदि जस्ता खर्चहरुको नर्म्स परिषद्बाट अनुमोदन र तालुक मन्त्रालयबाट स्वीकृति लिई सोही आधारमा खर्चमा एकरुपता हुनुपर्ने देखिएको छ ।

८. **भुक्तानीको जानकारी :** विभिन्न व्यापारिक संस्थालाई रकम भुक्तानी दिँदा मुल्य अभिवृद्धि कर समेत भुक्तानी गरेको स्थितिमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को ६ (क) अनुसार यस्तो भुक्तानी रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई जानकारी दिनु पर्ने व्यवस्था छ । प्रतिष्ठानबाट भुक्तानी रकमको सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई जानकारी दिएको देखिएन । भुक्तानीको जानकारी दिनु पर्ने देखिन्छ ।

९. **खर्च अनुमोदन :** नेपाल सरकारबाट रु.३,५३,५०,०००।- बजेट अनुदान प्राप्त भएकोमा रु.३,५३,५०,०००।- खर्च भएको छ । ऐनको दफा १२(घ) बमोजिम खर्च लिएको रकम सभाबाट अनुमोदन गनुपर्दछ ।

१०. **विभिन्न** आठ बजेट शीर्षकहरुमा स्वीकृत बार्षिक बजेट भन्दा रु.३,३१,८३४।- बढी खर्च भएको देखिएकोले नियमित हुनपर्दछ ।

११. **बिधुत महसुलमा जरिवाना :** बिधुत महसुल भुक्तानी गर्दा समयमै भुक्तानी गरी रिवेट समेत लिनु पर्नेमा नेपाल बिधुत प्राधिकरणलाई रु ४२३८८/ बिधुत महसुल भुक्तानी गर्दा ढिलो भुक्तानी गरेको कारणले रु.७,१०८/ जरिवाना तिरेको देखियो ।यस प्रकार जरिवाना तिर्नु नियमसंगत देखिएन ।

१२. **कार्यक्रम** :महाभुकम्पबाट प्रभावित क्षेत्रका जनतालाई भुकम्पको प्रभावका बारे जनचेतना बढाउन भनी सिराहा, सप्तरी मा भुकम्प सम्वन्धी सांस्कृतिक कार्यक्रम संञ्चालन गर्न यस कार्यालयका एक कर्मचारीले लिनुभएको पेश्की रु ४,००,०००। फछ्र्यौट गरी पेश भएको बिल भरपाइ परिक्षण गर्दा निम्न व्यहोरा देखियो ।

१२.१ कार्यक्रम भुकम्प अति प्रभावित १४ जिल्ला हरुमा आयोजना नगरी अन्य जिल्लाहरुमा कार्यक्रम आयोजना गर्नुको कारण स्पष्ट गर्नु पर्ने देखिन्छ ।

१२.२ उक्त कार्यक्रम सञ्चालन गर्दा खाना तथा यातायात खर्च भनि विभिन्न कलाकारलाई रु १,५००।का दरले खर्च लेखेकोमा एक गायकको नाममा खर्च लेखि वितरण गर्न बाकि राखेको रकम निज प्राज्ञबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

१३. **सांस्कृतिक कार्यक्रम** : एक प्राज्ञ परिषद् सदस्यलाई २०७२ जेष्ठ १ गतेको परिषद्को निर्णय मुताबिक काठमाण्डौं, ललितपूर,तथा धरानमा आयोजित २०७२ को भुकम्प सम्वन्धी सांस्कृतिक जनचेतना अभियान कार्य सन्चालानार्थ पेश्की माथि पेश्की गरी रु.३०००००।– पेश्की लिएको देखियो । यसरी लिएको पेश्की फछ्र्यौट गरेको संलग्न बिलभरपाई परीक्षणमा देखिएका व्यहोरा निम्नानुसार छ ।

१३.१ भुकम्प प्रभावित जिल्लामा मात्र कार्यक्रम नगरी अप्रभावित धरान जिल्लामा समेत कार्य गरेको देखिएकोले उक्त जिल्लामा कार्यक्रम सन्चालन गर्नु पर्नाको कारण स्पष्ट हुन आएन ।

१३.२ कार्यमा (नृत्य, गित, हास्य जस्तामा) संलग्न कलाकार तथा नृत्य गर्नलाई एकनासको दरले दिएको पारिश्रमिक निर्धारण गरेको देखियो ।

१३.३ कार्यक्रम खर्चको लागी आवश्यक पर्ने स्विकृत नर्म्स बनाएको छैन् ।

१४. **अग्रिम कर** : एक प्राज्ञ परिषद् सदस्यलाई दिएको पेश्की रु.२,८२,०१२।–फछ्र्यौट गरेकोमा आयकर ऐन २०५८को दफा ८९(१) बमोजिम १.५ प्रतिशतका दरले हुने अग्रिम आयकर रु.१०८८।– दाखिला नगरेको ले असुल गरी दाखिला गर्नुपर्दछ ।

१५. **खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम रु पांच हजार भन्दा माथिको खरिद कार्य गर्दा स्थाई लेखा नं. र मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रवाला संग खरिद गर्नु पर्नेमा तीन पदाधिकारीले लिएको रु. ६८ हजार पेश्की फछ्र्यौट गर्दा पेश गरेको बिल भरपाई परिक्षण गर्दा सो अनुसार मु.अ.कर दर्तावाला व्यवसायिबाट कारोवार फछ्र्याट गरेको नियम सम्मत देखिएन ।

१६. **भ्रमण** :आठ पदाधिकारीहरुको संलग्न भ्रमण आदेश,हवाई टिकट तथा बिल भरपाई अनुसार नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानबाट सार्क कल्चुरल सेन्टर,कोलम्बो द्वारा भुटानमा अप्रिल १२, २०१५मा आयोजित सार्क कल्चुरल फेष्टिबल अन फल्क डान्स,२०१५ मा नेपालका तर्फ बाट नेपाली लोक नृत्यहरु सहित सांस्कृतिक प्र्रर्दशनीका लागि भुटान जादां आउदाको हवाई टिकट खर्च रु.२६२९६०।- खर्च लेखेको पाईयो । पदाधिकारीबाट उल्लिखित स्थानको भ्रमण गर्नुपर्नाको कारण सहित सम्बन्धित अधिकार प्राप्त निकायबाट निर्णय भएको प्रमाण पेश भएन ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान (आ.ब. २०७२।७३)

१. **आम्दानी** : प्रतिष्ठानले यस आर्थिक वर्षमा जम्मा रु.४ करोड ३१ लाख २४ हजार नेपाल सरकारबाट प्राप्त अनुदान, रु.५ लाख अन्य संस्थाबाट सहयोग र संस्थाको विभिन्न कोषमा रु.७० लाख ६१ हजार आम्दानी भएको देखिएको छ । आम्दानीको श्रोत न्यून भएकोले ऐनले व्यवस्था गरे अनुसारको स्रोतबाट आम्दानी वृद्धि गर्न, गराउन पहल हुन पर्ने देखिएको छ ।

२. **प्रज्ञा प्रतिष्ठानको काम** : नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा ५ मा सङ्गीत तथा नाट्य कलाको संकलन, संरक्षण, सम्बर्द्धन र अध्ययन अनुसन्धान गर्ने जस्ता प्रमुख काम कर्तव्य अधिकार रहेको देखिन्छ। प्रतिष्ठानको हालसम्म भवन समेत रहेको देखिएन । आम्दानीको स्रोत बढाई उपरोक्त कामहरु गर्न र गराउन सम्बन्धित निकायको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ ।

३. **निवृतभरण कोष** : नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान कर्मचारी (प्रशासन) नियमावली, २०७० को नियमन ७५मा "प्रज्ञा प्रतिष्ठानले निवृतभरण कोष रकमलाई आवश्यक कार्ययोजना बनाई प्रतिष्ठानको स्थायी सेवामा कार्यरत कर्मचारीहरुलाई घर सापटी, सवारी साधन खरीद लगायत अन्य हायर पर्चेज सापटी सम्बन्धी योजना संचालन गर्न सक्ने छ" भन्ने व्यवस्था गरेको देखिएको छ । कर्मचारीहरु सेवा आयोगद्वारा स्थायी पदपुर्ति गरि सकेको स्थितिमा पनि यस सम्बन्धी कुनै पनि निर्देशिका, कार्यविधि, नियम बनाएको देखिएन सो बनाई कोष परिचालन हुनुपर्ने देखिन्छ ।

४. **जिन्सी निरीक्षण** : नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान आर्थिक प्रशासन संम्बन्धी नियमावली २०७० को नियम २३ मा जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखितरुपमा लेखी वा लिई राख्ने प्रबन्ध गर्नु पर्ने व्यवस्था उल्लेख छ । जिन्सी निरीक्षण गराएको देखिएन ।

५. **पेश्की व्यवस्थापन** : नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान आर्थिक प्रशासन संबन्धी नियमावली, २०७० को नियममा तोकिएको म्याद भित्र फछ्र्यौट गर्नू गराउनु पर्ने व्यवस्था उल्लेख छ । कार्यक्रम संचालन गर्न

लिएको पेश्की लामो समयसम्म फछ्र्यौट नगरी राख्ने र लामो समयपछि फछ्र्यौट गर्ने प्रवृत्ति देखिएकोले नियमानुसार पेश्की दिने र फछ्र्यौट गर्ने व्यवस्था हुनुपर्दछ ।

६. **दैनिक भ्रमण भत्ता खर्च :** नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०७० को नियम ३४ मा प्रतिष्ठानको कामको सिलसिलामा कुनै कर्मचारी नेपाल अधिराज्य भित्र वा विदेशमा भ्रमणमा जाँदा पाउने दैनिक भ्रमण भत्ता तथा अन्य सुविधा नेपाल सरकारको प्रचलित नियमानुसार दिने व्यवस्था उल्लेख छ । प्रतिष्ठानबाट विभिन्न पदाधिकारी तथा कर्मचारीहरु कार्यक्रम संचालन गर्न जाँदा पाउने दैनिक भ्रमण भत्ता भन्दा बढी खर्च हुने गरी लजिङ्ग, फूडिङ्ग र नास्ताको बिलहरु पेश गरी खर्च लेखेको देखिएको छ । यस्तो खर्च नियन्त्रण गरी काज खटिने पदाधिकारी तथा कर्मचारीलाई नियमानुसार दैनिक भ्रमण भत्ता दिने र सहभागीहरुलाई के कति रकम भुक्तानी दिने स्वीकृत कार्यक्रम प्रस्ताव तयार गरी सोही अनुसार खर्च लेख्ने व्यवस्था हुनुपर्ने देखिएको छ ।

७. **कार्यक्रम खर्च :** विभिन्न कार्यक्रममा रु.१ करोड ४ लाख ४२ हजार खर्च लेखेको देखिएको छ । कार्यक्रम संचालनका क्रममा खाना, खाजा, स्टेशनरी यातायात, कलाकार पारिश्रमीक, उद्घोषक, संचालकलाई दिने आदि जस्ता खर्चहरुको नर्म्स स्वीकृत गराई खर्च गर्नुपर्नेमा सो गरेको पाइएन । तसर्थ सम्बन्धित मन्त्रालयबाट स्वीकृत गराई लागु गर्नुपर्ने देखिन्छ ।

८. **आन्तरिक नियन्त्रणको व्यवस्था :** आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षणबाट मूल्य नखुलेका पुराना मालसामानहरुको मूल्य कायम गराई नराखेको, सरकारी घर जग्गाको लगत नराखेको, जग्गा धनी प्रमाण पुर्जा नलिएको, राजस्व आम्दानीको गोश्वारा भौचर खडा नगरेको, खरिदको गुरु योजना नबनाएको र चल्ती मेसिन र सवारी साधन मर्मतमा राख्नु पर्ने म.ले.प.फा.नं.२ अभिलेख नराखेको जस्ता व्यहोरा देखिएको छ । आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ गर्नुपर्ने देखिन्छ ।

९. **खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम रु पाँच हजार भन्दा माथिको खरिद कार्य गर्दा स्थाई लेखा नं. र मुल्य अभिबृद्धि करमा दर्ता भएकोबाट खरिद गर्नु पर्नेमा मूल्य अभिवृद्धि कर दर्ता नभएका व्यवसायिहरुबाट रु.९ लाख ५५ हजार कारोवार गरेको देखियो । यसमा सुधार हुनुपर्दछ ।

१०. **इन्धन खर्च :** प्रतिष्ठानका ९ जना पदाधिकारीहरुले नौ वटा सवारी साधनहरुमा इन्धन खर्च लेखेको देखियो । नेपाल सरकारले पदाधिकारीहरुको पद अनुसारको इन्धनको परिमाण तोकी व्यवस्थित गरिए अनुसार यस प्रतिष्ठानका पदाधिकारीहरुको इन्धन खपतको अभिलेख नराख्नुको अतिरिक्त कार्यक्रमबाट पनि इन्धन खपत हुने गरेको पाईएकोले इन्धनको सहि सदुपयोग र कोटा अनुसारको खपत परिमाण एकिन गर्न सकिएन । अत: इन्धनको अभिलेख राख्न जरुरी देखिन्छ ।

११. **भ्रमण अभिलेख :** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ अनुसार भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा सो नराखि दैनिक भ्रमण भत्ता खर्च लेखेको पाइयो ।

१२. **बढी भुक्तानी :** एक कर्मचारीलाई भोजपुर तथा खोटाङ्गमा सञ्चालन भएको कार्यक्रममा सहभागि हुदांको दैनिक भ्रमण भत्ता खर्च लेख्दा बढि भुक्तानी भएको रु. ३,७५०।- असुल हुनु पर्दछ । त्यस्तै एक कर्मचारीलाई भ्रमण आदेश भन्दा अगाडिको इन्धन बिल राखी खर्च लेखेको रु.१,६५०।- असुल हुनुपर्दछ ।

१३. **विज्ञापन :** एक प्रा.लि. लाई बडा दशैं तथा नयां बर्षको शुभकामना कार्ड छपाई गरे बापत मूल्य अभिवृद्धि कर सहित रु.२३ हजार भुक्तानी गरेको पाइयो । यस किसिमको खर्च नेपाल सरकारको नीति विपरित भएको हुँदा नियमित देखिएन ।

१४. **बिल भरपाई :** प्राज्ञ सभाका एक सदस्यले नेपाली सङ्गीतको इतिहास देखि वर्तमान सम्म बिषयक कार्यपत्र प्रस्तुत गरेको भनी उल्लेख गरी रु.५० हजार पेश्की फछ्र्यौट गरेको छ । तर कार्यपत्र तथा अन्य आवश्यक प्रमाण नराखी पेस्की फछ्र्यौट गरेको नियम सम्मत देखिएन ।

बुढानीलकण्ठ क्षेत्र विकास समिति, बुढानीलकण्ठ

१. **समितिको बैठक संचालन** : समितिको गठन आदेश, २०५३ को दफा ५(१) ले समितिको बैठक वर्षमा कम्तीमा ४ पटक बस्ने व्यवस्था गरेको भएतापनि २०७२।७३ मा १ पटक मात्र बसेको देखियो । गठन आदेशले निर्धारण गरे बमोजिम बैठक संचालन गर्नेतर्फ आवश्यक पहल हुनुपर्ने देखिन्छ ।

२. **गुरुयोजना तयार :** बुढानलिकण्ठ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३ को दफा ४ मा बुढानीलकण्ठ क्षेत्रको विकासका लागि आवश्यक गुरु योजना तयार गरी कार्यान्वयन गर्ने उल्लेख भए पनि सो अनुसार भएको देखिएन । शहरी आवास तथा भौतिक योजना विकास विभागले २०५९ श्रावण ८ मा १ नक्सासम्म तयार गरेको र २०६८।९।७ मा गुरु योजना तयार गर्ने उच्च स्तरीय कार्य टोली गठन भएको भनिए पनि गुरुयोजना तयार गर्ने र स्वीकृत भएको पाईएन ।

३. आन्तरिक नियन्त्रण प्रणाली : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दा भुक्तानी भएका सबै बिल भर्पाइमा भुक्तानी भएको छाप लगाई प्रमाणित गरी नराखेको, बजेट सिट राख्नुपर्नेमा नराखेको, कर्मचारीहको कार्य विवरण तयार नगरेको, राजस्व असुलीको गोश्वारा भौचर तयार नगरेको, रसिद नियन्त्रण खाता नराखेको, संक्षिप्त वार्षिक प्रतिवेदन

तयार गरेको नगरेको, बार्षिक प्रगति प्रतिवेदन तयार नगरेको, जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार नगरेको जिन्सी मालसामानको वर्गीकरण गरी खप्ने र नखप्ने जिन्सी सामानको विवरण र मूल्य खुलाई लगत नराखेको जस्ता व्यहोरा देखिएका छन् । ऐन नियममा तोकिएको व्यवस्था एवं प्रक्रियाको अवलम्बन गरी आन्तरिक नियन्त्रण कार्यलाई प्रभावकारी वनाउनु पर्ने देखिन्छ ।

४. **समितिको कोष :** वुढानीलकण्ठ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३ को दफा ८(१) मा समितिको एउटा छुट्टै कोष हुने त्यसमा नेपाल सरकारबाट प्राप्त रकम व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको जिन्सी र नगदी रकम, अन्तराष्ट्रिय संघ संस्था, विदेशी सरकार वा व्यक्तिवाट प्राप्त रकम, समितिले उपलब्ध गराएको कुनै सेवा वापत प्राप्त हुन आउने रकम, अन्य श्रोतवाट प्राप्त हुने रकम रहेको देखिएको छ । समितिले पेश गरेको आय व्यय बिवरण अनुसार नेपाल सरकारको अनुदान रु.१७ लाख समेत जम्मा रु ३२ लाख ८६ हजार आम्दानी देखिएको छ । समितिको आम्दानी न्यून देखियो । आम्दानी वढाउने तर्फ समितिले कुनै खास निर्णय गरेको देखिएन । आन्तरिक श्रोतमा पनि मन्दिर परिसरमा पूजा लगायत अन्य कार्यक्रम संचालन गर्दाको सेवा शुल्क वापतको रकम समितिको आयमा समाबेश गरेको छैन ।

५. **समन्वय :** बुढानिलकण्ठ क्षेत्रको सामाजिक, आर्थिक, धार्मिक र सांस्कृतिक विकास गर्न विकास समिति ऐन, २०१३ अनुसार बुढानीलकण्ठ क्षेत्र विकास समिति गठन आदेश, २०५३ अनुसार समिति गठन गरेको छ । त्यस्तै बुढानीलकण्ठ नारायण स्थान मन्दिर व्यवस्थापन समिति, सनातन धर्मसेवा समिति पनि क्रियाशील रहेको छलफलको क्रममा जानकारीमा आएको छ । गुठी संस्थानले दिने अनुदान लगायत मन्दिरको आम्दानी समेत क्षेत्र विकास समितिको आयमा समावेश छैन । यसरी एकै कार्यको लीग ३ वटा समिति रहनु र आय समेत एकिकृत नहुनाले समिति गठनको उदेश्य पुरा हुन सकेको छैन । सवै समितिलाई एकिकृत गर्न पहल गरी एकिकृत रुपमा कार्य संचालन गर्न कार्य समितिले पहल गर्नुपर्ने देखिन्छ ।

६. **कर्मचारी दरवन्दी :** बुढानिलकण्ठ क्षेत्र विकास समिति गठन आदेश, २०५३ को दफा ७ अनुसार समितिले आवश्यकता अनुसार समितिका कर्मचारीहरु नियुक्ति गर्न सक्ने व्यवस्था छ । साथै खर्च गर्ने अख्तियारिको शर्त नं. ५ बमोजिम समितिलाई आवश्यक पर्ने कर्मचारीहरुको दरवन्दी मन्त्रालयको सहमतिमा स्वीकृत गरी कर्मचारीहरुको व्यवस्थापन गर्नुपर्ने शर्त रहेको देखिन्छ । समितिमा कार्यकारी निर्देशक, लेखापाल लगायत ११ जना कर्मचारी नियुक्त गरेको देखिन्छ ।नेपाल सरकारको अनुदान बाट तलब भत्ता निकासा गरी तलब भुक्तानी गरिने हुंदा दरवन्दीको स्वीकृति सम्बन्धित मन्त्रालयबाट लिनुपर्ने र सोही अनुसार तलब भत्ता खर्च लेख्नु पर्दछ ।

७. **शीर्षक फरक पारी खर्च :** मन्त्रालयबाट २०७२।९।८ मा बजेट वांडफांड गरी स्वीकृति दिएकोमा उक्त खर्च गर्ने अख्तियारीको शर्तमा पूंजीगत खर्चबाट चालु खर्चमा रकमान्तर गर्न नसकिने व्यहोरा उल्लेख भएको छ । समितिलाई यस आर्थिक वर्षमा पुंजींगततर्फ निकासा भएकोमा पुजिंगत कार्य नै नगरी पुंजिगत शिर्षकको रु.१२ लाख मन्त्रालयको स्वीकृति वेगर तलब बापत खर्च गरेको देखिन्छ । यसरी सम्बन्धित शीर्षकको खर्च सम्बन्धित शीर्षकमा नै खर्च गर्नुपर्ने अन्यथा मन्त्रायलको फिज खातामा जम्मा गर्नुपर्नेमा पुजिंगत शीर्षकको रकम तलब भत्तामा खर्च लेखेको अनियमित देखिएको छ ।

१०. **करकट्टी नगरेको :** समितिमा कार्यरत १३ कर्मचारीलाई पारिश्रमिक भुक्तानी गर्दा आयकर ऐन, २०५८ अनुसार १ प्रतिशत सामाजिक सुरक्षा कर रु.१४ लाख ८० हजारमा कट्टी गरेको नदेखिएकोले असुल गरी दाखिला हुनुपर्दछ । त्यस्तै २०७२।७३ को आन्तरिक लेखापरीक्षण गरेवापत एक लेखापरीक्षकलाई रु.७,५००।- भुक्तानी गरेकोमा १५ प्रतिशत कर कट्टी गरेको नदेखिएकोले रु.१,१२५।- असुल हनुपर्दछ ।

११. **प्रमाण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने उल्लेख छ । समितिले कार्त्तिक मेला सञ्चालनमा रु.१२ हजार खर्च लेखेकोमा एक फर्मलाई रु.२,८००।- दिएको र न्युज २४ च्यानललाई रु.६ हजार भुक्तानी गरेकोमा ती सस्थाको बिल र ती संस्थाले रकम बुझेको भर्पाइ संलग्न भएको नदेखिएको हुँदा विल तथा रकम बुझेको प्रमाण पेश हुनुपर्दछ ।

बौद्धनाथ क्षेत्र विकास समिति, वौद्ध

१. **समितिको काम कर्तव्य :** समितिको गठन आदेश, २०५३ को दफा ४ ले वौद्ध नाथ क्षेत्र भित्रका बौद्ध धर्म सम्वन्धी सामाजिक, आर्थिक, धार्मिक सांस्कृतिक पुरातात्विक वा यस्तै प्रकारका ऐतिहासिक महत्वका वस्तुहरुको खोजी, अन्वेषण अनुसन्धान गर्ने र त्यसको अभिलेख राख्ने कार्य समितिको हुने उल्लेख गरेको छ । यसै गरी वौद्धनाथ क्षेत्र भित्रको कुनै स्थान विशेषको महत्व, गरीमा मान्यता र संवेदनशिलतालाई ध्यानमा राखी त्यस्ता स्थानमा गर्न नहुने कार्य तोकी नियन्त्रण गर्नुपर्ने, वातावरण सन्तुलन कायम गर्न मापदण्ड तोक्नुपर्ने कुरा पनि उक्त गठन आदेशले तोकेको देखिन्छ । तदनुरुप प्रत्येक वर्ष संचालन हुने कार्यक्रममा उक्त कुरा समावेश गरी गठन आदेशको उक्त मर्म र भावनालाई आत्मसात गरी समितिको उद्देश्य परिपूर्ति तर्फ पूर्णत: केन्द्रीत हुनुपर्नेमा आंशिक रुपले मात्र कार्यक्रम संचालन भएको पाइएकोले आगामी दिनमा आवश्यक सुधार हुनुपर्ने देखिएको छ ।

२. **चौमासिक र आषाढको खर्च :** समितिलाई बजेट खर्च गर्ने अख्तियारी दिदाँ अन्तिम चौमासिकमा र आषाढमा गर्ने खर्चको सीमा तोकेको छ । जस अनुसार अन्तिम चौमासिकमा कूल खर्चको ४० प्रतिशत र आषाढमा २० प्रतिशतको

सीमा भित्र रही खर्च गर्न सकिने उल्लेख छ । समितिबाट प्राप्त विवरण अनुसार कूल खर्चमध्ये तेस्रो चौमासिकमा ७१ प्रतिशत खर्च भएको देखिन्छ । कार्यक्रम अनुसार कार्यक्रम संचालन गर्नुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण** : आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा भुक्तानी भएका सबै बिल भर्पाइमा भुक्तानी भएको छाप समेत लगाई प्रमाणित नगरेको, कर्मचारीको कार्य विवरण तयार नगरेको, नागरिक बडापत्र नराखेको, आम्दानी र खर्च को भौचर छुट्टाछुट्टै देखाउनु पर्नेमा कार्यालयले आम्दानी र खर्चको भौचर एकै स्थानमा सिलसिलेवार उठाएको, यस आर्थिक वर्षमा ३१ के.जि.सुन विभिन्न दाताहरु बाट अनुदान दिईएकोमा समितीको निर्णयमा उक्त सुनको मुल्य रु.१ करोड ६१ लाख ५३ हजार मुल्याङ्कन गरेकोमा उक्त सुन जिन्सी किताबमा आम्दानी बाध्नुपर्ने तथा उक्त सुन समितीको आयव्यय विवरणमा समेत देखाउनुपर्नेमा समितिले आम्दानी नबाधेँको, जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत हुन नसक्ने भनी उल्लेख गरिएका सामान लिलाम बिक्रीको कारबाही नगरेको, खरिद योजना नबनएको जस्ता कमी कमजोरी देखिएकोले यसमा सुधार हुनुपर्दछ ।

४. **अनुदान** : आर्थिक कार्यबिधि नियमावली ,२०६४ को नियम २७ मा कुनै पनि कार्यालयले विदेशी संघ, संस्था, एजेन्सी वा राष्ट्रबाट कुनै पनि किसिमको नगदी वा जिन्सी सहायता प्राप्त गर्दा वा प्राप्त गर्ने सम्झौता गर्दा राष्ट्रिय योजना आयोगको परामर्श लिई अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने र गराइनु पर्ने व्यवस्था छ । यस समितिले यस बर्ष चाईनिज दुताबासबाट रु.२ करोड १६ लाख ३४ हजार नगद अनुदान प्राप्त गरेको विवरण पेश गरेकोमा उल्लिखित कुनै पनि व्यहोरा पालना गरेको देखिएन । प्रचलित ऐन नियमका व्यहोरा पालना गरी सहायता लिने र अभिलेख जनाउने व्यवस्था हुनु पर्दछ ।

५. **कार्यक्षेत्र :** बौद्धनाथ क्षेत्र विकास समिति (गठन आदेश २०५३) को दफा ४ मा यस विकास समितीको कार्यक्षेत्र तोकेकोमा समितिले आफ्नो कार्यक्षेत्रमा नपर्ने क्षेत्र प्लाष्टिक रहित जनचेतना जगाउन भनी झोला छपाई गरी वितरण गरी रु.२८,४००।- खर्च लेखेको छ । यसरी आफ्नो कार्यक्षेत्र बाहिरको काम गरेको नियम सम्मत देखिदैन ।

६. **प्रतिशपर्धा** : बौद्धनाथ क्षेत्र विकास समितिको आर्थिक कार्यविधि नियम, २०६२(दोस्रो संशोधन २०७२) को नियम ३४(१) मा रु.५ लाख भन्दा बढी लागत अनुमान भएको निर्माण, मर्मत सम्भार वा सुधारको कार्य गराउदा सिलवन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमद्धारा गर्नुपर्ने व्यवस्था रहेको छ । समितिले सार्वजनिक सुचना प्रकाशन गरी प्रतिस्पर्धा गराई परामर्श सेवा खरिद गर्नुपर्नेमा समितिले एक सर्भिस प्रा.लि. धुम्बाराहीबाट मासिक रु.१ लाख १७ हजारमा ९ जना सेक्युरिटी उपलवब्ध गराई बार्षिक रु.१४ लाख ३ हजार खर्च गरेकोमा प्रतिस्पर्धा बेगर खर्च गरेको अनियमित देखिन्छ ।

७. **बढी दरमा खर्च :** नेपाल सरकार अर्थमन्त्रालयको परिपत्र अनुसार दैनिक खाजाखर्च बापत रु.१५०।- सम्म मात्र खर्च लेख्न सकिने उल्लेख भएकोमा समितीले उक्त परिपत्रमा तोकिएको सीमा भन्दा बढी हुनेगरी खर्च गरेको देखियो । कार्यक्रम संचालन गर्दा तोकिएको सिमा भित्र रही खर्च गर्नु पर्दछ ।

८. **कर्मचारी दरवन्दी :** बौद्धनाथ क्षेत्र विकास समिति कर्मचारी सम्बन्धी नियमावली, २०६२ को अनुसुची १ मा लेखा प्रमुख १, सहायक १ लगायत जम्मा २२ कर्मचारीको दरवन्दी रहने उल्लेख भएकोमा सो भन्दा बढी १७ जना कर्मचारी नियुक्ती गरी रु.२३ लाख ११ हजार तलब खर्च लेखेको छ । स्वीकृत दरवन्दी भन्दा बढी कर्मचारी कार्यरत रहनु मनासिव देखिएन । नियमावलीमा तोकिएको दरबन्दी भन्दा बढी कर्मचारीको तलब खर्च लेखेको अनियमित देखिन्छ ।

९. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ ले पेश्की दिने र फछ्र्योट गर्ने व्यवस्था गरेको छ । समितिले २ संस्थालाई दिएको रु.३ लाख ३५ हजार पेश्की आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्र्योट भएको नदेखिएकोले पेस्की फछ्र्योट गनुपर्दछ ।

१०. **कार्यक्षेत्र** : आ-आफ्नो विषयको उत्थान र प्रवर्द्धन गर्न नीति तर्जुमा गर्न समितिमा विभिन्न क्षेत्रका ७ जना सदस्यहरु कार्यरत रहेको देखियो । सदस्यहरुले कार्यक्रम सञ्चालन गर्न पेस्की लिई खर्च गर्ने गरेको पाइयो । नीति निर्माण तथा कार्यक्रम अनुगमन कार्यमा जिम्मेवार बनाई समितिको गरीमा बढाउने कार्यमा संलग्न हुनुपर्दछ ।

११. **सापटी :** यस वर्ष आन्तरिक ऋणवापत समितिको निर्णयानुसार विभिन्न कर्मचारीलाई रु.१३ लाख ३५ हजार खर्च लेखेकोमा समितिको ऐन नियम अनुसार यसरी सापटी दिनमिल्ने देखिदैन । हालसम्म उठ्न बाँकी रकम रु.३ लाख ५ हजार समितिले अविलम्ब उठाउनु पर्दछ ।

१२. **उद्देश्य विपरित खर्च** : बौद्धनाथ क्षेत्र विकास समिति गठन आदेश, २०५३ को दफा ४ मा समितिको काम कर्तव्य अधिकारको व्यवस्था गरेको छ । यो वर्ष अनुदान शीर्षकबाट विभिन्न व्यक्ति वा राजनीतिक दलका भातृ संस्थालाई स्वास्थ्य उपचार, शैक्षिक छात्रवृत्ति वापत रु.२६ लाख २६ हजार खर्च गरेको छ । यसरी खर्च गरेको रकम समितिको कार्य, उद्धेश्य विपरित खर्च भएको देखिन्छ ।

१३. **आयकर :** आयकर ऐन, २०५८ को दफा ८९ मा १.५ प्रतिशत अग्रीम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । समितिले ३ पार्टिबाट मर्मत तथा सामान खरिद गरी भुक्तानी गर्दा १.५ प्रतिशतका दरले रु.१६ हजार अग्रीम आयकर कट्टी गरेको नदेखिएकोले उक्त रकम राजस्व दाखिला हुनुपर्दछ ।

१४. **टुक्रा टुक्रा पारी खरिद :** बौद्धनाथ क्षेत्र विकास समितिको आर्थिक कार्यविधि नियम २०६२(दोस्रो संशोधन २०७२) को नियम ३४(१) मा रु.५ लाख भन्दा बढी लागत अनुमान भएको निर्माण, मर्मत सम्भार वा सुधारको कार्य गराउँदा सिलबन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमद्धारा गर्नुपर्ने व्यवस्था रहेकोमा समितिले एउटै काम टुक्रा टुक्रा पारी प्रतिस्पर्धा बेगर रु.१४ लाख ८० हजार काम गराएको अनियमित देखिएको छ। यसमा सुधार हुनुपर्दछ।

१५. **कार्यक्रम र खर्चको स्थिति :** बौद्धनाथ क्षेत्र विकास समितिको आर्थिक कार्यविधि नियम, २०६२(दोस्रो संशोधन २०७२) को नियम ३४(१) मा रु.५ लाख भन्दा बढी लागत अनुमान भएको निर्माण, मर्मत सम्भार वा सुधारको कार्य गराउँदा सिलबन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमद्धारा गर्नुपर्ने उल्लेख छ। समितिले रु.५ लाख भन्दा बढी लागत अनुमान भएका रु.५ करोड २७ लाख ८२ हजार लागत अनुमान भएका निर्माण तथा मर्मत कार्य सिलबन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमबाट नगराई ३ प्याकेज कार्य समितिकै सदस्य मार्फत अमानतबाट काम गराएको छ। यस प्रकारको कार्यमा सुधार गर्न गत वर्षको बेरुजु औंल्याईएकोमा यस वर्ष पनि सुधार नभएकोले नियम पालना नगर्नेलाई जिम्मेवार बनाउनु पर्दछ।

राष्ट्रिय अभिलेखालय, रामशाहपथ

१. **अभिलेखालयमा कागजात पठाउने** : अभिलेख संरक्षण ऐन, २०४६ को दफा ६.१.१ देखि ६.१.३ सम्ममा पच्चीस वर्ष वा सो भन्दा पुराना हस्तलिखित ग्रन्थ, किताव, आर्थिक विवरण, सन्धी संम्झौता लगायतका कागजातहरु सुरक्षित रुपमा संरक्षण गरी राख्नको लागि राष्ट्रिय अभिलेखलयमा पठाउनु पर्ने व्यवस्था छ। यस्तो व्यवस्था भएतापनि अन्यत्र कार्यालयहरुले त्यस्ता कागजात अभिलेखालयमा न्यून मात्रामा पठाएको देखियो यस तर्फ सम्वन्धित मन्त्रालय विभागमा पत्राचार तथा पत्रपत्रिकामा सूचना प्रकाशित गरी, गराई ऐनले गरेको व्यवस्थालाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ भनि गत आर्थिक वर्षमा औल्याएकोमा कार्यालयले पत्राचार गरेको तथा सूचना प्रकाशन गरेको समेत नपाईएकोले उक्त नियमानुसार पत्राचार तथा सूचना पठाई नियममा भएको व्यवस्थालाई पालना गर्नुपर्दछ।

२. **अभिलेखालयमा सुधार :** अभिलेखालयले प्राचिनकाल देखिको ताडपत्र भोजपत्र, स्वर्णपत्र शिलापत्र, हस्तलिखित ग्रन्थ किताव, प्रतिवेदन सन्धी संम्झौता ग्रन्थ जस्ता विभिन्न कागजातहरु केही खात, खात गरेर राखेको देखियो। कुनैमा काठ गाता पनि नभएको अवस्थामा ती समाग्री रहेका छन्। साथै अभिलेखालयमा रहेका पुराना गन्थहरु विभिन्न भाषामा रहेकोले अध्ययन गर्न गाह्रो पर्ने हुदाँ उक्त गन्थहरुलाई भाषा अनुवाद गरी जनमानसमा पुऱ्याउन ध्यान दिनुपर्ने देखिन्छ जसको लागि भाषा विज्ञको अभाव देखिन्छ। यसतर्फ सम्वन्धित निकायको ध्यान जानु पर्ने देखिएको छ।

३. **खर्चको तुलनात्मक स्थिति :** वार्षिक कार्यक्रममा तोकिएको लक्ष्य अनुसार प्रथम , दोश्रो, तेश्रो चौमासिकमा संचालन तथा खर्च गर्नुपर्ने व्यवस्था गरेको छ। कार्यालयको पूँजीगततर्फ विभिन्न ५ बजेट उपशीर्षकहरुमा विनियोजन भएको कुल बजेट खर्च मध्ये पहिलो चौमासिकमा शुन्य, दोस्रो चौमासीकमा २३ प्रतिशत तथा तेस्रो चौमासिकमा ७७ प्रतिशत र आषाढ महिनामा मात्र ६८ प्रतिशतसम्म खर्च गरेको देखिएको छ। अन्तिम चौमासिक र आषाढ महिनामा अधिकांश बजेट खर्च गर्ने प्रवृतिमा सुधार गर्नुपर्ने देखियो।

४. **अभिलेख :** अभिलेखालय संरक्षण ऐन, २०४६ को दफा ५ अनुसार अभिलेख व्यवस्थित एवं सुरक्षित राख्नुपर्ने उल्लेख छ। कार्यालयले अभिलेखहरु बर्गीकरण गरी सो को विवरण तयार गर्नुपर्ने तथा नयाँ पाईएका विवरण सहितको विवरण अध्यावधिक गरी राख्नु पर्नेमा सो अनुसार विवरण तयार गरेको पाईयन। वार्षिक बजेट विनियोजन भएको आधारमा सोही अनुसार मात्र कार्यक्रमको लागत अनुमान तयार गरी काम गरेको देखिन्छ। पुरातात्विक वस्तु तथा सो को माईक्रो फिलिमिङ को विवरण अध्यावधिक गरी सोही अनुसार खरिद योजना तयार गरी काम गर्नपर्ने देखिन्छ। साथै अभिलेखालयले सो विवरणहरु अध्यावधिक गरी सो को प्रतिवेदन तयार गरी तालुक कार्यालयमा पठाउनु पर्नेमा सो समेत गरेको देखिएन। यसमा सुधार हुनुपर्दछ।

५. **प्रचारप्रसार :** अभिलेख संरक्षण नियमावली, २०६३ मा अभिलेख आवश्यकातानुसार प्रकाशन गराउनु पर्नेमा अभिलेखलयले अभिलेखालयमा रहेका पुरातात्विक महत्वका ग्रन्थ, हस्तलिखित ग्रन्थ, किताव, ताडपत्र, भोजपत्र, स्वर्णपत्र, ताम्रपत्र वा सिलापत्र प्रकाशन भएको पाईएन। अभिलेखालय सम्बन्धी चेतना अभिबुद्धिको लागि प्रकाशन तथा प्रचार प्रसार गरको पाईएन।

६. **ऐन :** राष्ट्रिय अभिलेखालय ऐन, २०४६ र नियमावली, २०६३ अनुसार कार्यलय हाल संचालनमा रहेको छ। राष्ट्रिय अभिलेखालयको अभिलेखहरु अध्ययन अनुगमन गर्दा राष्ट्रका महत्वपुर्ण सन्धि सम्झौता तथा पुराना प्राचिन कालिन राष्ट्रिय महत्वका बहुमूल्य अभिलेखहरु राखिएको हुदाँ अभिलेखालय संरक्षण सम्बन्धी कतिपय कुराहरु यस ऐन र नियमावलीले नसमेटीने हुदाँ नसमेटिएको कुराहरु समेटी ऐन नियम संशोधन तिर ध्यान दिनुपर्ने देखिन्छ।

७. **आन्तरिक व्यवस्थापन प्रणाली** : आन्तरिक नियन्त्रण तथा प्रभावकारी कार्यालय व्यवस्थापनका लागि कर्मचारीको कार्य विवरण तयार नगरेको, खर्च भएको सबै रसिद, विल भरपाईमा सिलसिलेवार नम्वर राखी भुक्तानी भएको छाप नलगाएको, कार्यालयको निरीक्षण गरेको अभिलेख लेखापरीक्षण क्रममा पेश नभएका, योजना तर्जुमाको प्रक्रिया तलबाट माथि जाने नभई माथिबाट तल जाने पद्धति अपनाइएको, जनचेताना अभिवृद्धि गराउने सम्बन्धमा कार्याक्रम तयार नभएको, जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भएको सामानको मर्मत तथा लिलामको कारबाही नभएको, भावी सन्ततीका लागी अनुसन्धानको विषय हुनसक्ने सामानहरुलाई छुट्टै अभिलेख प्रदर्शन कक्ष नाम दिएर अभिलेख सम्बन्धी

सामाग्रीहरु राखेर प्रर्दशन कक्षका रुपमा राख्नुपर्नेमा नराखेको, जिन्सी निरिक्षण प्रतिवेदनमा प्राचिन पुरातात्विक अभिलेखालयमा रहेका डकुमेण्टहरु ग्रन्थ, किताव, ताडपत्र, भोजपत्र, स्वर्णपत्र, ताम्रपत्र वा सिलापत्रक, माईक्रोफिल्म समेतको विवरण प्रतिवेदनमा उल्लेख नभएको जस्ता व्यहोरा देखिएका छन् ।

११. **दरबन्दी/पदपूर्ति :** कार्यालयबाट प्राप्त विवरण अनुसार विभिन्न पदका प्राविधिक एवं अप्राविधिक गरी कुल ३७ पदको दरबन्दी रहेकोमा कुल २८ पदहरु पुर्ति भै ९ पदहरु रिक्त रहेका छन् । स्वीकृत दरबन्दी बमोजिम पदपुर्ती नहुँदा कार्य संचालनमा बाधा पर्ने देखिन्छ । अत: स्वीकृत दरबन्दी अनुसार पदपुर्ती गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

राष्ट्रिय ताल संरक्षण विकास समिति आ.व.२०७१।०७२

१. **चौमासिक र आषाढको खर्च** : कार्यालयलाई वजेट खर्च गर्ने अख्तियारी दिँदा अन्तिम चौमासिकमा कूल खर्चको ४० प्रतिशत र आषाढमा २० प्रतिशतको सीमा भित्र रही खर्च गर्न सकिने उल्लेख छ । उल्लिखित खर्चको अनुपात हेर्दा तेस्रो चौमासिक र आषाढमा तोकिएको सीमाभन्दा वढी हुने गरी खर्च भएको देखिन्छ । तालुक कार्यालयले पनि २०७२।१।२७ मा समेत वार्षिक कार्यक्रम संशोधन गरी अख्तियारी दिएकाले खर्चमा तोकिएको सीमा नाघ्न गएको छ । आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने गरी कार्यक्रम स्वीकृत गर्ने गर्दा कामको गुणस्तर समेत नहुने भएकोले यस तर्फ ध्यान दिनु जरुरी देखिन्छ ।

२. **समितिको वैठक :** समितिको गठन आदेश २०६३ को दफा ५(१) ले समितिको वैठक वर्षमा कम्तिमा ४ पटक बस्ने व्यवस्था गरेको छ । यो वर्ष ३ पटक मात्र बैठक बसेको देखियो । गठन आदेशले निर्धारण गरे बमोजिम वैठक संचालन तर्फ आवश्यक पहल हुनुपर्ने देखिन्छ ।

३. **बजेट तथा कार्यक्रम :** समितिको आर्थिक कार्यबिधि नियमावली,२०६४ को परिच्छेद ३ मा बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी व्यवस्था उल्लेख छ । समितिले प्रत्येक वर्ष संचालन गर्ने कार्यक्रम र अनुमानित आय व्ययको विवरण कार्यकारी निर्देशकले प्रत्येक वर्षको फागुन मसान्त भित्र तयार गरि समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था भएकोमा यो वर्ष समितिले कार्यक्रम स्वीकृत गरेको देखिएन ।

४. **बार्षिक खरिद योजना** : समितिको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१ को उपनियम ७ बमोजिम सार्वजनिक निकायले वार्षिक दश लाख रुपैयाभन्दा बढी रकमको खरिदमा योजना तयार गर्नु पर्ने व्यवस्था छ । समितिले २०७१।०७२ को लागि वार्षिक खरिद योजना तर्जुमा नगरि रु.२,३३,१३,७०६।– को सार्वजनिक निर्माण र खरिद कार्य गरेको देखिन्छ । नियमावलीमा तोकिएबमोजिमको सार्वजनिक खरिद व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ ।

५. **उपभोक्ता समितिको खर्च सार्वजनिक :** सार्वजनिक खरिद नियमावली २०६४ नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्ता समिति वा समुदाय को बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने र खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नु पर्ने व्यवस्था भएको छ । उपभोक्ता समितिले कामको माइन्युट विभागमा पेश गरे पनि उपरोक्त व्यवस्था अनुसार खर्च सार्वजनिक गरेको प्रमाण पेश गरेको छैन । नियमको पालना हुनुपर्ने देखिन्छ ।

६. **बचत रकम फ्रीज :** समितिलाई मन्त्रालयले पुंजीगत अनुदान दिंदा खर्च हुन नसकि बांकी रहेको रकम सञ्चित कोष दाखिला गर्नुपर्ने उल्लेख छ । समितिले यो वर्ष सशर्त पुंजीगत अनुदान रु.२,५०,००,०००।- प्राप्त गरेकोमा रु. २,३३,१३,७०६।- मात्र खर्च भएको छ । खर्च हुन नसकेको रु.१६,८६,२९४।- रकम सञ्चित कोष दाखिला गरी सोको भौचर पेश गर्नुपर्दछ ।

७. **शुल्क :** विजुली, पानी महसूल बापत रु.२५,०००।– भुक्तानी गरेको पाइयो । यस प्रकारको खर्च लेख्दा विल संलग्न गरी राखेको देखिएन । समितिले खर्च व्यहोरेको रकमको विल पेश हुनुपर्दछ ।

८. **कन्टिन्जेन्सी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान अनुसूची १ को ढांचामा तयार गर्नुपर्ने उल्लेख छ । उल्लेखित अनुसूची–१ मा वर्कचार्ट स्टाफ खर्च २.५ प्रतिशत सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टीन्जेन्सी खर्च समावेश गर्ने व्यवस्था गरेको छ । कन्टिजेन्सी खर्चको अभिलेख नराखेको कारणले वर्ष भरमा गरेको कन्टिन्जेन्सीबाट भएको खर्च यकिन गर्न सकिएन ।

९. **गत वर्षको भुक्तानी** : किमरी गाउं विकास समितिको दूध ताल संरक्षणका लागि रु.७,६९,३७४।– को लागत अनुमान स्वीकृत गरेको पाइयो । उक्त लागत अनुमान एक उपभोक्ता समिति मार्फत कार्य गराई रु.४,७५,०००।– भुक्तानी गरेकोमा कार्य पूरा गर्नका लागि दुई पक्षवीच भएको सम्झौता अनुसार उक्त कार्य २०७१ आषाढ मसान्त भित्र सम्पन्न गर्नुपर्ने उल्लेख भएकोमा उक्त कार्य २०७१।१।२७मा नै सम्पन्न भई सकेको उल्लेख गरेको छ । विगत वर्षको भुक्तानी गर्दा नियमानुसार म.ले.प.फा.नं १८ राख्नुपर्नेमा सो वेगर खर्च गरेको अनियमित देखियो ।

१०. **भ्रमण :** कार्यकारी निर्देशकलाई काठमाडौं–डोल्पा–काठमाडौंसम्मको भ्रमण गरेको संलग्न दैनिक भ्रमण भत्ताको विल अनुसार ७ दिनको दैनिक भत्ता रु.३,१५०।– सहित जम्मा रु.७७,६६०।– भुक्तानी खर्च लेखेको पाइयो । भ्रमण आदेशमा भ्रमण उद्देश्य उल्लेख नगरेको तथा भ्रमण गर्ने अवधि समेत उल्लेख गरेको देखिएन । काठमाडौंबाट २०७२।२।१० मा नेपालगंज गई नेपालगंजबाट २०७२।२।१२ मा डोल्पा पुगेको देखिन्छ । डोल्पाबाट २०७२।२।२३ मा नेपालगंज आई २०७२।२।२४ काठमाडौं आईपुगेको देखिन्छ । भ्रमण आदेश ७ दिनको स्वीकृत भएको हुंदा वीचको ८ दिन कुनै कारण उल्लेख नगरी डोल्पा वसेको पाइयो । यसरी भ्रमण गरेकोमा भ्रमण प्रतिवेदन समेत नराखी खर्च लेखेको हुँदा यस सम्वन्धमा स्पष्ट गरीनुपर्दछ ।

११. **प्रगति** : प्रगति विवरणमा ३१ वटा कार्यक्रमहरु संचालन भएको देखियो । उल्लिखित कार्यक्रमको लागि रु. २,५०,००,०००।– को वजेट स्वीकृत भएकोमा ९७.२० प्रतिशत प्रगति गरी रु.२,३३,१३,७०६।– खर्च गरेको छ । जसमध्ये ३ वटा कार्यक्रममा लक्ष्य मुताविक कार्य भएको पाइएन । तोकिएको कार्य सम्पन्न गर्न ध्यान दिनुपर्ने देखियो ।

१२. **विगत वर्षको खर्च** : आयव्यय विवरणमा २०६८।४।२३ मा वैंक मौज्दातबाट भएको खर्च भनी रु.३,५६,२५०।– उल्लेख गरेको छ । आर्थिक वर्ष २०६८।६९ मा रु.५,७९,८०१।- बांकी देखाएकोमा उक्त रकममध्ये रु.३,५६,२५०।– सोही वर्ष खर्च भएकोमा सोको लेखापरीक्षण गर्न छुट भएको भन्ने मौखिक जवाफ दिएको छ । लेखापरीक्षण छुट भएको रकमको स्रेस्ता पेश गर्न अनुरोध गर्दा सो पेश हुन आएन । उक्त खर्चको स्रेस्ता पेश हुनुपर्दछ ।

१३. **पेश्की** : तीन व्यक्ति तथा संस्थाको नाममा आर्थिक वर्षको अन्त्यमा रु.९,९५,०००।– पेश्की वांकी रहेको देखियो । आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा ७९ अनुसार फछ्र्यौट हुनुपर्दछ ।

१४. **जिन्सी निरीक्षण:** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ५० मा प्रत्येक वर्ष भौतिक निरीक्षण गरी जिन्सी निरीक्षण प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था छ । समितिले जिन्सीको निरिक्षण गरि प्रतिबेदन तयार गरेको देखिएन ।

राष्ट्रिय मुद्रा संग्रहालय

१. **लागत अनुमान** : सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा रु.२५ हजार भन्दा वढी खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तीन फर्मबाट खरिद कार्य गर्दा लागत अनुमान तयार गरेको देखिएन । लागत अनुमान तयार गरेर मात्र खरिद कार्य गर्नुपर्दछ ।

२. **संग्रहालय सुधार** : संग्रहालयले प्राचिन देखिको विभिन्न कालिन ४१६७८ थान मुद्रा रहेको विवरण अुनसार देखिन्छ । त्यस मध्ये १३९० थान मुद्रा तथा नोटहरु सोकेशमा सुरक्षित राखेको देखिन्छ । र त्यस बाहेक ४०२८८ थान प्राचिन मुद्रा तथा नोटहरु पोका पोका पारेर दराजमा राखेको देखियो । प्राचिन मुद्राको उचित संरक्षण गरी व्यवस्थापन गर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिएको छ ।

३. **आन्तरिक नियन्त्रण प्रणाली :** प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दा, कार्य विवरण तयार नगरेको, बिल भरपाईमा भुक्तानी भएको छाप नलगाएको, तालुक कार्यालयबाट निरीक्षण नगरेको, जिन्सी निरिक्षण प्रतिवेदनमा औंल्याएको सुझाव कार्यान्वयन नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

४. **दरवन्दी र पदपुर्ति** : संग्रहालय र विभिन्न पदका प्राविधिक एंवम् अप्राविधिक गरी कुल १२ पदको दरवन्दी रहेकोमा कुल ११ पदहरु पुर्ति भई खरिदार १ पद रिक्त रहेको देखिन्छ ।

श्री राष्ट्रिय संग्रहालय, छाउनी

१. **तलब भत्ता :** निजामति सेवा ऐन, २०४९ को दफा ३३ बमोजिम निजामती कर्मचारीको उमेर ५८ बर्ष पुगेपछि अनिवार्य अवाकाश हुने व्यवस्था उल्लेख छ । यस कार्यालयका कार्यालय प्रमुख २०७२ जेठ ५ देखिनै लागू हुनेगरी अनिवार्य अवकाश हुनुपर्नेमा निज राष्ट्रिय अभिलेखालय, रामशाहपथमा २०७२ असोज सम्म तलब भत्ता बुझेको देखिन्छ र २०७२ कार्तिकदेखि राष्ट्रिय संग्रहालय छाउनिमा सरुवा भई आएकोमा २०७३ असार मसान्तसम्म तलब भत्ता तथा अन्य सुविधा लिएको देखिन्छ । निजले यस कार्यालयमा रहदा २०७२ कार्तिक देखी २०७३ असार मसान्त सम्म अनिवार्य अवकास हुने मिति पछिको तलब, भत्ता, लगायत निजको नाममा रु.३,१५,४२६।- खर्च भएको देखिन्छ । उपरोक्त बाहेक अन्य सेवा सुविधा लिएको भए सो समेत सरकारी कोष दाखिला गर्नुपर्दछ । निज सरुवा भई भएको कार्यालयबाट लिएको खर्च तथा सुविधा समेत त्यसै कार्यालयबाट असूल हुनुपर्दछ ।

२. **पेश्की :** यस कार्यालयले विभिन्न कार्यको लागि ३ फर्मलाई दिइएको पेश्की रु.३ लाख ९५ हजार आर्थिक बर्षको अन्त्य सम्म फछ्र्यौट नभएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

३. **लागत अनुमान :** संग्रहालयले बृतचित्र निर्माण बापत एक मिडीया प्रा.ली. लाई कार्य विवरण नदिई सम्झौता गरी रु.९९ हजार भुक्तानी दिएको छ । बृत चित्र बनेकोमा सम्झौता अनुसार १० कपि डिभिडी आम्दानी बाध्नु पर्ने उल्लेख भएकोमा सो समेत गरेको छैन ।

४. **आन्तरिक व्यवस्थापन प्रणाली** : आन्तरिक नियन्त्रण तथा प्रभाबकारी कार्यालय व्यबस्थापनका लागि कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, खर्च भएको सवै रसिद, विल भरपाईमा सिलसिलेवार नम्वर राखी भुक्तानी भएको छाप नलगाएको, कार्यालयको निरीक्षण गरेको अभिलेख लेखापरीक्षण कममा पेश नगरेको,योजना तर्जुमाको प्रक्रिया तलबाट माथि जाने नभई माथिबाट तल जाने पद्धति अपनाइएको, जनचेताना अभिबृद्धि गराउने सम्बन्धमा कार्यक्रम तयार भएको देखिएन, जिन्सी निरिक्षण प्रतिवेदन र जिन्सी निरिक्षण फारममा रहेको लिलामी गर्नुपर्ने संङख्या, प्रर्दशनमा राख्नुपर्ने सङख्या लगायत मर्मत गर्नुपर्ने जिन्सी सङख्या भिडान नभएको र लिलाम तथा मर्मत नगरेको, स्वीकृत ढाँचाको नापी किताव नराखेको, रसिद नियन्त्रण खाता नराखेको, राजस्व आम्दानीको सही लेखांकन हुन नसकी

राजस्व अनियमित हुन सक्ने अवस्था रहेको, लागत अनुमान तयार गर्दा दररेट विश्लेषण वेगर तयार गरेको जस्ता व्यहोरा देखिएको छ । यसमा सुधार हुनुपर्दछ ।

५. **आषाढको खर्च** : स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम सन्चालन गर्नुपर्दछ । कार्यालयले कुल खर्च मध्ये पहिलो चौमासिकमा ०.११ प्रतिशत, दोस्रो चौमासिकमा १.९३ प्रतिशत र अन्तिम चौमासिक अवधिमा ९८ प्रतिशत र आषाढ महिनामा मात्र ३९ प्रतिशत खर्च भएको छ । आर्थिक वर्षको अन्त्यमा मात्र अधिकांश कार्यक्रम सञ्चालन गर्ने कार्यमा सुधार गर्नु पर्दछ ।

६. **संग्रहालय व्यवस्थापन** : नेपालमा रहेका पुरातात्विक महत्वका वस्तुहरु संरक्षण र सम्वर्दन गर्नका लागि स्थापित संग्रहालयहरु प्राचिन स्मारक संरक्षण ऐन, २०१३ एवं नियमावली, २०४६ बमोजिम संचालनमा रहेको पाईयो । संग्राहालयको संगठन व्यवस्थापन सर्भे प्रतिबेदन २०७१।३।२९ मा स्वीकृत भएकोमा, सो प्रतिवेदनमा छुट्टा छुट्टै ऐन र नियमावली बनाई लागु गर्नुपर्ने उल्लेख भएपनि ऐन तथा नियम बनाएको देखिएन । उक्त प्रतिबेदनका सुझाव तथा सिफारिसको कायान्वयन तर्फ पहल गर्नुपर्ने देखिन्छ ।

७. **खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ बमोजिम ,खरिद गर्दा आवश्यकताको पहिचान गरेर मात्र खरिद कारबाही अगाडी बढाउनुपर्ने उल्लेख छ । कार्यालयले क्यामेरा फ्ल्यास लाइट आदि खरिद गरी पूजिंगत बाट रु.७७ हजार र चालु बजेट शीर्षक बाट रु२,१००।– खर्च लेखेको देखिन्छ । चेक बैंक भुक्तानी नभई फ्रिज भएको खुलाएको छ । उक्त रकम कार्यालयले खर्च देखाएता पनि म.ले.प. फा.नं. १८ मा भुक्तानी हुन बाँकिमा समेत समावेश गरेको देखियो ।

८. **धरौटी** : सार्बजनिक खरिद नियमावली ,२०६४ को नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याउने अबधि सकिए पछि कर चुक्ता गरेको प्रमाण तथा मुल्य अभिवृद्धि कर समायोजन गरेको कागजात पेश गरे पछि धरौटी फिर्ता दिने व्यवस्था छ । नियम तथा परिपत्रले तोकेको प्रकृया पुरा नगरी धरौटी फिर्ता दिने कार्य मनासिब देखिएन । तोकिए अनुसार मु.अ.कर समायोजन पत्र पेश हुनु पर्दछ ।

हनुमानढोका दरवार संग्रहालय विकास समिति, हनुमानढोका

१. **आय कर** : आय कर ऐन, २०५८ को दफा ८७ (१) अनुसार यस समितिका ३ कर्मचारीहरुको तलव, भत्ता सहित जम्मा आयमा कट्टा गर्न पाउने छुट कट्टी गरी नियमानुसार कट्टी गर्नुपर्ने भन्दा रु.३४,५५२.०० घटी कट्टा गरेको र ६७ जनाको सामाजिक सुरक्षा कर कट्टा नगरेको रु.१७ हजार सम्वन्धितबाट असूल गरी दाखिला गर्नुपर्दछ ।

२. **असुल** : यस कर्यालयका एक कर्मचारी २०७३ जेष्ठ २० गतेबाट लागु हुने गरी अवकास प्राप्त गरेकोमा सोहि मितिबाट लागु हुने गरी समिति तर्फबाट तलव खाने गरी करारमा नियुक्ति गरेको देखियो ।यसरी समिति तर्फ नियुक्ति (करारमा) भएको कर्मचारीलाई थप प्रोत्साहन भत्ता पाउनु पर्ने आधार नभएकोमा प्रतिशत प्रोत्साहन भत्ता भुक्तानी गरेको रु.६,०३९।- असुल गर्नुपर्ने देखिन्छ ।

३. **गत वर्षको भुक्तानी** : गत वर्ष २०७२ जेष्ठ र असार महिनाकोसुरक्षा निकायका व्यक्तिलाई प्रोत्साहन रु.१ लाख ९२ हजार र समितिमा कार्यरत ६ जनालाई (परामर्श सेवा) रु.७२ हजार गरी जम्मा रु.२ लाख ६४ हजार भुक्तानी लेखेको पाईयो । गत वर्षको रकम भुक्तानी दिन बाँकीको प्रमाण वेगर भुक्तानी खर्च लेखेको अनियमित देखियो ।

४. **कर विजक** : मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) मा मुल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले अनुसूचि ५ बमोजिम ढांचामा कर विजक दिनुपर्ने उल्लेख छ । एक निर्माण व्यवसायींलाई मुल्य अभिवृद्धि कर सहित रु.२३ लाख २६ हजार मध्ये अन्तिम विलको रु.८ लाख ९७ हजार भुक्तानी भएको पाईयो । यसरी भुक्तानी भएको मुल्य अभिवृद्धि कर रकम सम्बन्धित कर कार्यालयमा समायोजन भएको प्रमाण पेश हुन आएन । अर्को एक निर्माण व्यवसायीलाई कर वीजक बेगर मुल्य अभिवृद्धि कर सहित रु.२ लाख ८४ हजार भुक्तानी गरेकोमा रु.३३ हजार मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनु पर्दछ ।

५. **ठेक्का** : एक निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर सहित जम्मा रु २८ लाख ४७ हजार भुक्तानी गरेकोमा सोको कर विजक संलग्न छैन । नियमानुसार नापी किताबमा विभिन्न आइटमको जोड जम्मामा फरक भई बढी भुक्तानी भएको रु.४४,५७२/– असूल हुनुपर्दछ ।

६. **आय तर्फ**

६.१ प्राचीन स्मारक संरक्षण ऐन २०१३ को दफा ३ ख. मा सार्वजनिक प्राचीन स्मारकको स्वामित्व पुरातत्व विभागमा रहनेछ । त्यस्ता सार्वजनिक प्राचीन स्मारककहरुको संरक्षण मर्मत तथा जिर्णोद्धार पुरातत्व विभागले गर्नेछ भन्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा १७ घ (१) मा ऐतिहासिक तथा कलात्मक दृष्टिले महत्वपूर्ण मानिएका प्राचीन स्मारकहरुको संरक्षण गर्न तोकिएबमाजिम एउटा कोष रहने व्यवस्था छ । प्राचीन स्मारक संरक्षण नियमावली २०४६ को नियम ४.१०.२.५ बमोजिम स्मारक क्षेत्रमा प्रवेश गर्न लगाइएको प्रवेश शुल्क वा अन्य शुल्कबाट प्राप्त हुने रकम ऐन बमोजिम गठन हुने कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ ।

६.२ हनुमान ढोका दरवार संग्रहालय विकास समितिको आन्तरिक आम्दानीको स्रोत मध्ये ऐतिहासिक दरवार अवलोकनमा आउने आन्तरिक तथा बाह्य पर्यटकबाट टिकट बिक्रि आम्दानीहो । यस प्रकारको आम्दानी काठमाण्डौ महानगरपालिकाले आम्दानीको २५ प्रतिशत समितिलाई प्राप्तहुने भन्ने मौखिक जवाफ सम्बन्धित कर्मचारीबाट जानकारी भयो । यस्तो आम्दानीको लागि अभिलेख महानगरपालिका तथा हनुमानढोका दरवार संग्रहालय विकास समितिबाट हुनु पर्ने देखिन्छ । महानगरपालिकाको बार्षिक आम्दानीको अभिलेख लेखापरीक्षणमा पेश हुनआएन । अतः देखाएको आम्दानी एकिन गर्न सकिने अभिलेख र दुई पक्षबिच भएको संझौता समेत पेश हुन नआएकोले आम्दानी एकिन गर्न सकिएन ।

६.३ संग्रहालय विकास समितिको पञ्चमुखि तर्फको आन्तरिकको स्रोतमा ऐतिहासिक दरवार अवलोकनार्थ आउने सार्क तथा अन्य मुलुकका पर्यटकहरुको लागी प्रवेशमा प्रयोग हुने टिकट दर पनि फरक भएको पाइयो । यसरी महानगरपालिकाले बुझाएको अभिलेखमा बर्षभरमा सार्कका ५१४१ र अन्य मुलुकका ३५८२२ गरी जम्मा ४०९६३ जना पर्यटक आएको एकतर्फि अभिलेखमा उल्लिखित छ । अतः अन्य मुलुकको ३५८२२ को रु.२५० का दरले रु.८९ लाख ५६ हजार र सार्कको ५१४१ जनाको रु ५०। का दरले रु २ लाख ५७ हजार समेत रु ९२ लाख १३ हजार आम्दानी गर्नु पर्नेमा रु ९२ लाख आम्दानी गरेको पाईएकोले आम्दानी छुट भएको रु.१२,२८७। असुल गर्नुपर्दछ ।

६.४ स्थानीय स्वायत्त शासन नियमावली २०५६ को परिच्छेद ७ अन्तर्गत नियम १४० देखि १४८ सम्ममा उल्लेख भएअनुसार ९ प्रकारका कर र सेवाशुल्क मात्र नगरपालिकाले असुल गर्न पाउने देखिन्छ । उक्त नियममा प्राचीन स्मारक क्षेत्रमा प्रबेश गर्दा लाग्ने शुल्क नगरपालिकाले उठाई उसले सञ्चालन गर्ने कोषमा जम्मा गर्न मिल्ने नदेखिएकोले असुल गरेको रकम प्राचीन स्मारक संरक्षण ऐन, नियमले तोकेको कोषमा जम्मा गरी स्मारकको संरक्षण गर्ने गरी खर्च गर्न पाउने व्यवस्था गर्न गराउन सरोकारवाला सबैको ध्यान जानु आवश्यक देखिन्छ ।

७. अभिलेख : कार्यसम्पादन जमानत र निर्माण कार्यको अभिलेख राख्नु पर्ने देखिन्छ ।

८. **कन्टिन्जेन्सी** : निर्माण कार्य गर्नका लागि लागत अनुमान तयार पार्दा ५ प्रतिशत कन्टिन्जेन्सी सहित समावेश गरी तयार हुने गरेको छ । कन्टिन्जेन्सी वापतको रकम निर्माण कार्यसंग प्रत्यक्ष सम्वन्धित कार्यमा खर्च गर्नु पर्ने हुन्छ । समितिले कन्टिन्जेन्सी खर्चको खाता नराखेको कारणले खर्च भएको रकम पांच प्रतिशत सीमा भित्र रही खर्च भए नभएको एकिन गर्न सकिएन ।

९. **भत्ता:** पदाधिकारीहरु लाई हनुमान ढोका दरवार भित्र रहेको पञ्चमुखि हुनुमान मन्दिर जिर्णोद्धार कार्यमा खटिई कार्य गर्दाको खाजा भत्ता रु.९ लाख ७९ हजार खर्च लेखेको पाईयो । यस प्रकार खर्च गर्न पाउने कानूनी प्रावधान नभएको हुदाँ उक्त खर्च अनियमित देखियो । आयकर ऐन,२०५८ को दफा ८८(१) अनुसार कूल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टि गर्नुपर्ने उल्लेख भएकोमा नियमानुसार नगरी एक प्रतिशतले हुने रु ९,७९०। मात्र कट्टि गरेको हुदाँ रु.१ लाख ३७ हजार कर छुट भएको देखियो ।

१०. **छुट भत्ता :** हनुमान ढोका दरवार भित्र रहेको हनुमान मन्दिर जिर्णोद्धार कार्यमा सरिक भएर कार्य गरेको उल्लेख गरी २ पटकमा जम्मा रु ९ लाख ७९ हजार खर्च लेखेको छ । उक्तखर्च गरेको समयमा प्रति अमेरिकी डलर रु.१००। का दरले भुक्तानी गरेकोमा सो समयमा १०३। भएको हुदाँ भुक्तानी हुन छुट भएको उल्लेख गरी रकम भुक्तानी गरेको देखियो । उक्त फरक परेको प्रमाण पेश हुनआएन ।यस प्रकारको रकम भुक्तानीका लागी कानूनी रुपमा नियममा पाउने व्यवस्था नभएको हुदाँ सम्बन्धित ६ व्यक्तिलाई दिएको रकम रु ५७ हजार अनियमित देखिन्छ ।

११. **व्याज आम्दानी -** आन्तरिक लेखापरीक्षण गराई प्रमाणित भएको वित्तिय विवरणमा व्याज आम्दानीमा आयकर घटाएर बाकिँ मौज्दातलाई आम्दानी देखाएको हुदाँ वित्तिय आम्दानीको यथार्थ चित्रण भएको पाइएन । वास्तविक आम्दानीमा आयकर खर्च छुट्टै देखाई आय व्यय विवरण तयार नगरेको पाईयो । सिटिजन बैंकबाट व्याज आम्दानी रु.२ लाख ६६ हजार देखिएकोमा सो रकमको अग्रिम कर रु ४० हजार कटाइएको भनि रकम घटाई रु.२ लाख २६ हजार मात्र आम्दानी देखाएकोले वास्तविक आम्दानी देखाएको देखिएन ।

१२. **घटी आय:** समितिको आम्दानीमा पेश भएको अभिलेख अनुसार रु ४ लाख ५ हजार हुनुपर्नेमा वित्तिय विवरणमा रु.३ लाख ९५ हजार मात्र देखाएकोले घटी आम्दानी देखाएको रु.१० हजार एकिन गर्नुपर्ने देखिन्छ । ग) स्टेटमेण्ट :

१३. **बैंक स्टेटमेन्ट** : कार्यालयले अधिक रुपमा बैंकमा खाता संञ्चालन गरेको पाईयो । यसरी बढी मात्रामा बैंक खाता भएको कारणले यथार्थ आर्थिक कारोवारमा असजिलो हुने हुदाँ आवश्क मात्रामा खाता संञ्चालन गर्नु पर्ने देखिन्छ । धेरै खाताभएका बैंकहरुमध्ये ३ बैकको मौज्दात रकम रु.८६ लाख ९ हजारको बैक स्टेटमेन्ट पेश हुन आएन ।

१४. **भाडा:** यस समितिले ५ पसल कबल भाडा लगाएकोमा विभिन्न पसल धनिहरुबाट लेखापरीक्षण अवधिसम्म पनि भाडा असुल गर्न बाकिँ रु.४ लाख ८५ हजार असूल गर्न वांकी रहेको देखिएकोले लाग्ने जरिवाना समेत एकिन गरी असूल गर्नुपर्दछ ।

१५. **धरौटी तर्फ :** अर्थमन्त्रालयको मिति २०६९।६।१७ को परिपत्र अनुसार कुनै पनि निर्माण व्यवसायी वा सेवा प्रदायकलाई धरौटी फिर्ता गर्दा सम्बन्धित आन्तरिक राजस्व कार्यालयको मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश भएपछि फिर्ता गर्नुपर्ने उल्लेख भएकोमा ६ निर्माण व्यवसायीहरुलाई रु.७ लाख १२ हजार धरौटी फिर्ता गरेकोमा मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण वेगर फिर्ता गरेको अनियमित देखिन्छ।

परराष्ट्र मन्त्रालय

१. **वित्तिय विवरणको प्रस्तुति :** मन्त्रालयले वित्तीय प्रतिवेदनहरु प्रचलित कानूनले निर्दिष्ट गरे अनुरुपको ढाँचामा तयार गर्नुपर्दछ। आर्थिक विवरणले शुरु विनियोजित बजेट, पूरक बजेटबाट र रकमान्तरबाट थपघट गरेको बजेट उल्लेख गर्नुपर्नेमा देहाय बमोजिम शुरु बजेट उल्लेख गरेको छैन :

१.१ परराष्ट्र मन्त्रालयको लागि आर्थिक वर्ष २०७२/७३ को नेपाल सरकारको व्यय अनुमानले चालू (३२६०११) तर्फ रु.२० करोड ४८ लाख ६१ हजार र पूँजिगततर्फ (३२६०११४) तर्फ रु.११ करोड २२ लाख ९९ हजार समेत जम्मा रु ३१ करोड ७१ लाख ६० हजार बजेट विनियोजन गरेकोमा आर्थिक विवरणले चालू तर्फ रु.१९ करोड ३९ लाख ९६ हजार तथा पूँजिगत शीर्षकमा रु.२१ करोड २२ लाख ९९ हजार समेत रु.४० करोड ६२ लाख ९५ हजार देखाएको छ। मन्त्रालयको लागि शुरु बिनियोजिन भएको रकम भन्दा आर्थिक बिवरणले ८ करोड ९१ लाख ३५ हजार बढी बजेट देखाएको छ।

१.२ मन्त्रालयले ३६ नियोगको एकिकृत आर्थिक विवरण तयार गरेको छ। २०७२/७३ मा नियोगहरुको लागि चालू र पूँजिगत समेत रु.४ अर्व २३ करोड १८ लाख ३३ हजार बजेट विनियोजन भएकोमा आर्थिक विवरणले शुरु विनियोजित बजेट रु.२ अर्व ९२ करोड ५८ लाख १३ हजार मात्र देखाएको छ।

१.३ कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित आर्थिक विवरणले ३६ नियोगमा यो वर्ष चालू तथा पुंजीगतमा गरी रु.२ अर्ब ९१ करोड ५८ लाख १३ हजार निकासा तथा खर्च उल्लेख गरेको छ। मन्त्रालयबाट पेश भएको एकीकृत आर्थिक विवरणले रु.२ अर्ब ९१ करोड ५८ लाख १३ हजार निकासा र रु.२ अर्ब ५८ करोड ९७ लाख ६२ हजार खर्च र रु.३२ करोड ६० लाख ५१ हजार बाँकी रहेको छ। प्राप्त आर्थिक विवरणमा शुरु बजेट यथार्थ उल्लेख नगरीएको, कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित नियोगको एकिकृत आर्थिक विवरणमा खर्च नभएको रकम पनि खर्च भएको जनाएको छ।

मन्त्रालयले आर्थिक विवरण तयार गर्दा व्यय अनुमान अनुरुप शुरु विनियोजित बजेट उल्लेख गरी पुरक बजेट वा रकमान्तरबाट थप घट भएका बजेट उल्लेख गरी खुद बजेट देखाउनु पर्दछ। नियोगहरुको बित्त व्यवस्थापनमा प्रभावकारी नगद प्रवाह एवं खर्च मितव्ययितालाई समेत ध्यान दिई मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट बजेट निकासा तथा खर्चको यर्थाथ प्रतिवेदन हुने व्यवस्था गर्नुपर्दछ।

२. **बॉकी मौज्दात :** एकल कोष खाता प्रणालीलागु नभएका र चौमासिक निकासा प्रणाली कायम रहेका कार्यालयमा आर्थिक बर्षको अन्त्य सम्ममा खर्च नभई बाँकी रहेको बजेट संचित कोष दाखिला गर्नुपर्ने व्यवस्था छ। नियोगहरुमा आर्थिक वर्षको अन्तमा निकासा बाँकी मौज्दातका सम्बन्धमा देहाय बमोजिम देखिएको छ :

२.१ नियोगले चालू आर्थिक वर्षको अन्तमा निकासाबाट खर्च नभई बाँकी रहेको रकम आगामी वर्षको निकासामा समायोजन गरी कट्टी गर्ने गरेको छ। आर्थिक विवरण अनुसार यो वर्ष ३६ नियोगको चालू र पूँजीगत तर्फ जम्मा रु.३२ करोड ६० लाख ५१ हजार बाँकी रहेको देखिएकोमा आ.व.२०७३/७४ को दाश्रो चौमासिकसम्म निकासाबाट कट्टी गरेको रु.३० करोड ७३ लाख ९२ हजार मात्र राजस्व दाखिला गरेको भौचर पेश भएको छ। ५ नियोगको निकासा बाँकी रु.१ करोड ८६ लाख ५९ हजार मन्त्रालयबाट निकासा मिलान गरी राजस्व दाखिला गर्न बाँकी रहेको छ।

२.२ मन्त्रालयबाट गत वर्षको मौज्दात कट्टी गर्दा आर्थिक विवरणलाई आधार लिई कट्टी गर्ने गरेको देखिन्छ। दूतावासबाट आर्थिक वर्षको अन्तमा बाँकी रहेको बैक मौज्दात प्रमाण, बैक नगदी किताब, बैंक हिसाब विवरण समेत प्राप्त गरी बैंकमा देखिए अनुरुपको रकम फ्रिज कट्टी गर्नुपर्नेमा आर्थिक विवरणमा देखिए अनुरुपको रकम मात्र फ्रिज कट्टी गरेको देखिन्छ। नियोगहरुबाट गत वर्षको रकम जिम्मेवारी नसारी खर्च गर्ने, राजस्वबाट सापटी नदेखाई खर्च गर्ने, तोकिएको दरमा खर्च लेखी विदेशी मुद्राको सटही दरमा परिवर्तनको कारण हुने बिनिमय नाफा नोक्सानको अभिलेख नराख्ने गरेबाट वास्तविक मौज्दातको स्थिति यकिन हुने अवस्था छैन। मन्त्रालयले यथार्थ मौज्दाताको अवस्था यकिन नगरी तथा फरक हिसाब मिलान नगरी फ्रिज कट्टी गर्दै आएको छ। यसले गर्दा आर्थिक विवरणले निकासा बाँकी देखाएको भन्दा बढी रकम बैंक मौज्दात रहेको छ।

मन्त्रालयबाट नियोगहरुमा आर्थिक वर्षको अन्तमा रहेको मौज्दात रकम, निकासाबाट आर्थिक वर्षको अन्तमा बाँकी रहेको बैक मौज्दात प्रमाण, बैक नगदी किताब, बैंक हिसाब विवरण समेतका आधारमा सम्पूर्ण बाँकी रकम मिलान हुने गरी निकासाबाट कट्टी हुने व्यवस्था गर्नुपर्दछ।

३.	**वित्तीय प्रतिवेदन :** मन्त्रालय मातहतका ३६ नियोगले भिसा फी, प्रमाणीकरण एवं पासपोर्ट आदि उपलब्ध गराए बापत असुल गरेको राजस्व पटक पटक गरी मन्त्रालयमा पठाउने र मन्त्रालयले सञ्चित कोष दाखिला गरी एकमुष्ट रुपमा आर्थिक विवरण तयार गरी लेखापरीक्षण गराउदै आएको छ। मन्त्रालयबाट प्राप्त आर्थिक विवरण अनुसार यस वर्ष जम्मा भिसा फी, प्रमाणीकरण वापत रु.४ अर्ब ७२ करोड ७० लाख ३८ हजार आम्दानी गरेको छ। राजस्व अभिलेखाङ्कनको सम्बन्धमा देहाय बमोजिम देखिएको छ :

३.१	नियोगहरुले मास्केवारी र आर्थिक विवरण नेपाली मुद्रामा तयार गर्ने गरेको छैनन्। साथै मन्त्रालयले एकीकृत आर्थिक विवरण तयार गर्दा दूतावासगत रुपमा राजस्व आम्दानी, दाखिला र नगद बाँकीको अभिलेख तयार नगरेकोले राजस्वको हिसाब भिडान गर्न सक्ने स्थिति रहेको छैन।

३.२	मन्त्रालयले तयार गरेको राजस्वको आर्थिक विवरण बमोजिम नियोगहरुले रु.४ अर्ब ७२ करोड ७० लाख ३८ राजस्वको आम्दानीगरेको देखाएको छ। तर मन्त्रालयले तयार गरेको नियोगगत बिवरण बमोजिम २०७३ आषाढ मसान्तसम्म रु.५ अर्ब २५ करोड २४ लाख ७५ राजस्व आम्दानी देखाएको छ। नियोगगत राजस्वको विवरण भन्दा आर्थिक विवरणले घटी राजस्व देखाएको छ।

३.३	मन्त्रालयले तयार गरेको राजस्वको आर्थिक विवरण बमोजिम नियोगहरुले रु.४ अर्ब ७२ करोड ७० राजस्व आम्दानी देखाएकोमा राजस्वको विविध खाताबाट गत आर्थिक वर्षको जिम्मेवारी रु.१ अर्ब ४९ करोड २५ लाख ५५ हजार समेत रु.४ अर्ब ५५ करोड ३९ लाख ३७ हजार राजस्व दाखिला गरेको छ। उक्त दाखिला मध्ये गत वर्षका जिम्मवारी घटाउँदा यस वर्षको राजस्वमध्ये रु.३ अर्ब ६ करोड १३ लाख ८२ हजार मात्र संचित कोषमा दाखिला भएको देखिन्छ। आर्थिक विवरणले देखाएको राजस्व रु.४ अर्ब ७२ करोड ७० लाख ३८ भन्दा रु.१ अर्ब ६६ करोड ५६ लाख ५६ हजार घटी राजस्व दाखिला गरेकाले बास्तबिक रकम एकिन गरी राजस्व दाखिला गर्नुपर्दछ।

३.४	मन्त्रालयले नियोगहरुको फ्रिज कट्टी गरेको रु.३२ करोड ८ लाख ७५ हजार लाई राजस्व आम्दानी एवं दाखिला गरेको देखाएको छ। तर मन्त्रालयबाट प्रस्तुत गरेको दाखिला विवरण बमोजिम रु.३० करोड ७३ लाख ९२ हजार मात्र दाखिला गरेको छ। यस आर्थिक वर्षमा दाखिला हुन बाँकी रु.१ करोड ३४ लाख ८३ हजारलाई समेत आर्थिक विवरणले दाखिला गरेको देखाएको छ।

नियोगहरुले मास्केवारी र आर्थिक विवरण नेपाली मुद्रामा समेत तयार गर्ने व्यवस्था गर्नुपर्दछ। नियमित हिसाब मिलान, अद्यावधिक अभिलेखको व्यवस्था एवं लेखाकंनको व्यवस्था मिलाई राजस्वको वित्तिय बिवरणले यर्थाथ चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

४.	**बजेट शंसोधन :** आर्थिक कार्यविधि ऐनको दफा ८ बमोजिम विनियोजन ऐनमा तोकिएको कुनै शीर्षकमा रकम नपुग भएमा सो नपुग भएको रकम सोही ऐनमा तोकिएको कुनै एक वा एक भन्दा बढी शीर्षकमा बचत हुने भएमा विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही एक शीर्षकबाट अर्को शीर्षकमा अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था गरेको छ। तर कुनै शिर्षकमा कुल बजेटको १० प्रतिशत भन्दा बढी वा घटी हुने गरी रकमान्तर गर्न नसकिने व्यवस्था विनियोजन ऐनले गरेकोमा पुँजिगत शीर्षक (३२६०११४) तर्फ शुरु बिनियोजित बजेट रु.११ करोड २२ लाख ९९ हजार भएकोमा मिति २०७२।११।२३ मा मन्त्रालयले यस शिर्षकमा रु.१० करोड १२ लाख बजेट घटाई रु.१ करोड १० लाख ९९ हजार कायम गरेको छ। मन्त्रालयले सरकारको आय व्यय विवरणमा उल्लेखित बजेटलाई आर्थिक विवरणमा उल्लेख गर्नुपर्दछ।

५.	**मृतक क्षतिपूर्ति** मन्त्रालयले गत वर्षको अन्तिम मौज्दातलाई यो वर्षको शुरु मौज्दातको रुपमा जिम्मेवारी सार्नु पर्दछ। यो खाताको आर्थिक विवरणले वर्षको जिम्मेवारी रु.२५,४३१,५८९.३७ र यस वर्ष प्राप्त रु.८३२,७७८,९५३.६५ समेत जम्मा आम्दानी रु.८३२७७८९५३.६५ आम्दानी देखाएको छ। गत वर्षको अन्तमा रु.रु.८२९९५४२१.८४ मौज्दात रहेकोले उक्त रकम आर्थिक वर्ष २०७२।७३ को जिम्मेवारीको रुपमा सार्नुपर्नेमा रु.२५,४३१,५८९.३७ जिम्मेवारी सारेकोले घटी जिम्मेवारी सारेको पुष्ट्याई पेश गर्नुपर्दछ।

६.	**अख्तियारी :** सरकारको आय व्यय विवरणले नियोगहरुको लागि चालू र पूँजिगत समेत रु.४ अर्व २३ करोड १८ लाख ३३ हजार बजेट विनियोजन भएकोमा मन्त्रालयले नियोगहरुलाई रु.२ अर्व ९२ करोड ५८ लाख १३ हजारको मात्रको अख्तियारी दिएको छ। नियोगहरुबाट बजेट प्रस्ताव माग गरी स्विकृत बजेटको अख्तियारी प्रदान गरी मन्त्रालयले अवण्डामा राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

७.	**वार्षिक कार्यक्रम :** मातहतका निकायहरुले आगामी वर्षको बजेट तयार गरी मन्त्रालयमा पेश गर्नुपर्ने, स्विकृत ढाँचामा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था आर्थिक कार्यविधि ऐन र नियमले गरेको छ। मन्त्रालयले यो वर्ष भवन निर्माण, तथा नियोगहरुको भवन खरीद र आर्थिक कुटनैतिक कार्यक्रमहरु, श्रम रोजगार सम्बन्धी रु २ अर्ब १७ करोड ९२ लाख ५२ हजारको कार्यक्रम तयार गरी रु.७७ करोड ३८ लाख ८२ हजार खर्च गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन :

७.१	नियोगहरुले बजेट प्रस्ताव नगर्ने र आर्थिक कार्यविधि नियमावली बमोजिम स्विकृत ढाँचामा कार्यक्रम र प्रगति विवरण समेत तयार गरेको छैन। स्विकृत ढाँचामा कार्यक्रम र प्रगति विवरण तयार गर्नुपर्दछ।

७.२ सवारी साधन खरीदको लागि कार्यक्रम स्विकृत एवं शुरु बजेट विनियोजन नगरेको भएता पनि मन्त्रालयले तेश्रो चौमासिकमा रु.१९८३४०००।- बजेट थप गरी रु.४ वटा सवारी साधन खरीद गरेको छ । बजेटमा नपरेको बिषयमा आर्थिक वर्षको अन्तमा निकासा दिने अभ्यासमा नियन्त्रण गर्नुपर्दछ ।

७.३ पुँजिगत बजेट उप शीर्षक ३२६०११४ तर्फ राहदानी विभाग एवं कन्सुलर सेवा विभागको भवन निमार्णको लागि रु १,००,००,०००।-बजेट खर्च गर्ने,लेखा राख्ने, लेखापरीक्षण समेत गराउने गरी मन्त्रालयले शहरी विकास तथा भवन निर्माण डिभिजन काठमाडौंलाई हस्तान्तरण गरेकोमा रु.११००९५९.०० खर्च गरेको आर्थिक विवरणले देखाएको छ । उक्त कार्यको अनुगमन गरी सोको प्रगति विवरण तयार गर्नुपर्दछ ।

७.४ ऐतिहासिक महत्वका सामाग्री लगायत अन्य महत्वपुर्ण कागजातलाई डिजिटल प्रविधिबाट व्यवस्थापन गर्न बजेट उप शीर्षक ३२६०११४ बाट राष्टिय अभिलेखालयलाई रु.१,०००,०००.०० बजेट खर्च गर्ने, लेखा राख्ने, लेखापरीक्षण समेत गराउने गरी हस्तान्तरण गरेकोमा आर्थिक विवरणबाट खर्च नगरेको देखिएको छ। उक्त कार्यको अनुगमन गरी कार्य सम्पन्न गर्नुपर्दछ ।

७.५ नियोगहरु मार्फत वैदेशिक लगानी, पर्यटन र निर्यात व्यापार प्रर्वद्धनमा योगदान पुऱ्याउने गरी आर्थिक कुटनिति अवलम्बन गर्ने नीति लिएकोमा यो वर्ष पर्यटन, बैदेशिक लगानी, निर्यात र कला संस्कृतिक सम्पदाको प्रर्वद्धन सम्बन्धी कार्यक्रम संचालनका लागि रु.५ करोड ८१ लाख बजेट विनियोजन गरी रु.३ करोड ३२ लाख खर्च गरेको छ । ३६ नियोग मध्ये ४ ले शुन्य प्रतिशत, ५ ले २५ प्रतिशत सम्म,७ ले २५ देखि ५० प्रतिशत सम्म, ९ ले ५० देखि ७५ प्रतिशत सम्म र ११ ले ७५ प्रतिशत भन्दा माथि खर्च गरेका छन् । ब्रसेल्स स्थित नियोगले कार्यक्रमको रु.५ लाख स्थानिय नेपाली स्कुल तथा संघ संस्थाहरुलाई अनुदान दिएको छ । नियोगहरुले आर्थिक कुटनिति सम्बन्धी कार्यक्रमा खर्च नगर्ने, कम खर्च गर्ने, असम्बन्धित कार्यमा खर्च गर्ने गरेको छ। आर्थिक कुटनीतिकको लक्ष्य प्राप्त गर्न कार्यक्रम संचालन र लक्ष्य हासिल भए नभएको सम्बन्धमा कार्यक्रमको प्रभावकारिता मूल्याकंन गर्नु जरुरी देखिएको छ ।

७.६ नेपाल सरकारले नियोगहरुको लागि आबश्यक घर जमिन खरीद कार्यलाई प्राथमिकतामा राखेको छ। बिदेश स्थित २२ नियोगहरु कार्यालय तथा आवासहरु घरभाडामा लिइं संचालनमा रहेका छन। घरभाडामा २०७०।७१ मा रु.४४ करोड,२०७१।७२ मा रु.५७ करोड र २०७२।७३ मा रु.६५ करोड खर्च गरेकोले नियोगहरुको घर भाडामा प्रत्येक वर्ष ठुलो रकम खर्च हुने गरेको छ । मन्त्रालयले न्यूयोर्क, जेनेभा,वासिगंटन डि.सि., ब्रसेल्स, बैकंकका नियोगलाई प्राथमिकतामा राखि भवन खरिदको लागि बजेट विनियोजन गरेको भएता पनि खरिद नगरेकोले खर्च हुन सकेको छैन । आर्थिक वर्ष २०७२।७३ मा भवन खरिद गर्न रु.२ अर्ब बजेट व्यवस्था गरेकोमा बैककले मात्र खरिद गरी रु.४६ करोड खर्च गरेको छ । सरकारको नीति बमोजिम नियोगहरुले बिनियोजित रकम उपयोग गरी समयमै भवन खरिद गर्नुपर्दछ ।

८. **खरिद प्रक्रिया :** नियोगबाट हुने खरिद कार्य गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ ले तोकेबमोजिमको व्यवस्था कार्यान्वयन गर्न नियोगहरुलाई कठिनाइ हुने मन्त्रालयको भनाईको सन्दर्भमा यस सम्बन्धमा सार्वजनिक लेखा समितिले २०६९।१।५ मा खरिद ऐनलाई समेत ध्यान दिई आवश्यक निर्देशिका तयार गर्न दिएको निर्देशन कार्यान्वयन गरेको छैन ।नियोगहरुका लागि सवारी साधनमा रु.५०८०००००.०० बजेट व्यवस्था गरेको ८ वटा नियोगहरुले ११ वटा सवारी साधन खरीद गरी यो वर्ष रु.४९०७७८६३.०० खर्च गरेकोमा बोलपत्र आह्वान नगरी सोझै विक्रेताबाट खरिद गरेको छ । सार्वजनिक लेखा समितिले निर्देशन बमोजिम खरिद ऐनलाई समेत ध्यान दिई आवश्यक निर्देशिका तयार गरी खरीद कार्यलाई व्यवस्थित गर्नुपर्दछ । लेखा समितिको निर्देशन बमोजिम खरिद ऐन अनुकुल हुने गरी आवश्यक कार्यविधि तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

९. **ठेक्का प्रक्रिया :** सार्वजनिक खरिद नियमावली, २०६४ मा सारभूत रुपमा ग्राह्य प्रस्तावदातामध्ये सबैभन्दा कम कबोल गर्ने प्रस्तावकसँग सम्झौता गरी सामान खरिद गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले स्टेशनरी, मसलन्द, उपकरण र टिकटको लागि ठेक्का व्यवस्था गर्न २०७२।८।५ मा स्टेशनरीतर्फ रु.९०,६०,९१०।-, उपकरण जडानतर्फ रु.५४,७८,८००।- को लागत अनुमान स्वीकृत गरी बोलपत्र आह्वानको लागि मिति २०७२।११।१९ मा सूचना प्रकाशित गरेकोमा २ स्टेशनरीतर्फ ५ बोलपत्र बिक्री तथा ४ दर्ता भएको, उपकरणतर्फ ९ बिक्री तथा २ दर्ता भएको त्यस्तै मसलन्दतर्फ सारभूत रुपमा ग्राह्य बोलपत्रदातामध्ये न्यूनतम कबोल गर्ने स्टेशनरीतर्फ १२.९६ प्रतिशत घटी, उपकरण जडानतर्फ २.४४ प्रतिशत घटीको प्रस्ताव स्विकृत गर्न बोलपत्र मूल्याङ्कन समितिबाट मिति २०७३।१।२८ मा सिफारिस भएकोमा चालू आर्थिक वर्ष समाप्त हुने अवधि नजिकिँदै आएको र यस अवधिमा VPN जडानको कार्य सम्पन्न गर्ने सम्भावना न्युन देखिएको कारण जनाई मिति २०७३।२।२०को सचिवस्तरीय निर्णयबाट बोलपत्र प्रक्रियालाई रद्द गरेको छ । त्यस्तै हवाई टिकट खरिद तर्फ कुनै पनि प्रस्तावक प्राविधिक प्रस्तावमा उत्तिर्ण नभएको कारण जनाई बोलपत्र मूल्यांकन सिफासि समितिको सिफारिस बमोजिम रद्द गरेको छ । सार्वजनिक खरिद नियमावलीमा खरिद प्रक्रियाको समयावधि निर्धरण गर्न खरिद योजना बनाउनुपर्नेमा सो नगरी २०७२।८।२८ मा लागत अनुमान स्वीकृत भएकोमा २०७२।११।१९ मा मात्र बोलपत्र प्रस्ताव आह्वान गरेको, मूल्याङ्कन समितिबाट २०७३।१।२८

मा मात्र बोलपत्र प्रस्ताव मूल्याङ्कन गर्ने कार्य टुंग्याई स्वीकृतको लागि पेश गरेकोमा र २०७३।२।२० मा प्रक्रिया रद्द गरेको छ। नियमावलीको व्यवस्था बमोजिम प्रथम चौमासिक भित्रै ठेक्का सम्झौता हुने व्यवस्था गर्नुपर्दछ।

१०. **कार्यालय समान आपुर्ती सम्झौता :** मन्त्रालयले कार्यालय समान आपूर्तिको लागि २०७१।०७२ लागि गरेको ठेक्का व्यवस्थालाई यो बर्षको लागि समेत निरन्तरता दिएको छ । यस वर्ष कार्यालय सञ्चालनमा रु.१,५०,६४,४०७।१७ खर्च गरेको छ। यस सम्बन्धी अन्य व्यहोरा निम्नानुसार छन्:

१०.१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा कार्यक्रम कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्यसम्पन्न गर्न लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक भित्र गरी सक्नुपर्ने र सार्वजनिक खरिद नियावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गदा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई आधार लिनुपर्ने उल्लेख छ। मन्त्रालयले मालसामानको लागत अनुमान तयार गर्न विभिन्न ५ सप्लायर्ससँग दरभाउ सुची लिई सोमा घटी दर उल्लेख गरेका ३ फर्मको मूल्य र गत वर्ष स्वीकृत खरिद प्रस्तावको औषत कायम गरी लागत अनुमान तयार गरेको छ। मालसामानको मूल्य दरभाउपत्र माग गरिएका तीन फर्मले उपलब्ध गराएको दरमा ठूलो अन्तर रहेकोमा वास्तविकता यकिन नगरी औषत मूल्य कायम गरी लागत अनुमान तयार गरेको छ।

१०.२ सार्वजनिक खरिद नियमावली, २०६४ को मा सार्वजनिक निकायले मालसामान खरिद गर्दा शाखा महाशाखाबाट माग संकलन गरी आवश्यक परिमाणमात्र खरिद गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले परिमाण निर्धारण तथा खरिद योजना बेगर मालसामान खरिद गरेको छ। मसलन्दतर्फ गत वर्षको ठेक्कालाई नै निरन्तरता दिएको छ। खरिद गरिएका सामान जिन्सी आम्दानी बाँधी प्रयोजनकर्तालाई बुझाएपछि मात्र मौज्दात घटाउनुपर्नेमा सो प्रक्रिया पूरा नगरी शून्य मौज्दात बनाइएको छ। आषाढ महिनामा मात्र रु.१०,०६,०९८।३७ को मालसामान खरिद गरेकोमा आर्थिक वर्षको अन्त्यमा सबै आइटम शून्य मौज्दात देखिएको छ। आवश्यकताभन्दा बढी परिमाण खरिद गर्दा स्रोत साधनको मितव्ययी उपयोग नहुने भएकोले आवश्यक परिमाणमात्र खरिद गर्नुपर्दछ।

१०.३ सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा भएको एउटा फर्मसँग एक आर्थिक बर्षमा एक भन्दा वढी पटक माल समान खरिद गर्न नपाइने र एउटा फर्मसँग खरिद गर्ने रकम तीनलाख भन्दा बढी हुन नहुने व्यवस्था भएकोमा २ फर्मसँग पटक पटक गरी रु.२,०५८,२१५/०० भन्दा बढीको सामान खरिद गरेको छ। नियमानुसार खरिद व्यबस्था गर्नु पर्दछ।

१०.४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले खरिद कार्यको तयारी गर्दा खरिदलाई बढी सुविधाजनक समूहमा विभाजन गर्ने प्याकेजमा समावेश गर्ने कुरा विचार गर्नुपर्ने रनियम ७ को उपनियम (२) मा खरिद कार्यलाई अधिकतम प्रतिष्पर्धाको लागि खरिदलाई टुक्राउने वा प्याकेज बनाउनुपर्ने उल्लेख छ। विभागले आर्थिक वर्ष २०७२।७३ को लागि आवश्यक पर्ने मसलन्द, छपाई, बिजुलीका सामान, खानेपानी, कार्य सञ्चालनको लागि आवश्यक अन्य विभिन्न प्रकारका सामानलाई एउटै प्याकेजमा समावेश गरी खरिद सम्झौताको ठेक्का आह्वान गरेको छ। एउटै व्यवसायीले सबै प्रकृति सामानको कारोबार गर्ने सम्भावना कम हुने नभएकोले विविध प्रकृतिका सामान एउटै प्याकेजमा समावेश गर्दा प्रतिस्पर्धा सीमित हुने सम्भावना भएकोले खरिद कार्यलाई अधिकतम प्रतिस्पर्धी बनाउन व्यवसायिक कारोबारको प्रकृति र क्षेत्र अनुसार समूह विभाजन गरी बोलपत्र आह्वान गर्नुपर्दछ।

११. **उपहार तथा होटल खर्च :** सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा रु.३ लाखभन्दा बढीको मालसामान वा सेवा खरिद गर्दा सिलबन्दी दरभाउपत्र लिनुपर्नेमा मन्त्रालयले विभिन्न विदेशी पाहुनाको सत्कारमा भोज आयोजना तथा उपहार खरिद गरी ४३,०७६३३/- खर्च लेखेको सिलबन्दी दरभाउपत्र तथा कोटेशन लिएको देखिएन। नियममा भएको व्यबस्था पालना गर्नु पर्दछ।

१२. **काज:** कार्यालयसँग सम्बन्धित कामको लागि कर्मचारी खटाउनु पर्दा छोटो अवधिको दैनिक भत्ता तथा भ्रमण खर्चलाई मितव्ययी बनाउनु पर्नेमा यस मन्त्रालयले दूतावासको काममा सघाउ पुऱ्याउने उद्देश्यले यो वर्ष २० जना कर्मचारीहरु ५९ देखि ७४ दिन सम्म पनि बैदेशिक भ्रमणमा खटाएको देखिएकोले भ्रमण खर्चलाई मितव्ययी र उदेश्य मुलक बनाउनु पर्दछ।

१३. **आन्तरिक नियन्त्रण :** कार्यालयबाट सम्पादन गरीने कार्यको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था गरेको छ। मन्त्रालयले आन्तरीक नियन्त्रण निर्देशिका तयार गरेको भएतापनि कार्य प्रकृति अनुरुप जोखिम पहिचान गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्न वार्षिक खरीद योजना तयार नगरेको, जिन्सी निरीक्षण नगराएको, खरिद आदेशमा सिलसिलेवार संकेत नम्बर उल्लेख नगरेको, जिन्सी

मौज्दातको वार्षिक विवरण तयार नगरेको, तोकिएको ढाँचामा प्रगति प्रतिवेदन तयार नगरेको, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम बमोजिम खर्च भएको सबै रसिद बिल भरपाईमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले "भुक्तानी भएको" जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको, कार्यविवरण तयार गरी कर्मचारीहरूलाई अधिकार र जिम्मेवारी नदिएका, मन्त्रालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिम पहिचान गर्नु पर्नेमा सो अनुसार भएको नपाईएकोले आन्तरिक नियन्त्रण प्रणली व्यबस्थित गर्नु पर्दछ ।

१४. **टिकट खर्च :** हवाई टिकट वापत रकम भुक्तानी दिंदा मन्त्रालयले टिकट उपलब्ध गराउन दिएको आदेश समेत संलग्न गर्नुपर्नेमा आपूर्तकले पेश गरेको बिलको आधारमा मात्र भुक्तानी दिने गरेको छ । जसले गर्दा मन्त्रालयले तोकेको रुट र दिएको आदेश बमोजिमकोको टिकट जारी भएको भएको छ भनी भिडान गर्न सकिएको छैन । हवाई यात्रा गर्नेको नाम र रुट सहित आदेश टिकट माग गरी सोही अनुसार विल पेश भए नभएको जाँच गरी भुक्तानी दिने व्यवस्था गर्नुपर्दछ ।

१५. **असम्बन्धित खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५.२(क)बमोजिम रकम स्वीकृत बजेट र सम्बन्धित खर्च शिर्षकमा पर्छ र खर्च बाँकी छ भने मात्र खर्च स्वीकृत गर्न मिल्नेमा बिभिन्न कार्यहरु वापतको रु.२,६७०,७५७/- असम्बन्धित खर्च शीर्षकबाट भुक्तानी गरेको, पुस्तक खरिदमा रु.१,२५,०००।- विनियोजन भएकोमा मन्त्रालयको कार्य प्रकृतिसँग असम्बन्धित पुस्तक खरिद गरी कार्यालय सञ्चालन बजेटबाट रु.७९२,१६०/- भुक्तानी दिएको, नेपालमा आउने विदेशी पाहुनाको सत्कारको लागि मन्त्रालयको बजेट उपशीर्षक ३२६०११३ भैपरी खर्च शीर्षकमा बजेट व्यवस्था भएकोमा नियोग तथा राजदूतावासका कर्मचारीको सञ्चय कोष लगानीकोष लगायतका खर्च व्यवस्थापन गर्न मन्त्रालयबाट संचालित नियोग तर्फको बजेट उप शिर्षकबाट दक्षिण अफ्रिकाका उपविदेश मन्त्रीको सम्मानमा आयोजित रात्रिभोजको रु.६०,६२७।७९ को बिल भुक्तानी गरेकाले अनियमित देखिएको छ । शिर्षक फरक पारी खर्च लेख्नाले विनियोजनको सिद्धान्त अनुरुप नहुने र आर्थिक विवरणले यर्थाथ अवस्था चित्रण नगर्ने भएकोले तोकिए बमोजिमको बजेट शिर्षकबाट खर्च लेखि बजेटीय नियन्त्रण व्यवस्थाको पालना गर्नुपर्दछ ।

१६. **तलबी प्रतिवेदन :** निजामती किताबखानाबाट पारीत ग्रेडको आधारमा गणणा गरी तलब खर्च लेख्नु पर्नेमा आषाढ महिनाको तलब भिडान गर्दा निजामती किताबखानाको ग्रेड रकम भन्दा रु.२९,२९६/- बढी भुक्तानी खर्च लेखेकोले असुल गर्नुपर्दछ ।

१७. **दैनिक भ्रमण भत्ता :** आर्थिक कार्यविधि नियमावली,२०६४ मा सरकारी कामको सिलसिलामा नेपालभित्र वा विदेश भ्रमण काजमा खटिने सरकारी कर्मचारी र अन्य व्यक्तिलाई भ्रमण खर्च नियमावली बमोजिम पाउने दैनिक तथा भ्रमण भत्ता र अन्य रकम भए सो समेत हिसाब गरी बढी नहुने गरी पेश्की दिनु पर्नेछ र सम्बन्धित कर्मचारी तथा व्यक्तिले पनि भ्रमणबाट आफ्नो कार्यालय वा स्थानमा फर्केको वा भ्रमण कार्य पूरा गरेको मितिले पैंतीस दिनभित्र फाँटबारी पेश गरी लिएको पेश्की रकम फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । साथै म्याद भित्र फाँटबारी पेश नगरी म्याद नाघे पछि पेश्की फछ्र्यौटको निमित्त फाँटबारी पेश हुन आएमा म्याद नाघेको अवधिको निमित्त बाँकी पेश्की रकममा दश प्रतिशत ब्याज समेत लगाई असुल गर्ने व्यवस्था छ । तत्कालीन खरिदार थानप्रसाद शर्माको रु.५,४२,६३१।- पेश्की फछ्र्यौट गरेकोमा निम्न व्यहोरा देखिएका छन् :

१७.१ एक खरिदारले ब्रसेल्स राजदूतावासबाट २०५८।२।९ मा कार्यकाल सकी काठमाडौं फर्कन रु.१०,०२,९१८।- पेश्की लिएकोमा रु.४,८४,५४२।९५ पेश्की फछ्र्यौट गरी रु.५,४२,६३१।- नगद बाँकी राखेकोमा २०७२।४।२४ मा रु ३,२३,९८७।११ नगद दाखिला तथा बाँकी बिल भरपाई पेश गरी पेश्की फछ्र्यौट गरेकोले सरकारी रकम फिर्ता नगरी (२०५८।२।९ देखि २०७२।४।२४ सम्म १३ वर्ष २ महिना बाँकी राखेकोले वार्षिक १० प्रतिशत ब्याज रु.४,२६,१२२।- असुल गर्नुपर्दछ ।

१७.२ ब्रसेल्सबाट कार्यकाल पुरा गरी आफू र परिवार फिर्ता ल्याउन पेश्की दिएकोमा ३ छोराछोरी अमेरिकाबाट फर्केको टिकट पेश गरी भाडा तथा भ्रमण भत्ता दाबी गरेकोमा मन्त्रालयले ब्रसेल्सबाट काठमाडौंको भाडा दर गणना गरी रु.२,१८,६४३।८९ भुक्तानी दिएको छ । परिवार साथमा राख्ने उद्देश्येले यस्तो सुविधा उपलब्ध गराइएकोमा आफ्नो निजी प्रयोजनको लागि अन्यत्र गई सो स्थानबाट फर्केको हवाई भाडा तथा भ्रमण भत्ता उपलब्ध गराउन मिल्ने देखिएको छैन ।

१८. **प्रतिनिधिमण्डल भ्रमण :** नेपाल सरकारले जारी गरेको कार्य संचालन सम्बन्धी निर्देशकामा बैदेशिक भ्रमण खर्चलाई मितव्ययी राख्न प्रतिनिधिमण्डलको भ्रमणदल सदस्य संख्या ५ जनासम्ममा सिमित गर्नुपर्ने उल्लेख छ । परराष्ट्रमन्त्री चिन तथा ईस्तान्वुल भ्रमण गर्दा प्रतिनिधिमण्डलमा ५ भन्दा बढी सदस्य भ्रमणदलमा संलग्न गरेको छ । बैदेशिक भ्रमण खर्च सम्बन्धी निर्देशकाले उल्लेख गरेबमोजिम भ्रमण खर्चलाई मितव्ययी बनाउनु पर्दछ । संयुक्त राष्ट्रसंघको ७० औं नियमित अधिवेशनमा भाग लिन प्रधानमन्त्रीको नेतृत्वमा २३ सेप्टेम्बर २०१५ मा भ्रमण दलका केही सदस्यले अन्तिम ४ घण्टा अगाडि मात्र केही सदस्यको टिकट रद्द गरेकोले

जानकारी नदिएको शुल्क र रिफन्ड शुल्कबापत ४,२०० अेरिकी डलर अर्थात् रु.४,५२,०८८।- भुक्तानी गरेकोले अनावश्यक व्ययभार परेको छ। यात्रा गर्ने सुनिश्चित भएपछि टिकट बुक गर्ने र समयमै रद भएको जानकारी गराई सार्वजनिक श्रोतको मितव्ययी उपयोगको व्यवस्था गर्नुपर्दछ।

१९. **बिल बेगर भुक्तानी :** आर्थिक कार्यविधि नियमावलीको नियम ३६(३) बामोजिम बिल वेगर भुक्तानी दिन नहुनेमा मन्त्रालयले विल भरपाई वेगर रु.८६५००/- खर्च लेखेकोले प्रमाण पेश गर्नुपर्दछ।

२०. **परिवार तथा सहयोगी :** कूटनीतिक कर्मचारी विदेशस्थित नियोगमा सरुवा भै जाँदा तथा आउँदा तोकिए बमोजिम आफ्नो परिवारका सदस्य र राजपत्राङ्कित कर्मचारीको हकमा सहयोगी साथमा लगेमा वा ल्याएमा हवाई टिकट खर्च भुक्तानी दिने व्यवस्था छ। भ्रमणबाट फर्केको ३५ दिन भित्रमा भमण खर्चको हिसाब फरफारक गर्नुपर्नेमा साथमा लगेको परीवार र सहयोगी कर्मचारी साथमा नर्फकाएको वा ढीलो फकाई भ्रमण खर्च लेखेको अवस्था देहाय बमोजिम देखिएको छ :

२०.१ सन् २००७ मा नियोग उप-प्रमुखको हैसियतमा एक कर्मचारीले संयुक्तराज्य अमेरिकामा लगेका निजका सहयोगी विनोद अधिकारी २०१४ डिसेम्बर २७ मा नेपाल फर्केको देखिएको छ। निज सन् २०११ मा नेपाल फर्केकोमा निजका सहयोगी आफूखुसी ३ वर्ष थप बसी नेपाल फर्केको अवस्थामा समेत निजलाई हवाई भाडा बापत रु.१,२१,६९६।९० शोधभर्ना दिएको छ। कूटनैतिक कर्मचारीले कार्यकाल पूरा गरी नेपाल फर्केको अवस्थामा आफूखुसी विदेशमा रहेका सहयोगीको भ्रमण खर्च भुक्तानी दिन मिल्ने नदेखिएकोले असुल गर्नुपर्दछ।

२०.२ दक्षिण कोरीयाको लागि नेपाली राजदूतले आफनो कार्यकाल पूरा गर्दा गरी स्वदेश फर्कन परराष्ट मन्त्रालयले २०७३।३।२५मा रु.४ लाख ३९ हजार पेश्की जनाई ४ थान हवाई टिकट पठाएकोमा निज राजदुतले अर्दलीको रुपमा लगेको २ जना सहयोगी कर्मचारी निज संगै स्वदेश फिर्ता नभएको कारण जारी गरीएको रु.२ लाख १९ हजार को २ थान हवाई टिकट उपयोग भएको छैन। राजदुतले आफनो कार्यकाल पूरा गरी फर्कदा आफुसंग लगेको अर्दली सँगै फिर्ता नल्याएको कारण पेश्की फछ्र्यौट गर्न बाँकी देखिन्छ। प्रयोग नगरेको टिकट वापतको रु.२ लाख १९ हजार ५७५ असुल गर्नुपर्दछ।

२१. **दैनिक भत्ता :** दैनिक तथा भ्रमण भत्ता नियमावली, २०६४ अनुसार रीतपूर्वक भ्रमणमा खटिएको अवधिको भ्रमण भत्ता पाउने व्यवस्था छ। निमित्त नियोग प्रमुख डोर नाथ अर्याललाई नेपाल फर्कन लागेको अवधिमा ७ दिन बरबुझारथ गर्ने अवधिको ९२,२७७।- दैनिक भत्ता भुक्तानी दिएको छ। नियोगमा खटिएको कर्मचारी सरुवा भई फर्कदा बरबुझारथ गर्ने अवधि पूरा गरी रमाना लिई सरुवा भएको कार्यालय जानुपर्नेमा कार्यरत रहेकै अड्डामा काम गरेको अवधिमा भुक्तानी दिएको दैनिक भत्ता असुल गर्नुपर्दछ। साथै, भ्रमण खर्च नियमावली २०६४ अनुसार बैदेशिक भ्रमणबाट फर्केको दिन दैनिक भत्ता दिने व्यवस्था नभएकोमा दिनेस कुमार लाई फर्केको दिनको समेत भ्रमण भत्ता भुक्तानी दिएकोले रु.९३८५/२५ असुल गर्नुपर्दछ।

२२. **सवारी साधन खरीद :** मन्त्रालयलको अनुरोधमा यो वर्ष ४ वटा सवारी साधन खरीदकालागि २०७३।२।३ मा अर्थमन्त्रालयबाट बजेट थप भई बोलपत्र मार्फत ४ सवारी साधन खरिद गर्दा सम्झौताको शर्त २७.१ बमोजिमका व्यहोराहरु खुलेको वारेन्टी प्रमाण पत्र आर्पुतकले पेश गरेको नपाईएकोले मन्त्रालयले वारेन्टी प्रमाण पत्र लिनुपर्ने देखिएको छ।

२३. **पेश्की बाकी :** सरकारी काम काजको निमित्त लिए दिएको पेश्की म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबै थरीको कर्तव्य हुनेमा आर्थिक वर्षको अन्तमा यो वर्षको फर्छौट हुन बाँकी पेश्की रु ४ करोड ६६ लाख ९२ हजार नियमानुसार फर्छ्यौट गर्नुपर्दछ।

२४. **बिगत वर्षको पेश्की बाँकी :** सरकारी काम काजको निमित्त लिए दिएको पेश्की म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबै थरीको कर्तव्य हुनेमा मन्त्रालयमा ४० वर्षसम्म पूरानो पेश्की फर्छौट हुन बाँकी रहेको छ। मन्त्रालयमा विगत वर्ष देखिको फछ्र्यौट हुन बाँकी पेश्की रु.४ करोड ४३ लाख ४७ हजार मध्ये २५ वर्ष भन्दा पूरानो रु.४४ लाख ५३ हजार,२१ देखि २५ वर्षसम्म पूरानो रु.४१ लाख ९४ हजार, १६ वर्ष देखि २० वर्ष सम्मको रु.८८ लाख ४१ हजार, ११ वर्ष देखि १५ वर्ष सम्मका रु.२० लाख ७१ हजार, ६ वर्ष देखि १० वर्ष सम्मका रु.४४ लाख ३५ हजार र १ वर्ष देखि ५ वर्ष सम्मको रु.२ करोड ३ लाख ५३ हजार रहेकोले नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ।

२५. **बक्यौता :** मन्त्रालयको विगतका ६ वर्षको राजस्व रु.२५ करोड १८ लाख र विनियोजन १ वर्षको रु.२९ लाख समेत रु.२५ करोड ४७ लाख लेखापरीक्षण नगराई बक्यौता रहेकोमा यो वर्ष पनि लेखापरीक्षण गराएको छैन। सार्वजनिक लेखा समितिले २०६९।१।६ मा लेखापरीक्षण गराउन निर्देशन दिएकोमा पनि पालना भएको छैन।

राहदानी विभाग,नारायणहिटी

१. **थप बजेट :** विनियोजन भएको रकमले नपुग भएमा मन्त्रालयको अनुरोधमा अर्थ मन्त्रालयबाट थप निकासा गर्न सक्ने व्यवस्था छ। विभागको लागि यो वर्ष चालू शीर्षक तर्फ रु.५७५,७४२,०००/- बजेट विनियोजन

भएकोमा अर्थ मन्त्रालयले अर्थ बजेट ६०२०२३३ बाट रु.२९६,९५३,९१२/- रकमान्तर गरी थप गर्दा जम्मा बजेट रु.८७२,६९५,९१२/- भएको देखिन्छ । शुरु बिनियोजित बजेटको एक खर्च शिर्षकबाट अर्को खर्च शीर्षकमा रकम ल्याउदा वा लैजादा मात्र आर्थिक बिवरणले रकमान्तर देखाउनु पर्नेमा विभागको लागि अर्थ मन्त्रालयले थप निकासा गरी शुरु बजेटमा रु.२९६,९५३,९१२/- अर्थात ५२ प्रतिशतले वृद्धि भएको अवस्थामा समेत आर्थिक विवरणले रकमान्तर देखाएकोले आर्थिक विवरणको प्रस्तुती यर्थाथपरक देखिएको छैन ।

२. **खर्च शीर्षक :** अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा कार्यसञ्चालन निर्देशिका, २०७० को खर्च शीर्षक वर्गीकरणअनुसार खर्च शीर्षक २२३११ कार्यालय सम्बन्धी खर्चमा सूचना प्रकाशन खर्च, बैंक दस्तुर, कार्यालयको दैनिक प्रयोगमा ल्याइने कागज, खाम, फाराम, रेकर्ड फाइल आदि कार्यालय सम्बन्धी मालसामान, एक वर्षभन्दा कम टिकाउ हुने कार्यालय मालसामान, पत्रपत्रिका, पुस्तक, ढुवानी खर्च समावेश हुने उल्लेख छ । विभागले कार्यालय सम्बन्धी २२३११ खर्च शीर्षकमा रु.७८,५५,६९,८२०।८६ खर्च गरेको मध्ये मेसिन रिडेवल पासपोर्ट छपाईमा रु.७२,४५,७२,४९८।– भन्सार महसुलमा रु.३,३२,७५,३१८।–, ढुवानीमा ३५,२९,७६३ बारकोड स्टिकर खरिदमा रु.१०,६४,४६०।–, कार्यालय सामानमा रु.७९,७६,८२७ भुक्तानी गरेको छ। राहदानी जारी गरेवापत विभागले रु.२,६८०,०२७,५०० राजस्व संकलन गरेको छ । एम.आर.पि.छपाई सम्बन्धी खर्च र कार्यालय सामान खरिदको लागि छुट्टाछुट्टै खर्च छुट्टिने गरी बजेट व्यवस्था नभई एकमुष्ट बजेट व्यवस्था हुँदा एम.आर.पि.छपाईको लागि व्यवस्था गरिएको बजेट कार्यालय सामानमा खर्च हुन सक्ने,बजेटीय नियन्त्रण कमजोर हुन सक्ने तथा कार्यालय संचालन खर्च यथार्थ भन्दा बढी देखिएको स्थिति छ । एम.आर.पि. छपाई सम्बन्धी खर्च कार्यालय संचालनको लागि उपभोग खर्च नभई कार्यालयले सेवा प्रदान गर्ने र यसबाट राजस्व समेत प्राप्त गर्ने गरेकोले यस खर्चलाई २२५२१ उत्पादन सामाग्री/सेवा मा लेखाङ्कंन गर्नुपर्दछ ।

३. **असम्बन्धित खर्च शीर्षक :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ बमोजिम खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने मात्र खर्च गर्न र खर्च गर्ने निकासा दिनु पर्नेमा विभागले खरिद गरेका मर्मत तथा फर्निचर फर्निसिंग बाट खर्च लेख्नु पर्नेमा फरक शीर्षक कार्यालयरु.३,१५,५३३/- खर्च लेखेकोले अनियमित देखिएको छ । शिर्षक फरक पारी खर्च लेख्नाले बजेटिय नियन्त्रण व्यवस्थाको पालना नहुनुका साथै आर्थिक विवरणले यर्थाथ अवस्था चित्रण नगर्ने भएकोले तोकिए बमोजिम सम्बन्धित बजेट शीर्षकबाट खर्च लेख्नुपर्दछ ।

४. **कार्यालय सामान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ मा मालसामान खरिद सम्बन्धी कारबाही सुरु गर्नु अघि सम्बन्धित सार्वजनिक निकायको खरिद इकाईले महाशाखा, शाखाबाट खरिद माग प्राप्त गरी मालसामानको प्रकार, गुणस्तर, परिमाण, आवश्यक पर्ने सामान यकिन गर्नुपर्ने व्यवस्था छ । साथै नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा, विभिन्न तीन सप्लायर्ससँग दरभाउ सुची लिई औषत मुल्यको आधार लिई लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था भएकोमा देहायको अवस्था देखिएको छ :

४.१ विभागले मालसामानको लागत अनुमान तयार गर्न विभिन्न तीन सप्लायर्ससँग दरभाउ सूची लिई सोमा गत वर्ष स्वीकृत खरिद प्रस्तावको औषत कायम गरी लागत अनुमान तयार गरेको छ । मालसामानको मूल्य सुचि मुल्यांकंन गर्दा तीन फर्मले उपलब्ध गराएको एउटै बस्तुको मुल्यमा पनि धेरै फरक परेको औषत मुल्य बढी कायम हुन गएको छ । विभागले प्रत्येक इकाईको न्यूनतम बजार मूल्यको आधारमा लागत अनुमान तयार गर्नुपर्दछ ।

४.२ सरकारी कार्यालयलाई एक आर्थिक वर्षको लागि सामान खरिद गर्दा उक्त आर्थिक वर्षमा आवश्यक पर्ने मालसामानको परिमाण यकिन गरी उक्त आर्थिक वर्षभित्रै सामान सप्लाई हुने गरी ठेक्का व्यवस्था वा खरिद सम्झौता गर्नुपर्ने व्यवस्था छ । विभागले आर्थिक वर्ष २०७१।७२ को लागि आवश्यक पर्ने मालसामानको ठेक्का सम्झाताको म्याद २०७२ असार मसान्त सम्म रहेकोमा म्याद थप गरी सम्झौताको म्याद २०७३ असार मसान्तसम्म कायम गरेको छ। एक आर्थिक वर्षको लागि आवश्यक हुने परिमाण अर्को आर्थिक वर्षमा फरक पर्न सक्ने भएकोले उक्त आर्थिक वर्षको लागि अनुमान गरिएको परिमाण र मूल्य अनुसारको खरिद सम्झौताको अवधि अर्को आर्थिक वर्षसम्म कायम रहने गरी थप गर्न मिल्ने देखिएको छैन ।

४.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले खरिद कार्यको तयारी गर्दा खरिदलाई बढी सुविधाजनक समूहमा विभाजन गर्ने प्याकेजमा समावेश गर्ने कुरा विचार गर्नुपर्ने उल्लेख छ । त्यस्तै नियम ७ को उपनियम (२) मा खरिद कार्यलाई अधिकतम प्रतिपर्धाको लागि खरिदलाई टुक्राउने वा प्याकेज बनाउनुपर्ने उल्लेख छ । विभागले आर्थिक वर्ष २०७२।७३ को लागि आवश्यक पर्ने मसलन्द, छपाई, बिजुलीका सामान, खानेपानी, कार्य सञ्चालनको लागि आवश्यक अन्य विभिन्न प्रकारका सामानलाई रु.५९,३२,८५१ को एउटै प्याकेज तयार गरी खरिद सम्झौताको ठेक्का आह्वान गरेको छ। एउटै व्यवसायीले सबै प्रकृति सामानको कारोबार गर्ने सम्भावना कम हुने भएकोले विविध प्रकृतिका सामान एउटै प्याकेजमा

समावेश गर्दा प्रतिस्पर्धा सीमित हुने सम्भावना भएकोले खरिद कार्यलाई अधिकतम प्रतिस्पर्धी बनाउन कारोबारको प्रकृति र क्षेत्र अनुसार समूह विभाजन गरी बोलपत्र आह्वान गर्नुपर्दछ ।

५. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम प्रत्येक कार्यालयबाट सम्पादन गरीने कार्य क्षेत्रहरुको जोखिम पहिचान गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ पार्नु पर्नेमा देहायका क्षेत्रहरुमा सुधार गर्नुपर्ने देखिएको छ :

५.१ आन्तरिक नियन्त्रण सम्बन्धमा प्रचलित नियममा भएका व्यवस्थाहरुको पालना हुने गरी विभागको कार्य प्रकृति अनुरुप आन्तरिक नियन्त्रण निर्देशिका तयार नगरेको, कार्यालयको उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, मूल्य नखुलेका पुराना मालसामानको मूल्य कायम गराइ नराखेको, पुजिगततर्फको वार्षिक कायक्रम तयार गरी स्विकृत गराएको र वार्षिक प्रगति विवरण तयार नगरेको, जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भएबमोजिम पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको, मर्मत गरी फेरिएका सामानहरुको लागि मर्मत अभिलेख किताब अर्थात् म.ले.प.फा.नं. २ राखी मर्मत खर्चको विवरण अद्यावधिक गर्नुपर्नेमा उक्त विवरण तयार गरेको छैन ।

५.२ विभागले कार्यालय संचालन तर्फ रु.७८ करोड ५५ लाख ६९ हजार खर्च गरेको र पूँजिगत तर्फ ३९ लाख ४ हजार खर्च गरेकोमा सार्वजनिक खरीद नियमावली को नियम ८ ले तोकेको व्यहोराहरु खुलाई वार्षिक खरीद योजना तयार गरेको छैन ।

५.३ राहदानी नियमावली, २०६७ को नियम २०(१) अनुसूची ५ मा जारी गरिने राहदानी तथा यात्रा अनुमतिपत्रको नम्बर, जारी मिति, नाम, थर, ठेगाना, नागरिकता र जिल्ला, भौचर नम्बर, दस्तुर लगायतका विषयहरु देखिने गरी अभिलेख राख्नुपर्ने व्यवस्था भए निवेदन चेकजाँच पश्चात् दर्ता गर्ने, सोबापत असुल गरेको राजस्वको दर उल्लेख गर्ने नगरेकोले असुल हुनुपर्ने राजस्व र असुल भई बैंक दाखिला भएको रकम भिडान गर्ने अवस्था छैन । राहदानी जारी पश्चात् नियम २०(१) बमोजिम अभिलेख समेत नराखेकोले जारी भएको राहदानी संख्याका आधारमा समेत राजस्व यकिन गर्ने अवस्था छैन ।

५.४ विभागको सिफारिसमा नेपाल राष्ट्र बैंक र ग्लोबल आई.एम.ई. बैंकबीच भएको सम्झौता अनुसार राहदानी दस्तुरबापतको रकम सेवाग्राहीले ग्लोबल बैंकको चालू खातामा जम्मा गर्ने र जम्मा भएको रकम बैंकले अर्को दिन कारोबार समयभित्र राजस्व रकम जम्माको लागि नेपाल राष्ट्र बैंकलाई सूचना गर्नुपर्ने उल्लेख छ । सो बमोजिम ग्लोबल आई.एम.ई. बैंक रहेको नेपाल सरकार कोष तथा लेखा नियन्त्रक कार्यालयको राजस्व खाता १२३४५६ मा जम्मा गरेको भौचर प्राप्त हुने गरेको छ । यसबाट दैनिक कति राजस्व रकम जम्मा भयो, जम्मा भएको कति राजस्व रकम केन्द्रीय राजस्व खाता वा सम्बन्धित कोषमा अर्को दिन दाखिला गरियो र कति रकम सञ्चितकोष राजस्व खातामा ट्रान्सफर गर्न बाँकी छ भन्ने अभिलेख नराखेको कारण सङ्कलन भएको सम्पूर्ण रकम केन्द्रीय राजस्व खातामा ट्रान्सफर भए नभएको यकिन गर्न सकिएको छैन । आन्तरिक नियन्त्रणको लागि सेवाग्राहीबाट प्राप्त राहदानी दस्तुरको हिसाब विभागले पनि राखी ग्लोबल आई.एम.ई. बैंकले देखाएको हिसाबसँग भिडान गरी वास्तविक रकम यकिन गरिनुपर्नेमा प्राप्त हुने र प्राप्त भएको राजस्वको अभिलेख विभागसँग नभएकोले भिडान गर्ने अवस्था छैन ।

६. **राहादानी छपाई :** परराष्ट्र मन्त्रालय र फ्रान्सको ओवरथर टेक्नोलोजि बीच २७ अगष्ट २०१० (२०६७।५।११) मा ४० लाख मेसिन रिडेबल पासपोर्ट आपूर्ति, छपाई र पर्सनलाइजेशन गर्न अमेरिकी डलर ३.५९ का दरले भुक्तानी गर्ने गरी नोभेम्बर २४, २०१५ (२०७२।८।८) सम्मको लागि सम्झौता भएको छ । मन्त्रिपरिषद्को २०७२।३।१४ को निर्णयानुसार मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने भन्ने व्यवस्था अनुसार २०७२।३।१८ को मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको निर्णयले भेरिएसन स्वीकृति दिएबमोजिम मिति २०१५ जुलाई १६ (२०७२।३।३१) मा भेरीयसन सम्झौता गरीएको छ । उक्त संशोधित सम्झौता अनुसार २५ लाख पासपोर्ट आपूर्ति छपाई र पर्सनलाइजेशन कार्य तथा ५० Live Enrollment Stations स्थापना समेतको कार्य प्रति पासपोर्ट कर बाहेक ४.८९ अमेरिकी डलर तथा कर समेत अमेरिकी डलर ५.१४७३ मा गर्ने र सम्झौता सम्पन्न हुने मिति तय नगरी उक्त कार्यको अवधि ७० लाख पासपोर्ट पूर्ण पर्सनलाइजेशन गर्नेसम्म रहने सम्झौता म्याद कायम भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :

६.१ राहदानी विभागले ४० लाख मेसिन रिडेबल पासपोर्ट छपाई एवं जारी गर्न फ्रान्सको एक कम्पनी सँग २०६७।५।११ मा प्रति पासपोर्ट अमेरिकी डलर ३.५९(कर सहित) ले ५ वर्षको लागि सम्झौता गरेको देखिन्छ । उक्त कम्पनीबाट थप २५ लाख राहदानी आपूर्ति तथा जारी गर्ने कार्य प्रति राहादानी अमेरिकी डलर ५.१४७३ (कर समेत) दरले गर्न नेपाल सरकारबाट मिति २०७२।३।१८ मा भेरिएसन स्वीकृत भएबाट प्रति राहदानी अमेरिकी डलर १.५५७३ दरले मूल्य बृद्धि भएको छ । परराष्ट्र मन्त्रालय र फ्रान्सको उक्त कम्पनी बीच भएको सुरु सम्झौता बमोजिम राहादानी विभागले ४० लाख राहदानीको १५ प्रतिशत थप घट कार्यादेश दिन सक्ने व्यवस्था रहेकोले थप ६ लाख प्रति राहादानी सुरु सम्झैता दरमै आपूर्ति आदेश दिन सकिनेमा विभागले मिति २०७२।२।७ मा ५ लाख प्रति राहादानीको लागि मात्र थप आदेश दिएको र यस अतिरिक्त २५ लाख राहादानी

भेरीयसन सम्झौता बमोजिम अमेरिकी डलर ५.१४७३ (कर समेत) दरले खरिद गर्न आपूर्तकलाई कार्यादेश गरेकोले १ लाख राहादानीको लागि प्रति राहादानी अमेरिकी डलर १.५५७३ दरले अमेरिकी डलर १५५७३० (आषाढ मसान्तको विनिमय दर ले हुने रु.१ करोड ४६ लाख ४० हजार) थप व्यभार परेको छ ।

६.२ मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिले आगामी दिनमा राहदानी उत्पादन र वितरणमा समस्या नआउने गरी राहदानी खरिद प्रक्रिया तुरुन्त प्रारम्भ गर्ने भनि २०७२।३।१८ विभागलाई निर्देशन गरेकोमा खरिद प्रक्रिया २०७३ माघ मसान्त सम्म पनि प्रारम्भ गरेको छैन ।

विभागबाट उपलव्ध श्रोतको मितव्ययी ढंगबाट अधिकतम उपयोग हुने गरी दक्षता पूर्वक सम्झौताका शर्तहरुको उपयोग गर्नुका साथै मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिको निर्णय कार्यान्वयन गर्नुपर्दछ ।

७. **पेश्कि बाकी :** ओवरथर टेक्नोलोजि संग भएको भेरीयसन सम्झौता बमोजिम यो वर्ष नेपाल राष्ट्र बैंकमा (एम.आर.पी. छपाई) प्रतितपत्र खोलेको पेश्की रु.१४५,७५९,११७.३१ आर्थिक वर्षको अन्त्यमा फछ्र्यौट हुन बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

कन्सुलर सेवा विभाग, त्रिपुरेश्वर

१. **प्रगति विवरण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायबाट प्रगति विवरण प्राप्त गरी तालुक कार्यालय प्रमुखले कार्यक्रम अनुसार प्रगति भए नभएको र बाधा अड्काउ परेको भए सो फुकाई दिने र केही निर्देशन भए दिनुपर्ने व्यवस्था छ । यस विभागलाई पुँजिगत बजेट उप शिर्षक तर्फ रु २२,२९,००० को बजेट खर्च गर्ने अख्तियारी एवं कार्यक्रम प्राप्त भएकोमा विभागले प्रगति विवरण तयार नगरेको पुजिगत उपशिर्षक तर्फ के कति खर्च तथा उपलव्धी भयो स्पष्ट हुन सकेको छैन । बार्षिक कार्यक्रम बमोजिमको प्रगति विवरण तयार गर्नुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम प्रत्येक कार्यालयबाट सम्पादन गरीने कार्य क्षेत्रहरुको जोखिम पहिचान गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । विभागले दैनिक कार्य संचालनको लागि कार्यविधि तयार गरेको भए पनि उक्त कार्यविधिमा आर्थिक कार्यविधि नियमावलीमा उल्लेख भए बमोजिम जोखिम पहिचान गरी नियन्त्रणका उपायहरु अवलम्वन नगरेको, वार्षिक खरीद योजना तयार नगरेको, मूल्य नखुलेका पुराना मालसामानको मूल्य कायम गराइ खर्च नहुने जिन्सी खाता अद्यावधिक नगरेको तथ्यांक नियम ९१ बमोजिम प्रत्येक कार्यालयले वर्षभरि गरेको कामको वार्षिक प्रगति प्रतिवेदन तयार गरी तालुक निकायमा पठाएको छैन। आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी बनाउनु पर्दछ ।

३. **बजेट खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ बमोजिम खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने मात्र खर्चको लागि निकासा दिनुपर्नेमा खर्च शिर्षकको वर्गीकरण र व्याख्या विपरीत कार्यालयले रु.४८६,२३९/- फरक शिर्षकबाट खर्च लेखेकोले अनियमित देखिएको छ । खर्च शिर्षक फरक पारी खर्च गर्दा एउटा प्रयोजनमा विनियोजन भएको रकम अर्को प्रयोजनमा खर्च हुन आर्थिक विवरणले कारोवारको यथार्थ चित्रण नगर्ने भएकोले बजेट खर्चका शिर्षक बमोजिम खर्च गर्नुपर्दछ ।

४. **मालसमान खरिद :** सार्वजनिक खरीद नियमावलीको नियम ८ बमोजिम सार्वजनिक निकायले वार्षिक दश लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ ।

विभागले वार्षिक रु १० लाख भन्दा बढीको समान खरीद गरेता पनि खरीद योजना तयार नगरेको, विविध प्रकारका मालसामान एकै विलमा एउटै फर्मसँग खरिद गर्ने गरेको फरक फरक प्रकृतिका समान एउटै विलमा र फर्म संग कारोवार गर्दा एउटा खर्च शिर्षकको रकम अर्को खर्च शिर्षक बाट भुक्तानी भएको तथा समानको गुणस्तर र आर्थिक कारावारको विश्वसनीयतामा समेत प्रश्न उठने देखिएको छ । विभागले नियमावलीको नियम ८५ मा भएको एउटा फर्मसँग एक आर्थिक बर्षमा एक भन्दा वढी पटक माल समान खरिद गर्न नपाइने र एउटा फर्मसँग खरिद गर्ने रकम तीनलाख भन्दा बढी हुन नहुनेमा २ फर्म संग एक भन्दा बढी पटक र ३ लाख भन्दा बढीको रु.१०२०४७३.०० खरिद गरेकोले अनियमित देखिएको छ । सामानको प्रकृति अनुसार सम्बन्धीत विक्रेतासंग खरिदको व्यवस्था सहित खरिद योजना तयार गरी खरीदका विधि प्रक्रिया तोकि खरीद कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

५. **भत्ता र ग्रेड** : अर्थ मन्त्रालयद्वारा जारी कार्यसंचालन निर्देशिकामा एउटै निकायका कर्मचारी बसी गरेको बैठकमा बैठक भत्ता नपाउने उल्लेख भएकोमा यस विभागका कर्मचारीमात्र सम्मिलित खरिद ईकाईको बैठक भत्ता वापत ६८००/- भुक्तानी र निजामती किताबखानाबाट पारित तलबी प्रतिवेदनमा उल्लिखित ग्रेड भन्दा बढी हुने गरी २ कर्मचारीलाई रु.४०२०.०० भुक्तानी दिएको असुल गर्नुपर्दछ ।

६. **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) बमोजिम तोकिएको म्याद भित्र पेश्की फर्छ्यौट गर्ने गराउने पेश्की लिने दिने दुवैको कर्तव्य भए पनि विगत आर्थिक वर्षको मिति २०७०।४।२७ मा इन्धनको लागि दिएको पेश्की रु.५० हजार हाल सम्म पनि फछ्यौट भएको नदेखिएकोले फछ्यौट गर्नुपर्दछ ।

नापी विभाग स्थलरुप नापी महाशाखा सीमा नापी टोली

१. लक्ष्य प्रगति : प्रगति प्रतिवेदनअनुसार यस वर्ष समग्र रुपमा ९४ प्रतिशत प्रगति भएको छ । सीमा नापी टोलीको प्रमुख कायं सिमा स्तम्भ निर्माणतर्फ यस बषं १८६० पिलर निर्माण तथा पुर्नस्थापना गर्ने लक्ष्य रहेकोमा १३१५ निर्माण तथा पुनंस्थापना गरी जम्मा ७० प्रतिशत प्रगति भएको छ । अन्य खचंको तुलनामा मुलकामको लक्ष्य कम हुदा सोही काम अर्को बर्ष गर्नुपर्ने भई सरकारी पटक पटक बजेट व्यवस्था गर्नुपर्ने भएकोले अन्य खर्च कम गरी मूल कार्यको लक्ष्य अनुसार कार्य गर्नुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ बमोजिम प्रत्येक कार्यालयबाट सम्पादन गरीन कार्य क्षेत्रहरुको जोखिम पहिचान गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ पार्नु पर्नेमा आन्तरिक नियन्त्रण सम्बन्धमा प्रचलित नियममा भएका व्यवस्थाको पालना हुने गरी आन्तरिक नियन्त्रण निर्देशिका तयार नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको,कार्यालयले वार्षिक खरीद योजना तयार नगरेको तथा निर्माण कार्यको लगत इष्टिमेट, नापी किताव र कार्यसम्पन्न प्रतिवेदन आदिमा तयार पार्ने, पेश गर्ने, जाँच गर्ने र सदर गर्ने कर्मचारीको नाम, पद, छाप एवं मिति उल्लेख गर्ने नगरेको, खर्च भएका सबै बिल भरपाईमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणीत गरी भुक्तानी भएको जनाउने छाप लगाई नराखेको स्थिति छ । नियन्त्रण व्यवस्थामा कमी हुँदा श्रोतको ह्रास एवं क्षतीको सम्भावना बढने भएकोले आन्तरीक नियन्त्रण विधि तयार गरी नियन्त्रण व्यवस्था सुदृढ गर्नुपर्दछ ।

३. पेश्की कारोबार : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७६ मा मालसामान खरिद गर्दा सोझै सम्बन्धित बिक्रेतालाई भुक्तानी दिनु पर्ने, मालसामान खरिद गर्न नसकिने भई त्यस्तो मालसामान खरिद गर्न आफ्नो कार्यालयका कर्मचारीलाई पेश्की दिई पठाउनु पर्ने हुन आएमा पेश्की दिनु परेको कारण खोली कार्यालय प्रमुखको स्वीकृतिमा पेश्की दिन सकिने, मालसामान खरिद गर्न पेश्की रकम बुझी लिने कर्मचारीले मालसामान खरिद गरी कार्यालयमा फर्केको बढिमा सात दिनभित्र सो पेश्की रकम फछ्यौट गर्न मालसामान सहित बिल भरपाई पेश गर्नुपर्ने उल्लेख छ । सीमा स्तम्भ निर्माण तथा मर्मत गर्न ३ टोली र जि.पि.आर.एस सम्बन्धी काम गर्न १ टोली समेत ४ मुख्य टोली खटिएकोमा मुल टोली अन्तर्गत उपटोली समेत गठन गरी परिचालन गरिएको छ । यो बर्ष चालू खर्च तर्फ फिल्ड कार्यालयको घर घाडा, फिल्डमा खटिएका सबै कर्मचारीको दैनिक भ्रमण भत्ता, कार्यालय सञ्चालन, सवारी इन्धन, मर्मत लगायतका खर्च रु.१,५८,२२,३८३ र पूँजिगत तर्फ पिलर निर्माण, फर्निचर खरिद चेनमेनको ज्याला आदि खर्च रु.२,७१,१३,८६३ समेत रु.४,२९,३६,२४६ टोली प्रमुखलाई पेश्की दिई खर्च गरेकोमा देहाय बमोजिम देखिएको छ :

३.१ फिल्ड कार्यालयबाट सञ्चार महशुलमा रु.१,५८,७३०।- खर्च भएको छ । सञ्चार महसुलमा खर्च भएको अधिकांश रकमबाट रिचार्ज कार्ड खरिद गरिएको छ । मोबाईलको प्रयोगबाट व्यक्तिगत काममा समेत सम्पर्क हुन सक्ने भएकोले नियन्त्रणात्मक व्यवस्था गर्नुपर्दछ ।

३.२ इन्धनमा रु.२२,२९,३०३।- खर्च भएको छ । इन्धनको बिलमध्ये अधिकांश बिलमा सवारी नम्बर उल्लेख गरिएको छैन । कुपन जारी गर्ने व्यवस्था नभएकोमा पेट्रोलपम्पको एकमुष्ट बिल भुक्तानी गरेको छ । प्रत्येक मोटरमा प्रयोग भएको इन्धन र लगबुक अद्यावधिक गरी नियन्त्रणात्मक व्यवस्था गर्नुपर्दछ ।

३.३ कार्यालय सञ्चालनमा फिल्ड कार्यालयबाट रु.७,०६,१६९।- खर्च भएको छ । यस खर्च शीर्षकबाट कार्यालय सञ्चालनको अधिकांश रकम ओड्ने बिछ्याउने र किचनका आइटममा खर्च गरिएको छ । एक बर्ष भन्दा बढी खप्ने यस्ता सामानको अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

३.४ यस शीर्षकबाट रु.१,७०,७८०।- अधिकांश रकम खाना पकाउने ग्यास र सिलिण्डर खरिदमा खर्च गरिएको छ । उत्पादन सामग्री सेवामा रु.१,२०,९२७ खर्च गरिएकोमा अधिकांश रकम फोटो खर्च गरिएको छ । धुलाई गरिएका फोटोहरु शुल्क लिई बिक्री वितरण नगरिने भएकोले उत्पादन सामाग्री सेवाबाट भुक्तानी गर्न मिल्ने देखिएको छैन ।

३.५ भ्रमण खर्चमा फिल्ड कार्यालय मार्फत रु.९८,०८,१५०.०० भुक्तानी भएको छ । फिल्डमा खटिएका कर्मचारी, स्थानीय सुरक्षाकर्मी, स्थानीय प्रशासन, स्थानीय आवास तथा भवन डिभिजनका कर्मचारीलाई दैनक भ्रमण भत्ता भुक्तानी दिएकोमा भ्रमण आदेश संलग्न गरिएको छैन । कार्यालयले काज खटाएको पत्रको आधारमा भ्रमण अवधि गणना गरी भ्रमण खर्च भुक्तानी दिएको छ ।

३.६ विविधतर्फ रु.११,७९,६८५ खर्च भएकोमा अधिकांश रकम संयक्त बैठकमा उपस्थित कर्मचारीको खाजा खानामा भुक्तानी गरेको छ । बैठकमा उपस्थित हुने पदाधिकारीको सूची भन्दा खाजा खानाको परिमाण अत्यधिक देखियो भने दरमा समेत एकरुपता नभएको सम्बन्धमा गत बर्षको प्रतिवेदनमा समेत औंल्याएकोमा सुधार भएको छैन । पेश्कीबाट कारोबार गर्दा जोखिम रहने, ठूलो रकम नगदै बुझाउँदा आन्तरिक नियन्त्रण कमजोर हुने र आर्थिक कार्यविधि नियमावली तथा सार्वजनिक खरिद नियमावलीको सिद्दान्त विपरीत हुने

भएकोले निर्माणतर्फको भुक्तानी, भाडा, निश्चित रकमभन्दा बढीका बिलहरु कार्यालयमा पेश गरी सम्बन्धित व्यक्ति/पार्टीको खातामा जम्मा हुने गरी भुक्तानी दिनुपर्दछ।

४. **उपहार खरिद :** उपहार आईटम खरिद गरी नेपाल भारत सीमा सम्बन्धी वाउन्ड्री वर्किगं ग्रुप,सर्वे अफिसियल कमिटि र फिल्ड सर्वे टिमको बैठकमा सहभागि भारतीय सिमा टोलीका सदस्यलाई प्रदान गरेको छ। गिफट आइटम दिनुपर्ने संख्या, गिप्ट आइटमको विवरण र रकम नतोकी फरक फरक रकमको गिप्ट आईटम खरिद गरी खर्च लेखेको छ। उपहार उपलबध गराउनको लागि अतिथि विवरण, उपहार विवरण र रकम सम्बन्धमा एउटा निश्चित आधार तोकी खर्च लेख्ने कार्य हुनुपर्ने व्यहोरा गत बर्षको प्रतिवेदनमा समेत औंल्याएकोमा सुधार भएको छैन।

५. **सर्भे नर्मस् :** कार्यालयले सिमा स्तम्भहरुको निर्माणको लागि सर्भे गर्न क्याम्प वर्कर,चेनमेन, सहायक सर्भेक्षक,सर्भेक्षक आदिको दैनिक ज्याला भुक्तानी गर्ने गरेको र दक्ष, अदक्ष जनशक्तिको प्रयोग गर्ने नर्मस वि.सं.२०५७ मा स्वीकृत भएको छ। तत्कालिन परिस्थिति भन्दा हाल प्राविधिमा भएको विकासले सर्भेको कार्यलाई सरल बनाएको, प्रविधिको विकास अनुसार आधुनिक उपकरणको प्रयोग गर्दा साविकमा खपत भएका जनशक्तिको आवश्यकता हाल नहुन सक्ने तर्फ विचार गरी नया नमर्स निर्माण गर्नुपर्दछ।

परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान

१. **कोष संचालन :** परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान गठन आदेश, २०६८ को दफा ९ बमोजिम समितिको एक छुटै कोष हुने र त्यसमा समितिले प्राप्त गरेको सबै रकमहरु दाखिलागरी तोकिए बमोजिम खर्च गर्नुपर्ने व्यवस्था गरेको छ। यस वर्ष परराष्ट्र मन्त्रालयबाट यस प्रतिष्ठानलाई रु.९२ लाख निशर्त अनुदानको अख्तियारी प्राप्त भएकोमा उक्त सवै रकमहरु कोष तथा लेखा नियन्त्रक कार्यालयको एकल कोष खाताबाट पटक पटक गरी रु.८,२३४,६४४/६३ भुक्तानी निकासा भएको छ। निशर्त अनुदानको रकम मन्त्रालयलय तथा महालेखा नियन्त्रक कार्यालयबाट प्रतिष्ठानलाई एक मुष्ठ प्राप्त हुने गरी निकासा नदिएको कारणबाट गठन आदेश अनुरुप स्वायतरुपमा प्रतिष्ठानको कोष संचालन हुन सकेको छैन।

२. **रकम बाँडफाँड तथा स्वीकृति :** नेपाल सरकारको २०७२।१०।१३ को निर्णयबाट नेपाल र भारत बीच रहेको घनिष्ठ एवं बहुआयामिक सम्बन्धको समग्र पक्षको अध्ययन गर्न गठीत प्रवुद्ध समूहको लागि प्रतिष्ठानलाई रु.२१ लाख निकासा भएकोमा रु.१,१६९,७३१/६० खर्च गरेको छ। प्रतिष्ठानको गठन आदेश, २०६८ को दफा (ञ) र (ठ) बमोजिम प्रतिष्ठानको बार्षिक नीति, योजना र कार्यक्रम स्वीकृत गरी कार्यन्वयन गर्ने गराउने र समितिको कार्य सञ्चालनको लागि बजेट पारीत गर्ने जिम्मेवारी परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान विकास समितिको भएकोमा नेपाल सरकारबाट प्राप्त थप रकमलाई बाँड फाँड गरी खर्चलाई समितिबाट स्विकृत गरेको छैन। समितिबाट योजना, कार्यक्रम र बजेट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्दछ।

३. **आन्तरिक नियन्त्रण :** प्रत्येक निकायबाट सम्पादन गरीने कार्यक्षेत्रहरुको जोखिम पहिचान गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ पार्नु पर्नेमा आन्तरिक नियन्त्रण सम्बन्धमा प्रचलित नियममा भएका व्यवस्थाहरुको पालना हुने गरी आन्तरिक नियन्त्रण निर्देशिका तयार नगरेको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, कार्य विवरण तयार गरी कर्मचारीको जिम्मेवारी किटान नगरेको वार्षिक खरीद योजना तयार नगरेको खर्च नहुने जिन्सी खातामा मूल्य नखुलेका पुराना मालसामानको मूल्य कायम गराई नराखेको, जिन्सी निरीक्षण प्रतिवेदन तोकिए बमोजिमका ढाँचामा तयार नगरेको तथा आर्थिक कार्यविधि नियमावलीको नियम ९१ बमोजिम प्रत्येक कार्यालयले वर्षभरी गरेको कामको वार्षिक प्रगति प्रतिवेदन तयार गरी तालुक निकाय पठाएको छैन। नियन्त्रण व्यवस्था कमी हुँदा तोकिए बमोजिमको लक्ष्य हासिल गर्न कठिन हुने, श्रोतको ह्रास एवं क्षतीको सम्भावना बढने भएकोले आन्तरिक नियन्त्रण कार्यविधि तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ बमोजिम सार्वजनिक निकायले रु.१ लाख भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गरी स्विकृत गराउनु पर्नेमा यस प्रतिष्ठानले भुकम्पले क्षति पुऱ्याएका घर टहरा हटाई लैजान तथा घर टहरा निर्माण गर्न मर्मत खर्च शिर्षकबाट रु.३,४४,१४३।- खर्च गरेकोमा लागत अनुमान तयार नगरेकोले नियमावलीको व्यवस्था बमोजिम लागत अनुमान तयार गरी कार्य गर्नुपर्दछ।

५. **बढी भ्रमण भत्ता :** भ्रमण खर्च नियमावली, २०६४ को नियम १४(६) मा बैदेशिक भ्रमणमा जाने पदाधिकारीले फर्केको दिनको भ्रमण भत्ता पाउनेमा व्यवस्था नभएकोमा निर्देशक लाई २२ देखि २८ नोभेम्बर सम्म चिन भ्रमण गरेको अवधिमा फर्केको दिनको आधा दिनको भ्रमण भत्ता रु.१२,०६३।- भुक्तानी दिएकोमा सो को आधा रकम असुल गरेको देखिएकोले बाँकी रकम समेत असुल गर्नुपर्दछ।

६. **खरिद :** सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा एक आर्थिक बर्षमा रु.३ लाख सम्मको माल समान सोझै खरिद गर्न पाउने तर एक फर्म संग एक आर्थिक वर्षमा एक पटक मात्र सोझै खरिद गर्न पाईने उल्लेख

भएकोमा प्रतिष्ठानले नियमको व्यवस्था विपरित एक प्रेस संग पटक पटक गरी रु.४९१५५०/- लाख भन्दा बढीको समान खरिद गरेको देखिएको छ । यस प्रकारको खरिद कार्यमा सुधार गर्नुपर्दछ ।

नेपाली राजदूतावास,स्थायी नियोग तथा महाबाणिज्य राजदुतावासहरु

१. **निकासा बॉकी** : आर्थिक कार्यविधि नियमावली २०६४ बमोजिम एकल कोष खाता प्रणालीलागु नभएका र चौमासिक निकासा प्रणाली कायम रहेका कार्यालयमा आर्थिक बर्षको अन्त्य सम्ममा खर्च नभई बाँकी रहेको बजेट संचित कोष दाखिला हुनुपर्ने व्यवस्था छ । देहायका ३६ नियोगको आर्थिक विवरण अनुसार चालू र पूँजीगत समेत तर्फ २ अर्व ९१ करोड ५८ लाख निकासा भएकोमा २ अर्ब ५८ करोड ९७ लाख ६२ हजार खर्च भई ३२ करोड ६० लाख ५१ हजार बाँकी रहेको देखिएको छ :

सि.न.	नियोगहरुको नाम	निकासा बाकी रु.	कट्टी गरेको रु.	फिर्ता दाखिला गर्न बाकी रु.
१	नेपाली राजदूतावास, अबुधाबी	१०३५३३८९.९१	६८१११३०.२५	३५४२२५९.६६
२	नेपाली राजदूतावास, बैंकक	३०१९९६१८.८८	३०१९९६१८.८८	--
३	नेपाली राजदूतावास, बेइजिङ्ग	७६११६१६.९५	७६११६१६.९५	-
४	नेपाली राजदूतावास, बर्लिन	७४९४१८१.२२	७४९४१८१.२२	--
५	नेपाली राजदूतावास, ब्रसेल्स	९९९९२२५.८३	९९९९२२५.८३	-
६	नेपाली राजदूतावास, डेनमार्क	९८४३१९१.९	९८४३१९१.९	-
७	नेपाली राजदूतावास, क्यानबेरा	१६४९७५९४.७३	१६४९७५९४.७३	-
८	नेपाली राजदूतावास, कायरो	६०५३७०५.४७	६०५३७०५.४७	-
९	नेपाली राजदूतावास, कोलम्बो	३८५३८८२.२७	३८५३८८२.२७	-
१०	नेपाली राजदूतावास, ढाका	१४६४६८२९.४३	१२९५९३९५	१६८७४३४.४३
११	नेपाली राजदूतावास, दोहा	१२०१४४७६.७४	१२०१४४७६.७४	-
१२	नेपाली राजदूतावास, इस्लामावाद	४१०४६८१.६६	४१०४६८१.६६	-
१३	नेपाली राजदूतावास, क्वालालम्पुर	९८४०६४५.२७	९८४०६४५.२७	-
१४	नेपाली राजदूतावास, लण्डन	१७८२७२३६.८८	१७८२७२३६.८८	-
१५	नेपाली राजदूतावास, मस्को	१२२७०७५२.१९	१२२७०७५२.१९	-
१६	नेपाली राजदूतावास, नयाँदिल्ली	५०८८९५५.१७	५०८८९५५.१७	-
१७	नेपाली राजदूतावास, पेरिस	३२८८१२०.२६	३२८८१२०.२६	-
१८	नेपाली राजदूतावास, रियाद	६५७७०८५.३१	६५७७०८५.३१	-
१९	नेपाली राजदूतावास, सिउल	७३८१११५.४१	७३८१११५.४१	-
२०	नेपाली राजदूतावास, टोकियो	८७५६२३१.०६	६७९६२१५.८४	१९६००१५.२२
२१	नेपाली राजदूतावास, वाशिङ्गटन	५०६५१७३.६६	५०६५१७३.६६	-
२२	नेपाली राजदूतावास, तेलअभिभ	७४९४८९४	७४९४८९४	-
२३	नेपाली राजदूतावास, यांगगुन	३५१०४५१.५८	३५१०४५१.५८	-
२४	नेपाली राजदूतावास, कुबेत	६९११८७६.६८	६९११८७६.६८	-
२५	नेपाली राजदूतावास, ब्राजिल	१६७७९७००.५९	१६७७९७००.५९	-
२६	नेपाली राजदूतावास, ओटावा	४१८४८४२.२४	४१८४८४२.२४	-
२७	नेपाली राजदूतावास, प्रिटोरिया	२३६७६४६.७९	२३६७६४६.७९	-
२८	नेपाली राजदूतावास, बहराइन	१२१६९९९.४	१२१६९९९.४	-
२९	नेपाली राजदूतावास, ओमान	३३५८४६३.२९	३३५८४६३.२९	-
३०	नेपाली महावाणिज्यदूतावास, कोलकोत्ता	८००५५८५.९६	८००५५८५.९६	-
३१	नेपाली महावाणिज्यदूतावास, ल्हासा	४०८३७९७.७२	४०८३७९७.७२	-
३२	नेपाली महावाणिज्यदूतावास, हङ्कङ्ग	१०३७१७३९.३६	१०३७१७३९.३६	-
३३	नेपाली महावाणिज्यदूतावास, जेद्दा	१४१९१२९९.७३	१४१९१२९९.७३	-
३४	नेपाली महावाणिज्यदूतावास, न्यूयोर्क	३२३०२४३.६४	३२३०२४३.६४	-
३५	संयुक्त राष्ट्रसंघका लागि स्थायि नियोग, जेनेभा	१७८९७१०२.२२	१७८९७१०२.२२	-
३६	संयुक्त राष्ट्रसंघका लागि स्थायि नियोग,न्यूयोक	६३८०६७२.१६	०	६३८०६७२.१६
	जम्मा	**३२६०५१०५५.९४**	**३०७३९१७१९**	**१८६५९३३६.६४**

उपर्युक्त बमोजिम ३६ नियोगमा चालू र पूँजीगततर्फ जम्मा रु.३२ करोड ६० लाख ५१ हजार निकासा बॉकी देखिएकोमा आ.व.२०७३/७४ को प्रथम र दोश्रो चौमासिकसम्म निकासा बाट कट्टी गरी राजस्व दाखिला गरेको रु.३० करोड ७३ लाख ९२ हजार मात्र राजस्व दाखिला गरेको भौचर पेश भएको छ । ५ नियोगको निकासा कटी गरी राजस्व दाखिला गर्न रहेको बॉकी रु.१ करोड ८६ लाख ५९ हजार राजस्व दाखिला गर्नुपर्दछ ।

२. **घटी मौज्दात :** नियोगहरुबाट आर्थिक वर्षको अन्तमा बॉकी रहेको बैक मौज्दात प्रमाण, बैक नगदी किताब, बैंक हिसाब विवरण समेत प्राप्त गरी बैंकमा देखिए अनुरुपको रकम फ्रिज कट्टी गर्नुपर्नेमा आर्थिक विवरणमा देखिए अनुरुपको रकम मात्र फ्रिज कट्टी गरेको छ । नियोगहरुबाट गत वर्षको रकम जिम्मेवारी नसारी खर्च गर्ने, तोकिएको दरमा खर्च लेखी विदेशी मुद्राको विनिमयदर परिवर्तनको कारण देखिने बिनिमय नाफा नोक्सानको हिसाब अभिलेख नराख्ने गरेबाट वास्तविक मौज्दातको स्थिति यकिन हुने अवस्था छैन । मन्त्रालयले

समेत यथार्थ मौज्दाताको अवस्था यकिन नगरी तथा फरक हिसाब मिलान नगरी फ्रिज कट्टी गर्दै आएको छ । यसले गर्दा आर्थिक विवरणले निकासा बाँकी देखाएको भन्दा बढी रकम बैंक मौज्दात रहेको छ । श्रेस्ता भन्दा बढी बैकं मौज्दात देखिएको देहायका रु.३ करोड २१ लाख ३१ हजार नेपाल सरकारको राजस्व (बेरुजु) खातामा दाखिला गर्नुपर्दछ ।

रु.हजारमा

सि.न.	नियोगहरुको नाम	बैकं मौज्दात रु	सि.न.	नियोगहरुको नाम	बैकं मौज्दात रु.
१	नेपाली राजदूतावास, बेइजिङ्ग	२७९३	२	नेपाली राजदूतावास, बर्लिन	९२२
३	नेपाली राजदूतावास, ब्रसेल्स	७६०	४	नेपाली राजदूतावास, डेनमार्क	१८५५
५	नेपाली राजदूतावास, कायरो	७१४	६	नेपाली राजदूतावास, कोलम्बो	२७५९
७	नेपाली राजदूतावास, ढाका	१६८७	८	नेपाली राजदूतावास, मस्को	८०३
९	नेपाली राजदूतावास, नयाँदिल्ली	१७७७	१०	नेपाली राजदूतावास, पेरिस	३३
११	नेपाली राजदूतावास, सिउल	१०८७	१२	नेपाली राजदूतावास, टोकियो	१९६
१३	नेपाली राजदूतावास, तेलअभिभ	२३१४	१४	नेपाली राजदूतावास, यांगगुन	४
१५	नेपाली राजदूतावास, कुबेत	१११	१६	नेपाली राजदूतावास, ब्राजिल	२२
१७	नेपाली राजदूतावास, प्रिटोरिया	३४	१८	नेपाली राजदूतावास, बहराइन	९२३
१९	नेपाली राजदूतावास, ओमान	१८१०	२०	नेपाली महावाणिज्यदूतावास, कोलकोत्ता	१४०८
२१	नेपाली महावाणिज्यदूतावास, ल्हासा	२०४	२२	नेपाली महावाणिज्यदूतावास, हङ्कङ्ग	२९२२
२३	स्थायि नियोग जेनेभा	६१२	२४	संयुक्त राष्ट्रसंघका लागि स्थायि नियोग	६३८१
	जम्मा	**१३९०३**		**जम्मा**	**१८२२८**

मन्त्रालयबाट नियोगहरुमा निकासाबाट आर्थिक वर्षको अन्तमा बाँकी रहेको बैक मौज्दात प्रमाण, बैक नगदी किताब, बैंक हिसाब विवरण समेतका आधारमा सम्पुर्ण बाँकी रकम मिलान हुने गरी निकासाबाट कट्टी हुने व्यवस्था सहित श्रेस्ता भन्दा बढी बैंक मौज्दात देखिएको रकम बेरुजु दाखिला गर्नुपर्दछ ।

३. **वित्तीय प्रतिवेदन :** मन्त्रालय मातहतका ३६ नियोगले भिसा फी, प्रमाणीकरण एवं पासपोर्ट आदि उपलब्ध गराए बापत असुल गरेको राजस्व पटक पटक गरी मन्त्रालयमा पठाउने र मन्त्रालयले सञ्चित कोष दाखिला गरी एकमुष्ट रुपमा आर्थिक विवरण तयार गरी लेखापरीक्षण गराउदै आएको छ । मन्त्रालयबाट प्राप्त आर्थिक विवरण अनुसार यस वर्ष जम्मा भिसा फी, प्रमाणीकरण वापत रु.४ अर्ब ७२ करोड ७० लाख ३८ हजार आम्दानी गरेको छ । नियोगले राजस्वको मास्केवारी र आर्थिक विवरण नेपाली मुद्रामा तयार गर्ने नगरेको तथा एकीकृत आर्थिक विवरण तयार गर्दा दूतावासगत रुपमा राजस्व आम्दानी, दाखिला र नगद बाँकीको अभिलेख तयार नगरेकोले राजस्वको हिसाब भिडान गर्न सक्ने स्थिति छैन । नियोगहरुले मास्केवारी र आर्थिक विवरण नेपाली मुद्रामा समेत तयार गर्ने व्यवस्था गर्नुपर्दछ ।

४. **निकासाभन्दा बढी खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५.२ मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने खर्च गर्न र खर्च गर्ने निकासा दिनुपर्ने व्यवस्था छ । मन्त्रालयले निकासा दिएको रकमभन्दा ७ नियोगबाट निम्न खर्च शीर्षकमा रकमान्तर बेगर निकासा भन्दा रु.२१ लाख ३२ हजार बढी खर्च गरेको देखिएको छ । नियोगहरुले स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकको परीधिमा रही खर्च गर्नु गराउनु पर्दछ ।

(रु.हजारमा)

नियोग	बजेट रकम	निकासा	खर्च	बढी खर्च
१. नेपाली राजदूतावास, मस्को	तलब (२११११)	८६०	९२७	६७
२. नेपाली राजदूतावास, नयाँदिल्ली	महगी भत्ता (२१११३)	१८०	२०६	२६
	संचार महसुल(२२११२)	१८७५	२४९५	६२०
	संचालन र मर्मत सम्भार(२२२१२)	२८७५	३३७७	५०२
३. नेपालीमहावाणिज्यदूतावास, न्यूयोर्क	संचार महसुल(२२११२)	११००	१४५८	३५८
	बिबिध खर्च (२२७११)	९००	९८७	८७
४. नेपाली राजदूतावास, सिओल	महगी भत्ता (२१११३)	८४	९६	१२
५. नेपाली राजदूतावास, क्यानडा	महगी भत्ता (२१११३)	३६	४२	६
६. नेपाली राजदूतावास, ओमान	संचार महसुल(२२११२)	९००	१०८४	१८४
७. नेपाली राजदूतावास, यांगुन	महगी भत्ता (२१११३)	४५	४९	४
	संचालन र मर्मत सम्भार(२२२१२)	७००	७२१	२१
	कार्यालय सम्बन्धी खर्च	८००	१०४५	२४५
	कूल जम्माः	**१०३५५**	**१२४८७**	**२१३२**

५. **आन्तरिक नियन्त्रण व्यवस्था :** नियोगबाट सम्पादन गरीने कार्यहरु मितव्ययी, कार्यदक्षता,प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिबेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गरी उद्येश्य प्राप्त गर्न आफनो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था गरेको छ । मन्त्रालयले आन्तरीक नियन्त्रण निर्देशिका तयार गरेको भएतापनि सामान खरिदका विल भरपाईमा सामान खरिदको प्रयोजन संक्षिप्त रुपमा उल्लेख गरिएको भए पनि खरिद गरिएका आईटमको नेपालीमा रुपान्तरण नेपाली रुपान्तरण नगरेको, जिन्सी निरीक्षण प्रतिवेदन माथि कारबाही गरी मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई राख्ने तथा पुराना समानहरु लिलाम बिक्रि नगरेको, कार्यविवरण तयार गरी कर्मचारीलाई अधिकार र जिम्मेवारी नदिएको, खर्च भएको सबै रसिद बिल भरपाईमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले "भुक्तानी भएको" जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान नगरेको, नियोगले कार्यक्रम खर्च र पुजिगत तर्फको तोकिएको ढाँचामा प्रगति प्रतिवेदन तयार नगरेको तथा निजामती सेवा नियमावलीको नियम ६९(१) बिदा दिने अधिकारीले आफ्नो मातहतमा काम गर्ने निजामतीकर्मचारीको बिदाको अभिलेख राख्न लगाउनुपर्नेमा नगरेको तथा भैपरी र पर्व बिदाबाहेकका बिदाको अभिलेख प्रत्येक कार्यालयले वर्ष व्यतित भएको तीस दिनभित्र निजामती किताबखाना र तलब खर्च लेख्ने कार्यालयमा पठाएको छैन । मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्दछ ।

६. **औषधि उपचार खर्च :** निजामती सेवा नियमावली, २०५० को नियम ९४ मा निजामती कर्मचारीले सेवा अवधिभरमा राजपत्रांकित श्रेणीको कर्मचारी भए बाह्र महिना बराबरको, राजपत्र अनंकित प्रथम श्रेणीको र सो सरहको श्रेणीविहीन कर्मचारी भए अठार महिना बराबरको र अन्य राजपत्र अनंकित र श्रेणीविहीन कर्मचारी भए एक्काइस महिना बराबरको खाइपाई आएको तलब रकमसम्म उपचार खर्चबापत पाउने व्यवस्था छ । सेवा अवधिमा निजामती कर्मचारीले पाएको उपचार खर्चको अभिलेख खर्च लेख्ने कार्यालयले राखी त्यस्तो विवरण सम्बन्धित विभाग र निजामती किताबखानामा अभिलेख राख्न पठाउनुपर्ने व्यवस्था छ । कुटनीतिक कर्मचारीको स्वास्थ्य उपचार र बीमा वापत लागेको खर्च नेपाल सरकार व्यहोर्ने गरेको छ । यो वर्ष नियोगहरुले पदाधिकारी, कर्मचारी र आश्रित परिवारको स्वास्थ्य बीमा तथा औषधि उपचारमा रु.१४ करोड ९१. लाख खर्च गरेको छ। औषधि उपचार खर्चको कुनै सीमा नतोकेको र औषधि उपचार खर्चको अभिलेख कर्मचारीगत रुपमा राखी सोको जानकारी मन्त्रालय र निजामती किताबखानामा पठाएको देखिएन । नियमावलीको व्यवस्था बमोजिम उक्त खर्चको अभिलेख निजामती किताबखानामा राख्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

७. **कर :** आयकर ऐन, २०५८ को अनुसुची १ बमोजिम कूटनीतिक नियोगमा कार्यरत कर्मचारीको वैदेशिक भत्ताको ७५ प्रतिशत रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा आयकर गणना गर्नुपर्ने व्यवस्था छ । मन्त्रिपरिषद्ले २०६३।४।१ मा वैदेशिक भत्ता, पारिवारिक भत्ता, शैक्षिक भत्ता, सेटलमेन्ट भत्ता तथा औषधोपचार रकम समेतमा आर्थिक वर्ष २०५८।५९ देखि लागिआएको पारिश्रमिक कर छुट दिने तथा उपरोक्त भत्ता, औषधोपचार लगायतका सुविधाहरुमा लाग्ने पारिश्रमिक कर बराबरको रकम वैदेशिक भत्ता लगायतका सुविधाहरुमा थप गरी भुक्तानी दिने, यसबापत लाग्ने थप रकम अर्थ मन्त्रालयले परराष्ट्र मन्त्रालयको नाममा निकासा दिने र अर्थ मन्त्रालयले प्रत्येक वर्षको आर्थिक अध्यादेशमा यस सम्बन्धी व्यवस्था समावेश गर्ने निर्णय गरकोमा सार्वजनिक लेखा समितिले २०६३।९।२६ मा सोही निर्णयलाई कार्यान्यन गरी सम्परीक्षण गराउन र निर्णय राजपत्रमा प्रकाशित गर्न निर्देशन दिएको थियो । मन्त्रिपरिषद्ले २०६४।१२।२० मा नियोग प्रमुख तथा कर्मचारीहरुको वैदेशिक भत्ता समायोजन गरेको थियो । मन्त्रिपरिषद्ले ऐनको व्यवस्था भन्दा फरक किसिमले निर्णय गरी वासिन्दा प्राकृतिक व्यक्तिको कर दायित्व सरकारी कोषबाट व्यहोरी उन्मुक्ति दिने काम कारबाही रोकिनुपर्ने व्यहोरा महालेखापरीक्षकको प्रतिवेदनमार्फत वर्षेनी औंल्याउदै आएको छ । यो वर्ष ३३ नियोगका विभिन्न तहका १६७ पदाधिकारीको तलब तथा वैदेशिक भत्ताको आयमा लाग्ने करमध्ये रु.२ करोड ३ लाखसमेत २०६९ देखि हालसम्म रु.९ करोड ८१ लाख घटी कर कट्टी भएको छ । कानुनबमोजिम कर तिर्नुपर्ने दायित्व भएका व्यक्तिले कर नतिर्ने र कर असुल गर्नुपर्ने सम्बन्धित कार्यालयले असुल उपर गरेको छैन । कानूनी व्यवस्था पालनामा भेदभाव हुने गरी उन्मुक्ति दिन मिल्ने नदेखिएकोले आयकर ऐनको दफा ११९ बमोजिम असुल गर्नुपर्दछ ।

सि.न	नेपाली राजदूतावासहरु	घटी कर कट्टी		पारिवारिक भत्ता	
		कर्मचारी संख्या	रकम	कर्मचारी संख्या	रकम
१	नेपाली राजदूतावास, बैंकक	५	७४८७११.००	५	१०५९२९५.००
२	नेपाली राजदूतावास, बेइजिङ्ग	९	१०३७०९७.१९	७	२५८३२५४.४५
३	नेपाली राजदूतावास, बर्लिन	३	२५०४३१.००	०	०.००
४	नेपाली राजदूतावास, ब्रसेल्स	४	३७४०१५.००	०	०.००
५	नेपाली राजदूतावास, डेनमार्क	३	६२७२६१.६०	०	०.००
६	नेपाली राजदूतावास, क्यानबेरा	३	६२२४३४.७०	४	२५५३११५.६१

सि.न	नेपाली राजदूतावासहरु	घटी कर कट्टी		पारिवारिक भत्ता	
		कर्मचारी संख्या	रकम	कर्मचारी संख्या	रकम
७	नेपाली राजदूतावास, कायरो	२	२१६५५१.००	०	०.००
८	नेपाली राजदूतावास, कोलम्बो	२	३०३१८३.००	३	१०३९००१.९४
९	नेपाली राजदूतावास, ढाका	४	२८७९३९.००	५	१९६७६८१.००
१०	नेपाली राजदूतावास, दोहा	७	८९२४४८.४०	८	३६९५७११.००
११	नेपाली राजदूतावास, इस्लामावाद	४	५८०६३६.००	३	१७७९००१.००
१२	नेपाली राजदूतावास, क्वालालम्पुर	१०	९१५५९०.४२	०	०.००
१३	नेपाली राजदूतावास, लण्डन	५	५६३८२८.००	३	२१०१६६९.००
१४	नेपाली राजदूतावास, मस्को	३	४०९३२०.०२	०	०.००
१५	नेपाली राजदूतावास, नयाँदिल्ली	१७	१९४४११५.००	१७	८४०००७७.००
१६	नेपाली राजदूतावास, पेरिस	३	५२६५३६.०५	३	२१६४१३१.६०
१७	नेपाली राजदूतावास, सिउल	८	७११७६४.४२	०	०.००
१८	नेपाली राजदूतावास, टोकियो	४	३९७२७६.००	४	२१८३२११.००
१९	नेपाली राजदूतावास, वाशिङ्गटन	६	१०२१७८९.००	७	४०७०१९०.००
२०	नेपाली राजदूतावास, तेलअभिभ	७	४९५५०१.२९	७	१९३५०७८.४०
२१	नेपाली राजदूतावास, यांगगुन	३	३५२२७७.५५	३	९८३६२१.००
२२	नेपाली राजदूतावास, कुवेत	६	७७६३८९.००	०	०.००
२३	नेपाली राजदूतावास, ब्राजिल	२	३०३१८३.००	०	०.००
२४	नेपाली राजदूतावास, ओटावा	३	५८३५२६.०६	३	२०४६५५७.००
२५	नेपाली राजदूतावास, प्रिटोरिया	३	५५३७३४.००	०	०.००
२६	नेपाली राजदूतावास, बहराइन	३	१८८३४३	३	१००८५२९
२७	नेपाली राजदूतावास, ओमान	३	३०८९७१.३२	३	९६५२३७.००
२८	नेपाली महावाणिज्यदूतावास, कोलकोत्ता	६	४६४०५३.५७	६	२३७५८५१.६१
२९	नेपाली महावाणिज्यदूतावास, ल्हासा	४	३०९६५९.००	४	६१५८३२.००
३०	नेपाली महावाणिज्यदूतावास, हङ्कङ्ग	४	३०६१६८.५६	६	१२८११२०.००
३१	नेपाली महावाणिज्यदूतावास, न्यूयोर्क	३	३४१९७२.००	४	१८३१२५०.००
३२	स्थायि नियोग जेनेभा	८	१३५३६७६	१	५४७२३३.००
३३	संयुक्त राष्ट्रसंघका लागि स्थायि नियोग न्यूयोक	१०	१५७३७४७	१०	७५१०२७५
	जम्मा	**१६७**	**२०३४२१२८.१५**	**११९**	**५४६९६९२२.६१**

८. **पारिवारिक भत्ता :** विदेशस्थित नेपाली राजदूतावासहरु यागुन, दोहा, बेइजिङ्ग,मस्को तेल अबिब, सिओल, पेरिस, प्रिटोरिया र बैंककमा सरुवा भई जाने नियोग प्रमुखलगायत अन्य कूटनीतिक कर्मचारीको आश्रित परिवारका सदस्यहरुलाई सम्बन्धित नियोगमा परिवार नलगे पनि र अन्य नियोगहरुमा परिवार साथमा रहेको अवस्थामा तोकिए बमोजिम पारिवारिक भत्ता प्रदान गरिदै आएकोमा परिवार साथमा नरहेको र साथमा रहेको पुष्ट्याई नभएको अवस्थामा खर्च लेखेको पारिवारिक भत्ता असुलउपर गर्न विगतका प्रतिवेदनमा औंल्याए पछि मन्त्रिपरिषद्बाट २०७१।१२।२९ मा परिवार साथमा नरहेको अवस्थामा पारिवारिक भत्ता, शैक्षिक भत्ता, बीमा खर्च र औषधोपचार खर्च अब उप्रान्त उपलव्ध नगराउने निर्णय भएको छ । मन्त्रालयले कतिपय नियोगहरुबाट उपर्युक्त निर्णयको पालना नभएको भनी नियोगहरुलाई ध्यानाकर्षण गराउँदै २०७३ फागुन १५ गते समेत परिपत्र गरेको छ । यो वर्ष २३ नियोगले ११९ कर्मचारीको परिवारसाथमा रहेको पुष्ट्याई बेगर रु.५ करोड ४७ लाख खर्च लेखेको छ। परिवार साथमा नरहेको अवस्थामा भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

७. **पेय पदार्थ खरीद :** दूतावासले कार्यलयको बजेटबाट मदिराजन्य पेय पदाथं समेत खरिद गरी स्वदेशी तथा विदेशी पाहुना सम्मिलित रात्रिभोज तथा विभिन्न कुटनीतिक व्यक्तिलाइं उपहार प्रदान गरेका देखियो । यस सम्बन्धमा छफफल गदां विदेशी कुटनैतिक व्यक्तीको सम्मानमा आयोजना गरिने रात्रिभोज तथा राजदूतावास रहेको देशको महत्वपूर्ण ओहोदामा रहेका व्यक्ति तथा अन्य देशका कुटनीतिक व्यक्तिलाई उपहार प्रदान गर्न यस्ता पेय पदार्थ समेत खरिद गर्न आवश्यक रहेकोले आवश्यकता अनुसार खरिद गरिएको भन्ने दूतावासको भनाई रहेको छ । सरकारी बजेटबाट यस्ता पेयपदार्थ खरिद गर्ने सम्बन्धमा निर्देशिका बनाई व्यवस्थित गर्नुपर्दछ ।

नेपाली राजदूतावास, बैंकक

८. **थप बजेट :** आर्थिक विवरणले शुरु विनियोजित बजेट, पूरक बजेटबाट र रकमान्तरबाट थप घट गरेको बजेट उल्लेख गर्नुपर्दछ । मन्त्रालयले यस नियोगको लागि चालू शीर्षक तर्फ (३२६०१२३) तर्फ रु.४१,१३६,५००/- र पुँजिगत शीर्षक तर्फ रु.१०,७५०,०००/- शुरु अख्तियारी प्रदान गरेकोमा आर्थिक विवरणले चालू शीर्षक तर्फ रु.४८,७५६,५००/- र पुँजिगत शीर्षक तर्फ रु.४८५,२५०,०००/- बजेट तथा निकासा देखाएको छ । नियोगले शुरु बजेटमा चालू शीर्षक तर्फ रु.७६२०,०००/- र पुँजिगत शीर्षक तर्फ रु.४७४,५००,०००/-

थप निकासा प्राप्त गरेकोमा आर्थिक विवरणले शुरु बजेट,थप बजेट नदेखाई खुद बजेट मात्र देखाएको छ। आर्थिक विवरणको प्रस्तुती स्वीकृत ढाँचा अनुरुप गर्नुपर्दछ ।

९. **भवन खरीद :** थाईल्याण्डको राजदुतावास भवन खरीदको लागि मन्त्रालयबाट यो वर्ष रु.४८ करोड ४० लाख निकासा भएकोमा बैंकको सुकुम्भितमा १ हजार ९१६ बर्गमीटर जग्गामा रहेको ६७७.५० बर्गमीटर क्षेत्रको भवन खरिद गरी स्थानिय परामर्श सेवा भुक्तानी रु.१ लाख ८३ हजार र भवन खरीदमा रु.४५ करोड ७२ लाख ९५ हजार समेत जम्मा रु.४५ करोड ७४ लाख १८हजार खर्च गरेको छ। यस सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम छन :

९.१ भवन खरीदकोलागि राजदुतावासले एक स्थानिय परामर्शदाता नियक्त गरेकोमा उक्त एजेन्सीले रु.४९ करोड ४० लाखको (थाई भाट १६ करोड २५ लाख) लागत अनुमान तयार गरेको छ। सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ५३ बमोजिम रु.३ करोड भन्दा बढी रकमको लागत अनुमान विभागिय प्रमुख, मन्त्रालयको सचिबबाट स्वीकृत हुनु पर्नेमा महामहिम राजदुतबाट स्वीकृत भएको छ।

९.२ सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ५३ बमोजिम स्वीकृत लागत अनुमानको २ देखि ३ प्रतिशत रकम बोलपत्र जमानतको रुपमा पेश गर्नुपर्ने सुचनामा उल्लेख गर्नुपर्ने व्यवस्था छ। भवन खरीदको लागि नियोगले २०७२।१०।१९ मा बोलपत्र आहवान गरेकोमा बोलपत्र साथ राख्नु पर्ने जमानतको सम्बन्धमा उल्लेख नगरेकोले बोलपत्रदाताबाट बोलपत्र जमानत प्राप्त भएको छैन ।

९.३ स्थानिय परामर्शदाता नियक्त गरी नियोगबाट तयार गरेको लागत अनुमानमा राजदुतावासको लागि ११२८.४० बर्ग मीटर क्षेत्रफलको भवन आवश्यक देखकोमा खरिद गरेको भवनको क्षेत्रफल ६७७.५० बर्गमीटर क्षेत्रफलको मात्र भएको भवन खरीद गरेको छ। भवन करिब ५० वर्ष पुरानो भएको, ह्रास कट्टीको हिसाबले भवनको जर्ति मूल्यमात्र बाँकी रहेकोमा प्राबिधिक दृष्टिले उपयुक्त भए नभएको मूल्याकंन नभएको र भवनको स्वीकृत नक्सा नलिएकोले भवन मर्मत सम्भार एवं स्थानीय कानुनको पालना गर्न कठीनाई पर्न सक्ने देखिन्छ।

९.४ नियोगहरुले भवन खरीद गर्दा प्रचलित खरीद ऐन नियमको पालना गर्नुपर्दछ । साथै नियोगहरुको भवन खरिदका लागि आवश्यक न्यूनत्तम मापदण्ड तयार गर्ने तथा भवनको प्राविधिक मूल्याकंन गर्नु आबश्यक देखिएको छ।

नेपाली राजदूतावास, बेइजिङ्ग

१०. **कार्यक्रम खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरी तालुक कार्यालयमा पठाउनु पर्दछ। आर्थिक कूटनैतिक कार्यक्रम अन्तर्गत व्यापार, लगानी, पर्यटन र प्रविधि प्रवर्धन गर्ने, व्यापार पारवहन सम्बन्धी हितको रक्षा गर्ने, नेपालमा रहेको आर्थिक अवसरहरुको प्रचार प्रसार गरी लगानी र पर्यटक भित्राउने उद्देश्यले ४ वटा कार्यक्रममा रु.५१ लाख विनियोजन भई रु.२३लाख ३८ हजार खर्च (४५.८४% प्रतिशत) भएको छ। कार्यक्रमको लागत अनुमान, कार्यक्रम संचालन गरेको प्रतिवेदन लगायतका विवरणहरु श्रेस्ता साथ राखेको छैन । कार्यक्रम सम्पन्न प्रतिवेदन र स्वीकृत ढाँचामा प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ।

११. **दोहोरो भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(९) मा सरकारी नगद सुरक्षित राख्न उचित प्रबन्ध गर्नुपर्ने व्यवस्था छ। राष्ट्रपति वोआओ एशिया फोरम सम्मेलनमा भाग लिन चिन भ्रमणमा जादाँ भ्रमण टोलीमा सम्मलित एक महामहिमको लागि मन्त्रालयबाट र नियोग दुवै तर्फबाट भ्रमण खर्च लेखेको छ। नियोगले भुक्तानी गरेको रु.२८ हजार असुल गरी संचितकोषमा दाखिला गर्नुपर्दछ।

१२. **औषधी उपचार :** कुटनैतिक कर्मचारीको स्वास्थोउपचार सुबिधा सम्वन्धी कार्यविधि, २०७१ अनुसार नेपाली रु.२० हजार भन्दा माथिको उपचार गराउँदा परराष्ट्र मन्त्रालयको सहमति लिई खर्च गर्नुपर्ने व्यवस्था छ। नियोगले विभिन्न कर्मचारीहरु र परिवारको सदस्यको उपचार खर्च गर्दा मन्त्रालयको सहमति नलिई खर्च गरेको रु.२लाख १३ हजार सहमति पेश गर्नुपर्दछ।

१३. **विल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ। नियोगका एक सहचारीको श्रीमतिको उपचार खर्च रु.२४ हजार भुक्तानी गरेको बिल संलग्न नगरेकोले विल, भरपाई, प्रमाणले पुष्ट्याई गर्ने खर्च मात्र भुक्तानी गर्नुपर्दछ।

१४. **महंगी भत्ता** : एक महामहिम राजदुतले महँगी भत्ता वापत ९ हजार भुक्तानी दिएकोमा म.म. राजदुत निजामती सेवाको कर्मचारी नभएको हुदाँ महँगी भत्ता भुक्तानी दिन मिल्ने आधार पेश गर्नुपर्ने अन्यथा असुल गरी संचित कोषमा दाखिला गर्नुपर्दछ।

१५. **मूल्य अभिवृद्धि कर :** कुटनैतिक नियोगले तिरेको भ्याट रकम सम्वन्धित देशको आन्तरिक राजश्व कार्यालयबाट फिर्ता पाउने व्यवस्था छ। नियागले विभिन्न वस्तु तथा सेवा प्राप्त गर्दा मूल्य अभिवृद्धि कर वापत तिरेको रु.८४७९२।- फिर्ता लिई राजश्वमा जम्मा गर्नुपर्दछ।

नेपाली राजदूतावास, बर्लिन

१६. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि ऐन २०५५ को दफा २७ मा सरकारी धनमाल वा सम्पत्तिको संरक्षण गर्नुपर्ने, दफा २८ मा टुटफुट भई बेकम्मा भएका सामान लिलाम बिक्री गर्नुपर्ने व्यवस्था छ । नियोगको जिन्सी निरीक्षण प्रतिवेदनमा प्रिन्टर, भ्याकुम क्लिनर, डिप फ्रिजर, आदि सामान प्रयोग हुन सक्ने हालतमा नभएकोमा सो को लिलाम गरेको छैन । साथै, स्थलगत लेखापरीक्षणको क्रममा देखिएको राजदूतको निवासमा रहेका पुराना फर्निचर, फर्निसिंग, पार्टिसनबाट हटाएका सामानको मर्मत, लिलाम वा मिन्हा सम्बन्धी कारबाही गरेको छैन । बोन स्थित दूतावास भवन प्रयोगविहीन रहेकोले सरकारी सम्पत्ति संरक्षण हुन नसकी हानी नोक्सानी हुन सक्दछ । जिन्सी सामान व्यवस्थापन र बोनस्थित भवनको संरक्षण गरी आर्थिक उपयोगमा ध्यान दिनुपर्दछ ।

१७. **खरिद प्रक्रिया :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ मा सार्वजनिक निकायले १० लाख भन्दा बढीको माल सामान खरिद गर्दा बोलपत्र गर्नुपर्ने उल्लेख छ । दूतावासले मर्सडिज बेन्च कार १ थान नेपाली मुद्रा रु.६९ लाख ८६ हजार (५८५०३।६७ युरो) मा खरिद गरेकोमा बोलपत्र आहान नगरी सोझै विक्रेताबाट खरिद गरेकाले अनियमित देखिएको छ । साथै उक्त सवारी साधन खरिद गर्दा भुक्तानी गरेको मूल्य अभिबृद्धि कर फिर्ता भएको छैन । सवारी साधन खरिद गर्दा भुक्तानी गरेको मूल्य अभिबृद्धि कर फिर्ता प्राप्त गर्नुपर्दछ ।

नेपाली राजदूतावास, ब्रसेल्स

१८. **दैनिक भ्रमण खर्च :** भ्रमण खर्च नियमावली,२०६४ को नियम १४(६)मा विदेश जाने पदाधिकारी वा कर्मचारीले हवाई यात्रा अवधिको दैनिक भत्ता नपाउने व्यवस्था छ । साथै ८ घण्टा भन्दा कम समयको ट्रान्जीट अवधीमा समेत दैनिक भत्ता नपाउने व्यवस्था नियम १४.६मा गरेको छ । भ्रमण खर्च नियमावली, २०६४ को व्यवस्था नभएता पनि ब्रसेल्स-इस्तानबुल-काठमाण्डौं तर्फ भ्रमण गर्दाको रु.७२,२४०, बसेल्स - निदरलैण्ड तर्फ फर्कदाको रु.३२६८३ समेत दैनिक भत्ता वापत भुक्तानी गरेको जम्मा रु १०४९२३.०० असुल गर्नुपर्दछ ।

१९. **हवाई भाडा :** ब्रसेल्स इस्तान्बुल काठमाण्डौको दुई तर्फि हवाई टिकट वापतको युरो १०२३ राजदुतावासको क्रेडिट कार्डबाट भुक्तानी दिएको व्यहोरा दैनिक भ्रमण भत्ताको विलमा उल्लेख गरेकोमा पुनः उक्त टिकटको रु.१ लाख १२ हजार (युरो १०२३) महामहिम राजदुतको नाममा खर्च लेखेकोले दोहोरो खर्च नलेखेको पुष्टयाई पेश हुनु पर्दछ ।

२०. **बढी ग्रेड भुक्तानी :** कर्मचारीलाई निजामती किताब खानाखानाबाट पारित तलबी प्रतिवेदन अनुसार ग्रेड भुक्तानी दिनु पर्दछ । नियोगका एक काउन्सेलरको यो बर्षको रु.३९० ग्रेड पारित भएको तथा २०७३ को जेष्ठमा ग्रेड बृद्धि हुनेमा २०७२ को श्रावण देखिनै ग्रेड बृद्धि भुक्तानी दिएकाले रु.६ हजार बढी भुक्तानी भएको सम्बन्धमा नियोगले स्पष्ट गर्नुपर्दछ ।

२१. **घर भाडा सुरक्षण रकम :** नियोगले कुटनीतिक कर्मचारीलाई आवासको व्यवस्था गर्दा एक घर धनीलाई २ महिनाको घरभाडा वापतको युरो ३१८०.०० सुरक्षण वापत अग्रिम भुक्तानी दिएकोले उक्त रकम सम्झौता बमोजिम फिर्ता लिई राजस्व दाखिला गर्नुपर्दछ ।

२२. **कार्यक्रम खर्च :** कार्यक्रम बजेटबाट संस्थागत अनुदान दिन नमिल्नेमा ब्रसेल्समा नेपालीले संचालन गरेको बाल संरक्षण केन्द्रलाई अनुदान युरो ४००, ब्रसेल्समा नेपालीले संचालन गरेको बुद्ध एकेडेमीलाई अनुदान युरो ४००, गैर आवाशिय नेपाली संघले आयोजना गरेको कार्यक्रमलाई आर्थिक सहयोग युरो ३००० र गैर आवाशिय नेपाली संघले आयोजना गरेको कार्यक्रमलाई आर्थिक सहयोग र गोरखा सैनिकको प्रतिमा उद्घाटन कार्यक्रममा युरो ३१८० भुक्तानी गरेको छ । यस सम्बन्धमा नेपाली भाषा तथा संकृतिको संरक्षण गर्न बुद्ध एकेडेमी तथा बाल संरक्षण केन्द्रलाई अनुदान दिएको, गैर नेपाली आवाशिय संघले आयोजना गरेको कार्यक्रमको लागि सांकेतिक योगदान स्वरुप रकम उपलब्ध गराएको उल्लेख छ । तोकिएको कार्यक्रममा मात्र गराई खर्च गर्नुपर्दछ ।

२३. **बरबुझारथ एवं हस्तान्तरण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५५(१) ले कर्मचारी सरुवा, बढुवा, अवकाश प्राप्त गरी वा अन्य कुनै कारणले आफू कार्यरत कार्यालय छोडी जाँदा वा सो कामबाट अलग हुँदा आफ्नो जिम्मामा भएको वा रहेको काम नगद, जिन्सी मालसामान, सरकारी कागजात आदिको बरबुझारथ गर्नुपर्ने व्यवस्था गरेको छ । महामहिम राजदुतले मुल्य नखुलेको १५.५ ईन्चको कालो रंगको सोनी भायो ल्यापटप एक थान, फ्रिज एक थान र चम्चाहरु लगायत कतिपय भान्साकोठामा प्रयोग गर्ने समान र्फिता गरेका छैनन् । मन्त्रालयबाट बरबुझारथ गर्न बाँकी समानहरु यकिन एवं मुल्याकंन गरी फिर्ता गर्ने व्यवस्था गर्नुपर्दछ ।

नेपाली राजदूतावास, डेनमार्क

२४. **मूल्य अभिवृद्धि कर :** कुटनीतिक निकायले सामान वा सेवा खरिदको भुक्तानीमा तिरेको कर फिर्ता हुने व्यवस्था छ । दूतावासले कार्यालय संचालन गर्दा खरिद गरेका सामान तथा सेवामा भुक्तानी गरेको मुल्य अभिबृद्धि कर मध्ये यो बर्ष १ लाख २१ हजार फिर्ता लिएको छ । कर फिर्ता लिदा आंशिक रकमको मात्र कर

फिर्ता लिएको देखिएको छ । कुटनैतिक निकायले प्राप्त गरेको छुट सुविधा नलिदाँ बजेट खर्च बढी हुने भएकोले भुक्तानी दिएको रकम अनुरुप कर फिर्ता लिनुपर्दछ ।

नेपाली राजदूतावास, क्यानबेरा

२५. **बढी भुक्तानी :** नियोगहरुको आर्थिक कारोबार सम्बन्धी निर्देशिका, २०६० को नियम १५ मा स्वास्थ बीमा पोलिसिले नव्यहोरेको रकम मन्त्रालयबाट समर्थन गराई खर्च लेख्नुपर्ने व्यवस्था छ । अधिकांस उपचार खर्च सर्मथन गराएको देखिएन । महामहिम राजदुतको औषधि उपचार खर्च अस्ट्रेलियन डलर १८८३.८५ मा बीमाले व्यहोरेको रकम अस्ट्रेलियन डलर ७७५.०८ घटाई बाँकी अस्ट्रेलियन डलर १०८३.१५ सोधभर्ना दिनुपर्नेमा विलको पुरै रकम सोधभर्ना दिएकोले बढी सोधभर्ना दिएको अस्ट्रेलियन डलर ८००।७० को हुने रु.६३०४७ असुल गर्नुपर्दछ ।

२६. **निवास भाडा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार बिल भन्दा बढी भुक्तानी दिन नहुनेमा नियोगको द्वितिय सचिवको निवास भाडाको रिसिप्ट बमोजिम अस्ट्रेलियन डलर ४३२१.०० भुक्तानी दिएकोमा भौ.नं. ०२।०७२।०४।११ बाट अस्ट्रेलियन डलर ४५८९ खर्च लेखेको छ । बढी खर्च लेखेको अस्ट्रेलियन डलर २६८ को हुने रु.२१ हजार सम्वन्धितबाट असुल गर्नुपर्दछ ।

२७. **दोहोरो भुक्तानी :** आ.ब.०७१।७२ मा कार्यालय तथा सहचारी निवासका लागि आवश्यक सामान खरिद गर्दा लागेको रकमको भुक्तानी गर्ने भनि एक सहचारीको नाममा गत आर्थिक वर्षको अन्तिम दिन २०७२।०३।३१ मा चेक न.००३५०७ बाट अस्ट्रेलियन डलर १७०९ भुक्तानी लिएको रकम बैकले चेक रद्ध गरेको भनि पुन: यस आ.ब. को भौ.नं ०४।०७२।०४।२२ बाट फर्निचर तथा फिक्स्र्चसमा खर्च लेखेको छ । उक्त रकम बैंकले रिर्भश् गरेको भन्ने व्यहोरा उल्लेख गरेपनि बैंक स्टेटमेण्टमा आर्थिक वर्षको अन्तिम दिनको सोहि मितिमा भुक्तानी देखाएको छ । बैंक स्टेटमेण्टमा उक्त कारोवार रिर्भस भएको रकम देखिंदैन ।साथै फर्निचर दाखिला गरेको अभिलेख समेत संलग्न छैन । सप्लायर्सलाई चेकबाट भुक्तानी गर्नुपर्ने रकम नगद बुझिलिएको र भुक्तानी गरेको प्रमाण समेत संलग्न नभएकोले दोहोरो खर्च लेखेको अस्ट्रेलियन डलर १७०९ को विनिमय दर ७८.७४ ले हुने रु.१ लाख ३५ हजार सम्वन्धितबाट असुल गर्नुपर्दछ ।।

२८. **मूल्य अभिवृद्धि कर :** कुटनीतिक निकायले सामान वा सेवा खरिदको भुक्तानीमा तिरेको कर फिर्ता हुने व्यवस्था छ । यो वर्ष मूल्य अभिवृद्धि कर बापत भएको खर्च, सोमध्ये फिर्ता प्राप्त भएको र बांकी देखिने अभिलेख पेश नभएको र विभिन्न सामान खरिद गर्दा स्थानिय बिक्रेतालाई मुल्य अभिबृद्धि कर भुक्तानी गरेकोमा कुटनैतिक सुविधा अनुसार फिर्ता लिएको देखिएको छैन । अभिबृद्धि कर भुक्तानीको अभिलेख राख्ने र फिर्ता लिई खर्च घटाउने वा रकम राजस्व दाखिला गर्नेतर्फ दूतावासको ध्यान जानुपर्दछ ।

नेपाली राजदूतावास, कायरो

२९. **औषधि उपचार :** कुटनीतिक कर्मचारी र तिनका आश्रित परिवारलाई खटाएको दूतावासमा आकस्मिक विरामी परेमा नेपाल सरकारले औषधिउपचार गर्ने व्यवस्था निर्देशिकाले गरेकोमा डक्टरको प्रेस्किपसन बमोजिम खरिद गरेको औषधिको मात्र भुक्तानी दिन मिल्ने व्यवस्था छ । कार्यबाहक राजदूतलाई परिवारको उपचारको विभिन्न मितिमा रु.९६ हजार सोधभर्ना दिएकोमा एकै प्रकृतिका औषधि बर्ष भरी प्रयोग गरेको छ । विल भपाईबाट रोग नखुलेकोले डाक्टरको प्रेस्क्रिप्सन पेश गर्नुपर्दछ ।

नेपाली राजदूतावास, ढाका

३०. **महंगी भत्ता** : निजामती कर्मचारीलाई महंगी भत्ता बापत प्रतिमहिना रु.१ हजार भुक्तानी दिने व्यवस्था छ। निजामती कर्मचारी नभए तापनि महामहिम राजदूत श्री हरिकुमार श्रेष्ठलाई महंगी भत्तावापत श्रावण देखि मंसिरसम्म रु. ४,३९९।– भुक्तानी खर्च लेखेको सम्बन्धमा भत्ता भुक्तानी गर्न मिल्ने आधार पेश गर्नुपर्दछ ।

३१. **मूल्य अभिवृद्धि कर :** परराष्ट्र मन्त्रालय अन्तर्गत विदेशस्थित कूटनैतिक नियोगहरुका लागि आर्थिक कारोबार सम्बन्धी निर्देशिका, २०६० को नियम ७ अनुसार विभिन्न सामान खरिद गर्दा तथा महसुल भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर बापतको रकम फिर्ता प्राप्त भएको देखिने विवरण राख्नु पर्नेमा यो वर्षके कति मूल्य अभिवृद्धि करबापत भुक्तानी भयो र के कति फिर्ता हुन बांकी छ सो खुल्ने अभिलेख दूतावासले नराखेको हुंदा सबै मूल्य अभिवृद्धि कर बापतको रकम फिर्ता आएको छ भनी यकिन गर्न सकिएको छैन । निर्देशिकाको व्यवस्था बमोजिम अभिलेख राखी अनुगमन गर्नुपर्दछ ।

नेपाली राजदूतावास, दोहा

३२. **बढी भत्ता भुक्तानी :** कर्मचारीलाई पारिवारिक भत्ताको भुक्तानी सम्बन्धीतको तलब र बैदेशिक भत्ताको दरमा आधारित भई गणणा गर्नुपर्नेमा सो बमोजिम नगरी एक द्वितिय सचिवलाई भाद्रको तलब भुक्तानी गर्दा रु.२० हजार बढी भुक्तानी र पारिवारिक भत्ता गणना गर्दा दशैं खर्च रकम समावेस गर्न नमिल्नेमा दशैं खर्च रकम समेत जोडी गणना हुँदा ४ कर्मचारीलाई बढी भुक्तानी दिएको रु.२७ हजार असुल गर्नुपर्दछ ।

३३. **बढी ग्रेड भुक्तानी :** निजामती किताबखानाबाट पारित तलबी प्रतिवेदन अनुसार ग्रेड रकम भुक्तानी दिनु पर्ने दूतावासका विभिन्न तहका ७ कर्मचारीलाई आर्थिक वर्ष २०७२।७३ मा पारित तलबी प्रतिवेदन भन्दा रु.२५५२४ बढी भुक्तानी दिएकोले उक्त रकम असुल गर्नपर्दछ ।

नेपाली राजदूतावास, क्वालालम्पुर

३४. **कर फिर्ता** : कुटनीतिक निकायले सामान वा सेवा खरिदको भुक्तानीमा तिरेको कर फिर्ता हुने व्यवस्था छ। दूतावासले कार्यालय संचालनको लागि आवश्यक सेवा तथा बस्तु खरिद गर्दा आंशिक मात्र कर छुट लिएको छ । पूँजीगततर्फ कर सहितको रकम भुक्तानी गरिएकोले बढी भुक्तानी भएको रु.३२ हजार फिर्ता माग गर्नुपर्दछ ।

नेपाली राजदूतावास, लण्डन

३५. **मूल्य अभिव.द्धि कर** : कूटनैतिक नियोगहरुका लागि आर्थिक कारोबार सम्बन्धी निर्देशिका, २०६० को नियम ७ अनुसार विभिन्न सामान खरिद गर्दा तथा महसुल भुक्तानी गरेको, फिर्ता माग गरेको र फिर्ता प्राप्त भएको मूल्य अभिवृद्धि करको विवरण राख्नु पर्नेमा सो अभिलेख पेश भएका छैन । नियोगबाट स्थानिय बिक्रेतालाई मुल्य अभिबृद्धि कर भुक्तानी गरेको रकम कुटनैतिक सुविधा अनुसार फिर्ता लिएको छैन । अभिलेख राख्ने र फिर्ता लिई आर्थिक वर्ष पश्चात प्राप्त भएको रकम राजस्व दाखिला गर्नेतर्फ दूतावासको ध्यान दिनुपर्दछ ।

नेपाली राजदूतावास, तेलअभिभ

३६. **अन्य भत्ता** : निजामती कर्मचारीलाई महंगी भत्ता वापत प्रति महिना रु.१ हजार र पोशाक भत्ता वापत बार्षिक रु.७ हजार ५०० भुक्तानी दिने व्यवस्था छ । निजामती कर्मचारी बाहेक अन्य कर्मचारी वा पदाधिकारीलाई महंगी भत्ता र पोशाक भत्ता भूक्तानी दिन नमिल्नेमा महामहिम राजदूतलाई महंगी तथा पोशाक भत्ता वापत भुक्तानी दिएको रु.१७ हजार ५०० र २ अर्दलीलाई महंगी भत्ता वापत भुक्तानी दिएको रु २४ हजार समेत जम्मा रु.४१ हजार ५०० असुल गर्नुपर्दछ ।

नेपाली राजदूतावास, यांगगुन

३७. **महंगी भत्ता** : निजामती कर्मचारीलाई महंगी भत्ताबापत प्रतिमहिना रु.१ हजार भुक्तानी दिने व्यवस्था छ । राजदुत र अर्दलीलाई निजामती कर्मचारी नभए पनि सो सरह नै श्रावण देखि जेष्ठ सम्म भुक्तानी गरेको महंगी भत्ता रु.३३ हजार असुल गर्नुपर्दछ ।

३८. **बढी भुक्तानी** : महामहिम राजदूत २०७० पौष देखि निजामती सेवाबाट अवकाश भएकोमा निजले निजामती कर्मचारीको हैसियतले प्राप्त गर्ने संचय कोष, बीमा लगायतका सुविधा भुक्तानी नगरेतापनि अवकास प्राप्त अवधि पछि पनि महंगी भत्ता भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.१८ हजार असुल गर्नुपर्दछ ।

३९. **स्थानीय दरबन्दी** : कार्यालयको स्वीकृत दरबन्दी अनुसार कर्मचारीको तलब खर्च लेख्नु पर्दछ । यस दूतावासकोलागि स्थानीय कर्मचारी तर्फ स्वीकृत ८ दरबन्दी मध्ये मेसेन्जर र सेक्युरिटी गार्डको दरबन्दी कटौती भएकोमा पुनः नियुक्ती गरी दरबन्दी भन्दा बढी कर्मचारीको तलब भत्ता खर्च लेखेको रु.९ लाख २६ हजार असुल गर्नुपर्दछ ।

४०. **दैनिक भ्रमण खर्च** : भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ मा सरकारी कामको सिलसिलामा मुलुक भित्र भ्रमण गर्दा फर्केको दिनको २५ प्रतिशत मात्र भ्रमण भत्ता पाउने उल्लेख छ । वैदेशिक भ्रमण गर्दा फर्केको दिनको भ्रमण भत्ता दिने उल्लेख छैन । यस दूतावासका कर्मचारीहरु सरकारी कामको सिलसिलामा विभिन्न मितिमा विभिन्न स्थानमा भ्रमण गरेकोमा फर्केको दिन भ्रमण भत्ताको आधा दरले हुने रकम रु.रु.८७ हजार भुक्तानी दिएकोमा फर्केको दिन आधा भत्ता पाउने आधार पेश नभएकोले असुल गर्नुपर्दछ ।

४१. **दोहोरा भुक्तानी** : स्थानीय कर्मचारीलाई स्थानीय चाडपर्वमा खर्च दिनु पर्नेमा २०७२ असोज महिनामा दशै खर्च अमेरिकी डलर ३००८ र बैशाखमा स्थानीय पर्व वाटर फेस्टिफलमा अमेरिकी डलर १०७५.६५ भुक्तानी दिएकोले चाडपर्व खर्च दाहोरो भुक्तानी दिएको रु.३ लाख २३ हजार असुल गर्नुपर्दछ ।

४२. **विविध खर्च** : दूतावासले विविध खर्च शिर्षकबाट सूरक्षाकर्मीलाई मासिक ४९ हजार र अन्य स्थानीय कर्मचारीलाई मासिक ३० हजार च्याट टिप्स दिएको र महामहिम राजदूत स्थानीय नेपालीको विवाहमा सम्मिलित भई नगद खर्च लेखेको छ । कार्यालयको बजेटबाट यस प्रकारका खर्च लेख्न मिल्ने नदेखिएकोले नियन्त्रण गर्नुपर्दछ ।

४३. **विविध तर्फ** : नेपालमा गएको विनाशकारी भूकम्पबाट भएको क्षतिको लागि राहत स्वरुप विभिन्न व्यक्तिबाट अमेरिकी डलर ५२३८५ प्राप्त भएकोमा अमेरिकी डलर ५२२२६ मात्र प्रधानमन्त्री राहत कोषमा पठाएकोले बाँकी अमेरिकी डलर १५९ कोषमा पठाउनु पर्दछ ।

नेपाली राजदूतावास, मस्को

४४. **संचय कोष थप** : महामहिम राजदूतलाई २०७२ श्रावण देखि २०७३ बैशाख २५ सम्मको मासिक पारीश्रमिक भुक्तानी दिंदा प्रति महिना रु.४ हजार ११३ का दरले ४० हजार ४४४ सचयकोष थप खर्च लेखेको छ । महामहिम निजामती कर्मचारी नभएको र उँहाले पाउने बिशेष सुबिधा तथा भत्ता सम्बन्धमा नेपाल सरकारबाट निर्णय भएको नपाईएको हुँदा नियोगले संचयकोष वापत थप खर्च लेख्न मिल्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम सम्बन्धीतबाट असुल गर्नुपर्दछ ।

नेपाली राजदूतावास, नयाँदिल्ली

४५. **सोधभर्ना** : राजस्वबाट सापटि लिई विनियोजन तर्फ खर्च गरेको रकम निकासा प्राप्त गरी राजश्व दाखिला गर्नुपर्नेमा राजश्वबाट खर्च गरेको कारण श्रेस्ता भन्दा बैंकमा कम देखिएको रु.२ लाख २३ हजार ४९८(भा.रु १,३९,६८६।-) सोधभर्ना प्राप्त गरी राजश्व दाखिला गर्नुपर्दछ ।

४६. **सेटलमेन्ट भत्ता :** मन्त्रिपरिषद्को २०५१।२।४ को निर्णयानुसार नियोगमा सरुवा भई जाने कर्मचारीले एक पटक एक महिना बराबरको सेटलमेन्ट भत्ता लिने गरेको छ । यसरी सेटलमेन्ट भत्ता लिई सकेपछि ती कर्मचारीको आवास गृहमा टि.भि. लगायतका सामान खरिद तथा मर्मत समेत कार्यलयले गर्दै आएकोले सेटलमेन्ट भत्ता उपलव्ध भएपछि कर्मचारीको आवासको खर्च कार्यालयले गर्नु उपयुक्त देखिएको छैन । मन्त्रालयले नीतिगत निर्णय गरी यस प्रकारको खर्च नियन्त्रण गर्नुपर्दछ ।

४७. **वैदेशिक भत्ता भुक्तानी** : निजामती सेवा नियमावलीको नियम ४० (१) अनुसार सरुवा भई जानु पर्ने कर्मचारीले बरबुझारथको निमित्त एक्काईस दिनमा नबढाई तथा तयारीको निमित्त बाटोको म्याद बाहेक सात दिनको म्याद पाउनेछ र तयारी म्यादमा निजले कार्यालयमा हाजिर हुनु पर्ने छैन र बरबुझारथको निमित्त एक्काईस दिनभन्दा बढी लाग्ने भएमा त्यसको स्पष्ट कारण खोली सम्बन्धित सचिवबाट बढीमा एक महिनासम्म बरबुझारथको लागि म्याद थप हुन सक्ने व्यवस्था छ । नियोगका काउन्स्लर (लेखा) को स्थानमा सरुवा भई आउनु भएका अर्का काउन्सलर २०७३ बैशाख ८ गते नियोगमा हाजिर हुनु भएको छ । निज हाजिर भएपछि भएपछि एक काउन्स्लरले नियम अनुसार २०७३ बैशाख ३० गते (२१ दिन) सम्मकोमात्र वैदेशिक भत्ता पाउनेमा निजलाई बैदेशिक भत्ता वापत जेठ र आषाढ महिनामा अमेरिकी डलर ४०१० भुक्तानी दिएकोले रु ४ लाख २८ हजार असुल गरी संचित कोषमा दाखिला गर्नुपर्दछ ।

४८. **अधुरो ठेक्का :** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार निर्माण कार्यको लागि पेश्की जमानत राखेर मात्र पेश्की दिने व्यवस्था रहेकोछ । राजदूतावसको पश्चिम पट्टिको खाली भागमा भिजिटर्स रुम तथा शौचालय बनाउनको लागि एक निर्माण व्यबसायीलाई २०७१।७२ मा जम्मा रु १० लाख ६३ हजार भुक्तानी भएको छ । साथै यो वर्ष पेश्की स्वरुप रु.१५ लाख २० हजार (भा.रु ९५०००००।-) भुक्तानी दिएको छ । लेखापरीक्षण अवधि सम्म गणणा गर्दा कार्यादेश दिएको २० महिना सम्म पनि कार्य सम्पन्न भएको छैन । साथै कार्यालयले पेश्की बाँकी पनि नराखेको तथा पेश्कीको जमानत पनि लिएको छैन । सम्झौता नगरी रकम भुक्तानी गरेकोले निजलाई कानूनी दायरामा ल्याउन,तोकिएको कार्य सम्पन्न गराउन कठिनाई पर्दछ । नियमावलीको व्यवस्था अनुरुप रु ५ लाख भन्दा बढीको निर्माण कार्य आबश्यक जमानत लिई सम्झौता गर्नुपर्दछ ।

४९. **उपचार खर्च** : नागरिक राहत क्षतिपूर्ति तथा सहायता सम्वन्धी कार्यविधि २०६८ निर्देशिका १२.१ अनुसार विदेशमा गई उपचार गराउँदा मेडिकल वोर्डको सिफारिसमा अनुसार प्रत्येक पूर्व विशिष्ट तथा वालवाला व्यक्तिहरुलाई नेपाल सरकारले रु १५ लाख सम्म विल बमोजिमको औषधोपचार दुतावास मार्फत सम्वन्धित अस्पताललाई दिने व्यवस्था छ । गृह मन्त्रालयको प्रस्तावमा मन्त्री परिषद्को २०७२।१०।१३ को निर्णय अनुसार एक भुतपूर्व प्रधानमन्त्रीलाई रु २० लाख (भारु १२४८८२९) भुक्तानी दिएकोमा उक्त कार्य सँग प्रत्यक्ष सम्वन्ध सरोकार राख्ने जनसंख्या तथा स्वास्थ्य मन्त्रालयको सिफारिस नरहेकोले उक्त कार्यको विल भरपाई पेश गर्नुपर्दछ ।

५०. **कार्यक्रम खर्च :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ४०(७) बमोजिम चालू वर्षको बजेटले नखाम्ने गरी बढी खर्च हुने गरी दायित्व श्रृजना गर्नु हुँदैन । तर विशेष कारण एवं परिस्थितिवश उपनियम (८) मा उल्लिखित खर्च शीर्षकहरुमा चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने भएमा भुक्तानी दिन बाँकीको कच्चावारीमा प्रमाणित गराई राख्नु पर्ने व्यवस्था छ । आर्थिक कूटनैतिक कार्यक्रम अन्तर्गत नेपालमा रहेको आर्थिक अवसरहरुको प्रचार प्रसार गरी लगानी र पर्यटक भित्र्याउने उद्देश्यले भारतीय उद्योग वाणिज्य सँघमार्फत कार्यक्रम संचालन गरी गत वर्ष रु.७ लाख ६८ हजार (भा.रु ४८०,०००।-)र यस वर्ष रु.१ लाख १२ हजार (भा.रु७००००।-) समेत गरी रु.८ लाख ८० हजार भुक्तानी गरेको छ । गत वर्ष ९ जुलाई २०१५ मा सम्पन्न भएको कार्यक्रमको को सम्झौता रकम रु.७ लाख ६८ हजार भएकोमा कार्यक्रम एक दिन थप हुन गएकाले रु.१ लाख १२ हजार सम्झौता भन्दा बढी खर्च भएको बिल प्राप्त भएकोमा विगत वर्षको भुत्तानी वाँकीको अभिलेख नराखी यस वर्ष रु.१ लाख १२ हजार भुक्तानी दिएको देखिन्छ । प्रमाणित भुक्तानी दिनवाँकीको फाटवारीको आधारमा मात्र गत वर्षको भुक्तानी दिनुपर्दछ ।

५१. **मूल्य अभिवृद्धि कर :** नियोगले खरिदमा तिरेको मूल्य अभिवृद्धि कर फिर्ता पाउने प्रावधान छ । नियोगले विभिन्न वस्तु तथा सेवा प्राप्त गर्दा तिरेको मूल्य अभिवृद्धि कर रु.८ लाख २० हजार फिर्ता माग गरि राजश्व दाखिला गर्नुपर्दछ ।

नेपाली राजदूतावास, पेरिस

५२. **दैनिक भ्रमण खर्च–** भ्रमण खर्च नियमावली २०६४ मा वैदेशिक भ्रमण गर्दा फर्केको दिनको भ्रमण भत्ता दिने उल्लेख छैन । यस दूतावासका कर्मचारी तथा पदाधिकारी सरकारी कामको सिलसिलामा विभिन्न स्थानमा

विभिन्न मितिमा आन्तरिक तथा वैदेशिक भ्रमण गरेकोमा फर्केको दिन समेत भ्रमण भत्ता रु.२ लाख १३ हजार भुक्तानी दिएकोमा भ्रमणबाट फर्केको दिन भत्ता पाउने व्यवस्था नभएकोले असुल गर्नुपर्दछ ।

नेपाली राजदूतावास, सिउल

५३. **महगी भत्ता** : निजामती कर्मचारीलाई प्रति महिना रु.१ हजार महंगी भत्ता भुक्तानी दिने व्यवस्था छ । राजदूत र अर्दली २ जनालाई महंगी भत्ताबापत श्रावण २०७२ देखि चैत्रसम्म रु.२७ हजार भुक्तानी लेखेकोमा राजदूत तथा अर्दलीले भत्ता पाउने व्यवस्था नभएकोमा निजामती कर्मचारी सरहनै भुक्तानी दिएको कारण बढी भुक्तानी भएको उक्त रकम असुल गर्नुपर्दछ ।

५४. **दैनिक भत्ता :** दैनिक तथा भ्रमण भत्ता नियमावली, २०६४ अनुसार रीतपूर्वक भ्रमणमा खटिएको अवधिको भ्रमण भत्ता पाउने व्यवस्था छ । नियोग उपप्रमुखलाई ७ दिन बरबुझारथ गर्ने अवधिको अमेरिकी डलर ८७५ को रु.९३ हजार दैनिक भत्ता भुक्तानी दिएको छ । नियोगमा खटिएको कर्मचारी सरुवा भई फर्कंदा बरबुझारथ गर्ने अवधिको दैनिक भत्ता समेत प्राप्त गर्ने गरी कार्यरत रहेकै अड्डामा काज रहेको भनी भत्ता दिन नमिल्ने रु.९३ हजार असुल गर्नुपर्दछ ।

५५. **औषधि उपचार :** परराष्ट् मन्त्रालयको चं.नं. ५१० मिति २०६१।७।१९ को पत्रानुसार औषधि उपचार खर्च सम्बन्धमा एक पटकमा रु.२० हजारभन्दा माथिको स्वास्थयोपचारको बिल मन्त्रालयबाट समर्थन गराई खर्च लेख्नुपर्नेमा राजदूत लगायत ६ कर्मचारी तथा पदाधिकारीलाई मन्त्रालयको समर्थन बेगर रु.६ लाख ७० हजार भुक्तानी दिएको छ ।

नेपाली राजदूतावास, वाशिंगटन

५६. **असम्न्धीत खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ बमोजिम सम्बन्धीत खर्च शीर्षकबाट मात्र खर्च लेख्न मिल्नेमा गल्फ आइटम खरिद गरी मास्टर कार्ड न.८४०३५३ बाट भुक्तानी भएको अमेरिकी डलर १३५३ र मास्टर कार्ड न.४४१९९८ बाट भुक्तानी भएको अमेरिकी डलर १४९ समेत गरी जम्मा अमेरिकी डलर १३७२ कार्यालय समान खर्च शिर्षकबाट खर्च लेखेको छ । व्यक्तिगत प्रयोजनको रु.१ लाख ४७ हजार को समान खरिद गरी भुक्तानी गरेको अनियमित देखिएको छ । कार्यालयको बजेटबाट भुक्तानी दिदा खर्चको प्रयोजन स्पष्ट गर्नुपर्दछ ।

५७. **कार्यक्रम खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(७) बमोजिम खर्चको बिल भरपाई वा प्रमाण राख्ने तथा राख्न लगाउने समेतको सम्पूर्ण दायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ । नियोगले एक स्थानीय फर्मसंगको सम्झौता बमोजिम अमेरिकी डलर ६,०५०।०० दुई किस्तामा भुक्तानी दिएको छ । अमेरिकी सरकारसंग भन्सार छुटका लागि अनुरोध गर्ने सामानको पूर्व सुनुवाई लिस्ट तयार गर्ने, नेपाल सरकारका सम्वन्धित मन्त्रालयबाट उक्त विषयमा पृष्ठपोषण लिने, यसको प्रति तयार गरी सम्वन्धित निकायमा पेश गर्ने, अमेरिकी आयातकर्ताको खोजि गरी समन्वय गर्ने, अमेरिकी अर्न्तराष्ट्रिय व्यापार आयोगलाइं आवश्यक सूचना उपलब्ध गराउने कार्य गरेको भनि भुक्तानी दिएको छ । उक्त ट्रेडले सो कार्य गरेको आधार,फर्मको क्रियाकलाप प्रतिवेदन पसमेत तयार गरेको छैन । समुचित आधार समावेश नगरी रु ६लाख४८ हजार भुक्तानी दिएको अनियमित देखिएको छ । खर्चको सदुपयोगको प्रमाण एवं पुष्ट्याई संलग्न गर्नुपर्दछ ।

नेपाली राजदूतावास, कुबेत

५८. **धरौटी खाता :** मन्त्रालयले सेल्टरहाउसको घर भाडा सम्बन्धी मुदाको प्रतिरक्षा गर्न लाग्ने खर्चकालागि नियोगको अनुरोधमा २०७३।१।२८ मा रु.१करोड ७० लाख निकासा दिएकोमा यस सम्बन्धी खर्चलाई नियोगले देहाय बमोजिम लेखाकंन गरेको छ :

५८.१ बिपदमा परेका महिलाहरुको आवासको लागि नियोगले भाडामा लिएका घरधनीले नियोग बिरुद्ध दायर गरेको मुदामा कुबेतको पुनरावेदन अदालतमा प्रकृया अघि बढाउन, स्थानीय कानुन अनुसार सुनवाई अघि रकम जम्मा गर्नुपर्ने भएकोले कुवेतको Court of First Instances ले फैसला गरे बमोजिम कुबेती दिनार ३९,०५०.०० (ने.रु.१३७८४,६५०) कुवेतको Ministry of Justics लाई धरौटी वापत भुक्तानी गरेकोमा अन्तिम फैसला नआई सकेकोले उक्त रकम धरौटी खातामा अभिलेख गरीएकोमा अदालतको अन्तिम फैसला कार्यान्वयन गर्दा हिसाब मिलान गर्नपर्ने देखिएको छ ।

५८.२ उपरोक्त मुदामा फैसला आई नसकेकोले राजदुतावासले मुदा हारेको खण्डमा घरधनीलाई भुक्तानी गर्ने गरी निकासा गरीएको रकम विनियोजन शिर्षकबाट धरौटी खातामा ने.रु ३२ लाख १५ हजार (कुबेती दिनार के डि ९०००) आम्दानी बाँधिएको छ । विनियोजनतर्फ निकासा भएको रकम आर्थिक वर्षको अन्तमा बचत हुदाँ निकासा फिर्ता हुनु पर्नेमा धरौटी खातामा जम्मा गरेको देखिएको छ । आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहन आएको रकम आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ बमोजिम फिर्ता दाखिला गर्नुपर्दछ ।

५९. **पेश्की** : इराकमा रहेका नेपालीलाई आपतकालीन उद्धार कार्यकालागि सह-सचिव श्री अर्जुनकान्त मैनाली लाई भुक्तानी दिएको पेश्की मध्ये फर्छ्यौट हुन बाकी रहेको अमेरिकी डलर १५०३७.५० परराष्ट्र मन्त्रालय, को २०७१।३।२४ पत्र बमोजिम नियोगले म्याद नाघेको पेश्कीमा यो वर्ष अभिलेख गरेको छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४ मा तोकिएको म्याद भित्र यसै नियमावलीको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबै थरीको कर्तव्य भएकोमा उक्त पेश्की हालसम्मपनि फर्छ्यौट गरेको नपाईएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

नेपाली राजदूतावास, ओटावा

६०. **बढी ग्रेड भुक्तानी :** दूतावासका एक कर्मचारीलाई ग्रेड वापत श्रावण देखि पौषसम्म रु.७२० र माघ देखि असार सम्म रु.९६० भुक्तानी दिनु पर्नेमा श्रावणमा रु.७९० र भाद्र देखि पौषसम्म रु.७२० र माघ देखि असार सम्म रु.१ हजार २०० का दरले भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रकम कर्मचारी संचयकोष र दशै खर्च समेत रु.२ हजार असुल गर्नुपर्दछ ।

६१. **दैनिक भ्रमण खर्च :** भ्रमण खर्च नियमावली २०६४ मा बैदेशिक भ्रमण गर्दा फर्केको दिनको भ्रमण भत्ता दिने उल्लेख छैन । यस दूतावासका कर्मचारी तथा पदाधिकारीहरु सरकारी कामको सिलसिलामा विभिन्न स्थानमा विभिन्न मितिमा भ्रमण गरेकोमा फर्केको दिन तोकिएको भ्रमण भत्ताको आधा दरले हुने रकम रु.१लाख ११ हजार भुक्तानी दिएकोले भ्रमणबाट फर्केको दिन आधा भत्ता पाउने आधार पेश हुनु पर्ने अन्यथा असुल गर्नुपर्दछ ।

नेपाली राजदूतावास, प्रिटोरिया

६२. **ग्रेड भुक्तानी** : आफु कार्यरत रहेको पद भन्दा माथिल्लो पदको जिम्मेवारी सम्हाल्ने पदाधिकारीले माथिल्लो पदको शुरु स्केल पाउने व्यवस्था छ । महामहिम राजदूत सह सचिवबाट राजदूत नियुक्त हुनु भएकोमा निजलाई विशिष्ट श्रेणीको तलब स्केलमा खाईपाई आएको ग्रेड समेत र संचयकोष थप समेत जोडी रु १४ हजार बढी भुक्तानी दिएको छ । विशिष्ट श्रेणीको शुरु स्केलमा सह-सचिव पदको खाई पाई आएको ग्रेड थप भएको कारण बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

६३. **घर भाडा सुरक्षण रकम :** राजदूतावासले कुटनीतिक कर्मचारीलाई आवाशको व्यवस्था गर्दा ४ घर धनीलाई एक महिनाको घरभाडा वापतको रकम सुरक्षण वापत स्थानिय मुद्रा रेण्ड १,२०,०५१ अग्रिम भुक्तानी दिएको छ । सम्झौताको समाप्ती पश्चात उक्त रकम सम्झौता बमोजिम फिर्ता लिई राजस्व दाखिला गर्नुपर्दछ ।

नेपाली राजदूतावास, ओमान

६४. **बढी भुक्तानी :** कार्यबाहक राजदूत लाई श्रावण महिनामा पारिवारिक भत्ता भुक्तानी गर्दा अमेरिकी डलर ४४५.५४ भुक्तानी गर्नुपर्नेमा पारिवारिक भत्ता गणना गर्दा खाई पाई आएको तलब रकम बाट गणना गर्नुपर्नेमा कर्मचारी संचयकोष थप समेत जोडि गणना गरेकोले अमेरिकी डलर ४५५.५४ भुक्तानी गरेको छ । अमेरिकी डलर १० बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

६५. **दैनिक भ्रमण खर्च** : भ्रमण खर्च नियमावली, २०६४ बैदेशिक भ्रमण गर्दा फर्केको दिनको भ्रमण भत्ता दिने व्यवस्था छैन । २ कर्मचारीलाई भ्रमणबाट फर्केको दिन तोकिएको भत्ताको आधा भत्ता वापत रु.१७ हजार भुक्तानी दिएकोले फर्केको दिन आधा भत्ता पाउने आधार पेश हुनु पर्ने अन्यथा असुल गर्नुपर्दछ ।

नेपाली महावाणिज्य राजदूतावास, कोलकत्ता

६६. **राजश्व दाखिला :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९ बमोजिम कार्यालयमा प्राप्त राजस्व ७ दिन भित्र राजश्व दाखीला गर्नुपर्नेमा आर्थिक वर्षको अन्तमा बाकी राजश्व रु.१ लाख ७४ हजार (भा.रु.१,०८,६१५।-) रहेकोमा लेखापरीक्षण अवधिसम्म २०७३ पौष सम्म संचित कोषमा दाखिला नभएको हुदाँ संचितकोषमा दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

६७. **तेश्रो खाता** : तेश्रो खातामा बाँकी रु.१६ लाख १९ हजार मध्ये नेपाल पर्यटन वोर्डको रु.२ लाख २१ हजार रहेकोमा लामो समयदेखि खातामा रहेको छ । उक्त रकम प्रयोजनमा अनुसार खर्च गर्नुपर्ने अन्यथा संचितकोषमा दाखिला गर्नुपर्दछ ।

६८. **कार्यक्रम खर्च** : पर्यटन प्रवर्द्धनका लागि कोलकत्ता स्थित हिमाल एवं पर्वातरोहण संघ सम्वन्धित संस्था दि हिमालयन कल्बसँगको सहकार्यमा नेपालको पर्यटन आरोहण सम्वन्धी एक टक सो ५० प्रतिशत खर्च रकम नेपाल सरकारले व्यहोर्ने निर्णय भएकोमा स्वीकृत लागत अनुमान रु.२ लाख (भा.रु.१२५०००।-) भएकोमा खर्च रु.१लाख ७५ हजार (भा.रु १०९४६८।-) खर्च भएकोले सोको पचास प्रतिशत ले हुने रु.८७ हजार ५०० भुक्तानी दिनु पर्नेमा रु १ लाख भुक्तानी दिएकोले रु.१२ हजार ५०० असुल गरी संचित कोषमा दाखिला गर्नुपर्दछ ।

६९. **महंगी भत्ता** : पारिवारिक भत्ताको दर निर्धारण गर्दा तलव स्केल र वैदेशिक भत्ताको रकममा तोकिएको प्रतिशत दिनु पर्ने व्यवस्था भएकोमा महंगी भत्ता समेत जोडी नियोगका ३ कर्मचारीलाई पारिवारिक भत्ता बढी भुक्तानी गरेको रु १० हजार असुल गरी संचित कोषमा दाखिला गर्नुपर्दछ ।

७०. **पेश्की :** कार्यालयले कुनै पेश्की बाँकी रहेमा म.ले.प.फा.नं. १४ मा राखी पेश्की राख्नु पर्ने व्यवस्था छ । नियोगले तेश्रो खाता अन्र्तगत जनसम्पर्क अधिकृतलाई नेपाली चेलीलाई उद्धार गरी भारतको उडिसा राज्यबाट नेपाल पठाउनको लागि दिएको पेश्की रकम रु.१६ हजार आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभएको र पेश्की बाँकी राखी जिम्मेवारी समेत नसारेकोले पेश्की बाँकी नदेखाइएको रकम असुल गरी संचित कोषमा दाखिला गर्नुपर्दछ ।

नेपाली महावाणिज्य राजदूतावास, ल्हासा

७१. **राहत रकम दाखिला :** चीनको ल्हासा स्थित एक संस्थाले नेपालका भूकम्प पीडितलाई नियोगमार्फत सहयोग स्वरुप रु १ लाख ६६ हजार (युआन १०३१०।-) दिएकोमा प्रधानमन्त्रि राहत कोषमा लेखापरीक्षणको अवधि २०७३ फल्गुनसम्म पनि जम्मा नगरेकोले सम्बन्धित खातामा दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

७२. **विल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । ल्हासा नियोगले आयोजना गरेको व्यापार संघको प्रतिनिधिमण्डल संगको भेटघाट तथा अन्र्तक्रिया कार्यक्रममा आयोजित चियापान तथा रात्री भोज गर्दा भएको खर्च युआन २९७९ बिल बेगर भुक्तानी गरेकोले खर्चको बिल भपाई तथा प्रमाण पेश गर्नुपर्दछ ।

७३. **शैक्षिक भत्ता :** मन्त्रिपरिषद्को २०५१।२।२३ को निर्णयमा राजदूतावास तथा नियोगमा खटिएका पदाधिकारीले आफ्ना २ सन्तानको विद्यालयक भर्ना नियमित शुल्कको ७५ प्रतिशत रकम दिने व्यवस्था छ। ल्हासा र सउदी अरब बाहेक अन्य ९ नियोगमा कर्मचारीहरुको साथमा परिवार नरहे पनि उपलब्ध गराउदै आएको पारिवारिक भत्ता, शैक्षिक भत्ता, औषधि उपचार लगायतका भत्ता अब उपरान्त उपलब्ध नगराउने मन्त्रिपरिषदले २०७१।१२।२९ मा निर्णय गरेको छ । साथै ल्हासा र सउदी अरबको हकमा मन्त्रिपरिषद् आर्थिक पूवाधार समितिमा छलफल गरी समितिको निर्णय बमोजिम गर्ने निर्णय भएकोमा हाल सम्म पनि निर्णय भएको छैन । उप-महावाणिज्यदुतले नेपाल रही अध्ययन गरेका छोराको भर्ना शुल्क रु १५ हजार र नियमित शैक्षिक शुल्क रु १२ हजार गरी जम्मा रु २७ हजारको ७५ प्रतिशतले हुने रु.२० हजार नियोगले भुक्तानी गरेको देखियो । नेपाल रही अध्ययन गरेको शैक्षिक शुल्क भुक्तानी गर्न नमिल्ने हुदाँ उक्त रकम असुल गरी संचितकोषमा दाखिला गर्नुपर्दछ ।

नेपाली महावाणिज्यदूतावास, हङ्कङ्ग

७४. **भ्रमण स्वीकृति :** परराष्ट्र सेवा सम्बन्धी नियमहरु, २०६८ को नियम १५(२)मा नियोग प्रमुखले आवश्यक काम परी आफू खटिएको मुलुकको आन्तरिक भ्रमणमा जानुपर्ने भएमा मन्त्रालयलाई लिखित जानकारी दिएर मात्र जानुपर्ने उल्लेख भएकोमा महावाणिज्यदूतले विभिन्न स्थानमा भ्रमण गरी रु.९४ हजार भुक्तानी दिएकोमा मन्त्रालयलाई जानकारी दिएको नदेखिएकोले निर्देशिकाले तोके बमोजिम मन्त्रालयलाई जानकारी दिनुपर्दछ ।

नेपाली महावाणिज्यदूतावास, न्यूयोर्क

७५. **विमा सेवा** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई संलग्न गर्नुपर्नेमा अमेरिका स्थित एक बिमा कम्पनी लाई नियोगको मिति २०७२।०५।१८ को निर्णय अनुसार कुटनीतिक पदाधिकारी एवं परिवारका सदस्यको विमा गर्न भनि रु.७ लाख ५२ हजार (अमेरिकी डलर ७,०४६.६४) भुक्तानी दिएकोमा विजक संलग्न गरेको छैन । साथै विमा पालिसिले समेटेको स्वास्थ सेवाको विवरण र चेक कसको नाममा जारी गरीएको हो सो समेत स्पष्ट छैन । विमा पालिसिले समेटेको स्वास्थ सेवाको क्षेत्र र चेकको विवरण वा बिल भरपाई सहितको प्रमाण पेश गर्नुपर्दछ ।

७६. **पेश्की** : वाणिज्यदुत निवास भाडामा लिदा राख्नु पर्ने धरौटीका लागि एक वाणिज्यदुतलाई अमेरिकी डलर १६हजार ३५०.०० पेश्की दिएकोमा धरौटी वापत अमेरिकी डलर ५ हजार ६३३.०० र पहिलो महिनाको घर वाहल वापतको अमेरिकी डलर ५ हजार ६३३.०० समेत जम्मा अमेरिका डलर ११ हजार२६६.०० को भुक्तानी अनुरोध प्राप्त भएकोले आवश्यकता भन्दा बढी पेश्की दिएको छ। नियोगले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ बमोजिम कामको निमित्त चाहिने रकम यकिन गरी पेश्की उपलब्ध गराउनुपर्दछ ।

७७. **फर्निचर खरिद** : विभिन्न फर्निचर खरिदको विल अनुसार फर्निचर बिक्रेतालाई लाई अमेरिकी डलर २ हजार १८० भुक्तानी दिएको छ । बिल अनुसार सेल्फ, टेवल लगायतका आइटम खरिद गरेको देखिएपनि जिन्सी अभिलेख तयार गरेको छैन । त्यस्तै अमेरिकी डलर ३ हजार ९०० को फोटोकपी मेशिन खरिद गरी भौ.न. ६८/०७२/७/३ बाट भुक्तानी दिएकोमा जिन्सी आम्दानी बाँधेको छैन । उपरोक्त बमोजिम रु.६ लाख ४९ हजारको (अमेरिकी डलर ६ हजार ०८०) फर्निचर तथा मेशिनको को नियमानुसार जिन्सी आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्दछ ।

नेपालको स्थायी नियोग, जेनेभा

७८. **तलवी प्रतिवेदन :** निजामती सेवा नियमावली, २०६४ मा निजामती कर्मचारीलाई तलबी प्रतिवेदन पारित गराई सोहि बमोजिम ग्रेड भुक्तानी दिनु पर्ने व्यवस्था छ । नियोगले ग्रेड दर लाई समेत कुल पाउने ग्रेडमा

समावेश गरी भुक्तानी दिएको कारण ८ कर्मचारीलाई १ ग्रेड बढी भुक्तानी भएकोले बढी भुक्तानी दिएको रु.३० हजार असुल गर्नुपर्दछ ।

संयुक्त राष्ट्रसंघका लागि स्थायि नियोग न्यूयोर्क

७९. **बढी भुक्तानी :** निजामती सेवा नियमावली, २०६४ मा निजामती कर्मचारीलाई तलबी प्रतिवेदन पारित गराई सोहि बमोजिम ग्रेड भुक्तानी दिनु पर्ने व्यवस्था छ । पारित तलबी प्रतिवेदन अनुसार ४ कर्मचारीको तलब भुक्तानी गर्दा बढी ग्रेड भुक्तानी भएको देखिएको रु.१० हजार असुल गर्नुपर्दछ ।

८०. **घरभाडा** : राजदूतावासले ३ कुटनीतिक कर्मचारीलाई आवाशको व्यवस्था गर्दा घर धनीलाई जमानत वापत एक/दुई महिनाको घरभाडा वापतको रु.२९ लाख ६७ हजार (अमेरिकी डलर **२७८२५)** अग्रिम भुक्तानी दिएको छ। सम्झौतामा उल्लेख भए अनुसार घर छोड्दाका बखत फिर्ता हुने उक्त रकमको अभिलेख राखि नियमानुसार फिर्ता लिई राजस्व दाखिला गर्नुपर्दछ ।

८१. **कर भुक्तानी** : कुटनीतिक निकायले सामान वा सेवा खरिदको भुक्तानीमा तिरेको कर फिर्ता हुने व्यवस्था छ । नियोगबाट विभिन्न सामान खरिद गर्दा स्थानिय बिक्रेतालाई मुल्य अभिबृद्धि कर रु.६७ हजार (अमेरिकी डलर ६३३.६२) भुक्तानी गरेकोमा कुटनैतिक सुविधा अनुसार फिर्ता नलिएको र यो वर्ष मूल्य अभिवृद्धि कर बापत भएको खर्च, सोमध्ये फिर्ता प्राप्त भएको र बांकी देखिने अभिलेख पेश हुन आएको छैन । अभिवृद्धि कर भुक्तानीको अभिलेख राख्ने र फिर्ता लिई खर्च घटाउने वा रकम राजस्व दाखिला गर्नेतर्फ दूतावासको ध्यान जानुपर्दछ ।

८२. **कार्यक्रम खर्च** : नेपाल सरकारका कार्यालयलाई कार्यक्रम संचालन गर्न निश्चित लक्ष्य तोकी रकम निकासा हुने र कार्यालयले तोकिए बमोजिमको कार्यक्रम सम्पन्न गर्नुपर्ने व्यवस्था छ । यस नियोगलाई आर्थिक कूटनीति कार्यक्रम संचालन गर्न यो बर्ष रु.२० लाख विनियोजन भएकोमा नियोगबाट कुनै कार्यक्रम संचालन गरेको छैन । नियोगले तोकिए बमोजिम कार्यक्रम संचालन गरी लक्ष्य हासिल गर्नुपर्दछ ।

पशुपन्छी विकास मन्त्रालय

१. **बजेट निस्कृय :** मन्त्रालयको लागि यो वर्ष २ बजेट उप-शीर्षकवाट रु.६ करोड ७७ लाख २१ हजार बजेट व्यवस्था भएकोमा रु.५ करोड ७४ लाख २७ हजार खर्च गरी रु.१ करोड ०२ लाख ९३ हजार बजेट खर्च हुन नसकि निस्कृय वनाएको पाईयो ।

२. **लक्ष्य तथा प्रगति :** मन्त्रालयको लागि यो वर्ष विभिन्न ६० कार्यक्रमहरु संचालनको लागि पूंजीगत तथा चालु बजेट खर्च तर्फ रु.६ करोड ७७ लाख २१ हजार बजेट विनियोजन भएकोमा सम्पूर्ण कार्यक्रम संचालन गरी शतप्रतिशत प्रगति भएको वार्षिक प्रगति प्रतिवेदन पेश भएको छ । माथि दफा १ मा उल्लेख भए अनुसार दुवै बजेट उपशीर्षकमा खर्च नभई वांकी रहेको देखिन्छ भने प्रगति विवरणमा सम्पूर्ण रकम खर्च भएको देखाएकोले कामको परिमाणमा पनि तोके अनुसारको प्रगति नभएको हुन सक्छ । वार्षिक प्रगति प्रतिवेदन तयार गर्दा वास्तवीक आधारमा प्रगति प्रतिवेदन तयार गरिनु पर्दछ ।

३. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० बमोजिम पेश भएको जिन्सी निरीक्षण प्रतिवेदनमा कुनै पनि जिन्सी सामानहरुको मुल्य खुलाएको पाईएन । मन्त्रालय यो वर्षमात्र स्थापना भएकोमा कृषि विकास मन्त्रालयवाट हस्तान्तरण भई आएका सामानहरु, सोही हस्तान्तरण फाराममा उल्लेख भए अनुसारको मुल्य राखेर र मन्त्रालयले यो वर्ष खरिद गरेका जिन्सी सामानहरु खरिद वील र दाखिला प्रतिवेदन हेरेर जिन्सी सामानको मुल्य खुलाई राख्नु पर्दछ । साथै प्रतिवेदनमा दिईएका सुझावहरु कार्यान्वयन गरी जिन्सी व्यवस्थापन गर्नु पर्दछ ।

४. **आयोजना :** मन्त्रालय अन्तर्गत उच्च पहाड कृषि व्यवसाय तथा जिवीकोपार्जन सुधार आयोजना संचालनमा रहेको छ । आयोजनाको कार्यक्षेत्र संखुवासभा, सोलुखुम्वु, दोलखा, रसुवा, मनाङ्ग, मुस्ताङ्ग, डोल्पा, जुम्ला, मुगु र हुम्ला समेत १० जिल्ला रहेको छ। एशियाली विकास वैंकको अनुदान सहयोगमा संचालीत यस आयोजनाको कुल लागत रु.२ अर्व ८७ करोड रहेको छ। आयोजनाको अवधि २०६८।३।१३ देखि २०७५।६।३० सम्म रहेको छ ।यस सम्वन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन ।

४.१ संचालनको कुल अवधि ७ वर्ष रहेकोमा संचालन अवधि ४ वर्ष विति सकेको अवस्थामा हालसम्म रु.१,४६,१२,६९,२५२। (५०.९१ प्रतिशत) खर्च गरेको विवरण पेश भएको छ । आयोजना अवधि दुई वर्षमात्र वांकी रहेको अवस्थामा यही किसिमले कार्य संचालन गर्ने हो भने आयोजनाले उद्देश्य अनुसारको लक्ष हासिल गर्न सक्ने देखिदैन ।

४.२ आयोजनाले हालसम्म गरेको कुल खर्च मध्ये परामर्शदाता, कार्यालय व्यवस्थापन, (बैदेशीक भ्रमण समेत) कार्यक्रम खर्च (औजार, उपकरण, सवारी साधन,भवन आदि) र उप आयोजना संचालनमा भएको खर्च कति हो भनी विवरण माग गरिएकोमा कुल खर्च रु.१,४६,१२,६९,२५२। मध्ये देहाय अनुसार खर्च भएको विवरण पेश भएको छ ।

कृषि तथा पशुपंक्षीजन्य वस्तु उत्पादन, प्रशोधन र वजारीकरण गर्ने उद्देश्यले सथापित यस आयोजनाले सो कार्यको लागि संचालित उप आयोजनाहरुमा ३१.४१ प्रतिशत मात्र खर्च गरेकोले लक्ष अनुसार उत्पादन वृद्धि र वजारीकरण हुन सक्ने देखिदैन । अतः अनुत्पादक खर्चलाई न्यूनीकरण गरी कृषि तथा पशुपंक्षीजन्य वस्तु उत्पादन गर्ने कार्यमा खर्च वढाउनु पर्ने देखिन्छ ।

५. **अनुदान :** मन्त्रालय र अन्तर्गत कार्यालयहरुवाट पशुपंक्षी पालन, तथा पशु र कृषि जन्य व्यवसाय भएको मध्ये के कति अनुदान उपलव्ध गराई खर्च गरियो र के कति प्रगति तथा उपलव्धि हासील भयो भनी मिति २०७३।८।१३ मा विवरण माग गरिएकोमा मिति २०७३।११।१८ मा मात्र ४ निकायवाट रु.१४०९९५०००।अनुदान उपलव्ध गराएको विवरण पेश भएको छ ।

५.१ मन्त्रालय अन्तर्गत पशु सेवा कार्यालय ७५ वाट र काठमाण्डौ उपत्यका स्थित निर्देशनालयहरु र अन्य निकायवाट पनि अनुदान रकम खर्च हुने गरेकोमा मन्त्रालयले अन्तर्गत विभाग र निकायहरुवाट विवरण प्राप्त गरी उपलव्ध गराउन सकेन । जसले गर्दा कूल उतपादन र प्राप्त गरेको उपलव्धी सम्वन्धमा यकिन गर्ने आधार भएन ।

५.२ अनुदान बजेट व्यवस्था भएका ३ कार्यालय मध्ये जिल्ला पशु सेवा कार्यालय काठमाण्डौले मात्र बजेट व्यवस्था भएको सम्पूर्ण रकम व्यवसायी कृषकहरुलाई अनुदान वितरण गरेको उल्लेख छ । पशु उत्पादन निर्देशनालयवाट २ हजार गोटा उन्नत गाई वितरण गर्ने कार्यको लागि रु.१३ करोड र ५० प्रतिशत अनुदानमा हाईड्रो फोनिक्स मेसिन ३० वटा वितरण गर्ने कार्यको लागि रु.६ करोड बजेट व्यवस्था भएकोमा ति दुवै कार्य हुन नसकेको उल्लेख छ । यसरी अनुदान बजेट व्यवस्था भएको मध्ये ९२.९१ प्रतिशत कार्यक्रम नै संचालन गरेको छैन । पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालयवाट ५ कार्यमा अनुदान वितरण गर्ने कार्यक्रम रहेकोमा सम्पूर्ण कार्यक्रम संचालन गरेको भएतापनि पशु वधशाला निर्माण २५ वटा गर्ने कार्यको लागि रु.८ करोड बजेट व्यवस्था भएकोमा १७ बधशाला निर्माण गरी रु.५ करोड ७० लाख मात्र अनुदान खर्च भएको उल्लेख छ । पशु तथा पशुजन्य वस्तुको उत्पादन र बजारीकरण गर्ने कार्यको लागि वार्षिक कार्यक्रम स्वीकृत भई बजेट व्यवस्था भएकोमा कार्यक्रम नै संचालन नगरेको उपयुक्त देखिएन ।

५.३ दुग्ध विकास संस्थानलाई रु १०००००००।०० शशर्त अनुदान उपलव्ध गराएकोमा संस्थानले उक्त रकमवाट के कुन कार्यक्रम संचालन गरी कति खर्च गरेको थियो मन्त्रालयले कार्यक्रम र खर्चको विवरण प्राप्त गरी हिसाव फरफारक गरेको देखिएन । अतः संस्थानले संचालन गरेको कार्यक्रमको प्रगति र खर्च विवरण प्राप्त गरी मन्त्रालयले खर्च एकिन गरेर खर्च गर्न नमिल्ने रकम र खर्च नभई वाकी रहेको रकम फिर्ता गरी राजश्व दाखिला हुनु पर्दछ ।

६. **अग्रिम कर :** मन्त्रालयका एक कर्मचारीले सुशासन मानव अधिकार वेरुजू सहजीकरण तथा सूचनाको हक सम्वन्धि कार्यशाला संचालन वापतको पेश्की रु.१,२४,५००। फछ्र्यौट गर्दा व्याग तथा स्टेशनरी खरिद वापत एक इन्टरप्राइजेजलाई रु.९२८८०। मु.अ. कर वाहेक भुक्तानी गरेकोमा आयकर ऐन, २०५८ वमोजिम अग्रिम आयकर रु.१३९३। कट्टी गरेको नेखिएकाले असूल हुनु पर्दछ ।

७. **पेश्की फछ्र्यौट :** जिल्ला पशु सेवा कार्यालय झापाको रु.३,००,०००। पेश्की फछ्र्यौट गरेकोमा देहायका कार्यालय र कर्मचारीको पेश्की फछ्र्यौट गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन् : १५ जनालाई वैठक भत्ता १५०००। खर्च लेख्दा कर कट्टा गरिएको रु.२२५०। राजस्व दाखिला भएको नदेखिएकोले असुल हुनु पर्दछ ।

७.१ एक एकल महिला वाखा पालन समूहसंगमा भएको संझौतामा कार्य सम्पन्न भएपछि भए गरेका कार्यको सक्कलै विल भरपाईहरु, कार्य सम्पन्न प्रतिवेदन, समितिमा भएका निर्णयहरु समेतका कागजातहरु २०७३ आषाढ मसान्त भित्र पेश्की फछ्र्यौटका लागि सेवा केन्द्रको सिफारिस साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने उल्लेख गरी वाखा र वोका वितरणको लागि रु.१,६५,०००। समूहको वैंक खातामा जम्मा गरीएको तर सम्झौता अनुसारको विल भरपाई, कार्य सम्पन्न प्रतिवेदन र समितिवाट निर्णय भएको कागजात पेश गरेको छैन ।

७.२ एक कर्मचारी मार्फत वाखा पालन तालिम संचालन गर्दा दिइएको तालिम भत्तामा कर कट्टा गरिएको रु.५५५। र मिति ०७३।३।२३ मा अन्तिक्रिया गोष्ठीमा भत्तामा कर कट्टा गरिएको रु.४२३। राजस्व खातामा दाखिला नभएकोले असूल गरी राजस्व खातामा दाखिला हुनु पर्दछ ।

७.३ जिल्ला पशु सेवा कार्यालय कपिलवस्तुको रु.३,००,०००। पेश्की फछ्र्यौट गरेकोमा एकल महिला वाखा पालन समूहसंग गरेको सम्झौता अनुसार ३० गोटा वाखा खरिदको लागि रु.१,५०,०००।, वोका खरिद १ गोटाको लागि १५,०००। र विमा कोषको लागि रु.७,०००। गरी रु.१,७२,०००। समूहको खातामा जम्मा गरिएकोमा सो समूहले वोका वाखा गरीद गरी वितरण गरेको प्रमाण पेश गरेको छैन । त्यसै गरी अर्को एक एकल महिला वाखा पालन समूहले दिएको निवेदन अनुसार १५ जनालाई खोर व्यवस्थापन गर्न रु.७५,०००। मा अग्रिम कर रु.११२५। कट्टा गरी रु.७३,८७५। समूहको खातामा जम्मा गरेकोमा समूहले कृषक छनोट गरी वाखापालन खोर व्यवस्थापन कार्य गरेको प्रमाण पेश गरेको छैन ।

७.४ जिल्ला पशु सेवा कार्यालय नवलपरासीको रु.१,००,०००। पेश्की फछ्र्यौट गरेकोमा एक फर्मवाट मिल्क क्यान ५० वटा खरिद गर्दा मु.अ. कर समेत रु.९६,०५०। खर्च लेख्दा आयकर ऐन २०५८ को दफा ८७ वमोजिम अग्रिम कर कट्टा नगरेकोले कर वापतको रकम रु १२७५।०० असूल गरी राजस्व खातामा दाखिला गर्नुपर्ने । फांटवारी परीक्षण गर्दा निम्न व्यहोरा देखियो ।

७.५ जिल्ला पशु सेवा कार्यालय मकवानपुरको रु.१,००,०००। पेश्की फछ्र्यौट गरेकोमा एक प्रा.लिवाट मिल्क क्यान १० पिस खरिद गर्दा मु.अ. कर समेत रु.९६,०५०। खर्च लेख्दा आयकर ऐन २०५८ को दफा ८७ वमोजिम अग्रिम कर कट्टा नगरेकोले कर वापतको रकम रु १२७५।०० असूल गरी राजस्व खातामा दाखिला गर्नु पर्ने र खरीद गरिएको १० पिस मिल्क क्यान सम्वन्धितलाई वितरण गरेको जनाई संलग्नरु.९६०५०। खर्च लेखेकोमा वितरण भर्पाइ पेश गरेको छैन ।

७.६ जिल्ला पशु विकास कार्यालय काठमाडौको रु.३,००,०००। पेश्की फिछ्र्यौट गरेको फांटवारी परीक्षण गर्दा चापाकोट एकल महिला समूह टोखा नगरपालिका २ को नाममा रहेको कृषि विकास वैंक लिमिटेडको खातामा रु.२,५०,०००। जम्मा गरिएको तर उक्त समूहसंग सम्झौता, तथा विल भरपाई लगायत खर्चका प्रमाण कागजात पेश गर्नु पर्दछ ।

जिल्ला पशु विकास कार्यालय म्याग्दीको रु.४,००,०००। पेश्की फछ्र्यौट गरेको फांटवारी परीक्षण गर्दा एक फर्म संग मिल्क क्यान ७ पिस खरिद गर्दा मु.अ. कर समेत रु.१,००,०२१।९५ खर्च लेख्दा आयकर ऐन २०५८ को दफा ८७ वमोजिम अग्रिम कर कट्टा नगरेकोले कर वापत रकम रु ११२८।०० असूल गरी राजस्व खातामा दाखिला गर्नु पर्दछ ।

८. **पेश्की बाँकी : मन्त्रा**लयले दिएको पेश्की समयमै फछ्र्यौट हुने गरेको पाइएन । आ.व. को अन्त्यमो पेश्की बाँकी रकम रु ६४५०००। आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार फछ्र्यौट हुनुपर्ने ।

पशु स्वास्थ्य सेवा निर्देशनालय

१. **लक्ष्य तथा प्रगति :** यस कार्यालयले यो बर्ष बार्षीक बजेट तथा कार्यक्रम स्वीकृत भएकोमा सम्पूर्ण कार्यक्रमहरु संचालन गरि भारित प्रगति ९९.७१ प्रतिशत र वित्तीय प्रगति ८८.२५ प्रतिशत भएको बार्षिक प्रगति प्रतिबेदन पेश भएको छ ।

२. **जिन्सी व्यवस्थापन :** कार्यालय वाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदनमा मुल्य नखुलेका सामान, मर्मत गर्नु पर्ने तथा मर्मत हुन नसक्ने सामानको विवरण रहेको देखिएको छ । आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार मुल्य नखुलेका सामानको मुल्य खुलाई आम्दानी वाध्ने,मर्मत हुन सक्ने सामान समयमा मर्मत गर्ने तथा मर्मत हुन नसक्ने सामान लिलाम गर्नु पर्ने देखिन्छ ।

३. **खरिद योजना :** निर्देशनालयले सार्वजनिक खरिद ऐनको दफा ६ मा व्यवस्था भए अनुसार खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन । ऐनमा व्यवस्था भए अनुसार खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नु पर्दछ ।

४. **पेश्की बाँकी :** निर्देशनालयले विगत वर्षमा जिल्ला पशुसेवा कार्यालयहरुलाई दिएको पेश्की हाल सम्म फछ्र्यौट नगरी वाकी रहेको देखिन्छ । कार्यालयले दिएको पेश्की समयमै फछ्र्यौट हुने गरेको पाइएन । यो वर्ष प्रदान गरेको ७ जिल्लाको पेश्की वाकी रकम रु १९३२५०००।०० आर्थिक कार्यविधि नियमावली, २०६४ मा व्यवस्था भए अनुसार तत्काल फछ्र्यौट गर्नु पर्ने देखिन्छ ।

बर्डफ्लु नियन्त्रण आयोजना

१. **लक्ष्य प्रगति :** आर्थिंक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायबाट प्राप्त चौमासिक प्रगति विवरणको समिक्षा गरी निर्देन दिनुर्पे व्यहोराहरु उल्लेख छन । यस बर्ष आयोजनाको समग्र भौतिक प्रगति ८५.२७ प्रतिशत रहेको प्रगति प्रतिबेदनमा उल्लेख छ । बजेट तथा कार्यक्रमले तोके अनुसारका २० जिल्लाका उच्च जोखिमयुक्त क्षेत्र तथा २१ मध्यम जोखिमयुकत क्षेत्रमा एक्टिभ सर्भिलेनस तथा नमुना संकलन तथा परिक्षण कार्यहरु चौमासिक कार्यक्रम स्विकृत तालिका अनुसार कार्यान्वयन हुन नसकेको, ६७ जिल्ला पशु सेवा कार्यालयलाई आफैले सम्पादन गर्नु पर्ने वर्डफुलु नियन्त्रण जस्तो उच्च जोखिमयुक्त कार्यक्रम दक्ष प्राबिधिक जनशक्ति नभएका मातहतका निकायलाई पेश्कि पठाई पेश्कि खर्चका आधारमा बार्षिक प्रगतिको एकिन गर्ने गरेको, उक्त रु ५४ लाख ८० हजार पेश्कि आ.ब. को अन्त्य सम्म पनि फछ्र्यौट नभएकोमा सो समेतको प्रगति देखाएको, वर्डफलु रोग देखापरेका स्थानको आकश्मिक व्यवस्थापन को कार्य हुन नसकेको जस्ता अवस्था देखिएकाले लक्षित कार्यक्रम सम्पन्न गर्न नसकि बजेट खर्चमा ध्यान केन्द्रित गरी गतिबिधि अबलम्बन गरेको देखियो । स्वीकृत बजेट तथा कार्यक्रम समयमा कार्यान्वयन गरी उच्च प्रगति हासिल गर्ने तर्फ थप प्रयास गरिनुपर्दछ।

२. **बार्षिक खरीद योजना :** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ८ (५) अनुसार थप अख्तियारीका आधारमा पुर्ब स्विकृत वार्षिक खरिद योजना परिमार्जन गरी स्वीकृत गर्नुपर्ने उल्लेख छ । कार्यालयलाई आषाढ महिनामा प्राप्त रु १२ लाख ४० हजारको रोग नियन्त्रणका लागि औषधि यन्त्र औजार खरिद कार्यसग

सम्बन्धित अख्तियारी अनुरुपको परिमार्जित खरिद योजना सलग्न गरेको छैन । बार्षिक बजेट अन्तर्गत हुने सम्पूर्ण खरिदलाई खरिद योजनामा समावेश गरी कार्यान्वयन हुनु पर्दछ।

३. **तलवी प्रतिवेदन** : निजामती सेवा ऐन, २०४९ (दोश्रो सशोधन, २०६६ को दफा ७ ख (२) बमोजिम उपत्यकाका कार्यालयका निजामती कर्मचारीको हकमा निजामति किताबखानाबाट तलवी प्रतिवेदन पास गराई तलव भत्ता खर्च लेख्नु पर्ने व्यवस्था छ । आयोजनाले सो ऐनको उल्लेखित दफा विपरीत प्रोजेक्ट कोअडिनेटर १ लगायतका अधिकृत भन्दा माथि ४ तथा सहायक तहका १० गरी कुल १४ जनाको दरबन्दिका कर्मचारीको तलव भत्ता रु ४लाख ७२हजार खर्च लेखेको छ। तलवी प्रतिवेदन प्रमाणित नहुदा कर्मचारीको ग्रेड एकिन गर्न सकिएन अत तलब भत्ता खर्च लेख्नु पूर्व ऐनको व्यवस्था पालना गर्नु पदर्छ ।

४. **आयोजनाको खारेजी :** आयोजनाले २०७३।३।३१ को पत्रबाट सक्कल स्रेस्ता पशु स्वास्थ्य निर्देशनालयमा बुझाएको, जिन्सी मालवस्तुको हकमा पशुसेवा विभागलाई हस्तान्रण फाराम भरी बरबुझारथ गरेको पाइयो । आयोजना विघटन भएको आधिकारीक पत्र प्राप्त नभएको र सोको जानकारी कोष तथा लेखा नियन्त्रक कार्यालयलाई समेत दिएको नदेखिएको,आयोजनाले कार्यक्रम संचालनका लागि दिएको पेश्कि बाकी नै रहेको, कारण आयोजनाको नाममा रहेको सम्पति, धरौटी रकम लगायतका अन्य कारोवारको हिसाब फरफारक नगरी आयोजनालाई अनौपचारीक रुपमा बन्द गरेको देखियो । वर्डफलुको संक्रमण मुलुकमा कायमै रहेको अबस्थामा सो को भरपर्दो नियन्त्रणात्मक व्यवस्था नगरी रोग नियन्त्रणको आस्वस्त हुने आधार बेगरको नीतिगत निर्णय बाहेक आयोजना खारेजी भएको हुंदा प्रक्रिया सम्मत ढंगले आयोजनाको विघटन गर्नु पर्ने देखिन्छ ।

५. **पेश्कि :** बर्षान्तमा बजेट फ्रिज हुन नदिने मनसायका साथ यथार्थ कार्यक्रम तथा आबश्यकता समेत पहिचान नै नगरी ६७ जिल्ला पशुसेवा कार्यालयको नाममा दिएको रु ५४ लाख ८० हजार पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम असुल फछ्र्यौट हुनु पर्दछ ।

केन्द्रिय जैविकी उत्पादन प्रयोगशाला

१. **बार्षिक बजेट र खर्च :** प्रयोगशालाको लागि रु.३,३६,४७,०००। वार्षिक वजेट विनियोजन भएको मध्ये रु.२,८२,५४,९२९ निकासा खर्च भएको छ । प्रयोगशालाको मुख्य कार्य भ्याक्सिन उत्पादनका लागि खर्च गर्न सकेको देखिएन । यस सम्वन्धमा तालुक निकायको समेत ध्यान जानु पर्दछ ।

२. **लक्ष्य प्रगति :** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम २५ मा प्रत्येक कार्यालयले अनुसूची - २ वमोजिमको ढांचामा चौमासिक प्रगति विवरण तयार गर्नु पर्नेमा तयार नगरेको भनी गत वर्षको लेखापरीक्षणवाट औंल्याइएता पनि सो ढांचामा प्रगति विवरण तयार गरेको छैन । तोकिएको ढांचामा प्रगति विवरण तयार गर्नुपर्दछ ।

३. **जिन्सी निरीक्षण :** प्रयोगशालाले जिन्सी निरीक्षण प्रतिवेदन तयार गरिएको भएतापनि आर्थिक कार्यविधी नियमावली अनुसार गत वर्ष उपयोग परिमाण र चालु आर्थिक वर्षमा खरीद गरिएको तुलनात्मक विवरण तयार गर्ने गरेको छैन । नियमानुसार को विवरण तयार नगरिएवाट चालु आर्थिक वर्षमा आवश्यक पर्ने मालसामानको विवरण यकिन गर्न समस्या पर्ने हुंदा नियमानुसारको तुलनात्मक विवरण समेत तयार गरी जिन्सी निरीक्षण प्रतिवेदन गर्नुपर्दछ । साथै कार्यालयको जिन्सी किताबमा कतिपय मालसामानको मूल्य खुलेको पाइएन । यस प्रकार मूल्य नखुलेको जिन्सी मालसामानहरुको नियमानुसार मूल्य कायम गरी जिन्सी अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

४. **अन्य प्रयोजनको खर्च :** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम १९ अनुसार प्रयोगशालालाई चालु र पूंजीगत तर्फ रु.३ करोड ३६ लाख ४७ हजार वजेट विनियोजन भएको मध्ये खर्च शीर्षक पानी तथा विजुली २२१११ मा रु.३२ लाख वजेट व्यवस्था भएको मध्ये रु.३० लाख ९ हजार निकासा तथा खर्च भएको छ । प्रयोगशालाले आफ्नो कार्यालय लगायत अन्य ७ कार्यालयको विद्युत महसूल रकम खर्च लेखेको छ । विद्युत महसूलको मिटर सवै कार्यालयमा राखि ति कार्यालयहरुवाटै खर्च गर्ने व्यवस्था गर्नु पर्दछ ।

५. **भ्याक्सीन उत्पादन :** प्रयोगशालाको मुख्य कार्य राष्ट्रिय आवश्यकता अनुसार भेटेरिनरी भ्याक्सीन उत्पादन गर्ने रहेको र आर्थिक कार्यविधी नियमावली २०६४ को नियम २० अनुसार तयार गरिएको वार्षिक कार्यक्रममा विभिन्न भ्याक्सिन उत्पादन गर्न कच्चापदार्थ तथा अन्य सामाग्री खरिदको लागि २ करोड ५६ लाख २ हजार संख्यामा उत्पादन गर्न रु.१ करोड ४३ लाख ९३ हजार वजेट व्यवस्था भएकोमा रु.१,३३,०३६ भायल भ्याक्सीन उत्पादन गर्न रु.१,०३,५७,१७८/- खर्च लेखेको छ । भ्याक्सीन उत्पादन गर्न कार्यविधि वनाई खर्च गर्नु पर्दछ ।

६. **बढी मौज्दात :** प्रयोगशालाको जिन्सी खातामा गत वर्षको पर्याप्त मौज्दात हुँदा हुंदै यस वर्ष विभिन्न वमोजिम आपूर्तीकर्तावाट विभिन्न सामान आपूर्ती गरी रु १५१९४२०।- खर्च लेखेको छ । यस प्रकार मौज्दात हुँदा हुदै सामान खरिद गर्दा सामानको गुणस्तरमा ह्रास हुंदै जाने, हिनामिना हुन सक्ने, नोक्सान हुने हुंदा आवश्यक परिमाणमा मात्र खरिद गर्नु पर्दछ ।

७. **खरीद योजना :** प्रयोगशालाको विनियोजन बजेट रु.३ करोड ३६ लाख ४७ हजार मा पूंजीगत तर्फ फर्निचर तथा फिक्चर्स, मेसिनरी औजार र सार्वजनिक निर्माण कार्यको लागि रु.२६ लाख ९० हजार र चालु तर्फ उत्पादन सामाग्री सेवाको लागि १ करोड ४१ लाख ६४ हजार वजेट व्यवस्था भएतापनि वार्षिक खरीद योजना तयार गरेको छैन । प्रयोगशालाले आवश्यक मालसामान तथा उत्पादन सामाग्रीको परिमाण, समयावधि खरीद प्रक्रिया समेत किटान गरी वार्षिक खरीद योजना तयार गर्नुपर्दछ ।

८. **साभ्कै खरीद :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ अनुसार वोलपत्रको माध्यामवाट उत्पादनको लागि आवश्यक कच्चा पदार्थ खरिद गर्नु पर्नेमा रु.७८,६३,९८८/- को सोभ्कै खरिद गरेको नियम सम्मत देखिएन ।

९. **अग्रिम भुक्तानी :** विद्युत प्राधिकरणलाई रु.६ लाख विद्युत महसूल खर्च लेखेको मध्ये आगामि वर्ष हिसाव मिलान गर्ने गरी अग्रीम रु.५,६६,५०९। अग्रिम भुक्तानी गरेको छ । यस प्रकार चालु आर्थिक वर्षको वजेटवाट आगामी आर्थिक वर्षको विद्युत महसूलको लागि अग्रीम भुक्तानी गर्दा वास्तविक खर्चको लेखाङ्कन नहुने हुंदा यस प्रकारको खर्च निरुत्साही गर्नु पर्दछ । विद्युत महसूल खर्चको प्रमाण पेश गर्नुपर्दछ ।.

१०. **शिर्षक फरक पारी खर्च :** कार्यालयले खर्च शीर्षक २९६११ सार्वजनिक निर्माणवाट खर्च शीर्षक २९५११ कार्यालय संचालनसंग सम्वनिधत यन्त्र उपकरण तथा मेसिनरी औजारमा कार्यालयमा सि.सि.टि.भी. क्यामरा जडान गरेवापत को मु.अ. कर सहित रु.२०७८६३।०० शीर्षक फरक पारी खर्च लेखेको रकम अनियमित देखिएको छ ।

११. **स्पेसिफिकेसन:** कार्यलियले स्वीकृत वार्षिक कार्यक्रम वमोजिम भ्याक्सिन उत्पादनको लागि अटोक्लेभ मेसिन २ थान -प्रति थान रु.३५००००। (मूअकर वाहेक) सिलवन्दी दरभाउ पत्रको माध्यमवाट मिति २०७२।८।६ मा सम्झौता गरी कार्यादेश दिएको र उक्त आपूर्तकले मिति २०७२।१०।५ मा वीजक न१४३ वाट सामान आपूर्ति गरेको र रु ७,९१,०००। भुक्तानी गरेको देखिएकोमा सम्झौतामा उल्लेख भए वमोजिमको स्पेसिफिकेसन पेश गरेको देखिएन ।

१२. **सक्कल बिल:** एक डिष्ट्रिव्यूटर्सले रु.३६२००। को औषधि खरिद वापतको राजश्व भौचर कार्यालयमा पेश गरेकोमा फोटोकपी विल संलग्न गरेको देखिएकोले सक्कल राजश्व दाखिला भएको भौचर पेश हुनु पर्दछ ।

केन्द्रिय पशु रोग अन्वेषण प्रयोगशाला

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । खरिद योजनालाई बजेट तथा कार्यक्रमसँग आबद्ध गरी चौमासिक लक्ष्यबमोजिम कार्यक्रम सम्पादन नभएको, जिन्सी निरीक्षण प्रतिवेदनअनुसार समयमै लिलाम नगरेको, जिन्सी खातामा रहेका कतिपय सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, कार्यालयका विभिन्न कर्मचारीहरु भ्रमणमा जादाको अभिलेख आंशिक रुपमा मात्र राखिएको जस्ता व्यहोरा देखिएका छन् । ऐन नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **अख्तियारी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ (२) वमोजिम स्वीकृत बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी समयमै पठाउनुपर्नेमा विभागले रु.१,करोड ५९लाख २० हजारको अख्तियारी २०७३ असारमा पठाएको देखिन्छ । समयमा अख्तियारी नपठाउँदा तोकिएको समयमा कार्यक्रम सञ्चालन नहुने तथा सेवा प्रवाहमा असर पर्ने हुँदा समयमै अख्तियारी प्रदान गर्नुपर्दछ ।

३. **लक्ष्य प्रगति:** तोकिएको समय र वजेटको परिधी भित्र रही लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्ने साथै भौतिक प्रगति र वित्तिय प्रगति विच तालमेल हुनु पर्नेमा सो अनुसार गरेको देखिएन । दुई कार्यक्रममा ७५ प्रतिशत भन्दा कम भौतिक प्रगति देखिएकोले कार्यक्रम समयमा सम्पन्न गर्नु पर्दछ ।

४. **मुल्य अभिवृद्धि कर :** मुल्य अभिवृद्धि कर ऐन २०५३ ले मु.अ. करमा दर्ता भएका आपुर्तकहरुलाई सेवा वा सामानको भुक्तानीमा थप गरी दिएको मु.अ. कर रकमको भुक्तानी भएको पछिल्लो महिनाको २५ गते भित्र आपुर्तक फर्म/कम्पनी दर्ता भएको सम्बन्धीत आन्तरीक राजश्व कार्यालयमा जानकारी दिनुपर्ने व्यवस्था छ । यस वर्ष विभिन्न ८२ आपुर्तकबाट परामर्श सेवा, समान खरिद गरी रु २९ लाख ११ हजार १०७ भूक्तानी दिदा थप मु.अ. कर रकम रु ३ लाख ७८ हजार खर्च लेखेकोमा सोको जानकारी ऐनमा तोकिएको समयमा दिएको देखिएन । अत फर्मको बिक्रि कारोवारको मु अ कर समायोजन पत्र पेश हुनु पर्दछ । अन्यथा मूल्य अभिवृद्धि कर वापत भुक्तानी भएको रकम असुल हुनु पर्दछ ।

रेविज भ्याक्सिन उत्पादन प्रयोगशाला

१. **नर्म्स सम्बन्धमा :** प्रयोगशालाले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। । विभिन्न उत्पादन सामग्री रु १ करोड ५६ लाख बरावरको खरिद गरि रेबिज भ्याक्सिन उत्पादन गर्दै आएकोमा एक एकाई भ्याक्सिन उत्पादन गर्न के कति मालसामान खपत हुने सम्बन्धमा कुनै स्वीकृत नर्म्स नभएको कारण उत्पादनमा प्रयोग हुने मालसामानको खपत सम्बन्धमा आश्वस्त हुने आधार देखिंदैन । तसर्थ कार्यालयले भ्याक्सिन उत्पादन सम्बन्धमा नर्म्स तयार गरी लागु गर्नु पर्दछ ।

२. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ अनुरुप स्पेशिफिकेशन तयार नगरेको, बजेट तथा कार्यक्रम बीच समन्वय हुने गरी निर्धारण गरेको चौमासिक समयभित्र कार्य सम्पादन नगरेको, जिन्सी खातामा रहेका कतिपय सामानहरुको मुल्य नखुलाई आम्दानी बाँधेको, कर्मचारीको नाममा भ्रमण खर्च लेख्दा भ्रमण खर्च नियमावली, २०६४ को दफा २१ बमोजिम अभिलेख नराखेको, वार्षिक खरिद योजना तयार नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

३. **दरबन्दी तथा पदपूर्ति** : निजामति सेवा ऐन २०४९ तथा नियमावली २०५० अनुसार कार्यालयको पद दर्ताका आधारमा स्वीकृत दरबन्दी १३ जनाको रहेकोमा अधिकाशं प्राबिधिक पद रिक्त रहेका छन । अत: बर्षेनि करीब ४ लाख सेलकल्चर एन्टी रेबिज खोपका विभिन्न परिमाणमा डोजको माग रहेकोमा पर्याप्त जनशक्तीको अभाब लगायतका कारण ४० हजार मात्र सेलकल्चर एन्टी रेबिज खोपको उत्पादन भएको छ । माग अनुसारको उत्पादन गर्न आबश्यक जनशक्ती, साधन स्रोतको व्यवस्था सहितका कार्यक्रम कार्यान्वियनमा ध्यान पुरयाउनु पर्दछ ।

४. **प्रतिस्पर्धाको स्थिति** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरि सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न नसकिने नियम ३१ मा रु.१० लाख भन्दा बढीको खरिद बोलपत्रको माध्ययमबाट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस आर्थिक वर्षमा रु.४५ लाख २५ हजार को उत्पादन सामग्री सेवा वापत खर्च लेखेकोमा एक टेड कन्सर्नबाट रेबिज भ्याक्सिन उत्पादन गर्नको निमित्त सोझै विभिन्न मालसामान खरिद गरेको पाइयो । नियमावलीमा व्यवस्था भए अनुसार बोलपत्रको माध्ययमबाट खरिद गर्नुपर्दछ ।

जिल्ला पशु सेवा कार्यालय

१. **आन्तरीक नियन्त्रण व्यवस्था :** कार्यालयले आन्तरीक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । कानूनको परिपालना नगरेको कारणले आन्तरीक नियन्त्रण प्रणाली प्रभावकारी हुन सकेको छैन । कानूनको परिपालना गरी आन्तरीक नियन्त्रण प्रणालीको यथोचित व्यवस्थापनद्धारा कार्य सम्पादन सेवा प्रवाहलाई प्रभावकारी वनाउनु पर्दछ ।

२. **लक्ष्य प्रगती :** यस कार्यालयवाट यो वर्ष ६ बजेट उप-शीर्षकवाट विभिन्न कार्यक्रमहरु विभिन्न परिमाणमा संचालन गरी शतप्रतिशत प्रगति भएको वार्षिक प्रगति प्रतिवेदन पेश भएको छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २० (२) र २५ बमोजिम अनुसूची - २ को ढांचामा कार्यक्रमगत स्वीकृत बजेट र खर्च समेत देखिने गरी प्रगति प्रतिवेदन तयार गर्नु पर्नेमा स्वीकृत बजेट मात्र उल्लेख गरी खर्च उल्लेख नगरेकोले कार्यक्रमगत बजेट भन्दा घटी वा बढी खर्च भएको थियो भिडाई हेर्ने आधार भएन । अत: नियममा भएको व्यवस्था अनुसार कार्यक्रमगत खर्च समेत देखिने गरी प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ ।

३. **चौमासीक खर्च :** कार्यालयले २ उप शिर्षकमा १०० प्रतिशत अन्य २ शिर्षक मा ७० प्रतिशत भन्दा माथि तेश्रो चौमासिकमा खर्च भएको र असार महिनामा पनि १ उपशिर्षकमा १०० प्रतिशत र अन्य २ उप शिर्षकमा ७० प्रतिशत भन्दा माथि खर्च भएको देखिन्छ । यस्तो खर्च प्रक्रियाले कार्यक्रम संचालन प्रभावकारी हुन नसक्ने भएकोले सुधार हुनु पर्दछ ।

४. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा भएको कव्यवस्था अनुसार कार्यालय प्रमुखले निरीक्षण गरी २०७३।४।६ मा पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा केही सामान वाहेक अन्य सम्पूर्ण जिन्सी सामानहरु चालु हालतमा रहेको उल्लेख छ । चालु हालतमा नरहेको भनिएको सामान मर्मत सम्भार गरी चालु हालतमा ल्याउनु पर्दछ ।

५. **डेरी र मसु पसल सुधार :** कार्यालयले ७ डेरी पसल सुधार र ३ मासु पसल सुधार कार्यको लागि १० पशुजन्य व्यवसायीलाई रु.२,००,०००। दरले अनुदान उपलब्ध गराई रु.२७,००,०००। खर्च लेखेकोमा देहाय अनुसार भएको देखियो ।

५.१ पशु सेवा विभाग अन्तर्गत संचालीत यूवा लक्षीत कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१ को दफा ७ (क) मा पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम संचालन सम्वन्धमा कार्य प्रगति र सम्वन्धित कार्यालयको प्राविधिक प्रतिवेदन संतोषजक ठहरेमा ५०-५० प्रतिशत गरी २ किस्तामा भुक्तानी दिने व्यवथा छ । प्राविधिकको विस्तृत प्रतिवेदन वेगर व्यवसायिलाई छनौट गरी कार्यविधिमा भएको व्यवस्था विपरीत एकमुष्ट अनुदान उपलव्ध गराएको देखियो ।

५.२ व्यवसायिहरुलाई अनुदान उपलव्ध गराउंदा निजले स्थापना गरेको पसलको घरजग्गाको स्वामीत्वको प्रमाण वा कम्तीमा ५ वर्ष सम्मको लागि घर जग्गा भाडामा लिएको सम्झौता पेश गर्न लगाउनु पर्ने र निजले कम्तीमा ५ वर्ष व्यवसाय संचालन गर्नुपर्ने गरी सम्झौता गर्नुपर्नेमा कार्यविधिको दफा ७ (च) अनुसार अनुसूची ४ (क) को सम्झौता फारम तयार गरेको देखिन्छ । अत यस सम्वन्धमा गम्भीर रही जग्गाको

स्वामीत्व वा भाडामा लिएको प्रमाण र निश्चित अवधि सम्म पसल संचालन गर्नुपर्ने र नगरेमा अनुदान प्रदान गरेको रकम फिर्ता गर्नुपर्ने गरी सम्झौता गर्नुपर्दछ र नियमित अनुगमन गरी पसल संचानल गरेको नपाईएमा रकम फिर्ता गर्ने तर्फ आवश्यक कार्वाही गर्नुपर्ने देखिन्छ ।

५.३ व्यवसायिसंग गरेको सम्झौताको दफा - १ मा दुई किस्तामा गरी सामग्री र सोझै नगद उपलब्ध गराउने उल्लेख छ । कार्यविधि र सम्झौतामा भएको व्यवस्था अनुसार कार्यालयको तर्फवाट नै सार्वजनिक खरिद नियमावली २०६४ अनुसार व्यवसायिको आवश्यकता अनुसारका मेशिनरी औजार उपकरणहरु बोलपत्रको माध्यमवाट खरिद गरी उपलब्ध गराएमा गुणस्तरीय सामान कम मुल्यमा प्राप्त गर्न सकिने र व्यवसायिको पसलमा उपकरणहर मौज्दात भईरहने र अनुदान प्राप्त गर्नको लागि मात्र सामानको वील पेश गरी रकम प्राप्त गर्न सक्ने संभावना नरहने हुंदा यस तर्फ ध्यान दिनु जरुरी देखिन्छ ।

६. **यूवा लक्षीत :** यस कार्यक्रमवाट यो वर्ष गाई भैंसी, पालन, वाखा प्रवर्द्धन र वंगुर प्रवर्द्धन कार्यक्रम अन्तर्गत २९ फर्मलाई रु.४७,७५,०००। नगद अनुदान उपलब्ध गराई खर्च लेखेको देखियो ।

६.१ युवा लक्षीत कार्यक्रम कार्यान्वयन कार्यविधि २०७१ को दफा १ मा साना मझौला र ठूला पशुपालकहरुलाई न्यूनतम रु २० हजार र अधिकतम रु ४ लाखसम्म अनुदान उपलब्ध गराउने व्यवस्था छ । कार्यालयलाई खरिद भएका र फार्ममा रहेका गाई, भैंसी सहित अनुदान उपलब्ध गराएको विवरण माग गरिएकोमा अनुदान रकम मात्र उल्लेख गरी प्राप्त भएकोले कार्यविधि अनुसार अनुदान वितरण गरे नगरेको एकिन भएन ।

६.२ वाखा प्रवर्द्धन कायृक्रम अन्तरगत ३ वाखा फार्मलाई खोर सुधार वापत प्रति फार्म रु.२,००,०००। दरले रु.६,००,०००। अनुदान उपलब्ध गराएकोमा प्राप्त विवरणमा सवै फार्महरु राम्रोसंग संचालनमा रहेको उल्लेख छ भने वंगुर प्रवर्द्धन कार्यक्रम अन्तर्गत ७ फर्मलाई रु.५,७५,०००। अनुदान उपलब्ध गराएकोमा ति फार्महरुमा घटीमा ६५ देखि बढीमा ३२७ सम्म वंगुरहरु रहेको उल्लेख छ। अनुदान उपलब्ध गराएका फार्महरु मध्ये १मा संचालन अवस्था नराम्रो रहेको उल्लेख छ । राम्रोसंग संचालन हुन नसकेकोमा के कारणले त्यसो हुन गएको हो समस्या पहिचान गरी आवश्यक प्राविधिक सहयोग समेत उपलब्ध गराई राम्रोसंग संचालनमा ल्याउने व्यवस्था गरिनु पर्दछ ।

६.३ गाई भैंसी, वाखा र वंगुरपालनको अनुदान उपलब्ध गराउंदा न्यूनतम कति वर्ष सम्म व्यवसाय संचालन गर्नुपर्ने भन्ने सम्वन्धमा उल्लेख छैन र कार्यविधिमा समेत कुनै उल्लेख गरेको छैन । अतः न्यूनतम ५ वर्षसम्म व्यवसाय संचालन गर्नुपर्ने गरी कार्यविधिमा व्यवस्था गरी सोही अनुसार सम्झौता गर्नुपर्दछ र हाल अनुदान उपलब्ध गराएका फार्महरुको पनि नियमित अनुगमन गरी ५ वर्षसम्म पनि संचालन हुन नसक्ने हो भने सोही जानकारी फार्महरुलाई लिखीत रुपले उपलब्ध गराई सो अवधि सम्म पनि संचालन नगरेमा अनुदान रकम फिर्ता गर्ने तर्फ आवश्यक कार्वाही हुनुपर्ने देखिन्छ ।

७. **घांसको वीउ विरुवा :** कार्यालयले यो वर्ष देहाय अनुसार घांसको वीउ खरिद गरी रु.११,८३,७००।०० खर्च लेखेको र विभिन्न कृषकहरुलाई वितरण गरेको देखियो ।

७.१ कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार सेवा केन्द्रहरुवाट पशुपालक कृषकहरुलाई आवश्यक पर्ने घांसको वीउ तथा विरुवाहरुको माग संकलन गरी घांसको वीउ वितरण गर्नुपर्ने हुन्छ । जग्गाको क्षेत्रफल एकिन नगरी वितरण गरेको वीउ तथा विरुवाको सहि उपयोग भयो भन्न नसकिने भएको छ। अतः स्वामीत्वमा रहेको जग्गाको क्षेत्रफलको आधारमा मात्र वीउ तथा विरुवा वितरण गर्नु पर्दछ ।

७.२ एक कर्मचारीलाई पेश्की उपलब्ध गराई खरिद गरेको जै घांसको वीउ ३६०० के.जी. कार्यालयको जिन्सी खातामा आम्दानी नवांधेको र कृषकहरुलाई वितरण गरेको समेत पाईएन । आगामी वर्षमा प्रथम चौमासिक देखिनै कार्यक्रम संचालन गर्न कार्यक्रम स्वीकृती र बजेट व्यवस्था हुनेमा संचित गर्नको लागि वीउ खरिद गर्न मिल्ने देखिदैन । साथै रु **१,९२,०००। को** वीउको आम्दानी वांधि खर्च भएको प्रमाण पेश हुनु पर्दछ ।

८. **पशु व्यवसाय अनुदान :** विभिन्न पशु सेवा केन्द्रका कर्मचारी मार्फत विभिन्न पशुपालक कृषहरुलाई नगद अनुदान उपलब्ध गराई रु.३,५०,०००। खर्च लेखेकोमा देहाय अनुसार भएको देखियो

८.१ कृषकहरुलाई कुन कार्यक्रम अन्तरगत के कामको लागि अनुदान दिने हो खुल्दैन भने कृषक छनौटको प्रकृया तथा अनुदान दिने सम्वन्धमा कार्यालयवाट आधिकारीक निर्णय भएको समेत देखिएन । साथै कृषकहरुले पशुपालन व्यवसाय संचालन गर्ने सम्वन्धमा आफनो जग्गाको स्वामित्व वा जग्गा भाडामा लिएको प्रमाण समेत संलग्न गरेको छैन । कार्यालयले नियमानुसारको प्रकृया पुरा गरी कृषक छनौट गरेर काम सम्पन्न भएपछि सम्वन्धीत कृषकको नाममा एकाउण्टपेयी चेक उपलब्ध गराउनुपर्नेमा कर्मचारी मार्फत पेश्की उपलब्ध गराई अनुदान उपलब्ध गराएको समेत उपयुक्त देखिएन । अतः कृषक छनौट प्रकृया र निर्णय तथा अनुदानवाट गरेको कामको कार्यालयवाट अनुगमन गरी प्रतिवेदन पेश हुनु पर्दछ ।

८.२ एक कर्मचारीको रु.२,८२,०००। पेश्की फछर्यौट गरेकोमा निजले सुडान घांसको वीउ र टीओसेन्ट्री घांसको वीउ १६७ के.जी. खरिद गरेको रु.२५०५०। को वील पेश गरेकोमा उक्त वीउ कृषकहरुलाई वितरण गरेको भरपाई पेश नभएकोले वितरण गरेको प्रमाण पेश हुनु पर्दछ ।

९. **घुम्ति कोष तर्फ :** पशु स्वस्थ्य घुम्ति कोषको आय व्यय विवरण अनुसार रू.२८२०८०।०० उठ्न वाकी ऋण देखिन्छ। गत विगत वर्ष देखिनै उठ्न वाकी ऋण उठाउन पहल गर्नु पर्ने भनि लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएता पनि कार्यालयले उठ्न वाकी ऋण उठाउन पहल गरेको पाइएन । म्याद नाघेको उठ्न वाकी ऋण उठाई कोषमा आम्दानी गर्नु पर्ने देखिन्छ ।

वन तथा भू-संरक्षण मन्त्रालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम मन्त्रालयले आफुले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु नगरेकोले आन्तरिक नियन्त्रण प्रणाली स्वीकृत गरी लागु गर्नुपर्दछ । उपर्युक्त व्यहोराका सम्बन्धमा आन्तरिक नियन्त्रण कार्यविधि तयार भइ रहेको र स्वीकृतीको प्रक्रियामा रहेको व्यहोरा मन्त्रालयले जनाएको छ ।

२. **प्राविधिक सहायताको लेखापरीक्षण** : वन तथा भू संरक्षण मन्त्रालय र मातहतका विभिन्न १३ वटा कार्यक्रम संचालन गर्नको लागि प्राविधिक सहायता वापत रु.१ अर्ब ४२ करोड ८७ लाख ३ हजार (२०७३ आषाढ मसान्तको विनिमय दर अनुसार) प्राप्त हुने र डिसेम्बर २०१८ सम्म उपयोगमा आउने उल्लेख छ। तर उक्त सहायता अन्तर्गत के कस्ता कार्यक्रम संचालन भै खर्च भएको छ त्यसको उपलब्धि सहित सोको समष्टिगत वित्तिय विवरण लेखापरीक्षणको क्रममा माग गरिएकोमा नभएकोले प्राप्त प्राविधिक सहायताको उपयोग र उपलब्धी सम्बन्धमा एकिन गर्न सकिएन । यस सम्बन्धमा सार्वजनिक लेखा समितिको २०७१।५।९ को निर्णयबाट प्राविधिक सहायताको रुपमा प्राप्त हुने वैदेशिक सहायता केन्द्रीय आर्थिक विवरणमा समावेश गरी लेखापरीक्षण गराउने भनि मन्त्रालयलाई निर्देशन समेत दिएकोमा सो अनुरुप मन्त्रालयले आर्थिक विवरण तयार गरी लेखापरीक्षणको लागिपेश गरेको छैन भनि गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत औंल्याएकोमा यस वर्ष पनि प्राविधिक सहायताको आर्थिक विवरण पेश गरी लेखापरीक्षण नगराएकोले नियमानुसार आर्थिक विवरणमा समावेश गरी लेखापरीक्षण गर्नुपर्दछ ।

३. **सामुदायिक वन** : वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ अनुसार सामुदायिक वनको नियमित अनुगमन तथा मूल्यांकन गर्नुपर्ने व्यवस्था छ। मूल्यांकनगर्दा हस्तान्तरीत वनको स्वीकृत कार्य योजना अनुसार संचालन भएको नपाइएमा वा कार्ययोजना बमोजिम कार्यसंचालन गर्न नसकेमा वा वातावरणमा प्रतिकुल असर पर्ने कार्य गरेको पाइएमा वन नियमावली २०५१ को नियम ३७ बमोजिम कारवाही गरी वन फिर्ता समेत लिन सकिने व्यवस्था रहेकोमा सामुदायिक वनहरुको अवस्था के छ सो सम्बन्धमा अनुगमन गरी यथार्थ स्थिति देखिने गरी लगत तयार पारेको नदेखिंदा हस्तान्तरीत वनको अवस्था सम्बन्धमा नियमित अनुगमन गरी प्राप्त प्रतिवेदन अनुसार आवश्यक कारवाही समेत गरी व्यवस्थापन गर्नुपर्दछ ।

४. **अनुगमन** : विगतका प्रतिवेदनमा वृक्षारोपण संरक्षणको लागि आवश्यक व्यवस्था नगरेको, सामुदायिक वन विकास र संरक्षण कार्यमा भएको खर्चको जिल्लागत एवं केन्द्रीय अभिलेख नराखेको, हस्तान्तरित सामुदायिक वनको नियमित अनुगमन गरी प्रतिवेदन प्राप्त नगरेको प्राविधिक सहायताको लेखापरीक्षण नगराएको व्यहोरा समावेश भएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था मिलाउनु पर्दछ ।

५. **वन क्षेत्रको जग्गा विभिन्न संस्था तथा निकायलाई उपलव्ध गराएको :** वन नियमावली, २०५१ नियम २० बमोजिम कार्ययोजनाले निर्दिष्ट गरेको वन विकास गर्नका लागि हालसम्म १४०२८ हेक्टर जग्गा विभिन्न संस्था तथा निकायलाई उपलव्ध गराएको मध्ये चालु आर्थिक वर्षमा (२०७२।७३) नेपाल सरकारले विभिन्न १६ जिल्ला अन्तर्गत जलविद्युत निर्माण, सिचाई नहर, सडक, कमैया पुर्नस्थापना लगायतको लागि राष्ट्रिय वनको ३७८.७१ हेक्टर वनक्षेत्र २३ वर्ष देखि ३४ वर्षसम्म उपभोग गर्ने गरी उपलव्ध गराएको छ। राज्यले स्पष्ट मापदण्ड तयार नगरी वर्षेपिच्छे वनक्षेत्रको जग्गा विभिन्न निकायलाई उपलव्ध गराउदा वनको मौजुदा स्थितिमा एकतिर ह्रास आउदै गएको छ भने अर्कोतिर वन नियमावली २०५१ को नियम ५२ अनुसार पट्टावालाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले २ महिना भित्र कवुलियती वनको वार्षिक प्रतिवेदन निर्देशक समक्ष पेश गर्नुपर्ने र वर्षको एकपटक कवुलियति वनमा कार्ययोजना बमोजिम कार्य गरे नगरेको अनुगमन गरी सोको प्रतिवेदन मन्त्रालय र विभाग समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा त्यस प्रकारबाट अनुगमन गरी प्रतिवेदन समेत पेश नभएकोले कानूनको पालना गर्नुपर्दछ ।

६. **वस्तुगत सहायता :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २७ बमोजिम कुनैपनि कार्यालयले विदेशी संघ, संस्था, एजेन्सी वा राष्ट्रहरुबाट कुनै पनि किसिमको नगदी वा जिन्सी सहायता प्राप्त भएको वा हुने सहायतालाई वार्षिक कार्यक्रम तथा बजेटमा प्रतिविम्बित गराई आम्दानी खर्च गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले जापान अन्तर्राष्ट्रिय सहयोग नियोगद्वारा नेपाल सरकारलाई हस्तान्तरण गरिएको प्रिन्टर मेशिन, डेक्सटप कम्प्यूटर, मोटरसाइकल, इलेक्ट्रीक रिलिजस्कोप, स्कानर, जिपिएस आदि ६५३ थान सामाग्री जिन्सी

अद्यावधिक गरी अभिलेख राखेको छैन । वन तथा भू संरक्षण मन्त्रालय अन्तर्गत त्यस प्रकारको कार्यक्रम तथा बजेटमा प्रतिविम्बित गराएको छैन । उल्लेखित व्यहोराका सम्बन्धमा बस्तुगत सहायता आंशिक रुपमा समावेश भएकोले पूर्णरुपमा बजेट र कार्यक्रममा समावेश गर्न प्रयास गरिने व्यहोरा मन्त्रालयले जनाएको छ ।

७. आयकर ऐन, २०५८ अनुसार नियमानुसार कर कट्टा गरी भाडा भुक्तानी गर्नुपर्नेमा सो बमोजिम कर कट्टा नगरी भुक्तानी दिएकोले रु.१३ हजार असुल गरी राजश्वमा दाखिला गर्नुपर्दछ ।

वन विभाग

१. **वार्षिक लक्ष्य तथा प्रगति :** कार्यालयले तोकिएका कार्यक्रमहरु तोकिएको समय र बजेटको परिधि भित्र रही लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्ने देखिन्छ । १४ कार्यक्रममा सुन्य, ४ कार्यक्रममा ५० भन्दा कम र ८ कार्यक्रममा ७५ प्रतिशत भन्दा न्युन प्रगति भएको पाइयो । तोकिएको लक्ष्य अनुसार प्रगति नहुंदा सेवा प्रवाह ढिलो हुने, वन पैदावार एवं वन्यजन्तु संरक्षणमा असर पर्नै भएकाले तोकिएको समयमा कार्यक्रम सम्पन्न गरी प्रगति परिमाण र खर्च बिच तादम्यता हुनुपर्ने देखिन्छ ।

२. **चौमासिक खर्च :** स्वीकृत बार्षिक कार्यक्रम वमोजिम तोकिएको चौमासिकमा तोकिएका कार्यक्रम संचालन गर्न वजेट व्यवस्था भए मुताविक सोही चौमासिकमा कार्यक्रम संचालन गरी खर्च गर्नुपर्नेमा तेश्रो चौमासिकमा ८२.६७ र आषाढ महिनामा ६४.५७ प्रतिशत खर्च भएको छ । समानुपातिक किसिमले कार्यक्रम बमोजिम खर्च गर्नुपर्दछ ।

३. **दरवन्दी व्यवस्थापन :** निजामती सेवा नियमावली २०५० को नियम १३ र १३ क बमोजिम पदपूर्ति हुनुपर्दछ । विभागवाट प्राप्त विवरण अनुसार वन विभागको लागि १५४ दरवन्दि स्वीकृत भएकोमा १०५ पदपूर्ति भई ४९ दरवन्दि रिक्त रहेको देखिन्छ । ७४ जिल्ला वन कार्यालयमा कूल दरवन्दी ७२७२ स्वीकृत भएको मा ४९५८ पदपूर्ति भै २३१४ रिक्त रहेको छ । विभाग स्तरमा दरवन्दीको केन्द्रीय अभिलेख अद्यावधिक गरी राखेको देखिएन । कर्मचारीको अभावमा वनजङ्गल, वनपैदावार र वन्यजन्तु एवं घाट गद्दी सुरक्षामा असर पर्ने भएकोले पदपूर्ति तर्फ सम्वन्धित कार्यालय र तालुक निकायले पहल गर्नु जरुरी देखिन्छ ।

४. **बिरुवा मौज्दात र अनुगमन :** कार्यालयले विरुवाको उत्पादन, वितरण, मौज्दात र अनुगमनको कार्ययोजना बनाई सो अनुसार कार्यान्वयन गर्नुपर्दछ । विभागबाट प्राप्त एकिकृत प्रगति बिबरण अनुसार विभिन्न कार्यक्रमहरुमा २ करोड १६ लाख ४९ हजार बिरुवा उत्पादनको लागि रु १५ करोड ६५ लाख २१ हजार बजेट व्यबस्था भएकोमा २ करोड १६ लाख ४९ हजार विरुवा उत्पादन भई १४ करोड ४६ लाख ७५ हजार खर्च भएको छ । वितरण मौज्दातको अभिलेख व्यवस्थित गरी नराख्दा वितरण र मौज्दातको स्थिती एकिन गर्न सकिएन । तसर्थ विवरण अद्यावधिक गरि राख्नु पर्दछ ।
कार्यालयको भनाई : सारनाथ परियोजनाको लागि मात्र उपरोक्त मापदण्ड रहेको । किसानहरुले मापदण्डमा वृक्षरोपण नगरी फरक फरक मापदण्ड र वाक्लो रुपमा वृक्षारोपण गर्ने गरेको ।

५. **विरुवा उत्पादन एवं वितरण :** वन विभागवाट उपलब्ध तथ्याङ्क बमोजिम विरुवा उत्पादनमा निम्न अनुसार खर्च भएको देखिन्छ ।

आर्थिक वर्ष	विरुवा उत्पादन संख्या (हजारमा)	विरुवा उत्पादन खर्च (हजारमा)
२०६८।६९	१,११,८३	८,६२,०५
०६९।७०	१,०६,८२	८,१८,०९
०७०।७१	१,५४,१२	१,३०,६३
०७१।७२	१,४२,०५	११,८५,८१
०७२।७३	२,१६,४९	१४,४६,७५
जम्मा:	**७,३१,३१**	**४४,४३,३३**

पाच वर्षको विरुवा उत्पादन सम्वन्धि अध्ययन गर्दा ७ करोड ३१ लाख ३१ हजार विरुवाउत्पादन गरी रु.४४ करोड ४३ लाख ३३ हजार खर्च गरेको छ। वन सम्वन्धी नर्म्शमा एक हेक्टरमा १६०० विरुवा रोपणको आधारमा ४५७०६.९७ हेक्टर वृक्षारोपणको लागि विरुवा वितरण भएको देखिन्छ । उपरोक्त विरुवा सम्वन्धमा अनुगमन मूल्याङ्कन वेगर प्रति वर्ष १५ करोड खर्च गरिने गरेको छ । वन विभागसंग त्यसवाट भएको उपलव्धी एवं नतिजा प्राप्त सम्वन्धमा तथ्याङ्क एवं विश्लेषण छैन । तसर्थ यस सम्वन्धी थप छानविन एवं अनुसन्धान गरि लगानी नतिजामूखी वनाउनु पर्ने देखिन्छ । आन्तरिक नियन्त्रण प्रणालीको सुधार एवं अनुगमन कार्य प्रभावकारी वनाउनु पर्दछ

६. **सामुदायिक वन हस्तान्तरण :** कार्यालयले दिएको विवरण अनुसार सामुदायिक वनको संख्या १८९६० सामुदायिक वनले ओगटेको क्षेत्रफल १७ लाख ९८ हजार ७३३ भएकोमा यस आर्थिक वर्षमा १९५ गोटा १८ हजार ३३० हेक्टर हस्तान्तरण भएको छ । सामुदायिक वन उपभोक्ता समुहले माग गरे वमोजिम र उनीहरुको क्षमता तथा आवश्यकताका आधारमा मात्र सालवसाली हस्तान्तरण हुने गरेको छ । पेश भएका तर हस्तान्तरण

हुन वांकी सामुदायिक वनको तथ्याङ्क लिखित नभएको विभागको भनाई रहेको छ । तसर्थ अभिलेख व्यवस्थित गरिनु पर्दछ ।

७. **सामुदायिक वनको काठ दाउराको अभिलेख :** वन नियममावली २०५१ को नियम ३२(१)(२) र ३३(१)२,३) वमोजिम काठ दाउराको अभिलेख व्यवस्थित गर्नु पर्दछ । प्राप्त विवरण अनुसार यो वर्ष सामुदायिक वन उपभोक्ता समुहवाट २२४०१३।१२ घ.फी. काठ र १८४.९८ चट्टा दाउरा विक्रीवाट रु.४ करोड ७२ लाख ८६ हजार राजश्व आम्दानी गरेको देखिन्छ । हस्तान्तरित सामूदायिक वनवाट २०७२।७३ मा कार्य योजनामा स्वीकृत कटान परिमाण र वास्तविक कटान गरेको परिमाण, आन्तरिक खपत परिमाण, विक्री परिमाण, विक्री आय र मौज्दात परिमाण खुल्ने गरी काठ दाउराको केन्द्रिय विवरणर राखेको पाइएन । अतः सामूदायिक वनको स्वीकृत कार्य योजना अनुसार भए गरेका समग्र क्रियाकलापको जिल्लागत विवरण प्राप्त गरी केन्द्रिय अभिलेख समेत राखिनु पर्दछ ।

८. **बन विकास खर्च** : वन ऐन, २०४९ को दफा ३०(क) मा सामूदायिक वनले आर्जन गरेको आयको कम्तिमा २५ प्रतिशत रकम सामूदायिक वनको विकास र संरक्षणमा लगानी गर्नुपर्ने प्रावधान छ । समुदायमा हस्तान्तरित सामूदायिक वन उपभोक्ता समूहले वन संरक्षण र विकासमा प्राप्त आयको २५ प्रतिशत रकम उपयोगको आधार लेखापरीक्षणमा पेश भएन । प्राप्त आयको २५ प्रतिशत रकम वन संरक्षण र विकासमा परिचालन गराउन वन विभाग र मातहत कार्यालयहरुलाई समेत क्रियाशिल गराउन आवश्यक देखिन्छ ।

९. **वन मूद्दा** : सुशासन (व्यवस्थापन तथा संचालन) ऐन २०६४ को दफा १५ बमोजिम यस ऐन वा प्रचलित कानुन बमोजिम निर्णय गर्न पाउने अधिकारीले निश्चित अवधी भित्र निर्णय गर्नुपर्ने व्यवस्था छ । साथै वन पैदावार सम्वन्धी चोरी निकासी मुद्दा दुई वर्ष भित्र फछ्र्यौट गर्नु पर्ने देखिन्छ । काठ चोरी, वन अतिक्रमण र वन्यजन्तु लगायतका कूल ८१३ वटा मुद्दा मध्ये ३४३ फछ्र्यौट भई ४७० वटा बांकी रहेको देखिन्छ । बांकी रहेको ४७० वटा मध्ये दुई वर्ष अवधि नाघेको सम्वन्धमा विभागमा अभिलेख नरहेको उल्लेख छ । अतः मुद्दा फछ्र्यौटमा सक्रियता ल्याउनु पर्ने देखिन्छ ।

१०. **वन अतिक्रमण** : वन ऐन, २०४९ को दफा ४९(क) अनुसार वन क्षेत्रको जग्गा फांड्न, जोत्न, खन्न वा आवाद गर्न वा त्यस्तो जग्गामा घर छाप्रो वनाउन नपाउने उल्लेख छ । सोही ऐनको दफा ५० (क) मा यस्तो कसुर गर्नेलाई हुने दण्ड सजायको व्यवस्था गरेको छ । वनक्षेत्र अतिक्रमण नियन्त्रण गर्न वन अतिक्रमण नियन्त्रण रणनीति २०६८ र वन क्षेत्र सुरक्षा योजना २०७० तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

आर्थिक वर्ष २०७२।७३ सम्म ६२ जिल्लाका गा.वि.स.रन.पा.को ११४ स्थानमा १ लाख २१ हजार २३४ घर धुरीले ९४ हजार ८७१.६७ हेक्टर वनक्षेत्र अतिक्रमण गरी घर टहरा, विद्यालय भवन निर्माण गरि खेतिपाती समेत गरेको उल्लेख छ । वन अतिक्रमण नियन्त्रण गर्न २०७२।७३ मा रु.२ करोड ९० लाख वजेट व्यवस्था गरी ७०५ हेक्टर अतिक्रमण हटाउने लक्ष्य रहेकोमा ६८० हेक्टर अतिक्रमण मुक्त गरेको विवरणमा उल्लेख छ । कूल अतिक्रमित वन क्षेत्रको ०.७२ प्रतिशत मात्र अतिक्रमण मुक्त गरेको पाइयो । न्यून वजेट एवं लक्ष्य, वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्यदल सवै जिल्लामा गठन नहुनु, कार्य योजना तयार नहुनु र भएकोमा समेत कार्यन्वयननहुदा अतिक्रमण रोक्न र मुक्त गर्न सम्भव नदेखिएकोले आवश्यक व्यवस्थापन सहित अभिलेखिकरण व्यवस्थित गनुपर्दछ । हुदा अतिक्रमण रोक्न र मुक्त गर्न सम्भव नदेखिएकोले आवश्यक व्यवस्थापन सहित अभिलेखिकरण व्यवस्थित गर्नुपर्दछ ।

११. **रुखको अभिलेख :** नेपालका राष्ट्रिय वन क्षेत्रमा रहेको रुखको (स्पेसीस, लम्वाई मोटाई क्षेत्र आदी) विवरण खुलाई नम्वर गरी टांचा लगाई राष्ट्रिय वनको रुख अभिलेख राख्नु पर्दछ । तर वन विभागले हाल सम्म राष्ट्रिय वनका रुख अभिलेख राखेको छैन । प्रकृया शुरु नभएको कारण गर्न नसकिएको र हाल सो प्रक्रिया शुरु भएको जनाएको छ । तसर्थ राष्ट्रिय वनको रुखको अभिलेख राख्नु पर्दछ ।

१२. **वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा उपयोग** : वन नियमावली २०५१ को नियम ६८ वमोजिम वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा दिन सकिने व्यवस्था छ । नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार १३ किसिमका विभिन्न प्रयोजनका लागि वन क्षेत्रको १४ हजार २८ हेक्टर जग्गा उपलव्ध गराएको पाइयो । उपलव्ध गराइएको वन क्षेत्रहरुमा क्षति भएको १ विरुवा वरावर २५ का दरले उपलव्ध जग्गामा वृक्षारोपण समेत गर्नु पर्नेमा वृक्षरोपण भएको विवरण अद्यावधिक गरि राखेको देखिएन ।

१३. **काठ दाउराको लगत :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९ वमोजिम मौज्दातमा रहेको काठ दाउराको प्रजाति र ग्रेडिङ्ग खुल्ने विवरण अद्यावधिक गरि राजश्वको आर्थिक विवरण लगत वाध्नु पर्ने व्यवस्था छ । विभागवाट पेश भएको विवरण अनुसार २६ जिल्ला वन कार्यालय, द टिम्वर कर्पोरेशन र वन पैदावार आपूर्ति समितिको अभिलेख रहे पनि अन्य जिल्ला र समूदायमा हस्तान्तरित वन क्षेत्रवाट संकलन भएको वन पैदावारको स्थिति देखिने विवरण तयार गरेको पाइएन ।

१४. जिल्लाको ६ लाख ८६ हजार ७१२.६९ क्यू. फि. काठ तथा १२१६.२२ चट्टा दाउरा विक्री गरी रु.३४ करोड ८६ लाख ३९ हजार राजस्व संकलन भएको विवरण पेश भएको छ । काठ दाउरा संकलन र विक्री विवरणमा काठ दाउराको ग्रेड खुलाएको नपाइएकोले कुन कुन ग्रेडका काठ दाउरा विक्रीवाट सो राजस्व संकलन भएको

हो स्पष्ट हुन सकेन । अतः गत आ. व. को जिम्मेवारी, चालुवर्ष संकलित, मौज्दातको प्रजाती र ग्रेड खुलाई लगत व्यवस्थित गरि राजश्वको आर्थिक विवरणमा लगत वांध्न सम्बन्धित जिल्ला वन कार्यालयहरुलाई निर्देशित गरी वन पैदावारको केन्द्रिय लगत चुस्त दुरुस्त राख्ने र प्रतिवेदन गर्ने व्यवस्था हुन आवश्यक देखिन्छ ।

१५. **घटी जिम्मेवारी :** वन विभागले उपलब्ध गराएको तथ्याङ्क वमोजिम गत वर्ष सम्मको १९७३३८५६५ घ.मि.काठ र १००७.६१ चट्टा दाउराको मौज्दात रहेकोमा जिम्मेवारी ६३२७०२.६५ घ.मि.काठ र ७३४.७३ चट्टा दाउरा मौज्दात सारेको छ । जसको कारण १३४०६८३ घ.फ काठ र २७३.८८ चट्टा दाउराको मौज्दात घटी सारेको पाइयो । विभागले ०६६।६७ देखि मौज्दात सार्ने क्रममा गलत काठ मौज्दात समावेश भएको उल्लेख गरेको छ । उपरोक्त वमोजिम गलत मौज्दात सारेको सम्वन्धमा पुष्टयाई गर्ने कागजात एवं तथ्याङ्क लेखापरीक्षणमा पेश भएन । आर्थिक वर्ष २०७१।७२ को लिलामको औसत मूल्य प्रति घन फिट ८५९ लाई आधार मान्दा १३४०६८३ घन फिट काठको १ अर्व १५ करोड १६ लाख ८६ हजार र दाउरा प्रति चट्टा रु.४ हजारलाई आधार मान्दा . २७२.८८ चट्टा दाउराको रु.१० लाख ९१ हजार समेत रु.१ अर्व १५ करोड ८७ लाख ७८ हजार घटी मौज्दात सारेको छ । घटी मौज्दात सारेको सम्बन्धमा छानविन हुनुपर्दछ ।

१६. **काठ दाउराको गुणस्तर :** वन पैदावार लिलाम विक्री कार्यविधि निर्देशिका, २०६० को १९(१) अनुसार समयमै पटक पटक वन पैदावार लिलाम गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार काठ १०४९४०१.८१ क्यू. फि. र दाउरा मौज्दात १०४८.०३ रहेकोमा सो मध्ये ६५५७४.१८क्यू. फी. काठ र ११८.६५चट्टा दाउरा कम हैसियतको रहेको उल्लेख छ । लामो समय सम्म काठ दाउरा घाट गद्दिमा रहेकोले काठ दाउराको गुणस्तरमा ह्रास आएर उत्पादित काठ तथा दाउराको हैसियत विग्रीन गएको छ । प्रचलित ऐन नियम बमोजिम हैसियत नविग्रदै लिलाम गर्ने व्यवस्था गरिनु पर्दछ ।

१७. **पक्राउ वन सम्पदा (रक्त चन्दन) र सवारी साधन** : वन ऐन २०४९ र नेपाल पक्ष भएको अर्न्तराष्ट्रिय सन्धी (साईटिस) ले रक्तचन्दन ओसारपसारलाई प्रतिवन्ध लगाएको छ । रक्त चन्दनको अवैध कारोवार गर्ने समूहवाट २०६८४५ घ.मि. वरामद भएका रक्त चन्दनको कारवाहिको टुंगो लगाएको छैन । वन विभागको जिन्सीमा आम्दानी समेत नजनाई वन विभाग परिसर भित्र ट्रकमा र अन्य जिल्ला वन कार्यालय एवं जिल्ला प्रहरी कार्यालयमा रहेका वेवारिसे रक्तचन्दन एवं केही सवारी साधन अदालती मुद्दाको प्रक्रियामा रहेको देखिन्छ । तसर्थ नासवान प्रकृतिको सामाग्रीहरु यथाशिघ्र व्यवस्थापन गरिनु पर्दछ ।

१८. **सवारी साधन प्रयोग** : विभागको स्वामित्वमा रहेका सवारी साधनहरु अन्य निकायले प्रयोग गर्न मिल्ने देखिदैन । विभागको स्वामित्वमा रहेका ३ वटा सवारी साधनहरु अन्य कार्यालयले प्रयोग गरेको र १५ वटा सवारी साधन कुटनैतिक नम्बर प्लेट प्रयोग भएको विवरण पेश भएको छ । आयोजनाको समाप्त पश्चात हस्तान्तरण भै आएका सवारी साधन कूटनैतिक नम्वर निलो प्लेटमा यथावत राखेको छ । सवारी साधनको दर्ता प्रक्रिया नमिल्ने एवं दुरुपयोग हुने सम्भावना समेत रहदां सरकारी नम्वर प्लेटमा दर्ता प्रक्रिया अघि वढाउन विभागले प्रयोग गर्नुपर्ने देखिन्छ ।

१९. **राजस्व लेखा :** आर्थिक कायविधि नियमावली २०६४ को उपनियम ५ अनुसार कार्यालयमा नगद वा बैंकं भौचरको रुपमा प्राप्त भएको जुनसुकै राजश्व रकम अनिवार्य रुपमा आम्दानी रसिद काटी सम्वन्धित खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष विभिन्न राजश्व शिर्षकमा रु ५ करोड ६० लाख २३ हजार आम्दानी गरेकोमा नगदी रसिद, म.ले.प.फा.नं. १०८, १०८ख, १०९ र २३ प्रयोगमा ल्याएको देखिएन । अतः तोकिएका म.ले.प.फारामहरु राखी राजस्वको श्रेस्ता व्यवस्थित गरी राख्नुपर्दछ ।

२०. **धरौटीको सदस्याहा :**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ६४ बमोजिम जुन प्रयोजनको लागि धरौटी राखिएको हो सो काम पूरा भई राजस्व खातामा दाखिला गर्नुपर्ने भएमा पन्ध्र दिन भित्र निर्णय गरी त्यस्तो धरौटी रकम राजस्व खातामा दाखिला गर्नु पर्ने व्यवस्था छ । विभागमा प्रयोजन समाप्त भएको रु.१ लाख ६ हजार सदरस्याहा गरेको छैन । तसर्थ सदरस्यहा गरी राजस्व दाखिला गर्नुपर्दछ ।

२१. **केन्द्रिय वन विकास कोषः** वन तथा भू संरक्षण मन्त्रालयको २०६९।११।१६ को निर्णय बमोजिम वन विकास कोषमा मौज्दात रहेको रकम राजश्व खातामा दाखिला गर्नु पर्दछ । केन्द्रिय वन विकाश कोषको मौज्दात रकम रु १ लाख २१ हजार राजश्वमा दाखिला गरेको देखिएन । गत वर्षको वेरुजूमा औंल्याईएकोमा हाल सम्म दाखिला नभएकोले उक्त रकम राजस्व दाखिला हुनु पर्दछ ।

२२. **आन्तरिक नियन्त्रण व्यवस्था :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारीढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्यसम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले वार्षिक खरिद योजना तयार नभएको, खरिद इकाई गठन नभएको, जिन्सी मालसमानको लिलाम/ मर्मत नभएको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको, केही पेश्की समयमा फछ्र्यौट नगरेको, उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित

नगरेको, तालुक कार्यालयले निरीक्षण नगरेको, पुराना मालसामानको मूल्य नखुलेको, घरजग्गाको लगत नभएको र जग्गा धनी प्रमाणपूर्जा समेत नरहेको, निजी नर्सरीहरुवाट विरुवा उत्पादन गर्दा नर्सरीको छनौट आधार उल्लेख गरेको छैन, विरुवा खरिद गर्दा विरुवाको गुणस्तर सुनिश्चित गर्ने आधार निर्धारण नगरेको, जस्ता कमी कमजोरीहरु देखिएका छन् । प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रक सुदृढ बनाउनु पर्दछ । सुझाव कार्यान्वयन गरिने व्यहोरा कार्यालयले जनाएको छ ।

२३. **परामर्श सेवाको लागत अनुमान :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । विभागले परामर्श नर्म्सको तयारी गर्दा अन्य योजनाले गरेको कार्यलाई आधार लिई ३ परामर्शदाताको कार्यको लागि लागत अनुमान तयार गरी रु.४१ लाख ५९ हजार खर्च लेखेको छ । कार्य प्रकृति अनुसार नर्म्स वा मापदण्ड नवनाउदा वास्तविक लागत अनुमान तयार हुन नसकेको पाइयो । तसर्थ सवै खर्च प्रकृतिलाई समेट्ने गरी नर्म्स तयार गरी एकरुपता र मितव्ययी ल्याउनुपर्ने देखिन्छ ।

२४. **टुक्रा खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ परिच्छेद ५ नियम ३१ को उप नियम (१) वमोजिम सार्वजनिक निकायले दश लाख रुपैया भन्दा वढी लागत अनुमान भएको मालसामान वा सेवा खरिद गर्दा वोल पत्रको माध्यमवाट खरिद गराउनु पर्नेछ भन्ने उल्लेख छ । वन विभागको रु.५५ लाख ४२ हजार वजेट व्यवस्था भएकोमा समेत टुक्रा टुक्रा गरी खरिद गरेको छ । तसर्थ प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्ने देखिन्छ ।

२५. **बढी भुक्तानी :** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६(२) वमोजिम विल भरपाई सहितको श्रेस्ता राख्नु पर्ने व्यवस्था छ । तर कार्यालयले कल्पवृक्ष मासिक पत्रिका प्रकाशन तथा ढुवानी वापत दुई व्यवसायीलाई बढी भुक्तानी रु.२७ हजार र ९ कर्मचारीलाई दोहोरो भुक्तानी गरेको रु.६ लाख २२ हजार समेत रु.६ लाख ५३ हजार बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

२६. **कार्य सूचीवमोजिम कार्य नगरेको -** कवुलियती वन समुहहरुको सामाजिक तथ्य आर्थिक स्तरीय स्तरीकरण कार्यगर्न परामर्श सेवा वापत केन्द्रलाई कार्यसूची तयार गरी कवुलियती वन समुहले कवुलियती वन संरक्षणका लागि गरेका कार्यहरु, कवुलियती वन समुहको शैक्षिक तथा स्वास्थ्य कार्य, पशु विकासको अवस्था-वाखापालन, पशु स्वास्थ्य सेवा, ब्रिडिङ्ग बुक एक्सचेन्ज आदि कार्य गर्न सम्झौता भएकोमा ती कार्यहरु सूची वमोजिम नभएकोमा समेत रु.१७ लाख ४४ हजार भक्तानी भएको छ । कार्य योजना वमोजिम कार्य नगर्ने उपर छानविन गरी काम वेगर भुक्तानी भएको रकम एकिन गरी असुल गर्नुपर्ने देखिन्छ ।

२७. **हर्जना असुल :** सार्वजनिक खरिद ऐन, २०६३ दफा १२१ मा सम्झौतामा तोकिएको म्यादमा कार्य सम्पन्न हुन नसकेमा शुन्य दशमलव सुन्ना पांच प्रतिशत पुर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ । Detection Assessment and Updating of Forest Maps तयारीको लागि एक सर्भिस सेन्टरसंग रु.६ लाख ५० हजारमा सम्झौता भएको थियो । सम्झौता अनुसार २०७२ कार्तिक १ मा शुरु गरी २०७२ साल मंसिर मसान्त सम्ममा सम्पन्न गर्नुपर्नेमा मिति २०७३।३।२९ मा मात्र सम्पन्न गरेको छ । सम्झौता भन्दा बढि अवधिको प्रतिदिन ०.५ प्रतिशतका दरले २१० दिनको हर्जना रु.६८ हजार असुल हुनु पर्दछ ।

२८. **तलवी प्रतिवेदन :** निजामति सेवा ऐन २०४९ को दफा ७(ख) अनुसार उपत्यकाका कार्यालयका कर्मचारीहरुको तलवी प्रतिवेदन निजामति किताबखानाबाट पारित गराएर मात्र तलव भुक्तानी गर्नुपर्ने उल्लेख छ। कार्यालयले तलवी प्रतिवेदन पारित नगरि रु.१९ लाख ५७ हजार तलवमा खर्च लेखेको छ । अत: ऐनमा भएको व्यवस्था अनुसार तलवी प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नु पर्ने देखिन्छ ।

२९. **शिर्षक फरक पारी खर्च :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३५(२)ख मा रकम स्वीकृत वजेट भित्र र सम्वन्धित खर्च शिर्षकमा पर्दछ र खर्च गर्न वांकी छ भने खर्च गर्न निकासा दिनुपर्ने उल्लेख छ । कार्यालयले तलव शिर्षकबाट महंगी भत्ता रु.७८ हजार भुक्तानी भएको छ । तसर्थ विनियोजित शिर्षकबाट खर्च लेख्नुपर्दछ ।

३०. **करार नियुक्ति :** निजामती सेवा ऐन २०४९ दफा ७ ले ऐन विपरित पदपूर्ती गर्न नपाईने ज्यालादारी र करारमा निजामती कर्मचारीले गर्ने कामको लागि नियुक्ति गर्न नपाईने र नियुक्ति गरेमा नियुक्ति गर्नेवाट तलव भत्ता असुल गर्ने व्यवस्था छ । वन सम्वर्द्धन महाशाखाको दरवन्दी विवरण र मन्त्रालयबाट स्वीकृत अस्थायी दरवन्दी अनुसार कार्यालय सहायक तर्फ २ जनाको पद रहेकोमा कार्यालयले ४ जनालाई कार्यालय सहायकमा पदपूर्ती गरी दरवन्दी भन्दा वढी दुइ जनालाई नियुक्ति गरी प्रति महिना १८ हजारका दरले वार्षिक रु.२ लाख ३४ हजार भुक्तानी गरेको छ । ऐन विपरित नियुक्ति तथा खर्च लेख्न मिल्ने देखिदैन ।

३१. **ल्याव कर्मचारी :** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम (३५(२) वमोजिम स्वीकृत कार्यक्रम र वजेटको आधारमा खर्च लेख्नु पर्ने व्यवस्था छ । कार्यालयले कार्यक्रममा नभएको २ जना ल्याव असिष्टेण्टलाई करारमा नियुक्ति गरी रु.४ लाख खर्च लेखेको छ । तसर्थ स्वीकृत दरवन्दी भित्र कार्यालयले नियुक्ति र खर्च गरिनु पर्दछ ।

३२. **नियम विपरित पेश्की** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७८ मा आर्थिक वर्षको अन्त्य सम्ममा काम हुन नपाई केवल वजेट फ्रिज हुन नदिने उद्देश्यले मात्र कसैलाई पेश्की दिन नहुने उल्लेख छ। कार्यालयले कृषि तथा वन विश्वविद्यालय चितवनलाई वन सुधार, वृक्षारोपण तथा निजी वन कार्यक्रम अन्तर्गत २०७२।११।२८ मा सम्झौता भई २०७३।३।१५ मा काम सक्ने गरी रु.१५ लाख पेश्की उपलब्ध गराएको थियो। पुन: असार ०७३।३।२५ मा रु.५ लाख पेश्की उपलब्ध गराएको पाईयो। उक्त विश्वविद्यालयसंग भएको सम्झौताको बुंदा ८ मा कार्यसूची र प्रस्तावमा उल्लेख भएका कृयाकलाप गर्न कुल अनुदान रकमको ७५ प्रतिशत पेश्की दिन सकिने र बांकी २५ प्रतिशत काम सम्पन्न भए पश्चात मात्र भुक्तानी गर्ने उल्लेख छ। लेखापरीक्षण अवधि २०७३।९।१५ सम्म पनि कार्य भएको प्रमाण पेश भएन। समयमा काम सम्पन्न नगर्ने संस्थालाई हर्जना लिई ठेक्का तोडनु पर्नेमा सम्झौताको प्रावधान विपरित आर्थिक वर्षको अन्त्यमा सम्पूर्ण रकम पेश्की दिएको देखिन्छ। उक्त रकम खर्च नभएकोमा असुल गरी राजश्व दाखिला गर्नु पर्ने देखिन्छ।

३३. **मु.अ. कर भुक्तानीको जानकारी -** मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क वमोजिम सार्वजनिक निकायले ठेक्का सम्झौता र मुल्य अभिवृद्धि कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा दिई मुल्य अभिवृद्धि कर भुक्तानी गर्नुपर्ने व्यवस्था छ। विभागले ६ सप्लायर्सलाई १७ लाख ४७ हजार भुक्तानी गर्दा आन्तरिक राजस्व कार्यालयलाई मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी दिएको पाइएन। तसर्थ ऐन बमोजिम जानकारी दिनु पर्दछ।

३४. **नर्म्स भन्दा वढी खर्च -** वीउ वगैंचा वापत मुल्यांकन तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत एक रेन्जरले कार्यदेश लिई काम गर्दा इष्टिमेट वमोजिम कपिलवस्तुमा रुख काट्ने हांगा ढाल्ने कामको लागि नर्म्श ३७.४ ग १ वमोजिम ५० वटा रुख काट्ने कार्यको लागि ०.४६८ म्यानडेजका दरले २३ जना ज्यामी खर्च लेख्नु पर्ने व्यवस्था छ। तर कार्यालयले ५० वटा रुख काटनको लागि ५३ जना ज्यामीका दरले खर्च लेखेकोले छ। तसर्थ वढी ३० जनाको खर्च प्रति जवान ५५०। का दरले रु.१७ हजार असुल हुनुपर्दछ।

३५. **अनुसन्धान प्रतिवेदनको अभिलेख :** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ४६ वमोजिम सरकारी सम्पत्ती गर्नुपर्ने व्यवस्था छ। कार्यालयले ५ क्षेत्रको अनुसन्धान गराएर रु.३६ लाख ६८ हजार खर्च गरी प्रतिवेदन तयार गरेको छ। तसर्थ प्राप्त भएको प्रतिवेदनको कपिराईट सहित सम्पत्तिको रुपमा अभिलेख राखेको छैन। तसर्थ ति अनुसन्धान प्रतिवेदन अन्य वन विभागले गरेको अनुसन्धान प्रतिवेदनको समेत अभिलेख राख्नुपर्ने देखिन्छ।

३६. **वील भरपाई :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) वमोजिम विल भरपाई सहितको खर्च लेख्नु पर्ने व्यवस्था छ। अष्ट्रेलियाको CSTRO भन्ने संस्थासंग मसलाको बिउ आयात गरी रु.२ लाख २८ हजार खर्च लेखेकोमा विल (करविजक) वेगर खर्च लेखेको छ। तसर्थ विल पेश हुनुपर्दछ।

३७. **स्वीकृती प्रस्ताव भन्दा वढी खर्च :** एक दिनको अन्तरकृया कार्यालयमा रु.१० हजार वजेट व्यवस्था स्वीकृती भएको रु.२६ हजार खर्च भएको छ। तसर्थ स्वीकृती प्रस्ताव भन्दा बढी खर्च भएको रु.१६ हजार बढी खर्च भएको छ। स्वीकृती कार्यक्रम खर्च गर्नु पर्ने र कार्यालय वजेट भन्दा वढी खर्च देखेका अनियमित देखिन्छ।

३८. **नापी** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ (ख) वमोजिम नापि एर्व कार्य मूल्याङ्कन तयार गर्नु पर्दछ। वन विभागले नर्सरी निर्माण कार्य अमानतमा गरी रु.१८ लाख ४६ हजार खर्च लेखेको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४६ बमोजिम अमानतमा कार्य गराउनदा एक तह माथिको स्वीकृति लिएको छैन साथै नापि र मूल्याङ्कन विल तयार भएको छैन। तसर्थ नापि र मूल्याङ्कन राखि खर्च लेख्नु पर्दछ।

३९. **परामर्श खर्च (विउ विकास क्षेत्र) :** तराई नदि उकास क्षेत्रको पहिचान तथा कार्य योजना तयारीका लागि लागत अनुमान रु.१९ लाख ६ हजार (मु.अ.कर सहित) तयार गरी एक संघ छनौट गरी रु.१५ लाख ८० हजारमा सम्झौता भएको थियो। विभागले लागत अनुमान तयार गर्दाको नर्म्स र आधार नखुलाएको, परामर्शदाताको हाजिरी र काजको प्रमाणित वेगर रु.७ लाख ६५ हजार भुक्तानी गरेको, मध्यावधि प्रतिवेदन र कार्ययोजना पेश नगरेको साथै अनुगमन र मूल्याकन गरेको पाइएन। तसर्थ सम्झौताको प्रावधान पालना गरिनु पर्दछ।

४०. **वन विउ व्यवस्थापन** : वन विउ व्यवस्थापनका लागी खोटे सल्लामा स्वीकृती नर्म्श प्रति प्लट ३० हजार भएपनि दुई जना रेन्जरले ४० हजार र रु.१ लाख खर्च लेखेको छ। साथै एक कर्मचारीले वीउ व्यवस्थापनमा तीन पल्टको (३ प्रजाती) रु.१० हजारका दरले वढी खर्च लेखेको रु.३० हजार समेत रु.९० हजार बढी भुक्तानी भएको छ। तसर्थ वढी भुक्तानी असुल हुनुपर्दछ।

४१. **प्रशारण तालिका :** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ३१ बमोजिम १० लाख भन्दा बढी वोलपत्रद्धारा खरीद गर्नेपर्ने र नियम ३६(३) वमोजिम विल भरपाई प्रमाण सँलग्न राखि खर्च लेख्नु पर्दछ। तीन संस्थालाई २७ पटक वृत्तचित्र प्रशारण गरेको भनी रु.४५ लाख भूक्तानी भएकोमा उक्त रकम भुक्तानी गर्दा कार्यको लागत अनुमान नवनाएको, प्रतिस्पर्धात्मक माध्यमवाट खरिद नभएको साथै उक्त प्रसारण संख्या

दररेट, प्रशारण तालिका र पल्स (समय), कुन कुन वृत्तचित्र प्रशारण नखुलाई भुक्तानी भएको छ । प्रमाण कार्यक्रम अध्यावधिक प्रशारण तालिका र समय नखुलेको प्रमाण पेश हुनुपर्दछ ।

४२. **डढेलो कार्यक्रम :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ वमोजिम चौमासिक खर्च गर्नुपर्ने व्यवस्था छ । स्वीकृती कार्यक्रममा वन डडेलो नियन्त्रण कार्यक्रम दोस्रो चौमासिकमा कार्य सम्पन्न गर्नु पर्ने उल्लेख छ । तर वन विभागले डडेलो नियन्त्रण कार्यक्रमबाट अन्य कार्य नगरी पोष्टर मात्र छपाई गरेको छ । आर्थिक वर्ष मसान्त एवं खर्च वन्द हुने अन्तिम दिन रु.३ लाख खर्च लेखि १० हजार पोष्टर छपाई गरी मौज्दात राखेको छ । यसरी आर्थिक वर्षको अन्तिम दिन खरिद गरी मौज्दात राख्ने कार्य नियन्त्रण गरिनु पर्दछ ।

४३. **प्रशासनिक खर्च :** आर्थिक कार्यविधि नियमावली २०६४ वमोजिम स्वीकृती कार्यक्रम एवं अख्तीयारी बमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ । वहुसरोकार कार्यक्रमबाट कार्यालयले कार्यक्रम नभएको प्रशासनिक खर्च (विविध सहित) रु.३ लाख ३९ हजार र गाडि मर्मत रु.१ लाख ३५ हजार दैनिक भ्रमण भत्तामा रु.२ लाख १४ हजार समेत रु.६ लाख ८७ हजार खर्च गरेको पाइयो । प्रशासनिक खर्च चालु शिर्षकमा व्यवस्थापन भएकोले कार्यक्रमबाट खर्च लेख्नु उचित देखिएन ।

४४. **अपुरो कार्य :** राष्ट्रिय योजना आयोगवाट स्वीकृती कार्यक्रममा सोलार खरिदको व्यवस्था भए पनि कार्यालय सोलार प्रयोजनमा सम्पूर्ण सोलार खरिद नगरी व्याट्रि मात्र खरिद गरी रु.२ लाख ८० हजार खर्च लेखेको छ । यसरी व्याट्रि मात्र खरिद गर्नाले मूल उद्देश्य प्राप्ती नभएको देखियो । सोलार सम्पूर्ण कार्य प्रतिस्पर्धावाट खरिद गरी जडान गर्नुपर्नेमा व्याट्रि मात्र खरिद गरी कार्यक्रमको मर्म विपरित कार्य गरेको अनियमित देखिन्छ ।

४५. **काठको प्रयोग र पैठारी :** वन ऐन २०४९ को दफा २०(१) वमोजिम सरकारद्धारा व्यवस्थित बनको व्यवस्थापनको लागि विभागले कार्य योजना तयार गरी स्वीकृतीको लागि मन्त्रालयमा पेश गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न बमोजिम छ:

४५.१ विभागले राष्ट्रिय वन पैदावारको उपभोग, निकासी एवं ओसारपसार सम्बन्धी कार्य योजना तयार गरी मन्त्रालयबाट स्वीकृत गरेको देखिएन । कार्य योजना वेगर वन विभागले ८ लाख ५० हजार ९२८ घ.मी.काठ आयातको स्वीकृति दिएको छ । विभागले काठको राष्ट्रिय माग एवं आपूर्तिको विश्लेषण गरी कार्ययोजना तयार गर्नुपर्दछ ।

४५.२ वन क्षेत्रको रुख पत्ल्याउने, काट्ने, गोडमेल गर्ने, प्रजाती छुट्याउने कार्य गरी १५ जिल्लाका सरकारी व्यवस्थित वन तर्फ १ हजार ६४२ र साझेदारी वनतर्फ ५ लाख १४ हजार ८८० हेक्टरको वैज्ञानिक वन व्यवस्थापन गर्न ५ देखि १० वर्षे कार्य योजना स्वीकृत भएको छ । गत वर्ष ११ जिल्लाका ६२० हेक्टर वनको वैज्ञानिक व्यवस्थापन गर्ने लक्ष्य तोकेकोमा ३०० हेक्टरमा शुरुआत सम्म भएको देखिन्छ । वैज्ञानिक वन व्यवस्थापन कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

४५.३ वन पैदावारको सहज आपूर्तिको व्यवस्था मिलाउनुका साथै वन पैदावार प्राधिकरण स्थापना गर्न आवश्यक ऐन तर्जुमा गरी संरचना तयार गर्ने त्रिवर्षिय योजनामा उल्लेख भएपनि हालसम्म प्राधिकरण स्थापना भएको पाइएन ।

४६. **वन क्षेत्रको जग्गाको विकास निर्माण र अन्य प्रयोजनमा प्रयोग (लिजिङ्ग) :** वन क्षेत्रमा उद्योग, समुदायलाई कच्चापदार्थ उत्पादन, वृक्षारोपण, कृषि वन वन्यजन्तु फार्म, पर्या पर्यटन उद्योगका लागि उपलव्ध गराउने व्यवस्था वन ऐन २०४९ र नियमावली २०५१ ले गरेको छ । गरीवीको रेखामुनी रहेका जनता स्तरवृद्धि, वन औद्योगिक उत्पादन, राष्ट्रिय महत्व योजना, सडक, रेल, विद्युतका लागि वन क्षेत्रको जग्गा उपलव्ध गराउने गरेको पाइन्छ । यस सम्वन्धमा निम्नानुसार पाइयो :

(क) **न्यून दस्तुर :** बन नियमावली २०५१ नियम ४१ र ४९ अनुसूचि २० बमोजिम उद्योग एवं सामुदायका लागि कवुलियत वन उपलव्ध गराउंदा समुदायलाई प्रति हेक्टरको प्रति वर्षको लागि ८०० देखी ३०००।, सम्म उद्योगी एवं संगठित संघ संस्थालाई १२०० देखि ५००० तोकेको छ । अधिकतम रु.५०००।- आधार भन्ने प्रति दिन प्रति रोपनी ०.६९ पैसा पर्दछ । यसरी व्यवसायिक प्रयोजन एवं नाफामूलक संस्थालाई लिजका लागि न्यून दस्तुर तोक्दा न्यायोचित देखिदैन । तसर्थ नाफा मूलक संस्थालाई प्रतिस्पर्धात्मक आधारमा दस्तुर तोकिनु पर्दछ ।

(ख) **औद्योगिक प्रयोजन वन :** वन ऐन २०४९ को दफा ३१ र ३२ मा नियमावली २०५१ को नियम ४१ र ४९ वमोजिम अनुसुचि २० ले रु.प्रति हेक्टर ५०००। वार्षिक दस्तुर लिने व्यवस्था गरेको छ । औद्योगिक प्रयोजनको लागि २२ वटा कवुलियती बनको लागि ६४० हेक्टर जग्गा उपलव्ध गराएको देखिन्छ । वार्षिक १० वर्ष सम्म दश प्रतिशतले वढने र त्यसपछि पुनरावलोकन हुने व्यवस्था भएपनि त्यस्तो पुनरावलोकन भएको देखिएन । महानगरपालिका, राजधानी, लगायत महत्वपूर्ण स्थानका वन क्षेत्रलाई नाफामूलक संस्थाको लागि ५हजार ६० रोपनी जग्गा प्रतिस्पर्धात्मक व्यवस्था नगरी न्यून मूल्यमा उपलव्ध गराएको उचित देखिन्न ।

(ग) **पुन वृक्षारोपण क्षेत्र** : वन ऐन र नियमावलीमा सम्झौता वमोजिम कवुलियतमा लिएको वन पूर्वाधार निर्माण वा वन कटान क्षेत्र वरावर क्षेत्रमा वृक्षारोपण गरी पाँच वर्ष सम्म स्याहार गरी वन क्षेत्र सरकारलाई हस्तान्तरण गर्नु पर्दछ । वृक्षारोपण सो लागत वरावरको रकम असूल गरी वन कार्यालय त्यस्तो क्षेत्र विकास गर्न व्यवस्था छ । वन क्षेत्रका जग्गा विभिन्न ३४७ संघ संस्थालाई उपलव्ध गराएको १४०२८.३५ हेक्टर जग्गा उपलव्ध गराएको सो वरावरको जग्गामा वृक्षारोपण गरी ५ वर्ष हुर्काएको वन उपलव्ध गराउनपर्नेमा सो वरावर वृक्षारोपण गरी जग्ग उपलव्ध गराएको पाइएन । तसर्थ यस सम्वन्धमा छानविन गरी उक्त नियमावली व्यवस्था बमोजिम उक्त वन क्षेत्र तयार गर्न लाग्ने रकम असूल गर्नु पर्दछ ।

(घ) **प्रतिस्पर्धात्मक कवुलियत वन :** वन नियमावली २०५१ को नियम ३९(क) वमोजिम राष्ट्रिय वनको झाडि वुट्यान, अतिक्रमणकारीवाट फिर्ता लिएको वन, क्षति भई पुनः उकास भएको क्षेत्र, २० प्रतिशत भन्दा कम क्राउन कभर भएको वन, भू संरक्षण हिसावले संवेदनशिल क्षेत्र इच्छुक सम्वन्धित संस्था वा उद्योगलाई प्रस्ताव आव्हान गरी कवुलियती वन जिलमा दिनसक्ने व्यवस्था छ । तर वन विभागले विना प्रतिस्पर्धा (५ हजार ६० हेक्टर) वन क्षेत्र उपलव्ध गराएको छ । जसवाट प्रचलित मूल्य एर्व दस्तुर प्राप्त हुन सकेको देखिदैन । तसर्थ प्रतिस्पर्धात्मक लिजिङ्ग व्यवस्था गर्नुपर्ने देखिन्छ ।

(ङ) **वन क्षेत्रको प्रवर्धन :** त्रिवर्षिय योजना (२०७०।७१-०७२।७३) मा सार्वजनिक सामुदायिक निजी साझेदारीको प्रवर्धनवाट वन्यजन्य उद्योग व्यवसायमा निजी क्षेत्रको सहभागिता तथा लगानी वृद्धि गर्ने अपेक्षित प्रतिफल व्यवस्था गरेको छ । तर विभागले एक पक्षिय निजी क्षेत्रको प्रस्तावमा न्यून शुल्कमा व्यवसायिक प्रयोजन वा क्षेत्र उपलव्ध गराउने गरेको छ । वहुपक्षीय प्रयोजन एवं स्थानीय जनतामा हित प्रवर्द्धन गर्ने गरी वन क्षेत्रको प्रवर्द्धनमा प्रतिस्पर्धा गराई लिजिङ्ग व्यवस्था गर्नुपर्ने देखिन्छ ।

बनस्पति विभाग

१. **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(६) मा बजेटमा निर्धारित गरिएको रकम निकासा लिई नियमानुसार खर्च गर्नुपर्दछ । तर विभागले कुल पुंजिगत खर्च मध्ये तेश्रो चौमासिकमा ७३.७६ र सो मध्ये आषाढ महिनामा ५१.६२ प्रतिशत खर्च भएको छ । समानुपातिक किसिमले कार्यक्रम बमोजिम समयमै खर्च गर्नुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण व्यवस्था :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । तर कार्यालयले वार्षिक खरिद योजना नबनाएको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई राखेको भएतापनि पुराना सामानहरुको मूल्य आंशिक खुलेको, जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन लिएको भएतापनि प्रतिवेदनले औंल्याएका व्यहोरा माथि पूर्ण कारवाही नगरेको, कार्यालय आयोजनाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, वार्षिक आर्थिक कारोवारको प्रतिवेदन अनूसुची १४ बमोजिमको ढांचामा तथा नियम ९१ बमोजिम वार्षिक कार्यसंपादन प्रतिवेदन तयार नगरेको, जस्ता कमी कमजोरीहरु देखिएका छन् । प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ । सुझाव अनुसार कार्यान्वयन गरिने व्यहोरा कार्यालयले जनाएको छ ।

३. **दरवन्दी तथा पदपूर्ति :** निजामती सेवा नियमावली २०५० को नियम १३ र १३ (क) बमोजिम पदपूर्ति गर्नुपर्नेमा विभागले कार्य सम्पादन गर्नका लागि बिभिन्न पदका १४७ कर्मचारी दरवन्दी स्वीकृत गरेकोमा ७५ पद पूर्ति भई (४९.९७ प्रतिशत) वांकी पद रिक्त रहेकोले रिक्त दरवन्दी पदपूर्ति गर्नेतर्फ आवश्यक कारवाही गर्नुपर्दछ ।

४. **काज :** निजामती सेवा ऐन २०४९ को दफा १८ क बमोजिम निजामती कर्मचारीलाई एक वर्षमा ३ महिना भन्दा बढी अवधी काज खटाउन नपाइनेमा विभागले एक सुपरभाइजरलाई सामान्य प्रशासन मन्त्रालयमा मिति २०७१/९/४ देखि काज खटाइएकोमा काज फिर्ता गरेको नदेखिएकोले नियमको पालना गर्नु पर्दछ ।

५. **पेस्की :** एक निकायलाई इन्धन वापत रु.१ लाख ७३ हजार र एक कार्यालयलाई मोविलाइजेशन पेस्की रु.२ लाख समेत जम्मा रु.३ लाख ७३ हजार पेस्की दिइएकोमा आ.व. को अन्त्यसम्म फछ्र्यौट नभएकोले नियमानुसार उक्त रकम फछ्र्यौट गर्नुपर्दछ ।

६. **ठेक्का वन्दोवस्त :** आर्थिक कार्यविधि नियमावली २०६४ बमोजिम प्रथम चौमासिक भित्र ठेक्कापट्टा वन्दोवस्त गर्नुपर्नेमा यस वर्ष १५ वटा ठेक्काको खरिद सम्झौता भएकोमा १० वटाको दोस्रो चौमासिकमा र ५ वटाको तेस्रो चौमासिकमा भएकोले समयमानै ठेक्का बन्दोबस्त गरी कार्यान्वयन गर्नुपर्दछ ।

७. **भुक्तानी बाँकीको कच्चावारी :** आर्थिक कार्यविधि नियमावली २०६४ को बमोजिम चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने भएमा वील भरपाई बमोजिमको रकम आगामी वर्ष भुक्तानी दिनु परेमा कारण खोली म.ले.प.फा.नं.१८ (भुक्तानी दिन बाँकीको कच्चावारी) मा चढाई प्रमाणित गराई राख्नुपर्नेमा म.ले.प.फा.नं. १८ वेगर इलेक्ट्रीक र आर्थिक सिष्टम निर्माण कार्य वापत एक प्रा.लि.लाई रु.२ लाख ९५ हजार (मु.अ.कर समेत) भुक्तानी दिएकोले उक्त रकम नियमित गर्नुपर्दछ ।

८. **कार्यक्रम कार्यान्वयन :** वार्षिक कार्यान्वयन योजना बमोजिम राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यको कार्यक्रम कार्यान्वयन गर्न राष्ट्पति चुरे तराई मधेश संरक्षण कार्यक्रमको विशेषज्ञ टोलीले तयार पारेको स्वीकृत कार्य योजना बमोजिम कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ । तर वनस्पति विभाग अन्तरगतको फ्लोरा शाखाले तयार पारेको कार्ययोजना बमोजिम कार्यक्रम कार्यान्वयनमा आएको पाइयो । वहुवर्षिय कार्यक्रमको गुरु योजना बनाई सोही अनुसार कार्य सम्पादन भएको समेत देखिएन । राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रमको विशेषज्ञ टोलीबाट कार्य योजनामा सहभागिता रहेको नदेखिदा विशेषज्ञ सहितको सहभागितामा वहुवर्षिय कार्यको गुरु योजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।

वन अनुसन्धान तथा सर्भेक्षण विभाग, ववरमहल

१. **चौमासिक खर्च :** स्वीकृत बार्षिक कार्यक्रम वमोजिम तोकिएको चौमासिकमा तोकिएका कार्यक्रम सॅचालन गर्न वजेट व्यवस्था भए मुताविक सोही चौमासिकमा कार्यक्रम सॅचालन गरी खर्च गर्नुपर्ने व्यवस्था छ । तेश्रो चौमासिकमा ४६.८० र आषाढ महिनामा ३८.१२ प्रतिशत खर्च भएको छ । तसर्थ समानुपातिक किसिमले कार्यक्रम बमोजिम खर्च गर्नुपर्दछ ।

२. **दरवन्दी व्यवस्थापन :** निजामती सेवा नियमावली २०५० को नियम १३ र १३ क बमोजिम पदपूर्ति हुनुपर्दछ । विभागवाट प्राप्त विवरण अनुसार वन विभागको लागि १०० दरवन्दी स्वीकृत भएकोमा ६५ पदपूर्ति भई ३५ दरवन्दी रिक्त रहेको देखिन्छ । वन पैदावार र वन्यजन्तु एवं घाट गट्टी सुरक्षामा असर पर्ने भएकोले पदपूर्ति तर्फ सम्वन्धित कार्यालय र तालुक निकायले पहल गर्नु जरुरी देखिन्छ ।

३. **आन्तरिक नियन्त्रण व्यवस्था :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारीढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्यसम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर कार्यालयले जिन्सी मालसमानको लिलाम/ मर्मत नभएको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको, उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, तालुक कार्यालयले निरीक्षण नगरेको, पुराना मालसामानको मूल्य नखुलेको, जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नभएको र जिन्सी किताव प्रमाणित नगरेको, एक वन अधिकृतले खरिद गरेको रु.१४ लाख ७३ हजारको सामान जिन्सी आम्दानी नवाधेको, ५ वटा कार्यक्रम लक्ष्य मुताविक कुनै पनि कार्य गरेको जस्ता कमी कमजोरीहरु देखिएका छन् । प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रक सुदृढ बनाउनु पर्दछ ।

४. **आन्तरिक लेखापरीक्षणः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६(३) बमोजिम कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका वेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेश गरी वा असूल उपर गर्नु पर्नेमा असूल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाण्डौंले आर्थिक वर्ष समाप्त भए पश्चात एकै पटक लेखा परीक्षण गरि प्रतिवेदन मिति ०७३।६।४ मा ढिलो जारी गरेको देखिन्छ ।

५. **जमानत :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० (१) (२) ८३ मा सम्झौता भई कार्यसम्पादन जमानत पेश गर्नु पर्ने व्यवस्था छ । कार्यालयले एक व्यवसायीसंग जिल्ला स्थित विभिन्न ठाउंमा अध्ययन अनुसन्धान गर्न २०७३।११।१३ मा मुल्य अभिवृद्धि कर वाहेक प्रति दिन रु.५३००। का दरले चार पाङ्गे पिक अप भ्यान भाडामा लिने गरी न्यूनतम वोलपत्र स्वीकृती भएको पाइयो । तर ऐन तथा नियमावलीमा भएको व्यवस्था खरिद सम्झौता बमोजिम भुक्तानी भएको रु.१८ लाख १० हजारको ५ प्रतिशत कार्य सम्पादन जमानत रु.७५ हजार राख्नु पर्नेमा सो राखेको पाइएन । तसर्थ जमानत राख्नु पर्ने देखिन्छ ।

६. **मोटर खर्च :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्न नहुने व्यवस्था गरेको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) को अनुसूचि १ वमोजिम शपिङ, सामग्री, उपकरण तैल्य पदार्थ सहित) लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । भ्रमण खर्च नियमावली, २०६४ को नियम ४(ख) सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो वाटो वा सवारी साधन प्रयोग गरी भ्रमण गर्नुपर्ने व्यवस्था छ । वन अनुसन्धानमा खटिने पदाधिकारी तथा कर्मचारीले काठमाण्डौवाट नै रिजर्भ गरी रु.४४ लाख ८० हजार खर्च लेखेको छ। मितव्ययी ढङ्गवाट खर्च गरेको पाइएन । ती व्यहोरा निम्नानुसार छन् :

(क) **ईन्धन खर्च :-** सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूचि १ वमोजिम इन्धन समेत समावेश गरी लागत अनुमान तयार नगर्दा ठूलो मात्रामा परिणाम इन्धन खर्च भएको देखिन्छ। मोटर भाडाको लागत अनुमान प्रति दिन ५३००। भ्याट वाहेक तयार गर्दा नयां गाडीको भाडा लिने प्रयोजनको लागि तयार भएको छ। कार्यालयले भाडामा लिएको मोटरको क्याटलग वमोजिम दिन प्रति कि.मी. इन्धन खर्च लेख्नु पर्नेमा ५ कि.मि. लाई १ लि. खर्च लेखेको कानून सम्मत नदेखिएकोले वास्तविक

खपत हुने इन्धनको आधारमा लगवुक संलग्न गरी खर्च लेख्नु पर्नेभएकोले छानविन गरी बढी खर्च लेखेको असुली हुनु पर्दछ ।

ख) **अनावश्यक भ्रमण खर्च :** भ्रमण नियमावली २०६४ वमोजिम मितव्ययी र किफायती खर्च लेख्ने व्यवस्था छ । ३ जना कर्मचारीहरु काठमाण्डौवाट कार्यस्थल पुग्दा सामान्यता ८०० देखि १६०० दरले एउटा कार्यक्षेत्रको लागी २ पटकको सुर्खेत पटक ९६००, रुपन्देही ४८००, सिन्धुली ४८००, मकवानपुर ४८००, रौतहट ४८००, मा पुग्नेमा सो क्षेत्रको ओहोरदोहोरको मात्र एक पटकमा ३०,०००। देखि ५०,०००। सम्म खर्च भएको छ । यसरी ठूलो परीमाणमा खर्च भएको कार्यलाई नियमित मान्न सकिदैन ।

(ग) **लागत अनुमान भन्दा बढी गाडी भाडा भुक्तानी : -** तराइमा रहेका स्थान नमुना प्लटहरुमा पुनः मापन गर्न गाडी भाडाको लागी २२५ दिनको रु.६१००। प्रतिदिनका दरले रु.१३ लाख ७३ हजार लागत अनुमान तयार गरी एक सवारी संचालक संस्थासंग सम्झौता भएको छ । कार्यक्रममा संझौता भएको भन्दा रु.५९ हजार बढी भुक्तानी भएको छ । बढी भुक्तानी अनियमित देखिन्छ ।

(घ) **माइलेज -** गाडिको माइलेज एउटा कार्यमा ७५०० देखी ३७५०० कि.मी. सम्म गुडेको पाइन्छ । तर लगवुकमा उक्त गाडी त्यस ठाउँमा पटक-पटक ओहोर दोहोर प्रयोग उल्लेख छ तर ओहर दोहर प्रयोजन लगवुकमा खुलेको पाइदैन । तसर्थ उक्त कार्यहरु प्रयोजनहरु खुल्ने गरी अभिलेख राख्नु पर्दछ ।

७. **मस्टरोल :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ (१)(ख) वमोजिम प्राविधिक नाप जांच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गनें व्यवस्था छ । तर कार्यालय ज्यामी, सर्भेयर, दक्ष कर्मी जस्ता पदहरु डोर हाजिरी संलग्न गरी रु.१७ लाख ६ हजार खर्च लेखेको छ । यसरी ती व्यक्ति के कति कुन काम कति परिमाण गर्न नियुक्ती, भएको काम नखुलाई रकम भुक्तानी भएको छैन । कार्य परिणाम खुलाएको नापि, दैनिक कार्य किताव राखी भुक्तानी गर्नुपर्दछ ।

८. **बिल भरपाई :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(२) कर विजक भरपाई सहितको लेखा राख्नु पर्ने र नियम वमोजिम कर विजक लिनुपर्ने व्यवस्था छ । एक वन अधिकृतले तथ्याङ्क प्रविधी र विश्लेषण वापत वानेश्वरको एक व्यक्तिलाई रु.१ लाख १३ हजार खर्च लेखेको विल वेगर बुझेको भर्पाई मात्र खर्च लेखेको पाइयो । तसर्थ कर विजक पेश हुनुपर्दछ ।

९. **अभिलेख :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४६ र ४७ वमोजिम खरीद भएका सामाग्री जडान गरिएकोमा जडान भएको स्थानको अभिलेख राख्नु पर्दछ । ४५० वटा मेटल किट रु.४५ हजारमा खरिद भएकोमा ती सामाग्री कुन वन जिल्लाका, कुन कुन नमुना प्लटमा गरिएको हो सो खुल्ने विवरण तथा अभिलेख तयार गरेको पाइएन । तसर्थ मेटल पेश प्रयोग खुल्ने गरी निश्चित स्थान र प्लट सहित विवरण संलग्न गरी राख्नु पर्ने देखिन्छ ।

१०. **कार्यक्रम वेगर खर्च :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० को लागि १ बमोजिम स्वीकृती कार्य क्षेत्र एवं कार्य ....खर्च गर्नु पर्दछ । प्रयोजन र उपलव्धी वेगर खर्च गर्न मिल्दैन । नियमित सर्भेयर ज्यामी वाहेक भरपाई राखि दैनिक हाजिरी एवं काम अभिलेख, नापी, प्रयोजन, काम नखुलाई एक व्यक्तिलाई २०७३ वैशाखमा १४ कार्यदिन काम लगाएको भनि रु.२२ हजार खर्च लेखेको छ । यसरी कार्यक्रम एवं कार्य वेगरेको खर्च असुल गरिनु पर्दछ ।

भू तथा जलाधार संरक्षण विभाग

१. **लक्ष्य तथा प्रगति** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २५ अनुसार बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले तोकिएको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्नेमा विभागबाट संचालित कार्यक्रमको छुट्टै प्रगति प्रतिवेदन पेश नगरी मातहत कार्यालयको प्रगतिमा एकमुष्ट समावेश गरी पेश गरेकोले विभागबाट संचालित कार्यक्रमको समीक्षा गर्न नसकिएकोले छुट्टाछुट्टै प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली :** प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । स्पेसिफिकेशन अनुसार सामाग्री समयमा नै प्राप्त नगरेको, जिन्सी खातामा आम्दानी गर्दा पूर्णरुपमा स्पेसिफिकेशन खुलाउने नगरेको, पुराना सामानहरुको मूल्य आंशिक रुपमा मात्र खुलेको, जिन्सी निरीक्षण गराई प्रतिवेदन लिएको भएता पनि प्रतिवेदनले औंल्याएका व्यहोरा माथि पूर्ण कारवाही नगरेको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, कार्यक्रमगतखाता नराखेको, आर्थिक कार्यविधि नियमावली २०६४ को अनूसुची १४ र नियम ९१ बमोजिम वार्षिक कार्यसम्पादन प्रतिवेदन तयार नगरेको, खरीदको प्रकृति अनुसार छुट्टाछुट्टै मौजुदा सूची तयार गरी सो अनुसार खरीद नगरेको, जिन्सी निरीक्षण प्रतिवेदन अनुसार नियमानुसार लिलाम विक्री तथा मर्मत नगरेको जस्ता कमी कमजोरीहरु रहेका छन् । प्रचलिन ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु

पर्दछ। सुझाव अनुसार आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइने व्यहोरा कार्यालयले जनाएको छ।

३. **मापदण्ड विपरित सवारी साधनको प्रयोग** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४५ बमोजिम सरकारी सम्पत्तिको दुरुपयोग हुन नपाउने गरी विश्वस्त हुनुपर्ने व्यवस्था छ। तर नेपाल सरकारको विभिन्न समयको निर्देशन र परीपत्रअनुसार सहसचिव र सोभन्दा माथिका पदाधिकारीलाई (कार्यालय प्रमुख समेत) सवारी साधन सुविधा दिदै आएको सन्दर्भमा विभागबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदनमा जिप, कार र भ्यान गाडीहरु ९ वटा रहेकोमा १ थान लिलाम गर्नुपर्ने र वांकी चालु हालतमा रहेको देखिन्छ। विभागमा सहसचिव स्तरको पदाधिकारी २ जना मात्र भएकोमा ठूलो गाडी (भ्यान) प्रयोगमा ल्याएको छैन भने अन्य साना जिप, कार नेपाल सरकारले स्वीकृती नदिएका पदाधिकारीबाट प्रयोग भैरहेको छ। विभागमा पर्याप्त सवारी साधन हुंदाहुंदै चालुवर्ष २०७२।७३ मा एक हलुका सवारी साधन रु.२९ लाख २५ हजारमा खरिद गरी सहसचिव भन्दा मुनीका पदाधिकारीले प्रयोगमा ल्याएकोले गाडी खरिद गर्नुको औचित्य नदेखिएकोले चालुवर्ष गाडी खरिद गर्नुपर्नाको कारण र त्यसको नियम संगत उपयोग सम्बन्धमा पुष्ट्याई पेश गर्नुपर्दछ।

४. **ग्याबियन वायर** : ग्याविन तार वितरण तथा व्यवस्थापन मार्गदर्शन २०७२ (संशोधन सहित) अनुसार भूकम्प प्रभावित जिल्लामा कार्यक्रम संचालन गरिने स्थानको स्केच म्याप तथा खर्च व्यहोरिने श्रोत समेत उल्लेख गरी विभागमा पेश गर्नुपर्ने तथा सम्बन्धित संस्थाबाट प्राप्त हुने लगत इष्टिमेटमा जिल्ला भू संरक्षण कार्यालयबाट तार उपलब्ध गराइने व्यवस्था छ। विभागले ४६४ मे.टन तार विभिन्न १४ जिल्लामा पठाई मु.अ.कर वापत रु.७९ लाख ७० हजार भुक्तानी गरेको छ। सम्बन्धित जिल्लामा दाखिला प्रतिवेदन, कर विजक, स्केच एवं कार्यसम्पन्न प्रतिवेदन पेश भएको छैन। जिल्ला स्थित कार्यालयमा तार दाखिला तथा त्यसको प्रयोगको कार्यसम्पन्न प्रतिवेदन तयार गरी सक्कल विल समेत पेश गरिने व्यहोरा विभागले जनाएको छ।

५. **अस्पष्ट कार्यक्रम** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० बमोजिम कार्यक्रम स्वीकृत गर्दा अनुसूची १ को ढांचामा आयोजनाको नाम, स्थान (वार्ड समेत खुल्ने गरी) लागत र परिमाण समेत खुल्ने गरी वार्षिक कार्यक्रम स्वीकृत गर्नुपर्ने व्यवस्था छ। तर विभागबाट अध्ययन, अनुसन्धान कार्यक्रमको लागि दुई परामर्शदाताबाट कार्य गराउने निर्णय गर्दा नदी तथा स्थान किटानी साथ उल्लेख नगरी कन्चन तथा रुद्ररेवा नदीको प्रतिवेदन पेश गरेको आधारमा रु ५ लाख ७२ हजार भुक्तानी दिएको छ। आवश्यकताको पहिचान नगरी तोकिएको मापदण्ड विपरित सम्झौता गरी खर्च लेखेकोले खर्च गर्नुपर्नाको औचित्य समेत पेश गरी कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ। सुझाव अनुसार आगामी दिनमा सुधार गरिने व्यहोरा विभागले जनाएको छ।

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग, ववरमहल

१. **आन्तरिक नियन्त्रण प्रणाली :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारीढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्यसम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर कार्यालयले सबै कर्मचारीहरुको कार्य जिम्मेवारी सहितको कार्य विवरण तयार नगरेको, मातहतका कार्यालयहरुमा नियमित अनुगमन तथा निरीक्षण नभएको, मालसामान प्राप्ती पछि स्पेशिफिकेशन बमोजिम भए नभएको निरीक्षण हुने नगरेको, रु.२ लाख ९९ हजारको सामाग्री एक संस्थालाई उपलब्ध गराएकोमा जिन्सी दाखिला नगरेको, जिन्सी सामाग्रीको मुख्य नखुलाएको, खरिद योजना नवनाएको, खरिद समिति गठन नगरेको, जिन्सी अभिलेख अध्यावधिक नगरेको, सवारी नम्बर प्लेट रातो प्रयोग गरेको जस्ता कमी कमजोरीहरु देखिएका छन्। प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रक सुदृढ बनाउनु पर्दछ।

२. **दरवन्दी तथा पदपूर्ति :** विभागबाट उपलब्ध दरवन्दी र पदपूर्तीको विवरण अनुसार स्वीकृत दरवन्दी ६७ जना रहेकोमा ४८ जना (७१.६४ प्रतिशत) मात्र पुर्ति भई १९ जना रिक्त रहेको देखिन्छ। विभागको स्विकृत दरवन्दी अनुसार पदपूर्ति नहुंदा लक्षीत उद्देश्य अनुसारको कार्य सम्पादन गर्न कठिनाइ हुनेहुँदा रिक्त दरवन्दी पदपूर्ति गर्ने तर्फ आवश्यक पहल गर्नुपर्ने देखिन्छ।

३. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ परिच्छेद ५ नियम ३१ को उप नियम (१) वमोजिम सार्वजनिक निकायले दश लाख रुपैया भन्दा वढी लागत अनुमान भएको मालसामान वा सेवा खरिद गर्दा वोल पत्रको माध्यमवाट खरिद गराउनु पर्नेछ भन्ने उल्लेख छ। विभागले रु.१३ लाख ३९ हजार वजेट व्यवस्था भएकोमा समेत सोझै टिकट छपाई गरेको छ। तसर्थ प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्ने देखिन्छ।

४. **चौमासिक पूंजिगत खर्च :** यस वर्ष विभिन्न ७ वटा बजेट उप शीर्षकमा कार्यक्रम खर्च समेत रु.९२ लाख ३३ हजार तेस्रोमा रु.७८ लाख ७४ हजार (८५.२८ प्रतिशत) तथा २०७३ आषाढ महिनामा मात्र रु ६७ लाख

२ हजार (७२.५८ प्रतिशत) खर्च गरेको देखियो । स्वीकृत चौमासिक लक्ष्य बमोजिम कार्यक्रम संचालन हुनु पर्दछ ।

५. **लागत अनुमानको आधार :** सार्वजनिक खरिद नियमावलीको नियम १० बमोजिम लागत अनुमान तयार गर्ने व्यवस्था छ । एक परामर्शदातासंग संरक्षीत क्षेत्रको भुकम्पिय प्रभाव अध्ययन एवं प्रतिवेदनका लागि रु.१७ लाख ९९ हजार (मु.अ.कर समेत) को लागत अनुमान तयार गरिएकोमा रु.१७ लाख ५५ हजार सम्झौता गरी कार्य सम्पन्न भएको छ । उक्त परामर्श सेवाको लागत अनुमान कुन नर्म्स वा आधारमा तयार गरीएको हो सोको आधार पेश भएन । तसर्थ ऐन बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ ।

६. **मुल्य अभिवृद्धि कर समायोजन :** मुल्य अभिवृद्धि कर नियमावली २०५३ को दफा १७(१) मा भएको व्यवस्था अनुसार दर्ता भएको कुनै व्यक्तिले वस्तु वा सेवा आपूर्ति गर्दा अनुसुची ५ बमोजिमको ढाँचामा कर विजक जारी गर्नु पर्ने व्यवस्था रहेकोमा एक संस्थालाई रु.१० लाख ९८ हजारको सामान खरिदमा विजक नम्वर हातले लेखेको र कुनै विजकमा नम्वर उल्लेख नभएकोमा समेत मूल्य अभिवृद्धि कर वापत रु.१ लाख ४३ हजार भुक्तानी दिएको छ । तसर्थ समायोजनपत्र पेश हुनुपर्दछ ।

७. **बढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम विल भरपाई संलग्न राखी खर्च लेख्नु पर्दछ । कार्यालयले भ्रमण खर्च र तलवमा रु.२५ हजार बढी भुक्तानी गरेको छ । बढी भुक्तानी असुल गर्नुपर्दछ ।

८. **वन दस्तुर :** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १६(क) अनुसार राष्ट्रिय निकुञ्ज वा आरक्ष भित्र तोकिएको अधिकारीले तोकिए वमोजिमको दस्तुर लिई तोकिएको वन पैदावार वा अन्य सेवा उपलब्ध गराउन सक्ने व्यवस्था छ । दुरसञ्चार सेवा विस्तारको लागि जडान गरीने वि.टि.एस टावर तथा एन्टेना निर्माणको लागि संरक्षित क्षेत्रको जग्गा (०.८०९७ हे.) भोगाधिकार उपलब्ध गराउने सम्वन्धमा विभाग र एक दुरसंचार कम्पनी विच मिति २०७० मंसिर १४ गते भएको सम्झौताको दफा नं. १६ अनुसार निकुञ्ज संरक्षण तथा सुरक्षाका लागि दुई पक्षको सहमतिमा निकुञ्ज/आरक्ष/संरक्षण क्षेत्र कार्यालयसंग सम्वन्धित संचार कार्यमा थप प्रभावकारिताको लागि ४५ वटा सिमकार्ड निशुल्क रुपमा प्रदान गर्नुको साथै विभागलाई १००० मिनेट र मातहतका अन्य कार्यालयलाई २५० मिनेट निशुल्क संचार सेवा प्रदान भएको छ । सेवा दिन कानून बमोजिम दस्तुर नलिई भौतिक सुविधा लिई सम्झौता गर्नु उचित देखिएन । तसर्थ सुधार हुनुपर्दछ ।

९. **अवैध रुपमा वाटो खोली होटल र्सचालन गरेको** : सगरमाथा राष्ट्रिय निकुन्ज क्षेत्र अन्तर्गत होटल कोदे र होटल कोदे भ्यू का संचालकले होटलमा आवत जावत गर्नको लागि निकुन्जको प्रवेशद्धार देखि करिव १० किलो मिटर (१ दिनको पैदल यात्रा वरावर) राष्ट्रिय निकुन्ज क्षेत्रको जमीन तथा जंगल प्रयोग गरी वाटो खोलेको छ । नेपाल सरकारको स्वीकृती वेगर राष्ट्रिय निकुन्ज क्षेत्रको जंगल तथा जमीनबाट अवैध रुपमा वाटो खोली आवत जावत गरी रहेकोमा सम्वन्धीत विभाग एर्व मन्त्रालयबाट कुनै कारवाही गरेको पाइएन । यस सम्वन्धमा वन तथा भू संरक्षण मन्त्रालय, विभाग र सम्वद्ध निकायले कानून विपरीत काम गर्ने उपर छानविन गरी कारवाही हुनुपर्दछ ।

१०. **वन्द भएका होटल रिसोर्टको संरचना** : चितवन राष्ट्रिय निकुञ्ज क्षेत्र भित्रको जग्गामा होटल, लज, रिसोर्ट सञ्चालन गर्न २०५०।८।२२ देखि २०६९ असार मसान्त सम्मको लागि संचालन सम्झौता गरी अनुमति प्राप्त गरेका ७ वटा होटल लज, जंगल सफारी र रिसोर्टहरुको सम्झौताको म्याद समाप्त भएको मितिबाट पून: म्याद थप नभई वन्द भएका छन् । राष्ट्रिय निकुञ्ज भित्र निर्मित संरचनाहरु राष्ट्रिय निकुञ्जकै हुने हुंदा संरचनाको विवरण तयार गरी स्वामित्व ग्रहण गर्ने र उपयोग गर्नेतर्फ प्रयास भएको पाइएन । तसर्थ भौतिक सम्पत्ति समुचित व्यवस्थापन हुनुपर्दछ ।

११. **अतिक्रमण :** राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०४९ को दफा ४ र ५ ले निकुन्ज क्षेत्रमा अनुमति नलिई कुनै पनि कार्य गर्न निषेध गरेको छ । विभागले उपलब्ध गराएको विवरण अनुसार निकुञ्ज क्षेत्रहरुमा ३८७५.९८ जग्गा अतिक्रमण भएको उल्लेख छ । नियमानुसार अतिक्रमित क्षेत्रहरु खालि गराई उपयोगमा ल्याउनुपर्ने देखिएको छ ।

१२. **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७६ अनुसार कार्यालयले पेस्की रु.१ लाख ४३ हजार आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्र्यौट गरेको छैन । तसर्थ पेस्की फछ्र्यौट गर्नुपर्दछ ।

१३. **हिसाव मिलान -** धरौटीको श्रेस्ता अनुसार २०७३ आषाढ मसान्तमा रु.६१ लाख ४७ हजार वांकी मौज्दात रहेकेमा वैंक स्टेटमेण्ट अनुसार रु.८९ लाख ७५ हजार मात्र वांकी देखिएको छ । गत विगत देखि नपुग भएको धरौटी रकम रु.५२ लाख ५० हजार असूल उपर गरी हिसाव मिलान गरेको पाइएन । तसर्थ हिसाव मिलान हुनुपर्ने देखिन्छ ।

पहाडी साना किसानका लागि अनुकुलन आयोजना

१. **प्रगति :** आयोजनाले दातृ निकायसंग गरेको सम्झौता अनुसार यस वर्ष सम्म आयोजनाको कुल लागतको रु.४ करोड ९४ लाख ९ हजार (२.१५ प्रतिशत) वित्तिय प्रगति हुनु पर्ने मा जम्मा रु.३ करोड ७८ लाख ८३

हजार (१.६४ प्रतिशत) मात्र वित्तिय प्रगति गरेको देखिन्छ । आयोजनाको लक्षित उद्धेश्य प्राप्तिका लागि योजना अनुसार नै वित्तिय एंव भौतिक प्रगति हासिल गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारीढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्यसम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले आयोजनामा कार्यरत सबै कर्मचारीहरुको कार्य जिम्मेवारी सहितको कार्य विवरण तयार नगरेको, आयोजना र आयोजना मातहतका कार्यालयहरुमा अनुगमन नगरेको र ७ किसिमको रु.१२ लाख ५ हजारका सामाग्री जिन्सी दाखिला नभएको जस्ता कमी कमजोरीहरु देखिएका छन् । प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रक सुदृढ बनाउनु पर्दछ ।

३. **दरवन्दी तथा पदपूर्ति :** आयोजनाबाट उपलब्ध दरवन्दी र पदपूर्तीको विवरण अनुसार आयोजनाको कार्य सम्पादन गर्नका लागि विभिन्न पदका कर्मचारीहरुको स्वीकृत दरवन्दी ३० जना रहेकोमा १९ जना (६३.३३ प्रतिशत) मात्र पुर्ति भई ११ जना रिक्त रहेको देखिन्छ । आयोजनाको स्विकृत दरवन्दी अनुसार पदपूर्ति नहुंदा लक्षित उद्देश्य अनुसारको कार्य सम्पादन गर्न कठिनाइ हुने हुँदा रिक्त दरवन्दी पदपूर्ति गर्नेतर्फ आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

४. **तलवी प्रतिवेदन :** निजामती सेवा ऐन २०४९ को दफा ७(ख) २ मा उपत्यका स्थीत सरकारी कार्यालयले निजामती किताबखानाबाट तलबी प्रतिबेदन पारित गराईमात्र तलब शिर्षकमा खर्च लेख्नुपर्ने व्यवस्था रहेकोमा आयोजनाले यस बर्ष उक्त प्रतिबेदन पारित बेगर तलब शिर्षकमा रु १४ लाख ३४ हजार खर्च लेखेको देखियो ।

५. **चौमासिक पुँजिगत खर्च :** यस वर्ष विभिन्न २ वटा बजेट उप शीर्षकमा कार्यक्रम खर्च समेत रु.३ करोड ७८ लाख ८४ हजार खर्च गरेको, तेस्रोमा रु.२ करोड ८४ लाख २३ हजार (७५.०२ प्रतिशत), तथा २०७३ आषाढ महिनामा मात्र रु १ करोड २७ लाख ९७ हजार (३३.७७ प्रतिशत) खर्च गरेको देखियो । तसर्थ समानुपातिक किसिमबाट कार्यक्रम बमोजिम खर्च गरिनु पर्दछ ।

६. **अग्रिम आयकर छुट :** आयकर ऐन २०५८ अनुसार १.५ प्रतिशत अग्रिम कर कट्टा गर्नपर्ने व्यवस्था छ । कार्यालयले रुकुमबाट कार्यालय समान खरिद गरेकोमा रु.९४ हजार अग्रिम कर असुल गरी दाखिला गरेको छैन । तसर्थ कर रकम असुल हुनुपर्दछ ।

७. **सिधै खरिद :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१) अनुसार रु.३ लाख भन्दा बढीको मालसामान वा परामर्श सेवा खरिद गर्दा र नियम ८४(१) बमोजिम दश लाख रुपैयासम्मको लागत अनुमान भएको मालसमान वा अन्य सेवा वा वीस लाखसम्मको लागत अनुमान भएको निर्माण कार्य वोलपत्रको माध्यमद्धारा खरिद गर्नु पर्दछ । कार्यालयले रु.२१ लाख ६७ हजारको फर्निचर एवं मेशिनरी औजार सोझै खरिद गरेको छ । यसरी खरिद गरेको नियमित देखिएन ।

रेड कार्यान्वयन केन्द्र, बबरमहल

१. **चौमासिक खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(६) मा बजेटमा निर्धारित गरिएको रकम निकासा लिई नियमानुसार खर्च गर्नुपर्दछ । तर समितिले पुँजिगततर्फ खर्च भएको मध्ये तेश्रो चौमासिकमा ६५ प्रतिशत र आषाढ महिनामा मात्र तेश्रो चौमासिकको ६० प्रतिशत खर्च गरेकोले समयमै स्वीकृत कार्यक्रमको तालिका अनुसार खर्च गर्नुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली :** प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । वर्षिक खरिद योजना नबनाएको, स्पेसिफिकेशन अनुसार सामाग्री समयमा नै प्राप्त नगरेको, जिन्सी खातामा आम्दानी गर्दा पूर्णरुपमा स्पेसिफिकेशन खुलाउने नगरेको, पुराना सामानहरुको मूल्य आंशिक रुपमा मात्र खुलेको, जिन्सी निरीक्षण गराई प्रतिवेदन लिएको भएतापनि प्रतिवेदनले औंल्याएका व्यहोरा माथि पूर्ण कारवाही नगरेको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, कार्यक्रमगतखाता नराखेको, आर्थिक कार्य विधि नियमावली २०६४ को नियम ९१ बमोजिम वार्षिक कार्यसम्पादन प्रतिवेदन तयार नगरेको जस्ता कमी कमजोरीहरु रहेका छन् । प्रचलिन ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ । सुझाव अनुसार आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइने व्यहोरा कार्यालयले जनाएको छ ।

३. **परामर्शदाताको खर्च** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ बमोजिम सार्वजनिक निकायले प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । रेड रणनीति अन्तर्गत वन व्यवस्थापन सम्बन्धि अध्ययन तथा डाटावेश राख्ने र प्रोग्रामिंग गर्ने कार्यको लागि एक परामर्शदातालाई कार्य सम्पादन वा गुणस्तरको प्रत्याभूति वेगर अन्तिम किस्तासम्म रु.३ करोड ९६ लाख ६७ हजार भुक्तानी दिएको

छ । सफ्टवेयर र प्रोग्रामिंगको गुणस्तर प्रत्याभूतिको प्रमाण पेश हुनुपर्दछ । टेक्नीकल कमिटीबाट परिक्षण गराई कार्यदेश अनुसार भए नभएको एकिन गरी पेश गरिने व्यहोरा केन्द्रले जनाएको छ ।

४. **विविधखाता** : विविधखाता तर्फबाट तीन परामर्शदातालाई पारीश्रमिक वापत भ्याट सहित रु.४ लाख २८ हजार भुक्तानी दिएकोमा सक्कल विल पेश नभएकोले सक्कल विल पेश गर्नुपर्दछ ।

केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र, बबरमहल

१. **आन्तरिक नियन्त्रण प्रणाली :** प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । वर्षिक खरिद योजना नबनाएको, भुक्तानी भौचरमा भुक्तानी भएको छाप नलगाएको, स्पेसिफिकेशन अनुसार सामाग्री समयमा नै प्राप्त नगरेको जिन्सी खातामा आम्दानी गर्दा पूर्णरुपमा स्पेसिफिकेशन खुलाउने नगरेको, पुराना सामानहरुको मूल्य आंशिक रुपमा मात्र खुलेको, जिन्सी निरीक्षण गराई प्रतिवेदन लिएको भएता पनि प्रतिवेदनले औल्याएका व्यहोरा माथि पूर्ण कारवाही नगरेको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, कार्यक्रमगत खाता नराखेको, आर्थिक कार्य विधि नियमावली २०६४ को नियम ९१ बमोजिम वार्षिक कार्यसंपादन प्रतिवेदन तयार नगरेको जस्ता कमी कमजोरीहरु रहेका छन् । प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ । सुझाव अनुसार आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइने व्यहोरा कार्यालयले जनाएको छ ।

२. **चौमासिक खर्च** : स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रत्येक चौमासिक अवधिमा खर्चको लक्ष्य तोकिएकोमा सोही बमोजिम गर्नुपर्नेमा उल्लेखित विवरण अनुसार पुजिगततर्फ खर्च भएको मध्ये तेश्रो चौमासिकमा २३.७४ प्रतिशत र आषाढ महिनामा मात्र तेश्रो चौमासिकको ५६.७० प्रतिशत खर्च गरेकोले समयमै स्वीकृत कार्यक्रमको तालिका अनुसार खर्च गर्नुपर्दछ ।

३. **दरवन्दी तथा पदपूर्ति** : निजामती सेवा नियमावली, २०५० को नियम १३ बमोजिम कार्य सम्पादनको लागि पदपूर्ति हुनुपर्नेमा केन्द्रको १९ दरवन्दी स्वीकृत रहेकोमा १२ पद पूर्ति, ७ पद रिक्त मध्ये ३ जना करारमा गरी १५ जना कार्यरत रहेको छ । सो सम्बन्धी व्यहोराहरु गत विगतको प्रतिवेदनमा समेत औल्याएकोमा स्थिति यथावत रहेकोले रिक्त दरवन्दी पदपूर्ति गर्ने तर्फ आवश्यक प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

४. **तलवी प्रतिवेदन** : निजामती सेवा ऐन, २०४९ बमोजिम जिल्लास्थित निजामती कर्मचारीको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तवली प्रतिवेदन पारित गराई तलव भत्ता खुवाउनु पर्नेमा तलवी प्रतिवेदन पारित नगरी तलव शिर्षकमा रु.४३ लाख ३२ हजार खर्च लेखेकोले नियमको पालना गर्नुपर्दछ ।

प्राकृतिक सम्पदा अनुसन्धानशाला

१. **धरौटी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ६७ बमोजिम विभिन्न व्यक्ति तथा फर्मको नाममा राखिएका धरौटी रकम नियममा उल्लेख भएबमोजिम समयमै फिर्ता वा सदरस्याहा नभएमा त्यस्ता धरौटी रकम सदरस्याहा गर्नुपर्नेमा कार्यालयमा बिभिन्न समयमा विभिन्न प्रयोजनको लागि राखिएका धरौटी नियममा उल्लेख भएबमोजिम समयमै फिर्ता वा सदरस्याहा नभएकोले नाम नखुलेको रु.१७ हजार धरौटी रकम सदरस्याहा गर्नुपपर्दछ । प्रकृया पुरा गरी सदरस्याहा गरिने व्यहोरा कार्यालयले जनाएको छ ।

जिल्ला वन कार्यालय, काठमाण्डौ

१. **आन्तरिक नियन्त्रण व्यवस्था :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारीढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्यसम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले वार्षिक खरिद योजना तयार नगरेको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको, जग्गाको लगत राखे पनि मूल्य नखुलेको, पुराना मालसमानको मूल्य नखुलेको, जिन्सी मालसमानको लिलाम नभएको, बार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्यांकन गरेको लिखित प्रतिवेदन लिने व्यवस्था नगरेको, सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ वमोजिम तालुक कार्यालयले निरिक्षण गरेको कार्यालयको भनाई रहेतापनि निरिक्षण पुस्तिका नरहेको, चल्ती मेसिन तथा सवारी साधन मर्मतको गर्दा म.ले.प.फा.न.२ मर्मतको अभिलेख नराखेको, व्यक्तिगत धरौटी खाता नराखेको, र कार्यालयले उद्देश्य प्राप्तिमा आई पर्ने सम्भावित जोखिमहरुको पहिचान नगरेको राजश्व आम्दानीको गोश्वारा भौचर खडा नगरेको, वार्षिक प्रतिवेदन तयार गरि तालुक कार्यालयमा नपठाएको, राजश्व प्राप्ति वा आम्दानी गर्दा नगदी रसीद प्रयोग गरेको वा रसीद नियन्त्रण खाता नराखेको, राशन ठेक्काको टेण्डर डकुमेण्ट सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको ढांचा अनुरुप नभएको कटान मुछानमा संलग्न व्यक्ति वा निकायले छपान कार्यमा संलग्न सम्पूर्ण कामदार र प्रतिनिधिको नाम थर र ठेगाना खोली जिल्ला वन कार्यालयमा निवेदन नदिएको, सामुदायिक वन उपभोक्ता समितिहरुको लेखापरीक्षण प्रतिवेदन नलिएको र १५२ संस्थाले नविकरण नगराएको जस्ता कमी कमजोरीहरु देखिएका छन् । प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रक सुदृढ बनाउनु पर्दछ ।

२. **वन मुद्धा :** वन विभागको कार्यविधी २०६१ वमोजिम वन पैदावार सम्वन्धी चोरी निकासी र बन्यजन्तु सम्बन्धी चोरी शिकारी मुद्दा २ वर्ष भित्र फछर्यौट गरी सक्नुपर्ने व्यवस्था छ। कार्यालयमा गत बर्ष सम्मको फछर्यौट हुन बांकी मुद्धा ५८ र यस बर्षको १८ गरी जम्मा ७६ मुद्धा रहेकोमा यस बर्ष ३५ मुद्धा फछर्यौट गरी संविधानको व्यवस्था वमोजिम काठमाण्डौ जिल्ला अदालतमा ३६ मुद्धा सरी ५ वटा मुद्धा फछ्र्यौट हुन बांकी देखिन्छ। समयमा मुद्धा फछर्यौट नहुंदा न्याय सम्पादनमा ढिलाई हुने भई सरोकारवालाहरुलाई समयमा न्याय निरुपण नहुने हुंदा तोकिएको समयमा बांकी मुद्धा फछर्यौट गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ।

३. **धरौटी सदरस्याहा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६४ मा जुन प्रयोजनको लागि धरौटी राखिएको हो, सो काम पुरा भई सदरस्याहा गर्नुपर्नेमा म्याद भित्र र म्याद नतोकिएको भए १५ दिन भित्र निर्णय गरी त्यस्तो धरौटी रकम राजश्व खातामा दाखिला गर्नु पर्ने व्यवस्था छ । निम्न बमोजिम विना इजाजत काठ ओसार पसार र वन्यजन्तु चोरी शिकारी सम्वन्धी मुद्दाको फैसला र कार्यालयको मिति २०७३।५।१३ को पत्र अनुसार रु.१० लाख सदरस्याहा नगरेको पाइएन। तसर्थ सदरस्याहा गरी राजस्व दाखिला हुनुपर्दछ।

४. **राजश्व लगत :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १३ मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको ३५ दिन भित्र लगती राजश्वको रकम र असूल हुन वाँकी रकम तथा हसवली राजश्व समेतको कच्चाबारी समेत भिडाई राजश्वको आर्थिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ। १९ वटा मुद्दाहरुको फैसला हुंदा नाम थर र वतन भएका प्रतिवादीहरुलाई तोकिएको जरिवाना रकम लगती राजश्वको आर्थिक विवरणमा रु.१ लाख ९८ हजार लगत कसेको पाइएन। तसर्थ लगत राख्नुपर्ने देखिन्छ।

५. **अतिक्रमण :** वन ऐन २०६४ को दफा २९ (क) वमोजिम वन क्षेत्रको जग्गा फांड्न, जोत्न, खन्न वा आवाद गर्न वा त्यस्तो जग्गामा घर छाप्रो वनाउने कार्य गरेमा कसुर हुने व्यवस्था छ। यसै गरी वन अतिक्रिमण नियन्त्रण नीति २०६८ मा तोकिएको कार्यविधी अपनाई कार्यालयले वनको अतिक्रमण हुन नदिने र अतिक्रमित भएको अवस्थामा अतिक्रमण हटाउनु पर्दछ। कार्यालयबाट प्राप्त बिवरण अनुसार विभिन्न स्थानमा ३६.६४ हेक्टर वन क्षेत्रमा अतिक्रमण भएको पाईयो। अतिक्रमित वन क्षेत्रमाअतिक्रमण हटाउनको लागि कार्य योजना तयार गरी अतिक्रमण हटाई बृक्षारोपण गर्न कार्यालयले पहल गर्नु पर्ने देखिन्छ।

६. **तलवी प्रतिवेदन :** कार्यालयले निजामती सेवा ऐन २०४९ को नियम ७ (ख) २ अनुसार स्थायी निजामती कर्मचारीहरुको तलव भत्ता सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयवाट पारित गरी तलव खर्च लेख्नु पर्नेमा तलवी प्रतिवेदन पारित नगरी रु.१ करोड ८३ लाख ८७ हजार खर्च लेखेको छ। नियमानुसार तलवी प्रतिवेदन पारित गरी खर्च लेख्नुपर्दछ।

७. **लगत नभएको :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम १३ बमोजिम असुल गर्न वांकी राजस्व नामनामेसी सहित लगत कस्नुपर्ने व्यवस्था छ। कार्यालयले लगत वांकी रु.३३ लाख २३ हजारको नामनामेसी सहितको लगत राखेको पाइएन। तसर्थ व्यवस्थित लगत विवरण तयार गरिनु पर्दछ।

८. **कर :** आयकर ऐन २०५८ को दफा ८८ र ८९ अनुसार ढुवानीमा १० प्रतिशत र सम्झौता वमोजिमको रकम भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने उल्लेख छ। रु.१६ हजार अग्रिम कर असुल गरेको छैन। तसर्थ कर रकम असुल हुनुपर्दछ।

९. **मौज्दात काठ :** संकलन गरी घाटगद्धी गरिएका काठ दाउरा समयमा नै विक्रि वितरण हुन नसकेको अवस्थामा काठ दाउराको गुणस्तमा ह्रास आई हैसियत विग्रने, हराउने एवं चोरी समेत हुन सक्दछ। राष्ट्रिय सहिद तथा शान्ति पार्क निर्माण गर्ने क्रममा गोकर्णमा सामुदायिक वन र राष्ट्रिय वन क्षेत्रका ४४५ वटा खोटे सल्लाका रुख कटान भई ४३५४.५८ क्यू फि. काठ र ४.८ चट्टा दाउरा उत्पादन भई जिम्मेवारी सर्दै आएकोमा यस वर्ष भूकम्प पिडित व्यक्तिहरुले दाह संस्कारका लागि २५१.१२ क्यू. फि. काठ र ३ चट्टा दाउरा जबरजस्ती लिई गएको कारण ४१०३ .४६ क्यू फी. काठ र १.८ चट्टा दाउरा मौज्दात रही सो को समेत हैसियत विग्रिएको देखिन्छ। घाटगद्दीमा रहेका काठ दाउरा समयमै विक्री नगर्दा त्यसको गुणस्तरमा कमी आउने, अनाधिकृत प्रयोग हुने, चोरी भई हराउन समेत सक्ने हुंदा उक्त काठ दाउरा यथाशिघ्र लिलाम विक्री गर्नु पर्ने देखिन्छ। जिल्ला वन कार्यालय काठमाण्डौंका च.नं. २२१० मिति ०७२।१२।२८ र च.नं. २८४० मिति ०७३।३।३१ मा वन विभागमा लिलामको लागि पत्राचार कारवाही अगाडि बढाएको भएतापनि लिलाम कारवाही हाल सम्म भएको छैन।

१०. **वनक्षेत्रको जग्गा अन्य प्रयोजनमा प्रयोग :** जिल्ला वन कार्यालय काठमाण्डौबाट उपलव्ध गराएको विवरण वमोजिम निम्नानुसार वन क्षेत्र लिजिङ्गमा सम्झौता भई पर्यापर्यटन तथा धार्मिक कार्यको लागि दिइएको पाइयो।

(क) बन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराउने सम्वन्धि कार्यविधि २०६३ को कार्यविधि ५ मा वन क्षेत्र प्रयोग गर्ने वाहेक अन्य विकल्प नभएमा उक्त आयोजनाको भौतिक संरचनाले ओगटने क्षेत्रफल वरावरको जग्गामा आयोजनाले आफनै खर्चमा सम्वन्धित जिल्ला वन कार्यालयले तोकेको स्थानमा वृक्षारोपण गरी पांच वर्षसम्म स्याहार र संरक्षण गरी सम्वन्धित वन कार्यालयलाई वुझाउनु पर्ने व्यवस्था छ। कार्यविधिमा

उपरोक्त व्यवस्था वमोजिम सम्झौतामा कुन अवधि भित्र उक्त कार्य सम्पन्न गर्नुपर्दछ उल्लेख छैन । एक विद्यापिठले वाहेक ६ वटा निकायवाट ऐन एवं सम्झौता बमोजिमको कार्य भएको प्रस्तुत कागजातहरु एवं छलफलवाट समेत देखिदैन । उपरोक्त वमोजिम कार्य नगर्दा कुल वन क्षेत्रफलमा असर पर्दछ । तसर्थ उक्त जग्गामा वृक्षारोपण सहित स्याहार गरी उपलब्ध गराउन लगाउन पर्ने अन्यथा कार्यविधि २०६३ को कार्यविधि ७ को वुदा नं. ४ र ५ वमोजिम प्राप्त हुन आउने नर्म्श अनुसारको लागत रकम राजश्व खातामा जम्मा गराउन लगाउन पर्दछ ।

(ख) वन नियमावली २०५१ को नियम ५२ वमोजिम पट्टावालाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले २ महिना भित्र कवुलियती वनको वार्षिक प्रतिवेदन निर्देशक समक्ष पेश गर्नुपर्ने र निर्देशकले पट्टावालाको रोहवरमा एक पटक कवुलियती वनमा कार्ययोजना वमोजिम कार्य गरे नगरेको अनुगमन गरी सो प्रतिवेदन मन्त्रालय र विभाग समक्ष पेश गर्नुपर्ने उल्लेख छ । एक संस्था वाहेक अन्यवाट प्रतिवेदन पेश नगरेको र क्षेत्रिय निर्देशकवाट अनुगमन भएको प्रस्तुत कागजात एवं छलफल समेतवाट पेश भएको देखिएन । जिल्ला वन कार्यालय समेत क्षेत्राधिकार भित्रका कवुलियत वन क्षेत्रको नियमित अनुगमन एवं प्रतिवेदन गर्ने गरेको छैन । प्राप्त अधिकारनामा वा पट्टा क्षेत्रको दुरुपयोग भए नभएको र वन अतिक्रमण र सुरक्षा समेत अनुगमन प्रतिवेदन संलग्न भएको देखिदैन । तसर्थ अधिकारपत्र एवं पट्टा वमोजिम कार्य भए नभएको नियमित अनुगमन एवं मूल्यांकन गरी ऐन २०४९ दफा २१ को २०५१ नियम ५३ वमोजिम कार्वाही हुनु पर्ने देखिन्छ ।

(ग) वन नियमावली २०५१ को अनुसुचि २० वमोजिमको दस्तुर जिल्ला वन कार्यालयले उठाउने र वन ऐन २०४९ वमोजिम आफनो क्षेत्रभित्रका वन अनुगमन गर्ने कार्य वन कार्यालयले गर्दछ। वन कार्यालयमा लिजिङ्ग लिने ७ कार्यालयको लिजिङ्ग सम्बन्धि कागजात प्रस्तावना, मन्त्रीपरिषदको स्वीकृती, सम्झौता, दस्तुर, पट्टा आदि भएको पाइएन । वन क्षेत्रको लिजिङ्ग सम्बन्धी व्यवस्थापन गर्ने जिम्मेवार क्षेत्रीय वन कार्यालयहरुले सम्झौता र निर्णय सम्बन्धी फायल पट्टा निर्णय कार्यान्वयन गर्ने कार्यालयमा पठाइएको पाइएन । तसर्थ वन कार्यायोजना कार्यान्वयनमा असर परेको छ। तसर्थ कार्यान्वयन गर्ने निकायलाई थप प्रभावकारी वनाउन पर्ने देखिन्छ ।

११. **चन्द्रगिरी वन लिजिङ्ग :** एक प्रा.ली. ले केवुलकार निर्माण गर्न चन्द्रागिरी कवुलियती वन क्षेत्र ३६ हेक्टर जग्गा उपलब्ध गराउने सम्वन्धि निर्णय भएको निम्न वमोजिम देखियो ।

(१) म.प. को निर्णय वमोजिम ५ हेक्टर जग्गा पूर्वाधार निर्माणमा उपलब्ध गराउने २०७० वैशाख १ मा सम्झौता भएको छ। २०७०।३।३१ मा रेन्जर र उ.स. ले नाप जांच गरी पिलर लगाएको क्षेत्रमा प्रतिवेदन भौतिक संरचना तर्क ५.८६ हेक्टर छुट्टाएको र Devlopment Area ३०.१४ हेक्टर उल्लेख भएकोले म.प. को निर्णय सम्झौता विपरित .८६ हेक्टर भौतिक पूर्वाधारमा छुट्याएको सम्वन्धमा छानविन गरी कार्वाही हुनु पर्ने

(२) सामान्यता : वन क्षेत्रमा १ हेक्टरमा १५०० वटा सम्म रुख रहने र चन्द्रागिरी वनको घना क्षेत्र अवलोकन गर्दा ५ हेक्टरमा १६० वटा मात्र रुख रहेको भनी प्रतिवेदन र कटान अनुमति प्रदान गरेको छ । उक्त कटान भएका रुखहरुका अवस्था सम्बन्धमा थप प्रतिवेदन कार्यालयसंग नभएकोले उक्त काठ दाखिला प्रमाण संलग्न गर्नुपर्ने देखिन्छ । २०७०।१।३१ को एक रेन्जरले वन पैदावार यकिन गर्न नसकिने भन्ने प्रतिवेदन दिएकोले सो समेतका आधारमा थप छानविन हुनुपर्ने देखिन्छ ।

(३) स्वीकृती लिन प्रस्तावित नक्सा एवं वन क्षेत्र उपयोग प्रस्ताव र हाल निर्माण भएका क्षेत्र वीच तुलनात्मक प्रतिवेदन वन कार्यालयले तयार गरेको छैन । तसर्थ उल्लेख प्रस्तावित एवं स्वीकृती भएका आधारमा कार्य सम्पन्न भए नभएका प्रतिवेदन पेश गर्नुपर्ने ।

(४) चन्द्रागिरी क्षेत्रको डांडामा निर्माण भएका भौतिक पूर्वाधार एवं निर्माणाधिन रिसोर्टवाट कट्टान भएका डांडावाट निस्कासित माटो ढुङ्गालाई निरीक्षण क्रममा वन क्षेत्रमा नै फालिएको पाइयो । उक्त सम्वन्धमा कार्यालयलाई मौखिक सोधनी गर्दा पत्राचार गरी वातावरणिय अवधारणा व्यवस्थापन गर्न निर्देशन दिएको उल्लेख भएपनि रिसोर्ट क्षेत्रमा कट्टान भएको माटो ढुङ्गा वन क्षेत्र फालिएको छ । तसर्थ वातावरणिय मापदण्ड एवं वनचर सम्वन्धि मापदण्ड ध्यान राखि उक्त कार्य व्यवस्थापन गराउनुपर्ने देखिन्छ ।

(५) वन क्षेत्रको जग्गामा ५.८६ हेक्टरमा भौतिक पूर्वाधार निर्माण भएकोमा सोही वरावर जग्गामा वृक्षारोपण गरी ५ वर्षमा स्याहार गरी वन उपलब्ध गराउने व्यवस्था वन क्षेत्रको जग्गा अन्य प्रयोजनलागि उपलब्ध गराउने सम्वन्धि कार्यविधि २०६३ मा उल्लेख भएपनि सो कार्य कुन क्षेत्रमा गरिएको छ अभिलेख एवं प्रमाण पेश भएन ।

(६) वन क्षेत्र मध्य भाग निर्माण हुने रिसोर्ट, पौडिपोखरी, मन्दिर र जनघनत्ववाट वन्यजन्तु आवागमनमा पर्ने असर तिनको वासस्थान जीवनपर्ने असर र प्रभाव न्यूनिकरण गर्ने सम्वन्धि वन कार्यालयले कुनै कार्ययोजना तयार गरेको देखिदैन ।

(७) चन्द्रागिरी डाडांको माथिल्लो स्थान रहेको क्षेत्रका भौतिक पूर्वाधारबाट निस्कने फोहरहरु व्यवस्थापन सम्वन्धमा विज्ञान तथा वातावरण मन्त्रालय उठाएको मुद्दाहरु सम्वन्धमा त्यसका लागि थालिएको थप उपायहरु सम्वन्धमा वन कार्यालयर्सग कुनैपनि अभिलेख अनुगमन, नियन्त्रण कार्य छैन ।

(८) सामाग्री ओसार-पसार एवं पूर्वाधार क्षेत्र आवत जावतको लागी वन क्षेत्र भित्र वाटो निर्माण भएको देखिन्छ। उक्त वाटो थमडोर-चितलाङ्ग लोकमार्गसंग जोडेको देखिन्छ। उक्त राजमार्गसंग जोडन लिएको स्वीकृती वन कार्यालयमा छैन । उक्त वन क्षेत्रमा निर्माण भएका मोटर वाटो वन वनचर र वन्य सामाग्री सुरक्षा अपनाएको अवधारणा वन कार्यालयर्सग छैन ।

१२. **मन्दिर निर्माण** : चन्द्रागिरी डाडामा नेपाल सरकार मन्त्रिपरिषदको निर्णयबाट केवलकार, मन्दिर, पौडिपोखरी, रिसोर्ट आदि निर्माण गर्न एक कम्पनीलाई स्वीकृती दिई कार्य भैरहेको छ । परम्परागत मन्दिर क्षेत्रको ऐतिहासिक, धार्मिक एवं सांस्कृतिक मूल्य र मान्यता विपरित परापूर्वकालिन भालेश्वर शक्तिपिठसंगै अर्को मन्दिर निर्माण निर्माण भएको छ। त्यस क्षेत्रको मौलिक सांस्कृतिक एवं धार्मिक क्षेत्रमा पर्ने असरको विश्लेषण नभएको एवं पुरातत्व विभागबाट स्वीकृत समेत लिएको देखिएन। तसर्थ यस सम्बन्धमा थप छानविन हुनुपर्ने देखिन्छ ।

१३. **नाफा मूलक संस्थाको दस्तुर :** वन ऐन २०४९ एवं नियमावली २०५१ बमोजिम कबुलियति वन क्षेत्र दस्तुर लिने व्यवस्था अनुसूचि २० मा भएको देखिन्छ । उपरोक्त वमोजिम अनुसूचि २० मा उद्योग तथा संगठित संघ संस्था तर्फ ८०० देखी ५००० सम्म प्रतिहेक्टर दस्तुरको व्यवस्था गरेको छ। जुन अनुसूचि २०६८।४।२३ मा संशोधन भएको देखिन्छ । नेपाल सरकार मन्त्रिपरिषदको २०६७।१०।१८ को निर्णयानुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थाको राजश्व दर समायानुकुल परिवर्तन गर्ने भनेपछि परिवर्तन भएको देखिन्छ । काठमाण्डौं क्षेत्रको जग्गा जमिन हालको वर्तमान मूल्य तथा भाडा दर समेत विचार गर्दा वार्षिक १ हेक्टर अर्थात १९.७ रोपनी जग्गाको दस्तुर ५००० अथवा प्रतिदिन प्रति रोपनी रु.०.६९ पर्ने देखिन्छ । यसर्थ समयानुकुल एवं न्यायिक रुपमा दस्तुर निर्धारण भएको पाइएन । काठमाण्डौ क्षेत्रमा रहेको चाप र मूल्य कारण यही स्वरुप रर्हदा वन क्षेत्र एवं सार्वजनिक थप प्रभाव पर्ने देखिएको छ । तसर्थ समायानुकुल एवं न्यायिक रुपमा नाफामूलक उद्योगका लागि दस्तुर एवं भाडा कायम गरिनु पर्दछ ।

१४. **तुलनात्मक अध्ययन** : वन कार्यालयले चन्द्रागिरी डांडामा केवलकार निर्माण लगायतका कार्यका लागि एक कम्पनीलाई प्रति वर्ष प्रति हेक्टर रु.५ हजारका दरले ३६ हेक्टर लिजमा दिएको छ । जस अनुसार प्रति वर्ष प्रति रोपनी रु.२५३।८० पर्ने देखिन्छ। सोही सन्दर्भमा नेपाल सरकारकै अर्को निकाय नेपाल ट्रष्टको कार्यालयले गोकर्ण वन क्षेत्रको प्रति वर्ष रु.६४०७।२७ प्रति रोपनीमा भाडामा दिएको देखिन्छ । यसरी तुलना गर्दा चन्द्रागिरी केवल कारबाट प्रतिवर्ष रु.४३ लाख ६४ हजार घटी आय भएको देखिन्छ। तसर्थ न्यायोचित दस्तुर तोक्नु पर्ने देखिन्छ।

१५. **वढि भुक्तानी** : कुलेश्वर आवास परिवार कल्याण संख्याले कुलेश्वर उद्यान निर्माणले पेश गरेको कार्य सम्पन्न प्रतिवेदनमा स्वीकृत लागत अनुमानमा सामाग्री खरिद वापत रु.१ लाख १६ हजारको व्यवस्था भएको भन्दा रु.७५ हजारको बढी सामाग्री खरिद गरेको छ। बढी भुक्तानी असुल गर्नुपर्दछ।

१६. **एकमुष्ट परिमाण खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम र अनुसूची १ बमोजिम लागत अनुमान तयार गर्ने व्यवस्था छ। कुलेश्वर उद्यान निर्माण तर्फ इन्जिनियरिङ्ग लागत वापत भनी परिमाण, के के कार्य गरेको नखुलाई लागत अनुमान एक मुष्ट रु.३ लाख ८७ हजार बनाई रु.४ लाख १४ हजार खर्च लेखेको छ। ऐन नियमको व्यवस्था बमोजिम परिमाण र मूल्य खुलाई लागत र खर्च विवरण पेश गर्नुपर्दछ ।

१७. **अमानत :** सार्वजनिक खरिद ऐन २०६४ को नियम ४६ वमोजिम सामान्य प्रकृति मर्मत सम्भार, नियमित कार्य वा सरसफाई कार्य अमानतवाट गराउन सकिने व्यवस्था छ। नयां उद्यान निर्माण पुरानो सिनामङ्गलले नियमावली २०६४ को नियम ९८ वमोजिम एक तह माथिको अधिकारीको पूर्व स्वीकृती लिई गराउन सकिनेमा स्वीकृती वेगर रु.६ लाखको उद्यान निर्माण अमानतबाट गराएको छ। तसर्थ अमानतको स्वीकृती गराउनु पर्दछ।

१८. **पुडासैनी मैत्री समान, जोरपाटी**

(क) **सम्झौता अमानतमा वढि खर्च :** पुडासैनी मैत्री समाज, जोरपाटीले पेश गरेको लागत अनुमान रु.९ लाख ४७ हजारमा कार्यालयले रु.६ लाख उपलव्ध गराउने सम्झौता भएको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (४) वमोजिम नपाउने र लागत समावेश नभएको अनुगमन खर्च कटाउँदा रु.७ लाख ९० हजार सम्पन्न भएको छ। समानुपातिक रुपमा कार्यालयले रु.४ लाख ९८ हजार मात्र व्यहोर्नु पर्नेमा वढि खर्च लेखेको रु.७० हजार असुल हुनुपर्नछ।

(ख) **विरुवा रोपण एकमुष्ट खर्च :** समाजले विरुवा रोपण खर्च रु.१ लाख एकमुष्ट खर्च लेखेको छ। कुन के जात किन वजार मुल्य नखुलाई रकम लेखेको छ। वनको नर्म्श वमोजिम ५ आना जग्गामा पुरै

वृक्षारोपण गर्दा पनि केवल २४ वटा विरुवा रोपण गर्न सकिने अवस्था छ । कुन कुन विरुवा कसरी रोपेको नखुलाइएको छानविन गरी वास्तविक खर्च यकिन गरिनु पर्दछ ।

१९. **विरुवा उत्पादन :** कार्यक्रम वमोजिम कार्यालयले चालु आर्थिक वर्षमा रु.१२ लाख खर्च गरी १ लाख २५ हजार ६२३। वटा विरुवा उत्पादन गरेको जनाएको छ । सो सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन :

(क) **अभिलेख नभएको** : कार्यालयले विरुवा उत्पादन भएको, गत वर्षको मौज्दात, चालु आ.व. मा खर्च र वढी खुल्ने गरी वितरणको विवरण खुलाएर रजिष्टर राखेको छैन । तसर्थ उक्त विरुवा कुन कुन निकाय व्यक्तिलाई वितरण भएको खुल्दैन ।

(ख) **विरुवा वितरण :** विरुवा वितरण गर्दा समेत रोपण भित्र, जग्गा तयारीमा त्यसको जग्गा पूर्जी आदि नलिई निवेदन आधार उपलब्ध गराएको पाइयो । कार्यालयमा संलग्न ७२ जनाको निवेदनको फाईलमा २६९४२ गोटा विरुवा माग भएको देखिन्छ । वुझेको र कुन कुन विरुवा वितरण गरेको अभिलेख संलग्न गरेको छैन । उपलब्ध जग्गा, वनको नर्म्स विश्लेषण वेगर निवेदनका मात्र आधारमा विरुवा वितरण भएका एवं कतिपय जिल्ला वाहिरका लागि समेत वितरण गर्दा सो जिल्लाको जिल्ला वन कार्यालय पत्र वा सिफारिस समेत संलग्न रहेको देखिदैन । विभिन्न ७ व्यक्ति वा संस्थालाई विरुवा रोप्ने जग्गाको यकिन नगरी ५०० देखि ५००० सम्म विरुवाले १२२३० वटा विरुवा उपलव्ध गराएको छ । रोपण क्षेत्रको यकिन वेगर व्यक्तिलाइं ठूलो परिमाणमा विरुवा उपलव्ध गराएको सम्बन्धमा छानविन हुनुपर्दछ ।

बाणिज्य मन्त्रालय

१. **आन्तरिक नियन्त्रण** : मन्त्रालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । मन्त्रालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा कार्यालयले खरीद योजना बनाएकोमा सो को कार्यान्वयन नभएको , दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा अनियवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्थाको आंशिक रुपमा मात्र कार्यान्वयन भएको, जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गरी जिन्सी खाता अद्यावधिक र प्रमाणित गरी नराखेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउन छाप लगाई नराखेको, कर्मचारीहरुलाई कार्य बिबरण नदिएको आदि कमजोरी देखिएकोले आन्तरीक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्ने देखिन्छ ।

२. **आवधिक योजनाको कार्यान्वयन :** तेह्रौ योजनामा उल्लेखित कार्यहरु मध्ये ब्यापार तथा निकासी प्रबर्धन केन्द्रलाई ब्यापार सम्बन्धि अध्ययन, अनुसन्धान, निकासी प्रबर्धन, वस्तु बिकास र जनशक्ति बिकास सम्बन्धि कार्य गर्ने संस्थाको रुपमा ब्यापार प्रबर्धन प्रतिस्ठानको रुपमा बिकास गर्ने, औद्योगिक एवं बैदेशिक ब्यापार प्रबर्धन गर्ने उदेश्यले निजी क्षेत्रको सहभागितामा एउटा अन्तराष्ट्रिय स्तरको प्रर्दशनीस्थल निर्माण गर्ने, ब्यापारसंग सम्बन्धित बिभिन्न निकायहरु बिच प्रभावकारी समन्वय गर्दै ब्यापारको समकालिन मुद्धाहरुमा अनुसन्धान तथा बिकासमा जोड दिने, प्रतिस्पर्धा प्रबर्धन सम्बन्धि कानुनी ब्यवस्थाको प्रभाबकारी कार्यान्वयन एवं अनुगमन गरी आन्तरिक ब्यापार र आपूर्ति ब्यावस्था सहज र प्रभावकारी बनाउने, नेपाल ब्यापार एकिकृत रणनीति २०१० मा पुनरावलोकन गर्ने, अन्तराष्ट्रिय ब्यापारिक नाकाहरु सम्मको ब्यापारीक आगमनलाई सहज बनाई आयात निर्यातलाई सहजिकरण गर्ने, . ब्यापारको लागि सहयोगको प्रभावकारी परिचालन र कार्यान्वयनको लागि ब्यापार क्षेत्रमा क्षेत्रगत अवधारणाको कार्यान्वयन गर्ने लगायतका कार्यनीतिहरुको योजना अवधी भित्र कार्यान्वयन भएको देखिएन ।

३. **बित्तिय र भौतिक प्रगति :** नेपाल भारत क्षेत्रिय ब्यापार तथा पारवहान आयोजना को १३.५ प्रतिशत बजेट खर्चबाट ५१.८१ प्रतिशत भौतिक प्रगति भएको देखिदाँ बजेट यथार्थ परक भएको देखिएन ।

४. **इन्धन खर्चको मापदण्ड :** नेपाल सरकार(मन्त्रीपरिषद) बाट मिति २०६८।०५।३० मा स्वीकृत भएको सरकारी खर्चमा मितव्यीता कायम गर्ने निर्देशिका, २०६८ को बुदा नं. ७७ मा सबै मन्त्रालय वा विभागले सवारी साधनको अवस्था र क्षमता हेरी सवारी साधनको प्रति कि.मि. हुने इन्धनको खपतको मापदण्ड तयार गरी लागु गर्नुपर्ने छ र बुदा नं. ७८ मापदण्ड तयार भएपछि मापदण्डभन्दा बढी भएको खर्च सम्बन्धित प्रयोगकर्तासंग असुल उपर गरिनेछ भन्ने व्यवस्था छ । मन्त्रालयले सो अनुसार इन्धन खर्चको मापदण्ड तयार नगरी रु.१२१२७५०।७९ खर्च लेखेको छ । साथै गाडी गुडेको दुरी र इन्धन खर्चको अवस्था देखिने गरी गाडी अनुसार सवारी लकबुक राखेको छैन । तसर्थ इन्धनको मापदण्ड तयार गरि उक्त मापदण्ड अनुसार इन्धन खर्च लेख्ने तथा लकबुक राख्ने गर्नुपर्दछ ।

५. **भ्रमण प्रतिवेदन :** नेपाल सरकार(मन्त्रीपरिषद) बाट मिति २०६८।०५।३० मा स्वीकृत भएको सरकारी खर्चमा मितव्यीता कायम गर्ने निर्देशिका, २०६८ को बुदा नं. ६१.४ स्वदेश भ्रमणमा खटिने कर्मचारीले भ्रमण गरेको कार्यालयको निरीक्षण पुस्तिकामा अनिवार्य रुपमा निरीक्षणको व्यहोरा लेख्नु पर्ने र भ्रंमणबाट फर्केपछि लिखित

प्रतिवेदन अनिवार्यरुपमा दिनुपर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालयले अनुगमन मूल्यांकनमा रु.१०,१७,१९३। खर्च गरेकोमा भ्रमण अभिलेख नराख्नुका साथै मन्त्रालयले अनुगमन गरी वार्षिक अनुगमन प्रतिवेदन तयार नगरेको तथा अनुगमनको असर र प्रभावको आधारमा नतिजा विश्लेषण गरेको देखिएन।

६. **पेश्कि :** आर्थिक कार्यबिधि नियमावली, २०६४ नियम ७४ बमोजिम पेश्की फर्छ्यौट गर्नुपर्नेमा रु.१ लाख ४९ हजार पेश्की रकम आर्थिक वर्षको अन्त्यमा बाकी देखिएकोले फछ्यौंट गर्नु पर्दछ।

वाणिज्य विभाग, बबरमहल

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको,कर्मचारीको कार्यविवरण तयार नगरेको,पुरानो ढाँचामा जिन्सी अभिलेख राखेको, वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार नगरेको, तालुक निकायहरुबाट भएका निरीक्षणहरुको अभिलेख राखी दिईएका सुझावहरु कार्यान्वयन नगरेको जस्ता कमि कमजोरीहरु देखिएका छन्। प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ

२. **चौमासिक खर्च :** विभागको कुल खर्च रु.३ करोड ५२ लाख १९ हजार मध्ये प्रथम चौमासिकमा रु.९६ लाख ९० हजार (२७.५१ प्रतिशत), दोश्रो चौमासिकमा रु.१ करोड ४ लाख २५ हजार (२९.६० प्रतिशत), तेस्रो चौमासिकमा १ करोड ५१ लाख ४ हजार (४२.८९ प्रतिशत) र आषाढ महिनामा ९२ लाख ४ हजार अर्थात २६.३१ प्रतिशत खर्च भएको छ। स्वीकृत वार्षिक कार्यक्रम बमोजिम कार्य संचालन गर्न बजेट व्यवस्था भए मुताविक सोही चौमासिकमा खरिद कार्य सम्पन्न गर्नु पर्नेमा सो अनुसार कार्य भएको पाइएन। तेस्रो चौमासिकमा कुल खर्चको ४२.८९ प्रतिशत खर्च हुनुले पहिलो र दोश्रो चौमासिकमा गर्नु पर्ने कार्य तेस्रो चौमासिकमा गरेको देखिन्छ। अतः तोकिए अनुसार चौमासिक रुपमा समान हिसाबले खर्च गर्नु पर्दछ।

३. **दरबन्दी भन्दा बढी पदस्थापन :** विभागको स्वीकृत दरबन्दी २०७२ चैत्र देखि ३१ कायम भए ता पनि विभागमा राजपत्राकित १४ जना र राजपत्र अनंकित २१ जना गरी ३५ जना कार्यरत भएको देखिन्छ। जस अनुसार शाखा अधिकृत १ जना र ना.सु. ३ जना दरबन्दी भन्दा बढि पदस्थापन गरी २०७२ चैत्र देखि २०७३ आषाढ सम्म उक्त ४ जना कर्मचारीलाई तलब, ग्रेड थप, भत्ता, क.स.कोष थप र पोशाक समेत ४०६०९६।- भूक्तानी गरेको देखिएकोले निजामति सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली ,२०५० बमोजिम कारबाहि हुन पर्ने देखियो। मन्त्रालय बिभाजन पश्चात दरबन्दि मिलानको लागि सामान्य प्रसासन मन्त्रालयलाई पटक पटक पत्राचार गर्दा समेत तहाँबाट दरबन्दि मिलान नभएकोले यस्तो परीस्थिति आएको बिभागले छलफलको क्रममा जानकारी गराएको छ।

४. **कर :** आयकर ऐन, २०५८ अनुसार एक पदाधिकारीको रु.४,६०७।- पारिश्रमीक कर कट्टी नगरेकोले कट्टी गरी राजश्व दाखिला गर्नुपर्दछ।

५. **सवारी साधन :** बाणिज्य मन्त्रालयमा कार्यरत शाखा अधिकृत श्री आश्विन कुमार पोखरेलले बिभागको स्वामित्वमा भएको रु.१ लाख ६६ हजार मुल्यको बा.२ ब ३०४१ नं. को मोटर साइकल प्रयोग गरेको देखिएकोले आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम १०९ बमोजिम जिम्मेवार बनाई मोटर साईकल फिर्ता गर्न कारबाहि गर्नु पर्ने देखियो।

६. **ठेक्का व्यवस्था :** आर्थिक कार्यबिधी नियमावली, २०६४ को नियम २०(३) मा निर्धारित समय भित्र कार्य सम्पन्न गर्न लागत अनुमान तयार गर्ने र ठेक्का पट्टा स्विकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा गरिसक्नु पर्ने व्यवस्था छ। विभागले यस बर्ष मूल्य अभिवृद्धि कर वाहेक जम्मा रु.५८ लाख ४२ हजारका ४ वटा ठेक्का सम्झौता गरेकोमा प्रथम चौमासिकमा कुनै पनि ठेक्का सम्झौता भएको पाइएन। द्योस्रो चौमासिकमा ३ वटा ठेक्का सम्झौता भएका छन भने तेस्रो चौमासिकमा १ वटा ठेक्का सम्झौता भएको छ । समयमा ठेक्का व्यवस्था नभएको कारण पहिलो चौमासिकमा गरिनु पर्ने काम दौस्रो चोमासिकमा र दोस्रो चौमासिकमा गरिनु पर्ने काम तेस्रो चौमासिकमा भएको छ। अधिकांस रकम तेस्रो चौमासिकमा खर्च भएको छ। यसरी वर्षको अन्तमा खरिद कार्य अवस्थाको सृर्जना भएको छ। अतः नियमावलीको उक्त व्यवस्था बमोजिम समयमा ठेक्का व्यवस्था गरी खरिद कार्य हुनुपर्दछ।

७. **सोझै खरीद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा सार्वजनिक निकायले खरिद विधि छनौट गदा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम रु.१० लाखभन्दा बढीको खरिदमा बोलपत्रद्धारा खरिद गनुपर्ने व्यवस्था छ। कार्यालयवाट कानुन बमोजिम लागत अनुमान समेत तयार नगरी प्रतिस्पर्धा बेगर विभिन्न फर्मबाट एकै प्रकृतिका सामान टुक्रा टुक्रा गरी रु.१८ लाख ६८ हजार २५९ को सामान सोझै खरिद गरेको छ।लागत अनुमान नभएको, प्रतिस्पर्धा नभएको, लिखित रुपमा ३ आपुर्तिकर्ताहरुलाई दरभाउपत्र पेश गर्न पत्राचार समेत नगरेको अधिकांस दरभाउपत्र कार्यालयमा दर्ता समेत नगरी स्विकृत नर्मस र लागत बेगर आपूर्तिकर्ताले पेश

गरेकै दररेटमा सम्झौता गरी विभिन्न निर्माण कार्यमा खर्च गरेको देखिदाँ खरीद कार्य मितव्ययी र कानुन सम्मत देखिएन ।

८. **मर्मत :** नेपाल सरकार(मन्त्रीपरिषद) बाट २०६८।०५।३० मा स्वीकृत भएको सरकारी खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका, २०६८ को बुदा नं. ६८ मा सवारी साधन र मेशिनरी औजारको मर्मत र फेरेको पार्टपूर्जाको खर्च विवरण म.ले.प.फा.नं. २ मा अनिवार्य भरी प्रमाणित रुपमा राख्ने तथा प्रत्येक साधनको शुरुदेखि नै मर्मत संभारको विवरण सिलसिलेवार देखिने गरी रजिष्टर खडा गरी व्यवस्थित गर्नुपर्ने व्यवस्था छ । विभागबाट यो वर्ष मर्मतमा रु. ७ लाख ३५ हजार खर्च गरेकोमा उक्त निर्देशिकाको पालना गरेको देखिएन । आंशिक रुपमा म.ले.प.फा.नं. २ राखे पनि प्रमाणित भएको छैन । निर्देशिका बमोजिम खर्च गर्नु पर्दछ ।

९. **दर्ता तथा नविकरण :** प्राईभेट फर्म रजिष्ट्रेशन नियमावली, २०७० को नियम ७ (४) मा दर्ता भएका उद्योगहरु तोकिएको अवधी पश्चात नविकरण गर्नु पर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त बिबरण अनुसार २०७२।७३ सम्ममा १३५७२८ उद्योगहरु दर्ता भएको देखिन्छ । कार्यालयले उद्योगहरुको नविकरण सम्बन्धि अभिलेख राखेको छैन । अभिलेख बेगर यो वर्ष २३९१ प्राईवेट फर्म नबकिरण गरी नविकरण दस्तुर बापत आर्थिक बिबरणमा आम्दानी देखाएको रु.६९ लाख ८९ हजार ६९१ ले सहि र यथार्थ चित्रण गरेको अवस्था छैन । प्राप्त बिबरण अनुसार प्राईभेट फर्म तर्फ मात्र आ.ब. २०६७।६८ दर्ता भई २०७२।७३ मा नबिकरण गर्नु पर्ने उद्योगहरु ८३८१ रहेकोले ती उद्योगहरुको दर्ता खारेजी भएको प्रमाण वा अभिलेख अद्यावधिक नभएका त्यस्ता उद्योगहरुको न्यूनतम चुक्ता पुँजि रु.५ लाख मात्र हुने आधारमा पनि न्यूनतम नविकरण दस्तुर प्रति उद्योग रु ३०००।- को दरले रु.२ करोड ५१ लाख ४३ हजार हुने देखिदा नविकरणको अभिलेख अद्यावधिक गरी नविकरण दस्तुर असूल गर्नु पर्दछ ।

१०. **इन्धन खर्चको :** नेपाल सरकार (मन्त्रीपरिषद) को २०६८।०५।३० मा स्वीकृत भएको सरकारी खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका, २०६८ को बुदा नं. ७७ मा सबै मन्त्रालय वा विभागले सवारी साधनको अवस्था र क्षमता हेरी सवारी साधनको प्रति कि.मि. हुने इन्धनको खपतको मापदण्ड तयार गरी लागु गर्नुपर्ने र बुदा नं. ७८ मापदण्ड तयार भएपछि मापदण्डभन्दा बढी भएको खर्च सम्बन्धित प्रयोगकर्तासंग असुल उपर गरिने व्यवस्था छ । विभागले २०७० सालमा महानिर्देशकलाई मासिक ७२ लि., अनुगमनमा प्रयोग हुने गाडीलाई मासिक १०० लि. र मोटरसाइकललाई मासिक ५ लि. पेट्रोल दिने गरी मापदण्ड तयार गरेको छ । विभागमा जम्मा ३ गाडी चल्तीमा रहेकोमा १ महानिर्देशकले र २ गाडी अनुगमनमा प्रयोग भएको साथै ११ मोटरसाइकल प्रयोगमा रहेका छन । मापदण्ड अनुसार हिसाब गर्दा महानिर्देशकलाई १ वर्षको ८६४ लि., अनुगमनमा प्रयोग हुने २ गाडीलाई २४०० लि. र ११ वटा मोटरसाइकललाई १ वर्षको जम्मा ६६० लि. गरी ३९२४ लि. पेट्रोल खपत हुने हुदाँ प्रति लि. पेट्रोलको औषमा रु.१०५ का दरले रु.४८१३२०.०० वर्षभरीमा इन्धन खर्च लेख्न मिल्ने देखिन्छ । विभागले उक्त मापदण्ड अनुसार इन्धन खर्च नलेखि चालु खर्चबाट रु.५४७३१६.०० र अनुगमन तथा मूल्याङ्कनबाट रु.६०२४९०.०० समेत रु.११४९८०६.०० इन्धन खर्च लेखेकोले मापदण्ड भन्दा बढि रु.६६८४८६.०० खर्च लेखेको पाइयो । तोकिएको मापदण्ड बमोजिम खर्च गर्नु पर्दछ ।जेनेरेटर संचालन र बजार अनुगमनमा तोकिएभन्दा बढी खर्च भएको कारण ईन्धनमा मापदण्ड भन्दा बढी खर्च भएको बिभागले छलफलको क्रममा जानकारी दिएको छ ।

११. **राजश्व :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० मा प्रत्येक कार्यालयले अर्थ मन्त्रालयबाट स्वीकृत राजश्व वर्गीकरण र ब्याख्या अनुरुप लगती तथा हसबली राजश्व आम्दानी दाखिला गरी उक्त नियमावलीको नियम ९ बमोजिम आम्दानी जनाउदा दोहोरो श्रेस्ता प्रणाली अनुसार राजश्व श्रेस्ताको लागि महालेखा परिक्षकको कार्यालयबाट तोकिएको ढाँचामा लेखा अध्यावधिक गरी राख्नुपर्ने, नियमावलीको नियम १५ बमोजिम कार्यालय प्रमुखले नियम १० बमोजिम लेखा रहे नरहेको एकिन गर्नुपर्ने छ भन्ने व्यवस्था छ । विभागबाट प्राप्त राजश्वको आर्थिक विवरण अनुसार रु.१६ करोड ७५ लाख ४४ हजार ३११ राजश्व आम्दानी देखाएकोमा उक्त व्यवस्था अनुसार म.ले.प. बाट तोकिएको ढाँचा अनुसार राजश्व प्राप्ति गर्दा नगदी रसिद प्रयोग नभएको, राजश्वको गोश्वारा भौचर खडा नभएको साथै राजश्व लेखामा प्रयोग हुने म.ले.प. फारामहरु प्रयोग गरी राजश्व लेखा नराखेकोले प्राप्त राजश्वले यथार्थ चित्रण गरे नगरेको एकिन गर्न सकिएन ।

१२. **हिसाब मिलान :** विभागबाट प्राप्त राजश्वको आर्थिक विवरण अनुसार राजश्व आम्दानी रु.१६ करोड ७५ लाख ४४ हजार ३११ र श्रेस्ता परिक्षणबाट देखिएको राजश्व रु.१६ करोड ७५ लाख ४१ हजार ७११ देखिएकोले रु २६००.०० फरक परेको छ । कार्यालयको कोडमा रकम जम्मा भएको तर सेवा लिन नआएको कारण रकम फरक परेको कार्यालयले जानकारी दिएको छ ।

१३. **करार सेवाको भुक्तानी :** सार्बजनिक खरीद ऐनको दफा ८.(२) तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ९५ बिपरीत गत बिगत बर्ष देखिनै कार्यरत बिभिन्न ९ जना कर्मचारीहरुसगं रु.१ लाख भित्रको लागत अनुमान तयार गरी सोझै बार्ताबाट खरीद गरी रु ११ लाख १७ हजार भुक्तानी गरेको छ ।

नेपाल इन्हयान्स्ड क्यापासिटिज फर ट्रेड एण्ड डेभ्लप्मेन्ट प्रोजेक्ट

१. **वजेट व्यवस्था :** आयोजनाको वजेट प्रथम चरणमा ९ लाख एन.टी.आइ.एस. पुनरावलोकन तथा अध्यावधिक गर्न दोश्रो चरणमा ६ लाख समेत १५ लाख अमेरीकी डलर वजेट व्यवस्था भएको देखिन्छ ।

२. **लक्ष्य तथा प्रगति :** आयोजनाले ट्रेड स्वाप मोडालिटी निर्माण सम्बन्धी कार्य लक्ष्य अनुरुप संम्पन्न गरेको छैन । मस्यौदा तयार गरी स्वाप लागु भएका शिक्षा, स्वास्थ्य र शान्ती तथा पुर्ननिर्माण मन्त्रालयमा छलफल सम्पन्न भएको आयोजनाले जानकारी दिएको छ ।

३. **वजेट खर्च :** विभिन्न शिर्षकहरुमा वजेट खर्चको लागि सन् २०१५ मा शंसोधित वजेट अमेरीकी डलर ३२४,५००.०० व्यवस्था भएकोमा विनिमय दरको नाफा, नोक्सान सहितको ७४,१३९.२९ अमेरिकी डलर अर्थात डिसेम्बर ३१ को बिनिमयदर रु.१०५.९२ ले रु.७८५२८३४।- खर्च भएको विभिन्न शिर्षकहरुमा वजेट खर्च गर्नको लागि सन् २०१४ देखि शंसोधित वजेट अमेरीकी डलर १८२,०००।- वजेट व्यवस्था भएको देखियो । सन् २०१४ मा ३९,५३३.०३ अमेरिकी डलर र सन् २०१५ मा४,८८७.२७ अमेरिकी डलरको विनिमय दरको नाफा, नोक्सान सहितको ४४,४२०.३० अमेरिकी डलरको डिसेम्बर ३१ को बिनिमयदर रु.१०५.९२ को दरले रु ४७०४९९८.०० खर्च भै शंसोधित वजेटमा २२.८४% प्रतिशत र एन.टी.आइ.एस. पुनरावलोकन तथा अध्यावधिक शंसोधित वजेटमा २४.४१ % प्रतिशत खर्च भएको देखिन्छ । अतः उपलब्ध श्रोतको प्रभाबकारी रुपमा कार्यान्वयन हुनु पर्दछ ।

नेपाल इन्टरमोडल यातायात बिकास समिति

१. **लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयको सोही नियमावलीको अनुसुची २ बमोजिमको ढाँचामा भौतिक एवं वित्तिय प्रगति देखिने गरी चौमासीक प्रगति बिबरण तयार गरी तालुक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । समितिले यस वर्ष वित्तीय प्रगति ११.३१ प्रतिशत देखाएको छ भने भौतिक प्रगति देखिने गरी प्रगति बिवरण तयार गरेको छैन । घटी प्रगति हुनुको कारण समेत स्पस्ट पारेको छैन । भौतिक प्रगति देखिने गरी प्रगति बिवरण तयार नहदा थप बिश्लेषण गर्न सकिएन । अतः भौतिक तथा वित्तीय प्रगति देखिने गरी प्रगति बिवरण तयार गर्नुपर्दछ ।

२. **बजेट निष्कृय :** समितिले जग्गा खरिद तर्फ रु १० करोड र पूँजिगत अनुसन्धान तथा परामर्श तर्फ रु १ करोड ४५ लाख गरी जम्मा ११ करोड ४५ लाख बजेट बिनियोजन गरेकोमा यी दुबै कार्यक्रम सञ्चालन भएको पाइएन । यसरी बजेट निष्कृय राख्ने परीपाटीको अन्त्य गरी कार्यान्वयन योग्य कार्यक्रममा मात्र बजेट बिनियोजन गरिनु पर्दछ ।

३. **चौमासिक खर्च :** समितिको खर्च रु.१२ करोड ८२ लाख ९० हजार मध्ये प्रथम चौमासिकमा रु.३ करोड ९९ लाख ३२ हजार (३१.१३ प्रतिशत), दोश्रो चौमासिकमा रु.२ करोड ९९ लाख ८६ हजार (२३.३७ प्रतिशत), तेस्रो चौमासिकमा ५ करोड ८३ लाख ७२ हजार (४५।५० प्रतिशत) र असाढ महिनामा १२ लाख ८८ हजार (१२.८८ प्रतिशत) खर्च भएको छ । स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तोकिएको चौमासिकमा तोकिए अनुसार खरिद कार्य संचालन गर्न बजेट व्यवस्था भएतापनि सोही चौमासिकमा खरिद कार्य सम्पन्न गर्नु पर्नेमा सो अनुसार खरिद भएको पाइएन । तेस्रो चौमासिकमा कुल खर्चको ४६ प्रतिशत खर्च हुनुले पहिलो र दोश्रो चौमासिकमा खरिद गर्नु पर्ने कार्य तेस्रो चौमासिकमा भएको देखिन्छ । अतः खरिद योजनामा तोकिए अनुसार खरिद कार्य सम्पन्न गर्नु पर्दछ ।

४. **खरीद योजना :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ बमोजिम सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम वार्षिक खरिद योजना तयार गर्नु पर्ने व्यवस्था छ । समितिले सो अनुरुप नगरि २०७२/०७३ मा रु १० लाख भन्दा बढीको खरिद सम्वन्धी कार्य गरेकोमा वार्षिक खरिद योजना बनाएको छैन । ऐन नियममा भएको व्यवस्थाको पालना हुनु पर्दछ ।

५. **संक्षिप्त वार्षिक प्रतिवेदन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९० को उप नियमा १ मा कार्यालयले १ आर्थिक वर्षको अवधि भित्र भएको आफ्नो आर्थिक कारोवारको सोही नियमावलीको अनुसूचि १४ बमोजिमको ढाँचामा संक्षिप्त वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा समितिले यो वर्ष संक्षिप्त वार्षिक प्रतिवेदन तथा वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार गरेको छैन । नियम बमोजिम प्रतिवेदन तयार गर्नु पर्दछ ।

६. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५३(३) बमोजिमको जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका जिन्सी मालसामानहरुको मूल्य खुलाई राख्नु पर्नेमा जिन्सी खातामा आम्दानी भएका कतिपय जिन्सी मालसामानहरुको मुल्य खुलाई राखेको नपाइएकोले मूल्य खुलाई राख्नु पर्दछ ।

७. **ठेक्का व्यबस्था :** आर्थिक कार्यबिधी नियमावली, २०६४ को नियम २०(३) मा निर्धारित समय भित्र कार्य सम्पन्न गर्न लागत अनुमान तयार गर्ने र ठेक्का पट्टा स्विकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा गरिसक्नु पर्ने व्यवस्था छ । समितिले यस बर्ष मूल्य अभिवृद्धि कर वाहेक रु.३१ करोड ३२ लाखका ४ वटा ठेक्का

सम्झौता गरेकोमा प्रथम चौमासीकमा १ ठेक्का व्यवस्था गरी दोश्रो चौमासिकमा कुनै पनि ठेक्का सम्झौता भएको पाइएन । बाँकी ३ वटा ठेक्का सम्झौता तेस्रो चौमासिकमा भएका छन । समयमा ठेक्का व्यवस्था नभएको कारण पहिलो र दोस्रो चौमासिकमा खरिद हुन नसकि अधिकांस रकम तेस्रो चौमासिकमा खर्च भएको छ । वर्षको अन्तमा खरिद कार्य हुने अवस्थाको सृजना गर्नु उपयूक्त नहुने हुँदा नियमावलीको व्यवस्था बमोजिम समयमा ठेक्का व्यवस्था गरी खरिद कार्य गर्नुपर्दछ ।

८. **निरिक्षण :** सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ को नियम ४० बमोजिम तालुक निकाय एवं कार्यालयहरुले आफ्नो मातहतको कार्यालय तथा परियोजनाको प्रत्येक आर्थिक वर्षमा कम्तिमा १ पटक अनिवार्य निरिक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । मन्त्रालय तथा अन्य सम्बन्धित निकायहरुबाट भएको अनुगमन कार्यको अभिलेख राखि प्राप्त सुझावहरुको कार्यन्वयन गरेको देखिएन ।

९. **इन्धन खर्च :** नेपाल सरकार(मन्त्रीपरिषद) बाट २०६८।०५।३० मा स्वीकृत भएको सरकारी खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका, २०६८ को बुदा नं. ७७ मा मन्त्रालय वा विभागले सवारी साधनको अवस्था र क्षमता हेरी सवारी साधनको प्रति कि.मि. हुने इन्धनको खपतको मापदण्ड तयार गरी लागु गर्नुपर्ने र बुदा नं. ७८ मा मापदण्ड तयार भएपछि मापदण्डभन्दा बढी भएको खर्च सम्बन्धित प्रयोगकर्तासंग असुल उपर गरिने उल्लेख छ । समीतीले सो अनुसार इन्धन खर्चको मापदण्ड तयार नगरी रु.४ लाख २१ हजार खर्च लेखेको छ । इन्धनको मापदण्ड तयार गरि मापदण्ड अनुसार इन्धन खर्च लेख्नुपर्दछ ।

१०. **अनुगमन** : नेपाल सरकार(मन्त्रीपरिषद) बाट २०६८।०५।३० मा स्वीकृत भएको सरकारी खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका, २०६८ को बुदा नं. ६१.४ स्वदेश भ्रमणमा खटिने कर्मचारीले भ्रमण गरेको कार्यालयको निरीक्षण पुस्तिकामा अनिवार्य रुपमा निरीक्षणको व्यहोरा लेखेको हुनुपर्दछ । भ्रंमणबाट फर्केपछि लिखित प्रतिवेदन अनिवार्यरुपमा पेश गर्नुपर्नेछ। निरीक्षण पुस्तिकामा निरीक्षणको व्यहोरा उल्लेख नगरेको वा प्रतिवेदन पेश नभएको वा भ्रमण नै नगरी प्रतिवेदन दिएको कर्मचारीलाई कारवाही गरिनेछ भन्ने व्यवस्था छ। यो वर्ष महाशाखाले अनुगमन मूल्यांकनमा रु.२८ लाख ११ हजार खर्च लेखेको छ। अनुगमन प्रतिवेदन समेत तयार नगरेकोले तत्सम्बन्धी व्यवस्थाको स्थिति विश्लेषण गर्न सकिएन ।

११. **पेश्कीको जमानत** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (४) बमोजिम पेश्की जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछर्यौट गर्नुपर्ने अवधि भन्दा कम्तिमा १ महिना भन्दा बढि अवधिको हुनुपर्ने उल्लेख छ। एक निर्माण व्यवसायीलाई सम्झौताको १४.२ अनुसार सम्झौता रकमको १०% ले हुने रु १४४९५०००।- को प्राईम बैंकले जारी गरेको बैंक जमानतको म्याद २०१६ Nov १६ मा र ५% हुन आउने पेश्की रु.७२,४७,०००।- को प्राईम बैंकले जारी गरेको बैंक जमानतको म्याद २०१६ डिसेम्बर १ मा सकिएकोले निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेश्की रु.२,१७,४२,०००।- जोखिममा परेको छ । अत: निर्माण व्यवसायीलाई पेश्कीको जमानत अवधि थप गर्न लगाउनु पर्छ ।

१२. **पूर्वनिर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) मा निर्माण व्यवसायीको ढिलाईका कारणले खरिद संझौता बमोजिमको काम सो संझौतामा तोकिएको म्याद सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई संझौता रकमको १०% मा नबढने गरी प्रतिदिन संझौता रकमको ०.०५% पूर्व निर्धारित क्षतिपुर्ति दिनुपर्ने उल्लेख छ। यातायात विकास समितिले एक निर्माण व्यवसायीलाई प्रथम विल बापत मूल्य अभिवृद्धि कर समेत १७५५०६६७।- भुक्तानी गर्दा सम्झौताको ८.७ र १४.१५(बी) अनुसार सम्झौता रकम मूल्य अभिवृद्धि कर बाहेक रु १५०५११७३६।०० को प्रथम माइलस्टोनको ३० दिन ढिला गरेको ०.००६९% र दोस्रो माइलस्टोनको २ दिन ढिलो गरेको ०.०१३८% ले हुन आउने रु.३,५३,१००।- कार्य सम्पादन जमानत वापत कट्टा गरेकोमा राजश्व दाखिला नगरेकोले उक्त रकम राजश्व दाखिला गर्नु पर्दछ । तोकिएको कुल अवधी पश्चात पनि कार्य सम्पन्न नभएको अवस्थामा मात्र पूर्वनिर्धारीत क्षतिपूर्ति बापतको रकम दाखिला गरिने समितिबाट जानकारी प्राप्त भएको छ ।

१३. **सव-कन्ट्राक्ट :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३० मा काम सव-कन्ट्राक्टबाट निर्माण कार्य गराउन सक्ने गरी सार्वजनिक निकायले बोलपत्र आवहान गर्ने भएमा बोलपत्र सम्बन्धी कागजातमा सव-कन्ट्राक्टबाट काम गराउने र सो को अधिकतम प्रतिशत तथा सव-कन्ट्राक्टरको योग्यताको आधार तोकेको कागजात पेश गर्नुपर्ने व्यवस्था छ । यातायात बिकास समितिले बोलपत्र सम्बन्धि कागजातमा कुनै पनि प्रावधानको व्यवस्था नगरी तयार पारेको र सवभन्दा कम कवोल गर्ने एक निर्माणव्यवसायी संग सम्झौता गरेकोमा व्यवशायीले मिति ८ जुन, २०१६ (२०७३ जेष्ठ २६) मा एक इन्टरप्राइजेजसंग अनियमित रुपमा कुल कामको ४३.१ प्रतिशत (मूल्य अभिबृद्दि कर समेत) रु.७,३१,५३,४२०।- सव कन्ट्राक्टमा कार्य गराएको छ । संभव भए सम्म निर्माण व्यवसायी स्वंयले सम्झौता बमोजिमको कार्य सम्पन्न गर्नु पर्दछ । यदि सवकन्ट्रक्टको माध्यमद्धारा कार्य गराउनु पर्ने अवस्था आएमा खरीद ऐन नियमको परिधि भित्र रहेर मात्र अन्य निर्माण व्यवसायीलाई जिम्मेवारी हस्तान्तरण गर्नु पर्दछ । यस सम्बन्धमा पधाधिकारीहरुसंग छलफल गर्दा

पर्पोज सवकन्ट्राक्ट नभई नोमिनेटेड सवकन्ट्राक्टको माध्यमद्धारा कार्य गराएकोले गुणस्तर र समय लगायत सम्पूर्ण पक्षको जिम्मेवारी र दयित्वको पहिलो निर्माण व्यवसायी स्वयंले लिने जानकारी प्राप्त भएको छ ।

१४. **कार्यतालिका** : विरगंज भन्सार कार्यालयको सेड विस्तारको लागि एक निर्माण व्यवशायीसंग भएको संझौताको म्याद २०७३।०६।२८ सम्म भएकोमा यस आर्थिक वर्षको अन्त्य (असार मसान्त) सम्म काम गर्नुपर्ने अवधि २४४ दिन अर्थात ६६.८५% समय व्यतित भएको छ । मूल्य अभिवृद्धि कर समेत संझौता मूल्य रु.१७००७८२६२।- मध्ये आषाढ मसान्तसम्म मूल्य अभिवृद्धि कर समेत रु.१,७५,५०,६६७।- रनिङ्ग बिलबाट भूक्तानी भएको छ । यसरी ६६.८५% समय व्यतित हुदा १०.३२% मात्र प्रगती हुनुले निर्माण व्यवसायीले कार्यातालिका अनुसार काम गरेको पाएन । अतः निर्माण व्यवसायीलाई सार्वजनिक खरिद निमावली, २०६४ तथा संझौता अनुसार कारवाही गरी कार्यतालिका बमोजिम काम गराउनु पर्दछ ।

१५. **पूर्वनिर्धारीत क्षतिपूर्ति फिर्ता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा खरिद संझौताको जि.सि.सि को ४७.१ बमोजिम निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद संझौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई संझौता रकमको १०% मा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको ०.०५% पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्नेमा साथै उक्त नियमावलीको नियम ६५ अनुसार निर्माण व्यवसायीबाट जफत गरेको रकम राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ । एक निर्माण व्यवसायीलाई रु.१०,३५,०५,८१८।- भूक्तानी भएको छ । भूक्तानी गर्दा विभिन्न रनिङ्ग बिलबाट कट्टा गरेको कार्य सम्पादन जमानतवापतको रु.१७,३५,९३७।- मध्ये रु.१,०५,६०८।- मात्र राजश्व दाखिला गरी रु.१६,३०,३२९।- सम्बन्धित निर्माण व्यवसायीलाई नै फिर्ता दिएकोले उक्त रकम असुल गर्नु पर्दछ । कार्यतालिका बमोजिम कार्य नभएको अवस्थालाई समिति एवं निर्माण व्यवसायी दुवैले स्विकार गरी गट्टी गएिको पूर्वनिर्धारीत क्षतिपूर्ति रकम फिर्ता गर्ने कार्य कानुन सम्मत देखिएन ।

१६. **मूल्य समायोजन** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा खरिद सम्झौता प्राप्त गर्नेको ढिलाईको कारणबाट काम सम्पन्न नभएमा मूल्य समायोजन गर्न नसकिने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा मूल्य समायोजन लागु हुने समयको अन्तराल, मूल्य समायोजनको रकम, सम्बद्द मूल्य सुची, सुत्र प्रयोग पर्न लिइने आधार मिति (बेसलाइन डेट), र मूल्य समायोजनका सवै विषय सम्झौतामा उल्लेख हुनुपर्ने व्यवस्था छ । साथै सम्झौताको दफा ४५.१ मा मूल्य समायोजन दिदा मोविलाइजेशन पेश्की कट्टा गर्नुपर्ने, GCC को २६.३ मा प्रत्येक ९० दिनमा कार्यतालिका अपडेट गर्नुपर्ने, काममा ढिलाई र लागतमा वृद्धि हुने भएमा निर्माण व्यवसायीलाई पूर्व चेतावनी दिनुपर्ने आदि व्यवस्था सम्झौतामा उल्लेख छ । निर्माण व्यवसायीले प्राकृतिक निर्माण सामग्रीको अभावको कारणले समयमा काम सम्पन्न हुन नसकेको कारण जनाई म्याद थप्न निवेदन दिए अनुसार समितिले उक्त कारणलाई मनासिव ठहर गरी थप आर्थिक दायित्व नपर्ने गरी कार्य तालिका अद्यबधिक नगरी ६६ दिन म्याद थप गरेको छ । समितिले पनि कार्यतालिका अनुसार काम गर्न निर्माण व्यवसायीलाई ताकेता समेत गरेको छैन । समितिले यस्तो अवस्थामा समेत मूल्य समायोजनको अन्तराल समझौतामा नराखी मूल्य समायोजनको रकम रनिङ्ग बिलमा समेत समावेश नगरी अन्तिम विलसम्म मोविलाइजेशन पेश्की कट्टा नगरी मूल्य अभिवृद्धि कर समेत रु ३८३६६०२।- मूल्य समायोजन दिइएकोले उक्त रकम सम्बन्धित निर्माण व्यवसायबाट असुल गर्नुपर्दछ ।

१७. **भेरिएशन अर्डर** : व्यवस्थापिका संसद, सावर्जनिक लेखा समितिको २०७१।०८।२५ को निर्णयमा भेरिएशन अर्डर दिनै पर्ने स्थिति आएमा कारण खोली भेरिएशन अर्डर दिई कार्य गर्ने गराउने तर यसो गर्नु पर्दा शुरुको लागत अनुमान तयार गर्ने, डिजाइन तयार गर्ने र स्वीकृती गर्ने सम्बन्धित पदाधिकारीहरु र परामर्श दतालाई कारवाही गर्ने गराउने व्यवस्था गरको छ । समितिले एक निर्माण व्यवसायीसंग भैरहवा सुख्खा बन्दरगाह परीशरमा रहेको यार्ड सुधार कार्यकोलागि मुल्य अभिबृद्धिकर समेत रु.९ करोड ९४ लाख ४८ हजारमा सम्झौता भएकोमा शुरु लागत अनुमानमा समावेश रु ५४ लाख २४ हजार कास्ट आईरन ड्रेन कभरको भार बहन क्षमता कम हुने र भैरहवा सुख्खा बन्दरगाहमा अत्याधिक तौल भएका ट्रकहरु आउने भएकोले चाँडै फुट्न सक्ने कारण जनाई निर्माण कार्य तथा भुक्तानी भई सकेपछि रु.१ करोड ५४ लाख ९४ हजार मुल्यको माईल्ड स्टिल प्लेट ड्रेन कभरले प्रतिस्थापन गर्ने गरी डिजाईन परीवर्तन भएको छ । पुरानो आईटमको खर्च भई सकेपछि नयाँ आइटमले प्रतिस्थापन गर्दा बढी व्ययभार परेको रु.५४ लाख २४ हजारको सम्बन्धमा शुरु डिजाईनमा संलग्न परामर्शदातालाई जिम्मेवार बनाईनु पर्दछ ।

१८. **म्याद थप :** सार्वजनिक खरिद ऐन, २०५५ को उपदफा (२) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० (२) अनुसार निर्माण व्यवसायीले सम्झौता बमोजिम काम समयमै सम्पन्न गर्न भर मग्दुर प्रयास गरेको काबु बाहिरको परिस्थितीको कारण काममा ढिलाई भएको अवस्थामा म्याद थप गर्न सकिने व्यवस्था छ । एक निर्माण व्यवसायीसंग भएको ठेक्कामा २०७२/१०/१४ मा सम्पन्न गरिनुपर्ने कामको लागि २०७२/१२/२१ सम्म अर्थात ६६ दिन म्याद थप भएको छ । प्राकृतिक निर्माण सामाग्रीको उपलब्धता नभएको भनि प्रथम माइलस्टोनको अवधि ५२ दिन, ग्राउण्ड कन्डीसन अन फेबर भएको र महाभुकम्पका कारण काम

हुन नसकेको भनी द्धितिय माइलस्टोनको अवधि १४ दिन थप भएको छ । समितिले यी सबै कारणलाई मनासिव ठहर गरी संशाधित कार्यतालिकासमेत नलिई म्याद थपेको छ। प्रथम माइलस्टोनको थप गरिएको अवधि ५२ दिनको सुरु सम्झौता रकम रु ८८००६९९५।- को ०.०५ प्रतिशत प्रति दिनका दरले हुन आउने रु.२२८८१८२.०० पूर्व निर्धारित क्षतिपूर्ति रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नु पर्दछ ।

१९. **हिसाब मिलान :** समितिबाट प्राप्त आय-व्यय विवरण अनुसार श्रेस्ता अनुसार बाँकी रु.८१९८५८६३१।- देखाएको छ भने बैक अनुसार बाँकी रु.८१८२६८६३७- देखाएको छ। यसरी बैक मौज्दात रु.१५८९९९४।- ले घटी देखाएकोले हिसाब मिलान गर्नु पर्दछ ।

२०. **नियन्त्रण व्यवस्था :** विरगंज भन्सार कार्यालयबाट वर्षभरीमा तोकिएको कन्टेनर संख्याको आधारमा भाडा लिने र तोकिएको ब्रेक बल्कको तौलको आधारमा न्यूनतम र तोकिएको परिमाण संख्या भन्दा माथिको कन्टेनर संख्या ब्रेक बल्कको तौल भन्दा बढी हेण्डलीङ भएको आधारमा तोकिएको दर बमोजिम थप आम्दानी हुने गरी पाँच वर्षको लागि न्यूनतम रु.७९ करोड ९५ लाख भाडा बुझाउने गरी एक प्रा.लि. संग जनवरी ७, २०१६ बाट लागु हुने गरी जनवरी २०, २०१५ मा सम्झौता भएको थियो । जस अनुसार यो वर्ष न्यूनतम पट्टा बहाल बापत रु.१५ लाख ८६ हजार सम्झौता अनुसार यो वर्ष ६७९५३४.४४मेट्रिक टन हेण्डलिङ गरेको छ । जस अनुसार बढी हेण्डलिङ गरेको २००५३७.४४ मेट्रिक टनको रु.४९ का दरले कुल रु.९८२६३३४।५ थप रकम प्राप्त भएको छ। त्यसैगरी विराटनगर र भैरहवा भन्सार कार्यालयमा ३२ थरीका सामान तौल गरे बापत प्राप्त आयको ४० प्रतिशत पट्टा बाहाल प्राप्त हुने गरी एक सर्भिसेज प्रा.लि. सँग १० वर्षको लागि सम्झौता भए अनुसार यो वर्ष विराटनगर र भैरहवाबाट रु.१९७७४९५० प्राप्त भएको देखिन्छ। सुख्खा बन्दरगाहा प्रवेश गरेका मालबाहक सवारी साधन तौल गरेबापत थप आय रु.विराटनगरबाट ७ लाख २८ हजार र भैरहवाबाट १३ लाख १३ हजार थप आम्दानी भएको छ । उक्त ठेकेदारको कामको अनुगमन र रेखदेख गर्न सुख्खा बन्दरगाहामा करारको कर्मचारी समेत नराखी सबै तजवीजि अधिकार निर्माण व्यवसायीलाई दिई निजबाट जे तथ्याङ्क प्राप्त हुन्छ त्यसैलाई स्वीकार गरिएको छ । सम्झौता अनुसार विरगंजमा वर्षभरीमा ६ वटा कन्टेनर मात्र बढी प्रवेश गरे बापत प्राप्त आय रु.१९८००।-, तथा २००५३७.४४ मेट्रिक टन ब्रेक बल्क बढी हेन्डलिङ गरे बापत प्राप्त आय रु.९८२६६३४.५०, विराटनगरबाट थप मालबाहक सवारी साधन तौल गरे बापत रु.७ लाख २८ हजार र भैरहवाबाट रु.१३ लाख १३ हजार थप आय समेत रु.१ करोड १८ लाख ८७ हजार ४ सय ३४ रुपैया आम्दानीले सहि र यर्थाथ चित्रण गर्द छ भन्ने कुरामा विश्सस्त हुने आधार देखिएन ।

२१. **अन्तरीक आय :** एक प्रा.लि.ले सिर्सिया डिपोबाट सन् २०१५ जनवरी ०७ देखि २०१६ जनवरी ०६ (२०७२ पौष २२) सम्म कन्टेनर भोल्युम २२००६ न्यूनतम भई ६ वटा बढीको ३३००।- को दरले १९,८००।- र बक एण्ड ब्रेक बक ४७९०००।- न्यूनतम भोल्युम भन्दा २,००,५३७.४४ बढीको रु.४९।- ले ९८,२६,३३४।- समेत रु.९८,४६,१३४।- मा वहल कर कटाई रु.८८,६१,५२१।१० आय देखियो । उक्त दुवै परिमाण त्यति नै हो भनी सो व्यवसायीले मात्र प्रमाणित गरेको तर समितिको प्रतिनिधिबाट प्रमाणित नभएकोले यथार्थ परिमाण यकिन गर्न सकिएन । आन्तरिक आय तर्फ देखिएका थप व्यहोराहरु निम्न छन् :

२१.१ समितिको १५ करोड कृषि विकास बैंकमा मुद्धती खातामा रहेको र सो को वीर्षक व्याजदर ६.५५ प्रतिशतले हुने रु.९८,२५,०००।- को ब्याज प्राप्त हुनपर्ने, त्यसमा व्याज कर १५ प्रतिशतले १४,८३,७५०।- कट्टा गरी खुद व्याज रु.८३,५१,२५०।- सो बैंकबाट समितिलाई भुक्तानी गर्नुपर्नेमा केन्द्रीय आयव्यय विवरण अनुसार रु.८३,२८,३६९।८६ मात्र प्राप्त भएकेले घटी प्राप्त भएको रु.२३ हजार असूल गर्नु पर्दछ ।

२१.२ नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजनालाई २०७३।०३।०१ र २०७२।०३।२६ बाट कार्यक्रम भ्रमण पेश्की २ वटा चेकबाट रु.७,५५,२३०।- बजेट खर्च लेखेकोमा पछि रु.४,३१,५६०।- को चेक फिर्ता आएको तर अर्को चेक रु ३,२३,६७०।- आषाढ मसान्तसम्म समितिको खातामा जम्मा नभएको भनी खर्च नै लेखेकोले २०७३।०४।१२ मा मात्र आम्दानी जनाइएको छ ।

२१.३ विरगंज सुख्खा बन्दरगाहमा लिज होल्ड फि बापत एक प्रा.लि.बाट २०७२ असोज र कार्तिकको भाडा रकम २०१५ नोभेम्बर ३० मा मासिक रु.१,२०,००,०००।- ले रु.२,४०,००,०००।- मा बहालकर कट्टी गरी २,१६,००,०००।- समितिमा ड्राफ्ट पठाई समितिले आय गरेको देखियो । सो प्रा.लि. संग भएको सम्झौताको बुदा नं. ४.७ मा मासिक रुपमा पठाउनु पर्ने लिज होल्ड फी ६ महिना भित्र ५.५ प्रतिशतले क्षतिपुर्ति दिनु पर्ने उल्लेख छ । २०७२ असोजको लिज होल्ड फी १ महिना ढिला प्राप्त भएकोले सो महिनाको फि रु.१,०८,००,०००।- को ५.५% ले रु.५ लाख ९४ हजार जरीवाना असूल गर्नु पर्दछ ।

२२.४ कर्मचारी मार्फत कन्टेनर प्रवेश र सामान अतेजाते गरेको आधारमा काकडभित्ता सुख्खा बन्दरगाहबाट आ.व. २०७२।०७३ को माघ सम्मको रु.१,५२,९९,४१९।- आय भएको छ। २०७२ फागुन देखि २०७३ आषाढसम्मको कन्टेनर प्रवेश र सामान अतिजाते बापतको कति रकम आय भएको हो शीघ्र प्राप्त गरी समितिको आयमा समावेश गर्नुपर्ने देखिन्छ ।

२२.५ समितिले एक सर्भिस प्रा.लि.बाट सम्झौता अनुसार १० प्रतिशत भाडा कर वाहेक विराटनगरबाट लिज होल्ड फी रु.७,२७,४९७।- भैरहवाबाट लिज होल्ड फी रु.७,२०,०००।- र विराटनगर आई.सी.डि. फोर्क लिष्ट बाट रु.७५००।५० प्राप्त हुनुपर्नेमा २०७३ असोजको भाडा प्राप्त भएको देखिएन । त्यस्तै विराटनगर र भैरहवा आइ.सी.डी. वेटीङ वापत २०७२ असोजको आय प्राप्त भएको देखिएन । तत्काल सो क्षेत्रमा विषम परिस्थिती पर्दा रकम नपठाएको समितिको भनाइ रहेको छ । तर उक्त प्रा.लि. संग भएको सम्झौतामा त्यस्तो रकम छुट दिन सक्ने अवस्था बारे कुनै उल्लेख नभएकोले सो रकम असूल हुनु पर्ने देखिन्छ ।

२२. **घर बहाल :** समिति र घरधनी वीच घरभाडाको मिति २०७०।०५।०४ मा सम्झौता अनुसार घर बहाल कर बाहेक घरभाडा मासिक रु.१,००,०००।- का दरले लागु हुने गरी प्रयोग गर्दे आइरहेको र २०७२।०५।०३ मा २ वर्ष पुरा भई शर्त बमोजिम बार्षिक बृद्धि हुने १० प्रतिशत भाडा बृद्धि गर्ने मिति २०७२।०६।१७ मा घरभाडा निर्धारण समितिले निर्णय गरेको थियो । जस अनुसार २०७२ श्रावणको घर बहाल कर बाहेक रु.१,००,०००।- र भाद्र देखि घरभाडा रु.१,१०,०००।- ले ११ महिनाको घर बहाल कर बाहेक रु.१२,१०,०००।- सहित रु.१३,१०,०००।- र पछि तल्ला थप एवं पार्कीङ्ग प्रयोजनको लागि २०७३।०२।०६ मा लिएको पाच आना जग्गाको भाडा मासिक १७,७७८।- ले २ महिनाको रु.३५,५५६।- सहित जम्मा भाडाकर समेत समितिले नै थप गरि रु.१४,९१,१०९।- घरभाडा खर्च लेखेको देखियो । घर भाडा सम्झौता हुँदा मासिक भुक्तानी हुने, जम्मा रकम खुलाउने र नियमानुसार बहाल कर रकम कट्टा गरी भुक्तानी गर्नु पर्ने व्यहोरा उल्लेख गर्नु पर्नेमा कर बाहेकको खुद भुक्तानी हुने रकम मात्र उल्लेख गरी कर रकम समितिले नै भुक्तानी गर्ने सम्झौता भएकाले भाडा भुक्तानी बारेको सम्झौता कानून बिपरीत देखियो ।

२३. **अग्रिम कर :** आयकर ऐन, २०५८ मा भाडा भुक्तानीमा १० प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यक्रम म्रमण खर्च रु.९५,४८५।- मध्ये कन्चनपुरको गाडी भाडा रिजर्व भाडा रु.१४,०००।- र तातोपानी जाँदाको गाडी रिजर्भको रु.१७,०००।- समेत रु.३१०००/ को १० प्रतिशत अग्रीम कर रु.३१००.०० असूल गरेको देखिएन ।

२४. **बिद्युत महशुल :** समितिको बिद्युत ग्राहक नं. ०१०१००३१ केए-२ को आषाढको भुक्तानीमा रु.१७३१।-, कार्तिक मंसिरको रु.१९१२।- र बैशाखको रु.३३८७।- गरी थप दस्तुर (जरीवाना) रु.७०३१।- समेत भुक्तानी गरेको देखियो । बिल प्राप्त भए लगत्तै महसुल भुक्तानी गर्दा ३ प्रतिशत छुट पाउने व्यवस्था हुँदा पनि समयमै महसुल भुक्तानी नगर्दा ढिलो गरे बापत जरीवाना तिर्नु परेकोले यथा समयमै महसुल भुक्तानी गर्ने व्यवस्था हुनु पर्दछ ।

२५. **जिन्सी दाखिला :** तारेमाम सप्लायर्स बानेश्वरबाट रिभलभीङ कुर्सी र यसको मू.अ.कर थप समेत रु.२५,०००।- खर्च लेखी जिन्सी सामान खर्च भएर जाने जिन्सी खातामा आम्दानी गरेको देखियो । एक वर्ष भन्दा बढी खप्ने जिन्सी सामानको खर्च भएर नजाने खर्च जिन्सी खातामा म.ले.प.फा.नं. ४७ मा प्रविष्ट गर्नु पर्ने देखिन्छ ।

२६. **मर्मत अभिलेख :** समितिका गाडीहरु मर्मत गर्दा फेरीएका सामानहरु म.ले.प.फा.नं. २ रजिष्टरमा व्यवस्थित अभिलेखांकन गर्नुपर्नेमा लुज सीटमा राखेको छ । यसमा सुधार गरी रजिष्टरमा अभिलेखांकन गरी राख्ने गर्नुपर्दछ ।

२७. **भर्पाई :** विश्व बैंकको तर्फबाट एक प्राविधिक सल्लाहकारको कन्सल्टीङ फर्महरुको आशय पत्रको मूल्यांकन समितिको बैठकमा सहभागी भए वापत १५ दिनको कर बाहेक रु.१२,७५०।- र पी.सी.ओ. अफिसका एक कन्सल्टेण्टको २ दिनको बैठक भत्ता कर बाहेक रु.१७,००।- भर्पाई बेगर खर्च लेखेको छ ।

२८. **थप व्यय :** रसुवा टिमुरेको जग्गा अधिग्रहण सम्बन्धी मिति २०७२।१०।४ को सूचना ४X५० सेमी कलमको सूचना प्रकाशन बापत एजेन्सीलाई रु.१,६७,१२७।- भुक्तानी भएको थियो । तर सूचनामा "बाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०७२।८।२१ को सचिवस्तरको निर्णयानुसार" हुनु पर्नेमा "मन्त्रिपरिषदको मिति २०७१।१।२९ को निर्णयानुसार" भएकोले पहिलेको सूचनाको उपर्युक्त "अर्को निर्णयानुसार" भनि २X७ को संशोधित सुचना प्रकाशन बापत रु.१०,०८५।- बिज्ञापन एजेन्सीलाई भुक्तानी भएको देखियो । प्रकाशन पूर्व वाक्यांश गलत छ छैन यकिन नगरी छपाइएकोले समितिलाई बढी व्ययभार पर्न गएको छ । यस खर्चको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय जिम्मेवार रहने जानकारी छलफलको क्रममा समितिबाट प्राप्त भएको छ ।

२९. **सोझै खरीद :** सार्वजनिक खरिद नियमावली, २०६४ मा रु.१० लाखसम्मको परामर्श सेवा खरिद गर्दा सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । समितिले कानूनी परामर्शको लागि एक ल एशोसियट्ससंग सम्झौता गरी रु.३,००,०००।- मा १.५% अग्रीम कर कट्टा गरी मूल्य अभिवृद्धि कर बिल मा रु.२,९५,५००।- खुद भुक्तानी गरेको देखियो । त्यस्तै खरिद सम्बन्धी परामर्श सेवा बापत एक व्यक्ति (स्थायी लेखा नम्बर १०००२८८३६) संग ०७२।०४।२२ मा रु.१,५०,०००।- मा सम्झौता गरी १५% अग्रीम कर कट्टा

गरी रु.१,२७,५००।- खुद भुक्तानी गरेको देखियो । समितिले कानूनी परामर्शको लागि उक्त एशोसिएट्स एंव कानुन व्यवसायीसंग सिलबन्दी दरभाउ पत्रबाट नभई सोझै सम्झौता गरेको देखियो । नियमावली बमोजिम प्रतिस्पर्धा गराई मितव्ययी ढंगले परामर्श सेवा खरीद गरिनु पर्दछ ।

३०. **कर दाखिला :** समितिले २०७२ श्रावण देखि २०७३ आषाढसम्म कट्टी गरेको घरभाडा कर रु.१,४९,१०९।- पारिश्रमिक कर (परामर्श आदिको) रु.१,४२,३७७।-, व्यवसायिक कर रु.१,१४,८९७।- मिति २०७३।३।३० मा एभरेष्ट बैंकको बानेश्वर शाखामा दाखिला गरेको देखियो । कर कट्टी गरेको रकम अर्को महिनाको २५ गतेसम्म कर सम्बन्धी विवरण सहित दाखिला गर्नुपर्नेमा एक वर्षको करकट्टी रकम एकै पटक दाखिला गरेकोले यसमा सुधार गरीनु पर्दछ ।

३१. **परामर्श सेवाको लागत अनुमान :** साार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गरी अद्यावधिक समेत गरी राख्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९, ११ र १२ मा क्रमश: मालसामान र परामर्श सेवाको लागत अनुमान तयार गर्ने सम्बन्धमा विचार गर्नुपर्ने विषयहरु समाहित गरिएको छ । समितिले सम्झौता बमोजिम परामर्शदाता तथा अन्य बिज्ञको पारिश्रमिक रु.१३४९४००।- र रिर्म्वसएवल खर्च रु.५३१८०००।- गरी जम्मा रु.१८८१२०००।- को लागत अनुमान तयार गरेको छ । उक्त लागत अनुमान तयार गर्दा स्वीकृत नर्मस् तयार गरी लागत अनुमान तयार गर्नुपर्नेमा स्विकृत नर्मस् बेगर लागत अनुमान तयार गरेको छ । विशेषज्ञ जनशक्तिको माग र आपूर्तिको वैज्ञानिक विश्लेषण गरी नर्मस् स्वीकृत गरेर मात्र लागत अनुमान तयार गर्नु पर्दछ ।

३२. **पारिश्रमिक तथा सोधभर्नायोग्य खर्च :** आयोजनाले बिभिन्न परामर्श सेवा प्रदायक फर्महरुलाई परामर्श सेवा वापतको रकम भूक्तानी गर्दा सम्बन्धित फर्महरुबाट लागत अनुमान एवं आर्थिक तथा प्राविधिक प्रस्ताव गर्दा समावेश गरेका खर्च विवरण बमोजिम पारिश्रमिक र सोधभर्नायोग्य खर्चको आईटमवाईज अभिलेख संलग्न नगरी एकमुष्ट कर विजकको आधारमा भूक्तानी भएको देखियो । परामर्श दातालाई बाह्रौं बिलसम्म मूल्य अभिवृद्धिकर समेत परामर्श दाताहरुको पारीश्रमिक वापत रु.१ करोड २७ लाख ३२ हजार ९४१ खर्च भएको छ । आर्थिक प्रस्ताव बमोजिम खटिने पादाधिकारीहरुको विवरण सहित पेश भए बमोजिमको विशेषज्ञता अनुसार कार्य गरी रकम बुझेको प्रमाण वेगर उक्त खर्च लेखांकन भएकोछ । आर्थिक प्रस्तावमा उल्लेख भएबमोजिमको पारिश्रमिक खर्च माग गर्दा वास्तवमा भएकै खर्च देखिने विल, भरपाई, प्रमाण, कागजात संलग्न गरी टिम लिडर लगायत अन्य बिषय बिज्ञलाई बितरण गरिएको पारिश्रमिक रकममा आयकर ऐन २०५८ को दफा ८७ बमोजिम स्रोतमा कर कट्टी भएको प्रमाण पेश हुनु पर्दछ ।

३३. **सोधभर्ना हुने खर्च :** लागत अनुमान तयार गर्दा लमसम आईटम देखाएको समेत सम्झौताको मुल्य अभिबृद्धिकर समेत सोधभर्नायोग्य खर्च १२ औं बिल सम्म रु.४९ लाख २२ हजार ७ सय ३७ भुक्तानी गर्दा परामर्शदाताले वास्तविक रुपमा खर्च गरेको विल भरपाई सहितको विवरण तथा लागत अनुमानमा समावेश आईटम बमोजिमको रनिङ्ग विल तयार गरेको छैन । आईटम समेत नखुलेको कर विजकको आधारमा एकमुष्ठ रकम उल्लेख गरी भूक्तानी भएकोछ । आईटम खुल्ने रनिङ्ग विल तथा बास्तबिक खर्चका बिल भरपाई पेश भए पछि मात्र लमसम आईटम राखि सम्झौता भएका रकम भुक्तानी हुनुपर्दछ । बिलभरपाई बेगर कार्यालय स्थापना खर्च रु ८ लाख र स्टेसनरी रु ३ लाख समेत रु ११ लाख भुक्तानी भएकोले सम्झौताको शर्तहरु पालना नगरी भएको खर्चको प्रमाण पेश गर्नुपर्दछ ।

३४. **पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ बिपरीत रु २ करोड ७८ लाख ६३ हजार पेश्की फछ्र्यौट भएको छैन । अत: नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

३५. **धरौटी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७१ (१) मा बैंकबाट धरौटी खाताको बैंक स्टेटमेन्ट प्राप्त गरी स्रेस्ता बाँकी रकम र बैंकमा बाँकी रकम मासिकरुपमा भिडाई हिसाब मिलान गर्नु पर्ने व्यवस्था छ । समितिबाट प्राप्त आर्थिक विवरणमा स्रेस्ता अनुसार बाँकी रु.११५९५३९।- भएकोमा बैक अनुसार रु.३८५८४१।- बाँकी देखाएको छ । विभिन्न पार्टिबाट कट्टा गरेको धरौटी रकम समितिकै खातामा रहेकाले बैकमा रु.७७३७४३।- घटी देखिएको व्यहोरा जनाएको छ । अत: उक्त घटी रकम समितिको धरौटी खातामा जम्मा गरेको प्रमाण पेश गरी हिसाब मिलान गर्नु पर्दछ ।

३६. **करार सेवाको भुक्तानी :** सार्बजनीक खरीद ऐनको दफा ८.(२) तथा सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९५ बिपरीत गत बिगत बर्ष देखिनै कार्यरत बिभिन्न ३ जना कर्मचारीहरुसगं रु १ लाख भित्रको लागत अनुमान तयार गरी सोझै बार्ताबाट खरीद गरी रु ६ लाख ९ हजार भुक्तानी गरेको छ ।

३७. **आन्तरिक लेखापरीक्षण** : आन्तरिक लेखापरीक्षण निर्देशिका, २०५५ को दफा १(५) र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ अनुसार आन्तरीक लेखापरीक्षण गर्नुपर्ने व्यबस्था छ। समितिको प्रमुख कार्यक्रमको रुपमा रहेका ब.उ.शि.नं. ३३०१०८४ को निकासा खर्च रु ९ करोड ८७ लाख २१ हजार र धरौटी रु ९७९२१०९।८२ को आन्तरीक लेखापरीक्षण गराएको छैन । नियमावली तथा निर्देशिकाको पुर्ण रुपमा

पालना गरी प्रभाबकारी ढंगले आन्तरीक लेखापरीक्षण गर्नु पर्दछ। छलफको समयमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरीक लेखापरीक्षण भएको तर प्रतिबेदन नदिएको जानकारी प्राप्त भएको छ।

नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना

१. **आन्तरिक नियन्त्रण** : आयोजनाले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। आयोजनाको आन्तरिक नियन्त्रणक व्यवस्थाको मूल्यांकन गर्दा कार्यालयले खरीद योजना नबनाएको , दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा अनियवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्थाको आंशिक रुपमा मात्र कार्यान्वयन भएको, जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गरी जिन्सी खाता अद्यावधिक र प्रमाणित गरी नराखेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउन छाप लगाई नराखेको, आषाढ महिनामा २० प्रतिशत भन्दा बढी खर्च गरेको, बार्षिक प्रतिबेदन नबनाएको आदि देखिएकोले आन्तरीक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्ने देखिन्छ।

२. **न्यूनखर्च :** परियोजनाले पेश गरेको आयोजना लेखाको आधारमा प्रथम, दोश्रो र तेश्रो वर्षमा परियोजनामा भएको बजेटको आधारमा क्रमशः १९.५१, ४.२५ १८.०६ प्रतिशत खर्च गरेको छ। न्यून बजेट खर्च गरेबाट तोकिएको समयमा परियोजना सम्पन्न हुने अवस्था देखिदैन। परियोजनाको उद्देश्य एवं लक्ष्य प्राप्तिमा समेत ढिलाई हुने देखिन्छ।

३. **परामर्श सेवाको लागत अनुमान :** साार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्ने व्यवस्था छ। आयोजनाले ४ जना सल्लाहकारहरुलाई परामर्शदाताको रुपमा रु ३ करोड ९६ हजारको सम्झौता गरेकोमा परामर्शदाताको सेवा शुल्क स्वीकृत नर्मस् बेगर लागत अनुमान तयार गरेको छ। विशेषज्ञ जनशक्तिको माग र आपूर्तिको वैज्ञानिक विश्लेषणका आधरमा नर्मस् स्वीकृत नगरी लागत अनुमान तयार गर्दा खरीद कार्य मितव्ययी देखिएन। नर्मस बेगर उच्च दरमा परीश्रमिक बितरण गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ।

४. **सोधभर्ना खर्च :** परामर्शदातालाइ सोधभर्ना खर्च भुक्तानी हुने गरी सम्झौता भएकोमा परामर्शदाताले वास्तविक रुपमा खर्च गरेको विल भरपाई सहितको विवरण तथा लागत अनुमानमा समावेश आईटम बमोजिमको रनिङ्ग विल तयार गरेको छैन। आईटम समेत नखुलेको कर विजकको आधारमा एकमुष्ठ रकम उल्लेख गरी भूक्तानी भएको छ। आईटम खुल्ने रनिङ विल तथा बास्तबिक खर्चका बिल भरपाई पेश भए पछि मात्र सोधभर्ना खर्च भुक्तानी गर्नु पर्नेमा बिलभरपाई बेगर ४ परामर्शदातालाई रु ४७४३५००.०० भुक्तानी गर्ने गरी सम्झौता भएको छ। यस सम्बन्धमा छलफल गर्दा दैनिक तथा भ्रमण खचर्को बिल बमोजिम भुक्तानी दिएको र अन्य सोधभर्ना खर्च सम्झौतामा समावेश भएता परामर्शदाताले हालसम्म दाबि नगरेको र दाबि गरेको बखत बिल बमोजिम मात्र भुक्तानी दिईने आयोजनाले प्रतिबद्धता जनाएको छ।

५. **मापदण्ड विपरित भत्ता :** अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाको कार्य सञ्चालन निर्देशिका, २०७० को बुँदा नं.७.१.१ मा कार्यालय समय बाहिर भएको बैठकमा मात्र बैठक भत्ता दिनपाइने उल्लेख छ। आयोजनाले कार्यालय समय भित्र भएको बैठक भत्ता वितरण गरेको देखियो। यसरी निर्देशिकामा उल्लेखित मापदण्ड विपरित भएको बैठक भत्ता रु.१ लाख ७ हजार आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम १०९ बमोजिम जिम्मेवार बनाई असूल गर्नु पर्दछ।

६. **बरबुझारथ :** सामसुङ्ग मोबाईल खरिद वापत रु.१५,०००।- खर्च लेखेकोमा उक्त मोवाईल तत्कालीन कार्यालय प्रमुखले जिन्सी शाखाबाट बुझेकोमा हाल कार्यालय प्रमुख अवकास भएता पनि उक्त मोबाईल कार्यालयमा बरबुझारथ गरेको नदेखिएकोले निजबाट असूल गर्नु पर्दछ।

७. **मापदण्ड वेगरको सुविधा :** कानून र स्थापित मापदण्ड वेगर यस आयोजनामाकार्यरत विभिन्न २ जना उपसचिव स्तरका पदाधिकारीलाई सवारी सुविधा प्रदान गरी रु ५२८६६५।०० खर्च लेखाकंन गरेको देखियो। नीतिगत र कानूनी व्यवस्था गरेर मात्र यस किसिमको सुविधा प्रदान गर्नु पर्दछ।

८. **इन्धन खर्च** : नेपाल सरकार (मन्त्रीपरिषद)बाट २०६८।०५।३० मा स्वीकृत भएको सरकारी खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका, २०६८ को बुदा नं. ७७ मा सबै मन्त्रालय वा विभागले सवारी साधनको अवस्था र क्षमता हेरी सवारी साधनको प्रति कि.मि. हुने इन्धनको खपतको मापदण्ड तयार गरी लागु गर्नुपर्ने र बुदा नं. ७८ मापदण्ड तयार भएपछि मापदण्डभन्दा बढी भएको खर्च सम्बन्धित प्रयोगकर्तासंग असुल उपर गरिने व्यवस्था छ। विभागले इन्धन खर्चको मापदण्ड तयार नगरी रु.४ लाख ३७ हजार खर्च लेखेको छ। आयोजनाले गतबर्ष खर्च नभई बाँकि रहेको ईन्धन बापतको रकम रु.६९ हजार ४०८ एक सहकारी संस्थालाई पेश्कि दिई खर्च लेखेको छ। आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० बमोजिम चालु आ.ब.मा ईन्धन बापत रु १६ लाख ५ हजार बजेट व्यवस्था गरीएको अवस्थामा अघिल्लो बर्षको बचत रकम समेत खर्च गर्दा सोहि नियमावलीको नियम ३६(१) बिपरीत चालु बर्षको बजेटको सिमा नघाई खर्च हुने देखिएकोले अघिल्लो बर्षको वचत रकम संचित कोष दाखिला गर्नु पर्दछ।

९. **गोष्ठि :** नेपाल सरकार (मन्त्रिपरिषद) बाट २०६८।५।३० मा स्वीकृत भएको सरकारी खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका २०६८ को बुँदा नं. ७६ मा नेपाल सरकारको श्रोतबाट गरिने गोष्ठी/सेमिनार/बैठकलाई सरकारी भवन वा तालिम केन्द्रहरुमा मात्र गर्ने/ अन्तरराष्ट्रियस्तरको गोष्ठी गर्दा मात्रहोटलमा गर्न पाइने उल्लेख छ। आयोजनाले यस वर्ष ५ तालिमतथागोष्ठी होटल तथा रिसोर्टमा सञ्चालन गरी रु.७,३४,२४७७५ भूक्तानी दिएको छ। यस किसिमको खर्चमा नियन्त्रण गरी मितव्ययि ढंगले कार्यक्रम सञ्चालनगरिनु पर्दछ।

१०. **मूल्य अभिबृद्धि कर :** मूल्य अभिबृद्धि ऐन २०५२ को दफा ६ (क) बमोजिम मूल्य अभिबृद्धि कर भूक्तानी भएको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। कार्यालयले बिभिन्न ११ फर्मलाई रु १ लाख २८ हजारा मूल्य अभिवृद्धि कर भूक्तानी गरेकोमा सो को जानकारी दिएको देखिएन। करदाताहरुलाई भूक्तानी भएको मूल्य अभिवृद्धि कर रकम समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ।

११. **खरीद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा सार्वजनिक निकायले खरिद विधि छनौट गदां प्रतिस्प्रधा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम रु.१० लाखभन्दा बढीको खरिदमा बोलपत्रद्धारा खरिद गनुपर्ने व्यवस्था छ। कार्यालयवाट कानुन बमोजिम लागत अनुमान समेत तयार नगरी प्रतिस्पर्धा बेगर विभिन्न फर्मबाट एकै प्रकृतिका सामान टुक्रा टुक्रा गरी रु.४६१२६०५/- सोझै खरीद गरेको देखियो। खरीद कार्य मितव्ययि र कानुनसम्मत नदेखिएकोले आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम १०९ बमोजिम जिम्मेवार बनाई कारबाहि गर्नु पर्ने देखियो। बिश्व बैंकको खरीद निर्देशिका बमोजिम सोझै खरीद गरीएको आयोजनाले जनाएको छ। सम्झौता बमोजिम आयोजनाको मुख्य कम्पोनेन्ट अनुसारको कार्य नभई नियमित रुपमा कार्यालय व्यवस्थापनको लागि खरीद गरीएको सामग्रीहरुमा समेत राष्ट्रिय कानुनको पालना नगरी बिना प्रतिस्पर्धा खरीद गर्ने कार्य उचित देखिएन।

१२. **करार सेवा :** सार्बजनीक खरीद ऐन, २०६३ को दफा ८(२) तथा सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९५ बिपरीत बिभिन्न ११ जना कर्मचारीहरुसंग रु १ लाख भित्रको लागत अनुमान तयार गरी सोझै बार्ताबाट रु १८ लाख ३९ हजार खर्च लेखेको देखियो। दातृ निकायसंग भएको सम्झौता बमोजिम दरबन्दि भित्र रहि करार सेवामा कर्मचारीहरु लिएको आयोजनाले जनाएको छ।

१३. **जिन्सी व्यवस्थापन** : आयोजनाले तयार गरेको २०७२। ७३ को जिन्सी निरीक्षण प्रतिबेदन अनुसार रु १८ लाख ११ हजार मुल्यका कम्पूटर, ल्यापटप लगायतका २४ थान सामानहरु भौतिक परीक्षण गर्दा जिन्सी खातामा आम्दानी देखिएको छैन। यसरी गत बिगत बर्षदेखिनै जिन्सी खातामा आम्दानी नबाधी खर्च गर्दा सामानहरु हिनामिना तथा मस्यौट हुन सक्ने देखिदाँ छानबिन गरी प्रतिबेदनले अम्दानी बाध्न छुट देखिएको भनि पहिचान गरेका सामानहरु आर्थिक कार्य बिधि नियमावली, २०६४ को नियम ४६ बमोजिम जिम्मेवार बनाई आम्दानी बाध्नु पर्दछ। यस सम्बन्धमा छलफल गर्दा जिन्सी सामान कुनै हिनामिना नभएको प्रतिबेदनमा तथ्यांक प्रस्तुतिकरण मात्र नमिलेकोले सुधार गरी पेश गरीने आयोजनाले जनाएको छ।

१४. **खरीद :** अघिल्लो अर्थिक बर्षको जिन्सी निरीक्षण प्रतिबेदन अनुसार रु.२० लाख ५७ हजार ७३६ मूल्यका ५ थान म्यक बुक सहित २० थान ल्यापटप मौज्दात रहेको र आयोजनामा प्रयोग गरेको देखिएको छ। ल्यापटप प्रयोग गर्ने कर्मचारीहरुको स्विकृत दरबन्दिभन्दा बढी मौज्दात भएको अवस्थामा यस बर्ष समेत रु ६ लाख ५८ हजारको ६ थान ल्याटिप खरीद गरी अनावश्यक व्ययभार पारेको देखियो। यस सम्बन्धमा छानबिन गरी एक पदाधिकारीले एक भन्दा बढी बुझेको देखिएमा आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ४६ र १०९ बमोजिम असूल गर्नुपर्दछ।

१५. **अद्यावधिक गर्नुपर्ने :** आयोजनाको जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम जिन्सी खातामा देखाएको सामानको बिबरणले सहि र यथार्थ चित्रण नगरेकोले आयोजना स्थापना देखि हालसम्म खरीद भएका जिन्सी सामानहरुको नाम , परीमाण, स्पेशिफकेसन, मुल्य र खरीद मिति सहितको लगत अद्यावधिक र प्रमाणित गरी पेश गर्नु पर्दछ।

१६. **जिन्सी सामानको प्रयोग :** छुट्टै बजेट तथा कार्यक्रम भएका २ निकायलाई हस्तान्तरण फारम नभरी रु.३ लाख ७६ हजारको ल्यापटप २ र तथा प्रिन्टर ६ थान हस्तान्तरण गरेको देखाएको छ। आयोजनाबाट हस्तान्तरण गरीएको सामानहरु बुझिलिने पदाधिकारीले सम्बन्धित निकायबाट खरीद भएका सामनहरु बुझि दोहोरो सुविधा लिए नलिएको यकिन गरी आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम १०९ बमोजिम जिम्मेवार बनाई आन्तरीक नियन्त्रण प्रणाली मजमुद बनाउनु पर्ने देखिन्छ।

जनसंख्या तथा वातावरण मन्त्रालय

१ **मन्त्रालय गाँभिने र विभाजन हुने अवस्था** : आर्थिक बर्ष २०५२/५३ मा विज्ञान तथा प्रविधि मन्त्रालयको रुपमा स्थापित यो मन्त्रालय २०६६ जेष्ठ २९ गतेवाट वातावरण मन्त्रालय र विज्ञान प्रबिधि मन्त्रालय छुट्ट छुट्टै गठन भई सञ्चालन हुँदै आएको थियो। दुबै मन्त्रालय मिति २०६९ बैशाख देखि एउटै भई वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको रुपमा रहेकोमा मन्त्रिपरिषद्को २०७२।९।९ को निर्णय अनुसार जनसंख्या

तथा वातावरण मन्त्रालय भएको छ । यसरी मन्त्रालय गाँभिने र विभाजन हुने क्रियाकलापले अत्यावश्यक सरकारी लिखत, कागजात तथा तथ्याङ्कको अभिलेखीकरणमा सरलता, कार्यसम्पादनमा सहजता र निरन्तरता नहुने तथा अन्तराष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयनमा द्विविधा हुनेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

२ **एकीकृत बार्षिक लक्ष्य तथा प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४को नियम २५ मा कार्यालयले स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम सम्पन्न गरी प्रगति प्रतिवेदन तालुक कार्यालयमा पेश गर्नुपर्ने र तालुक कार्यालयले नियम २६ अनुसार प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयबाट प्राप्त प्रगति विवरणमा कार्यक्रमको प्रगति शून्य र १ कार्यक्रमको प्रगति ५० प्रतिशत रहेको साथै रु.१ करोड २७ लाख वजेट रहेका विभिन्न १२ कार्यक्रम सञ्चालन गरेको देखिएन । प्रगति शून्य तथा न्यून हुनाको कारण समेत स्पष्ट खुलाएको पाइएन । कार्यक्रम कार्यान्वयनमा उचित ध्यान दिई लक्ष्यअनुसार कार्यक्रम सम्पन्न गर्नुपर्दछ ।

३ **लेखापरीक्षण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २९ मा वैदेशिक सहायता सम्वधी सम्झौता गर्नु अघि सम्वन्धित कार्यालयले लेखापरीक्षण सम्वन्धमा महालेखापरीक्षकको कार्यालयको राय लिनुपर्ने उल्लेख छ । अर्थमन्त्रीले संसदमा प्रस्तुत गरेको प्राविधिक सहायतासम्बन्धी विवरणमा उल्लिखित यूएनडिपी, इटालियन राष्ट्रिय अनुसन्धान परिषद्, एडिबी लगायतका ७ संघसंस्था एवं दातृ राष्ट्रबाट १८ कार्यक्रमका लागि यो वर्ष अमेरिकी डलर ७० लाख ६८ हजार यूरो १लाख ६४ हजार र ब्रिटिस पाउण्ड ९ लाख ३३ हजार उपलब्ध हुने उल्लेख छ । प्राप्त प्राविधिक सहायताको उपयोग सम्बन्धी विवरणका साथै कारोवारको स्रेस्ता, लेखापरीक्षणको लागि माग गरेकोमा पेश भएको छैन । मन्त्रालय र अन्तर्गत निकायवाट प्राप्त सवै प्रकारका वैदेशिक सहायतामा लेखापरीक्षण सम्वन्धी स्पष्ट व्यवस्था गरी लेखापरीक्षण गराउनु पर्दछ ।

४ **आन्तरिक नियन्त्रण प्रणाली :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(१) मा प्रत्येक मन्त्रालय, सचिवालय, संवैधानिक अङ्ग, विभागीय प्रमुखले आफू र अन्तर्गत निकायवाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो नियमावली प्रारम्भ भएको एक वर्ष भित्र लागू गरी सक्नु पर्ने व्यवस्था छ । मन्त्रालयले आ.व.२०७२।७३ मा मातहत निकाय समेतमा रु.५ अर्ब २४ करोड ९९ लाख ७४ हजार खर्च गरेकोमा आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार नगरेको, जिन्सी निरीक्षण प्रतिवेदन अनुसार लिलाम गर्नु पर्ने ७० थान सामाग्री र मर्मत गर्नु पर्ने ६३ थान सामाग्री लिलाम तथा मर्मत नगरेको, जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नगरेको जस्ता कमी कमजोरी रहेको पाइयो । तसर्थ आन्तरिक नियन्त्रण कार्यविधि वनाई आन्तरीक नियन्त्रण प्रणाली सुदृढ बनाई खर्च मितव्ययीता एवं प्रभावकारीता बनाउनु पर्ने देखिन्छ ।

५ **कर्मचारी दरबन्दी र पदपूर्ती :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ (ञ मा कार्यालयको संगठन, व्यवस्थापन तथा कार्यविभाजन अनुसार कार्य सञ्चालन हुनुपर्ने उल्लेख छ । मन्त्रालयको दैनिक कार्य सञ्चालन तथा त्यसको उद्देश्य प्राप्तिका लागि ६७ दरबन्दी स्वीकृत भएकोमा ५४ पदपूर्ति भएको छ । मन्त्रालयबाट प्राप्त विवरण अनुसार विभिन्न १३ पद रिक्त रहेको देखियो । दरबन्दी अनुसार पदपूर्ति नहुँदा मन्त्रालयको दैनिक कार्य सञ्चालन, समग्र लक्ष्य प्राप्ति तथा अनुगमन मूल्यांकन लगायतका प्रमुख कार्य सम्पादनमा असर पर्न सक्ने देखिन्छ । तसर्थ, दरबन्दी अनुसार पदपूर्ति गर्नेतर्फ मन्त्रालयले ध्यान दिनुपर्ने देखिन्छ ।

६ **चौमासिक कार्यक्रम सञ्चालन, पूँजीगत खर्च :** कार्यालयले आफ्नो वार्षिक बजेट तथा कार्यक्रम अनुसार चौमासिक लक्ष्य निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । यस वर्ष कार्यालयले विभिन्न शीर्षक अन्तर्गतको बजेट कार्यान्वयन गर्दा ५३.५० प्रतिशत खर्च तेस्रो चौमासिकमा गरेको देखियो । त्यस्तैगरी चार बजेट उपशीर्षकको कूल खर्च रु.६ करोड २७ लाख ६० हजारमध्ये आषाढ महिनामामात्र रु.२ करोड ४ लाख ८५ हजार अर्थात् कुल खर्चको ३२.६४ प्रतिशत खर्च गरेको देखिन्छ । यसरी बर्षान्तमा खर्च गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ ।

७ **ऐन, नियम तथा नीतिगत व्यवस्थाको कार्यान्वयन स्थिति :** वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ ले जैविक प्रविधि र जलवायू परिवर्तन सम्बन्धी कानूनहरुको कार्यान्वयन गर्ने जिम्मेवारी समेत जनसंख्या तथा वातावरण मन्त्रालयलाई तोकिएको छ । त्यस्ता कानूनी व्यवस्थाको कार्यान्वयनका सम्बन्धमा निम्न बमोजिम पाइयो ।

७.१ वातावरण संरक्षण ऐन, २०५३ को दफा १४ मा वातावरण सम्बन्धी विषयमा नीतिगत मार्गदर्शन र राय सल्लाह दिन वातावरण संरक्षण परिषद्को गठन हुने व्यवस्था छ । २०६५।११।५ को नेपाल राजपत्र भाग ५मा प्रधानमन्त्रीको अध्यक्षता रहने गरी उक्त परिषद् गठन गरेको र सो परिषद्मा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा मुख्यसचिव समेत सदस्य रहने व्यवस्था छ । उक्त परिषद्को बैठक बसेको र निर्णय भएको देखिएन । छलफलको क्रममा मन्त्रिपरिषद्को २०७३।१०।१४ को निर्णयले वातावरण संरक्षण परिषद गठन

भएको मन्त्रालयले जानकारी गराएको छ । राजधानी लगायतका शहरहरुमा वातावरण प्रदूषणको समस्या अत्याधिक रहेको समाचारहरु सार्वजनिक भईरहेको अवस्थामा नियमित बैठकसम्म नबस्नुलाई सम्बन्धित निकायले गम्भीर रुपमा लिनुपर्ने देखिएको छ ।

७.२ रोडा ढुङ्गा, गिट्टी, तथा वालुवाको संकलन तथा खानी उत्खनन् सम्वन्धी नीति निर्देशिका तर्जुमा एवं निरीक्षण तथा अनुगमन एवं प्राविधिक समितिको लागि गत वर्ष रु.२ लाख ५० हजार र यो वर्ष रु.६ लाख ६४ हजार समेत रु.९ लाख १४ हजार खर्च गरेको छ । तर उक्त नीति तथा निर्देशिका तयार भई कार्यान्वयनमा ल्याएको देखिएन । निर्देशिका तयार भई स्वीकृतिको प्रकृयामा रहेको मन्त्रालयको भनाई रहेको छ ।

८ **योजनामा उल्लिखित व्यहोरा :** तेह्रौं त्रिवर्षीय योजना २०७०।७१-२०७२।७३ मा उल्लिखित व्यहोरा मन्त्रालय र अर्न्तगत निकायबाट कार्यान्वयन हुनुपर्दछ । लेखापरीक्षणको समयसम्म उक्त व्यहोरा के कति कार्यान्वयन भयो, के कति हुन बाँकी छन् समीक्षा गरेको पाइएन । आवधिक योजनाले लिएको नीतिहरुको समिक्षा गरी कार्यान्वन गर्न ध्यान दिनु पर्दछ ।

९ **सोभ्कै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ले सार्वजनिक निकायले रु.१० लाख रुपयाँ भन्दा बढी लागत अनुमान भएको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नु पर्ने व्यवस्था गरेको छ । सोही नियमावलीको नियम ८५ मा एउटै व्यक्ति फर्म वा कम्पनीबाट एक पटक भन्दा बढी सोभ्कै खरिद गर्न नसिकिने उल्लेख छ । मन्त्रालयले यस वर्ष खरिद गरेको मध्ये रु.२१ लाख ३९ हजारको कार्यालय सामान सोभ्कै खरिद गरेको पाइयो । तसर्थ प्रतिस्पर्धी माध्यमबाट खरिद गरिनु पर्दछ ।

१० **हर्जाना** : वातावरण संरक्षण ऐन, २०५३ दफा (२) मा कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका विपरीत अन्य कुनै कार्य गरेमा तोकिएको अधिकारीले त्यस्तो कार्य तुरुन्त बन्द गराउन सक्नेछ र त्यस्तो कार्य कुनै व्यक्ति वा संस्थाले गरेको भए निजलाई कसूरको मात्रा हेरी पचास हजार रुपैयाँसम्म जरिवाना गर्नसक्ने व्यवस्था गरेको छ । यो वर्ष मन्त्रालयले अनुगमन गर्दा ११ सस्थाहरुले ऐनको व्यवस्था पालना नगरेको कारण रु.७ लाख ३५ हजार जरिवाना असुल गरेको देखियो । विकास निर्माण तथा विभिन्न उद्योग, कारखाना, अस्पताल, शिक्षण संस्था, हाउजिङ्ग आदि जस्ता कृयाकलापमा संलग्न कति सस्थाहरुले आफ्ना गतिविधि सञ्चालन गर्न सम्वन्धित निकाय मार्फत स्वीकृति लिएका छन् सो को विवरण माग गरी मन्त्रालयले अभिलेख तयार गरेको देखिएन । अत त्यस्ता सस्थाहरुको अभिलेख तयार गरी प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रतिवेदन स्वीकृत गराए नगराएको तथा स्वीकृत प्रतिवेदन अनुसार कृयाकलाप गरे नगरेको सम्वन्धमा प्रभावकारी अनुगमन गरी ऐनको व्यवस्था पालना गराउने तर्फ पहल गर्नुपर्दछ ।

११ **प्रतिस्पर्धा वेगर करारमा नियुक्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ मा रु.१ लाख सम्मको सेवा सार्वजनिक निकायले वार्ता गरी करारमा लिन लिन सक्ने र सो भन्दा बढी रकमको सेवा करारमा लिनु परेमा १५ दिनको सुचना प्रकाशन गरी प्रतिस्पर्धात्मक तरिकाले करारमा लिनु पर्ने व्यवस्था छ । मन्त्रालयले विगतदेखि करारमा कार्यरत देहायका १६ कर्मचारीहरुको म्याद थप गरी यो वर्ष रु.३३ लाख ६४ हजार अन्य सेवाबाट रकम भुक्तानी दिएको छ । नियमावलीको व्यवस्था अनुसार सेवा करारमा लिनुपर्दछ ।

१२ **नर्मस विपरीत खर्च** : तालिम तथा गोष्ठी सञ्चालनको लागि अर्थ मन्त्रालयद्वारा जारी गरिएको कार्यसञ्चालन निर्देशिका, २०७० अनुसार लागत अनुमान तयार गरी सोही सिमा भित्र रही खर्च गर्नु पर्दछ । हेटौडामा १ दिनको गोष्ठी सञ्चालन गरी एक कर्मचारीलाई रु.१ लाख ८३ हजार खर्च लेखेकोमा सहभागी यातायात खर्चमा सो नर्मस विपरित हुने गरी रु.४१ हजार बढी खर्च भुक्तानी भएको छ। बढी भुक्तानी असुल हुनुपर्दछ ।

१३ **लेखापरीक्षण :** जनसंख्या तथा वातावरण मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतका इकाईबाट खर्च हुने रकमको लेखापरीक्षण स्थलगतरुपमै महालेखापरीक्षकको कार्यालय र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम अन्तर्गत प्राविधिक सहायता रकमको लेखापरीक्षण अर्थ मन्त्रालयबाट स्वीकृत नेक्स गाइडलाइन्सका आधारमा यूएनडीपीले तोकेको लेखापरीक्षक वा लेखापरीक्षण संस्थाबाट हुने उल्लेख छ । यस कार्यक्रम तर्फ साविक जिम्मेवारी रु.५१ लाख ६१ हजार र यो वर्षको आम्दानी रु.८१ करोड ३६ लाख ४० हजार समेत जम्मा रु.८१ करोड ८८ लाख १ हजार रहेकोमा मन्त्रालय एवं विभिन्न निकाय समेतमा रु.८१ करोड ३६ लाख ८९ हजार खर्च गरी रु.५१ लाख १२ हजार बाँकी रहेको निम्नानुसार देखियो :

१३.१ मन्त्रालय, र १४ जि.वि.स समेतमा यो वर्ष जम्मा रु.८० करोड ०५ लाख ३३ हजार खर्च भएको छ । सो मध्ये सोभ्कै भुक्तानी तर्फ रु.२० करोड ४ लाख ३० हजार र शोधभर्ना हुने अनुदानको अंश रु.६० करोड १ लाख ३ हजार रहेकोमा रु.४० करोड ४१ लाख ३ हजार सोधभर्ना भएको छ। नेपाल सरकारको कोषवाट खर्च गरेको रु.१९ करोड ६० लाख सोधभर्ना दिन बाँकी रहेकोले शोधभर्ना हुनुपर्ने देखिन्छ ।

१३.२ नेपाल जलवायु परिवर्तन सहायता कार्यक्रमको यूरोपियन यूनियन र डिएफआइडी संयुक्त बोर्ड कार्यक्रम फ्रेमवर्कमा सन २०१४ सम्म विभिन्न कार्यक्रममा पाउण्ड स्टर्लिङ्ग ९.७ मिलियन खर्च गरिसक्नुपर्ने उल्लेख छ । आयोजना तोकिएको समय भन्दा ढिलो गरी शुरु हुन गई निर्धारित लक्ष्य पुरा नभएको कारण २०१६

डिसेम्वर सम्म म्याद थप भएको छ । आयोजनामा आ.व. २०७२।७३ को रु.८० करोड ५लाख ३३ हजार समेत १५ जुलाई २०१६ (२०७३।३।३१) सम्म रु.१ अर्व ९५ करोड ८८ लाख ४३ हजार (विनिमय दरले मिलियन ७.२९ स्टर्लिङ्ग पाउण्ड) मात्र खर्च गरेको छ । कार्यक्रमले लिएका लक्ष्यित उद्देश्यहरु प्राप्त गर्ने तर्फ मन्त्रालयले कार्यक्रम, समयावधि र खर्च रकम बिच सामञ्जस्यता हुने गरी कार्यक्रम सञ्चालनमा ध्यान दिनुपर्ने देखिन्छ ।

१४ **धरौटी सदरस्याहा** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६७ मा यो नियमावली प्रारम्भ हुनु भन्दा अगाडि राखिएको धरौटी मध्ये कसले के वापत धरौटी राखेको हो भन्ने कुरा पनि स्पष्ट नभई बैंकको खातामा त्यसै रहेको रकम तोकिएको अवधि पछि राजस्व खातामा जम्मा गर्नु पर्ने व्यवस्था छ । यस कार्यालयको धरौटी खाता परीक्षण गर्दा नाम तथा प्रयोजन नखुलेको पुरानो धरौटी रु.४ लाख ५७ हजार रहेको देखिन्छ । यसरी नाम नामेसी तथा प्रयोजन नखुलेको धरौटी नियमावलीमा व्यवस्था भएबमोजिम सदरस्याहा गरी स्रेस्ता अद्यावधिक गर्नुपर्दछ ।

१५ **प्रदुषण नियन्त्रण शुल्क असुल** : आर्थिक ऐन, २०६४ को दफा १२ (१) मा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मितिदेखि काठमाडौं उपत्यका भित्र बिक्री वितरण गर्ने पेट्रोल तथा डिजेलमा प्रति लिटर पचास पैसाका दरले प्रदूषण नियन्त्रण शुल्क असुल गर्ने व्यवस्था अनुसार यस आर्थिक वर्षमा असुल भएको रु.५० करोड ७६ लाख १६ हजार समेत विगत ८ आर्थिक वर्षमा रु.३ अरब ३४ करोड ०५ लाख ३७ हजार प्रदूषण नियन्त्रण शूल्क असुल गरेको देखिन्छ । उक्त रकम नेपाल आयल निगम मार्फत सिधै सञ्चित कोष दाखिला गर्ने गरेको छ ।

आर्थिक वर्ष २०७१।७२ को वजेट वक्तव्यमा वातावरण प्रदुषण नियन्त्रण शुल्क वापत संकलन भएको रकमलाई वातावरण संरक्षणको क्षेत्रमा खर्च गर्ने गरी आवश्यक कार्यविधि वनाई उपयोग गरिने उल्लेख गरेको भएतापनि सो सम्वन्धि कार्यविधि तयारी गरेको छैन । जुन उद्देश्यले उक्त रकम असूल गरेको हो सो कार्यमा उक्त रकम खर्च गरेको नदेखिदा उक्त रकम असूल गर्नुको औचित्य समेत पुष्टि हुन सक्ने देखिदैन । यस तर्फ मन्त्रालयको ध्यान जानुपर्ने देखिन्छ ।

१६ **प्रदुषण शुल्क भिडान :** यो वर्ष आयल निगमले डिपोमार्फत निम्न परिमाण डिजेल र पेट्रोल विक्री देखाई जम्मा रु.५० करोड ७६ लाख १६ हजार प्रदुषण शुल्क राजश्व खातामा दाखिला गरेको छ । आयल निगमको लेखापरीक्षण वा अन्य वार्षिक प्रतिवेदन झिकाई राजस्व रकम भिडान गर्ने गरेको पाइएन । साथै निजी क्षेत्रको एक कम्पनीले यस आ.व. मा दुईवटा कन्साइन्मेन्टबाट २२६.७६ किलो लिटर पेट्रोलियम पदार्थ आयात गरेको भन्सार को आसिकुडा तथ्याङ्कबाट देखिन्छ । तर सो वापत प्राप्त हुनुपर्ने प्रदुषण शूल्क रु.१ लाख १३ हजार प्राप्त भएको छैन । तसर्थ प्राप्त गर्नु पर्ने राजस्व यकिन गरी असुल गर्नु पर्दछ ।

१७ **वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको स्थायित्व :** देशमा वैकल्पिक उर्जाको अभिवृद्धि तथा प्रोत्साहनका कार्यहरु सञ्चालन गर्ने उद्देश्य पुरा गर्न विकास समिति ऐन, २०१३ को प्रावधान अनुसार वैकल्पिक उर्जा प्रवर्द्धन विकास समिति गठन आदेश २०५३ बाट गठन भई वैकल्पिक उर्जा प्रवर्द्धन विकास समिति नियमावली, २०५४ को व्यवस्था अनुसार वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रका नामबाट सञ्चालनमा रहेको छ । वातावरणीय संरक्षण, न्युन कार्वन उत्सर्जन, स्वच्छ उर्जा प्रवर्द्धन लगायतका अन्तराष्ट्रिय सन्धि, इच्छाधिन आलेखको दायित्व निर्वाहमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने निकाय तदर्थ व्यवस्थामा कार्यसञ्चालनका लागि प्रयोग गरिने विकास समिति ऐन, २०१३ को प्रावधान अनुसार गठन आदेशबाट लामो समय करिब २० वर्ष देखि सञ्चालनमा रहेको छ । वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रलाई सक्षम राष्ट्रिय निकायका रुपमा स्थायित्व दिन आवश्यक ऐन तर्जुमातर्फ मन्त्रालयले अग्रसरता लिनुपर्दछ ।

१८ **वातावरण संरक्षण कोष** : कोषमा यस वर्ष आम्दानी नभएको र गत आ.व. को जिम्मेवारी रु.३ करोड ३१ लाख ५३ हजार कोषको रकमबाट यो वर्ष रु.१९ लाख ९८ हजार खर्च भई रु.३ करोड ११ लाख ५५ हजार मौज्दात रहेको छ । वजेट वक्तव्यमा वातावरण प्रदुषण नियन्त्रण शुल्क बापत संकलन भएको रकमलाई वातावरण संरक्षणको क्षेत्रमा खर्च गर्ने गरी आवश्यक कार्यविधि वनाई उपयोग गरिने उल्लेख भएतापनि प्रदुषण नियन्त्रण शुल्क वापत उठाएको रकमबाट वातावरण संरक्षण कोषमा कुनै रकम प्राप्त भएको देखिएन । तसर्थ रकम प्राप्त गरी वातावरण प्रदुषण नियन्त्रण क्षेत्रमा खर्च गर्नु पर्दछ ।

१९ **पेश्की बाँकी :** वातावरण संरक्षण कोषवाट प्लाष्टिक झोला नियन्त्रण, नियमन र प्रवर्द्धन कार्यको वातावरण विभागलाई दिएको पेश्की रु.१५ लाख ९९ हजार आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्र्यौट भएको नदेखिएकोले नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

२० **पेश्की फछ्र्यौट :** मन्त्रालयले वातावरण संरक्षण कोषवाट गत वर्ष घरेलु तथा साना उद्योग विकास समिति, त्रिपुरेश्वरलाई दिएको पेश्की रु.१६ लाख र वातावरण विभागलाई दिएको पेश्की रु.२२ लाख ९७ हजार समेत रु.३८ लाख ९७ हजार फछ्र्यौट गरेको देखियो । उक्त पेश्की फछ्र्यौट सम्वन्धी स्रेस्ता परीक्षण गर्दा निम्न व्यहोरा देखियो :

२०.१ घरेलु तथा साना उद्योग विकास समितिले तालिम कार्यक्रम सम्पन्न गरी पेश्की रकम फछ्र्यौट गरेको मा कार्यालयको जिम्मेवार पदाधिकारी तथा वातावरण संरक्षण कोष सञ्चालक समितिवाट फछ्र्यौटको लागि सिफारिश भएको देखिएन ।

२०.२ वातावरण विभाग र वातावरण व्यवस्थापन महाशाखा बीच भएको सम्झौतामा ब्रोसर, स्टिकर वितरण प्रचार प्रसारकालागि ४० माईक भाडामा लिन रु.६० हजार वजेट स्वीकृत भएकोमा रु.१ लाख ८१ हजार खर्च लेखेको देखियो । स्वीकृत वजेट भन्दा वढि खर्च लेखेको रु.१ लाख २१ हजार नियमित देखिएन ।

२०.३ वातावरण विभाग मार्फत प्लाष्टिक झोला नियमन, नियन्त्रण तथा प्रवर्द्धन सम्वन्धी कार्यमा रु.२२ लाख ९७ हजार खर्च गरेको देखिएको छ । सो विभागले सार्वजनिक सूचना, अनुगमन र नियन्त्रण सम्वन्धी कार्य गरेको भएतापनि प्लास्टिक कम गुणस्तरका झोलाहरु प्रचलनमा रहिरहेकोले कार्यक्रमको उपलब्धि हासिल हुन सकेको देखिएन । नियन्त्रण कार्यको प्रभाव परेको तर सोही समयमा आएको विनासकारी भुकम्पको कारण कार्यक्रम प्रभावित भएको कारण अपेक्षित उपलब्धि हाँसिल हुन नसकेको मन्त्रालयको भनाई रहेको छ ।

२१ नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ अनुसार मन्त्रालयको कार्यक्षेत्र भित्र नेपाल पक्ष भएका क्षेत्रीय एवं अन्तर्राष्ट्रिय महासन्धि तथा ईच्छाधिन आलेखको कार्यान्वयनको सम्पर्क मन्त्रालयको रुपमा रहेको छ । कानून, न्याय तथा संसदिय मामिला मन्त्रालयले नेपाल पक्ष भएका महासन्धि, इच्छाधिन आलेख आदिको सूचिकता प्रकाशित गर्ने गर्दछ । नेपालपक्ष भई हस्ताक्षर भएर संसदबाट अनुमोदन भएपछि राजपत्रमा प्रकाशन भई यस्ता भन्तर्राष्ट्रिय सन्धि इच्छाधिन आलेख नेपालमा लागू हुने व्यवस्था छ । नेपालको संविधान २०७२ को धारा २७९ मा पनि नेपाल राज्य वा नेपाल सरकार पक्ष हुने सन्धि वा सम्झौताको अनुमोदन, सम्मेलन स्वीकृति वा समर्थन नभएसम्म नेपाल सरकार वा नेपालको हकमा लागू हुने छैन भन्ने व्यवस्था छ । यस्ता सन्धि सम्झौता समयमा अनुमोदन नहुने, अनुमोदन नभै कार्यान्वयनमा आई कानूनी अड्चन पैदा हुने, अनुमोदन भएका सन्धिको प्रावधान अनुरुप नेपालको हितमा कार्यान्वयन नहुने, अनुमोदन गर्दा निर्धारण गरिएका शर्त बन्देज प्रभावकारी रुपमा संचार नहुने, सन्धि प्रशासन गर्ने अर्न्तराष्ट्रिय निकायसंगको समन्वयको अभावमा प्राप्त हुने प्राविधिक सहयोग उपयोग हुन नसक्ने तथा सन्धिको प्रावधान वमोजिम तयार गर्नु पर्ने आवधिक तथा निर्धारित प्रतिवेदन समयमै नबन्ने जस्ता कमी कमजोरी विद्यमान रहेका छन् ।

२२ **सूचिकरणमा फरक :** नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ अनुसार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले अर्न्तराष्ट्रिय सन्धि सम्झौता, प्रोटोकल र इच्छाधिन आलेखको प्रकाशन गर्दछ । २०७३/६/१९ मा विवरण माग गरी प्राप्त भएको र आधिकारीक सूचिकरणमा रहेको विवरण बीच परीक्षण गर्दा फरक देखिएको छ । त्यसैगरी अन्य निकायबाट प्रकाशित विवरणलाई समेत आधार मान्दा मन्त्रालयले आफ्नो कार्य क्षेत्रमा पर्ने अन्तर्राष्ट्रिय सन्धि सम्झौता, इच्छाधिन आलेखहरुको अद्यावधिक विवरण तयार गरी अन्तर्राष्ट्रिय दायित्व निर्वाह गर्ने तथा राज्यको हितमा प्राप्त हुन सक्ने अधिकार र सुविधा उपयोग गर्न पहल गर्न ध्यान दिएको पाइएन । कानून न्याय तथा संसदीय मामिला मन्त्रालयको सूचीमा परेका १५ मन्त्रालयको विवरणमा परेका २३ र अन्यउ निकायको विवरणमा रहेका २ तथा मन्त्रालय र मन्त्रालय र कानून मन्त्रालयको सूचीमा परेका ८ समेत ४८ जनसंख्या तथा वातावरण मन्त्रालयसंग सम्बन्धित सन्धी सम्झौता पाइएको वछ ।

मन्त्रालयले आफ्नो कार्यक्षेत्रमा रहेका तर कानून, न्याय, संविधान सभा तथा संसदिय मामिला मन्त्रालयको सूचिमा समावेश नभएका अन्तराष्ट्रिय सन्धि सम्झौताको मन्त्रालयगत अभिलेखिकरण गरी व्यवस्था भएको प्रावधान नेपालको पक्षमा कार्यान्वयन तर्फ सक्रिय रहनु पर्ने देखियो । साथै मन्त्रालयको अभिलेखमा रहेका आधिकारीक सूचिकरण नभएका सन्धि सम्झौता, इच्छाधिन आलेख सूचिकरण गर्न पहल गर्नु पर्ने देखियो ।

२३ **वित्तिय दायित्व भुक्तानी :** महालेखा नियन्त्रकको कार्यालयसंग माग भई प्राप्त विवरणमा अन्तराष्ट्रिय सन्धि, इच्छाधिन आलेखको कार्यान्वयनको क्रममा नेपालले भुक्तानी गर्नु पर्ने दायित्व समयमा भुक्तानी नहुने अवस्था रहेको पाइयो । प्राप्त विवरण अनुसार वित्तीय दायित्व रु.२१,८६,५३६।– सन २०१४ सम्मको एकमुष्ट २०७१ पौषमा १ वित्तीय दायित्व रु.२,३३,८८४।– सन २००५ देखि २०१४ को २०७१ पौषमा, एक अर्को वित्तीय दायित्व २०११ देखि २०१४ सम्मको रु.१,७५,१८५।– मितिर् २०७१ पौषमा र थप एक वित्तीय दायित्व रु. १९,६८,६४७।– मिति २०७३ पौषमा भुक्तानी भएको छ ।

मन्त्रालयले आफ्नो कार्यक्षेत्र भएको अन्तराष्ट्रिय सन्धि सम्झौता तथा सोका आधारमा संचालनमा रहेका अन्तराष्ट्रिय निकायको लागि वहन गर्नुपर्ने आर्थिक दायित्व समयमै तथा नियमित रुपमा भुक्रानी गर्ने प्रणाली स्थापना गर्नुपर्ने देखिन्छ ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र ऐन, २०४० अन्तर्गत स्थापित संस्था इसिमोडलाई नेपाल सरकारको तर्फबाट वहन गर्नु पर्ने दायित्वका रुपमा सन् २०१४ का लागि रु ११९४६४१०/- महालेखा

नियन्त्रक कार्यालय मार्फत भुक्तानी गरेको पाईयो । इसिमोडलाई भुक्तानी गर्ने रकम बजेटरी अनुदान वा अन्तराष्ट्रिय सन्धिका प्रावधानमा भुक्तान गर्ने दायित्व यकिन गरी सोही बमोजिम भुक्तानी प्रकृया अपनाउनु पर्ने देखियो ।

२४ **अन्य दायित्व निर्वाह :** अन्तराष्ट्रिय, सन्धि, सम्झौता, अभिसन्धि तथा इच्छाधिन आलेखमा हस्ताक्षर भएपछि संविधानको व्यवस्था वमोजिम अनुमोदन सम्मिलन स्वीकृति वा समर्थन भई राजपत्रमा सूचना प्रकाशन भएपछि नेपालको पक्षमा लागू हुने छन् । यस्ता अन्तराष्ट्रिय संयन्त्रबाट वार्षिक, द्वैवार्षिक वा तोकिएको अवधिमा कार्यान्वयन सम्बन्धी प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउने तथा प्राप्त सुझाव अनुसार कार्यान्वयन गर्ने व्यवस्था रहेको हुन्छ । आर्थिक दायित्व र प्रतिवेदन सम्बन्धी दायित्वका अलावा पक्ष राष्ट्रमा यस्ता अन्तराष्ट्रिय कानूनी संयन्त्र कार्यान्वयन गर्न आवश्यक पर्ने सक्षम राष्ट्रिय निकायको स्थापना गर्ने, स्थानीय कानुनहरुमा परिमार्जन गर्ने आदि व्यवस्थाको पालना गर्नु पर्ने हुन्छ । मन्त्रालयले यस्ता दायित्व आफ्नै पहलमा निर्वाह हुनेमा सो वमोजिम कार्यान्वयनमा ल्याउने, अन्य निकायबाट समेत कार्यान्वयन गर्न संलग्न रहनु पर्ने भएमा त्यसका लागि पहल गर्ने तथा तोकिएको समयमा पठाउनु पर्ने प्रगति प्रतिवेदन तयार गरी नियमित रुपमा पठाउनु पर्ने अवस्था पाईयो ।

२५ **बहुपक्षीय वातावरणीय सम्झौता :** अन्तराष्ट्रिय वातावरणीय सन्धि सम्झौताको सुत्रपात सन् १९७२ को स्टकहोममा सम्पन्न वातावरण सम्बन्धी प्रथम सम्मेलनबाट शुरु भई हालै पेरिसमा सम्पन्न कोप २०१५ तथा संयुक्त राष्ट्र संघबाट कार्यान्वयनमा ल्याइएको दिगो विकासका लक्ष्यले आधुनिक समयमा वातावरणीय प्रभावको नकारात्मक नतिजालाई न्यूनिकरण गर्दै वातावरण संरक्षणमा महत्वपूर्ण भूमिका खेल्नेमा विश्वस्त हुन सकिन्छ । वातावरणका क्षेत्रमा सम्पन्न भएका महत्वपूर्ण अन्तराष्ट्रिय सन्धिको कार्यान्वयनका लागि बहुपक्षीय वातावरणीय सम्झौताको कार्यढाँचा निर्धारण गरी कार्यान्वयनमा ल्याउने गरेको पाईन्छ । जनसंख्या तथा वातावरण मन्त्रालय समेतको समन्वयमा ७ प्रकारका अन्तराष्ट्रिय कानूनी सम्यन्त्रको कार्यान्वयनमा पहल भएको पाईएन ।

वहुपक्षिय वातावरणीय सन्धिको व्यवस्थालाई कार्यान्वयनमा ल्याई नेपाललाई वातावरणीय संरक्षणको क्षेत्रमा अन्तराष्ट्रियस्तरमा अग्रपक्तिमा स्थापना गर्न सम्बन्धित निकायबाट पहल हुनु पर्ने देखियो ।

२६ **वातावरणीय सम्झौतामा वित्तीय व्यवस्था :** पक्ष राष्ट्र भएको तथा कार्यान्वयनमा समेत विभिन्न परियोजना क्रियाकलाप मार्फत सक्रिय रहँदै आएको नेपालले १० वित्तीय सम्भावना उपयोग गरी वातावरण संरक्षणमा अझ सक्रिय हुनु पर्ने देखियो ।

उपलब्ध वाह्य श्रोतको अत्युक्तम उपभोग गर्दै थप स्रोत परिचालन तर्फ सम्बन्धित निकायको ध्यानाकर्षण हुनुपर्ने पाईयो ।

२७ **स्वच्छ कार्वन परियोजना :** बहुपक्षीय वातावरणीय सम्झौताको प्रावधानमा भएको व्यवस्था तथा नेपाल जलवायु परिवर्तन सहायता कार्यक्रमको कार्यान्वयनका लागि २०१२/४/३० मा आयोजना संचालन समितिले न्यून कार्वन विकास रणनीति तर्जुमा गर्न रु ५३४३०८४०/- लागत स्वीकृत भई वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र मार्फत रणनीति तयार गर्न मन्त्रालयबाट अख्तियारी स्वीकृत रकम निकासा भएको पाईन्छ ।

वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले नियुक्त गरेको परामर्शदाताबाट अन्तिम मस्यौदा २०७१/३/२ मा प्राप्त गरी मन्त्रालय मार्फत मन्त्री परिषद्मा पेश गरेकोमा हालसम्म पारित भएको छैन । न्यून कार्वन उत्सर्जनलाई प्रोत्साहन गरी स्वच्छ उर्जाको उपयोग वृद्धिबाट कार्वन डलर आर्जन गर्न महत्वपूर्ण हुने रणनीति पारित गरी कार्यान्वयन गर्ने सम्बन्धमा ध्यानाकर्षण हुनु पर्ने देखियो ।

२८ **कार्यक्षेत्रको व्यवस्था :** नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ ले सम्पूर्ण मन्त्रालयको कार्य क्षेत्र तथा सम्पन्न गर्नु पर्ने काम, कर्तव्य समेत व्यवस्था गरेको छ । २०७२/९/१ मा विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयबाट फुटेर बनेको विज्ञान तथा प्रविधि मन्त्रालय र जनसंख्या संगै वातावरण थपी निरन्तरता दिइएको जनसंख्या तथा वातावरण मन्त्रालयका बीचमा बहुपक्षीय सम्झौताको प्रशासन सम्बन्धमा द्विविधा तथा अस्पष्टता रहेको देखियो । उदाहरणका रुपमा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आई.ए.ई.ए.संग सम्बन्धित सन्धि । सम्झौताको मात्र प्रशासन गर्ने गरेकोमा जनसंख्या तथा वातावरण मन्त्रालयबाट निगम तथा प्रविधि मन्त्रालयसंग सम्बन्धित लगायत अन्य वातावरणका साथै विज्ञान तथा प्रविधि क्षेत्रको बहुपक्षीय सम्झौताको प्रशासन भैरहेको छ । कार्यक्षेत्रले निर्धारण गरेको क्षेत्रसंग सरोकार रहने बहुपक्षीय सम्झौताको प्रशासन गर्नु पर्ने देखियो ।

२९ **नेपाल जलवायु सहयता कार्यक्रम :** जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघिय संरचना महासन्धि क्योटो प्रोटोकल नेपालले १९९८ मा हस्ताक्षर गरी सोको प्रावधान वमोजिम "नेपाल जलवायु परिवर्तन सहायता कार्यक्रम, नेपाल सरकार र ई.यू. तथा डिफिडका बिचमा २०१०/१/१० मा १४.६ मिलियन स्टर्लिङ्ग पाउण्ड खर्च गर्ने गरी समझौता भएको छ । सम्झौता अनुसार परियोजना २०१२ डिसेम्बर १ बाट शुरु भई २०१५/३/३१ मा सम्पन्न गर्ने व्यवस्था रहेकोमा २०१६/१२/३१ सम्म आयोजना सम्पन्न गर्ने प्रावधान रही

हाल आयोजना समपन्न भई सकेको छ । उक्त आयोजना अन्तर्गत स्थानीय निकाय मार्फत स्थानीय अनुकुल कार्यका लागि योजना क्रियाकलाप संचालन भई जलवायु परिवर्तनको प्रभाव स्थानीय तहबाटै न्यूनिकरणको कार्य गरेको देखिन्छ । सम्झौतामा उल्लेख गरे भन्दा घटी रु ११५८३०९९७४/०० (४९.९३ प्रतिशत) मात्र २०७२ आषाढ मसान्त सम्म खर्च भएको देखिन्छ । यसै आयोजनाको नेपाल सरकारको व.उ.शि.नं. ३३११२७३/४ मा निकासा खर्चको रु.४८,६१,२१,६२५ भएको छ ।

डिफिडबाट ७ मिलियन र यूरोपियन यूनियनबाट ८.६ मिलियन स्टर्लिङ्ग पाउण्ड व्यहोर्ने उल्लेख छ । यो रकम मध्ये २.८ मिलियन स्टर्लिङ्ग पाउण्ड प्राविधिक सहायता स्वरुप प्राप्त भई संयुक्त राष्ट्र संघिय विकास कार्यक्रम (यु.एन.डि.पी.) ले कार्यान्वयन गर्ने व्यहोरा उल्लेख छ । २०७२/७३ आ.व.मा प्राविधिक सहायता खण्डमा रु १९३९६५८३४/०९ यु.एन.डि.पी. लाई निकासा भएको छ ।

मन्त्रालयमा जलवायु परिवर्तन सहयोग कार्यक्रमको अलग्गै कार्यसञ्चालन खाता संचालनमा रहेको विगत ५ वर्षको आम्दानी रु.१,४१,८९,५५,७३६ रहेको पाइयो ।

सम्झौता अनुसार कार्यक्रम कार्यान्वयन गर्न जनसंख्या तथा वातावरण मन्त्रालयले नेतृत्वदायि र समन्वयकारी भूमिका खेल्ने र जनसंख्या तथा वातावरण, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, जिल्ला विकास समिति, जिल्ला उर्जा तथा वातावरण शाखा, नगरपालिका, गाऊ विकास समिति र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम जस्ता निकाय संलग्न छन् । जनसंख्या तथा वातावरण र संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतका ईकाइबाट हुने खर्च रकमको लेखापरिक्षण स्थलगत रुपमा महालेखा परिक्षकको कार्यालयबाट हुने रहेको छ । जलवायुक परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघिय संरचना महासन्धिको प्रावधान अनुसार नेपालमा जलवायु परिवर्तनबाट परेको प्रभाव न्यूनिकरण गर्न र त्यसमा अनुकुलन हासिल गर्न प्राप्त भएको सहयोग रकम पूर्ण क्षमताका साथ खर्च हुन सकेको पाइएन । प्राप्त सहायता रकम खर्च गर्न मन्त्रालय र अन्य सम्बन्ध निकाय अग्रसर रहनु पर्ने देखियो ।

नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धि सम्झौता, अभिसन्धि तथा प्रोटोकल र इच्छाधिन आलेख (अर्को शब्दमा वहुपक्षिय सन्धिको प्रावधानको प्रशासन गर्ने दायित्व नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ वमोजिम सम्बन्धित मन्त्रालयकै हुन्छ । त्यसै गरी नेपालले हस्ताक्षर गरी सकेका तर नेपालको संविधान बमोजिम अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनको लागि पहल गर्ने कर्तव्य पनि सम्बन्धित मन्त्रालयकै रहन्छ । बहुपक्षीय सम्झौताको प्राप्त हुने प्राविधिक सहायता प्राप्त हुने, अन्तराष्ट्रिय मञ्चमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने जस्ता लाभ हुन सक्दछन् । विद्यमान कानूनको परिमार्जन गर्ने, आवश्यक कानूनको तर्जुमा गरी कार्यान्वयनमा ल्याउने तथा आवश्यकता अनुसार सक्षम राष्ट्रिय निकायको स्थापना गर्न पहल समेत हुनु पर्दछ । हस्ताक्षर भई संविधान अनुसार सम्मिलन, स्वीकृति, समर्थन जस्ता प्रकृया पुरा भएपछि मात्रबहुपक्षीय सम्झौताको प्रावधान अनुसार कार्यान्वयनमा ल्याउने, नियमित रुपमा वार्षिक सदस्यता शुल्क वा बजेटरी वित्तिय योगदान वा अन्य आवश्यक शुल्क भुक्तानी गर्न पहल गर्ने, प्रावधान वमोजिम तोकिएको अवधिका प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउने लगायतका कार्य सम्बन्धित मन्त्रालयले समपन्न गर्नु पर्ने देखिन्छ । बहुपक्षीय सम्झौताको प्रावधान वमोजिम प्राप्त हुने प्राविधिक सहायता, वैदेशिक सहयोग आदि उपयोग हुने दिशामा सकृय रहनु पर्दछ ।

जल तथा मौसम विज्ञान विभाग

१ **बार्षिक लक्ष्य तथा प्रगति:** आर्थिक कार्यविधि नियमावली, २०६४को नियम २५ मा कार्यालयले स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम सम्पन्न गरी प्रगति प्रतिवेदन तालुक कार्यालयमा पेश गर्नुपर्ने र तालुक कार्यालयले नियम २६ अनुसार प्रगति समिक्षा गर्नुपर्ने व्यवस्था छ । विभागबाट प्राप्त प्रगति विवरण अध्ययन गर्दा जलवायु विज्ञान तर्फ रु.३३ लाख ५० हजारको ७, हावापानी विज्ञान तर्फ रु.४२ लाख ७० हजारको ६, मौसम पूर्वानुमान तर्फ रु.९ लाख ४५ हजार हजारको २, जल तथा मौसम विज्ञान विभाग तर्फ १ लाख ६० हजारको १, बाढि भविश्यवाणी तर्फ रु.२४ लाख ७५ हजारको १ गरी जम्मा रु.१ करोड १२ लाखको १७ कार्यक्रमको प्रगती शून्य देखिन्छ । प्रथम चौमासिकमा नै बजेट र खर्च गर्ने अख्तियारी प्राप्त भएको अवस्थामा पनि प्रगति शून्य तथा न्युन हुनु उपयुक्त देखिएन । सो हुनाको कारण समेत स्पष्ट गरेको देखिएन । विभागले कार्यक्रम कार्यान्वयनमा उचित ध्यान दिई लक्ष्य अनुसार कार्यक्रम सम्पन्न गर्नुपर्दछ ।

२ **चौमासिक कार्यक्रम संचालन/पूँजीगत खर्चको स्थिति :** विभागले आफ्नो बार्षिक बजेट तथा कार्यक्रम अनुसार चौमासिक लक्ष्य निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । यस वर्ष विभागले विभिन्न शिर्षक अर्न्तगतको वजेट तिन चौमासिकमा कार्यसञ्चालन गर्दा ६२.१६ प्रतिशत खर्च तेस्रो चौमासिकमा गरेको देखियो । त्यस्तैगरी बाह्र उपशीर्षकको कुल खर्च रु.२३ करोड ४९ लाख ५ हजारमध्ये आषाढ महिनामा मात्र रु १२ करोड १५ लाख ३३ हजार अर्थात् कुल खर्चको ५१.७३ प्रतिशत खर्च गरेको देखिन्छ । समयमै वजेट खर्च गर्ने अख्तियारी प्राप्त हुँदापनि वर्षान्तमा अत्याधिक वजेट खर्च गरेको देखिन्छ । यसरी वर्षान्तमा खर्च गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ ।

३ **कर्मचारी दरबन्दी र पदपूर्ती :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ (ञ) मा कार्यालयको संगठन, व्यवस्थापन तथा कार्यविभाजन अनुसार कार्य सञ्चालन भएको हुनुपर्ने उल्लेख छ। विभागको दैनिक कार्य सञ्चालन तथा त्यसको उद्देश्य प्राप्तीका लागि १२१ दरबन्दी स्वीकृत भएकोमा ८० पद पूर्ति भएको छ। विभागबाट प्राप्त विवरण अनुसार विभिन्न ४१ पद रिक्त रहेको पाइयो। यसरी दरबन्दी अनुसार पदपूर्ति नहुँदा विभागको दैनिक कार्य सञ्चालन, समग्र लक्ष्य प्राप्ती तथा अनुगमन मुल्याङ्कन लगायतका प्रमुख कार्य सम्पादनमा असर पर्न सक्ने देखिन्छ। तसर्थ दरबन्दी अनुसार पद पूर्ती गर्ने तर्फ विभागले ध्यान दिनुपर्ने देखिन्छ।

४ **तलवी प्रतिवेदन** : निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी दिनुपर्ने उल्लेख छ। विभागले यो वर्ष विभिन्न तहका कर्मचारीहरुको लागि रु.३ करोड १४ लाख ६१ हजार तलव र रु.११ लाख ५२ हजार भत्ता समेत रु.३ करोड २६ लाख १६ हजार खर्च गरेको भएतापनि ऐनको व्यवस्था अनुसार तलवी प्रतिवेदन पारित गराएको देखिएन।

५ **हर्जाना भुक्तानी :** जल तथा मौसम विज्ञान विभागले विभिन्न जिल्लास्थित २ सव-स्टेशन तथा केन्द्रको विद्युत महशुल रु.१२ हजार समयमा भुक्तानी गर्न नसकी जरिवाना रु.३ हजार समेत रु.१५ हजार भुक्तानी भएको देखिन्छ। समयमा भुक्तानी नहुँदा लाग्ने थप व्ययभार तर्फ विभागले आवश्यक ध्यान दिनुपर्ने देखिन्छ। वजेट अभाव र सबै सब-स्टेशनहरुको विद्युत महशुल भुक्तानी केन्द्रबाटै गर्नुपर्ने हुँदा थप व्ययभार पर्नजाने तथ्यलाई ध्यान दिईएको विभागको भनाई छ।

५.१ **पूर्व चेनावनी प्रणालीको तयारी :** राष्ट्रिय विपद प्रतिकार्यको कार्यढाँचा, २०७० मा जल तथा मौसम विज्ञान विभागले विपद पूर्व चेतावनी प्रणाली, राष्ट्रिय रणनीतिक कार्ययोजना तयारी र स्वीकृत गर्ने कार्य विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय र जल तथा मौसम विभागको ६ महिनामा गर्ने, जल तथा वायूजन्य विपदको जानकारी दिने तथा सूचना प्रवाह गर्ने जिम्मेवारी विपदको ७ घण्टा भित्र जल तथा मौसम विभागले गर्ने, विपद सम्वन्धी पूर्व चेतावनी प्रणालीको परीक्षण, प्राविधिक निकाय र राष्ट्रिय आपतकालिन कार्य सन्चालन केन्द्र विच १ वर्ष भित्र विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय र जल तथा मौसम विभागले गर्ने उल्लेख छ। उपर्युक्त बमोजिमको क्रियाकलापहरु कार्यान्वयन सम्वन्धि विवरण लेखापरीक्षणको समयमा उपलव्ध हुनसकेन।

६ **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ले सार्वजनिक निकायले रु.१० लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। विभागले यस वर्ष विभिन्न आपूतिकर्ताबाट फर्निचर रु.११ लाख ४ हजार र कार्यालय सामाग्री रु.१५ लाख ५४ हजार समेत रु.२६ लाख ५८ हजारको सामाग्री सोझै खरिद गरी भुक्तानी दिएको देखियो। सोझै खरिद नियम सम्मत देखिएन।

७ **बढी रकममा सम्झौता गरी भुक्तानी :** विभिन्न किसिमका मेशीनरी सामान आपूर्ति गर्न सेवा प्रदायक एक प्रा.लि. सँग रु.१२ लाख ८१ हजार (मू.अ.कर समेत) मा सम्झौता गरी सो अनुसार भुक्तानी दिएको छ। उक्त आपूर्तिकर्ताले पेश गरेको ठेक्का सम्बन्धी कागजातको मूल्य अङ्कित खण्डको मूल्य अभिवृद्धि कर महलमा मूल्य अभिवृद्धि करसहित भनी उल्लेख गरेको देखियो। यस्तो अवस्थामा आपूर्तिकर्ताले अङ्कित गरेको मूल्यबाट मूल्य अभिवृद्धि करको अंश घटाइ आएको दरबाट जम्मा कवोल अङ्क कायम गरी सो अङ्कमा मूल्य अभिवृद्धि कर थप गरी सम्झौता रकम कायम गर्नुपर्नेमा मूल्य अभिवृद्धि कर समेत उल्लेख गरेको उक्त दरमा पुनः मूल्य अभिवृद्धि कर रकम रु.१ लाख ४७ हजार थप गरी रु.१२ लाख ८१ हजार मा सम्झौता गरी भुक्तानी दिएको देखियो। बढी भुक्तानी दिएको रकम रु.१ लाख ४७ हजार मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ।

८ **खरिद कार्यको अभिलेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा सार्वजनिक निकायले खरिद कारवाहीको अभिलेख राख्नुपर्ने व्यवस्था छ। सो अनुसार विभागले प्रत्येक वर्ष गरेका खरिद कारवाहीको अभिलेख तयार गरेको छैन। विभागले हावापानी, जल, मौसम, तथा बाढीसँग सम्वन्धित विषयमा सालवसाली रुपमा अध्ययन तथा परामर्श सेवाहरु लिने गरेको देखिन्छ। व्यवस्थित अभिलेखवाट एउटै विषय क्षेत्रको परामर्श अध्ययन कार्य दोहोरिनवाट नियन्त्रण गर्न र उपकरणको मर्मत सम्भार जस्ता विषयमा निर्णय लिन सहयोग पुग्ने भएकोले आन्तरिक नियन्त्रणको लागि नियमले गरेको व्यवस्था पालना गर्नुपर्दछ।

९ **कार्य विवरण :** निजामति सेवा नियमावली, २०५० को नियम ९ बमोजिम निजामती पदहरुको अनूसूची ४ बमोजिमको ढाँचामा कार्य विवरण सम्बन्धित सचिव, विभागिय प्रमुख र कार्यालय प्रमुखले तयार गरी लागू गर्नुपर्ने र त्यस्तो कार्य विवरणको एक प्रति सामान्य प्रशासन मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ। विभागले यस प्रकारको कार्यविवरण तयार गरेको पाइएन। नियमावलीमा तोके अनुसारको कार्य विवरण तयार गरि लागू गर्नुपर्दछ।

१० **प्रतिस्पर्धा वेगर करारमा कर्मचारी नियुक्ती :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ मा रु.१ लाख सम्मको सेवा सार्वजनिक निकायले वार्ता गरी करारमा लिन लिन सक्ने र सो भन्दा बढी रकमको सेवा

करारमा लिनु परेमा १५ दिनको सुचना प्रकाशन गरी प्रतिस्पर्धात्मक तरिकाले करारमा लिनु पर्ने व्यवस्था छ । विभागले विगतदेखि करारमा कार्यरत देहायका २१ कर्मचारीहरुको म्याद थप गरी यो वर्ष निम्नानुसार रु.४२ लाख ३५ हजार अन्य सेवा बाट रकम भुक्तानी दिएको छ । नियमावलीको व्यवस्था अनुसार सेवा करारमा लिनुपर्दछ ।

११ **अधुरो अध्ययन कार्य :** पानीको गुणस्तर तथा थिग्रीनि विष्लेषण अध्ययन कार्य २०७२।२।३ सम्ममा सम्पन्न गरी अन्तिम प्रतिवेदन वुझाउने गरी एक परामर्शदातासँग रु २ लाख २० हजारको सम्झौता भएको थियो । उक्त परामर्शदाताले इन्सेप्सन रिपोर्ट तयार गरी पेश गरेको र सो वापत निजलाई रु.४४ हजार भुक्तानी दिएको देखियो । सो कार्यको म्याद थप तथा अन्तिम प्रतिवेदन तयार गरेको प्रमाण प्राप्त हुन आएको छैन ।

१२ **ल्यावको उपयोग** : जल तथा मौसम विज्ञान विभागमा ट्रेसर ल्याव र सेडिमेन्ट ल्याव निर्माण कार्यको लागि एक निर्माण व्यवसायीलाई रु.२ लाख ८९ हजार भुक्तानी दिएको छ । जलवायू प्रकोप समुत्थान निर्माण आयोजनाको खरिद कार्यक्रममा पनि सोही ट्रेसर ल्याव निर्माणको कार्यक्रम रहेको र सो काम यस वर्ष हुन नसकि आगामी वर्ष गर्ने गरी स्थगन गरेको देखिन्छ । ल्याव निर्माण कार्य सम्पन्न भई सकेपछि पनि लेखापरीक्षणको अवधि २०७३ कार्तिक सम्म पनि ल्याव सञ्चालनमा आएको देखिएन । व्यवस्थित ल्यावको लागि आयोजनातर्फ वजेटको व्यवस्था भएको अवस्थामा विभागबाट ल्याव निर्माण गरी वजेट खर्च गरेको र सोको उपयोग समेत नगरेकोले ल्याव निर्माण खर्चको उपयोगिता देखिएन ।

१३ **कार्यक्रम वेगर खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा कार्यक्रम संशोधन गर्न आवश्यक ठानेमा संशोधन गर्नुपर्ने स्पष्ट कारण खोली तालुक मन्त्रालयको स्वीकृति लिई लागत नबढ्ने गरी कार्यक्रममा आवश्यक संशोधन गर्नसक्ने उल्लेख छ । यसरी कार्यक्रम संशोधन गरेर मात्र एक कार्यक्रममा स्वीकृत भएको वजेट अर्को कार्यक्रममा खर्च गर्नुपर्नेमा विभागले कार्यक्रम संशोधन वेगर नै अन्नपूर्ण स्टेशनको मोही खोलामा राडार सेन्सर लेभल डाटा लगरको फेन्सिङ्ग कार्यको रु.४ लाख ९४ हजार र २ सप्लायर्सलाई २०७१।७२ मा भुक्तानी गर्दा भुलवस विल भन्दा घटी भुक्तानी भएको रकम भनी मेसिनरी औजारमा विनियोजित रकमबाट भै २ लाख ५८ हजार खर्च गरेको देखियो । नियमावलीमा भएको व्यवस्थाको पालना नगरी गरेको खर्च नियमित देखिएन ।

१४ **परामर्शदाता छनौट :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने उल्लेख छ । बाढी भविष्यवाणी कार्यक्रम तर्फ विभागलेनै परामर्शदातालाई तथ्यांक उपलव्ध गराउने विषयको अध्ययन गर्न रु.९ लाख २६ हजारको लागत अनुमान तयार गरी एक प्रा.लि.सँग रु ९ लाख १० हजारमा सम्झौता गरी अध्ययन कार्य गराएको छ । उक्त फर्मले अन्य फर्ममा कार्य गरिरहेका परामर्शदाताको व्यक्तिगत विवरण पेश गरेकोमा ती परामर्शदाताहरुले कार्य गर्न मञ्जुर गरी लिखित सहमति जनाएको प्रमाण र हाल कार्यरत फर्मवाट सो फर्ममा कार्य गर्न लिएको स्वीकृति प्राविधिक प्रस्तावमा संलग्न रहेको देखिएन । यस्तो अवस्थामा सो फर्महरु परामर्श सेवाकोलागि अयोग्य हुनेमा योग्य ठहर गरी छनौट गरेको देखिन्छ । यसमा सुधार हुनुपर्दछ ।

१५ **ठेक्का सम्झौता :** विभागले हावापानी विज्ञान कार्यक्रम तर्फ थर्मोमिटर स्टेभेन्सन स्किन, रेनगेज, इभ्यापोरेशन प्यान खरिदको लागि रु.२८ लाख ६७ हजारको लागत अनुमान स्वीकृत गरी बोलपत्रको सूचना प्रकाशन गरेकोमा एकमात्र बोलपत्र दाखिला हुन आएकोमा सोही बोलपत्र मूल्याङ्कनबाट प्रभावग्राही ठहर गरी एक आपूर्तिकर्तालाई रु.२७ लाख ५० हजार भूक्तानी दिएकोमा निम्न व्यहोरा देखियो :

१५.१ उक्त संयुक्त उपक्रमको सेवा प्रदायकले आशयपत्र प्राप्त गरे पश्चात सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८ बमोजिम संयुक्त उपक्रम दर्ता गराई सम्झौता गर्नुपर्नेमा उपक्रमको एक फर्मसँग सम्झौता गरी सो फर्म मार्फत सामान आपूर्ति गरेको देखियो ।

१५.२ आपूर्तिकर्ताले जर्मनीमा बनेको थर्मोमिटर, बेलायतमा निर्मित हुक गेजको प्रस्ताव गरेकोमा सामान आपूर्ति गर्दा सोको पुष्ट्याई हुने कागजात उत्पत्तिको प्रमाणपत्र र जनरल कण्डिसन अफ कन्ट्राक्ट ११.१ मा उल्लेख भए अनुसार म्यानुफेच्चरर्स क्यालिवरेशन सर्टिफिकेट तथा उत्पत्तिको प्रमाणपत्र पेश गरेको देखिएन ।

१५.३ **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५३ मा आ.व.समाप्त भएको ३ महिना भित्र जिन्सीको वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा विभागले २०७३।९।५ मा ढिलो गरी जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको, जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी जिन्सी मालसामान सात दिनभित्र यथा स्थानमा दाखिला गरी श्रेस्ता खडा नगरेको, जिन्सी मालसामान खरिद गर्ने सन्दर्भमा तयार गरिने माग फाराम, खरिद आदेश र दाखिला प्रतिवेदनमा खुलाउनुपर्ने सम्पूर्ण विवरण जस्तै खरिद आदेश नं., मिति, सामान आपूर्तिकर्ताको नाम, ठेगाना, स्थायी लेखा नं. उल्लेख नगरेको र जिन्सी सामानको जिन्सी किताबमा जिन्सी सामान प्राप्त भएको मिति , मूल्य, अनुमानित आयू, प्राप्तीको श्रोत जस्ता स्पेशिफिकेशनहरु स्पष्ट खुलाई आम्दानी जनाउने र खर्च भएर जाने सामानहरु खर्च भएकै समयमा सम्वन्धित खाता पानाबाट घटाउने पद्दतिको अभाव देखिएको छ । तसर्थ नियमावली व्यवस्था पालना हुनुपर्दछ ।

१६ **वजेट उपयोग :** जलवायू प्रकोप समुत्थान निर्माण आयोजना यस बर्ष चालु तर्फ नेपाल सरकारको रु.३ करोड १८ लाख ३४ हजार र वैदेशिक आइडीए सोधभर्ना हुने अनुदान रु.१३ करोड ७७ लाख ८३ हजार र आइडीए सोझै भुक्तानी हुने अनुदान रु.१२ करोड ४९ लाख समेत रु २९ करोड ४५ लाख १७ हजार वजेट विनियोजन भएकोमा नेपाल सरकार तर्फ रु.१ करोड १७ लाख २० हजार (३६.८१५) र आइडीए श्रोत तर्फ रु.९ करोड २० लाख ६८ हजार (३५.०४५) समेत जम्मा रु १० करोड ३७ लाख ८८ हजार अर्थात बजेटको ३५.२४ प्रतिशत मात्र खर्च भएको छ । पुँजीगत तर्फ नेपाल सरकारको रु ६ करोड २० लाख २५ हजार आइडीए ऋण तर्फ रु.३३ करोड ९३ लाख ४३ हजार र आइडीए सोधभर्ना अनुदान तर्फ रु.१४ करोड ५३ लाख ७१ हजार समेत रु.५४ करोड ६७ लाख ३९ हजार वजेट विनियोजन भएकोमा नेपाल सरकार तर्फ रु ८७ लाख १५ हजार (१४.०५५) र आइडीए अनुदान तर्फ रु.३ करोड ५७ लाख २० हजार (७.३६५) समेत जम्मा रु.४ करोड ४४ लाख ३५ हजार अर्थात बजेटको ८.१२ प्रतिशत मात्र निकासा गरी खर्च गरेको छ । ऋण रकम हाल सम्म खर्च हुन सकेको छैन । चालु तर्फ ६४.७६ प्रतिशत र पुँजिगत तर्फ ९१.८८ प्रतिशत बजेट खर्च नगरी निस्कृय भएको छ । कार्यालयले बजेट निस्कृय हुनाको कारण खुलाएको छैन ।

१७ **आयोजना कार्यान्वयन :** ऋण सम्झौता अनुसारको Article V-Effectiveness को ५.०२ अनुसार सम्झौता मिति 30 April, 2013 ले ९० दिन पछि उक्त ऋण रकम Effective हुने उल्लेख छ । तर ऋण Effective भएको ३ वर्ष विति सक्दा समेत अर्थात २०७३।३।३१ (१५ जुलाई २०१६) सम्म ऋण रकम खर्च भएको छैन । आयोजना कार्यान्वयनमा ढिलाई भएको कारण समयमा बजेट खर्च नहुदा निर्धारित समयमा काम सम्पन्न नहुने, लागत बढ्न सक्ने, लक्ष्य अनुसारको उपलब्धी हाँसील हुन नसक्ने, परामर्श खर्च बढ्न गई थप व्यय भार पर्न सक्ने र उपयोग नभएको अवधिको वार्षिक १५ हजार अमेरिकी डलर (करिब रु.१५ लाख) को दरले करिव ४५ लाख सेवा शुल्क समेत भुक्तानी गर्नु पर्ने अवश्था देखिन्छ । अत आयोजनाको कृयाकलापहरुलाई शीघ्रताका साथ अगाडी वढाई समयमा सम्पन्न गर्न व्यवस्थापनको ध्यान जानु पर्ने देखिन्छ ।

१८ **कार्यक्रम लक्ष्य तथा प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४को नियम २५ मा कार्यालयले स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम सम्पन्न गरि प्रगति प्रतिवेदन तालुक कार्यालयमा पेश गर्नुपर्ने र तालुक कार्यालयले नियम २६ अनुसार प्रगति समिक्षा गर्नुपर्ने व्यवस्था छ । विभागबाट प्राप्त प्रगति विवरण अध्ययन गर्दा यस वर्ष सञ्चालन गर्नुपर्ने ३६ कार्यक्रमहरु मध्ये रु.१३ करोड ६० लाख ९१ हजारको २१ कार्यक्रमहरुको प्रगति न्यून रहेको देखियो । विभागले प्रारम्भिक कार्यमात्र भएको उल्लेख गरेतापनि कार्यक्रम कार्यान्वयन गर्न नसक्नाको कारण खुलाएको छैन । लक्ष्य अनुसार कार्य सम्पन्न नहुदा समय बढी लाग्ने, लागत बढन जाने, परामर्श खर्च बढ्न गई थप व्ययभार पर्न जाने, लक्ष्य अनुसारको उपलव्धी हासील हुन नसक्ने देखिन्छ । लक्ष्य अनुसारको प्रगति हासिल गर्न समयमै ध्यान पुर्‍याउनुपर्ने देखिन्छ ।

१९ **परामर्श खर्च** : जलवायु प्रकोप समुत्थान निर्माण आयोजनाको सफल कार्यान्वयनको लागि विविध कार्य गर्न छनौट भएका एक परामर्शदातासँग भएको सम्झौतामा दोश्रो चरणको कार्य ४ र ५ मा उल्लेख भए अनुसार आयोजनाको खरिद कार्य अन्तरगर्त स्पेशिफिकेशन तयार गर्नेदेखि ठेक्का सम्झौताको लागि वार्ता गर्ने सम्मका कार्य पूरा हुँदा २० प्रतिशत भुक्तानी दिने उल्लेख भए अनुसार सेवा प्रदायकले सो कार्य सम्पादन भएको जनाई रु.४ करोड ३७ लाख भुक्तानी माग गरेकोमा रु.२४ लाख कट्टा गरी रु.४ करोड १३ लाख भुक्तानी दिएको छ । परामर्शदाताले पेश गरेको संक्षिप्त प्रगति प्रतिवेदनमा यो वर्ष खरिद योजनामा उल्लिखित ३३ काम मध्ये २७ वटा कामको लागत अनुमान तयारी, २१ बोलपत्र सूचना प्रकाशन, १५ बोलपत्र मूल्याङ्कन, १० वटा खरिद सम्झौता भएको र ४ वटा मात्र कार्य सम्पन्न भएको देखिन्छ । परामर्शदातावाट प्राप्त प्रगति स्थिति र आयोजनाको कार्यान्वयन स्थिति दोश्रो चरणको निर्धारित कार्य सि.नं. ४ र ५ अन्तर्गतको कार्यहरु प्रारम्भिक चरणमा रहेको देखिन्छ । विभागले आफ्नै कारणले काम बाँकी रहेको जवाफ दिएको छ । यसरी सम्झौता बमोजिमको शर्त पुरा नहुँदै परामर्शदातालाई रु.४ करोड १३ लाख भुक्तानी दिएको उपयुक्त देखिएन ।

२० **परामर्श खर्च :** विभागले आयोजना संचालनको लागि परामर्शदाता नियुक्त गरी गत वर्षसम्म रु.१ करोड ८० लाख ४० हजार र यो वर्ष रु.१ करोड १४ लाख समेत रु.२ करोड ९४ लाख ४० हजार परामर्श शुल्क भुक्तानी दिएको छ । निजहरुको कार्यक्षत्रगत शर्त (TOR) मा निजहरुले सो अवधि भित्र कहिले के कार्य सम्पन्न गरिसक्नु पर्ने हो र सो समयमा निर्धारित कार्य सम्पन्न गरे नगरेको मापन गर्ने सुचक (Indicator) तयार गरेको देखिएन । दैनिक रुपमा सम्पादन गरेको कार्यहरु र कार्य समय खुल्ने प्रमाण पारिश्रमिक भुक्तानीको श्रेस्तासाथ सम्लग्न गरेको भएतापनि सो कार्यहरु आयोजनाको लक्ष्य तथा निजहरुको कार्यक्षेत्रगत शर्त (TOR) अनुसार भए नभएको उल्लेख गरि भुक्तानीको लागि सिफारिश गरेको पाइएन । यसको अभावमा आयोजना सञ्चालनका लागि नियुक्त गरिएका परामर्शदाताहरुको कार्य सम्पादन स्तर मापन गर्न सक्ने स्थिति देखिएन । आयोजनाका विशेषज्ञको कार्यक्षत्रगत शर्त (TOR) मा प्रगति विवरण तयार गर्नु पर्दछ । साथै आयोजनामा आ.व.२०७१।७२ मा वजेटको ४.३८ प्रतिशत र यो वर्षमा वजेटको १७.६१ प्रतिशत मात्र खर्च भएको छ । आयोजनाले शुरु देखि हाल सम्मको भौतिक तथा वित्तीय प्रगति देखिने गरी अद्यावधिक प्रगति

विवरण तयार गरेको पाइएन ।आयोजनाले अपेक्षा गरेको लक्ष्य बमोजिम प्रगति समेत भएको छैन । अतः परामर्शदातालाई भुक्तानी दिएको खर्चको प्रभावकारीता देखिएन ।

२१ **सूचनाको प्रस्तुतिकरण** : आयोजना एप्राईजलको Annex -4, Disclosure of Information and Corporate Governance खण्डमा पारदर्शिता प्रवर्द्धनको लागि सूचनाको खुलासा तथा सहज पहूचकोलागि जल तथा मौसम विज्ञान विभागले आयोजनासंग सम्वन्धित Guidelines, Procedures तथा Key information आफ्नो वेभसाईटमा राख्नुपर्ने उल्लेख गरेको छ । विभागको वेभसाईटमा यस्ता जानकारीहरु राख्ने गरेको देखिएन । पारदर्शिता प्रवर्द्धनको लागि गरिएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

२२ **लागत अनुमान** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ ले सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा स्पेशिफिकेशनको अधिनमा रही चालु वा अघिल्लो वर्षहरुमा अन्य निकायले सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय वजारमा प्रचलित दरभाउ, अन्य वजारको प्रचलित दरभाउ र मालासमान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग वाणिज्य संघले जारी गरेको दररेट आदिलाई आधार लिनु पर्ने व्यवस्था गरेको छ । नियममा उपर्युक्त व्यवस्था भए तापनि कार्यालयले फर्निचर खरिद र थ्री डि भिडियो कन्फ्रेन्सिङ्ग सिष्टम खरिदको रु.९ लाख ९८ हजारको लागत अनुमान तयार गर्दा विभिन्न ३ वटा फर्मको दरभाउ लिई औषत मुल्यलाई लागत अनुमान कायम गरेको र स्वीकृत गरेको पाइयो । लागत अनुमान तयार गर्दा स्पेसिफिकेशन सहित आवश्यक सबै विषय सूचि तयार नगरेको, कार्यसँग असम्बन्धित फर्मसँग दररेट लिएको पाइयो । थ्री डि भिडियो कन्फ्रेन्सिङ्ग सिष्टम गत विगत वर्षमा सोहि प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत तथा अन्य बजारको प्रचलित दर तर्फ ध्यान दिएको देखिएन । लागत अनुमान तयार गर्दा खरिद ऐन र नियमावलीको पालना हुनुपर्ने देखिन्छ ।

२३ **खरिद प्रकृया :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ले सार्वजनिक निकायले रु.१० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको खरिद कार्य बोलपत्रको माध्यमद्वारा गर्नुपर्ने, खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै विश्व बैकको प्रोक्युरमेन्ट गाईडलाईनको जनरल कन्सिडरेशन खण्डमा मितव्ययीता र कार्यदक्षताको भावनाको सम्मान गर्ने विषयलाई प्राथमिकतामा राखेको छ भने अन्य खरिद विधि अवलम्वन गर्ने सम्वन्धमा पनि मितव्ययिता, कार्यदक्षता र पारदर्शिताको भावना नमर्ने गरी देशको खरिद सम्वन्धमा वनेको कानूनको परिपालना गरेर खरिद गर्ने विषयलाई निषेध गरेको देखिदैन । सार्वजनिक खरिद नियममावलीको प्रावधान तथा प्रतिस्पर्धात्मक मुल्यमा सेवा वा सामान प्राप्त गर्ने विश्व वैकको उद्देश्य अनुसार विभागले शीलवन्दी दरभाउपत्र वा वोलपत्रवाट खरिद गर्नु पर्नेमा सोझै खरिद गरी रु.१ करोड ४५ लाख ३४ हजार खर्च लेखेको देखियो । यसरी प्रतिस्पर्धात्मक विधिवाट खरिद गर्ने कानूनी व्यवस्थाको पालना नगरी खरिद कार्य गरेको कारण सम्भावित सवै आपूर्तिकर्ता प्रतिस्पर्धामा सहभागी हुन पाउने समान अवसरवाट वञ्चित हुने र खरिद कार्य मितव्ययी भएको सुनिश्चित हुने अवस्था समेत नरहने भएकोले प्रतिस्पर्धात्मक विधि अवलम्बन गरी खरिद गर्नुपर्दछ ।

२४ **उत्पत्तिको प्रमाण पत्र** : कार्यालयकोलागि जेनेरेटर खरिद गर्न एक आपूर्तिकर्तासंग भएको सम्झौतामा आपूर्ति कर्ताले जापानमा निर्मित जेनेरेटर आपूर्ति गर्ने उल्लेख गरेकोमा सामान उपलब्ध गराउंदा सो साथ उत्पत्तिको प्रमाणपत्र पेश गरेको देखिएन । सामान वनेको देश फरक पर्दा सामानको गुणस्तर, मूल्य र कार्यसम्पादन स्तरमा समेत फरक पर्ने भएकोले सम्झौता वमोजिमको सामान उपलब्ध भएको सुनिश्चित गर्न सामान उत्पादन गर्ने देशको उद्योग वाणिज्यसंग सम्वन्धित निकायवाट प्रमाणित उत्पत्तिको प्रमाणपत्र समेत उपलब्ध गराउनु पर्ने व्यवस्था मिलाउनु पर्ने देखियो ।

२५ **धरौटीतर्फ :** विभागले गत आ.व. को जिम्मेवारी रु.१६ लाख ४० हजार सहित जम्मा रु.२९ लाख २७ हजार धरौटी आम्दानी गरी यो वर्ष रु.२ लाख ६५ हजार फिर्ता गरी रु.२६ लाख ६२ हजार बाँकी देखाएको छ ।यस वर्ष कट्टा गरेको धरौटीमध्ये रु.८ लाख ९९ हजार आ.व.०७३।७४ मा आम्दानी बाँधेको देखिन्छ । समयमा नै धरौटी रकम सम्वन्धित खातामा आम्दानी जनाउनु पर्दछ ।

२६ **अन्तराष्ट्रिय सन्धि, सम्झौता कार्यान्वयन** : नेपाल पक्ष भई हस्ताक्षर भएका र संसदबाट अनुमोदन भएपछि राजपत्रमा प्रकाशन भई अन्तराष्ट्रिय सन्धि, अभिसन्धि, इच्छाधिन आलेखहरु लागू हुने व्यवस्था छ । यस्ता सन्धि, सम्झौता लामो समयसम्म अनुमोदन नहुने, अनुमोदन भएका सन्धि प्रावधान अनुरुप कार्यान्वयन नहुने, सन्धि प्रशासन गर्ने अन्तराष्ट्रिय निकायसँगको समन्वयको अभावमा प्राप्त हुनसक्ने प्राविधिक सहयोग उपयोग हुन नसक्ने तथा सन्धिको प्रावधान वमोजिम तयार गर्नुपर्ने आवधिक तथा निर्धारित प्रतिवेदन समयमै नवन्ने जस्ता कमी कमजोरी रहेका छन् । अन्तराष्ट्रिय सन्धि सम्झौता, प्रोटोकल र इच्छाधिन आलेखको कार्यान्वयन परीक्षण गर्ने इन्टोसाईको प्रावधान समेतका आधारमा मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित त्यस्ता आलेखको कार्यान्वयनको अवस्था परीक्षण गर्दा देखिएका प्रमुख व्यहोरा निम्न अनुसार छ :

२६.१ नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ को प्रावधान अनुसार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले अन्तराष्ट्रिय सन्धि सम्झौताको सूचि प्रकाशन गर्ने तथा सम्बन्धित कार्यक्षेत्र भएका मन्त्रालयले सम्पर्क मन्त्रालय र प्रशासनिक कार्य गर्ने उल्लेख छ । मन्त्रालयबाट प्राप्त विवरण, मन्त्रालयद्वारा प्रकाशित विवरण तथा सूचिमा प्रकाशित विवरण फरक पाईयो । मन्त्रालयको विवरणमा १६ तथा सो विवरणमा नपरेको तर कानून मन्त्रालयको सूचिमा परेको १५ वटा अन्तराष्ट्रिय सन्धि सम्झौताको विवरण उपलव्ध भएको छ । मन्त्रालयको कार्यक्षेत्रमा पर्ने अन्तराष्ट्रिय सन्धि सम्झौताको अद्यावधिक विवरण तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२६.२ महालेखा नियन्त्रकको कार्यालयबाट प्राप्त अन्तराष्ट्रिय संघसंस्थाहरुको लागि मन्त्रालयबाट भुक्तानी भएको दायित्वको विवरणमा एक संस्थाको लागि २००५-२०१४ को लागि रु २ लाख ३४ हजार, अर्को एक संस्थाको २०११-२०१४ को लागि रु १ लाख ७५ हजार को भुक्तानी २०७२/०९/२२ मा र एक संस्थाको लागि २०१५ को बाँकी दायित्व रु १ लाख २९ हजारको भुक्तानी, २०७३/९/२५ मा गरेको देखिन्छ । आफ्नो कार्यक्षेत्रमा पर्ने सन्धि सम्झौताको प्रावधान अनुसार नियमित रुपमा अन्तराष्ट्रिय संघ संस्थालाई दायित्व भुक्तानी गर्नुपर्ने देखिन्छ । साथै अन्तराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र ऐन, २०४० अन्तर्गत स्थापित संस्थालाई नेपाल सरकारको तर्फबाट वहन गर्नुपर्ने दायित्वका रुपमा सन् २०१४ का लागि रु.१ करोड १९ लाख महालेखा नियन्त्रक कार्यालय मार्फत भुक्तानी गरेको पाईयो । उक्त संस्थालाई भुक्तानी गर्ने रकम बजेटरी अनुदान वा अन्तराष्ट्रिय सन्धिको प्रावधानमा भुक्तानी गर्ने दायित्व यकिन गरी भुक्तानी गर्नुपर्ने देखियो ।

२६.३ वहुपक्षीय वातावरणीय सम्झौताको प्रावधानमा भएको व्यवस्था तथा नेपाल जलवायु परिवर्तन सहायता कार्यक्रमको कार्यान्वयनका लागि ३० अप्रिल २०१२ मा आयोजना सञ्चालन समितिले न्यून कार्वन विकास रणनीति तर्जुमा गर्न रु ५ करोड ३४ लाखको लागत अनुमान तथा कार्यक्रम स्वीकृत गरी वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र मार्फत कार्य सम्पन्न गर्ने निर्णय गरेको पाइयो । वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले सो रणनीति तयार गर्न एक परामर्शदातालाई २०७०/३/१६ सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा कार्य सम्पन्न गर्ने म्याद पटक पटक थप भै २०७१/३/१६ सम्म कायम भएकोमा परामर्शदाताबाट अन्तिम मस्यौदा २०७१/३/२ मा प्राप्त गरी मन्त्रालय मार्फत मन्त्रिपरिषद्मा पेश गरेकोमा पारित भएको छैन । न्यून कार्वन उत्सर्जनलाई प्रोत्साहन गरी स्वच्छ उर्जाको उपयोग वृद्धि गर्ने रणनीति कार्यान्वयनमा ल्याउनुपर्दछ ।

२६.४ जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय संरचना महासन्धि क्योटो प्रोटोकलमा नेपालले १९९८ मा हस्ताक्षर गरेको छ । उक्त प्रोटोकलमा उल्लेख भए अनुसार "नेपाल जलवायु परिवर्तन सहायता कार्यक्रम" सञ्चालन गर्न नेपाल सरकार र युरोपियन युनियन तथा डिफिडका बिचमा १० जनवरी २०१० मा स्टर्लिङ्ग पाउण्ड १४.६ मिलियनको सम्झौता भएको थियो । उक्त सम्झौताको काम अनुसार १ डिसेम्बर २०१२ बाट शुरु भई ३१ मार्च २०१५ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा ३१ डिसेम्बर २०१६ मा सम्पन्न भएको छ । २०७२ आषाढ मसान्त सम्म स्टर्लिङ्ग पाउण्ड ७.२९ मिलियनको विनिमय दर १५८.९५ ले हुने रु.१ अर्ब १५ करोड ८३ लाख (सम्झौता रकमको ४९.९३%) मात्र खर्च भएको छ । सहायता रकम मध्ये स्टर्लिङ्ग पाउण्ड २.८ मिलियन प्राविधिक सहायता स्वरुप प्राप्त भई संयुक्त राष्ट्र संघिय विकास कार्यक्रम (यु.एन.डि.पी.) ले कार्यान्वयन गर्ने व्यहोरा सम्झौतामा उल्लेख भए अनुसार २०७२/७३ मा रु.१९ करोड ४० लाख यु.एन.डि.पी. लाई निकासा भएको छ । महासन्धिको प्रावधान अनुसार जलवायु परिवर्तनबाट परेको प्रभाव न्यूनीकरण गर्न र त्यसमा अनुकुलन हासिल गर्न प्राप्त भएको सहयोग रकम पूर्ण क्षमताका साथ खर्च हुन सकेको पाइएन । प्राप्त सहायता को उपयोगमा प्रभावकारीता ल्याउनुपर्ने देखियो ।

विज्ञान तथा प्रविधि मन्त्रालय

१. **मन्त्रालय टुक्रिने, जोड्ने र फुट्ने अवस्था :** आर्थिक वर्ष २०५२/०५३ देखि विज्ञान तथा प्रविधि मन्त्रालयको रुपमा स्थापित मन्त्रालय २०६६।२।२९ वाट वातावरण मन्त्रालय र विज्ञान तथा प्रविधि मन्त्रालयको ररुपमा छुट्टा छुट्टै गठन भै सच्चालन हुदै आएको थियो । नेपाल सरकारको निर्णयवाट दुवै मन्त्रालय २०६९ वैशाख देखि एउटै भई वातावरण, विज्ञान तथ प्रविधि मन्त्रालयको रुपमा सञ्चालन रहेकोमा नेपाल सरकारको २०७२।९।९ को निर्णयवाट पुनः दुई मन्त्रालय अस्तिस्तमा रहेको पाइयो । यसरी मन्त्रालय फुट्ने, जुट्ने क्रियाकलापले अत्यावस्यक सरकारी लिखत, कागजात तथा तथ्याकंको अभिलेखिकरण,सरलता तथा कार्यासम्पादनमा सहजता र निरन्तरता नहुने तर्फ ध्यान आकर्षण हुनु पर्ने देखिन्छ ।

२. **सुचना प्रविधि नीतिको समिक्षा एवं पूनरावलोकन :** सुचना प्रविधि नीति, २०६७ को व्यवस्था अनुसार यस नीतिको वार्षिक रुपमा समिक्षा गरी प्रत्येक ३ वर्षमा पूनरवलोकन गर्नु पर्दछ ।उक्त कार्य लगायत सुचना प्रविधि नीतिको अनुगमन एवं मूल्याकंन गर्न मन्त्रालयको सचिवको संयोजकत्वमा ११ सदस्यीय समिति गठनको व्यवस्था छ । तर उक्त नीतिको व्यवस्था र भावना अनुसार हालसम्म नीतिको समिक्षा तथा पूनरावलोकन सम्वन्धमा कुनै काम कारवाही भएको पाईएन ।

३. **नानो प्रविधि नीति :**मन्त्रालयको कार्यक्षेत्र र प्रमुख कार्य अन्तर्गत विज्ञान र प्रविधि सम्वन्धि आवस्यक नीति तर्जुमा , कार्यान्वयन, अनुगमन एवं मुल्याकंन गर्ने रहेको छ। प्रविधिको विकास र उपयोगलाई कार्यान्वयन, अनुगमन, नियमन, नियन्त्रण समेत गर्न अत्यावस्यक पर्ने नानो प्रविधि सम्वन्धि नीति तर्जुमा गरी कार्यान्वयनका लागी नानो प्रविधि केन्द्र स्थापनामा आएको छैन ।विज्ञान र प्रविधिको व्यावहारिक उपयोग गर्न नानो प्रविधि केन्द्र समेत स्थापना गर्नु पर्दछ ।

४. **न्यूक्लियर ऐन :** नेपाल सरकार कार्य विभाजन नियमावली, २०७२ अनुसार विज्ञान र प्रविधिको क्षेत्रमा आवस्यक पर्ने ऐनको मस्यौदा तयार गरी ऐन तर्जुमा र कार्यान्वयन गर्ने जिम्मेवारी मन्त्रालयको रहेको छ। पारमाणिक पदार्थको उपयोग, व्यवस्थापन, नियमन, नियन्त्रण ,अनुगमन समेतका लागि अत्यावस्यक तथा अन्तराष्ट्रिय क्षेत्रमा नेपालले निर्माणको चरणमा प्रवेश भएको पाईएन। यथाशिघ्र पारमाणिक न्यूक्लियर ऐन तर्जुमा गरि कार्यान्वयन गर्नु पर्दछ।

५ **डिजिटल हस्ताक्षर :** विद्युतीय कारोवार ऐन, २०६३ को दफा ३० अनुसार इजाजतपत्र प्राप्त सेवा प्रदायकले मिति २०७२।९।१ गते महामहिम राष्ट्रपति र सम्मानीय प्रधानमन्त्रीज्यू लाई विद्युतीय हस्ताक्षरको साँचो वितरण गरेको छ। विद्युतीय कारेवारलाई वैधानिक मान्यता दिने विद्युतीय हस्ताक्षरको सांचो वितरण गरेको छ। विद्युतीय कारोवारलाई वैधानिक मान्यता दिने विद्युतीय हस्ताक्षरको साँचो सम्वन्धी जनचेतना अभिवृद्धि गर्दै सो साचो वितरणलाई कार्यमा द्रुतता ल्याउनु पर्दछ।

६. **डिजिटल हस्ताक्षर :** विद्युतीय कारोवार ऐन, २०६३ को दफा ३० अनुसार इजाजतपत्र प्राप्त सेवा प्रदायकले २०७२।९।१ देखि विद्युतीय हस्ताक्षरको ६० साँचो वितरण गरेको छ ।सोहि ऐनको दफा ४१ मा सरकारी निकाय वा सार्वजनिक संस्था वा नेपाल राज्य भित्र कारोवार गर्ने बैंक वा वित्तीय संस्थावाट सम्प्रेषण गरिने वा जारी गरिने वा त्यस्तो निकाय वा संस्थावाट स्वीकार गरिने वा प्राप्त गरिने कुनै कागजात वा अभिलेखको प्रमाणिकताको लागि सो कागजात वा अभिलेखमा सम्वन्धित व्यक्तिले डिजिटल हस्ताक्षर गर्नसक्ने व्यवस्था उल्लेख भए तापनि सरकारी कार्यालय लगायत ऐनमा व्यवस्था भएको निकाय वा संस्थालाई डिजिटल हस्ताक्षरको साँचो वितरण गरेको पाइएन। ऐनको व्यवस्था पालनामा सरकारी कार्यालय र संस्थागत निकाय सक्रिय हुनुपर्दछ।

७. **परामर्श सेवा खरिद :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ (२) मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स, सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त, सम्बन्धित वा अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला बर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको बास्तविक लागत आदि कुरालाई आधार लिनुपर्ने व्यवस्था उल्लेख छ । मन्त्रालयले एकमुष्ट लागत अनुमान तयार गरी सोको आधारमा ३ परामर्शदाता छनौट गरी रु ८ लाख ८७ हजारको परामर्श सेवा खरिद गरेको छ । परामर्श सेवा खरिदवाट प्राप्त प्रतिवेदनलाई अभिलेखिकरण गरी उल्लेख भएका सुझावहरु कार्यान्वयन गर्ने तर्फ मन्त्रालय अग्रसर हुनुपर्ने देखिन्छ।

८. **अन्तर्गत निकायहरुको स्थायित्व :** विज्ञान र प्रविधिका क्षेत्रमा अन्तराष्ट्रिय स्तरमा समकक्षी सस्थाहरुको रुपमा कार्यरत रहेका तथा आन्तरिक रुपमा समेत विज्ञान र प्रविधि को लागि महत्वपूर्ण भूमिका खेलिरहेका राष्ट्रिय सूचना प्रविधि केन्द्र, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, वि.पि. कोईरला मेमोरियल तथा अव्जरभेटरी र विज्ञान संग्राहालय विकास समिति हालसम्म पनि कार्य सञ्चालनको लागि तदर्थ व्यवस्था गर्न प्रयोग हुने विकास समिति ऐन,२०१३ को प्रावधान अनुसार नेपाल सरकार बाट गठन आदेश जारी गरी सञ्चालनमा ल्याएको छ। सक्षम राष्ट्रिय निकायको रुपमा कार्यरत रहनुपर्ने यस्ता निकायहरुलाई स्थायित्व प्रदानगरी सक्षम राष्ट्रिय निकाय वनाउन आवश्यक कानुनको तर्जुमामा मन्त्रालयले अग्रसरता लिनु पर्दछ।

९. **नविकरणीय उर्जा परिक्षण केन्द्र** : नेपाल विज्ञान तथा प्रविभि प्रज्ञा प्रष्ठिान ऐन ,२०४८ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी प्राज्ञ सभाले नविकरणीय उर्जा परिक्षण केन्द्र (संगठन ,काम कर्तव्य रआधकार) नियमावलि ,२०६३ वनाई नविकरणीय उर्जा परिक्षण गर्दा शुल्क लिएर आम्दानी गर्ने गरेको पाइयो। प्रज्ञापतिष्ठानको नियम वनाउने दफाको प्रयोग गरी वनाइएको नियमावलिको आधारमा संचालन र व्यस्थापन गरिएको सम्वन्धमा तालुक मन्त्रालयको रुपमा संस्थाको व्यावस्थापन लाई वैधानिक वनाउन पहल गर्नु पर्ने देखिन्छ।

१०. **सन्धिको अनुमोदन** : नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ अनुसार मन्त्रालयको कार्य क्षेत्रभित्र नेपाल पक्ष भएका क्षेत्रीय एवं अन्तर्राष्ट्रिय महासन्धि तथा इच्छाधिन आलेखको कार्यान्वयनको सम्पर्क मन्त्रालयको रुपमा रहेको छ। कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले नेपाल पक्ष भएका महासन्धि, इच्छाधिन आलेख आदिको सूची प्रकाशित गर्ने गर्दछ। नेपालपक्ष भई हस्ताक्षर भएर संसदबाट अनुमोदन भएपछि राजपत्रमा प्रकाशन भई भन्तर्राष्ट्रिय सन्धि इच्छाधिन आलेख नेपालमा लागू हुने व्यवस्था छ। नेपालको संविधान २०७२ को धारा २७९ मा पनि नेपाल राज्य वा नेपाल सरकार पक्ष हुने सन्धि वा सम्झौताको अनुमोदन, सम्मेलन स्वीकृति वा समर्थन नभएसम्म नेपाल सरकार वा नेपालको हकमा लागू हुने छैन भन्ने व्यवस्था छ। यस्ता सन्धि सम्झौता समयमा अनुमोदन नहुने, अनुमोदन नभै कार्यान्वयनमा

आई कानूनी अड्चन पैदा हुने, अनुमोदन भएका सन्धिको प्रावधान अनुरुप नेपालको हितमा कार्यान्वयन नहुने, अनुमोदन गर्दा नेपाली जनप्रतिनिधिमूलक संसदबाट निर्धारण गरिएका शर्त बन्देजहरु प्रभावकारी रुपमा संचार नहुने, सन्धि प्रशासन गर्ने अर्न्तराष्ट्रिय निकायसंगको समन्वयको अभावमा प्राप्त हुने प्राविधिक सहयोग उपयोग हुन नसक्ने तथा सन्धिको प्रावधान वमोजिम तयार गर्नु पर्ने आवधिक तथा निर्धारित प्रतिवेदन समयमै नबन्ने जस्ता कमी कमजोरी विद्यमान रहेका छन् ।

११. **सूचीकरणमा फरक :** नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ अनुसार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले अर्न्तराष्ट्रिय सन्धि सम्झौता, प्रोटोकल र इच्छाधिन आलेखको सूची प्रकाशन गर्दछ । २०७३/६/१९ मा मन्त्रालयसंग विवरण माग गरी प्राप्त विवरण र आधिकारीक सूचीमा रहेको विवरण बीच परीक्षण गर्दा फरक देखिएको छ । कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सूचीमा परेका ६, र मन्त्रालयको विवरणमा परेको २ तथा मन्त्रालय र कानून मन्त्रालयको सूचीकरणमा परेका ३ समेत ११ मन्त्रालयसंग सम्बन्धित सन्धि सम्झौता पाइएको छ। अन्य निकायहरुबाट प्रकाशित विवरणलाई समेत आधार मान्दा मन्त्रालयले आफ्नो कार्य क्षेत्रमा पर्ने अन्तर्राष्ट्रिय सन्धि सम्झौता, इच्छाधिन आलेखको अद्यावधिक विवरण तयार गरी अन्तर्राष्ट्रिय दायित्व निर्वाह गर्ने तथा राज्यको हितमा प्राप्त हुन सक्ने अधिकार र सुविधा उपयोग गर्न पहल गर्न ध्यान दिएको पाइएन ।

मन्त्रालयले आफ्नो कार्यक्षेत्रमा रहेका तर कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सूचीमा समावेश भएका अन्तराष्ट्रिय सन्धि सम्झौताको मन्त्रालयगत अभिलेखिकरण गरी व्यवस्था भएको प्रावधान नेपालको पक्षमा कार्यान्वयनतर्फ सक्रिय रहनुपर्ने देखियो । साथै मन्त्रालयको अभिलेखमा रहेका आधिकारीक सूचीकरण नभएका सन्धि सम्झौता, इच्छाधिन आलेख सूचीकरण गर्न पहल गर्नुपर्ने देखियो ।

१२. **वित्तीय दायित्व भुक्तानी :** महालेखा नियन्त्रकको कार्यालयबाट प्राप्त विवरणमा अन्तराष्ट्रिय सन्धि, इच्छाधिन आलेखको कार्यान्वयनको क्रममा नेपालले भुक्तानी गर्नु पर्ने दायित्व समयमा भुक्तानी नहुने अवस्था रहेको पाइयो । प्राप्त विवरण अनुसार एक संस्थालाई सन् २०१४ र २०१५ मा भुक्तानी गर्नुपर्ने दायित्व रु.३७,४७,२३४।– २०७१ मा भुक्तानी भएको छ ।

मन्त्रालयले आफ्नो कार्यक्षेत्र भएको अन्तराष्ट्रिय सन्धि सम्झौता तथा सोका आधारमा सञ्चालनमा रहेका अन्तराष्ट्रिय निकायको लागि वहन गर्नुपर्ने आर्थिक दायित्व समयमै तथा नियमित रुपमा भुक्तानी गर्ने प्रणाली स्थापना गर्नुपर्ने देखिन्छ ।

१३. **अन्य दायित्व निर्वाह :** अन्तराष्ट्रिय, सन्धि, सम्झौता, अभिसन्धि तथा इच्छाधिन आलेखमा हस्ताक्षर भएपछि संविधानको व्यवस्था वमोजिम अनुमोदन सम्मिलन स्वीकृति वा समर्थन भई राजपत्रमा सूचना प्रकाशन भएपछि नेपालको पक्षमा लागू हुने छन् । यस्ता अन्तराष्ट्रिय संयन्त्रबाट वार्षिक, द्वैवार्षिक वा तोकिएको अवधिमा कार्यान्वयन सम्बन्धी प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउने तथा प्राप्त सुझाव अनुसार कार्यान्वयन गर्ने व्यवस्था रहेको हुन्छ । आर्थिक दायित्व र प्रतिवेदन सम्बन्धी दायित्वका अलावा पक्ष राष्ट्रमा यस्ता अन्तराष्ट्रिय कानूनी संयन्त्र कार्यान्वयन गर्न आवश्यक पर्ने सक्षम राष्ट्रिय निकायको स्थापना गर्ने, स्थानीय कानूनमा परिमार्जन गर्ने आदि व्यवस्थाको पालना गर्नुपर्ने हुन्छ । मन्त्रालयले यस्ता दायित्व आफ्नै पहलमा निर्वाह हुनेमा सो वमोजिम कार्यान्वयनमा ल्याउने, अन्य निकायबाट समेत कार्यान्वयन गर्न संलग्न रहनु पर्ने भएमा त्यसका लागि पहल गर्ने तथा तोकिएको समयमा पठाउनु पर्ने कार्यान्वयनको प्रगति प्रतिवेदन तयार गरी नियमित रुपमा पठाउनु पर्ने अवस्था पाईयो ।

१४. **कन्ट्री प्रोग्राम फेमवर्क :** नेपाल सरकार र अन्तर्राष्ट्रिय आणविक उर्जा एजेन्सी बीच सम्पन्न कन्ट्री प्रोग्राम फेमवर्कको आधारमा २०११ देखि २०१५ सम्म नेपालले युरो ६५ लाख १७ हजार ४ सय ८६ प्राविधिक सहयोग प्राप्त गरी हाल २०१६/२०२१ सम्मका लागि युरो ४८ लाखमा सम्झौता भई कार्यान्वयनमा आइसकेको छ । प्राप्त हुने प्राविधिक सहयोग रकमलाई सम्झौतामा तोकिएको उद्देश्य पूर्तितर्फ उपयोग गर्नुपर्ने देखियो ।

१५. **कार्यक्षेत्रको व्यवस्था :** नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ ले सम्पूर्ण मन्त्रालयको कार्य क्षेत्र तथा सम्पन्न गर्नु पर्ने काम, कर्तव्य समेत व्यवस्था गरेको छ । २०७२/९/१ मा विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयबाट फुटेर बनेको विज्ञान तथा प्रविधि मन्त्रालय र जनसंख्यासंगै वातावरण थपी निरन्तरता दिइएको जनसंख्या तथा वातावरण मन्त्रालयका बीचमा सन्धि सम्झौताको प्रशासन सम्बन्धमा द्विविधा तथा अस्पष्टता रहेको देखियो । उदाहरणका रुपमा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आई.ए.ई.ए.संग सम्बन्धित सन्धि । सम्झौताको मात्र प्रशासन गर्ने गरेकोमा जनसंख्या तथा वातावरण मन्त्रालयबाट विज्ञान तथा प्रविधि मन्त्रालयसंग सम्बन्धित क्षेत्रको सन्धि सम्झौताको प्रशासन भइरहेको छ। कार्यक्षेत्रले निर्धारण गरेको क्षेत्रसंग सरोकार रहने बहुपक्षिय सन्धिको प्रशासन गर्नुपर्ने देखियो ।

नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धि सम्झौता, अभिसन्धि तथा प्रोटोकल र इच्छाधिन आलेख (अर्को शब्दमा वहुपक्षिय सन्धिको प्रावधानको प्रशासन गर्ने दायित्व नेपाल सरकार (कार्य विभाजन) नियमावली,

२०७२ बमोजिम सम्बन्धित मन्त्रालयकै हुन्छ। नेपालले हस्ताक्षर गरिसकेका तर नेपालको संविधान बमोजिम अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनको लागि पहल गर्ने कर्तव्य पनि सम्बन्धित मन्त्रालयकै रहन्छ। बहुपक्षिय सन्धिको कार्यान्वयनबाट प्राप्त हुने प्राविधिक सहायता प्राप्त हुने, अन्तराष्ट्रिय मञ्चमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने जस्ता लाभ हुन सक्दछन्। विद्यमान कानूनको परिमार्जन गर्ने, आवश्यक कानूनको तर्जुमा गरी कार्यान्वयनमा ल्याउने तथा आवश्यकता अनुसार सक्षम राष्ट्रिय निकायको स्थापना गर्न पहल समेत हुनुपर्दछ। हस्ताक्षर भई संविधान अनुसार सम्मिलन, स्वीकृति, समर्थन जस्ता प्रकृया पुरा भएपछि मात्र बहुपक्षिय सन्धिको प्रावधान अनुसार कार्यान्वयनमा ल्याउने, नियमित रुपमा वार्षिक सदस्यता शुल्क वा बजेटरी वित्तिय योगदान वा अन्य आवश्यक शुल्क भुक्तानी गर्न पहल गर्ने प्रावधान बमोजिम तोकिएको अवधिका प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउने लगायतका कार्य सम्बन्धित मन्त्रालयले सम्पन्न गर्नुपर्ने देखिन्छ। सन्धिको प्रावधान बमोजिम प्राप्त हुने प्राविधिक सहायता, वैदेशिक सहयोग आदि अधिकत्तम हितमा उपयोग हुने दिशामा मन्त्रालय सकृय रहनुपर्दछ।

सूचना प्रविधि विभाग

१. **दरवन्दी पदपूर्ति अवस्था :** विभागबाट उपलब्ध दरवन्दी विवरण अनुसार विभागमा जम्मा ३२ दरवन्दी रहेकोमा रा.प. द्वितीय श्रेणीको निर्देशक पद १, रा.प. तृतीय श्रेणीको पद १, रा.प. तृतीय श्रेणीको पद ४ र रा.प.अनं प्रथम श्रेणीको कम्प्युटर टेक्निसियन पद ८ गरी जम्मा १४ पद रिक्त रहेको देखियो। रिक्त दरवन्दी पदपूर्ति गरी कार्यसञ्चालन हुनु पर्दछ।

२. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम ५०(३) बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भए पछि कार्यालय प्रमुखले त्यस्तो प्रतिवेदन एक प्रति तालुक कार्यालयमा पठाउनु पर्नेछ। तालुक कार्यालयले त्यस्तो प्रतिवेदनको विषयमा कुनै निर्देशन पठाएमा कार्यालय प्रमुखले सो समेत विचार गरी सो अवधि भित्र कुनै निर्देशन प्राप्त नभएमा प्रतिवेदनमा उल्लेख भए अनुसार लिलाम बिक्री गर्नु पर्ने मालसामान ६ महिना भित्र, मर्मत सम्भार गर्नुपर्ने भए ३ महिना भित्र गरी सक्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणमा यो वर्ष प्राप्त जिन्सी निरीक्षण प्रतिवेदन अनुसार कम्प्युटर, प्रिन्टर, ल्यापटप, यु.पि.एस. लगायतका सामान चालू हालतमा नरहेको सामानको आर्थिक कार्यविधि नियमावली,२०६४ बमोजिम जिन्सी मर्मत तथा लिलाम गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ भनी गत वर्षको प्रतिवेदनमा औंल्याउँदा समेत स्थितिमा सुधार भएको छैन।

३. **वार्षिक लक्ष्य एवम् प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ अनुसार कार्यालयले स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम सम्पन्न गरी प्रगति प्रतिवेदन तालुक कार्यालयमा पेश गर्नुपर्ने र तालुक कार्यालयले नियम २६ बमोजिम प्रगति समिक्षा गर्नुपर्ने व्यवस्था छ। विभागबाट प्राप्त वार्षिक कार्यक्रम लक्ष्य तथा प्रगति विवरण अनुसार वाह्र (१२) कार्यक्रमको प्रगति शुन्य र नौं (९)कार्यक्रमको प्रगति ५० प्रतिशत भन्दा कम देखिन्छ। यसरी वार्षिक कार्यक्रम अनुरुप बजेट व्यवस्था भएपनि कार्यान्वयन नभएको अवस्था उचित र सान्दर्भिक देखिएन। तसर्थ जिम्मेवार निकायले यस्तो अवस्था आउन नदिनको लागि आवश्यक पहल गर्नुपर्दछ।

४. **कार्यक्रम सञ्चालन :** कार्यालयले आफ्नो वार्षिक बजेट तथा कार्यक्रम अनुसार चौमासिक लक्ष्य निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। चौमासिक खर्चको तुलनात्मक विश्लेषण गर्दा कुल खर्च रु.१,२५,७१,९४७- को प्रतिशत अर्थात रु.१,२२,३४,११४।- खर्च तेस्रो चौमासिकमा गरेको देखिन्छ। सो मध्ये २०.७९ प्रतिशत खर्च आषाढ महिनामा गरेको छ। तसर्थ तोकिएकै समयमा स्वीकृत कार्यक्रम अनुसार खर्च गर्नु पर्दछ।

५. **खरिद व्यावस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धी सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। यस विभागले ई भिलेजको लागि ल्यापटप, कम्प्युटर, फोटोकपी मेशिन स्क्यानर आदि रु. *९१,८३,२६५*- मा बोलपत्रको माध्यमबाट खरिद गरेको छ। यसरी खरिद गरिएको सामान जडान गर्न, ढुवानी गर्न र प्रशिक्षार्थीलाई तालिम प्रदान गर्न भनी अलग अलग प्याकेज गरी प्रतिस्पर्धा बेगर कार्य गराएको छ। सामान जडान, ढुवानी र तालिम गर्ने कार्य एउटै प्याकेज गरी प्रतिस्पर्धा गरी गराउन सकिनेमा पटक पटक गरी प्रतिस्पर्धा बेगर खरिद गरेकोमा कामको प्रकृति र इ भिलेजको स्थानको कारणले अलग अलग गर्नु परेको भनाई रहेको छ। यस प्रकारको कार्यमा सुधार हुनु पर्दछ।

विभागले सबैको लागि सूचनामा पहुँच पुऱ्याउने उद्देश्यले १६ स्थानमा ई भिलेजको स्थापना गरेको छ। ई भिलेज स्थापनको लागि प्रति ई भिलेज ल्याप टप १, ब्राण्डेड कम्प्युटर २, फोटोकपी मेसिन १, स्क्यानर १, साउण्ड सिष्टम १, मल्टीमिडिया प्रोजेक्टर १, क्यानन क्यामरा १, एक्सटरनल हार्डडिक्स १, राउटर १, standard rack १ गरी रु.९९ लाख २ हजार मूल्य बराबरका सामान हस्तान्तरण मार्फत पठाएको छ। पठाएका यी सामानको उपयोगको अवस्थाको सम्वन्धमा निरन्तर अनुगमन गरी प्रतिवेदन लिनु पर्नेमा केही केन्द्रहरुको अनुगमन गरेको भएतापनि सबै केन्द्रहरुको सो अनुरुप प्रतिवेदन लिने गरेको देखिएन।

६. **सूचना प्रविधि पार्क व्यवस्थापन :** नेपाललाई सुचना प्रविधिको उद्योगको गन्तव्यको रुपमा विकास र विस्तार गर्ने उद्देश्यले काभ्रेको बनेपा स्थित २३७ रोपनी (मौखिक जानकारी) क्षेत्रफल जग्गामा आ.व २०६०/६१ मा रु.१३ करोड ६५ लाख ५५ हजारको लागतमा दुईवटा भवन क्वाटर एवम् अन्य पूर्वाधार निर्माण सम्पन्न गरी सूचना प्रविधिपार्क स्थापना भएको छ । सूचना प्रविधि पार्क सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७२ अनुसार विश्वविद्यालय र सूचना प्रविधि सम्वन्धि कार्य गर्ने कम्पनीहरुसँग पार्क सञ्चालन गर्ने सम्वन्धमा सम्झौता भई कार्य अगाडी बढेको छ । विज्ञान प्रविधि तथा वतावरण मन्त्रालयको २०६९।१२।१२ को सचिवस्तरीय निर्णय अनुसार उक्त पार्क सूचना प्रविधि विभागलाई हस्तान्तरण गरेको छ। विभागको अभिलेख अनुसार १६८ रोपनी ४ आना रहेको देखिए पनि विभागले नापी कार्यालय काभ्रेपलाञ्चोकले सो पार्कको जग्गाको क्षेत्रफल १७७ रोपनी १२ आना रहेको जानकारी गराएको देखिन्छ । विभागले घटी देखिएको ६० रोपनी जग्गाको खोजविन, संरक्षण तथा जग्गा र भवनको उपयोगको लागि कार्य योजना तयार गरी कार्यान्वयन गरेको देखिएन ।

७. **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ ले सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा स्पेशिफिकेशनको अधिनमा रही चालु वा अघिल्लो वर्षहरुमा अन्य निकायले सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय वजारमा प्रचलित दरभाउ, अन्य वजारको प्रचलित दरभाउ र मालासमान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग वाणिज्य संघले जारी गरेको दररेट आदिलाई आधार लिनु पर्ने व्यवस्था उल्लेख गरेको छ । नियमानुसार उपर्युक्त व्यवस्था भए तापनि विभागले लागत अनुमान तयार गर्दा सो व्यवस्थाको पालना र कार्यान्वयन नगरेका केही उदाहरण निम्न छन् ।

८. **व्याकअप स्ट्रेन्थेनिङ कार्य:**विभागले ईभिलेजको लागि कम्प्युटर,फाटोकपि मेशिन ,प्रोजेक्टर,सोलार, सोलार व्याट्ट्री खरिद तथा जडान कार्यको लागि रु.९३ लाख ७६ हजार को लागत अनुमान तयार गरी प्रतिस्पर्धावाट छनौट भएको एक प्रा.लि. लाई रु.९२ लाख ८३ हजार (मु.अ.कर समेत) भुक्तानी दिएको छ । लागत अनुमान तयार गर्दा ३ कम्पनी वा फर्मको दरभाउपत्रसम्म लिएको देखिन्छ । गत विगत वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, अन्य वजारको प्रचलित दरभाउ तर्फ ध्यान दिएको देखिएन । लागत अनुमान मितव्ययी तरिकाले तयार गर्न गरिएको उपर्युक्त व्यवस्थाको पालना नगरी विभागले लागत अनुमान तयार गरेको देखिएको छ ।

वि.पि.कोइराला मेमोरियल प्लानेटोरियम अब्जरभेटोरी तथा विज्ञान संग्रहालय विकास समिति

१. **तलवि प्रतिवेदन :** निजामति सेवा ऐन ,२०४९ को दफा ७(ख)२ मा भएको व्यवस्था वमोजिम काठमाण्डौं उपत्यका भित्र रहेका कार्यालयका कर्मचारीहरुको तलवि प्रतिवेदन निजामति किताव खानावाट पारित गराएर तलवि खर्च लेख्नपर्ने उल्लेख भएता पनि यर समितिका कार्यारत निजामति कर्मचारी १जना कार्याकारी निर्देशक समेत अन्य कर्मचारी १० मध्ये स्थायी कर्मचारी ३ जनाको तलवि प्रतिवेदन परित नगरनई यो वर्ष रु २२ लाख ३९ हजार तलव खर्च लेखेको छ ।

२. **वार्षिक प्रगति प्रतिवेदन :** आर्थिक कार्यविधि नियमावली, २०६४को नियम २५ अनुसार कार्यालयले स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम सम्पन्न गरि प्रगति प्रतिवेदन तालुक कार्यालयमा पेश गर्नुपर्ने र तालुक कार्यालयले नियम २६ वमोजिम प्रगति समिक्षा गर्नुपर्ने व्यवस्था छ । विभागबाट प्राप्त वार्षिक कार्यक्रम लक्ष्य तथा प्रगति विवरण अनुसार ८ कार्यक्रमको प्रगती शुन्य र ६ कार्यक्रमको प्रगती ७१ प्रतिशत भन्दा कम देखिन्छ । यसरी वार्षिक कार्यक्रम अनुरुप वजेट व्यवस्था भए पनि कार्यान्वयन नभएको अवस्था उचित र सान्दर्भिक देखिएन । तसर्थ जिम्मेवार निकायले यस्तो अवस्था आउन नदिनको लागि आवस्यक पहल गर्नु पर्दछ ।

३. **जनशक्ति व्यवस्थापन :** विकास समितिको (गठन) आदेश २०४८ मा भएको (पहिलो संशोधन)(गठन) आदेश २०५५ बमोजिम समितिमा कार्यकारी निर्देशक नेपाल सरकारबाट नियुक्ती गर्ने र अन्य कर्मचारी गठन आदेशको दफा ५ ख अनुसार समितिले आवश्यकता अनुसार नियुक्ती गर्न सक्ने उल्लेख छ । गठन आदेशको दफा १० मा समितिले कार्य संचालनको लागि आवश्यक नियम बनाउन सक्ने उल्लेख छ ।समितिले कर्मचारी नियमावली २०७१ को मस्यौदा तयार गरे पनि स्वीकृत भएको प्रति लेखापरीक्षणको समयमा पेश भएको छैन । समितिमा कार्यकारी निर्देशक १ राजनैतिक नियुक्ति भएको र १ जना लेखा अधिकृत निजामति कर्मचारी र समितिको स्थायी कर्मचारी ३ जना(१ सह कार्यकारी निर्देशक ,१वेधशाला व्यवस्थापक र १ कार्यालय सहयोगी) र करारमा कम्प्युटर अपरेटर सुरक्षा गार्ड र सवारी चालक र कार्यालय सहयोगी समेत ६ जना कार्यरत रहेको देखिन्छ । समिति गठनको करिव २४वर्ष वितिसके पनि विकास समिति गठनको उद्देश्य अनुरुप कार्य भएको र जनशक्ति व्यवस्थापन सम्वन्धमा गत विगतको प्रतिवेदनमा समेत औल्याएको मा स्थितिमा सुधार भएको देखिएन ।

४. **समितिको कोष र संचालन** : वि.पि कोइराला मेमोरियल प्लानेटोरियम तथा अब्जरभेटरी विकास समिति(गठन) आदेश २०४८ को दफा ६ मा समितिको एउटा कोष रहने र उक्त कोषमा नेपाल सरकारबाट प्राप्त रकम, चन्दा तथा दान दातव्यबाट प्राप्त रकम, विदेशि सरकार वा संस्थाबाट प्रदान गरिएको रकम र अन्य कुनै श्रोतबाट प्राप्त रकम जम्मा हुने रकोषको संचालन तोकिए वमोजिम हुने उल्लेख छ । त्यसैगरी गठन आदेशको दफा १० मा समितिले आफ्नो कार्य संचालनको लागि आवश्यक नियमहरु बनाउन सक्ने उल्लेख छ । समितिले नेपाल सरकारबाट प्राप्त रकम बाहेक अन्य कुनै श्रोतबाट रकम प्राप्त गरेको देखिएन भने कार्यसंचालनको लागि कर्मचारी सेवा सर्त र

सुविधा सम्बन्धि नियम तथा आर्थिक कार्यसंचालन सम्बन्धि कुनै पनि नियम बनाएको छैन । विकास समिति ऐन २०१३ अन्तर्गत गठन आदेश जारी गरी समिति स्थापना भएको देखिएता पनि कार्य संचालन समितिको रुपमा नभई नेपाल सरकारको कार्यालयको रुपमा सालवसाली बजेट निकासा गरी खर्च गर्ने र खर्च नभएको रकम फ्रिज गर्ने गरेबाट समितिको उद्धेश्य अनुसार कार्य संचालन भई कोषको व्यवस्थापन तथा संचालन भएको पाईएन ।

५. **जिन्सी व्यवस्थापन** : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ५०(१) बमोजिम लगत खडा गरी राखेको जिन्सी सामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले जिन्सी निरीक्षण गर्न लगाई प्रतिवेदन लिने र प्रतिवेदन अनुसार मालसामानको संरक्षण पर्याप्त भएको छ छैन र आम्दानी गरिएको सामान प्रयोग भए नभएको एवं हानी नोक्सानी भए नभएको एकिन गरी हानी नोक्सानी भएको भए क-कस्को कारणवाट त्यस्तो भएको हो आवश्यक कारवाही गरी जिन्सी श्रेस्ता अध्यावधिक गर्नुपर्ने व्यवस्था छ । कार्यालय प्रयोजनको लागि खरिद गरिएको निम्नानुसारका रु.२ करोड ११ लाख ७७ हजारका समान कार्यालयमा नभएको भौतिक परिक्षण देखिएकोले उक्त सामानहरुको अवस्था सम्बन्धमा आवश्यक छानविन गरी अविलम्ब कार्यालयमा दाखिला गर्नुपर्ने व्यहोरा गतवर्षको लेखापरीक्षणमा औल्याइए पनि सम्वन्धित तालुक कार्यालयवाट छानविन गरी जिन्सी सामान कायांलयमा दाखिला गराएको देखिएन ।कार्यालयले यस सम्वन्धमा मन्त्रालय तथा सह कार्यकारी निर्देशकलाई पत्राचार गरे पनि कारवाही भएको देखिएन । सरकारी सम्पती हानीनोक्सानी गर्नेउपर नियमानुसार कारवाही गरी हानीनोक्सानी भएको रकम असुल गर्नुपर्ने देखियो ।

६. **कार्य विवरण :** निजामति सेवा नियमावली, २०५० को नियम ९ बमोजिम निजामति पदहरुको अनूसूची ४ बमोजिमको ढाँचामा कार्य विवरण सम्बन्धित सचिव, विभागिय प्रमुख र कार्यालय प्रमुखले तयार गरि लागू गर्नुपर्ने र त्यस्तो कार्य विवरणको एक प्रति सामान्य प्रशासन मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ । तर कार्यालयले यस प्रकारको कार्यविवरण तयार गरि कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिएको पाईएन । तसर्थ नियमावलीमा तोके अनुसारको कार्य विवरण तयार गरी लागू गर्नुपर्दछ ।

७. **विज्ञान संग्रहालय :** विकास समितिको (गठन) आदेश २०४८ मा भएको (पहिलो संशोधन)(गठन) आदेश २०५५ को (घ) १ले विज्ञान संग्रहालयको जिम्मेवारी समेत समितिलाई दिएको छ । विज्ञान संग्रहाल भवन करिव ६४ करोड को लागतमा गतविगत वर्ष नै निर्माण संपन्न भएको भएपनिविज्ञान संग सम्वन्धीत वस्तु संग्रह गर्ने र विज्ञान सम्वन्धी अध्ययन अन्वेषण गर्ने गराउने कार्ययोजना तयार गरेको पाईएन । यस सम्वन्धमा छलफल हुंदा विज्ञान संग्रहालयको काम खासै अघि नवढेको जवाफ प्राप्त भएको छ । सो व्यहोरा गत वर्षको लेखापरक्षण प्रतिवेदनमा औंल्याए पनि स्थिति यथावत छ । उदेश्य अनुरुप विज्ञान संग्रहालय संचालन तर्फ सकृयतापूर्वक पहल गर्नुपर्ने देखियो ।

८. **खर्चको पुष्ट्याई हुने प्रमाण कागजात :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्न पाउने व्यवस्था उल्लेख छ । मिति: २०७३/०३/२६ को निर्णयवमोजिम देहायवमोजिमका क्याम्पसहरुलाई ५ लाख ७५ हजार छात्रवृति रकम समेत भुक्तानी दिएकोमा प्रमाण पेश नभएको अर्थात थेसिस प्रतिवेदन भएको छैन ।

९. **पेश्की :** एक कर्मचारीको वैज्ञानिक अवधारणा प्रवर्द्धन कार्यक्रम पेश्की रु.३ लाख ५० हजार फछ्र्यौट गरेको संलग्न विवरण अनुसार सहभागी दैनिक भत्ता तथा भ्रमण भत्ता,वैठक तथा प्रशिक्षण भत्ता,सहभागी यातयात खर्च ,खाना तथा खाजा खर्च, विभिन्न भाडा तथा स्टेशनर खर्च र विविध खर्च गरी जम्मा रु.३ लाख ४४ हजार खर्चको मात्र विल भर्पाई संलग्न भएकोले विल भरपाई भन्दा वढी रु.७ हजार को खर्चको पुष्याई हुने कागजात संलग्न छैन ।

एक सेवा लाई दिईएको मोविलाईजेशन पेश्की रकम रु.४ लाख १९ हजार लेखापरीक्षणको अवधिसम्म फछ्र्यौट भएको नदेखिएको ले नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

१०. **धरौटी :** यो वर्षको धरौटी रकम रु.२ करोड ८६ लाख ३५ हजार मध्ये गत वर्षको धरौटी रु.२ करोड ८५ लाख ४१ हजार को को.ले.नि.का. को भुक्तानी केद्र नंवर २ स्थित एभरेष्ट वैंक खाता नंवर १७७००२०३ रहेको र यो वर्षको धरौटी रकम रु.९४ हजार राष्ट्रिय वाणिज्य वैंक , टेकुमा रहेकोले एभरेष्ट वैकवाट रु २ करोड ८५ लाख ४१ हजार राष्ट्रिय वाणिज्य वैक, टेकुमा रहेको खाता नंवर १७००२०३०००००० मा हस्तान्तरण गरी हिसाव मिलान गर्नुपर्दछ ।

राष्ट्रिय सूचना प्रविधि केन्द्र

१. **बार्षिक लक्ष्य तथा प्रगति:** आर्थिक कार्यविधि नियमावली २०६४को नियम २५ मा कार्यालयले स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम सम्पन्न गरि प्रगति प्रतिवेदन तालुक कार्यालयमा पेश गर्नुपर्ने र तालुक कार्यालयले नियम २६ अनुसार प्रगति समिक्षा गर्नुपर्ने व्यवस्था छ । केन्द्रबाट प्राप्त प्रगति अनुसार यो वर्ष ९० प्रतिशत भारित प्रगति हासिल गरेको देखिन्छ ।

२. **खरिदमा प्रतिस्पर्धा** : केन्द्रले रु १२ करोड ६३ लाख लागत अनुमान रहेको ३ बोलपत्र मार्फत खरिद गरेको रु १२ करोड १८ लाख ९८ हजारको खरिद प्रकृयाको परीक्षण गर्दा प्रत्येक खरिदमा बढीमा ३ बोलपत्र विक्री भएको, २ मात्र दाखिला भएको र प्राविधिक परीक्षणवाट दुई खरिदमा १।१ बोलपत्र मात्र छनौट गरेको र एक खरिदमा प्राविधिक परीक्षणवाट २ बोपपत्र छनौट गरेको भए तापनि कवोल रकम घटी भएको कारण उल्लिखित तीनै खरिदमा एउटै कम्पनी छनौट भएको छ । केन्द्रले नियममा व्यवस्था भए अनुसारको म्याद दिई वोलपत्रको सूचना प्रकाशन गरेको

भए तापनि बोलपत्र विक्री तथा दर्ता कम भएको कारण मूल्य प्रतिस्पर्धा भएको देखिदैन । खरिदमा प्रतिस्पर्धा वढाउन प्रयास गर्नु पर्ने देखिएको छ ।

३. **चौमासिक कार्यक्रम संचालन :** यस बर्ष कार्यालयले विभिन्न शीर्षकमा रु.२५९०९६४२३.२१ खर्च गरेको मध्ये रु. १२४८७०९४४.३६ (४८.१९ प्रतिशत) तेस्रो चौमासिकमा खर्च गरेको छ । उक्त खर्च मध्ये आषाढ महिनामा मात्र रु.३७०५७९७३.०० अर्थात् कुल खर्चको १४.३ प्रतिशत खर्च गरेको देखिन्छ । अन्तिम चौमासिक र आषाढ महिनामा खर्चको भार बढी देखिएको छ । वर्षान्तमा खर्च बढी हुंदा वजेट सन्तुलनमा असर पर्न सक्ने हुंदा समयमा नै निकासा प्राप्त गरी खर्च गर्नु पर्दछ ।

४. **खर्च शीर्षक :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने, खर्च गर्न र खर्च गर्ने निकासा दिनु पर्ने उल्लेख छ । अर्थ मन्त्रालयद्वारा जारी गरिएको खर्च शीर्षकको व्याख्या अनुसार पानी तथा विजुली महशुल खर्च संकेत नं २२१११ वाट लेख्नु पर्ने व्यवस्था छ । राष्ट्रिय सुचना प्रविधि केन्द्रले कार्यक्रम खर्च २२५२२ खर्च संकेतबाट विद्युत महशुलमा रु.२८ लाख ५२ हजार खर्च लेखेको देखियो । सम्वन्धित खर्च शीर्षकमा वजेट बाँकी नरहेको र समयमा महशुल भुक्तानी नगर्दा थप महशुल लाग्ने भएकोले अन्य शीर्षकमा बचत रहेको रकमबाट महशुल भुक्तानी गरेको व्यवस्थापनको भनाई रहेको छ । यसरी फरक शीर्षकवाट खर्च गर्दा वजेट व्यवस्थाको पालना नहुने रआर्थिक विवरणले शीर्षकगत खर्चको यथार्थ अवश्था चित्रण गर्न नसक्ने भएकोले रकमान्तर गरी सम्वन्धित खर्च शीर्षकमा रकम व्यवस्था गरी खर्चको आदेश गर्नु पर्नेमा सो नगरी फरक शीर्षकबाट खर्च लेखेको नियमित देखिएन ।

५. **सामान फिर्ता :** कार्यालयवाट अवकाश भईसकेका वा विभिन्न कारणवाट जिम्मेवारीवाट अलग भई सकेका १ मन्त्री, १ विशिष्ट श्रेणी को कर्मचारी १ मन्त्रीका पी.ए. तथा ५ कर्मचारीहरुले बुझेका ६ ल्यापटप, १ आइप्याड, क्यामेरा तथा लेन्स हाल सम्म फिर्ता नगरेकोले सम्वन्धित व्यक्तिहरुलाई पत्राचार गरी असुलीको कारवाही गर्न जिन्सी निरीक्षण प्रतिवेदनमा समेत सुझाव दिएकोमा सो के कारवाही गरेको देखिएन । यो व्यहोरा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उक्त सामान फिर्ता प्राप्त गर्नुपर्ने भनी उल्लेख गरिएकोमा हालसम्म कुनै कार्यवाही गरेको देखिएन । सरकारी सामान संरक्षण सम्बन्धमा कार्यालय सक्रिय नहुदा यस्तो प्रवृत्तिले बढावा पाउदै जाने भएकोले आवश्यक प्रक्रियाा अघि वढाई सरकारी सम्पत्ति फिर्ता प्राप्त गरी संरक्षण गर्नु पर्दछ ।

६. **मर्मत तथा लिलाम :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५०(३) अनुसार जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि कार्यालय प्रमुखले त्यस्तो प्रतिवेदनको एक प्रति तालुक कार्यालयमा पठाउनु पर्नेछ । तालुक कार्यालयले त्यस्तो प्रतिवेदनको बिषयमा एक महिना भित्र कुनै निर्देशन पठाएमा कार्यालय प्रमुखले सो समेतलाई बिचार गरि सो अवधि भित्र कुनै निर्देशन प्राप्त नभएमा लिलाम बिक्री गर्नुपर्ने मालसामान ६ महिना भित्र र मर्मत संभार गर्नुपर्ने भए ३ महिनाभित्र गरिसक्नुपर्ने व्यवस्था छ । जिन्सी निरीक्षण प्रतिवेदनमा डेस्कटप, ल्यापटप कम्प्युटर ३२ थान, व्याट्री ४८४ थान, यू.पी.एस. ३३ थान, हिटर १६ थान, पिएबिएक्स सिस्टम २ थान, एट पोर्ट स्वीच ३ थान, फ्याक्स मेशीन ६ थान, प्रोजेक्टर १ थान लगायतका ३१ प्रकारका सामान मर्मत नहुने अवस्थामा रहेकोले लिलाम विक्री गनुपर्ने उल्लेख गरेकोमा लिलाम विक्री हुन सकेको छैन । पुराना व्याट्रीहरुको लिलाम सम्वन्धमा वातावरणीय सुरक्षा प्रक्रिया अवलम्वन गरी लिलाम प्रक्रियाको तयारी भईरहेको छलफलमा जानकारी गराएको छ ।

७. **कार्यालयको निरिक्षण :** सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ को नियम ४०(१) मा सचिवले आफ्नो मन्त्रालय, मातहतका विभाग, परियोजना तथा कार्यालयको र विभागीय प्रमुख तथा कार्यालय प्रमुखले आफ्नो र आफ्नो मातहतको कार्यालय तथा परियोजनाको प्रत्येक आर्थिक वर्षमा कम्तीमा एक पटक आफैले वा आफूले अख्तियार सुम्पेको कर्मचारीद्वारा अनिवार्य निरीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । तालुक निकायबाट निरीक्षण भएको देखिएन । यसरी तालुक निकायबाट निरीक्षण नहुँदा कार्यालयको कामकारवाही प्रभावकारी रुपमा संचालन भईरहेको छ तथा आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी छ भन्न सक्ने आधार भएन ।

यस सम्बन्धमा छलफल गर्दा निरीक्षण हुने गरेको तर अभिलेख राख्ने नगरिएको हुदाँ अब अभिलेख राखिने भनी कार्यालयले गत वर्ष जवाफ दिएको भए तापनि यो वर्ष त्यस्तो पुस्तिका राखेको पाईएन ।

८. **सर्भर व्यवस्थापन :** राष्ट्रिय सूचना प्रविधि केन्दको व्यवस्थापनमा गभरमेन्ट इन्टिग्रेटेड डाटा सेन्टरलाई अझ बढी क्षमतायुक्त एवं सम्पन्न बनाई सशक्त रुपमा सञ्चालन गर्न, सुरक्षित साथ डाटा भण्डारण गर्न र डाटा आदान प्रदानमा २४ सै घण्टा सेवा दिन विभिन्न दातृ संस्था र नेपाल सरकारको ठूलो लगानीमा आवश्यक संरचनाको व्यवस्था गरिएको छ । नेपाल सरकारका सबै कार्यालयको सर्भर राष्ट्रिय सूचना प्रविधि केन्द्रमा राख्ने व्यवस्था मिलाउन सकेमा सर्भर सुरक्षा तथा सञ्चालनका लागि अतिरिक्त स्रोत र साधन खर्च हुनबाट जोगिन सक्ने अवस्था रहन्छ । यसै कुरालाई मध्येनजर गरी नेपाल सरकारले सम्पूर्ण सर्भर एकीकृत रुपमा राष्ट्रिय सूचना प्रविधि केन्द्रमा राख्ने व्यवस्था मिलाउन २०७१।१२।३० मा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को

कार्यालयले पत्राचार समेत गरेको देखिन्छ । राष्ट्रिय सूचना प्रविधि केन्द्रले सो अनुसार नेपाल सरकारका विभिन्न निकायमा रहेका सर्भरको अभिलेख तयार गरी सो विषय कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

९. **दरवन्दी तथा पदपूर्ति:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ (ञ) मा कार्यालयको संगठन, व्यवस्थापन तथा कार्यविभाजन अनुसार कार्य संचालन भएको हुनुपर्ने उल्लेख छ । विभागको दैनिक कार्य सञ्चालन तथा त्यसको उद्देश्य प्राप्तीका लागि सालबसाली समेत २७ दरबन्दी स्वीकृत भएकोमा २४ पद पूर्ति भएको छ । सो मध्ये सालबसाली समेत २१ पद करार सेवाबाट पूर्ति गरेको छ । केन्द्रले सम्पादन गर्नुपर्ने कार्य यकीन गरी संगठन संरचना तथा स्थायी दरवन्दी स्वीकृत गरी स्थायी पदपूर्तिको व्यवस्था मिलाउनु पर्दछ ।

१०. **प्रतिस्पर्धा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ मा रु १ लाख सम्मको सेवा सार्वजनिक निकायले वार्ता गरी करारमा लिन लिन सक्ने र सो भन्दा बढी रकमको सेवा करारमा लिनु परेमा १५ दिनको सूचना प्रकाशन गरी प्रतिस्पर्धात्मक तरिकाले करारमा लिनु पर्ने व्यवस्था छ । सुचना केन्द्रले विगतदेखि करारमा कार्यरत विभिन्न तहका २१ कर्मचारीहरुको म्याद थप गरी यो वर्ष निम्नानुसार रु.१५ लाख ५२ हजार तलव खर्च शीर्षकबाट र रु. ३८ लाख ८५ हजार अन्य सेवावाट गरी रु.५४ लाख ३७ हजार भुक्तानी दिएको छ । नियमावलीको व्यवस्था अनुसार सेवा करारमा लिनु पर्दछ ।

११. **लागत अनुमान –** लागत अनुमान सम्वन्धमा देखिएका व्यहोराहरु

११.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ ले सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा स्पेशिफिकेशनको अधिनमा रही चालु वा अघिल्लो वर्षहरुमा अन्य निकायले सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय वजारमा प्रचलित दरभाउ, अन्य वजारको प्रचलित दरभाउ र मालासमान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग वाणिज्य संघले जारी गरेको दररेट आदिलाई आधार लिनु पर्ने व्यवस्था गरेको छ । नियममा उपर्युक्त व्यवस्था भए तापनि केन्द्रले केन्द्रले इन्टिग्रेटड ईन्टेलिजेन्ट सर्भर र्‍याक खरिद तथा जडान कार्यको लागि रु १ करोड ९४ लाखको लागत अनुमान तयार गरी प्रतिस्पर्धावाट छनौट भएको सुविसु केवाल नेट प्रा.लि. लाई रु २ करोड १६ लाख २२ हजार (मु.अ.कर समेत) भुक्तानी दिएको छ । लागत अनुमान तयार गर्दा ३ कम्पनी वा फर्मको दरभाउपत्रसम्म लिएको देखिन्छ । गत विगत वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, अन्य वजारको प्रचलित दरभाउ तर्फ ध्यान दिएको देखिएन । लागत अनुमान मितव्ययी तरिकाले तयार गर्न गरिएको उपर्युक्त व्यवस्थाको पालना नगरी केन्द्रले विना आधार लागत अनुमान तयार गरेको देखिएको छ । यसमा सुधार गर्नु पर्दछ ।

११.२. जी.आई.डी.सी. सेक्युरिटी स्ट्रेन्थेनिङ कार्य अन्तर्गत एप्लिकेशन इन्टेलिजेन्ट ब्याण्डवीथ मेनेजमेन्ट, वेभ एप्लिकेशन फाएरवाल र गेटवे लग एनाईजर खरिद वापत सुविसु केवल नेट प्रा.लि.लाई रु ६ करोड ५३ लाख ७९ हजार मु. अ.कर समेतं भुक्तानी दिएको छ । सो कार्यको लागि मु.अ.कर बाहेक रु ५ करोड ८३ लाख को लागत अनुमान तयार गर्दा गर्दा विभिन्न ३ कम्पनी वा फर्मको दरभाउ पत्र सम्म लिएको देखिन्छ । गत विगत वर्षहरुमा सोहि प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, अन्य वजारको प्रचलित दरभाउ तर्फ ध्यान दिएको देखिएन । लागत अनुमान तयार गर्दा माग गरेको दरको औषत, अधिकतम वा न्यून कुनै पनि दर प्रयोग नगरि लागत अनुमान तयार गरेको देखिन्छ ।

११.३. जी.आई.डी.सी. क्षमता विस्तार तथा डी.डव्लु.डी.एम. नेटवर्क स्थापना कार्य अन्तग)त यूपीएस, हाइ) क्यापासिटी चेसिस, फाइ)वर कपलर तथा एसएफपी खरिद गरी रु ४ करोड ८२ लाख ४६ हजार भुक्तानी दिएको छ । सो खरिदको लागि रु ४ करोड ८६ लाख को लागत अनुमान तयार गरी को सम्झौता गरेकोमा विभिन्न ३ कम्पनी वा फर्मको दरभाउ पत्र सम्म लिएको देखिन्छ । गत विगत वर्षहरुमा सोहि प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, अन्य वजारको प्रचलित दरभाउ तर्फ ध्यान दिएको देखिएन । लागत अनुमान तयार गर्दा माग गरेको दरको औषत, अधिकतम वा न्यून कुनै पनि दर प्रयोग नगरि लागत अनुमान तयार गरेको देखिन्छ ।

केन्द्रले लागत अनुमान तयार गर्दा लिएको आधार स्पष्ट हुन सकेन । वहुमूल्य र सम्वेदनशील सामानहरुको आपूर्तिकर्ताले नै जडान गर्ने गरी मूल्यमा नै सो सेवा वापतको रकम समावेश गरी मूल्य कायम गर्ने र निशुल्क जडान सुविधा प्रदान गर्ने व्यवस्था समेत मिलाएको हुन्छ । सो सुविधा आपूर्ति गर्ने कम्पनीवाट प्राप्त हुने नहुने विषयमा जानकारी समेत माग नगरी लागत अनुमानमा थप गर्दा लागत अनुमान अस्वभाविक रुपमा वृद्धि हुन जान्छ । लागत अनुमान र खरिद कार्य वीच सम्वन्ध रहने भएकोले लागत अनुमान तयार गर्दा त्यस्ता विषयहरुमा स्पष्ट गरी नियममा भएको व्यवस्थाको पूर्ण पालना गरी भरपर्दो तरिकाले लागत अनुमान तयार गर्नु पर्दछ ।

१२. **बार्षिक लक्ष्य तथा प्रगति:** आर्थिक कार्यविधि नियमावली २०६४को नियम २५ मा कार्यालयले स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम सम्पन्न गरी प्रगति प्रतिवेदन तालुक कार्यालयमा पेश गर्नुपर्ने र तालुक कार्यालयले नियम २६ अनुसार प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ । यस बर्ष नेपाल सूचना प्रविधि विकास आयोजनाको पूञ्जीगत कार्यक्रमतर्फ नेपाल सरकारको रु.३ करोड ८५ लाख र एडिवीको सोझै भुक्तानी तर्फ रु.१४ करोड समेत रु.१७ करोड ८५ लाखको कार्यक्रम संचालन गर्ने लक्ष्य रहेकोमा नेपाल सरकारतर्फको रु.५० लाख ७७ हजार र एडीवी को सोझै भुक्तानी तर्फ रु.५ करोड ५० लाख ४३ हजार समेत जम्मा रु.६ करोड १ लाख २० हजार अर्थात वजेटको ३३.

३८% खर्च गरेको छ । कार्यालयले यस वर्षको भारित तथा परिमाणात्मक प्रगति एवं हालसम्मको कूल प्रगति खुल्ने गरी प्रगति प्रतिवेदन तयार गरेको छैन । यसले गर्दा आयोजनाको अद्यावधिक प्रगति स्थिति मूल्यांकन गर्नसक्ने स्थिति देखिएन ।

१३. **लेखा व्यवस्था :** राष्ट्रिय सूचना प्रविधि केन्द्रमा एशियाली विकास वैकको लगानी रहेको आयोजनाको लागि गत वर्ष चालु र पूजीगत समेत नेपाल सरकारको रु.२ करोड ५४ लाख ६७ हजार र एशियाली विकास वैक सोभै भुक्तानी तर्फ रु १२ करोड ८ लाख ३७ समेत जम्मा रु १४ करोड ६३ लाख ५ हजार खर्च भएको थियो । यस वर्ष चालु र पूजीगत समेत नेपाल सरकारको रु.५३ लाख १६ हजार र एशियाली विकास वैक सोभै भुक्तानी तर्फ रु.५ करोड ५० लाख ४२ हजार समेत जम्मा रु ६ करोड ३ लाख ५८ हजार खर्च भएको देखिन्छ । सूचना केन्द्रले आयोजना सुरु भए देखि हालसम्मको नेपाल सरकार तथा वैदेशिक स्रोत तर्फको खर्च देखिने गरी आयोजनाको हिसाव राखेको देखिएन । विगतमा सोभै भुक्तानी तर्फको कारोवार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयवाट हुने गरेको र आ.व. २०७१।७२ देखि यस केन्द्रमा लेखा राखेकोले आयोजनाको सूचना केन्द्र तर्फ भएको कुल खर्च यकीन गर्न सक्ने स्थिति देखिएन । अद्यावधिक लेखाको अभावमा योजनामा दातृ निकायको यथार्थ लगानी पहिचान गर्न कठिनाई हुने भएकोले लेखा अद्यावधिक गर्नु पर्दछ ।

१४. **अग्रिम कर कट्टा :** आयकर ऐन, २०५८ को दफा ८९ (३) मा बासिन्दा व्यक्तिले गैह्र बासिन्दा व्यक्तिलाई ठेक्का वा करारको रकम भुक्तानी गर्दा ५ प्रतिशतको दरले करकट्टी गर्नुपर्ने उल्लेख छ । सोभै भुक्तानी तर्फ आपूर्ति सम्बन्धी आपूर्तिकर्ता एल.जी.सि.एन.एस, इण्डियासंग सम्झौता भई खरिद गरिएको Government Groupware को ९० प्रतिशतले हुने अमेरिकी डलर २ करोड ११ लाख १९ हजार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट विगतमा भुक्तानी भएको र यो वर्ष बांकी रहेको १० प्रतिशत अमेरिकी डलर २,१३,३२६।०८ र Additional Hardware को अमेरिकी डलर २,९९,५००।– समेत जम्मा अमेरिकी डलर ५,१२,८२६।०८ भुक्तानी दिएको देखियो । केन्द्रको सिफारिश एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको भूक्तानी मागपत्रको आधारमा दातृ निकायबाट सोभै भूक्तानी हुने उक्त सामान तथा सेवा खरिदको बोलपत्र प्रकृयादेखि नै आयकर सम्बन्धी व्यहोरा उल्लेख नगरिएको र खरिद सम्झौतामा पनि तत्सम्बन्धी स्पष्ट व्यवस्था गरेको पाईएन । उल्लेखित कारणबाट ऐनको व्यवस्था अनुसार भूक्तानीको समयमानै कट्टा गर्नुपर्ने ५ प्रतिशत कर कट्टा नगरी विगतमा भुक्तानी दिएकोले सो रकमको कर असुल गर्ने व्यवस्था मिलाउनुको साथै यो वर्ष भुक्तानी गरेको रु ५ करोड ५० लाख ४३ हजारको ५ प्रतिशत आयकर रु.२७ लाख ५२ हजार असुल गर्नुपर्दछ ।

१५. **खरिद कार्यको अभिलेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा सार्वजनिक निकायले खरिद कारवाहीको अभिलेख राख्नुपर्ने व्यवस्था छ । राष्ट्रिय सूचना प्रविधि केन्द्रले सो अनुसार नेपाल सरकारको स्रोत तथा नेपाल सूचना प्रविधि विकास आयोजना अन्तर्गत गरेका खरिद कारवाहीको व्यवस्थित अभिलेख तयार गरेको छैन । सो अभिलेखको अभावमा उपकरणहरुको वारेण्टी अवधि, कार्यसम्पादन जमानतको अवधिको स्थिति, सामान दाखिलाको स्थिति परीक्षण गर्नसक्ने अवस्था देखिएन । आन्तरिक नियन्त्रणको लागि नियमले गरेको व्यवस्था पालना गर्नुपर्दछ ।

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । मन्त्रालयले खरीद योजना बनाएकोमा सो को कार्यान्वयन नभएको , दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा अनियवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्थाको आंशिक रुपमा मात्र कार्यान्वयन भएको, जिन्सी निरीक्षण गरी प्रतिवेदनको आधारमा पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गरी जिन्सी खाता अद्यावधिक र प्रमाणित गरी नराखेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी भुक्तानी भएको जनाउन छाप लगाई प्रमाणित गरी नराखेको आदि देखिएकोले आन्तरीक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्ने देखिन्छ ।

२. **मुक्त कमैया तथा हलिया पुनःस्थापना :** योजना अवधिमा १९०५९ मुक्त हलियाहरुको पुनःस्थापना हुने तथा २५२ मुक्त हलियाहरुलाई सीप विकास तथा दक्षता अभिवृद्धि तालिम संचालन गरी मुक्त कमैया तथा हलियाहरुको पुनःस्थापना गर्ने कार्य सम्पन्न गरिने कुरा कार्यनीतिमा उल्लेख भएकोमा योजना अवधिमा २५२ मुक्त हलियाहरुलाई सीप विकास तथा दक्षता अभिवृद्धि तालिम संचालन गरेको मन्त्रालयले जनाएपनि तालिमको प्रभावकारीता विश्लेषण गरेको पाइएन । योजना अवधिमा ११०३७ मुक्त हलियाको प्रमाणिकरण भै परिचय पत्र वितरण गरी ती मध्ये ४८५ परिवारलाई जग्गा खरिद, ३५५ परिवारको घर निर्माण र ५८६ परिवारले घर मर्मत अनुदान प्राप्त गरेको मन्त्रालयले जनाएको छ । बाँकी मुक्त हलिया र बाँके, बर्दिया, कैलाली र कंचनपुरमा रहेका २७५७० मुक्त कमैयाको सम्बन्धमा कुनै ठोस कार्य भएको पाइएन । पुनःथापनाको लागि जग्गा खरिद र घर निर्माणको लागि चालु आर्थिक वर्षमा बजेट व्यवस्था भएतापनि वन मन्त्रालयबाट काठ उपलब्ध गराउन नभएकोले काठको लागि आवश्यक थप रु.१ अर्व २८ करोड र सुदुर पश्चिममा रहेका हलिया पुनःस्थापना गर्न थप रु.१ करोड ८० लाख अर्थ मन्त्रालयमा माग गरिएको मन्त्रालयले जनाएको छ । अतः मुक्त कमैया तथा हलियाहरुको पूर्ण रुपमा पुनःस्थापना गरी आत्मनिर्भर गराउने तर्फ ध्यान केन्द्रीत हुनु पर्दछ ।

३. **राष्ट्रिय भूमीनीति तर्जुमा :** राष्ट्रिय भूमीनीति तर्जुमा गरी कार्यन्वयन गरिने अनाधिकृत, अनियन्त्रीत तथा अव्यवस्थित वस्ती विकासमा रोक लगाइने तथा सरकारी, सार्वजनिक एवं गुठी जग्गाहरुको केन्द्रिय लगत तयार गरिने कुरा कार्यनीतिमा उल्लेख भए पनि उक्त काम योजना अवधिमा सम्पन्न भएको पाइएन। राष्ट्रिय भूमीनीति तर्जुमाको लागि निर्देशक समिति र कार्य समिति गठन भै कार्य प्रारम्भ भैरहेको, नीतिको अन्तिम मस्यौदा तयार गर्ने कार्य योजना बनेको, अव्यवस्थित बसोवासलाई व्यवस्थित गर्न नेपाल सरकारले २०७३।११।०३ मा व्यवस्थित बसोवास आयोग गठन गरेको र सरकारी सार्वजनिक एवं गुठी जग्गाको लगत तयारीको काम भूमी सुधार तथा व्यवस्थापन विभाग र गुठी संस्थानबाट भैरहेको मन्त्रालयले जनाएको छ। उल्लेखित काम तदारुकताका साथ सम्पन्न गरिनु पर्दछ।

४. **दोहोरो स्वामित्व :** भूमी माथिको दोहोरो स्वामित्व अन्त गरिने कुरा कार्यनीतिमा उल्लेख भए पनि उक्त काम योजना अवधिमा सम्पन्न भएको पाइएन। भूमी सम्बन्धी ऐन तथा नियममा संशोधन गरी कार्यन्वयन चरणमा गई सकेको र निवेदन संकलनको काम प्रारम्भ भै सकेको मन्त्रालयले जनाएको छ। अतः भूमी माथिको दोहोरो स्वामित्व र मोही तथा र जग्गा धनी वीचको विवाद अन्त गरिनु पर्दछ।

५. **अतिख्यारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को ३२(२) मा बजेट विवरण र खर्च गर्ने अख्तियारी पत्र प्राप्त भएको १५ दिनभित्र पठाउनु पर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरण अनुसार मन्त्रालयले रु.४,२२,३४२।- र भूमीसुधार कार्यालय बाँके, कैलाली र कञ्चनपुरले रु.५,७०,२५०।- समेत रु.९९२५९२।- को अख्तियारी असार महिनामा प्राप्त गरेका छन्। यसमा सुधार हुनु पर्दछ।

६. **सोझै खरीद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद विधि छनौट गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा सावंजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा रु.१० लाखभन्दा बढीको बस्तु तथा सेवाको खरिद बोलपत्रद्धारा गर्नु पर्ने व्यवस्था छ। मन्त्रालयबाट लागत अनुमान तयार नगरी विभिन्न फर्मबाट एकै प्रकिृतिका रु २३१७२२७।- मूल्यका सामान टुक्रा टुक्रा गरी खरिद गरेकोले नियमित देखिएन। मन्त्रालयले चालु आर्थिक बर्षबाट पुर्णरुपमा बोलपत्रको माध्यमद्धारा खरीद गरिने प्रतिबद्धता जनाएको छ।

७. **मर्मत खर्च :** सरकारी खर्चमा मितव्ययीता कायम गर्ने निर्देशिका, २०६८ को बुदा नं. ६८ मा सवारी साधन र मेशिनरी औजारको मर्मत र फेरेको पार्टपूर्जाको खर्च विवरण म.ले.प.फा.नं.२ मा शुरुदेखि नै रजिष्टर खडा गरी व्यवस्थित गर्ने तथा विवरण नभरी गरिएको मर्मत खर्च सम्बन्धित पदाधिकारीबाटै असुल गरिने उल्लेख छ। मन्त्रालयबाट यो वर्ष मर्मतमा रु.२३ लाख ८३ हजार खर्च गरेको छ। मन्त्रालयले उक्त खर्च गर्दा आंशिक रुपमा म.ले.प.फा.नं. २ राखे पनि प्रमाणित भएको छैन। अतः निर्देशिकाको पालना गरी मर्मत कार्य गर्नु गराउनु पर्दछ।

८. **होटल रेस्टुरेन्टमा तालिम गोष्ठी :** नेपाल सरकार(मन्त्रीपरिषद) बाट मिति २०६८।०५।३० मा स्वीकृत भएको सरकारी खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका, २०६८ मा नेपाल सरकारको स्रोतबाट गरिने गोष्ठी/सेमिनार/बैठकलाई सरकारी भवन वा तालीम केन्द्रहरुमा मात्र गर्ने र अन्तराष्ट्रियस्तरको गोष्ठी गर्दा मात्र होटलमा गर्न पाइने व्यवस्था छ। मन्त्रालयले यो वर्ष होटल तथा रिर्सोटमा ४ गोष्ठी संचालन गरी रु १० लाख ३३ हजार भुक्तानी दिएको छ। यस किसिमको खर्चमा नियन्त्रण गर्नुपर्दछ। केहि कार्यक्रमको लागि मन्त्रालयमा रहेको सभाहल सानो भएकोले अन्यत्र कार्यक्रम संचालन गर्नु परेको मन्त्रालयले जवाफ दिएको छ।

९. **इन्धन खर्चको मापदण्ड :** सरकारी खर्चमा मितव्यीता कायम गर्ने निर्देशिका, २०६८ को बुदा नं. ७७ मा सबै मन्त्रालय वा विभागले सवारी साधनको अवस्था र क्षमता हेरी सवारी साधनको प्रति कि.मि. हुने इन्धनको खपतको मापदण्ड तयार गरी लागु गर्नुपर्ने र मापदण्ड तयार भएपछि मापदण्डभन्दा बढी भएको खर्च सम्बन्धित प्रयोगकर्तासंग असुल उपर गरिनेछ उल्लेख छ। मन्त्रालयले इन्धन खर्चको मापदण्ड तयार नगरी रु.२३ लाख ८५ हजार ईन्धन खर्च लेखेकोमा गाडी गुडेको दुरी र इन्धन खर्चको अवस्था देखिने गरी लकबुक समेत राखेको छैन। मापदण्ड तयार गरी लगबुक राख्नुपर्दछ।

१०. **करार सेवाको भुक्तानी :** सार्बजनीक खरीद ऐनको दफा ८.(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुनेमा गत बिगत बर्ष देखिनै करारमा कार्यरत बिभिन्न २४ जना कर्मचारीहरुसगं रु १ लाख भित्रको लागत अनुमान तथा सम्झौता तयार गरी सेवा शुल्क रु ४३ लाख २२ हजार भुक्तानी गरेको छ। कानुन वमोजिम प्रतिस्पर्धा गराई सेवा खरीद गर्नु पर्दछ।

नापि बिभाग

१. **आन्तरिक नियन्त्रण** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा सूचनाको हक संम्बन्धि ऐन, नियम बमोजिम भएका निरीक्षणको अभिलेख राखी कार्यान्वयन नगरेको , बिभागद्धारा मातहत कार्यालयमा हस्तान्तरण गरिएका जिन्सी सामानहरु सम्बन्धितले आम्दानी बाँधेको प्रमाण प्राप्त गरी जिन्सी खाता अद्यावधिक र प्रमाणित गरी नराखेको, बिभागको

उद्देश्य प्राप्तीमा आई पर्ने संभाव्य जोखिम पहिचान नगरेको , दरबन्दि अनुसार पदपूर्ति नभएको, चौमासिक रुपमा खर्च नगरी आषाढमा मात्र ४८ प्रतिशत खर्च गरेको आदि देखिएकोले आन्तरीक नियन्त्रण प्रणाली सुदृढ बनाई सुधार गर्नुपर्ने देखिन्छ ।

२. **लक्ष्य तथा प्रगती :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले सोही नियमावलीको अनूसुची-२ वमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरि तालुक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । बिभागले वजेट उपशिर्षक नम्बर ३३६१०६३/६४ तर्फ तोकिएको ढाँचामा प्रगती विवरण तयार नगरेको र वजेट शिर्षक नम्बर ३३६०१५३/५४ तर्फ प्रगती विवरण नै तयार नगरेकोले ती बजेट उपशिर्षकमा संचालित कार्यहरुको भौतिक तथा वित्तिय प्रगतीको विश्लेषण गर्न सकिएन ।

विभागको आबधिक योजनाको लक्ष्य तथा प्रगतीको समिक्षा गर्दा नापी तथा मालपोत कार्यालयलाई संजालिकरण गरी एकिकृत भू–सूचना प्रणालीको विकास गर्ने योजनाको कार्यनीति रहेकोमा ४ जिल्लामा मात्र आइ.सि.टी. स्थापनाको लागि पूर्वाधार तयार भएको, नापी कार्यालयहरुमा कम्प्यूटर प्रणाली मार्फत सेवा प्रवाह गर्ने कार्यनीति रहेकोमा ३ कार्यालयहरुमा मात्र पूर्ण रुपमा कम्प्यूटर मार्फत सेवा प्रवाह गरेको, अछाम, अर्घाखाँची र पाल्पामा द्वन्द्ववाट क्षति भएका नापी कार्यालयहरुको श्रेस्ता पूनर्स्थापनाको कार्य पूर्ण रुपमा सम्पन्न नभएको, विभिन्न जिल्लाहरुमा जम्मा ९८१४.३५ हेक्टर गाउँ ब्लकहरुको नाप नक्सा सम्पन्न गर्न वाँकी रहेकोमा योजना अवधिमा जम्मा ६७८६ हेक्टर (६९.१४ प्रतिशत) गाउँ ब्लकहरुको मात्र काम सम्पन्न भएको तथा रिमोट सेन्सिङ मार्फत ३० सीट नक्सा अध्यावधिक गरिएको र टोटल स्टेशनको प्रयोग गरेर डिजिटल नापी कार्यालय वनेपा मार्फत २०३०.३१ हेक्टर नापी भएको प्रगति विवरण पेश भएको छ । विभागमा अभिलेख व्यबस्थित नहुदा कति सीट नक्सा अध्यावधिक गर्नु पर्ने थियो साथै टोटल स्टेशनको प्रयोग गरेर कति हेक्टर नापी गर्नु पर्ने हो, अध्यावधिक गरिएको नक्सा तथा नापी भएको हेक्टर पर्याप्त भयो वा भएन एकिन गर्न सकिएन । आवश्यक अभिलेखको आधारमा प्रगति विवरण बनाउनु पर्दछ ।

३. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५३ अनुसार तीन महिना भित्र वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित मन्त्रालय, विभाग तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पुराना मालसामानहरु लिलाम बिक्रि नगरेको र ५ सवारी साधनको मुल्य खुलाई राखेको नपाइएकोले लिलाम विक्री तथा मूल्य खुलाउने कार्य गर्नुपर्दछ ।

४. **सोझै खरीद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । विभागवाट लागत अनुमान समेत तयार नगरी रु ३३५३६७०/- को मालसामान टुक्रा टुक्रा पारी सोझै खरिद गरेको छ । गत बर्षको असहज परीस्थितिका कारण समयमा बोलपत्र व्यवस्थापन गर्न नसक्दा केहि सामानहरु सोझै खरिद गर्नुपरेको बिभागले जनाएको छ । ऐन नियमको पालना गरी प्रतिस्पर्धा हुने गरी खरिद गर्नुपर्दछ ।

५. **आम्दानी वाधेको प्रमाण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५७ मा मालसामान बुझि लिने कार्यालयले हस्तान्तरण भई आएको मालासमान जिन्सी आम्दानी बाँकी सो को जानकारी साविक कार्यालयलाई दिनुपर्ने र सो जानकारी प्राप्त भएपछि साविक कार्यालयले लगत कट्टा गर्नुपर्ने उल्लेख छ । विभागले २०७२/७३ मा खरिद गरी विभिन्न नापी कार्यालयहरुमा हस्तान्तरण गरेको रु २९ लाख ११ हजार ५६९ मुल्यको जिन्सी सामानको आंशिक रुपमा दाखिला प्रतिबेदन प्राप्त भएको पाइयो । सवै सामान दाखिला गरेको प्रमाण प्राप्त गर्नुपर्दछ ।

६. **ठेक्का व्यवस्था :** आर्थिक कार्यबिधी नियमावली, २०६४ को नियम २०(३) मा निर्धारित समय भित्र कार्य सम्पन्न गर्न लागत अनुमान तयार गर्ने र ठेक्का पट्टा स्विकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा गरिसक्नु पर्ने व्यवस्था छ । विभागले यस बर्ष मालसामान खरिदको लागि जम्मा रु.२ करोड ७३ लाख ३६ हजारका ९ वटा ठेक्का सम्झौता गरेकोमा सबै दोस्रो चौमासिकमा भएका छन । समयमा ठेक्का व्यवस्था नभएको कारण पहिलो र दोस्रो चौमासिकमा खरिद हुन नसकि अधिकांस रकम तेस्रो चौमासिकमा खर्च भएको छ । यसरी वर्षको अन्तमा खरिद कार्य हुदाँ सामान खरीदको उदेश्य एवं आबश्यकता अनुसार उपलब्ध नहुने र वर्षान्तमा मौज्दात रहने भएकोले नियमावली बमोजिम समयमा ठेक्का व्यवस्थापन गरिनु पर्दछ ।

७. **गोष्ठि :** सरकारी खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका, २०६८ को बुदा नं. ७६ मा नेपाल सरकारको स्रोतबाट गरिने गोष्ठी/सेमिनार/बैठकलाई सरकारी भवन वा तालीम केन्द्रहरुमा मात्र गर्नुपर्ने, अन्तराष्ट्रियस्तरको गोष्ठी गर्दा मात्र होटलमा गर्न पाइने उल्लेख छ। विभागले यस वर्ष होटल तथा रिसोर्टमा ४ तालिम तथा गोष्ठी संचालन गरी रु.१७ लाख २९ हजार ६९० भुक्तानी दिएको छ। यस किसिमको खर्चमा नियन्त्रण गरिनु पर्दछ ।

८. **इन्धन खर्चको मापदण्ड :** सरकारी खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका, २०६८ मा सबै मन्त्रालय वा विभागले सवारी साधनको अवस्था र क्षमता हेरी सवारी साधनको प्रति किलोमिटर हुने इन्धनको खपतको मापदण्ड तयार गरी लागु गर्नुपर्ने र मापदण्डभन्दा बढी भएको खर्च सम्बन्धित प्रयोगकर्तासंग असुल उपर

गरिने उल्लेख छ । विभागले इन्धन खर्चको मापदण्ड तयार नगरी रु.१८ लाख ८ हजार खर्च लेखेको छ । मापदण्ड तयार गरी इन्धन खर्च लेख्नु पर्दछ ।

९. **असम्बन्धित खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ को उपनियम २(क) मा रकम स्वीकृत वजेट भित्र र सम्बन्धित खर्च शिर्षकमा पर्दछ र खर्च गर्न वांकी छ भने साथै सोही नियमावलीको नियम ३६ उपनियम ७ मा खर्च गर्दा स्वीकृत वजेटको परिधि भित्र रही कार्यालय प्रमुखले स्वीकृत गर्नुपर्ने व्यबस्था छ । विभागले वजेट तथा कार्यक्रममा वेगर भूमिसुधार तथा व्यबस्था मन्त्रालय तथा एक एशोसिएशनले गरेको खर्च रु १,०५,६०७– भूक्तानी दिई खर्च लेखेको देखिएकोले सो खर्च नियमसम्मत देखिएन । यसमा सुधार हुनुपर्दछ ।

१०. **सामग्री खरीद :** आबश्यकताको बिश्लेषण र सम्बन्धित जिल्लाको माग संकलन नगरी नयां स्थापना गरीने बिषेश नापी कार्यालयहरु झापा, सिरहा, लमजुङ्ग, गोरखा र मनाङ जिल्लाको लागी ८ थान टोटल स्टेसन ८ थान खरीद गरी एक आपूर्तिकर्तालाई रु ५१ लाख ९८ हजार भुक्तानी भएकोमा लमजुङ्ग,गोरखा र मनाङ जिल्लामा बिषेश नापी कार्यालयहरु स्थापनानै नभएको र झापा र सिरहामा कार्यालय स्थापना भएता पनि खरिद भएको सामग्री ती जिल्लामा पठाएको देखिएन । लागत अनुमान तथा खरिद कार्य गर्दा कुन जिल्लाको लागि कति आबश्यक पर्ने हो खुलाएको छैन । जिल्लाको माग बमोजिम पछि पठाईने बिभागको जवाफ छ । खरिद भएको सामग्रीको उद्देश्य अनुसार समयमै उपयोग गर्नुपर्दछ ।

११. **नर्म्स :** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११ (२) मा मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला बर्षहरुमा सोहि प्रकृतिको खरीद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य वजारको प्रचलित दरभाउ र आपुर्ति गर्ने स्थान सम्मको ढुवानी खर्च तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई आधार लिनुपर्ने व्यवस्था छ । स्विकृत नर्मस नभएको अबस्थामा गत बिगत बषर्मा खरीद गर्दाको मुल्य अभिबृद्धिकर बाहेक निम्नानुसारको औषत दररेटमा लागत अनुमान तयार गर्नुपर्नेमा आधार प्रमाण बेगर रु ६३५७४८२/- बढी मुल्यमा लागत अनुमान तयार गरी खरीद कार्य गरेको देखियो । यसबाट कानुन बमोजिम मितव्ययी ढंगले खरिद कार्य भएको देखिएन ।

१२. **सामान हस्तान्तरण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ को उपनियम (१)मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएका जिन्सी मालसामानको विवरण र मूल्य खुलाई जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाधी श्रेस्ता खडा गरी अध्यावधिक गरीराखनु पर्ने उल्लेख छ । विभागबाट रु १ करोड ४४ लाख ८६ हजार १४२ मुल्यका कम्प्युटर, स्क्यानर लगायत सामग्रीहरु खरिद भएकोमा रु.२९ लाख ११ हजार ५६९ मुल्यका सामग्रीहरु मात्र ३२ नापी कार्यालयहरुमा हस्तान्तरण भई गएको अभिलेखबाट देखियो । उक्त सामानहरु सम्बन्धित कार्यालयहरुमा पठाई उपयोगमा ल्याउनु पर्दछ ।

यसैगरी जिल्ला स्थित कार्यालयहरुको लागि खरीद गरेको रु.२७ लाख ३१ हजार मूल्यका ९ प्रकारका ड्राफ्टिङ्ग पेन लगायत सामग्रीहरु सम्बन्धित जिल्लाहरुमा पठाएको छैन । आर्थिक बर्षको अन्तमा खरीद गरी मौज्दात राख्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

१३. **करार सेवाको भुक्तानी :** सार्बजनीक खरीद ऐन, २०६३ को दफा ८(२) तथा   सार्बजनिक खरीद नियमावली, २०६४ को नियम ९५ को व्यवस्था पालना नगरी गत बिगत बर्ष देखिनै कार्यरत बिभिन्न. ८ कर्मचारीहरूसंग रू १ लाख भित्रको लागत अनुमान तयार गरी सोझै बार्ताबाट खरीद गरी रू १३ लाख ७२ हजार भुक्तानी गरेको छ । बिभाग मातहत कार्यालयहरूमा २९६ नापी कामदारहरू समेत सोझै बार्ताद्वारा सम्झौता गरी भुक्तानी दिईएको व्यहोरा छलफलको क्रममा बिभागले जानकारी प्राप्त दिएको छ ।

भूमिसुधार तथा व्यवस्थापन बिभाग

१. **आन्तरिक नियन्त्रण** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने व्यबस्थाको मूल्यांकन गर्दा खरीद योजना बनाएकोमा सो को कार्यान्वयन नभएको, दैनिक भत्ता तथा भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्थाको आंशिक रुपमा कार्यान्वयन भएको, जिन्सी निरीक्षण गरी प्रतिवेदनको आधारमा पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गरी जिन्सी खाता अद्यावधिक र प्रमाणित गरी नराखेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप लगाई नराखेको आदि देखिएकोले आन्तरीक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्ने देखिन्छ ।

२. **खर्च स्थिति** : कुल पूंजीगत खर्च रु.४ करोड ७० लाख ५८ हजार खर्च गरेकोमा प्रथम चौमासिकमा रु.९ लाख १० हजार (१.९३%) र तेस्रो चौमासिकमा रु.४ करोड ६१ लाख ४९ हजार (९८.०७%) खर्च गरेको छ । खर्च मध्ये आषाढ महिनामा मात्र रु.१ करोड २० लाख ५८ हजार (२५.६२%) खर्च गरेको पाइयो । यसमा सुधार हुनुपर्दछ ।

३. **जग्गा लिज :** सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को दफा २१(२) मा भोगाधिकार दिएको जग्गा लिजमा परिणत गर्न विभागले ६ महिनाको अवधि तोकी सार्वजनिक सूचना प्रकाशित गर्नुपर्ने व्यवस्था बमोजिम २०७३।०२।३१ मा सूचना प्रकाशित गरेकोमा उक्त अवधि समाप्त भैसकेको छ । तोकिएको अवधि भित्र भोगाधिकार प्राप्त ८७ सरकारी कार्यालय, २३ सार्वजनिक संस्थान समिति, ८३ सरकारी बिद्यालय र १३१ सामुदायिक तथा निजि संस्थाहरु समेत ३२४ निकायहरु मध्ये कुनैले पनि लिजमा परीणत गर्न निवेदन दिएको अभिलेख विभागमा रहेको छैन । अत: यस सम्बन्धी अभिलेख अध्यावधिक गरी लिजमा परीणत भएको जग्गामा निर्देशिकाको दफा ४ र १४ बमोजिम लिज रकम असुल गर्ने र तोकिएको अवधिमा लिजमा परीणत नभएको जग्गा यथाशिघ्र फिर्ता प्राप्त गर्नु पर्दछ ।

४. **भूमि व्यवस्थापन सुदृढीकरण कार्यक्रम :** भूमि व्यवस्थापन सुदृढीकरण कार्यक्रम सञ्चालन कार्यविधि,२०६७ को बुदाँ नं. ३ मा मालपोत कार्यालयले असुल गरेको रजिष्ट्रेशन दस्तुरवापत जिल्ला विकास समितिमा पठाइएको कूल रकमको ५ प्रतिशत एक आर्थिक वर्षमा ६ लाख रुपैया भन्दा वढी भएमा बढी रकम विभागमा रहेको संस्थागत सुदृढीकरण कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । विभागले यो वर्ष रु ४ करोड ५२ लाख ३६ हजार कोषमा दाखिला भएको र कोषबाट रु ३ करोड ६ लाख ५५ हजार खर्च गरेको आर्थिक विवरण उपलब्ध भएको छ । मालपोत कार्यालयहरुले यो वर्ष कोषमा पठाउनु पर्ने र पठाएको रकमको विवरण माग गरेकोमा रजिष्ट्रेशन दस्तुर असुलीको आधारमा ६ लाखभन्दा बढी आम्दानी प्राप्त गर्ने मालपोत कार्यालयहरुको विवरण प्राप्त भएन । विभागले कार्यालयगत रुपमा यस सम्वन्धी अभिलेख राखेको छैन । अत: निर्देशिका वमोजिम अभिलेख राखी कोषको आय व्यय पारदर्शी गर्नु पर्दछ ।

५. **निवेदन दर्ता फछ्र्यौट :** मालपोत ऐन, २०३४ को दफा ७ अनुसार कुनै जग्गाको नापनक्सा छुट हुन गएमा मालपोत कार्यालयले तोकिएको समितिको सिफारिसमा आवश्यक प्रकृया अपनाई त्यस्तो जगा दर्ता गर्न सक्ने व्यवस्था छ । त्यस्तो दर्ता सम्बन्धमा मालपोत कार्यालयले निवेदन परेको मितिले २ वर्ष भित्र अन्तिम टुङो लगाइसक्नु पर्नेमा विभागबाट प्राप्त आ.व. ०७२।०७३ को १०४ मालपोत कार्यालयहरुको छुट जग्गा दर्ता, नामसारी, संशोधन, दाखिला खारेज र हकसाफी सम्बन्धी १ लाख ३४ हजार ६ सय ५८ मुद्धा र २१ भूमिसुधार कार्यालयहरुको १२३३७ मुद्दा गरी जम्मा १,४६,९९५ मुद्दाको छुट जग्गा दर्ता नामसारी, संशोधन, दाखिल खारेज र हक साफी सम्बन्धी १३४६५८ मुद्धा मध्ये १२०६०३ (८२.०५) प्रतिशत मात्र फछ्र्यौट गरेको छ । छुट जग्गा दर्ता सम्बन्धी गतवर्षका १२३०३ र यसवर्षको १३३१ गरी जम्मा १३६३४ मुद्धा मध्ये यो वर्ष ३५६५ (२६.१५ प्रतिशत) मात्र फछ्र्यौट भई १००६९ बाँकी रहेका छन् । मातहतका कार्यालयहरुबाट सम्पादित कार्यहरुको अनुगमन गरी सेवा प्रवाहमा प्रभावकारीता ल्याउन आवश्यक निर्देशन दिने, फछ्र्यौट गर्न बाँकी मुद्धा /निवेदनमा समस्याको पहिचान गरी ऐनले तोकेको म्याद भित्र फछ्र्यौट गर्ने गराउने तथा प्राप्त मुद्धा /निवेदनको अद्यावधिक अभिलेख राख्ने तर्फ विभागको ध्यान जानु पर्दछ ।

६. **हदवन्दी :** भूमि सम्बन्धी ऐन, २०२१ को दफा २१ मा हदवन्दी भन्दा बढी भएको जग्गा प्राथमिकताको आधारमा साविक जग्गावाल, मोही वा अन्य कुनै व्यक्तिलाई कुनै शर्तमा दिन सक्ने व्यवस्था छ । विभागले उपलब्ध गराएको २०७२।७३ सम्मको हदवन्दी सम्बन्धि प्रगती विवरण अनुसार १० कार्यालयको हदवन्दी भन्दा बढी जग्गाको जफतबाट प्राप्त कूल ७ करोड ४७ लाख ९५ हजार ८८८ वर्ग मीटर जग्गामध्ये ५ करोड ८३ लाख ६५ हजार २१२ वर्ग मीटर जग्गा विक्री वितरण गरी १ करोड ६४ लाख ३० हजार ६७६ वर्ग मीटर जग्गा बाँकी रहेको विवरण प्राप्त भएको छ । अन्य कार्यालयहरुको हदवन्दीभन्दा बढी जग्गा रहे नरहेको उल्लेख नगरेकोले ती कार्यालयहरुको समेत छानविन गरी कार्यालगत जग्गा प्राप्ती, विक्री विवरण र बाँकीको अभिलेख राख्नु पर्दछ ।

७. **सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा सार्वजनिक निकायले खरिद विधि छनौट गदां प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । विभागवाट लागत अनुमान समेत तयार नगरी फर्मबाट एकै प्रकृतिका रु ७१५९१४५।- को सामान टुक्रा टुक्रा गरी खरिद गरेको छ । एन वमोजिम प्रतिस्पर्धा गराई खरिद गर्नुपर्दछ ।

८. **जिन्सी हस्तान्तरण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा मालसामान हस्तान्तरण गर्दा अपनाईने विधि एवं अभिलेखका बारेमा उल्लेख छ । विभागबाट आ.व.०७२/७३ मा खरिद भई विभिन्न ७ मालपोत कार्यालयहरुमा हस्तान्तरण गरेको रु.२९ लाख ३३ हजारको कम्पूटर, प्रिन्टर लगायतको जिन्सी सामानको सम्वन्धित कार्यालयले जिन्सी खातामा आम्दानी बाधेको प्रमाण नलिएकोले आम्दानी वाधेको प्रमाण पेश गर्नु पर्दछ ।

९. **म्याद थप :** ठेक्का सम्झौताका शर्तको दफा नं. ११ मा आपूर्ति कर्ताको ढिलाइको कारणबाट ठेक्का सम्झौतामा तोकिएको म्याद भित्र ठेक्काको काम पुरा हुन नसकेमा आपूर्ति कर्ताले शुरुमा कबुल गरेको ठेक रमको ०.०५ प्रतिशत प्रति दिनका दरले हर्जना लिने गरी म्याद थप गर्न सकिने व्यवस्था छ । आपूर्ति कर्ताले रु १,२०,२९,४१५।- मूल्यका वेभ क्यामेरा र यूपिएस तेस्रो मुलुकबाट आयात गर्ने प्रक्रिया पुरा भै सकेको र तेस्रो

मुलुकबाट भन्सार विन्दुमा आइपुग्न र भन्सार विन्दुबाट जाचपास गरी विभागसम्म आइपुग्न केही समय लाग्ने कारण देखाई २०७३ श्रावण मसान्तसम्मको म्याद थप माग भए बमोजिम हर्जना नलिई म्याद थप गरेको छ । सम्झौताको बमोजिम १४ दिन भित्र आपूर्ति कर्ताले सतप्रतिशत परिमाण डेलिभरी, परिक्षण र जडान गर्नु पर्नेमा लेखा परीक्षण अवधी २०७३।११।०२ सम्म पनि प्राप्त गरेको देखिएन । यस सम्बन्धमा बिभागले म्याद भित्रै सामानहरु आपुर्ति गरेको तर कार्यालयहरुमा पुर्वाधार तयार भई नसकेकोले जडान र परीक्षण कार्यमा ढिलाइ भएको जवाफ दिएको छ । पुर्वाधार तयार गरी यथाशिघ्र कार्य सम्पन्न गर्नु पर्दछ ।

१०. **ठेक्का व्यबस्था :** आर्थिक कार्यबिधी नियमावली, २०६४ को नियम २०(३) मा निर्धारित समय भित्र कार्य सम्पन्न गर्न लागत अनुमान तयार गर्ने र ठेक्का पट्टा स्विकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा गरिसक्नु पर्ने व्यवस्था छ । विभागले यस बर्ष श्रेस्ता पुर्जा छपाइ, मसलन्द सामान र भुसूचना सामाग्री खरिदका जम्मा रु.२ करोड ५९ लाख ५ हजारका ३ ठेक्काको सम्झौता तेस्रो चौमासिकमा गरेको छ । समयमा ठेक्का व्यवस्था नभएको कारण पहिलो र दोस्रो चौमासिकमा खरिद हुन नसकी अधिकांस रकम तेस्रो चौमासिकमा खर्च भएको र वर्षको अन्तमा सामान मौज्दात रहेको छ । नियमावलीको व्यवस्था बमोजिम खरिद व्यवस्थापन गरी समयमै सामान उपयोगमा ल्याउनु पर्दछ ।

११. **लेखापरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७ मा कार्यालय प्रमुखले महालेखा परीक्षकको कार्यालयबाट तोकिए बमोजिम लेखा र आर्थिक विवरण पेश गरी अन्तिम लेखा परीक्षण गराउनु पर्ने व्यवस्था छ । विभागबाट सूचना प्रविधि विकास आयोजना अन्तर्गत एशियाली विकास बैंक (सोझै भुक्तानी) स्रोततर्फ रु.३,२३,४३,७५४।९६ खर्च गरेको आर्थिक विवरण प्राप्त भएकोमा लेखा परीक्षणको लागि भुक्तानी बिबरण बाहेक अन्य श्रेस्ता पेश भएको छैन । विभागले बोलपत्र, खरीद सम्झौता, बिल भरपाई लगायतका श्रेस्ताहरु प्रधानमन्त्री तथा मन्त्रीपरीषदको कार्यालयमा रहने र लेखापरीक्षणको लागि त्यहिबाट प्रमाण कागजात पेश गरिने जवाफ दिएतापनि उक्त कार्यालयले आवश्यक कागजात पेश गरी लेखापरीक्षण गराएको छैन । नियमानुसार लेखापरीक्षण गराउनु पर्दछ ।

१२. **मर्मत खर्च :** सरकारी खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका, २०६८ को बुदा नं. ६८ मा सवारी साधन र मेशिनरी औजारको मर्मत र फेरेको पार्टपूर्जाको खर्च विवरण म.ले.प.फा.नं. २ मा अनिवार्य भरी प्रमाणित रुपमा राख्नुपर्ने, म.ले.प.फा.नं. २ खुला पानाको रुपमा नराखी प्रत्येक साधनको शुरुदेखि नै मर्मत संभारको विवरण सिलसिलेवार देखिने गरी रजिष्टर खडा गरी व्यवस्थित गर्नुपर्ने, विवरण नभरी गरिएको मर्मत खर्च सम्बन्धित पदाधिकारीबाटै असुल गरिने उल्लेख छ । विभागबाट यो वर्ष मर्मतमा रु.८ लाख १९ हजार खर्च गरेकोमा उक्त व्यवस्थाको पालना गरेको देखिएन । आंशिक रुपमा म.ले.प.फा.नं. २ राखे पनी प्रमाणित भएको छैन । उक्त व्यवस्थाको पालना हुनुपर्दछ ।

१३. **इन्धन खर्च :** सरकारी खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका, २०६८ मा सबै मन्त्रालय वा विभागले सवारी साधनको अवस्था र क्षमता हेरी सवारी साधनको प्रति किलोमिटर हुने इन्धनको खपतको मापदण्ड तयार गरी लागु गर्नुपर्ने र मापदण्डभन्दा बढी भएको खर्च सम्बन्धित प्रयोगकर्तासंग असुल उपर गरिनेछ उल्लेख छ । विभागले इन्धन खर्चको मापदण्ड तयार नगरी यो वर्षको वजेटबाट रु.१५ लाख ८४ हजार र गत वर्ष एक सहकारी संस्थालाई ईन्धन आपूर्तिको लागि दिएको पेश्की रु.२ लाख ८२ हजार इन्धन लेखेको छ । यसमा सुधार हुनुपर्दछ ।

१४. **करार सेवाको भुक्तानी :** सार्बजनीक खरीद ऐनको दफा ८.(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुनेमा गत बिगत बर्ष देखिनै कार्यरत बिभिन्न १९ जना कर्मचारीहरुसगं रु १ लाख भित्रको लागत अनुमान र सम्झौता गरी रु.३३ लाख ०३ हजार भुक्तानी गरेको छ । ऐन वमोजिम प्रतिस्पर्धा गराई खरिद गर्नुपर्दछ ।

१५. **पेश्की बाँकी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । विभागले २ कर्मचारीलाई प्रदान गरीएको पेश्कि रु ३२ हजार पछ्र्यौट नभएकोले नियम बमोजिम फछ्र्यौट गर्नुपर्दछ । .

१६. **धरौटी हिसाव मिलान** : विभागबाट प्राप्त धरौटीको केन्द्रीय आर्थिक विवरण अनुसार मालपोत कार्यालयहरुको कुल धरौटी बाँकी श्रेस्ता अनुसार रु.१९,४७,४२,९७५।९२ र बैंक अनुसार बाँकी रु.१९,६१,३३,३१४।२४ देखाई रु.१३,९०,३३८।३२ बैंकमा बढि देखाइएको तथा २१ भूमीसुधार कार्यालयहरुको कुल धरौटी बाँकी श्रेस्ता अनुसार रु.२६,४७,८७,८२९।०३ र बैंक अनुसार बाँकी रु.२६,४४,७६,७२२।७३ देखाई रु.३,११,१०६।३० बैंकमा घटी देखाइएको सम्बन्धमा हिसाव मिलान गर्नुपर्दछ ।

कित्ता नापि महाशाखा

१. **आन्तरिक नियन्त्रण** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रण व्यबस्थाको मूल्यांकन गर्दा सूचनाको हक संम्बन्धि ऐन, नियम बमोजिम भएका निरीक्षणको अभिलेख राखी कार्यान्वयन नगरेको , बिभागद्धारा मातहत कार्यालयमा हस्तान्तरण गरीएका जिन्सी सामानहरु

सम्बन्धितले आम्दानी बाँधेको प्रमाण प्राप्त गरी जिन्सी खाता अद्यावधिक र प्रमाणित गरी नराखेको, कर्मचारीलाई कार्य विवरण नदिएको, चौमासिक रुपमा खर्च नगरी आषाढमा मात्र ५१.७७ प्रतिशत खर्च गरेको आदि देखिएकोले आन्तरीक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्ने देखिन्छ ।

२. **लक्ष्य तथा प्रगति :** आर्थिक वर्ष २०७२।७३ सम्म विभिन्न १४ जिल्लामा ५०१२ हे. गाउँ ब्लक नाप नक्शा गर्न बाँकी रहेकोमा यस आर्थिक वर्षमा २००० हेक्टर नाप नक्शा गर्ने लक्ष्य निर्धारण गरी १८३२.६५ हे. अर्थात ९१.६३ प्रतिशत नाप नक्शा भई ३१७९.३५ हेक्टर नापनक्शा गर्न बाँकी रहेको छ । विभिन्न १४ जिल्लामा गाउँव्लक नाप नक्शाको समग्र प्रगती ९१.६३ प्रतिशत भए पनि धनुषा, सिन्धुली, इलाम, नवलपरासी (कावासोती), सुर्खेत गरी ५ जिल्लामा ७०% भन्दा कम प्रगती भएको छ । ललितपुर र तनहुमा नाप नक्शा नै भएको पाइएन । अत: नाप नक्शा हुन वाँकी ३१७९.३५ हेक्टरको नाप नक्शा समयमै गर्ने तर्फ महाशाखाको ध्यान जानु पर्दछ ।

यो वर्ष महाशाखाले झापा र सिराहामा विशेष नापी कार्यालय मार्फत ३००० हेक्टर जमिन नाप नक्शा गर्ने लक्ष्य निर्धारण गरेकोमा ७८ वटा ट्रिग सिट तयार पारी सो स्थानमा पठाई १८९ वटा नियन्त्रण विन्दु स्थापना गरी जम्मा २१५७.४९ हेक्टर अर्थात ७१.९२% मात्र जमिन नाप जाँच भएको छ । नाप नक्शाको लागि फिल्डकार्य २०७३ बैशाख देखि संचालन भएकोले कम प्रगति भएको महाशाखाले जानकारी दिएको छ । लमजुङ्ग, मनाङ र गोरखामा भने विशेष नापी कार्यालय स्थापना नै भएको पाईएन । अत: तोकिएको जिल्लामा समयमै विशेष नापी कार्यालय स्थापना गरी लक्ष्य अनुसार नाप नक्शाको कार्य हुनु पर्दछ ।

यसैगरी विभिन्न १८ जिल्लामा २००० हेक्टर पुन: नाप नक्शा गर्ने लक्ष्य रहेकोमा जम्मा १८९८.०४ हेक्टर (९४.९० प्रतिशत) प्रगती भएकोमा ललितपुरले २२.६७ % र सुनसरीले ४४.९९% मात्र प्रगती हासिल गरेको छ । सुर्खेतमा २५ हेक्टर पुन: नापनक्शा गर्ने लक्ष्य रहेको नाप नक्शा नै भएको छैन । अत: जिल्ला अनुसार तोकिएको लक्ष्य हासिल गर्ने तर्फ ध्यान दिनु पर्दछ । महाशाखाले तोकिएको ढाँचामा वजेटको तुलनामा खर्च देखिने गरी प्रगती विवरण तयार नगरी केवल भौतिक प्रगति देखिने गरी मात्र प्रगती विवरण तयार गरेकोले वित्तिय प्रगतीसँग तुलना गर्न सकिएन । प्रत्येक कार्यक्रम/कृयाकलाप अनुसार भौतिक तथा वित्तीय प्रगती देखिने गरी प्रगती विवरण तयार गर्नु पर्दछ ।

३. **वजेट माग :** आर्थिक कार्याविधि नियमावली, २०६४ को परिच्छेद -४ वजेट तथा कार्यक्रम सम्वन्धि व्यवस्थाको नियम १९ देखि ३१ सम्म वजेट तर्जुमा गर्ने, वजेट तथा कार्यक्रम तयार गरी पेश गर्ने तथा वजेट तयारीमा तालुक कार्यालयको कर्तव्य उल्लेख गरिएको छ । महाशाखाको लागि यस वर्ष व.उ.शि.नं. ३३६१०६३ को खर्च शिर्षक नं. २२५२२ कार्यक्रम खर्च शिर्षकमा नक्शा तथा पूर्जा वितरण कार्यको प्रचार प्रसारमा रु.४ लाख, डिजिटल म्यानूयल निर्माणमा रु.५ लाख, रेडियो वुलेटिन तयार गर्नेमा रु.३ लाख र डिजिटल प्रविधिको नाप नक्शा सम्वन्धि अध्ययन अनुसन्धानमा रु.१० लाख गरि कार्यक्रम खर्चको लागि जम्मा रु.२२ लाख वजेट व्यवस्था भएकोमा वजेट खर्च नभई फ्रिज भएको छ । तर महाशाखाबाट प्राप्त प्रगती विवरणमा उक्त कृयाकलापमा शत प्रतिशत भौतिक प्रगती देखाएको छ । विजियोजित वजेट खर्च नभई प्रगती भएको सम्बन्धमा बिद्यमान जनशक्तिले महाशाखामै रहेर कार्य गरेको हुदाँ थप खर्च बिनानै कार्यक्रम संचालन गरीएको महाशाखाले जनाएको छ । अत: कार्यालयमा नै बसेर थप रकम खर्च नगरी गर्न सकिने कृयाकलापको लागि वजेट माग तथा विनियोजन गर्नु उचित होइन । सम्बन्धित जिल्लाहरुबाट यस किसिमको कार्य भएकोले महाशाखाको बजेट खर्च नभएको छलफलको क्रममा जानकारी प्राप्त भएको छ ।

४. **सोझै खरीद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२)मा सार्वजनिक निकायले खरिद विधि छनौट गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुँदैन । महाशाखावाट मेशिनरी औजार र सार्बजनिक निर्माण तथा पुजिगत सुधार कार्यक्रमबाट लागत अनुमान तयार नगरी एकै प्रकृतिका सामान समेत टुक्रा टुक्रा गरी रु २४ लाख ३१ हजारको सोझै खरिद गरेको छ । नियम बमोजिम प्रतिस्पर्धा गराई खरिद गर्नुपर्दछ ।

५. **हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने, नियम ५ मा मालसामान खरिद गर्नु अघि खरिद ईकाई शाखाले खरिद माग प्राप्त गर्नुपर्ने त्यस्तै सार्वजनिक खरिद ऐनको दफा ४ मा खरिद गर्ने मालसामानको विवरण तयार गर्नुपर्ने उल्लेख छ । यो वर्ष महाशाखाले मातहत कार्यालयहरुको लागि तपसिलमा उल्लेख भए अनुसार रु २ करोड. ३ लाख ६२ हजार २८९ मुल्यका सामानहरु आर्थिक वर्षको अन्तमा खरीद गरी मौज्दात राखेको पाइयो । केहि जिल्लाहरुमा सामग्रीहरु पठाएकोमा आंशिक रुपमा दाखिला प्रतिबेदन प्राप्त भएको भएता पनि सम्बन्धित कार्यालयहरुको जिन्सी किताबमा आम्दानी जनाएको प्रमाण पेश भएको छैन । समयमै खरिद कार्य सम्पन्न गरी तोकिए वमोजिम हस्तान्तरण गर्ने र दाखिला प्रमाण लिने गर्नुपर्दछ ।

६. **आम्दानी वाधेको प्रमाण :** महाशाखाबाट रु.१६ लाख ९१ हजार मुल्यको कम्प्युटर खरिद गरी विभिन्न नापी कार्यालयहरुमा हस्तान्तरण गरेकोमा दाखिला प्रतिबेदनहरु आंशिक रुपमा प्राप्त भएको छ । कार्यालयले जिन्सी खातामा आम्दानी बाधेको प्रमाण प्राप्त गर्नुपर्दछ ।

७. **सवारी साधनको अवस्था** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७ मा कार्यालयमा प्राप्त हुन आएका सम्पूर्ण जिन्सी सम्पतीको संरक्षण गर्नु र तोकिएको काममा मात्र लगाउने प्रवन्ध मिलाउनु जिम्मेवार व्यक्तिको कर्तव्य हुने व्यवस्था छ । महाशाखाको लगतमा रहेका रु.३९ लाख ९६ हजारको दुई वटा मुस्ताङ गाडी र मूल्य नखुलेको एक ल्याण्डकुजर गाडी मध्ये मुस्ताङ गाडी नापी कार्यालय डिल्लीवजार र नापी कार्यालय वांकेमा र ल्याण्डकुजर गाडी खगोल तथा भूमापन महाशाखामा रहेको जानकारी प्राप्त भएको छ । उक्त सवारी साधन हस्तान्तरण गरी दिइएको पाइएन । महाशाखाको सवारी साधन फिर्ता प्राप्त गर्ने वा हस्तान्तरण गर्ने सम्वन्धमा निर्णय गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

८. **ठेक्का व्यबस्था** : आर्थिक कार्यबिधी नियमावली, २०६४ को नियम २०(३) मा निर्धारित समय भित्र कार्य सम्पन्न गर्न लागत अनुमान तयार गर्ने र ठेक्कापट्टा स्विकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा गरिसक्नु पर्ने व्यवस्था छ । महाशाखाले यस बर्ष मालसामान खरिदकारु.४ करोड २० लाख १८ हजारका ६ वटा ठेक्का सम्झौता तेस्रो चौमासिकमा भएका छन् । समयमा ठेक्का व्यवस्था नभएको कारण पहिलो र दोस्रो चौमासिकमा खरिद हुन नसकि अधिकांस रकम तेस्रो चौमासिकमा खर्च भएको छ । नियमावलीको व्यवस्था बमोजिम समयमा ठेक्का व्यवस्था गरी खरिद सामान उपयोगमा ल्याउनु पर्दछ ।

९. **इन्धन खर्चको मापदण्ड** : सरकारी खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका, २०६८ मा सबै सवारी साधनको अवस्था र क्षमता हेरी सवारी साधनको प्रति किलोमिटर हुने इन्धनको खपतको मापदण्ड तयार गरी लागु गर्नुपर्ने र मापदण्डभन्दा बढी भएको खर्च सम्बन्धित प्रयोगकर्तासंग असुल उपर गरिने उल्लेख छ । महाशाखाले इन्धन खर्चको मापदण्ड तयार नगरी रु.६ लाख २७ हजार खर्च लेखेको छ । मापदण्ड तयार गरी इन्धन खर्च लेख्नुपर्दछ ।

१०. **खरीद मुल्य** : महाशाखाले २१० रिम ए फोर फोटोकपी पेपर रु.७३४।- दरले रु.१,५४,२४५।- मा र ४५० पाईलट पेन रु.१०७ का दरले रु ४८,३०८।- मुल्यमा खरीद गरेको छ । नापी बिभागले फोटोकपी पेपर प्रति रिम रु ६५५।- र पाईलट पेन प्रतिगोटा रु.११३।- का दरले खरीद गरेको छ । बिभागको तुलनामा फोटोकपी पेपरमा प्रति रिम रु ७९।- बढी र पाईलट पेनमा प्रति गोटा रु.६।- घटी खर्च भएको छ । एउटै परिसर भित्र रहेका बिभाग र महाशाखा बिचको खरिद दर फरक परेको पाइयो । अन्तरनिकाय समन्वय गरी खर्च मितव्ययी बनाउन प्रयास गर्नुपर्दछ ।

११. **बढी मुल्य** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा नियमितता, मितव्य्यिता, जस्ता कुरामा ध्यान दिनुपर्ने तथा अख्तीयारी पत्रको वुदाँ नं. ३८ मा विनियोजित वजेट खर्च गर्दा मितव्ययितापूर्वक गर्नुपर्ने उल्लेख छ । यस महाशाखाले ड्रईङ पेन, प्लट रजिस्टर लगायतको सामान वोलपत्र प्रकृयाद्वारा खरिद भन्दा सोझै खरिद गर्दा वढि दर रहेको कारण रु.२८८४३२।- बढी मुल्यमा खरिद भएको छ ।

१२. **करार सेवाको भुक्तानी** : सार्बजनिक खरीद ऐनको दफा ८.(२) तथा सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९५ बिपरीत गत बिगत बर्ष देखिनै कार्यरत बिभिन्न.८ जना कर्मचारीहरुसंग रु १ लाख भित्रको लागत अनुमान तयार गरी सोझै बार्ताबाट खरीद गरी रु.१४ लाख ४८ हजार भुक्तानी गरेको छ ।

१३. **भ्रमण खर्च बढी भुक्तानी** : भ्रमण खर्च नियमावली, २०६४ को संसोधित व्यवस्था वमोजिम भ्रमणमा खटिएको कर्मचारीले भ्रमणबाट कार्यालय फर्किएको दिन दैनिक भत्ताको एक चौथाई (२५%) मात्र पाउने तथा वसभाडा दोब्बर नदिने व्यवस्था छ । तर यस महाशाखाले ६१ कर्मचारीहरुलाई विभिन्न स्थानमा भ्रमणमा खटिएको अवधिमा उक्त नियमावली विपरित फर्किएको दिनको चौथाई भन्दा बढि र वसभाडा दोब्बर भुक्तानी दिएकोले रु ४६ हजार सम्वन्धित कर्मचारीबाट असुल गर्नु पर्दछ ।

१४. **प्लेन टिकट र वोर्डिङ पास बेगर खर्च** : आर्थिक कार्यविधि नियमवाली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । यस महाशाखाको २ कर्मचारीलाई भ्रमणमा प्लेन भाडा भुक्तानी गर्दा प्लेन टिकट र वोर्डिङ पास वेगर रु १७ हजार भुक्तानी गरेकोले उक्त अवधिको प्लेन टिकट र वोर्डिङ पास पेश गर्नुपर्ने अन्यथा सम्वन्धित कर्मचारीबाट असुल गर्नु पर्ने देखियो ।

१५. **असम्बन्धित खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ को उपनियम २(क) मा रकम स्वीकृत वजेट भित्र र सम्बन्धित खर्च शिर्षकमा पर्दछ र खर्च गर्न वांकी छ भने साथै सोही नियमावलीको नियम ३६ उपनियम ७ मा खर्च गर्दा स्वीकृत वजेटको परिधि भित्र रहि कार्यालय प्रमुखले स्वीकृत गर्नु पर्दछ भन्ने व्यबस्था छ । महाशाखाले यस वर्ष स्वीकृत वजेट तथा कार्यक्रममा नपरेको काभ्रेली नापी पेशाकर्मी समाज लगायत ३ संस्थाको खाजा तथा मर्मत खर्चरु ७०,१३७०० भूक्तानी दिई खर्च लेखेकोले अनियमित देखियो ।

१६. **कर कट्टि** : एक कर्मचारीको भैरहवामा डिजिटल कित्तानापी तालिम वापत लिएको पेश्कि फछ्र्यौट गर्दा कुल रु.४,२४,३४०।- को फाँटवारी पेश गर्दा सात दिनको गाडी भाडामा लिएको रु.४९,०००।- को १०% ले हुन आउने अग्रिम कर कट्टि गर्नुपर्नेमा कट्टि गर्न छुट भएको रु.४,९००।- राजश्व दाखिला गर्नु पर्दछ ।

१७. **आपुर्तिकर्ताको भुक्तानीमा ढिलाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० को उप नियम (७) मा चालु वर्षको वजेटले नखाम्ने गरी वढि खर्च हुने गरी दायित्व श्रृजना गर्न हुदैन तर विषेश कारण एवं परिस्थितीवस सोहि नियमावलीको उप नियम (८) मा उल्लेखित खर्च शिर्षकहरुमा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नु पर्ने भएमा विल भरपाई वमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनु पर्ने कारण खोली महालेखा परिक्षकको कार्यालयले तोकेको ढाचाँमा भुक्तानी दिन बाँकिको कच्चावारीमा चढाई श्रावण १५ गते भित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणीत गराई राख्नुपर्ने व्यवस्था छ। यस महाशाखाले उक्त नियम वमोजिम यसै आर्थिक बर्ष भित्रको खरीद गरेको तथा प्रगति प्रतिबेदनमा पनि समाबेश गरेको ४९ सेट टोटल स्टेसन खरिद वापतको रकम रु.३,१८,३७,७५०।- साइन्टीफीक सर्भेइङ टेक्नोलोजी ट्रेडर्सलाई बजेट बिनियोजन भएतापनि आर्थिक बर्ष भित्र भुक्तानी गरेको देखिएन। स्विकृत कार्यकम बमोजिम सामग्री खरिद भईसकेपछि आपुर्तिकर्तालाई रकम भुक्तानी नगरी बिनियोजित बजेट फ्रिज गरेको देखिन्छ। सम्बन्धित आर्थिकबर्ष भित्र कार्यसम्पन्न भएको तथा प्रगतिमा समेत समाबेश भएको रकम त्यस आर्थिक बर्ष भित्र भुक्तानी नगरी भुक्तानी दिन वाँकिको कच्चावारी (म.ले.प.फा.नं.१८) प्रमाणीत समेत नभएको अवस्थामा चालु आर्थिक बर्षको बजेटबाट भौ. नं १ २०७३।५।३१ मा मात्र खर्च लेखेको देखियो। रकम भुक्तानी नै नभई शतप्रतिशत प्रगति देखाएको सम्बन्धमा स्पस्ट हुनु पर्दछ।

खगोल तथा भू–मापन महाशाखा, मीनभवन

१. **दरबन्दी तथा पदपूर्तिको स्थिती :** प्राप्त दरवन्दी विवरण अनुसार २०७३ असार मा ७ जना करार समेत जम्मा १०६ दरबन्दी रहेकोमा करार वाहेक ८५ दरवन्दी पद पूर्ती भई प्रमुख-(उपमहा निर्देशक) लगायत जम्मा २१, दरवन्दी खाली रहेको पाईयो।दरवन्दी बमोजीमको पदहरु रिक्त हुँदा प्रशासनिक कार्य सम्पादनमा कठिनाई पर्ने हुनाले रिक्त पदहरु पूर्ति गर्ने तर्फ महाशाखाको ध्यान दिनु पर्ने देखिन्छ।

२. **बढी ग्रेड :** निजामती सेवा ऐन,२०४९को दफा ३७(३)मा प्रत्येक निजामती कर्मचारीले एक वर्षको सेवा पुरा गरे पछि तोके बमोनिमको रकम तलब वृद्धि पाउने व्यवस्था छ। विभिन्न ४ कर्मचारीहरुलाई बढुवा नियूक्ति भएको पत्रको मितिको आधारमा एक वर्ष पुगे पछि ग्रेड वृद्धि दिनु पर्नेमा सो महिना भन्दा अगाडी नै ग्रेड भुक्तानी गरेको देखिएकोले वढी ग्रेड रकम रु २४६४।-असूल गर्नु पर्दछ।

३. **जिन्सी व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(१) बमोजीम कार्यालय प्रमुख ले जिन्सी निरीक्षण गरी गराई मालसामानको अवस्था खुलेको लिखित प्रतिवेदन लिनु पर्ने व्यवस्था छ। प्राप्त जिन्सी मौज्दातको वार्षिक विवरण अनुसार विभिन्न ८५ किसिमका ६५९ थान सामानहरु चालु हालतमा नरहेका र २९ किसिमका ६२ थान सामानहरु मर्मत गर्नु पर्ने उल्लेख गरेकोले मर्मत तथा लिलामी कारवाही गर्नु पर्दछ।

४. **पेश्की वाँकि :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) अनुसार तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ। विभिन्न ४ कर्मचारीहरु लाई वैदेशिक छात्रवृतिमा मनोनयन भई जाँदा दिएको पेश्की गत विगत वर्ष रु ४६,३७,९७१।५० फछ्र्यौट नभई पुनः यस वर्ष थप पेश्की रु.३१,५५,९२३।- समेत दिएको देखिएकोले विल भर्पाइ तथा प्रमाण पेश गराई फछ्र्यौट गर्नु पर्दछ।

५. **खर्च संरचना :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम २५ र २६ अनुसार कार्यालयले बजेट तथा कार्यक्रम कार्यान्वयन गरी चौमासिक रुपमा प्रगति प्रतिवेदन तयार गरी तालुक कार्यालयमा पठाउनु पर्ने र तालुक कार्यालयले त्यसको भौतिक र वित्तिय पक्षको समिक्षा गर्नु पर्ने व्यवस्था छ। कार्यालयले २ वजेट उप शिर्षकको खर्च रु ५ करोड २६ लाख १३ हजार जम्मा खर्चको आषाढ महिनामा मात्र औषत १८ प्रतिशत खर्च गरेको छ। आषाढ महिनामा खर्च बढी गर्ने परिपाटी निरुत्साहित गरी कार्यक्रममा तोकिए बमोजिमको चौमासिकमा खर्च गर्ने गराउने व्यवस्था हुनुपर्दछ।

६. **लक्ष्य तथा प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ बमोजीम वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले चौमासिक प्रगति विवरण तयार गर्नुपर्ने र नियम २६ बमोजीम चौमासिक प्रगति विवरणको आधारमा भौतिक र वित्तीय पक्षको समिक्षा गरी न्यून प्रगति हुनुका कारण र सो को निमित्त जिम्मेवार व्यक्ति समेतको पहिचान गर्नु पर्ने उल्लेख छ। महाशाखाबाट प्राप्त लक्ष्य प्रगति विवरण अनुसार ४ कार्यक्रम संचालन नभएको र २ कार्यक्रममा ५० प्रतिशत भन्दा कम प्रगति गरेको छ।

७. **वन्दोवस्ती सामानको खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा सरकारी रकम खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता तथा प्रभावकारिता अपनाउनुपर्ने उल्लेख छ। कार्यालयले नियन्त्रण विन्दुहरूको पुर्वेक्षण तथा मनुमेण्टेशन कार्य, यन्त्र उपकरण क्यालिव्रेसन कार्य तथा सर्वेक्षण कार्य गर्न टोलिगत रुपमा २०५७।०५।१२ को मं.प. को निर्णय अनुसार नापी कामदार र वन्दोवस्तीका सामानहरु खरिद गरेको पाइयो। वन्दोवस्तीका सामानको वितरण अभिलेख राखी जिल्ला तथा भौगोलिक क्षेत्रको अधारमा पाउने अभिलेख राख्नु पर्दछ। भौगोलिक क्षेत्र र त्यसमा चाहिने वन्दोवस्तीका सामान र त्यसको दरको हदसम्म मूल्य यकिन गरि पूर्व निर्णय गरेको देखिएन। जसले गर्दा बजारमा एकै प्रकारका सामानको मूल्य फरक

फरक भइ मुल्यमा एकरुपता देखिएन। भौगोलिक क्षेत्रवाइज मुल्यमा एकरुपता हुने गरी पूर्वनिर्णय गरी गराई वन्दोवस्तीका सामान खरिद गर्नुपर्ने देखिन्छ।

८. **नापी कामदार खर्च :** मं.प. को २०५७५।१६ सालको निर्णयको आधारमा पुर्वेक्षण, सर्भेक्षण, जि.पि.एस. सर्भे लगायतका विभिन्न कामको लागी सवारी साधनको व्यवस्था भएको र नभएको जस्ता प्रावधानहरु राखी नर्म्स स्वीकृत भइ नापी कामदारको संख्या उल्लेख गरेको देखिन्छ। तत्कालीन अवस्थामा भएको सडकको अवस्थामा परिवर्तन भई हालको अवस्थामा धेरै ठाउँहरु कच्ची तथा पक्की सडक पहुँचमा पुगेको अवस्था हुँदा र नर्म्समा परिवर्तन नहुँदा सडक पुगे पनि सडक नपुगेको नर्म्स प्रयोग भइ नापी कामदार खर्च बढ्न सक्ने जोखिम रहने हुँदा त्यसमा समसामयिक सुधार गर्नुपर्ने देखिन्छ।

९. **लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ वमोजीम सार्वजनिक निकायले रु.२५ हजार भन्दा बढीको खरिद कार्य गर्नको लागी लागत अनुमान तयार गर्नुपर्दछ। सोलार व्याकअप, प्रिन्टर र जि.पि.एस. विभिन्न फर्निचर सामानहरु खरिद गर्दा लागत अनुमान तयार वेगर रु.७,२६,३७६.४३ खर्च गरेको छ।

१०. **खर्च शीर्षक फरक :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ वमोजीम स्वीकृत बजेट भित्र र सम्वन्धित खर्च शिर्षकमा मात्र खर्च गर्न सकिने उल्लेख छ। महाशाखाले करारमा रहेका विभिन्न कर्मचारीहरुलाई अन्य सेवा शुल्क (२२४१२) वाट तलब भत्ता खर्च लेख्नु पर्नेमा सार्वजनिक निर्माण (२९६११) वाट रु ४,१९,९१०।- खर्च लेखेको छ।

११. **राजश्व तर्फ** : महाशाखा र ३ इन्जिनियरीङ कन्सल्ट प्रा.लि विच भएको जि.पि.एस उपकरण भाडामा दिने संझौताको शर्त नं ८ बमोजिम ५ जि.पि.एस उपकरणको भाडा, ३ दिनको डाटा प्रोशेशिङ र ५ प्राविधिक भ्रमण खर्च समेत रु ३,१३,०००।- राजश्वमा जम्मा गर्नु पर्ने मा रु १,६५,०००।- मात्र जम्मा गरेकोले शर्त वमोजिम ५ जना प्राविधिकको ९.२५ दिनको भ्रमण भत्ता प्रति दिन रु १६००।- का दरले हुने रकम छुट हुन गएकोले रु १,४८,०००।- राजश्वमा दाखिला गर्नु पर्दछ।

१२. **गैर कर राजश्व :** भूमि सुधार तथा व्यवस्था मन्त्रालयको च.न ८८ मिति २०६०।४।७ को गैर कर राजश्व वारे को परिपत्र वमोजीम शुल्क, रोयल्टी, दस्तुर र सरकारी वस्तु वा सेवाको मूल्य लाई समसामायीक एवं लागतको आधारमा पुनरावलोकन गर्दै जाने नीति अनुसार सरकारले उपलब्ध गराउने वस्तु तथा सेवाको मुल्य निर्धारण गर्दा लागत असुल हुने गरी निर्धारण गर्ने र आवश्यकत्ता अनुसार तिर्न सक्ने क्षमतामा समेत ध्यान दिइने उल्लेख छ। महाशाखाले सोहि आधारमा राजश्वको दरमा समयानुसार पुनरावलोकन नगरी राजश्व असुल गरेकोले समसामायीक पुनरावलोकन गरीनु पर्दछ।

१३. **धरौटी तर्फ :** गतवर्षको अ.ल्या समेत जम्मा रु.४,२६,५०७।३१ धरौटि वाँकी रहेकोमा यस वर्ष रु.२३,०००।०० खर्च भई श्रेस्ता अनुसार रु ४,०३,५०७।३१ धरौटी वाँकि रहेको छ। गत विगत वर्षको धरौटि रकम मध्ये प्रयोजन बाँकि रहेका बाहेक अन्य धरौटिहरु आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६६(३)अनुसार धरौटी फिर्ता वा सदरस्याहा गर्नुपर्ने देखिन्छ।

नापि कार्यालय, कलंकी

१. **आन्तरिक नियन्त्रण** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको मूल्यांकन गर्दा कार्यालयले खरीद योजना बनाएकोमा सो को कार्यान्वयन नभएको , दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्थाको आंशिक कार्यान्वयन भएको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम कार्यान्वयन नगरेको, जिन्सी खाता अद्यावधिक र प्रमाणित गरी नराखेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउन छाप लगाई नराखेको आदि देखिएकोले आन्तरीक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्ने देखिन्छ।

२. **नक्सा सिट र ट्रेस नक्सा :** घर जग्गाको रजिष्ट्रेशन लिखत पारित गर्ने प्रयोजनको लागि सम्बन्धित गा.वि.स एवं नगरपालिकाबाट प्राप्त हुने कतिपय सिफारिस निवेदकको माग बमोजिम भनि सिफारीस हुने गरेको, एउटै जग्गाबाट स–साना टुक्रा गरि विक्री गरेका, विभिन्न टुक्रा जग्गामा समेत बाटो नभएको भनी सिफारीस गर्ने गरेको, घर जग्गाको वर्तमान अवस्थाको यथार्थ अवस्थाको अनुगमन नगरी प्राप्त सिफारिसको आधारमा कायम गरिएको मूल्यांकनको आधारमा मालपोत कार्यालयबाट लिखत पारित गर्दा रजिस्ट्रेसन शुल्क र पुजिगत लाभकर दुबै छली हुने अवस्था छ। यसको निराकरणको लागि स्थानिय निकायको सिफारीश साथ सम्बन्धित नापी कार्यालयबाट प्रमाणित भएको सिट नक्सा र ट्रेस नक्सा अनिबार्य पेश गरेर मात्र रजिस्ट्रेसन लिखत पारीत गर्ने व्यवस्था हुनु पर्दछ। यस सम्बन्धमा मन्त्रालय, बिभागबाट नियमित अनुगमन गर्नुपर्ने देखिन्छ।

३. **पुन नापिः (हाल साबिक) :** नापी शाखा एवं नापी गोश्वराको कार्यबिधि २०६० बुंदा नं. १.२.९ मा जग्गा नापजाँच ऐन २०१९ को सातौ शंसोधन २०४९ लागु हुनु अगाबै पुन नक्शा भएको जिल्ला वा क्षेत्रमा जग्गा

दर्ता आदि कार्यको लागि मालपोत कार्यालय, अदालत लगायत अन्य अधिकार प्राप्त आयोगबाट छानबिन प्रायोजनको लागि हाल साबिक भिडाउन लेखि आएमा स्थिति प्रस्ट संग देखाई कायम हुन आएको जग्गाको अवस्था ट्रेस पेपरमा उतार गरी सम्बन्धित निकायमा मिति खुलाई हस्ताक्षर गरी पठाउनु पर्ने र हाल साबिक गर्ने कार्य सामान्यतया ७ दिनभित्र फिल्ड समेत निरिक्षण गरि सो बमोजिम ट्रेस तयार गरि पठाउनु पर्ने व्यवस्था छ । उपरोक्त कार्यबिधिको अधिनमा रहि कार्यालयले हाल साबिकको लागि यस वर्ष निवेदन दर्ता, फछ्यौट र कारबाहि टुङ्गो नलागी बाँकी रहेको बिवरण नराखेको कारण बिश्लेसण गर्न सकिएन ।

४. **लागत अनुमान :** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५ बमोजिम रु २५ हजार भन्दा बढीको खरीदमा लागत अनुमान तयार गर्नु पर्नेमा लागत अनुमान तयार नगरी खरीद गरेको व्यहोरा आन्तरीक लेखापरीक्षण प्रतिबेदनमा समाबेश भएको छ । सो बमोजिम कार्यालयले उत्पादन सामग्री तथा सेवा, फर्निचर तथा फिक्चर्स, मेशिनरी औजार रु २१ लाख ९७ हजार लागत अनुमान तयार नगरी सिधै खरीद गरेको अनियमित देखिएको छ ।

नापि कार्यालय, चाबहिल

१. **आन्तरिक नियन्त्रण** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको मूल्यांकन गर्दा कार्यालयले खरीद योजनाको कार्यान्वयन नभएको , दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्नेमा आंशिक रुपमा मात्र कार्यान्वयन भएको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गरी जिन्सी खाता अद्यावधिक र प्रमाणित गरी नराखेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउन छाप लगाई नराखेको आदि देखिएकोले आन्तरीक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्ने देखिन्छ ।

२. **नक्सा सिट र ट्रेस नक्सा :** घर जग्गाको रजिष्ट्रशन लिखत पारित गर्ने प्रयोजनको लागि सम्बन्धित गाउं विकास समिति एवं नगरपालिकाबाट प्राप्त हुने कतिपय सिफारिस निवेदकको माग बमोजिम भनि सिफारीस हुने गरेको, एउटै जग्गाबाट स–साना टुक्रा गरि बिक्री गरेका, विभिन्न टुक्रा जग्गामा समेत बाटो नभएको भनी सिफारीस गर्ने गरेको, घर जग्गाको वर्तमान अवस्थाको यथार्थ अवस्थाको अनुगमन नगरी प्राप्त सिफारिसको आधारमा कायम गरिएको मूल्यांकनको आधारमा मालपोत कार्यालयबाट लिखत पारित गर्दा रजिस्ट्रेसन शुल्क र पुजिगत लाभकर दुबै छली हुने अवस्था छ । यसको निराकरणको लागि स्थानिय निकायको सिफारीश साथ सम्बन्धित नापी कार्यालयबाट प्रमाणित भएको सिट नक्सा र ट्रेस नक्सा अनिबार्य पेश गरेर मात्र रजिस्ट्रेसन लिखत पारीत गर्ने व्यवस्था हुनु पर्दछ। नापी कार्यालयबाट एकै नक्सा सिट अन्तरगतका कित्ता जग्गाहरुको ट्रेस नक्सा प्रदान गर्दा बैक ऋण लिनु पर्ने तथा भवन निर्माण गर्नुपर्ने अवस्थामा बाटो भएको तथा रजिस्ट्रेसन लिखत पारीत गर्नु पर्ने अवस्थामा बाटोको अवस्था नदेखाई ट्रेस उपलव्ध गराएको देखिदा माग भए बमोजिम जुनसुकै प्रयोजनको लागि पनि ट्रेस नक्सा उपलव्ध गराउदाँ अनिवार्य रुपमा एरिया नक्सा सिट बमोजिम बाटोको अवस्था खुलाउनु पर्दछ । यस सम्बन्धमा मन्त्रालय, बिभागबाट नियमित अनुगमन गर्नुपर्ने देखिन्छ ।

३. **बढी भुक्तानी :** कार्यालयका एक सर्वेक्षकको जन्म मिति २०१४।११।२१ कायम भई मिति २०७२।११।२० मा ५८ बर्ष पुरा भई २०७३।११।५ मात्र अवकाश दिएको देखियो । निजामति सेवा नियमावली, २०५० को (संशोधन सहित)नियम १२९ (क) ४ अनुसार अवकास पाउनु पर्ने मिति २०७२।११।२१ देखि २०७३।१०।३० सम्मको उपभोग गरेको तलब भत्ता, बिमा थप, चाडपर्व खर्च, फिल्ड भत्ता पोषाक भत्ता, कर्मचारी संचयकोष थप, महंगी भत्ता लगायतका सुबिधा जम्मा रु.३९२१४४। निजलाई भुक्तानी भएकोमा रु.१९९०००। मात्र फिर्ता गरेकोले रु १ लाख ९३ हजार अझै बाँकि देखिएकोले व्याज सहित असूल गर्नु पर्दछ ।

४. **नक्सा प्रिन्ट :** नापी शाखा एबम् नापी गोश्वाराको कार्यबिधि २०६० को बुँदा नं. १.२.१२.१८ मा ट्रिग सिटबाट नापी भएको क्षेत्र वा जिल्लामा नक्शाको प्रिन्ट निकाल्नु पर्दा एक रोल एमोनिया पेपरबाट १८ थानका दरले हिसाब मिलान गरि राख्ने व्यवस्था छ । यस कार्यालयले यस आ.ब.मा २१०० रोल एमोनिया पेपर खर्च भएको जिन्सी खाताको पाना नं. १ बाट देखिन्छ । नक्शा प्रिन्ट बापत प्रति कित्ताको रु.१००। का दरले ३७८००००। राजश्व आम्दानी हुनुपर्नेमा कार्यालयले सरकारी, गैर सरकारी संघ सस्थालाई उपलव्ध गराएको नक्सावापत शुल्क नलिएको कारण रु.२४८७३००। मात्र राजश्व आम्दानी गरेको देखियो । कार्यबिधिको बुँदा १.२.१२.२५ मा नक्शा प्रिन्ट बिक्रिको लागि सरकारी (गैर सरकारी) संघ-संस्थाहरुबाट समेत व्यक्ति सरह राजश्व असुल गर्नु पर्ने व्यवस्था भएकोले संघ सस्थालाई उपलव्ध गराएको नक्साको समेत अभिलेख राखि राजश्व असूल गर्नु पर्दछ ।

नापि कार्यालय, डिल्लिबजार

१. **आन्तरिक नियन्त्रण** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको मूल्यांकन गर्दा कार्यालयले खरीद योजना बनाएकोमा सो को कार्यान्वयन नभएको , दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्थाको

आंशिक रुपमा कार्यान्वयन भएको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख व्यहोरा कार्यान्वयन नभएको, जिन्सी खाता प्रमाणित गरी नराखेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउन छाप लगाई नराखेको तथा समान रुपले चौमासिक खर्च गर्नु पर्नेमा तेस्रो चौमासिकमा मात्र ४५ प्रतिशत खर्च भएको आदि देखिएकोले आन्तरीक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्ने देखिन्छ ।

२. **नक्सा सिट र ट्रेस नक्सा :** घर जग्गाको रजिष्ट्रेशन लिखत पारित गर्ने प्रयोजनको लागि सम्बन्धित गा.वि.स एवं नगरपालिकाबाट प्राप्त हुने कतिपय सिफारिस निवेदकको माग बमोजिम भनि सिफारीस हुने गरेको, एउटै जग्गाबाट स–साना टुक्रा गरि विक्री गरेका, विभिन्न टुक्रा जग्गामा समेत बाटो नभएको भनी सिफारीस गर्ने गरेको, घर जग्गाको वर्तमान अवस्थाको यथार्थ अवस्थाको अनुगमन नगरी प्राप्त सिफारिसको आधारमा कायम गरिएको मूल्यांकनको आधारमा मालपोत कार्यालयबाट लिखत पारित गर्दा रजिस्ट्रेसन शुल्क र पुजिगत लाभकर दुबै छली हुने अवस्था छ । यसको निराकरणको लागि स्थानिय निकायको सिफारीश साथ सम्बन्धित नापी कार्यालयबाट प्रमाणित भएको सिट नक्सा र ट्रेस नक्सा अनिबार्य पेश गरेर मात्र रजिस्ट्रेसन लिखत पारीत गर्ने व्यवस्था हुनु पर्दछ ।

३. **पुन नापि : (हाल साबिक) :** नापी शाखा एवं नापी गोश्वराको कार्यबिधि २०६० बुंदा नं. १.२.९ मा जग्गा नापजाँच ऐन २०१९ को सातौ शंसोधन २०४९ लागु हुन अगाबै पुन नक्शा भएको जिल्ला वा क्षेत्रमा जग्गा दर्ता आदि कार्यको लागि हाल साबिक भिडाउन लेखि आएमा स्थिति प्रस्ट संग देखाई कायम हुन आएको जग्गाको अवस्था ट्रेस पेपरमा उतार गरी सम्बन्धित निकायमा मिति खुलाई हस्ताक्षर गरी पठाउनु पर्ने र हाल साबिक गर्ने कार्य सामान्यतया ७ दिनभित्र फिल्ड समेत निरिक्षण गरि सो बमोजिम ट्रेस तयार गरि पठाउनु पर्ने व्यवस्था छ । उपरोक्त कार्यबिधिको अधिनमा रहि कार्यालयले हाल साबिकको लागि यस वर्ष निवेदन दर्ता, फछ्यौट र कारबाहि टुङ्गो नलागी बाँकी रहेको बिवरण नराखेको कारण बिश्लेसण गर्न सकिएन । नापी सम्बन्धि ३ फाईलको परीक्षण गर्दा हालसम्मको लागि सेवाग्राहीले निवेदन दिएको भएतापनि लेखापरीक्षण अवधिसम्म कारवाही टुङ्गो लगाएको देखिएन ।

नापि कार्यालय, मनमैजु

१४. **आन्तरिक नियन्त्रण** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको मूल्यांकन गर्दा कार्यालयले खरीद योजना अनुसार कार्यान्वयन नभएको , दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्थाको आंशिक रुपमा कार्यान्वयन भएको, जिन्सी निरीक्षण गरी प्रतिवेदन उल्लेख भएको व्यहोरा कार्यान्वयन नगरेको, खाता अद्यावधिक र प्रमाणित गरी नराखेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउन छाप लगाई नराखेको, राजश्व आम्दानीको दैनिक जोड जम्मा गरी आम्दानी किताबमा प्रबिष्टि नगरेको तथा रसिद नियन्त्रण खाता नराखेका आदि कमजोरी देखिएकोले आन्तरीक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्ने देखिन्छ ।

१५. **नक्सा सिट र ट्रेस नक्सा :** घर जग्गाको रजिष्ट्रेशन लिखत पारित गर्ने प्रयोजनको लागि सम्बन्धित गा.वि.स एवं नगरपालिकाबाट प्राप्त हुने कतिपय सिफारिस निवेदकको माग बमोजिम भनि सिफारीस हुने गरेको, एउटै जग्गाबाट स–साना टुक्रा गरि विक्री गरेका, विभिन्न टुक्रा जग्गामा समेत बाटो नभएको भनी सिफारीस गर्ने गरेको, घर जग्गाको वर्तमान अवस्थाको यथार्थ अवस्थाको अनुगमन नगरी प्राप्त सिफारिसको आधारमा कायम गरिएको मूल्यांकनको आधारमा मालपोत कार्यालयबाट लिखत पारित गर्दा रजिस्ट्रेसन शुल्क र पुजिगत लाभकर दुबै छली हुने अवस्था छ । यसको निराकरणको लागि स्थानिय निकायको सिफारीश साथ सम्बन्धित नापी कार्यालयबाट प्रमाणित भएको सिट नक्सा र ट्रेस नक्सा अनिबार्य पेश गरेर मात्र रजिस्ट्रेसन लिखत पारीत गर्ने व्यवस्था हुनु पर्दछ ।

१६. **पुन नापिः (हाल साबिक) :** नापी शाखा एवं नापी गोश्वराको कार्यबिधि २०६० बुंदा नं. १.२.९ मा जग्गा नापजाँच ऐन २०१९ को सातौ शंसोधन, २०४९ लागु हुन अगाबै पुन नक्शा भएको जिल्ला वा क्षेत्रमा जग्गा दर्ता आदि कार्यको लागि मालपोत कार्यालय, अदालत लगायत अन्य अधिकार प्राप्त आयोगबाट छानबिन प्रायोजनको लागि हाल साबिक भिडाउन लेखि आएमा स्थिति प्रस्ट संग देखाई कायम हुन आएको जग्गाको अवस्था ट्रेस पेपरमा उतार गरी सम्बन्धित निकायमा मिति खुलाई हस्ताक्षर गरी पठाउनु पर्ने र हाल साबिक गर्ने कार्य सामान्यतया ७ दिनभित्र फिल्ड समेत निरिक्षण गरि सो बमोजिम ट्रेस तयार गरि पठाउनु पर्ने व्यवस्था छ । उपरोक्त कार्यबिधिको अधिनमा रहि कार्यालयले हाल साबिकको लागि यस वर्ष निवेदन दर्ता, फछ्यौट र कारबाहि टुङ्गो नलागी बाँकी रहेको बिवरण नराखेको कारण बिश्लेसण गर्न सकिएन ।

भू-सूचना तथा अभिलेख विभाग

१. **दरबन्दी तथा पदपूर्ति :** विभागबाट प्राप्त दरवन्दी विवरण अनुसार २०७३ आषाढ मसान्तमा १८ स्थायी दरवन्दी रहेका र ११ करार समेत २९ कार्यरत रहेको देखिन्छ । दरवन्दी अनुसार लेखा अधिकृत, खरीदार

लगायत ११ पद खाली रहेको पाईयो । दरवन्दी खाली रहंदा कार्य सम्पादनमा असर पर्न सक्ने हुनाले रिक्त पद पूर्ति गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

२. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(१) मा जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि उपनियम (३) वमोजिम मर्मत सम्भार गर्नु पर्ने भए ३ महिना र लिलाम विक्रि गर्नु पर्ने भएमा ६ महिना भित्र लिलाम गर्नु पर्ने उल्लेख छ । विभागले जिन्सी निरीक्षण प्रतिवेदन अनुसार लिलाम तथा मर्मतको कारवाही गरेको छैन । साथै सोहि नियमावली अनुसार गाडी तथा मोटरसाइकलहरू मर्मत गर्दा म.ले.प.फा.न.२ अनुसारको अभिलेख रजिष्टर खडा गरी आर्थिक वर्षमा भएको मर्मत खर्चको अभिलेख राखेको देखिएन । यसमा सुधार हुनुपर्दछ।

३. **कार्यक्रम संशोधन वेगर खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ वमोजीम स्वीकृत कार्यक्रम कार्यान्वयन गर्दा कार्यक्रमको उद्देश्य लक्ष्य स्वकिृत वजेट र कार्यक्रम संशोधन गर्न आवश्यक भएमा संशोधन गर्नुपर्ने स्पष्ट कारण खोली तालुक मन्त्रालयको स्वीकृति लिइ लागत नवढ्ने गरी कार्यक्रम संशोधन गर्नुपर्ने उल्लेख छ । विभागले स्क्यानर ४० थान रु २,९६,०००।०० मा खरिद गरेको देखियो । डेस्कटप कम्प्युटर तथा स्क्यानर ४२ सेट एक प्रा.लि वाट बोलपत्रबाट रु २१,६६,०८४।०० मा खरिद गरेकोमा कार्यक्रम संसोधन बेगर रु २,९६,०००।-सोझै खरिद गरेको छ । नियमको पालना गर्नुपर्दछ ।

४. **सरकारी जग्गाको डिजिटल अभिलेख :** जिल्ला स्थित मालापेत कार्यालयहरुको श्रेस्ता अभिलेखलाई सूचना प्रविधिको माध्यमवाट आधुनिकिकरण गरी केन्द्रीय डिजिटल अभिलेख तयार गर्नको लागी लगत संकलन कम्प्युटर प्रविष्टि रुजु तथा अद्यावधिक गरी सो को डिजिटल अभिलेख तयार गरी विभागवाट विकास गरिएको प्रणाली मा आवद्ध गरी पूर्णता तथा शुद्धता जाँच पश्चात सम्वन्धित कार्यालय र भू सूचना तथा अभिलेख विभागलाई हस्तान्तरण गर्ने कार्यको लागी खण्ड क र खण्ड ख बनाई क्रमश: ९ जिल्ला र ८ जिल्लाको करीव ४/ ४ लाख कित्ता सरकारी जग्गाको डिजिटल अभिलेख तयार गर्न रु ३७ लाख वजेट स्वीकृत भएको देखिन्छ । एक सेवा प्रदायकलाई दुवै प्याकेजको २८३५९६ कित्ताको लागि रु ९,१०,९९२।- भुक्तानी गरेकोमा अनुमानीत कित्ताको ३५.४५ प्रतिशत मात्र कार्य गरी २४.६२ प्रतिशत खर्च गरेकोले प्रगति सन्तोषजनक देखिएन । उपरोक्त कार्यको कार्य क्षेत्रगत शर्तको दफा १० वमोजीम स्थलगत रुपमा परामर्शदाताले कार्य शुरु गरिसकेपछि कार्य सम्पादनको प्रारम्भिक प्रतिवेदन , मासिक रुपमा प्रगति प्रतिवेदन तथा कार्य समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन अनिवार्य रुपमा दिनुपर्ने उल्लेख भएकोमा ति प्रतिवेदनहरु दिएको देखिएन । अन्तिम भुक्तानी दिदां कार्यसम्पन्न प्रतिवेदन बेगर भुक्तानी गरेको उपयुक्त देखिएन ।

५. **पेश्की वाँकि :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७७(१) अनुसार सेवा उपलब्ध गर्न संस्थालाई पेश्की दिने र फछ्र्यौट गर्ने व्यवस्था छ । एक पेट्रोल पम्पको नाममा रु ५१७८५।०० पेश्की फछ्र्यौट हुन वाँकि देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

६. **वोर्डिङ पास :** एक कर्मचारी लाई वोर्डिङ पास वेगर हवाई भाडा रु ६०२५।०० भुक्तानी गरेकाले हवाई उडान गरेको प्रमाण पेश गर्नुपर्दछ ।

मालपोत कार्यालय, कलंकी

१. **जग्गा मूल्यांकन प्रक्रिया :** मालपोत नियमावली, २०३६ को नियम ५खको उपनियम ४ अनुरुप कार्यालयले २०७२।३।२८ र २९ गते वसेको न्यूनतम मूल्य निर्धारण समितिको निर्णयानुसार २०७२।४।१ गतेदेखि लागू भएको आर्थिक वर्ष २०७२।७३ न्युनतम मूल्यांकन पुस्तिकाले जग्गाको यथार्थपरक मूल्यांकन गरेको पाइएन । न्युनतम मूल्यांकनको तुलनामा २० औं गुणा वढी थैली अंक कायम गरी लिखत पास हुनुले जग्गा मूल्यांकन यथार्थपरक रहेको पाइएन ।

२. **अभिलेख व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा अभिलेखलाई व्यस्थित गराउनु पर्ने उल्लेख छ । कार्यालयको लिखत रजिष्टेसन दर्ता किताव मोठ, तामेली लगायतका अभिलेखहरु एक आपसमा भिड्ने गरी व्यवस्थित गरी राखेको पाइएन । यसले गर्दा समग्र आर्थिक कारोवारलाई एक आपसमा भिडाउन सकिएन । यसलाई कार्यालय प्रमुखले नियमित रुपमा अनुगमन तथा मूल्यांकन गरी अभिलेखलाई चुस्त दुरुस्त बनाउनु पर्ने देखिएको छ ।

३. **मानव श्रोत व्यवस्थापन :** निजामती सेवा नियमावली, २०५० अनुसार कार्यालयको स्वीकृत दरवन्दी ५१ रहेकोमा निजामती किताबखानावाटै ५४ जनाको तलवी प्रतिवेदन पारित गरी तलव खर्च लेखेको तथा प्राप्त वार्षिक प्रतिवेदनमा उल्लेख भए अनुसार ५६ जनासम्म कर्मचारीहरु कार्यरत रहेको पाइयो । दरवन्दी भन्दा वढीको तलव खर्च लेख्ने आधार देखिएन । यसलाई कार्यालयले व्यवस्थित गर्नुपर्दछ ।

४. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० अनुसार जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित कैफियत कार्यान्वयन भएको देखिएन ।

५. पेश्की बाँकी : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार कार्यालयले साझा संस्था सेवा, पुल्चोकलाई रु.९२,७००।- आर्थिक वर्षको अन्तसम्ममा फछ्र्यौट नभएको पेश्की नियमानुसार असुल फछ्र्यौट गर्नु पर्दछ ।

६. जग्गाको न्यूनतम मूल्याङ्कन : विभागबाट जग्गाको न्यूनतम मूल्याङ्कन निर्धारण निर्देशिका, २०५९ जारी भई रजिष्ट्रेशन पास गर्दा घर जग्गाको मुल्याङ्कन अङ्क निर्धारण गर्न कार्यालयले प्रत्येक वर्ष तयार गर्ने जग्गाको न्यूनतम मुल्याङ्कन पुस्तिका र घर बाटो सिफारिस आन्तरिक नियन्त्रणको प्रमुख उपायको रुपमा रहेका छन् । जिल्लाको न्यूनतम मुल्याङ्कन पुस्तिका सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् :

६.१. विभागले जारी गरेको न्यूनतम मूल्य निर्धारण निर्देशिका, २०५९ को दफा ३.१ अनुसार प्रत्येक मालपोत कार्यालयले मूल्याङ्कन प्रयोजनको लागि शहरी र ग्रामीण क्षेत्रको नगरोन्मुख क्षेत्रहरु, मूख्य बजार विस्तार भएका स्थानहरुमा उपलब्ध पक्की सडक, शाखा सडक, विजुली, खानेपानी, टेलिफोन जस्ता सुविधाहरुको जानकारी लिन मालपोत तथा नापी कार्यालयका कर्मचारीको टोली खटाउनु पर्ने उल्लेख छ । निर्देशिकाअनुसार न्यूनतम मूल्याङ्कन दर निर्धारण गर्दा फिल्डबाट संकलित मूल्य, वैंक तथा वित्तिय संस्थाहरुले धितो वापत गरेको मुल्याङ्कन, कार्यालयमा पारीत हुन आउने लिखतहरुमा उल्लेख भएको मुल्य आदिको तुलनात्मक विवरण तयार गरी सो आधारमा न्यूनतम मूल्याङ्कन निर्धारण गर्नुपर्ने उल्लेख भएतापनि कार्यालयबाट उक्त उद्देश्य प्राप्तीको लागि कर्मचारी फिल्डमा खटिएको र उल्लेखित मुल्य विवरण लिई तुलनात्मक विश्लेषण गरी अभिलेखाङ्कन गरेको नदेखिँदा तथ्यगत आधारमा न्यूनतम मुल्याङ्कन निर्धारण गरेको छ भनी आश्वस्त हुन सकिएन । फिल्डबाट संकलित सूचनाका आधारमा घडेरीको निमित्त प्रयोग हुने, शहरी क्षेत्र तथा वजार विस्तार भएका ग्रामीण क्षेत्रको जग्गाहरुको कित्ता विवरण तयार गर्ने, कित्ता विवरण तयार भैसकेपछि फिल्डबाट संकलित जग्गाको मूल्य, वैंक तथा वित्तिय संस्थाहरुले धितो वापत गरेको मुल्याङ्कन कार्यालयमा पारित हुन आउने लिखतहरुमा उल्लेख भएका मुल्यहरु आदिको तुलनात्मक मुल्य विवरण तयार गर्नु/गराउनु पर्ने तोकेको छ । साथै जिल्लास्थित विकास निर्माणका कार्यसंचालन गर्ने सरकारी तथा गैर सरकारी निकायहरुसँग सम्पर्क राखि जग्गामा भएको भौतिक परिवर्तनको बारेमा जानकारी लिनु पर्ने आदि प्रक्रियाहरु तोकिएका छन् । सो बमोजिम भए गरेको नदेखिएको र कामको अभिलेख समेत राखेको पाइएन भनी विगत वर्षहरुको प्रतिवेदनमा औंल्याएकोमा स्थितिमा सुधार देखिएन ।

६.२. निर्देशिका बमोजिम शहरी र ग्रामीण क्षेत्रका मूख्य मूख्य बजार विस्तार भएका क्षेत्रका जग्गाहरुको कित्ता नम्बर, प्लट नम्बर, नापीको सिट नम्बर, सडक पहुँच, घडेरी प्रयोजन र अन्य सुविधा पुगेको विवरण खुलाई जग्गाको न्यूनतम मूल्याङ्कन पुस्तिका तयार गर्नुपर्नेमा सडकको अवस्था (पक्की, कच्ची, सहायक, गोरेटो बाटो, बाटो नभएको, मात्र खुलाई गत बिगत बर्षको तत् तत् स्थानका जग्गाहरुको मूल्याकन अनुभबका आधारमा चालु बर्षको न्यूनतम मूल्याङ्कन तोकेको पाइयो । ग्रामीण क्षेत्रमा पर्ने गाउँ विकास समिति अर्न्तरगतका जग्गहरुको वडा नम्बर, कित्ता नम्बर, प्लट नम्बर, सडक पहुँच, घडेरी तथा कृषि प्रयोजन र अन्य सुविधा पुगेको आधारमा जग्गाको वर्गीकरण नगरी गोरेटो बाटो भएका र बाटो नभएका जग्गाहरु भनी न्यूनतम मूल्याङ्कन निर्धारण गरेको छ । विकासको क्रमसँगै कतिपय गाउँ विकास समितिहरुमा मोटर बाटोको सुविधा पुगिसकेको तथा गोरेटो बाटोको स्तरोन्नती भइसकेको स्थिति छ साबिकमा राजकुला रहेको स्थानमा हाल कच्ची मोटर बाटाहरु निर्माण भएको अवस्था छ । सो कारण मूल्याङ्कन निर्धारण गर्दा जग्गाको अवस्थिति, विकासका पूर्वाधार एवं सुविधा पुगिसकेको तथ्यगत आधारमा जग्गाको बर्गीकरण नगरी गत बिगतदेखि चलि आएको जग्गामा वर्गीकरण गरेको र सो आधारमा न्यूनतम मूल्याङ्कन तोकिएको सम्बन्धमा गत वर्ष समेत औंल्याएकोमा हालसम्म सुधार नगरीकनै नर्म्स तयार भएकोले न्यूनतम मूल्याङ्कन पुस्तिका तवरले तयार गरेको भन्न मिल्ने देखिएन । स्थानीय निकायको घर बाटो सिफारिस आधारमा मूल्याकन हुने र ती निकायले गरेको सिफारिसलाइं आधार मान्ने भनी २०५८।५९ मा भएको निर्णयलाई आधार लिई रजिष्ट्रेशन पारित गदां मूल्याकन गरिने व्यहोरा कार्यालयले जानकारी दिएको छ । बाटो भएको, घडेरीयुक्त धेरै मूल्य पर्ने जग्गाहरु विक्रि हुदा समेत निसर्गकर्ताले बाटो नभएको सिफरिस माग गरेको आधारमा घर बाटो, नभएको व्यहोरा स्थानीय निकायवाट प्रमाणित हुने अवस्था सृजना भई खरिदकर्ता वास्तविक राजस्व तिर्नवाट छुटकारा पाउने देखिएकोले सो सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने तर्फ नीतिगत निकायको ध्यान जानु जरुरी देखियो । गत विगत वर्षदेखि औंल्याउंदै आएकोमा आर्थिक वर्ष २०७२।७३ को न्यूनतम मूल्यांकन पुस्तिका तयार गर्दा उल्लेखित व्यहोरामा सुधार भएको देखिएन ।

६.३. न्यूनतम मूल्याङ्कन पुस्तिका (२०७२।७३) अनुसार शहरी क्षेत्रका जग्गाहरुको नापीको सिट नम्बर, प्लट नम्बर, प्रयोजन, समेत खुलाई न्यूनतम मूल्याङ्कन तोक्ने व्यवस्था हुनुपर्नेमा बाटोको अवस्थासम्म खुलाई अमुक ठाउँदेखि अमूक ठाउँसम्मको जग्गाको लागि एकमुष्ट न्यूनतम मूल्याङ्कन तोक्ने गरेको छ । यस्ता मार्गहरुमा समेत भित्री सहायक, कच्ची, गोरेटो बाटोको समेत थप न्यूनतम मूल्याङ्कन कायम गरेको छ । बि.सं. २०२४ सालतिरको बर्ग कायम भएका जग्गाहरु हाल बिकसित भई पीच सडकमा परिणत भएको अवस्था छ तर

यस्ता जग्गाको न्यूनतम मूल्याङ्कन यसरी जग्गामा उपलब्ध सुविधा र प्रयोजनका आधारमा मूल्य खुलाई विशिष्टीकरण नगरिंदा सुविधा पुगेका जग्गाको न्यूनतम मूल्याङ्कन, साबिकमा कायम भएको हाराहारीमा देखिन्छ। यसले गर्दा विकसित जग्गाको न्यूनतम मूल्याङ्कन सुविधा नपुगेको जग्गाको न्यूनतम मूल्याङ्कन सरह हुन जाने र सो आधारमा थैली कायम गरिंदा रजिष्ट्रेशन दस्तूर असूलीमा प्रत्यक्ष असर पर्ने हुंदा जग्गाको न्यूनतम मूल्याङ्कनलाई वस्तुपरक बनाइनु जरुरी देखियो ।

६.४. उपर्युक्तानुसार अध्ययन गर्दा जग्गाको न्यूनतम मूल्याकन तथ्यांकमा आधारित नहुनु, जग्गाको उपयोगिता, प्रयोजन र वाटोको अवस्थाको आधारमा वर्गीकरण नगरिनु, प्रत्येक वर्ष मूल्याकन दर बृद्धि नगरिनु, वृद्धि गरेपनि व्याख्या सहित नगर्नु, प्रचलित कारोवार मूल्यभन्दा सरकारी न्यूनतम मूल्याकन तुलनात्मक रुपले धेरै घटी देखिनुले जग्गाको न्यूनतम मूल्याकनलाई तथ्यपरक र बस्तुपरक बनाउन सकेको देखिएन । निर्देशिका जारी भएको १३ वर्ष वितिसक्दा पनि निर्देशिकाले निर्दिष्ट गरेको कुराहरुलाई समेटी समयसापेक्ष न्यूनतम मूल्याकनमा परिमार्जन तथा सुधार गर्न नसकेको कारणबाट जग्गाको वास्तविक मूल्याकन हुन नसकी न्यूनतम थैली रकम अत्यधिक कम हुन गई रजिष्ट्रेशन दस्तुर असुली गर्दा राजस्व घटी असुल हुन गएको विभिन्न ४ लिखतको रु १४४४५८४०।- फरक घटि देखिएकोले सुधार हुनुपर्दछ ।

७. **नगदी रसीद** : कार्यालयको रसिद नियन्त्रण खाता अनुसार फाँट १ देखि ५ सम्म २५१५० थान नगदी रसिद दिएको देखिन्छ । उक्त रसिद आर्थिक वर्षको समाप्ती भए पछि रसिद नियन्त्रण गर्ने फाँटमा राख्नु पर्नेमा सम्वन्धीत शाखाले राख्ने गरेको देखियो । उक्त रसिद परीक्षणको क्रममा प्रयोगमा नआएका रसिद रद्द गरेको समेत देखिएन । अत आर्थिक वर्ष समाप्त भएपछि नगदी रसिद सम्वन्धीत स्थानमा पठाउने र प्रयोग विहिन रसिद रद्द गर्नुपर्ने देखियो ।

८. **वढी पदपूर्ति :** निजामती सेवा नियमावली, २०५० को नियम ११ अनुसार कुनै पनि कार्यालयमा पद रिक्त नभई वा पद सिर्जना नभई कुनै कर्मचारी नियुक्त गरी तलब खुवाएमा त्यसरी खुवाएको तलब रकम नियुक्ति गर्ने अधिकारीबाट असुल उपर गरीने व्यवस्था छ । दरवन्दी ५१ रहेकोमा दरबन्दी भन्दा ३ कर्मचारी बढी राखी यो वर्ष रु.६०४,८००।– लेखेको देखियो । स्वीकृत दरवन्दी भन्दा वढी कर्मचारी राखी तलव खर्च लेखेको नियमित देखिएन ।

९. **मोटरसाइकल खरिद गरी हस्तान्तरण :** भूमी व्यवस्थापन सुदृढिकरण विभागिय कोष अन्तर्गत यो वर्ष रु१७४५००।– मा एक थान मोटरसाइकल खरिद गरी विभागमा हस्तान्तरण गरेको देखियो । एक निकायको लागि विनियोजित वजेटबाट सवारी साधन खरिद गरि विभागमा हस्तान्तरण गर्नु वजेट सिद्धान्त विपरित देखियो ।

१०. **असूल :** मोठ नं १ को रसिद परीक्षण गर्दा दाखिला गर्न वांकी रु १५१०।– देखिएकोले नासु गंगा प्रसाद पोखरेलवाट उक्त रकम सुद सहित असुल गर्नु पर्दछ ।

११. **बैंक व्यालेन्स** : कार्यालयले योवर्ष आर्थिक विवरण भन्दा वैंक वढी देखाएको रु ५३७५१५।– को सम्वन्धमा यकिन आम्दानी गर्नुपर्ने देखिन्छ ।

१२. **सिफारिस :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७७ मा राजश्वको अभिलेख दुरुस्त राख्नुपर्ने उल्लेख छ । कार्यालयले फाँट ५ को र.नं. २२२ मिति २०७२।४।२२ बाट निसर्गकर्ता बाबुराजा महर्जनको थैली अंक रु.७२,१२,५००।०० भएको जग्गा निसर्गमा २०७१।५।१० को स्थानीय निकायको सिफारिस राखेको पाइयो । १ वर्ष पुरानो घर जग्गा बाटोको सिफारिस राखी रजिष्ट्रससन पास गरेको कार्य मनासिव देखिएन । यसलाई यथार्थपरक बनाउन कार्यालयले विशेष ध्यान दिनु जरुरी देखिएको छ ।

१३. **कारोवारको अभिलेख :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७७ मा राजश्वको अभिलेख दुरुस्त राख्नुपर्ने उल्लेख छ । कार्यालयले दैनिक रुपमा प्राप्त राजश्व तथा अघिल्लो दिनसम्मको राजश्व जोडजम्मा गरी प्रमाणि समेत गरी राखेको पाइएन । यसले गर्दा उठेको राजश्व र दाखिला भएको राजश्व सम्बन्धमा आशस्त हुन सकिएन । यस्तो अभिलेख अद्यावधिक गर्ने तर्फ कार्यालयले विशेष ध्यान दिनु जरुरी देखिएको छ ।

१४. **कारोवार तथा कर सुन्य देखाएका फर्म :** कार्यालयबाट ३ कारोवारको रु.३ करोड ७० लाख ६० हजारको २०७०।७१ को कर चुक्ता प्रमाणपत्र राखेको तथा कारोवार नभएको एवं कर सुन्य देखाएको पाइयो । उल्लेखित कारोवारमा २०७१।७२ को कर चुक्ता नराखी आर्थिक वर्ष २०७२।७३ मा जग्गा खरिद गरेको नियमित देखिएन ।

१५. **पूंजिगत लाभकर :** आयकर ऐन, २०५८ (संशोधन सहित) दफा २ द(४) र दफा ९५ क(३) मा कुनै प्राकृतिक व्यक्तिले एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु.३० लाख वा सो भन्दा बढीको जग्गा वा निजी भवन निसर्ग भएकोमा पूंजीगत लाभमा अग्रिमकर असूल गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयबाट निसर्गकर्ता प्रमिला शाक्यले र.नं. १२०६ (क) मिति ०७२।९।२४ बाट २७३ आनाको कूल निसर्ग रु.२,३२,८४,७१६।०० बाट खरिद मूल्य रु.२,१४,११,३९०।०० कटाई बाँकी रु.१८,७३,३२६।०० को ५ प्रतिशतले हुने रु.९३,६६७।०० पूजिंगत लाभकर असुल गरेको देखिएन ।

१६. **सुन्य कर :** आयकर ऐन, २०५८ को पफा ८८ अनुसार अग्रीम आायकर कट्टि गर्नुपर्ने व्यवस्था छ। कार्यालयको र.नं. १७८७ मिति ०७३।२।७, १५९१ देखि १५९४(घ) मिति ०७३।१।१५ तथा १९४३ मिति ०२७३।२।२१ समेतबाट पद्मा खानेपानी कम्पनी प्रालिले को जग्गा निसर्ग गरेको देखियो । कारोवारको कर सुन्य देखाई विभिन्न ६ कित्ता जग्गा रु.१८२,६०,२००।०० मा विक्री गरेको पाइयो । कारोवार सुन्य भएको सम्बन्धमा जाँचवुझ गरी लाभकर एकीन गर्नु पर्दछ ।

१७. **लाभकर असुल नभएको :** आयकर ऐन, २०५८ को पफा ८९ख अनुसार पूजिंगत लाभकर असुल गर्नुपर्ने व्यवस्था छ । रजिष्ट्रेशन नम्बर ११९९ क र ख (फाँट नं. ५) मिति २०७२।५।८ समेतबाट कीर्तिपुर स्थित कि.नं. ४९१ का एकनिसर्गकर्ताको रु.३८,७६,५००।००मा निसर्ग गरेको पाइयो । मिति ०७२।७।११ समेतबाट निसर्ग गरेकोमा खर्च रु.६९,५००।०० कटाई रु.३८०७०००।०० को ५ प्रतिशत लाभकर असुल हुनुपर्नेमा रु.८०,८८८।०० मात्र असुल भएकोले बांकी रु.१०९४६२।०० असुल हुनुपर्ने देखिन्छ ।

१८. **लाभकर** : आयकर ऐन, २०५८ को फा ८९ख अनुसार पूजिंगत लाभकर असुल गर्नुपर्ने व्यवस्था छ । कार्यालयले र.नं. ४८७ (फाँट ३) मिति २०७२।९।३ बाट निसर्गकर्ता श्री राधे थापामगर समेतको कि.नं. ५७ को २ रोपनी १३ आना जग्गा २०७१ सालमा नामसारी भएको देखिंदा असुल भएको २.५ प्रतिशत लाभकर रु.८४,३७५।०० नपुग भएकोले बाँकी २.५ प्रतिशतले हुने रु.८४,३७५।०० असुल गर्नु पर्दछ ।

आयकर ऐन, २०५८ को फा ८९ख अनुसार पूजिंगत लाभकर असुल गर्नुपर्ने व्यवस्था छ । कार्यालयले र.नं. ४४२ देखि ४४४ (फाँट ५) मिति २०७२।६।२८ बाट निसर्गकर्ता श्री गौतमप्रसाद भुसाल समेतको थैली अंक रु.३३,३२,६००।०० भएकोमा ५ प्रतिशतले हुने रकम रु.१६,६३०।०० असुल गर्नु पर्दछ ।

१९. **वढी खर्च कटाएको :** आयकर ऐन, २०५८ को दफा ८९ख अनुसार पूजिंगत लाभकर असुल गर्नुपर्ने व्यवस्था छ । कार्यालयले र.नं. २१२४ र २१२५(घ) मिति २०७३।३।१७ बाट निसर्गकर्ता लेखनाथ पौडेलको कूल थैली अंक रु.९९,९८,०००।०० मा रु.८५,७७,२२५।०० खर्च कटाएकोमा सोको आधार प्रमाण श्रेस्तासाथ संलग्न रहेको पाइएन । उक्त रकमको ५ प्रतिशतले हुने रु.४२८,८६१।०० असुल हुनुपर्नेमा रु.७११८९।००मात्र असुल भएको देखिएकोले बाँकी रु.३५७,६७३।०० असुल गर्नु पर्दछ ।

२०. **लाभकर असुल नभएको :** आयकर ऐन, २०५८ को दफा ८९ख अनुसार पूजिंगत लाभकर असुल गर्नुपर्ने व्यवस्था छ । कार्यालयले र.नं. २०३ देखि २०७(ख) मिति २०७२।४।२२ समेतबाट निसर्गकर्ता श्री कान्छी थापामगरको कूल अंक रु.३४,३८,७५०।०० को ५ प्रतिशतले हुने रु.३,६७,५००।०० लाभकर असुल गर्नुपर्नेमा असुल गरेको देखिएन ।

२१. **वढी खर्च कटाएको :** २०५८ को दफा ८९ख अनुसार पूजिंगत लाभकर असुल गर्नुपर्ने व्यवस्था छ । कार्यालयले र.नं. ६३१(ख) मिति २०७२।५।२७ बाट निसर्गकर्ता श्री माया पुनको कूल अंक रु.६०,००,०००।०० को २.५ प्रतिशतले हुने रु.१५०,०००।०० मात्र लाभकर असुल भएको पाइयो । निज निसर्गकर्ताको नाम स्पष्ट नभएको खरिदको लिखत रहेकोले नपुग पूजिंगत लाभकर रु.१५०,०००।०० असुल गर्नु पर्दछ ।

२२. **कम लाभकर असुल भएको :** आर्थिक कार्यविधि नियमावली, २०६४ र आयकर ऐन, २०५८ को पफा ८९ख अनुसार पूजिंगत लाभकर असुल गर्नुपर्ने व्यवस्था छ। कार्यालयले र.नं. ३३९५, ३३९७(ख) मिति २०७३।३।२७ बाट निसर्गकर्ता श्री अशोक कुमार अग्रवालको कूल थैली रु.२,६६,४७,८९५।०० मा रु.१५,२२,७३७।०० खर्च कटाई बाँकीको २.५ प्रतिशतले रु.६२८,१२९।०० मात्र लाभकर असुल भएको पाइयो । निज निसर्गकर्ताको नाममा २०७२।१२।२४ मा हालसावी समेत भएको देखिंदा नपुग पूजिंगत लाभकर रु.६२८,१२९।०० असुल गर्नु पर्दछ ।

२३. **लिखत परीक्षण** : कार्यालयबाट लेखापरीक्षणमा प्राप्त २०७२।७३ को वार्षिक प्रगति प्रतिवेदन अनुसार कूल २४१४८ रजिष्ट्रेशन लिखत पारित गरेको पाइयो । कूल लिखतको आंशिक लिखत छनौट गरी परीक्षण गरिएको थियो । रजिष्ट्रेशन दर्ता कितावमा लिखत दर्ता गर्दा जग्गा लिने दिनेको तीन पुस्ते खुल्ले अभिलेख सहित प्रत्येक दर्ता फाँट अनुसार सिलसिलेवार दर्ता नं. एकिन हुने गरी लिखत दर्ता अभिलेख खडा गरी राख्नु पर्नेमा परीक्षण गरीएको दर्ता किताबमा स्पष्ट रुपमा दर्ता नगरेको विवरण यथार्थ रुपमा नलेखिएको, जग्गाको क्षेत्रफल थैली रकम दर्ता एवं लिखत पारितको किसिम समेत फरक पारी दर्ता किताबमा चढाउने गरेको, थैली रकमलाई राजश्वमा रकमको महलमा चढाउने गरेको देखिएकोले सो सम्बन्धमा सुधार गरी रजिष्ट्रेशन किताबलाई यथार्थ अभिलेखको रुपमा अद्यावधिक गरिनु पर्दछ ।

२४. **निवेदन दर्ता र फछ्र्यौंट स्थिति :** भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५३ (१) मा यो ऐन अन्तर्गत कुनै मुद्दा मामिलाको कारवाही तथा किनारा गर्दा अधिकारप्राप्त गाउं विकास समिति वा नगरपालिका, समिति, अदालत वा अधिकारीले विशेष अदालत ऐन, २०५९ को दफा १०, ११ र १२ बमोजिमको अख्तियारी र कार्यप्रणाली अपनाउने उल्लेख छ । कार्यालयबाट प्राप्त २०७२।७३ को वार्षिक प्रगति प्रतिवेदन विवरण अनुसार ८७६ मुद्दा फछ्र्यौट गर्न बांकि छ । हालसम्म फछ्र्यौट गर्न बाँकी रहेका विषय उपर आवश्यक कारवाही गरी फछ्र्यौट गर्न कामकारवाही चुस्त दुरुस्त गराउनु पर्दछ ।

२५. **लाभकर :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च हुंदा वा आम्दानी हुंदा स्पष्ट प्रमाण संलग्न गर्नुपर्ने उल्लेख छ । कार्यालयले १३ निसर्गकर्ताको रु.८२९५०५००/- मुल्यको जग्गाको रजिष्ट्रेसन पास गर्दा जग्गा खरिदको समयमा वढी तिरेर लिएको देखाई लाभकर असुल नगरेको पाइयो । यसले जग्गाको मूल्यांकन यथार्थपरक नभएको र लाभकर असुलीमा प्रभाव पारेको देखियो ।

२६. **थ्रेशहोल्ड हाराहारीका लिखत :** आर्थिक अध्यादेश २०६७ ले आयकर ऐन, २०५८ को दफा (२) को उपदफा (द) को गैह्र व्यवसायी कर योग्य सम्पत्ती अन्तर्गत खण्ड ४ मा प्राकृतिक व्यक्तिले रु.३० लाख वा सो भन्दा बढी मूल्यको घर जग्गाको कारोवार गर्दा भएको पूंजिगत लाभमा ऐनको दफा ९५ (क) ३ मा तोकिएको दर अनुसार रजिष्ट्रेशन गर्दाकै बखतमा कर असुल गर्ने व्यबस्था गरेको छ । कार्यालयमा सेवाग्राहीबाट न्यूनतम मूल्यांकनको आधारमा थैली कायम गर्दा रु.३० लाखको सिमालाई आधार बनाएर केही रकममात्र कम गरी रजिष्ट्रेशन लिखत पारित गरेको कारण पूंजिगत लाभकर असुलीको कार्य प्रभावकारी हुन नसकेको पाइयो । बिभिन्न ५२ व्यक्तिको रु.३० लाखकै हाराहारीमा लिखत पारीत भई रु १५२६९३८८४/- को लाभकर असुल हुन सकेको छैन ।

२७. **भवन निर्माणको खर्च कट्टी** : आर्थिक अध्यादेश २०६७ ले आयकर ऐन, २०५८ को दफा (२) को उपदफा (द) को गैह्र व्यवसायी कर योग्य सम्पत्ती अन्तर्गत खण्ड ४ मा प्राकृतिक व्यक्तिले रु.३० लाख वा सो भन्दा बढी मूल्यको जग्गा तथा घर जग्गाको कारोवार गर्दा भएको पूंजिगत लाभमा ऐनको दफा ९५ (क) ३ मा तोकिएको दर अनुसार रजिष्ट्रेशन गर्दाकै बखतमा कर असुल गर्ने व्यबस्था गरेको छ । रजिष्ट्रेशन लिखतबाट ऋणीहरुले घर जग्गा विक्री गर्दा पूंजिगत लाभकर घोषणा फारम भरी खरीद गर्दाको लिखत मूल्य, रजिष्ट्रेशन शुल्क र भवन निर्माण वापतको रकम कट्टी गरी बांकी रकममा मात्र नियमानुसार लाग्ने पूंजिगत लाभकर असूल भएको देखिन्छ । उक्त कट्टी रकम मध्ये घर निर्माण खर्च कटि्ट लिएकोमा सो फारामसाथ स्थानीय निकायबाट प्रमाणित निर्माण खर्चको प्रमाण संलग्न गरी खर्च कटि्ट लिनुपर्नेमा फांटवारीसाथ सोको प्रमाण संलग्न गरेर मात्र खर्च कटि्ट गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

२८. **बाटो फरक :** आर्थिक कार्यविधि ऐन, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च वा प्राप्त गर्दा पर्याप्त पुष्ट्याई राख्नुपर्ने व्यवस्था छ । कायांलयले र.नं. २६३३ देखि २६३५ (क) बाट निसर्गकर्ता विमला कार्कीले रु.८०,००,०००।०० को थैली कायम गरी चन्द्रागिरी २४, सतुगंलको कि.न. १६ को जग्गा निसर्ग गर्दा कच्ची मोटरवाटो कायम गरी थैली मूल्यांकन भएको पाइयो । उक्त स्थानमा पक्की मोटरवाटो देखिन आएकोले थैली पुर्नमूल्यांकन गरी पुनः एकीन गरी राजशव दाखिला गर्नु पर्दछ ।

२९. **मुल्य अभिबृद्धिकरमा दर्ता :** आन्तरिक राजश्व विभागको मिति २०६६।४।१३ को निर्णयानुसार आयकर ऐन,२०५८ को दफा ७५ बमोजिम भएको सार्वजनिक परिपत्र (संशोधन सहिन) को वुंदा नं.२ मा घर जग्गा निसर्ग कर्ता निकायहरुसंग पूंजिगत लाभकर कट्टी गर्न नपर्ने व्यबस्थाभए बमोजिम मालपोत कार्यालयहरुले पान एवं मू.अ.कर मा दर्ता भएका संघसंस्था एवं अन्य निकायहरुले जतिसुकै रकमको घर जग्गा निसर्ग गरी लाभ आर्जन गरेको भएमा पनि पूंजिगत लाभकर कट्टी गर्ने गरेको छैन । यस्तो रकम संघ संस्थाको आय व्ययबिबरणमा समाबेश गरी सो बमोजिमको आय रकममा आयकर निर्धारण भएको प्रमाण पेश भएपछि मात्र लिखत पारित गर्ने व्यवस्था मिलाउनु पर्ने देखिएको छ । कार्यालयले १५ निसर्गकर्ताको रु ६४ करोड ७६ लाख १ हजारमा लाभकर असुल भएको देखिएन ।

३०. **पुंजिगत लाभकर :** आयकर ऐन, २०५८ (संशोधन सहित) दफा २ द(४) र दफा ९५ क(३) मा कुनै प्राकृतिक व्यक्तिले एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु.३० लाख वा सो भन्दा बढीको घरजग्गा निसर्ग गर्ने व्यक्तिवाट पूंजीगत लाभकर अग्रिम रुपमा कट्टा गरी असूल गरेको देखिएन । पूंजीगत लाभकर घोषणा फारम भर्न लगाई अग्रिम कर नलिएवाट सरकारले राजस्व खातामा जम्मा हुनु पर्ने राजस्व रकम छुट हुन गएको देखियो । तसर्थ ऐनमा व्यवस्था भए अनुसार निसर्गको आधारमा पूंजीगत लाभ निर्धारण गरी पूंजीगत लाभकर असूल गर्नुपर्ने व्यवस्था छ । बिभिन्न ७ निसर्गकर्ताको रु ३ करोड २९ लाख ३४ हजार सम्पत्तिको आयमा ५ प्रतिशतका दरले रु १५ लाख २ हजार लाभकर असूल गरी आयकर ऐन २०५८ को दफा ११९ बमोजिमको व्याज समेत गणना गरी दाखिला गर्नु पर्दछ ।

३१. **दश बर्ष भन्दा बढी स्वमित्व भएका घरजग्गाको निसर्ग :** आयकर ऐन, (संसोधन सहित) २०५८ को दफा २ द(४) र दफा ९५ क(३) को सम्बन्धमा आन्तरिक राजस्व विभागको परिपत्र अनुसार कुनै प्राकृतिक व्यक्तिको गैर व्यवसायीक सम्पति अबिछिन्न वा पटक पटक गरी १० वर्ष वा सो भन्दा बढीको स्वामित्व रहेको जग्गामा बनेको घर निसर्ग हुँदा रु.३० लाख भन्दा बढी रकमको भएमापनि घर तथा घरले चर्चेको १ रोपनी जग्गा विक्रीमा लाभकर नलाग्ने व्यवस्था रहेकोमा १० वर्ष बढी स्वामित्व भएको प्रमाण वेगर ११ निसर्गकर्ताको रु.७ करोड ९३ लाख २३ हजार निसर्गमा रु १९ लाख ६५ हजार लाभकर छानविन गरी असूल गर्नु पर्दछ ।

३२. **सफ्टवेयर सम्बन्धमा :** आयकर ऐन, २०५८ को दफा ९५ क (३) वमोजिम कुनै प्राकृतिक व्यक्तिले एक आर्थिक वर्षमा रु.३० लाख वा सो भन्दा वढीको जग्गा वा निजी भवन निसर्ग भएकोमा पुँजिगत लाभकर मालपोत कार्यालयले ऐनले तोकेको दरमा रजिष्ट्रेशनको वखत प्राकृतिक व्यक्तिको खुद लाभकर असूल गर्ने प्रयोजनको लागि निसर्गकर्ताको लाभको विवरण अधावधिक गरी अभिलेख व्यवस्था प्रभावकारी रुपमा व्यवस्थित गरी राख्नुपर्ने उल्लेख छ। यस्तो अभिलेख अद्यावधिक गरी राखेको देखिएन ।

३३. **वाग्मती सभ्यता कोष** : कायालयले लिखत रजिष्ट्रेशन पारित गदा) वाग्मती सभ्यता कोषको नाउँमा यस वर्ष रु. १६,५०,२३,४७२।०० असुल भइ) राजस्व खातामा जम्मा गरेको छ । आर्थिक अध्यादेश २०६७।६८ अनुसार काठमाण्डौ उपत्यका भित्रका महानगरपालिका उप–महानगरपालिका र नगरपालिका क्षेत्रसंग जोडिएका गाविसहरुको घर जग्गा रजिष्ट्रेशन पारित गर्दा थैली अंकको ०.५ प्रतिशतका दरले असुल गर्ने उल्लेख भएको छ । यस्तो रकम छुट्टै कोषमा जम्मा गरी निर्दिष्ट उद्देश्यका लागि प्रयोग हुनुपर्ने भनी विगत प्रतिवेदनहरुमा समेत उल्लेख भएकोमा यस वर्ष पनि राजस्व दाखिला भएको पाइयो । कानून बमोजिम जुन प्रयोजनका लागि राजश्व संकलन गरिएको हो सोही प्रयोजनमा उपयोग हुने गरी आवश्यक ऐन नियम एवं कार्यबिधि बनाई तर्जुमा हुनुपर्दछ ।

३४. **वार्षिक लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५.(१) अनुसार कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची– २ वमोजिमको ढाचामा प्रगति विवरण तयार गर्नु पर्ने व्यवस्था रहेकोमा वार्षिक कार्यक्रम एव प्रगति विवरण तयार गरेको पाइएन ।

३५. **आन्तरीक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जांच गरी खर्च भएको सबै रसिद, बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा नगरेको, घर जग्गाको अभिलेख विद्युतीय ,माध्यमबाट व्यवस्थित गरी नराखेको, कारोबारको खण्डिकृत तथ्यांक र सूचना देखिने गरी अभिलेख नराखेको, सरकारी तथा तथा सार्वजनिक जग्गाहरुको संरक्षण र उपयोगको लागि कार्ययोजना बनाई कार्यान्वयन नगरेको, नापी कार्यालयसंग कम्प्यूटर संजालिकरण नगरेको आदि आन्तरीक नियन्त्रण प्रणाली सम्बन्धी कमजोरी रहेको देखियो ।

मालपोत कार्यालय,चावहिल

१. **निर्णय कार्यन्वयन :** सार्वजनिक लेखा समितिबाट २०७२।१२।७ मा भोगाधिकारमा दिईएका जग्गाको अभिलेख अद्यावधिक गरी रकम असूल गर्ने, मन्त्रालयले २०७२ चैत्र महिना भित्र हदबन्दी सम्बन्धि नीति कार्यान्वयनको कार्ययोजना बनाउनु पर्ने, पूँजीगत लाभकर सम्बन्धि बेरुजुहरु ३ महिना भित्र असूल गर्नु पर्ने भनि निर्देशन दिएकोमा कार्यान्वयन भएको छैन ।

२. **विगतका व्यहोरा पुनरावृत्ति :** गत बिगत देखिकै नीति तथा कार्यक्रम बमोजिम एकीकृत जग्गा धनी प्रमाणपत्र वितरण गर्ने कार्य भएको छैन ।

२.१ कार्यालयबाट प्राप्त विवरणअनुसार यो बर्ष सम्म सरकारी, संघ संस्था सहित २४ संस्थालाई १३० रोपनी, ५ आना १ पैसा ३ दाम जग्गा नेपाल सरकारको निर्णयअनुसार भोगाधिकार दिएको उल्लेख छ । भोगाधिकारमा दिएको जग्गा प्रत्येक वर्ष नवीकरण गराउनुपर्ने सम्झौतामा व्यवस्था भएकोमा गत बिगतमा भोगाधिकार दिएको जग्गाको अभिलेख व्यवस्थित गरी यस बर्ष नवीकरण गराएको छैन । नियमित नविकरण गरी बिभाग र मन्त्रालयको अभिलेखमा समेत अध्यावधिक गरीनु पर्दछ ।

२.२ जग्गा प्रशासन निर्देशिका,२०५८ अनुसार मालपोत कार्यालयहरुले नापीको समयमा दर्ता हुन बाँकी सरकारी र सार्वजनिक जग्गाको फिल्ड बुकलगायत अन्य प्रमाणहरु बुझी अनुसूची १९ र २० बमोजिमको ढाँचामा अभिलेख अद्यावधिक राखी सरकारी र सार्वजनिक जग्गाको संरक्षण गर्नुपर्नेमा यो बर्ष पनि कार्यालयबाट यस्तो जग्गाको अभिलेख तयार गराई अद्यावधिक गरेको छैन ।

२.३ कार्यालयको भवन निर्माणको लागि २०६८।१।८ मा बि.कोई स्काई जे.भी. बानेश्वरसंग २०७१।१।७ सम्ममा निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०७१।३।२६ मा २०७१।७।६ सम्म म्याद थप भएको छ । पहिलो पटक म्यादथप अवधिमा पनि निर्माण सम्पन्न नभएकोले २०७२।३।१७ मा अन्तिम पटक भनि २०७२।७।५ सम्म म्याद थप भएकोमा २०७३ फाल्गुन सम्म पनि निर्माण सम्पन्न भएको छैन ।

३. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(१) र नियम ५०(३) बमोजिम प्रभाबकारी रुपमा जिन्सी व्यवस्थापन भएको छैन ।

४. **आन्तरिक नियन्त्रण व्यवस्था :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ वमोजिम प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वासनिय बनाउन तथा प्रचलित कानून वमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रण सम्बन्धी अनुसूचि ३० अनुसार परीक्षण गर्दा पुराना सामानको मुल्य कागम गराई नराखेको, मर्मत अभिलेख खाता नराखेको, खर्चक ाबिल भरपाइहरुमा सिलसिलेवार नम्बर राखि प्रमाणित नगरेको तथा बार्षिक कार्य सम्पन्न प्रतिबेदन समेत तयार नगरेको पाईयो ।

५. **दरबन्दी भन्दा बढी पदस्थापन :** मन्त्रालयबाट मिति २०७१।८।७ को कुल ४४ जनाको दरबन्दी स्वीकृत मध्ये नायब सुब्बा १४ र कार्यालय सहयोगी ७ जना कायम भएकोमा यो वर्ष स्विकृत दरबन्दी भन्दा बढी कर्मचारीहरुलाई काम गराई रु १० लाख ३० हजार तलब भत्ता भुक्तानी गरेको देखिएकोले निजामति सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली ,२०५० बमोजिम कारबाहि हुन पर्ने देखियो । दरबन्दी बमोजिमनै

कर्मचारीहरु पदस्थापन गरिएको भएता पनि सरुवा गरिएका कर्मचारीहरु अदालतको आदेश लिई साविककै कार्यालयमा फर्कि आउने गरेको कारण बढी कर्मचारी कार्यरत रहेको कार्यालयको भनाई रहेको छ ।

६. **पेश्की बाँकी :** एक ना.सु. को आ.ब. ०७३।७४ मा जग्गाको न्युनतम मुल्याङ्कन बैठक बापत ५६०००। पेश्की लिएकोमा ले.प. अवधी सम्म फछ्र्यौट नभएकोले आर्थिक कार्यबिधि नियमावली, २०६४ बमोजिम असूल फछ्यौट गर्नु पर्दछ ।

७. **लिखत परीक्षण :** कार्यालयबाट प्राप्त वार्षिक प्रगति प्रतिवेदन विवरण अनुसार १२३२३ राजिनामा लिखतहरु मध्ये स्विकृत लेखापरीक्षण योजना बमोजिम नमुना छनौट गरी परीक्षण गर्दा जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा १८२(३) अनुसार जग्गाको न्यूनतम मूल्यांकन निर्धारण समितिले निर्धारण गरेको न्यनूतम मूल्याकन नघटाई चलन चल्तिको मूल्यमा थैली कायम गरी लिखत पारीत गर्नुपर्ने देखिन्छ । कार्यालयले लिखत पारीत गरी विभिन्न व्यक्ति, कम्पनीका नाममा रहेका जग्गा हक हस्तान्तरण गरेकोमा अधिकांश लिखतमा सम्बन्धित स्थानीय निकायको घर बाटो सिफारिस र जिल्लाको न्यूनतम मूल्याकन निर्धारण पुस्तिकाको सबैभन्दा घटी मूल्याकन दरबन्दीका आधारमा हुने न्यूनतम मूल्य अनुसार नबुझी दस्तुर असुल गरेको पाइयो । यसले गर्दा बजार मुल्यको आधारमा राजस्व असुल भएको देखिएन ।

८. **नक्सा सिट र ट्रेस नक्सा अनिबार्य गर्नुपर्ने :** घर जग्गाको रजिष्ट्रेशन लिखत पारित गर्ने प्रयोजनको लागि घर जग्गाको न्यूनतम मूल्यांकन जग्गाको अवस्था जग्गाधनिको माग वमोजिम सम्बन्धित स्थानिय निकायको सिफारिसको आधारमा न्यूनतम मूल्यांकनको आधारा लिने गरेको पाइन्छ । स्थानिय निकायको सिफारीश साथ सम्बन्धित नापी कार्यालयबाट प्रमाणित भएको सिट नक्सा र ट्रेस नक्सा अनिबार्य पेश गरेर मात्र रजिस्ट्रेसन लिखत पारीत गर्नु पर्दछ। नापि कार्यालयबाट एकै नक्सा सिट अन्तरगतका कित्ता जग्गाहरुको ट्रेस नक्सा प्रदान गर्दा बैक ऋण लिनु पर्ने तथा भवन निर्माण गर्नुपर्ने अवस्थामा बाटो भएको तथा रजिस्ट्रेसन लिखत पारीत गर्नु पर्ने अवस्थामा बाटोको अवस्था नदेखाई ट्रेस उपलब्ध गराएको देखिदाँ एरिया नक्सा सिट बमोजिम बाटोको अवस्था देखाएको ट्रेस नक्सा पेश भए पछिमात्र जग्गाको न्यूनतम मूल्यांकन यकिन गरी रजिस्ट्रेसन पारीत गर्ने व्यवस्थालाई अनिवार्य गर्ने तर्फ मन्त्रालय, बिभाग तथा सम्बन्धित कार्यालयहरुको ध्यान जानुपर्ने देखिन्छ ।

९. **अभिलेख संरक्षण** : जनताको सम्पत्तिसँग प्रत्यक्ष सरोकार राख्ने जग्गाको लेनदेन सम्बन्धी महत्वपूर्ण रजिष्ट्रेशन लिखतहरु, मिशिल सुरक्षित तवरले अभिलेख व्यवस्थापन गर्न तामेली शाखाको व्यवस्था गरेको देखिन्छ । लेखापरीक्षणको दौरानमा ती फाँटहरुको स्थलगत अवलोकन गर्दा ४०/५० वर्ष पुराना लिखतहरु नस्ट हुन लागेको अवस्थामा रहेको यस्ता लिखत सम्बन्धि अभिलेखलाई क्रमिक रुपमा कम्प्युटर प्रणालीमा आवद्ध गरी अभिलेख व्यवस्थापनलाई भरपर्दो र व्यवस्थीत गर्नु पर्ने तर्फ ध्यान जानु पर्ने देखियो ।

१०. **निवेदन दर्ता र फछ्र्यौट** : भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५३(१) बमोजिम फछ्र्यौट हुन बाँकी निवेदन यस वर्षसम्म १८६ रहेको छ । कार्यालयले यो बर्ष पनि फछ्र्यौट गर्न बाँकी निवेदनहरुको वर्गिकरण गरी विवरण तयार गरेको छैन । निवेदन दर्ता तथा फछ्र्यौटको आयुगत विवरण खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

११. **पूँजिगत लाभकर** : कार्यालयले अधिकांस लाभकर फारममा रजिस्ट्रेसन नम्बर सहित खुलाउनु पर्ने सम्पुर्ण व्यहोराहरु नखुलाएको, लाभकर फारमको साथमा निसर्ग भएको जग्गाको खरीद मुल्य तथा खरीद मिति खुल्ने प्रमाण पेश नगरेको पाईयो । जग्गा तथा घर निसर्ग गर्ने प्राकृतिक व्यक्तिले नियमानुसार भरेर पेश गरेका लाभ कर फाराम र सम्बद्ध आन्तरीक राजस्व कार्यालयमा पठाएका लाभकर सम्बन्धी विवरणको खर्च कट्टी दाबीको यथेस्ट प्रमाण सहित अभिलेख राख्ने व्यवस्था हुनुपर्ने देखिन्छ ।

१२. **नि:सर्ग भएको जग्गा तथा भवन बापतको खर्च :** पूंजीगत लाभकर सम्बन्धि निर्देशिका २०७२ को दफा ४.१५.मा कुनै प्राकृतिक व्यक्तिले आफ्नो स्वामित्वमा भएको गैर व्यावसायिक करयोग्य सम्पत्ति जग्गा तथा भवनको नि:सर्ग भएको छ भने त्यस्तो सम्पत्तिको पूँजीगत लाभ गणना गर्ने प्रयोजनको लागि सो सम्पत्ति बापतको कट्टी गर्न पाउने खर्च यकिन गर्नु पर्ने व्यवस्था छ । सोहि निर्देशिकाको अनुसूची १ मा जग्गा तथा घरजग्गा नि:सर्गमा भएको पूंजीगत लाभको घोषणा फाराम र सो फाराम भर्ने तरीका सहित निसर्गकर्ता र खरीदकर्ताले खुलासा गर्नुपर्ने व्यहोरा उल्लेख गरेको छ । निर्देशिकाले यो घोषणामा फाराम विक्रेता वा खरिदकर्ता दुवैले भर्नु पर्ने र फाराममा उल्लेख भएको विवरण सही एवम यथार्थ रुपमा नभएको कारणबाट करको दायित्व घटी हुन गएको पाइएमा करको दायित्व घटाउने प्रवन्ध गरेको मनी घटी भएको करको आधारमा कर लगायत शुल्क एवम व्याज समेत असुलउपर गरिने व्यवस्था गरेको छ ।

१३. **कम्पाउण्डवाल, कर दस्तुर भवन निर्माण तथा मर्मत खर्च :** पूँजीगत लाभकर सम्वन्धी निर्देशिका, २०७२ विपरित बिभिन्न ९ निसर्गकर्ताहरुको निसर्गमा भुकम्प पश्चातको पुन: निर्माण तथा रेट्रोफिटिङ्गमा रु ५ करोड १० लाख १६ हजार, कम्पाउन्ड वालमा रु १ करोड ४२ लाख ६४ हजार १८८, कर तथा दस्तुरमा रु ५२ लाख र भवन निर्माणमा रु ४ करोड २ लाख ९८ हजार ५०० समेत जम्मा रु ११ करोड ७ लाख ७८ हजार ६८८ खर्च कट्टी प्रमाणित हुने अभिलेख र प्रमाण संलग्न नगरी खर्च कट्टी दाबि गरेकोले उक्त खर्चमा छानबिन गरी ५ प्रतिशत लाभकर रु ५५ लाख ३९ हजार असुल गर्नु पर्दछ ।

१४. **स्वामित्व प्राप्तिको प्रमाण :** निर्देशिकाको व्यवस्था विपरित घर जग्गा खरीद भएको मिति खुल्ने प्रमाण संलग्न नगरी २.५ प्रतिशत मात्र लाभकर असुल गरेको देखियो । अतः निसर्गकर्ताको स्वामित्व प्राप्त भएको ५ बर्ष अवधी पूरा भएको सक्कल प्रमाण भए पेश गर्ने अन्यथा बिभिन्न २१ निसर्गकर्ताहरुको निसर्ग रकम रु ४८ करोड १६ लाख १७ हजार ९०५ मा छुट २.५ प्रतिशत पूजिगत लाभकर रु १ करोड २० लाख ४० हजार असूल गर्नु पर्दछ ।

१५. **खर्च कट्टीको प्रमाण :** निर्देशिकाको व्यवस्था बमोजिम निम्नानुसार हस्तान्तरण गरेको भए हस्तान्तरण गर्ने व्यक्तिले हस्तान्तरण गरेको जग्गा वा भवन खरिद गरेको भए सोमूल्य वा अन्य तवरबाट प्राप्त भएको भए सो वापत खर्च कट्टी पाउने रकम , हस्तान्तरण भएको जग्गा वा भवन ऋण दावी वापत कुनै व्यक्तिले सकार गरेको वा कव्जा गरी लिलाम गरेको छ भने सकार मूल्य वा लिलाम मूल्य , विक्री वा अन्य माध्यमबाट हस्तान्तरण भएको जग्गा वा भवनको खर्च वापत दावी गर्न पाउने रकम हस्तान्तरण भएको सप्पत्ति प्राप्त गर्दा भएको खर्च वा अन्य तवरबाट प्राप्त भएको भए हस्तान्तरण गर्नेव्यक्तिले आयको रुपमा देखाएको रकम वरावरको रकम खर्च कट्टी गर्न पाउने व्यवस्था छ । कार्यालयले २७ निसर्गकर्ताहरुको निसर्गमा खरीदकर्ता तथा बिक्रेताको स्थायीलेखा नम्बरलाई अनिबार्य नगरेको तथा खर्च कट्टी गर्दा दाबि गरीएको खर्च रु २९ करोड ६४ लाख ७१ हजार १७९ को पुष्टि हुने प्रमाण संलग्न गरेको छैन । अतः बिक्रेताको खर्च कट्टीको सक्कल प्रमाण भए पेश गर्ने अन्यथा छानबिन गरी ५ प्रतिशत पूजिगत लाभकर दरु १ करोड ४८ लाख २४ हजार असूल गर्नु पर्दछ ।

१६. **छुट पूँजिगत लाभकर :** बिभिन्न ५ निसर्गकर्ताहरुको र.नं. २३१७, २३२२, २३३८, २४५९ , २५०३ को निसर्ग रकम रु ३ करोड ९३ लाख ५० हजारमा पुजिगत लाभकर असुल भएको नदेखिएकोले निर्देशिका बमोजिम खर्च रकम यकिन गरी हुने पुँजिगत लाभमा ५ प्रतिशतका दरले रु १९ लाख ६८ हजार अग्रिमकर असूल गर्नु पर्दछ ।

१७. **तिस लाख भन्दा घटी कारोबार :** आयकर ऐन, २०५८ को दफा (२) को उपदफा द) अनुसार प्राकृतिक व्यक्तिले रु. ३० लाख वा सो भन्दा बढी मूल्यको जग्गा तथा घर जग्गाको कारोवार गर्दा पूँजीगत लाभकर रजिष्ट्रशन गर्दाकै बखतमा असूल गर्ने व्यबस्था गरेको छ । कार्यालयमा लाभकर नलाग्ने थ्रेसहोल्ड रु.३० लाखलाई आधार बनाएर रु. १ देखी रु १० हजार सम्म कम को निसर्ग कायम गरी रजिष्ट्रेशन लिखत पारित गर्दा ४९ निसर्गकर्ताहरुको रु १४ करोड ६७ लाख ४६ हजारमा पुजिगत लाभकरको थ्रेसहोल्ड भित्र परेको कारण लाभकर फारम भरी गणना गरेको छैन ।

१८. **बार्षिक निसर्ग :** पूंजीगत लाभकर सम्बन्धि निर्देशिका २०७२ को दफा १२.३ मा कुनै प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा दुई कारोबारको रु ३० लाखभन्दा बढी हुन गएमा दुवै कारोबारलाई समावेश गरी गैर व्यावसायिक करयोग्य सम्पत्तिको रुपमा परिभाषित गरी पूँजीगत लाभ गणना गर्नु पर्ने व्यवस्था छ । कार्यालयले सो बमोजिम बिभिन्न ३० निसर्गकर्ताहरुको निसर्गमा पूजिगत लाभकर गणना गरी असूल गरेको देखिएन । यस सम्बन्धमा बार्षिक निसर्ग रकम यकिन गरी लाभकर लिन छुट भएको देखिएको रकम रु.१६ करोड २ लाख ७५ हजार ६०५ को ५ प्रतिशतले हुने रु ८० लाख १३ हजार ७८० पूजिगत लाभकर असूल गर्नु पर्दछ ।

१९. **अभिछिन्न बसोबास र स्वामित्व प्रमाणित नभई खर्च छुट :** पूँजीगत लाभ कर सम्वन्धी निर्देशिका, २०७२ को परिच्छेद ३ मा कुनै प्राकृतिक व्यक्तिको घरजग्गा (घर तथा घरले ओगटेको जग्गा) गैर व्यावसायिक करयोग्य सम्पत्तिको रुपमा पहिचान नहुन प्राकृतिक व्यक्तिको निजी भवनमा स्वामित्व १० बर्ष भन्दा बढी अवधि स्वामित्व रहेको र दश वा सोभन्दा बढी अवधि पटक पटक वा अविच्छिन्न रुपमा बसोबास गरेको अवस्था पूरा भएको हुनुपर्ने व्यवस्था छ । निर्देशिकाको पुर्ण पालना भएको प्रमाण पेश नगरी बिभिन्न ४ निसर्गकर्ताको रु ८ करोड १ लाख ८२ हजारको निसर्गमा २.५ प्रतिशतले छुट पूजिगत लाभकर रु २० लाख ५ हजार असूल गर्नु पर्दछ ।

२०. **महिला छुट :** आर्थिक ऐन, २०७२ बमोजिम रजिस्ट्रेसन छुटमा खरीद गरेको जग्गा ३ बर्ष भित्र बिक्री गरेमा छुट रकम असुल गरीने व्यवस्था छ । कार्यालयले एक निसर्गकर्ताको रु ९१ लाखको निसर्गमा सो बमोजिम महिला छुट रु ८९ हजार फिर्ता लिएको नदेखिएकोले फिर्ता प्राप्त गरी दाखिला गर्नु पर्दछ ।

२१. **संस्थागत निसर्ग :** विभिन्न कम्पनिहरुले गरेको निसर्ग रकम सम्बन्धित कम्पनिहरुको बिक्रि खाता, आय बिबरण तथा अनुसुची १३ बमोजिम ५ लाख भन्दा बढीको खरीद बिक्रि खुलासा गरेको प्रमाण सहित आयकर ऐन २०५८ को अनुसुची १ बमोजिम २५ प्रतिशतले कर दाखिला भएको प्रमाण सहितको आयकर समायोजन हिसाब भए पेश गर्ने अन्यथा बिभिन्न बिद्यालय, कार्पेट उद्योग तथा रियल स्टेट कम्पनि लगायतका सस्थाहरुको १४८ निसर्गको निसर्ग रकम रु १ अर्ब ३६ करोड ६० लाख ३६ हजार २७० मा ५ प्रतिशत लाभकर रु ६ करोड ८३ लाख २ हजार असूल गर्नु पर्दछ ।

मालपोत कार्यालय, डिल्लीबजार

१. **विगतका व्यहोरा पुनरावृत्ति :** गत बिगत देखिकै नीति तथा कार्यक्रम बमोजिम एकीकृत जग्गा धनी प्रमाणपत्र वितरण गर्ने कार्य भएको छैन ।

१.१ कार्यालयबाट प्राप्त विवरणअनुसार यो बर्ष सम्म सरकारी, संघ संस्था सहित २४ संस्थालाई १३० रोपनी, ५ आना १ पैसा ३ दाम जग्गा नेपाल सरकारको निर्णयअनुसार भोगाधिकार दिएको उल्लेख छ । भोगाधिकारमा दिएको जग्गा प्रत्येक वर्ष नवीकरण गराउनुपर्ने सम्झौतामा व्यवस्था भएकोमा गत बिगतमा भोगाधिकार दिएको जग्गाको अभिलेख व्यवस्थित गरी यस बर्ष नवीकरण गराएको छैन । नियमित नविकरण गरी बिभाग र मन्त्रालयको अभिलेखमा समेत अध्यावधिक गरीनु पर्दछ ।

१.२ जग्गा प्रशासन निर्देशिका, २०५८ अनुसार मालपोत कार्यालयहरुले नापीको समयमा दर्ता हुन बाँकी सरकारी र सार्वजनिक जग्गाको फिल्ड बुकलगायत अन्य प्रमाणहरु बुझी अनुसूची १९ र २० बमोजिमको ढाँचामा अभिलेख अद्यावधिक राखी सरकारी र सार्वजनिक जग्गाको संरक्षण गर्नुपर्नेमा यो बर्ष पनि कार्यालयबाट यस्तो जग्गाको अभिलेख तयार गराई अद्यावधिक गरेको छैन ।

२. **खरिद इकाइ :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८(१) बमोजिम खरिद इकाई गठन भएको देखिएन।

३. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(१) र नियम ५०(३) बमोजिम प्रभाबकारी रुपमा जिन्सी व्यवस्थापन भएको छैन ।

४. **बढी ग्रेड भुक्तानी :** निजामती सेवा ऐन, २०४९ को दफा ७(ख)२ बिपरीत २ कर्मचारीहरुलाई रु ६३३६।– बढी भुक्तानी भएको ग्रेड असुल गर्नुपर्दछ ।

५. **आन्तरिक नियन्त्रण व्यवस्था :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ९५ वमोजिम प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वासनिय बनाउन तथा प्रचलित कानून वमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रण सम्बन्धी अनुसूचि ३० अनुसार परीक्षण गर्दा पुराना सामानको मुल्य कायम गराई नराखेको, मर्मत अभिलेख खाता नराखेको, खर्चको विल भरपाइहरुमा सिलसिलेवार नम्बर राखि प्रमाणित नगरेको तथा बार्षिक कार्य सम्पादन प्रतिबेदन समेत तयार नगरेको पाईयो ।

६. **लिखत परीक्षण :** कार्यालयबाट प्राप्त वार्षिक प्रगति प्रतिवेदन विवरण अनुसार कार्यालयले वकसपत्र ४६३ थान, राजिनामा ३७०९ थान, दर्ताफारी ६ थान सगोलनामा १२७ थान, अंशवण्डा, अंश बुझेको भरपाई ३७६ थान, शेषपछिको वकसपत्र २५१ थान, धितोवन्धक ५००८ थान र व्यक्तिको दृष्टबन्धक ६१८ थान र अन्य ३६८ थान समेत १०९२६ थान रजिष्ट्रेशन लिखत पारित गरेको पाइयो । पारित लिखतहरु मध्ये स्विकृत लेखापरीक्षण योजना बमोजिम नमुना छनौट गरी परीक्षण गर्दा जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा १८२(३) अनुसार जग्गाको न्यूनतम मूल्याकन निर्धारण समितिले निर्धारण गरेको न्यनूतम मूल्याकन नघटाई चलन चल्तिको मूल्यमा थैली कायम गरी लिखत पारीत गर्नुपर्ने देखिन्छ । कार्यालयले लिखत पारीत गरी विभिन्न व्यक्ति, कम्पनीका नाममा रहेका जग्गा हक हस्तान्तरण गरेकोमा अधिकांश लिखतमा सम्बन्धित स्थानीय निकायको घर बाटो सिफारिस र जिल्लाको न्यूनतम मूल्याकन निर्धारण पुस्तिकाको सबैभन्दा घटी मूल्याकन दरबन्दीका आधारमा हुने न्यूनतम मूल्य अनुसार थैली कायम गरी सोही आधारमा रजिट्रेशन दस्तुर असुल गरेको पाइयो । यसले गर्दा बजार मुल्यको आधारमा राजस्व असली भएको देखिएन ।

७. **घरबाटोको सिफारिस** : घर जग्गाको रजिष्ट्रेशन लिखत पारित गर्ने प्रयोजनको लागि घर जग्गाको न्यूनतम मूल्यांकन सम्बन्धित स्थानिय निकायको सिफारिसको आधारमा जग्गाको प्रकृति बाटो भए नभएको, बाटोको अवस्था, पक्की कच्ची गोरेटो, ग्राभलिङ, घर भए नभएको जस्ता सिफारिसलाई न्यूनतम मूल्यांकन को एक मात्र माध्यमको रुपमा लिने गरेको पाइन्छ । सम्बन्धित गा.वि.स एवं नगरपालिकाबाट प्राप्त हुने कतिपय सिफारिस निवेदकको माग बमोजिम भनि सिफरिस हुने गरेको एउटै जग्गाबाट स–सना टुक्रा गरि विक्री गरेका विभिन्न टुक्रा जग्गामा समेत बाटो नभएको भनी सिफारिस गर्ने गरेको, घर जग्गाको वर्तमान अवस्थाको यथार्थ अवस्थाको अनुगमन नगरी प्राप्त सिफरिसको आधारमा कायम गरिएको मूल्यांकनको आधारमा लिखत पारित गर्दा राखेको थैली रकमको यथार्थता सम्बन्धमा विश्वस्त हुने आधार देखिएन । जसबाट राजश्व असूलीको यथार्थता समेत एकिन हुन सकेन ।

८. **अभिलेख संरक्षण** : जनताको सम्पत्तिसँग प्रत्यक्ष सरोकार राख्ने जग्गाको लेनदेन सम्बन्धी महत्वपूर्ण रजिष्ट्रेशन लिखतहरु, मिशिल सुरक्षित तवरले अभिलेख व्यवस्थापन गर्न तामेली शाखाको व्यवस्था गरेको देखिन्छ । लेखापरीक्षणको दौरानमा ती फाँटहरुको स्थलगत अवलोकन गरिएको थियो । रजिष्ट्रेशन लिखतहरु तामेली फाँटमा प्राप्त भएपछि किताव वाइण्डिग गरी व्यवस्थित ढंगबाट अभिलेख राख्ने व्यवस्था गरेको पाइयो । कार्यालयबाट उपलब्ध गराइएको वार्षिक प्रगति प्रतिवेदन विवरण अनुसार यो वर्षको स्रेस्ता वाइन्डिग गर्नुपर्ने ठेली संख्या उल्लेख गरेको छैन । हालसम्म वाइन्डिङ्ग भएको ठेली संख्या र वान्डीङ्ग गर्न वाँकी ठेली संख्याको एकिन र यथार्थ विवरण प्राप्त भएन । तसर्थ मोठ एवं लिखत संख्याको यथार्थ विवरण अद्यावधिक गर्नु पर्ने

देखियो । साथै लेखापरीक्षणको क्रममा तामेली फाँटको अवलोकन गर्दा ४०/५० वर्ष पुराना लिखतहरु नस्ट हुन लागेको अवस्थामा रहेको, चालु हालतका लिखत पनि व्यवस्थित रुपमा तुरुन्त फेला पर्ने किसीमवाट व्यवस्थित रहेको नपाईएको, वर्षेनी ठुलो संख्यामा लिखत पारीत हुने र सोही वमोजिम मोठ वाइन्डिङ्ग हुने र सोको व्यवस्थापनमा कठिनाई हुँदै जाने स्थिती सृजना हुन सक्ने देखिन्छ। यस्ता लिखत सम्बन्धि अभिलेखलाई क्रमिक रुपमा कम्प्युटर प्रणालीमा आवद्ध गरी अभिलेख व्यवस्थापनलाई भरपर्दो र व्यवस्थीत गर्नु पर्ने तर्फ ध्यान जानु पर्ने देखियो ।

९. **निवेदन दर्ता र फछ्र्यौट** : भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५३(१) बमोजिम फछ्र्यौट हुन बाँकी निवेदन यस वर्षसम्म २५९ रहेको छ । कार्यालयले यो बर्ष पनि फछ्र्यौट गर्न बाँकी निवेदनहरुको आयुगत वर्गीरण गरी विवरण तयार गरेको छैन । निवेदन दर्ता तथा फछ्र्यौटको आयुगत विवरण खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

१०. **अनुगमन :** पूंजीगत लाभ कर असुल गर्ने मालपोत कार्यालयले जग्गा तथा घर जग्गा निर्सग गर्ने प्राकृतिक व्यक्तिले नियमानुसार भरेको पुंजीगत लाभ कर फारम अनुसारको पूजीगत लाभ करको विवरण प्रत्येक महिना समाप्त भएको १५ दिनभित्र सम्बद्ध आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्ने ब्यवस्था आयकर निर्देशिकाले समेत तोकेको छ। जग्गा तथा घर निसर्ग गर्ने प्राकृतिक व्यक्तिले नियमानुसार भरेर पेश गरेका लाभ कर फारम र सम्बद्ध आन्तरीक राजस्व कार्यालयमा पठाएका लाभकर सम्बन्धी विवरणको यथेष्ट अभिलेख राख्ने व्यवस्था हुनुपर्ने देखिन्छ। साथै आन्तरिक राजस्व कायालयले मासिक फाँटवारी प्राप्तगरी सकेपछि सोको उचित अनुगमन तथा अद्यावधिक लगत राखी लाभकर रकम यकिन गर्ने व्यवस्था हुनुपर्ने देखियो ।

११. **आम्दानी रसिद :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९ उपनियम ५ अनुसार कार्यालयमा नगद वा वैंक भौचरको रुपमा प्राप्त भएको जुनसुकै राजस्व रकम अनिवार्य रुपमा आम्दानी रसिद काटी सम्बन्धित खातामा जनाउनु पर्दछ। कार्यालयमा यो वर्ष छपाई भएको नगदी रसिद ३३६ थान र गत वर्षको जिम्मेवारी ७३ थान समेत ४०९ थान नगदी रसिद मौज्दात रहेकोमा रजिष्ट्रेशन फांट ४, मोठ फांट ४ र लेखा शाखाको समेत ४०५ थान खर्च भएको छ। ४०५ थान नगदी रसिद खर्च भएकोमा विभिन्न रजिष्ट्रेशन फांट तथा मोठ फांट र लेखा शाखाबाट प्रयोगमा नआएको रसिद मध्ये रजिष्ट्रेशन फांट २ बाट ३ ठेली रसिद, लेखाशाखाबाट ४ ठेली समेत ७ ठेली रसिद खर्च नभई वांकी रहेकोमा सो ७ ठेली रसिद रद्ध गरिएको छ। विभिन्न फांट र मोठमा नगदी रसिद प्रयोग भएतापनि रजिष्ट्रेशन फांट १ र मोठ ४ वटामा दैनिक आम्दानी (म.ले.प.फा.नं.१०८) प्रयोग गरेको छैन भने नगदी रसिद अनुसारको आम्दानी ठिक ढंगले राजश्व दाखिला भौचर सहित चलानी आम्दानी समेत गरेको देखिएन। मोठ नं.३ र मोठ नं.४ मा आम्दानी भएको रकमको म.ले.प. १०८ प्रयोग भएको छैन भने लेखा शाखामा बुझाएको चलानीमा पनि लगातार आम्दानी जनाएको नदेखिएकोले यस्तो प्रचलनको अन्त्य हुनुपर्ने देखिन्छ।

१२. **प्रमाण नभएको :** आयकर ऐन, २०५८ को दफा ९५ (क) को उपदफा (३) मा तोकिए बमोजिम पूजिगत लाभकर नि:सर्गकर्ताले जग्गा तथा भवनको विक्री गर्दा अग्रिम करको रुपमा तोकिए बमोजिम भुक्तानी गर्नुपर्ने व्यवस्था छ। यसरी पूजिगत लाभकर भुक्तानी गर्दा नि:सर्गकर्ताले खरिद गरेको मूल्य तथा प्रशासनिक दस्तुर घटाई विक्री रकममा खरिद खर्च घटाई राजस्व रकम तिर्ने व्यवस्था भएकोमा १६ निसर्गकर्ताहरुले जग्गा तथा घर विक्री गर्दा खरिद गर्दाको खर्चको प्रमाण वेगर लाभकर घोषणा फारम पेश गरेको देखिएको रु.१३३२४६७५०/- निसर्गमा खर्च कट्टीको प्रमाण भए पेश गर्ने अन्यथा रु.६६६२३३८.०० पुजिगत लाभकर असुल गर्नुपर्ने देखियो। प्रमाण पेश नभएका थप व्यहोराहरु निम्न छन:

१२.१ रसिद नम्बर १२४६ (ख)को निसर्ग रु ३०२००००/– मा ५ प्रतिशतले लाभकर रु १ लाख ५१ हजार तिरेको प्रमाण पेश भएको छैन ।

१२.२ रसिद नम्बर १२४५(ख) को निसर्ग रु ९९ लाख मा ५ प्रतिशतले रु ४ लाख ९५ हजार लाभकर तिरेको प्रमाण पेश भएको छैन ।

१२.३ १७४६ ख लिला मैया सिटौलाले रु १ करोड ३ लाखमा जग्गा निसर्ग गर्दा खरीद लागत रु ३८ लाख घटाई रु ६५ लाखमा ५ प्रतिशतले पूजिगत लाभकर तिर्नुपर्नेमा तिर्न छुट भएको देखिएकोले रु.३ लाख २५ हजार पूजिगत लाभकर तिरेको प्रमाण पेश गर्नु पर्दछ ।

१२.४ १८७८ ख निसर्गकर्ताको रु.६६ लाख रुपयाको जग्गा निसर्ग गर्दा ५ प्रतिशतले पूजिगत लाभकर रु ३ लाख ३० हजार तिरेको प्रमाण पेश भएको छैन ।

१२.५ र.नं. ८००(क) को निसर्ग रु १ करोड ५० लाखमा खर्च रु १०२७२४०० घटाई लाभ रु ४७२७६०० मा पूजिगत लाभकर रु २ लाख ३६ हजार तिरेको प्रमाण पेश भएको छैन ।

१२.६ १३६५(ग) बिन्दु रेग्मि ले रु ७० लाखको जग्गा निसर्ग गर्दा ५ प्रतिशतले लाभकर रु ३ लाख ५० हजार तिरेको प्रमाण पेश भएको छैन ।

१३. **लाभकर असुली :** आयकर ऐन, २०५८ (संशोधन सहित) दफा २ द.(४) र दफा ९५ क.(३) मा कुनै प्राकृतिक व्यक्तिले एक आर्थिक वर्षमा रु.३० लाख वा सोभन्दा बढीको जग्गा वा निजी भवन निसर्ग गरेमा पूंजीगत लाभकर

बापत मालपोत कार्यालयले रजिष्ट्रेशन बापत निसर्ग भएको सम्पत्तिको स्वामित्व ५ वर्ष वा सोभन्दा बढी भए २.५ प्रतिशतका दरले र निसर्ग भएको सो गैरव्यावसायिक करयोग्य सम्पत्ति (जग्गा वा भवन) को स्वामित्व ५ वर्षभन्दा कम रहेको छ भने ५ प्रतिशतका दरले खूद पूंजीगत लाभमा अग्रिम रुपमै कर असुल गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले यो वर्ष पारित गरेका रजिष्ट्रेशन लिखतहरुमध्ये रु.३० लाख वा सोभन्दा बढीको करयोग्य सम्पत्ति निसर्ग गरेका रजिष्ट्रेशन लिखतहरुमा निसर्ग गर्ने व्यक्तिबाट पूंजीगत लाभकर अग्रिम रुपमा कट्टा गरी असुल गरेको देखिएन। पूंजीगत लाभकर घोषणा फाराम भर्न लगाई अग्रिम कर असुल नगरेबाट सरकारी राजस्व खातामा जम्मा हुनुपर्ने राजस्व रकम छुट हुन गएको देखियो । तसर्थ ऐनमा व्यवस्था भए अनुसार निसर्गकर्ताबाट निसर्ग गरेको गैरव्यावसायिक सम्पत्तिको निसर्गबाट प्राप्त आयमा सो सम्पत्तिको खरिद मूल्य एवं भवन निर्माण खर्चको यथार्थ प्रमाणको आधारमा खूद पूंजीगत लाभ निर्धारण गरी बिभिन्न ९९ निसर्गकर्ताहरुको रु.१२८३२६८७६०/- निसर्ग रकममा खर्च कट्टी गरी कायम भएको निर्धारण योग्य आयमा रु ३५०८३४३१/- लाभकर असूल गर्न छुट भएको देखियो ।

१४. **घटी मुल्यांकन :** जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा नं.१८२ अनुसार मालपोत कार्यालयबाट पारित हुने जग्गाको लिखतहरुमा थैली अंक कायम गर्ने प्रयोजनको लागि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित समितिले प्रत्येक वर्ष आषाढ मसान्त भित्र जग्गाको न्यूनतम मूल्यांकन कायम गर्नुपर्ने व्यवस्था अनुरुप कार्यालयले तयार गरेको न्यूनतम मूल्यांकन पुस्तिकामा उल्लेखित घरवाटोको शिफारिसको आधारमा न्यूनतम मूल्यांकन कायम गर्नुपर्नेमा निसर्ग थैली न्यूनतम मूल्यांकनले तोके भन्दा पनि न्यून देखिएकोले आयकर ऐन, २०५८ को दफा २ खण्ड द मा उल्लेखित गैरव्यवसायिक करयोग्य सम्पत्तिको निसर्ग रकम ३० लाख भन्दा बढी भएमा त्यस्तो घर जग्गा निसर्गबाट प्राप्त लाभमा पूजिगत लाभकर दाखिला गर्नुपर्दछ भन्ने व्यवस्था छ । अतः निम्नानुसार न्यूनतम मूल्यांकन भन्दा घटी निसर्ग थैली राखेको कारण अच्यूत गजुरेल समेत ८ निसर्गकर्ताहरुबाट रु.१३०७४१३.०० पूजिगत लाभकर समेत घटी दाखिला भएको देखिएकोले असूल गर्नु पर्दछ । घटी मुल्यांकन सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्न छन:

१४.१ मालपोत नियमावली, २०३६ को नियम ५(ख) अनुसार रजिष्ट्रेशन हुने लिखतमा थैली अंक कायम गर्ने प्रयोजनका निमित्त न्यूनतम मूल्यांकन समिति गठन गर्ने व्यवस्था छ । यसरी उक्त मूल्यांकन समितिबाट थैली अंक कायम भए पश्चात आर्थिक ऐन अनुसार जग्गाको रजिष्ट्रेशन पारित गर्दा तोकिए अनुसार रजिष्ट्रेशन शुल्क लिने व्यवस्था छ । यस कार्यालयबाट जग्गा किनवेच अर्थात रजिष्ट्रेशन पारित हुँदा तोकिएको न्यूनतम मूल्यांकन भन्दा घटी कारोबार मुल्य देखाई रजिष्ट्रेशन पारित भएका कारण ६ निसर्गकर्ताको घटी मुल्यांकनमा रजिस्ट्रेसन दस्तुर र बाग्मति सभ्यता शुल्क समेत ४.५ प्रतिशतले रु.३६१९६१/- असुल हुनुपर्ने देखियो ।

१४.२ रसिद नम्बर ८२४ ख मितिर२०७२।१०।१७ बाट विन्दा कुमारी थापा अधिकारीले २०६४।११।२० मा स्वामित्व कायम भएको नगर ९ कि.नं. ४८३ को ०–४–२–० क्षेत्रफल जग्गा घर समेत ८५ लाख थैली कायम गरी क्रेता राधिका कार्कीलाई निसर्ग गर्दा निसर्ग थैली रु.८५०००००।– (घर रु.१६८००००।– र जग्गाको रु.६८२००००।–) कायम गरी विक्री गर्दा नगरपालिकाको मूल्यांकन अनुसार घरको कायमी मूल्य रु.३१५००००।– रहेकोले घरको मूल्यांकन निसर्ग गर्दा रु.१६८००००।– मात्र देखिएकोले फरक थैली रु.१४७००००।– को ४.५ प्रतिशतका दरले रजिष्ट्रेशन दस्तर रु ६६१५०.०० र उक्त कित्ताको हुनुपर्ने निसर्ग थैली रु.९९७००००।– (घर रु.३१५००००।– र जग्ग रु. ६८२००००।–) मा रजिष्ट्रेशन लिखत साथ लाभकर फराम र तिरेको रसिद संलग्न नदेखिएकोले पूंजिगत लाभकर वापत २.५ प्रतिशतको दरले लाभकर रु.२४९२५०।– समेत रु ३१५४००.०० सम्बन्धित राजस्व शिर्षकमा दाखिला गर्नु पर्दछ ।

१४.३ रसिद नम्बर १२१२ख २०७२।१२।१७ बाट देवी आचार्यनीले गोंगवु –३ कि.नं.४२ को १७०.५० ब.मी.क्षेत्रफलमा रहेको जग्गा (घर समेत) को निसर्ग थैली कायम गर्दा घरको रु.८७०००००।– र जग्गा रु.४८३००००।– गरी जम्मा रु.५७००००००।– निसर्ग गर्दा उक्त कित्ताको १७०.५० ब.मी.क्षेत्रफल जग्गा कार्यालयको न्यूनतम मूल्झांकन पुस्तिका अनुसार भित्री पिच सडकमा प्रति आना १४ लाखको दरले जग्गाको न्यूनतम थैली रु.७५०००००।– हुने र उक्त रकममा घरको थैली अंक रु.८७००००।– समेत जम्मा रु.८३७००००।– न्यूनतम मूल्यांकन हुनुपर्ने देखिएकोमा रु ५७ लाखमानिसर्ग गरेको देखिएकोले रु.२६७००००।– को४.५ प्रतिशतको दरले रजिष्ट्रेशन दस्तुर रु.१२०१५०।–र निजले घोषणा गरेको पूंजिगत लाभकर फराम अनुसार रु.५७००००००।– मा खर्च कट्टी रु.४५६००००।– गरी हुने खुद कर योग्य आय रु.११३९२००।– को २.५ प्रतिशतको दरले रु.२८४८०।– पूजिगत लाभकर दाखिला गरेकोमा हुनुपर्ने निसर्ग थैली रु.८३७००००।– वाट खर्च कट्टी रु.४५६००००।– गरी हुने खुद करयोग्य आय रु.३८१००००।– मा २.५ प्रतिशतका दरले हुने रु.९५२५०।–दाखिला गर्नुपर्नेमा पहिले दाखिला गरेको रु.२८४८०।– कट्टा गरी नपुग रु.६६७७०।– समेत रु.१८६९२०.०० असूल गर्नु पर्दछ ।

१५. **घर र घरले चर्चेको भन्दा बढी छुट :** आयकर ऐन, २०५८ को दफा २ खण्ड (द) मा गैर व्यवसायिक करयोग्य सम्पत्तिको परिभाषा गरेको र उक्त परिभाषाको उपखण्ड २ को स्पष्टिकरणमा उल्लेख भए अनुसार उक्त उपखण्डको प्रयोजनको लागि निजी भवन भन्नाले भवन र भवनले ओगटेको क्षेत्रलफल बराबरको जग्गा वा एक रोपनी जग्गा मध्ये जुन घटी हुन्छ सोलाई जनाउछ भन्ने व्यवस्था भएकोले ६ रजिष्ट्रेशन लिखतहरुमा भवन र भवनले ओगटेको क्षेत्रफल जग्गा मात्र लाभकर प्रयोजनको लागि छुट दिनुपर्नेमा छुट पाउने क्षेत्रफल भन्दा बढी क्षेत्रफल जग्गाको समेत छुट दिएकोले रु.१७३०७७०/- रकम छानबिन गरी असूल गर्नु पर्दछ ।

१६. **न्यूनतम मूल्याङ्कन र बजार मुल्यमा भिन्नता :** रजिष्ट्रेशन पारित हुने लिखतमा थैलि अंक कायम गर्ने प्रयोजनको लागि न्यूनतम मूल्य निर्धारण समितिको बैठकले मूल्य निर्धारण गर्ने व्यवस्था छ । जिल्लाका घर जग्गाको प्रत्येक वर्ष गुणात्मक रुपमा मुल्य वृद्धि भई रहेको पाइन्छ । स्थानिय निकायबाट प्राप्त भएका अधिकांश सिफारिस निवेदकको माग बमोजिम उक्त जग्गामा घर बाटो नभएको, खेतियोग्य जग्गा रहेको, कच्ची बाटो भएको भनि सिफारिस आउने गरेको र सोको आधारमा मात्र थैलि कायम हुने गरेको कारण राजस्व असूलिमा प्रत्यक्ष प्रभाव परेको देखिन्छ । निवेदकको माग बमोजिम गरिने सिफारिस उपर आवश्यक छानविन पश्चात मात्र कारोबार मुल्य निर्धारण हुनुपर्नेमा ३ निसर्गकर्ताको न्यूनतम मुल्यांकन रु.७६०३४०००/- भएकोमा निसर्ग रकम रु.१५११०००००/- देखिएकोले न्यूनतम मूल्याङ्कन र बजार मुल्यको बिच रु.८०९३४०००/- भिन्नता देखिएको छ ।

१७. **घटी कारोबार देखाएको:** आयकर ऐन, २०५८ को दफा (२) को उपदफा (द) को गैह्र व्यवसायी कर योग्य सम्पत्ती अन्तर्गत खण्ड ४ मा प्राकृतिक व्यक्तिले रु.३० लाख वा सो भन्दा बढी मूल्यको जग्गा तथा घर कारोवार गर्दा भएको पूंजिगत लाभमा ऐनको दफा ९५ (क) ३ मा तोकिएको दर अनुसार रजिष्ट्रेशन गर्दाकै बखतमा असूल गर्ने व्यबस्था गरेको छ । तर कार्यालयमा सेवा ग्राहिबाट लाभकर छल्ने उद्देश्यबाट जग्गाको थैली राख्ने क्रममा रु.३० लाखको सिमा लाई आधार बनाएर केही रकममात्र कम गरी ७ निसर्गकर्ताले रु.२०३०७७९५/- निसर्ग रकम कायम गरी रजिष्ट्रेशन लिखत पारित भएको छ ।

१८. **धरौटी :** घरजग्गा हक सरवार वापत एक व्यक्तिले मिति २०७२।१०।२० मा रु.३०५३२५०।– धरौटी खातामा जम्मा गरेकोमा धरौटीमा राख्नुपर्ने रकम वैंकको गल्तीबाट राजस्व विविध खातामा जम्मा भएको हुंदा रु.३०५३२५०।– रकम हिसाव मिलान हुनुपर्दछ ।

१९. **ख ६ खाता :** स्थानीय निकाय श्वायत्त शासन नियमावली (शंशोधन सहित) २०५६ को नियम २११ को अनुसुची २६ मा घर जग्गा रजिष्ट्रेशन दस्तुरवाट उठेको कूल राजस्व मध्ये स्थानीय निकायले पाउने रकमको बांडफांड गर्ने व्यवस्था गरेको छ । यस वर्ष कार्यालयले कूल रजिष्ट्रेशन दस्तुर रु.१२९११५२५९५।– असूल भएको देखाएकोमा उक्त रकम भूमिसूधार तथा व्यवस्थापन विभागले २०६२/४/७ र २०७०/९/२८ मा गरेका परीपत्र अनुसार राजस्व रकमको वांडफांड हुनुपर्ने देखिन्छ । कार्यालय वाट यो वर्ष प्राप्त कुल रजिष्ट्रेशन रकम मध्ये स्थानीय निकायमा रु ८३४७१३४३।– पठाएको देखिन्छ ।

२०. **कार्यबिधी लाई निर्णयले बदर गरेको :** एउटै जिल्लामा दुई वा सो भन्दा बढी कार्यालयको क्षेत्रलाई छुट्टाछुट्टै क्षेत्राधिकार मान्नु पर्छ भन्ने व्यवस्था वमोजिम स्थानीय निकायमा रकम बांडफांड गरी पठाउँदा सबै कार्यालयको एकमुष्ट रकम जोडी हुन आउने रकम तोकिएको स्लावको आधारमा मात्र स्थानीय निकायमा पठाउनु पर्ने व्यवस्था लाई मन्त्रिस्तरको २०६९।३।२२ को निर्णयानुसार खारेज गरेको आधारमा सबै मालपोत कार्यालयहरुले अलग/अलग क्षेत्राधिकार रहेको हिसावमा स्थानीय निकायमा रकम पठाएको हुँदा जिल्लामा उठेको रजिष्ट्रेशन दस्तुरवाट स्थानीयनिकायमा रकम बढी दरमा गएको देखिन आयो । तसर्थ यस्तो क्षेत्राधिकार सम्बन्धि विषयलाई आर्थिक ऐनद्वारा व्यवस्थित गरेर मात्र खारेज एवं संसोधन गर्नु पर्नेमा मन्त्रिस्तरीय निर्णयवाट सोझै खारेज गरेको मनासिव देखिएन ।

२१. **नि:सर्ग भएको जग्गा तथा भवन बापतको खर्च :** जग्गा तथा घरजग्गा नि:सर्गमा पूंजीगत लाभकर सम्बन्धि निर्देशिका २०७२ को दफा ४.१५.मा कुनै प्राकृतिक व्यक्तिले आफ्नो स्वामित्वमा भएको गैर व्यावसायिक करयोग्य सम्पत्ति जग्गा तथा भवनको नि:सर्ग भएको छ भने त्यस्तो सम्पत्तिको पूँजीगत लाभ गणना गर्ने प्रयोजनको लागि सो सम्पत्ति बापतको कट्टी गर्न पाउने खर्च यकिन गर्नु पर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन् :

२१.१ निर्देशिकाको व्यवस्था बमोजिम खरिद गरेको जग्गामा बनाएको भवन वा तला थप गरेको छ भने निर्माण गरेको वा तला थप गर्ने सम्वन्धमा नगरपालिकाबाट नक्शा पाश भएको प्रमाण वा नक्शाको प्रतिलिपी संलग्न गर्नुपर्ने, यदि भवन गाउँ विकास समितिमा भए गाउँ विकास समितिको सिफारिश पत्र संलग्न गर्नु पर्ने व्यवस्था भएकोमा ५३ निसर्गकर्ताहरुले माटो पुरेको ,कमिसन खर्च आदि रु २२ करोड १ लाख ४६ हजार ३०८ र भवन तथा कम्पाउन्ड लगायत खर्च रु १० करोड ४१ लाख २ हजार ३८१ समेत जम्मा रु ३२ करोड ४२ लाख ४८ हजार ६८९ खर्च कट्टी गर्न पाउने प्रमाण संलग्न नगरी खर्च कट्टी दाबि गरेकोले उक्त खर्चमा छानबिन गरी ५ प्रतिशत पूजिगत लाभकर रु १ करोड ६२ लाख १२ हजार ४३४ असुल गर्नु पर्ने देखियो ।

२१.२ निर्देशिकाको व्यवस्था बमोजिम रु १ करोडभन्दा वढी रकमको कारोवार भएको भए खरिदकर्ता र विक्रेता दुवैलेस्थायी लेखानम्वर उल्लेख गर्नु पर्नेमा स्थायी लेखा नम्बर उल्लेख नभएको तथा खरीद भएको मिति खुल्ने प्रमाण संलग्न नगरी २.५ प्रतिशत मात्र लाभकर असुल गरेको देखियो । अत: बिभिन्न १६ निसर्गकर्ताहरुको स्वामित्व प्राप्त भएको ५ बर्ष अवधी पूरा भएको सक्कल प्रमाण भए पेश गर्ने अन्यथा रु

२८ करोड ९७ लाख ८१ हजार ४६५ मा छुट २.५ प्रतिशत पूजिगत लाभकर रु.७२ लाख ४४ हजार ५३६ असूल गर्नु पर्दछ ।

२१.३ कार्यालयले बिभिन्न १५ निसर्गकर्ताहरुको निसर्गमा खरीदकर्ता तथा बिकेताको स्थायीलेखा नम्बरलाई अनिबार्य नगरेको तथा खर्च कट्टी गर्दा दाबि गरीएको खर्च रु १५ करोड ६ लाख ५३ हजार ४६१ पुष्टि हुने प्रमाण संलग्न गरेको छैन । अत: बिकेताको खर्च कट्टीको सक्कल प्रमाण भए पेश गर्ने अन्यथा छानबिन गरी ५ प्रतिशत पूजिगत लाभकर रु.७५ लाख ३२ हजार ६७३ असूल गर्नु पर्दछ ।

२२. घरले चर्चेको भन्दा बढी छुट : आयकर ऐन, २०५८ को दफा २ को खण्ड (द) मा भवनले ओगटेको क्षेत्रफलबराबरको जग्गा वा एक रोपनी जग्गा मध्ये जुन घटी हुन्छ सोलाई सम्झनु पर्ने व्यवस्था छ। बिभिन्न २१ निसर्गहरुमा घर र घरले चर्चेको क्षेत्रफल भन्दा बढी जमिनको निसर्ग रकम रु २३ करोड ५२ लाख ६४ हजार ८८२ छुट दिएको देखिएकोले छानबिन गरी २.५ प्रतिशत पुजिगत लाभकर रु.५८ लाख ८२ हजार असूल गर्नु पर्ने देखियो ।

२२.१ रजिष्ट्रेशन नम्बर १९०३ र १९०४ (ख) बाट एक निसर्गकर्ताको कमश: रु १४००००००।- र ८१०००००।- निसर्ग गर्दा खर्च कट्टी दाबि गरेको रु १८९९९४०० मा ५ प्रतिशत पूजिगत लाभकर रु.९ लाख ५० हजार असूल गर्नुपर्दछ ।

२२.२ रजिष्ट्रेशन नम्बर १८७८ र १८७९(ख) बाट साबिक कित्ता नम्बर ५४४ को ३११.९१ ब.मि मध्ये कित्ताकाट गरी कित्ता नं ५५९ को १३७.१२ ब.मि. रु ५४७५०००।- मा तथा कित्ता नम्बर ५५२ को १७४.८४ ब.मि. को रु ६६ लाख मा बिक्रि गर्दा दुबै लिखत मा खरीद लागत पुरै ७० लाख घटाई नोक्सान भएको भनि लाभकर नलिएको ले कुल निसर्ग रु १२०७५०००।- बाट खर्च रु ७० लाख घटाउदा हुने लाभ रु ५०७५०००।- मा ५ प्रतिशतले लाभकर रु २ लाख ५४ हजार असुल गर्नु पर्दछ ।

२३. पूँजिगत लाभकर : रजिष्ट्रेशन नम्बर १७२१(ख) एक निसर्गकर्ता समेतले मिति २०७३।३।९ मा मिति २०७३।१।१५ मा नामसारी भई आएको जग्गा रु २६ करोड ५४ लाख मा निसर्ग गर्दा २०५८ सालको मुल्यांकन रु ३४१९०००।- घटाई रु २६१९८१०००।– को ५ प्रतिशतले रु १३०९९०५०।- लाभकर तिर्नुपर्नेमा खर्चको प्रमाण बेगरको रु ८७३३२६६६।- छुट दिई २.५ प्रतिशतले मात्र रु ४३६६२०८।- लाभकर कट्टी भएकोले नपुग रु ८७३२८४२।- असुल गर्नु पर्दछ ।

२३.१ रजिष्ट्रेशन नम्बर १७२३(ख) २०७३।३।८ बाट एक निसर्गकर्ताले मिसिल न. २३३ मिति २०७१।७।१० मा दाखिल खारेज भई २ बर्षमात्र स्वामित्व भएको घर जग्गालाई रु ८ करोड ३१ लाख मा निर्सग गर्दा १० बर्ष बसोबास भएको भनि पूँजिगत लाभकर छुट भएको रु २० लाख ७८ हजार असुल गर्नु पर्दछ ।

२३.२ रजिष्ट्रेशन नम्बर १७२२(ख)।२०७३।३।८ बाट एक निसर्गकर्ताले मिसिल न. १६७ मिति २०७३।१।१३ मा नामसारी भई २ महिना मात्र स्वामित्व भएको जग्गालाई रु ९ करोड ९५ लाख मा निर्सग गर्दा करयोग्य आय देखाएको रु ८९१६१०००/– मा ५ प्रतिशत लाभकर लिनु पर्नेमा २.५ प्रतिशत मात्र लिएकोले २.५ प्रतिशतले छुट भएको रु २२२९०२५/– तथा प्रमाण बेगरको कमिसन तथा रंगरोगन खर्च रु ५९५००००/– मा ५ प्रतिशतले रु २९७५००/– समेत रु.२५२६५२५ असुल गर्नु पर्दछ ।

२३.३ रजिष्ट्रेशन नम्बर ८०२(ख) एक निसर्गकर्ताको निसर्ग रु २१५०००००/– मा लाभकर तिरेको प्रमाण नभएकोले ५ प्रतिशतले हुने रकम रु. १० लाख ७५ हजार असूल गर्नु पर्दछ ।

२३.४ रजिष्ट्रेशन नम्बर ७९० (ख) एक निसर्गकर्ताको निसर्ग रु ९४ लाख मध्ये करयोग्य आय रु ८४२५०००/– मा २.५ प्रतिशतले रु २१०६२५/– लाभकर गणना भएको तर दाखिला भएको प्रमाण पेश भएन ।

२३.५ रजिष्ट्रेशन नम्बर ९९०(ख) एक निसर्गकताको निसर्ग रु ४९६६०००/– मा नगरपालिकाको सिफारिस अनुसार रु ४४७४९४/– मात्र घरको मुल्यांकन भएकोमा रु २४४७५००/– खर्च कट्टी दिई बढी छुट दिएको रु २० लाख मा ५ प्रतिशतले रु.१ लाख पूजिगत लाभकर छुट भएको देखियो ।

२३.६ रजिष्ट्रेशन नम्बर १२७८ (ख) एक निसर्गकताको निसर्ग रकम रु १०३५००००/– को मिति २०७२।४।३२ मा नामसारी भई आएकोले एकै आर्थिक बर्ष भित्रको भनि लाभकर समेत छुट दिएकोले ५ प्रतिशतले रु ५ लाख १७ हजार असुल हुनु पर्दछ ।

२३.७ रजिष्ट्रेशन नम्बर १२५७(ख) मिति २०७२।११।२४ एक निसर्गकताको निसर्ग रकम रु १०१५००००/– को यसै आ.ब. मा नामसारी भई आएकोले एकै आर्थिक बर्ष भित्रको भनि लाभकर समेत छुट दिएकोले ५ प्रतिशतले रु ५ लाख ८ हजार असुल गर्नु पर्दछ ।

२३.८ रजिष्ट्रेशन नम्बर १२६६ (ख)।२०७२।१२।१८बाटएक निसर्गकर्ताले मिति २०७२।११।१४ मा नामसारी भई १ महिनामा १४ दिन मात्र स्वामित्व भएको घर जग्गालाई रु २ करोड मा निर्सग गर्दा १० बर्ष बसोबास भएको भनि लाभकर छुट दिएकोले ५ प्रतिशत लाभकर रु १० लाख असुल गर्नु पर्दछ ।

२३.९ रजिष्ट्रेशन नम्बर १२६४(ख) बाट लिखतमा अलग्गै मुल्य नखुलेको अस्थाई टहरा समेत रु १ करोड ३७ लाख ६१ हजारमा २३८.४३ बर्ग मिटर जग्गा निसर्ग गर्दा १० बर्ष भन्दा बढी बसोबास गरेको भनि पुरै छुट दिएको छ । बिक्रि लिखतमा टहरा उल्लेख गरेता पनि जग्गा खरिद गर्दाको बखत टहरा भएको देखिएन । स्थानिय निकायबाट टहरा निर्माणको अनुमति समेत नलिएको र निर्माण भएको १० बर्ष पुगेको प्रमाण पनि नभएकोले प्रमाण नहेरी छुट दिने जिम्मेवार पदाधिकारीबाट २.५ प्रतिशतले लाभकर रु ३ लाख ४४ हजार असुल गर्नु पर्दछ ।

२३.१० रजिष्ट्रेशन नम्बर १२६०(ख) बाट रु १७५२१०४३ निसर्ग गर्दा खरीद लागत रु ७०५८६५०/– भित्र रु २८४००००/– समाबेश भई सकेको अवस्थामा पुन भवनको लागत भनि दोहोरो खर्च दाबि गरेको रु ९५४००४३/– मा ५ प्रतिशतले लाभकर रु ४ लाख ७७ हजार असूल गर्नु पर्दछ ।

२३.११ रजिष्ट्रेशन नम्बर १२५४(ख) एक निसर्गकताको निसर्ग रकम ३८ लाखमा साबिक कित्ता नम्बर ३३८ को ७ आना १ पैसा ३ दाम क्षेत्रफल को खरीद मुल्य रु ४५ लाख मध्ये बिक्रि भएको कित्ता नम्बर ४१९ को ३ आनामा रु १८१५१२६/– मात्र खर्च कट्टी गर्नु पर्नेमा पुरै छुट दिएकोले बढि छुट दिएको रु २६८४८७४/– मा २.५ प्रतिशतले रु ६७१२१/– असुल गर्नु पर्दछ ।

२३.१२ रजिष्ट्रेशन नम्बर १२५३(ख) बाट एक निसर्गकताको निसर्ग रकम रु ९६७००००/– आ.ब. २०७१ मा मात्र खरिद भएकोमा करयोग्य आय रु ६९१५३१२/– मा ५ प्रतिशतले लाभकर लिनुपर्नेमा २.५ प्रतिशतले मात्र लिएकोले छुट पूजिगत लाभकर रु १ लाख ७३ हजार असुल गर्नु पर्दछ ।

२३.१३ रजिष्ट्रेशन नम्बर १२४९ र १२५०(ख) एक निसर्गकताको निसर्ग रकम रु ८७ लाख ५० हजारमा साबिक कित्ता नम्बर ८,९,१०,११ को १७१५.४५ ब.मि. क्षेत्रफल को खरीद मुल्य रु १ करोड २२ लाख मध्ये बिक्रि भएको कित्ता नम्बर ६२९,६३० र ६३२ को २४२.३९ ब.मि. को रु १७२३८३८/– मात्र खर्च कट्टी गर्नु पर्नेमा पुरै छुट दिएकोले बढि छुट दिएको रु ६८२६१६२/– मा २.५ प्रतिशतले रु १७०६५६/– असुल गर्नु पर्दछ ।

२३.१४ रजिष्ट्रेशन नम्बर ५२८ (ख) एक निसर्गकताको रु १९७०००००/– को निर्माण अनुमति र सम्पन्न भएको प्रमाण बेगर अबिछिन्न बसोबास गरेको भनि छुट दिएकोले २.५ प्रतिशतले लाभकर रु ४ लाख ९३ हजार असुल गर्नु पर्दछ ।

२३.१५ रजिष्ट्रेशन नम्बर ५२६, ५२७(ख) एक निसर्गकर्ताले २०७१ मा नामसारी भई निजको स्वमित्वमा आएको ३ रोपनि जग्गा निसर्ग रु ९ करोड ६० लाख मा २०५८ को मुल्यांकन रु ४८ लाख घटाउनु पर्नेमा २०७१ को न्यूनतम मुल्यांकन भनि रु ५७६६००००/– घटाएकोले बढी घटाएको रु ५२८६००००/– मा ५ प्रतिशतले लाभकर २६ लाख ४३ हजार असुल गर्नु पर्दछ ।

२३.१६ रजिष्ट्रेशन नम्बर ५२३(ख) एक निसर्गकता ले ४८१७०००/– को निसर्गमा र.नं १६५४१ ग मिति २०६६।१।१६ को सक्कल लिखत हेर्दा रु १५ लाख मात्र मूल्य देखिएकोमा निसर्गकर्ताले प्रतिलिपि लिखतमा रु ४५ लाख बनाई खर्च घटाएको देखिएकोले बढी खर्च दाबि गरेको रु ३० लाखको ५ प्रतिशतले लाभकर रु १ लाख ५० हजार असूल गर्नु पर्दछ ।

२३.१७ रजिष्ट्रेशन नम्बर ५१८(ख) एक निसर्गकताले रु ६० लाख अशबण्डा थैलि कायम भएको ३०३.९९ ब.मि. जग्गा रु ९६ लाखमा बिक्रि गर्दा २०५८ को मुल्यांकन रु ९५६०००/– घटाउनु पर्नेमा अंशबण्डा प्रयोजनमा कायम भएको रु ६० लाख घटाएकोले बढी छुट दिएको रु ५०४४०००/– मा २.५ प्रतिशतले लाभकर रु.१ लाख २६ हजार असुल गर्नु पर्दछ ।

२३.१८ रजिष्ट्रेशन नम्बर १३०७ ख बाट निसर्गकर्ताले मिति २०७१।११।१६ मा रु ८३ लाख ४ हजारमा खरीद भएको ४४८.६८ बर्ग मिटर जग्गा मध्ये १६९ बर्गमिटर जग्गा रु ४८ लाखमा बिक्रि गर्दा समानुपातिक हिसाबले रु ३१ लाख २८ हजार मात्र खर्चकट्टी गर्न मिल्नेमा भबिश्यमा बाँकि जग्गा बिक्रि भएको अवस्थामा लाभकर तिर्ने भनि निसर्ग रकम पुरैलाई खर्च कट्टी दाबि गरेकोले हालको निसर्ग रकम कर रु १६ लाख ७२ हजारमा ५ प्रतिशतले रु ८४ हजार पूँजिगत लाभकर असुल गर्नु पर्दछ ।

२३.१९ रजिष्ट्रेशन नम्बर १३८३ ख एक निसर्गकर्ताले मिति २०७२।१।२३ मा अर्का व्यक्तिबाट हालैको बकस गरी प्राप्त जग्गामा रु ९८ लाख ५० हजार खर्च कट्टी गरी करयोग्य आय रु ३ करोड १ लाख ५० हजारमा निजको स्वामित्वमा आएको अवधि ५ बर्ष भित्रै रहेको हुदाँ ५ प्रतिशत लाभकर दाखिला गर्नुपर्नेमा २.५ प्रतिशतले मात्र लाभकर तिरेको देखिएकोले छुट २.५ प्रतिशतले हुने रु ७ लाख ५४ हजार असुल गर्नु पर्दछ ।

२३.२० रजिष्ट्रेशन नम्बर १४२९ ख एक निशर्गकर्ताले मिति २०६५।३।१ मा अंशबण्डाबाट प्राप्त भएको जग्गा ३ करोड रुपैयामा निसर्ग गर्दा अंशवण्डा प्रयोजनको लागि कायम भएको थैलि रकम रु २ करोड ५० लाखलाई खर्चको रुपमा कट्टी गरेको देखियो । यसरी बास्तबिक रुपमा खर्चनै नभएको रकमलाई खर्च दाबि गर्न मिल्ने नदेखिदा उक्त रकममा २.५ प्रतिशतका दरले लाभकर रु ६ लाख २५ हजार असूल गर्नु पर्दछ ।

२३.२१ रजिष्ट्रेशन नम्बर १३५३ ख एक निसर्गकर्ताले शकुन्तला श्रेष्ठ सग खरीद सयूक्त नाममा दर्ता भएको रु १४ लाख मुल्यको जग्गा समिति २०७०।१।२४ मा शकुन्तला श्रेष्ठको भागको रु ७ लाख भुक्तानी गरी आफ्नो स्वमित्वमा लिएको र मिति २०७३।१।२० मा निसर्ग गर्दा जम्मा खरीद मुल्य रु १४ लाख मात्र घटाउनु पर्नेमा रु २१ लाख घटाएकोले बढी खर्च कट्टी दाबी गरेको रु ७ लाखमा ५ प्रतिशतका दरले पुजिगत लाभकर रु ३५ हजार असुल गर्नु पर्दछ ।

२३.२२ रजिष्ट्रेशन नम्बर १८९६ ख एक निसर्गकतासमेतले २२ आना जग्गा रु ५० करोडमा निसर्ग गर्दा २०५८ सालको मुल्यांकन रु २२ लाख मात्र घटाउनु पर्नेमा रु १ करोड १५ लाख घटाएको बढी खर्च कट्टी दाबि गरेको रु ९३ लाखमा ५ प्रतिशतका दरले पूजिगत लाभकर रु ४ लाख ६५ हजार असूल गर्नु पर्दछ ।

२३.२३ रजिष्ट्रेशन नम्बर १८९६ ख एक निसर्गकतासमेत १७ जनाको संयूक्त स्वामित्वमा रहेको जग्गा रु ५० करोडमा निसर्ग गरी कार्यालयले रु ६ करोड खर्च कट्टी छुट दिई देखाएको करयोग्य आय रु ४४ करोडमा २.५ प्रतिशतले मात्र पूजिगत लाभकर असूल भएको छ । पैत्रिक संपत्ति हस्तान्तरण भई निजहरुको स्वामित्वमा आएको ५ बर्ष पूगेको प्रमाण संलग्न नगरी छुट दिएको २.५ प्रतिशत रकम छानबिन गरी छुट पूँजिगत लाभकर रु १ करोड १० लाख असूल गर्नु पर्दछ ।

२३.२४ रजिष्ट्रेशन नम्बर ८९४ (घ) एक निसर्गकतको १ रोपनी १ दाम जम्मा रु.६ करोड ५० लाख मा निसर्ग गर्दा १ रोपनी छुट दिएको र १ दामको दामासाहिले रु ३८२३५२९ लाभ को रुपमा गणना हुनपर्नेमा १० लाख मात्र लाभ देखाएकोले घटी रु २८२३५२९। मा २.५ प्रतिशत ले रु ७०५८८ असुल गर्नु पर्दछ ।

२३.२५ रजिष्ट्रेशन नम्बर ३३९(घ) एक निसर्गकर्ताको २०७२ मा रु ९०७५००० मा खरिद भएको ११ आना जग्गा मध्ये रु ४५३७५०० मा ३ आना निसर्ग गर्दा प्रति आना रु ८२५०००।- का दरले रु २४७५०००।- खर्च कट्टी गरी रु २०६२५००।- मा ५ प्रतिशतले रु १०३१२५।- लाभकर लिनु पर्नेमा पुरै छुट दिएकोले उक्त असुल गर्नुपर्दछ ।

२३.२६ रजिष्ट्रेशन नम्बर .१९७,१९८ (घ) एक निसर्गकर्ताको १ रोपनी ४ आना ३ पैसा जग्गा र घर निसर्ग गर्दा १ रोपनिको रु ४०४८१९२७ मात्र छुट दिन पर्नेमा रु ४५५०००००० छुट दिई रु ५०१८०७२ को २.५ प्रतिशतले लाभकर रु.१ लाख २५ असूल गर्नुपर्दछ ।

२३.२७ रजिष्ट्रेशन नम्बर ८२२ (घ) एक निसर्गकर्ताको २ रोपनी ८ आना १ पैसा जग्गा र घर रु १२ करोड ५० लाखमा निसर्ग गर्दा १ रोपनीको बढी छुट दिएको रु १६ लाख र घरको दोहोरो खर्च कट्टी भएको रु ६२३२५३ समेत रु २२२३२५३.०० को २.५ प्रतिशतले लाभकर रु ५६ हजार असुल गर्नु पर्दछ ।

२३.२८ रजिष्ट्रेशन नम्बर ४२५(घ) एक निसर्गकर्ताको पतिबाट २०६८।५।१८ मा नामसारी भई आएको जग्गा मा खर्चकट्टी गर्न नमिल्ने नामसारी प्रयोजनको थैलि रकम रु १५७५००० घटाई रु २८ लाख मा २.५ प्रतिशतले रु ७० हजार लाभकर असुल भएको छ । ५ बर्ष भित्रकोमा ५ प्रतिशतले रु २१८७५० असुल हुनु पर्नेमा घटी भएको रु.१ लाख ४९ हजार असूल गर्नु पर्दछ ।

२३.२९ रजिष्ट्रेशन नम्बर ११६९ (ग) एक निसर्गकर्ताको घर तथा जग्गा रु १७३६८००० मा निसर्ग गर्दा रु ८२०८१५६ खर्च कट्टी गरी करयोग्य आय रु ८२०८१५६ मा २.५ प्रतिशतले लाभकर असुल भएको छ । यसमा जमिनको स्वामित्व ५ बर्ष पुराभएता पनि रु ४७०४८००। को भवन निर्माण भई यसै बर्ष सम्पन भएको र भवन को स्वामित्व ५ बर्ष भित्रै रहेको हुदाँ भवनको निसर्गमा ५ प्रतिशत नै लाभकर लाग्ने देखिदाँ छुट २.५ प्रतिशतले रु १ लाख १८ हजार असुल गर्नु पर्दछ ।

२३.३० रजिष्ट्रेशन नम्बर १२९५(ग) २ निसर्गकर्ताले संयुक्त नाममारु २८ लाखमा किनेको ४ आना जग्गा मध्ये एकले आफ्नो हक हिस्सा रु ५६ लाख मा अर्कालाई हस्तान्तरण गर्दा खरीद गर्दाको आधा खर्च रु १४ लाख घटाइएकोले रु ४२ लाखमा ५ प्रतिशतले हुने रु २१००००।- लाभकर असुल गर्नु पर्दछ ।

२३.३१ रजिष्ट्रेशन नम्बर ८३२(ग) एक निसर्गकर्ताको निसर्ग रकम रु १५०७५००० मा २०५८ को मुल्यांकन ३९९.३५ ब.मि.को रु १२५६००० मात्र खर्च कट्टी पाउनेमा रु रु २७ लाख ४४ हजार बढी खर्च कट्टि लिएकोले २.५ प्रतिशतले लाभकर रु ६९ हजार असूल गर्नु पर्दछ ।

२३.३२ रजिष्ट्रेशन नम्बर ८२९(ग) एक निसर्गकर्ताका निसर्ग रकम रु १३५६३००० मा २०५८ को मुल्यांकन ९ आना को रु ९ लाख घटाउनु पर्नेमा रु ५० लाख घटाई रु ४१ लाख बढी खर्च कट्टि लिएकोले २.५ प्रतिशतले लाभकर रु १ लाख ३ हजार असूल गर्नु पर्दछ

२३.३३ रजिष्ट्रेशन नम्बर ६१३(ग) एक निसर्गकर्ताको निसर्ग रकम रु ३ करोड७२ लाख १० हजारमा २०५८ को मुल्यांकन ३३ आना ३ पैसाको रु ३३ लाख ७५ हजार घटाउनु पर्नेमा रु १ करोड १ लाख ५० लाख २७ हजार घटाई रु ६७ लाख ५२ हजार बढी खर्च कट्टि लिएकोले २.५ प्रतिशतले लाभकर रु.१ लाख ६९ हजार असूल गर्नु पर्दछ ।

२३.३४ रजिष्ट्रेशन नम्बर ९० (घ) मिति २०७२।८।२८ नगर–२३ कित्ता नम्बर १६७६ को क्षेत्रफल ०–५–१–० एक निसर्ग कर्ताले रु.१९८०००००।– मा विक्री गर्दा पूजिगत लाभकरको फारममा १० वर्ष अघिको भनि उल्लेख गरेतापनि

निजको नाममा २०६६।१।२३ मा लालपूर्जा आएको हुदा ५ वर्ष भन्दा अघिको २.५ प्रतिशतले छुट पूजिगत लाभकर रु.४९५०००।– असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

२३.३५ रजिष्ट्रेशन नम्बर २८० (घ) मिति २०७२।८।२३ नगर–१० कि.नं. ५० को ज.क्षे.फ. ०–१४–० दुई निसर्ग कर्ताले एक व्यक्तिलाई रु.३,३०,००,०००।– थैली कायम गरी बिक्री गरेकोमा निज २ भाइको नाममा मिति २०७१।१।२४ मा उक्त जग्गा स्वामित्वमा आएको र लाभकर दाखिला भएको नदेखिएकोले ५ प्रतिशतले हुने रु.१६५००००।– असुल गरी राजस्व खातामा दाखिला हुनुपर्ने देखियो ।

२३.३६ ९४५ (घ) मिति २०७३।३।१६ नगर –१० कि.नं.४५७ को ज.क्षे.फ.१२२.१६ ब.मी. एक निसर्गकर्ताले एक व्यक्तिलाई रु.३५०००००।– थैली कायम गरी बिक्री गरेकोमा फोटोकपि लालपूर्जा अनुसार उक्त जग्गा २०७३।१।११ मा खरिद गरेको देखिएको र लाभकर फारम अनुसार खर्च रु.२०००००।– कटाई २.५ प्रतिशतले रु.८२५००।– असुल गरेकोमा ५ वर्ष भित्रको खरिद भएकोले नपुग पूजिगत लाभकर रु.८२५००।– असुल हुनुपर्दछ ।

२३.३७ रजिष्ट्रेशन नम्बर ९१३ (घ) मिति २०७३।३।१३ न.पा.–१० कि.नं. ६९६ लगायत ८ वटा कित्ता नम्बरको क्षेत्रफल ०–५–० एक ऋणीले एक व्यक्तिलाई रु.११८६००००।– थैली कायम गरी बिक्री गरेकोमा निज ऋणीले कति मूल्यमा खरिद गरेको हो रजिष्ट्रेशनको फोटो कपि पेश नभएको र लालपूर्जा अनुसार मिति २०६९।९।१३ मा उक्त जग्गामा स्वामित्व कायम भएको देखिएकोले लाभकर फारम अनुसार खर्च कटाई रु.५९७००००।– को ५ प्रतिशतले लाग्ने लाभकर रु.२९८५००।– असुल हुनुपर्नेमा रु.१४९२५०।– असुल गरी घटी लाभकर रु.१४९५००।– असुल गर्नु पर्दछ

२३.३८ रजिष्ट्रेशन नम्बर १००७(घ) २०७३।३।२७ नगर–३३ कि.नं.१७७० को ज.क्षे.फ.०–७–२–० घर घडेरी एक व्यक्तिले अका) एक व्यक्तिलाई रु.२१००००००।– थैली कायम गरी बिक्री गरेकोमा राजिनामा पारितसंग संलग्न जग्गा धनी पूर्जा अनुसार मिति २०७२।१।३ मा नामसारी गरी कायम भएकोमा पूजिगत लाभकर फारम अनुसार १० वर्ष पुरानो भनिएकोमा स्वामित्व कायम भएको वर्षलाई आधार मानि रु.२१००००००।– को लाभकर ५ प्रतिशतले रु. १०५०००००।– असुल गर्नु पर्दछ ।

२३.३९ रजिष्ट्रेशन नम्बर ९५६(ग)बाट रु १२०८७५०० तथा र.नं १४५० बाट रु ९१८७००० एक व्यक्तिको तथा र.नं ९५७ बाट रु ९९७५००० तथा र.नं ९५८ बाट रु ८७५१००० एक व्यक्तिको नामबाट निसर्ग भएको जग्गा मिति २०७०।१२।२८ को निर्णयले अर्का एक व्यक्तिको नामबाट निजहरुको नममा नामसारी भई आएकोले निजहरुको स्वमित्वमा आएको ५ बर्ष ननाघेको अवस्थामा ५ प्रतिशत लाभकर लिनु पर्नेमा २.५ प्रतिशत मात्र लिएकोले कुल रु ४००००५०० निसर्गको २.५ प्रतिशतले रु १० लाख छुट भएकोले असुल हुनुपर्दछ ।

२३.४० रजिष्ट्रेशन नम्बर ४२७(ग)मिति २०७२।९।१६ एक निसर्ग कर्ताले यसै आर्थिक बर्षमा निजको स्वामित्वमा आएको १० आना जग्गा रु १ करोड २० लाख ३ हजारमा निसर्ग गर्दा २०५८ को मुल्यांकन रु १० लाख घटाई रु १ करोड १० लाख ३ हजारमा ५ प्रतिशतले लाभकर असुल गर्नु पर्नेमा २.५ प्रतिशतले मात्र असुल गरी रु २७५०७५.०० लाभकर छुट भएको छ ।

२३.४१ एक निसगं कर्ता ऋणीले नगर–३५ कि.नं. ११७ को ज.क्षे.फ.६६३.३० ब.मी.जग्गा बिभिन्न ३ व्यक्तिहरुलाई बिक्री गर्दा ऋणीले के कति रकम खर्च गरी जग्गा खरिद गरेको हो सो को प्रमाण पेश नभएकोले उक्त लाभकर फारममा दाबिगरेको खर्च यकिन गर्ने आधार पेश नभएबाट निसर्ग रकम रु १ करोड ५ लाख ३० हजारको ५ प्रतिशतले हुने पूजिगत लाभकर रु ५ लाख २६ हजार ५०० छानबिन गरी असूल गर्नु पर्दछ ।

२३.४२ रजिष्ट्रेशन नम्बर १२३५ ख मिति २०७२।१२।२१ बाट एक निसर्ग कर्ताले नगर ७ कि.नं.४१३, १५१.१० ब.मी.क्षेत्रफल जग्गा रु.७७३००००।– मा थैली कायम गरी निसर्ग गर्दा निजले २०६४।९।५ मा रु.७१३०००।– स्वामित्वमा आएको उक्त जग्गामा रु.१८५००।– कर दस्तुर समेत जम्मा रु.७३१५००।– खर्च कट्टी दावी गरी हुने कर योग्य आय रु. ६९९८५००।– को २.५ प्रतिशतले हुने रु.१७४९६३।– दाखिला गर्नुपर्नेमा रु.१५९९९३।– दाखिला गरेकोले रु. १४९७०।– घटी भएकोले असूल गर्नु पर्दछ ।

२३.४३ रजिष्ट्रेशन नम्बर ९४८ ग बाट एक निसर्ग कर्ताले .ले २०७१।४।२९ मा आफ्नो नाममा दर्ता कायम भएको नगर १६, कि.नं. १४६ को ३२३.९२ ब.मी.क्षेत्रफल जग्गा मिति २०७३।१।२९ मा रु.१६००००००।– निसर्ग गर्दा रु. १३९७४२५०।– (२०७१।४।२९ को खरिद मूल्य रु.१३५०००००।– र कर दस्तुर रु.४७४२५०।–) निसर्ग रकम रु. १६००००००।–बाट घटाई हुन आउने रु.२०२५७५०।– को ५ प्रतिशतको दरले रु.१०१२८८।– दखिला गर्नुपर्नेमा रु.९८७८८।– दाखिला गरेकोले नपुग रु.२५००।– दाखिला गर्नु पर्दछ ।

२४. **एक आर्थिक वर्षमा एकभन्दा बढी कारोबार :** जग्गा तथा घरजग्गा निःसर्गमा पूंजीगत लाभकर सम्बन्धि निर्देशिका २०७२ को दफा १२.३ माकुनै प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा एक पटक जग्गा तथा भवन बिक्री गर्दा रु ३० लाखभन्दा घटी रकमको कारोबार गरेको तर अर्को कारोबार गर्दा दुवै कारोबारको रु ३० लाखभन्दा बढी हुन गएमा दुवै कारोबारलाई समावेश गरी पूँजीगत लाभ गणना गर्नु पर्ने व्यवस्था छ । कार्यालयले सो बमोजिम ४१ निसर्गकर्ताहरुको बार्षिक निसर्ग रकम यकिन गरी लाभकर लिन छुट भएको देखिएको रकम रु १९ करोड ८४ लाख २३ हजार ८०३ को ५ प्रतिशतले हुने रु ९९ लाख २१ हजार १९० पूजिगत लाभकर असूल गर्नु पर्दछ ।

२५. प्रमाण वेगर खर्च छुट : पूँजीगत लाभ कर सम्वन्धी निर्देशिका, २०७२ को परिच्छेद ३ मा कुनै प्राकृतिक व्यक्तिको घरजग्गा (घर तथा घरले ओगटेको जग्गा) गैर व्यावसायिक करयोग्य सम्पत्तिको रुपमा पहिचान नहुन प्राकृतिक व्यक्तिको निजी भवनमा स्वामित्व १० बर्ष भन्दा बढी अवधि स्वमित्व रहेको र दश वा सोभन्दा बढी अवधि पटक पटक वा अविच्छिन्न रुपमा बसोबास गरेको अवस्था पूरा भएको हुनु पर्दछ । निर्देशिकाको पुर्ण पालना भएको प्रमाण पेश नभएकोले बिभिन्न ९० निसर्गकर्ताको रु १ अरब ६९ करोड ७८ लाख २४ हजार ७६६ को निसर्गमा २.५ प्रतिशतले छुट पूजिगत लाभकर रु ४ करोड २४ लाख ४६ हजार असूल गर्नु पर्दछ ।

२६. खरिदभन्दा न्यून मूल्यमा निसर्ग : भूमिसुधार तथा व्यवस्थापन विभागको २०६७।१२।७ को परिपत्रानुसार एक पटक थैली कायम गरेको रकमलाई अर्को पटक बिक्री गर्दा न्यूनतम मूल्याङ्कन कायम गर्नुपर्ने व्यवस्था छ । मालपोत कार्यालय डिल्लीबजारले सात लिखतमा खरिद मूल्यभन्दा रु.९ करोड ३० लाख ४२ हजार कम मूल्यमा निसर्ग गरेको देखाई रजिष्ट्रेसन पास गरेको कारण ४.५ प्रतिशतले छुट भएको रजिष्ट्रेसन दस्तुर र वाग्मती सभ्यता शुल्कसमेत रु.४२ लाख ४६ हजार असुल गर्नुपर्दछ ।

२७. धितो बन्धकी हस्तान्तरण : डिल्लीबजार मालपोत कार्यालयले ऋण चुक्ता नगरेको कारणबाट तीनजना ऋणीको रु.३१ करोड २५ लाख ५५ हजार मूल्यको सम्पत्ति (जग्गा तथा भवन) हस्तान्तरण, लिलाम अथवा निसर्ग गर्दा कायमी मूल्यबाट खरिद मूल्य नखुलाएकोले सो यकिन गरी ५ प्रतिशतले हुने रु.१ करोड ५६ लाख २७ हजार अग्रिम पुँजीगत लाभकर असुल गर्नुपर्दछ ।

२८. सस्थागत निसग : कम्पनिहरुले गरेको निसर्ग रकम रु.४ अरब ७९ करोड ८ लाख २० हजार ८४५ सम्बन्धित कम्पनिहरुको बिक्रि खाता, आयबिबरण तथा अनुसुची १३ बमोजिम ५ लाख भन्दा बढीको खरीद बिक्रि खुलासा गरेको प्रमाण सहित आयकर ऐन २०५८ को अनुसुची १ बमोजिम २५ प्रतिशतले कर दाखिला भएको प्रमाण सहितको आयकर समायोजन हिसाब भए पेश गर्ने अन्यथा निसर्ग रकममा ५ प्रतिशत लाभकर रु २३ करोड ९५ लाख ४१ हजार छानबिन गरी असूल गर्नु पर्दछ ।

मालपोत कार्यालय, मनमैंजु

१. निर्णय कार्यन्वयन : सार्वजनिक लेखा समितिबाट २०७२।१२।७ मा भोगाधिकारमा दिईएका जग्गाको अभिलेख अद्यावधिक गरी रकम असूल गर्ने, मन्त्रालयले २०७२ चैत्र महिना भित्र हदबन्दी सम्बन्धि नीति कार्यान्वयनको कार्ययोजना बनाउनु पर्ने, पूँजीगत लाभकर सम्बन्धि बेरुजुहरु ३ महिना भित्र असूल गर्नु पर्ने भनि निर्देशन दिएकोमा कार्यान्वयन भएको छैन ।

२ विगतका व्यहोरा पुनरावृत्ति : गत बिगत देखिकै नीति तथा कार्यक्रम बमोजिम एकीकृत जग्गा धनी प्रमाणपत्र वितरण गर्ने कार्य भएको छैन ।

२.१ कार्यालयबाट प्राप्त विवरणअनुसार यो बर्ष सम्म सरकारी, संघ संस्था सहित २४ संस्थालाई १३० रोपनी, ५ आना १ पैसा ३ दाम जग्गा नेपाल सरकारको निर्णयअनुसार भोगाधिकार दिएको उल्लेख छ । भोगाधिकारमा दिएको जग्गा प्रत्येक वर्ष नवीकरण गराउनुपर्ने सम्झौतामा व्यवस्था भएकोमा गत बिगतमा भोगाधिकार दिएको जग्गाको अभिलेख व्यवस्थित गरी यस बर्ष नवीकरण गराएको छैन । नियमित नविकरण गरी बिभाग र मन्त्रालयको अभिलेखमा समेत अध्यावधिक गरीनु पर्दछ ।

२.२ जग्गा प्रशासन निर्देशिका,२०५८ अनुसार मालपोत कार्यालयहरुले नापीको समयमा दर्ता हुन बाँकी सरकारी र सार्वजनिक जग्गाको फिल्ड बुकलगायत अन्य प्रमाणहरु बुझी अनुसूची १९ र २० बमोजिमको ढाँचामा अभिलेख अद्यावधिक राखी सरकारी र सार्वजनिक जग्गाको संरक्षण गर्नुपर्नेमा यो बर्ष पनि कार्यालयबाट यस्तो जग्गाको अभिलेख तयार गराई अद्यावधिक गरेको छैन ।

३. जिन्सी व्यवस्थापन: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(१) र नियम ५०(३) बमोजिम प्रभाबकारी रुपमा जिन्सी व्यवस्थापन भएको छैन ।

४. आन्तरिक नियन्त्रण व्यवस्था : आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ९५ वमोजिम प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वासनिय बनाउन तथा प्रचलित कानून वमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रण सम्बन्धी अनुसूचि ३० अनुसार परीक्षण गर्दा पुराना सामानको मुल्य कागम गराई नराखेको, मर्मत अभिलेख खाता नराखेको, खर्चको बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखि प्रमाणित नगरेको तथा बार्षिक कार्य सम्पन्न प्रतिबेदन समेत तयार नगरेको जिन्सीको प्रभावकारी व्यवस्थापन नभएको जस्ता व्यहोरा देखिएका छन् :

५. लिखत परीक्षण : कार्यालयबाट प्राप्त वार्षिक प्रगति प्रतिवेदन विवरण अनुसार कार्यालयले वकसपत्र २५७ थान, राजिनामा ९१३४ थान, दर्ताफारी ३० थान, सगोलनामा ४० थान, अंशवण्डा ९० थान, अंश बुझेको भरपाई २२ थान, शेषपछिको वकसपत्र १४ थान, धितोवन्धक ३६४१ थान र व्यक्तिको दृष्टिबन्धक १६ थान

र अन्य १२४ थान समेत १३३६८ थान रजिष्ट्रेशन लिखत पारित गरेको पाइयो । कार्यालयले लिखत पारीत गरी विभिन्न व्यक्ति, कम्पनीका नाममा रहेका जग्गा हक हस्तान्तरण गरेकोमा अधिकांश लिखतमा सम्बन्धित स्थानीय निकायको घर बाटो सिफारिस र जिल्लाको न्यूनतम मूल्यांकन निर्धारण पुस्तिकाको सबैभन्दा घटी मूल्यांकन दरबन्दीका आधारमा हुने न्यूनतम मूल्य अनुसार थैली कायम गरी सोही आधारमा अधिकांश रजिष्ट्रेशन दस्तुर असुल गरेको पाइयो । यसले गर्दा बजार मुल्यको आधारमा राजस्व असूली भएको छैन ।

६. **नक्सा सिट र ट्रेस नक्सा अनिबार्य गर्नुपर्ने :** घर जग्गाको रजिष्ट्रेशन लिखत पारित गर्ने प्रयोजनको लागि घर जग्गाको न्यूनतम मूल्यांकन सम्बन्धित स्थानिय निकायको सिफारिसको आधारमा जग्गाको प्रकृति ,बाटो भए नभएको, बाटोको अवस्था, पक्की, कच्ची ,गोरेटो, ग्राभेलिङ, घर भए नभएको जस्ता सिफारिसलाई न्यूनतम मूल्यांकनको माध्यमको रुपमा लिने गरेको पाइन्छ । सम्बन्धित गा.वि.स एवं नगरपालिकाबाट प्राप्त हुने कतिपय सिफारिस निवेदकको माग बमोजिम भनि सिफारीस हुने गरेको, एउटै जग्गाबाट स–साना टुक्रा गरि बिक्री गरेका, विभिन्न टुक्रा जग्गामा समेत बाटो नभएको भनी सिफारीस गर्ने गरेको, घर जग्गाको वर्तमान अवस्थाको यथार्थ अवस्थाको अनुगमन नगरी प्राप्त सिफारिसको आधारमा कायम गरिएको मूल्यांकनको आधारमा लिखत पारित गर्दा राखेको थैली रकमको यथार्थता सम्बन्धमा विश्वस्त हुने आधार देखिएन । जसबाट रजिस्ट्रेसन शुल्क र पुजिगत लाभकर दुबै छली हुने अवस्था छ ।

रजिस्ट्रेसन लिखत पारीत गर्नु पर्ने अवस्थामा बाटोको अवस्था नदेखाई ट्रेस उपलब्ध गराएको देखिदाँ एरिया नक्सा सिट बमोजिम बाटोको अवस्था देखाएको ट्रेस नक्सा पेश भए पछिमात्र जग्गाको न्यूनतम मूल्यांकन यकिन गरी रजिस्ट्रेसन पारीत गर्ने व्यवस्थालाई अनिवार्य गर्ने तर्फ मन्त्रालय, बिभाग तथा सम्बन्धित कार्यालयहरुको ध्यान जानुपर्ने देखिन्छ ।

७. **निवेदन दर्ता र फछ्र्यौट स्थिति** : भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५३(१) बमोजिम फछ्र्यौट हुन बाँकी निवेदन यस वर्षसम्म ३५९ रहेको छ । कार्यालयले यो बर्ष पनि फछ्र्यौट गर्न बाँकी निवेदनहरुको आयुगत वर्गीकरण गरी विवरण तयार गरेको छैन । निवेदन दर्ता तथा फछ्र्यौटको आयुगत विवरण खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

८. **पूँजिगत लाभकर फारामको अनुगमन :** पूंजीगत लाभ कर असुल गर्ने मालपोत कार्यालयले जग्गा तथा घर जग्गा निसर्ग गर्ने प्राकृतिक व्यक्तिले नियमानुसार भरेको पुंजीगत लाभकर फाराम अनुसारको पूजीगत लाभ करको विवरण प्रत्येक महिना समाप्त भएको १५ दिनभित्र सम्बद्ध आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्ने व्यवस्था आयकर निर्देशिकाले समेत तोकेको छ । कार्यालयले अधिकांस लाभकर फारममा रजिस्ट्रेसन नम्बर सहित खुलाउनु पर्ने सम्पुर्ण व्यहोराहरु नखुलाएको, लाभकर फारमको साथमा निसर्ग भएको जग्गाको खरीद मुल्य तथा खरीद मिति खुल्ने प्रमाण पेश नगरेको पाईयो । जग्गा तथा घर निसर्ग गर्ने प्राकृतिक व्यक्तिले नियमानुसार भरेर पेश गरेका लाभ कर फाराम र सम्बद्ध आन्तरीक राजस्व कार्यालयमा पठाएका लाभकर सम्बन्धी विवरणको खर्च कट्टी दाबीको यथेस्ट प्रमाण सहित अभिलेख राख्ने व्यवस्था हुनुपर्ने देखिन्छ ।

९. **पूँजिगत लाभकर छुट भएको :** निर्देशिकाको व्यवस्था बमोजिम ५ बर्ष भन्दा घटीको स्वामित्व भएको अवस्थामा ५ प्रतिशत पूँजिगत लाभकर असूल गर्नुपर्नेमा ७ निसर्गकर्ताहरुको निसर्ग रकम रु.रु ५ करोड ३७ लाख ८८ हजारमा २.५ प्रतिशतमात्र असूल भएको देखिएकोले २.५ प्रतिशतले छुट भएको पूजिगत लाभकर रु १३ लाख ४५ हजार असूल गर्नु पर्दछ । यस संम्बन्धमा छलफल गर्दा जग्गा तथा घर जग्गा नि:सर्गमा पूँजिगत लाभकर सम्बन्धी निर्देशिका, २०७२ मा परम्परागत रुपमा भोगचलन भई बाबु, बाजेको नामबाट हस्तान्तरण भई आएको पैत्रिक संम्पत्तिको हकमा स्पस्ट व्यवस्था नभएको कारण २.५ प्रतिशत मात्र अग्रिम कर कट्टी गरेको कार्यालयले जानकारी दिएको छ ।

१०. **तिस लाख भन्दा घटी कारोबार देखाएको :** आर्थिक अध्यादेश, २०६७ ले आयकर ऐन, २०५८ को दफा (२) को उपदफा (द) को गैह्र व्यवसायी कर योग्य सम्पत्ती अन्तर्गत खण्ड ४ मा प्राकृतिक व्यक्तिले रु.३० लाख वा सो भन्दा बढी मूल्यको जग्गा तथा घर जग्गाको कारोवार गर्दा भएको पूंजिगत लाभमा ऐनको दफा ९५ (क) ३ मा तोकिएको दर अनुसार रजिष्ट्रेशन गर्दाकै बखतमा कर असूल गर्ने व्यबस्था गरेको छ । कार्यालयमा लाभकर नलाग्ने थ्रेसहोल्ड रु.३० लाखलाई आधार बनाएर रु १ सय   देखी रु १० हजार सम्म कम को निसर्ग कायम गरी रजिष्ट्रेशन लिखत पारित गर्दा १७ निसर्गकर्ताहरुको रु ५ करोड ८ लाख ७० हजारमा पुंजिगत लाभकरको थ्रेसहोल्ड भित्र परेको कारण लाभकर फारम भरी गणना गरेको छैन

११. **सँस्थागत निसर्ग :** विभिन्न कम्पनिहरुले गरेको निसर्ग रकम रु १२ करोड ८६ लाख ५२ हजार १३५ सम्बन्धित कम्पनिहरुको बिक्रि खाता, आयबिबरण तथा अनुसुची १३ बमोजिम ५ लाख भन्दा बढीको खरीद बिक्रि खुलासा गरेको प्रमाण सहित आयकर ऐन २०५८ को अनुसुची १ बमोजिम २५ प्रतिशतले कर दाखिला भएको प्रमाण सहितको आयकर समायोजन हिसाब भए पेश गर्ने अन्यथा बिभिन्न ६ संस्थागत निसर्गकर्ताहरुको निसर्ग रकम रु.१२ करोड ८६ लाख ५२ हजार १३५ मा ५ प्रतिशत लाभकर रु ६४ लाख ३३ हजार छानबिन गरी असूल गर्नु पर्दछ ।

१२. **मालपोत रजिस्ट्रेसन :** पेश भएको आर्थिक विवरण अनुसार बैंक खातामा भन्दा कार्यालयको खातामा रजिस्ट्रेसन दस्तुर बापतको रकम रु २६ लाख ८३ हजार ५२५ बढी देखिएको छ। उक्त रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको धरौटी खातामा जम्मा भएको कारण कार्यालयको खाता र बैंक बिच फरक पर्न गएको कार्यालयले जनाएको छ। फरक परेको रकमको सम्बन्धमा रजिस्ट्रेसन नम्बर, ऋणी तथा धनीको नाम, रजिस्ट्रेसन दस्तुर तथा दाखिला भौचर सहित हिसाब मिलान गर्नुपर्दछ।

१३. **सोझै खरीद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा सार्वजनिक निकायले खरिद विधि छनौट गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने र नियमावली, २०६४ को नियम ३१ बमोजिम रु.१० लाख भन्दा बढीको खरिदमा खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट कानुन बमोजिम लागत अनुमान समेत तयार नगरी विभिन्न फर्मबाट एकै प्रकृतिका सामान टुक्रा टुक्रा गरी फर्निचर रु ५ लाख तथा रु १२ लाख ९७ हजार ८०४ सोझै खरीद गरेकोले अनियमित देखियो।

मालपोत कार्यालय, साँखु

१. **निर्णय कार्यन्वयन :** सार्वजनिक लेखा समितिबाट २०७२।१२।७ मा भोगाधिकारमा दिईएका जग्गाको अभिलेख अद्यावधिक गरी रकम असूल गर्ने, मन्त्रालयले २०७२ चैत्र महिना भित्र हदबन्दी सम्बन्धि नीति कार्यान्वयनको कार्ययोजना बनाउनु पर्ने भनि निर्देशन दिएकोमा कार्यान्वयन भएको छैन।

२. **विगतका व्यहोरा पुनरावृत्ति :** गत बिगत देखिकै नीति तथा कार्यक्रम बमोजिम एकीकृत जग्गा धनी प्रमाणपत्र वितरण गर्ने कार्य भएको छैन ।

२.१ कार्यालयबाट प्राप्त विवरणअनुसार यो बर्ष सम्म सरकारी, संघ संस्था सहित २४ संस्थालाई १३० रोपनी, ५ आना १ पैसा ३ दाम जग्गा नेपाल सरकारको निर्णयअनुसार भोगाधिकार दिएको उल्लेख छ। भोगाधिकारमा दिएको जग्गा प्रत्येक वर्ष नवीकरण गराउनुपर्ने सम्झौतामा व्यवस्था भएकोमा गत बिगतमा भोगाधिकार दिएको जग्गाको अभिलेख व्यवस्थित गरी यस बर्ष नवीकरण गराएको छैन। नियमित नविकरण गरी बिभाग र मन्त्रालयको अभिलेखमा समेत अध्यावधिक गरीनु पर्दछ।

२.२ जग्गा प्रशासन निर्देशिका, २०५८ अनुसार मालपोत कार्यालयहरुले नापीको समयमा दर्ता हुन बाँकी सरकारी र सार्वजनिक जग्गाको फिल्ड बुकलगायत अन्य प्रमाणहरु बुझी अनुसूची १९ र २० बमोजिमको ढाँचामा अभिलेख अद्यावधिक राखी सरकारी र सार्वजनिक जग्गाको संरक्षण गर्नुपर्नेमा यो बर्ष पनि कार्यालयबाट यस्तो जग्गाको अभिलेख तयार गराई अद्यावधिक गरेको छैन।

३. **आन्तरिक नियन्त्रण व्यवस्था :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वासनिय बनाउन तथा प्रचलित कानून वमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रण सम्बन्धी अनुसूचि ३० अनुसार परीक्षण गर्दा पुराना सामानको मुल्य कागम गराई नराखेको, मर्मत अभिलेख खाता नराखेको, खर्चक बिल भरपाइहरुमा सिलसिलेवार नम्बर राखि प्रमाणित नगरेको तथा बार्षिक कार्य सम्पन्न प्रतिबेदन तयार नगरेको, जिन्सी प्रभावकारी व्यवस्थापन नभएको जस्ता व्यहोरा देखिएका छन्।

४. **लिखत परीक्षण :** कार्यालयबाट प्राप्त वार्षिक प्रगति प्रतिवेदन विवरण अनुसार कार्यालयले वकसपत्र, राजिनामा अंशवण्डा, अंश बुझेको, धितोवन्धक लगायत समितिले निर्धारण गरेको न्यूनतम मूल्यांकन नघटाई सम्बन्धित स्थानीय निकायको घर बाटो सिफारिस र जिल्लाको न्यूनतम मूल्यांकन निर्धारण पुस्तिकाको सबैभन्दा घटी मूल्यांकन दरबन्दीका आधारमा हुने थैली कायम गरी सोही आधारमा रजिट्रेशन दस्तुर असुल गरेको पाइयो।

५. **नक्सा सिट र ट्रेस नक्सा अनिबार्य गर्नुपर्ने :** घर जग्गाको रजिष्ट्रेशन लिखत पारित गर्ने प्रयोजनको लागि घर जग्गाको न्यूनतम मूल्यांकन सम्बन्धित स्थानिय निकायको सिफारिसको आधारमा जग्गाको प्रकृति, बाटो भए नभएको, बाटोको अवस्था, पक्की, कच्ची, गोरेटो, ग्राभेलिङ, घर भए नभएको जस्ता सिफारिसलाई न्यूनतम मूल्यांकनको एक मात्र माध्यमको रुपमा लिने गरेको पाइन्छ। स्थानिय निकायको सिफारीश साथ सम्बन्धित नापी कार्यालयबाट प्रमाणित भएको सिट नक्सा र ट्रेस नक्सा अनिबार्य पेश गरेर मात्र रजिस्ट्रेसन लिखत पारीत गर्नु पर्दछ। नापी कार्यालयबाट एकै नक्सा सिट अन्तरगतका कित्ता जग्गाहरुको ट्रेस नक्सा प्रदान गर्दा बैक ऋण लिनु पर्ने तथा भवन निर्माण गर्नुपर्ने अवस्थामा बाटो भएको तथा रजिस्ट्रेसन लिखत पारीत गर्नु पर्ने अवस्थामा बाटोको अवस्था नदेखाई ट्रेस उपलव्ध गराएको देखिदाँ एरिया नक्सा सिट बमोजिम बाटोको अवस्था देखाएको ट्रेस नक्सा पेश भए पछिमात्र जग्गाको न्यूनतम मूल्यांकन यकिन गरी रजिस्ट्रेसन पारीत गर्ने व्यवस्थालाई अनिवार्य गर्ने तर्फ मन्त्रालय, बिभाग तथा सम्बन्धित कार्यालयहरुको ध्यान जानुपर्ने देखिन्छ।

६. **निवेदन दर्ता र फछ्यौंट स्थिति** : भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५३(१) बमोजिम फछ्यौंट हुन बाँकी निवेदन यस वर्षसम्म ३७६ रहेको छ। कार्यालयले फछ्यौंट गर्न बाँकी निवेदनहरुको आयुगत वर्गिकरण गरी विवरण तयार

गरेको छैन । निवेदन दर्ता तथा फछ्र्यौटको आयुगत विवरण खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ । फछ्र्यौट गर्न बाँकी रहेका विषय उपर आवश्यक कारवाही गरी फछ्र्यौट गर्नु पर्ने देखियो ।

७. **पूँजिगत लाभकर फारामको अनुगमन :** पूंजीगत लाभ कर असुल गर्ने मालपोत कार्यालयले जग्गा तथा घर जग्गा निसर्ग गर्ने प्राकृतिक व्यक्तिले नियमानुसार भरेको पुंजीगत लाभकर फाराम अनुसारको पूजीगत लाभ करको विवरण प्रत्येक महिना समाप्त भएको १५ दिनभित्र सम्बद्ध आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्ने व्यवस्था आयकर निर्देशिकाले समेत तोकेको छ । कार्यालयले अधिकांस लाभकर फारममा रजिस्ट्रेसन नम्बर सहित खुलाउनु पर्ने सम्पुर्ण व्यहोराहरु नखुलाएको, लाभकर फारमको साथमा निसर्ग भएको जग्गाको खरीद मुल्य तथा खरीद मिति खुल्ने प्रमाण पेश गर्ने गरेको पाइएन ।

८. **नि:सर्ग भएको जग्गा तथा भवन बापतको खर्च :** पूंजीगत लाभकर सम्बन्धि निर्देशिका २०७२ को दफा ४.१५.मा कुनै प्राकृतिक व्यक्तिले आफ्नो स्वामित्वमा भएको गैर व्यावसायिक करयोग्य सम्पत्ति जग्गा तथा भवनको नि:सर्ग भएको छ भने त्यस्तो सम्पत्तिको पूँजीगत लाभ गणना गर्ने प्रयोजनको लागि सो सम्पत्ति बापतको कट्टि गर्न पाउने खर्च यकिन गर्नु पर्ने व्यवस्था छ । निर्देशिकाको व्यवस्था बिपरीत बिभिन्न ३ निसर्गकर्ताहरुले निसर्गमा माटो पुरेको , डोजर लगाएको, पर्खाल निर्माण आदि खर्च रु.४१ लाख ४० हजार दाबि गरेकोमा बास्तबिक खर्च यकिन नभएको देखिदाँ छानबिन गरी सो को ५ प्रतिशत लाभकर रु १ लाख ५६ हजार असुल गर्नु पर्दछ ।

९. **बढी खर्च कट्टी :** र.नं ३१६०,३१६१, ३१६२ खा मिति २०७३।३।२८ बाट एक निसर्गकर्ताले निसर्ग रकम रु ७९ लाख ५० हजारमा खरीद भएको जग्गा अझै बिक्रि गर्न बांकि रहेकोले हाल खरीद मुल्य भन्दा बिक्रि रकम कम भएको जनाई निसर्ग रकम बराबरनै खर्च कट्टी दाबी गरेको छ । श्रेस्ता साथ संलग्न खरीदको प्रमाण बमोजिम दामासाहीले रु ५३ लाख मात्र खर्च कट्टी गर्न पाउने देखिदाँ बढी खर्च कट्टी दाबी गरेको रु २६ लाख ५० हजारमा ५ प्रतिशतले रु १ लाख ३२ हजार ५०० पूजिगत लाभकर असूल गर्नुपर्ने देखियो ।

१०. **पूँजिगत लाभकर छुट भएको :** निर्देशिकाको व्यवस्था बमोजिम ५ बर्ष भन्दा घटीको स्वामित्व भएको अवस्थामा ५ प्रतिशत पूँजिगत लाभकर असूल गर्नुपर्नेमा विभिन्न निसर्गहरुमा २.५ प्रतिशतमात्र असूल भएको देखिएकोले रु ३ करोड ४० लाख ७९ हजार ५०० मा २.५ प्रतिशतले छुट पूँजिगत लाभकर रु.८ लाख ५२ हजार असूल गर्नु पर्ने देखियो । यस संम्बन्धमा छलफल गर्दा जग्गा तथा घर जग्गा नि:सर्गमा पूँजिगत लाभकर सम्बन्धी निर्देशिका, २०७२ मा परम्परागत रुपमा भोगचलन भई बाबु, बाजेको नामबाट हस्तान्तरण भई आएको पैत्रिक संम्पत्तिको हकमा स्पस्ट व्यवस्था नभएको कारण २.५ प्रतिशत मात्र अग्रिम कर कट्टी गरेको कार्यालयले जानकारी दिएको छ ।

११. **खरीद भन्दा कम मुल्यमा निसर्ग :** भूमिसुधार तथा व्यवस्थापन विभागको २०६७।१२।०७ को परिपत्रानुसार एकपटक थैली कायम गरेको रकमलाई अर्को पटक विक्री गर्दा न्यूनतम मूल्यांकन कायम गर्नु पर्ने व्यवस्था छ । कार्यालयले बिभिन्न ३ लिखतमा खरीद मुल्यभन्दा रु १९ लाख ८८ हजार कम मुल्यमा निसर्ग गरेको देखाई रजिष्ट्रेसन पास गरेको देखिदाँ छुट हुन गएको रजिष्ट्रेसन दस्तुर र बाग्मति सभ्यता शुल्क समेत ४.५ प्रतिशतले रु ८९ हजार असूल गर्नु पर्दछ ।

१२. **महिला छुट :** आर्थिक ऐन, २०७२ बमोजिम रजिस्ट्रेसन छुटमा खरीद गरेको जग्गा ३ बर्ष भित्र बिक्री गरेमा छुट रकम असुल गरीने व्यवस्था छ । कार्यालयले १ निसर्गकर्ताको रु ३० लाखको खरीदमा सो बमोजिम महिला छुट रु ३० हजार फिर्ता नलिई खरीद भएको ६ महिना पश्चात रु ४४ लाख ८७ हजारमा निसर्ग गरेको देखिएकोले फिर्ता प्राप्त गरी दाखिला गर्नु पर्दछ ।

राष्ट्रिय भूउपयोग आयोजना

१. **लक्ष्य तथा प्रगति :** यस बर्ष तयार भएका १७७ गा.वि.स./न.पा.हरु सहित कुल ५७७ गा.वि.स./न.पा.हरुहरुकोभू-उपयोग नक्शा, माटो नक्शा, भू-क्षमता नक्शा, तथा भू-उपयोग क्षेत्र नक्शा र कित्ता नापी नक्शाहरु तयार भएका छन् । आयोजनाले यस आ. व. मा हिमाली जिल्ला ताप्लेजुङ्ग, संखुवासभा, मनाङ्ग, हुम्ला र बझाङ्गका जोखिमपूर्ण क्षेत्रमा रहेका वस्तीहरुलाई सुरक्षित क्षेत्रमा स्थानान्तरण सम्बन्धी अध्ययन गरी प्रतिवेदन तयार गरी रु १ करोड २४ लाख ६८ हजार खर्च गरेकोछ । तर प्रतिबेदन कार्यान्वयनको लागि समय सीमा सहित स्पष्ट कार्ययोजना बनाएको देखिएन । यसै गरी ७५ वटै जिल्लाको भूमि श्रोत नक्शाहरुको रु ५३ लाख ४९ हजार लागतमा एटलास तयार भएको छ । बिगतमा जिल्ला स्तिरिय भूउपयोग नक्सा डाटा तयार गरिएको र सोहि बमोजिम एटलस तयार गरिएकोले गाउँ विकास समिति स्तरिय नक्सा डाटाको आधारमा जमिनको बर्गिकरण देखाउन संभव नभएकोले जमिनको उपयुक्तता अनुसार लेयर देखाएको आयोजनाले जनाएको छ ।

२. **ठेक्का व्यबस्था तथा चौमासिक खर्च :** आर्थिक कार्यबिधी नियमावली, २०६४ को नियम २०(९) बिपरीत आयोजनाले पहिलो चौमासिकमा १ ठेक्का व्यवस्था गरी २३ ठेक्का दोस्रो चौमासिकमा व्यवस्था गरेकोछ । समयमा ठेक्का व्यवस्था नभएको कारण पहिलो र दोस्रो चौमासिकमा कार्यकम संचालन हुन नसकि ८०.३८

प्रतिशत तेस्रो चौमासिकमा खर्च भएको छ । नियमानुसार संतुलित ढंगले चौमासिक रुपमा कार्यक्रमहरु संचालन गरी खर्च गर्नु पर्दछ ।

३. **क्षेत्र छनौट :** भूमिको नक्शा र डाटा तयार गरी प्रतिवेदन गर्ने कार्यका लागि जिल्ला/नगरपालिका/गाउँ विकास समिति छनौट एवं पहिचान गर्दा मापदण्ड तयार गरी सो आधारमा सम्बन्धित स्थानीय निकायहरुबाट माग संकलन गरेर आवश्यकता पहिचान गरिनु पर्दछ । आयोजनाले यस किसिमको मापदण्ड तयार नगरी भू-उपयोग नक्शाङ्कनको लागि स्वविवेकीय रुपमा क्षेत्र छनौट गर्ने गरेको छ । मापदण्ड तयार नगरी नगरपालिका तथा गाउँ विकास समिति छनौट गरी योजना कार्यान्वयन गरिदा सम्पादित कार्यमा एकरुपता कायम नहुनुका साथै सो को उपयोग प्रभावकारी नहुने हुदाँ मापदण्ड तयार गरी स्थानीय निकायबाट माग संकलन गरी आवश्यकता पहिचान गरेर कार्यान्वयन योग्य क्षेत्रहरुको छनौट पश्चात मात्र आयोजनाका कियाकलापहरु कार्यान्वयन गरिनु पर्दछ ।

४. **परामर्श सेवाको लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि सामान वा सेवा खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गरी त्यस्तो लागत अनुमान तोकिए बमोजिम अद्यावधिक गरी राख्नु पर्ने उल्लेख छ । आयोजनाले सेवा र परामर्शमा खर्च भएको रु २२ करोड ४ लाख ८७ हजार र उत्पादन सामाग्री तथा सेवामा खर्च भएको रु.१ करोड ३३ लाख ८२ हजारका सम्बन्धमा स्वीकृत नर्मस् तयार गरी लागत अनुमान तयार गर्नुपर्नेमा नर्मस् बेगर लागत अनुमान तयार गरेको छ । विशेषज्ञ जनशक्तिको माग र आपूर्तिको वैज्ञानिक विश्लेषण गरी नर्मस् स्वीकृत गरेर मात्र लागत अनुमान तयार गर्नु पर्दछ ।

५. **वीमा :** सम्झौताको साधारण सर्तको वुँदा नं. ३.५ मा परामर्शदातृ फर्मले आफ्नो सम्झौता बमोजिमको कार्य संग सम्बन्धित कामको विमा आफ्नै खर्चमा गर्नुपर्ने उल्लेख छ । वीमा नगरेको अवस्थामा भुक्तानी गरीने रकमको निश्चित प्रतिशत कट्टि गरिने व्यहोरा सम्झौताको शर्तमा उल्लेख नभएको कारण विमा पोलिसी तथा प्रिमियमको लागि रकम कट्टि नगरी सम्झौता बमोजिमकै रकम परामर्शदातृ फर्मलाई उपलब्ध गराएको हुँदा विमा व्यवस्थाको कार्यान्वयन हुन सकेको छैन । बिमा नगराएको अवस्थामा निश्चित प्रतिशत रकम कट्टि गरिने व्यहोरा सम्झौताको शर्तमा स्पस्ट खुलाई वीमा व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरी सम्पादित काममा देखा पर्ने जोखिमको न्यूनिकरण गर्नु पर्दछ । वीमा बापतको रकम सम्झौतामा समावेश नभएकोले वीमा गराउने कार्यलाई बाध्यकारी गराउन नसकिएको आयोजनाले जानकारी दिएको छ ।

६. **पारिश्रमिक तथा रिम्वरसेवल खर्च :** आयोजनाले बिभिन्न परामर्श सेवा प्रदायक फर्महरुलाई परामर्श सेवा वापतको रकम भूक्तानी गर्दा सम्बन्धित फर्महरुबाट लागत अनुमान एवं आर्थिक तथा प्राविधिक प्रस्ताव गर्दा समावेश गरेका खर्च विवरण बमोजिम पारिश्रमिक र रिईम्वरसेवल खर्चको आईटमवाईज अभिलेख तथा आर्थिक प्रस्ताव बमोजिम खटिने पदाधिकारीहरुको विवरण सहित पेश भए बमोजिमको विशेषज्ञता अनुसार कार्य गरी रकम बुझेको प्रमाण वेगर एकमुष्ट कर विजकको आधारमा परामर्शदातालाई पारिश्रमिक बापत २३ सम्झौताको रु ९ करोड ७२ लाख ५५ हजार भूक्तानी गरेको छ । आर्थिक प्रस्तावमा उल्लेख भए बमोजिमको टिम लिडर लगायत अन्य बिषय बिज्ञलाई पारिश्रमिक बितरण गरे नगरेको तथा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम पारिश्रमिक भुक्तानी गर्दा स्रोतमा कर कट्टी भए नभएको सम्बन्धमा आयोजनाले अनुगमन गरेको छैन ।

साथै लमसम आईटम देखाएको २१ सम्झौताको मुल्य अभिबृद्धिकर समेत रिईम्वरसेवल खर्च रु.१२ करोड १ लाख ८१ हजार भुक्तानी गर्दा आईटम खुल्ने रनिङ विल तथा बास्तबिक खर्चका बिल भरपाई पेश गर्नु पर्दछ ।

सम्झौतामा समावेश भएको ४ पाङ्ग्रे सवारी साधन र सो को इन्धन तथा जेनेरेटर वापत परिमाण समेत नखुलाई २० परामर्शदाता कम्पनीलाई क्रमशः रु.२ लाख र रु.१ लाख प्रतिसय वर्ग मिटरको हिसावले २९०९.८० वर्ग मिटरको ८७ लाख २९ हजार ४०० को ९९.९१ प्रतिशतले रु ८७ लाख २१ हजार ५४३ भुक्तानी भएको छ । सम्झौतामा समावेश सवारी साधन आयोजनाको काममा मात्र प्रयोग भएको पुष्टि हुने लगबुक तथा अनुगमन प्रतिबेदन लिई भुक्तानी गर्नु पर्दछ ।

७. **तालिम तथा तथ्यांक प्रस्तुतिकरण :** गाउँ विकास समिति स्तरीय भु-उपयोग नक्सा/डाटा तयार गर्ने कार्यको लागि सम्झौता गरिएका २० परामर्शदाता कम्पनिहरुलाई कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिम तथा प्रबिधि हस्तान्तरणको लागि लागत अनुमान बमोजिम प्रति सय बर्गमिटरको रु १ लाख ५० हजारका दरले २० प्याकेजको कुल २९०९.८७ बर्ग मिटर क्षेत्रफलको लागी रु ४३ लाख ६४ हजार ८३५ को ९९.९१ प्रतिशतले रु ४३ लाख ६० हजार ९०६ भुक्तानी भएको छ । तालिमको विषय वस्तु र प्रकृतिका आधारमा यस किसिमको खर्च स्थिर लागत हुन पर्नेमा परिवर्तनीय लागतको रुपमा लिई सम्झौता एवं भूक्तानी गरेको मनासिव देखिएन । तसर्थ २० प्याकेजको स्थिर लागतको रुपमा १ लाख ५० हजारको हिसावले रु.३० लाख मात्र लागत अनुमान तयार गर्नु पर्नेमा रु.४३ लाख ६४ हजार ८३५ को लागत अनुमान तगार गरी सो को

९९.९१ प्रतिशतले रु ४३ लाख ६० हजार ९०६ सम्झौता एवं भुक्तानी भएबाट रु.१३ लाख ६६ हजार २२४ को ९९.९१ प्रतिशतले रु १३ लाख ६४ हजार ९९४ बढी व्ययभार पर्न गएको छ ।

८. **सेटलाईट ईमेज खरीद :** सार्बजनिक खरीद ऐन, २०६३ को दफा २६(६) मा मिलेमतो गरी बोलपत्र दाखिला भएको देखिएमा सार्बजनिक निकायले त्यस्तो बोलपत्र रद्ध गर्न सक्ने व्यवस्था छ । आयोजनाले स्वीकृत नर्म्स बेगर रु.१ करोड ३२ लाख ९९ हजार लागत अनुमान तयार गरी सेटलाईट ईमेज खरीद गर्न बोलपत्र आव्हान गर्दा दाखिला भएका ३ वटै बोलपत्रदाताले नेपाल राष्ट्र बैंक बैकिङ कार्यालय, काठमाण्डौको एकै मितिको एक अंक फरक पारी लगातारको बिड वन्ड सेक्यूरीटी दाखिला नम्बर भएको बोलपत्र जमानत पेश हुँदा समेत मिलेमतोको सम्बन्धमा छानबिन नगरी सबैभन्दा घटी कबोल गर्ने एक ईन्जिनियरीङ कन्सलटेन्टसंग लागत अनुमानको ०.०९ प्रतिशतले मात्र घटी रु १ करोड ३२ लाख ७८ हजारमा सम्झौता गरेको छ । गत बर्ष आयोजनाले ५००० बर्गमिटरको सोहि इमेज खरीद गर्ने कार्यको लागत अनुमान भन्दा ७७.४५ प्रतिशत घटी कबोल गर्नेबाट रु.४० लाख ४४ हजारमा सम्झौता गरी कार्यसम्पन्न भएको थियो ।
सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११ (२) बमोजिम आयोजनाले स्विकृत नर्मस् नभएको अबस्थामा गत बर्ष खरीद गर्दाको मुल्य अभिबृद्धिकर बाहेक प्रति बर्गमिटर रु ७१६।- को बास्तबिक लागतलाई आधार लिई लागत अनुमान तयार गर्नुपर्नेमा रु.२४००।- प्रतिबर्गमिटरको हिसाबले लागत अनुमान तयार गर्दा प्रति बर्गमिटर रु.१६८४।- ले ४९०० बर्गमिटरको मुल्य अभिबृद्धिकर समेत रु ९३ लाख २४ हजार ३०८ बढीमा लागत अनुमान तयार गरी सोको ९९.९१ प्रतिशतले रु ९३ लाख १५ हजार ९१६ मा सम्झौता गरी रकम भुक्तानी भएको छ । आयोजनाले ईमेजको रिजलुसन फरक भएको कारण बढी लागत पर्न गएको जनाएको छ । एकै प्रयोजनको लागी दुई आर्थिक बर्षमा फरक फरक रिजोलुसन भएको ईमेज खरीद गरी बढी खर्च गर्नुको कारण स्पस्ट पार्नु पर्दछ ।

९. **आशयपत्रको मुल्यांकन :** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ३१ बमोजिम (क) गुणस्तर र लागत विधि,(ख) गुणस्तर विधि,(ग) निश्चित बजेट विधि, वा (घ) न्यून लागत विधि को आधारमा आशय पत्र प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम गुणस्तर तथा लागत बिधिको छनौट गरी आयोजनाले प्राबिधिक तथा आर्थिक प्रस्ताबको मुल्यांकन गरेको छ । खरिद गर्नु पर्ने परामर्श सेवाको प्रकृति असामान्य रुपले जटिल भएको वा त्यस्तो सेवाले राष्ट्रिय अर्थतन्त्र वा भावी परियोजनामा उल्लेखनीय प्रभाव पार्न सक्ने कुराको आधार नभएको अबस्थामा प्रस्तावको छनौट गर्दा ऐनको दफा ३५ को उपदफा (१) को खण्ड (घ) बमोजिम न्यूनतम लागत बिधि अपनाएको भए २० सम्झौतामा रु १ करोड ३७ लाख २५ हजार कम लागतमा भूउपयोग नक्सा डाटा तयार गर्न सकिनेमा गुणस्तर तथा लागत बिधी अपनाएको कारण बढी लागत पर्न गएको छ ।

१०. **अनुगमन तथा भ्रमण खर्च:** भ्रमण खर्च नियमावली २०६४ को अनुसूची ६ बमोजिम आयोजनाले भ्रमण अभिलेख खाता राखेको छैन । भु–उपयोग नक्सा तयार गर्ने कार्यको लागि छनौट भएका बिभिन्न परामर्शदातासंग भएको सम्झौताको साधारण सर्तको बुँदा नं. ३.६ मा परामर्शदाताको लेखा व्यवस्था, लेखापरीक्षणको अवस्था जस्ता विषयमा आयोजनाले अनुगमन गर्न सक्ने उल्लेख छ । आयोजनाले ६३६८८०।- अनुगमन तथा भ्रमण खर्च गर्दा सो व्यवस्थाको पालना गरी अनुगमन मूल्याङ्कन सहितको प्रतिवेदन तयार गरेको छैन । ऐन नियम एवं सम्झौतामा भएका व्यवस्थाहरुको पालना गरी यस किसिमको खर्च गर्नु पर्दछ ।

११. **जनचेतना अभिबृद्धि कार्य :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ७६(१) बमोजिम सामान खरिद गर्दा सोझै आपूर्तिकर्तालाई रकम भूक्तानी गर्नुपर्ने व्यवस्था छ । आयोजनाले भुउपयोग सम्बन्धि बिभिन्न स्थानमा संचालन गरेको जनचेतनामूलक कार्यक्रम मध्ये नमूना छनौटको आधारमा धादिङ, नुवाकोट तथा रामेछाप र दोलखामा भएको रु ८ लाख ५ हजार खर्चको विल भरपाई परिक्षण गर्दा काठमाण्डौ उपत्यका भित्रै खरिद गरिएका सामानहरुको लागि पनि कर्मचारीलाई पेश्की दिई भुक्तानी भएको छ । यसरी खरीद गरिएका सामानको लागत अनुमान तयार गर्दा सार्वजनिक खरीद ऐन २०६४ बमोजिम स्विकृत नर्मस तथा बजार मुल्य खुल्ने प्रमाण वा दररेटलाई आधार लिएको देखिएन । मौखिक रुपमा दररेट बुझी लागत अनुमान तयार गरिएको आयोजनाले जानकारी दिएकोछ । दररेट पुष्टी हुने प्रमाणहरु लिखित रुपमा माग गरी खर्च रकमलाई यथार्थपरक बनाउनु पर्दछ ।

१२. **करार सेवाको भुक्तानी :** सार्बजनीक खरीद ऐनको दफा ८.(२) तथा सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९५ को व्यवस्था पालना नगरी गत बिगत बर्ष देखिनै कार्यरत बिभिन्न १३ कर्मचारीहरुसगं रु १ लाख भित्रको लागत अनुमान तयार गरी सोझै बार्ताबाट खरीद गरी रु २३ लाख ६८ हजार भुक्तानी गरेको छ ।

१३. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधी, नियमावली २०६४ को नियम ५०(३) मा कार्यालय प्रमुखले जिन्सी निरीक्षण गराई प्रतिवेदन लिने व्यवस्था छ । कार्यालयले यस वर्ष जिन्सी निरीक्षण गरी प्रतिबेदन तयार गरेको भएतापनि सो को व्यहोरा उपर तोकिएको अवधी भित्र कार्यान्वयन गरेको पाइएन । जिन्सी निरीक्षण प्रतिवेदन अनुसार खर्च भएर जाने र नजानेको अलग अलग विवरण तयार गरेको भएतापनि प्रतिवेदनमा उल्लेख भए

अनुसार मर्मत संभार गर्नुपर्ने सामानहरु मर्मत संभार गरि तथा लिलाम बिक्रि गर्नुपर्ने मालसामान लिलाम बिक्रि गरी जिन्सी खाता अद्यावधिक गरेको देखिएन। प्रतिवेदन कार्यान्वयन गरिनु पर्दछ।

१४. **बरबुझारथ :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ५५ (१) मा नगद, जिन्सी, मालसामान, विनियोजित रकम, राजश्व, धरौटी, बेरुजु, अन्य रकमको लगत श्रेस्ता तथा सरकारी कागजात र आफ्नो जिम्मामा भएको वा रहेको काम आदिको जिम्मा लिने कर्मचारी साधारणतया सरुवा, वढुवा, अवकास प्राप्त गरी वा अन्य कुनै कारणले आफु कार्यरत कार्यालय छोडी जाँदा वा सो कामबाट अलग हुँदा निजको बरबुझारथ गर्ने कर्तव्य हुने उल्लेख छ। आयोजनाबाट अवकास, सरुवा, काज फिर्ता लगायतका कारणबाट अन्यत्र जानु भएका २ पदाधिकारीहरुले यस आयोजनाबाट बुझिलिनु भएको रु २ लाख ११ हजार मुल्यका ल्यापटप, प्रिन्टर लगायतका सामानहरु बरबुझाथ गरेको नदेखिएकोले उक्त सामन फिर्ता प्राप्त गर्नुपर्दछ।

राष्ट्रिय भौगोलीक सूचना पूर्वाधार आयोजना

१. **जिन्सी व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(१)बमोजीम कार्यालयमा लगत खडागरी राखिएका जिन्सी मालसामानहरु कार्यालय प्रमुखले निरीक्षण गरी गराई मालसामानको अवस्था खुलेको लिखित प्रतिवेदन लिनु पर्ने व्यवस्था छ। जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको छैन। प्राप्त जिन्सी मौज्दातको वार्षिक विवरण अनुसार कम्प्यूटर,भ्याकुम क्लिनर, प्रिन्टरहरु लगायत विभिन्न ४३ किसिमका ९८४ थान सामानहरु चालु हालतमा नरहेको उल्लेख छ। चालु हालतमा नरहेका सामानहरु मर्मत गरी प्रयोगमा ल्याउनु पर्ने र मर्मत हुन नसक्ने सामानहरु लिलामि कारवाहि गर्नु पर्दछ।

२. **चौमासिक खर्च सम्बन्धमा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ र २६ अनुसार कार्यालयले बजेट तथा कार्यक्रम कार्यान्वयन गरी चौमासिक रुपमा प्रगति प्रतिवेदन तयार गरी तालुक कार्यालयमा पठाउनु पर्ने र तालुक कार्यालयले त्यसको भौतिक र वित्तिय पक्षको समिक्षा गर्नु पर्ने व्यवस्था छ। कुल खर्च रु ३६ लाख ७४ हजार मध्ये आषाढ महिनामा रु २९ लाख ९६ हजार खर्च गरी ८१.५४ प्रतिशत खर्च गरेकोले आषाढ महिनामा खर्च बढी गर्ने परिपाटी निरुत्साहित गरी कार्यक्रममा तोकिए बमोजिमको चौमासिकमा खर्च गर्ने गराउने व्यस्था हुनुपर्दछ।

३. **कार्यक्रमगत खर्च खाता नराखेको :** कार्यालयले स्वीकृत बार्षिक कार्यक्रमको आधारमा खर्च गरी प्रगति हासिल गर्नु पर्दछ । स्वीकृत कार्यक्रममा इकाइ गत बजेट व्यवस्था भएको हुन्छ र खर्च पनि सोही परिधि भित्र रही गर्नु पर्दछ। कार्यक्रमगत खर्च खाता राखीनु पर्दछ।

४. **लक्ष्य तथा प्रगति :** आयोजनाको स्वीकृत वार्षिक कार्यक्रमको लक्ष्य अनुसार प्रगति हासिल गर्नु पर्दछ। विभिन्न ३ कार्यक्रमहरुमा २ कार्यक्रम संचालन नभएको, १ कार्यक्रम मा ७४ प्रतिशत प्रगति गरेको पाइयो। घटि प्रगति गरेकोमा कारण खुलाएको छैन। अख्तियारी अवधिमा प्राप्त गरेको अवस्थामा लक्ष्य वमोजिम प्रगति हुनु पर्दछ।

५. **एटलस छपाई** : एक अफसेट प्रेसको विलअनुसार द पपुलेसन एण्ड सोसियो इकोनोमस्क एटलस अफ नेपाल, २०११ सम्बन्धी एटलस हाडकपी , एटलस पकेट, एक ट्रान्सपरेन्ट सिट क्रमशः १००० थान, १००० थान, र २००० थान रु ४६ लाख ७५ हजारको लागत अनुमानमा छपाई गरि रु ३१,६४,०००।०० भुक्तानी गरेकोमा वोलपत्रको न्यूनतम कवोल अंक रु २८०००००।०० (मु.अ. कर वाहेक) को एक प्रेसको वोलपत्र मुल्यांकन समितिको सिफारिशको आधारमा स्वीकृत गरेको देखिन्छ। संझौता भएको मितिले ४५ दिन भित्र आपूर्ती गरीसक्नु पर्ने गरी २०७२।५।२१ मा संझौता गरेकोमा सार्वजनिक खरीद नियमावली ,२०६४ को नियम १२१ वमोजीम आपूर्ति कर्ताको ढिलाईको कारणले तोकिएको समयमा काम सम्पन्न गर्न नसकेमा संझौता रकमको १० प्रतिशतमा नवढ्ने गरी प्रतिदिन सझौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारीत क्षतिपूर्ती तिर्नु पर्ने व्यवस्था छ। छपाईको लागि आवश्यक कागजात ,वाइन्डीङ मेटेरियल्स र कभर लगायतका सामाग्री भारत वाट आयात गर्नु पर्ने, नाकावन्दी र इन्धन समस्याले कार्य संम्पन्न गर्न आपूर्ती कर्ताले २ महिना म्याद थप माग गरेकोले नापी विभागको २०७२।८।३ को निर्णय अनुसार ४५ दिन प्रथम पटक, पुनः प्लेट तथा छपाई गरेको सम्पुर्ण कागज विग्री पुनःप्लेट वनाएर छाप्नु परेको भनी ३ महिना म्याद थप दोश्रो पटक वाइन्डीङको लागी आवश्यक मेटेरीयल भारत वाट ल्याउनु पर्ने भनी २०७२ चैत्र मसान्त सम्म म्याद थप तेश्रो पटक गरेको छ। चौथौ पटक पुनः एटलसलाई चाहिने वाहिरी कभर भारतमा तयार हुँदै रहेकोले २०७३ जेष्ठ मसान्त सम्म माग गरेकोमा पूर्व निर्धारीत क्षतिपूर्ती नलिई २०७३ जेष्ठ मसान्त सम्म चौथो पटक म्याद थप गरेको देखिन्छ। यसरी आपूर्तीकर्ताले संझौता बमोजीम २०७३ कार्तिक ६ सम्ममा आपूर्ती गर्नु पर्ने मा पहिलो पटक नाकाबन्दी ,इन्धन समस्याले गर्दा ४५ दिन (संझौता अवधि वरावर) म्यादथप गरेको सम्म मनासिव भएता पनि त्यस पछिको म्याद थप अवधि अर्थात २०७२।८।२१ भन्दा वढि अवधिको ६ महिना ९ दिन (१८९ दिन) म्याद थपको आधार लिदा आपूर्तिकर्ता ले एकै किसिमको कारण पटक पटक उल्लेख गरी म्यादथप भएको उपयूक्त नदेखिएकोले प्रथमपटक को वाहेक १८९ दिनको संझौता अंकको प्रतिदिन ०.०५ प्रतिशतले हुने रु २,६४,६००।०० सार्वजनिक खरीद नियमावलीको नियम १२१ बमोजीमपूर्व निर्धारीत क्षतिपूर्ती लिएको देखिएन।

स्थलरुप नापि महाशाखा

१. **आन्तरिक नियन्त्रण** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भए बमोजिम महाशाखाले कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्था गर्नु पर्नेमा महाशाखाले वार्षिक खरिद योजना बनाएकोमा सोको कार्यान्वयन नगरेको तथा जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानहरु मर्मत, संभार र लिलाम बिक्री गरी जिन्सी खाता अद्यावधिक र प्रमाणित गरी राखेको देखिएन ।

२. **ठेक्का व्यवस्था तथा चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) बिपरीत यो बर्ष रु ८१ लख ३ हजारका ४ ठेक्का बन्दोवस्त गरेकोमध्ये प्रथम चौमासिकमा कुनै ठेक्का नगरी दोस्रो चौमासिकमा १ वटा र तेस्रो चौमासिकमा ३ वटा (७५ प्रतिशत) ठेक्का व्यवस्था गरेकोले तेस्रो चौमासिकमा ४५.६९ प्रतिशत खर्च भएको छ ।

३. **प्रतिस्पर्धा :** सार्वजनिक खरिद ऐन, २०६४ को दफा २६(६) बमोजिम आपसमा मिलेमतो गरी दाखिला भएको बोलपत्र रद्द गर्न सकिने व्यवस्था छ । महाशाखाबाट बोलपत्र आव्हान भएको ४ ठेक्काको लागि ३१ बोलपत्र बिक्री भएकोमा १४ बोलपत्र मात्र दाखिला भएको छ । उक्त निर्माण ठेक्काको लागत अनुमान र स्वीकृत ठेक्का अंकबीच तुलना गर्दा ल्यापटप र प्रिन्टरको ठेक्कामा लागत अनुमानको तुलनामा १.४८ प्रतिशत, इमेज डाटाको ठेक्कामा ०.३३ प्रतिशत, , उत्पादन सामग्री खरिदको ठेक्काम १.८८ प्रतिशत सम्म मात्र घटी अंकमा कार्य गराएको छ । यसबाट वित्तीय प्रस्ताव बीच पर्याप्त मात्रामा प्रतिस्पर्धा भएको देखिएन । प्रतिस्पर्धा हुने गरी खरिद व्यवस्था गर्नुपर्दछ ।

४. **नर्म्स तथा कार्यक्रम :** सार्वजनिक खरिद नियमाजली,२०६४ को नियम ३ मा खरिदको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै भुमिसुधार तथा व्यवस्थापन मन्त्रालयबाट प्राप्त अख्तियारी पत्रमा बिनियोजित बजेट खर्च गर्दा मितव्ययीपूर्वक गर्नुपर्ने उल्लेख छ । महाशाखाले झापा जिल्लामा दुर संवेदन विधिबाट टोपोग्राफिक आधार नक्सा बनाउने, कैलालीको प्रशासनिक सिमा अद्यावधिक गर्ने र झापा र इलाममा ग्राउण्ड कन्ट्रोल प्वाइन्ट कार्यको लागि बन्दोबस्तीका सामानहरु जस्तै रेनकोट,ब्याग,जुत्ता, तुम्लेट, इन्धन, मट्टितेल आदिमा झापाको लागी रु.५ लाख ८२ हजार कैलालीमा रु.३ लाख ३ हजार र झापा र इलाममा रु.६४ हजार गरी जम्मा रु.९ लाख ४९ हजार खर्च लेखेको छ । यसरी फिल्डमा खटिदाको अवस्थामा आवश्यक बन्दोबस्तीका सामानहरुको सम्बन्धमा स्वीकृत नर्म्स तयार नभएको, लागत अनुमान तयार नभएको र खरीद गरीएका सामग्रिहरु दाखिला प्रतिवेदन सहित भण्डार दाखिला गरेको नदेखिएकोले खर्च रकम नियमित देखिएन । नर्मस तयारीको लागि समिति गठन भएको र खरीद भएका सामग्रीहरु जिन्सी खातामा आम्दानी गर्ने प्रतिबद्धता महाशाखाबाट प्राप्त भएको छ ।

५. **सोझै खरीद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बिपरीत निम्नानुसार रु १२२५४८७.०० सोझै खरीद गरेको दखियो । ऐन तथा नियम बमोजिम लागत अनुमान नभएको, प्रतिस्पर्धा नभएको, लिखित रुपमा शिलवन्दी कोटेशन माग नभएको, प्राप्त कोटेशनहरु महाशाखामा दर्ता नभएकोले खरीद कार्य नियमित देखिएन । नियमको पालना हुनुपर्दछ ।

६. **बोलपत्र :** सार्वजनिक खरिद ऐन, २०५५ को दफा, २६ को उपदफा १ मा न्यूनतम मूल्यांकित सारभुत रूपमा प्रभावग्राही बोलपत्रको बोल अंक लागत अनुमान भन्दा सारभुत रूपमा बढी भएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न वा खरिद कार्य रद्ध गर्न सक्ने व्यवस्था छ । महाशाखाले म्याप रिप्रोडक्सन मेटेरियल्सको लागत रू.२७३२१००।– तयार गरेको भएतापनि लागत अनुमान स्विकृतिको टिप्पणी तथा बोलपत्रको सूचनामा मूल्य अभिवृद्धि कर बाहेक रू २९,६४,६०१।७७ उल्लेख गरेको छ । यसरी तयार गरिएको लागत अनुमान भन्दा रू २३२५०१।७७ बढी राखी बोलपत्र मूल्यांकन गर्दा सबभन्दा कम कबोल गर्ने एक आपूर्तकको १.८८ प्रतिशत घटी रू.२९०८९७५।– को स्वीकृत भएको छ । यस सम्बन्धमा महाशाखा प्रमुख तथा लागत अनुमान तयारीमा संलग्न जिम्मेवार पदाधिकारीहरूसंग छलफल गर्दा लागत अनुमान तयारीका बखत १० प्रतिशत सम्म लागत बृद्धि गर्न सकिने प्राबधान राखिएको कारण सोहि सिमाभित्र रहि बोलपत्र आव्हान गरीएको जानकारी प्राप्त भएको छ । तर लागत अनुमानमा उल्लेखित दररेटलाई प्रमाणित गर्ने आधार पेश नभएको र लागत अनुमानको लागि स्विकृत नर्मस समेत नभएको अवस्थामा तयार गरिएको लागत अनुमानमा अझै बृद्धि गर्नु पर्ने आधार नखुलाई बढी लागतमा खरीद गर्ने कार्य उचित देखिएन । यसमा सुधार हुनुपर्दछ ।

७. **माटो परीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ उपनियम(८) मा कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ । महाशाखाको परिसरमा पालेघर निर्माणको लागि एक निर्माण व्यवसायीसंग २०७२।०२।८ मा सम्झौता भईसके पछि २०७२।०५।२० मा भवन निर्माण संभार डिभिजन कार्यालय, अनामनगरले उक्त पालेघर स्ट्रक्चरल डिजाइनमा निर्माण गर्न साइटको माटो पारीक्षण गराउने व्यवस्था मिलाई दिन महाशाखालाई पत्राचार गरे बमोजिम २०७२।०६।०३ मा महाशाखाले एक

परामर्शदातालाई माटो परीक्षण गरी प्रतिवेदन उपलब्ध गराउन कार्यादेश दिएकोमा २०७२।०६।०५ मा माटो परीक्षणको रिपोर्ट उपलव्ध गराएको छ । यसरी स्ट्रक्चरल डिजाइन भई भवन निर्माण कार्य शुरू भएको ४ महिना पछि मात्र माटो परीक्षण गराई रू.८०,०००।– खर्च भएको पाइयो ।

८. **इमेज डाटा खरिद :** महाशाखाले आधुनिक प्रविधिको प्रयोग गरि सेटलाइट इमेज मार्फत नेपालको विभिन्न स्थानको आधुनिक नक्सा निर्माणको लागि यो वर्ष रू.३४,८८,३१०।– समेत हाल सम्म जम्मा रू.१,१७,३८,६५२।– खर्च गरेको छ । प्रथम चरणमा लुम्बिनीको ८१ सिट नक्सा तयार गरिने कार्यक्रम रहेतापनि हालसम्म १ सिट पनि नक्सा उत्पादन भएको छैन । यसको लागि हाल सम्म रू १ करोड १७ लाख ३९ हजार व्यभार परेको छ । डिजिटल नक्सा प्रयोगमा आएको र कागजी नक्सा मात्र तयार गर्न नसकिएको महाशाखाले जनाएको छ । डिजिटल नक्साको पहुंच नहुने र प्रयोग गर्न नसक्ने सेवाग्राहिको लागि कागजी नक्सा उत्पादन गर्न समेत खर्च व्यवस्थापन गर्नुपर्दछ ।

९. **बढी भुक्तानी :** यस महाशाखाले एक ईनिजिनियरीङ्ग परामर्शदाताको बिल बमोजिम बार्षिक मर्मत शुल्क मासिक १२४५०। ले श्रावण देखि माघ सम्मको ८ महिनाको ११२५४८।-, फागुन चैत्रको २८१३७। र ०७३ बैशाखदेखि असाढसम्मको ४२२०५।- (मूल्य अभिवृद्धि कर थप समेत) गरी कुल १६१८५०। खर्च लेखेको देखियो । पहिलो श्रावणदेखि माघसम्मको सात महिनाको मर्मत शुल्क मूल्य अभिवृद्धि कर थप समेत रु.९८४७९।०० हुनु पर्नेमा रु ११२५४८।०० भुक्तानी भएकोले १ महिनाको बढि भुक्तानी भएको रु १४०६९.०० असुल गर्नु पर्दछ ।

१०. **नक्सा बढी छपाई** : महाशाखाले नक्सा छपाइमा यो वर्ष रु.३२,२६,६५०।- खर्च गरेको पाइयो । प्राप्त विवरण अनुसार टोपोसिट नक्सा तर्फ गत वर्षको रु.८,५२,८५,९५०।- बराबरका ५६८५७३ सिट नक्सा मौज्दात रहेकोमा यो वर्ष रु.५०३८५००।- बराबरका ३३५९० सिट नक्सा छपाई गरी कुल रु.९,०३,२४,४५०।- बराबरका ६०२१६३ सिट नक्सा मध्ये यो वर्ष भण्डार शाखाबाट जम्मा रु.३०,१५,०००।- बराबरका २०१०० सिट नक्सा विक्रि शाखामा पठाएकोमा केवल रु.१८,१९,०५०।- बरावरका १२१२७ सिट नक्सा मात्र विक्रि भएको पाइयो । यसरी ठूलो परिमाणमा गत वर्षको मौज्दात बाँकी रहदा रहदै रु.३२,८७,१४१।- को प्राविधिक सामान खरिद गरी ३३५९० सिट नक्सा छपाई गरेको कारण रु.५०,३८,५००।- थप व्ययभार परेको छ । गत बिगतमा छापिएका नक्साहरु बस्ती कम भएका र बिकास निर्माणका क्रियाकलापहरु कम भएको स्थानको भएकाले सेवाग्राहिनै कम भएको कारण बिक्री हुन नसकी मौज्दात रहेको र यस बर्ष खपत भई मौज्दात कम भएको स्थानको लागि मात्र नयाँ नक्साहरु छापिएको महाशाखाबाट जानकारी प्राप्त भएको छ । नक्सा भण्डार र विक्रि कक्षको भौतिक निरीक्षण गर्दा उचित सरसफाई र संरक्षणमा ध्यान नदिएकोले नक्साहरु धुलोले छोपिएको अवस्थामा देखियो । यसरी लक्षियत बर्ग र सेवाग्राहिको संख्या र मागको बिश्लेषणनै नगरी करोडौ मुल्यका नक्साहरु छपाई गरी अनुत्पादक रुपमा मौज्दात राखेको सम्बन्धमा मन्त्रालयले अनुगमन गरी उचित कारबाहि, संरक्षण र बिक्रीको व्यवस्था मिलाउनु पर्दछ ।

११. **करार सेवाको भुक्तानी :** सार्बजनीक खरीद ऐन, २०६३ को दफा ८(२) तथा सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९५ को प्रक्रिया पुरा नगरी गत बिगत बर्ष देखिनै कार्यरत बिभिन्न ३९ जना कर्मचारीहरुसगं रु १ लाख भित्रको लागत अनुमान तयार गरी सोझै बार्ताबाट सेवा खरीद गरी रु ६६ लाख ५७ हजार भुक्तानी गरेको छ । प्रतिस्पर्धात्मक मुल्यमा मात्र सेवा करारमा लिनु पर्दछ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(१) मा निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो नियम प्रारम्भ भएको एक वर्ष भित्र लागू गरी सक्नु पर्ने व्यवस्था छ । मन्त्रालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा नागरिक बडापत्रको मूल्यांकन र सेवाग्राही सन्तुष्टी सर्वेक्षण कार्य नभएको, सूचनाको वर्गीकरण र अभिलेखीकरण नभएको, स्वचालित कार्य प्रणाली निर्देशिका, २०७१ बमोजिम स्वचालित कार्य प्रणाली लागू नगरेको, वार्षिक आर्थिक कारोबारको प्रतिवेदन र कार्य सम्पादन प्रतिवेदन तयार नगरेको, सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिम सूचना सूचीकृत गरी प्रकाशन नगरेको, नियम ११०(२)(क) अनुसार मन्त्रालयका आर्थिक प्रशासन शाखा प्रमुखले मन्त्रालयको प्रतिनिधिको रुपमा मातहत कार्यालयका वित्तीय आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन गरी प्रतिवेदन पेश नगरेको, जिम्मेवार पदाधिकारीहरु सरुवा वा बढुवा भई जांदा जिन्सीको बरबुझारथ नगरेको जस्ता व्यहोरा देखिएका छन् । अतः ऐन, नियममा तोकिएको व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **राष्ट्रिय गौरवका आयोजना :** मन्त्रालय अन्तर्गत सञ्चालित राष्ट्रिय गौरबका योजना कार्यान्वयनको स्थिति निम्नानुसार रहेको छ :

२.१. **मध्यपहाडी लोकमार्ग :** पूर्वको चियो भन्ज्याङ्ग देखि पश्चिमको झुलाघाटसम्मको १ हजार ७७६ कि. मी. मध्येपहाडी लोकमार्गको ट्र्याक खुलिसकेको छ । योजना अवधिमा रेखाङ्कनमा पर्ने सबै पुलहरू निर्माण सम्पन्न गर्ने तथा थप करिब ३५० कि.मी. सडक स्तरोन्नति गर्ने लक्ष छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छ ।

- आर्थिक वर्ष २०७०।७१ को वार्षिक प्रगति प्रतिवेदन बमोजिम यस आयोजनामा ७ कि.मि.ट्र्याक निर्माण, ३५ कि.मि.सडकमा ग्राभेल र ७ कि.मि.कालोपत्रे सडक निर्माण भएको देखिन्छ ।
- आर्थिक वर्ष २०७१।७२ को वार्षिक प्रगति प्रतिवेदन अनुसार यस आयोजनामा ६० कि.मि.कालो पत्रे र ३२ कि.मि.सडक ग्राभेल कार्य सम्पन्न भएको एवं १३ पुल निर्माण कार्य सम्पन्न भएको पाइयो ।
- आर्थिक वर्ष २०७२।७३ को वार्षिक प्रगति प्रतिवेदन अनुसार यस आयोजनामा २२ कि.मि. कालो पत्रे र ५५ कि.मि.सडक ग्राभेल कार्य सम्पन्न भएको एवं १२ पुल निर्माण कार्य सम्पन्न भएको देखिन्छ ।
- योजना अवधिमा यस लोकमार्ग अन्तर्गत पर्ने सबै पुलहरू निर्माण सम्पन्न गर्ने तथा थप करिब ३५० किमी सडक स्तरोन्नति गर्ने लक्ष्य रहेकोमा २११ कि.मि. (६०.२८ प्रतिशत) सडकको स्तरोन्नति भएको देखिन्छ । पुल तर्फ पूर्वी खण्डमा पर्ने ४० मध्ये २१ पुल निर्माण हुन बाँकी देखिन्छ ।

२.२. **उत्तर दक्षिण लोकमार्ग :** तेह्रौं आवधिक योजनामा उत्तर दक्षिण लोकमार्गमध्ये कर्णाली, कालीगण्डकी र कोशी कोरिडोर महाकाली र भेरी करिडोर समेत ५ कोरिडोरको ट्र्याक खोली स्तरोन्नति गर्दै लेजाने योजना छ । यसैगरी उत्तर दक्षिण जोड्ने अन्य १० वटा सडकहरूको संभाव्यताका आधारमा ट्र्याक खोल्ने र थप करिब ३३३ कि.मि. सडकको ट्र्याक खोल्ने व्यहोरा उल्लेख छ । सो योजनाले उत्तरी नाका जोड्ने सडकहरुलाई प्राथमिकता दिए कोमा निम्नानुसार कार्य भएको देखिन्छ ।

- मन्त्रालयले तयार गरेको २०७०।७१ को वार्षिक प्रगति प्रतिवेदन अनुसार उत्तर दक्षिण लोकमार्ग अन्तर्गत ७८ कि.मि. नयाँ सडक निर्माण र १२ कि.मि.ग्राभेल सडकको स्तरोन्नती गरी लक्ष्यको ८१ प्रतिशत भौतिक प्रगति हासिल भएको देखिन्छ ।
- आर्थिक वर्ष २०७१।७२ को वार्षिक प्रगति प्रतिवेदन बमोजिम कर्णाली करिडोर अर्न्तगत १६.५ कि.मि., कालिगण्डकी करिडोर अन्तर्गत १४ कि.मि., कोशी करिडोर अर्न्तगत १४.५ कि.मि.समेत कुल ५२.३३ कि.मि.नयाँ सडक निर्माण भई लक्ष्यको ८२ प्रतिशत भौतिक प्रगति हासिल भएको पाइयो ।
- आर्थिक वर्ष २०७२।७३ को वार्षिक प्रगति प्रतिवेदन बमोजिम कर्णाली करिडोरतर्फ २० कि.मि., कालिगण्डकी करिडोरतर्फ २ कि.मि. र कोशी करिडोर अर्न्तगत २० कि.मि. समेत कुल ४२ कि.मि.नयाँ सडक निर्माण एवं कालीगण्डकी करिडोरतर्फ २० कि.मि. ग्राभेल गर्ने कार्य भई लक्ष्यको ६४ प्रतिशत भौतिक प्रगति हासिल भएको पाइयो ।
- उत्तर दक्षिण लोकमार्ग अन्तर्गतका सडकहरुमा योजना अवधिमा थप ३३३ कि.मि. ट्र्याक खोल्ने लक्ष्य रहेकोमा १७२.३३ कि.मि.मा (५१.८० प्रतिशत) मात्र ट्र्याक निर्माण भएको देखिन्छ । कर्णाली, कालीगण्डकी र कोशी कोरिडोर समेत १५ कोरिडोरमा तीन वर्षको योजना अवधिमा ट्र्याक खोल्ने लक्ष्य राखिए पनि औसतमा प्रति सडक २२.२ कि.मि. मात्र प्रगती भएको भएबाट योजनाले प्राथमिकता दिए बमोजिम बजेट तथा कार्यक्रमले सम्बोधन गर्न सकेको देखिएन ।

२.३. **हुलाकी लोकमार्ग :** प्रथम चरणमा हुलाकी लोकमार्ग तथा उत्तर दक्षिण तराई २० सडकहरूको कूल ६०६ कि.मि.मध्ये करिब ५०७ कि.मि. सडक स्तरोन्नति गर्ने, यस लोकमार्गमा पर्ने पुलहरू एवं सडक सीमा संरक्षण कार्य क्रमिक रूपमा गर्दै लैजाने लक्ष्य रहेकोमा २०७०।७१ मा २० पुल निर्माण गर्ने लक्ष्य मध्ये १२ वटा सम्पन्न भएको, लम्की टीकापुर खण्डमा ११ कि.मी. र धनगढी सत्ती सडक खण्डमा ३ कि.मि.समेत १४ कि.मि.सडक कालोपत्रे भएको देखिन्छ । २०७१।७२ मा ३५ कि.मि.कालोपत्रे र ११ वटा पुल निर्माण भएको एवं २०७२।७३ मा ३३ कि.मि.कालोपत्रे र ८ पुल निर्माण भएको पाइयो ।

योजना अवधिमा ५०७ कि.मि.सडक स्तरोन्नति गर्ने लक्ष्य रहेकोमा ८२ कि.मि. (१६ प्रतिशत) मात्र सडक स्तरोन्नति भएको देखिन्छ ।

२.४. **काठमाण्डौ तराइ मधेश फाष्ट ट्र्याक आयोजना :** काठमाडौंलाई छोटो मार्गले तराईसँग जोडी भारतीय नाका रक्सौलसम्मको स्थलगत यातायात प्रणालीमा सुधार ल्याइ यातायात खर्चमा कटौती गरेर अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने लक्ष्यले यो आयोजना सञ्चालनमा रहेको देखिन्छ । ७६ कि.मि. लम्वाई रहेको यो आयोजना कार्यान्वयनको लागि २०६५।६६ मा आयोजना कार्यालय स्थापना भएकोमा २०७२।७३ सम्म निर्माण कार्य सुरु भएको देखिएन । आयोजना अन्तर्गत मुआब्जा वितरण कार्य मात्र भएको देखिन्छ । सडक अधीनस्थ जग्गाको अधिग्रण, मुआब्जा वितरण एवं सञ्चालन खर्चमा २०७२।७३ सम्म रु.२ अरब १३ करोड ७ लाख ७६ हजार खर्च भएको देखिन्छ ।

जग्गा पूर्ण रुपमा प्राप्त हुन नसकेको, स्थानीय बासीको अवरोधका कारण एलाइनमेन्ट परिवर्तन गर्नु परेको र सर्वोच्च अदालतबाट २०७२।७३ मा सार्वजनिक निर्माण सम्बन्धी कार्य स्थगन गर्ने आदेश भएको कारण हालसम्म निर्माण कार्य सुरु हुन नसकेको जनाएको छ ।

२.५. **रेल्वे तथा मेट्रो विकास आयोजनाः** सन् २०११।१२ देखि सुरु भएको यो आयोजना २०१८।१९ मा सम्पन्न हुने लक्ष्य रहेको देखिन्छ । सन् २०१० को सम्भाव्यता अध्ययन अनुसार रु.६९०१७ करोड लागत अनुमान रहेको यस आयोजनामा गत आ.व.सम्म भौतिक प्रगति ५.९६ प्रतिशत र वित्तीय प्रगति ६.५३ प्रतिशत भएको देखिन्छ । आयोजना शुरु भएको ५ वर्षको प्रगतीको अवस्थाले आयोजना सम्पन्न हुन लामो समय लाग्ने देखिन्छ । यो वर्ष १ अर्व ५५ करोड ८३ लाख ८० हजार बजेट व्यवस्था भएकोमा ६५ करोड ८७ लाख ४७ हजार खर्च भई ४२ प्रतिशत प्रगति भएको देखिन्छ । आयोजनाको मुख्य काम सिमरा बर्दिवास रेलमार्ग (१०८ कि. मि.) को ट्र्याक बेड बनाउन रु.१० करोड ५० लाख बजेट व्यवस्था भएकोमा काम शुरु नै भएको छैन । तोकिएको समयमा कार्य सम्पन्न गर्न विभाग तथा मन्त्रालयले उचित ध्यान दिनु पर्दछ ।

३. **रकमान्तरः** विनियोजन ऐन, २०७३ अनुसार एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने उल्लेख छ । यस मन्त्रालय अन्तर्गतका बिभिन्न शीर्षकमा रु.४८ अर्ब ३८ करोढ १८ लाख ३५ हजार विनियोजन भएकोमा १७ अर्ब ६६ करोढ ३७ लाख ४२ हजार (३६ प्रतिशत) रकमान्तर गरी थप गरेको देखिन्छ ।

४. **अनुगमन मूल्यांकनः** मन्त्रालयमा मातहतका निकायबाट सञ्चालित क्रियाकलापको अनुगमन तथा मूल्यांकन गर्न योजना अनुगमन तथा मूल्यांकन महाशाखा र त्यस अन्तर्गत अनुगमन तथा मूल्यांकन शाखा रहेका छन् । उक्त शाखा तथा महाशाखाले आयोजना कार्यान्वयनको निरीक्षण, अनुगमन तथा मुल्यांकन गर्नु पर्नेमा २०७२।७३ मा अनुगमन तथा मूल्यांकन गरेको कामको विवरण पेश भएन । पर्याप्त जनशक्ति नरहेको, अनुगमन मूल्यांकन कार्यतालिका र सुचक निर्धाण नगरेको कारण अनुगमन तथा मूल्यांकन गर्न नसकेको स्थिति रहेको छ ।

५. **प्राविधिक लेखापरीक्षण :** प्राविधिक लेखापरीक्षणबाट देखिएका व्यहोराको अभिलेख राखी सुधार गर्नुपर्दछ । मन्त्रालयले यो वर्ष राष्ट्रिय सर्तकता केन्द्रलाई प्राबिधिक लेखापरीक्षण गर्न रु.६० लाख दिएकोमा रु.३५ लाख ६० हजार खर्च भएको जानकारी दिएको छ तर मन्त्रालयले प्राविधिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरुको अभिलेख राखी सुधारको लागि सम्बन्धित निकायहरुलाई निर्देशन दिएको नपाइएकोले प्राबिधिक लेखापरीक्षणबाट सुधारमा योगदान पुग्न सकेको छैन ।

यातायात व्यवस्था विभाग

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद गुरु योजना ,खरिद योजना, नियमावलीको व्यवस्था अनुसार मर्मत सम्भार तथा लिलामको कारवाही अगाडि नबढाएको, एकै किसिमका मालसामानमध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरिएको परिमाणको तुलनात्मक विवरण लगायतका व्यहोराहरु खुलाई निरीक्षण प्रतिवेदन तयार नगरेको, मूल्य नखुलेको सामानको मूल्य कायम गराइ नराखेको ,नियमावलीमा व्यवस्था भएअनुसारको अनुसूचि १४ तयार नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **लक्ष्य/प्रगति स्थिति –** कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम तथा लक्ष्य अनुरुप प्रगति हासिल गर्नु पर्दछ । एक्सेल लोड कन्ट्रोलको लागि मेशिन खरिद, डाटा म्यानेजमेण्ट सिष्टमका साथै विभिन्न १४ वटा कार्य हुन सकेको देखिएन ।

३. **रणनीति एवम् कार्यनीति कार्यान्वयन :** चालु आवधिक योजनाले यातायात व्यवस्था अन्तर्गत सवारी साधनको नम्बर प्लेट डिजिटल गरी सेन्सर प्रविधिबाट आवागमन नियन्त्रण गर्ने यातायात व्यवस्था विभाग, सडक विभाग र ट्राफिक प्रहरी सम्मिलित कार्यमूलक संयन्त्र तयार गरिने, प्रमुख शहर र राजमार्गहरुमा सी.सी.टी.भी.को संख्या वृद्धि गर्दै लगिने, आदी कार्यहरु हुन सकेका छैनन् ।

याातायात व्यवस्था विभागबाट सम्पादन गर्नुपर्ने भनी उल्लेख भएका अन्तराष्ट्रिय प्रचलन अनुरुप ट्राफिक संकेतहरु सार्वजनिक स्थानमा राख्ने व्यवस्था गर्ने, सवारीको यान्त्रीक स्थिति तथा स्वरुपको जाँचबुझ सम्वन्धमा आवश्यक मापदण्ड निर्धारण गर्ने, सवारी चलाउने गति वजन र सार्वजनिक सवारीमा राख्न सक्ने मानिसको संख्या र मालसामानको वजनको हद निर्धारण गर्ने, सवारी चालक प्रशिक्षण केन्द्र वस ट्रकको बडी निर्माणगर्ने कारखाना वा अटोमोबाइल वर्कशप संचालन गर्ने अनुमति पत्र दिने, त्यस्तो सेवाको वर्गीकरण र नवीकरण गर्ने जस्ता कतिपय कार्य हालसम्म सम्पन्न हुन सकेको देखिएन । यस तर्फ विभागको ध्यान जानु पर्ने देखिन्छ ।

४. **परामर्शदाता** : एक परामर्शदातासँग जुलाईं १, २०१६ मा ६ महिना भित्र कार्य सम्पन्न गर्ने गरी रु ५१,९२,३५०।– मा सम्झौता गरेकोमा देहाय अनुसार देखियो :

लागत अनुमान तयार गर्दा समावेश गरिएको कार्यावधि र विज्ञहरुको पारिश्रमीक दर निर्धारण गरिएको आधार र प्रमाण संलग्न नभएको हुँदा उक्त लागत अनुमानको यथार्थता यकिन गर्ने आधार भएन । सम्झौ**ताको** दफा २७ मा सम्झौता रकम बराबरको जोखिम कभर हुने गरी बीमा गराउनु पर्ने उल्लेख भएकोमा बीमा गराएको प्रमाण बेगरनै सम्झौता रकमको २० प्रतिशत रकम उपलव्ध गराएको देखियो ।

५. **सोझै खरीद** : सार्बजनिक खरीद ऐन २०६३ को दफा ८(२)मा खरीद गर्दा प्रतिस्प्रर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने उल्लेख भएकोमा १६ पटक सोझै खरिद गरी रु ३९७२१५८।– खर्च लेखेको देखियो । नियमको पालना गर्नु पर्दछ ।

६. **डाटा इण्ट्री** : सवारी चालक अनुमतिपत्र दर्ता सम्बन्धी डाटा इन्ट्री सवारी साधन दर्ता, नवीकरण, इ-बिलिङ् लगायतका डाटा इण्ट्री सम्वन्धी कार्य गरेवापत २ परामर्शदातालाई रु २,१४,९१,७२२।– भुक्तानी खर्च लेखेकोमा देहाय अनुसार देखियो ।

मिति २०६९।९।२७ मा एक प्रा.लि. बिच विभिन्न ११ वटा कार्य गर्न सम्झौता भएकोमा हाल सम्म ३ वटा कार्य मात्र कार्य सम्पादन हुँदै आएको देखिन्छ । सम्झौता अनुसार कार्य सम्पादन हुन नसक्नाको कारण खुलाएको छैन ।

परामर्शदाता संग सम्झौता हुदा सम्झौताको दफा नं ५ मा दोस्रो पक्षलेसम्पूर्ण पासवर्ड पहिलो पक्ष (विभाग) का तोकिएका अधिकृत कर्मचारीहरुलाई उपलव्ध गराउनु पर्ने उल्लेख भएकोमा उपलव्ध गराएको पाइएन । परामर्शदातालाई रकम भुक्तानी गर्दा एक परामर्शदाता बाट सम्पादित कामको विवरण कार्यालयगत रुपमा खुल्ने गरी पेश हुने गरेको छ भने अर्को परामर्शदातालाई कार्यालयगत विवरण नखुलाई एकमुष्ट विवरण पेश गर्ने गरेको देखिएकोले कार्यालयगत रुपमा भिडान गर्न सक्ने अवस्था छैन । सम्झौताको दफा ९ मा दोस्रो पक्षले कर्मचारीहरुको विस्तृत विवरण कार्यालय प्रमुख र पहिलो पक्षलाई उपलव्ध गराउनु पर्ने व्यवस्था रहेको छ ।

७. **सफ्टवेयर मर्मत** : स्वीकृत वार्षिक कार्यक्रममा यातायात सेवा कार्यालयहरुको सफ्टवेयर वार्षिक मर्मत सुधार गर्न रु.५ लाख वजेट व्यवस्था भएकोमा रु.११ लाख भुक्तानी लेखेकोमा देहाय अनुसारका व्यहोरा देखियो :

स्वीकृत वार्षिक कार्यक्रममा उल्लेखित रकम भन्दा बढी खर्च गरेकोमा कार्यक्रम संशोधन भएको ।

सफटवेयर वार्षिक मर्मत सुधार गर्न ३१ मे २०१६ सम्म म्याद थप भएकोमा सोही अनुसार भुक्तानी गर्नुपर्नेमा २०७३ जेठ र आषाढको लागि रु ३ लाख खर्च लेखेको देखिन्छ । म्याद थप भन्दा बढी १.५ महिनाको भुक्तानी हुन गएको रु.२२५०००।०० असुल हुनु पर्ने देखिन्छ ।

८. **छपाइ कार्य** : देहायका फर्मबाट सवारी दर्ताप्रमाण पत्र छपाइ कार्य र इविल छपाइ कार्य गरेवापत भुक्तानी खर्च लेखेकोमा निम्नानुसार देखियो ।

सवारी दर्ताप्रमाण पत्र छपाइ कार्य र इ–बिल छपाइ कार्यको खरिद सम्झौताको दफा नं ६ मा सामानहरु पहिलो पक्ष समक्ष दाखिला भएपछि बोलपत्रमा उल्लिखित स्पेसिफिकेसन अनुसार भए नभएको सम्बन्धमा पहिलो पक्षले आधिकारीक निकायबाट परीक्षण गराउन सक्नेछ भन्ने उल्लेख भएको भएतापनि परीक्षण नगराई भुक्तानी गरेको देखिन्छ । परीक्षण गराउने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

कार्य सम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित अवधि वा मालसामान आपूर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधिसम्म हुनुपर्ने उल्लेख भएकोमा माथि उल्लिखित दुवै सम्झौतामा छपाइ कार्य सम्पन्न गर्नुपर्ने अवधि २०७३ आषाढ मसान्त सम्म रहेकोमा दुवै ठेक्कामा बैंकबाट जारी भएको कार्य सम्पादन जमानतको म्याद २०७२।१२।१० सम्म मात्र रहेको देखियो । अवधी थप गर्नु पर्दछ ।

इ–बिल छपाई कार्यको लागत अनुमान तयार गर्दा गत वर्ष दुई पटक बोलपत्रको माध्यमबाट खरिद गर्दाको औसत कायम गरी लागत रकम निर्धारण गरी खरिद कार्य गरेको देखिन्छ भने सवारी दर्ता प्रमाण पत्र छपाइ कार्यको लागत अनुमान तयार गर्दा ४ वटा फर्मसंग दर माग गरी रु.१७।७५ कायम गरेको देखिन्छ । उक्त कार्य गर्न दरभाउ पत्र माग गरी रु १२।०० को दरभाउपत्र स्वीकृत गरी छपाइ कार्य गरेकोमा उक्त खरिद भएको दरलाई आधार मानी लागत अनुमान तयार गरेको देखिएन ।

९. **अग्रिम आयकर** : आयकर ऐन, २०५८ को दफा ८९ अनुसार १.५ प्रतिशतका दरले अग्रीम आयकर कट्टी गरी भुक्तानी गर्नु पर्ने उल्लेख छ । एक कम्पनीलाई हवाई टिकटको रु.९,३६,६००।– भुक्तानी दिदा अग्रिम आयकर कट्टी नगरी भुक्तानी गरेको पाइएकोले रु.१४,०४९।– असुल गर्नु पर्दछ ।

१०. **जेनेरेटर भाडा** : स्वीकृत वार्षिक कार्यक्रममा जेनेरेटर १० थान खरिद गर्न रु ५० लाख बजेट व्यवस्था भएको र उक्त कार्य दोस्रो चौमासिक अवधिमा सम्पन्न गर्ने उल्लेख भए पनि २०७३।२।३ मा रु.९ लाख ३२

हजार मा खरिद गरेको छ । खदि गर्न ढिलाई गरेको कारण २०७२ माघ १४ देखि २०७३ वैशाख २१ सम्म जेनेरेटर भाडामा लिई रु.३,८८,०००।– भूक्तानी खर्च लेखेको पाइयो ।

११. **सफटवेयरको प्रयोग** : डिजाइन एण्ड डेभलेपमेण्ट अफ अनलाइंन कोइसन वैंक निर्माणगरे वापत एक प्रा.लि. लाईं रु.२,९६,०००। खर्च लेखेको देखिन्छ । सम्भौतामा सफ्टवेयरको Source code, super Admin password, Database, Data base password दोस्रो पक्षले प्रथम पक्षलाईं उपलब्ध गराउनु पर्ने उल्लेख भएकोमा उपलब्ध नगराएको तथा सफ्टवेयर जिन्सी दाखिला समेत भएको देखिएन । सम्भौतामा सफ्टवेयर संचालनमा आएको मिति देखि १ वर्ष सम्म दोस्रो पक्षले प्रथम पक्षलाईं आवश्यकता अनुसार सपोर्ट सर्विस समेत दिनु पर्ने उल्लेख भएकोमा हाल सम्म सफ्टवेयर संचालनमा ल्याएको पाइएन । सफ्टवेयर खरिद गर्ने तर संचालनमा नल्याउँदा लक्षित उदेश्य हासिल नहुने हुँदा सफ्टवेयर संचालनमा आएको प्रमाण पेश हुनु पर्दछ ।

१२. **वितरण नगरेको :** आवश्यकता अनुरुप छपाइ गरी छपाइ भएका सामान वितरण गर्ने व्यवस्था गरिनु पर्दछ । सवारी भाडा दर पुस्तिका, बुलेटिन आदि छपाइ तथा खरिद गरी गरी रु ७८७२००।– भुक्तानी खर्च लेखेको देखिन्छ । छपाइ गरेका उक्त सामान हालसम्म पनि जिन्सी मौज्दात नै रहेको देखियो ।

१३. **पूर्व निर्धारित क्षतिपूर्ति**: विभागले मोटरसाइकल आपूर्तिको लागि एक फर्म संग ३० दिनभित्र उक्त कार्य सम्पन्न गर्ने गरी २०७२।९।५ मा कार्यादेश दिएको देखिन्छ । उक्त कार्य सम्भौता भन्दा १०२ दिन ढिला गरी प्राप्त भएको देखिएकोले नियमावलीको व्यवस्था अनुसार रु १७३१२।०० पूर्व निर्धारित क्षतिपूर्ति वापतको रकम असूल गर्नुपर्नेमा असुल नगरेकोले असुल गरी दाखिला हुनुपर्दछ ।

१४. **ट्रायल सेण्टर निर्माण :** चन्द्रागिरी नगरपालिका स्थित मातातीर्थमा सवारी लाइसेन्स प्रयोगात्मक परीक्षा ट्रायल सेण्टर निर्माणको लागि एक निर्माणव्यवसायी संग १ महिना ५ दिन भित्र अर्थात् २०७३ आषाढ मसान्तभित्र सम्पन्न गर्ने गरी २०७३।२।२५ मा सम्भौता भई यस वर्ष मोबिलाइंजेशन पेश्की वापत रु.५,७९,३००। भुक्तानी भएकोमा निम्न व्यहोरा देखिएका छन्:

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम सार्वजनिक निकायले स्वीकृत नर्म्स अनुसार दर विश्लेषण गरी निर्माणकार्यको लागत अनुमान तयार गर्नु पर्दछ । उल्लिखित कार्यको दर विश्लेषण पेश हुन आएन ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा सम्भौताको म्याद सकिनु कम्तिमा ७ दिन अगावै निवेदन दिनुपर्ने उल्लेख छ । निर्माणव्यवसायीले म्याद थपको लागि २०७३।३।१९ को मिति राखी निवेदन दिएको देखिए तापनि उक्त निवेदन विभागमा दर्ता भएको छैन ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ अनुसार निर्माणस्थलको टुंगो गरेर मात्र निर्माणकार्यको ठेक्कासम्भौता गर्नुपर्नेमा सम्भौताको अवधि समाप्त भएको १ महिनासम्म पनि निर्माणव्यवसायीलाईं साइट उपलब्ध गराएको देखिएन ।

१५. **प्रकृया पुरा नगरी खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) मा सार्वजनिक निकायले रु.२५ हजारभन्दा बढी रकमको सोभै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा ३ वटा आपूर्तिकर्ता, निर्माणव्यवसायी वा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने व्यवस्था भए पनि रु.२६६,४२४। को विभिन्न सामान खरिद गर्दा उक्त प्रकृया पुरा गरेको छैन ।

१६. **खरिद** : इलेक्ट्रोनिक ड्राइभिङ लाइसेन्स तथा सवारी साधन दर्ता प्रणाली खरिद को लागि एक आपूर्तिकर्ता संग १४ महिनासम्म मा कार्य सम्पन्न गर्ने गरी मिति २०७०।६।१८ मा १४,९९,७६१।६१ अमेरिकी डलर को सम्भौता भई यस वर्ष रु.४,१२,६६,७१७ खर्च लेखेकोमा देहाय अनुसारका व्यहोरा देखियो:

- भुक्तानीको समरी शीटको क्रम संख्या ४ बाट पहिचान नभएको रु १२७३१७३,६५खर्च लेखेको पाइयो । यो खर्चको विषयमा स्पष्ट गर्नुपर्दछ ।
- आपूर्तिकर्तासंग भएको सम्भौता अनुसार १४ महिना २७ दिन सम्भौता अवधि भएको यस खरिद सम्भौताको म्याद अवधि ४ पटक गरी २४ महिना थप भए तापनि हाल डिसेम्बर, २०१६ सम्म पनि कार्य सम्पन्न भएको छैन । आपूर्तीकर्ताको ढिलाइको कारणबाट म्याद थप भएकोले सम्भौताले संभ्कौता अनुसार हर्जाना लगाउनु पर्दछ ।
- खरिद सम्भौताको अवधि ४ पटकमा २४ महिना थप भएको कारणबाट प्रतित पत्रको अवधि पनि सोही अनुसार पटक पटक थप गर्नु पर्दा बैंक कमिशन रु ६८०७३५।०० थप लागत व्यहोर्नु परेको छ । भने लक्षित समयमा आयोजना सम्पन्न नहुदा सेवाग्राही वञ्चित रहनु परेको छ ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ अनुसार खरिद सम्भौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिने कामको लागि सम्भौता मूल्यको १५ प्रतिशतसम्मको भेरिएशन आदेश प्राविधिक पुष्ट्याइ सहित विभागीय प्रमुखले जारी गर्न सक्ने व्यवस्था छ । तर पूर्वानुमान गर्न सकिने ७ उपकरण थप गरी रु.२२४,६४९ को भेरिएशन जारी गरेको छ ।

- एक प्रा. लि. संग भएको सम्झौता अनुसार सेण्ट्लाईज्ड डाटा तथा डिजास्टर रिकभरी साइट सहित विभाग अन्तर्गतका विभिन्न १८ लोकेशनमा ड्राइभिङ्ग लाईसेन्स तथा सवारी साधन दर्ताको विद्युतीय प्रणालीको स्थापना गर्नु पर्ने उल्लेख छ । भेरिएशनबाट खरिद भएका ती उपकरणहरु लेखापरीक्षण अवधि २०७३ मार्गसम्मसम्म जडान गरी विभागकै स्टोरमा मौज्दात रहेकोले खरिद गर्नुको उद्देश्य पूरा भएको छैन ।
- आपूर्तिकर्ताबाट प्राप्त हुनु पर्ने उपकरण तथा सेवामध्ये ६ प्रकारका उपकरण तथा सेवा हालसम्म प्राप्त भएको देखिएन । सम्झौता अनुसारका उपकरण तथा सेवा समयमै प्राप्त गरी ठेक्का सम्पन्न गर्नुपर्दछ ।

१७. **जिन्सी मालसामानको मूल्य** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाईं जिन्सी किताबमा आम्दानी बाधी स्रेस्ता खडा गरी अद्यावधिक गरिराख्नु पर्ने व्यवस्था छ । विभागले आपुर्तिकर्ता कम्पनी बाट प्राप्त भएका मालसामान तथा उपकरणहरुको मूल्य तथा स्पेसिफिकेशन नखुलाईं केवल संख्या मात्र खुलाईं आम्दनी बाधेको पाइयो । नियमावलीको व्यवस्था अनुसार मालसामानको विवरण र मूल्य खुलाईं जिन्सी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

१८. **फरक शिर्षकमा खर्च लेखांकनः** आर्थिक कार्यवधि नियमावली, २०६४ को नियम ३५अनुसार खर्च गरिने रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्दछ भने मात्र खर्च गर्न मिल्ने व्यवस्था छ । विभागले कार्यालय सामान बाट ट्ली बस सेवाको वक्यौता विद्युत महशुल रु.. १०,००,०००।०० भुक्तानी गरेको छ ।

१९. **जरिवाना** : विद्युत महशुल रु.१,६७,५२८/- भूक्तानी गर्दा रु.२८,६७१/- जरीवाना भुक्तानी गरेको देखियो । समयमा उक्त महशुल भुक्तानी नगरेको कारणबाट थप व्ययभार सिर्जना भएको दखिएकोले उक्त खर्च नियमसम्मत देखिन आएन ।

२०. **करार नियुक्ती :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ मा रु.एक लाख भन्दा बढीको सेवा १५ दिनको सूचना स्थानीय पत्र पत्रिकामा प्रकाशन गरी प्रस्ताव माग गर्नु पर्ने व्यवस्था छ । तर बिभागले यो पुरा नगरी यस वर्ष विभिन्न पदमा १९ जना व्यक्तिलाईं करार सेवामा लिई रु.३१,९८,३९७०० पारिश्रमिक खर्च लेखेको पाइयो ।

रेल विभाग

१. **ऐन नियमको पालना :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी समानको मुल्य नखुलाएको, एक ल्यापटप र एक गाडी मन्त्रालयबाट फिर्ता नभएको, समानको लिलाम तथा मर्मत संभार नगरेको, तेश्रो चौमासिकमा ८५ र आषाढमा मात्र ६४ प्रतिशत खर्च गरेको, प्रथम चौमासिकमा गर्नु पर्ने २ ठेक्का तेश्रो चौमासिकमा गरेको, १२ ठेक्का मध्ये २ ठेक्काको ५० प्रतिशत सम्म र १ ठेक्काको ५० प्रतिशत भन्दा बढी म्याद थप गरेको, स्वीकृत दरबन्दी अनुसार पदपूर्ति नभएको, तालुक कार्यालयबाट निरीक्षण नभएको, कर्मचारीको कार्य विवरण तयार नगरेको, मू.अ. कर भुक्तानीको जानकारी नदिएको, नापी नियन्त्रण खाता नराखेको, भुक्तानी भएको छाप नलगाएको, योजना तर्जुमाको प्रक्रिया तलबाट माथि भएको, सबारी साधनको मर्मत गर्दा म.ले.प.फा.नं.–२ अनुसारको बिवरण तयार नगरेको लगायतका व्यहोरा देखिएका छन । उक्त व्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाईं सवल गर्नुपर्ने देखिएको छ ।

२. **कण्टिन्जेन्सी खर्च –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची–१ को व्यवस्था रहेको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कण्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ। सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कण्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको छ। यो वर्ष विभागले रु.९५ लाख ६२ हजार कन्टिन्जेन्सी खर्च लेखेको पाइयो। जुन सम्बन्धित विभागको यस वर्षको विनियोजनको ०.६० प्रतिशत र यस वर्षको कूल सार्वजनिक निर्माण खर्चको १.६९ प्रतिशत हुन आउंछ। वर्क चार्ज स्टाफ खर्च र साना तिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन साथै यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन। विभागबाट भएका अध्ययन परामर्शको लागत अनुमान स्विकृत हुदा कन्टिन्जेन्सीको लागि रकम व्यवस्था गरेको नदेखिए पनि रु १६,०९,६७७/- कन्टिन्जेन्सी खर्च लेखेको देखियो। कार्यबिधि बनाई कन्टिन्जेन्सी खर्च गर्नु पर्दछ।

३. **न्यून कार्य प्रगति :** आयोजनाबाट प्राप्त प्रतिवेदन अनुसार सन् २०११।१२ बाट आयोजना शुरु भै सन् २०१८।१९ मा सम्पन्न हुने लक्ष्य रहेको देखिन्छ। सन् २०१०को सम्भाव्यता अध्ययन अनुसार नेपाल सरकारको रु.६८९६७ करोड र बैदेशिक सहयोग रु.५० करोड सञ्चालन हुने कार्यक्रम रहेको यस आयोजनामा यस आ.व.सम्म ५ बर्षको अवधीमा ५.९६ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ। यसबाट तोकिएको अवधिमा आयोजना सम्पन्न हुन सक्ने देखिदैन।

- आयोजनाबाट प्राप्त प्रतिवेदन अनुसार यो वर्ष १,५५,८३,८० हजार बजेट व्यवस्था भएकोमा ६५,८७,४७ हजार खर्च भै ४२.२१ प्रतिशत प्रगति भएको देखिन्छ। आयोजनाको मुख्य काम सिमरा बर्दिवास रेलमार्ग (१०८ कि. मि.) को ट्र्याक बेड बनाउन रु.१० करोड ५० लाख बजेट व्यवस्था भएकोमा काम भएको छैन। त्यस्तै अन्य ६ कार्यक्रमको पनि शुन्य प्रगती भएको छ।
- वातावरण संरक्षण कार्यमा खर्च नभएको र जग्गा अधिग्रहणमा ५० प्रतिशत खर्च भएको अवस्थामा सतप्रतिशत प्रगती देखाएको छ।
- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ मा खर्च गर्न र निकासा दिने अधिकारीले रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शिर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने मात्र खर्च र निकासा दिन सक्ने उल्लेख छ। यो वर्षको स्वीकृत कार्यक्रममा मेची महाकाली विद्युतिय रेलमार्गको बर्दिवास–सिमरा–वीरगंज खण्डको विस्तृत सर्भेक्षण कार्यगर्न रु २०,००,०००/-बजेट व्यवस्था भएकोमा आयोजनाले रु ३१,००,०००/- खर्च लेखेको छ।

४. **ठेक्काको कार्य नभएको :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक वातावरणीय तथा प्रशाकीय उपयुक्तताको आधारमा त्यसबाट प्राप्त हुने प्रतिफलको समेत विचार गरी नेपपाल सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ। आयोजनाले सिमरा बर्दिवास रेलमार्ग (१०८ कि.मि.) निर्माण गर्न २०७०।७१ मा ९ वटा ठेक्का गरी रु ५२,५३,७९,५००/- मोबिलाइंजेशन पेश्की दिएकोमा निर्माण सम्पन्न गर्नुपर्ने अवधि सम्म पनि ठेक्काको Track Bed बनाउने मूल कार्य शुरु नै भएको देखिएन। ठेक्का नं ५ र ६ ले जनरल आइटमको मात्र कार्य गरी रनिङ विलको भुक्तानी लिएको देखिन्छ भने ठेक्का नं.८ र ९ ले कुनै पनि काम गरेका छैनन्। मोविलाइंजेशन पेश्की कट्टी नभै निर्माण व्यवसायीसँग नै रहेको देखिन्छ। साइट उपलब्ध गराउन नसकेको कारणबाट एक निर्माण व्यवसायीलाईं रु १९,२८,०००/- क्षतिपूर्ति दिने निर्णय गरेको देखियो। वन मन्त्रालयबाट रुखहरु हटाउन सहमति प्राप्त नगरी तथा मुआब्जा वितरण कार्य सम्पन्न नगरी ठेक्का संझौता गरेको कारण ठेक्काको काम हुन सकेको छैन।

५. **बैंक ग्यारेण्टी :** सम्झौता अनुसार (क) वर्गको बाणिज्य बैंकको शर्त रहितको बैंक जमानत पेश भएपछि मोविलाईजेशन पेश्की उपलब्ध गराउने व्यवस्था छ। आयोजनाले ठेक्का नं ५।०७१।७२ का निर्माण व्यवसायीलाई प्राइम कमर्सियल बैंकको शर्त सहितको बैंक ग्यारेण्टीको आधारमा रु १४,५०,०००/- पेश्की दिएको पाइयो। शर्त सहितको बैंक ग्यारेण्टीको आधारमा मोविलाइंजेशन पेश्की दिन मिल्दैन।

६. ठेक्का नं १।०७०।७१ एक निर्माण व्यावसायीलाई चौथो रनिङ विलको रकम रु १,५२,९६,१४६/- भुक्तानी भएको ठेक्का फाइल परीक्षण गर्दा निम्न व्यहोरा देखियो।

- **विमा अवधि :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार निर्माण कार्यको बिमा खर्च रु.४५ लाख भुक्तानी दिएको छ। निर्माण व्यावसायीले त्रुटि सच्याउने अवधी सम्मको बिमा गर्नु पर्नेमा सन् २०१४ को १ बर्षको मात्र बिमा गरी तत्पश्चात नबिकरण नगरेकोले नबिकरण गर्न लगाउने अन्यथा असुल गर्नु पर्दछ।
- **जमानतको म्याद :** सार्वजनिक खरिद नियमावली, २०६४ तथा निर्माण व्यवसायीसङ्ग भएको खरिद सम्झौता वमोजिम परफरमेन्स वण्डको म्याद त्रुटी सच्चाउने अवधि भन्दा एक महिना थप सम्मको हुनुपर्ने व्यवस्था छ। त्यस्तै पेश्कीको बैंक जमानतको म्याद पेश्की रहने अवधि भन्दा थप एक महिना सम्म हुनुपर्ने उल्लेख छ। निज निर्माण व्यवसायीले पेश गरेको परफरमेन्स वण्डको म्याद २०१४।११।१४ सम्म रहेको छ भने पेश्की जमानतको म्याद क्रमश २०१५।९।१, २०१५।८।१४ र २०१५।७।७ सम्म मात्र रहेको छ। निर्माण कार्यको हाल सम्म १६ प्रतिशत मात्र प्रगती भएको अवस्थामा दुबै जमानतको म्याद थप गरेकको छैन। यसले पेश्कीको जोखिम बृद्धि गरेको छ। यस ठेक्कामा निर्माण व्यवसायीलाई दिएको मोविलाईजेशन पेश्की कट्टि नभै रु १,८८,००,०००।०० बांकी नै छ
- **म्याद थप :** २०७२।८।१७ सम्म ठेक्काको म्याद थपेको देखिन्छ।
- **गुणस्तर परीक्षण :** ग्याविन वायरको जिंकको गुणस्तर परीक्षण गरेर मात्र भुक्तानी दिनुपर्नेमा चौथो रनिङ विलबाट गुणस्तर परिक्षण नगरी रु.५४,२४,०००/- भुक्तानी दिएको छ।

७. **ठेक्का नं ३।०७१।७२ :** एक संयुक्त उपक्रमसँग रातो नदी बर्दिवास, महोत्तरी र कालिन्जोर खोला सर्लाहीको नदि नियन्त्रण कार्य गर्न २०७१।११।२७ मा रु २,२२,०५,४६९/- मा निर्माण सम्झौता भएको थियो। सम्झौता अनुसार पहिलो ३० प्रतिशत कार्य १ महिना भित्र र बाँकी कार्य ४ महिना अर्थात २०७२।३।३० भित्र सम्पन्न गर्नुपर्नेमा हालसम्म पनि उक्त कार्यको निर्माण सम्पन्न भएको देखिएन। उक्त निर्माण कार्यको ठेक्का फाईल परीक्षणबाट निम्न व्यहोरा देखियो ।

- परफरमेन्स वण्डको म्याद र पेश्की जमानतको म्याद सकिएको : ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम परफरमेन्स वण्डको म्याद निर्माण कार्य सम्पन्न भै त्रुटी सच्चाउने अवधि पश्चात थप १ महिना सम्मको हुनुपर्ने र पेश्की जमानतको म्याद पेश्की रहने अवधि पश्चात थप १ महिनाको हुनुपर्नेमा हालसम्म पनि निर्माण कार्य सम्पन्न नभएको उक्त ठेक्काको रु ११,१०,३००। को परफरमेन्स वण्डको म्याद १० मार्च २०१५ सम्म मात्र रहेको तत्पश्चात म्याद थप नभएको र अग्रिम पेश्की जमानतको म्याद ५ सेप्टेम्वर २०१५ सम्म रहेकोमा तत्पश्चात म्याद थप छैन । यसबाट बाँकी पेश्की रु १४,००,०००/- जोखिममा परेको छ । कार्यालयले समयमै परफरमेन्स वण्डको र पेश्की जमानीको म्याद बढाउनु पर्दछ ।

८. **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । चौथो रनिङ विल भुक्तानी गर्दा ग्याविन वायरमा ढुङ्गा भर्ने कार्य नापी किताब अनुसार १५४३ घनमिटर अद्यावधिक काम भएकोमा गत विलसम्म भुक्तानी भएको ५५३ घनमिटर घटाई बाँकी ९९० घनमिटरको रु ४,०००/- दरले मात्र भुक्तानी गर्नुपर्नेमा १३५६ घनमिटरको भुक्तानी गर्दा बढी भुक्तानी भएको ३६६ घनमिटरको रु.१६,५४,३२०/- असूल हुनुपर्दछ ।

९. **पूर्व निर्धारित क्षतिपूर्ति :** ५ निर्माण व्यबसायीसँग सम्झौताको दफा नं.-१.१ मा पहिलो माईलस्टोन १५ महिना भित्र ३० प्रतिशत निर्माण कार्य सम्पन्न गर्नुपर्ने उल्लेख भएपनि सो अनुसार सोको काम नगरेको र माइलस्टोन अवधि थप पनि नभएको तथा २०७२।५।३० मा ठेक्काको म्याद समाप्त भएकोले संभ्झौता अनसार निर्माण व्यवसायीहरुबाट रु.११,०१,१३,६८३।– हर्जाना असुल गर्नुपर्दछ ।

१०. **थप पेश्की :** निर्माण व्यवसायीसँग भएको सम्झौतामा अन्तिम किस्ताको ५ प्रतिशत मोविलाईजेशन पेश्की निर्माण कार्य न्यूनतम १० प्रतिशत सम्पन्न भएपछि बैंक ग्यारेण्टीको आधारमा भुक्तानी हुने उल्लेख छ । एक संयुक्त उपक्रमलाई ६.६१ प्रतिशत मात्र निर्माण कार्यको भौतिक प्रगति भएको अवस्थामा रु २,४८,००,०००/- पेश्की भुक्तानी गरेको छ । सम्झौत विपरित पेश्की दिने जिम्मेवार कर्मचारीहरुलाई कारबाही हुनुपर्दछ ।

११. रेलवे लाइनको विस्तृत सर्वे, जग्गा प्रयोगको सर्वे र सामाजिक प्रभाव अध्ययन गर्न एक परामर्शदातासँग १० नोभेम्वर २०११ मा भएको सम्झौतामा १२ महिना भित्र फाइनल रिपोर्ट पेश गर्नुपर्ने थियो । सम्झौता अनुसार २०६९।९।२८ भित्र पेश गर्नुपर्ने रिपोर्ट सो समयमा विभिन्न कारणले पेश गर्न नसकेको कारण दर्शाइ म्याद थप मागेकोमा आयोजनाले २०६९।१२।२८ सम्म म्याद थप गरेको र तत्पश्चात म्याद थप गरेको देखिएन । म्याद थप नभएको अवस्थामा परामर्शदातालाईं फिल्ड वर्क ड्राफ्ट रिपोर्ट सामाजिक प्रभाव मूल्यांकनको अन्तिम रिपोर्ट र वातावरणीय प्रभाव मूल्यांकन रिपोर्टको भुक्तानी भएको पाइयो । क्षतिपूर्ति रु.२९,६७,३७०/- असूल गर्नुपर्दछ । परामर्श दाताले पेश गरेका रिपोर्टहरु स्टोर दाखिला भएको देखिएन ।

१२. **पुल निर्माण :** कालिञ्जोर र फुलजोर पुल निर्माण गर्न एक संयुक्त उपक्रमसँग रु ५६,८१,४६,१५४/- (मू. अ. कर बाहेक) मा २०७२।३।२० मा सम्झौता भएको थियो । उक्त सम्झौताको आधारमा २०७३।३।२५ को चौथो रनिङ विल सम्म रु ६,९९,६४,०७७/- (मू.अ.कर बाहेक)भुक्तानी भएको छ । २०७४ आषाढ सम्म उक्त दुई पुलको निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको ठेक्काको परीक्षण गर्दा निम्न व्यहोरा देखियो :

- एक कोरियन परार्शदाताको डिजाइन अनुसार पाइल फाउण्डेशन पुल निर्माण गर्न प्रतिवेदन दिएकोमा स्टील क्यासिङ छुटाएको, २ मिटर मोटरको पाइल नेपालमा नपाउने आदि कारण देखाई रु.२८,२५,०००।– मा पुन डजाइन गराई वेल फाउण्डेशनको डिजाइनमा डिजाइन परिवर्तन गरेको पाइयो । परामर्शदाताले दिएको प्रतिवेदन त्रुटीपूर्ण भई पुन डिजाइन राउन लागेको उक्त रकम सोही परामर्शदाताबाट असुल गरी संभ्झौता अनुसार थप कारबाही गर्नुपर्दछ ।
- विमाको पोलिसी तथा प्रिमियम तिरेको रसिद वेगर मुलको निर्माण व्यवसायीलाई रु ४,००,०००/- विमा भुक्तानी गरेको पाइएकोले विमा गरेको कागजात पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्दछ ।
- विल अफ क्वान्टिटीमा गाडी खरिद गर्न रु ३५,००,०००/- व्यवस्था भए अनुसार दोश्रो रनिङ विलबाट गाडीको रकम रु.३९५५०००/- भुक्तानी भएको पाइयो । गाडी खरिदको प्रमाण तथा दर्ता रजिष्ट्रेशन भएको नदेखिएकोले प्रमाण पेश हुनु पर्दछ ।
- **सम्झौतामा उल्लेख भए भन्दा फरक पारी मूल्य वृद्धि भुक्तानी** : अनक कन्सट्रसनसँग भएको सम्झौतामा मूल्य वृद्धि सुत्रमा २० प्रतिशत श्रम, ४० प्रतिशत निर्माण सामाग्री र २५ प्रतिशत निर्माण इक्यूपमेन्टको लागि व्यवस्था गरेको देखिन्छ । उक्त सुत्र अनुसार विमा, गाडी खरिद, डिजाइन सर्भेको व्यवस्था देखिदैन । यस अवस्थामा विमा, गाडी खरिद र डिजाइन सर्भेको भुक्तानी दिएको रु १,००,००,०००/- मा मूल्य वृद्धि दिन नपाउनेमा आयोजनाले ०.०४५५ फ्याक्टरले हुने रु ४,५५,०००/- भुक्तानी दिएकोले असूल गर्नुपर्दछ ।

- **फरक खर्च शीर्षक :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ मा स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शीर्षकबाट मात्र खर्च गर्न सक्ने उल्लेख छ । आयोजनाले निर्माण खर्च शीर्षकबाट रु.३९,५५,०००/- मा गाडी खरिद गरी भुक्तानी भएको पाइयो ।

१३. **समय अन्तराल उल्लेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा सार्वजनिक निकायले मूल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने छ । खरिद सम्झौतामा मूल्य समायोजनको व्यवस्था गर्दा मूल्य समायोजन सुत्र लागु हुने समयको अन्तराल उल्लेख गर्नुपर्ने व्यवस्था छ । तर संझौताहरुमा सो विषय उल्लेख नगरी शुरु देखिकै मूल्य वृद्धि दिने गरेको छ ।

१४. **ठेक्का नं. २०७१।७२** एक संयुक्त उपक्रमसँग चेनेज नं.७९+६०० देखि ८०+५०० सम्म रेलवे ट्र्याक वेड बनाउन २१ मंशिर २०७० मा १२ महिना भित्र कार्य सक्ने गरी रु ९,७४,१३,४६३/- मा सम्झौता भएको थियो । उक्त सम्झौता अनुसार २० मंशिर २०७१ मा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा हाल सम्म पनि ट्र्याक वेडको कार्य भएको देखिएन । ठेक्काको म्याद २०७२ मंशिर २० सम्म मात्र थप भएको तत्पश्चात थप भएको देखिदैन । ठेक्का सम्झौता अनुसारको फाइल परीक्षण गर्दा निम्न व्यहोरा देखियो ।

- विमाको म्याद निर्माण कार्य सम्पन्न भै त्रुटी सच्चाउने दायित्व अवधि सम्म हुनु पर्नेमा २०१५।१२।२० सम्म अवधि भएको तत्पश्चात म्याद थप नभएको ।
- मोविलाइंजेशन पेश्कीको लागि लिएको बैंक ग्यारेण्टीको म्याद ५ डिसेम्बर २०१६ र १ नोभेम्वर २०१६ सम्म मात्र रहेको तत्पश्चात म्याद थप नभएकोले १,९८,००,०००/- को पेश्की जोखिममा रहेको ।

१५. एक संयुक्त उपक्रमसँग इलेक्ट्रिकल रेलवे लाइंन मेची महाकाली निजगढ–हेटौडा–भरतपुर खण्डको फिजिविलिटी स्टडी गर्न ४४३,६००/- अमेरिकी डलर बैदेशिक परामर्श दाताको लागि र रु ४,३९,६२,५००/- नेपाली परामर्शदाताको लागि सम्झौता भएको पाइयो । सम्झौता अनुसार पारिश्रमिक सोधभर्ना हुने तथा अन्य खर्च छुट्टयाइ भुक्तानी हुने देखियो । सम्झौता अनुसार २४ अगष्त २०१५ मा इन्सेप्सन रिपोर्ट, २४ जनवरी २०१६ मा मिडटर्म रिपोर्ट, २४ जुलाईं २०१६ मा ड्राफ्ट फाइनल रिपोर्ट, २४ अगष्त २०१६ मा फाइनल रिपोर्ट अर्थात अन्तिम प्रतिवेदन २०७३ साउन भित्र पेश गर्नुपर्ने गरी सन २०१५ जुलाइं २४ मा सम्झौता भएको देखिन्छ । सम्झौता र दोश्रो रनिङ विल सम्मको भुक्तानी भएको फाइल परिक्षण गर्दा निम्न व्यहोरा देखियो ।

१६. **बिल भर्पाइ :** विल भर्पाइको आधारमा वास्तविक खर्च एकिन गरी सोधभर्ना दिनुपर्नेमा विल भरपाइ वेगर आयोजनाले पहिलो र दोश्रो विलको सोधभर्ना वापत रु १,८४,१४,७५७/- भुक्तानी गरेको छ । विल भर्पाइ चेकजाँच गरी वास्तविक खर्चको आधारमा भुक्तानी दिनुर्ने रकम विल भर्पाइ नै नलिइ भुक्तानी दिएकोले सोधभर्ना खर्च पुष्टी हुन सक्ने देखिएन ।

१७. **फलामे डण्डीको भुक्तानी :** नेपाल सरकारले स्वीकृत गरेको नर्म्समा निर्माण कार्यमा प्रयोग हुने फलामे डण्डी प्रति केजी १ र सोमा ०.०५ केजी कटिङ्ग वेस्टेज एण्ड ल्याप्सिङ थप गरी १.०५ के.जी. उल्लेख गरेको पाइन्छ । उक्त नर्म्सको आधारमा सिचाइ तथा आवास मन्त्रालय अन्तर्गतका कार्यालयहरुले निर्माण कार्यको लागत अनुमान तर्जुमा गरी सोही आधारमा वास्तविक नापजाँच गरी निर्माण व्यवसायीलाईं ठेक्का पा मार्फत भुक्तानी गर्ने गरेको देखिन्छ । तर यस भौतिक पूर्वाधार तथा यातायता मन्त्रालय अन्तगंतको यस विभाग तथा आयोजनाले नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत नभएको नर्म्सको आधारमा प्रति केजी १.१५ केजी फलामे डण्डी लाग्ने गरी लागत अनुमान स्वीकृत गरेको र सोही अनुसार निर्माण व्यवसायीलाईं भुक्तानी गरेको देखियो । अन्य मन्त्रालय भन्दा फरक हुने नापजाँज तथा लागत अनुमान तर्जुमा गर्नुको कुनै स्पष्ट कारण देखिदैन । विना आधार प्रति केजी ०.१० बढाई लागत अनुमान तथा वास्तविक नापी गरी भुक्तानी दिएकोले नेपाल सरकारलाईं ६ ठेक्कामा मूल्य अभिवृद्धि कर समेत रु ६३,६०,१४२/- बढी व्ययभार परेको छ । यस सम्बन्धमा मन्त्रालय तथा विभागले वास्तविक प्रयोग हुने परिमाणको एकिन गरी नर्म्स सम्बन्धित निकायबाट स्वीकृत गर्नुपर्ने देखिन्छ । साथै नर्म्समा एकरुपता पनि ल्याउनु पर्दछ ।

१८. **दोहोरो खर्च :** सरकारी रकम खर्च गर्दा एउटै विलबाट दोहोरो खर्च गर्न नपाउनेमा भावना आयलस्टार्सलाई गतविगतको एक पटक भुक्तानी भैसकेको रकम समेत पुन भुक्तानी दिएकोले रु.४२,५९४/- असूल गरी दाखिला गर्नुपर्दछ । सोही स्टोर्सलाई कर विजक वेगर मूल्य अभिवृद्धि कर समेत रु.३,१५,६९४/- भुक्तानी भएकोले मूल्य अभिवृद्धि कर दाखिला भएको वा समायोजन भएको प्रमाण पेश हुनु पर्दछ ।

१९. **परामर्श सेवा खर्च:** मेची महाकाली ९४६ कि.मी. विद्युतिय रेलमार्ग निर्माण गर्ने प्रयोजनको लागि बारा जिल्लाको सिमरा देखी नवलपरासी जिल्लाको तमसरिया सम्म १२७ कि.मी. र तमसरिया देखी बुटवल, बुटवल देखी भैरहवा (लुम्बिनी लिंक) सम्म १०७.८२ कि.मी. विस्तृत सर्भे र डिजाइन तयार गर्ने कार्यको लागि परामर्श सेवा खरिद गरी यो वर्ष उक्त दुई खण्डका दुई परामर्शदातालाईं रु.२३,७५,०७०००/- भुक्तानी दिएको छ ।

२०. **परामर्श सेवा :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(क) मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा लिन सकिने व्यवस्था छ । विभागलले कार्यालयमा उपलब्ध जनशक्तिबाट काम हुन सक्ने नसक्ने बिष्लेषण नगरी ८ परामर्शदाताबाट परामर्श सेवा लिई रु.९,४७,६७१/- भुक्तानी दिएको देखियो ।

२१. **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्वन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्वन्धि नर्मस तयार गरेको भए त्यस्तो नर्मस, सम्वन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त, सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतको आधार लिनुपर्ने उल्लेख छ । विभागले यस वर्ष मेची महाकाली विद्युतिय रेल अन्तर्गत बर्दिवास देखि इनरुवा खण्ड सम्म(प्याकेज नं १) र इनरुवा देखि काकडभित्ता खण्ड सम्म (प्याकेज नं २) को विस्तृत डिजाइन तथा सर्भेक्षण गर्न अन्तराष्ट्रिय स्तरको परामर्श सम्वन्धि ठेक्का आव्हान गर्न मिति २०७२।९।२१ मा प्याकेज नं १ को लागि रु ४४ करोड ६७ लाख ८७ हजार र प्याकेज नं २ को लागि रु ३५ करोड ७८ लाख ११ हजार (मूल्य अभिबृद्धि कर बाहेक) को लागत अनुमान महानिर्देशक तहबाट स्विकृत भएको देखियो । यसरी स्वीकृत गर्दा माथिको आधारमध्ये कुन आधारलाई लिएको भन्ने खुल्दैन । ती आधारहरु पेश गर्नुपर्दछ ।

२२. **As Built Drawings**. : सम्झौता अनुसार काम सम्पन्न भएको ३० दिनभित्र एजविल्ट नक्सा पेश गर्न लगाई सोको रकम भुक्तानी दिनुपर्नेमा पेश नगर्दै रु.५,०८,५००।– भुक्तानी दिएको छ । रीतपूर्वकको ड्रइङ्ग पेश नभएमा सो रकम असुल गर्नुपर्दछ ।

२३. **बढी भुक्तानी :** विभागले भवन निर्माण कार्यका निर्माण व्यवसायीलाई पाँचौ रनिङ्ग बिलको रकम भुक्तानी दिदा अद्याबधिक भएको कुल कामको रकममा अघिल्लो रनिङ्ग बिलबाट भुक्तानी भएको रकम कटाएर मात्र भुक्तानी दिनुपर्नेमा अघिल्लो रनिङ्ग बिलबाट बास्तबिक भुक्तानी भएको भन्दा घटी भुक्तानी भएको देखाई रु.२,८०,२७९/- बढी भुक्तानी हुन गएको रकम असुल गर्नुपर्दछ ।

२४. **नभएको कामको भुक्तानी :** विभागले निर्माण व्यवसायी फर्मलाई भवन निर्माण ठेक्का अन्तर्गत नापी किताबमा Supplying & installing machine roomless 8 &10 passenger lift with cabin & door को काम भएको नापजांच गरी रनिङ्ग बिलहरुको रकम भुक्तानीका लागि सम्बन्धित प्राबिधिकबाट सिफारिस भएकोमा लेखापरीक्षणको क्रममा स्थलगत निरीक्षण गर्दा उक्त रु.६३,२८,०००/- को काम भएको देखिएन ।

२५. **प्रोभिजनल समको भुक्तानी :** सार्वजनिक नियमावली, २०६४ को नियम २२ अनुसार पूर्वानुमान गर्न नसकिने प्रकृतिको निर्माण कार्य आयोजना प्रमुखको स्वीकृती लिई लागत अनुमात तयार गराई विल भरपाई समेत पेश गर्नुपर्नेमा यी प्रक्रिया पूरा नगरी फर्निचर खरिद तथा पूर्वानुमान गर्न नसकिने अन्य कामको लागि प्रोभिजनल समबाट रु.८४,७५,०००।– भुक्तानी गरेको छ । फर्निसिङ्ग को काम यसबाट गराउन मिल्दैन । साथै फर्निसिङ्ग मा रु.७५ लाखसम्म खर्च गर्न मिल्नेमा रु.९ लाख ७५ हजारभन्दा बढी र्ख गरेको छ ।

२६. **असम्बन्धित खर्च :** रेल विभागको भवन निर्माण ठेक्कामा ३० महिनाको लागि एक गाडी प्रति महिना रु ३,५०,०००/- करदाताले भाडा तिर्नेगरी ३० महिना भाडामा लिई रु.१ करोड १५ लाख भुक्तानी गरेको छ । गाडी भाडा ठेक्कासंग असम्बन्धित खर्च भएकोले यस्ता खर्चमा नियन्त्रण गर्नु पर्दछ । संभौता अनुसार २४ महिनापछि सो गाडी कार्यालयको स्वमित्वमा आउने व्यवस्था भए पनि समित्वमा नभई पुन भाडा तिरेको रु.२३,०१,८१०।– असुल गर्नुपर्दछ ।

२७. **चालु खर्चतर्फ :**आर्थिक कार्यविधि ऐन,२०६३ र २०६४ मा कुनै एक कार्यालयको स्वीकृत विनियोजित रकम अर्को कार्यालयको लागि खर्च गर्न सकिने प्रावधान रहेको पाइदैन । यस विभागले आफू मातहत अलग इकाईको रुपमा रहेको रलवे तथा मट्रो विकास आयोजनाका सेवा करारतर्फका ११ जना कर्मचारीलाईं विनियोजित अन्य सेवा शुल्क खर्च शीर्षकबाट जेठ महिनाको पारिश्रमिक रु १,८३,९४०/- भुक्तानी दिएको छ ।

२८. **धरौटी तर्फ** : आर्थिक कार्यबिधि नियमावली,२०६४ को नियम(१) अनुसार प्रत्येक कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोवारको लेखा अनुसूची-१० बमोजिमको ढाँचामा गोश्वारा धरौटी खाता र अनुसूची-११ बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । कार्यालयले धरौटी कारोबारको गोश्वारा र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राखेको पाईएन । अद्यावधिक गरी पेश गर्नुपर्दछ ।

२९. **मोबिलाईजेशन पेश्कीः-** विभागले ६ संस्था, कार्यालय तथा फर्महरुलाई सार्बजनिक निर्माण कार्य सञ्चालनका लागि मोबिलाईजेशन पेश्की रु.२१,५८,३३,२३०/- दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट गरेको नदेखिएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (५) अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालय

१. **आन्तरीक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा तोकिएको समयमा अख्तियारी प्राप्त नभएको, वार्षिक खरिद योजना तयार नगरेको, स्वीकृत दरवन्दी अनुसार पदपूर्ति नभएको, तालुक कार्यालयबाट निरीक्षण नभएको, कर्मचारीको कार्य विवरण तयार नगरेको, लागत अनुमान गर्दा निर्माण सम्पन्न गर्ने अवधि नतोकेको, मू.अ. कर भुक्तानीको जानकारी नदिएको, कार्य प्रगतिको सुचना लिने नगरेको, भुक्तानी भएको छाप नलगाएको, जिन्सी लिलाम र मर्मत नगरेको, जिन्सीको मुल्य नखुलाएको, तेश्रो चौमासिकमा शत प्रतिशत पूजिगत खर्च गरेको, दुइ मध्ये एक कार्यक्रमको प्रगती २५ प्रतिशत भन्दा तल रहेको, यस बर्ष एक मात्र ठेक्काको व्यवस्था तेश्रो चौमासिकमा गरेको, रोड इन्भेन्ट्री नराखेको, गुणस्तर परीक्षणको अभिलेख नराखेको, कार्य सम्पन्न प्रमाण पत्र नदिएको, सम्झौता कार्यान्वयनको अवस्था देखिने गरी अभिलेख नराखेको, योजना तर्जुमाको प्रक्रिया तलबाट माथि भएको लगायतका व्यहोरा देखिएका छन । उक्त व्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सवल गर्नुपर्ने देखिएको छ ।

२. **कण्टिन्जेन्सी खर्च–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अनुसार लागत अनुमानको ५ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न पाउने भए पनि कार्यबिधि बेगर रु.२ लाख ५६ हजार कन्टिन्जेन्सी खर्च लेखेको पाइयो ।

३. **कर समायोजन :** निर्देशनालयले ३ निर्माण व्यबसायीलाई धरौटी फिर्ता दिदा आन्तरिक राजश्व कार्यालयबाट मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण बेगर रु.६०,६४,२८४/- फिर्ता दिएको छ ।

४. **अधुरो ठेक्का** बिगतको सडकको आवधिक मर्मत कार्य २०७३।३।३१ सम्म सम्पन्न गर्नुपर्नेमा अधुरै छोडेकोले सम्पादन जमानी रु.४२,८३,५००/- जफत गर्नुपर्दछ ।

५. **मोविलाइंजेशन पेश्की :** आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट हुन बाकी मोबिलाइजेशन पेश्की रु.२,०५,०००/- संझौतानुसार फछ्र्यौट गर्नु पर्दछ ।

आयोजना निर्देशनालय (ए.डि.बी.)

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरि भरपर्दो र प्रभावकारी आन्तरिक नियन्त्रण व्यवस्था बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्था कार्यान्वयनको मूल्यांकन गर्दा वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार नगरेको, आर्थिक वर्षको अन्त्यमा बढी काम तथा भुक्तानी गरेको, निर्माण ठेक्काबाट गाडी भाडा भुक्तानी दिँदै आएको, जिन्सी सामानको लिलाम नगरेको, कार्य विवरण बनाई लागू नगरेको, सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तयार नगरेको जस्ता व्यहोरा देखिएका छन् । ऐन नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **सासेक रोड कनेक्टिभिटी आयोजना :** एशियाली विकास बैंक र नेपाल सरकारबीच २० अक्टोवर २०१३ मा भएको सम्झौता बमोजिम ६१.२५ कि.मि. नदाहा कोशीपुल चतरा रुपनगर सडक, ६५.५५ कि.मि. लेगुवाघाट भोजपुर सडक, ३५.४३ कि.मि. हलेसी दिक्तेल सडक, १३.२५ कि.मि. मन्थली रामेछाप सडक, १२.६५ कि.मि. मेची पुल चन्द्रगढी विर्तामोड सडकहरुको विस्तार तथा स्तरोन्नती गर्ने गरी सम्झौता भएको थियो । सम्झौता अनुसार एशियाली विकास बैंकको ७५ मिलीयन अमेरिकी डलर र नेपाल सरकारले २२ मिलीयन अमेरिकी डलर खर्च गर्ने गरी आयोजना ३० जुन २०१९ सम्म सञ्चालनमा रहने छ ।

३. **प्रगति स्थिति :** प्राप्त प्रगति विवरण अनुसार माथी उल्लेखित आयोजनाहरु कार्यान्वयनका ७ खरिद सम्झौता भएकोमा हालसम्म २८.१६ देखी ४०.६९ प्रतिशत भौतिक प्रगती भएको देखिन्छ । उल्लेखित ठेक्काहरु मध्ये मेचीपुल–बिर्तामोड सडक खण्डको ठेक्कामा निर्माण व्यवसायीले सम्झौता अनुसार कार्य नगरेकोले ठेक्का तोडेको छ । मन्थली रामेछाप सडक खण्डको ४ ठेक्काको अवधि जून २०१६ सम्म रहेकोमा सो अवधीमा ३३ देखि ३८ प्रतिशत मात्र काम सम्पन्न भएको छ । निर्माण व्यवसायीहरुले भूकम्प, इन्धन अभाव, सामानको अभाव आदी कारण देखाई २३४ देखि २८४ दिनसम्म म्याद थप गरेकोमा ती मध्ये कतिपय आधार संझौता सम्मत छैनन् । नदाहा–कोशी पुल–रुपनगर सडक खण्ड र लेगुवाघाट–भोजपुर सडकको म्याद बाँकी रहेपनि क्रमशः ३१४ र २३९ दिन म्याद थप माग गरेका छन् । शुरुको म्याद बाँकी छदै म्याद थप माग गर्न र थप गर्न मिल्दैन । तोकिएको अवधिसम्म न्यून प्रगती देखिएको र हालसम्मको प्रगति हेर्दा म्याद थप भएको अवधिसम्म पनि कार्य सम्पन्न हुन सक्ने देखिदैन । काममा ढिलाई गर्ने ठेकेदारहरुलाई संझौता अनुसार हर्जाना लगाउने र अन्य कारबाही गर्नु पर्दछ ।

४. **गुणस्तर परीक्षण :** आयोजनाले सञ्चालन गरेका बिभिन्न ठेक्कामा गुणस्तर परीक्षणको लागि छुट्टै रकम राखेको छ । लागत अनुमान तयार गर्दा ग्याबियन वाल निर्माण कार्यको आइटम दरमा समेत रकम समाबेश गरेको पाइयो । नमूना स्वरुप परीक्षण गरिएका लेगुवाघाट-भोजपुर सडक, नदाहा-कोशीपुल-रुपनगर सडक, हलेसी दिक्तेल सडक (३ प्याकेज) र मन्थली-रामेछाप सडक निर्माण कार्यमा सम्झौता अनुसार निर्माण

सामग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गर्न ल्याबको लागि ल्याव इक्विपमेण्ट, एसेसरिज तथा अन्य आवश्यक सामान खरिद गर्न र गुणस्तर परीक्षण गर्ने इञ्जिनियर, टेक्निसियन, ल्याब ब्याई लगायतको पारिश्रमिक समेत बिल अफ क्वाण्टिटीमा छुट्टाछुट्टै आइटमको व्यवस्था गरी सम्झौता गरेको छ । ती सडक निर्माणमा ६७,००० घनमिटर ग्यावियन वालको कार्य गर्ने गरी सम्झौता भएकोमा लागत अनुमान तयार गर्दाको दर विश्लेषण अनुसार रु.१४,५८,६२२/- गुणस्तर परीक्षणको लागि रकम व्यवस्था गरिएको छ । लागत अनुमानमा समाबेश गरेको उक्त रकममध्ये ठेक्का सम्झौता गर्दा घटेको प्रतिशतले हुने रु.३३,१९,५४८/- घटाउँदा रु.९८,६३,५१०/- गुणस्तर नियन्त्रण तथा ल्याव परीक्षणको लागि दाहोरो हुने गरी ठेक्का सम्झौता भएको देखिएकोले रु.१०,२३,३७०/- भुक्तानी दिन मिल्ने नदेखिएकोले निर्माण व्यवसायीलाई बिल भुक्तानी गर्दा उक्त रकम असुल गर्नुपर्ने देखिएको छ ।

५. **माटो ढुवानी :** आयोजनाले लागत अनुमान तयार गर्दा कटिङ गरेको माटो १ कि.मि. टाढा ढुवानी गर्न लाग्ने रकम समाबेश गरेको छ । तर सोही स्थानहरुमा इम्बेंकमेण्ट तयार गर्ने कार्यको दर बिश्लेषणमा सोही स्थानमा कटिङ गरेको माटो प्रयोग गर्ने व्यवस्था गरेको अवस्थामा इम्बेंकमेण्ट बनाउन चाहिने अनुमानित ३००१४६ घ.मी. माटोको ढुवानी खर्च नघटाई लागत अनुमान तयार गरेकोले वास्तविक कामको परिमाणको आधारमा ४ सडक आयोजनाका ६ प्याकेजमा बढी खर्च हुन गएको रकम निर्माण व्यावसायीबाट असुल गर्नु पर्दछ ।

६. **फलामे डण्डीको नर्म्स :** सडक विभागको नर्म्समा फलामे डण्डीको कार्य गर्दा काट्ने, बाँध्ने, फिक्स गर्ने आदि कार्यको लागि प्रति टन फलामे डण्डीको काममा १.१५ टन डण्डी लाग्ने व्यवस्था छ । सडक विभाग बाहेक शहरी बिकास तथा भवन निर्माण बिभाग, सिँचाई बिभाग, डोलिडार लगायतका अन्य निकायले १.०५ टन डण्डी प्रयोग हुने नर्म्स स्वीकृत गरेको छ । फलामे डण्डीको कटिङ्ग, वेल्डिङ्ग, बाइण्डिङ, फिक्सिङ्ग र ३० मिटरसम्म ढुवानी गर्ने समेत कार्यको लागि जर्ती स्वरुप लाग्ने (खेर जाने) परिमाण समान हुनुपर्नेमा सडक बिभाग र अन्य निकायको नर्मस्मा एकरुपता छैन । डण्डीको काम गर्दा हुकिङ्ग, लेण्टल, कटपिस लगायत सबै काममा आवश्यकता अनुसार वास्तविक लाग्ने डण्डीको लम्बाई हिसाब गरिन्छ । दर विश्लेषण गर्दा डण्डी काट्दा, वेल्डिङ्ग, वाइण्डिङ, फिक्सिङ्ग गर्दा लाग्ने वा खेरजाने भागलाई १५ प्रतिशतसम्म लागतमा समावेश गर्नु यथार्थपरक देखिँदैन । फलामे डण्डीको काम सबै निकायमा एउटै प्रकारको हुने र त्यस्तो कार्यमा नर्म्स समान हुनुपर्ने हो । यस आयोजनाले अर्थक्वेक इमर्जेन्सी एसिस्टेन्ट प्रोजेक्ट अन्तर्गत निर्माण भैरहेको दोलखा सिंगटी सडक आयोजनामा १३१.६७ मे.टन डण्डीको लागत अनुमान तयार गर्दा सबै साइजको डण्डीको लागि १.०५ टन लाग्ने नर्म्स प्रयोग गरेको पाइयो । सो बाहेक अन्य आयोजनाहरुमा सडक विभागको नर्म्स (१.१५ के.जी.) प्रयोग गरेको छ । उक्त परिमाण हाल प्रचलनमा रहेको अन्य निकायको नर्म्सको तुलनामा १० प्रतिशत डण्डीको परिमाण बढी भई डण्डीको कार्यमा लागत बढेको देखिन्छ । यसरी डण्डीको कार्य बढी प्रतिशत लाग्ने गरी तयार गरेको सडक बिभागको नर्म्स प्रयोग गर्दा नमूना स्वरुप लागत अनुमान परीक्षण गरिएको लेगुवाघाट-भोजपुर सडक, नदाहा-कोशीपुल-रुपनगर सडक र नेपालगंज कोहलपुर सडक तथा पुल निर्माण कार्यमा मात्र १९९.५५ मे.टन डण्डी बढ्न गई ओभरहेड समेत रु.१,६३,०९,८२४/- लागत अनुमान बढ्न गएको छ । समान प्रकारको काममा बिभिन्न सरकारी निकायको नर्म्समा एकरुपता हुनेगरी सुधार हुनु पर्दछ ।

७. **ढुंगा गाह्रोको नर्म्स :** सडक विभागको नर्म्समा सिमेण्ट बालुवाको जोडाई भएको ढुङ्गाको गाह्रो लगाउँदा प्रति घनमिटर १.१५ घ.मी. ढुङ्गा लाग्ने व्यवस्था गरेको छ । भवन विभाग, सिँचाई विभाग, डोलिडार लगायत अन्य विभागको स्वीकृत नर्म्समा प्रति घ.मी. गाह्रो लगाउँदा १.१० घ.मी. ढुङ्गा लाग्ने व्यवस्था गरेको पाइयो । समान प्रकारको कार्यमा समान नर्म्स स्वीकृत हुनुपर्नेमा सडक विभागले बढी परिमाण लाग्ने गरी नर्म्स स्वीकृत गरेकोले सो बिभाग अन्तर्गतका सबै निर्माण कार्यमा गाह्रोको लागत अनुमान र खर्च बढ्ने देखिन्छ । यो वर्ष ठेक्का सम्झौता भएका सडक आयोजनामध्ये नमूना छनौट गरी परीक्षण गरिएका बिभिन्न ८ निर्माण कार्यमा ११६५६३.६४ घनमिटर ढुगाको गाह्रो लगाउने कार्यको लागत अनुमान तयार गर्दा अन्य निकायको नर्म्सको तुलनामा ०.०५ अर्थात ५ प्रतिशतले ५८३२.२७ घ.मी. ढुङ्गा बढी प्रयोग हुने र सो परिमाणको लागि रु.७१,३८,५६६।– लागत अनुमान बढेको देखियो । यसबाट नेपाल सरकारलाई थप व्ययभार पर्ने देखिएकोले बढी व्ययभार नपर्ने र एकरुपता हुनेगरी नर्म्समा सुधार हुनुपर्दछ ।

८. **बीमा :** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२ (१) अनुसार दश लाख रुपैयाँभन्दा बढि मूल्यको निमार्ण कार्यको विमा गराउनु पर्ने व्यवस्था छ । मन्थली-रामेछाप सडकको निर्माण व्यवसायीले तेस्रो रनिङ्ग बिलबाट बिमा खर्च रु.७,७०,०००/- (मूल्य अभिवृद्धिकर बाहेक) भुक्तानी लिएकोमा बिमा पोलिसी र नगदी रसिद पेश गरेको देखिएन । बिमा पोलसी र नगदी रसिद पेश नभएमा उक्त रकम असुल गर्नु पर्दछ ।

९. **बढी भुक्तानी :** लेगुवा भोजपुर सडकको निर्माण व्यवसायीको चौथो बिलको साधारण माटो खन्ने कार्य २,६८,१३८.९० घ.मि. (प्रति घ.मि. रु.७०।– का दरले) र कडा चट्टान काट्ने कार्य १४,८१२.३० घ.मि. (प्रति

घ.मि. रु.४२०।– का दरले) हुने जम्मा रु.२,४९,९०,८८९।– मा सम्झौता अनुसार २८.२० प्रतिशत छुट गरी रु.१,७९,४३,४५८।३० भुक्तानी गरेको देखियो । संलग्न नापी किताब अनुसार सो बिलमा सडकको चेनेज १८+००० देखि चेनेज २५+५०० सम्मको २,७६,७६५.९७ घ.मि. साधारण माटो खनेको देखियो । नापी किताब अनुसार माटो काटेको देखाइएको कामको पनि कडा चट्टान काटेको रकम भुक्तानी भएकोले १४,८१२.३० घ.मि.को रु.३५०।– का दरले बढी भुक्तानी भएको रु.५१,८४,३०५।– मा ठेक्का छुट रु.१४,६१,९७४।- कटाई रु.३७,२२,३३०।- बढी भुक्तानी गरेको रकम असुल हुनु पर्दछ ।

१०. **असम्बन्धित खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा रकम स्वीकृत बजेट भित्र र सम्वन्धित खर्च शिर्षकमा पर्छ भने मात्र खर्च गर्नसक्ने व्यवस्था छ । मन्थली-रामेछाप सडक योजना कार्यालय भवनको भाडा रु.७०,०००/- र तीन ठेक्काहरुबाट गाडी भाडामा रु.८४,३७,१२०।– भुक्तानी गरेको छ । यसरी ठेक्कासँग असम्बन्धित कार्य ठेक्कामा राखि अनियमित रुपले भुक्तानी दिने काम बन्द गर्नु पर्दछ ।

११. **भाडा कर :** आयकर ऐन, २०५८ को दफा ८८ (५) अनुसार भाडा भुक्तानीमा दश प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने व्यवस्था छ । यस निर्देशनालय अन्तर्गत मन्थली रामेछाप सडक योजनाले घर भाडा रु.७०,०००/- भुक्तानी दिँदा कर कट्टी नगरेकोले सम्बन्धितबाट असुल हुनु पर्दछ ।

१२. **फरक सूत्र :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ को उपनियम २ मा खरिद सम्झौताको मूल्य समायोजनको सूत्रमा श्रम, उपकरण, सामग्री, इन्धनको मूल्य समायोजन गर्नुपर्ने व्यवस्था छ । हलेसी–दिक्तेलको ३ प्याकेज र मन्थली रामेछाप सडक निर्माण ठेक्कामा नेशनल होलसेल प्राइस इन्डेक्स लागू हने गरी सम्झौता गरेको छ । बिटुमिन, इन्धन आदिको मूल्य बिगत वर्षदेखि घटेकोले निर्माण सामग्री, इन्धनको छुट्टै मूल्यको संरचना राखी मूल्य समायोजन गर्ने दुई सडक आयोजनामा कम र एकमुष्ट मूल्य संरचना राखी मूल्य समायोजन गर्ने ४ निर्माण कार्यमा बढी मूल्य बृद्धि भुक्तानी भएको छ । आयोजनाले नियमावलीले तोके अनुसार एउटै सूत्र प्रयोग गर्नु पर्दछ ।

१३. **बढी मूल्य समायोजन :** ठेक्का न. SRCP/NCB/MR/01 मा रनिङ्ग बिल ७ सम्म रु.५३,३२,६८५/०० मूल्य समायोजन भुक्तानी दिएकोमा मूल्य समायोजन वापतको रकम गणना गर्दा आधार वर्ष २००५/०६ को आधार मूल्य रु.१९६ लाई आधार मानी जुन २०१५ सम्म र आधार वर्ष २०१४/१५ को आधार मूल्य रु.९३.३ लाई आधार मानी जुलाई २०१५ देखी जुन २०१६ सम्मको मूल्य समायोन गणना गरेको देखिन्छ । आधार वर्ष २०१४/१५ को आधार मूल्यलाई मात्र आधार लिई गणना गर्दा रु.५१,३७,२३५/-मात्र मूल्य समायोजन भुक्तानी दिनु पर्नेमा दुईवटा आधार वर्षको प्रयोग गरी गणना गर्दा बढी भुक्तानी भएको रु.१,९५,४९९/- असुल हुनु पर्दछ ।

१४. **प्रोभिजनल सममा मूल्य समायोजन -** मूल्य समायोजन गणना गर्दा प्रोभिजनल सम बाहेकको सम्पन्न कार्यलाई आधार मानी गणना गरिनु पर्दछ । हलेसी दिक्तेल सडक योजनाको प्याकेज नं. ३ मा हालसम्म मूल्य समायोजन रु.३६,५४,७१२/- भुक्तानी दिएकोमा आईपिसि ६ बाट भुक्तानी गरेको प्रोभिजनल सम रु.४,३१,१६२/७४ को समेत मूल्य समायोजन गणना तथा भुक्तानी भएको रु.६२,९५०/-असुल हुन पर्दछ । त्यसैगरी हलेसी दिक्तेल सडक योजनाको प्याकेज नं. २ मा हालसम्म मूल्य समायोजन रु.४७,६८,०१७/- भुक्तानी दिएकोमा आईपिसि ७ बाट भुक्तानी गरेको प्रोभिजनल सम रु.३,६२,०५२/- को समेत मूल्य समायोजन गरी भुक्तानी भएको रु.५२,८६०/- असुल हुन पर्दछ ।

१५. **लेगुवाघाट :** भोजपुर सडकको निर्माण व्यवसायीलाई पाँचौ बिलबाट मूल्य समायोजन रु.१६,४२,६१७।- भुक्तानी गरेको छ । उक्त ठेक्का सम्झौतामा ज्यामी ज्यालाको भार २५ प्रतिशत र आधार मूल्य रु.३६५।– कायम गरेको छ । निर्माण व्यवशायीले उक्त बिलमा डिजेलको मूल्य अप्रिल २०१५ को, बिटुमिनको मूल्य जून १, २०१५ को र अन्य सामग्रीको मध्ये जुलाईं २०१५ को मूल्यलाईं आधार लिएको पाइयो । सबै सामान तथा इन्धनको मूल्य २०७२ आषाढ भन्दा अगाडीको इन्डेक्स प्रयोग छ । तर ज्याला दर भने २०७२।४।३२ मा जिल्ला दररेट निर्धारण समितिले कायम गरेको २०७२।७३ को ज्यालादर रु.४६५।– राखी मूल्य समायोजन गरेको देखियो । ज्यालाको दर २०७१।७२ मा रु.४२५।– रहेको छ । मध्ये जुलाईं सम्मको मात्र आधार लिनुपर्नेमा पछिल्लो आधार लिएकोले ज्यालाको फ्याक्टरमा ०.३१८ बाट घटेर ०.२९१ हुन आउने र यस बिलबाट पेश गरेको निर्माण कार्य रु.५,२९,८७,६५०।- को फरक प्रतिशत ०.०२६९ ले हुने रु.१४,२५,३६७।- असुल हुनु पर्दछ ।

१६. **पेश्की नकटाई मूल्य समायोजन :** निर्माण व्यावसायीलाई ठेक्का गर्दा ठेक्का अंकको २० प्रतिशतका दरेल दिएको मोबिलाइजेसन पेश्की कट्टा गरी मुल्य बृद्धी दिने प्रावधान संझौतामा राखि सोही अनुसार भुक्तानी दिनु पर्नेमा सो व्यवस्था नराखेको कारणले मुल्य नै बढ्न नपाई भुक्तानी गरेको पेश्की रकमको पनि बृद्धि भुक्तानी दिएको छ । हलेसी-दिक्तेल सडकको ३ वटा प्याकेज र मन्थली रामेछाप सडक समेत ४ ठेक्कामा मात्र यस वर्षसम्म मूल्य समायोजन रु.१,५८,९३,७८६।– भुक्तानी दिएकोमा उक्त पेश्की कट्टा नगर्दा रु.६७,६२,१४५।– बढी भुक्तानी भएको मुल्य बृद्धि रकम सम्बन्धित निर्माण व्यावसायीबाट असुल गर्नु पर्दछ ।

१७. **क्षतिपूर्ति असुल हुनुपर्ने :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ (१) को (ग) मा खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटी गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूत रुपमा पालना नगरेको वा काम गुणस्तरको नभएको कुरा पछि प्रमाणित भएमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्ष देखी तीन वर्षसम्म कालो सूचीमा राख्न सक्ने व्यवस्था छ। ठेक्का नं. SRCP/NCB/BM/01 का निर्माण व्यवसायीले समयमा सम्झौता बमोजिमको कार्य सम्पन्न नगरेका कारण सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ (घ) बमोजिम सम्झौता अन्त्य गरी खरिद सम्झौता अनुसारको काम पूरा गर्न लाग्ने रु.९४,४३,२९०/- असुल गरी निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सिफारिश भएकोमा उक्त क्षतिपूर्ति रकम असुल भएको देखिदैन । निर्माण व्यवसायीलाई थप कारबाही गरी सो रकम असुल गर्नु पर्दछ ।

१८. **परामर्श सेवा तर्फ :** यस योजना अन्तर्गत एक परामर्शदातासँग २०१४ जुन २४ मा अमेरिकी डलर ११,१३,५२३ र नेपाली रुपैया रु.२८,८५,९२,१००/- को सम्झौता भएकोमा आ.व. २०७२/७३ मा अमेरिकी डलर तर्फ ३,६७,३९८/- र नेपाली मुद्रा तर्फ रु.१०,७०,४५,६४३/- भुक्तानी भएको छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :

१८.१ भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भए पछि भ्रमण प्रतिवेदन साथ आवश्यक बिल भर्पाई पेश गर्नु पर्दछ। एक जना टिम लिडर र एक जना ईन्जिनियरले स्थलगत भ्रमण गरेको रु.१,५८,८८०/- दैनिक भत्ता भुक्तानी लिएकोमा भ्रमण प्रतिवेदन पेश गरेको देखिएन । उक्त रकम निजहरुबाट असुल हुनु पर्दछ ।

१८.१.१ एक जना ईन्जिनियरलाई १४ जुलाई, २०१५ देखी टिम लिडर तोकिएको देखिन्छ । सो बमोजिम निजले जुलाईमा १२ र अगष्टमा १२ गरी जम्मा २४ दिन मात्र दैनिक भत्ता भुक्तानी लिनु पर्नेमा जुनमा ३ दिन, जुलाईमा १८ दिन र अगष्टमा १२ दिन गरी ३३ दिनको टिम लिडरका हैसियतले दैनिक भत्ता भुक्तानी लिएकोले १२५ अमेरिकी डलरका दरले बढी भुक्तानी भएको रु.१,१९,१६०/- असुल हुनुपर्दछ ।

१८.१.२ त्यसैगरी निज ईन्जिनियरले टिम लिडरको हैसियतले सेप्टेम्बर महिनामा पूरै २६ दिन दैनिक भत्ता भुक्तानी लिएको देखिन्छ । मासिक रुपमा नियमित पारिश्रमिक समेत भुक्तानी लिएको अवस्थामा पुनः दैनिक भत्ता भुक्तानी दिएको रकम रु.३,४४,२४०/- असुल गर्नु पर्दछ ।

१९. **जग्गाको मुआब्जा बितरण :** नदाहा-कोशी पुल-चतारा-रुपनगर सडक खण्ड अन्तर्गत पर्ने सुनसरी, उदयपुर र सप्तरी जिल्लामा मुआब्जा निर्धारण समितिले अधिग्रहणमा परी २ धुर वा सोभन्दा कम जग्गामात्र बाँकी रहने जग्गाधनीलाई अधिग्रहण भएको जग्गाको उल्लेखित मुआब्जा रकममा २५ प्रतिशत रकम थप गरी दिने निर्णय गरेकोमा पूरै जग्गा अधिग्रहण भएका जग्गा धनीहरुलाई पनि थप रकम भुक्तानी दिएको देखिन्छ । समितिको निर्णय बिपरीत मुआव्जा वितरण गर्नु हुदैन ।

२०. **बढी मूल्य समायोजन :** सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ११९(३) मा मूल्य समायोजनको अधिकतम रकम सामान्यतया सुरु सम्झौता मूल्यको पच्चीस प्रतिशत भन्दा वढी नहुने उल्लेख छ । उप क्षेत्रीय यातायात अभिवृद्धि आयोजना अन्तर्गत बेलबारी-चोहर्वा सडक अन्तर्गतको २ नं. ठेक्काका निर्माण व्यवसायीलाई सम्झौता रकम रु.२३,३३,१०,३१०/- को अधिकतम २५ प्रतिशतले हुने रु.५,८३,२७,५७७/- मात्र मुल्य समायोजन भुक्तानी दिनुपर्नेमा हालसम्म रु.७,०८,२४,४७३/- भुक्तानी दिएको देखिन्छ। नियममा तोकिएको सीमा भन्दा बढी भुक्तानी दिएको मूल्य समायोजन रु.१,२४,९६,८९५/- असुल हुन पर्दछ । यस सम्बन्धमा एडिबिको खरिद निर्देशिका बमोजिम खरिद कारवाही गरिएको र उक्त निर्देशिकामा मूल्य समायोजन रकमको २५ प्रतिशत सीमा नतोकिएकोले भुक्तानी गरेको व्यवस्थापनको भनाई रहेको छ। तर निर्देशिकामा मूल्य समायोजनको भुक्तानीको अधिकतम सीमा नतोकिएको अवस्थामा सार्वजनिक खरिद ऐनमा भएको व्यवस्था नै लागु गरिनु पर्दछ ।

२१. **नपाउने मूल्य समायोजन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ (२) मा निर्माण व्यावसायीको ढिलाईको कारणले निर्धारित समयमा काम पूरा नभएमा मुल्य समायोजन नगर्ने व्यवस्था भएकोमा माइलस्टोनको आधारमा प्रगति नगरेको भनी गत वर्ष रु.८,८६,००,३५२/३६ हर्जाना कट्टी गरिएका हर्कपुर ओखलढुङ्गा सडकका (प्याकेज १ र २), ओखलढुङ्गा-सल्लेखरी सडकका (प्याकेज १-५) र चैनपुर खाँदवारी सडक निर्माण कार्यका निर्माण व्यवसायीलाई यो वर्ष रु.१,७७,०६,६८०/-मूल्य समायोजन भुक्तानी दिएको छ । एशियाली विकास बैंकको गाइडलाईन अनुसार खरिद कारवाही गरिए पनि निर्माण व्यवसायीले नेपालको कानूनको परिपालना गर्नुपर्ने व्यवस्था सम्झौतामा उल्लेख छ। काममा ढिलाई गरेर पूर्वनिर्धारित क्षतिपूर्ति समेत असुल उपर गरीसकेका निर्माण व्यवसायीलाई भुक्तानी गरीएको मूल्य समायोजन उक्त ऐन विपरीत देखिएकोले असुल गर्नु पर्दछ। यस सम्बन्धमा आयोजनाले सम्बन्धित निर्माण वयवसायीले सम्झौता अनुसार माइलस्टोन पुरा नगरेको कारण हर्जाना लगाइएको र त्यस्तो हर्जाना लगाउँदा मूल्य समायोजन भुक्तानीमा असर नगर्ने व्यवस्थापनको भनाई पनि उक्त ऐनको व्यवस्था बिपरित छ ।

२२. **परामर्श सेवा :** उप क्षेत्रीय यातायात अभिवृद्धि आयोजना अन्तर्गतका सडक योजनाहरुको निर्माण सुपरभिजन कार्यका लागि एक परामर्शदातासँग २० सेप्टेम्बर, २०११ मा सम्झौता भएको देखिन्छ । अमेरिकी डलर १५,७७,९८४/- र ने.रु.१३,८७,१७,५५७/- को सम्झौता भएकोमा २०१४ डिसेम्बरसम्म परामर्श दाताले सम्पूर्ण काम सम्पन्न गर्ने उल्लेख गरिएको छ । यस वर्ष परामर्शदातालाईं २,७८,७५,३१७/- भुक्तानी भएको छ ।

२३. **कर बीजक वेगर भुक्तानी :** मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १७ (१) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्ति वा संस्थाले कुनै वस्तु वा सेवा आपूर्ती गर्दा अनुसूचि ५ र ५ (क) वमोजिमको ढाँचामा कर विजक दिनुपर्ने उल्लेख छ । परामर्शदातालाईं बैदेशिक मुद्रातर्फको बिल नं. ४६ भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर विजक वेगर भुक्तानी गरेको देखिन्छ । नियममा व्यवस्था भए अनुसारको बिजक जारी नगरी भुक्तानी दिएको रकम रु.९,०९,०६३/- को सम्बन्धमा आय विवरण पेश नगरेको एकिन गरी नगरेको पाइएमा आयकर ऐन २०५८ अनुसार बिगो, जरिवाना र शुल्क समेत असुल गर्नु पर्दछ ।

२४. असम्बन्धित खर्च : परामर्शदातासँग भएको सम्झौताको अनुसूची २ मा प्रोभिजनल सम रु.२२,००,०००/- देखिन्छ । सवारी साधन खरिद, एचआईभी/एड्स, मानव बेचविखन, जीविकोपार्जन/सामाजिक विकास लगायतका तालिममा खर्च गर्ने प्रावधान राखिएकोमा आयोजना निर्देशनालयले सुरक्षागार्डको खर्च जिफोरएस सेक्युरिटी सर्भिसलाईं रु.६,९३,०७७/- भुक्तानी गरेको देखिन्छ । अनियमित काम नियन्त्रण हुनु पर्दछ ।

बाढीजन्य क्षति पुल निर्माण आयोजनातर्फ

यस आयोजना अन्तर्गत कोशी पुल योजनाका लागि २०११ सेप्टेम्बरमा एक निर्माण व्यवसायीसँग रु.५९,६३,९०,११८/- को सम्झौता भई हालसम्म ६८,४७,१७,२६२/- भुक्तानी भएको छ ।

२५. कर बीजक बेगर भुक्तानी : मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १७ (१) मा करमा दर्ता भएको व्यक्ति वा संस्थाले अनुसूचि ५ र ५ (क) वमोजिमको ढाँचामा कर विजक दिनुपर्ने उल्लेख छ । निर्माण व्यवसायीलाई रनिङ्ग बिल १६ र १७ को रु.६६,३३,४९१/-भुक्तानी गर्दा कर विजक जारी गरेको देखिएन । उल्लेखित रनिङ्ग बिलको भुक्तानी भै सकेपछि आर्थिक वर्ष २०७३/७४ को असोज २४ गते कर विजक जारी गरी पेश गर्न लगाएको र ती विजकहरुमा मिति समेच सच्चाई पेश गरेको देखिन्छ । यो रकमकको रीतपूर्वक आय विवरण पेश गरे नगरेको बिषयमा सम्बन्धित आन्तरीक राजस्व कार्यालयबाट एकिन गरी नगरेको पाइएमा आयकर ऐन २०५८ अनुसार बिगो, जरिवाना र दस्तुर समेत असुल गर्नु पर्दछ ।

२६. **यथार्थ बजेट खर्च नदेखिएको :** निर्माण व्यवसायीले रनिङ्ग बिल १६ र १७ वापत रु.१,१९,६५,४७२/- को बिल पेश गरेकोमा रु.१,४८,२१,५५८/- भुक्तानी गरेको देखिन्छ । वैदेशिक मुद्रा तर्फको भुक्तानीमा रु.२८,५६,०८६/- बढी भुक्तानी भएको देखिन्छ । रनिङ्ग बिल र विजकमा उल्लेख भए भन्दा बढी खर्च लेखिएको उक्त रकम नियम सम्मत देखिएन । यस सम्बन्धमा सम्बन्धित आयोजनाको ऋण सम्झौताको अवधी समाप्त भई डलर खाता समेत बन्द भएको र नेपाल सरकारतर्फको बजेट पर्याप्त नभएको कारण समयमा भुक्तानी गर्न नसकिएकोले नेपाल राष्ट्र बैंकसंग डलर खरिद गरी अर्थ मन्त्रालयको सहमतीमा पछि भुक्तानी गर्दा विनिमय दर फरक परेको कारण बढी खर्च लेख्नु परेको व्यवस्थापनको भनाई छ । सम्झौता गर्दा बिनिमय दर रु.७१/८० (Fixed rate) कायम गरिएकोमा हाल एडिबि सँगको सम्झौता समाप्त भै सकेको र कोशीपुल चतारा निर्माणको दायित्व नेपाल सरकारमा आएको हुँदा वैदेशिक मुद्रामा भुक्तानी गर्नुपर्ने रकम अमेरिकी डलर ८२,१४५/१८ नेपाली रुपैया १०६/५६ का दरले भुक्तानी गर्दा बजेट खर्चमा फरक पर्न गएको देखिन्छ । ऋण सम्झौता अवधि सम्म पनि निर्माण कार्य सम्पन्न नगरी ढिलाईं गरेका कारण सरकारी दायित्व वढन गएको छ । समयमै निर्माण कार्य सम्पन्न गर्ने तर्फ निर्देशनालयको ध्यान जानु जरुरी छ ।

२७. **परामर्श सेवा खर्च :** यातायात आयोजना तयारी सहयोग आयोजना अन्तर्गत परामर्श सेवा शिर्षकमा रु.१६,०३,४१,०००।– बजेट बिनियोजन भएकोमा रु.१५,२७,८८,११०।५१ निकासा तथा खर्च भएको छ । यस आयोजना अन्तर्गत पूर्व पश्चिम राजमार्ग अन्तर्गत ४०० कि.मि. सडक सुधार तथा ७८ वटा पुल निर्माणको सम्भाव्यता अध्ययन, बिस्तृत ड्रइङ्ग, डिजाइन तथा लागत अनुमान समेत तयार गर्न एक परामर्शदातासँग १८ महिना भित्र काम सम्पन्न गर्ने गरी २६ जून २०१५ मा सम्झौता भएको थियो ।

२७.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९ मा परामर्श सेवा लिंदा निजले सम्पादन गर्नुपर्ने कामको विस्तृत बिवरण तयार गर्नुपर्ने व्यवस्था छ । आयोजनाले परामर्शदातासँग भएको सम्झौतामा सो विवरण नखुलाईं लागतको युनिट दरमा ७८ वटा पुल तथा ४०० कि.मि. सडकको सर्भे तथा डिजाइन गर्ने गरी रकम मात्र समाबेश गरिएको छ । आयोजनाले सम्झौतामा स्थान नखुलाइंए पनि बुटवल–नारायणघाट, भैरहवा–लुम्बिनी, मुग्लिन–पोखरा, लहान–ठाडी, गौर, जनकपुर, बनेपा–नगरकोट, लगायतका स्थानको ४०० कि.मि. सडकको अध्ययन तथा डिजाइन गर्न र बुटवल–नारायणघाट तथा पूर्वपश्चिम राजमार्गमा पर्ने ७८ पुलको अध्ययन तथा बिस्तृत डिजाइन तयार गर्ने गरी सम्झौता भएको जानकारी दिएको छ । बिस्तृत विवरण खुलाएर मात्र संझौता गर्नु पर्दछ ।

२७.२ परामर्शदाताहरुको संख्या बिभिन्न क्षेत्रको ७ जना १.२५ म्यानमन्थ देखि १७.५ म्यानमन्थसम्म मासिक अमेरिकी डलर १७,५००/- देखि २४,०००/- सम्म भुक्तानी गर्ने गरी सम्झौता भएको छ । स्वदेशी परामर्शदाताहरु २० जनाको लागि ४ देखि १८ म्यानमन्थको लागि प्रति महिना रु.१,७२,०००।– देखि रु.२,२५,७५०।– सम्म भुक्तानी गर्ने गरी सम्झौता भएको छ । कामको प्रकृति र परिमाण अनुसार कुन क्षेत्रको कति जना परामर्शदाता आवश्यक पर्ने हो सोको एकिन हुने गरी नर्मस् स्वीकृत भएको देखिदैन ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा कण्टिन्जेन्सी राख्ने व्यवस्था छैन । आयोजनाले परामर्शदातासंग सम्झौता गर्दा अमेरिकी डलर २,६०,४२५.०० कन्टिन्जेन्सी राखेको छ । तथापि सो रकम यो वर्षसम्म खर्च भएको छैन ।

२८. **तलबी प्रतिवेदन पारीत नभएको :** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(२) अनुसार जिल्ला स्थित कार्यालयका निजामति कर्मचारीको सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयवाट तलवी प्रतिवेदन पारीत गरी तलव भत्ता खर्च लेख्नुपर्नेमा नपाउने ग्रेड समेत भुक्तानी गरिएका ८ जना कर्मचारीलाई तलबि प्रतिबेदन पारित नगरी रु.१८,४१,६२९/- तलब खर्च लेखेको छ ।

२९. **करारतर्फका कर्मचारीको तलव भत्ता खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५(३) मा सार्वजनिक निकायले रु.१ लाखसम्मको सेवा वार्ता गरी करारमा लिनसक्ने र सो भन्दा बढी रकमको सेवा करारमा लिनु परेमा राष्ट्रियस्तरको पत्रिकामा १५ दिनको सूचना प्रकाशन गरी प्रतिस्पर्धात्मक तवरले लिनुपर्ने व्यवस्था छ । यस कार्यालयले यस वर्ष विभिन्न कर्मचारीहरुलाई विगत वर्षकै निरन्तरता दिँदै बिना प्रतिस्पर्धा करार म्याद थप गरी तलबमा रु.५०,७०,५००/- खर्च लेखेको छ । साथै आयोजना निर्देशनालय र अन्तर्गत योजना कार्यालयहरु समेतका लागि बिभिन्न तहमा गरी कुल १३३ दरवन्दी स्वीकृत भएकोमा कर्मचारीको आवश्यकतालाई विचार गरी करारमा कर्मचारी राख्ने कुरामा पुनरावलोकन हुनुपर्दछ ।

३०. **शीर्षक फरक पारी खर्च लेखेको :** आर्थिक कार्यविधि नियमावली, २०६५ को नियम ३५ बमोजिम सम्बन्धित खर्च शीर्षकबाट खर्च लेख्नु पर्नेमा कार्यालयले टेण्डर आह्वान लगायतका सूचना प्रकाशनमा खर्च गरेको रु.१,६५,३०७/- कार्यालय सञ्चालन शिर्षकमा खर्च जनाउनु पर्नेमा सेवा परामर्शमा खर्च जनाएको नियमसम्मत देखिएन ।

३१. **सामाजिक सुरक्षा कर :** आयोजना निर्देशनालयमा कार्यरत एकजना कर्मचारीले आयकर ऐन, २०५८ अनुसार वार्षिक आयमा तिर्नुपर्ने सामाजिक सुरक्षा कर रु.२,०६२/– मध्ये रु.८३४/–मात्र कट्टी गरी दाखिला गरेको हुँदा नपुग सामाजिक सुरक्षा कर रु.१,२२८/– असुल गरी दाखिला हुनु पर्दछ ।

३२. **राजस्वको लेखा :** आर्थिक कार्यविधि नियमावली, २०५५ को नियम १० मा राजस्वको लेखा महालेखा परीक्षकको कार्यालयबाट तोकिएको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । आयोजना निर्देशनालयले रु.७८,०१,८९१/६० हसवली राजस्व असुल गरी बैंक दाखिला गरेकोमा रीतपूर्वकको लेखा नराखी बैक दाखिला भौचरको आधारमा लेखा राखेको छ ।

३३. **राजस्व दाखिला :** निर्देशनालयले यो वर्ष २ निर्माण व्यवसायीको धरौटी रु.२,६३,७०,३४६।- सदरस्याहा गरी करदाता सेवा कार्यालय टंगालको खातामा राजस्व शिर्षक नं. १४३१२ मा दाखिला गरेको देखियो । सो रकम निर्देशनालयको राजस्वको आर्थिक बिवरणमा आम्दानी देखाउनु पर्नेमा नदेखाउदा निर्देनालयको आर्थिक बिवरण यथार्थपरक देखिएन ।

३४. **पेश्की :** आर्थिक बर्षको अन्त सम्म फछ्र्यौट हुन बाँकी देखिएको पश्की रु.२९ करोड ५५ लाख ६८ हजार सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (५) र ठेक्का संभौता अनुसार फछ्र्यौट गर्नु पर्दछ ।

काठमाडौं उपत्यका सडक विस्तार आयोजना

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद गुरु योजना र खरिद योजना तयार नगरेको, मर्मत सम्भार तथा लिलामको कारवाही अगाडि नबढाएको, एकै किसिमका मालसामानमध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरिएको परिमाणको तुलनात्मक विवरण लगायतका व्यहोराहरु खुलाई निरीक्षण प्रतिवेदन तयार नगरेको, मूल्य नखुलेका जिन्सी सामानको मूल्य खुलाई नराखेको, सडक अभिलेख तयार नगरेको, रु.८ करोड ८० लाखको अख्तियारी आषाढमा पठाएको, कुल खर्च रु.१ अरब २० करोड मध्ये तेश्रो चौमासिकमा ७४ प्रतिशत र आषाढमा ४७ प्रतिशत खर्च गरेको, त्रुटी सच्याउने अवधीका ठेक्काहरुको अभिलेख नराखेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **लक्ष्य/प्रगति स्थिति :** कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम तथा लक्ष्य अनुरुप प्रगति हासिल गर्नु पर्दछ । कार्यालयबाट प्राप्त वार्षिक प्रगति प्रतिवेदनमा उल्लेख भएअनुसार संचालित १९ कार्यक्रम मध्ये १ आयोजना

मा कार्य हुन नसकेको तथा १८ योजनामा ७५ प्रतिशत भन्दा वढी प्रगति भएको उल्लेख भएको छ। समग्र प्रतिशत ७५ प्रतिशत भन्दा वढी भए तापनि आयोजना भित्र गर्नुपर्ने क्रियाकलापमा लक्ष्य अनुसार प्रगति भएको देखिएन। यसरी न्यून प्रगति हुनुका कारण तथा समस्या पहिचान गरी निर्धारित लक्ष्य अनुसार प्रगति हासिल गर्ने तर्फ ध्यान पुऱ्याउनु पर्ने देखिन्छ।

३. **कन्टिजेन्सी खर्च :** कार्यालयले यो वर्ष मष्टरोल ज्यालामा रु.७३ लाख ६४ हजार, इन्धन सूचना प्रकाशन, भ्रमण भत्ता, मर्मत कार्यालय सामानमा रु.९०लाख १४ हजार र सवारी साधन खरिद गर्न सडक विभागमा पठाएको रु १ करोड ४५ लाख २ हजार समेत रु.३ करोड ८ लाख ८० हजार कन्टिजेन्सी खर्च लेखेको छ। यस्तै प्रकृतिको खर्च चालु बजेटबाट पनि हुने गरेको छ। कन्टिजेन्सीबाट खर्च गर्ने नीति तय नभएको, खर्चको ठेक्कागत अभिलेख नभएको, सोझै खरिद गरेको, कार्यालय संचालन सम्बन्धी खर्च कन्टिजेन्सीबाट लेखेको र एकै प्रकृतिका खर्चहरु पूँजीगत तर्फको कन्टिजेन्सी र चालु खर्च शीर्षक दुवैबाट गरेको छ। कन्टिजेन्सीबाट खर्च गर्ने स्पष्ट कार्यविधि तयार गर्नुपर्दछ।

आर्थिक कार्यवधि नियमावली, २०६४ को नियम २०(३) मा ठेक्का स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नुपर्ने उल्लेख छ। कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष प्रथम चौमासिकमा ६, दोस्रो चौमासिकमा २ र तेस्रो चौमासिकमा १३ ठेक्का सम्झौता भएको देखिन्छ। अतः नियमावलीको व्यवस्था अनुसार आर्थिक वर्षको अन्ततिर अधिक खर्चको दवाब पर्ने स्थितिलाई नियन्त्रण गर्नु पर्दछ।

४. **सडक हस्तान्तरण** : यस आयोजनाबाट निर्माण कार्य सम्पन्न भई गत वर्ष लेखापरीक्षणमा उल्लेख भएका ७ सडकहरु सम्बन्धित डिभिजन सडक कार्यालयहरुलाईं हस्तान्तरण गरेको बाहेक यस बर्ष थप सडक हस्तान्तरण गरेको देखिएन।

५. **अधुरा ठेक्का सम्बन्धमा :** संझौता अनुसार ठेक्काको काम निर्धारित समयमा सम्पन्न गर्नु पर्नेमा गत विगत वर्ष ठेक्का व्यवस्था भई यस वर्ष निर्माण कार्य भएका ७ ठेक्काको निर्माण कार्य सम्पन्न गर्ने अवधि समाप्त भइसकेको भए तापनि निर्माणकार्य सम्पन्न भएको देखिएन। यसरी अधुरा रहेका ठेक्का सम्बन्धमा नियमानुसार आवश्यक कारवाही गरी ठेक्का फरफारक गर्नु पर्ने देखिन्छ। त्यसैगरी आयोजनाबाट आ.व. २०७१।७२ मा ठेक्का बन्दोबस्त भएका ४ ठेक्का प्याकेज २०७५ आषाढ सम्म सम्पन्न गर्ने गरी सम्झौता भएको भए तापनि यस आर्थिक वर्ष कुनै कार्य भएको पाइएन। काम रोक्ने निर्माण व्यवसायीहरुलाई संझौतानुसार कारबाही गर्नु पर्दछ।

६. **गुणस्तर आश्वस्तता तथा कार्यतालिका** : विभिन्न निर्माणकार्यको लागि हुनुपर्ने न्यूतम गुणस्तर तोकी सडक विभागबाट स्टाण्डर्ड स्पेसिफिकेसन फर रोड एण्ड ब्रिज वर्क २०५८ जारी भएको साथै निर्माण व्यवसायीहरुसँग भएको सम्झौतामा कार्यतालिका पेश गर्नु पर्ने व्यवस्था छ। योजना अन्तर्गत सञ्चालित सडक निर्माण, सुधार सम्बन्धी ठेक्का सम्झौता गर्दा उल्लिखित व्यवस्था अनुसार गुणस्तर आश्वस्तता योजना र कार्यतालिका पेश गर्न लगाउने गरेको पाइएन। गुणस्तर आश्वस्तता योजनाको अभावमा परीक्षण गराइएको तुलना गरी आवश्यकता अनुसार भए, नभएको एकिन गर्न सकिने अवस्था छैन। यस तर्फ ध्यान जानु पर्ने देखिन्छ।

७. **म्याद थप :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पुरा गर्न नसकिने भएमा सम्झौताको म्याद सकिनु कम्तिमा ७ दिन अगावै निवेदन दिनुपर्ने , त्यस्तो निवेदन दिनुको कारण मनासिब भएमा म्याद थप गर्न सकिने उल्लेख छ। कतिपय निर्माण व्यवसायीले दफा १.१ (यु) मा तोकेको माइलस्टोन अनुसार प्रगति नभएमा दफा ४७.१ अनुसार ७ दिन अगावै निबेदन नदिएको, कतिपय सडक तथा निर्माण कार्यको ठेक्काहरुमा म्याद थपको निर्णय हुन १०.६ महिनासम्म लगाएको अवस्था देखियो। कतिपय ठेक्का प्याकेजहरुमा पटक पटक गरी शुरु सम्झौता अवधिको १३९ प्रतिशत सम्म म्याद थप भएर पनि उक्त ठेक्का कार्यहरु अधुरै अवस्थामा रहेको देखिएको छ। म्याद पथबाट समय र लागतमा बृद्धि भएको वा हुन जाने र प्रतिफल प्राप्तीमा ढिलाई भएको स्थिति छ।

८. **पूर्व निर्धारित क्षतिपूर्ति :** निर्माणव्यवसायीसँग भएको सम्झौताको GCC 1.1 (u) तथा सोसँग सम्बद्ध SCC मा प्रतिदिन सम्झौता रकमको ०.००७५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति लिनु पर्ने व्यवस्था रहेको छ। ८ ठेक्का प्याकेजका निर्माणव्यवसायीले सम्झौता अनुसारको माइलस्टोन – १ (२५ प्रतिशत प्रगति) हासिल गरेको नपाइएकोले सम्झौता अनुसार रु १,३३,१०,५३३।०० पूर्व निर्धारित क्षतिपूर्ति कट्टी गर्नु पर्नेमा गरेको देखिएन। यस सम्बन्धमा आयोजना व्यवस्थापनसँग छलफल गर्दा उल्लेखित सम्झौताहरुको माइलस्टोन शिफ्ट गर्ने तथा म्याद थप गर्ने प्रक्रियामा रहेको जवाफ प्राप्त भयो।

९. **निर्माणस्थल यकिन नगरी ठेक्का बन्दोबस्त :** सार्वजनिक खरिद नियमानवली, २०६४ को नियम ६ मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई निर्माण खरिदको कारवाही शुरु गर्न नहुने व्यवस्था रहेकोमा कार्यालयले कतिपय सडक योजनाको निर्माणस्थल यकिन नभएकै अवस्थामा ठेक्का बन्दोबस्त गर्ने

गरेको पाइयो। त्रिपुरेश्वर–कलंकी–नागढुंगा, चाबहिल–जोरपटी–सांखु लगायतका सडक विस्तार अन्तर्गतका कतिपय ठेक्काहरु यसैगरी व्यवस्था गर्दा कार्य शुरु नभएको, कार्य शुरु भएका ठेक्काको प्रगति न्यून रहेको र सम्झौतामा उल्लेखित माइल स्टोन हासिल हुन नसकी विवाद तथा अवरोध सिर्जना हुनुका साथै पटक पटक म्याद थप गर्नु परेको अवस्था देखियो।

१०. **एज बिल्ट ड्इङ्ग** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माणकार्य सम्पन्न भएको तीस दिनभित्र निर्माणव्यवसायीले एज बिल्ट नक्सा पेश गर्नुपर्ने उल्लेख छ। सम्झौताको दफा ५७.१ र ५७.२ मा निर्माणव्यवसायीले ३० दिनभित्र एज बिल्ट ड्रइङ्ग पेश गर्नु पर्ने र सो डकुमेण्ट पेश नगरेमा रु १ लाख रकम रोक्का राख्नुपर्ने व्यवस्था समेत रहेको छ। नमूना छनौट गरी परीक्षण गरिएकामध्ये यस वर्ष अन्तिम बिल भुक्तानी भएका विभिन्न ६ सडक र पुलका ठेक्काहरुकको एज बिल्ट ड्रइङ्ग पेश नभएकोमा रु.६ लाख रोक्का नराखी भुक्तानी खर्च लेखेकोले रोक्का राखी सो नक्सा पेश गर्न लगाउनु पर्दछ।

११. **लागत अनुमान तथा नर्म्सको प्रयोग :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) बमोजिम सार्वजनिक निकायले निर्माणकार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम मितव्ययी रुपले तयार गर्नु पर्दछ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार छन्:

११.१ सडक विभागबाट जारी नर्म्समा सिमेण्ट बालुवाको जोडाइ भएको ढुंगाको गाह्रो लगाउँदा प्रति घन मिटर गाह्रोमा १.१५ घ.मी. ढुंगा लाग्ने व्यवस्था गरेको पाइयो। भवन विभाग, सिंचाइ विभाग लगायत अन्य विभागको स्वीकृत नर्म्समा प्रति घ.मी. गाह्रो लगाउँदा १.१० घ.मी. ढुंगा लाग्ने व्यवस्था रहेको पाइयो। समान प्रकारको कार्यमा समान नर्म्स लागू नहुँदा यस वर्ष लागत अनुमान तथा ठेक्का व्यवस्था भएकामध्ये ७ प्याकेजको लागत अनुमान तयार गर्दा १५ प्रतिशत ओभरहेड र १३ प्रतिशत मूल्य अभिवृद्धिकर समेत रु. ७०,६७,७५६/- थप लागत समावेश हुन गएको देखिन्छ।

१२. **एग्रीगेट्सको प्रयोग :** सडक विभागबाट जारी नर्म्समा अस्फाल्ट कंक्रिटमा प्रयोग हुने एग्रिगेट्सको साइज ६-१० एम.एम. हुने उल्लेख भएको र केही ल्याब टेष्ट रिपोर्ट परीक्षण गर्दा १० एम. एम. मुनिको एग्रिगेट्स ५० प्रतिशत भएको देखिए पनि स्वीकृत जिल्ला दर अनुसार ६-१० मुनिको साइजको दर प्रति घन फीट रु.८१।- र १०-२० साइजको दर प्रति घन फीट रु.८८।- रहेकोमा १०-२० साइजको दर प्रयोग गरेको कारणबाट प्रति घ.मी. अस्फाल्ट कंक्रिट कार्यको लागत अनुमानमा रु.२४७।- थप लागत समावेश हुन गएको छ। यस वर्ष लागत अनुमान तथा ठेक्का व्यवस्था भएकामध्ये नमूना छनौट गरी परीक्षण गरिएका ५ ठेक्कामा मात्र रु.४५,७५,८७३/- थप लागत समावेश भएको देखिएको छ।

१३. **भुक्तानी स्थिति** : भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको मिति २०७१।८।२६ को सचिव स्तरीय निर्णयबाट त्रिभुवन राजपथ अन्तर्गतको त्रिपुरेश्वर–कलंकी–नागढुंगा सडक खण्ड (१२.४८० कि.मी.) को विस्तार कार्य अगाडि बढाउने उल्लेख भए अनुसार सो सडक खण्डलाई ४ प्याकेजमा विभाजन गरी ठेक्का व्यवस्था भएकोमा देहायअनुसार देखियो।

१३.१ निर्माण व्यवसायीहरुसँग भएको सम्झौतामा कूल २० प्रतिशत पेश्कीमध्ये १० प्रतिशत सम्झौता भएपछि र बाँकी १० प्रतिशत निर्माणकार्यको १० प्रतिशत प्रगति हासिल भएपछि प्रदान गर्नुपर्ने व्यवस्था रहेकोमा ठे.नं. ०३७-०७१/७२ का निर्माण व्यवसायीलाई उल्लेखित प्रगति हासिल नहुँदै दोस्रो किस्ता मोबिलाइंजेशन पेश्की रु.३५०,००,०००/- प्रदान गरेको पाइयो। उक्त ठेक्काको भौतिक प्रगति पनि अत्यन्त न्यून (४३ प्रतिशत समय व्यतित भइसकेको अवस्थामा ४.११ प्रतिशत मात्र प्रगति) भएको देखिन्छ। यसरी सम्झौताको प्रावधान विपरीत मोबिलाइंजेशन पेश्की दिने कर्मचारीलाई कारबाही गरी यस्तो कार्य नियन्त्रण हुनु पर्दछ।

१३.२ २०७१।८।२६ मा भएको सचिवस्तरीय निर्णय एवं २०७२।२।१९ मा स्वीकृत डिजाइन/लागत अनुमानमा त्रिपुरेश्वर–कलंकी–नागढुंगा सडक हालको १८ मीटरमा बढाई २२ मीटर चौडा बनाउने, त्यस अन्तर्गत ४/४ मीटर का ४ वटा स्पीड लेन र ती स्पीड लेनको दुवै साइडमा १.२ मीटर चौडा साइकल ट्याक, सडकको केन्द्रमा २ मीटर चौडा मेडियन र दुवै साइडमा २/२ मीटर चौडा फूटपाथ निर्माण गरिने उल्लेख भएकोमा उल्लेखित सडक खण्डका ४ वटै प्याकेजहरुको रनिङ्ग बिल, नापी शीट तथा स्थलगत निरीक्षणको आधारमा साइकल ट्याक तथा मेडियन तयार गर्ने गरी निर्माणकार्य सञ्चालन भएको देखिएन। यस सम्बन्धमा आयोजना व्यवस्थापनसँग छलफल गर्दा उक्त कार्यहरु BOQ मा प्रत्यक्ष रुपमा उल्लेख नभएता पनि आस्फाल्ट कंक्रिट, पि.सी.सी. र पेण्टिङ्गमा रहेको परिमाणबाट उक्त कार्यहरु पछि गर्न सकिने जवाफ प्राप्त भयो। डिजाइन अनुसार लागत अनुमान तयार नगरी काम गराउने जिम्मेवार व्यक्तिलाई कारबाही गर्नु पर्दछ।

१३.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माणकार्य गर्ने निर्माणव्यवसायीले निर्माणसामग्री, प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माणकार्यको त्रुटि सच्याउने अवधि समेत कभर हुने गरी बीमा गराउनुपर्ने व्यवस्था छ। ३ निर्माण व्यावसायीलाई प्रथम रनिङ्ग बिलबाट वीमा खर्च प्रमाण वेगर भुक्तानी गरेको छ। ती प्रमाण पेश नभएमा भुक्तानी भएको बिमा खर्च निर्माण व्यावसायीबाट असुल गर्नु पर्दछ।

१३.४ निर्माण व्यावसायीबाट पेश भए अनुसार कार्य तालिकाको कार्यान्वयन स्थितिको नियमित अनुगमनको व्यवस्था गरिनु पर्दछ। निर्माणव्यवसायीहरुसंग भएको सम्झौता साथ संलग्न कार्यतालिका र २०७३ आषाढ मसान्तसम्म पेश भएका रनिङ्ग बिल तथा नापी किताब परीक्षण गर्दा कतिपय कार्य प्रारम्भ नै नगरिएका, २०७३ आषाढ मसान्तसम्म सम्पन्न गर्नुपर्ने कार्यहरुको प्रगति पनि न्यून (शुन्य देखि ४१.६७ प्रतिशत सम्म मात्र) रहेको पाइएको छ।

सोही सडक विस्तारका निर्माण व्यवसायीहरुसँग भएको सम्झौताको दफा १.१ अनुसार सम्झौता भएको १५ दिन अर्थात् २०७२ श्रावण १५ गतेभित्र निर्माण कार्य प्रारम्भ गर्नु पर्ने व्यवस्था छ। तर उक्त सडक खण्डका ४ वटै प्याकेजका निर्माण व्यावसायीले सम्झौता भएको ४ महिना पछि मात्र कार्य प्रारम्भ गर्ने गरी कार्यतालिका पेश गरेको र आयोजनाले पनि सोही कार्यतालिका स्वीकार गरी सम्झौतामा संलग्न गरेको पाइयो। संझौता बिपरीत कार्य तालिका पेश गर्ने निर्माण व्यावसायीलाई कारबाही नगर्ने आयोजना प्रमुखलाई जिम्मेवार बनाउनु पर्दछ।

१३.५ ड्रेनेज कार्यको लागि स्वीकृत डिजाइनमा उल्लेख भए भन्दा सानो र ठूलो साइजको ड्रेन समेत निर्माण गरेको पाइयो। साइटमा डिजाइन/लागत अनुमानमा उल्लेख भए भन्दा फरक अवस्था सृजना भई ह्युम पाइपको साइज फरक पर्न गएको जवाफ प्राप्त भयो।

१३.६ स्वीकृत डिजाइन एक आइटमको Dense Bituminus Macadam को मोटाइ ५० एम.एम. रहेकोमा नापी शीटमा ६० एम.एम. राखी कार्य परिमाण गणना गरेको कारणबाट प्रथम रनिङ्ग बिलको ५.६२ घ.मी. बढी कार्य हुन गइ रु ६४६७०।०० वढी खर्च हुन गएको छ। डिजाइन अनुसार निर्माण गर्नु पर्दछ।

१४. कलंकी–नागढुंगा सडक : (चे. ६+०००-९+१००) का निर्माण व्यवसायीलाई भुक्तानी खर्च लेखेकोमा देहाय अनुसार देखियो :

१४.१ स्वीकृत डिजाइन/लागत अनुमान अनुसार आइटम नं. 6A.4 अन्तर्गत रहेको ढुंगाको गाह्रो (रिटेनिङ्ग/डिमार्केशन वाल) को कार्य चेनेज ६+००० देखि ९+१०० कि.मी. सम्म गर्नु पर्ने देखिन्छ। प्रथम रनिङ्ग बिल (०७३।३।२७) सम्म उक्त कार्य सडकको दायाँतर्फ ६+००० देखि ८+७०२ सम्म र बायाँतर्फ ६+००० देखि ८+१९७ सम्म मात्र भएको अवस्थामा ठेक्काको पुरै परिमाण ३०४९ घ.मी. को भुक्तानी गरेको पाइयो। यसरी दुई साइडमा गरी करीब १३०० मीटरमा वाल लगाउने कार्य गर्न बाँकी नै रहेको अवस्थामा यस सम्बन्धमा छानबिन गर्नु पर्दछ।

१५. **जडीबुटी चोक - पेप्सीकोला - मनोहरा सडक** खण्डमा सुधार तथा विस्तारको लागि आर्थिक वर्ष ०७०।७१ मा एक निर्माणव्यवसायीसँग रु.१२,६७,१६,४३७।०० मा १८ महिना भित्र सम्पन्न गर्ने गरी २०७०।१०।१३ मा सम्झौता भई अन्तिम बिल सम्म रु.१५,६२,४४,६५१। भुक्तानी भएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् :

१५.१ मूल्य समायोजन भुक्तानी : सार्वजनिक खरिद निमायवली, २०६४ को नियम ११९ मा खरिद सम्झौतामा मूल्य समायोजनको प्रावधान राख्न सकिने व्यवस्था छ। उक्त सडक खण्डका एक निर्माण व्यावसायीलाई छैटौं देखि दशौं तथा अन्तिम बिल सम्मको मूल्य समायोजन वापत रु.६६ लाख २८ हजार (मूल्य अभिवृद्धिकर बाहेक) भुक्तानी दिएकोमा भेरिएशनबाट नयाँ दर कायम गरिएका आइटमहरुको मूल्यमा समेत मूल्य वृद्धि भुक्तानी दिएको पाइयो। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८.३ अनुसार खरिद सम्झौतामा उल्लेखित दररेट भन्दा बढी दररेट हुने गरी भेरिएशन आदेश जारी गर्नु पर्ने अवस्थामा आइटमको दर समेत विश्लेषण गरी एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्ने प्रावधान रहेकोमा सो अनुरुप स्वीकृत गराएको पाइएन। सम्झौता भएको करिब एक वर्षपछि भेरिएशन आदेश जारी भएको साथै २०७१।४।१२ मा भएको म्याद थप सम्बन्धी निर्णयमा मूल्य वृद्धि भुक्तानी दिनु परेमा शुरु सम्झौता अनुसार कार्य सम्पन्न गर्नुपर्ने अन्तिम मिति अर्थात् जुलाई २०१५ सम्मको मूल्य सूचकांकको आधारमा हुने मूल्य वृद्धि भुक्तानी दिने उल्लेख छ। जस अनुसार भेरिएशन जारी भई नयाँ दर कायम भएको मिति जनवरी, २०१५ देखि जुलाई २०१५ सम्म केवल ६ महिना हुने र सम्झौतामा उल्लेखित मूल्य समायोजन सूत्र अनुसार १५ प्रतिशत नन एड्जस्टेबल हुने आधारमा नयाँ दर कायम भएका आइटमहरुका हकमा रु.२१ लाख ९४ हजार मूल्य समायोजन गर्नु पर्ने अवस्था नदेखिएकोले थप व्ययभार पर्न गएको देखिएको छ।

१६. **सिनामंगल - पुरानो बानेश्वर** : मैतीदेवी सडक को सुधार तथा विस्तारको लागि आर्थिक वर्ष ०७०।७१ मा एक निर्माण व्यावसायीसँग रु ७,५२,९८,३८०।०० मा १५ महिना भित्र सम्पन्न गर्ने गरी २०७०।१०।१३ मा सम्झौता भई चौथो रनिङ्ग बिलसम्म रु.६,००,०९,७३५। भुक्तानी भएको छ। के.यु.के.एल, आयोजना कार्यान्वयन निर्देशनालयबाट सडकको विभिन्न स्थानमा खानेपानी पाइप लाईन खन्ने कार्य हुँदा साविक सडक जीर्ण भई ओभरले को सट्टा सब ग्रेड, सब बेसदेखि अस्फाल्ट सम्मको कार्य गर्नु पर्ने भएको तथा साइट कण्डिशनका कारण अन्य केही आइटम थपघट गर्नुपर्ने कारण उल्लेख गरी रु.१०४,७९,१६८। को भेरिएशन जारी भएको देखिन्छ। भेरिएशन आदेशसँग सम्बद्ध टिप्पणी तथा अन्य कागजातका आधारमा भेरिएशन गर्नु

पर्नाको प्रमुख कारण के.यु.के.एल्, आयोजना कार्यान्वयन निर्देशनालय ले मेलम्ची खानेपानी आयोजनाबाट आपूर्ति हुने खानेपानी वितरण प्रणाली निर्माणको सिलसिलामा खनेको पाइप लाइनका कारण साविक सडक कच्ची सडकमा परिणत भई ओभरलेको सट्टा पुरै चौडाइमा अस्फाल्ट कंक्रिट तथा सो सँग सम्बद्ध शुरुदेखिका अन्य चरणका कार्यहरु गर्नुपर्ने भई कार्य परिमाण बढ्न गएको उल्लेख छ । पाइप लाइंन खनिएको क्षेत्रमा पहिलेकै अवस्थामा सडक पुनर्स्थापना कार्य समेत समावेश गर्ने गरेको पाइएकोले यसबाट सडक निर्माण, सुधार कार्यमा दोहोरोपना रहेको सम्बन्धमा यकिन हुनु पर्ने देखियो ।

१७. बालाजु पुल–शोभा भगवती–डल्लु सडक : खण्डको सुधार तथा विस्तारको लागि ०७१।७२ मा एक निर्माणव्यवसायीसँग रु.६,३३,४२,१७२। मा २०७२।३।२० अर्थात् ८ महिना भित्र सम्पन्न गर्ने गरी २०७१।७।२३ मा सम्झौता भई अन्तिम बिलसम्म रु.४,२०,५७,७३९। भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् :

१७.१ स्वीकृत डिजाइन तथा लागत अनुमान अनुसार बेस कोर्सको मोटाइ १५ से.मी. तथा अस्फाल्टको मोटाइ ५ से.मी. रहेकोमा अन्तिम बिलसँग संलग्न नापी शीट अनुसार क्रमशः २० से.मी. र ५.७ से.मी. परिमाण गणना गरेको पाइयो । यसबाट रु.१२,३१,९४२।- बढी खर्च हुन गएको छ । उक्त कामको नमुना लिई गुणस्तर परीक्षण गरेर वास्तविक मोटाई पत्ता लगाई सोही अनुसार गर्नु पर्दछ ।

१७.२ **समन्वयको अभाव** : मिति २०७३।३।२४ मा भएको भेरिएशन २ तथा ठेक्का टर्मिनेशनको निर्णयानुसार विष्णुमतीको बायाँ किनारमा अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति कार्यक्षेत्र परेकोले हालसम्म भएको कार्यकै आधारमा ठेक्का अन्त्य गर्ने निर्णय भएको देखिन्छ । तर संलग्न अन्तिम बिल तथा नापी शीट अनुसार बायाँ किनारकै सोही चेनेजमा रिटेनिङ्ग तथा डिमार्केशन वालको लागि रु.७७,१५,४६०। भुक्तानी गरेको पाइयो । यसरी दुई सरकारी निकायबीच समन्वयको अभावका कारण ढल लाईन निर्माणका लागि पहिले गरिएका अधिकांश रिटेनिङ्ग तथा डिमार्केशन वाल भत्काई पुनः निर्माण गर्नु पर्ने अवस्था देखिएकोले सडक सुधार तथा विस्तारका लागि गरिएको लगानी खेर जाने देखिएको छ । संभाव्यता अध्ययन चरणमा पर्याप्त अध्ययन गरी यस्ता समस्याहरुको समाधान गर्नु पर्दछ ।

१७.३ **पेश्की कट्टी सम्बन्धमा** : निर्माणव्यवसायीसँग भएको सम्झौता अनुसार निर्माणकार्यको मूल्यांकित रकम ठेक्का रकमको ३० प्रतिशत भएपछि मोबिलाइंजेशन पेश्की हरेक रनि बिलको २० प्रतिशतका दरले कट्टी गर्न शुरु गर्नुपर्ने उल्लेख छ । दोस्रो रनिङ्ग बिलसम्म रु.२४२,९९,४०४।०० (४५ प्रतिशत) भुक्तानी भइसकेको भए तापनि अन्तिम बिलबाट मात्र उक्त पेश्की कट्टी गरेको पाइयो । यसरी १ वर्ष पहिलेदेखि नै कट्टी गर्नुपर्ने पेश्की अन्तिम बिलबाट कट्टी गर्नाले निर्माणव्यवसायीलाई संझौतामा उल्लेख गरे भन्दा बढी सुबिधा पुग्न गएको छ ।

१८. **पुतली सडक – बाग बजार सडक** : खण्ड को सुधार तथा विस्तारको लागि०७१।७२ मा एक निर्माणव्यवसायी सँग रु.४३३,४४,०९६।– मा २०७२।३।१० अर्थात् ७ महिना भित्र सम्पन्न गर्ने गरी २०७१।८।१२ मासम्झौता भई अन्तिम बिलसम्म कूल रु.४,५७,४८,४२४।– भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् :

१८.१ आइटम नं २.५ मा रहेको Excess mterial Transportation को परिमाण गणना गर्दा ड्रेनेज तथा ट्रेचको लागि एक्साभेशन गर्दा निस्केको माटो ७१३.५५ घ.मी. पुरै बाहिर लगी फालेको भनी खर्च भुक्तानी भएकोमा रिटेनिङ्ग स्ट्रक्चर मा ब्याक फिल तथा इम्व्यांकमेण्ट समेतको लागि एक्साभेशनबाट निस्केको सोही सामग्रीको केही अंश प्रयोग हुने र नापी शीटको कैफियत महलमा समेत ७० प्रतिशत मात्र समावेश गर्ने उल्लेख भएकोमा पुरै सामग्री ढुवानी गरी फालेको देखाइँदा थप व्ययभार पर्न गएको रकम रु ४२,८१३। असूल हुनु पर्दछ ।

१८.२ डिमार्केशन वालको लागि ब्रिक म्यासनरीको परिमाण गणना गर्दा दोहोरो चेनेज उल्लेख भएको हुँदा ३.५१ घ.मी. को बढी भुक्तानी हुन गएको हुँदा प्रति घ.मी. रु.१०,०००। का दरले दोहोरो भुक्तानी भएको रु ३५,१००। असूल हुनु पर्दछ ।

१९. **स्वीकृत डिजाइन/लागत अनुमानको पालना** : सार्वजनिक खरिद नियमावली २०६४, को नियम १० अनुसार यर्थाथ हुने गरी लागत अनुमान तयार गर्नुपर्दछ । यस आयोजनाबाट चाबहिल-जोरपाटी-साँखु सडक खण्डको विस्तार कार्यको लागत अनुमान तयार गर्दा म्यासनरी वाल निर्माण गर्न उल्लेख भएको चेनेज र परिणामको नमुना परीक्षण गर्दा स्वीकृत डिजाइन /लागत अनुमान र यर्थाथ कार्यमा ठूलो भिन्नता रहेको देखियो । यर्थाथ लागत अनुमान गर्ने तर्फ कार्यलयको ध्यान जानु पर्ने देखिन्छ ।

२०. **परामर्श सेवा :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने उल्लेख छ । हाइवे ईन्जीनीयर, इन्जीनीयरीङ्ग जियोलोजीस्ट, सर्वेयर, ओभरसीयर, ड्राफ्ट म्यान जस्ता जनशक्ति सडक विभाग अर्न्तगत नै कार्यरत रहे तापनि आयोजनाले परामर्श सेवा लिएको देखियो ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा

परामर्श सेवामा लागत अनुमान तयार गर्दा १५ प्रतिशत ओभरहेड रकम राख्ने सम्वन्धमा केही उल्लेख नभएकोमा पनि ओभरहेड राखेको छ ।

२१. **मुआब्जा वितरण :** आयोजनाले सडक क्षेत्रमा पर्ने घर जग्गा, टहरा आदिको मुआव्जा र क्षतिपूर्ति वितरण गर्दै आएको छ । यो वर्ष मात्र रु ८६,४४,७१६।७७ वितरण गरेको छ । वितरण गर्नु पर्ने मुआव्जा र क्षतिपूर्तिको लगत तयार गरी वितरण भएको मुआव्जा र क्षतिपूर्तिको अभिलेख स्पष्ट हुने गरी राख्नुपर्नेमा यो बषं बितरित रकमको मात्र अभिलेख राखेको देखियो । अभिलेखको अभावमा दोहोरो भुक्तानी समेत हुन सक्ने हुँदा यथार्थ अभिलेख तयार गरी मुआव्जा रकम वितरण गर्ने व्यवस्था गरी लगत अध्यावधिक गर्नुपर्ने देखिन्छ ।

२२. **विगतको भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० को उपनियम ७ मा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट कच्चावारी प्रमाणित गराई भुक्तानी बाकीको भुक्तानी दिनु पर्नेमा कच्चावारी बेगर रु.१४,०८,८९७ भुकानी खर्च लेखेको छ ।

२३. **करार सेवा सम्बन्धमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ मा रु.एक लाखभन्दा बढी सेवा शुल्क लाग्ने सेवाको हकमा क्षेत्रीय वा जिल्लास्तरका सार्वजनिक निकायले १५ दिनको सूचना स्थानीय पत्र पत्रिकामा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नु पर्ने व्यवस्था छ । तर आयोजनाले उल्लिखित प्रक्रिया पुरा नगरी यस वर्ष विभिन्न पदमा ७ जना व्यक्तिलाईं करार सेवामा लिइं रु.१३८६५१०।०० पारिश्रमिक खचं लेखेको पाइयो । अतः नियमावलीमा उल्लिखित कार्यविधि अनुसार मात्र सेवा करारमा लिनु पर्दछ ।

२४. **धरौटीको अभिलेख :** आर्थिक कार्यविधि नियमावली,२०६४ नियम ६८ (१) मा धरौटी खातामा जम्मा भएको धरौटी कारोबारको लेखा अनुसूची ११ बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता अध्यावधिक गरी राख्नु पर्ने व्यवस्था गरेको छ । आयोजनाले यस वर्ष नामनामेसी समेतको बाँकी धरौटीको विवरण खुल्ने गरी अभिलेख राखेको पाइएन ।

२५. **ल्याब परीक्षण अभिलेख :** आयोजनाले यस वर्ष ल्याब परीक्षणबाट संकलन भएको राजस्व रु.१९,८५,८००।- देखाएकोमा विभिन्न निकाय तथा निर्माणव्यवसायीबाट विभिन्न निर्माणसामग्री तथा कार्यहरुको गुणस्तर परीक्षणका लागि प्राप्त हुने पत्र निवेदनको अद्यावधिक अभिलेख राखेको पाइएन । आन्तरीक नियन्त्रण प्रणली कमजोर भएको कारण असुली हुने र भएको राजश्वको यथार्थ अवस्था एकिन भएन ।

२६. **पेश्की बाँकी** : विभिन्न १५ निर्माणव्यवसायीलाईं प्रदान भएको मोबिलाइंजेश पेश्की रु ५२,६१,९०,०००।०० फछ्र्यौट हुन बाँकी देखिएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३.५ तथा संम्झौता अनुसार असूल फछ्र्यौट हुनुपर्दछ ।

काठमाडौ तराई मधेश फाष्ट ट्र्याक आयोजना

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद गुरुयोजना र खरिद योजना नबनाएको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, तलबी प्रतिवेदन पारित नगराएको, नियमावलीको व्यवस्था अनुसार मर्मत सम्भार तथा लिलामको कारवाही अगाडि नबढाएको, एकै किसिमका मालसामानमध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरेको परिमाणको तुलनात्मक विवरण लगायतका व्यहोराहरु खुलाईं निरीक्षण प्रतिवेदन तयार नगरेको, प्रयोजन र अवधि समाप्त भएका धरौटी सदरस्याहा गरी राजस्वमा दाखिला नगरेको,चौमासिक कार्यक्रम बमोजिम खर्च हुने नगरेको, खर्च भएका सबै बिल भरपाईहरुमा भुक्तानी भएको छाप लगाई नराखेको जस्ता व्यहोरा देखिएका छन । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **लक्ष्य/प्रगति स्थिति** : कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम तथा लक्ष्य अनुरुप प्रगति हासिल गर्नु पर्दछ । कार्यालयबाट प्राप्त वार्षिक प्रगति प्रतिवेदन बमोजिम २०.६१ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ । २०६५।६६ देखि २०७२।७३ सम्म मुआव्जा वितरण एवं सञ्चालन खर्चमा रु.२ अरब १३ करोड ७ लाख ७६ हजार खर्च भएको देखिन्छ ।

३. तेस्रो पक्ष बीमा गरेको रु.१,१५,०००।०० सम्बन्धित बजेट उपशीर्षकबाट खर्च लेख्नु पर्नेमा जग्गा खरिद उपशीर्षकबाट खर्च लेखेकोले अनियमित खर्च गरेको छ ।

४. **सवारी साधन :** आयोजनाका नाममा निजी नम्बर प्लेटमा रहेको बा.९च.५७९५ नम्बरको पोलो जीप आयोजनामा देखिएन । कर भुक्तानी गर्दा रु.१९,८४०।००जरिवाना समेत भुक्तानी गरेको छ । सो कर तिर्न ढिलाइ गरी जरीवाना तिरेकोले समयमै कर चुक्ता गर्नु पर्दछ ।

५. **पेश्की :** मुआव्जा बितरणको लागि जिल्ला प्रशासन कार्यालय काठमाण्डौ र भक्तपूरलाई दिएको पेश्की रु.४६ करोड आर्थिक बर्षको अन्त सम्म बाकी देखिएकोमा मुआब्जा वितरण गरी पेश्की फछ्र्यौटगर्नु पर्दछ ।

काठमाडौं दीगो शहरी यातायात आयोजना, आयोजना व्यवस्थापन तथा समन्वय कार्यालय

१. काठमाडौं शहरको पश्चिममा बिष्णुमती नदी, दक्षिणमा बागमती नदी, पूर्वमा धोबीखोला र उत्तरमा नारायणहिटी संग्राहालय भित्रका क्षेत्रमा भरपर्दो, सुरक्षित र प्रभावकारी शहरी यातायात प्रणाली स्थापना र सञ्चालन गरी काठमाडौंबासीको जीवनशैलीमा गुणस्तरीय सुधार ल्याउनुको साथै शहरबासीको आर्थिक गतिविधिलाई प्रवर्द्धन र शहरी वायू प्रदूषण नियन्त्रण गर्न सघाउ पुऱ्याउने उद्देश्यले २०६८ मा शुरु गरी २०७४ आषाढमा सम्पन्न गर्ने लक्ष्य राखेको छ ।

२. **खर्च स्थिति** : आयोजनाबाट प्राप्त विवरण अनुसार यो वर्ष रु.२१ करोड ५१ लाख ४६ हजार समेत हाल सम्म रु.७३ करोड ५१ लाख ७१ हजार खर्च गरेको देखिन्छ । आयोजना अवधि ६ वर्ष मध्ये ५ वर्ष (८३.३३ प्रतिशत) व्यतित हुँदा सम्म ३३.११ प्रतिशत खर्च भएको देखिएको छ । योजनाको काम तोकिएको अवधिमै सकिने अवस्था छैन ।

३. **वार्षिक प्रगती** : आयोजना कार्यालयबाट प्राप्त प्रगती विवरण अनुसार रु.५३ करोड ३४ लाख ५५ हजारको कार्यक्रमको १६ प्रतिशत भारित र ५१ प्रतिशत वित्तिय प्रगती हासिल गरेको देखिन्छ ।

४. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको कार्यान्वयनको मूल्यांकन गर्दा कार्यालयले खरिद गुरु योजना र खरिद योजना तयार नगरेको, वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार नगरेको, आर्थिक वर्षको अन्त्यमा बढी खर्च गरेको, जिन्सी सामानको लिलाम नगरेको, कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको, सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तयार नगरेको जस्ता व्यहोरा देखिएका छन् । ऐन नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

५. **भुक्तानीबाट कट्टा** : आयकर ऐन, २०५८ को दफा ८९ (१) मा ठेक्का वा करार बापत पचासहजार रुपैयाभन्दा बढी रकम भुक्तानी दिँदा १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेकामा सो रकम संम्झौताबाट थप गरी बिलबाट कट्टा गरेको देखियो । परामर्शदाताले पेश गरको बिजक नं. ३७-४० सम्म भुक्तानीबाट कट्टा गर्नु पर्ने कर रु.२ लाख ५७ हजार उक्त ऐन बिपरीत नेपाल सरकारले तिरि दिएकोले परामर्शदाताबाटै असुल गर्नु पर्दछ ।

६. **बिल भरपाई** : सोधभर्ना हुनेगरी गरिने खर्चतर्फ भुक्तानी दिएको रकम वास्तविक खर्चको बिल भरपाईको आधारमा भुक्तानी दिनुपर्नेमा संचार, सवारी साधन भाडा तथा मर्मत, घरभाडा, कार्यालय उपकरण खरिद तथा मर्मत, कार्यालय संचालन लगायतका विजक नं. ३७-४४ सम्मको रु.२९ लाख ५५ हजार बिल भरपाई बेगर नै भुक्तानी दिएको छ ।

७. **बढी ग्रेड** : निजामती सेवा ऐन, २०४९ को दफा ७ ख (२) अनुसार तलवी प्रतिवेदन पारित गराई तलब खर्च लेख्नु पर्नेमा कार्यालयका १ जना कर्मचारीलाईं पारित तलवी प्रतिवेदन भन्दा बढी १ ग्रेड भुक्तानी भएकोले रु.२,९०४/– असुल हुनु पर्दछ । त्यसैगरी अर्को १ जना कर्मचारीलाईं २०७३ बैशाख महिनाको तलव भत्ता वितरण गर्दा बढी भुक्तानी गरेको रु.३,७३८/– असुल हुनु पर्दछ ।

आयोजना कार्यान्वयन इकाई

८. **मूल्य समायोजन** : ढुंगा छपाई र फुटपाथ निर्माण तथा मर्मत गर्ने कार्यका लागि निर्माण व्यावसायीसँग रु.२६,१५,९४,५०३/- को सम्झौता भएकोमा हालसम्म रु.१३,५१,०५,०००/– भुक्तानी भएको छ । सो मध्ये ढुङ्गा छपाई तर्फ रु.१,९०,४०,९१९/- (मूल्य अभिवृद्धिकर वाहेक) र फुटपाथ निर्माण तर्फ रु.२३,८६,१६७/– (मूल्य अभिवृद्धिकर वाहेक) गरी कूल रु.२,१४,२७,०८६/- मूल्य समायोजन भुक्तानी दिएको देखिन्छ ।

८.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा खरिद सम्झोतामा अन्यथा व्यवस्था भएकोमा वाहेक पन्ध्र महिना भन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा अधिकार प्राप्त अधिकारीले मूल्य समायोजन गर्न सक्ने व्यवस्था छ । यस सम्झौताको ढुङ्गा छपाई कार्यको सम्झौता अवधि ३५६ दिन मात्र रहे पनि हाल सम्म रु.१,९०,४०,९१९/- मुल्य समायोजन दिएको रकम अनियमित छ ।

८.२ फुटपाथ निर्माण तर्फ मूल्य समायोजन गणनाका निमित्त खरिद सम्झौतामा आधार मूल्यका रुपमा आ.व.२०७०/७१ को खोला/नदीको बालुवा रु.४९/– र ६–१० मी.मी. साइजका रोडाको मूल्य रु.५२/– लाई आधार लिनु पर्नेमा खानीको बालुवा र २०–४० मी.मी. साइजको रोडाको मूल्यलाई प्रयोग गर्दा मूल्य समायोजन रकममा रु.१४,२२,२६९/- फरक परेको देखिन्छ । यसरी सम्झौतामा उल्लेख भएको भन्दा फरक गुणस्तरको सामग्रीको मूल्यको आधारमा मूल्य समायोजन भुक्तानी दिएको कारण बढी भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायीसँग असुल हुनु पर्दछ ।

८.३ आयोजनाले खरिद सम्झौता गर्दा मोबिलाईजेशन पेश्की कट्टी गरेर मात्र मूल्य समायोजन भुक्तानी गर्ने व्यवस्था गरी प्रत्येक रनिङ्ग बिलमा नियमानुसार मोविलाईजेशन पेश्की कट्टा गररे बाँकी रकमको मूल्य समायोजन भुक्तानी दिनुपर्नेमा पेश्की नकटाई मूल्य समायोजन भुक्तानी गरेको देखियो। निर्माण व्यवसायीलाई रु.३,४७,२३,८००/– मोविलाईजेशन पेश्की दिएको छ । उक्त रकम कट्टी गर्दा ढुङ्गा छपाई तर्फ को रनिङ्ग बिल ५ सम्म रु.३,४७,३२,८००। मोविलाईजेशन पेश्की घटाई मूल्य समायोजन नगरेको कारणले रु.५४,९२,६६७- (मूल्य अभिवृद्धिकर वाहेक) बढी मूल्य समायोजन भुक्तानी दिएकोले नेपाल सरकारलाईं थप व्ययभार परेको देखिन्छ ।

काठमाण्डौं दीगो शहरी यातायात आयोजना, आयोजना कार्यान्वयन इकाई

१. **अद्यावधिक प्रगती** : माथी उल्लेखित कार्यका लागि आयोजना अन्तर्गत आ.व.२०६९।७० देखी हालसम्म ५ वटा निर्माण कार्य र १ वटा परामर्श सेवाका लागि ठेक्का व्यवस्थापन भएकोमा हालसम्म सार्वजनिक निर्माण कार्य तर्फ शुन्य देखी ७० प्रतिशतसम्म र परामर्श सेवा तर्फ ९६ प्रतिशत वित्तिय प्रगती भएको छ । वार्षिक प्रगति प्रतिवेदन अनुसार यो वर्ष कुल ६०.५४ प्रतिशत प्रगती हासिल गरेको देखिन्छ। जग्गा अधिग्रहण तथा मुआब्जा वितरण, सुपरस्ट्रक्चर निर्माण र सडक सुधार कार्यतर्फ शुन्य प्रगती देखिएको छ भने इन्स्टलेशन एण्ड अपरेसन तर्फ १० प्रतिशत भन्दा कम प्रगती देखिएको छ । त्यसैगरी एप्रोच रोड तथा रिभर ट्रेनिङ्ग र पैदल यात्री पुल निर्माण तर्फ ६० प्रतिशत सम्म प्रगती भएको देखिएको छ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको कार्यान्वयनको मूल्यांकन गर्दा कार्यालयले जिन्सी निरीक्षण प्रतिवेदन अनुसार समयमै जिन्सी सामानको लिलाम नगरेको, कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको, सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तयार नगरेको जस्ता व्यहोरा देखिएका छन् । ऐन नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

३. **फलामे डण्डीको नर्म्स** : सडक विभागको नर्म्समा फलामे डण्डीको कार्य गर्दा प्रति टन डण्डीको काममा १.१५ टन डण्डी लाग्ने व्यवस्था छ । सडक विभाग बाहेक शहरी विकास तथा भवन निर्माण बिभाग, सिँचाई विभाग, डोलिडार लगायतका अन्य निकायले १.०५ टन डण्डी प्रयोग हुने नर्म्स स्वीकृत गरेका छन् । फलामे डण्डीको कटिङ्ग, वेल्डिङ्ग, फिक्सिङ्ग र ३० मिटरसम्म ढुवानी समेत कार्यको लागि जर्ती स्वरुप लाग्ने परिमाण समान हुनुपर्नेमा सडक बिभाग र अन्य बिभागबीच एकरुपता छैन । डण्डीको काम गर्दा हुकिङ्ग, लेण्टल, कटपिस लगायत सबै काममा डण्डीको लम्बाई हिसाब गरिन्छ । दर विश्लेषण गर्दा डण्डी काट्दा खेरजाने भागलाई १५ प्रतिशतसम्म लागतमा समावेश गर्नु यथार्थपरक देखिँदैन । साथै सबै निकायको लागि एउटै प्रकारको कार्यमा नर्म्स समान हुनुपर्ने हो । यस आयोजनाले टेकु, डल्लु, सडक पुल/मनमैती पुल निर्माण आयोजनाको लागत अनुमान तयार गर्दा ८ एम.एम.को डण्डी बाहेक १०-१६ एमएम र १६ एमएमभन्दा माथिको साइजको डण्डीको लागि सडक विभागको नर्म्स (१.१५ टन. प्रयोग गरेको छ । उक्त परिमाण हाल प्रचलनमा रहेको अन्य निकायको नर्म्सको तुलनामा १० प्रतिशत डण्डीको परिमाण बढी भई लागत बढेको देखिन्छ । यसरी बढी डण्डी लाग्ने गरी तयार गरेको सडक बिभागको नर्म्स प्रयोग गर्दा टेकु, डल्लु पुल तथा सडक कार्यमा मात्र डण्डी बढ्न गई ओभरहेड समेत रु.८१,७३,४४९/- को डण्डीको लागत अनुमान बढ्न गएको छ ।

४. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । त्यस अन्तर्गत पर्ने खर्चको बर्गिकरण र व्याख्या बेगर यो वर्ष कार्यालयले कार्यविधि बेगर रु.२,४३,७०८/- कन्टिन्जेन्सी खर्च लेखेको छ । कन्टिन्जेन्सी खर्च सम्बन्धमा सम्बन्धित मन्त्रालयको प्रतिबद्धता अनुसार कार्यविधि स्वीकृत गरी खर्च गर्नु पर्दछ ।

५. **पूर्व निर्धारित क्षतिपूर्ति** : यस योजना कार्यालयबाट सम्झौता भएका २ खरिद सम्झौताको शर्त जि.सि.सि.१.१.३.३ मा ठेक्का नं. २ को पूरा कार्य कार्यादेश पाएको ७९८ दिनमा र ठेक्का नं. ३ को पूरा काम कार्यादेश पाएको ७४८ दिनमा सम्पन्न गर्ने गरी माइलस्टोन निर्धारण गरेकोमा परामर्शदाताले पेश गरेको २०१६ जुलाईको मासिक प्रतिवेदन अनुसार ठेक्का नं. २ को भौतिक प्रगती ३७.१६ र ठेक्का नं. ३ को भौतिक प्रगती ३२.५८ प्रतिशत मात्र भएको देखिन्छ। प्रतिवेदन अवधीसम्म दुवै ठेक्काको माइलस्टोन २ पूरा भएको देखिएन । सम्झौतामा तोकिएबमोजिम भौतिक प्रगती नभएका कारण सम्बन्धित निर्माण व्यवसायीबाट सम्झौता बमोजिमको दरमा पूर्व निर्धारित क्षतिपूर्ति रु.४,३८,७५,८२०/- असुल हुनु पर्दछ ।

६. **पेश्की बाँकी** : ठेक्का नं. २ का निर्माण व्यवसायीलाई दिएको मोविलाईजेशन पेश्की रु.१५,५२,०००/– आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट गरेको नदेखिएकाले संझौता अनुसार फछ्र्यौट गर्नु पर्दछ ।

काठमाडौँ भक्तपुर सडक विस्तार योजना

१. **आन्तरिक नियन्त्रण :** ऐन, नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नु पर्दछ । योजनाको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दा भ्रमण प्रतिवेदन लिने नगरेको, जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेका, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणीत गरी भुक्तानी भएको जनाउने छाप लगाई नराखेको, २० ठेक्का सम्झौता सो प्रथम चौमासिक अवधिभित्र हुन नसकेको, निजामती सेवा ऐन, २०४९ अनुसार कर्मचारीको कार्य विवरण बनाई लागू नगरेको, नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा नगरेको जस्ता व्यहोरा देखिएकोले ऐन, नियम एंव कार्यविधिहरुमा तोकिएका व्यवस्थाहरुको अबलम्वन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२. **खर्च संरचना :** स्वीकृत वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार निर्धारित चौमासिकमा कार्यक्रम/क्रियाकलाप सञ्चालन गरिनु पर्दछ । आयोजनाले तेस्रो चौमासिकको आषाढमा मात्र ८९ प्रतिशत खर्च गरेको पाइयो ।

३. समग्र प्रगति : आयोजना अवधि २०६४।६५ देखि २०७५।७६ मा १४ कि.मि.सर्भिस रोड निर्माण, १२ आकाशे पुल निर्माण, सडक बत्ती तथा ट्राफिक सिग्नल जडान, २४ कि.मि. बिस्तृत इन्जिनियरिङ्ग सर्भे तथा डिजाइन, मुअव्जा बिबतरण लगायतको कार्य गर्ने गरी रु.५ अर्ब ३५ करोड ११ लाख ६५ हजारको योजना स्वीकृत भएकोमा यो बर्षसम्म रु.२ अर्ब ५ करोड ४५ लाख ३२ हजार खर्च भई समग्रमा ३८.५८ प्रतिशत प्रगति भएको बिबरण प्राप्त भएको छ । ११ वर्षको योजना अवधिमा ८ वर्ष बितिसक्दा ३८.५८ प्रतिशत मात्र कार्य भएबाट बाँकी ३ बर्षको अवधिमा आयोजाना पुरा हुन सक्ने देखिएन । यस सम्बन्धी अन्य व्यहोरा निम्नानुसार छन्:

३.१. यो वर्षको स्वीकृत कार्यक्रममा आयोजनको कुल क्रियाकलापमा मुअव्जा बितरणको लागि रु.१ अर्ब ४० करोड लागत निर्धारण गरी यो वर्ष रु.१ अर्ब बजेट व्यबस्था भएकोमा उक्त कार्य हुन नसक्ने भई संशोधित अख्तियारीबाट उक्त रकम घटेको पाइयो ।

३.२. यो वर्ष १.५ कि.मि.सर्भिस रोड निर्माण, १ आकाशे पुल निर्माण, सडकबत्ती तथा ट्राफिक सिग्नल जडान लगायतको कार्यको लागि रु.७ करोडको संशोधित कार्यक्रम स्वीकृत भएकोमा रु.५ करोड ३९ लाख ४ हजार खर्च भई ६५.०३ प्रतिशत प्रगति भएको देखिन्छ । उल्लिखित कार्यको लागि समयमै ठेक्का व्यबस्थापन नभएको एवं निर्माण व्यबसायीहरुले सम्झौताबमोजिम समयमै कार्य सम्पन्न नगरेको कारण बर्षिक प्रगति न्यून रहन गएको देखिन्छ ।

४. **कण्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० .७ को अनुसूची१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्चको लागि २.५ प्रतिशत र साना तिना अन्य खर्चको लागि २.५ प्रतिशत समेत ५ प्रतिशत कन्टिजेन्सी खर्च गर्न सकिने उल्लेख छ । योजना कार्यालयले यो वर्ष इन्धन, मर्मत, मष्टरोल ज्याला, कार्यालय सामान लगायतमा रु १ करोड २२ लाख ७६ हजार कन्टिन्जेन्सी खर्च लेखेको छ । यस्तै प्रकृतिको खर्च चालु बजेटवाट पनि हुने गरेको छ । मंत्रालयको प्रतिबद्धता अनुसार कार्यबिधि तर्जमा गरी खर्च गर्नु पर्दछ ।

५. **परामर्श सेवा :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्वन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट नै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्वन्धित मन्त्रालयको परामर्श सेवाको लागत अनुमान सम्वन्धी नर्म्स, सम्वन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त, सम्वन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालू वा अघिल्लो वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतलाई आधार लिनुपर्ने र सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा मुख्य जनशक्ति एवं अन्य जनशक्तिको पारिश्रमिक, भ्रमण खर्च, जनशक्तिको वसोवास खर्च, कार्यालय खर्च, आवश्यक मालसामान उपकरण र सेवा खर्च, प्रतिवेदन र अन्य कागजातको अनुवाद, छपाई खर्चका खर्चहरु खुलाउनु पर्ने व्यवस्था छ । यस आयोजनाले नियममा भएको व्यवस्था अनुसार परामर्श सेवाको लागत अनुमान तयार गर्दा माथि उल्लेखित कुराहरुको पूर्ण रुपले पालना गरेको देखिएन । आयोजनाले पेश गरेको विवरण अनुसार यस वर्ष रु ७,६१,०००।– को परामर्श सेवा लिएकोमा उपलब्ध जनशक्तिबाट हुन नसक्ने कारण स्पष्ट गरेको देखिदैन । साथै परामर्श सेवा लिदा सम्वन्धित सर्भे सम्वन्धी कार्यको प्रतिवेदन जिन्सी खातामा आम्दानी बाँधी नराखेकोले आम्दानी बाँधीअभिलेख राख्नतर्फ ध्यान दिनु पर्दछ ।

६. **पेश्की बाँकी :** एक निर्माण व्यवसायीको नाममा बांकी रहेको मोबिलाइजेशन पेश्की रु.४२,८१,०००/- फछ्र्यौट ठेक्का सम्झौता बमोजिम फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।

डिभिजन सडक कार्यालय, काठमाडौँ -१

१. **आन्तरीक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा तोकिएको समयमा अख्तियारी

प्राप्त नभएको, वार्षिक खरिद योजना तयार नगरेको, स्वीकृत दरबन्दी अनुसार पदपूर्ति नभएको, तालुक कार्यालयबाट निरीक्षण नभएको, कर्मचारीको कार्य विवरण तयार नगरेको, लागत अनुमान गर्दा निर्माण सम्पन्न गर्ने अवधि नतोकेको, मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी नदिएको, डोर हाजिर नियन्त्रण खाता नराखेको, नापी नियन्त्रण खाता नराखेको, कार्य प्रगतिको सुचना लिने नगरेको, भुक्तानी भएको छाप नलगाएको, रोड इन्भेन्ट्री नराखेको, त्रुटी सच्चाउने अवधिको अद्यावधिक अभिलेख नराखेको, गुणस्तर परीक्षणको अभिलेख नराखेको, तलवी प्रतिवेदन पारित नगरेको, कार्य सम्पन्न प्रमाण पत्र नदिएको, सम्झौता कार्यान्वयनको अवस्था देखिने गरी अभिलेख नराखेको, कार्य तालिका अनुसार काम गर्नु पर्नेमा सो अनुसार नभएका जिन्सी अद्यावधिक नभएको, म्याद थप अनुरुप बीमाको अवधि बढाउने नगरेको, कार्य तालिका अनुसार काम गर्नु पर्नेमा सो अनुसार नभएको, As built drawing पेश नगरेको, ठेक्काबाट प्राप्त गरेको रु.८,३६,२००।०० का ३ मोटरसाइकल र १ स्कुटर दाखिला नगरेको, लगायतका व्यहोरा देखिएका छन । उक्त व्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सवल गर्नुपर्ने देखिएको छ ।

२. **पूँजीगत खर्च स्थिति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिभित्र समाप्त गरी सक्नु पर्ने व्यवस्था भएकोमा ढिलाई हुदा कुल पूंजीगत खर्च रु.७९करोड ०१लाख ६९ हजार खर्च मध्ये तेस्रो चौमासिकमा रु.५८ करोड ०८ लाख २८ हजार (७३.५१%) खर्च गरेको छ भने आषाढ महिनामा बहुबर्षिय ठेक्कालाई ठेक्का सम्झौता अनुसार दिएको मोबिलाईजेसन पेश्की समेत गणना गर्दा रु.३७ करोड ६४ लाख ८१ हजार (४७-६४%) खर्च गरेको पाइयो ।

३. **वार्षिक लक्ष्य प्रगति :** यस डिभिजनले उपलव्ध गराएको वार्षिक लक्ष्य तथा प्रगति विवरण अनुसार ५ वटा बजेट उपशीर्षक अन्तर्गत यस बर्ष २०१ वटा कार्यक्रमहरु रहेकोमा शुन्य प्रतिशत सम्म प्रगति भएका ८८ वटा, २५ प्रतिशत सम्म प्रगति भएका २६ वटा, ५० प्रतिशत सम्म प्रगति भएका १६ वटा,७५ प्रतिशतसम्म प्रगति भएका ५९ वटा र ७५ भन्दा बढी प्रतिशतसम्म प्रगति भएका कार्यक्रमहरु १२ वटा रहेका छन् । प्रगति न्यून हुनुमा समयमा ठेक्का व्यवस्था नहुनु, सम्झौता पश्चात तत्काल निर्माण व्यवसायीले कार्य सुचारु नगर्नु, निर्माण व्यवसायीले पेश गरेको कार्यतालिका अनुसार कार्य शुरु गरे नगरेको कार्यालयबाट निरन्तर अनुगमन नहुनु आदि रहेका छन् । अत: न्यून प्रगति हुनुको समस्यालाई समाधान गरी तोकिएको लक्ष्य प्रगति हासिल गर्नेतर्फ उन्मुख हुनुपर्दछ ।

४. **कण्टिन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अनुसार लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कण्टिन्जेन्सी व्यवस्था रहेको छ । यो वर्ष रु.३ करोड ८७ लाख १४ हजार (विभाग पठाएको रु.८० लाख समेत) कन्टिन्जेन्सी खर्च लेखेको पाइयो ।जुन सम्बन्धित योजनाहरुको कूल लागत अनुमानको ३.६ प्रतिशत, यस वर्षको विनियोजनको ३.९२ प्रतिशत र यस वर्षको कूल सार्वजनिक निर्माण खर्चको ४.९० प्रतिशत हुन आउंछ । वर्क चार्ज स्टाफ खर्च र साना तिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन । साथै यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । अत: कन्टिन्जेन्सी रकम कार्यबिधि बनाइ खर्च गर्नु पर्दछ ।

५. **बोलपत्र तथा ठेक्का व्यवस्था** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा प्रथम चौमासिक अवधिभित्र ठेक्का सँझौता गरी सक्नु पर्ने व्यवस्था छ । कार्यालयबाट यस वर्ष १८८ वटा ठेक्का बन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा १ वटा, दोस्रो चौमासिकमा ५८ वटा र तेस्रो चौमासिकमा १२९ वटा ठेक्का व्यवस्था गरेको पाइयो । कुल १८८ ठेक्का बन्दोवस्त गरेको ५० मात्र सम्पन्न भई १३८ ठेक्का आगामी वर्षका लागि सरेका छन । अनुगमन र सुपरिवेक्षणमा कमी आई गुणस्तरीय कार्य नहुने अवस्था सिर्जना हुने हुंदा ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाउन नियमको पालनामा जोड दिनुपर्ने देखिएको छ । बहुबर्षिय ठेक्का र नियमानुसार गरिएका ठेक्का मात्र अन्तिम चौमासिकमा गरिएको जवाफ प्राप्त भएको छ ।

६. **लागत अनुमान र निर्माण :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा कार्य गर्नु अघि त्यस सम्बन्धी स्पेशिफिकेशन योजना, नक्सा डिजाइन विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नपर्दछ । सोही विवरण र निर्माण सामाग्रीको दरभाउ, मेशिन तथा उपकरणको भाडा वा कामदारको ज्याला दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा लागतको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीको नियम १०.६ मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने प्राविधिक भन्दा एक तह माथिको प्राविधिक वा प्राधिकहरुको समुहलाईं डिजाइन ड्इङ समेत जाँच्न लगाई कुनै त्रुटि देखिएमा त्यस्तो त्रुटि सच्चाउन लगाउनु पर्ने व्यवस्था छ । गौशाला चावहिल चुच्चेपाटी बौद्ध गोकर्ण, गौशाला गुहेश्वरी रातोपुल गौशाला सडकका एक संयुक्त उपक्रमलाई फाइनल विलको भुक्तानी रु ५,३९,३२,४४२/- भएको ठेक्का विल परीक्षण गर्दा आइटम नं. १,२,३,४,५,६,७, र ८ मा ३८०० मिटर बाटो ७.५ मिटर चौडा र ५०० मिटर बाटो ५.५ मिटर चौडा बनाउने गरी ३१२५० वर्ग मिटरको लागत अनुमान भएकोमा भुक्तानी गर्दा २७७.८ मिटर अर्थात १५२१.२ मिटर घटी बाटो निर्माण भएकोमा ३५८२३.६४ वर्ग मिटरको नापजाँच गरी भुक्तानी भएको छ । बाटोको लम्बाइ ३५.३७ प्रतिशत घटेको अवस्थामा लागत अनुमानको आधारमा २०१९६.८७५ वर्ग मिटर सम्मको काम हुनुपर्ने देखिन्छ । बाटोको लम्वाइ घटेको हिसावमा आइटम नं.८ आस्फाल्टको काममा मात्र

८०७.८७५ घ.मि.को रु.२२,०००/- का दरले रु.१,७७,७३,२५०/- मात्र भुक्तानी हुनुपर्नेमा १४३२.९४ घ.मि.को रु ३,१५,२४,६८०/- भुक्तानी भएको छ । भुक्तानीको हिसाबमा ७७.३७ वृद्धि हुँदा पनि भरियसन आदेश स्वीकृति लिएको पाइएन । यस प्रकार बनाउने लागत अनुमान र वास्तविक निर्माण कार्यको भिन्नताको मूल्यांकन नभएको तथा कार्य क्षेत्रमा ७.५ मिटर बाट २१ मिटर चौडा बाटो बनाउदा माथिल्लो निकायबाट स्वीकृति नलिनुले आर्थिक अनुशासन कायम भएको छ भन्न सक्ने अवस्था देखिएन । विल अफ क्वानटिटिमा उल्लेखित परिमाण भन्दा ७७.३७ प्रतिशत वृद्धि हुदापनी भेरिएसन स्विकृत नभएकोले रु.१,३७,५१,४३०/- नियम संमत देखिएन ।

७. **प्रोभिजनल समबाट भवन निर्माण :** पूर्वानुमान गर्न नसकिने कामको लागि प्रोभिजलन समबाट खर्च गर्नुपर्नेमा भवन जस्तो पूर्वानुमान गर्न सकिने कामको लागि रु.२० लाख प्रोभिजनल सममा राखी एक संयुक्त उपक्रम मार्फत काम गराई रु.१९,९८,१७५।४२ भुक्तानी गरेको छ । यसमा सुधार गर्नु पर्दछ ।

८. **पूर्व निर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद म्यादमा काम सम्पन्न हुन नसकेमा म्याद थप गर्दा ठेक्का अंकको दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन ०.०५ प्रतिशतले पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ। एक निर्माण व्यवसायीले अन्तिम विल र नापी किताब अनुसार २०७०।८।२३ भित्र निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा म्याद थप बेगर २०७०।९।३ मा सम्पन्न गरेकोले ठेक्का अंक रु.१६३२८३९/-को ३१ दिनको उक्त दरले हुने हर्जाना असूल गनुपर्दछ ।

९. **सम्झौताको पालना :** यस कार्यालयबाट भएका निर्माण सम्बन्धी ठेक्काको जनरल कण्डिसन अफ कन्ट्रयाक्टमा दोश्रो मोविलाइंजेशन वापत १० प्रतिशत रकमको भुक्तानी सम्झौताको न्यूनतम् १० प्रतिशत काम सम्पन्न भैसके पछि मात्र वैंक ग्यारेण्टी लिइ भुक्तानी हुने उल्लेख छ । कार्यालयले दश प्रतिशत काम भए नभएको एकिन नगरी ७ निर्माण व्यवसायीलाईं दोश्रो मोविलाईजेसन पेश्की रु.३,५४,९०,०००/-भुत्तानी भएको छ । आफैले संझौता गरेको व्यवस्थालाईं पालना नगरी पेश्की भुक्तानी गर्नुले आर्थिक अनुशासन पालना गरेको देखिएन । यस्ता क्रियाकलापमा नियन्त्रण हुनुपर्दछ ।

१०. **स्वीकृत आदेशविना स्थान परिवर्तन :** ड्रइङ डिजाइनको आधारमा लागत अनुमान स्वीकृत तथा ठेक्का सम्झौता भै कार्य शुरु हुँदा निर्माण स्थल परिवर्तन गर्नुपरेमा तोकिएको अधिकारीबाट पूर्व स्वीकृति लिई मात्र गर्न सकिन्छ । यस कार्यालयको एक ठेक्कामा शुरुको ड्रइङ डिजाइनमा उल्लेख भएको निर्माण स्थल परिवर्तन स्वीकृती बेगर गरी अन्य स्थानमा काम गराई रु.३३,४३,०४८/- भुक्तानी दिएको पाइयो । कानूनको पालना नगरी स्थान परिवर्तन गरी भुक्तानी दिएकोले नियमसम्मत देखिएन ।

११. **कार्यक्रम बेगर भुक्तानी :** एक निर्माण व्यावसायीलाइ लागत अनुमान परीक्षण गर्दा रोहिणी मार्गको ढलान कार्यको परिमाण उल्लेख भै लाल बहादुर मार्गमा ढलान कार्य गरेको भनी पहिलो रनिङ विलमा चेनेज तथा स्थान समेत नखुलाएको नापीको आधारमा रु.१९,०९,४०९/- भुक्तानी भएको पाइयो । ठेक्काको म्याद २०७३।३।२० सम्म थप गरेको र तत्पश्चात ठेक्का म्याद थप पनि छैन । यस प्रकार लागत अनुमानमा एउटा स्थान देखाउने तर काम अर्को स्थानमा गराउने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

१२. **कार्यक्रम वेगर भुक्तानी :** यो वर्षको स्वीकृत कार्यक्रममा रोहिणी मार्गका लागि वेशकोर्ष ०.३४ किमि गर्न ८ लाख, कालो पत्रे वेश कोर्ष ०.३४ किमि गर्न ३५००, टेवा पर्खाल ११० रनिङ मिटरका लागि २० लाख, नाली ४०० रनिङ मिटरका लागि ३० लाख र अन्य खर्चको लागि २ लाख वजेट व्यवस्था भएको देखिन्छ । रोहिणी मार्गको ०+००० देखि०+४०० सम्म बाटो मर्मत सुधार गर्न रु.७२,८२,८३५/-को लागत अनुमान स्वीकृत भै एक निर्माण व्यावसायीसँग २०७१।१२।२२ मा रु ६०,९८,३३९/- मा सम्झौता भै तेश्रो तथा अन्तिम विल सम्म ९.५६४ प्रतिशतको थप भेरिएसन आदेश समेत गरी ६६,९३,४६२/- भुक्तानी भएको पाइयो । उक्त काम ०+४०० चेनेज सम्म गर्नु पर्नेमा ०+२७१.४ मिटर सम्म गरेको र बाँकी काम गर्न अर्को रु.१८,५३,८२७/- मा ठेक्का दिई बाटो ढलान कार्य गराएको पाइयो । काम अधुरो छोड्ने व्यावसायीलाई कारबाही गर्नुको साथै स्वीकृत कार्यक्रममा नै नभएको ढलान कार्य गराइ दोश्रो विल सम्म रु २०२३८५८/- भुक्तानी भएको छ । एक निर्माण व्यावसायीसँग सोही मार्गको ढलान कार्य चेनेज समेत नखुलाईं छुट्टै ठेक्का सम्झौता गरी कार्यक्रम बेगर गराई दोश्रो रनिङ विल सम्म रु.१६,२७,८६८/- भुक्तानी दिएको छ। कार्यक्रम बेगर कार्य गराउने आयेजना प्रमुखलाई कारबाही गर्नु पर्छ ।

१३. **थप भुक्तानी :** पाण्डोल मार्ग लाजिम्पाट निर्माण गर्न रु.७८,१९,६४३/-को लागत अनुमान स्वीकृत भएको पाइयो । कार्यालयले दोश्रो तथा अन्तिम विलबाट ०+५१७ को लाइंब्रेरी बाटो तथा निजी घरको बाटोमा लागत अनुमान अनुसारको कार्य गराई भुक्तानी गरेपछि पुन रु.५,३७,२५२/- को थप काम डिजाइन तथा लागत अनुमान बेगर गराएको छ ।

१४. **पूर्व स्वीकृति बेगर बढी कार्य :** मनोहरा करिडोरको निर्माण व्यवसायीलाई तश्रो रनिङ विल भुक्तानीको नापी किताव अध्ययन गर्दा इट्टा गाह्रो लगाउने कार्य ०+००० चेनेज देखि १+००० चेनेज सम्म ८३३६.३९

घनमिटरको काम गर्ने गरी लागत अनुमान स्वीकृत भएकोमा ठेकेदारले चेनेज नं. २+००० देखि ०+१५९.७ चेनेजसम्म १३६०.०२ घनमिटरको थप काम गराएको पाइयो । स्वीकृत लागत अनुमानमा उल्लेखित स्थान फरक फरक पारी काम गराई प्रति घन मिटर रु.७०००/- का दरले रु.९५,२०,१४०/- भुक्तानी गरेको देखियो । उक्त कूल ठेक्का रकम रु १९,१६,२२,३५९/- को ५.४४ प्रतिशत हुन आउँछ । स्वीकृती बेगर डिजाइन परिबर्तन र भेरिएसन गर्नु हुदैन ।

१५. **माग वेगर म्याद थप :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०मा खरिद सम्झौता वमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र गर्न नसकिने भएमा सम्वन्धित निर्माण व्यवसायीले ७ दिन अगावै निवेदन दिनुपर्ने उल्लेख छ । महादेव स्थान मार्गको मर्मत सुधार गर्न २०७२।३।२० सम्म कार्य सक्ने गरी २०७२।१।३मा निर्माण व्यवसायीसँग रु.३३,८९,०४४/- मा ठेक्का सम्झौता भइ सो वमोजिम कार्य सम्पन्न हुन नसकेपछि निर्माण व्यवसायीले २०७३।३।१३ मा म्याद थप मागेको र सोही निवेदनको आधारमा कार्यालयले ६ महिनाको अर्थात २०७२।९।२० सम्म मिति २०७२।२।२१ म्याद थप भएको देखियो । सो समयमा पनि काम नसकिएकोले माग वेगर पुरानो निवेदनलाई आधार मानी २०७३।३।१९ मा महानिर्देशकबाट २०७३।१।२० सम्म म्याद थप भएको छ । निर्माण व्यवसायीको माग वेगर म्याद थप गर्न नपाउने भए पनि महानिर्देशकको स्तरबाट थपिनु अनियमित कार्य हो ।

१६. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा ३ लाख भन्दा बढी १० लाख रुपैया सम्म लागत अनुमान भएको मालसामान सिलवन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने उल्लेख छ । कार्यालयले लागत अनुमान तथा प्रतिस्पर्धा विना नै प्रोभिनल समबाट टोटल स्टेसन र प्रिज्म खरिद गराई रु.८,०२,३००/- भुक्तानी गरेको पाईयो । ठेक्का सँग असम्बन्धित काम ठेक्कामा समाबेश गरी खर्च गर्न मिल्दैन ।

१७. एक निर्माण व्यावसायीलाई पाँचौ विलको रु.१,६०,८४,६५९/- भुक्तानी भएकोमा इटाको गाह्रो लगाउने तथा ह्युमपाइप राख्ने कार्यको नापीसिटमा नापजाँच नै नदेखाई रु.११,८०,२२५/- भुक्तानी भएको छ । नापजाँच नभएको आइटमको भुक्तानी रु.१३,३३,६५४/-असूल गर्नु पर्दछ ।

१८. **कार्यक्रम संशोधन :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(१) मा कार्यालयले स्वीकृत वजेटको सिमाभित्र रही निर्धारित कार्यमा गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष कार्यक्रम संसोधन नगरी स्वीकृत कार्यक्रम भित्र नपरेको महांकाल-आरुबारी-तीनचुले सडकमा सबवेश बनाउन रु.५०,०३,०००। र नाली बनाउन रु.१,८०,००,०००/- को कार्यक्रम स्वीकृत भएकोमा नाली नै नबनाई अन्य निर्माण कार्य गरी रु.१,६०,८४,६५९/- खर्च गरेको छ । सडकमा रङ्ग लगाउने कार्य गराई रु.१२,३२,८७०/- भुक्तानी भएको छ । टहरा निर्माण गराई रु.१३,८०,०००/- भुक्तानी गरेको छ ।

१९. **भेरिएसन आदेश :** निर्माण व्यवसायीसँग भएको ठेक्का सम्झौताको दफा ३७ मा शुरु सम्झौताको परिमाण भन्दा २५ प्रतिशत भन्दा बढी वृद्धि भएमा वा शुरु ठेक्का रकमको २ प्रतिशत भन्दा बढी भुक्तानी हुने भएमा बढीको आइटम सम्झौता गर्नुपर्ने उल्लेख छ । त्यस्तै सोही दफामा शरु सम्झौताको १० प्रतिशत वा सो भन्दा बढी हुने गरी कुनै आइटममा वृद्धि हुने भएमा तालुक निकायसँग पूर्व स्वीकृति लिनु पर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ११८.१ भेरिएसन स्वीकृत गर्न सक्ने सिमा तोकेको छ ।

- ठेक्का नं. २१८ को ठेक्का सम्झौताको आइटम नं. २० इट्टा सिमेन्टको गाह्रो लगाउने कार्य १७० घनमिटर गराउन सम्झौता भएकोमा २८७.७ घनमिटरको काम गराई ११७.७ प्रतिशत वृद्धि गरी रु.९,४१,६००/- भुक्तानी भएकोमा आइटम संझौता गरेको छैन ।
- ठेक्का नं. २०१ को ह्युम पाइप राख्ने सम्झौता भएकोमा ३८० रनिङ मिटरको प्रथम रनिङ विलबाट रु.१५,३२,१६२/- भुक्तानी भएको पाइयो । लागत अनुमान भन्दा ९० प्रतिशत वृद्धि भएको उक्त कार्यको आइटम सम्झौता र भेरिएशन आदेश स्वीकृत गरेको छैन ।
- ठेक्का नं २०७ ।०७१।७२ को आइटम नं २३ सिमेन्ट इट्टाको गाह्रो लगाउने कार्य १२१२.०६ घनमिटर गराउने गरी सम्झौता भएकोमा तेश्रो रनिङ विलसम्म १९५६.१४ घनमिटरको रु.१,७६,०५,२६०/- भुक्तानी भएको छ। सम्झौता भन्दा ६१.३९ प्रतिशत बढी काम भएकोमा तालुक निकायबाट पूर्व स्वीकृत नगराई कार्य गराएको र आइटम संझौता गरेको देखिएन ।
- एक ठेक्काबाट ह्यूम पाइप राख्ने कार्यको सम्भौतामा ११५ मिटर राख्ने उल्लेख भएकोमा २३३.३० मिटरको रु.२७,९९,६००/- भुक्तानी भएको देखियो । १०२.८७ प्रतिशत वृद्धि गरी कार्य गराएकोमा भेरिएशन आदेश स्वीकृत नगराएको, आइटम संझौता नगरेको र पूर्ब स्वीकृती नलिएको अवस्था देखियो । थप कार्य रु.७,०५,५४१/- गराएको छ ।
- ठेक्का नं. १३।०७१।७२ को सम्झौता वमोजिम आइटम नं. १३ सिमेन्ट इट्टाको १३५.६ मिटर गाह्रो लगाउने सम्झौता भएकोमा २२७.३७ मिटरको कामको भुक्तानी भएको पाइयो । आइटमको परिमाण

हिसावमा ६६.६७ प्रतिशत वृद्धि भएकोमा ती प्रक्रियाहरुपूरा नगरी रु.५९,६५,५०५/- भुक्तानी दिएको छ ।

- ठेक्का नं. ९५।०७१।७२ आइटम नं. ३१ को ह्यूम पाइप जडान गर्न ५४० रनिङ मिटर कार्यको लागि सम्झौता भएकोमा १०५७.५० घनमिटर को काम भएको जनाई सम्झौता परिमाणमा ९५.८३ प्रतिशत वृद्धि गरी रु.२३,९०,१३०/- भुक्तानी दिएकोमा उपरोक्त प्रक्रियाहरु पुरा गरेको छैन ।
- ठेक्का नं. २०५।२०६९।७० को सिमेन्ट कंक्रिट गर्ने फलामे डण्डी राख्ने र सिमेन्ट इट्टा गाह्रोको काममा सम्झौता परिमाण ४७.१५ देखि २४३.५९ प्रतिशतसम्म वृद्धि गराई कार्य गराएको पाइयो । ३ आइटममा मात्र कूल ठेक्का सम्झौता रु ५,२३,३१,१९०/– को २९ प्रतिशत वृद्धि हुने गरी काम गराएकोमा भेरिएशन आदेश स्वीकृति तथा पूर्व स्वीकृति विना काम गराएको देखियो ।
- ठेक्का नं.०१ को रु.८,४८,६५,९८०/– लागत अनुमान विभागीय प्रमुखबाट स्वीकृत भएको पाइयो । उक्त तहबाट लागत अनुमान स्वीकृत भएको अवस्थामा सार्वजनिक खरिद ऐनको दफा ५४.३ अनुसार सो भन्दा तल्लो तहबाट संशोधित लागत अनुमान स्वीकृत गरी भेरिएसन आदेश जरी गर्न नपाउने व्यवस्था छ । कार्यालयले उक्त ठेक्काको शुरु सम्झौता अंक रु.८,४७,८७,६८४/– मा क्षेत्रीय निर्देशकबाट भेरिएसन थप ९.९५ प्रतिशत गरी रु.८४,३७,४९,८७०/– पुर्‍याएको छ । अनियमित भेरिएसन आदेश रु.८४,३७,४९८।०० भुक्तानी गर्न मिल्ने देखिएन ।

२०. **पेश्की बाँकी :** कार्यालयबाट भएका निर्माण ठेक्काको सम्झौतामा ३० प्रतिशत भन्दा बढी भुक्तानी भै सकेपछिको प्रत्यक रनिङ विलको रकमबाट ३० प्रतिशतका दरले पेश्की कट्टि गरी ८० प्रतिशत भुक्तानी भैसक्दा सम्पूर्ण सम्पूर्ण पेश्की कट्टि गरी सक्नुपर्ने व्यवस्था छ । सम्झौता रकमको ८० प्रतिशत वा सो भन्दा बढी भुक्तानी भसकेको अवस्थामा मोविलाइंजेशन पेश्की बाँकी रहन नहुनेमा ४ निर्माण व्यवसायीको पेश्की बाँकी रहेकोले व्याज सहित रु.१७,७७,४४२/-असूल गर्नुपर्दछ ।

२१. **खरिद सम्झौता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनिय ३ अनुसार ६ महिना सम्मको म्याद वोलपत्र स्वीकृत गर्ने अधिकारीले र सो भन्दा बढीको विभागिय प्रमुखले थप गर्न सक्ने उल्लेख भएकोमा कार्यालयबाट म्याद थप भएका ५६ ठेक्काको म्याद क्षेत्रिय निर्देशकले थप गरेको देखियो ।

२२. **अधुरा ठेक्का :** अधुरा रहेका पुराना ठेक्का सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :

२२.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ मा आपूर्तिकर्ता, निर्माण व्यवसायीले खरिद सम्झौमा उल्लेखित समयावधि भित्र कार्य सम्पादन नगरेको कारणले पेश्की फछ्र्यौट हुन नसकेमा उपनियम ३ वमोजिमको बैंक जमानत प्राप्त गरी पेश्की फछ्र्यौट गर्नुपर्ने र पेश्की रकमको १० प्रतिशत ब्याज समेत असुल उपर गर्नुपर्ने उल्लेख छ । कार्यालयबाट प्राप्त विवरणका आधारमा यस वर्ष सम्म निर्माण सम्पन्न नगरी म्याद नाघेका र निर्माण कार्य अधुरै राखेका निर्माण व्यवसायीसँग पेश्की बाँकी भएको देखियो । ठेक्काको म्याद समाप्त भै म्याद थप नभएको तथा निर्माण कार्य समेत नगरी अधुरा छोडेका निर्माण व्यवसायीसँग नियमावलीमा भएको व्यवस्था बमोजिम उल्लेखित १९ वटा ठेक्काको बैंक जमानत रु.४,११,२२,०००/- पेश्की फछ्र्यौट गर्नुपर्नेमा सो गरेको नदेखिएकोले ब्याज समेत प्राप्त गरी पेश्की फछ्र्याट गर्नुपर्ने देखियो ।

२२.२ सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ मा निर्माण व्यवसायीले खरिद सम्झौता वमोजिम कार्य सम्पादन नगरेमा सम्झौता अन्त्य गरी सो काम गर्न वा गराउन लाग्ने थप खर्च निर्माण व्यवसायीबाट असुल गराउने व्यवस्था समेत छ । कार्यालयबाट प्राप्त विवरण अनुसार ४९ निर्माण ठेक्का तोकिएको समयमा कार्य नगरेका तथा म्याद थप समेत नभएको अवस्थामा सम्झौताको अन्त्य गरी अन्य कारवाही गरेको पाइएन ।

२३. **बेरितको कर वीजक :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२२ मा भुक्तानीको लागि पेश गर्ने विलमा कम्तीमा विल वा विजकको मिति, क्रेताको नाम उल्लेख भएको हुनुपर्ने व्यवस्था छ । कार्यालयले मिति तथा क्रेताको नाम नभएको भुक्तानी दिन बाँकी रु.२,११,१४०/- विल भुक्तानी दिएको पाइयो ।

२४. **एजबिल्ट नक्सा :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२५(१) मा कार्य सम्पन्न भएको तीस दिन भित्र निर्माण व्यवसायीले निर्माण भएको कामको एजविल्ट नक्सा पेश गर्नुपर्ने व्यवस्था छ । सम्झौतामा निर्माण सम्पन्न भएका निर्माण व्यवसायीले एजविल्ट नक्सा पेश नगरे सम्म अन्तिम विलको भुक्तानी गर्दा रु १ लाख रोक्का राख्ने उल्लेख छ । यो वर्ष निर्माण सम्पन्न भै अन्तिम विल भुक्तानी भएका ९० ठेक्काहरुमा एजबिल्ट नक्सा पेश नभएकोमा रु.९०,००,०००/- रोक्का नराखेकोले रोक्का राखी सो नक्सा पेश गराउनु पर्दछ ।

२५. **बिटुमिन खपत :** सडक कालोपत्रे गर्दा बिटुमिनस प्राइम कोट र ट्याक कोटको स्प्रे दर सामान्यतया प्रति वर्ग मीटर क्रमश: ०.९० लिटर र ०.७० लिटर रहेको पाइन्छ । अन्य डिभिजन कार्यालय तथा यसै डिभिजन कार्यालय अन्तर्गत सञ्चालित केही ठेक्का प्याकेजहरुमा समेत बिटुमिनको खपत दर सोही अनुसार हुने गरी लागत अनुमान तयार गरेको पाइन्छ । तर यस कार्यालयले ठेक्का प्याकेजहरुमा प्रति वर्ग मीटर १ लिटरका दरले खपत गर्ने गरी लागत

अनुमान तयार गरी निर्माण व्यवसायीहरुलाई दिएको छ । जसको कारणबाट यस वर्ष नमूना छनौट गरी परीक्षण गरिएका ३ बजेट उप–शीर्षकका ५ वटा ठेक्का प्याकेजहरुमा मात्र १६०१६.९३ लिटर बिटुमिन बढी खपत भई रु. २३,४१,६७४.३१ थप व्ययभार पर्न गएको देखिएको छ । अत: यस सम्बन्धमा सम्बन्धित कार्यालय तथा तालुक निकायको ध्यानाकर्षण हुनु पर्दछ ।

२६. **कर वीजक** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूचि ५ को ढाँचामा कर विजक जारी गर्नु पर्नेमागरेको पाईएन । नियमानुसार कर विजक जारी नगरेको ६ विलको रु.७४८३४५। मूल्य अभिवृद्धिकरको आय विवरण पेश गरेको प्रमाण पेश गर्नुपर्दछ । ब्यबसायी तथा आपूर्तिकर्ता फर्महरुलाई मूल्य अभिवृद्धि कर सहित रु २८८६६३। भुक्तानी दिएकोमा कर विजक जारी गरेको पाईएन । सोको पनि आय विवरण पेश गरेको प्रमाण पेश गर्नुपर्दछ ।

२७. **नापी किताब** : निर्माण व्यवसायीले कार्य गरिसके पश्चात पेश गरेको ठेक्का बिल अनुसार कार्य भए नभएको सम्बन्धमा डिभिजनले प्राविधिकबाट चेक जाँच र नापी गरी सोको अभिलेख समेत कार्यालयमा प्राप्त गरी भुक्तानी हुनुपर्नेमा डिभिजनले १ ठेक्काको ४ कामको रु-३,०१,६९१/- को नापी किताब पेश हुन आएन ।

२८. **बीमा** : निर्माण कार्यका निर्माण व्यवसायीहरुलाई ठेक्का सम्झौता अनुसारको बीमा खर्च रु.२७,११२/- भुक्तानी गर्दा विमा पोलिसि र नगदी रदि पेश भएन । पेश गर्न लगाउने र पेश नभएकोमा असुल गर्नुपर्दछ ।

२९. कार्यालयले निर्माण व्यवसायीलाई ३ रनिङ्ग बिल भुक्तानी दिदा नापी कितााबको जोड जम्मामा फरक पारी बढी भुक्तानी भएको रु.१२८९८९/-असुल हुनुर्दछ । एक निर्माण ब्यबसायी फर्मलाई भुक्तानी गर्दा मूल्य अभिबृद्धि कर भुक्तानी हुन गएको हुँदा रु.६५,३३३/- असुल हुनुर्दछ ।

३०. **बढी भुक्तानी :** ठेक्का नं. ५५।०७१।०७२ का एक निर्माण व्यवसायीलाई सृजना मार्गको अन्तिम विलको रकम भुक्तानी भएकोमा विलको नापीसिट अध्ययन गर्दा पुजा प्रतिष्ठानको ०+००० देखि ०+७७३ चेनेजसम्म र नव सृजना मार्गमा ०+००० देखि ०+१७९.३ सम्म ५०४०.७० वर्ग मिटरको काम र एप्रोच रोडको ५०७१.०१ वर्ग मिटर कामको सवग्रेडिङ कोर्षमा, ट्याककोट, आस्फाल्ट कंक्रिटको काममा बढी भुक्तानी भएको रु.५ लाख असुल गर्नुपर्दछ ।

३१. **बढी परिमाणको भुक्तानी :** ठेक्का नं. ५७।०७१।७२ का एक निर्माण व्यवसायीलाईं पिपलबोट मार्गको दोश्रो रनिङ विलको रकम भुक्तानी गर्दा ३ आइटममा वास्तविक हुने परिमाण भन्दा बढी परिमाण देखाई रु.२,६४,०२८/- भुक्तानी भएको पाइयो । उक्त रकम असुल गर्नुपर्दछ ।

३२. **बढी नाँपजाँच :** नेपाल सरकारले स्वीकृत गरेको जनरल नर्म्स २०५२ मा फलामे डण्डी प्रति के.जि.कामको लागि १.०५ के.जी.का दरले चाहिने उल्लेख छ । सिचाई, आवाश तथा खानेपानी जस्ता संरचना निर्माण गर्ने क्षेत्रमा प्रति के. जी. शुन्य दशमलव शुन्य पाँच प्रतिशत ल्यापिङ तथा जर्तिको लागि व्यवस्था गरी प्रति क.जी. १.०५ के.जी.का दरले नाँपजाज हुने गरी नर्म्स तयार भै सोही अनुसार प्रयोग हुने डण्डीको नाँपजाँच हुने गरेको पाइयो । यस कार्यालयले बिभागिय नर्मसको आधारमा संरचना निर्माणको लागत अनुमान तयार तथा डण्डीको नापजाँच गर्दा प्रति के.जी १.१५ का दरले लागत अनुमान तथा नाँपजाँच गरी भुक्तानी गरेको पाइयो । १५ ठेक्कामा अन्य क्षेत्रको भन्दा बढी भुक्तानी खर्च भएको छ । नर्म्समा एक रुपता ल्याउनु पर्दछ ।

३२.१ निर्माण व्यवसायीले तोकिएको उनीहरुको कारण काममा ढिलासुस्ती गरी समयमा काम सम्पन्न नगरेको, म्याद समाप्त भए पछि थप नभएकोले निमार्ण व्यसायीहरुबाट रु.२२७२७५१.९८ हर्जना असुल गर्नुपर्दछ ।

३२.२ निर्माण व्यवसायीलाई दिइएको पेश्की मध्ये फछ्र्यौट हुन बाँकी रु.९३ लाख ७४ हजारको बैंक ग्यारेण्टीको अवधि समेत सकिएको हुँदा पेश्की जोखिममा परेको छ । उक्त पेस्की ठेक्का सम्झौता अनुसार फछ्र्यौट गरिनु पर्दछ ।

३३. **प्रोभिजनल समको भुक्तानी :** सार्वजनिक नियमावली, २०६४ को नियम २२ तथा अनूसूची ४ र सम्झौता अनुसार पूर्वानुमान गर्न नसकिने प्रकृतिको कार्य गराउनको लागि लागत सोधभर्ना सम्झौता गरी विलको आधारमा भुक्तानी दिनु पर्नेमा सम्झौता वेगर प्रोभिजनल समबाट २० ठेक्काको रु.८४,०२,६१७ /-फूटकर प्रकृतिका खर्च लेखेको छ । यस्ता खर्चको लागत अनुमान तयार गरेको छैन ।

३४. **पुर्व निर्धारित क्षतिपूर्ति :** कार्की गाउं मूलपानी गोकर्ण सडको मर्मत सम्भार गर्न २०७२/९/१९ मा काम सम्पन्न गर्ने गरी ठेक्का संभौता गरेकोमा सो अवधी भित्र काम नसकेकोले, महानिर्देशकबाट मिति २०७३/२/१३ सम्मको म्याद थप स्वीकृत भएकोमा सो अवधी भित्र पनि काम नसकेकोले ठेक्का अंक रु.९५९१७८७६८ (भ्याट वाहेक) प्रति दिन ०.०५% का दरले आषाढसम्म ५० दिनको रु.२,७२,२१८/- हर्जना असुल गर्नु पर्दछ ।

३५. **पेश्की** : सडक वोर्ड तर्फको आर्थिक विवरण तथा पेश्की वांकीको विवरणमा यसवर्ष कुल जम्मा पेश्की रु. ५०,०३,०००/-देखिएकोमा रु.२८,०८,०००/-को मात्र नाम नामेसी खुलेको छ । कार्यालयको भनाई अनुसार भुलवस विगतको पेश्की समेत यसवर्षको पेश्कीमा समावेश हुन गएको जनाएको छ । यसले गर्दा कार्यालयको सडक वोर्ड

तर्फको आर्थिक विवरण तथा पेश्की बांकीको विवरण यथार्थपरक देखिदैन । फरक परेको रु.२१,९५,०००/- को हिसाव मिलाई पेश गर्नुपर्दछ ।

३६. **फोटोकपी बिलको भुक्तानी :** कार्यालयले ठेक्का नं ०९१।०७१।७२ को एक निर्माण व्यवसायीलाई प्रोभिजनलबाट २० मिटर ह्यूम पाइप खरिद गरेको फोटो कपि विलको रु.१२५४२४। भुक्तानी दिएको छ । उक्त विल ठेक्का सम्झौता मिति २०७२।२।५ भन्दा अघिको मिति २०७२।२।३ को रहेको छ । उक्त रकम असुल हुनुर्दछ ।

३७. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२२ मा पेश गरेको विलमा विजकको मिति, क्रेताको नाम उल्लेख भएको हुनुपर्ने व्यवस्था भए पनि ती सूचना उल्लेख नगरेको विलबाट भुक्तानी वांकी रु २१११४०। भुक्तानी गरेको छ ।

३८. **बढी अवधिको कार्यादेश :** ठेक्का नं.०९१।०७१।७२ को सम्झौतामा सम्झौता मितिले ३ महिना भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७२।२।५ मा सम्झौता भएको देखियो । तर कार्यालयले २०७२।१०।४ मा सम्पन्न गरिसक्नुपर्ने भनी ९ महिनाको कार्यादेश दिएको पाइयो । यसबाट ठेक्काको कार्यान्यनमा ढिलाई भएको छ ।

३९. **धरौटी :** कार्यालयले ६३ निर्माण व्यबसायी फर्महरुलाई प्रमाण बेगर धरौटी फिर्ता दिएको छ । अनियमित रुपले भुक्तानी दिने कार्यालय तथा लेखा प्रमुखलाई कारवाही गर्नुपर्दछ ।

४०. **सदरस्याहा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६४ र नियम ६६(२) मा प्रयोजन समाप्त भएका वा म्याद भित्र फिर्ता लिन नआएका धरौटी रकम राजस्वमा आम्दानी बाँध्नु पर्ने व्यवस्था छ । यस कार्यालयको धरौटी खातामा रहेको र प्रयोजन समाप्त भएको, १७५ फर्मका रु ५३,८८,८२१/- धरौटी सदर स्याहा गर्नुपर्ने भनी गत प्रतिवेदनमा औंल्याइएकोमा सो गरेको देखिएन ।

४१. **मोविलाईजेशन पेश्की :** डिभिजनले ७१ निर्माण व्यवसायीहरुलाई दिएको मोविलाइजेशन पेश्की रु.२०,६४,२९,०००/- फछ्र्यौट गर्न सम्झौता अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

डिभिजन सडक कार्यालय, काठमाडौं २

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले कर्मचारीको कार्य विवरण बनाई लागु नगरेको, नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको अनुगमन संयन्त्र नबनाएको, यस वर्ष गरेका ११६ सम्झौता मध्ये आषाढमा मात्र ४३ सम्झौता गरेको, आर्थिक वर्षको अन्त्यमा रु ६६ करोड ६५ लाखको अख्तियारी पठाएको, आर्थिक विवरण र वार्षिक कार्यक्रमको कायमी बजेटमा फरक परेको, आषाढमा मात्र ४८ प्रतिशत बजेट खर्च गरेको, यस वर्ष संचालित ३४१ योजना मध्ये २७ को शुन्य, १६ को ५० प्रतिशतसम्म र २४ को ७५ प्रतिशतसम्म प्रगति भएको, खरिदको अद्यावधिक अभिलेख नराखेको, विस्तृत सर्वेक्षण प्रतिवेदन जिन्सी दाखिला नगरेको अदि अवस्थाले ऐन नियमहरुको कमजोर पालना देखिएको हुदा आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनु पर्दछ ।

२. **आयोजना स्वीकृति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको संभाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय सपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी आयोजना स्वीकृत गर्नु पर्ने व्यवस्था रहेको छ । यस कार्यालय अन्तरगत सञ्चालित आयोजनाहरु उक्त प्रावधान अनुरुप स्वीकृत नगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४ बमोजिम लागत अनुमान मात्र स्वीकृत गर्ने गरेर कार्यान्वयन गरेको छ ।

२.१ कार्यालयले योजनाको निर्माण स्थल तयारी, हटाउनु पर्ने संरचना (विद्युत, टेलीफोन, खानेपानी) एवं जग्गा प्राप्ती समेत विचार गरी आयोजना प्रतिवेदन तयार गरेर कार्यान्वयन गर्नुपर्नेमा सो अनुसार नगरी खरिद सम्झौता गर्नाले निर्माण कार्य शुरु भएपछि विभिन्न अवरोधहरु आई योजनाको निर्माणमा ढिलाई हुन गइ लागत र समय बृद्धि हुने गरेको छ ।

२.२ योजनाको विस्तृत सर्वेक्षण वेगर लागत अनुमान तोकी कार्यक्रम तयार गर्ने गरेको पाइयो । यो वर्ष १५ योजनामा रु.३ करोड ६४ लाख देखि रु.३२ करोड ९५ लाख सम्म योजनाको कुल लागत अनुमान कार्यक्रममा उल्लेख गरी ति योजनाको लागि रु.५० हजारदेखि रु.५ लाखसम्म विस्तृत सर्वेक्षणका लागि बजेट विनियोजन गरेको छ । नियमावलीको प्रक्रिया अनुसरण गरी निर्माण कार्य गर्नुपर्दछ ।

२.३ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० मा बजेट तथा कार्यकम सम्बन्धी व्यवस्था गरिएको छ । यस्का लागि सोही नियमावलीको अनुसूची १ मा वार्षिक कार्यकमको ढाँचा समेत तोकिएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(२) मा सार्वजनिक निकायले खरिद सम्झौता रकमको बीस प्रतिशतभन्दा बढी हुने गरी पेश्की दिन नपाइने व्यवस्था रहेको छ । कार्यालयले आयोजनाको लागि बजेट प्रस्ताव गर्दा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ बमोजिम स्वीकृत आयोजनाको कुल कार्य मध्ये यस वर्षको वार्षिक लक्ष्य उल्लेख गर्नु पर्नेमा आयोजनाको कुल लागतमा ठेक्का व्यवस्थापन तथा मोबिलाइजेशन पेश्की कृयाकलाप थप गरी वार्षिक लक्ष्यमा उल्लेख गर्ने गरेको छ । कार्यालयले खरिद सम्झौता नभएका कामको लागि पनि बजेट व्यवस्था गरेको पाइयो । अतः बजेट विनियोजन गर्दा यस वर्ष सम्पन्न हुने कामका लागि बजेट विनियोजन गर्नु पर्ने देखिन्छ । यस वर्ष ठेक्का व्यवस्थापन तथा

मोबिलाइजेशन पेश्कीमा बजेट विनियोजन भएका १२ योजनामा वार्षिक विनियोजनको ५३.५ प्रतिशतदेखि शत प्रतिशतसम्म ठेक्का व्यवस्थापन तथा मोबिलाइजेशनमा विनियोजन भएको छ ।

३. नेपाल सरकार (सचिवस्तरीय) को मिति २०७२।१।२ को निर्णय अनुसार ठेक्का समयावधि तोक्ने मापदण्ड स्वीकृत गरी आर्थिक वर्ष २०७२।७३ को शुरुबाट लागु गरेकोमा सो अनुसार खरिद सम्झौताको म्याद तोक्ने व्यवस्थाको पूर्ण रुपले पालना गर्ने काम भएको छैन । कार्यालयले राखेको आर्थिक वर्ष २०७२।७३ का ११६ र २०७१।७२ का १०८ ठेक्काको ठेक्का सम्बन्धी विवरणको अध्ययन गर्दा ३० खरिद सम्झौताहरुको म्याद भित्र निर्माण कार्य सम्पन्न भएको देखिएन ।

४. **अधुरो कार्यसम्पन्न :** संम्झौतानुसारको काम सम्पन्न भए पछि कार्य सम्पन्न गर्नुपर्नेमा २०७१।७२ र २०७२।७३ मा सम्झौता भएका रु.६ करोड ३२ लाख ५५ हजारका ठे.नं.२०७२।७३-१७ २०७२।७३-२४, २०७१।७२-६२ र २०७१।७२-६५ का चार ठेक्काको काम २७ देखि ८४ प्रतिशत मात्र सम्पन्न भएको स्थितिमा कार्य सम्पन्न गरेको देखिएन । ती ठेक्काका ६ देखि ११ आइटमका काम नगरेकै अवस्थामा कार्य सम्पन्न गरेको कारण ती ठेक्काहरु अधुरा रहेको छन तर अधुरो काम गर्ने निर्माण व्यवसायीलाई कुनै कारवाही गरेको छैन ।

५. **म्याद थप** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार सम्झौताको म्याद सकिनु भन्दा कम्तिमा ७ दिन अगावै निवेदन दिनुपर्ने, कावु वाहिरको परिस्थितिको कारणवाट मात्र म्याद थप गर्न सकिने, म्याद थप गर्दा जमानतको म्याद समेत थप गर्नुपर्ने व्यवस्था भएकोमा निवेदन कार्यलायमा दर्ता हुने नगरेको, म्याद थप अवधिवाट र त्रुटी सच्याउने अवधि सम्मको वैंक जमानतको म्याद थप नभएको, अन्तिम पटक भनी म्याद थप भनी निर्णय भएकोमा पुन म्याद थप भएको, उचित कारण विना पूर्वनिर्धारित क्षतिपूर्ति नलिने गरी म्याद थप गरी भुक्तानी भएको देखिन्छ। कार्य सम्पन्न गर्न तोकिएको समय भन्दा ९ गुणा सम्म अवधि थपिएको देखिन्छ। यसरी म्याद थप गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ।

६. **आयोजना सम्पन्न :** विभिन्न ५ सडक आयोजना आर्थिक वर्ष २०७२।७३ मा सम्पन्न गर्ने गरी वार्षिक कार्यक्रम स्वीकृत भए तापनि सम्पन्न भएको देखिएन ।

७. **कन्टिजेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) को अनुसूची–१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २.५ प्रतिशत र साना तिना अन्य खर्च लागि २.५ प्रतिशत समेत ५ प्रतिशत कन्टिजेन्सी खर्च गर्न सकिने उल्लेख भए तापनि गरिने खर्चको व्याख्या तथा वर्गिकरण गरेको छैन । कार्यालयले यो वर्ष ज्याला रु.१ करोड ४० लाख ६५ हजार, इन्धन सूचना प्रकाशन, दैनिक भ्रमण भत्ता, मर्मत कार्यालय सामान रु.३ करोड १ लाख ५ हजार समेत रु.४ करोड ४१ लाख ७० हजार कन्टिजेन्सी खर्च लेखेको छ । यस्तै प्रकृतिको खर्च चालु बजेटवाट पनि हुने गरेको छ । एकै प्रकृतिका खर्च पूँजीगत तर्फको कन्टिजेन्सी र चालु खर्च शीर्षक दुवैबाट गरेको छ । कन्टिजेन्सीबाट खर्च गर्ने स्पष्ट कार्यविधि तयार गर्नुपर्दछ ।

८. **सार्वजनिक निर्माण लेखा :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १० र नियमावली, २०६४ को नियम ९२ मा कारोबारको लेखा राख्नु पर्ने व्यवस्था रहेको छ । यस्का लागि विभिन्न म.ले.प.फा.नं.हरु स्वीकृत भई कार्यान्वयनमा रहेका छन । कार्यालयले महालेखा परीक्षकबाट स्वीकृत भएका म.ले.प.फा.नं. १६६ देखि १७७ सम्म र १९० गरी १३ वटा फारामहरु प्रयोगमा ल्याएको पाइएन । डोर हाजिरी नियन्त्रण खाता पनि राखेको छैन । निर्माण कार्यको विस्तृत मापनका लागि स्वीकृत नापी किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । सम्झौता अनुसारका कतिपय ठेक्काको अघिल्लो रनिङ्ग बिलमा सम्पन्न भएको कार्यलाई पछिल्लो रनिङ्ग बिलमा संलग्न गरेको पनि छैन । तसर्थ नापी किताबमा अभिलेख गर्नु पर्ने सबै तथ्यांक एवं सूचनाहरु खुलाई प्रयोगमा ल्याइनु पर्दछ ।

९ **रोड इन्भेन्ट्री :** कार्यालयले आफ्नो कार्य क्षेत्रभित्र निर्माणाधिन र निर्माण सम्पन्न सडक, पुल, कल्भर्ट, रिटेनिगवाल आदिको लगत अद्यावधिक गरी राख्नुपर्ने गरी सडक विभागले परिपत्र गरेको छ । कार्यालयले यस प्रकारको लगत राखेको पाइएन ।

१०. **कार्यसम्पादन जमानतको अभिलेख** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० अनुसार पेश गरेको कार्यसम्पादन जमानत तथा नियम ११३ अनुसारको पेश्की जमानत, त्यस्तै नियम ११२ बमोजिम बीमाको विवरणको लगत खडा गरी अद्यावधिक गर्ने काम गरेको छैन ।

११. **भेरिएशन आदेश:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिने कामको लागि आइटमको लागत अनुमान तयार गरी भेरिएसन गर्न सकिने उल्लेख छ । त्यसै गरी सडक विभागको मिति २०७३।३।२६ को परिपत्र अनुसार नेपाल सरकार सचिवस्तरबाट प्राविधिक पुष्ट्याई सहित संशोधित लागत अनुमान तयार गरेर मात्र भेरियसन गर्नुपर्ने निर्णय भए पनि ठेक्का सम्पन्न

भए पछि ठेक्का अंकको ५ प्रतिशत भन्दा बढी काम भएमा मात्र भेरियसन स्वीकृत गरेको छ। नियमानुसार भेरियसन गरी काम गराउनु पर्दछ।

१२. **एज बिल्ट नक्शा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (१) मा खरिद सम्झौता बमोजिम निर्माण सम्पन्न भएको तीस दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज बिलट नक्शा सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले खरिद सम्झौता गर्दा उक्त व्यवस्थालाई आंशिक रुपमा कार्यान्वयनमा ल्याएको छ। ओशोतपोवनमा पुल निर्माण गर्ने सम्झौतामा एज बिल्ट नक्शा पेश नगरेमा रु.१,००,०००।०० रोक्का गर्ने उल्लेख भएपनि रोक्का राखेको छैन । रोक्का राखी उक्त नक्सा पेश गर्न लगाउनु पर्दछ।

१३. ठेक्का नं.७९।०७१।०७२ धर्मस्थली छौगाँउ - जितपुर फेदी सडक निमार्णको लागि रु.२,८९,७३,८९१।६० मा मिति २०७३।१०।१३ भित्र निमाण कार्य सम्पन्न गर्ने गरी मिति २०७२।५।२६ मा कार्यदेश दिई दोश्रो बिलसम्म १,९२,३९,७८९।६८ भुक्तानी गर्दा वीमा खर्च रु.३,५५,०००।०० भुक्तानी भएको देखिन्छ। कार्यादेश मिति देखि कार्य सम्पन्न भएको १३ महिना सम्मको विमा गराउनु पर्नेमा वीमाको रसिद अनुसार बीमा अवधि २०७३।८।३० देखि २०७४।८।२९ सम्मको रहेकोले ढिला गर्दा कम खर्च भएको आधा रु.१ लाख ७७ हजार असुल गर्नुपर्दछ।

१३.१ ठेक्का नं.७३।०७१।०७२ सितापाइला- भिमढुंगा -धार्के सडक निमार्णको लागि रु.४,२२,३१,४४६।४० कवोल गर्ने एम.एस./पि.आर. ड्रागन जे.भि.संग मिति २०७३।३।२२ भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७२।३।२२ मा कार्यदेश दिई दोश्रो बिलसम्म रु.२९४८५९९३।५४ भुक्तानी खर्च लेखेकोमा वीमा वापत रु.५,००,०००।०० भुक्तानी भएको देखिन्छ। उक्त विमा २०७२।३।२२ देखि २०७४।४।२१ सम्मको गर्नुपर्नेमा कम अवधिको विमा गरी पुरै रकम भुक्तानी गरेकोले आधार रु.२ लाख ५० हजार असुल गर्नुपर्दछ।

१४ **कार्य सम्पन्न प्रतिवेदन र त्रुटि सच्याउने अवधि** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने र त्यस्तो प्रतिवेदन बोलपत्र स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयको ठेक्का विवरणको अध्ययन गर्दा निर्माण कार्य सम्पन्न गरेका तीन करोड रुपैयाभन्दा बढी लागत अनुमान भएका विभिन्न ७ खरिद सम्झौताको उक्त प्रावधान अनुरुप एह तह माथि पेश गरी गर्नुपर्ने कार्य सम्पन्न प्रतिवेदन सो अनुसार तयार भएको छैन।

१५. **धरौटी फिर्ता** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ (२) मा अन्तिम भुक्तानी दिंदा निर्माण कार्यको हकमा त्रुटि सच्चाउने अवधि समाप्त भएपछि कार्य सम्पादन जमानत र कट्टा गरिएको रिटेन्सन मनी रकमको पचास प्रतिशत रकम फिर्ता गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले त्रुटी सच्याउने अवधि समाप्त नभई धरौटी फिर्ता दिने गरेको छ।

१६. **निर्माण कार्यको गुणस्तर** : सडक विभागले स्पेसिफिकेसन एवं खरिद सम्झौता अनुसार निर्माण कार्यको गुणस्तर नियन्त्रण र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। जसअनुसार खरिद सम्झौता गर्दा गुणस्तर परीक्षणको किसिम र त्यसको पटक र संख्या समेत उल्लेख भएको गुणस्तर योजना निर्माण व्यवसायीले उपलब्ध गराउनु पर्ने र सो योजनालाइ परीक्षण गरी योजना प्रमुखवाट स्वीकृत गराइ सोही अनुसार गुणस्सतर प्रक्रिया संचालन गर्नुपर्ने उल्लेख भएतापनि यो वर्ष ठेक्का सम्झौता भएकोमा केही निर्माण व्यवसायीले उक्त योजना पेश गरेको पाइएन । यसरी गुणस्तर योजना विना निर्माण कार्य गर्दा गुणस्तर कायम नहुने हुदा यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था रहेको छ। निर्माण व्यवसायीसँग भएको सम्झौतामा निर्माण व्यवसायीले केन्द्रीय सडक प्रयोगशाला वा सडक विभागबाट मान्यता प्राप्त प्रयोगशालाबाट आफ्नै खर्चमा गुणस्तर परीक्षण गराउनु पर्ने व्यवस्था छ। कार्यालयले लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षणको अलग आइटम बनाएको छैन । निर्माण निर्माण व्यवसायीले मापदण्ड अनुसारका परीक्षण नगरेको र पेश गरेका गुणस्तर परीक्षण प्रतिवेदन सडक विभागबाट मान्यता प्राप्त प्रयोगशालाबाट गराए नगराएको खुल्दैन।

१७. **मोबिलाइजेशन पेश्की :** ३० निर्माण व्यवसायीलाई दिएको पेश्की रु.१७,८९,०१,०००।०० आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट गरेको नदेखिएकाले सम्झौता अनुसार फछ्र्यौट गर्नुपर्दछ। निर्माण व्यवसायीलाई दिइएको पेश्की सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) अनुसार प्रत्येक रनिङ्ग बिलबाट कट्टा गर्नु पर्नेमा सम्झौतामा कबोल अंकको ३० प्रतिशतभन्दा बढीको काम भएपछि कटाउने शर्त राखी सोही अनुसार कट्टा गर्दा खरिद नियमावली विपरितको कार्य भएको छ।

१८. आय कर ऐन,२०५८ बमोजिम ढुवानीमा १० प्रतिशत कर लाग्ने व्यवस्था छ। कार्यालयवाट नेपाल विटुमिन तथा व्यरेल उद्योग लि.लाई भुक्तानी भएको रु.७३,७८५।०० को रु.७३७८.५० कर कट्टी भएको छैन । उक्त रकम असुल गर्नुपर्दछ।

१९. ठेक्का समझौताको दफा ७.४ अनुसार तोकिएको समयमा निर्माण व्यवसायीको कारणले कार्य सम्पन्न नभएमा संझौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन संझौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपुर्ति लगानु पर्ने व्यवस्था छ। ठे.नं. ८७०७१।०७२ रामकोट गा.वि.स. वादलकोट दहचौक सडक निर्माण सुधार कार्यको लागि २०७२।३।२० भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी २०७०।१२।२१ मा (मू.अ. कर वाहेक) रु ७,२९,५७९।८० को ठेक्का सम्झौता भएको छ । उक्त निर्माण कार्य २०७१।७।१९ को मिति सम्म म्याद थप भएकोमा निर्माण कार्य २०७२।४।१० मा मात्र सम्पन्न भएकोले सम्झौता रकम रु.७,२९,५७९।८० को १० प्रतिशतले हुने रकम रु.७२,९५७।९८ असुल हुनु पर्दछ।

२०. **कम प्रगति** : गल्कोपाखा गोंगबु सडक ६ महिनामा सम्पन्न गर्ने गरी रु.१४,४१,१८,१९४।७० मा एक निर्माण व्यवसायीसंग २०७०।११।२८ मा सम्झौता भई यस वर्ष रु.४,७०,६७,६१४।१९ भूक्तानी भएको छ । निर्माण कार्य शुरु गरेको २ महिनाभित्र ३० प्रतिशत भौतिक प्रगति हुनु पर्नेमा सर्वोच्च अदालतबाट निर्माण कार्य रोक्न आदेश दिए अनुसार विवाद नभएको स्थानमा मात्र निर्माण कार्य भई रहेको र सोही कारणले २०७३।५।२७ सम्म म्याद थप गरेको छ। अधुरो सडक निर्माणबाट निर्माण गर्नुको उद्देश्य पुरा नहुने भएकोले समस्याको समाधान गरी डिजाइन अनुसारको सडक निर्माण गर्नुपर्दछ।

२१. महाराजगञ्ज कान्ती अस्पताल वसुन्धरा सडक निर्माण कार्यका लागि एक निर्माण व्यवसायीसंग रु.९०,८६,२१०।०० मा मिति २०७२।१०।२२ मा निर्माण सम्पन्न गर्ने गरी २०६८।२।२५मा संझौता भएकोमा २०७२।१०।२२ मा निर्माण कार्य सम्पन्न गरी रु.८९,५८,४१७।०८ भुक्तानी खर्च लेखेको छ। आइटम नं. २२ प्रोभिजिनल समबाट पाइप खरिद गरीएको बिल राखी मू.अ. कर समेत समावेश गरी ३,३९,१६९।०० अन्तिम बिलमा समावेस गरिएकोमा पुनः ठेक्का विलमा मू.अ. कर रु.४४,०९१।९७ समावेश भएकोले निर्माण व्यवसायीवाट असुल हुनु पर्दछ।

२२. **लागत अनुमानः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ तथा १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने व्यवस्था रहेको छ।

२२.१ कार्यालयले Boring, providing and installing bored cast-in-situ RCC को लागि विष्णुमति खोलामा रु.२४,७९६।२९ का दरले लागत अनुमान स्वीकृत गरेको छ। उक्त आइटमको लागतमा प्रति रनिंग मीटर ३,६८८।५० का दरले फरक पारी लागत अनुमान स्वीकृत गर्नाले ५७६ रनिंग मिटरको रु ३६८८।५० का दरले विष्णुमति खोलाको पुलको लागत रु.२१,२४,५७६।०० ले बढी भएको छ। कार्यालयले बढी दर प्रयोग गरेको आधार खुलाएको छैन।

२२.२ कार्यालयले पुलको लागत अनुमान तयार गर्दा नर्मश अनुसार Boring, providing and installing bored cast-in-situ RCC (16.03(d) Dia 800 mm) को लागि reinforcement ८६ केजी हाल्नु पर्नेमा ३६.७० केजी मात्र हाल्ने गरेको पाइयो। यस सम्बन्धमा कार्यालयले design report अनुसार Reinforcement को परिमाण आउने भएकोले सोही बमोजिम गर्ने गरेको जवाफ दिएको छ।

२३. दक्षिणकाली - छैमले - सिस्नेरी - कुलेखानी सडक निर्माणमा हालसम्म रु.१२ करोड ८८ लाख ५७ हजार खर्च भएको छ। चेनेज ०+००० देखि २०+००० सम्म ढुवानी रकम छुटेको देखाई थपिएको समेत रु.३२ करोड ६५ लाख लागत अनुमान कायम गरेको छ।

२४. कार्यालयले त्यस वाहेकको रु.९९,९४,४८२।४८ को निर्माण कार्य २०७२ जेठ समान्तभित्र रु.४३,५९,०९०।६८ मा सम्पन्न गर्ने गरी २०७२।२।२६ मा निर्माण व्यवसायीसंग संझौता गरेकोमा रु.४१,८७,३८३।५५ मा सम्पन्न भएको छ। निर्माण कार्य ७ दिनमा सम्पन्न गर्ने गरी खरिद सम्झौता गरेको र सम्झौता भएको दिन अर्थात २०७२।२।२६ मा वर्षातको पानीले पिच कार्यमा बाधा परेको कारण देखाई सम्झौता गरेको दिन नै ६ महिना म्याद थप भएको छ। म्याद थप गरेको छ। कार्यालयले ०+००० देखि २०+००० सम्म र १५+००० देखि २१+००० सम्म निर्माण गर्न अलग सम्झौता गरी निर्माण कार्य चालु रहेको अवस्थामा यो निर्माण कार्य पनि सोही चेनेजभित्र समावेश भएको छ। काममा दोहोरोपना हुने गरी ठेक्का सम्झौता भए नभएको छानविन गरी एकिन गर्नुपर्दछ।

थानकोट–चित्लाङ सडक आयोजना

१. **आन्तरिक नियन्त्रण :** कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको, नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा नगरेको, आयोजना स्वीकृत नगरी लागत अनुमान स्वीकृत गरेको, प्रथम चौमासिक अवधिमा ठेक्का संझौता गर्नुपर्नेमा यस वर्षको १ मात्र खरिद सम्झौता दोस्रो चौमासिकमा गरेको, आषाढमा रु २ करोड ८० लाख २६ हजारको घटी अख्तियारी पठाएको, तेस्रो चौमासिकमा ६७.९४ प्रतिशत तथा आषाढ महिनामा ३२.४८ प्रतिशत खर्च गरेको, २ शीर्षकको प्रगति २० र २४ प्रतिशत मात्र रहेको आदि अवस्थाहरु देखिएकोले ऐन नियमहरुको परिपालनाको माध्यमबाट आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनु पर्दछ।

२. **कन्टिजेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) को अनुसूची–१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्चको लागि २.५ प्रतिशत र साना तिना अन्य खर्चको

लागि २.५ प्रतिशत समेत ५ प्रतिशत कन्टिजेन्सी खर्च गर्न सकिने उल्लेख भए खर्चको व्यवस्था र वर्गिकरण वेगर ज्यालामा रु.२ लाख ८१ हजार, इन्धन सूचना प्रकाशन, दैनिक भ्रमण भत्ता, मर्मत कार्यालय सामानमा रु.२२ लाख १० हजार समेत रु.२४ लाख ९१ हजार कन्टिजेन्सी खर्च लेखेको छ । यस्तै प्रकृतिको खर्च चालु बजेटवाट पनि हुने गरेको छ । एकै प्रकृतिका खर्च पूँजीगत तर्फको कन्टिजेन्सी र चालु खर्च शीर्षक दुवैबाट गरेको छ । कन्टिजेन्सीबाट खर्च गर्ने स्पष्ट कार्यविधि तयार गर्नुपर्दछ ।

३. **सार्वजनिक निर्माणको लेखा** : आर्थिक नियमावली, २०६४ को नियम ९२ मा कारोबारको लेखा राख्नु पर्ने व्यवस्था रहेको छ । यस्का लागि विभिन्न म.ले.प.फा.नं.हरु स्वीकृत भई कार्यान्वयनमा रहेका छन ।

योजनाले महालेखा परीक्षकबाट स्वीकृत भएका म.ले.प.फा.नं. १६६ देखि १७७ सम्म र १९० गरी १३ वटा फारामहरु प्रयोगमा ल्याएको पाइएन । कार्यालयले डोर हाजिरी फाराम नियन्त्रण खाता राख्ने गरेको छैन । यसबाट कन्टीन्जेन्सीबाट ज्यालामा गरिने ठूलो रकमको नियन्त्रण व्यवस्था कमजोर हुन गएको छ । त्यसै गरी योजनाले कार्य सम्पादन जमानत, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको विवरण पनि अधुरो राखेको वा नराखेको स्थिति छ ।

४. **खरिद कारवाहीको अभिलेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ती छुट्टै फाइल खडा गरी कम्तीमा सातवर्षसम्म सुरक्षित राख्नु पर्ने व्यवस्था गरेको छ । तर कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र भएका खरिद कारवाहीको अद्यावधिक अभिलेख तयार गरी राखेको पाइएन । जस्ले गर्दा खरिद सम्बन्धी योजना तयार गर्न सूचनाको अभाव रहेको छ ।

५. **कार्य सम्पादन जमानतको अभिलेख** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा खरिद सम्झौता गर्न कार्य सम्पादन जमानत पेश गर्नु पर्ने तथा नियम ११३ मा पेश्की लिन जमानत पेश गर्नु पर्ने व्यवस्था रहेको छ । योजनाले उक्त प्रयोजनका लागि पेश गरेको जमानतको अभिलेख खडा गरी राखेको पाइएन ।

६. **एज बिलट नक्शा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (१) मा खरिद सम्झौता बमोजिम निर्माण सम्पन्न भएको तीस दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले एज बिलट नक्शा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले उक्त व्यवस्थालाई कार्यान्वयनमा ल्याएको पाइएन ।

७. **बीमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा दश लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले विमा गराउनु पर्ने व्यवस्था रहेको छ । वीमाको लागत अनुमान कुनै आधार वेगर लमसममा राखेको छ ।

८. **कार्य सम्पन्न प्रतिवेदन र त्रुटि सच्याउने अवधि** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने र त्यस्तो प्रतिवेदन बोलपत्र स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले गत वर्ष विभिन्न ५ निर्माण कार्य सम्पन्न गरेकोमा सो अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन ।

९. **आयोजना स्वीकृति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको संभाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी आयोजना स्वीकृत गर्नु पर्ने व्यवस्था रहेको छ । थानकोट चित्लाङ सडक योजनाको लागत रु.१ अर्ब १३ करोड ३६ लाख ६८ हजार कायम भएकोमा सो अनुरुप स्वीकृत गरेको पाइएन ।

१०. आयोजना अन्तरगत २२ कि.मी. सडक कालोपत्रे गर्ने कार्य रु.१५ करोडको लागतमा आर्थिक वर्ष २०७३।७४ मा सम्पन्न गर्ने गरी आर्थिक वर्ष २०६१।६२ मा निर्माण शुरु भएकोमा गत वर्ष सम्म रु.८ करोड ५१ लाख ३१ हजार खर्च भएको छ । शुरुमा तय गरिएको चेनेज अनुसार खरिद सम्झौता भई निर्माण चालु रहेको अवस्थामा योजनाले नयाँ चेनेज नम्बर कायम गरी सम्झौता गरेकोले शुरुमा भएका खरिद सम्झौता अनुसार निर्माणाधिन कार्यहरु नयाँ चेनेज नम्बरसंग दोहोरो परेकोले शुरु खरिद सम्झौता अनुसार यस वर्षसम्म भएको खर्च रु.१२ करोड ३२ लाख १२ हजारको सार्थकता देखिने अवस्था कम रहेको छ ।

११. **म्याद थप :** ठेक्का नं. 071/72-001 को सडक निर्माण गर्न रु.२,९२,७७,८७९।५० मा २०७२ आषाढ २५ मा निर्माण सम्पन्न गर्ने गरी २०७१।११।६ मा सम्झौता भएकोमा २०७३ आषाढसम्म ६९.२० प्रतिशत काम सम्पन्न भएको छ ।

११.१ सम्झौताको माइलस्टोन अनुसार २०७२ वैशाखभित्र ४० प्रतिशत काम सम्पन्न गर्नु पर्नेमा योजनाको २०७२।१।२३ को पत्र अनुसार निर्माण व्यवसायीले निर्देशन अनुसार कार्यप्रगति नगरेकै अवस्थामा महाभुकम्प, मजदुर एवं निर्माण सामग्रीको अभाव देखाई म्याद थप माग गरे अनुसार पहिलो पटक २०७२।९।२० सम्म र दोस्रो पटक २०७३।३।१५ सम्म म्याद थप भएको छ । उक्त कार्य निर्माण व्यवसायीको कारणले दोश्रो पटक थपिएको म्यादमा पनि कार्य सम्पन्न नभएकोले ठेक्का अंकको प्रतिदिन ०.०५ प्रतिशतले हुने पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

१२. **न्यून प्रगति :** निम्न ठेक्काहरुमा ठेक्का अवधि र खर्चको आधारमा न्यून प्रगति भएको देखिएको छः

- एक निर्माण व्यवसायीसँग रु.१,५०,५६,५०५।४० मा २०७२ आषाढ २५ मा निर्माण सम्पन्न गर्ने गरी २०७२।२।२४ मा सम्झौता भएकोमा २०७३ आषाढ मसान्तसम्म रु.४२,१५,६८७।१६ को काम सम्पन्न भएको छ । कार्यालयले सोही प्रकृतिको अर्को एक ठेक्कामा करिब ४ महिनाको म्याद दिइ माइलस्टोनको व्यवस्था गरेकोमा यस ठेक्कामा एक महिनाको म्याद दिई माइलस्टोन राखेको पाइएन । निर्माण सम्पन्न गर्न लाग्ने अवधिभन्दा धेरै कम म्याद दिएको एवं निर्माण व्यवसायीले वर्षात, श्रमिकको अभाव देखाई म्याद माग गरेकोमा पहिलो पटक २०७२।९।२० सम्म र दोस्रो पटक २०७३।३।१५ सम्म म्याद थप गरे पनि निर्माण व्यवसायीबाट न्युन मात्र कार्य भएको छ ।
- ठेक्का नं. 071/72-005 (चेनेज ०+१४५ देखि २+५०० सम्म) को सडक निर्माण गर्न रु.५,६७,२६,७९२।३४ लागत अनुमान स्वीकृत भएकोमा एक निर्माण व्यवसायीसँग रु.४,०२,४०,९२६।१६ मा ११ महिनामा निर्माण सम्पन्न गर्ने गरी २०७२।३।२१ मा सम्झौता भएकोमा २०७३ आषाढ मसान्तसम्म रु.१,६५,२७,३३३।२५ (भौतिक प्रगति ४१.०७ प्रतिशत) काम सम्पन्न भएको छ। यातायात सञ्चालन अन्तरगत रु.१४,२७,०००।०० मा काम सम्पन्न गरेकोमा विनियोजित बजेट रु.१२ लाख भन्दा बढी रु.२ लाख २७ हजार खर्च देखिएको छ । सडक विस्तारको लागि विद्युतका पोलहरु सार्न नेपाल विद्युत प्राधिकरणलाई रु.२०,००,०००।०० पेश्की दिएकोमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७७ बमोजिम पेश्की फछ्र्यौट भएको छैन ।
- थानकोट मातातिर्थ कल्याणपुर भैंसेपाटी सडक रु.३२ करोड ६६ लाख ५० हजारको लागतमा आ.व. २०६८।६९ मा निर्माण शुरु भएकोमा गतवर्षसम्म रु.२ करोड ८ लाख ७१ हजार खर्च भइ सम्पन्न हुने अवधि बजेटमा निर्भर हुने उल्लेख छ । यस वर्ष रु.१५,०००,०००।०० बजेट विनियोजन भएकोमा रु.८० लाख ४३ हजार खर्च भई हाल सम्म २ करोड ८९ लाख १४ हजार हजार खर्च भएको छ । योजनाले यस वर्ष ३४.८० प्रतिशत र हालसम्म २०.३६ प्रतिशतमात्र प्रगति भएको छ । पर्याप्त बजेट विनियोजन गरी निर्धारित समयमा ठेक्का सम्पन गर्नुपर्दछ ।
- योजनाको चेनेज ०+००० देखि ५+००० सम्मको निर्माण कार्य गर्न एक निर्माण व्यवसायीसँग रु.१,४२,३६,८१७।८० मा २०७३।३।३० भित्र सम्पन्न गर्ने गरी २०७२।९।३० मा सम्झौता भएकोमा २०७३ आषाढ मसान्तसम्म रु.७७,३७,८७१।०० अर्थात ५४.३५ प्रतिशत मात्र कार्य सम्पन्न भएको छ ।

धरान - चतरा - गाईघाट - कटारी - सिन्धुली - हेटौंडा सडक योजना

१. **आन्तरिक नियन्त्रण प्रणाली -** कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको कार्यान्वयनको मूल्यांकन गर्दा कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको देखिएन । ऐन नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **खरिद व्यवस्थापन -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा बजेट तथा कार्यक्रम तयार गर्दा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा समाप्त गर्ने गरी व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । तर योजनाले सडक निर्माणको रु.१७ अर्ब ८० करोड ९० लाखमा दुई ठेक्काको लागत अनुमान अन्तिम चौमासिकमा स्वीकृत गरी २०७३।७४ को प्रथम चौमासिकमा ठेक्का संझौता गरेको छ ।

बनेपा–सिन्धुली–बर्दिवास सडक योजना

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा सार्वजनिक खरिद ऐन, नियमावली अनुसार वार्षिक खरिद गुरु योजना र खरिद योजना तयार नगरेको, आर्थिक कार्यविधि नियमावलीको व्यवस्था अनुसार मर्मत सम्भार तथा लिलामको कारवाही अगाडि नबढाएको, एकै किसिमका मालसामानमध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरिएको परिमाणको तुलनात्मक विवरण लगायतका व्यहोराहरु खुलाईं निरीक्षण प्रतिवेदन तयार नगरेको, डी.एल.पी.मा रहेका पूजिगत खर्चको ६९ प्रतिशत खर्च तेश्रो चौमासिकमा गरेको, वृक्षरोपण तथा सूचना प्रविधि संचालन र मर्मतमा ५० र ७५ प्रतिशत भन्दा कम प्रगति गरेको, ठेक्काहरुको अभिलेख नराखेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **कन्टिजेन्सी खर्च :** कार्यालयले यो वर्ष ज्यालामा रु.३४ लाख ९८ हजार, इन्धन सूचना प्रकाशन, भ्रमण भत्ता, मर्मत कार्यालय सामानमा रु.२९ लाख ४९ हजार र सवारी साधन खरिद गर्न सडक विभागमा पठाएको रु २९ लाख समेत रु.९३ लाख ४७ हजार कन्टिजेन्सी खर्च लेखेको छ । यस्तै प्रकृतिको खर्च चालु बजेटबाट पनि हुने गरेको छ । कन्टिजेन्सीबाट खर्च गर्ने स्पष्ट नीति तय नभएको, खर्चको ठेक्कागत अभिलेख नभएको, सोझै खरिद गरेको, कार्यालय संचालन सम्बन्धी खर्च कन्टिजेन्सीबाट लेखेको र एकै प्रकृतिका खर्चहरु पूँजीगत

तर्फको कन्टिजेन्सी र चालु खर्च शीर्षक दुवैबाट गरेको छ । कन्टिजेन्सीबाट खर्च गर्ने स्पष्ट कार्यविधि तयार गर्नुपर्दछ ।

३. **गुणस्तर आश्वस्तता तथा कार्यतालिका** : विभिन्न निर्माणकार्यको लागि हुनुपर्ने न्यूतम गुणस्तर तोकी सडक विभागबाट स्टाण्डर्ड स्पेसिफिकेशन फर रोड एण्ड बृज वर्क २०५८ जारी भएको र निर्माण व्यवसायीहरुसँग भएको सम्झौतामा गुणस्तर नियन्त्रणको कार्यतालिका पेश गर्नु पर्ने व्यवस्था छ । तर सडक निर्माण, सुधार सम्बन्धी ठेक्का सम्झौता गर्दा गुणस्तर आश्वस्तता योजना र कार्यतालिका पेश गर्न लगाएको पाइएन । यसबाट गुणस्तर नियन्त्रण पक्ष कमजोर देखियो । कतिपय ठेक्कामा ग्यावीयन वायर र तटवन्धको गुणस्तर परीक्षण गराएको देखिएन । उपरोक्त व्यवस्थाको कार्यान्वयन गरी गुणस्तर नियन्त्रणलाई प्रभावकारी बनाउनु पर्दछ ।

४ **एज बिल्ट ड्रइङ्ग** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माणकार्य सम्पन्न भएको तीस दिनभित्र निर्माणव्यवसायीले एज बिल्ट नक्सा पेश गर्नुपर्ने उल्लेख भएको छ । सम्झौताको दफा ५७.१ र ५७.२ मा निर्माणव्यवसायीले ३० दिनभित्र एज बिल्ट ड्इङ्ग पेश गर्नु पर्ने र पेश नगरेमा रु १ लाख रकम रोक्का राख्नुपर्ने व्यवस्था समेत रहेको छ । काम सम्पन्न भई परीक्षण गरिएका १९ सडकको एज बिल्ट ड्रइङ्ग पेश नभएकोमा रु.१९ लाख रोक्का राख्नुपर्नेमा रोक्का नराखी भुक्तानी खर्च लेखेको छ । सम्झौतानुसार रोक्का राखी सो ड्इंग पेश गर्न लगाउनु पर्दछ ।

५. **लागत अनुमान तथा नर्म्सको प्रयोग** : नेपाल सरकार अन्तरगतका सबै निकायले समान काममा एउटै नर्म्स प्रयोग गर्नुपर्नेमा सडक विभागबाट जारी नर्म्समा सिमेण्ट बालुवाको जोडाइ भएको ढुंगाको गाह्रो लगाउदा प्रति घन मिटर गाह्रोमा १.१५ घ.मी. ढुंगा लाग्ने व्यवस्था गरेको पाइयो । भवन विभाग, सिंचाइ विभाग लगायत अन्य विभागको स्वीकृत नर्म्समा प्रति घ.मी. गाह्रो लगाउँदा १.१० घ.मी. ढुंगा लाग्ने व्यवस्था रहेको छ । सोही कारणले यस वर्ष लागत अनुमान तथा ठेक्का व्यवस्था भएकामध्ये ६ प्याकेजको लागत अनुमान तयार गर्दा १५ प्रतिशत ओभरहेड र १३ प्रतिशत मूल्य अभिवृद्धिकर समेत रु.३,७६,०२५।३९ थप लागत समावेश हुन गएको देखिन्छ ।

त्यसै गरी सडक विभागबाट जारी नर्म्समा आर.सी.सी.गर्न १.१५ कि.ग्रा.फलामे डण्डी लाग्ने व्यवस्था गरेको छ । सिंचाइ विभाग र भवन विभागको १.०५ कि.ग्रा. डण्डी प्रयोग हुने उल्लेख छ । यसरी डण्डी खेर जाने फरक फरक नर्म्स लागु गर्दा यो वर्ष ठेक्का व्यवस्था भएका ५ ठेक्कामा ७८७४ के.जी. डण्डी बढ्न गई रु.८,०७,९३९।४३ थप लागत समावेश हुन गएको छ ।

६. **असम्बन्धित खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार सम्झौता गर्दा ठेक्कासंग सम्बन्धित आइटम मात्र राख्नु पर्नेमा असम्बन्धित डिजिटल भिडियो क्यामरा राखी रु.१,३०,०००।– भुक्तानी गरेको छ । यस्ता खर्च नियन्त्रण हुनुपर्दछ ।

७ **मूल्य अभिवृद्धि कर बिजक** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार अनुसूची–५ बमोजिमको ढांचामा सिलसिलेवार नंबर र मिति सहितको बिजक जारी गर्नुपर्नेमा एक निर्माण व्यवसायीलाई हातले बिजक नं.लेखेको आधारमा रु ७,६७,४८४।– मूल्यअभिवृदि कर भुक्तानी गरेको देखियो । उक्त करको आय विवरण पेश गरे नगरेको एकिन गरी पेश नगरेको पाइएमा सोही ऐन अनुसार विगो, जरिवाना र थप दस्तुर असुल गर्नुपर्दछ ।

८. **वीमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्यको त्रुटि सच्याउने अवधि समेत कभर हुने गरी बीमा गराउनुपर्ने व्यवस्था छ । योजना अन्तर्गत सञ्चालित ठेक्काहरुमा कतिपयले त्रुटि सच्याउने अवधि सम्मको बीमा नगराएको तथा कतिपयले आंशिक कामको मात्र बीमा गराएको पाइयो । अधुरो र आंशिक विमा गराउने निर्माण व्यवसायीहरुबाट आंशिक रुपले विमा खर्च असुल गर्नुपर्दछ ।

९. **स्वीकृत डिजाइन/लागत अनुमान :** बर्दिवास इण्टर सेक्शनमा फूटपाथ, मेडियन स्ट्रिप, रेलिङ, बस बे समेतको सडक सुधार कार्य गर्नका लागि आर्थिक वर्ष ०६९।७० मा रु.१,७९,९९,९७९।– मा एक निर्माण व्यवसायीसंग १५ महिना भित्र सम्पन्न गर्ने गरी सम्झौता भई अन्तिम बिलसम्म रु.१,८०,३३,३५६। भुक्तानी गरेकोछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तथा ड्इङ, डिजाइन तयार गरी सोही अनुसार निर्माण कार्य गराउनु पर्दछ । स्वीकृत डिजाइन/लागत अनुमान अनुसार बर्दिवास चोकदेखि ३७० मीटरसम्म (सिन्धुली तर्फ) सडकको बीचमा १.५ मीटर चौडाइ तथा ०.९ मीटर उचाइको मेडियन निर्माण गर्ने उल्लेख भएकोमा सो अनुसार मेडियन निर्माण गरेको देखिएन ।

निर्माण व्यवसायीसंग भएको सम्झौता अनुसार प्रोभिजनल समबाट रु १,६८,६४१।– मा खरिद भएका टप कोन अटो लेभल मेशिन, क्युब माउल्ड खरिद गरेकोमा योजनालाई हस्तान्तरण गरिएको तथा जिन्सी दाखिला गरेको देखिएन ।

बनेपा–सिन्धुली–बर्दिवास सडकको नेपालथोक–धुलीखेल खण्डको सडक सुधार कार्य गर्न रु.२३६०४७६।०० भुक्तानी भएको देखिन्छ । माम्ती खोलाको अप स्ट्रिम र डाउन स्ट्रिममा रिभर च्यानलाइंजेशन कार्यको चौडाइ बढी राखेको छ । यसको पुष्ट्याई पेश गरेको छैन ।

१०. **बिल भर्पाइ** : निर्माणव्यवसायीसंग भएको सम्झौता अनुसार प्रोभिजनल समबाट गरेको खर्चको विल भरपाई पेश गर्नुपर्नेमा ३ निर्माण व्यवसायीलाई प्रोभीजनल समबाट विल भरपाई वेगर रु.१७१०९६।०० भुक्तानी दिएको छ । विल भरपाई पेश गर्न लगाउनु पर्दछ ।

११. **बढी भुक्तानी :**एक निर्माण व्यवसायीलाई ढुंगाको पर्खालकोलागि नापी शीट अनुसार ६४७.०४ घ.मी. कार्यको भुक्तानी दिनुपर्नेमा ६५८.७३ घ.मी.को भुक्तानी गर्दा ११.६९ घ.मी. को बढी भुक्तानी भएकोले रु १,०५,२१०।- असूल हुनु पर्दछ ।

१२ **दाखिला बेगर खर्च** : योजनाले इनसटलेसन अफ रीव एण्ड रेन गज को को कार्य गर्न एक निर्माण व्यवसायीसंग सम्झौता भई यो आर्थिक वर्ष दोस्रो बिल सम्म रु ३५,५३,८५८।- भुक्तानी गरेको छ । विभिन्न मालसामान आपूर्ति गरेको भनी रु.३०,८९,८०७। खर्च लेखेकोमा उक्त सामान जिन्सी दाखिला गरी योजनाको स्वामित्वमा आएको प्रमाण पेश भएन । रीतपूर्वक दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

१३ **सोझै खरीद** : सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा खरीद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने उल्लेख छ । योजना कार्यालयले यो वर्ष विभिन्न निर्माण कार्य गर्दा टुक्रा टुक्रा पारी सोझै खरीद कार्य गराई रु २२,८१,७८१।९९ खर्च गरेको देखिन्छ । नियमको पालना गरी खरिद गर्नुपर्दछ ।

१४. **डिजाइन विपरीत कार्य** : एक निर्माण व्यवसायीसंग सडकको आवधिक मर्मत गर्न रु.१,६५,२१,९२५।०० मा ठेक्का डिजाइन तथा लागत अनुमान ट्याक कोटको लागि प्रति वर्ग मिटर १.१ लिटर विटुमिन प्रयोग गर्नुपर्नेमा १.२ लिटर लागेको देखाई ७९७४२.९३ व.मि. कार्यमा रु ६०६०४५।६० बढी खर्च हुन गएको देखिन्छ । यस सम्बन्धमा छलफल हुँदा साइट कण्डिशन अनुसार थप परिमाण खपत हुन गएको जवाफ प्राप्त भयो ।

आइटम नं सि.३ को कार्य सर्फेस ड्रेसिङ कार्यको स्वीकृत लागत अनुमानमा प्रति व. मि. १४.५ के.जी. लाग्ने उल्लेख गरी ९०००० व. मि. को लागि १३०५ टनको व्यवस्था गरेकोमा निर्माण कार्य गराउँदा प्रति व. मि. १६ के.जी. लागेको उल्लेख गरी ७९७४२.९३ व. मी. मा १२७५.८९ टन लागेको देखाई रु ५५००।- का दरले खर्च लेखेका देखिन्छ । स्वीकृत लागत अनुमान बढी हुने गरी कार्य गराउँदा ११९.६२ टन बढी खर्च हुन गई रु ६५७९१०।- बढी आर्थिक दायित्व पर्न गएको देखियो । यस सम्बन्धमा छलफल हुँदा साइट कण्डिशन अनुसार थप परिमाण खपत हुन गएको जवाफ प्राप्त भयो ।

१५. **दाखिला बेगर खर्च** : एक निर्माणव्यवसायीसंग रिसिलिङ वर्क फर पिरियोडिक मेन्टीनेन्स कार्य गर्न एक निर्माणव्यवसायीको रु.१,८६,७५,३६८।७५ को बोलपत्र स्वीकृत गरी ३० जेठ २०७२ मा कार्य सम्पन्न गर्ने गरी ३ मे २०१५ मा सम्झौता भएकोमा सम्झौता अवधिभित्र कार्य सम्पन्न नभई १२ जून २०१६ सम्म म्याद थप भई अन्तिम बिलसम्म रु १,७५,८३,६८६।०८ खर्च लेखेकोमा सम्झौतामा उल्लेख नभएको चेनेजमा कार्य गराई रु ४६,०५,६३०।- खर्च लेखेको देखिन्छ । सम्झौतामा उल्लेख नभएको स्थानमा कार्य गर्न भेरीएशन स्वीकृत नभएको अवस्थामा उक्त स्थानमा कार्य गराई खर्च लेखेको रकम नियम सम्मत देखिएन । यस सम्बन्धमा छलफल हुँदा साइट कण्डिशन र स्थानीयको माग अनुसार थप स्थानमा कार्य गराउनु परेको जवाफ प्राप्त भयो ।

- स्वीकृत लागत अनुमानमा बिटुमीन १.१ लिटर प्रति व.मि.फर ट्याक कोट ९५ प्रतिशत बाइन्डर ९०,००० व. मी. को लागि ९४,०५० लिटर व्यवस्था भएकोमा ५४६५६.४० व.मि.मा कार्य गराउँदा १.१४ लिटरका दरले खपत देखाई ३२,३०९ लिटरको भुक्तानी गरेको देखिन्छ । स्वीकृत लागत अनुमान भन्दा फरक दरले कार्य गराउदा रु १८५,४६०।- बढी व्ययभार परेको देखिन्छ ।
- आइटम नं सि.१ को कार्य विटुमिनको ट्याक कोट छर्ने कार्यमा छुटेको उल्लेख गरी भुक्तानी गर्दा नापी किताबमा २५९६.२१ लिटर नापी किताबमा थप गरी भुक्तानी गरेको देखिन्छ । दोस्रो रनिङ् बिलसम्म ५६०७७.४३ लिटरको भुक्तानी गरेकोमा जोड जम्मा अनुसार ५७११५.९३ लिटर भई १०३८.५ लिटर मात्र छुट देखिएको हुँदा १५५७.७१ लिटरको रु १,७१,३४८।- बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

१६. **धरौटी फिर्ता** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ६६(२) तथा ६७ अनुसार म्याद भित्र फिर्ता लिन नआएको ३६ फर्मको २०५७।५८ देखि ०६९।७० सम्मको रु ४,२४,६९६।९६ धरौटी नियममा उल्लेख भएको प्रावधान अपनाई राजस्व दाखिला गर्नु पर्दछ ।

१७ **पेश्की बाँकी-** एक निर्माणव्यवसायी, २ कर्मचारी र १ संस्थालाई गएको पेश्की आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट नभई बाँकी रहेको देखिएकोले रु ८१,४६०००।०० पेश्की रकम आर्थिक कार्यबिधि नियमावली २०६४ तथा सम्झौता बमोजिम फछ्यौट हुनु पर्दछ ।

बालाजु–त्रिशुली, छहरे–विदुर सडक योजना

१. **आयोजना स्वीकृतिः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको संभाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी आयोजना स्वीकृत गर्नु पर्ने व्यवस्था रहेको छ । सो अनुसार आयोजना स्वीकृत नगरी लागत अनुमान स्वीकृत गरेको पाइयो ।

२. **लक्ष्य प्रगति :** योजनाको निर्माण शुरु गर्नु अघि टेलीफोन, विद्युत, खानेपानीका संरचना, जग्गा प्राप्तीका सम्बन्धमा ध्यान दिनु पर्नेमा सोको व्यवस्थापन उपयुक्त हुन नसकी दुई वर्षको अवधिमा एक योजनाको प्रगति ६ र अर्कोको ३४ प्रतिशत भएको देखिन्छ । योजना तयारी चरणमा विश्लेषण नगर्नाले योजनाको निर्माण कार्य प्रभावकारी रुपमा अगाडि बढ्न सकेको छैन ।

३. **चौमासिक तथा आषाढ महिनाको खर्च:** योजना कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम अनुसार निर्धारित चौमासिकमा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा योजनाले तेस्रो चौमासिकमा ३१.७३ र आषाढमा २१.४६ प्रतिशत खर्च गरेको पाइयो ।

४. **कार्यक्रम स्वीकृत :** योजनाको खर्च गर्ने अख्तियारी अनुसार रु.४१ करोड ३५ लाख १० हजार बजेट कायम रहेकोमा वार्षिक कार्यक्रम अनुसार बालाजु त्रिशुली सडकमा रु.१० करोड ६१ लाख ८० हजार र छहरे विदुर सडकमा रु.१६ करोड ९ लाख ८० हजार समेत रु.२६ करोड ७१ लाख ६० हजार बजेट कायम रहेकोले वार्षिक कार्यक्रम र अख्तियारी विच रु १४ करोड ६३ लाख ५० हजार बजेट फरक परेको छ ।

५. **कार्य प्रगति तथा हर्जना :** बालाजु रानीपौवा सडक २४ महिनाभित्र निर्माण गर्न २०१४ जुन ५ मा सम्झौता भएको थियो । सम्झौता अनुसार १२ महिनाभित्र ३० प्रतिशत काम सम्पन्न नगरेमा ०.०१ प्रतिशत प्रतिदिन एवं सबै काम २४ महिनाभित्र सम्पन्न नगरेमा ०.०५ प्रतिदिन हर्जाना लगाइने व्यवस्था भएपनि ठेक्काका शर्त दुई पटक संशोधन गरी ३० प्रतिशत काम ४ नोभेम्बर २०१६ भित्र र वांकी काम ३ नोभेम्बर २०१७ भित्र सम्पन्न गर्नेगरी माइलस्टोन सारेको छ । उक्त कार्य २०७३ आषाढ सम्ममा रु.३,५४,६३,८२८।५५ खर्च गरी १२.९१ प्रतिशत मात्र काम गरेकोले निर्माण व्यवसायीकै कारणबाट ढिलाई भएको अवस्थामा उपरोक्तानुसारको हर्जना लगाई असुल गर्नुपर्दछ । निर्माण कार्य तोकिएको म्याद भित्र सम्पन्न हुने संभावना कम रहेको छ ।

- बालाजु रानीपौवा सडक निर्माण कार्य २४ महिनाभित्र रु.३९,२४,४४,६१०.०५ को लागतमा सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसंग २०१५ जुन १५ मा सम्झौता भएको थियो । सम्झौता अनुसार १२ महिनाभित्र ३० प्रतिशत काम सम्पन्न नगरेमा ०.०१ प्रतिशत प्रतिदिन एवं सबै काम २४ महिनाभित्र सम्पन्न नगरेमा ०.०५ प्रतिदिन हर्जाना लगाइने व्यवस्था भएपनि ठेक्काको कार्य शुरु भएको छैन । ढिलाई गर्नुको कारण पहिचान गरी निर्माण व्यवसायीकै कारणबाट ढिलाई भएको पाइएमा सो अनुरुपको हर्जना असुल गर्नुपर्दछ ।
- छहरे विदुर सडक खण्डको निर्माण २४ महिनाभित्र रु.२८,७१,८६,०२०.८० को लागतमा सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसंग २०१४ जुन ५ मा सम्झौता भएको थियो । सम्झौता अनुसार १२ महिनाभित्र ३० प्रतिशत काम सम्पन्न नगरेमा ०.०१ प्रतिशत प्रतिदिन एवं सबै काम २४ महिनाभित्र सम्पन्न नगरेमा ०.०५ प्रतिदिन हर्जाना लगाइने व्यवस्था भएपनि ठेक्काका शर्त दुई पटक संशोधन गरी ३० प्रतिशत काम ७ मे २०१६ भित्र सबै काम ७ मे २०१७ भित्र सम्पन्न गर्नु पर्ने व्यवस्था गरिएको छ । उक्त शर्तहरु परिवर्तन गर्नु पर्नाको कारण खुलाएको छैन । उक्त कार्य २०७३ आषाढसम्म रु.१३,४५,०१,८०७।५६ को (२८.४६ प्रतिशत) कार्य भएको छ । संशोधित माइलस्टोन अनुसार पनि काम नगरेकोले उल्लेखित हर्जना असुल गर्नुपर्दछ ।

  सो काममा रु.८२,३०,९५६।४५ को ९.४८ प्रतिशतको भेरिएशन आदेश जारी गरेकोमा भेरिएसन भएको काम र निर्णय पेश भएन ।
- योजनाले दुई निर्माण व्यवसायीलाई रु.१,०१,६९,८०८। मूल्य समायोजनको रकम भुक्तानी दिएकोमा गणना गरेको कागजात तथा विल पेश भएन । थप भएको म्यादमा समेत सन्तोषजनक कार्य प्रगति नगरेकोले मूल्य वृद्धि रकम असुल गर्नुपर्दछ ।

६. **बोलपत्रसम्बन्धी कागजात :** योजनाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७(३)(ख) बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमूना खरिद सम्झौता सम्बन्धी कागजात (स्ट्याण्डर्ड कन्ट्र्याक्ट डकुमेन्ट) को प्रयोग गरेको पाइएन ।

७. **कन्टिजेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) को अनुसूची–१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्चको लागि २.५ प्रतिशत र साना तिना अन्य खर्चको लागि २.५ प्रतिशत समेत ५ प्रतिशत कन्टिजेन्सी खर्च गर्न सकिने उल्लेख भए तापनि खर्चको व्यवस्था गरेको छैन । कार्यालयले यो वर्ष मष्टरोल ज्यालामा रु.४ लाख ६२ हजार, इन्धन सूचना प्रकाशन, दैनिक भ्रमण भत्ता, मर्मत कार्यालय सामान आदिमा रु.२३ लाख १५ हजार समेत रु.२३ लाख १५ हजार कन्टिजेन्सी खर्च लेखेको छ । यस्तै प्रकृतिको खर्च चालु बजेटवाट पनि हुने गरेको छ । एकै प्रकृतिका खर्च पूँजीगत तर्फको कन्टिजेन्सी र चालु खर्च शीर्षक दुवैबाट गरेको छ । कन्टिजेन्सीबाट खर्च गर्ने स्पष्ट कार्यविधि तयार गर्नुपर्दछ ।

८. **मुआव्जा सम्बन्धमा:** छहरे–विदुर सडक अन्तरगत जग्गा अधिग्रहणको लागि मुआव्जा वितरण गर्न रु.७०१५६६३।६७ खर्च भएको छ । नेपाल सरकारको नाममा रहेको सडक सीमाना बनेका अबैध घर टहरा भत्काउन यान्सीङ सूर्यमती

गा वि स मा यस वर्ष ६५,६२,२६४।६७ खर्च भएको छ । सरकारी स्वामित्वको जग्गा संरक्षण गर्न नसक्दा अबैध घर टहराको मुआव्जा दिनु परेको छ ।

९. **जिन्सी व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली बमोजिम निरीक्षण गराउने, मर्मत सम्भार र लिलाम गर्ने कार्यहरु गरेको छैन ।

भक्तपुर-नगरकोट, बल्खु-दक्षिणकाली सडक योजना

१. **ऐन नियमको पालना :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा तोकिएको समयमा अख्तियारी प्राप्त नभएको, वार्षिक खरिद योजना तयार नगरेको, स्वीकृत दरवन्दी अनुसार पदपूर्ति नभएको, तालुक कार्यालयबाट निरीक्षण नभएको, कर्मचारीको कार्य विवरण तयार नगरेको, लागत अनुमान गर्दा निर्माण सम्पन्न गर्ने अवधि नतोकेको, मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी नदिएको, डोर हाजिर नियन्त्रण खाता नराखेको, नापी नियन्त्रण खाता नराखेको, कार्य प्रगतिको सुचना लिने नगरेको, भुक्तानी भएको छाप नलगाएको, रोड इन्भेन्ट्री नराखेको, गुणस्तर परीक्षणको अभिलेख नराखेको, कार्य सम्पन्न प्रमाण पत्र नदिएको, सम्झौता कार्यान्वयनको अवस्था देखिने गरी अभिलेख नराखेको, कार्य तालिका अनुसार काम गर्नु पर्नेमा सो अनुसार नभएको, तेश्रो चौमासिकमा मात्र ९३ प्रतिशत खर्च गरेको, जिन्सी अद्यावधिक नभएको, म्याद थप अनुरुप बीमाको अवधि बढाउने नगरेको, As built drawing पेश नगरेको, योजना तर्जुमाको प्रक्रिया तलबाट माथि भएको लगायतका व्यहोरा देखिएका छन । उक्त व्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सवल गर्नुपर्ने देखिएको छ ।

२. **वार्षिक लक्ष्य प्रगति :** यस योजनाले उपलब्ध गराएको वार्षिक लक्ष्य तथा प्रगति विवरण अनुसार यस बर्ष बल्खु-दक्षिणकाली सडक विस्तार २३ प्रतिशत र भक्तपुर-नगरकोट सडक विस्तारमा ४६.३९ प्रतिशत प्रगति भएको देखिन्छ। समयमा ठेक्का व्यवस्था नहुनु, सम्झौता पश्चात तत्काल निर्माण व्यवसायीले कार्य सुचारु नगर्नु, निर्माण व्यवसायीले पेश गरेको कार्यतालिका अनुसार कार्य शुरु गरे नगरेको आदि कारणले न्यून प्रगति गरेको छ ।

३. **कण्टिन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कण्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ । यो वर्ष कार्यालयले रु.२१ लाख ९७ हजार कन्टिन्जेन्सी खर्च लेखेको पाइयो । जुन यस वर्षको विनियोजनको ३.९२ प्रतिशत र यस वर्षको कूल सार्वजनिक निर्माण खर्चको ४.९० प्रतिशत हुन आउंछ । वर्क चार्ज स्टाफ खर्च र साना तिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन । साथै यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । कार्यविधि तर्जुमा गरी कन्टीन्जेन्सी खर्च गर्नुपर्दछ ।

४. यस आयोजनाबाट यस आ.व. मा चालु रहेका ठेक्काहरुमा सम्झौता अनुसार निर्माण व्यवसायीलाई मूल्य समायोजन रु.१,९९,३७७/- भुक्तानी दिएको छ । मूल्य समायोजन भुक्तानी दिदा योजनाको निर्माण कार्य सुरु गर्नुभन्दा अगाडीको ठेक्काबाट भएको सर्भे, डिजाईन, बिमा लगायतका कार्यहरुका लागि समेत भुक्तानी दिएको पाईएकोले उक्त रकम असुल हुनुपर्दछ ।

५. **समय अन्तराल :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ अनुसार १५ महिना भन्दा घटीको निर्माण ठेक्कामा मूल्य वृद्धि दिन नपाउने व्यवस्था गरेको देखिन्छ । सम्झौतामा व्यवस्था गर्नुपर्नेमा सो नगरेका कारण १५ महिना भन्दा कम अवधिका ठेक्कामा पनि मूल्य वृद्धि दिएको पाइयो । सम्झौता गर्दा कानुनको पूर्ण पालना गर्नुपर्दछ ।

६. **जानकारी :** मूल्य अभिवृद्धि कर नियमावली २०५३ को दफा ६(क) अनुसार मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजश्व कार्यालयलाई दिनुपर्नेमा ठेकेदारलाई भुक्तानी दिएको मु.अ.कर रु.५२,४८,७३२। को जानकारी नदिएकोले ठेकेदारले सोको आय विवरण पेश गरेको प्रमाण पेश गर्नुपर्दछ । सो विवरण पेश नगरेमा विगो, व्याज र शुल्क समेत असुल गर्नुपर्दछ ।

पुष्पलाल (मध्यपहाडी) लोकमार्ग योजना (पूर्वी खण्ड), बुद्धनगर

१. **आन्तरिक नियन्त्रण :** ऐन, नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नु पर्दछ । योजनाको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दा भ्रमण प्रतिवेदन लिने नगरेको, जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको, यस बर्षका २० मध्ये ८ ठेक्का संभौता तेश्रो चौमासिकमा भएको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेको, खरिद गुरुयोजना तयार नगरेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणीत गरी भुक्तानी भएको जनाउने छाप लगाई नराखेको, २० ठेक्का सम्झौता प्रथम चौमासिक अवधिभित्र हुन नसकेको, निजामती सेवा ऐन, २०४९ कर्मचारीको कार्य विवरण बनाई लागू नगरेको, नागरिक

बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा नगरेको, स्वीकृत ढांचाको नापी नराखेको जस्ता व्यहोरा देखिएकोले ऐन, नियम एंव कार्यविधिहरुमा तोकिएका व्यवस्थाहरुको अबलम्वन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२. **समग्र प्रगति :** मध्यपहाडी लोकमार्गको काठमाडौंदेखि पूर्वमा पर्ने ३०७ कि.मि. सडक २०६४।६५ देखि २०७४।७५ सम्म गर्न कालोपत्रे गर्न यो योजनाको स्थापना भएकोमा योजनाको पूर्वी खण्डको लागि रु.१८ अर्ब ९८ करोड २१ लाख ९८ हजार लागत अनुमान गरिएको मध्ये २०७२।७३ सम्म योजनाको ८१.८२ प्रतिशत समयमा रु.७ अर्ब १३ करोड १७ लाख ७० हजारमा सम्पन्न भएको छ । यो वर्ष सम्म ३०७ कि.मि.माटे सडक, ९९ कि.मि. खण्डास्मिथ सडक र ५२ कि.मि. कालोपत्रे सडक तयार भएको प्रगति बिबरण प्राप्त भएको छ । यस्तै उक्त सडक खण्डमा ४० वटा पुल निर्माण गर्ने लक्ष्य रहेकोमा यो वर्ष सम्म १९ निर्माण सम्पन्न भै सकेको, १२ निर्माणाधिन रहेको र ९ वटाको डिजाइन स्वीकृत हुने क्रममा रहेको देखिन्छ । योजनाको ८१.८२ प्रतिशत अवधि व्यतित हुँदा ३७.९५ प्रतिशत भौतिक प्रगती हासिल गरेबाट योजना समयमै सम्पन्न हुन सक्ने देखिएन ।

यस कार्यालयले कोशी कोरिडोर अन्तर्गत घुर्मि चतरा, कावेली चतरा र लेगुवाघाट चतरा गरी ३ खण्डमा २८० कि.मि. सडक कालोपत्रे गर्ने लक्ष्य पनि निर्धारण भएको छ । सो सडक खण्ड २०६८।६९ मा सुरु गरी २०७४।७५ मा सम्पन्न गर्ने र लागत रु.१८ अर्ब ७४ करोड ६५ लाख ३९ हजार रहने उल्लेख छ । त्यस सडक खण्डमा यो वर्षसम्म २१ कि.मि.ट्र्याक खोल्ने काम सम्पन्न गरी रु.१४ करोड २५ लाख ६७ हजार खर्च भएको देखिएको छ ।

उक्त खण्डमा २०६८।६९ मा २० वटा ठेक्का बन्दोवस्त गरेकोमा ४ वटा ठेक्का बिगत वर्षमै सम्पन्न भई उल्लिखित रकम खर्च भएको एवं १६ बटा ठेक्कामा वातावरणीय अध्ययन र सडकको एलाइंन्मेण्ट निश्चित नगरी ठेक्का लगाएको कारण काम अगाडी बढन सकेको देखिएन । यसरी काम अघि बढन नसकेको १६ ठेक्काको लागत अनुमान रु.४७ करोड ८९ लाख ६५ हजार रहेकोमा लागत अनुमानभन्दा ७३.०४ प्रतिशत कम अर्थात रु.१२ करोड ८८ लाख १५ हजारमा ठेक्का सम्झौता भएकोमा यो वर्षसम्म बिभिन्न ३ ठेक्कामा रु.६६ लाख ८१ हजार भुक्तानी भएको देखिन्छ । उल्लिखित १६ मध्ये कुनै पनि ठेक्कामा यो वर्ष कार्य हुन सकेको देखिएन । उक्त सडक खण्डमा वन क्षेत्रमा रहेकोमा कार्यालयले बातावरणीय प्रभाव मूल्यांकन र सडको एलाइंन्मेण्ट निर्धारण नगरी ठेक्का लगाएको कारण सम्झौता बमोजिमको काम हुन सकेको छैन । यसरी काम नभएका ठेकेदारहरुलाई सम्झौताबमोजिम उपलब्ध गराएको मोबिलाइंजेशन पेश्की मध्ये ३ निर्माण व्यबसायीसँग रु.४६ लाख फछ्र्यौट हुन बाँकी देखिएको छ ।

३. **कार्यक्रम तथा लक्ष्य प्रगति :** आर्थिक वर्ष २०७२।७३ को लागि ढुंगामाटो काटी सडक निर्माण , टेवा पर्खाल निर्माण, कल्भर्ट निर्माण, पुल निर्माण, पेभमेन्ट लगायतका कार्यका लागि रु.१ अर्ब ३४ करोड ७० लाख ८७ हजार, सम्भाव्यता अध्ययन, सर्वेक्षण, डि.पि.आर. तयारी लगायतका कार्यका लागि रु.९० लाख १२ हजार, मुआब्जाका लागि रु.५६ लाख २५ हजार गरी जम्मा १ अर्ब ३६ करोड २३ लाख ४९ हजारको वार्षिक कार्यक्रम भएकोमा रु.१ अर्ब ३५ करोड ७२ लाख ६३ हजार खर्च भई सत प्रतिशत प्रगति भएको प्रगति बिबरण प्राप्त भएको छ ।

३.१. पूजिगत बजेट शिर्षकमा २०७३।१।२९ मा रु.१,३६,२३,४९,५००।०० को संशोधित अख्तियारी प्राप्त भएकोमा रु.१,२५,७८,१५,०००।०० को संशोधित कार्यक्रम प्राप्त भएको छ । अख्तियारी र स्वीकृत वार्षिक कार्यक्रममा फरक देखिएको सम्बन्धमा स्पष्ट हुन सकिएन ।

३.२. कार्यालयबाट प्राप्त विवरण अनुसार १ कार्यक्रममा ७७ ठेक्का सम्पन्न गर्नुपर्नेमा २६ ठेक्काको काम नभई प्रगति शुन्य रहेको अवस्थामा योजनाले समग्रमा सत प्रतिशत प्रगति देखाएको छ । शुन्य प्रगति हुनुका कारण पहिचान गरी निर्धारित लक्ष्य अनुसार प्रगति हासिल गर्नु पर्दछ ।

३.३. योजनाले वार्षिक कार्यक्रम तयार गर्दा सम्पादन गरिने सम्पूर्ण कार्यहरुको एकमुष्ट रुपमा कार्यक्रम बनाई सोही अनुरुप एकमुष्ट रुपमा नै प्रगति समेत तयार गर्ने गरेको पाइयो । जस्ले गर्दा ठेक्का अनुसारको प्रगति देखिदैन । प्रत्येक प्याकेजको लागि छुट्टा छुट्टै कार्यक्रम तयार गरी सोही अनुसार प्रगती तयार गर्नु पर्दछ ।

४. **निर्माण कार्य सुरु तथा अधुरा ठेक्काहरु :** ठेक्का सम्झौतामा तोकिए बमोजिम समयमा काम सम्पन्न गरी सक्नुपर्नेमा अनुसूची –३४ अनुसार गत विगत आर्थिक वर्षमा ठेक्का सम्झौता भई हस्तान्तरण भएर आएका मध्ये कार्य सम्पन्न हुन नसकेका ५७ वटा र यस आ.व.मा सम्झौता भएका २० वटा समेत जम्मा ७७ वटा ठेक्का मध्ये ९ वटा ठेक्का मात्र सम्पन्न भई वांकी ६८ वटा ठेक्का सम्पन्न हुन वांकी देखियो । यस मध्ये ४८ वटा ठेक्का निर्धारित समयमै सम्पन्न नभई ठेक्का अधुरै रहेको पाइयो । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) बमोजिम म्याद थप गरी कार्यसम्पन्न गराउने तथा नियम १२८ को उपनियम (२) को खण्ड (घ) बमोजिम सम्झौताको अन्त्य गर्ने र सम्झौता बमोजिम काम नगर्ने निर्माण व्यवसायीको खर्चमा त्यस्तो कार्य सम्पन्न गराउनेतर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

५. **म्याद थप :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२१ (क) मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था रहेको छ । यो वर्ष सार्वजनिक निर्माणतर्फ ७७ वटा ठेक्काको काम सञ्चालन भएकोमा २८ ठेक्काको म्याद थप भएको र त्यस मध्ये ८ ठेक्काको शत प्रतिशतभन्दा बढी अवधि थप भएको देखिन्छ ।

५.१ यसरी पटक पटक म्याद थप भएका ठेक्का मध्ये पुल निर्माणतर्फ बिगत ६–७ वर्ष देखि काम हुन नसकेका ठेक्का छन् । ती ६ निर्माण व्यावसायीबाट पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी निर्माण कार्य सम्पन्न गर्नु पर्ने, अन्यथा ऐन/नियम र खरिद सम्झौता बमोजिम ठेक्का तोडने तर्फ आवश्यक कारवाही गर्नु पर्ने देखिएको छ । उल्लेखित ठेक्का मध्ये केही निर्माण व्यवसायीले लगेको मोविलाईजेशन पेश्की समेत बाँकी रहेकोले पेश्की जमानी जफत गरी उक्त पेश्की असुल गर्नु पर्दछ ।

६. **वातावरणीय प्रभाव मुल्यांकन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४३(ङ) मा निर्माण कार्यबाट वातावरणमा प्रभाव पार्ने भए त्यस्तो प्रभाव कम गर्नु पर्ने व्यवस्था छ । कोशी करिडोर अन्तर्गत घुर्मी चतरा, कावेली चतरा र लेगुवाघाट चतरा सडक खण्ड निर्माण स्थलमा वनजंगल रहेकोले सडक निर्माण गर्नु अघि वातावरणीय प्रभाव मूल्याङ्कन तथा वन तथा भु-संरक्षण मन्त्रालयको स्वीकृती प्राप्त भए पछि मात्र खरिद कार्य गर्नु पर्नेमा सो नगरी २०६८।६९ मा १६ वटा ठेक्का बन्दोवस्त गरी रु.१२,८८,१५ हजारको खरिद सम्झौता गरेको देखियो । ती ठेक्का मध्ये गत विगत वर्षमा ३ वटा ठेक्कामा रु.६६ लाख ८१ हजारको बील भुक्तानी भएपछि निर्माण कार्य रोकिएको पाइयो । उक्त ठेक्काका निर्माण व्यवसायीलाई गएको मोविलाईजेशन पेश्की रु.४६ लाख बाँकी नै रहेको छ । पेश्की दिँदा लिएको बैंक जमानतको अवधि समाप्त भैसकेको छ । यो वर्ष वातावरणिय प्रभाव मूल्याङ्कन भैसकेको र निर्माण व्यवसायीलाई निर्माण कार्य सुरु गर्न पत्राचार गरी जानकारी गराएको पाइएको छ । वातावरणीय प्रभाव मुल्यांकन गर्न करीब ६ बर्ष लगाइनु आयोजना व्यवस्थापनको कमजोरी हो ।

७. **जनशक्ति व्यवस्था :** काठमाडौंदेखी पाँचथरसम्म ३०७ कि.मि. सडक निर्माण गर्ने कार्यको लागि योजना कार्यालय काठमाडौंमा अधिकृत स्तरका १६ इन्जिनियर सहित ४६ जनाको दरबन्दी रहेको छ ।साइटको लम्वाइ अनुसार आवश्यक पर्ने जनशक्ति पुनरावलोकन गर्नु पर्दछ ।

८. **कन्टिजेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) को अनुसूची–१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्चको लागि २.५ प्रतिशत र साना तिना अन्य खर्चको लागि २.५ प्रतिशत समेत ५ प्रतिशत कन्टिजेन्सी खर्च गर्न सकिने उल्लेख भए तापनि के, कस्ता खर्चहरु समावेश हुने हो, सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख नभएको तथा तालुक निकायबाट समेत कुनै नीतिगत निर्णय भए, गरेको छैन । कार्यालयले यो वर्ष मष्टरोल ज्याला वापत रु.१ करोड ३९ लाख ९७ हजार, इन्धन सूचना प्रकाशन, दैनिक भ्रमण भत्ता, मर्मत कार्यालय सामान आदिमा रु.३ करोड ९० लाख ६७ हजार समेत रु.५ करोड ३० लाख ६४ हजार कन्टिजेन्सी खर्च लेखेको छ । यस्तै प्रकृतिको खर्च चालु बजेटवाट पनि हुने गरेको छ । एकै प्रकृतिका खर्च पूँजीगत तर्फको कन्टिजेन्सी र चालु खर्च शीर्षक दुवैबाट गरेको छ । कन्टिन्जेन्सीबाट खर्च गर्ने कार्यबिधि तयार गर्नु पर्दछ ।

९. **गुणस्तर नियन्त्रण :** सडक विभागले जारी गरेको स्टार्न्डड स्पेसिफिकेशन अफ रोड एण्ड ब्रिज वर्क्स, २००१ र गुणस्तर आश्वस्तता योजना, २०६६को आधारमा पुल निर्माण कार्यको गुणस्तर व्यवस्थापन गर्नुपर्ने, विड डकुमेन्टका साथ अनिवार्य रुपमा गुणस्तर आश्वस्तता योजना पेश गर्नुपर्ने र सोही अनुसार गुणस्तर परीक्षण गनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले पेश गरेको गुणस्तर आश्वस्तता योजना अनुसार कार्यालयले प्रमाणित गरेको गुणस्तर प्रमाणपत्रमा गुणस्तर परीक्षणका लागि लिइएका नमूनाहरु कार्यालयले छनौट गरेको नभई निर्माण व्यवसायी आफैले छनौट गरी ल्याएको र सोही नमूनाको आधारमा परीक्षण गर्दा गुणस्तरिय पाइएको भनि उल्लेख गरेको छ । गुणस्तरको लागि लिइने नमुनाहरुमा योजना र निर्माण व्यावसायी दुबैको नियन्त्रण हुनु पर्दछ ।

दुई निर्माण कार्यको दर विश्लेषण गर्दा गुणस्तर नियन्त्रण रकम समेत समावेश गरेको देखियो । यसरी समावेश भएकोमा पुन: वी.ओ.क्यू. मा गुणस्तर नियन्त्रणको लागि छुट्टै आइटम राखी भुक्तानी भएकोले दोहोरो भुक्तानी भएको रु.३,४१,६००/- निर्माण व्यावसायीबाट असुल गनुपर्ने देखिन्छ ।

निर्माण सामग्रीको गुणस्तर परीक्षण गर्न स्थापना भएका ल्याबका उपकरणहरु नेपाल नापतौल तथा गुणस्तर विभागबाट क्यालिब्रेसन गराउनु पर्नेमा योजना अन्तर्गत पाँचथर, भोजपुर र सिन्धुलीमा सञ्चालनमा रहेको एवं निर्माण व्यवसायीहरुले आ–आफ्नो निर्माण क्षेत्रमा स्थापना गरेका ल्यावका उपकरणहरु क्यालिब्रेसन गराएको पाइएन । क्यालिब्रेसन नगराएको कारण ती उपकरणबाट गरेको गुणस्तर परीक्षणको नतीजा भरपर्दो नहुन सक्दछ ।

१०. **ई-बिडिङ:** बोलपत्र आव्हान ई–बिडिङबाट गर्ने गरिएकोमा सो प्रणालीको निरीक्षण तथा विश्लेषण गर्दा बोलपत्र सम्बन्धी कागजात अपलोड र डाउनलोड भएको मिति र समय समेत देखिने व्यवस्था गरेको छैन । यसबाट प्रतिस्पर्धा

सीमित हुन जाने अवस्था समेत रहने हुनाले ई–बिडिङ प्रणालीमा हरेक कार्यको अभिलेख रहने गरी सुधार गर्नुपर्ने देखिन्छ ।

११. **नर्म्सको प्रयोग** : सडक विभागको नर्म्स पुस्तिकामा फलामे डण्डीको कार्य गर्दा प्रति कि.ग्रा. डण्डीको काममा जर्ती समेत १.१५ कि.ग्रा.फलामे डण्डी लाग्ने व्यवस्था छ । सिंचाई विभाग, भवन विभाग लगायत अन्य निकायले १.०५ कि.ग्रा.डण्डी प्रयोग हुने नर्म्स स्वीकृत गरेको छ । यसरी विभागहरुबीच डण्डीको नर्म्समा एकरुपता छैन । तर आयोजनाले प्रयोग गरेको सडक विभागको नर्म्स अनुसार अन्य निकायको नर्म्सको तुलनामा १० प्रतिशत डण्डीको परिमाण बढी भई यसबाट ३ वटा पुल निर्माण कार्यमा रु.२१,५१,२५७– को फलामे डण्डीको लागत अनुमान बढ्न गएको छ । नर्म्समा एकरुपता अपनाउनु पर्दछ ।

सडक विभागको नर्म्समा सिमेण्ट बालुवाको जोडाई भएको ढुङ्गको गाह्रो लगाउंदा प्रतिघनमिटर गाह्रोमा १.१५ घ.मी. ढुङ्ग लाग्ने व्यवस्था गरेको छ भने भवन विभाग, सिंचाई विभागको नर्म्समा प्रति घ.मी. गाह्रो लगाउंदा १.१० घ.मी. ढुङ्ग लाग्ने व्यवस्था गरेको पाइयो । यसरी सडक विभागको नर्म्स अनुसार यो वर्ष योजनाले गह्रो निर्माण कार्य गरेकोमध्ये नमूना छनौट गरी केही कार्यको विश्लेषण गर्दा ७ सडक योजनाको लागत अनुमान तयारीमा फरक दर ५ प्रतिशतले २०७४ घ.मी. ढुङ्गा बढी प्रयोग भई रु.४२,६५,७१७– लागत बढ्न गएको देखियो । विभागहरुबीच नर्म्समा एकरुपता ल्याउनु पर्दछ ।

१२. **त्रुटि सच्याउने अवधि** – ठेक्का सम्झौताहरूमा कार्य स्वीकार प्रतिवेदन जारी भएको मितिले १३ महिना त्रुटी सच्याउने अवधि राखिएको हुन्छ । कार्य सम्पन्न भैसकेको योजनाहरूमध्ये के कति योजनामा के कस्ता त्रुटीहरू देखिए र त्यस्ता त्रुटीहरूमध्ये त्रुटी सच्याउने अवधिभित्र कति त्रुटी सच्चियो सोको विवरण कार्यालयले राखेको छैन । यसवाट निर्माण व्यवसायीको दायित्वको लागि कार्यालयले समेत खर्च हुने अवस्था श्रृजना हुन जाने देखिन्छ ।

१३. **प्रोभिजनल सममा मूल्य वृद्धि :** प्रोभिजनल सम खर्चको विलको आधारमा भुक्तानी दिइने लमसम आइटम हो । चलन चल्तीको बजार मूल्यमा भुक्तानी दिएपछि पुन मूल्य वृद्धि दिने कार्य औचित्यपूर्ण पनि होइन । संझौताहरुमा पनि यो आइटममा मूल्य वृद्धि नदिने व्यवस्था गरिएको हुन्छ । ठे.नं. २०७०।७१–१०७ को छैटौ रनिङ विल वापत भुक्तानी गर्दा वीमा र वैंक कमिशन रु ३१,६४,०००।– विल अनुसार भुक्तानी दिएकोमा मूल्य वृद्धि भुक्तानी समेत भएकोले १.०८१५ इन्डेक्सले हुने मूल्य वृद्धि वापतको रकम रु २,५७,८६६।– सम्वन्धित निर्माण व्यवसायीवाट असुल गर्नुपर्ने देखिन्छ ।

१४. **मूल्य अभिवृद्धि कर :** निर्माण व्यवसायीले मूल्य अभिवृद्धि कर भुक्तानी लिएपछि तोकिएको समयमा सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गरी कार्यालयमा प्रमाण पेश गर्नुपर्ने उल्लेख छ । प्रत्येक विलको भुक्तानी लिदा अघिल्लो बिलको मूल्य अभिवृद्धि कर दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने र पेश नगरेमा आगामी भुक्तानी कार्यालयले नदिन सक्ने व्यवस्था छ । यस कार्यालयले खरिद सम्झौता विपरीत ३ निर्माण व्यवसायीलाई अघिल्लो बीलमा भुक्तानी भएको मू.अ.कर दाखिला एवं समायोजन गरेको प्रमाण वेगर पछिल्लो बीलको रु ३,२५,२७,७५१/-को मू.अ.कर भुक्तानी दिएकोले दाखिला वा समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने देखिन्छ ।

१५. **डे वर्कको अभिलेख** : निर्माण कार्यको वि.ओ.क्यू.मा आकस्मिक कार्यका लागि विविध आईटम अन्तर्गत डे वर्कको आईटम राखिएकोमा ५ ठेक्काको उक्त आइटमबाट भए गरेका कार्यहरुको लागि प्रमाण कागजात नराखी निर्माण व्यवसायीलाई रु २१,१६,१०६/- भुक्तानी दिएको देखियो । खर्च गर्नुपर्ने कारण, स्वीकृती र अन्य प्रमाणहरु पेश गर्नु पर्दछ ।

१६. बढी भुक्तानी : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (३) मा उपनियम (१) बमोजिमको पेश भएको रनिङ विल सम्वन्धित अधिकारीले ३० (तीस) दिनभित्र स्वीकृत गरी गर्नुपर्ने व्यवस्था छ । परीक्षण गरिएका मध्ये २ निर्माण कार्यको नापी भएको मितिले ६ महिना पछि भुक्तानी गरेको छ । नियमको पालना गरी भुक्तानी दिनुपर्दछ ।

१७. **पेश्की कट्टी** : खरीद सम्झौतामा मोविलाईजेशन पेश्की कट्टी सम्वन्धमा कुल ठेक्का रकमको ३० प्रतिशतदेखि ८० प्रतिशत भुक्तानीबाट सवै पेश्की कट्टी गरी सक्नुपर्ने व्यवस्था छ । योजनाले सो व्यवस्था पालना गरेको देखिएन । सम्झौता अनुसार कट्टा नगर्दा भुक्तानीको लागि थप रकम आवश्यक पर्ने भएकोले सो व्यवस्थाको पालना गर्नुपर्दछ।

१८. **कार्यसम्पादन र पेश्की जमानी :** ठेक्का संझौतामा तोकिए अनुसार निर्माण व्यवसायीले काम शुरु नगरेमा वा काम नगरेमा वा काम सन्तोषजनक नभएमा कार्य सम्पादन जमानी र पेश्की जमानी जफत गर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६) मा यस्तो अवस्थामा १० प्रतिशत व्याज लगाउने व्यवस्था पनि छ । २ ठेक्काका निर्माण व्यवसायीहरुले ठेक्काको कार्य सम्पन्न गर्नुपर्ने म्याद समाप्त भइसकेको अवस्थामा पनि हालसम्म कार्य शुरु नै नगरेको र म्याद थप समेत नभएकोले मोविलाईजेशन पेश्कीमा ठेक्का सम्पन्न गर्नुपर्ने मितिदेखि लेखापरीक्षण अवधि (२०७३।०७।०५) सम्मको दश प्रतिशतका दरले व्याज लगाई रु.२,१७,६००/- असुल गर्नुपर्ने देखिन्छ । साथै उक्त जमानीहरु पनि जफत गर्नुपर्दछ ।

१९ **पूर्व निर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरीद नियमावली,२०६४ को नियम १२१(क) तथा संझौतामा निर्माण व्यवसायीको ढिलाईको कारणले खरीद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले

सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नवढने गरी साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । उक्त २ ठेक्काको म्याद समाप्त भए पनि कार्य प्रारम्भ नगरेको, म्याद थपका लागि माग नभएकोले रु.४०,१९,३७०/- पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी कालो सूचीमा राख्ने कारबाही पनि अघि बढाउनु पर्दछ ।

२०. **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १२३(१)ख मा प्राविधिक नापजांच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिलको रकम भुक्तानी दिने व्यवस्था छ । ठे.नं. ०७१।७२–००१ को प्रथम रनिङ विल भुक्तानी गर्दा machine made gabion boxes supply of hexagonal mesh with heavy coated GI wires को चेनेज 2+000 को 2nd layer मा २२ ब.मी. वढी परिमाण नापी भएकोले वढी भुक्तानी हुन गएको रु.६,७१२– सम्वन्धित निर्माण व्यवसायीवाट असुल गर्नुपर्ने देखिएको छ ।

२१. **परामर्शसेवा :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट नै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । आयोजनाले पेश गरेको विवरण अनुसार यस वर्ष रु ६१,२७,०००।– को परामर्श सेवा लिएकोमा उपलब्ध जनशक्तिबाट हुन नसक्ने कारण स्पष्ट गरेको देखिदैन ।

२२. **असम्वन्धित खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ (२) मा रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्दछ भने मात्र खर्च गर्नसक्ने व्यवस्था छ । कार्यालयले विगत आर्थिक वर्षमा भएको ठे.नं. २–०५।०६८।६९ को पुल निर्माण कार्यको खरिद सम्झौतामा गाडी भाडा आईटम समावेश गरी रु ५,९२,००७।– भुक्तानी दिएको नियम सम्मत देखिएन ।

२३. **मुवाव्जा तथा क्षतिपूर्ति :** मुवाव्जा बितरणको अभिलेख व्यबस्थित गरी राख्नुपर्दछ । यस आयोजनाले विभिन्न सडक खण्डमा परेका घरजग्गाको मुवाव्जा तर्फ रु ६८,७४,६०७।– र घर, गोठ तथा टहराको क्षतिपूर्तितर्फ रु ३१,३७,४९१।– समेत रु १,००,१२,०९८।– विभिन्न व्यक्तिहरुलाई वितरण गरी खर्च लेखेकोमा लगत किताव, निर्णय पुस्तिका राखेको पाईएन ।

२४. **क्षतिपूर्ति वितरण पेश्की :** घर, गोठ तथा टहराको क्षतिपूर्ति वितरण गर्न विभिन्न कर्मचारीहरुलाई पूरै रकम पेश्की दिएकोमा विभिन्न व्यक्तिहरुले पाउनुपर्ने क्षतिपूर्ति प्रापकलाई किस्ता वा पटके रुपमा आंशिक भुक्तानी दिएको पाइयो। उदाहरणको लागि ई. युवाराज पाण्डेलाई क्षतिपूर्ति रकम वितरण गर्न दिएको रु २५ लाख पेश्कीमध्ये रु १९,४४,०३०।– फछ्र्यौट भई रु ५,५५,९७०।– हालसम्म पनि फछ्र्यौट भएको पाइएन । किस्ता अनुसार भुक्तानी दिनपर्ने आंशिक रकम मात्र कर्मचारीलाई पेश्की दिने व्यवस्था हुनुपर्छ ।

२४. **राजस्व :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १३ मा कार्यालयले आर्थिक वर्ष समाप्त भएको पैतिस दिन भित्र लगती राजस्वको रकम र असुल हुन बाँकी रकम तथा हसवली राजस्व समेतको कच्चवारी समेत भिडाई राजस्वको आर्थिक विवरण तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ । राजश्वको आर्थिक बिबरण अनुसार रु.४,०५,२३,०९०/- आम्दानी भएको मध्ये रु.११,५२,००/- बैंक स्टेटमेन्टको आधारमा आय जनाएको पाइयो। रीतपूर्वक लेखा राख्नुर्पछ ।

२६. **धरौटी :** आर्थिक कार्यबिधि नियममाली, २०६४ ले तोकेको प्रकृया पुरा गरी धरौटी फिर्ता दिनु पर्दछ। धरौटी फिर्ता गर्दा कर चुक्ता प्रमाण, मूल्य अभिबृद्धि कर समायोजन र तोकिएको मर्मत सम्भार अवधिमा मर्मत गर्नुपर्ने अबस्था रहे नरहेको सम्बन्धमा प्राबिधिकको सिफारिश आबश्यक पर्नेमा सिफरिश वेगर पनि फिर्ता गरेको छ। एक निर्माण व्यवसायीलाई करचुक्ता प्रमाण बेगर रु.१३,७८,१००/- धरौटी फिर्ता दिएको छ ।

२७. **भौतिक सम्पति तथा जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ (१) अनुसार कार्यालयमा मौज्दात रहेका मालसामानमध्ये पुरानो मालसामानको मूल्य खुलाई राख्नुपर्नेमा केही सामानको मूल्य खुलाएको छैन । कार्यालयले तयार गरेको २०७२।७३ को जिन्सी निरीक्षण प्रतिवेदनमा संलग्न जिन्सी मौज्दातको वार्षिक विवरणमा किचेन टेबुल-१, बा १ भ को Nissan Pick up -१, बा ३ च ६४० को इसुजु डबल क्याप पिक अप १ र आई प्याड १ को मूल्य नखुलेको, डिजिटल क्यामेरा-३, लेवल मेशिन-१, मोटर साइकल-१, सामसुङ क्यामेरा-१, ल्यापटप कम्प्युटर-४ मौज्दात नदेखिएको, एवं ल्यापटप कम्प्युटर-३ र मोवाईल सेट-१ हस्तान्तरण गरी पठाएकोमा दाखिला भएको छैन । जिन्सी निरीक्षण प्रतिवेदनमा नदेखिएको भनी कैफियतमा जनाइएका जिन्सी सामग्रीहरु सडक विभागमा दरवन्दी रही यस योजनाको स्टोर सम्हालेका तत्कालिन ना.सु.श्री सुनिल कुमार न्यौपानेको जिम्मामा रहेको र निजले हालसम्म पनि बरबुझारथ गरेको देखिएन । नीजले काजमा रहँदा यस योजनामा हाजिर गरेको देखिएन ।

- मे ३ प ३०७२ को सुजुकी मोटरसाइकल थान १ ई.श्री भरत राज आचार्यले बुझि लिएको देखिएता पनि जिन्सी श्रेस्तामा आम्दानी देखिदैन ।
- २०७२/७३ को जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत तथा लिलाम गर्ने कार्य भएको छैन ।

२८. **पेश्की बाँकी :** रु ५३,३५,१७,९७०/- मोविलाईजेसन पेश्की फछ्र्यौट गर्न बाँकी देखिएकोले आर्थिक कार्यविधि नियमावली र ठेक्का सम्झौता बमोजिम फछ्र्यौट गर्नुपर्ने देखिएको छ ।

२९. **स्थलगत निरीक्षण :** लेखापरीक्षणको क्रममा २०७३।०७।२३ का दिन खुर्कोट घुर्मी खण्डको स्थलगत निरीक्षण गर्दा देखिएको प्रमुख व्यहोरा निम्नानुसार छन्:

- खुर्कोट–घुर्मी सडक खण्डको बिभिन्न चेनेजको स्तरोन्नति कार्य गरिएको चेनेज नं. ४७+००० देखि ५५+०२० विभिन्न ठाउँमा सडक किनारा चर्किएको एवं भासिएको देखिएको छ ।
- उक्त खण्डको खाङ्सााङ्ग र सोखुमा पुल निर्माणको लागि पप्पु/नेपाल प्रगति जे.भी.सँग २०७०।०९।२६ मा कार्य सम्पन्न गर्ने गरी २०६८।०३।२९ मा सम्झौता भएकोमा २०७३।०७।२३ को स्थलगत निरीक्षणमा अधुरो पाइयो । रु.१० करोड ४३ लाख ९८ हजार ठेक्का अंकको उक्त पुलमा रु.४ करोड ९४ लाख ७३ हजार भुक्तानी भए पछि करिब ३ वर्ष पछिसम्म काम नगरी छोडेको छ । यसैगरी बहादुरे खोलामा पुल निर्माणको लागि २०६८।०३।२४ मा सम्झौता भई म्याद थप समेत २०७३।०३।२३ मा कार्य सम्पन्न गर्नुपर्नेमा २०७३।०७।२३ सम्म अधुरो अबस्थामा रहेको पाइयो । रु.३ करोड ५१ लाख १५ हजारमा सम्झौता भएकोमा रु.१ करोड ३१ लाख ४६ हजार भुक्तानी भएको छ ।
- निर्माण सम्पन्न भएको पुल प्रयोगमा आउनु पर्नेमा साखर खोलामा रु.१ करोड ६५ लाख ५७ हजारको लागतमा निर्माण भएको पुलको पहुँच मार्गको कारण प्रयोगमा आएको देखिएन ।
- सडकखण्डको चेनेज ३५+००० देखि ३६+००० को बीचमा १३० मी. रिटेनिङ्ग वाल निर्माणको लागि २०७२।०२।०५ मा कार्य सम्पन्न गर्ने गरी २०७०।११।०६ सम्झौता भएकोमा उक्त निर्माण कार्य अधुरो अबस्थामा रहेको पाइयो । उक्त खण्डको बिभिन्न चेनेजहरुमा गएका साना ठूला पहिरो रोक्नको लागि आबश्यक पहल गर्नुपर्ने देखिन्छ ।

सडक सुधार आयोजना

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा नियमावलीको व्यवस्था अनुसार मर्मत सम्भार तथा लिलामको कारवाही अगाडि नबढाएको, एकै किसिमका मालसामानमध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरिएको परिमाणको तुलनात्मक विवरण लगायतका व्यहोराहरु खुलाई निरीक्षण प्रतिवेदन तयार नगरेको, तेश्रो चौमासिकमा ५० प्रतिशत खर्च गरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **लक्ष्य/प्रगति स्थिति :** कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम तथा लक्ष्य अनुरुप प्रगति हासिल गर्नु पर्दछ । कार्यालयबाट प्राप्त वार्षिक प्रगति प्रतिवेदनमा उल्लेख भएअनुसार विस्तृत सर्वेक्षण डिजाइन तथा निर्माण फेज २ र ३ मा ५० प्रतिशतभन्दा न्यून प्रगति भएको तथा वातावरणीय सामाजिक अध्ययन र विविध परामर्श सेवामा कार्य हुन सकेको देखिएन । यसरी न्यून प्रगति हुनुका कारण तथा समस्या पहिचान गरी निर्धारित लक्ष्य अनुसार प्रगति हासिल गर्नेतर्फ ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

३. **परामर्श सेवा :** यो वर्ष परामर्श सेवावापत रु.२१ करोड १२ लाख ६९ हजार खर्च गरेकोमा देहाय अनुसार देखिन्छ ।

३.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलव्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा वा दातृपक्षसंगको सम्झौतावमोजिम वैदेशिक सहायता स्रोतबाट व्यहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नुपर्ने भएमा सार्वजनिक निकायले कुनै व्यक्ति फर्म संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने उल्लेख भएको देखिन्छ । यस आयोजनाको सडक निर्माण तथा सुपरभिजन गर्न आवश्यक जनशक्ति हाइवे ईन्जिनियर, म्याटेरियल ईन्जीनीयर कार्यरत रहे पनि परामर्श सेवा खरीद गरिएको छ ।

३.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा १५ प्रतिशत ओभरहेड राख्ने व्यवस्था छैन । आयोजनाले ६ ठेक्का प्याकेजमा नियममा व्यवस्था भएको सुविधाको अतिरीक्त सवारी साधन भाडा, ड्राइभरको खर्च, मर्मत र इन्धनको लागि रु.३७ करोड ८१ लाख ९ हजार रकम समेत व्यवस्था गरी लागत अनुमान तयार गरेकोमा १५ प्रतिशत ओभरहेडरु.२३ करोड २९लाख ३१ हजार समावेश गरी लागत अनुमान तयार गरेको देखियो ।

३.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्सको आधारमा तयार गर्नुपर्ने उल्लेख छ । परामर्श कार्यको लागत अनुमान तयार गर्दा उक्त कार्य गर्नको लागि सम्वन्धित मन्त्रालयले नर्म्स तयार गरेको छैन । यस सम्बन्धमा व्यवस्थापन पक्षसंग छलफल हुदाँ सडक विभागबाट सर्वेको नर्म्स तयार गरेकोमा सोहीलाईं आधार लिई तयार गरेको र कन्सट्रक्सन सुपरभिजनको नर्म्स तयार नभएको भनाइ रहेको छ ।

३.४ आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार निर्माणकार्यको लागत अनुमान तयार गर्दा निर्माणकार्यसँग सम्बन्धित आइटमहरु मात्र समावेश गर्नुपर्ने र २०६९।९।२ पछि ठेक्का सम्झौता गर्दा सडक निर्माणसँग असम्बन्धित खर्चहरु ठेक्कामा समावेश नगर्न सार्वजनिक लेखा समितिको निर्णय बिपरीत ठेक्का सँग असम्बन्धित आइटम ठेक्कामा राखि गाडी भडामा लिई रु.२ करोड ८९ लाख ९ हजार खर्च भएको देखिन्छ।

४. **कार्य प्रगति :** सम्झौता अवधि भित्र निर्माणकार्य सम्पन्न गराई परामर्शसेवा खर्च सम्झौता रकममा नबढ्ने गरी मितव्ययी रुपमा कार्य गराउनु पर्ने देखिन्छ। यस कार्यक्रम अन्तर्गत दोस्रो फ्रेजमा संचालित आयोजनामा परामर्श खर्चमा इ प्याकेज तर्फ ५९.३९ प्रतिशत र एफ प्याकेजमा ६६.९६ प्रतिशत खर्च भइसकेको देखिएतापनि उक्त परामर्शदाताले सुपरभिजन गर्नु पर्ने उक्त प्याकेज अन्तर्गत संचालित इ प्याकेज तर्फका आयोजनामा सम्झौता रकमको ११.३९ देखि २२.८९ प्रतिशतसम्म र एफ प्याकेजतर्फका आयोजनामा १२.६७ देखि १७.७ प्रतिशतसम्ममात्र सडक निर्माणभएको देखियो। निर्माणकार्य सुचारुपले संचालन नभएको समयमा परामर्श खर्च हुने र निर्माणकार्य चालु भएको समयमा परामर्शदाताको सम्झौता अनुरुपको रकम सकिएको हुने अवस्था देखिएको हुदा यसतर्फ ध्यान जानुपर्ने देखिन्छ।

५. **ठेक्का व्यवस्था** : परामर्शदाताले सम्झौता अनुरुप गर्नुपर्ने कार्य गर्नको लागि उल्लिखित क्षेत्रको समयमै ठेक्का वन्दोवस्त गरी सम्झौता अनुरुपको कार्य हुने गरी ठेक्का व्यवस्थापन गर्नु पर्नेमा आयोजनाको प्याकेज ई र एफ तर्फका ७ वटा सडक योजनामा ३९६ किलोमिटरमा निर्माणसुपरभीजन तथा अन्य कार्य गर्न परामर्शदातासंग सम्झौता भएपनि हालसम्म २०८ किलोमिटरमा मात्र ठेक्का वन्दोवस्त भएको देखियो।

६. **भर्पाइ बेगर खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ। तुल्सीपुर–सल्यान सडकका एक निर्माणव्यवसायी लाई अदालतको निर्णयानुसार निजले पाउनु पर्ने व्याज रु ३०,८९,२२७।११ एक अन्य कार्यालयको धरौटी खातामा जम्मा गरेको आधारमा खर्च लेखेको देखिन्छ।सम्वन्धित निर्माणव्यावसायीले रकम वुझिलिएको प्रमाण वेगर खर्च लेखेको अनियमित देखिन्छ।

७. **कन्टिजेन्सी खर्च :** कार्यालयले यो वर्ष मष्टरोल ज्याला वापत रु.२,५४,८५५।००इन्धन सूचना प्रकाशन, भ्रमण भत्ता, मर्मत कार्यालय सामान आदिमा रु.८,९८,४००।०० समेत रु.११,५३,२५५।– कन्टिजेन्सी खर्च लेखेको छ। यस्तै प्रकृतिको खर्च चालु बजेटबाट पनि हुने गरेको छ। कन्टिजेन्सीबाट खर्च गर्ने नीति तय नभएको, कार्यालय संचालन सम्बन्धी खर्च कन्टिजेन्सीबाट लेखेको र एकै प्रकृतिका खर्चहरु पूँजीगत तर्फको कन्टिजेन्सी र चालु खर्च शीर्षक दुवैबाट गरेको छ। कन्टिजेन्सीबाट खर्च गर्ने स्पष्ट कार्यविधि तयार गर्नुपर्दछ।

८. **पेश्की बाँकी :** विभिन्न ५ निर्माणव्यवसायी र १ संस्थाको नाममा बाँकी रहेको पेश्की रु ६,९१,८२,५८८।– सम्झौता अनुसार फछ्र्यौट गर्नु पर्दछ।

सडक क्षेत्र विकास आयोजना

१. **प्रगति :** आयोजनाबाट प्राप्त प्रगति विवरण अनुसार २ कार्यक्रमको प्रगति नभएको र अन्य कार्याक्रमको ७४ देखि ८८ प्रतिशतसम्मप्रगति भएको छ। कुल सञ्चालित १२ आयोजनाहरुमध्ये ६ को प्रगति विवरण प्राप्त भएन भने बाँकी ६ को यो बर्षको प्रगति ३५ देखि ९५ प्रतिशतसम्म र हालसम्मको प्रगति ४.८९ देखि ९८ प्रतिशत रहेको पाइयो। २०७२।७३ मा सम्पन्न गर्ने गरी सञ्चालित सडक क्षेत्र विकास आयोजना, सीतापाइला धार्के सडक योजना र सडक तथा ट्राफिक सुरक्षा आयोजना सम्पन्न भएको देखिएन।

२. बार्षिक कार्यक्रम अनुसार प्रत्येक चौमासिकमा बजेट खर्च गर्नु पर्नेमा तेस्रो चौमासिकमा ५९.५३ प्रतिशत र आषाढमा मात्र ४७.७५ प्रतिशत खर्च गरेको पाइयो। स्वीकृत कार्यक्रम अनुसार तोकिएको चौमासिकमा खर्च गर्नुपर्दछ।

३. **खर्च गर्ने क्षमता :** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ४ मा बजेट तथा कार्यकम सम्बन्धी र परिच्छेद ५ मा बजेट निकाशा र सरकारी रकम खर्च गर्ने तरिका उल्लेख छ। आयोजनाले प्राप्त बजेट खर्च गर्न नसकेकोले तालुक निकायबाट रु.७२ करोड ६४ लाख ४५ हजार कटौती गरेको छ। साथै बजेट कटौतीपछि कायम भएको रकम पनि खर्च गर्न नसकी शत प्रतिशत प्रगति प्राप्त गर्न सकेको छैन।

४. **कार्यक्रम र आर्थिक विवरण** : आयोजनाको लागि यो बर्ष ३ बजेट उपशीर्षकमा रु.२ अर्ब ४८ करोड ६७ लाख ५ हजारको बार्षिक कार्यक्रम स्वीकृत भएकोमा प्राप्त आर्थिक विवरणमा रु.२ अर्ब ७ करोड ३८ लाख ३९ हजारको बजेट कायमभएको देखियो। आर्थिक विवरण र वार्षिक कार्यक्रमको बजेटमा ४३ करोड ८ लाख ६६ हजार अन्तर रहेकाले स्वीकृत कार्यक्रम र बजेटबीच एकरुपता देखिएन।

५. **कार्यक्रम स्वीकृति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा सम्बन्धित मन्त्रालयले स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा आर्थिक वर्षको अन्तमा रु.२ करोड थप बजेट पठाएको पाइयो। त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ मा विभागीय प्रमुखलाई प्राप्त बजेट खर्च गर्ने गराउने अख्तियारी विभागीय

प्रमुखले मातहतका कार्यालय प्रमुखलाई पठाउनु पर्ने व्यवस्था छ । उक्त कानूनी व्यवस्था विपरित सडक विभागको उप–महानिर्देशकले वैदेशिक महाशाखालाई ६ बजेट उपशीर्षकबाट रु.२ अर्ब ३२ करोड ७० लाख ७१ हजारकाखर्च गर्ने अख्तियारी प्रदान गरेको छ ।

६. **परामर्श सेवाको लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले तयार गरेको नर्म्स अनुसार लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१)(क) मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने बिश्लेषण गर्नुपर्ने, दफा ३१(४) मा उपलब्ध विधिमध्ये उपयुक्त हुने विधि उल्लेख गर्नुपर्ने व्यवस्था छ । आयोजनाले यो वर्ष ३ परामर्शदातासंग पारिश्रमिक र सोधभर्ना हुने रकम समेत बैदेशिक मुद्रा अमेरिकी डलर ७५२३४०० र स्थानीय मुद्रा रु.४२८१४३७१७– को लागत अनुमान तयार गरी खरिद सम्झौता गरेको छ । उक्त परामर्श सेवाको लागत अनुमानस्वीकृत नर्म्स बेगर तयार गरेको, लागत अनुमान तयार गर्दा उपयुक्त हुने विधि उल्लेख नगरेको, आयोजनामा उपलब्ध जनशक्तिबाट काम हुन सक्ने नसक्ने विश्लेषण नगरेको देखियो । त्यस्तै नियमावलीमा कन्टीन्जेन्सी थप गर्ने व्यवस्था नभएपनि १० प्रतिशत कन्टीन्जेन्सी थप गरी तयार गरेको देखियो । कानूनको व्यवस्था पालना गरी लागत अनुमान तयार गर्नुपर्दछ ।

७. **परामर्श सेवाको प्रतिवेदन :** कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम अनुसारका परामर्श सेवामा गरेको खर्च परीक्षण गर्दा विस्तृत सर्वेक्षणमानिर्माणको लागि जग्गा प्राप्ति, रुख कटान, मुआब्जा एवं क्षतिपूर्ति भुक्तानी सम्बन्धी व्यहोरा उल्लेख नगरेको, पेश गरेका सर्वेक्षण प्रतिवेदनहरुकोअभिलेख अद्यावधिक गरी नराखेको जस्ता व्यहोरा देखिएका छन् ।

८. **सोधभर्ना भुक्तानी :** परामर्शदाताले सोधभर्ना हुने खर्च दावी गर्दा सो खर्च प्रमाणित गर्ने बिल भरपाई पेश गरेको पाइएन । सम्झौता अनुसार २ वैदेशिक परामर्शदातालाई सोधभर्ना हुने खर्च भुक्तानी गर्दा खर्चको बिल भरपाईको आधारमा भुक्तानी दिनु पर्नेमा अफिस भाडा, सवारी साधन भाडा, सञ्चार महशुल राष्ट्रिय अन्तर्राष्ट्रिय भ्रमण खर्च, प्रतिवेदन र टेष्ट आदिमा बिल भरपाई बेगर रु.२०८२०२१७– भुक्तानी भएकोले नियमित देखिएन । सम्झौता अनुसार खर्चको प्रमाण लिई भुक्तानी गर्नुपर्दछ ।

९. **बीमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा विमा गराउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले परामर्शदातासंग सम्झौता गर्दा विमा गराउनु पर्ने शर्त राखेको भएपनि परामर्शदाताले कामको विमा गरेको देखिएन ।

१०. **परियोजना लेखा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७(२)(ङ) मा प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र परियोजना लेखा (अन अडिटेड प्रोजेक्ट एकाउन्ट) तयार गरी दातृ पक्षलाई १५ अक्टोबर २०१६ भित्र पठाउनु पर्ने व्यवस्था भएपनि कार्यालयले उक्त लेखा २०७३ कार्तिक मसान्तसम्म पनि तयार गरी पठाएको पाइएन । त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २७, २८ र ३५ तथा अनुसूची ४, ५, ६, ७ र ८ अनुसारको लेखा पनि राखेको पाइएन । नियमानुसारकोलेखा राख्नुपर्दछ ।

११. **परामर्शदाताको लागत :** आयोजनाले सम्भाव्यता अध्ययन, डिजाइन र निर्माण कार्यको सुपरभिजन गर्न १० महिना र ४९ महिनाको लागि २०१० अप्रिल १६ मा एक वैदेशिक परामर्शदातासंग सम्झौता गरेकोमा मातहतका योजनाको निर्माण कार्य समयमा सम्पन्न नहुनाले परामर्शदाताको म्याद २०१६ डिसेम्बर ३० सम्म थप गरेको छ। सम्झौता रकम अमेरिकी डलर ११८३५३८ र रु.६०७१७६६१।– रहेकोमा ६ पटक भेरिएशन आदेश स्वीकृत गरी अमेरिकी डलर १११६०१० र रु.७१६१२८९५५।– कायम गरेको छ । सोमध्ये हालसम्म २ चरणमा रु.६६४०७५११५।–भुक्तानी गरेको छ । आयोजनाको निर्माण कार्य समयमा सम्पन्न नहुनाले परामर्शदाताको लागतमा बृद्धिका अतिरिक्त रु.३,६२,५५,४५६।– मूल्य समायोजन समेत भुक्तानी गरेको छ । सम्झौता अनुसार समयमै कार्य सम्पन्न गराई थप व्ययभार हुने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१२. **दाखिला प्रमाण** : परामर्शदाताको इन्भ्वाईस नं.५१, ५२ र ५३ को जम्मा बिल रकम रु.४७२२७५६।०७ को १.५ प्रतिशत अग्रिम आयकर रकम रु.७०८४१।३४ कट्टा गरेकोमा राजश्व कार्यालयमा दाखिला गरेको पाइएन । पुल सम्बन्धी एक परामर्शदातालाई विजक नम्बर हातले लेखेकोकर विजक पेश गरेको आधारमा मूल्य अभिबृद्धि कर रु.६६९००८.६४ भुक्तानी दिएकोले उक्त रकमको आय विवरण सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गरेको वा कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

१३. सम्भाव्यता अध्ययन र डिजाइन कार्य : परामर्शदातालाई बिल भरपाइको आधारमा भुक्तानी दिनु पर्ने घरभाडा, यातायात, अन्तर्राष्ट्रिय भ्रमण, संचार महसूल समेत जम्मा रु.२९४८६४।१३ बिल भरपाई वेगर भुक्तानी दिएकोले बिल भरपाई पेश गराउनु पर्दछ । सोही परामर्शदातालाई १२ औं बिलबाट अगष्ट अक्टोवर २७,२०१५ सम्मको टाईम क्यालकुलेशन सिट अनुसार १.३५ महिनाको पारिश्रमिक(मू.अ.कर.समेत) अमेरिकी डलर ३०२०४।९० भुक्तानी दिनुपर्नेमा ३०३१३।१६ अमेरिकी डलर भुक्तानी भएकोले बढी भुक्तानी अमेरिकी डलरको १०८।२६ कोरु.११२२०।०६ परामर्शदाताबाट असूल हुनुपर्दछ ।

कार्यालयले पुलको सम्भाव्यता अध्ययन र डिजाइन कार्य अमेरिकी डलर ३७४४९३।२० र रु.६८३८९००१।२० को लागतमा ७ महिनाभित्र सम्पन्न गर्ने गरी २०१५ फेब्रुअरी ३ मा एक वैदेशिक परामर्शदातासंग सम्झौता भएकोमा अमेरिकी डलर ३१७९८८।१० र रु.५६८०६५१३।७४ भुक्तानी भएको छ । कार्यालयले सडकको विस्तृत आयोजना प्रतिवेदन तयार गर्दा सो सडकमा पर्ने पुलको समेत संभाव्यता अध्ययन गरी निर्माण गर्नु पर्नेमा सो नगरी सडक निर्माण भएपछि मात्र छिन्चु जाजरकोट सडकका ९ वटा, सतबांझ गोकुलेश्वर सडकका १ वटा, सुर्खेत जुम्ला सडकका १४ वटा, कलनगाड चैनपुर सडकका १ वटा, सितलपाटी मुसीकोटका ८ वटा र नारायणघाट मुग्लीङ सडकका १८ वटा गरी ५१ पुलको डिजाइन तयार गर्न परामर्शदाता छनौट गरेको छ । पुल विना सडक निर्माण भएकाले सडकको उपयोग प्रभावकारी हुन सकेको छैन ।

१४. **खर्च बर्गिकरण** : नेपाल सरकारले खर्चको लेखांकन एवं प्रस्तुतीकरण गर्न आर्थिक संकेत तथा वर्गीकरण २०६७ लागु गरेको छ । करारमा नियुक्त कर्मचारीलाईसंकेत नम्बर २२४१२ अन्य सेवा शुल्क शीर्षकबाट पारिश्रमिक भुक्तानी दिनुपर्नेमा अन्य शीर्षकबाट रु.२,४४,४००।– भुक्तानी दिएको छ ।

१५. **सितापाइला धार्के सडक योजना**: यो सडक योजना २०७०।७१ मा निर्माण शुरु भई २०७२।७३ मा रु.७ करोड १७ लाख ६९ हजारको लागतमा निर्माण सम्पन्न गर्ने कार्यक्रम रहेको छ । यो वर्ष बिनियोजन भएको चालु बजेट रु. २,०७,०००।०० खर्च भएको छैन भने परामर्श सेवामा बिनियोजित रु.२ करोड २६ लाख मध्ये रु.८३,२९,९४६।७७ मात्र खर्च भएको छ । स्वीकृत बजेट समयमै कार्यक्रम सञ्चालन गरी खर्च गर्नुपर्दछ ।

कुवेती सरकारको अनुदान सहयोगमा सञ्चालित यो सडकको सम्भाव्यता अध्ययन, बिस्तृत सर्भे तथा डिजाइन कार्यको लागि २०६८।६९ मा एक वैदेशिक परामर्शदातासंग डिसेम्वर, २०१३ मा सक्ने गरी अमेरीकी डलर ३४१३६२ मा सम्झौता भएको थियो । उक्त कार्य सम्पन्न हुन नसकी दोस्रो पटक थप गरिएको म्याद फेब्रेअरी १५, २०१६ सम्ममा पनि तराईको असहज परिस्थिति, इन्धन अभाव, पव्लीक हेयरीङ्गमा ढिलाई, कुवेत फण्ड अरव स्वीकृतिमा समय लाग्ने भएको कारण जनाई जुलाई १५, २०१६ सम्मको म्याद थप माग गरेकोमा २०७३।१।२२ मा महानिर्देशकबाट जुलाई १५, २०१६ सम्मपनि काम सम्पन्न नभएमा कन्ट्र्याक्ट टर्मिनेशन गर्नेगरी म्याद थप भएको छ । उक्त म्याद थप अवधिमा नै अन्तिम बिल प्राप्त भई सोको प्रतिवेदनहरु प्राप्त भएको छ । उक्त सम्पन्न कार्यको भेरियशन समेत कूल अमेरिकी डलर ३३११३२.०० (मू.अ.कर वाहेक मू.अ. कर ४३०४७।१६ समेत कूल रु.३७४१७९.१६) खर्च भएको छ ।

यो सडकको सम्भाव्यता अध्ययन, बिस्तृत सर्भे तथा डिजाइन कार्यको पहिलो प्याकेजको चेनेज ०+००० देखि १०+२४०, दोस्रो १०+२४० देखि २३+९०० सम्म २३.९ किलो मिटरकासम्भाव्यता अध्ययन, बिस्तृत सर्भे तथा डिजाइन कार्य गर्ने सम्झौता भएकोमा प्राप्त प्रतिवेदनमा सितापाईला देखि शुरुको १.५ किलो मिटरको काम हुन नसकेको उल्लेख छ ।सो कामको लागि भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

कार्यालय र एक परामर्शदातावीच १० महिनामा अमेरिकी डलर १५३६८० र रु.१८१७२४६२।२५ को कार्य गर्ने गरी २०१६ मे २७ मा सम्झौता भएकोमा सम्भौता अनुसार दिइएको पेश्की रु.२४,१२,२७४।०० सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम फछ्र्यौट गरेको छैन । साथै म.ले.प. फा.नं. १४ मा पनि देखाएको छैन ।

१६. **अग्रिम आयकर** : आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा शुल्क भुक्तानी गर्दाअग्रिम कर कट्टि गर्ने व्यवस्था रहेको छ । कार्यालयले परामर्शदातालाई बिल रकम भुक्तानी गर्दा भुक्तानीमा कर कट्टि गर्नु पर्नेमा बिल रकममा अग्रीम आयकर रकम थप गरी सो रकममा मूल्य अभिबृद्धि कर थप दिई अग्रीम कर कट्टि गरेको छ । यस्तो रकम यकिन गरी परामर्शदाताबाट असुल गर्नुपर्दछ ।

१७. **न्यून खर्च**: सडक तथा ट्राफिक सुरक्षा आयोजनाको लागि अनुसन्धान तथा परामर्श कार्यक्रममा रु.१ करोड ८० लाख बजेट कायम गरिएकोमा त्यस सम्बन्धी काम भएको छैन ।

निर्माण सुपरभिजन गर्न परामर्शदातालाई १२ महिनाको लागि नियुक्ति गरेकोमा निर्माण व्यवसायीले निर्माण शुरु नगरेको एवं न्युन मात्र प्रगति गरेको अवस्थामा परामर्शदातालाई पारिश्रमिक एवं अन्य रकम भुक्तानी गर्नु परेको छ । समयमा निर्माण कार्य नगर्नाले परामर्श खर्चको लागत समेत बढ्ने देखिन्छ ।

१८. **बिल भर्पाई** : सोधभर्ना हुने गरी गरीने खर्चतर्फ भुक्तानी दिईएको रकम वास्तविक खर्चको बिल भरपाईको आधारमा भुक्तानी दिनु पर्नेमा अफिस भाडा, सवारी साधनको भाडा, संचार महसूल र विभिन्न प्रतिवेदन खर्च वापत विभिन्न १० परामर्शदातालाई पारिश्रमिक र सोधभर्ना खर्च बिल भरपाई बेगर मार्च, २०१६ देखि जून, २०१६ सम्मको भुक्तानी दिईएको रु.२४,९७,०१५. नियमित देखिएन ।

१९. **अभिलेख** : ठेक्का वाईज अभिलेख खाता अद्यावधिक राख्नु पर्नेमा सो खाता नराखी मासिक इन्भ्वाइसविवरणकोआधारमाएक परामर्श दातालाई भुक्तानी भएको छ । यस्तो भुक्तानी रकमको अभिलेख अद्यावधिक गरेको देखिएन । गोश्वरा भौचर र विवरण अध्ययन गर्दा एक परामर्शदाताको अभिलेखमा रु.१६८८१०।– भुक्तानी गर्नुपर्ने उल्लेख भएकोमा रु.२८७१००।– भुक्तानी गरेको छ भने ११८२८९।– मात्र भुक्तानी गरेको अभिलेख जनाएको छ ।

२०. **मु.अ.करको जानकारी :** अभिवृद्धि कर ऐन, २०५२ एवं नियमावली, २०५३ को नियम ६क मा दर्ता भएको व्यक्तिले आफुले गरेको ठेक्का सम्झौता अनुसारको रकम भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर भुक्तानी भएको जानकारी सम्बन्धित

आन्तरिक राजस्व कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । आयोजनाले २०७३।४।२७मा आर्थिक वर्ष २०७२।७३ मा कारोबार भएका फर्महरुलाईभुक्तानी गरेको कूल रु.९,०३,१०,४३९।८१ को मूल्य अभिबृद्धि कर रु.१,१७,४०,३५७।१८ को जानकारी समयमा नपठाई आर्थिक वर्ष समाप्त भए पश्चात मात्र पठाएको पाईएकोले नियमावलीको पालना भएको देखिएन ।

२१. **नागढुंगा सुरुङ मार्ग निर्माण :** आर्थिक वर्ष २०७१।७२ बाट निर्माण शुरु भई आर्थिक वर्ष २०७७।७८ मा रु.१६ अर्ब १० लाख को लागतमा सम्पन्न गर्ने (डिपिआर तयार नभएको) कार्यक्रम रहेको छ । यस वर्ष जग्गा खरिदमा रु.१७ करोड ५० लाख, सार्वजनिक निर्माणमा रु.९१ करोड र परामर्श सेवामा रु.५८ करोड समेत रु.१ अर्ब ६६ करोड ५० लाख बजेट विनियोजन भई बजेट कटौती समेत रु.१ अर्ब ३६ करोड बजेट कायम भएपनि कार्यालयले कार्यक्रम कार्यान्वयन नगर्नाले बजेट खर्च भएको छैन ।

२१.१ विभिन्न भौचरबाट सुरुङ्ग मार्गको कार्य सुरु नभएको अवस्थामा मसलन्द तथा चियापानमा रु.२७५५२०.१५ खर्च लेखेको छ ।

२१.२ जाइकाको ऋण सहयोगमा सिस्ने खोला–नागढुंगा सुरुङ्ग निर्माणको डिजाइन तथा सुपरभिजन गर्न परामर्शदाता छनौट गर्नको लागि लागत अनुमान तयार गरेपछि बोलपत्र सूचना प्रकाशन गर्नुपर्नेमा सूचना प्रकाशन गरेपछि रु. १,०९,२५,२२,४४८। को लागत अनुमान २०७२।६।१३ मा स्वीकृत भएको देखिन्छ ।

हुलाकी राजमार्ग आयोजना

नेपाल भारत सीमाबाट औसत ३-४ कि.मी. उत्तरतर्फ महेन्द्र राजमार्गको समानान्तर भएर पूर्व मेची देखी पश्चिम महाकालीसम्म जोड्ने यो राजमार्ग पुव–पश्चिममा २२ वटा मुख्य सडक ९७५ कि.मि. र उत्तर–दक्षिण १४ वटा सहायक सडक ८१७ कि.मि.सहित कुल १७९२ कि.मी. लम्बाई रहेको छ । यो राजमार्ग दुई चरणमा सम्पन्न गर्ने गरी २००६ जुन २७ मा नेपाल र भारत सरकार बीच समझदारी पत्रमा हस्ताक्षर भएको थियो । आयोजना अन्तर्गत ६ वटा योजना कार्यालयसंचालनमा रहेको छ ।

१. **प्रगति :** कुल १७९२ कि.मी. सडक मध्ये हालसम्म ६७.८४ (लम्की-टिकापुर २७.७ कि.मी. र सति-भजनी ४०.१४ कि.मी.) कि.मी. सडक कालोपत्रे सम्पन्न भैसकेको छ भने जम्मा १४९ पुलमध्ये हालसम्म ५३ वटा पुलको निर्माण कार्य सम्पन्न भएको छ । त्यसैगरी परामर्श सेवा तर्फ २० वटा पुलको डिजाईन बाँकी रहेको छ भने सडक तर्फ ९७५ कि.मी. सडकको डिटेल सर्भे भैरहेको छ । कुल रु.४७ अर्ब २४ करोड लागत अनुमान रहेको यस आयोजनाले हालसम्म रु.७ अर्ब २७ करोड (१५.४०%) खर्च गरेको छ । यो बर्ष ३५ कि.मी. सडक कालोपत्रे गर्ने लक्ष्य रहेकोमा ३३.५ कि.मी.सम्पन्न गरेको र १० पुल निर्माण गर्ने लक्ष्य रहेकोमा ८ पुलको निर्माण सम्पन्न गरेको छ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको कार्यान्वयनको मूल्यांकन गर्दा खरिद गुरु योजना तयार नगरेको, खरिद योजनालाई बजेट तथा कार्यक्रमसँग आबद्ध गरी चौमासिक लक्ष्य बमोजिम कार्य नगरी आर्थिक वर्षको अन्त्यमा बढी काम गरी भुक्तानी गरेको, कार्यालयले जिन्सी निरीक्षण प्रतिवेदन अनुसार समयमै जिन्सी सामानको लिलाम नगरेको, कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको, सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तयार नगरेको जस्ता व्यहोरा देखिएका छन् । ऐन नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

३. **ठेक्का व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक भित्र सम्पन्न गर्नुपर्ने व्यवस्था छ । यो वर्ष आयोजनाले यो वर्ष २७ वटा ठेक्का सम्झौता गरेकोमा ८ वटा दोस्रो चौमासिकमा र १९ वटा तेस्रो चौमासिकमा गरेको छ । सोमध्ये १७ वटा (६२.९६ प्रतिशत) आषाढ महिनामा सम्झौता गरेको छ । नियमानुसार समयमा ठेक्का सम्झौता गर्नुपर्दछ ।

विगत वर्षहरुमा ठेक्का व्यवस्थापन भएका पुल निर्माण कार्यमध्ये चितवन राष्ट्रिय निकुञ्जबाट रोकिएका ४, जग निर्माणको क्रममा आर्टिजन भेटिएकोले शतप्रतिशत भन्दा बढी भेरिएशन गर्नुपर्ने १, मुद्दा परेर रोकिएको १ र अन्य समेत गरी जम्मा ७ वटा पुल निर्माण सम्बन्धी ७ वटा ठेक्काहरु रुग्ण अवस्थामा रहेका छन् । उक्त ठेक्काहरु सम्झौता अनुसार कारवाही गरी टुंग्याउनु पर्दछ ।

४. **ठेक्काको समयाअवधी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(१)घ मा लागत अनुमान तयार गर्दा खरिद काम सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम समय खुलाउनुपर्ने व्यवस्था छ ।सडक बिभागले आर्थिक वर्ष २०७२।७३ देखि लागू गर्ने गरीरु.३ करोडसम्मको लागत अनुमान भएको ठेक्कामा बढीमा १२ महिनासम्म र रु.५ करोडसम्मको निर्माण कार्यमा १८ महिनासम्म अवधि दिन सकिने गरी मापदण्ड स्वीकृत गरेको छ ।आयोजनाले लागत अनुमान तयार गर्दा कार्य सम्पन्न गर्ने समयावधि खुलाइएको छैन । ठेक्का सम्झौता गर्दारु.१ करोड ७४ लाख ७४ हजार र रु.३ करोड ९६ लाख १८ हजार लागतको २ पुल निर्माणमा

२४ महिना, रु.२ करोड ५४ लाख २६ हजाररर रु.२ करोड ३३ लाख ५३ हजार लागतको २ पुल निर्माणमा १८ महिना समयावधि दिएको छ। मापडण्ड अनुसार २ वर्षभन्दा बढी अवधि दिनुपर्ने रु.१० करोड ३४ लाख ६६ हजार लागतको ढोढरी राजापुर सती सडक निर्माणमा १२ महिना मात्र समयावधि दिएको छ। यसरी सम्पन्न गर्ने अवधि तोक्दा कम अवधि दिनुपर्ने कार्यमा बढी र बढी अवधि दिनुपर्ने काममा कम अवधि दिँदा मापडण्डको पालना भएको नदेखिएकोले सम्झौता गर्दा मापदण्ड अनुसार समयावधि दिनुपर्दछ।

५. **गुणस्तर परीक्षण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उपनियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई समावेश गर्नुपर्ने व्यवस्था छ। सडक विभागको नर्म्समा ल्याव परीक्षणको लागि बि.ओ.क्यू.मा छुट्टै आइटमको व्यवस्था गरेको भएसम्बन्धित आइटममा रकम समाबेश गर्न नपर्ने उल्लेख छ। आयोजनाले ५ सडक आयोजनाको सम्झौतामा गुणस्तर परीक्षण गर्न रु.९३,५०,०००/- प्रोभिजनल सममा राखिएको छ। ती ठेक्काहरुको दरबिश्लेषण परीक्षण गर्दा सिमेण्ट कंक्रिट, इम्बेङ्कमेण्ट, सिमेण्ट बालुवा जोडाइको इट्टाको गाह्रो र प्लाष्टरको आइटम दरमा ल्याव टेष्टको लागि १५ प्रतिशत ओभरहेड समेत रु.१,३१,८३,०५८/- समाबेश गरेको पाइयो। उक्त रकममा ठेक्का सम्झौताको घटेको प्रतिशत कटाउँदा रु.९८,६३,५१०/- दाहोरो हुने गरी सम्झौता भएको देखियो। दोहोरो खर्च व्यवस्था गर्ने काम बन्द गरी उपरोक्त रकम दोहोरो नपर्ने गरी खर्च गर्नु पर्दछ।

६. **नर्म्समा फरक :** सडक विभागको नर्म्समाफलामे डण्डीको कार्य प्रति एक टन १.१५ टन र अन्य निकायको नर्मस्मा १.०५ टन प्रयोग हुने उल्लेख छ। यसरी विभागहरुबीच नर्म्समा एकरुपता छैन। आयोजनाले सप्तरी, धनुषा र कपिलबस्तुमा सञ्चालित पुल तथा सडक आयोजनाको लागत अनुमान तयार गर्दा ८ एम.एम. बाहेक साइजको डण्डीमा १.०५ टन लाग्ने नर्मस् प्रयोग गरेको छभने सो बाहेक अन्य निर्माणमा १.१५ टन लाग्ने नर्मस् प्रयोग गरेको छ। यसरी बढी परिमाण लाग्ने नर्मस् प्रयोग गरी दरबिश्लेषण गरेको कारण ४ वटा पुल निर्माण कार्यमा मात्र ७४.७१७ टन डण्डी बढ्न गई रु.६८,९१,९६८/- लागत अनुमान बढेको देखियो। समान खालको काममा सबै निकायमा नर्म्स्मा एकरुपता हुने गरी सुधार गरी निर्माण कार्यको लागत मितव्ययी बनाउनु पर्दछ।

सडक विभागको नर्म्समा सिमेण्ट बालुवाको जोडाई भएको ढुङ्गाको गाह्रो लगाउँदा प्रतिघनमिटर गाह्रोमा १.१५ घ.मी. ढुङ्गा लाग्ने व्यवस्था छ भने अन्य निकायको नर्म्समा१.१० घ.मी. परिमाण ढुङ्गा लाग्ने व्यवस्था छ। यो बर्ष सम्झौता भएकामध्ये ५ निर्माण कार्यमा सडक बिभागको नर्मस् प्रयोग गरी लागत अनुमान तयार गर्दा ५ प्रतिशतले ५८६.०५ घ.मी. ढुङ्गा बढी प्रयोग भईरु.७,५०,५९५/- लागत बढेको देखियो। बढी परिमाण लाग्ने नर्म्स प्रयोग गरी गाह्रो लगाउने लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गरेकोले थप व्ययभार परेको देखिएकोले बढी व्ययभार नपर्ने र एकरुपता हुनेगरी नर्म्समा सुधार हुनुपर्दछ।

७. **दरबिश्लेषण :** मेशिनरी तथा उपकरणको प्रयोग बिना गाह्रो लगाउने कार्यमा इन्धनको मूल्य राखी दर बिश्लेषण गर्ने व्यवस्था छैन। आयोजनाले जनकपुर कदमचोक कपतौल तिनकौनिया सडक सुधार कार्यको लागत अनुमान तयार गर्दा ३४५० घनमिटर ईट्टाको गाह्रो लगाउने कार्यको दरबिश्लेषण गर्दा प्रति घ.मि. गाह्रोको कार्यमा १ लिटर डिजेलको रु.७६।५५ ले रु.२,६४,०९७/- समाबेश गरेको छ। उक्त कामको लागि मेशिनरी तथा उपकरणको प्रयोग गर्न भाडा राखेको छैन। उक्त कार्यमा मेशिनरी उपकरणको प्रयोग बेगर डिजल खर्च समाबेश गरेकोले १५ प्रतिशत ओभरहेड समेत रु.३,०३,७१२/- लागत बढेको छ। अनावश्यक सामग्रीको मूल्य राखी दररेट बढाउने कार्य नियन्त्रण गर्नुपर्दछ।

८. **जिल्ला दररेट :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (४) मा निर्माण सामग्रीहरुको मूल्यसम्बन्धित जिल्ला दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ। सम्बन्धित जिल्ला दररेट निर्धारण समितिले सडक यातायात, बजारको पहुँच, निर्माण सामग्रीको उपलब्धता समेतको आधारमा समानस्तरको जिल्लामा एकरुपता हुनेगरी ज्याला र निर्माण सामग्रीको दररेटनिर्धारण गरेको देखिएन। नमूनास्वरुप तराइका केही जिल्लाको फलामे छडको जिल्ला दररेट बिश्लेषण गर्दा कैलाली जिल्लाले प्रति के.जी. रु.७२।-,बर्दियाले रु.८३।-, झापाले रु.७७- र सर्लाहीले रु.८५।- कायम गरेको देखियो। ज्याला र छडको जिल्ला दररेट फरक फरक कायम गरेको कारण आयोजनाले तयार गरेको पुल तथा सडक आयोजनामा कार्यको डण्डीको लागत अनुमान तयार गर्दा सबैभन्दा कम कपिलबस्तुमा प्रति के.जी. रु.१०२।४० र सबभन्दा बढी सर्लाहीमा रु.१२९।८५ कायम गरेको पाइयो। उक्त दुई जिल्लाको तुलना गर्दा कपिलबस्तुभन्दा सर्लाहीमा प्रति के.जी. रु.२७।४५ बढी रहेको र सर्लाहीको बाँके पुल निर्माणको लागत अनुमानमा लाग्ने परिमाण १६९४१८ के.जी. डण्डीमा रु.४६,५०,५२४।- लागत बढेको छ। फलामे डण्डीको उत्पादन सुनसरी, बारा, भैरहवा तथा पर्सालाई आधार मान्दा डण्डीकोमुल्यमानिकै फरक देखिएको छ। आयोजनाले पनि कारखाना मूल्यमा ढुवानी जोडी हुने मूल्य र जिल्ला दररेटमध्ये घटी मूल्यलाई आधार नलिँदा लागत बढेको देखिन्छ। लागत अनुमान तयार गर्दा मितव्ययी हुनेगरी दरबिश्लेषण कायम गर्नुपर्दछ।

९. **परामर्श सेवा खर्च :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायले सम्बन्धित निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा वा दातृपक्षसँगको सम्झौता बमोजिम बैदेशिक सहायता स्रोतबाट व्यहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नु पर्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । आयोजनाले यो वर्ष ड्रइङ्ग, डिजाइन तथा लागत अनुमान तयार गर्न पुल निर्माणको लागि १६, सडक निर्माणको लागि ३७, डिजाइन रिभ्यूको लागि २ तथा पुलको इन्भेण्टरी तयार गर्न २ समेत ५७ परामर्शदातासँग यो वर्ष रु.८,०८,५८,४००।– को सम्झौता गरेको छ । गत वर्षको सम्झौताको बाँकी रु.४,८१,३२,४२०।– पनि खर्च गरेको छ । परामर्श सेवा खर्च सम्बन्धी देखिएका व्यहोरा निम्न छन् ।

९.१ आयोजनाले यो बर्ष परामर्श सेवाको५७ सम्झौता गरेकोमा सबै सम्झौता तेस्रो चौमासिकमा मात्र सम्पन्न गरेका छन् । सोमध्ये आषाढमा सम्झौता भएका ६ वटाको म्याद बाँकी रहेको र १७ वटाले ड्राफ्ट रिपोर्ट मात्र पेश गरेको छ । प्रथम चौमासिकभित्र ड्रइङ्ग, डिजाइन तथा लागत अनुमान तयार गर्ने कार्य नगर्दा समग्र निर्माण कामको ठेक्का व्यवस्थापन र कार्यान्वयन ढिलाई हुने भएकोले स्वीकृत कार्यक्रम अनुसार समयमै लागत अनुमान तयार गरिनुपर्दछ ।

९.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० मा रु.१० लाखभन्दा बढी मूल्यको परामर्श खरिद गर्दा १५ दिनको सूचना प्रकाशित गरी आशयपत्र माग गर्नुपर्ने व्यवस्था छ । आयोजनाले यो वर्ष रु.१० लाखभन्दा कम रकमको ५१ वटा परामर्शदातासँग रु.३,१५,८६,५५०।– मा सम्झौता गरेको थियो भने रु.१० लाखभन्दा बढीको ६ वटा परामर्शदातासंग २०७३ आषाढ महिनामा रु.४,९२,७१,८५०।– मा सम्झौता गरेको छ । केही परामर्श सेवाको सम्झौता परीक्षण गर्दा एकै स्थानको सडकमा पर्ने सर्भेको काम रु.१० लाखभन्दा कमको टुक्रा प्याकेज बनाईखरिद सम्झौता गरेको छ भने ६ वटा परामर्श सेवामा बिभिन्न जिल्लामा पर्ने निर्माण कामको एउटै प्याकेज बनाई प्रतिस्पर्धाबाट परामर्श सेवा खरिद गरेको पाइयो । प्रतिस्पर्धा सीमित हुनेगरी कामलाई टुक्रा प्याकेज बनाउने कार्य नियम सम्मत नदेखिएकोले पर्याप्त प्रतिस्पर्धा हुने गरी परामर्श सेवाको खरिद सम्झौता गर्नुपर्दछ ।

९.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा ओभरहेड राख्ने व्यवस्था छैन । आयोजनाले ६ परामर्श सेवाको रु.५,२२,०२,६५०।– को लागत अनुमान तयार गर्दा १५ प्रतिशत ओभरहेड रु.६८,०९,०४१।– समेत गरी रु.४,९२,७१,८५०।– मा सम्झौता गरेको पाइयो । ओभरहेड बाहेकको लागत अनुमानभन्दा सम्झौता रकम रु.३८,७८,२४१।– बढी रहेको देखियो । परामर्श सेवा खरिदमा ओभरहेड समावेश गर्न मिल्ने नदेखिएकोले यस्तो कार्यमा सुधार हुनुपर्दछ ।

९.४ आयोजना र अन्तर्गतका ५ इकाई कार्यालयमा ७ सि.डि.ई., २२ इञ्जिनियर र २१ सब इञ्जिनियर कार्यरत छन् । आयोजनाले सबै पुल तथा सडकको ड्रइङ्ग, डिजाइन तथा लागत अनुमान तयार गर्ने काममा बाह्य परामर्शदाताबाट सेवा लिने गरेको छ । आयोजनाले उपलब्ध जनशक्तिबाट के कति काम सम्पन्न हुन सक्ने र के कति काम सम्पन्न हुन नसक्ने हो सोको बिस्तृत बिश्लेषण बेगर सबै कार्य बाह्य परामर्शदाताबाट सेवा लिंदा काममा एकरुपता नहुने, सरकारी व्ययभार बढ्ने र कार्यरत जनशक्तिको पूर्ण उपयोग नहुने हुँदा पुरै परामर्श सेवा बाह्य परामर्शदाताबाट लिने कार्यमा नियन्त्रण हुनुपर्ने देखियो ।

१०. **कन्टिन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची-१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । यो वर्ष आयोजनाले सडक विभाग पठाएको रु.२०,००,०००/- समेत कार्यविधि बेगर रु.८७,०४,०१८/- कन्टिन्जेन्सी खर्च लेखेको छ । कन्टिन्जेन्सी खर्च सम्बन्धमा सम्बन्धित मन्त्रालयबाट कार्यविधि स्वीकृत गरी खर्च गर्नुपर्दछ ।

११. **वीमा प्रमाण :** खरिद सम्झौताको विशेष शर्तमा मोबिलाइजेशन पेश्की दिंदा बढिमा सम्झौता रकमको १५% सम्म दिन सकिने व्यवस्था छ । सो मध्ये १०% पेश्की जमानत र बिमाको प्रमाण पेश गरेपछि र बाँकी ५ % कम्तिमा १०% काम सम्पन्न भए पछि भुक्तानी दिने व्यवस्था छ । आयोजनाले यो बर्ष सम्झौता गरेका २१ वटा पुल र ६ वटा सडक निर्माण सम्झौताको पहिलो किस्ता १०% मोविलाईजेशन पेश्की भुक्तानी दिंदा बिमा गराएको प्रमाण लिएको देखिएन । सम्झौतामा उल्लेख भए बमोजिमको प्रमाण नलिई मोविलाईजेश पेश्की दिने कार्य नियन्त्रण हुनुपर्दछ ।

१२. **पेश्की बाँकी :** बिभिन्न २७ निर्माण व्यवसायीलाई दिएको मोविलाईजेशन पेश्की रु.२०,६६,८६,०००/– आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट गरेको नदेखिएकाले सम्झौता अनुसार फछ्र्यौट गर्नु पर्दछ ।

977-1-4255707, 4266034,
977-1-4268309, 4262798
oagnep@ntc.net.np, info@oag.gov.np
13328
Babar Mahal, Kathmandu, Nepal
www.oagnep.gov.np